महालेखापरीक्षकको
त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८३

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

नेपाल

महालेखापरीक्षकको
त्रिसट्टिऔं वार्षिक प्रतिवेदन
२०८३



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका
महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८२।८३
च. नं. : ७६

विषयः त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८३ साल जेठ १ गते शुक्रवार ।
नेपाल सम्वत् ११४६

फोन नम्बर : ५९१९१६३, ईमेल: oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेभसाईट: www.oag.gov.np

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदन, २०८३ पेस गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया (२०८३।२।१)

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन पेस गरेको छु। संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) बमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयवस्तुहरूलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायहरूको विवरण, बेरुजुको अवस्था, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराहरू, प्रतिवेदन कार्यान्वयनको स्थिति, भावी सुधारका क्षेत्रहरू तथा कार्यालयका गतिविधिहरूलाई समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिने छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन सम्बन्धित तहलाई उपलब्ध गराइएको छ। पारदर्शिता प्रवर्धन तथा सार्वजनिक जानकारी अभिवृद्धिका लागि वार्षिक प्रतिवेदन तथा सोको सारांश, कार्यमूलक तथा विविध विषय र सङ्गठित संस्था लेखापरीक्षण प्रतिवेदनको संगालो एवं इन्फोग्राफिक्स कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ।

संविधानको धारा २४१ तथा लेखापरीक्षण ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश, स्थानीय तह, पूर्ण सरकारी स्वामित्वमा रहेका सङ्गठित संस्था तथा कानुनबमोजिम लेखापरीक्षण हुने अन्य निकायहरूको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यका आधारमा सम्पन्न गरिएको छ। जोखिममा आधारित लेखापरीक्षण प्रणाली अवलम्बन गर्दै वित्तीय प्रशासनका दृष्टिले उच्च जोखिमयुक्त निकायहरूमा स्थलगत रूपमा विस्तृत विधिद्वारा तथा न्यून जोखिमयुक्त निकायहरूमा संक्षिप्त वा दूर लेखापरीक्षण पद्धति प्रयोग गरिएको छ। लेखापरीक्षणका सम्पूर्ण प्रक्रियालाई २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत व्यवस्थित गरिएको छ।

वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोटको आधारमा कार्यमूलक तथा वातावरणीय लेखापरीक्षणसमेत गरिएको छ। सङ्गठित संस्थाहरूको लेखापरीक्षणमा कानुनबमोजिम पेसागत प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरूको सेवासमेत लिइएको छ। कार्यमूलक लेखापरीक्षणका केही विषयमा नागरिक समाजका संस्थाहरूको सहभागितालाई निरन्तरता दिइएको छ। अधिकांश स्वामित्वका सङ्गठित संस्थाहरूको लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गरिएको छ। अन्तर्राष्ट्रिय विकास साझेदारबाट सञ्चालित आयोजनाहरूको समेत सम्झौताबमोजिम लेखापरीक्षण सम्पन्न गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि आचारसंहिता, सुपरिवेक्षण, स्वतन्त्र गुणस्तर समीक्षा, सरोकारवालासँगको संवाद तथा नागरिक सहभागितालाई संस्थागत गरिएको छ।

यो वर्ष सङ्घीय, प्रदेश, स्थानीय तह, सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिसमेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न भएको छ। मुलुकमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाको कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेस नभएकोले रु.१ खर्ब ४७ अर्ब ९० करोडको लेखापरीक्षण गरिएको छैन।

लेखापरीक्षणबाट विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक बेहोराका साथै रु.८८ अर्ब ९ करोड लगती बेरुजु औंल्याइएको छ। सङ्घीय सरकारी कार्यालयतर्फ रु.५३ अर्ब ४९ करोड, प्रदेशतर्फ रु.५

अर्ब २३ करोड, स्थानीय तहतर्फ रु.१९ अर्ब ५ करोड र समिति एवं अन्य संस्थातर्फ रु.१० अर्ब ३२ करोड बेरुजु कायम भएको छ।

गत वर्षसम्मको बेरुजुमध्ये यस प्रतिवेदन अवधिमा रु.६६ अर्ब ११ करोड सम्परीक्षण तथा समायोजन भई बाँकी बेरुजु तथा चालु वर्षको बेरुजुसमेत अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड पुगेको छ। यस अवधिमा गतविगतको बेरुजुको सम्परीक्षण र यस वर्ष औंल्याइएको बेहोराको फर्स्यौटबाट रु.१४ अर्ब ६३ करोड असुल भएको छ। साथै लेखापरीक्षणको सुझाउबमोजिम विभिन्न नीतिगत, कानुनी तथा प्रणालीगत सुधारहरू भएका छन्।

लेखापरीक्षणको मूल उद्देश्य सार्वजनिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता एवं निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न योगदान पुऱ्याउनु हो। सो उद्देश्यअनुरूप प्रतिवेदनमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायत क्षेत्रमा सुधारका लागि सुझाउहरू प्रस्तुत गरिएको छ। सार्वजनिक स्रोतसाधनको प्रभावकारी परिचालन, वित्तीय अनुशासन सुदृढीकरण तथा संस्थागत उत्तरदायित्व अभिवृद्धिका लागि उक्त सुझाउहरूको प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको छ।

कार्यालयले संस्थागत क्षमता विकास, लेखापरीक्षण गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन, सरोकारवालासँग समन्वय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बनलाई निरन्तर प्राथमिकतामा राखेको छ। सङ्घीय संसद तथा प्रदेश सभा र सम्बन्धित सार्वजनिक लेखा समितिहरू, स्थानीय तह, पेसागत समूह, सञ्चारमाध्यम तथा नागरिक समाजसँगको निरन्तर संवादमार्फत लेखापरीक्षण प्रणालीलाई थप उत्तरदायी र प्रभावकारी बनाउने प्रयास गरिएको छ। सीमित स्रोतसाधनका बाबजुद अधिकतम नतिजामुखी कार्यसम्पादन गर्न कार्यालय प्रतिबद्ध रहेको छ, तथापि जनअपेक्षाअनुरूप अझ प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक स्रोतसाधनको उपलब्धतामा नेपाल सरकारको सहयोग आवश्यक रहेको छ।

कार्यालयले इन्टोसाई, एसोसाई तथा समकक्षी अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थासँगको सहकार्यबाट ज्ञान, सिप, अनुभव तथा असल अभ्यासको आदान-प्रदानलाई निरन्तरता दिएको छ। यसबाट नेपालको सार्वजनिक क्षेत्र लेखापरीक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र व्यावसायिक उत्कृष्टता हासिल गर्न थप सुदृढ बनाउने आधार प्राप्त भएको छ।

यस प्रतिवेदनमा समावेश सुझाउहरूको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक प्रशासनमा पारदर्शिता, वित्तीय अनुशासन, जवाफदेहिता तथा सुशासन सुदृढ हुने विश्वास लिएको छु। प्रतिवेदनमाथि समयोचित संसदीय छलफल, सम्बन्धित निकायको उत्तरदायी कार्यान्वयन तथा सरोकारवालाको सक्रिय सहयोगमार्फत सार्वजनिक क्षेत्रको सुधारमा थप योगदान पुग्नेमा विश्वस्त छु।

लेखापरीक्षण कार्यमा मार्गदर्शन गर्नुहुने सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसद, प्रदेश सभा तथा सार्वजनिक लेखा समिति प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी सरकारी निकाय, स्थानीय तह, लेखापरीक्षणसँग सम्बन्धित सङ्गठित संस्थाका प्रमुख एवं पदाधिकारी तथा कर्मचारी, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै कार्यालयका सम्पूर्ण कर्मचारीहरूको समर्पण, व्यावसायिकता र योगदानप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

१. **संवैधानिक तथा कानुनी आधार -** नेपालको संविधानको धारा २४१(१) बमोजिम महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारमा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गर्नुपर्ने प्रावधान रहेको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। उक्त ऐनको दफा ४ ले लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, तथ्यहरू दर्शाउने, विवेचना गर्ने, आलोचना गर्ने र आर्थिक विवरणउपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्ने अधिकार प्रदान गरेको छ। सोही ऐनको दफा ५ मा वित्तीय तथा विविध विषयको लेखापरीक्षण, दफा ८ मा लेखापरीक्षण गर्ने विषय, दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरु, दफा १९ मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयसम्बन्धी प्रावधानहरूले लेखापरीक्षणको कानुनी आधारलाई स्पष्टता पारेको छ । सोही ऐनको दफा २१ मा महालेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ ।

२. **उद्देश्य -** लेखापरीक्षणको मुख्य उद्देश्य सार्वजनिक स्रोतको प्रयोगमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न योगदान गर्नु हो । उक्त उद्देश्य हासिल गर्न विशेषतः निम्न पक्षहरूको परीक्षण गरी प्राप्त तथ्य, देखिएका बेहोरा र सुझाउहरू समेटी तयार गरिएको प्रतिवेदनमार्फत सम्बन्धित निकाय तथा कार्यालयहरूलाई लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छः

- वित्तीय विवरणको यथार्थता,
- प्रचलित कानुनको परिपालना,
- स्रोत साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोग,
- कार्यक्रम तथा नीतिको परिणाममुखी उपलब्धि ।

वित्तीय लेखापरीक्षणमा पेस भएको वित्तीय विवरणले आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरेको छ वा छैन भनी परीक्षण गरिएको छ । सोअन्तर्गत आर्थिक कार्यविधि कानुन, लेखामान, लेखाको सिद्धान्त र नीतिबमोजिम वित्तीय विवरणको तयारी र प्रस्तुतीकरण, राजस्व निर्धारण, असुली, दाखिला र

शोधभर्ना, सम्पत्ति, दायित्व, लगानीको अभिलेखीकरण, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता र प्रभावकारितालगायतका विषयहरुको परीक्षण गरिएको छ ।

परिपालनाको लेखापरीक्षणमा प्रचलित ऐन, नियम, मापदण्ड, निर्देशिका, र निर्णयको पालना भएनभएको परीक्षण गरिएको छ। सोअन्तर्गत प्रचलित ऐन, नियम, नीति, मापदण्ड, निर्देशिका र निर्णयको परिपालना, सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन, धरौटी, बेरूजु फस्यौंट तथा राजस्व सङ्कलन, अन्तर-सरकारी राजस्व बाँडफाँट, अनुदान तथा रोयल्टीको उपयोग, निकासा र खर्चको औचित्य, आन्तरिक नियन्त्रणको पालना तथा नियमनको अवस्था लगायतका विषयहरूको परीक्षण गरिएको छ ।

कार्यमूलक लेखापरीक्षणमा सार्वजनिक स्रोतसाधनको प्राप्ति, परिचालन र उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको परीक्षण गरिएको छ। सोअन्तर्गत योजना कार्यान्वयनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको मूल्याङ्कन, कार्यक्रमको लक्ष्य प्राप्ति, लागत-लाभ विश्लेषण र गुणस्तर, दिगो विकास लक्ष्यको प्राप्ति र उपलब्धि लगायतका विषयहरुको परीक्षण गरिएको छ ।

यस वर्ष कार्यमूलक लेखापरीक्षण मार्गदर्शनअनुसार राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयमा वातावरणीय लेखापरीक्षण र सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोबाट भएका निर्णय सम्बन्धमा विशेष लेखापरीक्षण गरिएको छ। उक्त विषयहरूमा वातावरणसम्बन्धी कानुन, कार्यविधि, मानदण्डको पालना, वातावरणीय असर, सोको व्यवस्थापनका लागि गरेका प्रयत्न र सार्वजनिक खरिदसम्बन्धी विवादमा भएका प्रमुख निर्णयको अध्ययन, विश्लेषण गरिएको छ ।

३. **लेखापरीक्षणका क्षेत्र** - नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकाय, पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थाहरू तथा सङ्घीय कानुनले तोकेका बोर्ड, प्राधिकरण, परिषद् र कोषहरु लेखापरीक्षणको क्षेत्रमा समेटिएका छन् । नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा परामर्श दिइएको छ । यो वर्ष २०८१।८२ को वित्तीय विवरण, आर्थिक कारोबार, बक्यौता, सम्पत्ति तथा दायित्वका साथै विभिन्न आयोजना, कार्यक्रम र विभिन्न विषयसमेत कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ ।

४. **लेखापरीक्षण पद्धति -** वार्षिक लेखापरीक्षण योजना र सोसँग सामञ्जस्य हुने गरी मन्त्रालय/निकायगत लेखापरीक्षण योजना तथा कार्यालयगत लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणलाई व्यवस्थित गरिएको छ ।लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान तथा लेखापरीक्षण निर्देशिका, मार्गदर्शन, कार्यविधि र योजनाबमोजिम लेखापरीक्षण कार्यान्वयन गरी विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अभिलेखीकरण गरिएको छ।

कार्यालयले जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेकोमा निकायहरूलाई उच्च/न्यून जोखिममा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायहरूको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण संक्षिप्त विधिबाट वित्तीय विवरण र सोसँग सम्बन्धित आन्तरिक लेखापरीक्षण प्रतिवेदनलगायतका कागजात नाम्स प्रणालीमा अपलोड गर्न लगाई दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

लेखापरीक्षणको क्रममा पर्याप्त र उचित प्रमाणको सङ्कलन गरी सोको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा आवश्यकताबमोजिम नतिजामूलक, पद्धतिमूलक र समस्यामूलक पद्धति अवलम्बन गरी परीक्षण गरिएको छ। सरोकारवाला/लाभग्राहीसँग छलफल, अन्तर्वार्ता, स्थलगत अवलोकन, प्रश्नावलीमार्फत सूचना सङ्कलन गरी सोको विश्लेषण गरिएको छ। सङ्कलित सूचनाहरुको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। कार्यमूलक लेखापरीक्षणका केही विषयमा नागरिक सहभागितालाई निरन्तरता दिइएको छ। उच्च तहको सुपरिवेक्षण, प्रारम्भिक प्रतिवेदन पुनरावलोकन र गुणस्तर नियन्त्रणलगायतका विधिमार्फत लेखापरीक्षणको गुणस्तर व्यवस्थापन गरिएको छ।

५. **लेखापरीक्षणका सीमा -** लेखापरीक्षण सामान्यतः नमुनामा आधारित हुने, समय, स्रोत र जनशक्ति सीमित रहने तथा व्यवस्थापनले उपलब्ध गराएको सूचना र अभिलेखमा निर्भर रहनुपर्ने भएकाले सबै त्रुटि, कमजोरी वा जालसाजी पूर्णतः पत्ता लगाउन सम्भव हुँदैन । आन्तरिक नियन्त्रण प्रणालीका सीमितता, मिलेमतो, कानुनी अधिकार क्षेत्रको सीमा तथा प्रमाण उपलब्धता एवं विश्लेषणका जटिलता पनि लेखापरीक्षणका सीमा हुन्। साथै, लेखापरीक्षणले पूर्ण आश्वस्तता नभई उचित आश्वस्तता मात्र प्रदान गर्ने भएकाले यसले सबै आर्थिक कारोबार र कार्य सम्पादनमा अन्तरनिहित तथा नियन्त्रणमूलक जोखिमका असरलाई उजागर गर्न सक्दैन।

६. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) बमोजिम यो प्रतिवेदन तयार गरिएको छ। यसमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा, बेरूजु स्थिति, प्रतिवेदन कार्यान्वयनको स्थिति, सुधारका सुझाउ र कार्यालयका गतिविधिहरू समेटिएका छन्। संविधानको धारा २९४(३) बमोजिम प्रदेशगत अलग-अलग वार्षिक प्रतिवेदन पेस गरिएको छ। स्थानीय तहको सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यसै गरी सङ्गठित संस्था र कार्यमूलक तथा विशेष लेखापरीक्षणका प्रमुख बेहोरालाई समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

नेपालका
महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: १३३२८

पत्र संख्या : २०८२।८३
च.नं. : ७५

मितिः २०८३।१।३१

महालेखा परीक्षकको कार्यालय
नेपाल

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

१. **कैफियतसहितको राय** - हामीले नेपाल सरकारको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित), र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानुनबमोजिम सारभूतरूपमा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. **सञ्चित कोष** - सङ्घीय सञ्चित कोषको यो वर्षको आर्थिक विवरण अनुसार कुल राजस्व, अनुदान, आन्तरिक तथा बाह्य ऋण र सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत कुल प्राप्ति रु.१५ खर्ब ३८ अर्ब ८ करोड ९६ लाखमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख भुक्तानी भई रु.२४ अर्ब ८४ करोड ३७ लाख बचत रहेको छ। सोमा गत वर्षको रोयल्टी बाँडफाँटबाट थप भएको रु.३ अर्ब १५ करोड २३ लाख तथा गत वर्षसम्मको रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख ऋणात्मक मौज्दात समायोजन गर्दा यस वर्षसम्म सङ्घीय सञ्चित कोषको मौज्दात रु.२ खर्ब ३६ करोड १६ लाख ऋणात्मक देखाएको छ। सो कोषमा धरौटी तथा अन्य कोषहरूको मौज्दात रु.१ खर्ब ७२ अर्ब ५ करोड ३३ लाख समायोजन गर्दा समेत समग्र सरकारी नगद तथा बैङ्क मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक देखिएको छ। वर्षान्तमा प्रदेश तथा स्थानीय सञ्चित कोषको मौज्दात क्रमशः रू.३६ अर्ब ६४ करोड ६८ लाख र रू.५४ अर्ब ७२ करोड ४२ लाख धनात्मक रहेको छ।

२.२. **नगद तथा बैङ्क मौज्दात** - एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारको नगद तथा बैङ्क मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेकोमा नेपाल राष्ट्र बैङ्कको २०८१।८२ को वित्तीय विवरण अनुसार रु.६९ अर्ब ८६ करोड ३१ लाख ऋणात्मक देखिएको छ। बैङ्कले देखाएको भन्दा

फोन नम्बर : ५९१९१६३, ईमेल: oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेभसाईट: www.oag.gov.np

नेपाल सरकारको वित्तीय विवरणमा रु.४१ अर्ब ५५ करोड ४८ लाख मौज्दात बढी देखाएको सम्बन्धमा यकिन गरी हिसाब मिलान विवरण तयार पारेको छैन।

२.३. **बढी जिम्मेवारी** - एकीकृत वित्तीय विवरणमा गैर बजेटरी निकायको बैङ्क तथा नगद मौज्दाततर्फ गत वर्षको जिम्मेवारी रू.७१ अर्ब ९७ करोड १ लाख सारेको छ। तर गत वर्ष वित्तीय विवरणमा समावेश भई यो वर्ष समावेश नभएका ११ निकायको गत वर्षको मौज्दात रू.१६ अर्ब २ करोड २४ लाख समायोजन नगरी जिम्मेवारी सारेको कारणबाट गैर बजेटरी निकायसमेत यस वर्षसम्म सरकारको बैङ्क तथा नगद मौज्दात सोही रकमले बढी देखिएको छ।

२.४. **वैदेशिक ऋण** - एकीकृत प्राप्ति तथा भुक्तानीको विवरणमा सङ्घीय सञ्चित कोषमा दाखिला भएको विगत वर्षहरुको प्राप्तिसमेत वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार वैदेशिक ऋण प्राप्ति रु.१ खर्ब २९ अर्ब ९५ करोड ९२ लाख देखिएको छ। वैदेशिक ऋण प्राप्ति रकममा देखिएको फरक हिसाब यकिन गरेको छैन।

२.५. **राजस्व अभिलेखीकरण** - एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको कुल राजस्व तथा अन्य प्राप्ति रु.११ खर्ब ९७ अर्ब २० करोड रहेकोमा बैङ्कगत विवरणबमोजिम रु.११ खर्ब ९६ अर्ब २२ करोड ९८ लाख देखिएकोले घटी दाखिला भएको रु.९७ करोड २ लाखको हिसाब यकिन गरेको छैन।

२.६. **लेखाङ्कन** - नगदमा आधारित सार्वजनिक क्षेत्र लेखामानबमोजिम भुक्तानी भएकै बखत सोको लेखाङ्कन गर्नुपर्नेमा सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणबमोजिम यो वर्ष कुल भुक्तानी रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाखमा विगत वर्षमा सोझै भुक्तानी भएको रु.३ अर्ब १ करोड ८१ लाखलाई समेत समावेश गरेकोले यो वर्षको यथार्थ भुक्तानी सोही रकमले बढी प्रस्तुतीकरण भएको छ।

२.७. **फरक खर्च शीर्षकमा लेखाङ्कन** - अन्तर्राष्ट्रिय मुद्रा कोषबाट जारी सरकारी वित्त तथ्याङ्क निर्देशिका, २०१४ मा आधारित एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम खर्च शीर्षक २५००० सहायता (सब्सिडी) बाट वस्तु वा सेवाको उत्पादनमा संलग्न संस्थाहरूलाई मूल्य नियन्त्रण, उत्पादन वृद्धि, वा आर्थिक गतिविधि प्रोत्साहनका लागि सहायता शीर्षकबाट खर्च गरिनेमा सो अन्तर्गत गैरवित्तीय संस्थानका लागि विनियोजित शीर्षक २५१११ बाट अर्थ मन्त्रालयले २ वित्तीय संस्थालाई तालिमलगायतको कार्यक्रम सञ्चालनका लागि रु.१३ करोड ९४ लाख ६६ हजार निकासाबापत खर्च लेखेको छ। यसै गरी राष्ट्रिय व्यक्तित्व र सर्वसाधारणलाई दिइने औषधि उपचार, मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायताको शीर्षक २७११२ बाट नेपाल राष्ट्र बैङ्कलाई ब्याज अनुदान रु.५ अर्ब ५५ करोड निकासा गरेको छ। उक्त निकासा बापतको खर्चहरू वित्तीय विवरणको भुक्तानी खण्डमा समावेश भएको भन्दा फरक शीर्षकमा लेखाङ्कन भएका छन्।

२.८. **राजस्व बाँडफाँट** - महालेखा नियन्त्रक कार्यालयले २०८२।३।१६ देखि २०८२।३।३१ सम्म सङ्कलन भएको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबापतको राजस्व रु.३४ अर्ब ९० करोड ७४ लाख २०८२।७।२५ मा बाँडफाँट गरी सङ्घीय सञ्चित कोषमा रु.२४ अर्ब ४३ करोड ५२ लाख दाखिला गरेकोमा सो रकमलाई समेत २०८१।८२ मा प्राप्ति देखाई वित्तीय विवरण तयार गरेको छ। नगदमा आधारित लेखामान बमोजिम २०८१।८२ को राजस्व भए तापनि सो रकम सञ्चित कोषमा

२०८२।८३ मा दाखिला गरेको अवस्थामा पनि यो वर्षको प्राप्तिमा देखाएकोले मौज्दात रकम बढी देखिएको छ।

२.९. **सार्वजनिक सम्पत्तिको अभिलेखीकरण** - एकीकृत वित्तीय विवरण साथ संलग्न जिन्सी तथा सम्पत्तिको विवरणअनुसार यस वर्षसम्म सङ्घीय सरकारको जिन्सी तथा सम्पत्ति रु.४ खर्ब ८३ अर्ब ९ करोड ५५ लाख रहेकोमा प्राकृतिक सम्पत्तितर्फ रु.२३ अर्ब ९१ करोड ४७ लाख र मेसिनरी औजारमा रु.३ खर्ब ५१ अर्ब ४४ करोड ८२ लाख वृद्धि भएको छ। यो वर्ष प्राकृतिक सम्पत्तिमा खर्च भएको छैन र मेसिनरी औजारमा रु.१० अर्ब ३९ करोड १७ लाख २० हजार खर्च देखिएको छ। उक्त सम्पत्तिमा भएको वृद्धिको पुष्टयाइँ पेस गरेको छैन।

२.१०. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा १७ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १२० आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.१९ अर्ब २४ करोड ६१ लाख ६४ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा सोबाट भएको खर्च सम्बन्धित कार्यालयले आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएका छैनन्। यसै गरी सो खर्च एकीकृत वित्तीय विवरणमा समेत समावेश भएको छैन।

२.११. **उठ्न बाँकी ऋण लगानी** - वैदेशिक ऋणबाट विभिन्न संस्थान तथा समितिमा पुनर्लगानी गरेको ऋण यस वर्षसम्म रु.३ खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख उठ्न बाँकी रहेको छ। सो मध्ये रु.२ खर्ब ७७ अर्ब ९० करोड ८५ लाख भाका नाघेको साँवा, ब्याज रहेकोमा सरकारले दातृ निकायलाई निर्धारित समयमा भुक्तानी गरेको हुँदा भाका नाघेको रकमले सञ्चित कोषमा असर पुऱ्याएको छ।

२.१२. **विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ र ७ मा विभाज्य कोषमा राजस्व तथा रोयल्टीको रकम जम्मा गरी तीन तहका सरकारबिच बाँडफाँट गर्ने व्यवस्था छ। यो वर्ष सङ्घीय विभाज्य कोषमा रु.४ खर्ब ७२ अर्ब १९ करोड ८२ लाख दाखिला भएकोमा रु.४ खर्ब ६३ अर्ब ९६ करोड ७२ लाख बाँडफाँट भई रु.८ अर्ब २३ करोड १० लाख बाँडफाँट गर्न बाँकी रहेको छ। साथै प्रदेश सरकारहरुले रोयल्टी वापत उठाएको रकम सङ्घीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेमा रु.१ करोड ६६ हजार प्रदेश सञ्चित कोषमा दाखिला गरेको हुँदा विभाज्य कोषमा घटी आम्दानी देखिएको छ। विभाज्य कोषबाट बाँडफाँट नभएको कारणबाट सङ्घीय सञ्चित कोषको राजस्व असुली अङ्कमा उक्त बाँडफाँटबाट प्राप्त हुने रकम उल्लेख भएको छैन।

२.१३. **सम्भावित दायित्व तथा प्रतिबद्धता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २० र २१ बमोजिम अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले सम्भावित दायित्व तथा प्रतिबद्धताको अभिलेख राख्नुपर्ने व्यवस्था भए तापनि कानुनबाट सिर्जित वा अदालतको निर्णय वा आदेशबाट बेहोर्नुपर्ने सम्भावित दायित्वका साथै प्रतिबद्धता रकमको अद्यावधिक अभिलेख नराखेकोले सो रकम खुलासा गरेको छैन।

२.१४. **सम्पत्तिको यथार्थता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ (५) बमोजिम महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको सम्पत्ति तथा दायित्वको एकीकृत विवरण २०८२ कार्तिकमा पेस गरेको छ। जिन्सी अभिलेखमा विभिन्न निकायका वर्षान्तमा साबुत देखाइएका कतिपय सम्पत्ति तथा मालसामान २०८२ भाद्र २३ र २४ को आन्दोलन र घटनाका क्रममा पूर्ण तथा आंशिक क्षति भए तापनि सो सम्बन्धमा खुलासा उल्लेख गरेको छैन।

२.१५. **अनुदान निकासा** - अर्थ मन्त्रालयले यो वर्ष ब्याज अनुदानका लागि नेपाल राष्ट्र बैङ्कलाई रु.५ अर्ब ५५ करोड निकासा गरेकोमा सो बैङ्कको वित्तीय विवरण अनुसार वर्षान्तमा सो अनुदान रु.२ अर्ब २ करोड ३६ लाख मौज्दात रहेको छ। उक्त मौज्दातको लागि आन्तरिक ऋणको औसत ब्याज दर ३.८७ प्रतिशतले लागत रु.७ करोड ८३ लाख १३ हजार वृद्धि भएको छ। प्रदेश तथा स्थानीय तहलाई दिएको सशर्त अनुदानबाट खर्च नभई बाँकी रहेको रु.१ अर्ब ५३ करोड ८६ लाख आर्थिक वर्षको समाप्ति पश्चात् सञ्चित कोषमा फिर्ता भएको छ।

२.१६. **बेरुजु** - यस वर्षको लेखापरीक्षणबाट सङ्घीय मन्त्रालय तथा अन्य निकायतर्फ असुल गर्नुपर्ने रु.३० अर्ब ६ करोड ९४ लाख, अनियमित देखिएको रु.४ अर्ब २९ करोड २५ लाख, प्रमाण कागजात पेस नभएको रु.२६ अर्ब ४३ करोड १६ लाख, शोधभर्ना नलिएको रु.१ करोड ६७ लाख र पेस्की बाँकी रु.२ अर्ब ३७ करोड ९० लाखसमेत रु.६३ अर्ब १८ करोड ९२ लाख बेरुजु देखिएको छ। यस अतिरिक्त राजस्व बक्यौता रु.७ खर्ब ९ अर्ब ३५ करोड ८४ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः रु.२ अर्ब ५१ करोड ५८ लाख र रु.१५ अर्ब ७२ करोड ७० लाख रहेको देखिन्छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाण राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्ष लेखापरीक्षण गरिएका निकायबाट भएका वित्तीय कारोबार, कार्यसम्पादन र परिपालना स्थितिको परीक्षण गर्दा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० (२) बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपर्युक्तअनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा २९ मा प्रत्येक आर्थिक वर्षको सङ्घीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूसहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी नेपाल सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी अर्थ मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत एवं मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्ने समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आकडा मानिएको छ।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

परिच्छेद	विवरण	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	लेखापरीक्षण गरिएका निकायको विवरण	१
परिच्छेद २:	लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति	७
परिच्छेद ३:	लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश	१३
	खण्ड - १: सङ्घीय मन्त्रालय तथा निकाय	
	१. राष्ट्रपतिको कार्यालय	५५
	२. सङ्घीय संसद सचिवालय	५६
	३. सर्वोच्च अदालत	५९
	४. अख्तियार दुरूपयोग अनुसन्धान आयोग	६२
	५. महालेखापरीक्षकको कार्यालय	६४
	६. लोक सेवा आयोग	६७
	७. निर्वाचन आयोग	६९
	८. राष्ट्रिय मानव अधिकार आयोग	७१
	९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	७२
	१०. राष्ट्रिय महिला आयोग	७५
	११. राष्ट्रिय दलित आयोग	७६
	१२. राष्ट्रिय समावेशी आयोग	७७
	१३. आदिवासी जनजाति आयोग	७८
	१४. मधेशी आयोग	७९
	१५. थारु आयोग	८०
	१६. मुस्लिम आयोग	८१
	१७. महान्यायाधिवक्ताको कार्यालय	८३
	१८. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	८५
	१९. अर्थ मन्त्रालय	९७
	२०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१८१
	२१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	१९५
	२२. कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	२२०
	२३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२२४
	२४. खानेपानी मन्त्रालय	२४३
	२५. गृह मन्त्रालय	२६२
	२६. परराष्ट्र मन्त्रालय	२७९
	२७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२९१
	२८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३०९
	२९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	३४५
	३०. युवा तथा खेलकुद मन्त्रालय	३५३

परिच्छेद	विवरण	पृष्ठ
	३१. रक्षा मन्त्रालय	३६३
	३२. वन तथा वातावरण मन्त्रालय	३८०
	३३. शहरी विकास मन्त्रालय	३९५
	३४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	४२५
	३५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	४६४
	३६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	४७५
	३७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	४८६
	३८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	५१०
	३९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५२४
	४०. राष्ट्रिय योजना आयोग	५६४
	खण्ड - २: कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण	५६९
	खण्ड - ३: सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था	७०७
	१. सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था	७११
	२. सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था	८३९
	३. सङ्घीय कानुनद्वारा तोकिएका संस्था	८८३
	खण्ड - ४: प्रदेश मन्त्रालय तथा निकाय	९०३
	खण्ड - ५: स्थानीय तह	९१३
परिच्छेद ४:	लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति	९२७
परिच्छेद ५:	भविष्यमा गर्नुपर्ने सुधार	९३१
परिच्छेद ६:	कार्यालय गतिविधि	९४५
अनुसूचीहरू		९५७

परिच्छेद

९

लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

• समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	(रु. करोडमा)
(क) वित्तीय लेखापरीक्षण		
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	३०५०	२९१७९५
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	११२४	३२०३०
३. स्थानीय तह	७२१	११०९५२
४. समिति र अन्य संस्था (प्रदेशतर्फको १३३ समेत)	५७७	४४७७७
५. सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था	५४	४६८८९६
जम्मा	**५५२६**	**९४८४५०**
(ख) कार्यमूलक तथा विविध विषय		
१. कार्यमूलक लेखापरीक्षण	१५	-
२. वातावरणीय लेखापरीक्षण	१	-
३. विशेष लेखापरीक्षण	१	-
जम्मा	**१७**	**-**

यो वर्ष ३ हजार ५० सङ्घीय मन्त्रालय तथा निकायको रु.२९ खर्ब १७ अर्ब ९५ करोड, १ हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको रु.३ खर्ब २० अर्ब ३० करोड, ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड, ५७७ समिति र अन्य संस्थाको रु.४ खर्ब ४७ अर्ब ७७ करोड र सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोडसमेत रु.९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची १, १क, १ख, २, ४, र २१ मा समावेश गरिएको छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय -** यो वर्ष ३ हजार ५० सङ्घीय सरकारी निकायको विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन खर्च	१०९३९४
२	राजस्व	१५०२७४
३	धरौटी	८३४९
४	अन्य कारोबार	२३७७८
	जम्मा	**२९१७९५**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ। गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ४७ एकाइको रु.६ अर्ब ४९

करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष सोमध्ये ६ एकाइले रु.५६ करोडको लेखापरीक्षण गराएका छन्। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड १ मा समावेश छ।

सङ्घीय मन्त्रालय तथा निकायतर्फ यो वर्ष २ कार्यालयले विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारसमेत रु.८६ करोडको लेखापरीक्षण गराएका छैनन्।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार १२४ निकायको रु.३ खर्ब २० अर्ब ३० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश कार्यालयतर्फ २४ एकाइको रु.२ अर्ब २३ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ४ एकाइले रु.१ अर्ब २२ करोडको लेखापरीक्षण गराएका छन्। यस सम्बन्धी विवरण अनुसूची २ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ४ मा समावेश छ।

यो वर्ष ३ प्रदेश कार्यालयले लेखापरीक्षण गराएका छैनन्।

३. **स्थानीय तह** - यो वर्ष ४ महानगरपालिका, १० उपमहानगरपालिका, २६१ नगरपालिका र ४४६ गाउँपालिका समेत ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। यस सम्बन्धी विवरण अनुसूची २१ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ५ मा समावेश छ।

यो वर्ष १ स्थानीय तहले लेखापरीक्षण गराएको छैन।

४. **समिति र अन्य संस्था -** यो वर्ष ५७७ समिति र अन्य संस्था (प्रदेशतर्फको १३३ समेत) को रु.४ खर्ब ४७ अर्ब ७७ करोडको लेखापरीक्षण गरिएको छ। समितिको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ३ र ४ मा समावेश छ।

५. **सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था** - यो वर्ष ४४ सङ्गठित संस्थाको ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोडको लेखापरीक्षण गरिएको छ। उक्त रकममा सङ्घीय कानुनद्वारा तोकिएका ६ संस्थाको ७ आर्थिक वर्षको रु.९ खर्ब ५६ अर्ब ५४ करोड समावेश छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा समावेश छ।

सोको अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको रु.१८ खर्ब ३२ अर्ब ६२ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएको छ।

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ३ मा समावेश छ।

६. **अन्य कोष** - यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.३५ अर्ब १६ करोड २६ लाख र यो वर्षको आम्दानी रु.३ खर्ब ७२ अर्ब ८८ करोड ७२ लाखसमेत रु.४ खर्ब ८ अर्ब ४ करोड ९८ लाख आम्दानी भएकोमा रु.३ खर्ब ६६ अर्ब ९५ करोड ९३ लाख खर्च भई वर्षान्तमा रु.४१ अर्ब ९ करोड ५ लाख मौज्दात रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १४ मा छ।

७. **कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण** - यो वर्ष १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड २ मा समावेश छ।

८. **आयोजना हिसाब** - नेपाल सरकार र दातृ निकायबिच भएको सम्झौताअनुसार सञ्चालित विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्य दातृ निकायतर्फ ४९ आयोजनाको आयोजना हिसाब प्रमाणीकरण गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ।

९. **लेखापरीक्षण** - मुलुकमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाका कारण १७९ निकाय तथा कार्यालयबाट स्रेस्ता पेस नभएकोले रु.१ खर्ब ४७ अर्ब ८९ करोड ७० लाखको लेखापरीक्षण गरिएको छैन। यस सम्बन्धी विवरण अनुसूची ३क मा समावेश छ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

१०. **सरकारी बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	५९४१४६५	५८९७१०२	७३१७८७६	६०७२२४९	८२.९८
पुँजीगत खर्च	२३४६२४७	१९२०२७४	३५२३५४०	२२३९७८५	६३.५७
वित्तीय हस्तान्तरण	३९७३६०३	३३९४१६२	४०८८७६९	३४९३६३६	८५.४४
वित्तीय व्यवस्था	१९५१९५५	२७२२४७८	३६७२८४५	३३२६७८९	९०.५८
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८१.३४**
सामान्य सार्वजनिक सेवा	५२५८८५१	४७१२९३०	९३२८७८२	४६९९७६५	५०.३८
रक्षा	६००१३८	५८५७७०	५८२८५४	६०८३९९	१०४.३८
सार्वजनिक शान्ति सुरक्षा	७९७६४४	७२३३६१	७५१४७०	७४७०६९	९९.४१
आर्थिक मामिला	४२११६७०	४६९२१४१	३८३२६०५	५६१६२८८	१४६.५४
वातावरण संरक्षण	४४५१७	२९०६३	८४९००	३०५१२	३५.९४
आवास तथा सामुदायिक सुविधा	४२२९४७	३१३८८५	६७०३०८	३८२३६३	५७.०४
स्वास्थ्य	५२०६७०	४९३६८८	५७३०२३	५७५४९१	१००.४३
संस्कृति तथा धर्म	५८१०५	४११७६	५८८४१	३८४१२	६५.२८
शिक्षा	५२८६९५	५२५३३२	५८०९६८	५३४३५६	९१.९८
सामाजिक सुरक्षा	१७७००३३	१८१६६७०	२१३९२७९	१८९९८०४	८८.८१
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८१.३४**

११. **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१८४९०३२	३०.४५	१	भौतिक पूर्वाधार तथा यातायात	९६२८२७	४२.९९
२	गृह	८६०७२६	१४.१७	२	सहरी विकास	३७३६५४	१६.६८
३	रक्षा	५९४१४८	९.७९	३	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२६६८९२	११.९२
४	कृषि तथा पशुपन्छी विकास	३८१२४०	६.२८	४	रक्षा	१७७९०६	७.९४
५	शिक्षा, विज्ञान तथा प्रविधि	३२५४७३	५.३६	५	खानेपानी	१२२१२३	५.४५
६	स्वास्थ्य तथा जनसङ्ख्या	३०२००९	४.९७	६	गृह	८३८७९	३.७५
७	परराष्ट्र	६८९९४	१.१४	७	स्वास्थ्य तथा जनसङ्ख्या	२५४०५	१.१३
८	भौतिक पूर्वाधार तथा यातायात	६८६८१	१.१३	८	कृषि तथा पशुपन्छी विकास	२५०२५	१.१२
९	सर्वोच्च अदालत	५६५२०	०.९३	९	अर्थ	२४२६३	१.०८
१०	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४९३०६	०.८१	१०	वन तथा वातावरण	२४०५३	१.०८
११	अन्य मन्त्रालय तथा निकायहरू	१५१६१२०	२४.९७	११	अन्य मन्त्रालय तथा निकायहरू	१५३७५८	६.८६
	जम्मा	**६०७२२४९**	**१००**		**जम्मा**	**२२३९७८५**	**१००**

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रु.३ खर्ब ३२ अर्ब ६८ करोड रहेको छ। ७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको वित्तीय हस्तान्तरण रकम समावेश छैन।

१२. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. लाखमा)

स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	१२८१७५७८	१२५१०५४७	१५९०३०३०	१३५८८६९१	८.६२
वैदेशिक अनुदान	२३३८२२	२३२८८८	५२३२६५	२७१७७४	१६.७०
वैदेशिक ऋण	११६१८७०	११९०५८१	२१७६७३५	१२७१९९४	६.८३
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८.६०**

१२.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रु.१३ खर्ब ५८ अर्ब ८७ करोडमध्ये राजस्वबाट रु.१० खर्ब ५२ अर्ब ४१ करोड (७७.४५ प्रतिशत) बेहोरिएको छ।

१२.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १५ निकायअन्तर्गत रु.५२ अर्ब ३३ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.२७ अर्ब १८ करोड (५१.९४ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १२ निकाय अन्तर्गत रु.२ खर्ब १७ अर्ब ६७ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब २७ अर्ब २० करोड (५८.४४ प्रतिशत) प्राप्त भएको छ।

१३. **सार्वजनिक ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको सार्वजनिक ऋणको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारको २०८२ आषाढ मसान्तसम्मको सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ४ करोड ७७ लाख रहेको छ। सोमध्ये वैदेशिक ऋण रु.१४

खर्ब ५ अर्ब ८२ करोड ३६ लाख (५२.५७ प्रतिशत) र आन्तरिक ऋण रु.१२ खर्ब ६८ अर्ब २२ करोड ४१ लाख (४७.४३ प्रतिशत) रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १२ मा छ।

१४. **राजस्व** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले उपयोग गरेको राजस्वको स्रोतअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ विवरण तथा २०८१।८२ को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७९।८० को यथार्थ	२०८०।८१ को यथार्थ	२०८१।८२ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**८९९१७६१**	**९६०१६३४**	**१२६०३०३०**	**१०५२४१३२**	**८३.५०**
१. कर राजस्व	७४८४२००	८२०६९७०	११२५२०९६	९१०७२५८	८०.९४
२. अन्य राजस्व, बेरूजु रकम र अन्य प्राप्ति	१३८९४२०	१३२२०५४	१३५०९३४	१३९०५३२	१०२.९३
३. साँवा फिर्ता	११८१४१	७२६१०	-	२६३४२	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.६१ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८१।८२ को राजस्व असुलीमा बेरूजु रकम र अन्य प्राप्ति रु.१७ अर्ब ३८ करोड ५० लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रु.२ अर्ब ६३ करोड ४२ लाख प्राप्त भएको छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

परिच्छेद

२

लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्कीमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुअन्तर्गत हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजुलाई समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रु.८८ अर्ब ९ करोड ११ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	२६५०६७	५२८९	२०१३३	३५९८६	३२६४७५	३७.०६
२. नियमित गर्नुपर्ने	२५४४४७	३७५७०	१५१८९४	५८७७७	५०२६८८	५७.०६
२.१ अनियमित भएको	२५५४०	१३२५०	७८१७८	२१४२७	१३८३९५	१५.७१
२.२ प्रमाण कागज पेस नभएको	२२८९०७	२४३२०	७३२७६	३६३७९	३६२८८२	४१.१९
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	०	०	४४०	९७१	१४११	०.१६
३. पेस्की	१५३६३	९४२८	१८४५०	८५०७	५१७४८	५.८८
जम्मा बेरुजु	**५३४८७७**	**५२२८७**	**१९०४७७**	**१०३२७०**	**८८०९११**	**१००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन। बेरुजु वर्गीकरणको विवरण अनुसूची १५, १६ र २१ मा उल्लेख छ। लगती बेरुजु बाहेक नीति तथा बजेट कार्यान्वयन, स्रोतको उपयुक्त परिचालन, कार्यक्रमको उपलब्धि, आन्तरिक नियन्त्रण व्यवस्था, प्रभावकारी सेवा प्रवाहलगायतका सैद्धान्तिक बेरुजु औंल्याइएको छ।

२. **लेखापरीक्षण र बेरुजु अङ्क -** यो वर्ष ५ हजार ५२६ सरकारी निकाय, सङ्गठित संस्था, समिति र अन्य संस्था समेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र बेरुजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	३०५०	२९१७९५३४	५३४८७७	१.८३
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	११२४	३२०२९९४	५२२८७	१.६३
३. स्थानीय तह	७२१	११०९५२३८	१९०४७७	१.७२
४. समिति र अन्य संस्था (प्रदेशतर्फ १३३ समेत)	५७७	४४७७७२८	१०३२७०	२.३१
जम्मा	**५४७२**	**४७९५५४९४**	**८८०९११**	**१.८४**
५. सङ्गठित तथा सङ्घीय कानुनद्वारा तोकिएका संस्था	५४	४६८८९६०४	-	-
कुल जम्मा	**५५२६**	**९४८४५०९८**	**८८०९११**	

सङ्गठित तथा सङ्घीय कानुनद्वारा तोकिएका संस्था ४४ को ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको लागि परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु.१८ खर्ब ३२ अर्ब ६१ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फर्स्यौट गर्ने भएकोले त्यस्ता संस्थाको बेरुजुको रकमगत लगत राखिएको छैन।

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा २.९९ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३७५४७२५	(२९८०३)	४७४४३५	३२५०४८७	५३४८७७	३७८५३६४
प्रदेश सरकारी कार्यालयहरू	३०४८१९	०	१७४१६	२८७४०३	५२२८७	३३९६९०
स्थानीय तह	२०९२८९१	०	७८६४२	२०१४२४९	१९०४७७	२२०४७२६
समिति र अन्य संस्था (प्रदेश समेत)	११७९४७४	०	६०८०२	१११८६७२	१०३२७०	१२२१९४२
जम्मा	**७३३१९०९**	**(२९८०३)**	**६३१२९५**	**६६७०८११**	**८८०९११**	**७५५१७२२**

अद्यावधिक बेरुजुको विवरण अनुसूची १७ र १८ मा समावेश छ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रहेको छ।

(रु. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	८७१३४	(९१५३)	७७९८१
२	राजस्व बक्यौता	४७२३४९३	२३७००९१	७०९३५८४
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	६२५११	(३७३५३)	२५१५८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१४३३०३	१३९६७	१५७२७०
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४९३७३७	३०८७३	५२४६१०
	जम्मा	**५५१०१७८**	**२३६८४२५**	**७८७८६०३**

५. **बेरुजु विश्लेषण -** सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९५ अर्ब २७ करोड ८ लाख बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण गराएबाट रु.८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छ। यो वर्षसम्म फस्यौंट गर्न बाँकी अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र १८ मा समावेश छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फस्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फस्यौंट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजुका सम्बन्धमा ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फस्यौंट गर्ने र फस्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ५० मा बेरुजु फस्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम सङ्घीय मन्त्रालय तथा निकायहरुमा २०८१।८२ मा कार्यावधि रहेका लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची २० मा समावेश गरिएको छ।

५.३. सङ्घीय सरकारी मन्त्रालय तथा निकायतर्फ यो वर्ष रकमगत बेरुजुको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२२४४७८०८	२०९५२४	१६६३५०	४५७	३७६३३१	७०.३६	१.६८
२	भौतिक पूर्वाधार तथा यातायात	१२३९३४३	२२०७७	४४०७५	४८८१	७१०३३	१३.२८	५.७३
३	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४५२६१८	४८२१	१०५२५	२०	१५३६६	२.८७	३.३९
४	वन तथा वातावरण	९६४२३	७४२९	५७६१	२६७	१३४५७	२.५२	१३.९६
५	सञ्चार तथा सूचना प्रविधि	१७३५४३	११५१६	१५९	३	११६७८	२.१८	६.७३
६	सहरी विकास	४३७४०७	१९९९	४९९६	१०५६	८०५१	१.५१	१.८४
७	परराष्ट्र	२२३९३२	३८	६३१२	१०८४	७४३४	१.३९	३.३२
८	ऊर्जा, जलस्रोत तथा सिँचाइ	४१६७२०	२२४६	४२५२	२८	६५२६	१.२२	१.५७
९	गृह	१२६९८९०	५४	१६३०	४०८८	५७७२	१.०८	०.४५
१०	स्वास्थ्य तथा जनसङ्ख्या	११९८२८	१८४	२९१४	२१४५	५२४३	०.९८	४.३८
११	अन्य	२३०२०२२	५१७९	७४७३	१३३४	१३९८६	२.६१	०.६१
	जम्मा	**२९१७९५३४**	**२६५०६७**	**२५४४४७**	**१५३६३**	**५३४८७७**	**१००**	**१.८३**

उल्लिखित १० मन्त्रालयमा कुल बेरुजुको ९७.३९ प्रतिशत र अन्यमा २.६१ प्रतिशत बेरुजु रहेको छ।

५.४. प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.६३ प्रतिशत बेरुजु र स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.७२ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६८१, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ३९ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने स्थानीय तह एक रहेका छन्।

५.५. यो वर्ष ३ हजार ५० सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा ८९४ (२९.३१ प्रतिशत) कार्यालयमा उल्लेख्य बेरुजु देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १२४ निकायको लेखापरीक्षण गरिएकोमा ३२८ कार्यालय (२९.१८ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

५.६. यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश, स्थानीय तह र समिति र अन्य संस्थासमेतको १ लाख ८७ हजार ९१४ दफा बेरुजु देखिएकोमा ९४ हजार ४३८ दफा सैद्धान्तिक र ९३ हजार ४७६ दफा लगती बेरुजु कायम भएको छ।

५.७. यो वर्ष लेखापरीक्षणको क्रममा रु.५७ करोड ६८ लाख ८८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.९० करोड ४७ लाख ८१ हजार तथा विगतको बेरुजु सम्परीक्षणबाट रु.१३ अर्ब १५ करोड १० लाख ३० हजारसमेत रु.१४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ। यससम्बन्धी विवरण अनुसूची ९ मा छ।

५.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु नमानिने उल्लेख छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अद्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन। पेस्की बाँकीको विवरण अनुसूची ८ मा समावेश छ।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सबै कानुन संविधान अनुकूल हुने गरी परिमार्जन वा तर्जुमा गर्नुपर्ने,
- सूचना प्रविधि, जग्गा प्राप्ति र पुरातात्विक वस्तु खरिद तथा पुनर्निर्माण सम्बन्धी खरिदमा समयानुकूल सुधार गर्नुपर्ने,
- सबै सरकारी कोषलाई संवैधानिक एवं कानुनी प्रावधानबमोजिम सञ्चालन गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट र कार्यविभाजनलाई व्यवहारमा स्पष्ट पार्नुपर्ने,
- नियामक निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने,
- तालुक वा नियमनकारी निकायले प्रदान गर्ने राय/सहमतिमा एकरुपताका लागि मापदण्ड तयार गर्नुपर्ने,
- संघीयता कार्यान्वयनका लागि गठित परिषद्हरूको भूमिका प्रभावकारी बनाउनुपर्ने।

अर्थतन्त्र

- आन्तरिक उत्पादन वृद्धि गर्न स्पष्ट नीति तय गर्नुपर्ने,
- डिजिटल भुक्तानी प्रणालीको विस्तार गरी सबै आर्थिक क्रियाकलाप औपचारिक दायरामा ल्याउनुपर्ने,
- गुणस्तरीय पर्यटकीय पूर्वाधार निर्माण गरी वैदेशिक मुद्रा आर्जनमा जोड दिनुपर्ने,
- निजी र वैदेशिक लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउनुपर्ने,
- प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्ने,
- कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुपर्ने,
- जटिल र बहुदरयुक्त कर संरचनामा पुनरावलोकन गर्नुपर्ने,
- आयोजनाहरूमा दिइएको कर छुटको प्रभाव विश्लेषण गर्नुपर्ने,
- निर्यातमुखी क्षेत्रको उत्पादन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नुपर्ने।

सार्वजनिक प्रशासन

- बहुसिपयुक्त जनशक्ति तयार गर्न पेसागत शिक्षा र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सेवा आकर्षण गर्न तथा जनशक्ति व्यवस्थापन गर्न दरबन्दीमा पुनरावलोकन गर्नुपर्ने
- निकायगत जनशक्ति बढी भएमा अन्य निकायमा समायोजन गर्ने व्यवस्था मिलाउनुपर्ने
- विद्यालय शिक्षामा गुणस्तरीयता ल्याउन उत्प्रेरक कार्यसम्पादन प्रणाली लागु गर्नुपर्ने
- थप अध्ययन र परीक्षण गरी कर्मचारीमा उत्प्रेरक विधि लागु गर्नुपर्ने
- कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने
- कार्यसमयमा लचकता तथा बहु कार्यालयको जिम्मेवारी दिने सम्बन्धी व्यवस्था गर्नुपर्ने
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्नुपर्ने,
- विषय विज्ञताका आधारमा संस्थानका सञ्चालक चयन गर्नुपर्ने।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन भरपर्दो र पारदर्शी बनाउनुपर्ने,
- मौजुदा जिन्सी सामान तथा उपकरण मर्मत गरेर उपयोग हुन नसक्ने यकिनपश्चात् मात्र नयाँ खरिद गर्नुपर्ने,
- सम्पन्न/विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी अन्यत्र हस्तान्तरण गर्नुपर्ने,
- राष्ट्रिय महत्त्वका अभिलेख/दस्तावेजको डिजिटाइजेसनलगायतका विधि प्रयोग गरी सुरक्षित राख्नुपर्ने,
- सार्वजनिक र गुठी जग्गाको संरक्षण र अत्युत्तम उपयोग हुने व्यवस्था मिलाउनुपर्ने,
- मुआब्जा वितरण भइसकेका जग्गा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- प्राकृतिक स्रोतको नक्साङ्कन, पहिचान, अभिलेख र उपयोगको कानुनी/नीतिगत प्रबन्ध मिलाउनुपर्ने,
- निकायको कानुनी मान्यता समाप्त भएमा सोको जिन्सी र स्रेस्ता व्यवस्थापन गर्नुपर्ने।

सार्वजनिक वित्त व्यवस्थापन

- प्रतिफल दिने आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमको दीर्घकालीन दायित्वलाई अनुमानयोग्य बनाउनुपर्ने,
- अनुत्पादक र वितरणमुखी खर्च नियोजन गर्नुपर्ने,
- राष्ट्रिय आवश्यकता र बजेट प्रणालीभित्र समेटेर मात्र वैदेशिक सहायता स्वीकार गर्नुपर्ने,
- आन्तरिक ऋण कम लागतमा उपयोग गर्न विश्लेषण गर्नुपर्ने,
- अनुदान वितरणलाई उत्पादन र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्ने,
- आन्तरिक र अन्तिम लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय मापनयोग्य बनाउनुपर्ने,
- गैरबजेटरी निकायको कारोबारसमेत समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने।

विकास व्यवस्थापन

- आवधिक योजना र दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्ने,
- आयोजना बैङ्कमा रहेका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- आयोजना प्रमुखको सरुवा व्यवस्थित गर्नुपर्ने,
- खरिद व्यवस्थापन पारदर्शी र मितव्ययी बनाउनुपर्ने,
- उपभोक्ता समितिबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्नुपर्ने,
- प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्ने प्रणाली विकास गर्नुपर्ने,
- बाह्य परामर्श लिँदा लागत-लाभ विश्लेषणका आधारमा नवीन प्रविधि, सीप र ज्ञान हस्तान्तरण हुने गरी मापदण्ड निर्धारण गर्नुपर्ने।

सूचना प्रविधि

- सूचनाको सुरक्षा गर्न र साइबर सुरक्षाको लागि सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने,
- विद्युतीय प्रणाली र उपकरणको आवश्यकता पहिचान, विकास र खरिदका लागि मापदण्ड/नर्म्स तयार गर्नुपर्ने,
- सरकारी डिजिटल सेवाको सेवास्तर सम्झौता र गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्ने,
- एकीकृत डाटासेन्टर सञ्चालन गर्नुपर्ने,
- नागरिक सेवासँग प्रत्यक्ष नजोडिने निकायमा डिजिटल कार्यस्थल गर्न सक्ने व्यवस्था गर्नुपर्ने।

सुशासन

- मितव्ययिताको उदाहरण प्रस्तुत गर्ने कार्यालयलाई पुरस्कृत गर्नुपर्ने,
- कानुनबमोजिम मात्र सेवा सुविधा उपलब्ध गराउनुपर्ने,
- बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्नुपर्ने,
- नागरिक निगरानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने,
- पदाधिकारी/कर्मचारीहरूलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति जवाफदेही बनाउनुपर्ने,
- सार्वजनिक सेवा नागरिकमैत्री बनाई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने,
- सार्वजनिक संस्थानहरूको लेखापरीक्षण नियमित रुपमा गराउनुपर्ने।

परिच्छेद

३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सङ्घीय मन्त्रालय तथा निकाय

१. **सङ्घीय सञ्चित कोष -** सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०८१।८२ मा समग्र राजस्व, अनुदान, ऋण (आन्तरिक र बाह्य) तथा गत वर्षको नगद दाखिला र अन्य समायोजनसमेत रु.१५ खर्ब ४१ अर्ब २४ करोड १९ लाख प्राप्तिमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख खर्च भई रु.२७ अर्ब ९९ करोड ६० लाख मौज्दात रहेको देखिन्छ। यो वर्षको उक्त मौज्दातमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख समायोजन गर्दा रु.२ खर्ब ३६ करोड १६ लाख ऋणात्मक मौज्दात रहेको छ। नेपाल सरकारको अन्य सरकारी कोष तथा खाताहरूमा यस वर्षको अन्त्यमा रु.१ खर्ब ७२ अर्ब ५ करोड ३३ लाख ऋणात्मक मौज्दात रहेकोमा सो समायोजन गर्दासमेत वर्षान्तमा सरकारको बैङ्क तथा नगद मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेको छ।

त्यस्तै नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणअनुसार सञ्चित कोषको मौज्दात रु.६९ अर्ब ८६ करोड ३१ लाख ऋणात्मक रहेकोमा वित्तीय विवरणमा भन्दा बैङ्क मौज्दात रु.४१ अर्ब ५५ करोड ४८ लाखले बढी रहेको देखिन्छ।

२. **समष्टिगत आर्थिक परिसूचक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १६ तथा नियमावली, २०७७ को नियम २३ बमोजिम अर्थ मन्त्रालयले समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण गर्नुपर्ने व्यवस्था बमोजिम यस वर्षका समष्टिगत आर्थिक परिसूचकको अवस्था देहायबमोजिम छन्:

(प्रतिशतमा)

परिसूचक	२०८०।८१ को यथार्थ प्रगति	२०८१।८२ को	
		लक्ष्य (सोह्रौं योजना)	प्रगति
आर्थिक वृद्धिदर	३.६७	७.५०	४.६१
उपभोक्ता मुद्रास्फीति दर	५.४४	६	४.०६
कुल राजस्व/गार्हस्थ उत्पादन	१८.५५	२०.६२	१९.३०
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	२४.४१	२८.२०	२४.७८
चालु खर्च/गार्हस्थ उत्पादन	१६.२७	१७.१०	१५.६७
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	३.३६	६.२०	३.६७
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	०.४२	०.३०	०.४९
वैदेशिक ऋण/गार्हस्थ उत्पादन	२.१०	३.४१	२.१०
आन्तरिक ऋण/गार्हस्थ उत्पादन	४.१०	५.१८	५.४०
व्यापार घाटा/गार्हस्थ उत्पादन	२५.२३	-	२५.००
निर्यात/गार्हस्थ उत्पादन	२.६७	-	४.५४
आयात/गार्हस्थ उत्पादन	२७.९०	-	२९.५४
बजेट घाटा/गार्हस्थ उत्पादन	७.१७	-	७.०४

स्रोतः अर्थ मन्त्रालय २०८१।८२

सोह्रौं योजनाको अन्तिम वर्ष कुल गार्हस्थ उत्पादन रु.८० खर्ब १९ अर्ब पुऱ्याउने लक्ष्य प्राप्तिको लागि वार्षिक ७.१ प्रतिशतको आर्थिक वृद्धि आवश्यक रहेको भए तापनि गत वर्ष ३.६७ प्रतिशत रहेकोमा यो वर्षको वृद्धि दर ४.६१ प्रतिशत मात्र रहेको, २०७५।७६ मा पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको ६.२६ रहेकोमा चालु वर्ष सोबाट घटेर ३.६७ प्रतिशत र वित्तीय व्यवस्था खर्च ३.९५ प्रतिशतबाट बढेर ४.७७ प्रतिशत पुगेको छ। गतवर्षको तुलनामा आयातमा भएको १३.२५ प्रतिशत वृद्धिले व्यापार घाटा २५ प्रतिशत वृद्धि भई रु.१५ खर्ब २७ अर्ब पुगेको र राजस्व असुली लक्ष्यको ८४.२८ प्रतिशत मात्र भएको छ। वैदेशिक सहायता प्राप्ति लक्ष्यको ७१.२० प्रतिशत तथा राजस्व छुटको दायरा बढ्दै गएको हुँदा सरकारी कोषमा चाप परेको देखिन्छ। व्यापार घाटा न्यूनीकरणका लागि कृषि र पर्यटन जस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गर्ने, खर्च गर्ने क्षमतामा सुधार गर्ने र राजस्व चुहावट नियन्त्रण गरी अर्थतन्त्रमा दिगोपना र आयोजना व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

३. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रु. करोडमा)

विवरण	२०७९।८०			२०८०।८१			२०८१।८२		
	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	३४९०६	२५३८१	७२.७१	३६२१२	२८३४६	७८.२८	३९५३७	३०१८७	७६.३५
मूल्य अभिवृद्धि कर	३९८४७	२८६६३	७१.९३	४२५८९	३१०४६	७२.८९	३८६५२	३४१९३	८८.४६
अन्तः शुल्क	२१७२८	१४३०७	६५.८४	२०७२२	१४६३५	७०.६३	१९४९६	१७५१७	८९.८५
भन्सार महसुल	३३०५७	१८२१२	५५.०९	३०७४४	२०१०२	६५.३९	३०७३६	२३०९१	७५.१२
अन्य कर	१०७७७	१४५०२	१३४.५७	११९८७	१४१४६	११८	१३५०९	१४६३१	१०८.३१
जम्मा	**१४०३१५**	**१०१०६५**	**७२.०३**	**१४२२५४**	**१०८२७५**	**७६.११**	**१४१९३०**	**११९६१९**	**८४.२८**

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा रु.१४ खर्ब १९ अर्ब ३० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकोमा रु.११ खर्ब ९६ अर्ब १९ करोड (८४.२८ प्रतिशत) असुली भएको छ। राजस्वको संरचना र लक्ष्य निर्धारणलाई वस्तुनिष्ठ बनाई लक्ष्यअनुरूप राजस्व असुली गर्नुपर्दछ।

४. **राजस्व छुट -** आर्थिक ऐन, २०८१ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाइएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। भन्सार महसुल ऐन २०८१, को अनुसूची ४, ५ र ६ मा पैठारी महसुल पूर्ण वा आंशिक रूपमा छुट हुने व्यवस्था रहेकोमा भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रु.८५ अर्ब २३ करोड १६ लाख छुट भएको छ। यस्तो छुट गत वर्ष रु.७९ अर्ब ८७ करोड ३९ लाख रहेको थियो। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट दिएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारीमा भन्सार महसुल रु.५ अर्ब ७१ करोड ३ लाख छुट भएको छ। आर्थिक ऐन, २०८१ को दफा १८(१) अनुसार नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबाट भन्सार महसुल ऐन, २०८१ तथा अन्तःशुल्क ऐनमा संशोधन गरी छुट

दिएकोमा उक्त निर्णयबाट यो वर्ष रु.४९ करोड ६३ लाख छुट भएको छ। यसरी आर्थिक ऐनको प्रावधान प्रयोग गरी कर छुटको निर्णय भएकोमा सोको विवरण एकमुष्ट रूपमा संसदमा पेस नगरी मन्त्रालयगत प्रगतिको माध्यमबाट मात्र पेस गरेको छ। साथै सोही ऐनको दफा १८ (२) मा सरकारी निकाय, समिति तथा बोर्ड एवं १८ (३) मा वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको सम्झौताको सर्तबमोजिम यो वर्ष विभिन्न आयोजना एवं निर्माण व्यवसायी तथा सरकारी निकायलाई रु.६ अर्ब १२ करोड ७६ लाख महसुल छुट दिएको छ। सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा कर छुट सम्बन्धमा उल्लेख नगरे तापनि खरिद सम्झौता भइसकेपछि मास्टर लिस्टमार्फत छुट लिँदा यसको प्रत्यक्ष आर्थिक लाभ आयोजनाले भन्दा निर्माण व्यवसायीले लिइरहेको र त्यस्तो रकम लागतमा समायोजन गर्ने परिपाटीसमेत न्यून रहेको देखिन्छ।

भन्सार महसुल ऐन, २०८१ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नेपाल सरकारका विभिन्न निकायको सिफारिसमा महसुल तथा कर छुट दिने व्यवस्था रहेकोमा सिफारिस गर्ने निकायहरूले पैठारीकर्ताको योग्यता र मालवस्तुको यकिन नगरी निवेदनकै आधारमा सिफारिस गर्ने र भन्सार प्रशासनले समेत आर्थिक ऐनका प्रावधानहरूको विश्लेषण नगरी सो सिफारिसपत्रको आधारमा ऐनको प्रावधान प्रतिकूल हुने गरी महसुल छुट दिँदा राजस्व परिचालनमा असर परेको छ।

५. **राजस्व तथा साँवा ब्याज बक्यौता -** नेपाल सरकारको कुल ऋण लगानी रु.५ खर्ब २६ अर्ब ६ करोड ६३ लाख रहेकोमा उठाउन बाँकी भाखा नाघेको ऋणको साँवा गत वर्षको तुलनामा २६२.८२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ५९ अर्ब १९ करोड ९७ लाख पुगेको छ, जुन कुल ऋण लगानीको ४९.२७ प्रतिशत हो। त्यस्तै आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०८०।८१ मा रु.२ खर्ब ५४ अर्ब ४ करोड रहेको कर बक्यौता २०८१।८२ मा ८.२७ प्रतिशतले वृद्धि भई ब्याजसमेत रु.२ खर्ब ७५ अर्ब ५ करोड रहेकोमा रु.१ खर्ब ८० अर्ब १० करोड (६५.४८ प्रतिशत)को सम्बन्धमा करदाताहरू न्यायिक पुनरावलोकनमा गएको देखिँदा बक्यौताको ठुलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। नेपाल सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा ब्याज रु.४ खर्ब ८ अर्ब २१ करोड रहेको छ।

भाखा नाघेको साँवा र ब्याज चुक्ता नगर्ने ८० निकायमध्ये नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी बोर्ड र साना किसान विकास लघुवित्तलगायतका शीर्ष १० निकायसँग मात्रै कुल बक्यौताको ९५ प्रतिशत हिस्सा रहेको छ। आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार मुनाफा आर्जन गरिरहेका उल्लिखित संस्थाहरूले समेत बक्यौता राखेका छन्। त्यस्ता निकायबाट समयमै साँवा ब्याज असुल उपर गर्नुपर्दछ।

६. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०८१।८२ मा सुरु बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भएकोमा रु.१५ खर्ब १३ अर्ब २५ करोड (८१.३४ प्रतिशत) खर्च भएको छ।यस वर्ष भएको पुँजीगत खर्च मध्ये प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा क्रमशः १३, १२, २१ र ५४ प्रतिशत खर्च भएको देखिन्छ। नेपाल सरकारको कुल बजेटमध्ये २०७९।८० मा ७९.२३ प्रतिशत र २०८०।८१ मा ८१.५६ प्रतिशत खर्च भएको थियो। पुँजीगतबजेट विनियोजनको ६३.५७ प्रतिशत मात्र खर्च भएको हुँदा स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमतालाई दृष्टिगत गरी बजेट तर्जुमा यथार्थपरक बनाउनुपर्दछ।

७. **स्रोतगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१) र १०(३) मा बजेट तथा कार्यक्रमको मूल्याङ्कन, स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमताको आधारमा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेकोमा अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को कुल खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोडमध्ये आन्तरिक राजस्वबाट रु.११ खर्ब ४ अर्ब ९५ करोड (७३.०२ प्रतिशत), आन्तरिक तथा वैदेशिक ऋणबाट क्रमशः रु.२ खर्ब ५३ अर्ब ९२ करोड (१६.७८ प्रतिशत) तथा रु.१ अर्ब २७ करोड २० लाख (८.४१ प्रतिशत) र अनुदानबाट रु.२७ अर्ब १८ करोड (१.७९ प्रतिशत) बेहोरिएको स्थिति छ।

स्रोतगत खर्चको विवरणबमोजिम आन्तरिक राजस्वबाट रु.७ खर्ब ८७ अर्ब १७ करोड ६७ लाख चालु र रु.१८ अर्ब २९ करोड १७ लाख पुँजीगत खर्च, आन्तरिक ऋणबाट रु.१ खर्ब ३१ अर्ब ३९ करोड ४० लाख चालु खर्च र बाह्य ऋणबाट रु.७७ अर्ब २१ करोड ४१ लाख पुँजीगत खर्च बेहोरेको देखिन्छ। चालु खर्चमा बाह्य ऋणको अंश २.४३ प्रतिशत र पुँजीगत खर्चमा ३४.४७ प्रतिशत रहेकोमा सार्वजनिक ऋणको रकम पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा कर्मचारी सम्बन्धी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालन जस्ता चालु शीर्षकमा समेत खर्च भएको देखिन्छ।

८. **मध्यमकालीन खर्च र बजेट विनियोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ तथा नियमावली, २०७७ को नियम १४ बमोजिम योजना आयोग र स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाभित्र रही अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। विगत ४ वर्षको बजेट सीमा र यथार्थ विनियोजनको स्थिति देहायबमोजिम छः

(रु. करोडमा)

आर्थिक वर्ष	स्रोत अनुमान समितिको सीमा	बजेट विनियोजन	मध्यावधि समीक्षाबमोजिम संशोधित	पछिल्लो बजेटबाट संशोधित	वास्तविक खर्च
२०८१।८२	१८९७७२	१८६०३०	१६९२७३	१६६२३७	१५१३२५
२०८०।८१	१६८८४०	१७५१३१	१५३०२७	१५३०३६	१३९३४०
२०७९।८०	१७४५००	१७९३८३	१५४९५०	१५०५००	१४२१३३

उल्लिखित विवरणअनुसार २०८१।८२ का लागि स्रोत अनुमान समितिले रु.१८ खर्ब ९७ अर्ब ७२ करोडको सीमा सिफारिस गरे तापनि रु.१८ खर्ब ६० अर्ब ३० करोडको बजेट विनियोजन भएको देखिन्छ। बजेट कार्यान्वयनका क्रममा अर्धवार्षिक समीक्षामार्फत लक्ष्य घटाएर रु.१६ खर्ब ९२ अर्ब ७३ करोड कायम गरे तापनि वास्तविक खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोड अर्थात संशोधित अनुमानको ९१.०३ प्रतिशत र सुरु विनियोजनको ८१.३४ प्रतिशत रहेको छ। विगतका वर्षहरूमा पनि सुरु विनियोजनको तुलनामा वास्तविक खर्चको स्थिति न्यून रहने र पटक-पटक लक्ष्य संशोधन गर्दा बजेट तर्जुमाको आधार र कार्यान्वयन क्षमताबिच भिन्नता रहेको देखिन्छ।

९. **रकमान्तर -** यो वर्ष कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाखमध्ये कार्यक्रम संशोधन समेत रु.४६ अर्ब ६७ करोड ७७ लाख (२.५१ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये २०८२ को आषाढ महिनामा रु.१८ अर्ब २१ करोड ८९ लाख र आषाढ अन्तिम हप्तामा रु.७९ करोड १३ लाख ४६ हजार विभिन्न उपशीर्षकमा रकमान्तर गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा यो वर्ष पहिलो त्रैमासिक अवधिमा रु.२१ करोड २६ लाख ८७ हजार तथा अर्थ विविधबाट रु.८३ करोड ९६ लाख ५० हजार रकमान्तर तथा निकासा समेत रु.१ अर्ब ५ करोड २३ लाख ३७ हजार अर्थात् कुल रकमान्तरको २.२५ प्रतिशत रकमान्तर तथा निकासा भएको छ।

१०. **नगद योजना -** आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयले नियमावलीको उक्त व्यवस्थाबमोजिम नगद योजना तर्जुमा गरेको पाइएन। यो वर्ष नेपाल सरकारले वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख र आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ७ करोड ६३ लाख लिएको छ। सो रकमबाटसमेत प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेकोमा तत् तहमा खर्च हुन नसकी सञ्चितकोषमा रु.१ खर्ब ३२ अर्ब ४४ करोड ६७ लाख मौज्दात रहेको छ। सङ्घीय सरकारले स्रोत अभाव पूर्ति गर्न ऋण लिई वित्तीय हस्तान्तरण गरेको रकम परिचालन नहुँदा आन्तरिक ऋणको औसत ३.८७ प्रतिशत ब्याजदरले वार्षिक रु.५ अर्ब ७ करोड २७ लाख अतिरिक्त ब्याज भुक्तानी गर्नुपरेको छ।

११. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार गत वर्षसम्म ९७ संस्थामा रु.४ खर्ब ८८ अर्ब ११ करोड ऋण लगानी भएको देखिन्छ। यो वर्ष रु.४० अर्ब ५८ करोड थप लगानी भएकोमा अन्य समायोजनबाट रु.२ अर्ब ६२ करोड मिलान गर्दा वर्षान्तको ऋण लगानी हिसाब रु.५ खर्ब २६ अर्ब ७ करोड रहेको देखिन्छ।

नेपाल सरकारले वैदेशिक स्रोतबाट लगानी गरेको ऋणमध्ये रु.३ खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख फिर्ता बाँकी रहेकोमा ३६ संस्थानको रु.१ खर्ब ६३ अर्ब ८२ करोड ६ लाख साँवा र ३४ संस्थानको रु.१ खर्ब १८ अर्ब ५२ करोड ४९ लाख ब्याजसमेत कुल रु.२ खर्ब ८२ अर्ब ३४ करोड ५६ लाखको भाखा नाघिसकेको छ। संस्थानमा वैदेशिक ऋणबाट पुर्नलगानी गरेका संस्थाहरूले समयमै फिर्ता नगर्दा भाखा नाघेको साँवा र प्राप्त हुनुपर्ने ब्याज असुल हुन सकेको छैन। सरकारले विकास साझेदारलाई अन्य स्रोतबाट साँवा एवं ब्याज भुक्तानी गर्नुपरेको हुँदा सङ्घीय सञ्चित कोषमा अतिरिक्त व्ययभार परेको छ।

१२. **मूल्य अभिवृद्धि कर बाँडफाँट समायोजन -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क विभाज्य कोषमा जम्मा गरी सङ्घलाई ७० प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिने व्यवस्थाबमोजिम यो वर्ष रु.३ अर्ब ४१ करोड ९१ लाख ११ हजार मूल्य अभिवृद्धि कर विभाज्य कोषमा दाखिला गरी तीन तहका सरकारहरूबिच बाँडफाँट गरेको छ।

सोही ऐनको दफा ६(६) बमोजिम यसरी बाँडफाँट हुने रकम वर्षको अन्तिम महिनामा हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहे तापनि महालेखा नियन्त्रक कार्यालयले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु बिक्री गर्दा सङ्कलन गरेको करबाट खरिदमा तिरेको कर कट्टी गर्न पाउने वा लगातार ४ महिनासम्म मिलान नभएमा फिर्ता लिन पाउने प्रावधान रहेकोमा आन्तरिक राजस्व विभागको तथ्याङ्कबमोजिम रु.५ अर्ब ५ करोड फिर्ता भएको छ। उक्त बाँडफाँट भएको रकममा फिर्ता भएको रकम समायोजन नगर्दा नेपाल सरकारलाई रु.१ अर्ब ५१ करोड ५० लाख थप दायित्व परेको छ।

१३. **वैदेशिक सहायता -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार २०८१।८२ मा वैदेशिक अनुदान रु.५२ अर्ब ३२ करोड ६५ लाख र वैदेशिक ऋण रु.२ खर्ब १७ अर्ब ६७ करोड ३५ लाखसमेत रु.२ खर्ब ७० अर्ब प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायताबाहेक अनुदान रु.२९ अर्ब ६५ करोड २५ लाख र वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब९४ करोड ७६ लाखसमेत रु.१ खर्ब ५६ अर्ब ६० करोड १ लाख प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ५६.६७ प्रतिशत र वैदेशिक ऋण ५८.३२ प्रतिशत प्राप्त भएको देखिन्छ।

१४. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालय तथा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋणको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारको विगत ५ वर्षको कुल ऋण दायित्वको स्थिति देहायअनुसार छः

(रकम रु.करोडमा)

शीर्षक	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
वैदेशिक ऋण	९३४७०	१०२,५८५	११७२४९	१२५३२०	१४०५८३
आन्तरिक ऋण	८०२९४	९८७४५	११२९१०	११८०९०	१२६८२२
कुल ऋण	१७३७६४	२०१३३०	२३०१५९	२४३४१०	२६७४०५
कुलगार्हस्थ उत्पादन हिस्सा (प्रतिशतमा)	३९.९२	४०.४६	४३.०३	४२.६७	४३.७९

उल्लिखित विवरणअनुसार २०८१।८२ को अन्त्यसम्म नेपालको कुल सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ५ करोड पुगेको छ, जसमा बाह्य ऋणको हिस्सा ५२.५७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.४३ प्रतिशत रहेको छ। गत वर्ष सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२.६७ प्रतिशत रहेकोमा यो वर्ष बढेर ४३.७९ प्रतिशत पुगेको देखिन्छ। साथै, विनिमय दरको उतारचढावका कारण मात्र यो वर्ष रु.६५ अर्ब ५४ करोड थप दायित्व सिर्जना हुनुले बाह्य मौद्रिक प्रभावप्रति ऋण संरचना संवेदनशील रहेको देखिन्छ। नेपाली मुद्रा कमजोर हुँदा सार्वजनिक ऋणमा विनिमय दरको कारण २०८१।८२ को वर्षान्तसम्म रु.६५ अर्ब ५४ करोड ७९ लाख अतिरिक्त भार थपिएको छ। विदेशी मुद्रामा हुने विनिमय जोखिम व्यवस्थापन गर्न सकिने वित्तीय उपकरणको परिचालन गर्न सकिनेतर्फ पनि दृष्टिगत गरी उत्पादकत्व प्राप्त हुने क्षेत्रमा ऋण परिचालन गर्नुपर्दछ।

१५. **प्राविधिक तथा अन्य सहायता -** बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १७ सङ्घीय मन्त्रालय/निकाय अन्तर्गतका १२० आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.१९ अर्ब २४ करोड ६२ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १५४ कार्यक्रम/ आयोजनाको लागि रु.२२ अर्ब २२ करोड ५० लाखसमेत रु.४१ अर्ब ४७ करोड १२ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। सरकारी निकायहरूले उक्त रकमबाट भएको खर्च आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन। सबै सहायता बजेटमा समावेश गरी त्यस्ता सहायताबाट भएको खर्चको लेखापरीक्षण गराउनुपर्दछ।

१६. **शोधभर्ना हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक ऋण र अनुदानको शोधभर्ना हुन बाँकी ऋण रु.१५ अर्ब ७२ करोड ७० लाख र अनुदान रु.२ अर्ब ५१ करोड ५८ लाख समेत रु.१८ अर्ब २४ करोड २८ लाख देखाएको छ। मन्त्रालयगत आयोजनामा बढी शोधभर्ना भएको अनुदान

र ऋण क्रमशः रु.१४ अर्ब ४३ करोड ५ लाख र रु.२८ अर्ब ६८ करोड २४ लाख समायोजन गरी शोधभर्ना हिसाब प्रस्तुत गरेकोले उक्त रकमले शोधभर्ना हुनुपर्ने अनुदान तथा ऋण फरक परेको छ।

१७. **आवधिक योजना कार्यान्वयन -** आयोगबाट स्वीकृत सोह्रौं योजनाले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०८०।८१)	२०८१।८२ सम्मको लक्ष्य	२०८१।८२ को यथार्थ उपलब्धि
१	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	३.३६	६	३.९९
२	प्राथमिक क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	३.३५	३.३	३.२५
३.	द्वितीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	-०.०३	४.७	४.६५
४.	तृतीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.३५	४.२	४.२१
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	५.४४	५.७५	५.३०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१४६७	१५१७	१५१७
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	२०.३	१६	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.६०५	०.६१८	०.६२२
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा,वर्ष)	७१.०	७१.९	७१.०
१०.	साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	७६.२	८०	७७.५
११.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	३२४३	४५००	३९६०
१२.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	९७	१००	९७.१
१३.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६९.२	७८	७४.०

स्रोतः सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१।८२

उल्लिखित विवरणअनुसार सोह्रौं योजनाको पहिलो वर्षमा समग्र आर्थिक वृद्धिदरको लक्ष्य ६ प्रतिशत रहेकोमा प्रगति ३.९९ प्रतिशत रहेको छ। क्षेत्रगत रूपमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धि दरको लक्ष्य क्रमशः ३.३, ४.७ र ४.२ प्रतिशत रहेकोमा प्रगति ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत रहेको छ। अपेक्षित आयु ७१.९ वर्ष, साक्षरता दर ८० प्रतिशत, विद्युत उत्पादन (जडित क्षमता) ४ हजार ५०० मेगावाट, विद्युतमा पहुँच प्राप्त परिवार शतप्रतिशत, इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या ७८ प्रतिशत पुग्ने लक्ष्य रहेकोमा क्रमशः ७१ वर्ष, ७७.५ प्रतिशत, ३ हजार ९६० मेगावाट, ९७.१ प्रतिशत र ७४ प्रतिशत उपलब्धि हासिल भएको छ।

१८. **दिगो विकास लक्ष्य प्रगति** - दिगो विकास लक्ष्यहरूको २०२२ सम्मको उपलब्धि, २०३० को लक्ष्यको तुलनामा उपलब्धि तथा २०३० सम्म हासिल गर्न सकिने सम्भावित उपलब्धिको अवस्था देहायबमोजिम छः

क्र.सं.	**विवरण**	**२०२२** सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
१.	गरिबी अन्त्य	७८.१	५४.१	७८.६
२.	शून्य भोकमरी	६८.३	४४.९	७१.५
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.७	४१.५	५६.८
४.	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५.	लैङ्गिक समानता	५७.९	३८.०	५८.१
६.	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१

क्र.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
८.	मर्यादित काम र आर्थिक वृद्धि	३१.५	१९.७	३४.७
९.	उद्योग प्रवर्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०.	असमानता घटाउने	७२.५	४४.८	७२.३
११.	सहरहरू र समुदायको दिगोपना	९७.२	७६.१	८९.०
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	३८.६	२९.५	४३.१
१३.	जलवायुसम्बन्धी कार्य	५५.३	४३.४	५३.९
१४.	पानीमुनिको जीवन	-	-	-
१५.	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	५७.४	३५.८	५५.१
१७.	लक्ष्यहरूको निमित्त साझेदारी	३४.९	२२.३	३७.७
	जम्मा	**५८.६**	**४१.७**	**६०.५**

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणबमोजिम सन् २०२२ सम्मको लक्ष्यको आधारमा प्रगति ५८.६ प्रतिशत रहेको छ।

१९. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको छ। यो वर्षसम्म यस्ता आयोजनाको संख्या २७ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०८१।८२ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र. सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष	शंसोधित लागत अनुमान	गत बर्ष सम्मको खर्च	यो वर्षको खर्च	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	४९२९	५२९८	०	५२९८	सम्पन्न
२	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०८०।८१	सम्पन्न	२०७८.७९	३०९१	२९९३	--	सम्पन्न
३	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७४।७५	सम्पन्न	२४८६	२४५८	-	२४५८	सम्पन्न
४	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०८४।८५	८४३३	६९१७	३१७	७२३४	८१.७३
५	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६५।६६	नखुलेको	१४२५००	३३४५	७७	३४२२	नखुलेको
६	कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)	२०६९।७०	२०८४।८५	१८६६	२५२	७७	३२९	२०.७५
७	कोशी कोरिडोर (खाँदबारीदेखि किमाथांका)	२०६५।६६	२०८५।८६	१६२०	५५८	११०	६६८	४५.०
८	कालीगण्डकी कोरिडोर (गैंडाकोट कोरला सडक खण्ड)	२०६६।६७	२०८३।८४	३५७९	१९०४	३०५	२२०९	८२.४३
९	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०८३।८४	१०१६३	६४८७	६९७	७१८४	७२.७५
१०	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८२।८३	२७७०.२४	२००३.६८	१५५	२१५८.६८	७४.७६
११	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	५२८९	२१४८.४७	१४३	२२९१.४७	४४.२३

क्र. सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष	शंसोधित लागत अनुमान	गत बर्ष सम्मको खर्च	यो वर्षको खर्च	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१२	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६.३०	१३४३.९२	२३७	१५८०.९२	८२.२७
१३	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	३५००	८०२.०५	१५६	९५८.०५	२६.६५
१४	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (भेरी करिडोर सिँचाइ बाहेक)	२०६८।६९	२०८४।८५	३३१९.६६	१६५०	१९६	१८४६	६९
१५	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८५।८६	३९८०२	४२६५	२४६	४५११	१६.५५
१६	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८५।८६	४९४२.३१	१५३६.४९	१२१	१६५७.४९	३६.८३
१७	पश्चिम सेती जलविद्युत आयोजना	प्रस्तावित सन २०२५	प्रस्तावित सन् २०३०	२७३८५				सुरु नभएको
१८	पशुपति क्षेत्र विकास कोष	२०७०।७१	निरन्तर	२२७	३६९	नखुलेको	-	७८
१९	लुम्बिनी विकास कोष	२०६९।७०	२०८३।८४	१३२६	८३१	४४	८७५	८९
२०	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	१०६	२	१०८	सुरु नभएको
२१	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरणसमेत)	२०५५।५६	२०८७।८८	२८७९	३१९१	४४	३२३५	पहिलो चरणको ९९ प्रतिशत दोस्रो चरण १२.४७ प्रतिशत
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८३।८४	२११९३	६७११	१३४५	८०५६	४२.१३
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७१।७२	२०९३।९४	२४९७२	१४९६	९१.२४	१५८७.२४	६.३९
२४	विद्युत प्रसारण आयोजना (डलर मिलियन)	२०७४।७५	२०८५।८६	६९७	६१.३७	३६.७८	९८.१५	११.२७
२५	मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला	२०८०।८१	नखुलेको					
२६	गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशाला	२०८०।८१	२०८५।८६	नखुलेको				
२७	गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला	२०८०।८१	नखुलेको					

पुनश्चः *पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको कार्य हालसम्म सुरुवात हुन सकेको छैन।*

राष्ट्रिय योजना आयोगको विवरणअनुसार यो वर्ष सम्म २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित लागत अनुमान रु.२४ खर्ब १५ अर्ब ६ करोड ९७ लाख र ६९.७ करोड डलर रहेकोमा २०८१।८२ सम्म सम्पन्न भएका गौतमबुद्ध विमानस्थल, माथिल्लो तामाकोशी जलविद्युत आयोजना र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल बाहेकमा हालसम्म रु.५ खर्ब ४ अर्ब ५५ करोड खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये सम्पन्न भएका ३ आयोजना, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ५ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ४ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ तथा भौतिक प्रगति नखुलेका ४ आयोजना तथा सुरु नभएका २ आयोजना रहेका छन्। आर्थिक वर्ष २०७८।७९ सम्म सम्पन्न गर्नपर्ने अवधि रहेको पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति खुलासा गरेको छैन भने सम्पन्न हुने अवधि समेत तोकिएको छैन। अधिकांश आयोजनाहरू कार्यक्षेत्र थप गर्दै जाने तथा सुरु निर्माण सम्पन्न गर्नुपर्ने अवधिमा सम्पन्न नभई म्याद थप गर्दै लगेको देखिन्छ। तोकिएको अवधिमा सम्पन्न हुने गरी आयोजना व्यवस्थापन हुनुपर्दछ।

२०. **रूपान्तरणकारी आयोजना** - सरकारले आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्र १ समेत १७ आयोजनालाई रूपान्तरणकारी आयोजना तथा कार्यक्रमको रूपमा सञ्चालन गरेको छ। सोमध्ये शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको समष्टिगत भौतिक प्रगति क्रमशः ८१ र ८८ प्रतिशत एवं गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाको भौतिक प्रगति ६४ प्रतिशत रहेकोछ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रमअन्तर्गतको भेरी कोरिडोर ४०० के.भी. र तमोर करिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको समष्टिगत भौतिक प्रगति क्रमशः १२.३ प्रतिशत र २७.७ प्रतिशत रहेको छ। पटक-पटक म्याद थप भई २०८१।८२ मा निर्माण सम्पन्न हुनुपर्नेमा समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण, स्वास्थ्य संस्था तथा सेवा विस्तार, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमसहित ६ आयोजना यो वर्षसम्म पनि सम्पन्न भएको छैन। यस्ता आयोजनाहरूको मध्यावधि समीक्षा गरेको पाइएन। अनुगमनलाई प्रभावकारी बनाई देखिएका समस्या समाधान गर्न आयोगले भूमिका खेल्नुपर्ने देखिन्छ।

२१. **समपूरक र विशेष अनुदान -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समपूरक तथा विशेष अनुदान प्रदान गर्ने व्यवस्था छ। सङ्घीय विशेष अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ३८ आयोजना/कार्यक्रमका लागि रु.३ अर्ब १८ करोड १२ लाख विनियोजन सिफारिस गरिएको छ भने नयाँतर्फ कुल १४ आयोजना/कार्यक्रमका लागि रू.१ अर्ब २१ करोड ८८ लाख र स्थानीय तहतर्फ कुल ५३८ आयोजना/कार्यक्रमका लागि रु.८ अर्ब ५० करोडसमेत रु.१२ अर्ब ९० करोड विनियोजन सिफारिस गरिएको छ।

त्यसै गरी सङ्घीय समपूरक अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ४० आयोजना/कार्यक्रमका लागि रू.३ अर्ब ९३ करोड ५० लाख, नयाँतर्फ कुल १९ आयोजना/कार्यक्रमका लागि रू.२ अर्ब २६ करोड ५० लाख विनियोजन सिफारिस गरिएको छ। स्थानीय तहतर्फ कुल ५८७ आयोजना/कार्यक्रमका लागि रू.७ अर्बसमेत रु.१३ अर्ब २० करोड विनियोजन सिफारिस गरेको देखिन्छ। पुराना कार्यक्रम समयमा सम्पन्न नभई क्रमागत योजनाको रूपमा रहिरहने र हरेक वर्ष नयाँ योजना थपिँदा सरकारको आर्थिक दायित्व बढ्दो क्रममा रहेको देखिन्छ।

२२. **आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह गरिने कर्जाको ब्याज अनुदानका लागि अर्थ मन्त्रालयले २०८१।८२ मा नेपाल राष्ट्र बैङ्कलाई रु.५ अर्ब ५० करोड निकासा गरेकोमा वर्षान्तमा रु.२ अर्ब २ करोड ३६ लाख उपयोग नभई निष्क्रिय रहेको देखिन्छ। विगत वर्षको बाँकी मौज्दात रु.८ अर्ब ८१ करोड १७ लाखको पूर्ण उपयोग वा थप वितरणको यथार्थ विश्लेषण नगरी राष्ट्र बैङ्कबाट माग भएको आधारमा थप निकासा दिएको देखिन्छ। यसरी अनुदान रकम फिर्ता नगरी बैङ्कमा निष्क्रिय राख्दा आन्तरिक ऋणको औसत ३.८७ प्रतिशत ब्याजदरले सरकारलाई रु.७ करोड ८३ लाख १३ हजार थप वित्तीय भार परेको छ।

साथै, उक्त कार्यविधिको दफा १० र १३ ले भाखा नाघेका कर्जामा अनुदान दिन नपाइने व्यवस्था गरे तापनि नेपाल राष्ट्र बैङ्कबाट म्याद नाघेका कर्जाको अद्यावधिक विवरण प्राप्त नहुँदा त्यस्ता कर्जामा समेत अनुदान प्रवाह हुन सक्ने जोखिम कायम रहेको छ। वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीहरूको औसत

आधार दरमा उल्लेख्य अन्तर रहे तापनि प्रतिस्पर्धा र प्राथमिकताका आधारमा अनुदान छनोट गर्ने संयन्त्रको अभाव रहेको, कार्यविधिको दफा १३(५) बमोजिमको अनुगमन प्रतिवेदनको अभावमा कर्जाको वास्तविक सदुपयोगिता यकिन हुन नसकेको र बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भए बमोजिम कार्यक्रमको पुनर्संरचनासमेत भएको पाइएन।

२३. **करको दायरा** - आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२ र अन्तःशुल्क ऐन २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७८।७९ सम्म	२०७९।८० सम्म	२०८०।८१ सम्म	२०८१।८२ मा थप	२०८१।८२ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१७६२४१३	१८७६३०५	२०२७६८२	११८१३८	२१४५८२०
व्यक्तिगत स्थायी लेखा नम्बर	३०५०३०४	३६४९६१४	४२६७१४६	६५३२४३	४९२०३८९
अग्रिम कर स्थायी लेखा नम्बर	१८०९४	२८१०७	३३३३०	२५५२	३५८८२
जम्मा	**४८३०८११**	**५५५४०२६**	**६३२८१५८**	**७७३९३३**	**७१०२०९१**
मूल्य अभिवृद्धि करमा दर्ता	२९१३६१	३०८४७७	३३५०१७	२४६४३	३५९६६०
अन्तः शुल्क इजाजतपत्र	१३११२७	११६६७५	१३७२५९	२४४६५	१६१७२४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०८०।८१ को तुलनामा यो वर्ष व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा १२.२३ प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ ७.३६ प्रतिशत वृद्धि भएको तथा अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने करदाता गत वर्षको तुलनामा १७.८२ प्रतिशत रहेको देखिन्छ। व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या २०८१।८२ को अन्त्यसम्म ४९ लाख २० हजार र अग्रिम कर स्थायी लेखा नम्बर लिएका ३६ हजार रहेका छन्। पेसागत व्यक्तिहरू आंशिक रूपमा मात्र करको दायरामा आएकोले पेसाविद्हरूलाई करको दायरामा ल्याई अनिवार्य आय विवरण पेस गर्ने स्वचालित प्रणालीको विकास भएको छैन।

२४. **कर परीक्षण** - आयकर ऐन, २०५८ को दफा १०१ मा विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०८१।८२ मा करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका ४ हजार ९४३ र यो वर्ष छनोट भएका २ हजार २७१ समेत ७ हजार २१४ फाइलको कर परीक्षण गर्नुपर्नेमा ३ हजार ९५७ फाइलको कर परीक्षण सम्पन्न गरेको देखियो। कर परीक्षणको विगत ४ वर्षको विवरण निम्नानुसार छः

आर्थिक वर्ष	जिम्मेवारी सरी आएको सङ्ख्या	यो वर्ष छनोट सङ्ख्या	कर परीक्षण गर्नुपर्ने सङ्ख्या	यो वर्ष सम्पन्न सङ्ख्या	अर्को वर्ष जिम्मेवारी सारेको सङ्ख्या
२०७८।७९	२२९०	१७००	३९९०	६०९७	-
२०७९।८०	२३३९	४२००	६५३९	५२७६	१२६३
२०८०।८१	४३८०	४२००	८५८०	४४५०	४१३०
२०८१।८२	४९४३	२२७१	७२१४	३९५७	३२५७

यो वर्ष परीक्षण गर्नुपर्ने फाइलमध्ये ३ हजार ९५७ (५४.८५ प्रतिशत) फाइलको कर परीक्षण भई बाँकी ३ हजार २५७ फाइल (४५.१५ प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

व्यावसायिक स्थायी लेखा नम्बर लिएका कुल करदाता २१ लाख ४५ हजार ८२० मध्ये यो वर्ष ०.१८ प्रतिशत करदाताको कर परीक्षण भएको छ। आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा जालसाजीको कारण बाहेक अन्य अवस्थामा ४ वर्षभित्र कर परीक्षण सम्पन्न गर्नुपर्ने उल्लेख छ। यस वर्ष ठुला करदाता कार्यालयले ४०३ फाइल परीक्षण गरेकोमा उक्त परीक्षणबाट रु.१० अर्ब १९ करोड ३६ लाख ४ हजार कर निर्धारण भएको देखिन्छ। जसमध्ये २०७७।७८ सम्मका म्याद जाने फाइलहरू १७९ रहेको र सो बाट रु.९ अर्ब १९ करोड ६४ लाख ४८ हजार कर निर्धारण भई कुल कर निर्धारणको ९०.२२ प्रतिशत म्याद जाने करदाताको फाइलबाट कर निर्धारण भएको छ। समयमा संशोधित कर निर्धारण नहुँदा करदातालाई ब्याज, शुल्क तथा जरिबानाको भार कुल करको तुलनामा ५७.०३ प्रतिशत रहेको देखिन्छ।

कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गरी क्षेत्रगत रूपमा अधिक जोखिम भएका करदाताको निश्चित अवधिभित्र कर परीक्षण हुने प्रबन्ध गरिनुपर्दछ।

२५. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
डेविट विवरण (प्रतिशत)	१०.९३	११.३१	१६.२१	१७.०२
क्रेडिट विवरण (प्रतिशत)	५८.५३	५८.७७	५९.५९	६२.४१
शून्य विवरण (प्रतिशत)	३०.५४	२९.९२	२४.२०	२०.५७
आषाढमा डेविट (रु.अर्बमा)	१५.६५	१४.१८	१७.३०	३२.८३
आषाढमा क्रेडिट (रु.अर्बमा)	७०.०१	६९.८५	८८.८६	८९.५५
क्रेडिट/ डेविट अनुपात	४.४७:१	४.९२:१	५.१४:१	२.७३:१

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्षको वर्षान्तमा मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रु.३२ अर्ब ८३ करोड डेबिट विवरण तथा रु.८९ अर्ब ५५ करोड क्रेडिट विवरण पेस गरेको छ। करदाताले फिर्ता पाउने उल्लेख गरेको रकम प्रत्येक वर्ष बढ्दै गएकोमा आन्तरिक राजस्व विभागले यस्तो सम्भावित दायित्वको अभिलेख अद्यावधिक गरेको छैन। गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण र क्रेडिट विवरण बुझाउनेको सङ्ख्या वृद्धि भएको, २०८०।८१ मा कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २४.४१ प्रतिशत रहेकोमा २०८१।८२ मा २५.१६ प्रतिशत रहेको देखियो।

२६. **दूरसञ्चार राजस्व** - दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा दूरसञ्चार सेवा प्रदान गर्न अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न ४५ दूरसञ्चार सेवा प्रदायकले पेस गरेको २०८०।८१ को वित्तीय विवरणअनुसार कुल आय रु.८ अर्ब ८४ करोड २१ लाखको ४ प्रतिशतले बुझाउनुपर्ने रोयल्टी रु.३५ करोड ३६ लाख ८४

हजार र जरिवाना दाखिला नगरेको हुँदा सो रकम असुल गर्नुपर्दछ। त्यस्तै दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्नेमा यो वर्ष १ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत रु.७३ करोड ४४ लाख दाखिला गर्न बाँकी देखिएकोले थप दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्दछ।

२७. **इजाजतपत्र र प्रसारण शुल्क -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने तथा नियम १६ मा प्रसारण इजाजतपत्रको म्याद भुक्तान भएपछि इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्न सक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने व्यवस्था छ। सूचना तथा प्रसारण विभागबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्षसम्म २४९ टेलिभिजन संस्थामध्ये १५३ टेलिभिजन संस्थाले इजाजतपत्र नवीकरण गराएका छैनन्। इजाजतपत्र नवीकरण नगराएका मध्ये सम्बन्धित संस्थाको वित्तीय विवरणमा उल्लेख भएअनुसार ७ संस्थाले प्रसारण कार्य नियमित रूपमा जारी राखेको पाइएकोले कानुनको दायरामा ल्याई प्रसारण, नवीकरण शुल्क र जरिबानासमेत रु.४ करोड ३० लाख असुल गर्नुपर्दछ।

२८. **ग्रामीण दूरसञ्चार दस्तुर तथा ब्याण्डविथ शुल्क -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने र दस्तुर जम्मा नगरेमा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने व्यवस्था छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमति प्राप्त २६१ सेवा प्रदायकमध्ये १३ सेवा प्रदायकले २०८०।८१ को दस्तुरयोग्य वार्षिक आय रु.८ अर्ब १० करोड ९५ लाखको २ प्रतिशतले हुने शुल्क रु.१६ करोड २१ लाख र सोको जरिबाना यकिन गरी कोषमा दाखिला गरेका छैनन्।

त्यस्तै दूरसञ्चार ऐन, २०५३ को १३ (झ) मा अनुमति प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क तथा ऐनको दफा ४२ मा त्यस्तो सेवा शुल्कको दर प्राधिकरणबाट स्वीकृत भएको हुनुपर्ने उल्लेख छ। प्राधिकरणले विभिन्न मितिमा सेवा प्रदायकलाई सेवा शुल्क स्वीकृत गरेकोमा ब्याण्डविथ प्याकेज मर्मत शुल्क र इन्टरनेट शुल्क छुट्याई महसुल दर तोकेको देखिएन। प्राधिकरणले ब्याण्डविथ प्याकेजमा मर्मत शुल्क र इन्टरनेट शुल्क स्पष्ट गर्ने कानुनी व्यवस्था गरी स्वीकृत प्याकेजभन्दा फरक ब्याण्डविथ प्याकेज बनाई सेवाप्रदायकले उपभोक्तालाई बिक्री गरे नगरेको सम्बन्धमा प्राधिकरणले अनुगमन गर्नुपर्दछ।

२९. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिने उल्लेख छ। मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन गर्न नेपाल पर्वतारोहण सङ्घलाई जिम्मेवारी दिएकोमा २०८०।७।२३ मा उक्त अवधि पुनः ५ वर्षको लागि थप गरिएको छ। नेपाल पर्वतारोहण सङ्घबाट रोयल्टीबापत यो वर्ष रु.१२ करोड २० लाख २६ हजार प्राप्त भएको छ। सङ्घले समयमै रोयल्टी विभाज्य कोषमा दाखिला नगरी ढिला गरी दाखिला गर्ने र विवरण समेत संस्कृति,

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ढिला पठाउने गरेको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत विगत वर्षको रु.९ करोड ६३ लाख २६ हजार रोयल्टीसमेत उक्त सङ्घले बुझाउन बाँकी रहेकोले सो रोयल्टी असुल गर्नुका साथै रोयल्टी रकम समयमै दाखिला गराउनु पर्दछ।

३०. **लगानी तथा दायित्व -** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार प्राधिकरणले जग्गा विकास आयोजनको लागि नेपाल सरकार, अर्थमन्त्रालयबाट ४ प्रतिशतका दरले ब्याज तिर्ने गरी ऋण लिएकोमा २०८२ आषाढ मसान्तसम्म लिएको ऋण रु.१ अर्ब ६० करोड ६४ लाखसमेत रु.१ अर्ब ६० करोड ६४ लाख ८८ हजार साँवा र हालसम्मको ब्याज रु.६२ करोड ३३ लाख ५९ हजारमा २०७५।७६ मा रु.१४ करोड र २०८१।८२ मा ५ करोड गरी रु.१९ करोड भुक्तानी गरेकोले हालसम्म तिर्न बाँकी साँवा र ब्याज रु.२ अर्ब ३ करोड ९८ लाख रहेको छ।

त्यस्तै उक्त ऋणबाट २०८१।८२ को आषाढ मसान्तसम्म विभिन्न १२ आयोजनामा लगानी गरेकोमा ती आयोजनाबाट साँवा रु.९६ करोड ११ लाख ७७ हजार र ब्याज रु.५३ करोड ५५ लाख ९८ हजारसमेत रु.१ अर्ब ४९ करोड ६७ लाख ७५ हजार प्राप्त गर्न बाँकी रहेको हुँदा लगानी रकम समयमै प्राप्त गर्ने तथा सरकारलाई फिर्ता गर्नुपर्दछ।

३१. **रोयल्टी बक्यौता -** विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रु.१०० र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र उक्त अवधिपछि प्रति जडित किलोवाट वार्षिक रु.१ हजार र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विद्युत विकास विभागको विवरणअनुसार २०८२ चैत्र ६ सम्म १४९ आयोजनाबाट रु.१८ करोड ४६ लाख ४७ हजार बक्यौता असुल गर्न बाँकी रहेको देखिन्छ। नियमानुसार आयोजनाले तिर्नुपर्ने रोयल्टी यकिन गरी असुल गर्नुपर्दछ।

३२. **ट्र्याकिङ्ग प्रणाली -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार-पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९९ हजार प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष राजस्व अनुसन्धान विभागले ट्र्याकिङ्ग प्रणालीको प्रयोग नगर्ने १ हजार २ फर्मबाट रु.४ करोड ४४ लाख जरिबाना असुल गरेको छ। आसिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबिच स्वचालित रूपमा अन्तर आबद्धता कायम गरी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३३. **प्रतिवेदन कार्यान्वयन -** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले २०८२ जेठ ३० (१३ जून, २०२५) मा जारी गरेको फलो अप प्रतिवेदन अनुसार प्राविधिक अनुपालनातर्फ ४० सिफारिसमध्ये ५ पूर्ण पालना, १३ अधिकांश पालना, १६ आंशिक पालना र ३ सुझाव पालना नभएको उल्लेख छ। उक्त समूहले १३ फेब्रुवरी, २०२५ (२०८१ फाल्गुन १) मा सार्वजनिक गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेका कमजोरीमध्ये यस अवधिमा ७ सिफारिसमा मात्र प्रगति देखिएको छ। उक्त सिफारिसको आंशिक मात्र पालना भएबाट विद्यमान

अवस्थामा उच्च जोखिमका क्षेत्रहरू भ्रष्टाचार, कर (राजस्व) छली, वित्तीय अपराध (बैङ्किङ कसुर र हुण्डी), मध्यम जोखिमका क्षेत्रहरू लागुऔषध ओसारपसार, आपराधिक लाभ लगायत १३ तथा न्यून जोखिमका क्षेत्रहरू अपहरण तथा शरीर बन्धक, अन्तर्राष्ट्रिय आतङ्कवाद लगायत ४ विषयमा आवश्यक कानुनी तथा संरचनात्मक सुधार गर्नुपर्दछ।

३४. **रिभल्भिङ बायो ग्यास क्रेडिट फण्ड -** वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ को दफा ४क मा वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारका लागि ऋण प्रवाह गर्नसक्ने व्यवस्था छ। बायो ग्यास ऋण कमिटीको २०७०।१०।६ को बैठकको निर्णयअनुसार नियमित कर्जा भुक्तानी नगर्ने वित्तीय संस्थालाई पुनः अन्तिम पटक ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी कर्जा सम्झौता तथा सामूहिक जमानतका आधारमा कर्जा असुली प्रक्रियामा जाने एवं सम्बन्धित संस्था र सो संस्थासँग सम्बन्धित सबै सञ्चालकलाई कालोसूचीमा समाविष्ट गर्ने, कुनै पनि निकायबाट कर्जा लिन अयोग्य घोषित गरी सम्पूर्ण वित्तीय संस्थामा आवश्यक प्रक्रियाका लागि पत्राचार गर्ने र नेपाल सरकारको प्रचलित कानुनबमोजिम विगो असुली प्रक्रियाअन्तर्गतको कानुनी कारबाही अगाडि बढाउने निर्णय गरेको छ। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट प्राप्त विवरण अनुसार ४३ संस्थाबाट हालसम्म लगानीमा रहेको साँवा, भाखा नाघेको साँवा, उठ्न बाँकी ब्याज, भाखा नाघेको ब्याज, उठ्न बाँकी हर्जाना र भाखा नाघेको हर्जानासमेत रु.१२ करोड ६ लाख २२ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। समितिले गरेको निर्णयबमोजिम समयमै आवश्यक कारबाही हुनुपर्दछ।

३५. **कार्बन व्यापार -** वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणको लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था छ। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट प्राप्त विवरणअनुसार हालसम्म घरायसी बायोग्यास, सुधारिएको पानी मिल र लघु तथा साना जलविद्युततर्फका ८ आयोजना कार्बन बिक्रीको लागि दर्ता भएकोमा सन् २००७ देखि २०२५ सम्म ६६ लाख ८८ हजार टन कार्बन न्यूनीकरण बापत रु.४ अर्ब १६ करोड १० लाख आय प्राप्त गरेको देखिन्छ। यो वर्षको त्यस्तो आय रू.९ करोड ४९ लाख ६० हजार रहेको छ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रमा आयोजना दर्ता गरी कार्बन आय गर्ने गरेकोमा सन् २०२३ मा उक्त संयन्त्र बन्द भएपछि अन्तर्राष्ट्रिय बजारमा कार्बन बिक्रीको लागि आयोजना गोल्ड स्टयाण्डर्डमा दर्ता गर्ने गरेकोमा सो प्रविधि समयमै प्रमाणीकरण तथा दर्ता गरी कार्बन आय आर्जन हुन सकेको छैन।

३६. **विद्युतीय खरिद प्रणाली -** एसियाली विकास बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रिया सम्बन्धमा विद्युतीय खरिद प्रणालीको सुरक्षा र सोको कमजोरीबारे सुरक्षा तथा जोखिम परीक्षणबाट विभिन्न विषय औंल्याई उक्त प्रणालीको प्रयोग गर्दा हुन सक्ने सम्भावित दुरूपयोग र अनियमितता रोक्न एसियाली विकास बैङ्कले सम्बन्धित कार्यालयबाट प्रणालीमा सुधार नभएसम्म उक्त बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रियामा सो प्रणालीको प्रयोगको स्थगन गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालय तथा अन्य जिम्मेवार निकायबाट यस सम्बन्धमा छानबिन हुनुपर्दछ।

३७. **सिँचाइ आयोजनाको मापदण्ड -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा रहेको सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजनाको मापदण्डअनुसार तराईमा ५०० हेक्टर र पहाड तथा हिमालमा क्रमशः १०० र ५० हेक्टरभन्दा माथिका ठुला सिँचाइ आयोजना सङ्घले कार्यान्वयन गर्ने व्यवस्था छ। नदी नियन्त्रणतर्फ तराईमा १० किलोमिटरभन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू र पहाड वा हिमालमा ५ किलोमिटरभन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू, पहिरो नियन्त्रणतर्फ २० हजार वर्गमिटर भन्दा बढीका कार्यहरू सङ्घको कार्यक्षेत्र हुने उल्लेख छ। मापदण्डमा सङ्घको एकल अधिकारको विषयका पूर्वाधार आयोजनामा रु.३ करोडभन्दा बढी लागतका आयोजना र साझा अधिकारका विषयका पूर्वाधार आयोजनामा रु.५० करोडभन्दा माथि लागत भएका आयोजना मात्रै सङ्घको कार्यक्षेत्रमा पर्ने उल्लेख छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायले यो वर्ष ६ कार्यक्रमअन्तर्गत उक्त मापदण्डमा निर्धारित लागत अर्थात् रु.३ करोडभन्दा कमका १ हजार ८३९ योजनामा रु.६ अर्ब २४ करोड १६ लाख बजेट विनियोजन गरेका छन्। स्वीकृत मापदण्डको परिपालना गरिनुपर्दछ।

३८. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा २१ राजमार्ग तथा २०९ सहायक मार्ग रहने उल्लेख छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका ६ कार्यक्रममा रु.२८ अर्ब ७५ करोड ७० लाख विनियोजन भई रु.२५ अर्ब ७ करोड ८४ लाख खर्च भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कुल पुँजीगत खर्चको तुलनामा २२.७५ प्रतिशत रकम मन्त्रालयको कार्यक्षेत्र (राष्ट्रिय राजमार्ग) बाहेकको सडकमा खर्च गरेको छ। कार्यक्षेत्रमा उल्लेख भएअनुसार राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३९. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्याक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। विगतदेखि डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गर्दा मूल्य समायोजनको सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको, सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रसम्बन्धी कागजात तयार नगरेको, सार्वजनिक लेखा समितिले समेत भेरिएशन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न निर्देशन दिएकोले २०८२।०१।१५ मा सार्वजनिक खरिद नियमावली, २०६४ को चौधौं संशोधन हुँदा डिजाइन एण्ड बिल्डका आधारमा सम्झौता गर्दा लागत अनुमानमा मूल्य समायोजन रकमसमेत समावेश गर्ने गरी लागत अनुमान ढाँचा अनुसूची १(ख) तोकिएको छ।

उक्त व्यवस्था संशोधन हुनुभन्दा अगाडि सम्झौता भई कार्यान्वयनमा रहेका ठेक्काहरूमा सडक विभाग तथा कार्यालयहरूले डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका २२ कार्यालयले ७५ खरिद सम्झौतामा

रु.४४ करोड ८५ लाख ६३ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

४०. **डिजाइन स्वीकृति-** विभागबाट डिजाइन एण्ड बिल्ट विधिमा सम्झौता भएका पुलहरूको सम्झौताको अतिरिक्त सर्तको बुँदा ४.२ मा सम्झौता भएको ९ देखि ११ महिनाभित्र पुलको डिजाइन स्वीकृत भई निर्माण कार्य सुरु हुनुपर्ने उल्लेख छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पर्वत अर्न्तगतको, दुई पुलको डिजाइन पेस भएको एक वर्षपछि, १ पुलको २ वर्षपछि स्वीकृत र १ पुलको डिजाइन हालसम्म स्वीकृत नभएको, सूर्यविनायक-धुलिखेल सडकअर्न्तगतका १२ वटा पुल २०८०।९।६ भित्र स्वीकृति गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले पेस गरेको पुलको सुरु डिजाइन सडक विभागबाट ८ वटा पुलको २०८१।६।१ मा र ४ पुलको २०८२।८।१५ मा डिजाइन स्वीकृत भएको छ।

सम्झौताको सर्तअनुसार तोकिएको समयमा डिजाइन स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भई लागतमा वृद्धि हुने साथै पेस्की रकमको उपयोगसमेत नहुने अवस्था छ। सम्झौताको सर्तअनुसार समयमा डिजाइन स्वीकृत गर्नुपर्दछ।

४१. **विद्युत पोल स्थानान्तरण** - सडक विभाग र विद्युत प्राधिकरणबिच २०७९।१।१६ मा भएको सम्झौतामा राजमार्ग विस्तार गर्दा साविकका बिजुलीका पोल स्थानान्तरण, विद्युत वितरण प्रणालीको सुदृढीकरण गर्न नयाँ लाइन निर्माण गर्नुपर्ने भएमा सोको खर्च नेपाल विद्युत प्राधिकरणले बेहोर्ने निर्णय भएकोमा पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति कार्य अर्न्तगत काँक्कडभिट्टा-लौकही खण्डको ११० किलोमिटर सडकको पुराना संरचना हटाई अपग्रेड गर्न सामग्री र ज्यालासमेतको लागत रु.८८ करोड ६२ लाख रहेको छ। उक्त लागतमध्ये नयाँ पोल राख्ने र पुरानो संरचना हटाउन लाग्ने ज्याला खर्चबापत रु.११ करोड ९८ लाख आयोजनाले बेर्होने र बाँकी विद्युत प्राधिकरणले बेर्होने व्यवस्था रहेकोमा उक्त सडक खण्डका ३ ठेक्का प्याकेजबाट रु.७६ करोड ९० लाख अर्थात् ८६.७८ प्रतिशत सडक आयोजनाले बेर्होने गरी सम्झौता भएको छ। जसबाट नयाँ संरचना बनाउँदाको सम्पूर्ण खर्च आयोजनाको लागतमा समावेश भई आयोजनाको लागत बढ्न गएको तथा विद्युत प्राधिकरणसँगको सम्झौता कार्यान्वयन भएको देखिएन।

त्यस्तै हुलाकी राजमार्गअन्तर्गत बर्दियाको मैनापोखरदेखि गुलरिया सडक खण्डमा पर्ने विद्युत लाइन स्थानान्तरण कार्यको लागि पुराना पोल स्थानान्तरण, नयाँ पोल खरिद, केबल, टान्सफर्मरलगायतका सामग्री र ज्याला तथा ढुवानी खर्चसमेत बाँके र बर्दिया दुवै खण्डको लागि रु.९२ लाख ११ हजार भुक्तानी भएको छ। सडक विस्तारको क्रममा २६४ पोल स्थानान्तरण गर्दा १९५ पोल थप खरिद गरी ३२६ पोल जडान गरिएको छ। उक्त ११ मिटरका १३२ र ९ मिटरका ६३ समेत १९५ नयाँ पोल खरिद गर्न रु.२६ लाख २३ हजार यसै आयोजनाबाट भुक्तानी गरेको पाइयो। सम्झौता विपरीत विद्युत लाइन सुदृढीकरणको लागत आयोजनाबाट भुक्तानी गरेको उचित देखिएन।

४२. **ठेक्का अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौतामा उल्लेख भएका कामहरू सम्पन्न नहुँदै खरिद सम्झौताको अन्त्य गरिएका नयाँ खरिद सम्झौताको लागि नपुग हुने रकम ठेक्का अन्त्य गर्ने निर्माण व्यवसायीबाट असुल हुने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालय अन्तर्गत यो

वर्ष ११८ ठेक्का अन्त्य गरेकोमा ६२ ठेक्काको बाँकी कार्य गर्न लाग्ने खर्च यकिन नगरेको, १७ ठेक्काको रु.५ करोड ४१ लाख ६१ हजार कार्यसम्पादन जमानत जफत नगरेको अवस्था छ। त्यसै गरी ठेक्का अन्त्य गरिएका ३९ ठेक्काको बाँकी कामको लागि लाग्ने रु.५ अर्ब ७९ करोड १६ लाख ८१ हजार असुल गर्ने निर्णय भएकोमा हालसम्म असुल भएको देखिएन।

४३. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने तर खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयअन्तर्गतका निकायले फरक मूल्य सूचकाङ्क, फ्याक्टर तथा सुत्रका आधारमा मूल्य समायोजन गणना गरी १४४ ठेक्कामा रु.३७ करोड ६ लाख ७४ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

४४. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र रक्षा मन्त्रालयअन्तर्गतका निकायले १९ ठेक्कामा रु.१९ करोड ९७ लाख ९७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

४५. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेस्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्नेलगायतको व्यवस्था छ। सम्झौतामा तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नभई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालयअन्तर्गतका ७८२ योजनाको सम्झौता रकम रु.४७ अर्ब ७२ करोड ५५ लाख ८१ हजारमध्ये आंशिक भुक्तानी भई निर्माण कार्य अधुरो रहेको देखिन्छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

४६. **सुरक्षित नागरिक आवास कार्यक्रम** – फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य रहेको सुरक्षित नागरिक आवास कार्यक्रमबमोजिम स्थानीय तहसँग सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम र निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदनको आधारमा बाँकी ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे असुलउपर गर्ने उल्लेख छ। शहरी विकास तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार कार्यक्रम २०७५।७६ मा सुरु भएकोमा २०८१।८२ सम्म १ लाख ५५ हजार १३५ लाभग्राही छनोट भएका र सोमध्ये १ लाख ५० हजार ६६४ (९७.११ प्रतिशत) लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सम्झौता भएको सङ्ख्यामध्ये

१ लाख २८ हजार ६६६ (८५ प्रतिशत) लाभग्राहीलाई पहिलो किस्ता भुक्तानी भएकोमा ९४ हजार ६३१(७३.५४ प्रतिशत) लाभग्राहीलाई कार्यसम्पन्न गरी दोस्रो किस्ता भुक्तानी गरेको देखिन्छ। छनोट गरिएका लाभग्राहीमध्ये ४ हजार ४७१ सँग सम्झौता नभएको, २१ हजार ९९८ लाभग्राहीले सम्झौता गरे पनि पहिलो किस्ता नलगेको तथा पहिलो किस्ता लगेका लाभग्राहीमध्ये (२६.४६ प्रतिशत) ३४ हजार ३५ ले रु.३० हजारका दरले रु.१ अर्ब २ करोड १० लाख दोस्रो किस्ता लगेको देखिएन। कार्यक्रमको कार्यान्वयन पक्ष प्रभावकारी बनाई सुरक्षित नागरिक आवास सम्पन्न गर्ने तथा उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्च रकमको सदुपयोगको सुनिश्चित हुनुपर्दछ।

४७. **संयुक्त र बहुतले आवास** – संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माणको अनुमति, निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागको रहेको छ। कुल ८२ संयुक्त आवासहरूमा प्रारम्भिक चरणमा ७ हजार २६८ आवास एकाइहरूको निर्माणका लागि आवेदन प्राप्त भएकोमा सोमध्ये ७१२ आवास एकाइ घट्न गई आवास एकाइ सङ्ख्या ६ हजार ९०५ रहेको छ। आवास एकाइ धनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, कतिपय निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै जग्गाधनी पुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, निर्माण कार्य सम्झौताबमोजिम नगरेको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेको लगायतका उजुरी तथा गुनासाहरू विभागमा परेको देखिन्छ। उल्लिखित गुनासा सम्बोधन गरी विद्यमान कानुनको कार्यान्वयनमार्फत सुरक्षित र सुव्यवस्थित आवासको प्रत्याभूति गर्नुपर्दछ।

४८. **ल्याण्डफिल साइट सञ्चालन** – नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।८।१७ को निर्णयअनुसार शहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनका लागि नुवाकोटको ककनी २ र धादिङको धुनिबेंसी-१ स्थित बन्चरेडाँडा फेदीमा कोल्पुखोला डाइभर्सन गरी ल्याण्डफिल साइट निर्माण गर्ने कार्य हुँदै आएको छ। उक्त कार्यको लागि यो वर्ष चालुतर्फ रु.१ करोड ३१ लाख ९३ हजार तथा पुँजीगततर्फ रु.७ करोड ३ लाख ९ हजारसमेत रु.८ करोड ३५ लाख २ हजार खर्च भएको छ। काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९।२।१२ देखि फोहोर विसर्जनको कार्य गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९।३।२४ मा स्वीकृत भई काठमाडौं महानगरपालिकाबाट सञ्चालन भएको छ।

दैनिक रूपमा उत्पन्न हुने जैविक तथा अजैविक फोहोरलाई सङ्कलन, वर्गीकरण, पुनः प्रयोग लगायतको प्रक्रियाबाट बाँकी रहेको फोहोरलाई मात्र व्यवस्थापन गर्ने उद्देश्यले ल्याण्डफिल साइटको निर्माण गरिएकोमा फोहोरको स्रोतमै पृथकीकरण गरी प्रकृतिअनुसार व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी सम्पूर्ण फोहोर ल्याण्डफिल साइटमा व्यवस्थापनका लागि लैजाने, दैनिक रूपमा कम्प्याक्सन गर्ने कार्य, ल्याण्ड फिल ग्यास भ्यान्टिलेसनको लागि भेन्ट पाइप जडानको कार्य, दैनिक रूपमा माटोले पुर्ने कार्य नियमित रूपमा नगरिएको हुँदा ल्याण्डफिल साइटको मौजुदा सेल भरिइसकेका कारण थप उचाइ बढाउनको लागि नयाँ ठेक्का व्यवस्था भएको छ। त्यस्तै लिचेड पोखरी ओभरफ्लो भएको, रिसर्कुलेसनको लागि मोटरहरू नियमित रूपमा चलाउनुपर्नेमा नचलाएको, मोटरहरू बिग्रेकोले लिचेड ओभरफ्लो भई खोलामा मिसिन गई पर्यावरणमा नकारात्मक असर परेको हुँदा जैविक विविधता र वातावरणमा नकारात्मक असर नपर्ने गरी ल्याण्डफिल साइटको व्यवस्थापन हुनुपर्दछ।

४९. **बागमती नदीको पानीको गुणस्तर -** अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिको कार्य क्षेत्रमा बागमती नदीको पानीको गुणस्तर सुधार ल्याउनु समेत रहेको छ। बागमती नदीको सुन्दरीजल, गुह्येश्वरी, बागमती मनोहरा दोभान तथा चोभारको पानीको गुणस्तर अवस्था परीक्षण गरेकोमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार बायोकेमिकल अक्सिजन डिमाण्ड, केमिकल अक्सिजन डिमाण्ड, डिसल्भ अक्सिजन डिमाण्ड र टोटल सस्पेन्डेड सोलिड डिमाण्ड क्रमशः ३ एमजी प्रति लिटर, १०, ६ र २५ एमजी प्रतिलिटरभन्दा कम हनुपर्नेमा सुन्दरीजल बाहेक सबै स्थानको प्यारामिटर भन्दा धेरै बढी देखिन्छ। यस नतिजाले सुधारको लागि गरिएका प्रयास पर्याप्त देखिँदैनन्। बागमती नदीको पानीको गुणस्तर सुधारमा समितिले आवश्यक ध्यान दिनुपर्दछ।

५०. **बालबालिका उद्धार** - राष्ट्रिय बाल अधिकार परिषद्ले यो वर्ष हराएका वा अपहरणमा परेका ८ हजार १७९, बेवारिसे फेला परेका ४०९ तथा सडक बालबालिका २०४ समेत ८ हजार ७९२ बालबालिकाको उद्धार गरेको छ। उद्धार गरिएकामध्ये २ हजार २८५ बालक र ५ हजार ६९० बालिका समेत ७ हजार ९७५ जनालाई परिवारसँग पुनर्मिलन गराएको, २१६ जना अस्थायी पुनर्स्थापना केन्द्रमा रहेको र ६०१ जना बालबालिकाको स्पष्ट विवरण खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। हराएका बालबालिकामध्ये ५७५ जनाको खोजतलास जारी रहेको देखिन्छ।

५१. **भाखा नाघेको कर्जा -** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र ऋणीहरूबिच ऋण सम्झौता गर्दा अवधि ५ वर्ष तथा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार किस्ता नबुझाएमा बुझाउनुपर्ने रकमको थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोष ले उपलब्ध गराएको विवरण अनुसार कोषले २०८२ आषाढ मसान्तसम्म रु.२ अर्ब ३३ करोड ९४ लाख ५६ हजार कर्जा सापटी दिएकोमा कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट रु.५७ करोड ९७ लाख १८ हजार साँवा तथा सोको ब्याज रु.८ करोड ९८ लाख ६४ हजार र हर्जाना रु.२३ लाख ८२ हजारसमेत रु.६७ करोड १९ लाख ६४ हजार कर्जा असुल गर्नुपर्ने देखिन्छ। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, ब्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

५२. **स्वास्थ्य उपकरणको उपयोग -** राष्ट्रिय ट्रमा सेन्टरमा रु.५ करोड ३७ लाख ८२ हजार मूल्यको क्याथल्याब मेसिन दक्ष जनशक्तिको अभावमा २०७२ देखि उपयोगविहीन रहनुका साथै रु.२४ करोड ७७ लाख ९ हजार मूल्यका सीटी स्क्यान सिस्टम, १४ थान भेन्टिलेटर, ५ थान सी आर्म मेसिन, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको रु.७२ लाख ६० हजार मूल्यका ५ थान लिड ई.सी.जी.केबुल ३०० सेट, गजेन्द्र नारायण सिंह अस्पतालमा रु.४ करोड ९० लाख ९५ हजार मूल्यका एक्स रे मेसिन, इण्डो युरोलोजी सेट, ल्याप्रोस्कोपी सिस्टम, एनेस्थेसिया मेसिन तथा इलेक्ट्रोकार्डियोलोजीलगायत उपकरण, सिंहदरबार वैद्यखाना विकास समितिमा रहेका सिङ्गल रोटरी ट्याब्लेटिङ्ग मेसिन, एयर कम्प्रेसर, इन्कजेट कोडर, डबल कोन ब्लेन्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायर, रोटरी रनर खल, अटोमेटिक क्याप्सुल फिल मेसिन तथा पाउडर फिलिङ्ग मेसिनलगायतका ६० प्रकारका मेसिन तथा नेपाल प्रहरी अस्पतालमा १६ स्लाइस सी.टी. स्क्यान मेसिन,१.५ टेसलाको एमआरआई मेसिन उपकरण प्रयोगविहीन अवस्थामा रहेका छन्।

स्वास्थ्य सेवा विभागले यो वर्ष ९६५ हाइट बोर्ड र ९६५ थान इलेक्ट्रोनिक वेट स्केल खरिदमा रु.६ करोड ७३ लाख २१ हजार खर्च गरेकोमा गत विगतमै खरिद गरेको रु.६ करोड ५३ लाख ९९ हजारको १ हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल (मदर/चाइल्ड) तथा रु.२ करोड ४२ लाख ५४ हजारका ७ प्रकारका १३३ थान मेसिन, उपकरण प्रयोगविहीन रहेका छन। त्यसै गरी बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापनाकालदेखि क्यान्सर उपचारमा प्रयोग हुँदै आएको टेलिथेरापी मेसिन ४ वर्षदेखि पूर्णरूपमा उपयोगविहीन भई अस्पतालको बङ्करमा राखिएकोमा मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिँदै गएको भए तापनि यसको विकिरणको जोखिम कायमै रहने जोखिम रहेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थामा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

५३. **औषधीको म्याद -** स्वास्थ्य संस्थाले आपूर्तिकर्ताबाट खरिद गरेको औषधीको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नगरी अधिक मौज्दात रहेमा सम्झौताको सर्तअनुसार उक्त औषधी आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ। स्वास्थ्य सेवा विभागमा गत विगतमा खरिद गरिएको २८ प्रकारका रु.४ करोड ७२ लाख २० हजार, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको ६ प्रकारका रु. ४७ लाख ७० हजार, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)मा ६०१ प्रकारका रु. १ करोड ४३ लाख ७५ हजार, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको रु.१ करोड १९ लाख ९६ हजार तथा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको रु.१ करोड २३ लाख ५६ हजारसमेत रु.९ करोड ७ लाख १७ हजार मूल्यका औषधीजन्य मालसामान तथा कीट को म्याद समाप्त भई प्रयोगमा आउन नसक्ने अवस्था रहेको छ।

५४. **स्वास्थ्य बिमाको शोधभर्ना -** स्वास्थ्य बिमा बोर्डले बिमामार्फत शोधभर्ना गर्नेगरी बिमा सुविधा पाउने १ हजार २८४ प्रकारका औषधी र १ हजार ३९ प्रकारका सेवाको मूल्यसूची समावेश गरी सेवा प्रदायकलाई शोधभर्ना भुक्तानी गर्ने गरेको छ। बोर्डले दाबी प्राप्त भई स्वीकृत भएकोमध्ये रु.१८ अर्ब ६४ करोड ९१ लाख ३३ हजार शोधभर्ना दिन बाँकी देखिन्छ। कतिपय स्वास्थ्य संस्थाले बोर्डको अभिलेखमा देखिएको भन्दा बोर्डबाट शोधभर्ना लिन बाँकी बढी देखाएको पाइएको छ। अस्पतालले शोधभर्ना प्राप्त हुन बाँकी देखाएको रकम र बोर्डले शोधभर्ना दिन बाँकी रकम देहायअनुसार छः

(रु. हजारमा)

क्र.सं.	अस्पतालको नाम	बोर्डले शोधभर्ना दिन बाँकी रकम	अस्पतालले शोधभर्ना पाउन बाँकी रकम	फरक रकम
१	सुशील कोइराला प्रखर क्यान्सर अस्पताल	१७२८४	१९६३६	२३५२
२	रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान	१२५८६९	१५६९८८	३१११८
३	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१४९०५१	१७९७४५	३०६९४
४	परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल	८३२२	८३०८	१३
५	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	४१८२१	७८७२६	३६९०५
६	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	४८३३९०	३७४५१४	१०८८७७
७	भक्तपुर क्यान्सर अस्पताल	८६४८८	४८८४४	३७६४४
८	कोशी अस्पताल	२६८०३७	२७५५३६	७४९९
९	गजेन्द्र नारायण सिंह अस्पताल	३०६३१	४४५८३	१३९५२

स्वास्थ्य बिमा बोर्डले यो वर्ष बिमा शुल्कबापत रु.३ अर्ब ७३ करोड २२ लाख २६ हजार आम्दानी देखाएकोमा बिमा आबद्धता शुल्क एवं सोको नवीकरणबापतको रकम असुली एवं दाखिलाको अभिलेख राखेको छैन। अभिलेख अद्यावधिक गरी बिमा शुल्क यकिन गर्नुपर्दछ।

५५. **विपन्न नागरिक औषधी उपचार -** विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० मा ८ प्रकारका रोगको उपचारमा आर्थिक सहयोग दिने व्यवस्था छ। यो वर्ष स्वास्थ्य सेवा विभागले मुटु रोगी ८ हजार ४१०, मृगौला रोगी १२ हजार ७३, क्यान्सर रोग २८ हजार ६७८, पार्किन्सन रोग १०८, अल्जाइमर्स रोग ४४, स्पाइनल इन्जुरी भएका १ हजार २५३, हेड इन्जुरी भएका ९८० तथा सिकलसेल एनिमिया रोगी २ हजार ३१ समेत ५३ हजार ५७७ बिरामीको उपचार गरेको आधारमा १३६ स्वास्थ्य संस्थालाई रु.४ अर्ब ५९ करोड ८५ लाख ३२ हजार शोधभर्ना गरेको छ। यस्ता कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमसँग आबद्ध गरी स्वास्थ्य सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

५६. **खानेपानी आपूर्ति -** काठमाडौं उपत्यका खानेपानी लिमिटेडको कार्यक्षेत्रभित्र ३ लाख ५४ हजार धारा जडान गर्ने उल्लेख भए तापनि २ लाख ७९ हजार धारा मात्र जडान भएको छ। मेलम्ची खानेपानी आयोजना अन्तर्गत सिन्धुपाल्चोकका मेलम्ची, याङ्ग्री र लार्के नदीबाट दैनिक करिब ५१ करोड लिटर पानी आपूर्ति गर्ने लक्ष्य भए तापनि हाल मेलम्ची नदीबाट करिब १७ करोड लिटर मात्र प्रशोधन केन्द्रमा पथान्तरण भई वितरण भइरहेको छ। प्राप्त विवरणअनुसार काठमाडौं उपत्यकामा दैनिक करिब ५१ करोड ४० लाख लिटर माग रहेकोमा वर्षायाममा दैनिक १६ करोड २७ लाख लिटर र हिउँदमा २८ करोड ३७ लाख लिटर आपूर्ति हुँदा मागअनुसार खानेपानी आपूर्ति हुन सकेको छैन।

५७. **वायुको गुणस्तर** - नेपाल सरकारले तोकेको मापदण्डअनुसार हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा वन तथा वातावरण मन्त्रालय मातहत वायु गुणस्तर मापन केन्द्रहरूको सन् २०२५ को तथ्याङ्कअनुसार उपत्यकाको रत्नपार्कमा २६८ दिनमध्ये १७९ दिन, खुमलटार केन्द्रमा ३५१ दिनमध्ये १९४ दिन, कीर्तिपुर केन्द्रमा १३३ दिनमध्ये ११२ दिन, शंखपार्कमा २९६ दिनमध्ये ६५ दिन, भैंसेपाटीमा ११७ दिनमध्ये ९१ दिन, चितवनको भरतपुरमा २५६ दिनमध्ये ९२ दिन, कञ्चनपुरको महेन्द्रनगरमा १९० दिनमध्ये ७३ दिन र धनकुटमा २३४ दिनमध्ये ६८ दिन धूलोको कण राष्ट्रिय मापदण्डभन्दा बढी रहेको देखिन्छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अध्ययनहरूले समेत विगतको तुलनामा वायु प्रदूषणबाट मृत्यु हुनेको सङ्ख्यामा वृद्धि भएको देखाएकोले वायु प्रदूषण कम गर्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५८. **व्यावसायिक योजना -** सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको मुद्रण विभागको यो वर्षको छपाइसम्बन्धी प्रत्यक्ष खर्च रु.२ करोड ३० लाखसमेत रु.९ करोड ६८ लाख रहेकोमा रु.२ करोड २१ लाख आम्दानी रहेको छ। मुद्रण विभागले व्यावसायिक योजना तर्जुमा गरेको छैन भने विभागको आयले प्रत्यक्ष खर्चसमेत धान्न नसकेको अवस्थामा छ। छपाइ तथा बाइन्डिङ दस्तुर २०८१।५।१ मा पुनरावलोकन भएकोमा निर्णय कार्यान्वयन गरेको देखिएन।

मुद्रणसम्बन्धी ऐन, २०८१ ले सुरक्षण मुद्रण सामग्री नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैङ्क नोट, अन्तःशुल्क टिकट, सवारी चालक अनुमतिपत्र, हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाणपुर्जा र भिसा स्टिकर छपाइ गर्न सुरक्षण मुद्रण केन्द्रलाई तोकेकोमा सञ्चार तथा सूचना प्रविधि

मन्त्रालयको २०८२।५।४ को निर्णयानुसार केन्द्रको लागि विभिन्न पदमा ६३ अस्थायी दरबन्दी स्वीकृत गरेकोमा सोही कार्यका लागि मुद्रण विभागमा ७१ जना कार्यरत रहेका छन्। नेपाल सरकारले एकै प्रकृतिको कार्य गर्न दुई निकाय गठन गरेकोले कार्य विश्लेषण गरी दुई निकायलाई एकीकरण तथा स्रोतको अधिकतम परिचालन गर्न मुद्रणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

५९. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य -** श्रम नियमावली, २०७५ को नियम ४८(१) अनुसार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले यो वर्ष व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको सम्बन्धमा ३ हजार ७१७ बालश्रम निरीक्षण एवं ३ हजार ७६२ प्रतिष्ठान र ४३५ ब्वायलर मेसिन निरीक्षण गरेकोमा अधिकतम ध्वनि मापनका लागि स्तर मापदण्ड, २०७३ बमोजिम कार्यस्थलको प्रकाश तथा ध्वनि मापनका लागि आवश्यक उपकरण प्रयोग गरी अवस्था विश्लेषण गर्नुपर्नेमा उपकरणको प्रयोग नभएको र तापक्रमसम्बन्धी मापदण्ड तयार नभएको स्थिति छ। निरीक्षणबाट व्यवसायजन्य सुरक्षा तथा श्रम समिति गठन नगरेको, व्यवसायजन्य सुरक्षा तथा श्रम नीति नबनाएको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, मेसिनरी औजारहरूमा उपयुक्त सुरक्षाबारे सङ्केत चिन्ह नरहेको, सुरक्षा हेल्मेट, पन्जा तथा अन्य सामान उपलब्ध नगराएको लगायतका कैफियत देखिएको उल्लेख छ। अतः स्वास्थ्य तथा सुरक्षासम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्दछ।

६०. **बिगो र क्षतिपूर्ति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ बमोजिम रोजगारदाता संस्थाले सम्झौतामा तोकिएको सर्तअनुसार रोजगार उपलब्ध नगराएमा वैदेशिक रोजगार विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी दिन सक्ने र उक्त उजुरी मनासिब देखिएमा वैदेशिक रोजगारमा लागेको सम्पूर्ण खर्च क्षतिपूर्ति भराउने आदेश दिन सक्ने व्यवस्था छ। वैदेशिक रोजगार विभागको अभिलेखअनुसार यो वर्ष ४ हजार ९७४ उजुरी परेकोमा ७४३ उजुरी फर्स्यौट भई रु.३२ करोड ८७ लाख ३७ हजार क्षतिपूर्ति रकम निर्धारण भएको छ। निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित कामदारहरूले प्राप्त गरेको अभिलेख पेस नभएकोले क्षतिपूर्ति प्राप्तिको वास्तविक अवस्था यकिन गर्न सकिँदैन। विभागको निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित पक्षलाई उपलब्ध गराउन बिगो दाबी रकम खुलाई उजुरीहरूको अद्यावधिक अभिलेख सहित निर्णय कार्यान्वयन गर्नुपर्दछ।

६१. **शैक्षिक गुणस्तर, उपलब्धि र नतिजा -** शिक्षा ऐन, २०२८ को दफा ७(ख) मा विद्यालयको गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हाल कायम ३५ हजार ४४७ विद्यालयमध्ये विगत १४ वर्षको अवधिमा ३,५,८ र १० कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गरेको देखिन्छ। शैक्षिक गुणस्तर केन्द्रले कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धमा पछिल्लो पटक २०८१ मा परीक्षण सम्पन्न गरेकोमा र गणित, विज्ञान तथा प्रविधि, नेपाली र अंग्रेजी विषयमा क्रमशः २०.४, २९.४, २५.९, १२.२ प्रतिशत विद्यार्थीहरू कक्षा तहभन्दा तल रहेका छन्। गुणस्तर परीक्षण न्यून सङ्ख्यामा गरेको र सिकाइ उपलब्धि स्तर कमजोर रहेको हुँदा सिकाइ उपलब्धि स्तरमा गुणात्मक सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६२. **अन्तर्राष्ट्रिय व्यापार -** भन्सार विभागबाट प्रकाशित वार्षिक प्रतिवेदन २०८१।८२ मा उल्लिखित तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको स्थिति निम्नानुसार छः

(रु. अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा
२०८१।८२	२७७.०३	१८०४.१२	१५२७.०९
२०८०।८१	१५२.३८	१५९२.९८	१४४०.६०
२०७९।८०	१५७.१४	१६११.७३	१४५४.५९
२०७८।७९	२००	१९२०	१७२०
२०७७।७८	१४१	१५३९	१३९८

उल्लिखित विवरणअनुसार २०८१।८२ मा रु.२ खर्ब ७७ अर्ब निर्यात भएकोमा भटमासको तेल र सूर्यमुखी तेल रु.१ खर्ब १९ अर्ब, आइरन एण्ड स्टिल प्रोडक्ट रु.१६ अर्ब ३६ करोड, यार्न्स रु. १४ अर्ब ४० करोड, उलन कार्पेट रु. १० अर्ब ७७ करोडलगायत रहेका छन। कुल निर्यातमा भटमास र सूर्यमुखी तेलको हिस्सा ४२.९ प्रतिशत रहेको छ। गत वर्षको तुलनामा भटमास तेल र सूर्यमुखी तेलको निर्यातमा उल्लेखनीय रूपमा वृद्धि भएकोमा सिमेन्ट क्लिङ्करमा ६३, अदुवामा ५०, हेन्डिक्राफ्टमा ४९, भूसमा ३८, कच्चा सिसामा २३ र सुती मोजा तथा ब्यागमा २० प्रतिशतले निर्यातमा गिरावट आएको देखिन्छ।

६३. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण -** उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्रको अभिलेखअनुसार विगत ३ वर्षको लगानी प्रतिबद्धता र प्राप्ति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	लगानी प्रतिबद्धता/स्वीकृति		नेपाल राष्ट्र बैङ्कमा लेखाङ्कन		प्राप्ति प्रतिशत
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	
२०७९।८०	१७४	३२४८.२	८७	९२०.६	२८
२०८०।८१	३१९	८१६९.१	१०५	१०२९.२०	१३
२०८१।८२	१००९	७९६९.२	९७	११३०.९	१४

उल्लिखित विवरणअनुसार २०८१।८२ मा १ हजार ९ विदेशी लगानीकर्ताबाट पेस भएको रु.७९ अर्ब ६९ करोड २० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा ९७ लगानीकर्ताबाट रु.११ अर्ब ३० करोड ९० लाख (१४ प्रतिशत) लगानी प्राप्त भएको छ। प्रतिबद्धताको तुलनामा वैदेशिक लगानीको प्राप्ति रकम क्रमशः घट्दै गएको देखिएकोले वैदेशिक लगानी प्रतिबद्धताबमोजिम प्राप्त हुने व्यवस्था मिलाउनुपर्दछ।

६४. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोगसम्बन्धी राष्ट्रिय रणनीति, २०७६ मा विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानुनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय इ-कमर्सका साइटहरूमार्फत वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी स्वदेश वा विदेशबाट कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएकोले उक्त व्यावसायिक करोबारलाई नियमन गर्न नसकिएको कारण वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। विद्युतीय व्यापारलाई

स्वच्छ, गुणस्तरीय तथा प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ।

६५. **बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणाली -** बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणालीको डिजाइन, आपूर्ति र स्थापनाको लागि जल तथा मौसम विज्ञान विभाग र आपूर्तिकर्ताबिच ३ वर्ष भित्र अर्थात् २०८२।१।१८ सम्म कार्य सम्पन्न गर्ने गरी रु.६ करोड ९६ लाखमा सम्झौता भएकोमा समयमा कार्यसम्पन्न हुन नसकी पहिलो पटक २०८३।६।१५ सम्म म्याद थप भएको देखिन्छ। उक्त कार्यको हालसम्म भौतिक प्रगति ६५ प्रतिशत रहेको छ। समयमा उक्त प्रणाली स्थापना तथा सञ्चालन नहुँदा बाढी पूर्वानुमानको सूचना प्रभावित समुदायले पाउन सकेका छैनन्। खरिद कानुन र सम्झौताका सर्तबमोजिम खरिद कार्य सम्पन्न गराउनुपर्दछ।

६६. **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे नगरेको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो वर्ष विभिन्न १२ अनुदान कार्यक्रममा रु.३२ अर्ब १३ करोड ७९ लाख खर्च भएको छ। मन्त्रालयबाट प्रदान गरिएको अनुदानमध्ये रासायनिक मल खरिदको हिस्सा ८३.५१ प्रतिशत रहेको छ।

सङ्घीयता कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुँदा अनुदान वितरणमा दोहोरोपना हुने, किसान सूचीकरण र परिचयपत्र वितरणको कार्य पूरा नहुँदा प्रस्ताव माग गरी वितरण हुने अधिकांश अनुदानमा सीमान्तकृत किसानको पहुँच नहुने, तीनै तहका सरकारबिच समन्वयको अभावमा अनुदान उपयोग स्थितिको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसक्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन।

६७. **रासायनिक मल खरिद -** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्ष ५ लाख ५० हजार मेट्रिकटन रासायनिक मल खरिद गर्ने लक्ष्य लिएकोमा ४ लाख ८७ हजार मेट्रिकटन मल खरिदका लागि रु.२६ अर्ब ८१ करोड ९८ लाख ८६ हजार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई अनुदान प्रदान गरेको छ।

मल खरिद कारबाही समयमा नहुँदा मल आपूर्ति, बिक्री वितरण एवं व्यवस्थापन कार्यमा समस्या रहेको देखिन्छ। तसर्थ समयमै वार्षिक क्यालेण्डर स्वीकृत गरी खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने एवं मल बिक्री वितरणको प्रभावकारी अनुगमन गरी रासायनिक मल खरिद तथा बिक्री वितरणको कार्य व्यवस्थित गर्नुपर्दछ।

६८. **बाली तथा पशुधन बिमा प्रिमियम अनुदान -** बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०८१ बमोजिम एक बिमा कम्पनीले ७ हजार ७०८ बिमालेखबाट रु.४ अर्ब ७२ करोड ४३ लाख ५६ हजारको बिमा दाबी गरेकोमा कृषि विभागले रुजु गर्दा रु.१ अर्ब ८७ करोड ७८ लाख १ हजार बिमाङ्क कायम गरेको छ। कायम भएको बिमाङ्कका आधारमा रु. १२ करोड ४८ लाख ७५ हजारको ८० प्रतिशतले हुने रु.९ करोड ९९ लाख अनुदान दिनुपर्नेमा रु.८७ लाख ९०

हजार मात्र दाबी भुक्तानी गरेको छ। बिमा प्रिमियम रकम सम्बन्धी कागजात समयमै रुजु गरी दाबी भुक्तानी दिनुपर्दछ।

त्यस्तै पशु सेवा विभागले बिमा प्रिमियम अनुदानबापत यो वर्ष नेपाल बिमा प्राधिकरणलाई रु.१ अर्ब ४३ करोड १० लाख भुक्तानी दिएको छ। यस वर्ष पशुधन, माछा र पन्छीतर्फको बिमाङ्क र वार्षिक बिमा शुल्क क्रमशः रु.३४ अर्ब ९१ करोड ६३ लाख ७३ हजार र रु.१ अर्ब ५८ करोड ८३ लाख ९८ हजार रहेको छ। बिमा शुल्कको अनुपात बिमाङ्क रकमको ४.५५ प्रतिशत देखिन्छ। पशुपन्छी बिमाको क्षेत्र र बिमा शुल्क बढ्दै जाँदा नेपाल सरकारको आर्थिक दायित्व बढ्दै जाने देखिएकाले बिमा शुल्क निर्धारणलाई वैज्ञानिक र अनुमानयोग्य बनाउनुपर्दछ।

६९. **भिजिट भिसा -** अध्यागमन ऐन, २०४९ मा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने काम अध्यागमन विभागको हुने उल्लेख रहेको तथा सोही व्यवस्थालाई कार्यान्वयन गर्न अध्यागमन कार्यविधि, २०६५ लागु गरिएको छ। अध्यागमन विभागबाट प्राप्त विवरणअनुसार यसवर्ष १ लाख ४९ हजार ७८९ पुरूष र १ लाख ११ हजार ७६२ महिलासमेत २ लाख ६१ हजार ५५१ जना भिजिट भिसामा विदेश भ्रमणमा गएको देखिन्छ। विभागबाट भिजिट भिसामा विदेश भ्रमणमा जानेहरूमध्ये महिनाको एक जनाको दरले नमुना छनोट गरी १२ जनाको परीक्षण गरिएकोमा १२ मध्ये ९ जना भ्रमणपश्चात् स्वदेश फर्केको देखिएन। उक्त परीक्षणमध्ये एक जना यस आर्थिक वर्षमा २ पटक र सन् २०२० देखि हालसम्म युएई, थाइल्याण्ड, सिंगापुर, भारत, चीन र फिलिपिन्समा १० पटक गएको देखियो। उल्लिखित अवस्थाले भिजिट भिसामा ठुलो सङ्ख्यामा नेपालीहरू विदेश प्रस्थान गर्ने र सोही अनुपातमा आगमन भएको नदेखिँदा यसमा नियमन गर्नुपर्दछ।

७०. **सामाजिक सुरक्षा अभिलेख व्यवस्थापन तथा अनुगमन -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २६ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमनसम्बन्धी व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको विवरणअनुसार सामाजिक सुरक्षा भत्तामा २०७९।८० मा रु.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख र २०८०।८१ मा १.६८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १० अर्ब १९ करोड ७० लाख ३१ हजार खर्च भएको छ। यो वर्ष नेपाल सरकारले ३८ लाख ६ हजार ६३४ जना लाभग्राहीलाई रु.१ खर्ब १४ अर्ब ४१ करोड २ लाख ६८ हजार सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ। निष्क्रिय लाभग्राही खाताको ट्रयाक गर्ने प्रणाली विकास नभएको तथा विभागले भत्ता वितरणको अनुगमन नगरेकोले मृत्यु भएका व्यक्तिका खातामा सामाजिक सुरक्षा भत्ता गइरहने जोखिम विद्यमान रहेको छ। विभागले कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता वितरणको बैकिङ्ग अभिलेख ट्रयाकिङ पद्धतिको विकास गरी प्रभावकारी ढङ्गबाट अनुगमन गर्नुपर्दछ।

७१. **वन विकास कोष -** वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वन विकास कोषमा जम्मा गरी नियमानुसार खर्च गर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म उक्त कोषमा रु.३ अर्ब ३७ करोड ३२ लाख प्राप्त भएको छ। यो वर्ष वन तथा भू-संरक्षण विभागले भोगाधिकार दिएका ४३ संस्थासमेत हालसम्म ६७१ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्गलगायत ३ सडक आयोजना, लुम्बिनी प्रदेश सरकार मातहत

आधुनिक सरुवा रोग अस्पताल लगायत ३८ संस्थाबाट रु.४ अर्ब ९२ करोड ८१ लाख कोषमा प्राप्त हुन बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च वन विभागले तोकेबमोजिम उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १७४ आयोजनालाई २ हजार ९८९ हेक्टरसमेत ६७१ आयोजनालाई २१ हजार ८६८ हेक्टर जग्गा ७ देखि ४० वर्षसम्मको लागि उपयोग गर्न लिजमा दिएको देखिन्छ। सोको अनुगमन गर्नुपर्दछ।

७२. **महसुल बक्यौता -** नेपाल विद्युत प्राधिकरणको विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ७.७७ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब १ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल हुनुपर्ने रु.२६ अर्ब ३ करोड रहेको छ। सो रकम कुल बक्यौताको ५०.०५ प्रतिशत देखिन्छ। सडक बत्तीको बक्यौता रु.७ अर्ब ७३ करोडमध्ये काठमाडौं महानगरपालिकाको रु.१ अर्ब ९९ करोड असुल गर्न बाँकी देखिन्छ। नेपाल विद्युत प्राधिकरणले विद्युत महसुल सङ्कलन विनियमावली, २०७८ मा तोकिएअनुसार बक्यौता रकम सम्बन्धमा यकिन गरी असुल गर्नुपर्दछ।

७३. **विद्युत खरिद सम्झौता -** यो वर्षसम्म नेपाल विद्युत्त प्राधिकरणले २५३ स्वतन्त्र उर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट खरिद सम्झौताको प्रक्रियामा रहेको छ। यस वर्षका लागि गरिएको योजना र वास्तविक विद्युत उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजना भन्दा उत्पादन कम भएको कारण प्राधिकरणलाई करिब रु.२६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत उत्पादन घाटा भएको देखिन्छ। उत्पादनमा कमी भएको कारण एक मित्रराष्ट्रबाट थप विद्युत आयात गर्दा प्राधिकरणलाई सोका लागि अनुमानित रु.१ अर्ब २२ करोड ७९ लाख व्ययभार परेको छ। विशेष गरी सुक्खा महिनाहरूमा आयातित विद्युतमा निर्भरता रहेको र रन अफ रिभर प्रकृतिका परियोजनाबाट उत्पादित विद्युत वर्षायाममा खेर गई प्राधिकरणलाई घाटा भइरहेकोले उक्त विषयलाई समेत ध्यान दिई व्यावसायिक विद्युत योजना सहित विद्युत खरिद सम्झौता गर्नुपर्दछ।

७४. **सहायक कम्पनीमा लगानी तथा सञ्चालक नियुक्ति -** नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्दछ। नेपाल विद्युत प्राधिकरणले नेपाल सरकारको स्वीकृति बेगर ३५ निकाय (सब्सिडिएरी, एसोसिएट तथा अन्य) मा रु.५६ अर्ब ८ करोड ६० लाख बराबरको सेयर लगानी गरेको छ। त्यस्तै, गण्डकी प्रदेशका २ मन्त्रालयबाट नेपाल सरकारको स्वीकृति नलिई रु.३८ करोड १३ लाख बराबरको रकम प्राप्त गरेको छ। साथै प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रूपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको देखिन्छ। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

७५. **विमान खरिद कर्जा** - नेपाल वायुसेवा निगमले ए-३२० तथा ए-३३० जहाज खरिदका लागि नेपाल सरकारको जमानीमा २०७०।३।४ र २०७४।२।२८ मा कर्मचारी सञ्चय कोषबाट रु.२२ अर्ब

तथा नागरिक लगानी कोषबाट रु.१२ अर्बसमेत रु.३६ अर्ब कर्जा लिएकोमा भुक्तानी तालिकबमोजिम साँवा ब्याज भुक्तानी नगरेका कारण कुल तिर्न बाँकी साँवा तथा ब्याज कर्मचारी सञ्चय कोषलाई रु.३१ अर्ब ३३ करोड ९२ लाख ६१ हजार र नागरिक लगानी कोषलाई रु.२१ अर्ब १२ करोड १७ लाखसमेत रु.५५ अर्ब ४ करोड ७८ लाख पुगेको छ। भुक्तानी तालिकाबमोजिम उक्त रकम भुक्तानी गर्नुपर्दछ।

७६. **विश्वविद्यालयको जग्गा अतिक्रमण -** त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३२ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८४ हजार वर्गमिटर जग्गा रहेकोमा विश्वविद्यालयको ६ लाख ५३ हजार वर्गमिटर जग्गा, सुदूरपश्चिम विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा रहेको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा तथा पोखरा विश्वविद्यालयको स्वामित्वमा रहेको पोखरा महानगरपालिका विभिन्न वडामा नेपाल सरकारबाट भोगाधिकार प्राप्त १ हजार ३७२ रोपनी १३ आना ३ पैसा जग्गामध्ये ६२५ रोपनी भन्दा बढी अतिक्रमण भएको छ। विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

७७. **जग्गाको सीमाङ्कन तथा संरक्षण -** नेपाल संस्कृत विश्वविद्यालयको नाममा करिब १ हजार ६६२ बिघा ३ कट्ठा ९.५ धुर जग्गा रहेकोमा सोका अतिरिक्त १२ बिघा १९ कट्ठा ४.५ धुर जग्गा दर्ता हुन बाँकी रहेको, पूर्वाञ्चल विश्वविद्यालयले नेपाल सरकारबाट भोगचलनको लागि स्वीकृति प्राप्त मोरङ जिल्लामा रहेको ८०५ बिघा जग्गा सीमानामा कंक्रिट पिलर निर्माण गरी घेराबार गर्ने र सीमा छुट्याउनेका साथै जग्गाको नापी तथा सीमाङ्कनको कार्य सम्पन्न नभएका कारण जग्गाको उचित संरक्षण हुन नसकेको, लुम्बिनी बौद्ध विश्वविद्यालय विश्वविद्यालय र मातहतमा रहेको करिब ६७.४५ बिघा भोगाधिकार र ३९.५५ बिघा लिजमा प्राप्त भएकोमा भोगाधिकार र लिजबाट प्राप्त जग्गाको अभिलेख नराखेको देखिन्छ। विश्वविद्यालयको नाममा रहेको सम्पत्तिको एकीकृत लगतका साथै दर्ता गरी सम्पत्तिको संरक्षण तथा परिचालन गर्नुपर्दछ।

७८. **सम्पत्ति जफत -** कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि लिलाम बिक्री गर्नुपर्ने वा नेपाल सरकारले प्रयोग गर्न सक्ने उल्लेख छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार विभिन्न जिल्लाका ४० प्रतिवादीका १ रोपनी ६ आनादेखि न्यूनतम ३ आना ३ पैसासम्मको मूल्य नखुलेको जग्गा, रु.६६ लाख अंकित मूल्यको सेयर र सोमा बढे बढाएको रकमसमेत, १५ बैङ्कमा रहेको रु.६१ लाख १० हजार नगद मौज्दात र ब्याजसमेतको सम्पत्ति अदालतले जफत गर्न आदेश दिए तापनि हालसम्म प्रतिवादीहरूले नै प्रयोग गरी आएको देखिएकोले, ऐनको व्यवस्थाबमोजिम जफत गरी लिलाम बिक्री वा सरकारले प्रयोग गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

७९. **जग्गाको अभिलेख -** प्रत्येक कार्यालयले सरकारी घर, जग्गाको लगत राख्नुपर्दछ। श्रीलंकाको कोलम्बोस्थित राजगिरियामा नेपाली राजदूतावास स्थापना गर्न सन् १९८९ मे १८ मा अमेरिकी डलर ३ लाख ६० हजारमा १.५ एकड जग्गा खरिद भएकोमा हाल उक्त जग्गा उपयोगविहीन अवस्थामा रहेको छ। यो वर्ष जग्गामा कम्पाउण्ड वाल निर्माण गर्न रु.३० लाख बजेट विनियोजन भएकोमा उक्त

जग्गाको स्वामित्व सम्बन्धमा स्पष्ट हुन नसकेको जनाई नियोगले उक्त रकम खर्च गरेको छैन। श्रीलंकाको सरकारी मूल्याङ्कनअनुसार हालको अवस्थामा उक्त जग्गाको मूल्य करिब अमेरिकी डलर ६५ लाख रहेकोमा उक्त जग्गाको आधिकारिक जग्गाधनी पुर्जा हालसम्म प्राप्त भएको छैन। यो वर्ष श्रीलंकाको घरजग्गा व्यवस्थापन गर्ने सरकारी निकायमा खोजी गर्दा नेपाल सरकारको नाममा रहेको उक्त जग्गामध्ये एक एकड जग्गा सन् १९९४ मे ९ सम्म दुई पटक निजी व्यक्तिलाई बिक्री भइसकेको विवरण प्राप्त भएको छ। उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याई संरक्षण तथा उपयोग गर्नुपर्दछ।

८०. **भाडा असुली -** समाज कल्याण परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले आफ्नो स्वामित्वमा रहेका भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई सम्झौता गरी भाडामा दिनसक्ने र सर्तहरू पालना नगरेका कारण पुग्न गएको हानि-नोक्सानीको क्षतिपूर्ति भराई लिनसक्ने व्यवस्था छ। समाज कल्याण परिषद्को भृकुटीमण्डप सञ्चालन कार्यालयले उपलब्ध गराएको बक्यौता विवरणअनुसार २०८२ आषाढ मसान्तसम्म ५० सङ्घ संस्थासँग रु.८ करोड ९२ लाख ६ हजार असुल हुन बाँकी रहेको छ। बाँकी भाडा रकम सम्झौताअनुसार असुल गर्नुपर्दछ।

८१. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गराई यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

८२. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १७(१) बमोजिम आफ्नो अधिकार क्षेत्रभित्र संस्थानले जग्गा सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। गुठी संस्थानले विभिन्न ६८ जिल्ला अन्तर्गत पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० बिघा जग्गा गुठीको नाममा रहेको देखाएको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख तथा जग्गाको अद्यावधिक विवरण नरहेकाले कुल जग्गाको क्षेत्रफल यकिन हुने अवस्था छैन। संस्थानको नाममा रहेको जग्गा तथा सम्पत्तिको एकीकृत र कार्यालयगत अभिलेख तयार गरी जग्गाको संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

गुठी संस्थानबाट प्राप्त विवरण अनुसार संस्थानको नाममा रहेका जग्गामध्ये धनुषा जिल्लामा ४३.५ बिघा, महोत्तरीमा १२२ बिघा, बारामा २७ बिघा, पर्सामा ७ बिघा तथा काठमाडौं, ललितपुर र भक्तपुरमा क्रमशः १४, १२ र २ रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ। यद्यपि संस्थानले यसको पूर्ण लगत तयार नगरेकोले सो लगत तयार गर्नुपर्ने र अन्य जिल्लामा अतिक्रमण भएका जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरी अतिक्रमित जग्गाहरूको संरक्षण गर्नुपर्दछ।

८३. **अधिग्रहित जग्गामा नियन्त्रण -** सरकारी प्रयोजनका लागि अधिग्रहण गरिएको उद्देश्यानुसारको कार्यमा प्रयोग गर्नुपर्दछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १ हजार ८५ रोपनी तथा २७५ बिघा १६ कट्ठा १४ धुर जग्गा अधिग्रहण गरेकोमा केही जग्गा सरकारको नाममा पुर्जा प्राप्त नभएको तथा केही जग्गामा अतिक्रमण भएकोले जग्गा सरकारी कार्यालयहरूको नियन्त्रणमा आएको छैन। नेपाल सरकारले मुआब्जा वितरण गरी अधिग्रहण गरेको जग्गालाई सरकारको नियन्त्रणमा ल्याई उपयोग गर्नुपर्दछ।

८४. **जग्गा लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ मा लिजमा परिणत गर्ने म्यादभित्र निवेदन नदिए सो म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको बेहोरा जग्गाधनी दर्ता स्रेस्तामा कैफियत जनाई प्रमाणित गर्नुपर्ने व्यवस्था छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म २३० संस्थालाई ३४ लाख १७ हजार वर्गमिटर र २०८१।८२ मा ४६ संस्थालाई ६ लाख ६१ हजार ७५१ वर्गमिटरसमेत ४० लाख ७८ हजार ७५१ वर्गमिटर जग्गा उपयोग गर्ने गरी २७६ संस्थालाई जग्गा उपलब्ध गराएको तथा ३ संस्थालाई ४०/४० वर्षको लागि जग्गा लिजमा दिएको छ। विगतमा भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरेको तथा हालसम्मको लिजमा दिएको जग्गाको विस्तृत विवरण तथा लिजमा उपलब्ध गराएको जग्गामा ती निकायले जग्गाको उपयोग एवं संरचना निर्माण र सोबाट प्राप्त हुनुपर्ने राजस्वको लगत राखेको देखिँदैन। लिजमा उपलब्ध गराएको जग्गाको उद्देश्य अनुरूप प्रयोग भएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरी सःशुल्क लिजको रकम दाखिला भएको सुनिश्चित गर्नुका साथै कार्यनीतिअनुसार लिजमा परिणत नभएका जग्गा सम्बन्धित व्यक्ति तथा निकायको भोगाधिकार कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्नुपर्दछ।

८५. **सार्वजनिक सेवाको प्रभावकारिता -** नेपालको संविधानको धारा ५१ (ख) (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने उल्लेख छ। नेपालको सार्वजनिक सेवा प्रवाह सम्बन्धमा विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनहरूले सेवा प्रवाहलाई प्रविधिमैत्री र नागरिक केन्द्रित बनाउने, सङ्घीय निजामती सेवा ऐन तर्जुमा गर्ने तथा संरचनागत एवं व्यवहारगत सुधार गर्नुपर्ने लगायतका सुझाउ दिएका छन्। सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका, २०६८ बमोजिम यो वर्ष वर्ष १५ निकायमा सेवग्राही सर्वेक्षण गर्ने लक्ष्य रहेकोमा ७ जिल्लाका २१ कार्यालयका २८१ सेवाग्राहीबिच सर्वेक्षण गर्दा टोकन प्रणालीको अभाव, अपाङ्गमैत्री शौचालय, सेवाग्राही पार्किङ्ग र स्तनपान कक्ष जस्ता पूर्वाधारको कमी, बिचौलियाको प्रभाव र दक्ष जनशक्तिको अभाव जस्ता समस्याहरू देखिएका छन्। सर्भरमा आउने समस्या, भाषिक कठिनाइ, दरबन्दीअनुसार पदपूर्ति नहुँदा हुने ढिलाइ र कर्मचारीको व्यवहारगत त्रुटिका कारण सेवा प्रवाहको स्थिति सन्तोषजनक रहेको देखिँदैन। सर्वेक्षणबाट पहिचान भएका यी समस्याहरूलाई सम्बोधन गरी सेवाको गुणस्तर बढाउन संस्थागत तथा कार्यगत शैलीमा सुधार, जनशक्तिको सदाचार एवं क्षमता अभिवृद्धि र विश्वसनीय सूचना प्रविधि प्रणालीको अवलम्बन गरी नागरिकको गुनासो नरहने गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

८६. **व्यवस्थापन परीक्षण -** निजामती सेवा ऐन, २०४९ को दफा ७२ (क) र नियमावली, २०५० को नियम ३ (क) अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारी निकायहरूमा कानुन

र कार्यविधिको पालना सम्बन्धमा व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्था छ। व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ बमोजिम यो वर्ष मन्त्रलयले ३० निकायको लक्ष्यमा २६ निकायको व्यवस्थापन परीक्षण गरेको छ। सङ्गठनात्मक नीति, संरचना, कार्यपद्धति, भौतिक पूर्वाधार र कर्मचारी व्यवस्थापन लगायतका १२ क्षेत्रका १०० सूचकमा आधारित परीक्षणबाट न्यूनतम ३५.९२ प्रतिशत र अधिकतम ६१.५२ प्रतिशतसम्म नतिजा प्राप्त भएको छ। व्यवस्थापन परीक्षणबाट औँल्याइएको बेहोरा सुधार हुनुपर्दछ।

८७. **नियोगका कर्मचारीको सुविधा -** नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम १९ मा नियोग प्रमुख तथा नियोगमा कार्यरत कर्मचारीलाई प्रदान गरिने भत्ता तथा अन्य सुविधाको सिफारिस गर्न एक समिति रहने र नेपाल सरकार, मन्त्रीपरिषद्ले तोकेबमोजिमको भत्ता तथा अन्य सुविधा उपलब्ध गराउने उल्लेख छ। सो नियम लागु भएपछि समितिको सिफारिसअनुसार सुविधा रकम भुक्तानी गर्नुपर्नेमा नेपाल सरकार (मन्त्रीपरिषद्) को २०५१।२।२३ को निर्णय तथा पटके निर्णयका आधारमा वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, बिदा अवधिको वैदेशिक भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधी उपचार सुविधा, निजी मालसामान तथा सवारीसाधनको ढुवानी लगायतका सुविधा भुक्तानी हुने गरेको छ। यस्ता निर्णयमा पटक पटक संशोधन भएको, संशोधनहरू एक आपसमा बाझिएको देखिएकाले सुविधामा पुनरावलोकन तथा एकीकृत कानुनी व्यवस्था गरी भुक्तानी हुनुपर्ने बेहोरा विगत वर्षदेखि औँल्याइँदै आएकोमा सुधार भएको छैन।

८८. **राजदूत फिर्ता -** राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ८(क) मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ वर्षको हुने उल्लेख छ। परराष्ट्र मन्त्रालयको स्रेस्ता परिक्षण गर्दा यो वर्ष अवधि सम्पन्न हुनु अगावै स्वदेश फर्किएका भारत, अस्ट्रेलिया, बेलायत अमेरिका लगायत १३ देशका राजदूतको लागि ढुवानी खर्चमा रु.६१ लाख २५ हजार र बेलायत बाहेका अन्य १२ राजदूत तथा निजका परिवारको हवाई टिकटबापत रु.९१ लाख ५९ हजारसमेत रु.१ करोड ५२ लाख ८४ हजार खर्च भएको देखिन्छ। त्यसै गरी २०८१।८२ मा नियुक्त भएका ९ सहित ११ राजदूतलाई अवधि पूरा नहुँदै २०८२।७।२० भित्र नेपाल फिर्ता बोलएको अवस्था छ। राजदूतको कार्यअवधि पूरा नहुँदै राजदूत फिर्ता गर्दा बिमा, हवाई टिकट तथा ढुवानीमा सोही अनुपातमा खर्च हुने हुँदा राज्यको दायित्व बढ्ने देखिन्छ।

प्रदेश मन्त्रालय तथा निकाय

८९. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गरिने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८१।८२ मा गत वर्षको जिम्मेवारी रु.५१ अर्ब २४ करोड ६४ लाख ३५ हजार सहित कुल आम्दानी रु.२ खर्ब ४० अर्ब २ करोड ६० लाख ३१ हजार रहेकोमा रु.१ खर्ब ९९ अर्ब ९४ करोड ३८ लाख २५ हजार (८३.३० प्रतिशत) खर्च भई रु.४० अर्ब ८ करोड २२ लाख बाँकी रहेको देखिन्छ। प्रदेशले गत वर्षको अन्तिम मौज्दात रु.५५ अर्ब ६९ करोड ३ लाख रहेको आधारमा

यो वर्षको सुरु मौज्दात कायम गर्नुपर्नेमा रु.४ अर्ब ४४ करोड ३९ लाख घटी जिम्मेवारी सारेको पाइयो।

९०. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशहरूको विभाज्य कोषमा रहेको रकममध्ये मधेश प्रदेशको रु.१३ करोड ४५ लाख ५ हजार, गण्डकी प्रदेशको रु.५ करोड १७ लाख ५५ हजार र सुदूरपश्चिम प्रदेशको रु.२ करोड ६८ लाख २३ हजार समेत रु.२१ करोड ३० लाख ८३ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

९१. **प्रदेश सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार १२२ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब १९ अर्ब ७ करोड ५८ लाख ५९ हजार र २ कार्यालयको बक्यौता रु.१ अर्ब २२ करोड ३५ लाख २६ हजारसमेत रु.३ खर्ब २० अर्ब २९ करोड ९३ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

९२. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	८२०६३००	७१५६५४८	७५६४१४४	७००९३६३	७६०३६०१	९५१२११७	८००३९४९	५५०५६०२२
सशर्त	३८७९७००	२०२६४२१	२८२१६४५	२३८४००७	३४४३१२२	१९२२३२२	१६७०२६१	१८१४७४७८
समपूरक	६५५०००	०	६४१२५०	११३०५००	७९५०००	४७७६६०	८३९२३९	४५३८६४९
विशेष	६६७४००	०	९४१७३५	५८९९५०	७४४६००	४०९८२१	१९६८४८	३५५०३५४
जम्मा	**१३४०८४००**	**९१८२९६९**	**११९६८७७४**	**१११११३८२०**	**१२५८६३२३**	**१२३२१९२०**	**१०७१०२९८**	**८१२९२५०४**
राजस्व बाँडफाँट	१११३५३१८	१०८२२३६१	११५५८६६१	८९३०५७१	१०९२१९६५	८४०१९२७	१००६२१२१	७१८३२९२४
कुल जम्मा	**२४५४३७१८**	**२०००५३३०**	**२३५२७४३५**	**२००४४३९१**	**२३५०८२८८**	**२०७२३८४७**	**२०७७२४१९**	**१५३१२५४२८**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानसमेतमा रु.७६ अर्ब ७५ करोड ६१ लाख ९२ हजार निकासा भएको देखिन्छ। तथापि ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार त्यस्तो निकासा रु.८१ अर्ब २९ करोड २५ लाख ४ हजार रहेको देखिएकोले रु.४ अर्ब ५३ करोड ६३ लाख १२ हजारको फरक देखिएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९३. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८१।८२ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रु.१ खर्ब ३४ अर्ब ७९ करोड ७१ लाख ८० हजार प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब ८ अर्ब ५५ करोड ३४ लाख २८ हजार (८०.५९ प्रतिशत) प्राप्त भएको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली अनुमानको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम रहेको देखिन्छः

(रु. हजारमा)

प्रदेश	राजस्व अनुमान	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१७३८०८००	१६०२६९९७	९२.२१
मधेश	२२६७२७००	१५२७८९५२	६७.३९
बागमती	३४५८१५९९	२८४९०१७३	८२.३९
गण्डकी	१५२६२२००	१२४४२३५७	८१.५२
लुम्बिनी	२२९५०७००	१६५८०३७८	७२.२४
कर्णाली	१०२१९७६५	९०३३८७१	८८.४०
सुदूरपश्चिम	११६२९४१६	१०७००७००	९२.०१
जम्मा	१३४६९७१८०	१०८५५३४२८	८०.५९

९४. **बजेट तथा खर्च -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८१।८२ को बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३५२७९३००	१४३५९५५२	१३८२३३५५	२८१८२९०७	७९.८९
मधेश	४३८९२१७०	९७५८५९७	२१४७५००७	३१२३३६०४	७१.१६
बागमती	६४५४०४३१	१७०१०१७५	२९३९३१३५	४६४०३३१०	७१.९०
गण्डकी	३२९७८५७५	७९०१३२२*	१४९९०९२४	२२८९२२४६	६९.४२
लुम्बिनी	३८९७००००	९९८५८६२	१७९०५१५२	२७८९१०१४	७१.५७
कर्णाली	३१४१००४१	९०७०९६०	१०९२६५०४	१९९९७४६४	६३.६७
सुदूरपश्चिम	३१६६८८२८	९७२७८२७	१२४७४७२८	२२२०२५५५	७०.११
जम्मा	**२७८७३९३४५**	**७७८१४२९५**	**१२०९८८८०५**	**१९८८०३१००**	**७१.३२**

द्रष्टव्यः *उल्लिखित चालु खर्चमा गण्डकी प्रदेशको प्रदेश सञ्चित कोषमा सङ्घीय अनुदान फिर्ता भएको रु.१ अर्ब १४ करोड ७ लाख २६ हजार समावेश गरिएको छैन।*

उल्लिखित विवरणअनुसार प्रदेशहरूको औसत खर्च ७१.३२ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७९.८९ र सबैभन्दा कम खर्च कर्णाली प्रदेशको ६३.६७ प्रतिशत रहेको छ।

९५. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०८१।८२ को कुल खर्च रु.१ खर्ब ९८ अर्ब ८० करोड ३१ लाख रहेकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब २९ अर्ब ३ करोड ८४ लाख ८६ हजार खर्च गरेको छ। प्रदेशहरूको आन्तरिक स्रोतबाट खर्च बेहोरिएको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८१८२९०७	१६८७१६९३	५९.८६
मधेश	३१२३३६०४	२२०९७७०१	७०.७५
बागमती	४६४०३३११	३५७५८७१८	७७.०६
गण्डकी	२२८९२२४६	१३३९९४७०	५८.५३
लुम्बिनी	२७८९१०१४	१७५९२११५	६३.०७
कर्णाली	१९९९७४६४	१००३०२००	५०.१६
सुदूरपश्चिम	२२२०२५५५	१३२८८५९०	५९.८५
जम्मा	**१९८८०३१०१**	**१२९०३८४८७**	**६४.९१**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६४.९१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम कर्णाली प्रदेशको ५०.१६ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ७७.०६ प्रतिशत रहेको छ। प्रदेशहरूको आन्तरिक स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

९६. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८१।८२ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत
कोशी	२०८	५२३८४९७९	५८६६८३	५५५५४६	१.१२
मधेश	१५०	४९६९३९४३	१८७३३६१	१४२३३७६	३.७७
बागमती	२०९	८३१५६३७८	६९३७९४	४९४१६७	०.८३
गण्डकी	१८०	४१४५८१३२	५९५०१९	५४०३८०	१.४४
लुम्बिनी	२१४	५७२०१४२४	७२६९०५	६३३२०६	१.२७
कर्णाली	१३७	३७१९८०७६	७७३५६२	७००८२३	२.०८
सुदूरपश्चिम	१५९	३९४९९१५५	६०४८८९	५५५९००	१.५३
जम्मा	**१२५७**	**३६०५९२०८७**	**५८५४२१३**	**४९०३३९८**	**१.६२**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.७७ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८३ प्रतिशत रहेको छ।

९७. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रु.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार रहेकोमा सम्परीक्षणबाट रु.१ अर्ब ८८ करोड ८३ लाख ९४ हजार फर्स्यौट तथा रु.६ करोड २७ लाख ६५ हजार थप भई रु.३२ अर्ब ३१ करोड २३ लाख २२ हजार बाँकी रहेको छ। यो वर्ष रु.५ अर्ब ८५ करोड ४२ लाख १३ हजार थप भई अद्यावधिक बेरुजु रु.३८ अर्ब १६ करोड ६५ लाख ३५ हजार कायम भएको छ। सो रकममा रु.१२ अर्ब **८४** करोड **१०** लाख २६ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	५४००५८३	३७३७९०	१७०६३	५०४३८५६	५८६६८३	५६३०५३९	३७७२७७२
मधेश	९२०३५५९	९६६५६	५०५	९१०७४०८	१८७३३६१	१०९८०७६९	३५२३६१०
बागमती	४८६८९६६	२८२२४८	१८२	४५८६९००	६९३७९४	५२८०६९४	१२०५६०६
गण्डकी	२९८५१०२	७७१०६४	२४८३८	२२३८८७६	५९५०१९	२८३३८९५	२३०१३३६
लुम्बिनी	४५७५१३७	१४७३३८	१७५९	४४२९५५८	७२६९०५	५१५६४६३	९८४४५१
कर्णाली	४१२०५८४	१७६४५८	१७९१९	३९६२०४५	७७३५६२	४७३५६०७	६९७६६६
सुदूरपश्चिम	२९८४०२०	४०८४०	४९९	२९४३६७९	६०४८८९	३५४८५६८	३५५५८५
जम्मा	**३४१३७९५१**	**१८८८३९४**	**६२७६५**	**३२३१२३२२**	**५८५४२१३**	**३८१६६५३५**	**१२८४१०२६**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण, कार्यसम्पादन अवस्था र बेरुजु स्थिति सहितको प्रतिवेदन प्रदेशगतरूपमा सार्वजनिक गरिएको छ।

स्थानीय तह

९८. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ७२१ स्थानीय तहको कुल आय रु.६ खर्ब ३३ अर्ब ४० करोड १ लाखमध्ये रु.५ खर्ब ५९ अर्ब ६२ करोड ४१ लाख (८८.३५ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालुतर्फ रु.२ खर्ब ७० अर्ब ४ करोड ५८ लाख (४८.२५ प्रतिशत), पुँजीगततर्फ रु.१ खर्ब ४२ अर्ब ४९ करोड २६ लाख (२५.४६ प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब ४७ अर्ब ८ करोड ५७ लाख (२६.२८ प्रतिशत) खर्च भएको छ। लेखापरीक्षण भएका ७२१ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.३४ अर्ब ३० करोड ३२ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रु.८५ अर्ब ५६ करोड, गत वर्षको मौज्दात रु.७७ अर्ब ३८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रु.१ खर्ब ९७ अर्ब २५ करोड १० लाख प्राप्त भएको छ।

९९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्नेमा यो वर्ष ८३ स्थानीय तहले रु.८८ करोड १० लाख २९ हजार घटी जिम्मेवारी सारेकोमा सोको आधार तथा कारण खुलाएका छैनन्।

१००. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय-व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष २६८ ले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

१०१. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ९० स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खातामा रु.५४ करोड ४९ लाख ३५ हजारले घटी मौज्दात रहेकोमा हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

१०२. **सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २२१ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रूपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

१०३. **दाखिला बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष १७७ स्थानीय तहले वित्तीय विवरणमा देखाएको कर कट्टी तथा अन्य दाखिला बाँकी रु.१३ करोड ३० लाख १० हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेका छैनन्।

१०४. **उठ्न बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापनसम्बन्धी व्यवस्था छ। यो वर्ष १०४ स्थानीय तहले व्यवस्थापन गरेका आय ठेक्काबाट सम्झौताअनुसार रु.४७ करोड १ लाख ७ हजार असुल गर्न बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१०५. **बजेट अबण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २१९ स्थानीय तहले रु.७ अर्ब ५६ करोड ७४ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०६. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
२०८१।८२	८०७४१३	१८१३९२७	५९९१०	४४८२६	२७२६०७६
प्रदेश सरकारबाट प्राप्त					
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	७९५०३	१५१९०	४६९२४	२१२०९७
२०८१।८२	७६०४४	१०८३१६	३४४४०	४५८७२	२६४६७२

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढदै गएको छ।

सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शनबमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुनेगरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०७. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ। यो वर्ष ३६५ स्थानीय तहले परामर्श सेवा खरिदमा रु.१ अर्ब ५ करोड २७ लाख ५२ हजार खर्च गरेका छन्। परामर्शदाताबाट प्राप्त आयोजनाको ड्रइङ्ग डिजाइन, अध्ययन प्रतिवेदन, विस्तृत आयोजना प्रतिवेदनजस्ता प्रतिवेदनको जिन्सी दाखिला गरी अभिलेख नराखेको र यसरी तयार भएका मध्ये ६४ स्थानीय तहको रु.१७ करोड ५ लाख ५७ हजारका २२८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएको देखिएन।

१०८. **सफ्टवेयर खरिद तथा उपयोग** - नेपाल सरकारबाट जारी सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने

व्यवस्था छ। यो वर्ष १४८ स्थानीय तहले सफ्टवेयर खरिद, मर्मत तथा नविकरणमा रु.११ करोड ५३ लाख ५६ हजार खर्च गरेकोमा १५ स्थानीय तहले रु.७७ लाख ९ हजारको सफ्टवेयर प्रयोग गरेको देखिएन।

१०९. **पदाधिकारी सुविधा -** प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। ऐनमा तोकेभन्दा बढी हुने गरी यो वर्ष ४ स्थानीय तहले इन्धनमा रु.१० लाख २१ हजार, १७ स्थानीय तहले बैठक भत्तामा रु.५५ लाख ३५ हजार गरी रु.६५ लाख ५६ हजार बढी भुक्तानी बढी भुक्तानी गरेका छन।

११०. **लेखापरीक्षण, बेरुजु र लेखापरीक्षणको क्रममा असुली** - यो वर्ष ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट ७२१ स्थानीय तहको रु.२१ अर्ब ४७ करोड ५० लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ४२ करोड ७३ लाख फस्यौंट गरेकोले रु.१९ अर्ब ४ करोड ७७ लाख फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ अर्ब १ करोड ३३ लाख (१०.५७ प्रतिशत), नियमित गर्नुपर्ने रु.१५ अर्ब १८ करोड ९४ लाख (८९. ७४ प्रतिशत) र म्याद नाघेको पेस्की रु.१ अर्ब ८४ करोड ५० लाख (९.६९ प्रतिशत) बाँकी बेरूजु देखिएको छ।

यो वर्ष लेखापरीक्षणबाट औंल्याइएपछि ४९१ स्थानीय तहले रु.३२ करोड १९ लाख र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले रु.४७ करोड ९६ लाखसमेत रु.८० करोड १४ लाख असुली गरेका छन्। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ४८२ स्थानीय तहबाट रु.१ अर्ब १ करोड ८७ लाखसमेत यो वर्ष कुल रु.१ अर्ब ८२ करोड १ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ।

१११. **अद्यावधिक बेरूजु -** स्थानीय तहतर्फ गत वर्षसम्मको कुल बेरूजु रु.२ खर्ब ९ अर्ब २८ करोड ९१ लाख रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.८ अर्ब १४ करोड ६४ लाख फस्यौंट, समायोजन तथा सम्परीक्षणबाट रु.२८ करोड २२ लाख थप र यस वर्षको बेरुजु रु.१९ अर्ब ४ करोड ७७ लाखसमेत बाँकी रु.२ खर्ब २० अर्ब ४७ करोड २६ लाख अद्यावधिक बेरूजु रहेको छ।

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

यो वर्ष १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। उक्त लेखापरीक्षणबाट देखिएका संक्षिप्त बेहोरा देहायबमोजिम रहेका छन्:

- **कार्यमूलक लेखापरीक्षण**

११२. **काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन -** काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन विषयको लेखापरीक्षणबाट सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता नभएको, सम्पदाहरूको अभिलेख तथा वर्गीकरण व्यवस्थित हुन नसकेको, सम्पदा संरक्षणका लागि रणनीति तथा गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन नभएको, पर्याप्त स्रोतसाधनको व्यवस्था हुन नसकेको, जग्गा स्वामित्वको विषयमा विवाद रहेको, चोरी तस्करी एवं अतिक्रमण नियन्त्रण गर्न नसकेको

लगायतका कमी, कमजोरीले सम्पदा संरक्षण र उपयोग प्रभावकारी नदेखिएको लगायतका बेहोरा देखिएका छन्।

११३. **खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति -** खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति विषयको लेखापरीक्षणबाट खेल पूर्वाधारको समग्र प्रणालीगत कमजोरीहरू रहेको, कानुन, कार्यविधि तथा मापदण्ड समयमै स्वीकृत र कार्यान्वयन हुन नसकेको, पूर्वाधार निर्माणमा दीर्घकालीन योजना र मापदण्डको अभाव रहेको, बजेट विनियोजन अनुसार खर्च हुन नसकेको तथा सम्पत्तिको अभिलेख, उपयोग संरक्षणमा कमजोरी रहेको, अन्तर्राष्ट्रिय मापदण्डअनुसारका पूर्वाधार अभाव, अन्तर तह तथा अन्तर निकाय समन्वय तथा सहकार्यको अभाव, न्यून निजी क्षेत्रको सहभागिता र प्रभावकारी अनुगमन प्रणालीको अभाव लगायतका बेहोराहरू देखिएका छन्।

११४. **निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह -** निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह विषयको लेखापरीक्षणबाट बिरामीको चापअनुसार अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलब्ध नभएको, सीमित शल्यचिकित्सक, एनेस्थेसिया तथा नर्सिङ जनशक्ति र आधुनिक उपकरणको कमीले कार्डियो र न्युरो सर्जरीजस्ता विशिष्टीकृत सेवा अस्पतालबाट उपलब्ध हुन नसकेको, निजामती कर्मचारी र सर्वसाधारणलाई अलग अलग सेवा प्रवाह गर्न नसकेको, स्वास्थ्य उपकरणको नियमित मर्मत सम्भार हुन नसकेको, अस्पतालमा उपलब्ध ३० शय्या सहितको आकस्मिक कक्षमा नर्सिङ जनशक्ति कमी रहेको, आकस्मिक उपचारको लागि छुट्टै भिडियो एक्सरे मेसिन उपलब्ध नभएको, सिटी स्क्यान मेसिन नियमित सञ्चालनमा नरहेको र आकस्मिक बिरामीका लागि छुट्टै ल्याबको व्यवस्था नभएको, अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि शय्याको प्राथमिकता वा कोटा निर्धारणसम्बन्धी स्पष्ट नीति तथा कार्यविधि नरहेको लगायतका बेहोराहरू देखिएका छन्।

११५. **नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता -** नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता विषयक कार्यमूलक लेखापरीक्षणबाट जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेका असर र जनताको जीवनशैली परिवर्तनसँगै खाद्यान्नमा आएको संरचनागत परिवर्तनलाई सम्बोधन गर्न पूर्वाधार, जनशक्ति र अनुसन्धानमा परिषद्ले प्रयास गरिरहेको भएतापनि कृषि अनुसन्धानको लागि स्थापित नेपाल कृषि अनुसन्धान परिषद्मा कृषि विशेषज्ञ, वैज्ञानिकलगायतका जनशक्तिको कमी रहेको, वित्तीय स्रोतको व्यवस्थापन कमजोर रहेको, जग्गाको पूर्ण उपयोग नभएको, कृषि विकासमा लगानी भित्र्याउन नसकिएको, अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्ने सबल संयन्त्र विकास गर्न नसकेको, कानुनी तथा नीतिगत एकरूपता कायम गर्न नसकेको साथै कृषि अनुसन्धान र विकास प्राथमिकतामा नपरेको लगायतका बेहोराहरू देखिएका छन्।

११६. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन विषयक कार्यमूलक लेखापरिक्षणबाट प्रतिष्ठानले आफ्नै नानो-स्याटेलाइट (नेपाली स्याट-१) अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराउनुका साथै प्लास्टिक फोहोरबाट पेट्रोल उत्पादन गर्ने प्रविधिको सफल परीक्षण, ग्रामीण क्षेत्रमा ऊर्जा दक्षता बढाउन र धुवाँमुक्त घर बनाउन सुधारिएको चुलो र बायो-ब्रिकेट प्रविधिको प्रवर्धन, आफ्नै प्रयोगशालाहरू मार्फत साना तथा मझौला प्रविधि विकास गर्ने, युवा वैज्ञानिकहरूलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने, स्थानीय र मौलिक प्रविधिहरूको संकलन र प्रदर्शन गर्ने कार्य गर्दै विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा प्रतिष्ठानले

महत्वपूर्ण योगदान पुऱ्याए तापनि अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी रहेको, राज्यको नीति अनुरूप नयाँ कानुन र संरचनाहरू निर्माण नभएको, दक्ष जनशक्ति अभाव, प्रतिभा पलायन लगायतका बेहोराहरू देखिएका छन्।

११७. **पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति -** पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट मध्यपहाडी जिल्लाहरूमा यातायातको सहज पहुँच विस्तार गरी आर्थिक रूपमा न्यून आय भएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित यस आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको, संशोधित कार्यतालिकाअनुसार २०८४।८५ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८१।८२ सम्ममा आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत रहेको, पर्याप्त पूर्व तयारी, कार्यतालिका पालना, अन्तरनिकाय समन्वय तथा विवाद समाधान जस्ता पक्ष कमजोर रहेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुँदा आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको जस्ता बेहोराहरू देखिएका छन्।

११८. **राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति -** राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति विषयको कार्यमूलक लेखापरिक्षणबाट सडक मर्मतसम्भार कार्यका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था नभएको, सडक बोर्ड ऐन, २०५८ मा उल्लेख भएअनुसार मर्मत, सम्भार खर्च न्यूनीकरणका लागि कार्ययोजना बनाउने, कोषको रकम प्राथमिकताअनुसार सडक सुरक्षा कार्यमा खर्च गर्ने, सवारी साधनको भारवहन मापदण्ड कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने तथा नियम उल्लङ्घनमा जरिबाना गर्नेलगायतका व्यवस्था व्यवहारमा लागु नभएको, नियमित मर्मत भए तापनि सडक मर्मत कार्यमा संलग्न निकायहरूबिच समन्वय अभाव रहेको, योजना निर्माण तथा प्राथमिकता निर्धारणमा कमजोरी रहेको, आवश्यक बजेट विनियोजन नभएको तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नभएको, सडक मर्मतका कार्यहरू समयमै सम्पन्न नभई पटक पटक म्याद थप हुने प्रवृत्ति रहेको, अनुगमन तथा गुणस्तर नियन्त्रण प्रणाली कमजोर रहेको र आधुनिक प्रविधिमा आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणालीको अभाव रहेको जस्ता बेहोरा देखिएका छन्।

११९. **विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता -** विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता विषयको कार्यमूलक लेखापरिक्षणबाट विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत भौतिक पहुँचमा क्रमिक सुधार देखिए तापनि संघीय शिक्षा ऐनको अभावमा विनियोजित बजेटको न्यून परिचालन, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क र वास्तविक उपस्थितिबिचको अन्तरले छात्रवृत्ति, दिवा खाजा र पाठ्यपुस्तकको बजेट खर्च, विद्यालयको समायोजन तथा एकीकरण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, वर्तमान अवस्थामा दूर शिक्षा कार्यक्रमको सान्दर्भिकता र नियमिततामा चुनौती थपिएको जस्ता बेहोरा देखिएका छन्।

१२०. **वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता -** वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कुल ऊर्जा आपूर्तिमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य मात्रामा वृद्धि हुन नसकेको, केन्द्रबाट घरायसी बायोग्यास, वैकल्पिक ऊर्जाको लागि तय गरिएका नीति तथा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको, आवधिक योजना र बजेट तथा कार्यक्रमबिच उचित तादात्म्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन हुन नसकेको र केन्द्रलाई प्राप्त सरकारी बजेट र वैदेशिक सहायताको

समुचित परिचालन हुन नसकेको, विगतमा जडान भएका ऊर्जा प्रविधिहरू आफ्नो क्षमताअनुसार पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको, सञ्चालित सबै ऊर्जा प्रविधिहरूले मुलुकको ऊर्जा माग पूर्ण रूपमा पूरा गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

१२१. **व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता** - व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिवृद्धि हुन नसकेको, कार्य योजना तर्जुमा गरि परिमाणात्मक लक्ष्यसहित तालिम कार्यक्रम सञ्चालन हुन नसकेको, तालिमपश्चात सहभागीहरूको रोजगारी प्राप्तिको दर, आय वृद्धि, व्यवसाय स्थापनाको स्थिति तथा उद्यम सञ्चालनको दिगोपना जस्ता विषय नियमित रूपमा अनुगमन गरी तालिम पश्चात् स्वरोजगारी र रोजगारमा संलग्न प्रशिक्षार्थीहरूको विस्तृत प्रोफाइल तयार नगरेको लगायतका बेहोरा देखिएका छन्।

१२२. **सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता** - सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा प्रयोगमा ल्याइएका सूचना प्रणालीको नियमित मर्मतसम्भार र समयानुकूल स्तरोन्नतिको अभाव, ज्येष्ठ नागरिकको औंठाको रेखाङ्कन रूजु नहुने, रेटिना स्क्यान उपकरणको अभाव र प्रणालीसँग आबद्धता नभएकोले अपलोड गरेका कागजातहरू स्वतः हट्ने हुँदा पुनः अपलोड गर्नुपर्ने र डाटा रूजु नहुने कारणले सेवा प्रवाहको लागत र समय वृद्धि हुने गरेको, प्रत्येक वर्ष लाभग्राही संख्या बढ्दै जानु, लाभग्राहीको उमेर र समूहमा फेरबदल, भत्ता दरमा परिवर्तन तथा सामाजिक सुरक्षा भत्तालाई आवश्यकतामा आधारित बनाउन नसक्नु लगायतका कारणले सामाजिक सुरक्षाको दायित्व बढ्दै गएको, लाभग्राहीको अभिलेख अद्यावधिक नभएको, विद्युतीय भुक्तानी प्रणाली व्यवस्थित नभएको , राज्यबाट सुविधा लिएका नागरिकलेसमेत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको लगायतका बेहोरा देखिएका छन्।

१२३. **स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली** - स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली विषयको कार्यमूलक लेखापरीक्षणबाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट स्थानीय राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था भएकोमा अधिकांश स्थानीय तहले सोको पूर्ण कार्यान्वयन नगरेका, अधिकांश स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, अनुमान अनुसार आय सङ्कलन हुन नसकेको, राजस्वका करका दर निर्धारणको आधारमा वैज्ञानिक विधि प्रयोग नगरी फरक फरक प्रयोग हुँदा एकै प्रकृतिको भौगोलिक क्षेत्र र अवस्थामा रहेका स्थानीय तहको राजस्व सङ्कलनमा विविधता रहेको, राजस्व छुटसम्बन्धी व्यवस्था कानुनद्वारा व्यवस्थित नगरिएको, बक्यौता राजस्व असुल हुन नसकेको, राजस्व आम्दानी र दाखिला भिडान हुने गरी अभिलेखाङ्कन नगरेको र राजस्वको सम्भाव्यता अध्ययन सहित दायरा विस्तार गर्ने कार्य हुन नसकेको, स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन नसक्दा अपेक्षित राजस्व अभिवृद्धि हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१२४. **स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता** - स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा हाल सक्रिय रूपमा बिमामा आबद्ध परिवार ३० प्रतिशत र बिमितको जनसंख्या २०.५ प्रतिशत मात्र रहेको, बिमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रर्याप्त व्यवस्था हुन नसकेको, बिमितहरूको बढ्दो दाबीसँगै दाबी परीक्षण कार्य त्रुटिरहित र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून रहेको, सेवाप्रदायक संस्थाहरूबाट गरिएको दाबी समयमै पूर्णरूपमा भुक्तानी हुन नसकेको, सबै बिमितले औषधी पर्याप्तरूपमा

प्राप्त गर्न नसकेको, बिमा कार्यक्रममा दोहोरोपना देखिएको, दाबी अस्वीकृति दर वृद्धि हुँदै गएको, सबै उमेर समूहमा बिमाको दायरा विस्तार हुन नसकेको, राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत सबै कर्मचारीलाई बिमामा आबद्ध गर्न नसकिएको, प्रदेशगत रूपमा बिमामा सहभागिता असन्तुलित रहेको लगायतका बेहोरा देखिएका छन्।

१२५. **प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षणबाट प्रदेशले सार्वजनिक सम्पत्ति व्यवस्थापनमा छुट्टै नीति तथा कानुन तर्जुमा नगरेका, प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख तथा सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेको, सम्पत्ति लेखाङ्कनमा फरक परेको, कानुनी व्यवस्थाबमोजिम सबै सम्पत्तिको मूल्य कायम नभएको, खारेज भएका कार्यालयको सम्पत्ति हस्तान्तरण नभएको, जिन्सी तथा सम्पत्तिको उपयोग र व्यवस्थापन प्रभावकारी नभएको लगायतका बेहोराहरू देखिएका छन्।

१२६. **स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग-** स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग विषयको कार्यमूलक लेखापरीक्षणबाट अस्पतालहरूमा उपकरणको लागि पर्याप्त बजेट व्यवस्था नभएको, ठेक्का व्यवस्था आर्थिक वर्षको अन्त्यतिर हुने गरेको, उपकरणहरू मर्मत तथा जनशक्तिको अभावमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका, अस्पतालका उपकरणहरू लामो समयसम्म लिलाम बिक्री नभएका लगायतका बेहोराहरू देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

१२७. **राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव -** राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयको कार्यमूलक लेखापरीक्षणबाट राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा निर्माण भएका कानुनी तथा नीतिगत व्यवस्था, सरकारका नीति तथा कार्यक्रम, आवधिक योजना र बजेट व्यवस्था प्रभावकारी नहुँदा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र लगायत संरक्षित क्षेत्रहरूमा जैविक विविधता संरक्षणमा चुनौती, वन्यजन्तुको संख्यामा वृद्धि, यसबाट सिर्जित बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, रोजगारीको न्यून अवसर जस्ता बेहोराहरू देखिएका छन्।

विशेष लेखापरीक्षण

१२८. **सार्वजनिक खरिद र मध्यस्थता -** सार्वजनिक खरिद र मध्यस्थता विषयको विशेष लेखापरीक्षणबाट विगत पाँच वर्ष (२०७७।७८ देखि २०८१।८२ सम्म) मा सार्वजनिक निकायहरूबाट कार्यान्वयनका क्रममा रहेकामध्ये १६० खरिद सम्झौतामा विवाद भई निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताहरूले रु.११ अर्ब ९२ करोड १८ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजारको दाबी पेश गरेकोमा मध्यस्थमार्फत रु.४ अर्ब ४४ करोड ६६ लाख र अमेरिकी डलर ६३ लाख १८ हजार भुक्तानी दिने निर्णय भएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निर्माण व्यवसायीको लापरबाहीको कारणबाट खरिद सम्झौता अन्त्य गरिएकोमा क्षतिपूर्ति लिनुपर्ने व्यवस्था भए पनि व्यवहारमा नियोक्ताले नै वित्तीय दायित्व बेहोर्नु परेको, आर्थिक वर्ष २०७८।७९ मा कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सामग्री आपूर्ति ठेक्कामा आपूर्तिकर्ताले ३० मार्च २०२० सम्म १८.२१ प्रतिशत मात्र सामान

आपूर्ति गरेकोले नियोक्ताले अमेरिकी डलर ५ लाख १६ हजार ९२२ को कार्यसम्पादन जमानत जफत गरेको तर मध्यस्थले नियोक्ताले ढुवानी सहजीकरण नगरेको उल्लेख गरी जमानत रु. ६ करोड २५ लाख र ब्याज रु. १ करोड ३१ लाखसहित फिर्ता गर्नुपर्ने र आपूर्ति भएको सामानको मूल्य रु. २७ करोड ६५ लाख थप भुक्तानी दिनुपर्ने निर्णय गरेको जस्ता बेहोरा देखिएका छन्।

खण्ड

१

सङ्घीय मन्त्रालय तथा निकाय

राष्ट्रपतिको कार्यालय

नेपालको संविधानको धारा ६१ मा राष्ट्रपतिको व्यवस्था छ। राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुने र निजले संविधान र सङ्घीय कानुनबमोजिम कार्यसम्पादन गर्ने तथा संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुने उल्लेख छ। कार्यालयमा ६८ कर्मचारीको दरबन्दी रहेको छ ।

लेखापरीक्षण – नेपालको संविधानको धारा २४१ मा राष्ट्रपति र उपराष्ट्रपतिलगायतका कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाका कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१४ करोड १९ लाख १२ हजार, राजस्वतर्फ रु.५३ हजार र धरौटीतर्फ रु.२ करोड ९ लाख ८२ हजारसमेत रु.१६ करोड २९ लाख ४७ हजारको लेखापरीक्षण गरिएको छैन।

सङ्घीय संसद सचिवालय

नेपालको संविधानको धारा ८३ मा दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका रहने व्यवस्था छ। राज्य सञ्चालनका क्रममा आवश्यकताअनुसार पेस भएका विधेयकहरू उपर सदनमा छलफल गरी कानुन निर्माण गर्नु सङ्घीय संसदको मुख्य कार्य हो। संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ।

१. **सङ्घीय संसद सचिवालय -** सचिवालयको निम्नानुसार रू.१ अर्ब ३८ करोड ९६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३८२२	२१	५३	-	१३८९६

२. **बजेट र खर्च** -सङ्घीय संसद सचिवालयको यो वर्षको बजेट विनियोजन तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	१५७१२	१५७१२	१३१५९	८३.७५
पुँजीगत	९३४	९३४	६६३	७०.९८
जम्मा	**१६६४६**	**१६६४६**	**१३८२२**	**८३.०३**

उल्लिखित विवरणअनुसार यो वर्ष चालुतर्फ ८३.७५ र पुँजीगततर्फ ७०.९८ प्रतिशत खर्च भएको छ।

३. **विधेयक दर्ता तथा पारित** - सङ्घीय संसद प्रतिनिधि सभा, २०७९ को पाँचौं (२०८१।१०।१८-२०८१।१२।१९) तथा राष्ट्रिय सभाको सोह्रौं, सत्रौं तथा अठारौं अधिवेशन (२०८१।१।२८-२०८२।५।३१) सञ्चालन भएको देखिन्छ। उक्त अवधिमा प्रतिनिधि सभातर्फ १२ र राष्ट्रिय सभातर्फ ४ समेत १६ विधेयक दर्ता भएकोमा ५ विधेयक सङ्घीय संसदको दुवै सभाबाट पारित भई ४ विधेयक समितिमा विचाराधीन रहेका र ३ विधेयक प्रतिनिधि सभामा प्रस्तुत भएका छन्। सभाको पहिलो, दोस्रो, तेस्रो र चौथो अधिवेशनमार्फत प्राप्त सरकारी र गैरसरकारीसमेत १३ विधेयकमध्ये ८ विधेयक सम्बन्धित समितिमा विचाराधीन रहेका छन्।

यसै गरी प्रतिनिधि सभाको छैटौं अधिवेशन अवधिमा १० सरकारी विधेयक दर्ता भएकोमा ३ विधेयक संघीय संसदको दुवै सदनबाट पारित भएका छन्। प्रतिनिधि सभाबाट २ विधेयक पारित गरी राष्ट्रिय सभामा पठाइएको र ५ विधेयक समितिमा विचाराधीन अवस्थामा रहेका छन्। प्रतिनिधि सभाको अघिल्ला अधिवेशनहरूमार्फत प्राप्त १८ सरकारी र २ गैरसरकारी विधेयकमध्ये ४ विधेयक सङ्घीय संसदबाट पारित भएका छन्। सम्माननीय राष्ट्रपतिबाट सन्देशसहित फिर्ता भएको १ र राष्ट्रिय सभाबाट २ विधेयक माथि प्राप्त सन्देश सभामा टेबुल भएको छ। साथै १० विधेयक सम्बन्धित समितिमा

विचाराधीन रहेका र २ गैरसरकारी विधेयक दर्ता भएका छन्। राष्ट्रिय सभामा उत्पत्ति भएको एक विधेयक प्रतिनिधि सभाको समितिमा तथा अघिल्ला अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त ७ विधेयकमध्ये ५ विधेयक सम्बन्धित समितिमा विचाराधीन अवस्थामा रहेका छन् ।

४. **बैठक सञ्चालन -** सचिवालयबाट प्राप्त विवरणमा सङ्घीय संसद प्रतिनिधि सभाको पहिलो अधिवेशन २०७९ देखि छैटौं अधिवेशनसम्म अधिवेशन अवधि ५७४ दिनमा २६० पटक बैठक बसेको उल्लेख छ। त्यसै गरी सङ्घीय संसद राष्ट्रिय सभाको अठारौं अधिवेशनसम्म अधिवेशन अवधि ४४५ दिनमा ५०४ पटक बैठक बसेको देखिन्छ। प्रतिनिधि सभाको ९६३ घण्टा ५१ मिनेट र राष्ट्रिय सभाको ८३६ घण्टा २८ मिनेट बैठक सञ्चालन भएको छ।

५. **महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा छलफल -** प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा सम्पादित काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिनसक्ने व्यवस्था छ । महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष २०८१।२।१३ मा पेश भएकोमा २०८१।१०।२७ मा प्रतिनिधि सभामा पेस भएको र ६२ औं वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष २०८२।१।३१ मा पेस भई २०८२।३।२३ मा प्रतिनिधिसभामा पेस भए तापनि छलफल हुन बाँकी रहेको छ। सचिवालयबाट प्राप्त विवरणअनुसार महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन उपर छलफलको लागि २०८१।४।१ मा ९ उपसमिति गठन भई २५ बैठकमा छलफल भएको छ। महालेखापरीक्षकको ४७ औंदेखि ६० औं प्रतिवेदनसम्मको छलफल तथा निर्णयको अध्ययन गर्दा अन्य ३९ निकायको प्रतिवेदन पूर्ण रूपमा छलफल गरी प्रतिवेदन तयार गरेको छैन। अर्थ मन्त्रालयको ४९ औं प्रतिवेदनको २ बुँदा, ५० औं प्रतिवेदनको १ बुँदा, ५१ औं प्रतिवेदनको १ बुँदा, र ५२ औं प्रतिवेदनको ४ बुँदा उपर मात्र छलफल भएको एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ५६ औं प्रतिवेदनको बुँदा नं. २२ देखि ४४ सम्म छलफल भएको, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको ५५ औं प्रतिवेदनको बुँदा नं. ६ सम्म, ५८ औं प्रतिवेदनको बुँदा नं.१६ सम्म छलफल भएको, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ५८ औं प्रतिवेदनको बुँदा नं.१२ सम्म छलफल भएको एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ५७ औं प्रतिवेदनको दफा नं. ९५-११८, १२७-१३३ र १४८-१५३ सम्मको छलफल बाँकी रहेको देखिन्छ।

६. **मापदण्ड तर्जुमा -** सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा ५ मा आफ्नो कार्यकालमा पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भएबमोजिम कर्मचारी सुविधा पाउने व्यवस्था छ। अनुसूचीमा विभिन्न पदाधिकारी तथा सदस्यहरूको सचिवालयमा रहने कर्मचारीको दर्जा र सङ्ख्या उल्लेख भए तापनि कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रक्रियाबारे उल्लेख छैन। यो वर्ष निजी सचिवालयका अधिकृतस्तरका ३०७ र सहायकस्तरका ११७ समेत ४२४ कर्मचारीको पारिश्रमिकमा रु.२० करोड ९२ लाख खर्च भएको छ।

७. **समितिको निर्णय एवं प्रतिवेदनको कार्यान्वयन -** प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८९ मा बैठकमा पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्ने व्यवस्था

छ। सङ्घीय संसदमा समितिहरूले विभिन्न मितिमा बैठक बसी गरेका निर्णय एवं ती निर्णयहरू समावेश गरी सभामा पेस गरेका वार्षिक प्रतिवेदनहरुको कार्यान्वयन अवस्थाको अनुगमन एवं मूल्याङ्कन गरिनुपर्दछ। संसदीय समितिहरूले सरकारलाई दिएका अधिकांश निर्देशनहरू कार्यान्वयनमा नआएको बेहोरा संसदीय समितिका वार्षिक प्रतिवेदनहरुमा उल्लेख छ।

८. **औषधी उपचार** - यो वर्ष पदाधिकारीहरूको औषधी उपचार खर्च शीर्षकमा रु.३३ लाख १२ हजार र औषधी खरिदमा रु.३२ लाख ९८ हजारसमेत रु.६६ लाख १० हजार खर्च भएको देखिन्छ। सोअन्तर्गत गत वर्षको बिल संलग्न गरी ३६ माननीय सदस्यहरूलाई औषधी उपचारबापत शोधभर्ना दिएको रु.१० लाख ४२ हजारसमेत समावेश छ।

- **बेरुजु रकमको विवरण -** सङ्घीय संसद सचिवालयको यो वर्ष रू.१४ लाख ८९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख ५० हजार फर्स्यौट गरेकोले रु.११ लाख ३९ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ। नेपालको संविधानमा तीन तहको अदालत हुने व्यवस्थाअनुरूप सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, अन्य अदालतसमेत १०६ निकायमा ४६८ न्यायाधीशसहित विभिन्न सेवा, समूह र श्रेणीमा ६ हजार ९४० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय-** सर्वोच्च अदालत र मातहतका समेत १०० निकायको निम्नानुसार रु. २५ अर्ब १४ करोड ९४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६८९०८	२३५९६	१५८५४३	४४७	२५१४९४

२. **सङ्गठित संस्था -** यो वर्ष राष्ट्रिय न्यायिक प्रतिष्ठानको रु.१८ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ मा सर्वोच्च अदालतलगायतका कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सर्वोच्च अदालत मातहतका ५ अदालतको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाका कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.४१ करोड ५९ लाख ५५ हजार, राजस्वतर्फ रु.१८ करोड ७० लाख ३९ हजार, धरौटीतर्फ रु.१ अर्ब ४६ करोड ९५ लाख ८५ हजार र अन्य करोबारतर्फ रु.१ करोड १२ लाख ५३ हजारसमेत रु.२ अर्ब ८ करोड ३८ लाख ३२ हजारको लेखापरीक्षण गरिएको छैन ।

४. **बजेट र खर्च** – सर्वोच्च अदालत र मातहत कार्यालयको लागि यस वर्षको बजेट विनियोजन तथा खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	बजेट	खर्च	प्रतिशत
चालु	६१२४३	५६४४५	९२.१७
पुँजीगत	२३२०८	१४६६१	६३.१७
जम्मा	**८४४५१**	**७११०६**	**८४.२**

उल्लिखित विवरणअनुसार समग्र बजेटको तुलनामा चालुतर्फ ९२.१७ प्रतिशत र पुँजीगततर्फ ६३.१७ प्रतिशत खर्च भएको देखिन्छ।

५. **रणनीतिक योजना कार्यान्वयन -** न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (२०८१-२०८६) मा छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, सुशासनको प्रवर्धन तथा जनआस्था अभिवृद्धि, सूचना प्रविधिको संस्थागत विकास र प्रभावकारी उपयोग र मानव संसाधन विकास तथा भौतिक पूर्वाधारको सुदृढीकरण समेतका ५ लक्ष्य, २९ रणनीतिक उद्देश्य र २४१ क्रियाकलाप निर्धारण गरिएकोमा १४७ (६१ प्रतिशत) कार्यसम्पादन भएको छ ।

६. **मुद्दा तथा फैसला -** रणनीतिक योजनामा उच्च र जिल्ला अदालतहरूले जिम्मेवारी सारेका सबै मुद्दा/निवेदन तथा पुनरावेदनहरू चालु आर्थिक वर्षमा फस्यौंट गर्ने, सरल मार्गमा रहने मुद्दा/निवेदन तथा पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र, सामान्य मार्गमा रहने मुद्दा/निवेदन तथा पुनरावेदन दर्ता भएको १२ महिनाभित्र र विशेष मार्गमा रहने मुद्दा दर्ता भएको मितिले १८ महिनाभित्र फस्यौंट गर्ने उल्लेख छ। त्यसै गरी सर्वोच्च अदालतले रणनीतिक योजना कार्यान्वयनको सुरु वर्ष २०८१।८२ मा २ वर्ष नाघेका सबै रिट निवेदन र ३ महिना नाघेका सबै सुरु मुद्दा तथा पुनरावेदन फस्यौंट गर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार अदालत तथा न्यायाधीकरणहरूमा जिम्मेवारी सरेका मुद्दा तथा निवेदन १ लाख ७१ हजार ६८९ र यो वर्ष दर्ता भएका ३ लाख ६५ हजार ५५६ समेत ५ लाख ३७ हजार २४५ मुद्दामध्ये ३ लाख ५२ हजार ४९७ (६६ प्रतिशत) फस्यौंट भई १ लाख ८४ हजार ७४८ फस्यौंट गर्न बाँकी रहेको देखिन्छ।

सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार फस्यौंट गर्न बाँकी मुद्दामध्ये १ वर्षभित्रका १ लाख ४३ हजार ८७६, एक वर्षदेखि १८ महिनाभित्रका १८ हजार ८८०, १८ महिनादेखि २ वर्षभित्रका ८ हजार ८५४ र २ वर्ष नाघेका १३ हजार १३८ रहेका छन्। सर्वोच्च अदालतबाट फस्यौंट हुन बाँकी २४ हजार ५९२ मुद्दामध्ये १ वर्षभित्रका ९ हजार ८९९, १ देखि २ वर्षभित्रका ५ हजार ४८८, २ देखि ५ वर्षभित्रका ७ हजार ९१९ र ५ वर्षभन्दा बढी अवधिका १ हजार २८६ रहेका छन्।

७. **फैसला कार्यान्वयनको स्थिति -** न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यअनुरुप फौजदारी मुद्दामा अन्तिम कायम भएको कैद, जरिबाना र सरकारी बिगोमध्ये प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत बराबर असुल गर्ने उल्लेख छ। सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार सबै जिल्ला अदालतमा दण्ड जरिबाना रु.४६ अर्ब ५४ करोड ८४ लाख ३३ हजारको लगत रहेकोमा २०८१।८२ मा रु.१४ अर्ब ६६ करोड ५० लाख ९४ हजार (३१.५१ प्रतिशत) असुल फस्यौंट भई रु.३१ अर्ब ८८ करोड ३३ लाख ३९ हजार लगत बाँकी रहेको छ। कैदतर्फ १ लाख २१ हजार १०३ वर्ष ११ महिना १० दिनको लगत बाँकी रहेको देखिन्छ।

त्यसै गरी रणनीतिक योजनाले देवानी मुद्दाका फैसला कार्यान्वयनसम्बन्धी निवेदन लगत पक्षहरू अदालतमा हाजिर भएको मितिले ६ महिनाभित्र र फौजदारी मुद्दामा अन्तिम कायम भएको निजी बिगो र क्षतिपूर्ति निवेदन परेको मितिले ६ महिनाभित्र फस्यौंट गर्ने उल्लेख भएकोमा फैसला कार्यान्वयनसम्बन्धी ७० हजार ८६ निवेदनको लगत रहेकोमा ३५ हजार ९०० (५१.२२ प्रतिशत) फस्यौंट भई ३४ हजार १८६ को लगत बाँकी रहेको देखिन्छ।

८. **मेलमिलाप -** सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७८ मा अदालत समक्ष दायर भएको मुद्दाका पक्षहरूले सो मुद्दा मेलमिलाप प्रक्रियाबाट समाधान गर्न चाहेमा रजिष्ट्रारसमक्ष निवेदन दिन सक्ने

व्यवस्था छ। सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार मेलमिलाप हुनसक्ने मुद्दाको संख्या सर्वोच्च अदालतमा ४ हजार २००, उच्च अदालतहरूमा २४ हजार ६२९ र जिल्ला अदालतहरूमा १ लाख ६३ हजार ७४७ समेत १ लाख ९२ हजार ५७६ रहेको छ। मेलमिलापतर्फ गत वर्षबाट जिम्मेवारी सरेका मुद्दा १३ हजार ७७२ र यो वर्ष दर्ता भएका मुद्दा २१ हजार १५८ समेत ३४ हजार ९३० मुद्दाको लगत रहेकोमध्ये ३ हजार ८६ मुद्दा मेलमिलाप सफल भएको, १४ हजार ९९८ असफल भएको १६ हजार ८४६ मुद्दा मेलमिलाप केन्द्रमा चालु रहेको देखिन्छ। उल्लिखित अवस्थाले यो वर्षको मेलमिलाप सफलता ८.८३ प्रतिशत रहेको देखिन्छ।

९. **भवन निर्माण -** सर्वोच्च अदालतको भवन निर्माणको लागि मूल्य अभिवृद्धि करसमेत रु.५ अर्ब ८७ करोड ६ लाख कबोल गर्ने एक संयुक्त उपक्रमसँग २०८०।१२।१८ भित्र कार्यसम्पन्न गर्ने गरी २०७७।१२।१९ मा खरिद सम्झौता भएको छ। यो वर्ष १९ औँ रनिङ बिलसम्म मूल्य समायोजन समेत रु.४ अर्ब ६३ करोड ६६ लाख ३९ हजार भुक्तानी भएको छ ।

सम्झौताबमोजिम निर्माण व्यवसायीले ३ वर्षभित्र काम सम्पन्न गर्नुपर्नेमा कोभिड-१९ महामारी, क्रसर उद्योग बन्द, ड्रइङ डिजाइन संशोधनलगायतका कारण उल्लेख गरी दोस्रो पटक नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी २०८३।१।१८ सम्मको लागि म्याद थप गरेको छ। यो वर्षसम्म ८८ प्रतिशत भौतिक तथा ६९ प्रतिशत वित्तीय प्रगति भएको छ। निर्धारित समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष अदालत र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सर्वोच्च अदालत र मातहतसमेतका ७९ कार्यालयको यो वर्ष रु.५ करोड १४ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ३९ हजार सम्परीक्षण भएकोले रु.५ करोड १३ लाख ३५ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.५७ लाख ५८ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - अन्य संस्थातर्फ १ निकायमा रु.२४ लाख २२ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१३ लाख २५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य चार आयुक्तको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसै गरी धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान, तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने कार्य आयोगबाट हुँदै आएको छ। आयोग र मातहतका ८ कार्यालयसमेतमा निजामती, प्रहरी र अन्य सेवाका गरी ९९० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेत ९ निकायको निम्नानुसार रु.१ अर्ब २९ करोड ५६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२३१३	१२८	५१४	१	१२९५६

२. **उजुरी व्यवस्थापन —** आयोगको ३५ औं वार्षिक प्रतिवेदनअनुसार गत वर्षको जिम्मेवारी ८ हजार ४७२ र यो वर्ष दर्ता भएका २८ हजार ५५४ समेत ३७ हजार २६ उजुरी दर्ता भएकोमा विस्तृत अनुसन्धानमा गएको ९२७, तामेलीमा राखेको १७ हजार १३०, सुझाउसहित तामेलीमा राखेको ५८६ र अन्य कारबाहीमा पठाएको ११ हजार ६० समेत २९ हजार ७०३ उजुरी फर्स्यौट भई ७ हजार ३२३ फर्स्यौट हुन बाँकी रहेको देखिन्छ। विस्तृत अनुसन्धान भएका ९२७ उजुरीमध्ये विशेष अदालतमा १३७ वटा मुद्दा दायर भई ७५३ जनाबाट रु. ६ अर्ब १ करोड ८४ लाख ७२ हजार ६९२ मागदाबी भएको छ। कुल उजुरीमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तहसमेत) अन्तर्गतका उजुरी १४ हजार १५६ अर्थात् ३८.२३ प्रतिशत रहेको छ। विशेष अदालतबाट फैसला भएका २५१ मुद्दामा आयोगले २०८१।८२ मा सर्वोच्च अदालतमा पुनरावेदन गरेको देखिन्छ।

३. **रणनीतिक योजना -** आयोगको चौथो संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को कार्यान्वयन स्थिति सम्बन्धमा आयोगले गरेको समीक्षाबाट अनुसन्धान, तहकिकात, अभियोजन तथा अभिलेख व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाउने, आयोगबाट गरिने स्टिङ अपरेसन, सरजमिन/मुचुल्का, प्राविधिक प्रतिवेदन, पोलिग्राफ परीक्षणजस्ता विषयमा थप व्यवस्था गर्ने, अनुगमन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने, कर्मचारीको स्थायित्वद्वारा संस्थागत स्मरण सुनिश्चित गर्न तथा अनुसन्धानसम्बन्धी विशिष्टीकृत दक्षतायुक्त कर्मचारीहरूको निरन्तरताका लागि उपयुक्त जनशक्ति व्यवस्थापन प्रणाली निर्माण गर्न आवश्यक देखिएको लगायतका विषय उल्लेख गरेको छ ।

आयोगले यो वर्ष पाँचौं रणनीतिक योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा ल्याएको छ। योजनामा भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्यले उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत

क्षमता विकाससमेत गरी चार रणनीति समावेश गरेको छ। उक्त रणनीतिको कार्यान्वयनका लागि २० कार्यनीति, ७५ क्रियाकलाप र ३९ परिमाणात्मक लक्ष्य निर्धारण भएको छ। तिनीहरूको स्पष्ट कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा एवं जोखिम न्यूनीकरणका उपायसमेत समावेश भएको छ। रणनीतिक योजनामा उल्लिखित कार्यक्रमहरु प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

४. **सुझाउ कार्यान्वयन -** नेपालको संविधानको धारा २९४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था छ। आयोगले ३४ औं वार्षिक प्रतिवेदनमार्फत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको शासकीय संरचना सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन, योजना तर्जुमा र बजेट विनियोजन, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, सदाचार र नैतिक आचरण प्रवर्धन, सूचना प्रविधिको उपयोग, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण, मानव पुँजी व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोगलगायतका विषयहरूमा सुझाउ दिएको छ।

महालेखापरीक्षकको कार्यालय

नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको व्यवस्था छ। महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई सबै सङ्घीय, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने अधिकार दिएको छ। कार्यालयले संवैधानिक र कानुनी व्यवस्थाअनुसार लेखापरीक्षण ऐन तथा प्रचलित अन्य ऐन कानुन, लेखापरीक्षणसम्बन्धी मानदण्ड र निर्देशिकाहरू जारी गरी लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्दै आएको छ। कार्यालयमा ६३९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालयको यो वर्ष निम्नानुसार रू. ६५ करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
६४७०	११	६३	-	६५४४

२. **लेखापरीक्षण -** सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०८०।८१ र बक्यौतासमेत ५ हजार ७५९ कार्यालय तथा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा २०८१।८२ मा लेखापरीक्षण भएको छ। कार्यालयले तयार गरेको सूचकको आधारमा बढी जोखिमयुक्त कार्यालय वा निकायहरूको विस्तृत रूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोष प्रणालीबाट प्राप्त सूचनाका आधारमा दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरेको छ। लेखापरीक्षणका प्रक्रियालाई विद्युतीय माध्यममा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत २०७७।७८ देखि लेखापरीक्षण व्यवस्थापन गर्दै आएको छ। त्यसै गरी नेपाल सरकारका पूर्ण स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षणमा व्यावसायिक लेखापरीक्षकलाईसमेत सहभागी गराउनुका साथै अधिकांश स्वामित्व भएका सङ्गठित संस्थामा लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गर्दै आएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त ११ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरेको छ।

गत वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको देखिन्छ। लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरुजुका अतिरिक्त रु.९१ अर्ब ६० करोड लगती बेरुजु देखिएको छ। सोमध्ये ३ हजार ९३ सङ्घीय सरकारी कार्यालयको रु.३१ खर्ब ६ अर्ब १६ करोड लेखापरीक्षणबाट रु.४७ अर्ब ७४ करोड अर्थात् १.५४ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ १ हजार १६५ कार्यालयको रु.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षणबाट रु.४ अर्ब २० करोड अर्थात् १.३६ प्रतिशत र स्थानीय तहतर्फ २०८०।८१ को ७५३ र बक्यौता ८ समेत ७६१ को

रु.११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट रु.२५ अर्ब ३२ करोड अर्थात् २.२६ प्रतिशत बेरुजु देखिएको छ। यसै गरी समिति र अन्य संस्थातर्फ ६९५ निकायको रु.५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकोमा रु.१४ अर्ब ३३ करोड बेरुजु कायम भएको छ।त्यसै गरी ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको छ ।

३. **लेखापरीक्षणको प्रभाव -** यो वर्ष को लेखापरीक्षणको क्रममा रू.१ अर्ब ३ करोड ७२ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.१ अर्ब ३ करोड ५४ लाख तथा विगतको बेरुजु सम्परीक्षणको क्रममा रु.१२ अर्व ११ करोड ४४ लाखसमेत गरी बजेटरी निकायतर्फ रु.१४ अर्ब १८ करोड ७० लाख र गैरबजेटरी निकायतर्फ रू.२९ करोड ७० लाखसमेत रु.१४ अर्ब ४८ करोड ४० लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ।

४. **सम्परीक्षण -** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फस्यौंट गरी स्थलगत रूपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको कार्य टुङ्गो लगाउने नीति कार्यालयले लिएको छ। तद्अनुरूप महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन अवधिमा सङ्घीय मन्त्रालय तथा मातहत निकायहरू, प्रदेश मन्त्रालय तथा मातहत निकायहरू, स्थानीय तह तथा अन्य समिति तथा संस्थाहरूले रू.२८ अर्ब २९ करोड ४० लाख सम्परीक्षण गराएका छन्।

५. **लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग -** महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षण कार्यको व्यवस्थापन गर्दै आएको छ। उक्त प्रणालीमा लेखापरीक्षण योजना,कार्यान्वयन, प्रारम्भिक प्रतिवेदन जारी तथा सोको प्रतिक्रिया तथा जवाफ, सम्परीक्षणलगायत लेखापरीक्षणका सबै चरणका कार्यहरू आबद्ध गरिएको छ। उक्त प्रणालीमा वित्तीय लेखापरीक्षणका सबै चरणका कार्यहरू समावेश भए तापनि सङ्गठित संस्थाको लेखापरीक्षण तथा कार्यमूलक लेखापरीक्षण कार्य यस प्रणालीबाट कार्यान्वयन गर्न बाँकी रहेको छ।

उक्त प्रणालीलाई निरन्तर, निर्वाध र सरल रूपमा सञ्चालन गर्न दक्ष प्राविधिक जनशक्तिको अभाव र सूचना प्रविधिसम्बन्धी दरबन्दीअनुसारको जनशक्ति समयमै पदपूर्ति नहुँदा प्रणाली सञ्चालनमा कठिनाइ भएको छ। सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा प्राप्त सूचना तथा विवरणहरूलाई सुरक्षित र गोपनीयता कायम गरी साइबर, प्राकृतिक तथा विद्युतीय प्रकोप एवं जोखिमबाट सुरक्षित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने देखिन्छ।

६. **लेखापरीक्षण गुणस्तर व्यवस्थापन -** कार्यालयले २०७९ श्रावणदेखि लेखापरीक्षणको गुणस्तर सुधार गरी यसको प्रभाव अभिवृद्धि गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनबाट जारी सर्वोच्च लेखापरीक्षण संस्थाको लागि गुणस्तर व्यवस्थापनसम्बन्धी मापदण्डलाई आत्मसात गरी नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ जारी गरेको छ। कार्यालयले सोही मानदण्डमा आधारित रही गुणस्तर आश्वस्तता पुनरावलोकन हेन्डबुक, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसै गरी वित्तीय, परिपालना तथा कार्यमूलक लेखापरीक्षणसम्बन्धी मार्गदर्शन तथा अन्य विभिन्न निर्देशिकाहरू जारी भएका छन्। वार्षिक लेखापरीक्षण योजना २०८०।८१ बमोजिम सबै सरकारी कार्यालयको लेखापरीक्षण प्रतिवेदन

जारी गर्नुपूर्व नाम्समार्फत नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरिएको र गुणस्तर आश्वस्तता निर्देशनालयबाट ४ निकाय/कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकन सम्पन्न भएका वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ५६ र कार्यमूलक लेखापरीक्षणतर्फ ३ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन पश्चात्को गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरू सम्बोधन हुने गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीलाई समायोजन गरिएको छ।

यसै गरी लेखापरीक्षण कार्यलाई गुणस्तरीय र व्यवस्थित बनाउन हरेक वर्ष लेखापरीक्षण प्रारम्भ गर्नु पूर्व वार्षिक लेखापरीक्षण योजना, निकायगत र कार्यालयगत लेखापरीक्षण योजना तथा कार्यतालिका तर्जुमा गरी स्थलगत लेखापरीक्षण हुने गरेको छ। कार्यालयले लेखापरीक्षणको क्रममा माथिल्लो तहबाट लेखापरीक्षण कार्यको निरन्तर अनुगमन तथा सुपरिवेक्षण, प्रतिवेदन जारी पूर्व आवश्यक पृष्ठपोषण तथा निर्देशन प्रदान गर्ने व्यवस्था मिलाएको छ।

७. **प्रतिवेदन कार्यान्वयन**- संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ। महालेखापरीक्षकबाट आफ्नो बासट्ठिऔं प्रतिवेदन २०८२।१।३१ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस भएको छ। उक्त प्रतिवेदनमा महालेखापरीक्षकबाट शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि र सुशासनलगायतका ८ क्षेत्रमा सुधारका लागि सुझाउहरू प्रस्तुत भएको देखिन्छ। उक्त सुझाउहरू कार्यान्वयन गर्नुपर्दछ।

८. **रणनीतिक योजना** - महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना (२०२१-२०२५) मा लेखापरीक्षण गर्ने संगठनात्मक क्षमताको विकास गर्ने र वाह्य सरोकारवालाहरूसँगको पेसागत सम्बन्ध अभिवृद्धि तथा प्रभावमा सुधार गर्ने, स्वतन्त्रता तथा अख्तियारी सुदृढ बनाउने, आन्तरिक सुशासन अभिवृद्धि लगायतका पाँच मुख्य रणनीतिक लक्ष्यअन्तर्गत विभिन्न रणनीतिक उद्देश्य र २०१ क्रियाकलाप निर्धारण गरिएको छ। योजनामा उल्लिखित २०१ क्रियाकलापमध्ये ३१ क्रियाकलाप पूर्णरूपमा कार्यान्वयन भएको, ८६ क्रियाकलाप आंशिक रूपमा कार्यान्वयन भएको, १४ क्रियाकलाप कार्यान्वयन प्रक्रियामा रहेको र ७० क्रियाकलाप कार्यान्वयन हुन बाँकी रहेको उल्लेख छ।

कार्यालयले यो वर्षदेखि लागु गरेको रणनीतिक योजना (२०८२।८३-२०८६।८७) मा स्वतन्त्रता र कानुनी अख्तियारी अभिवृद्धि गर्ने, संगठनात्मक संरचना सदृढ बनाउने र आन्तरिक सुशासनमा सुधार गर्ने, लेखापरीक्षणमा प्रविधिको लाभ उपयोग गर्ने, कर्मचारीहरुको पेसागत सक्षमता अभिवृद्धि गर्ने, लेखापरीक्षण पद्धति सबल बनाउने र अद्यावधिक गर्ने प्रणालीको स्थापना गर्ने, सरोकारवालासँगको समन्वय र सहकार्य सुदृढ बनाउने लगायतका लक्ष्यअन्तर्गत १९ उद्देश्य निर्धारण गरिएको छ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ। आयोगका अध्यक्ष र अन्य चार सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसै गरी धारा २४३ मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख छ। लोक सेवा आयोग ऐन, २०७९ मा आयोगले सङ्घीय निजामती सेवा, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवाको पदमा उम्मेदवार छनोट गर्ने व्यवस्था छ। आयोग र मातहत १६ निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत १५ निकायको निम्नानुसार रू.१ अर्ब २४ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९३६५	२४५४	२६	५६७	१२४१२

२. **लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ मा सबै संवैधानिक निकायलगायतका कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लोक सेवा आयोग, दाङ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१ करोड ४७ लाख ८५ हजार र राजस्वतर्फ रु.१ लाख ९७ हजारसमेत रु.१ करोड ४९ लाख ८२ हजारको लेखापरीक्षण गरिएको छैन ।

३. **बजेट र खर्च** - लोक सेवा आयोग र मातहतका कार्यालयका लागि यस वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
पुँजीगत	२५५	२५५	२११	८२.७५
चालु	९४०९	९४०९	९०३०	९५.९७
जम्मा	**९६६४**	**९६६४**	**९२४१**	९५.६२

समग्र बजेटको तुलनामा ९५.६२ प्रतिशत खर्च भएको देखिन्छ। चालुतर्फ मुख्यतः तलब भत्ता, परीक्षा सञ्चालन खर्च र पुँजीगततर्फ फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टरलगायतका खरिद कार्यमा खर्च भएको छ।

४. **कार्य सम्पादन** - आयोगबाट प्राप्त विवरणअनुसार केन्द्रीय कार्यालय र मातहतका कार्यालयबाट यो वर्ष खुला ९५०, समावेशी ८४९,बढुवा १ हजार ५० र आन्तरिक ३३२ समेत ३ हजार १८१ पदका लागि १ हजार ५१३ विज्ञापन तथा बढुवासम्बन्धी सूचना प्रकाशन भएको देखिन्छ। सो बमोजिम माग भएका पदहरूमा खुला प्रतियोगितातर्फ २ लाख ५४ हजार ३५७, समावेशी प्रतियोगिताहरूतर्फ १ लाख

९४ हजार ७४३ तथा आन्तरिक प्रतियोगितातर्फ १० हजार ७३४, समेत कुल ४ लाख ५९ हजार ८३४ दरखास्त परेको देखिन्छ। सङ्घीय निजामती सेवातर्फ नायब सुब्बा वा सो सरहको २६५ पदको लागि भएको विज्ञापनमा १ लाख ६५ हजार ५०४ दरखास्त प्राप्त भएको छ।

यो वर्ष एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत प्रथम चरणको परीक्षामा १ लाख ३७ हजार ३३३ जना परीक्षार्थी सम्मिलित भएका छन। प्रथम चरणबाट उत्तीर्ण भएकासमेत लिखित परीक्षामा १७ हजार ७३५ महिला र ३५ हजार ८८६ पुरुषसमेत ५३ हजार ६२१ उम्मेदवार सम्मिलित भएकोमा ९०२ महिला र १ हजार ६९० पुरुषसमेत २ हजार ५९२ (गत वर्ष विज्ञापन भई यस वर्ष सिफारिस भएका समेत) उम्मेदवारहरू स्थायी नियुक्तिको सिफारिस आयोगले गरेको देखिन्छ।

आयोगले ४ सुरक्षा निकाय, १०४ सङ्गठित संस्था र २ विश्वविद्यालयको पदपूर्ति प्रक्रियामा प्रतिनिधित्व गरेकोमा यो वर्ष ४ सुरक्षा निकायको १२ हजार ३९७ र ४० सङ्गठित संस्थाका ५ हजार ९५ पदमा पदपूर्ति गर्न सहमति प्रदान गरेको छ। आयोगले ४ सुरक्षा निकायका ४६ विज्ञापनको लागि लिखित परीक्षाबाट ७ हजार ५७ जना अन्तर्वार्ताको लागि छनोट गरी सिफारिस गरेको छ। सङ्गठित संस्थातर्फ ६६७ विज्ञापनअन्तर्गत १ लाख १६ हजार २२९ आवेदक लिखित परीक्षामा सम्मिलित भएकोमा १४ हजार ६१३ मा अन्तरवार्ताको लागि छनोट सिफारीस गरेको छ। त्यसै गरी विश्वविद्यालयतर्फ १२३ विज्ञापनमा लिखित परीक्षाबाट २९१ परीक्षार्थीलाई अन्तर्वार्ताका लागि सिफारिस गरेको छ। सङ्गठित संस्थाको पदपूर्ति प्रक्रियामा आयोगबाट रु.२० करोड १५ लाख १२ हजार खर्च भएको छ।

५. **परीक्षा स्थगन -** आयोगको वार्षिक कार्यतालिकामा समावेश भएका वरिष्ठ टेक्सटाइल अधिकृत, सिनियर कम्प्युटर इन्जिनियर, वरिष्ठ क्लिनिकल साइकोलोजी र वातावरण निरीक्षक पदमा पाठ्यक्रम नभएका कारण परीक्षा स्थगित भएको उल्लेख छ। त्यसै गरी राजपत्र अनङ्कित द्वितीय श्रेणी (प्राविधिक) अमिन, मेकानिक्स, सहायक कम्प्युटर अपरेटर, राजपत्राङ्कितर्फ नेफ्रोलोजी, न्युरोलोजी, कार्डियोलोजी, युरो सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जन, निओनेटोलोजी, हेमाटोलोजी उपसमूहका ३८ विज्ञापनको ४४ पदमा दरखास्त नपरेका कारण परीक्षा सञ्चालन हुन सकेको देखिएन।

- **बेरुजु रकमको विवरण -** लोक सेवा आयोग मातहत १ कार्यालयको यो वर्ष रु.१५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फस्यौंट नगरेकोले बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति,उप-राष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलगायतका काम, कर्तव्य र अधिकार आयोगलाई तोकिएको छ। आयोग र मातहतका समेत ११६ कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** निर्वाचन आयोग र मातहतसमेत ११६ निकायको निम्नानुसार रु.६८ करोड १ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
५८८३	३५	८८०	३	६८०१

२. **रणनीतिक योजना कार्यान्वयन -** निर्वाचन आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०८१।८२ -२०८५।८६) मा कुनै मतदाताको स्थायी ठेगानाभन्दा बाहेक हाल बसोबास गरिरहेको ठेगानामा मतदाता नामावली कायम रहेमा निजको परिवारको सदस्यले सोही ठेगानामा मतदाता नामावली दर्ता कायम गर्ने आवश्यक व्यवस्था मिलाउने र स्थानीय तहमार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि २०८१।८२ सम्म तर्जुमा गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको देखिएन। रणनीतिक योजनाका लक्ष्य, कार्यनीति र क्रियाकलापबिच तादात्म्यता कायम गरी निर्धारित क्रियाकलाप कार्यान्वयन गर्नुपर्दछ।

३. **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(४) मा जिन्सी निरीक्षणको प्रतिवेदन प्राप्त भएपछि मर्मत सम्भार गर्नुपर्ने मालसामान ३ महिनाभित्र र लिलाम बिक्री गर्नुपर्ने सामान १ महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया सुरु गर्नुपर्ने उल्लेख छ। आयोगमा रहेका जिरोक्स ब्राण्डका प्रिन्टरहरूको स्थलगत प्राविधिक जाँचबुझ प्रतिवेदन, २०८२ ले नियमित सञ्चालन, आवधिक मर्मत सम्भार, नियन्त्रित वातावरण तथा नियमित रूपमा सफ्टवेयर प्रणाली अद्यावधिक गर्न व्यावसायिक कोटीका र उच्च प्रविधियुक्त प्रिन्टरहरू आर्द्रता तथा तापक्रम नियन्त्रण नगरिएको वातावरणमा लामो समयसम्म नचलाई र निष्क्रिय रूपमा रहेका कारणबाट ती उपकरणहरू सम्भावित सर्ट सर्किट भएका इलेक्ट्रोनिक तथा विद्युतीय प्रणाली र म्याद गुज्रिएका प्रणाली सफ्टवेयर जस्ता बहुआयामिक समस्याहरू रहेको हुँदा मेसिनहरूलाई हालकै अवस्थामा सञ्चालन गर्न सम्भव छैन भन्ने राय दिएको छ। प्रतिवेदनले औंल्याएका बेहोराको आधारमा जिन्सी सामानको उचित व्यवस्थापन गर्नुपर्दछ ।

४. **छपाइ मेसिन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। तेस्रो रणनीतिक योजनामा आयोगका छपाइ मेसिन तथा औजारहरूको संरक्षण, मर्मत सम्भार गरी अधिकतम उपयोगको व्यवस्था मिलाउने उल्लेख छ। आयोगमा २०७४।८।२२ मा मतदाता परिचय पत्र छपाइका लागि खरिद गरेको रु.१०

करोड ५५ लाख ४० हजारको हाइ स्पिड कलर प्रिन्टर १ थान र रु.११ करोड २८ लाखको छाङ्ग स्पिङ्ग डिजिटल मोनोक्रम २ थान खरिद गरेकोमा प्रयोगमा नल्याएको बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याएकोमा स्थिति यथावत् छ ।

५. **मतदाता नामावली अद्यावधिक** - मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम १९ मा नाम हटाउन वा सार्न सूचना दिन सक्ने व्यवस्था छ। नयाँ मतदाता सङ्कलनको कार्य निरन्तर भइरहे तापनि मृत्यु भएका, बसाँई सरेका वा विवाह भई अन्यत्र गएका मतदाताको नामावली अद्यावधिक गर्ने कार्य हुन सकेको देखिएन।

मतदाता नामावली अद्यावधिक नहुँदा मतदाताको संख्या यथार्थपरक नहुने, मतदान सामग्री खरिद एवं मतदानको व्यवस्थापन गर्न असर पर्ने अवस्था रहन्छ। नेपाल सरकारले प्रयोग गरिरहेका घटना दर्ता, राष्ट्रिय परिचयपत्रको लागि प्रयोग भएका सफ्टवेयरहरूसँग तादात्म्यता मिलाई मतदाता नामावली अद्यावधिक गर्ने कार्यलाई स्वचालित बनाइनुपर्दछ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष निर्वाचन आयोग र मातहतसमेत ४९ निकायमा रु.१ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र चार जना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। संविधानको धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ। आयोग र मातहतका १० कार्यालयमा ३०९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेतका १० निकायको निम्नानुसार रु.२६ करोड २१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
२५४७	५	२	६७	२६२१

२. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा अन्य सहायता विवरण पुस्तिका २०८१।८२ अनुसार आयोगलाई संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा रणनीतिक योजना सहयोग परियोजनामा सन् २०२४ मा अमेरिकी डलर २ लाख बराबरको प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा सो सहायता रकम एकीकृत वित्तीय विवरणमा समावेश भएको छैन।

३. **साङ्गठनिक संरचना -** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २७ मा आयोगको सङ्गठन संरचना र दरबन्दी स्वीकृति आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था छ। मुलुक सङ्घीय संरचनामा प्रवेश गर्नु अगाडि आयोगअन्तर्गत केन्द्रीय कार्यालय १, क्षेत्रीय ५ र उपक्षेत्रीय ३ समेत ९ कार्यालय रहेकोमा हाल केन्द्रीय कार्यालय १, प्रदेश कार्यालय ७, प्रदेश शाखा कार्यालय २ समेत १० कार्यालय सञ्चालनमा रहेका छन्।

४. **उजुरी** - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन सम्बन्धमा प्राप्त उजुरी वा जानकारी वा आफै स्वविवेकमा कारबाही सुरु गरेको सम्बन्धमा ६ महिनाभित्र मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन भए/नभएको आयोगले निर्णय गर्नुपर्ने व्यवस्था छ। आयोगको वार्षिक प्रतिवेदन, २०८२ अनुसार गत वर्षसम्मको जिम्मेवारी सरी आएको २ हजार ६९४, यस वर्षको १०८ समेत २ हजार ८०२ उजुरीमध्ये यो वर्ष २०१ फस्यौंट भई २ हजार ६०१ बाँकी रहेको देखिन्छ ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष राष्ट्रिय मानव अधिकार आयोग मातहत १ निकायमा रु.११ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संविधानबमोजिम आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण र ससर्त अनुदान, आन्तरिक ऋणको सीमा सिफारिस तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने गर्दछ। आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.७ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७३८	१	२	-	७४१

२. **वित्तीय हस्तान्तरण** - नेपालको संविधानको धारा ६० को उपधारा (३) ले प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने व्यवस्था छ । त्यस्तै,राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा आयोगले नेपाल सरकारलाई प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा सुझाउ दिने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय हस्तान्तरणको एकीकृत विवरणअनुसार २०८०।८१ र २०८१।८२ मा सङ्घीय बजेटबाट प्रदेश र स्थानीय तहलाई गरिएको अन्तरसरकारी वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छः

(रु.अर्बमा)

अनुदान शीर्षक	आर्थिक वर्ष २०८०।८१			आर्थिक वर्ष २०८१।८२		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
समानीकरण	४३.४७	८१.२२	१२४.६९	५५.०५	८०.७४	१३५.७९
ससर्त	२३.५२	१७१.३०	१९४.८२	१५.५५	१८१.३८	१९६.९३
समपूरक	५.४७	४.८५	१०.३२	३.५४	४.४८	८.०२
विशेष	३.५२	६.००	९.५२	२.५८	५.९८	८.५६
जम्मा अनुदान	७५.९८	२६३.३७	३३९.३५	७६.७२	२७२.५८	३४९.३०

उल्लिखित तालिकाअनुसार २०८०।८१ मा रु.३ खर्ब ३९ अर्ब ३५ करोड र २०८१।८२ मा रु.३ खर्ब ४९ अर्ब ३० करोड वित्तीय हस्तान्तरण भएको छ। वित्तीय समानीकरण अनुदान बाहेकका अन्य अनुदानको परिमाण तय गर्ने सम्बन्धमा कानुनबाट आयोगलाई भूमिका उपलब्ध नगराइएकोले संवैधानिक प्रावधानबमोजिम विद्यमान कानुन र कार्यप्रणालीमा आवश्यक संशोधन गरी आयोगको भूमिका थप स्पष्ट गर्नुपर्ने देखिन्छ ।

३. **वित्तीय समानीकरण अनुदान** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ को दफा १६ मा आयोगले वित्तीय समानीकरण अनुदानको सम्बन्धमा मानव विकास सूचकाङ्क, प्रदेश र स्थानीय तहको

विकासको अवस्था, आर्थिक सामाजिक विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था, जनतालाई पुऱ्याउनुपर्ने सेवा, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई आधारको रूपमा लिई नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानलाई न्यूनतम, सूत्रमा आधारित र कार्य सम्पादनमा आधारित विधि तर्जुमा भएको र सो अनुरूप गणना गरी आयोगले २०८१।८२ मा आगामी आर्थिक वर्ष (२०८२।८३) का लागि सात प्रदेशलाई रु.६० अर्ब ६६ करोड र ७५३ स्थानीय तहहरूलाई रु.८८ अर्ब ९६ करोड ८० लाखसमेत रु.१ खर्ब ४९ अर्ब ६२ करोड ८० लाख अनुदान सिफारिस गरेको देखिन्छ। स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम रु.६ करोड ५० लाख (कार्य सम्पादन अनुदान बाहेक) मा नघट्ने गरी सिफारिस गरेको देखिएको छ। वित्तीय अन्तर विश्लेषण नगरी सूत्रको आधारमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा लिइएका ५ सूचकमध्ये खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार दिई अनुदान सिफारिस गरेको देखिन्छ। वित्तीय समानीकरण अनुदान वितरण गर्ने प्रयोजनका लागि आयोगले नेपाल सरकारसँग समन्वय गरी प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमताको पहिचानको मापदण्डलाई वस्तुगत बनाउनुपर्दछ।

४. **समानीकरण र ससर्त अनुदान -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६(२) मा नेपाल सरकारले प्रदेश तथा स्थानीयतहलाई र प्रदेशले स्थानीयतहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने ससर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१(१) को विषयहरूलाई आधार लिनुपर्ने उल्लेख छ। सङ्घीय सरकारको कुल बजेटमा स्थानीय सरकारमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण २०८०।८१ मा रु.३ खर्ब ७३ अर्ब ६३ करोड रहेकोमा २०८१।८२ मा रु.३ खर्ब ८२ अर्ब ७७ करोड स्थानीय तहमा वित्तीय समानीकरण र ससर्त अनुदान हस्तान्तरणको लागि विनियोजन गरेको छ। नेपाल सरकारबाट प्रदेश र प्रदेशबाट स्थानीयतहमा हुने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बढाउँदै लानुपर्दछ ।

५. **आन्तरिक ऋण -** नेपालको संविधानको धारा २५१ (१) (च) अनुसार समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने संवैधानिक जिम्मेवारी आयोगलाई तोकेको छ। आयोगले २०८१।८२ का लागि नेपाल सरकारलाई अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी र प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्मको कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्ने सिफारिस गरेको छ। यो वर्ष नेपाल सरकारले रु.३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा रु.३ खर्ब २९ अर्ब ९९ करोड ७ लाख परिचालन गरेको देखिन्छ। जुन सो आर्थिक वर्षको प्रारम्भिक कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) को ५.४० प्रतिशत हुन आउँछ। यस बर्षको वार्षिक बजेटमा कोशी र गण्डकी प्रदेश सरकारले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखे तापनि परिचालन गरेको देखिएन। साथै १६ स्थानीय सरकारले नगर विकास कोषबाट रु.३७ करोड १९ लाख ३६ हजार आन्तरिक ऋण परिचालन गरेको देखिन्छ। आन्तरिक ऋण परिचालन गर्दा स्थानीय तहहरूले वित्तीय अनुशासनलाई पूर्ण रूपमा पालना गर्नुपर्ने देखिन्छ।

६. **प्राकृतिक स्रोतको बाँडफाँट -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ मा आयोगले प्राकृतिक स्रोतको परिचालनमा सङ्घ, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तय गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने र दफा १५ मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने व्यवस्था छ। उक्त प्रावधानअनुरूप आयोगले २०८१।८२ का लागि विद्युत, खानी, पर्वतारोहण र वन क्षेत्रको रोयल्टीको प्रदेश र स्थानीय तहबिच बाँडफाँटको आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको देखिन्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ अनुसूची-४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको अनुपात आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गर्नसक्ने प्रावधानबमोजिम आयोगले २०८१ फागुनमा नेपाल सरकारलाई सिफारिस गरेको देखिन्छ।

राष्ट्रिय महिला आयोग

नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संवैधानिक व्यवस्था बमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरूमा महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्ने र सोको कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्नुका साथै महिलाको समानुपातिक सहभागिता, सशक्तीकरण लगायतका विषय सुनिश्चित गर्न सिफारिस गर्ने उल्लेख छ। आयोगमा ३९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय –** आयोगको निम्नानुसार रु.५ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५८८	०	५	-	५९३

२. **रणनीतिक योजना–** आयोगले नेपालको संविधानको धारा २५३ र राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ ले दिएको जिम्मेवारी व्यवस्थित रूपमा पूरा गर्न रणनैतिक योजना तयार गरेको छ। तेस्रो रणनीतिक योजनामा (२०७८।७९-२०८२।८३) मा महिला हक हितसम्बन्धी ९ रणनीति, ७ कार्ययोजना र ११० कार्यनीति तथा क्रियाकलाप समावेश छन्। आयोगले यो वर्ष १९ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएकोमा ५ कार्यक्रम कार्यान्वयन नै नभएको, १ आंशिक कार्यान्वयन भएको र १३ पूर्ण रूपमा कार्यान्वयन भएको उल्लेख छ। उक्त योजनामा महिला सरोकारका विभिन्न क्षेत्रको पहिचान गरी प्रत्येक क्षेत्रका लागि आयोगको अवधारणा/नीतिपत्र तयार गर्ने, अदालतमा मुद्दा दायर भएका घरेलु तथा लैङ्गिक हिंसापीडित महिलाको न्यायमा पहुँच बढाउनका लागि सबै न्यायालयहरूमा महिलामैत्री द्रुत न्याय प्रणाली (फास्ट ट्याक कोर्ट), विशेष तथा निरन्तर सुनुवाइको व्यवस्था गर्न पहल गर्ने, आयोगमा सम्बन्धित विषयका विज्ञ जनशक्तिको व्यवस्था गर्नेलगायतका क्रियाकलाप रहेकोले सोको कार्यान्वयन गर्नुपर्दछ।

३. **उजुरी तथा कारबाही –** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ बमोजिम महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सुरक्षा निकाय वा स्थानीय प्रशासनमा सिफारिस गर्ने उल्लेख छ। आयोगले प्रयोगमा ल्याएको उजुरी व्यबस्थापन प्रणालीमा यस वर्षसम्म कुल ९ हजार ६८३ उजुरी दर्ता भएकोमा २ हजार ८७३ (२९.६७ प्रतिशत) फस्यौंट भई ६ हजार ८१० उजुरी (७०.३३ प्रतिशत) फस्यौंट हुन बाँकी रहेको देखिन्छ। यो वर्ष कुल १ हजार २०२ उजुरी दर्ता भएकोमा घरेलु हिंसासम्बन्धी उजुरी ३९८ वटा रहेका छन्। दर्ता भएका उजुरीमध्ये ३६५ (३०.३७ प्रतिशत) फस्यौंट भई ८३७ उजुरी (६९.६३ प्रतिशत) फस्यौंट हुन बाँकी रहेको छ। महिला विरुद्ध हुने हिंसाका घटनासम्बन्धी उजुरी छानबिन गरी किनारा लगाउन कार्यविधिको तर्जुमा गरी उजुरी फस्यौंट गर्नुपर्दछ ।

- **बेरुजु रकमको विवरण –** आयोगको यो वर्ष रु.४ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फस्यौंट गरेको छ। यससम्बन्धी विवरण अनुसूची-१५मा छ ।

राष्ट्रिय दलित आयोग

नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। दलित समुदायको अधिकारको सम्मान तथा हक हितको संरक्षण र संवर्धन तथा सो समुदायको सशक्तीकरण गर्ने तथा जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा समाहित गर्ने लगायतका जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ६३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३६३	-	-	-	३६३

२. **उजुरी -** राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ८ मा कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव वा छुवाछुत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगवाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने उल्लेख छ। यो वर्ष दलित अधिकार हनन्का ३, जातीय छुवाछुत तथा भेदभाव गालीगलौज र कुटपिटका ३६, अन्तरजातीय प्रेम विवाहका ९, हत्याका ५ र विविध प्रकृतिका ९ समेत ६४ उजुरी दर्ता भएकोमा प्राप्त उजुरी कारबाहीको लागि सम्बन्धित निकायमा पत्राचार गरेको देखिन्छ । जातीय छुवाछुत तथा भेदभावसम्बन्धी घटनाहरूको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

३. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २५६ तथा राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ। आयोगले दलित थर सूचीकृत गर्न नेपाल सरकारसमक्ष स्वीकृतिका लागि सिफारिस गरेको छ। आयोगको वार्षिक प्रतिवेदनमा दलित अधिकार सम्बन्धी कानुनहरू तर्जुमा नभएको, लक्षित वर्गको पहिचान गरी उनीहरूलाई प्राथमिकताको आधारमा अवसरमा पहुँच पुऱ्याउन नसकेको, लक्षित वर्गको खण्डीकृत तथ्याङ्कको सङ्कलन नगरिनु, आयोगहरूको जिम्मेवारी तथा लक्षित समूहमा दोहोरोपना रहेको लगायतका विषय उल्लेख रहेको छ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष आयोगको रु.१० लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फस्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय समावेशी आयोग

नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र आर्थिक रूपले विपन्न कर्णाली तथा पिछडिएको क्षेत्र वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३५४	-	-	-	३५४

२. **कार्य सम्पादन** - राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृतलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि आयोगलाई ११ क्षेत्रगत विषयमा कार्यक्षेत्र तोकेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफललगायतका कार्यक्रम सञ्चालन गरेको छ।

आयोगले आर्थिक रूपले विपन्न वर्ग, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदायको पहिचानको स्पष्ट आधार र मापदण्ड निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने, उक्त समुदायका वास्तविक समस्या पहिचान गर्न अनुसन्धान केन्द्रित कार्यक्रम सञ्चालन गर्ने, समस्या समाधानका प्राथमिकता तोक्ने, स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी आयोगको कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

३. **सिफारिस कार्यान्वयन -** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ खण्ड(ग) मा आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको अनुगमन गर्ने वा गराउने उल्लेख छ। आयोगले यस वर्ष श्रमिक, राज्य संरचनामा किसानको प्रतिनिधित्व, अपाङ्गगता भएका व्यक्ति, अल्पसङ्ख्यक जातजातिहरु, उच्च शिक्षामा समावेशीकरण, पिछडिएको क्षेत्र पहिचान, ज्येष्ठ नागरिक सम्बन्धमा अध्ययन र अनुसन्धान स्थलगत भ्रमण तथा अवलोकन, छलफल तथा अन्तरक्रिया आदिका माध्यमबाट ७ विषयमा सरकारलाई सिफारिस गरेको छ।

आदिवासी जनजाति आयोग

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने उल्लेख छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ मा आयोगलाई आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्नेलगायतका जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३७८	१	-	-	३७९

२. **कार्य सम्पादन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन, हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। आयोगले आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधार, समुदायको हक हितको संरक्षण, संवर्धन तथा सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्थाको कार्यान्वयनको विषयमा अध्ययन अनुसन्धान गरी थर सूचीकृत, आदिवासी जनजातिको उदगम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्न, आदिवासी जनजाति समुदायको बर्गिकरण भएकोमा त्यसको परिमार्जन हुन नसकेको, आदिवासी मानिने मानक तयार नभएको, आर्थिक र सामाजिक हिसाबले परिवार र व्यक्तिको अध्ययन हुन नसकेको लगायतको बेहोरा वार्षिक प्रतिवेदनमा औँल्याएको छ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई सुम्पिएको जिम्मेवारी तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई तोकेका जिम्मेवारीहरू एक आपसमा दोहोरिएको अवस्था छ। आदिवासी जनजाति समुदायको परिचय, पहिचान र परिभाषाको सन्दर्भमा एकरूपता कायम गर्न आवश्यक कानुन परिमार्जन गरी आयोगको प्रभावकारिता अभिवृद्धि गरिनुपर्दछ।

३. **सिफारिस कार्यान्वयन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (च) मा आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको अनुगमन गर्ने वा गराउने उल्लेख छ। आयोगको वार्षिक प्रतिवेदन अनुसार २०७७।७८ देखि २०८१।८२ सम्म आयोगले नेपाल सरकार प्रदेश सरकार तथा अन्य निकायलाई विभिन्न विषयमा ७७ सिफारिस गरेको देखिन्छ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष आयोगको लेखापरीक्षणबाट रु.५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२७ हजार फस्यौंट गरेकोले रु.२७ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

मधेशी आयोग

नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने उल्लेख छ। मधेसी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगलाई मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नेलगायतका जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु. ४ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४१०	-	-	-	४१०

२. **कार्य सम्पादन** - मधेशी आयोग ऐन, २०७४ ले यस आयोगलाई मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत १६ कार्यक्षेत्र तोकेको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफललगायतका कार्यक्रम सञ्चालन गरेको छ। मधेशी समुदायका वास्तविक समस्या पहिचान गर्न अनुसन्धान केन्द्रित कार्यक्रम सञ्चालन गर्नुपर्ने, समस्या समाधानका प्राथमिकता तोक्ने, स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वयमार्फत कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयन -** मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगले यो वर्ष तराई मधेशमा सामाजिक विभेद, लैङ्गिक हिंसा, खानेपानी समस्या, सामाजिक कुरीतिका रूपमा रहेका महिला हिंसा, घरेलु हिंसा, बालविवाहलगायतका समस्या समाधान एवं तराई मधेशमा रहेका पुरातात्त्विक महत्त्वका मठ मन्दिरलाई उचित संरक्षण र विकास सम्बन्धमा विभिन्न ३८ विषयमा सुझाउ सिफारिस गरेको छ।

थारु आयोग

नेपालको संविधानको धारा २६३ मा थारु आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। थारु आयोग ऐन, २०७४ को दफा ७ मा आयोगलाई थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा समुदायको सशक्तीकरण गर्नेलगायतका जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड ८८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३८८	-	-	-	३८८

२. **कार्य सम्पादन -** थारु आयोग ऐन, २०७४ को दफा ७ मा थारु समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकिएको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत यस वर्ष सम्पादन गरेका क्रियाकलापहरुमा थारु समुदायको खाद्य परिकार सम्बन्धी अध्ययन कार्य, थारु समुदायको बलिदानीको इतिहाससम्बन्धी अध्ययन कार्यक्रम, सिकलसेल एनिमिया र बिटा थालेसेमियासम्बन्धी अध्ययन कार्यक्रम, थारु समुदायको चाडपर्व तथा रीतिरिवाजसम्बन्धी अध्ययन कार्यक्रम, मुक्त कमैया तथा कम्लहरीको अवस्था अध्ययनसम्बन्धी कार्यक्रम, लोक सेवा आयोग तयारी कक्षा सञ्चालन कार्यक्रम, थारु समुदायको समावेशिताको अध्ययन, प्रदेश तथा स्थानीय तहहरूसँग छलफल कार्यक्रम सम्पादन गरेको छ। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्ने, सम्पादित कामकाजको डिजिटाइजेसन गर्नुपर्ने, थारु समुदायको परम्परागत सीप विकाससम्बन्धी नीतिगत सिफारिस गर्नुपर्ने, रणनीतिक योजना तर्जुमा एवं अध्ययन, अनुसन्धानसम्बन्धी कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

३. **अनुगमन -** थारु आयोग ऐन,२०७४ को दफा ७(थ) अनुसार थारु समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने उल्लेख छ। नेपाल सरकारले सञ्चालन गरेको यससम्बन्धी कार्यक्रम र थारु हक अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी आवश्यक निर्देशिका तर्जुमा गरी समीक्षा, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्दछ ।

मुस्लिम आयोग

नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ मा आयोगलाई मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नेलगायतका संवैधानिक जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.२ करोड ८९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८८	-	१	-	२८९

२. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २६४ (४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। मुस्लिम आयोग ऐन, २०७४ ले यस आयोगलाई मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १८ कार्य क्षेत्र तोकेको छ। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा सम्पादन गर्न साधन, स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्ने, आयोगले विगतदेखिको अनुगमन प्रतिवेदन तथा सिफारिसहरूको डिजिटाइजेसन गर्नुपर्ने, रणनीतिक योजना तयार गरी लागु गर्नुपर्ने, मुस्लिम समुदायको विकासका लागि अध्ययन अनुसन्धान कार्यलाई प्राथमिकता दिनुपर्ने लगायतका कार्य गरी आयोगको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

३. **अध्ययन अनुसन्धान -** मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ (त) मा मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरावस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने लगायतको प्रावधान उल्लेख छ। यो वर्ष आयोगले हज व्यवस्थापनमा देखिएका समस्याहरूको दीर्घकालीन समाधानका उपायहरूसम्बन्धी अध्ययन, मधेस प्रदेश र लुम्बिनी प्रदेशका समुदायहरूबिचको आन्तरिक द्वन्द व्यबस्थापनसम्बन्धी अध्ययन गर्ने कार्यक्रम रहेकोमा उक्त कार्य हुन सकेको छैन। आर्थिक रूपले विपन्न मुस्लिम समुदायको जीवनस्तर र अन्य सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाका सम्बन्धमा अध्ययन अनुसन्धान गरी प्राप्त निष्कर्षअनुरूप सोको कार्यान्वयनको लागि सिफारिस गर्नेलगायतको कार्य गर्नुपर्दछ।

४. **वार्षिक प्रतिवेदन -** मुस्लिम आयोग ऐन, २०७४ को दफा २२ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने, त्यसै गरी उपदफा २ मा वार्षिक प्रतिवेदनमा अन्य विषयको अतिरिक्त आयोगको वार्षिक कार्यक्रम कार्यान्वयनको विवरण तथा लागत खर्च, आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सिफारिस तथा सुझावको विवरण र दफा २(ग) खण्ड (ख) बमोजिमको सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था, समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। आयोगले विगतमा नेपाल सरकार वा अन्य

कुनै निकायलाई दिएको सिफारिस तथा सुझावको कार्यान्वयन अवस्थाको मूल्याङ्कन तथा अनुगमन गरी सोको प्रतिवेदन गरेको पाइएन। ऐनले तोकेबमोजिमको विषय समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

- **बेरुजु रकमको विवरण –** आयोगको यो बर्ष रु.४ लाख ४४ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने व्यवस्था छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ९७ कार्यालयमा १ हजार ५८८ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ९० निकायको निम्नानुसार रु.१ अर्ब ३ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१००८१	४	१९८	१००	१०३८३

२. **लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ मा महान्यायाधिवक्ताको कार्यालयलगायत सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। महान्यायाधिवक्ताको कार्यालय मातहत ७ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१३ करोड ९४ लाख, धरौटीतर्फ रु.१४ लाख ८६ हजार र अन्य कारोबारतर्फ रु.१६ लाख ६० हजारसमेत रु.१४ करोड २५ लाख ४६ हजारको लेखापरीक्षण गरिएको छैन ।

३. **रिट र मुद्दा -** महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त विवरणअनुसार महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयले गत वर्ष सरकारवादी एवं प्रतिरक्षाका लागि दायर भई बाँकी रहेका ६३ हजार ६६० मुद्दामध्ये विभिन्न अदालतको क्षेत्राधिकारमा हस्तान्तरण भई जिम्मेवारी सरेका ६ हजार १३२ घटाई बाँकी रहेको ५७ हजार ५२८ र यस वर्षको नयाँ ७१ हजार ५२८ मुद्दा तथा रिट निवेदन र अन्य निवेदनसमेत कुल लगत १ लाख २९ हजार ५६ रहेकोमा ७६ हजार ८१२ (५९.५२ प्रतिशत) फर्स्यौट भई ५२ हजार २४४ (४०.४८ प्रतिशत) मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ।

४. **रणनीतिक योजना कार्यान्वयन -** कार्यालयबाट जारी तेस्रो रणनीतिक योजना (२०७८।७९-२०८२।८३) मा अनुसन्धान तथा अभियोजन परीक्षणलाई प्रभावकारी बनाउने, अपराध पीडित र साक्षीको संरक्षण गर्ने, स्वच्छ सुनुवाइका आधारभूत मान्यताको प्रभावकारी कार्यान्वयन गर्ने, जनशक्तिको क्षमता विकास गर्ने, मुद्दाको सुनुवाइ र रिटको प्रतिरक्षालाई प्रभावकारी बनाउने, साक्षी, प्रमाणको प्रस्तुति र परीक्षण प्रभावकारी रूपमा गर्ने, मापदण्डका आधारमा पुनरावेदन तथा निवेदन गर्ने, सरकारी वकिलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र संवर्धन गर्ने, सरकारी वकिलको काम कारबाहीलाई उत्तरदायी बनाउने, मानव संशाधनको व्यवस्थापन र विकास गर्ने, अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने, संगठनात्मक संरचना पुनरावलोकन गर्ने, सरकारी वकिल कार्यालयको सुरक्षा व्यवस्था गर्ने, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनेलगायतका क्रियाकलापहरू रहेका छन्। रणनीतिक योजना

बमोजिम वार्षिक बजेट तथा कार्यक्रमको तादात्म्यता कायम गरी निर्धारित क्रियाकलाप कार्यान्वयन हुनुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ७२ निकायको रु.७६ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४४ लाख ५६ हजार सम्परीक्षण भएकोले रु.३१ लाख ६० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१६ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली,२०७४ बमोजिम यस कार्यालयको कार्यक्षेत्रमा मन्त्रालयहरूको गठन, विघटन तथा सङ्गठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रीपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन,विधेयक,अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, सङ्घीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन्।प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र मातहत कार्यालय तथा अन्य संस्थासमेत १२० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मातहत ११४ निकायको निम्नानुसार रु.७ अर्ब ५१ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२७०६६	८२२	४६७५२	५०५	७५१४५

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र मातहतसमेतका ४ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.४० करोड ७४ लाख ३९ हजार, राजस्वतर्फ रु.२ करोड ४९ लाख ८६ हजार, धरौटीतर्फ रु.३२ करोड ५५ लाख ९६ हजार र अन्य कारोबारतर्फ रु.२ अर्ब १२ करोड ४५ लाख ९३ हजारसमेत रु.२ अर्ब ८८ करोड २६ लाख १४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य संस्था -** यो वर्ष नीति अनुसन्धान प्रतिष्ठान र नेपाल ट्रष्टको कार्यालयको रु.३९ करोड ७७ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

राष्ट्रिय सतर्कता केन्द्र

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रणका लागि सहयोग गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गरी निरोधात्मक र प्रवर्धनात्मक कार्यहरू सम्पादन गर्नका लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी २०५९।४।२७ मा यस केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ। केन्द्रको विनियोजनतर्फ रु.११ करोड ९४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **उजुरी दर्ता र फस्यौंट -** केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाहरूबाट सम्पादन हुने कार्यमा अनियमितता भएको लिखित तथा मौखिक रूपमा प्राप्त उजुरी, सञ्चार माध्यममा प्रकाशित समाचार, लेख, केन्द्रले गरेको निरीक्षण, सुराकी तथा विशेष निगरानीमार्फत सङ्कलित उजुरी छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण गराउने र सुझाउ तथा निर्देशन दिने कार्य गर्दै आएको छ। केन्द्रमा गत वर्षबाट जिम्मेवारी सरेका ६०६ तथा यस वर्ष दर्ता भएका १ हजार ३३० समेत १ हजार ९३६ मध्ये १ हजार ४५२ (७५ प्रतिशत) उजुरी फस्यौंट भएको देखिन्छ। बाँकी रहेका ४८४ उजुरी फस्यौंट गर्नुपर्दछ।

५. **प्राविधिक परीक्षण -** राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद ६ मा प्राविधिक परीक्षणसम्बन्धी व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रमबमोजिम राष्ट्रिय गौरवका २ र अन्य आयोजना १० समेत १२ आयोजनाको प्राविधिक परीक्षण कार्यमा रु.१४ लाख ६० हजार खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

५.१. आयोजनाहरूको प्राविधिक परीक्षण गर्न जियो टेक्निकल, स्ट्रक्चरल, आर्किटेक्चरल, वातावरणीय लगायतका विज्ञ जनशक्तिको आवश्यकता पर्दछ। पुल, टनेल, सिँचाइ आयोजनालगायतका जटिल प्रकृतिको आयोजनाको प्राविधिक परीक्षण गर्न विशेष ज्ञान तथा अनुभव प्राप्त तथा फरक फरक विधाको जनशक्ति आवश्यक पर्नेमा केन्द्रले प्राविधिक परीक्षक छनोट गर्दा गत विगतमा प्राविधिक परीक्षण गरेको अनुभवलाई मात्र आधार लिएको देखिन्छ। प्राविधिकको मापदण्ड तथा योग्यता निर्धारण गरी सोको आधारमा प्राविधिक परीक्षण गर्नुपर्दछ।

५.२. केन्द्रले सार्वजनिक निर्माणको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशाला सञ्चालन गरिरहेको छ ।ठेक्का लागेर सार्वजनिक निर्माण अगाडि बढेका देशभरका कुनै पनि स्थानमा भइरहेका कार्यको प्राविधिक गुणस्तरका बारेमा उजुरी परेको खण्डमा प्राविधिक गुणस्तर परीक्षण गर्ने, प्राविधिक निर्माण गुणस्तरको छड्के जाँच परीक्षण गर्ने, निर्माण सामग्री डण्डी, सिमेन्ट, रोडा, गिट्टी, ढुङ्गा, इँटा, बालुवा, ह्युमपाइप, जीआईपाइप, फिटिङस्लगायतका सामग्रीको तोकिएको गुणस्तर मापन गर्नसक्ने देखिन्छ। केन्द्रले उजुरी तथा गुनासो आएको अवस्थामा मात्र परीक्षण गर्ने गरेको छ। उजुरीको आधारमा मात्र परीक्षण नगरी विकास निर्माणमा प्रयोग हुने सामग्रीहरूको उत्पत्ति स्थानको सामग्रीको गुणस्तरको परीक्षण गर्ने र सो प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्नेलगायतका क्रियाकलाप गरी सार्वजनिक निर्माणको गुणस्तरमा अभिवृद्धि गर्नुपर्दछ ।

६. **प्रतिवेदन कार्यान्वयन -** केन्द्रले २०६१।६२ देखि २०८१।८२ सम्म १ हजार १४० आयोजनाको प्राविधिक परीक्षण गरेकोमा उक्त प्राविधिक परीक्षणले औंल्याएका बेहोरा सम्बोधन भए नभएको सम्बन्धमा २०७५।७६ देखिको मात्र विवरण अद्यावधिक राखेको छ। विगत ४ वर्षमा २३५ निकाय/आयोजनाको प्राविधिक परीक्षण भएकोमा १६२ निकायले केन्द्रले दिएको सुझाउ परिपालना नगरेको र ४० (२४.६९ प्रतिशत) ले सुझाउ ग्रहण नै नगरेको केन्द्रको प्रतिवेदनमा उल्लेख छ। केन्द्रले प्राविधिक परीक्षण गरी दिएका सुझाउको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ बमोजिम प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयअन्तर्गत रहने गरी २०६४ मा यस कार्यालयको स्थापना भएको हो। कार्यालयको विनियोजनतर्फ रु.६ करोड ८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

७. **कार्य सम्पादन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ ले सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारको उल्लेख गरेको छ । ऐन नियममा तोकिएका कार्यहरूमध्ये खरिद विज्ञ प्रमाणीकरण गर्ने, केन्द्रीय डाटा बैङ्कको स्थापना गरी खरिद सम्झौता कार्यान्वयनसम्वन्धी कार्य सम्पादनको अभिलेख राख्ने, खरिद कार्यमा संलग्न पदाधिकारी, निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता र सार्वजनिक पदाधिकारीलाई जवाफदेही बनाउने गरी खरिद आचारसंहिता तर्जुमा गर्नेलगायतका कार्यहरू भएको देखिएन। कार्यालयले तोकिएका जिम्मेवारी पूरा हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

८. **कानुन परिमार्जन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(क) मा यस कार्यालयको जिम्मेवारीअन्तर्गत खरिदसम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्नेसमेत रहेको छ। कार्यालयको वार्षिक प्रतिवेदनअनुसार सार्वजनिक खरिदसम्बन्धी राष्ट्रिय नीति तर्जुमा हुन नसकेको, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका विषयलाई सार्वजनिक खरिद ऐनले समेट्न नसकेको, सार्वजनिक खरिद कानुनमा राष्ट्रिय प्राथमिकताप्राप्त तथा राष्ट्रिय गौरवका आयोजना, राष्ट्रको समृद्धिमा योगदान गर्न सक्ने ठुला प्रकृतिका आर्थिक तथा सामाजिक पूर्वाधारको विकासका लागि छुट्टै प्रारूपहरू समावेश हुन नसकेको, नागरिकलाई तत्काल उपलब्ध गराउनुपर्ने आधारभूत सार्वजनिक सेवासँग सम्बन्धित सानातिना खरिदमा र ठुला तथा जटिल आयोजनाबिचको खरिदमा प्रक्रियागत फरकपन नभएको, सरकारी उत्पादन एवं सम्पत्ति बिक्री र विस्थापनलाई समेटन नसकेको, आपूर्तिकर्ता, परामर्शदाता र सार्वजनिक पदाधिकारी तीनवटै पक्षलाई जिम्मेवार र जवाफदेही बनाउन समान रूपमा लागु हुने गरी खरिद आचारसंहिता तयार गरी लागु गर्न नसकिएको बेहोरा उल्लेख छ। उक्त विषयहरू सम्बोधन हुने गरी कानुनी व्यवस्था गर्न र आवश्यक परिमार्जनको लागि कार्यालय तथा अन्तरसम्बन्धित निकायबिच समन्वय गरी खरिद व्यवहार तथा सार्वजनिक खरिद व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

९. **सरकारी खरिद सेवा कार्यालय -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४५(क) मा नेपाल सरकारले आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा सहयोग गर्न केन्द्रीयस्तरमा एक सरकारी खरिद सेवा कार्यालयको स्थापना गर्न सक्ने व्यवस्था रहेको र सोही नियमको उपनियम (४) मा सरकारी खरिद सेवा सञ्चालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै खरिद निर्देशिका जारी गर्नुपर्ने उल्लेख छ। उक्त व्यवस्थाहरू कार्यान्वयनमा आएका छैनन्। सरकारका तहअनुसार खरिद कार्यविधि, स्पेसिफिकेसन तयारी, पूर्वयोग्यता निर्धारण, बोलपत्रसम्बन्धी कागजात तयारी, योग्यताका आधार तयारीमा एकरूपता ल्याउन उक्त व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१०. **विद्युतीय खरिद प्रणाली -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ तथा नियमावली, २०६४ को नियम १४६ मा कार्यालयले विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने उल्लेख

छ। सोबमोजिम कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका,२०८० कार्यान्वयनमा ल्याएको छ। यस वर्षसम्ममा विद्युतीय खरिद प्रणालीमा दर्ता भएका सार्वजनिक निकाय, बोलपत्रदाता तथा बोलपत्रसम्बन्धी सूचनाहरूको विवरण निम्नानुसार रहेको छः

क्र.सं.	विवरण	२०८१।८२ को सङ्ख्या	यस वर्षसम्मको सङ्ख्या
१	बोलपत्रदाता	४९०५	४७५६८
२	सार्वजनिक निकाय	३५३	५२२५
३	जम्मा बोलपत्र	३४९००	१७९३९७
३.१	निर्माण कार्य	२६०८५	१३१७९६
३.२	मालसामान	८४९७	४५११७
३.३	परामर्श सेवा	३१८	२४८४
४	रद्द भएको सूचना	१०८०	६४८६

उल्लिखित विवरणअनुसार २०८१।८२ मा ३४ हजार ९०० बोलपत्र आव्हान भएका मध्ये १ हजार ८० (३.०९ प्रतिशत) बोलपत्र रद्द भएको देखिन्छ। हालसम्म १ लाख ७९ हजार ३९७ मध्ये ६ हजार ४८६ (३.६१ प्रतिशत) बोलपत्र रद्द भएको देखिन्छ। विद्युतीय प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको दक्षता अभिवृद्धि तथा प्रणालीगत सुधार गर्नुपर्ने देखिन्छ। विद्युतीय खरिद प्रणालीमा यदाकदा प्राविधिक समस्या आई प्रणाली प्रयोगकर्ताहरूलाई कठिनाइसमेत हुन गई बोलपत्र सूचनाको म्याद थप गर्ने गरेको देखिन्छ। प्रयोगकर्ताहरूको सहज पहुँच तथा विना अवरोध निरन्तर सञ्चालन हुने गरी प्रणालीमा सुधार गर्नुपर्दछ।

११. **प्राविधिक समस्या -** एसियाली विकास बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रिया सम्बन्धमा विद्युतीय खरिद प्रणालीको सुरक्षा र सोको कमजोरीबारे सुरक्षा तथा जोखिम परीक्षणबाट विभिन्न विषय औंल्याई उक्त प्रणालीको प्रयोग गर्दा हुन सक्ने सम्भावित दुरुपयोग र अनियमितता रोक्न एसियाली विकास बैङ्कले सम्बन्धित कार्यालयबाट प्रणालीमा सुधार नभएसम्म उक्त बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रियामा सो प्रणालीको प्रयोगको स्थगन गरेको छ। यस सम्बन्धमा छानबिन हुनुपर्दछ।

१२. **कालोसूचीसम्बन्धी मापदण्ड** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१) मा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको लगायतका अवस्थामा कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्न सक्ने र दफा ६३(६) मा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्डअनुसार कालोसूचीबाट फुकुवा गरिने उल्लेख छ। कार्यालयले कालो सूचीबाट फुकुवासम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन। कार्यालयले यो वर्ष २०८ फर्म तथा संस्थालाई १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने गरी सार्वजनिक सूचना प्रकाशन गरेकोमा १४५ फर्मलाई कालोसूचीमा राख्ने गरी तथा १७ फर्मलाई कालोसूचीमा नराख्ने गरी निर्णय भएको र ४६ फर्म कारबाहीको प्रक्रियामा रहेको छ। कालोसूचीमा राख्ने निर्णयमा चित्त नबुझी १९ फर्म र कम्पनीहरू अदालत गएकोमा अदालतबाट अन्तरिम आदेश जारी भई कम्पनीहरूलाई कालोसूचीमा राख्ने निर्णय

यथास्थितिमा राखिएको अवस्था छ। कार्यालयले कालोसूचीमा राख्ने र फुकुवा गर्ने सम्बन्धमा मापदण्ड तयार गर्नुपर्दछ।

१३. **क्षमता विकास -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ मा सार्वजनिक निकायमा खरिदसम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने र कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी यस कार्यालयको हुने उल्लेख छ। कार्यालयले यस वर्ष २७ तालिम कार्यक्रम मार्फत ८५१ जनालाई र कार्यालय तथा अन्य विभिन्न निकायको समन्वयमा १० तालिम कार्यक्रममार्फत सार्वजनिक निकायमा कार्यरत ३१७ जनालाई सार्वजनिक खरिदमा क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरेको छ। साथै कार्यालयले यो वर्ष १७ जिल्लाका १४ स्थानीय तह र प्रदेश तथा सङ्घीय कार्यालयसमेत ३५ सार्वजनिक निकायको अनुगमन गरी तयार गरेको प्रतिवेदनमा खरिद कार्यमा संलग्न जनशक्तिमा तालिमको अभाव रहेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु.१० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्थाको पालना नभएको, खरिद एकाइ र मूल्याङ्कन समितिका कर्मचारी दोहोरिएको, कार्यालय प्रमुख नै खरिद एकाइ प्रमुख तोकिएको लगायतका बेहोरा उल्लेख छ। केन्द्रदेखि स्थानीय तहसम्मको मागअनुरूपको सङ्ख्यामा तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न कार्यालयको संस्थागत क्षमता तथा दक्ष जनशक्तिको कमी रहेको देखिँदा संस्थागत क्षमता सुदृढीकरण गर्नुपर्ने, खरिद कार्यमा संलग्न जनशक्तिको व्यावसायिक कुशलताको लागि क्षमता विकास तालिम तथा समस्या समाधानको लागि स्थायी संयन्त्रको तर्जुमा गर्नुपर्दछ।

१४. **राय परामर्श -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१) (ङ) मा सार्वजनिक खरिद ऐन वा खरिद ऐनअन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने जिम्मेवारी कार्यालयलाई तोकिएको छ। कार्यालयले यो वर्ष २२० समेत हालसम्म १ हजार ६५० राय परामर्श प्रदान गरेको छ। त्यस्ता राय परामर्श एवं निर्णयहरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालयको मुख्य उद्देश्य आवधिक विकास योजना, नीति तर्जुमा र निर्णय निर्माणमा आवश्यक तथ्याङ्क राष्ट्रिय योजना आयोग र अन्य सरकारी निकायहरूलाई उपलब्ध गराउनु रहेको छ। तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीयतहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नेपालको तथ्याङ्कीय प्रणालीको विकास र सुदृढीकरणमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख भूमिका रहेको छ। केन्द्र र मातहतसमेत १९ कार्यालयमा ४१४ कर्मचारी दरबन्दी रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहत समेत १९ निकायको विनियोजनतर्फ रु.५० करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१५. **वार्षिक लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ तथा नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन एवं प्रगति समीक्षा गरी कम प्रगति भएको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदमसमेत

उल्लेख गर्नुपर्ने व्यवस्था छ। कार्यालयको लागि यो वर्ष चालु र पुँजीगतमा रु.४५ करोड ६१ लाख ८२ हजार अन्तिम बजेट कायम भएकोमा रु.२२ करोड ९९ लाख ८२ हजार (५०.४१ प्रतिशत) खर्च भएको देखिन्छ। विभिन्न कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको स्रोततर्फबाट रु.३० करोड ८४ लाख तथा यू.एस.एड स्रोतबाट रु.८ करोड विनियोजन भएकोमा नेपाल सरकारतर्फको रु.१९ करोड ७४ लाख १९ हजार (६४ प्रतिशत) खर्च भएको र यू.एस.एड स्रोतबाट कार्यक्रम सञ्चालन नभएकोले खर्च भएको छैन। दोस्रो राष्ट्रिय आर्थिक गणनासम्बन्धी विविध क्रियाकलाप, नेपाल चौथो श्रमशक्ति सर्वेक्षण तथा तेस्रो लिङ्गी सर्वेक्षण गर्नेलगायतको कार्यक्रम कार्यान्वयन गरेको पाइएन। वार्षिक लक्ष्यअनुरूप कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

१६. **तथ्याङ्क सङ्कलन अनुमति -** राष्ट्रिय तथ्याङ्क ऐन, २०७९ को दफा १७ मा राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्न चाहने सरकारी निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको लागि कार्यालय समक्ष अनुमति लिनुपर्ने उल्लेख छ। यो वर्ष ६ सरकारी निकाय वा संस्थाले कार्यालयबाट सोसम्बन्धी अनुमति लिएको देखियो। सोमध्ये एक संस्थाले मात्र तथ्याङ्क विवरण प्रमाणित गर्नका लागि पेस गरेको छ। राष्ट्रिय मानक तथा गुणस्तर पालनाको लागि एवं तथ्याङ्कको आधिकारिकताको लागि उक्त प्रावधान लागु गर्न कार्यालयले सबै सरकारी निकाय एवं संस्थाहरूमा यससम्बन्धी सूचना सम्प्रेषण गरी ऐन, नियममा भएको व्यवस्थाको कार्यान्वयन गर्नु गराउनुपर्दछ ।

१७. **तथ्याङ्कको विद्युतीय अभिलेख -** राष्ट्रिय तथ्याङ्क नियमावली, २०८० को नियम २५ मा सरकारी निकाय, सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले सङ्कलन गरी विद्युतीय अभिलेखमा राखेको तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गरी डाटा बैङ्कका रूपमा काम गर्न एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल स्थापना गर्नुपर्ने उल्लेख छ। कार्यालयले सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्नका लागि राष्ट्रिय तथ्याङ्क पोर्टलको स्थापना गरेको छैन। कार्यालयले सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी नियममा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

राजस्व अनुसन्धान विभाग

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली,२०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी कसुरमा अनुसन्धान तहकिकात र अभियोजन गर्ने, राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न गस्ती परिचालन गर्ने, शंकास्पद कारोबारस्थलमा छापा मार्ने, मालसामान कब्जामा लिने, जफत गर्ने, लिलाम गर्ने र मुद्दा दायर गर्ने कार्यका लागि २०७४ मा यस विभागको स्थापना भएको हो। हाल यो विभाग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयअन्तर्गत रही कार्यसञ्चालन हुँदै आएको छ। विभाग र मातहतसमेत ५ निकायको विनियोजनतर्फ रु.१५ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१८. **उजुरी दर्ता तथा फर्स्यौट -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा कसैले राजस्व चुहावट गरेको छ वा गर्न लागेको छ भन्ने लिखित वा मौखिक रूपमा सूचना प्राप्त भएमा वा कुनै स्रोतबाट जानकारी प्राप्त भएमा विभागले अनुसन्धान तथा तहकिकात गर्न सक्ने व्यवस्था छ। विभागमा विगतको जिम्मेवारीसमेत राजस्व चुहावटसम्बन्धी १ हजार ९७९ र विदेशी विनिमय अपचलनका ५९७

समेत २ हजार ५७६ उजुरी प्राप्त भएकोमा प्रारम्भिक अनुसन्धानबाट ७८९, मुद्दा दायर १७२, तामेली ७०८ र विस्तृत अनुसन्धानबाट टुङ्गिएको ५१७ समेत २ हजार १८६ (८४.८६ प्रतिशत) फस्यौंट भई ३९० उजुरी फस्यौंट हुन बाँकी देखिन्छ। अनुसन्धान तथा तहकिकात क्षमता थप सुदृढ गर्नुपर्दछ।

१९. **ट्र्याकिङ्ग प्रणाली** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार-पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९९ हजार प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष विभागले ट्र्याकिङ्ग प्रणालीको प्रयोग नगर्ने १ हजार २ फर्मबाट रु.४ करोड ४४ लाख जरिबाना असुल गरेको छ। एउटै ढुवानी साधनमा भएका मालवस्तुहरू ढुवानी गर्दा गोदाम/यार्ड, प्रज्ञापनपत्र तथा ट्र्याकिङ्ग प्रणालीमा अलग अलग घोषणा गर्नुपर्ने व्यवस्थाले सेवाग्राहीको समय र लागत बढी लाग्ने गरेको देखिन्छ। आसिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबिच स्वचालित रूपमा अन्तर आबद्धता कायम गरी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२०. **राजस्व चुहावट नियन्त्रण -** अर्थतन्त्रको संरचनात्मक परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा भएको विकास र यस क्षेत्रमा भएका कारोबारका गतिविधिमा संलग्न व्यक्ति तथा समूहको चुहावटको शैली एवं तौरतरिकामा निरन्तर परिवर्तन भएको देखिन्छ। विभागले यो वर्ष राजस्व चुहावटतर्फ रु.५ अर्ब २९ करोड बिगो दाबी गरी १७३ जनालाई प्रतिवादी बनाई ५२ मुद्दा तथा विदेशी विनिमय अपचलनतर्फ रु.५ अर्ब ११ करोड बिगो दाबी गरी १८४ जनालाई प्रतिवादी बनाई १२० मुद्दा दायर गरेको छ। विभागले दायर गरेको मुद्दामा अदालतबाट भएको फैसला र सो उपरको पुनरावेदनको अवस्था अद्यावधिक नगरेकोले थप विश्लेषण गर्न सकिएन। हुण्डी तथा इलेक्ट्रोनिक, डिजिटल, भर्च्युअल करेन्सीजस्ता अभौतिक मुद्राको माध्यमबाट विदेशी मुद्राको अपचलन तथा अन्य आपराधिक क्रियाकलाप हुनसक्ने, कतिपय ई-कमर्श, अनलाइन प्लेटफर्म, सामाजिक सञ्जाललगायत विद्युतीय माध्यमबाट व्यापार व्यवसाय गर्न सञ्चालित व्यवसाय करको दायरामा नआएको विभागको वार्षिक प्रतिवेदनमा उल्लेख छ। विभागले राजस्व चुहावटका क्षेत्रहरूको पहिचान गर्न कर्मचारीहरूको क्षमता विकास एवं अन्तरनिकाय सञ्जालीकरणमार्फत चुहावट नियन्त्रणका रणनीतिहरू तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित प्रणाली अवलम्बन गर्ने एवं कानुनी तथा संस्थागत संरचनालाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप बनाई सुदृढ गर्ने एवं वास्तविक धनीसँग सम्बन्धित सूचना सङ्कलन तथा व्यवस्थापन गर्ने उद्देश्यले यस विभागको स्थापना भएको हो। विभागको विनियोजनतर्फ रु.७ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२१. **कार्यसम्पादन स्थिति** - सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्ने जिम्मेवारी यस विभागको रहेको छ। विभागमा स्थापनाकालदेखि २०८१।८२ सम्म ४ हजार १७४ उजुरी दर्ता भएकोमा १२१ मुद्दा दायर, ३ हजार १४४ तामेली, ३०८ मा प्रारम्भिक जाँचबुझ अधिकृत तोकेको

तथा ६०१ उजुरीमा अनुसन्धान भइरहेको विवरण प्राप्त भएको छ। विभागले यो वर्षसम्म रु.९३ अर्ब ६९ करोड बिगो मागदाबी गरी १२१ मुद्दा दायर गरेकोमा १०० मुद्दा विशेष अदालतबाट फैसला भएको छ।

२२. **अनुसन्धान तथा अभियोजन** - सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ तथा नियमावली, २०८१ ले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको सूचना प्राप्त गर्ने, जाँचबुझ तथा अनुसन्धान गर्ने तथा अभियोजन गर्ने जिम्मेवारी विभागलाई तोकेको छ। विभागले अनुसन्धान गरेका ३०८ उजुरीमध्ये १०१ मात्र मुद्दा दायर भएको देखिँदा विभागको अनुसन्धान क्षमता थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ। विभागले जोखिममा आधारित पद्धति अवलम्बन गरी अनुसन्धान गर्नुपर्ने, सूचक संस्था, नियमनकारी निकाय, वित्तीय जानकारी एकाइ, कानुन कार्यान्वयन गर्ने निकायसँग विशेष प्रकृतिका संयन्त्रहरू तर्जुमा गर्नुपर्ने, मुद्दा अनुसन्धान गर्ने क्षमता विकासको लागि जोखिमको नयाँ क्षेत्रहरू पहिचान गर्न अनुसन्धान तथा अभियोजन दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

२३. **प्रतिवेदन कार्यान्वयन** - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले १३ जून, २०२५ (२०८२ जेठ ३०) मा जारी गरेको फलो अप प्रतिवेदन अनुसार प्राविधिक अनुपालनातर्फ ४० सिफारिसमध्ये ५ पूर्ण पालना, १६ अधिकांश पालना, १६ आंशिक पालना, ३ सुझाउ पालना नभएको प्रतिवेदनमा उल्लेख छ। उक्त समूहले १३ फेब्रुवरी, २०२५ (२०८१ फाल्गुन १) मा सार्वजनिक गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेका कमजोरीमध्ये यस अवधिमा ७ सिफारिसमा मात्र प्रगति देखिएको छ। उक्त प्रतिवेदनअनुसार आंशिक मात्र पालना भएका विषयमा गैरनाफामूलक सङ्गठनसँग सम्बन्धित कानुन र नियमहरू पर्याप्त नभएको, आतङ्कवाद र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धित लक्षित वित्तीय कारबाही, आमविनाशकारी हातहतियारको विस्तारमा हुने लगानी, नयाँ प्रविधिको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्पत्ति शुद्धीकरण, सम्पत्ति शुद्धीकरणमा वित्तीय लगानीको लागि कानुनी व्यक्तिलाई दुरुपयोग हुनबाट रोक्ने उपाय, वित्तीय संस्थाको नियमन र सुपरिवेक्षण, गैरवित्तीय पेशाकर्मी वा व्यवसायीको नियमन र सुपरिवेक्षण, उक्त सिफारिसको आंशिक मात्र पालना भएबाट विद्यमान रहेका उच्च जोखिमका क्षेत्रहरूमा भ्रष्टाचार, कर (राजस्व) छली, वित्तीय अपराध (बैङ्किङ कसुर र हुण्डी) लगायत रहेका छन्। यसै गरी मध्यम जोखिमका क्षेत्रहरूमा लागुऔषध ओसारपसार आपराधिक लाभ, सङ्गठित अपराध, जबरजस्ती चन्दा असुली, ठगी, बैङ्किङ कसुर, खोटा मुद्रा, वातावरण सम्बद्ध अपराध, चोरी-डकैती, तस्करी (कालो बजारीसमेत), बहुमूल्य वस्तुहरूको गैरकानुनी ओसार पसार, किर्ते, हातहतियार सम्बद्ध अपराध र घरेलु आतङ्कवाद र न्यून जोखिमका क्षेत्रहरूमा अपहरण तथा शरीर बन्धक, अन्तर्राष्ट्रिय आतङ्कवाद, नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानूनी प्रतिलिपि वा चोरी, चोरी गरिएका वस्तुहरूको अवैध कारोबारलगायतका विषय रहेको प्रतिवेदनले औंल्याएको छ। उल्लिखित जोखिमका क्षेत्रमा आवश्यक कानुनी तथा संरचनात्मक सुधार गर्नुपर्दछ ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्टको कार्यालय स्थापना भएको हो। ट्रष्टले यो वर्ष रु.५ करोड २ लाख ८६ हजार खर्च गरेको छ।

२४. **सम्पत्तिको उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ तथा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा ट्रष्टको सम्पत्ति विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न, राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न र अस्पताल वा स्वास्थ्य चौकी जस्ता सार्वजनिक प्रयोजनका राष्ट्रहितका कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार ट्रष्टको स्थापनाकालदेखि २०८१।८२ सम्म १२ जिल्लाका २१ हजार ६३३ रोपनी १५ आना जग्गा यसको स्वामित्वमा आएको, विभिन्न वाणिज्य बैङ्कमा ब्रिटिस पाउण्ड ५५ हजार ६६२, अमेरिकी डलर १ लाख ८० हजार ११८ र रु.२ अर्ब ३ करोड ७३ लाख ६४ हजार मौज्दात रहेको छ। त्यसै गरी नबिल बैङ्क, होटल डेल अन्नपूर्ण र राष्ट्रिय वाणिज्य बैङ्कको समेत १२ लाख ९९ हजार ७३५ कित्ता सेयर रहेको देखिन्छ। ट्रष्टले यो वर्ष ब्याजबापत रु.७ करोड ६१ लाख ६१ हजार आम्दानी गरेको छ।

ट्रष्टको नाममा रहेका काठमाडौं महानगरपिलका-३ स्थित हिमा गृहको १ रोपनी ७ आना १ दाम जग्गा तथा भवन, पोखरा महानगरपालिका ६ मा रहेको १० रोपनी ४ आना १ दाम १ पैसा, भरतपुर महानगरपालिका वडा नं. १ स्थित दियालो बंगलाको ८० रोपनी ३ आना ३ पैसा १.९३ दाम, भक्तपुर नगरपालिका सल्लाघारीस्थित १०८ रोपनी २ आना १ पैसा, गोकर्णेश्वर नगरपालिका गोकर्णस्थित १ हजार १७४ रोपनी २ आना ३ पैसा ३ दाम, हेटौंडा उप-महानगरपालिका वडा नं.१० स्थित कान्ति ईश्वरी गृहको २६ रोपनी १ आना ३.४९ दामलगायत विभिन्न ११ स्थानका १ हजार ६१९ रोपनी ४ आना २ पैसा २.७३ दामभन्दा बढी जग्गा-जमिन तथा भवनहरू ऐनको व्यवस्थाअनुरूप उपयोग गर्नुपर्दछ।

२५. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ मा ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको सम्भार र संरक्षण गर्नुपर्ने र दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टले आफ्नो नाममा स्वामित्व हस्तान्तरण गराएको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएको छ।

ट्रष्टको नाममा रहेका काठमाडौं महानगरपालिका-१६ स्थित बालाजु बाइपास अगाडि १२२ रोपनी १० आना १ पैसा ३ दाम, धादिङ जिल्लाको धुनीबेंसी नगरपालिका (साविकको छत्रेदेउराली गाउँ विकास समिति-८) स्थित १५ हजार १०१ रोपनी ११ आना २ पैसा १ दाम, ललितपुर जिल्ला गोदावरी नगरपालिका, गोदामचौर स्थित ८ रोपनी १० आना ३ पैसा, सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपालस्थित २७ रोपनी १३ आना १ पैसा १ दामलगायत विभिन्न ८ स्थानका १५ हजार ५०२ रोपनी २ आना ३.८४ दामभन्दा बढीको जग्गाको सीमाङ्कन र संरक्षणसम्बन्धी कार्य भएको देखिँदैन। यससम्बन्धी बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ। ऐनको व्यवस्थाअनुरूप सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

२६. **भवन र जग्गा लिज -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५(३क) मा ट्रष्टले कार्य सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्ने व्यवस्था छ। ट्रष्टले यस वर्ष लिज भाडाबापत १० संस्थाबाट रु.१७ करोड ५१ लाख ८१ हजार आय आर्जन गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

२६.१. काठमाडौं महानगरपालिकाको वडा नं. २८ (साविक वडा नं ३१) कमलादी कित्ता नं २२३५ र ३२८२ को ८ रोपनी १ आना क्षेत्रफल रहेको अस्थायी संरचनासहितको काठमाडौं प्लाजा नामकको भवन र जग्गा काठमाडौं महानगरपालिकालाई भाडामा दिने गरी २०७९।१२।८ मा सम्झौता भएको देखिन्छ। सम्झौता अवधिदेखि २०८२ आषाढ मसान्तसम्म महानगरले बुझाउनुपर्ने भाडा रु.६ करोड ६४ लाख २८ हजार रहेकोमा रु.६ करोड ७ लाख ९३ हजार मात्र बुझाएको देखिँदा बाँकी रु. ५६ लाख ३५ हजार असुल हुनुपर्दछ।

२६.२. नेपाल ट्रष्टको कार्यालयको स्वामित्वमा रहेको भरतपुर महानगरपालिका वडा नं. १ स्थित दियालो बंगला परिसर बाहिरको कित्ता नं. १२ र २० को क्षेत्रफल ६ बिघा ११ धुर जग्गा २०७३।४।२७ मा ट्रष्ट र एक व्यवसायीबिच ५ वर्षको लागि लिजमा लिने/दिने गरी सम्झौता भएकोमा सो जग्गामा व्यवसायीले कुनै काम कारबाही नगरी भाडासमेत नतिरेका कारण भाडा असुल सम्बन्धमा ट्रष्टले काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको र सोमा ट्रष्टको दाबी नपुग्ने गरी फैसला भएकोमा यस कार्यालयले व्यवसायीलाई विपक्षी बनाई काठमाडौं जिल्ला अदालतको फैसला विरुद्धमा उच्च अदालत पाटनमा सम्झौताबमोजिमको भाडा रकम तथा जरिबानासमेत दिलाई सम्झौता भङ्ग गरी जग्गा खाली गरी पाउँ तथा सम्झौताबमोजिमको कामकारबाही गर्न नपाइएकोले भाडाबापतको अग्रिम रकम तथा ब्याजसमेत फिर्ता दिलाई पाउँ भन्ने २ पुनरावेदनपत्र दर्ता गरेको र सोमा २०८१।९।१ मा सुरु सदर हुने फैसला भएको देखिन्छ। सो फैसलामा चित्त नबुझी कार्यालयले सर्वोच्च अदालतमा दोहोऱ्याई हेरी पाउँ भनी निवेदन दर्ता गरेकोमा उक्त मुद्दा विचाराधीन रहेको छ।

२७. **लिज अवधि थप -** नेपाल ट्रष्ट ऐन,२०६४ (२०७५।११।१६ मा भएको संशोधन) को दफा ५ को उपदफा ३(ख)मा अवधि तोकी लिजमा दिएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु अगावै आवश्यकताअनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिज अवधि थप गर्न सक्ने व्यवस्था छ।

तत्कालीन राजदरबारको डिपार्टमेन्ट अफ क्राउन प्रपर्टी र एक रिसोर्ट सञ्चालकबिच २०५२।४।३१ मा गोकर्ण राष्ट्रिय निकुञ्जको ३ हजार ९७० रोपनी १ आना ३ पैसा ३ दाम जग्गामध्ये २ हजार ७९२ रोपनी ३ पैसा १ दाम जग्गा फरेष्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि अमेरिकी डलर पचास लाख लिने गरी लिज सम्झौता भएकोमा नेपाल ट्रष्ट स्थापना भए पश्चात् त्रिपक्षीय पूरक सम्झौता भएको छ। नेपाल ट्रष्ट सञ्चालक समितिको २०७१।८।२५ मा बसेको ३४औं बोर्ड बैठकको निर्णयबाट एल.एम.सुमिर ब्रदर्श (नेपाल) प्रा.लि. मा रहेको सेयर विदेशी लगानीकर्ताहरूबाट एक कम्पनीलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गरेको देखियो ।

यसरी लिज अवधि थप गर्दा पुरानो सम्झौताकै बाँकी अवधिमा अमेरिकी डलर ३ लाख ७७ हजार ७०० (रु.४ करोड ३१ लाख ८३ हजार) प्रत्यक्ष आर्थिक लाभ हुने, रु.२९ करोड लगानी गरी ४८ सुविधायुक्त कोठा तथा ४०० व्यक्ति अट्ने सभाहल निर्माण हुने, लिज अवधि थप भएको २५ वर्षमा लिज भाडाबापत अमेरिकी डलर ८९ लाख ४ हजार (नेपाली रु.१ अर्ब १ करोड ५१ लाख २ हजार) प्राप्त हुनेलगायतका प्रत्यक्ष रोजगारी सिर्जना, पर्यटन उद्योगमा टेवालगायतका अप्रत्यक्ष लाभ पुग्नेसमेतको आधारमा उल्लेख भएबमोजिम लिज अवधि थप गर्ने निर्णय गरेको देखियो। उक्त निर्माण कार्यको लागि वातावणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७८।१०।२५ मा स्वीकृत भएकोमा निर्माण कार्यको लागि २०७६।९।२९ मा नै लिज सम्झौता गर्ने निर्णय भएको देखियो। कानुन संशोधन गरी वर्तमान लिज अवधि समाप्त हुनुभन्दा ५ वर्ष पहिले नै साविकको लिज अवधि थप भएको, फेयर मार्केट भ्याल्यु मूल्याङ्कन गर्ने फर्म छनौट गर्ने सूचना पत्रिकामा प्रकाशन नगरेको एवं लिज प्रतिस्पर्धा नहुने गरी साविकै सम्झौताकर्ताको म्याद थप गरेको देखियो। ट्रष्टको सम्पत्ति लिजमा दिँदा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नुपर्ने भनी गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ ।

उक्त रिसोर्टसँग २०७६।१०।१ मा भएको सम्झौताको बुँदा नं. १ मा साविकमा लिजमा लिएको गोकर्ण राजनिकुञ्जको २ हजार ७९२ रोपनी ३ पैसा १ दाम जग्गा र सोमा निर्मित १०० कोठे रिसोर्ट सहितको सम्पूर्ण सम्पत्तिमा आवश्यक मर्मत सम्भार गर्नुका साथै कम्तीमा रु.२९ करोड नेपाली रुपैयाँ लगानी गरी ४८ कोठाको शयनकक्ष र ४०० जना अट्ने क्षमता भएको सभाहल सम्झौता भएको मितिले ३ (तीन) वर्षभित्र निर्माण सम्पन्न गरी नेपाल ट्रष्टलाई जानकारी दिनुपर्ने उल्लेख छ। सो निर्माण कार्य सुरुवात भएको देखिएन। सम्झौताबमोजिम निर्माण कार्य गर्नुपर्दछ।

२८. **सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित) दफा ५५ को उपदफा ५(क) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर जग्गामा सम्पत्ति कर नलाग्ने व्यवस्था रहेको र नेपाल ट्रष्टको कार्यालय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ अनुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयअन्तर्गत रहेको कार्यकारी प्रमुखसहित सम्पूर्ण निजामती कर्मचारी रहने केन्द्रीय निकाय रहेको, नेपाल ट्रष्ट ऐन, २०६४ मा व्यवस्था भएबमोजिम नेपाल ट्रष्ट नेपाल सरकारबाट सञ्चालित ट्रष्ट भएको, यसको सम्पत्तिमा कुनै व्यक्तिको वा संस्थाको हकदाबी नपुग्ने र नेपाल ट्रष्टको सम्पत्ति व्यापक एवं सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रहितमा प्रयोग हुने भएकोले नेपाल ट्रष्टको कार्यालय नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको देखिन्छ। काठमाडौं महानगरपालिकाले तिर्नुपर्ने भाडा रकमबाट यस

कार्यालयको सम्पत्तिमा सम्पत्ति कर तथा जरिबानासमेत लगाई रु.३ करोड ५४ लाख ९९ हजार कट्टा गरेको देखिँदा कानुनमा भएको व्यवस्थाबमोजिम मात्र कर असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औँल्याएका त्रुटिहरूको अनुगमन नभएको, कोष व्यवस्थापन, कार्यक्रम कार्यान्वयन तथा अनुगमन, नेपाल ट्रष्टको सम्पत्ति उपयोग नभएको, काठमाडौं दरबारमार्गस्थित जग्गामा सम्झौताभन्दा फरक हुने गरी संरचना तयार गरेकोलगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण –** यो वर्ष कार्यालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको बिवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६९ निकायमा यो वर्ष रु.२ करोड ७२ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ हजार सम्परीक्षण भएकोले रु.२ करोड ७२ लाख २६ हजार फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२२ लाख ३९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्थातर्फ २ निकायमा यो वर्ष रु.७० लाख ७५ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरूको व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका कार्यालय तथा सङ्गठित संस्थासमेत २१७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २०९ सरकारी कार्यालयको निम्नानुसार रु.२२ खर्ब ४४ अर्ब ७८ करोड ८ लाखको लेखापरीक्षण गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
६२६०१४१	१४४७६७०७	१३६९२५	१५७४०३५	२२४४७८०८

उल्लिखित विनियोजन रकममा प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको अन्तर सरकारी वित्त हस्तान्तरण रु.३ खर्ब ४९ अर्ब ३६ करोड ३७ लाख एवं राजस्व रकममा मन्त्रालय मातहतका कार्यालयले बाँडफाँट हुने राजस्व असुल गरी विभाज्य कोषमा दाखिला गरेको रु.४ खर्ब ७२ अर्ब १९ करोड ८२ लाखसमेत समावेश छ।

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाका कारण पेस हुन नआएकोले ६ निकायको विनियोजनतर्फ रु.३६ करोड ८८ लाख, राजस्वतर्फ रु.३० अर्ब ८९ करोड ४३ लाख, धरौटीतर्फ रु.१९ करोड ४२ लाख र अन्य कारोबारतर्फ रु.२२ करोड ३२ लाखसमेत रु.३१ अर्ब ६८ करोड ५ लाखको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित संस्था र अन्य संस्था -** यो वर्ष ६ सङ्गठित संस्था र १ अन्य संस्थाको रु.३६ खर्ब ६३ अर्ब ७० करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नेपाल धितोपत्र बोर्डको यस वर्षको लेखापरीक्षण बक्यौता रहेको छ।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष प्रदेश सरकारी कार्यालयहरूको सम्पत्ति व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **प्राविधिक सहायता लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष अमेरिकी डलर ५२ लाख

१ हजार प्राविधिक सहायता प्राप्त हुने अनुमान गरेकोमा सोबाट भएको खर्चको आर्थिक विवरण तयार गरी सोको लेखापरीक्षण गराएको छैन।

६. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च	२९२२४६	२३१३१८	१२६१३१	५४.५२
पुँजीगत	१३७९६१	१३६७७९	२४४०९	१७.८५
वित्तीय व्यवस्था	३६७२८४५	३७६४७८७	३३२६७८८	८८.३७
जम्मा	**४१०३०५२**	**४१३२८८४**	**३४७७३२८**	**८४.१४**

उल्लिखित विवरणअनुसार मन्त्रालय र मातहतका कार्यालयको लागि विनियोजित बजेटको ८४.१४ प्रतिशत खर्च भएको देखिएकाले मन्त्रालयको विनियोजन कुशलता र बजेट खर्च गर्ने क्षमता बढाउनुपर्दछ।

७. **समष्टिगत आर्थिक परिसूचक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १६ तथा नियमावली, २०७७ को नियम २३ बमोजिम अर्थ मन्त्रालयले समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वृद्धि, पुँजीगत खर्च र राजस्व सङ्कलनसमेतमा लक्ष्य हासिल हुन नसकेको आर्थिक परिसूचकहरूबाट देखिन्छ। प्रमुख परिसूचकहरू निम्नानुसार छन्:

(प्रतिशतमा)

परिसूचक	२०८०।८१ को यथार्थ प्रगति	२०८१।८२ को	
		लक्ष्य (सोह्रौं योजना)	प्रगति
आर्थिक वृद्धिदर	३.६७	७.५०	४.६१
उपभोक्ता मुद्रास्फीति दर	५.४४	६	४.०६
कुल राजस्व/गार्हस्थ उत्पादन	१८.५५	२०.६२	१९.३०
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	२४.४१	२८.२०	२४.७८
चालु खर्च/गार्हस्थ उत्पादन	१६.२७	१७.१०	१५.६७
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	३.३६	६.२०	३.६७
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	०.४२	०.३०	०.४९
वैदेशिक ऋण/गार्हस्थ उत्पादन	२.१०	३.४१	२.१०
आन्तरिक ऋण/गार्हस्थ उत्पादन	४.१०	५.१८	५.४०
व्यापार घाटा/गार्हस्थ उत्पादन	२५.२३	-	२५.००
निर्यात/गार्हस्थ उत्पादन	२.६७	-	४.५४
आयात/गार्हस्थ उत्पादन	२७.९०	-	२९.५४
बजेट घाटा/गार्हस्थ उत्पादन	७.१७	-	७.०४

स्रोतः पन्ध्रौं र सोह्रौं योजना, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालय २०८१।८२

७.१ सोह्रौं योजनाको अन्तिम वर्ष (२०८५।८६) सम्म २०७९।८० को मूल्यमा कुल गार्हस्थ उत्पादन रु.८० खर्ब १९ अर्ब ७६ करोड पुऱ्याउने लक्ष्य प्राप्तिका लागि वार्षिक ७.१ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि आवश्यक देखिन्छ। यद्यपि, चालु आर्थिक वर्षमा ७.५० प्रतिशतको लक्ष्य रहेकोमा

उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत वृद्धि हुने अनुमान छ। गत वर्षको न्यून वृद्धि दर (३.६७ प्रतिशत) का कारण सिर्जित न्यून आधारले यस वर्षको वृद्धिदरमा केही सुधार भए तापनि अर्थतन्त्रमा अपेक्षित गतिशीलता आउन सकेको छैन।

७.२ यो वर्ष आन्तरिक उत्पादनमा केही सुधार भई निर्यात कुल गार्हस्थ उत्पादनको ४.५४ प्रतिशत पुगे तापनि वस्तु आयातमा भएको १३.२५ प्रतिशतको वृद्धिले व्यापार घाटा रु.१५ खर्ब २७ अर्ब ९ करोड अर्थात् कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत पुगेको छ। निर्यात-आयात अनुपात १:१५.३६ रहनु र व्यापार घाटा बढ्दै गएकोले बाह्य क्षेत्रको सन्तुलनमा चुनौती कायम गरेको छ। पछिल्ला वर्षमा नेपालको कुल राष्ट्रिय आय र राष्ट्रिय खर्चयोग्य आम्दानीको अनुपात १:१.२५ रहेको छ। कुल राष्ट्रिय आयको मुख्य स्रोत विप्रेषण रहेकोले सोमा कमी आउँदा समग्र अर्थतन्त्र प्रभावित हुन सक्ने जोखिम देखिन्छ। व्यापार घाटालाई वाञ्छित सीमामा राख्न आन्तरिक उत्पादनमा वृद्धि, कृषि, ऊर्जा एवं पर्यटन जस्ता तुलनात्मक लाभका क्षेत्रको प्रवर्धनलगायत उच्च मूल्यका वस्तु तथा सेवाको निर्यातमा जोड दिई अर्थतन्त्रमा दिगोपना ल्याउनुपर्दछ।

७.३ सङ्घीयता कार्यान्वयन पश्चात् सार्वजनिक खर्चको आकारमा वृद्धि भए तापनि समग्र वित्त प्रणाली सञ्चालन, स्रोत परिचालन र पुँजीगत खर्च गर्ने क्षमतामा कमी आएको छ। कुल सार्वजनिक खर्च २०७५।७६ मा रु.१२ खर्ब २७ अर्ब ११ करोड रहेकोमा २०८१।८२ मा रु.१५ खर्ब १३ अर्ब २५ करोड पुगेको छ। यस अवधिमा चालु खर्च रु.८ खर्ब ३३ अर्ब ७ करोडबाट बढेर रु.९ खर्ब ५६ अर्ब ५९ करोड अर्थात् कुल गार्हस्थ उत्पादनको १५.६७ प्रतिशत रहेकोमा पुँजीगत खर्च रु.२ खर्ब ४१ अर्ब ५६ करोडबाट घटेर रु.२ खर्ब २३ अर्ब ९८ करोड रहेको छ। पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको ६.२६ प्रतिशतबाट घटेर ३.६७ प्रतिशतमा सीमित हुनु र वित्तीय व्यवस्थातर्फको खर्च ३.९५ प्रतिशतबाट बढेर ४.७७ प्रतिशत पुग्नुले उत्पादकत्वको तुलनामा दायित्व व्यवस्थापनमा सरकारी खर्च केन्द्रित भएको देखिन्छ। राजस्व असुली कुल गार्हस्थ उत्पादनको २०.६२ प्रतिशत गर्ने लक्ष्य रहेकोमा १९.३० प्रतिशत रहँदा स्रोत व्यवस्थापनमा चुनौती रहेको छ। कार्यक्रम कार्यान्वयनमा सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्दै अनुत्पादक खर्च कटौती एवं पूर्वाधार निर्माण गर्न आयोजना व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

यो वर्षको लेखापरीक्षणबाटः

- *समष्टिगत आर्थिक परिसूचकमा अपेक्षित प्रगति हुन नसकेको,*
- *यो वर्ष प्रचलित कानुन तथा आर्थिक ऐनबमोजिम भन्सार राजस्वतर्फ रु.८५ अर्ब २३ करोड १६ लाख छुट सुविधा प्रदान गरेको, सोमध्ये वैदेशिक सहायतामा सञ्चालित आयोजनाको मालवस्तु पैठारीको छुट रु.६ अर्ब १२ करोड ७६ लाख रहेको,*
- *यस वर्ष राजस्व असुली लक्ष्यको ८४.२८ प्रतिशत भएको, कुल बजेट विनियोजन र पुँजीगत बजेटको खर्च प्रतिशत क्रमशः ८१.३४ र ६३.५७ रहेको,*
- *राजस्व बाँडफाँटअन्तर्गत प्रदेश र स्थानीय तहलाई मूल्य अभिवृद्धि कर हस्तान्तरण गरेकोमा सम्बन्धित करदातालाई फिर्ता भएको रकममा तत् तत् सरकारको हिस्सा त्यस्तो करमा रु.१ अर्ब ५१ करोड ५० लाख समायोजन नगरेको,*
- *यो वर्ष वैदेशिक सहायताको लक्ष्य अमेरिकी डलर २ अर्ब २५ करोड ६९ लाख रहेकोमा अमेरिकी डलर १ अर्ब ६० करोड ६८ लाख (७१.२० प्रतिशत) प्राप्त भएको लगायतका बेहोरा देखिएका छन्।*

८. **वित्तीय स्रोत व्यवस्थापन -** दिगो विकास लक्ष्य प्राप्तिका लागि संशोधित पूर्वानुमानबमोजिम बाँकी अवधि (२०२४-२०३०) मा वार्षिक औसत रु.३० खर्ब २४ अर्ब स्रोत आवश्यक पर्नेमा सार्वजनिक क्षेत्रतर्फ रु.४ खर्ब २६ अर्ब र निजी क्षेत्रतर्फ रु.३ खर्ब २९ अर्बसमेत वार्षिक रु.७ खर्ब ५५ अर्ब (कुल गार्हस्थ उत्पादनको ११.१ प्रतिशत) स्रोत नपुग हुने अनुमान छ। यसका अतिरिक्त नेपाली मुद्राको अवमूल्यनका कारण थप अमेरिकी डलर ४० अर्ब ७० करोड अतिरिक्त स्रोत आवश्यक पर्ने देखिन्छ। सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीको बढ्दो भार र विकासशील मुलुकमा स्तरोन्नतिपश्चात् वैदेशिक सहायतामा हुन सक्ने कटौतीले वित्तीय अन्तर पूर्ति गर्न थप चुनौतीपूर्ण हुने हुँदा राजस्वको दायरा विस्तार, वैदेशिक सहायताको कुशल परिचालन र पुँजीगत खर्च वृद्धिका लागि उच्च प्रतिफल दिने योजना तथा कार्यक्रममा सहुलियतपूर्ण ऋण एवं अनुदानको अंश बढाउँदै तीनै तहका सरकारका योजना र कार्यक्रमबिच सामञ्जस्यता ल्याई कार्यान्वयनमा केन्द्रित हुन अर्थ मन्त्रालयले योजना आयोगसँग समन्वय गर्नुपर्दछ।

९. **नीति तथा कार्यक्रम -** नेपाल सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित माइलस्टोनको कार्यान्वयन अवस्था देहायबमोजिम छः

विवरण	एकाइ	सम्पन्न	चालु	सुरु नभएका	जम्मा
माइलस्टोन	सङ्ख्या	६५	४५	५	११५

मिलिनियम च्यालेन्ज एकाउन्ट नेपालतर्फ रुख गणना/लागत सङ्कलन अन्तर्गतको वृक्षारोपणको लागि सेवा प्रदायक छनोट गर्ने कार्य सुरु नभएको, लगानी कर्ता संरक्षण कोष उपयोगमा ल्याउन कानुन संशोधन, दोहोरो कर मुक्ति सम्झौताको मोडेल परिवर्तन गर्न पहिचान भएका देशसँग वार्ता गर्ने, निकासी पैठारी सम्बन्धी विभिन्न प्रमाणपत्र जारी गर्न १३ निकायलाई प्रणालीमा समावेश गर्ने तथा नेपाल राष्ट्र बैङ्क र वाणिज्य बैङ्कबिच विदेशी विनिमय सम्बन्धी मोडेल विकास गर्ने कार्य सुरु भएका छैनन्। नेपाल सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयनयोग्य कार्ययोजना तयारी, सोको कार्यान्वयन तथा प्रभावकारी अनुगमनको व्यवस्था गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१०. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित कार्यक्रममध्ये २०८१ देखि २०९१ सम्मलाई कृषि लगानी दशक घोषणा गरी कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने, राजमार्ग केन्द्रित ३०० उत्पादक संस्थालाई सुरुवाती पुँजी तथा कृषि उपजको धितोमा सहज कर्जा उपलब्ध गराउनेलगायतका कार्यक्रम बजेटमा व्यवस्था भए तापनि सोको कार्यान्वयन स्थितिसम्बन्धी प्रतिवेदन पेस भएन। कानुनी व्यवस्था गरी घरेलु मदिरा ब्रान्डिङ्ग गर्ने, सोभरेन वेल्थ फण्डको स्थापना, नेपाल राष्ट्र बैङ्क ऐन र विदेशी विनिमय ऐनको संशोधन तथा धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जको संरचनागत सुधार गर्ने विषयको कार्यान्वयन प्रक्रियाको सुरुवात भएको छैन। त्यसैगरी, सार्वजनिक संस्थानलाई होल्डिङ कम्पनीमार्फत सञ्चालन गर्ने, रुग्ण उद्योगहरूलाई सार्वजनिक-निजी साझेदारीमा पुनः सञ्चालनमा ल्याउने र नयाँ विकास सहायता नीति एवं सम्मिश्रित वित्त विधिको अवलम्बन गर्ने जस्ता नीतिगत घोषणा एवं रणनीतिक योजनाहरू कार्यान्वयन स्थितिको विवरण प्राप्त हुन सकेको छैन।

त्यस्तै, बजेटमा व्यवस्था भएको आन्तरिक राजस्व परिचालन रणनीति र विकास आयोजना कार्यान्वयनसम्बन्धी एकीकृत ऐन तर्जुमा गर्ने कार्यमा अपेक्षित प्रगति हुन सकेको छैन। राजस्व प्रशासनको नेतृत्वका लागि आवश्यक योग्यता निर्धारण गर्ने र कर खर्च प्रणाली अवलम्बन गरी कर छुटको यथार्थ विवरण वित्तीय प्रतिवेदनमा प्रस्तुत गर्ने विषयहरूसमेत कार्यान्वयन हुन सकेका छैनन्। चालु खर्चमा

मितव्ययिता कायम गर्ने र प्रशासनिक खर्च कार्यक्रम बजेटबाट नबेहोर्ने नीति रहेकोमा कार्यक्रम बजेटबाटै इन्धन, मर्मत लगायतका खर्चहरू बेहोर्ने परिपाटी कायमै रहेको छ। साथै, अन्तर्राष्ट्रिय प्रतिनिधित्वमा विदेशस्थित दूतावासहरूलाई उपयोग गर्ने र स्वदेशी भम्रण मण्डलको सङ्ख्या वाञ्छित सीमामा राख्ने व्यवस्थाको कार्यान्वयन अपेक्षित रूपमा भएको छैन।

११. **राजस्व परिचालन नीति** - यो वर्षको बजेटले आर्थिक क्रियाकलाप र लगानीमैत्री कर प्रणालीको माध्यमबाट आर्थिक वृद्धिमा योगदान पुऱ्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने सोचका साथ नयाँ व्यावसायिक ढाँचा र डिजिटल माध्यमबाट हुने आर्थिक कारोबारमा समन्यायिक कर लगाउने, अन्तर्राष्ट्रियस्तरमा प्रचलित असल अभ्यास अनुकूल राजस्वसम्बन्धी कानुन तर्जुमा र अद्यावधिक गरी राजस्वको आधार संरक्षण गर्ने र राजस्व प्रणालीलाई देशको कुल राष्ट्रिय आयसँग तादात्म्य बनाउने उद्देश्य राखेकोमा देखिएका बेहोरा देहायअनुसार छन्:

११.१ मुलुकभित्र आर्थिक क्रियाकलापको विस्तार, लगानी प्रवर्धन र स्वदेशी उत्पादन एवं उद्यमलाई प्राथमिकता र प्रश्रय दिने उद्देश्य रहेकोमा अर्थतन्त्रको संरचना पैठारीमै आश्रित देखिएको छ। गत वर्ष कुल कर राजस्व सङ्कलन रु.९ खर्ब ४१ अर्ब ३९ करोड ४७ लाख रहेकोमा यस वर्ष रु.१० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख रहेको छ। उक्त सङ्कलनमा पैठारीमा आधारित भन्सार महसुल र मूल्य अभिवृद्धि करको हिस्सा रु.४ खर्ब ५२ अर्ब १६ करोड ९४ लाख (४३.०७ प्रतिशत) रहनुले पैठारीमा आधारित अर्थतन्त्रको संरचनालाई आन्तरिक उत्पादनमा केन्द्रित गर्नेतर्फ राजस्व नीति परिलक्षित हुनुपर्दछ।

११.२ करको दायरा विस्तार र कराधार संरक्षण गर्दै दिगो, पारदर्शी एवं समन्यायिक राजस्व प्रणाली विकास गर्ने नीति रहेकोमा अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरूलाई अपेक्षित रूपमा कर प्रणालीको दायराभित्र ल्याउन सकेको देखिँदैन। सबै करयोग्य क्रियाकलापलाई करको दायरामा ल्याई कराधार विस्तार गर्नुपर्ने देखिन्छ। त्यसै गरी राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवं कर परिपालना अभिवृद्धि गर्नको लागि आवश्यक कानुनी सुधार गर्नुका साथै कर शिक्षालाई अभियानका रूपमा सञ्चालन गरी राजस्व प्रशासनलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्दछ।

१२. **कर तथा महसुल छुट** - आर्थिक ऐन, २०८१ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाइएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा आंशिक वा पूर्ण रूपमा छुट दिन सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

१२.१ भन्सार महसुल ऐन २०८१, को अनुसूची ४, ५ र ६ मा पैठारी महसुल पूर्ण वा आंशिक रूपमा छुट हुने व्यवस्था रहेकोमा नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबाट आर्थिक ऐन, २०८१ का विभिन्न दफामा संशोधन गरी छुट तथा सहुलियतका दरहरूमा वृद्धि गरेको छ। महसुल तथा करछुटको निर्णयबाट भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्वमा हुन गएको कमीको रकमगत अभिलेख मन्त्रालयले राखेको छैन। भन्सार विभागको आसिकुडाको तथ्याङ्कबमोजिम यो वर्ष भन्सार राजस्वतर्फ रु.८५ अर्ब २३ करोड १६ लाख छुट भएको छ। यस्तो छुट गत वर्ष रु.७९ अर्ब ८७ करोड ३९ लाख रहेको थियो। राजस्व छुट प्रणालीमा क्रमशः सुधार भए तापनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिइने छुट र ऐनको अनुसूची तथा द्रष्ट्रव्य एवं पटके निर्णयका आधारमा दिने छुटको दायरा बढेको छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट भएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्।

१२.२ आर्थिक ऐन, २०८१ को दफा १८(१) अनुसार नेपाल सरकार मन्त्रीपरिषदको निर्णयबाट भन्सार महसुल ऐन, २०८१ तथा अन्तःशुल्क ऐनमा संशोधन गरी छुट दिएकोमा उक्त निर्णयबाट यो वर्ष रु.४९ करोड ६३ लाख २२ हजार छुट भएको छ। यसरी आर्थिक ऐनको प्रावधान प्रयोग गरी कर छुटको निर्णय भएकोमा सोको विवरण एकमुष्ट रूपमा संसदमा पेस नगरी मन्त्रालयगत प्रगतिको माध्यमबाट मात्र पेस गरेको हुँदा आर्थिक ऐनको दफा १८ बमोजिम सबै प्रकारका राजस्व छुटको रकमगत अभिलेख बजेटसँगै पेस गर्ने व्यवस्था हुनुपर्दछ।

१२.३ आर्थिक ऐन, २०८१ को दफा १८ (२) मा सरकारी निकाय, समिति तथा बोर्ड एवं १८ (३) मा वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको सम्झौताको सर्तबमोजिम कर तथा महसुलमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था छ। यो वर्ष विभिन्न आयोजना एवं निर्माण व्यवसायी तथा सरकारी निकायलाई पैठारीमा कुल रु.६ अर्ब १२ करोड ७६ लाख महसुल छुट दिएको छ। सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा कर छुट सम्बन्धमा उल्लेख नगरे तापनि खरिद सम्झौता भइसकेपछि मास्टर लिस्टमार्फत छुट दिँदा यसको प्रत्यक्ष लाभ आयोजनाले भन्दा निर्माण व्यवसायीले लिइरहेको देखिन्छ। साथै त्यस्तो रकम लागतमा समायोजन गर्ने परिपाटीसमेत न्यून रहेको देखिन्छ।

एकै प्रकृतिका आयोजनाहरूमा समेत पूर्ण छुट, १ प्रतिशत भन्सार महसुल मात्र असुल, भन्सार र अन्तःशुल्क दुवै असुल जस्ता फरक-फरक दरमा छुट दिने निर्णय भएको र कतिपय भन्सार माफी भएका मालवस्तुमा समेत पुनः भन्सार महसुल छुटको निर्णय हुँदा राजस्व परिचालनमा असर परेको छ। पूर्वाधार आयोजनाको लागत अनुमानकै बखत छुट हुने वस्तु यकिन गरी बोलपत्रदाताले कर छुट बाहेकको लागत मात्र कबोल गरेको सुनिश्चित गर्नुका साथै उक्त दफा १८(३) को प्रयोगमा पारदर्शिता एवं एकरूपता कायम गर्नुपर्दछ।

१२.४ भन्सार महसुल ऐन, २०८१ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नेपाल सरकारका विभिन्न निकायको सिफारिसमा महसुल तथा कर छुट दिने व्यवस्था रहेकोमा सिफारिस गर्ने निकायहरूले पैठारीकर्ताको योग्यता र मालवस्तुको यकिन नगरी निवेदनकै आधारमा सिफारिस गर्ने गरेका छन्। भन्सार प्रशासनले समेत आर्थिक ऐनका प्रावधानहरूको विश्लेषण नगरी सो सिफारिसपत्रको आधारमा ऐनको प्रावधान प्रतिकूल हुने गरी महसुल छुट दिँदा राजस्व परिचालनमा असर परेको छ। कर कानुनको पालना गर्नु सबै निकायको साझा दायित्व भएकाले विशिष्ट प्राविधिक ज्ञान भएका विशेषज्ञ निकायहरूलाई सिफारिसको विश्वसनीयताप्रति जिम्मेवार बनाउनुका साथै स्पष्ट रूपमा छुट नहुने अवस्थामा समेत सुविधा प्रदान गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक ऐन तथा प्रचलित कानुनबमोजिम रित पुगेका र मापदण्ड अनुकूलका विषयमा मात्र महसुल छुट दिने गरी भन्सार जाँचपास प्रक्रियालाई थप सुदृढ र पारदर्शी बनाउनुपर्दछ।

१२.५ भन्सार महसुल ऐन, २०८१ को दफा ११ मा साफ्टा सुविधाअन्तर्गत सार्क मुलुकबाट मालवस्तु पैठारी गर्दा सहुलियत दरमा महसुल लाग्ने व्यवस्थाबमोजिम भन्सार विभागको आसिकुडाको तथ्याङ्कअनुसार २०८१।८२ मा प्लास्टिक ग्रेनुअल, स्टिल पाता, हर्लिक्स, ग्लासवेयर र प्रिफेब्रिकेटेड हाउसलगायतका वस्तुको पैठारीमा रु.५ अर्ब ७१ करोड ३ लाख बराबरको भन्सार महसुल छुट भएको छ। साफ्टा सम्झौता भएको १९ वर्ष व्यतीत भए तापनि यो सुविधाबाट कच्चा पदार्थ र औद्योगिक सामग्रीको पैठारीमा बढोत्तरी नभई तयारी एवं अन्तिम उपभोग्य वस्तुको पैठारीमा बाहुल्यता रहेको देखिन्छ। यसरी तयारी वस्तुको पैठारी बढ्दा राजस्वमा सङ्कुचन हुनुका साथै स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आई औद्योगिक

विकास र लगानीमा नकारात्मक असर परेको देखिन्छ। निकासी प्रवर्धन र व्यापार घाटा न्यूनीकरण गर्न तथा साफ्टा सम्झौताबाट तुलनात्मक लाभ लिन औद्योगिक कच्चा पदार्थको पैठारीलाई प्राथमिकता दिने गरी सम्झौताका प्रावधानहरूको पुनरावलोकन गर्न समन्वय र पहल गर्नुपर्दछ।

१३. **वार्षिक अनुमान र असुली -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको स्थिति देहायअनुसार छः

(रु. करोडमा)

विवरण	२०७९।८० को असुली	२०८०।८१ को असुली	२०८१।८२		
			लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	२५३८१	२८३४६	३९५३७	३०१८७	७६.३५
मूल्य अभिवृद्धि कर	२८६६३	३१०४६	३८६५२	३४१९३	८८.४६
अन्तःशुल्क	१४३०७	१४६३५	१९४९६	१७५१७	८९.८५
भन्सार महसुल	१८२१२	२०१०२	३०७३६	२३०९१	७५.१२
अन्य प्राप्ति र गैरकर	१४५०२	१४१४६	१३५०९	१४६३१	१०८.३१
जम्मा	**१०१०६५**	**१०८२७५**	**१४१९३०**	**११९६१९**	**८४.२८**

उल्लिखित विवरणअनुसार २०८१।८२ मा राजस्व सङ्कलनको लक्ष्य रु.१४ खर्ब १९ अर्ब ३० करोड रहेकोमा रु.११ खर्ब ९६ अर्ब १९ करोड (८४.२८ प्रतिशत) असुली भएको छ। सोमध्ये कर राजस्व रु.१० खर्ब ४९ अर्ब ८८ करोड र गैरकर राजस्व रु.१ खर्ब ४६ अर्ब ३१ करोड (१२.२३ प्रतिशत) रहेको देखिन्छ। गत वर्षको तुलनामा राजस्व सङ्कलन १०.४८ प्रतिशतले वृद्धि भए तापनि लक्ष्यको तुलनामा सङ्कलन हुन सकेको छैन। शीर्षकगत रूपमा मूल्य अभिवृद्धि कर लक्ष्यको ८८.४६ प्रतिशत र अन्तःशुल्क ८९.८५ प्रतिशत, भन्सार महसुल ७५.१२ प्रतिशत र आयकर ७६.३५ प्रतिशत असुली भएको छ। राजस्वको संरचना र लक्ष्य निर्धारणलाई वस्तुनिष्ठ बनाई लक्ष्यअनुरूप राजस्व असुली गर्नुपर्दछ।

१४. **राजस्व असुली र चालु खर्च -** सरकारको ३ वर्षको चालु खर्च र राजस्व असुलीको अवस्था निम्नानुसार छः

(रु. करोडमा)

विषय	२०७९।८०	२०८०।८१	२०८१।८२
राजस्व असुली	१०१०६५	१०८२७५	११९६१९
निकासा फिर्ता लगायत अन्य प्राप्ति	(५३३०)	(२३८५)	(१७३९)
खुद राजस्व	**९५७३५**	**१०५८९०**	**११७८८०**
राजस्व बाँडफाँट	(१२२१५)	(१२६८९)	(१४७४२)
सञ्चित कोष दाखिला भएको राजस्व	**८३५२०**	**९३२०१**	**१०३१३८**
चालु खर्च	९९१५१	९२९१३	९५६५९
फरक	**-१५६३१**	**२८८**	**७४७९**

उल्लिखित विवरणबमोजिम २०८१।८२ मा रु.११ खर्ब ९६ अर्ब १९ करोड राजस्व असुली भएकोमा रोयल्टी बाँडफाँट हुने रकमसमेतलाई कुल असुलीमा समावेश गर्दा राजस्व बाँडफाँट गरिएको रु.१ खर्ब ४७ अर्ब ४२ करोड बाहेक रु.१० खर्ब ३१ अर्ब ३८ करोड सङ्घीय सञ्चित कोषमा दाखिला

भएको छ भने सोही अवधिमा चालु खर्च रु.९ खर्ब ५६ अर्ब ५९ करोड पुगेको छ। जुन सञ्चित कोषमा दाखिला भएको राजस्वको ९२.७५ प्रतिशत हुन आउँछ। कुल राजस्व असुली लक्ष्यको केवल ८४.२८ प्रतिशतमा सीमित हुँदा आन्तरिक स्रोतमा चाप परेको छ। ऋण सेवा (साँवा-ब्याज भुक्तानी) को बढ्दो दायित्वका कारण अन्य खर्चका लागि ऋणमा आश्रित हुनुपर्ने स्थिति सिर्जना भएको छ। चालु खर्चलाई वाञ्छित सीमामा राखी ऋण रकमलाई प्रतिफल दिने योजनामा परिचालन गर्ने गरी बजेट व्यवस्था गर्नुपर्दछ।

१५. **मूल्य अभिवृद्धि कर बाँडफाँट तथा हिसाब समायोजन -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क विभाज्य कोषमा जम्मा गरी संघलाई ७० प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिने व्यवस्था छ। यस वर्ष मूल्य अभिवृद्धि करबापतको रु.३ अर्ब ४१ करोड ९१ लाख ११ हजार विभाज्य कोषमा दाखिला गरी तीन तहका सरकारहरूबिच बाँडफाँट गरेको छ। सोही दफाको उपदफा ६ बमोजिम यसरी बाँडफाँट हुने रकम वर्षको अन्तिम महिनामा हिसाबमिलान गर्नुपर्ने व्यवस्था रहे तापनि महालेखा नियन्त्रक कार्यालयले ३ महिनामा राजस्व शीर्षक परिवर्तन भएको रकमलाई मात्र समायोजन गरेको छ।

तर, मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पैठारी तथा खरिदको समयमा तिरेको कर वस्तु बिक्री गर्दा सङ्कलन गरेको करबाट कट्टी गर्न पाउने वा लगातार ४ महिनासम्म मिलान नभएमा फिर्ता लिन पाउने प्रावधान रहेको छ। आन्तरिक राजस्व विभागको तथ्याङ्कबमोजिम रु.९ अर्ब ९१ करोड कर फिर्ता माग भएकोमा रु.५ अर्ब ५ करोड फिर्ता भएको छ। मूल्य अभिवृद्धि करको ठुलो हिस्सा क्रेडिटमा रहेकोमा सोको समायोजन भएको छैन। यसवर्ष बाँडफाँट भएको रकममा फिर्ता भएको रकमको ३० प्रतिशतले हुने रु.१ अर्ब ५१ करोड ५० लाख खुद सङ्कलनभन्दा बढी बाँडफाँट भएको हुँदा आगामी वर्षको बाँडफाँटमा यकिन गरी सो रकम समायोजन गर्नुपर्दछ।

१६. **राजस्व बक्यौता** - आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०८०।८१ मा रु.२ खर्ब ५४ अर्ब ४ करोड रहेको कर बक्यौता २०८१।८२ मा ८.२७ प्रतिशतले वृद्धि भई ब्याजसमेत रु.२ खर्ब ७५ अर्ब ५ करोड पुगेको छ। उठ्न बाँकी बक्यौता मध्ये आयकर रु.२ खर्ब १९ अर्ब ११ करोड, मूल्य अभिवृद्धि कर रु.४८ अर्ब ७० करोड, अन्तःशुल्क रु.४ अर्ब ९ करोड र अन्य रु.३ अर्ब १५ करोड रहेको छ। उक्त बक्यौतामध्ये रु.१ खर्ब ८० अर्ब १० करोड (६५.४८ प्रतिशत) का सम्बन्धमा करदाता पुनरावेदनमा गएका छन्। मन्त्रालयले मातहतका निकायलाई विवादरहित बक्यौता असुलीमा समेत प्रभावकारी रूपमा परिचालन गर्न सकेको छैन। कानुनको प्रभावकारी कार्यान्वयन गरी बक्यौता असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ।

१७. **भाखा नाघेको ऋणको साँवा र ब्याज -** ऋण तथा लगानीको वार्षिक प्रतिवेदन २०८१।८२ बमोजिम कुल ऋण लगानी रु.५ खर्ब २६ अर्ब ६ करोड ६३ लाख रहेकोमा उठाउन बाँकी भाखा नाघेको ऋणको साँवा गत वर्षको तुलनामा २६२.८२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ५९ अर्ब १९ करोड ९७ लाख पुगेको छ, जुन कुल ऋण लगानीको ४९.२७ प्रतिशत हो। यसैगरी, भाखा नाघेको ब्याजसमेत २८.४० प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४० अर्ब ८८ करोड २४ लाख पुगेको छ। साँवा र ब्याज दुवै १२०.८६ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८ करोड २१ लाख पुगेको देखिन्छ।

भाखा नाघेको साँवा र ब्याज चुक्ता नगर्ने ८० निकायमध्ये नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी बोर्ड र साना किसान विकास लघुवित्तलगायतका शीर्ष १० निकायसँग मात्रै कुल बक्यौताको ९५ प्रतिशत हिस्सा रहेको छ। आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार मुनाफा आर्जन गरिरहेका उल्लिखित संस्थाहरूले समेत बक्यौता राखेका छन्। त्यस्ता निकायबाट समयमै साँवा ब्याज असुल उपर गर्नुपर्दछ।

१८. **नगद योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ बमोजिम अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल राष्ट्र बैङ्कको समन्वयमा आवधिक नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहे तापनि यस वर्ष त्यस्तो योजना तर्जुमा गरेको पाइएन। यो वर्ष नेपाल सरकारले रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख वैदेशिक र रु.३ खर्ब २९ अर्ब ७ करोड ६३ लाख आन्तरिक ऋण लिएको छ। ऋण स्रोतसमेतबाट हस्तान्तरण गरेको रकममध्ये प्रदेश र स्थानीय तहमा खर्च नभई सञ्चित कोष तथा अन्य खातामा कुल रु.१ खर्ब ३२ अर्ब ४४ करोड ६७ लाख मौज्दात रहेको देखिन्छ। सङ्घीय सरकारले स्रोत अभाव पूर्ति गर्न ऋण लिई वित्तीय हस्तान्तरण गरेको रकम परिचालन नहुँदा आन्तरिक ऋणको औसत ३.८३ प्रतिशत ब्याजदरले वार्षिक रु.५ अर्ब ७ करोड २७ लाख अतिरिक्त ब्याज भुक्तानी गर्नुपरेको छ। तसर्थ, वित्तीय हस्तान्तरण प्रक्रियामा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

त्यसै गरी यो वर्ष ११३ गैर-बजेटरी निकायमा रु.८४ अर्ब ८० करोड ७३ लाख नगद तथा बैङ्क मौज्दात रहेको छ भने सार्वजनिक निकायले साँवा-ब्याजको किस्ता दाखिला नगरी आफ्नो आयको रकम न्यून ब्याज आउने मुद्दती तथा चल्ती खातामा राख्ने प्रवृत्तिले सङ्घीय सञ्चित कोष ऋणात्मक भई आन्तरिक ऋणको भार थपिँदा विकास आयोजनाहरूको लागत समेत बढेको छ। नियमनकारी निकायले प्राप्त गर्ने राजस्वको परिचालन गर्ने नीतिमा पुनरावलोकन गर्ने, साँवा-ब्याज असुलीमा प्रभावकारिता ल्याउने तथा एकीकृत नगद व्यवस्थापन योजनामार्फत ती निकायको कोषमा रहेको रकम सहुलियत दरमा सरकारले प्रयोग गर्न सक्ने प्रणालीको विकास गरी वित्तीय भार न्यूनीकरण गर्नुपर्दछ।

१९. **बजेट अनुमान र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१) बमोजिम बजेट तथा कार्यक्रमको मूल्याङ्कन र विश्लेषणको आधार तथा दफा १० (३) बमोजिम खर्च गर्न सक्ने क्षमता समेतको आधारमा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारको यो वर्षको बजेट र खर्चको अवस्था देहायअनुसार छः

(रु. करोडमा)

विवरण	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		
			सुरु बजेट	खर्च	खर्च प्रतिशत
चालु	९९१५१	९२९१३	११४०६७	९५६५९	८३.८६
पुँजीगत	२३४६२	१९२०२	३५२३५	२२३९८	६३.५७
वित्तीय व्यवस्था	१९५२०	२७२२५	३६७२८	३३२६८	९०.५८
जम्मा	**१४२१३३**	**१३९३४०**	**१८६०३०**	**१५१३२५**	**८१.३४**

उल्लिखित तालिकाबमोजिम २०७९।८० मा रु.१४ खर्ब २१ अर्ब ३३ करोड र २०८०।८१ मा रु.१३ खर्ब ९३ अर्ब ४० करोड यथार्थ खर्च भएकोमा २०८१।८२ मा विनियोजित बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोडमध्ये रु.१५ खर्ब १३ अर्ब २५ करोड (८१.३४ प्रतिशत) खर्च भएको छ। चालुतर्फ ८३.८६ प्रतिशत र पुँजीगततर्फ ६३.५७ प्रतिशत खर्च भएको छ। स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमतालाई दृष्टिगत गरी बजेट तर्जुमा यथार्थपरक बनाउनुपर्दछ।

२०. **स्रोतगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१) र १०(३) मा बजेट तथा कार्यक्रमको मूल्याङ्कन, स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमताको आधारमा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को कुल खर्च रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख मध्ये आन्तरिक राजस्वबाट रु.११ खर्ब ४ अर्ब ९४ करोड ८७ लाख बेहोरिएकोमा खर्चको स्रोतगत विवरण देहायबमोजिम छः

(रकम रु.लाखमा)

विवरण	आन्तरिक राजस्व	आन्तरिक ऋण	अनुदान	वैदेशिक ऋण	वस्तुगत अनुदान	कुल खर्च
चालु खर्च	७८७१७६७	१३१३९४०	१२७८५७	२३२९१३	१९३९८	९५६५८८५
पुँजीगत खर्च	१८२९१७	१२१९३५४	६५३७३	७७२१४१	०	२२३९७८५
वित्तीय व्यवस्था	२९९४८०३	५९००	५९१४६	२६६९४०	०	३३२६७८९
जम्मा	११०४९४८७	२५३९२०४	२५२३७६	१२७१९९४	१९३९८	१५१३२४५९

उल्लिखित विवरणअनुसार रु.९ खर्ब ५६ अर्ब ५८ करोड ८५ लाख चालु खर्चमध्ये आन्तरिक राजस्वबाट रु.७ खर्ब ८७ अर्ब १७ करोड ६७ लाख र आन्तरिक ऋणबाट रु. १ खर्ब ३१ अर्ब ३९ करोड ४० लाख बेहोरिएको छ। त्यस्तै रु.२ खर्ब २३ अर्ब ९७ करोड ८५ लाख पुँजीगत खर्चमध्ये आन्तरिक राजस्वबाट रु. १८ अर्ब २९ करोड १७ लाख र बाह्य ऋणबाट रु.७७ अर्ब २१ करोड ४१ लाख बेहोरेको देखिन्छ। चालु खर्चमा बाह्य ऋणको अंश २.४३ प्रतिशत र पुँजीगत खर्चमा ३४.४७ प्रतिशत रहेको देखिन्छ। सार्वजनिक ऋणको रकम पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा कर्मचारी सम्बन्धी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालन जस्ता चालु शीर्षकमा समेत खर्च भएको हुँदा चालु खर्चलाई वाञ्छित सीमामा राख्ने र ऋणलाई चालु प्रकृतिको खर्च बेहोर्न प्रयोग गरिने कार्यमा नियन्त्रण गरी स्रोत व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

२१. **मध्यमकालीन खर्च र बजेट विनियोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ तथा नियमावली, २०७७ को नियम १४ बमोजिम योजना आयोग र स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाभित्र रही अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। विगत ४ वर्षको बजेट सीमा र यथार्थ विनियोजनको स्थिति देहायबमोजिम छः

(रु. करोडमा)

आर्थिक वर्ष	स्रोत अनुमान समितिको सीमा	बजेट विनियोजन	मध्यावधि समीक्षाबमोजिम संशोधित	पछिल्लो बजेटबाट संशोधित	वास्तविक खर्च
२०८१।८२	१८९७७२	१८६०३०	१६९२७३	१६६२३७	१५१३२५
२०८०।८१	१६८८४०	१७५१३१	१५३०२७	१५३०३६	१३९३४०
२०७९।८०	१७४५००	१७९३८३	१५४९५०	१५०५००	१४२१३३

उल्लिखित विवरणअनुसार २०८१।८२ का लागि स्रोत अनुमान समितिले रु.१८ खर्ब ९७ अर्ब ७२ करोडको सीमा सिफारिस गरेकोमा रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन भएको देखिन्छ। बजेट कार्यान्वयनका क्रममा अर्धवार्षिक समीक्षामार्फत लक्ष्य घटाएर रु.१६ खर्ब ९२ अर्ब

७३ करोड कायम गरे तापनि वास्तविक खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोड रहेको छ। जुन संशोधित अनुमानको ९१.०३ प्रतिशत र सुरु विनियोजनको ८१.३४ प्रतिशत हो। विगतका वर्षहरूमा पनि सुरु विनियोजनको तुलनामा वास्तविक खर्च न्यून रहने र पटक-पटक लक्ष्य संशोधन गर्दा बजेट तर्जुमाको आधार र कार्यान्वयन क्षमताबिच भिन्नता रहेको देखिन्छ।

गत वर्षको तुलनामा २०८१।८२ मा राजस्वमा ४०.४३ प्रतिशत वृद्धिको अनुमान गरिए तापनि वास्तविक प्राप्ति लक्ष्यको ८४.२८ प्रतिशत रहेको छ। राजस्व प्रक्षेपण गर्दा विगतको यथार्थ प्राप्तिको प्रवृत्ति, मालवस्तुको निकासी पैठारी प्रवृत्ति, आर्थिक गतिविधिका सूचक, नीतिगत तथा कानुनी परिवर्तनलगायतको वस्तुपरक विश्लेषण गर्नुपर्दछ।

२२. **त्रैमासिक विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (३) बमोजिम बजेट कार्यान्वयन गर्न लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने र दफा १९(४) बमोजिम सो कार्य योजनामा वार्षिक खरिद योजना, मासिक नगद प्रवाह विवरण, उपलब्धि मापन सूचक र कार्यान्वयनको समय तालिका समेत समावेश गर्नुपर्ने व्यवस्था छ। यो वर्षको त्रैमासिक बजेट विनियोजन र खर्चको स्थिति निम्नानुसार छः

(रु.लाखमा)

त्रैमासिक	विनियोजन		बजेट खर्च		विनियोजन र खर्चको अन्तर		
	चालु	पुँजीगत	चालु	पुँजीगत	चालु	पुँजीगत	जम्मा
प्रथम	४४३२४६८	१०३१५२८	२२९८५३८	२९३७४८	२१३३९३०	७३७७८०	२८७१७१०
दोस्रो	२७२१३०८	९९६५२६	२२२१५४८	२७५६०३	४९९७६०	७२०९२३	१२२०६८३
तेस्रो	२२४६१७७	६७२६३६	२२६०७३४	४५९७०१	(१४५५७)	२१२९३५	१९८३७८
चौथो	२००५६६६	८२१५८६	२७८५०६५	१२१०७३३	(७७९३९९)	(३८९१४७)	(११६८५४६)
जम्मा	**११४०५६१९**	**३५२२२७६**	**९५६५८८५**	**२२३९७८५**	**१८३९७३४**	**१२८२४९१**	**३१२२२२५**

उल्लिखित विवरणअनुसार यो वर्ष चालु तथा पुँजीगत बजेटमा विनियोजन र खर्चको त्रैमासिक प्रवृत्ति अध्ययन गर्दा अनुमान र यथार्थबिच उल्लेख्य अन्तर रहेको छ। यसबाट नगद व्यवस्थापनमा चाप पर्ने हुँदा वस्तुपरक ढङ्गले नगद व्यवस्थापन कार्य योजना बनाई बजेट कार्यान्वयन गर्नुपर्दछ।

२३. **बजेटभन्दा बढी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र भएको यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष वित्तीय व्यवस्थातर्फ विभिन्न ३ आयोजना र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय शीर्षकमा रु.४ अर्ब ५१ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु.७ अर्ब ५३ करोड ७७ लाख खर्च भएकोले रु.३ अर्ब १ करोड ८१ लाख ५४ हजार स्वीकृत बजेटभन्दा बढी हुने गरी खर्च भएको छ। स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएकोले एकल खाता कोष प्रणालीले यसलाई नियन्त्रण गर्न सकेको देखिएन। स्वीकृत बजेटबमोजिम मात्र निकासा हुने गरी प्रणाली अद्यावधिक गर्नुपर्दछ।

२४. **रकमान्तर -** विनियोजन ऐन, २०८१ को दफा ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा

बचत हुने रकममध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

२४.१ यो वर्षको कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाखमध्ये कार्यक्रम संशोधन समेत रु.४६ अर्ब ६७ करोड ७७ लाख (२.५१ प्रतिशत) रकमान्तर भएको छ। सो मध्ये आषाढ महिनामा रु.१८ अर्ब २१ करोड ८९ लाख र आषाढको अन्तिम हप्तामा रु.७९ करोड १३ लाख ४६ हजार विभिन्न शीर्षक उपशीर्षकमा रकमान्तर भएको छ। आषाढ अन्तिम हप्तामा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार पहिलो त्रैमासिकमा रु.२१ करोड २६ लाख ८७ हजार तथा अर्थ विविधबाट रु.८३ करोड ९६ लाख ५० हजार रकमान्तर तथा निकासा समेत रु.१ अर्ब ५ करोड २३ लाख ३७ हजार अर्थात् कुल रकमान्तरको २.२५ प्रतिशत रकमान्तर भएको छ। रकमान्तर गर्दा कानुनको पालना गनुपर्दछ।

२४.३ विनियोजन ऐन, २०८१ को दफा ५(२) अनुसार कुनै अनुदान सङ्केतमा बचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान सङ्केतमा रकम सार्दा विनियोजित रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सो कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी समेत रकमान्तर भएको पाइयो। यसका केही उदाहरण निम्नानुसार छन्:

(रकम रु.लाखमा)

अनुदान सङ्ख्या	मन्त्रालय /निकायको नाम	सुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप/घट	रकमान्तर प्रतिशत
२१२	निर्वाचन आयोग	६१९६	८२३२	२०३७	३२.८८
५०४	अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय)	१७२३९२	२२४४९२	५२१००	३०.२२
३२६	परराष्ट्र मन्त्रालय	६७७४६	८०७८४	१३०३८	१९.२५
३५०	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५७७०२१	६४७८२६	७०८०५	१२.२७
५०३	अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय)	४८६५९०	५४५१९०	५८६००	१२.०४
३७०	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	४६१४६३	५१२६०३	५११४०	११.०८
३०५	अर्थ मन्त्रालय	४३०२०७	३६८०९७	-६२११०	-१४.४४
६०२	अर्थ मन्त्रालय- विविध	७५८४८४	५३६६२७	-२२१८५७	-२९.२५
३४३	युवा तथा खेलकुद मन्त्रालय	३५०४८	२०५८९	-१४४५९	-४१.२५

यो वर्ष ४१.२५ प्रतिशतसम्म रकमान्तर गरी बजेट थप-घट गरेको देखिन्छ। कानुनको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

२४.४ विनियोजन ऐन, २०८१ को दफा ५(४) बमोजिम अनुदान सङ्केत नं ६०१ र ६०२ मा विनियोजित रकम जुन अनुदान सङ्केतबाट खर्च हुने हो सो अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा नपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणबमोजिम यी अनुदान सङ्केतहरूमा क्रमशः रु.९३ अर्ब ५७ करोड ३३ लाख र रु.७५ अर्ब ८४ करोड ८३ लाख विनियोजन भएकोमा क्रमशः रु.८० अर्ब ८२ करोड १५ लाख र रु.८ करोड ७७ लाख २३ हजार तत् तत् अनुदान सङ्केतबाट खर्च भएको देखिन्छ। बजेट खर्चमा ऐनको पालना गर्नुपर्दछ।

२५. **अन्तर-सरकारी अख्तियारी -** विनियोजन ऐन, २०८१ को दफा ७ मा प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्ने व्यवस्था छ। वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त विवरणअनुसार यो वर्ष देहाय अनुसार प्रदेश सरकारले नेपाल सरकारका कार्यालयलाई चालु खर्चमा समेत खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएनः

(रु. हजारमा)

प्रदेशको विवरण	अख्तियारी पाउने सङ्घीय कार्यालय सङ्ख्या	अन्तर सरकारी अख्तियारीबाट खर्च		
		चालु खर्च	पुँजीगत	जम्मा खर्च
कोशी	९४	-	७०३९१	७०३९१
बागमती	८३	१०६९४१	८७५५९	१९४५००
गण्डकी	३१	-	६८२६	६८२६
लुम्बिनी	९७	१३७९७	८५५८९	९९३८६
कर्णाली	१३	४४१७	१२३३७	१६७५४
जम्मा	**३१८**	**१२५१५५**	**२६२७०२**	**३८७८५७**

विनियोजन ऐनबमोजिम दिइएको अख्तियारीअनुसारको बजेट खर्च गर्न नेपाल सरकारका कार्यालयलाई प्रदेश सरकार मातहतको एकाइ मानी कार्यालय कोड दिइने व्यवस्था छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश सरकार एवं स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई चार प्रकारको वित्त हस्तान्तरण गर्ने व्यवस्था गरे तापनि ३ वटै तहका सरकारले अन्तर सरकारी अख्तियारी प्रदान गर्न सक्ने व्यवस्था छैन। यसअनुसार नेपाल सरकारका कार्यालयले आर्थिक कारोबार गर्दा प्रदेश सरकारका निकाय मातहत रही प्रदेश सरकारको कानुन पालना गर्नुपर्ने तथा खर्चको भौतिक तथा वित्तीय प्रतिवेदन प्रदेश सरकारलाई गर्नुपर्ने एवं लेखापरीक्षणबाट देखिएका बेरुजु नियमित गर्न तालुक लेखा उत्तरदायी अधिकृतको सट्टा सम्बन्धित प्रदेश सचिवसमक्ष पेस गर्नुपर्ने अवस्था देखिएकोले यस्तो व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

२६. **सञ्चित कोषमाथि व्ययभार हुने बजेट -** नेपालको संविधानको धारा ११८ मा राष्ट्रपति वा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, न्याय परिषद, संवैधानिक निकाय र प्रदेश प्रमुखको कार्यालयको प्रशासनिक व्यय सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने र त्यस्तो व्ययको लागि सङ्घीय संसदको स्वीकृति आवश्यक नपर्ने व्यवस्था छ। उक्त व्यवस्था विपरीत हुने गरी विनियोजन ऐन, २०८१ को दफा ३ ले सङ्घीय विनियोजन ऐनबमोजिम खर्च हुने रकमअन्तर्गत रु.५ अर्ब २५ करोड ८० लाख बजेट विनियोजन गरेको छ। संविधानमा रहेको व्यवस्थाअनुसार सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने गरी विनियोजन हुनुपर्दछ।

२७. **वैदेशिक सहायताको लक्ष्य र प्राप्ति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायता बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणबमोजिम यो वर्षको वैदेशिक सहायताको लक्ष्य र प्राप्तिको स्थिति देहायअनुसार छः

(डलर मिलियनमा)

सहायताको प्रकार	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत	बजेटमा समावेश भएको	बजेटमा समावेश नभएको
ऋण	१५८३.९०	१०७५.२४	६७.८८	१०७५.२४	-
अनुदान	४८४.३०	३४४.४२	७१.१२	२५५.३४	८९.०८
प्राविधिक	१८८.७०	१८७.१६	९९.१८	३४.२१	१५२.९५
जम्मा	**२२५६.९०**	**१६०६.८२**	**७१.२०**	**१३६४.७९**	**२४२.०३**

उल्लिखित विवरणअनुसार यो वर्ष कुल २ हजार २५७ मिलियन अमेरिकी डलर वैदेशिक सहायता प्राप्त गर्ने लक्ष्य रहेकोमा अमेरिकी डलर १ हजार ६०७ मिलियन (७१.२० प्रतिशत) प्राप्त भएको छ। कुल प्राप्तिमध्ये बजेट प्रणालीमा अमेरिकी डलर १ हजार ३६५ मिलियन (८४.९४ प्रतिशत) समावेश भएको छ। जुन निर्धारित लक्ष्यको तुलनामा ६०.४७ प्रतिशत हो। कुल सहायताको करिब १५ प्रतिशत अर्थात् अमेरिकी डलर २४२ मिलियन र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने अमेरिकी डलर ९० मिलियनसमेत बजेटरी प्रणाली बाहिरै रहेको देखिन्छ। विशेष गरी प्राविधिक सहायता अमेरिकी डलर १८७ मिलियनमध्ये ठुलो हिस्सा अमेरिकी डलर १५२.९५ मिलियन (८१.७२ प्रतिशत) बजेट प्रणालीमा आबद्ध भएको छैन।

बजेट बाहिर रहेका अनुदान र प्राविधिक सहायतालाई अनिवार्य रूपमा अन-ट्रेजरीप्रणालीमा आबद्ध गरी सहायता परिचालन गर्नुपर्दछ।

२८. **सहायता उपयोग र शोधभर्ना -** महालेखा नियन्त्रक कार्यालयको सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०८१।८२ मा वैदेशिक अनुदान रु.५२ अर्ब ३२ करोड ६५ लाख र वैदेशिक ऋण रु.२ खर्ब १७ अर्ब ६७ करोड ३५ लाखसमेत रु.२ खर्ब ७० अर्ब प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायता र वस्तुगत सहायताबाहेक अनुदान रु.२९ अर्ब ६५ करोड २५ लाख र वैदेशिक ऋणतर्फ रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख समेत रु.१ खर्ब ५६ अर्ब ६० करोड १ लाख प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ५६.६७ प्रतिशत र वैदेशिक ऋण ५८.३२ प्रतिशत प्राप्त भई सञ्चित कोष दाखिला भएको छ। यो वर्ष सञ्चित कोष दाखिला भएको वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख मध्ये रु.१ खर्ब २७ अर्ब १९ करोड ९४ लाख उपयोग भएको देखिन्छ। यो वर्ष प्राप्तिभन्दा रु.२५ करोड १८ लाख बढी उपयोग भएकोमा शोधभर्ना प्राप्त गर्न बाँकी रहेको छ।

२९. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) मा वैदेशिक सहायता केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था छ। बजेट वक्तव्यसाथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १७ सङ्घीय मन्त्रालय/निकाय अन्तर्गतका १२० आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.१९ अर्ब २४ करोड ६१ लाख ६४ हजार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १५४ कार्यक्रम/आयोजनाको लागि रु.२२ अर्ब २२ करोड ५० लाख ४३ हजार समेत रु.४१ अर्ब ४७ करोड १२ लाख ७ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकममध्ये खर्च भएको रकम आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षणसमेत गराएको छैन। सरकारको समग्र आयव्ययको चित्रण गर्न प्राविधिक तथा अन्य सहायतालाई केन्द्रीय वित्तीय विवरणमा समावेश गरी लेखापरीक्षणसमेत गराउनुपर्दछ।

३०. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालय तथा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋणको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारको विगत ५ वर्षको कुल ऋण दायित्वको स्थिति देहायअनुसार छः

(रु. करोडमा)

शीर्षक	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
वैदेशिक ऋण	९३४७०	१०२,५८५	११७२४९	१२५३२०	१४०५८३
आन्तरिक ऋण	८०२९४	९८७४५	११२९१०	११८०९०	१२६८२२
कुल ऋण	१७३७६४	२०१३३०	२३०१५९	२४३४१०	२६७४०५
कुलगार्हस्थ उत्पादनमा ऋणको हिस्सा (प्रतिशतमा)	३९.९२	४०.४६	४३.०३	४२.६७	४३.७९

उल्लिखित विवरणअनुसार २०८१।८२ को अन्त्यसम्म नेपालको कुल सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ५ करोड पुगेको छ, जसमा बाह्य ऋणको हिस्सा ५२.५७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.४३ प्रतिशत रहेको छ। गत वर्ष सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२.६७ प्रतिशत रहेकोमा यो वर्ष बढेर ४३.७९ प्रतिशत पुगेको देखिन्छ। साथै, विनिमय दरको उतारचढावका कारण मात्र यो वर्ष रु.६५ अर्ब ५५ करोड थप दायित्व सिर्जना हुनुले बाह्य मौद्रिक प्रभावप्रति ऋण संरचना संवेदनशील रहेको देखिन्छ।

बढ्दो ऋण भार र सार्वजनिक संस्थानहरूको परोक्ष दायित्वलाई मध्यनजर गर्दै संघ, प्रदेश र स्थानीय तहको ऋण परिचालनको एकीकृत लेखाङ्कन र प्रतिवेदन प्रणाली तयार गर्नुपर्दछ। साथै, ऋणलाई उपभोगमुखी कार्यमा भन्दा उच्च प्रतिफल दिने र पुँजी निर्माण हुने रूपान्तरणकारी आयोजनामा मात्र परिचालन गर्नुपर्दछ।

३१. **ऋणमा अतिरिक्त भार -** नेपाली मुद्रा कमजोर हुँदा सार्वजनिक ऋणमा २०८१।८२ को वर्षान्तसम्म रु.६५ अर्ब ५५ करोड अतिरिक्त भार थपिएको छ। एक अमेरिकी डलरको २०८१ असार मसान्तको विनिमय दर १३३.९६ रहेकोमा २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.६० र २०८२ चैत्र मसान्तमा रु.१४८.६७ पुगेको अवस्था छ। अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको निरन्तर अवमूल्यनका कारण २०८२ चैत्र मसान्तसम्म रु.१ खर्ब १५ अर्ब ७५ करोड ७३ लाख अतिरिक्त ऋणको भार थप भएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्क अनुसार २०८१।८२ को आषाढ मसान्तमा सरकारी ऋण रु.२६ खर्ब ७४ अर्ब ५ करोड रहेकोमा २०८२ को चैत्र मसान्तसम्म रु.२९ खर्ब ३३ अर्ब ७९ करोड पुगेको छ, जुन कुल गार्हस्थ उत्पादनको ४८.०४ प्रतिशत हुन आउँछ। विदेशी मुद्रामा हुने विनिमय जोखिम व्यवस्थापन गर्न उपयोग हुने वित्तीय उपकरणको परिचालनतर्फ समेत दृष्टिगत गरी उत्पादकत्व प्राप्त हुने क्षेत्रमा ऋण परिचालन गर्नुपर्दछ।

३२. **सञ्चित कोषमा अतिरिक्त व्ययभार -** नेपाल सरकारले २०८१।८२ मा वैदेशिक ऋणको साँवा बापत रु.४७ अर्ब २८ करोड ५८ लाख र ब्याज बापत रु.१० अर्ब १६ करोड ९५ लाख भुक्तानी गरेको छ। सरकारले ३८ सार्वजनिक संस्थानमा वैदेशिक ऋण स्रोतबाट रु.३ खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख लगानी गरेकोमा सोको असुली न्यून देखिन्छ। यस वर्ष ३ संस्थानबाट रु.१ अर्ब ३ करोड ७० लाख साँवा र ६ संस्थानबाट रु.४ अर्ब ८७ करोड १५ लाख ब्याज प्राप्त भएको छ। वैदेशिक स्रोततर्फ

हालसम्म ३६ संस्थानको रु.१ खर्ब ६३ अर्ब ८२ करोड ६ लाख साँवा र ३४ संस्थानको रु.१ खर्ब १८ अर्ब ५२ करोड ४९ लाख ब्याजसमेत कुल रु.२ खर्ब ८२ अर्ब ३४ करोड ५६ लाखको भाखा नाघिसकेको छ। गत वर्षसम्मको बाँकी ब्याज रु.१ खर्ब २ अर्ब ३५ करोड ८४ लाख र यस वर्ष प्राप्त हुनुपर्ने रु.१६ अर्ब ६० करोड १० लाखमध्ये न्यून असुली भई बक्यौता ब्याजमा रु.११ अर्ब ७२ करोड ९५ लाख थप हुँदा कुल रु.१ खर्ब १४ अर्ब ८ करोड ७९ लाख पुगेको छ। संस्थानको भाखा नाघेको साँवा र प्राप्त हुनुपर्ने ब्याज रु.२ खर्ब ७७ अर्ब ९० करोड ८५ लाख असुल हुन नसक्दा सो रकमको भुक्तानी नेपाल सरकारले अन्य स्रोतबाट गर्नुपरेको स्थिति छ। सोको कारण सङ्घीय सञ्चित कोषमा अतिरिक्त व्ययभार पर्न गएकोले लगानी असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ।

३३. **संस्थानको व्यवस्थापन र विनिवेश -** व्यावसायिक सम्भाव्यता नभएका र स्थापनाको उद्देश्य अनुरूप कार्यसम्पादन गर्न नसकी निरन्तर घाटामा सञ्चालन भइरहेका सार्वजनिक संस्थानहरूमा सरकारको आर्थिक दायित्व बर्सेनि बढ्दै जाँदा वित्तीय भार उच्च बनेको छ। बन्द अवस्थामा रहेका संस्थानहरूको पुनः सञ्चालन सम्बन्धमा गठित कार्यदलले ४४ संस्थानमध्ये ६ पूर्णतः बन्द रहेको प्रतिवेदन पेस गरेकोमा नेपाल ओरिएण्ट म्याग्नेसाइट, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल्स र नेपाल औषधि लिमिटेडमा रहेको सरकारको लगानी जोखिममा परेको छ। निजीकरण भएका १८ संस्थानमध्ये ६ बन्द हुनु र विनिवेशका लागि छनोट भएका ३० मध्ये १२ लाई खारेजी गर्ने निर्णय भएको लामो समय व्यतीत भइसक्दा पनि कृषि चुन उद्योग बाहेक अन्यको कानुनबमोजिम हिसाब राफसाफ नभएको हुँदा यथाशीघ्र टुङ्गो लगाउनुपर्दछ।

बजेट वक्तव्यमा उल्लेख गरिएका नेपाल टेलिकम र नेपाल वायुसेवा निगमको सेयर विनिवेश गर्ने, रणनीतिक साझेदार भित्र्याउने र होल्डिङ कम्पनी स्थापना गर्ने नीतिहरू हालसम्म कार्यान्वयन भएका छैनन्। तसर्थ, सरकारको अनुत्पादक क्षेत्रमा हुने खर्च कटौती गरी सार्वजनिक संस्थानको प्रभावकारी व्यवस्थापन गर्न सान्दर्भिक नदेखिएका संस्थानहरूको विनिवेश र खारेजी प्रक्रियालाई समयबद्ध कार्ययोजना बनाई सम्पन्न गर्नुपर्दछ।

३४. **संस्थानको वित्तीय स्थिति तथा नियमन -** सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२ अनुसार २८ संस्थान नाफामा र १५ घाटामा रहेका छन् भने संस्थानको मध्यम, दीर्घकालीन र अल्पकालीन दायित्व ३.८८ देखि ५.६० प्रतिशतले वृद्धि भई रु.१६ खर्ब १८ अर्ब १३ करोड पुगेको छ। संस्थानहरूको कोषमा व्यवस्था नगरिएको दायित्व रु.६२ अर्ब ३१ करोड र सम्भावित दायित्व रु. २१ खर्ब २६ अर्ब २२ करोड पुगेको छ। अर्थ मन्त्रालयको पूर्व स्वीकृति बिना सहायक कम्पनी स्थापना गर्ने र सञ्चालक समितिले सेवा सुविधा निर्धारण गर्ने प्रवृत्तिले वित्तीय अनुशासन कमजोर बनाएको हुँदा संस्थान नियमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

३५. **संस्थानको लेखापरीक्षण र जनशक्ति व्यवस्थापन -** सार्वजनिक संस्थानको वित्तीय पारदर्शिता तथा आर्थिक सुशासन सुनिश्चित गर्न समयमै लेखापरीक्षण गराउनु अनिवार्य भए तापनि २०८०।८१ सम्मको विवरण अनुसार ४५ संस्थानमध्ये २१ संस्थानले मात्र नियमित रूपमा लेखापरीक्षण गराएका छन्। नेपाल ओरिएण्ट म्याग्नेसाइटले १७ वर्ष (२०६४।६५ देखि), साझा प्रकाशनले १२ वर्ष (२०६९।७० देखि), राष्ट्रिय बिमा संस्थानले ९ वर्ष र राष्ट्रिय बिमा कम्पनीले ८ वर्षसम्म पनि लेखापरीक्षण गराएका छैनन्। यसबाट वित्तीय अनुशासन र जवाफदेहिता कमजोर बनेको छ। त्यसैगरी, नेपाल रेल्वे कम्पनी,

विशाल बजार कम्पनी, र गोरखापत्र संस्थानजस्ता निकायहरूको लेखापरीक्षणमा देखिएको ढिलाइले ती संस्थानहरूको वास्तविक वित्तीय अवस्था यकिन भएको छैन।

संस्थानहरूको आन्तरिक सुशासन र जनशक्ति व्यवस्थापन समेत पद्धतिमा आधारित रहेको देखिँदैन। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समयसापेक्ष नहुँदा दरबन्दीको सान्दर्भिकता कायम हुन सकेको छैन। रिक्त पदहरूको पदपूर्ति समयमै नहुँदा सेवा प्रवाह र समग्र कार्यसम्पादनमा प्रतिकूल असर परेको छ। सञ्चालक समितिमा विज्ञको सङ्ख्या कम हुनु, नेतृत्वमा बारम्बार परिवर्तन हुनु र कार्यकारी प्रमुखको कार्यसम्पादनमा आधारित वस्तुनिष्ठ मूल्याङ्कन नहुनुले नीतिगत स्थिरता हुन सकेको छैन। अतः समयमा लेखापरीक्षण नगराउने जिम्मेवार पदाधिकारीलाई कानुनी कारबाहीको दायरामा ल्याउने, संस्थानको उच्च पदमा नियुक्तिका लागि वस्तुनिष्ठ मापदण्ड तर्जुमा गर्ने एवं कर्मचारी विनियमावलीमा सुधार गरी संस्थागत सुशासनलाई नतिजामुखी बनाउन मन्त्रालयले आवश्यक पहल गर्नुपर्दछ।

३६. **भाडा -** अर्थ मन्त्रालयले नेपाल रोजिन एण्ड टर्पेन्टाइन उद्योग र भक्तपुर इँटा टायल कारखानाको जग्गा व्यावसायिक भाडामा लगाउने सम्झौता गरेकोमा सोबमोजिमको वार्षिक भाडा तथा अन्य शुल्क भए सोसमेतलाई लगत कसी भाडा रकम असुल गर्नुपर्नेमा यो वर्षको भाडा रु.९१ लाख ४३ हजारसमेत रु.६ करोड २९ लाख ७९ हजार असुल हुन बाँकी रहेको देखिन्छ। उक्त बक्यौता भाडालाई राजस्वको आर्थिक विवरणमा लगतीतर्फ समावेश गरेको पाइएन। गत विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा भाडा बापतको रकम असुल उपर गर्न औँल्याइए तापनि असुल भएको छैन। साथै, यी संस्थानहरूको व्यवस्थापन सम्बन्धित विषयगत मन्त्रालयले गर्ने निर्णय भएकोमा उक्त संस्थाबाट हालसम्म असुल हुनुपर्ने भाडा तथा ब्याज बक्यौता सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई जानकारी गराएको पाइएन। सम्झौताबमोजिम सार्वजनिक संस्थानले तिर्नुपर्ने भाडालाई राजस्वको आर्थिक विवरणमा लगत कस्नुको साथै गत वर्षसम्मको तथा यो वर्षको बाँकी भाडा निक्यौंल गरी नियमानुसार ब्याज तथा जरिबानासहित असुल गर्नुपर्दछ।

३७. **नेपाल चिया विकास निगमको निजीकरण -** नेपाल चिया विकास निगमको निजीकरण गर्ने गरी नेपाल सरकार र उक्त निगम खरिदकर्ताबिच १५ वर्षको लागि २०५७ असार १४ मा भएको निजीकरण सम्झौता सम्बन्धमा देखिएका बेहोरा निम्नुसार छन्:

३७.१ नेपाल चिया विकास निगमको निजीकरणको लागि भएको सम्झौतामा निगमको नाममा रहेको ५ हजार १९६.३४ एकड जग्गा प्रयोग गरेबापत २०५७।७।४ देखि वार्षिक रु.२ करोड ८० लाख १ हजार भाडा बुझाउनुपर्ने र प्रत्येक ५ वर्षमा रु.५ लाख १ हजारका दरले वृद्धि हुने व्यवस्था छ। उक्त सम्झौताको दफा १९, २० र २१ मा जग्गामा क्षति पुगेमा वा प्रयोग गर्न नसकिने भएमा मात्र भाडा समायोजन गर्न सकिने तथा दफा ४४ मा सम्झौता नवीकरण गर्दा भाडा बाहेकका विषयमा मात्र संशोधन गर्न सकिने व्यवस्था रहेको छ। निगमको १ हजार २१२.६१ एकड जग्गा उक्त व्यक्तिलाई उपलब्ध गराउन नसकेको आधारमा निजीकरण समितिको २०६२।१०।२७ को निर्णयबाट आनुपातिक रूपमा भाडा समायोजन गरी रु.२ करोड १४ लाख ६८ हजार कायम गरेको देखिन्छ।

तर, मन्त्रीपरिषद्को २०६४।८।१२ को निर्णयको आधारमा २०६४।११।२२ मा गरिएको पूरक सम्झौतामा मूल सम्झौताका सर्तहरूको प्रतिकूल हुने गरी भाडादरमा कटौती गरेको देखिन्छ। उक्त पूरक सम्झौतामा २०५७ देखि २०६२ सम्मको ५ वर्षको कुल भाडा रु.१० करोड ७३ लाख

४२ हजार लाई निगमको वासलातमा दायित्व लेखाङ्कन गर्ने र नाफामा गएपश्चात् भुक्तानी गर्ने तथा २०६२ कात्तिक ४ देखि ५ वर्षका लागि वार्षिक भाडा दर घटाई रु.४० लाख कायम गरेको बेहोरा मन्त्रालयले उल्लेख गरेको छ। मूल सम्झौतामा भाडा दर संशोधन गर्न नसकिने व्यवस्था रहेकोमा सोको प्रतिकूल हुने गरी भाडा रकम घटाउने गरी पूरक सम्झौता गरिएको छ। साथै, अन्तर्राष्ट्रिय चिया समितिको मूल्यलाई आधार मानी भाडा समायोजन गर्ने अध्ययन समितिको सिफारिस रहेकोमा उक्त सिफारिस र भाडा समायोजनको कानुनी आधार प्रतिवेदनमा खुलेको छैन। पूरक सम्झौताबारे निक्यौंल गरी मूल सम्झौताबमोजिम भाडा यकिन गरी असुल गर्नुपर्दछ।

३७.२ पूरक सम्झौताको बुँदा नं १ को आधारमा २०५७ देखि २०६२ सम्मको तिर्न बाँकी भाडा रु.१० करोड ७३ लाख ४२ हजार १० वर्षभित्र नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था गरेकोमा सोअनुसार नगरी २०८१।३।३२ मा मात्र रु.८ करोड ७३ लाख ८३ हजार भुक्तानी गरेको देखिन्छ। मूल सम्झौताको दफा २६ बमोजिम तिर्नुपर्ने मितिले ३५ दिनभित्र भाडा नतिरेमा बैङ्क तथा वित्तीय संस्थाले चिया उद्योगलाई लिने साधारण ब्याजको दरमा ब्याज असुल गर्नुपर्नेमा निगमले २०७४।११।२२ मा भुक्तानी नगरी ढिला भुक्तानी गरेको हुँदा सो समयपश्चात्को २०८१ सम्मको साधारण ब्याज १५ प्रतिशतका दरले हुने वार्षिक रु.१ करोड ३१ लाख ७ हजारको दरले ७ वर्षको रु.९ करोड १७ लाख ५२ हजार तथा तिर्न बाँकी रु.१ करोड ९९ लाख ५९ हजारमा वार्षिक १५ प्रतिशतका दरले ८ वर्षको ब्याज रु.२ करोड ३९ लाख ५१ हजारसमेत बाँकी साँवासहित यकिन गरी असुल गर्नुपर्दछ।

३८. **सहायता (सब्सिडी) खर्च -** यो वर्ष मन्त्रालयले सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्थाको पालना हुने सुनिश्चित नगरी प्रतिस्पर्धा बेगर खर्चको पुष्टयाइँ नहुने गरी गैरवित्तीय संस्थानहरूलाई चालु सहायताको खर्च सङ्केतबाट रु.५ करोड २ लाख १४ हजार विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि दुई नाफामूलक वित्तीय संस्थासँग वस्तु वा सेवा खरिद गर्नका लागि सोझै खर्च लेखेको छ। मूल्य नियन्त्रणका लागि सहायता (सब्सिडी) खर्च सङ्केतबाट निकासा गर्न मिल्नेमा कार्यक्रम सञ्चालनका लागि खर्च लेखेको छ। आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानुनको पालना गर्नुपर्दछ।

३९. **आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह गरिने कर्जाको ब्याज अनुदानका लागि २०८१।८२ मा नेपाल राष्ट्र बैङ्कलाई रु.५ अर्ब ५० करोड निकासा गरिएकोमा वर्षको अन्त्यमा रु.२ अर्ब २ करोड ३६ लाख उपयोग नभई बैङ्कमा नै निष्क्रिय रहेको देखिन्छ। विगत वर्षको बाँकी मौज्दात रु.८ अर्ब ८१ करोड १७ लाखको पूर्ण उपयोग वा थप वितरणको यथार्थ अवस्था विश्लेषण नगरी राष्ट्र बैङ्कबाट माग भएको रु.१२ अर्बको आधारमा थप निकासा दिएको देखिन्छ। यसरी अनुदान रकम फिर्ता नगरी बैङ्कमा निष्क्रिय राख्दा आन्तरिक ऋणको औसत ३.८७ प्रतिशत ब्याजदरले सरकारलाई रु.७ करोड ८३ लाख १३ हजार थप वित्तीय भार परेको छ। वर्षान्तको मौज्दात सञ्चित कोषमा फिर्ता गरी आवश्यकताका आधारमा मात्र निकासा दिनुपर्दछ।

साथै उल्लिखित कार्यविधिको दफा १० र १३ ले भाखा नाघेका कर्जामा अनुदान दिन नपाइने व्यवस्था गरे तापनि राष्ट्र बैङ्कबाट म्याद नाघेका कर्जाको अद्यावधिक विवरण प्राप्त नहुँदा त्यस्ता कर्जामा समेत अनुदान प्रवाह हुन सक्ने जोखिम कायम रहेको छ। वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त

कम्पनीहरूको औसत आधार दरमा उल्लेख्य अन्तर रहे तापनि प्रतिस्पर्धा र प्राथमिकताका आधारमा अनुदान छनोट गर्ने संयन्त्रको अभाव देखिन्छ। कार्यविधिको दफा १३(५) बमोजिमको अनुगमन प्रतिवेदनको अभावमा कर्जाको वास्तविक उपयोग स्थिति यकिन हुन नसकेको र बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भए बमोजिम कार्यक्रमको पुनर्संरचनासमेत भएको पाइएन। अतः म्याद नाघेका कर्जाको अनुदान तत्काल रोक्का गर्ने, एकीकृत सूचना प्रणालीमार्फत दोहोरोपन अन्त्य गर्ने र उद्देश्य विपरीत प्रवाह भएको अनुदान रकम यकिन गरी कार्यविधिबमोजिम असुल हुनुपर्दछ।

४०. **लघु बिमा सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा सङ्गठित संस्थालाई अनुदान दिँदा सोको प्रगति विवरण लिने, लेखापरीक्षण गराउने र अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै, बिमा ऐन, २०७९ को दफा २४ र २८ ले दर्ता नभएका संस्थासँग बिमा कारोबार गर्न नहुने र अनिवार्य रूपमा पुनर्बिमा गर्नुपर्ने व्यवस्था छ। बिमा ऐन र लघुबिमा निर्देशिका, २०७६ को दफा ३(२) मा निर्जीवन बिमा गर्ने कम्पनीले मात्र यस्तो व्यवसाय गर्न पाउने र सोही निर्देशिकाको दफा ५ मा तोकिएका निकायबाट मात्र कार्यक्रम सञ्चालन हुनुपर्ने व्यवस्था छ। तथापि मन्त्रालयले बिमा व्यवसाय गर्ने इजाजत नभएका कृषि विकास बैङ्कलाई रु.४ करोड १६ लाख ६६ हजार र साना किसान लघुवित्त वित्तीय संस्थालाई रु.८ करोड ७५ लाख ६० हजारसमते रु.१२ करोड ९२ लाख २६ हजार निकासा दिएको छ। यी संस्थाहरू बिमा व्यवसाय गर्ने आधिकारिक निकाय नभएको र निर्देशिकाले तोकेको अभिकर्ताको रूपमा समेत दर्ता नभएकाले ती संस्थामार्फत कार्यक्रम सञ्चालन गर्नु कानुनसम्मत रहेको छैन।

त्यसै गरी, निकासा दिइएको रकमबाट लाभान्वित किसान र पशु वा बालीको बिमा सङ्ख्याको खण्डीकृत विवरण एवं पुष्ट्याइँ मन्त्रालयले माग गरेको र अनुगमन गरेको पाइएन। सरकारले यस्तो कार्यक्रमका लागि कुनै निश्चित कार्यविधि समेत तर्जुमा नगरी र प्रचलित सार्वजनिक खरिद एवं आर्थिक कार्यविधि कानुनको प्रक्रिया पुरा नगरी भुक्तानी दिएको देखिँदा बिमा ऐन र निर्देशिकाले तोकेका आधिकारिक बिमा प्रदायकहरूबाट मात्र कार्यक्रम सञ्चालन गर्ने गरी यसको पुनर्संरचना गर्नुपर्दछ। साथै हालसम्म भएको खर्च प्रिमियममा मात्र प्रयोग भएको सुनिश्चित हुने गरी कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ।

४१. **खर्च सङ्केत वर्गीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ र एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ बमोजिम खर्चको प्रकृति र उद्देश्यअनुसार मात्र खर्च संकेत वर्गीकरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले साना किसान लघुवित्त वित्तीय संस्था र कृषि विकास बैङ्कलाई पशु तथा बाली बिमा प्रिमियमबापत रु.१३ करोड ९४ लाख ६६ हजार गैर-वित्तीय संस्थालाई पुँजीगत सहायता (खर्च सङ्केत नं २५१११, २५११२, २५२१२) र नेपाल राष्ट्र बैङ्कलाई सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानबापत रु.५ अर्ब ५० करोड अन्य सामाजिक सुरक्षा शीर्षक २७११२, (राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधि उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायताको रकम) बाट खर्च गरेको छ। व्यावसायिक सहुलियतलाई सामाजिक सहायता शीर्षकमा लेखाङ्कन गर्दा सरकारी निकायको वित्तीय प्रतिवेदनमा वास्तविक खर्चको प्रस्तुति नहुने र सोको आधारमा निर्णय प्रभावित हुने हुँदा सम्बन्धित खर्च संकेतमा मात्र बजेट विनियोजन र लेखाङ्कन गर्नुपर्दछ।

महालेखा नियन्त्रक कार्यालय

नेपाल सरकारको सञ्चित कोष र अन्य सरकारी कोषको हिसाब राख्ने र राख्न लगाउने, लेखा ढाँचा स्वीकृत गराई प्रयोगमा ल्याउने, बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण बनाउने र लेखापरीक्षण गराउने, आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने, निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुल र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन गर्दै आएको छ। यस कार्यालयअन्तर्गत ८३ कार्यालय रहेका छन्।

४२. **सङ्घीय सञ्चित कोष -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ (१) बमोजिम कार्यालयले केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणका साथै सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण महालेखा परीक्षकको कार्यालयमा पेस गरेको छ। कार्यालयले पेस गरेको २०८१।८२ को सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण देहायअनुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२			२०८०।८१		
	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा
१	२	३	४=२+३	५	६	७=५+६
१.राजस्व, अनुदान र अन्य प्राप्ति	**१०६६२४७७**	**१३१८३८**	**१०७९४३१५**	**९६६८११२**	**१०१००७**	**९७६९११९**
१.१.राजस्व	१०३२३९४१	-	१०३२३९४१	९२९०४७८	-	९२९०४७८
क. कर	९१०७२५८	-	९१०७२५८	८२०६९७०	-	८२०६९७०
ख. अन्य राजस्व	१२१६६८३	-	१२१६६८३	१०८३५०८	-	१०८३५०८
१.२. अनुदान	१६४६८७	१३१८३८	२९६५२५	१३९०८७	१०१००७	२४००९४
क. द्विपक्षीय वैदेशिक अनुदान	५३६५९	९५९७१	१४९६३०	१३६०१	३६६३४	५०२३५
ख. बहुपक्षीय वैदेशिक अनुदान	१११०२८	३५८६७	१४६८९५	१२५४८६	६४३७३	१८९८५९
१.३.बेरूजु तथा अन्य प्राप्ति	१७३८४९	-	१७३८४९	२३८५४७	-	२३८५४७
२.वित्तीय व्यवस्थाबाट प्राप्ति	**४२०१८५१**	**३८४७३०**	**४५८६५८१**	**३१७८६५२**	**३७०८८६**	**३५४९५३८**
२.१.ऋणलगानी फिर्ता	२६३४२	-	२६३४२	७२६१०	-	७२६१०
क.आन्तरिक ऋण लगानीफिर्ता	२६३४२	-	२६३४२	७२६१०	-	७२६१०
२.३. वैदेशिक ऋण प्राप्ति	८८४७४६	३८४७३०	१२६९४७६	७६१८२८	३७०८८६	११३२७१४
२.४ आन्तरिक ऋण	३२९०७६३	-	३२९०७६३	२३४४२१४	-	२३४४२१४
क. नागरिक बचतपत्र	३९००२	-	३९००२	३६९८	-	३६९८
ख. विकास ऋणपत्र	२१०९५००	-	२१०९५००	१७९००००	-	१७९००००
ग. वैदेशिक रोजगार बचतपत्र	१४०५	-	१४०५	५१६	-	५१६
घ. बट्टामा आधारित ट्रेजरी बिल	११४०८५६	-	११४०८५६	५५००००	-	५५००००
३.यसवर्षको खुद प्राप्ति (१+२)	**१४८६४३२८**	**५१६५६८**	**१५३८०८९६**	**१२८४६७६४**	**४७१८९३**	**१३३१८६५७**
४.भुक्तानी	**१४६१५८९१**	**५१६५६८**	**१५१३२४५९**	**१३४६२१२३**	**४७१८९३**	**१३९३४०१६**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	**३६१८८९९**	**-**	**३६१८८९९**	**३०५६३१६**	**-**	**३०५६३१६**
क. चालु खर्च	७०६९१४	-	७०६९१४	८२३५२०	-	८२३५२०
ख. वित्तीय खर्च	२९११९८५	-	२९११९८५	२२३२७९६	-	२२३२७९६
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	**१०९९६९९२**	**५१६५६८**	**११५१३५६०**	**१०४०५८०७**	**४७१८९३**	**१०८७७७००**
क. चालु खर्च	८८०८११७	५०८५३	८८५८९७०	८४१३५२७	५४२१७	८४६७७४४
ख. पुँजीगत खर्च	२०७८०५०	१६१७३६	२२३९७८६	१७८८२४३	१३२०३१	१९२०२७४
ग. वित्तीय खर्च	११०८२५	३०३९७९	४१४८०४	२०४०३७	२८५६४५	४८९६८२

विवरण	२०८१।८२			२०८०।८१		
	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा
५. विनिमय दर वा अन्य समायोजन	३१५२३	-	३१५२३	**१४४४५७**	**-**	**१४४४५७**
६. यस वर्षको जम्मा भुक्तानी (४-५)	**१४५८४३६८**	**५१६५६८**	**१५१००९३६**	**१३३१७६६६**	**४७१८९३**	**१३७८९५५९**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	२७९९६०	-	२७९९६०	-४७०९०२	-	-४७०९०२
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	-२२८३५७६	-	-२२८३५७६	-१८१२६७४	-	-१८१२६७४
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**-२००३६१६**	**-**	**-२००३६१६**	**-२२८३५७६**	**-**	**-२२८३५७६**

४२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३(२) बमोजिम सङ्घीय सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। सोबमोजिम सङ्घीय सञ्चित कोषको आर्थिक विवरण तयार गरे तापनि राजस्व, अनुदान र अन्य प्राप्ति, वित्तीय व्यवस्थाबाट प्राप्ति, भुक्तानी, समायोजन हिसाब र मौज्दातसम्बन्धी लेखा राखेको पाइएन। साथै, सङ्घीय विभाज्य कोषको लेखासमेत तयार गरी आन्तरिक लेखापरीक्षण गराएको छैन। सङ्घीय सञ्चित कोष लगायतको लेखा अद्यावधिक राखी सोको आधारमा आर्थिक विवरण तयार गर्नुपर्दछ।

४२.२ यो वर्ष सङ्घीय सञ्चित कोषमा राजस्व, अनुदान, ऋण र असुलीसमेत रु.१५ खर्ब ३८ अर्ब ८ करोड ९६ लाख प्राप्ति भएको छ भने चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख भुक्तानी भएको देखिन्छ। यस वर्षको कारोबारबाट कोषमा रु.२४ अर्ब ८४ करोड ३७ लाख बचत देखिएकोमा गत वर्षको रोयल्टी बाँडफाँट रु.३ अर्ब १५ करोड २३ लाख थप तथा गत वर्षसम्मको रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख ऋणात्मक मौज्दात समायोजन गर्दा २०८१।८२ सम्म सङ्घीय सञ्चित कोष रु.२ खर्ब ३६ करोड १६ लाख ऋणात्मक रहेको छ। धरौटी तथा अन्य कोषहरूको मौज्दात समायोजन गर्दासमेत समग्र सरकारी नगद तथा बैङ्क मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेको देखिन्छ।

नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ बमोजिम सञ्चित कोषमा नगद मौज्दात नरहेको अवस्थामा पनि सार्वजनिक निकायले अन्य पक्षलाई नगदमै भुक्तानी गर्दा मौज्दातको न्यूनता पूर्तिका लागि बैङ्क ओभरड्राफ्ट, अन्तर-कोष सापटी वा विभाज्य कोषको रकम वा अन्य तहका सरकारको मौज्दात रकम प्रयोग हुने गरेको छ। सो अवस्थामा नगद प्रवाहको यथार्थ हिसाब राख्नुपर्नेमा सो नराख्नाले सञ्चित कोष ऋणात्मक देखिएको छ। उक्त लेखामानबमोजिम सञ्चित कोषको मौज्दातभन्दा बढी भुक्तानी गरेको रकमका स्रोतहरूको विस्तृत खुलासासहितको वित्तीय विवरण तयार गर्नुपर्दछ।

४२.३ कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारको सञ्चित कोषलगायत सम्पूर्ण कोष तथा खाताको बैङ्क मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेकोमा नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणअनुसार रु.६९ अर्ब ८६ करोड ३१ लाख ऋणात्मक रहेको देखिन्छ। बैङ्क मौज्दात र एकीकृत वित्तीय विवरणको मौज्दातमा रु.४१ अर्ब ५५ करोड ४८ लाख अन्तर देखिएको छ। यसबाट सङ्घीय सञ्चित कोषको वास्तविक स्थिति पहिचान हुन नसकी स्रोत व्यवस्थापन तथा दीर्घकालीन वित्त नीति तर्जुमामा समेत असर पर्ने हुँदा फरक मौज्दात सम्बन्धमा बैङ्क हिसाब मिलान विवरण तयार गरी सञ्चित कोषको हिसाबलाई यथार्थपरक बनाउनुपर्दछ।

४३. **बैङ्क हिसाब मिलान विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ (१) मा सङ्घीय सञ्चित कोषको सञ्चालन महालेखा नियन्त्रक कार्यालयले गर्ने, उपदफा २ मा सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब अद्यावधिक राख्ने जिम्मेवारीसमेत सोही कार्यालयको हुने उल्लेख छ। यसवर्ष सङ्घीय सञ्चित कोष (क१), कार्यसञ्चालन कोष तथा अन्य निकायहरूको सरकारी खाता (क२.७) लगायत ६ प्रकारका खातामा रु.११ अर्ब ८६ करोड ६ लाख ९५ हजार बैङ्क मौज्दात बढी देखिएकोमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रणालीमा गरेको प्रविष्टिलाई आधार मानी कार्यालयले वित्तीय विवरण तयार गरेको छ। जसले गर्दा बैङ्क तथा नगद मौज्दातको यथार्थ अवस्थामा फरक पर्ने हुँदा नेपाल सरकारको एकीकृत वित्तीय विवरणमा देखिएका कोष तथा खाताहरूको बैङ्क मौज्दातको सम्बन्धमा कार्यालयले हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

त्यसैगरी कोष तथा लेखा नियन्त्रक कार्यालयअन्तर्गतका धरौटी (क २.३) तथा विविध खाता (क २.६) मध्ये ८ कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटीमा रु.१९ लाख ४८ हजार र ७ कार्यालयको विविध खातामा रु.२६ लाख ३६ हजारसमेत रु.४५ लाख ८३ हजार श्रेस्ताभन्दा बैङ्कमा घटी देखिएको हुँदा उक्त रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

४४. **सार्वजनिक ऋणको खुलासा -** यो वर्ष आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ७ करोड ६३ लाख सञ्चित कोषमा दाखिला भएकोमा सोमध्ये रु.२ खर्ब ५३ अर्ब ९२ करोड ४ लाख खर्च देखाएको छ। बाँकी रु.७५ अर्ब १५ करोड ५९ लाख (२२.८४ प्रतिशत) को खर्चको स्रोत कायम भएको छैन। त्यस्तै आन्तरिक राजस्वमा प्राप्तिभन्दा रु.५५ अर्ब १६ करोड ९७ लाख बढीको स्रोत कायम गरी खर्च भएको देखिन्छ। त्यस्तै, वैदेशिक ऋणतर्फ रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख दाखिला भएकोमा रु.३ अर्ब १ करोड १६ लाख सञ्चित कोषमा दाखिला नभई विशेष खाताहरूमा मौज्दात छ। स्रोतगत खर्च विवरणमा कोष दाखिला भएकोभन्दा रु.२५ करोड १८ लाख बढीको स्रोत कायम गरी खर्च भएकोमा वैदेशिक ऋण खाताको मौज्दात रु.९ अर्ब ९० करोड ५८ लाख रहेको छ। प्राप्त ऋणलाई औपचारिक स्रोत कायम नगरी खर्च गर्दा स्रोतगत विवरण यथार्थपरक देखिएको छैन। सञ्चित कोषमा दाखिला भएको वास्तविक प्राप्तिका आधारमा मात्र स्रोत कायम गरी लेखामानबमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४५. **एकीकृत प्राप्ति तथा भुक्तानी -** नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम वित्तीय विवरण तयार गर्दा सबै प्राप्ति र भुक्तानीका कारोबारहरूलाई अनिवार्य रूपमा कुल मूल्यमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (बजेट निकाय) तर्फ कुल प्राप्ति रु.१५ खर्ब ३८ अर्ब ८ करोड ९६ लाख र कुल भुक्तानी रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख रहेकोमा विभिन्न कोषहरूमा प्राप्त रु.१० खर्ब ५० अर्ब १५ करोड ७० लाख र भुक्तानी रु.१० खर्ब ४५ अर्ब २९ करोड ३६ लाखमध्ये अनुदान तथा ऋण, विविध कोष खाता (क६), कार्यसञ्चालन कोष खाता, वैदेशिक नियोग खाता, प्राकृतिक प्रकोपलगायतका विशेष खाताहरूमा प्राप्त भएको रकममा सरकारले जम्मा गरेको बाहेक र सरकारी ट्रान्सफर बाहेकको रकम सरकारको नियन्त्रणमा रहेको तथा प्रतिवेदन अवधिमा प्राप्ति तथा भुक्तानी हुँदा उक्त रकम एकीकृत प्राप्ति र भुक्तानीमा कुल आधारमा प्रस्तुत हुनुपर्नेमा खुद आधारमा प्रस्तुत भएको छ। साथै, सञ्चित कोष हिसाब मिलानको लागि विगत वर्षमा प्राप्त वैदेशिक सहायता रकम दाखिला भएकोमा सो समेत यसवर्षको प्राप्तिमा समावेश गर्दा र यस वर्ष प्राप्त भई सञ्चित कोष दाखिला हुन बाँकी रकम समावेश नगर्दा वास्तविक प्राप्ति र भुक्तानी रु.१४ अर्ब १२ करोड ७९ लाखले बढी देखिएको छ।

त्यसै गरी, वस्तुगत सहायताको नगद प्रवाह नहुने हुँदा वित्तीय विवरणमा समावेश नगरी अतिरिक्त खुलासा गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले यो वर्ष प्राप्त रु.१ अर्ब ९३ करोड ९८ लाख बराबरको वस्तुगत सहायतालाई बजेटरी स्रोत कायम गरी राजस्व र खर्च दुवैतर्फ समावेश गरेको छ। यसबाट नगद प्राप्ति र भुक्तानीमा अवास्तविक वृद्धि देखिएको हुँदा गैर-नगद कारोबारलाई वित्तीय विवरणमा खुलासा गर्ने साथै प्रतिवेदन अवधिको प्राप्ति तथा भुक्तानीलाई कुल आधारमा समावेश गरी एकीकृत प्राप्ति र भुक्तानीको विवरण तयार गर्नुपर्दछ।

४६. **राजस्व प्राप्ति -** एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १.१ बमोजिम नेपाल सरकारले यो वर्ष प्राप्त गरेको कर, गैरकर तथा अन्य प्राप्ति कुल रु.११ खर्ब ९७ अर्ब २० करोड रहेकोमा बैङ्कगत विवरण बमोजिम नेपाल राष्ट्र बैङ्कबाहेकका १८ वाणिज्य बैङ्कले रु.११ खर्ब ५५ अर्ब १३ करोड ३९ लाख र नेपाल राष्ट्र बैङ्कले सङ्कलन गरेको कर तथा अन्य प्राप्तिको रकम रु.४१ अर्ब ९ करोड ५९ लाख समेत बैङ्कले सङ्कलन गरेको कर, गैरकर तथा अन्य प्राप्ति रु.११ खर्ब ९६ अर्ब २२ करोड ९८ लाख देखिन्छ। सोबमोजिम वित्तीय विवरणभन्दा बैङ्कगत सङ्कलन रु.९७ करोड २ लाखले कम देखाएको हुँदा राजस्वको प्राप्तिको हिसाब यकिन गरी दाखिला गर्न बाँकी राजस्व असुल गरी दाखिला गर्नुपर्दछ।

४६.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको तीन तहका सरकारहरूको २०८१।८२ को एकीकृत वित्तीय विवरणमा सङ्घीय सरकारलाई कर, शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क, रोयल्टी तथा अन्य राजस्व बापत प्रदेश विभाज्य कोषबाट रु.८४ करोड १९ लाख ९५ हजार तथा स्थानीय विभाज्य कोषबाट रु.३१ करोड ८६ लाख १४ हजार गरी रु.१ अर्ब १६ करोड ६ लाख ९ हजार बाँडफाँटबाट प्राप्त भएको देखिएकोमा सङ्घीय सरकारले उपयोग गरेको राजस्वमा सो रकम दाखिला भएको नदेखिएको हुँदा हिसाब मिलान गरी उक्त राजस्व हिसाबसमेत देखिने गरी विवरण तयार गर्नुपर्दछ।

४६.२ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा सङ्घीय विभाज्य कोषमा विभिन्न राजस्व तथा रोयल्टी रकम जम्मा गरी नियमानुसार बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यस वर्षको अन्त्यमा विभाज्य कोषको आर्थिक विवरणबमोजिम बाँडफाँट गर्न बाँकी रोयल्टी रु.८ अर्ब २३ करोड ९ लाख ७१ हजार रहेकोमा सङ्घीय विभाज्य कोषको बैङ्क विवरणबमोजिम रु.८ अर्ब ६५ करोड २८ लाख ४५ हजार रहेको हुँदा बाँडफाँट गर्नुपर्नेबाहेक रु.४२ करोड १८ लाख ७४ हजार रोयल्टी विभाज्य कोषमा जम्मा भएको देखिन्छ। सो रकम बाँडफाँट गर्नुपर्ने दायित्व नदेखिएको हुँदा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४७. **मौज्दात गणना तथा विनिमय दर -** गत वर्ष ट्रेजरी बिल्सको रोलओभरबाट प्राप्त अवास्तविक नाफा रु.११ अर्ब २७ करोड १४ लाखलाई आम्दानी जनाई सञ्चित कोषको मौज्दात गणना गरिएकोमा सो रकम नै यो वर्ष जिम्मेवारी सारेका कारण यस वर्षसम्म सञ्चित कोष रु.२ खर्ब ३६ करोड १६ लाख र नगद मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाखले ऋणात्मक देखिएको छ। नगद प्राप्ति नहुने उक्त कारोबारलाई हटाउँदा सञ्चित कोषको वास्तविक ऋणात्मक मौज्दात रु.२ खर्ब ११ अर्ब ६३ करोड ३० लाख र नगद मौज्दातको ऋणात्मक अवस्था रु.३९ अर्ब ५७ करोड ९७ लाख पुग्ने देखिन्छ। गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उक्त बेहोरा उल्लेख भएकोमा सोही मौज्दात यो वर्ष जिम्मेवारी सारिएको छ। सञ्चित कोषको यथार्थ हिसाब प्रस्तुत गर्नुपर्दछ।

त्यस्तै, लेखामानबमोजिम वैदेशिक मुद्राका खाताहरूको विनिमय दर प्रभाव वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा यस वर्ष उक्त प्रभावको खुलासा भएको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले विनिमय

नोक्सान बापत रु.६५ अर्ब ५४ करोड ७९ लाख थप गरी कुल वैदेशिक ऋण रु.१४ खर्ब ५ अर्ब ८२ करोड ३६ लाख बाँकी देखाएको भए तापनि वित्तीय विवरणमा खुलासा गरेको छैन। साथै, वैदेशिक मुद्रामा रहेका ऋण, अनुदान र कार्यसञ्चालन कोष खाताहरूमा विनिमय दरको परिवर्तनबाट सिर्जना भएको असरलाई गणना नगरी अन्तिम दरलाई आधार मानी मौज्दात गणना गर्दा वास्तविक प्राप्ति यकिन हुन सकेको छैन। विनिमय दर प्रभावको खुलासा गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

४८. **विभाज्य कोषको मौज्दात -** नेपाल सरकारी कोष नगद व्यवस्थापन कार्यविधि, २०८१ को दफा ८(क) मा सङ्घीय विभाज्य कोषमा रहेको रकम बाँडफाँट नभएसम्मको लागि सङ्घीय सरकारको अनुमानित हिस्सालाई सञ्चित कोषको मौज्दातमा गणना गर्न सकिने व्यवस्था छ। यो वर्ष बाँडफाँट हुन बाँकी रोयल्टी रु.८ अर्ब २३ करोड १० लाख र प्रदेश तथा स्थानीय तहको राजस्व बाँडफाँटतर्फको रु.१० अर्ब ४७ करोड २२ लाखसमेत रु.१८ अर्ब ७० करोड ३२ लाखसहित रु.१९ अर्ब १२ करोड ५१ लाख सङ्घीय सरकारको मौज्दातमा गणना गरेको छ। लेखामानको व्यवस्थाबमोजिम सरकारको प्राप्त भइसकेको आम्दानी र आफ्नो स्वामित्वको खातामा रहेको रकम मात्र मौज्दातमा गणना गर्नुपर्ने साथै कार्यविधिबमोजिम बाँडफाँट हुन बाँकी रकमको सङ्घीय हिस्सा रु.४ अर्ब ११ करोड ५५ लाख मौज्दात गणना गर्नुपर्नेमा सम्पूर्ण रकम नै नगद तथा बैङ्क मौज्दातमा गणना गर्दा नेपाल सरकारको मौज्दात रु.१४ अर्ब ५८ करोड ७७ लाखले बढी देखिएको छ।

४९. **गत वर्षको खर्चको प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा यथार्थ प्राप्ति र भुक्तानीका आधारमा वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। यसवर्षको एकीकृत वित्तीय विवरणमा कुल खर्च रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख रहेकोमा वित्तीय व्यवस्थातर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयअन्तर्गतका तीनवटा कार्यक्रममा विनियोजित बजेट रु.४ अर्ब ५१ करोड ९६ लाख र खर्च रु.७ खर्ब ५३ करोड ७७ लाख भएको प्रतिवेदन पेस भएको छ। सोझै भुक्तानीलाई प्रणालीमा प्रविष्ट गर्दा गत वर्षको खर्चसमेत रु.३ अर्ब १ करोड ८१ लाख यस वर्षको खर्चको रूपमा प्रस्तुत भएको देखिन्छ। यसबाट राष्ट्रिय अर्थतन्त्रका प्रमुख सूचकहरू तथा बजेटको प्रगतिमा समेत गलत तथ्याङ्क सम्प्रेषण हुने हुँदा चालु वर्षको खर्चलाई मात्र समावेश गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५०. **गैर-बजेटरी निकायको एकीकरण र लेखानीति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ (१) र नेपाल सार्वजनिक क्षेत्र लेखामानको मापदण्डबमोजिम सरकारी नियन्त्रणमा रहेका सबै गैर-बजेटरी निकायहरूको आर्थिक कारोबारलाई एकीकृत प्रतिवेदनमा एकीकरण गर्नुपर्ने व्यवस्था छ। तर, यस्ता निकायहरूको म्यापिङ्ग र एकीकरणका लागि लेखानीति एवं कार्यविधि तर्जुमा नहुँदा गत वर्ष ८३ निकाय समावेश भएकोमा यस वर्ष १७ निकाय समावेश नभएको र ४७ नयाँ समेत ११३ निकाय समावेश गरिएको छ। सरकारी नियन्त्रणमा रहेका सबै गैर-बजेटरी निकायको पहिचान र एकीकरणमा एकरूपता नभएकोले म्यापिङ्ग तथा एकीकरण कार्यमा नीतिगत स्पष्टता गर्नुपर्दछ।

गत वर्षको एकीकृत वित्तीय विवरणमा समावेश भएका ग्रामीण दूरसञ्चार कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायत १७ गैरबजेटरी निकायका विभिन्न कोषमा नगद तथा बैङ्क मौज्दात रु.१६ अर्ब २ करोड २४ लाख रहेको भए तापनि ती निकायहरूको वित्तीय कारोबारलाई यो वर्षको एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। यसरी यो वर्ष समावेश नभएका ती निकायहरूको नगदको नियन्त्रण

नेपाल सरकारको मातहत नरहेको हुँदा गैरबजेटरी निकायको गत वर्षको नगद मौज्दात रु.७१ अर्ब ९७ करोड १ लाखलाई यो वर्ष समायोजन नगरी जिम्मेवारी सार्दा यस वर्षसम्म सरकारको कुल नगद तथा बैङ्क मौज्दात रु.५५ अर्ब ३४ करोड २५ लाख रहेको छ। नेपाल सरकारको नियन्त्रणमा नरहेको रु.१६ अर्ब २ करोड २४ लाख समेत नगद तथा बैङ्क मौज्दातमा समावेश भएको हुँदा सो रकमले यो वर्षको नगद तथा बैङ्क मौज्दातमा वृद्धि देखिएको छ।

५१. **वित्तीय हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२(३) तथा विनियोजन ऐन, २०८१ को दफा ६(१०) मा नेपाल सरकारले ससर्त, विशेष तथा समपूरक अनुदानबापत दिएको रकम खर्च नभएमा सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा सोही आर्थिक वर्षभित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) बमोजिम सङ्घीय सरकारबाट स्थानीय तहलाई यो वर्ष समपूरक, ससर्त र विशेष अनुदान रु.२ खर्ब १४ अर्ब ८६ करोड ४० लाख ९५ हजार निकासा भएकोमा रु.१ खर्ब ९० अर्ब ४९ करोड ५५ लाख ११ हजार खर्च गरेका छन्। खर्च नभई बाँकी रहेको रु.२४ अर्ब ३६ करोड ८५ लाख ८४ हजारमध्ये २०८१।८२ भित्र रु.२३ अर्ब २४ करोड ७८ लाख ४७ र राजस्वबाट रु.१ अर्ब ३२ करोड ४३ लाख ३३ हजार फिर्ता गरेकोमा विभिन्न स्थानीय तहले बढी फिर्ता गरेको रु.२० करोड ३५ लाख ९६ हजार समायोजन गर्दा जम्मा रु.१ अर्ब १२ करोड ७ लाख ३७ हजार राजस्वबाट फिर्ता गरेको देखिन्छ। सूत्र प्रणालीबमोजिम सोही वर्षभित्र फिर्ता पश्चात् बाँकी रु.१ अर्ब १२ करोड ७ लाख ३७ हजार फिर्ता गरेको देखिए तापनि सङ्घीय सरकारबाट निकासा भएको भन्दा रु.२४ करोड ९९ लाख ९६ हजार घटी आम्दानी बाँधेको रकम फिर्ता गर्नुपर्ने हिसाबमा नदेखिएको हुँदा निकासाको विवरणबमोजिम फिर्ता गर्नुपर्ने रकम यकिन गर्नुपर्दछ।

५२. **तीनै तहको एकीकृत वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ तथा नियमावली, २०७७ को नियम १० बमोजिम कार्यालयबाट पेस भएको सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको एकीकृत वित्तीय विवरण देहायबमोजिम छः

(रु. लाखमा)

विवरण	२०८१।८२			२०८०।८१		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	३	४	५=३+४	६	७	८=६+७
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**१३,०९५,९१५**	**१३२,९८८**	**१३,२२८,९०३**	**१५,४५१,९७२**	**१०६,५२७**	**१५,५५८,४९९**
१.१. राजस्व	१२,७२७,५३५	-	१२,७२७,५३५	११,४३१,९८०	-	११,४३१,९८०
क. कर	१११५८४६५	-	१११५८४६५	१०,०२४,८६०	-	१०,०२४,८६०
ख. अन्य राजस्व	१५६९०७०	-	१५६९०७०	१,४०७,११९	-	१,४०७,११९
१.२. अनुदान	१७४९४२	१३२९८८	३०७९३०	३,७५४,३९४	१०६,५२७	३,८६०,९२१
क. द्विपक्षीय वैदेशिक अनुदान	५३६५८	९७००२	१५०६६०	१३,६०१	३७,६७१	५१,२७२
ख. बहुपक्षीय वैदेशिक अनुदान	१११०७४	३५९८६	१४७०६०	१२५,७९०	६४,५२०	१९०,३१०
ग. अन्तरसरकारी वितीय हस्तान्तरण	१०२१०	-	१०२१०	३,६१५,००३	४,३३५	३,६१९,३३९
१.३. बेरूजु तथा अन्य प्राप्ति	१९३४३८	-	१९३४३८	२६५,५९९	-	२६५,५९९
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	**४२१०३९३**	**३८४७२९**	**४५९५१३२**	**३,१८६,९८७**	**३७०,८८६**	**३,५५७,८७३**
२.१. ऋण लगानी फिर्ता	३४१८५	-	३४१८५	७९,६८३	-	७९,६८३
क. आन्तरिक ऋण लगानी फिर्ता	३४१८५	-	३४१८५	७९,६८३	-	७९,६८३
२.३. वैदेशिक ऋण प्राप्ति	८८४७४७	३८४७२९	१२६९४७६	७६१,८२८	३७०,८८६	१,१३२,७१४

विवरण	२०८१।८२			२०८०।८१		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	३	४	५=३+४	६	७	८=६+७
२.४ आन्तरिक ऋण	३२९१४६०	-	३२९१४६०	२,३४५,४७६	-	२,३४५,४७६
क. नागरिक बचतपत्र	३९००२	-	३९००२	३,६९८	-	३,६९८
ख. विकास ऋणपत्र	२१०९५००	-	२१०९५००	१,७९०,०००	-	१,७९०,०००
ग. वैदेशिक रोजगार बचतपत्र	१४०५	-	१४०५	५१६	-	५१६
ङ. बट्टामा आधारित ट्रेजरी बिल	११४०८५६	-	११४०८५६	५५०,०००	-	५५०,०००
ज. अन्य	६९७	-	६९७	१,२६१	-	१,२६१
३. यस वर्षको खुद प्राप्ति (१+२)	**१७३०६३०८**	**५१७७१७**	**१७८२४०२५**	**१८,६३८,९५९**	**४७७,४१३**	**१९,११६,३७२**
४. भुक्तानी	**१७२३०११९**	**५१७६९८**	**१७७४७८१७**	**१९,५३५,६१६**	**४७७,४०६**	**२०,०१३,०२१**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	**३६२०१२०**	**-**	**३६२०१२०**	**३,०५७,०५३**	**-**	**३,०५७,०५३**
क. चालु खर्च	७०८१३५	-	७०८१३५	८२४,२५८	-	८२४,२५८
ख. वित्तीय खर्च	२९११९८५	-	२९११९८५	२,२३२,७९५	-	२,२३२,७९५
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	**१३६०१९९९**	**५१७६९८**	**१४१२७६९७**	**१६,४७८,५६३**	**४७७,४०६**	**१६,९५५,९६८**
क. चालु खर्च	८६९१७११	५११८४	८७४२८९५	११,९२६,७९७	५७,३१८	११,९८४,११५
ख. पुँजीगत खर्च	४८०३६३८	१६२५३५	९९६६१७३	४,३४४,२२७	१३४,४४२	४,४७८,६६९
ग. वित्तीय खर्च	११४६५०	३०३९७९	४१८६२९	२०७,५३९	२८५,६४६	४९३,१८५
५. विनिमय दर वा अन्य समायोजन	**(३३०२)**	**-**	**(३३०२)**	**(१०९,२९५)**	**-**	**(१०९,२९५)**
६. यस वर्षको जम्मा भुक्तानी (४+५)	**१७२२६८१७**	**५१७७१७**	**१७७४४५३४**	**१९,४२६,३२१**	**४७७,४०६**	**१९,९०३,७२६**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	**७९४९१**	**-**	**७९४९१**	**(७८७,३६२)**	**७**	**(७८७,३५४)**
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	**(१,१६९,४१७)**	**१९**	**(१,१६९,३९७)**	**(३८२,०५५)**	**१२**	**(३८२,०४३)**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**(१०८९९२६)**	**१९**	**(१०८९९०७)**	**(१,१६९,४१७)**	**१९**	**(१,१६९,३९७)**

यो वर्ष संघ, प्रदेश र स्थानीय तहहरूको कुल प्राप्ति रु.१७ खर्ब ८२ अर्ब ४० करोड २५ लाख रहेकोमा कुल भुक्तानी रु.१७ खर्ब ७४ अर्ब ७८ करोड १७ लाख तथा सञ्चित कोषमा विभिन्न समायोजनबापत रु.३२ करोड ८२ लाख ७७ हजार थप भई सञ्चित कोषमा रु.७ अर्ब ९४ करोड ९१ लाख मौज्दात रहेको छ। उक्त मौज्दातमा गत वर्षको ऋणात्मक मौज्दात रु.१ खर्ब १६ अर्ब ९३ करोड ९७ लाख समायोजन गर्दा यो वर्षसम्म रु.१ खर्ब ८ अर्ब ९९ करोड ७ लाखले एकीकृत सञ्चित कोष ऋणात्मक रहेको छ।

कार्यालयले यो वर्ष सञ्चित कोषको समायोजनमा रु.३२ करोड ८२ लाख ७७ हजार थप गरेकोमा सोको टिप्पणी नं.१९ अनुसार रु.३ अर्ब १५ करोड २२ लाख ७७ हजार थप भएको देखिन्छ। यसरी टिप्पणीको विवरण र एकीकृत विवरणमा फरक देखिएको रु.२ अर्ब ८२ करोड ४० लाख एकीकृत सञ्चित कोषमा समावेश नगर्दा प्राप्ति रकममा सो रकम न्यून भई सञ्चित कोषको मौज्दातमा असर परेको देखिन्छ। साथै टिप्पणी नं. २१ मा मधेश प्रदेश सरकारको एकीकृत सञ्चित कोष रु.२ अर्ब ९९ करोड ७३ लाखले घटी भएको एवं सुदूरपश्चिम सरकारको सञ्चित कोष रु.१७ करोड ३३ लाख ४४ हजारले थप भएकोमा सोको समायोजन सुरु मौज्दातमा भएको देखिँदैन। जसले गर्दा सञ्चित कोषलगायत नगद तथा मौज्दातमा असर परेको देखिन्छ।

५३. **जिम्मेवारी फरक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ६ बमोजिम सरकारी कारोबार गर्ने गरी खाता खोल्न महालेखा नियन्त्रक कार्यालयको पूर्व स्वीकृत लिनुपर्ने व्यवस्था छ। नेपाल सरकारको एकीकृत वित्तीय विवरण २०८१।८२ को टिप्पणी नं. ५ अनुसार कोषहरूको प्राप्ति, भुक्तानी र बाँकीको विवरणमा बजेट निकायमा रहेका धरौटी, विविधलगायतका १२ खातामा वर्षान्तमा रु.१ खर्ब ९ अर्ब ९० करोड ५० लाख मौज्दात रहेकोमा यस्ता खाताहरूको गत वर्षको मौज्दात रु.१ खर्ब २ अर्ब ७४ करोड ५५ लाख रहेको छ। तथापि यो वर्ष रु.१ खर्ब ३ अर्ब १० करोड ४२ लाख जिम्मेवारी सारी रु.३५ करोड ८७ लाख बढी जिम्मेवारी सारेको देखिएकोले यस सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

साथै कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७८ को दफा ११ मा कोरोना भाइरस संक्रमण नियन्त्रण भएपछि कोष विघटन हुने व्यवस्था रहेकोमा हालसम्म पनि सो खातामा रु.२२ करोड ८२ लाख मौज्दात रहेको छ। वर्तमान सन्दर्भमा सो कोषको उपादेयता रहेको आधार पेस भएको छैन। अतः सो कोषको निरन्तरता रहे नरहेको यकिन गरी सो कोषको रकमलाई उपयोग गर्ने प्रबन्ध गर्नुपर्दछ।

५४. **विविध खाता -** सरकारी कारोबार निर्देशिका, २०७६ को दफा २.२.४ मा सरकारी निकायहरूको बजेट प्रणाली बाहिरको रकम जम्मा गर्ने र खर्च गर्ने प्रयोजनका लागि विविध खाता (क २.६) खोल्न सकिने व्यवस्था छ। यस वर्ष यस्ता ८१ वटा खातामा रु.५३ अर्ब ६७ करोड ४४ लाख २९ हजार प्राप्ति भई रु.५४ अर्ब १७ करोड ४० लाख ४३ हजार भुक्तानी भएको देखिन्छ। उक्त खातामा स्रेस्ताबमोजिम रु.२३ अर्ब ५ करोड ५४ लाख ९४ हजार र बैङ्क विवरणबमोजिम रु.२३ अर्ब ७ करोड ७९ लाख ८५ हजार मौज्दात बाँकी रहेको छ। यद्यपि, यस खातामा बजेट प्रणाली बाहिरका कुन-कुन स्रोतबाट के-कति रकम कुन प्रयोजनका लागि प्राप्त भएको हो भन्ने स्पष्ट खुलासा गरेको छैन। प्राप्त रकमको प्रकृति यकिन गरी धरौटी वा राजस्वमा दाखिला गर्ने अथवा सम्बन्धित प्रयोजनमा फिर्ता वा खर्च गर्नुपर्नेमा सो नगर्दा विविध खाताको हिसाब अद्यावधिक हुन सकेको छैन।

सोको अतिरिक्त उक्त खाताको उद्देश्य बजेट प्रणाली बाहिरबाट प्राप्त हुने रकमको व्यवस्थापन गर्नु भए तापनि कतिपय केन्द्रीय निकायले आफ्ना मातहतका कार्यालय वा अन्य कार्यालयलाई समेत बजेटभित्रकै कार्यक्रम कार्यान्वयनका लागि विनियोजित रकमसमेत निकासा दिने गरेको पाइएको छ। यसबाट कुल वित्तीय कारोबारको गणनामा खर्चको दोहोरो प्रतिवेदन हुनुका साथै निर्देशिकाले तोकेको उद्देश्यभन्दा फरक कार्यमा खर्चसमेत भएको छ। अतः महालेखा नियन्त्रक कार्यालयले यस्ता विविध खाताहरूको उद्देश्य, सञ्चालन विधि र स्रोतको वर्गीकरणमा स्पष्टता गरी निर्देशिकाको परिधिभित्र रहेका कारोबारमात्र गर्ने कार्यको सुनिश्चितता गरी मौज्दातको यथार्थ प्रयोजन सहित खाताको विवरण अद्यावधिक गर्नुपर्दछ।

५५. **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेस्की दिने र फस्यौंट गर्नेसम्बन्धी व्यवस्था छ। एकीकृत वित्तीय विवरणअनुसार चालु वर्षको पेस्की रु.३४ अर्ब ९० करोड ८२ लाखमध्ये सङ्घतर्फ रु.११ अर्ब ६९ करोड ४ लाख, प्रदेशतर्फ रु.६ अर्ब ८९ करोड ८४ लाख र स्थानीय तहतर्फ रु.१६ अर्ब ३१ करोड ९४ लाख बाँकी छ। गैरबजेटरी निकायतर्फ म्याद नाघेको

रु.२ अर्ब ३४ करोड ९६ लाख र बजेट निकायतर्फ म्याद नाघेको रु.३० अर्ब ३५ करोड ६९ लाख रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम गत वर्षको पेस्की बाँकीलाई चालु वर्षमा जिम्मेवारी सारी फर्स्यौंट वा पेस्की बाँकीको विवरणमा देखाउनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको वित्तीय विवरणबमोजिम गत वर्ष सङ्घ, प्रदेश र स्थानीय तहतर्फ म्याद नाघेको पेस्की रु.१५ अर्ब ३५ करोड ८४ लाखसमेत रु.३८ अर्ब ८८ करोड ४ लाख रहेकोमा यो वर्ष उक्त रकम म्याद नाघेको रु.३० अर्ब ३५ करोड ६९ लाख समेत रु.३४ अर्ब ९० करोड ८२ लाख उल्लेख गरेको छ।

पेस्की बाँकी रकम सङ्घतर्फ रु.६ अर्ब ४३ करोड ९ लाख, प्रदेशतर्फ रु.१ अर्ब ५१ करोड र स्थानीय तहतर्फ रु.९४ करोड ८७ लाखले न्यून भई समग्रमा रु.३ अर्ब ९७ करोड २२ लाखले न्यून भएको देखिन्छ। एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली र स्थानीय सरकारको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीमा गतवर्षको पेस्कीको जिम्मेवारी सम्बन्धमा भिडान गर्ने व्यवस्था छैन। गत वर्षको पेस्की जिम्मेवारी, फर्स्यौंट रकम र बाँकी रकम देखिने गरी तीनै तहका सरकारहरूले प्रयोग गरेका लेखाप्रणालीमा सुधार गरी फर्स्यौंट गर्न बाँकी पेस्कीलाई अद्यावधिक गर्नुपर्दछ।

५५.२ वित्तीय विवरणअनुसार सङ्घीय सरकारतर्फको पेस्की बाँकी रु.११ अर्ब ६९ करोड ४ लाख रहेकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार यो वर्षको रु.१८ अर्ब ३० करोड ५४ लाख र गत वर्षको रु.५३ अर्ब २ करोड ३ लाखसमेत पेस्की बाँकी रु. ७१ अर्ब ३२ करोड ५७ लाख रहेको देखिन्छ। पेस्की बाँकीलाई सञ्चित रूपमा जिम्मेवारी सार्ने गरिएको छैन। यसवर्षको बाँकी पेस्कीमध्ये वित्तीय विवरणमा रु.६ अर्ब ६१ करोड ५० लाख घटी पेस्की समावेश गरेको पाइएकोले समायोजन विवरण पेस गरी पेस्की बाँकीको विवरण राख्ने व्यवस्था गर्नुपर्दछ।

५६. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम वार्षिक रूपमा बाँडफाँट गर्ने व्यवस्था छ। यस वर्ष सङ्घीय विभाज्य कोषमा रु.८ अर्ब २३ करोड ९ लाख ७० हजार बाँडफाँट गर्न बाँकी विभाज्य कोषमा रहेको रकम समयमा नै बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा पठाउनुपर्दछ।

५६.१ यो वर्ष सङ्घीय विभाज्य कोषबाट विभिन्न स्रोतको रोयल्टी बाँडफाँट गरी रु.१ अर्ब ५७ करोड ६१ लाख ३९ हजार ७ प्रदेशहरूलाई हस्तान्तरण गरेकोमा विभिन्न प्रदेशहरूले वन, खानी, विद्युत तथा पर्वतारोहण रोयल्टीबापत रु.१ अर्ब ५७ करोड ६१ लाख ७८ हजार आम्दानी जनाएको देखिन्छ। सो बाहेक उक्त ऐनको अनुसूची २ मा उल्लिखित विषयहरूमा प्रदेश सरकारले कर लगाउन र सङ्कलन गर्न पाउने देखिन्छ। तर बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने रोयल्टी प्रदेश सरकारले सङ्कलन गर्ने सम्बन्धमा कानुनी व्यवस्था नरहेको हुँदा प्रदेशहरूले राजस्व शीर्षक नं १४१५९ (बाँडफाँट नहुने अन्य रोयल्टी) मा आम्दानी बाँधी सञ्चित कोष दाखिला गरेको रु.१ करोड ६६ हजार विभाज्य कोषमा दाखिला हुने रकम देखिएको हुँदा सो सम्बन्धमा सम्बन्धित प्रदेश सरकारसँग यकिन गरी विभाज्य कोषको हिसाब यकिन गर्नुपर्दछ।

५६.२ सङ्घीय विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क बापतको रु.३४ अर्ब ९० करोड ७४ लाख ४७ हजार मिति २०८२।७।२५ मा मात्र सङ्घलाई रु.२४ अर्ब ४३ करोड ५२ लाख १३

हजार (७० प्रतिशत) तथा प्रदेश र स्थानीय तहलाई रु.५ अर्ब २३ करोड ६१ लाख १७ हजारका दरले बाँडफाँट गरेको छ। चालु वर्ष २०८२।८३ मा बाँडफाँट गरी तत्सरकारको सञ्चित कोष दाखिला भएको रकम आर्थिक वर्ष २०८१।८२ को राजस्व आम्दानी देखाई एकीकृत नगद प्राप्ति र भुक्तानीमा समावेश गरेको छ।

प्रतिवेदन अवधीमा प्राप्त नभएको राजस्वलाई प्राप्तिमा देखाउँदा रु.२४ अर्ब ४३ करोड ५२ लाख १३ हजारले सङ्घीय सञ्चित कोषको ऋणात्मक मौज्दात कम र प्राप्ति बढी देखिएको छ भने प्रदेश र स्थानीय तहको अन्तिम नगद मौज्दातमा समेत तादात्म्यता मिलेको देखिँदैन। तसर्थ नेपाल सार्वजनिक क्षेत्र लेखामानको दफा १.३ बमोजिम नगदमा आधारित लेखा प्रणाली नगद प्रवाह भएको वास्तविक मितिका आधारमा प्रतिवेदन अवधिको प्राप्ति र भुक्तानीलाई मात्र एकीकृत प्राप्ति र भुक्तानीमा समावेश गरी प्रस्तुत गर्नुपर्दछ।

५७. **बक्यौताको लेखा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ र नियमावली, २०७७ को नियम ७५ बमोजिम महालेखा नियन्त्रक कार्यालयले विनियोजन, राजस्व र धरौटीलगायतका विवरणहरू समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले सङ्घीय सरकारअन्तर्गतका कार्यालयमा यस वर्ष उठ्न बाँकी कर राजस्व रु.२ खर्ब ६७ अर्ब ४४ करोड ८६ लाख र अन्य प्राप्तितर्फ रु.३ अर्ब २१ करोड ५४ लाख ३८ हजार बक्यौताको विवरण पेस गरेको छ। सार्वजनिक संस्थानमा भाखा नाघेको ब्याज रु.४ खर्ब ८ करोड २१ लाखलाई अनुसूचीमा समावेश गरे तापनि वित्तीय विवरणको अंशको रूपमा टिप्पणीमा समावेश गरेको छैन। त्यस्तै बजेट निकाय अन्तर्गत सर्वोच्च अदालतको जरिबाना लगायत अन्य निकायको बक्यौता विवरणमा समावेश भएको छैन। महालेखा नियन्त्रक कार्यालयले अदालत तथा अन्य सरकारी निकायसँग समन्वय गरी प्राप्त हुनुपर्ने रकमको सम्पूर्ण विवरण खुलाई प्रतिवेदन पेस गर्नुपर्दछ।

साथै यस्ता किसिमका बक्यौताको विवरणको लागि महालेखापरीक्षक फाराम नं. ११३ र ११७ को व्यवस्था भए तापनि ती फारमहरूलाई प्रणालीबाटै सिर्जना हुने व्यवस्था हुन सकेको छैन। उल्लिखित विवरणको प्रतिवेदन प्रयोजनको लागि प्रणालीमै व्यवस्थापन गरी तोकिएको ढाँचामा सम्पूर्ण विवरण खुलाई प्रतिवेदन पेस हुने व्यवस्था गर्नुपर्दछ।

५८. **शोधभर्ना बाँकी हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक ऋण र अनुदानको शोधभर्ना हुन बाँकी ऋण रु.१५ अर्ब ७२ करोड ७० लाख र अनुदान रु.२ अर्ब ५१ करोड ५८ लाख समेत रु.१८ अर्ब २४ करोड २८ लाख देखाएको छ। मन्त्रालयगत आयोजनामा बढी शोधभर्ना भएको अनुदान र ऋण क्रमशः रु.१४ अर्ब ४३ करोड ५ लाख र रु.२८ अर्ब ६८ करोड २४ लाख समायोजन गरी शोधभर्ना हिसाब प्रस्तुत गरेकोमा समग्रमा शोधभर्ना हुनुपर्ने अनुदान तथा ऋण रु.४३ अर्ब ११ करोड २९ लाखले कम देखिएकोले सोको हिसाब मिलान गर्नुपर्दछ।

५९. **प्रतिबद्धताको लेखा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २० (१) बमोजिम प्रचलित सङ्घीय कानुनबमोजिम सिर्जित आर्थिक दायित्व, सम्भावित आर्थिक दायित्व वा वैदेशिक सहायताअन्तर्गत सञ्चालित आयोजना वा सोबाट सिर्जना भएको दायित्वबापतको रकम र नियम २१(६) बमोजिम नेपाल सरकारको प्रतिबद्धता रकमको विवरण महालेखा नियन्त्रक कार्यालयले तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले एकीकृत वित्तीय विवरणमा ठेक्का व्यवस्था भएपश्चात् एकीकृत वित्तीय व्यवस्थापन

सूचना प्रणालीमा प्रविष्ट गरेको विवरणको आधारमा खर्चको प्रतिबद्धता रकम बजेट निकायतर्फ रु.९ खर्ब १० अर्ब ३० करोड ५४ लाख देखाएकोमा सम्भावित दायित्वको रकम देखाएको छैन।

यसरी विभिन्न निकायहरूमा यस आथिक वर्षमा भुक्तानी दिन बाँकी रकम, बढी शोधभर्ना अनुदान प्राप्त भएको रकम, अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सदस्यता नवीकरणबापत तिर्नुपर्ने रकमलगायत सार्वजनिक खरिद बाहेकका अन्य सङ्घीय कानुनबमोजिम सिर्जित आर्थिक दायित्व, अदालतको निर्णय वा आदेशबाट सिर्जित दायित्व वा वैदेशिक सहायताअन्तर्गत सञ्चालित आयोजनाबाट सिर्जित दायित्व बापतको रकमको विवरण वित्तीय विवरणमा समावेश नहुँदा सम्भावित दायित्व यकिन गर्न सकिएन। सोको अभावमा नगद योजना तथा बजेट तर्जुमामा असर पर्ने हुँदा सो सम्बन्धी अभिलेख राखी सोको विवरण खुलासा गर्नुपर्दछ।

६०. **सार्वजनिक सम्पत्ति व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ अनुसार मन्त्रालय र निकायअन्तर्गतका सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। यससम्बन्धी बेहोरा देहायबमोजिम छन्:

६०.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणबमोजिम यस वर्षसम्म सङ्घीय सरकारको स्थिर सम्पत्ति रु.४ खर्ब ७४ अर्ब ८५ करोड ३१ लाख, प्रदेश सरकारको रु.३९ अर्ब ९१ करोड ५७ लाख र स्थानीय तहको रु.५५ अर्ब २० करोड ८१ लाखसमेत तीनै तहका सरकारको सम्पत्ति रु.५ खर्ब ६९ अर्ब ९७ करोड ६९ लाख रहेको छ। सम्पत्तिमध्ये भवन र संरचना रु.१५ अर्ब ४८ करोड १६ लाख (२.७२ प्रतिशत), मेसिन र उपकरण रु.५ खर्ब १२ अर्ब २१ करोड ५५ लाख (८९.८६ प्रतिशत), अन्य संरचना रु.१३ अर्ब ७४ करोड २१ लाख (२.४१ प्रतिशत) र अन्य बहुमूल्य तथा प्राकृतिक सम्पत्ति रु.२८ अर्ब ५३ करोड ७६ लाख (५.०१ प्रतिशत) रहेको छ।

यो वर्ष सरकारी सम्पत्ति रु.४ खर्ब ६५ अर्ब ९७ करोड ६९ लाखले वृद्धि भई कुल रु.५ खर्ब ६९ अर्ब ९७ करोड ६९ लाख पुगेको छ। उक्त वृद्धिमा सवारीसाधनलगायत मेसिन उपकरणको हिस्सा रु.५ खर्ब १२ अर्ब २२ करोड अर्थात् करिब ९० प्रतिशत रहँदा तीनै तहका जग्गा तथा प्राकृतिक सम्पत्तिको मूल्य रु.२८ अर्ब ४८ करोड ६ लाख र पुँजीगत खर्चको ठुलो हिस्सा ओगट्ने भौतिक पूर्वाधारको अंश केवल २.७२ प्रतिशत मात्र रहेको देखिन्छ। अतः यस्ता अचल सम्पत्तिको यथार्थ मूल्य कायम गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६०.२ यो वर्ष एकीकृत वित्तीय विवरणमा सम्पत्तिको मौज्दातमा अस्वाभाविक वृद्धि देखिएको छ। प्राकृतिक सम्पत्तितर्फ रु.२३ अर्ब ८२ करोड ४३ लाख वृद्धि भई रु.२४ अर्ब २९ करोड ९० लाख र मेसिनरी औजारमा रु.२ खर्ब ८७ अर्ब ६८ करोड ६ लाख वृद्धि भई रु.४ खर्ब ३४ अर्ब २४ करोड १९ पुगेको देखिन्छ। मेसिनरी औजारको वृद्धिमध्ये अन्य मेसिनरी औजार तथा उपकरण (सम्पत्ति कोड नं. ६११२२३९) मा रु.३ खर्ब ४० अर्ब ४५ करोड ३७ लाख वृद्धि र अन्य सम्पत्तिमा रु.५२ अर्ब ७७ करोड ३१ लाख समायोजन भएको देखिन्छ। यसरी ठुलो परिमाणमा वृद्धि देखिएको सम्पत्ति प्राप्तिको स्रोत नखुलाएको हुँदा सम्पत्ति व्यवस्थापन प्रणालीमा सुधार गरी प्राप्तिको स्रोतसमेत उल्लेख गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

६०.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा प्रत्येक कार्यालयले वार्षिक रूपमा जिन्सी निरीक्षण गरी सम्पत्तिको भौतिक अवस्था खुलाउनुपर्ने व्यवस्था छ। यो वर्ष नेपाल

सरकारको कुल सम्पत्ति रु.४ खर्ब ८३ अर्ब ९ करोड ५५ लाख रहेकोमा सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी नबाँधिएका सम्पत्तिहरूको अवस्थाका सम्बन्धमा कुनै खुलासा गरिएको छैन। साथै, निरीक्षण प्रतिवेदनका आधारमा सम्पत्तिहरूको अवस्था (चालु, लिलाम गर्नुपर्ने, मिनाहा गर्नुपर्ने वा मर्मत गर्नुपर्ने) नखुल्दा सम्पूर्ण सम्पत्ति नै चालु हालतमा देखिन गई सम्पत्तिको यथार्थ अवस्था यकिन हुन सकेको छैन। जिन्सी निरीक्षण प्रतिवेदनलाई एकीकृत गरी सम्पत्तिको मौज्दातसँगै सोको भौतिक अवस्था र मिनाहा भएको विवरणसमेत पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ। साथै, अभिलेख बाहिर रहेका सम्पत्तिहरूलाई समेत जिन्सी किताबमा आम्दानी बाँधी एकीकृत विवरणमा समावेश गर्ने र लिलाम वा मर्मत गर्नुपर्ने सम्पत्तिको छुट्टै लेखा राख्ने प्रणाली विकास गरी सम्पत्तिको यथार्थ हिसाब यकिन गर्नुपर्दछ।

६१. **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ बमोजिम सरकारी कार्यालयको त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने एवं आन्तरिक लेखापरीक्षणमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण अगावै फस्यौंट तथा सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष नेपाल सरकार मातहतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण भई रु.९ अर्ब २९ करोड बेरुजु कायम भएको छ। महालेखा नियन्त्रक कार्यालयको नाममा देखिएको गत वर्षको नगद मौज्दात र यो वर्ष राजस्व बाँडफाँटलगायत स्रोतबाट प्राप्त राजस्वको आन्तरिक लेखापरीक्षण भएको पाइएन।

आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट भएको छैन। कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा व्यावसायिक दक्षता वृद्धि गरी आन्तरिक लेखापरीक्षणमा सुधार गर्नुपर्दछ।

६२. **लेखा फाराम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ बमोजिम लेखा राख्न प्रयोग हुने स्वीकृत लेखा फारामहरू महालेखा नियन्त्रक कार्यालयले लागु गर्नुपर्ने व्यवस्था छ। स्वीकृत ढाँचा अनुरूपका फारामहरू राजस्व व्यवस्थापन सूचना प्रणालीमा मूलतः राजस्वको आर्थिक विवरण म.ले.प. फाराम नं. ११० नरहेको, आर्थिक विवरणको रूपमा प्रयोग भइरहेको म.ले.प. फाराम नं. ११३ मा म.ले.प. फाराम नं. ११० को ढाँचा रहेको तर राजस्व असुली र लगत किताबको व्यवस्था गरेको पाइएन। राजस्व निर्धारण गरेपछि सो रकमलाई लगतमा कसी आर्थिक विवरणमा समावेश समेत गर्नुपर्ने हुँदा ती फारामको अभाव र राजस्वको लगत राख्न नसकेको अवस्था छ। अतः स्वीकृत लेखा ढाँचाबमोजिमका फारामहरूलाई डिजिटल प्रणालीमा समावेश भएनभएको निक्यौंल गरी लेखा ढाँचाका फारामलाई अद्यावधिक गरी लेखा प्रणालीलाई दुरूस्त बनाउनुपर्दछ।

आन्तरिक राजस्व विभाग

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई करदातालाई आवश्यक सेवा प्रदान गर्ने, कर सङ्कलन लागत घटाउने, करको दायरा विस्तार गर्ने, कराधार संरक्षण गर्ने, कर परीक्षण तथा अनुसन्धान गर्ने, सोको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर कानुनहरूको कार्यान्वयन गर्ने गराउने उद्देश्यले यस विभागको गठन भएको हो। विभाग र सो मातहत ८४ कार्यालयमार्फत कर प्रशासन सञ्चालन एवं व्यवस्थापन हुँदै आएकोमा २०८२।८३ मा ३९ करदाता सेवा कार्यालयमध्ये २ आन्तरिक राजस्व कार्यालयमा रुपान्तरण भई ३७ करदाता सेवा कार्यालयहरू खारेज गरी बाँकी कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ।

६३. **राजस्व लक्ष्य र असुली -** विभागको वार्षिक प्रतिवेदनअनुसार २०८१।८२ मा रु.७ खर्ब १ अर्ब ५३ करोड राजस्व असुली गर्ने लक्ष्य रहेकोमा रु.५ खर्ब ८३ अर्ब ८२ करोड (८३.२२ प्रतिशत) असुल भएको देखिन्छ। गत वर्ष रु.५ खर्ब ३३ अर्ब ३ करोड असुल भई लक्ष्यको ७८.६५ प्रतिशत असुल भएकोमा गत वर्षको तुलनामा यो वर्ष रु.५० अर्ब ७९ करोड (९.५३ प्रतिशत) बढी राजस्व असुल भए तापनि लक्ष्यअनुसार असुली हुन सकेको छैन। कर परीक्षण गर्ने ४५ मध्ये ४२ आन्तरिक राजस्व कार्यालय र ३९ मध्ये ३८ करदाता सेवा कार्यालयले लक्ष्यअनुरूप राजस्व असुल गर्न सकेको देखिएन। राजस्वको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

६४. **राजस्व बक्यौता -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(ज) मा बक्यौता कर असुलीसम्बन्धी व्यवस्था छ। विभागको वार्षिक प्रतिवेदनअनुसार २०८१।८२ सम्मको राजस्व बक्यौता रु.२ खर्ब ७५ अर्ब ५ करोड रहेकोमा विभागको एकीकृत आर्थिक विवरणमा रु.२ खर्ब ६७ अर्ब ४५ करोड उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत आर्थिक विवरणमा रु.७ अर्ब ६० करोड भिन्नता रहेको देखिन्छ। गत वर्ष यस्तो भिन्नता रु.११ अर्ब १३ करोड रहेकोमा यस वर्षसमेत भिन्नता देखिएकोले यसमा सुधार भएको छैन। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

यो वर्षको लेखापरीक्षणबाटः

- *आन्तरिक राजस्वतर्फ लक्ष्यको ८३.२२ प्रतिशत राजस्व असुली भएको हुँदा लक्ष्य अनुरूप असुली नभएको,*
- *विभागअन्तर्गत वर्षान्तमा रु.२ खर्ब ७२ अर्ब राजस्व बक्यौता रहेकोमा यस वर्ष कुल बक्यौताको १.६७ प्रतिशतमात्र असुली भएको,*
- *आयकर ऐन तथा आर्थिक ऐनबमोजिम हुने कर छुटको प्रभाव विश्लेषण नगरेको,*
- *आयकर ऐनबमोजिम निर्धारित समयभित्र कर परीक्षण सम्पन्न नगर्दा करको भार बढी परेको,*
- *कतिपय करदाताले न्यून आय देखाई तथा बढी खर्च दाबी गरी घटी कर निर्धारण भएको साथै भुक्तानीमा अग्रिम कर कट्टी नगरेको लगायतका बेहोरा देखिएका छन्।*

६४.१ विभागको वार्षिक प्रतिवेदनमा उल्लिखित बक्यौतामध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका २ हजार ९५ करदाताको रु.१ खर्ब ८० अर्ब १० करोड (६५.४८ प्रतिशत) बक्यौता रहेको छ।

६४.२ प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा नगएका ३ लाख ३० हजार ९१२ करदाताको रु.९४ अर्ब ९५ करोड (३४.५२ प्रतिशत) बक्यौता रहेको छ।

६४.३ विभागको एकीकृत आर्थिक विवरणअनुसार लगत रु.२ खर्ब ७२ अर्बमध्ये यो वर्ष रु.४ अर्ब ५४ करोड ७२ लाख (१.६७ प्रतिशत) मात्र असुल भई अन्तिम लगत रु.२ खर्ब ६७ अर्ब ४५ करोड कायम भएको छ। गत वर्ष रु.९ अर्ब १२ करोड ३६ लाख असुल भई कुल लगतको ३.७५ प्रतिशत असुल भएकोमा यो वर्ष बक्यौता असुली रकम तथा प्रतिशत दुवै घटेको छ। कर परीक्षण, अनुसन्धान, शङ्कास्पद कारोबारको छानबिन, चालु वर्षको परीक्षण, अग्रिम कर कट्टी परीक्षण, द्रुत परीक्षणसमेतबाट कर निर्धारण भई लगत कायम भएकोमा सोको असुली १.६७ प्रतिशत मात्र रहेकोले समग्र कर प्रशासनको प्रभावकारिता कमजोर देखिन्छ।

६४.४ विभागको अभिलेखअनुसार विवादरहित बक्यौतामध्ये धेरै बक्यौता हुने १० करदाताको बक्यौता कर सम्बन्धमा विश्लेषण गर्दा मूल्य अभिवृद्धि करतर्फ १ विदेशी स्थायी संस्थापनको रु.१ अर्ब ८८ करोड ५८ लाख ७८ हजार बक्यौता रहेकोमा उक्त संस्था २०७४।७५ देखि नै नन्फाइलर रहेको साथै आयकरतर्फ १ करदाताको रु.४ अर्ब ३१ करोड ९५ लाखको बक्यौता रहेकोमा विगत ३ वर्षदेखि आय विवरण पेस नगरेको अवस्था छ। समयमा कर निर्धारण नहुनु, कर निर्धारणपश्चात् असुलीका लागि प्रचलित कानुनबमोजिम आवश्यक कारबाही नहुनुलगायतका कारणले बक्यौता असुल हुन सकेको छैन।

विवादरहित बक्यौता कर असुलीका लागि प्रचलित कानुनबमोजिम चल अचल सम्पत्ति रोक्का गरी लिलामी गर्ने, बैङ्क तथा वित्तीय संस्थामा रहेको करदाताको खाताको रकम दाबी गर्ने, व्यवसायीको राहदानी रोक्का गर्ने लगायतका कार्य गरी बक्यौता राजस्व असुली गर्नुपर्दछ।

६५. **राजस्व फरक –** विभागले तयार गरेको एकीकृत आर्थिक विवरणअनुसार राजस्व व्यवस्थापन सूचना प्रणालीमा दाखिला भएको राजस्व रु.५ खर्ब ८४ अर्ब ८२ करोड रहेकोमा राजस्व लेखा प्रणालीमा दाखिला भएको राजस्व रु.५ खर्ब ८३ अर्ब ८४ करोड रहेकोले राजस्व प्राप्ति रु.९७ करोड घटी देखिएको छ। विभागले ३९ राजस्व शीर्षकअन्तर्गत पर्ने राजस्व मात्र प्रशासन गर्ने तर राजस्व व्यवस्थापन सूचना प्रणालीमा ६६ शीर्षकमा राजस्व जम्मा हुने भएका कारण अन्य निकायले प्रशासन गर्ने कर र गैरकर राजस्वसमेत विभागको कार्यालय कोडमा आम्दानी भएको देखिएकाले रकम फरक परेको विभागले जनाएको छ। गत विगत वर्षमा पनि यस्तो फरक पर्ने गरेकोमा महालेखा नियन्त्रक कार्यालय र विभागले सञ्चालन गर्ने प्रणालीमा सामञ्जस्यता ल्याएको नदेखिएकोले दुई प्रणालीबिच एकीकरण गरी राजस्वको यथार्थ विवरण तयार गर्नुपर्दछ।

६६. **करको दायरा -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेसा, व्यवसाय वा कारोबार गर्दा दर्ता हुनुपर्ने तथा इजाजतपत्र लिनुपर्ने व्यवस्था छ।

६६.१ करमा दर्ता भएका एवं इजाजतपत्र लिने करदाताको ४ वर्षको सङ्ख्या निम्नानुसार छः

विवरण	२०७८।७९ सम्म	२०७९।८० सम्म	२०८०।८१ सम्म	२०८१।८२ मा थप	२०८१।८२ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१७६२४१३	१८७६३०५	२०२७६८२	११८१३८	२१४५८२०
व्यक्तिगत स्थायी लेखा नम्बर	३०५०३०४	३६४९६१४	४२६७१४६	६५३२४३	४९२०३८९
अग्रिम कर स्थायी लेखा नम्बर	१८०९४	२८१०७	३३३३०	२५५२	३५८८२
जम्मा	**४८३०८११**	**५५५४०२६**	**६३२८१५८**	**७७३९३३**	**७१०२०९१**
मूल्य अभिवृद्धि करमा दर्ता	२९१३६१	३०८४७७	३३५०१७	२४६४३	३५९६६०
अन्तः शुल्क इजाजतपत्र	१३११२७	११६६७५	१३७२५९	२४४६५	१६१७२४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०८१।८२ सम्म आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कतर्फ क्रमशः ७१ लाख २ हजार, ३ लाख ५९ हजार र १ लाख ६१ हजार करदाता दर्ता भएका छन्। २०८०।८१ को तुलनामा यो वर्ष स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या आयकरतर्फ १२.२३ प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ ७.३६ प्रतिशत र अन्तःशुल्कतर्फ १७.८२ प्रतिशतले वृद्धि भएको देखिन्छ। करको दायरा विस्तारका लागि व्यवसाय दर्ता गर्ने सबै निकायले प्रणालीगत अन्तरआबद्धता गरी स्थायी लेखा नम्बर प्रदान गर्ने, करको दायरामा नआएका व्यक्तिको सूचना सङ्कलन तथा निगरानी गर्ने र नियमनकारी निकायबिच सूचनाको अन्तरआबद्धतासहित समन्वय कायम गरी कराधारलाई थप फराकिलो बनाउनुपर्दछ।

६६.२ व्यावसायिक स्थायी लेखा नम्बर लिनेको सङ्ख्या २०८१।८२ को अन्तसम्म २१ लाख ४६ हजार, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ४९ लाख २० हजार र अग्रिम कर स्थायी लेखा नम्बर लिएका ३६ हजारसमेत ७१ लाख २ हजार पुगेको छ। पेसागत व्यक्तिहरू आंशिक रूपमा मात्र करको दायरामा आएका छन। पेसाविद्हरूलाई करको दायरामा ल्याई अनिवार्य आय विवरण पेस गर्ने स्वचालित प्रणालीको विकास भएको छैन। पेसाविद्हरूले आफ्नो पेसालाई निरन्तरता दिन प्रत्येक वर्ष पेसागत प्रमाणपत्रलाई नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेस गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गरी सम्बद्ध निकायबिच सूचना आदान प्रदान गर्न अन्तरआबद्धता कायम गर्नुपर्दछ।

६७. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। विभागको विगत ४ वर्षको मूल्य अभिवृद्धि करको स्थिति निम्नानुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
डेबिट विवरण (प्रतिशत)	१०.९३	११.३१	१६.२१	१७.२२
क्रेडिट विवरण (प्रतिशत)	५८.५३	५८.७७	५९.५९	६२.४१
शून्य विवरण (प्रतिशत)	३०.५४	२९.९२	२४.२०	२०.५७
आषाढमा डेबिट (रु.अर्बमा)	१५.६५	१४.१८	१७.३०	३२.८३
आषाढमा क्रेडिट (रु.अर्बमा)	७०.०१	६९.८५	८८.८६	८९.५५
क्रेडिट डेबिट अनुपात	४.४७:१	४.९२:१	५.१४:१	२.७३:१

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

६७.१ विभागको वार्षिक प्रतिवेदनअनुसार कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ २०८२ आषाढ मसान्तसम्म रु.३२ अर्ब ८३ करोडको डेबिट विवरण तथा रु.८९ अर्ब ५५ करोडको क्रेडिट विवरण पेस भएको छ। गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण र क्रेडिट विवरण बुझाउने दुबैको सङ्ख्यामा वृद्धि भएको छ। सोही प्रकृतिको क्रेडिट कट्टी पाउने रकम अन्तःशुल्क र आयकरतर्फसमेत रहेकोमा सो तथ्य विभागको वित्तीय विवरणमा खुलासा गरेको छैन। करदाताले फिर्ता पाउने उल्लेख गरेको रकम प्रत्येक वर्ष बढ्दै गएकोमा विभागले यस्तो सम्भावित दायित्वको अभिलेख अद्यावधिक नगरेको हुँदा यसबाट आगामी वर्ष प्राप्त हुने राजस्वमा समेत प्रभाव पर्ने देखिन्छ। अतः यस्तो दायित्व यकिन गरी मन्त्रालयको एकीकृत आर्थिक विवरणमा खुलासा गर्नुपर्दछ।

६७.२ आर्थिक वर्ष २०८०।८१ मा कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २४.४१ प्रतिशत रहेकोमा २०८१।८२ मा २५.१६ प्रतिशत रहेको देखियो। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न बजार अनुगमन, विद्युतीय बीजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इनफोर्समेन्टजस्ता विधिको प्रयोग गर्नुपर्दछ।

६८. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा कर तथा शुल्क निर्धारण उपर विवादरहित करको सम्पूर्ण रकम र विवादित करको एक चौथाइ रकम बुझाई प्रशासकीय पुनरावलोकनको लागि विभागसमक्ष निवेदन दिन सक्ने र त्यस्तो निवेदन दिएको मितिले ६० दिनभित्र विभागले निर्णय गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार गत वर्षसम्म १ हजार ७४२ निवेदन उपर कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ७४१ थप भई २ हजार ४८३ पुगेको र सोमध्ये यो वर्ष १ हजार १०२

को कारबाही टुङ्गो लगाई १ हजार ३८१ निवेदन बाँकी रहेका छन्। जसअनुसार एक वर्ष नाघेका निवेदन ६४० रहेकोमा ऐनमा भएको व्यवस्थाअनुसार ६० दिनभित्र टुङ्गो लगाएको पाइएन। करदाता प्रशासकीय पुनरावलोकनमा जाँदा बुझाएको विवादित करको करदातागत अभिलेखलाई सूचना प्रविधि (एकीकृत कर) प्रणालीमा अद्यावधिक गरेको देखिएन। प्रशासकीय पुनरावलोकन कार्य कानुनबमोजिम ६० दिनभित्र टुङ्गो लगाई करदातागत अभिलेख व्यवस्थित गर्नुपर्दछ।

६९. **कर परीक्षण -** आयकर ऐन, २०५८ को दफा १०१ मा विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०८१।८२ मा करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका ४ हजार ९४३ र यो वर्ष छनोट भएका २ हजार २७१ समेत ७ हजार २१४ फाइलको कर परीक्षण गर्नुपर्नेमा ३ हजार ९५७ (५५ प्रतिशत) फाइलको कर परीक्षण सम्पन्न गरेको देखियो। विगत ४ वर्षको कर परीक्षणको विवरण निम्नानुसार छः

आर्थिक वर्ष	जिम्मेवारी सरी आएको सङ्ख्या	यो वर्ष छनोट सङ्ख्या	कर परीक्षण गर्नुपर्ने सङ्ख्या	यो वर्ष सम्पन्न सङ्ख्या	अर्को वर्ष जिम्मेवारी सारेको सङ्ख्या
२०७८।७९	२२९०	१७००	३९९०	६०९७	-
२०७९।८०	२३३९	४२००	६५३९	५२७६	१२६३
२०८०।८१	४३८०	४२००	८५८०	४४५०	४१३०
२०८१।८२	४९४३	२२७१	७२१४	३९५७	३२५७

उल्लिखित विवरणअनुसार कर परीक्षण गर्नुपर्ने ३ हजार २५७ फाइल २०८२।८३ को लागि जिम्मेवारी सरेको देखिएकोमा विभागले तयार गरेको विद्युतीय आन्तरिक अनुगमन प्रणाली (ई.आई.एम.एस.) मा २०७८।७९ मा आगामी वर्षको लागि जिम्मेवारी सारेको फाइल सङ्ख्या शून्य देखाएको छ। यद्यपि २०७९।८० मा गत वर्षको जिम्मेवारी सरी आएको फाइल सङ्ख्या २ हजार ३३९ देखिन्छ। त्यसैगरी २०७९।८० मा आगामी वर्षको लागि जिम्मेवारी सार्नुपर्ने १ हजार २६३ देखाएकोमा २०८०।८१ मा गत वर्षको जिम्मेवारी ४ हजार ३८० सारेकोले ३ हजार ११७ बढी सारेको देखिन्छ। साथै २०८०।८१ मा आगामी वर्षको लागि जिम्मेवारी सार्नुपर्ने ४ हजार १३० देखाएकोमा २०८१।८२ मा गत वर्षको जिम्मेवारी ४ हजार ९४३ सारेकोले ८१३ बढी सारेको छ। यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुधार भएको छैन।

यो वर्ष परीक्षण गर्नुपर्ने फाइलमध्ये ३ हजार ९५७ (५४.८५ प्रतिशत) फाइलको कर परीक्षण भई बाँकी ३ हजार २५७ फाइल (४५.१५ प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। व्यावसायिक स्थायी लेखा नम्बर लिएका कुल करदाता २१ लाख ४५ हजार ८२० मध्ये यो वर्ष ०.१८ प्रतिशत करदाताको कर परीक्षण भएको छ। विभागले जोखिममा आधारित करदाता छनोट प्रणाली अवलम्बन गरेको भए तापनि जोखिम सूचक सामयिक रूपमा पुनरावलोकन नगर्दा एउटै करदाता प्रत्येक वर्ष छनोटमा पर्ने र केही करदाता छनोटमा नै नपर्ने देखिएको छ। कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गरी क्षेत्रगत रूपमा अधिक जोखिम भएका करदाताको निश्चित अवधिभित्र कर परीक्षण हुने प्रबन्ध गरिनुपर्दछ।

७०. **संशोधित कर निर्धारण -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षणबाट निर्धारण भएको कर निम्नानुसार रहेको पाइयोः

(रकम रु. अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	कर परीक्षणबाट योगदान			अन्तिम लगत रकम	असुली रकम	लगतको तुलनामा असुली प्रतिशत
		रकम	कर राजस्वको तुलनामा प्रतिशत	नोक्सानी समायोजन			
२०७८।७९	४८३.४८	२०.१५	४.१७	९४.८५	१८७.३९	१६.१४	८.६१
२०७९।८०	४७९.८	१९.८९	४.१४	२६.६०	२२८.१८	४.६६	२.०४
२०८०।८१	५३३.०३	१४.४८	२.७२	५९.७४	२४२.९१	९.१२	३.७५
२०८१।८२	५८३.८२	१७.१६	२.९४	८७.४३	२७२.००	४.५४	१.६७

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित तालिकाअनुसार कर परीक्षणबाट २०७८।७९ मा कुल कर राजस्वको तुलनामा ४.१७ प्रतिशत, २०७९।८० मा ४.१४ प्रतिशत, २०८०।८१ मा २.७२ प्रतिशत र २०८१।८२ मा २.९४ प्रतिशत कर निर्धारण भएको छ। गत वर्ष ४ हजार ४५० फाइल परीक्षणबाट रु.१४ अर्ब ४८ करोड थप कर निर्धारण भएकोमा २०८१।८२ मा ३ हजार ९५७ फाइल परीक्षणबाट रु.१७ अर्ब १६ करोड संशोधित कर निर्धारण भएको छ। यस वर्षसम्मको लगती राजस्व रु.२ खर्ब ७२ अर्ब रहेकोमा रु.४ अर्ब ५४ करोड (लगतको तुलनामा १.६७ प्रतिशत) मात्र असुल भएको छ। कर परीक्षणबाट नोक्सानी समायोजनतर्फ प्रगति हासिल भए तापनि अधिकांश हिस्सा सरकारी संस्थानहरूको रहेको छ। संशोधित कर निर्धारणबाट राजस्वको लगत प्रत्येक वर्ष वृद्धि भएको, राजस्व असुलीमा न्यून योगदान रहेको तथा कर विवाद भई बक्यौता बढ्दै गएको छ। कर परीक्षण र अनुसन्धानको गुणस्तरमा सुधार गर्दै समग्र कर प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

७१. **कर छुट –** आर्थिक ऐन, २०८१ को दफा २२ देखि २८ सम्म तथा आयकर ऐन, २०५८ को दफा ११ लगायतका प्रावधानमार्फत विभिन्न कर छुट तथा सहुलियतको व्यवस्था रहेको छ। कर छुट सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

७१.१ आर्थिक ऐन, २०८१ को दफा २८ मा कर्जा सूचना सेवा प्रवाह गर्ने निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभएको भए २०८१ असार मसान्तभित्र दर्ता भएमा सङ्कलन गर्नुपर्ने मूल्य अभिवृद्धि करको ५० प्रतिशतले हुने रकम र २०८१ असोज मसान्तभित्र बुझाएमा बाँकी कर र सोमा लागेको ब्याज, थप दस्तुर तथा जरिबाना छुट हुने व्यवस्था छ। कर्जा सूचना केन्द्रले २०६०।६१ देखि २०८०।८१ सम्मको कर रु.४२ करोड ६२ लाख ५४ हजार दाखिला गरी सोही रकम बराबर छुट पाएको छ। ब्याज तथा अन्य शुल्कसमेत समावेश गर्दा थप राजस्व छुट दिएको देखिन्छ।

७१.२ आर्थिक ऐन, २०८२ को दफा ३० अनुसार स्वामित्व (नियन्त्रणमा) परिवर्तन भइसकेका निकायले २०८२ असार मसान्तसम्म कर दाखिला गरेमा ब्याज तथा शुल्क मिनाहा हुने विशेष व्यवस्था गरिएकोमा १ बहुराष्ट्रिय कम्पनीले २०७१।७२ को निर्धारण भएको करको ब्याज तथा शुल्कमा रु.१ अर्ब ९९ करोड १९ लाख ६ हजार छुट पाएको छ।

७१.३ आर्थिक ऐन, २०८१ को दफा २३ अनुसार आय विवरण बुझाउन बाँकी करदाताले २०८१ फागुनभित्र आय विवरण बुझाई ब्याजको २५ प्रतिशत रकम बुझाएमा बाँकी ब्याज र शुल्क छुट दिने उल्लेख गरेको र दफा २४ अनुसार मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजमा पचास प्रतिशत छुट दिने व्यवस्था भएकोमा सोअनुसार २९ हजार ४४१ करदाताले आयकरतर्फ रु.१ अर्ब ६६ करोड ६९ लाख

तथा मूल्य अभिवृद्धि करतर्फ ५ हजार ३१८ करदाताले रु.३५ करोड ४ लाख ८८ हजारसमेत रु.२ अर्ब १ करोड ७४ लाख छुट प्राप्त गरेका छन्।

७१.४ आयकर ऐन, २०५८ को दफा ११ लगायतबाट कर छुट सुविधा प्रावधानअन्तर्गत प्रदान गरिएका सहुलियतको एकीकृत विवरण विभागले तयार गरेको छैन।

कर छुटको समग्र प्रभावको विश्लेषण गरी सोअनुसार कर छुटको व्यवस्था राख्नुपर्दछ।

७२. **ढिला कर परीक्षण** – आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा जालसाजीको कारण बाहेक अन्य अवस्थामा ४ वर्षभित्र कर परीक्षण सम्पन्न गर्नुपर्ने उल्लेख छ। यस वर्ष ठुला करदाता कार्यालयले ४०३ फाइल परीक्षण गरेकोमा उक्त परीक्षणबाट रु.१० अर्ब १९ करोड ३६ लाख ४ हजार कर निर्धारण भएको छ। जसमध्ये २०७७।७८ सम्मका म्याद जाने फाइलहरू १७९ रहेको र सो बाट रु.९ अर्ब १९ करोड ६४ लाख ४८ हजार कर निर्धारण भई कुल कर निर्धारणको ९०.२२ प्रतिशत म्याद जाने करदाताको फाइलबाट कर निर्धारण भएको छ।

उक्त कर निर्धारणमध्ये आयकरतर्फ शुल्क र ब्याजको अंश रु.३ अर्ब ७२ करोड ८१ लाख ८९ हजार, मूल्य अभिवृद्धि करतर्फ ब्याज, थप दस्तुर र जरिबाना रु.७१ करोड ३० लाख १८ हजार र अग्रिम करतर्फ ब्याज र शुल्क रु.८० करोड ३८ लाख २२ हजार रहेकोले ब्याज तथा शुल्कको अंश रु.५ अर्ब २४ करोड ५० लाख २९ हजार रहेको छ। समयमा संशोधित कर निर्धारण नहुँदा करदातालाई ब्याज, शुल्क तथा जरिबानाको भार कुल करको तुलनामा ५७.०३ प्रतिशत रहेको देखिन्छ। हाल आन्तरिक राजस्व विभागले ए.आर.एम.एस (लेखापरीक्षण अभिलेख व्यवस्थापन प्रणाली) तथा एकीकृत कर प्रणालीमार्फत जोखिमका आधारमा फाइल छनोट र अनलाइन परीक्षणको व्यवस्था गरे तापनि कर परीक्षण अन्तिम समयमा वा म्याद नाघेपछि हुने प्रवृत्ति देखिएको छ। कर परीक्षण समयमै सम्पन्न हुने व्यवस्था गरी ब्याज तथा जरिबानाको भार घटाउनेतर्फ ध्यान दिनुपर्दछ।

७३. **दोहोरो करमुक्ति सम्झौता** - आयकर ऐन, २०५८ को दफा ७३ बमोजिम विभागलाई नेपाल सरकारको तर्फबाट अन्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने तथा विद्यमान सम्झौताका व्यवस्था संशोधनसम्बन्धी कार्य जिम्मेवारी तोकिएको छ। नेपालले २०८१।८२ सम्म ११ राष्ट्रसँग दोहोरो कर मुक्ति सम्झौता गरेको छ। त्यस्तो सम्झौताबाट नेपालले प्राप्त गरेको वास्तविक लाभको समीक्षा एवं आवधिक विश्लेषण गरी समयसापेक्ष पुनरावलोकन गर्नुपर्दछ।

७४. **विद्युतीय सेवामा कर** - आर्थिक ऐन, २०७९ को दफा २० मा गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा २ प्रतिशतका दरले विद्युतीय सेवा कर लगाउने व्यवस्था छ। ठुला करदाता कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ सम्म गुगल, मेटा, लिंक्डइन, माइक्रोसफ्ट, अमेजनलगायतका १८ कम्पनी दर्ता भएका छन्। त्यस्ता कम्पनीबाट २०७९।८० मा रु.३० करोड २२ लाख ९० हजार, २०८०।८१ मा रु.४१ करोड ७ लाख २० हजार तथा २०८१।८२ मा उक्त करदाताबाट रु.४४ करोड ४८ लाख १७ हजार कर सङ्कलन भएको छ। यस्तो कारोबार गर्ने सबै गैरबासिन्दा व्यक्तिलाई करको दायरामा ल्याउनुपर्दछ।

साथै ३ वर्षको मूल्य अभिवृद्धि कर र विद्युतीय सेवा कर दाखिला स्थितिको अध्ययन गर्दा मूल्य अभिवृद्धि करको आधारमा १४ करदाताले विद्युतीय सेवा कर रु.६ करोड ८ लाख ५५ हजार न्यून दाखिला गरेकोले यस सम्बन्धमा थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७५. **मूल्य हस्तान्तरण** - आयकर ऐन, २०५८ को दफा ३३ (१) अनुसार सम्बद्ध व्यक्तिहरूबिच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहारअनुसार सञ्चालन गरिएको भए सोका लागि कायम हुनसक्ने करयोग्य आय वा बुझाउनुपर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरूबिच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकम विभागले लिखित सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँट गर्न सक्ने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतका ८ करदाताले ११ आय वर्षमा रोयल्टी, व्यवस्थापन शुल्क, प्राविधिक सहायता शुल्क, परामर्श शुल्क आदि उल्लेख गरी गैरबासिन्दालाई रु.६ अर्ब ३ करोड ६७ लाख भुक्तानी गरेका छन्। यस्तो खर्च सामान्य बजार व्यवहारअनुरूप भए नभएको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

७६. **विज्ञापन तथा प्रचार-प्रसार खर्च** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) मा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न नपाइने व्यवस्था छ। यसै गरी विभागले मदिरा तथा वियर उत्पादनको अनुमति दिँदा अन्तःशुल्क ऐन र नियमावली, मदिरा ऐन र नियमावली, अन्तःशुल्क निर्देशिका तथा जनस्वास्थ्य ऐन, २०७५ समेतको अधीनमा रही आफ्नो ब्रान्ड, साइज र लेबलमा वस्तुको उत्पादन गर्नुपर्ने निर्णय गरी अनुमतिको स्वीकृति दिएको छ। मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने ठुला करदाता कार्यालयअन्तर्गतका १३ करदाताले २०८०।८१ मा विज्ञापनमा रु.४७ करोड ६८ लाख ३८ हजार खर्च दाबी गरेका छन् भने बजार प्रवर्धन, प्रायोजन, अनुसन्धान, ब्राण्ड विकास तथा प्रवर्धन नामका अन्य शीर्षक समेतमा रु.७ अर्ब ५१ करोड ११ लाख १७ हजार खर्च दाबी गरेका छन्।

कानुनले निषेध गरेको क्षेत्रमा गरिने खर्चलाई व्यवसायबाट आय आर्जन हुने कार्यमा गरेको उल्लेख गरी खर्च कट्टी दिँदा यसको प्रत्यक्ष असर राजस्व असुलीमा परेको छ। उल्लिखित ऐनले प्रचार प्रसारलाई अबैध मानेको अवस्थामा आयकर ऐनले त्यस्तो खर्चलाई कट्टी गर्न दिने व्यवस्थामा तादात्म्यता मिलाउनुपर्दछ।

७७. **मर्जर तथा एक्विजिसनको लाभांश कर** - आयकर ऐन, २०५८ को दफा ४७क(५) मा उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेका सेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार गाभिई निःसर्ग भएको निकायका साविकका सेयरधनीहरूले मात्र वितरण गरेको लाभांशमा कर छुट हुने अवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतका ४ करदाताले ४ आय वर्षमा रु.१ अर्ब ७२ करोड ४३ लाख लाभांश वितरण गरेको देखिएकोमा गाभ्ने निकायका सेयरधनी, नयाँ सेयरधनीलगायतलाई भुक्तानी भएको लाभांशको ५ प्रतिशतले हुने कर रु.८ करोड ६२ लाख १७ हजार लाभांश कर दाखिला गर्नुपर्ने देखिन्छ। तथापि रु.२३ लाख ३६ हजार मात्र दाखिला गरेकोले बाँकी लाभांश कर रु.८ करोड ६१ लाख ९४ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७८. **जग्गा बिक्रीको आय -** आयकर ऐन, २०५८ को दफा ७(२) मा सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई आयमा समावेश गर्नुपर्ने व्यवस्था छ। ठुला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय धनगढी, भरतपुर, बुटवल, ललितपुर १ लगायत ३६ कार्यालयअन्तर्गतका १२३ करदाताले विभिन्न आय वर्षमा आफ्नो स्वामित्वमा रहेको जग्गा बिक्री गरेको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याङ्कबाट देखिएकोमा करदाताले उक्त रकम आय विवरणमा समावेश गरेको नदेखिएकोले रु.३ अर्ब ९७ करोड ६१ लाखलाई आयमा समावेश गरी सोमा लाग्ने कर रु.६७ करोड ७८ लाख २४ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७८.१ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक करदाताले भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याङ्क अनुसार रु.१ अर्ब १ करोडको जग्गा निःसर्ग गरेकोमा वित्तीय विवरणमा रु.१७ करोड ७२ लाख ३९ हजारको मात्र जग्गा बिक्री गरेको देखाएको छ। सोअनुसार करदाताले उक्त जग्गा बिक्रीमा रु.८३ करोड २७ लाख ६१ हजार लाभ देखाउनुपर्नेमा रु.९ करोड ४९ लाख ७३ हजार मात्र देखाई वित्तीय विवरणमा समावेश नभएको रु.७३ करोड ७७ लाख ८७ हजार न्यून आय देखाएकोले सोको २५ प्रतिशतले हुने रु.१८ करोड ४४ लाख ४७ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७८.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक करदाताले ललितपुर महानगरपालिका वडा नं.१ मा अवस्थित जग्गा २०७७।११।२५ मा रु.१२ करोड ८६ लाख ६० हजारमा बिक्री गरेकोमा उक्त बिक्रीलाई वित्तीय तथा आय विवरण दुवैमा बिक्री देखाएको छैन भने सम्पत्तिसमेत घटेको नदेखाएको र नगद प्रवाह विवरणमा समेत रकम प्राप्ति नदेखिएकोले उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने कर रु.३ करोड २१ लाख ६५ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७८.३ आन्तरिक राजस्व कार्यालय, धरानअन्तर्गतको एक करदाताले रु.४ करोड ५५ लाख २३ हजारको जग्गा बिक्री गरेकोमा उक्त बिक्रीलाई आय विवरणमा देखाएको छैन भने सम्पत्तिबाट घटाएको समेत देखिएन। उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने कर रु.१ करोड १३ लाख ८१ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७८.४ आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गतको एक करदाताले भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंबाट २०८०।४।१६ मा रु.२६ करोडमा जग्गा बिक्री गरेको र उक्त जग्गाको आयकर ऐन, २०५८ को दफा ९५ अनुसार १.५ प्रतिशतले हुने कर रु.३९ लाख दाखिला गरेको बेहोरा भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याङ्कबाट देखिन्छ। निज करदाताले २०७८।७९ पश्चात् आय विवरण पेस गरेको छैन। वित्तीय विवरणअनुसार रु.३ करोड १२ लाखको जग्गा र रु.३ करोड ४० लाखको भवनसमेत कुल रु.६ करोड ५२ लाखको सम्पत्ति रहेकोमा उक्त सम्पत्ति रु.२६ करोडमा बिक्री गरेको देखिन्छ। अतः आय विवरण नै पेस नगरेको कारण उक्त कारोबारबाट भएको लाभ रु.१९ करोड ४८ लाखको २५ प्रतिशत कर रु.४ करोड ८७ लाख प्राप्त नभएकोले छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

७८.५ आन्तरिक राजस्व कार्यालय, इटहरीअन्तर्गतका ६ करदाताले ६ आय वर्षमा रु.२६ करोड ६३ लाख ५ हजारको घरजग्गा बिक्री गरेकोमा ती करदाता आयकरतर्फ नन्-फाइलर रहेका छन्। यस्ता करदाताको आय विवरण माग गरी कर दायित्व यकिन गर्नुपर्दछ।

७८.६ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरअन्तर्गत दर्ता रहेको एक मेडिकल कलेजले २०७६।७७ मा जग्गाको पुनर्मूल्याङ्कनबाट रु.४ करोड थप गरेकोमा २०८०।८१ मा उक्त जग्गाको मूल्य घटाएको पाइयो। उक्त मूल्याङ्कनअनुसार २०८१।८२ मा उक्त जग्गाको मूल्य रु.१० करोड ३० लाख ४८ हजार हुनेमा रु.३ करोड ७५ लाखमा बिक्री गरी रु.६ करोड ५५ लाख ४८ नोक्सानी बेहोरेको छ। करदाताले विगत वर्षमा जग्गाको पूनर्मूल्याङ्कन गरी सम्पत्ति बढाएको तर बिक्री गर्दा रु.८ करोड २३ लाख ९८ हजार नोक्सानी हुने गरी बिक्री गरेको सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

७९. **आय विवरण -** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा रु.४० लाखभन्दा बढी आय भएको अवस्थामा डे ४ विवरण भर्नुपर्ने व्यवस्था छ। यसै गरी विभागले डे ४ विवरण पेस नगर्ने करदाताको एकीकृत कर प्रणालीबाट पहिचान गरी कर दाखिलाको जाँच तथा परीक्षण गर्नुपर्ने गरी परिपत्र गरेको छ। आन्तरिक राजस्व कार्यालय नयाँसडक, त्रिपुरेश्वर, बुटवल, भरतपुरलगायत २८ कार्यालयअन्तर्गतका डे ४ विवरण पेस गर्नुपर्ने केही करदाताको नमुना छनोट गरी परीक्षण गर्दा त्यस्तो विवरण पेस नगरेका ४६९ करदाताले २०८०।८१ को कुल आय रु.३ अर्ब ९८ करोड ३० लाखमा लाग्ने रु.६७ करोड ९४ लाख आयकर दाखिला गरेका छैनन्। उक्त रकम छानबिन गरी कर असुल गर्नुपर्दछ।

८०. **अन्तिम कर कट्टी नहुने आय -** आयकर ऐन, २०५८ को दफा ९२(१)(ङ) मा दफा ८८ को उपदफा (३) मा उल्लिखित बैङ्क, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुनबमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले व्यवसाय सञ्चालन गर्ने बाहेकको प्राकृतिक व्यक्तिलाई भुक्तानी दिएको ब्याज मात्र अन्तिम कर कट्टीको भुक्तानी हुने उल्लेख छ। जसअनुसार वित्तीय कारोबार गर्ने गरी स्वीकृत भएका सूचीकृत कम्पनी लगायतका बैङ्क, वित्तीय संस्था सहकारी आदिले भुक्तानी गरेको ब्याजमात्र अन्तिम कर कट्टी भएको मानिने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक हाइड्रोपावर कम्पनी वित्तीय कारोबार गर्ने गरी सूचीकृत कम्पनी नभएकोले यस कम्पनीले व्यवसाय सञ्चालन नगरेको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको ब्याज अन्तिम कर कट्टी हुने देखिँदैन। कम्पनीले ४ आय वर्षमा एक सञ्चालकबाट सापटी लिई रु.१५ करोड ७६ लाख ३३ हजार ब्याज खर्च गरेकोमा सो ब्याजलाई उक्त सञ्चालकले आफ्नो आयमा समावेश गरेको नदेखिएकोले ३९ प्रतिशतले हुने नपुग कर रु.३ करोड ३१ लाख ३ हजार र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८१. **नियन्त्रणमा परिवर्तनको नोक्सानी समायोजन -** आयकर ऐन, २०५८ को दफा ५७(१) मा विगत तीन वर्ष अघिसम्मको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सम्पत्ति र दायित्व निःसर्ग गरेको मानिने, दफा ५७(२) मा नियन्त्रणमा परिवर्तन हुँदा परिवर्तन पछि स्वामित्व ग्रहण गर्ने निकायलाई विगतको नोक्सानी कट्टी गर्न र नोक्सानीलाई कुनै आय वर्षमा पछाडि लैजान नपाइने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, भैरहवा, नयाँ बानेश्वर, टंगालसमेत ५ कार्यालयअन्तर्गतका १३ करदाताले

२०७९।८० र २०८०।८१ मा नियन्त्रणमा परिवर्तन पूर्वको नोक्सानी रु.४ करोड ९१ लाख ९४ हजार स्वामित्व परिवर्तनपश्चात् दाबी गरेकोले उक्त नोक्सानी अमान्य गर्नुपर्दछ।

८२. **नोक्सानी समायोजन -** आयकर ऐन, २०५८ को दफा २०(८) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीको आयमा पूर्ण कर छुट प्राप्त गरेको भए त्यस्तो आय वर्षमा भएको नोक्सानी आगामी आय वर्षमा सारी लैजान नपाउने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८२.१ जलविद्युतको व्यापारिक उत्पादन गर्ने कम्पनीहरूले आयकर ऐन, २०५८ को दफा ३घ (क) अनुसार व्यापारिक कारोबार गरेको मितिले पहिलो १० वर्षसम्म पूर्ण रूपमा कर छुट र त्यसपछिको ५ वर्षसम्म ५० प्रतिशत कर छुट पाउने गरी छुट सुविधा लिएकोमा उक्त कम्पनीले छुट पाएको अवधिको नोक्सानी आगामी वर्षमा सार्न नपाउने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय ललितपुर २ अन्तर्गतका २ जलविद्युत कम्पनीले सो व्यवस्था विपरीत विगतको नोक्सानी रु.३६ करोड १५ लाख यस आय वर्षमा सारेको देखिन्छ।

साथै आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतका ७ जलविद्युत कम्पनीले विगतको नोक्सानी रु.१ अर्ब १३ करोड १ लाख ५० हजार यस आय वर्षमा सारेकोमा कर परीक्षणबाट १ जलविद्युत कम्पनीको विगतको नोक्सानी रु.१३ करोड ३० लाख ५१ हजार अमान्य गरेको छ। बाँकी ६ कम्पनीको हकमा रु.९९ करोड ७० लाख ९९ हजार नोक्सानी अमान्य गरी कर निर्धारण आदेश जारी नगरेकोले नोक्सानी अमान्य गरी समायोजन गर्नुपर्दछ।

८२.२ आयकर ऐन, २०५८ को दफा २० मा व्यवसायको कट्टा नभएको नोक्सानीलाई आगामी ७ वर्षसम्म सार्न पाउने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतको एक सहकारी संस्थाले नोक्सानी समायोजन गर्दा २०८०।८१ मा विगतको नोक्सानी रु.८१ करोड २९ लाख ६० हजार समायोजन गर्नुपर्नेमा रु.८४ करोड २९ लाख ६० हजार नोक्सानी सारेकोले रु.३ करोड बढी सारेको नोक्सानी अमान्य गरी समायोजन गर्नुपर्दछ।

८३. **बिक्री कारोबार -** आयकर ऐन, २०५८ को दफा ४ मा मुनाफा रु.३ लाख र व्यवसायको कारोबार रु.३० लाख रुपैयाँभन्दा कम भएको करदाताले डे १ कर विवरण बुझाउन पाउने र दफा ९६ मा आय वर्ष समाप्त भएको तीन महिनाभित्र आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय विराटनगर, बुटवल, कालीमाटीलगायत २७ कार्यालय अन्तर्गतका ६१४ करदाताले २०८०।८१ मा रु.८ अर्ब ३७ करोड ८ लाखको थ्रेसहोल्डभन्दा बढीको कारोबार गरेको तर डे १ आय विवरण पेस गरेकोले सोमा लाग्ने कर रु.८३ करोड ७० लाख ७९ हजार तथा मूल्य अभिवृद्धि करयोग्य कारोबारको समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८४. **विगत वर्षको खर्च –** आयकर ऐन, २०५८ को दफा १३ मा सो वर्षको खर्च मात्र आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक इन्टरनेट सेवा प्रदायकले २०८०।८१ मा रु.४३ लाख २४ हजार नोक्सानीको आय विवरण पेस गरेको छ। विगत वर्षहरूमा मर्मत सम्भार लगायतको शुल्क बाहेकको अन्य रकमको मात्र रोयल्टी र ग्रामीण दूरसञ्चार विकास दस्तुर बुझाएकोमा कानुनमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी आंशिक रकमको मात्र ४ प्रतिशत रोयल्टी र २ प्रतिशत ग्रामीण दूरसञ्चार विकास दस्तुर बुझाएकोमा विगत वर्षसम्मको रोयल्टी

र ग्रामीण विकास शुल्क रु.१ अर्ब २१ करोड ६८ लाख ५९ हजारलाई यस आय वर्षमा खर्च कट्टी लिएकोले उक्त खर्च कट्टी ऐनको दफा १३ अनुसार खर्च कट्टी पाउने देखिँदैन। अतः उक्त खर्च कट्टी अमान्य गरी रु.४३ लाख २४ हजार नोक्सानी समायोजन गरी बाँकी रु.१ अर्ब २१ करोड २५ लाख ३५ हजारको ३० प्रतिशत आयकर रु.३६ करोड ३७ लाख ६१ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८५. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा कर कट्टी सम्बन्धी व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८५.१ आन्तरिक राजस्व कार्यालय, धुलिखेलअन्तर्गतको एक निर्माण व्यवसायीले २०७९।८० मा प्रत्यक्ष खर्चअन्तर्गत परामर्श खर्च रु.३० करोड ४ लाख ५३ हजार र २०७८।७९ मा रु.१८ करोड ७६ लाख ७ हजारसमेत रु.४८ करोड ८० लाख ६० हजार दाबी गरेको छ। उक्त खरिद एक विदेशी निकायबाट गरेकोमा सोको १३ प्रतिशतले हुने रिभर्स मूल्य अभिवृद्धि कर र भुक्तानीमा कर कट्टीतर्फ रु.१६ करोड ५० लाख ८३ हजारको मात्र १५ प्रतिशत कर दाखिला गरेको देखिएकोले बाँकी रु.३२ करोड २९ लाख ७७ हजारमा १५ प्रतिशतले हुने अग्रिम कर रु.४ करोड ८४ लाख ४६ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८५.२ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक परामर्शदाता कम्पनीले २०७६।७७ देखि २०७८।७९ सम्म ३ आय वर्षमा दुई राष्ट्रबाट रु.१३ करोड ४१ लाख ९६ हजारको विदेशी परामर्श सेवा खरिद गरी भुक्तानी गरेकोमा सोमा ऐनको दफा ८८ (१) अनुसार १५ प्रतिशत भुक्तानीमा कर कट्टी रु.२ करोड १ लाख २९ हजार र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ (२) अनुसार रिभर्स मूल्य अभिवृद्धि कर रु.१ करोड ७४ लाख ४५ हजारसमेत रु.३ करोड ७५ लाख ७५ हजार दाखिला गरेको नदेखिएकोले उक्त कर र सोमा लाग्ने ब्याज, शुल्क तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८५.३ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर अन्तर्गतको एक संयुक्त उपक्रमले विदेशी परामर्श सेवा खरिद गरेकोमा रिभर्स मूल्य अभिवृद्धि कर दाखिला गरे तापनि भुक्तानीमा ५ प्रतिशत मात्र करकट्टी गरेको छ। करदाताले २०७९।८० र २०८०।८१ मा इन्जिनियरिङ परामर्श सेवा रु.१४ करोड ५९ लाख ३६ हजारको खरिद गरेकोमा सोको १० प्रतिशतले हुने घटी कर कट्टी भएको रु.१ करोड ४५ लाख ९३ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८५.४ आन्तरिक राजस्व कार्यालय, बुटवल अन्तर्गतको एक करदाताले ५ आय वर्षमा रु.७ करोड ९५ लाख ५४ हजार भुक्तानी गरी ब्याण्डविथ खरिद गरेकोमा उक्त भुक्तानीमा हुने १० प्रतिशतले रु.७९ लाख ५५ हजार कर कट्टी गर्नुपर्नेमा रु.११ लाख ९३ हजार मात्र असुल गरेको देखिएकोले नपुग रु. ६७ लाख ६२ हजार र सो मा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८५.५ ठुला करदाता कार्यालय अन्तर्गतको एक करदाताले कमिशनबापत रु.११ करोड ५१ लाख ७८ हजार खर्च कट्टी दाबी गरेको पाइयो। उक्त भुक्तानीमा १५ प्रतिशतले रु.१ करोड ७२ लाख ७७ हजार कर कट्टी गर्नुपर्नेमा रु.८५ लाख ८६ हजारमात्र कट्टी गरेको देखिएकोले घटी कट्टी गरेको कर रु.८६ लाख ९१ हजार तथा सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८६. **ब्याज भुक्तानी -** आयकर ऐन, २०५८ को दफा ८८ (१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ। साथै सोही ऐनको दफा ८८ (४) मा सहकारी बैङ्क तथा सहकारी सङ्घ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याजमा अग्रिम कर कट्टी गर्न नपर्ने उल्लेख भएकोले बैङ्क वा वित्तीय संस्थालाई भुक्तानी गरेको ब्याजमा अग्रिम कर कट्टा गर्न नपर्ने तर सहकारीलाई प्राकृतिक व्यक्ति बाहेकले ब्याज भुक्तानी गरेको अवस्थामा अग्रिम कर कट्टी गर्नुपर्ने देखिन्छ। आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतको एक लगानी कम्पनीले ४ आय वर्षमा आफ्नै सम्बद्ध सहकारीबाट ऋण लिई रु.२६ करोड ४३ लाख ३२ हजार ब्याज खर्च लेखेकोमा सोमा १५ प्रतिशतले हुने अग्रिम कर रु.३ करोड ९६ लाख ५० हजार दाखिला गरेको देखिएन। उक्त अग्रिम कर र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

८७. **उत्पादन प्रतिलब्धि** - उत्पादनमूलक उद्योग/प्रतिष्ठानहरूमा कच्चा पदार्थ खपतबाट तोकिएबमोजिम स्थापित नर्म्सअनुसारको उत्पादन प्रतिलब्धि हुनुपर्दछ। मैदा, आँटा, चामल, स्टिल, तेल उत्पादन लगायतका उत्पादनमूलक केही उद्योगले उद्योग विभागबाट नर्म्स स्वीकृत नगराई ती वस्तु उत्पादन गरेका छन्। त्यसै गरी एकै प्रकृतिका उद्योगहरूको प्रतिलब्धि दरमा समेत भिन्नता रहेको देखिन्छ। यसबाट हुन सक्ने न्यून राजस्व असुलीलाई नियन्त्रण गर्न र राजस्व परिचालनमा दक्षता अभिवृद्धि गर्न कर प्रशासनले अन्य सम्बन्धित सरकारी निकायहरू एवं उद्योगी, व्यवसायीसँग समन्वय गरी उद्योगमा जडान भएको मेसिन, उपकरण साथै कच्चा पदार्थको गुणस्तरसमेत मध्यनजर गरी क्षेत्रगत एवं उद्योगगत उत्पादन प्रतिलब्धि दर निर्धारण गर्नुपर्दछ।

८८. **फरक दर -** आयकर ऐन, २०५८ को अनुसूची १ मा करका दरसम्बन्धी व्यवस्था छ। सोही अनुसूचीको दफा २ मा निकायको हकमा व्यवसायगत रूपमा लाग्ने करको दर उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गतको डिजिटल वालेट सञ्चालन गर्ने गरी नेपाल राष्ट्र बैङ्कबाट भुक्तानी सेवा प्रदायकको लाइसेन्स लिई कारोबार गर्ने एक करदाताले २०८०।८१ मा नियन्त्रणमा परिवर्तन भएकोमा सो अगाडि र पछाडिको छुट्टाछुट्टै आय विवरण २५ प्रतिशत करको दर हुने गरी पेस गरेको तथा सोमा आयकर ऐन, २०५८ को दफा ११ (३) (क) मा सूचना प्रविधि उद्योगले तीन सय भन्दा बढीलाई प्रत्यक्ष रोजगार दिएको उल्लेख गरी ८० प्रतिशत कर छुट लिई २० प्रतिशत कर दाखिला गरेको छ। यस करदाताले रिचार्ज कार्डको कारोबार गरेको उल्लेख गरी २० प्रतिशत कर दाखिला गरेको तर रिचार्ज कार्डको कारोबार गर्दा आफ्नै वालेटमा रहेको रकमको प्रयोग गरी रिचार्ज गर्ने हुँदा यस्तो सेवा वित्तीय कारोबारअन्तर्गत पर्ने देखिएको र सो आयमा २०८०।८१ को आर्थिक ऐनबाट ३० प्रतिशत कर लाग्ने उल्लेख गरेकोले दफा ११ (३) (क) अनुसारको छुट प्राप्त गर्दा २४ प्रतिशत कर दाखिला गर्नुपर्नेमा २० प्रतिशतमात्र कर दाखिला गरेकोले फरक सम्बन्धमा छानबिन गरी छुट कर रु.१ करोड ७१ लाख ७६ हजार र सोमा ब्याज तथा शुल्कसमेत निर्धारण गर्नुपर्ने देखिन्छ।

८९. **कर्मचारी बोनस –** बोनस ऐन, २०३० को दफा ९ मा आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र बोनस वितरण गरिसक्नुपर्ने व्यवस्था छ। साथै आयकर निर्देशिका, २०६६ को बुँदा नं.१८.१३ मा बोनस बापत छुट्याइएको र खर्च कट्टी लिएको रकम उल्लिखित समय सीमाभित्र वितरण नभएमा आयकर ऐन, २०५८ को दफा २५ (१) (ग) बमोजिम खर्च कट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुपर्ने उल्लेख गरेको छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक शैक्षिक संस्थाले २०७८।७९ मा रु.५ करोड १५ लाख ६५ हजार, २०७९।८० मा रु.३ करोड १९ लाख १४

हजार बोनस व्यवस्था गरेकोमा भुक्तानी दिन बाँकी (पेयबल) तर्फ रु.१२ करोड ५ लाख ८८ हजार रहेको छ। जसले गर्दा विगत वर्षमा छुट्याएको तर वितरण नगरेको बोनस रु.८ करोड ८६ लाख ७३ हजार २०७९।८० को आयमा समावेश गरेको नदेखिएकोले उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने आयकर रु.२ करोड २१ लाख ६८ हजार तथा सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

९०. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क (२ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा अवधिको आधारमा ५ प्रतिशत र ७.५ प्रतिशत एवं सूचीकरण नभएको निकायको हकमा प्राकृतिक व्यक्तिको लाभमा १० प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

९०.१ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताको चुक्ता पुँजी रु.३ अर्ब रहेको र जगेडा कोषमा रु.९० करोड ३८ लाख ४७ हजार रहेकोले प्रति सेयर नेटवर्थ रु.१३०।१३ रहेको छ। करदाताका ३ सेयरधनीले २०८०।८१ मा रु.१ अर्ब ३५ करोड २६ लाखको १ करोड ३५ लाख २६ हजार कित्ता सेयर १० व्यक्तिलाई बिक्री गरेकोमा पुँजीगत लाभकर दाखिला गरेको देखिएन। नेटवर्थका आधारमा रु.४० करोड ७५ लाख ३८ हजार पुँजीगत लाभ भएकोमा सोको १० प्रतिशतले हुने रु.४ करोड ७ लाख ५४ हजार र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९०.२ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताको एक सेयरधनीले १६ लाख २० हजार कित्ता सेयर प्रति सेयर रु.३३६.३६ को दरले रु.५४ करोड ४९ लाखमा बिक्री गरेको देखिन्छ। कम्पनीको रिजर्भ रु.१ अर्ब १ करोड ३१ लाख ७० हजार रहेको आधारमा प्रति सेयर नेटवर्थ रु.४००।१८ रहेकोले कम्तीमा पनि नेटवर्थका आधारमा बिक्री गर्दा रु.४८ करोड ६२ लाख ९२ हजार पुँजीगत लाभ हुने देखिन्छ भने कम्पनीको ख्याति, ब्राण्ड, व्यवसायको विस्तार क्षमता आदिका आधारमा उक्त रकममा अझै वृद्धि हुने देखिन्छ। नेटवर्थका आधारमा सो लाभमा १० प्रतिशतले हुने रु.४ करोड ८६ लाख २९ हजार लाभकर दाखिला गर्नुपर्नेमा रु.३ करोड ८३ लाख मात्र दाखिला गरेको देखिएकोले न्यून दाखिला भएको रु.१ करोड ३ लाख २९ हजार र सोको ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

९१. **नियन्त्रणमा परिवर्तन** - आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निःसर्ग गरेको मानिने, स्वामित्व परिवर्तन हुनुभन्दा अघिको नोक्सानी कट्टी गर्न नपाउने, निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

९१.१ ठुला करदाता कार्यालयअन्तर्गतको एक सिमेन्ट उद्योगको २०७४।११।१० मा ४८.६० प्रतिशत तथा २०७६।८।२० मा ५.६७ प्रतिशतसमेत तीन वर्षभित्र कुल ५४.२६ प्रतिशत नियन्त्रणमा परिवर्तन भएको छ। नियन्त्रणमा परिवर्तन हुनुअगाडि र तत् पश्चात्को सम्पत्ति र दायित्वको मूल्याङ्कन गरी आयकर ऐन, २०५८ को दफा ५७ बमोजिमको लाभ तथा दफा ९५क बमोजिमको पुँजीगत लाभ गणना गर्न कार्यालयले परामर्शसेवा लिएकोमा परामर्शदाताले दफा ५७ अनुसारको लाभ नभएको र दफा ९५क अनुसार रु.९ लाख १८ हजार लाभकर निर्धारण गर्नुपर्ने गरी प्रतिवेदन दिएको छ।

करदाताले २०७६।७७ मा सम्पत्तिको मूल्याङ्कनबाट लाभ नभएको उल्लेख गरेको तर करदाता स्वयंले २०७९।८० मा जग्गाको बजार मूल्य रु.७४ करोड ८४ लाख ३१ हजार उल्लेख गरेको र किताबी मूल्य रु.८ करोड ४९ लाख ४५ हजार रहेकोले पुनःमूल्याङ्कनबाट रु.६६ करोड ३४ लाख ८६ हजार लाभ भएको उल्लेख गरेकोले ४ वर्षभित्र जग्गाको मूल्य ८८१.०७ प्रतिशत वृद्धि भएको देखाएकोले नियन्त्रणमा परिवर्तनको अवधिमा सम्पत्तिको यथार्थ मूल्याङ्कन गरेको देखिएन। उक्त लाभलाई ऐनको दफा ५७ अनुसार आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने आयकर रु.१६ करोड ५८ लाख ७१ हजार तथा दफा ९५क अनुसार १० प्रतिशतले हुने लाभकर रु.३ करोड ६० लाखसमेत कुल कर दायित्व रु.२० करोड १८ लाखका सम्बन्धमा छानबिन गर्नुपर्दछ।

९१.२ आन्तरिक राजस्व कार्यालय, बालाजु अन्तर्गतको एक करदाताको २०८०।८१ मा नियन्त्रणमा परिवर्तन भएको र सो अवधिमा करदाताले रु.१ करोड ६९ लाख ५२ हजारको जग्गा रु.३ करोड ४८ लाख ३३ हजारमा बिक्री गरेको देखिन्छ। जुन भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त घरजग्गाको बिक्रीको विवरणबाट समेत पुष्टि हुन्छ। यस अवधिमा अन्य खर्च र गत वर्षसम्मको नोक्सानी जिम्मेवारी सर्दै आएको आयकर ऐन, २०५८ को दफा २० अनुसारको नोक्सानीसमेत मिलान गरी रु.४२ लाख ४६ हजार करयोग्य आय देखाई सोमा २५ प्रतिशत कर दाखिला गरेको छ। तर नियन्त्रणमा परिवर्तन हुँदा ऐनको दफा ५७ बमोजिम सम्पत्ति र दायित्वको मूल्याङ्कन र दफा ९५ क अनुसारको पुँजीगत लाभकरसमेत दाखिला गरेको छैन। करदाताको वासलातमा कुल रु.६ करोड ८२ लाखको जग्गा रहेको र आंशिक जग्गा बिक्रीमा कुल मुनाफा अनुपात १०५.४८ प्रतिशत रहेकोले सोको आधारमा बाँकी रु.५ करोड १२ लाख ४८ हजारको जग्गाको मूल्याङ्कन गर्दा रु.५ करोड ४० लाख ५७ हजारलाई दफा ५७ अनुसार मूल्याङ्कन गरी ऐनको दफा ४१ अनुसार थमौतीसहितको निःसर्ग गरी सोको २५ प्रतिशत आयकर रु.१ करोड ३५ लाख १४ हजार र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

९२. **सम्पत्ति तथा दायित्वको निःसर्ग -** आयकर ऐन, २०५८ को दफा ४०(१) मा कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिने र दफा ४०(२) मा कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निःसर्ग गरेको मानिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९२.१ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक संयुक्त उपक्रमले एक हाइड्रोपावर प्रोजेक्टसँग २०७८।७९ मा सिभिल वर्क्सको लागि रु.१ अर्ब ७२ करोड ४१ लाख ९० हजारको ठेक्का सम्झौता गरेको छ। उक्त हाइड्रोपावर प्रोजेक्टको २०८०।८१ को वित्तीय विवरणमा सिभिल कन्ट्रयाक्टबापत मोविलाइजेशन एडभान्स रु.२० करोड दिएको देखाएकोमा यस करदाताले उक्त रकम दायित्वमा देखाएको छैन। साथै २०७९।८० मा समेत रु.२३ करोड ८६ लाख ७० हजार फरक परेकोले दुई आय वर्षमा रु.४३ करोड ८६ लाख ७० हजार दायित्व फरक परेको छ। उक्त भिन्नता सम्बन्धमा थप छानबिन गरी सोलाई आयकर ऐन, २०५८ को दफा ७ अनुसार आयमा समावेश गरी सोको २५ प्रतिशत रु.१० करोड ९६ लाख ६७ हजार आयकर र सोको ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९२.२ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक उद्योगले एक निकायलाई २०७८।७९ मा रु.२९ करोड २५ लाख ३३ हजार अग्रिम भुक्तानी गरेको छ। सो वर्ष अग्रिम भुक्तानी पाउने उक्त निकायको वित्तीय विवरणमा दायित्वतर्फ भुक्तानी दिनुपर्ने साहुहरूको विवरण तथा अग्रिम प्राप्ति विवरणमा उद्योगलाई साहु लेखाङ्कन गरेको छैन। अतः यस सम्बन्धमा छानबिन गरी उक्त अग्रिम भुक्तानी रकमलाई आयमा समावेश गरी २० प्रतिशत आयकर रु.५ करोड ८५ लाख ६ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९३. **आय गणना** - आयकर ऐन, २०५८ को दफा ७ मा सो आय वर्षमा प्राप्त गरेको सेवा शुल्कलगायतका सबै रकम व्यवसायको आय हुने उल्लेख छ। यस सम्बन्धमा आन्तरिक राजस्व विभागले कुल ठेक्का रकम नै नेपालमा भएको स्थायी संस्थापनको आय हुने, सो आयबाट सृजना भएको सम्पूर्ण व्यावसायिक मुनाफामा कर तिर्नुपर्ने, स्थायी संस्थापनको मुख्य कम्पनी (प्रिन्सिपल कम्पनी) ले खरिदकर्ताको नाममा सोझै सामान आपूर्ति गरेको अवस्थामा उक्त सामानको आपूर्ति मूल्यमा समेत जोडी कुल ठेक्का रकम नेपालको स्थायी संस्थापनको आयमा समावेश गर्नुपर्ने उल्लेख गरी २०७९।२।२० मा सबै कर कार्यालयलाई परिपत्र जारी गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९३.१ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक करदाताले नेपाल विद्युत प्राधिकरणको ग्रिड सोलार इनर्जी इफिसियन्सी प्रोजेक्टको एक ठेक्काको काम अमेरिकी डलर ५९ लाख ५५ हजार ६३४ र नेपाली रुपैयाँ रु.७० करोड २६ लाख ५४ हजारमा गर्ने गरी सम्झौता गरेकोमा नेपाली रुपैयाँतर्फको ४९.७३ प्रतिशत कार्यसम्पन्न भइसक्दासमेत २०७७।७८ मा अमेरिकी डलरतर्फको रकम आयमा देखाएको छैन। साथै सो पछाडिका वर्षमा समेत अमेरिकी डलरतर्फको कामको आयलाई आयमा समावेश गरेको छैन। प्राधिकरणबाट प्राप्त विवरणअनुसार आयोजनाले भुक्तानी गरेको अमेरिकी डलर ५९ लाख २३ हजारको नेपाली रुपैयाँ रु.५६ करोड ९२ लाख ४५ हजार आयमा समावेश नगरेको सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

९३.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर २ अन्तर्गतको एक स्थायी संस्थापनले नेपाल विद्युत प्राधिकरणका विभिन्न ठेक्कामा २०८०।८१ सम्म रु.२१ करोड ६६ लाख ७० हजार नोक्सानी र २०८०।८१ मा मात्र कुल नोक्सानी रु.१२ करोड ७९ लाख १२ हजार रहेको छ। करदाताले चिलिमे सबस्टेसनमा रु.१६ करोड १४ लाख खर्च गरेकोमा रु.१३ करोड ३७ लाख, चिलिमे त्रिशूली २२० केभी ट्रान्समिशन लाइनमा रु.१५ करोड १६ लाख खर्च गरेकोमा रु.१३ करोड ९५ लाख, काठमाडौं भ्याली टिसीआर प्रोजेक्टमा रु.१२ करोड ५२ लाख खर्च गरेकोमा रु.८ करोड ६८ लाख, मर्स्याङ्दी कोरिडोर २२० केभी ट्रान्समिसन लाइनमा रु.१२ करोड २० लाख खर्च गरेकोमा रु.११ करोड ५७ लाख, त्रिशुली ३ बी सब-स्टेसनमा रु.११ करोड ५६ लाख खर्च गरेकोमा रु.८ करोड ८२ लाख र रामेछाप गर्ज्याङ खिम्ती १३२ केभी टिएल प्रोजेक्टमा रु.१ करोड २२ लाख खर्च गरेकोमा रु.४९ लाख मात्र आय देखाएको कारण सबै ठेक्कामा कुल नोक्सानी देखिएको छ। साथै प्राधिकरणले विदेशी स्थायी संस्थापनको डलर खातामा २ आय वर्षमा रु.१ अर्ब १ करोड ७७ लाख सोझै भुक्तानी गरेको देखिएकोमा उक्त रकमलाई नेपालस्थित स्थायी संस्थापनले लेखाङ्कन गरेको छैन। यस सम्बन्धमा दीर्घकालीन करारका आधारमा समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९४. **दीर्घकालीन करार** - आयकर ऐन, २०५८ को दफा २६ मा दीर्घकालीन करारअन्तर्गत करार सम्पन्न प्रतिशतको आधारमा आय गणना गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९४.१ ठुला करदाता कार्यालयअन्तर्गतको एक निर्माण व्यवसायीले एक जलविद्युत कम्पनीसँग रु.८ अर्ब ५३ करोड ३४ लाखको काम गर्ने गरी नेपाली रुपैयाँतर्फ ३०.२३ प्रतिशत तथा अमेरिकी डलरतर्फ ६९.७७ प्रतिशत भुक्तानी प्राप्त गर्ने गरी सम्झौता गरेको देखिन्छ। करदाताले २०७७।७८ सम्म दीर्घकालीन करारअनुसार रु.४ अर्ब ९९ करोड २७ लाख ८८ हजार आयमा समावेश गरेकोमा कर परीक्षणबाट रु.६ अर्ब २४ करोड २६ लाख आय कायम गरी हालसम्म ७३.१५ प्रतिशत कार्य सम्पन्न गरी रु.६ अर्ब १८ करोड १२ लाख ५४ हजार खर्च कायम गरेको छ। करदाताले २०१७ जनवरी १ मा भएको सम्झौताको विनिमय दर रु.९५।९० का आधारमा करारको सम्पन्न प्रतिशतका आधारमा आय कायम गरेको छ तर अमेरिकी डलरमा आम्दानी गर्दा सोको विनिमय लाभलाई आयमा समावेश गरेको छैन।

जलविद्युत कम्पनीले ८० औं रनिङ बिलको भुक्तानी दिँदा डलरको विनिमय दर रु.११९।१४ ले हुने नेपाली रुपैयाँ प्राप्त गरेको तर विनिमय दर रु.९५।९० को दरले आयमा समावेश गरेको देखिएकोले २ आय वर्षमा रु.२७ करोड ४६ लाख ८८ हजार विनिमय आय नदेखाएको कारण सोको २५ प्रतिशतले हुने रु.६ करोड ८६ लाख ७२ हजार आयकर न्यून दाखिला भएको सम्बन्धमा थप छानबिन गरी उक्त करमा ब्याज तथा शुल्कसमेत निर्धारण गर्नुपर्ने देखिन्छ।

९४.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक संयुक्त उपक्रमले दीर्घकालीन करार अन्तर्गत करारको सम्पन्न प्रतिशतका आधारमा आय गणना गरी आय विवरण पेस गरेकोमा २०७९।८० र २०८०।८१ मा ग्रस मुनाफा रु. ४ करोड ९५ लाख ६० हजारले ऋणात्मक देखाएको छ। करदाताको २०७७।७८ मा आय रु.१ अर्ब ७३ करोड ६६ लाख ३० हजार रहेकोमा रु.१ अर्ब ७१ करोड ९२ लाख ६४ हजार खर्च हुने अनुमान गरी १ प्रतिशत करयोग्य आय देखाएको तर २०७८।७९ मा करयोग्य आय रु.१२ करोड ८४ लाख ६२ हजार, २०७९।८० मा रु.२८ करोड १ लाख ७८ हजार तथा २०८०।८१ मा रु.३६ करोड २८ लाख ८७ हजारले ऋणात्मक हुने गरी खर्चको अनुमान गरी ऋणात्मक आय विवरण पेस गरेकोमा सुरुको अनुमानभन्दा फरक परेकोमा सोको कारण र आधार खुलाएको छैन। काठमाडौं उपत्यका खानेपानी लिमिटेडको निर्माणको काम गर्ने यस करदाताले सामग्रीको बजार मूल्य फरक पर्दा मूल्य समायोजन पाउने तथा भेरिएसन भएमा सोको रकमसमेत प्राप्त गर्नेमा सुरु लागतभन्दा फरक पारी रु.३६ करोड २८ लाख ८७ हजारले नोक्सान हुने गरी खर्चको अनुमान गरेकोले कर दायित्वमा असर परेको छ। यस सम्बन्धमा छानबिन गर्नुपर्दछ।

९४.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतको एक संयुक्त उपक्रमले बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडकको काम ३ वर्षमा सम्पन्न गर्ने गरी २०८१।३।११ मा रु.७ अर्ब ८९ करोड ४४ लाखको सम्झौता गरेकोमा दीर्घकालीन करारअन्तर्गत रही करारको सम्पन्नता प्रतिशतका आधारमा आय कायम गरी आय विवरण पेस गर्नुपर्नेमा सोअनुसार आय विवरण पेस नगरी रु.३ करोड ५२ लाख १३ हजार कुल नोक्सानी देखाएको छ। साथै अर्को एक संयुक्त उपक्रमले समेत सोही सडक खण्डको प्याकेज २ को अर्को चेनेजको कामको लागि ३ वर्षभित्र सम्पन्न गर्नुपर्ने गरी २०८१।३।११ मा रु.५ अर्ब ६६ करोड २२ लाखको सम्झौता गरेकोमा करारको सम्पन्न प्रतिशतका आधारमा आय कायम नगरी रु.१

करोड ८८ लाख ६३ हजार कुल नोक्सानी भएको आय विवरण पेस गरेको छ। उक्त नोक्सानी अमान्य गरी ऐनको दफा २६ अनुसार कर निर्धारण गर्नुपर्ने देखिन्छ।

९५. **ब्याज पुँजीकरण -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट आय गणना गर्दा सो व्यक्तिबाट सो आय वर्षमा व्यवसायबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्वमा लागेको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :

९५.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत ठेक्का पट्टा र व्यापारको कारोबार गर्ने ४ करदाताले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिई रु.५३ करोड २० लाख ७० हजारको जग्गा खरिद गरेकोमा सोमा कुनै संरचना निर्माण नगरेको तथा ब्याज पुँजीकरणसमेत गरेको छैन। उक्त ऋण व्यवसायको आय आर्जनमा प्रयोग भएको नदेखिएकोले सोको ब्याज खर्च रु.३ करोड ८५ लाख ८२ हजार ब्याज खर्च अमान्य गरी रु.९७ लाख ९७ हजार कर र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९५.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर २ अन्तर्गतको एक करदाताले २०७७।७८ मा रु.३० करोड बैङ्क ऋण लिई सोही आय वर्षमा रु.३१ करोड ६५ लाखको जग्गा खरिद गरेको पाइयो। उक्त ऋणबापत २०७७।७८ देखि २०८०।८१ सम्ममा रु.९ करोड ३१ लाख ९९ हजार ब्याज खर्च गरी व्यवसायको आयतर्फ खर्च कट्टी लिएको छ। जग्गा खरिदपश्चात् केही काम नगरेका कारण शून्य कारोबारको आय विवरण पेस गरेको, बैङ्कबाट ऋण लिएर उक्त ऋणको ब्याजमात्र भुक्तानी गरेको देखिएकोमा उक्त ऋण व्यवसायको प्रयोगमा आएको नदेखिएकोले उक्त ब्याजलाई पुँजीकरण नगरी खर्च कट्टी दाबी गरेकोले सो सम्बन्धमा छानबिन गरी कर यकिन गर्नुपर्दछ।

९५.३ आन्तरिक राजस्व कार्यालय, टंगालअन्तर्गत टिभी तथा इन्टरनेट सेवा प्रदायक एक करदाताले २०७९।८० मा रु.८५ करोड ३७ लाख ८१ हजार मूल्यको जग्गा र रु.१ करोड २५ लाख २८ हजार मूल्यको भवन खरिद गरेकोमा ब्याजबापत रु.२४ करोड ३९ लाख २४ हजार खर्च गरेको छ। जग्गा खरिदमा प्रयोग भएको ऋणको ब्याज रु.९ करोड ५ लाख ८६ हजारलाई जग्गाको मूल्यमा पुँजीकरण नगरी ब्याज खर्च दाबी गरेकोले यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९६. **सम्बद्ध पक्ष कारोबार -** आयकर ऐन, २०५८ को दफा ३३(ख) मा कुनै एक सम्बद्ध व्यक्तिले गरेको खर्चबाट अर्को व्यक्तिलाई फाइदा पुग्न गएमा त्यस्तो खर्च व्यवसायको तुलनात्मक आधारमा व्यक्तिहरूबिच बाँडफाँट गर्नुपर्ने तथा दफा ३४ मा कुनै व्यक्तिले आफ्नो आय अर्को कुनै व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट कर दायित्वमा कमी हुन गएमा कट्टी हुने रकमहरू समायोजन गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

९६.१ ठुला करदाता कार्यालयअन्तर्गत आफ्नै सम्बद्ध पक्षबाट एसेम्बल गरिएको सवारीसाधन खरिद गरी बिक्री गर्ने एक करदाताले ४ आय वर्षमा रु.६९ अर्ब ७३ करोडको बिक्री गरी बिक्रीमा नै नगद छुट तथा टार्गेट इन्सेन्टिभ्सबापत रु.१ अर्ब ५५ करोड १९ लाख र बिक्री कमिशन रु.६४ करोड ६४ लाख ६२ हजारसमेत रु.२ अर्ब १९ करोड ८४ लाख छुट दिई खुद बिक्री रु.६७ अर्ब ५४ करोड १४ लाख देखाएको छ। सबै खरिद आफ्नै सम्बद्ध फर्मबाट गरेकोमा सम्बद्ध फर्मले अन्तःशुल्क ऐन,

२०५८ को अनुसूची (अन्तःशुल्क दरबन्दी) को द्रष्टव्य १० अनुसारको एसेम्बल गरी सवारीसाधन उत्पादन गरेको आधारमा ५० प्रतिशत अन्तःशुल्क छुट प्राप्त गरेको छ।

सम्बद्ध पक्षबिच कारोबार हुँदा सामान्य बजार व्यवहार (आर्म्स लेन्थ) अनुसार कारोबार हुनुपर्नेमा करदाताले बिक्री मूल्यमा नै सोझै नगद एवं अन्य छुट दिएकोले उक्त छुट रकमको रु.५४ करोड ९५ लाख ९२ हजार अन्तःशुल्क तथा सो अन्तःशुल्कको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.७ करोड १४ लाख ४७ हजारसमेत रु.६२ करोड १० लाख ४० हजार कर छुट भएको छ। अतः प्रस्तुत सम्बद्ध पक्ष कारोबार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९६.२ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत ठेक्का पट्टाको कारोबार गर्ने तीन करदाताले सम्बद्ध पक्षबाट रु.१ अर्ब ११ लाख २६ हजार लिन बाँकी देखाएकोमा ती पक्षसँग कुनै पनि कारोबार भएको देखिएन। कर परीक्षणको क्रममा लगानीको रूपमा बाह्य प्रवाह भएको सम्बद्ध पक्षसँग उठाउन बाँकी रकमका सम्बन्धमा कुनै खुलासा गरेको छैन। अतः सम्बन्धित आय वर्षको औसत ब्याजदरका आधारमा रु.९ करोड ३२ लाख २१ हजार ब्याज खर्च अमान्य गरी सोको २५ प्रतिशत आयकर रु.२ करोड ३३ लाख ५ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९७. **लगानीको आय -** आयकर ऐन, २०५८ को दफा ९(२)(क) मा लगानीबाट प्राप्त ब्याजलाई लगानीबाट भएको आयमा गणना गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा नगदको अल्पकालीन व्यवस्थापन गरेबापत बैङ्कबाट प्राप्त ब्याजमा कर लाग्ने वा नलाग्ने द्विविधा भएको उल्लेख गरी एक हाइड्रोपावर कम्पनीले पूर्वादेश माग गरेकोमा विभागले व्यवसायको मुख्य कारोबार कर्जा लगानी गर्ने व्यक्तिको हकमा आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसायको आयमा समावेश गर्नुपर्ने तर सो बाहेक बैङ्कमा निक्षेप जम्मा गरे बापत प्राप्त हुने ब्याजलाई दफा ९(२)(क) बमोजिम लगानीको आयमा समावेश गर्नुपर्ने गरी पूर्वादेश दिएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९७.१ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको यातायात सेवा सञ्चालन गर्ने एक करदाताले मुद्दती निक्षेपबाट २०८०।८१ समेत ५ आय वर्षमा रु.१ अर्ब ४७ करोड ९० लाख ५ हजार ब्याज प्राप्त गरेकोमा सो लगानी आयको २५ प्रतिशतले हुने रु.३६ करोड ९७ लाख ५१ हजार आयकर दाखिला गर्नुपर्नेमा सहकारी व्यवसाय अन्तर्गत राखी व्यवसायतर्फको नोक्सानी मिलान गरी १० प्रतिशतले हुने आयकर रु.७ करोड ३२ लाख ४० हजारमात्र दाखिला गरेको छ। व्यवसायतर्फको नोक्सानी घटाउँदा पनि रु.१० करोड ९८ लाख ६० हजार आयकर न्यून दाखिला गरेको सम्बन्धमा थप छानबिन गरी सोमा लाग्ने ब्याज तथा शुल्कसमेत निर्धारण गर्नुपर्दछ।

९७.२ ठुला करदाता कार्यालयअन्तर्गत स्टीलको कारोबार गर्ने एक करदाताले २०७७।७८ मा रु.७८ करोड र २०७८।७९ मा रु.६९ करोड ९० लाख मुद्दती निक्षेपमा राखेको देखिन्छ। दुई आय वर्षमा बैङ्कबाट रु.९ करोड ७८ लाख १४ हजार ब्याज प्राप्त गरेकोमा उक्त ब्याज आयलाई व्यवसायको आयमा समावेश गरी १६ प्रतिशतमात्र कर दाखिला गरेको छ। बैङ्कमा मुद्दती निक्षेपमा राखी प्राप्त गरेको ब्याजलाई लगानीको आयमा समावेश गर्नुपर्नेमा व्यवसायको आयमा समावेश गरी १६ प्रतिशत कर दाखिला गरेको र कर परीक्षणको क्रममा रु.७७ लाख ३४ हजारलाई व्यापारतर्फको आयमा समावेश गरी २५ प्रतिशत कर निर्धारण गरेको तर बाँकी ब्याज आय रु.९ करोड ८० हजारको कर निर्धारण

नगरेकोले उक्त फरक ब्याजको ९ प्रतिशतले हुने आयकर रु.८१ लाख ७ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९८. **लगानीको ब्याज -** आयकर ऐन, २०५८ को दफा ९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरू सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुने तथा ऐनको दफा १४ मा लगानीबाट आय आर्जन हुने कार्यको लागि सिर्जना भएको ऋणको ब्याज कट्टी गर्न पाउने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९८.१ आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गतको एक करदाताले २०८०।८१ समेत ३ आय वर्षमा सम्पत्तिअन्तर्गत प्रिपेड, एडभान्स तथा डिपोजिट शीर्षकमा रिसिएबल्स फ्रम ग्रुप कम्पनीबापत रु.८७ करोड ९५ लाख ३४ हजार उल्लेख गरेको देखिन्छ। उक्त ३ आय वर्षमा बैङ्कबाट रु.९९ करोड ५६ लाख ९८ हजार ऋण लिएको र उक्त ऋणमा रु.८ करोड ५३ लाख २७ हजार ब्याज खर्च दाबी गरेको छ। पुँजीको अभाव देखाई बैङ्कबाट ऋण लिएर ब्याज खर्च दाबी गरेकोमा उक्त ऋण व्यवसायको आय आर्जनमा नगरी बाह्य प्रयोजनमा लगाउँदा ३ वर्षको औसत ब्याजदरका आधारमा रु.७ करोड ५६ लाख २३ हजार ब्याज खर्च बढी दाबी भएको छ। सो सम्बन्धमा छानबिन गरी नोक्सानी समायोजन गर्नुपर्ने देखिन्छ।

९८.२ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतको एक करदाताले जग्गा खरिदको लागि २०७८।७९ मा रु.१२ करोड एडभान्स दिएकोमा २०८०।८१ सम्म पनि उक्त एडभान्स फिर्ता आएको छैन। साथै जग्गा खरिदसमेत भएको छैन। उक्त तीन आय वर्षमा औसत ब्याजदरका आधारमा रु.४ करोड ९ लाख २० हजार ब्याज बाह्य प्रयोजनमा प्रयोग भएको ऋणबापतको उक्त ब्याज अमान्य गरी नोक्सानीमा समायोजन गर्न छानबिन गर्नुपर्दछ।

९९. **ऋणको बाह्य प्रयोग -** आयकर ऐन, २०५८ को दफा १४(१) मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋणको ब्याज कट्टी गर्न पाउने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन्:

९९.१ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत होटल व्यवसाय गर्ने एक करदाताले बैङ्कबाट ऋण लिई सो ऋण जग्गा खरिदमा प्रयोग गरी प्लटिङ गरेको देखियो। करदाताले लगानीको छुट्टै आय विवरण पेस नगरेकोले जग्गामा लगानी गरेको रु.५७ करोड ५३ लाख ९१ हजारको औसत ब्याज दरले हुने रु.५ करोड २५ लाख ६२ हजार ब्याज खर्च अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ।

९९.२ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतको एक हाउजिङ कम्पनीले २०७९।८० र २०८०।८१ समेत २ आय वर्षमा रु.४ करोड १२ लाख १५ हजार ब्याज खर्च दाबी गरेकोमा करदाताले लिएको ऋणमध्ये रु.२४ करोड ४२ लाख ६३ हजार विभिन्न पार्टीलाई एडभान्स दिएको छ। बैङ्क ऋण एडभान्सको रूपमा बाह्य प्रवाह गराउँदा औसत ब्याजदरका आधारमा रु.३ करोड ९१ लाख ५९ हजार ब्याज बाह्य प्रयोजनमा उपयोग भएको छ। व्यवसायको आय आर्जन गर्ने कार्यमा उक्त एडभान्स प्रयोगमा आएको नदेखिएकाले आयकर ऐन, २०५८ को दफा १४ अनुसार उक्त ब्याज खर्च अमान्य गरी सोको २५ प्रतिशत आयकर रु.९७ लाख ९० हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९९.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक प्लान्टेसन कम्पनीले एक मनि ट्रान्सफर कम्पनीबाट २ आय वर्षमा रु.४६ करोड ऋण लिई उक्त ऋणमा रु.६ करोड ६६ लाख २ हजार ब्याज खर्च लेखेको तर करदाताले उक्त ऋणसमेत रु.४६ करोड ३९ लाख ५१ हजार सञ्चालकलाई सापटी दिएकोले ऋण रकम बाह्य प्रयोजनमा लगाएको छ। व्यावसायिक प्रयोजनमा नआएको ऋणको ब्याज अमान्य गरी कर र सोको ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९९.४ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गतको एक इन्भेष्टमेन्ट कम्पनीले २०८०।८१ समेत ४ आय वर्षमा सहकारी संस्थाबाट रु.३ अर्ब ४७ करोड ८१ लाख ४१ हजार ऋण लिई सञ्चालकको लगानी रहेका निकायलाई रु.१ अर्ब ८ करोड ५५ लाख २ हजार एडभान्सको रूपमा बाह्य प्रयोग गरेको छ। लगानीको रूपमा आफ्नै सम्बद्ध निकायमा रु.३४ करोड ५१ लाख २९ हजार लगानी गरेकोले एडभान्स तथा लगानीमा मात्र रु.१ अर्ब ४३ करोड ६ लाख ३१ हजारको बाह्य प्रवाह भएकोले औसत ब्याजदरका आधारमा रु.११ करोड ८५ लाख १३ हजार ब्याज रकम व्यावसायिक कार्यमा उपयोगमा आएको देखिएन। यस्तो खर्च अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

९९.५ ठुला करदाता कार्यालय अन्तर्गत एक करदाताले २०७९।८० मा सम्बद्ध पक्षबाट रु.४५ करोड २६ लाख ७० हजार लिन बाँकी देखाएकोमा सम्बद्ध पक्षको वित्तीय विवरणमा रु.१ करोड ८७ लाख ४८ हजारको मात्र खरिद देखाएकोले व्यापारिक कारोबार बेगर लगानीको रूपमा रकमको बाह्य प्रवाह गरेको देखिन्छ। अतः औसत ब्याजदर १४.२५ प्रतिशतले हुने रु.६ करोड ४५ लाख ५ हजार ब्याज खर्च अमान्य गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

१००. **सहकारीको कर छुट** - आयकर ऐन, २०५८ को अनुसूची १ मा महानगरक्षेत्रभित्र सञ्चालन भएको बचत तथा ऋणको कारोबार गर्ने सहकारीको करयोग्य आयमा २० प्रतिशत कर लाग्ने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक सहकारी संस्था महानगरपालिका क्षेत्रमा समेत सञ्चालित भएकोमा नगरपालिकाभित्र सञ्चालन भएको उल्लेख गरी २०८०।८१ मा १० प्रतिशतमात्र आयकर दाखिला गरेकोले बाँकी १० प्रतिशतले हुने आयकर रु.२ करोड २ लाख ११ हजार छुट भएको छ। उक्त आयकर र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०१. **जोखिम बेहोर्ने कोष** - आयकर ऐन, २०५८ को दफा ५९ (१ख) मा सहकारी संस्थाले जोखिम बेहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न पाउने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय इटहरीअन्तर्गतको एक सहकारीले २०७९।८० मा कर्जा जोखिम व्यवस्थाबापत आयकरतर्फ रु.१ करोड २९ लाख ५९ हजार खर्च कट्टी गर्न पाउने देखिएकोमा रु.२१ करोड १२ लाख ५१ हजार खर्च कट्टी दाबी गरेको छ। बढी खर्च कट्टी गरेको रु.१९ करोड ८२ लाख ९१ हजारमध्ये २०८०।८१ मा रु.६ करोड ४ लाख ६७ हजार ऋण नोक्सानी व्यवस्थाबापत आयमा देखाएकोले पाउनुपर्ने भन्दा रु.१३ करोड ७८ लाख २५ हजार मिलान गरेको छैन। यस सम्बन्धमा छानबिन गरी उक्त नोक्सानी अमान्य गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

आयकर निर्देशिका, २०६६ को परिच्छेद १९ मा विगतमा जोखिम व्यहोर्ने कोषबापत खर्चको रूपमा कट्टी गरेको रकम कट्टा गरी यस वर्षको जोखिम व्यहोर्ने कोष बापत कट्टा गर्नुपर्ने उल्लेख गरेको छ। आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतको एक सहकारीको रु.१ अर्ब ९३ करोड २२ लाख ६५ हजार कर्जा परिचालन भएकोमा ५ प्रतिशतले हुने रु.९ करोड ६६ लाख १३ हजार आयकर

प्रयोजनका लागि कट्टी गरेकोमा गत आय वर्षमा कट्टा गरेको रु.४ करोड ९३ लाख २४ हजार घटाई बाँकी रकम मात्र खर्च यस वर्ष खर्च कट्टी गर्नुपर्नेमा सबै रकम कट्टी गरेकोले बढी कट्टी गरेको रु.४ करोड ९३ लाख २४ हजार अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

१०२. **सम्पत्तिको पुनर्मूल्याङ्कन** – आयकर ऐन, २०५८ को दफा ७ मा सबै प्रकारका आम्दानीलाई व्यवसायको आयमा समावेश गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, नयाँसडकअन्तर्गतको एक करदाताको रु.२९ करोड २ लाख ६९ हजारको जग्गा रहेकोमा पुनर्मूल्याङ्कनबाट रु.७६ करोड १८ लाख ८४ हजार थप गरी रु. १ अर्ब ५ करोड २२ लाख ५३ हजार कायम भएको देखिन्छ। करदाताले रु.२३ करोड ९३ लाख २७ हजार लागतको जग्गा निःसर्ग गरेकोमा पुनर्मूल्याङ्कन भएको मूल्यका आधारमा रु.८६ करोड ७४ लाख ४१ हजारलाई आयमा समावेश गर्नुपर्नेमा रु.४१ करोड ६ लाख ९० हजार मात्र समावेश गरेको देखिएकोले बाँकी रु.४५ करोड ६७ लाख ५१ हजारलाई आयमा समावेश गरी २५ प्रतिशतले हुने आयकर रु.११ करोड ४१ लाख ८८ हजार तथा सोमा ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०३. **रकमको परिमाणीकरण** – आयकर ऐन, २०५८ को दफा २७ मा एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरेकोमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई परिमाणीकरण गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, धनगढीअन्तर्गतको एक केबलकार कम्पनीका सेयरधनीले २०८०।८१ मा रु.६७ लाख १५ हजारमा जग्गा खरिद गरी सोही वर्ष केबलकार कम्पनीलाई रु.२० करोड ८० लाख ४३ हजारमा बिक्री गरेको छ। यसले एकातर्फ कम्पनीको लागत वृद्धि भएको छ भने अर्कोतर्फ सम्बद्ध व्यक्तिबाट जग्गा खरिद गरी अधिक मूल्यमा कम्पनीलाई बिक्री गर्दा यस्तो आय सेयरधनीको व्यवसायको आयमा समावेश समेत गरेको छैन। उक्त लाभ रु.१९ करोड ३८ लाख २८ हजारलाई प्राकृतिक व्यक्तिको व्यवसायको आयतर्फ समावेश गरी सोको ३६ प्रतिशतले हुने रु.६ करोड ९७ लाख ७८ हजार र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०४. **शुल्क निर्धारण** – आयकर ऐन, २०५८ को दफा ९० मा अवधि समाप्त भएको अर्को महिनाको २५ गतेभित्र अग्रिम कर दाखिला गर्नुपर्ने व्यवस्था छ। ऐनको दफा १२० बमोजिम भुलवस दाखिला नगरेको भएमा ५० प्रतिशत र जानाजानी भ्रमपूर्ण विवरण पेस गरेमा १०० प्रतिशत शुल्क लाग्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गतका एक करदाताको कर परीक्षणबाट ब्याण्डविथ रु.८४ करोड ५६ लाख ५४ हजार र फाइबर चार्जसमेत रु.८७ करोड २० हजारमा आयकर ऐन, २०५८ को दफा ८८ (७) बमोजिम १० प्रतिशतका दरले रु. ८ करोड ७० लाख २ हजार अग्रिम कर दाखिला गर्नुपर्नेमा रु.४ करोड ७२ लाख ९० हजार मात्र दाखिला गरेकोले रु.३ करोड ९७ लाख १२ हजार नपुग करमा दफा ११९ बमोजिमको ब्याज निर्धारण गरेको तर दफा १२० बमोजिमको शुल्क निर्धारण गरेको पाइएन। यस सम्बन्धमा छानबिन गरी उक्त शुल्क निर्धारण गर्नुपर्दछ।

१०५. **समानुपातिक कर कट्टी** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० (३) मा कुनै करदाताले करलाग्ने कारोबार तथा कर छुटको कारोबार गरेको अवस्थामा कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष सम्बन्धित खरिदमा तिरेको कर मात्र कट्टी गर्न पाउने उल्लेख छ। साथै उपनियम (४) मा कर लाग्ने कारोबार तथा कर छुटको कारोबार गर्ने करदाताले खरिद तथा आयातित वस्तुको प्रत्यक्ष सम्बन्ध

स्थापित गर्न नसकेमा बिक्री गरेको कुल मूल्यमध्ये कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट तिरेको कर कट्टी गर्न सक्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, इटहरीअन्तर्गतको एक फ्लोर मिलको २०८०।८१ मा कर छुटको कारोबार ५१.०२ प्रतिशत रहेकोमा २०७९।८० सम्म खरिद गरेको ह्रासयोग्य सम्पत्तिको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रु.१ करोड ५५ लाख १६ हजारको ५१.०२ प्रतिशतले हुने रु.७९ लाख १६ हजार डेबिट समायोजन नगरेकोले यस सम्बन्धमा छानबिन गरी ब्याज तथा जरिबानासमेत कर निर्धारण गर्नुपर्दछ।

१०६. **मूल्य अभिवृद्धि कर क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(४) मा कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिएबमोजिमको उपयोगिताको अवधि समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिएबमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिने व्यवस्था छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(५) मा समानुपातिक रूपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को वैकल्पिक तरिकाद्वारा गणना गर्न विभागसँग निर्देशन माग गर्न सक्ने व्यवस्था छ।

आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गत भवन निर्माण गरी बहालमा लगाउने तथा अन्य कारोबारसमेत गर्ने उद्देश्यले स्थापित एक करदाताको २०८०।८१ को रिटर्न डिटेलअनुसार रु.९ करोड ९५ लाख ५७ हजार मूल्य अभिवृद्धि कर क्रेडिटमा रहेको छ। कुल बिक्रीमध्ये कर छुटको बिक्री रु.३ करोड ६४ लाख ४५ हजार र करयोग्य कारोबारको बिक्री रु.१ करोड ८९ लाख १ हजार रहेको छ। विगत ३ वर्षको कर छुटको बिक्री रु.६ करोड ५८ लाख २९ हजार रहेको र करयोग्य बिक्री रु.२ करोड ९२ लाख ८३ हजार रहेकोले कर छुटको बिक्री ६९.२१ प्रतिशत रहेको छ। करयोग्य तथा करछुटको मिश्रित कारोबार गर्ने करदाताले करयोग्य तथा करछुटको कारोबारको अनुपातमा करयोग्य कारोबारको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर मात्र क्रेडिट दाबी गर्नुपर्नेमा सबै खरिद रकमको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको देखिएकोले ३ वर्षको बिक्रीको आधारमा ६९.२१ प्रतिशतले हुने रु.९ करोड ९५ लाख ५७ हजारको सोही प्रतिशतले हुन आउने क्रेडिट रु.६ करोड ८९ लाख ३ हजार अमान्य गर्न छानबिन गर्नुपर्ने देखिन्छ।

१०७. **ग्याँस ढुवानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ (२क) मा दर्ता नभएको कुनै व्यक्तिबाट सेवा खरिद गर्दा कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल गर्नुपर्ने उल्लेख छ। भारतीय आयल निगमबाट पैठारी हुने गरेको ग्याँसको बिलिङ गर्दा सम्बन्धित ग्याँस उद्योगहरूको नाममा नेपाल आयल निगममार्फत् आपूर्ति उल्लेख गरी कारोबार गर्ने हुँदा भाडाको वास्तविक रकम नेपाल आयल निगमले भुक्तानी नगरी सम्बन्धित ग्याँस उद्योगहरूले भुक्तानी गरेको अवस्थामा पनि नेपाल आयल निगमबाट खरिद गरेको रकमको ५ प्रतिशतले हुने ढुवानी भाडा थप गरी सोमा भन्सारमा लगाउनुपर्ने कर तथा शुल्क लिने गरेको तर ग्याँस उद्योगहरूले भन्सारमा कायम भएको भाडाभन्दा बढी भाडा वित्तीय विवरणमा दाबी गरेको देखिन्छ।

नेपाल भित्रको ढुवानी भाडाको रिभर्स मूल्य अभिवृद्धि कर दाखिला गर्ने गरेको तर भारतबाट नेपालको भन्सार विन्दुसम्मको भन्सार कार्यालयमा थप भएको भाडाभन्दा बढी ढुवानी खर्च दाबी गर्दा उक्त रकमको भन्सार कर तथा सो भन्सार करसमेतको मूल्य अभिवृद्धि कर छुट भएको छ। यस वर्ष आन्तरिक राजस्व कार्यालय बालाजु, ललितपुर १, इटहरी तथा भरतपुरका ७ करदाताले न्यून कर

दाखिला गरेको रु.४ करोड ८६ लाख ९० हजार तथा सोको ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०८. **मूल्य अभिवृद्धि कर सङ्कलन** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(२) मा प्रत्येक कारोबारको कर लाग्ने मूल्यमा मूल्य अभिवृद्धि कर लाग्ने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गत विविध वस्तुको कारोबार गर्ने एक करदाताले अन्य आय अन्तर्गत फन्ड रिसिभ्ड फ्रम सप्लायर्स उल्लेख गरी २०७९।८० र २०८०।८१ मा रु.१ अर्ब १८ करोड ५२ लाख ४७ हजार प्राप्त गरेको छ। पछिल्लो ४ आय वर्षमा यस्तो रकम रु.२ अर्ब ३८ करोड ५० लाख ५ हजार रहेको देखिन्छ। प्राप्त रकमबाट प्रोमोशनल खर्च २०७९।८० र २०८०।८१ मा रु.१ अर्ब २१ करोड ९१ लाख र अन्तिम ४ आय वर्षमा यस्तो रकम रु. २ अर्ब १२ करोड ६१ लाख रहेको छ। यस्तो खर्चमा मूल्य अभिवृद्धि कर क्रेडिट लिएको तर आम्दानीमा मूल्य अभिवृद्धि कर सङ्कलन गरेको छैन। बिक्री प्रवर्धन, विज्ञापनलगायतमा खर्च दाबी गरेको रकमको शोधभर्ना लिएको तर उक्त आयमा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको हुँदा खरिदमा मात्र मूल्य अभिवृद्धि कर क्रेडिट दाबी भएको देखिन्छ। यस सम्बन्धमा थप छानबिन गरी २ आय वर्षको यस्तो आयको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.१५ करोड ४० लाख ८२ हजारमा ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

१०९. **सञ्चालन पट्टा** – आर्थिक ऐन, २०८० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा संशोधन गरी हवाइ सेवालाई मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाको सूचीबाट हटाएकोले हवाई सेवामा कर लाग्ने देखिन्छ। मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को बुँदा नं ४.१४ मा सञ्चालन पट्टा सम्बन्धी व्यवस्था गरेको छ। जसअनुसार पट्टामा सम्पत्ति लिने पट्टाधारकलाई त्यस सम्पत्तिको उपभोग गरेबापत आवधिक रूपमा सेवा शुल्क वा भाडाबापत रकम भुक्तानी गर्ने दायित्व सिर्जना हुने, सञ्चालन पट्टाअन्तर्गत आपूर्ति गरिएको सम्पत्तिको पट्टा दिने र लिने व्यक्तिहरूबिच नियन्त्रण वा भोग चलनको अधिकार मात्र परिवर्तन भएको हुने, यसरी हुने आपूर्ति बन्दोबस्तमा सम्पत्तिको मालिकलाई पट्टाधारकले सर्तनामामा उल्लेख भएबमोजिमको सेवा शुल्क भुक्तानी गर्ने हुँदा सेवा शुल्कको रूपमा प्राप्त रकम सेवाको आपूर्ति भएको मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने उल्लेख छ। हवाई सेवामा आर्थिक ऐन, २०८० बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने भएकोले २०८०।८१ बाट यस्तो सञ्चालन पट्टाबापतको भुक्तानीमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

ठुला करदाता कार्यालयअन्तर्गतको एक एयरलाइन्स कम्पनीले २०८०।८१ मा लिज भाडाबापत विदेशी निकायलाई रु.१ अर्ब ५७ करोड ७४ लाख ८१ हजार भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार रिभर्स मूल्य अभिवृद्धि कर असुल गरेको पाइएन। अतः उक्त कारोबारमा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.२० करोड ५० लाख ७३ हजार र सोमा ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

११०. **दूरसञ्चार सेवा दस्तुर** – आर्थिक ऐन, २०८१ को दफा १३ मा टेलिफोन, मोबाइल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको १० प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुरबापत असुल गरी प्रत्येक महिनाको दस्तुर अर्को महिनाको पच्चीस गतेभित्र मूल्य अभिवृद्धि कर सहित राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय पुतलीसडक, ललितपुर १ लगायतका २६ कार्यालयका ४१ दूरसञ्चार सेवा प्रदायकले ग्राहकबाट दूरसञ्चार सेवा दस्तुर रु.५५

करोड ३५ लाख ३२ हजार सङ्कलन गरेको वित्तीय विवरणबाट देखिएकोमा सम्बन्धित राजस्व खातामा दाखिला गरेका छैनन्। आर्थिक ऐनमा भएको व्यवस्थाअनुसार मासिक ५ प्रतिशतका दरले थप दस्तुरसहित उक्त रकम असुल गर्नुपर्दछ।

१११. **दस्तुर सङ्कलन -** आर्थिक ऐन, २०७९ को दफा १५ अनुसार २०७९।४।१ देखि टेलिफोन, मोबाइल तथा इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको दश प्रतिशत रकम दूरसञ्चार सेवा दस्तु बापत असुल गर्नुपर्ने साथै उक्त दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चिस गते भित्र मूल्य अभिवृद्धि करसहित राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, टंगाल अन्तर्गतको एक टिभी तथा इन्टरनेट सेवा प्रदायकले अर्को एक इन्टरनेट सेवा प्रदायकबाट रु.१५ करोड ९८ लाख ५६ हजारको सेवा खरिद गरेको देखियो। करदाताले डिजिटल टिभी र इन्टरनेट सेवा दुबै बिक्री आय रु.७१ करोड ७८ लाख ७१ हजार रहेको देखिन्छ। आर्थिक ऐनअनुसार इन्टरनेट सेवा शुल्क बापत ग्राहकबाट प्राप्त सेवा शुल्कमा १० प्रतिशत कर रु.७ करोड १७ लाख ८७ हजार दूरसञ्चार सेवा दस्तुर असुल गर्नुपर्नेमा सो गरेको नदेखिएकोले यस सम्बन्धमा छानबिन गरी सोमा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत निर्धारण गर्नुपर्दछ।

११२. **अन्तःशुल्कजन्य उत्पादनको बिक्री** – ठुला करदाता कार्यालयअन्तर्गतको सुर्तीजन्य पदार्थको थोक बिक्रेताले अन्तःशुल्क नियमावली, २०५९ को नियम २९ अनुसारको मूल्य सार्वजनिक गरेअनुसार बिक्री देखाएको छैन। उत्पादकले प्रकाशन गरेको दरअनुसार उत्पादन भएको एक वस्तुको पहिलो थोक बिक्रेतालाई बजेट पूर्व प्रति पोका बिक्री दर रु.२६३।५० रहेकोमा बजेटपश्चात् रु.२५९।९० रहेको भनी सूचना प्रकाशन गरेको, पहिलो थोक बिक्रेताले दोस्रो थोक बिक्रेतालाई प्रति पोका रु.२७३।८९ को बिक्री दर रहेको, दोस्रो थोक बिक्रेताले खुद्रा बिक्रेतालाई प्रति पोका रु.३०९ को बिक्री दर रहेको तथा खुद्रा बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने दर रु.४५५ रहेको देखिन्छ। यस करदाताले उत्पादकबाट खरिद गरी दोस्रो थोक बिक्रेतालाई नभई सिधै खुद्रा बिक्रेतालाई बिक्री गरेको आय विवरणको अनुसूची १३ बाट देखिन्छ। जसअनुसार खुद्रा बिक्रेतालाई गर्नुपर्ने बिक्रीको दरका आधारमा बिक्री देखाउनुपर्नेमा दोस्रो थोक बिक्रेतालाई बिक्री गर्ने दरका आधारमा आय विवरण पेस गर्दा २०८०।८१ मा मात्र रु.२९ करोड ३३ लाख ७० हजार बिक्री न्यून भएको देखिन्छ।

उल्लिखित तथ्यका आधारमा २०७९।८० को आय विवरणसमेत परीक्षण गर्दा खुद्रा बिक्रेतालाई गर्नुपर्ने बिक्रीको दरका आधारमा बिक्री देखाउनुपर्नेमा दोस्रो थोक बिक्रेतालाई बिक्री गर्ने दरका आधारमा बिक्री आय देखाएको पाइयो। जसले गर्दा रु.३१ करोड ३० लाख ८६ हजार बिक्री न्यून भएको देखिन्छ। माथि उल्लिखित २ आय वर्षमा मात्र रु.६० करोड ६४ लाख ५६ हजार न्यून बिक्री देखाएका कारण आयकर र मूल्य अभिवृद्धि करसमेत रु.२६ करोड ७ लाख ७६ हजार कर दायित्व फरक परेको देखिन्छ। यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ।

११३. **अन्तःशुल्क छुट -** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ मा अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भएबमोजिमको दरमा अन्तःशुल्क लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११३.१ अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची (अन्तःशुल्क दरबन्दी) अन्तर्गत अन्तःशुल्क दरबन्दी शीर्षक ३३.०५ को उपशीर्षक ३३०५.९०.१० मा कपालमा लगाउने तेलको आन्तरिक उत्पादनमा १५ प्रतिशत अन्तःशुल्क लाग्ने आर्थिक ऐन, २०७९ ले व्यवस्था गरेको छ। आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर अन्तर्गतको आयुर्वेदिक तेल उत्पादन गर्ने एक करदाताले २०८०।८१ मा कपालमा लगाउने हर्बल तेल उत्पादन गरी बिक्री वितरण गरेको देखियो। यस वर्ष करयोग्य बिक्री रु.४४ करोड ६४ लाख ४९ हजार र गत आय वर्ष बिक्री रु.२ करोड ७ लाख ६२ हजार रहेको छ। उक्त तयारी वस्तुमा १५ प्रतिशतका दरले रु.७ करोड ८२ हजार अन्तःशुल्क निर्धारण गर्नुपर्नेमा सो नगरेकोले छुट अन्तःशुल्क तथा सोको मूल्य अभिवृद्धि करसमेत रु.७ करोड ९१ लाख ९३ हजार र सोमा लाग्ने थप शुल्क, बिलम्ब दस्तुर तथा जरिबानासमेत छानबिन गरी निर्धारण गर्नुपर्दछ।

११३.२ अन्तःशुल्क ऐन, २०५८ को अनुसूची (अन्तःशुल्क दरबन्दी) मा विद्युतरुद्ध (इन्सुलेटेड), (इनामेल लगाएको वा एनोडाइजसमेत), तार (वायर), केबुल (को-एक्सेल केबुलसमेत) र कनेक्टरसँग जोडिएको वा नजोडिएको अन्य इन्सुलेटेड कन्डक्टरः अप्टिकल फाइबर केबुल, तार, विद्युत कण्डक्टर वा कनेक्टर जोडेको वा नजोडेको प्रत्येक ढाकिएका रेसाहरू (सिद्ध फाइबर) बाट बनेको तारलाई शीर्षक ८५४४ मा वर्गीकरण गरेको छ। जसमा १ हजार भोल्टेजसम्मको इलेक्ट्रिक कन्डक्टरहरू कनेक्टरसँग जोडिएको अवस्थामा ८५४४.४२.०० र नजोडिएको अवस्थामा ८५४४.४९.०० हुने तथा नजोडिएको अवस्थामा तारमा मोलको १५ प्रतिशत अन्तःशुल्क लाग्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, कलंकीअन्तर्गत केबलको तार उत्पादन तथा बिक्री वितरण गर्ने एक करदाताले २०७९।८० मा आल्मुनियम रड, पिभिसी कम्पाउन्ड, कपर वायर आल्मुनियम रडलगायत सम्मिश्रण गरी फ्लेक्जिवल वायरलगायतका तार रु.३३ करोड ८५ लाख ८१ हजारमा बिक्री गरेकोमा सोमा लाग्ने १५ प्रतिशत अन्तःशुल्क रु.५ करोड ७३ लाख ७६ हजार दाखिला गरेको छैन।

यसै गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलअन्तर्गतको एक करदाताले आल्मुनियम रड, पीभीसी कम्पाउन्ड, कपर वायर आल्मुनियम रड लगायत सम्मिश्रण गरी विद्युतीय केबल उत्पादन गरेकोमा अन्तःशुल्क सङ्कलन गरेको छैन। करदाताले रु.५ करोड ५९ लाख ९२ हजारको उत्पादन गरी बिक्री गरेकोमा सोमा रु.९४ लाख ९१ हजार अन्तःशुल्क असुल नभएको सम्बन्धमा छानबिन गर्नुपर्ने देखिन्छ।

११४. **एसेम्बल उद्योगको अन्तःशुल्क छुट-** अन्तःशुल्क ऐन, २०५८ को अनुसूची (अन्तःशुल्क दरबन्दी), द्रष्टव्य १० मा एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारीसाधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

११४.१ठुला करदाता कार्यालय अन्तर्गत एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने एक करदाताले विभिन्न क्षमताका मोटरसाइकल एसेम्बल गरेको र सोमा ५० प्रतिशत अन्तःशुल्क छुट लिँदा २०७८।७९ देखि २०८०।८१ सम्म तीन आय वर्षमा रु.५ अर्ब ८७ करोड ८४ लाख ४८ हजार अन्तःशुल्क तथा सोमा मूल्य अभिवृद्धि करसमेत रु.६ अर्ब ६४ करोड २६ लाख ४६ हजार कर छुट भएको छ। तीन आय वर्षमा एसेम्बल

गरेको कारण खरिद लागतमा रु.१८ करोड १८ लाख १९ हजार मात्र प्रत्यक्ष खर्च थप भएकोले प्रत्यक्ष खर्चमा ०.९१ प्रतिशत मात्र मूल्य अभिवृद्धि भएको देखिन्छ। जसअनुसार मूल्य अभिवृद्धिको तुलनामा छुट भएको करको रकम नै रु.६ अर्ब ४६ करोड ८ लाख २७ हजारले बढी छ।

११४.२ आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतको एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने एक करदाताले ५० प्रतिशत अन्तःशुल्क छुट लिँदा २० प्रतिशतले हुने रु.१३ करोड ७० लाख ९६ हजार अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रु.१५ करोड ४९ लाख १९ हजार छुट भएको छ। एसेम्बलिङ्गबाट गरेको कारण खरिद लागतमा रु.१ करोड ५६ लाख ३३ हजारमात्र प्रत्यक्ष खर्च थप भएको कारण मूल्यमा अभिवृद्धि भएको भन्दा छुट भएको कर नै रु.१३ करोड ९२ लाख ८५ हजारले बढी रहेको छ।

एसेम्बल उद्योगलाई प्रदान गरिएको अन्तःशुल्क छुटबाट अपेक्षित मूल्य अभिवृद्धि नभएको तथा स्वदेशी कच्चा पदार्थको उपयोग नभएकोले यस प्रकृतिको छुटमा पुनरावलोकन गर्नुपर्दछ।

११५. **न्यून बीजकीकरण -** अन्तःशुल्क ऐन, २०५८ को दफा ७ (४) तथा दफा १०घ (ङ) मा बिक्री मूल्यमा न्यून बीजकीकरण गरेको भन्ने विश्वास गर्नुपर्ने आधार वा कारण भई पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नुपर्ने अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने उल्लेख छ।

आन्तरिक राजस्व कार्यालय ललितपुर १ अन्तर्गतको एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने एक करदाताको २०८०।८१ मा कुल बिक्री रु.६८ करोड ५४ लाख ८० हजार रहेकोमा कुल मुनाफा रु.५ करोड ३३ लाख २५ हजार भएकोले कुल मुनाफा अनुपात ७.७८ प्रतिशत रहेको छ। करदाताले सबै उत्पादन आफ्नै सम्बद्ध निकायलाई बिक्री गरेकोमा उक्त सम्बद्ध निकायको कुल नाफा अनुपात २४.३२ प्रतिशत रहेको छ। जसले गर्दा उत्पादक तहमा न्यून मूल्यमा बिक्री गरी कराधार घटाएको देखिन्छ। एसेम्बल उद्योगले अन्तःशुल्क दाखिला गर्नुपर्ने तर न्यून बीजकीकरण गरी आफ्नै सम्बद्ध निकायलाई न्यून मूल्यमा बिक्री गरेका कारण रु.३ करोड ३३ लाख ४२ हजार अन्तःशुल्कमा मूल्य अभिवृद्धि करसमेत रु.३ करोड ७६ लाख ७६ हजारले राजस्व कमी भएको देखिन्छ। अन्तःशुल्क न्यून गर्न कुल नाफा न्यून राखी शतप्रतिशत उत्पादन आफ्नै सम्बद्ध निकायलाई बिक्री गरेको देखिएकोले न्यून बीजकीरणका सम्बन्धमा छानबिन गर्नुपर्दछ।

भन्सार विभाग

नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार प्रक्रियालाई व्यवस्थित, विश्वसनीय र पारदर्शी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गर्ने कार्य यस विभागले गरिरहेको छ। भन्सार विभागअन्तर्गत ३९ मुख्य भन्सार कार्यालय, १ भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ छोटी भन्सार कार्यालयमा १ हजार २५७ जना कर्मचारीको दरबन्दी रहेको छ।

११६. **लक्ष्य तथा प्रगति -** विभागको राजस्व लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति देहायअनुसार छः

(रु.लाखमा)

राजस्वका शीर्षक	२०८०।८१ असुली	२०८१।८२ को			वृद्धि (प्रतिशत)
		लक्ष्य	असुली	असुली प्रतिशत	
भन्सार महसुल लगायतका राजस्व	१८९९३७२	२८९६९६८	२१७४४८२	७५.०६	१४.४८
मूल्य अभिवृद्धि कर	१८४५४५३	२२२१५३४	२००८१३५	९०.३९	८.८२
अन्तःशुल्क	३७१४२९	५३१५५८	४६३९७०	८७.२८	२४.९१
जम्मा	**४११६२५४**	**५६५००६०**	**४६४६५८७**	**८२.२४**	**१२.८८**
सडक मर्मत तथा सुधार दस्तुर	८०७९६	११६८३८	६२६१६	५३.५९	-२२.५०
सडक निर्माण दस्तुर	४५३४६	५९८१७	९८६४९	१६४.९२	११७.५५
कुल जम्मा	**४२४२३९६**	**५८२६७१५**	**४८०७८५२**	**८२.५१**	
विलासिता तथा हरित कर	-	-	३२८५८		
कुल जम्मा			**४८४०७१०**		१४.१०
कुल पैठारी	**१५९२९८५५**	-	१८०४१२००	-	**१३.२५**
पैठारीको तुलनामा असुली (प्रतिशत)	**२६.६३**	-	**२६.८३**	-	

स्रोतः भन्सार विभागको वार्षिक प्रगति विवरण, २०८१।८२

उल्लिखित तालिकाबमोजिम २०८१।८२ मा रु.५ खर्ब ८२ अर्ब ६७ करोड १५ लाख असुलीको लक्ष्य रहेकोमा विलासिता शुल्कबाहेक रु.४ खर्ब ८० अर्ब ७८ करोड ५२ लाख अर्थात् ८२.५१ प्रतिशत असुली भएको देखिन्छ। जुन गतवर्ष रु.४ अर्ब २४ करोड २३ लाख ९६ हजार रहेको थियो। सङ्कलित राजस्वमध्ये भन्सार महसुललगायतका राजस्वको हिस्सा ४४.९२ प्रतिशत, मूल्य अभिवृद्धि कर ४१.४८ प्रतिशत, अन्तःशुल्क ९.५८ प्रतिशत, सडक मर्मत तथा सुधार र सडक निर्माण दस्तुरको हिस्सा क्रमशः १.२९ प्रतिशत र २.०४ प्रतिशत तथा अन्य राजस्वको हिस्सा ०.६८ प्रतिशत रहेको छ। साथै गत वर्ष कुल पैठारी मूल्यको २६.६३ प्रतिशत राजस्व असुली भएकोमा यस वर्ष २६.८३ प्रतिशत असुली भएको छ। मालवस्तुको निकासी पैठारी प्रवृत्ति, आर्थिक सूचक, नीतिगत तथा कानुनी परिवर्तनलगायतका वस्तुगत आधारमा राजस्वको लक्ष्य निर्धारण गर्नुपर्दछ। महसुल छुटलगायतमा नीतिगत सुधार, राजस्व चुहावटमा नियन्त्रण, बैङ्क जमानत र नगद धरौटीमा पैठारी गरिएका मालवस्तु तथा चोरी निकासी पैठारी गरिएका मालवस्तुको मुद्दा समयमै फरफारक, कर्मचारीको दक्षता वृद्धि, र प्रभावकारी अनुगमनमार्फत राजस्वको लक्ष्य हासिल गर्ने व्यवस्था सुदृढ गर्नुपर्दछ।

यो वर्षको लेखापरीक्षणबाटः

- *भन्सार ऐन, २०६४ बमोजिम मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारणको पुनरावलोकन तोकिएको समयमै निर्णय नहुँदा भन्सार राजस्व परिचालनमा असर परेको,*
- *पैठारी भएका विभिन्न मालवस्तुमा भन्सार उपशीर्षक फरक गरी जाँचपास भएको,*
- *भन्सार महसुल ऐन, २०८१ बमोजिमको मापदण्ड नपुग्ने अवस्थामा समेत छुट सुविधामा जाँचपास गर्दा महसुल छुट भएको,*
- *भन्सार ऐन, २०६४ बमोजिम भन्सार मूल्यमा समावेश गर्नुपर्ने भाडा, बिमा र अन्य खर्चको वास्तविक बिल, बीजक पेस नभएको अवस्थामा अनुमानित रकम समावेश नगरी जाँचपास गर्दा महसुल छुट भएको लगायतका बेहोरा देखिएका छन्।*

११७. **पुनरावलोकन -** भन्सार ऐन, २०६४ को दफा २२ (६) र (७) तथा दफा ६१ (क) बमोजिम मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण एवं सोको पुनरावलोकन महानिर्देशकले निवेदन परेको ६० दिनभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था रहेको छ। विभागको वर्गीकरण तथा पुनरावलोकन शाखाबाट

प्राप्त विवरणबमोजिम पूर्वादेश बाहेकका जिम्मेवारी सरेका ९४, यो वर्ष दर्ता भएका १६९ समेत २६३ निवेदनमध्ये यो वर्ष १६८ निर्णय भई ९५ निवेदन आगामी वर्षको लागि जिम्मेवारी सरेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ६१क(५) बमोजिम अन्तर्राष्ट्रिय निकायसँग राय लिनुपर्ने बाहेकका निवेदनहरू महानिर्देशकले साठी दिनभित्र निर्णय दिइसक्नु पर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म ६८ निवेदन सो अवधिभित्र टुङ्गो लगाएको पाइएन। राय लिनु नपर्ने निवेदनहरू समयमै टुङ्गो नलगाएको कारणबाट राजस्व समयमा दाखिला नहुने, सो प्रकृतिका मालवस्तुहरूबाट यथार्थ महसुल असुल नहुने, तथा व्यापारको सहजीकरणमा समस्या रहिरहने हुन्छ। तसर्थ ऐनबमोजिम मालवस्तुको वर्गीकरण उपर पुनरावलोकन तोकिएको समयमै गर्नुपर्दछ।

११८. **राष्ट्रिय एकद्वार प्रणाली -** अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकासका लागि विभागले २५ जून २०१९ मा अमेरिकी डलर ७६ लाख ८ हजार ७७ मा एक परामर्शदातासँग सम्झौता गरेको थियो। उक्त परामर्शदाताले ४ जुलाई २०१९ देखि कार्य सुरु गरी ३० जून २०२१ सम्ममा सम्पन्न गर्नुपर्नेमा उक्त समयमा काम सम्पन्न नभएको हुँदा कोभिड -१९ का कारण जनाई प्रथम पटक ३० नोभेम्बर २०२१ सम्म र दोस्रो पटक ३० जून २०२२ सम्म म्याद थप गरिएको थियो। सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११८.१ आयोजनाको दोस्रो पटकको म्याद थपको अवधि समाप्ति पश्चात् जून ३१, २०२२ देखि मे २७, २०२५ सम्म आयोजना निष्क्रिय रहँदा पनि विभागको तर्फबाट सो सम्झौताबमोजिम कार्य गराउने वा म्याद थप सम्बन्धी कारबाही गरेको पाइएन। उल्लिखित अवधिपश्चात् परामर्शदाताले पुनः कोभिड-१९को कारण दर्शाई म्याद थपको लागि निवेदन दिएकोमा विभागले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क को खण्ड (घ) को आधार देखाई मे २७, २०२५ देखि १८ महिना म्याद थप गरी सो आयोजनाको अवधि नोभेम्बर, २०२६ सम्म कायम गरेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (१) बमोजिम खरिद सम्झौताको अवधि थपसम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्थाअनुसार सम्झौताको विशेष सर्तमा सामान्य सर्तको काबु बाहिरको परिस्थितिअन्तर्गत दफा ३८.१ (डी) मा रहेको हडताल, नाकाबन्दी, तालाबन्दी, महामारी, क्वारेन्टाइन, प्लेगलगायतका अवस्था लागु नहुने भनेर किटान गरेको अवस्थामा सो विपरीत महामारीको आधार देखाई पटक-पटक म्याद थप गरेको पाइयो। काबु बाहिरको परिस्थिति बेगर पटक-पटक खरिद सम्झौताको म्याद थप गर्दा क्षतिपूर्तिका साथै नेपाली मुद्रामा हुने अवमूल्यनका कारण थप व्यय भार पर्न नदिनेतर्फ सजग भएको पाइएन। सो सम्झौताको कार्यमा विलम्बका कारण नेपाली मुद्रामा भएको अवमूल्यनले ३० जून, २०२२ मा प्रति डलर विनिमय दर रु.१२६।०५ रहेकोमा आ.व. २०८१।८२ को अन्त्यमा रु.१३७।८१ पुगेको छ। सो आधारमा पनि बाँकी भुक्तानी गर्नुपर्ने अमेरिकी डलर २० लाख ७१ हजार ४५६ मा प्रति डलर रु.११।७६ का दरले कम्तीमा रु.२ करोड ४३ लाख ६० हजार अतिरिक्त व्यय भार पर्ने देखिन्छ। थप लागत नपर्ने गरी सम्झौताबमोजिमको कार्य सम्पन्न गराउनुपर्दछ।

११८.२ शोधभर्नायोग्य खर्चको उचित पुष्ट्याइँका आधारमा मात्र सम्झौताबमोजिम आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्दछ। सम्झौता रकम मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर ६७ लाख ३२ हजारमध्ये रिकरेन्ट लागत (तलब, शोधभर्नायोग्य खर्च र कनेक्टिभिटी) अमेरिकी डलर १८ लाख ५३ हजार रहेको पाइयो। सो रिकरेन्ट कस्टमध्ये मूल्य अभिवृद्धि कर बाहेक २७ जना विज्ञको पारिश्रमिकमा अमेरिकी डलर १४ लाख ५६ हजार, कनेक्टिभिटिका लागि अमेरिकी डलर ३३ हजार तथा शोधभर्ना योग्य खर्च शीर्षकमा

अफिस भाडा, पानी, बिजुली, मर्मत, बास खर्च, बिमा, ल्यापटप, फर्निचर, हवाई भाडा, इन्टरनेट, ब्रोस्योर प्रिन्टिङगलगायतका कार्यका लागि अमेरिकी डलर ३ लाख ६४ हजार रहेको छ। पारिश्रमिक खर्चको हकमा विज्ञले सेवा प्रवाह गरेको प्रमाणित टाइम सिट, कनेक्टिभिटीतर्फ इन्टरनेट जडान तथा शोधभर्नायोग्य खर्च शीर्षकमा पुष्ट्याइँ हुने प्रमाण बेगर खर्चको लेखाङ्कन गरेको छ। सम्झौताबमोजिम शोधभर्नायोग्य खर्च शीर्षकमा यस वर्षसम्म भएको खर्च रु.३ करोड ६८ लाखलाई प्रमाणका आधारमा खर्च समर्थन गर्नुपर्दछ।

११९. **मूल भन्सार सञ्चालन -** भन्सार ऐन, २०६४ को दफा ४(१) बमोजिम ३९ मूल भन्सार कार्यालय तथा १३३ छोटी भन्सार कार्यालय सञ्चालनमा रहेका छन्। उक्त ऐन तथा भन्सार महसुल ऐन, २०८१ बमोजिम निकासी तथा पैठारी गरिने मालवस्तुको जाँचपासका लागि मूल भन्सार कार्यालयमा प्लाण्ट क्वारेन्टिन, खाद्य क्वारेन्टिन, पशु क्वारेन्टिन तथा गोदामलगायतका पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था हुन आवश्यक छ। तर, आवश्यक पूर्वाधारको अभावका कारण विगत वर्षदेखि त्रिवेणी भन्सार कार्यालयले सवारीको अस्थायी पैठारीमा मात्र सीमित रही सेवा प्रदान गर्दै आएको छ भने महेशपुर भन्सार कार्यालयले सोका अतिरिक्त केही मालवस्तुको जाँचपासमा सीमित रही पूर्णरूपमा सेवाप्रदायी हुन सकेको छैन। यस्तै प्रकृतिका तर क्वारेन्टिनको सुविधा उपलब्ध रहेका सुठौली र जलेश्वर भन्सार कार्यालयको चालु वर्षको राजस्व असुली क्रमशः रु.१ अर्ब ३ करोड ६५ लाख र रु.२ अर्ब ६९ करोड ७३ लाख रहेकोमा त्रिवेणी भन्सारले रु.१ करोड ४८ लाख तथा महेशपुर भन्सारले रु.१५ करोड ९८ लाख मात्र राजस्व असुल गरेको अवस्था छ। क्वारेन्टिनलगायत आवश्यक पूर्वाधारको अभावमा राजस्व सङ्कलन प्रभावित भइरहेको हुँदा त्रिवेणी र महेशपुर भन्सार कार्यालयलगायत निकासी पैठारीको उच्च सम्भावना रहेका नाकास्थित मूल भन्सार कार्यालयहरूलाई पूर्ण रूपमा सञ्चालनमा ल्याई अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्न आवश्यक रहेको छ।

भन्सार कार्यालयहरू

१२०. **महसुल छुट -** भन्सार महसुल ऐन, २०८१ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ को दफा ५ मा महसुल पूर्ण एवं आंशिक छुट हुने र दफा ६ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा महसुल पूर्ण वा आंशिक छुट हुने व्यवस्था छ। आसिकुडाबाट प्राप्त तथ्याङ्कअनुसार यो वर्ष रु.८५ अर्ब २३ करोड १६ लाख महसुल छुट दिएको देखिन्छ। महसुल छुटसम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

१२०.१ भन्सार महसुल ऐन, २०८१ को अनुसूची-४ को दफा ६(२)(त) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ११ को (आ) मा जलविद्युत तथा प्रसारण लाइन आयोजनाका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जा पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल लाग्ने र जलविद्युत आयोजनाको हकमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था रहेको छ। निर्माण उपकरण र मेसिनरी औजार अन्तर्गत लोडर, क्रेन, एक्साभेटर जस्ता स्वचालित वस्तुहरू हार्मोनाइज्ड कोडको भाग ८४ र ८५ अन्तर्गत पर्दछन्। यी बाहेकका कोडबाट पैठारी हुने मालवस्तुलाई उक्त अनुसूचीको दफा ६(२ठ) को व्यवस्थासमेतको आधारमा निर्माण उपकरण वा मेसिनरी मान्ने आधार देखिँदैन।

यद्यपि केही भन्सार कार्यालयले प्राविधिक पुष्ट्याइँ बेगर हार्मोनाइज्ड कोडको भाग ३९, ७३, ७४, ७६ लगायतमा पर्ने फलाम, इस्पात तथा आल्मुनियमका पाइप र संरचनाका पार्टपुर्जा लगायतका

निर्माण सामग्रीमा समेत निर्माण उपकरण सरह छुट दिई जाँचपास गरेको पाइएको छ। आयोजना तथा निर्माण व्यवसायीले पैठारी गरेका निर्माण सामग्रीमा निर्माण उपकरण तथा मेसिनरी औजार सरह छुट दिँदा भैरहवा भन्सार कार्यालयमा रु.१२ करोड २७ लाख, विराटनगर भन्सार कार्यालयमा रु.५५ करोड ४३ लाख ९९ हजार, मेची भन्सार कार्यालयमा रु.२ करोड ८ लाख ६८ हजार लगायत ९ भन्सार कार्यालयमा जम्मा रु.१ अर्ब ४२ करोड ७ लाख ५२ हजार महसुल छुट भएको देखिएकोले यस सम्बन्धमा निक्यौंल गरी असुल गर्नुपर्दछ।

१२०.२ भन्सार महसुल ऐन, २०८१ को अनुसूची-४ को दफा ६(२)(त) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ११ को (आ) बमोजिम जलविद्युत र प्रसारण लाइन आयोजनाका लागि मात्र महसुल छुट सुविधा दिने व्यवस्था रहे तापनि यस्ता आयोजनासँग असम्बन्धित वितरण आयोजना, आयोजना स्वीकृत नभएका आवधिक मर्मत, सबस्टेशन स्तरोन्नति तथा वैकल्पिक लोड व्यवस्थापन लगायत नेपाल विद्युत प्राधिकरणको नियमित खरिद सम्झौता अन्तर्गत पैठारी हुने मालवस्तुमा यस्तो छुट दिन मिल्ने देखिँदैन। जलविद्युत वा प्रसारण लाइन आयोजना र सबस्टेशन मर्मत सम्भार एक-आपसमा फरक आयोजना भएको तथा पैठारी भएका मालवस्तु कुनै प्रसारण लाइनसँग सम्बन्धित नरही सबस्टेशनको आवधिक मर्मत र जगेडा आपूर्तिका लागि मात्र भएको अवस्थामा समेत छुट दिइएको देखिँदा भैरहवा भन्सार कार्यालयको रु.१९ करोड १८ लाख ३० हजार, विराटनगर भन्सार कार्यालयको रु.१२ करोड ४१ लाख ३२ हजार तथा वीरगन्ज भन्सार कार्यालयको रु.२२ करोड ९८ लाख ९७ हजारसमेत छुट महसुल रु.५४ करोड ५८ लाख ५९ हजार सम्बन्धमा निक्यौंल गरी असुल गर्नुपर्दछ।

१२०.३ आर्थिक ऐन, २०८० का साथै आर्थिक ऐन, २०७९ को दफा १८(३) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि नेपाल सरकारसँग भएको सम्झौताको सर्तबमोजिम महसुलमा छुट दिन सक्ने व्यवस्था छ। आयोजनाका सम्झौतामा महसुल छुट दिने व्यवस्था नरहेको अवस्थामा उक्त ऐनको दफा १८(३) प्रयोग गरी अर्थ मन्त्रालयले छुट दिन मिल्ने देखिँदैन। पावर सिस्टम एक्सपान्सन प्रोजेक्टलगायतका आयोजनाका लागि नेपालले युरोपियन इन्भेष्टमेन्ट बैङ्कसँग गरेको वित्तीय सम्झौताको बुँदा नं. ९.१ मा आयोजना कार्यान्वयन गर्दा लाग्ने कर, दस्तुर, महसुललगायतको भार ऋणीमा रहने व्यवस्था रहेकोले सो अवस्थामा उक्त ऐनको दफा १८(३) लागु हुने देखिँदैन। सो दफा प्रयोग गरी महसुल छुट दिएको वीरगन्ज भन्सार कार्यालयको रु.१५ करोड ५१ लाख ९५ हजार र सुख्खा बन्दरगाह भन्सार कार्यालयको रु.९६ लाख ४९ हजार गरी कुल रु.१६ करोड ४८ लाख ४४ हजार सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१२१. **मालवस्तुको भन्सार मूल्य -** भन्सार ऐन, २०६४ को दफा १३ (४) बमोजिम पैठारी गरिने मालवस्तुको कारोबार मूल्यमा भाडा, बिमा तथा अन्य सम्बद्ध खर्च समावेश भएको नदेखिएमा भन्सार अधिकृतले सोका लागि लाग्न सक्ने अनुमानित रकम जोडी कारोबार मूल्य निर्धारण गर्ने तथा ऐनको दफा १५ (२) बमोजिम मालवस्तु पैठारीका लागि लागेको भाडा, बिमा वा अन्य सम्बद्ध खर्चको प्रमाण पेस गर्न नसकेको अवस्थामा भन्सार अधिकृतले सो बापत अनुमानित रकम कायम गर्ने व्यवस्था छ। यसरी कायम गरेको भाडा बिमाको वास्तविक बिल ९० दिनभित्र पेस गरी भाडा बिमाको कारणले छुट भएको महसुल रकम लिने वा बढी तिरेको भएमा मिलान गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम रहेका छन्:

१२१.१ भैरहवा भन्सार कार्यालयबाट भारतको दुर्गापुर, गोवा वा कोलकत्ताबाट एक्स वर्क, एफ.ओ.बी. र एफ.सी.ए. जस्ता सर्तहरू प्रयोग गरी पैठारी भएका स्टील बिलेट (भन्सार शीर्षक ७२०७) को जाँचपासमा ढुवानी र बिमाबापतको खर्च पैठारीकर्ताले नै बेहोर्नुपर्ने अवस्थामा सोको प्रमाणित कागजात संलग्न गरेको पाइएन। अग्रिम महसुल (आईएम् ७) अन्तर्गत जाँचपास भएका कारोबारमा वास्तविक ढुवानी बीजक पेस नहुने हुँदा अनुमानित रकम घोषणा गरी जाँचपास गरे तापनि ९० दिनभित्र वास्तविक बिल बीजक पेस गरी महसुल समायोजन हुनुपर्नेमा अनुमानित रकमलाई नै अन्तिम मानेको देखिन्छ।

भन्सार विभागको २०८१।६।१३ को पत्रअनुसार भन्सार ऐन, २०६४ को दफा १५(२) बमोजिम भारतबाट हुने पैठारीमा ढुवानी र बिमाको बीजक पेस नभएमा ढुवानी बापत १० प्रतिशत र बिमाबापत २ प्रतिशत गरी कुल १२ प्रतिशत अनुमानित रकम बीजक मूल्यमा थप गरी कारोबार मूल्य कायम गर्नुपर्ने व्यवस्था छ। तर स्टील बिलेटको पैठारी गर्दा सोका अतिरिक्त अन्य सम्बद्ध खर्च समेत लाग्नेमा सो समेत घोषणा नगरी १२ प्रतिशतभन्दा कम हुने गरी अनुमानित रकम कायम गरेको तर तोकिएको समयमा वास्तविक बीजक पेस गरी महसुल समायोजन गरेको छैन। बीजक पेस नभएका कारोबारहरूको १२ प्रतिशत भन्दा कम रकम कारोबार मूल्यमा समावेश गर्दा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत जम्मा रु.७ करोड ७४ लाख ४४ हजार यकिन गरी असुल गर्नुपर्दछ।

१२१.२ तातोपानी भन्सार कार्यालयबाट एक पैठारीकर्ताले चीनको सांक्षी प्रदेशबाट ३ प्रज्ञापनपत्रबाट १ लाख ९८ हजार किलोग्राम लसुन आयात गर्दा भाडा र बिमाबापत चिनिया युआन १ लाख ३२ हजार भुक्तानी गरेको आधारमा प्रति किलो लसुनमा चिनिया युआन २ का दरले उक्त परिमाण लसुनको पैठारी गर्दा कुल युआन ३ लाख ९६ हजारबमोजिम मालवस्तुको भाडा र बिमाबापत रु. ७४ लाख १२ हजार भन्सार मूल्यमा समावेश गरेको पाइयो। तर, सोही कार्यालयबाट अन्य पैठारीकर्ताले सोही प्रदेश वा सो भन्दा बढी दूरीमा पर्ने अन्य प्रदेशहरूबाट ईन्कोटर्मस्, २०२० अनुसार एक्स वर्क्स, एफओबी, एफसीएलगायतका आधार देखाई लसुन पैठारी गर्दा भाडा, बिमा र अन्य सम्बद्ध खर्चको प्रमाण कागजात पेस नगरेको अवस्थामा भन्सार ऐन, २०६४ को दफा १३(४) अनुसार भन्सार विभागबाट २०८१।६।१३ को प्रेषित पत्रअनुसार खासादेखि भन्सार विन्दुसम्मको भाडा, बिमा र अन्य सम्बद्ध खर्चबापत ४० फुटे कन्टनेरको रु.१ लाख र ह्यान्डलिङ्ग चार्जबापत रु.३५ हजार मात्र कायम गरेको देखियो।

तथापि, चीनको खरिद स्थलबाट खासासम्म ढुवानी गर्दा लागेको भाडा र बिमाबापतको अनुमानित रकम भन्सार मूल्यमा समावेश गरेको पाइएन। उक्त पैठारीकर्ताले लसुन पैठारी गर्दा लागेको वास्तविक भाडा खर्चको आधारमा लसुनको भन्सार मूल्य प्रति किलोग्राम रु.१७६.३४ कायम रहेको भए पनि भाडा तथा बिमाको कागजात पेस नगर्ने अन्य पैठारीकर्ताहरूले पैठारी गरेको लसुनमा चीनको विभिन्न प्रदेशका खरिदस्थल देखि खासासम्मको भाडा र बिमा बापतको रकम समावेश गरेको नदेखिँएको हुँदा ती पैठारीकर्ताहरूले पैठारी गरेको लसुनको भन्सार मूल्य औसतमा प्रति किलोग्राम रु.१३४.४४ रहेको हुँदा लसुनको न्यून भन्सार मूल्य कायम हुन गएको छ। यो वर्ष पैठारीकर्ताले भाडा र बिमाबापत कम्तीमा पनि सो रकम खर्च गरेको हुँदा उक्त रकमलाई अनुमानित भाडा र बिमाबापतको रकम समावेश नगर्दा छुट भएको महसुल रु.२२ करोड १८ लाख ३४ हजार तथा रसुवा भन्सार कार्यालयबाट छुट भएको

रु.१३ करोड ५२ लाख ८७ हजारसमेत रु.३५ करोड ७१ लाख २१ हजार असुल गर्न छानबिन हुनुपर्दछ।

१२२. **सुर्तीको अन्तःशुल्क गणना -** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीको द्रष्टव्य नं १२ मा भन्सार उपशीर्षक २४०३.९९.१०, २४०३.९९.२० र २४०३.९९.३० मा पर्ने मालवस्तुको अन्तःशुल्क कुल तौलमा लाग्ने व्यवस्था रहेको छ। यो वर्ष विभिन्न भन्सार कार्यालयहरूमा विभिन्न पैठारीकर्ताहरूले उपशीर्षक २४०३.९९.२० तथा उपशीर्षक २४०३.९९.३० मा पर्ने सुर्ती पैठारी गर्दा अधिकांश कारोबारमा कुल तथा खुद तौल एकै रहेको उल्लेख गरेकोमा कार्यालयले ती मालवस्तुको तौल परीक्षण नै नगरी जाँचपास गरेको पाइयो।

आसिकुडा प्रणालीमा कुल तौलको सट्टा खुद तौलमा अन्तःशुल्क गणना हुने व्यवस्था रहेको कारणबाट महसुल छुट भएको देखिन्छ। पैठारीकर्ताको बिल्टी र भारतीय भन्सारको प्रमाणपत्रमा उल्लिखित कुल तौलको आधारमा गणना गर्दा भैरहवा भन्सार कार्यालयबाट रु.६८ लाख ७४ हजार र वीरगन्ज भन्सार कार्यालयबाट रु.२७ लाख ८७ हजारसमेत रु.९६ लाख ६१ हजार महसुल छुट भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ। साथै प्रणालीमा सुधार गरी कुल तौलमै अन्तःशुल्क लिने व्यवस्था मिलाउनुपर्दछ।

१२३. **अनएसेम्बल्ड सवारीसाधन -** एसेम्बल गरी सवारी उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका सवारीसाधन पैठारी गर्दा भन्सार महसुल ऐन, २०८१ को दफा ७(१) सँग सम्बन्धित अनुसूची-४ को दफा ५ (३) (ब) अनुसार भन्सार महसुलमा २५ प्रतिशत र अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीको द्रष्टव्य (१०) अनुसार लाग्ने अन्तःशुल्कमा ५० प्रतिशत छुट हुने व्यवस्था छ। सी.के.डी.मा पैठारी गरिएका मोटरसाइकल, स्कुटर, अटोरिक्सा तथा अन्य सवारीसाधनमा पैठारीकर्ता उत्पादनमूलक उद्योग भए नभएको, एसेम्बली प्लाण्ट रहे/नरहेको र उद्योग विभाग तथा सम्बन्धित निकायबाट एसेम्बलिङ्ग गर्ने इजाजत प्राप्त भए नभएको यकिन नगरी विभिन्न भन्सार कार्यालयहरूले भन्सार महसुल र अन्तःशुल्क छुट दिएको पाइयो। सवारीसाधन उत्पादकले पैठारीकर्तालाई नेपालमा एसेम्बल गर्न स्वीकृति दिएको प्रमाणसमेत संलग्न रहेको पाइएन। मूलतः यस्ता उद्योगलाई उद्योग विभागले पहिलो वर्ष १० प्रतिशत र पाँचौं वर्षसम्म ३० प्रतिशत मूल्य वृद्धि हुनुपर्ने, पहिलो वर्ष ५० जना र पाँचौं वर्षसम्म २०० जनालाई प्रत्यक्ष रोजगारी दिनुपर्ने तथा ५ वर्षभित्र कम्तीमा १० प्रतिशत स्वदेशी कच्चा पदार्थ खपत गर्नुपर्ने सर्त तोके तापनि सोको पालना भएको छैन।

वस्तुको वर्गीकरण गर्दा भन्सार महसुल ऐन, २०८१ को दफा ५ सँग सम्बन्धित अनुसूची-१ बमोजिम हार्मोनाइज्ड प्रणालीको व्याख्यासम्बन्धी सामान्य नियम २(क) बमोजिम कुनै वस्तु अपूर्ण वा खोलखाल गरिएको अवस्थामा भए तापनि त्यसलाई सन्दर्भ वस्तुका रूपमा लिनुपर्ने व्यवस्था छ। सो अनुसार शीर्षक ८७.०३ र ८७.११ अन्तर्गत सी.के.डी.मा ल्याइएका एसेम्बल्ड अर्थात् तयारी सवारीसाधन सरह वर्गीकरण गरी महसुल लगाउनुपर्ने देखिन्छ। सो नियमबमोजिम अनएसेम्बल्ड अवस्थाको सवारीसाधनमा छुट दिने आधार नदेखिएको, सवारीसाधन एसेम्बल गर्ने गरी उत्पादकबाट स्वीकृति लिएको पुष्टि नरहेको तथा उद्योग विभागले एसेम्बलिङ्ग उद्योगका लागि निर्धारण गरेका आधारभूत सर्त पूरा नभएका अवस्थामा एसेम्बलिङ्ग उद्योगको सुविधामा जाँचपास गर्दा मोटरसाइकल, अटोरिक्सा, तथा अन्य सवारीसाधनमा महसुल छुट दिँदा भैरहवा भन्सार कार्यालयमा रु.४ अर्ब ७९ करोड ७६

लाख ५२ हजार र वीरगन्ज भन्सार कार्यालयमा रु.२ अर्ब ५८ करोड ७९ लाख, सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सामा रु.१० करोड ६८ लाख ७० हजारसमेत ५ भन्सार कार्यालयमा न्यून असुल भएको राजस्व रु.७ अर्ब ४९ करोड ८९ लाख ३३ हजार छानबिन गरी निक्यौंल गर्नुपर्दछ।

१२४. **सवारी वर्गीकरण -** भन्सार महसुल ऐन, २०८१ को दफा ५ सँग सम्बन्धित अनुसूची १ को हार्मोनाइज्ड प्रणालीको सामान्य नियमहरूका प्रावधान तथा सवारीसाधनको हकमा उक्त ऐनको अनुसूची ४ को दफा ३ समेतको आधारमा वस्तुमा अन्तरनिहित लक्षण र विशेषताको आधारमा पैठारी भएका मालवस्तुको वर्गीकरण गर्नुपर्दछ। डबल पिकअप सवारीसाधनको सन्दर्भमा विश्व भन्सार सङ्गठनको व्याख्यात्मक टिप्पणी, २०२२ अनुसार मूलतः मानिसको यातायातका लागि बनेका सवारीसाधन शीर्षक ८७.०३ र मूलतः मालसामान ओसारपसारका लागि बनेका ८७.०४ अन्तर्गत पर्ने हुँदा पिक-अप प्रकृतिका सवारीसाधनको वर्गीकरण गर्दा तिनको मुख्य प्रयोजन, कुल भार वहन क्षमता (पे-लोड) र कार्गो बक्सको लम्बाइसमेतको आधारमा उपशीर्षक यकिन गर्नुपर्दछ।

भैरहवा भन्सार कार्यालयबाट पैठारी भएका इसुजुको भी-क्रस क्रियु र हाइल्यान्डर मोडल तथा तातोपानी भन्सार कार्यालयबाट पैठारी भएको म्याक्सस-टेरन ९ पिकअप को कुल भारवहन क्षमतामध्ये मालसामान ओसारपसारको लागि करिब ३५ प्रतिशत र कार्गो बक्सको लम्बाइ व्हीलबेसको आधारमा बढीमा ४५ प्रतिशत रहेको देखिन्छ। पैठारीकर्ताले पेस गरेको आधिकारिक उत्पादक कम्पनीको बीजकमा समेत यात्रुवाहक सवारीसाधनको भन्सार उपशीर्षक (८७०३.३२ र ८७०३.८०) उल्लेख भएकोमा हार्मोनाइज्ड प्रणालीको नियमविपरीत मालवाहक उपशीर्षक ८७०४.२१ (मूलतः मालसामान ओसारपसारको लागि तयार गरिएका) सवारीसाधनमा वर्गीकरण गर्न मिल्ने देखिँदैन। ती सवारीसाधनका हकमा विश्व भन्सार सङ्गठनको व्याख्यात्मक टिप्पणीले इङ्गित गरेका यात्रुवाहक सवारीसाधनका विशेषताहरू एयर ब्याग, वातानुकूलन यन्त्र, आरामदायी हेड रेष्ट सिट र सिट बेल्टलगायत मानिसका यातायातका लागि सुविधाहरू हुनुका साथै उत्पादकको क्याटलगमा समेत यात्रु बोक्ने र अफरोड यात्रा गर्ने प्रमुख विशेषता उल्लेख गरेको देखिन्छ। पैठारी प्रज्ञापनपत्रअनुसार उल्लिखित सवारीसाधनको विशेषता निम्नानुसार रहेको देखिन्छः

मोडल	कर्ब तौल (के.जी.)	कुल तौल	भार-वहन क्षमता (पे-लोड)	मानिस बोक्ने क्षमता	मालसामान बोक्ने क्षमता	ह्वील बेस (एम.एम)	कार्गो बक्स लम्बाइ (एम.एम)	मालसामानको लागि (प्रतिशत)	
								पे-लोड	कार्गो लम्बाइ
भी-क्रस क्रियु	१९३५	२५१०	५७५	३७५	२००	३०९५	१२८५	३४.७८	४१.५२
हाइल्यान्डर	१८३५	२४००	५६५	३७५	१९०	३०९५	१४८५	३३.६२	४७.९८
म्याक्सस इ टेरन (विद्युतीय)	-	-	६२०	३७५	२४५	३३००	१५६१	३९.५१	४७.३०

यसरी बीजकमा भन्सार उपशीर्षक ८७०३.३२ (यात्रुवाहक पिष्टोन इन्जिन भएका सवारीसाधन) र ८७०३.८० (मानिसको यातायातका लागि विद्युतीय सवारीसाधन) उल्लेख भएकोमा नेपाल एच.एस्. भनी शीर्षक ८७०४.२१.१० र ८७०४.९९ उल्लेख भएको आधारमा मालवाहक सवारीमा वर्गीकरण गरी जाँचपास गर्नु उचित देखिँदैन। पैठारी भएका ती सवारीसाधनलाई इन्जिन र मोटर क्षमताका आधारमा उपशीर्षक ८७०३.३२.१९ (२००० सी.सी. भन्दा बढी) र ८७०३.८०.५९ (३००

किलोवाट भन्दा बढी) मा वर्गीकरण गरी महसुल असुल गर्नुपर्नेमा मालवाहक सवारीसाधनको रूपमा वर्गीकरण गर्दा छुट भएको भैरहवा भन्सार कार्यालयको रु.३१ करोड ४५ लाख ४६ हजार र तातोपानी भन्सार कार्यालयको रु.४ करोड ७ लाख ३० लाखसमेत रु.३५ करोड ५२ लाख ७६ हजार महसुल छानबिन गरी असुल गर्नुपर्दछ।

१२५. **स्वास्थ्य जोखिम कर -** आर्थिक ऐन, २०८१ को दफा ४ बमोजिम नेपालमा पैठारी हुने तयारी सुर्तीमा प्रति किलोग्राम रु.६० का दरले स्वास्थ्य जोखिम कर भन्सार विन्दुमा लगाई असुल उपर गरिने व्यवस्था छ। भन्सार महसुल ऐन, २०८१ को अनुसूची ३ को भाग २४ अन्तर्गत उपशीर्षक २४०३ मा निर्मित अर्थात् तयारी वा कट टोबाको पर्ने देखिन्छ। उक्त परिभाषाका साथै कानुनी व्यवस्थाबमोजिम भन्सार उपशीर्षक २४०३.९९.२० र २४०३.९९.३० मा पर्ने खुद्रा बिक्रीको लागि तयार भएको वा नभएको निर्मित तयारी सुर्तीको पैठारीमा कोड रुल ८०४ प्रयोग गरी जाँचपास गर्दा स्वास्थ्य जोखिम कर असुल गरेको देखिएन। उक्त कोड रुल आर्थिक ऐन, २०८१ को दफा ४ सँग सम्बन्धित रहेकोमा सो दफामा छुटसम्बन्धी कुनै प्रावधान नरहेकोमा उपशीर्षक २४०३.९९.९९ मा पर्ने सुर्ती इसेन्स तथा कम्पाउण्डमा समेत भैरहवालगायतका भन्सार कार्यालयले स्वास्थ्य जोखिम कर असुल गरेको देखिएन। राजस्व तथा करका दर एवं छुटका प्रावधानहरू आर्थिक ऐन एवं प्रचलित कानुनबाट निर्धारित हुने र आर्थिक ऐनको उक्त दफा तथा अनुसूचीमा सो छुटसँग सम्बन्धित कुनै व्यवस्था भएको नदेखिएकोले तयारी सुर्ती पैठारीमा प्रति किलोग्राम रु.६० का दरले स्वास्थ्य जोखिम कर तथा सोको मूल्य अभिवृद्धि कर समेत छुट भएको हुँदा भैरहवा भन्सार कार्यालयको रु.८ करोड ८२ लाख १२ हजार, वीरगन्ज भन्सार कार्यालयको रु.१ करोड ५० लाख ४० हजारसमेत रु.१० करोड ३२ लाख ६२ हजार असुल गर्नुपर्दछ।

१२६. **सिट सङ्ख्याको आधारमा महसुल -** भन्सार महसुल ऐन, २०८१ को दफा ७(४) सँग सम्बन्धित अनुसूची-४ को दफा ३(३) बमोजिम शीर्षक ८७.०२ को प्रयोजनका लागि सिट सङ्ख्या गणना गर्नु पर्दा नियमित सिट र ड्राइभर सिट गणना गरिने तर कण्डक्टर सिट एवं अन्य अतिरिक्त तथा फोल्डिङ्ग सिटलाई गणना नगरिने व्यवस्था छ। साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३ अनुसार १० टनभन्दा बढी वजन भएको सवारीसाधन (बसलगायत) लाई ठुलो सवारीमा, दफा ४ अनुसार चार टनदेखि दश टनसम्म वजन भएको (मिनीबसलगायत) का मझौला सवारीमा र सोही ऐनको दफा ५ अनुसार चार टनभन्दा कम्ती वजन भएको कार, जीप, भ्यानलगायतलाई सानो सवारीमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरेको छ। यात्रुबाहक मिनीबसका लागि ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनको लागि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८(१) (ख) र (ग) बमोजिम बसको लागि सिटको लम्बाइ, चौडाइ र उचाइ कम्तीमा १५ इन्च, पिठ्युँको उचाइ कम्तीमा १८ इन्च र सिटको एक पंक्तिबाट अर्को पंक्तिको बिचको बाटोको चौडाई कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी ११ इन्च, बसको भित्री उचाइ ६६ इन्च तथा नियम १८(१)(घ) बमोजिम मिनीबसको सिटको लम्बाइ, चौडाइ र उचाइ कम्तीमा १५ इन्च पिठ्युँको उचाइ कम्तीमा २२ इन्च र पंक्ति बढीमा २/२ हुने, सिटको एक पंक्तिबाट अर्को पंक्तिको बिचको बाटो कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी १३ इन्च, मिनीबसको भित्री उचाइ ६४ इन्च र बस तथा मिनीबसमा स्केप ह्याचसहितको सङ्कटकालीन निकास हुनुपर्ने व्यवस्था छ। त्यस्तै यातायात व्यवस्था विभागबाट प्रकाशित बसको बडी निर्माण मापदण्ड, २०७४ बुँदा नं ४.२ मा बसको लागि सबैभन्दा

न्यूनतम उचाइ ४.२५ मिटर र चौडाइ २.८ मिटर तथा मिनीबसको लागि क्रमशः ३.५ मिटर र २.८ मिटर हुनुपर्ने व्यवस्थासमेत गरेको छ। यससम्बन्धी बेहोराहरू निम्नानुसार छन्:

१२६.१ भैरहवा तथा वीरगन्ज भन्सार कार्यालयबाट पैठारी भएको ३ हजार ९६५ किलोग्राम तौल र ५ हजार ६१५ एम.एम. लम्बाइ भएको 'ट्राभलर १' मोडलको सवारीसाधनको चौडाइ १.९ मिटर मात्र रहेको तथा मिनीबसका लागि आवश्यक पर्ने क्याबिन बक्स र सबै सिटमा झ्यालको व्यवस्था हुनुपर्ने मापदण्ड पूरा नभएको अवस्थामा सो सवारीसाधन माइक्रोबसमा वर्गीकरण हुनुपर्ने देखिन्छ। भन्सार महसुल ऐनबमोजिम कण्डक्टर वा अटेन्डेन्टका लागि रहेको अतिरिक्त सिट गणना गर्न नमिल्ने व्यवस्था रहेको देखिन्छ। उक्त सवारीमा सोसमेत १५ सिट रहेकोमा ढोका नजिक रहेको अटेन्डेन्टको सिटसमेत गणना गरी माइक्रोबसलाई मिनीबसमा वर्गीकरण गरी जाँचपास भएको देखिएकोले यसबाट छुट भएको महसुल तथा कर भैरहवा भन्सार कार्यालयको रु.४ करोड ४७ लाख ६७ हजार र वीरगन्ज भन्सार कार्यालयको रु.४९ लाख २२ हजारसमेत छुट राजस्व रु.४ करोड ९६ लाख ८९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.२ भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको "स्टारलाइन १०.७५ ई" मोडलको बस ३*२ लहरका ३०+१ सिट घोषणा गरी भन्सार उपशीर्षक ८७०२.१०.१० (२५ भन्दा बढी सिट भएका बस) मा वर्गीकरण गरिएकोमा, यसको कुल चौडाइ जम्मा १७५० एम.एम. (६९ इन्च) मात्र र लम्बाइ ६.६ मिटर रहेको हुँदा सवारी तथा यातायात व्यवस्था नियमावलीको मापदण्डबमोजिम ३*२ सिट लहरका लागि आवश्यक ८९ इन्चको मापदण्ड पूरा नहुने र ड्राइभर कार्यस्थलमा राखिएका अतिरिक्त सिट गणना गर्न नमिल्ने देखिन्छ। भन्सार महसुल ऐन, २०८१, सवारी तथा यातायात व्यवस्था नियमावली र बस बडी निर्माण मापदण्ड, २०७४ बमोजिम २६ सिट कायम नहुने साथै एक दूतावासले पैठारी गरेको सोही मोडलको सवारीसाधन मिनीबसमा वर्गीकरण गरी जाँचपास गरेको र सोही पैठारीकर्ताले पैठारी गरेका सोही मोडलका सवारीसाधनलाई सोही भन्सार कार्यालयले २०८२।२।२३ मा भन्सार उपशीर्षक ८७०२.१०.२० (मिनीबस)मा वर्गीकरण समेत गरेको हुँदा सो मोडलका सवारीसाधनलाई बसमा वर्गीकरण गरी जाँचपास गर्दा छुट भएको महसुल तथा कर रु.३ करोड ४१ लाख ४० हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.३ भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको प्रेस्टिज बस (२८१५) भन्सार उपशीर्षक ८७०२.२०.१० (बसहरू २५ सिटभन्दा बढी) मा वर्गीकरण गरी जाँचपास गरेको देखिन्छ। सवारीसाधनको लम्बाइ ५ हजार ५४८ एम.एम. र कुल चौडाइ २ हजार १०० एम.एम.(८२ इन्च) भएको हुँदा मापदण्डबमोजिम २६ सिट कायम नहुने भई भन्सार उपशीर्षक ८७०२.१०.२० (मिनीबस) मा वर्गीकरण हुनुपर्ने देखिन्छ। सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम ३*२ को सिट लहरका लागि न्यूनतम भित्री चौडाइ ८९ इन्च आवश्यक पर्नेमा सवारीको कुल चौडाइ जम्मा ८२ इन्च मात्र रहेको र ड्राइभर कार्यस्थलमा राखिएको अतिरिक्त सिट गणना गर्न नमिल्ने देखिँएको साथै भन्सार विभागको २०८१।१२।४ को वर्गीकरण निर्णय बमोजिम सो सवारीसाधनलाई मिनीबसमा वर्गीकरण गरेको आधारमा बसमा वर्गीकरण गरी जाँचपास गर्दा रु.४ करोड ७४ लाख ७७ हजार छुट भएको देखिन्छ। साथै, भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको बस प्रेस्ट्रिज (३३१५) मा ३*२ लहरका ३३ सिट रहेकोमा सवारीसाधनको चौडाइ र लम्बाइबमोजिम ३*२ लहरका

सिट नपुग्ने र २४ सिट कायम भई मिनीबसमा वर्गीकरण हुनुपर्नेमा बसअन्तर्गत वर्गीकरण गर्दा रु.२ करोड ५ लाख ३९ हजार महसुल छुट भएको देखिन्छ।

त्यस्तै एक पैठारीकर्ताले पैठारी गरेको ट्राभलर टी-२ मोडलको सवारीसाधनमा मापदण्ड बमोजिम २६ सिट कायम नहुने साथै अटेन्डेन्ट सिटसमेत गणना भएको देखिँदा मापदण्डबमोजिम २४+ड्राइभर सिट कायम हुने देखिएकोमा बसअन्तर्गत वर्गीकरण गर्दा रु.५७ लाख ६१ हजार महसुल छुट भएको छ। मापदण्डविपरीत विभिन्न मोडलका सवारीसाधन बसमा वर्गीकरण गरी जाँचपास गर्दा छुट भएको रु.७ करोड ३७ लाख ७७ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.४ तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले विभिन्न मोडलका विद्युतीय सवारीसाधन ११ सिट उल्लेख गरी जाँचपास गरेकोमा सवारीसाधनमा रहेको अतिरिक्त सिट र फोल्डिङ्ग सिटलाई गणना नगर्दा ९ सिट कायम हुने र सोही मोडलका सवारीसाधन यस अघि नै ९ सिट कायम गरी जाँचपास भइसकेको हुँदा भन्सार प्रयोजनका लागि भन्सार उपशीर्षक ८७०३.८०.५९ मा वर्गीकरण गरी जाँचपास गर्नुपर्नेमा उपशीर्षक ८७०२.४०.३० (विद्युतीय माइक्रो बस) मा वर्गीकरण गरी जाँचपास गर्दा छुट भएको महसुल रकम रु.३१ करोड ७४ लाख २९ हजार तथा वीरगन्ज भन्सार कार्यालयबाट ट्राभलर-१ (३०५० डब्लु.बी.) मोडलको सवारीसाधनको अतिरिक्त सिट गणना गरी माइक्रो बसमा जाँचपास गर्दा छुट भएको रु.१ करोड १४ लाख ६२ हजार तथा रसुवा भन्सार कार्यालयबाट के.वाई.सी. भी-५ मा रु.१५ करोड २४ लाख १३ हजारसमेत रु.४८ करोड १३ लाख ४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.५ तातोपानी भन्सार कार्यालयबाट एक पैठारीकर्ताले ८५ किलोवाट पिक मोटर पावर (पीएमपी) र ५३.५८ किलोवाट ब्याट्री, प्रति सवारी १७.९४ देखि २०.६२ घनमीटर आयतन र कुल वजन १ हजार ९८० किलोग्रामदेखि २ हजार ८० रहेको २०६ थान विद्युतीय प्यासेन्जर भ्यान (फोटोन) पैठारी गरेकोमा उक्त भ्यानमा १५ सिट रहेको उल्लेख गरी मिनीबसमा वर्गीकरण गरी जाँचपास गरेको पाइयो। सोही पैठारीकर्ताले गत वर्ष एक विदेशी परियोजनाका लागि सोही मोडेलका सवारीसाधन पैठारी गर्दा १४ सिट रहेको आधारमा माइक्रोबस शीर्षक अन्तर्गत जाँचपास भएको छ। त्यस्तै यस आर्थिक वर्षमा सोही मोडलका सवारीलाई बीजकमा १५ सिट उल्लेख भए तापनि कार्यालयले १०४ वटा सवारीसाधनलाई माइक्रोबसमा वर्गीकरण गरी धरौटीमा जाँचपास गरेको, सोही पैठारीकर्ताले सोही मोडलको २८३ थान सवारीसाधनलाई माइक्रोबस शीर्षकमा नै वर्गीकरण गरी जाँचपास गरेको समेत हुँदा मिनीबसमा वर्गीकरण भएको २०६ थान सवारीसाधनमा छुट भएको महसुल तथा कर रु.६ करोड ७१ लाख ३९ हजार तथा रसुवा भन्सार कार्यालयको रु.९२ लाख १९ हजारसमेत रु.७ करोड ६३ लाख ५८ हजार यकिन गरी असुल गर्नुपर्दछ।

त्यस्तै अर्का एक पैठारीकर्ताले जोयलङ्ग ब्राण्डको २ थान मिनीबस ईए४ माइक्रोबसअन्तर्गत वर्गीकरण गरी जाँचपास भइसकेको अवस्थामा सोही मोडल मिनीबसमा समेत जाँचपास भएको देखिन्छ। ती सवारीसाधनमा नियमावलीको मापदण्डबमोजिम मिनीबसको आन्तरिक उचाइलगायत निर्धारित स्तरबमोजिम सिट र सङ्कटकालीन निकासको व्यवस्था रहेको पुष्टि नरहेको र सवारीसाधनमा यात्रु चढ्न र ओर्लन प्रयोग गर्ने ढोकानिर राखिएको अतिरिक्त वा अन्य फोल्डिङ्ग सिट रहे/नरहेको खुलासा नगरेको तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८(१) (घ) तोकिएको

आधारबमोजिम रहेको प्राविधिक पुष्ट्याइँ नरहेको हुँदा ती सवारीलाई माइक्रोबसको शीर्षक ८७०२.४०.३० मा हुने वर्गीकरणअनुसार छुट हुने महसुल रकम जम्मा रु.२ करोड ५८ लाख ४४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.६ तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेका जोयलङ्ग ईए ५ र ईए ६ तथा टलङ्ग ईभी ५ लाई क्रमशः १७, २० र १६ सिट रहेको भनी भन्सार उपशीर्षक ८७०२.४०.२० बाट मिनीबस शीर्षकमा जाँचपास भएको छ। बीजक तथा वेबपेजमा उक्त सवारीसाधनको विशेषता र अधिकतम सिट सङ्ख्याको आधारमा १२० किलोवाट ईए ६ मोडलको गाडीमा १२ वा १४ सिट, ईए ५ मोडलको सवारीमा ड्राइभर समेत १४ सिट रहेको देखिन्छ। साथै टेलङ्ग सवारीसाधनको आयतन ३२.५० घनमिटर र तौल १ हजार ७०० केजी रहेकोमा सवारी तथा यातायात व्यवस्था नियमावली बमोजिम मिनीबसमा वर्गीकरण गर्न मिल्ने आधार पेस गरेको छैन। यसबाट ती सवारीसाधनहरूको आयतन तथा वजनको न्यूनताले पनि मिनीबसमा वर्गीकरण हुने आधार देखिँदैन। अतः यस सम्बन्धमा छानबिन गरी पैठारी भएका सवारीसाधनलाई माइक्रोबसको शीर्षक ८७०२.४०.३० मा हुने वर्गीकरणअनुसार छुट भएको महसुल रु.२ करोड ५८ लाख ४३ हजार निक्यौंल गरी असुल गर्नुपर्दछ।

१२६.७ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले विभिन्न मोडेलको टोयोटा हाएस पैठारी गरेकोमा उक्त सवारीसाधनको आयतन ५९१५*१९५०*२२८० एम.एम तथा वजन २ हजार ६५५ किलोग्राम रहेको र १४ सिट रहेकोमा भन्सार उपशीर्षक ८७०२.१०.३० माइक्रोबसमा जाँचपास हुनुपर्नेमा एक सिट बढी देखाई कम्प्रेसर इन्जन र इलेक्ट्रिक मोटर नभए तापनि भन्सार उपशीर्षक ८७०२.२०.२० (मिनीबसहरू) मा वर्गीकरण गरेको पाइयो। मिनीबसमा जाँचपास गर्दा सवारीसाधनको वजन र सिटका साथै कानुनबमोजिमको मापदण्ड निहित रहेको पुष्टि हुने प्रमाण राखेको छैन। आर्थिक ऐनको प्रावधान तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८(१) (घ) मा तोकिएको आधारबमोजिमको सिट रहेको प्राविधिक पुष्ट्याइँ बेगर ती सवारीसाधनलाई डिजेल तथा अर्ध डिजेल इन्जिन भएका माइक्रोबसमा वर्गीकरण गर्नुपर्नेमा विद्युतीय मोटर समेत भएको मिनीबसमा वर्गीकरण गर्दा छुट भएको रु.५ करोड ९७ लाख ३९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२६.८ रसुवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले गत विगतमा र २०८१।८२ मा समेत एक मोडलको सवारीसाधनहरूलाई ८७०२.४०.३० बाट जाँचपास गरेको अवस्थामा समेत पुनःपैठारी गर्दा सोही मोडलका सवारीसाधनहरू भन्सार उपशीर्षक ८७०२.४०.२० बाट जाँचपास भएको छ। सम्बन्धित निर्यातक कम्पनीको वेबपेज परीक्षण गर्दा समेत उक्त मोडेलको सवारीसाधनमा १४ सिट क्षमताको नै भएको तर केही निर्यातक कम्पनीले आफ्नो वेबसाइटमा नेपाल भर्सन भनी सिट क्षमता बढाएको हुँदा कार्यालयले पहिले नै वर्गीकरण गरेको भन्सार उपशीर्षक ८७०२.४०.३० नलगाई सोभन्दा घटी दरबन्दी लाग्ने भन्सार उपशीर्षक ८७०२.४०.२० (मिनीबसमा) वर्गीकरण गर्दा छुट भएको रु.३५ करोड ३४ लाख ८५ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१२७. **बण्डेड वेयर हाउस सुविधा -** भन्सार महसुल ऐन, २०८१ को दफा १४ तथा भन्सार महसुल नियमावली, २०८१ को नियम १६ बमोजिम बण्डेड वेयर हाउसको सुविधा प्राप्त गरेका उद्योगहरूले उत्पादन गरी विदेश निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने भन्सार महसुल बापतको रकम बैङ्क जमानत राखी पैठारी गर्न

दिइने व्यवस्था छ। साविक भन्सार नियमावली, २०६४ ले नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियललाई बण्डेड वेयर हाउसको सुविधा दिए तापनि भन्सार महसुल ऐन, २०८१ यो वर्षको साउन १ गते देखि प्रारम्भ भएपश्चात् कच्चा पदार्थमा मात्र यस्तो सुविधा कायम गरेको छ। भन्सार महसुल नियमावली, २०८१ यो वर्षको मंसिर ६ देखि कार्यान्वयनमा आएकोमा २०८२।२।१५ मा कच्चा पदार्थको अतिरिक्त सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियलमा यस्तो सुविधा थप प्रदान गर्ने गरी संशोधन गरेको छ। यसरी ऐनको प्रावधानविपरीत नियमावलीमा सुविधा थप गरी प्याकिङ्ग मेटेरियलमा समेत बण्डेड वेयर हाउसको सुविधामा जाँचपास गर्दा बैङ्क जमानतमा राखेको महसुल भैरहवा भन्सार कार्यालयको रु.३३ लाख ७९ हजार, विराटनगर भन्सार कार्यालयको रु.७ करोड १० लाख ५५ हजार, वीरगन्ज भन्सार कार्यालयको रु.४१ करोड १८ लाख ८५ हजार तथा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रु.२ करोड ३२ लाख २९ हजारसमेत रु.५० करोड ९५ लाख ४८ हजार असुल गर्नुपर्दछ।

१२८. **नगद धरौटी सुविधा -** भन्सार महसुल ऐन, २०८१ को दफा १५ तथा नियमावली, २०८१ को नियम २५ बमोजिम बण्डेड वेयर हाउसको सुविधा प्राप्त नगरेका उद्योगहरूले उत्पादन गरी विदेश निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने भन्सार महसुलबापतको रकम नगदै धरौटी राखी पैठारी गर्न दिइने व्यवस्था रहेको छ। यसरी पैठारी गरेको कच्चा पदार्थबाट उत्पादित मालवस्तु निकासी गरेपश्चात् सो धरौटी रकम फुकुवा गरिने व्यवस्था छ। उक्त ऐनमा सहायक कच्चा पदार्थ र नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियलमा यस्तो सुविधा दिने व्यवस्था नरहेकोमा भन्सार महसुल नियमावली, २०८१ मा नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलमा समेत यस्तो सुविधा दिने गरी संशोधन गरेको देखिन्छ। ऐनविपरीत यसरी नियमावलीमा गरेको व्यवस्थाअनुसार विभिन्न भन्सार कार्यालयबाट प्याकिङ्ग मेटेरियल पैठारीमा समेत नगद धरौटी सुविधा दिई मालवस्तु जाँचपास गरेको हुँदा सोबापत धरौटीमा राखेको महसुल भैरहवा भन्सार कार्यालयको रु.२ करोड २ लाख १० हजार र विराटनगर भन्सार कार्यालयको रु.७० लाख ५५ हजारसमेत रु.२ करोड ७२ लाख ६५ हजार ऐनविपरीत महसुल छुट भएको सम्बन्धमा यकिन गरी असुल गर्नुपर्दछ।

१२९. **विलासिता शुल्कमा मूल्य अभिवृद्धि कर -** आर्थिक ऐन, २०८१ को दफा १७ मा आयातित तयारी मदिरामा पैठारीका बखत बिक्री मूल्यको दुई प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिने व्यवस्था छ। आसिकुडा प्रणालीमा आयातित तयारी मदिरामा खरिद मूल्यको २ प्रतिशतले मात्र विलासिता शुल्क गणना हुने व्यवस्थाका कारणबाट आर्थिक ऐन, २०८१ को दफा १७ बमोजिमको बिक्री मूल्यमा असुल गर्नुपर्ने कर भन्सार विन्दुमा न्यून असुल भएको देखिन्छ। त्यस्तै मूल्य अभिवृद्धि कर प्रयोजनार्थ कारोबार मूल्य कायम गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२को(२)(ख) बमोजिम कर लाग्ने मूल्यमा सालबसाली आर्थिक ऐनले तोकेबमोजिम लाग्ने महसुल, दस्तुर वा शुल्कसमेतलाई समावेश गर्ने व्यवस्थाबमोजिम आसिकुडा प्रणालीमा विलासिता शुल्क मूल्य अभिवृद्धि कर लाग्ने मूल्यमा समावेश नहुँदा मूल्य अभिवृद्धि कर छुट भएको देखिन्छ। बिक्री मूल्यमा सङ्कलन हुनुपर्ने कर खरिद मूल्यमा सङ्कलन गर्दा उक्त शुल्क न्यून हुनुका साथै असुल भएको विलासिता शुल्कमा लाग्ने मूल्य अभिवृद्धि कर भैरहवा भन्सार कार्यालयको रु.१३ लाख ३९ हजार, वीरगन्ज भन्सार कार्यालयको रु.१ करोड ८३ लाख ११ हजार, सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रु.७ करोड ९ लाख १४ हजार, रसुवा

भन्सार कार्यालयको रु. २४ लाख ९१ हजार र त्रिभुवन विमानस्थल भन्सार कार्यालयको रु.४ लाख ९७ हजारसमेत रु.९ करोड ३५ लाख ५२ हजार असुल गर्नुपर्दछ।

१३०. **क्रुड पाम ओलिन -** पैठारी भएका मालवस्तुको वर्गीकरणमा द्विविधा भएमा भन्सार महसुल ऐन, २०८१ को अनुसूची-१ बमोजिम हार्मोनाइज्ड प्रणालीको व्याख्यासम्बन्धी सामान्य नियमहरूका आधारमा वस्तुमा अन्तर्निहित आवश्यक लक्षण र विशिष्टतम विवरणका आधारमा हार्मोनाइज्ड प्रणाली कोड निर्धारण गर्नुपर्ने व्यवस्था छ। क्रुड पाम ओलिनमा फ्री फ्याटी एसिडको मात्रा १.५ प्रतिशत रहेको (जुन कच्चा तेलमा ५ प्रतिशत हुन्छ) कच्चा तेलमा हुने गाढा गन्ध हटाइएको र विश्व भन्सार सङ्गठनले प्रतिपादित गरेको व्याख्यात्मक टिप्पणी, २०२२ मा उल्लिखित तयारी तेल प्राप्तिको विधि अवलम्बन गरिएको एवं कच्चा तेल हुनको लागि उक्त व्याख्याले निषेध गरेका प्रक्रिया अवलम्बन गरी तयार गरिएको आधारमा उक्त तेलमा कच्चा पदार्थको विशेषता नरहेको अवस्था छ। साथै भन्सार विभागको मिति २०८१।९।२८ तथा २०८१।८।२६ को वर्गीकरण निर्णयसमेतको आधारमा पैठारी भएको मालवस्तु उपशीर्षक १५११.९०.२० (रिफाइन्ड पाम तेल) बाट जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक १५११.९०.१० (कच्चा पाम तेल) मा जाँचपास भएको छ। विराटनगर भन्सार कार्यालयको रु.१ करोड ४९ लाख २० हजार महसुल छुटको हकमा सोको वर्गीकरण उपर राजस्व न्यायाधिकरणमा मुद्दा विचाराधीन रहेको हुँदा सोबाहेक भैरहवा भन्सार कार्यालयको रु.९० लाख ८६ हजार, मेची भन्सार कार्यालयको रु.४ करोड ६२ लाख ५८ हजारसमेत रु.५ करोड ५३ लाख ४४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३१. **ल्याक्टोजिन प्रो -** भैरहवा भन्सार कार्यालयबाट एक भारतीय कम्पनीबाट उत्पादित ल्याक्टोजिन र नानका विभिन्न उत्पादनहरू पैठारी गर्दा भन्सार उपशीर्षक ०४०२.२९.१० (बच्चाको दूध) अन्तर्गत वर्गीकरण गरी जाँचपास गरेको पाइयो। तर, उत्पादक कम्पनीको प्राविधिक विवरणको आधारमा यी वस्तुहरू खाद्य परिपूरक आहारको रूपमा प्रयोग गरिने मालवस्तु भएको देखिन्छ। कम्पनीको वेबपेज अनुसार उक्त मालवस्तुमा ठोस दूध करिब ६० प्रतिशत र ह्वि करिब २० प्रतिशतका साथै अन्य खनिज तेल, भिटामिन र प्रो-भिटामिनहरूको मिश्रण रहेको देखिन्छ।

भन्सार महसुल ऐन, २०८१ को अनुसूची ३ को भाग ४ को द्रष्टव्य नं ५(ग) ले एक वा सोभन्दा बढी प्राकृतिक अवयवहरूको मिश्रणमा दूधबाट बनेको पदार्थ उपशीर्षक २१०६ मा पर्ने देखिन्छ। साथै, भैरहवा भन्सार कार्यालयको मिति २०८२।१।१२ को निर्णयले समेत उक्त मालवस्तुमा दूधबाहेक अन्य केमिकल र खनिजको मिश्रण भएकाले उपशीर्षक २१०६.९०.९१ मा वर्गीकरण हुने उल्लेख गरेको छ। साथै उत्पादक कम्पनीले सन् २०२५ को सेप्टेम्बरपछिका बीजकहरूमा समेत नेपाल एच.एस. २१०६.९०.९१ उल्लेख गरेको (भारतमा यसभन्दा अघि समेत यस्ता मालवस्तु उपशीर्षक १९०१ अन्तर्गत वर्गीकरण हुने गरेको) देखिएकोले पैठारी भएको मालवस्तुलाई उपशीर्षक २१०६.९०.९१ (अन्य तयारी खाद्य पदार्थ) मा वर्गीकरण गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा उपशीर्षक ०४०२.२९.१० (बच्चाको दूध) अन्तर्गत वर्गीकरण गरी जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत जम्मा रु.५ करोड ४२ लाख ६ हजार साथै धरौटीमा राखेको रु.१ करोड ९७ लाख २४ हजारसमेत रु.७ करोड ३९ लाख ३० हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३२. **विद्युतीय सवारीसाधन -** भन्सार महसुल ऐन, २०८१ को अनुसूची ३ बमोजिम पैठारी भएका विद्युतीय सवारीसाधनको पिक मोटर पावर ५० देखि १०० किलोवाटसम्म भएमा भन्सार उपशीर्षक ८७०३.८०.५१ (अनएसेम्बल), ८७०३.८०.५९ (अन्य) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, १५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर तथा मोटर क्षमता १०० देखि २०० किलोवाट भएमा भन्सार उपशीर्षक ८७०३.८०.६९ बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल, २० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ। विभिन्न पैठारीकर्ताले विद्युतीय सवारीसाधन पैठारी गर्दा पेस गरेको बीजकमा उल्लिखित पिक पावरको आधारमा भन्सार जाँचपास हुने गरेकोमा जडित मोटरको क्षमताको प्राविधिक जाँच गर्ने गरेको पाइएन। सो सम्बन्धमा यातायात व्यवस्था विभागबाट मोटर क्षमता जाँच नगरी केवल ती सवारीसाधन सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र मात्र दिने गरेको देखिन्छ।

विभिन्न पैठारीकर्ताले पिक मोटर पावरको क्षमता घोषणा गरे पनि प्राविधिक परीक्षण नभएको साथै उत्पादक देशको मापडण्डबमोजिम विद्युतीय सवारीसाधनका उत्पादक वा अन्य आधिकारिक स्वतन्त्र जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने परीक्षण रिपोर्ट संलग्न छैन। ती सवारीसाधनको उत्पादक कम्पनीको वेबपेजमा रहेका क्याटलग तथा अन्य देशमा गरेको निर्यातको विवरणको आधारमा पैठारी भएका विभिन्न मोडलका सवारीसाधनहरू १०० किलोवाटदेखि २०० किलोवाटसम्म क्षमताको समेत रहेको देखिन्छ। सोबममोजिम भन्सार उपशीर्षक ८७०३.८०.६९ (अन्य) बाट जाँचपास गर्नुपर्नेमा रसुवा र तातोपानी भन्सार कार्यालयबाट पैठारी भएका सवारीसाधनहरूको घोषणाबमोजिम क्षमता ९९.९ र १०० किलोवाट उल्लेख गरी भन्सार उपशीर्षक ८७०३.८०.५१ (अनएसेम्बल) र भन्सार उपशीर्षक ८७.०३.८०.५९ (अन्य) अन्तर्गत जाँचपास भएको छ। अतः आधिकारिक उत्पादकले प्रकाशन गरेको सवारीसाधनको प्राविधिक स्पेसिफिकेसन तथा मोटर क्षमता जाँच, डाइनामोमिटर टेष्ट तथा ती सवारीसाधन उत्पादक देशका निर्धारित मापदण्डसमेतको परीक्षणबाट मोटर क्षमताको प्राविधिक परीक्षणसमेत गरी रसुवा भन्सार कार्यालयबाट रु.१ अर्ब २७ करोड २७ लाख ९१ हजार र तातोपानी भन्सार कार्यालयबाट रु.१ अर्ब २३ करोड ५५ लाख २५ हजार समेत रु. २ अर्ब ५० करोड ८३ लाख १६ हजार छुट महसुल तथा करका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१३२.१ तातोपानी तथा रसुवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले चीनबाट पैठारी गरेको जिकर एक्स मोडलको सवारीसाधन पिक मोटर पावर २०० किलोवाट उल्लेख गरी भन्सार उपशीर्षक ८७०३.८०.६९ बाट जाँचपास गरेको छ। उक्त सवारीसाधन उत्पादकको वेबपेजमा रहेका क्याटलग लगायतमा चीन वा अन्य देशहरूमा निकासी गरेका मालवस्तुको विवरण परीक्षण गर्दा उक्त मोडलको सवारीसाधनको ब्याट्री क्षमता ६६ किलोवाट, अधिकतम टर्क ५१२ एनएम, रियर ह्विल ड्राइभ र पिक मोटर क्षमताको हकमा २७२ पिएस-प्फर्डस्टर्क (अश्व शक्ति) अर्थात् २००.०६ किलोवाट हुने देखिन्छ। यसर्थ भन्सार उपशीर्षक ८७०३.८०.७९ (२०० देखि ३०० किलोवाट सम्म) मा ६० प्रतिशत भन्सार महसुल, ३५ प्रतिशत अन्तःशुल्क लगाउनुपर्नेमा न्यून दरबन्दी लगाई जाँचपास गर्दा छुट भएको तातोपानी भन्सार कार्यालयको रु.१९ करोड ६७ लाख ३० हजार तथा विभिन्न पैठारीकर्ताले पैठारी गरेका डिपल र ज्याक्व जे ६, एभटर११ र एक्स पिङ्ग मोडलका सवारीसाधनको आधिकारिक कम्पनीको वेबपेजमा उपलब्ध क्याटलगको विवरणमा डिपल ई०७ पिक मोटर पावर २५२ किलोवाट र ज्याकब जे६ को पिक मोटर पावर २०५ किलोवाट र अन्यको २०० भन्दा बढी किलोवाट भएकोमा २०० भन्दा कम

क्षमताको मोटर देखाइ भन्सार उपशीर्षक ८७०३.८०.६९ (पिक मोटर पावर १०० देखि २०० किलोवाट) बाट जाँचपास गर्दा छुट भएको तातोपानीको रु.९ करोड २१ लाख २५ हजार र रसुवा भन्सार कार्यालयको रु.८१ करोड २० लाख ८८ हजारसमेत रु.९० करोड ४२ लाख १३ हजारसहित कुल जम्मा रु.१ अर्ब १० करोड ९ लाख ४३ हजार यकिन गरी असुल गर्नुपर्दछ।

१३२.२ तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चीनबाट नामी बक्स गाडी पैठारी गरेकोमा पिक मोटर पावर ५० किलोवाट उल्लेख गरी जाँचपास गरेको छ। उक्त गाडीको वास्तविक पिक मोटर पावर सम्बन्धमा यातायात व्यवस्था विभागले समेत परीक्षण गरेको छैन। ती गाडीको उत्पादक कम्पनीको नेपाली संस्करण डोङ्फेङ्ग नेपालको वेबपेजमा उपलब्ध ब्रोसरमा उक्त सवारीसाधनको अन्य सबै विशेषता समान रहेको र पिक मोटर क्षमता ७० किलोवाट रहेको देखिन्छ। साथै पैठारीकर्ताले समेत अन्य विभिन्न कारोबारमा सोही मोडलको सवारीको पिक मोटर क्षमता ५० देखि १०० सम्म रहेको भनी उपशीर्षक ८७०३.८०.५९ बाट समेत जाँचपास गरेको देखिन्छ। तसर्थ उक्त सवारीसाधनलाई भन्सार उपशीर्षक ८७०३.८०.५९ (विद्युतीय मोटरको पिकअप पावर ५० किलोवाट भन्दा बढी तर १०० किलोवाट ननाघेको कार, जीप, भ्यान) बाट जाँचपास गरी भन्सार महशुल २० प्रतिशत र अन्तःशुल्क १५ प्रतिशतअनुसार हुने महसुल रु.१७ करोड ४१ लाख २९ हजारका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१३२.३ तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चीनबाट पैठारी गरेको एक्स३०एलईभी प्यासेन्जर भ्यान को पिक मोटर पावर ५० किलोवाट देखाई भन्सार उपशीर्षक ८७०३.८०.२९ बाट जाँचपास गरेको छ। उक्त सवारीसाधनको उत्पादक वा अन्य स्वतन्त्र जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने टेष्ट रिपोर्ट संलग्न छैन। उत्पादक कम्पनीसमेतको वेबपेजमा रहेका क्याटलग लगायतमा चीन वा अन्य देशहरूमा निकासी गरेका मालवस्तुको विवरण परीक्षण गर्दा उक्त मोडलको सवारीसाधनको ब्याट्री क्षमता ४१.८६ तथा ३२.१४ किलोवाट र भ्यानको कुल पिक मोटर पावर ६० किलोवाट रहेको देखिन्छ। साथै नाडा अटो शोको अनलाइन ब्रोसर र वेबपेजमा समेत उक्त भ्यानको पिक मोटर पावर ६० किलोवाट रहेको उल्लेख भएको आधारमा भन्सार उपशीर्षक ८७०३.८०.५९ (विद्युतीय मोटरको पिकअप पावर ५० किलोवाट भन्दा बढी तर १०० किलोवाट ननाघेको कार, जीप, भ्यान) अन्तर्गत जाँचपास गरी भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क १५ प्रतिशत लगाई छुट भएको रु.९ करोड ८० लाख ५१ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३. **फरक दरबन्दी -** भन्सार महसुल ऐन, २०८१ को दफा ४ मा नेपालमा पैठारी हुने मालवस्तुमा हार्मोनाइज्ड प्रणालीको नियमअनुसार वर्गीकरण गरी दफा ३ बमोजिम तोकिएको महसुल लिनुपर्ने तथा आर्थिक ऐन, २०८१ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क र दफा ३ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने व्यवस्था छ। आर्थिक ऐन, २०८२ को दफा ४ मा पैठारी तथा निकासी हुने मालवस्तुमा भन्सार महसुल ऐनबमोजिम महसुल लगाई असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१३३.१ भैरहवा, मेची, तातोपानी र विराटनगर भन्सार कार्यालयबाट लग पिलिङ्ग, एज ब्यान्डिङ्ग, ग्रिन्डर, हाइड्रोलिक प्रेस जस्ता काष्ठ उद्योगमा प्रयोगका मालवस्तु पैठारी गर्दा भन्सार उपशीर्षक ८४६५.९२.००

(रण्डा समतल वा मिलिङ गर्ने यन्त्रहरू) तथा उपशीर्षक ८४७९.३०.०० (अन्यत्र उल्लेख नभएका काठ वा लिग्नियन पदार्थका प्रेस वा फाइबर बोर्ड बनाउने दाबकहरू) मा वर्गीकरण गरी ५ प्रतिशत भन्सार महसुल (कोड रुल २४३ प्रयोग गरेको हकमा १ प्रतिशत) लगाई जाँचपास भएको छ। पैठारी भएका मालवस्तुहरू काठलाई प्लानर गर्ने नभई चिर्ने, पातलो पत्र निकाल्ने वा काठको काममा बेन्डिङ्ग गर्ने कार्य भएका मेसिनहरू भएको हुँदा विश्व व्यापार सङ्गठनले जारी गरेको व्याख्यात्मक टिप्पणी, २०२२ को पेज नं एक्स.भी.आई.-८४६५-१ तथा उपशीर्षक ८४७९.३० को व्याख्या एवं उल्लिखित मेसिनहरूको सूची समेतको आधारमा हाइड्रोलिक प्रेसदाबकहरू भन्सार उपशीर्षक ८४६५.९४.०० (बेण्डिङ्ग वा एसेम्बलिङ्ग गर्ने मेसिनरी), एज ट्रिटमेन्ट र राउटिङ्ग मेसिनहरू उपशीर्षक ८४६५.९९.०० (अन्य काठको काम गर्ने मेसिनहरू) तथा लग पिलिङ्ग र चिपहरू उपशीर्षक ८४६५.९६.०० (टुक्राउने, चिर्ने वा खुर्कने यन्त्रहरू) मा वर्गीकरण गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको महसुल भैरहवा भन्सार कार्यालयको रु.६९ लाख ३६ हजार, तातोपानी भन्सार कार्यालयको रु.४ लाख ४३ हजार, विराटनगर भन्सार कार्यालयको रु.१ करोड २ लाख ११ हजार र मेची भन्सार कार्यालयको रु.१ करोड १७ लाख ३४ हजारसमेत जम्मा रु.२ करोड ९३ लाख २४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३.२ भैरहवा, विराटनगर तथा मेची भन्सार कार्यालयबाट केराउको दाना पैठारी गर्दा व्याख्यात्मक टिप्पणी, २०२२ को पेज नं ०७१३-१ मा भएको "भाग ७ का तेल आउने सुख्खा फलहरू जुन बिउको रूपमा समेत रहेका हुन्छन्" भन्ने नोट तथा पेज नं १२०९-१ मा भाग ७ का तेल आउने वनस्पतिको बिउहरूलाई यस उपशीर्षकबाट हटाएको आधारमा भन्सार उपशीर्षक ०७१३.१०.९० (अन्य केराउहरूमा) मा वर्गीकरण गरी ३० प्रतिशत भन्सार महसुल र १० प्रतिशत अग्रिम आयकर असुल गर्नुपर्नेमा भन्सार उपशीर्षक १२०९.९१.९० (अन्य वनस्पतिको बिउ) अन्तर्गत वर्गीकरण गरी ५ प्रतिशत कृषि सुधार शुल्क (भन्सार महसुल ऐन २०८१ को अनुसूची ६ बमोजिम कोड रुल ३८५ प्रयोग गरी १ प्रतिशतमात्र) असुल गरी जाँचपास गर्दा छुट महसुल तथा कर भैरहवा भन्सार कार्यालयको रु.३६ लाख ९८ हजार, विराटनगर भन्सार कार्यालयको रु.११ लाख ४ हजार तथा मेची भन्सार कार्यालयको रु.२३ लाख ५१ समेत रु.७१ लाख ५३ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३.३ भैरहवा र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले आर.बी.टोन सिरप पैठारी गरेकोमा उक्त मालवस्तु औषधी व्यवस्था विभागको इजाजतपत्रमा भिटामिन र खनिज समूहमा रहेको र प्रति १० एमएलमा भिटामिन बीका विभिन्न स्वरूपहरू, भिटामिन सीलगायत अन्य खनिज र भिटामिनजन्य तत्वहरूको मिश्रण रहने उल्लेख भएको साथै निर्यातकर्ताले समेत एच.एस. कोड ३००४.५० उल्लेख गरी बीजक जारी गरेको हुँदा पैठारी भएको मालवस्तुलाई भन्सार उपशीर्षक ३००४.५०.०० (मल्टिभिटामिन) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल (स्वास्थ्यवर्धक भिटामिनमा भाग ३० को औषधीको सुविधा नपाउने) र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा भन्सार उपशीर्षक ३००४.९०.९० बाट जाँचपास गरी औषधीको सुविधासमेत दिएकोले सोबापत छुट भएको महसुल भैरहवा भन्सार कार्यालयको रु.१ करोड ३० लाख ६७ हजार तथा वीरगन्ज भन्सार कार्यालयको रु.३५ लाख १ हजारसमेत रु.१ करोड ६५ लाख ६८ हजारका सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ।

१३३.४ भैरहवा र विराटनगर भन्सारबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको स्याप इन रोलमा ५५ प्रतिशतसम्म सेलयुलोस पेपर पल्प र पर्फोरेटेड कागज, जसको दुवैतर्फ पेपरले छोपिएको र बिचमा सुपर एब्जरबेन्ट

पोलिमर (एसएपी) राखी आफ्नो तौलभन्दा १०० गुणा बढी तरल पदार्थ शोषण गर्न सक्ने विशेषता रहेको देखिन्छ। डाइपर तथा सेनेटरी प्याडको एब्जरबेन्ट कोरको रूपमा प्रयोग हुने १५० देखि १६० ग्राम प्रति वर्गमीटर तौल र ६० देखि ६५ मिलिमिटरको साँघुरो चौडाइमा प्याकिङ भई आएको यो मालवस्तुमा प्राथमिक रूपको पोलिमरको गुण विद्यमान रहेको देखिँदैन। व्याख्यात्मक टिप्पणी, २०२२ को उपशीर्षक ४८०३ र ४८१८ को व्याख्या, हार्मोनाइज्ड प्रणालीको नियम ३(ख) बमोजिम मुख्य पदार्थको मात्रा तथा भन्सार विभागको मिति २०८१।०९।०१ को वर्गीकरण निर्णय समेतका आधारमा सो मालवस्तु भन्सार उपशीर्षक ४८१८.९०.०० मा वर्गीकरण गरी २० प्रतिशत भन्सार महसुल र ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा उपशीर्षक ३९०६.९०.०० (प्राथामिक पोलिमर) मा वर्गीकरण गरी रुल कोड २७० प्रयोगमार्फत १ प्रतिशत मात्र महसुल असुल गरी जाँचपास गर्दा छुट भएको भैरहवा भन्सार कार्यालयमा रु.३० लाख ८९ हजार र विराटनगर भन्सार कार्यालयमा रु.१ करोड ४८ लाख ८० हजारसमेत रु.१ करोड ७९ लाख ६९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३.५ भैरहवा र विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको अन्मेनुफ्याक्चर्ड सुर्ती २५ देखि ३० किलोग्रामको बोरामा रहेको र शीर्षक २४०१ बमोजिमको कच्चा अवस्थामा नभई सोझै चुनामा मिलाएर उपभोग गर्न सकिने (तयारी) अवस्थाको देखिन्छ। खुद्रा बिक्रीका लागि नराखिएको सुर्ती काटिएको तथा धुलो (डस्ट) जस्ता शब्दावलीले यसलाई समेट्ने हुँदा भन्सार महसुल ऐन, २०८१ को दफा ५ र हार्मोनाइज्ड प्रणालीको नियमबमोजिम उक्त मालवस्तु भन्सार उपशीर्षक २४०३.९९.२० (खुद्रा बिक्रीको लागि नराखिएको कट तथा धुलो सुर्ती) अन्तर्गत वर्गीकरण हुनुपर्ने देखिन्छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जारी गरेको आयात अनुमति पत्रमा समेत एच.एस. कोड २४०३.९९.२० उल्लेख भएको, विगतका वर्षहरूमा सोही उपशीर्षकमा जाँचपास भएको र भन्सार विभाग, वर्गीकरण महाशाखाको २०८१।११।२१ र २२ को निर्णयहरूमासमेत उक्त मालवस्तुलाई २४०३.९९.२० अन्तर्गत नै वर्गीकरण गरेको आधारमा ८० प्रतिशत भन्सार महसुल, प्रति कि. ग्रा. रु. ४८० अन्तःशुल्क र रु. ६० स्वास्थ्य जोखिम कर असुल गर्नुपर्नेमा उपशीर्षक २४०१.१०.२० मा वर्गीकरण गरी जाँचपास गर्दा छुट भएको भैरहवा भन्सार कार्यालयको रु.७ करोड ६२ लाख ८४ हजार र विराटनगर भन्सार कार्यालयको रु.२१ लाख ८१ हजारसमेत रु.७ करोड ८४ लाख ६५ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३.६ वीरगन्ज र सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले हलो तथा रोटावेटरका ब्लेड लगायतका पार्टपुर्जाहरू पैठारी गरेकोमा भन्सार उपशीर्षक ८४३२.९० (कृषि, बागवानी वा वन सम्बन्धी कार्यका लागि माटो तयार गर्ने वा खेती गर्ने प्रयोजनका यन्त्रावलीको पार्टपुर्जाहरू) बाट १ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक नम्बर ८४३२.१० (हलोहरू), ८४३१.२९ (ह्यारोहरू, विडरहरू) जस्ता पूर्ण मेसिनरीबाट १ प्रतिशत भन्सार महसुल मात्र लिई जाँचपास गरेको छ। फरक भन्सार उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको मूल्य अभिवृद्धि कर वीरगन्ज भन्सार कार्यालयको रु.५२ लाख ९२ हजार तथा सुख्खा बन्दरगाह भन्सार कार्यालयको रु.७८ लाख २८ हजारसमेत रु.१ करोड ३१ लाख २० हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३४. **सौर्य ऊर्जामा मूल्य अभिवृद्धि कर छुट -** भन्सार महसुल ऐन, २०८१ को अनुसूची ४ को दफा ६ को उपदफा २ को खण्ड (त) अनुसार वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको सिफारिसमा सौर्य तथा वायु ऊर्जाबाट विद्युत उत्पादन, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र तिनका पार्टपुर्जामा भन्सार महसुल एक प्रतिशत लाग्ने व्यवस्था छ। आर्थिक ऐन, २०८१ र आर्थिक ऐन, २०८२ को समूह ११ को (आ) को छ(क) अनुसार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा पैठारी हुने सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न र सौर्य ऊर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ऊर्जा उत्पादनमा प्रयोग हुने विभिन्न उपशीर्षकमा पर्ने मालवस्तुहरूमा मात्र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था रहेकोमा पैठारीकर्ताहरूले पैठारी गरेका उल्लिखित भन्सार उपशीर्षक भन्दा फरक उपशीर्षकका मालवस्तुहरूमा समेत मूल्य अभिवृद्धि कर असुली बेगर नै जाँचपास गर्दा छुट भएको वीरगन्ज भन्सार कार्यालयको रु.१ करोड ९५ लाख ५३ हजार र सुख्खा बन्दरगाह भन्सार कार्यालयको रु.११ लाख २३ हजारसमेत रु.२ करोड ६ लाख ७६ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३५. **ब्रेकफास्ट सिरियल्स (चोकोज) -** भैरहवा भन्सार कार्यालयबाट पैठारीकर्ताले केलोग ब्राण्डको ब्रेकफास्ट सिरियल्स (चोकोज) पैठारी गरेकोमा उक्त मालवस्तुको विशेषता, पैठारी भएका बीजक तथा प्रकृति परीक्षण गर्दा पूर्ण रूपमा कोकोमा लेपित वा डुबाइएको अवस्थामा रहेको, तयारी खाद्य पदार्थ भएको साथै ६ प्रतिशत भन्दा कम चकलेटको मात्रा रहे ता पनि दुबै तर्फ चकलेट लेपित भएको हुँदा विश्व भन्सार सङ्गठनको व्याख्यात्मक टिप्पणी, २०२२ को उपशीर्षक व्याख्या १९०४.१० ले चकलेट लेपित भएको अवस्थामा ६ प्रतिशत भन्दा कम भएता पनि उपशिर्षक १८०६ मा वर्गीकरण हुने उल्लेख गरेको छ। साथै भन्सार दरबन्दीको भाग १९ को द्रष्टव्य नं. ३ तथा भन्सार विभागको मिति २०६७।१०।११ र २०७५।३।२५ को वर्गीकरणसम्बन्धी निर्णयबाट भन्सार उपशीर्षक १८०६ अन्तर्गत वर्गीकरण गरी ४० प्रतिशत भन्सार महसुल, १५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाउनुपर्ने देखिन्छ। तथापि फरक उपशीर्षक १९०४.१०.१० बाट साफ्टा सुविधाअन्तर्गत जाँचपास गर्दा छुट भएको महसुल रु.६ करोड ७४ लाख ७५ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३६. **फर्निचरमा साफ्टा सुविधा -** भन्सार महसुल ऐन, २०८१ को दफा ११ मा साफ्टा छुट अन्तर्गत साफ्टा उत्पत्ति प्रमाणपत्र र बीजकमा उल्लेख भएको परिमाण, उपशीर्षक र जाँचपासको लागि घोषित वा भन्सार अधिकृतले यकिन गरेको उपशीर्षकको सुरुको ६ अंकमा भिन्नता देखिएमा सो छुट सुविधा नपाउने उल्लेख छ। वीरगन्ज भन्सार कार्यालयले कार्यालयमा प्रयोग हुने काठको तथा धातुको फर्निचर, भान्सामा प्रयोग हुने काठको फर्निचर र प्लाष्टिकको फर्निचरहरू समेतलाई भन्सार शीर्षक ९४०१ (आसनहरू) अन्तर्गतका विभिन्न उपशीर्षकबाट जाँचपास गरेको छ। अतः पैठारी भएका फर्निचरहरू भन्सार शीर्षक ९४०३ (अन्य फर्निचर) अन्तर्गत वर्गीकरण गरी जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको महसुल तथा कर रु.३ करोड ५३ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३७. **एयर ह्याण्डलिङ्ग युनिट -** वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको एयर ह्याण्डलिङ्ग युनिटको प्याकिङ्ग लिष्टमा उल्लेख भएका विभिन्न आइटमा रेफ्रिजेरेटिङ्ग युनिट पनि समावेश भएको र उक्त सामान रेफ्रिजेरेटिङ्ग युनिट सहितको एयर ह्याण्डलिङ्ग युनिट भएकोले भन्सार उपशीर्षक ८४१५.८२ पर्ने वातानुकूलन यन्त्र (एयर कण्डिशनिङ्ग मेसिन) हरू, मोटरचालित पङ्खा र तापमान तथा आर्द्रता परिवर्तन गर्ने तत्वहरू भएका, आर्द्रतालाई अलग्गै नियमति गर्न नसकिने यन्त्रहरू अन्तर्गतको रेफ्रिजरेटिङ्ग एकाइ समावेश भएको अवस्थाले ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई

जाँचपास गर्नुपर्नेमा रुल कोड ३६० प्रयोग गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको पाइयो। भन्सार महसुल ऐन, २०८१ बमोजिम नपाउने छुट दिई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रु.२ करोड ९७ लाख ४७ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३८. **स्टील पेनस्टोक पाइप -** भन्सार महसुल ऐन, २०८१ को अनुसूची ४ को दफा ६को उपदफा २(त) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ११ को (आ) जलविद्युत आयोजना वा प्रसारण लाइन आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा पैठारी गर्ने जलविद्युत उत्पादन, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र तिनका पाटपुर्जामा भन्सार महसुल १ प्रतिशत र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था छ। जलविद्युत आयोजनाको लागि पैठारी गरिएका मालवस्तु निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जा नरहेको अवस्थामा महसुल सुविधा वा छुट दिन मिल्दैन। भन्सार दरबन्दीको परिच्छेद १६,१७ र १८ अन्तर्गतका भाग ८४ र ८५ लगायतमा पर्ने मालवस्तुको हार्मोनाइज्ड कोडमा उपकरण, मेसिनरी या तिनका पार्टपुर्जाको वर्गीकरण हुने व्यवस्था रहेकोमा ती बाहेकका हार्मोनाइज्ड कोडबाट पैठारी हुने मालवस्तुलाई निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जा रहेको ठहर हुने प्राविधिक तथा कानुनी आधार देखिँदैन। वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरूले स्टील पेनस्टोक पाइप पैठारी गरेकोमा उक्त मालवस्तु टर्बाइनको पार्टपुर्जा नभई स्टीलको पाइप भएको हुँदा भन्सार उपशीर्षक ७३०५.११ बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४१०.९० बाट १ प्रतिशत भन्सार महसुल मात्र लगाई जाँचपास गरेको छ। फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रु.४ करोड ७५ लाख २६ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३९. **लेमिनेटेड ट्युब विथ क्याप -** वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले लेमिनेटेड ट्युब विथ क्याप पैठारी गरेकोमा भन्सार उपशीर्षक ३९२३.१०.१० मा पर्ने प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्युबहरूबाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। उक्त सामान ट्यूब मात्र नभई बिर्कोसहित आएको, पैठारीकर्ताले बिल, बीजकमा भन्सार उपशीर्षक ३९२३.९०.९० र ३९२३.९० उल्लेख गरेको तथा कार्यालयले अन्य यस्तै मालवस्तुसमेत भन्सार उपशीर्षक ३९२३.९०.९० बाट जाँचपास गरेको छ। साथै यस्तै प्रकृतिको सामानको हकमा अमेरिका भन्सार सीबीपी रुलिङ्ग एनवाई एन२४२९४४ तथा ईयु बाइन्डिङ्ग ट्यारिफ इन्फर्मेशन बीटीआई निर्देशनहरू जारी भएको तथा अमेरिका, भारतलगायतका देशहरूमा उक्त सामान सोही निर्देशनबमोजिम नै जाँचपास हुने गरेको देखिन्छ। अतः पैठारी भएको लेमिनेटेड ट्युब विथ क्याप भन्सार उपशीर्षक ३९२३.९०.९० बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने देखिएकोमा सोभन्दा फरक उपशीर्षक ३९२३.१०.१० बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत रु.३ करोड ७ लाख ७८ हजार सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ।

१४०. **जुत्ताका अवयवहरु -** विराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले तयारी जुत्ताका लागि आवश्यक पर्ने अपर, इनसोल र आउटसोललगायतका सबै पार्टपुर्जाहरू समान जोर सङ्ख्यामा एउटै बीजक तथा पैठारीकर्ताबाट पैठारी गरी सँगै प्रस्तुत गरेकोमा त्यस्ता मालवस्तुलाई सम्बन्धित पार्टपुर्जाकै उपशीर्षकमा

वर्गीकरण गरी बण्डेड वेयर हाउसको सुविधासमेत दिई जाँचपास गरेको देखिन्छ। यसरी जुत्ताका मुख्य भागहरू समान सङ्ख्यामा एकैसाथ पैठारी हुँदा त्यसले तयारी जुत्ताको आवश्यक लक्षण धारण गरिसकेको हुँदा हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी नियम २(ख) बमोजिम कुनै पनि अपूर्ण वा अर्धतयारी वस्तुले तयारी वस्तुको मुख्य विशेषता बोकेको छ भने त्यसलाई तयारी वस्तु सरह नै वर्गीकरण गर्नुपर्ने देखिन्छ।

यसै गरी व्याख्यात्मक टिप्पणी, २०२२ को भाग ६४ को व्यवस्था र भन्सार विभागले २०८१।४।२ मा गरेको निर्णयका आधारमा समेत यस्ता मालवस्तुलाई भन्सार उपशीर्षक ६४०५.२०.९९ (कपडाको जुत्ता) मा वर्गीकरण गरी ४० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने देखिन्छ। साथै भन्सार महसुल ऐन, २०८१ को दफा १४ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(क) बमोजिम तयारी वस्तुको पैठारीमा बण्डेड वेयर हाउसको सुविधा नपाइने हुँदा जुत्ताको अवयवहरू सरह बण्डेड वेयर हाउसमा जाँचपास गर्दा छुट भएको कर तथा महसुल रु.१५ करोड १३ लाख ७१ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४१. **काजु बोक्राको पिलेट -** विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताले काजुको बोक्राको पिलेट पैठारी गरेकोमा भन्सार विभागको मिति २०७८।९।२२ को पूर्वदिशबमोजिम उक्त मालवस्तु उपशीर्षक १४०४.९०.९० मा पर्ने देखिएकोमा सो वस्तुलाई उपशीर्षक २३०२.४०.१० मा वर्गीकरण गरी १० प्रतिशत भन्सार महसुल मात्र लगाई जाँचपास गरेको देखिन्छ। तर, उक्त मालवस्तु काजुको बोक्रा मात्र रहेको र कुनै खाद्य उद्योगबाट खाद्यान्न प्रशोधन गर्दा निस्किएको औद्योगिक अवशेष वा पिना नभएको हुँदा शीर्षक २३०२ मा पर्ने देखिँदैन। व्याख्यात्मक टिप्पणी, २०२२ को पेज नं. २३०२-१ को व्याख्याले शीर्षक २३०२ मा खाद्य उत्पादनको उपोत्पादन (बाइ प्रोडक्ट) लाई मात्र समेट्ने देखिन्छ।

उक्त मालवस्तुले आफ्नो प्राकृतिक वनस्पतिजन्य रासायनिक गुण कायमै राखेको र व्याख्यात्मक टिप्पणीको शीर्षक १४०४ को टेस्टा सिड हस्कसम्बन्धी व्याख्यासँग मेल खाने देखिएको तथा सो पिलेट काजुको उपोत्पादन भएको हुँदा भन्सार उपशीर्षक १४०४.९०.९० (अन्यत्र समावेश नभएका वनस्पति उत्पादन) मा वर्गीकरण गरी १० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क, १.५ प्रतिशत अग्रिम आयकर र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा फरक शीर्षकमा वर्गीकरण गर्दा छुट भएको महसुल रु.८ करोड ८५ लाख ७ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४२. **हवाई भाडा -** भन्सार ऐन, २०६४ को दफा १५ बमोजिम पैठारी गरिने मालवस्तुमा लागेको भाडा रकमलाई पैठारी मूल्यमा समावेश गर्नुपर्दछ। यो वर्ष त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मोबाइल वा स्मार्ट फोनको पैठारी गर्ने १६ पैठारीकर्तामध्ये १४ पैठारीकर्ताले सिआईएफ, सिआईपी, सिआईटी जस्ता शब्दावली बीजकमा उल्लेख भएबमोजिम सो बीजकमा मोबाइलको एकाइ लगतका अतिरिक्त हवाई भाडा र बिमा रकम छुट्टै देखाई एयर वे बिल र बिमा गरेको कागजातमा उल्लिखित मूल्यलाई मोबाइलको पैठारी मूल्यमा समावेश गरेको देखिन्छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट रेड मी ब्राण्डका मोबाइल पैठारी गर्दा २ पैठारीकर्ताले बीजकमा बिमा रकमलाई पैठारी मूल्यमा समावेश गरे तापनि एयर वे बिलबमोजिम हवाई भाडालाई समावेश गरी सम्बन्धित भन्सार उपशीर्षकबमोजिम लाग्ने महसुल तथा कर रु.२ करोड १ लाख ५९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४३. **आईफोनको चार्जर/एडाप्टर -** आइफोनहरू "ध्वनि, चित्र वा डाटा को ट्रान्समिसन तथ रिसेप्सन" गर्ने टेलीकम्युनिकेस एपारेटास भएकाले शिर्षक ८५१७ अन्तर्गत र चार्जर वा एडाप्टरहरू विद्युत् प्रवाहलाई रूपान्तरण (एसी टु डीसी कन्भर्सन) गर्ने स्टेटिक कन्भर्टर भएकाले शीर्षक ८५०४ अन्तर्गत वर्गीकरण गर्नुपर्दछ। विभिन्न पैठारीकर्ताले आईफोनको चार्जर/एडाप्टर भन्सार उपशीर्षक ८५०४.४०.२० (मोबाइल फोनको चार्जर) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्यअभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८५१७.१३.०० (स्मार्ट फोनहरू) बाट ५ प्रतिशत अन्तः शुल्क र मूल्य अभिवृद्धि कर मात्र लगाई जाँचपास गर्दा छुट भएको महसुल रु.३ करोड ६३ लाख ६९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४४. **एसिको रेडिएटर -** सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साबाट विभिन्न पैठारीकर्ताले एसिको रेडिएटर पैठारी गरेकोमा उक्त सामान वातानुकुलन यन्त्रको पार्टपुर्जा भएको देखिएकोले भन्सार उपशीर्षक ८४१५.९० बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ७३२२.१९ बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.१ करोड ६१ लाख ९८ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४५. **मेटल कयल -** सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले मेटल कयल पैठारी गरेकोमा उक्त सामानको चौडाइ ६०० मिमि भन्दा कम भएको तथा लेपन नगरिएकोले भन्सार उपशीर्षक ७२११.९० बाट ३० प्रतिशत भन्सार महसुल, रु.७ हजार ५ सय प्रति मेट्रिक टन अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर रु.१ करोड ५२ लाख ९७ हजार सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१४६. **विद्युतीय सिगरेट (भेप) -** भन्सार नियमावली, २०६४ को नियम ६४ को उपनियम (ख) र (ट) बमोजिम निजी क्षेत्रले सञ्चालन गरेको गोदाममा मालवस्तु राख्ने धनीको स्पष्ट परिचय र अद्यावधिक विवरण गोदाम सञ्चालकले राख्नुपर्ने व्यवस्था छ। तातोपानी भन्सार कार्यालयको गोदाम एक प्राइभेट लिमिटेडले सञ्चालन गरेकोमा २०८२।१।२४ मा दाखिला भएका ९९० कार्टुन र भन्सार यार्डमा भेटिएका ३९ कार्टुन गरी जम्मा १ हजार २९ कार्टुन भेपको पैठारीकर्ता सम्बन्धी कुनै विवरण राखेको पाइएन। २०८२।२।२० मा भन्सार कार्यालयको गोदाम तोडी ३६ कार्टुन भेप चोरी भएकोमा ५ कार्टुन मात्र बरामद भएकोमा ३१ कार्टुन फेला पर्न नसकेको कार्यालयले मिति २०८२।५।६ को पत्रमार्फत जनाएको छ। उक्त गोदाम सञ्चालकले गोदाममा राखेका मालवस्तुको सुरक्षा प्रबन्ध एवं सूचना प्रवाहमा लापरबाही गर्दासमेत कुनै कारबाही गरेको देखिँदैन। अतः गोदामको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

त्यसै गरी भन्सार ऐन, २०६४ को दफा ४७ र नियमावलीको नियम ३२ बमोजिम भन्सार गोदाममा दाखिला भएका मालवस्तु ६० दिनभित्र छुटाई लैजानुपर्ने र सो नभएमा सरकारी कब्जामा लिई लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ। भन्सार कार्यालयको गोदाममा हाल १ हजार २५५ कार्टुन विद्युतीय चुरोट (भेप) मौज्दात रहेको, गत वर्ष जाँचपास भएको औसत मूल्यको आधारमा सोको रु.१७ करोड २१ लाख ९२ हजार रहेको छ। यसरी गोदाममा दाखिला भएको तर वास्तविक पैठारीकर्ता नखुलेको

र दाखिला भएको ६० दिन नाघिसक्दासमेत मालवस्तु छुटाउन पैठारीकर्ता नआएको हुँदा गोदाम व्यवस्थापकसँग समन्वय गरी उक्त भेप सरकारीकरण गरी कानुनबमोजिम लिलाम बिक्री गर्नुपर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

सार्वजनिक ऋणको वस्तुनिष्ठ प्रक्षेपण, नीतिगत तर्जुमा तथा परिचालनका प्राथमिकता प्राप्त क्षेत्रहरूको पहिचान, आन्तरिक एवं वैदेशिक ऋणको रणनीतिक व्यवस्थापन, ऋण तथा जमानतको अभिलेखनका साथै सार्वजनिक ऋण र लगानीसँग सम्बन्धित तथ्याङ्कहरूको सङ्कलन, अध्ययन, अनुसन्धान र प्रकाशन गर्नेलगायतका कार्य यो कार्यालयबाट सम्पादन भइरहेको छ।

१४७. **समग्र लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रमको प्रगति समीक्षा सम्बन्धी व्यवस्था छ। कार्यालयको यस वर्षको विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु.करोडमा)

विवरण	क्रियाकलाप सङ्ख्या	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
आन्तरिक ऋणको साँवा फिर्ता	३	२४५७८	२४५७८	२४३९१	९९.२४
वैदेशिक ऋण साँवा फिर्ता	१५	५३९५	६२३६	४७२९	८७.६५
आन्तरिक ऋणको ब्याज भुक्तानी	४	९११७	८०१०	६०२८	६६.११
वैदेशिक ऋणको ब्याज भुक्तानी	१४	११९५	१४६१	१०१७	८५.०९
संस्थानमा ऋण लगानी	२४	८६३१	५७०८	३५९६	४१.६७
संस्थानमा सेयर लगानी	२८	१६४४	१०७२	४९८	३०.३१
वैदेशिक सेयर लगानी	१	३५	५४	५५	१५७.०२
जम्मा	**८९**	**५०५९५**	**४७११९**	**४०३१४**	**७९.६८**

उल्लिखित विवरणअनुसार कार्यालयको लागि यो वर्ष वित्तीय एवं ब्याज खर्च तर्फको ८९ क्रियाकलापमा सुरु विनियोजनको ७९.६८ प्रतिशत अर्थात् रु.४ खर्ब ३ अर्ब १४ करोड खर्च भएको छ। साँवा भुक्तानी तर्फ १८ क्रियाकलापमा सुरु विनियोजनको करिब ९७.१५ प्रतिशत अर्थात् रु.२ खर्व ९१ अर्ब २० करोड खर्च भएको छ भने ब्याज भुक्तानीमा १८ क्रियाकलापमा ६८.३१ प्रतिशत अर्थात् रु.७० अर्ब ४५ करोड खर्च भएको छ। तर सेयर तथा ऋण लगानी तर्फ ५३ क्रियाकलापमा सुरु विनियोजनको ३२.९५ प्रतिशत मात्र खर्च भएको छ।

१४८. **सार्वजनिक ऋणको लक्ष्य तथा प्रगति -** नेपाल सरकारको सार्वजनिक ऋण प्राप्तिको लक्ष्य एवं प्रगतिको स्थिति निम्नानुसार छः

(रु.करोडमा)

विवरण	२०७९।८० को प्राप्ति	२०८०।८१ को प्राप्ति	२०८१।८२ को		
			लक्ष्य रु.	प्राप्ति रु.	प्राप्ति प्रतिशत
आन्तरिक ऋण	२५६००	२३४४२	३३०००	३२९९९	१००
वैदेशिक ऋण	११९८६	१२५६७	२१७००	१२९९६	५९.८९
जम्मा	**३७५८६**	**३६००९**	**५४७००**	**४५९९५**	**८४.०९**

उल्लिखित विवरणअनुसार नेपाल सरकारले यो वर्ष आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ९९ करोड र वैदेशिक ऋण रु.१ अर्ब २९ अर्ब ९६ करोडसमेत रु.४ खर्ब ५९ अर्ब ९५ करोड प्राप्त गरेको छ। यो वर्ष कुल ऋण प्राप्तिमध्ये (अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्य समायोजन बाहेक) २१.३७ अर्थात् रु.९८ अर्ब ३० करोड मात्र खुद ऋण प्राप्त भएको छ। गत वर्ष खुद ऋण प्राप्ति ३८ प्रतिशत रहेकोमा यो वर्ष घटेर २१.३७ प्रतिशत पुगेको छ।

१४९. **ब्याज भुक्तानी -** नेपाल सरकारको सार्वजनिक ऋणको वार्षिक प्रतिवेदन, २०८१।८२ अनुसार नेपाल सरकारले लिएको ऋणमा ५ वर्षमा भुक्तानी गरेको ब्याजको स्थिति निम्नानुसार छः

(रु.करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
आन्तरिक ऋणको ब्याज खर्च रु.	२८६४	३७५९	६४५२	७२७७	६०२८
वैदेशिक ऋणको ब्याज खर्च रु.	६१७	७४४	८२६	९२६	१०१७
जम्मा ब्याज खर्च रु.	३४६३	४५०३	७२७८	८२०३	७०४५
वृद्धि प्रतिशत	३३	३०	६२	१३	(१४)
नेपाल सरकारको बजेट खर्च रु.	११९६६८	१३०९८७	१४२१३३	१३९३४०	१५२३११
बजेट खर्चमा ब्याज खर्चको प्रतिशत	२.८९	३.४४	५.१२	५.८८	४.६३

उल्लिखित तालिकाअनुसार सार्वजनिक ऋणको कुल ब्याज भुक्तानी २०८१।८२ मा गत वर्षभन्दा करिब १४ प्रतिशतले घटेको छ। जसमा आन्तरिक ऋणको ब्याज भुक्तानी गत वर्ष भन्दा करिब १७.१६ प्रतिशतले घटेकोमा वैदेशिक ऋणको ब्याज भुक्तानी करिब ९.८३ प्रतिशतले वृद्धि भएको छ। वैदेशिक ऋण सहुलियत दरमा लिएतापनि विनिमय दर परिवर्तनको कारणले वैदेशिक ऋणको ब्याज खर्च आन्तरिक ऋणको ब्याज खर्चभन्दा बढी हुँदै गएको देखिन्छ। नेपाल सरकारले राजस्वका स्रोत वृद्धि गरी ऋणमाथिको निर्भरता घटाउँदै लैजानुपर्दछ।

१५०. **सेयर तथा ऋण लगानी -** नेपाल सरकारको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारले २०८१।८२ सम्म सेयर तथा ऋणमा देहायअनुसार रु.९ खर्ब ३० अर्ब ८८ करोड ४ लाख लगानी गरेको छ।

(रकम रु.करोडमा)

विवरण	२०८०।८१ सम्म लगानी	२०८१।८२ मा			२०८१।८२ सम्म	
		लगानी	समायोजन	फिर्ता	निकाय सङ्ख्या	लगानी
सेयर लगानी	३९९२९	५५२	-	-	११७	४०४८१
ऋण लगानी	४८८११	४०५८	२६२	-	९७	५२६०७
जम्मा	**८८७४०**	**४६१०**	**२६२**	**-**	**२१४**	**९३०८८**

कार्यालयको वार्षिक प्रतिवेदनअनुसार २०८१।८२ सम्म नेपाल सरकारका विभिन्न ११७ सार्वजनिक संस्थानमा सेयर लगानी रु.४ खर्ब ४ अर्ब ८१ करोड तथा ९७ संस्थानमा ऋण लगानी रु.५ खर्ब २६ अर्ब ७ करोड रहेको छ।

१५१. **जमानत दिएको ऋण -** नेपाल सरकारले नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्नको लागि कर्मचारी सञ्चय कोषतर्फ रु.२२ अर्ब र नागरिक लगानी कोषतर्फ रु.१२ अर्बसमेत जम्मा रु.३४ अर्बको जमानत

दिएको छ। तर निगमले सम्झौताअनुसार साँवा र ब्याज भुक्तानी गर्न नसकेको कारण जमानत दिएको ऋणमा रु.१८ अर्ब ४६ करोड ब्याज थप भई साँवा रु.५२ अर्ब ४६ करोड पुगेको छ।

१५२. **ऋण असुली तथा भुक्तानी कार्यतालिका -** कार्यालयको वार्षिक प्रतिवेदनअनुसार २०८१।८२ सम्म तिर्न बाँकी आन्तरिक ऋण रु.१२ खर्ब ६८ अर्ब २२ करोड र वैदेशिक ऋण रु.१४ खर्ब ५ अर्ब ८३ करोडसमेत रु.२६ खर्ब ७४ अर्ब ५ करोड रहेको छ। कार्यालयले २०८२।८३ देखि २०९२।९३ सम्म तिर्नुपर्ने आन्तरिक ऋणको भुक्तानी तालिका तयार गरे तापनि वैदेशिक ऋणतर्फको दातागत एवं मुद्रागत रूपमा साँवा तथा ब्याज भुक्तानी तालिका प्रणालीबाटै देखिने गरी तयार गरेको छैन। त्यस्तै नेपाल सरकारले ९७ संस्थानमा २०८२ आषाढ मसान्तसम्म रु.५ खर्ब २६ अर्ब ७ करोड ऋण लगानी गरेकोमा ती संस्थानले साँवा र ब्याज भुक्तानी गर्नुपर्ने अवधि र रकम खुल्ने गरी ऋण असुली कार्यतालिका तयार नगरेकोले सम्झौताबमोजिम तमसुकमा उल्लेख भएअनुरूप साँवा र ब्याज प्राप्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५३. **हिसाब मिलान -** अर्थ मन्त्रालयले सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२ अनुसार २०८०।८१ मा सम्बन्धित संस्थानले देखाएको रकम र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले देखाएको रकममा निम्नानुसार फरक देखिएको छः

(रु. लाखमा)

लगानीको विवरण	फरक परेको संस्थानको सङ्ख्या	संस्थानहरूले देखाएको	सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार	फरक
सेयर लगानी	१५	३९१२०३७	३६४८६१६	२६३४२१
ऋण लगानी	१६	३१८५४५४	३३९०७७२	२०५३१८

उल्लिखित विवरणअनुसार सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले उल्लेख गरेकोभन्दा रु.२६ अर्ब ३४ करोड २१ लाख बढी सेयर लगानी र रु.२० अर्ब ५३ करोड १८ लाख कम ऋण लगानी सम्बन्धित संस्थानहरूले उल्लेख गरेका छन्।

सेयर तथा ऋण लगानी तर्फ सबैभन्दा बढी फरक नेपाल विद्युत प्राधिकरणको रहेको छ। सेयर लगानीतर्फ नेपाल विद्युत प्राधिकरणले रु.२ खर्ब ६ अर्ब ७३ करोड ६० लाख र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले रु.१ खर्ब ८१ अर्ब ३३ करोड २ लाख देखाएको हुँदा रु.२५ अर्ब ४० करोड ५८ लाख फरक परेको छ। त्यैगरी ऋण लगानीतर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले रु.२ खर्ब ६९ अर्ब ४८ करोड २६ लाख र नेपाल विद्युत प्राधिकरणले रु.२ खर्ब ४८ अर्ब ११ करोड ७७ लाख मात्र देखाएको हुँदा रु.२१ अर्ब ३६ करोड ४८ लाख फरक परेको छ।

१५४. **नेपाल विद्युत प्राधिकरणमा लगानी -** नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणमा २०८१।८२ सम्म रु.१ खर्ब ८५ अर्ब ४७ करोड ३६ लाख सेयर लगानी तथा रु.३ खर्ब ५० अर्ब ६ करोड २० लाख ऋण लगानी गरी जम्मा रु.५ खर्ब ३५ अर्ब ५३ करोड ५६ लाख लगानी गरेको छ। विद्युत प्राधिकरणसँग ऋण लगानी गर्दा औसत ब्याजदर ४ प्रतिशत रहेको छ। विद्युत प्राधिकरणलाई २०८१।८२ मा आन्तरिक स्रोतबाट ३० र बाह्य स्रोतबाट ७१ आयोजना गरी १०१ आयोजनाको लागि ऋण लगानी गरेको देखिन्छ। कार्यालयले नेपाल विद्युत प्राधिकरणको नाममा देखाएको ऋण लगानी र सोको ब्याज तथा नेपाल विद्युत प्राधिकरणले २०८१।८२ को वित्तीय विवरणमा देखाएको ऋण र भुक्तानी गर्नु पर्ने ब्याज रकम निम्नानुसार छः

(रु. लाखमा)

विवरण	कार्यालयले देखाएको			नेपाल विद्युत प्राधिकरणले देखाएको	
	ऋण लगानी रु.	भाखा नाघेको ऋण रु.	भाखा नाघेको ब्याज रु.	ऋण रकम	भुक्तानी गर्नु पर्ने ब्याज
आन्तरिक ऋण	७३३३६८	३८७१७०	५७५६०	२७२५८३३	३५४४३६
बाह्य ऋण	२७६७२५२	१३६९५४८	९७२३०७		
अल्पकालीन ऋण	-	-	-	३००००	
जम्मा	**३५००६२०**	**१७५६७१८**	**१०२९८६७**	**२७५५८३३**	**३५४४३६**

उल्लिखित विवरणअनुसार हालसम्म नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणमा रु.३ खर्ब ५० अर्ब ६ करोड २० लाख ऋण लगानी देखाएकोमा नेपाल विद्युत प्राधिकरणले रु.२ खर्ब ७५ अर्ब ५८ करोड ३३ लाख देखाएको छ। विद्युत प्राधिकरणमा लगानी भएको ऋणको फरक रु.७४ अर्ब ४७ करोड ८७ लाख सम्बन्धमा यकिन गर्नुपर्दछ। साथै प्राधिकरणले नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने ब्याज रु.३५ अर्ब ४४ करोड ३६ लाख देखाएकोमा कार्यालयले भाखा नाघेको ब्याज मात्र रु.१ खर्ब २ अर्ब ९८ करोड ६७ लाख उल्लेख गरेको हुँदा फरक पर्न गएको रु.६७ अर्ब ५४ करोड ३१ लाखको सम्बन्धमा यकिन गरी हिसाब भिडान गर्नुपर्दछ।

सङ्गठित संस्था, अन्य संस्था र समिति

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एम.सी.सी.) बिच २०७४।५।२९ मा भएको कम्प्याक्ट (सम्झौता) कार्यान्वयन गर्ने निकायको रूपमा मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४ अनुसार समितिको स्थापना भएको हो। सम्झौताबमोजिम अमेरिकी सरकारले अमेरिकी डलर ५०० मिलियन र नेपाल सरकारको तर्फबाट अमेरिकी डलर १३० मिलियन बराबरको रकम विनियोजन गर्नुपर्ने व्यवस्था रहेकोमा इम्प्लिमेन्टेशन लेटरमार्फत संशोधन गरी नेपाल सरकारबाट बेहोरिने रकम अमेरिकी डलर १९७ मिलियन कायम भएको छ। उक्त रकम ३१८ किलोमिटर विद्युत प्रसारण लाइन तथा सबस्टेसन निर्माण, ७७ किलोमिटर सडकको फुल डेप्थ रिक्लेसन प्रविधिबाट मर्मतसहित कुल १३० किलोमिटर सडकको मर्मत तथा स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने लक्ष्य रहेको छ।

१५५. **बजेट र खर्च -** यो वर्ष समितिको स्रोतगत खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

कार्यक्रमको नाम	बजेट			खर्च		
	एम.सी.सी.	नेपाल सरकार	जम्मा	एम.सी.सी.	नेपाल सरकार	जम्मा
प्रसारण लाइन निर्माण	९९२६२	३२०५८	१३१३२०	१५१८१	२०२०	१७२०१
सडकमर्मत तथा सम्भार	१७६३५	१३७०	१९००५	७७७	०	७७७
अनुगमन मूल्याङ्कन	२७०८	०	२७०८	२०	०	२०
कार्यक्रम व्यवस्थापन र प्रसारण	७०७५	१७८१	८८५६	५१२४	२५८	५३८२
जम्मा	**१२६६८०**	**३५२०९**	**१६१८८९**	**२११०२**	**२२७८**	**२३३८०**

उल्लिखित तालिकाबमोजिम यो वर्ष एम.सी.सी. र नेपाल सरकार दुवै स्रोतबाट रु.१६ अर्ब १८ करोड ८९ लाख खर्च गर्ने परियोजनाको लक्ष्य रहेकोमा रु.२ अर्ब ३३ करोड ८० लाख (१४.४४ प्रतिशत) खर्च भएको छ। परियोजनाको अवधि ३० अगष्ट २०२८ सम्म रहेकोमा तोकिएको समयभित्र उल्लिखित कार्यहरू सम्पन्न नभएमा परियोजनाको अवधि थप हुने प्रावधान नभएको र तत्पश्चात् बाँकी कार्य नेपाल सरकारको स्रोतबाट गर्नुपर्ने हुँदा कार्यदक्षता अभिवृद्धि गरी बाँकी अवधिभित्र कार्य सम्पन्न गर्नुपर्दछ।

१५६. **ठेक्का व्यवस्था -** परियोजना अन्तर्गत सबस्टेसन, प्रसारण लाइन र सडक निर्माणको अवस्था निम्नानुसार छः

परियोजनाको नाम	सम्झौता रकम (अमेरिकी डलर हजारमा)	हालसम्मको भुक्तानी (अमेरिकी डलर हजारमा)	सम्पन्न गर्नुपर्ने मिति
सबस्टेसन निर्माणतर्फ			
रातामाटे सबस्टेसन	५१६१५	५४६४	२९ नोभेम्बर २०२७
न्यु बुटवल	३५३६१	४८४७	२० सेप्टेम्बर २०२७
दमौली सबस्टेसन	३८८९६	४१६३	२२ नोभेम्बर २०२६
प्रसारण लाइनतर्फ			
लप्सीफेदी-रातामाटे - न्यु हेटौंडा खण्ड	४३२७९	७४७४	२ जुलाई २०२६
	३१४६३		
रातामाटे-न्यु दमौली खण्ड	७६५२५	७६५२	
न्यु दमौली-न्यु बुटवल	७४९५३	७४९५	

उल्लिखित विवरणअनुसार सबस्टेशन र प्रसारण लाइन निर्माणतर्फ परियोजनाहरूको प्रगति न्यून रहेको छ। सडक सुधार आयोजनाअन्तर्गत ७७ किलोमिटर सडक फुल डेप्थ रिक्लेमेसन प्रविधिअन्तर्गत सहित कुल ९३० किलोमिटर सडकको मर्मत गर्ने लक्ष्य रहेकोमा धनगढी-लम्की ४० किलोमिटर सडकखण्डको फुल डेप्थ रिक्लेमेसन तथा सुपरपेभ प्रविधिबाट मर्मत सुधारका लागि ठेक्का सम्झौता भइसकेको छ। नारायणगढ-मुग्लिन ३९ किलोमिटर सडक खण्डको मिलिङ र सुपरपेभ ओभर प्रविधि प्रयोग गरी आवधिक मर्मतका लागि डिजाइन परामर्शदाता नियुक्त भई विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य भइरहेको छ। उक्त योजनामा यो वर्ष रु.१ अर्ब ७६ करोड ३५ लाख खर्च गर्ने लक्ष्य रहेकोमा रु.७ करोड ७७ लाख खर्च भएको छ। कार्ययोजना बनाई कार्यसम्पादनमा तीव्रता दिनुपर्दछ ।

१५७. **परामर्श सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायको तालुक मन्त्रालय वा नेपाल सरकारको जुनसुकै मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत सर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने र लागत अनुमानको ढाँचा अनुसूची १क बमोजिम हुने उल्लेख छ। उक्त अनुसूचीमा परामर्श सेवाको लागत अनुमान तयार गर्दा कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशतमात्र हुने व्यवस्था छ। समितिको आफ्नै खरिद गाइडलाइनमा परामर्श सेवा खरिदको लागत अनुमान तयारीसम्बन्धी विस्तृत ढाँचाको व्यवस्था गरेको छैन। समितिले यस वर्ष खरिद गरेका परामर्श सेवाको कुनै निश्चित आधार बेगर यस वर्ष खरिद गरेका परामर्श सेवामा ५ प्रतिशतदेखि ३० प्रतिशतसम्म कार्यालय व्यवस्थापन खर्च तथा अप्रत्यक्ष खर्च समावेश

गरी लागत अनुमान तयार गरेको देखियो। समितिले लागत अनुमान तयार गर्दा निश्चित आधार तयार गरी सोअनुसार खरिद गर्नुपर्दछ।

१५८. **बोलपत्र स्वीकृति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१ख) मा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमान भन्दा सारभूत रूपमा बढी भएमा सार्वजनिक निकायले त्यस्तो बोलपत्र अस्वीकृत गरी खरिद कारबाही रद्द गर्न सक्ने व्यवस्था छ। लट-३ अन्तर्गत ४०० केभी न्यु दमौली सबस्टेशनको प्लान्ट डिजाइन, आपूर्ति, ढुवानी, जडान, परीक्षण तथा सञ्चालनमा ल्याउने कार्यसम्बन्धी खरिद कार्यको लागत अनुमान अमेरिकी डलर ३ करोड ५४ लाख २० हजार रहेकोमा सोभन्दा ९.८१ प्रतिशत अर्थात् अमेरिकी डलर ३४ लाख ७६ हजार (८ मार्च २०२४ गतेको विनिमय दर १३२.७६ का दरले रु.४६ करोड १५ लाख १६ हजार) बढी कबोल गरेका बोलपत्रदाताको रकम बोलपत्र स्वीकृत गरेको देखिन्छ। गत वर्ष ४०० के.भी.ए. प्रसारण लाइन निर्माणको ठेक्का लागत अनुमानको तुलनामा सारभूत रूपमा बढी कबोल गरी बोलपत्र पेस गर्दा रद्द गरेकोमा यो वर्ष सोही अवस्था रहेकोमा बोलपत्र स्वीकृत गरेको छ। उक्त बोलपत्र स्वीकृत गर्नुको आधार प्रमाण पेस गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** ऐनले छुट दिन नमिल्ने मालवस्तुमा महसुल छुट दिएको, खर्च संकेत फरक पारी बजेट विनियोजन गरेको, सरकारी सम्पत्तिको भाडा रकम असुल नगरेको, दायित्व नरहेका धरौटी रकम सदरस्याहा नगरेको, बैङ्क जमानत र नगद धरौटीमा पैठारी भएका मालसामानमा लाग्ने महसुल समयमै फरफारक नगरेको, चोरी निकासी वा पैठारीका मालवस्तुको मुद्दा समयमै नटुङ्ग्याएको, जफत गरिएका मालवस्तुलाई लिलाम बिक्री नगरेको, भन्सार वर्गीकरणका मुद्दा समयमै निर्णय नभएको, गत विगत वर्षको प्रतिवेदनमा प्राविधिक तथा अन्य सहायताको लेखापरीक्षण नगराएको, समयमा वैदेशिक सहायतको शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, लक्ष्यअनुसार अनुदान र ऋण सहायता प्राप्त गर्न नसकेको, भाखा नाघेको ऋणको साँवा ब्याज असुल नगरेको, सेयर तथा ऋण लगानीको अभिलेख अद्यावधिक नभएको, सञ्चित कोषको हिसाब मिलान नगरेको, दरबन्दी फरक पारी घटी राजस्व असुली गरेको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानुनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, कर क्रेडिट बढेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रूपमा बढ्न नसकेकोलगायतका बेहोरा गतविगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। लेखापरीक्षणबाट औंल्याइएका बेहोरालाई कानुनबमोजिम सुधार गरी सोको पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १९० निकायमा यो वर्ष रु.३८ अर्ब ६५ करोड ६ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब १ करोड ७५ लाख २३ हजार सम्परीक्षण भएकोले रु.३७ अर्ब ६३ करोड ३१ लाख ८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४ करोड ५६ लाख ८० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था १ तर्फ यो वर्ष रु.४६ करोड १५ लाख १७ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्थालगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४४ निकायबाट कार्य सम्पादन भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २९ सरकारी कार्यालयको निम्नानुसार रु.६ अर्ब ३९ करोड २३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
२७८५०	३०६८४	४८१५	५७४	६३९२३

उल्लिखित रकममा कृषि तथा पशुपन्छी, भौतिक पूर्वाधार तथा यातायात, रक्षा मन्त्रालय र स्थानीय तहलगायतबाट भएको खर्च रु.६४ करोड ७४ लाख समावेश गरिएको छैन।

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। नेपाल गुणस्तर तथा नापतौल कार्यालय, रुपन्देहीको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१ करोड १३ लाख, राजस्वतर्फ रु.८२ लाख र धरौटीतर्फ रु.६ लाखसमेत रु.२ करोड १ लाखको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित र अन्य संस्था -** यो वर्ष १० संस्थाको रु.२८ अर्ब ३७ करोड १३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। सङ्गठित संस्था ४ ले यो वर्षको लेखापरीक्षण गराएका छैनन्।

४. **आवधिक योजना कार्यान्वयन -** मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार यस मन्त्रालयसँग सम्बन्धित सोह्रौं योजनाको प्रमुख नतिजा सूचकको परिमाणात्मक लक्ष्य तथा प्रगति देहायबमोजिम छः

क्र.सं.	परिसूचक	एकाइ	२०७९।८० को अवस्था	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ को प्रगति
१.	कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान	प्रतिशत	५.२	५.४	४.९८
२.	कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको आयात अनुपात	प्रतिशत	३४.७	३१	२९.५
३.	कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको निर्यात अनुपात	प्रतिशत	७.००	८.५	४.५४

उल्लिखित विवरणअनुसार सोह्रौं योजनामा कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५.४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यो वर्ष ४.९८, वस्तु तथा सेवाको आयात अनुपात ३१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २९.५ प्रतिशत र वस्तु तथा सेवाको निर्यात अनुपात ८.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४.५४ प्रतिशत पुगेको देखियो। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दीर्घकालीन सोच, २१०० ले तय गरेका समृद्धि र सुखका मूलभूत तत्वहरूलाई आत्मसात गर्दै १६ औं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ। दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा ५.६ बाट ६.५ प्रतिशत, औद्योगिक क्षेत्रको रोजगारीमा ठुला उद्योगको हिस्सा ३ बाट ६ प्रतिशत र लघु, घरेलु तथा साना उद्योगबाट थप रोजगारी सिर्जना १ लाख ९४ हजार बाट ३ लाख पुऱ्याउनेलगायतका परिमाणात्मक लक्ष्य रहेका छन्। मन्त्रालयले निर्धारित लक्ष्य प्राप्तिको स्थिति खुल्ने प्रतिवेदन तयार नगरेका कारण सोको कार्यान्वयन स्थिति यकिन हुन सकेन। दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार पेट्रोलियम अन्वेषण परियोजनाको प्रगति ४७.४२ प्रतिशत, व्यापार तथा निकासी प्रवर्धन केन्द्रको ३९.१६ प्रतिशत, व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरणको ३२.७९ प्रतिशत, औद्योगिक पूर्वाधार विकास कार्यक्रमको ३२.७९ प्रतिशत, खनिज अन्वेषण तथा विकास आयोजनाको ३१.०९ प्रतिशत, रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजनाको प्रगति ५.६६ प्रतिशत, २१ परियोजनामा प्रथम चरणको ०.७४ प्रतिशत प्रगति भएको देखिन्छ। वार्षिक कार्यक्रमअनुसार लक्ष्य प्राप्त गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ को बुँदा नम्बर ८१ बमोजिम कोशीलाई उद्योग, मधेशलाई कृषि, बागमतीलाई सूचना प्रविधि, गण्डकीलाई पर्यटन, लुम्बिनीलाई साना तथा मझौला उद्यम, कर्णालीलाई जडीबुटी र सुदूरपश्चिमलाई धार्मिक पर्यटनको आर्थिक हब बनाई विशिष्टीकृत आर्थिक केन्द्रको रूपमा विकास गर्ने कार्यको प्रगति भएको देखिएन। निजगढदेखि ढल्केबरसम्मको पूर्व-पश्चिम राजमार्ग आसपासको क्षेत्रलाई नेपाली गलैंचा कोरिडोरको रूपमा विकास गर्ने कार्यमा प्रगति भएको देखिएन। कम्पनी ऐन, २०६३ मा संशोधन, बौद्धिक सम्पत्ति र उधारो कारोबारसम्बन्धी कानुन तथा घरेलु मदिराको उत्पादन, ब्रान्डिङ, बजारीकरण तथा बिक्री सम्बन्धी कानुन निर्माण भएको देखिएन। बजेट वक्तव्यको कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	५९३४४	५९३३०	४०३२२	६८
पुँजीगत	२१०६६	२१०८६	५२४७	२५
जम्मा	**८०४१०**	**८०४१६**	**४५५६९**	**५७**

मन्त्रालयको लागि रु.८ अर्ब ४ करोड १६ लाख संशोधित बजेट कायम भएको मध्ये रु.४ अर्ब ५५ करोड ६९ लाख खर्च भई कुल बजेटको ५७ प्रतिशत र पुँजीगत बजेटतर्फ २५ प्रतिशत खर्च भएको देखिएको छ।

९. **वैदेशिक सहायता -** मन्त्रालयअन्तर्गत यो वर्ष वैदेशिक अनुदान रु.७३ करोड ३३ लाख र ऋण रु.८१ करोड ५५ लाख प्राप्त हुने अनुमान रहेकोमा अनुदान रु.५४ लाख र ऋण रु.५ करोड ७८ लाख प्राप्त भएको छ। मन्त्रालयले नेपाल सरकारको स्रोतबाट खर्च गरी दातृ निकायबाट शोधभर्ना लिनुपर्ने रकम ऋणतर्फ रु.५ करोड १३ लाख र अनुदानतर्फ रु.९ करोड ४२ लाख बाँकी देखिन्छ। समयमा नै शोधभर्ना प्राप्त गर्नुपर्दछ।

१०. **अन्तर्राष्ट्रिय व्यापार -** भन्सार विभागबाट प्रकाशित वार्षिक प्रतिवेदन २०८१।८२ मा उल्लिखित तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको स्थिति निम्नानुसार छः

(रु. अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा
२०८१।८२	२७७.०३	१८०४.१२	१५२७.०९
२०८०।८१	१५२.३८	१५९२.९८	१४४०.६०
२०७९।८०	१५७.१४	१६११.७३	१४५४.५९
२०७८।७९	२००	१९२०	१७२०
२०७७।७८	१४१	१५३९	१३९८

उल्लिखित विवरणअनुसार २०८१।८२ मा रु.२ खर्ब ७७ अर्व निर्यात भएको छ। यो वर्ष अन्य राष्ट्रबाट कच्चा पदार्थ आयात गरी प्रशोधनपश्चात् भटमासको तेल र सूर्यमुखी तेल रु.१ खर्ब १९ अर्ब, आइरन एण्ड स्टिल प्रोडक्ट रु.१६ अर्ब ३६ करोड, यार्न्स रु. १४ अर्ब ४० करोड, उलन कार्पेट रु. १० अर्ब ७७ करोडलगायत निकासी भएको छ। कुल निर्यातमा भटमास र सूर्यमुखी तेलको हिस्सा ४२.९ प्रतिशत रहेको छ। गत वर्षको तुलनामा भटमास तेल र सूर्यमुखी तेलको निर्यातमा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। त्यस्तै गत वर्षको तुलनामा २०८१।८२ मा नेपालमै कच्चापदार्थ उपलब्ध हुने र कच्चा पदार्थ आयातमा धेरै लगानी नगरिएका सिमेन्ट क्लिङकरमा ६३, अदुवामा ५०, हेन्डिक्राफ्टमा ४९, भूसमा ३८, कच्चा सिसामा २३ र सुती मोजा तथा ब्यागमा २० प्रतिशतले निर्यातमा गिरावट आएको देखिन्छ। यसबाट वैदेशिक मुद्राको सञ्चितिमा प्रभाव परेको छ।

११. **महावाणिज्यदूतावास -** व्यापार प्रवर्धन गर्ने उद्देश्यले विभिन्न देशमा महावाणिज्यदूत र अवैतनिक वाणिज्यदूत नियुक्ति हुने व्यवस्था छ। यो वर्षसम्म ३५ देशका ५३ शहरमा नेपाली अवैतनिक वाणिज्यदूत नियुक्ति भएका छन्। व्यापार विस्तार नभएका स्थानहरूमा नियुक्त भएका वाणिज्यदूतहरूले व्यापार सहजीकरणमा पुऱ्याएको योगदान, आयातकर्तालाई परेका समस्याहरूको समाधानमा सहयोग, नेपालमा वैदेशिक लगानी भित्र्याउन गरेका कार्यलगायतका विषयको मूल्याङ्कन गरी वाणिज्यदूतावास सङ्ख्या पुनरावलोकन हुनुपर्दछ।

१२. **उद्योगको अवस्था -** औद्योगिक नीति, २०६७ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने लक्ष्य लिएको छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार २०८१।८२ सम्म देशभरमा

दर्ता भएका १० हजार २१९ उद्योगमा रू. ३२ खर्ब ९७ अर्ब ४५ करोड लगानी हुने र ७ लाख ४१ हजार १९ रोजगारी सिर्जना हुने प्रक्षेपण गरिएको छ। रुग्ण उद्योग सञ्चालन नहुनु, एकल विन्दु सेवा पूर्ण रूपमा लागु नहुनु, औद्योगिक उत्पादनहरू लागत प्रभावकारी तथा गुणस्तरीय नहुनु, निर्यातयोग्य वस्तुको उत्पादन तथा विविधीकरण नहुनु, स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगको कमीलगायतका कारण यस क्षेत्रले देशको आर्थिक विकासमा अपेक्षित योगदान पुऱ्याउन सकेको देखिँदैन।

१३. **ढुवानी अनुदान -** कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ। मन्त्रालयले दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानीमा रु.३७ करोड २६ लाख ११ हजार, कण्ठरोग नियन्त्रणका लागि साल्ट ट्रेडिङ कर्पोरेसनलाई नुन ढुवानीमा रु.१४ करोड ६९ लाख १६ हजार, राष्ट्रिय खाद्य सुरक्षा भण्डारणमा रु.४ करोड ३२ लाख २५ हजार, सार्क खाद्य बैङ्कमा खाद्यान्न मौज्दातमा रु.२ करोड ३९ लाख ९१ हजार, चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा रु.३ करोड, कर्णाली प्रदेशका कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा जिल्लामा जन्म र मृत्युमा निःशुल्क खाद्यान्न वितरणमा रु.१ करोड, स्थानीय रैथाने बाली खरिदमा रु.५० लाख ९ हजार, सहकारीमार्फत सहुलियत मूल्यमा खाद्यवस्तु बिक्रीमा रु.१२ लाख ५० हजार अनुदान खर्च लेखेको छ। सडक सञ्जालसँग जोडिएका जिल्लाहरूमा निजी क्षेत्रबाट समेत खाद्यान्न ढुवानी हुन थालेको सन्दर्भमा ढुवानीमा अनुदान दिने नीतिमा पुनरावलोकन गर्नुपर्दछ।

रणनीतिक सडक सञ्जाल तथा व्यापार प्रवर्धन आयोजना

नेपाल र भारतबिचको यातायात र पारवहनमार्गको आधुनिकीकरण गर्ने, व्यापारसँग सम्बन्धित संस्थागत क्षमता सुदृढ गर्ने तथा व्यापारसँग सम्बन्धित खास पूर्वाधारहरूको सुदृढ गरी नेपाल र भारतबिचको व्यापार सहजीकरण गर्ने र व्यापारमा लाग्ने लागत तथा समयमा न्यूनीकरण गर्ने उद्देश्यले ७ वर्षमा सम्पन्न गर्ने गरी २०२० जुलाईमा यस आयोजनाको स्थापना भएको हो।

१४. **प्रगति -** यस आयोजनाको कार्यान्वयन भन्सार विभाग, पशुसेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल इन्टरमोडल यातायात विकास समिति र प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रबाट हुँदै आएको छ। आयोजनाको गत वर्षसम्म ४.९६ प्रतिशत कार्य प्रगति रहेकोमा यो वर्ष ०.७० प्रतिशत थप भई ५.६६ प्रतिशत प्रगति भएको देखिन्छ। आयोजनाबाट प्राप्त प्रगति विवरणअनुसार भन्सार विभागको ०.२० प्रतिशत, पशु सेवा विभागको १०.७१ प्रतिशत, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको ११.३२ प्रतिशत र नेपाल इन्टरमोडल यातायात विकास समितिको १.७६ प्रतिशत प्रगति रहेको छ। सन् २०२० जुलाईबाट सुरु भई २०२७ जुलाईमा सम्पन्न हुने गरी सम्झौता भएको आयोजनाको करिब ७२ प्रतिशत समयावधि व्यतीत हुँदा सम्झौता रु.३ अर्ब ७२ करोड ५६ लाखको ५.६६ प्रतिशतले हुने रु.२१ करोड ९ लाख खर्च भएकोले कार्यान्वयन पक्ष कमजोर देखिएको छ। तोकिएको अवधिमा आयोजना सम्पन्न गर्ने गरी कार्यसम्पादन गर्नुपर्दछ।

१५. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। आयोजनाले मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने,

खरिद सम्बन्धी कागजात तयार गर्ने, लेखापरीक्षणका लागि आवश्यक अभिलेख र कागजात सुरक्षित राख्नेलगायतका कार्यको लागि खरिद विज्ञ, सामाजिक विकास विज्ञ, वातावरण विज्ञ तथा वित्त सहायकसमेत ४ परामर्शदाता नियुक्ति गरी यो वर्ष रु.४२ लाख ३७ हजार भुक्तानी गरेको छ। कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्यसम्पादन हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा लिनुपर्दछ।

उद्योग विभाग

मझौला एवं ठुला उद्योगहरूको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीका उद्योगहरूलाई अनुमति प्रदान गर्नेलगायतका कार्यका लागि विभागको स्थापना भएको हो। यो वर्ष विभागको लागि रु.१ अर्ब ३१ करोड ९९ लाख ३६ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१ अर्ब २७ करोड १८ लाख २१ हजार र पुँजीगततर्फ रु.४८ लाख ९२ हजारसमेत रु.१ अर्ब २७ करोड ६७ लाख १३ हजार खर्च भएको छ।

१६. **उद्योग दर्ता, सञ्चालन र नियमन -** औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४ मा दर्ता प्रमाणपत्र लिएका उद्योगहरूले नियम ८ बमोजिम व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन लगायत आवश्यक कागजातहरू उद्योग विभागमा बुझाउनुपर्ने व्यवस्था छ। यो वर्ष दर्ता भएका ७०० समेत १० हजार २१९ उद्योग दर्ता रहेकोमा विभागले उद्योगहरूको सञ्चालन स्थिति यकिन गरेको छैन। नियमावलीअनुसार सञ्चालन स्थितिको अनुगमन गर्नुपर्दछ।

१७. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण -** विभागमा रहेको एकल विन्दु सेवा केन्द्रको अभिलेखअनुसार विगत ३ वर्षको लगानी प्रतिबद्धता र प्राप्ति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	लगानी प्रतिबद्धता/स्वीकृति		नेपाल राष्ट्र बैङ्कमा प्राप्ति लेखाङ्कन		प्राप्ति प्रतिशत
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	
२०७९।८०	१७४	३२४८.२	८७	९२०.६	२८
२०८०।८१	३१९	८१६९.१	१०५	१०२९.२०	१३
२०८१।८२	१००९	७९६९.२	९७	११३०.९	१४

उल्लिखित विवरणअनुसार २०७९।८० मा १७४ विदेशी लगानीकर्ताबाट पेस भएको रु.३२ अर्ब ४८ करोड २० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा ८७ लगानीकर्ताबाट रु.९ अर्ब २० करोड ६० लाख (२८ प्रतिशत) लगानी प्राप्त भएको देखिन्छ। त्यसै गरी २०८०।८१ मा ३१९ लगानीकर्ताबाट पेस भएको रु.८१ अर्ब ६९ करोड १० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा १०५ लगानीकर्ताबाट रु.१० अर्ब २९ करोड २० लाख (१३ प्रतिशत) लगानी प्राप्त भएको छ। त्यस्तै २०८१।८२ मा १ हजार ९ विदेशी लगानीकर्ताबाट पेस भएको रु.७९ अर्ब ६९ करोड २० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा ९७ लगानीकर्ताबाट रु.११ अर्ब ३० करोड ९० लाख (१४ प्रतिशत) लगानी प्राप्त भएको छ। प्रतिबद्धताको तुलनामा वैदेशिक लगानीको प्राप्ति रकम क्रमशः घट्दै गएको देखिएकोले वैदेशिक लगानी प्रतिबद्धताबमोजिम प्राप्त हुने व्यवस्था मिलाउनुपर्दछ।

१८. **लगानीको दिगोपना -** विभागबाट प्राप्त विवरणअनुसार २०७९।८० देखि २०८१।८२ सम्म तीन वर्षको लगानी आप्रवाह र लगानी बाह्य प्रवाहको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	लगानी आप्रवाह	लगानी बाह्य प्रवाह
२०८१।८२	११३१	३३०७
२०८०।८१	१०२९	२३१४
२०७९।८०	९२१	२२५६
जम्मा	**३०८१**	**७८७७**

उल्लिखित तालिकाअनुसार विगत तीन वर्षमा रु.३० अर्ब ८१ करोड वैदेशिक लगानी आप्रवाह भएकोमा रु.७८ अर्ब ७६ करोड बाह्य प्रवाह भएको छ। लगानी प्राप्तिको तुलनामा विगत तीन वर्षमा औसत १५६ प्रतिशत बढीले लगानी रकम बाहिरिएको देखिन्छ।

१९. **नगद प्रोत्साहन -** स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान हुँदै आएको छ। गत वर्षसम्म रु.७ अर्ब ८९ करोड ९२ लाख र यो वर्ष रु.१ अर्ब १९ करोड ७० लाखसमेत यो वर्षसम्म रु.९ अर्ब ९ करोड ६२ लाख नगद प्रोत्साहन अनुदान प्रवाह भएको देखिन्छ। सुरु वर्ष २०६८।६९ मा रु.२४ करोड ८१ लाख अनुदान वितरण हुँदा निर्यात रु.७७ अर्ब ३५ करोड रहेकोमा २०८१।८२ मा रु.१ अर्ब १९ करोड ७० लाख नगद अनुदान वितरण हुँदा निर्यात रु.२ खर्ब ७७ अर्ब ३ करोड रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्ः

१९.१. बजेट वक्तव्य २०६८।६९ मा उल्लेख भएअनुसार निर्यात अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि संशोधन गरी सुरुको एक प्रतिशतबाट वृद्धि गरी तीनदेखि पाँच प्रतिशतसम्म प्रोत्साहन अनुदान भुक्तानी भएको देखियो। कार्यविधिका आधारमा प्रोत्साहन रकम भुक्तानी दिएको छ।

१९.२. निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा ३(६) मा निर्यातकर्ताले प्राप्त अनुदानलाई अन्तर्राष्ट्रिय बजार प्रवर्धन, प्रविधि तथा क्षमताको विकास र विद्युतीय व्यापारको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष विभिन्न निर्यातकर्ताहरूको एफओबी मूल्यको ३ देखि ६ प्रतिशतसम्म रु.१ अर्ब १९ करोड ७० लाख नगद अनुदान वितरण गरेको देखियो। यसरी नगद अनुदान प्राप्त गरेका निर्यातकर्ताहरूले सोबमोजिमको क्षेत्रमा खर्च गरेको पुष्टि हुने प्रमाण पेस गरेका छैनन्। कार्यविधिबमोजिम तोकिएको क्षेत्रमा खर्च भएको सुनिश्चित गर्न अनुगमन गर्नुपर्दछ।

२०. **सामाजिक दायित्व -** औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ५४ अनुसार सबै किसिमको उद्योगले प्रत्येक आर्थिक वर्षमा मुनाफाको कम्तीमा एक प्रतिशत रकम सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि छुट्याई खर्च गर्नुपर्ने र त्यस्ता कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतीत भएको छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नुपर्ने उल्लेख छ। नियमानुसार सामाजिक जिम्मेवारी वहनको लागि छुट्याएको रकम विवरणसहित सम्बन्धित प्रयोजनमा खर्च भएको विभागबाट अनुगमन गर्नुपर्दछ।

खानी तथा भू-गर्भ विभाग

नेपालमा भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, इन्जिनियरिङ, पर्यावरण, जोखिम आकलन, सिस्मो टेक्टोनिक अध्ययन, भूकम्प अनुगमन, भौगर्भिक अध्ययन, अनुसन्धान तथा खनिज सम्पदाको प्रवर्धन एवं विकासको लागि विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत कार्यालयसमेत २ को लागि रु.२१ करोड १७ लाख ७१ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.११ करोड ७३ लाख ४० हजार र पुँजीगततर्फ रु.१ करोड ९८ लाख ९५ हजारसमेत रु.१३ करोड ७२ लाख ३५ हजार खर्च भएको छ।

यस वर्षको लेखापरीक्षणबाटः

- *स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन नगद अनुदान रु.१ अर्ब १९ करोड ७० लाख वितरण भएको,*
- *व्यावसायिक सामाजिक दायित्यको लागि छुट्याएको रकम सम्बन्धित शीर्षकमा खर्च भएको यकिन नभएको,*
- *साधारण ढुङ्गाको रोयल्टी दर प्रति घनमिटर रु.२५, जरिबाना ३० प्रतिशत र १० प्रतिशत स्थानीय विकास शुल्कसमेत रु.२३ करोड ७७ लाख ८८ हजार असुल नगरेको,*
- *अनुमतिपत्र लिएका कतिपय खानी सञ्चालनमा नआएको,*
- *सुनको गुणस्तर जाँच गर्न बेन्ड एण्ड रिबेण्ड टेष्ट मेसिन खरिद गरेकोमा मेसिनको उपयोग नभएको,*
- *वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा ७६ फर्महरूलाई लगाएको रु.८३ लाख ६ हजार जरिबाना असुल नभएको लगायतको बेहोरा देखिएका छन्।*

२१. **नीति कार्यान्वयन -** खनिज स्रोतको संरक्षण, संवर्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रु.१ खर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ। सो नीति कार्यान्वयनका लागि विभागले ८१ रणनीति तय गरेको देखिन्छ। घोषित नीतिबमोजिम खनिज कोषको स्थापना गर्ने, खनिज एवं भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने, सबै खनिज स्रोतहरूको डाटाबेस तयार गर्ने लगायतका नीति कार्यान्वयन भएको देखिएन। नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२२. **खानी सञ्चालन -** खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ बमोजिम खनिज पदार्थ उत्खनन्का लागि हालसम्म विभागले १६६ कम्पनी तथा व्यक्तिलाई खनिज उत्खनन् कार्यको अनुमतिपत्र जारी गरेकोमा विभागको अभिलेखअनुसार ९३ खानी सञ्चालनमा आएको पाइएन। त्यस्तै खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यन्त्र राख्नुपर्नेमा खानी सञ्चालन गरेका ७७ कम्पनी तथा व्यक्तिले यन्त्र राखेको देखिएन। विभागबाट पटक पटक सूचना जारी गर्दा समेत यन्त्र नराख्ने कम्पनी तथा व्यक्तिलाई कानुनअनुसार कारबाही गर्नुपर्दछ।

२३. **अनुमतिपत्रको नामसारी -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका सर्त, ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नामको अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार यो वर्ष ३ खनिज खोजतलास कार्य र ३ खनिज उत्खनन् कार्यको अनुमतिपत्र अन्य कम्पनी तथा व्यक्तिलाई नामसारी गरेकोमा अनुमतिबमोजिमको कार्य भएको छैन। खानी सञ्चालन क्षमताको मूल्याङ्कन गरेर मात्र नामसारी गर्नुपर्दछ।

२४. **खानी रोयल्टी -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्तिले खानीबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा खनिज पदार्थको परिमाणको आधारमा रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विभागबाट उत्खनन् अनुमति पाएका खानीहरूबाट यस वर्ष रु.१ अर्ब ५९ करोड ४५ लाख ८ हजार रोयल्टी सङ्कलन भएको छ। रोयल्टी सङ्कलन सम्बन्धमा देखिएका बेहोरा निम्नअनुसार छन्:

२४.१. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्तिले खानीबाट निकालिएको खनिज पदार्थको परिमाणको आधारमा रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र राजस्व खातामा दाखिला गरेको भौचर पेस गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष तयार गरेको ढुङ्गा उत्खनन् परिमाण मापनसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार अनुमति प्राप्त व्यक्तिले एक वर्षभन्दा बढी अवधिसम्म उत्खनन्बापतको रोयल्टी नबुझाएको र अनुमति पाएको भन्दा बढी परिमाणसमेत उत्खनन् गरेको देखिएकोले साधारण ढुङ्गाको रोयल्टी दर प्रति घनमिटर रु.२५ तथा नियम २१(३) बमोजिम ३० प्रतिशत जरिबाना र नियम २२ बमोजिमको १० प्रतिशत स्थानीय विकास शुल्कसमेत रु.२३ करोड ७७ लाख ८८ हजार असुल गर्नुपर्दछ।

२४.२. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा उत्खनन् कार्यको अनुमति प्राप्त व्यक्तिले खानीबाट निकालिएको खनिज पदार्थको परिमाणको आधारमा रोयल्टी रकम महिना समाप्त भएको ७ दिन भित्र राजस्व खातामा दाखिला गरी भौचर पेस गर्नुपर्ने व्यवस्था छ। तोकिएको अवधिसम्म रोयल्टी नबुझाएमा नियम २१(३)बमोजिमको ३० प्रतिशत जरिबाना र नियम २२ बमोजिमको स्थानीय विकास शुल्क समेत असुल गर्नुपर्ने व्यवस्था छ। विभागबाट पेस भएको अभिलेखअनुसार तीन कम्पनीले नियमानुसारको रोयल्टी रु.४ करोड ९९ लाख ५४ हजार दाखिला गर्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२४.३. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५४ बमोजिम विभागले खनिज पदार्थ उत्खनन्को हिसाब किताब राख्ने ढाँचा तोक्ने व्यवस्था छ। खनिज पदार्थ उत्खनन् गर्न अनुमति प्राप्त व्यक्ति, फर्म तथा उद्योगले सम्झौतामा तोकिएको परिमाणमात्र उत्खनन् गर्नुपर्दछ। विभागले उत्खनन्कर्ताले बुझाएको परिमाणको आधारमा रोयल्टी लिने गरेकोले खनिज पदार्थ उत्खनन्को हिसाब किताब राख्ने ढाँचा तोकी उत्खनन् अनुमति र माइनिङ्ग स्कीमभन्दा बढी उत्खनन् गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

नेपाल गुणस्तर तथा नापतौल विभाग

विभिन्न उत्पादनको गुणस्तर निर्धारण, गुणस्तर प्रमाण चिन्ह प्रदान, खेप प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, क्यालिब्रेसन, इको लेबलिङ्ग जस्ता सेवा उपलब्ध गराउने उद्देश्यले विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत कार्यालयसमेत १२ निकायको लागि रु.३० करोड ४७ लाख ३४ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.२० करोड ७६ लाख १० हजार र पुँजीगततर्फ रु.२ करोड ७५ लाख १५ हजारसमेत रु.२३ करोड ५१ लाख २५ हजार खर्च भएको छ।

२५. **गुणस्तर प्रमाण -** नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ को दफा १२ मा गुणस्तरको प्रमाणपत्र प्रयोग भएको पदार्थ वा प्रक्रियाको सम्बन्धमा सो प्रमाणपत्रको सर्तअनुकूल काम गरे नगरेको सम्बन्धमा जुनसुकै अवस्थामा निरीक्षण गर्नसक्ने व्यवस्था छ। विभागले यो वर्षसम्म १७ वस्तुलाई म्यान्डेटरी

प्रोडक्ट लिस्टमा राखी ५६ उद्योगलाई ९६ वटा गुणस्तर प्रमाण चिन्ह उपलब्ध गराएको छ। यो वर्ष ३५ हजार ६१३ फर्मको निरीक्षण गर्दा ३१ हजार ७६ फर्ममा कैफियत देखिएकोमा मापदण्ड पूरा गरे नगरेको अनुगमन गरी गुणस्तर कायम गर्नुपर्दछ।

२६. **सुनको गुणस्तर जाँच -** विभागले सुनको गुणस्तर जाँच गर्न बेन्ड एण्ड रिबेण्ड टेष्ट मेसिन रु.१ करोड ४८ लाखमा खरिद गरेको देखियो। सो मेसिनको उपयोग हुन सकेको नदेखिएकोले आवश्यकताअनुसार सोको उपयोग हुनुपर्दछ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

गुणस्तरीय वस्तु तथा सेवामा पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने, वाणिज्य नीति, आपूर्ति व्यवस्था र उपभोक्ताको अधिकार संरक्षणसम्बन्धी नीति निर्धारणमा पृष्ठपोषण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत कार्यालयसमेत ६ निकायको लागि रु.१७ करोड ४० लाख ६२ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१० करोड ७७ लाख १४ हजार र पुँजीगततर्फ रु.१ करोड ४९ लाख ६७ हजारसमेत रु.१२ करोड २६ लाख ८१ हजार खर्च भएको छ।

२७. **व्यापार अनुमति -** विभागबाट प्राप्त प्रगति विवरणअनुसार २०८१।८२ मा विभागले दिएको अनुमतिअनुसारको निकासी रु.१३ अर्ब ६१ करोड ९८ लाख रहेकोमा पैठारी रु.४० अर्ब ५३ करोड ६७ लाख ८४ हजार रहेको छ।

२८. **फर्म दर्ता तथा नवीकरण -** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४, कम्पनी ऐन, २०६३ तथा साझेदारी ऐन, २०२० बमोजिम फर्म दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ। विभागको अनलाइन प्रणालीबाट देखिएको तथ्याङ्क विश्लेषण गर्दा विभिन्न मितिमा दर्ता भएका व्यावसायिक फर्म ३० हजार ९४३ रहेकोमा ५ हजार ९६९ फर्मले नवीकरण गराएका छैनन्।

२९. **बजार अनुगमन तथा कारबाही -** विभागले २०८१।८२ मा १ हजार ३२० अनुगमन टोली परिचालन गरी ३ हजार ९०० व्यावसायिक फर्मको अनुगमन गरेको छ। उक्त अनुगमनबाट ३४ प्रकारका व्यवसायीलाई ४६७ पटकमा रु.२ करोड ७६ लाख ९६ हजार जरिबाना गरेको छ। जसमा वस्तु नष्ट गरिएका फर्म सङ्ख्या ३३ र नष्ट गरिएको वस्तुको मूल्य रु.३ लाख ७ हजार रहेको छ। त्यस्तै, कागजात माग गरेको फर्म सङ्ख्या १ हजार ५१९ र अन्य निर्देशन दिएको फर्म सङ्ख्या १ हजार ७३३ रहेको पाइयो। बजार अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३०. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोगसम्बन्धी राष्ट्रिय रणनीति, २०७६ मा विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानुनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय इ-कमर्सका साइटहरूमार्फत वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी स्वदेश वा विदेशबाट कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएकोले उक्त व्यावसायिक करोबारलाई नियमन गर्न नसकिएको कारण वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय तथा प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउन अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ।

३१. **बक्यौता** - उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ बमोजिम बजार अनुगमन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता वा सेवा प्रदायकले तोकिएको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले तत्काल तोकिएबमोजिम जरिबाना गर्न सक्ने व्यवस्था छ। विभागले यस वर्ष ७६ फर्मलाई रु.८३ लाख ६ हजार जरिबाना गरेकोमा उक्त रकम असुल भएको छैन। बक्यौता राजस्व रकम असुल हुनुपर्दछ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको स्थापना, सञ्चालन तथा प्रशासनसम्बन्धी कार्य सरल र पारदर्शी बनाउने तथा कम्पनी ऐनको कार्यान्वयन तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो। यो वर्ष कार्यालय र मातहतसमेत ३ कार्यालयको लागि रु.९ करोड २९ लाख २० हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.६ करोड ४३ लाख ३३ हजार र पुँजीगततर्फ रु.१ करोड ७३ लाख ४० हजारसमेत रु.८ करोड १६ लाख ७३ हजार खर्च भएको छ।

३२. **राजस्व छुट** - कम्पनी ऐन, २०६३ को दफा ८१(२)मा दफा ८० बमोजिमको समयभित्र दर्ता भएका कम्पनीहरूको वार्षिक साधारण सभाको निर्णय र लेखापरीक्षण प्रतिवेदनसहितको वार्षिक आर्थिक विवरण नबुझाएमा प्रत्येक वर्ष रु.१ हजारदेखि २० हजारसम्म जरिबाना गर्ने व्यवस्था छ। सो कानुनी व्यवस्थालाई २०८१ चैत्र १८ मा कम्पनी ऐन,२०६३ को दफा ८१(७) संशोधन गरी कुनै कम्पनीले कार्यालयमा बुझाउन बाँकी विवरण, सूचना वा जानकारी २०८२ साल असार मसान्तभित्र बुझाएमा ढिला बुझाए बापत लाग्ने जरिबानामा नब्बे प्रतिशत छुट दिने व्यवस्था छ। यो व्यवस्थाअनुसार कार्यालयले रु.२ अर्ब ६६ करोड २२ लाख २९ हजार राजस्व तथा जरिबाना छुट दिएको छ।

३३. **न्यून चुक्ता पुँजी** - कम्पनी निर्देशिका, २०७२ को दफा १० (क) बमोजिम कम्पनीको स्थापना गर्दा प्रस्ताव गरेको अधिकृत पुँजीमध्ये संस्थापकले तत्काल लिन कबुल गरेको जारी पुँजी बराबरको सेयर बाँडफाँटको विवरण पेस गर्नुपर्ने व्यवस्था छ। नमुना छनोट गरी परीक्षण गरिएका १० कम्पनीको रु. ४७ अर्ब ६२ करोड ५० लाख जारी पुँजी भएकोमा चुक्ता पुँजी रु.२९ करोड ९७ लाख रहेको छ। कबोल गरेको जारी सेयर पुँजीको निश्चित रकम चुक्ता हुने व्यवस्था हुनुपर्दछ।

(रु.लाखमा)

क्र.सं.	दर्ता नं.	कम्पनीको नाम	स्थायी लेखा नम्बर	अधिकृत पुँजी	जारी पुँजी	चुक्ता पुँजी	फरक	चुक्ता पुँजी प्रतिशत
१	२१८६४७	एस.एच.ईन्भेष्टमेण्ट	६०९५७०२०७	१३००००	१३००००	११००	१२८९००	०.८५
२	१६८१२१	बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी	६०५९५४३८०	२०००००	१०००००	७५०	९९२५०	०.७५
३	१४५०७९	वान क्यापिटल होल्डिङ्गस	६०३५९०८७४	५००००	५००००	३००	४९७००	०.६०
४	१६६८५६	अन्नपूर्ण विद्युत विकास कम्पनी	६०५९६७०२५	४५५००	४५५००	२००	४५३००	०.४४
५	२९९२१०	गोल्यान पावर	६१०३६८०९९	३५०००	३५०००	१००	३४९००	०.२९
६	२५३४०२	सानिमा जुम हाइड्रोपावर	६०१८००५६८	३००००	२६२५०	१००	२६१५०	०.३८
७	१६०५३०	अन्नपुर्ण पावर कम्पनी	६०४३७२०७७	२५०००	२५०००	१६५	२४८३४	०.६६
८	१३०८१२	दिव्येश्वरी इन्भेष्टमेन्ट	६०२४५८९८६	२४५००	२४५००	५	२४४९५	०.०२
९	३०४१२९	जनता एग्रो एण्ड फरेष्ट्री	६१०४१७२०३	३००००	२००००	१७२	१९८२८	०.८६

क्र.सं.	दर्ता नं.	कम्पनीको नाम	स्थायी लेखा नम्बर	अधिकृत पुँजी	जारी पुँजी	चुक्ता पुँजी	फरक	चुक्ता पुँजी प्रतिशत
१०	३१४८७०	मल्टीएग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी	६१९७२४४८३	२००००	२००००	१०५	१९८९५	०.५३
		जम्मा		**५९००००	४७६२५०	२९९७	४७३२५२	०.६३**

३४. **मुद्दा फस्यौंट -** कम्पनी ऐन, २०६३ को दफा १५९ अनुसार कुनै कामको सम्बन्धमा कार्यालय, कम्पनीका सञ्चालक, पदाधिकारी, सेयरधनी/सदस्य/साहु वा सरोकारवाला अन्य कुनै व्यक्तिको उजुरीबाट मात्र मुद्दा दायर हुने र कारबाही चल्न सक्ने व्यवस्था छ। कार्यालयमा गत वर्षको जिम्मेवारी समेत १०८ मुद्दा रहेकोमा ३४ फस्यौंट भई ७४ मुद्दा बाँकी रहेको देखिन्छ। कार्यालयमा दर्ता भएका मुद्दाको समयमा फस्यौंट गर्नुपर्दछ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र

लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्धनसम्बन्धी कार्यहरू गर्न केन्द्रीयस्तरमा सङ्घीय सरकारको स्थायी संस्थागत संरचनाको रूपमा केन्द्रको स्थापना भएको हो।

३५. **कार्ययोजना -** घरेलु तथा साना उद्योग प्रवर्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २० मा केन्द्रले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षको सुरु महिनामा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न बेसिक प्याटर्न सिलाइ, ब्युटिसियन, एड्भान्स हाउस वायरिङ्ग, प्लम्बिङ, मोबाइल मर्मत र कफी वारिष्टा लगायतका १९ सिपमूलक तालिममार्फत ३८० जनालाई तालिम प्रदान गर्न विभिन्न तालिम प्रदायक संस्थासँग सोझै सम्झौता गरी रु.१ करोड २१ लाख ३१ हजार खर्च गरेको देखियो। तालिम सञ्चालन गर्दा कार्यविधिबमोजिम सर्वेक्षण तथा अनुगमन गरेको देखिएन। सिप विकास तालिम कार्यक्रम र सहभागी छनोट गर्दा मागको आधारमा रोजगार सिर्जना हुने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३६. **सिप परीक्षण -** राष्ट्रिय सिप परीक्षण समितिको २०७९।७।२३ को १३२औं बैठकले व्यावसायिक तालिमको सिप परीक्षणका लागि न्यूनतम तालिम अवधि ३९० घण्टा तोकेको छ। केन्द्रले सञ्चालन गरेका कुनै पनि तालिमहरू ३९० घण्टाको भएको पाइएन। सिप परीक्षण गर्न आवश्यक अवधि पुग्ने गरी तालिम सञ्चालन गर्नुपर्दछ।

३७. **सिपमूलक तालिमको प्रभावकारिता -** लघु घरेलु तथा साना उद्योग प्रवर्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधिको दफा १० मा तालिम आवश्यकता पहिचान समेतका आधारमा आवश्यक प्रशिक्षार्थी छनोट गर्नुपर्ने व्यवस्था छ। उद्यमी पहिचान गर्दा गरिबीको रेखामुनि रहेका (महिला, दलित, जनजाति, मुस्लिम, थारु, मधेसी, सीमान्तीकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक) परिवारका लक्षित समूहको अनुपातमा छनोट गरी उद्यमशीलता तालिम प्रदान गर्नुपर्ने देखिन्छ। यो वर्ष केन्द्रले २४४ जनालाई उद्यमशीलता र ४६२ जनालाई सिप विकास तालिम प्रदान गरेको छ। उद्यमशीलता तालिम पश्चात् ती उद्यमीहरूलाई सिप विकास तालिम प्रदान गरी प्रशिक्षार्थी नदोहोरिन तथा लक्षित वर्गसम्म तालिमको लाभ पुऱ्याउन राष्ट्रिय डाटाबेस तयार गरी अभिलेख राख्नुपर्ने देखिन्छ।

अन्य संस्था र समिति

विशेष आर्थिक क्षेत्र प्राधिकरण

निर्यात प्रवर्धनको माध्यमबाट मुलुकमा औद्योगीकरणको प्रक्रिया अघि बढाई आर्थिक विकासको गतिलाई तीव्रता प्रदान गर्नको लागि विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अन्तर्गत यो प्राधिकरणको स्थापना भएको हो।

३८. **आय-व्यय -** प्राधिकरणको २०८१।८२ को आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
गत वर्षको मौज्दात	१३,९४,३३	नेपाल सरकारतर्फको खर्च	८,८१,७५
सेवा शुल्क बापतको आय	१२,८२,११	आन्तरिक आयबाट खर्च	८४४००
नेपाल सरकारको अनुदान	८,८१,७५	अन्तिम बैङ्क मौज्दात	१९३८२५
अन्य आय	१,०५,८१		
जम्मा	**३६६४००**	**जम्मा**	**३६६४००**

प्राधिकरणमा गत वर्ष रु.१३ करोड ९४ लाख ३३ हजार मौज्दात रहेकोमा यो वर्ष सेवा शुल्कबापत रु.१२ करोड ८२ लाख ११ हजार, नेपाल सरकारबाट प्राप्त अनुदान रु.८ करोड ८१ लाख ७५ हजार तथा अन्य आय रु.१ करोड ५ लाख ८१ हजारसमेत रु.३६ करोड ६४ लाख आय रहेकोमा रु.१७ करोड २५ लाख ७५ हजार खर्च गरी रु.१९ करोड ३८ लाख २५ हजार वर्षान्तमा मौज्दात रहेको छ।

३९. **लिज तथा बहाल रकम -** विशेष आर्थिक क्षेत्र प्राधिकरण ऐन, २०७३ को दफा ११ अनुसार अनुमतिपत्रवालाले अनुमति प्राप्त गरेपछि उद्योगको स्थापना र सञ्चालनको सम्बन्धमा प्राधिकरणसँग उद्योगको लागि आवश्यक पर्ने भवन, जग्गा वा सेवा प्रयोग गरेबापत निजले बुझाउनुपर्ने लिज वा बहाल रकमको विषयमा सम्झौता गर्ने र ऐनको दफा २६ बमोजिमको छुट प्राप्त गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रमा स्थापित र सञ्चालित १४ उद्योगबाट निर्धारित बहाल रकम रु.१ करोड ५४ लाख ४० हजार प्राप्त हुन बाँकी देखिएकोले असुल गर्नुपर्दछ।

नेपाल इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार यस समितिको स्थापना भई सञ्चालनमा रहेको छ।

४०. **आय-व्यय -** समितिको २०८१।८२ को आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२
गत वर्षको मौज्दात	८१३८३६
सेवा शुल्क बापतको आय	१५४८७०७
नेपाल सरकारको अनुदान	२७७६७

विवरण	२०८१।८२
अन्य आय	१६१९७
जम्मा आम्दानी	**२४०६५०७**
नेपाल सरकारतर्फको खर्च	२७७६७
आन्तरिक आयबाट खर्च	७२३८०२
मौज्दात	१६५४९३८
जम्मा खर्च	**२४०६५०७**

समितिमा गत वर्ष रु.८१ करोड ३८ लाख ३६ हजार मौज्दात रहेकोमा यो वर्ष सेवा शुल्कबापत रु.१ अर्ब ५४ करोड ८७ लाख ७ हजार, नेपाल सरकारबाट प्राप्त अनुदान रु.२ करोड ७७ लाख ६७ हजार तथा अन्य आय रु.१ करोड ६१ लाख ९७ हजारसमेत रु.२ अर्ब ४० करोड ६५ लाख ७ हजार आय रहेकोमा रु.७५ करोड १५ लाख ६९ हजार खर्च गरी रु.१ अर्ब ६५ करोड ४९ लाख ३८ हजार वर्षान्तमा मौज्दात रहेको छ।

४१. **पट्टा बहाल** - भैरहवा सुख्खा बन्दरगाहमा उद्योग स्थापना गर्ने एक कम्पनीले तेस्रोदेखि अठ्ठाइसौं किस्तासम्म तोकिएको मितिभन्दा ढिला भुक्तानी गरेको देखिँदा समिति र सो कम्पनीबिच १७ अगस्त २०२२ मा सम्पन्न करार सम्झौताको बुँदा नं. २९.५ बमोजिम वार्षिक ८ प्रतिशतका दरले रु.२० लाख ९७ हजार क्षतिपूर्तिबापतको रकम असुल गरेको छैन। उक्त रकम असुल हुनुपर्दछ।

४२. **कर्मचारी करार -** नेपाल इन्टरमोडल यातायात विकास समिति कर्मचारी (सेवा, सर्त) नियमावली, २०५६ को नियम ९(क) बमोजिम समितिको अधिकृत तथा सहायक स्तरका पदहरूमा स्थायी पदपूर्ति नहुदाँसम्म तत्काल काममा लगाउनका लागि बढीमा ६ महिना अस्थायी नियुक्ति गर्न सकिने व्यवस्था छ। समितिले कानुन अधिकृत, इन्जिनियरसहित यो वर्ष १२ कर्मचारीहरू अस्थायी/करारमा नियुक्ति गरेको देखियो। नियमावलीको पालना हुनुपर्दछ।

व्यापार तथा निकासी प्रवर्धन केन्द्र

नेपालको निर्यात व्यापारलाई विस्तार गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने उद्देश्यले व्यापार तथा निकासी प्रवर्धन विकास समिति गठन आदेश, २०६३ बमोजिम केन्द्रको स्थापना भएको हो।

४३. **आय-व्यय -** केन्द्रको २०८१।८२ को आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
गत वर्षको जिम्मेवारी	९२०९५	चालु खर्च	९९८९४
नेपाल सरकारको अनुदान	९९८९५	मौज्दात	९६४४८
कार्य सञ्चालन कोष	४३२५		
अन्य आय	२७		
जम्मा	**१९६३४२**	**जम्मा**	**१९६३४२**

केन्द्रमा गत वर्ष रु.९ करोड २० लाख ९५ हजार मौज्दात रहेकोमा यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.९ करोड ९८ लाख ९५ हजार, कार्यसञ्चालन कोषतर्फ रु.४३ लाख २५ हजार तथा

अन्य आय रु.२७ हजारसमेत रु.१९ करोड ६३ लाख ४२ हजार आय रहेकोमा रु.९ करोड ९८ लाख ९४ हजार खर्च गरी रु.९ करोड ६४ लाख ४८ हजार वर्षान्तमा मौज्दात रहेको छ।

४४. **अन्तर्राष्ट्रिय व्यापार मेला -** यो वर्ष भारतको देहरादुनमा रु.१ करोड ३८ लाखको लागतमा अन्तर्राष्ट्रिय व्यापार मेला तथा पर्यटन महोत्सव सञ्चालन गरेको छ। विगत वर्षमा समेत विभिन्न देशमा व्यापार मेला आयोजना हुँदै आएकोमा उक्त मेलाबाट अन्तर्राष्ट्रिय व्यापारमा परेको प्रभाव मूल्याङ्कन गरेको छैन। व्यापार मेलाबाट अन्तर्राष्ट्रिय व्यापारमा परेको प्रभाव अध्ययन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४५. **निष्क्रिय कोष** - यस केन्द्रको काम कारबाही सञ्चालन गर्न बनेको व्यापार तथा निकासी प्रवर्धन विकास समिति गठन आदेश, २०६३ को दफा १० मा समितिको कार्य सञ्चालनको लागि आफ्नो एउटा छुट्टै कोष रहने गठन आदेशमा व्यवस्था छ। केन्द्रबाट प्राप्त विवरणअनुसार केन्द्रमा रहेको मौज्दात रु.९ करोड ६४ लाख ४८ हजारमध्ये ५ खातामा रू.६ करोड ९९ लाख निष्क्रिय रहेकोले सोको परिचालन हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायताको प्रभावकारी परिचालन गर्नुपर्ने, निकासी प्रवर्धन गरी व्यापार घाटा कम गर्ने, आपूर्ति व्यवस्थापनलाई सहज तुल्याई उपभोक्ताको हकहित संरक्षण गर्नुपर्ने, खाद्यान्न ढुवानी अनुदानमा पुनरावलोकन गर्नुपर्ने, प्रतिबद्धताअनुसारको वैदेशिक लगानीको सुनिश्चितता हुनुपर्ने, खनिज पदार्थहरूको उत्खनन् प्रभावकारी हुनुपर्ने, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्य प्रभावकारी बनाई नागरिक सन्तुष्टि हासिल गर्नुपर्ने र प्रभावकारी रूपमा सिपमूलक तालिम सञ्चालन गर्नुपर्ने लगायतका बेहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ २५ निकायमा रु.३४ करोड ५२ लाख ८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ४६ लाख ७९ हजार सम्परीक्षण भएकोले रु.३२ करोड ५ लाख २९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - अन्य संस्थातर्फ ५ निकायमा रु.७ करोड २७ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२० हजार सम्परीक्षण भएकोले रु.७ करोड २७ लाख ५० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.११ लाख २५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानुन तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय, जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ८७ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ७४ सरकारी कार्यालयको निम्नानुसारको रु.४१ अर्ब ६७ करोड २० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८०८१६	५३९२१	८०५५३	१४३०	४१६७२०

उल्लिखित लेखापरीक्षण रकममा शहरी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रु.४ करोड १४ लाख र अर्थ बजेटबाट भएको खर्च रु.६ करोड ९४ लाख समावेश छ। त्यसै गरी यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रु.४ लाख, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट भएको खर्च रु.१ अर्ब ४२ करोड ८८ लाख र प्रदेश कार्यालयबाट भएको खर्च रु.१९ करोड ११ लाख समावेश छैन।

२. **सङ्गठित र अन्य संस्था -** यो वर्ष १३ संस्थाको रु.७ खर्ब ७७ अर्ब ७७ करोड लेखापरीक्षण भएको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **सिँचाइ नीतिको कार्यान्वयन -** राष्ट्रिय सिँचाइ नीति, २०८० मा उल्लिखित कार्यनीतिहरूमध्ये सिँचाइका बहुउद्देश्यीय आयोजनाहरूको विद्युत बिक्रीबाट प्राप्त हुने आयलाई व्यवस्थित गरी सिँचाइ प्रणाली सञ्चालन र मर्मत तथा विकास गर्न उपयुक्त संस्थागत विकास गरिने, सिँचाइ विकास कोषको स्थापना गरिने, सिँचाइका बहुउद्देश्यीय आयोजनाहरूको विद्युत खरिद बिक्री सम्झौता गर्ने, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह समेतको सहभागितामूलक लगानीमा आयोजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने लगायतका कार्यनीतिहरु कार्यान्वयन भएको छैन। सिँचाइ नीतिको कार्यान्वयन हुनुपर्दछ।

५. **जलस्रोत नीतिको कार्यान्वयन -** राष्ट्रिय जलस्रोत नीति, २०७७ मा उल्लिखित कार्यनीतिहरूमध्ये जलस्रोतको व्यवस्थित उपयोगको लागि प्रत्येक नदीहरूमा उपलब्ध जलस्रोत उपयोगको लगत, जल बाँडफाँट प्रणाली एवं अनुपालन प्रणालीको अवलम्बन गर्ने, देशमा उपलब्ध तातोपानीका मूलहरूको पहिचान गरी सोको बहुउद्देश्यीय उपयोग गर्ने, देशका नदी तथा जलाशयहरूलाई आन्तरिक जल यातायातका लागि उपयोग गर्न आवश्यक अध्ययन गरी सम्भाव्य ठाउँको विकास गर्ने, प्रमुख नदीहरूबाट जल यातायातको माध्यमबाट समुद्रसम्मको पहुँचको व्यवस्था गर्न छिमेकी राष्ट्रसँग सहकार्य गर्ने, जलस्रोत क्षेत्रमा भएका सम्पूर्ण अध्ययन, अनुसन्धान, उपयोग तथा व्यवस्थापनसम्बन्धी कार्यहरूको एकीकृत

रूपमा तथ्याङ्क एवं विवरणको संकलन र अभिलेखीकरण गर्ने, प्रत्येक नदी बेसिनमा रहेको जलचर, वनस्पति तथा जलस्रोतमा आश्रित वन्यजन्तुहरूको आवश्यक विवरण तथा तथ्याङ्क राख्ने, जलस्रोतको क्षेत्रमा भएका सम्पूर्ण विवरण तथा तथ्याङ्कलाई विद्युतीय प्रणालीमा अभिलेखीकरण गर्ने, जलस्रोतको उपयोग, व्यवस्थापन, नियमन र संरक्षण गर्नको लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच दायित्व तथा कार्यक्षेत्रको बाँडफाँटका कार्य कानुनमार्फत व्यवस्था गर्ने, भूमिगत जलस्रोतको अत्यधिक दोहन नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाई लागु गर्नेलगायतका कार्यहरू कार्यान्वयन भएको छैन। जलस्रोत नीतिमा भएका उल्लिखित व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

६. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं योजनामा यस मन्त्रालयका लागि तोकिएका लक्ष्यहरूको नतिजा सूचकहरूको स्थिति निम्नानुसार छ

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८० को उपलब्धि	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ सम्मको		प्रगति प्रतिशत
				लक्ष्य	प्रगति	
सिञ्चित क्षेत्रफल विस्तार	हेक्टर (हजारमा)	१५५६	१७९३	१५८६	१५८६	१००
विद्युतमा पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	९६.७	१००	९७	९८	१०१
विद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	२८७७	११७६९	३९६०	३९६४	१००
विद्युत चुहावट	प्रतिशत	१३.४६	१०.८	१२.७३	१३	९७.९२
प्रसारण लाइन (६६ के.भी. तथा सोभन्दा माथिका)	सर्किट किलोमिटर	५७४२	९३५६	७१३१	७१६१	१००
वितरण लाइन (३३ के.भी)	सर्किट किलोमिटर	७२३७	११६८२	८०५८	८०५८	१००
सौर्य तथा वायु ऊर्जाबाट विद्युत उत्पादन	मेगावाट	४५.९०	९५	५६.८९	१४०.६६	२४७

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र राष्ट्रिय योजना आयोग

सोह्रौं योजनाको पहिलो वर्ष २०८१।८२ मा निर्धारित लक्ष्य र प्रगति तुलना गर्दा विद्युत चुहावट बाहेकका सूचकहरूमा अपेक्षित प्रगति हासिल भएको छ। ऊर्जा, सिँचाइ तथा जलस्रोत क्षेत्रमा आवधिक योजनामा तोकिएका लक्ष्यहरू हासिल गर्ने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ।

७. **दिगो विकास लक्ष्य -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रका दिगो विकास लक्ष्य र सोको उपलब्धि निम्नानुसार छ।

क्र.सं.	सूचकहरू	आधार वर्ष (२०१५)	२०२५ सम्मको लक्ष्य	२०२५ सम्मको प्रगति
१	विद्युतमा पहुँच भएको जनसङ्ख्या (प्रतिशत)	७४	९०.७	९८
२	विद्युत खपत प्रति व्यक्ति (किलोवाट घण्टा)	८०	१०२७	४५०
३	कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश (प्रतिशत)	११.९	३७.३०	७.५०
४	जलविद्युतको जडित क्षमता (मेगावाट)	७८२	१०२६०	३९६४
५	व्यापारिक ऊर्जाको उपयोग (प्रतियुनिट कुल गार्हस्थ उत्पादन)	३.२	३.१५	प्राप्त नभएको
६	कृषि योग्य जमिनमध्ये वर्षभरी सिँचाइ हुने क्षेत्र (प्रतिशत)	२५.२	६०.००	७१.५०

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र राष्ट्रिय योजना आयोग

ऊर्जा तथा सिँचाइ क्षेत्रमा सन २०२५ सम्ममा हासिल गर्नुपर्ने सूचकहरूमध्ये प्रति व्यक्ति विद्युत खपत, कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश, जल विद्युत जडित क्षमतालगायतमा लक्ष्यअनुसार प्रगति भएको छैन। प्रदेश र स्थानीय तहबाट भएका कार्य प्रगति एकीकृत गरी प्रगतिको समीक्षा गर्नुपर्दछ। दिगो विकासको लक्ष्यअनुसार प्रगति हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

८. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ तथा अनुसूची २ बमोजिम त्रैमासिक लक्ष्य र प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ बमोजिम प्रगतिको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट सिँचाइ र ऊर्जा क्षेत्रमा २०८१।८२ मा सञ्चालित कार्यक्रममध्ये केही मुख्य कार्यक्रमको लक्ष्य तथा प्रगति निम्नानुसार छ।

क्र.सं.	विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	सिँचित क्षेत्रफल	हेक्टर (हजारमा)	२४	१७.३	७२.०८
२	स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन	सङ्ख्या	१८	१८	१००.००
४	विद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	८६०	७२१	८३.८४
५	प्रसारण लाइन (६६ के.भी. तथा सोभन्दा माथिका)	सर्किट किलोमिटर	११८५	६९९	५८.९९
६	प्रतिव्यक्ति विद्युत् खपत	किलोवाट घण्टा	५०	५०	१००.००
७	विद्युत निर्यात	गिगावाट आवर	२१५०	२३३२	१०८.४७
८	विद्युत् चुहावट (प्रसारण तथा वितरण)	प्रतिशत	(०.२७)	(०.४२)	५५.५६
९	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन	मेगावाट	०.७५	०.७२	९६.००
१०	विद्युत आयात	गिगावाट आवर	१७००.१२	१७१२	१००.७०

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

उल्लिखित विवरणअनुसार विद्युत उत्पादन, ६६ के.भी. तथा सोभन्दा माथिका प्रसारण लाइन विस्तार, सिँचित क्षेत्रफलको विस्तारलगायतका कार्यक्रमहरूमा लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको छैन। वार्षिक लक्ष्यअनुसार प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू पूर्ण रूपमा कार्यान्वयन नभएको,*
- *राष्ट्रिय गौरवका योजना र रूपान्तरणकारी योजनामा तोकिएका लक्ष्यहरू पूरा नभएको,*
- *आयोजना वर्गीकरणको आधार तथा मापदण्डको पूर्ण कार्यान्वयन नभएको,*
- *बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले ठेक्का अन्त्य गरी निर्माण व्यवसायीबाट असुल गर्ने निर्णय गरेको क्षतिपूर्तिसहित रु.२ करोड ४ लाख ७४ हजार असुल नगरेको,*
- *मन्त्रालय मातहतका १३ निकायअन्तर्गतका ६६ निर्माण कार्यको रु.१ अर्ब ३३ करोड ५३ लाखको कार्य सम्पन्न नभई अधुरो रहेको लगायतका बेहोरा देखिएका छन्।*

९. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८१।८२ मा उल्लिखितमध्ये कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका कार्यक्रम तथा सोसम्बन्धी बेहोरा देहायबमोजिम छन्:

९.१. यो वर्ष ९०० मेगावाट विद्युत थप गरी राष्ट्रिय प्रणालीको विद्युत क्षमता ४ हजार ५०० मेगावाट पुऱ्याइने उल्लेख भएकोमा यो वर्ष ७२१ मेगावाट थप भई राष्ट्रिय प्रणालीको विद्युत क्षमता ३ हजार ९६४ मेगावाट पुगेको छ। सुख्खायामको मागलाई पूर्ति गर्न १ हजार २०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना, ६७० मेगावाटको दुधकोशी जल विद्युत आयोजना, ४१७ मेगावाटको नलसिङगाड जलाशययुक्त जलविद्युत आयोजना र २८० मेगावाटको नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजना, वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा

७७.५ मेगावाटको घुन्सा जलविद्युत आयोजना र ७०.३ मेगावाटको सिम्बुवा जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि बढाइने कार्यक्रम रहेकोमा बुढीगण्डकी जलविद्युत आयोजना बजेट अभावले निर्माण कार्य सुरु हुन नसकेको, दुधकोशी जलविद्युत आयोजनाको लगानीको प्रारूप तय हुन नसकेको, नलसिङगाड, सिम्बुवा र नौमुरे जल विद्युत आयोजनाको खरिद पूर्वका कार्य सम्पन्न नभएकोले निर्माण कार्य सुरु हुन सकेको छैन।

९.२. हेटौँडा-ढल्केबर-इनरुवा र खिम्ती-बाहबिसे-लप्सिफेदी प्रसारण लाइनको निर्माण कार्य सम्पन्न गर्ने, कर्णाली कोरिडोर, हेटौँडा-रातमाटे-लप्सिफेदी-दमौली-न्यू बुटवल, न्यू बुटवल-लमही, लमही-दोदोधारा र भेरी कोरिडोर प्रसारण लाइनको निर्माण कार्य सुरु गर्ने, न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य सम्पन्न गर्ने, प्रसारण लाइनको राइट अफ वेका लागि आवश्यक जग्गाको छुट्टै कित्ता कायम गरी जग्गाधनीलाई विद्युत आयोजनाबाट प्रभावित नागरिक सरह सेयरमा सहभागी गराइने लक्ष्य रहेकोमा हेटौँडा-ढल्केबर खण्डमा जग्गा मुआब्जाका कारण निर्माण कार्य रोकिएको, कर्णाली कोरिडोरको निर्माण कार्य बजेट अभावमा अगाडि बढाउन नसकेको, लमही-दोदोधारा र भेरी कोरिडोरमा निर्माण कार्य सुरु हुन नसकेको, न्यू बुटवल-गोरखपुरको अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य सम्पन्न हुन नसकेको, राइट अफ वेका लागि आवश्यक जग्गाको लागि जग्गाधनीलाई सेयरमा सहभागी गराउने विषयमा अध्ययन भइरहेको अवस्था छ।

९.३. रानी जमरा कुलरिया सिँचाइ आयोजनाको लम्की मूल नहरअन्तर्गत शाखा नहर निर्माण कार्य सुरु गर्ने, महाकाली सिँचाइ आयोजनाबाट तेस्रो चरणको त्रिभुवन बस्तीलगायत शाखा नहर विस्तारको कार्य अगाडि बढाउने लक्ष्य रहेकोमा स्रोत सहमति प्राप्त हुन नसक्दा निर्माण कार्य हुन सकेको छैन।

९.४. मध्य तराईका पाँच जिल्लाका १ लाख २२ हजार हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउन सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स, पावरहाउसलगायतका संरचना निर्माण गर्ने लक्ष्य राखिएकोमा उल्लिखित संरचनाको निर्माण कार्य हुन सकेको छैन।
बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप सम्पादन हुनुपर्दछ।

१०. **बजेट र खर्च -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष मन्त्रालय र मातहतको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु.लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४२५७०	४३४९३	२९३५४	६७.४९
पुँजीगत	३६१८०६	३४१०७२	२६६५५७	७८.१५
जम्मा	४०४३७६	३८४५६५	२९५९११	७६.९५

यो वर्ष विनियोजित बजेट रकममध्ये चालु ६७.४९ प्रतिशत र पुँजीगत ७८.१५ प्रतिशत खर्च भई समग्रमा ७६.९५ प्रतिशत खर्च भएको छ। विनियोजित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

११. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार नवीकरणीय ऊर्जा, विद्युत प्रसारण तथा वितरण

प्रणाली, तराई क्षेत्रमा सिँचित कृषि प्रवर्धन परियोजनालगायत ७ कार्यक्रमको लागि दातृ निकायबाट अमेरिकी डलर ३ करोड ८८ लाख ५६ हजार प्राविधिक सहायता प्राप्त भएको उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणमा पेस गरेको छैन। ऐनमा उल्लिखित व्यवस्थाबमोजिम सबै कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

१२. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएको बजेट उपशीर्षकमा बजेट अपुग भएमा र अर्को बजेट उपशीर्षकमा बजेट बचत हुने भएमा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी अर्को अनुदान सङ्केतमा रकमान्तर गर्न सकिने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सुरु बजेट रु.४० अर्ब ४३ करोड ७६ लाखमा रु.६ अर्ब १७ करोड ६३ लाख (१५.२७ प्रतिशत) थप भएको र रु.८ अर्ब १५ करोड ७४ लाख (२०.१७ प्रतिशत) घटी भई रु.३८ अर्ब ४५ करोड ६५ लाख अन्तिम बजेट कायम भएको छ। रकमान्तरको अंश उल्लेख्य रहेको हुँदा विनियोजन यथार्थपरक भएको देखिँदैन। बजेट तर्जुमालाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाउनुपर्दछ।

१३. **बजेटको समर्पण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ मा विनियोजन ऐनमा समावेश भएको कार्यक्रम आर्थिक वर्षको फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा पनि खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। बुढीगङ्गा जलविद्युत आयोजनालाई विनियोजन भएको रु.४० अर्ब ५२ करोड ६४ लाखमध्ये रु.२ अर्ब ७ करोड बजेट समर्पण गरी कुल रु.३८ अर्ब ४५ करोड ६५ लाख अन्तिम बजेट कायम भएकोमा रु.२९ अर्ब ५९ करोड ११ लाख (७६.९५ प्रतिशत) खर्च भएको छ।

१४. **खर्चको प्रतिबद्धता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ मा प्रत्येक कार्यालयले सम्झौताबमोजिम खर्च हुने रकम यकिन गरी केन्द्रीय निकायमा पठाउनुपर्ने र केन्द्रीय निकायले त्यस्तो रकमको एकीकृत विवरण बनाई बजेट छलफलको लागि अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट पेस भएको एकीकृत वित्तीय विवरणअनुसार सम्झौताबमोजिम भविष्यमा भुक्तानी दिनुपर्ने गरी प्रतिबद्धता जनाएको रु.४६ अर्ब ५ करोड ८३ लाख रहेको छ। उपलब्ध स्रोतसमेतको विश्लेषण गरी दायित्व सिर्जना गर्नुपर्दछ।

१५. **अन्तर निकाय अख्तियारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८(४) मा एक मन्त्रालय वा निकायअन्तर्गत विनियोजित रकम अर्को मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने र उपदफा ५ मा त्यसरी अख्तियारी दिने सचिव लेखाउत्तरदायी अधिकृतको रूपमा जिम्मेवार हुने व्यवस्था छ। मन्त्रालय तथा अन्तर्गतका निकायमा विनियोजित बजेटमध्ये पुँजीगततर्फ रु.३ करोड ३४ लाख ४६ हजार तथा चालु तर्फ रु.७६ लाख ४० हजार शहरी विकास मन्त्रालय तथा अन्तर्गतको निकायमा बजेट विनियोजन भएकोमा यस मन्त्रालय तथा अन्तर्गतका निकायबाट खर्च भएको छ। यस मन्त्रालयमा चालु खर्चतर्फ विनियोजन भएको रु.४ लाख ४० हजार अर्थ मन्त्रालयबाट खर्च भएको छ। बजेट विनियोजन भएको निकायले खर्च नगरी अर्को निकायबाट खर्च हुँदा वित्तीय विवरणले देखाउने खर्च यथार्थ नहुने भएकोले खर्च हुने निकायमा नै बजेट विनियोजन गरी खर्च हुने व्यवस्था मिलाउनुपर्दछ।

१६. **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ तथा अनुसुची २ बमोजिम त्रैमासिक लक्ष्य र प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ बमोजिम प्रगतिको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहतका समेतको त्रैमासिक पुँजीगत खर्च निम्नानुसार छः

(रु. करोडमा)

विवरण	त्रैमासिक खर्च					आषाढ महिनाको खर्च
	कुल खर्च	प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	२६६५	३७१	३५२	५८९	१३५३	८३१
खर्च प्रतिशत	१००	१३.९२	१३.२१	२२.१०	५०.७७	३१.१८

उल्लिखित विवरणबाट यो वर्ष रु.२६ अर्ब ६५ करोड पुँजीगत खर्च भएकोमा चौथो त्रैमासिकमा ५०.७७ प्रतिशत खर्च भएको देखिन्छ। असार महिनामा मात्रै कुल खर्चको ३१.१८ प्रतिशत खर्च भएको छ। त्रैमासिक विनियोजनअनुसार खर्च गर्नुपर्दछ।

१७. **स्रोतगत खर्च स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७५(१)मा केन्द्रीय निकायले केन्द्रीय लेखा राख्दा स्रोतको प्रकार समेत खुल्ने गरी लेखा राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूबाट चालु खर्च रु.२ अर्ब ९३ करोड ५४ लाख र पुँजीगत खर्च रु.२६ अर्ब ६५ करोड ५७ लाखसमेत रु.२९ अर्ब ५९ करोड ११ लाख खर्च भएकोमा नेपाल सरकार आन्तरिक ऋणबाट रु.१७ अर्ब ६५ करोड २५ लाख (५९.६५ प्रतिशत), नगद ऋणबाट रु.५ अर्ब ३८ करोड १६ लाख (१८.१८ प्रतिशत), शोधभर्ना हुने ऋणबाट रु.१ अर्ब ९३ करोड ५४ लाख (६.५४ प्रतिशत) र सोझै भुक्तानी हुने ऋणबाट रु.२ करोड ५८ लाख (०.०९ प्रतिशत) समेत ऋण स्रोतबाट रु.२४ अर्ब ९९ करोड ५३ लाख खर्च भएको छ। पुँजीगत खर्चको ९४ प्रतिशत ऋण स्रोतबाट खर्चको भएको छ। ऋणबाट सञ्चालित विकास निर्माण कार्यहरू अपेक्षित परिमाण दिने गरी प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ।

१८. **सिँचाइ सुविधा र उत्पादन -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिनमध्ये २०७९।८० सम्म १५ लाख ५५ हजार ५०८ हेक्टर (५८.९० प्रतिशत) जमिनमा सिँचाइ सुविधा पुगेको देखिएकोमा यो वर्ष कुल १५ लाख ८६ हजार ३४० हेक्टर (६०.०७ प्रतिशत) जमिनमा सिँचाइ सुविधा पुगेको आधारमा यो वर्ष थप १७ हजार ३०८ हेक्टरसमेत विगत २ वर्षमा ३० हजार ८३२ हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुगेको छ। अर्थ मन्त्रालयबाट २०८२ जेठमा प्रकाशित आर्थिक सर्वेक्षण अनुसार विगत ३ वर्षको कृषि उत्पादनको अवस्था विश्लेषण गर्दा सिँचित क्षेत्रमा विगत २ वर्षमा २ प्रतिशत वृद्धि भएकोमा खाद्यान्न बाली र तरकारी बालीको उत्पादनमा केही वृद्धि भएको देखिए तापनि अन्य बालीको उत्पादन सन्तोषजनक देखिँदैन। सिँचाइ सुविधा विस्तार सँगै प्रतिफल प्राप्त हुने सुनिश्चित हुनुपर्दछ।

क्र.सं.	आर्थिक वर्ष	एकाइ	२०७९।८०	२०८०।८१	२०८१।८२	२०७९।८० को तुलनामा वृद्धि प्रतिशत
१	सिँचित क्षेत्र	हेक्टर	१५५५५०८	१५६९०३२	१५८६३४०	१.९८
२	खाद्यान्न बाली	मेट्रिकटन	१०९०६	११२९४	११५९६	६.३३
३	नगदे बाली	मेट्रिकटन	३७४५.०२	३७८४	३७६०	०.४०
४	ओद्योगिक बाली	मेट्रिकटन	३१६७.१५	२७९८	२९२२	(७.७४)

क्र.सं.	आर्थिक वर्ष	एकाइ	२०७९।८०	२०८०।८१	२०८१।८२	२०७९।८० को तुलनामा वृद्धि प्रतिशत
५	दलहन बाली	मेट्रिकटन	३४०.२०	२७७.००	२८६.००	(१५.९३)
६	फलफूल	मेट्रिकटन	१५२७.७०	१५०९.००	१५११.००	(१.०९)
७	तरकारी	मेट्रिकटन	४३७६.०८	४४४०.००	४७३७.००	८.२५

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थ मन्त्रालय

१९. **बहुउद्देश्यीय आयोजनाहरूको व्यवस्थापन -** राष्ट्रिय जलस्रोत रणनीति, २००२ तथा राष्ट्रिय जलयोजना, २००५ ले जलस्रोतका बहुउद्देश्यीय, जलाशययुक्त र अन्तरजलाधार जल स्थानान्तरण जस्ता आयोजनाहरूको विकास गर्नुपर्ने रणनीति तय गरेको छ। राष्ट्रिय जलस्रोत नीति, २०७७ मा उपलब्ध जलस्रोतको संरक्षण संवर्धन र बहुउपयोगी विकास गरी आर्थिक तथा सामाजिक रूपान्तरण गर्नुपर्ने नीति लिएको छ। राष्ट्रिय सिँचाइ नीति, २०८० मा समेत बहुउद्देश्यीय जलाशययुक्त अन्तर जलाधार आयोजनालाई उच्च प्राथमिकताका साथ विकास गर्ने उद्देश्य राखेको छ। मन्त्रालयअन्तर्गत निर्माणाधीन भेरी बबई डाइभर्सनलगायत निम्नानुसारका बहुउद्देश्यीय आयोजनाबाट उत्पादित वस्तु तथा सेवा व्यवस्थापन सम्बन्धमा उपयुक्त संस्थागत संयन्त्र बनेको छैन। रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट विद्युत उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिई सकेकोमा हालसम्म २ करोड ६० लाख ५६ हजार युनिट विद्युत बिक्रीबापतको रकम प्राप्त हुन सकेको छैन। आयोजनाबाट उत्पादित सबै सेवाहरूको एकीकृत व्यवस्थापन गर्न सक्ने स्पष्ट संस्थागत संयन्त्रको विकास हुनुपर्दछ।

क्र.सं.	आयोजनाको नाम	आयोजनबाट हुने विद्युत उत्पादन
१	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	१५ हजार हेक्टर सिँचाइ सेवा र ४६.७२ मेगावाट
२	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	१ लाख २२ हजार हेक्टर सिँचाइ सेवा र ३१ मेगावाट
३	रानी जमरा कुलरीया सिँचाइ आयोजना	३८ हजार हेक्टर सिँचाइ सेवा र ४.७१ मेगावाट

२०. **राष्ट्रिय गौरवका आयोजना -** यस मन्त्रालय मातहत रहेका ७ राष्ट्रिय गौरवका आयोजनाको प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र. सं.	आयोजनाको नाम	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष (प्रारम्भिक)	सम्पन्न हुने वर्ष (संशोधित)	सुरु लागत अनुमान	संशोधित लागत	यो वर्ष भएको खर्च	हालसम्म भएको खर्च	हालसम्मको भौतिक प्रगति (प्रतिशत)
	सिँचाईतर्फ								
१	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०७५।७६	२०८९।९०	१२८०	५२८९	१४३	२२९१	४४.२३
२	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६९।७०	२०७५।७६	२०८४।८५	१६४३	३३१९	१९६	१८४६	६९.००
३	रानी जमरा कुलरीया सिँचाइ आयोजना	२०६७।६८	२०७४।७५	२०८२।८३	१२३७	२७७०	१५५	२१५८	७४.७६
४	बबई सिँचाइ आयोजना	२०४५।४६	२०६९।७०	२०८२।८३	२८७	१८९६	२३७	१५८१	८२.२७
५	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८५।८६	२०८५।८६	४६१९	४९४२	१२१	१६५७	३६.८३
६	महाकाली सिँचाइ आयोजना तेस्रो चरण	२०६३।६४	२०८७।८८	२०८७।८८	१११७	३५००	१५६	९५८.०५	२६.६५
	सिँचाईतर्फ जम्मा				**१०१८३**	**२१७१६**	**१००८**	**१०४९२**	

क्र. सं.	आयोजनाको नाम	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष (प्रारम्भिक)	सम्पन्न हुने वर्ष (संशोधित)	सुरु लागत अनुमान	संशोधित लागत	यो वर्ष भएको खर्च	हालसम्म भएको खर्च	हालसम्मको भौतिक प्रगति (प्रतिशत)
	ऊर्जा तर्फ								
७	बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड	२०६९।७०	२०७७।७८	२०८५।८६	२६०००	३९८०२	२४६	४५११	१६.५५

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र राष्ट्रिय योजना आयोग

उल्लिखित विवरण अनुसार सिँचाइतर्फका राष्ट्रिय गौरवका ६ आयोजनाको सुरू लागत अनुमान रु.१ खर्ब १ अर्ब ८३ करोड रहेकोमा ११३ प्रतिशत वृद्धि भई संशोधित लागत अनुमान रु.२ खर्ब १७ अर्ब १६ करोड कायम भएको देखिन्छ। हालसम्म उक्त आयोजनाहरूमा रु.१ खर्ब ४ अर्ब ९२ करोड खर्च भई २६.६५ प्रतिशत देखि ८२.२७ प्रतिशतसम्म भौतिक प्रगति भएको देखिन्छ। सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स र पावर हाउसको ठेक्का सम्झौता अन्त्य भई नयाँ ठेक्का व्यवस्थापन भएको छ। ऊर्जातर्फ बुढी गण्डकी जलविद्युत आयोजनाको सुरु लागत रु.२ खर्ब ६० अर्ब रहेकोमा संशोधित लागत अनुमान रु.३ खर्ब ९८ अर्ब २ करोड कायम भएको छ। उक्त आयोजनामा यो वर्षसम्म मुआब्जा वितरण कार्यमा रु.४५ अर्ब ११ करोड खर्च भएको छ। यो वर्ष लगानी मोडालिटी स्वीकृत भए तापनि बजेट अभावले निर्माण कार्य सुरु हुन सकेको छैन।

उल्लिखित आयोजनाहरूमा जग्गा विवाद, वित्तीय प्रारूप समयमा नटुङ्गिनु, बजेट अभाव, वन सम्बन्धी समस्या, कार्ययोजनाअनुसार काम हुन नसक्नु लगायतका कारणले अपेक्षित प्रगति हुन नसकी समय र लागत वृद्धि भएको छ। आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने, अनुगमन र अन्तरनिकाय समन्वय, बजेट सुनिश्चततालगायतका विषयलाई ध्यान दिई कार्यसम्पादन सम्झौताको कार्यान्वयन स्थितिलाई मूल्याङ्कन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्नुपर्दछ।

उक्त आयोजनाहरूको विस्तृत बेहोरा यसै प्रतिवेदनको आयोजनागत खण्डमा समावेश गरिएको छ।

२१. **रूपान्तरणकारी आयोजना -** पन्ध्रौं योजना (२०७६।७७ देखि २०८०।८१)मा यस मन्त्रालय अन्तर्गत २ अन्तरदेशीय प्रसारण लाइन आयोजना, १६ राष्ट्रिय प्रसारण लाइन आयोजना र माथिल्लो अरुण जलविद्युत आयोजनालाई रूपान्तरणकारी आयोजनाको रूपमा कायम गरी २०७७।७८ देखि २०८५।८६ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको देखिन्छ। उल्लिखित आयोजनाहरुको हालसम्मको प्रगति स्थिति निम्नानुसार छः

(रु.करोडमा)

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु भएको वर्ष	सुरु सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन आयोजनाहरू						
१	कर्णाली कोरिडोर ४०० के.भी.	२१५५.४८	२०७३।७४	२०८५।८६	२३३	१४.२८
२	भेरी कोरिडोर ४०० के.भी.	२१९५.७६	२०७५।७६	२०८६।८७	१५.५०	२.०१
३	किमाथाङ्का अरुण हव ४०० के.भी.	९४०.२४	२०७५।७६	२०८७।८८	१३.६७	२.७७
४	पश्चिम सेती नयाँ अत्तरीया ४०० के.भी.	२७५५.७१	२०७५।७६	२०८८।८९	११.६३	०.८९
५	तमोर हव चाँगे ढुगे साँगु २२० के.भी.	२४७.९८	२०७५।७६	२०८७।८८	३.९३	२.६३

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु भएको वर्ष	सुरु सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
६	मेवा हव चाँगे ढुंगेसाँगु १३२ के.भी.	१३९.४८	२०७५।७६	२०८३।८४	३८.०७	३७.१४
७	दरौदी कोरिडोर गोर्खा १३२ के.भी.	१७२.५५	२०७६।७७	२०८३।८४	३४.६२	३२.६६
८	लामाबगर - बाह्रविसे २२० के.भी.	३८८.२८	२०८०।८१	२०८७।८८	०.०५७	१.११
९	शीतलपाटी - ढुंगेसाँगु २२० के.भी.	२३१.३४	२०७९।८०	२०८७।८८	०.०६४	०.२१
१०	हेटौंडा — ढल्केबर - ईनरुवा ४०० के.भी.	२७७९.९	२०६७।६८	२०८२।८३	२७१९	१००.००
११	अरुण — ईनरुवा — तिङ्गला - मिर्चैया ४०० के.भी.	५४.४७	२०७५।७६	२०८१।८२	४१.२७	९७.००
१२	भेरी कोरिडोर ४०० के.भी.	प्राप्त नभएको	२०७२।७३	२०८४।८५	१२.६९	९.५५
१३	लेखनाथ - दमौली २२० के.भी.	१२३५	२०७३।७४	२०८३।८४	८०.१६	७.१०
१४	कोशी कोरिडोर २२० के.भी.	१९२७१.९२	२०६७/६८	२०८३।८५	१४२५.९०	७७.४५
१५	रातमाटे - रसुवागढी - केरुङ ४०० के.भी.	९९५.६९	२०७३।७४	२०८२।८३	यकिन नभएको	
१६	न्यू बुटवल — लमही - कोहलपुर नयाँ अत्तरीया ४०० के.भी.	८४००	२०७३।७४	२०८६।८७	३७.०३	२२.९६
१७	अरुणपुल तिङ्ला हव न्युखिम्ती तामाकोशी सुनकोशी हव ढल्केवर ४०० के.भी.	२०६.६९	२०७५।७६	२०८२।८३	१५०.११	९१.३२
१८	तामाकोशी काठमाडौं २२० ४०० के.भी. प्रसारण लाइन	१४५९	२०६७।६८	२०८२।८३	११३२.४६	८०.००
अन्य आयोजनाहरू						
१९	माथिल्लो अरुण जलविद्युत आयोजना	यकिन नभएको	२०७४।७५	२०८८।८९	६६९.९३	३.३३

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

उल्लिखित रूपान्तरणकारी आयोजनाहरू पन्ध्रौं योजनामा सञ्चालन गर्ने लक्ष्य रहेकोमा लागत अनुमान, संशोधित लागत अनुमान, सम्झौता अङ्क, सम्झौताको म्याद र खर्च रकम देखिने गरी विवरण अद्यावधिक गरेको छैन। यो वर्ष भरतपुर - बर्दघाट, हेटौंडा - भरतपुरलगायत ५ प्रसारण लाइनको निर्माण कार्य सम्पन्न भए तापनि अन्य १३ आयोजनाको प्रगति न्यून रहेको छ। रातमाटे रसुवागढी केरुङलगायत ७ आयोजनाको निर्माण कार्य प्रारम्भिक चरणमै रहेको छ। माथिल्लो अरुण जलविद्युत आयोजनाको निर्माण स्थल संरक्षण क्षेत्रमा पर्ने भएकोले अदालतको आदेश र रुख कटानमा ढिलाइलगायतका कारण कार्य प्रगतिमा विलम्ब भएको छ। राष्ट्रिय प्रसारण लाइन ग्रीड कम्पनीसँग आवश्यक स्रोतको अभाव, लगानी प्रारूप निक्यौंलमा भएको ढिलाइ, वनसम्बन्धी समस्या, जग्गा प्राप्तिलगायतका कारणले आयोजनाहरू समयमा सम्पन्न हुन सकेका छैनन्।

२२. **खरिद व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माणस्थल तयार नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख बिरुवा हटाउने सुनिश्चितता नभई, बजेट सुनिश्चितता नगरी वा अन्य खरिद पूर्वका तयारी नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। मन्त्रालय र सम्बन्धित निकायबाट प्राप्त विवरणअनुसार सिक्टा सिँचाइ आयोजनाका २, महाकाली सिँचाइ आयोजना तेस्रो चरणका ३ र सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाका १ समेत ६ ठेक्कामा निर्माण स्थलको उपलब्धतामा भएको ढिलाइ तथा बजेट व्यवस्थापन नभएको कारणले सम्बन्धित निर्माण व्यवसायीहरुले रु.१ अर्ब १२ करोड ४१ लाखको विलम्ब लागत बापतको क्षतिपूर्ति रकमसहित

मध्यस्थता गर्ने समिति र अदालतमा दाबी पेस गरेका छन्। विवादित विषयहरूमा अदालतको आदेशसमेत अभिलेखाङ्कन गरी भविष्यमा यस्तो विवाद आउन नदिन सम्बद्ध निकायहरूलाई सुसूचितसमेत गर्नुपर्दछ।

२३. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण तथा वातावरणीय प्रभावमूल्याङ्कन गराई स्वीकृत गराउनुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा प्रचलित कानुनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई निर्माण कार्यको बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष ऊर्जा, सिँचाइ तथा जलस्रोतसम्बन्धी परियोजना निर्माणको सम्बन्धमा विभिन्न ७९ वातावरणीय अध्ययन प्रतिवेदन तयार भएकोमा ५३ स्वीकृत भई २६ स्वीकृत हुन बाँकी रहेको देखियो। जसमध्ये २३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा पेस भएकोमा १९ प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत हुन बाँकी रहेको छ। सम्बन्धित निकायहरूबिचको समन्वयमा प्रभावकारिता ल्याई वातावरणीय अध्ययन प्रतिवेदनहरू नियमानुसार स्वीकृत गरी सोहीअनुसार निर्माण कार्य हुनुपर्दछ।

२४. **भुक्तानी दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा वस्तु वा सेवा प्राप्त भई सो बापतको विजक समेत प्राप्त भएको तर विनियोजन ऐनअन्तर्गत स्रोत व्यवस्थापन हुन नसकी वा अन्य कारणले भुक्तानी हुन नसकेका बिल विजकलाई भुक्तानी दिन बाँकी दायित्वको रूपमा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार सार्वजनिक निर्माण शीर्षकमा रु.२८ करोड ९५ लाख ८७ हजारसमेत रु.३० करोड ६१ लाख ६८ हजार भुक्तानी गर्न बाँकी दायित्व रहेको देखियो। यो वर्ष मन्त्रालय र मातहतका निकायलाई विनियोजित रु.८ अर्ब ८४ करोड ४६ लाख खर्च हुन सकेको देखिएन। वर्षको अन्त्यमा भुक्तानी दायित्व बाँकी रहनु र विनियोजित रकम खर्च नहुने अवस्थाले बजेट कार्यान्वयनमा सुधार गर्नुपर्दछ।

२५. **मापदण्ड -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा रहेको सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजनाको मापदण्डअनुसार तराईमा ५०० हेक्टर र पहाड तथा हिमालमा क्रमशः १०० र ५० हेक्टर भन्दा माथिका ठूला सिँचाइ आयोजना सङ्घले कार्यान्वयन गर्ने व्यवस्था छ। नदी नियन्त्रणतर्फ तराईमा १० किलोमिटर भन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू र पहाड वा हिमालमा ५ किलोमिटर भन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू, पहिरो नियन्त्रणतर्फ २० हजार वर्ग मिटरभन्दा बढीका कार्यहरू सङ्घको कार्यक्षेत्र हुने उल्लेख छ। मापदण्डमा सङ्घको एकल अधिकारको विषयका पूर्वाधार आयोजनामा रु.३ करोडभन्दा बढी लागतका आयोजना र साझा अधिकारका विषयका पूर्वाधार आयोजनामा रु.५० करोडभन्दा माथि लागत भएका आयोजना मात्रै सङ्घको कार्यक्षेत्रमा पर्ने उल्लेख छ। मन्त्रालय र अन्तर्गतका निकायले यो वर्ष ६ कार्यक्रमअन्तर्गत उक्त मापदण्डमा निर्धारित लागत अर्थात् रु.३ करोडभन्दा कमका १ हजार ८३९ योजनामा रु.६ अर्ब २४ करोड १६ लाख बजेट विनियोजन गरेका छन्। स्वीकृत मापदण्डको परिपालना गरिनुपर्दछ।

२६. **ऋणबाट सञ्चालित आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२(१०) मा लेखा उत्तरदायी अधिकृतले वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। वैदेशिक ऋणबाट सञ्चालित आयोजनाहरूमध्ये बुढीगङ्गा जलविद्युत आयोजना लगायतका आयोजनाहरूको प्रगति न्यून रहेको छ। वैदेशिक ऋणबाट सञ्चालित

आयोजनाहरूको कार्य सम्पादन समयमा नहुँदा ऋणको ब्याज तथा प्रतिबद्धता शुल्कबापतको दायित्व बढ्दै जाने र आयोजनाबाट प्राप्त हुने लाभ प्राप्तिमा समेत ढिलाइ भएको छ।

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	मुद्रा	ऋण सम्झौता स्वीकृत मिति	कुल स्वीकृत ऋण रकम	हालसम्म प्राप्त ऋण रकम	भौतिक प्रगति प्रतिशत
१	प्राथमिकता प्राप्त नदी बेसिन आयोजना, बाढी जोखिम व्यवस्थापन आयोजना	एसियाली विकास बैङ्क	अमेरिकी डलर (मिलियनमा)	२२ डिसेम्बर २०२०	४०	१६.१९	६९
२	रानी जमरा कुलरिया सिँचाइ आयोजना	विश्व बैङ्क	अमेरिकी डलर (मिलियनमा)	१० मे २०१८	५२.२६	५०.५४	७४.७६
३	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र	एसियाली विकास बैङ्क	ने.रु. (लाखमा)	१५ जनवरी २०१५	५४११.७५	२२८८.७२	८७
४	बुढीगङ्गा जलविद्युत आयोजना	साउदी अरब	साउदी रियल (मिलियनमा)	१८ जून २०१४	११२.५	६.३७	न्यून
		कुवेत	कुवेती दिनार (मिलियनमा)	२२ मार्च २०१३	५	०.५०	न्यून

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

ऋणबाट सञ्चालित आयोजनाको रकम उपयोग र लाभ लागतको विश्लेषण गरी आयोजना सञ्चालन गर्नुपर्दछ।

२७. **विद्युत बिक्री -** रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट उत्पादित विद्युत व्यवस्थापन सम्बन्धमा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग र नेपाल विद्युत प्राधिकरणबिच २०७८।२।११ मा भएको सम्झौताको बुँदा नं ३.१ मा सम्झौतापत्रको मान्य अवधि ३६५ दिनको हुने र उक्त अवधि पश्चात् सम्झौता पत्रको म्याद थप्नुपर्ने वा उक्त अवधिभित्र विद्युत खरिद सम्झौतामा दुवै पक्षले हस्ताक्षर गर्नुपर्ने व्यवस्था छ। आयोजनाको सिँचाइ नहरमार्फत उत्पादन भएको विद्युत गृह सञ्चालनमा ल्याई २०८१।१०।२ मा आयोजनालाई हस्तान्तरण गरेको छ। विद्युत गृहको विद्युत उत्पादन क्षमता ४.७१ मेगावाट प्रति घण्टा रहेको र हालसम्म कुल २ करोड ६० लाख ५६ हजार युनिट विद्युत नेपाल विद्युत प्राधिकरणले प्रयोगमा ल्याईसकेको देखिए तापनि उक्त विद्युतबापत नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रकम प्राप्त भएको छैन। सो सम्झौता भएको एक वर्षभित्र विद्युत खरिद सम्झौता गर्नुपर्नेमा ३ वर्ष भन्दा बढी अवधि व्यतीत भैसक्दा समेत उक्त विद्युत खरिद सम्झौता हुन सकेको देखिएन। आयोजनाबाट उत्पादित विद्युत यकिन गरी नेपाल विद्युत प्राधिकरणबाट विद्युत बिक्री बापतको रकम असुल हुनुपर्दछ।

२८. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्यसम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने उल्लेख छ। मन्त्रालय मातहतका सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना सप्तरी, जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय, महोत्तरी, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, नारायणी बेसिन फिल्ड कार्यालय, चितवनलगायत १३ निकायअन्तर्गतका रु.२ अर्ब १७ करोड १२ लाखमा सम्झौता भएका ६६ निर्माण कार्यको लागि सम्झौता अवधि समाप्त हुँदासम्म रु.८३ करोड ५९ लाख ५ हजार खर्च भई निर्माण कार्य अधुरो रहेका छन। सम्झौताको सर्तअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२९. **अनुगमन तथा मूल्याङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२२(ख) बमोजिम कार्यक्रमअनुसार प्राविधिक र प्रशासनिक व्यवस्था मिलाई कार्यसम्पादन गर्नुपर्ने दायित्व कार्यालय प्रमुखको रहने तथा नियम ११९ मा बजेट कार्यान्वयनको सम्बद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने गराउने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने, गराउने र नतिजाको आधारमा पुरस्कृत र कारबाही गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत यो वर्ष पुँजीगततर्फ कुल रु.३४ अर्ब १० करोड ७२ लाख बजेट व्यवस्था भएकोमा रु.२६ अर्ब ६५ करोड ५७ लाख (७८.१५ प्रतिशत) खर्च भएको छ। मन्त्रालय र मातहत निकायका लागि अनुगमन मूल्याङ्कन शीर्षकबाट रु.४ करोड १५ लाख ३६ हजार तथा सोका अतिरिक्त कन्टिन्जेन्सीसमेतबाट अनुगमन, मूल्याङ्कनमा खर्च भएको छ। आयोजनाहरूको अनुगमन, मूल्याङ्कन मितव्ययी हुनुका साथै आयोजनाले लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

जलस्रोत तथा सिँचाइ विभाग

मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम उपयोग गरी सिँचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने, सिँचाइ प्रणालीहरूको विकास गरी सिँचाइयोग्य जमिनमा वर्षैभरी सिँचाइ सेवा विस्तार गर्ने, यस क्षेत्रको नीतिगत, जनशक्ति र साधन स्रोतको व्यवस्थापन गर्ने र सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्नेलगायतका उद्देश्यले यस विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत ५७ कार्यालयको लागि रु.३२ अर्ब १४ करोड ४९ लाख २२ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१ अर्ब २ करोड १६ लाख ७९ हजार र पुँजीगततर्फ रु.२५ अर्ब ६६ करोड १७ लाख २ हजारसमेत रु.२६ अर्ब ६८ करोड ३३ लाख ८१ हजार खर्च गरेको छ।

३०. **जग्गा अतिक्रमण -** सुनसरी मोरङ सिँचाइ आयोजनाअन्तर्गत नहरको हेडवर्क्सदेखि शाखा संरचनासम्म नहरक्षेत्रभित्रपर्ने कुल १ हजार ८७६ कित्तामा रहेको ७ बिघा १६ कट्ठा १४ धुर जग्गा ७० व्यक्तिले अतिक्रमण गरेकोमा गत वर्ष आयोजनाले नहर क्षेत्रका ११० घर टहरा हटाए तापनि यो वर्ष सो सम्बन्धमा भएको कार्य प्रगति विवरण पेस भएन। नहरक्षेत्रमा भएको अतिक्रमण हटाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

३१. **कार्यसञ्चालन कोष -** विभागले पेस गरेको आर्थिक विवरणअनुसार कार्यसञ्चालन कोषमा गत वर्षको मौज्दात रु.४ करोड ३१ लाख ७२ हजार र यो वर्षको रु.६ करोड ९४ लाख ६४ हजार आम्दानी समेत रु.११ करोड २६ लाख ३६ हजारमध्ये रु.९ करोड ३९ लाख ३४ हजार खर्च भई रु.१ करोड ८७ लाख २ हजार मौज्दात रहेको छ। विभागले मौज्दात रकमको स्रोत तथा प्रयोजन खुल्ने गरी स्पष्ट विवरण राखेको छैन। कोषको प्रयोजनअनुसार खर्च गरी बाँकी रहेको रकम सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

३२. **मर्मत सम्भार कोष -** जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट सिँचाइ प्रणालीको प्रकृतिको आधारमा ४० प्रतिशतसम्म केन्द्रीय मर्मत सम्भार कोषमा, ५ देखि ४० प्रतिशतसम्म नेपाल सरकारको राजस्व खातामा र बाँकी २० देखि ९५ प्रतिशतसम्म उपभोक्ता संस्थाले प्राप्त गर्ने उल्लेख छ। सो व्यवस्था अनुसार सुनसरी मोरङ सिँचाइ योजनाअन्तर्गतका उपभोक्ता संस्थाहरुले २०५९।६० देखि २०८१।८२ सम्मको केन्द्रीय मर्मत सम्भार कोषमा दाखिला गर्नुपर्ने रु.८ करोड ७४ लाख ३४ हजार दाखिला गरेका छैनन्।

जल तथा मौसम विज्ञान विभाग

मौसम तथा बाढी पूर्वानुमानको सूचना समुदायलाई समयमै पुऱ्याउन जलावायु परिवर्तनको कारणले हुने जोखिमलाई न्यूनीकरण गर्न यस विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत ८ कार्यालयको लागि रु.५७ करोड ५७ लाख ८५ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.२२ करोड ८७ लाख ५७ हजार र पुँजीगततर्फ रु.२२ करोड ३९ लाख ५३ हजारसमेत रु.४५ करोड २७ लाख १० हजार खर्च गरेको छ।

३३. **कानुन तर्जुमा -** नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुसार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वा मातहत जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड, तथ्याङ्क योजना, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी विभागको रहेकोमा राष्ट्रिय जलस्रोत नीति २०७७, विपद् न्यूनीकरण एवं व्यवस्थापन गरी जलवायु परिवर्तन नीति, २०७६ लगायतका नीति कार्यान्वयन गर्ने प्रयोजनको लागि आवश्यक कानुन, मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्ने बेहोरा विगतको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् रहेको छ।

३४. **बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणाली -** बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणालीको डिजाइन, आपूर्ति र स्थापनाको लागि विभाग र एक आपूर्तिकर्ताबिच ३ वर्ष भित्र अर्थात् २०८२।१।१८ सम्म कार्य सम्पन्न गर्ने गरी रु.६ करोड ९६ लाखमा सम्झौता भएकोमा समयमा कार्यसम्पन्न हुन नसकी पहिलो पटक २०८३।६।१५ सम्म म्याद थप भएको देखिन्छ। उक्त कार्यको हालसम्म भौतिक प्रगति ६५ प्रतिशत रहेको छ। समयमा उक्त प्रणाली स्थापना तथा सञ्चालन नहुँदा बाढी पूर्वानुमानको सूचना प्रभावित समुदायले पाउन सकेका छैनन्। खरिद कानुन र सम्झौताका सर्तबमोजिम खरिद कार्य सम्पन्न गराउनुपर्दछ।

विद्युत विकास विभाग

विद्युत उत्पादनका लागि हुने प्राविधिक, आर्थिक तथा वातावरणीय मूल्याङ्कन गर्ने/गराउने, निजी क्षेत्रबाट निर्माण गरिने आयोजनाहरूको लागि अनुमतिपत्र दिने, सोको अनुगमन, निरीक्षण गर्ने, विद्युत उत्पादन, प्रसारण एवं वितरणमा प्रयोग हुने मालसामानको गुणस्तर निर्धारण गर्ने, विद्युतीय सेवालाई स्तरीय एवं सुरक्षात्मक बनाउने लगायत विद्युतसम्बन्धी समन्वयात्मक भूमिका निर्वाहको लागि यस विभागको स्थापना भएको हो। यो वर्ष विभाग र मातहत ४ आयोजना कार्यालयको लागि रु.४ अर्ब १६ करोड ५ लाख १५ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.११ करोड ११ लाख ४३ हजार र पुँजीगततर्फ रु.३८ करोड ९० लाख ५ हजारसमेत रु.५० करोड १ लाख ४८ हजार खर्च गरेको छ ।

३५. **आयोजना बैङ्क -** विद्युत आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ मा नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट सम्भाव्यता अध्ययन भएका आयोजनाहरूको सर्वेक्षण अनुमतिपत्र रद्द भएका वा उत्पादन अनुमतिपत्र रद्द भएका तथा नेपाल सरकारबाट अध्ययन भइरहेका वा नेपाल सरकारको लागि अन्य संस्थाबाट अध्ययन भइरहेका आयोजनाहरू आयोजना बैङ्कमा रहने व्यवस्था छ। प्राप्त विवरणअनुसार निजी क्षेत्रबाट अनुमतिपत्र खारेज भई आयोजना बैङ्कमा रहेका आयोजना १६०, विभागबाट अध्ययनरत आयोजना २२ र अध्ययन सम्पन्न भएका आयोजना २२ समेत २०४ आयोजना बैङ्कमा रहेको उल्लेख छ। विभागले २०८१।८२ देखि आयोजना बैङ्कमा रहेका

आयोजनाहरू सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम प्रतिस्पर्धाको आधारमा अग्रिम शुल्क लिएर निजी ऊर्जा उत्पादकहरूलाई सर्वेक्षण र विकासको लागि अनुमति दिने व्यवस्था गरे तापनि सो अनुरूप आयोजना कार्यान्वयन हुन सकेका छैनन्। निर्देशिकामा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

३६. **रोयल्टी बक्यौता -** विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रु.१०० र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र उक्त अवधिपछि प्रति जडित किलोवाट वार्षिक रु.१ हजार र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार २०८२ चैत्र ६ सम्म १४९ आयोजनाबाट रु.१८ करोड ४६ लाख ४७ हजार बक्यौता असुल गर्न बाँकी रहेको देखिन्छ। नियमानुसार आयोजनाले तिर्नुपर्ने रोयल्टी यकिन गरी असुल गर्नुपर्दछ।

३७. **जलविद्युत आयोजनाहरूको अनुगमन -** विद्युत ऐन, २०४९ को दफा ७ मा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको सर्वेक्षण, उत्पादन वा वितरणको सम्बन्धमा पालना गर्नुपर्ने कुराहरू तोकिएको र दफा ८ मा अनुमतिपत्र प्राप्त व्यक्तिले नियमविपरीत कुनै काम गरेमा अनुमतिपत्र खारेजसम्म हुने व्यवस्था छ। अनुमति प्राप्त गरी निर्माणको चरणमा रहेका २५८ आयोजनामध्ये यो वर्ष विभागले २७ निर्माणाधीन आयोजना र १५ सञ्चालनमा रहेकासमेत ४२ जलविद्युत आयोजनाको अनुगमन गरेको छ। विभागले निर्माणाधीन आयोजनाहरूलाई अनुमतिपत्र जारी गर्दा भएको सम्झौताअनुसार प्रगति भए नभएको अनुगमन गरी निर्माणको क्रममा भएका समस्या समाधान गर्न आवश्यक निर्देशन दिएको देखिएन। तोकिएको समयमा आयोजना सम्पन्न गर्न विभागले उपयुक्त संयन्त्र तयार गरी तदनुरूप कार्य गर्नुपर्दछ।

बुढीगङ्गा जल विद्युत आयोजना

३८. **समग्र प्रगति -** नेपाल विद्युत प्राधिकरणबाट सन १९९७ मा सम्भाव्यता अध्ययन भएको बुढीगङ्गा नदीबाट २० मेगावाट (६ घण्टा पिकिङ अर्धजलाशययुक्त) क्षमताको विद्युत उत्पादन तथा प्रसारण गर्न रु.१३ अर्ब ११ करोडको लागत अनुमान तयार भएको छ। निर्माण कार्य ३ चरणमा गर्ने गरी खरिद योजना तय भएकोमा तेस्रो चरणको ट्रान्समिसनको कार्य राष्ट्रिय प्रसारण ग्रीड कम्पनीबाट गर्ने र बाँकी २ चरणको कार्यमध्ये पहिलो चरणको सिभिल वर्क्सको कार्य गर्न यो वर्ष रु.६ अर्ब ९३ करोड ५२ लाखमा ठेक्का सम्झौता भएको छ। हालसम्म जग्गा प्राप्तिको लागि मुआब्जाबापत रु.१५ करोड ७४ लाखसमेत रु.३७ करोड ८३ लाख खर्च भए तापनि संरचना निर्माणसम्बन्धी कार्य भएको छैन। निर्माण कार्य समयमा सम्पन्न हुनुपर्दछ।

३९. **ऋण सम्झौता र खर्च -** आयोजना निर्माण कार्यको लागि २०७१।३।४ मा साउदी विकास कोषबाट ११२.५ मिलियन साउदी रियल र २०६९।१२।९ मा कुवेती कोषबाट ५ मिलियन कुवेती दिनार ऋण प्राप्त गर्ने गरी नेपाल सरकारसँग सम्झौता भएको छ। आयोजना कार्यालयबाट प्राप्त विवरणअनुसार हालसम्म क्रमशः साउदी रियल ६३ लाख ७३ हजार र कुवेती दिनार ४ लाख २२ हजार ऋण शोधभर्ना भएको छ। ऋण सम्झौता भएको क्रमशः १२ वर्ष र १३ वर्षको अवधि व्यतीत भइसकेको र एक पटक म्यादसमेत थप भई ऋण सम्झौताको अवधि २०८४।५।३१ सम्म कायम भएको छ। ऋण सम्झौताको म्याद २ वर्ष मात्र बाँकी रहेको अवस्थामा क्रमशः ५.६४ र ८.४५ प्रतिशत मात्र

ऋण उपयोग भएको छ। जग्गा प्राप्ति, स्रोत सहमति, ठेक्का व्यवस्थापन लगायतका कार्यमा भएको विलम्बले ऋण उपयोग हुन सकेको देखिएन। वैदेशिक ऋणको दक्षतापूर्ण उपयोग गर्दै निर्धारित समय र लागतमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

४०. **ठेक्का व्यवस्थापन -** आयोजनाको पहिलो चरणको कार्य अर्थात् सिभिल वर्क्स र पावर हाउस तथा टेल रेस निर्माण कार्यको लागत अनुमान ३ पटक अद्यावधिक गरी रु.७ अर्ब ३० करोड १४ लाख कायम भएको छ। अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट पेस भएका ६ बोलपत्रदातामध्ये छनोट भएको एक संयुक्त उपक्रमसँग २०८०।५।२९ मा सम्झौताको लागि पत्राचार गरेकोमा अर्थ मन्त्रालयबाट स्रोत सहमति प्राप्त नभएकोले ७ पटकसम्म बोलपत्र जमानतको म्याद थप गरेको र २०८२।५।२९ मा रु.६ अर्ब ९३ करोड ५२ लाखमा ईपीसी मोडेलमा सम्झौता भएको छ। सम्झौताअनुसार आयोजना कार्यान्वयन हुनुपर्दछ।

४१. **सञ्चालन मोडालिटी** - आयोजना निर्माणको लागि नेपाल सरकार र दातृ निकायहरूबिच भएको सम्झौतामा आयोजनामा जलविद्युतको निर्माण, उत्पादन, आपूर्ति तथा सञ्चालनसमेतका कार्यहरू यसै आयोजनाअन्तर्गत रहने उल्लेख छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित यस जलविद्युत आयोजनाको निर्माण कार्य सन् २०१३ देखि सुरुवात भएकोमा यो वर्ष पहिलो चरणको कार्य अर्थात् सिभिल वर्क्सको ठेक्का सम्झौता भएको छ। आयोजनाबाट उत्पादन हुने विद्युत बिक्री सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँग कुनै ऊर्जा खरिद सम्झौता नभएकोले हालको संस्थागत संरचनाबाट आयोजनाबाट उत्पादित विद्युत बिक्री तथा सोको व्यवस्थापन हुन सक्ने अवस्था देखिएन। उपयुक्त संस्थागत संरचना सम्बन्धमा समयमै निर्णय हुनुपर्दछ।

भैरहवा लुम्बिनी भूमिगत जल सिँचाइ व्यवस्थापन कार्यालय

४२. **जग्गाधनी प्रमाणपत्र -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ मा प्रत्येक सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको जग्गाको लगत राखी त्यस्तो जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाअन्तर्गत रुपन्देही जिल्लामा अधिग्रहण गरिएको ६११ बिघामध्ये ३४३ बिघा जग्गाधनी प्रमाण पुर्जा नेपाल सरकारको नाममा प्राप्त भएकोमा बाँकी २६८ बिघा जग्गाको जग्गाधनी प्रमाण पुर्जा नेपाल सरकारको नाममा प्राप्त भएको देखिएन। अधिग्रहण गरिएका जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी सम्पत्ति विवरण अद्यावधिक गर्नुपर्दछ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना

४३. **आयोजना कार्यान्वयन -** राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत रहेको यस आयोजनाले कैलाली जिल्लामा सिँचाइ प्रणालीको आधुनिकीकरण गरी ३७ हजार ८०० हेक्टर जमिनमा वातावरणमैत्री सिँचाइ सुविधा उपलब्ध गराउन मूल नहर तथा फिडर नहरको निर्माण गर्ने र नहरमा पर्ने पानीबाट ४.७१ मेगावाट जलविद्युतसमेत उत्पादन गर्न विश्व बैङ्कको ऋण सहायताबाट रकम बेहोरिने गरी सञ्चालनमा रहेको यस आयोजनाको लागत अनुमान रु.२७ अर्ब ७० करोड रहेको छ। आयोजना २०८५।८६ सम्म सम्पन्न गर्ने गरी २०६७।६८ मा सुरु भएको यस आयोजनाको पहिलो र दोस्रो प्याकेजबाट १४ हजार ३०० हेक्टर र लम्की क्षेत्रको ६ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने मूल नहर, शाखा नहर तथा अन्य संरचनासम्बन्धी निर्माण कार्य सम्पन्न भई करिब २० हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको

प्रगति पेस भए तापनि लम्की क्षेत्रतर्फको सहायक नहर निर्माण नभएकोले सिँचाइ सुविधा उपलब्ध हुन सकेको छैन। आयोजनामा यो वर्षसम्म कुल रु.२१ अर्ब ५८ करोड ५६ लाख खर्च भई ७४.७६ प्रतिशत भौतिक प्रगति भएको छ। तेस्रो प्याकेजअन्तर्गत पथरैयादेखि कान्द्रासम्मको १८ हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन संरचनाहरू आगामी ६ वर्षमा सम्पन्न गर्न यो वर्ष लम्की मूल नहरअन्तर्गत शाखा नहर निर्माण कार्य सुरु गर्ने लक्ष्य राखिएकोमा निर्माण कार्य सुरु हुन सकेको छैन। निर्धारित समयमा निर्माण सम्पन्न गरी सिँचाइ सुविधा उपलब्ध गराउनुपर्दछ।

४४. **ऋणको उपयोग -** नेपाल सरकार र विश्व बैङ्कबिच २०७५।१।२७ मा भएको ऋण सम्झौतामा कुल एसडीआर ४ करोड ५३ लाख ऋण स्वीकृत भएकोमा समयमा ऋण उपयोग हुन नसकी दुई पटकमा एसडीआर ६९ लाख ७६ हजार ऋण रद्द गरी एसडीआर ३ करोड ८३ लाख २४ हजार ऋण कायम भएको छ। कुल ऋण रकमको ८१.८३ प्रतिशत र खुद ऋण रकमको ९६.७३ प्रतिशत उपयोग भएको देखियो। उल्लिखित अवस्थामा कुल एसडीआर ८२ लाख ३० हजार तथा खुद एसडीआर १२ लाख ५४ हजार अर्थात् कुल स्वीकृत ऋण रकममध्ये रु.१ अर्ब ५९ करोड २९ लाख तथा खुद स्वीकृत ऋण रकममध्ये रु.२४ करोड २७ लाख (२०८२ असार मसान्तको विनिमय दर अनुसार) उपयोग हुन सकेको देखिएन। उपयोग नभएको अमेरिकी डलर १७ लाख १० हजारमा लाग्ने प्रतिबद्धता शुल्क आयोजना कार्यालयले प्रत्येक वर्ष दातृ निकायले छुट दिने गरी निर्णय भएको जानकारी दिए तापनि विश्व बैङ्क बोर्डको निर्णय पेस हुन सकेन। ऋण रकम समयमा उपयोग हुन नसक्दा प्रतिबद्धता शुल्कसमेतमा वित्तीय दायित्व बढ्ने अवस्था छ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

४५. **समग्र प्रगति स्थिति -** बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई भेरी नदीबाट ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसाली ४६.८ मेगावाट जलविद्युत उत्पादन गर्नुका साथै बबई-मानखोला डाइभर्सन आयोजनामार्फत विद्युत उत्पादन, सिँचाइ तथा खानेपानी सेवा उपलब्ध गराउने आयोजनाको उद्देश्य रहेको छ। राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको यस आयोजनाको २०६६।६७ को सुरु लागत रु.१६ अर्ब ४३ करोड रहेकोमा संशोधित लागत रु.३३ अर्ब १९ करोड ६६ लाख कायम भएको छ। सुरुमा २०७९।८० मा सम्पन्न हुने गरी २०७६।६।२ मा आयोजना स्वीकृत भएकोमा २०८४।८५ मा आयोजना सम्पन्न गर्ने गरी पुनः २०७९।११।१४ मा सम्झौता अवधि संशोधन भई निर्माण कार्य भइरहेको छ। आयोजनामा हालसम्म रु.१८ अर्ब ४६ करोड ३८ लाख खर्च भई भौतिक प्रगति ६९ प्रतिशत रहेको छ। हेडवर्क्सतर्फ पावरहाउससँगै जोडिएर आउने हाइड्रोमेकानिकल कार्यको ठेक्का सम्झौता २०७८ मंसिरमा र इलेक्ट्रोमेकानिकल कार्यको ठेक्का सम्झौता २०७९ श्रावणमा भएको देखिन्छ। दुई वटै ठेक्काको सुरुको सम्पन्न गर्नुपर्ने अवधि ३ वर्ष रहेकोमा यो वर्षसम्मको भौतिक प्रगति क्रमशः ५० र ५५ प्रतिशत रहेको छ। संशोधित गुरु योजनाले तोकेको अवधिभित्र निर्माण सम्पन्न गर्नुपर्दछ।

४६. **समष्टिगत खर्च स्थिति -** आयोजनाको लागि यो वर्ष रु.२ अर्ब ७ करोड ५६ लाख विनियोजन भएकोमा रु.१ अर्ब ९६ करोड ३ लाख ४८ हजार खर्च भई २०८१।८२ सम्म रु.१८ अर्ब ४६ करोड ३८ लाख खर्च भएको छ। पछिल्लो तीन वर्षमा रु.५ अर्ब २० करोड ४२ लाख विनियोजन भएकोमा रु.४ अर्ब ७३ करोड ४७ लाख खर्च भएको छ। संशोधित गुरुयोजनाअनुसार योजनाको लागत रु.३३ अर्ब

१९ करोड ६६ लाख रहेकोमा हालसम्म कुल संशोधित लागतको तुलनामा ५५.६२ प्रतिशत खर्च भएको स्थिति छ। पर्याप्त बजेट व्यवस्था गरी राष्ट्रिय गौरवको योजना निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ।

४७. **मुआब्जा तथा राहत वितरण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कार्यको निमित्त कुनै कार्य गर्न आवश्यक ठहऱ्याएमा यस ऐनबमोजिम मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ। आयोजनाको बाँध निर्माण पश्चात् डुबान क्षेत्रको रेखाङ्कन भित्र पर्ने ऐलानी जग्गाको क्षर्तिपूर्ति दिने सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषद्को २०७८।८।२ को निर्णयमा २० वर्षभन्दा बढी अवधिदेखि ऐलानी जग्गा भोग चलन गरी बसेका व्यक्तिको हकमा जिल्ला मुआब्जा निर्धारण समितिबाट निर्धारण गरिएको रैकर जग्गाको मुआब्जा दरको आधारमा पूरै जग्गा परेकालाई सोको ७५ प्रतिशत र आंशिक जग्गा परेकालाई ६६ प्रतिशत रकम आयोजनाबाट क्षर्तिपूर्ति उपलब्ध गराउने उल्लेख छ। आयोजनाको लक्ष्यअनुसार कुल ३३ हेक्टर जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म १७.१९ हेक्टर (५२ प्रतिशत) जग्गा अधिग्रहण गरी रु.२१ करोड ७८ लाख मुआब्जा तथा क्षतिपूर्ति दिएको छ। यो वर्ष आयोजनाका लागि २.६ हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्यसहित रु.२ करोड विनियोजन भएकोमा प्रगति शून्य रहेको पाइयो। लक्ष्य अनुसार जग्गा अधिग्रहणको कार्य सम्पन्न गरी यथासमयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

४८. **हेडवर्क्स तथा विद्युत गृह निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौताको सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। आयोजनाले भेरी नदीमा २ ढोकासहितको करिब १२० मिटर लामो हेडवर्क्स, पेनस्टक पाइप र विद्युतगृह निर्माणका लागि एक निर्माण व्यवसायीसँग ४८ महिनाभित्र सम्पन्न गर्ने गरी २०७६।४।१३ मा रु.६ अर्ब १६ करोड ५२ लाखको सम्झौता गरेकोमा भेरिएशन स्वीकृति पश्चात् संशोधित सम्झौता अङ्क रु.६ अर्ब ८९ करोड ३५ लाख कायम भएको छ। सम्झौताअनुसार समयमा कार्य सम्पन्न हुन नसकी तेस्रो पटक २०८२।१२।२० सम्म म्याद थप भएकोमा यो वर्षसम्म निर्माण कार्यको भौतिक प्रगति ५६ प्रतिशतमात्र रहेको छ। ठेक्काको अवधि समाप्त हुँदासम्म पनि प्रगति न्यून रहेकोले सम्झौताका सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४९. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था रहेको छ। हेडवर्क्स र विद्युत गृह निर्माण सम्झौताको विशेष सर्तको बुँदा नं. ६.५ मा उल्लेख भएबमोजिमको मानवस्रोत, मेसिन उपकरण तथा कामदार निर्माण स्थलमा परिचालन भएको देखिएन। समयमा काम सम्पन्न नभई तेस्रो पटक २०८२।१२।२० सम्म म्याद थप भई सुरु सम्झौता अवधिको ६३ प्रतिशत बढी अवधि म्याद थप भएको छ। आयोजनाको टनेल निर्माण कार्य सम्पन्न भएतापनि सिभिल वर्कतर्फ अपेक्षित प्रगति हासिल नभएको कारण इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल प्याकेज अन्तर्गत खरिद गरिएका कतिपय मेसिनरी तथा निर्माण सामग्रीहरू जडान हुन सकेको छैन। आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा आयोजनाबाट सिँचाइतर्फ रु.३ अर्ब १० करोड र विद्युततर्फ रु.४ अर्ब ३ करोडसमेत वार्षिक रु.७ अर्ब १३ करोड प्रतिफल प्राप्त हुने प्रक्षेपण रहेकोमा निर्माण कार्यमा २ वर्ष ढिलाइ हुँदा नेपाल सरकारलाई अपेक्षित प्रतिफल प्राप्त नहुने देखिन्छ। खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

५०. **इलेक्ट्रो मेकानिकल कार्य -** इलेक्ट्रो मेकानिकल कार्यहरूको डिजाइन, उत्पादन, आपूर्ति, ढुवानी, जडान, परीक्षण र सञ्चालनसम्बन्धी कार्यका लागि आयोजना र एक निर्माण व्यवसायीबिच २०८२।४।१८ सम्ममा काम सम्पन्न गर्नेगरी २०७९।४।१९ मा रु.३ अर्ब २८ करोड ८० लाखको सम्झौता भएको देखिन्छ। निर्माण कार्यको छैठौं रनिङ्ग बिलसम्म रु.१ अर्ब ३ करोड २४ लाख भुक्तानी भई हालसम्मको वित्तीय प्रगति ३१.४० प्रतिशत र भौतिक प्रगति ५५ प्रतिशत रहेको देखिन्छ। सो कार्य अन्तर्गत पावर हाउस निर्माणसम्बन्धी टर्बाइन, जेनेरेटर, पावर ट्रान्सफर्मर, ओभरहेड ट्राभलिङ क्रेन, कन्ट्रोल प्यानललगायतका उपकरणहरूको जडान भए तापनि एम्बेडेड पार्टसहरू साइटमा जडान हुन बाँकी रहेको छ। सम्झौताअनुसार निर्धारित समयभित्र पावरहाउस निर्माण गरी सञ्चालन गर्नुपर्दछ।

५१. **सिभिल वर्क्स -** हेडवर्क्स, सर्ज शाफ्ट, पेनस्टक र पावरहाउससम्बन्धी सिभिल वर्क्सको लागत अनुमान रु.९ अर्ब २६ करोड ३५ लाख रहेकोमा अन्तर्राष्ट्रियस्तरको बोलपत्रमार्फत छनोट भएका एक निर्माण व्यवसायीको कबोल अङ्क रु.६ अर्ब १६ करोड ५२ लाख स्वीकृत गरी २०८०।४।२८ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।४।१३ मा सम्झौता भएको छ। निर्माण कार्यको प्रगति सम्झौताबमोजिम हुन नसकी तेस्रो पटक २०८२।१२।२० सम्म म्याद थप भएको र भेरिएशन स्वीकृत गरी सम्झौता रकम रु.६ अर्ब ८९ करोड ३५ लाख कायम भएको छ। निर्माण व्यवसायीलाई गत वर्षसम्मको रु.२ अर्ब ८१ करोड ३६ लाख तथा यो वर्षको रु.४१ करोड ९० लाख ४८ हजारसमेत रु.३ अर्ब २३ करोड २६ लाख ७७ हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीले पेस गरेको कार्यतालिकाअनुसार मेसिनरी तथा उपकरणहरू तोकिएको स्पेसिफिकेसन र सङ्ख्यामा उपलब्ध नहुँदा निर्माण कार्यमा ढिलाइ भएको देखिन्छ। आयोजनाको यो वर्षसम्मको भौतिक प्रगति ५६ प्रतिशत तथा वित्तीय प्रगति ४६.८९ प्रतिशत रहेको छ। सम्झौताको कार्यतालिका अनुसार निर्धारित समयमा आयोजना सम्पन्न हुनुपर्दछ।

५२. **साझेदारको अनुपस्थिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(७क)मा निर्माण कार्य संयुक्त उपक्रमबाट कार्यसम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। हेडवर्क्स तथा विद्युत गृह निर्माण गर्न एक विदेशी कम्पनी मुख्य साझेदार रहेको एक संयुक्त उपक्रमसँग २०८१।९।५ सम्म सम्पन्न गर्ने गरी २०७८।८।७ मा रु.६ अर्ब १६ करोड ५२ लाखको सम्झौता भएकोमा तेस्रो पटक म्याद थप गर्दा पनि रु.३ अर्ब २३ करोड २६ लाख खर्च गरी ५६ प्रतिशत कार्य मात्र सम्पन्न भई बाँकी कार्य अधुरो रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को व्यवस्थाअनुसार निर्माण कार्यको अनुगमन गरी संयुक्त उपक्रमका साझेदारलाई काममा उपस्थित गराई सम्झौताअनुसार निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

५३. **आयोजनाको समग्र स्थिति -** सुनकोशी नदीमा बाँध निर्माण गरी १३.३ किलोमिटर लामो सुरुङमार्फत ६७ घनमिटर प्रति सेकेन्ड पानी मरिन नदीमा खसाली बागमती नदी हुँदै मधेशका ५ जिल्लामा १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउनुका साथै ३१.०७ मेगावाट विद्युतसमेत उत्पादन गर्ने उद्देश्य रहेको यस आयोजनाको सुरु लागत रु.४६ अर्ब १९ करोड ३९ लाख रहेकोमा संशोधित लागत अनुमान रु.४९ अर्ब ४२ करोड ३१ लाख कायम भएको छ। राष्ट्रिय गौरवको आयोजनाको रूपमा सञ्चालित यो आयोजना २०८५।८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा निर्माण

कार्यअन्तर्गत टनेल निर्माण कार्य सम्पन्न भएको र हेडवर्क्स निर्माण कार्य प्रारम्भिक चरणमा रहेको छ। आयोजनामा २०८१।८२ सम्म रु.१६ अर्ब ५६ करोड ५२ लाख खर्च भई वित्तीय प्रगति ३१.४९ प्रतिशत र भौतिक प्रगति ३६.८३ प्रतिशत रहेको छ। निर्धारित समय र लागतमा आयोजना सम्पन्न हुनेगरी कार्यसम्पादन गर्नुपर्दछ।

५४. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। निर्माण व्यवसायीले आयोजना अन्तर्गत हाइड्रोमेकानिकल, हेडवर्क्स तथा पावरहाउस निर्माण गर्न एक संयुक्त उपक्रमसँग १ हजार ६५० दिनभित्र सम्पन्न गर्ने गरी २०७९।९।१७ मा रु.१४ अर्ब ७ करोड ५९ लाखमा सम्झौता गरेको छ। निर्माण व्यवसायीलाई यो वर्षसम्म पेस्की रु.१ अर्ब २० करोड १४ लाख र निर्माण खर्च रु.९३ करोड ३९ लाख ८ हजार भुक्तानी गरेको छ। सम्झौता अवधिको करिब ५५ प्रतिशत समय व्यतीत भइसकेकोमा वित्तीय प्रगति १५ प्रतिशत र भौतिक प्रगति १०.३५ प्रतिशत रहेको छ। निर्माण व्यवसायीबाट सम्झौताको कार्यतालिकाबमोजिम काम नभएकोले २०८२।८।२४ मा खरिद सम्झौता अन्त्य गरेको छ। कार्यालयले नियममा व्यवस्था भएबमोजिम बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने, जमानत जफतलगायत प्रचलित खरिद कानुनबमोजिम कारबाही गरिनुपर्दछ।

महाकाली सिँचाइ आयोजना (तेस्रो)

५५. **समग्र प्रगति –** नेपाल र भारत सरकारबिच सन् १९९६ मा भएको महाकाली एकीकृत विकास सन्धिअनुसार ३३ हजार ५२० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले यो आयोजना विगत ३० वर्ष देखि सञ्चालित छ। हालसम्म आयोजनाको मूलनहर १५२ किलोमिटरमध्ये ३३ किलोमिटर, ड्रेन साइफन १२२ मध्ये ३०, सडक पुल १७४ मध्ये २, ग्रामीण सडक ४३५ मध्ये ४९, राजमार्ग पुल ६ मध्ये ३, एक्वीडक्ट ६ मध्ये ३, स्केप पानी निकास ७२ मध्ये ७ निर्माण भएको र १ हजार २०० हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्य रहेकोमा हालसम्म २८६ हेक्टर मात्र अधिग्रहण भएको छ। यस आयोजनालाई फेज १ र फेज २ मा विभाजन गरिएको र हाल फेज १ अन्तर्गतको निर्माण कार्य भइरहेको छ। आयोजनाको निर्माण कार्य २०६३।६४ मा प्रारम्भ गरी २०८७।८८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको देखिन्छ। यस आयोजनाको तेस्रो चरणको लागत अनुमान रु.३५ अर्ब रहेकोमा हालसम्म रु.९ अर्ब ५८ करोड ५ लाख खर्च भई २६.६५ प्रतिशत भौतिक प्रगति हासिल भएको छ। एकीकृत महाकाली सन्धि अनुसार टनकपुर ब्यारेजबाट भारतले वर्षायाममा २८.३५ क्युमेक र हिउँदमा ८.५ क्युमेक पानी नेपाललाई उपलब्ध गराई नेपालको २८ हजार २५५ हेक्टर सतह सिँचाइ र ५ हजार २६५ हेक्टरमा भूमिगत सिँचाइ उपलब्ध हुने सम्झौता भएको छ। हालसम्म मूल नहर २८ हजार ८०० मिटर सम्पन्न भए तापनि सम्झौताअनुसार पानी निकासको व्यवस्थापन हुन नसक्दा सिँचाइ सुविधा उपभोग गर्न सकिएको छैन।

५६. **खरिद गुरुयोजनाको कार्यान्वयन -** आयोजनाले स्वीकृत गरेको खरिद गुरुयोजना अनुसार २०७७।७८ देखि २०८१।८२ सम्म पाँच वर्षमा कुल रु.१६ अर्ब ६८ करोड ७३ लाखको निर्माण कार्य तथा अन्य परामर्श सेवा खरिद गर्ने कार्यक्रम रहेकोमा यो वर्षसम्म रु.५ अर्ब ६६ करोड ६७ लाख (३३.९६

प्रतिशत) खर्च भएको देखियो। यसबाट खरिद गुरुयोजना अपेक्षित रूपमा कार्यान्वयनमा आएको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

५७. **नहर मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोतको समुचित उपयोग हुने गरी सरकारी रकमको खर्च गर्नुपर्ने व्यवस्था छ। आयोजना कार्यालयले टनकपुर मूल नहरको विभिन्न स्थानमा मर्मत गर्ने प्रयोजनका लागि २ निर्माण व्यवसायीलाई यो वर्ष रु.१ करोड ६१ लाखसमेत यो वर्षसम्म रु.३ करोड ३५ लाख भुक्तानी गरेको छ। मूल नहर उपयोगमा आउनु अगावै मर्मत सम्भारमा रकम खर्च गर्नुपर्ने अवस्था रहेकोले नहर उपयोगमा ल्याउनुपर्दछ।

सिक्टा सिँचाइ आयोजना

५८. **प्रगति अवस्था -** बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा ३१७ मिटर लामो ब्यारेज निर्माण गरी राप्ती नदीको पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर जमिन र पूर्वी मूल नहरले राप्ती नदीको पूर्वी भेगको करिब ९ हजार हेक्टरसमेत ४२ हजार ७६६ हेक्टर भूमिमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य लिई नेपाल सरकारको स्रोतबाट २०६१।६२ देखि सुरु भएको यस आयोजनाले बाँके जिल्लाको ४ लाख ५० हजार कृषकलाई फाइदा पुऱ्याउने तथा बाली सघनता १६८ प्रतिशतबाट २४२ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको छ। लाभ लागत विश्लेषण अनुसार आयोजनाको अनुमानित आन्तरिक प्रतिफल १८ प्रतिशत रहेको देखिन्छ। लागत अनुमान रु.१२ अर्ब ८० करोड रहेको यस आयोजनाको गुरुयोजना २०६४ सालमा स्वीकृत भएकोमा २०७९ भदौमा पूर्वी मूल नहर ५३ किलोमिटर, शाखा, उपशाखा र प्रशाखाको कार्य थप गरी संशोधित लागत रु.५२ अर्ब ८९ करोड कायम भएको छ। आयोजनाको निर्माण कार्य २०८९।९० भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.२२ अर्ब ९१ करोड ५१ लाख खर्च भई भौतिक प्रगति ४४.२३ प्रतिशत पुगेको छ। गुरुयोजना बमोजिमको कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

५९. **मुआब्जा वितरण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। योजना कार्यालयलाई सिक्टा सिँचाइ योजना शीर्षकअन्तर्गत ४४० हेक्टर जग्गा प्राप्ति गर्ने गरी विभिन्न मितिमा निर्णय भएकोमा यस वर्षसम्म १७७.१५ हेक्टर जग्गा अधिग्रहण भएको छ। यो वर्ष १४.६८ हेक्टर जग्गा अधिग्रहण भई रु.१९ करोड २९ लाख ५३ हजार मुआब्जा वितरण भएको छ।

बबई सिँचाइ आयोजना

६०. **समग्र प्रगति -** बर्दिया जिल्लाको परेवाओडार स्थित बबई नदीमा ३१५ मिटर लामो ब्यारेज निर्माण गरी बबई नदी पूर्वमा २१ हजार हेक्टर र पश्चिममा १५ हजार हेक्टरसमेत ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको यस आयोजनाको सुरु लागत रु.२ अर्ब ८७ करोड रहेकोमा संशोधित लागत रु.१८ अर्ब ९६ करोड पुगेको देखिन्छ। उक्त आयोजना २०४५।४६ मा सुरु भई २०८२।८३ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.१५ अर्ब ८१ करोड ८ लाख खर्च भई भौतिक प्रगति ८२.२७ प्रतिशत रहेको छ।

आयोजनाको मुख्य क्रियाकलापहरूमध्ये पूर्वी मूल नहर ३४ किलोमिटर सम्पन्न भएको, पश्चिम मूल नहरतर्फ ४१ किलोमिटरमध्ये ३२ किलोमिटर निर्माण कार्य भएको, शाखा उपशाखा नहर ४०३ किलोमिटरमध्ये ३२१ किलोमिटर निर्माण कार्य भएको देखिन्छ। सिँचित क्षेत्र तथा संरचना संरक्षण कार्यतर्फ ४२ किलोमिटरमा नदी नियन्त्रणसम्बन्धी संरचना निर्माण गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ३० किलोमिटरमा निर्माण कार्य सम्पन्न भएको छ। आयोजनाबाट ३६ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये यो वर्षसम्म २७ हजार ३३० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। अद्यावधिक गुरुयोजनाअनुसार नहर निर्माणको लागि ४५२ हेक्टर जग्गा आवश्यक पर्नेमा यो वर्षसम्म ४०० हेक्टर जग्गा अधिग्रहण भएको छ। गुरुयोजनाबमोजिम आवश्यक बजेट विनियोजन गरी बाँकी कार्य निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ।

६१. **विनियोजन र खर्च -** आयोजनाको लागि यो वर्ष रु.२ अर्ब ३४ करोड ४० लाख विनियोजन भएकोमा रु.२ अर्ब ३४ करोड २७ लाख खर्च भएको छ। संशोधित गुरुयोजनाअनुसार आयोजनामा रु.१८ अर्ब ९६ करोड ३० लाख खर्च हुने अनुमान रहेकोमा २०८१।८२ सम्म रु.१५ अर्ब ८१ करोड ८ लाख खर्च भई ८३.३७ प्रतिशत वित्तीय प्रगति रहेको छ। आयोजनाको लागत फिर्ता अवधि २४ वर्ष, आयोजनाको लगानी फिर्ता दर २२.८ प्रतिशत रहेकोमा समयमै कार्यसम्पन्न नभएको अवस्थामा आयोजनाको लागत बढ्नुका साथै लाभग्राहीले समयमा लाभ प्राप्त गर्ने अवस्था देखिँदैन। प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी समयमा योजना सम्पन्न गर्नुपर्दछ।

६२. **अधुरो कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। आयोजनाले २०७७।७८ मा रु.५ करोड ५१ लाख ३ हजारको खरिद सम्झौता भएका १० ठेक्का मध्ये रु.३ करोड ७५ लाख २२ हजारका ४ खरिद सम्झौता अन्त्य गरी योजनाको बाँकी कार्य पूरा गर्न पुनः ठेक्का आह्वान गरी कार्यान्वयन गरेको छ। बाँकी रु.१ करोड ७५ लाख ८१ हजारका ६ खरिद सम्झौतामा रु.२४ लाख ५५ हजार (१३.९६ प्रतिशत) कार्य भई निर्माण कार्य अधुरो रहेको छ। पटक-पटक म्याद थप गर्दा समेत निर्माण कार्य अधुरो रहन गएकोले सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

६३. **ठेक्का फरफारख** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९(७)मा सार्वजनिक निकायसँग भएको खरिद सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले खरिद कार्य बापत राखिएको जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। आयोजनाले २०७७।७८ मा एक कम्पनीसँग रु.३ करोड ७५ लाख २२ हजारमा खरिद सम्झौता भएका ४ ठेक्काको निर्माण कार्यमा प्रगति हुन नसकेकोले २०८१।२।८ मा खरिद सम्झौता अन्त्य गरी बाँकी काम गर्न पुनः ठेक्का आव्हान गरेकोमा रु.६ करोड ८८ हजारमा सम्झौता गरी कार्यान्वयन भैरहेको छ। नयाँ ठेक्का आह्वान गरी कार्यान्वयन गरेकोमा थप लागत लागेको रकम साविकको निर्माण व्यवसायीबाट कानुनबमोजिम असुल गर्नुपर्दछ।

नारायणी नदी व्यवस्थापन आयोजना

६४. **गुरुयोजनाको कार्यान्वयन** - नारायणी नदीमा वर्षातमा आउने बाढीबाट चितवन र नवलपरासी जिल्लाका जमिन कटान तथा डुबानले गर्दा खेतीयोग्य उर्वर भूमि, सामुदायिक वन र राष्ट्रिय निकुञ्जमा हुनसक्ने

क्षति तथा जोखिमलाई नियन्त्रण गर्न रु.२३ अर्ब ५८ करोड ४३ लाख लागतको गुरुयोजना स्वीकृत भई २०७२।७३ देखि यो आयोजना कार्यान्वयन हुँदै आएको छ। आयोजनाले गुरुयोजना अनुसार सम्पन्न गर्नुपर्ने कार्यको हालसम्म प्राप्त उपलब्धिको अभिलेख राखेको देखिएन। विस्तृत परियोजना प्रतिवेदनहरू कार्यान्वयन गरी नदीबाट हुने क्षति तथा जोखिम नियन्त्रणसम्बन्धी कार्य गर्नुपर्दछ।

६५. **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। आयोजनाले नारायणी नदी नियन्त्रण कार्य अन्तर्गत रामघाट, शिवघाट, काभ्रेघाट लगायतका स्थानमा तटबन्ध निर्माण कार्यका लागि रू.१ अर्ब ३ करोड ५३ लाखको लागत अनुमान स्वीकृत गरी २०८२।३।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९।३।३० मा एक संयुक्त उपक्रमसँग रु.१ अर्ब २ करोड २० लाखमा सम्झौता गरेकोमा भेरिएशन पश्चातको संशोधित लागत अनुमान रु.९४ करोड ८३ लाख कायम भई संशोधित सम्झौता रु.१ अर्ब १ करोड ८८ लाख कायम भएको देखियो। उक्त सम्झौता रकम संशोधित लागत अनुमानभन्दा रु.७ करोड ५ लाख बढी रहेको देखिन्छ। भेरिएशनमार्फत सम्झौता अङ्क संशोधन गर्दा पर्याप्त नेगोसिएसन हुन नसकी संशोधित लागत अनुमान भन्दा बढीमा सम्झौता भएको छ।

६६. **भुक्तानी दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद तथा विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी दिन बाँकी रकम समावेश गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। आयोजना कार्यालयले २०८०।८१ मा निर्माण सम्पन्न भई भुक्तानीका लागि पेस भएका ठेक्का बिलहरूको रकम भुक्तानी गर्न बजेट अपुग भएको कारण जनाई कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनबाट भुक्तानी बाँकी प्रमाणित गराएको छ। सम्झौतामा भएको व्यवस्थाअनुसार रनिङ बिलबाट कट्टी गर्नुपर्ने २७ योजनाको मोबिलाइजेसन पेस्की रु.२० करोड १ लाख ३१ हजार कट्टा नगरी भुक्तानी बाँकी दायित्व रु.१ अर्ब १३ करोड ६४ लाख प्रमाणित गरेको आधारमा बजेट प्राप्त गरी यो वर्ष उपभोक्ता समितितर्फ अन्य तटबन्धका निर्माण कार्यमा खर्च गरेको छ। भुक्तानी बाँकी अभिलेखका आधारमा बजेट प्रस्ताव गरी सोही कार्यमा खर्च गर्नुपर्नेमा अन्य तटबन्धका कार्यमा खर्च गरेकोले सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

बबई भादा औरही नदी व्यवस्थापन आयोजना

६७. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। भादा नदी व्यवस्थापन कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७९।२।३० मा सम्पन्न गर्ने गरी २०७८।९।५ मा रु.९२ लाख १ हजारको खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यसम्पन्न नगरेको कारण जनाई आयोजना कार्यालयले २०८०।३।१२ मा ठेक्का सम्झौता अन्त्य गरेको देखिन्छ। उक्त खरिद सम्झौता अन्तर्गत बाँकी रहेको निर्माण कार्य गराउँदा लाग्ने थप खर्च, अग्रिम भुक्तानीको ब्याज र समयमा कार्यसम्पन्न नगरेबापतको क्षतिपूर्तिसहित रु.२ करोड ४ लाख ७४ हजार असुल गर्ने निर्णय भएकोमा हालसम्म असुल भएको देखिएन। आयोजनाबाट भएको निर्णय अनुसार उक्त रकम असुल हुनुपर्दछ।

अन्य संस्था

विद्युत नियमन आयोग

६८. **मौज्दात फिर्ता -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३(१) मा आयोगको कोषमा पछिल्लो तीन वर्षको औसत सञ्चालन खर्चको १५० प्रतिशतभन्दा बढी जम्मा भएको रकम नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आयोगबाट प्राप्त विवरणअनुसार पछिल्लो ३ वर्षको सञ्चालन खर्च रु.३ करोड ८६ लाख ५४ हजार रहेकोमा १५० प्रतिशतले हुने रु.५ करोड ७९ लाख ८१ हजार कोषको मौज्दातमा हुनुपर्नेमा वर्षान्तमा रु.९ करोड ५४ लाख ९८ हजार मौज्दात रहेको छ। बढी मौज्दात देखिएको रु.३ करोड ७५ लाख १७ हजार सङ्घीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

६९. **विद्युत महसुल न्यूनीकरण -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ मा आयोगले विद्युत महसुल दर निर्धारण गर्दा सञ्चालन खर्च, ह्रासकट्टी दर, सावाँ-ब्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत संरचनाको निर्माणलगायत विद्युत खरिद सम्झौता समेतलाई विचार गरी उपभोक्ताले बुझाउनु पर्ने विद्युत महसुल निर्धारण गर्ने व्यवस्था छ। गत वर्षको तुलनामा विद्युत बिक्री तथा खपत ४.६ प्रतिशतले वृद्धि भएको, विद्युत प्राधिकरणको बिक्री लागत ९.४२ प्रतिशतले बढेको, सञ्चालन तथा प्रशासनिक खर्च ९.५६ प्रतिशतले बढेको, विद्युत चुहावट १०.३९ प्रतिशत रहेको लगायतका अवस्था देखिन्छ।

७०. **शुल्क दाखिला -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३ मा विद्युत वितरण अनुमति प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको ०.३ प्रतिशतका दरले आयोगको कोषमा रकम जम्मा गर्नुपर्ने गरी दर निर्धारण गरेको देखियो। नेपाल विद्युत प्राधिकरणको प्रकाशित आय व्यय विवरण अनुसार प्राधिकरणले देशभित्रै विद्युत बिक्री तथा भारतमा विद्युत निर्यातसमेत गरी विद्युत बिक्रीबाट २०८१।८२ मा रु.१ खर्ब २५ अर्ब ७४ करोड आय प्राप्त गरेकोमा सोको ०.३ प्रतिशतले हुने रु.३७ करोड ७२ लाख २२ हजार यस आयोगलाई भुक्तानी गर्नुपर्नेमा उक्त रकम प्राप्त भएको देखिएन। सो सम्बन्धमा आयोगले यकिन गरी विद्युत प्राधिकरणबाट उक्त रकम प्राप्त गर्नुपर्दछ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

वैकल्पिक तथा स्वच्छ ऊर्जा शक्ति, बायो ग्याँसलगायतको व्यवस्थापन गर्ने उद्देश्यले २०५३।७।१३ मा यस केन्द्रको स्थापना भएको हो।

७१. **वित्तीय स्थिति** - केन्द्रको यो वर्षको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी	५५५३१	चालु खर्च	१३९४७
नेपाल सरकारको अनुदान	७६४५	पुँजीगत खर्च	३३९
वैदेशिक अनुदानतर्फ	६६२९	राजस्व दाखिला	१४३४
वैदेशिक ऋण तर्फ	२६	धरौटी फिर्ता तथा सदरस्याह	५२३
धरौटी आम्दानी	७८९	नेपाल सरकारलाई फिर्ता	१२९
राजस्व प्राप्ति	१४३४	अन्य अनुदान विविध भुक्तानी	१२७९०
अन्य निकायबाट प्राप्त	३६७६	अन्तिम मौज्दात	४६५६८
जम्मा	**७५७३०**	**जम्मा**	**७५७३०**

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा यो वर्ष अन्तिम मौज्दात रु.८९ करोड ६३ लाख घटेको छ। मौज्दात रकमको उपयोग हुनुपर्दछ।

७२. **रिभल्भिङ बायोग्याँस क्रेडिट फण्ड -** वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ को दफा ४क मा वैकल्पिक ऊर्जा प्रवर्धन विकास समितिले वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारका लागि ऋण प्रवाह गर्नसक्ने व्यवस्था छ। बायोग्याँस ऋण कमिटीको २०७०।१०।६ को बैठकको निर्णयअनुसार नियमित कर्जा भुक्तानी नगर्ने वित्तीय संस्थालाई पुनः अन्तिम पटक ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी कर्जा सम्झौता तथा सामूहिक जमानतका आधारमा कर्जा असुली प्रक्रियामा जाने एवं सम्बन्धित संस्था र सो संस्थासँग सम्बन्धित सबै सञ्चालकलाई कालोसूचीमा समाविष्ट गर्ने, कुनै पनि निकायबाट कर्जा लिन अयोग्य घोषित गरी सम्पूर्ण विकास बैङ्क, वाणिज्य बैङ्क र नेपाल राष्ट्र बैङ्कमा आवश्यक प्रक्रियाका लागि पत्राचार गर्ने र नेपाल सरकारको प्रचलित कानुनबमोजिम विगो असुली प्रक्रियाअन्तर्गतको कानुनी कारबाही अगाडि बढाउने निर्णय गरेको छ। केन्द्रबाट प्राप्त विवरण अनुसार ४३ संस्थाबाट हालसम्म लगानीमा रहेको साँवा, भाखा नाघेको साँवा, उठ्न बाँकी ब्याज, भाखा नाघेको ब्याज, उठ्न बाँकी हर्जना र भाखा नाघेको हर्जना समेत रु.१२ करोड ६ लाख २२ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। समितिले गरेको निर्णयबमोजिम समयमै आवश्यक कारबाही हुनुपर्दछ।

७३. **घरायसी बायोग्याँस** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। केन्द्रबाट लाभग्राहीसमेतको लागत साझेदारीमा बायोग्याँस निर्माण कार्यक्रम सञ्चालनमा २०८१।८२ सम्म ४ लाख ५६ हजार घरायसी बायोग्याँस निर्माण भई रु.४४ अर्ब ७६ करोड १७ लाख खर्च भएको छ। सो खर्चमध्ये केन्द्रले लागत साझेदारी रु.१६ अर्ब ४० करोड ७ लाख भुक्तानी गरेको छ। केन्द्रले गरेको उपभोक्ता सर्वेक्षणअनुसार अनुदानमा निर्माण गरिएका घरायसी बायो ग्याँसमध्ये ९ देखि १८ प्रतिशतसम्म बन्द भएको उल्लेख गरेको छ। निर्माण गरिएका घरायसी बायोग्याँस बन्द हुनुका कारणहरू पहिचान गरी घरायसी बायो ग्याँसमा लागत साझेदारी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

७४. **केन्द्रीय नवीकरणीय ऊर्जा कोष** - ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिको क्षेत्रमा अनुदान, भायाबिलिटी ग्याप फण्डिङ्ग तथा उपभोक्ता कर्जाको प्रभावकारी परिचालन गर्न र नवीकरणीय ऊर्जा प्रविधिबाट प्राप्त हुने कार्बन आम्दानी, उपयोग तथा व्यवस्थापन गर्न केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका, २०७१ बमोजिम यो कोष सञ्चालन हुँदै आएको छ। यो कोषबाट १० परियोजनाका लागि कुल रु.२४ करोड ३८ लाख ३९ हजार कर्जा प्रवाह गरेकोमा रु.५ करोड ५० लाख ऋण फिर्ता भएको अवस्था छ। केन्द्रले ऋण रकम सम्झौताबमोजिम उपयोग भए नभएको, सम्झौताबमोजिम प्रतिबद्धता शुल्क प्राप्त भए नभएको, ऋणको परिपक्वता अवधि पश्चात् असुलीको अवस्था र कोषलाई फिर्ता हुनुपर्ने रकम सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको छैन।

७५. **बढी ज्याला भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान निर्धारण गर्ने सिलसिलामा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटलाई आधार लिनुपर्ने उल्लेख छ। स्वच्छ ऊर्जामा जनताको पहुँच बढाउने, गरिबी न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनबाट हुने असरलाई कम गर्नका लागि मद्दत गर्ने उद्देश्यले

विश्व बैङ्कसँगको सम्झौता अनुरूप नवीकरणीय ऊर्जासम्बन्धी विशेष कार्यक्रमको प्रवर्धनका लागि जारी गरिएको कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३ बमोजिम २ फर्मसँग २०८१।४।४ मा रु.३९ करोड २३ लाख ३८ हजारको सम्झौता भएको देखिन्छ। सोमध्ये रु.१५ करोड ४९ लाख ८९ हजार अनुदान स्वीकृत गरी २०८२।२।१७ मा परियोजनाको निर्माण कार्य पूरा भई ९० प्रतिशतले हुने रु.१३ करोड ९४ लाख ९० हजार भुक्तानी भएकोमा सम्बन्धित जिल्लाको जिल्ला दररेटभन्दा फरक गरी दक्ष र अदक्ष जनशक्तिको ज्याला भुक्तानी गरेका कारण रु.२५ लाख ९० हजार बढी भुक्तानी भएको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा उल्लिखित बेहोराहरू मध्ये बजेट वक्तव्यको कार्यान्वयन प्रभावकारी रूपमा गर्नुपर्ने, अधुरा योजनाहरूको निर्माण कार्य सम्पन्न गर्ने, राष्ट्रिय गौरवका आयोजना तथा रूपान्तरणकारी आयोजनाहरूको प्रगति अनुगमन गरी कार्य प्रगति अपेक्षित गर्नुपर्ने, आवश्यक जग्गाहरू समयमै अधिग्रहण हुनुपर्ने, ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्नेलगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ७२ निकायमा यो वर्ष रु.७० करोड ४० लाख ६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड १४ लाख ४८ हजार सम्परीक्षण भएकोले रु.६५ करोड २५ लाख ५८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२८ लाख ३७ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्था एवं समितिसमेत २ तर्फ यो वर्ष रु.५० करोड २९ लाख ३५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड २४ लाख ६८ हजार सम्परीक्षण भएकोले रु.४७ करोड ४ लाख ६७ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४० करोड २४ लाख ३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका र कार्यविधिको तर्जुमा तथा सहमति, कानुनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व, अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ४ निकायको निम्नानुसार रु.३२ करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३२५४	१	१०	-	३२६५

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। नेपाल कानुन आयोगको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.४ करोड ७ लाख ५१ हजार र धरौटीतर्फ रु.३३ हजारसमेत रु.४ करोड ७ लाख ८४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य संस्था समिति -** यो वर्ष ३ संस्थाको रु.३१ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा निःशुल्क कानुनी सहायता कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिने, अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत बनाउन संस्थागत सुदृढीकरण गरिने, पारस्परिक कानुनी सहायता र सुपुर्दगी सम्बन्धमा विभिन्न राष्ट्रसँग द्विपक्षीय सन्धि गर्ने कार्य अगाडि बढाइने विषयहरू उल्लेख गरेको छ। बजेट वक्तव्यमा उल्लिखित विषयको कार्यान्वयन अवस्था देखिने गरी प्रगति विवरण तयार गरेको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ ।

५. **बजेट र खर्च** - मन्त्रालय र मातहत कार्यालयको यस वर्षको बजेट विनियोजन र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५३९३	५३९३	३५२८	६५.४२
पुँजीगत	९९	९९	८२	८२.८२
जम्मा	**५४९२**	**५४९२**	**३६१०**	**६५.७३**

उल्लिखित तालिकाअनुसार स्वीकृत बजेटको तुलनामा यो वर्ष समग्रमा ६५.७३ प्रतिशत खर्च भएको देखिन्छ।

६. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा "न्यायको लागि पहुँचमा अभिवृद्धि" परियोजना (२०२१-२०२६) यस मन्त्रालयको नेतृत्वमा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सहकार्यमा कार्यान्वयन भइरहेको छ। यो परियोजना मूलतः कानुनी सहायता प्रणालीलाई सुदृढ गर्दै न्यायिक क्षेत्रका संस्थाहरूलाई संस्थागत र प्राविधिक सहयोग उपलब्ध गराई महिला तथा सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउन केन्द्रित छ। परियोजना सञ्चालनको लागि गत वर्षको मौज्दात रु.६२ लाख ७० हजार र यो वर्ष रु.४ करोड ६२ लाख ४ हजारसमेत रु.५ करोड २४ लाख ७५ हजार प्राप्त भई यस अवधिमा (२०८१ पौष १७ देखि आषाढ मसान्तसम्म) रु.२ करोड ११ लाख १५ हजार खर्च भएकोमा मन्त्रालयले उक्त खर्च एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन।

७. **अन्तर्राष्ट्रिय सन्धि सम्झौता -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ को अनुसूची २ मा यस मन्त्रालयले सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिनुपर्ने एवं नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेख राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको विवरणअनुसार यस वर्ष द्विपक्षीय र बहुपक्षीय, दातृ सङ्घ संस्थाहरूसँग सम्पन्न गरिने १०५ सम्झौताको मस्यौदामा राय, १६ कानुनी रायसमेत १२१ राय/सहमति प्रदान गरेको उल्लेख छ। मन्त्रालयले सन् १९८३ देखि सन् १९८६ सम्म ७५ र सन् १९९८ देखि सन् २०२४ सम्म १ हजार १०३ समेत १ हजार १७८ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको मात्र अभिलेख राखेको हुँदा सबै सन्धि सम्झौताको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने देखिएको छ।

८. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा सङ्घ, संस्थालाई दिएको अनुदान रकम उद्देश्यअनुरूप खर्च गरे/नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए/नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष केन्द्रीय कानुन पुस्तकालय, नोटरी पब्लिकलगायतका ६ संस्थालाई रु.६ करोड ९५ लाख अनुदान उपलब्ध गराएकोमा उक्त कानुनी व्यवस्थाबमोजिम अनुगमन गरी उद्देश्यअनुरूप खर्च भएको सुनिश्चित गर्नुपर्दछ। त्यसमध्ये पूर्व सांसद मञ्चलाई रु.५० लाख ससर्त अनुदान दिएको छ। आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड तयार गरी सोको उपयोग स्थिति सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ।

सत्य निरुपण तथा मेलमिलाप आयोग

सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न, द्वन्द्वकालीन घटनाका पीडित व्यक्तिहरूलाई परिपूरणको व्यवस्था तथा उक्त घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम नेपाल सरकारको २०७१।१०।२७ को निर्णयअनुसार यस आयोगको गठन भएको हो। आयोगको विनियोजन तर्फ रु.६ करोड ६६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

९. **कार्यसम्पादन स्थिति -** दश वर्ष लामो सशस्त्र द्वन्दका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धका अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य र जानकारी जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, पीडितलाई परिपूरण र क्षतिपूर्ति उपलब्ध गराउन तथा गम्भीर अपराधमा संलग्नलाई कानुनी कारबाहीका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार २०७१।१०।२७ मा आयोगको गठन भएकोमा मन्त्रीपरिषद्बाट पटक-पटक म्याद थप हुँदै आएको छ। हाल मन्त्रीपरिषद्को २०८२।१।३१ को निर्णयानुसार ४ वर्षको लागि पदाधिकारीको नियुक्ति भएको छ।

आयोगमा ६३ हजार ७१८ उजुरी दर्ता भएकोमा प्रारम्भिक छानबिन सम्पन्न भई प्राप्त हुन आएका ३ हजार ७८७ उजुरीमध्ये सशस्त्र द्वन्द कालको अवधिभन्दा बाहिरको घटना र सशस्त्र द्वन्दसँग असम्बन्धित घटना भएकोले २ हजार २६८ उजुरीलाई तामेलीमा राखेको, परिपूरण तथा क्षतिपूर्तिसम्बन्धी आयोगबाट भएका ६३९ निर्णयमध्ये ५३८ उजुरीमा परिपूरण तथा क्षतिपूर्ति भुक्तानीका लागि नेपाल सरकारलाई सिफारिस गरेकोमा २९ जनालाई रु.२३ लाख २० हजार भुक्तानी भएको देखिन्छ। यसै गरी १७३ उजुरी निवेदनहरूमा विस्तृत छानबिन भइरहेकोमा ९ उजुरीको विषयमा टुङ्गो लागेको र ६१८ जनालाई पीडित परिचयपत्र वितरण भएको छ। नेपाल सरकारको २०८२।१।२१ को निर्णयबमोजिम पुनः उजुरी आव्हान को सूचना प्रकाशन गरी २०८२।२।४ देखि २०८२।५।५ सम्म आयोग र जिल्ला सरकारी वकिलको कार्यालयमा उजुरी सङ्कलनको व्यवस्था गरिएकोमा असार मसान्तसम्म ४५७ उजुरी/निवेदन थप भएको छ। समयमै द्वन्द र द्वन्दपश्चात् त्यसले सिर्जना गरेका अवशेषलाई उचित तरिकाले निराकरण तथा सम्बोधन गरी कार्यसम्पादनलाई नतिजामुखी बनाउनुपर्ने देखिएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने घटनाको छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको लागि सिफारिस गर्न र संस्थागत सुधारसमेतको उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य

निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम २०७१।१०।२७ मा यस आयोगको गठन भई सञ्चालनमा रहेको छ। आयोगको विनियोजनतर्फ रु.४ करोड ८२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१०. **कार्यसम्पादन स्थिति** - नेपालमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न आयोग गठन भएको ११ वर्ष व्यतीत हुँदासम्म बेपत्ता पारिएका व्यक्ति सम्बन्धी ३ हजार ३५८ उजुरीमध्ये ७५६ (२२.५१ प्रतिशत) उजुरी फर्स्यौट भएको छ। विस्तृत छानबिनको लागि आयोगबाट निर्णय भएको उजुरी २ हजार ६०२ मध्येका १ हजार ३७० पीडित परिवारले राहत पाएको, ४५८ परिवारलाई आयोगबाट राहतको लागि सिफारिस भई राहत पाउन बाँकी रहेको र १ हजार २३२ उजुरीको निर्णय हुन बाँकी रहेको छ। साथै ७० वटा नयाँ उजुरी छानबिनको क्रममा रहेको देखिन्छ। आयोगको कार्य सम्पादनमा यो वर्ष रु.४ करोड २८ लाख ८२ हजारसमेत २०७४।७५ देखि २०८१।८२ सम्म रू. ३७ करोड ६० लाख ३३ हजार खर्च भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा कृषि, पशुपन्छी एवं मत्स्य विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदे बाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान, विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत १९५ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १८३ सरकारी कार्यालयको निम्नानुसार रु.३८ अर्ब ३४ करोड ९९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३७४६९०	३५०९	३८८३	१४१७	३८३४९९

उल्लिखित रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रु.१ अर्ब ४१ करोड १४ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.३० लाख समावेश गरिएको छैन।

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र, काठमाडौंको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाका कारण विनियोजनतर्फ रु.३ करोड ८२ लाख २३ हजार, राजस्वतर्फ रु.१४ लाख ३३ हजार र धरौटीतर्फ रु.९ लाख ५० हजारसमेत रु.४ करोड ६ लाख ६ हजारको स्रेस्ता पेस नभएका कारण लेखापरीक्षण हुन सकेको छैन।

३. **सङ्गठित, अन्य संस्था र समिति** - यो वर्ष १० सङ्गठित संस्था र समितितर्फ रु.६८ अर्ब ८० करोड ११ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। सङ्गठित संस्थातर्फ दुग्ध विकास संस्थानको २०८१।८२ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष नेपाल कृषि अनुसन्धान परिषद्को स्रोत साधन प्रयोगको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजना कार्यान्वयन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार सोह्रौं योजनामा कृषि तथा पशुपन्छी विकासतर्फ २०८१।८२ को लागि तोकिएका केही प्रमुख सूचकको लक्ष्य तथा प्रगति स्थिति देहायबमोजिम छः

परिसूचक	एकाइ	आधार वर्ष (२०७९।८०) को अवस्था	२०८५।८६ को लक्ष्य	२०८१।८२ सम्मको प्रगति
धान	मेट्रिकटन प्रति हेक्टर	३.७९	४.८४	४.१९
मकै	मेट्रिकटन प्रति हेक्टर	३.२०	४.५०	३.४६
गहुँ	मेट्रिकटन प्रति हेक्टर	२.९५	३.३४	३.००
तरकारी	मेट्रिकटन प्रति हेक्टर	१४.३३	१६.६१	१४.६२
आलु	मेट्रिकटन प्रति हेक्टर	१७.२	२१.९५	१६.८०
फलफूल	मेट्रिकटन प्रति हेक्टर	१०.६४	१२.०८	१०.८०
माछा	मेट्रिकटन (हजारमा)	१०८	१३०	१२६
दुध	मेट्रिकटन (हजारमा)	२५६६	३०५०	२७५१
मासु	मेट्रिकटन (हजारमा)	५१२	५९०	४६४
अण्डा	गोटा (करोड)	१३३	१६०	१६८
पशुपन्छी खोप उत्पादन	डोज (लाख)	५३८	७००	४३४
कृत्रिम गर्भाधान नश्ल सुधारका लागि	डोज (लाख)	७	११	५३.७
वीर्य उत्पादन तथा वितरण	डोज (लाख)	९	१४	८७.१२
मत्स्य वीज उत्पादन तथा वितरण	सङ्ख्या (लाख)	५९५	८००	७८१

६. **वार्षिक कार्यक्रम र प्रगति** - राष्ट्रिय योजना आयोगबाट स्वीकृत २०८१।८२ को वार्षिक विकास कार्यक्रमअनुसार यस मन्त्रालयको लक्ष्य तथा प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	वार्षिक लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	धान	मेट्रिकटन (हजारमा)	५७३५	५९५५	१०३.८४
२.	गहुँ उत्पादन	मेट्रिकटन (हजारमा)	२२१५	२०८५	९४.१३
३.	आलु उत्पादन	मेट्रिकटन (हजारमा)	३६७५	३५७७	९७.३३
४.	फलफूल	मेट्रिकटन (हजारमा)	१५७०	१५११	९६.२४
५.	रासायनिक मल आपूर्ति	मेट्रिकटन (हजारमा)	५५०	३९३	७१.४५
६.	किसान सूचीकरण	सङ्ख्या (हजारमा)	३०००	२३७०	७९.००
७.	पशुपन्छीको खोप उत्पादन	डोज (लाखमा)	५०७	४३४.५७	८५.७१
८.	रोजगारी सिर्जना	कार्यदिन (हजारमा)	३०००	२९७५	९९.१६
९.	पशुपन्छी तथा माछा बिमालेख	सङ्ख्या (हजारमा)	१७५	१६६.७	९५.२५
१०.	बाली बिमालेख	सङ्ख्या (हजारमा)	९.५०	१.६३४	१७.२०
११.	बेरुजु फस्यौट	प्रतिशत	१००	३७.०५	३७.०५
१२.	पुँजीगत खर्च	प्रतिशत	१००	६५.३३	६५.३३
१३.	कुल वित्तीय प्रगति	प्रतिशत	१००	८४	८४.००
१४.	गुनासो फस्यौट	प्रतिशत	१००	८७	८७.००

७. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भएका कार्यक्रममध्ये सामूहिक खेती प्रवर्धन गर्न सरकारी जमिन लिजमा उपलब्ध गराउने, प्रमुख व्यापारिक शहरमा सरकारी र निजी क्षेत्रको सहकार्यमा कृषि बाली, पशुपन्छी र फलफूलको अक्सन सेन्टरको स्थापना गर्ने, कृषि उपजको निर्यात प्रवर्धन गर्न अन्तर्राष्ट्रिय र प्रमुख आन्तरिक विमानस्थलमा शीत भण्डार स्थापना गर्ने, निजी क्षेत्र र स्थानीय समुदायको सहभागितामा म्याग्दी, मुस्ताङ, मनाङ, गोरखा र धादिङ जिल्लाको हिमाली क्षेत्रमा कस्तुरी मृगलगायतका वन्यजन्तु पालना गर्न व्यावसायिक फर्म स्थापना गर्ने, औषधीय प्रयोजनका लागि गाँजाको व्यावसायिक उत्पादन गर्न कानुनी व्यवस्था मिलाउनेलगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रम लक्ष्यअनुसार सम्पादन गर्नुपर्दछ।

८. **बजेट र खर्च** - मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय र मातहत निकायको यस वर्षको बजेट र खर्चको अवस्था देहायबमोजिम छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४६५०९२	४५९१२६	३९५४६०	८६.१३
पुँजीगत	३७७७९	३७८५५	२४७३२	६५.३३
जम्मा	**५०२८७१**	**४९६९८१**	**४२०१९२**	**८४.५५**

उल्लिखित विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायका लागि यस वर्ष चालु र पुँजीगततर्फ जम्मा रु.५० अर्ब २८ करोड ७१ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.५८ करोड ९० लाख घटाई रु.४९ अर्ब ६९ करोड ८१ लाख बजेट कायम भएको देखिन्छ। सोमध्ये रु.४२ अर्ब १ करोड ९२ लाख (८४.५५ प्रतिशत) खर्च भएको छ। विनियोजित बजेटको तुलनामा चालुतर्फ ८६.१३ प्रतिशत र पुँजीगततर्फ ६५.३३ प्रतिशत खर्च भएको देखिन्छ।

९. **वैदेशिक सहायता** - मन्त्रालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार वैदेशिक सहायताको अनुमान र यथार्थ प्राप्ति देहायअनुसार छः

(रु.लाखमा)

विवरण	सुरु अनुमान रु.	यथार्थ प्राप्ति रु.	प्राप्ति प्रतिशत
वैदेशिक अनुदान	१७००३	१२७९८	७५.२७
वैदेशिक ऋण	४४४६४	२०३३७	४५.७४
जम्मा	**६१४६७**	**३३१३५**	**५३.९१**

उल्लिखित विवरणअनुसार यो वर्षको सुरु अनुमानको तुलनामा ५३.९१ प्रतिशत मात्र वैदेशिक सहायता प्राप्त भएको छ। मन्त्रालय र मातहतका कार्यालयले दातृ निकायबाट शोधभर्ना हुने गरी खर्च गरेको रकम मध्ये २०८२ आषाढ मसान्तसम्म ऋणतर्फ रु.१ अर्ब ५० करोड १४ लाख ५६ हजार र अनुदानतर्फ बढी शोधभर्ना भएको रु.१६ करोड १७ लाख ६९ हजार समायोजन गर्दा रु.१ अर्ब ३३ करोड ९६ लाख ८७ हजार शोधभर्ना हुन बाँकी छ। शोधभर्ना हुन बाँकी रकम समयमा नै प्राप्त गर्नुपर्दछ। दातृ निकायसँग भएको सम्झौताका सर्त पालना गर्दै सहायताको प्राप्ति तथा उपयोग गर्नुपर्दछ।

१०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। देहायका ४ आयोजनामा यो वर्षसम्म रु.४ अर्ब ७३ करोड २४ लाख खर्च भएकोमध्ये परामर्श सेवामा रु.५३ करोड २७ लाख (११.२६ प्रतिशत) खर्च भएको देखिन्छः

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	लागत रकम	२०८१।८२ सम्मको आयोजनाको खर्च	यो वर्षको परामर्श सेवाको खर्च	२०८१।८२ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
१.	उच्चमूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम	१६२९५८	१०१.७७	१.८३३	१.८३३	१.८०
२.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	४८७५०	३२७०४	९७३	२१०७	६.४४

क्र.सं.	आयोजनाको नाम	लागत रकम	२०८१।८२ सम्मको आयोजनाको खर्च	यो वर्षको परामर्श सेवाको खर्च	२०८१।८२ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (दोस्रो))	२८६०१.७९	९६७९.६७	१९१९.२२	१९१९.२२	१९.८३
४.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना	१११२०५	४८३८.९६	१२९९.५२	१२९९.५२	२६.८५
	जम्मा	**३५१५१४.७९**	**४७३२४.४०**	**४१९३.५७३**	**५३२७.५७३**	**११.२६**

उल्लिखित आयोजनामा कुल खर्चको १.८० देखि २६.८५ प्रतिशतसम्म परामर्श सेवामा खर्च भएको देखिन्छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद व्यवस्थापन जस्ता आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने बेहोरा विगतका प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

११. **प्राविधिक सहायता तथा सोझै भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणमा यो वर्ष १० कार्यक्रमका लागि अमेरिकी डलर ३३ लाख १० हजार (२०८२ आषाढको विनिमय दर रु.१३३ का दरले हुन आउने जम्मा रु. ४४ करोड २ लाख ३० हजार) को प्राविधिक सहायता, नेपाल कृषि बजार विकास कार्यक्रमको लागि स्वीस विकास नियोगबाट प्राप्त सहायतामध्ये रु.२७ करोड ६७ लाख ४८ हजार र खाद्य तथा पोषण सुधार आयोजनाले विश्व खाद्य तथा कृषि सङ्गठनलाई विश्व बैङ्कमार्फत भुक्तानी गरेको रु.१९ करोड ३ लाख ४२ हजारसमेत रु.४६ करोड ७० लाख ९० हजार सोझै भुक्तानी गरी जम्मा रु.९० करोड ७३ लाख २० हजारको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन।

यस वर्षको लेखापरीक्षणबाट

- *आयोजनाहरू बाह्य परामर्श सेवामा बढी निर्भर रहेको,*
- *सोझै भुक्तानी र प्राविधिक सहायताको लेखापरीक्षण नगराएको,*
- *अनुदानको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएको,*
- *दुग्ध विकास बोर्डबाट भएको ऋण लगानीको साँवा ब्याज असुल नभएको,*
- *यस वर्ष खरिद खोरेत खोपको उपयोग नभएको,*
- *आयोजनाहरूले लक्ष्यअनुसार प्रगति हासिल गर्न नसकेको*

लगायतका बेहोरा देखिएका छन्।

१२. **किसान सूचीकरण -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष ७ लाख ६० हजार किसान सूचीकृत भई हालसम्म सूचीकृत किसानको सङ्ख्या २३ लाख ७० हजार पुगेको छ। तथापि किसान परिचयपत्र जारी हुन सकेको छैन। किसान परिचयपत्र जारी नहुँदा किसानसँग सम्बन्धित कार्य हुन सकेको देखिएन। पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्नेलगायतका कार्यसमेत प्रभावित भएको छ। अतः किसान परिचयपत्र जारी गरी सोको आधारमा सेवा प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ।

१३. **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे नगरेको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको यो वर्षको स्वीकृत बजेट रु.५० अर्ब २६ करोड ५५ लाखमध्ये १२ अनुदान कार्यक्रममा रु.३६ अर्ब ७० करोड ५३ लाख अर्थात् ७३ प्रतिशत विनियोजन भई रु.३२ अर्ब १३ करोड ७९ लाख खर्च भएको छ। मन्त्रालयबाट प्रदान गरिएको अनुदानमध्ये रासायनिक मल खरिदको हिस्सा ८३.५१ प्रतिशत रहेको छ।

सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुँदा अनुदान वितरणमा दोहोरोपना हुने, किसान सूचीकरण र परिचयपत्र वितरणको कार्य पूरा नहुँदा प्रस्ताव माग गरी वितरण हुने अधिकांश अनुदानमा सीमान्तकृत किसानको पहुँच नहुने, तीनै तहका सरकारबिच समन्वयको अभावमा अनुदान उपयोग स्थितिको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन। अनुदान वितरणको राष्ट्रिय नीति एवं व्यवस्थापन सूचना प्रणाली तयार गरी एकीकृत अभिलेख अद्यावधिक गरी अनुदान पाउनेको विवरण सार्वजनिक गर्दै अनुदान वितरणमा दोहोरोपना नहुने गरी वितरणको व्यवस्था मिलाई अनुदान उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

१४. **रासायनिक मल खरिद -** मन्त्रालयले यो वर्ष ५ लाख ५० हजार मेट्रिकटन रासायनिक मल खरिद गर्ने लक्ष्य लिएकोमा ४ लाख ८७ हजार मेट्रिकटन मल खरिदका लागि रु.२६ अर्ब ८१ करोड ९८ लाख ८६ हजार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई अनुदान प्रदान गरेको छ।

मल खरिद कारबाही समयमा नहुँदा मल आपूर्ति, बिक्री वितरण एवं व्यवस्थापन कार्यमा समस्या रहेको देखिन्छ। तसर्थ समयमै वार्षिक क्यालेण्डर स्वीकृत गरी खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने एवं मल बिक्री वितरणको प्रभावकारी अनुगमन गरी रासायनिक मल खरिद तथा बिक्री वितरणको कार्य व्यवस्थित गर्नुपर्दछ।

१५. **कृषि तथा पशुधन बिमा** - यो वर्ष पशु सेवा विभाग एवं कृषि विभागअन्तर्गत १ लाख ६२ हजार १० बिमा पोलिसीबाट रु.३६ अर्ब ८४ करोड ४९ लाख ४७ हजारको कृषि तथा पशुधन बिमा भएको देखिन्छ। सो आधारमा रु.१ अर्ब ६० करोड १६ लाख ७८ हजार अनुदान भुक्तानी भई रु.६४ करोड ९६ लाख २ हजार भुक्तानी गर्न बाँकी रहेको छ।

यस अवधिमा बिमा कम्पनीले किसानलाई रु.१ अर्ब ४२ करोड ४७ लाख क्षतिपूर्ति भुक्तानी गरेको विवरण पेस भएको छ। मन्त्रालयले कृषि तथा पशुधन बिमा सूचना प्रविधि प्रणाली निर्माणका लागि एक सेवा प्रदायक कम्पनीसँग रु.५७ लाख ४९ हजारमा सम्झौता गरी भुक्तानी समेत भईसकेकोमा उक्त प्रणाली कार्यान्वयनमा ल्याएको छैन। बिमा सूचना प्रविधि प्रणाली कार्यान्वयनमा ल्याई बिमा, बिमा शुल्क, बिमा पोलिसी, क्षतिको दाबी र क्षतिपूर्ति भुक्तानीको अभिलेख उक्त प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

१६. **न्यूनतम समर्थन मूल्य** - मन्त्रालयले २०८१।८२ मा प्रति क्विन्टल मोटो धानको रु.३ हजार ४६२, मध्यम धानको रु.३ हजार ६२८, चैतेधानको रु.२ हजार ८००, गहुँको रु.३ हजार ८६७ र उखुको रु.५८५ न्यूनतम समर्थन मूल्य तोकेको छ। न्यूनतम मूल्य निर्धारणको लागि उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी मूल्य निर्धारण हुँदै आए तापनि सोसम्बन्धी कार्यविधि तयार भएको छैन। न्यूनतम समर्थन मूल्य निर्धारणसम्बन्धी कार्यविधि तयार गरी सोअनुसार कृषि वस्तुको मूल्य निर्धारण गर्नुका साथै कृषि उत्पादनको बजार पहुँच सुधार गरिनुपर्दछ।

१७. **छुट सिफारिस** - आर्थिक ऐन,२०८१ मा पशुपन्छी पालन उद्योग, कृषि फार्म तथा कम्पनी एवं कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेशर एवं अन्य तोकिएका मालसामान एवं उपकरणमा मन्त्रालयले भन्सार महसुल छुटका लागि सिफारिस गर्ने व्यवस्था छ। यस वर्ष मन्त्रालयले ९ फर्मलाई रु.३ करोड ३२ लाख ७ हजार र १ फर्मलाई युरो २ लाख ७८ हजार ४४८ को २०८२ असार मसान्तको विनिमय दर रु.१६०।१४ ले हुन आउने रु.४ करोड ४५ लाख ९१ हजारसमेत जम्मा रु.७ करोड ६७ लाख ९८ हजार मूल्य बराबरको कच्चा दुध सङ्कलन गर्न प्रयोग हुने मिल्क कुलर, कुखुरापालन र पशु आहारा उत्पादनमा प्रयोग हुने एयर हेन्डलिङ्ग युनिट, चिया क्षेत्रमा प्रयोग हुने सिँचाइ उपकरण, हाइटेक ग्रीन हाउस सामग्री र कोल्डस्टोरेज निर्माणका सामग्री पैठारी गर्न भन्सार महसुल छुटका लागि सिफारिस गरेको देखिन्छ। भन्सार महसुल छुट लिएका सामान निर्धारित उद्देश्यअनुसार उपयोग सम्बन्धमा अनुगमन गरिनुपर्दछ।

१८. **नीति कार्यान्वयन एवं पुनरावलोकन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयलाई विभिन्न विषयमा नीति तर्जुमा गर्ने जिम्मेवारी तोकेको छ। मन्त्रालयले राष्ट्रिय चिया नीति, २०५७, राष्ट्रिय बीउबिजन नीति, २०५६, राष्ट्रिय मल नीति, २०५८ समेत ३४ नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयले नीति कार्यान्वयनबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गर्दै नेपालको संविधानको अनुसूचीमा उल्लेख भएको अधिकार सूची एवं सोको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र किटान हुने गरी नीतिको पुनरावलोकन गर्नुपर्दछ।

१९. **फलफूल तथा थोक बजार निर्माण** - काठमाडौं चोभारमा फलफूल तथा पुष्प थोक बजार निर्माण कार्यका लागि साविकको व्यावसायिक कृषि तथा व्यापार आयोजना र एक संयुक्त उपक्रमबिच २०७३।६।४ मा १३ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी रु.३५ करोड ८७ लाख ६६ हजार (संशोधित रु.४० करोड २० लाख ६ हजार) को सम्झौता भएकोमा निर्माण कार्यको ८६ प्रतिशत भौतिक प्रगति भई निर्माण व्यवसायीलाई रु.३४ करोड १५ लाख ३५ हजार भुक्तानी भएको छ। भवन निर्माण कार्य सम्पन्न गर्न एघारौं पटक २०८१ भाद्र मसान्तसम्म म्याद थप भएकोमा मन्त्रालयले २०८१।७।१४ मा खरिद सम्झौताको अन्त्य गरेको छ।

सार्वजनिक खरिद ऐन, २०६३ तथा निर्माण व्यवसायीसँग भएको सम्झौताको सर्तको बुँदा नं. २४ मा आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानुनबमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने व्यवस्था छ। मन्त्रालयले एकतर्फी रूपमा खरिद सम्झौता अन्त्य गरेको तथा मध्यस्थतामार्फत विवादको समाधान गर्न नमानेको जनाई निर्माण व्यवसायीले उच्च अदालत, पाटनमा दायर गरेको मुद्दामा मध्यस्थकर्तामार्फत विवाद समाधान गर्न मन्त्रालयको तर्फबाट समेत एक व्यक्तिलाई मध्यस्थकर्ता नियुक्त गर्ने फैसला भएको देखिन्छ।

मन्त्रालयबाट प्राप्त भएको परामर्शदाताको प्रतिवेदनमा निर्माण कार्यको भौतिक प्रगति ८६ प्रतिशत उल्लेख भएकोमा मन्त्रालयबाट २०७८।३।६ मा जारी भई अदातलमा पेस भएको कार्य सम्पन्न प्रतिवेदनमा उक्त निर्माण कार्यको भौतिक प्रगति ९८ प्रतिशत रहेको उल्लेख छ। ठेक्का सम्झौता अन्त्य गर्ने क्रममा तयार गरेको प्राविधिक मूल्याङ्कन प्रतिवेदनअनुसार निर्माण कार्यको भौतिक प्रगति र निर्माण व्यवसायीलाई दिएको कार्य सम्पन्न प्रतिवेदनमा उल्लिखित भौतिक प्रगति फरक परेको सम्बन्धमा मन्त्रालयबाट अदालतसमक्ष कुनै खण्डन तथा प्रतिरक्षा भएको देखिएन।

२०. **अनुगमन तथा मूल्याङ्कन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयले यो वर्ष अनुगमन तथा भ्रमण खर्चबापत रु.९७ लाख खर्च लेखेको छ। मन्त्रालयले रासायनिक मल खरिद र वितरण, कृषि तथा पशुधन बीमा र क्षतिपूर्ति, मातहतका बोर्ड/प्रतिष्ठान/संस्थान/परिषद् र समितिलगायतको कार्यसम्पादन स्थिति, अनुदानको उपयोगलगायतको विषयमा अनुगमन एवं मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गरेको देखिएन। मन्त्रालयले बजेट तथा कार्यक्रमको मूल्याङ्कन सार्वजनिक गर्नुपर्दछ।

कृषि विभाग

कृषि विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन, कृषिको विविधीकरण र व्यावसायिकताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने मुख्य उद्देश्य रहेको यो विभाग र मातहतका २१ निकायमा रु.५ अर्ब ५८ करोड ९५ लाख बजेट विनियोजन भएकोमा रु.२ अर्ब ८३ करोड ४५ लाख खर्च भएको छ।

२१. **बाली तथा पशुधन बिमा प्रिमियम अनुदान** - बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०८१ बमोजिम एक बिमा कम्पनीले ७ हजार ७०८ बिमालेखबाट रु. ४ अर्ब ७२ करोड ४३ लाख ५६ हजारको बीमा दाबी गरेकोमा विभागले रुजु गर्दा रु.१ अर्ब ८७ करोड ७८ लाख १ हजार बिमाङ्क कायम गरेको छ। कायम भएको बिमाङ्कका आधारमा रु. १२ करोड ४८ लाख ७५ हजारको ८० प्रतिशतले हुने रु. ९ करोड ९९ लाख अनुदान दिनुपर्नेमा रु.८७ लाख ९० हजार मात्र दाबी भुक्तानी गरेको छ। बिमा प्रिमियम रकम सम्बन्धी कागजात समयमै रुजु गरी दाबी भुक्तानी दिनुपर्दछ।

२२. **उखु कृषक अनुदान** - स्वीकृत कार्यक्रमअनुसार यो वर्ष उखु कृषकहरूलाई प्रति मेट्रिकटन रु. ७० का दरले अनुदान वितरण गर्न विभिन्न ८ कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत रु.१ अर्ब ४२ करोड ८२ लाख अनुदान भुक्तानी भएको छ। त्यस्तो अनुदानको सदुपयोग तथा उखु उत्पादनमा परेको प्रभावबारे विभागले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। विभागले अनुदानबाट उखु उत्पादनमा परेको प्रभावबारे नियमित अनुगमन एवं मूल्याङ्कन गर्नुपर्दछ।

पशु सेवा विभाग

पशुपालन व्यवसायको विकास, विस्तार र विविधीकरण गर्ने, पशुजन्य रोगहरूको रोकथाम तथा उपचार गर्ने, पशु बिमा कार्यक्रम सञ्चालन गर्ने, घाँसको बीउ उत्पादन गर्ने एवं नश्ल सुधारका कार्य गरी कुल राष्ट्रिय

उत्पादनमा योगदान गर्ने उद्देश्यले यस विभागको स्थापना भएको हो। विभाग र मातहतका ३५ कार्यालयमा रु.३ अर्ब ७० करोड ५८ लाख बजेट विनियोजन भएकोमा रु.३ अर्ब १ करोड ४० लाख खर्च भएको छ।

२३. **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा बजेटले नखामेको खर्च बेहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न बिल भरपाईबमोजिम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ।विभागले २०८०।८१ को बिमा प्रिमियम अनुदानबापत नेपाल बिमा प्राधिकरणलाई रु.१ अर्ब ५ करोड ७९ लाख ४९ हजार भुक्तानी दिएकोमा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएको देखिएन। बिमा प्रिमियमको रकम सम्बन्धित किसानले स्वघोषणा गरी दाबी गर्ने र विभागले किसानको नाममा भुक्तानी दिने कार्यविधि स्वीकृत गरी समयमा भुक्तानी दिनुपर्दछ।

२४. **बिमाङ्क र बिमा शुल्क -** विभागले बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०८१ अनुसार पशुपन्छी बिमा प्रिमियम अनुदानबापत यो वर्ष नेपाल बिमा प्राधिकरणलाई रु.१ अर्ब ४३ करोड १० लाख भुक्तानी दिएको छ। यस वर्ष पशुधन, माछा र पन्छीतर्फको बिमाङ्क र वार्षिक बिमा शुल्क क्रमशः रु.३४ अर्ब ९१ करोड ६३ लाख ७३ हजार र रु.१ अर्ब ५८ करोड ८३ लाख ९८ हजार रहेको देखिन्छ। उक्त बिमा शुल्क बिमा पोलिसी रकमको ४.५५ प्रतिशत हुन आउँछ। पशुपन्छी बिमाको क्षेत्र र बिमा शुल्क बढ्दै जाँदा नेपाल सरकारको आर्थिक दायित्व बढ्दै जाने देखिएकाले बिमा शुल्क निर्धारणलाई वैज्ञानिक र अनुमानयोग्य बनाउनु पर्दछ।

२५. **खोप खरिद र उपयोग -** विभागले यो वर्ष १ करोड १४ लाख २९ हजार डोज खोरेत खोप खरिदका लागि एक फर्मसँग रु.३४ करोड २२ लाख ९९ हजारको सम्झौता गरेकोमा भेरिएशन पश्चात् ९७ लाख ७९ हजार डोज आपूर्ति भई रु.२९ करोड २८ लाख ७९ हजार भुक्तानी भएको छ। गत वर्षको मौज्दात खोप ३३ लाख डोज र यस वर्षको खरिद ९७ लाख ७८ हजार ९४८ डोजसमेत जम्मा १ करोड ३० लाख ७८ हजार ९४८ डोज रहेकोमा यस वर्षको अन्त्यसम्म ७६ लाख ७४ हजार डोज स्टोरबाट निकासा भई ५४ लाख ४ हजार ९४८ डोज मौज्दात रहेको देखिन्छ। विभागले आवश्यक परिमाण यकिन गरी खोप खरिद गर्नुपर्ने र खोपचक्रअनुसार खोप लगाएको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग

खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न गुणस्तरीय परीक्षण सेवा उपलब्ध गराउने, स्थानीय स्तरमा खाद्य प्रविधिको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने, खाद्य पोषण ज्ञान विस्तार र बाल आहारा विकासबाट कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले यस विभागको स्थापना भई सञ्चालनमा रहेको छ। विभाग र मातहतका ४२ कार्यालयमा रु.६५ करोड ७५ लाख बजेट विनियोजन भएकोमा रु.४१ करोड ४६ लाख खर्च भएको छ।

२६. **अनुगमन, निरीक्षण -** खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३२ मा बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको सम्बन्धमा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षण गर्ने उल्लेख छ। यो वर्ष बजार अनुगमनको लक्ष्य २ हजार ७८६ रहेकोमा ३

हजार ५९९, उद्योगको अनुगमन लक्ष्य २ हजार ३३८ रहेकोमा ४ हजार ५३७, होटल रेष्टुरेन्टको अनुगमन लक्ष्य १ हजार ९०५ रहेकोमा २ हजार ३०३ र र्‍यापिड रेस्पोन्सको लक्ष्य ३५३ रहेकोमा ६२० समेत उल्लिखित क्रियाकलापको कुल लक्ष्य ७ हजार ३८२ रहेकोमा ११ हजार ५९ पटक अनुगमन गरेको देखिन्छ। अनुगमनबाट देखिएका कमी-कमजोरी सुधार गर्न लगाई कानुनको परिपालना गराउनुपर्दछ।

२७. **गुणस्तर परीक्षण** - मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमन गर्न खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ कार्यान्वयनमा छ। विभाग र मातहत ४२ कार्यालयबाट यो वर्ष १७ हजार २४२ नमुनाको विश्लेषण गरिएकोमा मापदण्ड प्रतिकूलका नमुनाको सङ्ख्या ३९० (२.२६ प्रतिशत) रहेको देखिन्छ। नमुना सङ्कलन र विश्लेषण कार्यको विस्तार गरी खाद्य तथा दानापदार्थको गुणस्तर तथा स्वच्छता कायम गर्ने कार्यमा प्रदेश र स्थानीय तहलगायत सम्बद्ध सरोकारवाला पक्षहरूसँग सहकार्य र समन्वय गरी कार्य गर्नुपर्दछ।

२८. **होटल स्तरीकरण** - विभागले खाद्य स्वच्छताको आधारमा होटल, रेष्टुरेन्ट स्तरीकरणसम्बन्धी निर्देशिका, २०७४ को दफा ७(१) मा प्रचलित कानुनबमोजिम दर्ता भएका १५९ होटल तथा रेष्टुरेन्टको खाद्य स्वच्छता सम्बन्धी लोगो स्तरीकरण कार्य गरेकोमा प्राप्ताङ्कका आधारमा २४ अति उत्तम, ५२ उत्तम,४९ सन्तोषजनक,१६ सामान्यस्तर र ५ लाई स्तरीकरणका लागि थप निर्देशन दिएको पाइयो। त्यसै गरी विगत ५ वर्षको विश्लेषण गर्दा प्रति वर्ष होटल स्तरीकरणको कार्य घट्दै गएको देखिन्छ। होटल तथा रेष्टुरेन्ट सङ्ख्या बढ्दै गएको तर स्तरीकरण सङ्ख्या घटेकोले स्तरीकरण गर्ने कार्य बढाउँदै लैजानुपर्दछ।

२९. **अनुज्ञापत्र** - खाद्य स्वच्छता तथा गुणस्तर ऐन,२०८१ को दफा ९ र दाना पदार्थ ऐन, २०३३ को दफा ७ मा खाद्य एवं दाना पदार्थको बिक्री वितरण, सञ्चय एवं प्रशोधन गर्न इच्छुक व्यक्ति तथा फर्मले अनुज्ञापत्र लिनुपर्ने व्यवस्था छ। विभाग र मातहतका ८ गुण नियन्त्रण कार्यालयले यस वर्ष ८४८ अनुज्ञापत्र जारी, ३ हजार १९५ अनुज्ञापत्र नवीकरण र १ हजार ४३२ उद्योग सिफारिससहित ५ हजार ४७५ अनुज्ञापत्र जारी गरेको छ। व्यवसायीले व्यवसाय बन्द गरी अनुज्ञापत्र खारेज गर्न दिएको निवेदनको अद्यावधिक विवरण विभागले राखेको देखिएन। विभागबाट जारी एवं नवीकरण गरिएका अनुज्ञापत्रको विद्युतीय प्रणालीमा अभिलेख राख्नुपर्दछ।

३०. **मुद्दा दायर र फस्यौंट** - खाद्य नियमावली, २०२७ को नियम १५ बमोजिम लिइएको खाद्य पदार्थको नमुना विश्लेषण परीक्षण गर्दा दूषित वा न्यूनस्तरको ठहरिएमा वा नियमावली विपरित हुने काम कारबाही भएको ठहरिएमा खाद्य निरीक्षकले मुद्दा हेर्ने अधिकारी समक्ष अभियोग पेस गर्नुपर्ने उल्लेख छ। यो वर्ष विभागले १५, गुण नियन्त्रण कार्यालयले ६१ र डिभिजन कार्यालयले ११० समेत १८६ मुद्दा दायर गरेकोमा गत विगत वर्षमा दायर र फस्यौंट मुद्दाको एकीकृत विवरण तयार गरेको देखिएन। मुद्दा दायर, फस्यौंट र फैसला कार्यान्वयनको स्थिति खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।

३१. **गुणस्तर मापदण्ड** - खाद्य तथा दाना पदार्थहरूको अनिवार्य गुणस्तर मापदण्ड, २०८० अनुरूप विभागले २७ खाद्य पदार्थको अनिवार्य गुणस्तर मापदण्ड तयार गर्ने लक्ष्य लिएकोमा यो वर्षसम्म मन्त्रीपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित भएको ३, गुणस्तर मापदण्ड समितिबाट सिफारिस भएको ५, मस्यौदा उप-समितिबाट स्वीकृत भएको २ र बाँकी १७ को मस्यौदा उप-समितिमा छलफलको क्रममा

रहेको छ। तोकिएका पदार्थको मापदण्ड नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत गराई नेपाल राजपत्रमा प्रकाशित गराउनुपर्दछ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्नेलगायतका कार्य गर्न स्थापना भएको यो परियोजना ४८ परियोजना कार्यान्वयन इकाइमार्फत ७७ वटै जिल्लामा सञ्चालित छ।

३२. **खर्च स्थिति -** परियोजनाबाट प्राप्त विवरणअनुसार परियोजना अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रु.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गर्ने प्रक्षेपण रहेकोमा रु.५६ अर्ब ५४ करोड ९८ लाख बजेट विनियोजन भई २०८१।८२ सम्म रु.३६ अर्ब ५० करोड ६२ लाख खर्च भएको देखिन्छ।

३३. **लक्ष्य प्रगति -** परियोजना अवधिमा १ हजार ५०० ब्लक, २१ सुपरजोन, १५ हजार पकेट क्षेत्र र ३०० जोन स्थापना गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म क्रमशः १ हजार ६६४ ब्लक, २१ सुपरजोन, ९ हजार १६२ पकेट क्षेत्र र २०६ जोन स्थापना भएको देखिन्छ। परियोजना अवधि १ वर्ष बाँकी रहेको अवस्थामा पकेट क्षेत्र र जोन स्थापनातर्फ लक्ष्यको तुलनामा न्यून प्रगति भएको देखिन्छ। लक्षित उद्देश्य अनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

३४. **रोजगारी सिर्जना** - परियोजना सञ्चालनबाट यस वर्षसम्म ३ लाख ९ हजारले पूर्ण र ५१ लाख १४ हजारले आंशिक रोजगारी प्राप्त गर्ने प्रक्षेपण रहेकोमा २ लाख २५ हजारले पूर्ण तथा २२ लाख ७६ हजारले आंशिक रोजगारी प्राप्त भएको उल्लेख छ। परियोजनाको उद्देश्यअनुरूप रोजगारी सिर्जना गर्नुपर्दछ।

३५. **शीतभण्डार निर्माण, उपयोग तथा सञ्चालन -** परियोजनाले शीतभण्डार निर्माणको लागि २०७४।७५ र २०७५।७६ मा २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी विभिन्न ११ संस्थासँग रु.२ अर्ब ३४ करोड ७८ लाखको सम्झौता गरेको देखियो। उक्त लागतमध्ये शीतभण्डार निर्माणका लागि ७ संस्थासँग रु.१ अर्ब १४ करोड २४ लाखको अनुदान सम्झौता गरी रु.१६ करोड ७८ लाख पेस्की प्रदान गरेकोमा सम्झौताअनुसार समयमै कार्य सुरु नगरेका कारण पेस्की जमानत जफत गरी सम्झौता रद्द गरेको तथा ४ संस्थालाई काम अगाडि नबढाउन निर्देशन दिएको देखिन्छ। तथापि पेस्की फिर्ता नगरी धादिङ, नुवाकोट र धनुषाका ३ संस्थाका शीतभण्डार सञ्चालनमा रहेको र बाँकेको १ संस्थाको शीतभण्डारको २५ प्रतिशत काम सम्पन्न भएको उल्लेख छ। सञ्चालित शीतभण्डारमध्ये धनुषा र नुवाकोटका २ शीतभण्डार कानुनी विवादका कारण विचाराधीन अवस्थामा रहेका छन्। यससम्बन्धी बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुधार भएको पाइएन। दीर्घकालीन उपयोगिता, लाभ र लागत विश्लेषण गरी शीतभण्डार सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम

मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व-पश्चिम राजमार्ग, भालुबाङ रोल्पा राजमार्ग, महाकाली राजमार्गसमेत ५ मुख्य आर्थिक करिडोर आसपासका ३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तहमा ग्रामीण

उद्यमशीलता विकास गर्ने उद्देश्यले विश्व बैङ्कको ऋण सहयोगमा २०७७।७८ देखि आयोजना सञ्चालन हुँदै आएको छ।

३६. **आयोजना लागत र खर्च** - विश्व बैङ्कको ८० मिलियन अमेरिकी डलर ऋण र लाभग्राही समुदायको योगदान अमेरिकी डलर ४० मिलियनसमेत अमेरिकी डलर १२० मिलियन लगानी हुने उल्लेख भएकोमा आयोजनाको अक्टोबर २०२३ मा भएको छैटौं पुनरावलोकनबाट दातृ निकायको ऋण ३७.५ मिलियन अमेरिकी डलर र लाभग्राहीको योगदान अमेरिकी डलर १३.५ मिलियनसमेत आयोजनाको लागत अमेरिकी डलर ५१ मिलियन कायम भएको छ। आयोजनाको कार्यान्वयन अवधि २०८२ आषाढ मसान्तसम्म रहेकोमा २०८३।१।२ सम्म म्याद थप भएको छ। आयोजना अवधिभर रु.४ अर्ब ८७ करोड ५० लाख खर्च गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.३ अर्ब २७ करोड ४ लाख (६७.०८ प्रतिशत) खर्च भएको छ।

३७. **उप-आयोजना सञ्चालन** - आयोजनाको सम्भाग १ अन्तर्गत ग्रामीण उत्पादनमूलक साझेदारीमार्फत ९०० उपआयोजना कार्यान्वयन गर्ने लक्ष्य रहेकोमा संशोधित लक्ष्यनुसार ३०० उप-आयोजना सञ्चालन गर्ने उल्लेख भई २९८ उप आयोजना स्वीकृत भएको देखिन्छ। उक्त उप-आयोजनाका लागि रु.१ अर्ब ७५ करोड ५० लाख बजेट व्यवस्था भएकोमा यो वर्षसम्म रु.४० करोड २ लाख (२२.८० प्रतिशत) खर्च भएको छ। उप-आयोजनाको कार्यान्वयन स्थिति देहायबमोजिम छः

विवरण	सुरु लक्ष्य	संशोधित लक्ष्य	सम्झौता भएको	सम्पन्न भएको	कार्यान्वयनमा रहेको	कार्यान्वयन हुन नसकेको
उप-आयोजना सङ्ख्या	९००	३००	२९८	१०२	८४	११२

उल्लिखित विवरणअनुसार सम्झौता भएका २९८ उप-आयोजनामध्ये १८६ उप-आयोजना कार्यान्वयनमा गएको र ११२ उप-आयोजना कार्यान्वयन हुन सकेका छैनन्। सुरु लक्ष्य ९०० को तुलनामा १८६ (२०.६७ प्रतिशत) उप-आयोजना सञ्चालन भएकोले आयोजनाको लक्षित उद्देश्य हासिल हुने देखिँदैन।

३८. **सेवा केन्द्र निर्माण -** आयोजनाको सम्भाग ३ अन्तर्गत पालिकास्तरमा ७४ कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण र सञ्चालनको लागि रु.२ अर्ब २१ करोड बजेट व्यवस्था भएकोमा यो वर्षसम्म रु.१ अर्ब ९८ करोड १० लाख खर्च भएको छ। निर्माण सम्झौता भएका ७४ भवनमध्ये ६४ को निर्माण कार्य सम्पन्न भई ३४ भवन सम्बन्धित स्थानीय तहमा हस्तान्तरण भएका र १० भवन निर्माणाधीन अवस्थामा रहेका छन्। हस्तान्तरित भवनबाट ल्याब, परीक्षण, कीट व्यवस्थापनलगायतका सेवा उपलब्ध हुने उल्लेख भएकाले उद्देश्यअनुरूप भवन उपयोगको सुनिश्चतता हुनुपर्दछ।

३९. **शोधभर्ना हुने खर्च** - आयोजना अवधिभरको लागि प्राविधिक सहायताको परामर्श सेवा खरिद गर्न आयोजनाले एक परामर्शदाता कम्पनीसँग रु.१८ करोड ७ लाख १९ हजारको सम्झौता गरेकोमा यस वर्षसम्ममा रु.१५ करोड ४ लाख ३३ हजार भुक्तानी भएको छ। आयोजनाले परामर्शदाता कम्पनीसँग गरेको सम्झौताअनुसार परामर्श सेवा अन्तर्गत शोधभर्ना हुने खर्च रु.४ करोड १८ लाख १९ हजार रहेको छ। खर्चको विवरणका आधारमा यस वर्षसम्म रु.३ करोड ९६ लाख ४७ हजार भुक्तानी दिएको छ। भुक्तानी भएको रकमको खर्च पुष्ट्याइँ हुने आधार पेस हुनुपर्दछ।

४०. **आयोजना पुनःसंरचना र परामर्श सेवाको लागत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। आयोजनाले २०७९।१०।६ मा एक परामर्शदाता कम्पनीसँग प्राविधिक सहायताका लागि रु.१८ करोड ७ लाख १९ हजारमा खरिद सम्झौता गरेको छ। परामर्श सेवाको खरिद सम्झौता भएपश्चात् २०२३ अक्टोबरमा आयोजनाको पुनःसंरचना हुँदा सुरु लागत रकम १२० मिलियन अमेरिकी डलरबाट ५१ मिलियन अमेरिकी डलर कायम भएको छ। आयोजना अन्तर्गत ९०० उप-आयोजना सञ्चालन गर्ने लक्ष्य रहेकोमा पुनःसंरचना पश्चात् उप-आयोजनाको सङ्ख्या ३०० कायम भएको छ। आयोजनाको लागत र क्रियाकलापमा भएको पुनःसंरचना अनुसार परामर्श सेवाको लागतमा परेको प्रभावको विश्लेषण गरी परामर्श सेवाको सम्झौता रकम पुनरावलोकन हुनुपर्दछ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

नेपाल सरकार, एसियाली विकास बैङ्क तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको संयुक्त लगानीमा २०७९।८० बाट सुरु भएको यो आयोजनाले ५ प्रदेशका १०० स्थानीय तहको १० हजार हेक्टर क्षेत्रमा १० जातका फलफूल खेती विस्तारका लागि कम्तीमा ३० हजार घरधुरी र तरकारी तथा अन्य बालीको १ हजार हेक्टरमा विस्तारका लागि कम्तीमा १० हजार घरधुरीलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने लक्ष्य लिएको छ।

४१. **आयोजनाको लागत र खर्च -** आयोजनाको कुल लागत ९३.४५ मिलियन अमेरिकी डलरमध्ये एसियाली विकास बैङ्कको ऋण ६० मिलियन अमेरिकी डलर, एसियाली विकास बैङ्कको अनुदान १० मिलियन अमेरिकी डलर, ग्लोबल एग्रिकल्चर एण्ड फूड सेक्युरिटी प्रोग्रामको अनुदान ९ मिलियन अमेरिकी डलर र नेपाल सरकारको लगानी १४.४५ मिलियन अमेरिकी डलर रहेको छ। एसियाली विकास बैङ्कसँग ७ नोभेम्बर २०२२ मा आयोजना सम्झौता भई ३१ अगष्ट २०२९ सम्म आयोजना सम्पन्न हुने उल्लेख छ। आयोजनामा २०८१।८२ सम्म रु.२ अर्ब ९४ करोड ८१ लाख विनियोजन भएकोमा रु.४६ करोड ९ लाख (६.४० प्रतिशत) खर्च भएको छ। निर्धारित लक्ष्य हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४२. **समग्र उपलब्धि -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। फलफूल बालीको १० हजार नयाँ बगैंचा स्थापना गर्ने लक्ष्य रहेकोमा २५९ वटा स्थापना भएको, ५०० अगुवा कृषक परिचालनको लक्ष्य रहेकोमा २७४, संघ प्रदेश अन्तर्गतका १२ बागवानी केन्द्रमा पूर्वाधार विकासको लक्ष्य रहेकोमा १, आयोजना लागु भएका स्थानीय तह तथा आयोजनाका १०० प्राविधिकलाई आयोजनाको कार्यविधिसम्बन्धी अभिमुखीकरण गर्ने लक्ष्य रहेकोमा ४८ जनालाई र नर्सरी निरीक्षण तालिम ५ सञ्चालन गर्ने लक्ष्य रहेकोमा २ सञ्चालन भएको छ। आयोजनाले लक्ष्यअनुसार प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

कृषि क्षेत्र विकास कार्यक्रम

कर्णाली प्रदेशका पहाडी तथा उच्च पहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहायताबाट २०७५।७६ देखि यो कार्यक्रम सञ्चालन हुँदै आएको छ।

४३. **स्रोतगत बजेट र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(२) मा प्रगति विवरण समीक्षा गर्दा प्रगति कम हुनुको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने उल्लेख छ। यसका लागि अन्तर्राष्ट्रिय कोषको ऋण र अनुदान सहयोगमा २०८१।८२ सम्मको स्रोतगत कुल बजेट रु.६ अर्ब ९४ करोड ५१ लाख २४ हजार रहेकोमा संशोधनबाट रु.५ अर्ब ४ करोड १० लाख १५ हजार कायम भई रु.३ अर्ब ९७ लाख ८० हजार खर्च भएको छ। स्विस विकास नियोग - हेल्भेटास र नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबिच २०७५।८।२५ मा भएको दुई पक्षीय सम्झौताबमोजिम सन् २०१८ देखि २०२३ सम्म हेल्भेटास स्वीस इन्टरकर्पोसनले अमेरिकी डलर ३ करोड अनुदान सहयोग गर्नुपर्नेमा सेप्टेम्वर २०२० देखि हेल्भेटासले सम्झौता भङ्ग गरी अनुदान रोक्का राखेको छ। स्वीस विकास नियोग र हेल्भेटासले रु.५ करोड २४ लाख ४६ हजार लागत साझेदारी गरेको देखिन्छ। खर्च प्रतिशतमध्ये स्वीस विकास नियोग-हेल्भेटासको १०० प्रतिशत, लाभग्राही कृषकको १०८ प्रतिशत, नेपाल सरकारको ४० प्रतिशत, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको ऋण ७३ प्रतिशत र अनुदान ५४ प्रतिशत, स्थानीय तहको ४ प्रतिशत र निजी क्षेत्रको ३ प्रतिशत गरी कुल संशोधित बजेटको ५९.७० प्रतिशत वित्तीय प्रगति रहेको छ। लक्ष्यअनुसार प्रगति हासिल नहुनुको कारण समीक्षा गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

४४. **अनुदानको उपयोग -** आयोजना कार्यविधिअनुसार यो वर्षसम्म रु.६३ करोड ४५ लाख ४१ हजार र समकक्षी योगदानबापत रु.३५ करोड ४८ लाख ६२ हजारसमेत रु.९८ करोड ९४ लाख ३ हजार अनुदान प्रवाह भएको छ। आयोजनाले प्रदान गरेको र लाभग्राहीबाट प्राप्त भएको रकमको लाभग्राहीगत एकीकृत विवरण तथा अनुदानको उपयोगको अनुगमन एवं मूल्याङ्कन गरेको छैन। तसर्थ अनुदान रकमको उपयोग र उपलब्धिको मूल्याङ्कन हुनुपर्दछ।

४५. **ठेक्का फरफारक -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(क) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा निजले बेहोर्नुपर्ने दायित्व यकिन गरी सम्झौता अन्त्य गरी जमानत जफत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले जाजरकोट जिल्लाको सीमा-नेपा कृषि सडक स्तरोन्नति कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७९।३।७ मा रु.१ करोड ४ लाख ८४ हजारको सम्झौता गरेकोमा निर्माण कार्य समयमा सम्पन्न हुने आधार नदेखिएको उल्लेख गरी कार्यालयले कार्यसम्पादन जमानत जफत गर्ने र कालो सूचीमा लेखी पठाउने निर्णय गरी २०८१।९।२६ मा खरिद सम्झौता अन्त्य गरेको छ। कृषि विकास बैङ्क लिमिटेड शाखा कार्यालय, जाजरकोटमा निर्माण व्यवसायीको नाममा रहेको रु.४२ लाख ६७ हजारको कार्यसम्पादन जमानत रकम असुल गरी बाँकी निर्माण कार्यको लागत अनुमान तयार गरी थप दायित्वसमेत असुल गर्नुपर्दछ।

अन्य संस्था र समिति

नेपाल कृषि अनुसन्धान परिषद्

कृषि क्षेत्रका समस्या पहिल्याई सोको निराकरणका उपायहरू पत्ता लगाउने प्रयोजनका लागि कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो। परिषद् र मातहतका ६३ केन्द्रबाट कृषि अनुसन्धान कार्यक्रम सञ्चालन हुँदै आएको छ।

४६. **आय-व्यय -** परिषद् र अन्तर्गतको निकायको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आय		व्यय	
बिक्री तथा सेवा शुल्क	१८०४८८	प्रत्यक्ष खर्च	७५०२४
नेपाल सरकारबाट अनुदान	२७६८२०९	सञ्चालन खर्च	१५२८९३०
अन्य आय	११६५४८	कर्मचारी खर्च	६६६३६६
		अन्य खर्च	६१४४३७
		जम्मा	२८८४७५७
		यो वर्षको बचत	१८०४८८
जम्मा	**३०६५२४५**	**कुल जम्मा**	**३०६५२४५**

परिषद् र अन्तर्गतको यस वर्ष बिकी तथा सेवा शुल्क, अनुदान तथा अन्य स्रोतबाट रु.३ अर्ब ६ करोड ५२ लाख ४५ हजार आम्दानी भएकोमा रु.२ अर्ब ८८ करोड ४७ लाख ५७ हजार खर्च भई रु.१८ करोड ४ लाख ८८ हजार बचत रहेको देखिन्छ। परिषद्को केन्द्रीय नन्-अपरेटिभ खातामा रु.३ अर्ब ८४ करोड ३४ लाख ८८ हजार मौज्दात रहेको छ।

४७. **लेखा प्रणाली -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा १२ मा परिषद्को आय-व्ययको लेखा व्यावसायिक लेखा प्रणालीबमोजिम राखिने व्यवस्था छ। परिषद्ले नेपाल लेखामानबमोजिम स्वीकृत ढाँचामा सबै कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन। परिषद्ले सबै आर्थिक कारोबार समावेश गरी एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

४८. **जनशक्ति व्यवस्थापन -** कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियमावली, २०८२ को विनियम ७ मा कर्मचारीको पदसङ्ख्या निर्धारण र पदपूर्तिसम्बन्धी व्यवस्था छ। परिषद्मा १ हजार ८२३ दरबन्दी रहेकोमा ८८० पदपूर्ति भई ९४३ रिक्त रहेको देखिन्छ। पदपूर्ति भएका पदमा छात्रवृत्तिमा अध्ययनमा गई पुनः काममा नफर्केका २१ भन्दा बढी वैज्ञानिक तथा प्राविधिक कर्मचारीको पदसमेत गणना भएको हुँदा वास्तविक रूपमा कार्यरत कर्मचारी सङ्ख्या सोभन्दा कमी रहेको छ। अनुसन्धानमूलक संस्थामा वैज्ञानिक तथा प्राविधिक कर्मचारी रिक्त रहँदा अनुसन्धान कार्यमा प्रतिकूल असर परेकोले नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन नियमावली, २०८२ को विनियम ४९(३) बमोजिम कारबाही हुनुपर्दछ।

४९. **स्रोत बीउ तथा वस्तु उत्पादन -** परिषद्ले हरेक वर्ष स्रोत बीउ एवं बेर्ना उत्पादन गरी थप अनुसन्धानमा उपयोग गर्नुका साथै थप बीउ बेर्ना उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई स्रोत बीउ बेर्ना बिक्री गर्ने गरेको छ। परिषद्को यो वर्षको लक्ष्यअनुसार आलुको प्रि बेसिक बीउको लक्ष्य १ लाख २५ हजार रहेकोमा ८० हजार (६४ प्रतिशत), माछाका भुरा ३ करोड रहेकोमा १ करोड ९० लाख (६३ प्रतिशत) र कुखुराको चल्ला ७५ हजार रहेकोमा ३३ हजार (४४ प्रतिशत) उत्पादन गरी बिक्री गरेको देखिन्छ। स्रोत बीउ तथा वस्तु उत्पादनमा लक्ष्यअनुसार प्रगति हासिल भएको नदेखिएकाले लक्षित उद्देश्य हासिल गर्नुपर्दछ।

५०. **जग्गाको उपयोग -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ५ अनुसार परिषद् र अन्तर्गतका निकायले परिषद्को उद्देश्य प्राप्तिका लागि जग्गाको सदुपयोग गर्नुपर्ने उल्लेख छ। परिषद् र मातहत कार्यालयको स्वामित्वमा रहेको २ हजार ३६ हेक्टर जग्गामध्ये अनुसन्धान तथा उत्पादन

कार्यमा १ हजार २१९ हेक्टर, घरटहराले ओगटेको १५९ हेक्टर, उपयोग नभएको ६५८ मध्ये उपयोग गर्न मिल्ने तर उपयोग नभएको ८१ हेक्टर र बाँकी ५७७ हेक्टर जग्गा उपयोग गर्न नमिल्ने विवरण पेस भएको छ। परिषद् र मातहतका निकायको नाममा रहेको जग्गाको अधिकतम उपयोगमार्फत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

राष्ट्रिय दुग्ध विकास बोर्ड

राष्ट्रियस्तरमा दुग्ध व्यवसायसम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमा गरी निजी र सरकारी क्षेत्रबिच सामञ्जस्य ल्याई दुध उत्पादन पेशालाई बढी सबल तुल्याउन राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन,२०४८ अन्तर्गत राष्ट्रिय दुग्ध विकास बोर्डको स्थापना भएको हो।

५१. **आय-व्यय -** बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
५६४५१	५७५३८	२११९८	१३५१८७	६००९१	७५०९६

बोर्डले नेपाल सरकारको अनुदानसमेत समावेश गरी प्रचलित लेखामानअनुसार एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

५२. **ऋण लगानी र ब्याज** - दुग्ध विकास कोष सञ्चालन कार्यविधि निर्देशिका, २०५६ अनुसार ऋणको भुक्तानी अवधि बढीमा ५ वर्षको हुने र साँवा ब्याज भुक्तानीको समय सीमा बोर्डले निर्धारण गरेबमोजिम हुने उल्लेख छ। बोर्डबाट प्राप्त विवरणअनुसार २०५६।५७ देखि ऋण लगानी भई साँवा ब्याज फिर्ता गर्ने अवधि समाप्त भएको १५ संस्थाको बिना धितो ऋणको साँवा ब्याज रु.३ करोड २५ लाख ९९ हजार, १४ संस्थाको धितोमा रहेको ऋणको साँवा ब्याज रु.३ करोड १८ लाख २२ हजार र साँवा फिर्ता गर्ने अवधि रही ब्याज प्राप्त नभएको १८ संस्थाको बाँकी ब्याज रु.१ करोड ५७ लाख ६३ हजारसमेत रु.८ करोड १ लाख ८४ हजार असुल भएको छैन। लगानी भएको ऋण र सोको ब्याज म्यादभित्र असुल गर्नुपर्दछ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

राष्ट्रियस्तरमा चिया तथा कफी उद्योगको विकास सम्बन्धी योजनाहरू तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित एवं प्रभावकारी ढङ्गबाट बढी सबल तुल्याउन राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन,२०४९ अन्तर्गत बोर्डको स्थापना भएको हो। बोर्डअन्तर्गत केन्द्रसमेत १२ कार्यालयबाट सेवा प्रवाह हुँदै आएको छ।

५३. **आय-व्यय —** बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
बिक्री सेवा शुल्क	५७	सञ्चालन खर्च	६६५२
नेपाल सरकारबाट अनुदान	२३९७६	कर्मचारी खर्च	२१९३९
अन्य आय	७६०४९	जम्मा खर्च	**२८५९१**
		बचत	७१४९०
जम्मा	**१०००८१**	**जम्मा**	**१०००८१**

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारले रु.१२ करोड ४१ लाख ८ हजार अनुदान उपलब्ध गराएकोमा बोर्डले रु.२ करोड ३९ लाख ७६ हजार अनुदान आय देखाएकोले रु.१० करोड १ लाख ३२ हजार अनुदान आय फरक परेको सम्बन्धमा यकिन गरिनुपर्दछ।

बोर्डले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार मातहतका कार्यालयहरूको आर्थिक कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

५४. **चिया तथा कफी आयात निर्यात -** चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ७ मा बोर्डलाई चिया तथा कफीको क्षेत्र विस्तार, निर्यातकर्तालाई अन्तर्राष्ट्रिय बजारमा माग सम्बन्धी सूचना प्रदान गर्ने र मूल्य निर्धारणमा सुझाउ दिने कर्तव्य तोकिएको छ। यस वर्ष रु.११ करोड ४३ लाख ७० हजार मूल्यका ६४ मेट्रिकटन कफी निर्यात भएकोमा रु.१४ करोड ४१ लाख २० हजारको २०३ मेट्रिकटन आयात भएको छ। त्यसैगरी रु.४ अर्ब ५९ करोड ८ लाखको १५ हजार ५९८ मेट्रिकटन चिया निर्यात् भएकोमा रु.९ करोड २ लाख ९० हजारको ११३ मेट्रिकटन आयात भएको छ। गत विगतको तथ्याङ्क अध्ययन गर्दा कफीको निर्यात घटेको र आयात बढेको एवं चियाको निर्यात बढेको र आयात घटेको देखिन्छ। अतः चिया तथा कफीको आयात घटाई निर्यात बढाउने गरी उत्पादनको क्षेत्र विस्तार तथा उत्पादकत्व अभिवृद्धि गर्नुपर्दछ।

कालीमाटी फलफूल तथा तरकारी विकास समिति

कृषि उपजको बजार विकास तथा प्रवर्धन गर्दै समग्र कृषि क्षेत्रको स्तरोन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले २०४३ मा यस समितिको स्थापना भएको हो। विकास समिति ऐन,२०१३ अन्तर्गतको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति गठन आदेश, २०५८ अनुसार यो समिति सञ्चालनमा रहेको छ।

५५. **आय-व्यय -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम रु.	व्यय	रकम रु.
स्टल/सटर भाडा	१५००२८	बजार सञ्चालन खर्च	२१५८०
शुल्क तथा दस्तुर	३९८०१	कर्मचारी खर्च	५१९१७
ब्याज	३६८८२	प्रशासनिक खर्च	६७६९
अन्य आय	९९०	अन्य खर्च	४४४४
		ह्रास कट्टी	५७५९

आय	रकम रु.	व्यय	रकम रु.
		पुँजीगत खर्च	२२५३९
		जम्मा खर्च	११३००८
		बचत	११४६९३
जम्मा	**२२७७०१**	**जम्मा**	**२२७७०१**

उल्लिखित विवरणअनुसार समितिले यो वर्ष स्टल तथा सटर भाडा रु.१५ करोड २८ हजार र शुल्क, दस्तुर, ब्याज तथा अन्य आय रु.७ करोड ७६ लाख ७३ हजारसमेत रु.२२ करोड ७७ लाख १ हजार आय प्राप्त गरेकोमा बजार सञ्चालन, कर्मचारी, प्रशासनिक र अन्यमा रु.११ करोड ३० लाख ८ हजार खर्च गरी रु.११ करोड ४६ लाख ९३ हजार बचत गरेको छ।

५६. **सटर तथा स्टल भाडा -** समितिको आर्थिक नियमावली, २०७३ को नियम १८ मा समितिले आफ्नो सटर तथा स्टल भाडामा लगाउन सक्ने व्यवस्था छ। समितिले २०८१।८२ मा ६८३ स्टल/सटरको ७२ हजार ९०१ वर्ग फिट क्षेत्रफलमध्ये ६३८ स्टल/सटरको ७० हजार २०६ वर्ग फिट क्षेत्रफल भाडामा लगाई रु. १५ करोड २८ हजार आम्दानी गरेको देखिन्छ। विगत २ वर्षदेखि खाली रहेका ४५ स्टल/सटर भाडामा लगाउनुपर्दछ।

५७. **वार्षिक आगमन -** कालीमाटी बजारमा २०८१।८२ मा तरकारी तथा फलफूलको कुल आगमन २ लाख ४९ हजार ४६९ मेट्रिकटन रहेकोमा कुल आगमनमध्ये १ लाख ५४ हजार २९६ मेट्रिकटन (६१.८५ प्रतिशत) स्वदेशका विभिन्न जिल्लाबाट, ९० हजार ६३२ मेट्रिकटन (३६.३३ प्रतिशत) भारतबाट, २४९ मेट्रिकटन (०.१ प्रतिशत) चीनबाट र ४ हजार २९० मेट्रिकटन (१.७२ प्रतिशत) अन्य मुलुकबाट आगमन भएको देखिन्छ।

५८. **जग्गा तथा भवन हस्तान्तरण -** समितिले खारेजीमा परेको कृषि चुन उद्योग चोभारको २३ रोपनी १ आना र नौबिसे, धादिङको ४ रोपनी ५ आना २ पैसा जग्गाबापतको रु.१२ करोड ७५ लाख ५४ हजार नेपाल सरकारलाई भुक्तानी गरेकोमा चोभारको कित्ता नम्बर १६९ र १७७ को जग्गा समितिले भोग चलन गरे पनि समितिको नाममा प्राप्त हुन सकेको छैन। प्राप्त भएका २२ कित्ता जग्गामध्ये कित्ता नम्बर १९१ र १९९ को १४ आना २ पैसा जग्गामा मोही कायम भएको र कित्ता नम्बर १७८, १८२ र १८३ को १ रोपनी ७ आना जग्गाको स्वामित्व हस्तान्तरण भई आएको देखिएन। उक्त जग्गामा फलफूल तथा पुष्प थोक बजार भवन निर्माण कार्य भएकोमा निर्माणसम्बन्धी खरिद सम्झौताको फरफारख गरी समितिलाई हस्तान्तरण भएको छैन।

कपास विकास समिति

कपास खेतीको विकास तथा विस्तार गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत कपास विकास समिति (गठन) आदेश, २०३७ बमोजिम यो समिति गठन भई सञ्चालनमा रहेको छ।

५९. **आय-व्यय -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम रु.	व्यय	रकम रु.
बिक्री तथा सेवा शुल्क	८४३	सञ्चालन खर्च	६७४८
नेपाल सरकारबाट अनुदान	१७८५०	कर्मचारी खर्च	६३४५
अन्य आय	२९२०	अन्य खर्च	१५९८४
		जम्मा	२९०७७
		बचत	-७४६४
जम्मा	**२१६१३**	**जम्मा**	**२१६१३**

समितिले यो वर्ष बिक्री तथा सेवा शुल्क, नेपाल सरकारको अनुदान र अन्य आयसमेतबाट रु.२ करोड १६ लाख १३ हजार आय गरेकोमा सञ्चालन, कर्मचारी र अन्य खर्चमा गरी रु.२ करोड ९० लाख ७७ हजार व्यय गरेको देखिन्छ। वर्षान्तमा रु.७४ लाख ६४ हजार ऋणात्मक मौज्दात रहेको छ।

६०. **सञ्चालन अवस्था** - समितिले यो वर्ष १४ हजार ७७.५ किलोग्राम कपास उत्पादन गरेकोमा ६ हजार ६५३.५ किलोग्राम बिक्री गरेको छ। यसै गरी यो वर्ष रु.२ करोड १६ लाख १३ हजार आम्दानी भएकोमा रु.२ करोड ९० लाख ७७ हजार खर्च गरी रु. ७४ लाख ६४ हजार नोक्सानी भएको देखिन्छ। समितिको हालसम्मको सञ्चित नोक्सानी रु.६ करोड ९५ लाख २५ हजार पुगेको छ। जुन पुँजीको २:४३ गुणा हुन आउँछ ।

६१. **सेयर तथा ऋण** - समितिले गत विगत वर्ष वासलातमा एसियाली विकास बैङ्कको ऋण रु.१५ करोड ६४ लाख ७० हजार लेखाङ्कन गर्दै आएको छ। समितिले लिएको ऋणको अद्यावधिक विवरण खुलाएको एवं ब्याजसमेत भुक्तानी गरेको देखिँदैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार समितिमा नेपाल सरकारले रु.१ करोड २४ लाख १५ हजार सेयर लगानी गरेको देखिए पनि ऋण लगानी भएको नदेखिएकोले समितिले सेयर तथा ऋण लगानीको रकम भिडान गर्नुपर्दछ।

६२. **जग्गा अतिक्रमण** - बर्दिया जिल्ला भित्रको पूर्वमा गाईखोला र जङ्गलको खेतीयोग्य जमिन, पश्चिममा भादा खोला जङ्गल नजिकको खेतीयोग्य जमिन उत्तरमा महेन्द्र राजमार्ग र दक्षिणमा गुलरियाको करिब ५५० हेक्टरमा समितिले भोगचलन गरी कपास उत्पादन, प्रशोधन र बिक्री वितरण गरिरहेकोमा २०६० साल भाद्र महिनादेखि करिब १ हजार ५०० मुक्त कमैया र सुकुम्बासी घरपरिवारले जग्गाजमिन नापजाँच गरी भागबण्डा लगाएको र समितिको घर गोदामहरू तोडफोड र आगजनी गराएकोले उक्त अवधिदेखि समितिले भोगचलन गर्न पाएको छैन। अतिक्रमित जग्गाको हकभोग कायम गर्नेतर्फ कारबाही हुनुपर्दछ।

६३. **मौज्दात** - समितिमा यो वर्ष कपासको सुरु मौज्दात ३६ हजार ९६१.५ किलोग्राम रहेकोमा ८६ हजार ७२६.५ किलोग्राम खरिद तथा उत्पादन गरी १ लाख २३ हजार ६८८ किलोग्राम आम्दानीमध्ये ७ हजार ३६२.५० किलोग्राम बिक्री भई रु.१ करोड ३४ लाख ५८ हजार मूल्य बराबरको १ लाख १६ हजार ३२५.५० किलोग्राम मौज्दात रहेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति हासिल नभएको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, आयोजनाहरू बाह्य परामर्श सेवामा बढी निर्भर रहेको, सोझै भुक्तानी र प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, सङ्गठन संरचनाको उपयुक्त विश्लेषण नभएको, रासायनिक मलमा दिईने अनुदान रकमको पुनरावलोकन नभएको, बाली तथा पशुपन्छी बिमाको अनुगमन नभएको, शीतभण्डार निर्माण कार्य सम्पन्न हुन नसकेको लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १७५ निकायमा रु.२६ करोड ४७ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड १९ लाख ५२ हजार सम्परीक्षण भएकोले रु.२२ करोड २७ लाख ८४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.५ करोड ८२ लाख ८० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - सङ्गठित संस्था, समिति र अन्य संस्थातर्फ ५ निकायमा रु.११ करोड ९ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ लाख ५ हजार सम्परीक्षण भएकोले रु.१० करोड ९६ लाख ३४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.८ लाख १५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, कार्यान्वयन, नियमन र मूल्याङ्कन गर्ने, राष्ट्रियस्तरका प्रशोधन सहितका बृहत् ढल प्रशोधन आयोजनाहरूको पहिचान, निर्माण र नियमन गर्ने, मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने र मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान र कम्पनी आदिको सञ्चालन र नियमन गर्ने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत ४१ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३७ सरकारी कार्यालयको निम्नानुसार रु.१५ अर्ब १८ करोड ९६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१२९१६८	४३७	२१५१८	७७३	१५१८९६

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई स्थानीय तहले खर्च गरेको रु.२ करोड ६ लाख समावेश छैन।

२. **सङ्गठित र अन्य संस्था -** यो वर्ष २ अन्य संस्था तथा नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०८०।८१ को बक्यौता रु.७६ अर्ब ८२ करोड ४९ लाखसमेत रु.८६ अर्ब ४८ करोड ८६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। मन्त्रालयअन्तर्गतका नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०८१।८२ को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन** - सोह्रौं योजनामा सबै नागरिकलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवामा पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने, खानेपानी तथा सरसफाइ सेवाको पर्याप्त, सुरक्षित तथा सर्वसुलभ उपलब्धतामार्फत जनस्वास्थ्यमा सुधार ल्याउने, सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच सुनिश्चित गरी मानव मलमूत्र तथा फोहर पानीको उचित व्यवस्थापनमार्फत स्वच्छता कायम गर्ने, जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने तथा खानेपानी र सरसफाइ सेवाको दिगो सेवा प्रवाहका लागि सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका सबलीकरण गर्दै संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने लगायतका उद्देश्य निर्धारण गरिएको छ। खानेपानी तथा सरसफाइसँग सम्बन्धित प्राप्त नतिजा सूचकको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८०	सोह्रौं योजाको लक्ष्य	यस वर्षसम्मको प्रगति
१	आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	९४.९	९९	९७
२	उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	२५.८	४५	३२
३	आधारभूत स्तरको सरसफाइ सुविधाबाट लाभान्वित परिवार	प्रतिशत	९५.५	९९	९६.५
४	घरायसी प्रयोजनबाट उत्सर्जित फोहर पानीको प्रशोधन (सुरक्षित रूपमा प्रशोधन गरिएको फोहर पानीको अनुपात)	प्रतिशत	२.३४	३०	३.३४

योजनामा निर्धारण गरिएका लक्ष्य तथा सूचकहरू हासिल गर्न चालु आवधिक योजनामा सेवा विस्तार, पूर्वाधार विकास, फोहर पानी व्यवस्थापन प्रणालीको विकास, आवश्यक स्रोत-साधनको सुनिश्चितता तथा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र अनुगमन प्रणाली सुदृढ गर्दै कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

४. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य ६ मा सबैको निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य रहेको छ। खानेपानी मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्य र सोह्रौं योजनाले तोकेका सूचकमध्ये प्रमुख सूचकको लक्ष्य र प्रगतिको स्थिति देहायबमोजिम छः

क्र.सं.	विवरण	एकाइ	दिगो विकास लक्ष्य सन् २०३०	आवधिक योजनाको लक्ष्य	यस वर्षसम्मको प्रगति
१	आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	१००	९९	९७
२	उच्च तथा मध्यम स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	१००	४५	३२
३	प्रशोधन सहितको ढल प्रणालीबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	५०	३०	३.३४

प्रशोधनसहितको ढल प्रणाली र उच्च तथा मध्यमस्तरको खानेपानी सेवातर्फ हालसम्मको प्रगति सन्तोषजनक नदेखिएकोले तोकिएको समयमा लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिन्छ। दिगो विकास लक्ष्यलाई आवधिक योजना र नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी कार्य सम्पादन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयसँग सम्बन्धित २०८१।८२ को नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रममध्ये निजी क्षेत्रबाट उत्पादन र वितरण भइरहेको खानेपानीको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्ने, मधेश प्रदेश लगायत तराईका विभिन्न जिल्लामा गुणस्तरीय खानेपानीका लागि आर्सेनिक न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने, शहरी तथा राजमार्ग वरिपरि यात्री, पर्यटक र सेवाग्राहीको अत्यधिक चाप हुने सार्वजनिक स्थानमा निजी तथा सामुदायिक साझेदारीमा कम्तीमा एक हजार सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण गरिने, राजमार्गमा सार्वजनिक तथा निजी साझेदारीमा स्मार्ट रोडसाइड स्टेशन निर्माण गर्ने एवं खानेपानी तथा सरसफाइ आयोजनाको दिगो

व्यवस्थापन गर्दै प्राकृतिक विपत्तिबाट हुने क्षति तत्काल सम्बोधन गर्न तीनै तहको समन्वय तथा सहकार्यमा सञ्चालनमा रहेका आयोजनालाई अनिवार्य बिमा गर्ने उल्लेख गरिएकोमा ती कार्यक्रमहरूका लागि बजेट व्यवस्था भएको देखिएन। नीति तथा कार्यक्रमअनुसारको लक्ष्य प्राप्ति सुनिश्चित गर्न कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०८१।८२ मा सुनकोशी-मरिन, सुनकोशी-कमला, नारायणी तथा भेरी-बबई जस्ता अन्तर-नदी प्रणालीमार्फत थोक पानी आपूर्ति गर्ने, विभिन्न स्थानमा जलाशययुक्त आयोजना निर्माण तथा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने, मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउन इन्टेक स्थानान्तरण, सुन्दरीजल प्रशोधन केन्द्र विस्तार तथा काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा पाइपलाइन परीक्षण र वितरण जस्ता कार्य अघि बढाउने, चक्रपथ बाहिर वितरण प्रणाली विस्तार, धोबीघाटसहितका फोहरपानी प्रशोधन केन्द्र सञ्चालन तथा निर्माण सम्बन्धी कार्य सुरु हुन सकेका छैनन्। मन्त्रालयबाट प्राप्त विवरणअनुसार आधारभूत खानेपानी सेवा ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९७ प्रतिशत प्रगति हासिल भएको छ। प्रशोधनसहितको ढल सेवामा ३.३४ प्रतिशत मात्र प्रगति भएको छ। सुरक्षित खानेपानी सेवा करिब ४० प्रतिशत जनसङ्ख्यामा मात्र सीमित देखिन्छ। जनसहभागिताको अभावका कारण विशेष गरी तराई-मधेश क्षेत्रमा निर्माण भएका संरचनाहरूको प्रभावकारी उपयोग हुन सकेको छैन। बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *विभिन्न निकायले पूर्वाधार विकास कार्य गर्दा काठमाडौं उपत्यकाका पाइपलाइनमा रु.६ करोड ५९ लाख ६८ हजारको क्षति भएकोमा सो रकम सम्बन्धितबाट असुल हुनुपर्ने,*
- *विभिन्न कार्यालयबाट रु.५२ लाख ९२ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने,*
- *भेरिएशनबाट थप भएका नयाँ आइटम तथा फरक महिनाको मूल्यसूचीमा मूल्य समायोजन भुक्तानी भएको रु.९८ लाख ४८ हजार असुल हुनुपर्ने,*
- *पूर्वनिर्धारित क्षतिपूर्ति बापत रु.१० करोड ९० लाख ९३ हजार असुल हुनुपर्ने,*
- *आयोजना कार्यान्वयन निर्देशनालयले ठेक्का अन्त्य गरेकोमा रु.२ अर्ब ५९ करोड ९९ लाख असुल हुनुपर्ने, लगायतका अवस्था देखिएका छन्।*

७. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयबाट प्राप्त २०८१।८२ को प्रगति प्रतिवेदन अनुसार विभिन्न कार्यक्रममध्ये निम्न आयोजना तथा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगतिको स्थिति देहायबमोजिम छः

क्र. सं.	कार्यक्रम/आयोजना	वार्षिक बजेट (रु.लाखमा)	वार्षिक खर्च (रु.लाखमा)	वित्तीय प्रगति (प्रतिशत)	भौतिक प्रगति (प्रतिशत)
१.	ढल प्रशोधन केन्द्र (ढल निर्माण तथा प्रशोधन कार्यक्रम)	७३९८	६२९५	८५	९५
२.	शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	१९५७५	१२९९९	६६	८५
३.	एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना	५३७	२८२	५३	६५
४.	खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	४३६९	१३२३	३०	५१
५.	मेलम्ची खानेपानी आयोजना (पहिलो चरण)	४९३७	३१०९	६३	८३
६.	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरण)	११५००	१२९०	११	५०

उल्लिखित विवरणअनुसार मन्त्रालय मातहतका निकायहरूबाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगतिको समीक्षा गरी तोकिएबमोजिमको लक्ष्य हासिल गर्नुपर्दछ।

८. **बजेट र खर्च -** मन्त्रालयका लागि यस वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	९४७५	९३८८	६८१५	७२.५९
पुँजीगत	१५३७७४	१५६५४६	१२२२७२	७८.११
जम्मा	**१६३२४९**	**१६५९३४**	**१२९०८७**	७७.७९

मन्त्रालयको शीर्षकगत विनियोजन र खर्चको तुलना गर्दा चालुतर्फ ७२.५९ प्रतिशत र पुँजीगततर्फ ७८.११ प्रतिशत खर्च भएकोले बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको देखिएन। स्वीकृत बजेटअनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा कारोवारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित वैदेशिक सहायता विवरणअनुसार यो वर्ष मन्त्रालयको विकास कार्यक्रमका लागि विभिन्न विकास साझेदारबाट अमेरिकी डलर ५२ लाख १५ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

१०. **वैदेशिक सहायताबाट सञ्चालित आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

आयोजनाको नाम	दातृ निकाय/सहयोग	बजेट			यो वर्षको खर्च	खर्च प्रतिशत
		कुल बजेट	वैदेशिक	नेपाल सरकार		
काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना, दोस्रो	ए.डी.बी. ऋण	४६१३१	१२३८०	३३७५१	३२९२३	७१.३७
मेलम्ची खानेपानी आयोजना	ए.डी.बी. ऋण	१६४३७	८०००	८४३७	४३९९	२६.७६
सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, आयोजना व्यवस्थापन कार्यालय	ए.डी.बी. ऋण	१८००७	१७५६४	४४३	११९०८	६६.१३
कोभिड- १९ रेस्पोन्स	जे.एफ.पी.आर.अनुदान	१७०८	१५३९	१६९	१०९१	६३.८७
खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	विश्व बैंङ्क ऋण	४३६९	३९८३	३८६	१३२२	३०.२५

उल्लिखित विवरणअनुसार मेलम्ची खानेपानी आयोजनामा २६.७६ प्रतिशत, खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रमको ३०.२५ प्रतिशत र काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना दोस्रोको ७१.३७ प्रतिशत खर्च भएको छ। वैदेशिक सहायताको उपयोगमा दक्षता अभिवृद्धि गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

११. **ऋणको उपयोग -** नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मार्फत सहुलियतपूर्ण ऋण र अन्य ऋणलाई पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिएको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऋण सम्झौता तथा उपयोगको स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	सम्झौता अवधि	ऋण रकम (अमेरिकी डलरमा मिलियन)	भुक्तानी रकम (रु.लाखमा)	वित्तीय प्रगति	भौतिक प्रगति
१	मेलम्ची खानेपानी आयोजना	२००१ नोभेम्बर ८ देखि २०३० डिसेम्बर ३१	३१२.९	३२३४४७	७७	५६
२	मेलम्ची खानेपानी आयोजनाको उप-आयोजना	२००१ नोभेम्बर ८ देखि २०२७ जून ३०	४६६.०८	४३१७२१	७१	७७
३	सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	२०१८ नोभेम्बर २६ देखि २०२६ अप्रिल ३०	१३७.२	१३९२७४	८२	८४
४	कोभिड- १९ रेस्पोन्स	२०२१ जुलाई २९ देखि २०२६ अप्रिल ३०	५०	६५३०	६४	८४
५	खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	२०२२ जुलाई २९ देखि २०२८ जुलाई १५	१००	९३८६	३०	६५

उल्लिखित विवरणअनुसार वैदेशिक ऋणको उपयोग गरी सञ्चालित ५ आयोजनामा हालसम्म रु.९१ अर्ब ३ करोड ५८ लाख खर्च भएको छ। सञ्चालन गरिएका योजनामा कमजोर आयोजना व्यवस्थापन, समन्वयको कमी, खरिद प्रक्रियामा ढिलाइलगायतका कारण आयोजनाहरू समयमै सम्पन्न नभई आयोजनाको लागत वृद्धि भएको देखिन्छ। उपर्युक्त आयोजना छनोट, खरिद प्रक्रियामा सुधार तथा आयोजनाको कार्यान्वयन क्षमता विकास गरी अपेक्षित प्रतिफल हासिल हुने गरी ऋण रकम परिचालन गर्नुपर्दछ।

१२. **राष्ट्रिय गौरवको आयोजना** - मन्त्रालयअन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको रूपमा मेलम्ची खानेपानी आयोजना रहेको छ। आयोजनाको समग्र अवस्था निम्नानुसार छः

(रु. लाखमा)

आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष	सुरु लागत अनुमान	यो वर्षको खर्च	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
मेलम्ची खानेपानी आयोजना	२०५५।५६	२०८७।८८	अमेरिकन डलर ३१२.९ मिलियन	५७९०	३२३४४७	९९.५२ (बाढीबाट क्षति अघिको)

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको मेलम्ची खानेपानी आयोजना सिन्धुपाल्चोक जिल्लाको मेलम्चीबाट २५.९२ किलोमिटर सुरुङमार्फत पहिलो चरणमा दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा आपूर्ति गर्ने उद्देश्यले २०५५।५६ मा सुरु भई २०६४।६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पटक-पटक समयावधि संशोधन भई २०८७।८८ सम्म थप भएको छ। आयोजनामा यो वर्ष रु.५७ करोड ९० लाख खर्च भई हालसम्म रु.३२ अर्ब ३४ करोड ४७ लाख खर्च भएको छ। आयोजनाको पहिलो र दोस्रो चरणअन्तर्गत सञ्चालित क्रियाकलापमा यो वर्षसम्मको समग्र भौतिक प्रगति क्रमशः ९९.५२ र १२.४७ प्रतिशत रहेको छ। पहिलो चरणमा निर्मित हेडवर्क्समा २०७८ असारमा आएको बाढीबाट क्षति भएको र क्षतिग्रस्त हेडवर्क्स निर्माण कार्य सम्पन्न भएको छैन। आयोजनाको दोस्रो

चरणका मुख्य कार्यहरू सुरुङ निर्माण, हेडवर्क्स निर्माण र पानी प्रशोधन केन्द्र निर्माण लगायतका कार्य रहेकोमा पहुँच मार्ग र सोमा पर्ने पुल निर्माण कार्य भइरहेको छ।

१३. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा मन्त्रालयले प्राथमिकता सूचीको आधारमा मापदण्ड पूरा गरेका योजना राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने तथा आयोजना बैङ्कमा प्रविष्टि नभएका आयोजनामा बजेट विनियोजन गर्न नहुने उल्लेख छ। मन्त्रालय तथा मातहतबाट कार्यान्वयन हुने ३ हजार ५४४ योजना आयोजना बैङ्कमा प्रविष्टि गरेको भए तापनि योजनाको प्राथमिकताका आधारमा योजना छनोट गर्ने विधि तयार गरेको छैन। आयोजना बैङ्कमा प्रविष्टि भएका योजनाबाट प्राथमिकताका आधारमा खानेपानी योजना कार्यान्वयन गर्नुपर्दछ।

१४. **आयोजना वर्गीकरण -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को बुँदा नं. ६ मा पूर्वाधार आयोजनाको हकमा सङ्घबाट रु.३ करोड र प्रदेशबाट रु.१ करोडभन्दा कम लागतका नयाँ आयोजना कार्यान्वयन नगर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष मन्त्रालयले बजेट विनियोजन गरेका ३ करोड रुपैयाँसम्मका खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गतका सालबसाली योजनाहरूको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	विनियोजित रकमका आधारमा योजना	योजना संख्या	बजेट	
			विनियोजित रकम (रु.लाखमा)	प्रतिशत
१	रु.५० लाखसम्मका योजना	१४३६	२१६८९	१८.१८
२	रु.५० लाखभन्दा बढी १ करोडसम्मका योजना	१८२	११३१९	९.४९
३	रु.१ करोडभन्दा बढी २ करोडसम्मका योजना	१७०	१९७१६	१६.५३
४	रु.२ करोडभन्दा बढी ३ करोडसम्मका योजना	७८	१७८१४	१४.९४
५	रु.३ करोड माथिका योजना	८७	४८७३३	४०.८६
	जम्मा	**१९५३**	**११९२७१**	१००

उल्लिखित विवरणअनुसार रु.१ करोडसम्मका योजना सङ्ख्या १ हजार ६१८, रु.१ करोडभन्दा बढी रु. ३ करोडसम्मका योजना सङ्ख्या २४८ एवं रु.३ करोडभन्दा माथिका योजना सङ्ख्या ८७ रहेको छ। योजना सङ्ख्या तथा कुल विनियोजित रकमका आधारमा रु.५० लाखभन्दा कम रकमका योजना सबैभन्दा धेरै रहेको देखिन्छ। सङ्घीय मन्त्रालय मातहतका कार्यालयहरूमा समेत प्रदेश तथा स्थानीय तहले सम्पादन गर्ने योजना निर्धारण गरेको देखिएकोले आयोजना वर्गीकरणको आधार तथा मापदण्डमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

१५. **रुग्ण र अधुरा आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयनको सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था, नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार अन्तर्गत समयमा कार्यसम्पन्न हुन नसकेमा सम्झौता गर्ने निर्माण व्यवसायीबाट क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत देहायअनुसार २८० अधुरा तथा रूग्ण आयोजना रहेका छन्ः

(रु. लाखमा)

क्र.सं.	प्रदेश	विवरण (सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको आधारमा)	खरिद सम्झौता सङ्ख्या	आवश्यक बजेट
१	कोशी	१ देखि ५ वर्षसम्म	१४	७५६६
		५ देखि १० वर्षसम्म	१४	
		१० वर्षभन्दा माथि	८	
२	मधेश	१ देखि ५ वर्षसम्म	९२	१३९८७
		५ देखि १० वर्षसम्म	७६	
		१० वर्षभन्दा माथि	८	
३	लुम्बिनी	१ देखि ५ वर्षसम्म	२६	६८७०
		५ देखि १० वर्षसम्म	२२	
		१० वर्षभन्दा माथि	३	
४	सुदूरपश्चिम	१ देखि ५ वर्षसम्म	७	१५१०
		५ देखि १० वर्षसम्म	४	
		१० वर्षभन्दा माथि	६	
		जम्मा	२८०	**२९९३३**

उल्लिखित ठेक्काहरू २०६१।६२ देखि २०७८।७९ सम्म सम्पन्न हुनुपर्नेमा सम्पन्न नभएको र म्याद थपसमेत नभएको उल्लेख छ। खानेपानी एवं सरसफाइसँग सम्बन्धित आयोजना समयमै पूरा नहुँदा आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त नहुने भएकाले खरिद सम्झौताबमोजिम प्रगति नभएका ठेक्काहरूलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौताबमोजिम समयमै कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१६. **आयोजना अनुगमन तथा मूल्याङ्कन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(२) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११९ र १२२(ख) अनुसार आयोजना कार्यान्वयनको सुपरीवेक्षण, नतिजामा आधारित अनुगमन तथा दण्ड/प्रोत्साहन प्रणाली लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत चालु वर्ष पुँजीगततर्फ रु.१५ अर्ब ६५ करोड ४६ लाख विनियोजन भएकोमा रु.१२ अर्ब २२ करोड ७२ लाख (७८.१० प्रतिशत) खर्च भएको छ। अनुगमन मूल्याङ्कनतर्फ रु.३ करोड ४४ लाख ४३ हजार विनियोजन भएकोमा रु.२ करोड ५९ लाख ८३ हजार खर्च भएको तथा कन्टिन्जेन्सीबाट समेत रु.३ करोड ७० लाख ५७ हजार खर्च भएको छ। खानेपानी तथा ढल आयोजनाका ठेक्काहरूको म्याद पटक-पटक थप गर्दा पनि समयमा सम्पन्न भएका छैनन्। कार्यतालिकाअनुसार प्रगति सुनिश्चित गर्ने, जोखिममा आधारित अनुगमन गर्ने, भौतिक-वित्तीय प्रगतिको नियमित समीक्षा गर्ने तथा अभिलेख व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रूपमा भएको पाइएन। डिजाइन परिवर्तन, जग्गा उपलब्धता, मुआब्जा र भुक्तानी विवाद समयमै निरुपण नहुनु तथा सरोकारवाला निकायबिच समन्वय कमजोर रहनु लगायतका समस्या देखिएका छन्। ठेक्का व्यवस्थापनमा कमजोरी, जिम्मेवारी र जवाफदेहिताको अस्पष्टता, निर्णय प्रक्रियामा ढिलाइ, दण्ड/प्रोत्साहन प्रणाली लागु नहुनुले आयोजनाको समय र लागत वृद्धि भई सेवा प्रवाहमा ढिलाइ भएको छ।

आयोजना समयमै सम्पन्न गर्न निर्णय प्रक्रियालाई सरल एवं छरितो बनाई सरोकारवाला निकायबिच समन्वय सुदृढ गर्ने, कार्यतालिकामा आधारित स्थलगत अनुगमन, दण्ड/प्रोत्साहन प्रणालीको प्रभावकारी कार्यान्वयन तथा कार्यसम्पादनका आधारमा जिम्मेवारी निर्धारण गर्नुपर्ने देखिन्छ।

१७. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको परिस्थिति वा मनासिब कारणबाट मात्र जाँचबुझ गरी कारण मनासिब देखिएमा खरिद सम्झौताको म्याद थप गर्न सकिने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय मातहत निकायका ५१ खरिद सम्झौताको म्याद पचास प्रतिशत, ४१ खरिद सम्झौताको पचासदेखि शतप्रतिशतसम्म र ४० खरिद सम्झौताको शतप्रतिशत भन्दा बढी म्याद थप गरेको छ। आयोजना ढिलाइका कारणको पहिचान गर्ने, म्याद थप गर्दा मूल्य समायोजन, बिमा सुविधालगायतका विषय स्पष्ट रूपमा उल्लेख गर्ने तथा निर्माण व्यवसायी, परामर्शदाता र सम्बन्धित पदाधिकारीको कार्यगत समन्वयलाई व्यवस्थित गर्ने, वस्तुनिष्ठ प्रमाणका आधारमा म्याद थप गर्ने लगायतका कार्य गरी तोकिएको समयमै आयोजना सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ।

१८. **भेरिएशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खोलि भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था छ। मेलम्ची खानेपानी आयोजना (फेज-२) मा १४.९५ प्रतिशत, इलामको एक योजनामा १०.५१ प्रतिशत, रामेछापको एक योजनामा १४.३८ प्रतिशत र अर्को योजनामा ११.३६ प्रतिशत तथा हेटौंडाको एक योजनामा १२.२३ प्रतिशतसम्म भेरिएशन भएको देखिन्छ। विस्तृत ड्रइङ, डिजाइन, निर्माणस्थल एवं कार्यक्षेत्रको सुनिश्चितता, भौगर्भिक अध्ययन, दर विश्लेषण, लागत अनुमान तयारीलगायतमा रहेका कमजोरीसमेतका कारण लागत अनुमान तयार गर्दाकै बखत पूर्वानुमान गर्न सकिने कार्यहरूमा समेत भेरिएशन आदेश जारी भएको अवस्था छ। उल्लिखित विषयहरूमा सुधार गरी भेरिएशन गर्ने कार्य व्यवस्थित गर्नुपर्दछ।

१९. **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। विभाग र मातहत कार्यालयले ओभरहेड टङ्की निर्माण, लिफ्टिङ्ग प्रणाली निर्माणलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिमार्फत गराएको देखिएको छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम, धनकुटा, मोरङ, खोटाङ, धनुषा, चितवन, मकवानपुर, कास्की र रुपन्देहीसमेत ९ कार्यालयले उपभोक्ता समिति मार्फत रु.४९ करोड १६ लाख २६ हजार लिफ्ट संरचना निर्माण, रिजर्भायर ट्याङ्क, डिप बोरिङ, इन्टेक निर्माणलगायतका कार्य गराएको छ। जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउँदा मितव्ययिता तथा सोको गुणस्तरीयता र दिगोपनाको सुनिश्चितता हुनुपर्दछ। साथै उपभोक्ता समितिबाट गराइने कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७ को व्यवस्था पालना गर्नुपर्दछ।

२०. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। देहायका आयोजनामा यस वर्षसम्म परामर्श सेवामा रु.५ अर्ब ४ करोड ५२ लाख खर्च भएको देखिन्छः

(रु. लाखमा)

क्र. सं.	आयोजनाको नाम	२०८१।८२ सम्मको परामर्श सेवाको खर्च
१	खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गतका विभिन्न १७ आयोजना	१०४५
२	सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी	५५०२
३	सह-लगानी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी	११४
४	केन्द्रीय खानेपानी आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी	१५७
५	एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी	११७२
६	खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, आयोजना व्यवस्थापन एकाइ पानीपोखरी	४६२३
७	आयोजना कार्यान्वयन निर्देशनालय	३७८३९
	जम्मा	**५०४५२**

आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा खरिदलगायतका कार्यमा आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट कार्य गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२१. **खानेपानी आपूर्ति -** काठमाडौं उपत्यका खानेपानी लिमिटेडको कार्यक्षेत्रभित्र ३ लाख ५४ हजार धारा जडान गर्ने उल्लेख भए तापनि २ लाख ७९ हजार धारा मात्र जडान भएको छ। मेलम्ची खानेपानी आयोजना अन्तर्गत सिन्धुपाल्चोकका मेलम्ची, याङ्ग्री र लार्के नदीबाट दैनिक करिब ५१ करोड लिटर पानी आपूर्ति गर्ने लक्ष्य भए तापनि हाल करिब १७ करोड लिटर मात्र प्रशोधन केन्द्रमा पथान्तरण भई वितरण भइरहेको छ। प्राप्त विवरणअनुसार काठमाडौं उपत्यकामा दैनिक करिव ५१ करोड ४० लाख लिटर माग रहेकोमा वर्षायाममा दैनिक १६ करोड २७ लाख लिटर र हिउँदमा २८ करोड ३७ लाख लिटर आपूर्ति हुँदा मागअनुसार खानेपानी आपूर्ति हुन सकेको छैन। यसका अतिरिक्त पानीको केही अंश परम्परागत स्रोतबाट पूर्ति भए तापनि हालको प्रणालीबाट माग पूरा हुन सकेको छैन। मागबमोजिमको पानी आपूर्तिका लागि मेलम्ची खानेपानी आयोजना पूर्ण क्षमतामा सञ्चालन, वैकल्पिक स्रोतको विकास तथा वितरण प्रणाली सुदृढीकरणलगायतका उपाय अवलम्बन गर्नुपर्दछ। संरचना तथा वितरण प्रणालीका कार्य समयमै सम्पन्न गरी उत्पादन, प्रशोधन र वितरण प्रणालीलाई प्रभावकारी बनाउँदै वितरण सञ्जालको सञ्चालन, अनुगमन र मर्मतसम्भार सुदृढ गरी दिगो र भरपर्दो सेवा सुनिश्चित गर्नुपर्दछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग

सर्वसाधारण नागरिकलाई खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन २०२९ सालमा स्थापना भएको खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत आयोजना व्यवस्थापन कार्यालय-४, शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना ३, खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना ७, राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र १ र सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना २० समेत ३५ कार्यालय रहेका छन्। विभाग र अन्तर्गतका कार्यालयको लागि यो वर्ष रु.१४ अर्ब ७९ करोड ३६ लाख बजेट विनियोजन

भएकोमा चालु बजेटतर्फ रु.५१ करोड ९० लाख र पुँजीगततर्फ रु.११ अर्ब ८३ करोड ८२ लाखसमेत रु.१२ अर्ब ३५ करोड ७२ लाख खर्च भएको छ।

२२. **आयोजना सञ्चालन -** खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ८ मा खानेपानी सेवा तथा सरसफाइ सेवाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने दायित्व तीनै तहको सरकारको हुने व्यवस्था छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०७६।२।१० को निर्णयअनुसार आयोजनाको संशोधित वर्गीकरण बमोजिम सङ्घअन्तर्गत राष्ट्रिय प्रकृतिका ठुला आयोजना, सह-लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना, ढल प्रशोधनसहितका आयोजना, तराई मधेशमा १५ हजार, पहाडमा ५ हजार र हिमालमा १ हजार भन्दा बढी जनसङ्ख्यालाई खानेपानी पुऱ्याउने आयोजना, खानेपानी स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू र ठुलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू गर्ने उल्लेख छ। त्यसैगरी प्रदेश तहबाट सञ्चालन हुने कार्यक्रममा प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू, तराई मधेशमा ५ देखि १५ हजार, पहाडमा ३ देखि ५ हजार र हिमालमा १ हजारसम्मको जनसङ्ख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना, फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू र एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू प्रदेश तहबाट सञ्चालन हुने उल्लेख छ। खानेपानी सम्बन्धी योजनाहरूको निर्माण कार्य, मर्मत सम्भारलगायतका कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट हुँदै आएका छन्। खानेपानी तथा ढल निकासजन्य कार्य गर्ने सम्बन्धमा तीन तहका सरकारको कार्यक्षेत्र र मापदण्ड स्पष्ट हुन नसक्दा आयोजना सञ्चालनमा दोहोरोपना हुनुका साथै विभिन्न निकायबाट सम्पादन भएको कार्यमा समन्वय हुन सकेको छैन। खानेपानी तथा ढल व्यवस्थापन सम्बन्धमा तहगत सरकारका निकायहरूबीच अन्तर निकाय कार्यगत समन्वय र कार्यगत स्पष्टता हुनुपर्दछ।

२३. **खानेपानीको गुणस्तर -** खानेपानी सेवा उपलब्ध गराउने निकाय तथा संस्थाहरूले वितरण गर्ने खानेपानीको गुणस्तर निर्धारणका लागि नेपाल सरकारले खानेपानी गुणस्तर मापदण्ड, २०७९ तर्जुमा गरेको छ। यो वर्ष विभाग र मातहतका कार्यालयले पानीको गुणस्तर परीक्षण र प्रशोधन, क्लोरिनेसन युनिट जडान, वाटर टेस्ट कीट खरिदलगायतका पानीको गुणस्तर कार्यक्रममा रु.४१ करोड ५० लाख ६४ हजार खर्च भएको छ। सर्वसाधारणलाई वितरण हुने खानेपानी उक्त मापदण्डअनुसार भएको सुनिश्चितताका लागि खानेपानी वितरण गर्ने निकाय तथा संस्थाहरूले गुणस्तर मापन गरी सोसम्बन्धी अभिलेख राखेको देखिएन। मापदण्डअनुसार गुणस्तर सुनिश्चित गरी खानेपानी वितरण गर्नुपर्दछ।

२४. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम तथा कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, बोलपत्र आव्हान गरी ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा सक्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलाम, धनकुटा, खोटाङ, धनुषा, चितवन र लमजुङले यो वर्ष दोस्रो त्रैमासिकमा रु.३ करोड ७९ लाख ४४ हजारका ११, तेस्रो त्रैमासिकमा रु.१ अर्ब ४० करोड ११ लाखका ४७ र चौथो त्रैमासिकमा रु.१ अर्ब ३९ करोड ९९ लाखका ३३ खरिद सम्झौता गरेको पाइयो। नियमावलीको व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

२५. **जडान गर्न बाँकी पाइप -** नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रअनुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्दा

गत विगतको मौज्दातको यकिन गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने तथा नापी किताबमा जडान भएको देखिएअनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छः

२५.१. यो वर्ष विभागअन्तर्गतका १२ कार्यालयबाट प्राप्त विवरणअनुसार रु.१० करोड ६० लाख ५७ हजार मूल्यका विभिन्न साइजका पाइप तथा फिटिङ्स वर्षान्तमा मौज्दात रहेको छ। आवश्यकताको आधारमा मात्र पाइप तथा फिटिङ्स खरिद गर्नुपर्दछ।

२५.२. यो वर्ष विभागअन्तर्गतका १२ कार्यालयबाट प्राप्त विवरण अनुसार जिन्सी खाताबाट खर्च जनाएको रु.६ करोड ८ लाख ५५ हजार मूल्यका विभिन्न साइजका पाइप तथा फिटिङ्स सम्बन्धित योजनामा प्रयोग भएको छैन। जिन्सी खाताबाट खर्च गरेका विभिन्न साइजका पाइप तथा फिटिङ्स सम्बन्धित योजनामा उपयोग गर्नुपर्दछ।

२६. **कन्टिन्जेन्सी खर्च -** कन्टिन्जेन्सी खर्च सम्बन्धमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) तथा अनुसूची-१ बमोजिम वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी बढीमा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च समावेश गर्न सक्ने व्यवस्था छ। विभाग अन्तर्गतका विभिन्न १९ कार्यालयबाट प्राप्त विवरण अनुसार चालु वर्ष कन्टिन्जेन्सीतर्फ रु.१७ करोड ५२ लाख ७ हजार खर्च भएको छ। विभाग अन्तर्गतका २० सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनामध्ये १९ आयोजनाले कन्टिन्जेन्सीबाट सुपरभाइजर नियुक्त गरी ज्याला तथा पारिश्रमिकमा रु.२ करोड १ लाख १ हजार खर्च लेखेकोमा ती सुपरभाइजरहरूले सम्पादन गरेको कार्यको अभिलेख राखेको छैन। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण विपरीत मर्मत सम्भारमा रु.२ करोड ६० लाख २१ हजार, दैनिक भ्रमण भत्तामा रु.३ करोड ९० लाख ३२ हजार, इन्धनमा रु.१ करोड २ लाख ४२ हजार, स्टेसनरी छपाइ, सूचना प्रकाशन तथा मसलन्दमा रु.१ करोड ६६ लाख ६४ हजार, खप्ने तथा नखप्ने जिन्सी मालसामन खरिदमा रु.१ करोड ४९ लाख ५३ हजार र अन्य कार्यमा रु.४ करोड ८१ लाख ९४ हजार सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। सार्वजनिक खरिदअन्तर्गत कन्टिन्जेन्सी खर्चलाई ठेक्का तथा योजनाअनुसार नापी किताबमा उल्लेख गरी अभिलेख राखेको देखिएन।

सुपरभाइजर लगायत जनशक्तिबाट सम्पादन भएका कार्यको कार्यविवरण तथा अभिलेख राख्ने, खर्चलाई एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार सम्बन्धित शीर्षकमा मात्र लेखाङ्कन गर्ने, कन्टिन्जेन्सी खर्चलाई योजना/ठेक्का प्याकेजअनुसार छुट्याई नापी किताबमा नियमित प्रविष्टि गर्ने र अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी खर्चको औचित्य सुनिश्चित गरी यस्ता खर्चलाई व्यवस्थित, उत्तरदायी र नतिजामुखी बनाउनुपर्दछ।

२७. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले भुक्तानी गर्दा प्राविधिक नाप, जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। विभाग अन्तर्गतका सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलाम, मोरङ, धनुषा, कास्की, कैलाली, सुर्खेतलगायतका १५ कार्यालयले योजनाको भुक्तानी गर्दा रु.५२ लाख ९२ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

२८. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

२८.१. भेरिएशनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम भएकोमा खरिद सम्झौताको सुरु अवधिकै मूल्य सूचकाङ्क प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्ने व्यवस्था छैन। यो वर्ष विभाग अन्तर्गतका ९ सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयले भेरिएशनबाट थप भएका नयाँ आइटममा खरिद सम्झौताको सुरु अवधिकै मूल्यसूचकाङ्क प्रयोग गरी मूल्य समायोजन गरेका कारण बढी भुक्तानी भएको रु.२९ लाख ४० हजार असुल गर्नुपर्दछ।

२८.२. यो वर्ष सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुर, कास्की, सुर्खेत र बाँकेलगायतका ७ कार्यालयले खरिद सम्झौतामा उल्लिखित महिना भन्दा फरक महिनाको मूल्य सूचकाङ्क प्रयोग गरी बढी भुक्तानी गरेको मूल्य समायोजन रु.६९ लाख ८ हजार असुल गर्नुपर्दछ।

२९. **सह-लगानी खानेपानी आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजातअनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, मकवानपुरले खानेपानी व्यवस्थापन बोर्डसँग आयोजनाबाट ७० प्रतिशत र उपभोक्ताबाट ३० प्रतिशत लागत बेहोर्ने गरी सिमलटार, हटिया, रातोमाटे सह-लगानी खानेपानी आयोजना निर्माण गर्ने सहमतिअनुसार एक निर्माण व्यवसायीसँग २०८४।२।२३ मा कार्य सम्पन्न गर्ने गरी २०८२।२।२३ मा रु.२० करोड ५६ लाख ९० हजारको सम्झौता भएको छ। उक्त निर्माण कार्यको लागि आयोजनाले खानेपानी व्यवस्थापन बोर्डलाई सम्झौतामा उल्लिखित परिमाणका पाइप तथा फिटिङ्सका लागि ७० प्रतिशतले हुने रु.१ करोड २९ लाख ३२ हजार भुक्तानी गरी उल्लिखित सामग्री हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरेको छ। बोर्डले सम्झौता बमोजिमको सम्बन्धित आयोजनाको लागि खरिद भएका पाइप तथा फिटिङ्स प्रयोग गरेको छैन। सम्झौता बमोजिम पाइप तथा फिटिङ्सको प्रयोग गर्नुपर्दछ।

३०. **सामुदायिक संस्थाबाट निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४(१) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना मकवानपुरले ३ सामुदायिक संस्थामार्फत झिकुवा महालक्ष्मी ढल निर्माण कार्य गर्न रु.१७ लाख ५९ हजार, ढलसम्बन्धी कार्य गर्न रु.७ लाख २६ हजार तथा वर्षात्को पानी व्यवस्थापन कार्यक्रमको लागि रु.२७ लाख ९८ हजारसमेत रु.५२ लाख ८३ हजारको ढल निर्माणसम्बन्धी कार्य सामुदायिक संस्थामार्फत गराएको छ। निर्माण कार्य गराउँदा मर्मत सम्भार तथा दिगोपना हुने गरी सञ्चालन गर्नुपर्दछ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

यो आयोजना २०७५।७६ देखि २० शहरमा ३ लाख २० हजार जनसङ्ख्यालाई खानेपानी सेवा र ६४ हजार जनसङ्ख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्यसहित सञ्चालनमा रहेको छ। आयोजनाको कुल लागत अमेरिकी डलर १३७.२ मिलियन र अवधि २०८३।१।१७ सम्म रहेको छ।

३१. **वित्तीय र भौतिक प्रगति -** आयोजनाले यो वर्ष रु.१ अर्ब ४४ करोड ५७ लाख ४१ हजारसमेत यो वर्षसम्म रु.१३ अर्ब ९२ करोड ७३ लाख ७१ हजार खर्च गरेको छ। सोमध्ये आयोजनाको सञ्चालनतर्फ ३.४६ प्रतिशत, भौतिक संरचना निर्माणतर्फ ८५.२७ प्रतिशत, सवारीसाधन तथा उपकरण तर्फ २.७५ प्रतिशत र परामर्श सेवा तथा क्षमता अभिवृद्धि तर्फ ८.५२ प्रतिशत खर्च भएकोमा ऋणको उपयोग ८२.२७ प्रतिशत रहेको छ। त्यसै गरी एसियाली विकास बैङ्कसँगको अनुदान सम्झौताअन्तर्गत कोभिड रेस्पोन्स कार्यक्रमतर्फ यो वर्ष रु.१० करोड ९१ लाख ७ हजार समेत यस वर्षसम्म रु.६० करोड २० लाख १८ हजार खर्च भएको छ। आयोजनाको २०८१।८२ मा वित्तीय प्रगति ६६.०० प्रतिशत र भौतिक प्रगति ८४.०० प्रतिशत भएको देखिन्छ। यो वर्ष स्वीकृत कार्यक्रममध्ये स्काडा डाटा सेन्टर सर्भर तथा डाटा म्यानेजमेन्ट सिस्टम कार्यका लागि स्वीकृत बजेट रु.५ करोड ३१ लाख १४ हजारमध्ये रु.६१ लाख ७० हजार खर्च भएकोमा सो कार्यसम्पन्न भएको छैन। स्वीकृत कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

३२. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ अनुसार परामर्श सेवाको कार्यक्षेत्र, समयसीमा तथा सम्पादन गर्नुपर्ने कामलगायतका कार्य स्पष्ट गरी सोहीअनुरूप कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। योजनाको डिजाइन, सुपरभिजन तथा व्यवस्थापन कार्यको लागि क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, नेपालगञ्ज र एक परामर्शदाताबिच २०७६।६।१३ मा ५ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी रु.२८ करोड ६ लाख ८० हजारको सम्झौता भएको थियो। भेरिएशनपश्चात् सम्झौता रकम १४.९६ प्रतिशतले वृद्धि भई रु.३२ करोड २६ लाख ८३ हजार पुगेको र परामर्श सेवाको म्याद २०८३।१।१७ सम्म थप भएको छ। परामर्शदातालाई यो वर्षसम्म रु.३० करोड ७८ लाख ६५ हजार भुक्तानी भएको छ। सम्झौताअनुसार पहिलो चरणमा १० आयोजनाको डिजाइन सम्पन्न गर्नुपर्नेमा ९ आयोजनाको डिजाइन गरेको छ। सोमध्ये १ योजनाको पानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी योजना तयार नभएको र डिजाइन सम्पन्न भएका सबै आयोजनाको ढल निकास प्रणालीको गुरुयोजना तयार हुन बाँकी नै रहेको देखिन्छ। डिजाइन सम्पन्न भएका २ बाहेक अन्य योजनाहरूको कार्यान्वयन सुरु नभएको कारण आयोजना कार्यालयले विगतमा कार्यान्वयन सुरु गरेका अन्य आयोजनाहरूको निर्माण कार्यको सुपरभिजन गराई यस आयोजनाको बजेटबाट परामर्शदातालाई भुक्तानी दिएको छ। परामर्शदाताको म्याद समाप्त भई दोस्रो पटक थप हुँदासम्म पनि डिजाइन सम्पन्न आयोजनाहरूको कार्यान्वयन सुरु नभएको र परामर्श सेवाको म्याद सकिन लागेकोले उक्त आयोजनाको निर्माण तथा सञ्चालन कार्यको लागि परामर्श सेवा उपलब्ध हुन नसक्ने अवस्था देखिएको छ। अतः डिजाइन सम्पन्न भएका आयोजनाहरूलाई समयमै कार्यान्वयनमा ल्याउने, परामर्श सेवाको कार्यसम्पादनलाई माइलस्टोन तथा सम्पादन गर्नुपर्ने कामसँग आबद्ध गर्ने तथा प्रभावकारी अनुगमन र नियन्त्रण प्रणाली लागु गरी म्याद थप तथा लागत वृद्धि नियन्त्रण गर्नुपर्ने देखिन्छ।

खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना

नेपाल सरकार तथा विश्व बैङ्क (आई.डी.ए.) बिच १३ जुलाई, २०२२ मा ६ वर्षभित्र खानेपानीको निर्माण कार्य सम्पन्न गर्ने गरी नेपाल सरकारको अमेरिकी डलर २० मिलियन र विश्व बैङ्क (आई.डी.ए.) को अमेरिकी डलर ८० मिलियनसमेत अमेरिकी डलर १०० मिलियनमा खानेपानीको पूर्वाधारमा लगानी गर्ने गरी सञ्चालनमा रहेको छ। कर्णाली तथा सुदूरपश्चिमका छनोट गरिएका ६ पालिकामा ३३ आयोजना सञ्चालन गर्ने गरी यो कार्यक्रम कार्यान्वयनमा आएको छ।

३३. **वित्तीय स्थिति र भौतिक प्रगति** - आयोजनाले यो वर्ष रु.८० करोड ३२ लाख १४ हजारसमेत यस वर्षसम्म रु.९३ करोड ८६ लाख ३० हजार खर्च गरेको छ। आयोजनाको अवधि ३ वर्ष अर्थात् ५० प्रतिशत अवधि व्यतीत भइसकेकोमा हालसम्मको वित्तीय प्रगति ७.६६ प्रतिशत र भौतिक प्रगति ८.५ प्रतिशत रहेको छ। आयोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमन गरी निर्धारित समयमा आयोजना सम्पन्न गर्नुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोग

३४. **राजस्व शुल्क -** खानेपानी तथा सरसफाइ नियमावली, २०८१ को नियम ४४(१) अनुसार प्रत्येक सेवाप्रदायकले आफूले सङ्कलन गरेको कुल महसुलको १ प्रतिशत रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। सोही नियमको उपनियम (३) अनुसार २ हजारसम्म धारा भएका सामुदायिक सेवा प्रणाली सञ्चालन गर्ने उपभोक्ता समितिलाई मात्र उक्त शुल्क छुटको व्यवस्था गरिएको छ। आयोगबाट प्राप्त विवरणअनुसार २ हजार भन्दा बढी धारा भएका सामुदायिक सेवा प्रणाली सञ्चालन गर्ने उपभोक्ता संस्था १६० रहेका छन्। ती उपभोक्ता संस्थाहरूले आफूले सङ्कलन गरेको महसुलको १ प्रतिशतले हुने रकम नियमानुसार राजस्व खातामा जम्मा गरेको देखिएन। नियामक निकायबाट प्रभावकारी अनुगमनसहित प्रचलित कानुनअनुसार शुल्क असुल गरी राजस्व दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।

मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुस्थित मेलम्ची नदीमा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २५.९२ किलोमिटर सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याङ्ग्री र लार्के खोलाबाट ३४ करोडसमेत दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने उद्देश्यले २०५५।५६ मा यो समितिको स्थापना भएको हो। आयोजनाको पहिलोचरणको कार्यमा ९९ प्रतिशत भौतिक प्रगति भएकोमा २०७८ सालको बाढीको कारणले हेडवर्क्समा क्षति हुन गई हाल वैकल्पिक प्रणालीको प्रयोग गरी अस्थायी रूपमा १७ करोड लिटर पानी उक्त सुरुङमार्फत सुन्दरीजल पानी सङ्कलन केन्द्रमा आपूर्ति भइरहेको छ।

आयोजनाको पहिलो र दोस्रो चरणको कार्यको लागि यो वर्ष रु.४३ करोड ९९ लाखसमेत हालसम्म रु.३२ अर्ब ३४ करोड ४७ लाख खर्च भएको छ। कुल खर्चमध्ये निर्माण खर्च ६८.१२ प्रतिशत र परामर्श सेवा तथा अन्य खर्च ३१.८८ प्रतिशत रहेकोले निर्माण कार्यको प्रत्यक्ष खर्चभन्दा अन्य खर्चले आयोजनाको

लागत वृद्धि हुँदै गएको छ। निर्धारित कार्यतालिका बमोजिम कार्य हुन नसक्दा आयोजनाको लागत बढ्ने हुँदा तोकिएको समयमा योजना सम्पन्न गर्नुपर्दछ।

३५. **आयोजनाको पुनर्संरचना** - आयोजनाको सन् १९९९ मा तयार भएको विस्तृत परियोजना प्रतिवेदनमा विद्युत उत्पादन तथा रिबर्मा-सुन्दरीजल प्रसारण लाइनसमेत निर्माण गर्ने उल्लेख भएकोमा विद्युत तथा प्रसारण लाइन निर्माण कार्य हटाएको देखिन्छ। मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको सुरु लागत अनुमान अमेरिकी डलर २४९.४० मिलियन रहेकोमा सुरुङ निर्माण कार्यको लागि पुनः ठेक्कापट्टा गर्दा लागत वृद्धि भई संशोधित लागत अनुमान अमेरिकी डलर २८७.४ मिलियन पुगेकोमा सन् २०१५ मा पानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि गरी दैनिक प्रशोधन क्षमता १७ करोड लिटर पुऱ्याउन र आयोजनाको दोस्रो चरणको डिजाइन प्रतिवेदन तयारीका लागि अमेरिकी डलर २५.५ मिलियन थप भई आयोजनाको कुल संशोधित लागत अमेरिकी डलर ३१२.९ मिलियन रहेको छ।

३६. **प्रगति अवस्था** - समितिले पेस गरेको प्रगति विवरणअनुसार यो वर्ष आयोजनाको पहिलो चरणअन्तर्गत सञ्चालित क्रियाकलापमा भौतिक प्रगति ८२.५ प्रतिशत र वित्तीय प्रगति ६३.२ प्रतिशत रहेको छ। हालसम्म रु.३० अर्ब ८९ करोड ७३ लाख खर्च हुँदा ९९.५२ प्रतिशत भौतिक प्रगति भएको छ। समितिले समग्र प्रगति ९९.५२ प्रतिशत जनाए तापनि २०७८ आषाढमा आएको बाढीबाट निर्मित हेडवर्क्समा क्षति भएको र क्षतिग्रस्त हेडवर्क्स निर्माणको कार्य सम्पन्न हुन सकेको छैन।

आयोजनाको दोस्रो चरणअन्तर्गत याङ्ग्री र लार्के खोलाको पानी मेलम्ची खोलामा ल्याई मिसाउने कार्यमा सञ्चालित क्रियाकलापहरूमा भौतिक प्रगति ५०.४३ प्रतिशत र वित्तीय प्रगति ११.२१ प्रतिशत भएको उल्लेख छ। दोस्रो आयोजनामा हालसम्म रु.१ अर्ब ४५ करोड ७४ लाख खर्च भएको छ। आयोजनाको पहुँच मार्ग, सोमा पर्ने पुल र पानी प्रशोधन केन्द्र निर्माणको कार्य सुरु भए तापनि सुरुङ तथा हेडवर्क्स निर्माण कार्य सुरु भएको छैन। आयोजनाको बाँकी कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

३७. **पहुँच मार्ग तथा पुल निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा कारण खुलाई भेरिएशन आदेश स्वीकृत गर्न सकिने व्यवस्था छ। मेलम्ची फेज २ अन्तर्गत पहुँच मार्ग तथा पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग ५४० दिनमा कार्य सम्पन्न गर्नेगरी २०७५।८।११ मा रु.८० करोड १७ लाख ६४ हजारको खरिद सम्झौता भएकोमा २०८१।६।२२ सम्म छैटौं भेरिएशनबाट १४.९५ प्रतिशत ठेक्का रकम वृद्धि भई रु.९१ करोड ९५ लाख ४ हजार कायम भएको र यो वर्षसम्म रु.५७ करोड ५९ लाख ४८ हजार (६२.६३ प्रतिशत) रकम भुक्तानी भएको छ। निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र अनुसार भेरिएशनमा समेटिनुपर्ने निर्माण कार्यका आइटमका अतिरिक्त अन्य ६ जनरल आइटममा समेत भेरिएशन आदेश स्वीकृत गरी भुक्तानी गरेको छ।

३८. **विवाद समाधान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ (१क) मा आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानुनबमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२९ मा आपसी सहमतिबाट विवाद समाधान गर्नुपर्ने विषय, विवाद समाधानको लागि निवेदन दिने प्रक्रिया, आपसी सहमतिको लागि हुने बैठक तथा निर्णयहरूको प्रक्रियासमेत खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र नियम

१३५ मा आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा मध्यस्थको माध्यमबाट समाधान गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३८.१. समितिअन्तर्गत हेड वर्क्स निर्माण कार्यको लागि एक विदेशी कम्पनीसँगको खरिद सम्झौता अन्त्य सम्बन्धी विवादको विषयमा निर्माण व्यवसायीले सिंगापुर इन्टरनेशनल आर्बिट्रेशन सेन्टरमा रु.७ अर्ब १३ करोड माग दाबी गरी आयोजना विरुद्ध उजुरी दर्ता गरेकोले सोको प्रतिरक्षाको लागि आवश्यक परामर्श सेवा खरिद सम्बन्धमा मेलम्ची खानेपानी विकास समितिले रु.३ अर्ब ८१ करोडको प्रति दाबी गर्नेगरी खानेपानी मन्त्रालयबाट तयार गरिएको प्रस्ताव २०७९।११।११ मा मन्त्रीपरिषद्ले स्वीकृति दिएको र सोही आधारमा समितिले सोझै खरिद विधिबाट प्रतिघण्टाको दरले शुल्क भुक्तानी गर्नेगरी एक विदेशी कानुनी व्यवसायी संस्थालाई छनोट गरेको छ। उक्त विवादमा नेपाल सरकारको तर्फबाट कानुनी प्रतिरक्षाका लागि अन्तर्राष्ट्रियस्तरको कानुनी फर्मबाट कानुनी परामर्श सेवा खरिद गर्न रु. ५४ करोड लाग्ने लागत अनुमान तयार गरेकोमा यस वर्षसम्म रु.२१ करोड ६७ लाख ४९ हजार भुक्तानी गरेको छ।

३८.२. हेड वर्क्सको बाँकी निर्माण कार्य गर्न एक विदेशी कम्पनीसँग खरिद सम्झौता गरेकोमा भुक्तानी सम्बन्धमा विवाद भई निर्माण व्यवसायीले नेपाल मध्यस्थता परिषद्मा विवाद उपर छलफल गरेकोमा मध्यस्तकर्ताले अमेरिकी डलर २ लाख २३ हजार ३९८ र रु.३ करोड २४ लाख ९७ हजार तिर्ने गरी निर्णय गरेकोले मेलम्ची खानेपानी विकास समितिले उक्त निर्णय विरूद्ध उच्च अदालत हुँदै सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा उक्त मुद्दा विचाराधीन रहेको छ। उक्त मुद्दाको प्रतिरक्षाको लागि परामर्श सेवा लिँदा प्रतिघण्टाको दरले रु.५३ लाख ३८ हजार भुक्तानी गर्ने गरी एक नेपाली कानुन व्यवसायीलाई छनोट गरेकोमा हालसम्म कानुनी प्रतिरक्षाका लागि रु.४४ लाख ५३ हजार भुक्तानी गरेको छ। ठेक्का व्यवस्थापन गर्दा सम्झौताका सर्तहरूलाई समेत ध्यान दिनुपर्ने देखिन्छ।

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणालीको पूर्वाधार विकास तथा स्तरोन्नति गरी उपत्यकाबासीलाई दिगो, भरपर्दो एवं स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन र घर-घरबाट निस्कने फोहर पानीलाई प्रशोधन गरी वातावरणमा सुधार गर्ने उद्देश्यले एसियाली विकास बैङ्कको ऋण सहयोगमा २०६६ सालमा यस आयोजनाको स्थापना भई मेलम्ची खानेपानी आयोजनाको उप-आयोजना २ अन्तर्गतका कार्यहरू गर्दै आएको छ।

३९. **वित्तीय स्थिति -** दातृ निकायसँग भएका ४ ऋण सम्झौता अनुसार आयोजनामा एसियाली विकास बैङ्कबाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर १७ करोड ७ लाख र ओपेक फण्ड (ओफिड) बाट अमेरिकी डलर १ करोड ६० लाखसमेत अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार (रु.५१ अर्ब २५ करोड २ लाख) खर्च हुने अनुमान रहेको छ। आयोजनाको लागि यो वर्ष रु.४ अर्ब ६१ करोड ३१ लाखको बजेट रहेकोमा एसियाली विकास बैङ्कतर्फ रु.१८ करोड ९९ लाख, ओफिड तर्फ रु.१६ करोड ७१ लाख र नेपाल सरकार तर्फ रु.१ अर्ब ८९ करोड ७७ लाख समेत रु.३ अर्ब २९ करोड २३ लाख (७१.३६ प्रतिशत) खर्च भएको छ। एसियाली विकास बैङ्कबाट रु.१ अर्ब ३ करोड ७६ लाख सोझै भुक्तानीबाट खर्च भएको रकमसमेत यस वर्षको खर्चमा समावेश छ। आयोजनाको कम्पोनेन्ट वाइज खर्चको अवस्था देहायअनुसार रहेको छः

(रु. लाखमा)

क्र.स.	खर्चको विवरण	जम्मा खर्च		हाल सम्मको खर्च	खर्चको अनुपात (प्रतिशतमा)
		गत वर्षसम्मको खर्च	यो वर्षको खर्च		
१	सञ्चालन खर्च	१०४९९	१०३९	११५३८	२.६७
२	उपकरण, सामग्री	३४५४	८	३४६२	०.८०
३	सवारी साधन	३०८		३०८	०.०७
४	सिभिल वर्क्स	३४८५२०	२९०५४	३७७५७४	८७.४६
५	परामर्श	३५४२७	२४१३	३७८४०	८.७७
६	भवन निर्माण	५८४	४१०	९९४	०.२३
	कुल जम्मा	**३९८७९२**	**३२९२४**	**४३१७१६**	**१००.००**

निर्धारित समयमा आयोजना सम्पन्न गरी कार्यसम्पादन गर्नुपर्दछ।

४०. **सम्झौता अवधि तथा लगानी -** आयोजनाअन्तर्गत दातृ निकायसँग भएको सम्झौता र खर्चको अवस्था देहायअनुसार छः

(अमेरिकी डलर मिलियनमा)

क्र.सं.	दातृ निकाय	सम्झौताको म्याद	ऋण रकम	खर्च रकम	प्रतिशत
१.	एसियाली विकास बैङ्क ऋण नं.२७७६	३१ डिसेम्वर, २०२४	८०	६७.९५	८४.९४
२.	एसियाली विकास बैङ्क ऋण नं.३२५५	३० जून, २०२५	७५.५६	५८.७०	७७.६९
३.	एसियाली विकास बैङ्क ऋण नं.३०००	३० जून, २०२७	८०	५३.०२	६६.२८
४.	ओफिड ऋण नं.१५५२ पी	३० जून, २०२७	१६	५.९९	३७.४१

उल्लिखित विवरणअनुसार सम्झौतामा तोकिएको अवधिमध्ये दुई ऋण सम्झौतामा दातृ निकायको अवधि समाप्त भइसकेको र अर्को दुई ऋण सम्झौतामा दातृ निकायको अवधिसमेत समाप्त हुन लागेकोमा आयोजनाको भौतिक तथा वित्तीय प्रगति न्यून रहेकोले निर्धारित समयमा आयोजना सम्पन्न हुने देखिँदैन। निर्माण कार्यलाई तीव्रता दिई समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

४१. **जडान गर्न बाँकी पाइप -** नेपाल सरकार(सचिवस्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रअनुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्दा गत विगतको मौज्दातसमेतको विचार गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने उल्लेख छ। यो वर्ष आयोजनाले १ हजार ८०० एम.एम. र १ हजार ६०० एम.एम. डायमिटरका ७ हजार ३६८ मिटर पाइप खरिद गरेकोमा ६ हजार ९२९ मिटर निर्माण कार्यमा प्रयोग भएको र रु.७ करोड ४८ लाख ९७ हजार मूल्यको पाइप मौज्दातमा रहेको छ। आयोजना अन्तर्गतका ३ योजनामा रु.५ करोड ७२ लाख १६ हजारका पाइप तथा फिटिङ्गस मौज्दात रहेको पाइयो। आवश्यकताका आधारमा मात्र पाइप तथा फिटिङ्गस खरिद गर्ने तथा बाँकी रहेको पाइपको उपयोग गर्नुपर्दछ।

४२. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५५(२) अनुसार खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा वा एकमुष्ट कार्यसम्पादन (लम सम कन्ट्रयाक्ट) वा निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन नहुने उल्लेख छ। आयोजनाले डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन दिन मिल्ने गरी सम्झौता गरेको कारण यो वर्ष २ योजनामा मूल्य समायोजन

बापत रु.२ करोड ८५ लाख ८ हजार भुक्तानी गरेको छ। ठेक्का सम्झौता गर्दा मूल्यको दरमा हुने वृद्धिलाई यकिन गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

४३. **ढल प्रशोधन केन्द्र -** गुहेश्वरीमा फोहर पानी तथा ढल प्रशोधन केन्द्र निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ अर्ब ५५ करोड ८३ लाखमा सम्झौता भएकोमा भेरिएशनसमेत गरी यस वर्षसम्म रु.२ अर्ब ९९ करोड २४ लाख भुक्तानी गरी निर्माण कार्य सम्पन्न भई उक्त प्रशोधन केन्द्र सञ्चालनमा आएको छ। डिजाइनअनुसार ढलमा सीमित मात्रामा फोहर मिसिन सक्ने अनुमान गरिएको भए पनि ढलमा अत्यधिक ठोस फोहर, पशुजन्य पदार्थ, उद्योग-व्यवसायबाट निस्कने फोहर तथा गिट्टी-बालुवासमेत बगेर आउने गरेकोले जडान गरिएका उपकरण तथा प्रणालीले अपेक्षित रूपमा फोहर प्रशोधन गर्न सकेको देखिँदैन। प्रशोधन केन्द्रलाई फोहर पदार्थ प्रशोधन गर्न सकिने गरी ढल प्रशोधन केन्द्रको संरचनालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

४४. **पाइपलाइनमा क्षति -** पूर्वाधार विकास गर्दा अन्तर निकाय समन्वय गरी निर्मित संरचनाको क्षति नहुने गरी निर्माण कार्य गर्नु गराउनुपर्दछ। प्राप्त विवरणअनुसार काठमाडौं उपत्यकामा बिच्छ्याएको पाइपहरूमा सडक, विद्युतलगायतका कार्य गर्दा क्षति पुगेकोले देहायका ४ निकायबाट रु.६ करोड ५९ लाख ६८ हजार शोधभर्ना लिन सम्बन्धित निकायलाई जानकारी गराएको भए तापनि उक्त रकम शोधभर्ना प्राप्त भएको देखिएन।

क्र.सं.	खानेपानी संरचनामा क्षति पुऱ्याउने निकायहरू	रकम रु.हजारमा
१	नेपाल विद्युत प्राधिकरण	१६७५७
२	सडक विभाग	२०८००
३	ललितपुर महानगरपालिका	११२७३
४	अन्य निकाय	१७१३८
	जम्मा	**६५९६८**

क्षति भई पुनःनिर्माण भएका संरचनाको क्षतिपूर्ति बापतको रकम प्राप्त गर्नुपर्दछ।

४५. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचार सम्बन्धी व्यवस्था छ। यस्तै खरिद सम्झौताको बुँदा नं. ४२.२.६ मा ठेक्का सम्झौतामा उल्लेख भएका कामहरू सम्पन्न नहुँदै खरिद सम्झौताको अन्त्य भएमा बाँकी काम पूरा गर्न लाग्ने लागत खर्च नयाँ खरिद सम्झौतामा उल्लिखित रकमबाट नपुग भएमा ठेक्का अन्त्य गर्ने निर्माण व्यवसायीबाट असुल गर्ने उल्लेख छ। काठमाडौं उपत्यकाको कोड्कु, सल्लाघारी र धोबिघाटमा फोहर पानी प्रशोधन केन्द्र निर्माण गर्न २०७३।१०।१३ मा रु.३ अर्ब ४६ करोड ९६ लाखको एक विदेशी निर्माण व्यवसायीसँग सम्झौता भएकोमा रु.७८ करोड ७७ लाख २५ हजार (२७.१ प्रतिशत)को कार्य सम्पन्न पश्चात् २०७९।५।२० मा खरिद सम्झौता अन्त्य भएको छ। उक्त सम्झौता अन्त्य पश्चात पुनः रु.६ अर्ब ४७ करोड १ लाखको लागत अनुमान तयार गरी २०८१।२।३० मा एक विदेशी निर्माण व्यवसायीसँग रु.६ अर्ब ५४ करोड ९९ लाखमा नयाँ ठेक्का सम्झौता भएको देखिन्छ। साबिकको निर्माण व्यवसायीबाट रु.२ अर्ब ५९ करोड ९९ लाख असुल गर्ने गरी ठेक्का तोडिएकोमा उक्त रकम असुल भएको छैन। आयोजनाले कार्यसम्पादन जमानत र पेस्कीसमेत रु.९७ करोड ९० लाख ३७ हजार जफत गरेको छ। आयोजनाबाट निर्धारित रकम असुल हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत रहेको छ।

४६. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था छ। बुढानीलकण्ठ नगरपालिकास्थित कपनमा खानेपानी वितरण सञ्जाल सुधार कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७८।५।११ सम्म म्याद हुने गरी २०७५।१२।१३ मा रु.१अर्ब ४१ करोड ६९लाख २३ हजारको ठेक्का सम्झौता भएकोमा तेस्रो पटक २०८०।३।३१ सम्म म्याद थप भएकोमा त्यसपश्चात् म्याद थप भएको छैन। आयोजनाले यो वर्ष रु.३ करोड २९ लाख ५१ हजार क्षतिपूर्ति रकम असुल गरेको छ। क्षतिपूर्ति बापत असुल गर्न बाँकी रु.१० करोड ९० लाख ९३ हजार कानुनबमोजिम असुल गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ सामग्री मौज्दात राखेको, पाइपलाइनमा क्षति भएको, जिन्सीबाट खर्च जनाएको पाइपको नापी किताबमा जडान नभएको, निर्माण कार्यमा भेरिएशन र म्याद थप भएको, खानेपानी गुणस्तर मापन अभिलेख नभएको, मूल्य समायोजनमा बढी भुक्तानी भएको, ठेक्का अन्त्य गर्दा असुल गर्ने निर्णय गरेको रकम असुल नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३६ निकायमा रु.२७ करोड ४६ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ८३ लाख २९ हजार सम्परीक्षण भएकोले रु.२५ करोड ६३ लाख १२ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२ करोड ६४ लाख ६४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्थातर्फ २ निकायमा यो वर्ष रु.२ अर्ब ८३ करोड ७२ लाख १९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३८ लाख ५१ हजार सम्परीक्षण भएकोले रु.२ अर्ब ८३ करोड ३३ लाख ६८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.५ लाख २१ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति, कार्यान्वयन र नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकतासम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागु औषध नियन्त्रण, सीमा प्रशासन, अपराध अनुसन्धान, सङ्गठित अपराध नियन्त्रण, मानव अधिकार संरक्षण र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८८२ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय -** यो वर्ष मन्त्रालय मातहतको ८४३ सरकारी कार्यालयको निम्नानुसार रु.१ खर्ब २६ अर्ब ९८ करोड ९० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९७७१९५	९७३८४	२७८७०	१६७४४१	१२६९८९०

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई स्थानीय तहबाट खर्च भएको सामाजिक सुरक्षा रु.१ खर्ब १४ अर्ब २९ करोड ४७ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.२२ करोड ९२ लाख समावेश गरिएको छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट बजेट विनियोजन भएको रु.३० लाख र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट बजेट विनियोजन भएको रु. ५ लाखसमेत रु.३५ लाख समावेश छ।

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबैप्रकारका आय-व्यय तथा कारोबार तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतका ३६ कार्यालयको २०८२ भदौ २३ र २४ मा आन्दोलन र घटनाका कारण स्रेस्ता पेस हुन नसकेकोले विनियोजनतर्फ रु.४ अर्ब ३ करोड १७ लाख, राजस्वतर्फ रु.३२ करोड ६२ लाख, धरौटीतर्फ रु.१२ करोड ८७ लाख र अन्य कारोबारतर्फ रु.१४ करोड ९५ लाखसमेत रु.४ अर्ब ६३ करोड ६१ लाखको लेखापरीक्षण हुन सकेको छैन।

३. **अन्य संस्था र समिति -** यो वर्ष ३ संस्थाको रु.२० अर्ब ६६ करोड ९२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं योजना (२०८१।८२-२०८५।८६) ले मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्न अवलम्बन गरेका रूपान्तरणकारी रणनीतिअन्तर्गतका प्रमुख कार्यमध्ये मन्त्रालयले तयार गरेको २०८१।८२ को प्रगति प्रतिवेदनअनुसार ४० लक्ष्य निर्धारण गरेको छ। मन्त्रालयले

दीर्घकालीन सोच २१०० लाई आत्मसात गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिलाई मुख्य उद्देश्यका रूपमा अघि बढाएको भए तापनि सोसम्बन्धी परिमाणात्मक सूचक निर्धारण गरी प्रगति प्रतिवेदन तयार गरेको छैन।

६. **वार्षिक नीति तथा कार्यक्रम -** नेपाल सरकारको नीति तथा कार्यक्रम २०८१।८२ मा प्राकृतिक विपद्बाट हुने प्रत्यक्ष आर्थिक तथा सामाजिक क्षति कम गर्न विपद् पूर्वतयारी, जोखिम आकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्य तयारी, विपद् न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरू समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्न एकीकृत आपत्कालीन उद्दार एवम् प्रतिकार्य प्रणालीको विकास गरी विपद् पश्चात्को क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुनर्निर्माणका लागि बिमालगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिने उल्लेख छ। प्रदेशसँगको समन्वयमा खुला कारागार सञ्चालन गरिने र प्रदेश र स्थानीय तहको समन्वयमा प्रदेश स्तरीय कारागार व्यवस्थापन तथा सञ्चालन गरिने उल्लेख भएकोमा ती कार्यहरू हुन सकेका छैनन्। कैदीबन्दीलाई लघु, घरेलु तथा साना उद्यमका रोजगारीसँग आबद्ध गरिने उल्लेख गरिएकोमा कारागार कार्यालय, जगन्नाथदेवल बाहेक अन्य कारागारहरूमा त्यस्तो कारखाना सञ्चालन भएको देखिएन। यसै गरी प्रदेश तथा स्थानीय तहको सहकार्यमा लागूऔषध उपचार तथा पुनःस्थापना केन्द्र स्थापना गर्ने तथा गाँजाको औषधिजन्य उपयोग, नियन्त्रित उत्पादन र व्यवसायीकरणलाई प्रोत्साहन गर्न नीतिगत र कानुनी प्रबन्ध गर्ने उल्लेख भए पनि कार्यान्वयन भएको छैन। गैरसरकारी संस्था दर्ता र नियमनसम्बन्धी नयाँ सङ्घीय कानुन निर्माण गर्ने तथा ती संस्थाहरूको स्रोत आर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गर्ने उल्लेख भए पनि सम्बन्धित कानुनहरू बनेका छैनन्। साथै विभिन्न राजनीतिक परिवर्तनका आन्दोलनका घाइते तथा अपाङ्गहरूको सूची अद्यावधिक गरी समस्याको दिगो समाधानका लागि उच्चस्तरीय समिति गठन गर्ने उल्लेख भए पनि उक्त कार्य सम्पन्न हुन सकेको देखिँदैन। नीति तथा कार्यक्रमको प्रतिबद्धताहरूलाई बजेट तथा कार्यक्रममा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालबाट बहालवाला एवं पूर्व पदाधिकारीहरूको सुरक्षार्थ कार्यविधिमा तोकिएको भन्दा बढी व्यक्तिगत सुरक्षाकर्मी उपलब्ध गराएको,*
- *अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा सवारीसाधन लिलाम बिक्री नगरेको,*
- *अध्यागमन राजस्वबापत सङ्कलन गरेको रकम विद्युतीय पोर्टल र सञ्चित कोष दाखिलामा फरक परेको,*
- *सामाजिक सुरक्षा भत्ता वितरणको बैंकिङ्ग अभिलेख ट्र्याकिङ्ग पद्धतिको विकास नभएको,*
- *सशस्त्र प्रहरी बल, नेपालले व्यावसायिक निकाय एवं प्रतिष्ठानमा सुरक्षा गरेबापत राजस्व दाखिला गर्ने व्यवस्था हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।*

७. **बजेट र खर्च -** मन्त्रालय तथा मातहत निकायहरूका लागि यो वर्ष विनियोजन भएको बजेट तथा खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	१८८२२३६	२०४१३९०	२००३६३९	९८.१५
पुँजीगत	१०६८१४	१०८०६७	८६१७१	७९.७४
जम्मा	**१९८९०५०**	**२१४९४५७**	**२०८९८१०**	**९७.२२**

उक्त खर्चमध्ये चालु खर्च रु.२ खर्ब ३६ करोड ३९ लाख (९८.१५ प्रतिशत) र पुँजीगत खर्च रु.८ अर्ब ६१ करोड ७१ लाख (७९.७४ प्रतिशत) रहेको छ। चालु खर्चमध्ये पारिश्रमिक तथा अन्य सुविधामा रु.६९ अर्ब ३९ करोड ९६ लाख र शान्ति सुरक्षालगायतको प्रशासनिक खर्च रु.१ खर्ब ३० अर्ब ९६ करोड ४३ लाख रहेको छ।

७.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको चालु तथा पुँजीगततर्फ रु.२ खर्ब ८ अर्ब ९८ करोड १० लाख खर्च उल्लेख गरेकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, अन्य सहायताअन्तर्गतका खर्च समावेश गरेको छैन।

७.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(४) मा रकमान्तर गर्नुपर्ने कारणसहित सम्बन्धित सचिवबाट निर्णय गराई अनुरोध भएमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्ष सुरु बजेट रु.१ खर्ब ९८ अर्ब ९० करोड ५० लाख विनियोजन भएकोमा रकमान्तरबाट रु.१८ अर्ब ३० करोड २ लाख (९.२० प्रतिशत) थप र रु.२ अर्ब २५ करोड ९५ लाख (१.१३ प्रतिशत) घट भई खुद रु.२ खर्ब १४ अर्ब ९४ करोड ५७ लाख (८.०६ प्रतिशत वृद्धि) कायम भई रु.२ खर्ब ८ अर्ब ९८ करोड १० लाख (९७.२२ प्रतिशत) खर्च भएको छ।

८. **गृह प्रशासन सुधार कार्ययोजना -** मन्त्रालयले गृह प्रशासन विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन कायम गर्न गृह प्रशासन सुधार कार्ययोजना, २०७८ कार्यान्वयनमा ल्याएको छ। कार्ययोजनामा नीतिगत र कानुनी सुधारसमेत १० विषय क्षेत्र र २०६ क्रियाकलाप समावेश छन्। कार्ययोजनानुसार १२ भन्दा बढी ऐन एक वर्षभित्र तर्जुमा संशोधन/परिमार्जन गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको ४ वर्ष व्यतित हुँदासमेत अध्यागमन नीति, लागुऔषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन, सीमा सुरक्षा ऐन, औद्योगिक सुरक्षा ऐन, विशेष ब्युरो (कार्य सञ्चालन) नियमावली र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला (कार्य सञ्चालन) नियमावली तर्जुमा नभएको र लागु औषध नियन्त्रण रणनीति, २०६६, विस्फोटक पदार्थ ऐन, २०१८ तथा विस्फोटक पदार्थ नियम, २०२०, प्रहरी ऐन, २०१२, अध्यागमन ऐन, २०४९ तथा नियमावली, २०५१ लगायतका कानुन मस्यौदाको क्रममा रहेको र अन्य कानुन संशोधन गर्ने सम्बन्धी स्थिति यथावत् छ।

विपद् जोखिम व्यवस्थापनको लागि अन्तर तह समन्वयसम्बन्धी मार्ग दर्शन, मानवीय सहायतास्थल सञ्चालन सम्बन्धी कार्यविधि, विपद् व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ समिति गठनका लागि कार्यविधि, सरकारी तथा निजी क्षेत्रका ठुला आयोजनाको सुरक्षा मापदण्ड तर्जुमा, कारागारको

संरचना र सुविधा सम्बन्धी न्यूनतम मापदण्ड, निजी सुरक्षाकर्मीको तालिम तथा परिचालनसम्बन्धी मापदण्ड तयार नगरेको र दुई वर्षभित्र रेल्वे सुरक्षा गण स्थापना र प्रति आतङ्कवाद सेल गठन गर्ने उल्लेख भएकोमा गठन भएको छैन। गृह प्रशासन सुधारसम्बन्धी कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ।

९. **कानुन निर्माण -** नेपालको संविधानले राज्यशक्तिको बाडँफाँट गरी प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान ब्युरो प्रदेशको अधिकार सूचीमा र नगर प्रहरी स्थानीय तहको अधिकार सूचीमा समावेश गरेको छ। गृह प्रशासनसँग सम्बन्धित आवश्यक वस्तु संरक्षण ऐन, २०१२, अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, विस्फोटक पदार्थ ऐन, २०१८, क्षतिपूर्ति ऐन, २०१९, स्थानीय प्रशासन ऐन, २०२८, चन्दा ऐन, २०३०, लागु औषध नियन्त्रण ऐन, २०३३, जग्गा प्राप्ति ऐन, २०३४, संस्था दर्ता ऐन, २०३४ लगायतका ऐन नियमहरू सङ्घीय संरचना अनुकूल हुनेगरी संशोधन भएको छैन। नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले नेपाल प्रहरीको काम, कर्तव्य र अधिकारलगायत नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गरेको छ। सोअनुसार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशले प्रदेश प्रहरी ऐन जारी गरिसकेको छ। प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ संशोधन सम्बन्धमा नेपाल प्रहरी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद सचिवालयमा दर्ता भएकोमा कानुन निर्माण भएको छैन। शासकीय संरचनाअनुसार कानुनी व्यवस्था गर्नुपर्दछ।

१०. **कार्य सञ्चालन कोष —** सबै जिल्ला प्रशासन कार्यालयमा कार्यसञ्चालन कोष रहेको छ। कोषमा गत वर्षको मौज्दात रु. ४ अर्ब ११ करोड ४९ लाख ९६ हजार र यस वर्ष आय रु.३ अर्ब ६७ करोड ६३ लाख ८४ हजारसमेत रु.७ अर्ब ७९ करोड १३ लाख ८० हजार रहेको देखियो। सोमध्ये यस वर्ष रु. ४ अर्ब २५ करोड ३१ लाख ८० हजार खर्च भई रु. ३ अर्ब ५३ करोड ८२ लाख मौज्दात रहेको छ।

११. **व्यक्तिगत सुरक्षाकर्मी** - विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीहरूको व्यक्तिगत सुरक्षाका लागि प्रहरी कर्मचारी खटाउने गरेको छ। उक्त कार्यविधिअनुसार सुरक्षा उपलब्ध गराउनुपर्ने बहालवाला अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई ३४७, पूर्व पदाधिकारीहरूलाई १४८, सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ अनुसार ३० समेत ५२५ सुरक्षाकर्मी खटाउन सकिने उल्लेख छ। कानुनमा उल्लेख भएबमोजिम मात्र सुरक्षाकर्मी खटाएको निक्यौल गरिनुपर्दछ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १३(१) बमोजिम नेपाल सरकारलाई कसुरबाट प्राप्त सम्पत्ति तथा कसुरसँग सम्बन्धित साधनको व्यवस्थापन र लिलाम बिक्रीसम्बन्धी कार्य गर्न २०७८।७।१ मा यस विभागको स्थापना भएको हो।

१२. **सम्पत्ति जफत -** कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि

लिलाम बिक्री गर्नु वा गराउनुपर्ने तथा लिलाम बिक्री गर्न उपयुक्त हुने नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन नेपाल सरकारका लागि उपयोग हुने देखिएमा नेपाल सरकारले प्रयोग गर्न सक्ने उल्लेख छ। विभागले उपलब्ध गराएको वार्षिक प्रगति विवरणअनुसार विभिन्न जिल्लाका ८ प्रतिवादीको अधिकतम १ रोपनी ६ आनादेखि न्यूनतम ३ आना ३ पैसासम्मको मूल्य नखुलेको जग्गा, ५ प्रतिवादीको ६६ हजार कित्ता सेयर (अङ्कित मूल्य रु.१०० का दरले रु.६६ लाख) र सोमा बढे बढाएको कित्ता, १५ बैङ्कमा मौज्दात रहेको १३ प्रतिवादीको रु.६१ लाख १० हजार र ब्याजसमेतको सम्पत्ति अदालतले जफत गर्न आदेश दिए तापनि हालसम्म प्रतिवादीहरूले नै प्रयोग गरिरहेको उल्लेख छ। विभागले लिलाम बिक्रीको प्रक्रियामार्फत लिलाम गरी कसुरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा नभएको र नेपाल सरकारले समेत प्रयोग गरेको नदेखिएकाले ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

कारागार व्यवस्थापन विभाग

न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम कैद तथा थुनुवा व्यक्तिलाई कारागारमा राख्ने र मातहतका कारागारको व्यवस्थापन गर्ने तथा कारागार ऐन, २०१९ बमोजिम कैदीबन्दी तथा थुनुवाहरूको मानवोचित सुविधाको व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१३. **कारागार व्यवस्थापन -** कारागार सुधारको अवधारणापत्र-२०७९ मा बढीमा ५ वर्षभित्र कारागारलाई वास्तविक रूपमा सुधारगृहको रूपमा रूपान्तरण गरी कैदीबन्दीहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने र सजाय भुक्तानपश्चात् जिम्मेवार नागरिकका रूपमा समाजमा पुनर्स्थापित र पुनः एकीकरण गर्ने लक्ष्य रहेको छ। अधिकांश कारागार भवनहरू पुरानो तथा जीर्ण भएकोले मर्मत तथा पुनः निर्माण गर्नुपर्ने अवस्था रहेको, निर्माणको क्रममा रहेका भवनहरू समयमा सम्पन्न नभएको, भवन निर्माणको लागि बजेट सुनिश्चितता नभएको, सिप विकासका कार्यक्रमहरू पर्याप्त हुन नसकेको लगायतका समस्या रहेका छन्। कारागारलाई सुधार गृहमा परिणत गर्न कार्ययोजनाअनुसार स्रोत व्यवस्था गरिनुपर्दछ।

१४. **प्यारोल सुविधा -** फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ मा एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोबेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने, प्यारोलमा रहेको अवधिमा त्यस्तो कसुरदारले पालना गर्नुपर्ने सर्तहरू तोकिदिनुपर्ने र तोकिएका सर्तहरू कसुरदारले पालना गरे नगरेको अनुगमन प्यारोल अधिकृतले गर्नुपर्ने व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार २०८०।८१ सम्म १ हजार २८७ जना रहेकोमा यो वर्ष २४० समेत यो वर्षसम्म १ हजार ५२७ जनालाई प्यारोलमा राख्न सिफारिस गरेको छ। प्यारोलमा बसेकामध्ये ४९ कैदीबन्दी सम्पर्कविहीन रहेको देखिन्छ।

अध्यागमन विभाग

विभागले विदेशी नागरिकको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्ने एवं नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य गर्दै आएको छ।

१५. **राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१) मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व रकम प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको

भोलिपल्ट राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। विभागले सञ्चालनमा ल्याएको नेपाली पोर्टल नामक विद्युतीय प्रणालीमा अध्यागमन विभाग, अध्यागमन कार्यालय वीरगन्ज, कञ्चनपुर, पोखरा, कैलाली, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र विदेशस्थित विभिन्न कूटनैतिक नियोगसमेतले भिसा शुल्क तथा जरिबानाबापत रु.५ अर्ब १५ करोड ३३ लाख ७२ हजार राजस्व सङ्कलन गरेको मध्ये रू.४ अर्ब ३६ करोड ९४ लाख ८८ हजार मात्र नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीमा दाखिला भई रु.७८ करोड ३८ लाख ८४ हजार दाखिला भएको देखिएन। सोमध्ये विदेशस्थित विभिन्न कूटनैतिक नियोगमा उठेको भिसा शुल्क तथा जरिबानातर्फको रु.७७ करोड ७७ लाख ४१ हजार नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीमा विदेशी मुद्रा प्रविष्टि गर्ने व्यवस्था नभएका कारण फरक परेको विभागले जनाएको छ। उक्त फरक रकम सम्बन्धमा यकिन गरी हिसाब अद्यावधिक गर्नुपर्दछ।

१६. **पदयात्रा नियमन -** अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा पदयात्रा अनुमति दस्तुर सम्बन्धी व्यवस्था छ। विभागले अनुमति दिएका १४ वटा पदमार्गमध्ये नमुना छनोट गरी चार पदमार्गको परीक्षण गर्दा विभागले सञ्चालनमा ल्याएको सफ्टवेयरबमोजिम नेपाली पोर्टलमा मुस्ताङ पदमार्गमा १ हजार ११९, उपल्लो डोल्पा मार्गमा १३४, मुगु मार्गमा २७ र गोरखा मनासलु मार्गमा ३ हजार ५९४ पदमार्ग पर्मिटमार्फत रु.५१ करोड १४ लाख ८० हजार राजस्व सङ्कलन गरेको देखिन्छ। विभागले पदयात्रा गर्ने व्यक्तिको सङ्ख्या र त्यसबापत उठ्नुपर्ने राजस्वसँग मेल खाने विवरण, सुरु अनुमति समय (दिन) अनुसारको दस्तुर तथा यात्रा अवधि थप गरेबापतको थप दस्तुर खुल्ने विवरण नेपाली पोर्टलमा तयार गरेको छैन। यसबाट उक्त स्थानको पदमार्गमा गएका पदयात्री सङ्ख्या र सोबापत उठेको राजस्व भिडान गर्न सकिएन। पदयात्रामा गएका यात्री सङ्ख्या, पदयात्रा दस्तुर छुटको विवरण, म्याद थपको विवरण तथा जरिबाना खुल्ने गरी विवरण तयार गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् रहेको छ।

१७. **भिजिट भिसा -** अध्यागमन ऐन, २०४९ मा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने काम अध्यागमन विभागको हुने उल्लेख रहेको तथा सोही व्यवस्थालाई कार्यान्वयन गर्न अध्यागमन कार्यविधि, २०६५ लागु गरिएको छ। विभागबाट प्राप्त विवरणअनुसार यसवर्ष १ लाख ४९ हजार ७८९ पुरूष र १ लाख ११ हजार ७६२ महिलासमेत २ लाख ६१ हजार ५५१ जना भिजिट भिसामा विदेश भ्रमणमा गएको देखिन्छ। विभागबाट भिजिट भिसामा विदेश भ्रमणमा जानेहरूको महिनाको एक जनाको दरले १२ जनाको नमुना छनोट गरी परीक्षण गरिएकोमा १२ मध्ये ९ जना भ्रमणपश्चात् स्वदेश फर्केको देखिएन। उक्त परीक्षणमध्ये एक जना यस आर्थिक वर्षमा २ पटक र सन् २०२० देखि हालसम्म युएई, थाइल्याण्ड, सिंगापुर, भारत, चीन र फिलिपिन्समा १० पटक गएको देखियो। उल्लिखित अवस्थाले भिजिट भिसामा ठुलो सङ्ख्यामा नेपालीहरू विदेश प्रस्थान गर्ने र सोही अनुपातमा आगमन भएको नदेखिँदा यसमा नियमन गर्नुपर्दछ।

१८. **भिसा स्टिकर -** अध्यागमन ऐन, २०४९ र नियमावली, २०५१ को नियम १२ (२) (३) मा भिसा स्टिकर सम्बन्धी कार्य गर्ने सबै कार्यालयले सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ। विभागले २०८१।११।२८ सम्म सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पहिलो संस्करणमा सो विवरण पेस

हुन नआएकोले सो अवधिको भिसा स्टिकर सम्बन्धमा यकिन भएको छैन। तत्पश्चात् खरिद भएको १ हजार ८३० भिसा स्टिकरमध्ये ३३० स्टिकर मातहतका कार्यालयहरू र परराष्ट्र मन्त्रालयलाई निकासा गरेकोमा सोको कार्यालयगत अभिलेख राखेको पाइएन। परराष्ट्र मन्त्रालयले भिसा दिइएको व्यक्तिको मासिक विवरण विभागमा पठाउनुपर्नेमा सो प्राप्त नभएको तथा मातहत कार्यालयमा प्रयोग भएका र मौज्दात रहेका भिसा स्टिकरको अभिलेख नराखेकोले भिसा स्टिकरको प्रयोग र मौज्दातको अवस्था यकिन गर्न सकिएन। विभागले परराष्ट्र मन्त्रालय र मातहत कार्यालयहरूबाट जारी भएको भिसाको मासिक अभिलेख प्राप्त गरी भिसा स्टिकरको आम्दानी खर्चको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रीपरिषद्को २०७५।६।२८ को निर्णयानुसार तत्कालीन राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गठन भएको हो।

१९. **राष्ट्रिय परिचयपत्र -** नेपाल सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी १ वर्षभित्र सबै नागरिकलाई परिचयपत्र वितरण गर्न अभियान सञ्चालन गर्ने उल्लेख छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८ अनुसार २ करोड नागरिकको विवरण सङ्कलन र १ करोड नागरिकको राष्ट्रिय परिचयपत्र वितरण २ वर्षभित्र गर्ने कार्यक्रम रहेकोमा आषाढ मसान्तसम्म १ करोड ८१ लाख १२ हजार विवरण सङ्कलन, ७२ लाख ८ हजार थान परिचयपत्र छपाइ गरी २९ लाख ६ हजार थान परिचयपत्र वितरण गरेको छ। कार्य योजनाअनुसार समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **अभिलेख व्यवस्थापन तथा अनुगमन -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २६ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमनसम्बन्धी व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार सामाजिक सुरक्षा भत्तामा २०७९।८० मा रु.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख र २०८०।८१ मा अघिल्लो वर्षको तुलनामा १.६८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १० अर्ब १९ करोड ७० लाख ३१ हजार खर्च भएको छ। यो वर्ष नेपाल सरकारले ३८ लाख ६ हजार ६३४ जना लाभग्राहीलाई रु.१ खर्ब १४ अर्ब ४१ करोड २ लाख ६८ हजार सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ। निष्क्रिय लाभग्राही खाताको ट्रयाक गर्ने प्रणाली नभएकोले विभागले भत्ता वितरणको अनुगमन गरेको देखिएन। जसले गर्दा मृत्यु भएका व्यक्तिका खातामा सामाजिक सुरक्षा भत्ता गइरहने जोखिम विद्यमान रहेको छ। विभागले कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता वितरणको बैकिङ्ग अभिलेख ट्रयाकिङ पद्धतिको विकास गरी प्रभावकारी ढङ्गबाट अनुगमन गर्नुपर्दछ।

२१. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएबमोजिमको अधिकारीले कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। मन्त्रीपरिषद्को २०७५।१२।११ को निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१) (च) बमोजिम कन्टिन्युटी, अपग्रेडेसन एण्ड क्यापासिटी स्ट्रेन्थनिङ अफ नेसनल आइडेन्टिटी म्यानेजमेन्ट

इन्फरमेसन सिस्टमसम्बन्धी कार्यको लागि एक बहुराष्ट्रिय परामर्शदाता र विभागबिच २०७६।३।१५ मा युरो ६५ लाख ५८ हजार ९०५ र नेपाली रुपैयाँ रु.१३ करोड ६१ लाख ७ हजारको सम्झौता गरेको छ। सम्झौताको सर्तबमोजिम प्रथम वर्ष फुल स्केल सपोर्ट एण्ड मेन्टिनेन्स सेवा लिने, दोस्रो वर्ष डाउनसाइज्ड सपोर्ट सेवा र सो पछिका वर्षमा सपोर्ट एण्ड मेन्टिनेन्समा कुल लागतको वार्षिक १५ प्रतिशतका दरले भुक्तानी दिने गरी सम्झौता भएको छ। सम्झौतामा उक्त प्रणाली सञ्चालन गर्नको लागि विभागमा रहेको जनशक्तिलाई परामर्शदाताले दक्ष बनाउने उल्लेख भएकोमा सम्झौताको म्याद समाप्त हुनु अगावै प्रणाली सञ्चालन गर्ने दक्ष जनशक्ति तयार नभएको कारण जनाई मन्त्रीपरिषद्को २०८०।५।६ को निर्णयबाट सन् २०२२ अगष्ट १९ देखि सन् २०२३ अगष्ट १८ सम्म फुल स्केल सपोर्ट एण्ड मेन्टिनेन्स सेवा लिई आएको र अगष्ट १८, २०२३ देखि अगष्ट १९,२०२४ सम्मको लागि वार्षिक रु.२४ करोड २८ लाख ११ हजारले दुई वर्षको रु.४८ करोड ५६ लाख २२ हजार भुक्तानी दिने गरी सम्झौता रकमको ४०.०८ प्रतिशतको भेरिएशन आदेश स्वीकृत भएको छ। उक्त परामर्श सेवाको म्याद समाप्त भइसकेको र प्रणालीमा परामर्शदाताबाट कुनै किसिमको सपोर्ट एण्ड मेन्टिनेन्स सेवा प्राप्त भएको नदेखिएकोले प्रणालीको दिगो सञ्चालनको उचित प्रबन्ध मिलाउनुपर्दछ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण गर्ने तथा व्यवस्थापनसम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने, परिषद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वयन गर्ने, गराउने, विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने गरी २०७६।७।२९ मा यस प्राधिकरणको स्थापना भएको हो।

२२. **कोष व्यवस्थापन -** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को दफा १८ मा जिल्ला विपद् व्यवस्थापन कोषमा तराईका जिल्लामा रु.२५ लाख, पहाडी जिल्लामा रु.२० लाख र हिमाली जिल्लामा रु.१५ लाख न्यूनतम मौज्दात रहने व्यवस्था छ।यो वर्ष रौतहट जिल्लाको विपद् व्यवस्थापन कोषमा रु.१२ करोड ५७ लाख ६६ हजार, सप्तरीमा रु.५ करोड ३० लाख ६१ हजार, ललितपुरमा रु. ४ करोड ८५ लाख २१ हजार, बाग्लुङमा रु.५ करोड ३३ लाख ९१ हजार, दार्चुलामा रु.५ करोड २ लाख ६८ हजार लगायत ७७ जिल्लाको कोषमा जम्मा रु.१ अर्ब १२ करोड ८६ लाख ५३ हजार मौज्दात देखिन्छ।

२३. **सेन्डाइ कार्य ढाँचाको कार्यान्वयन -** नेपालले सेन्डाइ कार्यढाँचामा तोकिएका चार प्राथमिकता क्षेत्र र सो अन्तर्गत गरिने प्रमुख १८ रणनीतिक कार्यलाई अल्पकालीन (सन् २०१८-२०), मध्यकालीन (सन् २०१८-२५), दीर्घकालीन (सन् २०१८-३०) र निरन्तर गर्नुपर्ने कार्यको रूपमा तोकी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० तयार गरेको छ। प्राधिकरणले सम्पादन गरेको कार्यको विवरण, वार्षिक प्रतिवेदन र सन् २०२३ को फेब्रुअरीमा सेन्डाइ कार्यढाँचा कार्यान्वयनको राष्ट्रिय स्वेच्छिक मध्यावधि समीक्षा प्रतिवेदन प्रकाशन गरेको भए तापनि तत्पश्चात् सन् २०२४ र २०२५ को समीक्षा प्रकाशन गरेको देखिएन। वार्षिक प्रतिवेदन तथा राष्ट्रिय स्वेच्छिक मध्यावधि समीक्षामा प्रत्येक प्राथमिकता अन्तर्गतका रणनीतिक कार्ययोजना र क्रियाकलापका सम्बन्धमा तोकिएको ढाँचामा मध्यावधि समीक्षा र प्रगति विवरण तयार हुनुपर्दछ।

नेपाल प्रहरी

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२ तथा प्रचलित अन्य कानुनबमोजिम शान्ति सुव्यवस्था, अपराध नियन्त्रण र अनुसन्धान, चोरी तस्करी नियन्त्रण, सवारीसाधनको व्यवस्थापन, विशिष्ट व्यक्तिहरू तथा महत्त्वपूर्ण संरचनाहरूको सुरक्षा एवं प्रकोप व्यवस्थापनलगायतका कार्यसम्पादन गर्दै आएको छ।

२४. **अपराध अनुसन्धान** - नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ ले राज्य विरुद्धको कसुरलगायत १२ किसिमका कसुरको सम्बन्धमा अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीलाई तोकेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्ः

२४.१. अनुसन्धान कार्यका लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, महिला बेचबिखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागू औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी सङ्गठन क्रियाशील रहेका छन्। प्रहरी प्रधान कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदनअनुसार विगत ५ वर्षको विभिन्न अपराधसम्बन्धी घटना विवरण देहायअनुसार देखिन्छः

अपराधको किसिम	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
ज्यानसम्बन्धी	८०५९	८५१०	८४५१	८७५९	८८३१
आत्महत्यासम्बन्धी	७११७	६७९२	६९७४	७१९४	७०३८
चोरी सम्बन्धी	२३८२	३१८८	३६१९	३७५८	३६५६
संगठित तथा आर्थिक अपराध	४६५२	५५१५	६०५७	७१८९	१३८३७
सामाजिक अपराध	८१६८	९९८४	११९८२	११६९०	९४५९
महिला तथा बालबालिका	४७०५	४४२७	४२५३	४२३१	३११९
सवारीसम्बन्धी	२१७८	२५२६	२२६२	२२२७	२४२८
विविध	२८५९	५९६०	१२७२५	१४१५६	१०१०४

२४.२. नेपाल सरकार, गृह मन्त्रालयको २०७१।७।१६ को निर्णयबाट स्वीकृत भई २०७२।७३ बाट प्रथम त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (२०७२।७३ देखि २०७४।७५) सुरुवात भई यसको निरन्तरता स्वरूप २०८१।४।१ देखि चौथो कार्ययोजना (२०८१।८२ देखि २०८३।८४) कार्यान्वयनमा आएको छ।कार्ययोजना कार्यान्वयनका लागि कुल रु.३ अर्ब ३३ करोड ३ लाख ३६ हजार खर्च हुने अनुमान गरेको छ। चौथो चरणको कार्ययोजनाको पहिलो वर्ष (२०८१।८२) अन्तर्गत १२ कार्यनीतिगत क्षेत्रको १८ क्रियाकलाप सम्पन्न गर्नुपर्नेमा ८ क्रियाकलाप सम्पन्न भएको उल्लेख गरेको छ। चौथो कार्ययोजना समावेश गरिएका १८ कार्यनीतिगत क्षेत्रअन्तर्गतका क्रियाकलापमध्ये हालसम्म कार्ययोजनामा प्रस्तावित बजेटको खर्च र उपलब्धिको अद्यावधिक अभिलेख राखेको छैन। कार्ययोजनाअनुरूप भएको खर्च र प्रगति देखिने गरी कार्य योजना कार्यान्वयन गर्नुपर्दछ।

२५. **ट्राफिक व्यवस्थापन** - नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ बमोजिम ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकिएको छ। ट्राफिक व्यवस्थापनमा देखिएका बेहोरा देहायअनुसार छन्ः

२५.१. विगत ५ वर्षको दुर्घटना अवस्था विश्लेषण गर्दा २०७७।७८ देखि २०८१।८२ सम्मको औसत वृद्धिदर २७ प्रतिशत रहेको छ। प्राप्त विवरणअनुसार देशभरको सवारी दुर्घटनासम्बन्धी ५ वर्षको स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	कुल सवारी दुर्घटना		मृत्यु		गम्भीर घाइते		सामान्य घाइते	
	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत
२०७७।७८	२०६४०	-	२५००	-	६४४८	-	१८६००	-
२०७८।७९	२४५३७	१९	२८८३	१५	७२८२	१३	२५७२२	३८
२०७९।८०	२३५९७	(३.८)	२३६८	(१७.८४)	५७३८	(२१.२)	२४४८८	(४.८)
२०८०।८१	२२९२७	(२.८)	२३६९	०.०४	६१६०	७.३५	२५९९६	६.२०
२०८१।८२	४३९६५	९१.७६	२५४९	७.६	६९७६	१३.२५	३७२८३	४३.४२

उपर्युक्त विवरणअनुसार सवारी दुर्घटना गत वर्षको तुलनामा ९१.७६ प्रतिशत वृद्धि भएको देखिन्छ। त्यस्तै मृत्यु, गम्भीर घाइते र सामान्य घाइतेको सङ्ख्या पनि क्रमशः ७.६, १३.२ र ४३.४२ प्रतिशतले वृद्धि भएको देखिन्छ। सडकको अवस्था सुधार, सडक उचित बाटो काट्ने स्थानको व्यवस्था आकासे पुल, पार्किङ्गस्थल, ट्राफिक बत्ती, सी.सी.टी.भी., सडक चिन्हलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वय गरी बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्दछ। सवारी दुर्घटना हुन नदिन सम्बन्धित सरोकारवाला समेतको समन्वयमा सवारीसाधनको अवस्था, भार वहन क्षमता, यात्रु क्षमता, चालकको अवस्था, सवारीसाधनको गति, ट्राफिक चिन्हको अनिवार्य पालनासम्बन्धी अनुगमनलाई प्रभावकारी बनाउने, काठमाडौं उपत्यका र देशका अन्य मुख्य शहरमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न इन्टिलिजेन्ट ट्राफिक लाइट प्रणाली जडानलगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२५.२. शहरीकरणका कारण अत्यधिक सवारीसाधनहरूको चापलाई सुव्यवस्थित गर्न दूरगामी सोचका साथ बहुआयामिक योजनाहरूको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध सरोकारवाला सबै निकायहरूको एकीकृत, समन्वयात्मक एवं सामूहिक सहकार्यलाई प्रभावकारी बनाउनुपर्दछ। काठमाडौं उपत्यकाको सवारी व्यवस्थापनको लागि विशिष्टीकृत जनशक्ति एवं आधुनिक उपकरणहरूको अभाव एवं एकीकृत प्रयास अपेक्षित रूपमा नहुँदा बढ्दो सवारीसाधनहरूको चाप तथा सवारी दुर्घटनालाई व्यवस्थित गर्ने कार्यले अपेक्षित उपलब्धि हासिल गर्न नसकेकोले यस आर्थिक वर्षमा १९० जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको कार्यालयको विवरणबाट देखिन्छ। बागमती प्रदेशमा २०८१।८२ मा दर्ता भएका सवारीसाधनको सङ्ख्या ५८ हजार ३८८ र हालसम्मको जम्मा सवारीसाधन सङ्ख्या १९ लाख ९३ हजार २८५ रहेको छ। ट्राफिक प्रहरीतर्फ हाल कार्यरत जनशक्ति १ हजार ७२४ लाई आधार मान्दा एक जना ट्राफिक प्रहरीले १ हजार १५७ सवारीसाधन व्यवस्थापन गर्नुपर्ने स्थिति छ। ट्राफिक व्यवस्थापनको दूरगामी योजना बनाई प्रविधिमैत्री ट्राफिक व्यवस्थापन प्रणालीको आवश्यक प्रबन्ध गर्नुपर्दछ।

२६. **सफ्टवेयर निर्माण** - सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ४ मा सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि

प्रणाली निर्माण गर्दा प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागमा पठाउनुपर्ने र विभागले प्राविधिक समितिबाट जाँचबुझ गरी प्रमाणीकरण गर्ने व्यवस्था छ। प्रहरी प्रधान कार्यालयले बोलपत्रको माध्यमबाट कार्यालयको कार्यसम्पादन, सेवाप्रवाह, प्रतिवेदनको लागि ३६ सफ्टवेयर, हार्डवेयर तथा लाइसेन्स खरिदको लागि विभिन्न फर्मसँग खरिद सम्झौता गरी रु.४६ करोड ४१ लाख ४९ हजार खर्च लेखेको छ। सोमध्ये विभागबाट स्वीकृत लिनुपर्ने सफ्टवेयर यकिन गरी प्रमाणीकरण गराएको देखिएन। सफ्टवेयर तथा सूचना प्रणालीहरू कार्यविधिअनुसार सूचना प्रविधि विभागबाट प्रमाणीकरण हुनुपर्दछ।

राष्ट्रिय प्रहरी प्रतिष्ठान

नेपाल प्रहरीको लागि गुणस्तरीय मानव संसाधन विकास गर्नु, वरिष्ठ प्रहरी अधिकारीहरू र प्राविधिक प्रहरी अधिकारीहरूलाई विकासात्मक अवसरहरू प्रदान गरेर आधारभूत तालिमहरू सञ्चालन गर्ने, नेपाल प्रहरीमा तालिम प्रणालीको लागि आवश्यक प्रहरी प्रशिक्षकहरू तयार गर्ने उद्देश्यले यस प्रतिष्ठानको स्थापना भएको हो।

२७. **प्रतिष्ठान भवन** - नेपाल र भारत सरकारबिच २०७१।८।९ मा भएको समझदारीपत्रअनुसार ३ लाख २९ हजार ५४ वर्गमिटर क्षेत्रफलमा काभ्रेपलान्चोक जिल्लाको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको लागि ४८ भवन तथा ७ अन्य संरचनासमेत निर्माण गर्न एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि करबाहेक रु.१० अर्ब १ करोड ५१ लाखको लागतमा २०८२।३।१९ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९।३।१३ मा खरिद सम्झौता भएको छ। यो वर्षसम्म पेस्कीसमेत रु.५ अर्ब २३ करोड ३९ लाख ४७ हजार भुक्तानी भएको छ। सुरु सम्झौता अनुसार निर्माण अवधिको समय व्यतीत भई प्रतिष्ठानले दोस्रो पटक २०८३।१।१७ सम्म म्याद थप गरेको छ। यो वर्षसम्मको भौतिक प्रगति ८०.८६ प्रतिशत र वित्तीय प्रगति ५२.२६ प्रतिशत देखिएकोले खरिद सम्झौतामा उल्लिखित सर्त र निर्माण कार्यतालिका बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तिनका परिवार र भूतपूर्व प्रहरी कर्मचारीहरूको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा यो अस्पताल स्थापना भएको हो। अस्पतालले २०७४ कार्तिक २६ गतेदेखि सर्वसाधारण समेतलाई उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालको क्षमता साविकमा १५० शय्या रहेकोमा २०७७।१२।१६ को मन्त्रीस्तरीय निर्णयानुसार स्तरोन्नति गरी ३०० शय्याबाट सेवा उपलब्ध गराउँदै आएको छ।

२८. **आय-व्यय** - अस्पतालको २०८१।८२ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आयतर्फ		व्ययतर्फ	
शीर्षक	**रकम**	**शीर्षक**	**रकम**
गतवर्षको जिम्मेवारी	८८६३२	सञ्चालन खर्च	६९७१९१
नेपाल सरकारको अनुदान	६९७१९१	कोषबाट खर्च	२३३४९८
कोषबाट प्राप्त आम्दानी	२४१८८३	धरौटी फिर्ता	१२७५९
धरौटी	१५००१	मौज्दात	९९२५९
जम्मा	**१०४२७०७**		**१०४२७०७**

यो वर्ष नेपाल सरकारको बजेटतर्फ रु.६९ करोड ७१ लाख ९१ हजार खर्च भएको छ। अस्पतालले यो वर्ष सर्वसाधारणको उपचार व्यवस्थापन, विपन्न नागरिक उपचार व्यवस्थापन, कल्याणकारी कोषबाट अनुदान, एनेस्थेसिया तथा अन्य परीक्षण शुल्क र नयाँ उम्मेदवार स्वास्थ्य परीक्षणलगायतबाट रु.२४ करोड १८ लाख ८३ हजार आम्दानी गरेको छ। अस्पतालको आन्तरिक आम्दानीले प्रशासनिक खर्च धान्न कठिन रहेकोले अस्पतालको दिगोपना र सेवा विस्तारका लागि सबै प्रकारका आन्तरिक स्रोतको आयमा वृद्धि र खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

२९. **स्वास्थ्य उपकरण उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) बमोजिम कार्यालय प्रमखुले जिन्सी सामानको कम्तिमा वर्षको एक पटक निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने र सो प्रतिवेदनको आधारमा नियम ९९(४) बमोजिम तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नुपर्ने व्यवस्था छ। अस्पतालमा २०६९ सालमा खरिद गरेको रेडियोलोजी विभागमा रहेको १६ स्लाईस सी.टी. स्क्यान मेसिन विगत १ वर्षदेखि बिग्रिएको तथा २०७२ सालमा खरिद भएको १.५ टेसलाको एमआरआई मेसिन विगत ५ वर्षदेखि मर्मत नभई सञ्चालनमा नरहेको कारण बिरामी अन्यत्र रिफर भएका छन्। प्रयोगमा नरहेको स्वास्थ्य उपकरण पूर्ण सञ्चालनमा ल्याई सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ।

सशस्त्र प्रहरी बल, नेपाल

मुलुकमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, भएका वा हुन सक्ने सशस्त्र सङ्घर्ष, विद्रोह नियन्त्रण गर्ने, नेपालको सीमा सुरक्षा र सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन संरचना सुरक्षा गर्ने, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही कार्य गर्ने र नेपाल सरकारले तोकेको अन्य कार्यसमेतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार यो सुरक्षा निकाय गठन भई सञ्चालनमा रहेको छ।

३०. **कार्यसम्पादन -** सशस्त्र प्रहरी बलले सीमा इलाकामा ६ हजार ७९८ संयुक्त र ३१ हजार ८१२ एकल गस्ती परिचालन गरी गृह प्रशासन सुधार कार्यमा यो वर्ष रु.१ अर्ब ९० करोड ७८ लाख २४ हजारका अवैध चोरी निकासी तथा पैठारीका मालवस्तुहरू बरामद गरेको र १४ हजार ६२७ के.जी. लागु औषध लगायतका सामान बरामद गरी सम्बन्धित कार्यालयमा बुझाएको छ। सीमा इलाकाका १० स्थानमा १९४ घरटहरा हटाएको, ६ स्थानमा अन्य भौतिक संरचना निर्माण कार्यमा रोक लगाएको, २१ स्थानमा २८.४८४ बिगाहा खेतीपाती गर्न रोक लगाएको र १९९ स्थानमा ९०.४५ कि.मि. दशगजा सरसफाइ गरेको छ। स्थापनाको उद्देश्य अनुरूप कार्य गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

३१. **सेवा शुल्क -** कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकार (मन्त्रीपरिषद्) का विभिन्न मितिका निर्णय बमोजिम कार्यालयले जलविद्युत आयोजना तथा राष्ट्रिय गौरवका आयोजनालगायत १४ स्थानमा ४१९ सशस्त्र प्रहरी कर्मचारी सुरक्षाका लागि खटाएको देखियो। जलविद्युत आयोजनालगायतका छुट्टै अस्तित्वसहित दर्ता भएका विभिन्न आयोजना तथा संस्थाहरूमा समेत सशस्त्र प्रहरी कर्मचारी खटाइएकोमा उक्त सुरक्षा सेवा उपभोग गरेबापत लाग्ने पारिश्रमिक तथा सेवा शुल्क सम्बन्धमा स्पष्टता रहेको देखिएन। नेपाली सेनाले नेपाल राष्ट्र बैङ्कको सुरक्षा सेवा प्रदान गरेबापत नेपाल सरकारलाई सेवा शुल्क रु. २०

करोड ५३ लाख १९ हजार सञ्चित कोषमा दाखिला गरेको देखिन्छ। सुरक्षा सेवा प्रदान गरेबापतको शुल्क सम्बन्धमा स्पष्टता हुनुपर्दछ।

नेपाल ए.पी.एफ. अस्पताल

बहालवाला र अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्न सशस्त्र प्रहरी बलको मुख्यालय परिसरमा मेडिकल शाखाको रूपमा विक्रम संवत् २०५९ देखि सेवा आरम्भ भएकोमा २०६२ देखि नेपाल ए.पी.एफ. अस्पतालको रूपमा काठमाडौंको बलम्बुमा स्थापना भएको हो। अस्पतालले २०७३ देखि ११० शय्याबाट सर्वसाधारण नागरिकलाईसमेत स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा २०८१।६।४ को स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सचिवस्तरीय निर्णयबाट ३०० शय्यामा स्तरोन्नति भई सञ्चालनमा रहेको छ। अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष अस्पतालले सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारी र सर्वसाधारणसमेत १ लाख ७९ हजार ४६० लाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

३२. **आय-व्यय** - अस्पतालको २०८१।८२ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आयतर्फ		व्ययतर्फ	
शीर्षक	**रकम**	**शीर्षक**	**रकम**
गतवर्षको जिम्मेवारी	२२२४९	सञ्चालन खर्च	३८०७६५
नेपाल सरकारको अनुदान	५०७९६०	पुँजीगत खर्च	१२७१९५
सेवाशुल्क र टिकट बिक्री	३०६५२	सेवाशुल्क र टिकट बिक्री खर्च	२७२८०
कोषबाट प्राप्त आम्दानी	५९३१	धरौटी फिर्ता	७७९७
राजस्व आम्दानी	१४०४	कोषबाट प्राप्त खर्च	५३७५
धरौटी	१०५५५	राजस्व दाखिला	१४०४
		मौज्दात	२८९३५
	५७८७५१		**५७८७५१**

उपर्युक्त विवरणअनुसार अस्पतालको गतवर्षको जिम्मेवारी रु.२ करोड २२ लाख ४९ हजार, नेपाल सरकारको अनुदान रु.५० करोड ७९ लाख ६० हजार, सेवा शुल्क र टिकट बिक्री आय रु.३ करोड ६ लाख ५२ हजार र राजस्व, धरौटी र अन्य आम्दानी रु.१ करोड ७८ लाख ९० हजारसमेत रु.५७ करोड ८७ लाख ५१ हजार आम्दानी रहेको छ। अस्पतालले आम्दानी वृद्धि गरी सेवा सञ्चालन गर्न पहल गर्नुपर्दछ।

अन्य संस्था

नेपाल हज समितिको सचिवालय

इस्लाम धर्म परम्पराबमोजिम साउदी अरबको मक्का मदिनामा हज गर्न जाने इस्लाम धर्मावलम्बी नेपाली नागरिकको हज यात्रालाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन यस समितिको स्थापना भएको हो।

३३. **आय-व्यय** - समितिको सचिवालयको २०८१।८२ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आयतर्फ			व्ययतर्फ		
शीर्षक		**रकम**	**शीर्षक**		**रकम**
गत वर्षको जिम्मेवारी		३३७००	खर्च जम्मा		४८२८०७
आम्दानी		४७६६९२	(क) नेपाल सरकार	२१६४४	
(क) नेपाल सरकार	२१६४४		(ख) हाजी	४६११६३	
(ख) हाजी	४५५०४८		मौज्दात		२७५८५
	जम्मा आय	**५१०३९२**		**जम्मा व्यय**	**५१०३९२**

समितिको गत वर्षको मौज्दात रु. ३ करोड ३७ लाख रहेकोमा यो वर्ष रु.४७ करोड ६६ लाख ९२ हजार आम्दानी र रु.४८ करोड २८ लाख ७ हजार खर्च भई रु.२ करोड ७५ लाख ८५ हजार मौज्दात रहेको छ।

३४. **हजयात्रा शुल्क -** नेपाल हज समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ को दफा १५(१) मा समितिको कोषमा नेपाल सरकारबाट प्राप्त रकम, हज यात्रीबाट प्राप्त आय, कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम, विदेशी सरकारबाट प्राप्त रकम र अन्य कुनै स्रोतबाट प्राप्त रकम रहने र सोको व्यवस्थापन समितिले गर्ने उल्लेख छ। समितिले पेस गरेको विवरणअनुसार यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.२ करोड १६ लाख ४४ हजार र समितिले हजयात्रीको लागि प्रति व्यक्ति रु.३ लाख ७० हजारका दरले १ हजार १५५ को शतप्रतिशत तथा अन्य ४५ को आंशिक रकमसमेत रु.४५ करोड ५० लाख ४८ हजार सङ्कलन गरेको छ। शतप्रतिशत शुल्क सङ्कलन भएका हजयात्री हजमा सहभागिता जनाउन असमर्थ रहेको जनाई समितिले यसवर्षको ५ को हुने रु.१८ लाख ५० हजार तथा २०७६।७७ को १३ जना, २०८०।८१ को १२ को समेत रु.२ करोड ३२ लाख ३९ हजार फिर्ता गरेको छ। साथै हजमा जानका लागि पूर्ण रकम सङ्कलन गर्न नसकेको तथा अन्य कारण देखाई असमर्थ भएका यस वर्षका ५२ जनाको रु.५२ लाख ३० हजार हज शुल्क फिर्ता गर्न बाँकी देखिन्छ। समितिले गत विगतदेखि हालसम्मको हाजीको रकम फिर्ता दिन बाँकीको तथ्याङ्क अद्यावधिक गरेको नदेखिएकोले सोसम्बन्धी विवरण अद्यावधिक गर्नुपर्दछ।

प्रहरी कल्याणकारी कोष

शान्ति स्थापनार्थ २०४९ सालदेखि संयुक्त राष्ट्रसङ्घीय मिसनहरूमा नेपाल प्रहरीको सहभागिताबाट प्राप्त रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्व प्रहरी र परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले प्रहरी कल्याण कोषको स्थापना भएको हो। प्रहरी नियमावली, २०७१ को नियम १९४ को व्यवस्थाअनुसार प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि तर्जुमा भई कोष सञ्चालनमा रहेको छ।

३५. **आय-व्यय** - कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
आयतर्फ		
सुडान मिसन	०	१७२८५८
अनपोल व्यक्तिगत योगदान	१२२४१	१८७७६
लगानी आय	३४३५२१	४०७६५७
अन्य आम्दानी	३८०५	२१९५
जम्मा आय	**३५९५६७**	**६०१४८६**
व्ययतर्फ		
हाइटी तथा सुडान मिसन (मर्मत खर्च)	५६९१	५५५४४
अनपोल खर्च	३२३०	२७७१
कल्याणकारी खर्च	६०५८६	५६३५९
शिक्षा तथा छात्रवृत्ति खर्च	५६३०	६८८७
स्वास्थ्य लाभ खर्च	६३४२४	२६५००
बिक्री लागत	४७७५	७५११
ह्रास कट्टी	२५८९	२७१०
नेपाल सरकारलाई व्याजकर	४०७७	८७१२
प्रशासनिक खर्च	१०६०६	११७६६
जम्मा व्यय	**१६०६०८**	**१७००४८**
बचत	**१९८९५९**	**४३१४३८**
गत वर्षको मौज्दात	**५०१९३२२**	**४५८७८८४**
जम्मा वासलातमा सारेको	**५२०९५७०**	**५०१९३२२**

कोषको गत वर्ष रु.५ अर्ब १ करोड ९३ लाख २२ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३५ करोड ९५ लाख ६७ हजार आम्दानी र रु.१६ करोड ६ लाख ८ हजार खर्च भई वर्षान्तमा रु.५ अर्ब २० करोड ९५ लाख ७० हजार मौज्दात रहेको छ। व्ययतर्फ कल्याणकारी शीर्षकमा रु.६ करोड ५ लाख ८६ हजार खर्च भएकोमा कृयाकर्म खर्चमा रु.१ करोड ७८ लाख ६० हजार, ज्येष्ठ प्रहरी निवृत्तिभरणमा रु.३ करोड ६८ लाख ८९ हजार, खेलकुद व्यवस्थापन अक्षय कोषमा रु.२६ लाख ८० हजार र अन्यमा रु.३१ लाख ५७ हजार खर्च भई रु.१९ करोड ८९ लाख ५९ हजार बचत भएको देखिन्छ।

३६. **पेस्की** - प्रहरी कल्याणकारी कोषको सञ्चालक समितिको २०६७।४।१० को बैठकको निर्णयानुसार कोषबाट विभिन्न प्रहरी कार्यालयहरूलाई प्रदान गरेको पेस्की रु.१ करोड २ लाख ९ हजार प्राप्त गर्नुपर्ने निर्णय गरेकोमा २०८१।८२ को अन्त्यसम्म रु.१ करोड ५४ हजार पेस्की प्राप्त गर्न बाँकी रहेको देखिन्छ। उक्त रकमलाई शंकास्पद पेस्कीको रूपमा वित्तीय विवरणमा समावेश गरेको देखियो। यस सम्बन्धमा गतविगतका प्रतिवेदनमा समेत औँल्याएकोमा स्थिति यथावत् छ।

सशस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी सङ्गठनका बहालवाला कर्मचारीहरू, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी एवं तिनका आश्रित परिवारहरू र गृहयुद्धमा ज्यान गुमाएका सशस्त्र प्रहरीका परिवार सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध कल्याणकारी क्षेत्रहरूमा समयानुकूल सेवा प्रदान गर्ने तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउने तथा केन्द्रबाट उपलब्ध गराउने सुविधाहरूलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रको कार्यविधि, २०७२ बमोजिम गठन भई सञ्चालनमा रहेको छ।

३७. **आय-व्यय** - केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
आयतर्फ		
परिचालन आय	८३८८९६	८५३०००
समाज विकास गतिविधिबाट प्राप्त आय	८३४५	१९१३४
शुल्क आम्दानी	२२२०६०	१५९५१५
पेट्रोलियम पदार्थ बिक्री आम्दानी	११५१२४७	११९४३७४
अन्य आम्दानी	१४१३०४	२३०९०४
जम्मा आय	**२३६१८५२**	**२४५६९२७**
व्ययतर्फ		
सामाजिक कार्य खर्च	२७८६१	६१३९०
मिसन व्यवस्थापन खर्च	४९०६२५	४४६२९३
प्रशासनिक खर्च	१५०१७६	११६१७९
शिक्षक कर्मचारी खर्च	३९२३५	३०९३७
ह्रासकट्टी	६८७२७	७२८४६
पेट्रोलियम पदार्थ खरिद	११२००२२	११६८२०५
पेट्रोल पम्पको आयकर	५५०८	५१७५
विविध	९६६२	७८९९६
लाभांश	९२६१	१७१६८
जम्मा व्यय	**१९२१०७७**	**१९९७१८९**
बचत	**४४०७७५**	**४५९७३८**
गत वर्षको मौज्दात	**१८२५५३८**	**१३६५८००**
जम्मा	**२२६६३१३**	**१८२५५३८**

केन्द्रको गत वर्ष रु.१ अर्ब ८२ करोड ५५ लाख ३८ हजार मौज्दात रहेकोमा यो वर्ष संयुक्त राष्ट्रसङ्घबाट प्राप्त शोधभर्ना, मुद्दती लगानीको ब्याज र व्यावसायिक लगानीबाट प्राप्त प्रतिफलसमेत रु.२ अर्ब ३६ करोड १८ लाख ५२ हजार आम्दानी र रु.१ अर्ब ९२ करोड १० लाख ७७ हजार खर्च भई रु.२ अर्ब २६ करोड ६३ लाख १३ हजार मौज्दात रहेको छ।

३८. **ऋण तथा लगानी** - केन्द्रको कोष सञ्चालन कार्यविधि, २०७४ मा कल्याणकारी कोषबाट सशस्त्र प्रहरी कर्मचारीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था छ। यस वर्षसम्म कर्मचारीलाई घर कर्जा रु.२ अर्ब ७१ करोड १० लाख, हायर पर्चेज कर्जा रु.३१ लाख, चार पाङ्ग्रे कर्जा रु.१० करोड ७८

लाख, शैक्षिक कर्जा रु.३ करोड ७५ लाख र टेलिभिजन कर्जा रु.१० लाख, सीमा सुरक्षा कर्मचारीका लागि कर्जा रु.८ करोड ७ लाख, विपद्का लागि रु.२ करोड, भूमिहीनका लागि रु.४९ लाख र सामाजिक क्रियाकलापको लागि रु.६ लाखसमेत रु.२ अर्ब ९४ करोड ६८ लाख ऋण प्रवाह गरेको छ। कल्याणकारी कोषले ऋण सापटीबाट यस वर्ष सेवा शुल्क र व्याजबापत रु.१४ करोड १३ लाख प्राप्त गरेको छ।

केन्द्रले काठमाडौं र पोखराका एक-एक पेट्रोल पम्पमा रु.७० लाख लगानी गरेको छ। लेखापरीक्षण प्रतिवेदनमा हलचोकस्थित पेट्रोल पम्पको गत वर्षको तुलनामा बिक्री आम्दानी ११.२६ प्रतिशतले घटेको र कर कट्टी पश्चातको नाफा ८.०९ प्रतिशतले घटेको देखिन्छ साथै पोखरास्थित पेट्रोल पम्पको गत वर्षको तुलनामा बिक्री आम्दानी ४.९६ प्रतिशतले बढेको र नाफा २५.०४ प्रतिशत बढेको देखिन्छ।

यस कल्याणकारी सेवा केन्द्रले कीर्तिपुर, काठमाडौंमा १, कोहलपुर, बाँकेमा १, शम्भुनाथ सप्तरीमा १ र झलारी कञ्चनपुरमा १ समेत ४ विद्यालयमा रु.४२ करोड ८ लाख लगानी गरेको छ। लेखापरीक्षण प्रतिवेदन अनुसार कञ्चनपुरको विद्यालय रु.११ लाख ९९ हजार घाटामा रहेको, सप्तरीको विद्यालय रु.२९ लाख ३७ हजार नाफामा, नेपाल ए.पी.एफ विद्यालय बाँके रु.२ लाख ८१ हजार घाटामा र नेपाल ए.पी.एफ. विद्यालय कीर्तिपुर रु.२ करोड ४९ लाख ९१ हजार नाफामा रहेको देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा मन्त्रालयको शान्ति सुरक्षा र आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्ने, कारागारको क्षमता विस्तार नभएको, भौतिक पूर्वाधार आवश्यकताअनुसार नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, उजुरी फस्यौंट नभएको, मुआब्जा वितरण नभएको, नर्म्सअनुसार पोसाक वितरण नभएको, अस्पतालले फार्मेसी सेवा सञ्चालन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४९४ निकायको रु.५८ करोड ४७ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७५ लाख ३५ हजार सम्परीक्षण भएकोले रु.५७ करोड ७२ लाख ३७ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४० करोड ८७ लाख ७५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था ३ तर्फ रु.३२ करोड १४ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३१ करोड ९२ लाख ७ हजार सम्परीक्षण भएकोले रु.२२ लाख ३० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र सङ्घलगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध, आर्थिक तथा विकास कूटनीति, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण, कन्सुलर सेवा, राहदानी तथा भिसा, विदेशमा नेपालको प्रतिनिधित्व गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय एवं सङ्गठित संस्थासमेत ५० निकायवाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका ४८ सरकारी कार्यालयको निम्नानुसार रु.२२ अर्ब ३९ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७४७५२	१०५१६७	१६८०	४२३३३	२२३९३२

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.७५ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट खर्च भएको रु.१ करोड १२ लाखसमेत रु.१ करोड ८७ लाख समावेश गरिएको छैन। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रु.१९ लाख समावेश छ।

२. **अन्य संस्था -** यो वर्ष परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र बी.पी. कोइराला नेपाल-भारत फाउण्डेसनको २०८१।८२ को रु.२९ करोड ६१ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **नीति कार्यान्वयन -** परराष्ट्र नीति, २०७७ मा आर्थिक कूटनीतिको सञ्चालनद्वारा मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने उल्लेख छ। सम्बन्धित मुलुकको अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा देखापर्ने प्रवृत्ति र मुलुक विशेषको आर्थिक, व्यापारिक, औद्योगिक तथा वित्तीय नीतिको अध्ययन गरी त्यसबाट नेपाललाई पर्ने प्रभावका बारेमा नियमित विश्लेषण तथा पृष्ठपोषण गर्ने, क्षेत्रगत तथा वस्तुगत विश्लेषणका आधारमा निर्यात व्यापार विस्तार एवं आयात व्यवस्थापन, लगानी प्रवर्धन र प्रविधि हस्तान्तरणका लागि आर्थिक कूटनीति परिचालन गर्ने, उच्चस्तरीय आर्थिक कूटनीति अनुगमन समितिलाई थप सक्रिय र प्रभावकारी बनाउने, श्रमिकको दक्षता अभिवृद्धि गर्ने, विप्रेषणलाई बैङ्किङ माध्यमबाट सुरक्षित रूपमा भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय श्रम बजारको गहन अध्ययन विश्लेषण गरी श्रम बजारमा पर्ने प्रभावका सम्बन्धमा नियमित पृष्ठपोषण गर्ने लगायतका विषय नीतिमा उल्लेख भए तापनि सो सम्बन्धमा बजेट, योजना तथा कार्यक्रम बनाई उल्लिखित नीति कार्यान्वयन गरेको पाइएन। नीति कार्यान्वयन निर्देशक समिति र समन्वय समितिलगायत सम्बद्ध सरोकार पक्षहरूबिच समन्वय र सहकार्य गरी स्वीकृत नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य -** नेपाल सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा राष्ट्रिय हित, स्वतन्त्रता, भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा एवं आर्थिक समुन्नतिलाई केन्द्रमा राखी स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिने तथा संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताको आधारमा मुलुकको विशिष्ट अन्तर्राष्ट्रिय पहिचान कायम गर्ने गरी परराष्ट्र सम्बन्ध सञ्चालन गर्ने उल्लेख रहेको छ। नेपाल सरकारले तय गरेको परराष्ट्र मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम एवं बजेट कार्यक्रम कार्य योजनामा २१ क्रियाकलापअन्तर्गत कुल ३७ माइलस्टोन र ९ प्रमुख कार्यसम्पादन सूचक निर्धारण गरिएकोमा २८ माइलस्टोन सम्पन्न गरे तापनि ८ क्रियाकलापमा आंशिक तथा १ क्रियाकलापमा शून्य प्रगति भएको छ। बजेट वक्तव्य र वार्षिक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

५. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा मन्त्रालयले प्राप्त प्रगति विवरण भौतिक र वित्तीय पक्षको कार्यालयगत तथा मन्त्रालयगत समीक्षा गर्नुपर्ने र समीक्षा गर्दा कम प्रगति देखिएमा सोको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदमहरूसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त यो वर्षको खर्चको विवरणअनुसार मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रममध्ये नियोगमार्फत आर्थिक कूटनीतिसम्बन्धी तालिम सञ्चालन, दूतावास तथा नियोगहरूसँग सम्बन्धित देशको विशेषताअनुसार सम्भावित कार्यक्रम, नियोगहरूको भवन निर्माण तथा जग्गा खरिदको लागत अनुमानसम्बन्धी प्राविधिक सहायतालगायतका ११ कार्यक्रमको प्रगति शून्य रहेको देखिन्छ। स्वीकृत कार्यक्रमअनुसार लक्ष्य प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	बजेट	सुरु बजेट रु.	कायम बजेट रु.	खर्च रु.	खर्च प्रतिशत
१	चालु	५९३६८	७२४०६	६९००७	९५.३१
२	पुँजीगत	८३७८	८३७८	४९३०	५८.८४
	जम्मा	**६७७४६**	**८०७८४**	**७३९३७**	**९१.५२**

मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ९५.३१ र पुँजीगततर्फ ५८.८४ प्रतिशत खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजनबमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **अन्तर्राष्ट्रिय सन्धि सम्झौता -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा विदेशमा नेपालको प्रतिनिधित्व, विदेशी राष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँगको सम्बन्धलगायतका विषय यस मन्त्रालयको कार्य क्षेत्रभित्र रहेको उल्लेख छ। मन्त्रालयले नेपालको संविधानको धारा ५३ बमोजिम तयार गरेको प्रगति प्रतिवेदनमा छिमेकीलगायतका मित्र राष्ट्रहरूसँग ४१२ द्विपक्षीय सम्झौताहरू र क्षेत्रीय सङ्घ संस्थाहरू तथा अन्यसँग २४३ बहुपक्षीय सम्झौतासमेत ६५५ सन्धि सम्झौता भएको उल्लेख छ। जसमध्ये यो वर्ष ५५ सन्धि सम्झौता सम्पन्न/परिमार्जन गरिएको र बाँकी ६०० मध्ये पुराना एवं म्याद सकिएका सम्झौताहरू आवश्यकता एवं औचित्यका आधारमा नेपाल सरकारको निर्णयबमोजिम पुनरावलोकन/परिमार्जन/नवीकरण गरी कार्यान्वयनमा ल्याइने उल्लेख गरेको छ। तोकिए बमोजिम उक्त सन्धि सम्झौताअनुसार पुनरावलोकन तथा परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **निर्देशिका तथा मापदण्ड** - विधायन ऐन, २०८१ को दफा १३(१) मा ऐनबाट अधिकार प्रत्यायोजन गरेकोमा बाहेक प्रत्यायोजित विधायन जारी गर्न नहुने व्यवस्था छ। मन्त्रालयले परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली नियोगमा पदस्थापन तथा सरुवा निर्देशिका, २०६९, विदेशस्थित नेपाली नियोगमा कार्यरत कर्मचारीहरूको स्वास्थ्योपचार सुविधासम्बन्धी निर्देशिका, २०७१, विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२ र प्रदेश तथा स्थानीय तहको परराष्ट्र तथा कूटनीतिक मामिलासम्बन्धी निर्देशिका, २०७५ तर्जुमा गरेकोमा कानुन निर्माणको आधार खुलाएको देखिएन। मन्त्रालयले कार्यविधि तथा निर्देशिका तर्जुमा गर्दा कानुनी आधार खुलाउनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *यो वर्ष विदेशस्थित नियोगहरूमा असुल भएको राजस्वमध्ये १० नियोगको रु.३३ करोड ५२ लाख सञ्चित कोष दाखिला गर्न बाँकी रहेको,*
- *विदेशस्थित नियोगहरूले खरिद गरेका जग्गामा भवन निर्माण नभएको,*
- *तोकिएको अवधि अगावै १३ देशका राजदूत स्वदेश फिर्ता हुँदा रु.१ करोड ५२ लाख खर्च लागेको,*
- *आयकर ऐन, २०५८ बमोजिम विदेशी स्थायी संस्थापनको आयमा ५ प्रतिशतले हुने रु.२९ करोड ५८ लाख कर कट्टी नगरेको लगायतका बेहोरा देखिएका छन्।*

९. **नियोगका कर्मचारीको सुविधा** - नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम १९ मा नियोग प्रमुख तथा नियोगमा कार्यरत कर्मचारीलाई प्रदान गरिने भत्ता तथा अन्य सुविधाको सिफारिस गर्न एक समिति रहने र नेपाल सरकार, मन्त्रीपरिषद्ले तोकेबमोजिमको भत्ता तथा अन्य सुविधा उपलब्ध गराउने उल्लेख छ। नेपाल सरकारले सो नियम लागु भएपछि समितिको सिफारिसअनुसार सुविधा रकम भुक्तानी गर्नुपर्नेमा नेपाल सरकार (मन्त्रीपरिषद्) को २०५१।२।२३ को निर्णय तथा पटके निर्णयका आधारमा वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, विदा अवधिको वैदेशिक भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधी उपचार सुविधा, निजी मालसामान तथा सवारीसाधनको ढुवानी लगायतका सुविधा भुक्तानी गर्ने गरेको छ। यस्ता निर्णयमा पटक पटक संशोधन भएको, संशोधनहरू एक आपसमा बाझिएको देखिएकाले सुविधामा पुनरावलोकन तथा एकीकृत कानुनी व्यवस्था गरी भुक्तानी हुनुपर्ने बेहोरा विगत वर्षदेखि औंल्याइँदै आएकोमा सुधार भएको छैन।

१०. **घर भाडा** - नेपाल सरकार (मन्त्रीपरिषद्) को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुखबाहेक अन्य कर्मचारीको लागि मन्त्रालयले तोकेबमोजिम साधारण रूपमा सुसज्जित आवास भवन उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयले कर्मचारीको पदीय स्तरअनुसार मापदण्ड तथा रकमको सीमा तोकेको छैन। यो वर्ष ३९ नियोगले नियोग प्रमुखसहित अन्य कर्मचारीको घर भाडामा रु.९८ करोड २ लाख ७५ हजार खर्च गरेका छन्। मन्त्रालयसँगको पटके सहमतिको आधारमा नियोगहरूले घर भाडा खर्च गर्ने गरेकोमा जापानमा दूतावास कार्यालय भवनभन्दा राजदूतको निवासको भाडा बढी रहेको तथा जापान, चीन, दक्षिण कोरिया, हङ्ककङ्गलगायतका नियोगहरूमा समेत कर्मचारीको ओहोदाअनुसार घर भाडा नलिई माथिल्लो पदभन्दा तल्लो पदको घर भाडा बढी रहेको अवस्था छ। कूटनीतिक कर्मचारीका लागि प्रयोजन खुलाई क्षेत्रफल, देश, स्थान तथा स्तर सहितको घर भाडा सुविधासम्बन्धी मापदण्ड निर्धारण गर्नुपर्दछ।

११. **घर भाडा सुरक्षण तथा अग्रिम भुक्तानी** - विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ को दफा १०(१३) मा नियोगले घर भाडा लिँदा सुरक्षण बापत घर धनीलाई अग्रिम रूपमा रकम बुझाउनुपर्ने भएमा त्यस्तो रकम पेस्की स्वरूप भुक्तानी दिन सकिने र त्यसरी पेस्की दिएको रकम फस्र्यौट नभएसम्म प्रत्येक आर्थिक वर्षमा पेस्की जिम्मेवारी सार्दै जानुपर्ने उल्लेख छ। यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएका मध्ये टोकियो, क्वालालम्पुर, कोपनहेगनलगायत १६ नियोगले घर भाडा सुरक्षणबापत रु.४ करोड ४६ लाख १५ हजार पेस्की कायम नगरी खर्च लेखेका छन्। त्यसै गरी घर भाडा सम्झौताअनुसार मासिक भाडा भुक्तानी गर्दा ५ नियोगले २०८२।८३ को अवधिको घर भाडाबापत रु.३ करोड ३३ लाख ७७ हजार यो वर्ष खर्च लेखेकोमा सोसमेत पेस्की कायम गरेको देखिएन। मन्त्रालयले सो सम्बन्धमा अनुगमन गरी कार्यविधिबमोजिम पेस्की जनाई मन्त्रालयको एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१२. **आर्थिक कूटनीति** - बजेट वक्तव्य, २०८१।८२ को बुँदा नं.२६७ मा अन्तर्राष्ट्रिय, बहुपक्षीय तथा क्षेत्रीय मञ्चमा नेपालको उपस्थिति सशक्त बनाई विभिन्न देशमा जोखिम पूर्ण अवस्थामा रहेका नागरिकको उद्धार र संरक्षण गरिने, वैदेशिक लगानी, व्यापार सहजीकरण, पर्यटन प्रवर्धन, विकास सहायता परिचालन जस्ता क्षेत्रमा आर्थिक कूटनीति परिचालन गरिने उल्लेख छ। यो वर्ष ३७ नियोगमार्फत निर्यात तथा लगानी प्रवर्धन र पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रमका लागि रु.७ करोड ५० लाख १६ हजार बजेट व्यवस्था भएकोमा नियोगहरूलाई मन्त्रालयले रु.७ करोड १ लाख ७१ हजार निकासा दिएको छ। बजेट निकासा प्राप्त गर्ने नियोगहरूमध्ये नेपाली राजदूतावास दोहा, मस्को, रियाद र लिस्वनले आर्थिक कूटनीतिसँग सम्बन्धित कार्यक्रम सञ्चालन नगरेको र अन्य ३३ नियोगले कार्यक्रम सञ्चालन गरी रु.५ करोड ८ लाख ६९ हजार खर्च गरेको देखिन्छ। उक्त कार्यक्रमहरूबाट आर्थिक कूटनीतिमा प्राप्त उपलब्धिसहित मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरी प्रभावकारिता र आगामी दिनमा गर्नुपर्ने सुधार सहितको प्रतिवेदन तयार भएको देखिएन। विश्व व्यापार सङ्गठन र क्षेत्रीय व्यापार सङ्गठनबाट देशले अधिकतम फाइदा लिने गरी सोसम्बन्धी क्षेत्र, उपक्षेत्र र मोडलको आर्थिक कूटनीतिसँग सम्बन्धित विषयहरू पहिचानसहित सम्झौताको लागि पहल गर्ने र नियोगको विशिष्टताअनुसार कार्यक्रम तर्जुमा गरी विदेशस्थित नेपाली नियोग र गैरआवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्धनसहित आर्थिक कूटनीतिको परिचालन गर्नुपर्दछ।

१३. **कार्यक्षेत्रगत सर्त** - महावाणिज्यदूतहरूको कार्यक्षेत्रगत सर्तमा दुई देशबिच व्यापारिक सम्बन्ध विकास गर्ने, व्यापारिक प्रगति अनुगमन गरी प्रतिवेदन दिने, नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रवर्धन तथा पारवहन सम्बन्धी कार्य सम्पादन गर्ने, नेपाली उत्पादनको लागि स्थानीय बजार खोजी गर्ने, मेला तथा प्रदर्शनी प्रवर्धनात्मक कार्यक्रम आयोजना गर्ने जिम्मेवारी उल्लेख भएकोमा ती जिम्मेवारीहरू पूरा गर्न नेपाली महावाणिज्यदूतावास डालस, सान् फ्रान्सिस्को र दुबईको लागि कार्यक्रम बजेट विनियोजन नभएको र अन्य ७ महावाणिज्यदूतावासको लागि रु.२ करोड १५ लाख ७ हजारमध्ये रु.१ करोड ७४ लाख १३ हजार (८०.९६ प्रतिशत) खर्च भएकोमा सोको उपलब्धिको आँकलन गरिनुपर्दछ। यो वर्ष स्थापना भएका ४ सहित १० महावाणिज्यदूतावासको घरभाडा, कर्मचारी सुविधा, कार्यालय सञ्चालन लगायतमा रु.५१ करोड ३९ लाख ५६ हजार खर्च भएकोमा महावाणिज्यदूतावासहरूबाट समेत राजदूतावासको जस्तै कन्सुलरसम्बन्धी काममा सीमित हुन पुगेकोले कार्यक्षेत्रगत जिम्मेवारी अनुसार वाणिज्य क्षेत्रको विकास र विस्तारमा केन्द्रित गर्नुपर्दछ।

१४. **राजदूत फिर्ता** - राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ८(क) मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ वर्षको हुने उल्लेख छ। नेपाल सरकारको २०८१।२।२४ र २०८१।४।१४ को निर्णयानुसार अवधि सम्पन्न हुनु अगावै स्वदेश फर्किएका साउदी अरेबिया, कतार, चीन, मलेसिया, डेनमार्क, इजरायल, श्रीलंका, दक्षिण अफ्रिका, रसिया, भारत, अस्ट्रेलिया, बेलायत र अमेरिकासमेत १३ देशका राजदूत फिर्ता हुँदा ढुवानी खर्चमा यो वर्ष रु.६१ लाख २५ हजार र बेलायत बाहेका अन्य १२ राजदूत तथा निजका परिवारको हवाई टिकटबापत रु.९१ लाख ५९ हजारसमेत रु.१ करोड ५२ लाख ८४ हजार खर्च भएको देखिन्छ। त्यसै गरी २०८१।८२ मा नियुक्त गरिएका ९ सहित ११ राजदूतलाई अवधि पूरा नहुँदै २०८२।७।२० भित्र नेपाल फिर्ता बोलाएको अवस्था छ। राजदूतको कार्य अवधि पूरा नहुँदै राजदूत फिर्ता गर्दा बिमा, हवाई टिकट तथा ढुवानीमा सोही अनुपातमा खर्च हुने हुँदा राज्यको दायित्व बढ्ने देखिन्छ।

१५. **स्थानीय कर्मचारी व्यवस्थापन** - नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम २० मा नियोगले नेपाल सरकारले स्वीकृत गरेअनुसार कर्मचारी नियुक्त गर्ने व्यवस्था छ। त्यसै गरी अर्थ मन्त्रालयबाट २०८१।४।१ मा जारी भएको २०८१।८२ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको बुँदा नं. २४ मा स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि आवश्यक पर्ने करार तथा अस्थायी पदपूर्ति गर्ने कर्मचारीको लागि २०८१ श्रावण मसान्तभित्र मन्त्रालयबाट स्वीकृत गराइसक्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयको स्वीकृति बेगर नेपाली राजदूतावास रियाद, टोकियो र दोहा तथा नेपाली महावाणिज्यदूतावास, जेद्दाले स्वीकृत दरबन्दीभन्दा बढी ४ जना स्थानीय कर्मचारी नियुक्त गरी रु.६८ लाख ४७ हजार भुक्तानी गरेको छ। त्यसै गरी परराष्ट्र मन्त्रालयले नियोगमा सेवा प्रवाह गर्न कठिनाइ भएको जनाई सिफारिस गरेअनुसार वैदेशिक रोजगार बोर्डले नेपाली राजदूतावास म्याड्रिड, अबुधाबी, दोहा, रियाद, क्वालालम्पुर, मस्कट, सिउल र नेपाली महावाणिज्यदूतावास जेद्दामा १९ जना कर्मचारी करार नियुक्ति गरी रु.४ करोड ५६ लाख ५९ हजार भुक्तानी गरेका छन्। आवश्यकताको आधारमा अस्थायी तथा करार कर्मचारीको दरबन्दी स्वीकृत गरी खर्च लेख्नुपर्दछ।

१६. **आयकर** - आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको सबै प्रकारका रकम सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ६७(६) मा रोजगार जहाँसुकै भए पनि नेपाल सरकारले भुक्तानी दिने भएमा भुक्तानीको स्रोत नेपालमा रहेको मानी कर कट्टा गर्नुपर्ने व्यवस्था छ। प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २३औं प्रतिवेदनमा होस्ट कन्ट्रीको प्रचलित कानुनअनुसार न्यूनतम पारिश्रमिक प्रत्याभूति गर्ने तथा कूटनीतिक नियोगलाई कर छुट दिने अधिकार नभएकोले आयकर ऐन, २०५८ अनुसार कर कट्टी गरी जानकारी गराउने निर्देशन भएको छ। मन्त्रालयले सोबमोजिम कर कट्टी गरी जानकारी गराउन विदेशस्थित नियोगहरूलाई पत्राचार गरी कर कट्टीको सुनिश्चित गरेको देखिएन। विदेशस्थित नेपाली नियोगहरूले नेपाल स्थायी ठेगाना भएका सर्भिस स्टाफसमेत स्थानीय कर्मचारीको पारिश्रमिकमा यो वर्ष रु.७८ करोड ६ लाख ३ हजार तथा वैदेशिक रोजगार बोर्डतर्फको कर्मचारीको पारिश्रमिकमा रु.४ करोड ५६ लाख ५९ हजारसमेत रु.८२ करोड ६२ लाख ९५ हजार खर्च गरेको छ। जसमध्ये नेपाली राजदूतावास, सिउल र बेइजिङले सर्भिस स्टाफ (अर्दलीको) पारिश्रमिक कर गणना

गरी कट्टी गरेकोमा अन्य नियोगहरूले नेपाली नागरिक सहितका स्थानीय कर्मचारीको आयकर गणना गरेको पाइएन। अतः कानुनको व्यवस्था पालना गर्नुपर्दछ।

१७. **औषधी उपचार खर्च -** मन्त्रीपरिषद्को २०५१।२।२३ को निर्णयको स्वास्थ्यसम्बन्धी उपचार सुविधाको बुँदा नं.२ मा नियोग प्रमुखसमेतका कूटनीतिक कर्मचारी तथा निजका आश्रित परिवारको स्वास्थ्य बिमाबापतको रकम तथा बिमा हुन नसक्ने खण्डमा मन्त्रालयको पूर्व स्वीकृति लिई स्वास्थ्य उपचार गरेको रहेछ भने त्यस्तो स्वास्थ्य उपचारमा लागेको खर्च नेपाल सरकारले बेहोर्ने उल्लेख छ। विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत कर्मचारीहरूको स्वास्थ्य उपचार सुविधासम्बन्धी निर्देशिका, २०७१ मा नियोगमा कार्यरत कर्मचारी तथा निजका आश्रित परिवारको स्वास्थ्य बिमा गर्नुपर्ने तथा बिमा कम्पनीले उपचारको कुनै रकम नबेहोरेको अवस्थामा एक पटकमा रु.२० हजारसम्मको नियोगले औचित्य हेरी शोधभर्ना दिन सक्ने र सोभन्दा बढी रकमको हकमा त्यस्तो उपचार गराउनु पर्नाको कारण र बिमा कम्पनीले नबेहोरेको कारणसमेत खोली नियोग प्रमुखले सिफारिससहित शोधभर्नाको लागि परराष्ट्र मन्त्रालयमा लेखी पठाउनुपर्ने तथा यसरी पठाएकोमा परराष्ट्र मन्त्रालयको निर्णयबमोजिम गर्नुपर्ने व्यवस्था छ। संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नियोग न्यूयोर्क, नेपाली राजदूतावास वाशिङ्गटन डी.सी., नेपाली राजदूतावास रियाद, नेपाली राजदूतावास अबुधाबी, नेपाली महावाणिज्यदूतावास न्यूयोर्कलगायत ३५ नियोगले औषधी उपचार खर्च शीर्षकमा रु.२३ करोड ९९ लाख २४ हजार खर्च गरेका छन्। नियोगहरूले स्वास्थ्य बिमा पश्चात् पनि मन्त्रालयको स्वीकृति लिई तथा नलिई औषधी उपचार खर्च गरेको देखिएकोले औषधी उपचार खर्च सम्बन्धमा स्पष्ट नीति र मापदण्ड तर्जुमा गरी यस्तो खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

१८. **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ। यो वर्ष ४३ नियोगका कर्मचारीहरूले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा रु.७ करोड ३३ लाख ३ हजार दैनिक तथा भ्रमण खर्च लिएकोमा सो अवधिमा वैदेशिक भत्तासमेत भुक्तानी गरेको छ। दैनिक भत्ता प्राप्त गर्ने कर्मचारीलाई वैदेशिक भत्ता भुक्तानी गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने बेहोरा गत विगत वर्षका प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको छैन।

१९. **पारिवारिक वैदेशिक भत्ता -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७१।१२।२० को निर्णयबाट विदेशस्थित नेपाली राजदूतावासहरूमा नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरूलाई सम्बन्धित नियोगमा परिवार नलगेको अवस्थामा तोकिएबमोजिम पारिवारिक भत्ता, शैक्षिक भत्ता, बिमा खर्च र औषधी उपचार खर्च पाउने व्यवस्थालाई खारेज गरेको छ। महावाणिज्यदूतावास, ल्हासामा कार्यरत कूटनीतिक कर्मचारीहरूको सुविधा सम्बन्धमा अध्ययन गर्न एक समिति गठन भएकोमा यो वर्षसम्म सो सम्बन्धमा निर्णय भएको देखिएन। आश्रित परिवार साथमा नलगेको अवस्थामा पनि उक्त नियोगमा कार्यरत कर्मचारीलाई पारिवारिक वैदेशिक भत्ता र शैक्षिक भत्तामा यो वर्ष रु.१६ लाख २४ हजार भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत देखिएन।

२०. **सेटलमेन्ट भत्ता -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०५१।२।२३ को निर्णयानुसार विदेशस्थित नियोगमा सरुवा भई जाने कर्मचारीहरूलाई व्यवस्थित रूपमा बस्न आवश्यक पर्ने घरायसी सामान खरिद

र ढुवानी गर्न एक महिनाको वैदेशिक भत्ता बराबरको रकम एकमुष्ट सेटलमेन्ट भत्ताबापत दिइने उल्लेख छ। यो वर्ष वाशिङ्गटन डी.सी., पेरिस, क्यान्बेरा, कोपेनहेगनलगायत ७ नियोगमा कार्यरत नियोग प्रमुख बाहेकका अन्य कूटनीतिक कर्मचारीहरूको लागि किचनका सामान, फ्रिज, वाशिङ्ग मेसिन, टेलिभिजन लगायतका सामान खरिद गरी रु.२९ लाख २२ हजार खर्च लेखेको देखिन्छ। सेटलमेन्ट भत्ता भुक्तानी भएको अवस्थामा कर्मचारीको निजी प्रयोजनका मालसामान खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२१. **पेस्की व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेस्की दिने र फस्र्यौट गर्ने कार्यविधि उल्लेख छ। मन्त्रालयले गत विगत वर्षमा १६० व्यक्ति तथा संस्थालाई दिएको पेस्की यो वर्ष सम्म जिम्मेवारी सार्दै आएको रु.३ करोड ५२ लाख ४४ हजार मध्ये यो वर्ष ११ कर्मचारीको रु.२४ लाख ७५ हजार फस्र्यौट गरी १४९ कर्मचारीको नाममा रु.३ करोड २७ लाख ६९ हजार पेस्की बाँकी रहेको देखिन्छ। मन्त्रालयले पेस्की दिएको मिति र प्रयोजन, फस्र्यौट गर्नुपर्ने अवधि तथा पेस्की लिने व्यक्तिको पदलगायतका विवरण खुलाई अद्यावधिक पेस्की बाँकीको विवरण तयार गरी सम्बन्धित व्यक्तिलाई पेस्की फस्र्यौटको लागि पत्राचार गरेको देखिएन। नियमावलीमा भएको व्यवस्थाअनुसार पेस्कीको विवरण अद्यावधिक गरी नियमानुसार पेस्की फस्र्यौट गर्नुपर्दछ।

२२. **राजस्व असुली र दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएका सबै राजस्व तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्दछ। यो वर्ष विदेशस्थित ४० नियोगबाट रु.६ अर्ब २९ करोड ४२ लाख ५६ हजार राजस्व सङ्कलन भएकोमा आषाढ मसान्तसम्म रु.४ अर्ब ३५ करोड ७५ लाख ९८ हजार निकासा कट्टी गरी राजस्व खातामा दाखिला भएको र रु.१ अर्ब ९३ करोड ६६ लाख ५८ हजार बाँकी रहेको देखिन्छ। सोमध्ये २०८२ फाल्गुन मसान्तसम्म १० नियोगको रु.३३ करोड ५२ लाख १७ हजार राजस्व खातामा दाखिला भएको नदेखिएकोले सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ। नियोगमा एक आर्थिक वर्षमा असुल भएको राजस्व सोही आर्थिक वर्षभित्र दाखिला नभई निकासा कट्टा गरी सञ्चित कोष दाखिला अर्को आर्थिक वर्षमा हुँदा राजस्वको आर्थिक विवरण यथार्थपरक नहुनुका साथै राजस्व असुली र सञ्चित कोष दाखिला भिडान गर्ने अवस्थासमेत देखिँदैन। सूचना प्रविधिमा आधारित प्रणाली लागु गरी हिसाब मिलान हुने व्यवस्था गर्नुपर्दछ।

२३. **दाखिला बाँकी राजस्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि तोकिएबमोजिम बैङ्क दाखिला गरी राजस्वको लगत तथा लेखा राख्ने र फाँटवारी पेस गर्ने, आर्थिक विवरण तयार गर्ने, लेखापरीक्षण गराउने र त्यसको अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ। नेपाली राजदूतावास, बैङ्ककले आर्थिक विवरणअनुसार यो वर्ष थाई भाट २ करोड ३५ लाख ९८ हजार ८५० तथा अमेरिकी डलर ३६ हजार १८० राजस्व आम्दानी गरी यो वर्ष नेपाली मुद्रामा रु.२ करोड २३ लाख २४ हजार सञ्चित कोष दाखिला गरेकोमा आर्थिक वर्षको अन्तमा थाई भाट १ करोड ९२ लाख ८० हजार तथा अमेरिकी डलर ५ हजार ७४७ दाखिला गर्न बाँकी रहेको छ। उक्त दाखिला बाँकी रकम मध्ये २०८२।८३ को प्रथम किस्ता बजेट निकासा गर्दा थाई भाट ७५ लाखको नेपाली मुद्रा रु.३ करोड २२ लाख ५० हजार कट्टी गरी सञ्चित कोष दाखिला गरेकोमा थाई भाट १ करोड १७ लाख ७९ हजार ६५१ को नेपाली मुद्रा रु.५ करोड ६ लाख ५२ हजार र अमेरिकी डलर ५ हजार

७४७ को नेपाली मुद्रा रु.८ लाख ७ हजार समेत रु.५ करोड १४ लाख ५९ हजार सञ्चित कोष दाखिला गर्न बाँकी रहेको छ। उक्त रकम संचितकोष दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ।

२४. **फ्रिज कट्टी बाँकी -** नियोगहरूले विनियोजनतर्फ निकासामध्ये खर्च भई बाँकी रकम वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम र दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गर्ने गरेको देखिन्छ। मन्त्रालयबाट ४४ नियोगलाई निकासा भएको मध्ये आर्थिक वर्षको अन्तसम्म रु.५२ करोड १७ लाख ९८ हजार खर्च नभई बचत रहेको देखिन्छ। उक्त निकासा बाँकी रकममध्ये मन्त्रालयले २०८२ फागुन मसान्तसम्म वाशिङ्गटन डी.सी., सिउल, जेनेभा र जेद्दास्थित ४ नियोगको रु.३ करोड ६५ लाख ८१ हजार निकासा कट्टा गर्न बाँकी रहेको देखिएकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।

२५. **सम्पत्ति व्यवस्थापन -** नियोगहरूको लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति रहेको छ। विदेशस्थित ४४ नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दैआएका छन्। नियोगहरूको घर/अपार्टमेण्ट भाडाको लागि यो वर्ष रु.१ अर्ब ७ करोड ५९ लाख ६९ हजार निकासा भएकोमा ४० नियोगबाट रु.९८ करोड २ लाख ७५ हजार खर्च भएको देखिन्छ। यो वर्ष जग्गा तथा भवन खरिद र भवन निर्माणसम्बन्धी कार्य भएको छैन। गैरआवासीय भवन निर्माण गर्नका लागि विगतमा इस्लामावाद, रियाद, कोलम्बो, पुत्राजया, मस्कट, क्यानबेरा, बेइजिङमा खरिद गरिएका जग्गामा भवन निर्माणको कार्य हुन सकेका छैन।

२६. **जग्गाको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ (१) मा प्रत्येक कार्यालयले कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। श्रीलंकाको कोलम्बोस्थित राजगिरियामा नेपाली राजदूतावास स्थापना गर्न सन् १९८९ मे १८ मा श्रीलंकाको एक कर्पोरेसनबाट अमेरिकी डलर ३ लाख ६० हजारमा १.५ एकड जग्गा खरिद भएकोमा हाल उक्त जग्गा उपयोगविहीन अवस्थामा रहेको छ। यो वर्ष जग्गामा कम्पाउण्ड वाल निर्माण गर्न रु.३० लाख बजेट विनियोजन भएकोमा उक्त जग्गाको स्वामित्व सम्बन्धमा स्पष्ट हुन नसकेको जनाई नियोगले उक्त रकम खर्च गरेको छैन। श्रीलंकाको सरकारी मूल्याङ्कनअनुसार हालको अवस्थामा उक्त जग्गाको मूल्य करिब अमेरिकी डलर ६५ लाख रहेको छ। खरिद भएको जग्गाको आधिकारिक जग्गाधनी पुर्जा हालसम्म प्राप्त नभएको जानकारी प्राप्त भएको छ। यो वर्ष श्रीलंकाको घरजग्गा व्यवस्थापन गर्ने सरकारी निकाय गई खोजी गर्दा नेपाल सरकारको नाममा रहेको उक्त जग्गामध्ये एक एकड जग्गा सन् १९९४ मे ९ सम्म दुई पटक निजी व्यक्तिलाई बिक्री भइसकेको विवरण प्राप्त गरेको छ। उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याई संरक्षण तथा उपयोग गर्नुपर्दछ।

राहदानी विभाग

नेपाल सरकार (मन्त्रीपरिषद्) को २०६६।१०।७ को निर्णयानुसार नेपाली नागरिकलाई राहदानी जारी गर्ने उद्देश्यले २०६७ ज्येष्ठमा केन्द्रीय राहदानी कार्यालय स्थापना भएकोमा २०६८ माघदेखि उक्त कार्यालय राहदानी विभागमा परिणत भई कार्य सञ्चालन भइरहेको छ।

२७. **सेवा प्रवाह** - राहदानी नियमावली, २०७७ को नियम ३ अनुसार विभागको प्रमुख कार्यमा राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स राहदानीको खाली पुस्तिका छपाइ तथा आपूर्ति, वैयक्तीकरण, गुणस्तर परीक्षण, तथ्याङ्क व्यवस्थापन, सुरक्षित भण्डारणलगायतका व्यवस्थापकीय कार्य गर्ने, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको लिखत ९ हजार ३०३ र सोको सम्बद्ध अनुसूचीसमेतको आधारमा नेपाली राहदानी तथा यात्रा अनुमतिपत्रमा राखिएका सुरक्षा विशेषता वा सङ्केतलाई समय समयमा पुनरावलोकन गरी नेपाल सरकारबाट स्वीकृत गराई अद्यावधिक गर्नेलगायतका कार्यहरू रहेका छन्। विभागले गत वर्षसम्म ३३ लाख ६० हजार ५५४ विद्युतीय राहदानी जारी गरेकोमा यो वर्ष १३ लाख १३ हजार ३२३ समेत ४६ लाख ७३ हजार ८७७ राहदानी जारी गरेको छ। यो वर्ष जारी भएकामध्ये विदेशस्थित नियोगहरूबाट ३ लाख २६ हजार २५६ थान, जिल्ला प्रशासन कार्यालयहरूबाट ६ लाख ९४ हजार ६४१ थान र विभागबाट २ लाख ९२ हजार ४२६ थान विद्युतीय राहदानी वितरण भएको छ।

२८. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा २ मा बासिन्दा व्यक्तिको परिभाषाले गैरबासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन पनि समावेश गरेको छ। साथै दफा ३ मा विदेशी स्थायी संस्थापन सम्बन्धमा कर लगाउने व्यवस्था गरेको र ऐनका अन्य व्यवस्थाहरूको अधीनमा रही गैरबासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा कर दायित्व सोही संस्थापनको हुने व्यवस्था छ। सोही ऐनको दफा ६८ को उपदफा ३ अनुसार गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ऐनको दफा ३ को खण्ड (ख) अनुसार कर लाग्ने व्यवस्था छ। विदेशी स्थायी संस्थापनले नेपालमा प्राप्त गरेको सबै प्रकारका आम्दानी समावेश गरी आय विवरण पेस गर्नुपर्ने र अनुसूची १ को दफा २ को उपदफा (६) मा विदेशी स्थायी संस्थापनले विदेशमा पठाउने आयमा ५ प्रतिशतले कर लाग्ने व्यवस्था छ। खरिद सम्झौता भएको गैरबासिन्दा एक विदेशी आपूर्तक कम्पनी नेपालमा स्थायी संस्थापनको रूपमा स्थापना भएको देखिन्छ। विभाग र विदेशस्थित कम्पनीबिच भएको खरिद सम्झौताको सामान्य सर्त तथा विशेष सर्तमा नेपालको आयकर ऐनअनुसार कर लाग्ने व्यवस्था रहेको छ। विभागले उक्त कम्पनीसँग गरेको सम्झौताको भुक्तानी तालिकामा आयकर ऐनको व्यवस्थाभन्दा फरक रूपमा कम्पनीको स्थायी संस्थापन नेपालमा रहे तापनि अग्रिम कर १.५ प्रतिशत कट्टा गरी ९८.५ प्रतिशत रकम विदेशस्थित मूल कम्पनीलाई सोझै अमेरिकी डलरमा भुक्तानी दिने गरी सम्झौता गरेको छ। नेपालस्थित स्थायी संस्थापनले कर बीजक जारी गरेकोमा बीजक जारी गर्ने नेपालस्थित कम्पनीलाई भुक्तानी नगरी प्रतीतपत्रमार्फत सोझै विदेशी कम्पनीलाई भुक्तानी गरेकोले विभागबाट भुक्तानी भएको सबै रकम नेपालस्थित कम्पनीको नाममा कारोबार नदेखिने अवस्था छ। विभागले गत वर्षसम्मको भुक्तानी रु.२ अर्ब ९५ करोड ९ लाख ६५ हजार र यो वर्ष रु.२ अर्ब ९६ करोड ५१ लाख ९८ हजारसमेत कुल रु.५ अर्ब ९१ करोड ६१ लाख ६३ हजार ठेक्काबापत विदेशस्थित गैरबासिन्दा व्यक्तिलाई नेपाल राष्ट्र बैङ्कको प्रतीतपत्र खातामार्फत अमेरिकी डलर सोझै भुक्तानी गरेकोमा प्रचलित ऐनको व्यवस्थाबमोजिम ५ प्रतिशतले हुने कर रु.२९ करोड ५८ लाख ८ हजार कट्टी गरेको नदेखिएकोले विदेशमा भुक्तानी भएको रकमको कर निर्धारण गरिनुपर्दछ।

२९. **विनिमय जोखिम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ग) मा सम्झौताको सर्त बमोजिम समयमै प्रतीतपत्र खोल्नुपर्ने र सोही नियमको उपनियम १(ज) मा बजेट र लागत लेखा (कस्ट एकाउन्टिङ्ग) को पक्षलगायत सम्झौता कार्यान्वयनको वित्तीय पक्ष व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ६९ मा नेपाल राष्ट्र बैङ्क नेपाल सरकारको वित्तीय सल्लाहकार हुने तथा विदेशी विनिमय कारोबार (नियमित गर्ने) ऐन, २०१९ को दफा २(घ) ले विदेशी विनिमयको परिभाषा भित्र प्रतीतपत्रलाई समेटेको छ। विभागले २०७७।९।६ मा भएको खरिद सम्झौताअनुसार विदेशी कम्पनीलाई भुक्तानी गर्ने प्रयोजनका लागि नेपाल राष्ट्र बैङ्कमा २०७८।२।२७ मा अमेरिकी डलरमा प्रतीतपत्र खोलेकोमा यो वर्षसमेत ११ पटक पेस्की उपलब्ध गराएको देखिन्छ। विभागबाट पेस्की दिएको मितिमा अमेरिकी डलर व्यवस्था गर्दा यो वर्षसम्म भुक्तानी भएको अमेरिकी डलर ४ करोड ४० लाख ६५ हजारको नेपाली मुद्रा रु.५ अर्ब ६८ करोड ३१ लाख २ हजार मात्र खर्च हुने देखिन्छ। नेपाल राष्ट्र बैङ्कले पेस्की दिएको मितिको आधारमा अमेरिकी डलर व्यवस्थापन नगरी आपूर्तिकर्तालाई भुक्तानी गर्दाको विनिमय दरको आधारमा यो वर्षसम्म रु.५ अर्ब ९१ करोड ६१ लाख ८६ हजार खर्च भएको विवरण पेस गरी पेस्की फस्यौंट गरेकोले विद्युतीय राहदानी खरिदमा रु.२३ करोड ३० लाख ८४ हजार थप लागत परेको अवस्था छ। विभागबाट अमेरिकी डलर व्यवस्थापन गर्न पेस्की दिएको मितिमा नेपाल राष्ट्र बैङ्कबाट अमेरिकी डलर व्यवस्थापन गरी विनिमय जोखिमको न्यूनीकरण गर्नुपर्दछ।

कन्सुलर सेवा विभाग

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्ने उद्देश्यले नेपाल सरकारको २०७०।१।२० को निर्णयबाट परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो।

३०. **मृतक/घाइते क्षतिपूर्ति** - वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति स्वरूप सम्बन्धित रोजगार कम्पनी तथा बिमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरूमार्फत यस विभागमा प्राप्त हुने र विभागले उक्त रकम मृत्यु वा घाइते भएका व्यक्तिको स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ। विभागले पेस गरेको कार्य सञ्चालन कोषको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यस वर्षको प्राप्ति	जम्मा	खर्च	बाँकी
५०५६३	५१७०९८	५६७६६१	५४९३४४	१८३१७

विभागले हिसाब फरक परेको रु.१ लाख १९ हजार बाहेकको यो वर्ष ६७६ व्यक्तिका परिवारलाई क्षतिपूर्तिबापत रु.५४ करोड ९२ लाख २५ हजार सम्बन्धित ६५ जिल्ला प्रशासन कार्यालयहरूमा पठाएको छ। उक्त रकममध्ये रु.४९ करोड ६२ लाख ३३ हजार वितरण भएकोमा आर्थिक वर्षको अन्तसम्म ३७ जिल्ला प्रशासन कार्यालयबाट रु.५ करोड २९ लाख ९२ हजार वितरण गर्न बाँकी रहेको देखिन्छ। त्यसै गरी ३८ व्यक्तिका तथा नजिकका हकवाला परिवारलाई रु.१ करोड ८३ लाख १७ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाउन बाँकी रही विभागको खातामा मौज्दात रहेको देखिन्छ।

अन्य संस्था

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाउ तथा परामर्श दिने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (गठन) आदेश, २०६८ अनुसार यस प्रतिष्ठानको स्थापना भएको हो।

३१. **आम्दानी र खर्च** - प्रतिष्ठानको यो वर्षको आम्दानी र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम रु.**	**विवरण**	**रकम रु.**
क) गत वर्षको मौज्दात	१६३६	क) प्रत्यक्ष खर्च	२७७६
ख) यो वर्षको आय		ख) सञ्चालन खर्च	३२६२
नेपाल सरकारको अनुदान	१३७००	ग) कर्मचारी खर्च	६६४९
बिक्री सेवा शुल्क	५१९	घ) अन्य खर्च	८४१
अन्य आय	३२७१	ङ) बाँकी मौज्दात	५५९८
जम्मा	**१९१२६**	**जम्मा**	**१९१२६**

प्रतिष्ठानको गत वर्षको मौज्दात रु.१६ लाख ३६ हजार र यो वर्षको आम्दानी रु.१ करोड ७४ लाख ९० हजारमध्ये रु.१ करोड ३५ लाख २८ हजार खर्च भई रु.५५लाख ९८ हजार मौज्दात रहेको छ।

३२. **कानुन निर्माण** - परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (गठन) आदेश, २०६८ को दफा १८ मा समिति आफ्नो उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्ने र उक्त नियम नेपाल सरकारबाट स्वीकृत भए पश्चात् लागु हुने उल्लेख छ। परराष्ट्र मन्त्रालयको एक शाखाको रूपमा २०४६ मा स्थापना भई २०५४ देखि विधिवत् रूपमा कार्य प्रारम्भ गरेको यो प्रतिष्ठान २०६९ देखि अर्ध स्वायत्त निकायको रूपमा कार्य गर्दै आएको छ। प्रतिष्ठानले कानुन नबनेको जनाई नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनअनुसार आफ्नो वित्तीय कामकारबाही गर्दै आएको देखिन्छ। प्रतिष्ठान स्थापना भएको ३२ वर्षसम्म पनि परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानसम्बन्धी कानुनहरू तर्जुमा भएको देखिएन। गठन आदेशअनुसारका उद्देश्य हासिल गर्न प्रतिष्ठानले तालुक निकायहरूसँगको समन्वयबाट कानुन निर्माण गरी प्रभावकारी रूपमा कार्यसम्पादन गर्नुपर्दछ।

३३. **सशर्त अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ (३) मा बोर्ड, समिति र अन्य संस्थाले वार्षिक विवरण पठाउँदा निःसर्त बाहेक अन्य अनुदानको रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम नेपाल सरकारलाई फिर्ता गरी सोको विवरण संलग्न गर्नुपर्दछ। परराष्ट्र मन्त्रालयको सरकारी निकाय समिति एवं बोर्डलाई ससर्त अनुदान शीर्षकबाट प्रतिष्ठानलाई रु.१ करोड ३७ लाख निकासा दिएकोमा रु.१ करोड २६ लाख ८६ हजार खर्च गरी रु.१० लाख १३ हजार बचत रहेको देखिन्छ। प्रतिष्ठानले यो वर्ष बचत रहेको रु.४ लाख २३ हजार फिर्ता गरी रु.५ लाख ८९ हजार निःशर्त अनुदानको रूपमा समितिको बचत कोष खातामा

दाखिला गरेको छ। त्यसै गरी गत विगत वर्षको सोही प्रकृतिको खर्च नभई बचत रहेको रकम रु.२२ लाख ९५ हजार २०८१।७।६ को समितिको निर्णयअनुसार बचत कोष खातामा ट्रान्सफर गरेको देखिन्छ। ससर्त अनुदान खर्च नभई बचत रहेको रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्दछ।

अनुगमन तथा बेरूजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, विनियोजन तथा राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरूको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधा सम्बन्धी एकीकृत र समयसापेक्ष कानुनी व्यवस्था गर्नुपर्ने, हवाई टिकट खरिदमा देखिएका समस्या निराकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने लगायतका विषयहरू औल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरूजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४८ निकायमा रु.८१ करोड ९७ लाख ४५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ६३ लाख ९० हजार सम्परीक्षण भएकोले रु.७४ करोड ३३ लाख ५५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१० करोड ८३ लाख ९८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था २ तर्फ रु.४७ लाख ४९ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ७६ हजार सम्परीक्षण भएकोले रु.४४ लाख ७३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा भूमि नीति, भू-उपयोग नीति, सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेखलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २८१ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २७६ सरकारी कार्यालयको निम्नानुसार रु.४५ अर्ब २६ करोड १८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५६४४०	३५४२९	१०९८०	३४९७६९	४५२६१८

उल्लिखित लेखापरीक्षण रकममा परराष्ट्र मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रु.१ करोड १२ लाख समावेश छ।

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत ७ कार्यालय (२ पूर्ण क्षति र ५ आंशिक क्षति) को २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.६ करोड ३९ लाख ३ हजार, राजस्वतर्फ रु.३ करोड ३६ लाख ५५ हजार, धरौटीतर्फ रु.१ करोड २४ लाख ४८ हजार र अन्य करोबारतर्फ रु.४ अर्ब ५ करोड ९७ लाख ३४ हजारसमेत रु.४ अर्ब १६ करोड ९७ लाख ४० हजारको लेखापरीक्षण गरिएको छैन।

मन्त्रालयअन्तर्गतको मालपोत कार्यालय पर्साले २०८०।८१ र २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रु.९७ करोड ७ लाख ५२ हजार लेखापरीक्षण नगराई बक्यौता रहेको छ।

३. **सङ्गठित, अन्य संस्था र समिति -** यो वर्ष गुठी संस्थानको २०७९।८० को रु.१ अर्ब ८५ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। सङ्गठित संस्थातर्फ गुठी संस्थानको २०८०।८१ र २०८१।८२ तथा राष्ट्रिय सहकारी विकास बोर्डको २०८१।८२ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

४. **आवधिक योजना कार्यान्वयन -** मन्त्रालयले उपलब्ध गराएको सोह्रौं योजनाको लक्ष्य र प्रगति विवरणअनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धी विद्युतीय प्रणालीमा स्थानीय तहको पहुँच ६४ प्रतिशत प्रगति भएको देखिएको छ भने नेपाल भू-सूचना प्रणाली (नेलिस) मार्फत सेवा प्रवाह हुने कार्यालय, भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (एल.आर.आई.एम.एस.) मार्फत सेवा प्रवाह हुने कार्यालय र

क्रस ओरिजिन स्रोत साझेदारी (कोर्स) स्थापनासमेत ३ कार्यक्रममा शतप्रतिशत प्रगति भएको देखिन्छ। योजनाको लक्ष्यअनुसार वार्षिक कार्यक्रम तर्जुमा गरी प्रगति हासिल गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** मन्त्रालयले पेस गरेको विवरणअनुसार दिगो विकास लक्ष्य तथा २०२५ सम्मको प्रगति देहायअनुसार छः

सूचक	एकाइ	बेसलाइन	वार्षिक लक्ष्य	कुल लक्ष्य	वार्षिक प्रगति	कुल प्रगति
गरिब घर परिवार पहिचानका लागि प्राप्त तथ्याङ्क प्रशोधन सम्पन्न भएका जिल्ला	सङ्ख्या	६४	१३	७७	०	६४
गरिब परिवारका लागि राज्य सुविधा परिचयपत्र वितरण सम्पन्न भएका जिल्ला	सङ्ख्या	४९	२८	७७	१५	६४
सार्वजनिक पहुँच मोडेल प्रणालीमा पहुँच पुगेका स्थानीय तह	सङ्ख्या	५६	४४	१००	८	६४
परिभाषित गरिएका सिओआरएसमा आधारित नेसनल रिफ्रेन्स फ्रेम	पटक	-	१	१	०	०
स्थापित कन्टिन्यूयोस्लि अपरेटिङ्ग रिफ्रेन्स स्टेशनस नेटवर्क	सङ्ख्या	४	२७	२७	०	४

दिगो विकास लक्ष्यलाई वार्षिक विकास कार्यक्रम तथा बजेटसँग आबद्ध गरी निर्धारित लक्ष्य हासिल हुनेगरी कार्यसम्पादन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा उल्लिखित कार्यक्रममध्ये भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न भूमिसम्बन्धी समस्या समाधान आयोगमार्फत पाँच लाख परिवारलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराइने उल्लेख भएकोमा हालसम्म ६ हजार ९४४ मात्र जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। नीति तथा कार्यक्रमअनुसार यस वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरी स्थानीय तहमार्फत निःशुल्क बिमा गरिने, गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्युबवेल लगायतका सामग्री उपलब्ध गराइने उल्लेख भएकोमा यस वर्ष थप १५ जिल्लाको राज्य सुविधा प्रमाणपत्र छपाइ भई स्थानीय तहमार्फत वितरणको लागि हस्तान्तरण भएको तथा १३ जिल्लाको राज्य सुविधा परिचयपत्र उपलब्ध गराउन स्थानीय तहबाट प्राप्त सूची उपर रुजु गरी अन्तिम सूची तयार भएको उल्लेख छ। मन्त्रालयको २०८१।८२ को स्वीकृत वार्षिक कार्ययोजना अनुसार २४ क्रियाकलाप र सोसँग सम्बन्धित ५८ माइलस्टोन रहेकोमा ४५ माइलस्टोन शतप्रतिशत सम्पन्न भएका, १० माइलस्टोन आंशिक रूपमा सम्पन्न भएका र ३ माइलस्टोन सुरु भएका छैनन्।

७. **बजेट र खर्च -** मन्त्रालय र मातहत कार्यालयको लागि यस वर्षको विनियोजित बजेट र खर्चको अवस्था निम्नानुसार रहेको छः

(रु. लाखमा)

बजेट	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	५९६३१	६०१७७	४९२७५	८१.८८
पुँजीगत	६६७७	७२३४	४७५७	६५.७६
जम्मा	**६६३०८**	**६७४११**	**५४०३२**	**८०.१५**

यो वर्ष मन्त्रालय तथा मातहतको निकायका लागि रु.६अर्ब ६३ करोड ८ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.११ करोड ३ लाख थप भई रु.६ अर्ब ७४ करोड ११ लाख बजेट कायम भएको देखिन्छ। सोमध्ये रु.५ अर्ब ४० करोड ३२ लाख खर्च भएकोमा चालुतर्फ ८१.८८ प्रतिशत र पुँजीगततर्फ ६५.७६ प्रतिशत खर्च भएको छ।

८. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम कार्यसम्पादन गरी सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

८.१ भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष १३५ मालपोत कार्यालयबाट राजीनामा, सगोलनामा, बकसपत्र, अंशबण्डालगायतका लिखत पारित भएको छ। त्यसै गरी १३६ नापी, ५ विशेष नापी र १ डिजिटल नापीसहित १४२ मध्ये १३५ कार्यालयबाट कित्ताकाट, जग्गा नापी लगायतका कार्य हुँदै आएको छ। ११४ मालपोत कार्यालयले भू-सेवा केन्द्र मार्फत सेवा प्रदान गर्दै आएका छन्। त्यसै गरी १३० नापी कार्यालयले मेरो कित्ता एपमार्फत सेवा प्रदान गर्दै आएका छन्। सञ्चालनमा रहेका कार्यालयमध्ये मालपोत कार्यालय ७० र नापी कार्यालय ७९ ले मात्र आफ्नै भवनबाट कार्य सञ्चालन गर्दै आएकोमा २०८२ भाद्रमा भएको आन्दोलनबाट ५ मालपोत कार्यालयमा क्षति पुगेको मन्त्रालयले जनाएको छ।

यस वर्षको लेखापरीक्षणबाटः
- *सहकारी प्रवर्धन कोष प्रभावकारी नभएको,*
- *गरिबी निवारण कोषको खारेजीपश्चात्को लेखापरीक्षण नभएको,*
- *लिज कार्यनीति व्यवस्थाअनुसार जग्गाको अभिलेख राखी संरक्षण गर्ने कार्य व्यवस्थित नभएकोलगायतका बेहोरा देखिएका छन्।*

८.२ मन्त्रालय मातहत १३५ मालपोत कार्यालय र १३६ नापी कार्यालय सञ्चालनमा रहेका छन्। मालपोत कार्यालय नभएका स्थानमा समेत नापी कार्यालय स्थापना भए तापनि सो स्थानबाट हालसम्म सेवा प्रवाह भएको छैन। सेवा प्रवाह नभएका स्थानमा भएका संरचना सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ।

८.३ भूमि व्यवस्था तथा अभिलेख विभाग र मातहत भूमिसुधार तथा मालपोत कार्यालयहरूको लागि ३ हजार १८२ स्वीकृत दरबन्दी भएकोमा २ हजार ३७९ पदपूर्ति भई ८०३ पद रिक्त रहेको देखिन्छ।

९. **भू-सूचना प्रणाली -** मालपोत नियमावली, २०३६ को नियम २३(क) बमोजिम जग्गा प्रशासनसम्बन्धी सेवाहरूलाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै विभागले भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम हालसम्म भू-सूचना प्रणाली प्रयोगकर्ता सङ्ख्या ३ हजार ६६६ मध्ये व्यक्तिगत प्रयोगकर्ताको सङ्ख्या १४, संस्थागत प्रयोगकर्ताको सङ्ख्या ३ हजार ५११, स्थानीय तह ६४, बैङ्क तथा वित्तीय संस्था २१, कर्मचारी सञ्चय कोष १, सहकारी संस्था ५४ र सर्भिस डेक्स १ मार्फत सूचना प्रविधिमा आधारित भू-सूचना प्रणाली प्रयोगमा आएको छ। यो वर्ष बैङ्क तथा वित्तीय संस्था र सञ्चय कोषसमेत ८

संस्थाले मालपोत कार्यालयमा नगई अनलाइन धितोबन्धक, रोक्का फुकुवा सेवाका लागि सम्झौता गरेका छन्। निर्देशिकामा भू-सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले पालना गर्नुपर्ने सर्तहरू र उक्त सर्तहरू पालना सम्बन्धमा मन्त्रालय, विभाग वा कार्यालयले अनुगमन गर्न सक्ने व्यवस्था गरिएको छ। यद्यपि केन्द्रको सञ्चालन, उपयोग एवं प्रभावकारिता सम्बन्धमा तालुक निकायबाट अनुगमन भएको छैन।

१०. **गरिबी निवारण कार्यक्रम -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार गरिबी निवारण सम्बन्धी कार्य मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत समावेश छ। त्यसै गरी गरिबी निवारण नीति, २०७६ ले समेत गरिबी निवारण कार्यक्रम कार्यान्वयनको नेतृत्व मन्त्रालयले गर्ने उल्लेख छ। हाल विद्यमान नीतिहरूमध्ये १७ नीति गरिबी निवारण नीतिसँग कार्यगत सम्बन्ध रहने देखिन्छ। जसमध्ये भू-उपयोग नीति, २०७२ र राष्ट्रिय सहकारी नीति, २०६९ बाहेक बाँकी १५ नीतिको कार्यान्वयन अन्य मन्त्रालयले गर्दछन्। गरिबी निवारणसँग प्रत्यक्ष सम्बन्ध राख्ने २४ आयोजना/कार्यक्रममध्ये दुई कार्यक्रम मात्र मन्त्रालयले प्रत्यक्ष सरोकार राख्दछ भने बाँकी कार्यक्रम अन्य १० मन्त्रालयहरूसँग सम्बन्धित छन्। नीति कार्यान्वयनको ६ वर्षसम्म ठोस कार्ययोजना तयार नगरेकोले मन्त्रालयको कार्यक्षेत्र किटान गरी नीतिको पुनरावलोकन गर्नुपर्दछ।

११. **जग्गाको वर्गीकरण -** भू-उपयोग ऐन, २०७६ मा सरकारले उपलब्ध गराएको नक्सा तथा विवरणका आधारमा स्थानीय तहमा गठित भू-उपयोग परिषद्ले जमिनको वर्गीकरण र भू-उपयोग नीति लागु गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार स्थानीय भू-उपयोग परिषद्बाट आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत विवरण सम्पन्न गरेका ३३८, कित्तागत विवरण तयार गर्दै गरेका १६४, नक्सा अद्यावधिक गर्दै गरेका १३८, आधार तथा मापदण्ड तयार गर्दै गरेको ५१, कृषि क्षेत्र वर्गीकरण भएका १५ तथा कार्य प्रारम्भ नगरेका ४७ स्थानीय तह रहेका छन्। कित्ताकाटलाई व्यवस्थित गर्न सबै स्थानीय तहहरूलाई स्रोत साधन सम्पन्न गराई नापी विभागले हस्तान्तरण गरेको भू-उपयोग नक्सा डाटाको आधारमा जग्गाको वर्गीकरण गर्नुपर्दछ।

१२. **लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ मा भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्ने म्यादभित्र निवेदन नदिए सो म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको जानकारी गराई भोगाधिकार समाप्त भएको बेहोरा जग्गाधनी दर्ता स्रेस्तामा कैफियत जनाई प्रमाणित गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म २३० संस्थालाई ३४ लाख १७ हजार वर्गमिटर र २०८१।८२ मा ४६ संस्थालाई ६ लाख ६१ हजार ७५१ वर्गमिटरसमेत ४० लाख ७८ हजार ७५१ वर्गमिटर जग्गा उपयोग गर्ने गरी २७६ संस्थालाई जग्गा उपलब्ध गराएको तथा ३ संस्थालाई ४०/४० वर्षको लागि जग्गा लिजमा दिएको छ। विगतमा भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरेको तथा हालसम्मको लिजमा दिएको जग्गाको विस्तृत विवरण तयार गरेको छैन। सरकारले लिजमा जग्गा उपलब्ध गराएकोमा ती निकायले जग्गाको उपयोग एवं संरचना निर्माण र सोबाट प्राप्त हुनुपर्ने राजस्वको लगत राखेको देखिँदैन। लिजमा उपलब्ध गराएको जग्गाको उद्देश्य अनुरूप प्रयोग भएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरी सःशुल्क लिजको रकम दाखिला भएको सुनिश्चित गर्नुका साथै कार्यनीतिअनुसार लिजमा परिणत नभएका जग्गा सम्बन्धित व्यक्ति तथा निकायको भोगाधिकार कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्नुपर्दछ।

१३. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले घरबारीको निमित्त आवश्यक जग्गासमेत भित्री मधेससहित तराई क्षेत्रमा ११ बिघा, काठमाडौं उपत्यकामा ३० रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७५ रोपनीसम्म जग्गा राख्न पाउने व्यवस्था छ। मन्त्रालयले २०७६।७७ सम्म हदबन्दी छुट भएका १६७ संस्थाको पहाडमा ७६ हजार ७६६ रोपनी र तराईमा ८ हजार ४२९ बिघा जग्गा रहेको विवरण पेस गरेकोमा सोको विवरण अद्यावधिक रहेको छैन। मन्त्रालयले यो वर्ष २ संस्थालाई ६३ रोपनी ५ आना २ पैसा हदबन्दीभन्दा बढीको जग्गा खरिद गर्न छुट दिएकोमा छुट दिएको जग्गाको उपयोग र निर्दिष्ट उद्देश्यबमोजिम भएको यकिन गरिनुपर्दछ। सोही ऐनको दफा १२(क) बमोजिम नियमनका लागि मन्त्रालयमा पेस भएका निवेदन मन्त्रालयले फर्स्यौट गर्न नसकेको कारण २०७६।७७ देखि २०८०।८१ सम्म हदबन्दी छुट स्वीकृति दिएको देखिएन। त्यस्तो सुविधा प्राप्त व्यक्ति तथा संस्थाले उद्देश्य अनुरूप हदबन्दीभन्दा बढी जग्गाको उपयोगको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार नगरेकोले हदबन्दीभन्दा बढी जग्गा उपयोग अवस्था सुनिश्चित हुन सकेन।

१४. **गरिब घरपरिवार परिचय पत्र -** गरिब घरपरिवार पहिचानका लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने र गरिब घरपरिवारको रूपमा पहिचान भएका परिवारलाई सोको परिचयपत्र वितरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्नको लागि गरिब लक्षित कार्यक्रम सञ्चालनमा रहेको छ। सो कार्यक्रम सञ्चालन गर्नका लागि गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ जारी भएको देखिन्छ। सोअनुसार गरिब घरपरिवार तथ्याङ्क सङ्कलन पहिचानको मापदण्ड बनाउने, तथ्याङ्क सङ्कलनको लागि जनशक्ति (गणक, सुपरिवेक्षक, सूचना प्रविधि अधिकृत र अन्य कर्मचारीको) परिचालन, गरिब परिवारको वर्गीकरण, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन, परिचयपत्र जारी तथा वितरण लगायतका कार्य गर्ने गरी व्यवस्था गरिएको छ। यो वर्ष थप १५ जिल्लाबाट प्राप्त तथ्याङ्क विश्लेषण र गुनासो सुनुवाई समेतका आधारमा मन्त्रीपरिषद्बाट २ लाख ७१ हजार ६४० जनालाई परिचय पत्र वितरणको लागि स्थानीय तहमा पठाएकोमा वितरणको प्रगति अवस्था यकिन नभएको साथै सोको अनुगमनसमेत गरेको देखिएन।

१५. **गरिबी निवारण कोष -** मन्त्रालयबाट गरिबी निवारण कोष ऐन, २०६३ अनुसार कोषको स्थापना भएकोमा २०८२।४।१४ बाट गरिबी निवारण कोष ऐन, २०६३ खारेज भएपश्चात् कोष खारेजी भएको छ। कोषको २०७७।७८ को वासलातअनुसार कोषमा बैङ्क मौज्दात रु.८ करोड ९१ लाख ४० हजार र अन्य अचल सम्पत्ति रु.७ करोड ३७ लाख ९४ हजारसमेत रु.१६ करोड २९ लाख ३४ हजार सम्पत्ति बाँकी रहेकोमा उक्त कोषले २०७८।७९ देखि अन्तिम लेखापरीक्षण गराएको छैन। कोषले हिसाब किताब अद्यावधिक गरी लेखापरीक्षण गराउनुपर्दछ।

१६. **सहकारी प्रवर्धन कोष -** सहकारी ऐन, २०७४ को दफा ७०(२) मा सहकारी संस्थाहरूको खुद बचतबाट जगेडा कोषमा रकम छुट्याई बाँकी रकमको ०.५ प्रतिशतले हुन आउने रकम वार्षिक रूपमा सहकारी प्रवर्धन कोषमा जम्मा गराउनुपर्ने व्यवस्था छ। कोषमा रकम जम्मा नगर्ने सहकारीको लगत खडा गरी आवश्यक कारबाहीको लागि विभागमा लेखी पठाउने व्यवस्था भए तापनि देशभरिका ३२ हजार ९६५ सहकारी संस्थामध्ये अधिकांश संस्थाले उक्त कोषमा रकम जम्मा गरेका छैनन्। कोषको तीन बैङ्क खातामा गत वर्षको जिम्मेवारी रु.११ करोड ९९ लाख १९ हजार र यो वर्षको रु.२ करोड १४ लाख

५० हजारसमेत रु.१४ करोड १३ लाख ६९ हजार मौज्दात रहेको छ। कोषको सचिवालयले सहकारीबाट विवरण सङ्कलन नगरी बैङ्क स्टेटमेन्टको आधारमा एकमुष्ट आम्दानी जनाउने गरेकोले रकम दाखिला गर्ने सहकारी संस्थाको विवरण यकिन हुने अवस्था छैन। सचिवालयले कोषको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। मन्त्रालयले रकम दाखिला सम्बन्धमा अभिलेख अद्यावधिक तथा अनुगमन गरी कोषको लेखापरीक्षण गराउनुपर्दछ।

१७. **घर जग्गा रजिष्ट्रेसन शुल्क -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(१ख) मा घर जग्गा रजिष्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने र यसबमोजिम उठेको रकममध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। आर्थिक ऐन, २०८१ अनुसार प्रदेश वा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले निर्धारण गरेको दरअनुसारको शुल्क सङ्कलन गरी सम्बन्धित प्रदेश वा स्थानीय सञ्चित कोषमा बाँडफाँट गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुरूप मन्त्रालय मातहतका १३५ मालपोत कार्यालयमध्ये ७३ कार्यालयले असुल गरेको रकममध्येबाट विगत वर्षमा बाँडफाँट गर्न बाँकी रु.१ अर्ब ८७ करोड २२ लाख ६ हजार र यस वर्षको असुली रु.२१ अर्ब २५ करोड १ लाख ९३ हजारसमेत रु.२३ अर्ब १२ करोड २३ लाख ९९ हजार शुल्क सङ्कलन गरेकोमा रु.२० अर्ब ५८ करोड ९६ लाख ८१ हजार बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा दाखिला गरेकोमा रु.२ अर्ब ५३ करोड २७ लाख १८ हजार मौज्दात रहेको छ। उक्त रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरी हिसाब फरफारख गर्नुपर्दछ।

१८. **समस्याग्रस्त सहकारी संस्था -** सहकारी ऐन, २०७४ को दफा १०४ मा सहकारी संस्थाको निरीक्षण र जाँचबाट सदस्यहरूको हित विपरीत कार्य गरेमा, सहकारीसम्बन्धी ऐन, नियम विपरीत कार्य गरेमा, आर्थिक संकट परेमा सहकारी विभागका रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्थाअनुसार मन्त्रालयले २०७५ देखि २०८२ आषाढ मसान्तसम्म २३ सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१८.१ मन्त्रालयबाट समस्याग्रस्त घोषणा भएका सहकारी संस्थामध्ये २०८२ आषाढ मसान्तसम्म ६ संस्थाको बचत फिर्ता तथा मिलान गरी राफसाफ गरिएको र १७ सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी रहेको छ।

१८.२ यस वर्षको वार्षिक कार्ययोजनामा दुई सहकारीको बाँकी दायित्व भुक्तानी गरी राफसाफ गर्ने र एक सहकारीको कार्यसम्पन्न गरी राफसाफ प्रतिवेदन दिने उल्लेख भएकोमा एक सहकारीको ५६.५० प्रतिशत र अर्को सहकारीको ४५.७० प्रतिशत प्रगति भए तापनि राफसाफ प्रतिवेदन दिने कार्य सम्पन्न हुन सकेको छैन। त्यसै गरी अन्य २ सहकारीको बाँकी दायित्व ऋणीसँग मिलान गरी राफसाफ गर्ने कार्ययोजना रहेकोमा क्रमशः १०.९६ र ०.११ प्रतिशत प्रगति भएको देखिन्छ। वार्षिक कार्ययोजनाअनुरूप प्रगति हासिल गर्नुपर्दछ।

१८.३ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष ३ सहकारी संस्थाका १६ हजार ४८२ जनाबाट रु.८ अर्ब ३७ करोड ८० लाख ५२ हजार बचत फिर्ताका लागि

मागदाबी पेस भएकोमा रु.७४ करोड २५ लाख ३१ हजार फिर्ता तथा मिलान भएको छ। हालसम्म ७९ हजार ४४५ जनाको रु.४६ अर्ब ९५ करोड ८६ लाख ४० हजार बचत फिर्ताका लागि दाबी प्राप्त भएकोमा रु.२ अर्ब १५ करोड ३९ लाख ६ हजार (४.५९ प्रतिशत) फिर्ता तथा मिलान भई रु.४४ अर्ब ८० करोड ४७ लाख ३४ हजार (९५.४१ प्रतिशत) फिर्ता तथा मिलान गर्न बाँकी देखिन्छ। कानुनअनुसार बचतकर्ताहरूको दाबी फिर्ता एवं मिलान गर्नुपर्दछ।

१८.४ कार्यालयले उपलब्ध गराएको विवरणअनुसार २३ समस्याग्रस्त सहकारी संस्थामध्ये २० सहकारी संस्थाको खातामा रु.३१ करोड १४ लाख ४७ हजार मौज्दात देखिन्छ। कार्यालयले राफसाफ घोषणा गरेका तीन सहकारी संस्थामध्ये एक सहकारी संस्थाको बैङ्क मौज्दात रु.६ लाख ८५ हजार, एक को-अपरेटिभको बैङ्क मौज्दात रु.५ हजार र अर्को एक को-अपरेटिभको बैङ्क मौज्दात रु.३ लाख १५ हजार रहेको छ। प्रचलित कानुनी व्यवस्थाअनुसार बचतकर्ताहरूलाई निर्धारित समयभित्र रकम फिर्ता गर्नुपर्दछ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको विकास गर्ने उद्देश्यले साविकको मालपोत र भूमिसुधार विभागलाई एकीकरण गरी २०५७ सालमा विभागको स्थापना भएको हो।

१९. **सूचना प्रविधिको उपयोग -** विभागले भू-अभिलेख सूचना प्रणालीमा १३८ कार्यालयमध्ये १३५ कार्यालयको मोठ स्रेस्ता र रोक्काको विवरण डिजिटाइजेसन तथा माइग्रेसन गरी घरजग्गासम्बन्धी अनलाइन सेवा प्रदान गरिरहेको, यो वर्षसम्म भू-सेवा केन्द्र सञ्चालन अनुमतिका लागि पब्लिक एक्सन मोडेल विकास गरी १०५ कार्यालयमा लागु गरेको र १०२ कार्यालयमा २०७५।७६ सम्मका स्रेस्तालाई अभिलेखीकरण कार्य भइरहेको छ। हाल सञ्चालनमा रहेका सूचना प्रविधि प्रणालीको सुरक्षामा ध्यान दिनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *मोही बाँडफाँट र दर्ताफारीमा पुँजीगत लाभकर असुल नगरेको,*
- *लिलाम दाखिल खारेजमा न्यून थैली अङ्क कायम गरेको,*
- *घर र घरले चर्चेको जग्गाभन्दा बढी जग्गाको लाभकर छुट दिएको,*
- *करछुटमा खरिद गरेको जग्गा उद्देश्यविपरीत निःसर्ग गर्दा छुट भएको रजिष्ट्रेसन दस्तुर र जरिबाना असुल नगरेको,*
- *न्यून थैली कायम भएका कारण रु.१६ करोड ७२ लाख ४६ हजार पुँजीगत लाभकर र रु.७ करोड ६९ लाख ६२ हजार रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।*

२०. **एकीकृत केन्द्रीय अभिलेख -** मालपोत ऐन, २०३४ को दफा २४ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न वा आवाद गर्न नहुने व्यवस्था छ। विभाग मातहत ७७ जिल्लामा रहेका कार्यालयको कार्यक्षेत्रमा पर्ने सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल खुल्ने गरी जिल्ला एवं कार्यालयगत विवरण एकीकृत गरी केन्द्रीय अभिलेख पूर्ण रूपमा राखेको छैन। सबै प्रकारका जग्गाको विवरण खुल्ने गरी अभिलेख राख्नुपर्दछ।

२१. **न्यून थैली कायम -** कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा २ सँग सम्बन्धित अनुसूची-१ को क्र.स. २४ (च) तथा बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ मा नेपाल सरकारको निर्णय वा अदालत वा न्यायिक निकाय वा बैङ्क वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट भई आएको निर्णय वा फैसला वा मिलापत्रबमोजिम दाखिल खारेज गर्नुपर्दा कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको न्यूनतम मूल्य र फैसला वा मिलापत्र वा दृष्टिबन्धक लिखतमा उल्लेख भएको थैली रकम वा बैङ्क वित्तीय संस्था वा सहकारी संघसंस्थाको पत्रमा उल्लेख भएको मूल्य वा बैङ्क वित्तीय संस्था वा सहकारी संस्थाले ऋणी वा धितो जमानी दिने व्यक्तिलाई फिर्ता दिने प्रयोजनका लागि लिखतमा उल्लेख भएको मूल्य वा अदालतबाट कायम भई आउने मूल्याङ्कन वा बण्डा मुचुल्कामा रहेको अङ्कमध्ये जुन बढी हुन्छ सोही रकमलाई थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायअनुसार छन्:

२१.१ इलामस्थित एक बैङ्कले ३ कित्तामा रहेको २८ रोपनी ९ आना जग्गा रु.२ करोड ६४ लाख ४२ हजारमा लिलाम सकार गरेकोमा मालपोत कार्यालय, इलाममा २०७७।१२।१ मा पारित दृष्टिबन्धक लिखतमा दृष्टिबन्धक दिएको अचल सम्पत्तिको विवरणमा रु.१५ करोड थैली कायम गरी लिखत पारित भएको देखिन्छ। लिलाम दाखिल खारेजमा थैली अङ्क कायम गर्दा आर्थिक ऐनअनुसार दृष्टिबन्धक लिखतमा उल्लेख भएको थैली रकम कायम गर्नुपर्नेमा सो नगरेका कारण न्यून थैली कायम भएको रु.१२ करोड ३५ लाख ५८ हजारको ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.६१ लाख ७८ हजार असुल गर्नुपर्दछ।

२१.२ मालपोत कार्यालय, बेलबारीअन्तर्गत एक रियल स्टेट कम्पनीले १७ कित्ताको ९ बिघा ११ कठ्ठा जग्गा रु.१९ करोड २६ लाख ५१ हजारमा लिलाम सकार गरेको छ। तीन रजिष्ट्रेसन नम्बरबाट २०७८।१२।२ मा पारित दृष्टिबन्धक लिखतमा दृष्टिबन्धक दिएको अचल सम्पत्तिको विवरणमा जग्गाको रु.३८ करोड ८५ लाख ४ हजार थैली कायम गरी लिखत पारित गरेको छ। लिलाम दाखिल खारेजमा थैली अङ्क कायम गर्दा आर्थिक ऐनअनुसार दृष्टिबन्धक लिखतमा उल्लेख भएको थैली रकमभन्दा घटी कायम गरेको कारण न्यून थैली कायम भएको रु.१९ करोड ५८ लाख ५३ हजारको ४ प्रतिशतले हुने दाखिला खारेज शुल्क रु.७८ लाख ३४ हजार र पुँजीगत लाभकर रु.३२ लाख ४७ हजारसमेत गरी रु.१ करोड १० लाख ८१ हजार असुल गर्नुपर्दछ।

२१.३ बेलबारीस्थित एक बैङ्कले २० कित्ताको २२ कठ्ठा क्षेत्रफल जग्गा रु.७ करोड ८४ लाख ७३ हजारमा लिलाम सकार गरेको छ। मालपोत कार्यालय, बेलबारीले विभिन्न ४ रजिष्ट्रेसन नम्बरबाट २०७७।८।२८ मा पारित गरेको दृष्टिबन्धक लिखतमा दृष्टिबन्धक दिएको अचल सम्पत्तिको विवरणमा जग्गाको रु.७५ करोड थैली कायम गरी लिखत पारित गरेको छ। लिलाम दाखिल खारेजमा थैली अङ्क कायम गर्दा आर्थिक ऐन अनुसार दृष्टिबन्धक लिखतमा उल्लेख भएको थैली रकमभन्दा घटी कायम गरेको रु.६७ करोड १५ लाख २७ हजारको पुँजीगत लाभकर रु.४ करोड ३४ लाख ८९ हजार असुल गर्नुपर्दछ।

२१.४ मालपोत कार्यालय विराटनगरअन्तर्गत एक फुड इण्डष्ट्रिजले ३ कित्ताको १ हजार ४१० वर्गमिटर जग्गा तथा सोमा बनेको घरसमेत रु.२ करोडमा लिलाम सकार गरेको छ। कार्यालयबाट २०७८।७।७ मा

पारित दृष्टिबन्धक लिखतमा दृष्टिबन्धक दिएको अचल सम्पत्तिको विवरणमा जग्गा तथा घरको रु.७५ करोड थैली कायम गरी लिखत पारित गरेको छ। लिलाम दाखिल खारेजमा थैली अङ्क कायम गर्दा आर्थिक ऐन अनुसार दृष्टिबन्धक लिखतमा उल्लेख भएको थैली रकमभन्दा घटी कायम गरेको रु.७३ करोडको दाखिल खारेज शुल्क रु.३ करोड ६५ लाख र १.५ प्रतिशतले हुने अग्रिम कर रु.१ करोड ९ लाख ५० हजारसमेत रु.४ करोड ७४ लाख ५० हजार असुल गर्नुपर्दछ।

२२. **मोही बाँडफाँटमा पुँजीगत लाभकर -** आन्तरिक राजस्व विभागबाट जारी जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ को दफा ३.३ मा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम कुनै मोही हक कायम भएको जग्गावाला र मोहीले आपसी सहमतिमा कुनै एक पक्षले जग्गा नलिई एकलौटी अर्को पक्षलाई छोडी भूमिसुधार कार्यालयको निर्णयानुसार दाखिल खारेज गर्दाको अवस्थामा मोहीले पूरै जग्गा लिएमा र उक्त जग्गाको मूल्याङ्कन रु.१० लाखभन्दा बढी भएमा पूरै रकममा पुँजीगत लाभकर गणना गर्नुपर्ने र जग्गावालाले पूरै जग्गा लिएमा लागत खर्च दाबी गरी कायम हुने लाभमा लाभकर गणना गर्नुपर्ने व्यवस्था छ। त्यस्तो लाभ रकममा आयकर ऐन, २०५८ को दफा ९५(क५) बमोजिम हुने पुँजीगत लाभकर असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

२२.१ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरले यो वर्ष ८६ वटा मिसिलबाट आफ्नो नामको हकहिस्सा छोडेबापत मोही तथा जग्गाधनीहरूको लाभ रु.३३ करोड ६१ लाख ८८ हजारमा लाभकर असुल गरेको छैन। उक्त लाभ रकमको ७.५ प्रतिशतले हुने लाभकर रु.२ करोड ५२ लाख १४ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२२.२ मालपोत कार्यालय, कलङ्कीको एक मोहीले साविक भीमढुङ्गा गा.वि.स. वडा नं. २घ को २ कित्तामा रहेको १९ रोपनी ८.५ आनामध्ये मोही हकहिस्सा बापत जग्गाधनीबाट रु.६ करोड २५ लाख प्राप्त गरेकोमा सोको लाभकर दाखिला गरेको छैन। उक्त लाभ रकमको ७.५ प्रतिशतले हुने लाभकर रु.४६ लाख ८७ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२२.३ भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुरको एक मोहीले साविक धुलाबारी गा.वि.स. वडा नं. ९ को १९ हजार ९७४ वर्गमिटर जग्गामध्ये नेपाल सरकार (बाटो) कायम भई बाँकी १९ हजार ६३५ वर्गमिटरमध्ये मोहीको हकहिस्सा बापतको ३ हजार ३८३.५० वर्गमिटर जग्गा जग्गाधनीले लिएको छ। सोको कच्ची मोटरबाटोको मूल्याङ्कनका आधारमा हुने रु.२ करोड २३ लाख ३१ हजारको लाभकर असुल गरेको छैन। उक्त लाभ रकममा पुँजीगत लाभकर रु.१६ लाख ७५ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२२.४ भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेलले यस वर्ष ६ वटा मिसिलबाट आफ्नो नामको हकहिस्सा छोडेबापत मोही तथा जग्गाधनीहरूको लाभ रु.१ करोड ५४ लाख १३ हजारमा लाभकर असुल गरेको छैन। उक्त लाभ रकममा पुँजीगत लाभकर रु.११ लाख ५६ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२३. **दर्ताफारीमा पुँजीगत लाभकर -** जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ को दफा ४.१३ मा तीन पुस्ताभित्र खरिद बिक्रीबाट संयुक्त नाममा हस्तान्तरण भई आएको

सम्पत्ति (जग्गा तथा घरजग्गा) दर्ताफारी गरी आ-आफ्नो नाममा कायम गर्दा रु.१० लाखभन्दा बढीको लिखत भएमा पुँजीगत लाभकर लाग्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायनुसार छन्:

२३.१ भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरले दुई जनाको नाममा संयुक्त हकभोग भएको साविक इमाडोल ६ को तीन कित्ताको १२ हजार ३८.३ वर्गमिटर जग्गा रु.५४ करोड २७ लाख २४ हजार थैली कायम गरी दर्ताफारीको लिखत पारित गरेको छ। जग्गाधनीका नाममा सो जग्गा रु.१५ करोड ४६ लाख ९६ हजारमा खरिद गरेको देखियो। उक्त कारोबारबाट भएको लाभ रु.३८ करोड ८० लाख २८ हजारमा पुँजीगत लाभकर असुल गरेको छैन। उक्त लाभ रकमको ५ प्रतिशतका दरले हुने पुँजीगत लाभकर रु.१ करोड ९४ लाख १ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२३.२ मालपोत कार्यालय, चाबहिलले दुई जनाको नाममा संयुक्त हकभोग भएको साविक मूलपानी गा.वि.स.वडा नं. ४ग को एक कित्ताको १७.५० आना जग्गा तथा सो जग्गामा निर्माण भएका दुई घरसमेत रु.२ करोड ६८ लाख १९ हजार थैली कायम गरी दर्ताफारीको लिखत पारित गरेको छ। जग्गाधनीका नाममा सो जग्गाको स्वामित्व २०७४।२।२६ मा राजीनामाबाट प्राप्त भएको देखियो। सो लाभ रकमको ५ प्रतिशतका दरले हुने पुँजीगत लाभकर रु.१३ लाख ४१ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२४. **राजस्व छुट र जरिबाना -** यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायअनुसार छन्:

२४.१ कोशी प्रदेश आर्थिक ऐन, २०८१ को अनुसूची-१ को विविध खण्ड (ग) को दफा १ मा जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, डेरी, अलैंची खेती, जडीबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सोमा लाग्ने रजिष्ट्रेसन शुल्कमा ७५ प्रतिशत छुट हुने तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेसन शुल्क असुल गरी सोही बराबरको रकम जरिबानासमेत असुल गर्नुपर्ने व्यवस्था छ। मालपोत कार्यालय, विराटनगरबाट एक एग्रो कम्पनीले साविक बखरी गा.वि.स.वडा नं. २ ख को एक कित्ताको ४ बिघा जग्गा २०७७।९।२२ मा रु.४ करोड ७५ लाखमा खरिद गर्दा रु.१७ लाख ८१ हजार रजिष्ट्रेसन दस्तुर छुट सुविधा लिएको छ। उक्त कम्पनीले खरिद गरेको ४ बिघामध्ये हालसम्म विभिन्न मिति र रजिष्ट्रेसन नम्बरबाट १.१५७२ बिघा निःसर्ग गरेको देखियो। उक्त कम्पनीले आफ्नो व्यावसायिक उद्देश्यअनुरूपको कार्य नगरेकोमा निःसर्गका बखत छुट सुविधा लिएको रकम र सोही बराबरले हुने जरिबाना समेत रु.३५ लाख ६३ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२४.२ मधेस प्रदेश आर्थिक ऐन, २०८१ को अनुसूची १ को ३(३) तथा व्यावसायिक रूपमा तरकारी तथा पशुपालन गर्ने, उखु खेती, तेलहन खेती, दलहन खेती, पशुपन्छीपालन, फलफूल उद्योगको नाममा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट लिई खरिद गरिएको जग्गा उद्देश्य विपरीत प्रयोग भएमा साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नुपर्ने व्यवस्था छ। मालपोत कार्यालय, जनकपुरअन्तर्गतको एक फूड प्रोडक्ट्सले जनकपुर ७ को दुई कित्ता जग्गा २०७८।६।४ मा दुई रजिष्ट्रेसन नम्बरबाट रु.३ करोड ३० लाखमा खरिद गर्दा रु.७ लाख ४३ हजार रजिष्ट्रेसन दस्तुर छुट सुविधा लिएको छ। उक्त जग्गा २०८१।१२।१० मा एक फाइनान्स कम्पनीले लिलाम सकार गरेको छ। तर व्यावसायिक उद्देश्यअनुरूपको कार्य नगरेको उक्त फूड

प्रोडक्ट्सले लिलामका बखत छुट सुविधा लिएको रकम र सोही बराबरले हुने जरिबानासमेत रु.१४ लाख ८६ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२४.३ लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८१ को अनुसूची-१ को (ग) विविध खण्डमा जलविद्युत उद्योग, सौर्य ऊर्जा, चिया, कफी, कपास, तरकारी, पुष्प, अलैंची, जडीबुटी खेती, पशुपालन तथा फलफूल उद्योगको नाममा जग्गा खरिद गर्दा जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ७५ प्रतिशत छुट हुने र यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि तथा राजस्व छुट दिने सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयलाई दिएको सिफारिस पत्रसमेत पेस गर्नुपर्ने उल्लेख छ। त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा छुट भएको रजिस्ट्रेशन रकम असुल गरी सोही बराबर जरिबाना गर्नुपर्ने व्यवस्था छ। मालपोत कार्यालय, रूपन्देहीको एक कृषि फार्मले भवानी रामग्राम ६ स्थित ६ कित्ता जग्गा २०७८।६।१३ मा दुई रजिष्ट्रेसन नम्बरबाट रु.१० करोड ३८ लाखमा खरिद गर्दा रु.१५ लाख ५७ हजार छुट सुविधा लिएको छ। सो कित्ता नम्बरका जग्गा दुई रजिष्ट्रेसन नम्बरबाट २०८१।८२ मा एक हाउजिङ्ग कम्पनी र एक एग्रो फार्मलाई रु.११ करोडमा निःसर्ग गरेको छ। तर फार्मले आफ्नो व्यावसायिक उद्देश्य अनुरूपको कार्य नगरेकोमा निःसर्गका बखत छुट सुविधा लिएको रकम र सोही बराबरले हुने जरिबाना असुलसमेत गरेको छैन। यसरी छुट लिएको रजिष्ट्रेसन शुल्क रु.१५ लाख ५७ हजार तथा सोही बराबरको जरिबानासमेत रु.३१ लाख १४ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२५. **जोडिएको कित्ता -** मालपोत कार्यालय, साँखुको २०८१।८२ को जग्गाको न्यूनतम मूल्याङ्कन विवरण पुस्तिकाको निर्णय नं.६ मा थैली अङ्क कायम गर्दा स्थानीय तहबाट घरबाटो प्रमाणित सिफारिसमा जे लेखी आएको भए तापनि एक आपसमा जोडिएर आएको कित्ता कुनै एकै व्यक्तिले लिखत पारित गरेमा वा खरिद गरेमा कुनै एक कित्तामा बाटोले छोए वा बाटो भए अन्य कित्ता पनि बाटोमा जोडिए सरहको न्यूनतम मूल्याङ्कन कायम गर्नुपर्ने व्यवस्था छ। साविक नयाँपाटी गा.वि.स.वडा नं. ८ को चार कित्ताको कुल १४२.७५ आना जग्गामध्ये ४७.५८३ आना जग्गा रु.१ करोड ४९ लाख ३ हजारमा निःसर्ग भएकोमा सम्बन्धित स्थानीय तहको घरबाटो प्रमाणित सिफारिस अनुसार ४ वटै कित्ताका जग्गामा बाटो नभएको बेहोरा खुलाई सिफारिस आएकोमा सोहीबमोजिम प्रति आनाको मूल्याङ्कन गरेको देखियो। तर निःसर्ग भएका कित्तासँग जोडिएको एक कित्तामा कच्ची मोटर बाटो भएको सिफारिसका आधारमा प्रति आना रु.८ लाख ५० हजार थैली कायम गरी एउटै व्यक्तिलाई निःसर्ग भएकोमा चार कित्तामा बाटो बेगरको मूल्याङ्कन भएका कारण प्रति आना रु.५ लाख ४० हजार घटी दरले निःसर्ग रकम कायम भएको ४७.५८३ आना जग्गाको रु.२ करोड ५६ लाख ९५ हजारको रजिष्ट्रेसन शुल्क रु.१२ लाख ३४ हजार र पुँजीगत लाभकर रु.१२ लाख ८५ हजारसमेत रु.२५ लाख १८ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२६. **गैरव्यावसायिक करयोग्य सम्पत्ति -** आयकर ऐन, २०५८ को दफा २ मा निजी भवन भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा १ रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्ने उल्लेख छ। त्यसै गरी जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) गैर-व्यावसायिक

करयोग्य सम्पत्तिको रूपमा पहिचान नहुन प्राकृतिक व्यक्तिको निजी भवनमा १० वर्ष भन्दा बढी अवधि स्वामित्व रहेको र दश वर्ष वा सोभन्दा बढी अवधि पटक पटक वा अविच्छिन्न रूपमा बसोबास गरेको अवस्था पूरा भएको हुनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१ मालपोत कार्यालय, चाबहिलको एक निःसर्गकर्ताले काठमाडौं महानगरपालिका वडा नं. ७ को एक कित्ताको २१ आना जग्गाको मूल्य रु.१७ करोड ५८ लाख ८३ हजार र सो जग्गामा बनेका दुई घरको १० वर्षे (अविच्छिन्न बसोबास) छुट लिएकोमा घरको क्षेत्रफल ३ हजार ९६५.७७ वर्गफिट र १ हजार ७८७.६१ वर्गफिटको मूल्य रु.१ करोड १३ लाख ६६ हजारसमेत रु.१८ करोड ७२ लाख ५० हजार थैली कायम गरी निःसर्ग गरेको छ। दुई घरमध्ये ३ हजार ९६५.७७ वर्गफिटको घरमा अविच्छिन्न रूपमा १० वर्ष बसोबास गरेकोले घरको पूरै क्षेत्रफललाई नै जमिन तल्ला मानी २३.१७ आना भएकोमा छुट पाउने अधिकतम सीमा १६ आना जग्गाको प्रति आना रु.८३ लाख ७४ हजारका दरले हुने रु.१३ करोड ३९ लाख ८६ हजार छुट लिएको देखियो। लेखापरीक्षणको क्रममा मालपोत कार्यालय र नापी कार्यालयका कर्मचारीहरूको रोहबरमा स्थलगत निरीक्षण गर्दा सो कित्ता नम्बरमा बनेको संरचना एक तल्ला मात्र नभई चार तल्लाको रहेकोले सोको जमिन तल्ला ९९१.४४ वर्गफिट हुन आउँछ। जसका आधारमा निजी भवनको रूपमा ५.७९ आनाको मात्रै छुट लिनुपर्नेमा १६ आनाको छुट लिएकोले बढी क्षेत्रफल १०.२१ आनाको रु.८ करोड ५४ लाख ६९ हजारलाई अमान्य गरी सोको ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.४२ लाख ७३ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२६.२ मालपोत कार्यालय, चाबहिलको एक निःसर्गकर्ताले काठमाडौं महानगरपालिका वडा नं. ७ को एक कित्ताको २१.५६२५ आना जग्गाको मूल्य रु.१७ करोड ७२ लाख ७० हजार र सो जग्गामा बनेका दुई वटा १० वर्षे (अविच्छिन्न बसोबास) छुट लिएको घरको क्षेत्रफल १ हजार ७८४.४१ वर्गफिट र ३ हजार २३७ वर्गफिटको मूल्य रु.९९ लाख ७९ हजारसमेत रु.१८ करोड ७२ लाख ५० हजार थैली कायम गरी निःसर्ग गरेको छ। दुईमध्ये १ हजार ७८४.४१ वर्गफिटको घरमा अविच्छिन्न रूपमा १० वर्ष बसोवास गरेकोले घरको पूरै क्षेत्रफललाई जमिन तल्ला मानी अर्थात् १०.४३ आना भएकोमा पूरै क्षेत्रफलमा प्रति आनाको मूल्याङ्कन रु.८२ लाख २० हजारका दरले हुने रु.८ करोड ५६ लाख ५१ हजार छुट लिएको देखियो। लेखापरीक्षणको क्रममा मालपोत कार्यालय र नापी कार्यालयको कर्मचारीहरूको रोहबरमा स्थलगत निरीक्षण गर्दा उक्त कित्तामा बनेको संरचना चार तल्लाको रहेको तथा उक्त घर व्यावसायिक प्रयोजनमा मात्र भएकोले छुट लिएको रु.८ करोड ५६ लाख ५१ हजारलाई अमान्य गरी सोको ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.४२ लाख ८२ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२६.३ मालपोत कार्यालय, चाबहिलका एक निःसर्गकर्ताले साविक चपली भद्रकाली गा.वि.स. वडा नं. ९ को ३४.१२ आनामध्ये कित्ताकाट गरी कायम एक कित्ताको क्षेत्रफल २१.२५ आना जग्गाको रु.११ करोड ७३ लाख ४० हजार तथा सो कित्तामा बनेको ४ हजार ८३५.४५ वर्गफिटको एक तल्ले घरको रु.७६ लाख ५९ हजारसमेत रु.१२ करोड ५० लाख थैली कायम गरी एक प्रा.लि.लाई निःसर्ग गरेको छ। मूल कित्ताबाट कित्ताकाट भई नयाँ कायम भएका दुई मध्येको एक कित्ताको १२.८७ आना जग्गा तथा सोमा बनेको घरसमेत जग्गाधनीकै नाममा बाँकी रहेको देखिन्छ। निःसर्गकर्ताले पहिलो कित्तामा पर्ने ४ हजार ८३५.४५ वर्गफिटको एक तले घरमा अविच्छिन्न रूपमा १० वर्ष बसोबास गरेकोले

निःसर्ग भएको सम्पत्तिमध्ये पहिलो कित्तामा बनेको घरको पूरै क्षेत्रफललाई नै जमिन तल्ला मानी २२.२५ आना भएकोमा छुट पाउने अधिकतम सीमा १६ आना जग्गाको प्रति आनाको रु.५५ लाख २२ हजारका दरले रु.८ करोड ८३ लाख ४० हजारमा कर छुट लिएको छ। निःसर्ग भएको सम्पत्ति निजी भवनको रूपमा रहे नरहेको सम्बन्धमा नापी कार्यालय चाबहिलका कर्मचारीको रोहबरमा स्थलगत निरीक्षण गर्दा निःसर्ग भएको जग्गामा हाल पुरानो संरचना भत्काई नयाँ संरचना निर्माणाधीन रहेको देखिएको र जग्गाधनीको नाममा कायम रहेको दोस्रो कित्तामा स्पष्ट रूपमा २.५ तल्ले पक्की घर रहेको देखिन्छ। पहिलो कित्तामा निःसर्गका बखत घर टहरा रहेको सोको नक्सापास तथा निर्माण सम्पन्न नभएको र सो टहरामा निज निःसर्गकर्ता बसोबास गरेको नदेखिएकोले छुट लिएको रु.८ करोड ८३ लाख ४० लाई खर्च कट्टी अमान्य गरी सोको ५ प्रतिशतले हुने पुँजीकर लाभकर रु.४४ लाख १७ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२७. **मूल्य थप** - मालपोत कार्यालय, कलङ्कीको २०८१।८२ को जग्गाको न्यूनतम मूल्याङ्कन विवरण पुस्तिकाको निर्णय नं.१६(क) मा स्थानीय तहबाट घरबाटो सिफारिस पत्रमा आवासीय तथा व्यावसायिक जग्गा भनी सिफारिस भई आएमा पुस्तिकामा उल्लिखित मूल्यमा १० प्रतिशत थप गरी न्यूनतम मूल्याङ्कन कायम गर्नुपर्ने उल्लेख छ। कार्यालयबाट पारित भएका लिखतमध्ये परीक्षण गरिएका ८२ लिखतबाट स्थानीय तहले कैफियत खण्डमा आवासीय भनी सिफारिस गरेको अवस्थामा समेत १० प्रतिशत थप गरी थैली अङ्क कायम नगरेका कारण न्यून मूल्याङ्कन रु.८ करोड ९३ लाख ३० हजारको रजिष्ट्रेसन शुल्क रु.३८ लाख २८ हजार र पुँजीगत लाभकर रु.४४ लाख १८ हजारसमेत रु.८२ लाख ४६ हजार यकिन गरी असुल गर्नुपर्दछ।

२८. **हदबन्दी स्वीकृति** - भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२(च) मा बैङ्क वा वित्तीय संस्था वा सहकारी संघ संस्थाले कर्जा सुरक्षण बापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा सहकारी संघ संस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरिसक्नुपर्ने तथा सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनुपर्ने उल्लेख छ। मालपोत कार्यालय, भद्रपुरले २०८१।१२।११ मा एक रजिष्ट्रेसन नम्बरबाट निःसर्गकर्ता एक वाणिज्य बैङ्कले भद्रपुर नगरपालिका वडा नं. १० को दुई कित्ता नम्बरको कुल ३८ कठ्ठा जग्गाको रु.३ करोड ५३ लाख थैली कायम गरी एक ट्रेडिङ कम्पनीलाई निःसर्ग गरेको छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले काठमाडौं उपत्यका बाहेकका तराई तथा भित्री मधेस क्षेत्रमा घरबारीको लागि १ बिघा र खेतीको लागि जम्मा ११ बिघामा नबढ्ने गरी जग्गा राख्न पाउने व्यवस्था रहेकोमा निःसर्गकर्ताका नाममा नेपाल राज्यभर करिब २८.६३ बिघा जग्गा रहेको देखिन्छ। मालपोत कार्यालय भद्रपुरमा स्रेस्ता कायम रहेको निःसर्ग भएका उक्त जग्गाहरू २०७४।७।१७ मा रु.३ करोड २१ लाखमा लिलाम सकारबाट प्राप्त भएको देखियो। तर कार्यालयबाट हदबन्दी भन्दा बढीको राजीनामा लिखत पारित गर्दा ऐनमा भएको व्यवस्था बमोजिम नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

२९. **हदबन्दीभन्दा बढी जग्गा -** जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७८ को दफा १० मा सम्बन्धित मालपोत कार्यालयले हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएका उद्योग, प्रतिष्ठान,

कम्पनी, आयोजना वा संस्थाको नाममा रहेको जग्गाको विवरणसहितको अद्यावधिक अभिलेख राख्नुपर्ने र दफा १३(५) मा स्वीकृति नलिई कुनै उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना वा संस्थाले हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको पाइएमा त्यस्तो जग्गा प्रचलित कानुनबमोजिम जफत गरिने व्यवस्था छ। मालपोत कार्यालय, भक्तपुरको एक इञ्जिनियरिङ एण्ड म्यानेजमेन्ट कम्पनीको नाममा स्रेस्ता कायम रहेको साविक नगरकोट गा.वि.स वडा नं. ७क अन्तर्गत पर्ने कुल ३६ रोपनी ३ आना २ पैसा क्षेत्रफलको १३ कित्ता जग्गा कायम रहेकोमा २०८१।११।२ मा कित्ताकाट भई तीन रजिष्ट्रेसन नम्बरबाट चार कित्ता जग्गा निःसर्ग गरेको छ। सोही अवस्थामा हदबन्दी कारबाहीको अन्तिम टुङ्गो नलागेसम्मका लागि उक्त कम्पनीको दर्ता स्रेस्ता कायम भएको जग्गामध्ये दुई कित्ताको जग्गा रोक्का राखी बाँकी जग्गामा हदबन्दी रोक्का फुकुवा गर्न २०८१।११।१ मा तत्कालीन भूमिसुधार अधिकारीबाट निर्णय भएको देखिन्छ। कार्यालयबाट हदबन्दी सम्बन्धमा छानबिन गरी बढी भएको ११ रोपनी ३ आना २ पैसा जग्गा जफत गरी नेपाल सरकारको नाममा कायम गर्नुपर्नेमा केही जग्गा रोक्का राखी बाँकीमध्येबाट १ रोपनी ५ आना ३ पैसा ३ दाम क्षेत्रफल जग्गा निःसर्ग भएको देखियो। सो हदबन्दी सम्बन्धमा छानबिन गरी नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ।

३०. **जग्गा नामसारी -** भूमि प्रशासन निर्देशिका, २०८१ को दफा ५९ मा साविक जग्गावालाका नाममा हदबन्दी भन्दा बढी जग्गा दर्ता हुन बाँकी रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ को परिच्छेद ६ बमोजिमको प्रक्रिया पूरा भएमा भूमिसुधार अधिकारीको निर्णयबमोजिम कार्यालयले जग्गा पाउने व्यक्तिको नाममा दर्ता गर्नुपर्ने उल्लेख छ। मालपोत कार्यालय, भक्तपुरले एकजना साविक जग्गावालाको नाममा नाप नक्सा भई दर्ता बाँकी रहेको साविक ताथली गा.वि.स. वडा नं. ३ को दुई कित्ताको कुल क्षेत्रफल १७ रोपनी जग्गा दर्ता नामसारी भएको छ। जग्गाधनीले भर्ने अनूसूची ७ मा सो दुई कित्ताको क्षेत्रफल ३२ रोपनी ७ आना जग्गा रहेकोमा नापजाँच हुँदाका बखत १ रोपनी जग्गा हदबन्दीभन्दा बढी भएको स्वघोषणा गरेको देखिन्छ। उक्त जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्नेमा पूरै जग्गा दुई निवेदकको नाममा जग्गा दर्ता नामसारी भएको छ। सो सम्बन्धमा छानबिन गरी बढी देखिएमा जफत गरी नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ।

३१. **प्लानिङको बाटो** - मालपोत कार्यालय, भक्तपुरको २०८१।८२ को जग्गाको न्यूनतम मूल्याङ्कन विवरण पुस्तिकाको द्रष्टव्य खण्डको नोट नं. १३ मा व्यावसायिक रूपमा घरजग्गा कारोबार गर्ने कम्पनी/संस्थाहरूले घरजग्गा खरिद बिक्री गर्दा कित्ताकाट गरी खरिद बिक्री गरेको अवस्थामा प्लानिङ्गको कच्ची वा पक्की बाटो सरहको मूल्याङ्कन कायम गर्नुपर्ने उल्लेख छ। घरजग्गाको कारोबार गर्ने ४ रियल स्टेट कम्पनीले साविक कित्ताबाट कित्ताफोड गरी लिखत पारित गर्दा स्थानीय तहको सिफारिसमा बाटोको प्रकारमा पक्की वा कच्ची भनी सिफारिस भएकोमा सोही बमोजिम मूल्याङ्कन गरी थैली कायम गरेको देखियो। मूल्याङ्कन पुस्तिकामा बाटोको प्रकृतिअनुसारकै प्लानिङ्गको छुट्टै न्यूनतम दर कायम भएकोमा सो अनुसार मूल्याङ्कन भएको छैन। प्लानिङ्गको कच्ची वा पक्की मोटरबाटो सरह जग्गाको मूल्याङ्कन नहुँदा २६ वटा लिखतबाट न्यून थैली कायम भएको रु.९ करोड १७ लाख ८७ हजार रजिष्ट्रेसन दस्तुर रु.३४ लाख ९३ हजार र १.५ प्रतिशतले हुने कर रु.१३ लाख ७७ हजारसमेत रु.४८ लाख ७० हजार यकिन गरी असुल गर्नुपर्दछ।

३२. **घटी दरमा लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५(क)(६) मा प्राकृतिक व्यक्ति बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवनको निःसर्ग भएको मूल्यमा मालपोत कार्यालयले रजिष्ट्रेसनका बखत एक दशमलब पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ। भूमिसुधार तथा मालपोत कार्यालय विराटनगरको एक मिसिलबाट २०८१।५।१९ मा एक सहकारी बैङ्कले साविक झापा बैद्यनाथपुर गाँउ विकास समिति वडा नं. १ को तीन कित्ताको कुल ४ हजार ७६५.६० वर्गमिटर जग्गा र सोमा बनेको घरसमेतको रु.६ करोड ३८ लाख ३३ हजार थैली कायम गरी एक सहकारीको नामको सम्पत्ति लिलाम सकार गरेको छ। निःसर्गकर्ता सहकारीले व्यावसायिक उद्देश्य अनुरूप जग्गाको उपयोग हुन नसकी लिलाम गरेको तथा पछिल्लो दुई वर्षको आय विवरण पेस नगरेका कारण निःसर्ग भएको सम्पत्तिलाई व्यावसायिक सम्पत्ति मान्ने आधार देखिएन। अतः निःसर्ग भएको सम्पत्ति प्राकृतिक व्यक्तिको गैर-व्यावसायिक करयोग्य सम्पत्ति सरह मानी रु.६ करोड ३८ लाख ३३ हजारको ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.३१ लाख ९२ हजारमा अग्रिम दाखिला भएको रु.९ लाख ५७ हजार घटाई नपुग कर रु.२२ लाख ३५ हजार यकिन गरी असुल गर्नुपर्दछ।

३३. **रजिष्ट्रेसन शुल्क तथा लाभकर -** बागमती प्रदेश आर्थिक ऐन,२०८१ को दफा १४ मा घर जग्गा रजिष्ट्रेसन शुल्कमा छुट सम्बन्धी विशेष व्यवस्थामा प्लानिङ्ग अनुमति लिई आयोजनाले विकसित घडेरी फिर्ता गर्दा रजिष्ट्रेसन शुल्कमा छुट दिने व्यवस्था छैन। काठमाडौं उपत्यका विकास प्राधिकरणअन्तर्गत जिल्ला आयुक्त कार्यालयहरूबाट सञ्चालित आयोजनाहरूले विकसित घडेरी सम्बन्धित जग्गाधनीहरूलाई फिर्ता गर्दा जग्गाधनीहरूको साविकको क्षेत्रफलभन्दा बढी फिर्ता भएमा बढी क्षेत्रको थैली कायम गरी आयोजना फिर्ताको राजीनामा लिखत तयार गरी रजिष्ट्रेसन शुल्क र लाभकर असुल गर्ने गरेको छ। भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरअन्तर्गतको एक हाउजिङ कम्पनीले २०८२।१।११ मा काठमाडौं उपत्यका विकास प्राधिकरण, भक्तपुरबाट सुडाल गा.वि.स वडा नम्बर ६क को ५७ रोपनी १० आना जग्गा योजनाबद्ध जग्गा विकास कार्यक्रम सञ्चालनका लागि गुरुयोजनाबमोजिम योजना सञ्चालन अनुमति लिई कार्य गरेको र सम्बन्धित जग्गाधनीलाई जग्गा फिर्ता गर्दा ३४ जग्गाधनीले थप क्षेत्रफलको स्वामित्व प्राप्त गरेकोले थप भएको स्वामित्वलाई खरिद मानी लिनुपर्ने रजिष्ट्रेसन शुल्क रु.१ करोड २ लाख ३४ हजार असुल नगरेको तथा ३२ जग्गाधनीले स्वामित्वभन्दा ३९४.१२५ आना जग्गा कम फिर्ता गरेकोमा सोलाई निःसर्ग मानी लाभ असुल नगरेकोले पुँजीगत लाभकर तथा रजिष्ट्रेसन दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्दछ।

३४. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५क (५), (६) र जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्त्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ७.५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए ५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने तथा निकायको हकमा कारोबार अंकमा १.५ प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ। भूमिसुधार तथा मालपोत कार्यालय ललितपुर, भक्तपुर, डिल्लीबजार, कलङ्की, चाबहिललगायतका ४१ कार्यालयका ५७० निःसर्गकर्ताले २०८१।८२ मा घरजग्गा निःसर्ग गर्दा स्वामित्व अवधि र थैलीको आधारमा तिर्नुपर्ने भन्दा घटी दाखिला गरेकोले निःसर्ग रू.४ अर्ब ३ करोड ८१ लाखमा रू.१६ करोड ७२ लाख ४६ हजार पुँजीगत लाभकर घटी असुल गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

३५. **रजिष्ट्रेसन दस्तुर -** प्रदेश आर्थिक ऐन. २०८१।८२ अनुसार घरजग्गासम्बन्धी लिखत सम्बन्धित मालपोत कार्यालयबाट पारित गर्दा तोकिएको दरमा रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्ने व्यवस्था छ। भूमिसुधार तथा मालपोत कार्यालय ललितपुर, भक्तपुर, डिल्लीबजार, कलङ्की, चाबहिल, विराटनगर, बेलबारी, धनुषा, बारालगायत २६ कार्यालयका ४१८ खरिदकर्ताले २०८१।८२ मा जग्गा खरिद गर्दा न्यून थैली कायम भएको रु.२ अर्ब ४९ करोड ५८ लाखमा रु.७ करोड ६९ लाख ६२ हजार रजिष्ट्रेसन दस्तुर घटी असुल गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

नापी विभाग

आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम गर्ने प्रमुख उद्देश्यले २०१४ सालमा यस विभागको स्थापना भएको हो। विभागअन्तर्गत १३६ नापी कार्यालय, ५ विशेष नापी कार्यालय र १ डिजिटल नापी कार्यालय रहेका छन्।

३६. **नियन्त्रण विन्दु सञ्चालन -** विभागबाट प्राप्त विवरणअनुसार २०८२ असार मसान्तसम्म देशभरमा पहिलो स्तरको ६८, दोस्रो स्तरको ७७८, तेस्रो स्तरको ५ हजार २३९ र चौथोस्तरको २ लाख १९ हजार ५५७ समेत २ लाख २५ हजार ६४२ नियन्त्रण विन्दु सञ्जाल तोकिएका छन्। मोनुमेन्टेसन तथा सर्वेक्षण हुन बाँकी क्षेत्रमा समेत आवश्यक नियन्त्रणविन्दु स्थापना गरी जग्गाको नापनक्सालाई यथार्थपरक बनाउनुपर्दछ।

३७. **क्षतिग्रस्त क्षेत्रको लगत -** द्वन्द्वबाट नापी नक्सा तथा स्रेस्ता क्षतिग्रस्त भएका क्षेत्रको लगत पुनःस्थापनाका लागि २०६५ सालदेखि सुरु भएको विशेष नापीअन्तर्गत यस वर्ष ११ हजार २५६.२२ हेक्टर तथा नापी कार्यालय अर्घाखाँची, संखुवासभा, झापा, सिराहा, काभ्रेपलाञ्चोक र पाल्पा जिल्लासमेत ३ लाख ८२ हजार ३०४.२२ हेक्टर क्षेत्रफल नापी सम्पन्न गरी १८ हजार ११० पुर्जा वितरण भएको छ। विभागको अभिलेखअनुसार संखुवासभा, झापा, सिरहा, पाल्पा र काभ्रेपलान्चोक जिल्लाको लगत तयार गर्न बाँकी रहेकोले नापी कार्यलाई निरन्तरता प्रदान गरेको छ। समयमै नाप नक्सासम्बन्धी लगत अद्यावधिक गर्नुपर्दछ।

३८. **नापनक्सा -** जग्गा नापजाँच ऐन, २०१९ जारी भए पश्चात विभागले २०५५ सम्ममा एकसरो नापी सम्पन्न गरेको देखिन्छ। साविकमा कायम ७५ जिल्लामध्ये ३७ जिल्लाको नापी राष्ट्रिय नियन्त्रण विन्दुमा आधारित रही र बाँकी ३८ जिल्लाको फ्री शीटमा नापनक्सा गरेको देखिन्छ। हाल विभागले देहायबमोजिमका नापी कार्य सञ्चालन गरिरहेको छः

विवरण	एकाइ	गत वर्षसम्म	२०८२ आषाढ मसान्तसम्म
गाँउ ब्लक नापी	हेक्टर	१६७२५.८३९	१६७६५.९८
पुनःनापी	हेक्टर	४४५३५२.९९७	४४६४६०.००७
विशेष नापी	हेक्टर	३७१५४४.१९८	३८२३०४.२२
पुर्जा वितरण(गाँउ ब्लक नापी, पुनःनापी, विशेष नापी)	वटा	२३९७७	४७७८४
लाइडर सर्वेक्षण र नक्साङ्कन	वर्ग कि.मि.	२०	४००० वर्ग किलोमिटर कार्यको थालनी भएको।

फ्री शीटमा नाप नक्सा भएका जिल्लालाई लक्षित गरी २०५२ सालबाट सुरु भएको पुनः नापी कार्य सम्पन्न गर्नुपर्दछ।

सहकारी विभाग

सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्ने र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा उपयोग गर्ने प्रयासलाई संस्थागत गर्न २०१० सालमा विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको नियमन, प्रवर्धन तथा प्रशिक्षणसम्बन्धी कार्य रहेका छन्। यो वर्ष विभाग तथा मातहतका कार्यालयको लागि रु.१२ करोड ७५ लाख बजेट विनियोजन भएकोमा रु.९ करोड १ लाख ३७ हजार खर्च भएको देखिन्छ।

३९. **कोपोमिस कार्यान्वयन -** सहकारी नियमावली, २०७५ को नियम २८(३) मा पाँच करोड रुपैयाँभन्दा बढी जायजेथा भएको सहकारी संस्थाले विभागले तोकेको तरिका र ढाँचामा अभिलेख राख्दा विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत राख्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार दर्ता भएका ३२ हजार ९६५ सहकारीमध्ये १९ हजार ३४८ (५८.६९ प्रतिशत) ले एकपटक मात्र तथ्याङ्क प्रविष्टि गरेको तथा २०८१।८२ मा १३ हजार ५५३ (४१.११ प्रतिशत) ले मात्र समष्टिगत विवरण प्रविष्टि गरेको देखिन्छ। विभागले अनुगमन गरी सबै सहकारी संस्थामा कोपोमिस प्रणाली कार्यान्वयन गर्नुपर्दछ।

४०. **निरीक्षण तथा अनुगमन -** सहकारी ऐन, २०७४ को दफा ९५ मा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्ने व्यवस्था छ। विभागले यो वर्ष अनुगमन तथा मूल्याङ्कन बापत रु.१९ लाख ६३ हजार खर्च गरेकोमा ऐनअनुसार निरीक्षण तथा अनुगमन गरी दिइएको निर्देशन एवं ती निर्देशन पालनाको मूल्याङ्कन गरेको अभिलेख राखेको छैन। ऐनमा उल्लेख भएबमोजिम निरीक्षण तथा अनुगमन गरी सहकारी सदस्यको हितमा प्रतिकूल असर नपरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

४१. **निरीक्षण तथा जाँच -** सहकारी ऐन, २०७४ को दफा ९५, ९६ र ९७ मा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको निरीक्षण हिसाब जाँच छानबिन तथा अनुगमन गरी निर्देशन दिन सक्ने र सहकारी संस्थाले ती निर्देशनको पालना गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष अनुगमन गरेका ४४ सहकारीमध्ये ४ सहकारीको अनुगमन प्रतिवेदनमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशिकाबमोजिम सदस्यको विवरण पूर्णरूपमा नभरेको, ऐन विपरीतका कोष खडा गरी रकम जम्मा गरेको, धितोभन्दा बढी ऋण लगानी गरेको, कोपोमिसमा विवरण अद्यावधिक नगरेको, एउटै ऋणीलाई एकै अवधिमा पटक-पटक ऋण लगानी गरेको, विना धितो ऋण लगानी गरेको लगायतका बेहोरा उल्लेख छ। विभागले अनुगमन तथा निरीक्षण कार्यको दायरा विस्तार गरी दिएका निर्देशन पालना गराउनुपर्दछ।

४२. **सम्पत्ति शुद्धीकरण -** सहकारी ऐन, २०७४ को दफा १५०क.मा सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण, आतङ्कवादी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तार वा त्यसमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित कानुन बमोजिमको निकायबाट जारी भएको निर्देशनको पालना गर्नुपर्ने व्यवस्था छ।

विभागले यो वर्ष ७१ संस्थाको सम्पत्ति शुद्धीकरण परिपालनाको अनुगमन गरेकोमा २३ संस्थाले कार्यविधि तयार नगरेको, सीमा कारोवार प्रतिवेदन नपठाएको, जोखिम पहिचान तथा मूल्याङ्कन लगायतका काम नगरेको लगायतका बेहोरा उल्लेख छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम न्यूनीकरणको लागि सहकारी संस्थाको अनुगमन गरी सोसम्बन्धी व्यवस्था परिपालना नगर्ने संस्थालाई कारबाही गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गा लिजमा परिणत नगरेको, सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा आवश्यक प्रमाण पेस नगरेको, न्यूनतम मूल्याङ्कन घटाई घर जग्गाको कारोबार गरेको, घरबाटो सिफारिस गर्दा त्रुटिपूर्ण सिफारिस हुने गरेको, सम्बद्ध व्यक्तिबिच कारोबार गरी कर दायित्व घटाउने गरेको, बैङ्कहरूको धितो लिलाम र दाखिला खारेज गर्दा लाभकर घटी असुल हुने गरेको, समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारख नभएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत २३५ कार्यालयमा रु.१ अर्ब ७१ करोड ८४ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ करोड १८ लाख ७२ हजार सम्परीक्षण भएकोले रु.१ अर्ब ५३ करोड ६५ लाख ५८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२० लाख ३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल, यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जल मार्गलगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य सङ्गठित संस्थासमेत १४५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका १३५ सरकारी कार्यालयको निम्नानुसार रु.१ खर्ब २३ अर्ब ९३ करोड ४२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
९७८१८५	१५०२१	१५९५४४	८६५९२	१२३९३४२

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई स्थानीय तह र रक्षा मन्त्रालयबाट खर्च भएको रु.१४ अर्ब ८ करोड १७ लाख समावेश छैन। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गतका कार्यालयबाट खर्च भएको रु.५ करोड ४४ लाख समावेश छ।

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय मातहत ६ कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.५ अर्ब २ करोड ४७ लाख १८ हजार, राजस्वतर्फ रु.८ करोड १४ लाख ७६ हजार, धरौटीतर्फ रु.४४ करोड ६१ लाख ९४ हजार र अन्य कारोबारतर्फ रु.७५ करोड ७२ लाख १८ हजारसमेत रु.६ अर्ब ३० करोड ९६ लाख ६ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य संस्था -** यो वर्ष ३ संस्थाको रु.४ अर्ब ८ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नेपाल रेल्वे कम्पनीले यो वर्ष लेखापरीक्षण गराएको छैन।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष पुष्पलाल (मध्यपहाडी) लोकमार्ग निर्माण स्थिति र राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं योजनाले सवारीसाधनको अत्यधिक चाप, सडकको खराब अवस्था, सार्वजनिक यातायातमा गुणस्तरको कमी, यातायात नियमको पालना नगर्ने प्रवृति, सवारीसाधनबाट हुने वायु प्रदूषण, यातायात व्यवस्थापनमा कमीलगायतका समस्यालाई न्यूनीकरण गर्ने, सडक, जल तथा

रेल पूर्वाधार निर्माणमा दिगोपना तथा उत्थानशीलता कायम गर्ने, सडक सुरक्षाको लागि आवश्यक उपायहरूको अवलम्बन गरी सडक दुर्घटना न्यूनीकरण गर्ने, सडक यातायात पूर्वाधारको डिजाइन तथा निर्माणलाई सबै प्रकारका अपाङ्गता एवम् अशक्तहरूका लागि सहज बनाउने लक्ष्य राखेको छ। मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार सडक तथा रेल मार्गका प्रमुख सूचकमा यो वर्षको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०८०।८१को यथार्थ	सोह्रौं योजनाको लक्ष्य	२०८१।८२ सम्मको		
					लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे)	कि.मि.	८३५०	१३६७५	९१५०	८७३६	९५.४८
२	राष्ट्रिय राजमार्ग (दुई लेन माथि कालोपत्रे द्रुतमार्ग समेत)	कि.मि.	४४१	१०८०	५७१	५८७	१०२.८०
३	नागढुङ्गा (मेन टनेल र इभाक्युएसन टनेल) सुरुङ्ग मार्ग	कि.मि.	-	५.४९९	५.४९९	५.४९९	१००.००
४	सिद्धबाबा (मेन टनेल) सुरुङ्ग मार्ग	कि.मि.	-	१.१२६	१.१२६	१.१२६	१००.००
५	सडक पुल निर्माण	सङ्ख्या	३४१९	५०१७	३५६९	३५३७	९८.८२
६	जयनगर बर्दिवास रेल ट्याक बेड निर्माण	कि.मि.	५२	६९	५२	५२	१००
७	पूर्व पश्चिम रेलमार्ग बेड निर्माण	कि.मि.	६४	१४०	६९	६८	९८.५५
८	रेल पुल निर्माण	वटा	१३	१६	३	३	१००
९	इम्बोस्ड नम्बर उत्पादन	सङ्ख्या (हजारमा)	५८१	२५००	७६५	५९९	७८.३०

उल्लिखित तालिकाअनुसार आवधिक योजनाको पहिलो वर्षको लक्ष्यमध्ये राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) सडक पुल निर्माण, इम्बोस्ड नम्बर उत्पादन र पूर्व पश्चिम रेलमार्ग बेड निर्माणकार्यमा लक्ष्यभन्दा न्यून प्रगति देखिएको छ।

६. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रमअनुसार प्रगति हासिल गर्नुपर्दछ। मन्त्रालयको २०८१।८२ को नीति तथा कार्यक्रममा मध्यपहाडी लोकमार्गलाई समृद्धि कोरिडोरका रूपमा विकास गरिने, कोशी, कालीगण्डकी र कर्णाली कोरिडोरमा बाह्रै महिना यातायात सञ्चालन हुने गरी निर्माण तीव्रता दिइने, पुल निर्माणतर्फ राष्ट्रिय राजमार्गमा पर्ने प्रमुख नदीमा आधुनिक र विशेष प्रकृतिका पुल निर्माण कार्यलाई निरन्तरता दिइने, यातायात खर्च न्यून गर्न र ट्राफिक चाप घटाउन सुरुङमार्ग, द्रुतमार्ग, फ्लाइओभर, अण्डरपास र ओभरपासजस्ता आधुनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने, आगामी आर्थिक वर्ष भित्र नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा ल्याइने एवं काठमाडौंको चक्रपथ विस्तार गर्दा अत्यधिक सवारी चाप भएका सडक खण्डमा अण्डरपास र ओभरपास निर्माण गरिने उल्लेख भएकोमा उक्त कार्यहरू कार्यान्वयन भएका छैनन्।

सुनकोशी र नारायणी नदीमा टर्मिनलसहितको जलमार्ग निर्माण गरिने, यातायात व्यवस्थापनमा डिजिटल प्रणाली लागु गर्ने, केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन, रक्सौल-काठमाडौं रेलमार्गको लगानी विधि निक्यौंल गरी कार्यान्वयन गर्ने र पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिबास-चोचा खण्डको निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा उक्त कार्य सम्पन्न भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रम लक्ष्यअनुरूप कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन** - मन्त्रालयले बजेट वक्तव्य, २०८१।८२ मा उल्लेख भएका बेहोरा कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका बेहोरा देहायबमोजिम छन्:

७.१ पूर्व-पश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल सडक खण्ड र कमला-कञ्चनपुर सडक खण्डलाई चार लेनमा विस्तार गर्ने कार्य आगामी आर्थिक वर्ष सम्पन्न गरिने उल्लेख भएकोमा क्रमशः ६९ र ६३.१२ प्रतिशत प्रगति हासिल गरेको छ। काँकड़भिट्टा-लौकही, कमला-ढल्केवर-पथलैया, पथलैया-नारायणघाट, बुटवल-गोरुसिङ्गे र भालुवाङ-लमही सडक खण्ड स्तरोन्नति कार्य सुरू गरिने उल्लेख भएकोमा पथलैया-नारायणघाट सडक खण्ड स्तरोन्नति कार्य सुरु नभएको र अन्य योजनाको पनि प्रगति न्यून रहेको छ।

७.२ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग अन्तर्गत निर्माणाधीन कटुञ्जे-आरुघाट सडक खण्डसमेत ७५ किलोमिटर कालोपत्रे र १० पुल निर्माण कार्य सम्पन्न गरिने उल्लेख भएकोमा ५९ किलोमिटर सडक कालोपत्रे र ६ पुलको निर्माण कार्य सम्पन्न गरेको छ।

७.३ आँबुखैरनी-पोखरा खण्डमा कालोपत्रे सम्पन्न गर्ने र मुग्लिङ्ग-आँबुखैरनी खण्ड विस्तारको निर्माण कार्य सुरू गर्ने कार्यक्रम रहेकोमा यो वर्ष ठेक्का व्यवस्थापन नभएको, नागढुङ्गा-नौबिसे-मुग्लिङ खण्डमा थप ४० किलोमिटर स्तरोन्नति गर्ने कार्यक्रम रहेकोमा ५ किलोमिटर कालोपत्रे कार्य सम्पन्न गरेको छ।

७.४ कर्णाली कोरिडोरअन्तर्गत ५ पुल निर्माण र ५० किलोमिटर सडक स्तरोन्नति गरिने उल्लेख भएकोमा ३ पुल निर्माण कार्य सम्पन्न भएको देखिएन।

७.५ अन्तरदेशीय व्यापारिक मार्गको गल्छीदेखि स्याफ्रुबेसीसम्म सडक स्तरोन्नति कार्य सम्पन्न गरिने र स्याफ्रुबेसी-रसुवागढी सडक स्तरोन्नति कार्य सुरू गरिने उल्लेख भएकोमा बोलपत्र सम्बन्धी प्रक्रिया अगाडि बढेको देखिएन।

यस वर्षको लेखापरीक्षणबाटः

- *वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम पूर्ण रूपमा कार्यान्वयन नभएको,*
- *राष्ट्रिय राजमार्ग बाहिरका ६ कार्यक्रममा रु.२८ अर्ब ७५ करोड ७० लाख विनियोजन र रु.२५ अर्ब ७ करोड ८४ लाख खर्च भएको,*
- *मन्त्रालयअन्तर्गतका निमार्णाधीन २ हजार १०६ ठेक्कामध्ये १८८ समस्याग्रस्त र १५३ रुग्ण देखिएको,*
- *मूल्य सूचकाङ्क फरक पारी ६७ खरिद सम्झौतामा बढी भुक्तानी भएको मूल्य समायोजन रु.३ करोड ७० लाख असुल गर्नुपर्ने देखिएको,*
- *विभिन्न कार्यालयले रु.५३ करोड ९८ लाख ९८ हजार पेस्की जमानत जफत गरेकोमा लाग्ने ब्याज रु.११ करोड ११ लाख ५० हजार असुल गर्नुपर्ने देखिएको,*
- *सडक विभागअन्तर्गतको ३७ खरिद सम्झौता अन्त्य पश्चात्को मूल्याङ्कनबाट बाँकी काम गर्न लाग्ने लागत रु.३ अर्ब १७ करोड १३ लाख सम्बन्धित निर्माण व्यवसायीबाट असुल नगरेको,*
- *राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजनाको प्रगति न्यून रहेको,*
- *मन्त्रालयले निर्माण तथा परामर्श कार्यको नर्म्समा समयानुकूल परिमार्जन नगरेको लगायतका बेहोरा देखिएका छन्।*

७.६ कोटेश्वर इन्टरसेक्सन निर्माण कार्य सुरू गर्ने उल्लेख भएकोमा विस्तृत डिजाइनसम्बन्धी कार्य भई नसकेकोले निर्माण कार्य प्रारम्भ भएको छैन।

७.७ सडक दुर्घटना न्यूनीकरण तथा सुरक्षित राष्ट्रिय सडक सञ्जालको लागि डिजाइन तथा निर्माणको चरणमा सडक सुरक्षा परीक्षणको व्यवस्था गरिने र सम्भावित दुर्घटनास्थल पहिचान गरी घुम्ती तथा साँघुरो

सडकमा क्र्यास ब्यारियरको निर्माण गरिनेलगायत काठमाडौं उपत्यकाभित्रका व्यस्त ४४ चोकमा स्मार्ट ट्राफिक लाइट जडान गर्ने उल्लेख भएकोमा सो कार्य भएको देखिएन।

बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

८. **बजेट र खर्च-** मन्त्रालयको लागि यो वर्षको विनियोजित बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
१	चालु	७४८५०	७४९०६	६९४४८	९२.७१
२	पुँजीगत	१४३०५०८	१४४४१८४	११०२३३३	७६.३३
	जम्मा	**१५०५३५८**	**१५१९०९०**	**११७१७८१**	**७७.१४**

मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ९२.७१ र पुँजीगततर्फ ७६.३३ प्रतिशत खर्च भएको छ। विनियोजित बजेटबमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा २१ राजमार्ग तथा २०९ सहायक मार्ग रहने उल्लेख छ। सङ्घीयता कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका ६ कार्यक्रममा रु.२८ अर्ब ७५ करोड ७० लाख विनियोजन गरी रु.२५ अर्ब ७ करोड ८४ लाख खर्च भएको छ। मन्त्रालयले कुल पुँजीगत खर्चको तुलनामा २२.७५ प्रतिशत रकम मन्त्रालयको कार्यक्षेत्र (राष्ट्रिय राजमार्ग) बाहेकको सडकमा खर्च गरेको छ। कार्यक्षेत्रमा उल्लेख भएअनुसार राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०. **त्रैमासिक पुँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालय तथा मातहतका निकायहरूले यो वर्ष रु.१ खर्ब १० अर्ब २३ करोड ३३ लाख पुँजीगत खर्च गरेका छन्।कुल पुँजीगत खर्चमध्ये प्रथम त्रैमासिकमा रु.१८ अर्ब २६ करोड ३७ लाख (१६.५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३ अर्ब ८० करोड २७ लाख (१२.५२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.**२३** अर्ब ६७ करोड ७९ लाख (**२१**.४८ प्रतिशत), चौथो त्रैमासिकमा रु.५४ अर्ब ४८ करोड ९० लाख (४९.४**३** प्रतिशत) र असारमा रु.३४ अर्ब ३१ करोड १३ लाख (३१.१३ प्रतिशत) खर्च भएको छ। समानुपातिक रूपमा त्रैमासिक बजेट तथा कार्यक्रम तय गरी सोहीअनुसार कार्यान्वयन गर्नुपर्दछ।

११. **पुँजीगत खर्चको अवस्था -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको

जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूको विगत ५ वर्षको पुँजीगत खर्च स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	पुँजीगत खर्च	खर्च प्रतिशत
२०७७।७८	१३७८९८७	९३५२६५	६७.८२
२०७८।७९	१४६८०२२	८५२४८२	५८.०७
२०७९।८०	१५९०२३३	१०३०३४६	६४.७९
२०८०।८१	१२९०७०२	९४५२७०	६९.५५
२०८१।८२	१४४४१८४	११०२३३३	७६.३३
जम्मा	**७१७२१२८**	**४८६५६९६**	**६७.८४**

मन्त्रालयको विगत ५ वर्षको पुँजीगत खर्च औसतमा ६७.८४ प्रतिशत रहेको देखिन्छ। निर्माण कार्यको खरिद प्रक्रिया तेस्रो र चोथौ त्रैमासिकमा मात्र सम्पन्न भई ठेक्का सम्झौतामा ढिलाइ हुँदा खरिद र निर्माणका विधि, प्रक्रियाहरू पूरा नहुने, खरिद पूर्वका तयारीका कार्यहरू नगरी ठेक्का व्यवस्थापन हुने, अनुगमनमा कमी भई गुणस्तरीय कार्य सम्पादन गर्न कठिनाइ हुने, वास्तविक खर्च नभई पेस्की प्रवाह मात्र हुने र लक्ष्यबमोजिम निर्माण कार्य गर्न नसक्नेलगायतका कारणले विनियोजनको तुलनामा पुँजीगत खर्चमा कमी आएको छ। उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

१२. **वैदेशिक सहायता -** यो वर्ष वैदेशिक ऋणतर्फ रु. ७१ अर्ब ५१ करोड ७१ लाख प्राप्त हुने अनुमान रहेकोमा रु.४६ अर्ब १७ करोड ७४ लाख (६४.५७ प्रतिशत) प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१२.१ मन्त्रालयबाट प्राप्त विवरणमा यो वर्ष वैदेशिक स्रोततर्फ नगद ऋणमा रु.२२ अर्ब ७६ करोड ८२ लाख, शोधभर्ना हुने ऋणमा रु.२३ अर्ब ४८ करोड १७ लाख र सोझै भुक्तानी हुने ऋणमा रु.२५ अर्ब २६ करोड ७२ लाखसमेत रु.७१ अर्ब ५१ करोड ७१ लाख प्राप्त हुने अनुमान रहेकोमा नगद ऋणमा रु.२० अर्ब ३१ करोड ४४ लाख, शोधभर्ना हुने ऋणमा रु.१३ अर्ब ५० करोड ८३ लाख र सोझै भुक्तानी हुने ऋणमा रु.१२ अर्ब ३५ करोड ४७ लाखसमेत रु.४६ अर्ब १७ करोड ७४ लाख प्राप्त भएको छ।

१२.२ मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष शोधभर्ना हुने गरी खर्च भएको रु.१४ अर्ब ७७ करोड १५ लाखमध्ये रु.९ अर्ब १३ करोड ६४ लाख शोधभर्ना प्राप्त भई रु.५ अर्ब ६३ करोड ५१ लाख शोधभर्ना प्राप्त हुन बाँकी रहेको छ।

मन्त्रालयको लागि यो वर्ष पुँजीगततर्फको कुल विनियोजनमध्ये वैदेशिक ऋणको अनुपात ३१.९७ प्रतिशत तथा कुल खर्चको तुलनामा ४१.८९ प्रतिशत देखिएकोले मन्त्रालयको पुँजीगत खर्चमा वैदेशिक ऋणको हिस्सा उच्च रहेको देखिन्छ। उपलब्ध स्रोतको उपयोग गर्ने क्षमता वृद्धि गरी वैदेशिक सहायताको अधिकतम परिचालन गर्नुका साथै समयमै शोधभर्ना प्राप्त गर्नुपर्दछ।

१३. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा बजेट निकासा, खर्च र नियन्त्रणसम्बन्धी व्यवस्था छ। मन्त्रालय तथा मातहतका निकायको लागि यो वर्ष रु.१ खर्ब ५० अर्ब ५३ करोड ५८ लाख सुरु विनियोजन भएकोमा रु.४० अर्ब ५८ करोड १९ लाख (२६.९६

प्रतिशत) थप र रु.३९ अर्ब २० करोड ८८ लाख (२६.४५ प्रतिशत) घट भई रु.१ खर्ब ५१ अर्ब ९० करोड ९० लाख बजेट कायम भएको छ।

१४. **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालयसँग सम्बन्धित ६ राष्ट्रिय गौरवका आयोजनाको समग्र प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरु वर्ष	लागत अनुमान		यो वर्षको खर्च	हालसम्म को खर्च	सम्पन्न हुने		हालसम्मको भौतिक प्रगति
			सुरुको	हालको			सुरु	संशोधित	
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	३३३६	८४३३	३१७	७२३४	२०७४।७५	२०८४।८५	८१.७३
२	हुलाकी राजमार्ग	२०६६।६७	४७६५	१०१६३	६९७	७१८४	२०७४।७५	२०८३।८४	७२.७५
३	कालीगण्डकी कोरिडोर (गैंडा कोट-कोरला सडक खण्ड)	२०६६।६७	३२००	३५७९	३०५	२२०९	२०७९।८०	२०८५।८६	८२.४३
४	कोशी कोरिडोर (खाँदबारी देखि किमाथाङ्का)	२०६५।६६	११९३	१६२०	११०	६६८	२०७९।८०	२०८५।८६	४५.००
५	कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)	२०६९।७०	४१०	१८६६	७७	३२९	२०७९।८०	२०८४।८५	२०.७५
६	पूर्व -पश्चिम रेल र काठमाडौं मेट्रोरेल आयोजना समेत	२०६५।६६	१४२५००	१४२५००	७७	३४२२	नखुलेको	२०८६।८७	नखुलेको
	जम्मा		**१५५४०४**	**१६८१६१**	**१५८३**	**२१०४६**			

उल्लिखित विवरणअनुसार यस मन्त्रालय मातहत रहेका ६ राष्ट्रिय गौरवका आयोजनाको सुरु लागत अनुमान रु.१५ खर्ब ५४ अर्ब ४ करोड रहेकोमा संशोधित लागत रु.१६ खर्ब ८१ अर्ब ६१ करोड रहेको छ। हालसम्म रु.२ खर्ब १० अर्ब ४६ करोड खर्च भएकोमा यो वर्ष रु.१५ अर्ब ८३ करोड खर्च भएको छ। अन्य बेहोरा देहायअनुसार छन्ः

१४.१ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग- पाँचथरको चियो भन्ज्याङदेखि बैतडीको झुलाघाटसम्म कुल लम्बाइ १ हजार ८७९ किलोमिटर रहेको पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना रु.३३ अर्ब ३६ करोडको लागतमा २०६४।६५ देखि सुरु भई २०७४।७५ मा सम्पन्न हुने अनुमान रहेकोमा पटक पटक कार्यतालिका संशोधन भई २०८४।८५ सम्ममा रु.८४ अर्ब ३३ करोडको लागतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यो वर्ष ५८ किलोमिटर कालोपत्रे र ६ पुल निर्माणसमेत यस वर्षसम्म १ हजार ५१० किलोमिटर सडक कालोपत्रे तथा १११ पुल निर्माणको कार्य सम्पन्न भई आयोजना सुरु भएको १७ वर्षमा भौतिक प्रगति ८१.७३ प्रतिशत र यो वर्षको रु.३ अर्ब १७ करोड ८१ लाखसमेत यस वर्षसम्म रु.७२ अर्ब ३४ करोड खर्च भएको छ।

१४.२ कालीगण्डकी कोरिडोर- नेपालको दक्षिणी सीमा नवलपरासीको ठोरीदेखि उत्तरी सीमा कोरलासम्म जोड्ने यस कोरिडोरको लम्बाइ करिब ४९५ किलोमिटर रहेको छ। नवलपरासीदेखि मुस्ताङसम्मका ९ जिल्ला समेट्ने यो आयोजनाको निर्माण २०६६।६७ देखि सुरु भएको हो। यस योजनाको सुरु लागत अनुमान रु.३२ अर्ब रहेकोमा संशोधित लागत रु.३५ अर्ब ७९ करोड रहेको छ। यो वर्ष रु.३ अर्ब ५ करोडसहित हालसम्म रु.२२ अर्ब ९ करोड खर्च भई भौतिक प्रगति ८२.४३ प्रतिशत र वित्तीय प्रगति ६१.७२ भएको देखिन्छ। दुई खण्ड गरी निर्माण भइरहेको यस आयोजनाको गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डको २४५ किलोमिटरमध्ये २३४ किलोमिटर र ५९ पुलमध्ये ३६ पुलको निर्माण सम्पन्न भएको

तथा बेनी-जोमसोम-कोरला खण्डको २०२ किलोमिटरमध्ये ८१ किलोमिटर कालोपत्रे, ८७ किलोमिटर ग्राभेल गर्ने कार्य र २६ मध्ये १५ पुलको निर्माण सम्पन्न भएको छ। आयोजना सुरु गर्दा २०७९।८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्यतालिका संशोधन पश्चात् २०८५।८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

१४.३ कोशी कोरिडोर - मोरङको रानीदेखि संखुवासभाको किमाथाङ्कासम्मको ३४५ किलोमिटरमध्ये संखुवासभाको खाँदवारीदेखि किमाथाङ्कासम्मको १६२ किलोमिटर सडक निर्माण एवं स्तरोन्नति र २३ पुल निर्माण गर्न रु.११ अर्ब ९३ करोड लागतमा सुरु भएको यस आयोजनाको संशोधित लागत अनुमान रु.१६ अर्ब २० करोड रहेको छ। यस वर्षको रु.१ अर्ब १० करोडसमेत रु.६ अर्ब ६८ करोड खर्च भई हालसम्म १६२ किलोमिटर ट्र्याक, १५ किलोमिटर सडक कालोपत्रे र २४ पुलमध्ये १० को निर्माण कार्य सम्पन्न भएको छ। यो आयोजना २०६५।६६ देखि सुरु भई २०७९।८० मा सम्पन्न हुने अनुमान रहेकोमा हाल २०८५।८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यसवर्ष सम्मको भौतिक प्रगति ४५ प्रतिशत र वित्तीय प्रगति ४१.२५ प्रतिशत रहेको छ।

१४.४ कर्णाली कोरिडोर - कर्णाली राजमार्गअन्तर्गत कालीकोटको खुलालुदेखि हुम्लाको सिमिकोट हुँदै हिल्सासम्मको २६९ किलोमिटर सडक निर्माण गर्न यो आयोजना २०६९।७० मा सुरु भई २०७९।८० मा सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य रहेकोमा २०८४।८५ सम्म अवधि थप भएको देखिन्छ। आयोजनाको सुरु लागत रु.४ अर्ब १० करोड रहेकोमा संशोधनपश्चात् रु.१८ अर्ब ६६ करोड कायम भएको छ। आयोजनाले २६८.८ किलोमिटर ट्र्याक निर्माण, २१६ किलोमिटर मध्ये ७३ किलोमिटर ग्राभेल सडक निर्माण र २५ पुलमध्ये ३ पुल निर्माण सम्पन्न गरेको छ। यो वर्ष रु.७७ करोड १५ लाखसमेत हालसम्म रु.३ अर्ब २९ करोड खर्च भई वित्तीय प्रगति १७.६३ प्रतिशत भएको उल्लेख गरेको छ।

हुलाकी राजमार्ग आयोजना, पूर्व-पश्चिम रेलमार्ग र काठमाडौं मेट्रोरेल आयोजनाको विस्तृत विवरण सम्बन्धित खण्डमा समावेश गरिएको छ।

राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा प्रभावकारिता एवं तीव्रता ल्याउन नीतिगत तथा कानुनी प्रबन्धको कमी, आयोजनाको पूर्व तयारी, स्रोतको यथोचित व्यवस्थापन एवं परिचालन, अन्तरनिकाय समन्वय र सरोकारवालासँगको सहकार्य प्रभावकारी हुन नसक्दा यस्ता आयोजनाको प्रगति सन्तोषजनक छैन। आयोजनाहरू समयमा सम्पन्न नहुँदा लागतमा समेत वृद्धि हुँदै गएको छ। आयोजनालाई गुरु योजनाबमोजिम बजेट व्यवस्थापन गर्ने, आयोजना प्रमुख तथा कर्मचारीलाई विशेष जिम्मेवार बनाउने, सरोकारवाला निकायबिच समन्वय र सहकार्यबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी आयोजनाको लागत र समय वृद्धि हुन नदिने गरी राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५. **रूपान्तरणकारी योजना -** योजनाको दीर्घकालीन सोच एवं सोहौं योजनाले लिएका राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई नेपाल सरकारले रूपान्तरणकारी योजनाको रूपमा लिएको देखिन्छ। मन्त्रालयअन्तर्गत रहेका रूपान्तरणकारी योजनाको प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र.सं.	योजनाको नाम	सम्झौता रकम रु	सुरु भएको वर्ष	संशोधित सम्पन्न हुने वर्ष	हालसम्मको खर्च रु.	वित्तीय प्रगति	भौतिक प्रगति
१	गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेसी रसुवागढी सडक योजना	१५३८	२०७२।७३	२०८३।८४	९६८	६२.९	६३.९
२	नारायणघाट-बुटवल सडक योजना	१७०२	२०७५।७६	२०८६।८७	१२८५	६२.४	६९.२
३	कञ्चनपुर-कमला सडक योजना	१५६६	२०७७।७८	२०८१।८२	८४६	५४.१	६३.२
४	काँकडभिट्टा-लौकही सडक योजना	३४९१	२०८०।८१	२०८४।८५	६६८	१९.१	२१
५	बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना	१३५६	२०८०।८१	२०८९।९०	१८५	८.७५	१२.२
६	कमला-ढल्केबर-पथलैया सडक योजना	१८९५	२०७७।७८	२०८४।८५	३०६	१०.२६	१०.९१
	जम्मा	**११५४८**			**४२५८**		

उल्लिखित विवरणअनुसार ६ रूपान्तरणकारी योजना कार्यान्वयन गर्न रु.१ खर्ब १५ अर्ब ४८ करोडमा सम्झौता गरेकोमा हालसम्म रु.४२ अर्ब ५८ करोड खर्च भएको छ। अन्य बेहोरा देहायअनुसार छः

१५.१ धादिङको गल्छीदेखि रसुवाको रसुवागढीसम्मको ८२ किलोमिटर कालोपत्रे सडक तथा ३२ पुल निर्माण र ४ स्थानको पहिरो नियन्त्रण गर्ने कार्य गर्न मुआब्जा तथा क्षतिपूर्ति रु.६ अर्बसमेत रु.१५ अर्ब ५० करोड लागत अनुमान भएको गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेंसी-रसुवागढी सडक योजना २०७२।७३ मा सुरु गरी २०८१।८२ मा सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य रहेकोमा संशोधित कार्यतालिकाबमोजिम उक्त अवधि २०८३।८४ सम्म कायम भएको छ। यस वर्षसम्म ३८.५ किलोमिटर सडक कालोपत्रे (अस्फाल्ट कंक्रिट) हुनुका साथै २१ पुल निर्माण सम्पन्न भएका छन्। यस वर्षसम्म रु.९ अर्ब ६८ करोड खर्च भई क्रमशः ६२.९ र ६३.९ प्रतिशत वित्तीय र भौतिक प्रगति गरेको छ।

१५.२ दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) सडक सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्व-पश्चिम राजमार्गको चितवनको नारायणघाटदेखि रुपन्देहीको बुटवलसम्म ११३ किलोमिटर सडक विस्तार, ४६२ कल्भर्ट, ४३ साना पुल र २१ प्रमुख पुल निर्माण २०७९।८० भित्र सम्पन्न गर्ने गरी २०७५।७६ मा आयोजना सुरु भएको हो। आयोजनाको सुरु सम्झौता रु.१६ अर्ब ९९ करोड रहेकोमा संशोधित सम्झौता रु.१७ अर्ब २ करोड कायम भएको र त्रुटि सच्याउने अवधिसमेत २०८६।८७ मा कार्यसम्पन्न गर्ने लक्ष्य रहेको छ। कुल लम्बाइ ११३ किलोमिटरमध्ये २०८१।८२ सम्म ६१.६ किलोमिटर चार लेन र ३१.५३ किलोमिटर २ लेन सडक कालोपत्रे, १६ वटा ठुला पुल र ४० साना पुल निर्माण सम्पन्न भएको छ। यो वर्षसम्म रु.१२ अर्ब ८५ करोड खर्च भई ६९.२ प्रतिशत भौतिक प्रगति भएको छ।

१५.३ सासेक राजमार्ग सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कञ्चनपुरदेखि सिराहाको कमला नदीसम्म रु.२४ अर्ब ४९ करोड लागतमा ८६.८३ किलोमिटर कालोपत्रे सडकमध्ये ७०.३३ किलोमिटर ४ लेन र १६.५ किलोमिटर सर्भिस लेन सहित ४ लेन सडक, २१८ कल्भर्ट र ५४ प्रमुख पुल निर्माण २०८०।८१ भित्र सम्पन्न गर्ने गरी २०७७।७८ मा आयोजना सुरु भएकोमा कार्यतालिका संशोधन भई निर्माण कार्यको म्याद २०८१।८२ सम्म कायम

भएको छ। यो वर्षसम्म ५० किलोमिटर ४ लेनको सडक कालोपत्रे तथा ७ पुल निर्माण कार्य सम्पन्न भएको छ। सम्झौता अवधि यस वर्ष समाप्त भएकोमा निर्माण कार्य पूरा भएको छैन। उक्त आयोजनामा यस वर्षसम्म रु.८ अर्ब ४६ करोड खर्च भई ६३.२० प्रतिशत भौतिक प्रगति भएको छ।

१५.४ सासेक राजमार्ग सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्ग अन्तर्गत झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्म ९५.७६ किलोमिटर सडक स्तरोन्नति, ६ प्रमुख पुल, २१ ठुला पुल र ७१ साना पुल/कल्भर्ट निर्माण कार्य २०८४।८५ भित्र सम्पन्न गर्ने गरी २०८०।८१ मा आयोजना सुरु भएको छ। आयोजनाको सम्झौता रकम रु.३४ अर्ब ९१ करोड रहेकोमा यो वर्षसम्म ४ लेनको १ किलोमिटर सडक निर्माण भएको छ। यस वर्षसम्म रु.६ अर्ब ६८ करोड खर्च भई २१ प्रतिशत भौतिक प्रगति भएको छ।

१५.५ विश्व बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गअन्तर्गत रु.४८ अर्ब लागतमा सिरहाको कमला नदीदेखि बाराको पथलैयासम्म १३० किलोमिटर सडक स्तरोन्नति, ५ अण्डरपास, ६० पुल र १५७ कल्भर्ट निर्माण २०८४।८५ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा ७५ किलोमिटर कालोपत्रे ४ लेन सडक निर्माण र ५८ पुल निर्माणाधीन अवस्थामा रहेको छ। आयोजनाको ५३ किलोमिटर ४ लेन कालोपत्रे सडक र २ पुल निर्माणको लागि ठेक्का व्यवस्थापन हुन बाँकी नै रहेको छ। आयोजनामा हालसम्म रु.३ अर्ब ६ करोड खर्च भई १०.९ प्रतिशत भौतिक प्रगति भएको छ।

१५.६ विश्व बैङ्कको ऋण सहयोगमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत अमेरिकी डलर २०४.६ मिलियन लागतमा रूपन्देहीको बुटवलदेखि कपिलवस्तुको चन्द्रौटासम्म ६९ किलोमिटर सडकको शहरी क्षेत्रमा ४ लेन सडक तथा पुलको स्तरोन्नति कार्य २०८९।९० भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा ५ किलोमिटर कालोपत्रे ४ लेन सडक निर्माणाधीन अवस्थामा रहेको छ। आयोजनाअन्तर्गत ४ लेन १९ किलोमिटर कालोपत्रे सडकको ठेक्का व्यवस्थापन हुन बाँकी नै रहेको छ। आयोजनामा हालसम्म रु.१ अर्ब ८५ करोड खर्च भई १२.२ प्रतिशत भौतिक प्रगति भएको छ।

नीतिगत तथा कानुनी प्रबन्ध, आयोजनाको पूर्व तयारी, स्रोतको यथोचित व्यवस्थापन एवं परिचालन, अन्तरनिकाय समन्वय र सरोकारवालासँगको सहकार्य प्रभावकारी नहुँदा रूपान्तरणकारी आयोजनाहरूको कार्य प्रगति सन्तोषजनक छैन। उल्लिखित योजनाहरूको प्रगति न्यून देखिएकोले सोको कारण पहिचान गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१६. **प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम** - मन्त्रालय मातहतका प्राथमिकता प्राप्त ५८ आयोजना/कार्यक्रममध्ये ८ कार्यक्रममा ५० प्रतिशतभन्दा कम, ११ कार्यक्रममा ८० प्रतिशतभन्दा कम र ३९ आयोजना/कार्यक्रममा ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति रहेको छ। विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने, अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकोले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयहरूको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

१७. **बजेट व्यवस्था र दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार बजेटरी निकायतर्फ सिर्जित दायित्व रु.११ अर्ब ६८ करोड

९२ लाख र अदालत तथा मध्यस्थताबाट निर्णय भई सिर्जना भएको दायित्व रु.१ अर्ब २८ करोड २७ लाख एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन। भुक्तानी दिन बाँकी दायित्वको यथार्थ स्थितिको खुलासा गरी प्रतिवेदन तयार गर्नुपर्दछ। मन्त्रालयले विगत वर्षमा ठेक्का व्यवस्थापन भई सिर्जित दायित्व भुक्तानीका लागि बजेट छुट्याएपछि मात्र अन्य कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८. **विनिमय नोक्सानी -** मन्त्रालयको गत वर्षको प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा विनिमय नोक्सानी तथा अन्य समायोजन रु.५ अर्ब ४८ लाख ५० हजार देखाएकोमा यस वर्षको एकीकृत प्रतिवेदनमा सो सम्बन्धमा उल्लेख गरेको छैन। गत वर्षको प्रतिवेदनभन्दा फरक पारी एकीकृत प्रतिवेदन पेस भएको साथै यस वर्ष आयोजना निर्देशनालय (ए.डी.बी.) तर्फ रु.७८ करोड ९ लाख ६० हजार विनिमय नोक्सानी रहेको आयोजना प्रतिवेदनमा उल्लेख भएकोले पेस भएको एकीकृत प्रतिवेदनले आय-व्ययको यथार्थ अवस्था चित्रण गरेको देखिँदैन। नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम प्रस्तुत हुने प्रतिवेदन तथा विवरणमा विनिमय नाफा-नोक्सानी तथा अन्य समायोजनको गत वर्षको रकमसमेत उल्लेख हुनुपर्ने र लेखा नीति तथा टिप्पणीमा सोको विस्तृत विवरणको खुलासा गरी पेस गर्नुपर्दछ।

१९. **नर्म्सको प्रयोग -** सडक विभागको स्टयाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ (संशोधन २०७८) को विभिन्न परिच्छेदमा सडक तथा पुल निर्माणको नर्म्स निर्धारण गरिएको छ। निर्माण तथा परामर्श कार्यको नर्म्स सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१९.१ मन्त्रालय मातहत कार्यालयले लागत अनुमान तयार गर्दा नर्म्सअनुसार प्रयोग गर्नुपर्ने हिटिङ्ग आयलको रूपमा फर्नेस आयल वा लाइट डिजेल आयल प्रयोग नगरी डिजेलको मूल्यको आधारमा लागत अनुमान तयार गरेको छ। हिटिङ्ग आयलको तुलनामा डिजेल महङ्गो पर्ने भएकोले लागत अनुमानमा हिटिङ आयल नराखी डिजेलको मूल्य राख्दा लागत अनुमानमा वृद्धि हुने गरेको छ। मितव्ययिता कायम हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ।

१९.२ सडक पुल (प्रिकाष्ट प्रिस्ट्रेस गर्डर)को निर्माण फाउण्डेसन तहमा कास्टिङ्ग गरिने अवस्थामा तुलानात्मक रूपमा बढी म्यानडेजयुक्त कास्ट इनसिटुको नर्म्सकै आधारमा दर विश्लेषण गरेको पाइएकोले लागत मितव्ययी हुने गरी निर्माण कार्यको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ।

१९.३ पुल निर्माण गर्दा प्रयोगमा आउने पाइल डाइनामिक एनालाइजर टेष्ट, पाइल टेष्ट, पाइल इन्टिग्रिटी टेष्ट लगायतका परीक्षणको जिल्ला दररेट उपलब्ध नभएको तथा प्रत्येक जिल्ला दररेट फरक फरक हुने अवस्थामा एकभन्दा बढी जिल्ला समेट्ने आयोजनाको लागत अनुमान तयार गर्दा सँगै जोडिएका जिल्लाको दर प्रयोगलाईसमेत आधार लिई लागत अनुमान तयार गर्नुपर्दछ।

१९.४ स्टयाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को सेक्सन २०२०(२)(१) मा सबै डिस्मेन्टल हुने सामग्रीहरू रोजगारदाताको सम्पत्ति हुने र योजना कार्यान्वयन गर्दा उत्पन्न हुने सबै सामग्री स्त्रयाप वा पुनः प्रयोग गर्न सकिने रूपमा राख्नुपर्ने व्यवस्था छ। तर निर्माण कार्यको लागत अनुमान तयार गर्दा उक्त प्रयोगयोग्य सम्पत्ति बारेमा उल्लेख गर्ने गरेको छैन। यसमा सुधार गर्नुपर्दछ।

१९.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२)क मा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान नर्म्स तयार गरेको भए त्यस्तो नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भए तापनि मन्त्रालयले सोअनुसार नर्म्स बनाएको छैन। नर्म्स तर्जुमा नभएको कारण मन्त्रालय मातहतका

निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा योग्यता, विज्ञता र अनुभवको आधारमा सेवा शुल्क निर्धारणमा एकरूपता हुने गरेको छैन। एउटै प्रकृतिको परामर्श सेवामा फरक-फरक दररेट प्रयोग हुँदा उपलब्ध स्रोतका आधारमा लागत अनुमान कायम हुने, लागत अनुमानमा असमानता हुने र प्रतिस्पर्धामा असर पर्ने हुँदा परामर्श सेवा खरिदमा पारदर्शिता, प्रतिस्पर्धा तथा एकरूपता कायम गर्न नर्म्स स्वीकृत गराई लागु गर्नुपर्दछ।

मन्त्रालयले पुराना नर्म्सलाई नयाँ प्रविधि र उपकरण प्रयोगको सन्दर्भमा परिमार्जन र नर्म्स आवश्यकता पहिचान भएका नयाँ क्षेत्रहरूमा उपयुक्त नर्म्स निर्माण गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ। साथै मन्त्रालयले पूर्वाधार निर्माणको क्षेत्रमा प्रयोग हुने नर्म्समा अन्तर मन्त्रालय समन्वय गरी नर्म्सहरूमा एकरूपता कायम गर्नुपर्दछ।

सडक विभाग

विभागले सडक संरचनाहरूको निर्माण एवं मर्मत सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरूमार्फत सञ्चालन गर्ने गरेको छ। सडकहरूको मर्मत सम्भारको कार्यमा हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरूमा रहेको उपकरणसमेत परिचालन हुने गरेको छ। यो वर्ष विभाग तथा मातहतका निकायको लागि रु.१ खर्ब २८ अर्ब ६ करोड ५४ लाख बजेट विनियोजन भएकोमा रु.९६ अर्ब ९३ करोड ३५ लाख खर्च गरेको छ।

२०. **ठेक्काको कार्यसम्पादन स्थिति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ। सडक विभाग अर्न्तगत समयमा कार्य सम्पन्न नभएका रुग्ण ठेक्काहरूको सम्बन्धमा अध्ययन गरी समाधानका उपायसहितको प्रतिवेदन दिन गठित समितिले २०८१।६।१५ मा पेस गरेको प्रतिवेदनबमोजिम २०८१ आषाढ मसान्तसम्ममा सडक विभाग अर्न्तगतका २ हजार १०६ ठेक्का चालु अवस्थामा रहेको उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२०.१ चालु अवस्थाका २ हजार १०६ ठेक्कामध्ये वैदेशिक स्रोततर्फका १७ समेत १ हजार १६१ निर्माण सम्झौता नियमित देखिएका, १८८ निर्माण सम्झौता समस्याग्रस्त देखिएका, १५३ निर्माण सम्झौता रुग्ण देखिएका, १४ निर्माण सम्झौता समाधान उन्मुख रुग्ण देखिएका, वैदेशिक स्रोततर्फका ९ रुग्ण देखिएका र ५८१ निर्माण सम्झौता सालबसाली वा निर्माण सम्पन्न भएका तर फरफारख हुन बाँकी रहेको देखिन्छ। यसरी नियमित रहेका बाहेकका ९४५ (४४.८७ प्रतिशत) खरिद (निर्माण) सम्झौता समस्याग्रस्त वा रुग्ण देखिएका छन्।

२०.२ सडक विभाग मातहत चालु ठेक्कामध्ये रु.१४ अर्ब ६७ करोड ८८ लाखका १८८ ठेक्का समस्याग्रस्त रहेका देखिन्छन्। उक्त ठेक्काहरूको सम्बन्धमा अध्ययन प्रतिवेदनले कार्य योजनामा आधारित अनुगमन गर्ने, ४०० प्रतिशतभन्दा बढी समय म्याद थप भएकाको हकमा रु.२ करोडसम्मका ठेक्काको यथाशीघ्र फरफारख गर्ने र मध्यस्थता तथा अदालती प्रक्रियामा रहेका ठेक्काहरूको प्रभावकारी प्रमाण सङ्कलन र प्रस्तुतीकरण गर्नुपर्ने भनी रणनीतिक सुझाउ दिएकोमा कार्यान्वयन भएको छैन। समस्याग्रस्त ठेक्काको यथार्थ अवस्था यकिन गरी ठेक्का सम्पन्न तथा फरफारख गर्नुपर्दछ।

२०.३ यस वर्षसम्म विभाग र मातहातका निकायबाट खरिद सम्झौता भई चालु अवस्थामा रहेका वैदेशिक स्रोत बाहेकका ठेक्कामध्ये रु.१४ अर्ब १५ करोड १५ लाखका १५३ खरिद सम्झौता (७.५३ प्रतिशत) रुग्ण अवस्थामा रहेको उल्लेख गरिएको छ। यो वर्षभित्र १२० ठेक्का सम्झौता अन्त्य गरिएको र बाँकी ठेक्काको समस्याको प्रकृतिअनुसार सुधार थालिएको उल्लेख गरिए पनि सोको एकीकृत प्रगति प्रतिवेदन तयार गरेको छैन।

ठेक्का कार्यान्वयन गर्दा समस्याग्रस्त देखिएका आयोजना समयमा सम्पन्न गर्न अन्तरनिकाय समन्वय गर्ने, आवश्यक बजेट व्यवस्था गर्ने, निर्माण व्यवसायीको कार्यक्षमता विकास गर्नेलगायतका कार्य गर्नुपर्ने देखिन्छ।

२१. **दोस्रो पुल सुधार योजना -** नेपाल सरकार र विश्व बैङ्कबिच २३ जुलाई २०२३ मा आयोजना सम्पन्न गर्ने गरी १४ नोभेम्बर २०१८ मा अमेरिकी डलर १९६ मिलियनको सम्झौता भएकोमा नेपाल सरकारबाट अमेरिकी डलर ५३.७२ मिलियन र विश्व बैङ्कको स्रोतबाट अमेरिकी डलर ११७.९२७ मिलियनसमेत अमेरिकी डलर १७१.६४७ मिलियन कायम हुने गरी ऋणको पुनः संरचना भई उक्त सम्झौता १५ जुलाई २०२४ मा सम्पन्न भएको छ। कार्य सूचकको आधारमा शोधभर्ना भुक्तानी पाउने ऋण सम्झौताबमोजिम उक्त योजना अवधिमा कुल रु.८ अर्ब ५८ करोड ७२ लाख खर्च भएकोमा रु.१४ अर्ब २३ करोड १६ लाख शोधभर्ना प्राप्त भई वास्तविक खर्चभन्दा रु.५ अर्ब ६४ करोड ४४ लाख बढी शोधभर्ना प्राप्त भएको देखिन्छ। अर्थ मन्त्रालयको २०८१।६।३० को निर्णय अनुसार विभागले २०८१।८२ मा रु.४ अर्ब ९८ करोड ३७ लाख शोधभर्ना प्राप्त गरेकोमा उक्त रकम सञ्चित कोषमा दाखिला गरिएको छ। ऋण सम्झौतामा उपयोग हुन नसकेको रकमको कमिटमेन्ट चार्ज र सर्भिस चार्ज लाग्ने व्यवस्था रहेकोले वास्तविक खर्चभन्दा बढी शोधभर्ना प्राप्त भएको रकममा कमिटमेन्ट चार्ज र ब्याजसमेत रु.७ करोड ५ लाख थप व्ययभार परेको छ। कार्यसम्पादनको आधारमा वास्तविक खर्च रकम शोधभर्ना हुने गरी ऋण सम्झौता हुनुपर्दछ।

२२. **डिजाइन स्वीकृति-** विभागबाट डिजाइन एण्ड बिल्ट विधिमा सम्झौता भएका पुलहरूको सम्झौताको अतिरिक्त सर्तको बुँदा ४.२ मा सम्झौता भएको ९ देखि ११ महिनाभित्र पुलको डिजाइन स्वीकृत भई निर्माण कार्य सुरु हुनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२२.१ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पर्वतअर्न्तगतको ६ पुल निर्माणको लागि एक निर्माण व्यवसायीले २०७९।५।२८ मा सम्झौता गरेकोमा उक्त मितिले ६ महिनाभित्र डिजाइन पेस गरेको भए तापनि दुई पुलको डिजाइन पेस भएको एक वर्षपछि, मोदीखोला पुलको २ वर्षपछि स्वीकृत भएको र पाती खोला पुलको डिजाइन स्वीकृत भएको छैन। यस्तो कार्यलाई निरुत्साहन गरिनुपर्दछ।

२२.२ सूर्यविनायक-धुलिखेल सडकअर्न्तगत पुण्यमाता खोला, महादेव खोला र जगाती खोलामा डिजाइन एण्ड बिल्ड प्रक्रियाद्वारा १२ वटा पुल निर्माण कार्य २०८२।६।६ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७९।१२।६ मा रु.५७ करोड ४९ लाख ५६ हजारको खरिद सम्झौता भएको छ। सम्झौताअनुसार उक्त पुलहरूको डिजाइन २०८०।९।६ भित्र स्वीकृत गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले २०८०।५।२७ मा सबै पुल सुरु डिजाइन पेस गरेकोमा सडक विभागबाट २०८१।६।१

मा महादेव खोला र जगाती खोलासमेत ८ पुल र पुण्यमाता खोलाका ४ पुलको २०८२।८।१५ मा मात्र डिजाइन स्वीकृत भएको छ।

२२.३ काठमाडौं चक्रपथ सडक विस्तार योजनाअन्तर्गत तीनकुनेमा नेटवर्क आर्कब्रिज निर्माण कार्यको लागत अनुमान महानिर्देशकबाट स्वीकृत भई रु.२४ करोड ५९ लाख ६७ हजारमा सम्झौता भएको छ। निर्माण व्यवसायीले २०८०।११।१५ मा पुलको ड्रइङ डिजाइन पेस गरे तापनि सडक विभागबाट पुलको ड्रइङ डिजाइन स्वीकृत नगरी सम्झौता अवधिको ९२ प्रतिशत समय व्यतीत भएपश्चात् २०८२।७।१४ मा परामर्शदाता मार्फत चेकजाँच गरी योजनाको सम्पूर्ण जोखिम निर्माण व्यवसायी र परामर्शदातामा रहने गरी निर्माण कार्य अगाडि बढाउन पत्राचार गरेको छ। लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरिएकोमा विभागीय प्रमुखबाट पुलको ड्रइङ डिजाइन स्वीकृत भएको छैन। जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउनुपर्दछ।

सम्झौताको सर्तअनुसार तोकिएको समयमा डिजाइन स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भई लागतमा वृद्धि हुने साथै पेस्की रकमको उपयोगसमेत नहुने अवस्था छ। सम्झौताको सर्तअनुसार समयमा डिजाइन स्वीकृत गर्नुपर्दछ।

२३. **मध्यस्थता** - नेपाल मध्यस्थता ऐन, २०५५ को दफा ३(१) मा कुनै सम्झौतामा मध्यस्थद्वारा विवाद समाधान गरिने व्यवस्था भएकोमा मध्यस्थद्वारा विवाद समाधान गराउनुपर्ने, दफा १८(३) मा मध्यस्थले सम्बन्धित करारका सर्तहरूबमोजिम विवादको निरुपण गर्नुपर्ने, मध्यस्थले करोबारमा लागु हुने व्यापारिक प्रचलनहरू उपर ध्यान दिनुपर्ने र दफा ३०(३) मा मध्यस्थले नेपाल कानुन तथा सार्वजनिक हित वा नीति प्रतिकूल हुने गरी निर्णय गरेमा उच्च अदालतबाट मध्यस्थताको निर्णय बदर हुन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार यो वर्षका २१ सम्झौतासमेत २०७८ देखि २०८२ असारसम्म ९७ सम्झौता कार्यान्वयनको क्रममा विवाद भई मध्यस्थतामा गएको उल्लेख छ। उक्त सम्झौताहरूमध्ये यो वर्षसम्ममा ६७ ठेक्काको मध्यस्थता वा अदालतबाट निर्णय भएको र ३० ठेक्काको निर्णय हुन बाँकी रहेको देखिन्छ। विभागले अदालत तथा मध्यस्थको निर्णयबमोजिम हालसम्म निर्णय भएका ६७ खरिद सम्झौतामध्ये यो वर्ष २ निर्माण व्यवसायीलाई रु.५ करोड ९६ लाख ३५ हजारसमेत २२ निर्माण व्यवसायीलाई रु.१४ करोड ८२ लाख ७५ हजार भुक्तानी गरेको छ।

निर्माण कार्यको ठेक्कामा दाबी रकम र क्षतिपूर्ति दिनुपर्ने रकममा वृद्धि भइरहेकोले ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरे, नगरेको अनुगमन गरी खरिद सम्झौता कार्यान्वयनमा आउने विवाद समयमै समाधान गर्नुपर्दछ।

२४. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-४ मा परामर्श सेवा खरिदसम्बन्धी व्यवस्था छ। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ५ मा सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मतको जिम्मेवारी शहरी विकास मन्त्रालयको कार्यजिम्मेवारीअन्तर्गत रहेकोमा सडक डिभिजन काठमाडौंले सडक विभागको केन्द्रीय भवन निर्माण कार्यको सुपरिवेक्षण गर्न छुट्टै परामर्शदाता नियुक्त गरी सुपरिवेक्षण खर्च बापत रु.९९ लाख ६८ हजारसमेत रु.२ करोड ५६ लाख ८ हजार खर्च गरेको छ। सरकारी निकायबाट सुपरिवेक्षण नगराई परामर्श सेवातर्फ खर्च गरेकोले थप व्ययभार परेको छ।

२५. **खरिद पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। त्यसै गरी नियम ६(५) मा सार्वजनिक निकायले बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा स्रोत सुनिश्चितता गरेर मात्र खरिदको कारबाही सुरु गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

२५.१ सडक डिभिजन, जनकपुरले अर्थ मन्त्रालयको २०८१।१०।२३ को पत्रानुसार आगामी वर्ष दायित्व नसर्ने गरी स्वीकृति दिएका २ निर्माण कार्यको खरिद सम्झौता अवधि २०८२।८३ सम्म कायम हुने गरी रु.६ करोड ५३ लाख ३५ हजारको खरिद सम्झौता गरेको छ। अर्थ मन्त्रालयको स्वीकृतिभन्दा फरक हुने गरी खरिद सम्झौता गरेकोले उक्त योजना अधुरो हुने अवस्था छ। कार्यालयले स्रोत सुनिश्चितता प्राप्त गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

२५.२ सडक डिभिजन, कञ्चनपुरअन्तर्गत चिसापानीदेखि मंगलसेनसम्म जोड्ने निर्वाचन क्षेत्र रणनीतिक सडकको चिसापानी-कुइने १६ किलोमिटर सडक खण्ड निर्माण कार्यको लागि दुई वर्षभित्र कार्य सम्पन्न गर्ने गरी २०७९।४।३ मा खरिद सम्झौता भएकोमा यो वर्षसम्म भौतिक प्रगति १० प्रतिशत रहेको छ। ठेक्का लगाउनु पूर्व रुख कटान तथा भोगाधिकारको स्वीकृति प्राप्त गरी निर्माण स्थल तयार गर्नुपर्नेमा ठेक्का सम्झौता गरी प्रक्रिया सुरु गर्दा २०८२।१।२ अर्थात् ठेक्का लागेको २ वर्ष ९ महिनापछि मात्र वन तथा भू-संरक्षण विभागबाट रुख कटान अनुमति प्राप्त भएको छ।

२५.३ सूर्यविनायकदेखि धुलिखेलसम्मको सडक विस्तार कार्य गर्दा विद्युतका पोल सार्ने, जग्गा प्राप्ति, घरटहराको क्षतिपूर्तिलगायतका कार्य नगरी ३६ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी क्रमशः २०७९।८।२७ र २०७९।९।२४ मा रु.७ अर्ब ९४ करोड ५८ लाखका दुई खरिद सम्झौता गरेको छ। खरिद सम्झौता गर्दा निर्माण व्यवसायीबाट पेस भएको कार्यतालिकाअनुसार २०८० वैशाखदेखि कालोपत्रेको काम सुरु गर्ने उल्लेख भएकोमा सम्झौता अवधिको शत् प्रतिशत समय व्यतीत हुदाँसम्म कालोपत्रे कार्य सुरु भएको देखिएन। कार्यालयले २०८०।२।२४ मा विद्युत पोल स्थानान्तरण कार्य गर्न गराउन विद्युत प्राधिकरणको बागमती प्रदेश कार्यालयलाई रु.८ करोड ११ लाख पेस्की दिएकोमा हालसम्म उक्त कार्य सम्पन्न गरेको देखिएन।

बोलपत्र गर्नु अघि नै सम्पादन गर्नुपर्ने पूर्व तयारीका कार्य नगरी ठेक्का व्यवस्थापन तथा खरिद सम्झौता गरेकोले निर्माण कार्यमा न्यून प्रगति भएको छ। आयोजनाको पूर्व तयारी कार्य पूरा भएपश्चात् खरिद व्यवस्थापन गर्नुपर्दछ।

२६. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत गराई लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले स्टयाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ सडक तथा पुल निर्माणसम्बन्धी दर विश्लेषण नर्म्स, २०७५ र मन्त्रीपरिषद्बाट २०७८।११।१६ मा स्वीकृत डिजाइन एण्ड बिल्ड विधि कार्यको प्राविधिक नर्म्स सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१ सडक विभागको स्टयाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधनसमेत) को सेक्सन १६०० अन्तर्गतको नर्म्स नम्बर १६१२ अनुसार पुल निर्माण कार्यको लागत अनुमान तयार गर्दा पाइल कंक्रिटको कार्यमा टेष्ट पाइलको परिमाण वा जमिनको कट अफ लेभलभन्दा माथिको परिमाण समावेश

गर्न मिल्ने देखिँदैन। यस आधारमा ग्राउण्डको कटअफ लेभलबाट पाइलको बोरहोलमा आवश्यक पर्ने परिमाणको आधारमा तयार गरेको बीओक्यूको आधारमा भुक्तानी गर्नुपर्ने हुन्छ। बुटवल-गोरुसिङ्गे सडकअन्तर्गत लट नं. १ र २ को ठेक्काबाट निर्माण भइरहेका विभिन्न ३० मोटरेबल पुलको पाइल फाउण्डेसनतर्फ १ हजार एमएम र १ हजार २०० एमएम डायामिटरको १५ हजार ४९ रनिङमिटर पाइल बोरिङको कार्य हुने गरी लागत अनुमान तयार हुँदा पाइल कंक्रिट कास्टिङतर्फ स्टयाण्डर्ड नर्म्सअनुसार अधिकतम १६ हजार १४५ घनमिटर पाइल कंक्रिट परिमाण कायम हुनुपर्नेमा १६ हजार ५२८ घनमिटर हुने गरी लागत अनुमान तयार भई ३८३ घनमिटरबाट रु.३८ लाख ६६ हजार थप व्ययभार हुने गरी सम्झौता गरेको छ। वास्तविक कार्यको मात्र नापजाँच गरी भुक्तानी गर्नुपर्दछ।

२६.२ स्टयाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन समेत) को सेक्सन १४०० मा कंक्रिट कर्बस्टोन र फुटपाथ ब्लक निर्माण गर्दा प्रिकास्ट वा कास्ट इन सी टु बनाउन सकिने उल्लेख गरेको र उक्त कर्बस्टोन र फुटपाथ ब्लक एम २० सिमेन्ट कंक्रिटको ग्रेडमा निर्माण गर्न सकिने व्यवस्था छ। बुटवल-गोरुसिङ्गे सडक खण्डको लट नं. १ र २ को ठेक्कामा स्पेसिफिकेसनमा उल्लेख भएभन्दा फरक एम २५ ग्रेडको आधारमा लागत अनुमान तयार गरी सम्झौता गरेको कारण १३ लाख ८५ हजार ६१० रनिङ मिटर कर्बस्टोन र १ लाख ३ हजार ८३९ वर्गमिटर फुटपाथ ब्लकको थप कार्यसमेतमा रु.११ करोड ८१ लाख ५५ हजार थप व्ययभार पर्न गएको छ। खरिद सम्झौता कार्यान्वयन गर्दा आयोजनालाई थप व्ययभार नपर्ने गरी भुक्तानी हुनुपर्दछ।

२७. **प्रिमिक्स कार्पेटको मोटाइ -** सडक विभागको स्टयाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन समेत) को बुँदा नं. १ हजार ३१० मा ओपन तथा क्लोज ग्रेडेड प्रिमिक्सको मोटाइ २० एमएम हुने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

२७.१ मदन भण्डारी योजना कार्यालय, सुर्खेतअन्तर्गत डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण भइरहेका दुई ठेक्कामा पुलको क्यारियजवे र एप्रोच रोड कालोपत्रे गर्ने कार्यतर्फ ५० एमएमको १ हजार २६ घनमिटर प्रिमिक्स कार्पेटिङ कार्य गर्ने गरी ठेक्का सम्झौता गरेको छ। स्पेसिफिकेसनले उल्लेख गरेको भन्दा बढी मोटाइको आइटम राखी सम्झौता गर्दा बढी कायम हुने परिमाण ६२० घनमिटरबाट रु.२ करोड ४१ लाख १६ हजार थप व्ययभार परेको छ।

२७.२ पुल सेक्टर सुर्खेत अन्तर्गत डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण भइरहेको चार ठेक्कामा पुलको क्यारियजवे र एप्रोच रोड कालोपत्रे गर्ने कार्यतर्फ ५० एमएमको प्रिमिक्स कार्पेटिङ १ हजार ८२० रनिङ मिटरको ८८१ घनमिटर कार्य गर्ने गरी सम्झौता गरेकोमा स्पेसिफिकेसनले उल्लेख गरेको भन्दा बढी मोटाइको डिजाइन गर्दा बढी कायम हुने परिमाण ५२८ घनमिटरको रु.९२ लाख १ हजार थप व्ययभार पर्ने देखिन्छ।

२७.३ सडक डिभिजन कार्यालय, नेपालगन्जले निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम अन्तर्गतका तीन ठेक्काको लागत अनुमान तयार गर्दा ०.०४ मिटर मोटाइको प्रिमिक्स कार्पेटिङ गर्ने गरी खरिद सम्झौता गरेकोले यो वर्षसम्म १ हजार २७६ घनमिटर बढी परिमाणको कार्य गरी रु.१ करोड ५८ लाख ४८ हजार भुक्तानी गरेकोले थप व्ययभार परेको छ।

स्ट्याण्डर्ड स्पेसिफिकेसनले तोकेभन्दा बढी मोटाइ प्रिमिक्स कार्पेट प्रयोग गर्दा सोको प्राविधिक पुष्ट्याइँ हुनुपर्ने साथै स्वीकृत नर्म्सका आधारमा लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्दछ।

२८. **खरिद व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा समाप्त गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। यो वर्ष ३० कार्यालयले कुल रु.१९ अर्ब १९ करोड ६१ लाखका १ हजार १७५ खरिद सम्झौता गरेकोमा चौथो त्रैमासिकमा मात्र रु.८ अर्ब ९६ करोड ८८ लाख (४६.७२ प्रतिशत) का २३० खरिद सम्झौता गरेको पाइयो। कार्यालयले समयमै खरिद व्यवस्थापन नगरेको कारण रु.४ अर्ब ३० करोड ८८ लाखका ६२२ ठेक्का अर्थात् कुल ठेक्कामध्ये ५२.०५ प्रतिशतमात्र यस आर्थिक वर्षमा सम्पन्न भएका छन्। समयमै आयोजनाको पूर्व तयारी तथा ठेक्का बन्दोबस्त गर्नुपर्दछ।

२९. **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा भेरिएशन आदेश र असामान्य अवस्थाको आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। कार्यालयले म्याद थप गर्दा समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, दैनिक कार्यको अभिलेख राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। खरिद सम्झौतामा उल्लिखित अवधिमा कार्यसम्पन्न नभई गत विगतदेखि सुरु भएका खरिद सम्झौतामध्ये सडक तथा पुल निर्माणलगायतका कार्यमा यो वर्ष ३४ कार्यालयले २४२ ठेक्कामा ५० प्रतिशतसम्म, ३७ कार्यालयले ३४१ ठेक्कामा ५१ देखि शतप्रतिशत तथा ३९ कार्यालयले ३९२ ठेक्कामा शतप्रतिशतभन्दा बढी अवधि म्याद थप गर्दासमेत कार्यसम्पन्न भएको छैन। खरिद कानुन र ठेक्का सम्झौताअनुसार म्याद थप गर्नुपर्दछ।

३०. **कार्यक्रम तथा क्रियाकलाप संशोधन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रमभन्दा फरक तथा नयाँ कार्यक्रममा खर्च गर्नुपर्ने आधारसहित केन्द्रीय निकायबाट कार्यक्रम संशोधन गरी खर्च गर्न सक्ने उल्लेख छ। यो वर्ष सोअनुसार कार्यक्रम संशोधन नगरी सडक डिभिजन काठमाडौं, भक्तपुर, डोटी, कालीगण्डकी कोरिडोर, जोमसोमलगायत १२ कार्यालयले बजेट उपशीर्षक फरक पारी तथा नयाँ कार्यक्रम थप गरी रु.७ करोड ७६ लाख ४० हजार तथा पुल सेक्टर पोखरा, धरान, सडक डिभिजन नुवाकोटलगायत ५ कार्यालयले क्रियाकलाप फरक पारी रु.७५ करोड ६२ लाख ७६ हजार खर्च गरेको नियमसम्मत देखिएन। कार्यक्रम तथा क्रियाकलाप संशोधन नगरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३१. **विशेष परिस्थितिको खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६६ (१) मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि-नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न सक्ने व्यवस्थाबमोजिम सडक डिभिजन भक्तपुर, काठमाडौं, नुवाकोट र कान्ति राजमार्ग सडक योजना, काठमाडौंले राजमार्ग सुचारु गराउन विशेष अवस्थाको खरिद गर्नुपर्ने उल्लेख गरी यो वर्ष रु.२० करोड ७ लाख १५ हजार खर्च गरेका छन्। मन्त्रालयले आपतकालीन खरिदसम्बन्धी स्पष्ट कार्यविधि बनाई आकस्मिक खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

३२. **बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेसिन औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायतको समग्र जोखिम वहन गर्ने गरी निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

३२.१ यो वर्ष सडक डिभिजन रौतहट, हर्कपुर, दोलखालगायत १३ कार्यालयले ७८ निर्माण कार्यको सम्झौतामा उल्लेख भएबमोजिम सम्झौता मितिदेखि त्रुटि सच्याउने अवधिसम्म पूरा अवधिको बिमालेख जारी नभएको अवस्थामा बिमाबापतको सबै रकम भुक्तानी दिएको देखिएकोले आनुपातिक रूपमा बढी भुक्तानी भएको रु.६४ लाख ६९ हजार असुल गर्नुपर्दछ।

३२.२ भक्तपुर डिभिजनअन्तर्गत धुलीखेल-खुर्कोट सडकको चेनेज ११३+०० (बर्खे खोला) देखि चेनेज १४०+०० (भकुण्डे बेसी) सम्म ८.५ किलोमिटर पूर्णरूपमा राजमार्ग बगाउँदा सो खण्डको निर्माण कार्यमा संलग्न एक निर्माण व्यवसायीलाई रु.२ करोड ४६ लाख ५ हजार भुक्तानी गरेकोमा २०८१।६।१० देखि १२ गतेको बाढीका कारण निर्माणाधीन संरचनामा पूर्णरूपले क्षति भएको छ। ठेक्का सम्झौताको सर्त तथा बिमालेखअनुसार बगाएको संरचनाको विवरणसहित कार्यालयले २०८१।७।२९ मा क्षतिपूर्ति दाबी गरेकोमा बिमा कम्पनीबाट हालसम्म क्षतिपूर्ति प्राप्त भएको देखिएन। क्षतिको प्राविधिक मूल्याङ्कन गराई बिमा कम्पनीबाट शोधभर्ना लिनुपर्दछ।

३३. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुनेगरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

३३.१ यो वर्ष पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना कार्यालय रामेछाप, हुलाकी राजमार्ग निर्देशनालय इटहरी, पुल सेक्टर ललितपुर, सडक डिभिजन अछाम, काठमाडौं, रुकुम पश्चिमलगायत २८ कार्यालयले ६७ योजनामा खरिद सम्झौतामा उल्लिखितभन्दा फरक महिनाको मूल्य सूची प्रयोग गरी बढी भुक्तानी गरेको रु.३ करोड ७० लाख १५ हजार मूल्य समायोजन रकम असुल गर्नुपर्दछ।

३३.२ निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौताको विशेष सर्तमा पेस्की कटाएर मूल्य समायोजन दिने व्यवस्था रहेकोमा पेस्की कट्टा गरी बाँकी बिल रकममा मात्र मूल्य समायोजन गणना गर्नुपर्दछ। सम्झौतामा पेस्की कटाई मूल्य समायोजन दिने उल्लेख भएका नागढुङ्गा सुरुङ मार्ग, पुल सेक्टर ललितपुर, धनगढी-खुटिया-दिपालय सडक योजना, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग दैलेख, मूलघाट-दोभान-ओलाङ्गचुङ्गगोला सडक योजना, ताप्लेजुङलगायत १५ कार्यालयले २३ ठेक्कामा पेस्की कट्टी नगरी बढी भुक्तानी गरेको मूल्य समायोजन रु.२१ करोड ४४ लाख ६५ हजार असुल गर्नुपर्दछ। साथै खरिद सम्झौताबमोजिम पेस्की कट्टी नगरी मूल्य समायोजन गणना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

३३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) तथा कार्यालय र निर्माण व्यवसायीबिच भएको खरिद सम्झौताको सामान्य सम्झौताका सर्तमा निर्माण व्यवसायीको ढिलाइको कारण निर्माण कार्य समयमै सम्पन्न हुन नसकेमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ। काठमाडौं चक्रपथ सडक विस्तार आयोजना, पुल सेक्टर, पोखरालगायतका ४ कार्यालयले निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न

नगरेको तथा खरिद सम्झौताको म्याद थप हुँदा तोकिएको माइलस्टोन पूरा नगरेको कारण उल्लेख गरी ६ निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति लगाएको अवस्थामा समेत रु.८१ लाख ७७ हजार मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

३३.४ बोलपत्र सम्झौताको सामान्य सर्तमा निर्माण व्यवसायीले बोलपत्र पेस गर्दा मूल्य समायोजन लिने प्रयोजनका लागि मूल्यसूची तथा भार विश्लेषणको फाराम भरी लेटर अफ प्राइस बिड साथ पेस गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीले बोलपत्र पेस गर्दा मूल्य समायोजन गर्ने प्रयोजनका लागि मूल्यसूची तथा भार विश्लेषणको फाराम पेस नगरेको अवस्थामा मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन। यो वर्ष सडक डिभिजन हेटौँडा, पुष्पलाल (मध्यपहाडी) योजना कार्यालय रामेछापका ३ योजनाका निर्माण व्यवसायीले उक्त फाराम नभरेको अवस्थामा रु.१ करोड ३९ लाख २४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। उक्त रकम असुल गर्नुपर्दछ।

३३.५ स्ट्याण्डर्ड बिड डकुमेण्टमा मूल्य समायोजन गणना गर्दा बोलपत्र खोल्ने दिन भन्दा ३० दिन अघिको मूल्यसूची प्रयोग गर्ने उल्लेख भएकोमा सडक डिभिजन साँफेबगर र सुर्खेतअन्तर्गतका २ निर्माण व्यवसायीलाई सम्झौताअनुसारको मूल्य समायोजन रकम भुक्तानी दिँदा बेस इन्डेक्स फरक पारी रु.५७ लाख ८४ हजार बढी भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्दछ।

३४. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्याक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। विगतदेखि डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गर्दा मूल्य समायोजनको सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको, सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रसम्बन्धी कागजात तयार नगरेको, सार्वजनिक लेखा समितिले समेत भेरिएशन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न निर्देशन दिएकोले २०८२।०१।१५ मा सार्वजनिक खरिद नियमावली, २०६४ को चौधौँ संशोधन हुँदा डिजाइन एण्ड बिल्डका आधारमा सम्झौता गर्दा लागत अनुमानमा मूल्य समायोजन रकमसमेत समावेश गर्ने गरी लागत अनुमान ढाँचा अनुसूची १(ख) तोकिएको छ।

उक्त व्यवस्था संशोधन हुनुभन्दा अगाडि सम्झौता भई कार्यान्वयनमा रहेका ठेक्काहरूमा विभाग तथा कार्यालयहरूले डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण पुल सेक्टर ललितपुर, नेपालगन्ज, पोखरा, धरान, महाकाली पुल आयोजना कञ्चनपुर, मदन भण्डारी योजना कार्यालय दमक, लगायत २२ कार्यालयले ७५ खरिद सम्झौतामा रु.४४ करोड ८५ लाख ६३ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

३५. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा निर्माण कार्यको म्याद थप गर्दा बाँकी काम सम्पन्न गर्नका लागि माइलस्टोन तोकी म्याद थप गर्नुपर्ने र त्यस्तो माइलस्टोन हासिल नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी म्याद थप गर्नुपर्ने र नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसकेमा सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। सडक डिभिजन धनकुटा, झापा, उत्तरदक्षिण

(कालीगण्डकी) लोकमार्ग आयोजना, पाल्पालगायत ६ कार्यालयको ९ खरिद सम्झौतामा निर्माण व्यवसायीले तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न नगरेको उल्लेख गरी कार्यालयको निर्णयबमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति रु.२ करोड ४१ लाख ८८ हजार निर्धारण गरिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

३६. **पेस्कीको ब्याज -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई प्रदान गरेको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा पेस्कीको बैङ्क जमानत जफत हुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ६ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएअनुसार सम्झौता अवधिभित्र कार्य नगरी पेस्की फर्स्यौट हुन नसकेमा निजले पेस गरेको जमानत जफत गर्ने तथा वार्षिक १० प्रतिशतले ब्याज रकम असुल गर्नुपर्ने व्यवस्था छ। हुलाकी सडक योजना कपिलवस्तु, जटही-जनकपुर-ढल्केबर सडक योजना, पुल सेक्टर ललितपुर, सडक डिभिजन पोखरालगायत २० कार्यालयले ४० खरिद सम्झौताबाट रु.५३ करोड ९८ लाख ९८ हजार पेस्की जमानत जफत गरेकोमा उक्त पेस्कीमा लाग्ने ब्याज रु.११ करोड ११ लाख ५० हजार असुल गरेका छैनन्। उक्त ब्याज रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

३७. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३७.१ खरिद सम्झौताबमोजिम निर्माण व्यवसायीले कार्यसम्पादन नगरेको जनाई सडक डिभिजन, नुवाकोट, विराटनगर, धनुषा, हेटौंडा, इलाम र पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना, रामेछापले १७ खरिद सम्झौता अन्त्य गरेकोमा रु.५ करोड ४१ लाख ६१ हजार कार्यसम्पादन जमानत जफत गरेका छैनन्।

३७.२ निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य नगरेको जनाई सडक डिभिजन, रुपन्देही, सुर्खेत, भक्तपुर, रुकुम पश्चिम र बालाजु-त्रिशूली-छहरे-विदुर सडक आयोजनासमेत १५ कार्यालयले ३६ खरिद सम्झौता अन्त्य गरेकोमा बाँकी काम गर्न लाग्ने लागत रु.२ अर्ब ८ करोड ७६ लाख ५३ हजार असुल गरेका छैनन्।

३७.३ सडक डिभिजन, विराटनगरले एक पुल निर्माणको लागि निर्माण व्यवसायीसँग म्याद थपपछि २०७८।१२।३० मा कार्यसम्पन्न गर्ने गरी २०७५।३।२९ मा रु.४ करोड ४२ लाख ५५ हजारको सम्झौता गरी रु.४४ लाख पेस्की दिएकोमा सम्झौताबमोजिम कार्य सम्पन्न नभएका कारण २०८१।५।२३ मा ठेक्का अन्त्य गरेको छ। ठेक्का अन्त्य गर्दा निर्माण व्यवसायीबाट ब्याजसहित पेस्की असुल गरी ठेक्का अन्त्य गर्नुपर्नेमा पेस्की फर्स्यौट नगरी ठेक्का सम्झौता अन्त्य गरेको र पेस्की जमानतको म्यादसमेत समाप्त भएकोले बाँकी रहेको पेस्की रु.४४ लाख र सोमा नियमानुसार लाग्ने ब्याजसमेत असुल गर्नुपर्दछ।

३७.४ सडक सुधार तथा विकास योजना कार्यालय, बाराले रौतहट र महोत्तरी जिल्लामा पर्ने पिप्रदी- पदम सडक र मलङ्गवा सहरी सडक स्तरोन्नति तथा सुधार कार्यको लागि अमेरिकी डलर ८६ लाख ५२

हजार ठेक्का अङ्क कायम गरी ६ डिसेम्बर २०१८ मा सम्झौता भएकोमा २०७९।४।१३ सम्म कार्य सम्पन्न गर्नेगरी म्याद थप भएकोमा थपिएको म्यादमा समेत कार्य सम्पन्न हुन नसकेको, भौतिक प्रगति ३१.४५ प्रतिशत मात्र भएको र आयोजनाले ताकेता गर्दा पनि निर्माण व्यवसायीले निर्माण कार्य नगरेको जनाई सडक सुधार आयोजना निर्देशनालयले २०८०।८।१२ को निर्णयबाट खरिद सम्झौता अन्त्य गरेको छ। आयोजना निर्देशनालयले खरिद अन्त्य पछिको मूल्याङ्कन गरी रु.१ अर्ब ८ करोड ३६ लाख ५४ हजार (अमेरिकी डलर ७८ लाख ६१ हजार ११४) असुल गर्ने गरी २०८२।१।७ मा महानिर्देशकबाट निर्णय भएकोमा उक्त रकम असुल भएको देखिएन।

३७.५ सडक डिभिजन, जनकपुर र हेटौंडाअन्तर्गत रु.१० करोड ८६ लाख ६४ हजारका ६ ठेक्का सम्झौता, सडक डिभिजन नुवाकोटका ४५ ठेक्का र बैतडीका ५ ठेक्का निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यसम्पन्न नगरेको कारण जनाई ठेक्का अन्त्य गरेकोमा बाँकी कार्य गर्न लाग्ने रकम निर्धारण गरेको छैन। प्रचलित कानुनअनुरूप बाँकी कामको लागत निर्धारण गरी साविकको निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्दछ।

३८. **भेरिएशन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन आदेश जारी गर्दा प्राविधिक पुष्ट्याइँसमेत पेस गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३८.१ यो वर्ष सडक डिभिजन चौरजहारी, बाग्लुङ, काठमाडौं लगायत ७ कार्यालयले ३१ योजनामा प्लम कंक्रिट, ढुङ्गाको गारो लगाउने, ग्याबियन जाली भर्नेलगायतका थप कार्यको भेरिएशन स्वीकृत नगरी रु.३ करोड ७३ लाख ५६ हजार भुक्तानी गरेका छन्। उल्लिखित कार्यहरू पूर्वानुमान गर्न सकिने किसिमका रहेको देखिन्छ। नियममा भएको व्यवस्थाको पालना गरी भेरिएशन आदेश स्वीकृत गराएर मात्र निर्माण कार्य गर्नुपर्दछ।

३८.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा लागत अनुमानमा तोकिएको विशेष कारण परी संशोधन गर्नुपर्ने अवस्थाबाहेक अस्वाभाविक डिजाइन तथा लागत अनुमान तयार गरी कार्य प्रभावित भएमा त्यस्तो लागत तयार गर्ने, जाँच गर्ने र स्वीकृत गर्ने अधिकारी तथा संलग्न परामर्शदाता जवाफदेही हुनुपर्ने व्यवस्था रहेको छ। सूर्यविनायक-धुलिखेल सडक आयोजना अन्तर्गतको साँगादेखि धुलिखेलसम्म (चेनेज ७+५०० देखि १५+८००) को सडक विस्तार तथा स्तरोन्नति कार्यको लागि एक परामर्शदाताबाट तयार गरिएको लागत अनुमानबमोजिम ३६ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९।८।२७ मा एक निर्माण व्यवसायीसँग रु.४ अर्ब ५ करोड ६४ लाख ७६ हजारको खरिद सम्झौता भएको छ। विस्तृत परियोजना प्रतिवेदनमा सर्भिस लेनभित्र निर्माण भएका संरचना, पानीको निकास, बस्ती र सडकको लेभल मिलाउन डिमार्केसन वाल लगाउनुपर्ने र पेभमेन्टको डिजाइन परिवर्तन गर्नुपर्ने जनाई २०८१।१२।१९ मा (भएको भेरिएशनबाट सम्झौता रकम) १३.०२ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५८ करोड ४७ लाख ८७ हजार कायम भएको छ। परामर्शदाताले विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा पर्याप्त ध्यान दिएको नदेखिएकोले सार्वजनिक खरिद ऐनको दफा ५(क) बमोजिम पदाधिकारी तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ।

३९. **लगानीको दिगोपना -** सडक डिभिजन नेपालगन्जअन्तर्गत ठेक्का सञ्चालन हुने गरी सासेक राजमार्ग सुधार आयोजनाले सडक सुरक्षा सुधारको लागि पूर्व-पश्चिम राजमार्गअन्तर्गत शिवखोला-गड्डाचौकी सेक्सन, राप्ती राजमार्ग र महाकाली कोरिडोर खण्डसमेतमा ४९ हजार ९९ रनिङ मिटर क्र्यास ब्यारियर जडान गर्नका लागि एक निर्माण व्यवसायीसँग रु.४८ करोड ७४ लाख ३४ हजारमा सम्झौता गरेको छ। उक्त सम्झौता अनुसार पूर्व-पश्चिम राजमार्गअन्तर्गत दाङको शिवखोलादेखि कञ्चनपुर गड्डाचौकीसम्म सडकको दायाँबायाँ र पुलको एप्रोच मार्गमा समेत रु.२५ करोड ६५लाख ५० हजार लागतमा ३० हजार ९५६ रनिङ मिटर क्र्यास ब्यारियर जडान गरिने उल्लेख छ। हाल पूर्व-पश्चिम राजमार्ग चार लेनमा विस्तारको काम भइरहेको र सो क्षेत्रमा समेत विस्तार गर्दा केन्द्रबाट दायाँबायाँको २५ मिटरभित्र रहेका संरचना विस्थापन हुने देखिएकोले उक्त लगानीको दिगो उपयोग नहुने अवस्था देखिन्छ। राजमार्ग विस्तारसम्बन्धी विस्तृत आयोजना प्रतिवेदनसमेतलाई आधार लिई सडक संरचनामा लगानी गर्दा दिगो उपयोग सुनिश्चित हुने गरी लगानी गर्नुपर्दछ।

४०. **विद्युतको पोल स्थानान्तरण -** सडक विभाग र विद्युत प्राधिकरणबिच २०७९।१।१६ मा भएको सम्झौतामा राजमार्ग विस्तार गर्दा साविकका बिजुलीका पोल स्थानान्तरण गर्दा सम्भव भएसम्म साविकको लाइनका सामग्रीहरू प्रयोग गर्ने, विद्युत वितरण प्रणालीको सुदृढीकरण गर्न नयाँ लाइन निर्माण गर्नुपर्ने भएमा सोको खर्च नेपाल विद्युत प्राधिकरणले बेहोर्ने निर्णय भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

४०.१ पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति कार्य अन्तर्गत काँक्कडभिट्टा-लौकही खण्डको ११० किलोमिटर सडकको पुराना संरचना हटाई अपग्रेड गर्न सामग्री र ज्यालासमेतको लागत रु.८८ करोड ६२ लाख रहेको छ। उक्त लागतमध्ये नयाँ पोल राख्ने र पुरानो संरचना हटाउन लाग्ने ज्याला खर्चबापत रु.११ करोड ९८ लाख आयोजनाले बेर्होने र बाँकी विद्युत प्राधिकरणले बेर्होने व्यवस्था रहेकोमा उक्त सडक खण्डका ३ ठेक्का प्याकेजबाट रु.७६ करोड ९० लाख अर्थात् ८६.७८ प्रतिशत सडक आयोजनाले बेर्होने गरी सम्झौता भएको छ। जसबाट नयाँ संरचना बनाउँदाको सम्पूर्ण खर्च आयोजनाको लागतमा समावेश भई विद्युत प्राधिकरणसँगको सम्झौता कार्यान्वयन भएको देखिएन।

४०.२ हुलाकी राजमार्गअन्तर्गत बर्दियाको मैनापोखरदेखि गुलरिया सडक खण्डमा पर्ने विद्युत लाइन स्थानान्तरण कार्यको लागि हाल रहेका ११ मिटर र ९ मिटरका पुराना पोल स्थानान्तरण, नयाँ पोल खरिद, केबल, टान्सफर्मरलगायतका सामग्री र ज्याला तथा ढुवानी खर्चसमेत बाँके र बर्दिया दुवै खण्डको लागि रु.९२ लाख ११ हजार भुक्तानी भएको छ। सडक विस्तारको क्रममा २६४ पोल स्थानान्तरण गर्दा १९५ पोल थप खरिद गरी ३२६ पोल जडान गरिएको छ। उक्त ११ मिटरका १३२ र ९ मिटरका ६३ समेत १९५ नयाँ पोल खरिद गर्न रु.२६ लाख २३ हजार यसै आयोजनाबाट भुक्तानी गरेको छ। सम्झौताविपरीत विद्युत लाइन सुदृढीकरणको लागि आयोजनाबाट रकम भुक्तानी गर्नु उचित देखिएन।

४१. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

४१.१ यो वर्ष सडक डिभिजन डोटी, पुल सेक्टर नेपालगन्ज, पोखरा र भेरी कोरिडोर, डोल्पाले ५ निर्माण व्यवसायीलाई अघिल्लो रनिङ बिलबाट भुक्तानी भएको रकम घटी जिम्मेवारी सारी रु.३१ लाख ६८ हजार भुक्तानी गरेका छन्। यसै गरी हुलाकी राजमार्ग आयोजना कपिलवस्तु, इटहरी, सडक डिभिजन कार्यालय जुम्ला, चक्रपथ सडक विस्तार आयोजना र पुल सेक्टर बाँकेसमेत २६ कार्यालयले ४१ योजनामा नापजाँच फरक पारी रु.१ करोड ७४ लाख ६६ हजार तथा सडक डिभिजन धनकुटा, लाहान, डोटीसहित ११ कार्यालयले २१ योजनामा रु.१ करोड २० लाख ८८ हजार बढी भुक्तानी गरेका छन्। यस प्रकार बढी भुक्तानी भएको रु.३ करोड २७ लाख २२ हजार असुल गर्नुपर्दछ।

४१.२ सडक डिभिजन, चरिकोटले रणनीतिक सडक पुल निर्माणअर्न्तगत साँधिखोलामा पुल निर्माणका निर्माण व्यवसायीलाई निर्माण कार्यको लागि पाँचौं रनिङ बिलमा रु.३ करोड ३२ लाख ८६ हजार भुक्तानी गर्दा अघिल्लो भुक्तानी रु.२ करोड ७१ लाख ५२ हजार जिम्मेवारी सार्नुपर्नेमा घटी जिम्मेवारी सारेकोले बढी भुक्तानी भएको मूल्य समायोजनसमेत रु.३३ लाख ४८ हजार असुल गर्नुपर्दछ।

४२. **ठेक्का फरफारख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) मा निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र उद्देश्य अनुरूप निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्न सक्ने व्यवस्था छ। महाकाली नदीको २ हजार २०० मिटर चौडाइको बहाव क्षेत्रमा ८०० मिटरको पुल तथा ७.६ किलोमिटर सडक निर्माण गर्नका लागि २०७४।५।७ मा एक संयुक्त उपक्रमसँग ३ वर्षभित्र सम्पन्न गर्ने गरी रु.३ अर्ब २७ करोड ९३ लाख ३४ हजारको सम्झौता भएकोमा १४.९८ प्रतिशत भेरिएशन पछि सम्झौता रकम रु.३ अर्ब ७७ करोड ५ लाख ४६ हजार कायम भएको छ। ठेक्का सम्झौतामा तीन पटक भेरिएशन भएकोमा नसमेटिएका र थप कार्य समेतको चौथो पटक सुरु सम्झौता रकममा ३०.९१ प्रतिशत थप हुने गरी भेरिएशन पेस भएकोमा सो सम्बन्धमा निर्णय भएको देखिएन। पुल निर्माण कार्य सम्पन्न भई हालसम्म मूल्य समायोजन समेत रु.३ अर्ब ८३ करोड ६० लाख ४६ हजार भुक्तानी भइसकेको यस परियोजनाको ९२.४५ प्रतिशत भौतिक प्रगति भएको छ। भेरिएशनसम्बन्धी विवादले निर्माण कार्य रोकिएको र निर्माण व्यवसायीले भुक्तानीसम्बन्धी दाबीको लागि अदालतमा रिट दिएको साथै २०८१।७।२२ पछि ठेक्काको म्यादसमेत समाप्त भएको छ। हाल उक्त पुल हस्तान्तरण नहुँदै सञ्चालनमा देखिएको र रिभर ट्रेनिङ, पोखरी तथा आइल्यान्ड निर्माणलगायतका कार्य अधुरो रहँदा ठेक्का फरफारख हुन सकेको छैन। समयमै विवाद समाधान र बाँकी कार्यसम्पादन गराई ठेक्का फरफारख तथा हस्तान्तरणको कार्य सम्पन्न गर्नुपर्दछ।

४३. **कन्टिन्जेन्सी खर्च -** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत समावेश गर्ने व्यवस्था छ। कन्टिन्जेन्सी रकमको व्यवस्थापन र नियन्त्रण गर्न मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरी लागु गरेको छ। सडक विभाग मातहतका ८८ कार्यालयबाट प्राप्त विवरणअनुसार कन्टिजेन्सी रकमबाट यो वर्ष रु.१ अर्ब ४८ करोड ६७ लाख ४९ हजार खर्च भएको छ।

(रु. हजारमा)

खर्च शीर्षक	खर्च रकम	खर्च शीर्षक	खर्च रकम
ज्याला तथा पारिश्रमिक	३५१६४७	इन्धन	१७३२०९
मर्मत सम्भार	१५८३४२	कार्यालय सामान तथा सूचना प्रकाशन	१७४४०७
दैनिक भ्रमण भत्ता	१४७६०३	खप्ने मालसामान खरिद	८८३१८
अन्य	३९३२२३	**जम्मा**	**१४८६७४९**

यो वर्ष कन्टिन्जेन्सीबाट खर्च बेहोर्ने गरी कार्यालयहरूले सुपरभाइजर नियुक्त गरेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेका छैनन्। एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तैः मर्मत सम्भार, दैनिक भ्रमणभत्ता, इन्धन, स्टेसनरी तथा छपाइ, सूचना प्रकाशन, मसलन्द, खप्ने र नखप्ने जिन्सी मालसामान खरिद तथा अन्य कार्यमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त खर्च एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मेल खाने देखिँदैन।

हुलाकी राजमार्ग आयोजना निर्देशनालय

तराईका २१ जिल्लामा पूर्व-पश्चिम ९७५ किलोमिटर र उत्तर-दक्षिण सहायक मार्ग करिब ८८२ किलोमिटरसहित १ हजार ८५७ किलोमिटर सडक तथा सो सडक खण्डमा पर्ने ३०० पुलको निर्माण गर्न यो आयोजना २०६६।६७ देखि सुरु भएको हो। सुरुमा आयोजनाको निर्माण कार्य २०७४।७५ मा सम्पन्न गर्ने रहेकोमा संशोधित कार्यतालिकाबमोजिम आयोजना अवधि २०८३।८४ सम्म कायम भएको छ।

४४. **लक्ष्य प्रगति** - आयोजनाको सुरु लागत रु.४७ अर्ब ६५ करोड अनुमान गरिएकोमा संशोधित लागत अनुमान रु.१ खर्ब १ अर्ब ६३ करोड रहेको छ। आयोजनाबाट प्राप्त विवरणअनुसार यो वर्ष ९२ किलोमिटर कालोपत्रे सडक, ९ पुल/कल्भर्ट निर्माण कार्य सम्पन्न भएकोसमेत आयोजना सुरु भएको १७ वर्षमा १ हजार ३५१ किलोमिटर कालोपत्रे सडक र १५१ पुल/कल्भर्टको निर्माण कार्य सम्पन्न भई भौतिक प्रगति ७२.७५ र वित्तीय प्रगति ७०.६८ प्रतिशत रहेको छ।आयोजनामा यो वर्षको रु.६ अर्ब ९७ करोडसमेत रु.७१ अर्ब ८४ करोड खर्च भएको छ। आयोजनाअन्तर्गत ४२ किलोमिटर सडक र ६० पुल/कल्भर्ट निर्माणाधीन अवस्थामा रहेको छ। संशोधित कार्यतालिकाअनुसार आयोजनाको कार्यसम्पन्न गराउनुपर्दछ।

४५. **ठेक्का व्यवस्थापन** - राजमार्गअन्तर्गत चितवन-नवलपरासी खण्डको करिब १०० किलोमिटर रेखाङ्कन अझै टुङ्गो नलागेको, कपिलवस्तु-दाङ जिल्लाको जङ्गल क्षेत्र, दाङ-बाँके जिल्लाको जङ्गल क्षेत्रसहित ३६४ किलोमिटर सडक र ८९ पुल तथा कल्भर्टको निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको छ। आयोजनाको कार्यतालिकाअनुसार बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

झापाको शान्तिनगरदेखि डडेल्धुराको रुपालसम्म ९५९ किलोमिटर सडक र १९८ पुल निर्माण कार्य गर्न २०७५।७६ सम्म सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रीपरिषद्को २०७५।२।६ को निर्णयबाट आयोजना निर्देशनालय स्थापना भई निर्माण कार्य हुँदै आएको छ।

४६. **लक्ष्य प्रगति -** यो आयोजना २०८०।८१ भित्र सम्पन्न गर्ने गरी सुरु लागत अनुमान रु.७५ अर्ब रहेकोमा हाल २०८४।८५ सम्म सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन प्रस्ताव पेस भएको छ। आयोजनाबाट प्राप्त विवरणअनुसार यो वर्ष ३० किलोमिटर कालोपत्रे सडक, ८ पुल निर्माण कार्य सम्पन्न भएको समेत यो वर्षसम्म ३७६ किलोमिटर सडक र १४४ पुलको निर्माण कार्य सम्पन्न भई भौतिक प्रगति ५५.६७ प्रतिशत रहेको छ। आयोजनामा यो वर्ष रु.३ अर्ब ५६ करोड ६१ लाखसमेत यस वर्षसम्म रु.४० अर्ब ५६ करोड ६१ लाख खर्च भएको छ। आयोजनाको २१५ किलोमिटर सडक तथा २१ पुल निर्माणाधीन अवस्थामा रहेको र ३६८ किलोमिटर सडक तथा ३३ पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको विवरण प्राप्त भएको छ। आयोजनाले कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्ने गरी बाँकी कार्यको ठेक्का व्यवस्थापन हुनुपर्दछ। आयोजनाको सडकको रेखाङ्कन, घर जग्गाको क्षतिपूर्ति तथा मुआब्जा वितरण कार्य र निर्माण स्थलको व्यवस्थापनसमेतका कार्य बाँकी रहेको देखिन्छ। संशोधित कार्यतालिकाअनुसार आयोजना सम्पन्न गर्नुपर्दछ।

४७. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२ख) बमोजिम सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी मूल्य समायोजनको सूत्र निर्धारण गर्नुपर्ने तथा सोही अनुसार खरिद सम्झौतामा उल्लेख गरी मूल्य समायोजन गर्नुपर्ने व्यवस्था रहेकोमा मदन भण्डारी राजमार्ग, योजना कार्यालय गुल्मीको एक ठेक्कामा ऋणात्मक मूल्य समायोजन गर्नुपर्नेमा बढी समायोजन गरी रु.३८ लाख ६४ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

मध्य पहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्ने उद्देश्यले पाँचथरको चियो भन्ज्याङदेखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ किलोमिटर सडक र १३७ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा सुरु भई २०७९।८० मा सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य रहेकोमा संशोधित कार्यतालिका बमोजिम २०८४।८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

४८. **लक्ष्य प्रगति -** आयोजनाको सुरु लागत अनुमान रु.३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत अनुमान रु.८४ अर्ब ३३ करोड रहेको छ। यो वर्ष ५८.८६ किलोमिटर कालोपत्रे सडक र ६ पुल निर्माण कार्य सम्पन्न भएकोसमेत आयोजना सुरु भएको १७ वर्षमा १ हजार ५१० किलोमिटर कालोपत्रे सडक र १११ पुलको निर्माण सम्पन्न भई भौतिक प्रगति ८१.७३ र वित्तीय प्रगति ८४.३१ प्रतिशत रहेको छ। आयोजनामा यो वर्ष रु.३ अर्ब १७ करोडसमेत यो वर्षसम्म रु.७२ अर्व ३४ करोड खर्च भएको छ। आयोजनाअन्तर्गत ३६९ किलोमिटर सडक र २६ पुल निर्माण हुन बाँकी रहेका छन्। संशोधित कार्यतालिकाअनुसार आयोजना सम्पन्न गर्नुपर्दछ।

४९. **सडक सीमाङ्कन** - सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सडकको केन्द्रदेखि दायाँबायाँ दुवैतिर बढीमा ३१ मिटर नबढाई सडक सीमा तोक्न सक्ने तथा दफा ३(क) मा सडक सीमा नतोकिएको सडकको हकमा सडकको किनाराबाट दायाँबायाँ ६/६ मिटर सडक सीमा हुने उल्लेख छ। आयोजनाको सबै खण्डको सडकसीमा (राइट अफ वे) तोकिएको छैन। सडकसीमा निर्धारण गरी यातायात आवागमन व्यवस्थित एवं सुरक्षित बनाउनुपर्दछ।

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

भारतीय एक्जिम बैङ्कको ऋण सहायताबाट सञ्चालित योजनाको लागि परामर्शदाता छनोट, योजनाको सर्भेक्षण, लागत अनुमान स्वीकृति, सिफारिस तथा ठेक्कापट्टाको कार्य गराई मोबिलाइजेसन पेस्कीसमेत भुक्तानी गरी बाँकी कामको जिम्मेवारी मातहत योजना कार्यालयमा पठाउने गरेको छ। आयोजना समन्वय एकाइले सम्झौताअनुसार सहायता रकमको उपयोग र परिचालन गर्न सहजीकरण गर्ने, केन्द्रीय अभिलेख राख्ने र मातहतका योजना कार्यालयका निर्माण कार्यको व्यवस्थापन गर्ने गरेको छ।

५०. **प्रगति स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा तोकिएको लक्ष्यअनुसार कार्यसम्पन्न गरी प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले प्रथम चरणमा खरिद सम्झौता भएका सबै १२ आयोजना सम्पन्न, दोस्रो चरणमा भएका १७ खरिद सम्झौतामध्ये १३ सम्पन्न, ४ ठेक्का तोडिएका तथा तेस्रो चरणमा १३ खरिद सम्झौता भएकोमा ३ सञ्चालनमा रहेका, ७ सम्पन्न, २ खरिद सम्झौता अन्त्य भएका र १ सम्झौताको ठेक्का अन्त्यसम्बन्धी विवाद अदालती प्रक्रियामा रहेको छ। खरिद सम्झौता भएका १३ योजनाको विवरण निम्नानुसार छः

क्र.सं.	योजनाको नाम	कुल लम्बाइ (किलोमिटरमा)	सम्झौता रकम (अमेरिकी डलर मिलियन)	सम्झौता मिति	म्याद थप समेत सम्पन्न गर्नुपर्ने अवधि	यो वर्ष सम्मको खर्च (अमेरिकी डलर मिलियन)	यो वर्षसम्मको भौतिक प्रगति
१	भेडेटार-रवि-राँके सडक	१००.३७	३२.६२	१९ नोभेम्बेर २०१८	१५ जून २०२६	१७.८६	६९
२	लामोसाँघु-तामाकोशी-जिरी सडक (चरिकोट जिरीखण्ड)	५५.४४	१९.४३	१९ नोभेम्बेर २०१८	१४ मार्च २०२२	१८.८३	सम्पन्न
३	सेलेघाट-रामेछाप-साँघुटार सडक	४९.८२	१५.९२	२८ सेप्तेम्बेर २०२०	२३ जून २०२६	९.१८	६०.१५
४	उत्तर-दक्षिण कालीगण्डकी कोरिडोर सडक (गैंडाकोट रामपुर पिपल डाँडा खण्ड)	१३१.७	५२.६४	१९ नोभेम्बर २०१८	२९ नोभेम्बर २०२३	४७.४६	सम्पन्न
५	सहजपुर-बोग्तान-दिपायल सडक	५०.०२	२२.०४	५ डिसेम्बर २०१८	८ जून २०२३	२१.१४	सम्पन्न
६	बर्दिवास-जलेश्वर सडक, जलेश्वर शहरी सडक, सिरहा शहरी सडक, राजविराज शहरी सडक	८९.६	२२.९९	५डिसेम्बर २०१८	१९ जनवरी २०२४	२१.५४	सम्पन्न
७	वसतपुर-कटहरिया-कवाहिगोथ पिप्रदी सडक, मलंगवा शहरी सडक	४१.११	८.६५	६ डिसेम्बर २०१८	-	२.१७	ठेक्का अन्त्य
८	चन्द्रौटा-कृष्णनगर सडक, कृष्ण नगर शहरी सडक	२०	८.५९	२५ जनवरी २०१९	४ फेब्रअरी २०२३	८.३८	सम्पन्न
९	गण्डक नहर सडक	६१.९२	११.१०	२५ जनवरी २०१९	११ नोभेम्बर २०२३	९.९६	सम्पन्न
१०	महेन्द्र राजमार्ग-गुलरिया-झनवा सडक, नेपालगन्ज शहरी सडक	४१.१९	९.०४	२५ जनवरी २०१९	२ अप्रिल २०२३	८.९०	सम्पन्न
११	लमही-घोराही-तुलसीपुर सडक	२८.२८	१२.१८	२८ जनवरी २०१९	-	०.५२	ठेक्का अन्त्य

क्र.सं.	योजनाको नाम	कुल लम्बाइ (किलोमिटरमा)	सम्झौता रकम (अमेरिकी डलर मिलियन)	सम्झौता मिति	म्याद थप समेत सम्पन्न गर्नुपर्ने अवधि	यो वर्ष सम्मको खर्च (अमेरिकी डलर मिलियन)	यो वर्षसम्मको भौतिक प्रगति
१२	पन्थडिही-कटहरे-हर्मी-साहिलटार सडक	२०.३६	७.०३	२७ फेब्रुअरी २०२३	१२ सेप्टेम्बर २०२५	५.०९	७३.३०
१३	बारदुला-भीमगिठे सडक	७३.६		१ मार्च २०१९	-	०.००	०.००
	जम्मा	**७६३.४१**	**२२२.२३**			**१७०.७३**	

सम्झौताबमोजिमका कार्यक्रमहरू तोकिएको समयमा सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

५१. **ऋण सहायताको उपयोग -** नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मार्फत सहुलियतपूर्ण ऋण र अन्य ऋणलाई भौतिक पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिएको छ। सडक सुधार तथा विकास आयोजनाअन्तर्गत सम्झौता भएका ४ चरणमध्ये प्रथम चरणमा १२ खरिद सम्झौतामा अमेरिकी डलर ५० मिलियनको सम्झौता भएकोमा ४७.०३ मिलियन खर्च भई ९४.०६ प्रतिशत, दोस्रो चरणमा १७ खरिद सम्झौतामा ७४.७२ मिलियन सम्झौता भएकोमा ६०.४२ मिलियन खर्च भई ८०.८६ प्रतिशत, तेस्रो चरणमा १३ खरिद सम्झौतामा ३५० मिलियन सम्झौता भएकोमा १६०.२ मिलियन खर्च भई ४५.७७ प्रतिशत वित्तीय प्रगति भएको छ। उक्त ऋणको वार्षिक ब्याजदर प्रथम चरणका लागि १ प्रतिशत, दोस्रो चरणका लागि १.५० प्रतिशत र तेस्रो तथा चौथो चरणका लागि २ प्रतिशत भएकाले वार्षिक ब्याजदर बढ्दै गएको र अपेक्षित वित्तीय प्रगति हुन सकेको छैन। खरिद सम्झौताको कार्यान्वयन गरी प्राप्त ऋण सहायता प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

५२. **घटी कर दायित्व-** भेडेटार-रवि-राँके सडकको स्तरोन्नति कार्य अमेरिकी डलर ३ करोड २६ लाख १९ हजारमा गर्ने गरी एक विदेशी निर्माण कम्पनीसँग १९ नोभेम्बर २०१८ मा खरिद सम्झौता भएको छ। सम्झौताको अनुसूचीमा बिल अफ क्वान्टिटीअनुसारको रकम ठेक्काको आवेदन दिने अन्तिम मितिबाट ३० दिन अगाडिको २५ सेप्टेम्बर २०१८ को विनिमय दर रु.११२.१६ ले गणना गरी अमेरिकी डलरमा भुक्तानी हुने उल्लेख छ। खर्च लेखाङ्कन हालको विनियम दरको आधारमा भएकोमा मूल्य अभिवृद्धि कर र अग्रिम आयकर सम्झौताबमोजिम निश्चित गरिएको दरमा गणना हुँदा वास्तविक प्राप्त रकमभन्दा मूल्य अभिवृद्धि कर बीजकमा न्यून विजकीकरण हुन गएको देखिन्छ। योजना कार्यालयले यो वर्ष भुक्तानी गरेका बिलबाट मूल्य अभिवृद्धि कर रु.१ करोड ३१ लाख २१ हजार, अग्रिम आयकर रु.१५ लाख १४ हजार घटी दाखिला हुने तथा निर्माण व्यवसायीको व्यवसायिक आयमा समेत रु.१० करोड ९ लाख ३४ हजार घटी अभिलेख हुने देखिन्छ। वैदेशिक सहायतामा आधारित आयोजनाहरूको ठेक्का सम्झौता गर्दा विशेष छुट दिएको अवस्थामा बाहेक कर कानुनका आधारभूत विषयहरू परिपालना हुनेगरी सम्झौता हुनुपर्दछ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

एसियाली विकास बैङ्कको ऋण सहायतामा सञ्चालित सडक योजनाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न यस निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयअन्तर्गत तीन सडक सुधार योजना सञ्चालित छन्।

५३. **प्रगति स्थिति** - खरिद सम्झौतामा उल्लेख भएअनुसारको अवधिमा निर्माण कार्यसम्पन्न गर्नका लागि आवश्यक पर्ने स्रोत साधनको पर्याप्त प्रबन्ध गरी निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ।

निर्माण कार्यसम्पन्न गर्न आवश्यक पर्ने जनशक्ति, निर्माण सामग्री र मेसिन उपकरणको व्यवस्थाको सुनिश्चितता, सोको कार्यान्वयन र अनुगमनका साथै, निर्माण स्थलको व्यवस्था गरी खरिद व्यवस्थापन गर्नुपर्नेमा सोको पर्याप्त विश्लेषण र प्रबन्ध नगरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ। कार्यान्वयनमा रहेका आयोजनाको स्थिति निम्नानुसार छः

क्र.सं.	ठेक्का विवरण	आयोजनाको कुल लक्ष्य (कि.मि.)	२०८१।८२ सम्म व्यतीत अवधि प्रतिशत	भौतिक प्रगति प्रतिशत
१	नारायणघाट-बुटवल सडक योजना पूर्वीखण्ड	६४.४३५	८६.८१	६९.३३
२	नारायणघाट-बुटवल सडक योजना पश्चिमखण्ड	४८.५३५	८६.८१	६९.०३
३	कञ्चनपुर-कमला सडक योजना पूर्वीखण्ड	३९.४२	८४.७२	६१.०२
४	कञ्चनपुर-कमला सडक योजना पश्चिमखण्ड	४७.४०	८४.७२	६५.२२
५	मुग्लिङ-पोखरा सडक योजना पूर्वीखण्ड	४१.४५	९४.७४	८५.१७
६	मुग्लिङ-पोखरा सडक योजना पश्चिमखण्ड	३८.८८	९५.१४	५५.६७
७	काकडभिट्टा-लौकही सडक पूर्वीखण्ड प्याकेज १	४५	५२.५	२३.३६
८	काकडभिट्टा-लौकही सडक पूर्वीखण्ड प्याकेज ४ (निन्दा, बिरिङ्ग र कन्काइ पुलहरू)	३ वटा	५२.५	१९.९६
९	काकडभिट्टा-लौकही सडक पश्चिमखण्ड प्याकेज २	४०	५२.५	२५.६१
१०	काकडभिट्टा-लौकही सडक पश्चिमखण्ड प्याकेज ३	१०.७६	५२.५	११.८५
११	काकडभिट्टा-लौकही सडक पश्चिमखण्ड प्याकेज ५ (रतुवा, वक्राहा र लोहन्द्रा पुलहरू)	३ वटा	५२.५	२९.०८

उल्लिखित आयोजनामा परामर्श सेवा र सम्झौता अवधिको तुलनामा निर्माण कार्यको प्रगति न्यून रहेको छ। निर्देशनालयले न्यून प्रगति हुनुका कारण पहिचान गरी निर्धारित समयभित्र कार्यसम्पन्न गराउनुपर्दछ।

५४. **परामर्श सेवा खर्च -** नारायणगढ-बुटवल सडक खण्डका लागि परामर्शदाताको सुरु अवधि ४८ महिनाको लागि २३ मे, २०१७ मा खरिद सम्झौता गरेकोमा चौथो भेरिएशनपश्चात् कायम भएको १०४ महिनामध्ये ९६ महिनाको लागि यो वर्षसम्म निर्देशनालयले अमेरिकी डलर ३४ लाख ८८ हजार र स्थानीय मुद्रा रु.५३ करोड ५८ लाख भुक्तानी दिएको छ। कञ्चनपुर-कमला सडक खण्डका परामर्शदाताको सुरु अवधि ४२ महिना रहेकोमा भेरिएशनपश्चात् कायम भएको १११ महिनामध्ये ५१ महिनाको लागि यस वर्षसम्म अमेरिकी डलर १८ लाख ७२ हजार र स्थानीय मुद्रातर्फ रु.२६ करोड ५० लाख भुक्तानी भएको छ। काँकडभिट्टा-लौकही सडक खण्डको परामर्शदाताको सुरु अवधि ३६ महिना मध्ये १२ महिनाको लागि रु.१० करोड २९ लाख ७४ हजार र अमेरिकी डलर ५ लाख १ हजार ४८७ र मुग्लिङ-पोखरा सडक खण्डका परामर्शदाताको सुरु अवधि ४२ महिनामध्ये ३१.४६ महिनाको लागि यस वर्षसम्म अमेरिकी डलर १८ लाख ३४ हजार र स्थानीय मुद्रा रु.२८ करोड ७६ लाख ४९ हजार भुक्तानी भएको छ। निर्माण कार्यको अवधिअनुरूप अन्तर्राष्ट्रिय परामर्शदाताबाट सेवा लिए तापनि समयबद्ध सम्झौतालाई नतिजासँग आबद्ध गर्न नसक्दा परामर्श सेवामा बढी खर्च गर्नु परेको स्थिति छ। वास्तविक अवधिको पुष्टि हुने प्रमाणको आधारमा सेवा शुल्क भुक्तानी दिने र निर्माण कार्यको कार्यान्वयनमा परामर्शदातालाईसमेत जिम्मेवार बनाई उक्त खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

५५. **विदेशी मुद्रा भुक्तानी-** निर्माण कार्यका लागि विदेशबाट निर्माण सामग्री, विदेशी जनशक्ति वा मेसिन उपकरण खरिद वा भाडामा आयात गर्दा विदेशी मुद्रा आवश्यक पर्ने अवस्थामा बोलपत्र कागजातको आई.टी.बी. १५.३ मा तीन वटासम्म विदेशी मुद्रामा कबोल गर्न सकिने व्यवस्था छ। निर्देशनालय अन्तर्गत सञ्चालित खरिद सम्झौतामा निर्माण व्यवसायीले कबोल गरेको दर तथा सम्झौता रकम नेपाली मुद्रामा रहेको छ। निर्माण व्यवसायीलाई विदेशी मुद्रामा भुक्तानी दिनुपर्ने आधार बेगर नारायणगढ-बुटवल सडकको पूर्वी खण्ड र मुग्लिङ-पोखरा सडकको पश्चिम खण्डमा ४० प्रतिशत र मुग्लिङ-पोखरा सडकको पूर्वी खण्डमा ६० प्रतिशत, कञ्चनपुर-कमला राजमार्ग पूर्व र पश्चिम खण्डमा ४० प्रतिशत, काकडभिट्टा लौकही सडक प्याकेज-१ मा ५० प्रतिशत तथा प्याकेज ४ र ५ मा ३० प्रतिशत अमेरिकी डलरमा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। आधार स्पष्ट गरी वैदेशिक मुद्रामा भुक्तानी दिनुपर्दछ।

५६. **म्याद थप -** आयोजना निर्देशनालयले नारायणगढ-बुटवल पूर्वी र पश्चिम खण्ड, मुग्लिङ-पोखरा सडक पूर्वी र पश्चिम खण्ड तथा कञ्चनपुर-कमला राजमार्ग पूर्वी र पश्चिम खण्ड स्तरोन्नति कार्यको सम्झौता गरेको छ। निर्देशनालयले कोभिड-१९, निर्माण सामग्रीको अभाव, विद्युतका पोल स्थानान्तरणमा समस्या, रुख कटानको निर्णयमा ढिलाइ, वर्षालगायतका कारणले काम गर्न नपाएको जनाई निम्न ५ ठेक्कामा पटक-पटक गरी ६७२ दिनदेखि १ हजार ४४६ दिनसम्म म्याद थप गरेको छ। सम्झौताको सुरू अवधिमा कार्य सम्पन्न नभएको कारण समय र लागत बढ्दै गएको तथा नागरिकले गुणस्तरीय सेवा प्राप्त गर्न वञ्चित हुनु परेको अवस्था छ। तोकिएको समयभित्र कार्यसम्पन्न गराउन सम्झौताको सर्तअनुसार निर्माण व्यवसायीलाई समेत थप जिम्मेवार बनाउनुपर्दछ।

क्र.सं.	ठेक्का विवरण	सम्झौता मिति	कार्यसम्पन्न गर्नु पर्ने सुरु मिति	म्याद थप पश्चात् कार्य सम्पन्न गर्नुपर्ने मिति	अवधि थप दिन
१	नारायणगढ-बुटवल राजमार्ग (पूर्वी खण्ड)	१९ डिसेम्बर २०१८	७ अगस्त २०२२	२३ जुलाई २०२६	१४४६
२	नारायणगढ-बुटवल राजमार्ग (पश्चिम खण्ड)	१९ डिसेम्बर २०१८	७ अगस्त २०२२	२१ जुलाई २०२६	१४४४
३	मुग्लिङ-पोखरा सडक (पश्चिम खण्ड)	२५ जुन २०२०	२८ अक्टोबर २०२३	३१ डिसेम्बर २०२५	७९५
४	कञ्चनपुर-कमला राजमार्ग (पूर्वी खण्ड)	१७ जनवरी २०२१	१४ अप्रिल २०२४	३० जुन २०२६	८०७
५	कञ्चनपुर-कमला राजमार्ग (पश्चिम खण्ड)	१७ मे २०२१	२८ अगस्त २०२४	३० जुन २०२६	६७२

५७. **आय कर** - नारायणगढ-बुटवल, मुग्लिङ-पोखरा, कञ्चनपुर-कमला र काकडभिट्टा-लौकही सडक खण्डका प्याकेजहरूका निर्माण व्यवसायीसँगको ठेक्का सम्झौताको सामान्य सर्त १.१३ मा विशेष सर्तमा उल्लेख भए बाहेक करारको पालना गर्दा सम्झौतामा नेपालको प्रचलित कानुन लागु हुने उल्लेख छ। आयकर ऐन, २०५८ को दफा ८९(३) मा कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करारअन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने साथै दफा ६८(३) बमोजिम गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनले विदेश पठाएको आयमा दफा ३ को खण्ड (ख) बमोजिम ५ प्रतिशत कर लाग्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई भुक्तानी गरेको रकममा कर दायित्व फरफारख प्रमाण बेगर यो वर्ष भुक्तानी गरेको अमेरिकी डलर ७१ लाख १४ हजारसमेत यो वर्षसम्म अमेरिकी डलर २ करोड ४८ लाख ३८ हजार विदेशको बैङ्क खातामा पठाएको छ। गत विगतको कर रकमसमेत यकिन गरी असुल गर्नुपर्दछ।

५८. **मूल्य समायोजन -** कञ्चनपुर-कमला सडक योजना पूर्वी र पश्चिम खण्डको खरिद सम्झौतामा अमेरिकी डलरतर्फ भुक्तानी हुने रकमको हकमा चीनस्थित एक ब्युरोले प्रकाशित गरेको मूल्यसूचीलाई आधार लिइने उल्लेख छ। हाल उक्त ब्युरोले सूचकाङ्क प्रकाशन गर्न बन्द गरेको जनाई परामर्शदाताले नेपाल

राष्ट्र बैङ्कद्वारा प्रकाशित सूचकाङ्कको आधारमा भुक्तानी दिन सिफारिस गरेअनुसार निर्देशनालयको २०८०।१।२७ को निर्णयबाट यो वर्ष भुक्तानी भएको रु.८ करोड ५५ लाख १६ हजारसमेत यो वर्षसम्म रु.३५ करोड ८५ लाख ६ हजार मूल्य समायोजन भुक्तानी गरेको छ। नेपाल र चीनको मूल्यवृद्धि र अमेरिकी डलरसँगको विनिमय दर फरक हुने अवस्थामा सोको विश्लेषण नगरी नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित सूचकाङ्कलाई आधार लिई भुक्तानी गर्न मिल्ने यथार्थ आधार पेस गर्नुपर्दछ।

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

त्रिभुवन राजमार्गको नौबिसे-काठमाडौं खण्डमा पर्ने नागढुङ्गा भन्ज्याङमुनिको सिस्नेखोलादेखि काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं.३ सम्मको २ हजार ६८८ मिटर लामो सुरुङ निर्माण र सोको पश्चिमतर्फ ५६५ र पूर्वतर्फ २ हजार ३०७ मिटरको पहुँच सडक निर्माण गरी सडक यातायात सुधार गरी नागढुङ्गा आसपासमा रहेको सवारी चापलाई कम गर्ने उद्देश्य रहेको छ। सुरुङ मार्ग निर्माणको लागि जापान सरकारसँग २२ डिसेम्बर २०१६ मा ऋण सम्झौता भई यो आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ। एक विदेशी निर्माण कम्पनीसँग जापानी येन १३ अर्ब २९ करोड ८० लाख १३ हजारको कार्य ४२ महिनाभित्र सम्पन्न गर्ने गरी २३ सेप्टेम्बर २०१९ मा सम्झौता भएकोमा यो वर्षसम्म मूल्य समायोजन रकमसमेत रु.७ अर्ब ४८ करोड ४३ लाख, अमेरिकी डलर ६५ लाख ७० हजार र जापानी येन ७ अर्ब १८ करोड ४८ लाख भुक्तानी भएको छ।

५९. **समग्र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाबाट प्राप्त विवरणअनुसार २ हजार ६८८ मिटर सुरुङ मार्ग र २ हजार ५५७ मिटरको आपतकालीन उद्धार सुरुङ (इभ्याकुएसन टनेल) खन्ने कार्य सम्पन्न भई ९० प्रतिशत भौतिक प्रगति भएको छ। रोड साइट सर्भिस सेन्टर कार्य सुरु हुन नसकेको र पश्चिम खण्डमा पहिरोको रोकथामको कार्य बाँकी रहेको छ। तोकिएको समय र लागतमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

६०. **जग्गा अधिग्रहण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गर्नुपर्ने उल्लेख छ। आयोजनाका लागि अधिग्रहण गर्नुपर्ने ३७० रोपनीमध्ये ३५४ रोपनी जग्गा अधिग्रहण गरी क्षतिपूर्तिबापत रु.५ करोड ६८ लाख ७ हजार र मुआब्जामा रु.६ अर्ब २३ करोड ७७ लाख ६५ हजारसमेत रु.६ अर्ब २९ करोड ४५ लाख ७२ हजार खर्च भएको छ।

सुरुङको पश्चिमतर्फ धादिङ जिल्लामा निर्माण हुने रोड साइड सर्भिस स्टेशनको लागि आवश्यक ४० रोपनी जग्गामध्ये २६ रोपनी ८ आना १ पैसा २ दाम जग्गा अधिग्रहण गरी रु.१८ करोड ९९ लाख ९० हजार मुअब्जा भुक्तानी भएकोमा १३ रोपनी ३ पैसा जग्गा २०३५ सालमा नापी फिल्ड बुकमा त्रिभुवन राजपथको चौडाइ २५ मिटर रहेअनुसार सडकको अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। तत्कालीन सरकारको २०५०।३।३ को निर्णयअनुसार उक्त जग्गा विभिन्न व्यक्तिको नाममा दर्ता भएकोले अधिग्रहण हुन सकेको छैन। खरिद सम्झौता पश्चात् निर्माणको चरणमा रहेको रोड साइड सर्भिस सेन्टरको कार्य पछि गराउँदा लाग्ने थप लागत सम्बन्धमा विश्लेषण नगरी जग्गा विवादको कारण जनाई आयोजनाले रु.१३ करोड ९३ लाख ६५ हजारको रोड साइट सर्भिस सेन्टरको कार्य हाल नगर्ने गरी

बिल अफ क्वान्टिटिबाट हटाउने निर्णय गरेकोले उक्त सर्भिस सेन्टर निर्माण हुन सकेको छैन। रोड साइट सर्भिस सेन्टर निर्माणको लागि वितरण गरेको मुआब्जा रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

६१. **सुरुङ सञ्चालन -** सुरुङ मार्ग निर्माण कार्यको अवधि अक्टोबर २०२५ सम्म रहेको र २०८२ पौष सम्मको भौतिक प्रगति ९७ प्रतिशत रहेको छ। सोहीअनुसार मन्त्रालयले २०८१।९।४ मा साविकको नागढुङ्गा सुरुङमार्ग आयोजनालाई नै सुरुङ व्यवस्थापन कार्यालयको रूपमा विकास गर्ने र त्यसका लागि आवश्यक आर्थिक स्रोत आगामी वर्ष मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत व्यवस्था गर्ने निर्णय गरेको छ। सोही व्यवस्थाअनुसार हाल सेवा प्रदायक छनोट प्रक्रियामा रहेकोले यथाशीघ्र सञ्चालनमा ल्याउनुपर्दछ।

रेल विभाग

रेल सेवाको विकास र विस्तार गरी नेपालमा सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणाली विकास गर्ने, रेल सेवासम्बन्धी अनुसन्धान र विकासको कार्य गर्ने, रेल सेवा विस्तार गर्न सम्भाव्य भएका ठाउँहरूको अध्ययन गर्ने उद्देश्यले २०६८ मा रेल विभागको स्थापना भई सो मातहत रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना सञ्चालनमा आएको छ। यो वर्ष विभाग तथा मातहतका निकायको लागि रु.२ अर्ब १८ करोड ६३ लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब ४ करोड ६८ लाख खर्च भएको छ।

६२. **समग्र प्रगति-** आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार पूर्व-पश्चिम रेल मार्गको लम्बाई ९२५ किलोमिटर र लिङ्कमार्ग समेत १ हजार ३ किलोमिटर विद्युतीय रेल्वे ट्र्याक स्टयाण्डर्ड गेजमा निर्माण गर्न आवश्यक पर्ने जग्गाको मुआब्जा र निर्माण कार्यमा रु.९ खर्ब ५५ अर्ब २२ करोड लाग्ने अनुमान भएकोमा यो वर्ष रु.७७ करोडसमेत यो वर्षसम्म रु.३४ अर्ब २२ करोड (३.५८ प्रतिशत) खर्च भएको छ। आर्थिक वर्ष २०८१।८२ सम्म पूर्व-पश्चिम, काठमाडौं-पोखरा-तराईलगायतका दक्षिणी सीमाबाट महत्त्वपूर्ण औद्योगिक, व्यापारिक केन्द्र र प्रादेशिक प्रशासनिक केन्द्रहरूलाई पूर्व-पश्चिम एवं काठमाडौं-तराई रेल सञ्जालसँग आबद्ध गर्न २०९ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्र्याक निर्माण गर्ने लक्ष्य रहेकोमा २०८१ असार मसान्तसम्म जनकपुर-जयनगरसम्म ५१ किलोमिटर र जोगबनी-बथनाहा-विराटनगर खण्डमा १० किलोमिटर रेलमार्ग निर्माण भएकोमा यस वर्ष कुनै प्रगति भएको छैन। बर्दिबास-निजगढ खण्डको ७० किलोमिटरमध्ये ६८ किलोमिटर ट्र्याकबेड र १६ पुल निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौं उपत्यकाभित्र ७७ किलोमिटर मेट्रोरेलको सम्भाव्यता अध्ययन भएको छ। अन्तरदेशीय रेलमार्गको रूपमा जलपाइगुडी-काँकडभिट्टा, नौतनवा-भैरहवा, नेपालगन्ज रोड-नेपालगन्ज रेलमार्गको निर्माण गरी रेलसेवा सञ्चालन गर्ने लक्ष्य रहेकोमा प्रगति भएको छैन। आवधिक योजनाको लक्ष्य र कार्यक्रमबीच तादात्म्यता कायम गरी लक्ष्य हासिल गर्नुपर्दछ।

६३. **पूर्व-पश्चिम रेलमार्ग** - झापाको काकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्म ९२४.९४ किलोमिटर र लिङ्कमार्गहरूसमेत १ हजार ३ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणको लागि २०६५।६६ मा आयोजनाको सुरुवात भएकोमा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। अध्ययन प्रतिवेदन बमोजिम २०७६ सालको लागत अनुमानअनुसार कुल लागत रु.९ खर्ब ५५ अर्ब २२ करोड रहेको छ। यो आयोजना २०८६।८७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६८ किलोमिटर ट्र्याकवेड तथा १६ पुल निर्माण सम्पन्न भएको छ। ५५३ बिघा जग्गाको मुआब्जा वितरण भई यो वर्ष

रु.७७ करोडसमेत रु.३४ अर्ब २२ करोड खर्च भएको छ। उपयुक्त लगानी मोडलको सुनिश्चितता नहुनु, जग्गा प्राप्तिमा रहेका समस्या, रेलसम्बन्धी जनशक्तिको अभाव लगायतका समस्याका कारण आयोजनाको समय र लागत बढ्दै जाने अवस्था देखिएको छ। लगानी मोडालिटी तय गरी समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

६४. **मुआब्जा पेस्की** -जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्षसम्म १ हजार ३७० बिघा जग्गा प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालय झापा, सुनसरी, मोरङ, धनुषा, सर्लाही, महोत्तरी र रौतहटलाई यो वर्ष रु.४ करोड ९८ लाखसमेत यो वर्षसम्म रु.८ अर्ब ५१ करोड ६४ लाख २ हजार पेस्की उपलब्ध गराएकोमा ५५३ बिघा जग्गाको मुआब्जा वितरण र फिर्तासमेत रु.४ अर्ब ६४ करोड ६६ लाख ३९ हजार फस्यौंट भई रु.३ अर्ब ८६ करोड ९७ लाख ६३ हजार बाँकी रहेको छ। जिल्ला प्रशासन कार्यालयहरूले उक्त रकम विविध खातामा मौज्दात राखेको देखिन्छ। सो रकम सञ्चितकोष दाखिला हुनुपर्दछ।

६५. **कार्यसञ्चालन कोष** - रेल विभागले जिल्ला प्रशासन कार्यालय, धनुषालाई विभिन्न समयमा उपलब्ध गराएको पेस्की रकममध्ये बाँकी रहेको रु.२६ करोड १६ लाख ६१ हजार रेल विभागको कार्यसञ्चालन कोषमा र जिल्ला प्रशासन कार्यालय सुनसरीले रु.२९ करोड ९५ लाख र झापाले रु.५८ करोडसमेत रु.८७ करोड ९५ लाख पेस्की रेल योजना कार्यालय झापाको कार्यसञ्चालन कोषमा जम्मा गरेको छ। मुआब्जा वितरण गर्ने कार्य अनिश्चित देखिएकोले सो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

६६. **जग्गा प्राप्ति** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था, वातावरणीय अध्ययन तथा बजेटको सुनिश्चितता नगरी बोलपत्र आव्हान गर्न नहुने व्यवस्था रहेको छ। मेची-महाकाली विद्युतीय रेलमार्गको संरचना निर्माणका लागि वनक्षेत्रको जग्गा भोगाधिकार उपलब्ध गराउने र २०७८।७९ भित्र रुख विरुवा हटाउने गरी वन तथा भू-संरक्षण विभाग र रेल विभागबिच सम्झौता भएको छ। आयोजनाले निजी तथा ऐलानी जग्गातर्फ २०७ बिघा १५ कठ्ठा १२ धुर क्षेत्रफलको १ हजार ४६७ कित्ता जग्गा प्राप्त गर्नुपर्नेमा हालसम्म १४ बिघा १६ कठ्ठा ४ धुर क्षेत्रफलको १०९ कित्ता जग्गा प्राप्ति गर्न बाँकी रहेको छ। बर्दिवास-चोचा खण्डको ७० किलोमिटर मध्ये १ किलोमिटर क्षेत्रमा रहेको ४ ठेक्काको ५ चेनेजमा निजी तथा ऐलानी जग्गाहरूमा स्थानीय अवरोध तथा विवादको कारणले रेलको ट्र्याकबेड निर्माण कार्य अबरुद्ध भएको कारण आयोजनाको अवधि लम्बिन गएको छ। सो सम्बन्धमा आवश्यक निर्णय गरी कार्यसम्पन्न गराउनुपर्दछ।

६७. **निर्माण सामग्री खरिद तथा उपयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष एक निर्माण व्यवसायीसँग ६ हजार घनमिटर बालास्ट (रेल्वे बेडमा राखिने कोर्स ग्राभेल) खरिद गरी रु.२ करोड ५२ लाख भुक्तानी गरेकोमा भारत सरकारबाट अनुदान प्राप्त भएको सामग्री प्रयोग भएको कारण देखाई खरिद भएको बालास्ट प्रयोगमा आएको छैन। खरिद भएका सामग्रीको सुरक्षित भण्डारण तथा उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र

सडक विभागअन्तर्गतका डिभिजन तथा योजना कार्यालय र सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य कार्यालयहरूबाट निर्माण गरिने भौतिक संरचनाहरूको गुणस्तर परीक्षण सेवा प्रदान गर्ने एवं सडक र नव प्रवर्तन (सुरुङ तथा वैकल्पिक यातायात) सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न यस केन्द्रको स्थापना भएको छ।

६८. **परामर्श सेवा -** केन्द्रले २०७४।७५ देखि २०८१।८२ सम्म ३४ आयोजनाको सम्भाव्यता अध्ययन गरी रु.९ करोड ६७ लाख १५ हजार खर्च गरेको छ। केन्द्रबाट प्रत्येक वर्ष सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार भए तापनि अध्ययन भएका योजना कार्यान्यवन भएको देखिएन। सम्भाव्य देखिएका योजना वा कार्यक्रमको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुका साथै कार्यान्वयन सुनिश्चितता हुनुपर्दछ।

६९. **फ्लाइओभर निर्माण** - ललितपुरको ग्वार्को चोकमा फ्लाइओभर निर्माणको लागि एक संयुक्त उपक्रमसँग २०८०।११।११ भित्र सम्पन्न गर्ने गरी २०७८।१०।२७ मा रु.१७ करोड ६ लाख ८८ हजारको खरिद सम्झौता भएको छ। निर्माण कार्य २०८१।९।८ सम्म सम्पन्न गर्ने गरी म्याद थप भएकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न भएको छैन। गत वर्षसम्म रु.७ करोड ७७ लाख ३४ हजार भुक्तानी भई ७३.३७ प्रतिशत भौतिक प्रगति भएकोमा यो वर्ष उक्त निर्माण कार्यको लागि खर्च भएको छैन। आर्थिक वर्षको अन्त्यसम्ममा सुपरस्ट्रक्चरसहितको ४ लेनको फ्लाइओभर निर्माण सम्पन्न भए तापनि सडक सुरक्षाका अन्य कार्य गर्न बाँकी देखिएको छ। निर्माण व्यवसायीले २०८२।३।२५ मा अन्तिम बिल पेस गरेको र निर्माण कार्यको हस्तान्तरण प्रमाणपत्र जारी गर्न कार्यालयमा निवेदन दर्ता गराएकोमा कार्यान्वयन भएको देखिएन। खरिद सम्झौता तथा कानुनी व्यवस्थाबमोजिम कारबाही गरी निर्माण कार्यसम्पन्न हुनुपर्दछ।

७०. **सुरुङ निर्माण** - पाल्पा जिल्लाको सिद्धबाबा क्षेत्रमा १ हजार १२६ मिटरको सुरुङ, ७८० मिटरको ३ बाइपास सुरुङ तथा रक सेड र १ हजार ५०० मिटर डबल लेन सडक निर्माण गर्ने कार्य २०८३।११।२५ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।११।२५ मा रु.७ अर्ब ३४ करोड २१ लाखको सम्झौता भएको छ। यो वर्ष साइट अफिस स्थापना तथा जनरल आइटमतर्फ बिमा, विस्तृत आयोजना प्रतिवेदन तयारी र ११ के.भी. विद्युतीकरण कार्य बापत रु.३४ करोड ४९ लाख २३ हजार र मुख्य तथा बाइपास टनेल निर्माणतर्फ रु.२ अर्ब ६६ करोड ५४ लाख २८ हजारसमेत १४ औं रनिङ बिलसम्मको रु.३ अर्ब १ करोड ३ लाख ५१ हजार भुक्तानी गरेको छ। प्राविधिक प्रतिवेदनअनुसार यो वर्ष मुख्य सुरुङ १ हजार ८९ मिटर, ३ वटा बाइपास सुरुङ क्रमशः १५१, १६१ र १३० मिटर खन्ने काम भएको तथा स्लोप प्रोटेक्सन कार्य भइरहेको छ। सम्झौता तथा कार्यतालिकाअनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७१. **आयकर** - आयकर ऐन, २०५८ को दफा ८९(३) मा कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्नुपर्ने तथा सोही ऐनको अनुसूची-१ को दफा २(६) मा विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरेको छ। यो वर्ष केन्द्रबाट एक गैरबासिन्दा व्यक्तिले एक ठेक्काबाट प्राप्त अमेरिकी डलर ५६ लाख ४९ हजार विदेशस्थित बैङ्क खातामा सोझै पठाएको छ। विदेश पठाएको अमेरिकी

डलरको आयकर ऐन, २०५८ को व्यवस्थाअनुसार ५ प्रतिशत आयकर लाग्ने देखिन्छ। सोअनुसार अमेरिकी डलर २ लाख ८२ हजार अर्थात् रु.३ करोड ८६ लाख ६१ हजार असुल गर्नुपर्ने आयकर यकिन गरी असुल गर्नुपर्दछ।

नेपाल पानीजहाज कार्यालय

वैकल्पिक यातायातको विकास एवं आन्तरिक र समुद्रसम्म जल यातायात एवं समुद्रमा नेपाली पानी जहाज सञ्चालन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ बमोजिम २०७५।११।२ मा जल यातायातको पूर्वाधार विकास, पानीजहाज तथा डुङ्गा दर्ता र सञ्चालन व्यवस्थापन तथा नियमन गर्ने प्रमुख जिम्मेवारी तोकी यस कार्यालयको स्थापना भएको हो। कार्यालयलाई यो वर्ष रु.६ करोड ७ लाख बजेट विनियोजन भएकोमा रु.२ करोड १५ लाख खर्च गरेको छ।

७२. **नीति तथा कार्यक्रम कार्यान्वयन** - सोह्रौं योजनाले जल यातायातको विकासमार्फत पर्यटन प्रवर्धन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन जलमार्गका पूर्वाधार विकास गर्ने, जलमार्ग तथा रज्जुमार्ग सम्भाव्यताका आधारमा सञ्चालन गर्न सुरक्षित तथा भरपर्दो व्यवस्थापनका लागि नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने रूपान्तरणकारी रणनीतिको रूपमा लिएकोमा कार्यालय स्थापना भएको ७ वर्षसम्म पनि जलयातायात विकास र विस्तार गर्न आवश्यक पर्ने कानुन तर्जुमा तथा कार्य योजना तयार भएको छैन। कानुनी तथा संरचनागत पूर्वाधार तयार गरी स्पष्ट मार्गचित्रसहित आर्थिक तथा प्राविधिक दृष्टिले सम्भाव्य कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

अन्य संस्था

सडक बोर्ड नेपाल

सडकको नियमित, पटके र आकस्मिक मर्मत, पुनः निर्माण, पुनर्स्थापना, स्तरवृद्धि र सडक दस्तुर सङ्कलन गर्ने उद्देश्यले सडक बोर्ड ऐन, २०५८ अनुसार यस बोर्डको स्थापना भएको हो।

७३. **वित्तीय स्थिति** - सडक बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
गैरचालु सम्पत्ति				
स्थिर सम्पत्ति	४८०६२९		१२४४२०	
अदृश्य सम्पत्ति	१३९५		१५५०	
पुँजीकार्य प्रगति	-		३७०७०१	
उपदान कोष	४१४२८		३९६३५	
कुल गैरचालु सम्पत्ति		**५२३४५२**		**५३६३०७**
चालु सम्पत्ति				
सडक मर्मतको लागि पेस्की	१४३७०३५		१९४५३०३	
धरौटी	७८५		७८५	
बैङ्क मौज्दात	१८५७२१२		३६४४०३१	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
नगद मौज्दात	-		५	
जम्मा चालु सम्पत्ति		**३२९५०३२**		**५५९०१२४**
जम्मा सम्पत्ति		**३८१८४८४**		**६१२६४३१**
कोष तथा दायित्व				
कोष अन्तिम मौज्दात	३७७६२१६		६०८५८५७	
गैर चालु दायित्व (अवकाश कोष)	४१४२८		३९६३५	
चालु दायित्व (फिर्ता हुने धरौटी)	८४०		९३९	
जम्मा कोष तथा दायित्व		**३८१८४८४**		**६१२६४३१**

७४. **सञ्चालन नतिजा** - बोर्डको आम्दानी र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
आम्दानी		
नेपाल सरकारबाट निकासा	४३७०००००	३६६५०००
ब्याज आम्दानी	६०४५२	१७७४८६
विविध आम्दानी	३०७१८	३२६१५
जम्मा आम्दानी	४४६११७०	३८७५१०१
खर्च		
सडक मर्मत सम्भार खर्च		
सडक विभाग	४७२६८०४	७५२६३९३
जिल्ला समन्वय समिति	३८७२३	६००
नगरपालिका	१३८१६३७	१२५०४२०
गाउँपालिका	५४२३९५	४९९६५७
बैङ्क कमिसन	४	९
बोर्ड प्रशासनिक खर्च	८१२४८	८४३६९
जम्मा खर्च	**६७७०८११**	**९३६१४४८**
न्यून/वचत वासलातमा सरेको	**२३०९६४१**	**५४८६३४७**

सडक बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५९ को नियम ४० मा नेपाल सरकारको स्रेस्ता प्रणालीबमोजिम लेखा राख्ने व्यवस्था रहेकोमा मिश्रित प्रकारको लेखा प्रणाली अवलम्बन गरेको हुँदा वित्तीय विवरणले बोर्डको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको सम्बन्धमा यकिन हुन सकिएन। सडक दस्तुर सङ्कलनका लागि विगत वर्षहरूमा भएका ठेक्का सम्झौताबमोजिम असुल गर्नुपर्ने दस्तुरको किस्ता, ब्याज र हर्जानासमेत रु.१५ करोड ७४ लाख १ हजार लिनुपर्ने हिसाबमा लेखाङ्कन नगरेको र बहुवर्षीय अवधिको कामको कार्यसम्पन्न प्रतिवेदनका आधारमा यो वर्ष जिल्ला समन्वय समितितर्फ रु. ३ करोड ८७ लाख २३ हजार, नगरपालिकातर्फ रु.१ अर्ब ३८ करोड १६ लाख ३७ हजार तथा गाउँपालिकातर्फ रु.५४ करोड २३ लाख ९५ हजार खर्च लेखाङ्कन गरेको छ।

बोर्डले वासलात, आय विवरण र नगद प्रवाह विवरणसहितको वित्तीय विवरण तयार गरे तापनि लेखाङ्कन नीति र व्याख्यात्मक टिप्पणीहरूको अभाव र लेखामानको आधार खुलाएको छैन। प्रचलित कानुनअनुरूप लेखाका मान्य सिद्धान्त र लेखामानबमोजिम लेखाङ्कन र प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।

७५. **मौज्दात -** सडक बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५९ को नियम ४० मा वोर्डको कारोबारको लेखा नेपाल सरकारको स्रेस्ता प्रणालीबमोजिम नगदमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ। बोर्डले यस वर्ष वासलातमा रु.२ अर्ब ३० करोड ९६ लाख ४१ हजार ऋणात्मक आम्दानी सारेको छ। नगद आधारमा लेखाङ्कन गर्दा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने हुँदा यसमा बोर्डले स्पष्टता गर्नुपर्ने देखिन्छ।

७६. **बोर्डको कार्यक्षेत्र -** सडक बोर्ड नियमावली, २०६० को नियम ७ बमोजिम सडकको पुनर्स्थापना, पुनर्निर्माण, स्तर वृद्धि र सडकको सुरक्षाका लागि आवधिक एकीकृत कार्यक्रम तर्जुमा गरेको छैन। यो वर्ष सडक मर्मत कार्यमा सङ्घीय कार्यालयहरूबाट रु.४ अर्ब ७२ करोड ६८ लाख ३ हजार, जिल्ला समन्वय समितीबाट रु ३ करोड ८७ लाख २३ हजार, नगरपालिकाहरूबाट रु.१ अर्ब ३८ करोड १६ लाख ३७ हजार र गाउँपालिकाहरूबाट रु.५४ करोड २३ लाख ९५ हजार खर्च भएको छ। निर्माण तथा मर्मत भएका सडकको मापदण्ड तथा गुणस्तर सम्बन्धमा बोर्डबाट अनुगमन हुनुपर्दछ।

७७. **पेस्की बाँकी -** स्थानीय तहसँगको समझदारीपत्रको बुँदा नं.११ मा चालु आर्थिक वर्षको आषाढ मसान्तभित्र खर्च नभई बाँकी रहेको रकम सडक बोर्डमा फिर्ता गर्नुपर्ने उल्लेख छ। बोर्डले स्थानीय तहलाई निकासा दिएको पेस्की रु. १९ करोड ९४ लाख ४० हजार र जिल्ला समन्वय समितिहरूलाई २०७२।७३ भन्दा अघि दिएको पेस्की रु.३ करोड ४० लाख १५ हजारसमेत रु.२३ करोड ३४ लाख ५५ हजार फिर्ता गरेको छैन। उक्त पेस्की बाँकी रकम असुल फर्स्यौट हुनुपर्दछ।

नेपाल रेल्वे बोर्ड

नेपालमा रेल्वेको विकास र विस्तार गरी सुरक्षित, स्तरीय, नियमित र भरपर्दो रूपमा रेल्वे सेवा सञ्चालन गर्ने गराउने उद्देश्यले नेपाल रेल्वे ऐन, २०७९ को दफा ३ अनुसार नेपाल रेल्वे बोर्डको स्थापना भएको छ।

७८. **कानुन निर्माण -** नेपाल रेल्वे ऐन, २०७९ को दफा ८८ मा नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने उल्लेख छ। यस वर्षसम्म सोसम्बन्धी नियमावली तर्जुमा नहुँदा बोर्डको कार्य सम्पादन प्रक्रिया, कर्मचारी व्यवस्थापन, कोष व्यवस्थापन, कार्यक्षेत्र र अन्तरनिकाय समन्वय जस्ता विषयमा स्पष्ट हुन सकेको छैन। बोर्डले नियमावली तयार गरी लागु गर्नुपर्दछ।

७९. **डेमु रेल हस्तान्तरण -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।९।२९ को निर्णयानुसार एक भारतीय कम्पनीसँग रु.१ अर्ब १ करोड ८३ लाख ९४ हजारमा खरिद गरेको दुई सेट डेमु रेल नेपाल रेल्वे कम्पनी लिमिटेडले सञ्चालन गरिरहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा एक सरकारी कार्यालयले अर्को सरकारी कार्यालयलाई जिन्सी हस्तान्तरण गर्दा मात्र लागु हुने तर पब्लिक कम्पनीमा हस्तान्तरण गर्न नसकिने तथा उक्त रेलको मूल्य कायम गरी कम्पनीलाई सरकारले बिक्री गर्न वा कम्पनीलाई सेयर वा ऋण बापत लगानी गर्न सकिने सम्बन्धमा अर्थ मन्त्रीस्तरबाट २०७८।१२।४ मा निर्णय भएकोमा हस्तान्तरित रेलको मूल्य ऋण वा सेयर रकममा समावेश गरेको छैन। रेल हस्तान्तरणको मूल्य, ऋण वा सेयर रकममा लेखाङ्कन गर्नुपर्दछ। रेलको २ बग्गी रेल विभागअर्न्तगत रहेकोले उक्त बग्गीसमेत हस्तान्तरण गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ।

८०. **बोर्डको कोष -** नेपाल रेल्वे ऐन, २०७९ को दफा ६०(१) मा बोर्डको आफ्नै छुट्टै कोष हुने त्यसमा नेपाल सरकारबाट प्राप्त रकम, विदेशी व्यक्ति सरकार अन्तराष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम, यात्री भाडा वा ढुवानी शुल्कबाट प्राप्त रकम, बोर्डको जग्गा लिज वा भाडामा दिए बापत प्राप्त रकम र बोर्डले आर्जन गरेको आय रकम जम्मा हुने उल्लेख छ। बोर्डले त्यस्तो कोष स्थापना गरी आय आर्जन गरेको देखिएन। ऐनको दफा ६०(२) ग बमोजिम यात्री भाडा वा ढुवानी शुल्कबाट रकम प्राप्त हुने उल्लेख भएकोमा हाल नेपाल रेल्वे कम्पनी लिमिटेडले यस्तो भाडा उठाउने गरेको छ। रेल भाडाबापत उठेको रकम कानुनबमोजिम जम्मा गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, कार्यक्रम संशोधन, समन्वयनकारी निकायबाट खरिद, मध्यस्तता, नर्म्सको परिमार्जन, खरिद पूर्वको तयारी, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, पूर्वनिर्धारित क्षतिपूर्ति, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन, बिमामा विविधतालगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १३१ निकायमा रु.७ अर्ब ४८ करोड ८० लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३८ करोड ४६ लाख ८३ हजार सम्परीक्षण भएकोले रु.७ अर्ब १० करोड ३३ लाख १७ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४८ करोड ८१ लाख ६६ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था २ तर्फ रु.१ करोड ६९ लाख १ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका बिषयमा नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण गर्ने, समाज कल्याण परिषद् र सरकारी एवं गैरसरकारी सङ्गसंस्थासँग समन्वय र सहजीकरण गर्ने तथा ती निकाय तथा संस्थाबाट भए गरेका काम कारबाहीको अनुगमन नियमन र मूल्याङ्कनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतमा सरकारी कार्यालय र सङ्गठित संस्थासमेत १० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रु.९३ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु लाखमा)

विनियोजन	राजश्व	धरौटी	अन्य	जम्मा
६५३६	४	६४	२७२२	९३२६

उल्लिखित लेखापरीक्षण रकममा प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रु.१९ करोड ६६ लाख समावेश छैन।

२. **अन्य संस्था** - यो वर्ष एक संस्थाको रु. १अर्ब ६० करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **आवधिक योजना** - सोह्रौं योजनामा लैङ्गिक समानता, शासकीय प्रबन्ध एवं नीतिगत सुधार, आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण, वाल अधिकार संरक्षण तथा प्रवर्धन, लक्षित समुदाय विशेष सामाजिक विकास तथा एकीकरण, ज्येष्ठ नागरिक सुरक्षा र संरक्षण, दलित सशक्तीकरण, लक्षित वर्ग समुदाय आत्मनिर्भर, तथ्यमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन मूल्याङ्कन प्रणाली स्थापना, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बाललबालिका लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापनलगायतका कार्यक्रम सञ्चालनमा रहेको छ। मन्त्रालय आफैंले गर्नुपर्ने र प्रगति प्रतिवेदन संयोजन गर्नुपर्ने दायित्व रहेका सूचकहरूको प्रगति अवस्था निम्नानुसार छः

क्र.सं.	नतिजा सूचक	इकाइ	आधार वर्ष २०७९।८० को अवस्था	२०८५।८६स म्मको लक्ष्य	२०८१।८२ सम्मको उपलब्धि
१.	लैङ्गिक विकास	सूचकाङ्क	०.८८५	०.९६७	०.८८५
२.	लैङ्गिक सशक्तीकरण	सूचकाङ्क	०.४६	०.५९	०.५६
३.	सामाजिक सशक्तीकरण	सूचकाङ्क	०.५८	०.६५	-
४.	जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	२३.४	२०	-
५.	सार्वजनिक सेवामा महिला प्रतिनिधित्व	प्रतिशत	२९.५	३५	२८.६
६.	घरजग्गामा महिलाको स्वामित्व	प्रतिशत	२३.८	३५	२३.८
७.	श्रम शक्तिमा महिलाको श्रम सहभागित दर	प्रतिशत	२६.३	३५	२१.९
८.	सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता	प्रतिशत	१३.७	२०	११
९.	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र	सङ्ख्या	२२५	७५३	२७३

१०.	मानव बेचबिखन पीडित प्रभावितहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला	सङ्ख्या	१०	१५	१०

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

उल्लिखित १० सूचकको २०७९।८० को तुलनामा २ सूचकको अवस्थामा केही सुधार देखिएको, ३ सूचकको उपलब्धि परिवर्तन नभएको, २ सूचकको उपलब्धि अवस्था प्राप्त नभएको र अन्य सूचकको उपलब्धि अवस्था न्यून देखिएको छ। आवधिक योजनाले लिएको लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्रको कार्यान्वयन र प्रगति अनुगमन गर्न २० सूचकको लागि मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। मन्त्रालयलाई तोकिएका लक्ष्यको प्रगति अवस्था देहायअनुसार छः

क्र.सं.	दिगो विकास लक्ष्य	परिमाणात्मक लक्ष्य	सन् २०३० को लक्ष्य	सन् २०१५ को आधार	सन् २०२५ को माईलस्टोन	सन् २०२५ सम्मको प्रगति अवस्था
१.	लक्ष्य- १	राष्ट्रिय गरीबी रेखामुनीका बालबालिका (५ वर्ष मुनिका प्रतिशत)	५	३६	१५.३	-
		सामाजिकसुरक्षा प्रणालीद्वारा समेटिएका जनसङ्ख्याको अनुपात	८०	८.१	५६	१२
		लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने राष्ट्रिय बजेटको अनुपात	४०	२२.३	-	४२.१६
२.	लक्ष्य- ५	समान कामका लागि समतामूलक ज्यालाको अनुपात	०.९२	०.६२	०.८७	०.६६
		लैङ्गिक असमानता सूचकाङ्क	०.०५	०.४९	०.२	०.४५
		लैङ्गिक सशक्तीकरण सूचकाङ्क	०.६९	०.५७	०.६६	०.६२
		श्रमशक्तिमा महिला र पुरुषको सहभागिता अनुपात	१	०.९३	०.९८	०.६१
		महिलाले घरायसी काममा खर्चेको औसत समय/ घण्टा	६	१४	-	१०
		सम्पत्तिमा महिलाको स्वामित्व	४०	२६	३५.३	२४
		महिला किशोरी तथा बालबालिका बेचबिखन	३२५	१६९७	४२५	८६४

स्रोतः राष्ट्रिय योजना आयोग

मन्त्रालय सम्बद्ध दिगो विकाससम्बन्धी लक्ष्यको लागि उल्लिखित २ मुख्य सूचकाङ्कमा २ उपसूचकको २०२५ को माइलस्टोन प्राप्त नभएको, एकको प्रगति प्राप्त हुन नसकेको, एक उपसूचकको प्रगति २०१५ को आधारभन्दा २०२५ को प्रगति न्यून देखाएको र ५ उपसूचकको प्रगति लक्ष्यभन्दा न्यून रहेको देखियो। लक्ष्य प्राप्त गर्ने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - मन्त्रालयको लागि २०८१।८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका ज्येष्ठ नागरिक संरक्षण, बाल संरक्षण तथा विकास, लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य, तथ्याङ्क विश्लेषण तथा प्रकाशन, महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण, मानव बेचबिखन तथा ओसारपसार, राष्ट्रपति महिला समुत्थानलगायतका कार्यक्रममा १८ क्रियाकलापको लागि विनियोजित रु.१६ करोड ८८ लाख ९४ हजार कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

६. **बजेट र खर्च** - मन्त्रालयका लागि यस वर्ष विनियोजन भएको बजेट खर्चको अवस्था निम्नानुसार छः

(रु लाखमा)

क्र.सं.	शिर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
१	चालु	६९,६३	६९,२७	४३,७८	६३.२०
२	पुँजीगत	६१,०६	६१,०६	२१,५८	३५.३४
	जम्मा	**१,३०,६९**	**१,३०,३३**	**६५,३६**	**५०.१५**

समग्रमा बजेटको तुलनामा ५०.१५ प्रतिशत खर्च भएकोमा पुँजीगततर्फ ३५.३४ प्रतिशत खर्च भएको छ।

७. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा अन्य सहायताको विवरण पुस्तिका २०८१।८२ अनुसार मन्त्रालयको महिला समुत्थान परियोजनाको लागि अमेरिकी डलर १ हजार ५०० र ग्रीन ग्रोथ परियोजनाको लागि अमेरिकी डलर ३६ हजार ३०५ अर्थात् रु.७ करोड ७७ लाख ७८ हजार प्राप्त हुने उल्लेख भएकोमा उक्त सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। सबै सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

८. **कार्य जिम्मेवारी -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयलाई विभिन्न १२ क्षेत्रमा कार्य तोकिएको छ। कार्य जिम्मेवारीअनुसार लैङ्गिक समानता नीति कार्यान्वयनका लागि लैङ्गिक समानता ऐन, पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानुन/मापदण्ड, मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, राष्ट्रिय ज्येष्ठ नागरिक नीतिलगायत आवश्यक कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्ड तयार गरी तोकिएका कार्यहरू सम्पादन गर्नुपर्दछ।

९. **अनुदानको अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष ११ गैरसरकारी संस्थालाई रु.६ करोड २६ लाख ४२ हजार अनुदान दिएकोमा खर्चको विवरण, प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको देखिएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुने गरी अनुदान उपयोग स्थितिको अनुगमन हुनुपर्दछ।

१०. **बाल सुधारगृह -** बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ बमोजिम कानुनी विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिकालाई बालगृहमा राख्ने प्रयोजनका लागि नेपाल सरकारले बालसुधारगृह स्थापना गर्ने व्यवस्था छ। मन्त्रालयको कार्यसञ्चालन एकाइको रूपमा ५ र मन्त्रालयबाट स्वीकृत प्राप्त ४ समेत ९ बालगृहमा देहायअनुसार १ हजार ३४२ बालबालिका रहेका छन्।

क्र.सं.	बालसुधार गृहको नाम	राखिएका बालबालिकाको सङ्ख्या	बालगृहमा रहेकामध्ये १८ बर्ष माथि	
			पुरुष	महिला
१	बालसुधार गृह, मोरङ	२४५	१२६	-
२	बालसुधार गृह, भक्तपुर	२४७	१३६	१३
३	बालसुधार गृह, कास्की	११६	४२	-
४	बालसुधार गृह, रूपन्देही	१०२	२४	-
५	बालसुधार गृह, पर्सा	१२३	५६	-
६	बालसुधार गृह, मकवानपुर	६४	३५	-
७	बालसुधार गृह, डोटी	६३	३१	-

क्र.सं.	बालसुधार गृहको नाम	राखिएका बालबालिकाको सङ्ख्या	बालगृहमा रहेकामध्ये १८ बर्ष माथि	
			पुरुष	महिला
८	बालसुधार गृह,जयन्दु, बाँके	२७१	८९	-
९	बालसुधार गृह,नौबस्ता, बाँके	१११	१११	-
	जम्मा	१३४२	**६५०**	**१३**

स्रोतः महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

उल्लिखित विवरणअनुसार ९ बाल सुधार गृहको क्षमता ८३५ रहेकोमा १ हजार ३४२ बालबालिका रहेको पाइयो। बाल सुधार गृहमा तोकिएको मापदण्डभन्दा बढी रहेका बालबालिकाहरूको उचित बसोबास र तिनीहरूको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक व्यवस्थापन गरिनुपर्दछ।

११. **कोष हिसाब -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ अनुसार लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको केन्द्रीय वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ। मन्त्रालय मातहत देहायका कोषहरू रहेका छन्:

(रु. हजारमा)

क्र.सं.	विवरण	गतवर्षको मौज्दात	यसवर्षको आम्दानी	जम्मा	खर्च	बाँकी
१	बालकोष	६,०२,०१	१,२१,८१	७,२३,८३	०	७,२३,८३
२	लैङ्गिक हिंसा निवारण कोष	६,५४,७४	०	६,५४,७४	२०१७	६,३४,५७
३	बिमा तथा नवीकरण	२,३०	०	२,३०	०	२,३०
४	मानव बेचबिखन ओसारपसार नियन्त्रण कोष	१,३०,९५	२०,००	१,५०,९५	१,१४,१८	३६,७७
५	चालु कोष	१,१२	२०,२६	२१,३८	०	२१,३८
६	एकल महिला कोष	४,३१,१८	०	४,३१,१८,	०	४,३१,१८
७	ज्येष्ठ नागरिक कल्याण कोष	१,०१,७७	७,५०	१,०९,२७	०	१,०९,२७
	जम्मा	**१९,२४,०८**	**१,६९,५७**	**२०,९३,६५**	**१,३४,३५**	**१९,५९,३०**

११.१. नेपाल सरकारको २०८०।८।२१ को निर्णयानुसार महिला तथा बालबालिका विभाग खारेज भई सोको सम्पत्ति तथा दायित्व मन्त्रालयमा सरेकोमा विभागको २०७९।८० को वित्तीय प्रतिवेदनअनुसार चालु कोषको उठ्न बाँकी रु.११ करोड ६० लाख ६५ हजार रहे तापनि सोको अद्यावधिक विवरण तयार गरी पेस गरेको छैन। हिसाब अद्यावधिक गरी लगानीमा रहेको साँवा र ब्याज समेत असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

११.२. मन्त्रालयमा रहेका ७ कोषमध्ये यो वर्ष २ कोषबाट मात्र खर्च भएकोले कोषको प्रयोजन यकिन गरी कोषमा बाँकी रकम सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१२. **उद्धार र संरक्षण -** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ११ अनुसार शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक मिलन गराउन केन्द्रको स्थापना गर्ने, स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिको लागि करारका शर्तहरू तोकि गैरसरकारी संस्थालाई दिनसक्ने व्यवस्था छ। मन्त्रालयले २०६५।६६ मा छनोट भई नवीकरण भएका ४ संस्थालाई रु.१ करोड ६ लाख ६ हजार भुक्तानी गरेको देखियो। भुक्तानी दिएको

शीर्षकगत खर्चको विश्लेषण गर्दा संस्थाका कर्मचारीहरूको तलब र प्रशासनिक कार्यमा रु.५६ लाख ५९ हजार (५३.३६ प्रतिशत) खर्च भएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र संवर्धन गर्न विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय बाल अधिकार परिषद्को स्थापना भई कार्य गर्दै आएको छ। परिषद्लाई यो वर्ष रु.८ करोड ३५ लाख ९८ हजार बजेट विनियोजन भएकोमा रु.७ करोड ३९ लाख ९१ हजार खर्च भएको छ।

१३. **हराएका तथा बेवारिसे बालबालिका** - परिषद्ले यो वर्ष हराएका वा अपहरणमा परेका ८ हजार १७९, बेवारिसे फेला परेका ४०९ तथा सडक बालबालिका २०४ समेत ८ हजार ७९२ बालबालिकाको उद्धार गरेको छ। उद्धार गरिएकामध्ये २ हजार २८५ बालक र ५ हजार ६९० बालिका समेत ७ हजार ९७५ जनालाई परिवारसँग पुनर्मिलन गराएको र २१६ जना अस्थायी पुनर्स्थापना केन्द्रमा रहेको र ६०१ जना बालबालिकाको स्पष्ट विवरण खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। हराएकामध्ये ५७५ जनाको खोजतलास जारी रहेको देखिन्छ। समन्वयात्मक प्रणालीको विकास गरी फेला परेका बालबालिकाको पुनर्मिलन तथा सीप विकासलगायतका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१४. **बालगृह अनुगमन** - बालबालिकासम्बन्धी नियमावली, २०७८ को नियम ६४ मा बालगृहको न्यूनतम मापदण्ड, नियम ६७ मा अनुगमन तथा निरीक्षण, नियम ६९ मा पुनर्स्थापना केन्द्रमा कम्तीमा २० जना बालबालिकाहरूलाई सेवा प्रदान गर्न सक्ने बालमैत्री भौतिक पूर्वाधार तथा संरचना हुनुपर्ने व्यवस्था छ। परिषदबाट प्राप्त प्रतिवेदनअनुसार २०७ बालगृहमध्ये ९८ बालगृहमा ९४५ बालक र १ हजार २७६ बालिकासमेत २ हजार २२१ बालबालिकाले संरक्षण लिएको देखिन्छ। वार्षिक प्रतिवेदनअनुसार सञ्चालनमा रहेको बालगृह ५६ मा २० जनाभन्दा कम र सिन्धुपाल्चोक र काभ्रेका दुई बालगृहमा बालबालिका नै नरहेको अवस्था छ। प्रतिवेदनअनुसार ११ बालगृह सुविधा सम्पन्न, ६४ ले मापदण्ड पूरा गरे पनि सेवा संरचना तथा व्यवस्थापनमा सुधार गर्नुपर्ने, २३ ले आधारभूत मापदण्ड पूरा नगरेको र २ ले मापदण्ड नै पूरा नगरेकोले कारबाहीको लागि मन्त्रालयमा सिफारिस गरेको देखिन्छ। मापदण्ड पूरा नगरेका संरक्षण केन्द्रलाई मापदण्ड पूरा गर्न लगाउनुपर्दछ।

अन्य संस्था

समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवासँग सम्बन्धित क्रियाकलापलाई विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार यस परिषद्ले कार्य गर्दै आएको छ।

१५. **आय-व्यय -** परिषद्को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको मौज्दात	१४०९७७९	१११८१५५
यस वर्षको आम्दानी	९२९२५२	७३८०२८
जम्मा आम्दानी	**२३३९०३१**	**१८५६१८३**
प्रशासनिक खर्च	१२६८६६	१२३९४१
कार्यक्रम खर्च	१६४४४०	१२८६८
पुँजीगत खर्च	३६२३	४४३३
अन्य खर्च	३८००७६	३०५१६२
मौज्दात	१६६४०२६	१४०९७७९
जम्मा खर्च	**२३३९०३१**	**१८५६१८३**

स्रोतः समाज कल्याण परिषद्

१६. **आय अनुमान -** समाज कल्याण नियमावली, २०४९ को नियम १० मा मातहत कार्यालय तथा कोषको वार्षिक कार्यक्रम, बजेट तथा आवश्यक नीतिगत विषय परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यवस्था छ। परिषद्को २०८१।८२ को वित्तीय विवरणअनुसार अनुगमन, नियमन शुल्कबापत रु.१० करोड ४१ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.२७ करोड ८ लाख ६६ हजार प्राप्त गरेको छ। परिषद्ले वार्षिक व्यय अनुमानमा समावेश नगरी मूल्याङ्कनबापत रु.१६ करोड १ लाख खर्च गरेको छ। परिषद्लाई प्राप्त हुने सबै रकम आय-व्यय अनुमानमा समावेश गर्नुपर्दछ।

१७. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** समाज कल्याण नियमावली, २०४९ को नियम १०(४) मा परिषद् अन्तर्गतका कोषहरूमा आवश्यकता अनुसार सङ्गठनात्मक ढाँचा निर्माण, संशोधन, कर्मचारीहरूको दरबन्दी सिर्जना तथा खारेजी गर्ने व्यवस्था छ। परिषद् तथा मातहत रहेका कोषहरूको हालसम्म सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। परिषद् र मातहतका कोषको कार्यबोझसमेत विचार गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्दछ।

१८. **सेवा सुविधा -** समाज कल्याण ऐन, २०४९ तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षहरूको नियुक्ति गर्दा पाउने पारिश्रमिक तथा सुविधा उल्लेख गरेको पाइएन। परिषद्का पदाधिकारीको तह र सुविधा निर्धारण गर्न २०६३।५।६ र २०६३।८।१४ को परिषद्को बोर्डको निर्णयबाट विशिष्ट श्रेणी सरह सेवा सुविधा पाउने निर्णय भएको देखिन्छ। सोही आधारमा पदाधिकारी सेवा सुविधामा यो वर्ष रु.२८ लाख १२ हजार खर्च लेखेको छ। पदाधिकारीले पाउने पारिश्रमिक तथा सुविधा कानुनद्वारा वा नियुक्ति गर्ने निकायबाटै तोकिनुपर्दछ।

समाज कल्याण परिषद् कर्मचारी सेवा शर्त नियमावली, २०५० को नियम ९ मा परिषद्ले रिक्त पदहरूको पूर्ति एक वर्षभित्र लोकसेवा आयोगको वार्षिक कार्य तालिकाबमोजिम गरिने उल्लेख छ। परिषद्ले नियमावलीको व्यवस्था विपरीत गत विगतदेखि नै करार तथा अस्थायी पदमा सहायक निर्देशक, इन्जिनियर सहित ३० कर्मचारी नियुक्त गरी यो वर्ष रु.१ करोड ६७ लाख ८२ हजार खर्च लेखेको छ। प्रचलित कानुन तथा नियमावलीअनुसार मात्र पदपूर्ति गर्नुपर्दछ।

१९. **सम्झौता अन्त्य -** समाज कल्याण नियमावली, २०४९ को नियम १० (३) मा अन्तर्राष्ट्रिय सामाजिक सङ्घसंस्था वा विदेशी गैरसरकारी संस्थासँग गरिने सम्झौता एवं कार्य अनुमति खारेजीसम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था छ। परिषद्ले यस वर्षसम्म सम्झौता एवं कार्य अनुमति खारेजीसम्बन्धी नीति निर्माण गरेको छैन। यो वर्ष १६ सङ्घ संस्थाले सम्झौता अन्त्यको लागि परिषद्मा निवेदन दिएकोमा ५ संस्थाको सम्झौता अन्त्य गरेको र ११ प्रक्रियामा रहेको देखिन्छ।

२०. **खर्च अनुमोदन -** समाज कल्याण ऐन, २०४९ को दफा १२ मा नेपालभित्र काम गर्न चाहने विदेशी गैरसरकारी संस्थाले काम गर्नु अघि परिषद् समक्ष अनुमतिको लागि निवेदन दिनुपर्ने र अनुमति प्राप्त गरेका विदेशी गैरसरकारी संस्थाले नेपालभित्र कार्यसञ्चालन गर्नु अघि परिषद्सँग सम्झौता गर्नुपर्ने व्यवस्था छ। वैदेशिक सहयोग स्वीकृतिसम्बन्धी निर्देशिका, २०७१ अनुसार यो वर्ष १३९ संस्थाको रु.२ अर्ब ८९ करोड ३३ लाख खर्च अनुमोदन प्रक्रियामा रहेको छ। परिषद्को वार्षिक प्रतिवेदनमा पूर्व स्वीकृति नलिई सञ्चालन गरेको कार्यक्रम अनुमोदन प्रक्रियामा रहेको प्रतिवेदन गरे पनि कार्यक्रम अनुमोदन गरिएको विवरण सार्वजनिक गरेको छैन।

२१. **जनशक्ति -** सामाजिक सङ्घ संस्थाहरूको अनुगमन सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ बमोजिम यस वर्ष मूल्याङ्कन गरिएका ६४७ सङ्घ संस्थामा परिषद्का ६५ र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका ३५ समेत १०० कर्मचारी संलग्न भई रु.१६ करोड १ लाख खर्च गरेको छ। परिषद्ले मूल्याङ्कनमा संलग्न कर्मचारीको योग्यता एवं अनुभव निर्धारण नगरी सबै कर्मचारी संलग्न गराएको पाइयो। मूल्याङ्कनमा रहने पदाधिकारीको योग्यता, अनुभव र परीक्षण गर्नुपर्ने विषयसमेत समावेश गरी कार्यक्षेत्र शर्त तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२२. **प्रभाव मूल्याङ्कन -** परिषद्ले गैरसरकारी संस्थासँग सम्झौता गरेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा परिषद्सँग आबद्ध भएका संस्थाले कार्यान्वयन गरेका परियोजनाको लगानीको स्रोत र त्यसबाट प्राप्त प्रतिफल एवं सोको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। संस्थाहरूले सञ्चालन गरेका परियोजनाहरूले आवधिक योजना, दिगो विकास लक्ष्य तथा नेपाल सरकारको नीति तथा कार्यक्रमका लक्ष्य हासिल गर्न पुऱ्याएको योगदानको समेत मूल्याङ्कन हुनुपर्दछ।

२३. **प्रवेशाज्ञा सिफारिस -** परिषद् परियोजना सम्झौता सम्बन्धी निर्देशिका, २०७७ को दफा २७ मा सम्झौता बमोजिम नेपालमा विशेषज्ञ सेवा उपलब्ध नभएको प्रमाण पेस गरेमा आवश्यक सङ्ख्यामा विदेशी विशेषज्ञलाई कार्यमा संलग्न गर्न सकिने व्यवस्था छ। परिषद्ले २०८१।८२ मा ५४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा १०९ विदेशी विशेषज्ञलाई श्रम स्वीकृति एंव गैरपर्यटकीय प्रवेशाज्ञाका लागि सिफारिस गरेको पाइयो। परिषद्ले विदेशी विशेषज्ञलाई कामका लागि सिफारिस गर्दा त्यस्ता विशेषज्ञ नेपालमा उपलब्ध नरहेको वा नेपाली काम गर्न इच्छुक भएको विवरण पेस गरेको पाइएन। परिषद्ले निर्देशिकामा भएको व्यवस्थाबमोजिम विदेशी जनशक्तिको लागि प्रवेशाज्ञा सिफारिस गर्नुपर्दछ।

२४. **संस्थाको सम्पत्ति -** साधारण सम्झौता तथा सेवा सुविधासम्बन्धी निर्देशिका, २०७१ को दफा १७ (ख) मा भन्सार छुट सुविधामा खरिद वा प्राप्त गरेका सवारीसाधन तथा अन्य सामानहरू परियोजनाको अवधि पश्चात कुनै सरकारी वा साझेदार संस्थालाई हस्तान्तरण गर्नुपर्ने भएमा परिषद्को पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। परिषद्को सिफारिसमा आयात भएका भौतिक सम्पत्तिहरूको अभिलेख अद्यावधिक गरेको

पाइएन। परियोजना समाप्त भएका संस्थाहरूको सम्पत्ति र सोको उपयोगको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५. **बक्यौता असुली -** परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले आफ्नो स्वामित्वमा रहेका एवं भोगाधिकार प्राप्त गरेका भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई सम्झौता गरी भाडामा दिनसक्ने र सम्झौतामा तोकिएको सर्तहरू पालना नगरेका कारण पुग्न गएको हानि-नोक्सानीको क्षतिपूर्ति भराई लिनसक्ने व्यवस्था छ। परिषद्को भृकुटीमण्डप सञ्चालन कार्यालयले उपलब्ध गराएको बक्यौता विवरणअनुसार २०८२ आषाढ मसान्तसम्म ५० सङ्घ संस्थासँग रु.८ करोड ९२ लाख ६ हजार असुल हुन बाँकी रहेको छ। सम्झौतामा उल्लेख भएअनुसार बाँकी भाडा रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी, भाडा असुलीलगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहत ८ निकायको यो वर्ष रु.७ करोड ९३ लाख ४१ हजार बेरुजु देखिएकोमा रु.२९ लाख ७ हजार सम्परीक्षण भएकोले रु.७ करोड ६४ लाख ३४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१२ लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - यो वर्ष १ सङ्गठित संस्थाको रु.४ करोड १४ लाख १० हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा सक्रिय सहभागिता बढाउने, खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संसाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्ने र युवावर्गलाई विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मूल्य मान्यता र भावनासँग परिचित गराउँदै मानवीय सेवामा एकाकार गराउन युवा, खेलकुद र स्काउटसम्बन्धी नीति, कानुन र मापदण्ड, कार्ययोजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन र विकास गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय र अन्य संस्थासमेत ५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालयः** मन्त्रालयको निम्नानुसार रु.१० करोड ३० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१०२३	१	६	-	१०३०

२. **अन्य संस्था -** यो वर्ष ४ संस्थाको रु.१४ अर्ब १३ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं योजनामा मन्त्रालयले गर्नुपर्ने र प्रगति प्रतिवेदन संयोजन गर्नुपर्ने दायित्व रहेका ९ सूचकको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	नतिजा सूचक	२०८१।८२ को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवा (जना)	१०००	१०००	१००
२	स्वयंसेवी कार्यमा सहभागी युवा र स्काउट जना (हजारमा)	६००	२६	४.३३
३	स्वरोजगार उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा जना (हजारमा)	१०	०	०
४	सबै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न रंगशाला निर्माण (सङ्ख्या)	१	०	०
५	अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट रंगशाला (सङ्ख्या)	१	०	०
६	खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण जना (हजारमा)	१०	१०	१००
७	खेलकुदको राष्ट्रियस्तरको प्रतियोगिता आयोजना (सङ्ख्या)	८०	८२	१०२.५
८	खेलाडी तथा प्रशिक्षकको जीवन बिमा र स्वास्थ्य बिमा (लाखमा)	१०	०	०
९	खेलाडी छात्रवृत्ति प्रदान (जना)	२००	१०९	५४.५

स्रोतः युवा तथा खेलकुद मन्त्रालय

उल्लिखित विवरणअनुसार २ सूचकमा लक्ष्यअनुसार र १ सूचकमा लक्ष्यभन्दा बढी प्रगति देखिएपनि २ मा लक्ष्यभन्दा घटी र ४ सूचकमा प्रगति शून्य रहेको पाइयो। आवधिक योजनाले लिएको लक्ष्य हासिल हुनेगरी वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य २०३० अनुसार प्रगति हासिल हुनुपर्दछ। शिक्षा, रोजगार वा तालिममा संलग्न नभएका युवाको अनुपातलाई उल्लेखनीय रूपमा घटाउने उद्देश्य राखी योजना अवधिमा शिक्षा, रोजगार वा तालिममा संलग्न नभएका १५-४० वर्ष उमेर समूहका युवाहरूको अनुपात उल्लेख्य रूपमा घटाउने, अर्ध बेरोजगारी दर सन् २०१५ मा ३५.८ प्रतिशत रहेकोमा २०२५ मा २३.८ प्रतिशत र २०३० मा १० प्रतिशतमा झार्ने तथा युवाहरूको रोजगारीको निम्ति विशेष रणनीतिको रूपमा वा राष्ट्रिय रोजगारी रणनीतिको रूपमा विकसित तथा सञ्चालनमा ल्याइएको राष्ट्रिय रणनीतिको व्यवस्थाको वार्षिक ५ वर्ष र १० वर्षमा मापन गर्ने गरी मन्त्रालयलाई जिम्मेवार बनाएकोमा उक्त लक्ष्यको प्रगति मापन गरी प्रतिवेदन तयार गरेको देखिएन। दिगो विकास लक्ष्यअनुसारको प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - मन्त्रालयले बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भएका कार्यक्रमको लक्ष्यअनुसार कार्यान्वयन गरिनुपर्दछ। बजेट वक्तव्यमा उल्लेख भएका मध्ये प्रतिभावान युवालाई फेलोसिप प्रदान, स्थानीय तहमा खेलग्राम निर्माण, खेलाडी बिमा कार्यक्रम, खेलाडी स्वरोजगार कार्यक्रम, गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला, मूलपानी क्रिकेट रंगशालाको निर्माण, हाई अल्टिच्युट ट्रेनिङ्ग सेन्टर स्थापनालगायतका कार्यक्रम डी.पी.आर. बेगर बजेट विनियोजन, कार्यक्रम कार्यान्वयन कार्यविधिको अभावलगायतका कारणले कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका कार्यक्रम लक्ष्यअनुसार सम्पादन गर्नुपर्दछ।

७. **कार्यक्षेत्र** - मन्त्रालय मातहत राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद्को स्थापना भएको छ। यसका अतिरिक्त विभिन्न प्रदेशमा प्रदेश खेलकुद ऐन पारित भई प्रदेश खेलकुद परिषद् स्थापना भएका छन्। सङ्घ र प्रदेशमा खेलकुद परिषद् रहेका तथा खेलकुदसम्बन्धी सङ्घ, संस्था तथा प्रदेशमा दर्ता हुनुपर्ने एवं सङ्घ तथा प्रदेश दुबैबाट खेलकुद संस्थाको नियमन गर्ने व्यवस्था रहेको छ। राष्ट्रिय खेलकुद परिषद् र प्रदेशका खेलकुद परिषद्को कार्यक्षेत्र स्पष्ट हुनेगरी खेलकुद विकास ऐनमा परिमार्जन गर्नुपर्दछ।

मन्त्रालय मातहत युवा तथा साना व्यवसायी स्वरोजगार कोष र राष्ट्रिय युवा परिषद् रहेको देखिन्छ। राष्ट्रिय युवा परिषद्ले सम्पादन गरेका काम प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहबाट समेत हुने गरेको एवं युवा तथा साना व्यवसायी स्वरोजगार कोषले गर्ने काम बैङ्क, वित्तीय संस्था, सहकारी, लघुवित्त लगायतका निकायले गर्ने गरेको देखिन्छ। परिषद् र कोषको कार्यक्षेत्र पुनरावलोकन गरी सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र किटान हुनुपर्दछ।

८. **बजेट र खर्च -** यो वर्ष मन्त्रालयको बजेट विनियोजन तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	अन्तिम बजेटको तुलनामा खर्च प्रतिशत
१	चालु	२१८५१	१५५०१	११६८३	७५.३७
२	पुँजीगत	१३१९७	५०८८	३८५२	७५.७१
	जम्मा	**३५०४८**	**२०५८९**	**१५५३५**	**७५.४५**

उल्लिखित रकममा नेपाल स्काउटले गरेको खर्च रु.३ करोड ३० लाख ३८ हजारसमेत समावेश छ। समग्रमा बजेटको तुलनामा ७५.४५ प्रतिशत खर्च भएको छ। स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गरी खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ।

९. **युथ भिजन -** युवाहरूले आधुनिक शिक्षा, प्रविधि र विभिन्न सीप सिकेर आफ्नो क्षमता विकास गर्ने, युवाले रोजगारी पाउने वा आफैं व्यवसाय सुरु गरेर आर्थिक रूपमा सक्षम बन्ने, युवाले राजनीति, सामाजिक काम र नीति निर्माणमा सक्रिय सहभागिता जनाउने, नयाँ सोच, प्रविधि र सिर्जनशीलताको प्रयोग गरेर समाजका समस्या समाधान गर्ने, सबै समुदायलाई समेट्ने र वातावरण संरक्षण गर्दै विकास गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयले युथ भिजन, २०२५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। सो भिजनमा ५ पिलर, २२ लक्ष्य र ३३ सूचक रहेकोमा मन्त्रालयले सूचकअनुसार प्रगति प्रतिवेदन तयार गरेको छैन। भिजन कार्यान्वयनबाट प्राप्त उपलब्धि मापन गर्न प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

१०. **वैदेशिक प्रशिक्षक तथा खेलाडी** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १५ (ञ) मा खेलाडीहरूको स्तरवृद्धि गर्न विदेशी प्रशिक्षकबाट तालिम दिलाउने तथा विदेशमा तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ। मन्त्रालयले विभिन्न ८ खेलको लागि ७ प्रशिक्षक, ६५ खेलाडी, १२ अफिसियल र ६ कमेन्टेटर समेत ९० जना वैदेशिक प्रशिक्षक तथा खेलाडी ल्याउन अध्यागमन विभाग र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा कार्य सहमति र श्रम स्वीकृति तथा वर्किङ्ग भिसा सहमतिको लागि सिफारिस गरेको छ। मन्त्रालयले भिसा सिफारिस गर्दा पाउने पारिश्रमिक, तिर्नुपर्ने कर, बसाइ अवधि, खेल अवधि उल्लेख नगरी सिफारिस गरेको तथा सिफारिस गरिएका खेलाडी तथा प्रशिक्षकको नेपाल आवागमन एवं फिर्ता र खेलमा सहभागिताको विवरण तयार गरेको पाइएन। सिफारिस भएका खेलाडी तथा प्रशिक्षकको अभिलेख तयार गर्नुपर्दछ।

११. **खेल पुरस्कार** - राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २७ मा ओलम्पिक, एसियन, दक्षिण एशियाली, च्याम्पियनशिप, अन्तर्राष्ट्रिय मान्यता प्राप्त अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय खेलकुद तथा क्रिकेट प्रतियोगिता विजेतालाई पुरस्कार प्रदान वा सम्मान गर्नसक्ने र अनुसूची-४ मा खेलाडीले पाउने पुरस्कारको राशि उल्लेख छ। परिषद्ले यो वर्ष १० खेलका १६६ जना खेलाडीलाई रु.९ करोड ८ लाख ४४ हजार पुरस्कार सिफारिस गरेकोमा ६ खेलका ८३ जना खेलाडीलाई रु.३ करोड ४४ लाख ७ हजार पुरस्कार वितरण गरेको छ। पुरस्कार वितरण सम्बन्धमा खेलको वर्गीकरण, खेल स्तर, प्रतियोगिता सञ्चालन हुने चरण, सहभागी खेल टोलीलगायतका विषयमा मापदण्ड तयार गरेको देखिएन। मन्त्रालयले मापदण्ड बनाई सोबमोजिम खेल पुरस्कार वितरण गर्नुपर्दछ।

१२. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष नेपाल स्काउटलाई उपलब्ध गराएको अनुदान रु.३ करोड ३० लाख ३८ हजार खर्चको बिल भरपाई तथा लेखापरीक्षण प्रतिवेदन पेस भएको छैन। अनुदानका सर्तहरू कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

अन्य संस्था

राष्ट्रिय खेलकुद परिषद्

खेलकुदको विकास, विस्तार, प्रवर्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्न संवत् २०१५ मा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई हाल राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गत परिषद् सञ्चालनमा रहेको छ।

१३. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

कोष तथा दायित्व	३२ आषाढ २०८२	३१ आषाढ २०८१
गत वर्षसम्मको बचत	८७७२०२५	८७७२०२४
यस वर्षको बचत	-२०२७८२	-२१६९१३
पुँजीगत अनुदान	३८०९४४	३२५४५०
भुक्तानी गर्नुपर्ने दायित्व	१८०७८	१८०७८
शोधभर्ना गर्नुपर्ने सापटी	८४२	८४२
धरौटी (बैङ्कतर्फ)	१९२१९	१५३३६
धरौटी (कोलेनिका)	७५८६१	८६०८२
विविध दायित्व	११५६	११४२
जम्मा	**९०६५३४३**	**९००२०४१**
सम्पत्ति		
स्थिर सम्पत्ति	७६७१२९२	७५५४२०७
सुरक्षण धरौटी	२९०	२९०
औषधी उपचार पेस्की	३३९८५	३७३७४
कर्मचारी तथा अन्य पेस्की	११४३५७१	११८०७६३
लिनुपर्ने सापटी रकम	९९३२	९९३२
खेलाडी कल्याण कोष	१५०००	१५०००
लिनुपर्ने रकम	७५	७५
बैङ्क तथा नगद मौज्दात	१९११९८	२०४४००
जम्मा	**९०६५३४३**	**९००२०४१**

१४. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

आय	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	९०८९९३	१०७९४९०
आन्तरिक आम्दानी	४५९५८	५४३९८
कुल आम्दानी	**९५४९५१**	**११३३८८८**
उपभोग खर्च	६९१४५४	६५९३१३
कार्यक्रम खर्च	२१७५३८	३५१२२०
ह्रास कट्टी	१२७७५	२४४५०
विविध भुक्तानी	२३५९६६	३१५८१८
कूल खर्च	**११५७७३३**	**१३५०८०१**

नाफा/नोक्सान	-२०२७८२	-२१६९१३

वित्तीय विवरणअनुसार परिषद्को उपभोग खर्च बढेको, कार्यक्रम खर्च घटेको र आन्तरिक आय घटेको छ। आन्तरिक आय वृद्धि गरी नेपाल सरकारसँगको निर्भरता घटाउनुपर्दछ।

१५. **बजेट तथा कार्यक्रम -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्ले वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था छ। परिषद्ले यो वर्ष रु.९५ करोड ४९ लाख ५१ हजार प्राप्त गरी रु.१ अर्ब १५ करोड ७७ लाख ३३ हजार खर्च गरेकोमा बजेट तथा कार्यक्रम स्वीकृत गरेको पाइएन। कानुनअनुसार कार्यक्रम र बजेट स्वीकृत गरी खर्च गर्नुपर्दछ।

१६. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १९ मा परिषद्लाई आवश्यक पर्ने कर्मचारीसम्बन्धी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएबमोजिम हुने व्यवस्था छ। परिषद्को सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य भएको छैन। ऐनमा भएको व्यवस्थाअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

१७. **परिषद्को जिम्मेवारी -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्लाई १९ प्रकारका जिम्मेवारी तोकिएको छ। परिषद्लाई तोकिएका जिम्मेवारीमध्ये खेलकुद पूर्वाधारको विस्तार, विकास र सञ्चालनको सम्बन्धमा नेपाल सरकारलाई सुझाउ दिने, परिषद्को वार्षिक योजना, कार्यक्रम र बजेट तयार गरी स्वीकृत गर्ने, मानवस्रोत विकास एवं व्यवस्थापन, योजना तथा सङ्गठन संरचना तयार गरी मन्त्रालयमा पेस गर्ने, खेलकुद विकासको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, खेल सम्बन्धी संस्था तथा खेलाडीलाई उपलब्ध गराइने अन्य सहयोग र छात्रवृत्तिसम्बन्धी मापदण्ड निर्धारणको लागि मन्त्रालयमा पेस गर्ने, खेलकुद पूर्वाधारको न्यूनतम मापदण्ड निर्धारण गर्ने तथा खेलकुद पूर्वाधारको व्यवस्थापन गर्ने गराउने, खेलकुद सञ्चालनसम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागु गर्ने, निजीक्षेत्रबाट सञ्चालित खेल तथा मनोरञ्जन केन्द्रको पूर्वाधार निर्माण एवं सञ्चालन गर्न मापदण्ड निर्धारण गरी मन्त्रालयमा सिफारिस गर्ने, खेल र खेलाडीको वर्गीकरण गर्ने र खेलाडीहरूको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने लगायतका कार्यसम्पादन भएको छैन। कानुनमा तोकिएको कार्य जिम्मेवारी पूरा गर्न पहल गर्नुपर्दछ।

१८. **सम्पत्ति तथा दायित्व -** राष्ट्रिय खेलकुद परिषद् ऐन, २०७७ को दफा ५८ (३) मा खेलकुद विकास ऐन, २०४८ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद्को चल अचल सम्पत्ति तथा दायित्व परिषद्मा सर्ने र सो परिषद्मा कार्यरत कर्मचारीहरू परिषद्को कर्मचारीको रूपमा रहने व्यवस्था छ। तर परिषद् मातहतका जिल्ला खेलकुद विकास समितिमा रहेका सम्पत्ति तथा दायित्व यकिन गरी परिषद्को वित्तीय विवरणमा समावेश गरेको देखिएन। सबै सम्पत्ति र दायित्व यकिन गरी परिषद्को वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१९. **खेलकुद सङ्घलाई अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (३) मा नगद वा वस्तुगत आर्थिक सहायता प्रदान गर्न बजेट पेस गर्दा यथासम्भव लक्ष्य, कार्यक्रम, लागत अनुमान सम्बन्धमा स्पष्ट खोली पेस गर्नुपर्ने व्यवस्था छ। परिषद्ले यस वर्ष खेलकुद कार्यक्रम सञ्चालन अन्य अनुदानबापत रु.१० करोड २७ लाख ९० हजार अनुदान निकासा गरेको छ। खेलकुद सङ्घहरूले सञ्चालन गर्ने खेलको लागत अनुमान पेस नगरेको, परिषद्बाट उपलब्ध हुने अनुदानबाट सञ्चालन गर्ने क्रियाकलाप एवं सोको नर्म्स उपलब्ध नगराएको, तीन तहमा रहेको खेलकुद सङ्घ र

खेलको स्तरअनुसार अनुदान रकम निर्धारण गरेको पाइएन। ससर्त अनुदानबाट सञ्चालन हुने क्रियाकलाप र सोको नर्म्स तथा खेलकुद सङ्घ र खेलको स्तरको मापदण्ड स्वीकृत गरी अनुदान उपलब्ध गराई सोको उपयोगको अनुगमन गर्नुपर्दछ।

२०. **दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता -** परिषद्को २०८१।८।१४ को बोर्ड बैठकले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०८१।१२।२३ देखि ३० सम्म सुर्खेतमा गर्ने गरी रु.६० करोड विनियोजन गरेको देखिन्छ। परिषद्ले विभिन्न विषयगत उपसमिति गठन गरी विभिन्न निर्णय गरे तापनि तोकिएको समयमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न नसकिने जनाई २०८२।२।३ देखि २।१० गते सम्म सञ्चालन गर्ने निर्णय गरे तापनि संशोधित तालिकामा समेत प्रतियोगिता सञ्चालन हुनसकेको पाइएन। राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै सम्पन्न गरिनुपर्दछ।

२१. **सङ्घ संस्था नवीकरण** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २६(१०) मा खेल संस्था वा महासङ्घले नवीकरणको लागि निवेदन दिनुपर्ने र दर्ता वा नवीकरण नभएका खेल सङ्घ वा महासङ्घको हैसियत स्थानीय खेल सङ्घ वा क्लब सरह हुने व्यवस्था छ। परिषद्मा दर्ता भएका ६३ खेल संस्थामध्ये ३९ सङ्घ संस्था मात्र नवीकरण भएको पाइयो। कानुनमा भएको व्यवस्थाबमोजिम खेल संस्था वा महासङ्घ दर्ता तथा नवीकरण गरी कार्य सम्पादन गर्नुपर्दछ।

२२. **संरचनाको प्रयोग -** राष्ट्रिय खेलकुद परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ८२ मा परिषद्ले गोदामघर, पसल, कभर्डहल, रङ्गशाला आदि भाडामा दिन निर्देशिका बनाई लागु गर्नसक्ने व्यवस्था छ। परिषद्ले संरचना भाडामा लगाउने सम्बन्धी निर्देशिका बनाई लागु गरेको छैन। नेपाल सरकारको बजेटबाट निर्माण तथा मर्मत सम्भार भइरहेको त्रिपुरेश्वरस्थित भवनको हल तथा कोठाहरू ३३ खेल सङ्घहरूले निःशुल्क प्रयोग गरेको पाइयो। परिषद्ले नेपाल सरकारले निर्माण गरेको संरचना भाडामा लगाउँदा निर्देशिका र मापदण्ड स्वीकृत गर्नुपर्ने बेहोरा विगत वर्षको लेखापरीक्षण प्रतिवेदनले औंल्याए तापनि परिषद्ले प्रक्रिया अगाडि बढाएको देखिएन। परिषद् मातहतका संरचनाबापत परिषद्ले भाडा वा अन्य सेवा शुल्क लिन पाउने कानुनी व्यवस्था गर्नुपर्दछ।

परिषद्बाट प्राप्त विवरणअनुसार यस वर्ष दशरथ रंगशाला, मूलपानी क्रिकेट रंगशाला, च्यासल फुटबल खेल मैदान, कभर्डहल, सटर भाडा र पार्किङबाट रु.७० लाख ६० हजार आम्दानी भएको देखिन्छ। परिषद्ले रङ्गशाला तथा कभर्डहलमा सञ्चालन भएका खेलको अद्यावधिक अभिलेख राखेको छैन। कतिपय संरचना उपयोग गर्दा भाडा नलिई निःशुल्क प्रयोग गर्न दिएको साथै खेल संस्थाहरूले खेलकुद प्रतियोगिता सञ्चालन गर्दा लिएको प्रवेश शुल्क, विज्ञापन शुल्क, विद्युतीय प्रचार शुल्क सम्बन्धित खेल सङ्घको हुने गरेको पाइयो। नेपाल सरकारबाट निर्मित संरचनाहरूको सञ्चालनसम्बन्धी कार्यविधि तथा मापदण्ड तयार नगरी निःशुल्क तथा न्यून शुल्कमा प्रयोगमा दिएको उचित देखिएन।

२३. **खेल पूर्वाधार -** राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २० मा प्रत्येक प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेल प्रतियोगिता सञ्चालन गर्न अन्तर्राष्ट्रिय मापदण्डअनुसारको खेलकुद पूर्वाधार निर्माण गर्ने तथा उक्त खेल पूर्वाधारहरूको सङ्घ, प्रदेश र स्थानीय तहबिचको आपसी समन्वय र सहकार्यमा स्वामित्व हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। परिषद्को अभिलेखअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा १९१ खेलकुद पूर्वाधार रहेको जनाएपनि उक्त पूर्वाधारहरूको स्तर तथा स्वामित्व सम्बन्धमा उल्लेख गरेको छैन। खेलकुद पूर्वाधारहरूको तथ्याङ्क अद्यावधिक गरी खेलकुद पूर्वाधार उपयोग गरिनुपर्दछ।

२४. **पेस्की** - राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ७९ मा म्यादभित्र पेस्की फस्यौंट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल उपर गर्नुपर्ने र पेस्की फस्यौंट नगर्नेलाई प्रचलित कानुनअनुसार सजाय गरी असुल उपर गर्नुपर्ने व्यवस्था छ। वित्तीय विवरणअनुसार गत आर्थिक वर्षसम्म रु.१ अर्ब २१ करोड ८१ लाख ३७ हजार पेस्की बाँकीमध्ये रु.४ करोड ३३ लाख ४१ हजार फस्यौंट भई रु.१ अर्ब १७ करोड ४७ लाख ९६ हजार बाँकी रहेकोमा यस वर्ष रु.२७ लाख ६० हजार थप भई रु.१ अर्ब १७ करोड ७५ लाख ५६ हजार फस्यौंट गर्न बाँकी रहेको छ। नियमानुसार पेस्की फस्यौंट गर्नुपर्दछ।

राष्ट्रिय युवा परिषद्

राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने, युवावर्गमा सिर्जनशीलता, उद्यमशीलताविकास गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार स्थापना भई कार्य सञ्चालन हुँदै आएको छ।

२५. **आय-व्यय** - परिषद्को यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको जिम्मेवारी	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकरको अनुदान	अन्य आय			
२०३०३५	५६७८७	११८२	२६१००४	५६९४५	२०४०५९

२६. **बाँकी ऋण** - युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २४ (३) बमोजिम उद्यमी समूहबाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएबमोजिम र त्रिपक्षीय सम्झौतामा उल्लेख नभएकोमा प्रचलित कानुनबमोजिम हर्जनासहित ऋण रकम समूहका सदस्यबाट सरकारी बाँकी सरह असुलउपर हुने व्यवस्था छ। जिल्ला युवा समितिले छनोट गरी स्थानीय सहकारीमार्फत २०७३।७४ र २०७४।७५ मा २५ समूहलाई रु.१ करोड २५ लाख ऋण प्रवाह गरेको मध्ये रु.६५ लाख १९ हजार र राष्ट्रपति युवा महिला उद्यम कार्यक्रमअन्तर्गत १५ महिला उद्यमी समूहलाई बिना धितो निर्ब्याजी रु.७५ लाखसमेत रु.१ करोड ४० लाख १९ हजार ऋण तोकिएको अवधि समाप्त हुँदा समेत फिर्ता भएको देखिएन। सम्झौताबमोजिम असुल हुन बाँकी ऋणको साँवा ब्याजसमेत असुल गर्नुपर्दछ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट बिना धितोका परियोजनामा सहुलियत ब्याजदरमा व्यवसायीलाई बढीमा रु.५ लाखसम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिमसमेत उपलब्ध गराउने उद्देश्यले २०६४ सालमा यो कोषको स्थापना भएको हो।

२७. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी तथा दायित्व	३२ आषाढ २०८२	३१ आषाढ २०८१
१. जगेडा कोष	९२२२५९	८६१५९५
२. तिर्न बाँकी कर्जा सापटी	३८६१३८७	३८६१३८७
३. अन्य दायित्व	१३९४६८	१२६१५४
कुल पुँजी तथा दायित्वः	**४९२३११४**	**४८४९१३६**
सम्पत्ति		
१. बैङ्क/वित्तीय संस्थामा रहेको मौज्दात	२५६१९१६	१२१५२४४
२. स्वरोजगार कर्जा प्रवाह	२३३९४५६	३६१२१५०
३. अन्य सम्पत्ति	२१७४२	२१७४२
कुल सम्पत्ति	**४९२३११४**	**४८४९१३६**

२८. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
१. ब्याज आम्दानी	६०६७१	४४६९१
२. नेपाल सरकारबाट अनुदान	५६३८९	७२१०५
कुल आम्दानीः	**११७०६०**	**११६७९६**
३. ब्याज अनुदान खर्च	१४३२०	१८६१
४. सञ्चालन खर्च	४१५५५	६९६८१
५. पुँजीगत खर्च	५२१	५७०
कुल खर्च	**५६३९६**	**७२११२**
खुद बचत	**६०६६४**	**४४६८४**

कोषको आय-व्यय विवरणअनुसार यो वर्षको कुल आय रु.११ करोड ७० लाख ६० हजार रहेकोमा रु. ५ करोड ६३ लाख ९६ हजार खर्च भई रु. ६ करोड ६ लाख ६४ हजार बचत रहेको छ। कोषले पेस गरेको विवरणअनुसार गत वर्ष ब्याज अनुदान खर्च रु.१८ लाख ६१ हजार भएकोमा यो वर्ष रु.१ करोड ४३ लाख २० हजार रहेको छ। तलब भत्ता, कार्यालय सञ्चालन, बिमा प्रिमियम र ब्याज अनुदानलगायतका कार्यको लागि नेपाल सरकारबाट अनुदान प्राप्त गरेको छ।

२९. **लगानी -** कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ अनुसार कर्जा प्रवाहको लागि कोषले माग गरेको आशयपत्र अनुसार संस्थाले पेस गरेको प्रस्ताव छनोट गर्ने व्यवस्था छ। कर्जा प्रवाह गर्दा संस्थासँग प्रस्ताव माग गरी प्राप्त प्रस्तावको आधारमा बढीमा रु.५ करोड र प्रारम्भिक सहकारीहरूलाई रु.१ करोडसम्म २ किस्ता तथा कोषलाई आवश्यक लागेमा प्रारम्भिक संस्थालाई एकै किस्तामा लगानी गर्नसक्ने व्यवस्था छ। कोषको वित्तीय विवरणअनुसार मध्यस्थकर्ता बैङ्क तथा सहकारीमार्फत रु.२ अर्ब ३३ करोड ९४ लाख ५६ हजार ऋण प्रवाह गरेको देखिन्छ। कोषको आशयपत्रमा उल्लेख भएअनुसार कर्जा उपयोग स्थितिको अनुगमन गर्नुपर्दछ।

३०. **प्रभाव मूल्याङ्कन -** कोषको मुख्य उद्देश्य स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीको श्रम र सीप उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै

रोजगारीको अवसर सिर्जना गर्नु रहेको छ। कोषले हालसम्म ७५ जिल्लाका २ हजार ८९६ सहकारी संस्थामार्फत सहुलियत दरमा कर्जा लगानी गरेको छ। कर्जा लगानीबाट सुरु गरेको व्यवसायको निरन्तरता र रोजगारीको अभिलेख कोषसँग रहेको देखिएन। कोषले कर्जा प्रवाहबाट सञ्चालन भएको व्यवसाय तथा ऋण उपयोगले पारेको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ।

३१. **भाखा नाघेको कर्जा -** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र ऋणीहरूबिच ऋण सम्झौता गर्दा अवधि ५ वर्ष तथा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार किस्ता नबुझाएमा बुझाउनुपर्ने रकमको थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। कोषले २०८२ आषाढ मसान्तसम्म रु.२ अर्ब ३३ करोड ९४ लाख ५६ हजार कर्जा सापटी दिएकोमा कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट रु.५७ करोड ९७ लाख १८ हजार साँवा तथा सोको ब्याज रु.८ करोड ९८ लाख ६४ हजार र हर्जाना रु.२३ लाख ८२ हजारसमेत रु.६७ करोड १९ लाख ६४ हजार कर्जा असुल गर्नुपर्ने देखिन्छ। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, ब्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

३२. **निष्क्रिय मौज्दात -** वित्तीय विवरणअनुसार कोषमा रु.२ अर्ब ५६ करोड १९ लाख १६ हजार बैङ्क तथा वित्तीय संस्थामा मौज्दात रहेको छ। युवा तथा साना व्यवसाय प्रवर्धन गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले ३.५ प्रतिशत ब्याजदरमा लिएको ऋण रकमको परिचालन नभई कोषमा मौज्दात रहेकोले लक्ष्य र कानुनी व्यवस्थाअनुसार मौज्दात परिचालन गरिनुपर्दछ।

३३. **ऋण फिर्ता** - कोष र कृषि विकास बैङ्कबिच प्रतिव्यक्ति बढीमा रु.२ लाखसम्म ६ प्रतिशतका दरले ब्याज प्राप्त गर्नेगरी रु.१ अर्ब स्वरोजगार कर्जा उपलब्ध गराउने र कोषले बैङ्कलाई ३०, ३० र ४० प्रतिशतका दरले किस्ताबन्दीमा ऋण उपलब्ध गराउने सम्झौता भएको छ। कोष र कृषि विकास बैङ्कबिच २०६८।१२।३० मा भएको सम्झौताअनुसार पहिलो किस्ता बापत रु.३० करोड कोषले बैङ्कलाई उपलब्ध गराएकोमा रु. ७ करोड ४५ लाख ९० हजार फिर्ता गरेको र बैङ्कले ३४४ ऋणीलाई रु.१ करोड ७६ लाख ४९ हजार लगानी गरेको छ। बाँकी रु.२० करोड ७७ लाख ६१ हजार कर्जा उपयोग भएको पाइएन। बैङ्कमा निष्क्रिय रहेको मौज्दात र लगानीमा रहेको ऋणसमेत रु.२२ करोड ५४ लाख १० हजारमा ६ प्रतिशतका दरले ब्याजसमेत गणना गरी फिर्ता लिनुपर्दछ।

राष्ट्रिय वाणिज्य बैङ्क र कोषबिच २०६९।५।७ मा भएको सम्झौताअनुसार बैङ्कले लगेको ऋणमध्ये रु.६ करोड ७९ हजार साँवा फिर्ता गर्न बाँकी रहेको देखिन्छ। बैङ्क र कोषबिच भएको सम्झौताअनुसार बैङ्कले ऋण लगानी गरेको नदेखिएकोले कोषले साँवा रु.६ करोड ७९ हजारमा ६ प्रतिशतका दरले ब्याजसमेत गणना गरी फिर्ता लिनुपर्दछ।

३४. **हिसाब मिलान** - कोषले सहकारीहरूलाई प्रवाह गरेको ऋण फिर्ता प्राप्त भएपछि सोको हिसाब अद्यावधिक गर्नुपर्दछ। कोषले हालसम्म २ हजार ८९६ सहकारीहरूलाई ऋण प्रवाह गरेकोमा १ हजार ५१० सहकारी संस्थाहरूले चुक्ता गरेपनि ती सहकारी संस्थासँग रु.८५ लाख ८६ हजार हिसाब मिलान गर्न बाँकी देखिन्छ।

अनुगमन र बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, भाडा असुली, रंगशाला निर्माण लगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालयको यो वर्ष रु.३ करोड ४६ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१५ लाख ६० हजार सम्परीक्षण भएकोले रु.३ करोड ३० लाख ८५ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - मन्त्रालयअन्तर्गत ४ संस्थाको रु.२४ करोड ९६ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ लाख ७५ हजार सम्परीक्षण भएकोले रु.२४ करोड ९० लाख ८१ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२७ लाख ६० हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ।

रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा समन्वय, नेपाली सेनासम्बन्धी विषयको व्यवस्थापन, समन्वय र सहजीकरण, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षालगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा अन्य संस्थासमेत ३११ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ३०७ सरकारी कार्यालयको निम्नानुसार रु.९२ अर्ब १७ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८४३३६९	११०५९	३५१७२	३२१७५	९२१७७५

उल्लिखित लेखापरीक्षण रकममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयतर्फ रु.१४ अर्ब ८ करोड १ लाख, वन तथा वातावरण मन्त्रालयतर्फ रु.४ अर्ब ४२ करोड ७८ लाख एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयतर्फ रु.२४ करोड ४७ लाख विनियोजन भई यस मन्त्रालयबाट भएको खर्च रु.१८ अर्ब ७५ करोड २६ लाख समावेश गरिएको छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष सैनिक कल्याणकारी कोष, नेपाली सैनिक विमान चार्टर उडान विकास समिति, नेपाली सेना बहुव्यवसाय उद्योग र नेपाली सेना सुपथ मूल्य पसलसमेत ४ संस्थाको रु.९० अर्ब ४० करोडको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **आवधिक योजना कार्यान्वयन** - सोह्रौं योजना (२०८१।८२ - २०८५।८६) ले राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता अभिवृद्धि गर्न नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीतिक चुनौतीहरूको व्यवस्थापन गर्ने, शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षा अनुभूति दिलाउने, नवीन सुरक्षा चुनौतीहरूको व्यवस्थापन गरी सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गराउन नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने, राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा प्रतिकूल प्रभाव पार्ने क्रियाकलापलाई नियन्त्रण गर्ने रूपान्तरणकारी रणनीति तय गरेको छ। मन्त्रालयले उपलब्धि मापन गर्न परिमाणात्मक सूचक निर्धारण गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने साथै योजनाका घोषित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापनमार्फत प्रतिफल देखिने गरी सुधार गर्नुपर्दछ।

४. **वार्षिक कार्यक्रम कार्यान्वयन** - राष्ट्रको सुरक्षा एवं प्रतिरक्षा सम्बन्धी नीति, रणनीति तथा कानुनको तर्जुमा र तिनको कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन रणनीति अन्तर्गतका कार्यनीति कार्यान्वयन गर्ने दायित्व यस मन्त्रालयमा रहेको छ। वार्षिक प्रगति प्रतिवेदनअनुसार यो वर्ष १६ हजार जनालाई सामुदायिक विपद प्रतिकार्य तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा लक्ष्यअनुरूप नै तालिम प्रदान गरेको, बङ्करदेखि ब्यारेकसम्म कार्यक्रमअन्तर्गत यो वर्ष ७३ भौतिक संरचना निर्माण गर्ने लक्ष्य रहेकोमा

सबै निर्माण कार्य सम्पन्न भएको छ। यो वर्ष ७ हजार ७०४ जनालाई राष्ट्रिय सेवा दल तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा सोही अनुरूप तालिम प्रदान गरेको र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण र मेशिनरी औजार तथा फर्निचर खरिदतर्फ ५३.२ प्रतिशत लक्ष्य रहेकोमा ५६.८४ प्रतिशत प्रगति हासिल भएको मन्त्रालयको प्रगति प्रतिवेदनमा उल्लेख छ।

५. **बजेट र खर्च -** मन्त्रालय र मातहतका निकायको लागि यस वर्ष देहायअनुसार विनियोजन तथा खर्च भएको छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	५३९३९६	५४९८४८	५४९०४१	९९.८५
पुँजीगत	५९३३५	५९४३५	३५४८७	५९.७१
जम्मा	**५९८७३१**	**६०९२८३**	**५८४५२८**	**९५.९४**

यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

५.१. मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्षको सुरु बजेट रु.५९ अर्ब ८७ करोड ३१ लाख रहेकोमा रकमान्तरबाट रु.४ अर्ब ८७ करोड ९३ लाख (८.१५ प्रतिशत) थप तथा रु.३ अर्ब ८२ करोड ४१ लाख (६.३९ प्रतिशत) घट्न गई समग्रमा रु.१ अर्ब ५ करोड ५२ लाख (१.७६ प्रतिशत) थप भई खुद बजेट रु.६० अर्ब ९२ करोड ८३ लाख कायम भएको छ।

५.२. मन्त्रालय र मातहत निकायको लागि यो वर्ष चालुतर्फ रु.५४ अर्ब ९० करोड ४१ लाख र पुँजीगततर्फ रु.३ अर्ब ५४ करोड ८७ लाख खर्च भएको देखिन्छ।

५.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानुनबमोजिम दिएको पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने र केन्द्रीय निकायले सोको एकीकृत लगत तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले पेस गरेको पेस्कीको एकीकृत वित्तीय विवरणअनुसार गत विगत वर्षको बजेट निकायतर्फ रु.२८ अर्ब ४१ करोड २३ लाख र गैर बजेट निकायतर्फ रु.२५ करोड १ लाख समेत रु.२८ अर्ब ६६ करोड २४ लाख पेस्की बाँकी रहेकोमा यस वर्षसम्म मन्त्रालय र मातहतका बजेट निकायतर्फ रु.२७ अर्ब ३९ करोड ८२ लाख र गैरबजेट निकायतर्फ रु.८ करोड २५ लाखसमेत रु.२७ अर्ब ४८ करोड ७ लाख फस्यौंट हुन बाँकी रहेको छ। उक्त पेस्कीमध्ये चालु आर्थिक वर्षको म्याद नाघेको पेस्की रु.८३ करोड ९६ लाख रहेको छ। नियमावलीको व्यवस्थाबमोजिम पेस्कीको अभिलेख राखी फस्यौंट गर्नुपर्दछ।

६. **सुरक्षा व्यवस्था -** सैनिक ऐन, २०६३ अनुसार नेपाली सेनालाई सुम्पिएको दायित्व बाहेक विभिन्न आयोजना, बैङ्क, दूरसञ्चार कम्पनी, आयल निगम, विमानस्थल, पेन्सन क्याम्पलगायतका निकायको सुरक्षाको लागि नेपाली सेनाले सुरक्षाकर्मी खटाउने गरेको छ। नेपाली सेना र नेपाल राष्ट्र बैङ्कबिच भएको सम्झौताअनुसार नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२० करोड ५३ लाख ७९ हजार राजस्व दाखिला गरेको छ। नेपाल दूरसञ्चार कम्पनी, आयल निगम, विमानस्थल लगायतका निकायमा नेपाली सेना खटाएबापत हालसम्म कुनै रकम प्राप्त गरेको देखिएन। सैनिक ऐनमा तोकिएका बाहेक अन्य व्यावसायिक प्रकृतिका निकायमा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मी खटाउने सम्बन्धमा नीतिगत निर्णय गरी खटिएका

निकाय, सुरक्षाकर्मी र प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी राजस्व आम्दानी गर्नुपर्ने बेहोरा विगतदेखि औंल्याउँदै आइएकोमा यसमा सुधार भएको छैन।

७. **सम्पत्ति अभिलेख -** मन्त्रालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनअनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स भर्सन २) मा यस वर्ष मन्त्रालय र अन्तर्गतका निकायको स्वामित्वमा रु.३ खर्ब ६२ अर्ब ३५ करोड ५३ लाखको जिन्सी तथा सम्पत्तिको अन्तिम मौज्दात देखाएको छ। गत वर्षको वित्तीय विवरणमा रु.५ अर्ब ६५ करोड ६० लाख सम्पत्तिको अन्तिम मौज्दात देखिएकोमा यस वर्ष रु.२ अर्ब २५ करोड ११ लाख घटी सम्पत्ति मौज्दात सारेको देखिन्छ। उक्त जिन्सी तथा सम्पत्तिको विवरणमा भवन लगायत गत वर्ष लेखाङ्कन गरेका सम्पत्ति यस वर्ष लेखाङ्कन गरेको नदेखिएकोले मन्त्रालय र मातहतको जिन्सी सम्पत्तिको अद्यावधिक स्थिति यकिन गर्न सकिने अवस्था छैन। मन्त्रालय र मातहतका निकायको सबै जिन्सी सम्पत्तिको यथार्थ मूल्य पाम्समा प्रविष्टि गरी जिन्सी तथा सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्दछ।

यस वर्ष लेखापरीक्षणबाट

- *सम्झौताअनुसार सामान आपूर्ति नभई अधिकांश प्रतीतपत्र पेस्की फस्यौंट नभएको,*
- *खरिद पूर्व पर्याप्त तयारी र निर्माण व्यवसायीले डिजाइन पेस नगरेको कारण सम्झौता कार्यान्वयन हुन नसकेको,*
- *हवाई चार्टर उडान बहाल रु.८ करोड ७० लाख असुल नभएको,*
- *काठमाडौं/तराई-मधेश द्रुतमार्ग आयोजनाको निर्माण अवधि २०८३ चैत्र मसान्तसम्म रहेकोमा यो वर्षसम्मको भौतिक प्रगति ४२.१३ प्रतिशतमात्र रहेको लगायतको अवस्था देखिएको छ।*

८. **विकास निर्माण -** सैनिक ऐन, २०६३ को दफा १३५(क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद् व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्था छ। सोअनुसार काठमाडौं तराई/मधेश द्रुतमार्ग लगायत विभिन्न सडकको ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने तथा सडक निर्माण कार्यमा नेपाल सरकारले नेपाली सेनाको उपयोग गरेको छ। यो वर्ष काठमाडौं तराई/मधेश द्रुतमार्ग आयोजनाबाट रु.१३ अर्ब ४५ करोड ७९ लाख र विकास निर्माण निर्देशनालयबाट रु.४१ करोड ९७ लाख ८९ हजार खर्च भएको छ। विकास निर्माणका कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

नेपाली सेना

नेपालको संविधानको धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको सङ्गठन रहने व्यवस्था छ।

सम्भाररथी विभाग

नेपाली सेनाका लागि रासन र औषधी बाहेकका मालसामान, उपकरण, सवारीसाधन एवं पार्टपुर्जा खरिद लगायतका व्यवस्थापकीय कार्य यस विभागले गर्दै आएको छ।

९. **प्रतीतपत्र पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(७) मा सार्वजनिक निकायले प्रतीतपत्रद्वारा मालसामान झिकाउँदा कार्यालयमा मालसामान प्राप्त भएको मितिले ३० दिनभित्र प्रतीतपत्र खोलेको पेस्की रकम फस्यौंट गर्नुपर्ने एवं नियम ११३(८) मा प्रतीतपत्रबाट मालसामान उपलब्ध गराउने समयभित्र मालसामान प्राप्त हुन नसकेमा बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र पेस्की

फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार २०६४।६५ देखि २०८१।८२ सम्म नेपाल बैङ्क लिमिटेड र नेपाल राष्ट्र बैङ्कमा अमेरिकी डलर २ करोड ६५ लाख ९४ हजार, युरो २४ लाख ३२ हजार र भारतीय रुपैयाँ ६४ करोड ४४ लाख १९ हजार बराबरका प्रतीतपत्र पेस्की फर्स्यौट हुन बाँकी रहेको छ।

त्यसै गरी नेपाली सेनाको लागि आवश्यक हवाई सामग्री एवं पार्ट्स खरिद गर्न सैनिक हवाई महानिर्देशनालय, मध्य एयरबेसले विभिन्न बैङ्कमा खोलेको अमेरिकी डलर १६ लाख ६७ हजार, युरो २ लाख ६७ हजार र भारतीय रुपैयाँ ७२ करोड २ लाख ८६ हजार बराबरको प्रतीतपत्र फर्स्यौट हुन बाँकी रहेको छ। खरिद सम्झौताअनुसारका सामग्री तथा सेवा निर्धारित समयमा प्राप्त नभएमा नियमानुसार उक्त रकम फिर्ता लिई सञ्चितकोष दाखिला गर्नुपर्दछ।

१०. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ताले खरिद सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। सम्भाररथी विभाग र एक आपूर्तिकर्ता कम्पनीबिच विभिन्न प्रकारका विशेष उपकरण खरिदको लागि प्रतीतपत्र खोलेको १८० दिनभित्र आपूर्ति गर्ने गरी २०६९।३।६ मा अमेरिकी डलर ९४ हजार ३३२ को सम्झौता भएको थियो। सम्झौताको बुँदा नं. ४ मा सम्झौताअनुसारका उपकरण २०६९।९।१७ सम्म आपूर्ति गरी सक्नुपर्ने र बुँदा नं.११ मा सम्झौता अवधिभन्दा ढिलो आपूर्ति गरेमा प्रतिदिन ०.०५ प्रतिशतको दरले बढीमा १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाइने उल्लेख छ। विभागले २०७०।९।२६ मा आपूर्तिकर्ताले समयमा उल्लिखित मालसामान आपूर्ति नगरेकोले सम्झौता रकमको १० प्रतिशतले हुने अमेरिकी डलर ९ हजार ४३३ सबै सामान आपूर्ति गरेपश्चात अन्तिम किस्ता २० प्रतिशत भुक्तानी गर्दा कट्टा गर्ने प्रावधान राखी सम्झौता संशोधन गरेको देखियो। आपूर्तिकर्ताले आंशिक सामान आपूर्ति गरेको आधारमा २०७०।१२।१३ मा अमेरिकी डलर ७३ हजार ८२८ भुक्तानी गरेकोमा ११ वर्ष व्यतीत हुँदासम्म पनि बाँकी सामान आपूर्ति गरेको छैन। विभागले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नुपर्नेमा भुक्तानी हुन बाँकी रकमबाट कट्टा हुने गरी सम्झौता संशोधन गरेको उचित देखिएन। सम्झौता भएको लामो समयसम्म पनि सामान आपूर्ति नभएकोले सार्वजनिक खरिद कानुन तथा सम्झौताका सर्तअनुरूप सम्झौता फरफारख एवं प्रतीतपत्र बन्द गरी पेस्की फर्स्यौट गर्नुका साथै विभागीय निर्णयअनुरूप आपूर्तिकर्ताबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

११. **मालसामान आपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(८) मा मालसामान उपलब्ध गराउने सम्बन्धित आपूर्तिकर्ताले निर्धारित समयभित्र मालसामान उपलब्ध गराउन नसकेमा साधारणतया प्रतीतपत्र रद्द गर्नुपर्ने र सोबापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र खोलेको पेस्की रकम फर्स्यौट गर्नुपर्ने उल्लेख छ। विभाग र एक आपूर्तिकर्ताबिच भीड नियन्त्रण गर्न प्रयोग गरिने सामग्री २०७२।४।२० सम्म आपूर्ति गर्ने गरी २०७०।१२।२१ मा अमेरिकी डलर २५ हजार ८०० को सम्झौता भएको देखियो। उक्त सामान खरिदका लागि नेपाल राष्ट्र बैङ्कमा रु.२६ लाख ५३ हजारको प्रतीतपत्र खोलेकोमा २०८२ माघ मसान्तसम्म उक्त सामग्री आपूर्ति भएको देखिएन। सम्झौताको सर्त एवं प्रचलित कानुनअनुसार सम्झौता फरफारख गरी बैङ्कमा उपयोगविहीन अवस्थामा रहेको रु.२६ लाख ५३ हजार फिर्ता प्राप्त गरी प्रतीतपत्र पेस्की फर्स्यौट गर्नुपर्दछ।

विकास निर्माण निर्देशनालय

नेपालको ७७ वटै जिल्लालाई सडक सञ्जालमा जोड्ने राष्ट्रिय लक्ष्यअनुरूप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका सडक निर्माण योजना कार्यालयहरूको कार्यक्षेत्रभित्र रहेका सडकहरूको निर्माण कार्यमध्ये ४ आयोजनाको ट्र्याक खोल्नेसहितका कार्य नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयबमोजिम नेपाली सेनामार्फत हुँदै आएको छ।

१२. **निर्माण व्यवस्थापन -** सैनिक ऐन, २०६३ को दफा १३५(क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद् व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्थाबमोजिम निर्देशनालयले यो वर्ष २ राष्ट्रिय गौरवका आयोजना, २ पहिलो प्राथमिकता प्राप्त आयोजनासमेत ४ आयोजनाको वार्षिक रूपमा तोकिएअनुरूप निर्देशनालयले १०.६१ किलोमिटर ट्र्याक खन्ने कार्य र ७.७ किलोमिटर सडक चौडा गर्ने कार्यसमेतमा यो वर्ष रु.४२ करोड २१ लाख ६० हजार खर्च गरेको छ। उक्त खर्चमध्ये मेसिनरी उपकरण, निर्माण सामग्री र ढुवानीसमेतको कार्य बोलपत्रमार्फत खरिद व्यवस्थापन गरी रु.६ करोड ६० लाख २९ हजार भुक्तानी भएको छ। त्यसैगरी श्रमिक ज्याला रु.१४ करोड ८३ लाख ५० हजार, इन्धन खर्च रु.६ करोड ९८ लाख १० हजार, स्थानीयस्तरको ढुवानी खर्च रु.८५ लाख ९३ हजारलगायतका खर्च फिल्डमा रहेको विकास निर्माण कार्यदलले अमानतबाट कार्य गराई भुक्तानी गरेको छ।

१३. **कार्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमअनुसार खर्च गर्दा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नेपाली सेनाले रु.९ अर्ब ४० करोड लागत अनुमानका निम्नानुसारका ४ सडक योजनाको २०३.५६ किलोमिटर ट्र्याक खन्ने जिम्मेवारी प्राप्त गरेकोमा यो वर्ष १०.६१ किलोमिटरसमेत हालसम्म ८६.५१ किलोमिटर सडक निर्माणको लागि यो वर्ष रु.३६ करोड ३७ लाख ५९ हजारसमेत रु.३ अर्ब ७ करोड २४ लाख खर्च भएको देखिन्छ। उल्लिखित ४ सडक योजनाको निर्माण कार्यको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष (प्रस्तावित)	कुल लम्बाइ (कि.मि.)	२०८१।८२ को		यो वर्षसम्मको		
					खर्च (रु.लाखमा)	भौतिक प्रगति (ट्र्याक निर्माण) कि.मि.	खर्च (रु.लाखमा)	भौतिक प्रगति (ट्र्याक निर्माण) कि.मि.	भौतिक प्रगति प्रतिशत
१	खाँदबारी (किमाथांका - च्याम्ताङ्ग-घोङ्गप्पा खण्ड) सडक	२०७७।७८	२०८१।८२	१०.५१	५२२.८५	२.०१	५५९२.३७	१०.५१	१००
२	कर्णाली कोरिडोर (दुलीकुन्ना-लालीबगर खण्ड) सडक ११ कि.मि.	२०७८।७९	२०८४।८५	११	१०१४.०१		६३५१.१६	११	१००
	कर्णाली कोरिडोर (घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोलाखण्ड) सडक	२०७८।७९	२०८४।८५	११.०५		२.५०		७.५	६७.८७
३	बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक	२०७३।७४	२०८९।९०	९२	७०६.१७	२	१२४८८.२४	४०	४३.४८
४	दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक	२०७७।७८	२०८९।९०	७९	१३९४.५६	४.१०	६२९२.४८	१७.५	२२.१५
	जम्मा			**२०३.५६**	**३६३७.५९**	**१०.६१**	**३०७२४.२५**	**८६.५१**	**४२.५०**

उल्लिखित विवरणअनुसार कर्णाली कोरिडोरअन्तर्गत घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा ६७.८७ प्रतिशत, बेनीघाट-आरूघाट-लार्केभन्ज्याङ्ग, गोरखा सडकको ट्र्याक खोल्ने कार्यमा ४३.४८ प्रतिशत र दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडकको ट्र्याक निर्माण कार्यमा २२.१५ प्रतिशत भौतिक प्रगति भएको छ। तोकिएको लक्ष्यअनुसार प्रगति हासिल गरी निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

नेपाल सरकार मन्त्रीपरिषद्को २०७४।१।२१ को निर्णय अनुसार काठमाडौंदेखि बाराको निजगढसम्म ७२.५ किलोमिटर लम्बाइको द्रुतमार्ग निर्माण कार्यको जिम्मवारी २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएको हो। आयोजनाको निर्माण कार्य २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा मन्त्रीपरिषद्को २०८०।१।५ को निर्णयबाट आयोजनाको लागत नबढ्ने गरी २०८३ चैत्रसम्म निर्माण अवधि थप भएको छ। द्रुतमार्गको २०७६।५।१ मा स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार सडकको कुल लम्बाइ ७२.५२९ किलोमिटर, ८७ वटा पुल, ३ सुरुङ मार्ग र कुल लागत रु.२ खर्ब १३ अर्ब ९५ करोड रहेको थियो। २०८१।७।२५ मा भएको विस्तृत आयोजना प्रतिवेदनको संशोधनपश्चात् द्रुतमार्गको कुल लम्बाइ ७०.९७७ किलोमिटर, ८९ वटा पुल र ७ सुरुङ मार्ग निर्माण गर्न कुल रु.२ खर्ब ११ अर्ब ९३ करोड संशोधित लागत अनुमान रहेको छ।

१४. **आयोजना कार्यान्वयन -** राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको यो आयोजनाको हस्तान्तरण पूर्व सडक विभागबाट रु.३ अर्ब ६७ करोड १३ लाख खर्च भएकोमा नेपाल सरकार मन्त्रीपरिषद्को २०७४।१।२१ को निर्णयअनुसार २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएपश्चात् रु.८० अर्ब ५६ करोड ७७ लाखसमेत २०८१।८२ सम्म कुल रु.८४ अर्ब २३ करोड ९० लाख खर्च भएको छ।

नेपाली सेनालाई हस्तान्तरण भएपश्चात् आयोजनाको कार्य २०७३।७४ बाट सुरु भई एसियाली राजमार्गको मापदण्डअनुसार निर्माण कार्य भइरहेको यस आयोजनालाई विभिन्न ११ क्लष्टरमा विभाजन गरी कार्यान्वयनको लागि १३ प्याकेज बनाइएको छ। निर्माण कार्यका लागि विभाजन गरिएका १३ प्याकेजमध्ये १२ प्याकेजको ठेक्का व्यवस्थापन गरी कार्य भइरहेको छ। आयोजनाको हालसम्मको खर्च रु.८० अर्ब ५६ करोड ७७ लाखमध्ये मुआब्जा/क्षतिपूर्ति वितरणमा रु.२ अर्ब ९१ करोड ५१ लाख, विस्फोटक पदार्थ र बेलीब्रिज खरिदमा रु.३६ करोड ३३ लाख खर्च भएको देखिन्छ। त्यस्तै, सवारीसाधन, प्रशासनिक खर्च, उपकरण, इन्धन, क्याम्प निर्माण लगायतका शीर्षकमा रु.३ अर्ब २१ करोड ३३ लाख (३.९९ प्रतिशत) र परामर्श सेवामा रु.३ अर्ब ७ करोड ८७ लाख खर्च भएको देखिन्छ। यसै गरी आयोजनाको निर्माण कार्यमा २०८१ आषाढ मसान्तसम्म रु.७० अर्ब ९९ करोड ७३ लाख खर्च भएकोमा परामर्श सेवामा निर्माण कार्यमा भएको खर्चको ४.३४ प्रतिशत एवं कुल खर्चको ३.८२ प्रतिशत खर्च भएको छ। द्रुतमार्गको रेखाङ्कनअन्तर्गत पर्ने ललितपुरको खोकनामा ६.५ किलोमिटर सडकको रेखाङ्कन र जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण रु.३ अर्ब २७ करोड लागत अनुमानको एक प्याकेजको ठेक्का व्यवस्थापन भएको छैन। आयोजनाको करिब ८४ प्रतिशत अवधि व्यतीत हुँदा ५ पुलको सुपर स्ट्रक्चरसम्मको कार्य र २ सुरुङको निर्माण सम्पन्न भई आयोजनाको समग्र भौतिक प्रगति ४२.१३ प्रतिशत र वित्तीय प्रगति ४४ प्रतिशत रहेको छ।

आयोजनाका सम्पूर्ण निर्माण कार्यको डिजाइन तथा सुपरिवेक्षणको लागि आवश्यक परामर्श सेवाको लागि समयबद्ध सम्झौता गरेकोले आयोजनाको निर्माण अवधि थप हुँदा परामर्श सेवाको अवधि पनि थप हुने एवं मूल्य समायोजनसमेतका कारण निर्माण कार्यको लागत पनि वृद्धि हुने अवस्था रहेकोले समयमै आयोजना सम्पन्न गराउनुपर्दछ।

१५. **पूर्वनिर्धारित क्षतिपूर्ति -** आयोजनाले प्याकेज नं.८(ए) को निर्माण कार्यका लागि निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष सर्तको बुँदा नं ४.२४ मा कार्य प्रारम्भ भएको १८० दिनभित्र विस्तृत सर्वेक्षण, जियोलोजिकल र हाइड्रोलोजिकल अध्ययन, जियोटेक्निकल अनुसन्धान लगायत सबै प्रतिवेदन पेस गरी अन्तिम डिजाइन स्वीकृति गर्ने गरी प्रथम माइलस्टोन तोकिएको र बुँदा नं. ८.८ मा प्रथम माइलस्टोन बमोजिम कार्य नगरेमा प्रतिदिन सम्झौता रकमको क्रमशः ०.००७५ र ०.००५ प्रतिशतका दरले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाइने व्यवस्था छ।

द्रुतमार्गको प्याकेज नं ८(ए) अन्तर्गत ५.२२ किलोमिटर सडक एवं ६ स्थानमा पुललगायतका संरचना निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँग मूल्य अभिवृद्धि कर र प्रोभिजनल समबाहेक रु.५ अर्ब ५८ करोड १४ लाखको सम्झौता भई २०८१।१।३१ मा कार्य प्रारम्भ गरेको देखियो। सम्झौताको सर्तअनुसार प्रथम माइलस्टोनको कार्य १८० दिनभित्र सम्पन्न गर्न नसकेका कारण आयोजनाबाट उक्त माइलस्टोनको म्याद २०८१।१२।८ सम्म थप भएको छ। सम्झौताअनुसार २०८१।१२।८ भित्र डिजाइनसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न पश्चात डिजाइन स्वीकृत गरी सक्नुपर्नेमा निर्माण व्यवसायीले २०८२।६।५ मा पेस गरेको अन्तिम डिजाइन २०८२।६।६ मा स्वीकृत भएको छ। निर्धारित समयभन्दा १८४ दिन ढिला गरेको कारण सम्झौताको सर्तबमोजिम निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.७ करोड ७० लाख २४ हजार असुल गर्न आयोजनाले २०८२।८।१६ मा निर्णय गरी निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा लेखापरीक्षणबाट औँल्याइएपश्चात् रु.१ करोड ९२ लाख ५६ हजार असुल भई रु.५ करोड ७७ लाख ६८ हजार असुल हुन बाँकी रहेको छ। सम्झौताको सर्त एवं आयोजनाको निर्णयानुसार बाँकी रकम असुल गर्नुपर्दछ।

१६. **सम्झौता कार्यान्वयन -** आयोजनाले प्याकेज नं.९(ए) र ९(बी) अन्तर्गतका निर्माण कार्यका लागि दुई संयुक्त उपक्रमसँग गरेको सम्झौताको विशेष सर्तको बुँदा नं ४.२४ मा कार्य प्रारम्भ भएको १८० दिनभित्र विस्तृत सर्वेक्षण, जियोलोजिकल र हाइड्रोलोजिकल अध्ययन, जियोटेक्निकल अनुसन्धान लगायत सबै प्रतिवेदन पेस गरे पश्चात अन्तिम डिजाइन स्वीकृति गर्ने गरी प्रथम माइलस्टोन तोकिएको र बुँदा नं. ८.८ मा प्रथम माइलस्टोन बमोजिम कार्य नगरेमा प्रतिदिन सम्झौता रकमको ०.००७५ प्रतिशतका दरले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाइने व्यवस्था छ। उल्लिखित खरिद सम्झौता कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१. आयोजनाले प्याकेज नं ९(ए) अन्तर्गत ८ स्थानमा पुल, ग्यालरी टनेल, सडक, स्लोप प्रोटेक्सन लगायतका कार्य २०८१।१।३१ बाट सुरु गरी २०८३।९।१५ भित्र सम्पन्न गर्ने गरी २०८०।१२।२३ मा एक संयुक्त उपक्रमसँग रु.७ अर्ब ७५ करोड ७६ लाखको सम्झौता गरेको छ। उक्त सम्झौताको सर्तबमोजिम २०८१।७।२३ भित्र विस्तृत सर्भे तथा डिजाइन कार्य सम्पन्न गरी अन्तिम डिजाइन स्वीकृत भइसक्नुपर्नेमा २०८१ आश्विनमा आएको भारी वर्षात् एवं बाढीका कारण संरचनामा क्षति पुगेको तथा कतिपय कार्यको पुनः डिजाइन गर्नुपर्ने कारण उल्लेख गरी आयोजनाले

प्रथम माइलस्टोनको म्याद २०८१।१२।२५ सम्म थप गरेको छ। निर्माण व्यवसायीलाई गत वर्ष सम्झौताअनुसार प्रथम किस्ता मोबिलाइजेसन पेस्की रु.६६ करोड ७२ लाख २८ हजार प्रदान गरेकोमा यो वर्ष २०८१।१२।२५ पश्चात प्रथम माइलस्टोनको म्याद थप नभएको एवं २०८२ फागुन मसान्तसम्म पनि निर्माण व्यवसायीले अन्तिम डिजाइन पेस नगरेकोले सम्झौताअनुसार कार्य भएको देखिएन।

१६.२. द्रुतमार्गको प्याकेज नं ९(बी) अन्तर्गत ७ स्थानमा पुल, सडक, स्लोप प्रोटेक्सन लगायतका निर्माण कार्य २०८१।१।३१ बाट सुरु गरी २०८३।९।१५ भित्र कार्यसम्पन्न गर्न एक संयुक्त उपक्रमसँग २०८०।१२।२३ मा रु.७ अर्ब ६४ करोड ६६ लाखको सम्झौता गरेको छ। उक्त सम्झौताको सर्त अनुसार २०८१।७।२३ भित्र विस्तृत सर्भे तथा डिजाइन कार्य सम्पन्न गरी अन्तिम डिजाइन स्वीकृत भई सक्नुपर्नेमा २०८१ आश्विनमा आएको भारी वर्षात्का कारण बाढी तथा पहिरोबाट संरचनामा क्षति पुगेको उल्लेख गरी निर्माण व्यवसायीले सोको दाबीसहित म्याद थपका लागि २०८१।६।२३ मा पत्राचार गरेकोमा आयोजनाबाट २०८१।१२।१३ सम्म प्रथम माइलस्टोनको म्याद थप भएको देखियो। निर्माण व्यवसायीलाई गत वर्ष सम्झौतानुसार प्रथम किस्ताबापत रु.६६ करोड ७४ लाख ६ हजार पेस्की प्रदान गरेकोमा प्रथम माइलस्टोनको २०८१।१२।१३ पश्चात म्याद थप समेत नभएको एवं २०८२ फागुन मसान्तसम्म पनि निर्माण व्यवसायीले अन्तिम डिजाइन पेस नगरेकोले सम्झौताअनुसार कार्य भएको देखिएन।

१७. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। आयोजना निर्माण कार्यको डिजाइन तथा सुपरिवेक्षण गर्न २०७७।२।२ मा एक परामर्शदातासँग ५४ महिना निर्माण अवधि र १२ महिना त्रुटि सच्याउने अवधिसम्मको समयबद्ध परामर्श सेवा लिने गरी अमेरिकी डलर १ करोड २९ लाख ९२ हजार र रु.१ अर्ब २४ करोड २६ हजारको सम्झौता भएकोमा आयोजनाको अवधि थप भएसँगै परामर्शदातासँग भएको सम्झौताको म्याद तेस्रोपटक थप भई २०८३।११।२ सम्म कायम भएको छ। सम्झौताको अवधि थपसँगै यो वर्ष भेरिएशनबाट संशोधित सम्झौता रकम अमेरिकी डलरतर्फ १ करोड ३० लाख ४३ हजार र नेपाली रुपैयाँतर्फ १ अर्ब ४२ करोड २५ लाख १३ हजार कायम भएकोमा यो वर्षसम्म अमेरिकी डलरतर्फ १ करोड १ लाख ६० हजार एवं नेपाली रुपैयाँतर्फ रु.१ अर्ब ७ करोड ९५ लाख ८७ हजार भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१७.१. परामर्शदाताको कार्यक्षेत्रगत सर्त तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९(१) मा सम्झौतापश्चात् काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने व्यवस्था छ। आयोजना र परामर्शदाताबिच भएको सम्झौतामा समेत प्रमुख विज्ञहरू परिवर्तन गर्न नहुने उल्लेख छ। सम्झौतापछि २ पटक टिम लिडरसमेत डेपुटी टिम लिडर, सुरुङको प्रमुख इन्जिनियर, भूगर्भविद, गुणस्तर नियन्त्रण तथा मेटेरियल इन्जिनियरलगायतका वैदेशिक विज्ञ एवं नेपाली विज्ञसमेत परिवर्तन गरेको देखियो। पटक-पटक विज्ञ फेरबदलबाट निर्माण कार्यको गुणस्तरमा पर्ने असरलाई ध्यान दिई यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।

१७.२. आयोजनाको डिजाइन र सुपरिवेक्षण गर्न नियुक्त परामर्शदाताको अवधि २०८१ कार्तिक मसान्तसम्म रहेकोमा आयोजनाको निर्माण अवधि २०८३ चैत्र मसान्तसम्म थप भए अनुरूप परामर्शदाताको अवधिसमेत २०८३।११।२ सम्म थप भएको देखिन्छ। आयोजनाको १३ प्याकेजमध्ये ललितपुरको डुकुछापदेखि खोकनासम्मको ६.५ किलोमिटर सडकको रेखाङ्कन र जग्गा प्राप्तिको कार्य बाँकी रहेकोले उक्त क्षेत्रको डिजाइन तयार भएको छैन। यसरी आयोजनाको उक्त खण्डको काम समयमा सुरु नहुँदा डिजाइन र सुपरिवेक्षण कार्यको लागत र समयसमेत वृद्धि हुने अवस्था छ।लक्षित अवधिभित्र योजना पूरा गर्ने गरी जग्गा प्राप्ति र डिजाइनसम्बन्धी कार्य पूरा गर्नुपर्दछ।

१८. **जग्गा अधिग्रहण -** आयोजनाअन्तर्गत सडक क्षेत्रमा पर्ने १५ हजार ४२३ रोपनी जग्गामध्ये विस्तृत आयोजना प्रतिवेदनको दोस्रो संशोधनसम्म ५ हजार ४७० रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने देखिएकोमा गत वर्षसम्म ४ हजार ८७१ रोपनी र यो वर्ष ७७ रोपनीसमेत ४ हजार ९४८ रोपनी जग्गा प्राप्त भई ५५२ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको देखिन्छ। प्याकेज नं ११ को निर्माण क्षेत्र खोकनाको जग्गा प्राप्तिको लागि रक्षा मन्त्रीको अध्यक्षतामा समिति गठन भई विभिन्न ७ विकल्पमा छलफल गर्दा द्रुत मार्गको सुरु विन्दु खोकना हुने गरी सुरुको विस्तृत आयोजना प्रतिवेदनबमोजिमकै सडक रेखाङ्कन उपयुक्त देखिएकोले सो क्षेत्रको जग्गा अधिग्रहण सम्बन्धी समस्या समाधानका लागि सम्भावित विकल्पहरू समावेश गरी प्रतिवेदन परिमार्जनको प्रक्रिया अगाडि बढाउन आयोजना निर्देशक समितिको ६८ औं बैठकबाट निर्णय भएकोमा सो कार्य पूरा भएको छैन। आयोजनाको लागि जग्गा प्राप्ति कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

१९. **आयोजनाको पूर्व तयारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनुपर्ने रुख, बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको रेखाङ्कनभित्र परी छपान भएका ७१ हजार १४१ रूखमध्ये हालसम्म रु.५ करोड ९१ लाखको लागतमा ४२ हजार ३५२ रूख कटान गरेको र २८ हजार ७८९ रूख कटान हुन बाँकी रहेको छ। आयोजनाले पेस गरेको चौथो पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन २०८२।३।१ मा मात्र स्वीकृत भई जग्गा भोगाधिकार र रुख कटान स्वीकृति प्राप्तिमा ढिलाइ भएकोले निर्माण कार्य सुरु भएका प्याकेज नं ६, ८ए, ८बी, ९ए, ९बी र १० मा पर्ने रुख कटान कार्यसमेत बाँकी रहेको देखिन्छ। जग्गा भोगाधिकार र रुख कटानसम्बन्धी निर्णय समयमै कार्यान्वयन गरी आयोजनाको कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **निर्माण सामग्री -** सडक विभागको स्टयाडर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ (संशोधन २०७८) को सेक्सन ९०५(३) ए र बी मा निर्माणका क्रममा विस्फोटन गराइ वा नगराइ तथा मेशिन वा मान्छेबाट फुटाएका कडा चट्टानको प्रयोग सोही योजनामा गर्न सकिने भएमा ५० प्रतिशत परिमाण घटाइ लागत अनुमान बनाउनुपर्ने उल्लेख छ। साथै द्रुतमार्ग आयोजना र विभिन्न प्याकेजका निर्माण व्यवसायीसँग भएको सम्झौताको पार्टिकुलर कन्डिसन अफ कन्ट्र्याक्टको बुँदा नं ७.७ मा साइटमा उपलब्ध गराउनुभन्दा अगाडि जुनसुकै औजार तथा सामग्री रोजगारदाताको सम्पत्ति हुने उल्लेख छ। त्यसैगरी प्याकेज नं. १ र २ को बोलपत्र पेस गर्नुपूर्वको बैठकबाट गरेको निर्णय बमोजिम सुरुङ खन्ने क्रममा निस्किएको प्रयोग गर्न मिल्ने निर्माण सामग्री स्थानीय तहलाई रोयल्टी तिरेर निर्माण व्यवसायीले प्रयोग गर्न सक्ने उल्लेख भएकोमा प्याकेज नं. २ का निर्माण व्यवसायीले १ स्थानीय तहलाई यस वर्ष

रु.२ लाख ७७ हजार रोयल्टी बुझाई २७ हजार १८९ घनफिट र हालसम्म रु.४७ लाख ३५ हजार रोयल्टी बुझाई ४ लाख ४९ हजार घनफिट निर्माण सामग्री सुरुङ्गको दोस्रो लाइनिङ्गको कार्यमा उपयोग गरेको देखियो। सुरुङ खन्दा निस्केको निर्माण सामग्री वा मकको प्रयोग हुन सक्ने अवस्थालाई लागत अनुमान तयार गर्दा विचार गरिएको छैन।

सैनिक हवाई महानिर्देशनालय, मध्य एयर बेस

महानिर्देशनालयले हवाई सेवाबाट कार्गो ढुवानी, सैनिक यात्रुको ओसारपसार, प्यारा तालिम, पाइलट तालिम, सैनिक अपरेसन, बन्दोबस्ती उडान, खोज तथा उद्धारका साथै गैरसैनिक स्वदेशी तथा विदेशी नियोगहरूको चार्टर तथा व्यापारिक उडान लगायतका कार्य गर्दै आएको छ।

२१. **पूर्वनिर्धारित क्षतिपूर्ति -** कासा एयरक्राफ्ट जहाजको ४ वर्ष र ४०० उडान घण्टाको चेकजाँचका लागि एक सेवा प्रदायक कम्पनीसँग २०८०।८।१३ मा अमेरिकी डलर ८ लाख २९ हजारको खरिद सम्झौता गरेको छ। सम्झौताको बुँदा नं. ३.२ मा कार्यादेश दिएको १५० दिन अर्थात् मिति २०८१।३।२६ भित्र कार्य सम्पन्न गर्नुपर्ने र बुँदा नं. ३.४ मा तोकिएको अवधिमा काम सम्पन्न नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ। सोही सम्झौताको बुँदा नं. ११.१ मा सम्झौतामा उल्लेख भएका विषयमा केही परिमार्जन गर्न दुवै पक्ष सहमत भएमा संशोधन वा थप गरिएका बेहोरा खुलाउनुपर्ने अन्यथा सुरु सम्झौतामा व्यवस्था गरिएका प्रावधानअनुसार काम गर्ने/गराउने उल्लेख छ। खरिद सम्झौताको पहिलो संशोधनबाट भुक्तानीको विषय मात्र संशोधन गरेकोमा एयरक्राफ्ट मर्मत सम्पन्न गर्नुपर्ने अवधि संशोधन वा थप गरेको देखिएन। सेवाप्रदायक कम्पनीले जहाजको चेकजाँचको दौरानमा मर्मत गर्नुपर्ने केही स्पेयर पार्ट्सहरू मर्मतको लागि अमेरिका पठाएकोमा फिर्ता प्राप्त हुन ढिलाइ भएको कारणले समयमै एयरक्राफ्टको चेकजाँच कार्य गर्न नसकिने हुनाले क्षतिपूर्ति नलगाउन कम्पनीले २०८०।१२।५ मा अनुरोध गरेको आधारमा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धमा गठित बोर्डको २०८०।१२।१९ को रायबमोजिम महानिर्देशनालयले क्षतिपूर्ति नलगाई सम्झौता अवधि थप गर्ने निर्णय गरेकोमा उक्त निर्णयमा थप हुने अवधि खुलाएको छैन। सेवा प्रदायक कम्पनीले सुरु सम्झौता अवधि २०८१।३।२६ भन्दा १३० दिन ढिलो अर्थात् २०८१।८।६ मा कार्य सम्पन्न गरी २०८१।९।३ मा एयर बेसले अन्तिम किस्ता बापत अमेरिकी डलर ३ लाख १५ हजार भुक्तानी गरेको छ। खरिदसम्झौताको सर्तअनुसार अमेरिकी डलर ८ लाख २९ हजारको ०.०५ प्रतिशतले ढिलो अवधिको अमेरिकी डलर ५३ हजार ८८३ अर्थात् २०८१।८।६ को विनिमय दर रु.१३५।३७ का दरले हुने रु.७२ लाख ९४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन। कार्य सम्पन्न गर्नुपर्ने स्पष्ट अवधि किटान नगरी पूर्वनिर्धारित क्षतिपूर्ति नलाग्ने गरी गरेको म्याद थप नियमसम्मत देखिएन।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरूलाई नागरिक सेवाअन्तर्गत अत्यावश्यकीय क्षेत्रमा नियमित एवं मितव्ययी सेवा प्रदान गर्न विकास समिति ऐन, २०१३ अनुसार नेपाली सैनिक विमान चार्टर उडान विकास समिति (गठन) आदेश, २०७३ बमोजिम यो समिति गठन भएको हो।

२२. **आय-व्यय स्थिति -** समितिको गठन आदेशमा समितिले नेपाल सरकारले अपनाएको लेखा प्रणालीअनुसार आय व्यय हिसाब तयार गर्नुपर्ने व्यवस्था छ। समितिको २०८१।८२ को आय-व्यय विवरणअनुसार

गत वर्षको मौज्दात रु.३४ करोड ४४ लाख १५ हजार र यो वर्षको आम्दानी रु.१८ करोड ९३ लाख १५ हजारसमेत रु.५३ करोड ३७ लाख ३० हजार आम्दानीमध्ये रु.१८ करोड ११ लाख ६७ हजार खर्च भई रु.३५ करोड २५ लाख ६३ हजार मौज्दात रहेको देखिन्छ। समितिको खर्चमध्ये रु.५ करोड ८५ लाख ३ हजार राजस्व खातामा दाखिला भएको र हवाई इन्धन, तालिमलगायतका अन्य शीर्षकमा रु.१२ करोड २६ लाख ६४ हजार खर्च भएको देखिन्छ। समितिले आफ्नो आम्दानीमा वृद्धि गर्ने व्यवस्था मिलाई सञ्चालन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२३. **भाडा बक्यौता -** समितिबाट प्राप्त विवरणअनुसार यो वर्ष विभिन्न ४ निकायबाट उठ्न बाँकी उडान भाडा रु.४३ लाख ७२ हजार र २०३४।३५ देखि २०८०।८१ सम्मको बक्यौता रु.८ करोड २६ लाख ७१ हजारसमेत रु.८ करोड ७० लाख ४३ हजार असुल हुन बाँकी रहेको देखिन्छ। उक्त रकम असुल गर्नुपर्दछ।

राष्ट्रिय सेवा दल

नेपालका छात्रछात्राहरूमा देशप्रति बफादारीको भावना अझ बढी जागृत गराई राष्ट्रिय सेवाभाव विकसित गरी योग्य र अनुशासित नागरिक बनाउन र उनीहरूमा नेतृत्वको क्षमता बढाउन सैनिक तालिम प्रदान गर्ने उद्देश्यले २०२२।७।२२ मा राष्ट्रिय सेवा दलको गठन भएको हो।

२४. **कार्य सञ्चालन -** राष्ट्रिय सेवा दल ऐन, २०२७ बमोजिम नेपाल सरकारले नेपाली सेनाका उपरथी सरहको तलब, भत्ता लगायतको सेवा, सुविधा प्रदान गर्ने गरी नेपाली सेनाको उपरथी पदबाट अवकाश प्राप्त व्यक्तिलाई सेवा दलको कार्यकारी महानिर्देशक पदमा नियुक्त गरेको छ। राष्ट्रिय सेवा दलको मुख्यालय र मातहत ४ तालिम शिक्षालयमा यो वर्ष रु.५१ करोड ४४ लाख ८१ हजार बजेट विनियोजन भएकोमा क्याडेट तालिमबापत रु.२ करोड ४० लाख ७५ हजारसमेत रु.५१ करोड ३९ लाख ६४ हजार खर्च भएको देखिन्छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मातहत ४ शिक्षालयमार्फत देशभरका ७ हजार ७०४ जनालाई राष्ट्रिय सेवा दल तालिम प्रदान गरिएको छ। राष्ट्रिय सेवा दलको महानिर्देशकको नियुक्ति, योग्यता, सेवाका सर्त सम्बन्धमा कानुनी व्यवस्था नगरेको सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ।

वीरेन्द्र अस्पताल

प्रथम विश्वयुद्धमा वीरगति प्राप्त फौजको सम्झनामा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरले विक्रम संवत् १९८२ मा काठमाडौंको महाँकालमा त्रिचन्द्र मिलिटरी अस्पतालको स्थापना गरेको देखिन्छ। अस्पतालको सेवालाई आधुनिक र थप प्रभावकारी बनाई बहालवाला सैनिक, भूतपूर्व सैनिक र तिनका परिवारलाई औषधी उपचार गर्न वीरेन्द्र सैनिक अस्पतालको नामबाट विक्रम संवत् २०४६ देखि काठमाडौंको छाउनीबाट अस्पतालले सेवा प्रवाह गर्दैआएको छ।

२५. **आय व्यय** - अस्पतालको २०८१।८२ को आय - व्यय विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.४ करोड ४६ लाख ५६ हजार र यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.१ अर्ब २४ करोड ४६ लाख ४१ हजार, सैनिक कल्याणकारी कोषबाट रु.१९ करोड २३ लाख २५ हजार र अन्य आम्दानी रु.७ करोड ६२ लाख ८७ हजारसमेत रु.१ अर्ब ५५ करोड ७९ लाख ९ हजार कुल आय रहेकोमा रु.१ अर्ब ५१ करोड ६३ लाख ४५ हजार खर्च भई रु.४ करोड १५ लाख ६४ हजार मौज्दात रहेको देखिन्छ।

२६. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष अस्पतालले बहालवाला सैनिकतर्फ ८४ हजार ९७, हिताधिकारी तथा भूतपूर्व सैनिकतर्फ ६ लाख २२ हजार ३८७, निजामती कर्मचारी तथा निजका परिवारतर्फ ४८४ र करार कर्मचारी एवं निजका परिवारतर्फ ३ हजार १४१ जनासमेत ७ लाख १० हजार १०९ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको छ। साथै अस्पतालले स्वास्थ्य नर्सिङ्ग महाशाखाबाट रु.१ करोड २७ लाख १० हजार प्राप्त गरी बहालवाला, भूतपूर्व र सर्वसाधारण गरी १५६ जनालाई १५ हजार २३९ सेसन हेमोडायलासिस सेवा प्रदान गरेको छ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम समितिको गठन भएको हो।

२७. **गठन आदेश** - विकास समिति ऐन, २०१३ को अधिकारअन्तर्गत नेपाल सरकारद्वारा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गठन आदेश, २०७६ को दफा २५ बमोजिम पहिलो बैठक बसेको मितिले समितिको कार्यकाल २ वर्ष रहने उल्लेख भएकोमा गठन आदेश २०८२।१।२२ सम्म पाँचौ पटक संशोधन भई समितिको कार्यावधि ६ वर्ष कायम भएको छ। गठन आदेश जारी भई समिति गठन भएको ६ वर्ष व्यतीत हुँदासम्म विश्वविद्यालय सञ्चालन ऐन, विश्वविद्यालयका लागि आवश्यक पाठ्यक्रम तर्जुमा नभएको र भौतिक निर्माण कार्य लक्ष्यको ७४.०४ प्रतिशत सम्पन्न भएको छ। समितिले गठन आदेशबमोजिम जिम्मेवारी पूरा गर्नुपर्दछ।

अन्य संस्था र समिति

सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसङ्घको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा गर्न र उक्त रकम लगानी गरी आर्जित ब्याज बहालवाला तथा पूर्वसैनिक र निजहरूको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा सैनिक कल्याणकारी कोषको स्थापना भई कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको देखिन्छ। सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष नियमावली, २०६५ अनुरूप यो कोष सञ्चालनमा रहेको छ। उक्त कोषको लेखापरीक्षण सैनिक ऐनको दफा ३२ अनुसार गरिएको छ। हाल विभिन्न देशमा शान्ति स्थापनार्थ १९ मिसनमा ५ हजार ७४७ सैनिक कार्यरत रहेका छन्।

२८. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रू.हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
<u>सम्पत्ति</u>		
क) गैर चालु सम्पत्ति		
१. बैङ्क मुद्दती निक्षेपमा लगानी (स्थानीय मुद्रामा)	३४१६०६५०	५०४६९३८४

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
२. बैङ्क मुद्दती निक्षेपमा लगानी (विदेशी मुद्रामा)	३९०९९८००	२००४४००८
३. सेयर डिबेञ्चर तथा बचत पत्रमा लगानी	३५४५४५३	३२५२२८४
४. कल्याणकारी योजना अन्तर्गत स्थापित निकायमा लगानी	८२९८५६५	७४९८४४२
चालु सम्पत्ति		
क) पेस्की तथा सापटी	१४४४१२	१२२१२४
ख) बैङ्क मौज्दात		
१. बैङ्क मौज्दात स्थानीय मुद्रामा	१८२६९८८	२१९४१६६
२. बैङ्क मौज्दात विदेशी मुद्रामा	५४९५९८	१०७७३५५
ग) अन्य सम्पत्ति		
नियन्त्रित कार्यालयहरू (कन्ट्रा)	१४८१९२८	१२८२७६९
जम्मा सम्पत्ति	**८९१०७३९४**	**८५९४०५३२**
दायित्व कोष तथा जगेडाहरू		
क) कोष तथा जगेडाहरू		
अ) सैनिक कल्याणकारी कोष	८७६०७४९६	८४५३९७९३
ख) दीर्घकालीन दायित्व		
ग) चालु दायित्व		
आ) अन्य दायित्व	१७९७०	११७९७०
नियन्त्रित कार्यालयहरू (कन्ट्रा)	१४८१९२८	१२८२७६९
जम्मा पुँजी तथा दायित्व	**८९१०७३९४**	**८५९४०५३२**

उल्लिखित विवरणअनुसार कोषको कुल सम्पत्ति गत वर्षको तुलनामा ३.६८ प्रतिशतले वृद्धि भई यो वर्ष रु.८९ अर्ब १० करोड ७३ लाख ९४ हजार पुगेको र पुँजीतर्फ कोषमा ३.६३ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ६० करोड ७४ लाख ९६ हजार कायम भएको छ। त्यसैगरी चालु दायित्वतर्फ अन्य दायित्वमा रु.१ करोड ७९ लाख ७० हजार र व्यावसायिक प्रकृतिका १० निकायको कन्ट्रा इन्ट्री रु.१ अर्ब ४८ करोड १९ लाख २८ हजारसमेत कुल पुँजी तथा दायित्व रु.८९ अर्ब १० करोड ७३ लाख ९४ हजार रहेको छ। कोषले वासलात तयार गर्दा कोष र मातहतका ३६ कार्यालयमा रहेका घर जग्गा, फर्निचर, सवारीसाधन, मेसिनरी औजारलाई सम्पत्तिमा समावेश गरेको छैन।

कोष मातहतका ६ निकायको पेस्की रु.१० अर्ब ५९ करोड ३६ लाख ३१ हजार एवं अमेरिकी डलर ६ करोड ७२ लाख १० हजार (रु.९ अर्ब २४ करोड ८० लाख ९६ हजार) समेत रु.१९ अर्ब ८४ करोड १७ लाख २७ हजार एवं धरौटीबापतको रु.६२ करोड ६३ लाख २८ हजार वासलातमा समावेश गरेको देखिएन। मातहतका सबै निकायको कारोबार समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

२९. **कोष उपयोगको स्थिति -** कोषको वित्तीय विवरणअनुसार कोष उपयोगको स्थिति निम्नानुसार छः

(रू. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
सुरू मौज्दात	**८४५३९७९३**	**७८०४०५७४**

विवरण	२०८१।८२	२०८०।८१
आम्दानी	**२७३८३२६२**	**३०४८९७०८**
क) राष्ट्रसंघबाट प्राप्त शोधभर्ना	१९७३६७५९	२२१२३८६२
ख) बैङ्क निक्षेप तथा लगानीबाट ब्याज आम्दानी	४४८८५७०	६१७२२८१
ग) शान्ति सेना पर्यवेक्षकबाट कोषमा योगदान	४९२५१	५३२६५
घ) नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान शिक्षण शुल्क	६४५५३४	४८६५३१
ङ) विद्यालय/महाविद्यालयहरूबाट शिक्षण शुल्क	७९६११२	७२९०४६
च) आयमूलक कार्यक्रम सञ्चालन	६१२२७५	४६२४३९
छ) औषधी उपचार आम्दानी	३९३३४	२७५२८
ज) परिवार आवास सेवा शुल्क	३४९३८	३५१८२
झ) अमेरिकन डलर सटही कमिसन	१४५०	३८९४७
ञ) अन्य आम्दानी	२४४१०९	७०५०५
ट) विनिमय नाफा (घाटा)	७३४९३१	२९०१२१
खर्च	**२४३१५५५९**	**२३९९०४८९**
क) शान्ति सेना सञ्चालन	१५७२५०६०	१५०६४७७३
ख) कल्याणकारी कार्य स्वास्थ्य	२४५३०७९	२४५९८३३
ग) कल्याणकारी कार्य शिक्षा	१४१६८३०	१९८००९३
घ) कल्याणकारी छात्रवृत्ति र पुरस्कार	८५८६६२	९१४०५८
ङ) प्राविधिक शिक्षा, सिप तथा स्वरोजगार	५३२१८९	५४८६११
च) सुविधा तथा सहुलियत	१५७१२४४	१६२२१२५
छ) आयमूलक कार्यक्रम सञ्चालन	१०५८८२४	४०४१४२
ज) नेपाल सरकारलाई ब्याजकर	६९९६७१	९९६८५४
यस वर्ष कोषमा भएको वृद्धि	**३०६७७०३**	**६४९९२१९**
अन्तिम मौज्दात	**८७६०७४९६**	**८४५३९७९३**

उल्लिखित विवरणअनुसार यो वर्षको कुल आम्दानी रु.२७ अर्ब ३८ करोड ३२ लाख ६२ हजारमध्ये रु.२४ अर्ब ३१ करोड ५५ लाख ५९ हजार खर्च भई रु.३ अर्ब ६ करोड ७७ लाख ३ हजारले कोषमा वृद्धि भएको छ। कोषमा गत वर्षको अन्तिम मौज्दात रु.८४ अर्ब ५३ करोड ९७ लाख ९३ हजार रहेकोमा यो वर्षको अन्तिम मौज्दात रु.८७ अर्ब ६० करोड ७४ लाख ९६ हजार रहेको छ।

नेपाली सेना सुपथ मूल्य पसल

बहालवाला तथा भूतपूर्व सैनिक र निजका परिवारको हितको लागि क्यान्टिन सञ्चालन गर्ने कार्यलाई न्यूनतम लाभको अवधारणामा आधारित रही हिताधिकारीको दैनिक जीवनयापनको लागि आवश्यक पर्ने सामान सरल एवं सहज रूपमा सुपथ मूल्यमा बिक्री वितरण गर्ने उद्देश्यले सञ्चालनमा रहेको वसुन्धरा क्यान्टिन सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार २०७६ देखि नेपाली सेना सुपथ मूल्य क्यान्टिनको रूपमा सञ्चालनमा रहेको छ।

३०. **वित्तीय स्थिति -** सुपथ मूल्य पसलको वित्तीय स्थिति निम्नानुसार छः

(रू. हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
पुँजी र दायित्व		

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
पुँजी	१२६७५४	१२०१०४
सञ्चित नाफा नोक्सान	४९२३५	४०८१४
चालु दायित्व	२५७७८४	१९७४९३
जम्मा	**४३३७७३**	**३५८४११**
सम्पत्ति		
स्थिर सम्पत्ति	८०६२२	७७००५
चालु सम्पत्ति		
मौज्दात	१८७९६२	१३३९२७
बैङ्क तथा नगद	१४७००३	१२९०९८
ऋण तथा पेस्की	१८१८६	१८३८१
जम्मा	**४३३७७३**	**३५८४११**

उल्लिखित वित्तीय विवरणअनुसार पुँजी (सैनिक कल्याणकारी कोषको लगानी) गत वर्षसम्म रु.१२ करोड १ लाख ४ हजार रहेकोमा यो वर्ष रु.६६ लाख ५० हजार थप भई रु.१२ करोड ६७ लाख ५४ हजार कायम भएको छ। त्यसैगरी चालु दायित्व गत वर्षको तुलनामा ३०.५२ प्रतिशत, सञ्चित नाफा २०.६३ प्रतिशतले वृद्धि भई कुल पुँजी एवं दायित्व रु.४३ करोड ३७ लाख ७३ हजार रहेको छ। कुल सम्पत्ति गत वर्षको तुलनामा २१.०३ प्रतिशतले वृद्धि भई रु.४३ करोड ३७ लाख ७३ हजार कायम भएको छ।

३१. **सञ्चालन नतिजा -** सुपथ मूल्य पसलको सञ्चालन नतिजा निम्नानुसार छः

(रू.हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८१।८२	२०८०।८१
आम्दानी		
बिक्री/सेवा शुल्क	१३५३४१०	१३०७४८२
व्याज आम्दानी	११६७	२३६८
दीर्घकालीन कर्जा	-	-
जम्मा	**१३५४५७७**	**१३०९८५०**
खर्च		
प्रत्यक्ष खर्च	१३१५४५०	१२७४४६०
सञ्चालन खर्च	८५६२	९२८३
कर्मचारी खर्च	७१७१	७०५९
अन्य खर्च (ह्रास तथा आयकर)	९६७३	८३६१
जम्मा	**१३४०८५६**	**१२९९१६३**
सञ्चालन बचत	**१३७२१**	**१०६८७**

उल्लिखित विवरणअनुसार यो वर्ष बिक्री तथा सेवा शुल्कबाट रु.१ अर्ब ३५ करोड ३४ लाख १० हजार र ब्याज रु.११ लाख ६७ हजारसमेत रु.१ अर्ब ३५ करोड ४५ लाख ७७ हजार आम्दानी भएकोमा प्रत्यक्ष खर्च रु.१ अर्ब ३१ करोड ५४ लाख ५० हजार, सञ्चालन खर्च रु.८५ लाख ६२ हजार, कर्मचारी खर्च रु.७१ लाख ७१ हजार र अन्य खर्च रु.९६ लाख ७३ हजारसमेत रु.१ अर्ब ३४ करोड ८ लाख ५६ हजार खर्च भई रु.१ करोड ३७ लाख २१ हजार सञ्चालन बचत भएको छ। गत वर्षको तुलनामा सञ्चालन बचतमा २८.३९ प्रतिशतले वृद्धि भएको देखिन्छ।

नेपाली सेना बहु व्यवसाय उद्योग

नेपाली सेनालाई आवश्यक गुणस्तरयुक्त पहिरन सामग्रीहरू सुपथ मूल्यमा स्वदेशमै उत्पादन गरी आत्मनिर्भर बनाउने एवं नेपाली सेनाका आश्रित परिवारका सदस्यहरूलाई रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले २०३६।१२।१७ मा यस उद्योगको स्थापना भएको हो। उद्योगले व्यावसायिक कारोबार गर्न २०७१।८।१७ देखि कम्पनी रजिष्ट्रारको कार्यालयमा नेपाली सेना बहु व्यवसाय उद्योग दर्ता गरी २०७२।११।३० देखि कार्य सञ्चालन गर्दै आएको छ।

३२. **वित्तीय स्थिति** - उद्योगको वित्तीय स्थिति निम्नानुसार छः

(रू. हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
सम्पत्ति		
गैर चालु सम्पत्ति		
स्थिर सम्पत्ति	५९९९१	६५९७३
चालु सम्पत्ति		
नगद तथा बैङ्क मौज्दात	२२७९००	१०३५१९
जिन्सी मौज्दात	१६५९०९	२६८३९८
आसामी तथा पेस्की	३४५७४	४१९०९
जम्मा चालु सम्पत्ति	**४२८३८३**	**४१३८२६**
कुल सम्पत्ति	**४८८३७४**	**४७९७९९**
पुँजी र दायित्व		
पुँजी	०	०
बचतकोष	२५१४७५	२२१९१०
जम्मा पुँजी तथा कोष	२५१४७५	**२२१९१०**
दीर्घकालीन दायित्व	७४०००	१०९३००
चालु दायित्व		
व्यापार र अन्य भुक्तानी दायित्व	१११७९९	८१४८९
छोटो अवधिको दायित्व	५११००	६७१००
जम्मा चालु दायित्व	**१६२८९९**	**१४८५८९**
कुल पुँजी तथा दायित्व	**४८८३७४**	**४७९७९९**

उल्लिखित विवरणअनुसार उद्योगको यस वर्षको स्थिर सम्पत्ति रु.५ करोड ९९ लाख ९१ हजार र चालु सम्पत्ति रु.४२ करोड ८३ लाख ८३ हजारसमेत कुल सम्पत्ति रु.४८ करोड ८३ लाख ७४ हजार रहेकोमा पुँजी रु.२५ करोड १४ लाख ७५ हजार, दीर्घकालीन दायित्व रु.७ करोड ४० लाख एवं चालु दायित्व रु.१६ करोड २८ लाख ९९ हजारसमेत कुल पुँजी तथा दायित्व रु.४८ करोड ८३ लाख ७४ हजार रहेको छ। गत वर्षको तुलनामा कुल पुँजी एवं दायित्व तथा कुल सम्पत्तिमा १.७९ प्रतिशतले वृद्धि भएको छ। त्यसै गरी यस वर्ष चालु सम्पत्तिमा गत वर्षको तुलनामा ३.५२ प्रतिशतले वृद्धि भएकोमा चालु दायित्वमा ९.६३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

३३. **सञ्चालन स्थिति** - उद्योगको सञ्चालन स्थिति निम्नानुसार छः

(रू. हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८१।८२	२०८०।८१
बिक्री आम्दानी	२३८०२७	२६१३२४
बिक्रीको लागत मूल्य	१८१४२०	२२०२२६
कुल नाफा	**५६६०८**	**४१०९८**
अन्य आम्दानी	६९९३	१६७१
सञ्चालन आम्दानी	**६३६०१**	**४२७६९**
प्रशासनिक खर्च	६९३०	८६५०
ह्रास कट्टी	९५९०	१००७५
बिक्री तथा वितरण खर्च	-	-
कर तथा ब्याज अघिको नाफा	**४७०८०**	**२४०४४**
ब्याज खर्च (वित्त लागत)	१४८६४	९६१०
सञ्चालन नाफा	**३२२१६**	**१४४३४**

उद्योगको यस वर्षको बिक्रीबाट रु.२३ करोड ८० लाख २५ हजार आम्दानी प्राप्त भएकोमा बिक्रीको लागत रु.१८ करोड १४ लाख २० हजार कटाई कुल नाफा रु.५ करोड ६६ लाख ८ हजार रहेको छ। उक्त नाफामा अन्य आम्दानी रु.६९ लाख ९३ हजार समावेश गरी प्रशासनिक खर्च रु.६९ लाख ३० हजार र ब्याज तथा ह्रास खर्च रु.२ करोड ४४ लाख ५४ हजारसमेत रु.२१ करोड २८ लाख ४ हजार खर्च भई रु.३ करोड २२ लाख १६ हजार सञ्चालन नाफा भएको छ। उद्योगले आर्जन गरेको खुद नाफामा प्रचलित कानुनबमोजिम लाग्ने आयकर रकमको लागि दायित्व व्यवस्था गर्न बाँकी रहेको देखिएकोले नियमानुसार व्यवस्था गर्नुपर्दछ।

अनुगमन तथा बेरूजु

- **अनुगमन** - विगतका प्रतिवेदनमा रकमान्तर, आवधिक योजना कार्यान्वयन, खरिद व्यवस्थापन, पुराना प्रतीतपत्र, सामग्री आपूर्ति, वित्तीय र भौतिक प्रगति, सेवा प्रवाह, गुणस्तर व्यवस्थापन लगायतका सुधार गर्नुपर्ने बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ८७ निकायमा यो वर्ष रु.१ अर्ब २३ करोड ८४ लाख ७६ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ३ करोड ४७ लाख ८० हजार सम्परीक्षण भएकोले रु.२० करोड ३६ लाख ९६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१ करोड ७५ लाख ५३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था ४ तर्फ यो वर्ष रु.२३ करोड ३१ लाख १ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२२ हजार सम्परीक्षण भएकोले रु.२३ करोड ३० लाख ७९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.७७ लाख ५६ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरणसम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियती तथा चक्ला वन, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष, सीमसार क्षेत्रका योजना तथा कार्यान्वयन, प्राणी उद्यान, जैविक विविधता, जलवायु परिवर्तन, कार्बन सेवा र सञ्चिति, हरितगृह ग्यासको मापदण्ड र नियमन, सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ६० निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ५६ सरकारी कार्यालयको निम्नानुसार रु.९ अर्ब ६४ करोड २३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५२११७	१०२५९	२२६२	४२४२८	९६४२३

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रु.४ अर्ब ४२ करोड ७८ लाख समावेश छैन। उक्त लेखापरीक्षण रकममा जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजनाको रु.१४ करोड ६९ लाख र ईबीए दोस्रो चरणको रु.५ करोड ४६ लाखसमेत समावेश रहेको छ।

संयुक्त राष्ट्रसङ्घीय विकास कोषबाट सञ्चालित जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना (डीसीआरएल) को रु.१४ करोड ६९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **सङ्गठित र अन्य संस्था -** यो वर्ष संस्थाअन्तर्गत ३ संस्था र नेपाल वन निगम तथा वन पैदावार विकास समितिको २०८०।८१ को बक्यौतासमेत रु.१९ अर्ब ८५ करोड ६१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। वन पैदावार विकास समितिको २०८१।८२ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **वातावरणीय लेखापरीक्षण -** यो वर्ष निकुञ्ज व्यवस्थापन र मध्यवर्ति क्षेत्रमा परेको प्रभाव विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं आवधिक योजनाले वन, जैविक विविधता र जलाधार वातावरण तथा जलवायु परिवर्तन क्षेत्रका १० सूचकमध्ये निम्नानुसार ८ सूचकको २०८१।८२ को परिमाणात्मक लक्ष्य र प्रगति अवस्था देहायअनुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८०	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ सम्मको प्रगति
१	कुल गार्हस्थ उत्पादनमा वन क्षेत्रको योगदान	प्रतिशत	३	५	३
२	जलवायु उत्तरदायी बजेट	प्रतिशत	६	२०	६.०६
३	वनजङ्गल घनत्व (प्रति हेक्टर रुखहरूको औसत)	सङ्ख्या	४३०	६४५	४३०

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८०	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ सम्मको प्रगति
४	दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल	हजार हेक्टर	९०	४००	२६६.०१
५	वैकल्पिक ऊर्जा (सौर्य, वायु, बायोमास) प्रवर्धन गरी उत्सर्जन कटौती (कार्बनडाइअक्साइड बराबर)	टन	२,१००	१५,०००	३२००
६	स्थानीय अनुकूलन कार्ययोजना तयारी तथा कार्यान्वयन भएका स्थानीय तह	सङ्ख्या	२६३	७५३	२६४
७	वातावरणीय सेवा (कार्बन र अन्य) बापत भुक्तानी	रु. करोड	-	१०.००	-
८	हरित ऋणपत्र निष्काशन	रु. करोड	-	१०००	-

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित तालिकाबमोजिम आवधिक योजनाअनुरूप २०८१।८२ सम्म ३ सूचकमा न्यून प्रगति र ४ सूचकमा शून्य प्रगति रहेको छ। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रमको कार्यान्वयन -** मन्त्रालयको २०८१।८२ को नीति तथा कार्यक्रमअनुसार नर्सरी स्थापना/बिरुवा उत्पादन तथा वितरणको लक्ष्य १४ लाख २० हजार रहेकोमा ११ लाख ७० हजार प्रगति हासिल भएको, ताल तलैया/सिमसार संरक्षण तथा व्यवस्थापन ५२ मध्ये ४७ भएको, भूमिगत जल पुनर्भरण/संरक्षण पोखरी निर्माण ६२ मध्ये ५२ निर्माण भएको, बाँस/अम्रिसो/अन्य बिरुवा रोपण तथा व्यवस्थापन कार्य ३७ हेक्टर लक्ष्यमध्ये ३० हेक्टरमा भएको, हर्बल केयर र सुगन्धित तेल उत्पादन ७५ लाख लक्ष्य रहेकोमा २४.०५ लाख उत्पादन भएको, हर्बल केयर र सुगन्धित तेल उत्पादन गर्न जडीबुटी सङ्कलनको लक्ष्य ६५ टन रहेकोमा २३.९ टन सङ्कलन भएको, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र जैविक मार्ग संरक्षणको लक्ष्य ३५.५ किलोमिटर रहेकोमा २०.८३ किलोमिटर भएको छ। मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार शहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन कार्य, विदेशी काठको मापन गर्ने, दिगो वन व्यवस्थापन मापदण्ड तथा कार्यविधि तयार गर्ने, वन संरक्षण क्षेत्रको कार्ययोजना पुनरावलोकन गर्ने, वन्यजन्तुको व्यावसायिक पालन, प्रजनन् तथा उपभोगको मापदण्ड तयार गर्ने, उच्च पहाडी र हिमाली क्षेत्रमा मौसम सूचना सञ्जाल विस्तार गर्दै हिमालय जलवायु प्रभावको अध्ययन गर्ने, कृषि, पशुपन्छी तथा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न बाँझो जमिन तथा नदी उकास जग्गासमेत उपयोग हुने खालको कृषि वन कार्यक्रम सञ्चालन गर्ने, ढलापडा रुखहरू आवश्यक प्रक्रिया पूरा गरी बिक्री वितरण गर्ने, वनको उचित व्यवस्थापन गरी काठमा आत्मनिर्भर हुने जस्ता कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ अनुसार वन क्षेत्रबाट अनुमानित राजस्व रु.६ अर्ब ५० करोड पुऱ्याउने लक्ष्य रहेकोमा रु.३ अर्ब ४४ करोड भएको, घाँसे मैदान व्यवस्थापन १ हजार ४०० हेक्टर लक्ष्य राखेकोमा ५८४.५९ हेक्टर भएको, गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम ५५० लक्ष्यमध्ये ३६५ भएको, वृक्षारोपण क्षेत्रफल ३ हजार हेक्टर लक्ष्यमध्ये २ हजार ४० हेक्टरमा कार्य भएको देखिन्छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम लक्ष्यअनुसार कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट र खर्च** – यो वर्ष मन्त्रालयको विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	८५६१५	८६१९९	७१८०२	८३.३०
पुँजीगत	३४१३२	३४३९७	२५०१४	७२.७२
जम्मा	**११९७४७**	**१२०५९६**	**९६८१६**	**८०.२८**

उल्लिखित विवरणअनुसार यो वर्ष मन्त्रालय तथा मातहत निकायसमेतको लागि रु.१२ अर्ब ५ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु.९ अर्ब ६८ करोड १५ लाख (८०.२८ प्रतिशत) खर्च भएको देखिन्छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार रु.९ अर्ब ६२ करोड ६८ लाख खर्च देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा रु.९ अर्ब ६८ करोड १६ लाख खर्च भएको देखिएकोले ईबीए दोस्रो चरणको रु.५ करोड ४६ लाख फरक परेको छ।

८. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका वैदेशिक सहयोगसमेतका कारोबारहरूको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

८.१ अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार यो वर्ष १५ आयोजनाको लागि अमेरिकी डलर ४१ लाख ४ हजार (विनिमय दर रु.१३३ ले हुन आउने रु.५४ करोड ५८ लाख ३२ हजार) प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उल्लिखित प्राविधिक सहायताको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन।

८.२ मन्त्रालयबाट पेस भएको आर्थिक विवरणअनुसार मन्त्रालय र मातहतका निकायले रु.४८ करोड ६९ लाख दातृ निकायबाट सोझै भुक्तानी दिई खर्च लेखेको छ। यो रकममध्ये संयुक्त राष्ट्रसङ्घीय विकास कोषबाट सञ्चालित जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजनाको खर्च रु.१२ करोड ३७ लाख र विश्व वातावरण कोषबाट सञ्चालित चुरे उत्थानशील आयोजनाको खर्च रु.११ करोड ६८ लाखको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन।

कानुनमा उल्लेख भएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

९. **नीति पुनरावलोकन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार वन तथा वातावरणसँग सम्बन्धित विभिन्न नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने जिम्मेवारी यस मन्त्रालयलाई तोकिएको छ। यस मन्त्रालयले घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०, जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१, राष्ट्रिय सिमसार नीति, २०६९, राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय वातावरण नीति, २०७६, संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालनसम्बन्धी

यस वर्षको लेखापरीक्षणबाट

- *वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरू तोकिएको समय तालिकाअनुसार सञ्चालन नभएको,*
- *वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन मन्त्रालयमा पेस भएको मिति देखि ८०१ दिनसम्म लागेको,*
- *वन क्षेत्र भोगाधिकारबापत विभिन्न ३८ संस्थाबाट वन बिकास कोषमा रु.४ अर्ब ९२ करोड ८१ लाख प्राप्त हुन बाँकी रहेको लगायतका बेहोरा देखिएका छन्।*

कार्यनीति, २०६५, राष्ट्रिय कृषि वन नीति,२०७६, राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना,२०१८-२०२४, वन क्षेत्र रणनीति, २०१६-२०२५, खर्क नीति, २०६८, जैविक प्रविधि नीति, २०६३ लगायतका नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयले नेपालको संविधानमा उल्लेख भएका अधिकार सूची एवं सोको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र स्पष्ट हुने गरी नीतिको पुनरावलोकन गर्नुपर्दछ।

१०. **वातावरण संरक्षण कोष** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३१ मा वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोष रहने व्यवस्था छ। कोषसम्बन्धी व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

११. **वन क्षेत्र अतिक्रमण** - वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। मन्त्रालयको वार्षिक प्रगति विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। वन क्षेत्र अतिक्रमण रोक्न विभिन्न कार्यक्रम सञ्चालन भए तापनि प्रभावकारी कार्यान्वयन भएको देखिएन। मन्त्रालय र अन्तर्गत निकायले वन अतिक्रमणको तथ्याङ्क अद्यावधिक गरी वन संरक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

१२. **वैदेशिक सहायता** - मन्त्रालयअन्तर्गत वैदेशिक सहायतामा सञ्चालित १२ योजनामा रु.२ अर्ब ९४ करोड ६१ लाख सहायता प्राप्त हुने अनुमान रहेकोमा रु.१ अर्ब ५० करोड ५३ लाख (५१.०९ प्रतिशत) प्राप्त भएको छ।

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय/ सहयोग	सञ्चालित जिल्ला	सुरु वर्ष	सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च
१.	समृद्धिका लागि वन	विश्व बैङ्क (ऋण तथा अनुदान)	१८ जिल्ला	१९ मार्च २०२१	जुलाई २०२५	रु.३०००० लाख	रु.१२७५८ लाख
२.	चुरे उत्थानशील आयोजना	जीसीएफ (अनुदान)	११ जिल्ला	मे २०२०	मे २०२७	रु.५००६० लाख	रु.१८०२५ लाख
३.	एकीकृत भू-परिधि व्यव स्थापन आयोजना	डब्लु डब्लु एफ (जी.इ.एफ.एजेन्सी) (अनुदान)	३ जिल्ला	२३ नोभेम्बर २०२०	२३ नोभेम्वर २०२५	रु.७५०० लाख	रु.१४०९ लाख
४.	पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजना	विश्व बैङ्क (ऋण)	बुटवलदेखि चन्द्रौटा	१८ सेप्टेम्बर २०२२	सन् २०२८	अमेरिकी डलर २१.२ मिलियन	रु.२२९ लाख
५.	गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना	जीसीएफ (अनुदान तथा ऋण))	गण्डकी नदी बेसिनका १९ जिल्ला	सन् २०२१	सन् २०२७	अमेरिकी डलर ३२.७१५ मिलियन	रु.४२९९ लाख
६.	पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना	जीईएफ (अनुदान)	३ जिल्ला	सन् २०१८	सन् २०२४	अमेरिकी डलर १६.२९ मिलियन	अमेरिकी डलर ४९८९३३१
७.	पूर्वी पहाडी जिल्लामा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापन गर्न क्षमता विकास कार्यक्रम	जीईएफ	४ जिल्ला	जनवरी २०२३	अप्रिल २०२७	अमेरिकी डलर ४१८७९००	रु.९७६ लाख
८.	पूर्वी पहाडी जिल्लामा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापन गर्न क्षमता विकास कार्यक्रम	जीईएफ	बाग्मती प्रदेश र सिन्धुली स्थित ४ पालिका	अगष्ट २०२४	अगष्ट २०३०	अमेरिकी डलर ९०२४३१२	रु.७८ लाख
९.	दिगो भू-व्यवस्थापन मार्फत लखनदेही नदी बेसिनको क्षयग्रस्त जलाधार तथा जीविकोपार्जन पुनःस्थापना आयोजना	जीईएफ	सिन्धुली र सर्लाहीका एक /एक पालिका	अगष्ट २३	जुलाई २०२७	अमेरिकी डलर १५५५५०५	रु.२३२ लाख

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय/ सहयोग	सञ्चालित जिल्ला	सुरु वर्ष	सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च
१०.	पारदर्शितासम्बन्धी पेरिस सम्झौताको ढाँचा अनुरूप नेपालको राष्ट्रिय क्षमता निर्माण आयोजना	जीईएफ	नेपाल भर	नोभेम्बर २०२४	नोभेम्बर २०२६	अमेरिकी डलर १६५११७५	अमेरिकी डलर २९०२१३
११.	जलवायु परिवर्तन अनुकूलन तथा जीविकोपार्जन सुदृढीकरण आयोजना	एडीबी	सल्यान, रुकुम पश्चिम, मुगु, बझाङ, बाजुरा	११ डिसेम्बर २०२४	३१ डिसेम्बर २०३०	अमेरिकी डलर ३.७ करोड	रु.४७४३०००
१२.	जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना	जीईएफ र यू.एन.डी.पी.	खोटाङ, ओखलढुङ्गा जिल्ला	(२९ नोभेम्बर २०२०)	२९ नोभेम्बर २०२५	अमेरिकी डलर ७९ लाख	अमेरिकी डलर ८१६९३९९

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित आयोजनामध्ये एक आयोजनाको शतप्रतिशत र बाँकी आयोजनाको ०.४२ देखि ४२.५३ प्रतिशतसम्म वित्तीय प्रगति भएको छ। जसमा २ आयोजनाको सम्झौता अवधि समाप्त भई २।२ वर्ष थप भएको र दुई आयोजनाको यो वर्ष अवधि सकिएको छ। आयोजनाले कार्यतालिका, कार्यक्रम र बजेटबिच तादात्म्यता मिलाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१३. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि पेस गर्नुपर्ने र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ।

यो वर्ष मन्त्रालयले २१ वटा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेकोमा सोमध्ये १५ फाइलको परीक्षण गर्दा प्रमाण सङ्कलन सिफारिस र स्वीकृत गर्न लागेको समय अवधि देहायबमोजिम छः

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	परिमार्जन गरी फिर्ता हुन लागेको दिन	शाखाबाट सचिवलाई सिफारिस गर्न लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृत हुन लागेको दिन	जम्मा दिन
१.	आमादब्लम मिनी हाइड्रो (९११ कि.वा.) र प्रसारण लाइन	३१	७२	२०	६	५७	१८६
२.	सम्राट सिमेन्टको चुनढुङ्गा खानी	६०	१८	११९	१	१	१९९
३.	बकान खोला जलविद्युत आयोजना (४४ मे.वा.)	१०७	१३८	७	१	६	२५९
४.	रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल (४०० शय्या)	६	२२	१३	२	२	४५
५.	बबई सिँचाइ आयोजनाको पश्चिम मूल तथा शाखा नहर	२१४	८५	२३	४	२६	३५२
६.	माथिल्लो अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.)	१८६	१५६	११८	८	१४	४८२
७.	कल्याणगड छाप्रे धनरास बेनीघाट सडक	२१०	३०	१०७	८	१३	३६८
८.	मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय	६२६	७८	४०	१२	४५	८०१
९.	बझाङ माथिल्लो सेती जलविद्युत आयोजना (२१६ मे.वा.)	२१०	१७८	२३	५	१४	४३०
१०.	वीरदल गण रौतहट नेपाली सेनाको ब्यारेक निर्माण सञ्चालन	१७०	९७	२०	८	६	३०१
११.	भेरीगङ्गा बृहत् चक्रपथ	४२	५०	३०	२९	११	१६२
१२.	होटल रोयल रिक्रिएसन	१८०	२२०	३०	५	३२	४७६

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	परिमार्जन गरी फिर्ता हुन लागेको दिन	शाखाबाट सचिवलाई सिफारिस गर्न लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृत हुन लागेको दिन	जम्मा दिन
१३.	कोखाजोर जलाशययुक्त जल विद्युत आयोजना (६३ मे.वा)	१८०	४८५	१८	३	८	६९४
१४.	फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण	१०	८९	१	-	-	१००
१५.	मल्ल होटल काठमाडौं-२६	५	३६	५	२	-	४८

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित विवरणअनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन न्यूनतम ४५ दिनदेखि अधिकतम ८०१ दिनसम्म लागेको देखिन्छ। प्रमाण सङ्कलन गर्न ६२६ दिनसम्म, परिमार्जनका लागि फिर्ता पठाएकोमा पुनः पेस हुन ४८५ दिनसम्म र सचिवबाट सिफारिस हुन २९ दिनसम्म लागेको देखिन्छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी तोकिएको समयमा नै प्रतिवेदनबारे निर्णय गरिनुपर्दछ।

वन तथा भू-संरक्षण विभाग

वनको प्रभावकारी व्यवस्थापन, संरक्षण र संवर्धन गरी सर्वसाधारण जनतालाई काठ, दाउरालगायत वन पैदावार सरल र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले २०५० मा विभागको स्थापना भएको हो। विभाग मातहत ४ बृहत् जलाधार व्यवस्थापन केन्द्र, १ जलाधार व्यवस्थापन स्रोत केन्द्र, ४ वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र र १ सशस्त्र वन रक्षक तालिम केन्द्र रहेका छन्। विभाग र मातहत कार्यालयको लागि यो वर्ष रु.१ अर्ब ९० करोड ४८ लाख बजेट विनियोजन भएकोमा रु.१ अर्ब ११ करोड २४ लाख खर्च भएको छ।

१४. **वन विकास कोष -** वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वनको संरक्षण, संवर्धन एवं प्रवर्धनात्मक कार्य गर्न वन विकास कोषमा जम्मा हुने व्यवस्थाअनुसार यो वर्षसम्म रु.३ अर्ब ३७ करोड ३२ लाख प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१४.१ यो वर्ष भोगाधिकार दिएका ४३ संस्थासमेत हालसम्म ६७१ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्ग, मदन भण्डारी राजमार्ग, खम्बागाडे-पलौटे- विद्यापुर गुटु-मायाताल सडक, लुम्बिनी प्रदेश सरकार मातहत सरुवा रोग अस्पताल, मर्स्याङ्गदी कोरिडोर २२० के.भी. प्रसारण लाईन आयोजना, प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, जलस्रोत तथा सिँचाइ विभागलगायत ३८ संस्थाबाट रु.४ अर्ब ९२ करोड ८१ लाख कोषमा प्राप्त हुन बाँकी रहेको छ।

१४.२ विभागबाट प्राप्त विवरण अनुसार २०७६।७७ देखि २०७८।७९ सम्ममा वन क्षेत्रको भोगाधिकार प्राप्त गर्ने १० संस्थाबाट रू.५१ करोड ७३ लाख अन्य संस्थामा जम्मा भएको छ। तत्कालीन जिल्ला वन कार्यालयलगायतका निकायहरूमा जम्मा रहेको उक्त रकम वन विकास कोषको खातामा दाखिला गर्नुपर्दछ।

१४.३ वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले विभागले तोकेको जग्गामा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र

जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागु हुनुपूर्व ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १७४ आयोजनालाई २ हजार ९८९ हेक्टरसमेत ६७१ आयोजनालाई २१ हजार ८६८ हेक्टर जग्गा ७ देखि ४० वर्षसम्मको लागि उपयोग गर्न लिजमा दिएको देखिन्छ। लिजमा दिइएको जग्गाको रोयल्टी रकम असुली, सम्झौताअनुसार सट्टा जग्गा प्राप्ति, वृक्षारोपण एवं ५ वर्षसम्म सोको संरक्षणसम्बन्धी कार्यको अभिलेख अद्यावधिक गरेको छैन। सोको अभिलेख अद्यावधिक गरी उपयोगको अनुगमन गर्नुपर्दछ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-दृश्यहरूको संरक्षण, संवर्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले २०२९ मा यस विभागको स्थापना भएको हो। विभागअन्तर्गत १३ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्षसहित २० संरक्षित क्षेत्र र १३ मध्यवर्ती क्षेत्र रहेका छन्। विभाग र मातहत कार्यालयको लागि यो वर्ष रु.६ अर्ब ४१ करोड ८१ लाख बजेट विनियोजन भएकोमा रु.६ अर्ब ८ करोड २९ लाख खर्च भएको छ।

१५. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्ज वा आरक्षको कुनै भाग कब्जा गर्न, आबादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावार हानि-नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। विभागअन्तर्गत रहेको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गरेकोमा यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। कानुनअनुसार संरक्षित क्षेत्र अतिक्रमण मुक्त गराउनुपर्दछ।

१६. **राहत -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३(घ) तथा नियमावली, २०३० को नियम ३६ (ज) मा राष्ट्रिय निकुञ्ज तथा आरक्षभन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षतिबापत राहत दिने व्यवस्था छ। यो वर्ष मानव मृत्युमा रु.१ करोड ९६ लाख, पशुधन क्षतिमा रु.२ करोड ७५ लाख एवं अन्नबाली क्षतिमा रु.२ करोड ४० लाखसमेत रु.७ करोड ११ लाख राहत वितरण भएको छ। वन्यजन्तुबाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने उपाय अवलम्बन गरी क्षति न्यूनीकरण गर्नुपर्दछ।

१७. **मुद्दा फस्यौंट** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सोअन्तर्गतका नियमावलीविपरीत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा निषेधित कार्य गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्पन्न भएपछि मुद्दा हेर्ने अदालत वा तोकिएको अधिकारीसमक्ष पेस गर्नुपर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार वन तथा वन्यजन्तु अपराधसम्बन्धी गत वर्षबाट जिम्मेवारी सरेका १६८ र यो वर्ष दर्ता भएका ८९ समेत २५७ मुद्दा रहेकोमा ११९ मुद्दा फस्यौंट भई १३८ मुद्दा फस्यौंट हुन बाँकी रहेको देखिन्छ।

१८. **वासस्थान व्यवस्थापन** - वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि,२०८० को बुँदा ३(१) मा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालयमा साल बसाली रूपमा वन्यजन्तु वासस्थान व्यवस्थापनका लागि प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्थान छनोट गर्दा

प्रजाति संरक्षण कार्ययोजनामा उल्लेख भएका घाँसे मैदान तथा सिमसार क्षेत्रमध्येबाट छनोट गर्नुपर्ने व्यवस्था छ। निकुञ्जभित्र वासस्थानको उचित व्यवस्थापन हुन नसक्दा २०८१।८२ मा वन्यजन्तुबाट मानव मृत्यु, सामान्य घाइते र सख्त घाइते तथा पशुधन, अन्नबाली र घरगोठ क्षतिलगायत ९ हजार २९९ घटना भएको देखियो। निकुञ्ज र आरक्ष क्षेत्रभित्र पर्याप्त आहारा, पानी, आश्रयस्थल हुने गरी घाँसेमैदानको व्यवस्थापन गरी वन्यजन्तुहरू बाहिर जानुपर्ने आवश्यकता कम गर्न निकुञ्ज र आरक्षभित्र उपयुक्त वासस्थान व्यवस्थापन हुनुपर्दछ।

१९. **पर्यापर्यटन प्रवर्धन -** संरक्षित क्षेत्र व्यवस्थापन कार्यनीति सन् २०२२ देखि २०३० ले पर्यापर्यटन र हरित अर्थतन्त्रलाई एक प्रमुख क्षेत्रको रूपमा अङ्गीकार गरेको छ। यो वर्ष विभिन्न २० संरक्षित क्षेत्रमा नेपाली, सार्क राष्ट्र र अन्य विदेशी गरी १० लाखभन्दा बढी पर्यटकहरूले भ्रमण गरेको र सोबाट रु.१ अर्ब ५२ लाख १६ हजार राजस्व प्राप्त भएको छ। यी क्षेत्रहरूमा वन्यजन्तु र जैविक विविधतामा नकारात्मक असर नपर्ने गरी पर्यटकीय पूर्वाधार र सुविधाहरूको विकास गरी प्रकृतिमा आधारित पर्यटनको प्रवर्धन गर्नुपर्दछ।

२०. **पानी महसुल -** शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ को नियम २६(१) मा जलस्रोत उपयोग गरेबापत मध्यवर्ती क्षेत्रभित्रका उपभोक्तासँग ५ प्रतिशत र मध्यवर्ती क्षेत्र बाहिरका उपभोक्तासँग असुल गर्ने शुल्कको २० प्रतिशत रकम निकुञ्जलाई बुझाउनुपर्ने उल्लेख छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडको २०८२।११।२५ को पत्रबाट प्राप्त विवरणअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जबाट वार्षिक १ अर्ब ३५ करोड ६० लाख लिटर पानी वितरण भएको र महसुल दर प्रति १० हजार लिटरसम्म रु.१०० रहेकोले यो वर्ष रु.१ करोड ३५ लाख ६० हजार आम्दानीको २० प्रतिशतले हुने रु.२७ लाख १२ हजार असुल गर्नुपर्दछ।

२१. **कार्यविधि बेगर खर्च** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३क मा नेपाल सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जअन्तर्गत रहेको हिउँ चितुवा संरक्षण समितिलाई वार्षिक रूपमा सञ्चालन खर्च उपलब्ध गराउने गरेकोमा अक्षय कोष स्थापनाको लागि समेत वार्षिक रूपमा रकम भुक्तानी हुने गरेको छ। यस वर्षसम्म समितिको अक्षय कोषमा रु.२ करोड १३ लाख ८० हजार रकम जम्मा भएको छ। कार्यालयले कार्यविधि तयार गरी अक्षय कोषमा रहेको रकम सदुपयोग गर्नुपर्दछ।

२२. **यार्सागुम्बा सङ्कलन -** यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका, २०७३ को दफा ३ अनुसार शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले यो वर्ष यार्सागुम्बा सङ्कलन अनुमति बापत रु.१ करोड ९३ लाख २८ हजार राजस्व सङ्कलन गरेको छ। निकुञ्जबाट यार्सागुम्बा सङ्कलन अनुमति भए तापनि सङ्कलित परिमाणको अनुगमन गरेको पाइएन। अनुगमन गरी यार्सागुम्बा सङ्कलनलाई व्यवस्थित बनाउनु पर्दछ।

२३. **ल्याण्डिङ शुल्क -** हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को अनुसूची २(ङ) बमोजिम निकुञ्ज क्षेत्र भित्र ल्याण्डिङ गर्ने हेलिकोप्टरले प्रति ल्याण्डिङ रु.३ हजारका दरले शुल्क तिर्नुपर्ने व्यवस्था छ। यो वर्ष लाङटाङ्ग राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज र कञ्चनजंघा संरक्षण क्षेत्र भित्र ६ हजार ४१ पटक उडान गरेको ल्याण्डिङ शुल्क रु.१ करोड ८१ लाख २३ हजार राजस्व प्राप्त भएकोमा अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र गौरी शंकर संरक्षण क्षेत्रभित्रको व्यवस्थापन

राष्ट्रिय प्रकृति संरक्षण कोषबाट हुँदै आएकोले राजस्व प्राप्त भएको छैन। सबै निकुञ्जभित्र हेलिकोप्टर ल्याण्डिङ गरेको अभिलेख राखी शुल्क असुल गर्नुपर्दछ।

वातावरण विभाग

वातावरण व्यवस्थापनको अवधारणालाई स्थानीय स्तरसम्म पुऱ्याउने, जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबिच समन्वय कायम गर्ने, वातावरण व्यवस्थापनको अनुगमन, वातावरण क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरूको उपयोग गर्न २०६९ सालमा विभागको स्थापना भएको हो। विभागको लागि यो वर्ष रु.१५ करोड १७ लाख बजेट विनियोजन भएकोमा रु.९ करोड ४५ लाख खर्च भएको छ।

२४. **वातावरणीय अनुगमन र समन्वय -** विभागबाट यो वर्ष यातायाततर्फ १, पर्यटन क्षेत्रतर्फ १३, उद्योगतर्फ ४०, स्वास्थ्य संस्थातर्फ ६, ऊर्जा, जलस्रोत तथा सिँचाइतर्फ २०, आवास भवन तथा बस्ती विकासतर्फ ९ र खानेपानी आयोजनातर्फ १ समेत ९० प्रतिष्ठानको वातावरणीय पक्षको अनुगमन गरेको छ। ती अनुगमन प्रतिवेदनहरूमा प्रमुख रूपमा स्वअनुगमन गरी प्रतिवेदन पेस गर्न र वातावरणसम्बन्धी ऐन, नियम एवं मापदण्ड पालना गर्न निर्देशन दिएको देखिन्छ। स्थानीय तह समेतका विभिन्न निकायले एकै प्रकारका कार्य गर्दा कार्यक्रमहरू दोहोरिने अवस्था देखिएकोले विभागले सबै सम्बन्धित निकायसँग समन्वय गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै अनुगमनका क्रममा दिएका निर्देशन पालनाको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२५. **प्रदूषण नियन्त्रण जाँच तथा परीक्षण -** वातावरण संरक्षण नियमावली, २०७७ को नियम १७ मा वायु, जल, जमिन, प्रकाश वा ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी जाँच तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभागले ९७ औद्योगिक प्रतिष्ठान र ३९ नदीसमेत १३६ नमुनाको प्रयोगशालामा परीक्षण गरेकोमा प्राप्त प्रतिवेदनअनुसार मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने रसायनहरूको मात्रा निर्धारित मापदण्डभन्दा बढी भएको पाइयो। त्यस्तै नदीको पानी सम्बन्धमा नेपालमा हालसम्म मापदण्ड निर्धारण भएको छैन। सम्बन्धित निकायहरूबाट समन्वयात्मक रूपमा कार्यान्वयन गरी वातावरणीय गुणस्तर पालना गराउनुपर्दछ।

२६. **वायुको गुणस्तर** - नेपाल सरकारले तोकेको मापदण्डअनुसार हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा वायु गुणस्तर मापन केन्द्रहरूको सन् २०२५ को तथ्याङ्कअनुसार उपत्यकाको रत्नपार्कमा २६८ दिनमध्ये १७९ दिन, खुमलटार केन्द्रमा ३५१ दिन मध्ये १९४ दिन, कीर्तिपुर केन्द्रमा १३३ दिनमध्ये ११२ दिन, शंखपार्कमा २९६ दिनमध्ये ६५ दिन, भैंसेपाटीमा ११७ दिनमध्ये ९१ दिन, चितवनको भरतपुरमा २५६ दिनमध्ये ९२ दिन, कञ्चनपुरको महेन्द्रनगरमा १९० दिनमध्ये ७३ दिन र धनकुटमा २३४ दिनमध्ये ६८ दिन धूलोको कण राष्ट्रिय मापदण्डभन्दा बढी रहेको देखिन्छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अध्ययनहरूले समेत विगतको तुलनामा वायु प्रदूषणबाट मृत्यु हुनेको सङ्ख्यामा वृद्धि भएको देखाएकोले वायु प्रदूषण कम गर्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२७. **कार्ययोजना कार्यान्वयन** - वायु प्रदूषणको रोकथाम र नियन्त्रण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना,

२०७६ लागु भएको छ। कार्ययोजनाले १ वर्षभित्र इँटा उद्योगबाट निस्किने धुवाँको निरन्तर अनुगमन गर्ने प्रणालीसम्बन्धी सम्भाव्यता अध्ययन गरी सोको आधारमा कार्यान्वयन गर्ने विभिन्न प्रकारका प्रदूषणका उत्सर्जकको पहिचान गर्ने कार्यक्रम निर्धारण गरेकोमा उक्त कार्यहरू शुरु नगरेको बेहोरा गत वर्षसमेत औँल्याइएकोमा सो सम्बन्धमा प्रगति हुन सकेको छैन।

२८. **सवारी प्रदूषण अनुगमन -** वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा प्रदूषण नियन्त्रणसम्बन्धी व्यवस्था छ। विभागबाट प्राप्त प्रतिवेदनअनुसार यो वर्ष काठमाडौँ उपत्यकामा डिजेल तथा पेट्रोलबाट चल्ने चारपाङ्ग्रे सवारीसाधनको २०८१।८।२० देखि २०८२।३।१२ सम्म ९२७ सवारीसाधनको सवारी प्रदूषण परीक्षण गर्दा ६४७ अर्थात् ६९.८० प्रतिशत सवारीसाधन तोकिएको मापदण्डमा उत्तीर्ण र २८० सवारीसाधन अर्थात् ३०.२० प्रतिशत सवारी प्रदूषण अनुत्तीर्ण भएको पाइयो। प्रदूषण परीक्षण गर्ने सङ्ख्या, समय एवं क्षेत्रको नमुनासमेत न्यून रहेको, दुई पाङ्ग्रे सवारी साधन नसमेटिएको अवस्थाले समग्र सवारी प्रदूषणको अवस्था चित्रण गरेको छैन। स्थानीय तहहरूसँग समन्वय र परीक्षणको दायरा बढाई सवारीसाधनबाट हुने वातावरण प्रदूषण नियन्त्रण गर्न प्रभावकारी व्यवस्था गर्नुपर्ने देखिन्छ।

पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजना

विश्व बैङ्कको ऋण सहयोगबाट सञ्चालित दक्षिण-पूर्वी एसियामा यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रमअन्तर्गत बुटवलदेखि गड्डाचौकीसम्म सञ्चालन हुने पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजनाको लागि नेपाल सरकारको अमेरिकी डलर २.६ मिलियन र विश्व बैङ्कको ऋण सहायताबाट अमेरिकी डलर १८.६ मिलियन बेहोरिने उल्लेख छ। आयोजना कार्यान्वयन अवधि १८ सेप्टेम्बर, २०२२ देखि १५ जुलाई, २०२८ सम्म रहेको छ।

२९. **बजेट खर्च -** आयोजनामा यो वर्ष रु.१ अर्ब १२ करोड १४ लाख बजेट विनियोजन भएकोमा रु.२६ लाख (०.२३ प्रतिशत) खर्च भएको छ। आयोजनाको लागि ३ वर्षको अवधिमा रु.१ अर्ब ४४ करोड ३८ लाख विनियोजन भएकोमा रु.२ करोड ९४ लाख (२.०३ प्रतिशत) खर्च भएको छ। आयोजनाको सम्झौता रकम रु.२ अर्ब ७१ करोड १३ लाखमध्ये यो वर्षसम्म रु.२ करोड ९४ लाख (१.०८ प्रतिशत) मात्र खर्च भएको छ। आयोजनाले निर्धारण गरेको उपलब्धि हासिल हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना

गण्डकी नदी बेसिनको जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदाय तथा पारिस्थितिकीय प्रणालीमा जलवायु समयानुकूलन सुधार गर्ने उद्देश्यले गण्डकी नदी आसपासका १९ जिल्ला कार्यक्षेत्र रहने गरी ग्रीन क्लाइमेट फण्डबाट अमेरिकी डलर २७.४ मिलियन, नेपाल सरकार, आईयूसीएन नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट अमेरिकी डलर ५.३२ मिलियनसमेत कुल अमेरिकी डलर ३२.७२ मिलियनको लागतमा सञ्चालन हुने आयोजनाको समयावधि २०२१ देखि ७ वर्ष रहेको छ।

३०. **बजेट तथा खर्च -** आयोजनाको लागि यो वर्ष रु.६१ करोड १० लाख बजेट विनियोजन भएकोमा रु.२७ करोड ४० लाख (४४.८५ प्रतिशत) खर्च भएको छ। आयोजनाको सहलगानीकर्ता राष्ट्रिय प्रकृति संरक्षण कोषमार्फत कार्यक्रम कार्यान्वयन गर्न गत वर्ष सम्म रु.१४ करोड ६३ लाख निकासा भएकोमा

रु.५ करोड ७४ लाख र यो वर्ष रु.१० करोड निकासा भएकोमा रु.७ करोड ७५ लाखसमेत यो वर्षसम्म रु.१३ करोड ४९ लाख खर्च गरेको छ। सम्झौता रकम रु.३ अर्ब ८८ करोड ५५ लाखको तुलनामा ३.४७ प्रतिशत मात्र खर्च भएको देखिन्छ। सम्झौता अवधिभित्र आयोजनाको लक्ष्य हासिल हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

३१. **डढेलो नियन्त्रण -** वन नियमावली, २०७९ को नियम १२० मा डिभिजन वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिन उचित प्रबन्ध गर्नुपर्ने, वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नुपर्ने, उपभोक्ता समूहले डढेलो लाग्न नदिन र लागेमा तत्काल नियन्त्रणका उपायहरू अपनाउनुपर्ने, विभागले जीपीएसमा आधारित सूचना प्रणाली राख्नुपर्ने लगायतका प्रावधानहरू उल्लेख छन्। आयोजनाबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा देशभर १८ हजार ७२९ पटक र ३० निकुञ्ज, संरक्षण तथा मध्यवर्तीलगायतका क्षेत्रमा ४ हजार ८६८ पटकसमेत २३ हजार ५९७ पटक डढेलो लागेको देखिन्छ। विगत ५ वर्षमा वन डढेलोले १ लाख हेक्टरभन्दा धेरै वन क्षेत्र नोक्सान भएको देखियो। वन डढेलोले वनक्षेत्रको पारिस्थितिकीय प्रणालीलाई असर गर्ने भएकोले जोखिम घटाउने उपायहरू कार्यान्वयन गर्नुपर्दछ।

रेड कार्यान्वयन केन्द्र

वन संरक्षण गरी वायु मण्डलमा रहेको हरित गृह ग्याँस र कार्बनडाइअक्साइड शोषण गरी भण्डारण गर्ने र वनबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले यो केन्द्र स्थापना भई रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम सञ्चालन भइरहेको छ।

३२. **कार्य प्रगति** - विश्व बैङ्कअन्तर्गत अन्तर्राष्ट्रिय विकास संस्थाको अमेरिकी डलर ५२ लाख अनुदान सहयोगमा सञ्चालित यस आयोजनामा यो वर्ष रु.१ करोड ३६ लाख ९८ हजारसमेत हालसम्म रु.६४ करोड १२ लाख २४ हजार खर्च भएको छ। कार्यक्रमको सञ्चालन अवधि सन् २०१७ देखि २०२२ सम्म रहेको देखिन्छ। उक्त संस्थासँग भएको सम्झौतामा यस आयोजनाको कार्यक्रम तयारी चरण, कार्यान्वयन चरण तथा अनुगमन, मापन तथा प्रतिवेदन चरण गरी ३ चरणमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा पहिलो तयारी र कार्यान्वयन चरणको काम विश्व बैङ्कको अनुदान सहयोगमा २०७९।८० मा सम्पन्न भएको र तेस्रो चरणमा गर्नुपर्ने कामलाई नेपाल सरकारले बजेट व्यवस्थापन गर्दै आएको छ। तेस्रो चरणको काम समयमै सम्पन्न गरी कार्बन व्यापारबाट लाभ लिनुपर्दछ।

३३. **अनुगमन प्रतिवेदन तथा प्रमाणीकरण** - नेपाल सरकारले विश्व बैङ्कसँग २२ फेब्रुअरी २०२१ मा गरेको उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता अनुसार नेपालले सन् २०२५ सम्म अन्तर्राष्ट्रिय बजारमा ९ मिलियन टन कार्बन बिक्री गरी रेड प्लस कार्यक्रममार्फत ४५ मिलियन डलरसम्म वित्तीय कारोबार गर्न सक्ने उल्लेख छ। नेपालले हाल २०१८ देखि २०२१ सम्मको कार्बन उत्सर्जन न्यूनीकरणको अनुगमन प्रतिवेदन तयार गरी २.३ मिलियन टनको कार्बन सञ्चिती गरेको उल्लेख गरी प्रतिवेदन पेस गरेकोमा विश्व बैङ्कले छनोट गरी पठाएको संस्थाले मापनको स्थलगत कार्य गर्दा २.४ मिलियन टन कार्बन सञ्चिती गरेको प्रमाणीकरण गरेको छ। सम्झौताबमोजिम प्रति टन ५ अमेरिकी डलरले कार्बन व्यापार हुने उल्लेख भएकोमा २.४ मिलियन टन कार्बनको अमेरिकी डलर १२ मिलियन अर्थात् करिब रु.१ अर्ब

६० करोड प्राप्त हुने निश्चित भएकोमा रु.१ अर्ब ३३ करोड २४ लाख ८२ हजार भुक्तानी प्राप्त भएको छ। बाँकी रकम प्राप्त गर्नुपर्दछ।

३४. **ऋण प्रवाह -** समृद्धिका लागि वन परियोजनाको लागि विश्व बैङ्कसँग अमेरिकी डलर २४ मिलियनको ऋण सम्झौता भएकोमा वन उद्यम विकास तथा सुधार कार्यका लागि अमेरिकी डलर १७.९ मिलियन कृषि विकास बैङ्कमार्फत ऋण प्रवाह गर्न नेपाल सरकार र विश्व बैङ्कबिच २०७८।३।२ मा सहायक ऋण सम्झौता भएको छ। सो सहायक सम्झौतामा नेपाल सरकारले वार्षिक ५ प्रतिशतका दरले ब्याज लिने गरी कृषि विकास बैङ्कलाई ऋण दिने र बैङ्कले वन तथा वनपैदावारसम्बन्धी व्यवसाय गर्ने उद्यमी तथा वित्तीय संस्थाबाट वार्षिक ९ प्रतिशतका दरले ब्याज लिने गरी ऋण प्रवाह गर्ने उल्लेख छ। स्वीकृत रकम रु.२ अर्ब २४ करोडमध्ये कृषि विकास बैङ्कले हालसम्म रु.७ करोड ६६ लाख (३.४२ प्रतिशत) मात्र ऋण प्रवाह गरेको छ। लक्षित वर्गमा प्रतिफल पुग्ने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

३५. **लिफ कोलिसन कार्यक्रम -** बेलायत, अमेरिका, नर्वे र दक्षिण कोरियालगायतका सरकार तथा ठुला कर्पोरेट संस्थाहरूद्वारा एक्सलेरेटिङ्ग फाइनान्समार्फत कार्बन उत्सर्जन घटाउने उद्देश्यले सार्वजनिक तथा निजी पहलमा लिफ कोलिसन कार्यक्रम कार्यान्वयनमा आएको छ। वनसँग सम्बन्धित सरकार, निजी क्षेत्र, दातृ निकायहरू, आदिवासी जनजातिहरू र स्थानीय समुदाय तथा नागरिक समाजलाई एकै स्थानमा ल्याई वन विनाशको समस्या समाधानका लागि वित्तीय स्रोत जुटाउने तथा परिचालन गर्ने लक्ष्य रहेको छ। नेपालले बागमती, लुम्बिनी तथा गण्डकी प्रदेशअन्तर्गत रहेको ३.२० मिलियन हेक्टर वन क्षेत्रबाट सन् २०२२ देखि २०२६ सम्म अनुमानित ३० मिलियन टन कार्बन उत्सर्जन न्यूनीकरणमार्फत न्यूनतम कारोबार दर प्रतिटन अमेरिकी डलर १० का दरले करिब ३०० मिलियन अमेरिकी डलर प्राप्त गर्ने लक्ष्यसहितको प्रस्ताव पेस भएकोमा सो प्रस्ताव स्वीकृत भई लिफ कोलिसन कार्यक्रममा सहजीकरण गर्ने संस्था र नेपालबिच सन् २०२२ मा समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारी पत्रको कार्यान्वयन गरी कार्बन उत्सर्जन न्यूनीकरणमा योगदानबापतको रकम प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

अन्य संस्था र समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाशको न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ अनुसार समितिको स्थापना भएको हो। यस अन्तर्गत देशको कुल भू-भागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगट्ने गरी ३७ जिल्लाका ३४० स्थानीय तह समेटिएका छन्।

३६. **आय-व्यय -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
सुरु मौज्दात	१२२०४	सञ्चालन खर्च	८५००७१
नेपाल सरकारको अनुदान	९१२४००	प्रशासनिक खर्च	१०६६१
अन्य आय	७०१६	कर्मचारी पारिश्रमिक	४५९८७
		पदाधिकारी खर्च	५६८१
		अन्य खर्च	८७६९

आय	रकम	व्यय	रकम
		अन्तिम मौज्दात	१०४५१
जम्मा	**९३१६२०**	**जम्मा**	**९३१६२०**

गत वर्ष रु.१ करोड ३१ लाख ५५ हजार मौज्दात बाँकी रहेकोमा यो वर्ष रु.१ करोड २२ लाख ४ हजार जिम्मेवारी सारेकोले रु.९ लाख ५१ हजार घटी सारेको सम्बन्धमा खुलासा गरेको छैन।

३७. **समग्र प्रगति -** राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको यो समितिको कार्यावधि २०९३।९४ सम्ममा रु.१ खर्ब ४९ अर्ब २५ करोड लागतमा सम्पन्न हुने गरी २०७१।७२ मा कार्यान्वयन सुरु भएकोमा लागत अनुमान संशोधन भई रु.२ खर्ब ४९ अर्ब ७० करोड पुगेको छ। यो वर्ष रु.१ अर्ब ५ करोड बजेट विनियोजन भएकोमा रु.९१ करोड २४ लाख खर्च भएको छ। समितिले हालसम्म रु.१५ अर्ब ८७ करोड खर्च भई ६.३६ प्रतिशत वित्तीय र ६.३९ प्रतिशत भौतिक प्रगति भएको छ। तोकिएको समय र लागतमा कार्यसम्पन्न गर्नुपर्दछ।

३८. **उत्खनन् -** समितिद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सम्बन्धमा समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित स्थानीय तहले प्रचलित कानुन तथा मापदण्डबमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। समितिले यो वर्ष ३५ नदी प्रणालीमा ३२ लाख ९८ हजार २८३ घनमिटर नदीजन्य पदार्थ उत्खनन्को लागि सहमति दिएको छ। चुरे क्षेत्रको क्षयीकरण नहुने गरी उत्खनन् कार्यको नियमन हुनुपर्दछ।

३९. **कानुन संशोधन -** नेपाल सरकारले २०७४।२।४ मा स्वीकृत गरेको चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा खानी तथा खनिज पदार्थ ऐन, वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, भू तथा जलाधार संरक्षण ऐन, औद्योगिक व्यवसाय ऐन, वन नीति, नेपाल राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्य योजना, राष्ट्रिय भू उपयोग नीति, राष्ट्रिय सिमसार नीति आदिमा रहेका विरोधाभास हटाउन र बाझिएका ऐन, नियमावली संशोधन गरिने उल्लेख छ। गुरुयोजना कार्यान्वयन सुरु भएको ८ वर्षसम्म सोसम्बन्धी ऐन, नियमावली संशोधन हुन सकेको छैन। गुरुयोजनाअनुसारको कानुन संशोधन गर्नुपर्दछ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्धन र व्यवस्थापन गर्ने, निकुञ्ज आरक्षको विकासका निमित्त आवश्यक व्यवस्था गर्ने उद्देश्यले कोषको स्थापना भएको हो।

४०. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी र दायित्व	३२ आषाढ २०८२	३१ आषाढ २०८१	सम्पत्ति	३२ आषाढ २०८२	३१ आषाढ २०८१
अक्षयकोष	९६९३०	९३९३०	स्थिर सम्पत्ति	३८८६२७	३८५१५५
कर्मचारी कल्याण कोष	५७९०२१	५३०९९१	चालु सम्पत्ति	२६४०५७	२२६८०५
पुँजीगत सम्पत्ति कोष	३१९५१०	३२१०७६	लगानी	१७९१६५९	१४६०६९१
विनिमय समानीकरण जगेडा कोष	३१३७४९	२७०७१२			
प्रतिबन्धित कोष (आयोजना)	३३४२०७	२४०७७३			

पुँजी र दायित्व	३२ आषाढ २०८२	३१ आषाढ २०८१	सम्पत्ति	३२ आषाढ २०८२	३१ आषाढ २०८१
प्रतिबन्धित कोष (अन्य)	२३०९२८	१२२७६५			
मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष	७९२७९	५२३४६			
चालु दायित्व	७५०३४	७७७१४			
सञ्चित बचत	४१५६८५	३६२३४५			
जम्मा	**२४४४३४३**	**२०७२६५१**	**जम्मा**	**२४४४३४३**	**२०७२६५१**

४१. **सञ्चालन नतिजा** - कोषको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०८१।८२	२०८०।८१	व्यय	२०८१।८२	२०८०।८१
बाह्य आम्दानी	६०७११४	२९८४७२	आयोजना खर्च	५७१०७७	३१६६३४
आन्तरिक आम्दानी	९२९०१९	८६५२८३	मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष	४४५८	२४६२
			कर्मचारी खर्च	१५४८७२	१२९५४२
			व्यवस्थापन खर्च	२३९३८९	२१६७०६
			आयोजना व्यवस्थापन खर्च	३७४८७६	२७३६४४
			जम्मा	**१३४४६७२**	**९३८९८८**
जम्मा	**१५३६१३३**	**११६३७५५**	**बचत**	**१९१४६१**	**२२४७६७**

कोषको आय व्यय विवरणअनुसार कोष र अन्तर्गतका ८ निकायले यो वर्ष रु.१ अर्ब ५३ करोड ६१ लाख ३३ हजार आम्दानी गरेकोमा रु.१ अर्ब ३४ करोड ४६ लाख ७२ हजार खर्च भई रु.१९ करोड १४ लाख ६१ हजार बचत भएको छ।

४२. **क्षमता विकास तालिम -** अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ मा खर्चको मापदण्डसम्बन्धी व्यवस्था छ। कोष र मन्त्रालय तथा मातहतका कर्मचारीहरूलाई क्षमता विकासलगायत १२ तालिम सञ्चालन गर्न रु.२ करोड १८ लाख ३० हजारको लागत अनुमान स्वीकृत गरी परामर्शदातासँग लागत अनुमान रकमा नै सम्झौता गरेको छ। कोषले तालिम सञ्चालन गर्ने निर्देशिका तयार नगरी तालिम सञ्चालन गरेको पाइएकोले यससम्बन्धी निर्देशिका स्वीकृत गराउनुपर्दछ।

४३. **सोलार फेन्सिङ्ग निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा खरिदको गुरुयोजना र नियम ८ मा खरिदको वार्षिक योजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। झापा जिल्लामा हुने हात्तीको आक्रमणबाट धनजनको क्षति न्यूनीकरणको लागि विद्युतीय घेराबार गर्न २०७१।७२ देखि नेपाल सरकार र विश्व बैङ्कको सहयोगमा बजेट व्यवस्था गरी यो वर्ष ९४.८२२ किलोमिटर लम्बाइमा उक्त कार्य गराई ६ निर्माण व्यवसायीलाई रु.१२ करोड ६९ लाख १३ हजार र डिजाइन तथा सुपरीवेक्षणको लागि ७ परामर्शदातालाई रु.६९ लाख ६३ हजारसमेत रु.१३ करोड ३८ लाख ७६ हजार भुक्तानी भएको छ। उक्त कार्यको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी सोअनुसार लागत अनुमान स्वीकृत गरी खरिद कानुनबमोजिम खरिद सम्झौता गरी गर्नुपर्नेमा हरेक वर्ष टुक्रा पारी खरिद कार्य गर्दै आएको र सम्पन्न कार्यको अद्यावधिक प्रगति प्रतिवेदनसमेत तयार गरेको छैन।

४४. **शुल्क तथा दस्तुर असुली र खर्च -** राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१ को नियम १० को खण्ड (च) मा राष्ट्रिय निकुञ्ज स्थलको अवलोकन गर्न आउने पर्यटकबाट चन्दा बाहेक अन्य शुल्क तथा दस्तुर लिने प्रावधान रहेको देखिदैंन। कोषको बर्दिया संरक्षण कार्यालयले बर्दिया राष्ट्रिय निकुञ्ज भित्र

रहेको हात्ती प्रजनन् केन्द्र, गोही प्रजनन् केन्द्र र खरखडाइ प्रवेश शुल्क तथा दस्तुर प्रति व्यक्ति क्रमशः रु.१०, रु.५० र रु.२०० का दरले यो वर्ष रु.४० लाख ८२ हजार असुल गरी गोही, हात्ती र गैंडालाई नपुग दाना, अतिथि सत्कार, कार्यालय सञ्चालन खर्चलगायतमा रु.४६ लाख ८ हजार खर्च लेखेको छ। यस्तो रकम हालसम्म कोषमा रु.१ करोड ९१ हजार मौज्दात रहेको देखिन्छ। यसरी असुलउपर गरी खर्च गर्ने कानुनी अधिकार रहेको छैन। असुल गरेको रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गरी बजेटमार्फत खर्च गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा संरक्षित क्षेत्र अतिक्रमण, वायु गुणस्तरको स्थिति, अनुदान उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न कानुनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका बेहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४२ निकायमा रु.१ अर्ब ३४ करोड ५९ लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख २० हजार सम्परीक्षण भएकोले रु.१ अर्ब ३४ करोड ५६ लाख ९३ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२ करोड ६७ लाख २४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्था, अन्य संस्था र समिति २ तर्फ रु.१ करोड ७७ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ लाख ७१ हजार सम्परीक्षण भएकोले रु.१ करोड ६५ लाख ९९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरूको आवास व्यवस्थापन लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ६७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय –** मन्त्रालय मातहत ६१ सरकारी कार्यालयको निम्नानुसार रु.४३ अर्ब ७४ करोड ७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३७३५५३	४०२५	५७९७०	१८५९	४३७४०७

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष स्वास्थ्य तथा जनसङ्ख्या, गृह, परराष्ट्र, अर्थ मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रु.२ अर्ब १३ करोड ९५ लाख समावेश छ। त्यस्तै यस मन्त्रालयमा विनियोजन भई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट खर्च भएको रु.४ करोड २९ लाख र स्थानीय तहबाट खर्च भएको रु.२ अर्ब ४७ करोड ११ लाख समावेश छैन।

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति, बानेश्वर, काठमाडौंको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले गत वर्षको मौज्दातसमेत रु.१ अर्ब २१ करोड ३९ लाख ९६ हजार आम्दानी भई रु.१८ करोड ९६ लाख ६३ हजार खर्च र रु.१ अर्ब २ करोड ४३ लाख ३३ हजार मौज्दात रहेकोमा सो कारोबार र केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास) बबरमहलको विनियोजनतर्फ रु.४८ करोड ३० लाख ४४ हजार, राजस्वतर्फ रु.५ करोड ५२ लाख ३० हजार, धरौटीतर्फ रु.२६ करोड ३० लाख १६ हजार र अन्य कारोबारतर्फ रु.२२ करोड ३४ लाख २४ हजारसमेत रु.२ अर्ब १ करोड ४७ लाख १४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित संस्था, समिति र अन्य संस्था –** यो वर्ष ४ संस्थाको रु.१७ अर्ब ९२ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **आवधिक योजना कार्यान्वयन –** मन्त्रालयअन्तर्गत सोहौं आवधिक योजनाले शहरी विकाससम्बन्धी १६ क्रियाकलाप निर्धारण गरेको मध्ये ५ क्रियाकलापको मात्र उपलब्धि सूचक प्राप्त भएको छ। सोहौं

आवधिक योजनामा यस मन्त्रालयले ५ हजार ६०० किलोमिटर रणनीतिक शहरी सडक निर्माण गर्ने लक्ष्य रहेकोमा २०८१।८२ मा ६९८ किलोमिटरसहित जम्मा ३ हजार ८०० किलोमिटर निर्माण भएको, वैकल्पिक सहायक राजमार्ग तथा रणनीतिक सडक ६ हजार २०० किलोमिटर कालोपत्रे गर्ने लक्ष्य तोकिएकोमा यो वर्ष ३९७ किलोमिटरसमेत जम्मा ५ हजार ९३ किलोमिटर निर्माण भएको, झोलुङ्गे पुल निर्माण सङ्ख्या १४ हजार पुऱ्याउने लक्ष्य रहेकोमा यो वर्ष ३ हजार ४९२ सहित ११ हजार ३०९ को निर्माण कार्य सम्पन्न भएको, सडक पुल निर्माणको सङ्ख्या १ हजार २०० पुऱ्याउने लक्ष्य तोकिएकोमा यो वर्ष निर्माण भएको ६४ समेत ७२२ को निर्माण सम्पन्न भएको र सडक पुगेको पालिका सङ्ख्या ७४१ रहेको मन्त्रालयबाट प्राप्त विवरणमा उल्लेख छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको समयमा अपेक्षित उपलब्धि प्राप्त गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** मन्त्रालयअन्तर्गत दिगो विकासका ३० परिमाणात्मक लक्ष्यमध्ये ५ लक्ष्यको मात्र उपलब्धि सूचक प्राप्त भएको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सुरक्षित नागरिक आवासतर्फ २ लाख १४ हजार घरपरिवारको छानो जस्तापाताले प्रतिस्थापन गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्ममा ९२ हजार निर्माण कार्य सम्पन्न भएको, विपद प्रभावित नागरिकलाई राख्ने ३६ इमर्जेन्सी सेल्टरमध्ये १२ निर्माण सम्पन्न भएको, ५५ हजार जनता आवास इकाइमध्ये ४७ हजार इकाइको निर्माण सम्पन्न भएको, ५४ नयाँ शहरको पहिचान गरेकोमा प्रारम्भिक अध्ययन तथा डीपीआरको अवस्थामा रहेको, २८ वटा पुरातात्विक सम्पदामध्ये १७ सम्पदाको निर्माण सम्पन्न भएको, ४ नगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न भएको, २९३ नगरपालिकामध्ये ५१ मा शहरी विकासका लागि सडक, नाला, बसपार्कलगायतका शहरी पूर्वाधार विकाससम्बन्धी योजनाहरू निर्माण भएको, ४ महानगरपालिकामा युटिलिटी कोरिडोर निर्माण सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको, १८५ नगरपालिकामा एकीकृत शहरी विकास योजना स्वीकृत भएको छ। दिगो विकास लक्ष्यलाई नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी सम्पादित कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्नुपर्दछ।

> *यस वर्षको लेखापरीक्षणबाट*
>
> - *निजी आवास निर्माणमा भवन संहिताको पालना कमजोर रहेको,*
> - *मूल्य समायोजनबापत रु.४ करोड ९० लाख ८९ हजार बढी भुक्तानी भएको,*
> - *रु.१७ अर्ब ४८ करोड ६५ लाख लागतका ३८६ योजनाको खरिद सम्झौता अधुरो अवस्थामा रहेको,*
> - *नगर विकास समितिमार्फत जग्गा एकीकरण विकासमा भएको ऋण लगानी रु.१ अर्ब ४९ करोड ६७ लाख असुल हुन बाँकी रहेको,*
> - *कुल १ हजार १९५ मध्ये २७४ खरिद सम्झौताको शतप्रतिशतभन्दा बढी म्यादथप भएको लगायतका बेहोरा देखिएका छन्।*

६. **वार्षिक नीति तथा कार्यक्रम –** मन्त्रालयसँग सम्बन्धित २०८१।८२ को नीति तथा कार्यक्रममा समावेश भएकामध्ये भू-सूचना प्रणालीमा आधारित शहरी पूर्वाधार सूचक तयार गर्ने, आवास एकीकरणसमेत गरी सम्भाव्य घनाबस्तीमा न्यूनतम खुला क्षेत्रसहितको आधारभूत भौतिक तथा सामाजिक पूर्वाधार निर्माण गर्न नीतिगत व्यवस्था गर्ने र देशैभर भू-सूचना प्रणालीमा आधारित ठेगाना प्रणाली लागु गर्ने, भौगोलिक रूपमा विकट, छरिएर रहेका र विपद्को उच्च जोखिमयुक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण हुन प्रोत्साहित गर्ने, निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न

सक्ने गरी ठोस नीतिगत व्यवस्था गर्ने, भवनसंहिता कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहको प्राविधिक दक्षता वृद्धि गर्ने, भूकम्पीय जोखिममा रहेका भवनको प्रबलीकरणका लागि प्रविधि र जनशक्ति विकास गर्ने, स्थानीय तह र निजीक्षेत्रसँगको सहकार्यमा काठमाडौं पूर्वोत्तर क्षेत्रमा नयाँ नगर निर्माण कार्य अगाडि बढाउने, बागमती नदीमा सुक्खायाममा न्यूनतम बहाव सुनिश्चित गर्न काठमाडौं उपत्यका र वरपरको क्षेत्रमा जल पुनर्भरण केन्द्र निर्माण गर्ने, राष्ट्रिय पूर्वाधार विकासमा अन्तरतह तथा अन्तरनिकाय समन्वय सुनिश्चित गर्दै पूर्वाधार विकासमा रहेको दोहोरोपना हटाई भौगोलिक तथा प्रादेशिक सन्तुलन कायम गर्ने र सडक, रेल तथा जलमार्ग समेटी एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गर्ने कार्यक्रम कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन –** बजेट वक्तव्य २०८१।८२ मा यस मन्त्रालयसँग सम्बन्धित विषयमध्ये घना बस्तीमा खुला क्षेत्रको पहिचान र संरक्षण गर्दै समुदायको सहकार्यमा एक वडा एक पार्क निर्माण गर्ने कार्य नगरेको, बाराको सिम्रौनगढ, पर्साको ठोरी, मुस्ताङको लोमन्थाङ, उपल्लो डोल्पाको धो उपत्यका, हुम्लाको लिमी उपत्यका र कञ्चनपुरको चाँदनी दोधारामा नयाँ नमुना बस्ती निर्माण गरी आर्थिक तथा पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने कार्य नगरेको, स्थानीय तहसँगको सहकार्यमा काठमाडौं उपत्यकाको धोविखोला, बागमती र विष्णुमती कोरिडोरमा स्काइवे तथा पडवे यातायात प्रणालीको सम्भाव्यता अध्ययन गर्ने कार्य नगरेको, जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा भूकम्पबाट क्षतिग्रस्त निजी घरको सर्वेक्षण सम्पन्न गरी पुनर्निर्माणलाई तीव्रता दिँदै सामुदायिक विद्यालय भवन, स्वास्थ्य संस्था, सरकारी तथा सार्वजनिक भवनलगायतका पूर्वाधारको शीघ्र पुनर्निर्माण कार्य गर्ने उल्लेख छ। जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाका ११ स्वास्थ्य भवनको पुनर्निर्माण प्रारम्भ गरेको, सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधा घण्टा हिँडाइको दूरीभित्र तरितराउको सुविधा पुऱ्याउन झोलुङ्गे पुल २७८ र स्थानीय सडक पुल २२ निर्माण गरिएको, सङ्घीय संसद भवन निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन भएकोमा उक्त निर्माण कार्यको भौतिक प्रगति ८६.५ प्रतिशत रहेको छ। काठमाडौं उपत्यका र अन्य सम्भाव्य स्थानमा सरकारी र निजी क्षेत्रको सहभागितामा जग्गा विकास गरी विपद् प्रतिरोधी र सुपथ मूल्यका ५० हजार आवास इकाइको विकास गर्ने कार्य सुरु भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **वार्षिक कार्यक्रम तथा प्रगति –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा केन्द्रीय प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत निकायका वार्षिक कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	निकाय	बजेट	खर्च	प्रगति प्रतिशत
१	शहरी विकास मन्त्रालय	१२९०	८३४	६४.६५
२	शहरी विकास तथा भवन निर्माण विभाग	३९६५८२	२३००४७	५८.०१
३	स्थानीय पूर्वाधार विभाग	२२१९६१	१३८७८५	६५.५३
४	सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय	१७७३५	१०४२१	५८.७६
५	अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति	२७२१५	६८०९	२५.०२
६	काठमाडौं उपत्यका विकास प्राधिकरण	१२६२६	७६४९	६०.५८

क्र.सं.	निकाय	बजेट	खर्च	प्रगति प्रतिशत
७	शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र	२०९७	२५८	१२.३०
८	नगर विकास कोष	१९३०	७००	३६.२७
	जम्मा	**६८१४३६**	**३९५५०३**	**५८.०४**

मन्त्रालय र अन्तर्गत कार्यालयमा रु.६८ अर्ब १४ करोड ३६ लाख बजेट विनियोजन भएकोमा रु.३९ अर्ब ५५ करोड ३ लाख खर्च भई वित्तीय प्रगति ५८.०४ प्रतिशत रहेको छ। विनियोजित बजेटमध्ये रु.२८ अर्ब ५९ करोड ३३ लाख (४१.९६ प्रतिशत) फ्रिज भएको छ। बजेट विनियोजन, खर्च र उपलब्धिका आधारमा कार्यक्रम मूल्याङ्कन गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९. **बजेट र खर्च –** मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

बजेट	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४८५२७	४३०९१	२०५९६	४७.८०
पुँजीगत	६३१७६६	६३८३४५	३७४९०७	५८.७३
जम्मा	**६८०२९३**	**६८१४३६**	**३९५५०३**	**५८.०४**

उल्लिखित विवरणमा स्थानीय तहबाट भएको खर्चसमेत समावेश छ। मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ४७.८० र पुँजीगततर्फ ५८.७३ प्रतिशत मात्र खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजनबमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१०. **बजेट कार्यान्वयन स्थिति –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन वा अन्य ऐनबमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। मन्त्रालयले उपलब्ध गराएको बजेट तथा खर्चको विवरण देहायअनुसार रहेको छः

(रु. लाखमा)

आर्थिक वर्ष	कुल बजेट विनियोजन	चालु बजेट	पुँजीगत बजेट	कुल खर्च	कुल खर्च प्रतिशत	चालु खर्च	चालु खर्च प्रतिशत	पुँजीगत खर्च	पुँजीगत खर्च प्रतिशत
२०७७।७८	३०८५९७	३५८३६	२७२७६०	२४५५६२	७९.५७	२७८५५	७७.७३	२१७७०६	७९.८२
२०७८।७९	३०८१४४	१७५७५	२९०५६८	२१५९६५	७०.०९	१२८७६	७३.२६	२०३०८८	६९.८९
२०७९।८०	५९९७६९	३६५३४	५६३२३५	३५०२२२	५८.३९	२४१५५	६६.१२	३२६०६७	५७.८९
२०८०।८१	४६४६२८	४६११६	४१८५१२	३००९७३	६४.७८	२५५५५	५५.४१	२७५४१७	६५.८१
२०८१।८२	६८१४३६	४३०९१	६३८३४५	३९५५०३	५८.०४	२०५९६	८७.८०	३७४९०७	५८.७३
औसत	**४७२५१५**	**३५८३०**	**४३६६८४**	**३०१६४५**	**६३.८४**	**२२२०७**	**६४.०६**	**२७९४३७**	**६३.९९**

पछिल्लो ५ वर्षको बजेट विनियोजन तथा कुल खर्चको स्थिति विश्लेषण गर्दा विनियोजित रकम प्रत्येक वर्ष बढ्दै गए पनि त्यसको अनुपातमा खर्चको दर बढ्न सकेको देखिएन। पुँजीगत बजेटको विनियोजित रकम वृद्धि हुँदै गएको भए पनि खर्च प्रतिशत घट्दै गएको देखिन्छ। मन्त्रालयको बजेट कार्यान्वयन क्षमतामा सुधार गर्नुपर्छ।

११. **कार्यक्षेत्र र जिम्मेवारी –** शहरी विकास मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धमा नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को नियम ५ अनुसार शहरी विकास, बस्ती विकास र आवाससम्बन्धी नीति, कानुन, मापदण्ड तयार गर्ने र नियमन गर्ने, राष्ट्रिय भवन संहिता तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने उल्लेख छ। त्यसै गरी आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को बुँदा नं. ६ मा पूर्वाधार आयोजनाको हकमा सङ्घबाट ३ करोड रुपैयाँ र प्रदेशबाट १ करोड रुपैयाँभन्दा कम लागतका नयाँ आयोजना कार्यान्वयन नगरिने उल्लेख छ। मन्त्रालयका उल्लिखित जिम्मेवारीहरू प्रदेश र स्थानीय तहसँग समेत रहेको र मन्त्रालयले कार्यान्वयन गरिरहेका कार्यक्रमसँग मिल्ने उस्तै प्रकृति र बजेट आकारका कार्यक्रमहरू प्रदेश र स्थानीय तहले समेत सम्पादन गरिरहेको देखिन्छ। यो वर्ष मन्त्रालयले बजेट विनियोजन गरेका ३ करोड रुपैयाँसम्मका शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विकास विभागका सालबसाली योजनाहरूको विवरण देहायबमोजिम रहेको छ।

(रु. लाखमा)

क्र.सं.	विनियोजित रकमका आधारमा योजना	योजनाको सङ्ख्या		विनियोजित रकम		कुल जम्मा	
		शहरी विकास तथा भवन निर्माण विभाग	स्थानीय पूर्वाधार विकास विभाग	शहरी विकास तथा भवन निर्माण विभाग	स्थानीय पूर्वाधार विकास विभाग	सङ्ख्या	रकम
१	रु.५० लाखसम्मका योजना	९३	२१३	३४०३	५०२५	३०६	८४२८
२	रु.५० लाखभन्दा बढी १ करोडसम्मका योजना	१०६१	७९४	१०५७९२	७५८८०	१८५५	१८१६७२
३	रु.१ करोडभन्दा बढी २ करोडसम्मका योजना	१८२	२०२	२६५६५	२८७६७	३८४	५५३३२
४	रु.२ करोडभन्दा बढी ३ करोडसम्मका योजना	३७	३२	९४३०	७८६०	६९	१७२९०
	जम्मा	**१३७३**	**१२४१**	**१४५१९०**	**११७५३२**	**२६१४**	**२६२७२२**

उल्लिखित विवरणअनुसार ३ करोडभन्दा घटीका २ हजार ६१४ आयोजनामा रु.२६ अर्ब २७ करोड २२ लाख विनियोजन भएको छ। प्रदेश तथा स्थानीय तहले सम्पादन गर्ने गरी तय भएका योजना सङ्घीय मन्त्रालयले कार्यान्वयन गरेको हुँदा आयोजनाको वर्गीकरणको आधार तथा मापदण्डमा भएको व्यवस्थाको पालना भएको छैन। कार्यविभाजन नियमावली तथा मापदण्डअनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ।

१२. **कार्यविभाजन -** मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धमा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ५ अनुसार शहरी विकास, बस्ती विकास र आवास सम्बन्धी नीति, कानुन, मापदण्ड तयार गर्ने र नियमन गर्ने, राष्ट्रिय भवन संहिता तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने तथा समन्वय र सहजीकरण गर्ने, राष्ट्रिय शहरी पूर्वाधार विकास, सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार, सङ्घीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन, विशिष्ट शहरी संरचना, राष्ट्रियस्तरका संयुक्त र बहुतले आवाससम्बन्धी नीति, कानुन तथा मापदण्ड तयार र नियमन गर्ने, नगर विकास कोष, मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने, मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन तथा नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन गर्नेलगायतका कार्य उल्लेख छ। सो नियमावलीको नियम ५ को अनुसूची २ मा

मन्त्रालयले सम्पादन गर्ने कार्यअन्तर्गत स्थानीय पूर्वाधार विकास विभागका कार्यहरू उल्लेख गरेको छैन। कानुनमा व्यवस्था गरेरमात्र कार्य सम्पादन गर्नुपर्दछ।

१३. **प्राविधिक सहायता –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार यो वर्ष मन्त्रालयअन्तर्गत शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनामा अमेरिकी डलर ७५ हजार, नगरपालिका वित्तीय एवं क्षमता विकास कार्यक्रममा अमेरिकी डलर ५ लाख २६ हजार, ग्रामीण पहुँच सुधारका लागि कार्यान्वयन सहायता र संस्थागत सुदृढीकरण कार्यक्रममा अमेरिकी डलर ३ लाख र सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिताको पालना र प्रवर्धन आयोजनामा अमेरिकी डलर ७ लाख ८२ हजारसमेत ४ कार्यक्रममा अमेरिकी डलर १६ लाख ८३ हजार बजेट अनुमान गरेको छ। त्यसैगरी स्थानीय पूर्वाधार विभागले स्थानीयस्तरका सडक तथा सामुदायिक पहुँच सुधार परियोजना र साना सिँचाइ कार्यक्रमको परामर्श सेवामा रु.४७ करोड ७ लाख ३६ हजार खर्च भएको विवरण प्राप्त भएको छ। उक्त रकम दातृ पक्षबाट नियुक्त परामर्शदातालाई सोझै भुक्तानी भएकोमा विभागको आर्थिक विवरणमा समावेश भएको एवं अर्थ मन्त्रालयबाट प्रकाशित २०८१।८२ को प्राविधिक सहायतासम्बन्धी विवरणमा समेत उल्लेख छैन। उल्लिखित कानुनी व्यवस्थाको परिपालना गरिनुपर्दछ।

१४. **रूपान्तरणकारी योजना –** पन्ध्रौं योजनाले राष्ट्रिय लक्ष्य हासिल गर्न प्रभाव पार्ने तथा विशिष्ट प्रकृतिका योजनालाई रुपान्तरणकारी योजनाको रूपमा लिएको थियो। यो वर्षदेखि सोह्रौं आवधिक योजना कार्यान्वयन प्रारम्भ भए तापनि विगत वर्षमा प्रारम्भ गरी सम्पन्न भई नसकेका रुपान्तरणकारी योजनाको प्रगति स्थिति निम्नानुसार रहेको छः

(रु.लाखमा)

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु वर्ष	सम्पन्न हुने वर्ष	यो वर्षको खर्च	हालसम्मको खर्च	प्रगति प्रतिशत	
							वित्तीय	भौतिक
१	शहरी कोरिडोर आयोजना	६७८३०	२०७५।७६	२०८४।८५	१३२	५९३	०.८७	५
२	नयाँ शहर आयोजना	११७८६८००	२०६७।६८	२०८९।९०	८३२२	९२३४८	०.७८	२.५०
३	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम	१६४०००	२०८१।८२	२०८६।८७	२४४८	२४४८	१.४९	३

उल्लिखित विवरणअनुसार शहरी कोरिडोर आयोजना सम्पन्न हुने ९ वर्षको अवधिमा ६ वर्ष समयावधि व्यतीत भइसक्दा ५ प्रतिशत मात्र भौतिक प्रगति भएको, नयाँ शहर आयोजनाको कुल अवधि २२ वर्ष रहेकोमा १४ वर्ष अर्थात् ६३.३६ प्रतिशत अवधि समाप्त हुँदा वित्तीय प्रगति ०.७८ प्रतिशत र भौतिक प्रगति २.५० प्रतिशत मात्र रहेको साथै प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम चालु अवस्थामा रहे तापनि भौतिक प्रगति न्यून रहेको छ। तोकिएको समयमा कार्य सम्पन्न गर्ने गरी कार्यक्रम तय गरिनुपर्दछ।

१५. **पहिलो प्राथमिकता प्राप्त आयोजना –** नेपाल सरकारले उच्च महत्व दिई लगानी र स्रोत सुनिश्चतता भएका पहिलो प्राथमिकता प्राप्त ३४ आयोजनामध्ये १६ आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा कम, १६ आयोजनाको ८० प्रतिशतभन्दा कम र २ आयोजनाको ८० प्रतिशतभन्दा बढी रहेको छ।

विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने एवं अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकाले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

१६. **रकमान्तर –** विनियोजन ऐन, २०८१ को दफा ५ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ। मन्त्रालय र मातहत कार्यालयका लागि यो वर्ष सुरु विनियोजन रु.६८ अर्ब २ करोड ९३ लाख भएकोमा रकमान्तरबाट रु.१६ अर्ब ४ करोड ७६ लाख थप र रु.१५ अर्ब ९३ करोड ३३ लाख घट भई रु.६८ अर्ब १४ करोड ३६ लाख बजेट कायम भएको देखिन्छ। सोमध्ये रु.३९ अर्ब ५५ करोड ३ लाख (५८.०४ प्रतिशत) खर्च भएको छ। स्वीकृत भएको कार्यक्रम तथा बजेट पटक-पटक संशोधन तथा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१७. **कानुन तर्जुमा –** शासकीय संरचना अनुकूल हुने गरी राज्यको क्षमताअनुसार सहकार्य र समन्वयमा आधारित रही पूर्वाधार विकासलाई व्यवस्थित, आधुनिक र दिगो बनाउनको लागि शहरी विकास सम्बन्धी अद्यावधिक कानुनको आवश्यकता पर्दछ। मन्त्रालयले यो वर्ष नयाँ कानुनको रूपमा राष्ट्रिय शहरी नीति,२०८१ र विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ तर्जुमा गरेको छ। मन्त्रालयसँग सम्बन्धित सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका १ पटक, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति आदेश २ पटक संशोधन गरेको छ। मन्त्रालयले नगर विकास कोष ऐन, २०५३, संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ लगायतका कानुन सङ्घीय व्यवस्थाअनुरूप हुने गरी तर्जुमा वा परिमार्जन गरिनुपर्दछ।

१८. **वैदेशिक सहायता –** दातृ निकायको ऋण सहयोगमा सञ्चालित निम्न ७ आयोजनामा रु.१ खर्ब २६ अर्ब १९ करोड ५९ लाखको सम्झौता भएकोमा यस वर्षको रु.११ अर्ब ४ करोड ५२ लाखसहित रु.५४ अर्ब ४६ करोड १६ लाख खर्च भएको छः

क्र.सं.	आयोजनाको नाम र विकास सहायता निकाय	सुरु वर्ष	सम्पन्न हुने वर्ष	रकम लाखमा				खर्च प्रतिशत
				सम्झौता (अमेरिकी डलरमा)	सम्झौता रकम रु.	आ.व. २०८१।८२ को खर्च रु.	हालसम्मको खर्च रु.	
१	क्षेत्रीय शहरी विकास आयोजना- एसियाली विकास बैङ्क	२७ नोभेम्बर २०१७	३० जुन २०२७	२१४०	२२९०२२	१२७७३	१८३०३०	७९.९२
२	शहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना- एसियाली विकास बैङ्क	१७ जनवरी २०२४	३० अप्रिल २०२९	२०७५	२८०१२५	५६९२	५७६४	२०.०६
३	शहरी शासकीय तथा पूर्वाधार आयोजना- विश्व बैङ्क	१८ नोभेम्बर २०२०	१५ जुलाई २०२६	१५००	१७८२७५	५४८६७	११८२४३	६६.३२

क्र.सं.	आयोजनाको नाम र विकास सहायता निकाय	सुरु वर्ष	सम्पन्न हुने वर्ष	रकम लाखमा				खर्च प्रतिशत
				सम्झौता (अमेरिकी डलरमा)	सम्झौता रकम रु.	आ.व. २०८१।८२ को खर्च रु.	हालसम्मको खर्च रु.	
४	बागमती सुधार आयोजना-एसियाली विकास बैङ्क	६ मार्च २०१४	३१ मे २०२७	११४८	१२६२८०	३९४७	८०९२६	६४.०८
५	ग्रामीण सडक सञ्जाल सुधार आयोजना-एसियाली विकास बैङ्क	१२ फेब्रुअरी २०१८	२२ अगष्ट २०२५	१३५७.२	१४३१९५	४३७४	१२०६९४	८४.२८
६	ग्रामीण सडक सञ्जाल सुधार आयोजना अतिरिक्त लगानी-एसियाली विकास बैङ्क	३१ अक्टोबर २०२३	३१ मार्च २०२८	१२००	१६०२१२	२५४३५	३२३०४	२०.१६
७	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-विश्व बैङ्क	अगष्ट २ २०२४	१५ जुलाई २०२९	१०००	१४४८५०	३३६४	३६५५	२.५२
	जम्मा			**१०४२०.२**	**१२६१९५९**	**११०४५२**	**५४४६१६**	**४३.१५**

उल्लिखित आयोजनाहरूको अवधि १६ देखि शतप्रतिशतभन्दा बढी समाप्त हुँदा खर्च २.५२ देखि ८४.२८ प्रतिशतसम्म रहेको छ। समाप्त भएको अवधिको अनुपातमा आयोजनाहरूको प्रगति न्यून रहेको छ। आयोजना समयमा सम्पन्न नहुँदा ऋणको ब्याज निरन्तर बढ्दै जाने, अपेक्षित सेवा प्रवाह समयमै हुन नसक्ने स्थिति सिर्जना भई थप वित्तीय दायित्व बढ्ने र सार्वजनिक स्रोतमा अनावश्यक दबाब पर्ने जोखिम रहन्छ। ऋण सहायताको उपयोगमा दक्षता अभिवृद्धि गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१९. **परामर्श सेवा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। देहायका ६ आयोजनामा यस वर्षसम्म रु.५४ अर्ब ४६ करोड १६ लाख खर्च भएको मध्ये परामर्श सेवामा रु.३ अर्ब ७३ करोड ७३ लाख (६.८६ प्रतिशत) खर्च भएको देखिन्छ।

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम		यस वर्ष सम्मको आयोजनाको खर्च	यो वर्ष परामर्श सेवाको खर्च	२०८१।८२ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
		अमेरिकी डलर	नेपाली मुद्रा				
१	क्षेत्रीय शहरी विकास आयोजना	२१४०	२२९०२२	१८३०३०	१०९६	१४६२७	७.९९
२	शहरी शासकीय तथा पूर्वाधार आयोजना	१५००	१७८२७५	११८२४३	११०७	३०४९	२.५७
३	बागमती सुधार आयोजना	११४८	१२६२८०	८०९२६	५४९	९३९१	११.६०

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम		यस वर्ष सम्मको आयोजनाको खर्च	यो वर्ष परामर्श सेवाको खर्च	२०८१।८२ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
		अमेरिकी डलर	नेपाली मुद्रा				
४	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	२५५७.२	३०३४०७	१५२९९८	९३७	९७०५	६.३४
५	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम	१०००	१४४८५०	३६५५	२७१	३०८	८.४३
६	शहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना	२०७५	२८०१२५	५७६४	२९३	२९३	५.०८
	जम्मा	**१०४२०.२०**	**१२६१९५९**	**५४४६१६**	**४२५३**	**३७३७३**	**६.८६**

उल्लिखित आयोजनामा परामर्श सेवामा कुल खर्चको २.५७ देखि ११.६० प्रतिशतसम्म खर्च भएको देखिन्छ। आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, खरिद, लेखापालन लगायतका आयोजनाको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा लिई कार्य गर्नुपर्दछ।

२०. **भवन संहिताको पालना –** राष्ट्रिय भवन संहिता, २०६० बमोजिम भवन निर्माणसम्बन्धी संहिताको पालना गर्नुपर्दछ। सो सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभागले उपत्यकामा निर्माण भएका १०० निजी भवनमध्ये ३० भवनको सबस्ट्रक्चर र ७० भवनको सुपरस्ट्रक्चरसम्मको संरचना निर्माणमा भवन संहिताको पालना सम्बन्धमा अध्ययन गरी तयार गरेको प्रतिवेदनअनुसार कंक्रिट टेष्ट गर्दा २ प्रतिशतले मात्र संहिताको पालना गरेको, कंक्रिट रेसियोमा ६ प्रतिशत, बिम कोलम ज्वाइन्टमा उल्लिखित संहिताको २२ प्रतिशतले मात्र संहिताको पालना गरेको देखिन्छ। समग्रमा ५७.१६ प्रतिशत पालना गरेको पाइए पनि भवन निर्माणको मुख्य कार्यहरू कंक्रिटको गुणस्तर, कंक्रिट रेसियो, बिम तथा कोलमको ज्वाइन्टमा उल्लिखित संहिताको कमजोर पालना अवस्थाले निजी भवन भूकम्पीय दृष्टिकोणले जोखिममा रहेको देखाएको छ। सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिताको पालना गराउन मन्त्रालयले अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

२१. **आयोजनाको अनुगमन तथा मूल्याङ्कन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(२) अनुसार खरिद सम्झौता कार्यान्वयनको सुपरिवेक्षण गर्ने सार्वजनिक निकाय वा अन्य निकायले निर्माण व्यवसायीको खरिद सम्झौतामा उल्लिखित अधिकारमा प्रतिकूल असर नपर्ने गरी नक्सा, स्पेसिफिकेसन तथा खरिद सम्झौताका सर्तअनुसार खरिद सम्झौता कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्न सक्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत २०८१।८२ मा पुँजीगततर्फ विनियोजित रु.६३ अर्ब ८३ करोड ४५ लाखमध्ये रु.३७ अर्ब ४९ करोड ७ लाख अर्थात् ५८.७३ प्रतिशत खर्च भएको छ। अनुगमन तथा मूल्याङ्कनमा विनियोजित बजेट रु.४ करोड ६१ लाख ४२ हजारमध्ये रु.३ करोड ९९ लाख ६२ हजार र कन्टिन्जेन्सीबाट रु.७ करोड ३१ लाख ५५ हजारसमेत गरी यो वर्ष अनुगमन तथा मूल्याङ्कन कार्यमा रु.११ करोड ३१ लाख १७ हजार खर्च भएको छ। खरिद सम्झौताको सर्तअनुसार सम्झौता कार्यान्वयन प्रभावकारी नहुँदा सङ्घीय संसद भवन, केन्द्रीय कारागार, स्वास्थ्य पूर्वाधार, एकीकृत शहरी पूर्वाधार, झोलुङ्गे पुल तथा ग्रामीण सडक सञ्जाललगायतका मन्त्रालयअन्तर्गतका ठुला आयोजनाहरू सम्झौताअनुसार तोकिएको लागत र समयसीमाभित्र सम्पन्न भएका छैनन्। सम्बन्धित तालुक निकाय तथा पदाधिकारीबाट आयोजनाको वित्तीय र भौतिक स्थितिको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कार्य नगर्दा

आयोजनाहरू समयमै सम्पन्न नहुनुको साथै प्रतिफल प्राप्त गर्न सकेको देखिएन। यथासमयमा आयोजना सम्पन्न गर्न योजनाको प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

२२. **म्याद थप** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको म्याद थप गर्दा काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालय तथा आयोजनाहरूले उपलब्ध गराउनुपर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत २५ कार्यालयमा कार्यान्वयनमा रहेका १ हजार १९५ खरिद सम्झौतामध्ये १३४ को सुरु अवधिको ५० प्रतिशतसम्म, ९७ खरिद सम्झौताको ५१ देखि शतप्रतिशतसम्म तथा २७४ खरिद सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप भएको छ। योजनाहरूमा पटक-पटक म्याद थप गर्नु परेका कारण मूल्य समायोजनबाट थप रकम भुक्तानी हुने, गुणस्तरमा ह्रास हुने तथा आयोजनाको लाभ यथासमयमा प्राप्त हुन नसकेको अवस्था छ। खरिद सम्झौताबमोजिम समयमा नै काम सम्पन्न गर्न प्रयास गरेको, काबुबाहिरको परिस्थिति भएको, आयोजनाले हटाउनुपर्ने संरचना नहटाएको, निर्माणस्थल उपलब्ध नगराएको लगायतका अवस्थाहरूको विश्लेषण गरिनुको साथै कानुनी प्रावधानअनुसार म्याद थप गर्नुपर्दछ।

२३. **पेस्की बाँकी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४५ बमोजिम पेस्की फर्स्यौट गर्नुपर्दछ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) बमोजिम खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की सोही नियमावलीको उपनियम (५) तथा खरिद सम्झौताको सर्तअनुसार फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत ४२ कार्यालयले उपलब्ध गराएको पेस्कीमध्ये मोबिलाइजेसन पेस्की गत विगतको रू.१ अर्ब २७ करोड २५ लाख रहेकोमा यो वर्ष रु.३ अर्ब ९ करोड २७ लाख थप भएको, प्रतीतपत्र पेस्की गत विगतको रू.७७ करोड ४६ लाख रहेकोमा यो वर्षको रु.४२ करोड १५ लाख थप भएको र अन्य पेस्की गत विगतको रू.५ करोड ५ लाख ९९ हजार रहेकोमा यो वर्ष रु.५ लाख २१ हजार थप भएको र कर्मचारी पेस्की गत विगतको समेत रु.२ लाख १५ हजारसमेत कुल पेस्की रु.५ अर्ब ६१ करोड २८ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। उक्त पेस्की खरिद सम्झौता तथा कानुनबमोजिम असुल फर्स्यौट गर्नुपर्दछ।

२४. **नयाँ शहर आयोजना** – मन्त्रालयले नयाँ शहर आयोजना रूपान्तरणकारी आयोजनाको रूपमा सञ्चालन गरी मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रत्येक शहरमा कम्तीमा १ लाख जनसङ्ख्या बसोबास गर्न सक्ने अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७।६८ देखि नयाँ शहर आयोजना निर्माण कार्य सुरु भएको छ। पाँचथरको फिदिम, तेह्रथुमको वसन्तपुरलगायत सुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी आयोजना सञ्चालन भएकोमा मध्यपहाडी लोकमार्गमा अवस्थित १२ नयाँ शहरको योजनामा रू.५ खर्ब १२ अर्ब १२ करोड, हुलाकी लोकमार्गमा रू.३ खर्ब १० अर्ब ४९ करोड, १३ स्मार्ट सिटीअन्तर्गत रू.३ खर्ब ५५ अर्ब र १६ हिमाली पदमार्गमा रू.१ अर्ब ७ करोडसमेत ५४ नयाँ शहरमा रू.११ खर्व ७८ अर्ब ६८ करोड खर्च लाग्ने अनुमान गरिएको छ। हालसम्म १० स्थानमा ५ हजार ४८९ रोपनी जग्गाको जग्गा विकास कार्य भइरहेको, १८९ रोपनी जग्गा खरिद भएको, ५८९ किलोमिटर सडक स्तरोन्नति,

३४ किलोमिटर सडक कालोपत्रे, ५४ किलोमिटर सडक ढलान भई यो वर्षसम्म रू.९ अर्ब २३ करोड ४९ लाख खर्च भएको छ। सुरुमा घोषित नयाँ शहर आयोजनाको कार्य सम्पन्न नहुँदै नयाँ आयोजना थप्दै जाँदा वर्षौंसम्म आयोजनाको कार्य अधुरो रहन गई अपेक्षित प्रतिफलसमेत हासिल नहुने अवस्था छ। निर्धारित समयमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

२५. **शहरी कोरिडोर आयोजना –** क्षेत्रीय आर्थिक शहरी विकासको अवधारणामा कोरिडोरका प्रमुख शहरहरूबाट एक घण्टाभित्रको यातायातका दुरीमा रहेका भौगोलिक क्षेत्रभित्रका शहरी केन्द्रहरू समावेश गरी सात वटै प्रदेशमा व्यवस्थित र आधुनिक पूर्वाधारयुक्त ठुला शहरी कोरिडोर निर्माण गर्न जोड दिएको देखिन्छ। आयोजनाले पेस गरेको प्रगति विवरणअनुसार मध्य-पश्चिम कोरिडोरको रणनीति अध्ययन सम्पन्न भएको, सुदूरपश्चिम शहरी कोरिडोरको रणनीतिको अध्ययन सम्पन्न गरी विस्तृत परियोजना प्रतिवेदन तयारीको क्रममा रहेको, केन्द्रीय शहरी कोरिडोरको एकीकृत विकास रणनीति अध्ययनको क्रममा रहेको, बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु पश्चिम कोरिडोरको विस्तृत परियोजना प्रतिवेदन तयार भई कार्यान्वयन चरणमा रहेको र पूर्वी तथा वीरगन्ज-जीतपुर-सिमरा कोरिडोरतर्फ कुनैपनि कार्य नभएको अवस्था छ। आयोजना रु.६ अर्ब ७८ करोड ३ लाखको लागतमा २०८४।८५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.५ करोड ९३ लाख खर्च भई भौतिक प्रगति ५ प्रतिशतमात्र रहेको छ। निर्धारित समयमा योजना सम्पन्न हुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

२६. **मूल्य समायोजन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार खरिद सम्झौतामा व्यवस्था भए बमोजिम मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ। मूल्य समायोजन भुक्तानी गर्दा सम्झौताभन्दा फरक सूचकाङ्क र फ्याक्टरबाट मूल्य समायोजन गणना गरी तथा सम्झौतामा मूल्य समायोजन गर्न नमिल्ने सर्त राखी शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विशेष भवन निर्माण आयोजना, आयोजना समन्वय कार्यालय, सघन शहरी तथा भवन निर्माण आयोजनाहरूसमेत ११ कार्यालयले १७ निर्माण व्यवसायीलाई रु.४ करोड २४ लाख ३५ हजार र स्थानीय पूर्वाधार विभागअन्तर्गत ६ आयोजना कार्यालयले ७ निर्माण व्यवसायीलाई रु.६६ लाख ५४ हजारसमेत १७ कार्यालयले २४ निर्माण व्यवसायीलाई रु.४ करोड ९० लाख ८९ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

२७. **विस्तृत परियोजना प्रतिवेदन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र मातहतका २५ कार्यालयले १८७ विस्तृत परियोजना प्रतिवेदन तयारीमा रु.१७ करोड २८ लाख ८६ हजार खर्च गरेको देखिन्छ। विभागीय जनशक्तिबाट गर्न नसकिने कार्यको आधार र मापदण्ड तय गरी आवश्यक कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

२८. **अधुरो निर्माण कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरु नगरेमा वा काम सम्पन्न नगरी बिचैमा छोडेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र उपदफा (८) बमोजिम सो कामबापत राखिएको जमानत जफत गरी बाँकी रहेको काम पूरा गर्न आवश्यक पर्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतका १२ कार्यालयले रु.१७ अर्ब ४८ करोड ६५ लाखका ३८६ योजनाको लागि खरिद सम्झौता गरेकोमा रु.८ अर्ब ३१

करोड ८७ लाख भुक्तानी गरी शून्यदेखि ७३ प्रतिशतसम्म प्रगति हासिल भई अधुरो अवस्थामा रहेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२८.१. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बबरमहलले केन्द्रीय कारागार भवन निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७८।४।१६ भित्र कार्य सम्पन्न गर्ने गरी २०७५।१०।१७ मा रु.४१ करोड ६८ लाख ७५ हजारको सम्झौता गरेको थियो। निर्माण कार्यको मास्टरप्लान संशोधन गरी प्रशासनिक भवन, बन्दी गृह, भेटघाट ब्लकलगायतको संरचनामा भेरिएशन गरी सम्झौता रकम रु.४४ करोड ७३ लाख ७७ हजार कायम भएको छ। उक्त खरिद सम्झौताको २०८३।२।१७ सम्म पाँचौ पटक म्याद थप भएको देखिन्छ। गत वर्षसम्म रु.१४ करोड ६३ लाख ७३ हजार भुक्तानी गरेकोमा यो वर्ष थप कार्य भएको छैन। हालसम्म ४८ प्रतिशत भौतिक र ३१ प्रतिशत वित्तीय प्रगति भएको हुँदा बाँकी कार्य निर्धारित समयभित्र सम्पन्न गर्नुपर्दछ।

२८.२. सघन शहरी तथा भवन निर्माण आयोजना, बबरमहलले निर्माण गरेका बासबोट- कटुवा खोला मोटरबाटो स्तरोन्नति, कपन हुँदै जगडोलसम्मको सडक र गोकर्णेश्वर वडा नम्बर २ को सडक स्तरोन्नति गर्न रु.८५ लाख १५ हजारको खरिद सम्झौता गरेकोमा रु.४९ लाख २९ हजार भुक्तानी भएको छ। उक्त निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद क्रमशः २०७९।३।२३, २०७९।७।२२ र २०७९।३।१२ मा समाप्त भएकोमा म्याद थप भएको छैन। साथै निर्माण कार्यको प्रगति न्यून रहेको र कार्यसम्पादन जमानत रु.५ लाख ३९ हजारको अवधिसमेत समाप्त भएकोमा जमानतको म्याद थप गरेको प्रमाण पेस भएको छैन। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२९. **पूर्व तयारी बेगर ठेक्का** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) बमोजिम निर्माणस्थलको व्यवस्थापन नभई तथा खरिद पूर्व तयारीका सबै काम सम्पन्न नभई सो निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

२९.१. स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढीले बाजुराको गौमुल ६ स्थित घटमुना नदीमा पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग रु.३ करोड ५५ लाख ३८ हजारमा २०८१।१।३ सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।१।४ मा सम्झौता गरेको छ। उक्त कार्यको विस्तृत आयोजना प्रतिवेदन २०७७।७८ मा सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको थियो। आर्थिक वर्ष २०७७।७८ को बाढीले खोलाको सतह परिवर्तन गरेकोले साविकको ड्रइङ डिजाइन संशोधन गरेर मात्र ठेक्का व्यवस्था गर्नुपर्नेमा सो नगरी पुरानै स्वीकृत ड्रइङ/डिजाइनको आधारमा ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्य सुचारु हुन सकेको देखिएन। उक्त पुलको डिजाइन परिवर्तन हुन नसकेको, कार्यसम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको तथा उपलब्ध गराएको मोबिलाइजेसन पेस्की रु.३५ लाखसमेत फस्यौंट हुन सकेको छैन। निर्माण स्थलको वस्तुस्थिति अध्ययन नगरी बोलपत्र आह्वान गर्दा स्वीकृत डिजाइनमा पुल निर्माण हुन नसक्ने अवस्था आएको छ। यथासमयमा पुल निर्माण कार्य सम्पन्न गर्नुपर्छ।

२९.२. स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढीले दार्चुलामा चौकीबगर मोटरेबल पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग रू.१० करोड ८८ लाख ३८ हजारमा २०८१।१०।२४ भित्र सम्पन्न गर्नेगरी २०७९।८।८ मा सम्झौता गरेको थियो। उक्त पुल निर्माण स्थलमा चमेलिया क्षेतिगाड ८५ मेगावाटको हाइड्रोपावर आयोजनाको ट्रेल रेस परेकोले निर्माणस्थल सार्नुपर्ने भई स्वीकृत डिजाइन परिवर्तन गर्नुपर्ने

अवस्था रहेको कार्यालयले जनाएको छ। उक्त पुल निर्माण कार्य गर्न २०७९।३।२९ मा उपलब्ध गराएको पेस्की रू.४७ लाख ७० हजार फर्स्यौट नभई बाँकी रहेको छ। कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८३।३।२७ सम्म थप भएकोमा उक्त पुलको निर्माण स्थल एवं डिजाइन यकिन नभएका कारण योजना कार्यान्वयन भएको छैन। यथासमयमा पुल निर्माण गर्ने सम्बन्धमा यकिन गरी ठेक्का फरफारक गर्नुपर्छ।

३०. **पूर्वनिर्धारित क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतका सङ्घीय आयोजना कार्यान्वयन इकाइ, धनगढी, नयाँ शहर आयोजना कार्यालय, तनहुँका ४ निर्माण सम्झौताबाट रू.७ लाख ६४ हजार, स्थानीय पूर्वाधार विभागअन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना हेटौंडाका २ निर्माण सम्झौताबाट रु.४ लाख ५२ हजार र काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्त कार्यालय काठमाडौंअन्तर्गत एक निर्माण सम्झौताको रू.२ लाख ३८ हजारसमेत ४ कार्यालयका ७ निर्माण व्यवसायीबाट रू.१४ लाख ५४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी सम्बन्धित कार्यालयबाट निर्णय भएकोमा असुल गरेको देखिएन। उक्त रकम असुल हुनुपर्दछ।

३१. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढीको मालसामान, सेवा खरिद वा कुनै निर्माण कार्य गराउँदा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर मन्त्रालय मातहतका सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सघन शहरी विकास तथा भवन निर्माण आयोजना धनकुटा, चितवनलगायतका १३ कार्यालयले रू.४३ करोड ९१ लाखको निर्माण तथा मर्मत, मेसिनरी औजार, फर्निचरलगायत समान प्रकृतिका कार्य टुक्रा पारी सोझै खरिद गरेका छन्। खरिद सम्बन्धी कानुनको पालना गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य गर्नुपर्दछ।

३२. **उपभोक्ता समितिबाट कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना पोखरा र जुम्लाले रू.१५ करोड ८० लाख ९२ हजार, स्थानीय पूर्वाधार विभाग र स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय हेटौंडाले रू.९ करोड ६७ लाख ८७ हजार र काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाडौं र भक्तपुरले रू.११ करोड १९ लाख १९ हजारसमेत ६ कार्यालयले रू.३६ करोड ६७ लाख ९८ हजारको निर्माण कार्य १४५ उपभोक्ता समितिमार्फत गराएका छन्। उपभोक्ता समितिमार्फत भएको कार्यको गुणस्तर सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

३३. **निर्माण कार्य स्थगित –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्रतिफलको उचित गुणस्तर कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना, दाङअन्तर्गत निम्न २ योजनाको निर्माण कार्य रु.३५ करोड ७९ लाख ८२ हजारमा गर्ने गरी सम्झौता भई हालसम्म रु.११ करोड ११ लाख २७ हजार समेत भुक्तानी भइसकेको अवस्थामा निर्माण कार्य रोक्न माग गरी सर्वोच्च अदालतमा रिट दायर भएकोमा अदालतबाट पूर्वी रुकुम जिल्लाको स्थायी

सदरमुकाम तोक्नु अघि पूरा गर्नुपर्ने मापदण्ड पूरा नगरेको जनाई २०८१।५।२५ मा जारी परमादेश अनुसार सम्झौताबमोजिमका कार्यहरू नगराउने आदेश जारी गरेकोले कार्यालयको २०८२।२।९ मा निर्माण कार्य स्थगित गरी ठेक्का फरफारक गर्ने निर्णय गरेको छ। सभाहल संरचनाको दुई तला ढलानको काम भइसकेको तथा एकीकृत पूर्वाधार भवनको प्लिन्थ लेबलसम्मको निर्माण कार्य भएको अवस्थामा निर्माण कार्य स्थगित भई अधुरो रहेको छ। निर्मित संरचनाको वैकल्पिक उपयोग गर्न आवश्यक कारबाही गर्नुपर्दछ।

(रु. हजारमा)

क्र.सं.	कामको विवरण	लागत अनुमान	खरिद सम्झौता रकम	हालसम्मको भुक्तानी	प्रगति प्रतिशत
१	रुकुमकोट एकीकृत पूर्वाधार निर्माण	१६४९५७	१४१९८७	१३३१२	९.३८
२	रुकुमकोट सभाहल	२५३३७८	२१५९९५	९७८१५	४५.२८
जम्मा		**४१८३३५**	**३५७९८२**	**१११११२७**	३१.०४

३४. **प्रिमिक्स –** सडक तथा पुल निर्माण कार्यको स्टाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रीज वर्क्स, २०७३ को बुँदा १३०० मा ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाइ ०.०२ मिटर हुने उल्लेख छ। सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटाले उक्त स्टाण्डर्ड स्पेसिफिकेसनको पालना नगरी बढी मोटाइ हुने गरी खरिद सम्झौता गरी विभिन्न ७ योजनामा रु.८२ लाख ९४ हजार तथा सङ्घीय आयोजना कार्यान्वयन इकाइ रूपन्देहीले एक आयोजनामा रु.२ लाख ६३ हजारसमेत रु. ८५ लाख ५७ हजार भुक्तानी गर्दा थप व्ययभार परेको छ। स्वीकृत स्पेसिफिकेसनअनुसार निर्माण कार्य गर्नुपर्दछ।

३५. **कन्टिन्जेन्सी खर्च–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसारको अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतसमेत ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गतका ६० कार्यालयले यो वर्ष निम्नानुसार रु.७० करोड ३९ लाख ४९ हजार कन्टिन्जेन्सीमा खर्च गरेका छन्:

(रु. हजारमा)

खर्च शीर्षक	खर्च रकम	खर्च शीर्षक	खर्च रकम
ज्याला तथा पारिश्रमिक	१८९२७७	इन्धन	४५५४५
मर्मत सम्भार	६६६९१	कार्यालय सञ्चालन	५७६५०
दैनिक भ्रमण भत्ता	७३१५५	छपाइ, सूचना तथा अन्य खर्च	२७१६३१
		जम्मा	७०३९४९

एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्यासम्बन्धी पुस्तिका, २०७४ को खर्च सङ्केत तथा वर्गीकरणअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू मर्मत सम्भार, स्टेशनरी, छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भ्रमण भत्तालगायतका कार्यमा उपर्युक्तअनुसार रु.५१ करोड ४६ लाख ७२ हजार खर्च भएकोमा उक्त खर्च सम्बन्धित शीर्षकबाट खर्च नगरी सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त कारोबार एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार मेल खाने देखिँदैन। ज्याला तथा पारश्रमिकबापत रु.१८ करोड ९२ लाख ७७ हजार खर्च लेखेकोमा सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेको देखिएन। कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजनाअनुसार कामको विवरण देखिने गरी नापी किताबमा अभिलेख गरेरमात्र खर्च गर्नुपर्छ।

३६. **सम्पत्ति व्यवस्थापन –** मन्त्रालय र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र निर्माण तथा सञ्चालनमा रहेका शहरी विकाससम्बन्धी पूर्वाधारको अवस्था, लागत तथा अन्य सम्पत्तिको अभिलेख व्यवस्थित र पूर्ण रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत प्रतिवेदन, २०८१।८२ मा मन्त्रालयअन्तर्गत रु.११ करोड ९२ लाख ५२ हजार मूल्यको भवन तथा अन्य संरचना, रु.२ अर्ब ५० करोड २५ लाख ३६ हजार मूल्यको मेसिनरी र उपकरण, रु.५३ करोड ६० लाख ६८ हजार मूल्यको अन्य स्थिर सम्पत्ति, रु.४४ लाख ४५ हजारको बहुमूल्य सम्पत्ति र रु.१ अर्ब ३१ करोड ४१ लाख ९२ हजारको प्राकृतिक सम्पत्तिहरूसहित रु.५ अर्ब ६ करोड ४२ लाख ९५ हजार मूल्यको सम्पत्ति रहेको खुलाएको छ। मन्त्रालयअन्तर्गतका निर्मित एवं निर्माणाधीन संरचनासहित सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गरेको पाइएन। निर्मित संरचना तथा सबै प्रकारका सम्पत्तिको विवरण प्रणालीमा पूर्णरूपमा प्रविष्ट गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगो रूपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। यो विभाग र मातहतका ४३ निकायमा रु.३९ अर्ब ६५ करोड ८२ लाख बजेट विनियोजन भएकोमा रु.२३ अर्ब ४७ लाख खर्च भएको छ।

३७. **विनियोजन दक्षता –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्दछ। त्यस्तै सोही ऐनको दफा २१(३) बमोजिम विनियोजन ऐनमा भएको कुनै रकम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले चैत्र १५ भित्र अर्थ मन्त्रालयमा सर्मपण गराउनुपर्ने व्यवस्था रहेको छ। यस विभाग तथा अन्तर्गतका निकायहरूले आन्तरिक ऋण समेतबाट सञ्चालित कार्यक्रममा रु.३९ अर्ब ६५ करोड ८२ लाख बजेट विनियोजन भएकोमा रु.२३ अर्ब ४७ लाख अर्थात् विनियोजित बजेटको ५८.०१ प्रतिशत खर्च भएको छ। खर्च हुन नसक्ने रकम समयमै समर्पण गर्नुपर्नेमा गरेको छैन। कानुनबमोजिम खर्च हुन नसक्ने बजेट रकम समयमै समर्पण गर्नुपर्ने देखिन्छ।

३८. **सुरक्षित नागरिक आवास कार्यक्रम –** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य लिएको छ। स्थानीय तहसँग सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम र निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदनको आधारमा दोस्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे असुलउपर गर्ने उल्लेख छ। लाभग्राहीको छनोट सघन शहरी तथा भवन निर्माण आयोजनाले र कार्यक्रम कार्यान्वयन स्थानीय तहले गर्ने व्यवस्था छ। उक्त कार्यक्रम २०७५।७६ मा सुरु भएकोमा २०८१।८२ सम्म १ लाख ५५ हजार १३५ लाभग्राही छनोट भएका र सोमध्ये १ लाख ५० हजार ६६४ (९७.११ प्रतिशत) लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सम्झौता भएको सङ्ख्यामध्ये १ लाख २८ हजार ६६६ (८५ प्रतिशत) लाभग्राहीलाई पहिलो किस्ता भुक्तानी भएकोमा ९४ हजार

६३१(७३.५४ प्रतिशत) लाभग्राहीलाई कार्यसम्पन्न गरी दोस्रो किस्ता भुक्तानी गरेको देखिन्छ। छनोट गरिएका लाभग्राहीमध्ये ४ हजार ४७१ सँग सम्झौता नभएको, २१ हजार ९९८ लाभग्राहीले सम्झौता गरे पनि पहिलो किस्ता नलगेको तथा पहिलो किस्ता लगेका लाभग्राहीमध्ये (२६.४६ प्रतिशत) ३४ हजार ३५ ले रु.३० हजारका दरले रु.१ अर्ब २ करोड १० लाख दोस्रो किस्ता लगेको देखिएन। कार्यक्रमको कार्यान्वयन पक्ष प्रभावकारी बनाई सुरक्षित नागरिक आवास सम्पन्न गर्ने तथा उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्च रकम सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

३९. **जग्गा विकास चक्रकोष** – जग्गा विकास चक्रकोष नियमावली, २०६१ मा जग्गा विकास आयोजना सम्बद्ध व्यवस्थापन समितिलाई आयोजना कार्यान्वयनको लागि ऋण उपलब्ध गराउने र सम्झौता भएको मितिले बढीमा तीन वर्षभित्र ऋणको भुक्तानी गरिसक्नुपर्ने तथा वार्षिक ब्याजदर ७ प्रतिशत हुने उल्लेख छ। विगतमा विभागले ताप्लेजुङ नगर विकास समिति, धुलिखेल नगर विकास समिति र घोराही नगर विकास समितिलाई २०६३ देखि २०६७ सम्म उपलब्ध गराएको ऋणको साँवा तथा ब्याज रु.१ करोड ५२ लाख ८९ हजार र यो वर्षको ब्याज रु.१० लाख ७० हजारसमेत रु.१ करोड ६३ लाख ५९ हजार उठ्न बाँकी रहेको देखिन्छ। उठ्न बाँकी रकम असुल गर्नुपर्दछ।

४०. **संयुक्त र बहुतले आवास** – संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ तथा नियमावली २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी विभागको रहेको छ। कुल ८२ संयुक्त आवासमा प्रारम्भिक ७ हजार २६८ आवास एकाइको निर्माणका लागि आवेदन आए तापनि संशोधन थप र संयुक्त आवास रद्द हुन माग भई स्वीकृत भएको हुनाले ७१२ आवास इकाइ घट्न गई आवास इकाइ सङ्ख्या ६ हजार ९०५ रहेको छ। आवास इकाइ धनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, कतिपय निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै जग्गाधनी पुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, निर्माण कार्य सम्झौताबमोजिम नगरेको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेको लगायतका उजुरी तथा गुनासाहरु विभागमा परेको देखिन्छ। उल्लिखित गुनासा सम्बोधन गरी विद्यमान कानुनको कार्यान्वयनमार्फत सुरक्षित र सुव्यवस्थित आवासको प्रत्याभूति गर्नुपर्दछ।

४१. **आयोजना बैङ्क** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा मन्त्रालयले प्राथमिकता सूचीको आधारमा मापदण्ड पूरा गरेका योजना राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने तथा आयोजना बैङ्कमा प्रविष्टि नभएका योजनामा बजेट विनियोजन गर्न नहुने उल्लेख छ। विभाग र मातहत निकायबाट कार्यान्वयन हुने रु.१ खर्ब १७ अर्ब ५९ करोड बराबरका ६९१ योजनामध्ये निम्नानुसार १८३ योजना आयोजना बैङ्कबाट प्रमाणीकरण भएका, ४७ योजना आयोगमा पठाइएको, १०४ योजना मन्त्रालयको प्रक्रियामा रहेको र ३५७ योजनाको मस्यौदा मात्र तयार गरेको देखिन्छ। आयोजना बैङ्कमा प्रमाणीकरण भएका योजना कार्यान्वयन गर्नुपर्दछ।

क्र.सं.	योजना सङ्ख्या	अवस्था	कुल लागत (रु. लाखमा)
१	१८३	प्रमाणीकरण भएको	६६००९
२	४७	योजना आयोग पठाएको	१९७९९
३	१०४	मन्त्रालयमा प्रक्रियामा रहेको	३२५०८
४	३५७	मस्यौदा मात्र तयार भएको	१०५७५८८
जम्मा	**६९१**		**११७५९०४**

४२. **गैरआवासीय भवन निर्माण –** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भारको जिम्मेवारी शहरी विकास मन्त्रालयलाई तोकिएको छ। देशभरि रहेका सङ्घीय सरकारी कार्यालयहरूको अवस्था, मर्मत सम्भार तथा नयाँ निर्माणको योजनाको लागि पूर्ण सूचना विभागसँग रहेको देखिएन। यो वर्ष विभागबाट गैरआवासीय भवन निर्माणमा रु.१३ अर्ब ३ करोड ६५ लाख बजेट व्यवस्था भएकोमा रु.६ अर्ब ५७ करोड ७५ लाख खर्च भएको देखिन्छ। महालेखा नियन्त्रकको कार्यालयको २०८१।८२ को एकीकृत वित्तीय विवरणको अनुसूची २.३ अनुसार गैरआवासीय भवन निर्माणमा रु.४२ अर्ब ७१ करोड ८६ लाख बजेट व्यवस्था भएकोमा रु.२३ अर्ब ३० करोड २४ लाख खर्च भएको छ। सरकारी भवन निर्माणको जिम्मेवारी शहरी विकास मन्त्रालय तथा मातहतको भए पनि कतिपय भवन निर्माण कार्य सम्बन्धित कार्यालयबाटै हुने गरी ७१.७७ प्रतिशत खर्च भएको देखिन्छ। यसरी रकम विनियोजन तथा खर्च गर्दा विज्ञताको अभावमा भवन संहिताको पालना, निर्माण कार्यको गुणस्तरीयतामा समेत असर पर्ने भएकोले सरकारी भवनहरूको निर्माणको आवश्यकता पहिचान, मर्मत सम्भार तथा निर्माणको कार्य नेपाल सरकार (कार्यविभाजन) नियमावलीबमोजिम शहरी विकास मन्त्रालयबाटै हुने गरी बजेट व्यवस्थापन तथा निर्माण कार्य गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ।

४३. **कार्यकक्ष मापदण्ड –** सरकारी पदाधिकारी तथा कर्मचारीको कार्यकक्ष मापदण्ड, २०७० को परिच्छेद २ को तालिका नं १ मा विभिन्न तहका कर्मचारीको लागि आवश्यक कार्यकक्षको क्षेत्रफल निर्धारण गरेको छ। उक्त मापदण्डबमोजिम अधिकांश कार्यालयहरूमा कार्यकक्ष व्यवस्थापन हुन नसकेको विभागको भनाइ रहेको छ। कार्यकक्षको अवस्थाले कार्यवातावरण तथा सेवा प्रवाहमा असर पर्ने भएकाले यसको समुचित व्यवस्थापन गर्नु जरुरी देखिन्छ। कार्यविधिलाई आधार मानी नेपाल सरकार तथा अन्तर्गतका निकायमा कार्यरत जनशक्तिलाई आवश्यक पर्ने भवन तथा कार्यकक्ष मापदण्डबमोजिम व्यवस्था गर्नेतर्फ ध्यान जानुपर्दछ।

४४. **कार्यान्वयन हुन नसकेका योजना –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(१) मा आफ्नो तथा मातहत कार्यालयको स्वीकृत बजेट लक्ष्यअनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा २ मा स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। विभागअन्तर्गत २०८१।८२ मा रु.५२ करोड ३२ लाखका विभिन्न ६२ योजनाको निर्माणस्थल पहिचान हुन नसकेको, निर्माण स्थल उपलब्ध नभएको तथा न्युन बजेट रहेको लगायतको कारणले बजेट र अख्तियारी प्राप्त भए पनि योजना कार्यान्वयन हुन सकेको देखिएन। कार्यान्वयनयोग्य योजनामामात्र बजेट प्रस्ताव गरी कार्यान्वयन गर्नुपर्दछ।

४५. **एकीकृत बस्ती विकास कार्यक्रम –** जोखिमयुक्त बस्ती स्थानान्तरण तथा बस्ती विकाससम्बन्धी कार्यविधि, २०७५ ले विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा नजिकको सुरक्षित स्थानको एकीकृत बस्तीमा स्थानान्तरण गर्ने साथै सेवा सुविधा पुऱ्याउन कठिन, विकासका लागि बाधक, अपायक र असुरक्षित स्थानमा रहेका छिटफुट बस्तीहरूलाई स्थानान्तरण गरी पुनर्वास गराउने, आवश्यक सेवा सुविधाहरू पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्ने उद्देश्यका साथ एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालनमा आएको छ। यो वर्षसम्म विभागले डडेलधुरा जिल्लाको परशुराम गाउँपालिकाका ३२ लाभग्राहीको आवास निर्माणका लागि गत वर्षसम्म रु.१ करोड ८ लाख ५६ हजार र यो वर्ष ७ लाख ६८ हजारसमेत रु.१ करोड १६ लाख २४ हजार खर्च गरी २१ परिवारको सुरक्षित आवास निर्माण सम्पन्न गरेको र ८ परिवारको अन्तिम किस्ता भुक्तानी हुन बाँकी रहेको र ३ परिवारको आवास निर्माण कार्य बाँकी रहेको जनाएको छ। यसरी विभागले सञ्चालन गरेको कार्यक्रमबाट न्यून सङ्ख्याका परिवार मात्र लाभान्वित भएको देखिन्छ। कार्यक्रमको उद्देश्यबमोजिम एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४६. **सभाहल तथा भ्यू टावर निर्माण –** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४४ सभाहल निर्माण गर्ने योजना रहेकोमा २३ सभाहल निर्माण कार्य सम्पन्न भई रु.६ अर्ब ५२ करोड ३५ लाख खर्च भएको देखिन्छ। सभाहलहरूको मुख्य हलमा १४ हजार ३२५ र सहायक हलमा १ हजार ९६४ समेत १६ हजार २८९ क्षमता रहेको र २१ सभाहल निर्माणको क्रममा रहेको अवस्था छ। निर्माण सम्पन्नमध्ये १६ सभाहल सञ्चालनमा रहेको र ७ हस्तान्तरण हुन बाँकी रहेकोले सञ्चालनमा आउन सकेका छैनन्। सभाहल निर्माण सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

४६.१. महेन्द्रनारायण निधी मिथिला सांस्कृतिक केन्द्र, धनुषाको निर्माण कार्य सम्पन्न भए तापनि हस्तान्तरण गर्ने निकाय यकिन नभएकोले हस्तान्तरण र सञ्चालन हुन नसकेको, घोराही सभाहलको कार्यविधि तयार नभएको, सुनसरी लौकही, सुर्खेत, बुटवल प्रथम दोस्रो, धनगढी तथा बाँकेको सभाहलको इन्टेरियर साउण्ड सिस्टम जडान कार्य बाँकी रहेकोले सञ्चालन हुन सकेका छैनन्। बाँकी काम सम्पन्न गरी सभाहल हस्तान्तरण तथा सञ्चालन हुनुपर्दछ।

४६.२. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बागलुङले बस्ती विकास कार्यक्रमअन्तर्गत पर्वतको पैयुँ गाउँपालिका वडा नं ४ मा शहिद स्मृति सभाहल निर्माणका लागि रु.१ करोड बजेट विनियोजन भएकोमा कार्यान्वयन भएको छैन। सभाहलको जग निर्माण कार्य सम्बन्धित गाउँपालिकाद्वारा भएको हुँदा रु.५० लाख विनियोजन भए पनि कार्यक्रम कार्यान्वयन हुन नसकेको गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यो वर्ष विनियोजित बजेट खर्च हुन सकेको छैन। दुई निकायबाट एउटै कार्य गर्ने गरी बजेट विनियोजन गरेको उचित देखिएन।

४६.३. बाँके जिल्लाको नेपालगन्जमा ७९५ सिट क्षमताको सिटी हल निर्माण गर्न एक निर्माण व्यवसायीसँग ३० महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी २०७५ माघमा सम्झौता भएकोमा म्याद थप गरी २०८१।४।२० सम्म कायम गरेको छ। भेरिएशनपश्चात् सम्झौता रकम रु.३३ करोड ७८ लाख ३४ हजार कायम भएकोमा रु.३२ करोड ७३ लाख ५६ हजार भुक्तानी भई कार्यसम्पन्न भए पनि

नगरपालिकालाई हस्तान्तरण भएको देखिएन। सभाहलको हस्तान्तरण गरी सम्पन्न भएको सभाहलको दिगो सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ। ।

४६.४. चितवनको भरतपुरमा सिटी हल निर्माण कार्य २७ महिनामा निर्माण सम्पन्न गर्ने गरी २०७३।७।५ मा एक संयुक्त उपक्रमसँग रु.१६ करोड ५८ लाख २१ हजारमा सम्झौता भएकोमा भेरिएशनपश्चात् सम्झौता रकम रु.२१ करोड ५१ लाख २९ हजार कायम भएको छ। यो वर्षसम्म उक्त निर्माण कार्यमा रु.१६ करोड ३५ लाख ७४ हजार खर्च भई २६० प्रतिशतभन्दा बढी म्याद थप भए पनि निर्माण कार्य सम्पन्न नभई भौतिक प्रगति ८० प्रतिशत रहेको छ। खरिद सम्झौताको म्याद २०८२।६।३० सम्म थप भएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार निर्माण सम्पन्न गराई सम्पन्न भएका सभाहलको दिगो सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ।

४६.५. बुटवलमा २ हजार ७८२ क्षमताको १३ बैठक कक्षसहितको अन्तर्राष्ट्रियस्तरको सभाहल रू.१ अर्ब ३० करोड ३ लाखमा निर्माण भई २०७९ पौषदेखि सञ्चालनमा आएकोमा विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम सभाहल समितिअन्तर्गत रही सञ्चालन हुन सकेको छैन। सभाहल सञ्चालन तथा व्यवस्थापनका लागि दीर्घकालीन व्यावसायिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४६.६. झापाको दमक नगरपालिकास्थित ५ बिघा क्षेत्रफलमा ७२ मिटर उचाइको १८ तला स्थायी संरचना र २८ मिटर उचाइको स्टिल संरचनाको भ्यू टावर २०७८।९।२७ भित्र निर्माण सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।३।२७ मा रु.१ अर्ब ५६ करोड १४ लाखको सम्झौता भएको थियो। सुरु सम्झौताअनुसार कार्य सम्पन्न हुन नसकी २०८०।१०।२५ सम्म म्याद थप तथा भेरिएशनबाट रु.८ करोड ५४ लाख २० हजार लागत थप भई संशोधित सम्झौता रकम रु.१ अर्ब ६४ करोड ६८ लाख कायम भएकोमा रु.१ अर्ब ६३ करोड ५४ लाख भुक्तानी भई २०८०।१०।२५ मा निर्माण कार्य सम्पन्न भएको छ। निर्मित संरचनाको संरक्षण तथा सम्भार, विद्युत, इन्धन, सरसफाइ र सुरक्षाबापत यो वर्ष रु.३३ लाख ४१ हजार खर्च भएको छ। संरचनाको उपयोगबाट २०८२।८३ मा रु. ८ लाख ७७ हजार आम्दानी भएकोमा २०८२ भाद्र २४ को आन्दोलनको क्रममा क्षति भएकोले हाल सञ्चालनमा रहेको छैन।

४७. **ल्याण्डफिल साइट सञ्चालन –** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।८।१७ को निर्णयअनुसार शहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनका लागि नुवाकोटको ककनी-२ र धादिङको धुनिबेंसी-१ स्थित बन्चरेडाँडा फेदीमा कोल्पुखोला डाइभर्सन गरी ल्याण्डफिल साइटको भौतिक पूर्वाधार निर्माण गर्ने जिम्मेवारी प्राप्त भएपश्चात् शहरी विकास तथा भवन निर्माण विभागमा छुट्टै आयोजना कार्यान्वयन इकाइ गठन भई बजेट तथा कार्यक्रमको व्यवस्था गरी आवश्यक संरचनाहरूको निर्माण कार्य हुँदै आएको छ। उक्त कार्यको लागि यो वर्ष चालुतर्फ रु.१ करोड ३१ लाख ९३ हजार र पुँजीगततर्फ रु.७ करोड ३ लाख ९ हजारसमेत रु.८ करोड ३५ लाख २ हजार खर्च भएको छ। काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९।२।१२ देखि फोहोर विसर्जनको कार्य गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९।३।२४ मा स्वीकृत भएको र सोहीअनुसार काठमाडौं महानगरपालिकाबाट सञ्चालन भएको छ।

दैनिक रूपमा उत्पन्न हुने जैविक तथा अजैविक फोहोरलाई सङ्कलन, वर्गीकरण, पुनः प्रयोग लगायतको प्रक्रियाबाट बाँकी रहेको फोहोरलाई मात्र व्यवस्थापन गर्ने उद्देश्यले ल्याण्डफिल साइटको निर्माण गरिएकोमा फोहोरको स्रोतमै पृथकीकरण गरी प्रकृतिअनुसार व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी सम्पूर्ण फोहोर ल्याण्डफिल साइटमा व्यवस्थापनका लागि लैजाने गरेको, दैनिक रूपमा कम्प्याक्सन गर्ने कार्य, ल्याण्ड फिल ग्याँस भ्यान्टिलेसनको लागि भेन्ट पाइप जडानको कार्य, दैनिक रूपमा माटोले पुर्ने कार्य नियमित रूपमा नगरिएको हुँदा ल्याण्डफिल साइटको मौजुदा सेल भरिइसकेको कारण थप उचाइ बढाउनको लागि नयाँ ठेक्का व्यवस्था भइसकेको कार्यालयले जनाएको छ। त्यस्तै लिचेड पोखरी ओभरफ्लो भएको, रिसर्कुलेसनको लागि मोटरहरू नियमित रूपमा चलाउनुपर्नेमा नचलाएको, मोटरहरू बिग्रेकोले लिचेड ओभरफ्लो भई खोलामा मिसिन गई वातावरणमा नकारात्मक असर परेको छ। जैविक विविधता र वातावरणमा नकारात्मक असर नपर्ने गरी ल्याण्डफिल साइटको व्यवस्थापन हुनुपर्दछ।

४८. **सामुदायिक भवन तथा स्मृति प्रतिष्ठान –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्रतिफलको उचित गुणस्तर कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस सन्दर्भमा कार्यालयले यो वर्ष १९ कार्यालयबाट रु.५२ करोड ९६ लाखका ११० सामुदायिक भवन तथा स्मृति प्रतिष्ठान निर्माणका लागि बजेट विनियोजन भएको देखिन्छ। उक्त कार्यसँग सम्बन्धित भुक्तानी विवरण माग गरिएकोमा आंशिक विवरण मात्र पेस गरिएको तथा निर्माण गरिएका संरचनाहरूको स्वामित्व सरकारी/सार्वजनिक निकायमा स्पष्ट रूपमा कायम भएको अभिलेखबाट पुष्टि हुन सकेन। यस्ता संरचनाहरूको निर्माण गर्दा सार्वजनिक निकायमा स्वामित्व कायम गर्ने र उपयोग, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड तथा कार्ययोजना तयार गरेर मात्र सामुदायिक भवन निर्माण गर्नुपर्दछ।

४९. **मध्यस्थता –** नेपाल मध्यस्थता ऐन, २०५५ को दफा ३(१) मा कुनै सम्झौतामा मध्यस्थताद्वारा विवाद समाधान गरिने व्यवस्था भएकोमा मध्यस्थताद्वारा विवाद समाधान गराउनुपर्ने, दफा १८(३) मा मध्यस्थले सम्बन्धित करारका सर्तहरूबमोजिम विवादको निरूपण गर्नुपर्ने, कारोबारमा लागू हुने व्यापारिक प्रचलनहरू उपर ध्यान दिनुपर्ने र दफा ३०(३) मा नेपाल कानुन तथा सार्वजनिक हित वा नीति प्रतिकूल हुने गरी निर्णय गरेमा उच्च अदालतबाट मध्यस्थताको निर्णय बदर हुन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाइको एक निर्माण व्यवसायीलाई मूल्य समायोजन बापतको रु.७ करोड ३ लाख ६७ हजार, सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बबरमहलले ब्याज र अन्य रु.१ करोड ९४ लाख ६३ हजार र सोही कार्यालयले अर्को एक निर्माण कार्यको मूल्य समायोजन लागत, प्रोलङ्गेसन कस्ट तथा ब्याजबापत रु.६ करोड १० लाख ६५ हजारसमेत रु.१५ करोड ८ लाख ९६ हजार दाबी रकम मध्यस्थबाट निर्माण व्यवसायीलाई भुक्तानी दिने गरी निर्णय भएकोले उक्त २ कार्यालयबाट सो रकम भुक्तानी भएको छ।

बुटवल सभाहल निर्माण कार्यको म्याद थपको अवधिमा मूल्य समायोजन इन्डेक्स फ्रिज गर्ने विषयमा विवाद उत्पन्न भई मध्यस्थको २०८०।२।२९ मा रु.६ करोड ३६ लाख २१ हजार मूल्य समायोजनबापतको रकम निर्माण व्यवसायीलाई भुक्तानी दिने गरी निर्णय भएको र उच्च अदालत पाटनबाट समेत २०८०।५।१७ मा मध्यस्थको निर्णय कार्यान्वयन गर्ने गरी कार्यालयको विपक्षमा फैसला भएको देखिन्छ। उक्त फैसला कार्यान्वयनमा ढिलाइ हुँदा रु.६७ लाख ४५ हजार ब्याजसमेत भुक्तानी गर्नुपर्ने स्थिति सिर्जना भई नेपाल सरकारलाई थप व्ययभार परेको छ।

निर्माण कार्यको ठेक्कामा दाबी रकम र क्षतिपूर्ति दिनुपर्ने रकममा वृद्धि भइरहेकोले ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरे नगरेको अनुगमन गरी खरिद सम्झौता कार्यान्वयनमा आउने विवाद समयमा नै समाधान गर्नुपर्दछ।

स्थानीय पूर्वाधार विकास विभाग

स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलको निर्माण, मर्मत सम्भार, पुनर्निर्माण, पुनर्स्थापना तथा विस्तार, अध्ययन, अनुसन्धान, नयाँ तथा उपयुक्त प्रविधिको विकास तथा प्रयोग, आयोजना लगत तयार, प्रदेश तथा स्थानीय तहका प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि, प्रदेश सरकार तथा स्थानीय तहसँग सडक पूर्वाधार निर्माण समन्वय, विकास साझेदारको स्रोत परिचालन, समन्वय तथा सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। यो विभाग र मातहतका १७ निकायमा रु.२२ अर्ब १९ करोड ६१ लाख बजेट विनियोजन भएकोमा रु.१३ अर्ब ८७ करोड ८५ लाख खर्च भएको छ।

५०. **लठ्ठाको दर विश्लेषण** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा स्थानीय बजारमा प्रचलित दरभाउ, अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधारमा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १० मा निर्माण कार्यको हकमा मात्र श्रमिक, सामग्री र उपकरणको दरमा १५ प्रतिशत ओभरहेड र नाफा जोड्न सकिने प्रावधान रहेको छ। मालसामान खरिदको हकमा बजार दरमै आपूर्तिकर्ताको नाफा र प्रशासनिक खर्च समावेश हुने भएकोले लागत अनुमानमा छुट्टै प्रतिशत थप गर्न मिल्ने देखिँदैन।

सन् २०२३।२४ र २०२४।२५ मा खरिद सम्झौता भएका झोलुङ्गेपुल निर्माणको लागि प्रयोग हुने फलामे लठ्ठा खरिद ठेक्काको भुक्तानी यो वर्ष नेपाल राष्ट्र बैङ्कमार्फत भएको छ। कोभिड १९ को कारण अन्तर्राष्ट्रिय बजारमा स्टिल र जिङ्कको मूल्य अत्यधिक वृद्धि भएको उल्लेख गरी २०२१ नोभेम्बरमा स्टिल वेयर रोप रेट कमिटिको प्रतिवेदनको आधारमा ४० एम.एम. साइज लठ्ठाको १५ प्रतिशत ओभरहेडसमेतको प्रतिमिटर दरमा ३५.९५ प्रतिशत वृद्धि गरी कायम दर अमेरिकी डलर १२.५३ को आधारमा लागत अनुमान तयार गरेको पाइयो।

विभागले सन् २०२१ पछि अन्तर्राष्ट्रिय बजारमा स्टिलको मूल्य घट्दा तथा नेपाल राष्ट्र बैङ्कको इन्डेक्सअनुसार कन्स्ट्रक्सन मेटेरियल र इन्धनको इन्डेक्स २०२३।२४ मा घट्दा सोको प्रभाव मूल्याङ्कन नगरी २०२०।२१ को मूल्यलाई नै आधार लिई ओभरहेड थप गरी दर विश्लेषण गरेको र सोही दरको आधारमा लागत अनुमान तयार गरेको छ। सोअनुसार अन्तर्राष्ट्रिय बजारको मूल्य प्रभाव बाहेक ओभरहेडको कारणबाट २०२३।२४ मा कुल १.५ प्रतिशत र २०२४।२५ मा कुल १.४९ प्रतिशतले वृद्धि भई कुल लागत अनुमानमा क्रमशः रु.७२ लाख ५५ हजार र रु.६६ लाख ५४ हजार वृद्धि भएको देखिन्छ। प्रचलित खरिद कानुनअनुसार लागत अनुमान अद्यावधिक गरेर मात्र खरिद व्यवस्थापन हुनुपर्नेमा तदनुरूप गरेको पाइएन। यसमा सुधार हुनुपर्दछ।

५१. **झोलुङ्गे पुलको लठ्ठा र बुल्डग ग्रिप** – विभागले झोलुङ्गे पुल निर्माणको लागि खरिद गरेको फलामे लठ्ठा र बुल्डग ग्रिप्स आयोजनागत रूपमा प्रयोग भएको भिडान गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात आर्थिक विवरणमा समावेश गर्नुपर्दछ। विभागबाट प्राप्त विवरणअनुसार ५ वटा स्टोरमा रु.७६

करोड १८ लाख ५७ हजार मूल्यको बुल्डग ग्रिप्स र लठ्ठा मौज्दातमा रहेको देखिन्छ। लठ्ठा तथा बुल्डग ग्रिप्ससमेतको खर्च समावेश गरी झोलुङ्गेपुलको लागत कायम गरी कार्य स्वीकार गर्ने र जिल्लास्थित स्टोरले प्राप्त गरेको सामान निकासा भई सम्बन्धित योजनाको नापी किताबमा समावेश गरी निर्माण सामग्रीको उपयोग हुनुपर्छ।

५२. **गणेशमान सिंह समावेशी भवन** – राष्ट्रिय समावेशी, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिमलगायतका संवैधानिक आयोगहरूको कार्यालय व्यवस्थापन र सेवा प्रवाहका लागि ललितपुरको जावलाखेलमा गणेशमान सिंह समावेशी भवन निर्माण गर्न स्थानीय पूर्वाधार विकास विभागले एक निर्माण व्यवसायीसँग रू.४० करोड ६४ लाख ३७ हजारमा ३ वर्षभित्र कार्यसम्पन्न गर्ने गरी २०७४।३।१३ मा सम्झौता गरेकोमा तोकिएको समयमा कार्यसम्पन्न हुन नसकी २०८२।०६।३१ सम्म म्याद थप भएको छ। सो निर्माण कार्यको हालसम्म रु.३० करोड ३३ लाख ४१ हजार भुक्तानी भई भौतिक प्रगति ७४ प्रतिशत रहेको छ। उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि थप हुँदै जाँदा संवैधानिक आयोगहरूको सेवा प्रवाह प्रभावित हुने र राज्यलाई भाडाबापतको आर्थिक व्ययभार बढिरहेको देखिन्छ। सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५३. **विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ४१ बमोजिम उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सरकारी हानि-नोक्सानी नहुने गरी सम्भार संरक्षणको उचित व्यवस्थापन गरेको सुनिश्चित हुनुपर्ने व्यवस्था छ। ग्रामीण सडक सञ्जाल सुधार आयोजना अतिरिक्त लगानीतर्फको आयोजना कार्यान्वयनका लागि ५ परामर्शदाताबाट ८७ सडक तथा पुलको १ हजार ८५६ किलोमिटरका विस्तृत आयोजना प्रतिवेदन तयारीका लागि रु.२२ करोड १८ लाख २४ हजारको खरिद सम्झौता भएकोमा १ हजार ९४० किलोमिटरको विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु.२१ करोड १२ लाख ५५ हजार भुक्तानी गरेको छ। तयारी भएका विस्तृत आयोजना प्रतिवेदनमध्ये कोशी, बागमती, गण्डकी, लुम्बिनी तथा कर्णालीका २४ सडक तथा पुलको विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन भई बाँकी रु.१५ करोड २९ लाख ६४ हजारका ६३ विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयनमा आएका छैनन्। तयार भएका प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ।

५४. **सम्झौता अन्त्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताअनुसार कार्य नभएमा सम्झौता अन्त्य गर्न सकिने र नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था, बजेट तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। कार्यालयले सम्झौता अन्त्य गरेको सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५४.१. ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाइ, झापा र एक संयुक्त उपक्रमबिच खोर्सानि देखि सिहंदेवी र लक्ष्मी मार्गदेखि अमाही सडकको स्तरोन्नति तथा मर्मत कार्य २०७८।५।८ सम्म सम्पन्न गर्ने गरी २०७६।४।२० मा रु.७० करोड ४९ लाख २९ हजारको सम्झौता भएकोमा निर्माण कार्यको छैटौं पटक २०८०।३।३० सम्म म्याद थप गरेको छ। कार्यतालिका र सम्झौताका सर्तअनुसार कार्य नभएको जनाई कार्यालयको २०८१।१२।१३ को निर्णयले ठेक्का अन्त्य गरेको छ। निर्माण कार्यको मूल्याङ्कित रकम रू.४१ करोड ३९ लाख ४९ हजार भएकोमा रु.३८ करोड १६ लाख ६७ हजार भुक्तानी भई रू.३ करोड २२ लाख ८२ हजार भुक्तानी गर्न बाँकी देखिन्छ। आयोजनाको

निर्णयबमोजिम सम्पन्न गर्न नसकेको कार्य रु.३३ करोड ७८ लाख ४४ हजारको खरिद सम्झौताको सर्तबमोजिम २५ प्रतिशतले हुने रु.८ करोड ४४ लाख ६० हजार र १६ औं बिल भुक्तानी गर्दा कट्टी गर्न छुट धरौटी रू.२७ लाख ५७ हजारसहित रू.८ करोड ७२ लाख १७ हजार असुल गर्नुपर्ने निर्णय गरेको छ। साथै भुक्तानी दिन बाँकी रू.३ करोड २२ लाख ८२ हजार कट्टी गरी हुन आउने रू.५ करोड ४९ लाख ३५ हजार र जफत भएको पेस्की रू.६ करोड १८ लाख ६३ हजारको पेस्की लगेको मिति २०७६।८।२५ देखिको ब्याज असुल गर्न बाँकी देखिएको हुँदा सो यकिन गरी निर्माण व्यवसायीको गत विगतको वर्षको असुल गर्नुपर्ने बेरुजुसमेत असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ।

५४.२. सस्पेन्सन बृज डिभिजनले यो वर्ष ३ देखि ५ वर्षसम्म पुराना रु.१४ करोड ६५ लाख ९८ हजारका निर्माण कार्य प्रारम्भ नै नभएका ५ खरिद सम्झौता अन्त्य गरेको छ। पर्याप्त पूर्वतयारी बेगर ठेक्का बन्दोबस्त गरेका कारण विस्तृत परियोजना प्रतिवेदन तथा ठेक्का व्यवस्था लगायतमा भएको प्रशासनिक खर्च उपयोगविहीन भएको छ। कानुनअनुसार पर्याप्त तयारी र समन्वय गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

५५. **झोलुङ्गे पुल निर्माण –** नेपाल सरकारको २०७२।६।२५ को निर्णयबाट तुइन भएको स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनतालाई सुरक्षित एवं भरपर्दो सेवा उपलब्ध गराउने अभिप्रायले तुइन प्रतिस्थापन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यो वर्षको कार्यक्रममा ३०० झोलुङ्गेपुल निर्माण गर्ने लक्ष्य रहेकोमा २९१ झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ। नेपाल सरकारको निर्णयअनुसार तुइन भएका १४३ स्थानमध्ये १४१ मा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। सुर्खेत र कैलाली जोड्ने बुगाडघाटको तुइन प्रतिस्थापन गरी कर्णाली नदीमाथि २०७४।१०।१८ भित्र झोलुङ्गे पुल निर्माण गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३।१०।२३ मा रु.५६ लाख ९ हजारको सम्झौता भएकोमा सातौं पटक २०८३।३।३० सम्म म्याद थप भए तापनि निर्माण कार्यको भौतिक प्रगति न्यून रहेको तथा हाल निर्माण कार्य रोकिएको छ। त्यस्तै पञ्चेश्वरघाट (महाकाली) मा रहेको तुइन प्रतिस्थापन गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। सम्बन्धित पक्षहरूसँग समन्वय गरी लक्ष्यअनुसारको कार्य सम्पन्न गर्नुपर्दछ।

५६. **झोलुङ्गे पुलका अधुरा ठेक्का –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार अधुरा ठेक्काहरूको पेस्की जमानत प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने सम्बन्धी व्यवस्थाहरू रहेका छन्। सस्पेन्सन ब्रिज डिभिजनबाट २०६९।७० देखि २०७८।७९ सम्ममा झोलुङ्गे पुल निर्माण गर्न रु.१ अर्ब ३९ करोड १२ लाखको खरिद सम्झौता भई रु.७८ करोड ३४ लाख ४३ हजार भुक्तानी भएकोमा ४९ पुल निर्माणको कार्य अधुरो रहेको छ। तुइन प्रतिस्थापन गरी झोलुङ्गे पुल निर्माण कार्यमा ढिलाइ हुँदा सर्वसाधारणमा प्रत्यक्ष असर परेको छ। प्रचलित कानुन एवं खरिद सम्झौताअनुसार कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरी अधुरा रहेका पुलको निर्माण कार्य सम्पन्न गर्नुपर्छ।

५७. **निर्माण स्थगित –** सस्पेन्सन ब्रिज डिभिजनबाट निर्माणाधीन पिन्डलवारी मल्टिस्पान झोलुङ्गे पुल, झापाको निर्माणको लागि रु.६ करोड ५९ लाख ९४ हजारमा एक संयुक्त उपक्रमसँग २०८२।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।९।२७ मा खरिद सम्झौता भएको थियो। उक्त पुल निर्माणको मुख्य एङ्करिङ्ग ब्लकको पायलको कार्य भई रु.९१ लाख ५६ हजार भुक्तानी भएकोमा २०७९।८।१६ मा खोलाले धार परिवर्तन गरेकोले निर्माण गर्न नसकिने भनी सुविस्ताको आधारमा २०८२।२।३० मा ठेक्का अन्त्य गर्ने निर्णय भएको छ। सोबमोजिम निर्माण व्यवसायीसँग भएको पेस्की बाँकी रु.१ करोड

१४ लाख ५४ हजार बैङ्कबाट प्राप्त गर्न पत्राचार गरेकोमा निर्माण व्यवसायीले उच्च अदालत पाटनमा निवेदन दिएकोमा लिन दिन बाँकी सम्बन्धमा मध्यस्थबाट समाधान गर्न आदेश दिएकोले यस सम्बन्धमा थप निर्णय भएको छैन।

विशेष भवन निर्माण समन्वय आयोजना

५८. **सङ्घीय संसद भवन निर्माण** –सङ्घीय संसद भवन निर्माण कार्य २०७९।६।१६ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।६।१६ मा रू.५ अर्ब ६७ करोड २७ लाख ६१ हजारको सम्झौता भएको थियो। सम्झौताबमोजिमको कार्य तोकेको समयमा सम्पन्न हुन नसकी पाँचौं पटक २०८२।९।१६ सम्म म्याद थप भएको छ। साथै चौथो पटकको भेरिएशन स्वीकृत भई संशोधित सम्झौता रकम रू.६ अर्ब २९ करोड ४१ लाख १० हजार कायम भएकोमा यो वर्ष रू.६१ करोड ९९ लाख ७४ हजारसमेत रू.४ अर्ब ६१ करोड ४३ लाख १९ हजार भुक्तानी भएको छ। निर्माण कार्यको वित्तीय प्रगति ७३.३१ र भौतिक प्रगति ८६ प्रतिशत रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५८.१. भन्सार महसुल ऐन, २०८१ को दफा १३(४) मा वैदेशिक ऋण वा सहायतामा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारको नाममा पैठारी हुने वस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्ने व्यवस्था छ। यसै गरी ठेक्का सम्झौता भएको वर्ष (२०७६) को आर्थिक ऐनको दफा १८ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसार लगाइएको कर, दस्तुर, शुल्क तथा महसुल घटाउन वा आंशिक वा पूर्ण छुट दिन सक्ने तथा वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालित आयोजनामा अर्थमन्त्रालयले छुट दिन सक्ने व्यवस्था छ। बोलपत्र कागजातको विशेष सर्त (पीसीसी) को सेक्सन ८ को सर्त नं.२१ मा दातृ निकायको सहयोगमा सञ्चालित आयोजनाको कर तथा भन्सार महसुलसम्बन्धी प्रावधानमा आवश्यकता रहेमा लागु हुने व्यवस्था रहेको देखिन्छ। बोलपत्रदाताले कर तथा महसुल छुट नपाउने विषयमा जानकार भई बोलपत्रको कागजात पेस गरेको र सोही अनुसार ठेक्का सम्झौता गरेको तथा लागत अनुमानमा विदेशबाट आयात गर्नुपर्ने सामग्रीको दरमा भन्सार शुल्क बापत १५ प्रतिशत र ढुवानी ३ प्रतिशत थप गरेर दर विश्लेषण गरेकोमा अन्य सामग्रीको मूल्य स्थानीय दररेटको आधारमा कायम गरेको छ। तसर्थ वैदेशिक स्रोतबाट बेहोरिने नभई नेपाल सरकारको स्रोतबाट बेहोरिने गरी लागत अनुमान तथा सम्झौता भएको अवस्थामा सो व्यवस्था अनुसारको कर छुट दिन मिल्ने देखिँदैन।

तर भन्सार शुल्क छुट वा शोधभर्नाको लागि निर्माण व्यवसायी मध्यस्थतामा गएकोमा निर्माण व्यवसायीले भन्सार शुल्क तिरेको रसिदको रकम रु.५० हजार निर्माण व्यवसायीलाई तिर्न र उपभोग्य तथा पुनः निर्यातयोग्य वस्तुमा भन्सार शुल्क छुटको अनुमानित रकम रु.७१ करोड ८५ लाख १३ हजार रहेको सम्बन्धमा भन्सार शुल्क छुट वा काममा लगाउनेबाट फिर्ता लिन सकिने गरी मध्यस्थकर्ताबाट २०७९।६।१३ मा निर्णय भएको र उच्च अदालतबाटसमेत उक्त निर्णय २०८०।६।१६ मा सदर भएको देखिन्छ। सोहीअनुसार निर्माण व्यवसायीले दाबी गरेको भन्सार शुल्क बापतको रकम भुक्तानी नगरी हाल सर्वोच्च अदालतमा रिट दायर गरिएको कार्यालयले जनाएको छ।

५८.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२च) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य सूची उल्लेख गर्न प्रयोग गरिने मुद्रा र भुक्तानी दिन प्रयोग गरिने मुद्राबिचको विनिमयदरको घटबढ मापन गर्ने तरिका उल्लेख गर्नुपर्ने व्यवस्था छ।विशेष भवन निर्माण समन्वय आयोजनाले सङ्घीय संसद भवन निर्माण गर्न तयार गरेको बोलपत्रसम्बन्धी कागजातको बुँदा नं. १४.६ मा बोलपत्र पेस गर्दा स्थानीय तथा विदेशी दुबै मुद्राका लागि आवश्यक इन्डेक्स र भारसहितको पूर्ण टेबल अफ एड्जस्टमेन्ट डाटा समावेश गर्नुपर्ने र सोबमोजिम पेस नगरे वैदेशिक मुद्रामा हुने भुक्तानीका लागि मूल्य समायोजन व्यवस्था लागु नहुने बेहोरा उल्लेख छ। उक्त निर्माण कार्यको लागि भएको सम्झौताबमोजिम १५ प्रतिशत अमेरिकी डलर र ८५ प्रतिशत नेपाली मुद्रामा भुक्तानी हुने व्यवस्था गरिएको छ ।सोही सम्झौताको सामान्य सर्तको बुँदा नं. १३.८ बमोजिम वैदेशिक मुद्रातर्फ अन्तर्राष्ट्रियस्तरमा भएको मूल्य परिवर्तनलाई आधार लिई मूल्य समायोजन हुने गरी मूल्य सूची र भार कायम गर्नुपर्नेमा सो नगरी स्थानीय मुद्रामा भुक्तानी हुने मूल्य सूची र भारलाई आधार लिई मूल्य समायोजन गणना गरेको छ। मूल्य समायोजनअन्तर्गत वैदेशिक मुद्रामा गरिने भुक्तानीतर्फ १५ प्रतिशतका दरले हुने रु.६ करोड ४० लाख ६८ हजारमा विनिमय दरमा वृद्धि भएको कारण जनाई आयोजनाले थप रु.१ करोड ७ लाख २ हजार भुक्तानी गरेको छ। वैदेशिक मुद्रामा हुने भुक्तानीका लागि छुट्टै मूल्य सूची र भार प्रयोग गरी मूल्य समायोजन गर्ने एवं विनिमय दरको प्रभाव दोहोरो रूपमा गणना नभएको यकिन गरिनुपर्दछ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

५९. **सेवा सुविधा –** अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूको लागि प्रत्येक वर्ष माग बमोजिम आवश्यकताका आधारमा जिन्सी मालसामान कार्यालयले उपलब्ध गराउँदै आएको छ। विशिष्ट पदाधिकारीहरूको निवासमा प्रयोग भइरहेका सामानहरूको भौतिक अवस्थाका बारेमा उल्लेख नगरी हरेक वर्ष एकै प्रकृतिका फर्निचर, फर्निसिङ्ग, बिजुलीका सामान, सरसफाइसम्बन्धी सामान, भाँडावर्तनलगायत भौतिक सुविधाका सामानहरूको माग हुने गरेको छ। खर्च भएर नजाने मालसामानको गत वर्षको मौज्दात रु.५७ करोड ४७ लाख ८४ हजार रहेकोमा यो वर्ष रु.७ करोड ३६ लाख ८३ हजारको खरिद गरी रु.६४ करोड ८४ लाख ६७ हजार बराबरको मालसामान मौज्दातमा रहेको छ। अति विशिष्ट तथा विशिष्ट पदाधिकारीहरूलाई उपलब्ध गराउने सेवा, सुविधासम्बन्धी कानुन तयार गर्नुपर्ने बेहोरा विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ। विशिष्ट व्यक्तिहरूलाई उपलब्ध गराउने सेवा सुविधासम्बन्धी कानुनी व्यवस्था गरी सेवा सुविधा सम्बन्धित निकायबाटै उपलब्ध गराउनुपर्दछ।

६०. **क्रिकेट रंगशालाको गुरुयोजना –** त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान तथा रंगशालाको प्यारापिट र फ्लड लाइट जडानसम्बन्धी निर्माण कार्य २०८१।८२ भित्र सम्पन्न गर्ने गरी कार्यालयले रु.९६ करोड ६३ लाख ३५ हजारको खरिद सम्झौता गरेकोमा रु.४५ करोड ६९ लाख ८२ हजार भुक्तानी गरेको छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०८२।६।३० को निर्णय अनुसार सरकारले रु.१० अर्ब १० करोड लागत अनुमान भएको विस्तृत परियोजना प्रतिवेदनसहितको गुरुयोजना स्वीकृत गरेको छ। उक्त गुरुयोजनाअनुसारका निर्माण कार्यहरू सम्पन्न गर्न १ लाख २२ हजार ७५९.१९ वर्गमिटर (करिब २४२ रोपनी) क्षेत्रफल भएको जग्गा आवश्यक पर्नेमा नेपाल क्रिकेट काउन्सिल र त्रिभुवन विश्वविद्यालयबिच भएको लिज सम्झौताको अवधि २०८३।१।३०

सम्म मात्र रहेको देखिन्छ। काउन्सिलले स्वीकृत गुरुयोजनाअनुसारका बाँकी निर्माण कार्यहरू अगाडि बढाउन जग्गासम्बन्धी नयाँ लिज सम्झौता गरेको छैन। साथै कार्यालयले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेको छैन। जग्गाको लिजसम्बन्धी विषय टुङ्गो नलगाई निर्माण कार्य गर्नु र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त नगरी विस्तृत परियोजना प्रतिवेदनसहितको गुरुयोजना स्वीकृत गर्नु उपयुक्त देखिँदैन। लिज र वातावरणीय प्रभाव मूल्याङ्कनको विषय यथाशीघ्र टुङ्गो लगाई गुरुयोजना कार्यान्वयन गर्नुपर्दछ।

अन्य संस्था र समिति

काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा नगरहरूको पुनर्निर्माण, विस्तार, हरियाली शहर प्रवर्धनको लागि नीति तथा मापदण्ड बनाउने, उपत्यकामा प्रदूषण न्यूनीकरण गर्दै प्रदूषण नियन्त्रण गर्ने र विकासका साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार २०६९।१।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणबाट भौतिक योजनाको तर्जुमा, दीर्घकालीन अवधारणा तर्जुमा, भवन मापदण्ड तयारी, सडक विस्तार र जग्गा एकीकरण गर्ने कार्य भइरहेका छन्।

६१. **वित्तीय स्थिति** – काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १९ मा प्राधिकरणको छुट्टै कोष हुने व्यवस्था छ। यो वर्ष प्राधिकरणको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
सुरु मौज्दात	५५६१६४	नेपाल सरकार अनुदान खर्च	५५९८४
धरौटी प्राप्ति	२४१	धरौटी फिर्ता	१७३१
कोषको आम्दानी	६३६१०	अन्य खर्च	२०४८०३
नेपाल सरकार अनुदान	२२१२१५	राजस्व दाखिला	९६
राजस्व प्राप्ति	९६	अन्तिम मौज्दात	५७८७१२
जम्मा	**८४१३२६**	**जम्मा**	**८४१३२६**

६२. **गुरुयोजना** – प्राधिकरणले २०७२ देखि २०९२ सम्मको २० वर्षे उपत्यकाको रणनीतिक विकास योजना तर्जुमा गरेकोमा स्थानीय तहसँगको समन्वयमा समस्याका कारण उक्त योजना स्वीकृत भएको छैन। प्राधिकरणले २०७९।८० मा काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजना तयार गर्न एक परामर्शदातासँग रु.७ करोड ४९ लाख ८४ हजारको सम्झौता गरेकोमा गत वर्ष मस्यौदा प्रतिवेदन प्राप्त गरी रु.६ करोड ४५ लाख २० हजार भुक्तानी भएको छ। परामर्शदाताको म्याद २०८१।७।२८ सम्म रहेकोमा गुरुयोजनाको मस्यौदा प्रतिवेदन प्राप्त भए पनि अन्तिम प्रतिवेदन प्राप्त भएको छैन। गुरुयोजनालाई अन्तिम रूप प्रदान गरी त्यसमा गरिएको लगानी सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

६३. **बाहिरी चक्रपथ निर्माण** – नेपाल सरकारले काठमाडौं, ललितपुर र भक्तपुर गरी तीन जिल्लाका समतल भूभागलाई समेटेर ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने अवधारणा वि. सं. २०५८ सालमा प्रस्ताव गरेको देखिन्छ। उक्त आयोजनामा ३ स्थायी र १२ अस्थायी कर्मचारीको लागि २०८१।८२

मा तलब भत्तामा रू.५२ लाख ११ हजारसमेत हालसम्म रू.१५ करोड ९५ लाख ५७ हजार खर्च भएको देखिन्छ। यसरी आयोजनाको लक्ष्यअनुसार कार्य नहुने र वार्षिक रूपमा तलब भत्ता लगायत प्रशासनिक खर्चहरू हुँदै आएको देखियो। नेपाल सरकारले बाहिरी चक्रपथ आयोजनाको अवधारणा ल्याएको २४ वर्ष र विस्तृत परियोजना प्रतिवेदन तयार गरेको ११ वर्ष व्यतीत हुँदासमेत परियोजना कार्यान्वयन सुरु गरेको छैन। यस आयोजनाको सम्बन्धमा मन्त्रालयले उपयुक्त निर्णय गर्नुपर्दछ।

६४. **दायित्व** – काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ मा प्राधिकरणले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्न आवश्यक पर्ने खर्चको लागि नेपाल सरकारको पूर्वस्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्ने उल्लेख छ।प्रचलित नेपाल कानुनबमोजिम जग्गा प्राप्त गरी विभिन्न स्थानमा जग्गा विकास योजना सञ्चालन गर्नको लागि नेपाल सरकार, अर्थमन्त्रालयबाट ४ प्रतिशतका दरले ब्याज तिर्ने गरी लिएको ऋणको साँवा र ब्याज देहायबमोजिम रहेको छः

(रु. हजारमा)

आयोजनाको नाम	ऋण लिएको वर्ष	सम्झौता मिति	सावाँ	ब्याज	जम्मा
ऋण लगानी मौज्दात	२०७१।७२	२०७१।३।३२	४०००००	१६४१६४	५६४१६४
	२०७२।७३	२०७२।२।५	२३००००	८६३०३	३१६३०३
	२०७३।७४	२०७१।१२।३०	२३००००	७८२६३	३०८२६३
	२०७५।७६	२०७२।११।१०	१३००००	३१२१४	१६१२१४
जडीबुटी जग्गा बापतको मौज्दात	२०७१।७२ र २०७२।७३	२०७१।३।३२ र २०७२।२।५	६००२८८	२६३४१५	८६३७०३
मूल कोष मौज्दात			१६२००	-	१६२००
जम्मा रु.			**१६०६४८८**	**६२३३५९**	**२२२९८४७**
ब्याज भुक्तानी रु.					**१९००००
कुल बाँकी रु.					**२०३९८४७**

प्राधिकरणले जग्गामा लगानी गर्ने उद्देश्यले २०८२ आषाढ मसान्तसम्म लिएको ऋण रु.१ अर्ब ६० करोड ६४ लाख तथा प्रत्येक ऋणको ग्रेस अवधि २ वर्ष रहेको र सो अवधि सकिएपछि ऋण लिएको मितिदेखि नै वार्षिक ४ प्रतिशतका दरले २०८१।८२ सम्मको ब्याज रु.६२ करोड ३३ लाख ५९ हजारसहित साँवा र ब्याज रु.२ अर्ब २२ करोड ९८ लाख मध्ये २०७५।७६ मा रु.१४ करोड र २०८१।८२ मा रु.५ करोडसमेत रु.१९ करोड ब्याज मात्र भुक्तानी गरेको छ। यसरी भुक्तानी गर्न बाँकी ब्याज र साँवासमेत रु२ अर्ब ३ करोड ९८ लाख नेपाल सरकारलाई फिर्ता गरेको छैन। सम्झौताअनुसार लिएको ऋणको साँवा ब्याज फिर्ता गर्नुपर्दछ।

६५. **लगानी** – काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्थाअनुसार प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा ६/६ महिनामा समान किस्तामा साँवा ब्याज भुक्तानी गरी दश वर्षभित्र चुक्ता गर्ने गरी नेपाल सरकार अर्थ मन्त्रालयसँग करारनामा गरेको र प्राप्त ऋण मातहतका जग्गा एकीकरण आयोजनालाई ७ प्रतिशतका दरले प्रवाह गर्ने गरी करारनामा भएको छ। प्राधिकरणले २०८१।८२ को आषाढ मसान्तसम्म निम्नानुसार १२ आयोजनाबाट साँवा रु.९६ करोड ११ लाख ७७ हजार र ब्याज रु.५३ करोड ५५ लाख ९८ हजारसमेत रु.१ अर्ब ४९ करोड ६७ लाख ७५ हजार प्राप्त गर्न बाँकी रहेको देखिन्छ।

(रु. हजारमा)

क्र.सं.	आयोजनाको नाम	साँवा	ब्याज	जम्मा
१	कमेरोटार जग्गा एकीकरण आयोजना	-	२०३९९	२०३९९
२	सिनामंगल जग्गा एकीकरण आयोजना	-	७१४०	७१४०
३	डल्लु आवास आयोजना	-	४१२९	४१२९
४	भू-उपयोग आयोजना, डल्लु	५९	९५	१५४
५	भरतपुर नगर विकास समिति	४०००	१४६१२	१८६१२
६	लाहान नगर विकास समिति	३०००	७६८१	१०६८१
७	कीर्तिपुर जग्गा एकीकरण आयोजनाको दोस्रो सम्भाव्यता अध्ययन	१२६६	-	१२६६
८	दिव्यश्वरी जग्गा एकीकरण आयोजना, काठमाडौं	५१४०००	३०५२६५	८१९२६५
९	भेल्पा हात्तीवन जग्गा एकीकरण आयोजना, ललितपुर	२१००००	१०७५५९	३१७५५९
१०	सैबुँ नख्खुडोल जग्गा एकीकरण आयोजना, ललिपुर	१४००००	६५७८२	२०५७८२
११	देकोमिवा इतापाके जग्गा एकीकरण आयोजना, भक्तपुर	८६३५२	१८५५	८८२०७
१२	डुकुछाप जग्गा एकीकरण आयोजना, ललितपुर	२५००	१०८१	३५८१
	जम्मा	**९६११७७**	**५३५५९८**	**१४९६७७५**

जग्गा एकीकरण आयोजना सम्पन्न हुने अवधि यकिन गरेर सो अवधिभित्र कार्य सम्पन्न गरी समिति तथा आयोजनामा प्राधिकरणले गरेको ऋण लगानीको साँवा र ब्याज प्राप्त गर्नुपर्दछ।

६६. **जग्गा खरिद –** काठमाडौं उपत्यका विकास प्राधिकरणको २०७७।११।१२ को पत्रानुसार ७ रोपनी जग्गाको प्रतिआना रु.३८ लाखको दरले प्राधिकरणको बैङ्क खातामा दाखिला गर्न पत्राचार गरेको आधारमा नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरले २०७७।१२।४ मा रु. ४२ करोड ५६ लाख दाखिला गरेको देखिन्छ। प्राधिकरणले मनोहरा जग्गा एकीकरण आयोजनामा रहेको उक्त जग्गा बोर्डलाई उपलब्ध गराउने सम्बन्धमा हालसम्म निर्णय गरेको छैन। प्राधिकरणले नेपाल धितोपत्र बोर्डबाट प्राप्त रकम सदुपयोग हुने गरी उपयुक्त निर्णय गर्नुपर्दछ।

अधिकार सम्पन्न बागमती सभ्यता विकास समिति

बागमती नदी र यसका सहायक नदीहरूको उद्गमस्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदूषण मुक्त गराई संरक्षण र संवर्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्बद्ध ऐतिहासिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने, समग्र बागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले मन्त्रीपरिषद्को निर्णयअनुसार २०६५।२।२६ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको गठन भएको हो। समितिअन्तर्गत नेपाल सरकारको सहयोगमा बागमती क्षेत्र भौतिक पूर्वाधार आयोजना र एसियाली विकास बैङ्कको सहयोगमा बागमती नदी सुधार आयोजना सञ्चालनमा रहेकोमा २०८१।८२ सम्म उक्त आयोजनामा रु.२३ अर्ब ८६ करोड ४९ लाख खर्च भएको छ।

६७. **कार्ययोजना कार्यान्वयन –** नेपाल सरकार (मन्त्रीपरिषद्) बाट २०६७।४।२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ वर्षे कार्ययोजना २०७०।७१ मा नै समाप्त भए तापनि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यविधिअनुसार कार्ययोजनाको म्याद २०८३ असार मसान्तसम्म थप भई आयोजना सञ्चालन भइरहेको छ। बागमती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोला क्षेत्रमा गरिने निर्माण कार्यमा नदी तटबन्ध ८४.०५ कि.मि. बनाउने लक्ष्य रहेकोमा ७३.३९ कि.मि.,सडक निर्माणतर्फ ५०.४८ कि.मि. सडक बनाउने लक्ष्य रहेकोमा ३४.८१ कि.मि., ढल बिच्छ्याउनेतर्फ

९२.५५ कि.मि. लक्ष्य रहेकोमा ९०.१६ कि.मि. कार्य प्रगति भएको छ। आयोजनाका बाँकी कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

६८. **टुकुचाखोला ढल प्रशोधन केन्द्र –** टुकुचाखोला ढल प्रशोधन केन्द्रको २०८२।२।२२ सम्म निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७९।२।२३ मा रु.३ अर्ब १८ करोड ४५ लाख ८२ हजारको सम्झौता भएको छ। सम्झौताअनुसार निर्माण कार्य डिजाइन, निर्माण र सञ्चालनसमेत तीन चरणमा हुने र ५ वर्षको सञ्चालन र मर्मत अवधिपश्चात् समितिलाई हस्तान्तरण गर्ने उल्लेख छ। वर्षान्तसम्म निर्माण कार्यको रु.२३ करोड १३ लाख ३३ हजार बिल र रु.२२ करोड ३५ लाख २९ हजार पेस्की भुक्तानी भएको छ। तीन वटा उप-आयोजनाअन्तर्गत टुकुचा ढल प्रशोधन केन्द्रको डिजाइन र निर्माणको लागि ३ वर्ष म्याद रहे तापनि सुरु निर्माण सम्पन्न गर्ने अवधि समाप्त भएकोमा काठमाडौं महानगरपालिकातर्फ आंशिक संरचनाको कार्य भइरहेको साथै बायाँतर्फ निर्माण हुने संरचनाहरूको डिजाइनसमेत हुन सकेको छैन। यो वर्षसम्म भौतिक प्रगति १८ प्रतिशत तथा वित्तीय प्रगति १४.२८ प्रतिशतमात्र रहेको छ। ललितपुर महानगरपालिकातर्फको संरचनाहरूको निर्माण कार्य वडा तथा स्थानीयको असहमतिको कारण सुरु हुन सकेको छैन। विवादका विषय निरुपण गरी लागत र सोको प्रतिफल तथा औचित्यतासमेतको आधारमा निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

६९. **पानीको गुणस्तर –** यस समितिको कार्य क्षेत्रमा बागमती नदीको पानीको गुणस्तर सुधार ल्याउनु समेत रहेको छ। यसका लागि फोहोर पानी प्रशोधन केन्द्र स्थापना तथा निर्माण, साप्ताहिक नदी सफाई अभियान र अन्य चेतनामूलक कार्यक्रम सञ्चालनमा छन्। बागमती नदीको पानीको गुणस्तर परीक्षण गर्न समितिको कार्यालयमा प्रयोगशालासमेत स्थापना भई परीक्षण कार्य भईरहेको छ। बागमती नदीको सुन्दरीजल, गुह्येश्वरी, बागमती मनोहरा दोभान तथा चोभारको पानीको गुणस्तर अवस्था परीक्षण गरेकोमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार बायोकेमिकल अक्सिजन डिमाण्ड, केमिकल अक्सिजन डिमाण्ड, डिसल्भ अक्सिजन डिमाण्ड र टोटल सस्पेन्डेड सोलिड डिमाण्ड क्रमशः ३, १०, ६ र २५ एमजी प्रतिलिटरभन्दा कम हुनुपर्नेमा सुन्दरीजल बाहेक सबै स्थानको प्यारामिटर भन्दा धेरै बढी देखिन्छ। यस नतिजाले सुधारको लागि गरिएका प्रयास पर्याप्त देखिँदैनन्। बागमती नदीको पानीको गुणस्तर सुधारमा समितिले आवश्यक ध्यान दिनुपर्दछ।

अनुगमन र बेरुजु

- **अनुगमन –** विगतको प्रतिवेदनमा उल्लेख भएका बेहोरामध्ये रूपान्तरणकारी योजनाको कार्यप्रगति न्यून रहेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, निर्माण कार्यहरु अधुरा रहेको, सुरक्षित नागरिक आवासहरूको कार्य सम्पन्न नभएको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी कानुन तथा मापदण्ड तर्जुमा नभएको, बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको लगायतका बेहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ६१ निकायमा रु.९६ करोड ४३ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१५ करोड ९३ लाख २४ हजार सम्परीक्षण भएकोले रु.८० करोड ५०

लाख ७४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१० करोड ५५ लाख ४५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

- अन्य संस्था र समिति ५ मा रु.२ करोड ७६ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१ लाख ४ हजार सम्परीक्षण भएकोले रु.२ करोड ७५ लाख ७० हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालय र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र सङ्गठित संस्थासमेत ५३८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत ८५ कार्यालयको निम्नानुसार रु.१६ अर्ब ५६ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११८०५२	१७३८२	७८९६	२२२९७	१६५६२७

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहबाट खर्च भएको रु.१९ अर्ब ७१ करोड ३९ लाख समावेश गरिएको छैन। यो वर्ष शिक्षा तथा समन्वय एकाइ कार्यालय, बाजुराको २०७७।७८ को बक्यौता लेखापरीक्षण रु.७ करोड ५१ लाख समावेश छ। यो वर्ष शिक्षा विकास तथा समन्वय एकाइ, बाराले रु.९ करोड ३ लाख ५५ हजारको लेखापरीक्षण गराएको छैन।

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात पेस हुन नआएकोले विनियोजनतर्फ रु.१० करोड ५७ लाख ७३ हजार, राजस्वतर्फ रु.१ करोड ४१ लाख १३ हजार, धरौटीतर्फ रु.१ लाख ३० हजार र कार्यसञ्चालन कोषतर्फ रु.१ करोड ९१ लाख ८ हजारसमेत रु.१३ करोड ९१ लाख २४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित र अन्य संस्था -** यो वर्ष २९२ संस्थाको २०८१।८२ र ७४ संस्थाको विगत वर्षको समेत रु.९८ अर्ब ५५ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष सङ्गठित संस्थातर्फ १५९ निकायको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था र विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजना कार्यान्वयन -** आवधिक योजनामा तोकिएका परिमाणात्मक लक्ष्य सूचकलाई वार्षिक बजेटबाट सम्बोधन हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले तयार गरेको प्रगति प्रतिवेदन अनुसार सोह्रौं योजनामा रहेका सूचकहरूको २०८१।८२ को लक्ष्य प्रगति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८० को स्थिति	२०८५।८६ को लक्ष्य	२०८१।८२ सम्मको प्रगति
(क) शिक्षा तथा सिप विकास				
प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका	प्रतिशत	७६.९	१००	७६.९
आधारभूत तह (कक्षा १-८) पूरा गर्ने दर (उपयुक्त उमेर समूहको तुलनामा)	प्रतिशत	७७.१	१००	८२
माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समूहको तुलनामा)	प्रतिशत	३५.६	५५	३९.३
उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा	प्रतिशत	२०.७	३०	२०.७
उच्च शिक्षामा कुल भर्नादर	प्रतिशत	१७.७७	२५	१९.३१
पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर	प्रतिशत	७६.२	९५	७६.२
शिक्षण सिकाइमा इन्टरनेट पहुँच भएका शैक्षिक संस्था	प्रतिशत	३५.५	१००	४३
कक्षा ८ मा न्यूनतम सिकाइ क्षमता हासिल गर्ने विद्यार्थी				
गणित	प्रतिशत	३२	५५	३२
नेपाली	प्रतिशत	५९	७०	५९
अंग्रेजी	प्रतिशत	५२	५८	५२
विज्ञान	प्रतिशत	३८	६०	३८
वार्षिक सिप परीक्षण र प्रमाणीकरण (रु. हजारमा)	सङ्ख्या (हजारमा)	६०	१००	५
(ख) विज्ञान तथा प्रविधि				
अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ उत्पादनको अनुपातमा राष्ट्रिय लगानी	प्रतिशत	०.३५	१	०.३५
राष्ट्रिय/अन्तर्राष्ट्रिय पेटेन्ट दर्ता	सङ्ख्या	८६	५००	प्राप्त नभएको
प्रविधि परीक्षण एवं प्रमाणीकरण भएका प्रविधिहरू	सङ्ख्या	०	५०	प्राप्त नभएको
नाष्टका अनुसन्धान केन्द्रहरू विस्तार	सङ्ख्या	१	७	प्राप्त नभएको
राष्ट्रिय विधिविज्ञान प्रयोगशाला विस्तार	सङ्ख्या	५	७	प्राप्त नभएको
वेदशाला निर्माण	सङ्ख्या	१	३	प्राप्त नभएको
अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू	सङ्ख्या	०	१०	प्राप्त नभएको
नवप्रवर्तन प्रवर्धन संस्थाहरू स्थापना, नियमन	सङ्ख्या	०	२५०	प्राप्त नभएको

***स्रोतः** मन्त्रालयस्तरीय समस्या समाधान समितिको वार्षिक प्रगति प्रतिवेदन २०८१।८२*

आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप कार्ययोजना बनाई निर्धारित समयभित्र कार्यान्वयन गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** सन् २०१६ देखि २०३० सम्मको लागि संयुक्त राष्ट्रसङ्घबाट निर्धारित दिगो विकासका लक्ष्यअन्तर्गत समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको अवसरहरू प्रवर्धन गर्ने उल्लेख छ। त्यसका लागि प्राथमिक शिक्षा खुद भर्ना दर, बजेट, प्राथमिक शिक्षामा कक्षा पूरा गर्ने दर, महिला शिक्षकको अनुपात, इन्टरनेट जडान भएका विद्यालय प्रतिशत, प्रारम्भिक बाल शिक्षामा कुल भर्ना दर, उच्च शिक्षामा कुल भर्ना अनुपात, प्राविधिक तथा व्यावसायिक तालिम लिएको जनसङ्ख्या प्रतिशत, लैङ्गिक समता सूचकाङ्क, गणितीय सिप तथा साक्षरता दर, लैङ्गिक विकास तथा मानव पुँजी सूचकाङ्क, पानी तथा सरसफाइको सुविधा भएका आधारभूत विद्यालय तथा अपाङ्गमैत्री विद्यालय सङ्ख्या र तालिम प्राप्त योग्य शिक्षकहरूको आपूर्ति उल्लेखनीय रूपमा वृद्धि गर्नेलगायतका ४७ सूचकमा आधाररेखा र सूचकाङ्क निर्धारण गरेको छ। दिगो विकास सन् २०२४ को सूचकमा विद्यालयमा विद्युतीकरण, ब्रोडब्याण्ड इन्टरनेट पहुँचलगायतका सूचकमा लक्ष्यबमोजिम उपलब्धि हासिल भएको छैन। दिगो विकास लक्ष्यका २१ वटा सूचकाङ्कको मूल्याङ्कन गरिएकोमा ६ वटा प्राप्त भएका र १५ वटा प्राप्तिका लागि थप प्रयत्न गर्नुपर्ने अवस्था छ। शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत विनियोजन हुनुपर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता भए तापनि नेपालमा यो ११.२७

प्रतिशत रहेको छ। माध्यमिक तहको शिक्षामा महिला पुरुष शिक्षक अनुपात ३३:१०० पुऱ्याउने लक्ष्य रहेकोमा १७.५:१०० रहेको छ। सो अनुपात सन् २०२० को २०.७:१०० भन्दा कम हो। गणित र अंग्रेजी विषयमा विद्यार्थीको औसत उपलब्धि अझै पनि सन्तोषजनक छैन। युवा तथा वयस्कको लागि प्राविधिक तथा व्यावसायिक तालिम, काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या, मानव सम्पत्तिसूचक र लैङ्गिक विकाससूचकमा उपलब्धिको विवरण तयार नगरेकोले सोसम्बन्धी प्रगति विश्लेषण गर्न सकिएन। दिगो विकास लक्ष्य हासिल हुने गरी तोकिएको कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **वार्षिक कार्यक्रम कार्यान्वयन -** वार्षिक कार्यक्रम तथा प्रगति विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायको रु.५३ अर्ब ४३ करोड ५६ लाख खर्च भएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भौतिक प्रगति ५५, केन्द्रीय आयोजना कार्यान्वयन एकाइको ६३, सबैका लागि शिक्षा-शिशु विकास कार्यक्रमको ६५.२२, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको शून्य, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ७५, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) को ६१.५०, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको ९५, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) को ८६.७०, उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रमको ४५.६५ प्रतिशत भौतिक प्रगति हासिल भएको देखिन्छ। स्वीकृत कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य पूरा गर्नुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८१।८२ मा उल्लेख भएका कार्यक्रममध्ये जीवनोपयोगी र गुणस्तरीय शिक्षाका माध्यमबाट मर्यादित र नैतिकवान समाजको विकास गर्ने, आधारभूत तथा निःशुल्क शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्ने, सिपमूलक र प्राविधिक शिक्षा विस्तार गरी रोजगारीको अवसर सिर्जना गर्ने, उच्च शिक्षालाई अनुसन्धानमूलक नवप्रवर्तनमुखी र व्यावसायिक बनाइने उल्लेख भएकोमा आधारभूत तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आधारभूत तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना २०८१ जारी गरी कार्य प्रारम्भ गरिएको छ।

अनुसन्धान र नवप्रवर्तनबाट सिर्जित ज्ञान र बौद्धिक सम्पत्तिको संरक्षण गर्दै स्टार्ट अप मार्फत मिनिमल भाएबल प्रोडक्टसम्म पुऱ्याउने व्यवस्था मिलाइने, स्टार्ट अप उद्यमीसँगको सहकार्यमा विद्यालयको पूर्वाधार प्रयोग गरी बाह्र कक्षा उत्तीर्ण विद्यार्थीलाई सिप र रोजगारीमा आबद्ध गरिने, इण्डष्ट्री-एकेडेमिया इन्टरफेस आयोजना गरी व्यावसायिक सिपलाई श्रम बजारसँग आबद्ध गर्दै लगिने, उद्यमशीलता प्रवर्धन गर्न त्रिभुवन विश्वविद्यालय, निजी क्षेत्र र स्थानीय तहसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने उल्लेख रहेकोमा अनुसन्धान र नवप्रवर्तनबाट सिर्जित ज्ञान र बौद्धिक सम्पत्तिको संरक्षण गर्न स्टार्ट अप कार्यक्रम प्रारम्भ गरिएको छ। बजेटले पुँजीगत खर्चको १ प्रतिशत रकम अनुसन्धानमा खर्च गर्ने दीर्घकालीन लक्ष्यसहित रु.१ अर्बको कोष घोषणा गरिएकोमा कार्यान्वयन भएको छैन। अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रूपमा भण्डारण गर्ने व्यवस्था मिलाउने नीति रहेकोमा यसको पूर्ण कार्यान्वयन भएको छैन। पेटेन्ट दर्ता र बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी नयाँ कानुन बनेको छैन। बजेट वक्तव्यमा भएको उल्लिखित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

९. **बजेट र खर्च -** यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूको बजेट र खर्चको स्थिति देहायअनुसार छः

(रु.लाखमा)

क्र.सं.	बजेट	शुरु बजेट रु.	अन्तिम बजेट रु.	खर्च रु.	खर्च प्रतिशत
१	चालु	५२,९३,१४	५९,९१,७२	५२,२०,३५	८७.१३
२	पुँजीगत	४,७७,०७	४,८६,५४	१,२३,२१	२५.३२
	जम्मा	**५७,७०,२१**	**६४,७८,२६**	**५३,४३,५६**	**८२.४८**

यस वर्ष मन्त्रालय र मातहतका निकायहरूको सुरु बजेट रु.५७ अर्ब ७० करोड २१ लाख रहेकोमा अन्तिम बजेट रु.६४ अर्ब ७८ करोड २६ लाख कायम भएको छ। सोमध्ये रु.५३ अर्ब ४३ करोड ५६ लाख (८२.४८ प्रतिशत) खर्च भएको छ। उक्त खर्चमध्ये चालु खर्च रु.५२ अर्ब २० करोड ३५ लाख (९७.६९ प्रतिशत) र पुँजीगत खर्च रु.१ अर्ब २३ करोड २१ लाख (२.३१ प्रतिशत) रहेको छ। उल्लिखित खर्च रकममा लेखापरीक्षण हुन नसकेको शिक्षा तथा समन्वय एकाइ, बारा र कास्कीको रकमसमेत समावेश छ।

१०. **प्राविधिक सहायताको लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष १४ आयोजनामा अमेरिकी डलर १ करोड ८३ लाख ८७ हजार अर्थात् रु.२ अर्ब ४४ करोड ५४ लाख ७१ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेकोमा प्राप्त सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। ऐनको व्यवस्थाबमोजिम लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

११. **विद्यालय, विद्यार्थी र शिक्षकको संख्या -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त विवरणअनुसार २०८१।८२ मा रहेको सामुदायिक, संस्थागत र धार्मिक विद्यालय सङ्ख्या, बाल विकास, आधारभूत तह र माध्यमिक तहमा रहेको विद्यार्थी सङ्ख्या र सामुदायिक तथा संस्थागत शिक्षकको सङ्ख्या देहायबमोजिम छः

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (१-८)	माध्यमिक विद्यालय (९-१२)	जम्मा	प्रतिशत
विद्यालय सङ्ख्या	सामुदायिक	३२९४३	१८७५३	७१२१	५८८१७	७६.६५
	संस्थागत	७८१४	३८२०	४३२९	१५९६३	२०.८
	धार्मिक	५२७	१३३२	९२	१९५१	२.५४
	जम्मा	**४१२८४**	**२३९०५**	**११५४२**	**७६७३१**	**१००.००**
विद्यार्थी सङ्ख्या	सामुदायिक	५९९७९४	३४६१६०३	११८११२६	५२४२५२३	६२.१६
	संस्थागत	६८२५७६	१८८५४६५	४८२६१४	३०५०६५५	३६.१७
	धार्मिक	१९०५८	११८१४३	३२३९	१४०४४०	१.६७
	जम्मा	**१३०१४२८**	**५४६५२११**	**१६६६९७९**	**८४३३६१८**	**१००.००**
शिक्षक सङ्ख्या	सामुदायिक	३३६९१	१५४०६४	३२७०५	२२०४६०	६७.१५
	संस्थागत	१३००१	६३९४२	२७२९९	१०४२४२	३१.७५
	धार्मिक	४६३	२७७२	३८८	३६२३	१.१

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (१-८)	माध्यमिक विद्यालय (९-१२)	जम्मा	प्रतिशत
	जम्मा	४७१५५	२२०७७८	६०३९२	३२८३२५	१००.००

***स्रोतः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र।*

उल्लिखित तालिकाअनुसार सामुदायिकतर्फ विद्यालय सङ्ख्या ७६.६५ प्रतिशत, विद्यार्थी सङ्ख्या ६२.१६ प्रतिशत र शिक्षक सङ्ख्या ६७.१५ प्रतिशत रहेको छ। संस्थागततर्फ विद्यालय सङ्ख्या २०.८० प्रतिशत, विद्यार्थी सङ्ख्या ३६.१७ प्रतिशत र शिक्षक सङ्ख्या ३१.७५ प्रतिशत रहेको छ। सामुदायिक विद्यालयको सङ्ख्या र शिक्षक सङ्ख्यालाई विद्यार्थी सङ्ख्याको आधारमा व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्दछ।

१२. **परीक्षा नतिजा -** शैक्षिक वर्ष २०८० तथा २०८१ को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) नतिजाको तुलनात्मक स्थिति निम्नानुसार छः

क्र. सं.	जी.पी.ए.	२०८० को नतिजा		२०८१ को नतिजा	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	ननग्रेड	२४२३१३	५२.१३	१६७५९७	३८.१९
२	१.६ देखि २ सम्म	६	०.००	८	०.००
३	२ देखि २.४ सम्म	२९५०	०.६४	४१२६	०.९४
४	२.४देखि२.८ सम्म	४११७७	८.८६	४८४७९	११.०४
५	२.८ देखि ३.२ सम्म	७८८७४	१६.९७	८९१२४	२०.३१
६	३.२ देखि ३.६ सम्म	६८२५६	१४.६९	८१३८५	१८.५४
८	३.६ देखि ४ सम्म	३१२०९	६.७१	४८१७७	१०.९८
	जी.पी.ए. प्राप्त जम्मा संख्या	४६४७८५	१००	४३८८९६	१००.००

***स्रोतः** राष्ट्रिय परीक्षा बोर्ड।*

१३. **विदेशी सम्बन्धन छात्रवृत्ति -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ मा सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले कुल क्षमताको कार्यक्रमगत आधारमा १० प्रतिशत सीट छात्रवृत्तिको रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। राजस्व प्रयोजनका लागि पेस भएको विवरणअनुसार विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरूमा ३२ हजार १७९ विद्यार्थी रहेको देखिन्छ। निर्देशिकाअनुसार सो सङ्ख्याको १० प्रतिशतले हुने ३ हजार २१७ जनालाई छात्रवृत्ति दिनुपर्नेमा छात्रवृत्तिको कोटा निर्धारण गरी नेपाल सरकारलाई उपलब्ध गराएको पाइएन। निर्देशिकाबमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्दछ।

१४. **कबुलियतनामा अभिलेख -** छात्रवृत्ति ऐन, २०२१ को दफा ४ मा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले अध्ययन समाप्त भएको तीन महिनाभित्र प्रतिवेदन गर्नुपर्ने र प्रतिवेदन पेस गरेको एक वर्षभित्र नेपाल सरकारको स्वामित्व भएको वा आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको पदमा पाँच वर्षसम्म सेवा गर्न लगाउन सक्ने व्यवस्था छ। मन्त्रालयले २०७१।७२ देखि २०८१।८२ सम्म चिकित्साशास्त्र, वन विज्ञान, इन्जिनियरिङ, कृषिलगायतका विभिन्न तह तथा विषयमा स्वदेश तथा वैदेशिक छात्रवृत्तिमा अध्ययनार्थ मनोनयन भएका विद्यार्थीको अभिलेख राखेको देखिएन।

१५. **गुणस्तर, उपलब्धि र नतिजा -** शिक्षा ऐन, २०२८ को दफा ७(ख) मा विद्यालयको गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। हाल कायम ३५ हजार ४४७ विद्यालयमध्ये विगत १४ वर्षको अवधिमा ३,५,८ र १० कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गरेको देखिन्छ। शैक्षिक गुणस्तर केन्द्रले कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धमा पछिल्लो पटक २०८१ मा परीक्षण सम्पन्न गरेको छ। उक्त प्रतिवेदनअनुसार गणित, विज्ञान तथा प्रविधि, नेपाली र अंग्रेजी विषयमा क्रमशः २०.४, २९.४, २५.९, १२.२ प्रतिशत विद्यार्थीहरू कक्षा तहभन्दा तल रहेका छन्। गुणस्तर परीक्षण न्यून सङ्ख्यामा गरेको र सिकाइ उपलब्धिस्तर कमजोर रहेको देखिन्छ। विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा गुणात्मक सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *बजेटमा पुँजीगत खर्चको १ प्रतिशत रकम अनुसन्धानमा खर्च गर्ने दीर्घकालीन लक्ष्यसहित रु.१ अर्बको कोष घोषणा गरेकोमा कार्यान्वयन नभएको,*
- *अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रूपमा भण्डारण गर्ने व्यवस्था मिलाउने नीति रहेकोमा यसको पूर्ण कार्यान्वयन नभएको,*
- *शैक्षिक संस्थाहरूलाई रु.९ करोड ६७ लाख ससर्त अनुदान दिएकोमा अनुगमन नभएको,*
- *विदेशी शिक्षण संस्थाले सञ्चालन गर्ने उच्च शिक्षामा छात्रवृत्तिको कोटा निर्धारण गरी नेपाल सरकारलाई उपलब्ध नगराएको।*

१६. **शिक्षण संस्थाको अनुगमन -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकिएको छ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा मूल्याङ्कन तथा अनुगमन समिति रहने र यस समितिले वर्षमा कम्तीमा एक पटक शिक्षण संस्थाको निरीक्षण गर्नुपर्ने उल्लेख छ। विदेशी शिक्षण संस्थाको सम्बन्धन लिई सञ्चालन अनुमति लिएका ८७ शिक्षण संस्थामा हाल ३२ हजार १७९ विद्यार्थी अध्ययनरन रहेको देखिन्छ। मन्त्रालयले अनुमति पाई सञ्चालनमा रहेका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थी सङ्ख्या, विद्यार्थीबाट लिएको शुल्क, विदेशी विश्वविद्यालयलाई पठाएको रकम, विदेशबाट अध्यापन गराउन आएका जनशक्ति एवं श्रम स्वीकृति लगायतका पक्षको अभिलेख राखेको पाइएन। मन्त्रालयले निर्देशिकाबमोजिम अनुगमन तथा आवश्यकताअनुसार मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **कार्य जिम्मेवारी -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयलाई ३४ कार्य जिम्मेवारी तोकिएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्ः

१७.१. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति कानुन र मापदण्ड तोक्ने अधिकार मन्त्रालयलाई तोकिएको छ। नेपालमा उच्च शिक्षा प्रदान गर्न स्थापना भएका विश्वविद्यालय र तिनमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या देहायअनुसार छः

विश्वविद्यालयको नाम	स्थापना वर्ष (वि.सं.)	अध्ययनरत विद्यार्थी सङ्ख्या				
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
त्रिभुवन	२०१६	४२२६५३	५३७८६९	५८७७१९	५३१३९९	५६११७०
नेपाल संस्कृत	२०४३	३०४९	३३५५	४३८४	३२९५	४७५४
काठमाडौं	२०४८	१६८४७	१५४६९	१८०३५	२१०५३	२२८५८
पूर्वाञ्चल	२०५०	४८८५८	५१३४७	४७८१०	३९७८०	४६१८४
पोखरा	२०५३	३२४८४	३४१५१	३७६४५	३५२००	३५७५४
लुम्बिनी बौद्ध	२०६३	१०११	१२६५	१७१९	१८३२	१६५७

विश्वविद्यालयको नाम	स्थापना वर्ष (वि.सं.)	अध्ययनरत विद्यार्थी सङ्ख्या				
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
मध्यपश्चिम	२०६७	८६५६	११९१५	१२६८४	१११७१	१२१९४
कृषि तथा वन	२०६७	४४२७	५३९९	४९१०	४०६६	४०१५
सुदूरपश्चिम	२०६७	१४००२	१७२३८	१९५४१	१९३५६	१८४५१
नेपाल खुला	२०७३	९६९	२८३१	२९०३	१६३४	१९७०
राजर्षि जनक	२०७४	३९९	४०१	७१८	५४४	१६४८
विदुषी योगमाया हिमालयन आयुर्वेद	२०७९	-	-	-	-	०
मदन भण्डारी विज्ञान तथा प्रविधि	२०७९	-	-	-	१५	३७
नेपाल विश्वविद्यालय	२०८१	-	-	-	-	०
जम्मा		**५५६७९७**	**६८१२४०**	**७३८०६८**	**६६९३३०**	**७१०६९२**

***स्रोतः** विश्वविद्यालय अनुदान आयोग।*

उल्लिखित विश्वविद्यालयको अतिरिक्त तीन प्रदेश सरकारले ५ विश्वविद्यालय स्थापना गरी सञ्चालनमा रहेका छन्। मन्त्रालयले यो वर्षसम्म विश्वविद्यालय स्थापना सम्बन्धी नीति तथा मापदण्ड तयार गरेको पाइएन। विश्वविद्यालय स्थापना गर्दा हुनुपर्ने न्यूनतम मापदण्ड तयार गरी सोको कार्यान्वयन तथा अनुगमन गर्नुपर्दछ।

१७.२. नेपालको संविधानको अनुसूचीमा सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी अधिकार सूची तोकिएको छ। मन्त्रालय मातहत सङ्घीय कार्यालयको रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, नेपाल राष्ट्रिय पुस्तकालयसमेत ३ पुस्तकालय, शिक्षा विकास तथा समन्वय एकाइहरू, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, वी.पी. कोइराला प्लानेटेरियम र अब्जर भेटरी तथा विज्ञान संग्रहालय, स्वप्न बगैंचा विकास समिति, राष्ट्रिय परीक्षा बोर्ड, मेडिकल कलेज पूर्वाधार समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लगायतका निकाय रहेका छन्। मन्त्रालयले यी निकायहरूको कार्यक्षेत्र पुनरावलोकन गरी सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी अधिकार क्षेत्र किटान गनुपर्दछ।

१७.३. शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकिएको छ। नेपालमा कोचिङ वा ट्युसन कक्षा सञ्चालन गर्ने, प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन गर्ने, ब्रीज कोर्स सञ्चालन गर्ने, शैक्षिक परामर्श सेवा उपलब्ध गराउने गरी विभिन्न संस्था सञ्चालनमा रहेका छन्। मन्त्रालयले कानुन निर्माण गरी यस्तो संस्थाको अनुगमन गर्ने गरेको देखिएन। यससम्बन्धी कानुनी व्यवस्था गरी नियमन गर्नुपर्दछ।

१७.४. नेपालमा सङ्घीय सरकारअन्तर्गत सञ्चालनमा रहेका १४ विश्वविद्यालयमा २०८१।८२ मा अध्ययनरत ७ लाख १० हजार ६९२ विद्यार्थीमध्ये १ लाख १४ हजार ३३३ (१६.०८ प्रतिशत) मात्र जनशक्ति उत्पादन भएको देखिएकाले विश्वविद्यालयले प्रदान गरेको शिक्षाको गुणस्तरका सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१८. **अध्ययनरत विद्यार्थी र खर्च -** नेपालका विद्यालय एवं विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी र नेपाल सरकारले गरेको खर्च देहायअनुसार छः

शिक्षण संस्था	विद्यार्थी संख्या		
	२०७९	२०८०	२०८१
आधारभूत र माध्यमिक शिक्षा			
आधारभूत तह (१-८) हजारमा	५३८४	५३७१	५४६५
माध्यमिक तह (९-१२) हजारमा	१८३०	१७७१	१६६६
जम्मा हजारमा	७२१४	७१४२	७१३१
उच्च शिक्षा विद्यार्थी संख्या	७३८०६८	६६९२२१	७१०६९४
विद्यालय शिक्षामा खर्च रु.लाखमा	२५१७८४	३५८४९०	३३०९५४
उच्च शिक्षामा खर्च विश्वविद्यालय अनुदान आयोग मार्फत रु.लाखमा	१७४३९२	१७०२१७	१९४३८५
शिक्षा मन्त्रालयको खर्च रु लाखमा	४२६१७६	५२८७०७	५३४३५६
प्रति विद्यार्थी आधारभूत र माध्यमिक शिक्षा खर्च रु.	३४९०	५०१९	४६४१
प्रति विद्यार्थी उच्च शिक्षा खर्च रु.	२३६२८	२५४३५	२७३५१

***स्रोतः** आर्थिक सर्वेक्षण, २०८१*

उपर्युक्त तालिकाअनुसार आधारभूत तथा माध्यामिक शिक्षा एवं उच्च शिक्षामा शैक्षिक वर्ष २०७९ को तुलनामा २०८१ मा विद्यार्थी सङ्ख्या घटे पनि नेपाल सरकारले विद्यालय शिक्षा तथा उच्च शिक्षामा गरेको खर्च बढेको देखिन्छ।

१९. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४० (५) मा कार्यालयले कुनै सङ्घ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्रालय र मातहतका निकायका लागि अनुदान शीर्षकमा यो वर्ष रु.३० अर्ब ४१ करोड ४३ लाख बजेट विनियोजन गरी खर्च गरेकोमा सोको उपलब्धि स्थितिको अनुगमन गरेको पाइएन। त्यसै गरी मन्त्रालयले यो वर्ष ८ विद्यालय, ११ विश्वविद्यालय र अन्तर्गत निकाय एवं ८ संस्थालाई रु.९ करोड ६७ लाख ३३ हजार ससर्त अनुदान प्रदान गरेकोमा उक्त अनुदान खर्चको अनुगमन गर्नुपर्दछ।

२०. **फरक हिसाब -** यो वर्ष विश्वविद्यालयलगायतका सङ्गठित संस्थाले पेस गरेको केन्द्रीय आर्थिक विवरण र महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणको अङ्कबिच देहायअनुसार फरक देखिएको छः

(रु. हजारमा)

क्र.सं.	निकायको नाम	विवरण	विश्वविद्यालयको एकीकृत वित्तीय विवरणअनुसार	म.ले.नि.का.को एकीकृत वित्तीय विवरणअनुसार	फरक
१	विश्वविद्यालय अनुदान आयोग	नेपाल सरकारको अनुदान	१९५३५२२२	१८९२८६०३	६०६६१९
		आन्तरिक आयतर्फ	८८१९७	३७७००२	२८८८०५
२	त्रिभुवन विश्वविद्यालय	आन्तरिक आयतर्फ	१०४३५८०८	१५३२३९७	८९०३४११
३	सुदूरपश्चिम विश्वविद्यालय	आन्तरिक आयतर्फ	३४३८५	४४४५०४	४१०११९

क्र.सं.	निकायको नाम	विवरण	विश्वविद्यालयको एकीकृत वित्तीय विवरणअनुसार	म.ले.नि.का.को एकीकृत वित्तीय विवरणअनुसार	फरक
४	लुम्बिनी बौद्ध विश्वविद्यालय	आन्तरिक आयतर्फ	३२२७१	३०१६२९	२६९३५८
५	मध्यपश्चिम विश्वविद्यालय	आन्तरिक आयतर्फ	१३४९३	२३२८५९	२१९३६६
६	मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय	आन्तरिक आयतर्फ	२०१०१	६२३१५४	६०३०५३
७	नेपाल संस्कृत विश्वविद्यालय	आन्तरिक आयतर्फ	१५०५०४	१०७८६५	४२६३९
८	राजर्षि जनक विश्वविद्यालय	आन्तरिक आयतर्फ	१२८३९	२३३१४	१०४७५

उल्लिखित संस्थाहरूको हिसाब भिडान भएको देखिएन। महालेखा नियन्त्रक कार्यालयमा पेस गरेको राजस्व र अन्य प्राप्ति एवं अनुदान/सहायता प्राप्तिको विवरणअनुसार संस्थाहरूले आफ्नो आन्तरिक आयको प्रस्तुति गर्नुपर्दछ।

२१. **आय-व्ययको लेखा -** मन्त्रालय मातहत रहेका स्वायत्त संस्थाहरूको कानुन वा गठन आदेशमा संस्थाको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम वा नेपाल सरकारले अवलम्बन गरेको लेखाप्रणाली र ढाँचामा राख्नुपर्ने व्यवस्था छ। संस्थाहरूले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसारको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। स्वीकृत लेखामानको पालना गरी आय-व्ययको लेखा राख्नुपर्दछ।

२२. **प्रत्यायोजित विद्यायन** - विश्वविद्यालयले ऐनबमोजिम आवश्यक नियम बनाउनसक्ने अधिकार भए पनि कार्यविधि, निर्देशिका बनाउनसक्ने अधिकार विश्वविद्यालयलाई प्रत्यायोजन भएको छैन। विश्वविद्यालयहरूले ऐनले अधिकार नदिए तापनि देहायअनुसार निर्देशिका तथा कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरेका छन्:

क्र.सं.	निकायको नाम	सम्बन्धित ऐन	निर्देशिका मापदण्ड सङ्ख्या
१	त्रिभुवन विश्वविद्यालय	त्रिभुवन विश्वविद्यालय ऐन, २०४९	२०० भन्दा बढी कार्यविधि तथा निर्देशिका
२	पूर्वाञ्चल विश्वविद्यालय	पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०	५ कार्यविधि
३	पोखरा विश्वविद्यालय	पोखरा विश्वविद्यालय ऐन, २०५३	२२ निर्देशिका तथा कार्यविधि
४	लुम्बिनी बौद्ध विश्वविद्यालय	लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३	५ निर्देशिका तथा कार्यविधि
५	मध्यपश्चिम विश्वविद्यालय	मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७	८ निर्देशिका तथा कार्यविधि
६	नेपाल संस्कृत विश्वविद्यालय	नेपाल संस्कृत विश्वविद्यालय, २०४३	३ कार्यविधि

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर सुधार र आजीवन सिकाइ सुनिश्चित गर्ने उद्देश्यले केन्द्रले विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकास कार्यक्रम तथा विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, शिक्षक तथा कर्मचारीको क्षमता विकास, शैक्षिक सामग्री निर्माण र सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्ने तथा सोको कार्यान्वयन गर्दै आइरहेको छ। केन्द्रको यस वर्षको बजेट रु.९५ करोड १४ लाख ३ हजार रहेकोमा रु.३६ करोड १० लाख ३५ हजार खर्च गरेको छ।

२३. **विपन्न लक्षित छात्रवृत्ति -** विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा २२(२) मा केन्द्रले छात्रवृत्ति कार्यान्वयनको उपलब्धि मूल्याङ्कन गर्ने उल्लेख छ। यो वर्ष विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमअन्तर्गत विपन्न विद्यार्थी छनोट भएका कक्षा ६ देखि १० सम्मका १ लाख ९ हजार १६, कक्षा ११ र १२ (अन्य विषय) का १ हजार ९२२ र कक्षा ११ र १२ (विज्ञान विषय वा प्राविधिक धार) का ३ हजार ४८८ समेत १ लाख १४ हजार ४२६ लाई छात्रवृत्तिबापत रु.७७ करोड २४ लाख ४ हजार वितरण गरेको छ।

क्र.सं.	विद्यालयको तह	विद्यार्थी सङ्ख्या	दर रु.	छात्रवृत्ति रकम (रु. हजारमा)
१	कक्षा ६ देखि १० सम्म	१०९०१६	६०००	६५४०९६
२	कक्षा ११ र १२ (अन्य विषय)	१९२२	१८०००	३४५९६
३	कक्षा ११ र १२ (विज्ञान विषय वा प्राविधिक धार)	३४८८	२४०००	८३७१२
	जम्मा	**११४४२६**		**७७२४०४**

***स्रोतः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र।*

उल्लिखित तालिकाबमोजिम १ लाख १४ हजार ४२६ विपन्न विद्यार्थीलाई रु.७७ करोड २४ लाख ४ हजार छात्रवृत्ति वितरण गरेकोमा केन्द्रले छात्रवृत्ति कार्यक्रमको उपलब्धिको मूल्याङ्कन गरेको छैन। केन्द्रले कार्यक्रमको उपलब्धि मूल्याङ्कन गरी सोको आधारमा मापदण्डको पुनरावलोकन गर्नुपर्दछ।

२४. **अनुगमन -** अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुने, माध्यमिक तहसम्मको बालबालिकालाई पाठ्यपुस्तक स्थानीय तहमार्फत् उपलब्ध गराउनुपर्ने, मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्कभन्दा पछाडि परेका क्षेत्र, तोकिएको समुदाय वा आर्थिक रूपले विपन्न तथा अपाङ्ग नागरिकलाई छात्रवृत्ति र दिवा खाजा उपलब्ध गराउन सक्ने उल्लेख छ। यो वर्ष पाठ्यपुस्तक वितरणमा रु.२ अर्ब ९२ करोड ९० लाख ४० हजार, छात्रवृत्ति वितरणमा रु.१ अर्ब ३५ करोड २२ लाख ७० हजार, दिवा खाजामा रु.५ अर्ब ८३ करोड ३७ लाख र सेनिटरी प्याड वितरणमा रु.८२ करोड ३३ लाख ६० हजारसमेत रु.१० अर्ब ९३ करोड ८३ लाख ७० हजार खर्च भएको छ। कार्यक्रमको उद्देश्य अनुरूप उक्त रकम खर्च भएको सुनिश्चितताको लागि नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

२५. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ को नियम ४ अनुसूची ३(ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका र तराई क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ तथा हिमाली क्षेत्रमा ४० जना विद्यार्थी सङ्ख्या हुनुपर्ने उल्लेख छ। केन्द्रबाट प्राप्त विवरणअनुसार शिक्षक विद्यार्थी अनुपात देहायअनुसार छः

प्रदेश	हिमाली क्षेत्र				पहाडी क्षेत्र				उपत्यका तथा तराई क्षेत्र			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	११	२०	१७	५७	१२	२०	१७	५५	२६	६४	२०	७८
मधेश	-	-	-	-	-	-	-	-	५३	१०९	४१	१०८
बागमती	११	१९	१६	४१	२०	५०	१३	५६	२१	५१	१८	६५
गण्डकी	१०	२०	१५	२९	१२	२५	१३	३२	-	-	-	-
लुम्बिनी	१६	२५	२१	६९	१३	२३	१८	४७	३१	६१	२४	७९
कर्णाली	२१	३२	२९	५३	२२	३३	३३	८८	-	-	-	-
सुदूरपश्चिम	१७	२५	२५	३३	१८	२५	२२	३२	२५	४८	२६	६०
औसत	१४	२३	२१	४७	१६	२९	१९	५१	३१	६७	२६	७८

उल्लिखित विवरणअनुसार हिमाली क्षेत्रमा कक्षा १२, पहाडी क्षेत्रमा कक्षा ११, १२ र उपत्यका तथा तराई क्षेत्रमा कक्षा ६, ८, ११ र १२ बाहेक अन्य कक्षामा तोकिएको मापदण्डअनुसारको शिक्षक विद्यार्थी अनुपात रहेको देखिएन। समग्रमा कक्षा १ देखि ५ सम्मको विद्यार्थी सङ्ख्या न्यून रहेको तथा कक्षा ११ र १२ बाहेक अन्य कक्षामा समेत शिक्षक विद्यार्थी अनुपात ५० भन्दा कम रहेको देखिन्छ। शिक्षा नियमावलीले तोकेको मापदण्डको पालना गरी स्रोत, साधनको समुचित परिचालन र शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्दछ।

२६. **नमुना विद्यालय** - नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ मा नमुना विद्यालयको छनोट, विकास, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था रहेको छ। केन्द्रबाट २०७८।७९ देखि ५ वर्षभित्र ४२२ नमुना विद्यालयको निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ३२२ विद्यालयको निर्माणको लागि यो वर्ष रु.१६ अर्ब ५९ करोड ५१ लाख स्थानीय तहमार्फत निकासा भएको देखिन्छ। केन्द्रले अनुदान निकासा दिएको आधारमा प्रगति देखाउने तर विद्यालयले उद्देश्यअनुरूप कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गरी सोको नतिजा विश्लेषण गर्ने गरेको देखिएन।

चिकित्सा शिक्षा आयोग

शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि यस आयोगको गठन भएको हो। आयोगको यस वर्षको बजेट रु.५ अर्ब १७ करोड १२ लाख रहेकोमा रु.३ अर्ब ९५ करोड ७८ लाख खर्च र राजस्व रु.८४ लाख ७६ हजार आम्दानी भएको देखिन्छ।

२७. **विद्यार्थी भर्ना** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा आयोगले शिक्षण संस्थाको लागि सीट सङ्ख्या तोक्ने र प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई भर्ना गर्नुपर्ने उल्लेख छ। यो वर्ष स्नातक तहतर्फ १३ कार्यक्रमको लागि निर्धारित ८ हजार ७० सीटको लागि ५२ हजार ३६१ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई २३ हजार २८६ उत्तीर्ण भएका र सोमध्ये ६ हजार ५९७ (२८.३३ प्रतिशत) भर्ना भएको देखिन्छ। स्नातकोत्तर तहतर्फ १२ कार्यक्रममा २ हजार ८६ सीटको लागि ८ हजार ८७४ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ४ हजार ४३६ उत्तीर्ण भएको र सोमध्ये १ हजार ७४७ (३९.३८ प्रतिशत) जना भर्ना भएको देखिन्छ। प्रवेश परीक्षामा उत्तीर्ण भएकामध्ये स्नातक तहमा १ हजार ४७३ र स्नातकोत्तर तहमा ३३९ सीटमा विद्यार्थी भर्ना भएका छैनन्। विभिन्न कार्यक्रमको लागि निर्धारित सीटभन्दा कम भर्ना हुनाको कारण पहिचान गरी सुधार गर्नुपर्दछ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परीक्षा सञ्चालन तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न आयोगको स्थापना भएको हो। आयोगको यस वर्षको बजेट रु.२० करोड २२ लाख रहेकोमा रु.१५ करोड ५३ लाख खर्च र राजस्व रु.२८ करोड १ लाख ४९ हजार आम्दानी भएको देखिन्छ।

२८. **विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्नसक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। यो वर्ष रु.२० करोड

२२ लाख बजेट विनियोजन भएकोमा रु.१५ करोड ५३ (७६.८० प्रतिशत) खर्च भएको छ। विनियोजित बजेटको २३.२० प्रतिशत खर्च हुन नसकेकोले बजेट तथा कार्यक्रम यथार्थपरक बनाउनुपर्दछ।

२९. **शिक्षक पदपूर्ति -** आयोगले यो वर्ष देहायअनुसार शिक्षकहरूको पदपूर्ति गरेको छः

विद्यालयको तह	यो वर्ष विज्ञापन सङ्ख्या		पदपूर्ति सङ्ख्या		पदपूर्ति हुन बाँकी सङ्ख्या	
	खुला	बढुवा	खुला	बढुवा	खुला	बढुवा
माध्यमिक	३७०	३९४	३५६	३९४	१४	०
निम्न माध्यमिक	६८६	३७०	६२४	३७०	६२	०
प्राथमिक	०	१८६१	०	१८६१	०	०
जम्मा	**१०५६**	**२६२५**	**९८०**	**२६२५**	**७६**	**०**

***स्रोतः** शिक्षक सेवा आयोग।*

उल्लिखित विवरणअनुसार आयोगले यो वर्ष ३ हजार ६८१ पदको लागि विज्ञापन गरेकोमा खुलातर्फ ७६ पदमा सिफारिस नभई पदपूर्ति हुनसकेको छैन। शिक्षक किताबखानाको अभिलेखअनुसार कुल शिक्षक दरबन्दी १ लाख ९ हजार १२५ दरबन्दी रहेकोमा ९६ हजार ८६२ पदपूर्ति गरी १२ हजार २६३ पदमा स्थायी पदपूर्ति हुन नसकी अस्थायी/करारमा समेत कार्यरत रहेको छ। मन्त्रालयले अनुगमन गरी कार्यबोझ समेतको आधारमा आवश्यक दरबन्दी यकिन गरी रिक्त हुने पदपूर्तिका लागि आयोगमा लेखी पठाउने व्यवस्था गर्नुपर्दछ।

३०. **अध्यापन अनुमति -** शिक्षा ऐन, २०२८ को दफा ११(९) मा आयोगबाट अध्यापन अनुमति पत्र नलिई शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था छ। यस वर्ष निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र परीक्षामा १ लाख १९ हजार ६९९ परीक्षार्थी सहभागी भएकोमा १० हजार ९७४ जना (९.१७ प्रतिशत) र माध्यमिक तहमा ४४ हजार ५१० सहभागी भएकोमा १२ हजार ७२९ जना (२८.६ प्रतिशत) उत्तीर्ण भई अनुमतिपत्र प्राप्त गरेको देखिन्छ। परीक्षामा सामेल भएका परीक्षार्थीको तुलनामा उत्तीर्ण हुने सङ्ख्या न्यून रहेको देखिन्छ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा)

सम्वत् २०७२ वैशाखको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालयहरूको पुनर्निर्माण र मर्मत सम्भारको लागि एसियाली विकास बैङ्क, जाइकालगायतका दातृ निकायको सहायताबाट क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण गर्न २०७२ फागुनमा यो आयोजना कार्यान्वयनमा आएको हो। आयोजनाको अवधि २०८०।१२।१८ सम्म रहेकोमा जाजरकोट र बझाङ जिल्लामा २०८० सालमा गएको भूकम्पबाट क्षति भएका विद्यालय भवनहरूको पुनर्निर्माणसमेत यही आयोजनाबाट गर्ने गरी २०८४।१२।१९ सम्म थप भएको छ।

३१. **कार्य प्रगति -** दातृ निकायसँग भएको सम्झौताअनुसार निर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या ९१९ रहेकोमा यो वर्षसम्म ७०७ निर्माण सम्पन्न भई २१२ विद्यालय भवनको कार्यसम्पन्न गर्न बाँकी रहेका छन्। भारतीय एक्जिम बैङ्कसँग त्रिभुवन विश्वविद्यालयअन्तर्गतका ३८ आङ्गिक क्याम्पसको भवन निर्माणलगायत अन्य कार्यको लागि अमेरिकी डलर १७ करोड ६७ लाख २९ हजार ४०० को ऋण सम्झौता भएकोमा भवन निर्माणलगायत अन्य कार्यसमेत गर्ने उल्लेख छ। सो रकममध्ये क्याम्पस भवन निर्माणको लागि छुट्याएको रकमको अभिलेख राखी निर्माण कार्यको अनुगमन हुनुपर्दछ।

राष्ट्रिय किताबखाना (शिक्षक)

विद्यालय शिक्षकको दरबन्दी, स्थायी शिक्षकहरूको नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारबाहीको अभिलेख राख्ने, शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्ने, शिक्षकहरूको अवकाश सुविधाको रकम निर्धारण गर्ने, निवृत्तिभरण अधिकार पत्र उपलब्ध गराउनेलगायतका कार्य गर्ने उद्देश्यले राष्ट्रिय किताबखाना (शिक्षक) स्थापना भएको छ।

३२. **शिक्षकको तलबी विवरण** - शिक्षा नियमावली, २०५९ को नियम १२६ मा विद्यालय शिक्षकको वार्षिक तलबी विवरण राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराउनुपर्ने व्यवस्था छ। तलबी विवरण पारितसम्बन्धी स्थिति निम्नानुसार छः

प्रदेश	तलबी प्रतिवेदन पारित गर्नुपर्ने		यस वर्ष तलबी विवरण पारित	गत वर्ष तलबी विवरण पारित
	स्थानीय तह सङ्ख्या	विद्यालय सङ्ख्या	स्थानीय तह सङ्ख्या	स्थानीय तह सङ्ख्या
कोशी प्रदेश	१३७	५२५९	१३५	१२७
मधेस प्रदेश	१३६	३४५८	११८	११६
बागमती प्रदेश	११९	४५४६	११७	११६
गण्डकी प्रदेश	८५	३२४३	८४	८१
लुम्बिनी प्रदेश	१०९	४४४२	१०८	१०९
कर्णाली प्रदेश	७९	२९३१	७७	७८
सुदूरपश्चिम प्रदेश	८८	३३६६	८७	८७
जम्माः	**७५३**	**२७२६३**	७२६	**७१४**

***स्रोतः** राष्ट्रिय शिक्षक किताबखाना।*

उल्लिखित विवरणअनुसार यो वर्ष २७ स्थानीय तहका शिक्षकको तलबी विवरण पारित भएको देखिएन। नियमानुसार शिक्षकको वार्षिक तलबी विवरण पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ।

३३. **अभिलेख डिजिटाइजेसन** - शिक्षा नियमावली, २०५९ बमोजिम सामुदायिक विद्यालय शिक्षकको स्थायी दरबन्दी अभिलेखको लागि सामुदायिक विद्यालय दर्ता, स्वीकृत दरबन्दी दर्ता र स्थायी शिक्षकको नाम दर्ताको व्यवस्थित अभिलेख राख्नुपर्दछ। कार्यालयले समुदायिक विद्यालयका १ लाख ९ हजार स्थायी शिक्षकको वैयक्तिक विवरण डिजिटलाइजेशन गर्ने उद्देश्यले २०८०।८१ मा कार्य थालनी गरी यो वर्ष २० हजार शिक्षकको अभिलेख डिजिटाइजेसन गरेको देखिन्छ। सेवा प्रवाहलाई व्यवस्थित, छिटो छरितो, दिगो, भरपर्दो र पहुँचयोग्य बनाउन सबै अभिलेखहरूको डिजिटाइजेसन गरिनुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

विश्वविद्यालय अनुदान आयोग

नेपालमा विश्व विद्यालयको सञ्चालन तथा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकमको समुचित तवरले वितरण गर्न तथा विश्व विद्यालयमा शैक्षिकस्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने सम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम आयोगको स्थापना भएको हो।

३४. **वित्तीय विवरण** - यो वर्ष आयोगको आय-व्यय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
१९५३५२२२	८८१९७	१९६२३४१९	१९५३५०६८	८८३५१

आयोगले पेस गरेको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रु.१९ अर्ब ५३ करोड ५२ लाख २२ हजारसमेत रु.१९ अर्ब ६२ करोड ३४ लाख १९ हजार आय प्राप्त गरेकोमा रु.१९ अर्ब ५३ करोड ५० लाख ६८ हजार (९९.५४ प्रतिशत) खर्च गरेको छ।

यस वर्षको लेखापरीक्षणबाटः

- *त्रिभुवन विश्वविद्यालयले विजनेश कम्प्लेक्सको रु.३ करोड १० लाख १५ हजार बहाल असुल गर्न बाँकी देखिएको,*
- *विश्वविद्यालयहरूको नाममा रहेका अतिक्रमित जग्गाहरूको संरक्षण हुन नसकेको,*
- *नेपाल खुला विश्वविद्यालयले रु.६६ लाख ४४ हजार वैदेशिक सहायता प्राप्त गरेकोमा अर्थ मन्त्रालयको स्वीकृति नलिएको,*
- *विभिन्न १२ विश्व विद्यालयमा २०८१।८२ मा ७ लाख १० हजार ६९२ विद्यार्थी अध्ययनरत रहेकोमा १ लाख १४ हजार ३३३ विद्यार्थी उत्तीर्ण भई औसत उत्तीर्ण प्रतिशत १६.०८ मात्र रहेका लगायतका बेहोरा देखिएका छन्।*

३५. **अनुदान वितरण -** विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था छ। आयोगले यो वर्ष १४ विश्वविद्यालय, ३ पूर्वाधार विकास समिति र ४९६ सामुदायिक क्याम्पसलाई रु.१७ अर्ब ९ करोड २५ लाख ९ हजार अनुदान वितरण गरेको छ।

(रु. हजारमा)

क्र. सं.	निकाय	विद्यार्थी सङ्ख्या २०८१।८२	विद्यार्थी सङ्ख्या आङ्गिक मात्र	अनुदान रकम २०८०।८१	अनुदान रकम २०८१।८२	वृद्धि प्रतिशत	प्रति विद्यार्थी अनुदान (आङ्गिक)
१	त्रिभुवन विश्वविद्यालय	५६११७०	१८०३६०	१२२६५२०५	११९५०८०३	-२.५६%	६६.२६
२	नेपाल संस्कृत विश्वविद्यालय	४७५४	४०१३	९०२७००	९४२७००	४.४३%	२३४.९१
३	पोखरा विश्वविद्यालय	३५७५४	४४५४	२९५०००	२२३७२०	-२४.१६%	५०.२३
४	पूर्वाञ्चल विश्वविद्यालय	४६१८४	३८८०	२५००००	२९५१००	१८.०४%	७६.०६
५	काठमाडौं विश्वविद्यालय	२२८५८	१३२०३	२५६१२०	३४२०००	३३.५३%	२५.९०
६	लुम्बिनी बौद्ध विश्वविद्यालय	१६५७	८७५	१५५११८	१७९११८	१५.४७%	२०४.७१
७	सुदूरपश्चिम विश्वविद्यालय	१८४५१	१७५१२	५९१७४७	९७९५००	६५.५३%	५५.९३
८	मध्यपश्चिम विश्वविद्यालय	१२१९४	११८३३	६२०१३५	५९००००	-४.८६%	४९.८६
९	कृषि तथा वन विश्वविद्यालय	४०१५	३६६७	१,०४१०६५	६०५०००	-४१.८९%	१६४.९९
१०	नेपाल खुला विश्वविद्यालय	१९७०	१९७०	१११८६०	१०९४००	-२.२०%	५५.५३
११	राजर्षि जनक विश्वविद्यालय	१६४८	३०७	११२९३०	१४०४३०	२४.३५%	४५७.४३
१२	मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय	३७	३७	४९५०००	४१५०००	-१६.१६%	१०६४१.०३
१३	विदुषि योगमाया हिमालयन आयुर्वेद	-	-	-	१५२००	-	-
१४	नेपाल विश्वविद्यालय	-	-	-	१८५२५	-	-
	विश्वविद्यालयको जम्मा	**७१०६९२**		**१७०९६८८०**	**१६८०६४९६**	**-१.७०%**	**-**
१५	गेटा मेडिकल कलेज पूर्वाधार विकास परियोजना	-	-	-	१५००००	-	-
१६	अन्य अनुदान	-	-	७०८९०३	११००००	-६६.०८	-
१७	पूर्वाधार समितिको जम्माः	-	-	३६००८७	२६०१३	-९२.७८	-
	कुल जम्मा			**१९६२५१४२**	**१७०९२५०९**	**-**	

३५.१. आयोगले यो वर्ष १४ विश्वविद्यालयलाई रु.१६ अर्ब ८० करोड ६४ लाख ९६ हजार अनुदान दिएकोमा त्रिभुवन विश्वविद्यालय लगायत ६ विश्वविद्यालयको अनुदान घटेको र ६ विश्वविद्यालयमा अनुदानको अंश वृद्धि भएको देखिन्छ। विद्यार्थीको अनुपात र सञ्चालित कार्यक्रमलाई आधार बनाई मापदण्डका आधारमा अनुदान दिने नीति बनाउनुपर्दछ।

३५.२. आयोगले १४ विश्वविद्यालयलाई अनुदान उपलव्ध गराएकोमा विश्वविद्यालयहरूले आफु र मातहतका आङ्गिक क्याम्पस लगायतका एकाइहरूलाई विनियोजन गरी खर्च गरेका छन्। विगत ५ वर्षमा आयोगबाट अनुदान प्राप्त गरेका विश्वविद्यालय अन्तर्गतका देहायअनुसार २२६ निकायले लेखापरीक्षण गराएका छैनन्। आयोगले विश्वविद्यालयहरूलाई अनुदान निकासा दिँदा अनुदान प्राप्त गर्ने निकायले लेखापरीक्षण गराएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

क्र.सं.	निकाय	आर्थिक वर्ष/कार्यालय सङ्ख्या					जम्मा
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	
१.	त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर	१०	५	७	६	१०७	१३५
२.	मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत	९	५	१	०	४०	५५
३.	पोखरा विश्वविद्यालय, कास्की	०	०	०	१	०	१
४.	सुदूरपश्चिम विश्वविद्यालय, कञ्चनपुर	२	५	०	०	०	७
५.	कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवन	४	३	०	०	०	७
६.	राजर्षि जनक विश्वविद्यालय, धनुषा	८	०	०	०	४	१२
७.	नेपाल संस्कृत विश्वविद्यालय, दाङ्ग	२	२	१	०	३	८
८.	मेडिकल कलेज पूर्वाधार विकास आयोजना	०	०	०	०	१	१
	जम्मा	**३५**	**२०**	**९**	**७**	**१५५**	**२२६**

३५.३. आयोगले काठमाडौं विश्वविद्यालयलाई रु.३४ करोड २० लाख अनुदान प्रदान गरेकोमा सोको लेखापरीक्षण प्रतिवेदन पेस भएको छैन।

३५.४. आयोगले यो वर्ष १४ विश्वविद्यालयलाई रु.१६ अर्ब ८० करोड ६४ लाख ९६ हजार अनुदान उपलब्ध गराएको छ। आयोगबाट अनुदान देखाएको रकम र विश्वविद्यालयले लेखापरीक्षणको लागि पेस गरेको वित्तीय विवरणमा अनुदान रकम देहायअनुसार फरक परेको छः

(रु. हजारमा)

विश्वविद्यालयको नाम	आयोगले देखाएको अनुदान	विश्वविद्यालयले देखाएको अनुदान	फरक
त्रिभुवन विश्वविद्यालय	११९५०८०३	१८९१६५८८	६९६५७८५
पूर्वाञ्चल विश्वविद्यालय	२९५१००	२७७१००	१८०००
नेपाल विश्वविद्यालय	१८५२५	१९६०४	१०७९
सुदूरपश्चिम विश्वविद्यालय	९७९५००	६३८५६८	३४०९३२
पोखरा विश्वविद्यालय	२२३७२०	३९८६३९	१७४९१९
मध्यपश्चिम विश्वविद्यालय	५९००००	६०८२५०	१८२५०
मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय	४१५०००	४४००००	२५०००
नेपाल खुला विश्वविद्यालय	१०९४००	११०१२५	७२५

अनुदान रकम फरक परेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३६. **जनशक्ति उत्पादन -** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ मा विश्वविद्यालयहरूलाई अनुदान प्रदान गर्ने सम्बन्धमा आयोगले नीति निर्धारण गर्ने उल्लेख छ। आयोगले निम्न विश्वविद्यालयलाई नियमित तथा भौतिक पूर्वाधार र कार्यक्रमसमेतमा गत वर्ष रु.१९ अर्ब ६२ करोड ५१ लाख र यो वर्ष रु.१७ अर्ब ९ करोड २५ लाख अनुदान वितरण गरेको छ। आयोगबाट प्राप्त तथ्याङ्कअनुसार २०८०।८१ र २०८१।८२ मा विश्वविद्यालयका विभिन्न तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या र उत्पादित जनशक्ति विवरण देहायअनुसार छः

निकाय	२०८०।८१			२०८१।२०८२		
	अध्ययनरत विद्यार्थी सङ्ख्या	उत्तीर्ण सङ्ख्या	उत्तीर्ण प्रतिशत	अध्ययनरत विद्यार्थी सङ्ख्या	उत्तीर्ण सङ्ख्या	उत्तीर्ण प्रतिशत
त्रिभुवन विश्वविद्यालय	५३१३९९	७४१४९	१३.९५	५६११७०	८९१९१	१५.८९
काठमाडौं विश्वविद्यालय	२१०५३	३०७८	१४.६२	२२८५८	३५६६	४५.६०
पूर्वाञ्चल विश्वविद्यालय	३९७८०	७८५६	१९.७५	४६१८४	८१४९	१७.६४
पोखरा विश्वविद्यालय	३५१२७	७६५१	२१.७८	३५७५४	७८८०	२२.०४
लुम्बिनी विश्वविद्यालय	१८३२	१०५	५.७३	१६५७	२७३	१६.४८
मध्यपश्चिम विश्वविद्यालय	१११७१	१३२७	११.८८	१२१९४	१५३०	१२.५५
नेपाल संस्कृत विश्वविद्यालय	३२९५	१५०	४.५५	४७५४	९२१	१९.३७
कृषि तथा वन विश्वविद्यालय	४०६६	८७१	२१.४२	४०१५	११००	२७.४०
सुदूरपश्चिम विश्वविद्यालय	१९३२२	११९४	६.१८	१८४५१	१५३०	८.२९
राजर्षि जनक विश्वविद्यालय	५२७	४५	८.५४	१६४८	६६	४.००
खुला विश्वविद्यालय	१६३४	२६८	१६.४०	१९७०	९७	४.९२
मदन भण्डारी विश्विद्यालय	१५	३	२०.००	३७	३	८.११
जम्मा	**६६९२२१**	**९६६९४**	**१४.४५**	**७१०६९२**	**११४३३३**	**१६.०८**

उल्लिखित विवरणअनुसार आयोगबाट अनुदान वितरण गरे तापनि विद्यार्थी भर्नाको तुलनामा नतिजा दर सन्तोषजनक देखिँदैन। गत वर्ष विद्यार्थी भर्नाको तुलनामा उत्तीर्ण दर औसत १४.४५ रहेकोमा यो वर्ष उत्तीर्ण दर १६.०८ प्रतिशत रहेको छ। आयोगले अनुदान नीतिमा पुनरावलोकन गर्नुपर्दछ।

३७. **आयोगको काम कर्तव्य अधिकार -** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ मा आयोगले विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारलाई परामर्श दिने, प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने, शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच आवश्यक समन्वय गर्ने, शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने, विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, नेपालभित्र वा बाहिरका विश्वविद्यालय वा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्वतवृत्तिलगायत आदान-प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, विश्वविद्यालयबिच क्रेडिट ट्रान्सफरको सम्बन्धमा निर्देशिका बनाई आवश्यक व्यवस्था गर्ने, विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्ययन सम्बन्धी कार्य गर्ने, विदेशी विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने लगायतका १० कार्य जिम्मेवारी तोकिएकोमा शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक उपाधिको समकक्षता, शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच आवश्यक समन्वय गर्ने, प्रदेशस्तरीय विश्वविद्यालय र मेडिकल कलेज सञ्चालन सम्बन्धी नीति तथा मापदण्ड जस्ता कार्यको जिम्मेवारी पूरा गरेको देखिएन। ऐनमा तोकेको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ।

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १० अनुसार आयोगले परामर्श दिँदा विश्वविद्यालय र मातहत रहने क्याम्पसका लागि हुनुपर्ने न्यूनतम मापदण्ड तोक्नुपर्ने व्यवस्था छ। हाल सङ्घीय कानुन अनुसार १४ र प्रत्येक प्रदेश कानुनअनुसार विश्वविद्यालय स्थापना भएकोले विश्वविद्यालय सञ्चालन सम्बन्धमा न्युनतम् मापदण्ड तोकिनुपर्दछ।

३८. **निर्देशिका -** विश्वविद्यालय अनुदान आयोग ऐन,२०५० को दफा १९ मा आयोगले आवश्यक नियम बनाउन सक्ने व्यवस्था छ। आयोगलाई नियम बनाउने अधिकार भएतापनि ऐनले अधिकार नदिएकोमा समेत ९ कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। ऐनको अधिकार प्रयोग गरी कार्यविधि तर्जुमा गरिनुपर्दछ।

३९. **उच्च शिक्षामा उत्कृष्टता प्रवर्धन कार्यक्रम -** राष्ट्रिय उच्च शिक्षा विकास कार्यक्रममा निर्धारित लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यका लागि विश्व बैङ्कको अमेरिकी डलर ६० मिलियन ऋण सहयोगमा उच्च शिक्षामा उत्कृष्टताको प्रवर्धन कार्यक्रम सन् २०२१ देखि सन् २०२६ सम्म कार्यान्वयनमा रहेको छ। उक्त कार्यक्रमको लागि यस वर्षसम्म रु.३ अर्ब २३ करोड ५४ लाख २६ हजार (७०.११ प्रतिशत) खर्च भएको छ। आयोजनाको म्याद समाप्त भए तापनि सङ्घीय उच्च शिक्षा ऐनको मस्यौदाको संशोधन कार्य सम्पन्न गरी थप परिमार्जनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गर्ने, विश्वविद्यालयका डिनहरूसँग समन्वय गरी अनुगमन योजना तयार गरी अनुगमन प्रतिवेदन पेस गर्ने, आन्तरिक तथा सरोकारवालासँग परामर्श सम्पन्न गरी आन्तरिक नियन्त्रण निर्देशिका, वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाको मस्यौदा पेस गर्ने र योग्यतामा आधारित भर्ना प्रक्रियामार्फत तेस्रो समूहका ३० प्राध्यापकको छनोट कार्य सम्पन्न गर्नेलगायतका कार्यहरू सम्पादन हुनसकेका छैनन्।

४०. **अनुदानको अनुगमन -** विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० को नियम ८.१ मा आयोगले अनुदान प्रदान गरिएका महाविद्यालय तथा शैक्षिक संस्थाको निरीक्षण गर्ने गराउने व्यवस्था छ। आयोगले यो वर्ष ८८ सामुदायिक क्याम्पसहरूलाई भवन निर्माण गर्न दोस्रो तथा अन्तिम किस्ताबापत रु.१९ करोड १४ लाख २९ हजार अनुदान खर्च लेखेको छ। अनुदान प्राप्त गर्ने संस्थाले कार्यविधिमा उल्लिखित सर्तबमोजिम अनुदान उपयोग गरे/नगरेको सम्बन्धमा आयोगले अनुगमन गरेको छैन। अनुदान रकमको सदुपयोग सुनिश्चित गर्न कानुनबमोजिम अनुगमन हुनुपर्दछ।

४१. **पूर्वाधार निर्माण आयोजना -** आयोगले यो वर्ष सुर्खेत, बुटवल र बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई रु.२ करोड ६० लाख १३ हजार अनुदान उपलब्ध गराएको छ। यी आयोजनाको निर्माण २०७६।७७ देखि सुरु भएकोमा निर्माण सम्पन्न भएको छैन। सुर्खेतको आयोजनाले यो वर्षको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)

नेपालमा विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रवर्धन गरी प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न २०३९ सालमा प्रतिष्ठान स्थापना भई नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०४८ बमोजिम सञ्चालनमा रहेको छ।

४२. **आय-व्यय विवरण -** यो वर्ष प्रतिष्ठानको आय-व्यय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
	नेपाल सरकारको अनुदान	आन्तरिक आय			
३५२४४८	३७७११३	३०१२७	७५९६८८	३८९०४२	३७०६४६

प्रतिष्ठानले पेस गरेको वित्तीय विवरणमा यो वर्ष सरकारी अनुदान रु.३७ करोड ७१ लाख १३ हजारसमेत रु.७५ करोड ९६ लाख ८८ हजार आय प्राप्त गरेकोमा रु.३८ करोड ९० लाख ४२ हजार (५१.२१ प्रतिशत) खर्च भई रु.३७ करोड ६ लाख ४६ हजार मौज्दात रहेको छ।

४३. **दरबन्दी र पदपूर्ति -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ को दफा १८ मा प्रतिष्ठानमा कर्मचारीहरूको स्थानीय नियुक्ति र बढुवा सिफारिस गर्न ४ सदस्यीय प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहने व्यवस्था छ। यसबमोजिम अध्यक्ष मनोनीत भए पनि अन्य सदस्य तोकेको छैन। प्रतिष्ठानमा २३१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १४२ पदपूर्ति भएको छ। सेवा आयोगको लागि यो वर्ष रु.३९ लाख ८२ हजार खर्च भएकोमा सेवा आयोगले ऐनबमोजिम कर्मचारीको नियुक्ति नगरी लोक सेवा आयोगमार्फत कर्मचारीको पदपूर्ति गरेको छ। प्रतिष्ठानले लोक सेवा आयोगमार्फत कर्मचारीको पदपूर्ति गरिरहेको सन्दर्भमा सेवा आयोगसम्बन्धी व्यवस्था पुनरावलोकन गर्नुपर्दछ।

त्रिभुवन विश्वविद्यालय

नेपालको सार्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न, स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न, विविध पक्षमा अनुसन्धान गर्न राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्न, कला, विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक एवं व्यावसायिक र समयसापेक्ष बनाउने क्रममा संवत २०१६ मा स्थापना भई हाल त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अन्तर्गत सञ्चालित छ।

४४. **आय-व्यय विवरण -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
१८९१६५८८	१०४३५८०८	२९३५२३९७	२२१४१३५५	७२११०४२

विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रु.१८ अर्ब ९१ करोड ६५ लाख ८८ हजारसमेत रु.२९ अर्ब ३५ करोड २३ लाख ९७ हजार आय प्राप्त गरेकोमा रु.२२ अर्ब १४ करोड १३ लाख ५५ हजार (७५.४३ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश ८५.४३ प्रतिशत रहेको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या ५ लाख ६१ हजारसँग तुलना गर्दा प्रतिविद्यार्थी खर्च रु.३८ हजार १७० रहेको देखिन्छ।

विश्वविद्यालय मातहतका निकायहरूले आन्तरिक स्रोतबाट प्राप्त आयलाई आम्दानी नजनाई धरौटी तथा दायित्वमा राखी खर्च गर्ने गरेको, अधिकांश निकायको बैङ्क हिसाब विवरण तयार नगरेको तथा बैङ्क हिसाब विवरण तयार गरेका निकायको हिसाब समायोजन नगरेकोले विश्वविद्यालयको आय यकिन गर्न सकिएन। साथै विश्वविद्यालयले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार मातहत सबै भुक्तानी केन्द्रहरूको आर्थिक कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार नगरेकोले उल्लिखित वित्तीय विवरणले विश्वविद्यालयको वित्तीय कारोबारको यथार्थ चित्रण गरेको छैन।

४५. **दरबन्दी तथा पदपूर्ति -** त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने र उपनियम ८ मा विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीहरूलाई सेवा आयोगको सिफारिसमा कार्यकारी परिषद्बाट नियुक्ति र बढुवा गरिने उल्लेख छ। विश्वविद्यालय र अन्तर्गत निकायमा शिक्षक ७ हजार ९३८ र कर्मचारी ८ हजार १२४ समेत १६ हजार ६२ दरबन्दी रहेकोमा क्रमशः ८ हजार १२२ र ७ हजार ३०३ समेत १५ हजार ४२५ स्थायी (अस्थायीसमेत) पदपूर्ति भएको देखिन्छ। विश्वविद्यालयमा शिक्षक र कर्मचारीको अनुपात ९:८ रहेको र कुल कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारी ३९.११ प्रतिशत रहेकोले केन्द्रीय निकाय र क्याम्पसहरूको दरबन्दीमा पुनरावलोकन हुनुपर्दछ।

४६. **विद्यार्थी भर्ना -** विश्वविद्यालयअन्तर्गत आङ्गिक र सम्बन्धन प्राप्त विद्यालयमा विगत ३ वर्षमा देहायअनुसारको विद्यार्थी भर्ना भएको देखिन्छः

क्र.सं.	अध्ययन संस्थान/संकाय	२०७९।८० सङ्ख्या	२०८०।८१ सङ्ख्या	२०८१।८२ सङ्ख्या	२०८०।८१ मा वृद्धि प्रतिशत	२०८१।८२ मा वृद्धि प्रतिशत
१	इन्जिनियरिङ	७३२१९	५६३५०	३२१०९	-२३.०४	-४३.०२
२	कृषि र पशुविज्ञान	५२०७	३२९०	४५०	-३६.८२	-८६.३२
३	चिकित्साशास्त्र	९७२५	६३९९	११५०३	-३४.२०	७९.७६
४	वनविज्ञान	२१४३	११४५	१२६०	-४६.५७	१०.०४
५	विज्ञान तथा प्रविधि	४६०६९	२२४०१	२१९५०	-५१.३८	-२.०१
	प्राविधिकको जम्मा	**१३६३६३**	**८९५८५**	**६७२७२**	**-३४.३०**	-२४.९१
६	कानुन संकाय	५६१८	७३८७	२१७५	२३.९४	-७०.५६
७	व्यवस्थापन संकाय	२७०१२०	२६८१२९	२९९४१६	-०.००७	११.६७
८	शिक्षाशास्त्र संकाय	१११६१५	९७९६६	१३३५७०	-१२.२२	३६.३४
९	मानविकी र सामाजिक शास्त्र संकाय	६४००३	६८३३२	५८७३७	६.७६	-१४.०४
	साधारणको जम्मा	**४५१३५६**	**४४१८१४**	**४९३८९८**	**-२.११**	
	कुल जम्मा	**५८७७१९**	**५३१३९९**	**५६११७०**	**-९.५८**	

***स्रोतः** त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय।*

उल्लिखित विवरणअनुसार २०७९।८० को तुलनामा २०८०।८१ मा कुल विद्यार्थी भर्नादर ९.५८ प्रतिशतले घटेको र २०८०।८१ को तुलनामा २०८१।८२ मा विद्यार्थी भर्ना दर ५.६१ प्रतिशतले बढेको देखिन्छ। विभागगत विश्लेषण गर्दा इन्जिनियरिङ, कृषि र पशुविज्ञान र विज्ञान तथा प्रविधिमा विद्यार्थी भर्ना दर घटेको देखिन्छ। प्राविधिक क्षेत्रमा विद्यार्थी सङ्ख्या घट्न नदिन सुधारका उपाय तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४७. **जनशक्ति उत्पादन -** विश्वविद्यालयबाट प्राप्त तथ्याङ्कअनुसार विगत ३ वर्षको जनशक्ति उत्पादन अवस्था देहायअनुसार छः

क्र. सं.	अध्ययन संस्थान-संकाय	२०७९।८० सङ्ख्या	२०८०।८१ सङ्ख्या	२०८१।८२ सङ्ख्या	२०७९।८० को तुलनामा वृद्धि प्रतिशत	२०८०।८१ को तुलनामा वृद्धि प्रतिशत
१	इन्जिनियरिंग	६५०	६४८	४७६	-०.३१	-३६.१३
२	कुषि र पशुविज्ञान	३१०	३०४	२४५	-१.९७	-२४.०८
३	चिकित्साशास्त्र	२९१६	५३०४	१४६३	४५.०२	-२६२.५४
४	वनविज्ञान	२८८२	१७७०	२२८०	-६२.८२	२२.३७
५	विज्ञान तथा प्रविधि	७२९२	७००७	७४६४	-४.०७	६.१२
	प्राविधिकको जम्मा	**१४०५०**	**१५०३३**	**११९२८**	**६.५४**	**-२६.०३**
६	कानुन संकाय	१५०३५	१३६२३	१४८५१	-१०.३६	८.२७

क्र. सं.	अध्ययन संस्थान-संकाय	२०७९।८० सङ्ख्या	२०८०।८१ सङ्ख्या	२०८१।८२ सङ्ख्या	२०७९।८० को तुलनामा वृद्धि प्रतिशत	२०८०।८१ को तुलनामा वृद्धि प्रतिशत
७	व्यवस्थापन संकाय	२९३५५	३१०९०	४३६१०	५.५८	२८.७१
८	शिक्षाशास्त्र संकाय	२३६४	३०८६	२३३५	२३.४०	-३२.१६
९	मानविकी र सामाजिक शास्त्र संकाय	१८४२१	११३१७	१६४६७	-६२.७७	३१.२७
	साधारणको जम्मा	**६५१७५**	**५९११६**	**७७२६३**	-१०.२५	२३.४९
	कुल जम्मा	**७९२२५**	**७४१४९**	**८९१९१**	-६.४१	२०.२८

***स्रोतः** त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय।*

कुल जनशक्ति उत्पादन २०७९।८० मा ७९ हजार २२५, २०८०।८१ मा ७४ हजार १४९ र २०८१।८२ मा ८९ हजार १९१ रहेको छ। सोअनुसार समग्रमा अघिल्लो वर्षको तुलनामा क्रमशः २०८०।८१ मा समग्रमा ६.४१ प्रतिशतले घटेकोमा २०८१।८२ मा २०.२८ प्रतिशतले वृद्धि भएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ २०८०।८१ मा चिकित्साशास्त्र र व्यवस्थापन, शिक्षाशास्त्र बाहेक सबै विभागमा जनशक्ति उत्पादनमा ह्रास आएको छ। पछिल्लो वर्ष प्राविधिकतर्फको नतिजामा वन विज्ञान तथा साधारणतर्फको मानविकी, कानुन र व्यवस्थापन बाहेक अन्य संकायमा सकारात्मक नतिजा प्राप्त भएको छैन। पछिल्लो वर्षको नतिजा समग्रमा औसत १६.८६ प्रतिशतले वृद्धि भएको छ। साधारणतर्फ व्यवस्थापन र मानविकीतर्फ २८.७१ देखि ३१.२७ प्रतिशतसम्म वृद्धि भएको छ। विश्वविद्यालयलाई नेपाल सरकारले गत वर्ष रु.११ अर्ब ६० करोड १० लाख र यो वर्ष रु.१८ अर्ब ९१ करोड ६६ लाख अनुदान दिएको छ। जनशक्ति उत्पादनको दरमा सुधार गरी सरकारी लगानीको प्रभावकारिता वृद्धि गर्नुपर्ने देखिन्छ।

४८. **आन्तरिक आय -** त्रिभुवन विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०५० को परिच्छेद ६ मा खर्च व्यवस्था र कार्यविधि प्रणालीसम्बन्धी व्यवस्था छ। विश्वविद्यालयले यो वर्षका लागि रु.२६ अर्ब १६ करोड ८७ लाख ३५ हजारको बजेट पारित गरेकोमा रु.२२ अर्ब १४ करोड १३ लाख ५४ हजार खर्च गरेको छ। यस वर्षको आन्तरिक आम्दानी रु.१० अर्ब ४३ करोड ५८ लाख ८ हजार (४७.१३ प्रतिशत) रहेको छ। विश्वविद्यालयले आफ्नो आन्तरिक आम्दानी वृद्धि गरी सङ्घीय सरकारको निर्भरता घटाउँदै आयमा दिगोपना ल्याउनुपर्दछ ।

४९. **विद्यार्थी शिक्षक अनुपात -** त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०, त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को विभिन्न मितिको परिपत्र तथा विषयगत डीन कार्यालयको विभिन्न मितिमा भएका निर्णयबाट शिक्षक विद्यार्थी अनुपात निर्धारण गरेको देखिन्छ।

(रु. हजारमा)

विद्यार्थी आम्दानी	खर्च	विद्यार्थी सङ्ख्या	शिक्षक सङ्ख्या			शिक्षक विद्यार्थी अनुपात	प्रति विद्यार्थी लागत
			पूर्णकालीन	आंशिक	जम्मा		
४,१२,९९,९०	२२,१४,१३,५५	१८०३५९	७३७६	७४६	८१२२	**१:२२**	१,२३

उल्लिखित विवरणअनुसार कुल विद्यार्थी सङ्ख्या १ लाख ८० हजार ३५९ र शिक्षक ८ हजार ९२ ले प्रति शिक्षक २२.२८ विद्यार्थी रहेको छ। विश्वविद्यालयले खर्च घटाई प्रतिविद्यार्थी लागत घटाउने तथा आन्तरिक आय वृद्धि गर्ने गरी कार्य व्यवस्थापन गर्नुपर्दछ।

५०. **सम्बन्धन तथा नवीकरण -** विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८० र ३८१ मा क्याम्पसलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न कार्यकारी परिषद्ले बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन दिनसक्ने, २ वर्ष अवधि थप गर्नसक्ने र स्थायी सम्बन्धन प्राप्त नगरेका वा अस्थायी सम्बन्धनको अवधि सकिएका क्याम्पसहरूले शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था छ। विश्वविद्यालयले अस्थायी सम्बन्धन दिएका सामुदायिक ४४७ तथा निजी ६०६ समेत १ हजार ५३ क्याम्पसमध्ये हालसम्म वीरगञ्जको एक मेडिकल कलेजलाई मात्र स्थायी सम्बन्धन दिएको देखिन्छ। सम्बन्धन प्राप्त कलेजहरूको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, तोकिएको सीमाभित्र शिक्षण शुल्क निर्धाण र सम्बन्धन शुल्क बुझाए/नबुझाएको सम्बन्धमा विश्वविद्यालयले अनुगमन गरेको देखिएन।

५१. **सम्झौता तथा सहकार्य -** त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ५(घ) मा विश्वविद्यालयले स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्नसक्ने व्यवस्था छ। विश्वविद्यालयले स्वदेशी २ तथा विदेशी २२८ संस्थासँग सन् १९९७ देखि सन् २०२६ सम्म सम्झौता तथा सहकार्य गरेको देखिन्छ। विगत ३ वर्षमा ५३ अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य सम्झौता भएको छ। सम्झौता भएकोमध्ये चीनका ४१, जापानका २२, कोरियाका १४, जर्मनीका ८, इटालीका ८, थाइल्याण्ड र ताइवानका ६/६ संस्थासँग सहकार्य गरेको छ। विगत १० वर्षदेखि शिक्षक तथा विद्यार्थी साटफेर कार्यक्रम सञ्चालन भएको देखिँदैन। सम्झौता भएकामध्ये ५३ संस्थाको अवधि समाप्त भएको छ। सम्बन्ध विस्तारपछि सहकार्यमा प्राज्ञिक उन्नयन हुने र कार्यान्वयन गर्न सकिने विषयमा केन्द्रित भई सहकार्य तथा सम्झौता व्यवस्थापन गर्नुपर्दछ।

५२. **अध्ययन बिदा -** त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० मा अध्ययन बिदा पटक पटक गरी बढीमा ५ वर्षको हुने र अध्ययन अवधि २ वर्षभन्दा बढी भएमा ५ वर्ष विश्वविद्यालयमा सेवा गर्नुपर्ने गरी कबुलियत गराउनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले अध्ययन बिदामा रहेका शिक्षकको यकिन तथा पूर्ण विवरण नराखेकोमा यो वर्ष ३९८ जनाले अध्ययन बिदा लिएको देखिन्छ। बिदाको अवधि सकिएपछि सम्झौता अनुसार विश्वविद्यालय सेवा प्रदान नगरेमा वा अध्ययन पूरा नगरेमा कबुलियतनामा बमोजिमको रकम असुल गर्नुपर्दछ।

५३. **विद्यार्थी शुल्क -** त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा कार्यकारी परिषद्लाई विद्यार्थी शुल्क निर्धारण गर्ने जिम्मेवारी तोकिएको छ। विश्वविद्यालयले सम्बन्धन प्राप्त सामुदायिक र निजी क्याम्पसहरूको शुल्कलाई नियमन गर्ने सम्बन्धमा अनुगमन गरेको छैन। प्राविधिकतर्फ केही स्नातक कार्यक्रम (सी.एस.आई.टी. ८ सेमेष्टरलगायत) को आङ्गिक क्याम्पसको शुल्क रु.३ लाख ५० हजार रहेकोमा निजीतर्फको शुल्क रु.२१ लाखसम्म रहेको देखिन्छ। विद्यार्थी शुल्क सम्बन्धमा विश्वविद्यालयले नियमन गर्नुपर्दछ।

५४. **सङ्गठन -** त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ६ मा विश्वविद्यालयको सङ्गठनसम्बन्धी व्यवस्था छ। विश्वविद्यालयमा १६२ भुक्तानी एकाइ रहेका छन्। विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या तथा आन्तरिक आयको आधारमा भुक्तानी एकाइहरूको पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

५५. **जग्गा संरक्षण -** नेपाल सरकारको २०८१।२।१७ को निर्णयबाट काठमाडौं उपत्यकाभित्रका त्रिभुवन विश्वविद्यालयको नाममा रहेका जग्गाको अध्ययन अनुसन्धानको लागि गठन भएको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदनअनुसार विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा १ करोड ३३ लाख ३२ हजार वर्गमिटर, भोगाधिकार दिएको ९ लाख ९९ हजार वर्गमिटर र अतिक्रमित अन्य ६ लाख ५३ हजार वर्गमिटर जग्गा समेत १ करोड ४९ लाख ८४ हजार वर्गमिटर जग्गा रहेको

उल्लेख छ। अतिक्रमणमा परेको विश्वविद्यालय र मातहतका आङ्गिक क्याम्पसका जग्गा फिर्ता प्राप्त गरी शैक्षिक कार्यमा उपयोग गर्नुपर्दछ।

५६. **सेवा अवधि गणना -** त्रिभुवन त्रिश्वविद्यालय ऐन, २०४९ को दफा ३३ (क) मा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कार्य गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने उल्लेख छ। कार्यकारी परिषद्को २०७६।१०।२१ को निर्णय अनुसार २०६८।१।८ भन्दा अगाडि लिएको असाधारण बिदासमेत सेवा अवधिमा गणना गरी शिक्षक तथा कर्मचारीको पेन्सनबापत गत वर्ष रु.३ अर्ब ११ करोड ४१ लाख १३ हजार र यो वर्ष रु.३ अर्ब २१ लाख २८ हजार र ग्रेड रु.१ करोड ९२ लाख २५ हजार भुक्तानी दिएकोमा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

५७. **आन्तरिक लेखापरीक्षण -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ४५ मा आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गरेको मितिले १ महिनाभित्र प्रतिवेदन प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण शाखाबाट प्राप्त विवरणअनुसार १६३ निकायमध्ये प्रथम चौमासिकमा ४१ (२५.१५ प्रतिशत), दोस्रो चौमासिकमा ६४(३९.२६ प्रतिशत) र तेस्रो चौमासिकमा २३(१४.११ प्रतिशत) प्रतिवेदन भएकोमा २०८२ फाल्गुण मसान्तसम्म ३५ (२१.४७ प्रतिशत) निकायको प्रतिवेदन जारी भएको छैन। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गरिसक्नुपर्ने व्यवस्था रहेकोले समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ।

५८. **लेखापरीक्षण बक्यौता -** त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २५ मा विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। त्रिभुवन विश्वविद्यालय र मातहतका १६२ निकायमध्ये २०७७।७८ मा १०, २०७८।७९ मा ५, २०७९।८० मा ७, २०८०।८१ मा ६ र २०८१।८२ मा १०७ समेत १३५ निकायले लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन्। आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण नगराएका निकायहरू देहायबमोजिम छन्:

क्र.सं.	निकाय
१.	त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्ज
२.	परीक्षा नियन्त्रण कार्यालय
३.	त्रिचन्द्र क्याम्पस, घण्टाघर
४.	थापाथली क्याम्पस, काठमाडौं
५.	चिकित्सा शास्त्र अध्यन संस्थान महाराजगञ्ज क्याम्पस
६.	चिकित्सा शास्त्र अध्ययन संस्थान डिनको कार्यालय
७.	मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर,महाराजगंज
८.	नेपाल कमर्श क्याम्पस, मिनभवन
९.	शंकरदेव क्याम्पस, काठमाडौं
१०.	नेपाल ल क्याम्पस, प्रदर्शनी मार्ग
११.	इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पस
१२.	ईन्जीनियरिङ्ग अध्ययन संस्थान, डीन कार्यालय
१३.	जन प्रशासन क्याम्पस, काठमाडौं
१४.	पाटन संयुक्त क्याम्पस, ललितपुर
१५.	सानोठिमी क्याम्पस, भक्तपुर
१६.	विश्वभाषा क्याम्पस, प्रर्दशनीमार्ग
१७.	त्रि. वि. कार्यक्रम तथा बजेट शाखा. कीर्तिपुर

क्र.सं.	निकाय
१८.	रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं
१९.	अमृत क्याम्पस, लैनचौर
२०.	विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय, कीर्तिपुर
२१.	कानुन संकाय डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय
२२.	त्रि. वि. वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय
२३.	त्रि.वि कृषि डिनको कार्यालय
२४.	ठाकुरराम बहुमुखी क्याम्पस
२५.	नर्सिङ क्याम्पस, महाराजगञ्ज
२६.	ललितकला क्याम्पस, काठमाडौं
२७.	विविध ऋण कार्यक्रम, कीर्तिपुर
२८.	अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
२९.	मानविकी तथा समाजशास्त्र डीनको कार्यालय,कीर्तिपुर
३०.	इन्जिनियरिङ अध्ययन संस्थान, परीक्षा नियन्त्रण महाशाखा, ललितपुर
३१.	बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, त्रि.वि.चि.शा.अ. संस्थान

क्र.सं.	निकाय
३२.	त्रि. वि. शिक्षाशास्त्र संकाय डिनको कार्यालय
३३.	महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज
३४.	त्रि.वि वन विज्ञान अध्ययन संस्थान, हेटौडा
३५.	व्यवस्थापन केन्द्रीय विभाग, कीर्तिपुर
३६.	ई.अ.सं. डीनको कार्यालय, ऊर्जा अध्ययन केन्द्र, पुल्चोक
३७.	त्रि. वि. निवृत्तिभरण तथा उपदान कोष, कीर्तिपुर
३८.	सम्वन्धन निर्देशनालय
३९.	सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं
४०.	महेन्द्ररत्न क्याम्पस, ताहाचाल
४१.	त्रि. वि. सेवा आयोग, कीर्तिपुर
४२.	भूगर्भ शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
४३.	नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर
४४.	शिक्षा विकास तथा अनुसन्धान केन्द्र,
४५.	आर्थिक विकास तथा प्रशासन अध्ययन केन्द्र, कीर्तिपुर
४६.	त्रि.वि. व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र
४७.	नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
४८.	कर्मचारी कल्याण कोष
४९.	जनशक्ति विकास तथा कल्याण परिषद
५०.	वनस्पति शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
५१.	त्रि. वि. सुर्खेत बहुमुखी क्याम्पस
५२.	मानव शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
५३.	शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
५४.	जैविक प्रविधि केन्द्रीय विभाग, कीर्तिपुर
५५.	वातावरण केन्द्रीय विभाग
५६.	ग्रामीण विकास केन्द्रीय विभाग
५७.	त्रि. वि. समाजशास्त्र केन्द्रीय विभाग
५८.	त्रि. वि. गणित केन्द्रीय विभाग
५९.	भूगोल केन्द्रीय विभाग, कीर्तिपुर
६०.	तथ्यांक केन्द्रीय विभाग, कीर्तिपुर
६१.	अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, कीर्तिपुर
६२.	प्राणीशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६३.	जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर
६४.	रसायन शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६५.	भौतिक शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६६.	पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
६७.	ललितकला केन्द्रीय विभाग, कीर्तिपुर
६८.	कम्प्युटर विज्ञान केन्द्रीय विभाग, काठमाडौं
६९.	प्राकृतिक विज्ञान संग्रालय, छाउनी
७०.	विद्यार्थी स्वास्थ्य उपचार कोष, कीर्तिपुर

क्र.सं.	निकाय
७१.	कम्प्युटर ऋण कार्यक्रम, कीर्तिपुर
७२.	मनोविज्ञान केन्द्रीय विभाग, काठमाडौं
७३.	इतिहास केन्द्रीय विभाग, काठमाडौं
७४.	सामाजिक कार्य स्नातकोत्तर तह कार्यक्रम, कीर्तिपुर
७५.	त्रिभुवन विश्वविद्यालय निवृत्तिभरण तथा उपदान विशेष कोष
७६.	भाषा विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
७७.	जनप्रशासन केन्द्रीय विभाग
७८.	खुला दूरशिक्षा केन्द्र
७९.	संस्कृत केन्द्रीय विभाग, कीर्तिपुर
८०.	जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
८१.	बौद्ध अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर
८२.	गृह विज्ञान केन्द्रीय विभाग, काठमाडौं
८३.	एम. ए. ईन जेण्डर, काठमाडौं
८४.	संस्कृति केन्द्रीय विभाग
८५.	जनशक्ति विकास तथा कल्याण परिषद
८६.	त्रि. वि. पाठ्यक्रम विकास केन्द्र
८७.	हिन्दी केन्द्रीय विभाग, काठमाडौं
८८.	मैथली केन्द्रीय विभाग
८९.	नेपाल भाषा केन्द्रीय विभाग
९०.	द्वन्द्व शान्ति विकास केन्द्रीय विभाग, कीर्तिपुर
९१.	पब्लिक युथ क्याम्पस, धोबिचौर, काठमाडौं
९२.	व्यवस्थापन संकाय डिनको कार्यालय
९३.	त्रिभुवन विश्वविद्यालय ऋण सापटी
९४.	इन्जिनियरिङ अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्ड
९५.	इन्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र
९६.	जनस्वास्थ्य केन्द्रीय विभाग, महाराजगञ्ज
९७.	पत्रकारिता तथा आम सञ्चार केन्द्रीय विभाग
९८.	त्रिभुवन विश्व विद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर
९९.	त्रिभुवन विश्वविद्यालय, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीतिक विभाग
१००.	खेलकुद विज्ञान स्नातकोत्तर कार्यक्रम
१०१.	कानुन केन्द्रीय विभाग, प्रदर्शनी मार्ग
१०२.	सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन, कीर्तिपुर
१०३.	श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम, कीर्तिपुर
१०४.	पर्यटन तथा आतिथ्य अध्ययन स्नातकोत्तर तह कार्यक्रम, कीर्तिपुर
१०५.	त्रि.वि. कन्फुसियस इन्स्टिच्युट, कीर्तिपुर
१०६.	गणित विज्ञान स्कुल कीर्तिपुर
१०७.	परामर्श मनोविज्ञान स्नातकोत्तर कार्यक्रम, कीर्तिपुर

अंग्रेजी केन्द्रीय विभाग (२०८०।८१)

५९. **न्यूनतम सेवा -** त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० (५) बमोजिम अध्ययन बिदा उपभोग गरेका शिक्षकले एक वर्षभन्दा बढी तीन वर्षसम्मको बिदाका लागि कम्तीमा ३ वर्ष र तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको बिदाका लागि कम्तीमा पाँच वर्षसम्म त्रिभुवन विश्वविद्यालय सेवामा रही काम गर्नुपर्ने व्यवस्था छ। सो अनुसार सेवामा रही काम नगरेमा अध्ययन

बिदामा प्राप्त गरेको कुल तलब र सोको वार्षिक सयकडा १० प्रतिशतका दरले ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ। विभागले पेस गरेको विवरणअनुसार ११ शिक्षकले अध्ययन बिदा उपभोग गरी सो अवधि पश्चात सेवा प्रदान गरेको अभिलेख नदेखिएकोले नियमानुसार रु.२ करोड ५४ लाख ३ हजार असुल गर्नुपर्दछ।

जनस्वास्थ्य केन्द्रीय विभाग (२०८०।८१)

६०. **तलब भुक्तानी -** त्रिभुवन विश्वविद्यालय, शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० को उपनियम ५ मा अध्ययन बिदा पाएका शिक्षक वा कर्मचारीले ३ (तीन) वर्षभन्दा बढी ५ (पाँच) वर्ष सम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षक वा कर्मचारीले कम्तीमा ५ (पाँच) वर्षसम्म विश्वविद्यालय सेवामा रही काम गर्नुपर्ने व्यवस्था छ। विभागका एक उप-प्राध्यापकले २०७३।१०।५ देखि २०७८।५।१५ सम्म अध्ययन बिदा स्वीकृत गराई वैदेशिक अध्ययन गर्न गएकोमा अध्ययनबाट फर्केपश्चात २०७८।६।७ देखि २०८०।७।३० सम्म विभागमा अध्यापन गराई २०८१।५।१८ मा ५ वर्ष अवधि नपुग्दै राजीनामा पेस गरी सेवा छाडेको देखियो। अध्ययन बिदामा रहेको अवधिको तलब भत्ता रु.२७ लाख ५३ हजार नियमअनुसार असुल गर्नुपर्दछ।

त्रि.वि.शिक्षण अस्पताल (२०८०।८१)

६१. **हिसाब मिलान -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ३८ मा विश्वविद्यालय अन्तर्गतका हरेक निकायले बैङ्क मौज्दात र बैङ्क विवरणअनुसार मौज्दात रकम भिडान गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। अस्पतालको वित्तीय विवरणअनुसार रु.७० करोड ७५ लाख ४१ हजार मौज्दात रहेकोमा बैङ्क विवरणअनुसार रु.४९ करोड ९८ लाख ६ हजार मौज्दात देखिएकोले स्रेस्ताभन्दा बैङ्कमा रु.२० करोड ७७ लाख ३५ हजार घटी मौज्दात रहेको देखिएकोमा हिसाब मिलान विवरण तयार गरेको छैन। अस्पतालले फरक परेको मौज्दात सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६२. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। अस्पतालले फार्मेसीको लागि विगत वर्षमा गरेको खरिद सम्झौताको दरलाई आधार मानी यो वर्ष रु.२८ करोड २६ लाख ४३ हजारको औषधी सोझै खरिद गरेको छ। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

६३. **मेसिन खरिद तथा जडान** - अस्पतालले आई.भी.एफ.सेन्टर सेटअप इक्युपमेन्ट मेसिन बोलपत्रको माध्यमबाट २०७८।७।२२ मा खरिद गरी रु.२ करोड ८६ लाख ७ हजार भुक्तानी गरेकोमा सो उपकरण जडान भई सञ्चालनमा आएको देखिएन। खरिद गरेको मेसिन जडान गरी उपयोगमा ल्याउनुपर्दछ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा (आठौं संशोधन) ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले विद्यालय शिक्षाको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापनको कार्य गर्दै आएको छ। कक्षा १० (एस.ई.ई.) एवं कक्षा ११ र १२ को परीक्षासम्बन्धी कार्य यो बोर्डको क्षेत्राधिकारभित्र रहेको छ।

६४. **आय-व्यय -** यो वर्ष बोर्डको आय-व्यय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
	नेपाल सरकारको अनुदान	आन्तरिक आय			
२६८९२४९	३७६०००	२६८९९५४	५७५५२०३	२९३४५५५	२८२०६४८

यो वर्ष सरकारी अनुदान रु.३७ करोड ६० लाखसमेत बोर्डको कुल आय रु.५ अर्ब ७५ करोड ५२ लाख ३ हजार रहेकोमा रु.२ अर्ब ९३ करोड ४५ लाख ५५ हजार (५१ प्रतिशत) खर्च भएको छ। नेपाल सरकारको अनुदानमध्ये खर्च नभएको बाँकी रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

६५. **कक्षा १२ को परीक्षाफल -** परीक्षा बोर्डले प्रकाशित गरेको नतिजाअनुसार शैक्षिक सत्र २०८१ र २०८२ को कक्षा १२ को परीक्षाफल देहायअनुसार छः

जी.पी.ए.	२०८१	प्रतिशत	२०८२	प्रतिशत	२०८१ को आधारमा वृद्धि प्रतिशत
३.६१-४.००	९५९१	२.४५	१३५०२	३.४१	४०.७८
३.२१-३.६०	४६८९३	१२.००	५५८९६	१४.१०	१९.२०
२.८१-३.२०	७८०७५	१९.९७	९४२६८	२३.७८	२०.७४
२.४१-२.८०	६१०३६	१५.६२	६९८१२	१७.६१	१४.३८
२.०१-२.४०	८२४०	२.११	८९६४	२.२६	८.७९
१.६१-२.००	१२	०.००	२३	०.०१	९१.६७
ननग्रेडिङ	**१८७०२१**	**४७.८५**	**१५३८८२**	**३८.८३**	**-१७.७२**
कुल जम्मा	**३९०८६८**	**१००.००**	**३९६३४७**	**१००.००**	**-**

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा ननग्रेडिङ्गको प्रतिशत १७.७२ प्रतिशतले घटे तापनि कुल परीक्षार्थीको तुलनामा ३८.८३ प्रतिशत विद्यार्थी ननग्रेडिङ्गमा रहेका छन्।

नेपाल संस्कृत विश्वविद्यालय

संस्कृतको उच्च शिक्षा सञ्चालनको लागि नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम यस विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालय मातहत २० निकाय रहेका छन्।

६६. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
९४२७००	१५०५०४	१०९३२०४	९६९१४०	१२४०६४

विश्वविद्यालयले प्राप्त गरेको यो वर्षको सरकारी अनुदान रु.९४ करोड २७ लाखसमेत रु.१ अर्ब ९ करोड ३२ लाख ४ हजार आय प्राप्त गरेकोमा रु.९६ करोड ९१ लाख ४० हजार (८८.६५ प्रतिशत) खर्च भएको देखिन्छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या ४ हजार ७५४ सँग तुलना गर्दा प्रतिविद्यार्थी आन्तरिक आय रु.३१ हजार ६५८ भएकोमा प्रति विद्यार्थी खर्च रु.२ लाख ३ हजार ८५७

गरेको देखिन्छ। विश्वविद्यालयले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसारको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन।

६७. **जग्गाको संरक्षण -** नेपाल सरकारले गठन गरेको विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदनअनुसार विश्वविद्यालयको नाममा करिब १६६२ विघा ३ कट्टा ९.५ धुर जग्गा रहेको साथै दर्ता हुन बाँकी जग्गा १२ बिघा १९ कट्टा ४.५ धुर रहेको देखिएकोले विश्वविद्यालयको नाममा दर्ता गरी सबै जग्गा शैक्षिक कार्यमा उपयोगमा ल्याउनुपर्ने देखिन्छ।

६८. **साझेदारी तथा सम्झौता -** नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १७ मा विश्वविद्यालयसँग सम्बन्धन गर्नसक्ने व्यवस्था अन्तर्गत स्वदेशी २ तथा विदेशी १४ समेत १६ सङ्गसंस्था र विश्वविद्यालयसँग सहकार्य सम्झौता गरेको छ। सम्झौता भएका ती संस्थासँग केही कार्यशाला गोष्ठी तथा भ्रमण बाहेक अन्य उल्लेख्य प्रगति हुनसकेको देखिएन। कार्यान्वयन हुनसक्ने विषयमा साझेदारी तथा सम्झौता गरी सोको कार्यान्वयन गर्नुपर्दछ।

६९. **कोष -** नेपाल संस्कृत विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ५(१) मा विश्वविद्यालयले खास खर्च र दायित्व बेहोर्ने वा ब्याज वा अन्य प्रतिफल आर्जन गर्ने प्रयोजनका लागि नियममा व्यवस्था भएका अतिरिक्त अन्य कोषहरू सञ्चालन गर्नसक्ने व्यवस्था छ। विश्वविद्यालयमा पदक तथा छात्रवृत्तिलगायतका ८ कोष सञ्चालनमा रहेकोमा ती कोषहरूमा यो वर्षको अन्त्यसम्म रु.१ अर्ब ६ करोड १७ लाख ८९ हजार मौज्दात रहेको छ।

७०. **लेखापरीक्षण वक्यौता -** नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा २२ मा विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ। विन्दुवासिनी विद्यापिठ पोखरा, वाल्मीकि विद्यापिठ प्रदर्शनी मार्ग र एक वर्षे शिक्षाशास्त्री कार्यक्रमले २०८१।८२ मा लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन्।

पूर्वाञ्चल विश्वविद्यालय

प्रतिस्पर्धात्मक आधारमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न तथा स्वस्थ शैक्षिक संरचनाको विकास गर्न कला, विज्ञान, प्रविधि, कानुन, व्यवस्थापन, शिक्षालगायत अन्य विषयहरूको अध्ययन, अध्यापन र अनुसन्धानको लागि मुख्य रूपमा जनस्तरबाट उच्च तहको शिक्षण संस्थाहरूको सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अनुसार यस विश्वविद्यालयको स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ९ आङ्गिक र १५८ सम्बन्धन प्राप्त क्याम्पसमार्फत कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ।

७१. **आय-व्यय विवरण -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
२७७१००	९९१७८०	१२६८८८०	८१३५२०	४५५३६०

विश्वविद्यालयले यो वर्ष प्राप्त गरेको सरकारी अनुदान रु.२७ करोड ७१ लाखसमेत रु.१ अर्ब २६ करोड ८८ लाख ८० हजार आय प्राप्त गरेकोमा रु.८१ करोड ३५ लाख २० हजार (६४.११ प्रतिशत) खर्च भएको देखिन्छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश ३४.०६ प्रतिशत रहेको छ।

विश्वविद्यालयले प्रचलित नेपाल लेखामानबमोजिम स्वीकृत ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

७२. **भत्ता र सुविधा -** पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा ९ बमोजिम विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने अधिकार सभालाई रहेको छ। कार्यकारी परिषद्ले निर्णय गरी घर भाडा बापत यो वर्ष रु.२८ लाख ७६ हजार, दीक्षान्त समारोहमा संलग्न पदाधिकारी, शिक्षक एवं कर्मचारीहरूलाई १० दिनको तलब बराबर प्रोत्साहन भत्ता रु.११ लाख ८० हजार, पदीय सुविधा दायित्वबापत रु.४ करोड ३१ लाख ८४ हजारलगायत खर्च गरेको छ। विश्वविद्यालय सभाबाट अनुमोदन नगराई भत्ता तथा सुविधा खर्च लेखेको पाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

७३. **विद्यार्थी कोटा र भर्ना -** विश्वविद्यालयको २०८१।८२ मा ९ आङ्गिक क्याम्पस अन्तर्गत विभिन्न शैक्षिक तहमा ३९ विधामा विद्यार्थी भर्ना कोटा १ हजार ८३६ रहेकोमा वास्तविक भर्ना सङ्ख्या १ हजार १० रहेको पाइयो। भर्ना कोटाको तुलनामा वास्तविक भर्ना ५५ प्रतिशत रहेको छ। पी.जी. डी.सी.पी., एम.एस.सी.पी.आर.डी., एम.सी.ए.लगायत कतिपय विषय र तहमा भर्ना शून्य रहेको छ। अधिकांश तह र विषयमा भर्ना क्षमताको तुलनामा विद्यार्थी भर्ना दर न्यून रहेको छ। विश्वविद्यालयले भर्ना कोटा तथा शुल्क पुनरावलोकन गरी विद्यार्थीलाई आकर्षित गर्न पाठयक्रम र रणनीति तयार गर्नुपर्दछ।

७४. **शिक्षक विद्यार्थी अनुपात —** विश्वविद्यालय र मातहतको आङ्गिक क्याम्पसअन्तर्गत शिक्षक र भर्ना भएका विद्यार्थी अनुपातको अवस्था बिश्लेषण गर्दा विश्वविद्यालयको औसत शिक्षक विद्यार्थी अनुपात १:७ रहेको छ। जनसङ्ख्या तथा विकास केन्द्रमा ५ शिक्षक रहेकोमा विद्यार्थी सङ्ख्या शून्य, स्कुल अफ मेनेजमेन्टमा २५ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:५, स्कुल अफ साइन्स एण्ड टेक्नोलोजीमा १० शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:८, जनता आदर्श बहुमुखी क्याम्पसमा ११ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:१३, स्कुल अफ हेल्थ साइन्सेजमा ३३ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:५, जी.पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टरमा ८ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:६, कलेज अफ इन्भाइरोमेन्ट एण्ड फरेष्ट्रीमा ४ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:३, कलेज अफ ल मा ४ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:५८ तथा स्कुल अफ इन्जिनियरिङ्गमा २८ शिक्षक रही शिक्षक विद्यार्थी अनुपात १:७ रहेको छ। विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी बनाउँदै विश्वविद्यालय र मातहतका शैक्षिकसंस्थाहरूमा उपयुक्त शिक्षक विद्यार्थी अनुपात निर्धारण गर्नुपर्दछ।

७५. **अक्षय कोष -** विश्वविद्यालय सम्बन्धनसम्बन्धी नीति, सर्त र प्रक्रिया, २०८० को दफा ८ मा अक्षय कोषसम्बन्धी व्यवस्था छ। विश्वविद्यालय अन्तर्गत सम्बन्धन प्राप्त गरी भर्ना वर्ष २०२४ मा १३१ क्याम्पसहरू सञ्चालनमा रहेका छन्। चिकित्शासास्त्र संकायबाट सम्बन्धन प्राप्त गर्ने कुल ३८ क्याम्पसमध्ये ९ क्याम्पसहरूले अक्षय कोषमा रु.२ करोड ७० लाख जम्मा गरेकोमा बैङ्क जमानतको अवधि समाप्त भएको छ। अक्षय कोषमा १५ वटा क्याम्पसले रकम जम्मा गरेका छैनन्। व्यवस्थापन संकायबाट सम्बन्धन प्राप्त गर्ने कुल ६१ रहेको र सोमध्ये ३ क्याम्पसले रु.२७ लाख ५० हजार जम्मा गरेकोमा बैङ्क जमानतको अवधि समाप्त भएको र ३ शैक्षिक संस्थाहरूले अक्षय कोषमा रकम जम्मा गरेका छैनन्। विश्वविद्यालयबाट नियमित अनुगमन गरी अक्षय कोषमा रकम जम्मा नगर्ने क्याम्पसहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

७६. **जग्गाको सीमाङ्कन -** विश्वविद्यालयले नेपाल सरकारबाट मोरङ जिल्लाको साविक इन्द्रपुर, मृगौलिया र सुन्दरपुर गाउँ विकास समितिमा रहेको ८०५ बिघा जग्गा भोगचलनको लागि स्वीकृति प्राप्त गरेको छ। विश्वविद्यालयको जग्गाको सीमानामा कंक्रिट पिलर निर्माण गरी घेराबार गर्न एक निर्माण व्यवसायीसँग २०७४।२।२० मा रु.३६ लाख १३ हजारको खरिद सम्झौता भएको र सीमा छुट्याउने साथै जग्गाको नापी तथा सीमाङ्कनकोलागि एक परामर्शदातासँग २०७७।१०।२२ मा रु.४ लाख ८५ हजारको सम्झौता भएकोमा ती कार्य सम्पन्न भएका छैनन्।जग्गाको सीमाङ्कन गरी संरक्षण र उपयोग गर्नुपर्दछ।

७७. **सम्झौता एवं साझेदारी -** विश्वलविद्यालयले शैक्षिक एवं अनुसन्धानमूलक तथा सहयोगी कार्यका लागि २०८१।८२ सम्म ४० विभिन्न स्वदेशी एवं विदेशी विश्वविद्यालय र सहयोगी संस्थाहरूसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। समझदारी पत्रमा हस्ताक्षर गरे तापनि शैक्षिक उन्नयन तथा अनुसन्धानमूलक कार्यमा थप क्रियाकलाप सञ्चालन भएको पाइएन। सम्झौता एवं समझदारीअनुसार शैक्षिक एवं अनुसन्धानमूलक गतिविधि सञ्चालन गर्नुपर्दछ।

७८. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा ५ मा विश्वविद्यालयको सङ्गठन सम्बन्धी व्यवस्था रहेको छ। पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ को नियम २० मा विश्वविद्यालय शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने व्यवस्था छ। विश्वविद्यालयले मातहतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण नगरेकाले आवश्यक शिक्षक तथा कर्मचारी सङ्ख्या निर्धारण भएको छैन। विश्वविद्यालयअन्तर्गत शैक्षिकतर्फ ३१५ र प्रशासनिकतर्फ ७५६ समेत १ हजार ७१ दरबन्दी स्वीकृत भएको देखिन्छ। सोमध्ये ३४६ स्थायी, ६५ करार र ४० मासिक ज्यालादारीमा पदपूर्ति भई ६२० रिक्त रहेको देखिन्छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यार्थी सङ्ख्याको आधारमा कार्यबोझ मूल्याङ्कन गरी शिक्षक कर्मचारीको दरबन्दी निर्धारण हुनुपर्दछ।

चिकित्सा शास्त्र संकाय

७९. **अधुरो निर्माण कार्य -** पूर्वाञ्चल विश्वविद्यालय वित्तीय व्यवस्था नियमावली, २०७४ को नियम १८८ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्था छ। शैक्षिक भवन निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसंग रु.१ करोड ३८ लाख ६८ हजारको लागतमा २०७४।८।२८ मा काम सम्पन्न गर्नेगरी २०७४।३।२९ मा सम्झौता भई मोबिलाइजेसन पेस्की रु.१२ लाख २७ हजार भुक्तानी भएको छ। निर्माण कार्य स्थगित भएको अवस्थामा सम्मानित उच्च अदालत विराटनगरले सम्झौताबमोजिम कार्यादेश दिई कारबाही अगाडि बढाउन परमादेश जारी गरेको देखियो। फैसला पश्चात् कार्यालयले २०७६।८।२९ मा निर्माण कार्यकोलागि कार्यादेश दिएको भए तापनि खरिद सम्झौतामा मूल्य समायोजनसम्बन्धी व्यवस्था नरहेको उल्लेख गरी निर्माण व्यवसायीले जानकारी दिई हालसम्म काम सुचारु गरेको देखिएन। सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

नेपाल विश्वविद्यालय

उच्च शिक्षा अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाई मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान दिन सक्ने दक्ष, जिम्मेवार, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्न उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा नेपाल विश्वविद्यालय ऐन, २०८१ अनुसार यो विश्वविद्यालयको स्थापना भएको हो।

८०. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
१९६०४	१०६९	२०६७३	७४३५	१३२३८

विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रु.१ करोड ९६ लाख ४ हजारसमेत रु.२ करोड ६ लाख ७३ हजार आय प्राप्त गरेकोमा रु.७४ लाख ३५ हजार (३५.९६ प्रतिशत) खर्च गरेको छ। विश्वविद्यालयले प्रचलित नेपाल लेखामानबमोजिम स्वीकृत ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

८१. **सुविधा -** नेपाल विश्वविद्यालय ऐन, २०८१ को दफा ३८ मा कुलपति तथा सदस्यको सेवा र सुविधा परिषदबाट निर्धारण भएबमोजिम हुने र अन्य पदाधिकारीको सेवा, सुविधा, पारिश्रमिक तथा सेवाका अन्य सर्तहरू तोकिएबमोजिम हुने व्यवस्था छ। नेपाल विश्वविद्यालय संरक्षक परिषद्को २०८२।३।२६ मा बसेको बैठकमा उपकुलपति र रजिष्ट्रारको सेवा तथा सुविधाको सम्बन्धमा तलब भत्ताका आधारहरू तयार गरी आगामी बैठकमा पेस गर्नेगरी पेस्की स्वरूप उपकुलपति र रजिष्ट्रारलाई क्रमशः रु.५ लाख र रु.४ लाख मासिक रूपमा तलब भत्ता र अन्य सुविधा प्रदान गर्ने निर्णय गरेको छ। उक्त निर्णय बमोजिम यस वर्ष विश्वविद्यालयले उपकुलपतिलाई २.५ महिनाको रु.१२ लाख ५० हजार र रजिष्ट्रारलाई १.५ महिनाको रु.६ लाख तलब भत्ता र सुविधाबापत भुक्तानी दिएको छ। कानुनबमोजिम विश्वविद्यालयको आन्तरिक आयको आधारमा तलब भत्ता र सुविधा निर्धारण गर्नुपर्दछ।

८२. **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा सम्बन्धित आर्थिक वर्षमा खर्च नभई बाँकी रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले यो आर्थिक वर्षमा प्राप्त गरेको रु.१ करोड ८५ लाख २५ हजारमध्ये रु.८९ लाख ७३ हजार खर्च भई रु.९५ लाख ५२ हजार बाँकी रहेको छ। आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको अनुदान रकम सङ्घीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

सुदूरपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने उद्देश्यले सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अनुसार विश्वविद्यालय स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत १५ आङ्गिक र ३१ सम्बन्धन प्राप्त क्याम्पसमार्फत कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ।

८३. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
६३८५६८	३४३८५	६७२९५३	७७२१८७	(९९२३४)

विश्वविद्यालयले यो वर्ष प्राप्त गरेको सरकारी अनुदान रु.६३ करोड ८५ लाख ६८ हजारसमेत रु.६७ करोड २९ लाख ५३ हजार रहेकोमा रु.७७ करोड २१ लाख ८७ हजार खर्च भएको देखिन्छ।

सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश ८२.६९ प्रतिशत रहेको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या १८ हजार ४५१ सँग तुलना गर्दा प्रतिविद्यार्थी आय रु.१ हजार ८६३ र प्रतिविद्यार्थी खर्च रु.४१ हजार ८५० देखिन्छ। विश्वविद्यालयले प्रचलित नेपाल लेखामानबमोजिम स्वीकृत ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

८४. **जग्गा अतिक्रमण** - सुदूरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ९३(७) मा विश्वविद्यालयको जिम्मा वा स्वामित्वमा रहेका जुनसुकै स्रोतबाट प्राप्त हुन आएका सम्पत्ति, जायजेथा र सामानहरू सुरक्षित राख्नु र राख्न लगाउनु प्रत्येक पदाधिकारी, शिक्षक र कर्मचारीहरूको कर्तव्य र उत्तरदायित्व हुने उल्लेख छ। विश्वविद्यालय र अन्तर्गतका निकायहरूको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदनमा विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा रहेको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा जग्गा अतिक्रमणमा परेको उल्लेख छ। विश्वविद्यालयले अतिक्रमित जग्गा फिर्ता लिई सम्पत्तिको संरक्षण गर्दै शैक्षिक एवं अन्य आय आर्जन कार्यमा उपयोग गर्नुपर्दछ।

८५. **आन्तरिक आय** - सुदूरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९को परिच्छेद ६ आर्थिक कार्यविधि प्रणालीसम्बन्धी व्यवस्था छ। विश्वविद्यालयको सभाले २०८१।८२ को लागि पारित गरेको बजेट रु.१ अर्ब ७३ करोड ६० लाख ६० हजारमध्ये चालु खर्च रु.१ अर्ब २३ करोड २२ लाख ३१ हजार र पुँजीगत खर्च रु. ५० करोड ३८ लाख २९ हजार हुने प्रक्षेपण रहेको छ। विश्वविद्यालयको वित्तीय विवरण अनुसार कुल खर्च रु.६७ करोड २९ लाख ५३ हजार देखिएकोमा आन्तरिक आय रु.३ करोड ४३ लाख ८५ हजार (४.४५ प्रतिशत) रहेको देखिन्छ। विश्वविद्यालयले आफ्नो आन्तरिक आय-आर्जनको स्रोत पहिचान गरी सङ्घीय सरकार माथिको निर्भरता घटाउँदै जानुपर्दछ।

८६. **परीक्षा नतिजा** - सुदूरपश्चिम विश्वविद्यालय सङ्गठन र शैक्षिक प्रशासन नियमावली, २०६९ नियम ८१ मा परीक्षा बोर्डसम्बन्धी व्यवस्था छ। यस वर्ष विश्वविद्यालय र मातहतका आङ्गिक क्याम्पसमा कुल १३ हजार ४२० विद्यार्थी परीक्षामा सहभागी भएकोमा ४ हजार ६२७ (३४.४७ प्रतिशत) उत्तीर्ण भएका छन्। विद्यार्थी उत्तीर्ण दर बढाउन शिक्षण विधि र पद्धतिमा सुधार ल्याउनुपर्दछ।

८७. **सम्बन्धन शुल्क** - सुदूरपश्चिम विश्वविद्यालय सम्बन्धन कार्यविधि, २०७४ को परिच्छेद-५ मा अक्षय कोष तथा शुल्कसम्बन्धी व्यवस्था छ। विश्वविद्यालयले सम्बन्धन दिएका कुल ३१ क्याम्पसमध्ये १८ (५८ प्रतिशत) क्याम्पसले विश्वविद्यालयलाई बुझाउनुपर्ने सम्बन्धन शुल्क रु.१ करोड ३५ लाख ४० हजार बुझाएका छैनन्। सम्बन्धन प्राप्त क्याम्पसबाट सम्बन्धन शुल्क असुल गर्नुपर्दछ।

पोखरा विश्वविद्यालय

कला, विज्ञान, व्यवस्थापन, कानुन, शिक्षा, प्राविधिक र तोकिएका अन्य विषयको उच्च तहका शिक्षण संस्थाहरूको सञ्चालनको लागि पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालय मातहत आङ्गिक ५, संयुक्त आङ्गिक ३ र सम्बन्धन ५८ समेत ६६ निकाय रहेका छन्।

८८. **वित्तीय विवरण** - यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
३९८६३९	१३२२७७५	१७२१४१४	७२८६११	९९२८०३

विश्वविद्यालयले यो वर्ष प्राप्त गरेको सरकारी अनुदान रु.३९ करोड ८६ लाख ३९ हजारसमेत रु.१ अर्ब ७२ करोड १४ लाख १४ हजार आय प्राप्त गरेकोमा रु.७२ करोड ८६ लाख ११ हजार खर्च भएको देखिन्छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश ५४.७१ प्रतिशत रहेको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या ३५ हजार ७५४ सँग तुलना गर्दा प्रतिविद्यार्थी आय रु.३६ हजार ९९६ भएकोमा प्रतिविद्यार्थी खर्च रु.२० हजार ३७८ हजार रहेको देखिन्छ। विश्वविद्यालयले प्रचलित नेपाल लेखामान बमोजिम स्वीकृत ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

८९. **सम्बन्धन -** पोखरा विश्वविद्यालय नयाँ कलेजहरूलाई सम्बन्धन दिने सम्बन्धी नीति,२०६५ ले नयाँ कलेजलाई सम्बन्ध दिँदा विशेष गरेर पश्चिम भेग (पश्चिम, मध्यपश्चिम र सुदूर पश्चिमलाई) प्राथमिकता दिइने नीति लिएको देखिए तापनि नीति जारी भएपश्चात् विश्वविद्यालयले ३५ क्याम्पसलाई सम्बन्धन अनुमति दिएकोमा ५६ प्रतिशत काठमाडौं उपत्यकामा रहेका छन्। घोषित नीतिको परिपालना गर्नुपर्दछ।

९०. **छात्रवृत्ति -** पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ को नियम ४(२)मा विश्वविद्यालयलाई प्राप्त हुने छात्रवृत्तिमध्ये सार्वजनिक शैक्षिक संस्थाहरूबाट एस.ई.ई. उत्तीर्ण गरेकालाई ६० प्रतिशत खुला र ४० प्रतिशत समावेशी कायम गरी दलित, जनजाति, दुर्गम, अपाङ्ग, शहिद तथा जनआन्दोलनका घाइते तथा पीडित र मधेसी समुदायका लागि २०/२० प्रतिशत कायम गरिने व्यवस्था छ। यस वर्ष विश्वविद्यालयले छात्रवृत्तिको लागि १ हजार ३३२ सीट आरक्षित गरेकोमा सो सीटको लागि ४ संकायका २ हजार ८७७ जनाले परीक्षा दिई १ हजार ११५ (३८.७५ प्रतिशत) ले छात्रवृत्ति उपयोग गरेका छन्। विश्वविद्यालयबाट सम्बन्धनप्राप्त ५८ कलेजहरूले सिटको १० प्रतिशत निःशुल्क छात्रवृत्ति कोटा आरक्षित गर्नुपर्नेमा सोको परिपालना सम्बन्धमा अनुगमन गरेको देखिएन। नियमावलीमा भएको व्यवस्थाको परिपालना गरी छात्रवृत्ति वितरण गरिनुपर्दछ।

९१. **सम्पत्ति उपयोग र संरक्षण -** पोखरा विश्वविद्यालय आर्थिक नियमावली,२०६५ को नियम २९(५) मा विश्वविद्यालय र अन्तर्गतका निकायहरूमा रहेको घरजग्गा, सवारीसाधनलगायतका अन्य सम्पत्तिहरूको केन्द्रीय लगत राख्ने व्यवस्था छ। विश्वविद्यालयअन्तर्गतका निकायहरूमा रहेका सम्पत्तिको अभिलेख राखेको देखिएन। विश्वविद्यालयबाट प्राप्त विवरणअनुसार विश्वविद्यालयको स्वामित्वमा रहेको पोखरा महानगरपालिकाको वडा नं.३०,३१ र ३२ का नेपाल सरकारबाट भोगाधिकार प्राप्त १३७२ रोपनी १३ आना ३ पैसा जग्गामध्ये ६२५ रोपनी भन्दा बढी जग्गा अतिक्रमण भएको छ। विश्वविद्यालयले अतिक्रमित जग्गा फिर्ता लिई सम्पत्तिको संरक्षण गरी शैक्षिक कार्यमा उपयोग गर्नुपर्दछ।

९२. **अध्ययन बिदा -** पोखरा विश्वविद्यालय शिक्षक कर्मचारी नियमावली, २०५५ को नियम २७ मा अध्ययन बिदा पश्चात् विश्वविद्यालयको सेवामा नफर्किएमा वा फर्किए पनि तोकिएको अवधिसम्म काम नगरी अनुपस्थित रहेमा वा सेवा छाडेका शिक्षक कर्मचारीहरूबाट अध्ययन बिदामा रहँदा विश्वविद्यालयबाट प्राप्त गरेको तलव भत्ता, सुविधा र सो रकमको वार्षिक १० प्रतिशतका दरले हुने ब्याजको दोव्वर रकम असुल गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयमा २०७४ देखि स्वदेशी/वैदेशिक अध्ययनमा गएका ५१

कर्मचारीहरूमध्ये ३ कर्मचारीले कबुलियतनामा अनुसार कार्य नगरेको, केहीले आंशिक रूपमा मात्र कार्य गरेको, केही विश्वविद्यालयको स्वीकृति नलिई पुनः अर्को शैक्षिक उपाधि गर्न गएको देखिएकोले विश्वविद्यालयको नियमानुसार रु.१ करोड १२ लाख २६ हजार दोब्बर रकम र १० प्रतिशत ब्याजसमेत असुल गरिनुपर्दछ।

९३. **साझेदारी तथा सम्झौता -** पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा २० बमोजिम विश्वविद्यालयले अन्य विश्वविद्यालयसँग सम्बन्ध स्थापना गर्नसक्ने व्यवस्था छ। विश्वविद्यालयले १८ विदेशी विश्वविद्यालय र २ स्वदेशी संस्थासँग सहकार्य सम्झौता गरेको देखिन्छ। तीमध्ये १ विदेशी संस्थासंग सम्झौता अनुसारका प्रक्रिया सुरु भए पनि १७ निकायसँग सम्झौताअनुसारका कार्य नभई समयावधि सकिएको छ। विश्वविद्यालयले गरेको सम्झौता कार्यान्वयन गरी सम्झौताको उद्देश्य बमोजिमका उपलब्धि हासिल गर्नुपर्ने देखिन्छ।

लुम्बिनी बौद्ध विश्वविद्यालय

बौद्ध धर्म, दर्शन, साहित्य, शिक्षा र संस्कृति सहित अन्य विषयको अध्ययन, अध्यापन र अनुसन्धान गर्नका लागि उच्च तहका शिक्षण संस्थाहरू सञ्चालन गर्न लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम विश्वविद्यालयको स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ३ आङ्गिक, ८ सम्बन्धन प्राप्त र सहकार्यमार्फत ६ समेत १७ क्याम्पसमार्फत कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ।

९४. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
१७९११८	३२२७१	२११३८९	७८८०६	१३२५८३

विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रु.१७ करोड ९१ लाख १८ हजारसमेत रु.२१ करोड १३ लाख ८९ हजार आय प्राप्त गरेकोमा रु.७ करोड ८८ लाख ६ हजार (३७.२८ प्रतिशत) खर्च गरेको छ। विश्वविद्यालयको विद्यार्थी सङ्ख्या १ हजार ६५७ सँग तुलना गर्दा प्रतिविद्यार्थी अन्य आय रु.१९ हजार ४७५ भएकोमा प्रतिविद्यार्थी खर्च रु.४७ हजार ५५९ रहेको देखिन्छ। विश्वविद्यालयले नेपाल सरकारबाट रु.१७ करोड ९१ लाख १८ हजार अनुदान प्राप्त गरेकोमध्ये रु.७ करोड ८८ लाख ६ हजार खर्च गरेकोले बाँकी रु.१० करोड ३ लाख १२ हजार बाँकी देखिएकोले उक्त रकम सङ्घीय सञ्चित कोष फिर्ता हुनुपर्दछ।

९५. **देवदह विकास परियोजना -** लुम्बिनी विश्वविद्यालय ऐन,२०६३ को दफा २९ मा अन्तर्राष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार, निकाय, वित्तीय संस्था वा व्यक्तिबाट ऋण वा अनुदान प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयको देवदह स्थित जग्गामा गुरुयोजना अनुरूपका सम्पूर्ण भौतिक संरचना निर्माण गर्न डिजाइनका लागि रु.२ करोड २२ लाख ८० हजार विदेशी नागरिकले व्यक्तिगत रूपमा विश्वविद्यालयसँग अनुदानदिने समझदारी पत्रमा हस्ताक्षर गरी अनुदान प्राप्त भएकोमा नेपाल सरकारको स्वीकृति लिएको देखिएन। विश्वविद्यालयले ऐनमा भएको व्यवस्थाबमोजिम नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक सहायता प्राप्त गर्नुपर्दछ।

९६. **सम्पत्तिको संरक्षण -** लुम्बिनी बौद्ध विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०७४ को नियम २१५(७) मा विश्वविद्यालयका पदाधिकारीहरूले आ-आफ्नो निकायअन्तर्गतको घरजग्गा, सवारीसाधन तथा अन्य तोकिएका सम्पत्तिहरूको केन्द्रीय लगत राख्ने वा राख्न लगाउनुपर्ने व्यवस्था छ। विश्वविद्यालय र मातहतमा रहेको करिब ६७.४५ बिघा भोगाधिकार र ३९.५५ बिघा लिजमा प्राप्त भएको छ। विश्वविद्यालयले भोगाधिकार र लिजबाट प्राप्त जग्गाको अभिलेख राखेको देखिएन। विश्वविद्यालयले भोगाधिकारमा पाएको र लिजमा लिएको जग्गाको विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।

९७. **साझेदारी तथा सम्झौता -** लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन २०६३ को दफा १७ मा विश्वविद्यालयसँग सम्बन्धन गर्नसक्ने व्यवस्थाअन्तर्गत स्वदेशी ४८ तथा विदेशी ७८ समेत १२६ सङ्घसंस्था र विश्वविद्यालयसँग सहकार्य सम्झौता गरेको देखिन्छ। विश्वविद्यालयले ११ संस्था तथा एकेडेमीसँग सम्झौताअनुसारका कुनै पनि कार्य नभई समयावधि सकिएको देखियो। विश्वविद्यालयले शैक्षिक गुरणस्तर अभिवृद्धि हुने विषयमा साझेदारी तथा सहकार्य गरी त्यस्ता सम्झौता कार्यान्वयन गर्नुपर्दछ।

९८. **आन्तरिक आय -** लुम्बिनी विश्वविद्यालय, आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद-६ मा खर्च व्यवस्था र कार्यविधि प्रणाली सम्बन्धी व्यवस्था छ। विश्वविद्यालयको बजेट रु.३६ करोड ५७ लाख रहेकोमा रु.७ करोड ८८ लाख ६ हजार खर्च भएको छ। यस वर्षको आन्तरिक आम्दानी रु.३ करोड २२ लाख ७१ हजार (४०.९५ प्रतिशत) रहेको देखिन्छ। विश्वविद्यालयले आफ्नो आन्तरिक आयको स्रोत पहिचान गरी सङ्घीय सरकार माथिको निर्भरता घटाउँदै जानुपर्दछ।

मध्यपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा, प्राविधिक, तथा अन्य व्यावसायिक विषयको अध्ययन, अध्यापन र अनुसन्धान गर्न मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालय मातहत ४८ निकाय रहेका छन्।

९९. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
६०८२५०	१३४९३	६२१७४३	५९७६८२	२४०६१

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.६० करोड ८२ लाख ५० हजारसमेत रु.६२ करोड १७ लाख ४३ हजार आय प्राप्त गरेकोमा रु.५९ करोड ७६ लाख ८२ हजार (९६.१३ प्रतिशत) खर्च गरेको छ। विश्वविद्यालयको सम्पूर्ण खर्च नेपाल सरकारको अनुदानबाट बेहोरिएको छ। विश्वविद्यालयको विद्यार्थी सङ्ख्या १२ हजार १९४ सँग तुलना गर्दा प्रतिविद्यार्थी अन्य आय रु.१ हजार १०६ भएकोमा प्रतिविद्यार्थी खर्च रु.४९ हजार रहेको देखिन्छ।

विश्वविद्यालयले नेपाल सरकारबाट रु.६० करोड ८२ लाख ५० हजार अनुदान प्राप्त गरेकोमा रु.५९ करोड ७६ लाख ८२ हजार खर्च गरेकोले बाँकी रु.१ करोड ५ लाख ६८ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ। विश्वविद्यालय मातहत ४० निकायको लेखापरीक्षण भएको छैन।

१००. **सम्पत्तिको संरक्षण -** मध्यपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली २०६९ को नियम ९२ (१०) बमोजिम आफ्नो र मातहत निकायहरूको सम्पत्तिको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। विश्वविद्यालय र अन्तर्गतका निकायहरूको एकीकृत जगाको अद्यावधिक गरी राखेको छैन। विश्वविद्यालयले केन्द्रीय कार्यालयको नाममा २० बिघा २.७ कठ्ठा जग्गा रहेको विवरण पेस गरेको छ। विश्वविद्यालयले सम्पत्तिको एकीकृत लगत राखी सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

१०१. **सङ्गठन संरचना -** मध्यपश्चिम विश्वविद्यालय ऐन. २०६७ को दफा ५ मा संकाय अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था गरेको छ। विश्वविद्यालय र मातहत समेत ४७ भुक्तानी एकाइ स्थापना गरी सञ्चालनमा रहेको छ। विश्वविद्यालयको आम्दानी यस वर्ष रु.१ करोड ३४ लाख अर्थात् कुल प्राप्तिमा आन्तरिक आयको हिस्सा २.१७ प्रतिशत रहेको अवस्थामा भुक्तानी केन्द्रहरूको पुनरावलोकन गर्नुपर्दछ।

१०२. **लेखापरीक्षण बक्यौता -** मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा ३३ मा विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट हुने व्यवस्था छ । विश्वविद्यालय मातहतका ४० निकायले २०८१।८२ मा लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन् ।

क्र.सं.	कार्यालय
१.	सेवा आयोग
२.	व्यवस्थापन केन्द्रीय विभाग
३.	शिक्षाशास्त्र डिन
४.	ग्राजुयट स्कुल अफ म्यानेजमेन्ट डिनको कार्यालय
५.	इन्जिनियरिङ डिनको कार्यालय
६.	परीक्षा व्यवस्थापन
७.	स्कुल अफ म्यानेजमेन्ट
८.	विज्ञान तथा प्रविधि डिन
९.	सामाजिक शास्त्र डिनको कार्यालय
१०.	कानुन संकाय बी.ए.एल.एल.वी
११.	अनुसन्धान केन्द्र
१२.	पाठ्यक्रम विकास केन्द्र
१३.	भेरी बहुमुखी क्यामपस गुमी, सुर्खेत
१४.	विद्यापुर जनता बहुमुखी क्याम्पस, सुर्खेत
१५.	योजना विकास र अनुगमन निर्देशनालय, सुर्खेत
१६.	अन्तर्राष्ट्रिय सहकार्य र विकास कार्यक्रम (एम.आई.सी.डी.), ललितपुर
१७.	ग्राजुयट स्कुल अफ एग्रिकल्चर एण्ड फरेष्ट्री डिनको कार्यालय, सुर्खेत
१८.	ग्राजुयट स्कुल अफ एग्रिकल्चर एण्ड फरेष्ट्री साइन्स, सुर्खेत
१९.	विश्वव्यापी भाषा तथा व्यावसायिक सिप विकास केन्द्र, सुर्खेत
२०.	ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, समाजशास्त्र, मानवशास्त्र र लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन केन्द्रीय विभाग
२१.	ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, अंग्रेजी र नेपाली केन्द्रीय विभाग
२२.	ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभाग
२३.	ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, अन्तर्राष्ट्रिय सम्बन्ध र कुटनीति, द्वन्द्व र शान्ति अध्ययन केन्द्रीय विभाग
२४.	ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्स, विकास अर्थशास्त्र, ग्रामीण विकास र गणित केन्द्रीय विभाग
२५.	ग्राजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, वायोलोजिकल तथा केमिकल साइन्सेज केन्द्रीय विभाग

क्र.सं.	कार्यालय
२६.	ग्र्याजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, भौतिक तथा गणितिय विज्ञान केन्द्रीय विभाग
२७.	ग्र्याजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग
२८.	ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ केन्द्रीय विभाग
२९.	ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ केन्द्रीय विभाग
३०.	ग्र्याजुएट स्कुल अफ इन्जिनियरिङ, हाइड्रोपावर इन्जिनियरिङ केन्द्रीय विभाग
३१.	ग्र्याजुएट स्कुल अफ एजुकेशन, स्वास्थ्य तथा जनसंख्या शिक्षा केन्द्रीय विभाग
३२.	ग्र्याजुएट स्कुल अफ एजुकेशन, अभ्यास शिक्षण तथा अतिरिक्त क्रियाकलाप केन्द्रीय विभाग
३३.	ग्र्याजुएट स्कुल अफ एजुकेशन, अंग्रेजी शिक्षा केन्द्रीय विभाग
३४.	ग्र्याजुएट स्कुल अफ एजुकेशन, नेपाली शिक्षा केन्द्रीय विभाग
३५.	ग्र्याजुएट स्कुल अफ एजुकेशन,
३६.	गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशनालय
३७.	मध्यपश्चिम विश्वविद्यालय तालिम एकाइ
३८.	मध्यपश्चिम विश्वविद्यालय नीति प्रयोगशाला
३९.	मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय पुस्तकालय
४०.	इन्टरनेशनल रिलेसन्स युनिट

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

विज्ञान तथा प्रविधिका विषय र क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम जनशक्ति उत्पादन गर्न तथा प्रविधिको विकासमा थप योगदान पुर्याउन मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत यस विश्वविद्यालयको स्थापना भएको हो।

१०३. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
४४००००	२०१०१	४६०१०१	३२६१३१	१३३९७०

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.४४ करोडसमेत रु.४६ करोड १ लाख १ हजार आय प्राप्त गरेकोमा रु.३२ करोड ६१ लाख ३१ हजार (७०.८८ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश शतप्रतिशत रहेको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या ३७ जनासँग तुलना गर्दा प्रतिविद्यार्थी आन्तरिक आय रु.५ लाख ४३ हजार २७० भएकोमा प्रतिविद्यार्थी खर्च रु.८८ लाख १४ हजार रहेको देखिन्छ।

विश्वविद्यालयले नेपाल सरकारबाट रु.४४ करोड अनुदान प्राप्त गरेकोमा रु.३२ करोड ६१ लाख ३१ हजार खर्च गरेकोले बाँकी रु.११ करोड ३८ लाख ६९ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

१०४. **कर्मचारी व्यवस्थापन -** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा २५ मा विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा पारिश्रमिक वा सेवा सुविधा थप गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले १८ जनालाई लेखा, प्रशासन, इन्जिनियरिङलगायतका कार्यका लागि परामर्शदाताको रूपमा दैनिक रु.१ हजार २३८ देखि रु.१० हजारसम्म पारिश्रमिक दिनेगरी नियुक्ति गरी रु.१ करोड

२९ लाख ४३ हजार पारिश्रमिक खर्च लेखेको छ। विश्वविद्यालयले परामर्श सेवामार्फत पारिश्रमिक भुक्तानी गरेकोमा अर्थमन्त्रालयको स्वीकृति लिएको देखिएन।

नेपाल खुला विश्वविद्यालय

खुला शिक्षा प्रणालीद्वारा विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने गराउने कामको लागि नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ अन्तर्गत २०७४।२।२९ मा खुला विश्वविद्यालयको स्थापना भएको हो।

१०५. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
नेपाल सरकारको अनुदान	आन्तरिक आय			
११०१२५	८५८०३	१९५९२८	११५१५४	८०७७४

विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रु.११ करोड १ लाख २५ हजारसमेत रु.१९ करोड ५९ लाख २८ हजार आय प्राप्त गरेकोमा रु.११ करोड ५१ लाख ५४ हजार (५८.७७ प्रतिशत) खर्च भएको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या १ हजार ९७० सँग तुलना गर्दा प्रति विद्यार्थी आन्तरिक आय रु. ४३ हजार ५५४ भएकोमा प्रति विद्यार्थी खर्च रु.५८ हजार ४५३ गरेको देखिन्छ। विश्वविद्यालयले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसारको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन।

१०६. **प्रशासनिक भवन -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा ३ को उपदफा २ मा विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको स्थानमा रहने व्यवस्था छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०८२।३।२६ को निर्णयबाट विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा राख्ने निर्णय भई यो वर्ष भवन निर्माण गर्न रु.१ अर्ब ५ करोड बजेट विनियोजन भएकोमा निर्माण कार्य सुरु भएको छैन।

१०७. **वैदेशिक सहायता -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २८ को उपदफा २ मा विदेशी व्यक्ति, सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष फिनल्याण्डको एक विश्वविद्यालयबाट रु.४ लाख ६८ हजार र नोराडबाट रु.६१ लाख ७६ हजार समेत रु.६६ लाख ४४ हजार अनुदान प्राप्त गरेकोमा नेपाल सरकारबाट स्वीकृति लिएको देखिएन।

राजर्षि जनक विश्वविद्यालय

शिक्षण, अनुसन्धान र कलात्मक प्रयासहरूमार्फत सिक्नको लागि केन्द्र बनाउने, उत्कृष्ट शिक्षण, अनुसन्धान र सामुदायिक सेवाहरू प्रदान गर्ने, प्रविधिमा आधारित, नवीन र अन्तर-अनुशासनात्मक सिकाइ वातावरणलाई प्रवर्धन गर्ने उदेश्यले २०७४ सालमा स्थापना भएको हो।

१०८. **वित्तीय विवरण -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
ने.स.अनुदान	आन्तरिक आय			
१४०४३०	१२८३९	१५३२६९	१५९२१७	(५९४८)

विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रु.१४ करोड ४ लाखसमेत रु.१५ करोड ३२ लाख ६९ हजार आय प्राप्त गरेकोमा कुल आयको (१०३.८८ प्रतिशत) खर्च गरेको छ। विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या १ हजार ६४८ सँग तुलना गर्दा प्रतिविद्यार्थी आन्तरिक आय रु.७ हजार ७७९ भएकोमा प्रतिविद्यार्थी खर्च रु.९६ हजार ६१२ गरेको देखिन्छ ।

१०९. **लेखापरीक्षण बक्यौता -** राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ को दफा ३३ मा विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट हुने व्यवस्था छ । परिषद् मातहत गौशाला इन्जिनियरिङ क्याम्पस गौशाला, अनुगमन तथा मूल्याङ्कन निर्देशनालय जनकपुरधाम, पण्डित मंगलकुमार उपाध्याय बहुमुखी क्याम्पस गौर र महागढीमाई बहुमुखी क्याम्पस बरियारपुर बाराले २०८१।८२ मा लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन्।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त बनाउन एवं त्यस्ता तालिम दिने निकायहरूकाबिच समन्वय कायम गर्न सिपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम परिषद्को स्थापना भएको हो। परिषद् मातहत ८२ निकाय रहेका छन्।

११०. **वित्तीय विवरण -** परिषद्को यो वर्षको वित्तीय विवरण स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	मौज्दात
	नेपाल सरकारको अनुदान	आन्तरिक आय			
४८४१०२२	५०५२०२	४१६९८६७	९५१६०९१	२६०२२२५	६९१३८६६

यो वर्षको सरकारी अनुदान रु.५० करोड ५२ लाख २ हजारसमेत रु.९ अर्ब ५१ करोड ६० लाख ९१ हजार आय प्राप्त गरेकोमा रु.२ अर्ब ६० करोड २२ लाख २५ हजार (२७.३५ प्रतिशत) खर्च भएको देखिन्छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको अंश १९.४१ प्रतिशत रहेको छ।

११०.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। परिषद्ले वित्तीय विवरणमा नेपाल सरकारको अनुदान रु.५० करोड ५२ लाख २ हजार आम्दानी देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले रु.१ अर्ब १८ करोड ७० लाख १७ हजार (सोझै भुक्तानीसमेत) निकासा र खर्च देखाएको छ। परिषद्ले यो वर्ष एक वैदेशिक निकायबाट सोझै भुक्तानी रु.६८ करोड १८ लाख १५ हजार आम्दानी जनाएकोमा सोको लेखापरीक्षण गराएको छैन।

११०.२. परिषद् मातहतका शिक्षालयहरूले प्रदेश सरकारसमेतबाट निकासा लिई खर्च गरेकोमा सो निकासा र खर्चलाई परिषद्ले एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। परिषद्ले प्रचलित कानुनबमोजिम स्वीकृत लेखा मानअनुसारको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन।

१११. **जगेडा कोष खाता -** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०६२ को विनियम ३ (च)२ मा प्रायोजित कार्यक्रमको निर्देशिकामा उल्लेख भएबमोजिम प्राप्त हुने रकम जगेडा कोषमा जम्मा हुने र कार्यक्रम सञ्चालन गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम कार्यालयको आर्जन कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। परिषद् तथा अन्तर्गतका ६७ कार्यालयको जगेडा कोष खातामा आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको रु.१० करोड ४८ लाख ७० हजार केन्द्रीय कोष खातामा जम्मा गर्नुपर्दछ।

११२. **करार सेवा -** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ को विनियम १२ मा कुनै पद आषाढ मसान्तभित्र रिक्त भएमा साउन मसान्तसम्म पदपूर्ति समिति समक्ष माग गरी पठाउनुपर्ने व्यवस्था छ। परिषद्को सेवा करारमा व्यक्ति छनोट कार्यविधि, २०७८ को दफा ९ (१) मा सम्झौतासम्बन्धी व्यवस्था छ। यस कार्यालयअन्तर्गत प्रदेश तहमा आङ्गिक प्रारूपमा सञ्चालित ६७ वटा शिक्षालयहरू र ७ प्रदेश कार्यालयमा सेवा करार अन्तर्गत विभिन्न पदमा १ हजार ९५८ जनशक्ति कार्यरत रहेका छन्।

११३. **कार्यक्षेत्र पुनरावलोकन -** नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूची उल्लेख गरेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सङ्घीय सरकारको अधिकार सूचीमा नपरे पनि परिषद् नेपाल सरकार मातहत रहेको छ। संविधानको अनुसूचीमा उल्लेख भएको अधिकार सूची एवं सोको कार्य विस्तृतीकरण प्रतिवेदन अनुकूल हुने गरी परिषद्को कार्यक्षेत्र पुनरावलोकन हुनुपर्दछ।

परिषद् मातहत ८२ कार्यालय रहेकोमा प्रदेश सरकार तथा स्थानीय तहले समेत यस्तै प्रकृतिका कार्यसम्पादन गर्न शिक्षालय स्थापना गरी सञ्चालन गरिरहेका छन्। परिषद्ले शिक्षालय स्थापना गर्न न्यूनतम मापदण्ड स्वीकृत गरी सो मापदण्डअनुसार हुने गरी शिक्षालयको नियमन गर्नुपर्दछ।

११४. **विद्यार्थी भर्ना -** परिषद्ले श्रम बजारको मागका आधारमा उद्योगी, व्यवसायी तथा रोजगारदाताहरूको प्रत्यक्ष सहभागितामा छोटो अवधिका सिपमूलक तालिम कार्यक्रम तथा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू सञ्चालन गरी प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले शिक्षालयहरू तथा कार्यक्रमहरू विस्तार गर्दै आएको छ। विगत तीन वर्षको प्रशिक्षार्थी भर्ना क्षमता र भर्ना स्थिति देहायबमोजिम छः

क्र.सं	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
१	डिप्लोमा तहको भर्ना क्षमता	४६९९०	५२२९४	५३३४२
२	प्रिडिप्लोमा तहको भर्ना क्षमता	२७९१४	२४८४२	२२३८२
	कुल भर्ना क्षमता	७४९०४	७७१३६	७५७२४
१	डिप्लोमा तहको भर्ना	२६४४२	२६७६२	२४६७८
२	प्रिडिप्लोमा तहको भर्ना	८६६६	६७९०	४८९३
	कुल भर्ना	**३५३०८**	**३३५५२**	**२९५७१**
	भर्ना प्रतिशत	**४७.१४**	**४३.५०**	**३९.०५**

***स्रोतः** परिषद्को वार्षिक प्रतिवेदन।*

उल्लिखित तथ्याङ्कअनुसार प्रशिक्षार्थी भर्ना दर क्रमशः घट्दो क्रममा रहेको छ। बजार निर्देशित र स्वरोजगारी अभिप्रेरित कार्यक्रमहरूमार्फत प्राविधिक शिक्षालयहरूको भर्ना दर अभिवृद्धि गर्नुपर्दछ।

११५. **लेखापरीक्षण बक्यौता -** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को, २०४५ को दफा ११ मा परिषदको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयवाट हुने व्यवस्था छ। परिषद् मातहत मदन आश्रित प्राविधिक शिक्षालय काठमाडौं, शहिद विष्णुधनी बहुप्राविधिक शिक्षालय बर्दिया र गुर्भाकोट बहुप्राविधिक शिक्षालय सुर्खेतले २०८१।८२ मा लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैनन् ।

राष्ट्रिय विधिविज्ञान प्रयोगशाला

११६. **लेखापरीक्षण बक्यौता -** राष्ट्रिय विधि विज्ञान प्रयोगशाला गठन आदेश, २०५२ अनुसार लेखापरीक्षण सम्बन्धी व्यवस्था दफा १२ मा उल्लेख गरिएको छ। प्रयोगशाखा मातहत शाखा कार्यालय वीरेन्द्रनगर, सुर्खेतले २०८१।८२ मा लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिएकोले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६६ निकायमा रु.८ करोड ५९ लाख ७७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२० लाख ५७ हजार सम्परीक्षण भएकोले रु.८ करोड ३९ लाख २० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२ करोड ८ लाख ६३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित, अन्य संस्था र समिति ३६६ तर्फ रु.३ अर्ब १४ करोड १ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१९ करोड ७७ लाख ९२ हजार सम्परीक्षण भएकोले रु.२ अर्ब ९४ करोड २३ लाख ९५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१६ करोड ५ लाख ९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सिपयुक्त जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा, व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्धन, बालश्रम निवारण, विदेशीहरूको लागि श्रम स्वीकृति लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १८ सरकारी कार्यालयको निम्नानुसार रु.८ अर्ब २२ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८२५४	६२५	६४९९०	८३९९	८२२६८

उल्लिखित रकममा स्थानीय तहबाट खर्च भएको रु.१ करोड ८५ लाख समावेश गरिएको छैन

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष ३ संस्थाको रु.७ अर्ब ४५ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष सामाजिक सुरक्षा कोषको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - मन्त्रालयले पेस गरेको प्रगति विवरणअनुसार सोह्रौं आवधिक योजनाको नतिजा सूचकको परिमाणात्मक लक्ष्य र प्रगति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ को प्रगति
१.	श्रम अडिट गर्ने प्रतिष्ठानको वार्षिक सङ्ख्या	हजारमा	३.४	३०	४.२७
२.	वैदेशिक रोजगारीमा जाने सिपयुक्त जनसङ्ख्या	प्रतिशत	७४	८०	७१
३.	छोटो अवधिको रोजगार उन्मुख व्यावसायिक सिपमूलक तालिम लिने जनसङ्ख्या	हजारमा	१९.६	८५	२४
४.	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान तथा रोजगारदाताको सङ्ख्या	हजारमा	१८	६०	२१
५.	सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या	हजारमा	६५०	२५००	२३८०
६.	आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन	सङ्ख्या	४२	९४	७६
७.	सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट वार्षिक रोजगारी पाउने व्यक्ति	हजारमा	९१.६	२००	५५
८.	श्रम सम्झौता भएका गन्तव्य मुलक	सङ्ख्या	१०	१५	१२

क.सं.	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ को प्रगति
९.	पुन: एकीकरण कार्यक्रमबाट वार्षिक रूपमा लाभान्वित हुने व्यक्ति	हजारमा	०	१००	५

मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार आधार वर्ष २०७९।८० को तुलनामा वैदेशिक रोजगारीमा जाने सिपयुक्त जनसङ्ख्या ७४ प्रतिशतबाट ७१ प्रतिशतमा झरेको तथा सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट वार्षिक रोजगारी पाउने व्यक्ति ९१ हजारबाट घटेर ५५ हजार पुगेको देखिन्छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यले निर्धारण गरेबमोजिम सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गरी सन् २०३० सम्ममा कम्तीमा वार्षिक कुल गार्हस्थ उत्पादनमा ७ प्रतिशत वृद्धि कायम राख्ने लक्ष्य रहेकोमा वार्षिक औसत वृद्धिदर ४.२ प्रतिशत रहेको देखिन्छ। यसै गरी सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागु गर्ने र गरिब तथा जोखिममा रहेकालाई उल्लेख्यरूपमा समेट्ने लक्ष्य रहेकोमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुने प्रतिष्ठानको सङ्ख्या २० हजार ९७६ र लाभग्राहीको सङ्ख्या २३ लाख ८० हजार १८० रहेको छ। आर्थिक वृद्धि, मर्यादित रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्यको बुँदा न. १३८ मा वैदेशिक रोजगारबाट फर्किएका एक लाख रिटर्नीहरूलाई निजहरूले विदेशमा हासिल गरेको ज्ञान, सिप र पुँजीमार्फत उद्यमशीलता प्रवर्धन गरी स्वरोजगार बनाएको प्रमाणसहितको अभिलेख मन्त्रालयमा रहेको छैन। बजेट वक्तव्यको बुँदा नं. १३३ मा उल्लेख भएको रोजगार बैङ्कको स्थापना गरी रोजगारीसम्बन्धी सूचनाको एकीकृत अभिलेख तयार गरी श्रम बजारमा उपलब्ध रोजगारीको अवसर तथा जनशक्तिको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आबद्ध गरिने कार्य गरेको देखिएन। बजेट वक्तव्यको बुँदा नं. १३६ मा उल्लेख भएबमोजिम थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएको देखिएन। सोही बुँदामा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सिपयुक्त बनाइने उल्लेख भएकोमा सिप परीक्षण नहुने प्रकृतिका तालिम २९ निजी क्षेत्रका सेवा प्रदायक संस्थामार्फत १९ हजार ८६६ जनालाई प्रदान गरी रु.४४ करोड ११ लाख २५ हजार खर्च लेखेको देखिन्छ। बजेट वक्तव्यको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयको यो वर्षको कार्यक्रमगत बजेट, खर्च तथा वित्तीय प्रगति स्थिति निम्नानुसार छः

(रू हजारमा)

कार्यक्रम	विनियोजित बजेट	खर्च	वित्तीय प्रगति प्रतिशत
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१७२४५०.१०	११४६३२	६६
वैदेशिक रोजगार न्यायाधीकरण	२७३७९	२६००८	९५
रोजगार प्रवर्धन कार्यक्रम	३५४९२१	१९५५०३	५५
प्रधानमन्त्री रोजगार कार्यक्रम	४३७९०	२६४२८	६०
युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना	१९२३००	२९२७९	१५

कार्यक्रम	विनियोजित बजेट	खर्च	वित्तीय प्रगति प्रतिशत
वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनः एकीकरण परियोजना पहिलो चरण	१४३०६०	९८२८५	६९
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग	५०५८४	४०५७१	८०
श्रम तथा रोजगार कार्यालयहरू	१९२५५२	१४६७७५	७६
व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र	२५९४४	१८९५७	७३
वैदेशिक रोजगार विभाग	२०२३४२	१३७९१४	६८
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान	४३५०९६	१५५३३२	३६
वैदेशिक रोजगार बोर्डको सचिवालय	२२८८०	२१६८४	९५
जम्मा	**१८६३२९८**	**१०११३६८**	**५४**

मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार यो वर्ष युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनामा १५ प्रतिशत, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा ३६ प्रतिशत र रोजगार प्रवर्धन कार्यक्रममा ५५ प्रतिशत प्रगति भएको छ। निर्धारित लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

८. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	१५२०४	१५२८८	९५६९	६३
पुँजीगत	३३०८	३३४५	५४४	१६
जम्मा	**१८५१२**	**१८६३३**	**१०११३**	**५४**

मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ६३ र पुँजीगततर्फ १६ प्रतिशत खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजित बजेटबमोजिम कार्यक्रम कार्यान्वयन गरी कार्य प्रगति हासिल गर्नुपर्दछ।

९. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आयव्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि स्वीट्जरल्याण्ड सरकारको सोझै भुक्तानी अनुदानबाट पुन: एकीकरण परियोजना र रोजगार प्रवर्धन कार्यक्रममा रु.२६ करोड ५२ लाख ३५ हजार खर्च गरेकोमा सोसम्बन्धी लेखा र वित्तीय विवरण लेखापरीक्षणमा पेस भएको छैन। सबै सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

१०. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ अनुसार बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट रोजगारी सिर्जना र पदस्थापना गर्ने, वैदेशिक रोजगारमा जानेलाई सहजीकरण र परामर्श तथा फर्केकालाई पुन: एकीकरणलगायतका कार्यक्षेत्रगत सर्त तोकी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी स्थानीय तहमा सूचीकृत बेरोजगारलाई सार्वजनिक निर्माण तथा मर्मत सम्भार आयोजनामा सहभागी गराई करिब २ लाख व्यक्तिलाई न्यूनतम १०० दिन रोजगारी प्रदान गर्ने लक्ष्यकासाथ रु.६ अर्ब बजेट विनियोजन भएकोमा ५४ हजार ५८७ जनालाई औसत ५३ दिन न्यूनतम रोजगारी प्रदान गरी रु.४

अर्ब ८५ करोड खर्च गरेको देखियो। सोअनुसार रोजगार सङ्ख्या ७३ प्रतिशत र रोजगार दिन ४७ प्रतिशतले घटेको देखियो। त्यस्तै आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार उक्त कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्रबाट ७ लाख ९७ हजार ७२५ सूचीकृत बेरोजगारमध्ये ५४ हजार ५८७ जनाले औसत ५३ दिन न्यूनतम रोजगारी प्राप्त गरेको देखिन्छ। रोजगार सेवा केन्द्रमा बाह्य तथा आन्तरिक रोजगारको सूचना तथा तथ्याङ्कको विवरण अद्यावधिक गरेको देखिएन।

युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना

विश्व बैङ्कको अमेरिकी डलर १२ करोड ऋण सहयोगमा सञ्चालित यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध भई रोजगारीको अवसर सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षितवर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ। यो आयोजना २०७६।८।११ (२७ नोभेम्बर २०१९) देखि कार्यान्वयनमा रहेको छ।

यस वर्षको लेखापरीक्षणबाटः

- *नियमावलीको व्यवस्था विपरीत वैदेशिक रोजगार व्यवसाय कोषबाट रु.८४ लाख ९२ खर्च गरेको,*
- *श्रम स्वीकृति लिएका ८ लाख ३९ हजार २६६ जना मध्ये २ लाख २७ हजार ४०७ कामदारले कुनै पनि व्यावसायिक सिपमूलक तालिम नलिई वैदेशिक रोजगारीमा गएको,*
- *श्रम स्वीकृति नलिने वा नवीकरण नगर्नेको अनुगमन नभएको,*
- *आयोजनाले नियमित प्रशासनिक कार्यहरू मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने लगायतका कार्यका लागि ८ परामर्शदातालाई यो वर्ष रु.८३ लाख ३७ हजार भुक्तानी गरेको,*
- *दरबन्दी बेगर वैदेशिक रोजगार बोर्डको सचिवालय र इपीएस कोरिया शाखाले करार कर्मचारी नियुक्त गरी रु.९८ लाख ३६ हजार खर्च लेखेको लगायतका बेहोरा देखिएका छन्।*

११. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। आयोजनाले मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने, खरिदसम्बन्धी कागजात तयार गर्ने, लेखापरीक्षणका लागि आवश्यक अभिलेख र कागजात सुरक्षित राख्नेलगायतका कार्यको लागि खरिद र वित्तीय विज्ञ नियुक्ति गरी ८ परामर्शदातालाई यो वर्ष रु.८३ लाख ३७ हजार भुक्तानी गरेको छ। आयोजनामा उपलब्ध जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यमा परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **मूल्याङ्कन प्रतिवेदन** - मन्त्रालयले प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तथा वातावरण र सामाजिक सुरक्षणसम्बन्धी तेस्रो पक्षबाट गरिने अध्ययन प्रतिवेदन तयारीको लागि रु.४२ लाख ६ हजार खर्च गरेको छ। परियोजनाले नियमित पारिश्रमिक पाउने गरी वातावरण विज्ञसमेत ८ परामर्शदाता नियुक्ति गरी रु ८३ लाख ३७ हजार खर्च गरेकोमा पुनः परामर्शदाताबाट अध्ययन अनुसन्धान गराई खर्च गरेको उपयुक्त देखिएन ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

देशभित्र श्रम सम्बन्धको विकास, श्रमिक हक हित प्रवर्धन, आन्तरिक श्रम बजार सर्वेक्षण, श्रमसम्बन्धी विषयमा राय, सुझाउ उपलब्ध गराउने, श्रमसम्बन्धी तथ्याङ्क एवं सूचना उपलब्ध गराउनेलगायतका श्रम

प्रशासनसम्बन्धी कार्य यस विभागले गर्दै आएको छ। यो वर्ष विभाग र मातहत १३ कार्यालयसमेतको लागि रु.२६ करोड ९० लाख ८० हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१७ करोड ५४ लाख ३१ हजार र पुँजीगततर्फ रु.३ करोड ८ लाख ७१ हजारसमेत रु.२० करोड ६३ लाख २ हजार खर्च भएको छ।

१३. **श्रम परीक्षण-** श्रम नियमावली, २०७५ को नियम ५६ मा श्रम ऐन तथा नियमावलीबमोजिम काम कारबाही भए नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र मन्त्रालयले तोकेको मापदण्डबमोजिम प्रतिष्ठानको आफ्नै व्यवस्थापकीय तहको श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्थामार्फत श्रम लेखापरीक्षण गराई अनुसूची १० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष ५ हजार प्रतिष्ठानको परीक्षण प्रतिवेदन सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकोमा ४ हजार २७४ को प्रतिवेदन प्राप्त गरेको छ। सङ्कलित प्रतिवेदनको कार्यान्वयन गराउनुपर्दछ।

१४. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य -** श्रम नियमावली, २०७५ को नियम ४८(१) अनुसार विभागले यो वर्ष व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको सम्बन्धमा ३ हजार ७१७ बालश्रम निरीक्षण एवं ३ हजार ७६२ प्रतिष्ठान र ४३५ ब्वायलर मेसिन निरीक्षण गरेको प्रगति प्रतिवेदनबाट देखिन्छ। विभागको निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार अधिकतम ध्वनि मापनका लागि स्तर मापदण्ड, २०७३ बमोजिम कार्यस्थलको प्रकाश तथा ध्वनि मापनका लागि आवश्यक उपकरण प्रयोग गरी अवस्था विश्लेषण गर्नुपर्नेमा उपकरणको प्रयोग नभएको र तापक्रमसम्बन्धी मापदण्ड तयार नभएको स्थिति छ। निरीक्षणबाट व्यवसायजन्य सुरक्षा तथा श्रम समिति गठन नगरेको, व्यवसायजन्य सुरक्षा तथा श्रम नीति नबनाएको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, मेसिनरी औजारहरूमा उपयुक्त सुरक्षाबारे सङ्केत चिन्ह नरहेको, सुरक्षा हेल्मेट, पन्जा तथा अन्य सामान उपलब्ध नगराएको लगायतका कैफियत देखिएको उल्लेख छ। अतः स्वास्थ्य तथा सुरक्षासम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्दछ।

१५. **श्रम दक्षता प्रतिस्थापन–** विभागको कार्यविवरणमा स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धी, दक्ष एवं सिपयुक्त जनशक्तिको उत्पादन तथा रोजगारका अवसर सिर्जना गर्ने उल्लेख छ। विभागले यो वर्ष ८९२ गैरनेपाली नागरिकलाई नयाँ श्रम स्वीकृति र १ हजार ६६७ को श्रम स्वीकृति नवीकरणसमेत २ हजार ५५९ गैर नेपालीलाई श्रम स्वीकृति प्रदान गरेको छ। विभागले श्रम स्वीकृति प्रदान गर्दा प्रतिस्थापन योजना पेस गर्ने व्यवस्था गरे तापनि सोको कार्यान्वयन अवस्था र श्रम स्वीकृति नलिने वा नवीकरण नगराउनेको सम्बन्धमा अनुगमन गरेको पाइएन। श्रम दक्षता प्रतिस्थापन सम्बन्धमा विभागले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ।

१६. **उजुरी व्यवस्थापन –** श्रम नियमावली, २०७५ को नियम १६२ मा कुनै व्यक्ति तथा रोजगारदाता, श्रमिक वा पदाधिकारीले नियम विपरीत कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले उजुरी दिनसक्ने व्यवस्था छ। विभागमा यस वर्ष व्यक्तिगत दाबी उजुरी ७७३ र सामूहिक दाबी उजुरी ११८ परेकोमा कार्यान्वयनको अवस्थामा ५८२ श्रम विवाद समाधान भएको श्रम बुलेटिन, २०८१ मा उल्लेख गरेको छ।

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागले वैदेशिक रोजगार अनुमति दिने, अनुमति नवीकरण गर्ने, अनुगमन गर्ने, वैदेशिक रोजगारीको सम्बन्धमा परेका उजुरीको आवश्यक जाँचबुझ गर्ने गराउने र क्षतिपूर्ति

भराउने लगायतका कार्य गर्दै आएको छ । यो वर्ष विभाग र मातहत २ कार्यालयसमेतको लागि रु.१९ करोड ४७ लाख ९ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१२ करोड ७७ लाख ४६ हजार र पुँजीगततर्फ रु.२१ लाख ४६ हजारसमेत रु.१२ करोड ९८ लाख ९२ हजार खर्च भएको छ।

१७. **सेवा प्रवाह -** वैदेशिक रोजगारीको लागि २०८१।८२ मा व्यक्तिगत १ लाख ३३ हजार ६३४, संस्थागत ३ लाख ५९ हजार ६७८, सरकार सरकारबिच १२ हजार ६५३ र पुन: श्रम स्वीकृति ३ लाख ३३ हजार ३०५ समेत ८ लाख ३९ हजार २७० नेपाली कामदारले श्रम स्वीकृति प्राप्त गरेका छन्। कार्यालयले अनलाइन सेवा सुरु गरेपछि अनलाइन फर्म भर्ने कार्यको लागि खुलेका निजी सेवा प्रदायकहरूले शुल्क लिने र आवश्यक कागजात नभए पनि निवेदन गरिदिने लगायतका कारणले सेवाग्राही मर्कामा परेको उजुरीहरू रहेको पाइयो। अनलाइन सेवा शुल्कमा एकरूपता गर्ने, सेवा प्रदायकको कानुनी मान्यताको लागि अनिवार्य दर्ता हुनुपर्ने, तोकिएको भन्दा बढी सेवा शुल्क लिन नपाइने र आवश्यक कागजातसहित निवेदन गर्न मिल्ने गरी प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

१८. **वैदेशिक रोजगारीको सम्झौता -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार नेपाल सरकारले संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुल्ला गरेकोमा हाल साबिकका २ राष्ट्रमा वैदेशिक रोजगारीमा जान रोक्का गरेको छ। संस्थागत, व्यक्तिगत, वैधानिकीकरण र नवीकरणसमेत गत वर्ष ७ लाख ४१ हजार २९७ व्यक्तिले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएकोमा २०८१।८२ मा ८ लाख ३९ हजार २७० ले श्रम स्वीकृति लिएको देखिन्छ। वैदेशिक रोजगारीमा जाने प्रमुख गन्तब्य मुलुकमध्ये १२ देशसँग श्रम सम्झौता भएको छ। दोस्रो बढी वैदेशिक रोजगारीको गन्तव्य रहेको साउदी अरबसँग श्रम सम्झौता भएको छैन। प्रमुख गन्तव्य देशसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुपर्दछ ।

१९. **वैदेशिक रोजगार व्यवसाय कोष -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २५ (३) बमोजिम इजाजत माग गर्ने संस्थाबाट प्राप्त धरौटी रकमको नब्बे प्रतिशत मुद्दती खातामा लगानी गरी प्राप्त हुने ब्याजको पच्चीस प्रतिशत रकम विभागले वैदेशिक रोजगार व्यवसाय कोषमा जम्मा गर्नुपर्ने र सो रकम नियम २५(४) बमोजिम इजाजतपत्रवालाको व्यावसायिक क्षमता अभिवृद्धि तथा कल्याणकारी कार्य वा वैदेशिक रोजगारसम्बन्धी अध्ययन अनुसन्धानको काममा उपयोग गर्नुपर्ने उल्लेख छ। विभागले यो वर्ष धरौटीबापत प्राप्त भएको रु.५ अर्ब १३ करोड विभिन्न ६ वाणिज्य बैङ्कको मुद्दती खातामा लगानी गरी प्राप्त गरेको ब्याज रु. २५ करोड ८३ लाख ३४ हजारमध्ये रु.१० करोड ६९ लाख ७८ हजार वैदेशिक रोजगार बोर्डमा पठाएकोमा रु.१५ करोड १३ लाख ५६ हजार वैदेशिक रोजगार व्यवसाय कोषमा मौज्दात रहेको छ। कोषमा जम्मा भएको रकम नियमावलीमा तोकिएको कार्यमा उपयोग गर्नुपर्नेमा विभागले प्रिफ्याब पार्टिसन, अनुगमन तथा वैदेशिक भ्रमण, मसलन्द तथा कार्यालय सामान खरिद र अतिथि सत्कारमा समेत रु.८४ लाख ९२ हजार खर्च गरेको पाइयो। नियमावलीमा व्यवस्था गरेको शीर्षकमा खर्च गर्नुपर्दछ।

२०. **बिगो र क्षतिपूर्ति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ बमोजिम रोजगारदाता संस्थाले सम्झौतामा तोकिएको सर्तअनुसार रोजगार उपलब्ध नगराएमा सो को प्रमाणसहित कामदार वा निजको प्रतिनिधिले विभाग

समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्ने र उजुरी मनासिब देखिएमा वैदेशिक रोजगारमा जानको लागि लागेको सम्पूर्ण खर्च क्षतिपूर्ति भराउने आदेश दिन सक्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार यो वर्ष ४ हजार ९७४ उजुरी परेकोमा ७४३ उजुरी फर्स्यौट भई रु.३२ करोड ८७ लाख ३७ हजार क्षतिपूर्ति रकम निर्धारण भएको छ। निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित कामदारहरूले प्राप्त गरेको अभिलेख पेस नभएकोले क्षतिपूर्ति प्राप्तिको वास्तविक अवस्था यकिन गर्न सकिएन। निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित पक्षलाई उपलब्ध गराउन बिगो दाबी रकम खुलाई उजुरीहरूको अद्यावधिक अभिलेख राखी निर्णय कार्यान्वयन गर्नुपर्दछ।

२१. **सिपयुक्त कामदार -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३० मा सिपमूलक तालिम आवश्यक पर्ने काम गर्न वैदेशिक रोजगारीमा जाने कामदारले नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट तालिम लिनुपर्ने व्यवस्था छ। विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा देखिएको विवरणअनुसार २०८१।८२ मा श्रम स्वीकृति लिएका ८ लाख ३९ हजार २६६ कामदारमध्ये २ लाख २७ हजार ४०७ कामदारहरूले कुनै पनि व्यावसायिक सिपमूलक तालिम नलिई वैदेशिक रोजगारीमा गएको देखिन्छ। कामदारको दक्षताको आधारमा पारिश्रमिक तथा अन्य सुविधाहरू निर्धारण हुने भएकोले वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई सिपमूलक व्यावसायिक तालिम प्रदान गरेर मात्र श्रम स्वीकृति दिने व्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	सिपको किसिम	पुरुष	महिला	जम्मा
१	उच्च सिपयुक्त	६९२	२४५	९३७
२	सिपयुक्त	४४७०७३	५९७५४	५०६८२७
३	आंशिक सिपयुक्त	९०६३६	९०८७	९९७२३
४	पेशाविद्	३७४९	६२३	४३७२
५	सिप नसिकेको	२०२६६१	२४७४६	२२७४०७
	जम्मा	**७४४८११**	**९४४५५**	**८३९२६६**

२२. **इजाजतपत्र नवीकरण -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ बमोजिम इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउनुपर्ने र यसरी नवीकरण नगर्ने संस्थाको इजाजत रद्द गर्नुपर्ने व्यवस्था छ। विभागले प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीअनुसार गत वर्षसम्म १ हजार ६४१ संस्था दर्ता रहेकोमा १ हजार ४ संस्था मात्र सक्रिय रहेको देखिन्छ। यस वर्ष विभागले पेस गरेको प्रगति विवरणअनुसार गत वर्षसम्म सक्रिय रहेका १ हजार ४ संस्थामध्ये ३३२ ले मात्र इजाजतपत्र नवीकरण गरेको देखिन्छ। गत वर्षसम्म सक्रिय रहेर यस वर्ष नवीकरण नगराएका ६७२ संस्थाले नवीकरण गराएको वा इजाजतपत्र रद्द गरेको प्रमाण पेस गर्नुपर्दछ।

इपीएस कोरिया शाखा

रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३ को व्यवस्थाबमोजिम दुई देशबिच भएको सम्झौताअनुसार नेपाली कामदार कोरियामा रोजगारीका लागि आपूर्तिसम्बन्धी कार्य व्यवस्थित गर्न यस शाखा कार्यालयको स्थापना भएको हो ।

२३. **सेवा प्रवाह -** नेपाल सरकार र गणतन्त्र कोरियाबिच नेपाली कामदार कोरियामा आपूर्ति गर्ने सम्बन्धमा २०६४ भाद्रमा सम्पन्न भएको सम्झौताबमोजिमको कार्य सम्पन्न गर्न स्थापित यस कार्यालयले यो वर्ष

कोरियामा रोजगारीको लागि १० हजार ४७१ पुरुष र १ हजार ६५ महिलासमेत ११ हजार ५३६ जना कोरिया उडान गरेको अभिलेख पेस गरेको छ।

२४. **दरबन्दी बेगर कर्मचारी** - निजामती सेवा ऐन, २०४९को दफा ७ (ग) बमोजिम निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ। वैदेशिक रोजगार विभागको स्वीकृत सङ्गठन संरचना र दरबन्दी विवरणमा एकजना कम्प्युटर अपरेटरको दरबन्दी रहेको र सो दरबन्दीमा स्थायी कर्मचारी पदपूर्ति भएको छ। कार्यालयले दरबन्दी स्वीकृत नरहेको कम्प्युटर इन्जिनियर पदमा एक जना र कम्प्युटर अपरेटर पदमा ११ जना सेवा करारमा नियुक्ति गरी रु.५५ लाख ३४ हजार पारिश्रमिक भुक्तानी गरेको देखियो। स्वीकृत दरबन्दीअनुसार कर्मचारी नियुक्ति गर्नुपर्दछ।

अन्य संस्था

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

श्रम बजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न, उद्यमशीलता विकासमार्फत उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न विभिन्न नाममा सञ्चालित तालिम कार्यक्रम तथा निकायलाई एकीकृत गरी केन्द्रीय तालिम प्रदायक निकायको रूपमा कार्य गर्न विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठान मातहत ३ कार्यालय रहेका छन्।

२५. **आय-व्यय** - प्रतिष्ठानको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आयतर्फ		व्ययतर्फ	
विवरण	रकम	विवरण	रकम
गत वर्षको मौज्दात	५७११८	नेपाल सरकारको अनुदानबाट खर्च	९३७७९
नेपाल सरकारको अनुदान	९३७७९	आन्तरिक आयबाट खर्च	४६७३७
सेवा शुल्कको आय	६८३०९	बैङ्क मौज्दात	७८६९०
जम्मा	**२१९२०६**	**जम्मा**	**२१९२०६**

प्रतिष्ठानमा गत वर्ष रु.५ करोड ७१ लाख १८ हजार मौज्दात रहेकोमा यो वर्ष नेपाल सरकारको अनुदान रु.९ करोड ३७ लाख ७९ हजार, सेवा शुल्कबापत रु.६ करोड ८३ लाख ९ हजारसमेत रु.२१ करोड ९२ लाख ६ हजार जम्मा आय रहेकोमा रु.१४ करोड ५ लाख १६ हजार खर्च गरी रु.७ करोड ८६ लाख ९० हजार मौज्दात रहेको छ।

२६. **तालिमको अभिलेख** - यस प्रतिष्ठानले प्रदान गर्ने तालिम कार्यक्रमहरू वैदेशिक रोजगार बोर्ड, शिक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलगायतका निकायहरूबाट समेत सञ्चालन गर्ने गरेको छ। श्रम बजारमा आवश्यक सिपयुक्त जनशक्तिको आपूर्ति गरी रोजगारीको दिगोपनाको अनुगमन गर्न तालिम प्रदायक एकै निकायबाट अभिलेख राख्ने गरेको देखिएन। प्रतिष्ठानले सूचना प्रविधिमा आधारित अभिलेख प्रणाली लागु गरे तापनि त्यसले सहभागी छनोट तथा तालिम लिएका व्यक्तिको विवरण मात्र उपलब्ध गराउने भएकाले थप सुधार गरी एकीकृत अभिलेख तथा अनुगमन प्रणालीको विकास गर्नुपर्दछ।

२७. **कार्यक्रम कार्यान्वयन -** प्रतिष्ठानको लागि यस वर्ष सिप विकास तथा जनचेतना तालिम गोष्ठीको लागि रु.८६ लाख बजेट विनियोजन भएकोमा रू.३ लाख ९५ हजार (५ प्रतिशत) खर्च भएको छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

२८. **तालिम केन्द्र स्थापना-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(३) मा बजेट समर्पण गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानबाट महोत्तरीको बलेवामा बहुउद्देश्यीय तालिम केन्द्र स्थापनाका लागि साउदी अरब सरकारबाट प्राप्त अनुदान प्रयोग गरी गैरआवासीय भवन निर्माण तथा जग्गा प्राप्तिका लागि रु.१४ करोड १० लाख बजेट व्यवस्था गरेकोमा उक्त रकम खर्च भएको देखिएन। साथै ऐनको प्रावधानबमोजिम प्रतिष्ठानले बजेट समर्पण गरेको समेत देखिएन।

वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्ने उद्देश्यले २०६५ सालमा वैदेशिक रोजगार बोर्डको गठन भएको हो।

२९. **आय-व्यय -** बोर्डको यो वर्षको आम्दानी तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय			यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	सेवा शुल्क	जम्मा आय		
७५७१७९०	३११००	२१३९४३०	९७४२३२०	२१८२६०७	७५५९७१३

सचिवालयको गत वर्ष रु.७ अर्ब ५७ करोड १७ लाख ९० हजार मौज्दात रहेकोमा यो वर्ष नेपाल सरकारको अनुदान रु.३ करोड ११ लाख, सेवा शुल्कबापत रु.२ अर्ब १३ करोड ९४ लाख ३० हजारसमेत रु.९ अर्ब ७४ करोड २३ लाख २० हजार जम्मा आय रहेकोमा रु.२ अर्ब १८ करोड २६ लाख ७ हजार खर्च भई रु.७ अर्ब ५५ करोड ९७ लाख १३ हजार मौज्दात रहेको छ।

३०. **फरक हिसाब –** सचिवालयको गत वर्षको जिम्मेवारी रु.७ अर्ब ५७ करोड १७ लाख ९० हजार र यस वर्षको आय रु.२ अर्ब १७ करोड ५ लाख ३० हजारसमेत रु.९ अर्ब ७४ करोड २३ लाख २० हजार आम्दानीमध्ये रु.२ अर्ब १८ करोड २६ लाख ७ हजार खर्च भई रु.७ अर्ब ५५ करोड ९७ लाख १३ हजार मौज्दात रहेको वित्तीय विवरण पेस भएको छ। सचिवालयको वेबसाइटमा प्रकाशित वार्षिक प्रतिवेदनमा रु.१० अर्ब १० करोड ६१ लाख ८३ हजार आय तथा व्ययसहितको एकीकृत वार्षिक आर्थिक विवरण प्रकाशन गरेकोले रु.३६ करोड ३८ लाख ६३ हजार आय तथा व्यय फरक परेको देखिन्छ। सो सम्बन्धमा यकिन गरिनुपर्दछ।

३१. **कोषको प्रयोग -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ मा वैदेशिक रोजगारमा जाने कामदारलाई सिपमूलक तालिम प्रदान गर्ने, अलपत्र परेका कामदारलाई स्वदेश फिर्ता गराउने, क्षतिपूर्ति दिने, कामदारको परिवारलाई आर्थिक सहायता प्रदान गर्ने, वैदेशिक रोजगारको क्रममा मृत्यु भएका कामदारको शव नेपाल ल्याउनेलगायतका वैदेशिक रोजगारमा गएका कामदारको हकहितको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने उल्लेख छ। सचिवालयले कोषको रकमबाट मेला महोत्सव तथा कला साहित्य सम्मेलन र सवारीसाधन खरिदमा रु.३० लाख ८१ हजार खर्च गरेको छ। वैदेशिक रोजगारमा जाने कामदारको हितमा कोषको रकम उपयोग गर्नुपर्दछ।

३२. **दरबन्दी बेगर कर्मचारी -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४२ बमोजिम बोर्डको सचिवालयमा नेपाल सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउने व्यवस्था छ। यस कार्यालयले निजामती सेवा ऐन विपरीत हुने गरी मन्त्रालयको स्वीकृत दरबन्दीबाहेक बोर्डको निर्णयले सूचना प्रविधि अधिकृत, सूचना अधिकृत, खरिदार एवं सवारीचालकसमेत १० कर्मचारीको दरबन्दी थप गरी अस्थायी/करारमा नियुक्ति गरी यो वर्ष रु.४३ लाख २ हजार पारिश्रमिक भुक्तानी गरेको देखियो। स्वीकृत दरबन्दी बेगरको पदमा करार सेवाबाट कर्मचारी पदपूर्ति गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको रकमको ३० प्रतिशत राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाउने व्यवस्थाअनुसार २०५६ सालमा यस कोषको स्थापना भएकोमा हाल योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम कोष सञ्चालनमा रहेको छ।

३३. **आय-व्यय –** कोषको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	आय	जम्मा आय	खर्च	बाँकी मौज्दात
२७३०८	१७४५२९६	१७७२६०४	१०७३३२९	६९९२७५

कोषमा गत वर्ष रु.२ करोड ७३ लाख ८ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१ अर्ब ७४ करोड ५२ लाख ९६ हजार आम्दानी र रु.१ अर्ब ७ करोड ३३ लाख २९ हजार खर्च भएको छ। वर्षान्तमा कोषको मौज्दात रु.६९ करोड ९२ लाख ७५ हजार रहेकोमा उक्त रकम सामाजिक सुरक्षा कोषमा दाखिला गरेको छैन।

३४. **अनुगमन -** बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको रकमको ३० प्रतिशत राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाउने व्यवस्था छ। कोषमा यो वर्ष ७४ उद्योग प्रतिष्ठानबाट रु.१ अर्ब ७४ करोड ५२ लाखसमेत २०५६।५७ देखि यस वर्षसम्म रु.२५ अर्ब २५ करोड २५ लाख प्राप्त भएको देखिन्छ। रोजगारदाताले पठाउनुपर्ने रकम पठाए/नपठाएको सम्बन्धमा कोषले अनुगमन गरेको छैन। कानुनबमोजिमको रकम सबै रोजगारदाताले कोषमा पठाउनुपर्ने एवं सो सम्बन्धमा कोषले अनुगमन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, परामर्श सेवाको खर्च कटौती गरी कार्यरत कर्मचारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने, वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउनुपर्ने, वैदेशिक रोजगार व्यवसाय कोषको रकम तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्ने, मितव्ययी र प्रभावकारी रूपमा सिपमूलक तालिम सञ्चालन गर्नुपर्ने लगायतका बेहोरा औंल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ १३ निकायमा रू.३ करोड १९ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ लाख ६८ हजार सम्परीक्षण भएकोले रु.३ करोड ५ लाख ३० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
- अन्य संस्थातर्फ ३ निकायमा रु.५४ करोड ५३ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ करोड ४ लाख ५० हजार सम्परीक्षण भएकोले रु.३८ करोड ४८ लाख ६६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१ करोड ३१ लाख १ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबिच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन, फोहोरमैला व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ८५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ८० कार्यालयको निम्नानुसार रु.६ अर्ब ९६ करोड २१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
२८२५८	१०८५	५०५७	३५२२१	६९६२१

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा बजेट विनियोजन भई अर्थ मन्त्रालय अन्तर्गतका निकायबाट खर्च भएको रु.६ करोड ९ लाख र प्रदेश सरकारबाट खर्च भएको रु.२ लाख समावेश छैन।

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। जिल्ला समन्वय समितिको कार्यालय, तनहुँको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.३ करोड ४३ लाख ७४ हजार, राजस्वतर्फ रु.११ लाख १४ हजार, धरौटीतर्फ रु.१ करोड ४२ लाख ७० हजार र अन्य करोबारतर्फ रु.११ करोड ५४ लाख १३ हजारसमेत रु.१६ करोड ५१ लाख ७१ हजारको लेखापरीक्षण गरिएको छैन ।

३. **सङ्गठित, अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाको रु.३ अर्ब ८४ करोड ८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह र स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन** - नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ। यस मन्त्रालयको नीति तथा कार्यक्रममा यो वर्ष ४० क्रियाकलाप तोकिएकोमा १८ सम्पन्न भई २२ चालु अवस्थामा रहेको देखिन्छ। त्यसै गरी ५० माइलस्टोनमध्ये २३ सम्पन्न भई २७ चालु अवस्थामा रहेका छन्। सङ्घीय शासन प्रणालीको सबलीकरण तथा तहगत योजना प्रणालीमा अन्तरसम्बन्ध कायम, सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन शीघ्र निर्माण, राष्ट्रसेवक कर्मचारीको सेवासुविधा समयानुकूल, आकर्षक, पूर्वानुमानयोग्य र समन्यायिक

बनाई उत्प्रेरित र उच्च मनोबलयुक्त तुल्याउने, सूचना प्रविधिमा आधारित सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, सङ्घीय निजामती सेवा कानुन यथाशीघ्र ल्याई निजामती प्रशासनलाई चुस्त, परिणाममुखी र व्यावसायिक बनाउने लगायतका कार्यक्रम सम्पन्न हुन सकेका छैनन्। नीति तथा कार्यक्रमअनुसार कार्यक्रम सञ्चालन गर्न संस्थागत, संरचनागत व्यवस्थासहित जिम्मेवारी र जवाफदेहिता तोकी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा निजामती अस्पताल स्तरोन्नति गर्ने, प्रशासनिक पुनःसंरचना तथा प्रशासनिक सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्ने, सरकारी निकायका सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने, सङ्घीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गर्ने, सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई थप सुदृढ गर्ने लगायतका कार्यक्रम समावेश गरेकोमा ती कार्यक्रम सम्पन्न भएका छैनन्। बजेट वक्तव्यअनुसारका कार्यक्रम सम्पन्न गरी लक्ष्य हासिल गर्नुपर्दछ।

७. **बजेट र खर्च -** मन्त्रालय र मातहतका कार्यालयको यस वर्षको बजेट तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	६११४७	५३१०८	३१५८७	५९.४८
पुँजीगत	१२७२	१३१२२	८८१८	६७.२०
जम्मा	**६२४१९**	**६६२३०**	**४०४०५**	**६१.००**

उल्लिखित खर्चमध्ये आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको रु.१३ करोड ३० लाख, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रु.१८ करोड ३२ लाख, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको रु.१३ करोड ३३ लाख र निजामती कर्मचारी अस्पताल विकास समितिको रु.१२ करोड ८६ लाखसमेत समावेश छ। मन्त्रालयबाट खर्च गर्ने गरी रु.२ अर्ब ९६ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा रु.१ अर्ब ४ करोड ६० लाख (३५.२७ प्रतिशत) मात्र खर्च भएको छ। बजेटको तुलनामा पुँजीगत खर्च ६७.२० प्रतिशत रहेको छ।

८. **वैदेशिक सहायता -** मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष यु.एस.एड.बाट रु.६ करोड ५० लाख, उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रमबाट रु.५ करोड र साना विकास परियोजनामा रु.४० करोड सोझै भुक्तानी अनुदान प्राप्त हुने गरी बजेट तर्जुमा भएकोमा उक्त रकम प्राप्त भएको देखिएन। त्यसै गरी दाताको संयुक्त कोषबाट रु.४६ करोड १ लाख नगद अनुदान प्राप्त हुने उल्लेख भएकोमा रु.३५ करोड १९ लाख ४८ हजार, युरोपियन युनियनबाट रु.५ करोड २६ लाख नगद अनुदान प्राप्त हुने उल्लेख भएकोमा रु.१ करोड ८७ लाख र बेलायत- एफ.सी.डी.ओ.बाट रु.१ अर्ब २५ करोड सोझै भुक्तानी तथा शोधभर्ना हुने अनुदान प्राप्त हुने उल्लेख भएकोमा रु.८९ करोड ९६ लाख प्राप्त भएको उल्लेख छ। विकास साझेदारबाट प्रतिबद्धता व्यक्त भएको अनुदान रकम प्राप्त गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष युरोपियन युनियन, कोरियन सहयोग संस्था, यू.एस.एडलगायत विभिन्न विकास साझेदारबाट अमेरिकी डलर ५३ लाख ६० हजार (रु.७८ करोड ७९ लाख २० हजार) प्राविधिक तथा अन्य सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन।

९. **सार्वजनिक सेवाको प्रभावकारिता -** नेपालको संविधानको धारा ५१ (ख) (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी एवं सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने उल्लेख छ। सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासन सम्बन्धमा गत विगतमा विज्ञहरूबाट अध्ययन गराई तयार भएका विभिन्न प्रतिवेदनले औंल्याएका सार्वजनिक सेवा प्रविधिमैत्री तथा नागरिक केन्द्रित बनाउनुपर्ने, सङ्घीय निजामती सेवा ऐन तर्जुमा गरी सोको आधारमा प्रदेश तथा स्थानीय सेवा सञ्चालन ऐन तर्जुमा हुनुपर्ने, संरचनागत सुधार, आचरण तथा व्यवहारगत सुधार, जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धिलगायतका क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ।

सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका, २०६८ मा सार्वजनिक निकायद्वारा प्रदान गरिने सेवा तथा सुविधाबारे सर्वेक्षण गर्ने व्यवस्था छ। यो वर्ष १५ सार्वजनिक निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने लक्ष्य राखिएकोमा ७ जिल्लाका विभिन्न २१ सार्वजनिक निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण भएको पाइयो। लक्ष्यअनुरूप विभिन्न मितिमा नवलपरासी (बर्दघाट सुस्तापूर्व), धनुषा, ओखलढुङ्गा, सोलुखुम्बु, ललितपुर, गुल्मी र अर्घाखाँचीस्थित कार्यालयहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरेको मध्ये जिल्ला प्रशासन कार्यालय ७, भूमिसुधार तथा मालपोत कार्यालय ७, नापी कार्यालय ४, आन्तरिक राजस्व कार्यालय १, करदाता सेवा कार्यालय १ र जिल्ला हुलाक कार्यालय १ रहेको देखिन्छ। कार्यालयमा सेवा लिन आएका २८१ सेवाग्राहीसँग सरकारले प्रवाह गरेको सेवाबारे प्रश्नावली तयार गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरेको र सर्वेक्षण टोलीले अवलोकनको क्रममा जिल्ला प्रशासन कार्यालयहरूमा सेवाग्राहीको लागि टोकन प्रणाली वा ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्ति आदिलाई सेवा प्रवाहमा प्राथमिकता नदिइएको शौचालय फोहोर र दुर्गन्धित रहेको, अपाङ्गमैत्री शौचालयको व्यवस्था नरहेको, सेवाग्राहीको लागि पार्किङ्ग सुविधा नभएको, स्तनपान कक्षको व्यवस्था नभएको, कार्यालयमा सहयोगी वा विचौलियाको सहयोग लिनुपर्ने बाध्यता रहेको, सहज रूपमा सूचना प्राप्त हुन नसकेको, एउटै कार्यालयमा पनि विभिन्न प्रकृतिका सफ्टवेयर सञ्चालनमा रहेको साथै सोको सञ्चालन गर्न दक्ष जनशक्तिको अभाव रहेको, सर्भरमा आउने समस्याले सेवाग्राहीले समयमै सेवा नपाएको, भाषिक समस्या रहेको, दरबन्दीअनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा ढिलाइ हुने गरेको, सेवाग्राहीको चाप हुने, कर्मचारीले सेवाग्राहीमैत्री व्यवहार नगरेको, सेवा प्रवाहमा विद्युतीय प्रणाली (टोकन सिष्टम) लागु नगरेको लगायतका गुनासा तथा समस्याहरू देखिएका छन्। उल्लिखित अवस्थाले सेवा प्रवाह स्थिति सन्तोषजनक देखिँदैन। सर्वेक्षणबाट पहिचान भएका समस्यालाई सम्बोधन गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नुका साथै नागरिकको गुनासो नरहने गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन संस्थागत तथा कार्यगत शैलीमा सुधार, जनशक्तिको सदाचार तथा क्षमतामा सुधार एवं विश्वसनीय सूचना प्रविधि प्रणालीको अवलम्बन गर्नुपर्दछ।

१०. **व्यवस्थापन परीक्षण -** निजामती सेवा ऐन, २०४९ को दफा ७२ (क) एवं निजामती सेवा नियमावली, २०५० को नियम ३(क) अनुसार मन्त्रालयले लोकसेवा आयोगको कार्यक्षेत्र भित्र परेको बाहेक अन्य विषयका सम्बन्धमा विभिन्न सरकारी निकायहरूमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ स्वीकृत गरी यो वर्ष ३० निकायको परीक्षण गर्ने लक्ष्य तोकेकोमा २६ निकायको व्यवस्थापन परीक्षण गरेको छ। व्यवस्थापन परीक्षणको लागि सङ्गठनात्मक नीति र व्यवहार, सङ्गठनात्मक संरचना, कार्यपद्धति र कार्यप्रक्रिया, कार्यालयको भौतिक वातावरण र पूर्वाधारको व्यवस्था, कर्मचारी व्यवस्थापन र अभिलेख व्यवस्था, आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन, नागरिकमा प्रवाह गरिने सेवाको व्यवस्थापन, पारदर्शिता र जवाफदेहितासम्बन्धी व्यवस्था, सूचना प्रविधिको प्रयोगको अवस्था, कर्मचारीको गुनासो व्यवस्थापन लगायतका १२ क्षेत्रमा १०० सूचक तोकी अङ्कभारसमेत उल्लेख गरेको देखिन्छ। व्यवस्थापन परीक्षणबाट न्यूनतम ३५.९२ प्रतिशत र अधिकतम ६१.५२ प्रतिशतसम्म नतिजा प्राप्त भएको छ ।

व्यवस्थापन परीक्षणबाट विभिन्न निकायले राष्ट्रिय तथा क्षेत्रगत नीतिहरू कार्यान्वयनको आवधिक समीक्षा तथा नीति परीक्षण गर्नुपर्ने, कार्य जिम्मेवारीबमोजिम जनशक्तिको योजना तयार गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सरुवा भएका कर्मचारीलाई समयमा नै रमाना दिने तथा विवरण अद्यावधिक राख्नुपर्ने, कर्मचारी दरबन्दी र किताबखानाको अभिलेख दुरुस्त राख्नुपर्ने, वैदेशिक अध्ययन, छात्रवृत्ति, भ्रमण, तालिम कार्यक्रममा मनोनयनका लागि कार्यविधि बनाउनुपर्ने, कार्यसम्पादन सम्झौता कार्यान्वयनको नियमित अनुगमन तथा पृष्ठपोषण गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण पालना गर्नुपर्ने, वार्षिक कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रतिवेदन तयार गर्नुपर्नेलगायतका बेहोरा औंल्याएको देखिन्छ। सेवाप्रदायकको कार्यपद्धतिले सेवा प्रवाहको गुणस्तरमा समेत असर पर्ने हुँदा व्यवस्थापन परीक्षणबाट औंल्याइएका विषयमा सुधार हुनुपर्दछ।

११. **सङ्घीय निजामती सेवा ऐन -** नेपालको संविधानको धारा ३०२ मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने र यस्तो व्यवस्था गर्दा संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने उल्लेख छ। नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा ८५ हजार ४५९ दरबन्दी स्वीकृत गरी समायोजन गरेको छ ।

प्रदेश एवं स्थानीय तहमा समायोजन भएका कतिपय कर्मचारीहरू सङ्घमा काजमा रहेको तथा निजामती सेवा ऐनबमोजिम साल बसाली रूपमा कर्मचारी अवकाश भएकाले जनतालाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्नुपर्ने प्रदेश र स्थानीय तहका कार्यालयहरूमा कर्मचारीको अभाव हुन गई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ। प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई नेपाल सरकारले सङ्घीय निजामती सेवाको पदमा वा अस्थायी प्रकृतिका कार्यालयमा दरबन्दी सिर्जना गरी काजमा राख्ने गरेकोले प्रदेश र स्थानीय तहमा समायोजन भए पनि ती कर्मचारीहरू सङ्घमा कार्यरत रहेकोले प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव रहेको छ। समयमै सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रदेश

तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवालगायत वृत्ति विकासका अवसरहरूमा अस्पष्टता रहेको बेहोरा गत विगतको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ ।

१२. **तालिम** - निजामती सेवा ऐन, २०४९ को दफा ४० ख, ४० ग, र ४०घ मा अध्ययन, तालिम वा अध्ययन भ्रमणसम्बन्धी व्यवस्था छ। मन्त्रालयले अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि मनोनयन गरिएका कर्मचारीको अभिलेख अद्यावधिक गरेको छैन। कर्मचारी अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियतबमोजिम तत्काल कार्यरत निकायमा फर्की अनिवार्य रूपमा सेवा गरे/नगरेको, नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी अवसर सबै सेवा/समूह र सङ्ख्याका आधारमा न्यायिक तवरले बाँडफाँट भए/नभएको, विदेश भ्रमणको बाँडफाँट गर्दा विषयवस्तु, अवसर, आवश्यकता, कार्यालयको प्रतिनिधित्वलगायतका विषयलाई आधार लिए/नलिएको र मनोनयनको प्रक्रिया पूरा गरे/नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्ने देखिन्छ।

अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनःसंरचना समितिको प्रतिवेदन २०७४ मा सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई तालिम प्रदान गर्न स्थापना भएका तालिम केन्द्रहरूको नियमन गर्न छुट्टै संयन्त्र नरहेकोले तालिम केन्द्रअनुसार तालिमका मोड्युल, खर्च गर्ने नर्म्सहरू फरक-फरक रहेको देखिन्छ। प्रतिवेदनले सङ्घीय प्रणालीमा तालिम प्रदायक निकायहरूको ढाँचागत संरचना तयार गर्नुपर्ने सुझाउ दिएकोले सुझाउहरू कार्यान्वयन गर्नुपर्दछ ।

१३. **शैक्षिक प्रोत्साहन छात्रवृत्ति** - निजामती कर्मचारीहरूका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९ मा निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने व्यवस्था छ। छात्रवृत्तिमा गत वर्ष रु.२१ करोड ६१ लाख ६१ हजार र यो वर्ष रु.१४ करोड ९९ लाख खर्च भएको देखियो। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ सम्म ३ हजार ४८८ जनालाई छात्रवृत्ति उपलब्ध गराएको देखिन्छ। निर्देशिकाको दफा २३ मा शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई अध्ययन पूरा गरेको एक वर्षभित्र मन्त्रालयले आवश्यक ठानेमा अवधि तोकी काममा खटाउन सकिने व्यवस्था रहेको हुँदा यसको अद्यावधिक अभिलेख राखी शैक्षिक वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई आवश्यकताअनुसार काममा खटाउनुपर्दछ।

निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) निर्देशिकाको दफा २४ मा शैक्षिक प्रोत्साहन वृत्ति रद्द भएमा वा नेपाल सरकारले खटाएको काममा संलग्न नभएमा सम्बन्धित विद्यार्थीको शैक्षिक प्रोत्साहन वृत्तिमा लागेको सम्पूर्ण रकम र सो रकमको वार्षिक दश प्रतिशतका दरले हुन आउने ब्याज रकमसमेत त्यस्तो विद्यार्थी वा सम्बन्धित निजामती कर्मचारीबाट असुलउपर गरिने उल्लेख छ। शैक्षिक प्रोत्साहन वृत्ति लिएका र ४ विद्यार्थीले अध्ययन पूरा नगरी बिचमा छाडेको देखिएकोले निजहरूलाई उपलब्ध गराएको शैक्षिक प्रोत्साहन छात्रवृत्ति रु.७ लाख ६६ हजार असुल गर्नुपर्दछ ।

१४. **प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) मा कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाजमा खटाउने व्यवस्था अनुसार मन्त्रालयले स्थानीय तहहरूमा यो वर्ष १ हजार ७३३ कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको

रूपमा खटाएको छ। एक कर्मचारीलाई एकै वर्षमा २ भन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाएको र विभिन्न स्थानीय तहमा निमित्त राखी कामकाज गराएको देखिन्छ। राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठक (२०७९।१२।३) बाट प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति नहुँदा काम गर्न कठिनाइ भएकोले प्रदेश तथा स्थानीय तहका लागि सङ्घबाट खटाइएका कर्मचारीलाई कम्तीमा १ वर्ष खटाइएको स्थानमै रहनुपर्ने व्यवस्था मिलाउने निर्णय भएकोमा सोको पालना भएको देखिएन। प्रमुख प्रशासकीय अधिकृतहरूको पटक-पटकको सरुवाले स्थानीय तहको सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयनमा असर परेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ अनुसार न्यूनतम सेवा अवधिका लागि काम गर्न प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्दछ ।

१५. **कर्मचारी दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६(क) मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार मन्त्रीपरिषद्समक्ष स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीसमेतको आधारमा २०७५ सालमा कर्मचारी समायोजन गर्दा सङ्घमा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरेकोमा २०८१।८२ सम्म सङ्घतर्फ ३ हजार १७५ दरबन्दी थप गरेको छ। त्यसै गरी मन्त्रालयले निजामती सेवा ऐनअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगरी २०८१।८२ मा विभिन्न निकायमा ११ हजार ४९५ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शक हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ लाई परिमार्जन गरेको समेत नदेखिएकोले यसमा सुधार गरी कर्मचारीको दरबन्दी थपघट गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

१६. **सरुवा** - निजामती सेवा ऐन,२०४९ अनुसार निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सरुवा गर्ने अधिकार यस मन्त्रालयमा रहेको र निजामती कर्मचारीको सरुवा गर्दा कम्तीमा दुई वर्षका लागि सरुवा पत्रमा अवधि तोकी सरुवा गर्नुपर्ने व्यवस्था छ। साथै, निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा सरुवाको समय तालिका र सरुवाका आधारहरूसमेत उल्लेख छ। सोअनुसार मन्त्रालयले प्रत्येक वर्षको भदौ एक गतेदेखि भदौ मसान्तभित्रमा सरुवा गर्नुपर्ने व्यवस्थाबमोजिम यो वर्ष असार मसान्तभित्र काज सरुवा ७८ जना, १ हजार ५३१ जना राजपत्राङ्कित र १ हजार ६५३ जना राजपत्र अनङ्कितसमेत ३ हजार १८४ जनाको सरुवा तथा बाँकीको वर्षभरि नै काज तथा सरुवा गरेको देखिन्छ। न्यूनतम अवधि नपुगी सरुवा गर्दा सरुवा भ्रमण खर्च भुक्तानी गर्नुपर्ने भई खर्चमा समेत वृद्धि हुने देखिन्छ।

१७. **अतिरिक्त समूह -** निजामती सेवा ऐन, २०४९ को दफा १८ ख(१) मा लामो बिदामा बसेको, निलम्बनमा रहेको र अन्यत्र काजमा खटिएका कारण पदाधिकारमा नरहेको अवस्थामा बाहेक २ महिनाभन्दा बढी जिम्मेवारी नदिई निजामती कर्मचारीलाई निष्क्रिय राख्न नपाइने तथा उपदफा (२) मा पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएका पदाधिकारीलाई विभागीय कारबाही हुने

व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार अतिरिक्त समूहमा राखिएका ४६ कर्मचारीहरूको तलब भत्तामा यो वर्ष रु.१ करोड ८४ लाख १९ हजार खर्च भएको छ। उल्लिखित कर्मचारीहरूलाई न्यूनतम ३ महिनादेखि अधिकतम १२ महिनासम्म जिम्मेवारीविहीन अवस्थामा अतिरिक्त समूहमा राखेको देखिन्छ। सेवाग्राही सन्तुष्टि सर्वेक्षणले सेवाग्राहीको चाप हुने कार्यालयहरूमा दरबन्दीअनुसार पदपूर्ति नभएका कारण सेवा प्रवाहमा असर परेको देखाएको छ। ऐनको प्रावधानअनुसार कर्मचारीहरूको कार्यजिम्मेवारीको उचित व्यवस्थापन हुनुपर्दछ।

१८. **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने कागजातसहितको प्रतिवेदन पेस गर्नुपर्ने र कार्यालयले सात दिनभित्र त्यस्तो पेस्की फस्र्यौट गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार साविक जिल्ला विकास समितिको कार्यालयहरूले विभिन्न व्यक्ति तथा संस्थालाई उपलब्ध गराएको पेस्की रु.७ अर्ब १७ करोड ७ लाख ४० हजार फस्र्यौट नभई बाँकी रहेको देखिन्छ। सो पेस्कीमध्ये २०६०।६१ देखिको पेस्कीसमेत बाँकी रहेको छ। नियमावलीको व्यवस्थाअनुसार पेस्की फस्र्यौट गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने बेहोरा गत वर्षका प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

१९. **राजस्व दाखिला -** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला सभालाई कर लगाउने र उठाउने अधिकार दिएको छैन। साथै जिल्ला समन्वय समितिले सङ्घीय सरकार तथा प्रदेश सरकारबाट खर्च गर्न अख्तियारी प्राप्त गरेका छन्। समितिको आम्दानी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा कानुनविपरीत समितिले कार्य सञ्चालन कोष खातामा दाखिला गरी खर्च गर्ने गरेका छन्। यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय बारा, काभ्रे, कास्की, डोल्पा र मुगुसमेतका ५ कार्यालयले भाडालगायतका शीर्षकमा प्राप्त गरेको रु.१ करोड २१ लाख १३ हजार सङ्घीय सञ्चित कोषमा दाखिला गरेका छैनन्। त्यसै गरी जिल्ला समन्वय समितिको कार्यालय कालिकोट, बर्दिया, उदयपुर, मुगु, पर्सा र मकवानपुरसमेतका ६ कार्यालयले बक्यौता भाडा आम्दानी रु.३१ लाख ८५ हजार असुल गर्न बाँकी रहेकोले असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

अन्य संस्था र समिति

निजामती कर्मचारी अस्पताल

नेपाल सरकारका बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी तथा तिनका परिवारको स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था गर्ने उद्देश्यले निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ जारी भई अस्पतालले निजामती कर्मचारी तथा सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

२०. **प्राप्ति तथा भुक्तानी –** अस्पतालले सम्पत्ति तथा दायित्वको लेखाङ्कन गरी वासलात तयार गरेको छैन। अस्पतालको यो वर्षको प्राप्ति तथा भुक्तानी निम्नानुसार छः

रु. हजारमा)

प्राप्ति विवरण	रकम	भुक्तानी विवरण	रकम
सुरू बैङ्क मौज्दात	२०५१९८	चालु खर्च	७१७५९१
धरौटी मौज्दात	८९३४७	पुँजीगत खर्च	९३७३
अस्पताल आम्दानी	९३५८३४	औषधी खरिद	१८०१९९
अन्य प्राप्ति	८६६	गतवर्षको भुक्तानी	५४५५१
नेपाल सरकारबाट अनुदान	१२८६०३	रिएजेन्ट लगायत अनुदान खर्च	१२८६०३
साट्न बाँकी चेक	१५५०६	धरौटी फिर्ता	१११५८
धरौटी आम्दानी	१६६६१	धरौटी मौज्दात	९४८५०
		बैङ्क मौज्दात	१९५६९०
जम्मा	**१३९२०१५**	**जम्मा**	**१३९२०१५**

उल्लिखित विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.२० करोड ५१ लाख, रिएजेन्टलगायतका सामग्री खरिदको लागि नेपाल सरकारको अनुदान रु.१२ करोड ८६ लाख, बिक्री तथा सेवा शुल्क रु.९३ करोड ५८ लाख र अन्य प्राप्ति तथा धरौटी कारोबारसमेत प्राप्ति रु.१ अर्ब ३९ करोड २० लाख रहेको छ। त्यसै गरी सञ्चालन खर्चतर्फ अनुदानतर्फको रु.१२ करोड ८६ लाख, समितितर्फको रु.९० करोड ७२ लाख र अन्य भुक्तानी रु.६ करोड ५७ लाखसमेत रु.१ अर्ब १० करोड १५ लाख खर्च भएको देखिन्छ।

२१. **सञ्चालन स्थिति** – अस्पताल दिगोरूपमा सञ्चालन हुन अस्पतालको आन्तरिक आयसमेत पर्याप्त र दिगो हुनुपर्दछ। अस्पतालको यो वर्षको आम्दानी तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आम्दानी	रकम	खर्च	रकम
सेवा शुल्क	७९१३२३	चालु	७१७५९१
औषधी बिक्री	७६०२०	पुँजीगत	९३७३
शैक्षिक कार्यक्रम आम्दानी	५८२७	औषधी खरिद	१८०१९९
विविध (ब्याज, दस्तुर अन्य शुल्क आदि)	६२६६४	बचत	२८६७१
जम्मा	**९३५८३४**	**जम्मा**	**९३५८३४**

यो वर्ष समितितर्फको सेवा शुल्क रु.७९ करोड १३ लाख र अन्य आम्दानीसमेत रु.९३ करोड ५८ लाख आम्दानी रहेकोमा चालु खर्च रु.७१ करोड ७६ लाख, पुँजीगत खर्च रु.९४ लाख र औषधी खरिद रु.१८ करोड २ लाखसमेत रु.९० करोड ७२ लाख खर्च भएको देखिन्छ। स्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीको पारिश्रमिक तथा भत्तातर्फ रु.३५ करोड ४१ लाख अर्थात कुल आयको ३७.८४ प्रतिशत खर्च गरेको छ।

२२. **सेवा प्रवाह** - यो वर्ष अस्पतालले ३२ हजार ९ निजामती कर्मचारी र निजका परिवार तथा ३ लाख १६ हजार ८४६ सर्वसाधारणसमेत ३ लाख ४८ हजार ८५५ जनालाई बहिरङ्ग सेवा, ५ हजार ६१९ लाई अन्तरङ्ग सेवा, ३ हजार ९२३ लाई शल्यचिकित्सा सेवा, २४ हजार ३५९ लाई आकस्मिक सेवा, ७ हजार ८५५ लाई सी.टी. स्क्यान सेवा, ७८ हजार ६०७ लाई एक्स-रे सेवा, ११ लाख ८० हजार ७५५ लाई प्रयोगशाला परीक्षण लगायत विभिन्न सेवा उपलब्ध गराएको छ। गत वर्षको तुलनामा

बहिरङ्ग सेवा ६.७३, प्रयोगशाला परीक्षण ६.८६, अपरेसन ८.३७, अल्ट्रासाउण्ड १३.२८ तथा एक्स-रे सेवा २.७२ प्रतिशतले वृद्धि भएको छ। शल्य चिकित्सातर्फ पालो आउनको लागि ३ देखि ४ महिनासम्म प्रतीक्षा गर्नुपर्ने तथा चिकित्सकद्वारा लेखिएको औषधी फार्मेसीमा उपलब्ध हुन नसकी बिरामीले बाहिरबाट खरिद गर्नु परेको लगायतका समस्या रहेका छन्। अस्पतालमा रहेको विद्यमान समस्या समाधान गरी गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ।

२३. **जनशक्ति व्यवस्थापन** - निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवा शर्त र सुविधा) विनियमावली, २०७० को विनियम ७ र ८ ले प्रशासनिक तथा प्राविधिक समूहको व्यवस्था गरेको छ। विनियम २७(ख) अनुसार स्थायी पदपूर्ति नभएसम्म अधिकतम एक वर्षसम्म मात्र करार सेवामा कर्मचारी नियुक्त गर्न सकिने र विनियम ३९ अनुसार दैनिक ज्यालादारीमा बढीमा ६ महिनासम्म मात्र काममा लगाउन सकिने व्यवस्था छ। अस्पतालको स्वीकृत दरबन्दी ४६१ मध्ये ३५७ स्थायी र २५ करारसमेत ३८२ पदमात्र पूर्ति भई ७९ पद रिक्त रहेको छ। अस्पतालले विस्तारित सेवा, बिरामीको चाप र सेवाको पृथकीकरण अनुरूप नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ।

२४. **रिएजेन्ट खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले प्रतिस्पर्धी तवरले खरिद गर्नुपर्ने उल्लेख छ। अस्पतालले विगतमा खरिद गरेका ल्याब मेसिनहरूमा सोही कम्पनीका ल्याब किटका सामान मात्र प्रयोग हुने कारण जनाई बन्द सामग्री (क्लोजड् आइटम) रिएजेन्ट खरिदमा यो वर्ष रु.८ करोड ५१ लाख भुक्तानी गरेको छ। अस्पतालले रिएजेन्ट प्रयोग गरिने मेसिनहरू खरिद गर्दाको बखतको सम्झौतामा ३ देखि ५ वर्षसम्म रिएजेन्ट आपूर्ति गर्ने व्यवस्था गरी २०७७।७८ देखि २०८१।८२ सम्म रु.४० करोड ६१ लाखको रिएजेन्ट खरिद गरेको छ। यसरी खरिद गर्दा खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भएको छैन।

२५. **औषधी प्रतिस्थापन–** अस्पतालले विभिन्न आपूर्तकसँग गरेको सम्झौतामा औषधीको म्याद गुज्रने अवधि सामान्यतया कुल अवधिको ७०-८० प्रतिशत हुनुपर्ने र म्याद गुज्रने अवधि ६ महिना मात्र बाँकी रहेकोमा मौखिक वा लिखित जानकारी गराई सो औषधी शोधभर्ना गर्ने र सोअनुसार फिर्ता नगरेमा उक्त मेडिसिनल आइटमको मूल्य बराबर धरौटीबाट कट्टा गरी असुलउपर गरिने उल्लेख छ। फार्मेसीले प्रयोग गरेको सफ्टवेयर अनुसार यो वर्ष रु.२६ लाख ७२ हजार मूल्य बराबरको औषधीको म्याद गुज्रेको देखिन्छ। उक्त औषधीहरू समयमा नै फिर्ता गरेको देखिएन। उक्त औषधी सम्झौताको सर्तअनुसार सम्बन्धित आपूर्तकलाई फिर्ता गरी भुक्तानी समायोजन वा धरौटीबाट कट्टा गरी असुल गर्नुपर्दछ।

२६. **औषधीको मौज्दात व्यवस्थापन** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ को दफा ६ मा फार्मेसीको समग्र जिम्मेवारी फार्मेसी प्रमुखको हुने व्यवस्था छ। फर्मेसीका लागि औषधी खरिद, भण्डारणलगायतका कार्य गरी अस्पतालका लागि आवश्यक औषधी तथा सामग्रीको निरन्तर व्यवस्थापन गर्ने सन्दर्भमा मौज्दात व्यवस्थापन प्रभावकारी देखिएको छैन। मुख्य स्टोर र डिस्पेन्सरीतर्फका रु.३ करोड ६७ लाख ३९ हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा मौज्दात देखिएकोमा भौतिक रूपमा उक्त औषधी मौज्दात रहेको देखिएन। अस्पतालले भौतिक परीक्षण गर्दा भेटिएको रु.१ करोड २४ लाख ४ हजार

मूल्यको औषधी प्रणालीगत अभिलेखमा मौज्दात देखिएको छैन। अस्पतालले विद्युतीय प्रणाली तथा भौतिक मौज्दात फरक पर्नुका कारण पहिचान गरी औषधीको मौज्दात यकिन गर्नुपर्दछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

सरकारी निकाय र संस्थानहरूको प्रशासनिक एवं व्यवस्थापनसम्बन्धी दक्षता अभिवृद्धि गर्न २०३९ सालमा प्रतिष्ठानको स्थापना भई प्रशिक्षणसम्बन्धी कार्य गर्दै आएको छ। कर्मचारीलाई तालिमको माध्यमबाट कार्यप्रति अभिप्रेरित गराई प्रशासकीय क्षमता अभिवृद्धि गर्नु प्रतिष्ठानको उद्देश्य रहेको छ। सार्वजनिक क्षेत्रको क्षमता विकासको लागि तालिम, अनुसन्धान र परामर्श सेवाको कार्य प्रतिष्ठानबाट हुँदै आएको छ। प्रतिष्ठानमा ७३ कर्मचारीको दरबन्दी रहेको छ।

२७. **वित्तीय स्थिति** - प्रतिष्ठानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी र दायित्व	३२ आषाढ २०८२	३१ आषाढ २०८१	सम्पत्ति	३२ आषाढ २०८२	३१ आषाढ २०८१
पुँजी कोष	१३५१७२	१३४५१४	प्राप्त गर्न बाँकी रकम	५३८२	९१४५
पुँजी प्रतिस्थापन कोष	६८७	२७९८	कार्यालय सामग्री	१५६४४	१३५०२
दायित्व कोष	६६५३९६	६३१२०८	ऋण, अग्रिम र निक्षेप	२०६७२	२२८०८
भुक्तानी योग्य रकम	३४५८७	३०७७५	लगानी	२१०००	२०००९
अग्रिम प्राप्त रकम	८८७	३४९२	स्थिर सम्पत्ति	२६१०००	२५८८३७
निक्षेप र धरौटी	२२४७	२४४८	नागरिक लगानी कोष	६६५३९७	६३१२०७
अन्य दायित्व	१४१८०	११६१३	निर्माणाधीन स्थिर सम्पत्ति	१२४०	१२४०
कर्मचारी विकास कोष	२१०००	२०००९	बैङ्क मौज्दात	६९२५९	५७९४६
स्थगित आय	१८५४३८	१७७८३७			
कुल	**१०५९५९४**	**१०१४६९४**	**कुल**	**१०५९५९४**	**१०१४६९४**

प्रतिष्ठानले पुँजी प्रतिस्थापन कोषबाट यो वर्ष रु.६ लाख ५८ हजार मूल कोषमा सारेको छ। प्रतिष्ठानको ऋण, अग्रिम र निक्षेप वर्षान्तमा रु.२ करोड ६ लाख ७२ हजार रहेको छ। सोमा २७ कर्मचारीलाई कर्मचारी सापटी सुविधाबापत प्रदान गरिएको रु.१ करोड ६५ लाख २८ हजारसमेत समावेश रहेको छ।

२८. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०८१।८२	२०८०।८१	व्यय	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	१६२८७८	१८३०१७	तालिमलगायतका खर्च	१६२८७८	१८३०१७
भाडा	७१०९	५८१४	परामर्श खर्च	५६६४८	४४६६५
ब्याज	२०८७	४९०२	विविध	२८२	९५६
परामर्श कार्यक्रम	७१६५३	५५४०४	भुक्तानी योग्य पुँजी प्रतिस्थापन कोष	१७७७	१४५२
विविध	२५०३८	२१८९४	अपूर्ण परियोजनाहरूको बाँकी	९००	३५०५
			भुक्तानीयोग्य कर्मचारी कल्याण कोष	६२१५	३४८९
			ह्रास कट्टी	१८०९९	२०८२५
			कर व्यवस्था	३३२२	२६५५
			बचत	१८६४४	१०४६७
जम्मा	**२६८७६५**	**२७१०३१**	**जम्मा**	**२६८७६५**	**२७१०३१**

प्रतिष्ठानको यो वर्षको कुल आय रु.२६ करोड ८७ लाख ६५ हजार रहेकोमा रु.२५ करोड १ लाख २१ हजार खर्च भई रु.१ करोड ८६ लाख ४४ हजार बचत रहेको छ। यो वर्ष प्रतिष्ठानले छोटो एवं लामो अवधिका विभिन्न तालिम कार्यक्रमलगायतमा रु.१६ करोड २८ लाख ७८ हजार खर्च गरेको छ। प्रतिष्ठानको कुल आयमा नेपाल सरकारको अनुदान रु.१६ करोड २८ लाख ७८ हजार (६०.६० प्रतिशत) रहेकोले सरकारी अनुदान माथिको निर्भरता घटाउन आन्तरिक आय वृद्धि तथा खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२९. **रणनीतिक योजना -** प्रतिष्ठानको ५ वर्षे रणनीतिक योजना (२०७९।८०-२०८३।८४) मा २० रणनीतिक उद्देश्य र १०२ क्रियाकलाप समावेश छ। यो वर्ष प्रतिष्ठानले प्रशासनिक उत्कृष्टता, प्रशासन र व्यवस्थापनमा प्रवीणता र एड्भान्स पाठयक्रम, व्यवस्थापन र विकाससम्बन्धी पेशागत पाठ्यक्रममा सेल्फ पेस लर्निङ मोड्युलहरू डिजाइन गर्ने, कर्मचारीको स्वास्थ्य बिमा गर्ने, संकायको लागि स्थानीय सरकारहरूसँग संयोजन गर्नेलगायतका क्रियाकलाप सम्पादन गरेको देखिएन। रणनीतिक योजनाका कियाकलापहरू तोकिएको समयमै सञ्चालन गरी यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

३०. **अनुसन्धान -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ५(ग) मा प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख भएकोमा सो उद्देश्य पूरा गर्न प्रतिष्ठानले यो वर्ष १२ समेत ६ वर्षमा ६९ विषयमा अनुसन्धान गरेको देखिन्छ। ती अनुसन्धान प्रतिवेदनहरूको अभिलेख राखी उपयोगमा ल्याउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, सोझै खरिद गरेको, पेस्की फस्यौंट नभएको, अभिलेख व्यवस्थित नभएको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन । विगतका बेहोरा पुनरावृति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु रकमको विवरण –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ७२ निकायमा यो वर्ष रु.८ करोड ८९ लाख २४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३४ लाख ७१ हजार सम्परीक्षण भएकोले रु.८ करोड ५४ लाख ५३ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१० लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।
  - सङ्गठित संस्थातर्फ ४ निकायमा यो वर्ष रु.६० लाख ५२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१० लाख ४३ हजार सम्परीक्षण भएकोले रु.५० लाख ९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१३ लाख ६४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्त्वका दरबार एवं पर्यटनसँग सम्बद्ध सङ्गठित संस्था, समिति, प्रतिष्ठान, कोषसमेतको अनुगमन मूल्याङ्कन गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ३७ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रु.५ अर्ब १६ करोड १५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४७५९	२३५७९	३२७७	-	५१६१५

उल्लिखित लेखापरीक्षण रकममा अर्थ बजेट रु.५ करोड २८ लाख, शहरी विकास मन्त्रालयको रु.१५ लाख र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.३ लाखसमेत रु.५ करोड ४६ लाख समावेश छ। त्यसै गरी स्थानीय तहहरूलाई पर्यटन प्रवर्धनलगायतका कार्यक्रमको लागि उपलब्ध गराएको अनुदान रु.४६ करोड ३४ लाख र विभिन्न सङ्गठित संस्थाबाट भएको खर्च रु.५८ करोड ८८ लाखसमेत रु.१ अर्ब ५ करोड २२ लाख समावेश छैन।

२. **सङ्गठित तथा अन्य संस्था** - यो वर्ष २०८१।८२ को १४ संस्था, तारागाउँ विकास समितिको २०७९।८०, नेपाल वायुसेवा निगमको २०८०।८१ को र नेपाल पर्यटन बोर्डको २०७०।७१ देखि २०७३।७४ सम्मको रु.६० अर्ब ८१ करोड ६५ लाखको लेखापरीक्षण भएको छ। यो वर्ष ६ संस्था तथा समितिको २०८१।८२ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। पशुपति क्षेत्र विकास कोषको २०८१।८२ को वित्तीय विवरण, स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण स्रेस्ता पेस नगरेकोले लेखापरीक्षण गरिएको छैन।

४. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष काठमाडौं उपत्यकाभित्रका सम्पदाको अभिलेख र व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **पर्यटन नीति** – अद्वितीय पर्यटकीय गन्तव्य नेपाल भन्ने दूरदृष्टि राखी नेपाललाई आकर्षक, जीवनपर्यन्त अनुभव, सुरक्षित एवं भरपर्दो र दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ध्येय र राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि गर्ने लक्ष्यसहित नेपाल सरकार मन्त्रीपरिषद्को २०८२।३।१३ को निर्णयबाट

पर्यटन नीति, २०८२ स्वीकृत भएको छ। पर्यटकीय वस्तुको पहिचान, विकास, प्रवर्धन र विविधीकरण गर्नु, गुणस्तरीय र सुरक्षित पर्यटन पूर्वाधार तथा सेवाको विकास गर्नु, दिगो र उत्थानशील पर्यटन विकास गर्नु, पर्यटन क्षेत्रमा शासकीय दक्षता सुधार गर्नु र पर्यटन प्रवर्धनमार्फत रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासमा योगदान पुऱ्याउनुलगायत यस नीतिको ५ उद्देश्य रहेका छन्।

पर्यटन नीति कार्यान्वयन गर्न १८ रणनीति तथा कार्यनीति र ९५ कार्ययोजना तय गरिएका छन्। साविकको पर्यटन नीति, २०६५ कार्यान्वयनको सन्दर्भमा उक्त नीतिले निर्धारण गरेका १६ नीतिमध्ये २ नीति मात्र पूर्णरूपमा कार्यान्वयन भएको, ४ नीतिको २७ प्रतिशतभन्दा कम कार्यान्वयन भएको र १ नीतिको कार्यान्वयन शून्य रहेको राष्ट्रिय योजना आयोगको प्रतिवेदन, २०७७ मा उल्लेख छ। पर्यटन नीति,२०८२ पूर्ण कार्यान्वयन गर्न कार्ययोजनाअनुसार क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

६. **रणनीतिक योजना -** नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, (२०१६-२०२५) मा मन्त्रालय र मातहत कार्यालयले सम्पादन गर्नुपर्ने मुख्य कार्यमध्ये विश्वब्यापी रूपमा परिचित नेपालको पर्यटन ब्राण्ड स्थापना गर्ने, पर्यटकको सङ्ख्या र बसाइ अवधि वृद्धि गर्ने, स्वदेश तथा विदेशमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने, वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने, राष्ट्रिय विकासको लागि गार्हस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण र दिगो रूपमा वैदेशिक विनिमय आर्जन वृद्धि गर्नमा योगदान गर्ने र आगन्तुकहरूबाट प्रतिपादित मूल्य, राजस्व, ऋतु र भौगोलिक वितरणमा उल्लेखनीय रूपले सुधार गर्नेलगायत ११ लक्ष्य निर्धारण गरिएको छ। रणनीतिक योजनाले २०२५ को लागि प्रक्षेपण गरेको र २०८१।८२ को प्रगतिअनुसार पर्यटक आगमन सङ्ख्या ११.२८ लाख पुगेको, पर्यटकको औसत बसाइ १५ दिन पुग्ने रहेकोमा १३.३ दिन पुगेको देखिन्छ। उक्त रणनीतिक योजना १० वर्षको लागि तयार भएकोमा प्रथम चरण (२०१६-२०२०) को लागि पाँच वर्षे कार्ययोजना तयार भएको र दोस्रो चरण (२०२१-२०२५) को कार्ययोजना तयार नगरी अवधि समाप्त भएको छ। रणनीतिक योजनामा उल्लेख भएका लक्ष्य हासिल गर्न आवधिक योजना, कार्य योजना, वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमा तोकिएका क्रियाकलापहरू समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **आवधिक योजना कार्यान्वयन -** सोह्रौं योजनाले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा तोकेका केही सूचकहरूको परिमाणात्मक लक्ष्य तथा मन्त्रालयको कार्यसम्पादन सूचकअनुसार यो वर्षको लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८५।८६ सम्मको लक्ष्य	२०८१।८२ को लक्ष्य	२०८१।८२ को प्रगति
विदेशी पर्यटक आगमन	सङ्ख्या लाखमा	८.२	२५	१६	११.२८
पर्यटकको औसत बसाइ अवधि	दिन	१३.१	१५	१३.५	१३.३
प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	४०.५	८५	४१	४०.८
कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	२	७.०	२.५	२.४
भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क	सूचकाङ्क	३.३	४	३.५	३.३
द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक	सङ्ख्या	४०	४८	४८	४२

उल्लिखित विवरणअनुसार आवधिक योजना अन्तर्गत मन्त्रालयको वार्षिक कार्यसम्पादन नतिजा सूचकको २०८१।८२ को लागि तोकिएका लक्ष्य बमोजिम प्रगति हासिल हुन सकेको देखिएन। आवधिक योजनाको लक्ष्य हासिल गर्न वार्षिक लक्ष्य बमोजिमको प्रगति हासिल हुनुपर्दछ ।

८. **वार्षिक कार्यक्रम तथा प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयको वार्षिक कार्यसम्पादन सूचकमध्ये केही मुख्य सूचकको लक्ष्य तथा प्रगति देहायबमोजिम छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आर्थिक वर्ष २०८१।८२ को	
			लक्ष्य	प्रगति
१	द्विपक्षीय हवाई सम्झौता भएका मुलुक	सङ्ख्या	४४	४२
२	प्रतिलिपि अधिकार संरक्षण	सङ्ख्या	३०००	३०३४
३	प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	४१.४१	४०.८
४	अन्तर्राष्ट्रिय विमान स्थलमा उपलब्ध सिट	सङ्ख्या (लाखमा)	८८	८७
५	नेपाल आउने विदेशी विमान कम्पनी	सङ्ख्या	३०	२७
६	आन्तरिक उडान गर्ने वायुसेवा कम्पनी (फिक्स्ड विङ्ग)	सङ्ख्या	१०	९
७	आन्तरिक उडान गर्ने वायुसेवा कम्पनी (रोटर विङ्ग)	सङ्ख्या	१५	१२
८	बाह्रै महिना सञ्चालन हुने विमानस्थल	सङ्ख्या	४३	३५
९	कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	२.५	२.४

उल्लिखित विवरणअनुसार प्रतिलिपि अधिकार संरक्षण बाहेक अन्य सूचकको लक्ष्यअनुसार प्रगति भएको देखिएन। लक्षित कार्यक्रमअनुसार प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

९. **बजेट र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूको बजेट र खर्चको स्थिति देहायअनुसार छः

(रु. लाखमा)

निकाय	सुरु बजेट	अन्तिम बजेट	बजेट खर्च	खर्च प्रतिशत
चालु	२४९१८	२४३४६	१७८२२	७३.२०
पुँजीगत	२७४६९	२९१६९	१६९१२	५७.९७
जम्मा	**५२३८७**	**५३५१५**	**३४७३४**	**६४.९०**

उल्लिखित विवरणअनुसार चालु र पुँजीगततर्फ रु.३ अर्ब ४७ करोड ३४ लाख खर्च भएको छ। यो वर्ष जापान अन्तर्राष्ट्रिय सहयोग नियोगबाट अमेरिकी डलर ६ लाख १९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त भएको सहयोग रकम र पर्यटन पूर्वाधारतर्फ स्थानीय तहलाई हस्तान्तरण भएको ससर्त अनुदानतर्फको रु.२ अर्ब ९० करोड ९१ लाख ५० हजार एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन। प्राविधिक सहायताको लेखाङ्कन र अभिलेख अद्यावधिक गरी ऐनको व्यवस्थाबमोजिम केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१०. **बजेट वक्तव्य कार्यान्वयन** - सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका बेहोरा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालयले २०८१।८२ को बजेट वक्तव्य कार्यान्वयन गर्न ६० माइलस्टोनसहितका कार्यक्रम स्वीकृत गरेकोमा ४६ माइलस्टोनका कार्यक्रम

सम्पन्न भएको र १४ कार्यक्रम सम्पन्न हुन बाँकी रहेको उल्लेख छ। नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका केही कार्यक्रमको कार्यान्वयन अवस्था देहायबमोजिम छः

१०.१. बजेट वक्तव्यको बुँदा नं.६५ मा चालु आर्थिक वर्षमा सोह्र लाख पर्यटक भित्र्याउने लक्ष्यसहित पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गर्ने, नयाँ गन्तव्यको पहिचान तथा मौजुदा गन्तव्यको विकास र प्रवर्धनका लागि पर्यटकीय गन्तव्यको प्रोफाइल तयार गरिने, पर्यटकलाई एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने र पर्वतारोहण अनुमति प्रणालीलाई स्वचालित प्रविधिमा आधारित बनाइने उल्लेख भएकोमा पर्यटकीय गन्तव्यको प्रोफाइल तयार तथा एकद्वार प्रणाली स्थापना भएको देखिएन। साथै पर्यटक आगमन सङ्ख्या ११ लाख २८ हजार अर्थात् लक्ष्यको तुलनामा प्रगति ७०.५ प्रतिशत मात्र रहेको छ।

१०.२. बजेट वक्तव्यको बुँदा नं.६८ मा भौगोलिक रूपमा निकट रहेका तराई, पहाड र हिमाली क्षेत्रका पर्यटकीय स्थलमा परिपथ विकास गर्दै लगिने र बुद्ध परिपथ, शिव परिपथ, रामायण परिपथ, किराँत सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवर्धन गर्ने उल्लेख भई अध्ययन प्रतिवेदन प्राप्त भएपनि पर्यटन प्रवर्धनसम्बन्धी अन्य कार्यक्रम सञ्चालन भएको देखिएन।

१०.३. बजेट वक्तव्यको बुँदा नं.६९ मा सातै प्रदेश समेटिने गरी चुरे, पहाडी र हिमाली क्षेत्रका प्रमुख गन्तव्यस्थलमा पर्यापर्यटन प्रवर्धनका लागि टाकुरा पर्यटकीय गन्तव्य तथा मनोरञ्जन पूर्वाधारसहितका इको हिल स्टेशन निर्माण गरिने र मध्यपहाडी पुष्पलाल लोकमार्ग क्षेत्रका प्रमुख पर्यटकीय क्षेत्रमा होटल स्थापना गर्न सरकारी जग्गा लिजमा उपलब्ध गराइने, प्रदेश र स्थानीय तहसँगको सहकार्यमा यस्ता स्थानमा पहुँच मार्ग, विद्युत सेवा, खानेपानी सेवा पुऱ्याउने व्यवस्था मिलाइने उल्लेख भएकोमा विस्तृत परियोजना प्रतिवेदन तयारीसम्बन्धी कार्यमात्र सम्पन्न भएको र अन्य कार्य भएको देखिएन।

बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

११. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालयअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति देहायअनुसार छः

(रु.करोडमा)

क्र.सं.	आयोजना	लागत	सुरु वर्ष	खर्च	सम्पन्न हुने वर्ष	भौतिक प्रगति प्रतिशत
१	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	३०९१	२०७१।७२	२९९३	२०७८।७९	१००
२	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२४८६	२०७४।७५	२४५८	२०७९।८०	९९.६०
३	पशुपति क्षेत्र विकास कोष	२२७	२०७०।७१	३६९	नखुलेको	७८
४	लुम्बिनी विकास कोष	१३२६	२०६९।७०	८७५	२०८३।८४	८९
५	निजगढ विमानस्थल आयोजना	१६५००	२०७१।७२	१०६	२०८५।८६	नखुलेको
	जम्मा	**२३६३०**		**६८०१**		

उल्लिखित विवरणअनुसार मन्त्रालय मातहत रहेका ५ राष्ट्रिय गौरवका आयोजनाको रु.२ खर्ब ३६ अर्ब ३० करोड कुल लागत अनुमान भएकोमा हालसम्म रु.६८ अर्ब ०१ करोड खर्च भएको छ। यससम्बन्धी अन्य बेहोरा देहायअनुसार छन्ः

११.१. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना भैरहवा २०७१।१०।१ मा सुरु गरी २०७४ पौषमा सम्पन्न गर्ने लक्ष्य राखिएकोमा संशोधित कार्यतालिका अनुसार २०७८।९।१६ मा निर्माणतर्फ रु.७ अर्ब २४ करोड

र मुआब्जातर्फ रु. २२ अर्ब ६९ करोडसमेत रु.२९ अर्ब ९३ करोडको लागतमा सम्पन्न भई २०७९।१०।२ देखि सञ्चालनमा आएको छ। यस विमानस्थलबाट २०८१।८२ मा २७० अन्तर्राष्ट्रिय उडान गर्ने लक्ष्य रहेकोमा ५६० उडान भएको छ। लक्ष्यअनुसार प्रगति भए पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको व्यवस्था गर्नुपर्दछ।

११.२. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना आर्थिक वर्ष २०७४।७५ मा सुरु गरी आर्थिक वर्ष २०७७।७८ मा रू.२४ अर्ब ८६ करोड लागतमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा रू.२४ अर्ब ५८ करोड लागतमा २०७९।८० मा सम्पन्न भई सञ्चालनमा रहेको छ। यस विमानस्थलबाट २०८१।८२ मा १० अन्तर्राष्ट्रिय उडान गर्ने लक्ष्य रहेकोमा ५० उडान भएको छ। लक्ष्यअनुसार उडान भए पनि नियमित उडान हुन सकेको छैन। नियमित अन्तर्राष्ट्रिय उडान हुने व्यवस्था मिलाई निर्मित संरचनाको उपयोग गर्नुपर्दछ।

११.३. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाअन्तरगत २०७९।८० सम्म घेराबारा, मुआब्जा वितरण, नदी नियन्त्रण, विमानस्थल गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन तयारीलगायतका पूर्व तयारीसम्बन्धी कार्य भइरहेको छ। नेपाल सरकारको २०७९।४।२६ को निर्णयबमोजिम दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न गठन भएको विज्ञ समूहको अध्ययन प्रतिवेदन मन्त्रीपरिषद्बाट २०८०।७।२३ मा स्वीकृत भएपश्चात् नागरिक उड्डयन प्राधिकरणबाट चार किल्ला तोक्ने कार्यमा गत वर्षसम्म रु.१ अर्ब ६ करोड खर्च भएकोमा यस वर्ष थप वित्तीय तथा भौतिक प्रगति भएको छैन।

राष्ट्रिय गौरवका अन्य आयोजनाको बेहोरा सम्बन्धित खण्डमा उल्लेख छ।

१२. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा गरी नेपाल सरकारले बाँडफाँट गर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-४ मा पर्वतारोहणबाट प्राप्त रोयल्टीमध्ये २५ प्रतिशत प्रदेश सरकार, २५ प्रतिशत स्थानीय तह र ५० प्रतिशत नेपाल सरकारले प्राप्त गर्ने गरी बाँडफाँट गर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१२.१. मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटरसम्म उचाइ भएका २७ हिमचुलीको प्रवर्धन र व्यवस्थापन गर्ने जिम्मेवारीसहित रोयल्टी उठाउने अधिकार नेपाल पर्वतारोहण सङ्घलाई दिएकोमा मन्त्रीपरिषद्को २०८०।७।२३ को निर्णयअनुसार उक्त अवधि पुनः ५ वर्षको लागि थप भएको छ। मन्त्रालयले पेस गरेको आर्थिक विवरणअनुसार २०८१।८२ मा रु.१२ करोड २० लाख २६ हजार रोयल्टी दाखिला भएको छ।

१२.२. मन्त्रीपरिषद्को निर्णयअनुसार उक्त हिमचुलीहरूबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा अनिवार्य जम्मा गर्दै जाने र सोको विवरण त्रैमासिक रूपमा मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। नेपाल पर्वतारोहण सङ्घले हिमचुलीहरूबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था गर्नुपर्ने र सोको विवरण त्रैमासिक रूपमा मन्त्रालयमा पठाउनुपर्नेमा रोयल्टी र विवरण दुवै ढिला गरी दाखिला गर्ने गरेको देखियो। प्राप्त विवरणमा हिमचुली र सिजनअनुसार आरोहण अनुमति लिने पर्यटक सङ्ख्या, नेपालीको सङ्ख्या, विदेशीको सङ्ख्या, कायम विनिमय दर आदि बेहोरा नखुलाएकोले वास्तविक आम्दानी भिडान गर्न सकिएन। पर्वतारोहण सङ्घले गत वर्षको रोयल्टी रकम र सोको विवरण १४० दिनसम्म ढिला गरी बुझाएकोमा विलम्ब दस्तुर लिने

गरेको देखिएन। पर्वतारोहण रोयल्टी रकम समयमै दाखिला गराउनुका साथै वास्तविक आम्दानी भिडान गर्न सकिने गरी प्रतिवेदन लिने प्रणाली तथा नियन्त्रण प्रणालीको व्यवस्था हुनुपर्दछ।

१२.३. नेपाल पर्वतारोहण सङ्घबाट गत विगत वर्षको प्राप्त हुन बाँकी रहेको रोयल्टी रु.९ करोड ६३ लाख २६ हजार दाखिला भएको देखिएन। उक्त रोयल्टी रकम असुल गर्नुपर्दछ।

१३. **पर्यटन पूर्वाधार -** नेपालको तुलनात्मक लाभको रूपमा रहेको पर्यटन क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबिच सहकार्य, समन्वय एवं साझेदारीमार्फत पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास तथा प्रवर्धन गर्न मन्त्रीपरिषद्बाट २०७७।४।२६ मा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यस्थापन) निर्देशिका, २०७७ जारी गरी पर्यटन पूर्वाधार तथा पर्यटन उपज साझेदारी विकास कार्यक्रम सञ्चालनमा रहेको छ। निर्देशिकाबमोजिम यस कार्यक्रममा कुल लागतको प्रदेश सरकार र महानगरपालिकाले प्रस्ताव गरेको भए ५० प्रतिशत, उपमहानगरपालिकाले ४० प्रतिशत, नगरपालिकाले ३५ प्रतिशत र गाउँपालिकाले ३० प्रतिशत लागत साझेदारी गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रम २०७८।७९ देखि प्रारम्भ भई १८२ स्थानीय तहमा सञ्चालन भएको र सोको कुल लागतमध्ये नेपाल सरकारको दायित्व रु.४ अर्ब २६ करोड २६ लाख रहेकोमा हालसम्म रु.२ अर्ब ३६ करोड ८४ लाख निकासा भई रु.१ अर्ब ८९ करोड ४२ लाख दायित्व बाँकी रहेको छ। पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यस्थापन) निर्देशिका, २०७७ को दफा १४ मा निर्देशिकाबमोजिम सञ्चालन गरिने योजनाको कार्यान्वयन अवधि ३ वर्षको हुने उल्लेख छ। कार्यक्रमअन्तर्गत कुल १८२ योजना सञ्चालन भएकोमा ५२ योजना तोकिएको अवधिभित्र सम्पन्न भई उक्त योजनाको दायित्व फरफारक भएको देखिन्छ। तोकिएको समयभित्र सम्पन्न नभएका र सम्पन्न हुन बाँकी योजनाको दायित्व सम्बन्धमा कुनै निर्णय भएको देखिएन। बाँकी योजना सम्पन्न गर्ने तथा सोको वित्तीय दायित्व फरफारक सम्बन्धमा आवश्यक निर्णय हुनुपर्दछ।

१४. **पदमार्गमा आधारित पर्यटन विकास परियोजना –** कोशी प्रदेशका मध्य-पहाडी क्षेत्रहरूमा समृद्ध र वातावरणमैत्री पदमार्गमा आधारित पर्यटन स्थलहरू विकास गर्न तथा समुदायमा आधारित पर्यटनलाई प्रवर्धन गर्न नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय पहलमा यस आर्थिक वर्षदेखि पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयन गरिएको छ। परियोजनाले सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्वीस एजेन्सीको संयुक्त लागत साझेदारीमा २०८५ सम्म ४ वर्षमा रु.२ अर्ब ४५ करोड ६१ लाख खर्च गरी पदमार्ग संरचना निर्माण, प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन, प्रदेश र स्थानीय तहको क्षमता विकास लगायतका गतिविधिहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ।

यो वर्ष यस कार्यक्रमको लागि रु.१८ करोड ७६ लाख ६० हजार बजेट विनियोजन भएकोमा रु.११ करोड ७६ लाख ३३ हजार अर्थात् ६२.६८ प्रतिशत खर्च भएको छ। सोमध्ये रु.७ करोड ३२ लाख ४१ हजार स्वीस एजेन्सीले सोझै भुक्तानी गरेको देखिएकोमा उक्त खर्च रकमको लेखापरीक्षण प्रतिवेदन पेस भएको छैन। प्रवर्धनात्मक क्रियाकलापका लागि सम्झौताअनुसार सङ्घीय सरकारले बजेट खर्च नगरेको र स्वीस एजेन्सीले समेत तालिम तथा प्राविधिक सहायतातर्फ लक्ष्य अनुरूप खर्च गरेको छैन। परियोजना अवधिभर २९ स्थानीय तहमा करिब ४०० किलोमिटर लम्बाइका ४ पदमार्ग मुन्दुम ट्रेल, फाल्गुनन्द ट्रेल, टी-गार्डेन ट्रेल र लालीगुराँस ट्रेलको पुनर्स्थापना र स्तरोन्नति गर्ने, करिब ४ लाख (म्यान-डेज) रोजगारी सिर्जना गर्ने, आधार वर्षमा भन्दा थप करिब ७८ हजार बढी पर्यटक भित्र्याउने,

बीसभन्दा बढी होमस्टे तथा लज निर्माण वा पुनर्स्थापना गर्ने, कम्तीमा पनि १ हजार स्थानीय बासिन्दाहरूलाई आतिथ्य तथा पर्यटन सञ्चालनसम्बन्धी सीप विकास गर्न तालिम दिनेलगायतका उद्देश्य रहेकोमा कार्यान्वयनको पहिलो वर्ष मुन्दुम ट्रेल, फाल्गुनन्द ट्रेल र टी-गार्डेन ट्रेलअन्तर्गत २१ किलोमिटर पदमार्ग निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न भएको, २४ हजार ५०० म्यान-डेज रोजगारी सिर्जना भएको, आधार वर्षमा भन्दा थप ३ हजार पर्यटक आवागमन भएको, २५० स्थानीय बासिन्दालाई सिप विकास तालिम दिएको पाइयो यस वर्ष ३ होमस्टे तथा लज निर्माण वा पुनर्स्थापन गर्ने लक्ष्य रहेकोमा यसमा शून्य प्रगति देखिन्छ। सम्झौताअनुसार बजेट कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

१५. **स्थानीय तहलाई ससर्त अनुदान –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। ससर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो सर्तको पालना गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम यस वर्ष ३१९ स्थानीय तहमा पर्यटन पूर्वाधार योजना कार्यान्वयनको लागि रु.२ अर्ब ९० करोड ९१ लाख ससर्त अनुदान प्रदान गरेको देखियो। यससम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्ः

१५.१. स्थानीय तहमध्ये ३१९ स्थानीय तहमा योजना समावेश भए तापनि ४३४ स्थानीय तहमा कुनै योजना समावेश भएको देखिएन। कुल ६३४ योजनामध्ये नुवाकोट जिल्लामा रु.१८ करोड ९ लाखका ५२ योजना, काठमाडौं जिल्लामा रु.१९ करोड १५ लाखका ४० योजना, कास्की जिल्लामा रु.१२ करोड ६९ लाखका २२ योजना, रोल्पा जिल्लामा रु.८ करोड ५५ लाखका १६ योजना र सिरहा जिल्लामा रु.९ करोड ९ लाखका १६ योजनाको लागि अनुदान उपलब्ध गराएकोमा दार्चुला र सल्यान जिल्लाका स्थानीय तहमा कुनै पनि योजना समावेश भएको देखिएन। छनोटको वस्तुगत आधार र मापदण्ड बेगर आयोजनाहरूमा अनुदान दिने कार्यमा सुधार हुनुपर्दछ।

१५.२. वार्षिक बजेटमा उल्लेख भएअनुसार स्थानीय तहलाई ससर्त रूपमा प्रदान गरिएको अनुदान रकम पर्यटन पूर्वाधार विकासको लागि निकासा भएको देखिन्छ। मन्त्रालयले योजना छनोट गर्दा स्थानीय आवश्यकता, प्राथमिकता, योजना छनौटको आधार तथा प्रक्रिया आदि तोकेको देखिएन। स्थानीय निकायलाई प्रदान गरिएको बजेटको स्रोत आन्तरिक ऋण भएको र सो बजेटबाट कार्यान्वयन हुने योजनाहरूको प्रकृति धार्मिक संस्था, स्मृति प्रतिष्ठान, सांस्कृतिक संस्था तथा गैरसरकारी संस्थाका भौतिक संरचना निर्माण तथा मर्मत सम्भारसँग सम्बन्धित रहेका छन्। यस्ता योजनाहरूबाट प्रत्यक्ष आर्थिक उत्पादन वृद्धि, रोजगारी सिर्जना वा राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन प्रतिफल प्राप्त हुने गरी पर्यटकीय क्षेत्रको विकास र विस्तार हुने योजना सञ्चालन गर्नुपर्दछ।

१६. **इजाजत पत्र तथा नवीकरण –** नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिनेसम्बन्धी कार्यविधि, २०६६ को दफा नं.१०(क) मा इजाजत पत्रको अवधि ४ वर्षको हुने र सो अवधि समाप्त हुनु अगावै नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। हवाई सेवा व्यवस्थापन नियमावली, २०८२ जारी भई २०८२ वैशाखदेखि कार्यान्वयनमा आएको छ। यो वर्ष नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट नवीकरण इजाजत बापत रु. १ करोड ४५ लाख ७७ हजार प्राप्त भएको छ। मन्त्रालयले इजाजत पत्रको अभिलेख अद्यावधिक गरेको पाइएन। कार्यविधि जारी हुनु अगावै स्थापना भएका संस्थालाई

मन्त्रालयले कार्यविधि जारी भए पश्चात्को अवधिको जरिबाना लिई दर्ता तथा अनुमतिको दायरामा ल्याएको भए पनि हवाई उड्डयनसम्बन्धी कार्य गर्ने नेपाल वायुसेवा निगमले मन्त्रालयबाट इजाजत नलिएकोले अनुमति लिनुपर्ने वा नपर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा सो सम्बन्धमा निर्णय भएको देखिएन।

१७. **जग्गाको स्वामित्व** – जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहऱ्याएमा मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा १३(२) मा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन भएको समितिले मुआब्जा निर्धारण गरेबमोजिम हुने व्यवस्था छ। मुआब्जा वितरण भइसकेका जग्गाको लगत कट्टा गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा आउनुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलअन्तर्गत सिनामङ्गल वडा नं. ५(ग) कित्ता नं. १ को ४ रोपनी ५ आना, सिनामङ्गल वडा नं. ६(ग) कित्ता नं. ४० को ६ रोपनी ५ आना, सिनामङ्गल वडा नं. १२(क) कित्ता नं. १७ को ६ रोपनी १४ आनासमेत ४७० कित्ताको करिब ५३३ रोपनी जग्गा हालसम्म पनि लगत कट्टा गरी प्राधिकरणको स्वामित्व कायम हुने गरी जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको छैन। आवश्यक प्रक्रिया पूरा गरी जग्गा प्राधिकरण मातहत ल्याउनुपर्दछ।

पुरातत्त्व विभाग

ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका वस्तु र प्राचीन सम्पदाको अन्वेषण, विश्लेषण, संरक्षण र प्रकाशन गर्ने कार्यका लागि २००९ सालमा विभागको स्थापना भएको हो। विभागले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार राष्ट्रका गौरवमय सम्पदाको पुनर्निर्माण, संरक्षण र व्यवस्थापन गर्दै आएको छ। यो वर्ष विभाग र मातहत ११ कार्यालयको लागि रु.१ अर्ब ९ करोड २६ लाख ५७ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.२३ करोड ७४ लाख २९ हजार र पुँजीगततर्फ रु.५६ करोड ७४ लाख ८६ हजारसमेत रु.८० करोड ४९ लाख १५ हजार खर्च गरेको छ।

१८. **सम्पदा पुनर्निर्माण**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा अन्य वर्षको लागि खरिद कारबाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चितता हुनुपर्ने, नियम ७(१) मा खरिद कार्यको गुरुयोजना तयार गर्नुपर्ने र नियम ९(१) मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुने गरी रकम तथा समय विचार गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। विभागले उक्त व्यवस्थाअनुसार एकमुष्ट लागत अनुमान तयार नगरी प्रत्येक वर्षको लागि छुट्टाछुट्टै लागत अनुमान तथा ठेक्का बन्दोबस्त गरेका कारण एउटै सम्पदा विभिन्न व्यवसायीबाट निर्माण कार्य भएको हुँदा एउटै सम्पदा निर्माण गर्न सूचना प्रकाशन, बोलपत्र मूल्याङ्कन समितिको बैठक भत्तालगायतका प्रशासनिक खर्च बर्सेनि हुने गरेको देखिन्छ। यसका अतिरिक्त अधुरो कार्यको लागि त्रिपाल, प्लास्टिकलगायतले छोप्ने कार्य, बीमा, साइट तयार गर्ने तथा सफा गर्ने, गुणस्तर परीक्षण जस्ता कार्यमा थप खर्च हुन जाँदा लागत बढ्न गएको र छाना लगाउन वर्षौं लाग्दा घामपानीले काठको गुणस्तरमा समेत असर परेको छ। विभागले निर्माण सुरु गरेको सम्पदा सङ्ख्या र बजेट विनियोजन तुलना गर्दा सम्पदाहरू पुनर्निर्माण गर्न न्यूनतम ५ देखि ७ वर्ष र ठुला सम्पदा निर्माण गर्न अझ बढी समय लाग्ने अवस्था रहेकोले सम्पदा पुननिर्माणको बजेट व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

१९. **सम्पदा क्षेत्रमा निजी भवन निर्माण स्वीकृति** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ मा संरक्षित स्मारक क्षेत्रभित्र निजी जग्गामा नयाँ घर वा भवन निर्माण गर्दा वा साविक आकारमा परिवर्तन हुने गरी आफ्नो घर वा भवनको निर्माण मर्मत, थपघट वा पुनर्निर्माण गर्दा विभागको स्वीकृति लिनुपर्ने र स्वीकृत नक्साबमोजिम नगरेमा त्यस्तो कार्यलाई रोक्न विभागले आदेश दिन सक्ने व्यवस्था छ। साथै पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माणसम्बन्धी मापदण्ड, २०६४ को बुँदा नं ४.४ मा घर वा भवनको अधिकतम उचाइ ३५ फिट र अधिकतम चार तल्लासम्मको बनाउन सकिने व्यवस्था गरेको छ। विभागले २०८०।८१ मा ५० र २०८१।८२ मा ३२ घर निर्माण तथा पुनर्निर्माणको लागि नक्सा सहमति दिएको देखिन्छ। मापदण्ड कार्यान्वयन भएको सुनिश्चितता हुनुपर्दछ।

२०. **दायित्व सिर्जना** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (११) मा लेखा उत्तरदायी अधिकृतले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सीमाबाट प्रतिबद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र अन्य कार्यक्रमको लागि बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था छ। विभागले गत वर्ष सम्झौताबमोजिम निर्माण सम्पन्न भई रु.७ करोड ५८ लाख ६७ हजार भुक्तानी बाँकी प्रमाणित गरी यो वर्ष भुक्तानी गरेको देखियो। यस वर्ष विभागले पुँजीगत कार्यक्रमतर्फ रु. ५३ करोड ३८ लाख ५० हजार खर्च गरेकोमा २०८२ असार मसान्तमा सम्बन्धित क्रियाकलापमा बजेट अपुग भई ६ कार्यक्रमको रु.२ करोड ३९ लाख १८ हजार भुक्तानी दायित्व सिर्जना भएको देखिन्छ। सिर्जित दायित्वले आगामी वर्षको योजना तथा कार्यक्रममा प्रत्यक्ष असर गर्ने हुँदा दायित्व सिर्जना नहुने गरी कार्यसम्पादन हुनुपर्दछ।

२१. **निर्माण सामग्रीको पुनः प्रयोग**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराबारे व्यवस्था छ। विभागले सम्पदा पुनर्निर्माण कार्यमा पुरानो संरचना भत्काई नयाँ निर्माण कार्य गर्न समेत बिल अफ क्वान्टिटीमा आइटम राखी भुक्तानी गर्ने गरेको छ। पुरानो संरचना भत्काउँदा प्राप्त हुने काठ, झ्याल, ढोका, ढुङ्गा, इँटालगायतका सामानको पुनः प्रयोग हुने अवस्था यकिन हुने गरी मुचुल्का प्रमाणित गरी राख्ने गरेको छैन। भक्तपुरको यक्षेश्वर मन्दिर पुनर्निर्माण गर्दा गत वर्ष पुरानो संरचना भत्काउँदा पुरानो काठ (दलिन र प्लाङ्गकिङ्ग) र झिङ्गटीको प्रमाण नराखी कार्य गर्दा काठ तथा झिङ्गटी नपुग भएको कारण जनाई भेरिएशन गरेको छ। यस्ता पुरातात्त्विक सम्पदाहरूको संरचना भत्काउँदा सावधानीपूर्वक पुनः प्रयोगमा ल्याउन सक्ने निर्माण सामग्री छुट्याई सोको अभिलेखाङ्कन गरी सो प्राप्ति र उपयोग गर्नुपर्दछ।

२२. **जग्गा मुआब्जा** - कपिलवस्तु जिल्ला तिलौराकोटको १०० बिघा जग्गा अधिग्रहण गर्ने समेतको लुम्बिनी गुरुयोजना २०७७।९।१५ मा मन्त्रीपरिषद्बाट स्वीकृत भएको छ। मुआब्जा वितरणका लागि यो वर्ष रु.५ करोड बजेट विनियोजन गरी २० जनालाई एउटा घरसमेतको लागत रु.४ करोड ६६ लाख ८३ हजार मुआब्जा वितरण भएको छ। गुरुयोजनाअन्तर्गत हालसम्म ३५ घरटहरा (कच्ची र पक्कीसमेत) र ४५ बिगाहा जग्गा प्राप्त भई रु.५० करोड ६१ लाख ८४ हजार मुआब्जा वितरण भएको देखिन्छ। मुआब्जा वितरणको लागि २०७७।७८ मा हक दाबीका लागि सूचना प्रकाशन गरी मुआब्जा वितरणको प्रक्रिया सुरु गर्नुपर्नेमा बजेट अभावका कारण दररेट निर्धारण समितिले २०७७।७८ मा प्रति कट्ठा कायम दरमा ५ प्रतिशत थप गरी २०७८।७९ का लागि प्रति कट्ठा रु.८ लाख ७६ हजार मूल्याङ्कन कायम गरी मुआब्जा वितरण गरेको छ। राहत क्षतिपूर्ति वितरण जग्गाको विवरण सार्वजनिक गरी नेपाल सरकारको जग्गाको अभिलेखमा अद्यावधिक गर्ने व्यवस्था विभागले मिलाउने उल्लेख भएकोमा हालसम्म

विभागले मुआब्जा पाएका र पाउन बाँकीको अभिलेख अद्यावधिक गरेको छैन। जग्गाको लगत कट्टा गरी अधिग्रहण भएका सबै जग्गा तथा घरको सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२३. **कानुनी सामाञ्जस्यता** – प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक तथा पुरातात्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था गरेकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (फ) को क्र.सं. (२) र ३) मा पुरातत्त्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्धन, विकास र परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने कार्य पालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत राखेको छ। मठ मन्दिरलगायतका सम्पदा निर्माण र संरक्षणको लागि स्थानीय तह र विभाग दुवै निकायबाट खर्च भइरहेको छ। यसो गर्दा योजना छनोट तथा कार्यान्वयनमा दोहोरोपना हुनसक्ने साथै विभागबाट दुर्गम स्थानमा रहेका सम्पदाको निर्माण कार्यको निरीक्षण तथा अनुगमन गर्दा भ्रमण खर्चको लागतसमेत बढ्न जाने देखिन्छ। पुरातात्त्विक सम्पदा र प्राचीन स्मारकसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन लगायतका विषयमा कानुनी सामञ्जस्यता गरी निर्माण तथा संरक्षणका कार्य गर्नुपर्दछ।

पर्यटन विभाग

पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षालगायतका कार्य गर्न २०७१ मा स्थापना भएको यस विभागले पर्यटन व्यवसाय र उद्योग भएका शहर, ठुला पर्यटन उद्योग, तारे होटल, क्यासिनो, स्वदेशी विदेशी पर्यटन प्रवर्धन, पर्वतारोहण अनुमति र पर्वतीय पर्यटनको एकीकृत विकासलगायतका कार्यको नियमन, प्रवर्धन र व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ। यो वर्ष विभागको लागि रु.१ अर्ब १५ करोड २७ लाख ९ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१७ करोड १८ लाख ५८ हजार र पुँजीगततर्फ रु.५५ करोड ९८ लाख ७७ हजारसमेत रु.७३ करोड १७ लाख ३५ हजार खर्च गरेको छ।

२४. **स्थानीय तहलाई अख्तियारी** – विनियोजन ऐन,२०८१ को दफा ७ मा यस ऐनबमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश वा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने उल्लेख छ। विभागले पर्यटन पूर्वाधार विकास कार्यक्रमअन्तर्गत विभिन्न ६१ कार्यक्रमको लागि ३३ जिल्लाका ६६ स्थानीय तहलाई रू.७० करोड ४८ लाखको बजेट अख्तियारी प्रदान गरेको छ। बजेट अख्तियारी प्रदान गर्दा मन्त्रालयले गरेको निर्णयमा स्थानीय तहहरूले मासिक, त्रैमासिक तथा वार्षिक वित्तीय तथा भौतिक प्रगति एवं अन्य विवरण नियमित रूपमा पर्यटन विभागमा पठाउने र आयोजनाको प्रभावकारी कार्यान्वयन एवं वित्तीय सुशासनको सुनिश्चितता हुने गरी खर्च गर्न निर्देशन दिएको छ। विभागले स्थानीय तहलाई हस्तान्तरित बजेटको कार्य प्रगति विवरण तयार गरेको छैन। निर्माण कार्यको प्रगति विवरण पेस हुनुपर्दछ।

२५. **क्यासिनो रोयल्टी तथा इजाजत नवीकरण** - क्यासिनो रोयल्टी, इजाजत नवीकरण र बक्यौता हिसाब सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायबमोजिम छन्:

२५.१. क्यासिनो नियमावली, २०८२ को नियम ७ मा इजाजत दस्तुर र नियम ८ मा इजाजत पत्रको नवीकरण दस्तुरसम्बन्धी व्यवस्था छ। आर्थिक ऐन, २०८२ को दफा १५ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरेबापत वार्षिक पाँच करोड रुपैयाँ र

आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक एक करोड पचास लाख रुपैयाँ रोयल्टी तिर्नुपर्ने व्यवस्था छ। विभागले पेस गरेको वित्तीय विवरणमा यो वर्ष क्यासिनो रोयल्टीबापत रू.९५ करोड ९० लाख ७७ हजार र एजेन्सी रजिष्ट्रेसन दस्तुर रू.३० करोड ७८ लाख ५१ हजारसमेत कुल रू.१ अर्ब २६ करोड ६९ लाख २८ हजार दाखिला गरेको छ। विभागले क्यासिनो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको भए तापनि प्रत्येक क्यासिनोले दाखिला भएको रोयल्टी र नवीकरण दस्तुर देखिने गरी प्रणाली तयार नगरेकोले विभागबाट प्राप्त विवरण र वित्तीय विवरणबीच रु.९ करोड ५८ लाख फरक परेको छ। राजस्व व्यवस्थापन सूचना प्रणालीबाट रोयल्टी दाखिला गर्दा कतिपय क्यासिनोको नवीकरण दस्तुर र रोयल्टी रकमको शीर्षक फरक पारी दाखिला गरेका कारण रोयल्टी रकम भिडान गर्न सकिएन। राजस्वको शीर्षक यकिन गरी आम्दानीको लेखाङ्कन गर्नुपर्दछ।

२५.२. क्यासिनो नियमावली, २०८२ को नियम ७ मा इजाजत दस्तुरसम्बन्धी व्यवस्था छ। साथै नियम ८ मा इजाजत दस्तुर र सालबसाली रूपमा जारी हुने आर्थिक ऐन अनुसारको क्यासिनो रोयल्टी चुक्ता गरेको प्रमाण राखी इजाजतपत्रको नवीकरणका लागि दरखास्त दिनुपर्ने व्यवस्था छ। विभागले रोयल्टी बक्यौता रहेका क्यासिनोको वार्षिक अद्यावधिक विवरण नराखी एकमुष्ट रूपमा रू.१ अर्ब ७८ करोड ५१ लाख ४९ हजार बाँकी रहेको विवरण पेस भएको छ। बक्यौता रहेका ५ क्यासिनोमध्ये ३ क्यासिनोको रोयल्टी बक्यौता चुक्ता नभएको उल्लेख गरी मन्त्रालयले इजाजत खारेज गरे तापनि सम्मानित सर्वोच्च अदालतको आदेशले उक्त क्यासिनो सञ्चालनमा रहेका छन्। रोयल्टी वक्यौताको विवाद अदालतमा विचाराधीन रहेको छ।

२६. **होटेल मापदण्ड** – होटेल, लज, रेष्टुराँ तथा रिजर्ट, बार तथा पथप्रदर्शक नियमावली, २०३८ अनुसार नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७६।९।७ मा होटेल, रिसोर्ट, पर्यटक लज, मोटेललगायतका होटेल प्रकृतिका व्यवसायहरूको वर्गीकरण र मापदण्ड निर्धारण गरेको छ। सोही मापदण्डमा सबै वर्गका होटेलको स्तरअनुसार हुनपर्ने सुविधाहरू अद्यावधिक रहे, नरहेको सम्बन्धमा विभागबाट जाँच गराई प्रत्येक पाँच वर्षमा नवीकरण गराउनुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार ३४७ होटेल स्तरीकरण गरी दर्ता गरेकोमा गत वर्ष र यो वर्षसमेत १४ होटेल (४.०३ प्रतिशत) नवीकरण भएका छन्। निर्धारित मापदण्डअनुसार सुविधा अद्यावधिक भए/नभएको सुनिश्चित हुने व्यवस्था हुनुपर्दछ।

२७. **ग्रेट हिमालय ट्रेल** – नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२५) को ५ वर्षे रणनीतिक कार्ययोजनाअनुसार ताप्लेजुङ्गदेखि दार्चुलासम्म उच्च पहाडी हिमाली क्षेत्र भएर जाने ग्रेट हिमालय ट्रेलको पूर्वाधार विकास गर्ने, २०७९।८० सम्म ट्रेलको लम्बाइ ४१५ किलोमिटर र २०८१।८२ सम्म ५१५ किलोमिटर हुने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार उक्त ट्रेलको लागि यो वर्ष रू.३ करोड ८० लाखसमेत रू.१ अर्ब ३ करोड ८० लाख खर्च भई ६४० किलोमिटर पदमार्ग निर्माण भएको देखिन्छ। यो वर्ष ग्रेट हिमालयन ट्रेलको १० क्लस्टरमा ५०० किलोमिटर सम्भाव्यता अध्ययन कार्यको लागि रू.५० लाख विनियोजन भए तापनि सोसम्बन्धी कार्य भएको देखिएन। साथै विभागले गुरुयोजना बेगर बर्सेनि ट्रेल निर्माण गरेकोमा समष्टिगत प्रगति विवरण तयार गरेको छैन।

२८. **पर्वतारोहण दस्तुर**– पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ३ मा पर्वतारोहणका लागि अनुमति लिन चाहने पर्वतारोही दलका तर्फबाट सो दलका नेताले अनुसूची-४ बमोजिमको सलामी

रकमको सगरमाथा हिमालका लागि ५ प्रतिशत र अन्य हिमालको लागि १० प्रतिशत बुझाई बाँकी रकम पछि बुझाउने गरी अनुमतिको लागि मन्त्रालयमा दरखास्त दिन सक्ने व्यवस्था छ। विभागको पर्वतारोहण अनुमति प्रणालीबाट प्राप्त विवरणअनुसार यो वर्ष ६७ हिमालका लागि ३०३ पर्वतारोही दललाई अनुमति प्रदान गरी अमेरिकी डलर ६४ लाख १४ हजार १६७ अर्थात् रू.८७ करोड ५३ लाख सलामी दस्तुर असुल भएको छ। प्रत्येक ऋतुअनुसार पर्वतारोहण दस्तुरको दर फरक-फरक हुने तर विभागबाट ऋतुअनुसारको अनुमतिको अभिलेख नराखिएकोले दस्तुर यकिन हुने गरी अभिलेख प्रणालीमा सुधार गर्नुपर्दछ।

अन्य संस्था र समिति

लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारभरका बौद्धमार्गी एवं शान्तिप्रेमी मानिसहरूको आस्थाको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य र आदर्शलाई थप प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई समन्वयात्मक र सुचारु रूपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम यो कोषको स्थापना भएको हो। लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासका लागि तयार भएको गुरुयोजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, विहार क्षेत्र र नयाँ लुम्बिनी ग्रामको अवधारणाअनुसार योजना कार्यान्वयन हुँदै आएको छ।

२९. **वित्तीय स्थिति** - कोषको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	५३४१२३	चालु खर्च	१७६२६२
यस वर्षको आय		पुँजीगत खर्च	४४१४५२
भू-शुल्क भाडा र विविधसमेत	१७१३७३	नेपाल सरकार अनुदान फिर्ता	४५०३
ब्याज आम्दानी	१२६०१	धरौटी फिर्ता	३४१८९
नेपाल सरकारको अनुदान	४५००००	वर्षान्तको मौज्दात	५५७८९०
धरौटी आय	४६१९९		
जम्मा	**१२१४२९६**	**जम्मा**	**१२१४२९६**

कोषले विनियमावलीको प्रावधानअनुरूप वासलात तयार नगरेकोले कोषको सम्पत्ति र दायित्वको यर्थाथ अवस्था यकिन हुन सकेन। लेखा नीति तथा लेखा ढाँचा स्वीकृत गरी वासलातसमेत तयार गर्नुपर्दछ।

३०. **गुरुयोजना कार्यान्वयन** - लुम्बिनी विकास गुरुयोजनाअन्तर्गत विभिन्न १७ निर्माण कार्य तय गरिएको मध्ये लुम्बिनी सांस्कृतिक केन्द्रको ६ भवन निर्माण, उथान्त अडिटोरियम हल, क्याम्पियन प्लाजा, हरहवा-तेलार खोला डाइभर्सन र गुरुयोजना क्षेत्रभित्र ढल निकास प्रणालीको निर्माण कार्य हालसम्म सुरु भएको छैन। आयोजनाको संशोधित लागत अनुमान रु.१३ अर्ब २६ करोड रहेकोमा हालसम्म रु.८ अर्ब ७५ करोड खर्च भई ८९ प्रतिशत भौतिक प्रगति हासिल भएको देखिन्छ। निर्माणाधीन कार्य र निर्माण सुरु नभएको बाँकी कार्य पूरा गर्न रु.७ अर्ब ३१ करोड ६० लाख ६ हजार लाग्ने संशोधित अनुमान गरिएको छ। नेपाल सरकारबाट स्रोत सुनिश्चितता भैसकेकोले समयमा गुरुयोजना अनुसारको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३१. **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले पेश गरेको प्राविधिक बिल अनुसार पूर्वी क्षेत्रमा सडक सञ्जाल र अन्य पूर्वाधार निर्माणकार्यका लागि तेह्रौं रनिङ बिलसम्म मूल्य समायोजनबापत रु.६ करोड ३३ लाख १० हजार भुक्तानी हुनुपर्नेमा रु.६ करोड ६९ लाख ४७ हजार भुक्तानी गरेको र पश्चिम गुम्बा क्षेत्रमा सडक सञ्जाल र अन्य पूर्वाधार निर्माण कार्यका लागि चौधौं रनिङ बिलसम्म मूल्य समायोजनबापत रु.१० करोड २६ लाख २६ हजार भुक्तानी हुनुपर्नेमा रु.१० करोड ६६ लाख ८ हजार भुक्तानी गरेको देखिन्छ । निर्माण व्यवसायीले पेस गरेको प्राविधिक बिलभन्दा क्रमशः रु.३६ लाख ३७ हजार र रु.३९ लाख ८२ हजारसमेत रु.७६ लाख १९ हजार बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

३२. **सङ्गठन संरचना र दरबन्दी –** लुम्बिनी विकास कोष (कर्मचारी सेवा सर्त तथा सुविधा) विनियमावली, २०७९ को विनियम ५(१) मा कोष सेवाको सङ्गठन संरचना र दरबन्दी समितिले निर्धारण गरी मन्त्रालयले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। कोषबाट प्राप्त विवरणअनुसार कोषका लागि १५५ स्थायी दरबन्दी स्वीकृत रहेकोमा २०७९।१२।१७ को कोषको कार्यकारिणी समितिको बैठकबाट १६५ थप अस्थायी दरबन्दी सिर्जना गरी कर्मचारी पदपूर्ति गरेको देखिन्छ। कोषको कुल दरबन्दी ३२० (अस्थायीसमेत) रहेकोमा प्राप्त विवरणअनुसार हालसम्म स्थायी ४५, करार ७० र अस्थायी १०८ समेत कुल २२३ पदपूर्ति भई ९७ पद रिक्त रहेको देखिन्छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझ र आवश्यकताअनुसार दरबन्दी र पदपूर्ति व्यवस्थापन गर्नुपर्दछ।

३३. **तहगत रूपान्तरण -** लुम्बिनी विकास कोष (कर्मचारी सेवा सर्त तथा सुविधा) विनियमावली, २०७९ को विनियम ४(२) मा कोष सेवामा अधिकृतस्तरमा छैट्टौंदेखि एघारौं तहसम्म, सहायक स्तरमा पाँचौ र चौंथो तहको साथै सहयोगीस्तर (श्रेणीविहीन) मा प्रथमदेखि पाँचौस्तरसम्मको तह हुने व्यवस्था छ। नियम ४ मा सङ्गठन संरचना र दरबन्दी सिर्जना तथा पुनरावलोकन गर्दा कोषको कार्य प्रकृति र कार्यबोझ विश्लेषण गरी त्यसको कारण र औचित्य खुलाई सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने उल्लेख छ। कोषले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगरी दरबन्दी स्वीकृति बेगर श्रेणीबाट तहमा रूपान्तरण गर्दा कोषलाई रु.१४ लाख ४४ हजार थप व्ययभार पर्न गएको देखिन्छ। विनियमावलीमा भएको व्यवस्थाबमोजिम तहगत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत भएको दरबन्दीमा कर्मचारी पदस्थापना हुनुपर्दछ।

३४. **जिन्सी व्यवस्थापन -** लुम्बिनी विकास कोष कार्य व्यवस्था विनियमावली, २०५८ को विनियम ६(३) अनुसार तीर्थयात्रीले मन्दिरमा चढाएका बिक्रीयोग्य वस्तुहरू लिलाम बढाबढमा बिक्री गरी नगदमा परिणत गरी कोषमा आम्दानी बाँध्ने र त्यस्तो आम्दानीको रकम सचिवालयले प्रत्येक महिनाको अन्त्यमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा सुन-चाँदीका गहना, मूर्ति, सिक्का, मोतीको दाना, पत्थरहरूलगायतका बहुमूल्य सामानहरू प्राप्त नभएको कोषले जनाएको छ। तीर्थयात्रीहरूले मन्दिरमा चढाएका सबै प्रकारका जिन्सी वस्तुको व्यवस्थित अभिलेख तयार गर्नुपर्दछ।

३५. **मुद्दती निक्षेप -** कोषको आन्तरिक आम्दानी वृद्धि गर्ने उद्देश्यले धरौटी खातामा रहने नगद मौज्दात व्यवस्थापन गर्न २०७९।१।१५ मा उपाध्यक्षको अध्यक्षतामा बसेको कोषको सचिवालयको बैठकको

निर्णयअनुसार धरौटीमा रहेको रकममध्ये रु.१३ करोड ३६ लाख विभिन्न ९ वाणिज्य बैङ्कको मुद्दती खातामा जम्मा गरेको छ। कोषले २०८०।८१ मा मुद्दती खाताबाट रु.९० लाख ६ हजार ब्याज आर्जन गरेकोमा यस वर्ष ९ बैङ्क खातामध्ये ६ बैङ्क खाता नवीकरण नहुँदा रु.५० लाख २३ हजार मात्र आर्जन गरेको छ। कोषका उपाध्यक्ष तथा कोषाध्यक्षको संयुक्त दस्तखत रहने गरी सञ्चालन हुने मुद्दती खाताहरू समयमा नवीकरण नहुँदा यस वर्ष कोषको आयमा रु.३९ लाख ८३ हजार कमी आएको देखिन्छ। मुद्दती निक्षेपबाट वार्षिक ब्याज प्राप्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३६. **दीप प्रज्वलन -** मायादेवी मन्दिर परिसरमा तीर्थयात्री एवं भक्तजनहरूका लागि दीप प्रज्वलन (दियो बत्ती बाल्ने) कार्यका लागि आवश्यक पर्ने घिउ, पिताम्बरी, दीयो/बत्तीलगायतका सामग्री खरिदका लागि कोषले रु.४३ लाख ९३ हजारको लागत अनुमान स्वीकृत गरी २०८१।११।२२ मा बोलपत्र आह्वान गरेकोमा एक मात्र आपूर्तिकर्ताले बोलपत्र पेस गरेको र उक्त फर्मले दररेट उल्लेख नगरेका कारण खरिद प्रक्रिया रद्द गरेको छ। दीप प्रज्वलनबाट यो वर्ष रु.६६ लाख ९५ हजार आय प्राप्त भएकोमा दियो बत्ती तथा अन्य सामग्री खरिदमा भएको खर्चको विवरण अद्यावधिक गरेको छैन। तीर्थयात्री एवं भक्तजनहरूका आस्थासँग सम्बन्धित रहेको दीप प्रज्वलन कार्यलाई व्यवस्थित रूपमा सुचारु गर्नुपर्दछ।

३७. **भू-शुल्क –** लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९(२) मा उपविनियम (१) बमोजिम भू-शुल्क सोही आर्थिक वर्षको अन्त्यसम्ममा बुझाइसक्नुपर्ने व्यवस्था छ। विनियम ९(३) को उपविनियम (२) मा म्यादभित्र भू-शुल्क नबुझाएमा पहिलो ३ महिनासम्म भू-शुल्कको २५ प्रतिशत र दोस्रो ३ महिनाका लागि ५० प्रतिशत जरिबानासमेत असुलउपर गरिने तथा सो अवधिभित्र भू-शुल्क नबुझाएमा जरिबानासमेत असुलउपर गरी सम्झौता रद्द गरिने व्यवस्था छ। कोषबाट प्राप्त विवरण अनुसार लुम्बिनी विकास कोषभित्र रहेका ३९ विहारमध्ये ८ विहारले विनियमावली अनुसार शुल्क भुक्तानी गरेको देखिएन। कोषको भू-शुल्कबापत गत आर्थिक वर्षसम्मको रू.७ लाख २७ हजार र यस आर्थिक वर्ष रू.८ लाख ८३ हजारसमेत रू. १६ लाख १० हजार प्राप्त हुन बाँकी देखिन्छ। प्राप्त हुन बाँकी भू-शुल्क असुल हुनुपर्दछ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

नेपालको ललितकलाको संरक्षण, प्रवर्धन एवं सर्वाङ्गीण विकास गर्न र ललितकलासम्बन्धी विषयमा अध्ययन एवं अनुसन्धान गर्न, गराउन तथा यस क्षेत्रका प्रतिभाहरूको सम्मान र कदर गर्ने उद्देश्यले ललितकला प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत २०६६ सालमा यस प्रतिष्ठानको स्थापना भएको हो।

३८. **वित्तीय स्थिति -** प्रतिष्ठानको यो वर्षको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	रकम	विवरण	रकम
गत वर्षको मौज्दात	४२९३७	कार्यालय सञ्चालन र कार्यक्रम खर्च	७२५७३
यस वर्षको आय		कर्मचारी खर्च	३००९
नेपाल सरकारको अनुदान	४८१५३	प्रत्यक्ष खर्च	२४५६
अन्य आय	३७४४१	अन्य खर्च	४
बिक्री सेवा शुल्क	७९२	मौज्दात	५१२८१

आय		व्यय	
विवरण	रकम	विवरण	रकम
जम्मा	१२९३२३	जम्मा	१२९३२३

उल्लिखित विवरणअनुसार गत वर्षको बाँकी मौज्दात रु.४ करोड २९ लाख ३७ हजार र यस वर्ष नेपाल सरकारबाट अनुदान रु.४ करोड ८१ लाख ५३ हजार र आन्तरिक आय रु.३ करोड ८२ लाख ३३ हजारसमेत रु.१२ करोड ९३ लाख २३ हजार आय रहेकोमा रु.७ करोड ८० लाख ४२ हजार खर्च भई रु.५ करोड १२ लाख ८१ हजार मौज्दात रहेको देखिन्छ।

३९. **शालिक प्रतिस्थापन -** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान प्रज्ञा परिषद्को २०६९।१।२६ को बैठकबाट नेपालको राष्ट्रिय विभूति कलाकार अरनिकोको १७ फिटको पूर्णकदको शालिक प्रतिस्थापन गर्ने निर्णय भई रु.६७ लाख २१ हजारमा शालिक निर्माण कार्य भएको छ। प्रतिष्ठानले शालिक प्रतिस्थापन गर्ने स्थान यकिन नगरेकोले हालसम्म उक्त शालिकको कम्मरदेखि माथिको भाग प्रतिष्ठानको प्राङ्गणमा र खुट्टालगायत अन्य भाग कार्यशालामै रहेको पाइयो। स्थान पहिचान गरी निर्माण गरिएको शालिक प्रतिस्थापन गर्नुपर्दछ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

होटल तथा पर्यटन उद्योगका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने, व्यवस्थापकीयस्तरका कर्मचारी उत्पादन गर्न दीर्घकालीन उच्चस्तरका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने, पर्यटन विकासका लागि परामर्श दिने र सर्वेक्षण तथा अनुसन्धान गर्ने अभिप्रायले यस प्रतिष्ठानको स्थापना भएको हो।

४०. **वित्तीय स्थिति -** प्रतिष्ठानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१ आषाढ ३१	२०८२ आषाढ ३२
सम्पत्ति		
चालु सम्पत्ति	**२८५२१४**	**२५३४८८**
जिन्सी मौज्दात	१५२१	१४६७
व्यापार तथा अन्य प्राप्य	१०१३४९	६९३६१
नगद मौज्दात	१८२३४४	१८२६६०
पुँजीगत सम्पत्ति	**२६२३०१**	**२५८५२५**
निक्षेप लगानी	**३९६८१५**	**३९६८१५**
कुल सम्पत्ति	**९४४३३०**	**९०८८२८**
दायित्व		
सञ्चित नाफा	१४२३९८	१४२५३२
कर्मचारी कोष	६१७६२२	५७३९५४
सरकारी अनुदान लगानी	१२२४६०	१२८७७४
पुनर्मूल्याङ्कन जगेडा	४६५९५	४६५९५
धरौटी तथा भुक्तानी दायित्व	१५२५५	१६९७३
कुल दायित्व	**९४४३३०**	**९०८८२८**

४१. **आय-व्यय -** प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०८१।८२
नेपाल सरकारबाट अनुदान	२०३८३	२११५०
शैक्षिक कार्यक्रमबाट प्राप्त आय	१९१६५३	२२४५०६
तालिम सञ्चालनबाट प्राप्त आय	१७८३०	२७५४२
बैंङ्क ब्याज प्राप्त	५०९१५	२७५७२
अन्य आय	८०५७६	३५४३१
कुल आम्दानी	**३६१३५७**	**३३६२०१**
शैक्षिक कार्यक्रम खर्च	९१९७०	९४७०९
तालिम सञ्चालन खर्च	२०८४९	२४१००
शैक्षिक खर्च	३८९	३२५२
अन्य प्रशासनिक खर्च	८२०४१	७१३४७
तलब भत्ता खर्च	१७११३६	११९१४७
ह्रास खर्च	२४३७६	२३७७९
कुल खर्च	**३९०७६१**	**३३६३३४**
कर अघिको नाफा/घाटा	**(२९४०४)**	**(१३३)**
आयकर व्यवस्था	**-**	**-**
आयकरपछिको खुद नाफा/घाटा	**(२९४०४)**	**(१३३)**

४२. **लिज सम्झौता -** प्रतिष्ठानको स्वामित्वमा रहेको एक शिक्षण होटल ३० वर्षको लागि लिजमा दिन एक संयुक्त उपक्रमसँग २०७४।३।८ मा सम्झौता भएको छ। सम्झौताबमोजिम वार्षिक रु.१ करोड ६२ लाख १० हजार बहाल बुझाउने र यस्तो बहाल वार्षिक ५.५ प्रतिशत चक्रीय वृद्धिका आधारमा वृद्धि हुँदै जाने व्यवस्था छ। निर्माण व्यवसायीले २०७६।३।८ देखि सम्झौताबमोजिमको बहाल बुझाएको छैन। प्रतिष्ठानको वित्तीय विवरणअनुसार गत वर्षसम्म रु.६ करोड ४३ लाख २२ हजार बक्यौता रहेकोमा यस वर्षको भाडाबापत रु.२ करोड ६७ लाख ६७ हजार र २०८०।८१ को जरिबानाबापत रु.५८ लाख ५३ हजारसमेत रु.३ करोड २६ लाख २० हजार बक्यौता थप भई रु.९ करोड ६९ लाख ४२ हजार पुगेको देखिन्छ। सम्झौताको बुँदा नं. १० अनुसार तोकिएको समयदेखि १२ महिनासम्म बहाल रकम भुक्तानी गर्न असमर्थ भएमा बहालवालाको कार्यसम्पादन सुरक्षण जफत गरिने र बहाल करार खारेज गरिने उल्लेख भएकोमा प्रतिष्ठानले सम्झौताको उक्त व्यवस्थाअनुसार कारबाही प्रक्रिया अगाडि बढाएको देखिएन।

४३. **कोषहरूको प्रयोजन –** प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६३ को नियम ५ ले प्रतिष्ठानका कर्मचारीले पाउने वृत्ति, उपचार खर्च, सञ्चित बिदा, बिमा तथा समितिले निर्धारण गरेका अन्य सुविधा प्रदान गर्ने प्रयोजनको लागि आन्तरिक स्रोतको १० प्रतिशत रकम जम्मा गर्न कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ। सो व्यवस्थाअनुसार गत वर्षसम्म जिम्मेवारी र यस वर्षको थपसमेत उक्त कोषमा रु.३८ करोड ७० लाख ८२ हजार, उपदान कोषमा रु.१० करोड ११ लाख ९७ हजार र कार्यसम्पादन कोषमा रु.१२ करोड ९३ लाख ४२ हजार मौज्दात रहेको छ। कोषहरूमा रकम मौज्दात भएको अवस्थामा प्रतिष्ठानले कर्मचारीको उपचार खर्च, सञ्चित बिदा, बिमा, उपदान, प्रोत्साहन बापत रु.६ करोड २५ लाख ८९ हजार कोषबाट खर्च नगरी विनियोजन शीर्षकबाट भुक्तानी गरेको देखियो।

कोषको उद्देश्यअनुसार खर्चको भुक्तानी कोषबाट नगरी विनियोजनबाट गर्दा कोषको रकम निष्क्रिय रहेकाले कोषको उद्देश्यअनुसार सिर्जना भएको दायित्व रकम कोषबाट नै भुक्तानी गर्नुपर्दछ।

४४. **निर्णय कार्यान्वयन –** पर्यटन क्षेत्रको समग्र विकास, शैक्षिक गुणस्तर वृद्धि र प्रशासनिक चुस्तताका लागि उस्तै प्रकतिको कार्यक्षेत्र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान एक आपसमा गाभ्न नेपाल सरकार (मन्त्रीपरिषद्) ले २०८०।१०।२५ मा गठन आदेश तर्जुमा गर्ने निर्णय गरेकोमा हालसम्म पनि दुई संस्थाहरूको एकीकरण भएको छैन।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

पर्वतीय पर्यटनसम्बन्धी तालिम, प्रशिक्षण तथा कार्यक्रम सञ्चालन गर्ने, पर्वतीय पर्यटनको विकास, विस्तार र प्रवर्धनको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, पर्वतीय पर्यटनसम्बन्धी परामर्श तथा प्राविधिक सेवा सञ्चालन गर्ने लगायत आवश्यक पूर्वाधारहरूको विकास, तत्सम्बन्धी तालिम तथा प्रशिक्षण सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश, २०५९ बमोजिम प्रतिष्ठानको स्थापना भएको हो।

४५. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		१३२६४	सञ्चालन खर्च		३१३८०
बैङ्क मौज्दात	१२७६३		प्रत्यक्ष खर्च		३०३३५
धरौटी मौज्दात	५०१		अन्य खर्च		३४७
यस वर्षको आय		५३८०७	वर्षान्तको मौज्दात		५००९
शिक्षण शुल्क	१२५२६		बैङ्क मौज्दात	४००८	
तालिम	६७९३		धरौटी मौज्दात	१००१	
ब्याज	१३९				
अन्य आम्दानी	३५१४				
नेपाल सरकारको अनुदान	३०३३५				
धरौटी आम्दानी	५००				
जम्मा		**६७०७१**	**जम्मा**		**६७०७१**

४६. **गुरुयोजना कार्यान्वयन –** मन्त्रालयले पूर्वाधार निर्माणको कार्यहरूमा प्रारम्भिक सहयोग गर्ने, पूर्वाधार विकासका लागि समितिले बाह्य एवं दातृ संस्थाहरूको सहयोगसमेत परिचालन गरी गुरुयोजना कार्यान्वयन गर्नुपर्ने सर्तसहित नेपाल सरकारको २०६६।११।१० निर्णयले पर्वतीय प्रशिक्षण केन्द्र, सोलुखुम्बुको पच्चीस वर्षे गुरुयोजना स्वीकृत गरेको छ। गुरुयोजनामा उल्लेख भएअनुसार रु. ७४ करोड ५ लाख खर्च गर्ने लक्ष्य रहेकोमा हालसम्म रू.२३ करोड ६८ लाख खर्च भएको देखिन्छ। प्रतिष्ठानले २०७९।८० मा गुरुयोजना पुनरावलोकन गरी बाँकी अवधिको लागि रू.१ अर्ब ७५ करोड १९ लाख खर्च गर्ने उल्लेख गरे तापनि उक्त गुरुयोजना स्वीकृत गरेको छैन। गुरुयोजना स्वीकृत गरी अपेक्षित प्रतिफल प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ।

४७. **पर्वतारोहण रोयल्टी -** नेपाल सरकार मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन र बाँडफाँट गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण सङ्घलाई दिएकोमा मन्त्रीपरिषद्को २०८०।७।२३ को निर्णयबाट पाँच वर्षको लागि थप भएको छ। सङ्घद्वारा व्यवस्थापन हुने २७ हिमचुलीबाट प्राप्त हुने रोयल्टी रकमको २५ प्रतिशत प्रदेश सरकारको कोषमा, २५ प्रतिशत स्थानीय तहको कोषमा र बाँकी ५० प्रतिशतमध्ये ४५ प्रतिशत सङ्घीय सञ्चित कोष र ५ प्रतिशत नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिलाई उपलब्ध गराउने उल्लेख छ। नेपाल पर्वतारोहण सङ्घले २०७५।४।१० देखि २०८०।४।९ सम्म सङ्कलित रोयल्टी रकममध्ये नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई बुझाउनुपर्ने रु.१ करोड २५ लाख ३ हजार हालसम्म बुझाएको देखिएन। उक्त रकम सङ्घीय विभाज्य कोषमा दाखिला हुनुपर्दछ।

हनुमानढोका दरबार संग्रहालय विकास समिति

संग्रहालयको विकाससम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रवेश शुल्क निर्धारण गर्ने, सम्पदाको खोजी गरी लगत राख्ने अध्ययन अनुसन्धान गर्ने, पर्यटक केन्द्रको रूपमा विकास गर्नेलगायतका कार्य गर्न हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन आदेश), २०६७ बमोजिम यो समिति गठन भएको छ। ऐतिहासिक, पुरातात्त्विक र धार्मिक मूल्यका आधारमा यो क्षेत्र सन् १९७९ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत भएको छ।

४८. **आय-व्यय -** समितिको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	१०८२३१	चालु खर्च	३८२१७
प्रवेश शुल्क	३९५१३	पुँजीगत	९१०६८
पसल कवल बहाल	४९५३२	धरौटी फिर्ता	१४१३
धरौटी	८११०	बैङ्क मौज्दात	७७६५१
अन्य	२९६३		
जम्मा	**२०८३४९**	**जम्मा**	**२०८३४९**

४९. **पर्यटक सेवा शुल्क** - हनुमानढोका दरबार संग्रहालय विकास समिति गठन (आदेश), २०६७ को दफा ४(घ) बमोजिम संग्रहालय प्रवेश शुल्क निर्धारण र असुल गर्ने कर्तव्य तथा अधिकार समितिको हुने उल्लेख छ। समितिको २०६८।७।१३ को निर्णयअनुसार काठमाडौं महानगरपालिकाले विदेशी पर्यटक हनुमानढोका संग्रहालयमा प्रवेश गरेबापत सार्क राष्ट्रका पर्यटकलाई रु.१५० र अन्य देशका पर्यटकलाई रु.७५० एकल टिकट प्रणालीबाट पर्यटन सेवा शुल्क लिने, उक्त सेवा शुल्कबाट प्राप्त रकममध्ये सार्क राष्ट्रका पर्यटकबाट उठेको रकमबाट रु.५० र अन्य देशका पर्यटकबाट उठेको रकमबाट रु.२५० काठमाडौं महानगरपालिकाले समितिलाई बुझाउने उल्लेख छ। उक्त शुल्कमा गत विगत वर्षबाट वृद्धि गरी रु.१५० लाई रु.५०० र रु.७५० लाई रु.१ हजार कायम गरी काठमाडौं महानगरपालिकाले आर्थिक ऐन, २०८१ को अनुसूची १३ मा समेत समावेश गरेको छ। वृद्धि भएको शुल्कको अनुपातमा समितिले प्राप्त गर्ने रकममा समेत वृद्धि हुनुपर्नेमा सो वृद्धि नभएको र सो सम्बन्धमा समितिबाट कुनै निर्णयसमेत गरेको देखिएन। काठमाडौं महानगरपालिकाबाट वृद्धि गरेको अनुपातमा २०८२ आषाढ

मसान्तसम्मको पर्यटक प्रवेश शुल्क रु.३ करोड ७ लाख ७२ हजार समितिको खातामा जम्मा गरेको छैन।

५०. **संग्रहालय सञ्चालन** - विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्र २०३२ सालदेखि दरबार संग्रहालयको रूपमा सञ्चालनमा ल्याइएको र उक्त संग्रहालय एवं सम्पदाहरूको सर्वसाधारणसम्म पहुँच पुऱ्याउन वर्षैभरि सम्पदा खुल्ला गर्ने हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७ मार्फत व्यवस्थापन भइरहेकोमा भूकम्पले मूर्त अमूर्त सम्पदामा क्षति पुगेकोले संग्रहालय आंशिक रूपमा मात्र सञ्चालनमा रहेको छ। नासल चोकको पश्चिमतर्फ रहेको राणाकालीन सेतो दरबार र त्रिभुवन स्मृति भवन जीर्णोद्धार कार्य रु.२५ करोड ८२ लाख ३५ हजारमा सम्पन्न गरेकोमा संग्रहालय पूर्णरूपमा सञ्चालनमा ल्याएको छैन। आवश्यक कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ।

नारायणहिटी दरबार संग्रहालय विकास समिति

संग्रहालय र स्मारकलाई राष्ट्रको महत्त्वपूर्ण, ऐतिहासिक र सांस्कृतिक धरोहर बनाउँदै, सहिदप्रतिको सम्मान व्यक्त गर्ने स्थलको संरक्षण र संवर्धन गरी पुरातात्त्विक वस्तुको प्रदर्शन गर्ने संग्रहालयको रूपमा विकास गर्न यो समिति स्थापना भएको हो।

५१. **आय-व्यय** - समितिको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		७५४६४	चालु खर्च		२३८४२
बैङ्क मौज्दात	७०९१३		पुँजीगत खर्च		२९७२५
धरौटी मौज्दात	४५५१		नेपाल सरकारको अनुदान		९२४०३
यस वर्षको आय		१५३११२	धरौटी फिर्ता		८१९
प्रवेश शुल्क	५७७४८				
पार्किङ्ग शुल्क	५७३		वर्षान्तको मौज्दात		८१७८७
ब्याज आम्दानी	७९०		बैङ्क मौज्दात	७६८६६	
छायाङ्कन शुल्क	१३५		धरौटी मौज्दात	४९२१	
अन्य आम्दानी	२७४				
नेपाल सरकारको अनुदान	९२४०३				
धरौटी आम्दानी	११८९				
जम्मा		**२२८५७६**	**जम्मा**		**२२८५७६**

५२. **गणतन्त्र स्मारक-** नारायणहिटी दरबार परिसरभित्र भूमिगत पार्किङ्ग, सभाहल, क्यान्टिन, सहिदस्तम्भ, नेपालको वस्तुस्थिति नक्सा र ४ स्तम्भसहितको ३५ रोपनी क्षेत्रफलमा फैलिएको गणतन्त्र स्मारक रु.४४ करोड ९१ लाख ५३ हजारमा निर्माण भई शहरी विकास तथा भवन निर्माण विभागबाट २०७६।१०।३ मा समितिलाई हस्तान्तरण भएको छ। संग्रहालयभित्र रहेको सभाहल र चमेना गृह हालसम्म सञ्चालनमा ल्याइएको छैन। निर्मित संरचना प्रयोगमा ल्याउनुपर्दछ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

सङ्गीत तथा नाट्य विधालाई विश्व समक्ष परिचित गराउने, सोको संरक्षण, संवर्धन तथा प्रवर्धन गर्ने, रङ्गमञ्च नाट्यशाला, लोक सङ्गीत, लोकनृत्य, लोकबाजा, लोकधुन, लोकगीतसम्बन्धी अध्ययन अनुसन्धान गर्ने र सङ्गीत तथा नाट्य विधाको अध्ययन अनुसन्धान गर्ने एवं कलाकार प्रतिभा, सर्जक र स्रष्टाहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रतिष्ठानको उद्देश्य रहेको छ।

५३. **आय-व्यय -** प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	४२७५९	चालु खर्च	४९६५१
नेपाल सरकारको अनुदान	५५८२०	पुँजीगत खर्च	९६
अन्य आय हिसाब	२३०६	अनुदान फिर्ता	६०७२
ब्याज तथा विविध हिसाब	२४२५	सापटी कर्जा	८८४०
		अन्य खर्च	५६९९
		बैङ्क मौज्दात	३२९५२
जम्मा	**१०३३१०**	**जम्मा**	**१०३३१०**

५४. **कर्मचारी सापटी -** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा २६ मा प्रतिष्ठानको छुट्टै कोषको व्यवस्था हुने र सो कोषमा नेपाल सरकार, विदेशी सरकार, सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त रकम, स्वदेशी सङ्घ संस्थाबाट प्राप्त रकम र प्रतिष्ठानले कुनै सेवा पुऱ्याएबापत प्राप्त हुने रकम रहने व्यवस्था छ। प्रतिष्ठानको २०८१।८२ को आय व्यय विवरणमा नेपाल सरकारको अनुदानमध्ये यस वर्ष खर्च नभई बाँकी रहेको रु.६० लाख ७२ हजार मन्त्रालयलाई फिर्ता गरेको छ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान सापटी (कर्जा) सम्बन्धी कार्यविधि, २०८० अनुसार औषधी उपचार कोषमा रहेको संचित रकमको ६० प्रतिशतले हुने रकमसम्म औषधी उपचार कर्जा प्राप्त गर्न सक्ने व्यवस्थाअनुरूप प्रतिष्ठानले १६ कर्मचारीलाई रु.८८ लाख ४० हजार सापटी उपलब्ध गराएकोमा हालसम्म उक्त रकम फर्स्यौट हुन बाँकी देखिन्छ। तोकिएको समयमा उक्त रकम फर्स्यौट गर्नुपर्दछ।

५५. **प्राज्ञ सभा -** नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ७ बमोजिम प्राज्ञ सभा गठन हुने व्यवस्था भएको र दफा ९ बमोजिम सभाले प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने, वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने, वार्षिक बजेट परित गर्नेलगायतका कार्य गर्ने व्यवस्था छ। सोही ऐनको दफा १०(१) बमोजिम सभाको बैठक वर्षमा कम्तीमा २ पटक बैठक बस्नुपर्ने व्यवस्था रहेकोमा यस आर्थिक वर्षमा प्राज्ञ सभा बसेको देखिएन।

नेपाल प्रज्ञा प्रतिष्ठान

नेपालका भाषा, साहित्य, दर्शनशास्त्र, संस्कृति तथा सामाजिक शास्त्रसम्बन्धी अध्ययन र अन्वेषण गर्न, मौलिक सिर्जनात्मक वातावरणको निर्माण गर्न, राष्ट्रका विद्वान् एवं प्रतिभाहरूको सम्मान गर्न, सिर्जनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सर्वाङ्गीण समभागिता जुटाउन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्राज्ञिक गतिविधि

सञ्चालन गर्न २०१४ असार ९ मा नेपाली साहित्य कला एकेडेमीको नाममा यो प्रतिष्ठान स्थापना भएको थियो। हाल नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत यो संस्था सञ्चालित छ।

५६. **आय-व्यय -** प्रतिष्ठानको आय-व्ययको स्थिति निम्नानुसार छः

(रू. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	१३३०४२	कर्मचारी खर्च	१८८२११
धरौटीको सुरु मौज्दात	३९०८	पुँजीगत खर्च	१९७२
नेपाल सरकारबाट अनुदान	१४१८००	कार्य सञ्चालन तथा कार्यक्रम खर्च	७४८९४
छापाखाना आय	१४७३७	छपाइ खर्च	१०६४०
पुस्तक बिक्री आय	३१००	धरौटी फिर्ता	९४८७
धरौटी आय	२९१५	धरौटी मौज्दात	३८८७
हल भाडालगायत अन्य आय	६१३५४	वर्षान्तको मौज्दात	७१७६५
जम्मा	**३६०८५६**	**जम्मा**	**३६०८५६**

उल्लिखित आय-व्यय विवरणअनुसार यो वर्षको अन्त्यमा धरौटीसमेत रू.७ करोड ५६ लाख ५२ हजार मौज्दात रहेकोमा २० बैङ्क खाताका बैङ्क स्टेटमेण्टअनुसार कुल रू.७ करोड ९९ लाख ३८ हजार मौज्दात देखिएको छ। बैङ्क स्टेटमेण्ट र स्रेस्ताअनुसारको मौज्दातबिच रू.४२ लाख ८६ हजार फरक परेको सम्बन्धमा प्रतिष्ठानले बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन।

५७. **निवृत्तिभरण खर्च -** प्रतिष्ठानले यो वर्ष १३८ जनालाई निवृत्तिभरणबापत रु.४ करोड ७३ लाख ४० हजार भुक्तानी गरेको छ। विगत ३ वर्षमा प्रतिष्ठानको आन्तरिक आय र निवृत्तिभरण खर्च निम्नानुसार देखिन्छः

(रु. हजारमा)

२०७९।८०				२०८०।८१				२०८१।८२			
आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत	आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत	आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत
	खर्च	कर्मचारी सङ्ख्या			खर्च	कर्मचारी सङ्ख्या			खर्च	कर्मचारी सङ्ख्या	
५६६०१	४०४३८	१२१	७१	७१३१७	४१५६६	१२४	५९	६४४५४	४७३४०	१३८	७३.४४

विगत ३ वर्षको निवृत्तिभरण खर्च प्रतिष्ठानको आन्तरिक आयको तुलनामा ५९ प्रतिशतदेखि ७३.४४ प्रतिशतसम्म रहेकोले नेपाल सरकारबाट प्राप्त बजेटबाट निवृत्तिभरण खर्च भुक्तानी गरेको देखिन्छ। दीर्घकालीन दायित्व न्यूनीकरण गर्न योगदानमा आधारित निवृत्तिभरण कोष प्रणालीको कार्यान्वयन हुनुपर्दछ।

५८. **प्रेसको उपयोग -** प्रतिष्ठानले २०७४।१२।६ मा रु.१० करोड ८१ लाखमा खरिद गरेको प्रतिघण्टा १५१०० पेज क्षमताको चार कलर अफसेट प्रिन्टिङ प्रेस १ समेत २ अफसेट प्रिन्टिङ्ग प्रेस सञ्चालनमा रहेको छ। उक्त प्रेस २०७५।७६ देखि २०८०।८१ सम्म निजी क्षेत्रको एक कम्पनीलाई भाडामा उपलब्ध गराएकोमा २०७९।८० मा रू.१९ करोड ५७ लाख र २०८०।८१ मा रू.२१ करोड १३ लाखको कारोबार भई उल्लिखित वर्षहरूमा भाडाबापत क्रमशः रू.७५ लाख ६० हजार र रू.८३ लाख ३५ हजार प्राप्त भएकोमा यो वर्ष प्रतिष्ठान स्वयंले प्रेस सञ्चालन गर्दा रू.१ करोड ४७ लाखको

कारोबार भई रू.४० लाख ९७ हजारमात्र आम्दानी भएको देखिन्छ। विगतको तुलनामा यो वर्ष प्रेसको उपयोग न्यून हुनुको कारण विश्लेषण गरी अधिकतम उपयोग गर्न प्रतिष्ठानको ध्यान जानुपर्दछ।

बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति

बौद्ध धर्म संस्कार, संस्कृति एवं लामा आनीलगायतको उचित व्यवस्थापनका लागि २०३६।८।२४ मा उच्चस्तरीय गुम्बा तथा लामा व्यवस्था समितिको रुपमा गठन भई २०४५।३।५ मा गुम्बा व्यवस्था तथा विकास समिति गठन आदेश, २०४५ मार्फत सञ्चालन भई आएकोमा हाल बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति (गठन) पहिलो संशोधन आदेश, २०७५ अनुसार यो समिति सञ्चालनमा रहेको छ। यसको मुख्य उद्देश्य बौद्ध दर्शन तथा धर्म संस्कृतिको संरक्षण र प्रवर्धन गर्नु रहेको छ।

५९. **आय-व्यय -** समितिको २०८१।८२ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	९५६	कुल खर्च	७७१९२
नेपाल सरकारको अनुदान	७७१९२	धरौटी मौज्दात	११८
धरौटी आय	११८	वर्षान्तको मौज्दात	११६१
आन्तरिक आय	२०५		
जम्मा	**७८४७१**	**जम्मा**	**७८४७१**

६०. **कार्य जिम्मेवारी -** बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति (गठन) पहिलो संशोधन आदेश, २०७५ को दफा ४ मा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत बौद्ध दर्शनको अनुसन्धान, विकास, एवं प्रवर्धनको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने तथा गुम्बाभित्रका पुरातात्त्विक महत्त्वका सामान र सार्वजनिक सम्पत्तिको विवरण सङ्कलन तथा सोको अद्यावधिक अभिलेख राखी सोको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने लगायतको कार्य उल्लेख छ। प्राप्त विवरणअनुसार समितिले बौद्ध दर्शनको अनुसन्धानका कार्यहरू देखिने गरी प्रकाशन तथा प्रसारणको अद्यावधिक अभिलेख नहुनुका साथै गुम्बा भित्रका पुरातात्त्विक महत्त्वका मूर्तिलगायतका वस्तुहरूको सुरक्षाको लागि कुनै वैज्ञानिक संयन्त्र निर्माण भएको देखिएन। कानुनले तोकेको जिम्मेवारी पूरा गर्नुपर्दछ।

६१. **गुम्बा मर्मत -** यस वर्षको स्वीकृत वार्षिक कार्यक्रमअनुसार ३१ जिल्लाका ७६ गुम्बाको लागि प्रति गुम्बा रू.५ लाखका दरले कुल रू.३ करोड ८० लाख विनियोजन भएकोमा रू.३ करोड ७७ लाख खर्च भएको देखिन्छ। यो वर्ष गुम्बाहरूले मर्मत सम्भारको लागि समितिसमक्ष बजेट माग गरेको विवरण लेखापरीक्षणमा पेश भएन। गुम्बाहरूको मर्मत सम्भारको लागि माग र आवश्यकतामा आधारित भई बजेट बाँडफाँट गर्नुपर्दछ।

बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध धर्मसम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने, बौद्धनाथ क्षेत्रभित्रको बौद्ध धर्म सम्बन्धी सामाजिक, धार्मिक, पुरातात्विक र यस्तै प्रकाका ऐतिहासिक महत्वका प्राचिन स्थान तथा वस्तुको लागि अन्वेषण अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने, यस क्षेत्रको उपर्युक्त स्थानमा पर्यटक विकासका लागि कार्यक्रम स्वीकृत गर्ने, संवेदनशील स्थानमा कार्य गर्न नहुने क्षेत्र तोकी नियन्त्रण गर्ने, वातावरणीय सन्तुलन कायम गर्ने, निर्माणसम्बन्धी कार्यहरूको आवश्यक मापदण्ड तोक्ने जस्ता उद्देश्यले बौद्धनाथ क्षेत्र विकास समिति गठन आदेश, २०५३ बमोजिम स्थापना भई सञ्चालनमा रहेको छ।

६२. **आय-व्यय -** विकास समितिको आय-व्यव स्थिति निम्नानुसार छ :

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		४७२१७	पुँजीगत खर्च		४४३७६
बैङ्क मौज्दात	४३६२४		कर्मचारी खर्च		१५९९६
धरौटी मौज्दात	३५९३		कार्यालय संचालन		६२१५०
यस वर्षको आय		१०९२०५	धरौटी फिर्ता		८३८
टिकट बिक्री तथा सेवा शुल्क	१०४४६२		वर्षान्तको मौज्दात		३३०६२
ब्याज आम्दानी	६४९		बैङ्क मौज्दात	२७३३८	
टेण्डर बिक्री	२८२		धरौटी मौज्दात	५७२४	
अन्य	३८१२				
जम्मा		**१५६४२२**	**जम्मा**		**१५६४२२**

यो वर्ष विकास समितिको आय रू.१० करोड ९२ लाख ५ हजार प्राप्त भएकोमा रू.१२ करोड २५ लाख २२ हजार खर्च भएको देखियो।

६३. **निर्णय कार्यान्वयन -** समितिले २०७४ आषाढ ९ गते बौद्धनाथ क्षेत्रभित्र प्रवेश शुल्कबापत सार्क मुलुकका नागरिकलाई प्रति टिकट रू.१०० र अन्य मुलुकका नागरिकलाई प्रति टिकट रू.४०० का दरले प्रवेश शुल्क निर्धारण गरेको देखियो। यो वर्ष समितिले २०८१।१२।२८ मा बौद्धनाथ प्रवेश शुल्क सार्क राष्ट्रका पर्यटकलाई रू.२५० र अन्य मुलुकका पर्यटकलाई रू.१००० तथा २०८२।१।१४ मा बसेको समितिको पाँचौ बैठकमा बौद्धनाथ क्षेत्रभित्र प्रवेश शुल्कबापत सार्क मुलुकका नागरिकलाई प्रति टिकट रू.२०० र अन्य मुलुकका नागरिकलाई प्रति टिकट रू.८०० का दरले प्रवेश शुल्क निर्धारण गरेको भए तापनि उक्त निर्णय कार्यान्वयनमा आएको छैन।

६४. **अभिलेख व्यवस्थापन -** बौद्धनाथ क्षेत्र विकास समिति गठन आदेश, २०५३ को दफा ४ मा बौद्धनाथ क्षेत्रभित्रको बौद्ध धर्मसम्बन्धी सामाजिक, आर्थिक, सांस्कृतिक र पुरातात्त्विक वस्तुको संरक्षण गर्नुपर्ने व्यवस्था छ। समितिले प्रत्येक वर्ष बौद्ध धर्मसम्बन्धी सामाजिक, आर्थिक, सांस्कृतिक र पुरातात्त्विक मूर्त अमूर्त वस्तुहरूको अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम गर्ने गरेकोमा त्यस्ता अनुसन्धनात्मक अध्ययन सामग्रीहरूको विषय क्षेत्रगतरूपमा डिजिटल अर्काइभ वा अन्य वैज्ञानिक ढङ्गले सुरक्षित राख्ने संयन्त्र निर्माण गरेको देखिएन। यस्ता सामग्रीहरूको संरक्षण हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, अनुदानको अनुगमन नगरेको, क्यासिनो रोयल्टी असुल नगरेको, सम्पदा पुनर्निर्माण समयमा सम्पन्न नभएको, संग्रहालय र स्मारकमा रहेका ऐतिहासिक दस्तावेज तथा सम्पत्तिहरूको राष्ट्रिय अभिलेखालयमा अभिलेखीकरण नगरेको, मुआब्जा वितरण भइसकेका काठमाडौं, सिनामंगल, कोटेश्वरअन्तर्गत ४७० कित्ताको ५३३ रोपनी जग्गा नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा जग्गाधनी प्रमाणपुर्जा नआएको, पुरातात्त्विक सम्पदाको संरक्षण, विमानस्थल सञ्चालन, भाडा तथा बहाल असुल नगरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत १५ निकायमा यो वर्ष रु.६३ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४९ लाख १० हजार सम्परीक्षण भएकोले रु.१४ लाख ६२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - सङ्गठित संस्था एवं समिति १३ तर्फ यो वर्ष रु.१४ करोड ६३ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड १० लाख ८४ हजार सम्परीक्षण भएकोले रु.९ करोड ५२ लाख ९० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.५५ लाख ४८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, सुरक्षण मुद्रण र हुलाक सेवासम्बन्धी नीति, कानुन, मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन तथा सोसम्बन्धी अध्ययन र अनुसन्धानलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत १०७ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतकासमेत ८८ सरकारी कार्यालयको निम्नानुसार रु.१७ अर्ब ३५ करोड ४२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६०८१६	११०७८२	१२६४	६८०	१७३५४२

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.९ करोड ६७ लाख समावेश भएको छैन।

२. **सङ्गठित संस्था तथा समिति -** यो वर्ष १७ संस्थाको २०८१।८२ को र १ संस्थाको २०७९।८० को समेत रु.३६ अर्ब २३ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) २०८०।८१ र २०८१।८२ तथा गोरखापत्र संस्थानको २०७९।८०, २०८०।८१ र २०८१।८२ समेत ५ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **नीति तर्जुमा र कार्यान्वयन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित विभिन्न नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने उल्लेख छ। मन्त्रालयबाट तर्जुमा भएका दूरसञ्चार नीति, २०६०, ब्रोडब्याण्ड नीति, २०७१ र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को लक्ष्यहरूको प्राप्त गर्ने अवधि व्यतीत भइसकेकोमा उपलब्धि समीक्षा गरी समयबद्ध पुनरावलोकन नभएको, विज्ञापनरहित (क्लिन फीड नीति), २०७३ को कार्यान्वयन गर्न सूचना तथा प्रसारण विभागले नेपाली र विदेशी च्यानलको प्रसारण अनुगमन गर्ने र विज्ञापन नियमन गर्ने ऐन, २०७६ बमोजिम क्लिन फीडको अनुगमन कार्य विज्ञापन बोर्डमार्फत हुने व्यवस्था भएकोमा नीति जारी हुँदा एकै निकायबाट भइरहेको काम हाल दुई निकायबाट हुने गरी नीति तयार गरेको हुँदा नीतिगत र प्रणालीगत सामञ्जस्यता नभएको, भू-उपग्रह नीति, २०७७ मा सन् २०२२ सम्म आफ्नै स्याटेलाइट स्थापना गर्ने लक्ष्य रहेकोमा प्राविधिक तयारी, स्पष्ट कार्ययोजनाको अभाव र अर्बिटल स्लट व्यवस्थापनमा ढिलाइ भएको र आमसञ्चार नीति, २०७३ अनुरूप समाचारमूलक अनलाइन माध्यमलाई वर्गीकरण गर्ने, सबै प्रकारका केबुल वितरणसम्बन्धी व्यवस्थालाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने, राष्ट्रिय समाचार समितिलाई सूचना बैङ्कका रूपमा स्थापित गर्नेलगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्।

उल्लिखित नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न निर्देशक समिति गठन भएपनि नीति कार्यान्वयन र अनुगमन मूल्याङ्कन गरेको देखिएन। कार्ययोजनाको अभावमा नीतिहरूको अपेक्षित प्रगति हुन नसकेकोमा लक्ष्य तथा उद्देश्यलाई समीक्षा गरी नीतिको समयसापेक्ष पुनरावलोकन गर्नुपर्दछ।

४. **आवधिक योजनाको प्रगति** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार सोह्रौं योजनाको लक्षित सूचकहरूमा यस वर्षको प्रगति देहायअनुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८०	२०८१।८२ को	
				लक्ष्य	प्रगति
१.	टेलिफोन पहुँच विस्तार	प्रतिशत	९४	१०२.५	१०१.९३
२.	अप्टिकल फाइबर विस्तार(२४ कोर र सो भन्दा माथि	कि.मि. हजारमा	१५	१८	१८
३.	फोर जी./ एल. टी.ई. सेवा प्रयोगकर्ता	प्रतिशत	६६	८२	८९.५८
४.	फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	३८	४५	४८.६८
५.	मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	७२.५	८३	१००.५१
६.	सरकारी डाटा सेन्टर	सङ्ख्या	२	३	२
७.	रेडियोको पहुँच	प्रतिशत	९२	९४	९४
८.	टेलिभिजनको पहुँच (ई.एम.एस.)	प्रतिशत	७२	७८	७२
९.	एक्सप्रेस मेल सर्भिस सेवा विस्तार	जिल्ला	४४	५२	४५
१०.	एक्सप्रेस मेल सर्भिस सेवा विस्तार भएका मुलुक	देश/सङ्ख्या	३९	३९	३९
११.	एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली लागु भएका सरकारी कार्यालय	सङ्ख्या	२८	११०	१४०
१२.	सुरक्षण मुद्रण प्रेस स्थापना	सङ्ख्या	-	१	१
१३.	कुल गार्हस्थ उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान	प्रतिशत	-	३	१.९४
१४.	विद्युतीय सरकार विकास सूचकाङ्क	सूचकाङ्क	०.५११७	०.५७८१	०.५७८१
१५.	ग्लोबल साइबर सुरक्षा सूचकाङ्क	सूचकाङ्क	४४.९९	४८	६९.७६
१६.	डिजिटल प्लेटफर्म (नागरिक एप) मा आबद्ध सूचना प्रविधि प्रणाली	सङ्ख्या	६२	६४	६५

उल्लिखित लक्षित सूचकमा सरकारी डाटा सेन्टर, ई.एम.एस. सेवा विस्तारलगायतका सूचकमा न्यून प्रगति रहेको छ। फाइभ जी. सेवाको पहुँच, भू-उपग्रहको स्थापना गर्ने कार्य योजनामा उल्लेख भए तापनि यस वर्षको वार्षिक कार्यक्रममा समावेश भएको छैन। त्यस्तै यस वर्षको वार्षिक कार्यक्रममा समावेश भएको सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना र डिजिटल साक्षरता सूचकको प्रगति विवरण तयार गरेको छैन। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार सञ्चार तथा सूचना प्रविधि क्षेत्रका लक्ष्य र सोको उपलब्धि निम्नानुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष सन् २०१५ को स्थिति	सन् २०२५ को	
				लक्ष्य	प्रगति
१.	इन्टरनेट प्रयोगकर्ताहरू (वयस्क जनसंख्या)	प्रतिशत	४६.६	७८.९	१२४.२२
२.	इन्टरनेट घनत्व	प्रतिशत	४९.८	७९.९	१३९.५४
३.	१५ देखि २४ वर्ष उमेर समूहका मोबाइल प्रयोग गर्ने महिलाको	प्रतिशत	१९.६	७१.९	विवरण प्राप्त नभएको
४.	इन्टरनेट पहुँच भएका विद्यालयहरू	प्रतिशत	३.९	६५.८	४५.१८
५.	मोबाइल नेटवर्कद्वारा समेटिएका जनसङ्ख्याको हिस्सा	प्रतिशत	९४.५	९८.२	१२२.१६
६.	हरेक सय बासिन्दामा फिक्स्ड ब्रोडब्याण्ड सब्स्क्रिप्सन	प्रतिशत	४९.८	७९.९	४२.३२

उल्लिखित विवरणअनुसार इन्टरनेट पहुँच भएका विद्यालय ६५.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४५.१८ प्रतिशत विद्यालयमा मात्र पहुँच पुगेको, हरेक सय बासिन्दामा फिक्स्ड ब्रोडब्याण्ड सब्स्क्रिप्सन ७९.९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४२.३२ प्रतिशत मात्र प्रगति हासिल भएकोले दिगो विकास लक्ष्य हासिल गर्न कठिन देखिन्छ। मन्त्रालयले १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिला र इन्टरनेट प्रयोग गर्ने व्यक्तिबिचको अनुपातको तथ्याङ्क विश्लेषण गर्ने सूचक तयार गरे तापनि उक्त सूचकको प्रगति विवरण तयार गरेको छैन। दिगो विकास लक्ष्यबमोजिम प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन -** नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, २०८१।८२ मा मन्त्रालयअर्न्तगत राष्ट्रिय योजना आयोगबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रममध्ये ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्सचेन्ज सेन्टर निर्माण नभएको, विद्युतीय सुशासन र व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानुन तर्जुमा नभएको, सार्वजनिक सेवाहरू एउटै स्थानबाट प्रदान गर्न स्थानीयतहसँगको समन्वयमा नागरिक सेवा केन्द्र सञ्चालन नभएको तथा सबै प्रदेशमा सञ्चारग्राम निर्माण र सञ्चालन गर्न सकेको छैन। राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न सम्बद्ध निकायहरूबिच समन्वय गर्नुपर्दछ।

> *यस वर्षको लेखापरीक्षणबाटः*
> - *दूरसञ्चार रोयल्टी बापत जरिबानासहित रु.३५ करोड ३७ लाख दाखिला गर्नुपर्ने,*
> - *हुलाक सेवालाई विद्युतीय व्यापारको हबको रूपमा विकास गर्ने कार्यले पूर्णता नपाएको,*
> - *टर्मिनल ड्यूजको हिसाब अद्यावधिक नगरेको,*
> - *प्रसारण शुल्कबापत जरिबानासहित रु.४ करोड ३० लाख दाखिला गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।*

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भएका कार्यक्रममध्ये कृत्रिम बौद्धिकताको विकास, प्रवर्धन र नियमन गर्ने कार्य सुरुवात गरेको भए तापनि बौद्धिक सम्पत्ति संरक्षणको लागि नीति पुनरावलोकन हुन नसकेको, काठमाडौं उपत्यका र बुटवलमा उपलब्ध सरकारी तथा निजी भवनसमेत उपयोग गरी उच्च गतिको इन्टरनेट, विद्युत, सुरक्षालगायतका पूर्वाधारसहित सूचना प्रविधि पार्क सञ्चालनको काम अगाडि बढाउने कार्य सुरु नभएको, सार्वजनिक-निजी साझेदारीमा अत्याधुनिक सूचना प्रविधि हब सञ्चालनका लागि काठमाडौंको डिल्लीबजारस्थित चारखालमा बहुतले संरचना निर्माण हुन नसकेको, सूचना प्रविधि विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने युवालाई सूचना प्रविधि सम्बद्ध उद्योगमा इन्टर्न गर्ने व्यवस्थाको सुरुवात नभएको, दोलखामा अत्याधुनिक चलचित्र स्टुडियो निर्माण गर्ने कार्य हुन नसकेको, कृष्णसेन इच्छुक सञ्चारग्राम स्थापना हुन नसकेको, डिजिटल प्लेटफर्म मार्फत गरिने विज्ञापन नियमन प्रभावकारी नभएको र दोलखा चलचित्र नगरीलाई सार्वजनिक-निजी साझेदारीमा निर्माण गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट र खर्च -** यो वर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहतका निकायको बजेट खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	रकमान्तर		खुद बजेट	निकासा खर्च	प्रतिशत
		थप	घट			

चालु	५६५७५	१४२०	०	५७९९५	४६१२४	७९.५३
पुँजीगत	१६९८६	६	०	१६९९२	४७१३	२७.७४
जम्मा	**७३५६१**	**१४२६**	**०**	**७४९८७**	**५०८३७**	**६७.७९**

उल्लिखित विवरणअनुसार समग्रमा बजेटको तुलनामा ६७.७९ प्रतिशत खर्च भए तापनि पुँजीगततर्फ २७.७४ प्रतिशत खर्च भएको देखिन्छ।

९. **डिजिटल नेपाल फ्रेमवर्क** - डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रीपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। यस फ्रेमवर्कका कार्यक्षेत्रहरू डिजिटल फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र शहरी पूर्वाधार कार्यान्वयनको लागि २०८१।८२ मा रु.५१ करोड ८० लाख बजेट विनियोजन भए तापनि प्रगति शून्य रहेको छ। योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गतका अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने, गभर्मेन्ट इन्टरप्राइजेज आर्किटेक्चर कार्यान्वयन गर्ने, सार्वजनिक स्थानमा वाईफाई हटस्पटको व्यवस्था गर्ने लगायतका ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न कार्यान्वयन योजनाअनुसारको समय व्यतीत भैसकेको र यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा फ्रेमवर्क परिमार्जन गर्ने उल्लेख भएकोमा परिमार्जन भएको छैन। कार्यान्वयन योग्य फ्रेमवर्क तयार गरी लागु गर्नुपर्दछ।

१०. **कार्यसम्पादन** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालय र मातहत निकायले आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र मुद्रणका कार्य सम्पादन गर्ने गरेको छ। रेडियो तथा दूरसञ्चार क्षेत्रमा फ्रिक्वेन्सी उपयोगअनुसार राजस्व प्राप्त नभएको, विज्ञापन सम्बन्धी कारोबार एकद्धार प्रणालीबाट हुन नसकेको, टेलिभिजन प्रसारणमा विदेशी च्यानलहरूले उठाउने शुल्कको मापदण्ड नभएको, सामाजिक सञ्जाल, साइबर आक्रमण र राष्ट्रिय साइबर सुरक्षा व्यवस्थापन कार्यको प्रभावकारी नियमन हुन नसकेको, नेपाल मिडिया काउन्सिलसम्बन्धी छाता कानुन बनाउने कार्य बाँकी रहेको, सूचना प्रविधि र एफ. एम. रेडियो दर्ता, नवीकरण तथा प्रयोग गरेको फ्रिक्वेन्सीको प्रभावकारी अनुगमन नभएको, सरकारी निकायको सूचना सञ्जालमा एकरूपता कायम गर्न साझा पूर्वाधारमार्फत सर्भर स्टोरेज नेटवर्कको लागि भर्चुअल उपकरण राख्ने कार्य हुन नसकेको र राजमार्ग तथा सूचना महामार्गमा अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको छैन। मन्त्रालयले तोकिएका कार्यक्षेत्रअन्तर्गतका कार्य प्रभावकारी रूपमा कार्यान्वयन, लेखाङ्कन तथा विश्लेषण गरी कार्यसम्पादन गर्नुपर्दछ।

११. **राजस्व सङ्कलन** - मन्त्रालय र मातहत निकायहरूबाट गत वर्ष रु.८ अर्ब ५५ करोड ३९ लाख राजस्व सङ्कलन भएकोमा यो वर्ष रु.११ अर्ब ७ करोड ८२ लाख सङ्कलन भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

११.१ पार्सल तथा चिठीपत्रलगायत हुलाक सेवाबाट गत वर्ष रु.३४ करोड ८५ लाख राजस्व सङ्कलन भएकोमा यो वर्ष रु.५० करोड ७३ लाख सङ्कलन भएको छ। फ्रिक्वेन्सी दस्तुरबापत गत वर्ष रु.४ अर्ब ४६ लाख सङ्कलन भएकोमा यो वर्ष रु.४ अर्ब ९५ करोड ८० लाख सङ्कलन भई गत वर्षको तुलनामा २३.८१ प्रतिशत बढी सङ्कलन भएको छ। त्यसैगरी गत वर्ष रोयल्टीबापत रु.३ अर्ब ५३ करोड ८२ लाख सङ्कलन भएकोमा यो वर्ष रु.३ अर्ब ४४ करोड ४९ लाख प्राप्त भई गत वर्षको तुलनामा २.६३

प्रतिशत घटी सङ्कलन भएको छ। मन्त्रालयले दूरसञ्चार सेवा प्रदायकहरूबाट प्राप्त हुनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अभिलेख अद्यावधिक गरेको छैन। राजस्वको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

११.२ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा दूरसञ्चार सेवा प्रदान गर्न अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न ४५ दूरसञ्चार सेवा प्रदायकले पेस गरेको २०८०।८१ को वित्तीय विवरणअनुसार कुल आय रु.८ अर्ब ८४ करोड २१ लाखको ४ प्रतिशतले हुने रोयल्टी रु.३५ करोड ३६ लाख ८४ हजार र नियमानुसार लाग्ने जरिबानासमेत असुल गरेको छैन। उक्त रोयल्टी र जरिबाना यकिन गरी असुल गर्नुपर्दछ।

११.३ दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम सेवा प्रदायकले रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरूपमा बुझाउनुपर्ने, माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेन्सी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याट उपयोगको दस्तुर ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष १ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत रु.७३ करोड ४४ लाख दाखिला गर्न बाँकी देखिएकोले सोमा लाग्ने थप दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्दछ।

मुद्रण विभाग

सरकारी नीति, ऐन, अध्यादेश, नियम, सन्धि सम्झौता, बजेट, नेपाल राजपत्र जस्ता महत्त्वपूर्ण सरकारी निर्णयहरू, अन्य सरकारी दस्तावेजहरूका साथै नेपाल सरकारको सुरक्षण मुद्रणसम्बन्धी कार्यहरू र मुद्रणसम्बन्धी आवश्यक परामर्श सेवा प्रदान गर्न यस विभागको स्थापना भएको हो। यो वर्ष विभागको लागि रु.११ करोड ५० लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रु.९ करोड २६ लाख र पुँजीगततर्फ रु.२० लाखसमेत रु.९ करोड ४६ लाख खर्च भएको छ।

१२. **व्यावसायिक योजना -** सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको यस विभागको यो वर्षको छपाइसम्बन्धी प्रत्यक्ष खर्च रु.२ करोड ३० लाखसमेत रु.९ करोड ४६ लाख रहेकोमा रु.२ करोड २१ लाख आम्दानी गरेको छ। यसअनुसार सोसम्बन्धी आयले प्रत्यक्ष खर्चसमेत धान्न नसकेको अवस्था छ। विभागले हालसम्म व्यावसायिक योजना तर्जुमा गरेको छैन। छपाइ तथा बाइन्डिङ दस्तुर २०८१।५।१ मा पुनरावलोकन गरेकोमा निर्णय कार्यान्वयन गरेको देखिएन।

मुद्रणसम्बन्धी ऐन, २०८१ ले सुरक्षण मुद्रण सामग्री नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैङ्क नोट, अन्तःशुल्क टिकट, सवारी चालक अनुमतिपत्र, हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाणपुर्जा र भिसा स्टिकर छपाइ गर्न सुरक्षण मुद्रण केन्द्रलाई तोकेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०८२।५।४ को निर्णयानुसार केन्द्रको लागि विभिन्न पदमा ६३ अस्थायी दरबन्दी स्वीकृत गरेकोमा सोही कार्यका लागि विभागमा ७१ जना कार्यरत रहेका छन्। नेपाल सरकारले एकै प्रकृतिको कार्य गर्न दुई निकाय गठन गरेकोले कार्य विश्लेषण गरी दुई निकायलाई एकीकरण गरी मुद्रणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

सूचना प्रविधि विभाग

विभागले सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग, डिजिटल नेपाल अभियान तथा नियमनलगायत सूचना प्रविधिको क्षेत्रमा केन्द्रीयस्तरको निकायको भूमिका निर्वाह गर्दै आएको छ। यो वर्ष विभाग र मातहत २ कार्यालयको लागि रु.९९ करोड ९० लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रु.१६ करोड ७ लाख र पुँजीगततर्फ रु.२१ करोडसमेत रु.३७ करोड ७ लाख खर्च भएको छ।

१३. **विद्युतीय सरकार -** विद्युतीय सरकारको अवधारणाअन्तर्गत विभागले विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। एकीकृत एस.एम.एस. गेटवेको प्रारम्भ भई यो वर्षसम्म १२५ निकायले प्रणालीको प्रयोग गरी ४ करोड २७ लाख १० हजार सूचना पठाएको, १४० निकाय एकीकृत व्यवस्थापन प्रणालीमा आबद्ध भएको, १ हजार ३७६ निकायको वेबसाइट निर्माण भएको, सरकारी क्लाउडमा ९०९ भर्चुअल मेसिन सञ्चालन गरी ३५३ निकायलाई सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराएको, ४०५ निकायले सञ्चालनमा ल्याएका ५६५ सूचना प्रणालीको सेक्युरिटी अडिट गरेको, साझा पूर्वाधारमार्फत सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराएको र ४ हजार ९५० निकायले ७ हजार २०० उपकरणबाट ९५ हजार ६८० कर्मचारीले विद्युतीय हाजिरी प्रयोग गरिरहेको विवरण विभागबाट प्राप्त भएको छ।

विद्युतीय सरकारको अवधारणा सार्थक बनाउन गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चर सम्बन्धी तालिम दिनुपर्ने, सरकारी निकायहरूको सूचना प्रणालीलगायत वेबसाइटको सेक्युरिटी अडिटको दायरा बढाउनुपर्ने तथा सबै प्रकारका सेवालाई नागरिक एपसँग अन्तरआबद्ध गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

सूचना तथा प्रसारण विभाग

विभागले नेपालसम्बन्धी विविध सूचनामूलक सामग्री प्रकाशन एवं वितरण गर्ने, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने, रेडियो, टेलिभिजन, भू-उपग्रहसम्बन्धी प्रसारक तथा वितरकको इजाजतपत्र तथा अनुमति पत्रको दर्ता, नवीकरण र नियमन गर्ने लगायतका कार्य गर्दै आएको छ। यो वर्ष विभागको लागि रु.५ करोड ६० लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रु.३ करोड ९७ लाख र पुँजीगततर्फ रु.६५ लाखसमेत रु.४ करोड ६२ लाख खर्च भएको छ।

१४. **इजाजतपत्र र प्रसारण शुल्क -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ मा प्रसारण इजाजतपत्रको म्याद भुक्तान भएपछि इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्न सक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने तथा नियम १८ मा इजाजतपत्रमा उल्लिखित सर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ। राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्षसम्म २४९ टेलिभिजन संस्थामध्ये १५३ टेलिभिजन संस्थाले इजाजतपत्र नवीकरण गराएका छैनन्। इजाजतपत्र नवीकरण नगराएका मध्ये सम्बन्धित

संस्थाको वित्तीय विवरणमा उल्लेख भएअनुसार ७ संस्थाले प्रसारण कार्य नियमित रूपमा जारी राखेको पाइएकोले कानुनको दायरामा ल्याई प्रसारण, नवीकरण शुल्क र जरिबानासमेत रु.४ करोड ३० लाख असुल गर्नुपर्दछ।

हुलाक सेवा विभाग

विभागले हुलाक ऐन, २०१९ बमोजिम हुलाक सेवासँग सम्बन्धित मेल, पार्सल, ई.एम.एस., फिलाटेलिक तथा हुलाक टिकट सेवा दिँदै आएको छ। यो वर्ष विभाग र मातहत कार्यालयसमेत ७९ को लागि रु.४ अर्ब २३ करोड ६ लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रु.३ अर्ब २६ करोड ६८ लाख र पुँजीगततर्फ रु.१२ करोड ४ लाखसमेत रु.३ अर्ब ३८ करोड ७२ लाख खर्च भएको छ।

१५. **हुलाक सेवाको विस्तार -** बजेट वक्तव्य २०८१।८२ मा हुलाक सेवालाई पुनःसंरचना गरी विद्युतीय व्यापार हबको रूपमा विकास गर्ने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा २ निकाय, ६ हुलाक निर्देशनालय, १ गोश्वारा हुलाक कार्यालय, ७० जिल्ला हुलाक कार्यालय, ६७६ पालिका हुलाक कार्यालय र ३ हजार ७४ अतिरिक्त हुलाक कार्यालय सञ्चालनमा रहेको, हुलाक सेवा विभाग र मातहतका निकायहरूमा मौजुदा दरबन्दी ५ हजार ९१५ र अतिरिक्त हुलाकतर्फ हुलाक प्रतिनिधि, पत्र वितरक र डाँकवाहक ५ हजार ६४ कार्यरत रहेको देखिन्छ। विभागले विद्युतीय व्यापार हब सञ्चालन तत्परता कार्ययोजना तयार गरेको भएता पनि विद्युतीय व्यापार सम्बन्धी कार्य सुरु भएको छैन। हुलाक सेवाले प्रदान गर्दै आएको कुरियर तथा अनलाइन डेलिभरीसम्बन्धी सेवाहरू निजी क्षेत्रका कम्पनीहरूले समेत गर्दै आएकोमा ती संस्थाहरूलाई नियमन गर्ने निकाय रहेको देखिँदैन। हुलाक सेवाले परम्परागत रूपमा गर्दै आएको कामको कार्यबोझ घट्नुका साथै समयानुकूल सेवा प्रवाह गर्न सेवामा विविधीकरण गरी हुलाक सेवालाई एकीकृत सेवा र विद्युतीय व्यापारसँग तादात्म्यता हुने गरी पुनःसंरचना गर्नुपर्दछ।

१६. **टर्मिनल ड्युज** - विश्व हुलाक सङ्घबाट जारी गरिएको रेगुलेसनअनुसार सदस्य राष्ट्रहरूको हकमा टर्मिनल ड्युज लगायत विविध शुल्क विभिन्न मुलुकबाट लिनु/दिनुपर्ने हिसाब प्राप्त भएको २ महिनामा रुजु गरी पठाउनुपर्ने र सो नगरेमा स्वतः स्वीकृत भएको मानिने व्यवस्था छ। यो वर्षसम्म ७६ देश र संस्थासँग कारोबार गरी पाउनुपर्ने एस.डी.आर.३ लाख ३६ हजार र भुक्तानी दिनुपर्ने एस.डी.आर. ५ लाख १२ हजार रहेकोमा खुद भुक्तानी दिन बाँकी एस.डी.आर.१ लाख ७६ हजार रहेको छ। विभागले अन्तर्राष्ट्रिय डाँक सेवा सञ्चालनसम्बन्धी हिसाब अद्यावधिक गरी अनिवार्य दायित्वको रकम समयमा भुक्तानी गर्नुपर्दछ।

अन्य संस्था र समिति

चलचित्र विकास बोर्ड

यस बोर्डले चलचित्रको विकास तथा प्रवर्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेस गर्ने, सोसम्बन्धी योजना तथा कार्यक्रम तयार गरी कार्यान्वन गर्ने, आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने, राष्ट्र भाषामा स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नेलगायतका कार्य गर्दै आएको छ।

१७. **प्राप्ति र भुक्तानी -** बोर्डको २०८१।८२ को प्राप्ति र भुक्तानी स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्राप्ति	रकम	भुक्तानी	रकम
गत वर्षको जिम्मेवारी	२८२६९३	सञ्चालन खर्च	६७८७
नेपाल सरकारबाट अनुदान	३१३००	कर्मचारी खर्च	२२०६४
आन्तरिक आम्दानी	१०५४९६	अन्य खर्च	११७३४९
अन्य आय	१५६७७	मौज्दात	२८८९६६
जम्मा	**४३५१६६**		**४३५१६६**

१८. **चलचित्र विकास शुल्क -** आर्थिक ऐन, २०८१ को दफा १० मा नेपालमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको सबै श्रेणीको प्रवेश शुल्कमा पन्ध्र प्रतिशत चलचित्र विकास शुल्क असुल गर्नुपर्ने व्यवस्था छ। साथै चलचित्र विकास शुल्क चलचित्र घरले असुल गरी प्रत्येक महिनाको २५ गतेभित्र बुझाउनुपर्ने व्यवस्था छ। बोर्डबाट प्राप्त विवरणअनुसार गत विगतदेखि १४ चलचित्र घरबाट रु.३५ लाख १० हजार चलचित्र विकास शुल्क असुल गर्न बाँकी रहेको छ। चलचित्र घरबाट दाखिला भएको रु.२ करोड ३९ लाख ५१ हजार चलचित्र विकास शुल्क आन्तरिक राजस्व कार्यालयहरूले बोर्डको खातामा जम्मा गरेका छैनन्। बोर्डको बक्स अफिस प्रणालीअनुसार आन्तरिक राजस्व कार्यालयले अभिलेख अद्यावधिक गरी उक्त शुल्क समयमा दाखिला गर्नुपर्दछ।

विज्ञापन बोर्ड

यस बोर्डले वस्तु वा सेवाको बजार प्रवर्धन वा बिक्री, वितरण गर्न वा त्यस्तो वस्तु वा सेवाको प्रचार प्रसारको लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्ने कार्य गर्दै आएको छ।

१९. **प्राप्ति र भुक्तानी -** बोर्डको २०८१।८२ को प्राप्ति र भुक्तानी स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्राप्ति	रकम	भुक्तानी	रकम
गत वर्षको जिम्मेवारी	२८०३८	सञ्चालन तथा अन्य खर्च	२०७५६
नेपाल सरकारबाट अनुदान	१०९७४१	कर्मचारी खर्च	१२३९९
आन्तरिक आम्दानी	२३१६४	लोककल्याणकारी विज्ञापन भुक्तानी	७८०८६
अन्य आय	५८७	मौज्दात	५०२८९
जम्मा	**१६१५३०**	**जम्मा**	**१६१५३०**

२०. **सरकारी विज्ञापन -** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ मा बोर्डमार्फत विज्ञापन वितरण गर्न नेपाल सरकारले छुट्याएको कुल बजेटको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने तथा दफा ३२ मा सरकारी निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण कार्य बोर्डमार्फत गर्नुपर्ने उल्लेख छ। यो वर्ष लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गरी बोर्डबाट रु.७ करोड ८१ लाख र जिल्ला हुलाक कार्यालयहरूमार्फत रु.२३ करोड २६ लाखसमेत रु.३१ करोड ७ लाख खर्च भएको छ। विज्ञापनको व्यवस्थापन तथा नियमन गर्न बोर्डले व्यवस्थापन प्रणालीको विकास गर्ने, लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित गर्ने, सरकारी विज्ञापन एकद्वार प्रणाली अपनाई बोर्डमार्फत गर्ने, सञ्चार माध्यमबाट प्रसारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्न तोकिएको आधार तथा मापदण्ड तयार गर्ने, विज्ञापन उत्पादन, प्रसारण र वितरणसम्बन्धी आचारसंहिता तर्जुमा गर्ने,

सामाजिक सञ्जालमा हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउने, विज्ञापनको राष्ट्रिय नीति तय गर्नेलगायतका काम हुन नसकेको कारण विज्ञापनलाई व्यवस्थित गर्न सकेको छैन। ऐनको व्यवस्थाबमोजिम विज्ञापन उत्पादन, वितरण र नियमन कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

२१. **विज्ञापन** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ मा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न नपाइने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ मा प्रचलित कानुनले विज्ञापन गर्न निषेध गरेका विषयमा विज्ञापन गर्न नहुने उल्लेख छ। आन्तरिक राजस्व विभागबाट मदिरा उत्पादनमा अनुमति प्राप्त १३ उद्योगले पछिल्लो ६ आर्थिक वर्षको वित्तीय विवरणमा विज्ञापन खर्च रु.३ अर्ब २५ करोड ९४ लाख र प्रवर्धन खर्च रु.१० अर्ब ४४ करोड ४९ लाख समेत रु.१३ अर्ब ७० करोड ४३ लाख खर्च भएको उल्लेख छ। बोर्डले वित्तीय विवरणमा विज्ञापन र प्रवर्धन खर्च लेखेको विषयमा अनुगमन गरेको छैन। प्रचलित ऐनअनुसार नियमन गर्नुपर्दछ ।

सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल)

विक्रम संवत् २००७ सालदेखि सञ्चालित रेडियो नेपाल, विकास समिति ऐन, २०१३ बमोजिम २०४१ भाद्रदेखि रेडियो प्रसार सेवा विकास समिति र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा सञ्चालित हुँदै आमजनतासमक्ष सेवा पुऱ्याइरहेको छ।

२२. **प्राप्ति र भुक्तानी -** संस्थाको २०८१।८२ को प्राप्ति र भुक्तानी स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्राप्ति	रकम	भुक्तानी	रकम
गत वर्षको जिम्मेवारी	७००४२	सञ्चालन खर्च	५३१६९०
लगानी/सापटी	११७७५२	धरौटी फिर्ता खर्च	९५८
आन्तरिक आय	९२७७३	अन्तिम लगानी	९७४५१
नेपाल सरकारबाट अनुदान	४०३०३९	अन्य खर्च	३१९३
स्थानीय तह अनुदान	३७५०	विविध खर्च	४८७३७
ब्याज आय	६४८३	मौज्दात	२५८६०६१
विविध आय	२५७३९६९		
धरौटी आय	२८२		
जम्मा	**३२६८०९०**	**जम्मा**	**३२६८०९०**

उल्लिखित विवरणअनुसार संस्थाको सञ्चालन खर्चको तुलनामा आन्तरिक आय १७.४४ प्रतिशत रहेको छ। आन्तरिक आय न्यून भएकोले नेपाल सरकारको अनुदानमा निर्भर रहेको देखिन्छ। संस्थाको आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च धान्न सक्ने गरी क्षमता विस्तार गर्नुपर्दछ।

२३. **जग्गा बिक्रीको आय** - सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा १९ मा सार्वजनिक सेवा प्रसारण संस्थाको कोषमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीयतहबाट प्राप्त अनुदान, विदेशी सरकार वा संघ संस्थाबाट प्राप्त रकम र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने उल्लेख छ। नेपाल सरकार मन्त्रीपरिषदबाट २०७५।११।२८ मा रेडियो नेपालको नाममा रहेको खुमलटारको कि.नं. २३९ लगायत विभिन्न कित्ताको ४२ रोपनी जग्गा रेडियो नेपालले एक संस्थानलाई सरकारी

दररेटअनुसारको दरमा बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहमतिमा पुँजीगत कार्यमा मात्र खर्च गर्ने उल्लेख छ। रेडियो नेपालले उक्त जग्गा रु.२ अर्ब ५७ करोड ५ लाखमा बिक्री गरेकोमा अग्रिम कर बाहेक रु.२ अर्ब ५३ करोड १९ लाख मुद्दती खातामा जम्मा गरिराखेको देखियो। प्रचलित कानुनबमोजिम जग्गा बिक्रीको रकम व्यवस्थापन गर्नुपर्दछ।

सुरक्षण मुद्रण केन्द्र

साविकमा सुरक्षण मुद्रण केन्द्र विकास समिति (गठन आदेश),२०७३ अनुसार स्थापना भएको यो केन्द्र हाल मुद्रण सम्बन्धी ऐन, २०८१ बमोजिम सञ्चालित छ। सुरक्षण मुद्रणसम्बन्धी सामग्रीको प्रबन्ध तथा तयारी गर्ने, मुद्रण गर्ने, सुरक्षण मुद्रण सम्बन्धी कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बोलपत्रमा भाग लिने, अध्ययन, अनुसन्धान गर्ने वा गराउने, नेपाल सरकारको स्वीकृति लिई सुरक्षण मुद्रणसम्बन्धी अन्तर्राष्ट्रिय व्यावसायिक सङ्गठनको सदस्यता लिने र नेपाल सरकारलाई आवश्यक सुझाउ दिने कार्य यस केन्द्रलाई तोकिएको छ।

२४. **प्राप्ति र भुक्तानी -** केन्द्रको २०८१।८२ को प्राप्ति र भुक्तानी स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्राप्ति	रकम	भुक्तानी	रकम
गत वर्षको जिम्मेवारी	११५५३२	सञ्चालन तथा कर्मचारी खर्च	७०६२
नेपाल सरकारबाट अनुदान	७०६२	धरौटी फिर्ता	२६२
		मौज्दात	११५२७०
जम्मा	**१२२५९४**	**जम्मा**	**१२२५९४**

२५. **मुद्रण र स्वीकृति** - सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा ९ मा केन्द्रले सुरक्षण मुद्रण सम्बन्धी सामग्रीको मुद्रण गर्दा नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, बैङ्क नोट, अन्तःशुल्क टिकट र सवारी चालक अनुमतिपत्रको मुद्रणसम्बन्धी काममा बाधा नपर्ने गरी अन्य सरकारी सुरक्षण मुद्रण सम्बन्धी सामग्रीको मुद्रण गर्नुपर्ने र दफा १० मा सुरक्षण मुद्रण सामग्री निष्काशन गर्ने, जारी गर्ने वा प्रयोगमा ल्याउने सम्बन्धित सरकारी निकायले एक आर्थिक वर्षको लागि आफ्नो कार्यसम्पादन गर्न आवश्यक पर्ने सुरक्षण मुद्रण सामग्रीको माग प्रक्षेपण गरी सोको माग र प्राविधिक विवरण (स्पेसिफिकेसन) सुरक्षण मुद्रण गर्नुभन्दा कम्तीमा छ महिना अगावै केन्द्रमा पठाउनुपर्ने उल्लेख छ। केन्द्रलाई तोकेको मुद्रण सामग्रीमध्ये ऐन जारी भएको २० महिनासम्म राहदानी विभागले मात्र २०८२।८३ को लागि स्वीकृति लिएको छ। केन्द्रले २०८२।७।१२ देखि १२ लाख थान सवारी चालक अनुमति पत्र छपाइ सुरु गरेको भएतापनि अन्य मुद्रण सामग्री सरकारी निकाय तथा अन्य सेवा प्रदायकबाट छपाइ भइरहेको छ। कानुनअनुसार मुद्रण सामग्रीको छपाइ एकद्वार प्रणालीबाट गर्नुपर्दछ।

२६. **अधुरो ठेक्का कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयनसम्बन्धी कार्य योजना र कार्य तालिका तयार गर्नुपर्ने व्यवस्था छ। केन्द्रले यो वर्षसम्म न्यून भोल्टेज प्रणालीको स्तरोन्नति, अन्तःशुल्क टिकट छपाइ र वेभ अफसेट मेसिन खरिदसमेत ३ वटा कार्यको लागि २०७९।८० मा रु.१ अर्ब ८ करोड ३८ लाखको ठेक्का व्यवस्था भएकोमा उक्त खरिद सम्झौताको म्याद क्रमशः २०८०।३।२९, २०८०।३।३१ र २०८३।३।३१ सम्म रहेको देखिन्छ। उल्लिखित ठेक्का कार्यको २०८०।८१

सम्म रु.५६ करोड ७७ लाख खर्च भई क्रमशः ७७.५६, १७.६९ र ६९.२ प्रतिशत प्रगति भएकोमा यो वर्ष कुनै भुक्तानी भएको छैन। सार्वजनिक खरिद कानुनबमोजिम ठेक्का कार्यको कार्यान्वयन हुनुपर्दछ।

नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रूपमा २०५४ मा यस प्राधिकरणको स्थापना भएको हो।

२७. **वित्तीय स्थिति** - प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालू सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरण	२८६१२		१७१९	
अदृश्य सम्पत्ति	२४		४९	
पुँजीगत कार्य प्रगति	१९५७५		१९५७५	
सम्पति प्रयोग गर्ने अधिकार	६१८		७३१	
कर्मचारी ऋण	१२८८		१११५	
स्थगन कर सम्पत्ति	७५७		६३०	
जम्मा गैर चालु सम्पत्ति		**५०८७४**		**२३८१९**
अग्रिम भुक्तानी र गैर वित्तीय सम्पत्ति	१०८८५		७८५०	
चालु कर सम्पत्ति	६११२९		७०६९८	
व्यापारिक तथा अन्य प्राप्त रकम	३५५		५३४	
मुद्दती निक्षेप	६०८१३		५३७०३	
नगद र नगद सरह	१००८०१		२२०६३१	
जम्मा चालु सम्पत्ति		**२३३९८३**		**३५३४१६**
कुल सम्पत्ति		**२८४८५७**		**३७७२३५**
सञ्चित नाफा र आयगत जगेडा	२०६१०९		२८५०४५	
जम्मा ईक्विटी र सञ्चित नाफा		**२०६१०९**		**२८५०४५**
कर्मचारीको दीर्घकालीन सुविधाहरू	५३३		१४०५	
पट्टा दायित्व	९१०		१०००	
जम्मा गैर चालु दायित्व		**१४४३**		**२४०५**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	६१३७		६१४०	
वित्तीय पट्टा दायित्व	१०२		६५	
व्यवस्थाहरू	७५८३		७५८३	
अन्य गैर वित्तीय दायित्वहरू	६३४८३		७५९९७	
जम्मा चालु दायित्व		**७७३०५**		**८९७८५**
कुल जम्मा दायित्व		**२८४८५७**		**३७७२३५**

गत वर्षसम्म सञ्चित आय र आयगत जगेडा रु.२८ अर्ब ५० करोड ४५ लाख रहेकोमा यो वर्ष कुल सञ्चित आय रु.२० अर्ब ६१ करोड ८ लाख पुगेको छ। चालु सम्पत्तिअन्तर्गत मुद्दती लगानी

रु.६ अर्ब ८ करोड १३ लाख तथा नगद र नगद सरहको मौज्दात रु.१० अर्ब ८ करोड १ लाख रहेको छ। नेपाल सरकारलाई गत वर्ष रु.१२ अर्ब ६४ करोड ६२ लाख भुक्तानी गरेकोमा यो वर्ष रु.१३ अर्ब ९७ करोड ९६ लाख भुक्तानी गरेको छ। सम्पत्ति, प्लान्ट र उपकरणको वित्तीय विवरण र जिन्सी खाताबिच हिसाब भिडान नभएको, सम्पत्तिको ३-५० वर्षको उपयोगी जीवन अनुमान गरे तापनि कम्प्युटर उपरकण, स्टील फर्निचरको मूल्यको आधारमा ह्रास कट्टी गरेकोमा स्पष्ट आधार तय नगरेको, अदृश्य सम्पत्तिको प्रयोगयोग्य अवधि ५ वर्ष कायम गरी परिशोधन खर्च लेखाङ्कन गरेकोमा उक्त अवधि किटान गर्ने आधार नखुलाएको, ग्रामीण दूरसञ्चार कोष र इजाजत दस्तुर लिनबाँकी विवरण तयार नगरेको, दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम २६ बमोजिम लेखाङ्कन नीति तयार नगरेकोले प्राधिकरणले कानुनी व्यवस्थाअनुसार लेखाङ्कन नीति तय गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

२८. **सञ्चालन नतिजा -** प्राधिकरणको आय र व्ययको स्थिति देहायअनुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२		२०८०।८१	
सेवाबाट प्राप्त आम्दानी	४१२४२		२३९३९७	
अन्य व्यावसायिक आम्दानी	३५४		१८६१	
कर्मचारी सुविधा खर्च	(१७८०)		(१६२०)	
ह्रास खर्च	(३१४)		(३१५)	
विदेशी मुद्रा सटही नाफा/घाटा	९		१७	
प्रशासनिक खर्च तथा प्रत्यक्ष खर्च	(९२२)		(१०७९)	
सञ्चालनबाट नाफा		**३८५८९**		**२३८२६१**
वित्त खर्च	(२१२)		(२१२)	
आय कर कट्टी गर्नु अघिको नाफा	३८३७८		२३८०४९	
यस वर्षको आय कर व्यवस्था	(९६२४)		(५९६०७)	
स्थगन कर खर्च	१२७		८५	
खुद नाफा		**२८८८०**		**१७८५२७**

प्राधिकरणको वित्तीय विवरणअनुसार सेवाबाट प्राप्त आम्दानी गत वर्ष रु. २३ अर्ब ९३ करोड ९७ लाख रहेकोमा यो वर्ष रु.४ अर्ब १२ करोड ४२ लाख मात्र रहेको छ। गत वर्ष नेपाल दूरसञ्चार कम्पनीले नवीकरण शुल्कबापत रु.१६ अर्ब एकमुष्ट दाखिला गरेकोले यस वर्ष गत वर्ष भन्दा कम आम्दानी भएको देखियो। कर्मचारी, प्रशासनिक र अन्य खर्च गत वर्ष रु.३० करोड १४ लाख रहेकोमा यो वर्ष रु.३० करोड १६ लाख रहेको छ।

२९. **लक्ष्य तथा प्रगति** - दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम २७ मा जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको वित्तीय कारोबारको लेखाको विवरण विनियमावली अनुसार तयार गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्ष चालुतर्फ १३ कार्यक्रम सञ्चालन गर्न रु.२३ करोड ५९ लाख र पुँजीगततर्फ ९ कार्यक्रम सञ्चालन गर्न रु.२ अर्ब ७५ करोड ७२ लाखसमेत रु.२ अर्ब ९९ करोड ३१ लाख विनियोजन गरेकोमा चालुतर्फ ३ कार्यक्रम सञ्चालन गरी रु.८७ लाख (३.६८ प्रतिशत) र पुँजीगततर्फ १ कार्यक्रम सञ्चालन गरी रु.२ अर्ब ७० करोड ६७ लाख (९८.१७ प्रतिशत) खर्च गरेको छ। प्राधिकरणबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३०. **कोष परिचालन -** ग्रामीण दूरसञ्चार विकास कोष लगानी कार्यविधि, २०७९ को दफा ३ मा लगानीको क्षेत्र तथा स्रोत परिचालनको सीमासम्बन्धी व्यवस्था छ। प्राधिकरणको कुल सञ्चित नाफा र आयगत जगेडामा रु.२० अर्ब ६१ करोड ८ लाखमध्ये ग्रामीण दूरसञ्चार विकास कोषमा रु.१५ अर्ब ७१ करोड १ लाख मौज्दात रहेको छ। सोमध्ये रु.६ अर्ब ८ करोड १३ लाख मुद्दती खातामा रहेको र रु.१० अर्ब ८ करोड १ लाख नगद र नगद सरहको मौज्दात खातामा रहेको छ। कोषमा रहेको मौज्दात रकम परिचालन गर्ने सम्बन्धमा प्राधिकरणले उपयुक्त नीति अवलम्बन गर्नुपर्दछ।

३१. **ग्रामीण दूरसञ्चार दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने र तोकिएबमोजिमको अवधिमा दस्तुर जम्मा नगरेमा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणबाट अनुमति प्राप्त २६१ सेवा प्रदायकमध्ये ४० सेवा प्रदायकले २०८०।८१ को दस्तुरयोग्य वार्षिक आय रु.८ अर्ब १० करोड ९५ लाखको २ प्रतिशतले हुने शुल्क रु.१६ करोड २१ लाख र सोको जरिबाना यकिन गरी कोषमा दाखिला गरेका छैनन्। उक्त रकम र जरिबाना असुल गर्नुपर्दछ।

३२. **ब्याण्डविथ शुल्कको नियमन** - दूरसञ्चार ऐन, २०५३ को १३ (झ) मा अनुमति प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने तथा ऐनको दफा ४२ मा त्यस्तो सेवा शुल्कको दर प्राधिकरणबाट स्वीकृत भएको हुनुपर्ने उल्लेख छ। प्राधिकरणले विभिन्न मितिमा सेवा प्रदायकलाई सेवा शुल्क स्वीकृत गरेकोमा ब्याण्डविथ प्याकेज मर्मत शुल्क र इन्टरनेट शुल्क छुट्याई महसुलदर तोकेको देखिएन।प्राधिकरणले ब्याण्डविथ प्याकेजमा मर्मत शुल्क र इन्टरनेट शुल्क स्पष्ट गर्ने कानुनी व्यवस्था गरी स्वीकृत प्याकेजभन्दा फरक ब्याण्डविथ प्याकेज बनाई सेवाप्रदायकले उपभोक्तालाई बिक्री गरे नगरेको सम्बन्धमा प्राधिकरणले अनुगमन गर्नुपर्दछ।

३३. **सूचना महामार्ग निर्माण योजना -** प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषबाट खर्च बेहोर्ने गरी पुष्पलाल (मध्यपहाडी) लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्न प्रथम (पाँचथर जिल्लाको चियो भञ्ज्याङदेखि गोरखाको आरुघाटसम्म एवं कोशी, मधेश र बाग्मती प्रदेशको केही भाग), दोस्रो (गण्डकी तथा लुम्बिनी प्रदेश) र तेस्रो (कर्णाली र सुदूरपश्चिम प्रदेशमा पर्ने पुष्पलाल (मध्यपहाडी) लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकाम) ३ प्याकेजमा विभाजन गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग क्रमशः २ हजार १७९ किलोमिटर,२ हजार १६० किलोमिटर र १ हजार १५४ किलोमिटरसमेत ५ हजार ४९३ किलोमिटर राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण सम्झौता भएकोमा हालसम्म प्रथम प्याकेजमा रु.१ अर्ब ६९ करोड १९ लाख भुक्तानी भई १ हजार ४४९ किलोमिटरमा उक्त कार्य सम्पन्न भएको र तेस्रो प्याकेजमा रु.३० करोड ६७ लाख २७ हजार भुक्तानी भई ५७८ किलोमिटर सम्पन्न भएको देखियो। दोस्रो प्याकेजको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँग समझदारी भए पनि सोमा प्रगति भएको छैन। सम्झौताको सर्तअनुसार तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँट र वितरण नगरेको, फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, अन्तःशुल्क टिकट छपाइको ठेक्का व्यवस्थापन प्रभावकारी नभएको, राष्ट्रिय ज्ञानपार्क स्थापना नभएको, जग्गा भाडा असुल नगरेको, मोबाइल डिभाइस व्यवस्थापन प्रणालीको सम्झौताको म्याद नभएको, टेरामोक्स परियोजना कार्य ढिलाइ भएको, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग हुँदै विभिन्न जिल्ला सदरमुकाम जोड्ने महामार्ग परियोजनाको काम सम्पन्न नभएको लगायतका बेहोरा औंल्याएकोमा स्थिति यथावत् छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ७७ निकायमा रु.१ अर्ब २५ करोड ३५ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ करोड ५७ लाख ७८ हजार सम्परीक्षण भएकोले रु.१ अर्ब १६ करोड ७८ लाख १२ हजार बाँकी रहेको छ। छ। सोमध्ये म्याद नाघेको पेस्की रु.३ लाख २९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्था तथा अन्य संस्था ५ तर्फ रु.२६ करोड ४४ लाख ९९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४६ लाख ८ हजार सम्परीक्षण भएकोले रु.२५ करोड ५८ लाख ९१ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.६ करोड ८७ लाख ९० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक कार्यक्रमको पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधीको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी तथा सङ्गठित संस्थासमेत ४६ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १५ सरकारी कार्यालयको निम्नानुसार रु.११ अर्ब ९८ करोड २८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०८७९८	३२८२	२१३२	५६१६	११९८२८

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश र स्थानीय तहबाट खर्च भएको रु.९ अर्ब ५५ करोड ४० लाख र मन्त्रालयले संस्था/समितिलाई अनुदान निकासा दिएको रु.२१ अर्ब ३५ करोड ९४ लाख समावेश छैन

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय र स्वास्थ्य कर कोष सचिवालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.५४ करोड ७८ लाख ८६ हजार, राजस्वतर्फ रु.२ करोड ७६ लाख ५४ हजार, धरौटीतर्फ रु.३६ लाख २० हजार र कार्यसञ्चालन कोषतर्फ रु.५ करोड ४८ लाख ८८ हजारसमेत रु.६३ करोड १८ लाख ७० हजारको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष २९ सङ्गठित संस्था, समिति तथा अन्य संस्थाको रु.९२ अर्ब ६९ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग र स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजनाको प्रगति -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित मध्यकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमअनुसार स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रका लागि तोकिएका प्रमुख सूचकको २०८१।८२ को अनुमानित उपलब्धि निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७९।८०	सोह्रौं योजनाको लक्ष्य	२०८१।८२ को अनुमानित उपलब्धि
१	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	जना	१५१	८५	१५१
२	नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	२१	१३	२१
३	पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	३३	२२	२५
४	पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था	प्रतिशत	२५	१७	२५
५	सडक दुर्घटनाका कारण ज्यानगुमाउने व्यक्तिको सङ्ख्या (प्रति एकलाख जनसङ्ख्यामा)	जना	९.५	५	७.४१
६	पूर्ण खोप पाउने बालबालिका	प्रतिशत	८०	९५	९६
७	स्वास्थ्यकर्मी उत्पादन (प्रतिहजार जनसङ्ख्यामा)	जना	१.९४	४.६४	१.९४
८	स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या	प्रतिशत	२१	७०	३२
९	स्वास्थ्य बिमा कार्यक्रममा नवीकरण दर	प्रतिशत	६९	९०	७०
१०	कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च	प्रतिशत	५४.२	३८	५४.२
११	३० मिनेटको दुरीमा स्वास्थ्यसंस्था भएका घरधुरी संख्या	प्रतिशत	७७	८६	७७

उल्लिखित तालिकाअनुसार मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर, पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था, तीस मिनेटको दूरीमा स्वास्थ्य संस्था भएका घरधुरी र पाँच वर्षमुनिका बच्चाहरूमध्ये जन्मदर्ता गरिएको बालबालिकालगायतका सूचकमा आधार वर्ष २०७९।८० को अवस्था यथावत् रही लक्ष्य अनुरूप प्रगति भएको पाइएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार दिगो विकास लक्ष्यअन्तर्गत सन् २०२५ सम्मका लागि देहायका प्रमुख सूचकको लक्ष्य निर्धारण गरिएकोमा सोको प्रगति निम्नानुसार छः

क्र.सं.	सूचक	सन् २०२५ सम्मको लक्ष्य	सन् २०२२ सम्मको प्रगति
१	पाँच वर्षमुनिका बालबालिकाको कुपोषण दर (प्रतिशत)	५	७.७०
२	पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपनको (प्रतिशत)	२०	२५
३	प्रजनन् उमेर समूहका महिलाहरूमा रक्तअल्पताको स्थिति (प्रतिशत)	१८	३४
४	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	९९	१५१
५	दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्महरूको अनुपात	७९	८०
६	५ वर्ष मुनिको बाल मृत्युदर (एक हजार जीवित जन्ममा)	२४	३३
७	नवजात शिशु मृत्युदर (एक हजार जीवित जन्ममा)	१४	२१
८	क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा)	५५	१२६
९	कालाजारका बिरामी (सङ्ख्या)	१०२	२१३
१०	डेङ्गुका बिरामी (सङ्ख्या)	२२८	५४७८४
११	परिवार नियोजनका साधन प्रयोगकर्ता दर (प्रतिशत)	५६	४३
१२	पाठेघरको क्यान्सरको निमित्त परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिला (प्रतिशत)	६३	३०
१३	घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार प्रतिशत	८०.६	७७
१४	स्वास्थ्य बिमामा आबद्ध भएका जनसङ्ख्या (प्रतिशत)	७५	३३
१५	कुष्ठरोगीका बिरामीहरू (जना)	९११	२२८५

स्रोतः राष्ट्रिय योजना आयोग

उल्लिखित तालिकाअनुसार मातृ मृत्यदर, नवजात शिशु मृत्युदर, ५ वर्षमुनिका बालबालिकाको मृत्युदर, पुड्कोपनको अवस्था, परिवार नियोजनका साधन प्रयोकर्ता दर, पाठेघरको क्यान्सर परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिला, घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवारलगायतका सूचकमा लक्ष्यअनुसार प्रगति भएको छैन। लक्ष्यअनुरूप प्रगति हुने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति पुनरावलोकन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा विभिन्न नीति तर्जुमा गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकिएको छ। मन्त्रालयले मानसिक स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति, २०५३, राष्ट्रिय औषधी नीति, २०५१, राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२, एम्बुलेन्स सेवा सञ्चालन नीति, २०६०, राष्ट्रिय पोषण नीति तथा रणनीति, २०६१, गुणस्तरीय स्वास्थ्य सेवासम्बन्धी नीति, २०६४, राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९, राष्ट्रिय मुख स्वास्थ्य नीति, २०७०, राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति, २०६९, राष्ट्रिय रक्त सञ्चार नीति, २०६९, राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१, शहरी स्वास्थ्य नीति, २०७२, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, राष्ट्रिय आँखा स्वास्थ्य रणनीति, (२०७९-२०८६), राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७९, राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०-२०९०) लगायतका नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। मन्त्रालयले कार्यान्वयनमा रहेका नीतिहरूको उपलब्धि मूल्याङ्कन गर्दै नेपालको संविधानमा उल्लेख भएको अधिकार सूची तथा सोको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र किटान हुने गरी त्यस्ता नीतिमा समयसापेक्ष पुनरावलोकन हुनुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालमध्ये निर्माण सम्पन्न भएका पाँच, दश र पन्ध्र शय्याका आधारभूत अस्पतालको कार्यविधि तय गरी सञ्चालनमा ल्याउने उल्लेख भएकोमा निर्माण सम्पन्न भएका अस्पतालमध्ये ८३ अस्पताल सञ्चालनमा नआएका, वीर अस्पतालमा जलनको सघन उपचारको लागि आधुनिक कक्षको विस्तार, कीर्तिपुरको बर्न अस्पतालमा आधुनिक कक्षको विस्तार तथा पूर्वाधार विकास नभएको, मानसिक अस्पतालको क्षमता अभिवृद्धि र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कलेजो प्रत्यारोपण सेवा विस्तार गर्ने कार्यको कार्यान्वयन नभएको, कर्णाली, पोखरा, रासी तथा कोशी, नारायणी, भरतपुर, भेरी, डडेल्धुरा र गजेन्द्रनारायण सिंह अस्पतालको क्षमता विस्तार गरी ५०० शय्यामा स्तरोन्नति गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको पाइएन। त्यसै गरी सिंहदरबार वैद्यखानाको क्षमता विस्तार नभएको, काठमाडौं विश्वविद्यालयमा सीता दाहाल मेमोरियल कलेज अफ नेचुरोपेथी एण्ड यौगिक साइन्स कलेज स्थापना र पूर्वाधार निर्माण कार्यक्रमको कार्यान्वयन भएको देखिएन। कार्यान्वयन सुनिश्चितता भएका कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

९. **बजेट र खर्च -** मन्त्रालय र मातहत निकायका लागि यो वर्ष विनियोजित बजेट तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
१	चालु	३३७७४३	३७५४६४	३२९७९९	८७.८४
२	पुँजीगत	१२३७२०	१३७१३९	९३०५८	६७.८६
	जम्मा	**४६१४६३**	**५१२६०३**	**४२२८५७**	**८२.४९**

मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार रु.५१ अर्ब २६ करोड ३ लाख संशोधित बजेट कायम भएकोमा रु.४२ अर्ब २८ करोड ५७ लाख (८२.४९ प्रतिशत) खर्च भएको छ। खर्चमध्ये पुँजीगततर्फ ६७.८६ प्रतिशत खर्च भएको देखिएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ।

१०. **रकमान्तर** - विनियोजन ऐन, २०८१ को दफा ५(२) अनुसार कुनै अनुदान सङ्ख्यामा बचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्दा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयको लागि यो वर्षको सुरु विनियोजन रु.४६ अर्ब १४ करोड ६३ लाख रहेकोमा ११.०८ प्रतिशत रकमान्तरबाट थप गरी रु.५१ अर्ब २६ करोड ३ लाख बजेट कायम भएको छ। मन्त्रालयले रकमान्तरबाट बजेट थप गरेको भए पनि सुरु बजेटको ९१.६३ प्रतिशत खर्च गरेको छ। बजेट तर्जुमा गर्दा यथार्थपरक हुने गरी अनुमान गर्नुपर्ने र विनियोजन ऐनको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

११. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष संयुक्त राष्ट्र सङ्घीय बाल कोष, कोरियन अन्तर्राष्ट्रिय सहयोग एजेन्सी, संयुक्त राज्य अमेरिकी अन्तर्राष्ट्रिय सहयोग एजेन्सी, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, विश्व स्वास्थ्य सङ्गठन, ग्लोबल एलायन्स, जर्मन विकास सहयोग संस्था र एसियाली विकास बैङ्कबाट ३४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न अमेरिकी डलर ६ करोड ४७ लाख ६५ हजार प्राविधिक तथा अन्य सहायता प्राप्त हुने अनुमान रहेकोमा मन्त्रालयले प्राप्त सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। मन्त्रालयले उक्त रकमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

१२. **वैदेशिक सहायता** - मन्त्रालयको यस वर्षको वैदेशिक सहायता अनुमान र प्राप्तिको अवस्था देहायबमोजिम छः

(रु. लाखमा)

क्र.सं	बजेट	सुरु अनुमान	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत	शोधभर्ना हुन बाँकी
१	वैदेशिक अनुदान	५५६५१	३२१९५	५७.८५	(२८७१५)
२	वैदेशिक ऋण	७२०४२	४७९३१	६६.५३	१५३७१
	जम्मा	**१२७६९३**	**८०१२६**	**६२.७५**	**(१३३४३)**

मन्त्रालयले यो वर्ष सोझै भुक्तानी अनुदान रु.३० करोड ७६ लाख ७५ हजार र वस्तुगत सहायता रु.१ अर्ब ७७ करोड ९८ लाख ८७ हजार प्राप्त गरेकोमा सोझै भुक्तानी अनुदान र वस्तुगत अनुदानको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। त्यसै गरी वैदेशिक ऋणतर्फ रु.१ अर्ब ५३ करोड ७१ लाख शोधभर्ना हुन बाँकी रहेको छ। वैदेशिक सहायताको अभिलेख अद्यावधिक गरी समयमा शोधभर्ना लिनुपर्दछ।

१३. **सम्पत्ति तथा जिन्सीको विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ (४) मा मन्त्रालय अन्तर्गतको सबै प्रकारका चल अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा मन्त्रालय र मातहत निकायको रु.१३ अर्ब ७० करोड ८४ लाखका सम्पत्ति तथा जिन्सी सामग्री देखाएकोमा महालेखा

नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा मुख्य स्टोरतर्फ रु.१२ अर्ब ३५ करोड ५५ लाख र खर्च भएर जानेतर्फ रु.१ अर्ब ३५ करोड २९ लाखसमेत रु.१३ अर्ब ७० करोड ८४ लाखको सम्पत्ति तथा जिन्सी सामग्री देखाएको छ। मन्त्रालयको वित्तीय विवरणमा रु.२ अर्ब सम्पत्ति घटी देखिएकोले यस सम्बन्धमा यकिन गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१४. **कार्य जिम्मेवारी -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयलाई राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानको स्थापना र नियमन, नर्सिङ होमलगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनसम्बन्धी मापदण्ड र नियमन, स्वास्थ्य सेवा तथा वस्तुको शुल्कसम्बन्धी मापदण्ड र नियमन गर्नेलगायतका जिम्मेवारी तोकिएको छ। मन्त्रालयले यस प्रयोजनका लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० जारी गरेको छ। नेपालको संविधानको अनुसूचीमा स्वास्थ्यसँग सम्बन्धित अधिकार सङ्घ, प्रदेश र स्थानीय तहलाई तोकिएको छ भने प्रदेश सरकारले स्वास्थ्य सेवा ऐन र नियमावली जारी गरेको अवस्था छ। मन्त्रालयले संविधानमा उल्लेख भएको स्वास्थ्यसम्बन्धी अधिकारसूची तथा सोको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेख भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र किटान हुने गरी नीति, कानुन, मापदण्ड स्वीकृत गरी सोको नियमन गरेको पाइएन।

१५. **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

१५.१. मन्त्रालयले यो वर्ष नेपाल आँखा अस्पताललाई रु.३ करोड ४९ लाख ८३ हजार, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सपलाण्ट सेन्टरलाई रु.२४ करोड ५३ लाख १० हजार, त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताललाई रु.१० करोड २१ लाख २९ हजार, बी.पी.कोइराला लाइन्स नेत्र अध्ययन केन्द्रलाई रु.४ करोड ५५ लाख र नेत्र ज्योति सङ्घलाई रु.६ करोड ४७ लाख ५९ हजार अनुदान उपलब्ध गराएकोमा अनुदानको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। त्यस्तो अनुदान तोकिएको प्रयोजनमा खर्च भए नभएको अनुगमन गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ।

१५.२. मन्त्रालयले मातहतका अस्पताल एवं प्रतिष्ठानको लागि यो वर्ष रु.२२ अर्ब ६९ करोड ४४ लाख अनुदानका लागि बजेट विनियोजन गरेकोमा रु.१९ अर्ब ८९ करोड ५६ लाख खर्च भएको देखिन्छ। मन्त्रालयले अनुदानबाट भएको उल्लिखित खर्चको उपलब्धि सम्बन्धमा अनुगमन गरेको छैन।

१६. **दरबन्दी र पदपूर्ति -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७ (क) मा नेपाल स्वास्थ्य सेवाका कर्मचारीको दरबन्दी तथा पदपूर्तिसम्बन्धी व्यवस्था छ। मन्त्रालय र मातहतका सरकारी कार्यालय, बोर्ड र अस्पतालसमेत ४६ निकायमा ४ हजार २७२ दरबन्दी स्वीकृत भएकोमा ४ हजार १८३ पदपूर्ति भई ८९ पद रिक्त रहेकोमा मन्त्रालयले ८४१ पुल दरबन्दी सिर्जना गरी पदपूर्ति गरेको छ। मन्त्रालय मातहतका अस्पतालले आन्तरिक स्रोतबाट भुक्तानी हुने गरी पदपूर्ति गरेका कर्मचारीको अभिलेख मन्त्रालयमा रहेको छैन। ऐनमा भएको व्यवस्थाअनुसार कार्यबोझ विश्लेषण गरी पदपूर्ति व्यवस्थापन हुनुपर्दछ।

१७. **अस्पताल निर्माण तथा सञ्चालन -** नेपाल सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा भूगोल तथा जनसङ्ख्याको आधारमा हरेक स्थानीयतहमा ५ देखि १५ शय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गरिने उल्लेख भएअनुरूप ६५७ आधारभूत अस्पतालमध्ये ३९६ अस्पतालको लागि रु.५८ अर्ब ७३ करोड ३३ लाख ५२ हजारको स्रोत सुनिश्चितता भई २६१ आधारभूत अस्पतालको रु.४० अर्ब ७ करोड ४७ लाख १८ हजारको स्रोत सुनिश्चितता भएको देखिएन। स्रोत सुनिश्चितता भएका ३९६ अस्पतालमा रु.२६ अर्ब ३९ करोड ९० लाख र स्रोत सुनिश्चितता नभएका २६१ अस्पतालमा रु.७ अर्ब ८१ करोड ११ लाख खर्च भई यो वर्ष ८३ अस्पतालको निर्माण कार्य सम्पन्न भएको छ। निर्माणाधीन अस्पतालको निर्माण कार्य सम्पन्न गरी जनशक्ति र उपकरणको व्यवस्थापन गर्नुपर्दछ।

१८. **प्रयोगशाला शुल्क छुट -** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले तोकिएबमोजिमको शुल्क लिई परीक्षण गर्ने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको २०७३।२।४ को सचिवस्तरीय निर्णयानुसार मन्त्रालय, स्वास्थ्य सेवा विभाग र जन स्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीलाई ९० प्रतिशत र कर्मचारीका परिवारलाई ५० प्रतिशतसम्म प्रयोगशाला परीक्षणमा शुल्क छुट दिने निर्णय गरेको छ। यो वर्ष १ हजार २९५ कर्मचारी र कर्मचारीका परिवारलाई रु.२६ लाख ३६ हजार शुल्क छुट दिएको छ। कानुनबमोजिम मात्र राजस्व छुट दिनुपर्दछ।

१९. **राजस्व छुट सिफारिस -** स्वास्थ्य संस्थाले पैठारी गर्ने विभिन्न स्वास्थ्य उपकरणका लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयबाट यो वर्ष २४ निजीसमेत १९७ संस्थालाई उपकरण आयातको लागि रु.३ अर्ब ५७ करोड ६० लाख १४ हजारको राजस्व छुट एवं १०२ संस्थाले रु.९४ करोड ३५ लाख मूल्यका एम्बुलेन्स आयातमा महसुल र कर छुटको सिफारिस गरेको छ। राजस्व छुट दिई पैठारी भएका मेसिन, उपकरण र सवारी साधन लक्षित वर्ग र समूहको हितमा प्रयोग भए नभएको, राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाले लिने सेवा शुल्क फरक रहे, नरहेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। राजस्व छुट पाउने संस्थाको अभिलेख राखी ती संस्थाको सेवा प्रवाहको अनुगमन गर्नुपर्दछ।

२०. **भाडा बक्यौता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा राजस्वको लेखासम्बन्धी व्यवस्था छ। पसल कवल, क्यान्टिन आदि भाडामा लिने व्यक्ति तथा संस्थाबाट सम्झौताबमोजिम तोकिएको म्यादभित्र भाडा असुल हुनुपर्दछ। गत विगत वर्षदेखि यो वर्षसम्म कोशी अस्पतालले रु.१ करोड ४८ लाख ३१ हजार, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले रु.३० लाख ५५ हजार, गजेन्द्र नारायण अस्पताल सप्तरीले रु.८ लाख ७१ हजारसमेत रु.१ करोड ८७ लाख ५७ हजार भाडा असुल गरेका छैनन्। सम्झौताको सर्तअनुसार भाडा असुल हुनुपर्दछ।

२१. **फरक हिसाब -** यो वर्ष मन्त्रालय मातहतका प्रतिष्ठान र अस्पतालले पेस गरेको केन्द्रीय आर्थिक विवरण र महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणको अङ्कबिच देहायअनुसार फरक देखिएको छः

(रु. हजारमा)

क्र. सं.	कार्यालयको नाम	विवरण	संस्थाको वित्तीय विवरणअनुसार	म.ले.नि.का.को एकीकृत वित्तीय विवरणअनुसार	फरक
१.	स्वास्थ्य बिमा बोर्ड	आन्तरिक र अन्य आयतर्फ	१४२३२३३८	२७७१८१३४	१३४८५७९६

		व्ययतर्फ	१३४८९२५४	२६९७५०४९	१३४८५७९५
२.	सिंहदरबार वैद्यखाना	आन्तरिक र अन्य आयतर्फ	१६८८०९	३३२४३	८४५६६
३.	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान	आन्तरिक र अन्य आयतर्फ	३०६७६१५	३७२९१९४	६६१५७९
४.	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	आन्तरिक र अन्य आयतर्फ	९५१३५७	११८३२८२	२३१९२५
५.	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान	आन्तरिक र अन्य आयतर्फ	६८८६९३	१०१६२५०	३२७५५७
६.	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	आन्तरिक र अन्य आयतर्फ	४६८८३८	४१२२६१	५६५७७
७.	शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	आन्तरिक र अन्य आयतर्फ	२८३०८६	२७०५६६	१२५२०
८.	परोपकार प्रशुती तथा स्त्रीरोग अस्पताल	आन्तरिक र अन्य आयतर्फ	४७४०२७	४५९३९९	१४६२८
९.	भेरी अस्पताल	आन्तरिक र अन्य आयतर्फ	२१४३१६	५१३२६८	२९८९५२
१०.	शुशील कोइराला प्रखर क्यान्सर अस्पताल	आन्तरिक र अन्य आयतर्फ	१९८८१३	३१४०७०	११५२५७
११.	भरतपुर अस्पताल	आन्तरिक र अन्य आयतर्फ	१८४४३५३६	२४०३०१८	५५९४८२
१२.	कान्ति बाल अस्पताल	आन्तरिक र अन्य आयतर्फ	३७८९२४	११२१७६४	७४२८४०
१३.	कोशी अस्पताल	आन्तरिक र अन्य आयतर्फ	४६३९९४	८४१९०८	३७७९१४
१४.	नारायणी अस्पताल	आन्तरिक र अन्य आयतर्फ	३०५७३५	५७२१४९	२६६४१४
१५.	राष्ट्रिय ट्रमा सेन्टर	आन्तरिक र अन्य आयतर्फ	५०१२३७	९९१९०५	४९०६६८
१६.	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	आन्तरिक र अन्य आयतर्फ	२३४९५६१	२४६५०४०	११५४७९
१७.	बी.पी.कोराला मेमोरियल क्यान्सर	आन्तरिक र अन्य आयतर्फ	३६०८२७४	८०२६५५	२८०५६१९
१८.	शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र	आन्तरिक र अन्य आयतर्फ	५१८०५२	११६६७२४	६४८६७२
१९.	गजेन्द्र नारायण सिंह अस्पताल	आन्तरिक र अन्य आयतर्फ	१२८३५७	७३८५७३	६१०२२६

उल्लिखित संस्थाहरूको वित्तीय विवरणमा आय-व्यय फरक देखिएकोले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२२. **आय-व्ययको लेखा -** मन्त्रालय मातहत छुट्टै ऐनद्वारा स्थापित प्रतिष्ठान र बोर्ड एवं विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना भएका १३ अस्पतालले प्रचलित कानुनबमोजिम आय-व्ययको लेखा राख्नुपर्ने व्यवस्था छ। अस्पताल तथा प्रतिष्ठानहरूले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन। स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

यसै गरी छुट्टै ऐनद्वारा स्थापना भएका संस्थामध्ये नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ परिषद्, आयुर्वेद चिकित्सा परिषद् र नेपाल मेडिकल काउन्सिलको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छैन। संसदबाट पारित ऐनबमोजिम स्थापना हुने संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने व्यवस्था हुनुपर्दछ।

स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, नीति निर्माण लगायतका कार्यमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा पोषण, विस्तारित खोप, उपकरणहरू, परिवार नियोजन सम्बन्धी औषधी एवं साधनहरूको वितरणमा स्वास्थ्य संस्थालाई सहयोग र सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। विभागको लागि यो वर्ष रु.१० अर्ब ५० करोड २२ लाख ४ हजार बजेट विनियोजन भएकोमा वस्तुगत सहायता रु.१ अर्ब ४० करोड ३ लाख ११ हजारसमेत रु.८ अर्ब ४५ करोड ३९ लाख २२ हजार (८०.५ प्रतिशत) खर्च भएको छ।

२३. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष विभागले विश्व स्वास्थ्य सङ्गठनको सोझै भुक्तानी अनुदान रु.१२ करोड ८ लाख २० हजार, युनिसेफको रु.१२ करोड ८२ लाख ८७

हजार, यू.एन.एफ.पी.ए.को रु.३ लाख ३५ हजार र युरोपियन युनियनको रु.२ करोड ३६ लाख ९० हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा र तालिम कार्यक्रममा खर्च गरेकोमा बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन। सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्दछ।

२४. **विपन्न नागरिक औषधी उपचार -** विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० मा ८ प्रकारका रोगको उपचारमा आर्थिक सहयोग दिने व्यवस्था छ। यो वर्ष मुटु रोगी ८ हजार ४१०, मृगौला रोगी १२ हजार ७३, क्यान्सर रोग २८ हजार ६७८, पार्किन्सन रोग १०८, अल्जाइमर्स रोग ४४, स्पाइनल इन्जुरी भएका १ हजार २५३, हेड इन्जुरी भएका ९८० तथा सिकलसेल एनिमिया रोगी २ हजार ३१ समेत ५३ हजार ५७७ बिरामीको उपचार गरेको आधारमा १३६ स्वास्थ्य संस्थालाई रु.४ अर्ब ५९ करोड ८५ लाख ३२ हजार शोधभर्ना गरेको छ। आर्थिक रूपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आए तापनि विपन्नताको न्यूनतम मापदण्ड तोकेको छैन।

विपन्न नागरिकको परिचयपत्र उपलब्ध गराउने, रोगको विश्लेषण गरी लागत रकम परिमार्जन गर्ने, स्थानीयतहमा विपन्न परिवार पहिचानका लागि उपयुक्त संयन्त्र बनाउने, स्थानीयतहसम्म सचेतना कार्यक्रम सञ्चालन गर्दै स्वास्थ्य बिमा कार्यक्रमसँग आबद्ध गरी स्वास्थ्य सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

२५. **खोपको उपयोग -** खोप ऐन, २०७२ को दफा १४ मा खोपको ढुवानी भण्डारण र वितरणको मापदण्डसम्बन्धी व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार १० प्रकारका खोपको खेर जाने दर परीक्षण गर्दा ५४ लाख ६८ हजार २९५ जनालाई खोप लगाउँदा रु.४१ करोड ४ लाख ८२ हजार मूल्य बराबरको खोप खेर गएको छ। सोमध्ये बी.सी.जी.खोप ८२ प्रतिशत तथा अन्य खोपहरू औसतमा ३६ प्रतिशत खेर गएको देखिन्छ। स्वीकृत मापदण्डअनुसार खोपको उपयोग गरी खेरजाने दरमा न्यूनीकरण गर्नुपर्दछ।

२६. **मालसामान मौज्दात -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ (५) मा आवश्यकताभन्दा बढी हुने जिन्सी मालसामान खरिद गर्न नहुने व्यवस्था छ। विभागले विभिन्न आपूर्तकबाट रु.२ करोड ४२ लाख ५४ हजारका ७ प्रकारका १३३ थान मेसिन, उपकरण खरिद गरी मौज्दातमा राखेको छ। उक्त मेसिन तथा उपकरणको वारेन्टी अवधि निश्चित हुने हुँदा खरिद भएका मालसामान प्रयोगमा ल्याउनुपर्दछ।

२७. **इम्प्लाण्ट खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ। विभागले २०७९।८० मा ५ वर्षसम्म प्रभावकारी हुने ४५ हजार ५०० सेट इम्प्लाण्ट खरिद गर्न रु.५ करोड २२ हजारको लागत अनुमान तयार गरी बोलपत्रको सूचना प्रकाशन गर्दा बोलपत्र पेस नभएपछि स्पेसिफिकेसन परिवर्तन गरी ३ वर्ष वा ५ वर्षसम्म प्रभावकारी हुने र सेल्फलाइफ ५ वर्ष रहने गरी बोलपत्र आह्वान गरेकोमा एक बोलपत्रदाताको रु.४ करोड ७४ लाख ७८ हजारको बोलपत्र स्वीकृत भई २०८१।५।१३ मा ३ वर्ष प्रभावकारी हुने ४५ हजार ५०० सेट इम्प्लाण्ट आपूर्ति भएको छ। विभागले खरिद कार्य गर्दा आवश्यकता तथा प्रयोगको अवस्था सम्बन्धमा पर्याप्त विश्लेषण

नगरेका कारण आपूर्ति भएकामध्ये रु.२ करोड २५ लाख ५६ हजार मूल्यका २१ हजार ४८० सेट इम्प्लाण्ट मौज्दातमा रहेको देखिन्छ। प्रयोगकर्ताको माग र आवश्यकताको विश्लेषण गरी खरिद गर्नुपर्दछ।

२८. **टेस्ट किट खरिद तथा उपयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष आर.टी.-पी.सी.आर.किट फर एच.पी.भी.विथ भी.टी.एम. ९१ हजार किट र एच.पी.भी. आर.एन.भी.एक्ट्रयाक्सन ९१ हजार किट खरिद गरी रु.३ करोड ७० लाख ३७ हजार भुक्तानी गरेको छ। परिवार कल्याण महाशाखाबाट प्राप्त विवरणअनुसार ७ प्रदेशमा २०७९।८० मा ८ हजार ८०४, २०८०।८१ मा ५५ हजार ३११ र २०८१।८२ मा ४० हजार ६५८ समेत १ लाख ४ हजार ७७३ को एच.पी.भी.संक्रमण परीक्षण गरेको उल्लेख छ। उक्त किटको प्राविधिक स्पेसिफिकेसनमा २ वर्षको उपयोग अवधि राखिएको छ। एक आर्थिक वर्षमा अधिकतम ५५ हजार ३११ परीक्षण आवश्यक रहेकोमा विभागले ९१ हजार किट खरिद गरेकोले खरिद भएका किटको मापदण्ड तयार गरी उपयोग गर्नुपर्दछ।

२९. **औषधीको म्याद -** स्वास्थ्यसंस्थाले आपूर्तिकर्ताबाट खरिद गरेको औषधीको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नगरी अधिक मौज्दात रहेमा सम्झौताको सर्तअनुसार उक्त औषधी आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ। विभागले पेस गरेको जिन्सी विवरण तथा जिन्सीसम्बन्धी प्रणाली परीक्षण गर्दा गत विगतमा खरिद गरिएको रु.४ करोड ७२ लाख २० हजार मूल्यको २८ प्रकारका औषधीजन्य मालसामान तथा कीटको म्याद समाप्त भई प्रयोगमा आउन नसक्ने अवस्था रहेको छ। सम्झौताअनुसार प्रतिस्थापन गर्नुपर्दछ।

३०. **हाइट बोर्ड र वेट स्केल खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा मालसामान खरिदको कारबाही सुरु गर्नु अघि खरिद माग प्राप्त गर्नुपर्ने उल्लेख छ। विभागले यो वर्ष ९६५ हाइट बोर्ड र ९६५ थान इलेक्ट्रोनिक वेट स्केल खरिद गरी रु.६ करोड ७३ लाख २१ हजार खर्च गरेको छ। विभागको अभिलेखअनुसार गत विगतमा खरिद गरेको रु.६ करोड ५३ लाख ९९ हजारको १ हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल (मदर/चाइल्ड) मौज्दातमा रहेको देखिन्छ। विभागबाट खरिद भएका उपकरण समयमै उपयोग गर्नुपर्दछ।

औषधी व्यवस्था विभाग

औषधी उत्पादन, बिक्री-वितरण, निकासी-पैठारी, सञ्चयको व्यवस्थापन एवं नियन्त्रण तथा मूल्य निर्धारण गर्न औषधी ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको हो। विभागको लागि यो वर्ष रु.२१ करोड ४४ लाख ५३ हजार विनियोजन भएकोमा रु.१२ करोड १९ लाख ९ हजार खर्च भएको छ।

३१. **अनुगमन तथा निरीक्षण -** औषधी ऐन, २०३५ र औषधी दर्ता नियमावली, २०३८ मा विभागले अनुज्ञापत्र जारी गर्ने, नवीकरण गर्ने तथा नियमित रूपमा औषधी पसलको अनुगमन गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष दर्ता भएका ३१ हजार ३५८ फार्मेसी तथा औषधी बिक्रेतामध्ये २ हजार ७९१ फार्मेसी निरीक्षण गरेको छ। निरीक्षणको दायरा विस्तार गरी देखिएका कमी-कमजोरी सुधार गर्नुपर्दछ।

३२. **फार्मेसी नवीकरण -** औषधी दर्ता नियमावली, २०३८ को नियम ९ अनुसार यो वर्षसम्म ३३ हजार २९९ औषधी बिक्रेता दर्ता भएकोमा १५ हजार ३४ ले मात्र नवीकरण गराएको, २९ हजार ४५२

फर्म अद्यावधिक रहेको र ३ हजार ८४७ रद्द भएको देखिन्छ। नवीकरण रद्द भएका फार्मेसीबाटसमेत औषधीको बिक्री वितरण हुने जोखिम रहेकोले प्रभावकारी अनुगमन गर्नुपर्दछ।

३३. **नियमन** - औषधी उत्पादन कुशल अभ्यास संहिता, २०७२ को दफा ७७ मा औषधी उत्पादकले कुशल अभ्याससम्बन्धी व्यवस्था प्रमाणीकरणका लागि विभाग समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार ८४ उत्पादकले विभिन्न औषधी उत्पादन गरी बजारीकरण गरेकोमा ५५ उत्पादकले राष्ट्रिय कुशल अभ्यास प्रमाणपत्र प्राप्त गरेको देखिन्छ। राष्ट्रिय कुशल अभ्यास प्रमाणपत्र प्राप्त गर्न बाँकी औषधी उत्पादकलाई नियमनको दायरामा ल्याउनुपर्दछ।

३४. **औषधी पैठारी** - विभागको २०८१।१०।२२ को निर्णयमा केही औषधीहरूको आयात/खपत परिमाण तथा बजार आपूर्तिको विवरणको आधारमा ५० प्रतिशतसम्म प्राविधिक विश्लेषण गरी पैठारी वृद्धि गर्न सकिने उल्लेख छ। त्यसै गरी २०८१।९।२२ को निर्णयले ट्रामाडोल र टेपेण्डाडोल जस्ता औषधीहरू मनोद्दीपक औषधी भएकोले सम्बन्धित अस्पालतको फार्मेसीबाट मात्र बिक्री वितरण गर्न अनुमति दिएको देखिन्छ। यस्ता औषधीहरूको आयात परिमाण यकिन गर्दा प्राविधिक विश्लेषण गरेको देखिँदैन। जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्न सक्ने यस्ता औषधीको आयात गर्दा वार्षिक रूपमा प्रयोग हुनसक्ने परिमाणको विश्लेषण गरी आयात अनुमति दिनुपर्दछ।

३५. **अनुदानमा औषधी -** विश्व स्वास्थ्य सङ्गठनको सन् १९९९ को अनुदान निर्देशिकामा कुनै पनि संस्थाले औषधी अनुदानमा प्राप्त गर्न औषधीको म्याद कम्तीमा १ वर्षको हुनुपर्ने, कुशल उत्पादन अभ्यासअनुसारको हुनुपर्ने, उत्पादक कम्पनी र अनुदान दिने कम्पनीबिचको सम्झौता पेस गर्नुपर्ने तथा गैरसरकारी संस्थाले अनुदानमा प्राप्त गर्न चाहेमा शिविर सञ्चालनको लागि मात्र स्वीकृति दिने व्यवस्था छ। विभागले सरकारी तथा गैरसरकारी संस्थालाई औषधी अनुदानको स्वीकृति दिएकोमा सोको उपयोग स्थितिको अनुगमन गरेको देखिँदैन। औषधी अनुदान सम्बन्धी स्वीकृत सर्त पालना स्थितिको अनुगमन गर्नुपर्दछ।

३६. **मूल्य निर्धारण** - औषधी ऐन, २०३५ को दफा २६ मा विभागले नेपाल सरकारको स्वीकृति लिई औषधीको मूल्य निर्धारण गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। विभागले गत विगतमा ११७ प्रकारका औषधीको मूल्य निर्धारण गरेकोमा ९६ प्रकारका औषधीको मूल्य मात्र राजपत्रमा प्रकाशन गरी बाँकी २१ प्रकारका औषधीको मूल्य प्रकाशन गरेको पाइएन। मूल्य निर्धारण भएका औषधीहरू राजपत्रमा प्रकाशन गर्नुपर्दछ।

३७. **कानुन परिमार्जन** - विभागले औषधी ऐन, २०३५ र सो ऐनअन्तर्गत संवत् २०३७ देखि २०४३ सम्म स्वीकृत भएका नियमावलीबमोजिम औषधीको नियमन गरिरहेको छ। विभागले औषधीको उत्पादन, बिक्री वितरण एवं गुणस्तर नियन्त्रण मापदण्ड समयसापेक्ष परिमार्जन गरेको पाइएन। औषधी व्यवस्थापनमा अवलम्बन भएका असल अभ्यास अनुकूल हुने गरी मापदण्ड स्वीकृत गरी नियमन गर्नुपर्दछ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

क्षयरोग रोकथाम, निदान तथा उपचार कार्यक्रम संयोजन, अनुगमन एवं मूल्याङ्कन गर्न २०४६ सालमा यस केन्द्रको स्थापना भएको हो। केन्द्रलाई यो वर्ष रु.१ अर्ब ७ करोड ३३ लाख ७१ हजार विनियोजन भएकोमा रु.८३ करोड ४ लाख १३ हजार खर्च गरेको छ।

३८. **सेवा प्रवाह -** केन्द्रले क्षयरोगसँग सम्बन्धित सेवा प्रवाह गरेको ३ वर्षको स्थिति निम्नानुसार छः

क्रियाकलाप	२०७९।८०	२०८०।८१	२०८१।८२
क्षयरोगी पहिचान सङ्ख्या	३७४४५	४०७७५	३९१५१
क्षयरोगबाट मृत्यु सङ्ख्या	११२३	१२२६	१२८५
बाल क्षयरोगी पहिचान सङ्ख्या	३००७	३५६८	२२१४
उपचार प्राप्त गर्ने सङ्ख्या	३७५४३	३७०२१	३९७४५
निको भएका क्षयरोगी सङ्ख्या	३४६९२	३४११५	३६६९०

उल्लिखित विवरणमा गत वर्षको तुलनामा क्षयरोगी पहिचान सङ्ख्या यो वर्ष ३.९८ प्रतिशतले घटेको र मृत्यु हुनेको सङ्ख्या ४.८१ प्रतिशतले वृद्धि भई १ हजार २८५ पुगेको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित क्षयरोग संक्रमितलाई उपचारको दायरामा ल्याई प्रभावकारी नतिजा हासिल गर्नुपर्दछ।

३९. **म्याद गुज्रेका औषधी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको यकिन गरी खरिद कारबाही गर्नुपर्ने व्यवस्था छ। केन्द्रको अभिलेखअनुसार गत विगतमा खरिद गरिएको रु.४७ लाख ७० हजार मूल्यका ६ प्रकारका औषधी र औषधीजन्य सामग्रीको म्याद समाप्त भएको छ। औषधी र औषधीजन्य सामग्री खरिद गर्दा आवश्यकताअनुसार खरिद गर्नुपर्दछ।

४०. **कार्ट्रिज खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा लागत अनुमान तयार गर्दा स्थानीय तथा अन्य बजारको दरभाउ तथा गत विगतको खरिद दरलाईसमेत आधार लिनुपर्ने उल्लेख छ। एक विदेशी कम्पनीले २०८० असोजमा वेबसाइटमा प्रकाशन गरेको सूचनामा कार्टिज मूल्यमा २० प्रतिशत छुट दिने उल्लेख गरेकोमा केन्द्रले लागत अनुमान तयार गर्दा उक्त छुट रकमलाई समायोजन गरेको देखिएन। साविक मूल्य प्रति कार्टिज अमेरिकी डलर ९.९८ रहेकोमा छुट पश्चात् अमेरिकी डलर ७.९७ हुनेमा सो कम्पनीको नेपालस्थित आधिकारिक बिक्रेतासँग ७४ हजार ४५० कार्टिज रू. १२ करोड ३ लाख ५८ हजारमा खरिद गर्दा रु.२ करोड १९ लाख ९८ हजार बढी व्ययभार परेको देखिन्छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

जनस्वास्थ्य एवं चिकित्सकीय सेवाहरुसँगै सम्बन्धित रोगको खोजपड्ताल, निदान, रोकथाम, उपचार अनुसन्धान र स्वास्थ्य प्रवर्धनका कार्यहरु प्रभावकारी तथा सर्वसुलभ रुपमा कार्यान्वयन गर्न विश्वसनीय, समय सापेक्ष र गुणस्तरीय बनाउँदै देशका सबै नागरिकलाई प्रयोगशाला सेवाको पहुँच बढाउने उद्देश्यले २०५० सालमा प्रयोगशालाको स्थापना भएको हो। प्रयोगशालाको लागि यो वर्ष रू.४० करोड ३१ लाख ७२ हजार बजेट विनियोजन गरेकोमा रू.३२ करोड ६४ लाख १३ हजार खर्च गरी रू.२० करोड १५ लाख ७० हजार आम्दानी गरेको छ।

४१. **प्रयोगशाला सेवा -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा निदानात्मक सेवालाई आधुनिक एवं प्रविधिमैत्री बनाउँदै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढीकरण गरिने उल्लेख छ। प्रयोगशालाले तीन वर्षमा प्रदान गरेको सेवाको तुलनात्मक स्थिति निम्नानुसार छः

विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२	गतवर्षको तुलनामा वृद्धि प्रतिशत
परीक्षण प्रकार	२९७	३२२	३५१	९.००
परीक्षण सङ्ख्या	५९२१३२	७९५२५०	८३२४९१	४.६८
सेवाग्राही सङ्ख्या	२१८८०७	२८२५७८	२९२६४९	३.५६
सेवाग्राही सङ्ख्या (डेङ्गु)	३३९८	१७७८	२२८२	२८.३
राजस्व असुली (हजारमा)	१३५८००	१८२२२७	२०१५७०	१०.६२
बजेट खर्च (रु.हजारमा)	२२२१००	२०५११९	३२६४१३	५९.१३

उल्लिखित विवरणअनुसार गत वर्ष प्रयोगशालाले ३२२ किसिमका परीक्षण सेवा उपलब्ध गराएकोमा यो वर्ष ३५१ किसिमका सेवा उपलब्ध गराएको देखिन्छ। सेवाग्राही र परीक्षणको सङ्ख्यामा गत वर्षभन्दा वृद्धि भए तापनि बिरामीको मागअनुसारका परीक्षणका सुविधा उपलब्ध हुन सकेको छैन। प्रयोगशालाले सबै प्रकारका परीक्षण सेवा उपलब्ध गराई निजी क्षेत्रका प्रयोगशालाको प्रभावकारी नियमनसमेत गर्नुपर्दछ।

४२. **प्रयोगशालाको अनुगमन -** स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ए र बी समूहमा वर्गीकृत प्रयोगशालाहरूको नियमित अनुगमन एवं सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। यस प्रयोगशालाको क्षेत्राधिकारमा पर्ने ए समूहका प्रयोगशाला १७ र बी समूहका प्रयोगशाला ९४ समेत १११ प्रयोगशाला सञ्चालनमा रहेकोमा यो वर्ष १५ प्रयोगशालाको अनुगमन गरेको छ। अनुगमन निरीक्षण कार्यलाई विस्तार गरी देखिएका कैफियतहरूमा सुधारको सुनिश्चितता हुनुपर्दछ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

एच.आई.भी. एड्स तथा यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न चिकित्सा सेवा शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकलाई पर्नसक्ने दूरगामी असरमा कमी ल्याउने उद्देश्यले २०५१ सालमा केन्द्रको स्थापना भएको हो। केन्द्रको लागि यो वर्ष रु.५१ करोड २२ लाख ६१ हजार विनियोजन भएकोमा रु.४७ करोड ३ लाख ८४ हजार खर्च भएको छ।

४३. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्रियाकलाप	एकाइ	२०७९।८०	२०८०।८१	२०८१।८२
अनुमानित एचआईभी संक्रमित	सङ्ख्या	३००००	३०३००	३४३३७
ए.आर.टी.मा आबद्ध एच.आई.भी. संक्रमित	सङ्ख्या	२४२३७	२५५११	२७०५४
ए.आर.टी.मा आबद्ध पुरुष	सङ्ख्या	१२०३८	१२९२२	१३६८९
ए.आर.टी.मा आबद्ध महिला	सङ्ख्या	१०७५७	११३८१	११९६८
ए.आर.टी.मा आबद्ध बालबालिका	सङ्ख्या	१००३	७२८	८८७
ए.आर.टी.मा आबद्ध तेस्रोलिङ्गी	सङ्ख्या	४३९	४८०	५१०
नयाँ एच.आई.भी.संक्रमित	सङ्ख्या	३०४६	२४७५	२२७२
एड्सबाट मृत्यु भएका	सङ्ख्या	३४४	४४०	३७२

एचआईभी संक्रमितको सङ्ख्या गत वर्षसम्म ३० हजार ३०० रहेकोमा यस वर्ष १३.३२ प्रतिशत वृद्धि भई ३४ हजार ३३७ पुगेको र मृत्यु हुनेको सङ्ख्या गतवर्ष ४४० रहेकोमा १५.४५

प्रतिशत न्यून भई ३७२ रहेको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित संक्रमितलाई उपचारको दायरामा ल्याउनुपर्दछ।

४४. **औषधी सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२८(२) मा दातृ पक्षबाट प्राप्त भएको वा हुने सहायतालाई अर्थ मन्त्रालयको स्वीकृति लिई बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ। केन्द्रले विगत वर्षदेखि ६३ किसिमका औषधी दातृ निकायबाट प्राप्त भई रु.१७ करोड ५० लाख ६१ हजार आम्दानी जनाएको छ। उक्त सहायता रकमलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी लेखापरीक्षण गराएको छैन।

अन्य संस्था समिति

स्वास्थ्य बिमा बोर्ड

गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा ऐन, २०७४ बमोजिम यो बोर्डको स्थापना भएको हो। बोर्डअन्तर्गत ७ प्रदेश कार्यालय र ७७ वटै जिल्लामा सम्पर्क कार्यालय रहेका छन्।

४५. **आय-व्यय -** बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	९४५८९६	३४३७५७१
नेपाल सरकारको अनुदान	१०५०००००	७५०००००
बिमा प्रिमियम शुल्क	३७३२२२६	३०९११५३
अन्य आय	११२	७९८५१
जम्मा आय	**१५१७८२३४**	**१४१०८५७५**
प्रत्यक्ष खर्च	१२८१५४४३	१२९१५०५८
सञ्चालन खर्च	६६७३१८	१५४२५३
अन्य खर्च	६४९३	९१६००
बाँकी मौज्दात	१६८८९८०	९४७६६४
जम्मा	**१५१७८२३४**	**१४१०८५७५**

बोर्डले पेस गरेको यस वर्षको आय-व्यय विवरणमा गत वर्षको जिम्मेवारी रु.१७ लाख ६८ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

४६. **सेवा प्रवाह -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा सबै नेपाली नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्ने उल्लेख छ। बोर्डले ७७ जिल्लाका ७५३ पालिकामै उक्त सेवा विस्तार गरेको छ। बिमा कार्यक्रममा सहभागी सङ्ख्या देहायअनुसार छः

२०७९।८० सम्म	२०८०।८१ सम्म	२०८१।८२ सम्म

बिमित परिवार	बिमित सङ्ख्या	बिमित परिवार	बिमित सङ्ख्या	बिमित परिवार	बिमित सङ्ख्या
१६४७३१४	४७२४७३२	१८७४२२८	५०७४९१५	२२२८७८८	६११४२४२

सबै नेपाली नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने लक्ष्य लिए तापनि २०७८ को जनगणना अनुसार ६६ लाख परिवार सङ्ख्याको ३३.४३ प्रतिशत र जनसङ्ख्याको २०.९६ प्रतिशत मात्र बिमामा आबद्ध भएको पाइयो।

४७. **शोधभर्ना बाँकी -** बोर्डले बिमामार्फत शोधभर्ना गर्नेगरी बिमा सुविधा पाउने १ हजार २८४ प्रकारका औषधी र १ हजार ३९ प्रकारका सेवाको मूल्यसूची समावेश गरी सेवा प्रदायकलाई शोधभर्ना भुक्तानी गर्ने गरेको छ। बोर्डले दाबी प्राप्त भई स्वीकृत भएकोमध्ये रु.१८ अर्ब ६४ करोड ९१ लाख ३३ हजार शोधभर्ना दिन बाँकी देखिन्छ। कतिपय स्वास्थ्य संस्थाले बोर्डको अभिलेखमा देखिएको भन्दा बोर्डबाट शोधभर्ना लिन बाँकी बढी देखाएको पाइएको छ। अस्पतालले शोधभर्ना प्राप्त हुन बाँकी देखाएको रकम र बोर्डले शोधभर्ना दिन बाँकी रकम देहायअनुसार छः

(रु. हजारमा)

क्र.सं.	अस्पतालको नाम	बोर्डले शोधभर्ना दिन बाँकी रकम	अस्पतालले शोधभर्ना पाउन बाँकी रकम	फरक रकम
१	सुशील कोइराला प्रखर क्यान्सर अस्पताल	१७२८४	१९६३६	२३५२
२	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान	१२५८६९	१५६९८८	३१११८
३	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१४९०५१	१७९७४५	३०६९४
४	परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल	८३२२	८३०८	१३
५	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	४१८२१	७८७२६	३६९०५
६	बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	४८३३९०	३७४५१४	१०८८७७
७	भक्तपुर क्यान्सर अस्पताल	८६४८८	४८८४४	३७६४४
८	कोशी अस्पताल	२६८०३७	२७५५३६	७४९९
९	गजेन्द्र नारायण सिंह अस्पताल	३०६३१	४४५८३	१३९५२

उपर्युक्तानुसार फरक परेको सोधभर्ना बाँकी रकम सम्बन्धमा हिसाब भिडान गरी शोधभर्ना दायित्व यकिन गर्नुपर्दछ।

४८. **बिमा शुल्क -** बोर्डले यो वर्ष बिमा शुल्कबापत रु.३ अर्ब ७३ करोड २२ लाख २६ हजार आम्दानी देखाएकोमा बिमा आबद्धता शुल्क एवं सोको नवीकरण बापतको रकम असुली एवं दाखिलाको अभिलेख राखेको छैन। बोर्डले बिमा शुल्क असुल गर्न सहयोगीलाई उपलब्ध गराएको नगदी रसिदअनुसार प्रयोग भएका रसिद, रद्द भएका रसिद एवं बाँकी रसिदको अभिलेख अद्यावधिक गरेको छैन। यसबाट सहयोगीले असुल गरेको सबै रकम बोर्डमा जम्मा भएको यकिन हुने अवस्था छैन। अभिलेख अद्यावधिक गरी बिमा शुल्क यकिन गर्नुपर्दछ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

४९. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	२१३४८३	२५६४९३
नेपाल सरकारको अनुदान	१०५९६७६	९३६२७९
आन्तरिक आय	१४६९८९१	१६२७६४६
अन्य आय	४८३८९०	२१५४२
जम्मा आय	**३२२६९४०**	**२८४१९६०**
चालु खर्च	२११५६०६	२५७५५९८
पुँजीगत खर्च	११८०७५	१३०६२
अन्य खर्च	७७७४६४	३९८१७
बाँकी मौज्दात	२१५७९५	२१३४८३
जम्मा	**३२२६९४०**	**२८४१९६०**

प्रतिष्ठानले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसारको ढाँचामा वित्तीय विवरण तयार गरेको छैन।

५०. **सेवा प्रवाह -** अस्पतालको मेडिकल रेकर्डअनुसार विगत ५ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	सेवाको विवरण	आर्थिक वर्ष				
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
१	बहिरङ्ग बिरामी (सङ्ख्या)	१८६३८७	३७९८५४	५२४६५१	६१९७१९	६४७२१५
२	अन्तरङ्ग बिरामी (सङ्ख्या)	८६२६	१५६०१	१८५२७	२००४२	२१२२४
३	आकस्मिक सेवा (सङ्ख्या)	२३१८२	३७३५९	४२३०६	३५१३२	३५१४१
	जम्मा	**२१८१९५**	**४३२८१४**	**५८५४८४**	**६७४८९३**	**७०३५८०**
४	हेमोडाइलासिस सेवा (सङ्ख्या)	१३८४२	१७२०७	१८३४८	२०३५५	२२१००
५	बेड अकुपेन्सी दर (प्रतिशत)	४४.२०	४८.२०	६६.२०	७०.४८	६३

उल्लिखित विवरणअनुसार बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवामा आउने बिरामीको सङ्ख्या वृद्धि हुँदै गएको देखिन्छ। प्रतिष्ठान सुविधा सम्पन्न रेफरल अस्पतालको रूपमा रहेकोमा बिरामीले शल्यक्रियाको लागि ३ महिनादेखि ८ महिनासम्म पालो कुर्नुपर्ने अवस्था छ। प्रतिष्ठानमा ८१ आइ.सी.यु.शय्यामध्ये ७२ शय्या मात्र सञ्चालनमा रहेका छन्। प्रयोगविहीन अवस्थामा रहेका स्वास्थ्य उपकरण सञ्चालनमा ल्याई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

५१. **दरबन्दी र पदपूर्ति -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ७ (५) मा सेवाको लागि नयाँ दरबन्दी सिर्जना गर्न आवश्यक देखिएमा कार्यविधि र सोको पुष्ट्याइँसमेत उल्लेख गरी सभाले स्वीकृत गर्ने व्यवस्था छ। प्रतिष्ठानमा नेपाल सरकारतर्फको विभिन्न पदको ६८७ दरबन्दी रहेकोमा ५०१ कार्यरत रही १८६ पद रिक्त रहेको र नयाँ अस्पतालतर्फ विभिन्न पदमा ७२६ दरबन्दीमध्ये ५३१ पदपूर्ति भई १९५ रिक्त रहेको देखिन्छ। अस्पतालले विभिन्न १६ पदमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राखी रु.९७ लाख ७५ हजार तलब भत्ता खर्च लेखेको छ।

५२. **निःशुल्क उपचार -** विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधी उपचारबापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको छ। अस्पतालले यो वर्ष विपन्न नागरिक, असहाय तथा गरिबलगायतका लक्षित वर्गलाई प्रतिष्ठानबाट २४ हजार ३११ जनाको लागि बजेट व्यवस्था गरी रु.१६ करोड ७५ लाख २२ हजार खर्च गरेको छ। यस्तो सहायता प्राप्त गर्ने व्यक्तिको विवरण प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

५३. **म्याद गुज्रेका औषधी तथा सामग्री -** फार्मेसीलाई आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानको लागि भएको खरिद सम्झौताको बुँदा नं. २(ख) मा बिक्री हुन नसकी बाँकी रहन गएका औषधी तथा सर्जिकल सामग्रीको म्याद समाप्त हुने अवधिभन्दा तीन महिना बाँकी रहँदै सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गर्न सकिने प्रावधान रहेको छ। अस्पतालले विगत ४ वर्षदेखिका विभिन्न आपूर्तिकर्ताबाट खरिद गरेको रु.१ करोड ४३ लाख ७७ हजारको ६०१ प्रकारका औषधी तथा सर्जिकल सामानहरू फिर्ता तथा प्रतिस्थापन गरेको देखिएन। सम्झौताअनुसार औषधी र सामग्रीको प्रतिस्थापन गर्नुपर्दछ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धान प्रवर्धन गर्न र आवश्यक जनशक्ति तयार गर्न बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठान स्थापना भई सञ्चालन हुँदै आएको छ।

५४. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	१९३८६०	१४५२००
बिक्री/सेवा सञ्चालनबाट आम्दानी	१६८५३००	१३६२३६०
शैक्षिक आय	१३११०६५	११८९७८३
अन्य आय	७१२५०	८२७७१
जम्मा आय	**३२६१४७५**	**२७८०११४**
सञ्चालन तथा कर्मचारी खर्च	२८१२८६५	२५४००१६
प्रत्यक्ष खर्च	५२०००	५२०००
अन्य खर्च	२२०९४९	२२८९०५
जम्मा व्यय	**३०८५८१४**	**२८२०९२१**
बचत/न्यून	१७५६६१	(४०८०६)

प्रतिष्ठानको गत वर्षको ऋणात्मक बचत रु.४ करोड ८ लाख ६ हजार रहेकोमा यो वर्ष रु.१७ करोड ५६ लाख ६१ हजार बचत रहेको छ। प्रतिष्ठानले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गरेको छैन।

५५. **सेवा प्रवाह -** प्रतिष्ठानको अभिलेखअनुसार विगत ४ वर्षको सेवा प्रवाहको अवस्था निम्नानुसार छः

सेवाको विवरण	आर्थिक वर्ष			
	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग बिरामी सङ्ख्या	४८१५१४	५३१७८०	५६४९१८	५७४९७३

सेवाको विवरण	आर्थिक वर्ष			
	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
अन्तरङ्ग बिरामी सङ्ख्या	४२९४८	४८०१४	४१०११	४७८७९
आकस्मिक सेवा सङ्ख्या	६९६८१	७६७१४	७९००९	९४९८०
जम्मा	**५९४१४३**	**६५६५०८**	**६८४९३८**	**७१७८३२**
प्रसुति सङ्ख्या	५८४९	५९६८	३७५८	३२८१
सी.एस. दर (प्रतिशत)	४०.२०	३७.५०	४५.७	५०.९
बिरामी मृत्युदर (प्रतिशत)	१. ३	१.२८	१.३५	०.७७
बिरामीको औसत बसाइ दिन	५.३	३.७	५.८	३.८
बेड अकुपेन्सी (प्रतिशत)	६८	६२.८	५३.७५	६१.३३
जेरियाट्रिक बेड सङ्ख्या	५	५	५	५
रिफर गरिएको सङ्ख्या	४८	५२	९०	३०
सघन उपचार केन्द्र	१७०३	२२५५	३६७०	३४३८
हेमोडाइलासिस सेवा	९३३९	१४३२१	१७९५६	२१८८०
प्रयोगशाला सेवाहरू (औसत सङ्ख्या प्रति दिन)	३७६०	५९१४	६३५८	६३४५
रेडियोग्राफी सेवा (औसत सङ्ख्या प्रति दिन)	५८०	७१३	७४३	७५५

उल्लिखित विवरणअनुरसार बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवाका बिरामी सङ्ख्या तुलनात्मक रूपमा बढेको देखिएकोमा सी.एस.रेट विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको भन्दा १० देखि १५ प्रतिशत उच्च रहेको देखिन्छ। बिरामी मृत्युदर १ प्रतिशतभन्दा कम रहेको भएपनि जेरियाट्रिक शय्या सङ्ख्या थप हुन सकेको छैन। सेवाग्राहीले अस्पतालमा आउँदा सामान्य सेवा प्राप्त गर्न १ देखि ३ घण्टासम्म कुर्नुपर्ने, सिटी स्क्यान तथा बायोप्सीका लागि लामो समय पर्खिनुपर्ने, एम.आर.आई.तथा आई.भी.यू.जस्ता सेवा उपलब्ध गराउन नसकेकोले यसमा सुधार गर्नुपर्दछ।

५६. **स्वास्थ्यकर्मी तथा बिरामीको अनुपात -** प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार स्वास्थ्यकर्मी तथा बिरामीको विगत ४ वर्षको अनुपात देहायबमोजिम छः

क्र. स.	सूचक	डब्लु एच ओ मापदण्ड	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
१	चिकित्सक र अन्तरङ्ग बिरामी अनुपात	१:१४८	१:१६१	१:१३३	१:११४	१:१३२
२	चिकित्सक र बहिरङ्ग बिरामी अनुपात	१:१०००	१:१४६३	१:१४७७	१:१३९७	१:१५९७
३	नर्स र अन्तरङ्ग बिरामी अनुपात	१:४५	१:६२	१:६८	१:५९	१:६८

प्रतिष्ठानले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम स्वास्थ्यकर्मी र बिरामीको व्यवस्थापन गरेको नदेखिएकोले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने गरी स्वास्थ्यकर्मीको व्यवस्थापन गर्नुपर्दछ।

५७. **भवन निर्माण -** मातृ शिशु स्याहार केन्द्र ४०० शय्याको भवन निर्माण गर्न प्रतिष्ठान र एक संयुक्त उपक्रमबिच २०७३।३।२८ मा ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी रु.२ अर्ब ४६ करोड ३२ लाखको सम्झौता भएकोमा यो वर्ष रु.२२ करोड ४३ लाख ९० हजारसमेत रु.२ अर्ब ३४ करोड ६६ लाख ८ हजार भुक्तानी भएको छ।

भवन निर्माणका लागि २०७३।३।२८ मा सम्झौता भएकोमा स्वास्थ्य मन्त्रालयले २०७४।८।२८ मा कुनै भुक्तानी नगर्न पत्राचार गरेको र २०७६।३।१३ को पत्रबाट प्रचलित कानुनबमोजिम कार्य गराउन पुनः निर्देशन दिएको देखियो। मन्त्रालयका निर्देशनको कारण निर्माण कार्य

२ वर्ष ४ महिना रोकिन गएको उल्लेख गरी सम्झौताको म्याद २ वर्ष १० दिन थप भएकोमा कार्यकारिणी समितिको २०८२।५।१९ को निर्णयबाट पुनः २०८२ पौष मसान्तसम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको वित्तीय प्रगति ७५.६९ र भौतिक प्रगति ९० प्रतिशत रहेको छ। पूर्वानुमान गर्न सकिने काममा समेत रु.२५ करोड २८ लाख ५८ हजारको भेरिएशन आदेश स्वीकृत गरी परिमाण थप गरेको देखिन्छ। थप अवधिभित्र सम्झौता अनुसार निर्माणकार्य सम्पन्न गर्नुपर्दछ।

५८. **भाडा बक्यौता -** प्रतिष्ठान र एक कम्पनीबिच प्रतिष्ठान परिसरमा रहेको जग्गामा १८ होलको गल्फ मैदान ५० वर्षको लागि वार्षिक रु.२ लाखमा, १० गेष्ट हाउस २० वर्षको लागि वार्षिक रु.१२ लाखमा र रेष्टुरेण्ट एण्ड बार वार्षिक भाडा रु.२ लाखमा २० वर्षको लागि दिने गरी २०५८।६।५ मा सम्झौता भएको छ। सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५८.१. सम्झौताको बुँदा नं.४ (क) अनुसार गेष्ट हाउसको बहाल अवधि २० वर्षसम्म बहाल रकम वार्षिक रु.१२ लाख र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था छ। सम्झौताको अवधि २०७८ असोजमा समाप्त भए पनि सो कम्पनीले प्रतिष्ठानलाई रु.४७ लाख ६९ हजार भाडा र सोको क्षतिपूर्ति रु.३८ लाख २५ हजारसमेत रु.८५ लाख ९४ हजार बुझाएको छैन।

५८.२. सम्झौताको बुँदा नं ४ (ख) अनुसार गल्फ कोर्षको बहाल अवधि ५० वर्षको हुने र वार्षिक भाडा रु.२ लाखमा प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था छ। प्रतिष्ठान र एक कम्पनीबिच भएको करारको अवधि कायम रहेकोमा सो कम्पनीले गल्फ कोर्स सञ्चालन गरेको छैन। करार सम्झौताबमोजिम सो कम्पनीले रु.२९ लाख ७४ हजार भाडा तथा सोको क्षतिपूर्ति रु.२ लाख ९७ हजारसमेत रु.३२ लाख ७१ हजार बुझाउन बाँकी रहेको छ।

५८.३. सम्झौताको बुँदा नं.४ (ग) अनुसार रेष्टुरेन्ट एण्ड बार तथा अन्य हेल्थ क्लव फुडकोटको बहाल अवधि २० वर्ष रहने सुरुको ३ महिना निर्माण अवधिमा बहाल नलाग्ने र त्यसपछि वार्षिक भाडा रु.१२ लाखमा प्रति २ वर्षमा १० प्रतिशतका दरले वृद्धि हुने व्यवस्था छ। सम्झौताको अवधि २०७८ असोजमा समाप्त भएपनि सो कम्पनीले रु.४ लाख १० हजार भाडा तथा सोको क्षतिपूर्ति रु.३ लाख १० हजारसमेत रु.७ लाख २० हजार बुझाएको छैन। सम्झौताबमोजिम बक्यौता भाडा असुल गर्नुपर्दछ।

५९. **म्याद सकिएका औषधी -** फार्मेसीलाई आवश्यक पर्ने औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी सम्झौताहरूमा म्याद समाप्त हुन लागेका औषधी प्रतिष्ठानले फिर्ता गर्ने र आपूर्तकले ७ दिनभित्र प्रतिस्थापन गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार अस्पताल फार्मेसीले खरिद गरेका मध्ये रु.१ करोड १९ लाख ९६ हजारको औषधीको म्याद गुज्रेको देखिन्छ। सम्झौताको व्यवस्थाअनुसार निकट भविष्यमा म्याद गुज्रिने तथा हाल म्याद गुज्रेको औषधीहरू आपूर्तकलाई फिर्ता गरी प्रतिस्थापन गरेको देखिएन। सम्झौताअनुसार औषधी तथा सामनको प्रतिस्थापन गर्नुपर्दछ।

६०. **अध्यापन कोटा -** प्रतिष्ठानको भौतिक अवस्था, बिरामीको चाप, जनशक्ति व्यवस्थाको पर्याप्तता आदिको आधारमा एम.बी.बी.एस.मा १५० तथा बी.डी.एस.मा ६० विद्यार्थी अध्यापन गराउनसक्ने क्षमता रहेकोमा क्रमशः १०० र ४९ विद्यार्थी अध्ययनरत रहेका छन्। प्रतिष्ठानको शैक्षिक तथा स्वास्थ्य सेवासम्बन्धी क्रियाकलापलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ बमोजिम यस प्रतिष्ठानको स्थापना भएको हो।

६१. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	२७१८३६	५८९९०८
बिक्री तथा सेवा आम्दानी	२६९९६९८	२३९२३६८
अन्य आय	१०८५०९	२४४३६७
जम्मा आय	**३०८००४४**	**३२२६६४४**
सञ्चालन खर्च	३५८२५२	४८८७९२
प्रत्यक्ष खर्च	७७८२६९	१०३०११९
कर्मचारी खर्च	१५७२५२३	१३९८७००
अन्य खर्च	२०७३७८	१९७४९८
जम्मा व्यय	**२९१६४२३**	**३११५११०**
बचत	**१६३६२०**	**१११५३३**

प्रतिष्ठानको सञ्चालन बचत गत वर्ष रु.११ करोड १५ लाख ३३ हजार रहेकोमा यो वर्ष ४६.७० प्रतिशतले वृद्धि भई रु.१६ करोड ३६ लाख २० हजार पुगेको छ।

६२. **सेवा प्रवाह -** प्रतिष्ठानको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	सेवाको विवरण	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८१।८२
१.	बहिरङ्ग सेवा (सङ्ख्या)	२९७९३३	४१२२९८	४१८२९१
२.	अन्तरङ्ग सेवा (सङ्ख्या)	२९८४७	२४८२५	२६२०९
३.	आकस्मिक सेवा (सङ्ख्या)	५३३७९	४८६६४	५८७०६
४.	सामान्य सल्यक्रिया (सङ्ख्या)	५२०२	५७०८	५९२३
५.	जटिल सल्यक्रिया (सङ्ख्या)	७२८१	७५७५	७७३५

उल्लिखित तथ्याङ्कअनुसार विगत वर्षको तुलनामा बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक सेवा लिने विरामी र सल्यक्रिया भएका विरामी सङ्ख्यामा वृद्धि भएको छ। प्रतिष्ठानले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

६३. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	१८,७६,३१	२४,२९,०८
नेपाल सरकारको अनुदान	५६,०९,२१	४१,३६,६३
आन्तरिक आय	२४,९९,७५	७७,७२,८५
अन्य आय	७०,१३,८२	३,४१,५७
जम्मा आय	**१,६९,९९,०९**	**१,४६,८०,१३**
सञ्चालन खर्च	६३,३७,०४	८०,८२,९०
कर्मचारी खर्च	६३,१४,७४	४१,३६,६३
अन्य खर्च	२३,७२,२७	३६,४१
बाँकी मौज्दात	१९,७५,०४	२४,२४,१९
जम्मा	**१,६९,९९,०९**	**१,४६,८०,१३**

गत वर्षको जिम्मेवारी रू. २४ करोड २४ लाख १९ हजार रहेकोमा प्रतिष्ठानले यो वर्षको वित्तीय विवरणमा रू. १८ करोड ७६ लाख ३१ हजार मात्र जिम्मेवारी सारेको पाइयो। जसअनुसार रु.५ करोड ४७ लाख ८८ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

६४. **सेवा प्रवाह** - प्रतिष्ठानको अभिलेखअनुसार विगत ३ वर्षको अस्पतालको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	सेवाको विवरण	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८०।८१
१	बहिरङ्ग बिरामी सङ्ख्या	३५६४०२	४०६७२९	४१३०७२
२	अन्तरङ्ग बिरामी सङ्ख्या	२२६८४	२२१४७	२२२७५
३	आकस्मिक सेवा	५४९७१	४८७७७	४६९८३
	जम्मा	**४३४०५७**	**४७७६५३**	**४८२३३०**
४	बिरामी मृत्युदर (प्रतिशत)	१	१	०.८
५	रेफर गरिएको सङ्ख्या	५	१७	१५
७	हेमोडाइलासिस सेवा	१६१	१४७	१६५
८	मृगौला प्रत्यारोपण	७	२	८

प्रतिष्ठानमा बिरामीको सङ्ख्या वृद्धि हुँदै गए तापनि शय्या क्षमता ५०० मध्ये ३८० शय्या मात्र सञ्चालनमा रहेको पाइयो। आवश्यक स्रोत साधनको व्यवस्था गरी प्रतिष्ठानलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

६५. **उपकरणको उपयोग** - प्रतिष्ठानको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७४ मा सम्पत्तिको लगत सम्बन्धी व्यवस्था छ। जिन्सी निरीक्षण प्रतिवेदनअनुसार भेन्टिलेटर ६५, एनेस्थेसिया मेसिन १६, इन्डोस्कोपी मेसिन १४, हेमोडाइलासिस मेसिन ३० र सीटी स्क्यान मेसिन २ समेत रु.१८ करोड २९ लाख १० हजारको मेसिन तथा उपकरणहरू विगत लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको देखियो। उल्लिखित मेसिन, उपकरणको आवश्यक मर्मत, सम्भार गरी उपयोगमा ल्याउनुपर्दछ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न एवं स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेको छ।

६६. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	३५१४४२	१५६४८९
सञ्चालनबाट आय	५९२३११	३०१४४२
अन्य आय	९६३८२	२०४७००
जम्मा आय	**१०४०१३५**	**६६२६३१**
कर्मचारी खर्च	२६२४५७	२५४९६२
प्रत्यक्ष खर्च	३२३२७४	५८३१८
सञ्चालन खर्च	१६४८०७	२१९२५९
अन्य खर्च	५५५७९	३१६१९
जम्मा व्यय	**८०६११७**	**५६४१५८**
बचत	२३४०१८	९८४७३

प्रतिष्ठानको बचत गत वर्ष रु.९ करोड ८४ लाख ७३ हजार रहेकोमा यो वर्ष रु.२३ करोड ४० लाख १८ हजार पुगेको छ।

६७. **सेवा प्रवाह** - प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

सेवाको प्रकार	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग विरामी सङ्ख्या	१५४६६७	१६८५१६	१७७३९७
आकस्मिक सङ्ख्या	२०२१३	२०८७०	२६७०३
प्रयोगशाला टेष्ट सङ्ख्या	६५१११८	६४०४२२	१०५३१९०
प्रसूति सङ्ख्या	३६०८	३१९०	४०८८
रेडियोग्राफी सङ्ख्या	६७८५५	७८८०९	१०८२७०
एड्स निरोधक सङ्ख्या	२५६	२८३	२९५
क्षयरोग निरोधक सङ्ख्या	२१३	२३८	२६८

उल्लिखित तथ्याङ्कअनुसार अस्पतालमा गत वर्षभन्दा यो वर्ष सेवा लिनेको सङ्ख्या वृद्धि भएको छ। प्रतिष्ठानले आवश्यक स्रोत साधनको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

पिछडिएको क्षेत्रमा सहज रूपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०६८ बमोजिम प्रतिष्ठान सञ्चालनमा रहेको छ।

६८. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	४६८८३८	३६०७३३
अस्पताल सेवा सञ्चालन	३५२२६४	२६३८५६
अन्य आय	३९१७	३२३३
जम्मा आय	८२५०१९	६२७८२२
सञ्चालन तथा कर्मचारी खर्च	५५४६१३	४६३९८१
प्रत्यक्ष खर्च	२०९६५४	९४६४८
अन्य खर्च	११४३४३	१२२८३८
जम्मा व्यय	८७८६१०	६८१४६७
बचत/न्यून	(५,३५,९१)	(५,३६,४५)

गत वर्षको तुलनामा यो वर्ष प्रतिष्ठानको कुल आम्दानी बढेको भए तापनि खर्चसमेत सोही अनुपातमा बढेकोले रु.५ करोड ३५ लाख ९१ हजार न्यून बचत रहेको देखिन्छ।

६९. **सेवा प्रवाह** - प्रतिष्ठानले ३०० शय्याबाट सेवा सञ्चालन गर्दै आइरहेकोमा प्रतिष्ठानको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति देहायअनुसार छः

क्र.सं.	सेवाको प्रकार	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८१।८२
१.	बहिरङ्ग सेवा (सङ्ख्या)	६८४२७	८६६५०	७५६७४
२.	अन्तरङ्ग सेवा (सङ्ख्या)	६५१२	६१६४	६१०४
३.	इमर्जेन्सी सेवा (सङ्ख्या)	८१९७	१२६४५	१२६१२
४.	सामान्य शल्यक्रिया (सङ्ख्या)	२९८३	२९८५	३०२३
५.	जटिल शल्यक्रिया (सङ्ख्या)	५३३	६१७	६७५
६.	बेड अकुपेन्सी दर (प्रतिशत)	५३	५२	५०.१०

प्रतिष्ठानले प्रवाह गर्ने सेवामा गत वर्षको तुलनामा सामान्य र जटिल शल्यक्रिया बढे तापनि अन्य सेवातर्फ सेवाग्राही सङ्ख्या घटेको पाइयो। प्रतिष्ठानमा विभिन्न रोग पहिचानका लागि आवश्यक एम.आर.आई मेसिन र मुटु रोगको उपचारमा आवश्यक क्याथ ल्याब मेसिन उपलब्ध छैन। भेन्टिलेटर, यू.एस.जी.लगायत १६ प्रकारका मेसिन विगत वर्षदेखि बिग्रिएर प्रयोगविहीन अवस्थामा रहेका छन्। प्रतिष्ठानले आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था एवं उपयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्दछ।

७०. **थप सुविधाको मापदण्ड** - कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा ४३ अनुसार नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानको कुल खर्चमध्ये ५३.३६ प्रतिशत नेपाल सरकारको अनुदानमा निर्भर रहेको छ। प्रतिष्ठानले पदाधिकारी, चिकित्सक तथा कर्मचारीलाई दैनिक ८ घण्टाका दरले मासिक १९२ घण्टा कार्य गरेको आधारमा सुरु तलब स्केलको मासिक ५० प्रतिशत प्रतिष्ठान भत्ता प्रदान गरेको छ। सबै पदाधिकारीलाई सुरु तलब स्केलको ९० प्रतिशत पिछडिएको भत्ता, सबै चिकित्सक (प्राज्ञिक) र कर्मचारीलाई सुरु तलब स्केलको मासिक ३६ देखि ९० प्रतिशतसम्म पिछडिएको भत्ता,

पदाधिकारीहरूका लागि सुरु तलब स्केलको मासिक ९० प्रतिशत नन् प्राक्टिस भत्ता, पदाधिकारी तथा कर्मचारीका लागि प्रति महिना सञ्चार, घरभाडा र इन्धनलगायतको सुविधा दिएको देखिन्छ। नेपाल सरकारलाई थप व्ययभार पर्ने गरी सुविधा निर्धारण गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिएको पाइएन। मापदण्ड बनाई सुविधामा एकरूपता ल्याउनुपर्दछ।

७१. **मार्गस्थ सम्पत्ति -** प्रतिष्ठानको वित्तीय विवरणको अनुसूचीमा ईक्वीपमेन्ट, ब्लड बैङ्क ईक्विपमेन्ट, स्वास्थ्य सम्बन्धी उपकरण र कार्यालय उपकरण तथा मेसिनरीलगायतका सामानहरु विगत वर्षदेखि मार्गस्थ सम्पत्तिको रुपमा रू. २ करोड २० लाख ३१ हजार रहेको छ। उक्त सम्पत्ति उपलब्ध गराउनुपर्ने व्यक्ति/फर्महरुको नाम उल्लेख गरेको पाइएन। मार्गस्थ सम्पत्तिको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

७२. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ (१क) मा ५० लाखसम्मको स्वास्थ्य सामग्री सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ। प्रतिष्ठानले यो वर्ष प्रतिस्पर्धाबिगर पटक पटक रु.५ करोड १६ लाख १८ हजारको औषधी, प्रयोगशालाका सामग्री र सर्जिकल सामग्री सोझै खरिद गरेको छ। कानुनबमोजिम प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकलाई स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले टेकु अस्पताल विकास समिति गठन आदेश, २०४९ अनुसार यो अस्पताल ट्रपिकल तथा सरुवा रोगहरूको रिफर अस्पतालको रूपमा १०० शय्यामा सञ्चालनमा रहेको छ।

७३. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	१,५८,१४	३,०८,३४
नेपाल सरकारको अनुदान	२८,३०,८६	३०,७६,५२
आन्तरिक आय	१७,९१,९१	१३,४६,१४
अन्य आय	३,६९,५०	८३,६७
जम्मा आय	**४९,९२,२७**	**४८,१४,६७**
चालु खर्च	४३,१८,९६	३७,८६,६४
पुँजीगत खर्च	२,५०,७१	५,९३,४०
अन्य खर्च	२,०९,०९	१,८९,६०
बाँकी मौज्दात	२,१३,५१	२,४५,०३
जम्माः	**४९,९२,२७**	**४८,१४,६७**

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.८६ लाख ८९ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

७४. **सेवा प्रवाह -** अस्पतालको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
१	ओ.पी.डी बिरामी सङ्ख्या	८३१६४	१५८१३२	११८३९३
२	इमर्जेन्सी बिरामी सङ्ख्या	११४४९	८३३३	९३३६
३	बिरामी भर्ना सङ्ख्या	१८७६	१३४६	१८००
४	बेड अकुपेन्सी दर (प्रतिशत)	२९	२३	२८
५	अस्पतालमा बिरामीको औसत बसाइ (दिन)	४.५	४.७	४.६
६	बिरामीको मृत्यु दर (प्रतिशत)	२.३	३.४	२.१६
७	रेफर गरिएका बिरामी सङ्ख्या	११९	८९	१३७

उल्लिखित तथ्याङ्कअनुसार गत वर्षको तुलनामा बहिरङ्ग बिरामी संख्या घटे तापनि आकस्मिक सेवा लिने, भर्ना हुने र रेफर हुने बिरामी सङ्ख्यामा वृद्धि भएको छ। अस्पतालले गुणस्तरीय सेवा प्रदान गरी रेफर हुने बिरामी सङ्ख्या घटाउनुपर्दछ।

७५. **म्याद गुज्रेका औषधी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा जिन्सी मालसामानको संरक्षणसम्बन्धी व्यवस्था छ। अस्पतालले २०७८।७९ मा रु.१३० का दरले खरिद गरेको ५० हजार एन.ए.डी.सी.सी. ट्याबलेट २०७९।८० मा खर्च देखाई २०८०।८१ मा रु.९० का दरले ६५ हजार ट्याबलेट खरिद गरेको देखिन्छ। भौतिक परीक्षण गर्दा रु.१ करोड २३ लाख ५६ हजार मूल्यका १ लाख १५ हजार एन.ए.डी.सी.सी. ट्याबलेट मौज्दातमा रहेको र ती सबै औषधीको म्याद समाप्त भएको पाइयो। म्याद समाप्त भई मौज्दातमा रहेको औषधी सम्बन्धित आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ।

७६. **स्वास्थ्य सामग्री आवश्यकता पहिचान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा आवश्यकता पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालको जिन्सी खातामा रु.६४ लाख ५६ हजारको एक्जामिनेशन ग्लोब, बी.पी. कफ, गार्बेज ब्यागलगायतका ६ प्रकारका मालसामान मौज्दातमा देखिएकोमा पुनः रु.१ करोड १ लाख ३९ हजार मूल्यको खरिद गरेको छ। अस्पतालले पेस गरेको विवरणअनुसार रु.७२ लाख ६० हजार मूल्यका ५ लिड ई.सी.जी.केबुल ३०० सेट प्रयोगविहीन अवस्थामा रहेका छन्। अस्पतालले आवश्यकता पहिचान तथा मौज्दात यकिन गरी खरिद गर्नुपर्दछ।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल विकास समिति गठन आदेश, २०४६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ। अस्पतालले ४८९ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ।

७७. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	५५४३६४	५४५६२२
नेपाल सरकारको अनुदान	४७४०२७	४४९७४२
आन्तरिक आय	५७४२२९	४९११४६
जम्मा आय	**१६०२६२०**	**१४८६५१०**
सञ्चालन खर्च	६६०३५६	४६७४३२

विवरण	२०८१।८२	२०८०।८१
कर्मचारी खर्च	४३०६५७	४६४७१४
बाँकी मौज्दात	५११६०७	५५४३६४
जम्मा	**१६०२६२०**	**१४८६५१०**

अस्पतालको आन्तरिक आय रु.५७ करोड ४२ लाख २९ हजार रहेकोमा सञ्चालन खर्च रु.६६ करोड ३ लाख ५६ हजार रहेको छ। अस्पतालमा आन्तरिक आयको तुलनामा सञ्चालन खर्च बढी खर्च भएकोले सञ्चालन खर्च नियन्त्रण गर्नुपर्दछ।

७८. **प्रसूति तथा सिजरिन सेवा -** विश्व स्वास्थ्य सङ्गठनको अध्ययनले शल्यक्रिया (सिजरिन विधि)बाट प्रसूति गराउँदा १० प्रतिशतले मातृशिशुको मृत्युदरमा कमी ल्याउने र १० देखि १५ प्रतिशतको दर आदर्श दर हुने तथा उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्ने बेहोरासमेत औँल्याएको देखिन्छ। अस्पतालबाट प्राप्त तथ्याङ्कअनुसार प्रसूति सेवाको विगत तीन वर्षको स्थिति देहायअनुसार छः

विवरण	२०७९।८०	प्रतिशत	२०८०।८१	प्रतिशत	२०८१।८२	प्रतिशत
जम्मा प्रसूति सेवा	२४६७२	१००	२२८९७	१००	२०५१९	१००
सामान्य प्रसूति सेवा	१२१९३	४९.४२	१०५८७	४६.२३	९५३८	४६.४८
असामान्य प्रसूति सेवा	१२४७९	५०.५८	१२३१०	५३.७७	२३९०	११.६५
लोयर सेक्सन सिजरिन सेक्सन	९८२१	३९.८०	१०१७०	४४.४२	८५९१	४१.८७

उल्लिखित तथ्याङ्कबाट गत वर्षको तुलनामा यो वर्ष प्रसूति सेवा लिनेको सङ्ख्या तथा सिजरिनको दर घटेको देखिन्छ।

७९. **आई.भी.एफ.सेवा -** अस्पतालसँग वार्षिक ५० जनासम्मलाई आई.भी.एफ.सेवा दिन सक्ने पूर्वाधार रहेको छ। अस्पतालले यो वर्ष १३ हजार ३ जनालाई आई.भी.एफ.सेवालगायत निःसन्तान सेवा प्रदान गरेको छ।

भेरी अस्पताल

सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न भेरी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ।

८०. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	९३३१	८८१८
नेपाल सरकारको अनुदान	८६८८८८	४५२४४५
आन्तरिक आय	१२८४०८	२९६९४६
अन्य आय	८५९०८	६८२३
जम्मा आय	**१०९२५३५**	**७६५०३२**
चालु खर्च	५११०६२	७४६३१८
प्रत्यक्ष खर्च	४५६६०५	-

विवरण	२०८१।८२	२०८०।८१
अन्य खर्च	१४२०२	५६४
बाँकी मौज्दात	११०६६६	१८१५०
जम्मा व्यय	**१०९२५३५**	**७६५०३२**

आन्तरिक आय गत वर्षको तुलनामा १३१.२५ प्रतिशतले घटेको छ। गत वर्ष बाँकी मौज्दात रु.१ करोड ८१ लाख ५० हजार रहेकोमा अस्पतालले यो वर्ष रु.९३ लाख ३१ हजार मात्र जिम्मेवारी सारेकोले रु.८८ लाख १९ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८१. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं	सेवाको विवरण	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८१।८२
१	बहिरङ्ग बिरामी सङ्ख्या	१४०६९०	१६२७९८	१६६४७६
२	अन्तरङ्ग बिरामी सङ्ख्या	१४१२४	१३८०१	१५२३०
३	आकस्मिक सेवा बिरामी सङ्ख्या	२८५७४	२६३४९	३५३३९
४	प्याथोलोजी सेवा (सङ्ख्या)	४७२६९	५९३९६	७६७७६
५	सिटी स्क्यान (सङ्ख्या)	२९०१	१७६६	२०४
६	एम.आर.आई. (सङ्ख्या)	-	१२५	९६०
७	अल्ट्रा साउण्ड (सङ्ख्या)	२३८२७	२६३१८	२९३१०
८	एक्सरे (सङ्ख्या)	२४०१	२८६०	३००४६
९	मेजर सर्जरी (सङ्ख्या)	२४०१	२८६०	२११५
१०	माइनर सर्जरी (सङ्ख्या)	४१६	५८६	३८८
११	विपन्न नागरिक सेवा (सङ्ख्या)	८०५८	१२०४२	९०९

गत वर्षको तुलनामा आकस्मिक सेवा, बहिरङ्ग, अन्तरङ्ग, प्याथोलोजी र अल्ट्रासाउन्डको सङ्ख्या बढ्दै गएकोमा सर्जरी (मेजर/माइनर) तथा विपन्न नागरिक सेवा संख्या गत वर्षको तुलनामा घटेको देखिन्छ। अस्पतालले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८२. **दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा चालु वर्षको बजेटले नखाम्ने र बढी खर्च हुनेगरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। अस्पतालले विभिन्न २३९ आपूर्तकलाई रु.४ करोड ५६ लाख ४५ हजार भुक्तानी दिन बाँकी रहेकोमा यो वर्षको बजेट तथा कार्यक्रममा समावेश नगरी भुक्तानी दिएको छ।

सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

क्यान्सरबाट प्रभावित व्यक्तिको रोगको निदान र उपचारको लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र क्यान्सरसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले २०७३।१२।३ मा यस अस्पतालको स्थापना भई सञ्चालनमा रहेको छ।

८३. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	३९१६४	०
नेपाल सरकारको अनुदान	१७५२३४	२१६०७९
आन्तरिक आय	१९५१५३	१४४२०१
अन्य आय	३६६०	३७१६
जम्मा आय	**४१३२११**	**३६३९९६**
चालु खर्च	२०५३०२	१४७६८८
प्रत्यक्ष खर्च	१५१५४९	१२७९२८
अन्य खर्च	७२४६	११६११६
बाँकी मौज्दात	४९११४	(२७७३६)
जम्मा व्यय	**४१३२११**	**३६३९९६**

अस्पतालको आय-व्यय विवरणअनुसार आम्दानीको तुलनामा खर्च ९७.०३ प्रतिशत देखिएकोले आन्तरिक आयस्रोत वृद्धि गर्नुका साथै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। अस्पतालको गत वर्षको अन्तिम मौज्दात रु.२ करोड ७७ लाख ३६ हजार ऋणात्मक रहेकोमा यस वर्ष रु.३ करोड ९१ लाख ६४ हजार जिम्मेवारी सारेकोले यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

८४. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं	सेवाको विवरण	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८१।८२
१	ओ.पी.डी. सेवा (सङ्ख्या)	३०८१५	३२८२३	३६९३२
२	बिरामी भर्ना (सङ्ख्या)	१४४९	२४१५	२५९३
३	प्याथोलोजी सेवा (सङ्ख्या)	२१२४४	२२९८१	२५८८७
४	सी.टी. स्क्यान सेवा (सङ्ख्या)	१७४०	११९६	१८११
५	अल्ट्रासाउण्ड सेवा (सङ्ख्या)	५४१२	३७८७	५४४०
६	एक्स-रे सेवा (सङ्ख्या)	४३६०	३६८३	३३०३
७	सर्जरी सेवा (सङ्ख्या)	६८२	४७८	७०९
८	केमोथेरापी सेवा (सङ्ख्या)	२००१	४९२२	४०८२
९	ब्राकीथेरापी सेवा (सङ्ख्या)	९०	३८	५२
१०	म्यामोग्राफी सेवा (सङ्ख्या)	-	-	४७१
११	रेडियोथेरापी सेवा (सङ्ख्या)	-	-	१४०
१२	विपन्न नागरिक सेवा (सङ्ख्या)	९४७	१११०	१३१७

उल्लिखित विवरणअनुसार अस्पतालबाट प्रदान गरिने सेवा गत वर्षको तुलनामा यो वर्ष वृद्धि भएको देखिन्छ। अस्पतालबाट उपलब्ध गराइने सेवालाई व्यवस्थित गर्नुपर्दछ।

भरतपुर अस्पताल

जनतालाई सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्न भरतपुर अस्पताल विकास समिति (गठन) आदेश, २०७६ अनुसार यो अस्पताल सञ्चालनमा रहेको छ।

८५. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	४३९०६४	५८१३५९
नेपाल सरकारको अनुदान	४१९१०९	४७३२२०
सेवा सञ्चालन आम्दानी	१८३५११२	१५५९१३२
अन्य आय	८४२४	१४८३०
जम्मा आय	**२७०१७०९**	**२६२८५४२**
सञ्चालन खर्च	४१९१०९	४७३२२१
कर्मचारी खर्च	३५२८७९	०
प्रत्यक्ष खर्च	१३४८५६९	१४६९७७६
अन्य खर्च	१२२५६	५६८६
बाँकी मौज्दात	५६८८९६	६७९८५९
जम्मा व्यय	**२७०१७०९**	**२६२८५४२**

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.२४ करोड ७ लाख ९५ हजारले घटी सारेकोमा सोको खुलासा गरेको छैन।

८६. **सेवा प्रवाह -** अस्पतालबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

सेवाको विवरण	आर्थिक वर्ष		
	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग बिरामी सङ्ख्या	३०७१२१	४५६१५९	४३१५९५
अन्तरङ्ग बिरामी सङ्ख्या	३११३७	२८४०४	२६५४९
आकस्मिक सेवा सङ्ख्या	५०८०१	५९३१०	७४३१०
जम्मा	**३८९०५९**	**५४३८७३**	**५३२४५४**
बेड अकुपेन्सी दर	८२.८६	९२	९३
औसत बसाइ दर (दिन)	४.०१	४.१३	४.३५
कुल बेड सङ्ख्या	६००	६००	६००
निःशुल्क बेड सङ्ख्या	४२०	४२०	४२०
ज्येष्ठनागरिक (जेरियाट्रिक)बेड सङ्ख्या	१०	१२	२०
सी.एस.दर	४०.४४	४६.७१	४५.८९
बिरामी मृत्यु	३०६	३८०	३९९
औसत रेडियोग्राफी इमेज प्रति दिन	४८८	५६१	६१५
औसत ल्याब टेस्ट प्रति दिन	२८०५	३३६७	३५६६
ओ.सी.एम.सी सेवा प्रवाह (सङ्ख्या)	३२७	२६७	२४६
सामाजिक सेवा एकाइबाट सेवा प्रवाह (सङ्ख्या)	९०४४	१११९१	१२४५४

उल्लिखित तथ्याङ्कअनुसार गत वर्षको तुलनामा बहिरङ्ग, अन्तरङ्ग विरामी सङ्ख्या घटेको तथा आकस्मिक सेवा लिने र औसत बसाई दरमा वृद्धि भएको छ। नेपाल सरकारबाट १५० शय्याको स्वीकृति भए तापनि अस्पतालमा ६०० शय्या सञ्चालनमा रहेका छन्। अस्पतालले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८७. **आय ठेक्का** - अस्पतालले २०७४।७।२१ मा एक रेष्टुरेन्ट तथा स्टोर्स सञ्चालनको लागि एक प्रोप्राइटरसँग ५ वर्षको लागि रु.२ करोड ९३ लाख ८६ हजारको सम्झौता गरेको देखिन्छ। सम्झौता सर्तको बुँदा नं.९ मा क्यान्टिन सञ्चालन अवधि ५ वर्षको हुने र सो अवधि पूरा भएपछि सूचना आव्हान गरिने व्यवस्था रहेकोमा २०७९।५।१३ को निर्णयबाट हरेक वर्ष १० प्रतिशतका दरले भाडा थप गर्नेगरी अर्को ५ वर्षका लागि म्याद थप गरी यो वर्ष रु.८ करोड ८१ लाख १३ हजार भाडा प्राप्त गरेको देखिन्छ। सूचना आव्हान र प्रतिस्पर्धा नगराई आय ठेक्का दिने कार्य नियमसम्मत देखिएन।

८८. **जग्गा लिज** - सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने उल्लेख छ। अस्पतालको ४ बिघा जग्गा एक संस्था अन्तर्गत सञ्चालित आँखा अस्पताललाई भोगाधिकार दिएको देखिन्छ। सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ बमोजिम उक्त जग्गा लिजमा परिणत भएको देखिएन। आफ्नो स्वामित्वका जग्गा कानुनको रीत पुऱ्याई उपयोगमा ल्याउनुपर्दछ।

८९. **ज्यालादारीमा नियुक्ति** - भरतपुर अस्पताल कर्मचारी नियमावली, २०६६ को नियम ६.२ मा अस्पतालको सेवाको काममा तत्काल नियुक्त नगरेमा गम्भीर असर पर्ने भएमा मेडिकल सुपरिटेन्डेन्टले सो पदका लागि तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मको लागि नियुक्त गरी काममा लगाउन सक्ने तर ५ महिनाभन्दा बढी अवधिको नियुक्ति गर्न नपाइने व्यवस्था छ। अस्पतालले यो वर्ष दरबन्दी बाहिरका ३०६ कर्मचारी ज्यालादारीमा नियुक्त गरी रु.१२ करोड ५८ लाख ८५ हजार खर्च लेखेको छ। कानुन विपरीत कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

कान्ति बाल अस्पताल

देशभरका बालबालिकालाई आधारभूतदेखि विशिष्टीकृतसम्मका सबै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप स्थापना भएको यो अस्पताल २०२७ साउनदेखि ५० शय्या र हाल ३५० शय्यामा सञ्चालित छ।

९०. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	४०९८४३	३५१९१०
सेवा सञ्चालन आम्दानी	३७३६४५	३१९७६५
अन्य आय	५२७९	१००५४
जम्मा आय	**७८८७६८**	**६८१७२९**
सञ्चालन खर्च	७७६१०७	६८४१८६
कर्मचारी खर्च	७१५३	-
अन्य खर्च	६९७०	८३७२

जम्मा व्यय	**७९०२३२**	**६९२५५८**
बचत	(१४६३)	(१०८२९)

अस्पतालको आम्दानी गत वर्षभन्दा यो वर्ष वृद्धि भए तापनि खर्चसमेत सोही अनुपातमा वृद्धि भई मौज्दात ऋणात्मक रहेको देखिन्छ। अस्पतालले आन्तरिक स्रोत परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

९१. **सेवा प्रवाह -** अस्पतालको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग सेवा (सङ्ख्या)	१४६२४९	१५२४१३	१६८९४३
इमर्जेन्सी सेवा (सङ्ख्या)	५३००७	५१८८६	५४९९४
अन्तरङ्ग सेवा (सङ्ख्या)	९५३३	९६८५	१०५६५
शय्या उपयोग दर (प्रतिशत)	७७	७७	७७
बिरामीको औसत बसाइ दर (दिन)	७.५	७.४	७
निरोधात्मक सेवा (सङ्ख्या)	४२८१	३९८५	३६३०
ई.सी.जी.सेवा (सङ्ख्या)	९२१	१०४७	९६७
रेडियोलजी सेवा (सङ्ख्या)	७६४११	८०३८०	८८५९६
निःशुल्क स्वास्थ्य सेवा (सङ्ख्या)	९८७	९६६	७१४
कोलोनोस्कोपी सेवा (सङ्ख्या)	नभएको	११	१४
ब्रोनोस्कोपी सेवा (सङ्ख्या)	नभएको	९९	१११
ल्याब परीक्षण सङ्ख्या	५२४७५९	५३७४३९	४४४४९०

बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक बिरामी सङ्ख्या तुलनात्मक रूपमा बढेको तर निःशुल्क स्वास्थ्य सेवा, निरोधात्मक सेवा, ई.सी.जी.सेवा घटेको देखिन्छ। बिरामीले साधारण प्रकृतिका परीक्षण सेवासमेत सोही दिन प्राप्त गर्न नसक्ने अवस्था रहेको देखिन्छ। सामान्य शल्यक्रियाको लागि ३ महिनासम्म र जटिल शल्यक्रियाको लागि ६ महिनादेखि १ वर्षसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ।

९२. **दरबन्दी भन्दा बढी कर्मचारी -** स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११ मा पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारी नियुक्त गर्न नहुने उल्लेख छ। यो वर्ष अस्पतालमा सि.अ.हे.व., स्टाफ नर्स, ल्याब टेक्निसियनलगायतका १४ कर्मचारीका पद फाजिल र पुल दरबन्दीमा राखी रु.६६ लाख ७८ हजार पारिश्रमिक खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९३. **छुट तथा सहुलियत -** विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ तथा विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका,२०८० ले विपन्न औषधी उपचारबापत सहायता दिने व्यवस्था छ। सोबमोजिम यो वर्ष अस्पतालबाट २ हजार ६१० जनालाई ल्याब परीक्षणमा रु.६५ लाख ३३ हजार र औषधी वितरणमा रु.६६ लाख १३ हजारसमेत रु.१ करोड २४ लाख ४२ हजारको छुट तथा सहुलियत प्रदान गरेको छ। छुट तथा सहुलियत पाउनेको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

कोशी अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले कोशी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ। यसको स्वीकृत शय्या संख्या ३५० भए पनि ३०६ शय्याबाट उपचार हुँदै आएको छ।

९४. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	१,९६,१०	५,७५,७९
नेपाल सरकारको अनुदान	४४,७७,२९	४२,०८,६९
आन्तरिक आय	४४,७३,८६	५०,७९,२६
अन्य आय	१,६६,०८	५०,००
जम्मा आय	**९३,१३,३३**	**९९,१३,७४**
चालु खर्च	८३,५०,६४	९१,१५,६१
पुँजीगत खर्च	५,९७,५८	५,१४,९७
अन्य खर्च	२०	८७,०२
बाँकी मौज्दात	३,६४,९०	१,९६,१४
जम्मा व्यय	**९३,१३,३२**	**९९,१३,७४**

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी भन्दा रु.४ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

९५. **सेवा प्रवाह -** अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष अस्पतालले आकस्मिक सेवा ३७ हजार ११, बहिरङ्ग सेवा २ लाख ६५ हजार ८८, अन्तरङ्ग सेवा १५ हजार ६२० जनालाई प्रदान गरेको छ। अस्पतालमा पर्याप्त जनशक्ति तथा उपकरणको व्यवस्था मिलाई प्रभावकारी सेवा प्रवाह गर्नुपर्दछ।

९६. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालको सूचना अनुसार पहिलो पटक सबै आइटमा बोलपत्र सूचना नभएको अवस्थामा पुनः बोलपत्र आह्वान गर्नुपर्नेमा सो नगरी यो वर्ष गत वर्षको सम्झौताको दररेटअनुसार रु.१ करोड ८५ लाख ३३ हजारको औषधी खरिद गरेको छ। सोको अलावा रु.३ करोड २७ लाख ७३ हजार सोझै खरिद विधिबाट औषधी खरिद गरेको छ। नियमावलीको व्यवस्थाबमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ।

९७. **सम्पत्ति संरक्षण -** अस्पताल विकास समिति (गठन) आदेश, २०७६ मा भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने कर्तव्य अस्पताल विकास समितिको हुने उल्लेख छ। अस्पतालको स्वामित्वमा ५ विघा ९ कठ्ठा जग्गा रहेकोमा एक मन्दिर व्यवस्थापन समितिले २ कठ्ठा ५ धुर, एक संस्थाले ६ कठ्ठा ६ धुर, एक पुस्तकालयले ३ कठ्ठा ५ धुर र नेपाल रेडक्रस सोसाइटीले २ कठ्ठा जग्गा उपयोग गरेको देखियो। अस्पतालले ती संस्थालाई जग्गा प्रयोग गर्न दिने गरी सम्झौता गरेको छैन। ती संस्थाले कार्यालय सञ्चालनका साथै करिब २० सटर भाडामासमेत लगाएकोमा अस्पताललाई सोबापत कुनै आम्दानी प्राप्त भएको देखिँदैन। अस्पतालको सम्पत्तिको उचित संरक्षण तथा उपयोग हुनुपर्दछ।

९८. **ज्यालादारी कर्मचारी** - कोशी अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा तोकिएको योग्यता पुगेका व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मका लागि नियुक्त गरी काममा लगाउन सक्ने र त्यसरी नियुक्त भएका कर्मचारीलाई ६ महिनाभन्दा बढी अवधिको निमित्त नियुक्त नगरिने व्यवस्था छ। अस्पतालले बायोमेडिकल इन्जिनियर, सिभिल इन्जिनियर, मेडिकल अफिसर र कार्यालय सहयोगीलगायतका दरबन्दी बाहिरका ९१ कर्मचारी नियुक्त गरी रु.२ करोड ३३ लाख ९८ हजार खर्च लेखेको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

नारायणी अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नारायणी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालित छ।

९९. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	६०९९४३	३३२९३१
सेवा सञ्चालन आम्दानी	२८१०३७	२६२३४४
अन्य आय	२४६९८	७७७४
जम्मा आय	**९१५६८०**	**६०३०४९**
सञ्चालन खर्च	२९,४०,८२	६२,१६,९१
कर्मचारी खर्च	५२,५२,८०	-
अन्य खर्च	१,०३,८३	३३,५१
जम्मा व्यय	**८२,९७,४६**	**६२,५०,४२**
बचत (न्यून)	८,५९,३४	(२,१९,९४)

अस्पतालको वित्तीय स्थिति गत वर्ष रु.२ करोड १९ लाख ९४ हजार ऋणात्मक रहेकोमा यो वर्ष रु.८ करोड ५९ लाख ३४ हजार बचत रहेको छ।

१००. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

सूचक	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग बिरामी सङ्ख्या	२२०८५३	२१८७६१	१८६३५७
आकस्मिक सेवा सङ्ख्या	४५४४२	४७७५७	६२५३०
अन्तरङ्ग बिरामी सङ्ख्या	१७६५४	१८११९	१५६१४
जम्मा बिरामी सङ्ख्या	२८३९४९	२८४६३७	२६४५०१
शय्या अकुपेन्सी (प्रतिशत)	९२	९३	९३.५
औसत बसाई अवधि दिन	४.२	४.८	४.९
जम्मा शय्या सङ्ख्या	३००	३००	३००
निशुल्क शय्या सङ्ख्या	२७५	२७५	२७५
ज्येष्ठ नागरिक जेरियाट्रिक शय्या सङ्ख्या	५	५	५

अस्पतालले गत वर्षको तुलनामा सेवा प्रवाह गरेका बिरामी सङ्ख्या घटेकोमा बिरामीको औसत बसाइ अवधि बढेको छ।

१०१. **ज्यालादारीमा नियुक्ति -** नारायणी उपक्षेत्रीय अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मको लागि नियुक्त गरी काममा लगाउनसक्ने र ५ महिनाभन्दा बढी अवधिको लागि नियुक्ति गर्न नपाइने व्यवस्था छ। अस्पतालले १२१ कर्मचारीलाई ज्यालादारीमा नियुक्त गरी रु.३ करोड ५१ लाख ९० हजार खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०२. **अर्थोस्कोपी भिजुअलाइजेसन मेसिन -** अस्पतालले एक प्रा.लि. सँग फोर के अर्थोस्कोपी भिजुअलाइजेसन मेसिन १ थान रु.२ करोड ७ लाख २४ हजारमा खरिद गरी भुक्तानी गरेको छ। यस उपकरणको मुख्य पार्टसको रूपमा फोर के क्यामरा रहेको देखिन्छ। आपूर्तिकर्ताले पेस गरेको प्राबिधिक बोलपत्रसँगै पेस गरेको फोर के क्यामरा सिस्टमको क्याटलगअनुसार क्यामरा एक्सेसेरिजअन्तर्गत दुई वटा लेन्स कप्लर आपूर्तिकर्ताले उपलब्ध गराउनुपर्ने देखिन्छ। तर आपूर्तिकर्ताले अस्पताललाई एउटा मात्र लेन्सकप्लर आपूर्ति गरेकोले बाँकी लेन्सकप्लरसमेत सम्झौताअनुसार आपूर्ति गर्न लगाउनुपर्दछ।

राष्ट्रिय ट्रमा सेन्टर

आकस्मिक घटना, दुर्घटना, प्राकृतिक प्रकोप, कुटपिट, चोटपटक आदिबाट घाइते भएका व्यक्ति तथा ट्रमासम्बन्धी रोगबाट पीडित बिरामीहरूलाई प्रभावकारी एवं गुणात्मक रूपले स्वास्थ्य सेवा, ट्रमासम्बन्धी उपचारको क्षेत्रमा आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार २०७१ सालमा यस सेन्टरको स्थापना भएको हो। आकस्मिक शय्यासमेत २३३ शय्या रहेको यस सेन्टरले अर्थोपेडिक्स, न्यूरो, बर्न प्लास्टिक सी.टी.भी.एस.र पोस्ट अपरेसनसमेत ४ वार्डबाट सेवा प्रवाह गर्दै आएको छ।

१०३. **आय-व्यय -** सेन्टरको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	२५६३५	२५८२६
नेपाल सरकारको अनुदान	६५५८९३	६४८२७८
आन्तरिक आय	२३२०३९	५७८२१४
अन्य आय	२६९१९८	-
जम्मा आय	**११८२७६५**	**१२५२३१८**
चालु खर्च	९९८५१६	६४८२७८
पुँजीगत खर्च	१५६०२४	५२१२६३
बाँकी मौज्दात	२८२२५	८२७७७
जम्मा	**११८२७६५**	**१२५२३१८**

सेन्टरले यो वर्ष गत वर्षको रु.५ करोड ७१ लाख ४२ हजार घटी जिम्मेवारी सारेकोमा सो को खुलासा गरेको छैन।

१०४. **सेवा प्रवाह -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रूपमा प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। अस्पतालले ४ वार्डबाट सेवा प्रवाह गर्दै आएकोमा कुल शय्यामध्ये अन्तरङ्गतर्फ साधारण १६०, आईसीयू ११, एच.डी.यू. ७, पोष्ट अपरेटिभ ७ र इमर्जेन्सीतर्फ ३३ सञ्चालनमा रहेका छन्। अस्पतालले यो वर्ष आकस्मिक सेवा १८ हजार ३९८, बहिरङ्ग सेवा १ लाख १४ हजार ७८८, अन्तरङ्ग सेवा ६ हजार ३८० र शल्यक्रियातर्फ ७ हजार ८१७ जनालाई सेवा प्रदान गरेको छ।

१०५. **मेसिन उपकरण -** अस्पतालको सेवाका लागि आवश्यक मात्रामा मेसिन उपकरण हुनुका साथै उपलब्ध भएका मेसिन उपकरण सञ्चालन हुनुपर्दछ। सेन्टरमा भारत सरकारबाट अनुदानमा प्राप्त भएको रु.५ करोड ३७ लाख ८२ हजार मूल्यको क्याथल्याब मेसिन मुटु रोगको उपचारमा आवश्यक दक्ष जनशक्तिको अभावमा २०७२ देखि उपयोगविहीन रहनुका साथै नेपाल सरकारबाट २०७९ मा प्राप्त भएको रु.२० करोड ४० लाख मूल्यको सीटी स्क्यान सिस्टम, भारत सरकारबाट अनुदानमा प्राप्त भएको रु.२ करोड ५१ लाख ३२ हजार मूल्यका १४ थान भेन्टिलेटर, रु.८६ लाख ११ हजार मूल्यका ५ थान सी आर्म मेसिन र रु.९९ लाख ६६ हजार पर्ने ब्याकमान काउल्टरसमेत मर्मतको अभावमा उपयोगविहीन अवस्थामा रहेका छन्।

शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र

हृदयरोगको निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्व सुलभ रूपमा प्रदान गरी हृदय रोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदय रोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गर्न शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम यस केन्द्रले कार्य गर्दै आएको छ।

१०६. **आय-व्यय -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	४१२५२३४	३,७०,२८,४०
नेपाल सरकारको अनुदान	४६५२००	४५,०५,००
आन्तरिक आय	२२२७२६२	२,३२,५७,२३
अन्य आय	१२२२९९	१५,२२,९१
जम्मा आय	**६९३९९९५**	**६,६३,१३,५४**
प्रत्यक्ष खर्च	२७९५०२८	२४,८८,३९
सञ्चालन खर्च	९१८४६५	२,४४,६३,२४
बाँकी मौज्दात	३२२६५०२	३,९३,६१,९१
जम्मा	**६९३९९९५**	**६,६३,१३,५४**

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.१८ करोड ९० लाख ४३ हजार बढी सारेकोमा सोको खुलासा गरेको छैन।

१०७. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

विवरण	एकाइ	२०७९।८०	२०८०।८१	२०८१।८२
बहिरङ्ग सेवा	जना	१७७१४४	२०४४४०	१९६२३७
अन्तरङ्ग सेवा	जना	१४२८४	१५३१७	१४८२१
आकस्मिक सेवा	जना	१८७६९	२२५२२	१७५७७
मुटुको शल्यक्रिया	जना	१७१०	१८४३	१९२७
मृत्य भएका बिरामी	जना	४७५	५२१	४२१

केन्द्रले प्रदान गर्ने सेवामध्ये मुटुको शल्यक्रियाबाहेक अन्य सेवामा गत वर्षको तुलनामा यो वर्ष बिरामीको सङ्ख्यामा कमी आएको देखिन्छ।

१०८. **घरजग्गा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा घरजग्गाको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रीपरिषद्को २०५८।७।२७ को निर्णयका आधारमा १७ रोपनी ११ आना जग्गा अस्पतालको स्वामित्वमा रहने गरी भोगाधिकार दिएकोमा एक कित्ताको ७ रोपनी १३ आना जग्गाको जग्गाधनी पुर्जा प्राप्त भएको देखिएन। जग्गाधनी पुर्जा लिई जग्गा स्वामित्वमा लिनुपर्दछ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल

नेपालमा क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरूको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी मानवोचित जीवनयापन सक्षम तुल्याउन बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ बमोजिम यस अस्पतालको स्थापना भई सञ्चालनमा रहेको छ।

१०९. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	३५५५४४	५४०१२०
नेपाल सरकारको अनुदान	४७४३४५	४०५६२८
आन्तरिक आय	६४२९५७	५९६५४३
अन्य आय	२९६५३१७	१४३५४२३
जम्मा	**४४३८१६३**	**२९७७७१४**
सञ्चालन खर्च	११३०५५८	१०७९८२८
अन्य खर्च	२८५३५६९	१५४२३४२
बाँकी मौज्दात	४५४०३६	३५५५४४
जम्मा	**४४३८१६३**	**२९७७७१४**

११०. **सेवा प्रवाह -** अस्पतालबाट यो वर्ष १ लाख १८ हजार ३९६ लाई प्रयोगशाला सेवा, १ लाख ९३ हजार २१९ लाई बहिरङ्ग सेवा र १२ हजार २२० लाई अन्तरङ्ग सेवा प्रदान गरेको देखियो। क्यान्सर रोगको पहिचान तथा निदान गर्ने उद्देश्यले स्थापना भएको यस अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा

प्रवाहलाई थप गुणस्तरीय र सुदृढ बनाउँदै क्यान्सर रोगको निदान तथा उपचारको लागि बाह्य मुलुकमा जानुपर्ने अवस्थालाई न्यून गर्नुपर्दछ।

१११. **प्रयोगविहीन रेडियोधर्मी पदार्थ -** अस्पतालको स्थापनाकालदेखि क्यान्सर उपचारमा प्रयोग हुँदै आएको टेलिथेरापी मेसिन ४ वर्षदेखि पूर्णरूपमा उपयोगविहीन भई अस्पतालको बङ्करमा राखिएकोमा मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिँदै गएको भए तापनि यसको विकिरणको जोखिम कायमै रहने जोखिम रहेको छ। रेडियोधर्मी पदार्थको विसर्जनको लागि सम्बन्धित आपूर्तिकर्तासँग समन्वय गरी रेडियोधर्मी पदार्थ फिर्ता गर्ने व्यवस्था मिलाउनुपर्दछ।

शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

मृगौला, कलेजो जस्ता अङ्गहरूको प्रत्यारोपण सेवा उपलब्ध गराई नेपाली जनतालाइ सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन आदेश) २०६८ बमोजिम यस केन्द्रको स्थापना भएको हो। केन्द्रले मृगौला, कलेजो प्रत्यारोपण, डायलासिस, अङ्गदान सम्बन्धी परामर्श र व्यवस्थापनसम्बन्धी सेवाहरू उपलब्ध गराउँदै आएको छ।

११२. **आय-व्यय -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	३७,८४,२५	३२०२८१
नेपाल सरकारको अनुदान	२५,८२,५७	२५४२६३
आन्तरिक आय	५१,४४,४१	४४२२५९
अन्य आय	३६,११	१६३२
जम्मा आय	**१,१५,४७,३४**	**१०१८४३५**
चालु खर्च	७१,५६,०९	६२७३९५
अन्य खर्च	-	२२८४
बाँकी मौज्दात	४३,९१,२५	३८८७५६
जम्मा	**१,१५,४७,३४**	**१०१८४३५**

अस्पतालले यो वर्ष गत वर्षको रु.१ करोड ३ लाख ३१ हजार घटी जिम्मेवारी सारेकोमा सोको खुलासा गरेको छैन।

११३. **सेवा प्रवाह -** केन्द्रको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
१	जटिल शल्यक्रिया (सङ्ख्या)	७५७	७६५	५९४
२	सामान्य शल्यक्रिया (सङ्ख्या)	८६८	९६९	१०४९
३	डायलासिस (सङ्ख्या)	२९८१५	३४६८४	४१४७३
४	सी.ए.पी.डी. (सङ्ख्या)	३५	२८	१४९
५	मृगौला प्रत्यारोपण (सङ्ख्या)	१८६	१९४	१८६
६	कलेजो प्रत्यारोपण (सङ्ख्या)	२	१५	८

अस्पतालले गरेको सेवा प्रवाहमध्ये डाइलासिस, सी.ए.पी.डी.को सङ्ख्यामा वृद्धि भए तापनि जटिल शल्यक्रिया, मृगौला तथा कलेजो प्रत्यारोपण गर्नेको सङ्ख्या गत वर्षको तुलनामा यो वर्ष घटेको देखिन्छ।

११४. **अस्पताल भवन -** केन्द्रले भक्तपुर अस्पतालले उपलब्ध गराएको जग्गा र भवनबाट सेवा सञ्चालन गर्दै आएको छ। सेवाग्राहीको सङ्ख्या बढ्दै जाँदा मौजुदा संरचनाबाट सेवा सञ्चालन गर्न कठिन भएकोले नेपाल सरकारबाट ३० वर्षको लागि भक्तपुर ३ झौखेलमा ३१ रोपनी ७ आना जग्गा अस्पताल निर्माणको लागि न्यूनतम वार्षिक रु.३ लाख ३२ हजार भाडा तिर्ने गरी लिजमा लिएको छ। भवनको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न, कम्पाउण्ड वाल लगाउन र भवन निर्माण गर्न बजेट विनियोजन भएकोमा जग्गाको सीमाङ्कन हुन नसक्दा खर्च हुन सकेको देखिएन। अस्पतालको भवन निर्माण गरी सेवा प्रवाह हुनुपर्दछ।

भक्तपुर क्यान्सर अस्पताल

नेपाल सरकारले क्यान्सर रोगको रोकथाम, निदान, उपचार र प्यालिएटिभ सेवाको लागि उच्चस्तरीय तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लगायतका कार्यका लागि भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ बमोजिम यो अस्पताल स्थापना भई सञ्चालनमा रहेको छ।

११५. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	११,५१,९२	१,८७,९६
अस्पताल सेवा सञ्चालन	४९,८८,१३	५५,४९,४३
अन्य आय	६०,५५	१,३२,२८
जम्मा आय	**६२,००,६०**	**५८,६९,७०**
कर्मचारी खर्च	२४,३०,५२	२३,०६,५०
सञ्चालन खर्च	८,६९,११	११,५९,४८
प्रत्यक्ष खर्च	२२,७४,३९	८,०४,९९
अन्य खर्च	४,०६,९१	४,६३,२९
जम्मा व्यय	**५९,८०,९३**	**४७,३४,२६**
बचत	२,१९,६७	११,३५,४४

अस्पतालको गत वर्ष रु.११ करोड ३५ लाख ४४ हजार बचत रहेकोमा यो वर्ष २ करोड १९ लाख ६७ हजार बचत देखिएको छ।

११६. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
१.	बहिरङ्ग सेवा (सङ्ख्या)	८२९२४	९५५०४	१०११५३
२.	अन्तरङ्ग सेवा (सङ्ख्या)	७५६१	८५६९	८४१४
३.	आकस्मिक सेवा (सङ्ख्या)	२७०५	३०४९	३२५९
४.	मेजर अप्रेसन (सङ्ख्या)	८५५	९८९	१०२४

क्र.सं.	विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२
५.	माइनर अप्रेसन (सङ्ख्या)	८७८	८६९	९०९
६	बेड अक्कुपेन्सी दर प्रतिशतमा	७३	८५	८५
७	रेडियोथेरापी (सङ्ख्या)	९७९	१०१४	१३९४
८	सीटीस्क्यान(सङ्ख्या)	५४४४	६८९९	७७५१
९	अन्यत्र रेफर गरिएका बिरामी (सङ्ख्या)	९५	६६	१०४
१०	अस्पतालमा मृत्यु भएका (सङ्ख्या)	३३१	३३०	३८२

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा यस वर्ष बहिरङ्ग सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्या ५.९१ प्रतिशतले, आकस्मिक सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्या ६.८८ प्रतिशतले, सी.टी.स्क्यान मेसिन प्रयोग गरी सेवा लिने बिरामीको सङ्ख्या १२.३४ प्रतिशतले र रेडियोथेरापी सेवा लिने बिरामीको सङ्ख्या २८ प्रतिशतले वृद्धि भएको छ।

गजेन्द्र नारायण सिंह अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजनका साथै रेडियोलोजी, मेडिकल तथा सर्जिकललगायतका सेवा प्रदान गर्दै आएको छ।

११७. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
गत वर्षको जिम्मेवारी	८०८६	८९३१
नेपाल सरकारको अनुदान	४११४७८	२८६१७३
आन्तरिक आय	८०५	१०२३००
अन्य आय	१२७५५२	३३१९
जम्मा आय	**५४७९२१**	**४००७२३**
प्रत्यक्ष खर्च	३९६२६०	०
सञ्चालन खर्च	१२५८८९	२८७९९०
अन्य खर्च	२७९९	१०४५३९
बाँकी मौज्दात	२२९७३	८१९४
जम्मा व्यय	**५४७९२१**	**४००७२३**

अस्पतालले यो वर्ष गत वर्षको रु.१ लाख ८ हजार घटी जिम्मेवारी सारेकोमा सोको खुलासा गरेको छैन।

११८. **सेवा प्रवाह -** अस्पतालको विगत २ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छ।

क्र.सं.	विवरण	२०८१।८२	२०८०।८१
१.	बहिरङ्ग सेवा (सङ्ख्या)	६३९४४	६३५५६
२.	आकस्मिक सेवा (सङ्ख्या)	१२३१२	१११९६
३.	ई.सी.जी. (सङ्ख्या)	५३७९	३६७३

४.	यू.एस.जी. (सङ्ख्या)	१४११७	१०६८०
५.	सी.टी.स्क्यान (सङ्ख्या)	२१९४	१२७०

उल्लिखित विवरणअनुसार अस्पतालबाट प्रदान गरिने सेवा गत वर्षको तुलनामा यो वर्ष वृद्धि भएको देखिन्छ। अस्पतालबाट उपलब्ध गराइने सेवालाई थप व्यवस्थित गर्नुपर्दछ।

११९. **प्रयोगविहीन उपकरण -** अस्पतालमा स्वास्थ्य सेवा विभागबाट हस्तान्तरण भई आएको एक्स रे मेसिन तथा अस्पतालबाट खरिद गरेको इण्डो युरोलोजी सेट, ल्याप्रोस्कोपी सिस्टम, एनेस्थेसिया मेसिन तथा इलेक्ट्रोकार्डियोलोजीलगायत रु.४ करोड ९० लाख ९५ हजार मूल्यका उपकरण हालसम्म प्रयोगविहीन अवस्थामा छन्। अस्पतालले आवश्यक पूर्वाधार निर्माण तथा जनशक्तिको व्यवस्थापन गरी उक्त उपकरण प्रयोगमा ल्याई स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

गेटा अस्पताल कैलाली

सुदूरपश्चिम प्रदेशका नागरिकलाई गुणस्तरीय, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो अस्पताल २०७९ देखि सञ्चालनमा रहेको छ।

१२०. **आय-व्यय -** अस्पतालको लागि गत वर्ष रु.७८ करोड ४१ लाख ९० हजार विनियोजन भएकोमा रु.७१ करोड ७७ लाख ३७ हजार (९१.५२ प्रतिशत) खर्च भएको र यो वर्ष रु.५२ करोड ६४ लाख ९८ हजार विनियोजन भएकोमा रु.४१ करोड ८२ लाख ८० हजार (७९.४५ प्रतिशत) खर्च भएको छ।

१२१. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष बहिरङ्ग सेवा १ लाख ५० हजार ६३ जना र सामाजिक सुरक्षा एकाइमा ९८२ जनालाई सेवा प्रदान गरेको देखिन्छ।

सिंहदरबार वैद्यखाना विकास समिति

गुणस्तरीय आयुर्वेदिक औषधी उत्पादन गरी बिक्री वितरण गर्न सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०७७ अनुसार यो समितिको गठन भएको हो। वैद्यखानाले विभिन्न प्रकारका आयुर्वेदिक औषधी उत्पादन गर्दै आएको छ।

१२२. **आय-व्यय -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
नेपाल सरकारको अनुदान	५१६९९	११४८२
बिक्री/सेवा सञ्चालनबाट आम्दानी	२९८४०	१४८६९
अन्य आय	८६९६९	१०८६५९
जम्मा आय	**१६८५०९**	**१३५०११**
सञ्चालन खर्च	१८९६०	१६४०८
कर्मचारी खर्च	३०६४३	३८७२३
अन्य खर्च	५८३६०	११२
जम्मा व्यय	**१०७९६३**	**५५२४४**

विवरण	२०८१।८२	२०८०।८१
बचत/न्यून	६०५४३	७९७६७

समितिले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गरेको छैन।

१२३. **मेसिन उपकरणको उपयोग -** समितिको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६३ मा जिन्सी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने गराउने व्यवस्था छ। समितिमा रहेका ८४ किसिमका मेसिनमध्ये सिङ्गल रोटरी ट्याब्लेटिङ्ग मेसिन, एयर कम्प्रेसर, इन्कजेट कोडर, डबल कोन ब्लेन्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायर, रोटरी रनर खल, अटोमेटिक क्याप्सुल फिल मेसिन तथा पाउडर फिलिङ्ग मेसिनलगायतका ६० प्रकारका मेसिन सञ्चालनमा रहेको देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, चौथो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्यसञ्चालन कोष र विविध खातातर्फको आय-व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, मेसिन उपकरण जडान एवं सेवा सञ्चालन नगरेको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौता बमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका बेहोरा औंल्याएकोमा अधिकांश अस्पताल तथा स्वास्थ्य संस्था सोही अवस्थामा रहेको पाइयो। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १५ निकायमा रू.५२ करोड ९६ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू. ५४ लाख १० हजार सम्परीक्षण भएकोले रू.५२ करोड ४२ लाख ५० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२१ करोड ४५ लाख ६ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित, अन्य संस्था र समिति २९ तर्फ रू.१ अर्ब ७० करोड ५९ लाख ५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२४ करोड ४ लाख ४ हजार सम्परीक्षण भएकोले रू.१ अर्ब ४६ करोड ५५ लाख १ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१७ करोड ६६ लाख ४३ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गर्ने नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा आयोगले कार्य गरिरहेको छ। प्रधानमन्त्रीको अध्यक्षतामा एक जना उपाध्यक्षसहित ७ जना सदस्य, २ पदेन सदस्यहरू र सदस्य सचिवको रूपमा आयोगको सचिवसहित १०५ कर्मचारी दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोगको निम्नानुसार रु.१८ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६९३	११	१३	११९	१८३६

२. **सोह्रौं योजना -** आयोगको गठन आदेशअनुसार मुलुकको समग्र समृद्धिको लागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा र कार्यान्वयनको सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। आयोगबाट स्वीकृत सोह्रौ योजना (२०८१।८२-२०८५।८६) ले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०८०।८१)	२०८१।८२ सम्मको लक्ष्य	२०८१।८२को यथार्थ उपलब्धि
१	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	३.३६	६	३.९९
२	प्राथमिक क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	३.३५	३.३	३.२५
३.	द्वितीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	-०.०३	४.७	४.६५
४.	तृतीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.३५	४.२	४.२१
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	५.४४	५.७५	५.३०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१४६७	१५१७	१५१७
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	२०.३	१६	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.६०५	०.६१८	०.६२२
९.	अपेक्षित आयु (जन्महुँदाको समयमा,वर्ष)	७१.०	७१.९	७१.०
१०.	साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	७६.२	८०	७७.५
११.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	३२४३	४५००	३९६०
१२.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	९७	१००	९७.१
१३.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६९.२	७८	७४.०

स्रोतः सोह्रौं योजना कार्यान्वयन कार्ययोजना, मध्यमकालीन खर्च संरचना - २०८१।८२ र २०८२।८३

उल्लिखित विवरणअनुसार सोह्रौं योजनाको पहिलो वर्षमा समग्र आर्थिक वृद्धिदरको लक्ष्य करिब ६ प्रतिशत राखिएकोमा उपलब्धि करिब ४ प्रतिशत रहेको छ। क्षेत्रगत रूपमा प्राथमिक क्षेत्रको वृद्धिदरको लक्ष्य ३.३ प्रतिशत राखिएकोमा उपलब्धि ३.२५ प्रतिशत, द्वितीय क्षेत्रको लक्ष्य ४.७ प्रतिशत रहेकोमा उपलब्धि ४.६५ प्रतिशत देखिन्छ। तृतीय क्षेत्रको लक्ष्य ४.२ प्रतिशत राखिएकोमा उपलब्धि

४.२१ प्रतिशत रहेको छ। अपेक्षित आयु ७१.९ वर्ष, साक्षरता दर ८० प्रतिशत, विद्युत उत्पादन (जडित क्षमता) ४ हजार ५०० मेगावाट, विद्युतमा पहुँच प्राप्त परिवार शतप्रतिशत, इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या ७८ प्रतिशतको लक्ष्य रहेकोमा क्रमशः ७१ वर्ष, ७७.५ प्रतिशत, ३ हजार ९६० मेगावाट, ९७.१ प्रतिशत र ७४ प्रतिशत उपलब्धि हासिल भएको छ।

३. **बजेट र खर्च** - आयोगको यस वर्षको बजेट र खर्चको स्थिति देहायबमोजिम छः

(रु. हजारमा)

विवरण	शुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	२१०५७७	२१०५७७	१६४९०७	७८.३१
पुँजीगत	५०००	५०००	४३७९	८७.५८
जम्मा	**२१५५७७**	**२१५५७७**	**१६९२८६**	**७८.५३**

आयोगले यो वर्ष विनियोजित बजेटमध्ये समग्रमा ७८.५३ प्रतिशत खर्च गरेको छ। सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमका लागि रु.२ करोड ७७ लाख विनियोजन भएकोमा खर्च भएको देखिएन।

४. **राष्ट्रिय विकास समस्या समाधान समिति** - अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा २३ मा विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नको लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। यो वर्ष सम्पन्न समितिको ५३ औं बैठकले शासकीय प्रणाली सुधारको सिफारिसका लागि उच्च स्तरीय शासकीय सुधार आयोग गठन गर्ने, सार्वजनिक खरिद प्रयोजनको लागि आवश्यक पर्ने जिल्ला दररेट वस्तुपरक, वैज्ञानिक र विश्वासिलो बनाउन स्तरीकृत ढाँचा तयार गरी जारी गर्ने, सरकारी भवनको संरचना, गुणस्तर, आन्तरिक सजावट, कार्यकक्षको डिजाइनलगायतमा विषयगत निकायको आवश्यकताअनुरूप एकरूपता कायम हुने गरी राष्ट्रिय मापदण्ड तयारी गर्ने, सार्वजनिक सेवामा इन्टर्नशिपसम्बन्धी स्तरीकृत ढाँचा र कार्यविधि तयार गर्नेलगायत १५ निर्णय गरेको छ। उक्त निर्णयहरू कार्यान्वयनको लागि विषयगत मन्त्रालयमा पठाएकोमा मन्त्रालयहरूले कार्यान्वयन प्रतिवेदन तयार पारेको देखिएन। समितिको निर्देशन र निर्णयको कार्यान्वयन तालिका बनाई आयोगले कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन र पृष्ठपोषण गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना र विनियोजन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत र खर्चको पूर्वानुमान चालु वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७९।८० को मध्यमकालीन खर्च संरचनाले २०८१।८२ को लागि रु.१७ खर्ब ९३ अर्ब ८३ करोड, २०८०।८१ को मध्यमकालीन खर्च संरचनाले रु.१९ खर्ब ३१ अर्ब र २०८१।८२ को मध्यमकालीन खर्च संरचनाले रु.२१ खर्ब ९२ अर्ब बजेट प्रक्षेपण गरेकोमा २०८१।८२ मा रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भई रु.१५ खर्ब १३ अर्ब २५ करोड खर्च भएको छ। आयोगद्वारा गरिएको स्रोत प्रक्षेपण तथा आकलन र बजेट विनियोजनमा भिन्नता देखिएकोले सोलाई यथार्थपरक बनाउनुपर्दछ।

६. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा ७ मा आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी बजेटको सीमा तथा मार्गदर्शन जारी गर्ने व्यवस्था छ। तीन वर्षको बजेट विनियोजन, संशोधित अनुमान र खर्चको स्थिति देहायबमोजिम छः

(रु. करोडमा)

आर्थिक वर्ष	स्रोत अनुमान समितिको सिफारिस	बजेट विनियोजन	मध्यावधि समीक्षा बमोजिम संशोधित	पछिल्लो बजेटबाट संशोधित	वास्तविक खर्च
२०८१।८२	१८००००	१८६०३०	१६९२७३	१६६२३६	१५१३२५
२०८०।८१	१६८८४०	१७५१३१	१५३०२७	१५३०३६	१३९३४०
२०७९।८०	१७४५००	१७९३८३	१५४९५०	१५०५००	१४२१३३

संसदबाट विनियोजित बजेटको मध्यावधि समीक्षा तथा पछिल्लो वर्षको बजेटबाट संशोधन गर्दा समेत संशोधित अनुमानबमोजिम खर्च हुन सकेको देखिएन। बजेटको स्रोत अनुमान, विनियोजन, संशोधित अनुमान र खर्चको बिचमा उल्लेखनीय भिन्नता देखिएकोले स्रोत अनुमान यथार्थपरक हुन सकेको देखिँदैन। आयोगले सम्बन्धित वर्षको बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण र सिलिङ तर्जुमा गर्दा विगतका योजना तथा मध्यमकालीन खर्च संरचनाको अनुमान र प्राथमिकता निर्धारणसमेतलाई आधार लिई हरेक वर्षका आयोजना एवं कार्यक्रमको प्राथमिकता निर्धारण यथार्थपरक बनाउनुपर्दछ।

७. **आयोजना बैङ्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा सङ्घ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र आयोगमा राष्ट्रियस्तरको आयोजना बैङ्क रहने उल्लेख छ। आयोजना बैङ्कमा सूचीकृत १० हजार ४०३ आयोजनामध्ये चालु आयोजना ४ हजार ९८० र भविष्यमा कार्यान्वयन हुने आयोजना ५ हजार ४२३ रहेका छन्। आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा नेपाल सरकारबाट स्वीकृत वा सङ्घ र प्रदेशले कार्यान्वयन गर्नुपर्ने भनी तोकिएको बाहेक पूर्वाधार क्षेत्रका सङ्घबाट रु.३ करोडभन्दा कम र प्रदेशबाट रु.१ करोडभन्दा कम लागतका आयोजना कार्यान्वयन नगरिने उल्लेख भएकोमा रु.३ करोडभन्दा कम लागत अनुमान भएका आयोजनासमेत आयोजना बैङ्कमा समावेश गरी सङ्घीय सरकारबाट कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएको देखिन्छ। आयोजना बैङ्कको विवरण विश्लेषण गर्दा यो वर्ष भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत १ हजार ३०६ तथा शहरी विकास मन्त्रालयअन्तर्गत १ हजार ७२३ आयोजना बैङ्कमा प्रविष्टि नभएका आयोजना रहेको देखियो। उल्लिखित प्रावधानको परिपालना गर्नुपर्दछ।

८. **राष्ट्रिय गौरवका आयोजना** - आयोगबाट प्राप्त विवरणबमोजिम राष्ट्रिय गौरवका २७ आयोजनामध्ये गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला भरतपुर महानगरपालिकालाई हस्तान्तरण गरिएको छ। मेलम्ची खानेपानी आयोजनाको ९९.५ प्रतिशत, लुम्बिनी विकास कोषको ८९ प्रतिशत, बबई सिँचाइ आयोजनाको ८२.२७ प्रतिशत भौतिक प्रगति देखिन्छ। काठमाडौं तराई मधेश द्रुतमार्ग, सिक्टा सिँचाइ आयोजना, बुढी गण्डकी जलविद्युत आयोजना, रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनाको भौतिक प्रगति ५० प्रतिशत वा सोभन्दा न्यून देखिन्छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको कार्य प्रारम्भ हुन सकेको छैन।

राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाउन आयोगको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ।

९. **रूपान्तरणकारी आयोजना** - सरकारले आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्र १ समेत १७ आयोजनालाई रूपान्तरणकारी आयोजना तथा कार्यक्रमको रूपमा सञ्चालन गरेको छ। सोमध्ये शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको समष्टिगत भौतिक प्रगति क्रमशः ८१ र ८८ प्रतिशत एवं गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाको भौतिक प्रगति ६४ प्रतिशत रहेकोछ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रमअन्तर्गतको भेरी कोरिडोर ४०० के.भी. र तमोर करिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको समष्टिगत भौतिक प्रगति क्रमशः १२.३ प्रतिशत र २७.७ प्रतिशत रहेको छ। पटक-पटक म्याद थप भई २०८१।८२ मा निर्माण सम्पन्न हुनुपर्नेमा समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण, स्वास्थ्य संस्था तथा सेवा विस्तार, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एंव तालिम कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमसहित ६ आयोजना यो वर्षसम्म पनि सम्पन्न भएको छैन। यस्ता आयोजनाहरूको मध्यावधि समीक्षा गरेको पाइएन। अनुगमनलाई प्रभावकारी बनाई देखिएका समस्या समाधान गर्न आयोगले भूमिका खेल्नुपर्ने देखिन्छ।

१०. **दिगो विकास लक्ष्य प्रगति** - दिगो विकास लक्ष्यहरूको २०२२ सम्मको उपलब्धि, २०३० को लक्ष्यको तुलनामा उपलब्धि तथा २०३० सम्म हासिल गर्न सकिने अनुमानित उपलब्धिको अवस्था देहायबमोजिम छः

क्र.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
१.	गरिबी हटाउने	७८.१	५४.१	७८.६
२.	शून्य भोकमरी	६८.३	४४.९	७१.५
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.७	४१.५	५६.८
४.	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५.	लैङ्गिक समानता	५७.९	३८.०	५८.१
६.	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१
८.	मर्यादित काम र आर्थिक वृद्धि	३१.५	१९.७	३४.७
९.	उद्योग प्रवर्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०.	असमानता घटाउने	७२.५	४४.८	७२.३
११.	शहरहरू र समुदायको दिगोपना	९७.२	७६.१	८९.०
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	३८.६	२९.५	४३.१
१३.	जलवायुसम्बन्धी कार्य	५५.३	४३.४	५३.९
१४.	पानीमुनिको जीवन		-	-
१५.	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	५७.४	३५.८	५५.१
१७.	लक्ष्यहरूको निमित्त साझेदारीहरू	३४.९	२२.३	३७.७
	जम्मा	**५८.६**	**४१.७**	**६०.५**

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणबमोजिम सन् २०२२ सम्मको लक्ष्यको आधारमा प्रगति ५८.६ प्रतिशत रहेको देखिएकोमा तत् पश्चात् आयोगले प्रगति मूल्याङ्कन गरेको छैन। पाँच वर्षभन्दा कम समय बाँकी रहँदा निर्धारित लक्ष्य प्राप्ति चुनौतीपूर्ण देखिन्छ। दिगो विकासका लक्ष्यहरूमा तोकिएको उपलब्धि हासिल गर्न आयोगले अन्य सरोकारवालासँग समन्वय गर्नुपर्दछ।

११. **विकासशील राष्ट्रमा स्तरोन्नति** - संयुक्त राष्ट्रसङ्घले नेपालले अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुन आवश्यक ३ मापदण्डमध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्कको थ्रेसहोल्ड पूरा गरेकोले सन् २०२६ देखि विकासशील मुलुकमा रूपान्तरण हुने निर्णय गरेको छ। उक्त स्तरोन्नति पश्चात् नेपालले वैदेशिक व्यापारमा कम विकसितको मुलुकको रूपमा विश्व व्यापार सङ्गठनबाट पाइरहेको सहुलियत ऋणको अंश कटौती हुने तथा अतिकम विकसित राष्ट्रसँग सम्बन्धित २५ प्रावधान कटौती हुनेलगायतका चुनौतीहरू सामना गर्न ३ सूचकमा ६ पिलर, ३९ कार्य रणनीति र १६७ कार्य निर्धारण गरेको छ। तोकिएका सूचकहरूमा कार्यप्रगति हासिल गर्नको लागि आयोगले सम्बन्धित सरोकारवालासँग समन्वय गर्नुपर्दछ।

१२. **समपूरक र विशेष अनुदान** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समपूरक तथा विशेष अनुदान प्रदान गर्ने व्यवस्था छ। सङ्घीय विशेष अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ३८ आयोजना/कार्यक्रमका लागि रु.३ अर्ब १८ करोड १२ लाख विनियोजन सिफारिस गरिएको छ भने, नयाँतर्फ कुल १४ आयोजना/कार्यक्रमका लागि रू.१ अर्ब २१ करोड ८८ लाख र स्थानीय तहतर्फ कुल ५३८ आयोजना/कार्यक्रमका लागि रु.८ अर्ब ५० करोडसमेत रु.१२ अर्ब ९० करोड विनियोजन सिफारिस गरिएको छ। त्यसै गरी सङ्घीय समपूरक अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ४० आयोजना/कार्यक्रमका लागि रू.३ अर्ब ९३ करोड ५० लाख, नयाँतर्फ कुल १९ आयोजना/कार्यक्रमका लागि रू.२ अर्ब २६ करोड ५० लाख विनियोजन सिफारिस गरिएको छ। स्थानीय तहतर्फ कुल ५८७ आयोजना/कार्यक्रमका लागि रू.७ अर्बसमेत रु.१३ अर्ब २० करोड विनियोजन सिफारिस गरेको देखिन्छ। पुराना कार्यक्रम समयमा सम्पन्न नभई क्रमागत योजनाको रूपमा रहिरहने र हरेक वर्ष नयाँ योजना थपिँदा सरकारको आर्थिक दायित्व बढ्दो क्रममा रहेको देखिन्छ।

१३. **बहुवर्षीय ठेक्का सहमति** - आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० को दफा ६ को उपदफा ४ र उपदफा ७ मा स्रोत सहमति कार्तिक मसान्तभित्र र ठेक्का सहमति मङ्सिर मसान्तसम्म गरिसक्नुपर्ने व्यवस्था छ। यो वर्ष आयोगले उक्त म्याद समाप्तपछि ५३ आयोजनाको लागि स्रोत सहमति तथा ३६ आयोजनाका लागि बहुवर्षीय ठेक्का सहमति दिएको देखिन्छ। यस्ता सहमति प्रदान गर्दा कानुनी व्यवस्थाको परिपालना गर्नुपर्दछ।

- **अनुगमन** - गत विगतमा समेत औल्याइएका बजेट कार्यान्वयनमा प्रभावकारिता, राष्ट्रिय विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयनको अनुगमन र पृष्ठपोषण, आयोजना बैङ्क र बजेट विनियोजनमा समन्वय, राष्ट्रिय गौरवका आयोजनाको प्रभावकारी अनुगमन, नयाँ नेपाल निर्माण कोष खारेजीलगायतका सम्बन्धमा सुझाउ दिइएकोमा उल्लिखित विषयमा अपेक्षित सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

खण्ड

२

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

विषय-सूची

क्र.सं.	विवरण	पृष्ठ
१.	प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन	५७२
२.	वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता	५८०
३.	नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता	५८९
४.	सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता	५९६
५.	पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति	६०१
६.	राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति	६०७
७.	खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति	६१४
८.	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था	६१९
९.	विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता	६२७
१०.	व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता	६३४
११.	निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह	६३८
१२.	स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली	६४४
१३.	काठमाडौं उपत्यकाभित्रका सम्पदाको अभिलेख र व्यवस्थापन	६५३
१४.	स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग	६६०
१५.	स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता	६६६
१६.	राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव	६७५
१७.	सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव	६८३

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

१. **लेखापरीक्षणका आधार -** नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले सङ्घ, प्रदेश र स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ मा राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले विषय छनोटको आधारमा कार्यमूलक, वातावरणीय र सूचना प्रविधि र तोकिएको विषयको लेखापरीक्षण गर्ने व्यवस्था छ। सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र र लेखापरीक्षण गर्ने विषयहरू उल्लेख छ। कार्यमूलक तथा विशेष लेखापरीक्षण कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ बमोजिम गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा सरोकारवालाहरूको संलग्नतालाई निरन्तरता दिइएको छ।

२. **लेखापरीक्षण प्रक्रिया -** महालेखापरीक्षकको कार्यालयले कार्यमूलक र विशेष लेखापरीक्षण गर्दा सार्वजनिक स्रोतसाधनको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता प्राप्त हुने गरी उपयोग गरे नगरेको परीक्षण गरिएको छ। यस अन्तर्गत योजना तथा कार्यक्रमको लक्ष्य प्राप्ति, लागत- लाभ विश्लेषण र गुणस्तर, दिगो विकास लक्ष्यको प्राप्ति र उपलब्धिलगायतको परीक्षण गरिएको छ। लेखापरीक्षणमा विषय छनोट, लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन प्रक्रिया अवलम्बन गरिएको छ।

३. **विषय छनोट -** महालेखापरीक्षकको कार्यालयले कार्यमूलक र विशेष लेखापरीक्षणको विषय छनोट गर्न सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषय, विकास साझेदारको अनुरोध, नागरिक समाजको सुझाउ समेतलाई दृष्टिगत गरी उपयुक्त विषयहरूको सूची तयार गरिएको छ। तयार गरिएका सूचीहरूको तात्त्विक विषयको महत्त्व, व्यवस्थापकीय कमजोरीहरू, स्रोतसाधनको उपलब्धता, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आङ्कलन गरी उच्च प्राथमिकता प्राप्त गर्ने विषयलाई छनोट गरिएको छ। यस वर्षको लेखापरीक्षण गरिएका विषय देहायअनुसार छन्:

क्र.सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१.	प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन	सम्पत्ति प्राप्त गर्ने सम्बन्धित सरकारी कार्यालयहरू	अर्थ मन्त्रालय
२.	वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
३.	नेपाल कृषि अनुसन्धान परिषदको स्रोतसाधन प्रयोगको प्रभावकारिता	कृषि अनुसन्धान परिषद	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
४.	सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता	राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जिकरण विभाग	गृह मन्त्रालय
५.	पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति	आयोजना निर्देशनालय र अन्तर्गत कार्यालय (फिदिम र रामेछाप)	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
६.	राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति	सडक बोर्ड	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
७.	खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति	राष्ट्रिय खेलकुद परिषद	युवा तथा खेलकुद मन्त्रालय

क्र.सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
८.	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
९.	विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता	शिक्षा तथा मानवस्रोत विकास केन्द्र	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
१०.	व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता	राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
११.	निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह	निजामती कर्मचारी अस्पताल	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
१२.	स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली	बागमती प्रदेशका १० र अन्य प्रदेशका २/२ गरी छनोट गरिएका २२ स्थानीय तह	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
१३.	काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन	पुरातत्व बिभाग	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१४.	स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग	वीर अस्पताल र ट्रमा सेन्टर	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१५.	स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता	स्वास्थ्य बिमा बोर्ड	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
	वातावरणीय लेखापरीक्षण		
१६.	राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव	चितवन र पर्सा राष्ट्रिय निकुञ्ज	वन तथा वातावरण मन्त्रालय
	विशेष लेखापरीक्षण		
१७.	सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव		

४. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय तथा विशेष लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा विश्लेषण गरी जोखिम क्षेत्र पहिचान गरिएको छ। सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण गरी सो अनुरूप लेखापरीक्षण आधार (क्राइटेरिया) तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा आवश्यकताबमोजिम नतिजामा आधारित, पद्धतिमा आधारित र समस्यामूलक पद्धति अवलम्बन गरी परीक्षण गरिएको छ।

५. **लेखापरीक्षण कार्यान्वयन-** सम्बद्ध पक्षसँगको प्रवेश बैठक गरी लेखापरीक्षण कार्यको सुरूवात गरिएको छ। लेखापरीक्षणमा प्रमाण सङ्कलनका लागि विषय सम्बद्ध उपलब्ध सूचना सङ्कलन गरिएको छ। त्यसैगरी सरोकारवालासँग छलफल तथा अन्तरक्रिया, स्थलगत अवलोकन र आवश्यकता अनुसार भौतिक परीक्षण समेत गरिएको छ। सङ्कलित सूचनाको विश्लेषण, समस्याहरूको पहिचान र प्रस्तुतीकरणलाई वस्तुनिष्ठ बनाउन विषय विज्ञ तथा नागरिक समाज सङ्गठनलाई आवश्यकता अनुसार सहभागी गराइएको छ। लेखापरीक्षण मस्यौदा प्रतिवेदन सम्बन्धित कार्यालयलाई प्रेषित गरी सो प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठकमा छलफल गरिएको छ।

६. **प्रतिवेदन -** कार्यमूलक र विशेष विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग छलफल गरी व्यवस्थापनको सुझाउ तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको बेहोरामा आधार,

अवस्था, कारण, प्रभाव र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाउ उल्लेख गरिएको छ।

७. **गुणस्तर नियन्त्रण र आश्वस्तता** - कार्यमूलक र विशेष लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको चरणहरू योजना, कार्यान्वयन, प्रतिवेदन अनुगमनलगायतमा उच्च तहबाट सुपरीवेक्षण गरिएको छ। त्यसैगरी लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्ड पालना सम्बन्धमा पुनरावलोकन समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर व्यवस्थापन सम्बन्धमा मूल्याङ्कन गर्ने गरिएको छ।

८. **अनुगमन परीक्षण** - कार्यालयले कार्यमूलक लेखापरीक्षण प्रतिवेदन सम्बन्धित निकायलाई जारी गरे पश्चात निकायको कार्य प्रकृति र सुझाउमा उल्लिखित विषयवस्तुसमेतलाई दृष्टिगत गरी प्रतिवेदनमा उल्लिखित सुझाउहरू कार्यान्वयनका लागि सम्बन्धित निकायबाट सुधार योजना माग गर्ने र सो उपर उपयुक्त समयमा अनुगमन गर्ने गरिएको छ। विगतमा लेखापरीक्षण भइसकेका केही विषय समेत छनोट गरी अनुगमन परीक्षण गरिएको छ।

९. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, लेखापरीक्षणको लागि उपलब्ध समयसीमा, जनशक्ति, छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन लेखापरीक्षणमा सीमा रहेका छन्।

प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन

नेपालको संविधानको अनुसूची-६ अनुसार रहेको प्रदेशको अधिकारसूची अन्तर्गतका विषयहरूको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी प्रतिवेदन गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र सो आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने गरेको छ। सार्वजनिक सम्पत्तिको अभिलेख र प्रतिवेदन प्रणालीलाई वस्तुपरक बनाउन नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७७।७।२० को निर्णयअनुसार महालेखा नियन्त्रक कार्यालयबाट सार्वजनिक व्यवस्थापन प्रणाली (पाम्स) तयार गरी तीनै तहका सार्वजनिक निकायहरूमा लागु गरिएतापनि प्रदेश सरकारले घर, जग्गा, प्राकृतिक तथा पूर्वाधारजन्य सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन गरेको छैन। प्रदेश सरकारको सम्पत्तिको व्यवस्थापनका लागि आवश्यक नीति, कानुन र अन्य विषयहरूमा देखिएका समस्याको सुधारका लागि आवश्यक सुझाउहरू प्रदान गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

महालेखा नियन्त्रक कार्यालयले २०८१।८२ बाट सङ्घ, प्रदेश र स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको भर्सन २ लागु भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा १ हजार ४०७ प्रदेश सरकारी कार्यालयमा पाम्सको कार्यान्वयन भएको, पाम्समा जिन्सी सम्पत्ति दाखिला भएपछि मात्र खर्च लेख्न सकिने प्रकृयाको सुरुवात भएको, नेपालको सरकारी सम्पत्ति अभिलेख प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको सरकारी वित्तीय तथ्याङ्कको म्यानुअल २०१४ अनुसार तीनै तहका सरकारको सम्पत्तिको अभिलेख व्यवस्थित गर्न एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याको पाचौं संशोधन कार्यान्वयनमा आएको र पाम्समा ७ प्रदेश सरकारअन्तर्गतका सरकारी कार्यालयको कुल सम्पत्ति रु.३९ अर्ब ९२ करोड ७० लाख १६ हजार लेखाङ्कन भएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कानुनी तथा नीतिगत व्यवस्था -** नेपालको संविधानको अनुसूची-६ मा रहेको प्रदेशको एकल अधिकारसूची तथा अनुसूची-७ र ९ मा रहेको साझा अधिकारसूचीअन्तर्गत प्रदेश सरकारको स्वामित्वमा रहेको सम्पत्ति व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको रहेको छ। तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) ले सार्वजनिक सम्पत्तिको व्यवस्थापनको नीति र खाका तयार गर्ने लक्ष्य लिएको छ। प्रदेशले सार्वजनिक सम्पत्तिको व्यवस्थापनसम्बन्धमा हालसम्म छुट्टै नीति र कानुन तर्जुमा गरेको छैन। पाम्समा प्रदेशको प्राकृतिक संशाधन र पूर्वाधारजन्य सम्पत्तिको अभिलेखाङ्कन गर्न सकिएको छैन। वित्तीय तथा गैरवित्तीय सम्पत्तिलाई समेट्ने, सम्पत्तिको दर्ता, मूल्याङ्कन र प्रयोगको लागि स्पष्ट निर्देशिका तर्जुमा गर्ने, सम्पत्तिको दीर्घकालीन उपयोग र वार्षिक बजेटसँग जोड्ने, सबै राष्ट्रिय सम्पत्तिलाई लेखाङ्कन गर्ने, सम्पत्तिको मर्मत सम्भार तथा प्रतिस्थापन मूल्य कायम गर्ने, सम्पत्तिको अनिवार्य र वैज्ञानिक ह्रास कट्टी लागु गर्ने, सम्पत्तिको बजार मूल्य र

आर्थिक लाभसमेतलाई मध्यनजर गरी सार्वजनिक सम्पत्तिको मूल्याङ्कन तथा व्यवस्थापनसम्बन्धी नीति र सो को कार्यान्वयनका लागि आवश्यक कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

२. **सम्पत्तिको लेखाङ्कन -** सम्बन्धित प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
कोशी प्रदेश	३५४६९१	४८७८६११	७६३९६२	१००	१४४७२०	६१४२०८४
मधेश प्रदेश	४५०६७७	४०८८६४७	२२५७३५	-	४१७५	४७६९२३४
बागमती प्रदेश	६३९१४५	६२९६०३३	५०३५१४	५७८	४८४४०९	७९२३६७९
गण्डकी प्रदेश	२६७३५४	३६०९४८६	१४९७७८	१००७	३२५८७७	४३५३५०२
लुम्बिनी प्रदेश	४७९८१८	४८१०३९५	३७३१८५	५४७	९९५२००	६६५९१४५
कर्णाली प्रदेश	७३६२७	४२४९००५	५०७३७३	३३९	१८३९९६	५०१४३४०
सुदूरपश्चिम प्रदेश	२४९६४६	४४०१७१६	१४०६३६	१२०	२७२९१४	५०६५०३२
जम्मा	**२५१४९५८**	**३२३३३८९३**	**२६६४१८३**	**२६९१**	**२४११२९१**	**३९९२७०१६**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ७ प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.३९ अर्ब ९२ करोड ७० लाख १६ हजारमध्ये भवन र संरचना रु.२ अर्ब ५१ करोड ४९ लाख ५८ हजार, मेसिनरी र उपकरण रु.३२ अर्ब ३३ करोड ३८ लाख ९३ हजार, अन्य स्थिर सम्पत्ति रु.२ अर्ब ६६ करोड ४१ लाख ८३ हजार, बहुमूल्य वस्तु रु.२६ लाख ९१ हजार र प्राकृतिक सम्पत्ति रु.२ अर्ब ४१ करोड १२ लाख ९१ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

३. **सम्पत्ति लेखाङ्कनमा फरक-** सम्बन्धित प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा प्रदेश सरकारको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	जिन्सी तथा सम्पत्तिको विवरण			
	२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
		एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
कोशी प्रदेश	६१०४४६०	६१४२२२५	६१४२०८४	१४१
मधेश प्रदेश	१७०८३६०५८	५३८११३५	४७६९२३४	६११९०१

प्रदेश	जिन्सी तथा सम्पत्तिको विवरण			
	२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
		एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
बागमती प्रदेश	६०९८८६२	८३५०९७५	७९२३६७९	४२७२९६
गण्डकी प्रदेश	३५२१७५८	४३२६२४४	४३५३५०२	-२७२५८
लुम्बिनी प्रदेश	-	६७०५३३०	६६५९१४५	४६१८५
कर्णाली प्रदेश	४४२१४९७	५०१४६८७	५०१४३४०	३४७
सुदूरपश्चिम प्रदेश	४९४४५१२	५०६३६६५	५०६५०३२	-१३६७
जम्मा	**१९५९२७१४७**	**४०९८४२६१**	**३९९२७०१६**	**१०५७२४५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा ७ प्रदेशको जिन्सी तथा सम्पत्ति रु.४० अर्ब ९८ करोड ४२ लाख ६१ हजार रहेकोमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा रु.३९ अर्ब ९२ करोड ७० लाख १६ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.१ अर्ब ५ करोड ७२ लाख ४५ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा लुम्बिनी प्रदेशबाहेकको जिन्सी तथा सम्पत्ति रु.१ खर्ब ९५ अर्ब ९२ करोड ७१ लाख ४७ हजार रहेकोमा यो वर्ष रु.१ खर्ब ५४ अर्ब ९४ करोड २८ लाख ८६ हजार (७९.०८ प्रतिशत) ले घटेको छ। सोमध्ये मधेश प्रदेशको मात्र रु.१ खर्ब ६५ अर्ब ४५ करोड ४९ लाख २३ हजार (९६.८५ प्रतिशत) ले घटेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैंन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

४. **सम्पत्तिको मूल्य-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीअनुसार ७ प्रदेश सरकारअन्तर्गत ७१ निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ वा शून्य मूल्य कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्ः

प्रदेश	निकायको सङ्ख्या	सम्पत्तिको सङ्ख्या	जम्मा मूल्य रु.
कोशी प्रदेश	४	२०८	२०८
मधेश प्रदेश	८	२९०	२८६
बागमती प्रदेश	१४	१०६४	१०५२
गण्डकी प्रदेश	१६	२३४	२८३
लुम्बिनी प्रदेश	१०	१४३	१३५
कर्णाली प्रदेश	१२	८४८	२५९
सुदूरपश्चिम प्रदेश	७	१९७	२०४
जम्मा	**७१**	**२९८४**	**२४२७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ७ प्रदेश सरकारको ७१ निकायको खर्च भएर नजाने २ हजार ९८४ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्स प्रणालीमा रु.१ वा शून्य मूल्य कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२ हजार ४२७ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ५ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरूप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

५. **खारेज भएको कार्यालयको सम्पत्ति-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९८ तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र मिति नतोकिएको भएमा निर्णय भएको पैंतिसौं दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको सङ्ख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	खारेज वा गाभिएको मन्त्रालयको सङ्ख्या	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको सङ्ख्या
कोशी प्रदेश	४	३४७८७९	१४४२७	३६२३०६	-
मधेश प्रदेश	१	७९७५२	५२७८	८५०३०	२
बागमती प्रदेश	-	-	-	-	२
गण्डकी प्रदेश	५	१५१९५०	७६५२	१५९६०२	५
लुम्बिनी प्रदेश	२	८०	-	८०	२
कर्णाली प्रदेश	२	२८२६९४	१०४७४७	३८७४४१	-
सुदूरपश्चिम प्रदेश	-	-	-	-	-
जम्मा	**१४**	**८६२३५५**	**१३२१०४**	**९९४४५९**	**११**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ७ प्रदेशमा खारेज भएका १४ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.८६ करोड २३ लाख ५५ हजार र खर्च भएर जाने सम्पत्ति रु.१३ करोड २१ लाख ४ हजार समेत रु.९९ करोड ४४ लाख ५९ हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गरी अभिलेखाङ्कन गरेको छैन। त्यस्तै, पाम्स प्रणालीमा ११ मन्त्रालयको नाम मिलेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६. **घरजग्गाको लगत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा सरकारी घर, जग्गाको लगत महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन

बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत् ७ वटै प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सुदूरपश्चिम प्रदेशबाहेक अन्य प्रदेशले विवरण पेस गरेका छैनन्। प्राप्त विवरणअनुसार सुदूरपश्चिम प्रदेशमा ६ निकायको जग्गाको क्षेत्रफल ६ लाख ११ हजार वर्ग मिटर, ७ निकायको ३६ भवन र ६ निकायले घर भाडामा लिई वार्षिक रु.६५ लाख ४७ हजार भुक्तानी गर्ने गरेको देखिन्छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा ७ प्रदेश सरकारले घर, जग्गासम्बन्धी विवरण अद्यावधिक गरी राखेका छैनन्। सङ्घीय कार्यालय प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। कतिपय निकायले आफ्ना भवनलाई आवासको रूपमा उपयोग गर्ने र अन्य निकायले घर भाडामा लिने गरेको देखिन्छ। अन्य ६ प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राखे, सो को प्रभावकारी रूपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

७. **सवारीसाधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ७ प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
कोशी	१७२९	३३६२७९	४१२	१३४६९०५	३४	२७८७७	२१७५	१७११०६१
मधेश	१२०१	२३६३५१	३९१	१५९७९६६	४१	५३८५५	१६३३	१८८८१७२
बागमती	१७७५	३४९१५१	४३६	१५९८०३८	१८	४२१५५	२२२९	१९८९३४४
गण्डकी	१०५४	१७६०००	२८७	८२६३०४	२०	३५६९३	१३६१	१०३७९९७
लुम्बिनी	१५३३	२८५६७४	३८१	१२६१८०१	१६	२८३६७	१९३०	१५७५८४२
कर्णाली	८९४	१८७७९९	२१९	६७९६८१	१३	३४४६३	११२६	९०१९४३
सुदूरपश्चिम	९८२	१९४४६१	२६७	१००४७६४	४९	३६९१२	१२९८	१२३६१३७
जम्मा	**९१६८**	**१७६५७१५**	**२३९३**	**८३१५४५९**	**१९१**	**२५९३२२**	**११७५२**	**१०३४०४९६**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा ७ प्रदेश सरकारअन्तर्गत ११ हजार ७५२ सवारी साधनको मूल्य रु.१० अर्ब ३४ करोड ४ लाख ९६ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

८. **सम्पत्तिको वर्गीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ र सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा एक पटक प्रयोग भइसकेपछि पुनः सोही रूपमा प्रयोगमा आउन नसक्ने, सामान्यतया एक वर्षभन्दा बढी अवधि टिकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको २०८२।८३ को प्रतिवेदनअनुसार ७ प्रदेश सरकार अन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेसिनरी उपकरण, सफ्टवेयर, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मन्त्रालय वा निकाय सङ्ख्या	सामग्री सङ्ख्या	रकम
कोशी प्रदेश	१२	३८५४	९४५८
मधेश प्रदेश	१५	६७७४४	२९६००
बागमती प्रदेश	१७	१३१०१	६१६१५
गण्डकी प्रदेश	१२	८९८२	७२९४
लुम्बिनी प्रदेश	१४	४६९३	६४१७
कर्णाली प्रदेश	९	४४२०	६७९१
सुदूरपश्चिम प्रदेश	१०	११८००	८११९
जम्मा	**८९**	**११४५९४**	**१२९२९४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा ७ प्रदेश सरकारको ८९ मन्त्रालय/निकायले १ लाख १४ हजार ५९४ सामग्रीको रु.१२ करोड ९२ लाख ९४ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। कानुनी व्यवस्थाअनुसार सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनु पर्दछ।

९. **सम्पत्तिको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मन्त्रालय वा निकायको सङ्ख्या	कार्यालय सङ्ख्या	गत आ.व.सम्मको मौज्दात रकम	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च रकम	मौज्दात बाँकी रकम
कोशी प्रदेश	१५	२१२	८४१७७२	१५५२६२८	९५९०३२	१४३५३६८
मधेश प्रदेश	१७	१६६	६१४४४१	१०४५०६३	५७०३६८	१०८९१३६
बागमती प्रदेश	१८	२३९	१२६४३१२	१६८७६५४	९२८९६२	२०२३००४
गण्डकी प्रदेश	१६	१९३	६०४९१६	९७०४४३	६३३१३९	९४२२२०

प्रदेश	मन्त्रालय वा निकायको सङ्ख्या	कार्यालय सङ्ख्या	गत आ.व.सम्मको मौज्दात रकम	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च रकम	मौज्दात बाँकी रकम
लुम्बिनी प्रदेश	१५	२१६	६९६६१०	२४४०८९८	१३६५३६७	१७७२१४१
कर्णाली प्रदेश	११	१४६	३७५४०६	९०८८११	५१७४०२	७६६८१५
सुदूरपश्चिम प्रदेश	१०	१६९	६५७३५३	३१८१३०६	२०७३४०४	१७६५२५५
जम्मा	**१०२**	**१३४१**	**५०५४८१०**	**११७८६८०३**	**७०४७६७४**	**९७९३९३९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ७ प्रदेश सरकारको १०२ मन्त्रालय/निकायअन्तर्गतका १ हजार ३४१ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.५ अर्ब ५ करोड ४८ लाख १० हजार, यो वर्षको आम्दानी रु.११ अर्ब ७८ करोड ६८ लाख ३ हजार रहेकोमा यो वर्ष रु.७ अर्ब ४ करोड ७६ लाख ७४ हजार खर्च भई रु.९ अर्ब ७९ करोड ३९ लाख ३९ हजार बाँकी रहेको देखिन्छ। उक्त विवरणमा खारेज वा गाभिएका ९ मन्त्रालयअन्तर्गतका २७ कार्यालयको जिन्सी सम्पत्तिलाई पनि समावेश गरिएको छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्स प्रणालीमा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै प्रणालीमा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१०. **जिन्सी सामग्रीको उपयोग-** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय सङ्ख्या	गत वर्षसम्मको मौज्दात रकम	चालु वर्षमा आम्दानी रकम	चालु वर्षमा खर्च	मौज्दात बाँकी रकम
कोशी प्रदेश	२५	१३५०१७	१४३८१८	-	२७८८३५
मधेश प्रदेश	३६	१३८७६२	५९९०३	-	१९८६६५
बागमती प्रदेश	४०	८७२३०	५३७०४	-	१४०९३४
गण्डकी प्रदेश	२९	२४५०२	२१७३१	-	४६२३३
लुम्बिनी प्रदेश	२९	८५७६८	६६९२७	-	१५२६९५
कर्णाली प्रदेश	२४	१५९७३	१८६८०	-	३४६५३
सुदूरपश्चिम प्रदेश	२५	१४६३८	९६३८८	-	१११०२६
जम्मा	**२०८**	**५०१८९०**	**४६११५१**	**-**	**९६३०४१**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म ७ प्रदेश सरकारअन्तर्गत २०८ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.५० करोड १८ लाख ९० हजार र यो वर्ष रु.४६ करोड ११ लाख ५१ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.९६ करोड ३० लाख ४१ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको

समयमा नै वास्तविक खर्चलाई पाम्स प्रणालीमा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्स प्रणालीमा वास्तविक खर्चलाई यथार्थ रूपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ।

निष्कर्ष तथा सुझाउ

नेपालको संविधानको अनुसूचीमा रहेको प्रदेशको एकल तथा साझा अधिकारसूचीका विषयको कार्यान्वयनका क्रममा सिर्जना भएका र प्राप्त भएका सरकारी सम्पत्तिको कुशल व्यवस्थापन गर्नु प्रदेश सरकारको जिम्मेवारी हो। प्रदेश सरकारअन्तर्गतका सरकारी कार्यालयहरूको सम्पत्ति व्यवस्थापनमा हाल सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली र अन्तर्राष्ट्रिय वित्तीय मापदण्डको प्रयोग हुनु सकारात्मक पक्ष रहे तापनि नीतिगत स्पष्टता र सम्पत्तिको एकीकृत अभिलेखाङ्कनमा चुनौती रहेका छन्। प्रदेश तहमा छुट्टै सम्पत्ति व्यवस्थापन ऐन र निर्देशिकाको अभाव हुनु, एकीकृत वित्तीय विवरण र प्रणालीमा सम्पत्तिको अभिलेख फरक रहनु र जिन्सी सामग्रीको वास्तविक मूल्य कायम नगरी शून्य वा न्यून मूल्यमा लेखाङ्कन गरिनुले सम्पत्तिको यथार्थता एकिन हुन सकेको छैन। खारेज भएका कार्यालयको सम्पत्ति हस्तान्तरण नहुनु, घरजग्गाको लगत अद्यावधिक नहुनु, सम्पत्तिको यथार्थ वर्गीकरण नहुनु र जिन्सी सामग्रीको उपयोग प्रभावकारी नहुनुलगायतका समस्याले सार्वजनिक सम्पत्तिको सुरक्षा र उपयोगमा जोखिम सिर्जना गरेको छ। अतः प्रदेश सरकारले सम्पत्ति व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा यथार्थपरक तथ्याङ्क प्रविष्ट गर्ने, सम्पत्तिको मूल्य निर्धारण गरी अद्यावधिक गर्ने र सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र यथार्थपरक बनाउनुपर्दछ।

वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता

नवीकरणीय ऊर्जा र स्वच्छ प्रविधिको प्रवर्धन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ को दफा १३ को अधिकार प्रयोग गरी जारी गरिएको वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ बमोजिम नेपालमा एउटा स्वायत्त निकायको रूपमा स्थापित वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले वैकल्पिक ऊर्जाको क्षेत्रमा फोकल एजेन्सीको रूपमा कार्य गर्ने, कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्यहरू गर्दै आएको छ। गठन आदेशअनुसार केन्द्रले सल्फर स्प्रिङ्ग, वायोग्यास, जैविक ऊर्जा तथा वायु ऊर्जाको क्षेत्रमा कार्य गर्न सक्ने भए तापनि ती क्षेत्रमा उल्लेख्य कार्य हुन सकेका छैनन्। केन्द्रले दश मेगावाटसम्मका हाइड्रोपावर स्थापना गर्न सक्ने भए तापनि एक मेगावाटसम्मका हाइड्रोपावरमा कार्य गरेको देखिन्छ। सौर्य ऊर्जामा नेपाल विद्युत प्राधिकरणले समेत कार्य गरिरहेको छ।

नेपालमा २०८२ आषाढ मसान्तसम्म कुल विद्युत उत्पादन जडित क्षमता ३ हजार ६०२ मेगावाट मध्ये विद्युत प्राधिकरणअन्तर्गत स्वतन्त्र ऊर्जा उत्पादक संस्थाहरूबाट सौर्य ऊर्जामा आधारित विद्युत उत्पादन ११७ मेगावाट, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान ९० मेगावाट रहेको छ। यसै सन्दर्भमा यो वर्ष वैकल्पिक ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन, ऊर्जाको उत्पादन तथा उपयोग र प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

ग्रामीण ऊर्जा नीति, २०६३, जैविक ऊर्जा रणनीति, २०७३ लगायतका नीति तथा रणनीतिहरू तर्जुमा भई कार्यान्वयनमा आएका छन्। आर्थिक वर्ष २०८१।८२ सम्म नेपालको कुल विद्युत उत्पादन जडित क्षमतामा वैकल्पिक ऊर्जाको योगदान करिब ५.७५ प्रतिशत पुगेको, ४ लाख ५६ हजार घरायसी बायोग्यास र १० लाख घरधुरीमा घरायसी सौर्य विद्युत प्रणाली, १ लाख ५६ हजार घरधुरीमा सुधारिएको फलामे चुलो जडान, ८२ हजार विद्युतीय चुलो वितरण, ४ हजार सौर्य खानेपानी तथा सिँचाइ प्रणाली, ४ हजार संस्थागत सौर्य ऊर्जा प्रणाली र ३७८ संस्थागत तथा व्यापारिक बायोग्यास प्लाण्ट जडान भएको छ। केन्द्रले अन्तर्राष्ट्रिय बजारमा आयोजना दर्ता गरी कार्बन न्यूनीकरण बापत यो वर्षसम्म रु.४ अर्ब १६ करोड ९ लाख आम्दानी गरेको छ। सौर्य खानेपानी तथा सिँचाइ जस्ता कार्यक्रमहरूले वैकल्पिक ऊर्जाको प्रयोगमा विविधीकरण भई उत्पादन वृद्धि तथा जीविकोपार्जन सुधारमा योगदान पुऱ्याउनुका साथै केन्द्रले ऊर्जा दक्षता, गुणस्तर निर्धारण तथा अनुगमन मूल्याङ्कन जस्ता क्षेत्रमा पनि कार्य गरिरहेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **ऊर्जा नीति कार्यान्वयन-** ग्रामीण ऊर्जा नीति, २०६३ ले व्यवस्था गरेकोमध्ये जिल्ला ऊर्जा कोष तथा गाउँ ऊर्जा कोष स्थापना, वायु ऊर्जाका नयाँ आयोजना निर्माण, पेट्रोलियम पदार्थको आयात एवं बिक्री वितरणबाट प्राप्त हरित कर ग्रामीण ऊर्जा विकासमा प्रयोग हुने गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन बाँकी रहेको, स्थानीयस्तरमा ग्रामीण ऊर्जा विकास आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा स्थानीय निकायको नेतृत्वदायी भूमिका अभिवृद्धि हुन नसकेको, ग्रामीण ऊर्जा विकासको लागि क्षमता अभिवृद्धि कार्यक्रमलाई शैक्षिक संस्थाहरूको कार्यक्रमसँग आबद्ध गरी सीपमूलक

तालिम प्रदान गर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको संलग्नतामा नयाँ प्रविधि विकास वा आविष्कार लगायतका कार्य हुन सकेको छैन। नेपालले २०७५-८५ को अवधिलाई ऊर्जा तथा जलस्रोत दशकको रूपमा लिएको, ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको भावी मार्गचित्र-२०७५ मा ७५३ स्थानीय तहलाई हरेकले १०० देखि ५०० किलोवाटसम्मको सौर्य विद्युत जडान गर्न सङ्घीय सरकारले ५० प्रतिशत लागत बेहोरी कार्यक्रम सञ्चालन गर्ने र २०० मेगावाटसम्म सौर्य विद्युत उत्पादन गर्ने उल्लेख भएकोमा सो अनुरूप कार्यक्रम कार्यान्वयन हुन सकेको छैन। शून्य कार्बन उत्सर्जनसम्बन्धी दीर्घकालीन रणनीति-२०७८ मा परिवर्तनीय नवीकरणीय ऊर्जाको एकीकरण तथा ग्रीड लचकतासम्बन्धी नीति तयार गर्ने उल्लेख भए तापनि हालसम्म उक्त नीति तर्जुमा भएको छैन। सोही रणनीतिले उद्योगहरूमा तापीय प्रक्रियाका लागि हाइड्रोजन जस्ता इन्धनको प्रयोग गर्ने उल्लेख गर्नुका साथै ग्रीन हाइड्रोजन नीति, २०८० समेत जारी भएकोमा हालसम्म हाइड्रोजन र यसको सहउत्पादनको उपयोग र भण्डारण हुन सकेको छैन।

ऊर्जा नीति पूर्ण रूपमा कार्यान्वयन नहुनुमा नीतिमा समय सापेक्ष परिमार्जन नहुनु, सङ्घीय संरचना अनुरूप ऊर्जा क्षेत्रको तहगत अधिकार र सीमा बमोजिम आयोजना कार्यान्वयन नहुनु, नीति, आवधिक योजना र बजेटबिच तालमेल नहुनु र बजेटमा उल्लिखित कार्यक्रमहरूको पूर्ण कार्यान्वयन नहुनु लगायतका कारण रहेका छन्। सङ्घ मातहत रहेको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई स-साना आयोजना कार्यान्वयन गर्ने एकाइको रूपमा नभई नवीकरणीय ऊर्जाको क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने, अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालन गर्ने, कार्बन व्यापार वृद्धि गर्ने, नयाँ प्रविधिमा अनुसन्धानमूलक नतिजा दिन सक्ने उत्कृष्ट केन्द्रको रूपमा अगाडि बढाउने गरी समय सापेक्ष नयाँ ऊर्जा नीति र सो बमोजिम कार्यक्रम तर्जुमा तथा कार्यान्वयन हुनुपर्दछ।

२. **आवधिक योजनाको उपलब्धि-** पन्ध्रौं योजनाले उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने राष्ट्रिय लक्ष्य निर्धारण गरी समृद्धिको लागि स्वच्छ ऊर्जाको उत्पादन र उपभोगलाई राष्ट्रिय सूचक निर्धारण गरेको छ। नवीकरणीय ऊर्जा क्षेत्रमा योजनाको अन्तिम वर्ष २०८०।८१ सम्म हासिल गर्ने गरी लिइएका लक्ष्यको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं	सूचक	एकाइ	योजनाको अन्तिम वर्षसम्मको लक्ष्य	२०८१।८२ सम्मको प्रगति	प्रगति प्रतिशत
१	जलविद्युत (जडित क्षमता)	मेगावाट	५०००	३३३६	६६.७२
२	वैकल्पिक ऊर्जा (निजी क्षेत्र प्रवर्धित सौर्य ऊर्जा समेत)	मेगावाट	७६६.६	२०७	२७
३	सुधारिएको फलामे चुलो	सङ्ख्या	५,८६,०००	१,५६,५३१	२६.७१
४	विद्युतीय चुलो	सङ्ख्या	५,८६,०००	८२,४८५	१४.०८
५	संस्थागत, शहरी तथा व्यावसायिक बायोग्यास जडान	सङ्ख्या	२,४९३	३७८	१५.१६

स्रोतः राष्ट्रिय योजना आयोग र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

उल्लिखित तथ्याङ्कमा प्रदेश सरकार र स्थानीय तहले आफ्नै तवरले वितरण गरेको विद्युतीय चुलोको सङ्ख्या समावेश छैन। सो बाहेकका अन्य सूचकहरूमा योजना अवधि पश्चातको एक वर्ष पछि पनि लक्ष्य अनुरूप प्रगति न्यून रहेको देखिन्छ। योजनाले लिएको लक्ष्य अनुरूप प्रगति हासिल गर्ने गरी बजेट विनियोजन गर्ने र कार्यसम्पादनमा सुधार गर्नुपर्दछ।

३. **योजना र बजेट-** पन्ध्रौं आवधिक योजनामा लघु तथा साना जलविद्युत कार्यक्रममा रु.२ अर्ब ६० करोड, सौर्य ऊर्जा कार्यक्रममा रु.१२ अर्ब ७० करोड, जैविक ऊर्जा कार्यक्रममा रु.१० अर्ब र मुस्ताङ्लगायतका क्षेत्रमा १० मेगावाट वायु ऊर्जा उत्पादन गर्न रु.२ अर्बसमेत रु.२७ अर्ब ३० करोड लागतका वैकल्पिक ऊर्जा सम्बन्धी आयोजनाहरू कार्यान्वयन गर्ने उल्लेख भए तापनि सो अनुरूप वार्षिक नीति तथा कार्यक्रम बनाई बजेट विनियोजन हुन सकेको देखिएन। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र नवीकरणीय ऊर्जा कोषका लागि सोही योजना अवधिमा सरकार र दातृ निकायको सहयोगसमेत रु.१४ अर्ब ५ करोड ९ लाख विनियोजन भएकोमा रु.९ अर्ब ४२ करोड ७८ लाख खर्च भएको देखिन्छ। आवधिक योजनाअनुरूप वार्षिक बजेट विनियोजन र बजेट कार्यान्वयनबिच सामञ्जस्यता हुन नसकेका कारण आवधिक योजनाले लिएको लक्ष्य पूर्णरूपमा हासिल हुन नसकी प्रगति न्यून भएको छ। योजना र बजेटबिचको अन्तर कम गर्न सम्भाव्यता अध्ययन पश्चातका आयोजनाहरू मात्र योजनामा समावेश गरी लक्ष्य तोक्ने र आवधिक योजनासँग वार्षिक बजेट तथा कार्यक्रमलाई आवद्ध गर्ने गरी बजेट विनियोजन तथा कार्यान्वयन दक्षतामा सुधार गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्म हासिल गर्ने लक्ष्यहरूमध्ये विद्युत पहुँच जनसङ्ख्या सन् २०३० सम्ममा ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा सो लक्ष्य हासिल भएको छ। प्रति व्यक्ति विद्युत उपभोगको लक्ष्य १ हजार ५०० युनिट पुनरावलोकन गरी ७५० युनिट कायम गरेकोमा २०८२ आषाढ मसान्तसम्ममा ४६५ युनिट, अन्तिम ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा ५० प्रतिशत पुऱ्याउने लक्ष्य पुनरावलोकन गरी ३० प्रतिशत कायम गरिएकोमा १७.४९ प्रतिशत र जलविद्युत तर्फ कुल जडित क्षमता १५ हजार मेगावाटको शुरू लक्ष्य पुनरावलोकन गरी ९ हजार २४५ मेगावाट कायम गरिएकोमा ३ हजार ३३६ मेगावाट पुगेको छ। दीर्घकालीन लक्ष्यका सूचक निर्धारण गर्दा पर्याप्त तथ्याङ्कीय आधारमा विश्लेषण नगरेकोले पुनरावलोकन गर्दा समेत निर्धारित लक्ष्य हासिल गर्न चुनौतिपूर्ण देखिन्छ। उपयुक्त ऊर्जा मिश्रणको छनोट, लगानी व्यवस्थापन र चुस्त आयोजना व्यवस्थापनमार्फत वैकल्पिक ऊर्जा उत्पादनमा थप तीव्रता दिनुपर्दछ।

५. **बजेट कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(२) मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गरी प्रगति कम भएको देखिएमा सो को कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय नवीकरणीय ऊर्जा कोष र कार्य सञ्चालन कोष बाहेक केन्द्रलाई नेपाल सरकारबाट २०७७।७८ देखि २०८१।८२ सम्म रु.१३ अर्ब २५ करोड ७ लाख ८२ हजार बजेट प्राप्त भएकोमा रु.९ अर्ब १ करोड ४० लाख ६७ हजार (६८ प्रतिशत) खर्च भएको छ। बजेटबमोजिम खर्च हुन नसक्नुमा तथ्यमा आधारित योजना छनोट नहुनु, प्रभावकारी खरिद एवं ठेक्का व्यवस्थापन नहुनु, स्थानीय तह तथा उपभोक्ताबाट बेहोर्नुपर्ने लागत साझेदारीको अंश समयमै सुनिश्चित हुन नसक्नु लगायतका कारण रहेको देखिन्छ। केन्द्रले नीति तर्जुमा तथा योजना छनोटमा लाभग्राही समेतको सहभागितामूलक पद्धति अवलम्बन गर्दै स्थानीय तथा प्रदेश सरकारसँगको प्रभावकारी समन्वयको माध्यमबाट आयोजना व्यवस्थापनमा सुधार गरी प्राप्त बजेट कार्यान्वयन गर्नुपर्दछ।

६. **ऊर्जा मिश्रण, नवीकरणीय ऊर्जा र विद्युत उत्पादन -** नेपालको संविधानमा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ छ (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने उल्लेख छ। सार्क देशहरूका

साथै चीन, अमेरिका र विश्वको सन् २००० देखि सन् २०२४ सम्मको अवधिमा जलविद्युतसहित नवीकरणीय ऊर्जाबाट भएको विद्युत उत्पादन अवस्थाको तुलनात्मक स्थिति निम्नानुसार छः

क्र.सं	विवरण	एकाइ	ऊर्जा जडित क्षमता सन् २०००	ऊर्जा जडित क्षमता सन् २०२४	वृद्धि प्रतिशत	सन २०२४ को कुल विद्युत उत्पादनमा नवीकरणीय ऊर्जाको योगदान प्रतिशत	सन् २०२४ मा विश्व व्यापी कुल नवीकरणीय विद्युत उत्पादनमा हिस्सा प्रतिशत
१	नेपाल	मेगावाट	२६५.६	३,४७५.३३	१२०८	९८.४९	०.०७८
२	अफगानिस्तान	मेगावाट	१९१.५	५२२.७९	१७३	६५.३९	०.०१२
३	बंगलादेश	मेगावाट	२७०	१,१८४.३	३३९	३.९८	०.०२७
४	भुटान	मेगावाट	३४४.३५	२,४५६.३१	६१३	९९.६६	०.०५५
५	भारत	मेगावाट	२४,९९८.९	२,०४,४८४.६२	७१८	३८.३०	४.६०
६	माल्दिभ्स	मेगावाट	-	७०.१६	७०	११.६९	०.००२
७	पाकिस्तान	मेगावाट	५,१७५.८९	१७,५२५.३२	२३९	३४.८३	०.३९
८	श्रीलंका	मेगावाट	१,१५६.७९	३,६१२.२३	२१२	६३.२०	०.०८१
९	**चीन**	**मेगावाट**	**७५,८५१.५२**	**१८,१७,९५६.०१**	**२२९७**	**५४.२७**	**४०.९२**
१०	**अमेरिका**	**मेगावाट**	**९६,२५७.५**	**४,२७,८८५.७**	**३४५**	**३३.४७**	**९.६३**
११	**विश्व**	**मेगावाट**	**७,६४,३८२**	**४४,४२,७५५**	**४८१**	**४६.२३**	**१००**

स्रोतः अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी

नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादनमा सार्क देशहरूमध्ये सन् २००० को तुलनामा सन् २०२४ मा नेपालको वृद्धि प्रतिशत उल्लेखनीय रहेको छ। नेपालको कुल विद्युत उत्पादनमा करिब ९८ प्रतिशत नवीकरणीय ऊर्जाको भूमिका रहेको छ। विश्वव्यापी रूपमा नवीकरणीय उर्जाबाट भएको कुल विद्युत उत्पादनमा सार्क देशहरूमध्ये भारत, पाकिस्तान र श्रीलङ्का पछि चौथो स्थानमा नेपाल रहेको भए तापनि कुल विद्युत उत्पादनमा नवीकरणीय ऊर्जा प्रयोग गर्ने देशमा दोस्रो स्थानमा रहेको छ।

अन्तर्राष्ट्रिय क्षेत्रमा जियो थर्मल, पम्प्ड स्टोरेज, आणविक ऊर्जा र अन्य गैर नवीकरणीय लगायतका ऊर्जा प्रविधि रहे तापनि नेपालमा यी प्रविधिको शुरूवात भएको छैन। नेपालको ऊर्जा क्षेत्रमा निजी तथा सरकारी क्षेत्रबाट पर्याप्त लगानी परिचालन गर्न नसक्नुले पनि विश्वव्यापी रूपमा नेपालको स्थिति कमजोर रहन गएको देखिन्छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको ऊर्जा मार्गचित्र, २०८१ अनुसार सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य भए तापनि सञ्चालनमा रहेका २ हजार ५०० मेगावाटका आयोजना बाहेक बाँकी २६ हजार मेगावाटको लागि अमेरिकी डलर ५० अर्ब लागत लाग्ने र सो लागतमध्ये अमेरिकी डलर करिब ३९.७ अर्ब लगानी जुटाउन बाँकी रहेको छ। निर्धारित अवधिमा सो अनुरूप लगानी जुटाई विद्युत उत्पादन गर्ने कार्य चुनौतिपूर्ण देखिन्छ। नेपालको विद्युत उत्पादन मुख्यतः जलविद्युतमा केन्द्रित रहेकोले लागत सम्भाव्यताका आधारमा उपयुक्त ऊर्जा मिश्रणमा लगानी जुटाई समग्र ऊर्जा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

७. **वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान -** ग्रामीण ऊर्जा नीति, २०६३ ले नवीकरणीय ऊर्जाको विकास र विस्तार मार्फत ग्रामीण क्षेत्रमा स्वच्छ, भरपर्दो र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत

ऊर्जा माथिको निर्भरतामा कमी ल्याई वातावरणको संरक्षण गर्ने लक्ष्य लिएको छ। कुल विद्युत उत्पादन जडित क्षमता २०७७।७८ मा १ हजार ४५७.४ मेगावाटमध्ये वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान ४.९४ प्रतिशत रहेकोमा २०८१।८२ मा २.५ प्रतिशत रहेको छ।

नेपालमा कुल वैकल्पिक ऊर्जाबाट उत्पादित विद्युतमा वायु ऊर्जाको हिस्सा ०.०७ प्रतिशत रहेको छ। वैकल्पिक ऊर्जामध्ये मुख्यतः लघुजलविद्युत र सौर्यबाट विद्युत उत्पादन यो वर्षसम्म क्रमशः ४०.६५ मेगावाट र १६६.१९७ मेगावाट रहेको देखिन्छ। सौर्य ऊर्जा वाहेक वायु ऊर्जा, जैविक ऊर्जालगायतमा अध्ययन अनुसन्धान गरी ऊर्जा विविधिकरण हुन नसक्दा कुल ऊर्जामा वैकल्पिक ऊर्जाको योगदान न्यून देखिएको छ। जल ऊर्जामा मात्र निर्भर हुँदा जलस्रोत सम्बन्धी विपद आइपरेमा ऊर्जा क्षेत्रमा नै सङ्कट उत्पन्न हुन सक्ने सम्भावना रहेकोले वैकल्पिक ऊर्जा क्षेत्रमा लगानी, भौगोलिक तथा पूर्वाधारको अवस्था, वायु वेगको सही मापन, सौर्य ऊर्जाका ठूला प्लाण्ट सञ्चालनको सम्भाव्यता यकिन गरी लाभ लागत विश्लेषणको आधारमा लगानी र आयोजनाको चुस्त व्यवस्थापनबाट कुल विद्युत उत्पादनमा वैकल्पिक ऊर्जाको योगदानमा अभिवृद्धि गर्नुपर्दछ।

८. **ऊर्जा खपत-** नेपाल सरकारले २०७८ सालमा जारी गरेको शून्य कार्बन उत्सर्जन सम्बन्धी दीर्घकालीन रणनीतिमा सन् २०४५ सम्म नेट जिरो कार्बन उत्सर्जन गर्ने लक्ष्य लिएको छ। आर्थिक सर्वेक्षण २०८१।८२ मा उल्लेख भएको ५ वर्षको ऊर्जा खपत स्थिति अनुसार २०७६।७७ मा कुल ऊर्जा खपतमध्ये परम्परागत ऊर्जाको हिस्सा ६६.३२ प्रतिशत, पेट्रोलियम पदार्थको हिस्सा २०.०१ प्रतिशत र विद्युत बाहेकको नवीकरणीय ऊर्जाको हिस्सा २.४३ प्रतिशत रहेकोमा २०८०।८१ मा त्यस्तो हिस्सा क्रमशः ५८.५९, २१.७१ र ३.४३ प्रतिशत रहेको देखिन्छ।

जल तथा ऊर्जा आयोगको सचिवालयले प्रकाशित गरेको इनर्जी सेक्टर सिनोप्सिस रिपोर्ट, २०२४ मा नेपालमा कुल ऊर्जा खपतको ६०.७५ प्रतिशत आवासीय क्षेत्रमा, २०.९१ प्रतिशत औद्योगिक क्षेत्रमा, ५.०४ प्रतिशत वाणिज्य क्षेत्रमा, ०.९५ प्रतिशत कृषि क्षेत्रमा, १०.४३ प्रतिशत यातायात क्षेत्रमा र १.९२ प्रतिशत निर्माण तथा खानी क्षेत्रमा खपत हुने गरेको उल्लेख छ। लेखापरीक्षणको सिलसिलामा घरायसी बायोग्यास, सौर्य प्रविधि र लघु जलविद्युत प्रयोग गर्ने २०० लाभग्राहीमा गरिएको सर्वेक्षणमा ६२ प्रतिशतले वैकल्पिक ऊर्जाको प्रयोग आयमूलक कार्यमा नगरेको, २८.५ प्रतिशतले आंशिक प्रयोग गरेको र ९.५ प्रतिशतले पूर्ण रूपमा प्रयोग गरेको उल्लेख गरेका छन्। यसबाट वैकल्पिक ऊर्जा आयआर्जन तथा उत्पादनमूलक क्षेत्रमा न्यून प्रयोग भएको देखिन्छ। सर्वेक्षणमा सहभागीमध्ये १६ प्रतिशतले वैकल्पिक ऊर्जाको प्रयोगले परम्परागत इन्धनको प्रयोगमा पूर्ण रूपमा कमी आएको, ७०.५ प्रतिशतले आंशिक कमी आएको र १३.५ प्रतिशतले कुनै पनि कमी नआएको उल्लेख गरेका छन्।

परम्परागत ऊर्जा प्रयोग गर्ने जनसमुदायमा पर्याप्त सचेतनाको कमी हुनुका साथै वैकल्पिक ऊर्जा प्रविधिहरूको दिगोपना तथा पूर्णरूपमा ऊर्जा माग सम्बोधन हुन नसकेको लगायतका कारणले परम्परागत ऊर्जाको उपयोगमा केही कमी आए पनि पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउन उल्लेखनीय भूमिका निर्वाह गर्न सकेको देखिएन। पेट्रोलियम पदार्थ अधिक प्रयोग हुने औद्योगिक तथा यातायात क्षेत्रमा नवीकरणीय ऊर्जाको प्रयोगलाई विस्तार गर्ने, स्थानीय तहसँगको समन्वयमा गैर नवीकरणीय ऊर्जा प्रयोग गर्ने जनसमुदाय लक्षित सचेतनामूलक कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन

गर्नुका साथै प्रत्येक घरपरिवारको ऊर्जा माग सम्बोधन गर्न सक्ने गरी नवीकरणीय र वैकल्पिक ऊर्जा प्रविधिमा दक्षता वृद्धि गर्नुपर्दछ।

९. **कार्बन व्यापार -** वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणको लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था छ। केन्द्रबाट प्राप्त विवरण अनुसार हालसम्म घरायसी बायोग्यास, सुधारिएको पानी मिल र लघु तथा साना जलविद्युततर्फका ८ आयोजना कार्बन बिक्रीको लागि दर्ता भएकोमा सन् २००७ देखि २०२५ सम्म ६६ लाख ८८ हजार टन कार्बन न्यूनीकरण बापत रु.४ अर्ब १६ करोड ९ लाख आय प्राप्त गरेको देखिन्छ। यो वर्षको त्यस्तो आय रु.९ करोड ४९ लाख ६० हजार रहेको छ।

केन्द्रले क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रमा आयोजना दर्ता गरी कार्बन आय गर्ने गरेकोमा सन् २०२३ मा उक्त संयन्त्र बन्द भएपछि अन्तर्राष्ट्रिय बजारमा कार्बन बिक्रीको लागि आयोजना गोल्ड स्टयाण्डर्डमा दर्ता गर्ने गरेको छ। केन्द्रबाट सञ्चालित सौर्य प्रविधि, विद्युतीय चुलो, सुधारिएको चुलो जस्ता आयोजना/प्रविधिहरूले कार्बन न्यूनीकरणमा भूमिका खेलेको भए तापनि सो प्रविधिहरू समयमै प्रमाणीकरण तथा दर्ता गरी कार्बन आय आर्जन हुन सकेको छैन। कार्बन न्यूनीकरणमा भूमिका खेलेका सौर्य प्रविधि, विद्युतीय चुलो जस्ता अन्य ऊर्जा प्रविधिलाईसमेत कार्बन व्यापारको लागि आयोजना दर्ता गरी थप आय प्राप्त गर्नुपर्दछ।

१०. **वैदेशिक सहायता परिचालन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ज) मा सरकारी रकम खर्च गर्दा कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको, कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार केन्द्र अन्तर्गत वैदेशिक ऋण तथा अनुदानमा सञ्चालित ८ आयोजनामा वैदेशिक ऋण र अनुदानसमेत रु.७ अर्ब ९२ करोड ४७ लाख ३३ हजारको सम्झौता भएकोमा ऋण ६.८३ प्रतिशत र अनुदानको हिस्सा ९३.१७ प्रतिशत रहेको छ। आयोजनाहरूमा यो वर्षसम्म रु.३ अर्ब ५४ करोड २२ लाख २० हजार खर्च भएकोमध्ये अनुदानतर्फको खर्च ४४.८७ र ऋण तर्फ ४२.२९ प्रतिशत रहेको छ। खाद्य सुरक्षाको लागि लक्षित नवीकरणीय ऊर्जा कार्यक्रम १४ डिसेम्बर, २०२३ मा शुरू भएकोमा करिब ६८ प्रतिशत र स्वच्छ चुलो कार्यक्रममा १० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। कार्यक्रम कार्यान्वयन हुन सक्ने गरी आयोजना छनौट गर्ने, दातासँग शोधभर्ना रकम समयमै लिने, दातृ निकायसँगको सम्झौतानुसार नेपाल सरकारले बेहोर्नुपर्ने समकक्षी कोषको सुनिश्चित गर्ने र सङ्घ, प्रदेश तथा स्थानीय तहसँगको समन्वय थप प्रभावकारी बनाई लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

११. **घरायसी बायोग्यास-** ग्रामीण ऊर्जा नीति, २०६३ मा घरायसी जैविक ग्यास उत्पादन प्रविधिको लागत कम गर्न, दक्षता वृद्धि गर्न तथा उच्च पहाडी क्षेत्रमासमेत यसलाई प्रवर्धन गर्न आवश्यक अध्ययन अनुसन्धानमा जोड दिइने र गोबर गुइँठा बाल्ने प्रवृत्तिलाई निरुत्साहित गरिने उल्लेख छ। केन्द्रले २०८१ मा गरेको उपभोक्ता सर्वेक्षणको तथ्याङ्कअनुसार ऊर्जा प्रविधि पुरानो हुँदै जानु, ऊर्जा छनोटको विकल्प उपलब्ध हुनु, कृषि तथा पशुपालन पेशामा परिवर्तन हुनु, बसाइँसराइ लगायतका कारणले हालसम्म २ देखि ८ घनमिटर क्षमताका घरायसी बायोग्यास ४ लाख ५६ हजार ७६६ मध्ये ९ देखि

१८ प्रतिशतसम्म बन्द भएको उल्लेख गरेको छ। न्यूनतम ९ प्रतिशतलाई आधार मान्दा ४१ हजार १०९ सङ्ख्यामा घरायसी बायोग्यास बन्द वा प्रयोग विहीन अवस्थामा रहेको देखिन्छ।

लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणमा सहभागी २०० लाभग्राहीमध्ये ५२ प्रतिशले जडित ऊर्जा प्रविधि पूर्ण रूपमा सञ्चालन भएको, ३६ प्रतिशतले आंशिक सञ्चालन भएको र १२ प्रतिशतले सञ्चालनमै नरहेको उल्लेख गरेका छन्। वैकल्पिक ऊर्जा प्रविधि प्रयोग गर्ने लाभग्राहीहरूमध्ये ४० प्रतिशतले ऊर्जा आवश्यकता पूर्ण रूपमा पूरा भएको, ४४.५ प्रतिशतले आंशिक पूरा भएको र १५.५ प्रतिशतले पूरा नभएको उल्लेख गरेका छन्। यसबाट बन्द रहेको र आंशिक सञ्चालनसमेत ४८ प्रतिशत प्रविधिले पूर्ण रूपमा ऊर्जा उत्पादन गर्न सकेको देखिँदैन। ऊर्जा प्रविधिहरू बन्द हुँदा सरकार र निजी क्षेत्र दुवैको लगानी जोखिममा पर्ने मात्र नभई यसबाट स्वच्छ ऊर्जा उत्पादनमा कमी भई दिगो विकास लक्ष्यमा प्राप्तिमा असर पर्ने देखिएको छ। सोको कारण पहिचान गरी घरायसी बायोग्यास उपयोगलाई प्रभावकारी बनाउनुपर्दछ।

१२. **सौर्य सिँचाइ आयोजना -** ग्रामीण ऊर्जा नीति, २०६३ मा सौर्य ऊर्जालाई सिँचाइ, स्वास्थ्य, शिक्षा तथा खानेपानी जस्ता क्षेत्रसँग आबद्ध गरी सामुदायिक तथा संस्थागत रूपमा सञ्चालन गरिने उल्लेख छ। केन्द्रले २०७७।७८ देखि २०८१।८२ सम्ममा सौर्य प्रविधिमा आधारित सिँचाइ प्रणालीका लागि सिभिल संरचना बाहेक प्रति हेक्टर औसत लागत रु.२ लाख ३८ हजारका दरले रु.१ अर्ब ६ करोड ४२ लाख ४० हजार खर्च गरी ४ हजार ४७३ हेक्टर सिँचित क्षेत्र विस्तार गरेको छ। सो अवधिमा २ हजार २०१ घरपरिवार लाभान्वित भएका छन्। प्रति परिवार औसत लागत खर्च रु.४ लाख ८३ हजार रहेको छ। सो खर्चमा सिभिल संरचना तर्फको लगानी जोड्दा सिँचाइ प्रणालीको औसत लागत खर्च बढ्न जाने देखिन्छ। घरपरिवारमा आधारित स-साना सिँचाइ प्रणालीको रूपमा आयोजना कार्यान्वयन गर्दा लागत नियन्त्रणमा कठिनाइ भई आयोजना लागत बढ्न सक्ने देखिएकोले सामुदायिक तथा संस्थागत रूपमा सञ्चालन हुने गरी ठूला सौर्य प्लाण्टमा आधारित आयोजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **सोलार खानेपानी प्रणाली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्यअनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। केन्द्रबाट प्राप्त विवरणअनुसार सोलार खानेपानी प्रणालीको लागि २०७७।७८ मा प्रति प्रणाली औसत लाभग्राही घरधुरी सङ्ख्या ४३ र प्रति किलोवाट औसत लागत रु.३ लाख ५३ हजार रहेकोमा २०८१।८२ मा लाभग्राही घरधुरी सङ्ख्या प्रति प्रणाली २१० र औसत लागत रु.२ लाख ९५ हजार रहेको छ। यसरी २०७७।७८ को तुलनामा २०८१।८२ मा प्रति किलोवाट औसत लागतमा कमी आएको र प्रति प्रणाली औसत लाभग्राही घरधुरी सङ्ख्या वृद्धि भए तापनि केन्द्रले विगत ५ वर्षमा कुल ११० आयोजनाको लागि रु.१ अर्ब ६ करोड ३० लाख बजेट विनियोजन भएकोमध्ये ८९ आयोजनामा रु.३४ करोड १ लाख ५० हजार अर्थात विनियोजित बजेटको तुलनामा ३२ प्रतिशत खर्च गरेको छ। स्वीकृत बजेटअनुसार तोकिएको कार्यक्रम दक्षतापूर्वक सम्पन्न गरी आयोजना कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ।

१४. **अधुरा लघु जलविद्युत आयोजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्ने तथा कार्ययोजनाअनुसार खरिद सम्झौता

कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार केन्द्र अन्तर्गत सन् २०१० देखि २०२० सम्म सम्झौता भएका जतडाखोला माइक्रो हाइड्रो, काफलबाटा माइक्रो हाइड्रोलगायतका ११ आयोजनामा रु.१५ करोड २ लाख ७५ हजारको सम्झौता भएकोमा यो वर्षसम्म रु.७ करोड ५३ लाख २९ हजार अनुदान भुक्तानी भएको देखिन्छ। सम्झौता भएको ५ देखि १५ वर्षसम्म पनि कार्यसम्पन्न हुन नसकेका १० आयोजनाको म्याद २०८३।३।३१ सम्म थप गरेको छ भने एक आयोजना सम्पन्न भई उपभोक्तालाई हस्तान्तरण गरेकोमा बाढी पहिरोका कारण सञ्चालनमा आउन सकेको छैन। समयमा आयोजना सम्पन्न नहुनुमा बाढी पहिरो, जाजरकोट भूकम्पले पारेको असर, स्थानीय र निर्माण कम्पनीबिचको विवाद, उपभोक्ताको तर्फबाट गर्नुपर्ने काममा रकमको अभावलगायतका कारण रहेको केन्द्रले उल्लेख गरेको छ। उल्लिखित अवस्थाले आयोजना कार्यान्वयन तथा व्यवस्थापन प्रभावकारी देखिएको छैन। उक्त आयोजनाहरू समयमै सम्पन्न गरी ऊर्जा उत्पादन वृद्धि गर्नुपर्दछ।

१५. **ठुला बायोग्यास प्लाण्ट-** शहरी क्षेत्रमा उत्पादन हुने र निजी प्रतिष्ठानहरूबाट उत्सर्जन हुने फोहोरबाट ठुला बायोग्यास प्लाण्टको प्रवर्धन र विकास गर्ने उद्देश्यले दिगो नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत ४ र विश्व बैङ्कको सहयोगमा सञ्चालित मिनि ग्रीड पहुँच कार्यक्रमअन्तर्गत १४ समेत दैनिक ४१ हजार ६३५ घनमिटर बायोग्यास उत्पादन क्षमता भएका १८ प्लाण्टको लागत रु.२ अर्ब ३२ करोड ६७ लाख ७२ हजारमध्ये केन्द्रको अनुदान रु.९३ करोड ५ लाख ९ हजार रहेको छ। निर्माण सम्पन्न भएका बायोग्यास प्लाण्टमध्ये कास्की र झापा जिल्लामा कुल लागत रु.२७ करोड १७ लाख ७९ हजारमध्ये केन्द्रको रु.१० करोड ८७ लाख ११ हजार अनुदानमा निर्माण गरिएका दैनिक ४ हजार घनमिटर ग्यास उत्पादन क्षमताका २ बायोग्यास प्लाण्ट सञ्चालनमा रहेका छैनन्। दाङ र सुनसरी जिल्लाका रु.३७ करोड १ लाख ६७ हजार लागतमध्ये केन्द्रको रु.१४ करोड ८० लाख ६७ हजार अनुदानमा निर्मित दैनिक ३ हजार ८०० घनमिटर ग्यास उत्पादन हुने २ प्लाण्ट ३० प्रतिशत क्षमतामा मात्र सञ्चालन भएको अवस्था छ। पर्याप्त कच्चा पदार्थको अभाव, उत्पादित ग्यास तथा जैविक मलको बजार व्यवस्थापन, कोभिड १९ को महामारीले व्यवसायमा परेको असरलगायतका कारण केही प्लाण्टहरू बन्द हुन पुगेको र केही न्यून क्षमतामा सञ्चालन भएको अवस्था छ। निजी क्षेत्र तथा स्थानीय तहसँगको समन्वयमा फोहोर सङ्कलन कार्यलाई प्रभावकारी बनाउने र उत्पादन हुने ग्यासको नेपाल आयल निगमसँग र जैविक मलको बजार व्यवस्थापनका लागि कृषि सामग्री कम्पनी लिमिटेडलगायतका संस्थाहरूसँग समन्वय गरी समस्याग्रस्त प्लाण्टको आवश्यक मर्मत सम्भार गरी सञ्चालन गर्ने र कम क्षमतामा सञ्चालित प्लाण्ट कार्यदक्षतमा सुधार गरी ऊर्जा उत्पादनमा वृद्धि र लगानीको प्रभावकारी सदुपयोग गर्नुपर्दछ।

१६. **लागत साझेदारी-** पन्ध्रौं आवधिक योजनामा स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी ऊर्जा प्रविधि र प्रणालीहरूको प्रवर्धन र विस्तार गरिने उल्लेख छ। स्थानीय तहले नवीकरणीय ऊर्जा कोषमार्फत लागत साझेदारीमा कार्यान्वयन गरिएका सौर्य तथा जलविद्युत आयोजना अन्तर्गतको लागत साझेदारी रु.१ करोड ६६ लाख ८१ हजार भुक्तानी नदिँदा केन्द्रले आफ्नै स्रोतबाट खर्च बेहोरेको पाइयो। त्यस्तै, २०८१।८२ मा केन्द्रले स्वच्छ चुलो कार्यक्रमअन्तर्गत ८ हजार थान विद्युतीय चुलो खरिद गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म पनि केही स्थानीय तह र लाभग्राहीबाट साझेदारीको रकम प्राप्त नहुँदा ठेक्का फरफारक हुन सकेको देखिएन। सार्वजनिक-निजी साझेदारी अन्तर्गतका कार्यक्रममा

सम्झौताबमोजिम कार्यसम्पादनमा तीव्रता दिने, साझेदारीको महत्त्वका सम्बन्धमा जनचेतना अभिवृद्धि गरी प्रदेश सरकार र स्थानीय तहहरूसँगको साझेदारी तथा समन्वयबाट लागत साझेदारीको कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१७. **अनुगमन तथा मूल्याङ्कन-** अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा ३ मा सङ्घ, प्रदेश र स्थानीय तहका योजनाको नियमित र आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। केन्द्रले नवीकरणीय ऊर्जा अनुदान नीति तथा अनुदान परिचालन कार्यविधिअनुसार ठुला आयोजनाहरूको हकमा निरन्तर अनुगमन र घरायसी प्रणालीको हकमा तेस्रो पक्षीय अनुगमन गर्ने गरेको जनाए तापनि यी प्रविधिहरूको प्रभाव मूल्याङ्कन गरेको देखिएन। नीति तथा योजनालाई तथ्यपरक, विश्वसनीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउन कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

नेपालको संविधानले राज्यका नीतिहरू अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको सुनिश्चितता गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने उल्लेख गरे तापनि कुल ऊर्जा आपूर्तिमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य मात्रामा वृद्धि हुन सकेको छैन। केन्द्रबाट घरायसी बायोग्यास, सुधारिएको फलामे चुलो, संस्थागत तथा व्यापारिक बायोग्यास, विद्युतीय चुलो, सौर्य ऊर्जा प्रणाली जस्ता वैकल्पिक ऊर्जाका प्रविधिहरू जडान गरी स्वच्छ ऊर्जा उत्पादनमा भूमिका खेलेको भए तापनि वैकल्पिक ऊर्जाको लागि तय गरिएका नीति तथा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको, आवधिक योजना र बजेट तथा कार्यक्रमबिच उचित तादात्म्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन हुन नसकेको र केन्द्रलाई प्राप्त सरकारी बजेट र वैदेशिक सहायताको समुचित परिचालन हुन सकेको छैन। विगतमा जडान भएका ऊर्जा प्रविधिहरू आफ्नो क्षमताअनुसार पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको, सञ्चालित सबै ऊर्जा प्रविधिहरूले जनताको ऊर्जा माग पूर्ण रूपमा पूरा गर्न नसकेकोलगायतका कारणहरूले वैकल्पिक ऊर्जाको क्षेत्रमा अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन। वैकल्पिक ऊर्जा क्षेत्रको उपयोग र प्रभावकारिता अभिवृद्धि गर्न ऊर्जा नीतिको समय सापेक्ष परिमार्जन गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, ऊर्जा नीति तथा आवधिक योजना र वार्षिक बजेटबिच उचित तालमेल कायम गर्नुपर्ने, सङ्घ मातहत रहेको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई स-साना आयोजना कार्यान्वयन गर्ने एकाइको रूपमा नभई अनुसन्धानमूलक नतिजा दिन सक्ने उत्कृष्ट केन्द्रको रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ।

नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता

नेपाल सरकारलाई कृषिसम्बन्धी नीति तर्जुमा गर्न सहयोग गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा कृषि क्षेत्रका समस्याहरूको निराकरणको उपाय पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सिपको खोजमूलक अध्ययन गर्ने उद्देश्यसहित २०४८।१।२५ मा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ बमोजिम नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)को स्थापना भएको हो। यसले केन्द्रीय कार्यालयसहित ६३ कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो वर्ष परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

नेपाल कृषि अनुसन्धान परिषद्ले प्रदेश सरकार र स्थानीय सरकारसँग सहकार्य गर्दै कृषक भ्रमण कार्यक्रम, कृषकको खेतबारीमै कृषि प्रविधि प्रवर्धन कार्यक्रम, समुदायस्तरमा बिउ उत्पादन कार्यक्रम, स्थानीय तथा प्रदेशस्तरका व्यावसायिक कृषकहरूसँगको साझेदारीमा ब्रान्डिङ कार्य, कृषकको खेतबारीमै प्रविधि प्रमाणीकरणका लागि बाह्य अनुसन्धान कार्य, तीनै तहका कृषकहरूलाई वार्षिक रूपमा करिब एक हजार मेट्रिकटन स्रोत बिउ उत्पादन र बिक्री वितरण, कृषि सल्लाहसम्बन्धी साप्ताहिक बुलेटिन प्रकाशन, किसान कल सेन्टर सञ्चालन, परिषद्ले विकास गरेका प्रविधिहरूलाई विभिन्न सञ्चार माध्यमहरू प्रयोग गरी कृषकस्तरमा पुऱ्याउने लगायतका कार्यहरू गर्दै आएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कानुनी तथा नीतिगत व्यवस्था -** नेपालको संविधानको अनुसूची-६ र ८ मा क्रमशः प्रदेश र स्थानीयतहको एकल अधिकार सूची तथा अनुसूची-९ (तीन वटै तहको साझा अधिकार सूची)मा कृषि सम्बन्धी व्यवस्था उल्लेख भए तापनि सो सम्बन्धी तहगत कार्यक्षेत्र स्पष्ट गरिएको छैन। स्वायत्तरूपमा कृषि अनुसन्धान र विकास गर्न अनुसन्धानमूलक संस्थाको स्थापना र सञ्चालन गर्न नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८, कार्य सञ्चालन विनियम, २०४९, राष्ट्रिय कृषि नीति, २०६१, पदपूर्ति समितिको कार्यविधि, २०६१ लगायत विभिन्न ७ विनियम, कार्यविधि तथा नीति तर्जुमा गरेको भए तापनि समय सापेक्ष परिमार्जन हुन सकेको छैन। राष्ट्रिय कृषि प्रणालीलाई प्रवर्धन गरी कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन कार्यक्षेत्रको स्पष्ट किटान गरी अन्तरतह समन्वय मार्फत समयानुकूल कानुनी संरचना विकास र परिमार्जन गरी सो को प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ।

२. **आवधिक योजना तथा कृषि विकास रणनीति -** पन्ध्रौं आवधिक योजनामा समसामयिक नीति तथा कानुन संशोधनका साथै कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा उक्त विश्वविद्यालय स्थापना भएको देखिएन। त्यसैगरी कृषि विकास रणनीति, २०१५-२०३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, विकेन्द्रीकृत अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान स्थानहरूको स्थापना गर्ने लक्ष्य

रहेकोमा सो कार्यको प्रगति सन्तोषजनक देखिँदैन। तोकिएबमोजिमको लक्ष्य हासिल गर्न उपलब्ध साधनस्रोतको अधिकतम उपयोग गरी प्रगति हासिल गर्नुपर्दछ।

३. **पन्ध्रौं आवधिक योजनाको लक्ष्य र प्रगति -** पन्ध्रौं आवधिक योजना (२०७६।७७ - २०८०।८१) मा कृषि अनुसन्धानसँग सम्बन्धित क्रियाकलापको लक्ष्य र प्रगति स्थिति देहायबमोजिम छः

नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	लक्ष्य (२०८०।८१)	२०८०।८१ सम्मको प्रगति
कृषिको उत्पादकत्व (प्रमुख बाली)	मेट्रिकटन प्रति हेक्टर	३.१	४	३.४३
कृषि श्रम उत्पादकत्व (अमेरिकी डलर)	प्रतिव्यक्ति प्रति हेक्टर	५४९	७१५	१०२४
कृषियोग्य जमिनको उत्पादकत्व	अमेरिकी डलर प्रति हेक्टर	३१३४	४३४८	४१४३
प्रमुख बालीहरूको बिउ प्रतिस्थापन दर	प्रतिशत	१६	२५	२३.१४
माटोमा जैविक पदार्थको मात्रा	प्रतिशत	१.९६	२.४	-
प्रतिफल				
कृषि अभिमुखीकरण सूचकाङ्क	सूचकाङ्क	-	०.३	-
व्यावसायिक कृषि फर्म	सङ्ख्या (हजारमा)	२४.२	३५	-
मलखाद आपूर्ति (रासायनिक/प्राङ्गारिक)	मेट्रिकटन (हजारमा)	३६४	६००	४७२.२
उन्नत जातका बिउ उत्पादन	मेट्रिकटन (हजारमा)	३४.६	४५.५	-
घाँसको बिउ उत्पादन	मे.टन	७८३	१३००	-

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वार्षिक प्रतिवेदन, २०८१

उल्लिखित विवरणअनुसार कृषिको उत्पादकत्व, प्रमुख बालीहरूको बिउ प्रतिस्थापन दर, मलखाद आपूर्तिलगायतमा लक्ष्यअनुरूप प्रगति भएको देखिएन। माटोमा जैविक पदार्थको मात्रा, कृषि अभिमुखीकरण सूचकाङ्क, व्यावसायिक कृषि फर्म, उन्नत जातका बिउ उत्पादन र घाँसको बिउ उत्पादनको लक्ष्य तोकिएकोमा सोको प्रगति अवस्था खुलाएको छैन। नेपाल कृषि अनुसन्धान परिषद्ले जातीय विकासमा खर्च बढाउँदा समेत स्वदेशमा स्रोत बिउ उत्पादनमा उल्लेख्य वृद्धि हुन नसक्नुले उन्नत बिउ र खाद्यान्नका लागि अन्य मुलुकसँगको परनिर्भरता बढेको देखिन्छ। स्वदेशी तथा जलवायु अनुकूलन, स्रोत बिउको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भरताको लागि नेपाल कृषि अनुसन्धान परिषद्को क्षमता विकास र स्रोतको उचित परिचालन गर्नुपर्दछ।

४. **आन्तरिक स्रोत परिचालन -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ (२) मा परिषद्को एउटा छुट्टै कोष हुने, ऐनको दफा ११(२) बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान रकम, कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने अनुदान, अनुसन्धान कार्य वा परामर्श सेवा बापत प्राप्त हुने रकम र अन्य स्रोतबाट प्राप्त रकम कोषमा रहने एवम् दफा ११(५) मा परिषद्ले सङ्कलित राजस्व रकम एकल खाता कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार परिषद्द्वारा सङ्कलित रु.३ अर्ब ४७ करोड ६८ लाख ८६ हजार विभिन्न बैङ्कका २१ मुद्दती तथा चालु खातामा र अमेरिकी डलर ४ लाख ८७ हजार ५९७ दुई बैङ्कको डलर खातामा रहेको छ। दैनिक प्रशासनिक र अनुसन्धान खर्चका लागि नेपाल सरकारको अनुदानमा निर्भर रहनुपर्ने अवस्था छ। बैङ्कमा निष्क्रिय रहेको रकमलाई परिषद्को अनुसन्धान, क्षमता विस्तार र उच्च प्रविधियुक्त कृषि पूर्वाधार विकासमा परिचालन गर्नुपर्दछ।

५. **जनशक्ति व्यवस्थापन -** नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ र पदपूर्ति समितिको कार्यविधि, २०६१ बमोजिम परिषद्का लागि आवश्यक कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत पदपूर्ति गर्ने व्यवस्था छ। परिषद्को कुल स्वीकृत दरबन्दी सङ्ख्या १ हजार ८२३ मध्ये प्रशासनतर्फ ३१२, लेखातर्फ ८३, प्राविधिकतर्फ १ हजार १५, र वैज्ञानिकतर्फ ४१३ रहेकोमा ८८० पदमा पदपूर्ति भई ९४३ (५१.७३ प्रतिशत) पद रिक्त रहेको देखिन्छ। अनुसन्धानको लागि प्राविधिक तथा दक्ष जनशक्ति आवश्यक पर्ने भए तापनि वैदेशिक अध्ययनमा गई फर्केपछि राजीनामा तथा अवकाश लगायतका कारण दरबन्दीको ठुलो हिस्सा रिक्त रहेको अवस्था छ। प्राप्त विवरणअनुसार २०७७।७८ देखि २०८१।८२ सम्म केन्द्रीय कार्यालयमा कार्यरत ४ र मातहतका कार्यालयबाट ९४ समेत ९८ जना सेवाबाट अलग भएको देखिएको छ। कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, वृत्ति विकासका न्यून अवसर र सेवा सुविधाको कमी लगायतले कर्मचारी सेवाबाट अलग हुने गरेको कार्यालयले जनाएको छ। सोको कारण स्वीकृत दरबन्दी अनुसारका अनुसन्धान कार्यक्रम समयमै सम्पन्न नहुने, संस्थागत स्मृतिमा ह्रास आउने, कर्मचारीमा गरेको लगानी समेत प्रतिफलविहीन हुने देखिन्छ। कृषि अनुसन्धान र विकासका लागि स्थापित संस्थामा दरबन्दी अनुसार पदपूर्ति नहुँदा संस्था स्थापनाको उद्देश्य पूरा नहुनुका साथै लगानीको सही सदुपयोग गर्न नसकिने हुँदा सेवा सुविधालगायतका विषयमा पुनरावलोकन गरी परिषद्को सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

६. **कबुलियतनामा -** नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०४९ को नियम ३८ मा परिषद्को मनोनयनमा अध्ययन भ्रमणमा जाने परिषद्को कर्मचारीले यस्तो अध्ययन अवधि पूरा गरी कार्यालयमा फर्केपछि कबुलियतनामामा उल्लेख भएबमोजिम सोही पदको सेवामा रही कार्यसम्पादन गर्नुपर्ने र सो कबुलियतको उल्लङ्घन गरेमा त्यस्तो कर्मचारी अध्ययन बिदामा रहँदा लिएको तलब भत्ता, सुविधावापतको रकम असुल उपर गरी विभागीय कारबाही गर्ने बेहोरा उल्लेख छ। परिषद्बाट प्राप्त विवरणअनुसार यो वर्ष १७ कर्मचारी वैदेशिक अध्ययनपश्चात् सेवामा नफर्किएका कारण कृषि विज्ञान तथा वैज्ञानिक पदहरू पूर्ति हुन नसकेको र लामो समयसम्म कानुनबमोजिम कारबाही समेत भएको देखिएन। कर्मचारीहरू वैदेशिक अध्ययनमा गएपछि सेवामा नफर्कने अवस्थाको विश्लेषण गरी कबुलियनामाको सर्त पूरा नगर्ने कर्मचारीलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

७. **जग्गाको उपयोग -** नेपाल कृषि अनुसन्धान परिषद्, आर्थिक प्रशासन विनियम, २०४९ मा परिषद्को स्वामित्व वा अधीनमा भएको जग्गा जमिनलगायतका भौतिक सम्पत्तिको सम्भार, रेखदेख र प्रयोग सम्बन्धी व्यवस्था छ। परिषद् एवम् सो अन्तर्गतका कार्यालयहरूको जग्गा उपयोग अवस्थाबारे तयार गरिएको प्रश्नावलीमा ४४ कार्यालयबाट विवरण प्राप्त भएको छ। ती कार्यालयहरूबाट प्राप्त विवरणअनुसार कुल जग्गा १ हजार ३८६ हेक्टरमध्ये अनुसन्धानमूलक कार्यमा उपयोग भएको जग्गाको क्षेत्रफल ९६५ हेक्टर (६९.६३ प्रतिशत), घर/टहरा भएको १३५ हेक्टर (९.७४ प्रतिशत) र उपयोग नभएको जग्गामध्ये उपयोग गर्न मिल्ने जग्गाको क्षेत्रफल १०७ हेक्टर (७.७२ प्रतिशत) र उपयोग गर्न नमिल्ने जग्गा क्षेत्रफल १७९ हेक्टर (१२.९१ प्रतिशत) रहेको छ। कृषि अनुसन्धानलाई सुदृढ बनाउन र उन्नत बिउ बिजन एवम् प्रविधिको विकासका लागि जग्गा प्राथमिक पूर्वाधार भए तापनि यसको उपयोग प्रभावकारी देखिएन। जग्गाको पूर्ण उपयोग हुन नसक्दा जग्गा बाँझो वा झाडीमा परिणत हुने, अतिक्रमण वा अनधिकृत बसोबास र सिमाना विवाद हुनाले अनुसन्धान कार्य समेत प्रभावित भई अपेक्षित प्रतिफल प्राप्तिमा समेत कठिनाइ उत्पन्न भएको छ। उपलब्ध

जग्गालाई बिउ वृद्धि, नमुना फार्म प्रदर्शन वा आयमूलक कृषि कार्यमा प्रयोग गरी संस्थागत आत्मनिर्भरता एवम् कृषि अनुसन्धान प्रवर्धन गर्न ठोस रणनीतिक योजना बनाई लागु गर्नुपर्दछ।

८. **जग्गाको भोगाधिकार -** सरकारी सम्पत्ति व्यवस्थापन मापदण्डअनुसार सरकारी सम्पत्ति वा जग्गा कुनै विशिष्ट प्रयोजनका लागि निश्चित सर्तसहित भोगाधिकार दिइएकोमा सो प्रयोजन समाप्त भएपछि स्वतः फिर्ता हुनुपर्ने वा त्यस्तो सम्पत्ति प्रयोग गरेवापत कानुनबमोजिम शुल्क वा राजस्व भुक्तान गर्नुपर्ने व्यवस्था छ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको कृषि अनुसन्धान केन्द्र (बागवानी), मालेपाटन, पोखराको नाममा २०४२।१०।४ मा तत्कालीन श्री ५ को सरकार, अर्थ मन्त्रालय अन्तर्गत मालपोत कार्यालय, कास्कीमा दर्ता भएको जग्गामध्ये ३३७ रोपनी १७ आना २ पैसा ३ दाम जग्गा कास्कीका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा २०६१।१२।३ मा बसेको "सरकारी सम्पत्ति व्यवस्थापन समिति" को बैठकबाट निर्णय भई सशस्त्र प्रहरी बल, कालिका गणलाई पछि फिर्ता हुने गरी भोगाधिकार प्रदान गरेकोमा उक्त प्रयोजन सकिएपश्चात् हालसम्म जग्गा फिर्ता नगरी पेट्रोल पम्पलगायत अन्य संरचना निर्माण गरेको र भोगचलन गरेबापत राजस्व वा कुनै शुल्कसमेत भुक्तानी गरेको छैन। उक्त जग्गा कृषि अनुसन्धानमा प्रयोग हुन नसकी बागवानी विकास र नवीन कृषि उत्पादकत्व वृद्धिमा बाधा पुगेको अवस्था छ। कृषि अनुसन्धानका लागि उपलब्ध जग्गा सोही प्रयोजनमा उपयोग हुनुपर्दछ।

९. **प्रयोगशाला सञ्चालन -** नेपाल कृषि अनुसन्धान परिषद्, आर्थिक प्रशासन विनियम, २०४९ ले परिषद्को स्वामित्वमा रहेका भौतिक सम्पत्तिको उपयोग, सम्भार एवम् संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। परिषद्बाट प्राप्त विवरणअनुसार विभिन्न कार्यालयमा रहेका १४ प्रयोगशालामध्ये ११ सञ्चालनमा नरहेको र ३ मात्र आंशिक रूपमा सञ्चालनमा रहेको देखिएको छ। प्रयोगशाला सञ्चालन हुन नसक्नुमा आवश्यक प्राविधिक जनशक्तिको अभाव हुनु, जटिल र आधुनिक प्रयोगशाला सञ्चालनमा विशेषज्ञताको कमी हुनु, मेसिन उपकरणको नियमित मर्मत सम्भार हुन नसक्नु लगायतका कारण विद्यमान रहेका छन्। उल्लिखित अवस्थाका कारण अनुसन्धानको परिमाण, गुणस्तर र प्रभावकारितामा असर परेको देखिन्छ। स्रोतसाधनको उच्चतम प्रयोग गरी दक्ष तथा विशेषज्ञ जनशक्तिको व्यवस्थापन एवम् मेसिन उपकरणको उचित मर्मत सम्भार गरी प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।

१०. **बिउ बिजनको जातीय विकास -** राष्ट्रिय बिउ बिजन नीति, २०५६ ले गुणस्तरीय बिउ उत्पादन गरी निर्यात प्रवर्धन गर्ने उद्देश्य राखेको छ। परिषद्बाट प्राप्त विवरणअनुसार उच्च गुणस्तरको बिउ बिजनको उत्पादन गरी प्रभावकारी वितरण गर्न नेपाल कृषि अनुसन्धान परिषद्को बिउ बिजनको जातीय विकासमा भएको खर्च र स्रोत बिउ उत्पादनको अवस्था देहायबमोजिम छः

(रु. हजारमा)

आर्थिक वर्ष	कृषि अनुसन्धानमा भएको खर्च	जातीय विकासमा भएको खर्च	जातीय विकासको खर्च प्रतिशत	स्रोत बिउ उत्पादन (मेट्रिकटन)	जात पञ्जीकरण/उन्मोचन सङ्ख्या
२०७७।७८	३७०३६८	५७६८३	१५.५७	१००३.६२	२१
२०७८।७९	४३१५००	५९६२४	१३.८२	९७५.५४	१२
२०७९।८०	४७००००	६०७१४	१२.९२	९९७.३२	१८
२०८०।८१	५२८०००	५०४३२	९.५५	७५०.०४	२५
२०८१।८२	४८००००	६०९०४	१२.६९	९००	२१

उल्लिखित विवरणअनुसार जातीय विकासमा २०७७।७८ मा रु. ५ करोड ७६ लाख ८३ हजार खर्च भएकोमा २०८१।८२ मा रु. ६ करोड ९ लाख ४ हजार पुगेको छ। जुन कृषि अनुसन्धानमा भएको कुल खर्च रु. ४८ करोडको १२.६९ प्रतिशत हुन आउँछ। सोही अवधिमा स्रोत बिउ उत्पादन २०७७।७८ मा १ हजार ३ मेट्रिकटन र २०८१।८२ मा ९०० मेट्रिकटन रहेको देखिन्छ। बिउ बिजनको जातीय विकास खर्चमा वृद्धि भए तापनि बिउ उत्पादनमा वृद्धि भएको देखिँदैन। बिउ उत्पादन घट्दा स्वदेशी बिउको अभाव सिर्जना भई बिउ आयात वृद्धि भएको र कुल अनुसन्धान खर्चको तुलनामा जातीय विकासमा खर्चको हिस्सा कम हुँदा त्यसको प्रत्यक्ष असर स्रोत बिउ उत्पादनमा परेको छ। जातीय विकासमा हुने खर्चको अनुपात बढाई परिषद्द्वारा उन्मोचित जातलाई स्रोत बिउको रूपमा विकास गर्नुपर्दछ।

११. **रासायनिक मलको आयात -** देशमा प्राङ्गारिक तथा जीवाणु मलको उत्पादन तथा प्रयोग बढाउन र बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी एवम् प्रभावकारी बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउन प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ जारी भएको छ। निर्देशिकाको दफा ४ मा प्राङ्गारिक तथा जीवाणु मल व्यवस्थापनको लागि एक समिति रहने जसमा नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रको प्रमुख समेत सदस्य रहने र सो समितिले प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादन, सूचीकरण र बिक्री वितरणलाई व्यवस्थित बनाउन सहयोग र सहजीकरण गर्ने व्यवस्था छ। माटोको गुणस्तर सुधार्ने र मल आयात प्रतिस्थापन गर्ने उद्देश्यले निर्देशिका जारी भएको भए तापनि कार्यान्वयन पक्ष कमजोर हुँदा सरकारले रासायनिक मल आयात र यसमा दिइने अनुदानको भार बर्सेनि बढ्दो छ। रासायनिक मल आयातको तथ्याङ्क विश्लेषण गर्दा, २०७७।७८ मा २ लाख ५२ हजार ३३० मेट्रिकटन युरिया मल, १ लाख ३२ हजार ५०५ मेट्रिकटन डिएपी मल र १५ हजार ३७४ मेट्रिकटन पोटाससमेत ४ लाख २०९ मेट्रिकटन आयात गरेकोमा २०८१।८२ मा २ लाख ५७ हजार ७४० मेट्रिकटन युरिया, १ लाख ७१ हजार १५३ मेट्रिकटन डिएपी र १५ हजार २६४ मेट्रिकटन पोटाससमेत ४ लाख ४४ हजार १५७ मेट्रिकटन आयात भएबाट रासायनिक मलप्रतिको परनिर्भरता बढ्दै गएको देखिन्छ। नेपालकै रैथाने वनस्पति, जैविक विविधता तथा पशुनक्षहरूको प्रयोग गरी उच्च गुणस्तरको जैविक मल र जैविक विषादी प्रशोधन केन्द्र स्थापना गर्न सकिने सम्भावना रहेको छ। जीन बैङ्कले सङ्कलन गरेका सुक्ष्म जीवाणु र पशुजन्य आनुवंशिक स्रोतलाई जैविक मल उत्पादनसँग जोड्ने विशिष्ट कार्ययोजना नहुँदा उपलब्ध स्रोतसाधनको समेत बहुआयमिक उपयोग हुन सकेको देखिँदैन। पशु आनुवंशिक स्रोतको सुदृढीकरण र स्थानीय गौशालाबाट उत्पादित मल व्यवस्थापनलाई एकीकृत गरी जैविक मलमा आत्मनिर्भरता हासिल गर्न राष्ट्रिय जीन बैङ्कलाई बिउ संरक्षणमा मात्र सीमित नराखी यसको कार्यक्षेत्र विस्तार गर्ने तथा राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रलाई समेत माटो सुहाउँदो जिवाणु मलको विकास एवम् माटो परीक्षणमार्फत माटोको गुणस्तर र उत्पादकत्व सुधार गरी जीवाणु मल विकास गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

१२. **कृषि अनुसन्धानमा जीन बैङ्क -** राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य तथा कृषि जैविक विविधता नीति, २०६३ अनुरूप २०६७ सालमा जीन बैङ्कको स्थापना भएको हो। यसमा बिउ बैङ्क, फिल्ड जीन बैङ्क, तन्तु बैङ्क, डी.एन.ए. बैङ्क, सामुदायिक बिउ बैङ्क, पोखरी/ताल जीन बैङ्क, पशुधन जीन बैङ्क, क्रायो बैङ्क लगायतका बैङ्कहरू, मध्यम र लामो अवधि बिउ संरक्षण/भण्डारण सुविधा रहेको छ। सीड स्टोरेजका लागि दीर्घकालीन भण्डारणको क्षमता १ लाख सीड संरक्षण रहेकोमा १२ हजार र

मध्यकालीन भण्डारणको क्षमता ५० हजार सीड संरक्षण रहेकोमा १२ हजार मात्र संरक्षण गरिएको छ। जीन संरक्षणमा आकस्मिक जोखिम न्यूनीकरणका लागि जेनेरेटर, डुप्लिकेट स्टोरेजलगायतका व्यवस्था भए तापनि ठूला विपद जोखिमबाट सुरक्षाका लागि आवश्यक पूर्वाधारको व्यवस्था हुन सकेको छैन। नेपालका रैथाने र लोकप्रिय जातहरूलगायत कृषि तथा पशुपंक्षीको वंश संरक्षण गरी कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका रहेको जीन बैङ्कको क्षमता विकास र सुदृढीकरण गर्नुपर्दछ। यसका अतिरिक्त विश्वकै सुरक्षित मानिने नर्वेको स्वालबार्ड ग्लोबल सीड भल्ट जस्ता अन्तर्राष्ट्रिय रूपमा निःशुल्क प्रयोग गर्न सकिने जीन बैङ्कमा समेत बिउको सुरक्षित भण्डारण गरी वैकल्पिक उपाय अवलम्बन गर्नुपर्दछ।

१३. **भौगोलिक सङ्केत -** फ्रान्स, इटाली, ग्रीस, भारत, अमेरिका, चीनलगायत विश्वका धेरै देशहरूमा बौद्धिक सम्पत्ति अधिकारअन्तर्गत धेरै कृषि उत्पादनहरूलाई भौगोलिक सङ्केत (जी.आई.) मार्फत संरक्षण गरिँदै आएको छ। नेपालका मौलिक उत्पादनहरूलाई भौगोलिक सङ्केत गरी बौद्धिक सम्पत्ति अधिकार अन्तर्गत व्यवस्थित गर्न कानुनी व्यवस्था नभएकोले तिनीहरूको संरक्षण चुनौतीपूर्ण देखिन्छ। नेपालको अन्नको राजाको रूपमा लिइने रैथाने बासमती चामललाई जुलाई २०१८ मा भारतले आफ्नो उत्पादनका रूपमा युरोपेली संघमा जियोग्राफिकल इन्डिकेशन ट्यागको आवेदन दर्ता गरेको छ। युरोपियन युनियनले ११ सेप्टेम्बर, २०२० मा आफ्नो आधिकारिक जर्नलमा उक्त आवेदन प्रकाशन गरेपश्चात् नेपालले ९ डिसेम्बर, २०२० मा बासमती चामलको उत्पत्ति, विविधता, खेती तथा प्रयोगसम्बन्धी प्रमाणसहित भारतको दाबी खारेज गर्नुपर्ने वा नेपाली बासमतीलाई पनि समान अधिकार प्रदान गर्नुपर्ने माग राखे तापनि उक्त माग पूरा भएको छैन। पर्याप्त अनुसन्धान तथा औपचारिक जी.आई. कानुनको अभावले अन्तर्राष्ट्रिय स्तरमा आफ्ना मौलिक उत्पादनहरूको पहिचान जोगाउन कठिन रहेको देखिन्छ। नेपालका रैथाने र परम्परागत उत्पादनको संरक्षणका लागि कानुनी व्यवस्था गर्नुपर्दछ।

१४. **कृषि बिउ आयात -** राष्ट्रिय बिउ बिजन नीति, २०५६ को दफा २.२ मा गुणस्तरीय बिउ उत्पादन गरी निर्यात प्रवर्धन गर्ने एवम् दफा ३.२.२ मा उच्च मूल्यका बिउहरू उत्पादन गरी निर्यात प्रवर्धन गर्ने व्यवस्था छ। बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका अनुसार विगत ५ आर्थिक वर्षको धान, मकै, तरकारी र घाँसको बिउ आयातको अवस्था देहायबमोजिम छः

(रु. हजारमा)

आर्थिक वर्ष	अन्नको बिउ (धान र मकै)		तरकारीको बिउ		घाँसको बिउ	
	परिमाण (मेट्रिकटन)	रकम	परिमाण (मेट्रिकटन)	रकम	परिमाण (मेट्रिकटन)	रकम
२०७७।७८	६३५४.६५	२१२४९८४	१४४.४९	५४८१४१	-	-
२०७८।७९	५०६९	१८५२१७७	२४६.२७	८६४६००	१९१	३०६३२
२०७९।८०	५२७०	१९९९४०८	२४४	५९२५७८	२६०	४२७२०
२०८०।८१	५९८९	२२६०३२२	५७०	९०३७८५	१८३	३६४०९
२०८१।८२	६७५६	२६६३७४२	८६२	१४७४३३६	४०८	६४२५६
जम्मा	**२९४३८.६५**	**१०९००६३३**	**२०६६.७६**	**४३८३४४०**	**१०४२**	**१७४०१७**

उल्लिखित विवरण अनुसार २०७७।७८ मा अन्नको बिउ (धान र मकै) को आयात परिमाण करिब ६ हजार ३५५ मेट्रिकटन, तरकारीको बिउ करिब १४५ मेट्रिकटन आयात भएकोमा २०८१।८२ मा अन्नकोबिउ ६ हजार ७५६ मेट्रिकटन, तरकारीको बिउ ८६२ मेट्रिकटन र घाँसको

बिउ ४०८ मेट्रिकटन बिउ आयात भएको तथ्याङ्कले नेपाल कृषि अनुसन्धान परिषद्ले कृषकको माग र आवश्यकता अनुसार स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने जातहरूको विकास गर्न सकेको देखिदैँन। बिउ विकासका लागि जीन बैङ्कमा संरक्षित रैथाने जातहरूलाई व्यावसायिक बिउ उत्पादनसँग जोड्न नसक्दा बिउ आयात गर्नुपरेको देखिन्छ। बिउ उत्पादनका लागि भौतिक लगायत अन्य पूर्वाधारको व्यवस्था, उपलब्ध स्रोतको पूर्ण उपयोग र बिउ अनुसन्धानको नतिजालाई किसानसम्म पुऱ्याउन प्रसार संयन्त्र प्रभावकारी बनाउनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेका असर र जनताको जीवनशैली परिवर्तनसँगै खाद्यान्नमा आएको संरचनागत परिवर्तनलाई सम्बोधन गर्न पूर्वाधार, जनशक्ति र अनुसन्धानमा परिषद्ले प्रयास गरिरहेको छ। यद्यपि कृषि अनुसन्धानको लागि स्थापित नेपाल कृषि अनुसन्धान परिषद्मा कृषि विशेषज्ञ, वैज्ञानिकलगायतका जनशक्तिको पर्याप्त नहुनु, वित्तीय स्रोतको व्यवस्थापन प्रभावकारी नहुनु, जग्गाको पूर्ण उपयोग नहुनु, कृषि विकासमा लगानी भित्र्याउन नसक्नु, अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्ने सबल संयन्त्र विकास गर्न नसक्नु, कानुनी तथा नीतिगत एकरूपता कायम गर्न नसक्नु साथै कृषि अनुसन्धान र विकास प्राथमिकतामा नपर्नु जस्ता समस्याले नेपालको कृषि अनुसन्धान कार्य प्रभावकारी बन्न सकेको देखिँदैन।

नेपालको संविधान अनुकूल हुने गरी संघीय स्वरूपको कृषि अनुसन्धानसम्बन्धी ऐन तर्जुमा तथा मौजुदा कानुनहरूको समयसापेक्ष परिमार्जन, सरकारको वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेटको उद्देश्यबमोजिम कृषि अनुसन्धान निकायको क्षमता विकास, राष्ट्रिय कृषि नीतिलाई राष्ट्रिय कृषि अनुसन्धान नीतिका रूपमा तर्जुमा गरी लागु गर्नु, जनशक्तिको प्रभावकारी व्यवस्थापन, उपलब्ध जग्गा, पूर्वाधार एवम् क्षमताको प्रभावकारी उपयोग, निष्क्रिय रहेको कोष परिचालन, जातीय विकास प्रवर्धन रणनीति लागु, रैथाने र परम्परागत जात संरक्षण लगायतका उपाय अवलम्बन गरी उपलब्ध स्रोत साधनको प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता

नेपालमा औपचारिक रूपमा विक्रम सम्वत् १९९१ मा सैनिक द्रव्य कोषमार्फत् सामाजिक सुरक्षाको अवधारणा सुरु भएको हो। त्यसै गरी विक्रम सम्वत् २००१ मा निजामती कर्मचारीका लागि "निजामती प्रोभिडेण्ट फण्ड" को व्यवस्था गरी सेवाबाट निवृत्त कर्मचारीलाई आर्थिक सहयोगको व्यवस्था सुरु गरियो। आर्थिक वर्ष २०५२।५३ देखि ज्येष्ठ नागरिकको सम्मान गर्न तथा जीवनयापनमा टेवा पुऱ्याउन ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई भत्ता दिने व्यवस्था मिलाइएकोमा हाल उक्त कार्यक्रम एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र लोपोन्मुख जातजातिसम्म विस्तार भएको छ। उक्त कार्यक्रममा हाल करिब ३८ लाख लाभग्राही रही २०७९।८० मा रु. १ खर्ब ८ अर्ब ३७ करोड, २०८०।८१ मा रु. १ खर्ब ८ अर्ब ८२ करोड र २०८१।८२ मा रु.१ खर्ब १४ अर्ब ३२ करोड खर्च भएको छ। सामाजिक सुरक्षा खर्च वर्सेनि बढ्दै गएको हुँदा सोको दिगोपना एवं स्रोत व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको छ। यसै परिपेक्ष्यमा सामाजिक सुरक्षासँग सम्बन्धित तथ्याङ्क व्यवस्थापन, सेवा वितरण नागरिक पहुँच र सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता अध्ययन गरी सुधारका क्षेत्र पहिचान गर्न यो वर्ष कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

सामाजिक सुरक्षा कार्यक्रमलाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीसँग अन्तरआबद्ध गरिएको, बायोमेट्रिक भेरिफिकेसनको आधारमा डिजिटल अभिलेख तयार गरी ७५३ स्थानीय तहबाट बैङ्किङ प्रणालीमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिएको र सामाजिक सुरक्षा भत्ता कार्यक्रमको दायरा विस्तार भई ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र लोपोन्मुख समुदायलाई समेत यस कार्यक्रममा समावेश गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **अभिलेख व्यवस्थापन** - राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २९ मा विभागले तथ्याङ्क भण्डारको विकास, स्थापना तथा सञ्चालन गर्ने र नियम ३०(६) मा विभागले सामाजिक सुरक्षा सम्बन्धमा विद्युतीय प्रणालीमार्फत् राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा पहुँच उपलब्ध गराउने व्यवस्था छ। विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली मार्फत नागरिकको जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद लगायतका घटना सम्बन्धी तथ्याङ्क सङ्कलन गरी सङ्कलित अभिलेख एकीकृत डाटा व्यवस्थापन केन्द्र र डिजास्टर रिकभरी सेन्टर हेटौंडामार्फत् भण्डारण र सुरक्षा गर्दै आएको छ। प्रयोगमा ल्याइएका सूचना प्रणालीको नियमित मर्मतसम्भार र समयानुकूल स्तरोन्नतिको अभाव, ज्येष्ठ नागरिकको औंठाको रेखाङ्कन रूजु नहुने, रेटिना स्क्यान उपकरणको अभाव र प्रणालीसँग आबद्धता नभएकोले अपलोड गरेका कागजातहरू स्वतः हट्ने हुँदा पुनः अपलोड गर्नुपर्ने र डाटा रूजु नहुने कारणले सेवा प्रवाहमा ढिलाइ हुने गरेको छ। अभिलेख व्यवस्थापनलाई प्रभावकारी र सुरक्षित बनाउन सूचना व्यवस्थापन प्रणालीलाई समयसापेक्ष स्तरोन्नति गर्नुका साथै उल्लिखित समस्या सामाधान गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२. **लाभग्राहीको सङ्ख्या र खर्च -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख समुदायले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्राप्त विवरणअनुसार २०७२।७३ देखि २०८१।८२ सम्म १० वर्षको अवधिमा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा लाभग्राहीको सङ्ख्या २२ लाख ६५ हजार ५३५ बाट ६८ प्रतिशतले वृद्धि भई ३८ लाख ६ हजार ६३४ पुगेको छ। त्यस्तै सामाजिक सुरक्षा खर्च रु.१६ अर्ब ५२ करोड २७ लाखबाट वृद्धि भई रु. १ खर्ब १४ अर्ब ३२ करोड २२ लाख पुगेको छ। यसबाट १० वर्षको अवधिमा सामाजिक सुरक्षामा रु. ९७ अर्ब ८८ करोड ८० लाख अर्थात् ५९२ प्रतिशत वृद्धि भएको र सरकारको कुल बजेट खर्चको तुलनामा सामाजिक सुरक्षा भत्ता खर्चको हिस्सा ७.५१ प्रतिशत रहेको छ। प्रत्येक वर्ष लाभग्राही सङ्ख्या बढ्दै जानु, लाभग्राहीको उमेर र समूहमा फेरबदल, भत्ता दरमा परिवर्तन तथा सामाजिक सुरक्षा भत्तालाई आवश्यकतामा आधारित बनाउन नसक्नु लगायतका कारणले सामाजिक सुरक्षाको दायित्व बढ्दै गएको छ। सामाजिक सुरक्षा दायित्वलाई दिगो बनाउन सरकारले उपयुक्त अध्ययन, विश्लेषण गरी यसमाथि रहेको बढ्दो आर्थिक भारलाई राज्यको वित्तीय क्षमता अनुरूप व्यवस्थित गर्नुपर्दछ।

३. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा नेपाल सरकारले देहायका ८ वर्गका समुदायलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था छ। सरकारले आर्थिक वर्ष २०८१।८२ मा ३८ लाख ६ हजार ६३४ लाभग्राहीलाई निम्नानुसार रु. १ खर्ब १४ अर्ब ३२ करोड २२ लाख सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

लाभग्राही किसिम	भत्ताको आधार	लाभग्राही सङ्ख्या	मासिक भत्ता दर	खर्च रकम (रु. हजारमा)	खर्च प्रतिशत
अन्य ज्येष्ठ नागरिक भत्ता	६८ वर्ष उमेर पुगेको	१७१९८००	४०००	७६८६२२५१	६७.२३
ज्येष्ठ नागरिक भत्ता (दलित)	६० वर्ष उमेर पुगेको	१५७८८७	२६६०	४७७००९९	४.१७
ज्येष्ठ नागरिक एकल महिला	६० वर्ष उमेर पुगेको	१५९३१०	२६६०	६४२२०२१	५.६२
ज्येष्ठ नागरिक (तोकिएका क्षेत्र)	६० वर्ष उमेर पुगेको	१६९५०	२६६०	५०८६७२	०.४४
ज्येष्ठ नागरिक जम्मा		**२०५३९४७**		**८८५६३०४३**	**७७.४६**
एकल महिला	जुनसुकै उमेरका	४१६६८७	२६६०	११२९५०४९	९.८८
पूर्ण अपाङ्गता भएका (क वर्ग)	जुनसुकै उमेरका	६९९५२	३९९०	३०४९४४२	२.६७
पूर्ण अपाङ्गता भएका (ख वर्ग)	जुनसुकै उमेरका	१५०८८३	२१२८	३४२४४९२	३
तोकिएका क्षेत्रका बालबालिका	५ वर्ष मुनीका	७५६४०९	५३२	४७५०१०७	४.१६
दलित बालबालिका	५ वर्ष मुनीका	३३६७०६	५३२	२१८८२४३	१.९१
लोपोन्मुख जाति	जुनसुकै उमेरका	२२०५०	३९९०	१०५१८४२	०.९२
कुल जम्मा		**३८०६६३४**		**११४३२२२१७**	**१००.००**

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

३.१. ज्येष्ठ नागरिक भत्ता - नेपाल सरकारले २०८१।८२ मा २० लाख ५३ हजार ज्येष्ठ नागरिकलाई रु. ८८ अर्ब ५६ करोड ३० लाख अर्थात् सामाजिक सुरक्षा खर्चको ७७.४६ प्रतिशत भुक्तानी गरेको छ। सरकारद्वारा सामाजिक सुरक्षा भत्ता सबै ज्येष्ठ नागरिकलाई समान किसिमले वितरण गरेको र यस्तो भत्तालाई आवश्यकतामुखी बनाउन नसक्दा वर्सेनी सरकारको आर्थिक दायित्व बढदै गएको छ। पारिवारिक लगत तयार गरी सम्पत्तिको स्वामित्व, गरिबीको अवस्था, पारिवारिक संरक्षण, आर्थिक तथा

सामाजिक बहिष्करण र रोजगारीको अवस्था लगायतका विषयलाई आधार बनाई ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउनुपर्दछ।

३.२. अपाङ्गता भत्ता - नेपाल सरकारले २०८१।८२ मा २ लाख २१ हजार अपाङ्गता भएका नागरिकलाई सामाजिक सुरक्षा भत्ता रु. ६ अर्ब ४७ करोड ३९ लाख भुक्तानी गरेको छ। अपाङ्गता वर्गीकरण (क वर्ग र ख वर्ग) को स्पष्ट मापदण्ड नहुँदा गलत वर्गीकरण, प्रशासनिक झन्झट, प्रमाणीकरणमा समस्या र वास्तविक लाभग्राहीको पहुँच सुनिश्चित नहुने जस्ता समस्या रहेका छन्। जसले गर्दा बर्सेनी यस्तो भत्ता दायित्व बढदै गएको छ। अपाङ्गता वर्गीकरणको स्पष्ट मापदण्ड तयार गरी वास्तविक लाभग्राहीलाई मात्र भत्ता उपलब्ध गराउनुपर्दछ।

३.३. बालबालिका पोषण भत्ता - नेपाल सरकारले तोकेका २५ जिल्ला तथा देशभरका दलित परिवारका ५ वर्ष मुनिका बालबालिकाको लागि मासिक रु. ५३२।- का दरले २०८१।८२ मा १० लाख ९३ हजार बालबालिकालाई रु. ६ अर्ब ९३ करोड ८३ लाख बालपोषण भत्ता उपलब्ध गराएको छ। उक्त भत्ता रकम सबै वर्गका बालबालिकालाई समान रूपमा वितरण भएको, भत्ता रकम निश्चित क्षेत्र र वर्गमा मात्र सीमित भएको तथा भत्ता रकम न्यूनसमेत भएकोले कार्यक्रमको प्रभावकारिता अपेक्षित हुन सकेको छैन। आर्थिक रूपले विपन्न एवं गरिबीको आधारमा आवश्यकता मूल्याङ्कन गरी बालपोषण भत्तालाई लक्षित वर्ग केन्द्रित बनाउनुपर्दछ।

३.४. एकल महिला भत्ता - नेपाल सरकारले एकल महिलालाई मासिक रु. २ हजार ६६० का दरले सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्थाअनुसार २०८१।८२ मा ४ लाख १६ हजार ६८७ महिलाको सामाजिक सुरक्षा भत्तामा रु. ११ अर्ब २९ करोड ५० लाख ४९ हजार भत्ता खर्च गरेको छ। यस वर्ष एकल महिला भत्ता पाउनेमध्ये उमेर समूहका आधारमा ५० वर्ष मुनिको सङ्ख्या १ लाख ९७ हजार ९०८ रहेको छ। नेपाल सरकारले ५० वर्ष मुनिका सक्रिय उमेर समूहका एकल महिलाहरूलाई भत्ताका अतिरिक्त विभिन्न सिपमूलक तथा सशक्तीकरण सम्बन्धी कार्यक्रममा सहभागी गराई आर्थिक र सामाजिक तवरले सबल बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

३.५. लोपोन्मुख भत्ता - सरकारले लोपोन्मुख समुदायलाई संरक्षण गर्नको लागि त्यस्ता परिवारका प्रत्येक सदस्यलाई मासिक रु. ३ हजार ९९० का दरले भत्ता वितरण गर्ने व्यवस्था गरेको छ। व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा लोपोन्मुख समुदायका २२ हजार ९८ लाभग्राही रहेकोमा २०८१।८२ मा २२ हजार ५० रहेको र सामाजिक सुरक्षा भत्तामा रु.१ अर्ब ५ करोड खर्च भएको छ। सरकारले लोपोन्मुख समुदायलाई संरक्षण गर्न परिवारका प्रत्येक सदस्यलाई भत्ताको व्यवस्था गरे तापनि बर्सेनि रूपमा उक्त समुदायको सङ्ख्या घट्दै गई रहेको छ। लोपोन्मुख समुदायको उत्थान तथा सशक्तीकरणका लागि परम्परागत सिपमा आधारित उद्यम प्रवर्धन गर्ने, समुदाय विशेष जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने, स्थानीय सिप विकास र सशक्तीकरण हुने कार्यक्रम सञ्चालन गरी यस्तो भत्ता जीविकोपार्जन एवं उपभोगमा केन्द्रित नभई लोपोन्मुख समुदायको मूलप्रवाहीकरणमा योगदान पुग्नेगरी दिगो र प्रभावकारी बनाउनुपर्दछ।

३.६. विपन्न तथा अशक्त र असहाय भत्ता - सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति र आर्थिक रूपले विपन्न नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था छ। नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएकोभन्दा न्यून आय भएका

व्यक्तिलाई विपन्न मानिने उल्लेख गरेकोमा हालसम्म त्यस्तो सूचना प्रकाशन गरिएको छैन। अशक्त र असहायलाई सम्बन्धित ऐनले परिभाषित गरे तापनि विपन्नको स्पष्ट मापदण्ड बनाई कार्यान्वयन नगरेकोले सामाजिक सुरक्षा खर्च बढ्दै गएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको लागि उमेर र निर्धारित क्षेत्रलाई मुख्य आधार लिनुभन्दा चल तथा अचल सम्पत्तिको स्वामित्व, पिछडिएको क्षेत्र तथा सीमान्तकृत जाति, पारिवारिक वार्षिक आम्दानी र परिवारमा रोजगारीको अवस्था जस्ता विषयमा आधार र मापदण्ड बनाई यस्तो भत्ता आवश्यकताका आधारमा प्रभावकारी ढङ्गले वितरण हुने व्यवस्था मिलाउनुपर्दछ।

४. **विद्युतीय भुक्तानी प्रणाली -** सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ को नियम १० मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैङ्किङ प्रणाली अनिवार्य गरेको छ। बैङ्किङ प्रणाली अनिवार्य हुँदा वृद्ध, अपाङ्गता भएका र असक्त व्यक्तिहरूले दुर्गम क्षेत्रका बैङ्क तथा वडा कार्यालय पुग्न एक देखि तीन घण्टाको पैदल यात्रा गर्नुपर्ने अवस्थाले भत्ता प्राप्त गर्न असुविधा रहेको छ। भत्ता भुक्तानीको लागि एकभन्दा बढी वडाको लागि एउटा बैङ्क भएकोले लाइनमा बसेर सेवा लिनुपरेको अवस्था छ। सेवा लिन असक्षम लाभग्राहीको सेवा सहजीकरणका लागि बैङ्कको समन्वयमा स्थानीय तहको प्रतिनिधिसहितको घुम्ती शिविर सञ्चालन गरी घरमै पुगेर सेवा दिने गरेको केही स्थानीय तहले जानकारी गराएका छन्। भत्ता वितरणमा भौगोलिक अवस्था तथा दुरी र बैङ्किङ पहुँच तथा लाभग्राहीको अवस्था समेतको विश्लेषण गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ।

५. **लगत कट्टा -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ मा लाभग्राहीको मृत्यु भएमा, बसाइँसराइ गएमा र एकल महिलाले विवाह गरेमा त्यस्तो लाभग्राहीको नाम सूचीबाट हटाउनुपर्ने उल्लेख छ। समयमा घटना दर्ता गर्न नआउने र मृत्यु दर्ता गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य नभएका कारण भत्ता रकम त्यस्ता व्यक्तिको बैङ्क खातामा होल्ड भएर बस्ने अवस्था छ। सामाजिक सुरक्षा भत्ता पाउनेको हकमा मृत्यु दर्ता गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरी घटना दर्ता भएको स्थानीय तहबाट सूचना प्राप्त भएमा स्वचालित रूपमा लाभग्राही सूचीबाट लगत कट्टा हुने व्यवस्था हुनुपर्दछ।

६. **दोहोरो सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा सामाजिक सुरक्षा भत्ता नपाउने व्यक्तिहरूको आधार सम्बन्धमा उल्लेख भए तापनि नेपालको पेन्सन सुविधा बाहेक भारतीय सेना, ब्रिटिश सेना, सिङ्गापुर प्रहरीलगायतका अन्य देशका सरकारी कोषबाट निवृत्तिभरण पाउने नेपाली नागरिक र निजी संस्थाहरूबाट निवृत्तिभरण तथा उपदान प्राप्त गर्नेको स्पष्ट अभिलेख राख्ने र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सन्दर्भमा कुनै विषय उल्लेख छैन। विभिन्न निजी संस्था तथा विदेशी सरकारबाट निवृत्तिभरण, उपदान तथा तलब भत्ता बुझ्ने व्यक्तिहरूले पनि सामाजिक सुरक्षा भत्ता लिने गरेको देखिन्छ। ऐनको अस्पष्टताले दोहोरो सुविधा उपयोग गर्दा राज्यकोषमा व्ययभार परेको छ। सरकारको बढ्दो सामाजिक सुरक्षा भार न्यूनीकरण गर्न आर्थिक विपन्नता र चरम गरिबीमा रहेका वर्गहरूलाई आवश्यकताको आधारमा मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

७. **कार्यक्रमको दिगोपना -** सामाजिक सुरक्षा ऐन, २०७५ द्वारा सञ्चालित कार्यक्रमहरू नगद हस्तान्तरणमा आधारित रहेको र यस्ता कार्यक्रमले नागरिकका आवश्यकता सम्बोधन गर्न नसकी राज्यको दायित्व बढ्दै गएको छ। कार्यक्रमले लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक, विधवाको सशक्तीकरण र मूलप्रवाहीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको देखिँदैन। नागरिकलाई दीर्घकालीन सामाजिक

सुरक्षाको प्रत्याभूति गराउन, आर्थिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्न लक्षित वर्गको पहिचान, स्वास्थ्य बिमा कार्यक्रमसँग आबद्धता र औपचारिक एवं अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई अनिवार्य रूपमा योगदानमा आधारिक सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने, आर्थिक तथा सामाजिक रूपले सम्पन्न, सरकारी तथा सङ्गठित संस्था, औपचारिक क्षेत्रमा रोजगारीमा आबद्ध कर्मचारीमा आश्रित ज्येष्ठ नागरिकलाई प्रत्यक्ष रूपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने प्रणालीमा सुधार गरी सार्वजनिक स्थलमा विशेष छुट र भत्ता नलिनेलाई सम्मान गरी नगद भत्ताको सट्टा अन्य तवरले सामाजिक सुरक्षाको अनूभुति हुने गरी सामाजिक सुरक्षा भत्ताको उपयुक्त व्यवस्थापन हुनुपर्दछ।

८. **एकीकृत प्रणालीको विकास -** सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिकको गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवन चक्रका सबै चरणमा सामाजिक सुरक्षा प्रत्याभूत गराउने उद्देश्य अनुरूप कार्यगत नीति, लक्षित वर्ग पहिचान, एकीकृत सूचना प्रणाली, आर्थिक र प्रशासनिक संरचना तयार गरी सामाजिक संरक्षण प्रणालीलाई सुदृढ गर्न एकीकृत सामाजिक सुरक्षा संरचना, २०८० कार्यान्वयनमा ल्याइएको छ। हाल सङ्घ, प्रदेश मन्त्रालय, बोर्ड, कोष र स्थानीय तहबाट सामाजिक सुरक्षा सम्बन्धी विभिन्न नगद तथा प्रोत्साहन कार्यक्रम सञ्चालनमा रहेका छन्। सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न निकायबाट प्रदान गरिने सेवा सुविधामा, एकरूपता र सामञ्जयताको अभाव तथा दोहोरोपना रहेको अवस्था छ। तीनै तहको सरकारबीच समन्वय र सहकार्यको कमी रहेको र एकीकृत प्रणाली लागु भई नेपाल सरकारको तीनै तहबाट वितरण हुने भत्ता तथा सुविधाहरूमा वार्षिक रूपमा हुने गरेको खर्चको एकीकृत सूचना प्रणाली रहेको छैन। सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने व्यक्ति तथा समूहको एकीकृत सूचना प्रणाली तयार गरी लक्षित वर्ग पहिचान गर्ने र त्यस्ता कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्दै आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन एवं व्यवस्थापन गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

सामाजिक सुरक्षा भत्ताले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका समूहहरूको न्यूनतम जीवनस्तर सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यसले त्यस्ता समुदायको आधारभूत आवश्यकता पूरा गर्न सहयोग गर्नुका साथै सामाजिक न्याय र समावेशितालाई सबल बनाएको छ। तथापि लाभग्राहीको अभिलेख अद्यावधिक नहुनु, विद्युतीय भुक्तानी प्रणाली व्यवस्थित नहुनु, राज्यबाट सुविधा लिएका नागरिकलेसमेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नु, सबै वर्ग समूहलाई एउटै किसिमले भत्ताको व्यवस्था हुनुलगायतका कारणले सामाजिक सुरक्षामा सरकारको आर्थिक भार बढाएको छ। यस कार्यक्रमको पूर्ण प्रभावकारिता हासिल गर्न लक्षित समूहको सही पहिचान, पारदर्शी वितरण प्रणाली, दुरूपयोग नियन्त्रण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापन आवश्यक देखिन्छ। त्यसैले, वैज्ञानिक आधारमा लक्षित वर्गको पहिचान, लाभग्राही छनोट, प्रविधिको प्रयोगमार्फत वितरण प्रणालीमा सुदृढीकरण आवश्यक र नीतिगत सुधार गर्नुपर्दछ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति

नेपालको मध्य पहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण २०६४।६५ बाट सुरू भएको हो। सुरुमा २०७४।७५ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको यो लोकमार्गको लम्बाई पूर्वमा पाँचथर जिल्लाको चियोभञ्याङ्गदेखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म १ हजार ७७६ किलोमिटर रहेकोमा विभिन्न समयमा रेखाङ्कन परिवर्तन हुँदै हाल १ हजार ८७९ किलोमिटर कायम भएको छ। नेपाल सरकारले २०६९।७० देखि आयोजनालाई "राष्ट्रिय गौरवको आयोजना" घोषणा गरेको छ। लोकमार्गको सुरू लागत अनुमान रु. ३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत रु.८४ अर्ब ३३ करोड रहेको छ। यो वर्ष यस लोकमार्गको निर्माण अवस्थाको मूल्याङ्कन र विश्लेषण गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

मध्य पहाडको पूर्वदेखि पश्चिमसम्म कुल १ हजार ८७९ किलोमिटर सडकमध्ये २०८१।८२ सम्म आयोजनाबाट १ हजार ४८ किलोमिटर, अन्य सडक योजना र डिभिजनबाट ४६२ किलोमिटरसमेत १ हजार ५१० किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको, लोकमार्गभित्र पर्ने कुल १३७ पुलमध्ये ९२ पुल सम्पन्न भएको र सडक सुरक्षाको लागि ७९ हजार ३१५ मिटर क्र्याश ब्यारियर निर्माण सम्पन्न भएको छ। लोकमार्गको निर्माणबाट मध्यपहाडी क्षेत्रको यातायातमा सहजता हुनुका साथै त्यस क्षेत्रको आर्थिक क्रियाकलाप विस्तारमासमेत योगदान पुऱ्याउने लक्ष्य छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **आयोजनाको लागत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा कार्यालयको लागि स्वीकृत बजेट लक्ष्यअनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। आयोजनाको २०६४।६५ देखि २०८१।८२ सम्म रु. ८० अर्ब ३३ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु. ७१ अर्ब ९ करोड ८७ लाख खर्च भएको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रु. ३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत रु. ८४ अर्ब ३३ करोड पुगेकोले सुरू लागत अनुमानको तुलनामा १५२.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ। संशोधित कार्यतालिकाबमोजिम २०८४।८५ सम्म आयोजना सम्पन्न हुनुपर्नेमा २०८१।८२ सम्म आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत र वित्तीय प्रगति ८४ प्रतिशत रहेको छ। निर्धारित समयमा आयोजना सम्पन्न नहुँदा एवं विभिन्न खण्डमा रेखाङ्कन परिवर्तन हुँदा आयोजनाको सुरू लागतमा रु.५० अर्ब ९७ करोड वृद्धि भएको छ। आयोजना निर्माण कार्यमा कार्यदक्षता बढाई निर्धारित समयमै सम्पन्न गर्नुपर्दछ।

२. **विस्तृत आयोजना प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन भएका आयोजना प्रस्ताव गर्नुपर्दछ। तर सडक खण्ड एवं पुलहरूको अलग-अलग विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भए तापनि लोकमार्ग आयोजनाको एकमुष्ट रूपमा विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन। सम्भाव्यता अध्ययन/

विस्तृत आयोजना प्रतिवेदनबेगर आयोजना स्वीकृति र कार्यान्वयन गर्दा आयोजनाको क्षेत्र यकिन नभएको, आयोजना प्रभावित तथा सरोकारवालाको आवश्यकता सम्बोधन नहुँदा निर्माणमा अवरोध हुने गरेको, आयोजनाका क्रियाकलाप स्पष्ट नभई व्यवस्थापनमा अन्यौलता रहेको छ। आयोजना अन्तर्गतका ३ सडक खण्ड तथा ५ पुलको विस्तृत परियोजना प्रतिवेदन हालसम्म तयार भएको छैन। आयोजनाको म्याद अन्तिम चरणमा रहेको अवस्थामा हालसम्म विस्तृत अध्ययन प्रतिवेदन तयार हुन नसकेकोले उक्त सडक खण्ड तथा पुलहरूको ठेक्का व्यवस्थापन समेत सम्पन्न भएको छैन। यसले आयोजनाको समय र लागत दुबै बढ्ने देखिन्छ। आयोजनाको विस्तृत अध्ययन गर्न बाँकी सडक खण्ड तथा पुल एंव समग्र लोकमार्गको त्यस्तो प्रतिवेदन तयार गरी सोबमोजिम निर्माण सम्पन्न गर्नुपर्दछ।

३. **समस्या निरूपण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ तथा डिजाइन, आयोजना प्रतिवेदन आदि तयारी गरेर मात्र आयोजना सुरू गर्नुपर्दछ। आयोजना अन्तर्गतका सडक खण्डमा रुख काट्ने आदेश नभएको, रेखाङ्कनमा विवाद भएको, बुढीगण्डकी जलविद्युत आयोजनाको डुबान क्षेत्र विवादलगायतका कारण लोकमार्गको केही खण्डमा निर्माण कार्य हुन सकेको छैन। यस सम्बन्धी बेहोरा निम्नानुसार छन्।

३.१. आयोजना अन्तर्गत पर्ने निजी जग्गाको मुआब्जा वितरण नगर्ने र शहरी क्षेत्रमा पर्ने घर टहरा नोक्सानी वापत क्षतिपूर्ति रकम भुक्तानी गर्ने गरेको छ। आयोजना अन्तर्गतका योजना कार्यालयहरूबाट हालसम्म रु.१९ करोड ५६ लाख २६ हजार क्षतिपूर्ति वितरण भएको देखिन्छ। तर निजी जग्गाको मुआब्जा वितरण नहुँदा लमजुङ जिल्लाको सुन्दरबजार खण्डको सडक निर्माण कार्य, बागलुङ्ग जिल्लाको बागलुङ्गदेखि उपल्लाचौरसम्मको सडक निर्माण कार्य अवरुद्ध रहेको छ। जग्गाको मूल्याङ्कन तथा क्षतिपूर्ति भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायालयमा मुद्दा दायर हुने गरेकाले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ।

३.२. योजना कार्यालय, पर्वत खण्डको कुर्पुटारदेखि तल्लो हेम्जासम्मको ४९ किलोमिटर सडक खण्ड (कर्पुटार-तल्लोबेंसी- भगवतीटार- भैंसे- ठुलो स्वाँरा- बाँझपाटन- मल्पी -लामाचौर हुँदै तल्लो हेम्जासम्म) मध्ये रुदी खोलादेखि भैंसेसम्म १६ किलोमिटर सडक खण्डमा ठेक्का व्यवस्थापन भई कार्य सम्पन्न भइसकेको र अर्को ६ किलोमिटर सडक निर्माण कार्य भइरहेको छ। रेखाङ्कनअनुसार बाँकी २७ किलोमिटर सडक निर्माण गर्दा शहरी क्षेत्र परेकोले निर्मित संरचना भत्काउनुपर्ने, नागरिक घरबारविहीन हुने हुँदा भैंसे-ब्यत्यानी-ज्याम्दु-मेलेबोटे-पानीघाट-आटीघाट-अर्मलाकोट-अर्मलाटारी-यार्ले-महेन्द्रगुफा-मलाबिसौनी-लामाचौर हुँदै सेती नदी जौबारी पुलसम्मको ३८.८ किलोमिटर सडक खण्डमा नयाँ रेखाङ्कन गर्नुपर्ने र यसरी रेखाङ्कन गर्दा जग्गा सम्बन्धी कुनै विवाद नहुने, जग्गा प्राप्त गर्दा मुआब्जा उपलब्ध गराउन नपर्ने, घर-टहरा क्षतिपूर्ति रकमसमेत न्यून हुने अवस्था देखिएको भनी पोखरा महानगरपालिकाका सम्बन्धित वडा अध्यक्षहरूले समेत सहमति दिएको आधारमा २०७८।११।२६ को मन्त्रीपरिषदको बैठकबाट नयाँ रेखाङ्कन स्वीकृत भएको छ। नयाँ रेखाङ्कन अनुसारको विस्तृत आयोजना प्रतिवेदन २०७९ भाद्रमा तयार गरी २०७९।१०।१७ मा रु. ३ अर्ब ४४ करोड १२ लाखको खरिद सम्झौता भएकोमा हाल उक्त खण्ड निर्माणाधीन अवस्थामा छ। ठेक्का सम्झौता भएपछि अर्मलाकोटदेखि सेती खोलाको जौबारीपुलसम्मको

१२ किलोमिटर सडकमा स्थानीय बासिन्दाहरूको अवरोधका कारण निर्माण कार्य हुन सकेको छैन। रेखाङ्कन परिवर्तन गर्दा पर्याप्त अध्ययन नभएकोले योजनाको लागत र समय दुबै बढेको छ।

३.३. योजना कार्यालय, गोरखाले पिपलटारदेखि देउदीसम्मको २०.८ किलोमिटरसडक खण्डलाई दुई खण्डमा विभाजन गरी चेनेज ०+००० देखि १०+००० सम्म १० किलोमिटर सडकको २०७७।१०।२२ मा रु. ५४ करोड ४५ लाख २० हजारमा र चेनेज १०+००० देखि २०+८७५ को १०.८ किलोमिटर सडकको २०७७।१०।२१ मा रु.६४ करोड २६ लाख ५२ हजारमा निर्माण सम्झौता गरेको छ। उक्त दुवै ठेक्काको सुरू सम्झौताअनुसार कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७९।१०।२१ सम्म रहेकोमा २०८१।८२ सम्म क्रमशः २३ र १६ प्रतिशत मात्र भौतिक प्रगति भएको छ। सम्झौताअनुसार निर्माण व्यवसायीलाई क्रमशः रु. ५ करोड ४४ लाख र रु ६ करोड २१ लाखसमेत रु.११ करोड ६५ लाख पेस्की दिएको छ। बटारदेखि देउदीसम्म १० किलोमिटर वन क्षेत्रमा रूख कटान अनुमतिमा ढिलाइ हुँदा ट्र्याक खुलेको छैन। पर्याप्त पूर्व तयारी बेगर निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्यमा ढिलाइ भएको तथा पेस्की रकमको प्रभावकारी उपयोग भएको देखिएन।

३.४. योजना कार्यालय, गोरखा अन्तर्गत कर्पुटारदेखि रुदी खोलासम्मको ६.१२० किलोमिटर सडक खण्डको लागत अनुमान रु. ३५ करोड ८८ लाख ८५ हजार रहेकोमा २०७७।१०।२३ मा एक संयुक्त उपक्रमसँग २०७९।१०।२२ सम्ममा कार्य सम्पन्न गर्ने गरी रु १९ करोड ८५ लाख १६ हजारमा सम्झौता भएको छ। उक्त ठेक्कामा २०८१।८२ को अन्तसम्म ४० प्रतिशत भौतिक प्रगति भएको छ। उक्त सडकमध्ये ३ किलोमिटर सडक खण्डमा वन क्षेत्र विवाद रहेको र अर्को ७०० मिटर बाटो रुदी खोलाले बगाएकोले हाल उक्त क्षेत्रमा यातायात सुचारु हुन सकेको छैन। उक्त सडकको विस्तृत अध्ययन गर्दा रुदी खोला खण्डमा भिरबाट ट्र्याक खोल्नुपर्ने र खोला गहिरो भएकोले लेभल अनुसार सडकको उचाइ मिलाउन सो अनुसारको डिजाइन र आइटमहरूको परिमाण नभएकोले आवश्यकता अनुसार निर्माण हुन नसकेको सम्बन्धित कार्यालयले जनाएको छ। समस्याग्रस्त खण्ड बाहेकको क्षेत्रमासमेत निर्माण व्यवसायीले काम नगरी ठेक्का अधुरो अवस्थामा रहेको छ।

आयोजनाको ठेक्का व्यवस्थापन अघि पर्याप्त अध्ययन/विश्लेषण एवं पूर्व तयारीका कार्य गरी आयोजना प्रभावित नागरिक तथा सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्दै मुआब्जा एवं रेखाङ्कन सम्बन्धी विवाद समाधान गरी लोकमार्गको उल्लिखित खण्डहरूको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४. **ठेक्का व्यवस्थापन हुन बाँकी सडक खण्ड तथा पुल -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ मा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकाय प्रमुखको हुने व्यवस्था छ। आयोजनाको कुल लम्बाइ १ हजार ८७९ किलोमिटर मध्ये ८ सडक खण्डको १०७ किलोमिटर र १३७ पुलमध्ये १८ पुलको हालसम्म ठेक्का व्यवस्थापन हुन सकेको छैन। उक्त सडक खण्डमध्ये २ खण्डको ठेक्का तोडिएको र पुनः अध्ययन हुन नसकेको, ४ मा बजेट सुनिश्चितता नभएको, १ बुढी गण्डकी परियोजनाको डुबानमा पर्ने र १ मा मुआब्जा वितरणको विवाद रहेकोले ठेक्का व्यवस्थापन कार्य हुन सकेको छैन। त्यस्तै ७ पुलमा स्रोत सहमति प्राप्त नभएकोले ठेक्का व्यवस्थापन हुन नसकेको, ५ पुलको विस्तृत आयोजना प्रतिवेदन तयार नभएको, ४ पुलमा ठेक्का अन्त्य गरी पुनः व्यवस्थापन नभएको र २ पुल बाढीले क्षति भएकोमा पुनः व्यवस्थापन

हुन नसकेको आयोजना निर्देशनालयले जनाएको छ। व्यवस्थापन हुन नसकेका सडक खण्ड तथा पुलको ठेक्का व्यवस्थापन गरी निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ।

५. **अधुरो निर्माण कार्य -** योजना कार्यालय, दैलेखअन्तर्गत चौरजहारी र जाजरकोट जिल्लाको कुदु जोडने रु. १४ करोड ८४ लाख २८ हजार लागत अनुमान भएको भेरी पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।२।२८ सम्ममा सम्पन्न गर्ने गरी २०६९।३।२९ मा रु. १३ करोड १३ लाख ५२ हजारको सम्झौता भएको देखिन्छ। निर्माण चरणमा उक्त पुलको डिजाईन रिभ्यू भएको कारण निर्माण अवधि २०८०।३।३१ सम्म थप भएको देखिन्छ। निर्माण व्यवसायीले सम्झौताको कार्यतालिका बमोजिम निर्माण कार्य नगर्दा १८ प्रतिशत मात्र भौतिक प्रगति भएकोले २०७९।८।७ को विभागीय निर्णयबमोजिम ठेक्का अन्त्य भएको छ। निर्माण व्यवसायीलाई पुलको आंशिक निर्माण (एबुटमेन्ट, फुटिङ्ग टावर/लेफ्ट एङ्कर बल्क) बापत् रु. २ करोड ३६ लाख ४३ हजार भुक्तानी भएको छ। पुलको बाँकी निर्माण कार्यको लागि रु.२१ करोड ८७ लाख ५२ हजारको लागत अनुमान तयार गरी २०८०।७।२ मा बोलपत्र आह्वान गरेकोमा एकमात्र बोलपत्रदाताले लागत अनुमान भन्दा ४९.७४ प्रतिशत बढी कबोल गरेकोले सो प्रक्रिया अन्त्य गरेको पाइयो। निर्देशनालयले पुनः रु. २२ करोड ६४ लाख ७० हजारको लागत अनुमान स्वीकृत गरी दोस्रो पटक २०८१।१।२८ मा बोलपत्र आह्वान गरेकोमा बोलपत्र नै पेस नभएको निर्देशनालयले जनाएको छ। निर्माण सम्पन्न कार्यको तेस्रो पक्षबाट प्राविधिक परीक्षण कार्य गराई थप रु.१० लाख ६३ हजार भुक्तानी दिएको देखियो। पुनः ठेक्का व्यवस्थापन हुन नसक्दा पुल निर्माणको लागि निर्माण कार्य अगाडि बढ्न नसकेको र निर्मित सडकमा यातायात सञ्चालन हुने अवस्था छैन।

६. **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) अनुसार काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि बढाउनुपर्ने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले कारण खुलाई म्याद थप गर्न सक्ने व्यवस्था छ। आयोजनाको म्याद थप भएका ठेक्कामध्ये ४७ ठेक्काको म्याद थप सम्बन्धी विवरण विश्लेषण गर्दा ६ ठेक्काको सुरू सम्झौताको ५० प्रतिशतसम्म र बाँकी ४१ ठेक्कामा सुरू सम्झौताको ५१ प्रतिशत भन्दा बढी म्याद थप भएको पाइयो। सुरू सम्झौताभन्दा बढी अवधि थप भई ठेक्का समाप्त भएका ठेक्काको काम समयमा सम्पन्न नहुँदा लागत बढेको छ। अतः वस्तुनिष्ठ आधारमा आयोजनाका समय र लागत निर्धारण गरी ठेक्का व्यवस्थापन गर्नुका साथै निर्धारित समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसिकएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। निर्देशनालयबाट प्राप्त विवरणअनुसार १८ ठेक्कामा १० प्रतिशतभन्दा बढी भेरिएसन भई सुरू लागत रु. ८ अर्ब ५६ करोड ६६ लाख २२ हजारमा रु. ८० करोड ५३ लाख २७ हजारले थप भएको छ। अधिकांश योजनामा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएसन आदेश जारी गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

८. **रुग्ण ठेक्का र सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिमको कार्य पूरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त गर्न सक्ने र सोही दफाको उपदफा ८ मा उपदफा ७ अनुसार सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत गरी सम्झौताबमोजिम बाँकी रहेको काम पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने व्यवस्था छ। आयोजना अन्तर्गत ठेक्का व्यवस्थापन भई २०८१।८२ मा निर्माण कार्य भइरहेको ६३ ठेक्काको कार्यान्वयन अवस्था अध्ययन गर्दा ३३ ठेक्कामा सम्झौताअनुसार कार्य नभई रुग्ण तथा न्यून प्रगति भएको अवस्था देखिएको छ। रुग्ण तथा न्यून प्रगति भएका ठेक्काको सम्बन्धमा निर्देशनालयसँग छलफल हुँदा लागत अनुमानभन्दा ४० प्रतिशत र सोभन्दा बढी न्यून अङ्कमा ठेक्का कबुल गरेको तथा निर्माण व्यवसायीले सम्झौताअनुसार समयमा काम नगरी छाडेर ठेक्कालाई अलपत्र पार्ने गरेको जवाफ प्राप्त भएको छ। निर्माण कार्य सम्पन्न नहुँदा आयोजनाको समग्र प्रगतिमा असर परेको छ।

त्यसैगरी आयोजना कार्यालयले २०८१।८२ सम्ममा ६ निर्माण सम्झौताको अन्त्य गरेको छ। सम्झौता अन्त्य गरेको ठेक्काको बाँकी कार्य गर्न लाग्ने रकम निर्धारण तथा यो वर्षसम्म निर्माण कार्यको पुनः ठेक्का सम्झौता भएको देखिएन। सार्वजनिक खरिद ऐन तथा निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार कारबाही गरी बाँकी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ।

९. **अन्तर निकाय समन्वय -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलमा रहेको रूख बिरुवा तथा संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा तथा क्षतिपूर्ति तिर्नुपर्नेमा त्यसको लागि बजेटको सुनिश्चितता नगरी, कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। योजना कार्यालय, गोरखाअन्तर्गत धादिङको कटुन्जे-आरुघाट २९ किलोमिटरसडक खण्ड निर्माणको लागि रु.१ अर्ब ८७ करोडको लागत अनुमान सहितको सूचना प्रकाशन गरी प्राविधिक मूल्याङ्कन सम्पन्न भएको र उक्त सडक खण्ड बुढी गण्डकी जलविद्युत आयोजनाको डुबान क्षेत्रमा परेकोले आर्थिक प्रस्ताव खोल्नेलगायतका ठेक्का प्रकृया रोकिएको निर्देशनालयले जनाएको छ। उक्त डुबान क्षेत्रमा परेको सडक निर्माण कार्यको वैकल्पिक रेखाङ्कन सम्बन्धमा अध्ययन नभएकोले निर्माण कार्य अवरुद्ध भएको छ। सरोकारवाला तथा अन्तरनिकाय समन्वय कायम गरी अवरुद्ध निर्माण कार्य सुचारु गर्नुपर्दछ।

१०. **लोकमार्ग मापदण्ड -** लोकमार्गको विस्तृत अध्ययन प्रतिवेदनअनुसार सडकको चौडाइ ७ देखि ९ मिटर कायम भएको छ। सो अनुसार लोकमार्गको निर्माणाधीन सडकको चौडाइ कम्तीमा ७ मिटर हुनुपर्नेमा विभिन्न १० सडक खण्डमा ३.७५ मिटरदेखि ५.५० मिटरसम्म रहेको विवरण प्राप्त भएको छ। न्यून चौडाइका सडकको स्तरोन्नति गर्ने कार्य भएको छैन। त्यस्तै अन्य निकायले निर्माण गरेको सडक खण्डको चौडाई पनि लोकमार्गको निर्धारित मापदण्डभन्दा न्यून रहेकाले आयोजनाबाट सो चौडाइ भएको सडक खण्डको स्तरोन्नति गरी राष्ट्रिय लोकमार्ग अनुरूप एकरूपता कायम गर्नुपर्दछ।

क्र.सं.	सडक खण्ड	लम्बाइ (किलोमिटर)	विद्यमान चौडाइ (मिटर)
१.	दिक्तेलदेखि हलेसीसम्म	३५	५.५०
२.	हलेसीदेखि जयरामघाटसम्म	३१	४
३.	जयरामदेखि हिलेपानीसम्म	८	४.५०
४.	बसन्तपुरदेखि हिलेसम्म	२२	५.५०
५.	सैजिउला बेलखेत सडक खण्ड दैलेख	२	४
६.	मंगलसेन कैलाशखोला सडक खण्ड अछाम	८	३.७५
७.	बयलपाटादेखि साँफेबगरसम्म	९	३.७५
८.	साँफेबगर चौखुट्टे सडक खण्ड	२६	३.७५
९.	चौखुटे सिलगढीदेखि त्रिपुरसुन्दरीसम्म	२०२	३.७५
१०.	त्रिपुरासुन्दरीदेखि झुलाघाटसम्म	१५	३.७५

निष्कर्ष तथा सुझाउ

मध्यपहाडी जिल्लाहरूमा यातायातको सहज पहुँच विस्तार गरी आर्थिक रूपमा न्यून आय भएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको अवस्था छ। संशोधित कार्यतालिकाअनुसार २०८४।८५ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८१।८२ सम्ममा आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत रहेको छ। पर्याप्त पूर्व तयारी नभई आयोजना कार्यान्वयन हुनु, कार्यतालिका पालना नहुनु, स्थानीय अवरोध तथा विवाद समयमै समाधान गर्न नसक्नु, बारम्बार म्याद थप हुनु, अन्तरनिकाय समन्वय कमजोर हुनु, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुनु लगायतका समस्या र कारणहरूले आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको अवस्था छ। आयोजनाको पर्याप्त पूर्व तयारी, अन्तरनिकाय समन्वय, आयोजनामा प्रभावित बासिन्दा तथा सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य, खरिद सम्झौता तथा निर्माण कार्यतालिका कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन लगायतका कार्य गरी निर्धारित (संशोधित) समय र लगायतमा आयोजना कार्यान्वयन गर्नुपर्दछ।

राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति

नेपालको भौगोलिक जटिलता र विविधतायुक्त बनावटमा सडक यातायात विकासको मेरुदण्ड मात्र नभई राष्ट्रिय एकता र समृद्धिको मुख्य संवाहक पनि हो। हाल नेपाल सरकारले सडक सञ्जाललाई विस्तार गर्दै ८० वटा सडक मार्गलाई राष्ट्रिय राजमार्ग निर्धारण गरेको छ। आर्थिक वर्ष २०८०।८१ सम्मको तथ्याङ्कअनुसार १८ हजार ८०८ किलोमिटर कालोपत्रेसहित कुल ३५ हजार ४९० किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। सडक पूर्वाधारको योजना, निर्माण र मापदण्ड सुनिश्चित गर्ने जिम्मेवारी सडक विभागमा निहित छ। सडक मर्मत सम्भारको वित्तीय व्यवस्थापनका लागि सडक बोर्ड ऐन, २०५८ बमोजिम सडक बोर्ड, नेपाल स्थापना भएको छ। यो वर्ष राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भारमा नीतिगत, कानुनी तथा कार्यक्रमगत व्यवस्थाको परीक्षण, सडक सम्बन्धी निकायहरूबिचको समन्वय तथा नियमन सम्बन्धी कार्यको मूल्याङ्कन र मर्मत कार्यको लागत, समय, गुणस्तर र दिगोपनाको मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउन सडक बोर्ड स्थापना गरिएको छ। भैरहवा-भूमही सडकखण्ड अन्तर्गत बसन्तपुर टोलबुथमा विद्युतीय माध्यमबाट सडक उपभोग दस्तुर सङ्कलन सुरु गरिएको छ। सार्वजनिक सडकमा दस्तुर सङ्कलन केन्द्र विस्तारका लागि सम्भाव्यता अध्ययन गर्न परामर्श सेवा खरिद प्रक्रिया अघि बढाइएको छ। स्तरोन्नतिका चरणमा रहेका सडक आयोजनामा टोल प्लाजा निर्माणलाई समेत समावेश गर्ने प्रयास गरिएको छ। लेन्थवर्कर परिचालनमार्फत सडक तथा नालीको नियमित सरसफाइ, धुलो न्यूनीकरणका लागि पानी छर्कने, निर्माण सामग्री ढुवानीमा त्रिपाल अनिवार्य गर्ने तथा अस्फाल्ट प्लान्टलाई बस्तीभन्दा टाढा राख्ने जस्ता वातावरणीय पक्षमा ध्यान दिइएको छ। सडक मर्मतका क्रममा ट्राफिक व्यवस्थापन सुधार गर्न आवश्यक संकेत, डाइभर्सन र फ्ल्यागमेन परिचालन गर्नुका साथै सहरी क्षेत्रमा रात्रिकालीन मर्मत कार्यको अभ्यास बढाइएको छ। यसै गरी पहाडी क्षेत्रमा पहिरो नियन्त्रण तथा वातावरण संरक्षणका लागि बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गर्दै बिरुवा रोप्ने कार्यक्रम सञ्चालन गरिएको छ। आवधिक मर्मत कार्यमा वातावरण तथा सामाजिक योजना कार्यान्वयन गरी वातावरणीय तथा सामाजिक प्रभाव न्यूनीकरण गर्नुका साथै स्थानीय समुदायलाई पूर्वसूचना प्रदान गरी मानवीय असुविधा घटाउने प्रयास गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कानुनी व्यवस्थाको कार्यान्वयन -** सडक बोर्ड ऐन, २०५८ मा उल्लेख भएअनुसार मर्मत, सम्भार खर्च न्यूनीकरणका लागि कार्ययोजना बनाउने, कोषको रकम प्राथमिकताअनुसार सडक सुरक्षा कार्यमा खर्च गर्ने, सवारी साधनको भारवहन मापदण्ड कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने तथा नियम उल्लङ्घनमा जरिबाना गर्नेलगायतका व्यवस्था व्यवहारमा लागु भएको पाइएन। सडक बोर्ड नियमावली, २०६० बमोजिम छुट्टाछुट्टै मर्मत कार्यक्रम तयार गर्ने, बहुवर्षीय योजना बनाउने तथा सडक उपभोग दस्तुरको अधिकांश रकम सोही सडकको मर्मतमा खर्च गर्ने प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन। सडक बोर्ड निर्देशिका, २०६१ मा उल्लेख भएअनुसार आर्थिक विश्लेषणमा आधारित कार्यविधि तयार भएको छैन। यसका कारण अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर हुनुका साथै स्रोतको प्रभावकारी उपयोग हुन नसकेको, सडक सुरक्षा जोखिम बढेको, राजस्व सङ्कलन कमजोर भएको तथा प्राथमिकतामा आधारित बजेट खर्च हुन नसकेको

अवस्था देखिएको छ। विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन, ऐन तथा नियमावलीको समयानुकूल परिमार्जन तथा आवश्यक विशिष्टीकृत कानुन निर्माण गर्नुपर्दछ।

२. **सडक दस्तुर सङ्कलन -** सडक बोर्ड ऐन, २०५८ को दफा ६(२) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सडक उपभोग गरे वापतको दस्तुर उठाउन सक्ने व्यवस्था छ। बोर्डबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा सडक उपभोग दस्तुर, विदेशबाट नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा लगाइएको सडक मर्मत तथा सुधार दस्तुर सङ्कलन एवं सडक मर्मत तथा सम्भारका लागि विनियोजन भएको बजेट देहायबमोजिम छः

(रु. लाखमा)

आर्थिक वर्ष	सडक उपभोग र मर्मत तथा सुधार दस्तुर सङ्कलन	सडक बोर्डलाई अनुदान	कुल सङ्कलनको तुलनामा अनुदान प्रतिशत
२०७७।०७८	१७७७६३	७२५००	४०.७८
२०७८।०७९	१८३८६०	७२५००	३९.४३
२०७९।०८०	१०२२२३	७१२०७	६९.६६
२०८०।०८१	१२८१९८	३६६५०	२८.५९
२०८१।०८२	१६१२६४	४३७००	२७.१०
जम्मा	**७५३३११**	**२९६५५७**	**३९.३७**

स्रोतः सडक बोर्ड नेपालको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार सडक बोर्ड नेपाललाई उपलब्ध हुने अनुदान रकम सङ्कलित सडक उपभोग र मर्मत तथा सुधार दस्तुरको औसतमा ३९.३७ प्रतिशत रहेकोले सडक मर्मतमा पर्याप्त बजेटको अभाव रहेको देखिन्छ। समयमै सडक मर्मत नहुँदा सडक जीर्ण भई पुनर्निर्माणमा बढी खर्च लाग्ने सवारी सञ्चालन खर्च र दुर्घटना बढ्ने अवस्था सिर्जना भएको छ। निश्चित उद्देश्यका लागि सङ्कलित राजस्व रकम सोही उद्देश्यका लागि प्रयोग गरी सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

३. **बजेट तथा निकासा -** सडक बोर्ड ऐन, २०५८ को दफा १५ मा सडक बोर्डले आवश्यकता अनुसार पुनरावलोकन गरी सडक मर्मत सम्भार सम्बन्धी एकीकृत वार्षिक कार्यक्रम बनाउनुपर्ने व्यवस्था छ। बोर्डले आफ्नो कार्य क्षेत्रमा पर्ने सम्पूर्ण सडक सञ्जाललाई रणनैतिक सडक तथा स्थानीय सडक समेत दुई भागमा विभाजन गरी कार्यक्रम तयार गर्ने गरेको देखिन्छ। बोर्डले विगत पाँच वर्षमा सडक मर्मत सम्भारका लागि देहायबमोजिम बजेट विनियोजन र निकासा गरेको छः

(रु. लाखमा)

आर्थिक वर्ष	स्वीकृत बजेट	निकासा	निकासा प्रतिशत	खर्च	खर्च प्रतिशत
२०७७।०७८	१६५२४२	११९८०४	७२.५०	६०५९९	५०.५८
२०७८।०७९	१४९१०८	११७१३७	७८.५६	७७८२८	६६.४४
२०७९।०८०	१६८४१५	१४२२८४	८४.४८	८०९१३	५६.८७
२०८०।०८१	११९२४४	१०६१०६	८८.९८	९२७७१	८७.४३
२०८१।०८२	८५४८१	७४३१२	८६.९३	६६८९६	९०.०२
जम्मा	६८७४९०	५५९६४३	८१.४०	३७९००७	६७.७२

स्रोतः सडक बोर्ड नेपाल

राजमार्गहरूको मर्मत सम्भारका लागि सडक बोर्ड नेपालले विगत पाँच वर्षमा कुल विनियोजित बजेट रु. ६८ अर्ब ७४ करोड ९० लाखको ८१.४ प्रतिशत अर्थात् रु.५५ अर्ब ९६ करोड ४३ लाख निकासा भई सोको ६७.७२ प्रतिशत अर्थात् रु. ३७ अर्ब ९० करोड ७ लाख खर्च भएको छ।

सडक सञ्जाल वृद्धि हुँदै गए तापनि बजेटको आकार घट्दो रहेको तथा निकासाबमोजिम खर्चसमेत हुन नसकेको देखिन्छ। सडक मर्मत सम्भारमा संलग्न निकायबिच समन्वय अभाव, न्यून बजेट विनियोजन, योजना स्वीकृति, ठेक्का प्रक्रिया र भुक्तानीमा ढिलाइका कारण स्वीकृत बजेट लक्ष्यअनुसार खर्च हुन सकेको देखिएन। सडक सञ्जालहरूको योजनाबद्ध नियमित मर्मत सम्भार नहुँदा सडक थप जीर्ण भई पुनःनिर्माणको भार बढ्ने, दुर्घटना वृद्धि हुने लगायतका जोखिम बढेको छ। आवश्यकताअनुसार बजेट विनियोजन तथा मर्मत सम्भार गर्ने निकायबिच आवश्यक समन्वय मार्फत योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाई सडक मर्मत सम्भारमा कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

३.१. रणनैतिक सडक मर्मत सम्भारका लागि बोर्डले विगत पाँच वर्षमा सडक सम्बन्धी निकायहरू (सडक विभाग तथा मातहतका महाशाखा, सङ्घीय सडक अनुगमन तथा सुपरीवेक्षण कार्यालय, सडक डिभिजन कार्यालय, हेभि इक्विपमेन्ट डिभिजन, यान्त्रिक कार्यालय) मा देहायबमोजिम बजेट विनियोजन र निकासा गरेको देखिन्छः

(रकम रु. लाखमा)

आर्थिक वर्ष	स्वीकृत बजेट	निकासा	निकासा प्रतिशत	खर्च	खर्च प्रतिशत	खर्च गर्ने निकाय/कार्यालय सङ्ख्या
२०७७।७८	१३५२७४	११३९८८	८४.२६	५२२२०	४५.८१	५५
२०७८।७९	१२५०००	१०४३७९	८३.५०	६२८९९	६०.२६	५७
२०७९।८०	१४५५८३	१२४८३२	८५.७४	६३६६३	५१.००	६३
२०८०।८१	९५११६	९२१२१	९६.८५	७५३६४	८१.८१	६२
२०८१।८२	६२६८१	६२१४६	९९.१५	४७२६८	७६.०६	६०
जम्मा	**५६३६५४**	**४९७४६६**	**८८.२६**	**३०१४१४**	**६०.५९**	-

स्रोतः सडक बोर्ड नेपाल

उल्लिखित विवरणअनुसार बोर्डले विगत पाँच वर्षमा रणनीतिक सडक मर्मत सम्भारका लागि कुल विनियोजित बजेट रु. ५६ अर्ब ३६ करोड ५४ लाखको ८८.२६ प्रतिशत अर्थात् रु. ४९ अर्ब ७४ करोड ६६ लाख निकासा भई सोको ६०.५९ प्रतिशत अर्थात् रु.३० अर्ब १४ करोड १४ लाख खर्च भएको छ। रणनैतिक सडक मर्मत सम्भारका लागि खर्च गर्ने निकाय/कार्यालय सङ्ख्या ५५ देखि क्रमशः बढ्दै ६३ सम्म पुगे तापनि बजेटको आकार घट्दो रहेको तथा निकासाबमोजिम खर्चसमेत हुन सकेको छैन। रणनैतिक सडक मर्मत सम्भारको आवश्यकता, सडकको वास्तविक अवस्था, यातायात चाप तथा कार्यान्वयन निकायहरूको सङ्ख्या समेतलाई आधार मानी बजेटको पर्याप्तता पुनरावलोकन गरी आवश्यकतानुसार बजेट वृद्धि तथा यथोचित पुनर्विनियोजन गरिनुपर्दछ।

३.२. स्थानीय सडक मर्मत सम्भारका लागि बोर्डले विगत पाँच वर्षमा निम्न स्थानीय तहहरूलाई देहायबमोजिम बजेट विनियोजन तथा निकासा गरेको छः

(रु. लाखमा)

आर्थिक वर्ष	स्वीकृत बजेट	रकम निकासा	निकासा प्रतिशत	खर्च गर्ने निकाय/कार्यालय सङ्ख्या
२०७७।७८	२९९६८	५८१६	१९.४१	२६७
२०७८।७९	२४१०८	१२७५८	५२.९२	३३१
२०७९।८०	२२८३२	१७४५२	७६.४४	४३९

२०८०।८१	२४१२८	१३९८५	५७.९६	५५०
२०८१।८२	२२८००	१२१६६	५३.३६	५८३
जम्मा	**१२३८३६**	**६२१७७**	**५०.२१**	

स्रोतः सडक बोर्ड नेपाल

उल्लिखित विवरणअनुसार बोर्डले विगत पाँच वर्षमा स्थानीय सडक मर्मत सम्भारका लागि कुल विनियोजित बजेट रु. १२ अर्ब ३८ करोड ३६ लाखको ५०.२१ प्रतिशत अर्थात् रु. ६ अर्ब २१ करोड ७७ लाख निकासा भएको छ। खर्चको यथार्थ अवस्था यकिन हुने तथ्याङ्क बोर्डबाट उपलब्ध हुन नसक्दा सोको विश्लेषण गर्न सकिएन। स्थानीय सडकहरूको मर्मत सम्भार समयमै हुन नसकी सडकको अवस्था कमजोर हुने, यातायात सेवा तथा जनसुरक्षामा प्रतिकूल असर पर्ने र सार्वजनिक स्रोतको प्रभावकारी उपयोग नहुने अवस्था सिर्जना भएको छ। त्यसैले योजना तथा बजेट तयारी यथार्थपरक बनाउने, पूर्वतयारी सम्पन्न योजनामात्र कार्यक्रममा समावेश गर्ने, खरिद तथा निकासा प्रक्रिया सरलीकरण गर्ने र कार्यान्वयन निकायको क्षमता अभिवृद्धि गरी बजेट कार्यान्वयन प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

४. **आम्दानी र खर्च -** सडक बोर्ड ऐन, २०५८ को दफा २४ मा कोष र दफा २५ मा कोषमा प्राप्त रकमको प्रयोग गर्ने व्यवस्था रहेको छ। सोहीबमोजिम बोर्डले विगत पाँच वर्षमा गरेको आम्दानी र खर्च देहायबमोजिम छः

(रु. लाखमा)

आर्थिक वर्ष	आम्दानी	खर्च	बचत/(न्यून)
२०७७।७८	७३७५९	६११७६	१२५८३
२०७८।७९	७३८६९	७८५८२	-४७१३
२०७९।८०	७०५३०	८२०६०	-११५३०
२०८०।८१	३८७५१	९३४२३	-५४६७२
२०८१।८२	४४५९७	६७७०८	-२३१११
जम्मा	**३०१५०६**	**३८२९४९**	**-८१४४३**

स्रोतः सडक बोर्ड नेपाल

बोर्डबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा बोर्डको कुल आम्दानी रु. ३० अर्ब १५ करोड ६ लाख र खर्च रु. ३८ अर्ब २९ करोड ४९ लाख हुँदा आम्दानी भन्दा खर्च रु. ८ अर्ब १४ करोड ४३ लाख बढी भएको देखिन्छ। आम्दानीका स्रोतको वृद्धि खर्चको अनुपातमा हुन नसक्नु, मर्मत दायित्व विस्तार हुँदै जानु तथा व्यय नियन्त्रण प्रभावकारी नहुनु कोषको वित्तीय दिगोपनामा जोखिम उत्पन्न भई भविष्यमा सडक मर्मत सम्भार कार्यक्रम प्रभावित हुन सक्ने अवस्था रहन्छ। त्यसैले आम्दानीका स्रोत, शुल्क दर तथा खर्च संरचनाको पुनरावलोकन गरी कोषको आय-व्यय सन्तुलन कायम हुने व्यवस्था गर्नुपर्दछ।

५. **लक्ष्य तथा प्रगति -** सडक बोर्ड नियमावली, २०६० को नियम ६ मा बोर्डले एकीकृत वार्षिक कार्यक्रम तर्जुमा गर्दा सडकको नियमित, पटके तथा आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार, पुनर्निर्माण तथा पुनर्स्थापनालगायतका कार्यक्रम समेट्नुपर्ने उल्लेख छ। बोर्डको विगत पाँच वर्षको रणनीतिक सडकहरूको नियमित र पटके मर्मतको प्रगति शत प्रतिशत रहेकोमा आवधिक मर्मतको औसत प्रगति ५७ प्रतिशत र पुनर्स्थापना तथा पुनर्निर्माणको औसत प्रगति ४४ प्रतिशत मात्र रहेको छ। योजनाबद्ध

आवधिक मर्मत र पुनर्स्थापना तथा पुनर्निर्माणले सडकको आयु बढाउने भएकोले आवधिक मर्मत र पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई जोड दिई लक्ष्यबमोजिम प्रगति हासिल गर्नुपर्दछ।

६. **कार्यक्षेत्रमा दोहोरोपना -** सडक बोर्ड नियमावली, २०६० को नियम ४ मा सडकहरूलाई राजमार्ग, सहायक राजमार्ग, शहरी मार्ग, जिल्ला मार्ग, ग्रामीण तथा कृषि सडक र अन्य सडकसमेत ६ वर्गमा वर्गीकरण गरिएकोमा राजमार्ग तथा सहायक राजमार्ग सडक विभागको कार्य क्षेत्रमा रहेको छ। बोर्डबाट प्राप्त विवरणअनुसार विशेष महत्त्वका सडक मर्मत कार्यक्रममा रु. ४ अर्ब १७ करोड ४५ लाख ४६ हजार बजेट विनियोजन भएको छ। बोर्डले स्थानीय तहको सडक मर्मत सम्भारमा लागत सहभागिता हुने गरी अनुदान दिने गरे तापनि विशेष महत्त्वका सडक मर्मत शीर्षकअन्तर्गत स्थानीय तहको कार्यक्षेत्रमा पर्ने सडक मर्मतका लागि सडक डिभिजन कार्यालयहरूबाट मर्मत कार्यक्रम कार्यान्वयन गरेको देखियो। स्थानीय तहको कार्यक्षेत्रमा रहेको सडक मर्मत सम्भार सडक डिभिजन कार्यालयहरूबाट गराउँदा कार्यक्षेत्रमा दोहोरोपना हुनुको साथै स्थानीय तहबाट हुनुपर्ने लागत सहभागिता समेत भएको देखिँदैन। सडक मर्मत सम्भारको स्पष्ट कार्यक्षेत्र तोकिनुपर्दछ।

७. **एकद्वार प्रणाली -** सडक बोर्ड ऐन, २०५८ अनुसार नेपाल सरकारले राज्यको सम्पूर्ण सडक सञ्जालहरूको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न सडक बोर्ड नेपाल स्थापना गरेको छ।सडक बोर्ड नियमावली, २०६० को नियम ६ बमोजिम बोर्डले सडकको पुनर्स्थापना, सडकको पुनर्निर्माण र सडकको स्तरवृद्धि लगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक मर्मत सम्भारका लागि बोर्डलाई अनुदान दिनुका साथै राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमका लागि छुट्टै बजेट विनियोजन गरी सम्बन्धित सडक डिभिजन कार्यालयलाई निकासा दिने गरेको छ। बोर्डले मर्मत-सम्भार कार्य सम्बन्धित डिभिजन कार्यालयहरूमार्फत गराउने गरेको छ। बोर्ड र सडक विभागमार्फत निकासा दिने कार्यले योजना छनोट र बजेट निकासा प्रणालीमासमेत दोहोरोपना देखिएको छ। बोर्डको काम कर्तव्यलाई स्पष्ट गरी सडक मर्मत सम्भार कार्यमा एकद्वार प्रणाली अपनाउनुपर्दछ।

८. **एकीकृत वार्षिक सडक मर्मत सम्भार योजना -** सडक बोर्ड ऐन, २०५८ को दफा १४ मा सडक सम्बन्धी निकायले प्रत्येक वर्ष आफूले मर्मत सम्भार गर्न चाहेको सडक, त्यसका लागि आवश्यक पर्ने रकमलगायत तोकिएबमोजिमका अन्य विवरण खुलाई वार्षिक सडक मर्मत सम्भार योजना पेस गर्नुपर्ने र दफा १५ बमोजिम सोको पुनरावलोकन गरी एकीकृत वार्षिक कार्यक्रम बनाई सडक बोर्डले सडकहरूको मर्मत सम्भार गराउने व्यवस्था छ।योजना निर्माणको लागि सम्बन्धित सडक डिभिजन कार्यालयहरूबाट सडक बोर्डमा पेस भई सडकहरूको अवस्था, सवारी चापको अवस्था, बोर्डलाई प्राप्त अनुदान, आन्तरिक आय र अन्य आयको आधारमा पुनरावलोकन गरी कार्यक्रम स्वीकृत हुने गरेको छ। सडक डिभिजन कार्यालयहरूबाट पहिचान गरी माग गरेका योजना विभागमार्फत सडक बोर्डसम्म संशोधन हुँदै आउँदा डिभिजनहरूबाट तयार गरी पठाइएको वार्षिक सडक मर्मत सम्भार योजना बमोजिमको माग सम्बोधन हुन सकेको देखिँदैन। एकीकृत वार्षिक सडक मर्मत सम्भार योजनालाई स्वचालित अनलाइन प्रणाली अवलम्बन गरी योजना छनोटमा सुधार गर्नुपर्दछ।

९. **सडक भार क्षमता -** सडक बोर्ड ऐन, २०५८ को दफा १७ मा सडकको मर्मत सम्भार गर्दा कायम गर्नु पर्ने गुणस्तर तोक्ने अधिकार सडक बोर्डलाई हुने व्यवस्था छ। सडक डिभिजन कार्यालयहरूको

स्थलगत अवलोकन गर्दा त्रिभुवन राजपथको पथलैया-अमलेखगञ्ज सडक खण्ड, महेन्द्र राजमार्गको हेटौंडा-चितवन सडक खण्डमा बढी भारवहन भएका सवारी साधन आवतजावत गरेका कारण सडकको अपेक्षित आयुभन्दा अगावै क्षति पुगेको देखियो। सडक डिजाइन गर्दा निश्चित अक्ष भार (एक्सेल लोड)लाई आधार मानी संरचना तयार गरिने हुँदा सो भन्दा बढी भार प्रयोग हुँदा सडक सतह तथा संरचनात्मक तहमा चिरा पर्ने, धसिने तथा खाडल पर्ने लगायतका समस्या देखिएको छ। सडक निर्माण गर्दा तोकिएको भार सीमा कडाइका साथ कार्यान्वयन गर्ने, तौल मापन प्रणाली प्रभावकारी बनाउने तथा सम्बन्धित निकायबिच समन्वय गरी सडक भार क्षमता मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१०. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था छ। सडक बोर्डको रणनीतिअनुसार मर्मतसम्भार कार्य सोही वर्षको बजेट र समयसीमाभित्र सम्पन्न गर्नुपर्नेमा त्यस्तो कार्यमासमेत म्याद थप भएको देखिन्छ। मर्मत तथा सम्भार कार्यक्रमअन्तर्गत पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना तथा पुननिर्माणको कार्यान्वयनको क्रममा ३ पटकसम्म म्याद थप भएको देखिन्छ। कार्यालयहरूले बेमौसमी वर्षा, स्थानीय विवाद, निर्माण सामग्रीको अभाव, अप्रत्याशित मूल्य वृद्धि, विभिन्न चाडपर्वले कामदारको अभाव, बाढी, पहिरो लगायतका कारण देखाई म्याद थप गरेको छ। बोर्डको नीति अनुसार वास्तविक समयावधिमा सम्पन्न गर्नुपर्ने मर्मत सम्भार कार्यको म्याद थप गर्दा सेवा प्रवाहमा पर्ने असर र प्रभाव विश्लेषण गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

११. **आवधिक एकीकृत कार्यक्रम -** सडक बोर्ड नियमावली, २०६० को नियम ७ मा बोर्डले सडकको पुनर्स्थापना, पुननिर्माण, स्तरवृद्धि र सुरक्षाको विषयमा तीन वा पाँच वर्षको लागि आवधिक एकीकृत कार्यक्रम तर्जुमा गर्न सक्ने व्यवस्था छ। बोर्डले हालसम्म आवधिक एकीकृत कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरेको देखिएन। बोर्डले पुनर्स्थापना, पुननिर्माण र स्तरोन्नतिका लागि आवधिक कार्यक्रम कार्यान्वयन गर्न स्रोत सुनिश्चितता नहुँदा त्यस्ता कार्यक्रम सम्बोधन गर्न नसकिएको जनाएको छ। नियमावलीमा भएको व्यवस्थाबमोजिम आवधिक एकीकृत कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **निकासा तथा खर्च -** सडक बोर्ड ऐन, २०५८ को दफा १६ मा एकीकृत वार्षिक कार्यक्रममा समावेश भएका सडकको मर्मत सम्भारका लागि सम्बन्धित निकायलाई रकम उपलब्ध गराउने व्यवस्था छ। कार्यालयको आवश्यकता तथा सम्पन्न निर्माण कार्यको आधारमा बजेट निकासा नभई किस्ताबन्दी रूपमा निकासा हुने गरेको छ। कुनै निकायमा बजेट अपुग हुँदा सम्पन्न कार्यको भुक्तानी हुन नसक्ने, आवश्यक नभएको निकायमा बजेट विनियोजन हुँदा खर्च नभई प्रगतिसमेत नदेखिने अवस्था रहेको छ। सम्पन्न भइसकेका आयोजनाहरूमा समेत समयमै निकासा हुन सकेको छैन। निकायहरूबिच समन्वय गर्दै निकासा व्यवस्थापनलाई छिटो, छरितो र प्रभावकारी बनाउनुपर्दछ।

१३. **सडक सुरक्षा -** सडक बोर्ड निर्देशिका, २०६० को दफा २६ मा सडक सुरक्षा सम्बन्धी व्यवस्था छ। सडक बोर्डले सडक सुरक्षासम्बन्धी कार्यक्रमहरू प्रायः अन्य मर्मत कार्यसँग एकीकृत रूपमा कार्यान्वयन गरिने भएकाले छुट्टै शीर्षकमा पर्याप्त बजेट विनियोजन हुन सकेको छैन। सडक सुरक्षालाई उच्च प्राथमिकता दिई आवश्यक बजेट विनियोजन, प्राविधिक मापदण्डमा आधारित योजना छनोट, प्रभावकारी अनुगमन तथा समन्वयलाई सुदृढ गर्दै सडक सुरक्षा सुनिश्चित गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

राजमार्ग तथा सडकहरू मुलुकको आर्थिक, सामाजिक तथा भौगोलिक एकीकरणका आधारभूत पूर्वाधार हुन्। यी सडक सञ्जालले ग्रामीण क्षेत्रलाई सहरी केन्द्रसँग तथा देशलाई अन्तर्राष्ट्रिय व्यापारिक मार्गसँग जोड्ने काम गर्छन्। सडक मर्मतसम्भार कार्यका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था नहुनु, नियमित मर्मत भए तापनि सडक मर्मत कार्यमा संलग्न निकायहरूबिच समन्वयको कमी हुनु, जिम्मेवारी स्पष्ट नहुनु, योजना निर्माण तथा प्राथमिकता निर्धारणमा कमजोरी, आवश्यक बजेट विनियोजन नहुनु तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नहुनुलगायतका चुनौतीहरू देखिएका छन्। सडक मर्मतका कार्यहरू समयमै सम्पन्न नभई पटक पटक म्याद थप हुने प्रवृत्ति, अनुगमन तथा गुणस्तर नियन्त्रण प्रणाली कमजोर हुनु र आधुनिक प्रविधिमा आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणालीको अभाव देखिएको छ।

राष्ट्रिय राजमार्ग मर्मतमा देखिएका समस्या समाधानका लागि कानुनी सुधार गर्दै बोर्डको स्पष्ट कार्यक्षेत्र, योजनाबद्ध बजेट र प्रभावकारी निकासा प्रणाली विकास गर्नुपर्दछ।एकीकृत सडक डाटाबेसमार्फत स्रोतको न्यायोचित विनियोजन गरी नियमित, पटके, आकस्मिकसँगै आवधिक मर्मतलाई प्राथमिकता दिनुपर्दछ। अन्तरतह तथा अन्तर निकायबिच समन्वय सुदृढ गर्दै एकद्वार प्रणाली, स्वचालित अनलाइन प्रविधिका आधारमा योजना छनोट, गुणस्तर र सुरक्षा सुनिश्चितता एवं प्रभावकारी अनुगमनसहित ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति

खेलकुदको माध्यमबाट नागरिकलाई मानसिक र शारीरिक रूपमा स्वस्थ तथा तन्दुरुस्त बनाई राष्ट्रको गौरव बढाउन खेलकुद क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। सबैका लागि खेलकुद अभियानलाई सार्थक तुल्याउन खेलकुद पूर्वाधार निर्माण तथा सोको स्तरोन्नति, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, कुशल खेलाडीहरूको उत्पादन र विकासलाई सरकारी नीति तथा कार्यक्रमहरूमा विशेष प्राथमिकतामा राखिएको छ। विभिन्न खेलकुदद्वारा सर्वसाधारण जनताको शारीरिक र मानसिक स्तरको विकास गर्न युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत एक स्वायत्त संस्थाको रूपमा राष्ट्रिय खेलकुद परिषद् ऐन, २०२१ अनुसार राष्ट्रिय खेलकुद परिषद्को स्थापना भएको हो। यो वर्ष खेलकुद पूर्वाधारमा भएका विकास र उपयोगको स्थितिबारे कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

युवा वर्गलाई खेलकुद क्षेत्रमा सहभागी गराई खेलमार्फत शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्धन, सामाजिक एकता र सहकार्य, सकारात्मक जीवनशैली, प्रतिभा विकास तथा पर्यटन प्रवर्धन लगायतमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न नेपालको खेलकुद क्षेत्रको पूर्वाधार विकास र उपयोगको लागि राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा नियमावली, २०७९, राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासन नियमावली, २०६२, राष्ट्रिय खेलकुद परिषद् कर्मचारी सेवा शर्त सम्बन्धी नियमावली, २०६८ (दोस्रो संशोधन), राष्ट्रिय खेलकुद नीति, २०८२ र तत्काल सुधार कार्ययोजना, २०८२ कार्यान्वयनमा रहेका छन्। यसै गरी खेलकुदसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न १ हजार दरबन्दीसहितको संरचनागत व्यवस्था रहेको छ। खेलकुदको पूर्वाधार विकासतर्फ गिरिजाबाबु क्रिकेट रङ्गशाला, विराटनगरको विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको, कीर्तिपुर क्रिकेट मैदानमा प्यारापिट निर्माण, फ्लड लाइट जडान, अङ्क तालिका/स्कोर बोर्ड जडानलगायतका अन्य काम सम्पन्न भएको, कोहलपुर क्रिकेट रङ्गशाला तथा महिला क्रिकेट एकेडेमीको "एच" ब्लकको प्यारापिटको निर्माण सम्पन्न र त्रिपुरेश्वरस्थित बहुउद्देश्यीय कभर्डहलको स्तरोन्नति तथा सबलीकरणको कार्य भएको, त्रिपुरेश्वरमा नै हाई परफर्मेन्स सेन्टर र सातदोबाटोमा स्पोर्टस् साइन्स ल्याब निर्माण भई परीक्षण तथा प्रशिक्षण सुचारू भएको छ। खेलकुदका विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतियोगिता सफलतापूर्वक आयोजना भएका छन्। साथै खेलकुद एकेडेमीहरू सञ्चालन गरी खेलाडीहरूलाई प्रशिक्षण प्रदान हुने गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **पूर्वाधार मापदण्ड -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्को काम, कर्तव्य र अधिकार र दफा ९(ञ) मा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद पूर्वाधारको न्यूनतम मापदण्ड निर्धारण गर्ने र सोको अनुगमन गर्नु गराउनुपर्ने व्यवस्था छ। सो अनुसार राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद क्षेत्रको पूर्वाधार विकासका लागि गुरुयोजना र खेलकुद संरचना निर्माणका लागि आवश्यक मापदण्ड तयार गरेको छैन। त्यस्तै, राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २०(५) मा परिषद्ले सार्वजनिक निजी क्षेत्रको साझेदारी र लगानीमा खेलकुद पूर्वाधार निर्माणको कुनै परियोजना कार्यान्वयन गर्दा मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था भएकोमा सो प्रावधानलाई अनिवार्य गरेको देखिएन। मापदण्ड तयार नहुँदा खेल प्रतियोगिता आयोजना सुनिश्चितता पश्चात् नीतिगत निर्णयका

आधारमा खेल संरचनाहरू निर्माण हुने गरेको देखिन्छ। मापदण्डअनुसारका खेलकुद पूर्वाधार निर्माण नभएका कारण निर्मित पूर्वाधारको दिगो उपयोग नहुने जोखिम रहन्छ। खेलकुद पूर्वाधार विकास र उपयोगमा दीर्घकालीन टिकाउका लागि संघ, प्रदेश र स्थानीय तहले खेलको विधाअनुसारको संरचना निर्माणको गुरुयोजना बनाउनुपर्ने, खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी आवश्यक मापदण्ड तयार गरी पूर्ण रूपमा लागु गर्नुपर्ने साथै नेपाल सरकार बाहेक अन्य निकायबाट निर्माण हुने खेलकुद संरचना निर्माणका लागि मन्त्रालयबाट निर्माण स्वीकृति लिनुपर्ने व्यवस्थाको पूर्ण पालना हुनुपर्छ।

२. **अचल सम्पत्तिको अभिलेख र संरक्षण -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १५(ङ) मा परिषद्को काम कारबाहीको लागि रहने कार्यकारी समितिले परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्नुपर्ने व्यवस्था छ। परिषद्ले उपलब्ध गराएको विवरणअनुसार नेपालभर परिषद्को नाममा रहेको र भोगचलन गरेको समेत ५ हजार ५२८.१६ रोपनी जग्गा र १५४ खेल संरचना रहेको देखिन्छ। सोमध्ये मेची रङ्गशाला जीर्ण अवस्थामा रहेको, झापा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको ३.६७ रोपनी जग्गा जिल्ला हुलाक कार्यालयले उपभोग गरेको, मोरङमा अदालतको निर्णयबाट फिर्ता आएको बिर्ता १३.०७ रोपनी जग्गा प्रयोगमा नआई खाली मैदानको रूपमा रहेको, धनकुटा नगरपालिकाको नाममा रहेको १९ रोपनी जग्गा २५ वर्षको लागि भोगचलन गर्ने गरी प्राप्त भएकोमा फुटबल मैदान चालु अवस्थामा रहेको, दोलखामा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको ८ रोपनी जग्गा र संरचना नेपाली सेनाको मातहतमा रहेको, म्याग्दीमा रहेको भूमि सुधार मन्त्रालयको नाममा रहेको जग्गामा पूर्वाधार निर्माण भई सोको स्वामित्व म्याग्दी खेलकुद विकास समितिमा रहेको, दाङमा खेल विकास समितिको नाममा रहेको ७८५.२५ रोपनीमा फैलिएको जग्गाभित्र पक्की घर बनाई अनाधिकृत रूपमा बसोबास गरिरहेका, बाजुरामा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको जग्गामा बनेको संरचना २०८१ को भूकम्पबाट क्षतिग्रस्त भएको र दार्चुलामा रहेको ६.६८ रोपनी जग्गा र सो क्षेत्रमा बनेको संरचनाको ८० प्रतिशत भू-भाग बाढीले बगाएको देखिन्छ।

विभिन्न स्थानमा निर्मित अधिकांश संरचनाहरू मर्मत गर्नुपर्ने, कतिपय जीर्ण अवस्थामा रहेको, कतिपय जग्गा अनाधिकृत ढङ्गबाट अतिक्रमण भएको देखिएकोले खेलकुद संरचना तथा जग्गाको संरक्षण पक्ष कमजोर रहेको देखियो। परिषद्ले आफ्नो पूर्वाधार र सम्पत्तिको अभिलेख व्यवस्थित गरी सोको उचित व्यवस्थापन गर्नुपर्दछ।

३. **लगानी, आय र खर्च -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४८ मा ठूला तथा राष्ट्रियस्तरका खेलकुद पूर्वाधारको निर्माण एवं मर्मतसम्भार मन्त्रालय आफैंले गर्न वा परिषद्मार्फत गराउन सक्ने, प्रदेशस्तरका खेल पूर्वाधारहरूको निर्माण प्रदेशबाट र स्थानीयस्तरका खेल पूर्वाधार स्थानीय तहबाट गर्ने तथा खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकताअनुसार निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघ संस्थासँग साझेदारी गर्न सकिने व्यवस्था छ। तर खेल पूर्वाधार विकासको लागि परिषद् नेपाल सरकारमा नै आश्रित छ। परिषद्ले पेस गरेको विवरणअनुसार पूर्वाधार र मर्मततर्फ विनियोजित रकममध्ये २०७९।८० मा २७.२७ प्रतिशत, २०८०।८१ मा ४७.८६ प्रतिशत र २०८१।८२ मा ८९.१२ प्रतिशत खर्च भएको छ। परिषद्ले खेल संरचनाहरूको प्रयोगवापत उठाउने गरेको शुल्कहरूमा एकरूपता नदेखिएकाले सो कार्यलाई व्यवस्थित गर्दै केही

निश्चित शुल्कहरू समेत परिमार्जन गर्ने गरी २०८१।८।२१ मा कार्यविधि स्वीकृत गरेको छ। कार्यविधि स्वीकृतिपश्चात परिषद्ले २०८१।८२ मा खेल पूर्वाधार उपयोग र प्रतियोगिता सञ्चालनबाट रु.७२ लाख ७८ हजार आम्दानी गरेको छ। सोभन्दा अगाडिको पूर्वाधार उपयोग तथा खेल प्रतियोगिता सञ्चालनबाट प्राप्त आयको सम्बन्धमा परिषद्बाट तथ्याङ्क प्राप्त हुन सकेन। परिषद्को कार्यकारी समितिको निर्णयानुसार गठित कार्यदलले खेल संरचनाको प्रयोग र शुल्क व्यवस्थापन कार्यविधिमा समयसापेक्ष परिमार्जन गर्न मस्यौदा परिषद्मा पेश गरेको छ। परिषद्ले आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी निर्मित खेलकुद संरचनाको उपयोग र सोबाट प्राप्त हुने आय व्यवस्थित गर्नुपर्दछ।

४. **अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता -** अन्तर्राष्ट्रिय खेलकुदसँग सम्बन्धित संस्थाहरूले खेल मैदान तथा संरचनाको मापदण्ड तयार गरी लागु गरेका छन्। अन्तर्राष्ट्रिय फुटबल महासंघले फुटबल, अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले क्रिकेट, अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघले विभिन्न एथलेटिक्ससम्बन्धी खेल, अन्तर्राष्ट्रिय पौडी महासंघले पौडीको मापदण्ड तयार गरी प्रतियोगिता सञ्चालन गर्ने अनुमति दिने गरेका छन्। नेपालमा हाल ७ अन्तर्राष्ट्रियस्तरको, ४ राष्ट्रियस्तरको तथा ४ क्षेत्रीयस्तरका समेत १५ क्रिकेट स्टेडियम निर्माणाधीन अवस्थामा रहेकोमा मूलपानी क्रिकेट रङ्गशाला र कीर्तिपुर क्रिकेट रङ्गशाला न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुसारका रहेका छन्। नेपालमा रहेका क्रिकेट रङ्गशालाको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट मान्यता प्राप्त गर्न बाँकी रहेको छ। नेपालमा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रतियोगिताहरूका लागि अस्थायी मान्यता प्रदान गरी खेल सञ्चालन हुने गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नेपाल एसोसिएट सदस्य राष्ट्र रहेकोमा २०७४।१२।४ मा अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट एक दिवसीय प्रतियोगिताका लागि मान्यता प्राप्त गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको न्यूनतम मापदण्डअनुसारको खेल पूर्वाधारको कमीले गर्दा नेपालमा हालसम्म एक मात्र अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता (क्रिकेट वर्ल्डकप लिग) सञ्चालन भएको छ।

त्यसैगरी नेपालमा १ निर्माण सम्पन्न तथा २१ निर्माणाधीन फुटबल रङ्गशालामध्ये ७ अन्तर्राष्ट्रियस्तरको, ७ राष्ट्रिय स्तरको तथा ८ क्षेत्रीयस्तरको रहेका छन्। अन्तर्राष्ट्रिय फुटबल महासंघ, एसियाली फुटबल महासंघ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको नेपाल एसोसिएट सदस्य राष्ट्र रहेको छ। नेपालमा समय समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता उक्त रङ्गशालाहरूमा सञ्चालन हुँदै आएकोमा हालसम्म कुनै पनि रङ्गशाला अन्तर्राष्ट्रिय संस्थाहरूबाट मान्यता प्राप्त भएका छैनन्। दशरथ रङ्गशालामा लन्ज, मेडिकल चेन्जिङ्ग रूम, मेडिया सेन्टर, प्रि पोस्ट म्याच कन्फरेन्स रूम, सुरक्षा व्यवस्था, भी.भी.आई.पी. रूम, मैदानको घाँस, शौचालय जस्ता न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार रहे तापनि अन्य रङ्गशालाहरूमा यस्ता सुविधाहरू रहेका छैनन्। नेपालमा सञ्चालन हुने खेल प्रतियोगिताका लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट सञ्चालन पूर्व फिल्ड एसेसमेन्ट/निरीक्षण गरी मौखिकरूपमा मान्यता दिने गरिएको परिषद्ले जानकारी दिएको छ। जसले गर्दा नेपालमा अन्तर्राष्ट्रिय खेल पर्याप्त मात्रामा सञ्चालन गर्न सकिएको छैन। मन्त्रालय, परिषद् तथा सम्बन्धित संघ संस्थाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि चाहिने आवश्यक मापदण्ड सहितको खेल पूर्वाधार निर्माण सम्पन्न गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता लिनेतर्फ पहल गर्नुपर्दछ।

५. **समन्वय र सहकार्य -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४९ मा खेल पूर्वाधारहरूको विकास र व्यवस्थापन तथा प्रतियोगिता सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहबिच आपसमा सहकार्य र समन्वय गर्नुपर्ने र सोही ऐनको दफा ४८(३) मा खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघ संस्थासँग साझेदारी गर्न सकिने व्यवस्था भएकोमा तीन तहबिच समन्वय र सहकार्य गर्न आवश्यक कानुन निर्माण भएको छैन। कानुनको अभावमा तीन तहका सरकारकाबिच कार्यविभाजनको खाका तयार नभएको र खेल पूर्वाधार संरचना निर्माणमा सार्वजनिक-निजी-साझेदारी मोडलको पालना नभएको जानकारी परिषद्ले दिएको छ। अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधार संरचना निर्माणमा पर्याप्त स्रोत परिचालन हुन नसकेका कारण खेलकुदको व्यवसायीकरण हुन सकेको छैन। परिषद्को स्वीकृति र कानुनी व्यवस्थाबिना नै कतिपय प्रदेश र स्थानीय तहले आ-आफ्नो हिसाबले खेल पूर्वाधार संरचनाहरू निर्माण गरेका छन्। प्रदेश र स्थानीय तहले निर्माण गरेका संरचना र खेल प्रतियोगिता सञ्चालनको विषयमा परिषद् अनभिज्ञ हुने अवस्था छ। त्यसैगरी समन्वय खाका स्पष्ट नहुँदा परिषद्बाट निर्माण भएका संरचनाहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुन नसकेको परिषद्ले जनाएको छ। आवश्यक कानुन तयार गरी तीन तहबिचमा समन्वय र सहकार्य गरी खेलकुद पूर्वाधारको विकास र उपयोग हुनुपर्दछ। साथै खेलकुद पूर्वाधार आयोजनामा लगानी, जग्गाको उपलब्धता, निर्माण कार्य, मर्मतसम्भार, पूर्वाधारको उपयोगबाट प्राप्त लाभको बाडफाँट लगायतका विषयमा स्पष्ट कानुनी व्यवस्था गरी सार्वजनिक निजी साझेदारीको अवधारणाका आधारमा खेल पूर्वाधार संरचनाहरू निर्माण गर्नुपर्छ।

६. **निर्मित संरचनाको उपयोग -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्को काम, कर्तव्य र अधिकारमा खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मतसम्भार गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, गराउने, अन्तरप्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय, सहयोग तथा सहकार्य गर्नुपर्ने व्यवस्था छ। कीर्तिपुर क्रिकेट मैदान, मूलपानी क्रिकेट रङ्गशाला र दशरथ रङ्गशालामा २०८१।८२ मा राष्ट्रिय स्तरका ११ प्रतियोगिता सञ्चालन भएको, राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा अन्तर्राष्ट्रियस्तरका ४ र राष्ट्रियस्तरका १० प्रतियोगिता सञ्चालन भएको, राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा काठमाडौं जिल्ला खेल विकास समितिले १५ औं काठमाडौं जिल्ला राष्ट्रपति शिल्ड उसु छनौट प्रतियोगिता सञ्चालन गरेको तथा च्यासल फुटबल मैदानमा एक सांगितिक कार्यक्रम समेत सञ्चालन गरेको देखिन्छ। काठमाडौं उपत्यका बाहिरका पूर्वाधार संरचनाको उपयोगको तथ्याङ्क परिषद्बाट उपलब्ध हुन सकेन। निर्मित खेल संरचनाहरूको रेखदेख, संरक्षण र उपयोगको जिम्मेवारी कानुन बमोजिम राष्ट्रिय खेलकुद परिषद्को भएकोले परिषद्ले प्रदेश र स्थानीयस्तरमा निर्माण भएका खेल पूर्वाधार संरचनाहरूको लगत अद्यावधिक गरी उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ।

७. **खेल संघको भूमिका -** राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २१(१) मा खेलकुद पूर्वाधारहरूको विकास, व्यवस्थापन र प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित खेल संघसँग समन्वय गर्नुपर्ने व्यवस्था छ। निर्माण भएका पूर्वाधार संरचनामा खेल प्रशिक्षण र प्रतियोगिता सञ्चालन कार्यमा खेल संघको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। यसका लागि परिषद्ले विभिन्न २७ खेल प्रतियोगिता सञ्चालन र व्यवस्थापनका लागि २०८०।८१ मा रु. २ करोड ५० लाख र २०८१।८२ मा २६ संघलाई रु. २ करोड ४० लाख अनुदान दिएको देखिन्छ। खेल पूर्वाधारको प्रयोग गर्ने खेल संघको पूर्वाधार

निर्माण तथा विकासमा कुनै लागत साझेदारी नदेखिएको र त्यस्ता संघले सञ्चालन गरेका प्रतियोगिताको अभिलेखसमेत परिषद्सँग रहेको छैन। युवा तथा खेलकुद मन्त्रालय र परिषद्ले पूर्वाधार निर्माण, विकास र उपयोग सम्बन्धमा खेल संघलाई जिम्मेवार र लागत साझेदार बनाउने गरी निश्चित मापदण्ड निर्धारण गर्नुपर्दछ।

८. **सुझाउ कार्यान्वयन -** महालेखापरीक्षकको सन्ताउन्नौं वार्षिक प्रतिवेदन, २०७७ मा समावेश खेलकुद पूर्वाधार विकासको अवस्थाको कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा संगठन संरचना अद्यावधिक गरी कार्यक्षेत्र स्पष्ट निर्धारण गर्नुपर्ने, पूर्वाधार निर्माणको न्यूनतम मापदण्ड तय गरी लागु गर्नुपर्ने, पूर्वाधार तथा सम्पत्तिको अभिलेख र संरक्षणमा डिजिटलाइज्ड एकीकृत सूचना अभिलेख प्रणालीमार्फत संरक्षण गर्नुपर्ने, पूर्वाधार प्रयोग शुल्क निर्धारण मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने, अनुदान उपयोगको अनुगमन गरी विवरण अद्यावधिक गर्नुपर्ने लगायतका सुझाउ दिइएकोमा ती सुझाउ कार्यान्वयन भएका छैनन्। उल्लिखित सुझाउ कार्यान्वयनका लागी आवश्यक पहल भइरहेको परिषद्ले जानकारी गराएको छ। सुझाउको कार्यान्वयन हुनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

खेल पूर्वाधारको विकास, उपयोग, व्यवस्थापन तथा समन्वयसम्बन्धी कार्यहरूमा केही सकारात्मक प्रगति भए तापनि समग्र प्रणालीगत कमजोरीहरू विद्यमान रहेको देखिन्छ। कानुन, कार्यविधि तथा मापदण्ड समयमै स्वीकृत र कार्यान्वयन हुन नसक्नु, पूर्वाधार निर्माणमा दीर्घकालीन योजना र मापदण्डको अभाव रहनु, बजेट विनियोजन अनुसार खर्च हुन नसक्नु तथा सम्पत्तिको अभिलेख, उपयोग संरक्षणमा कमजोरी रहनु मुख्य समस्याका रूपमा देखिएका छन्। साथै अन्तर्राष्ट्रिय मापदण्डअनुसारका पूर्वाधार अभाव, अन्तर तह तथा अन्तर निकाय समन्वय तथा सहकार्य कमजोर हुनु, निजी क्षेत्रको सहभागिता न्यून हुनु र अनुगमन प्रणाली प्रभावकारी नहुनुलगायतका कारण खेलकुद क्षेत्र अपेक्षित रूपमा विकास हुन सकेको छैन। अतः खेल पूर्वाधारको विकास र उपयोग सम्बन्धमा देखिएका विद्यमान समस्या समाधानका लागि आवश्यक कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू समयमै स्वीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने, संघीय संरचनाअनुसार संगठन पुनर्संरचना गरी संघ, प्रदेश र स्थानीय तहबिच कार्यक्षेत्र स्पष्ट गरी समन्वय र सहकार्यको वातावरण तयार गर्नुपर्ने, खेल पूर्वाधार विकासका लागि दीर्घकालीन गुरुयोजना तयार गरी लागु गर्नुपर्ने, बजेट विनियोजनलाई आवश्यकता र प्राथमिकतासँग जोडेर प्रभावकारी खर्च व्यवस्थापन गर्नुपर्ने, खेलकुद पूर्वाधार तथा सम्पत्तिको एकीकृत अभिलेख प्रणाली विकास गरी संरक्षण, उपयोग र अनुगमन तथा मूल्याङ्कनलाई सुदृढ बनाउनुपर्ने, सार्वजनिक-निजी साझेदारीमार्फत खेल पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीति तथा कार्यविधि बनाउने, निर्मित पूर्वाधारको उपयोग, आम्दानी व्यवस्थापन र पारदर्शिता सुनिश्चित गर्न स्पष्ट कानुनी व्यवस्था गर्नुपर्छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था

विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्धन गर्न, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापका लागि उपयुक्त वातावरणको सिर्जना गर्न, विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत वैज्ञानिक तथा प्राविधिकहरूलाई प्रोत्साहन एवं कदर गर्न एक सङ्गठित निकायको रूपमा २०३९ सालमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान स्थापना भएको हो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ स्वीकृत भएपछि सो ऐनद्वारा संस्थागत भएको यस प्रतिष्ठानले विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताका आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने कार्य गर्दछ। प्रतिष्ठानको केन्द्रीय निकायको रूपमा एक मुख्य कार्यालय र प्रदेशस्थित ७ कार्यालय सहितको संगठनात्मक संरचना रहेको छ। विज्ञान तथा प्रविधिको क्षेत्रमा खोज, अनुसन्धान र विकास कार्यको कार्यसम्पादन अवस्थाको अध्ययन गर्न कार्यमूलक लेखापरीक्षणको लागि यो विषय छनोट गरिएको छ।

सकारात्मक पक्ष

प्रतिष्ठानले आफ्नै नानो-स्याटेलाइट (नेपाली स्याट-१) अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराएको छ। युवा पुस्ता र विद्यार्थीमा विज्ञानप्रति रुचि जगाउन स्थापना गरिएको नेपाल विज्ञान संग्राहलय एक महत्त्वपूर्ण शैक्षिक केन्द्र बनेको छ। प्लास्टिकजन्य फोहोरबाट पेट्रोल उत्पादन गर्ने प्रविधिको परीक्षण, ग्रामीण क्षेत्रमा ऊर्जा दक्षता बढाउन र धुवाँमुक्त घर बनाउन सुधारिएको चुलो र बायो-ब्रिकेट प्रविधिको प्रवर्धन, नेपालका रैथाने वनस्पति र च्याउहरूको पहिचान, वर्गीकरण र संरक्षण लगायतका कार्य प्रतिष्ठानले गरेको छ। प्रतिष्ठानले सरकारलाई विज्ञान र प्रविधिका क्षेत्रमा नीतिगत सुझाउ दिने, आफ्नै प्रयोगशालाहरू मार्फत साना तथा मझौला प्रविधि विकास गर्ने, युवा वैज्ञानिकहरूलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने, स्थानीय र मौलिक प्रविधिहरूको सङ्कलन र प्रदर्शन गर्ने कार्य गर्दै आएको छ। साथै जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र जैविक विविधता जस्ता राष्ट्रिय चुनौतीहरूमा प्रतिष्ठानले प्राविधिक सल्लाह प्रदान गर्दै एवं युवा शोधकर्ता र विद्यार्थीहरूलाई शोधपत्र, लेखन र लघु-अनुसन्धान गर्न आर्थिक सहयोग पुऱ्याउँदै अनुसन्धानको क्षेत्रमासमेत महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **नीति कार्यान्वयन -** नेपालको संविधानको धारा ५१(च)मा राज्यले देश विकासको लागि वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ। त्यसै गरी सोह्रौं आवधिक योजनामा अनुसन्धान कार्यमा संलग्न निकायहरूबाट नतिजामूलक प्रतिफल प्राप्त गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानलाई वैज्ञानिक अनुसन्धानको सर्वोच्च निकायको रूपमा विकास गर्ने र संघीयता अनुरूप सांगठनिक सुदृढीकरण, सुधार एवं पुनर्संरचना गरिने, उच्च धरातलीय अनुसन्धानका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान अन्तर्गत उच्च धरातलीय अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रको गुरुयोजना तयार पारी सञ्चालन गरिने कार्यनीति रहेको छ। यसका लागि राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ कार्यान्वयनमा रहेको छ। विज्ञान तथा प्रविधिको क्षेत्रमा राज्यले लिएको नीति अनुसार उपलब्धि हासिल गर्ने गरी प्रतिष्ठानले 'थिङ्क ट्याङ्क' को

रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ। स्थानीय समुदायको सिर्जनशीलतालाई प्रविधिसँग जोड्न ग्रामीण प्रविधि केन्द्रहरूको विस्तार गर्ने, विदेशमा रहेका नेपाली वैज्ञानिकहरूलाई स्वदेशको विकासमा जोड्न र आन्तरिक रूपमा विश्वविद्यालयहरूसँग सहकार्य गरी स्रोत साधन साझेदारीमा नेतृत्वदायी भूमिका खेल्न, अनुसन्धानलाई व्यावसायिक रूप दिन इन्कुबेशन केन्द्र स्थापना गरी युवा उद्यमीहरूलाई प्राविधिक मेन्टरसिप प्रदान गर्न, महामारी र जलवायु परिवर्तनका प्रभावहरू कम गर्न वातावरण अनुकूल प्रविधिको अनुसन्धानमा केन्द्रित हुनुपर्दछ। कुल गार्हस्थ उत्पादनको तुलनामा अनुसन्धान र विकासमा बजेट न्यून हुनु, विश्वविद्यालय, सरकारी निकाय र निजी क्षेत्रबिच अनुसन्धानमा प्रभावकारी समन्वय नहुनु, संघीय ढाँचा अनुसार प्रदेश र स्थानीय तहसम्म वैज्ञानिक प्रयोगशाला र पहुँच पुग्न नसक्नु, प्रयोगशालामा गरिएका आविष्कारहरू सर्वसाधारणको दैनिकी वा व्यापारिक उत्पादनसँग जोडिन नसक्नु लगायतका कारणले उद्देश्यबमोजिम आशातीत उपलब्धि हासिल हुन सकेको छैन। प्रतिष्ठानले आफ्नो भूमिकालाई स्थानीय तहसम्म विस्तार गर्न सक्ने गरी कानुनी र संरचनागत व्यवस्था गरी उल्लिखित नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

बजेट वक्तव्य २०८१।८२ मा अध्ययन अनुसन्धानसम्बन्धी राष्ट्रिय नीति तयार गरी कार्यान्वयन गर्ने र अध्ययन/अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रूपमा भण्डारण गर्ने व्यवस्था मिलाउने, सम्वत् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधिको दशकको रूपमा कार्यान्वयन गरिने उल्लेख छ। विज्ञान प्रविधिको दशकको रूपमा कार्यान्वयन गर्न विश्वविद्यालय र अनुसन्धानमुलक संस्थाहरूको सुदृढीकरण गर्नुपर्ने देखिन्छ। अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रूपमा भण्डारण गर्न आयोगको पोर्टलमार्फत पुराना प्रतिवेदनहरूलाई डिजिटाइज गरी भण्डारण गर्नुपर्दछ।

२. **आवधिक योजना** - सोह्रौं योजनाले रुपान्तरणकारी रणनीतिको रूपमा वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप लगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्धन गर्ने, अनुसन्धान, अन्वेषण, नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गर्ने, वित्तीय संस्थाको कुल कर्जा प्रवाहको निश्चित रकम अनिवार्य रूपमा नवप्रवर्तन तथा खोज, अनुसन्धानमा प्रवाह गर्ने, सबै विषयगत क्षेत्रहरूको रुपान्तरणकारी रणनीतिको महत्त्वपूर्ण आयामको रूपमा अध्ययन, अनुसन्धान र विकासमा जोड दिने लगायतका उद्देश्य लिएको छ। सबै प्रशासनिक कार्यमा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी गभरनेन्स-४.० लाई संस्थागत गर्ने, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने कार्यक्रम रहेको छ। डिजिटल प्रणाली पूर्ण संस्थागत गर्न अन्तर-निकाय डाटा सेयरिङ र सुरक्षित साइबर सुरक्षाको पूर्वाधार तयार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न सरकारका सबै मन्त्रालयले आफ्ना तथ्याङ्कलाई एकीकृत रूपमा भण्डारण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सोह्रौं योजनाले अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ उत्पादनको अनुपातमा राष्ट्रिय लगानी २०८१।८२ सम्ममा ०.३५ प्रतिशत रहेकोमा २०८५।८६ मा एक प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। यसका लागि २०८१।८२ को बजेटमा रु. १ अर्बको अनुसन्धान कोष स्थापना गर्ने उल्लेख गरेकोमा सोको कार्यान्वयन भएको देखिएन। नवप्रवर्तन प्रवर्धन गर्ने संस्था २०७९।८० सम्म शून्य रहेकोमा २०८५।८६ मा २५० सङ्ख्या पुऱ्याउने लक्ष्य लिएको छ। विज्ञान शहर ललितपुरको अवधारणात्मक योजना तर्जुमा प्रतिवेदन तयार भएकोमा सोको कार्यान्वयन भएको छैन।

राष्ट्रिय/अन्तर्राष्ट्रिय पेटेण्ट दर्ता २०७९।८० सम्म ८६ रहेकोमा २०८५।८६ मा ५०० पुऱ्याउने लक्ष्य रहेको छ। पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ लाई समय-सापेक्ष परिमार्जन तथा नयाँ बौद्धिक सम्पत्ति सम्बन्धी कानुन निर्माण गरी विश्वविद्यालयका अनुसन्धान र व्यक्तिगत आविष्कारलाई पेटेण्टमा बदल्नका लागि सरकारी प्रक्रियालाई सरल र स्पष्ट बनाउनुपर्दछ।

३. **बजेट र खर्च -** प्रतिष्ठानको स्थापना (२०३९) देखि हालसम्म कुल रु. ५ अर्ब २७ करोड बजेट विनियोजन भएको छ। यस प्रतिष्ठानको विगत ५ वर्षको बजेट तथा खर्च स्थिति निम्नानुसार छः

(रु हजारमा)

आर्थिक वर्ष	बजेट विनियोजन	बजेट खर्च	खर्च प्रतिशत	कार्यक्रम खर्च	कार्यक्रम खर्च प्रतिशत	आन्तरिक आय	कुल खर्चमा आन्तरिक आयको प्रतिशत
२०८१।८२	५०७३४८	३८६११०	७६.१०	१३४१६५	३४.७५	२१३७५	५.५४
२०८०।८१	४५२००१	२७९९२६	६१.९३	९५३८१	३४.०७	२८५०१	१०.१८
२०७९।८०	५२१९८९	२८७४३८	५५.०७	४४२२२	१५.३८	८२१५७	२८.५८
२०७८।७९	३५१०८१	२२९०१९	६५.२३	७१४२६	३१.१८	११८८१	५.१९
२०७७।७८	४१८७५९	३१५१६४	७५.२६	६०५६८	१९.२१	२७९५९	८.८७

प्रतिष्ठानको विगत ५ वर्षको बजेट तथा खर्च स्थिति विश्लेषण गर्दा न्यूनतम रु. ३५ करोड ११ लाख देखि अधिकतम रु. ५२ करोड २० लाखसम्म बजेट विनियोजन भएको छ। विनियोजित बजेटको ५५.०७ प्रतिशत देखि ७६.१० प्रतिशतसम्म खर्च भएको देखिएकोले खर्च गर्ने क्षमतामा सुधारको आवश्यकता रहेको छ। कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१९ देखि २८.५८ प्रतिशतसम्म रहेको छ। अर्थ मन्त्रालयबाट २०८१।८२ मा २५ प्रतिशत बजेट रोक्का हुँदा दायित्व सिर्जना भइसकेका १३ क्रियाकलाप प्रभावित भएका छन्। विगत तीन वर्षदेखि कार्यक्रम खर्चमा क्रमशः वृद्धि भए पनि कुल खर्चको १५.३८ देखि ३४.७५ प्रतिशतसम्म मात्र प्रत्यक्ष अनुसन्धान र कार्यक्रममा खर्च हुने गरेको छ। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेटमा वैज्ञानिक अनुसन्धान र उपयोगको सैद्धान्तिक विषय उल्लेख भई बजेट विनियोजन भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको छ। मुलुकमा अनुसन्धानात्मक गतिविधि विस्तार नभई नवप्रवर्तन हुन सक्दैन, नवप्रवर्तन नभई स्टार्ट अप र उद्यमशीलता विकास नहुने हुँदा अनुसन्धानको पर्यावरण निर्माण गरी नतिजालाई परिणाममुखी बनाँउदै प्रतिफल जनस्तरसम्म पुऱ्याउने लक्ष्य निर्धारण गर्नुपर्दछ।

४. **कार्यक्रम र उपलब्धि** - प्रतिष्ठानले निर्धारित कार्यक्रमअनुसार उपलब्धि हासिल गर्नुपर्दछ। प्रतिष्ठानले ऊर्जा, प्राकृतिक स्रोतको अध्ययन र उपयोग, प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, कृषि अनुसन्धान, फोहोर मैला व्यवस्थापन, अन्तरिक्ष विज्ञान, कृत्रिम बौद्धिकता, डिजिटल साक्षरता, जैविक विविधता र जलवायु परिवर्तन लगायतका विषयमा अनुसन्धान गतिविधि गर्दै आएको छ। प्रतिष्ठानका अनुसन्धान कार्यक्रमहरू स-साना छरिएर रहेकाले तिनले राष्ट्रियस्तरमा प्रभाव पार्न सकेका छैनन्। प्रतिष्ठानले गरेका अनुसन्धानको गुणस्तर कायम गरी प्राप्त निष्कर्षलाई उपयोगयोग्य बनाई सम्बन्धित सरकारी निकायसँग छलफल पश्चात् नीति निर्माणमा उपयोग गर्नुपर्दछ।

५. **अनुसन्धान कार्यान्वयन -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ६(क) मा प्रतिष्ठानले विज्ञान तथा प्रविधिका विभिन्न विषयमा प्राथमिकताको आधारमा अध्ययन अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने उल्लेख छ। नेपाली स्याट-१ को प्रक्षेपण पश्चात् डाँफे र मुनाल परियोजना सुरु गरिएको छ। साथै, कृत्रिम बौद्धिकता र डिजिटल साक्षरतामा काम भइरहेको छ। लालीगुराँसबाट तेल प्रशोधन (०.२७ देखि ०.६५प्रतिशत), चुत्रो, अमरा, किम्बु र लालीगुराँसको जुसलाई व्यावसायिक उत्पादनका लागि प्रोडक्ट लञ्चको तयारी, पानीबाट अर्गानिक आर्सेनिक हटाउने विधि विकास, कालो झिँगाको लार्भा प्रयोग गरी कुहिने फोहोरबाट जैविक मल बनाउने प्रविधिको विकास, ५ प्रजातिका बीउको बीज फिजियोलोजी अध्ययन गरी जलवायु परिवर्तनको प्रभावबारे अनुसन्धान, मुलुकभरका विकिरण पेशाकर्मीहरूलाई डोसिमेट्री सेवा उपलब्ध गराई जोखिम न्यूनीकरणमा योगदान, विगत ५ वर्षमा दुई दर्जन भन्दा बढी अनुसन्धान कृति र २ वटा पुस्तक प्रकाशन गर्ने कार्य गरेको छ। साथै प्रतिष्ठानबाट विगत ५ वर्षमा जडिबुटी खेतीको लागि दिगो जडीबुटी खेती व्यवस्थापन, रासायनिक गुण र उपयोगिता सम्बन्धी पुस्तक प्रकाशन, १० प्रजातिका वनफलको पोषणको मात्रा र एन्टिअक्सिडेन्ट क्षमता परीक्षण तथा ७ प्रजातिका फलको मूल्य अभिवृद्धि गरेको, १० प्रजातिको आनुवांशिक अध्ययन गरी डीएनए अनुक्रमण गरेर लाइब्रेरीमा राखेको र २ जडीबुटीको एन्टिअक्सिडेण्ट परीक्षण लगायतका कार्य गरेको छ।

अनुसन्धान तथा विकासको क्षेत्रसँग सम्बन्धित कानुन समयसापेक्षरूपमा संशोधन एवं पुनरावलोकन नहुनु, पुराना संगठनात्मक संरचना रहनु, कुल गार्हस्थ उत्पादनको तुलनामा अनुसन्धान र विकासमा न्यून बजेट विनियोजन हुनु, विश्वविद्यालय, सरकारी निकाय र निजी क्षेत्रबिच अनुसन्धानमा प्रभावकारी समन्वय नहुनु, प्रयोगशालामा गरिएका आविष्कारहरू सर्वसाधारणको दैनिकी वा व्यापारिक उत्पादनसँग जोडन नसक्नु लगायतका कारणले अनुसन्धानको नतिजा उपयोग प्रभावित भएको छ। प्रतिष्ठानले प्रविधि र विधिहरूमा गरेका विकास तथा उपलब्धिलाई प्रभावकारी रूपमा उपयोग गर्न सकेको छैन। अनुसन्धानका उपलब्धि समाज रुपान्तरणमा समेत उपयोग गर्नुपर्दछ।

६. **सेवा आयोग -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १८(१) मा कर्मचारीको स्थायी नियुक्ति र बढुवाको सिफारिस गर्न एक छुट्टै सेवा आयोग रहने व्यवस्था छ। आयोगले २०७९।८० मा १६० कर्मचारीको खुला तथा बढुवामार्फत पदपूर्ति सुरु गरेको छ। सो आर्थिक वर्षभन्दा अगाडि करिब १४ वर्षसम्मको कर्मचारी रिक्तताले प्रतिष्ठानको समग्र कार्यसम्पादन र नतिजामा नकारात्मक प्रभाव परेको देखिन्छ। सेवा आयोग सञ्चालनका लागि विगत पाँच वर्षमा सेवा आयोगका पदाधिकारी पारिश्रमिकमा रु. ३ करोड ३५ लाख १५ हजार खर्च भएको छ। प्रतिष्ठानको सेवा आयोग विद्यमान रहे तापनि कर्मचारी छनोटको लागि परीक्षा सञ्चालन लोकसेवा आयोगले गर्दै आएको छ। लोकसेवा आयोगबाट भर्ना तथा छनोटको कार्य भइरहेको हुँदा बिद्यमान सेवा आयोगको औचित्य सम्बन्धमा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

७. **दरबन्दी र पदपूर्ति -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन,२०४८ को दफा ११ मा प्रज्ञा प्रतिष्ठानको संगठन सम्बन्धी व्यवस्था छ। प्रतिष्ठानमा २३१ कर्मचारीको दरबन्दी रहेकोमा करार सेवाका २९ समेत १४२ कर्मचारीको पदपूर्ति भई विज्ञान/प्रविधि सेवाका विशिष्ट श्रेणी ३, अधिकृतस्तर प्रथम ५, अधिकृतस्तर द्वितीय २७ समेत ८९ पद रिक्त रहेको छ। समयमा कर्मचारी पदपूर्ति नहुँदा

कर्मचारीको वृत्ति विकास र उत्प्रेरणामा प्रत्यक्ष प्रभाव पर्नुका साथै प्रतिष्ठानको समग्र कार्यसम्पादन र नतिजामा समेत असर परेको छ।

व्यवस्थापन परिषद्को २०७३।१०।२४ को निर्णयानुसार ७ प्रदेशमा कार्यालय स्थापना गर्ने निर्णयबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी प्रत्येक प्रदेशमा ७ जनाका दरले ४९ दरबन्दी स्वीकृत गरिएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी पुनरावलोकन गर्नुपर्दछ।

८. **गुरुयोजना -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १३ मा प्राज्ञ सभाले प्रतिष्ठानको लघुकालीन, दीर्घकालीन, समसामयिक र वार्षिक नीति, योजना तथा कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले अनुसन्धान र सोको नतिजा उपयोग सम्बन्धी गुरुयोजना र रणनीतिक योजना तयार गरेको छैन। प्रतिष्ठानलाई व्यवस्थित, पारदर्शी, र परिणाममुखी रूपमा सञ्चालन गर्न प्राज्ञिक केन्द्र बनाउन स्पष्ट मार्गचित्र सहितको गुरुयोजना र सोअनुरूपको रणनीतिक योजना तयार गर्नुपर्दछ।

९. **अभिलेखाङ्कन र उपयोग -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ६(घ) मा विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय प्रलेख तथा सूचना प्रणालीको विकास गरी सेवा प्रदान गर्ने तथा विषय क्षेत्र र आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न निकायहरूसँग अनुमतिलिई समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ। अनुसन्धानबाट प्राप्त परिणाम प्रतिष्ठानले अभिलेखाङ्कनको साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगमा समेत रहने गरेको र प्राज्ञिक अभिलेखका रूपमा अनुसन्धान कृतिहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित भई अन्य वैज्ञानिक समुदायबिच थप अनुसन्धानको लागि उपयोगमा रहेका छन्। प्रतिष्ठानले कार्यविधि निर्माण गरी अनुसन्धान अनुदान दिने व्यवस्था गरेको छ। उद्योग मन्त्रालयले स्टार्टअपलाई सहुलियतमा ऋण उपलब्ध गराउने गरी कार्यविधि मार्फत ऋण प्रवाह गर्न थालेको छ। प्रतिष्ठानसँगको समन्वय र सहकार्यमा नवप्रवर्तन र स्टार्टअपलाई जोडी अनुसन्धानको उपलब्धिलाई उपयोग गर्नुपर्दछ।

प्रतिष्ठानको प्राविधिक सहयोगमा विगत वर्षदेखि निजी क्षेत्रसँग सहकार्य गरी औषधीय महत्त्वका च्याउका विभिन्न उत्पादनहरू बजारीकरण गरेको छ। फोहोरमैला व्यवस्थापनमा उपयोग हुनसक्ने प्रविधिको अध्ययन नतिजा उत्साहबर्धक भएको तर लगानीको अभावमा प्रयोगमा आउन नसकेको प्रतिष्ठानले जनाएको छ। वैज्ञानिक अनुसन्धानबाट प्राप्त उपलब्धिको सार्थक उपयोगका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै प्रतिष्ठानले प्राथमिकताका आधारमा अनुसन्धान कार्य सञ्चालन गर्नुपर्दछ। बौद्धिक सम्पत्तिको अधिकारयोग्य परिणामलाई सहायता कक्ष निर्माण गरी छिटो र सहज रूपमा कानुनी तथा प्राविधिक परामर्श दिनुका साथै अभिलेखाङ्कन र सोको उपयोग व्यवस्था मिलाउनु पर्दछ।

१०. **प्रविधि हस्तान्तरण -** प्रविधि हस्तान्तरणका लागि राष्ट्रको आवश्यकता, प्रविधिको पहिचान र प्रविधिको अनुकूलन तथा प्रचार प्रसार गर्नुपर्दछ। अनुसन्धानबाट प्राप्त उपलब्धिको हस्तान्तरण राज्यको नीति र आवश्यकता अनुसार गर्नुपर्दछ। प्रतिष्ठानले नेपालमा पहिलो पटक इमेल भित्र्याउन प्राविधिक सहयोग गरेको, सौर्य बत्ती र ऊर्जाको प्रयोगलाई सहजीकरण गरेको, बायोब्रिकेट उद्योग सञ्चालनका लागि अनुसन्धानमा सहभागी भएको, मेकर्स स्पेस अवधारणा अन्तर्गत स्याटेलाईट निर्माण लगायतका कार्यमा सहकार्य तथा सहयोग गरेको र प्रशिक्षण प्रदान गर्ने गरेको छ। सूचना प्रणाली अन्तर्गत पुस्तकालय, जलवायु परिवर्तनको ज्ञान व्यवस्थापन केन्द्र तथा सूचना पहुँच केन्द्र लगायतका विविध विधाका संरचना २०८० सालमा स्थापना भएका छन्। सो सूचना सङ्कलन, व्यवस्थापन र उपयोग गराउने सोचका साथ

भविष्यमा नेपालको विज्ञान प्रविधिको ज्ञान संग्रह गर्ने, राष्ट्रको प्राविधिक जनशक्ति प्रक्षेपण लगायतका जिम्मेवारी प्रतिष्ठानलाई तोकिएको छ। मानव सिर्जित कृयाकलापबाट जलवायु परिवर्तनजन्य विपद् बढदै गएका छन्। बेमौसमी वर्षा, अति वृष्टि/अनावृष्टि, बाढी पहिरो लगायतका कारण अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा ह्रास ल्याई मानिसको जीविकोपार्जनमा समेत नकारात्मक प्रभाव परेको छ। संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन, २०२१ अनुसार जलवायु परिवर्तनजन्य घट्नाका कारण करिब ९० प्रतिशत बालीनालीको नोक्सानी हुने गरेको र सोको कारण कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १० देखि ३० प्रतिशतसम्म ह्रास आएको उल्लेख छ।

जलवायुसम्बन्धी सम्मेलनमा नेपाल र स्वीडेनबिच अन्तर्राष्ट्रिय कार्बन व्यापार सम्झौता भएको छ। अनुकूलन कोष बोर्डले ४४ औं बैठकबाट अनुकूलन कोषबाट प्रतिराष्ट्र प्राप्त हुने अनुदान अमेरिकी डलर ४० मिलियन पुऱ्याएसँगै नेपाललाई जलवायु अनुकूलनमा अन्तर्राष्ट्रिय वित्तमा पहुँचको अवसर सिर्जना भएको छ। प्रतिष्ठानले कार्बन तथा इकोलोजिकल प्यारामिटरहरू मापन गर्ने र जलवायु परिवर्तनका असरहरूको बारेमा अनुसन्धान गर्दै आएको छ। यस सम्बन्धमा नेपाल सरकारसँग सहकार्य र समन्वय गरी नीति तर्जुमा र आवश्यक तथ्याङ्क उपलब्ध गराई जलवायु अनुकूलनमा अन्तर्राष्ट्रिय वित्तमा पहुँच पुऱ्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

११. **पिरामिड अनुसन्धान केन्द्र** - नेपाल सरकार र इटालीको ईकेटुसिएनआर कमिटीबिच सन् १९९६ मा समझदारी पत्रमा हस्ताक्षर भए अनुसार पिरामिड अनुसन्धान केन्द्र सोलुखुम्बु जिल्लाको खुम्बु उपत्यका अन्तर्गत लोबुचे नजिकै ५ हजार ५० मिटरको उचाइमा स्थापना गरिएको छ। केन्द्रले विशेष गरी उच्च हिमाली क्षेत्रमा हुने विभिन्न प्राकृतिक र मानवीय प्रक्रियाहरू विश्वव्यापी जलवायु परिवर्तनले हिमाल र हिमनदीमा पारेको असरको अनुगमन, हिमालयन क्षेत्रको भौगर्भिक हलचल र प्लेट टेक्टोनिक्सको अध्ययन, उच्च उचाइ र कम अक्सिजन भएको स्थानमा चिकित्सा अनुसन्धान, हिमाली क्षेत्रमा वायु प्रदूषण र ब्ल्याक कार्बन को अवस्थाबारे अध्ययन गर्ने गरेको छ। अनुसन्धानले नेपालको जलवायु परिवर्तन अनुकूलनमा सहयोग पुऱ्याएको छ। यो केन्द्रमा प्रतिष्ठानले आफ्नो उपस्थिति देखाए पनि भौतिक र प्राविधिक नियन्त्रण गर्न सकेको छैन। सम्झौतामा ईकेटुसीएनआरले वैज्ञानिक तथा प्राविधिक सहयोग र विकासका लागि प्रति वर्ष न्यूनतम अमेरिकी डलर १० हजार तिर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म त्यस्तो रकम केन्द्रलाई भुक्तानी गरेको देखिएन। उक्त रकम प्राप्त गरी सम्झौतालाई पारस्परिक हितको आधारमा पुनरावलोकन गरी नेपालको पूर्ण पहुँच सुनिश्चित गरिनुपर्दछ।

सोह्रौं योजनामा पिरामिड केन्द्रलाई राष्ट्रिय प्राथमिकताको परियोजनामा रूपान्तरण गर्ने नीति रहेको छ। नेपालको सीमित प्राविधिक क्षमता र प्राप्त हुने कोरा तथ्याङ्कको विश्लेषणका लागि दक्ष जनशक्तिको कमीले गर्दा केन्द्रबाट प्राप्त जलवायु सम्बन्धी तथ्याङ्कलाई नेपालको प्रकोप नियन्त्रण, कृषि, जलविद्युत लगायतका विषयमा उपयोग गर्न सकिएको छैन। केन्द्रहरूको तथ्याङ्क सुरक्षा र बौद्धिक सम्पत्तिका बारे कानुनी व्यवस्था छैन। नेपालले उच्च हिमाली क्षेत्रमा तथ्याङ्क भण्डारण गर्न आफ्नै सुरक्षित राष्ट्रिय तथ्याङ्क केन्द्र निर्माण गर्नुपर्दछ। नेपालको भू-भागबाट सङ्कलन गरिने हरेक तथ्याङ्क नेपालको केन्द्रीय सर्भरमा सुरक्षित राखेपश्चात् मात्र विदेशी साझेदारलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा तथ्याङ्क सुरक्षाको आवधिक परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

१२. **मेशिन/उपकरणको उपयोग** - प्रतिष्ठानमा उपलब्ध मेशिन, उपकरणहरू मितव्ययी र उद्देश्य अनुरूप प्रतिफल प्राप्त हुने गरी सञ्चालन गर्नुपर्दछ। नेपालमा पहिलो पटक सन् २०२३ मा रु. ४ करोड ९४ लाखको लागतमा वैज्ञानिक अनुसन्धानका लागि न्युक्लियर म्याग्नेटिक रिजोनेन्स (एनएमआर) मेसिन जडान गरिएको छ। मेसिन जडान पश्चात् करिब ८०० नमुना परीक्षण गरी निष्कर्ष निकालिएको छ। यस वर्ष मेसिन सञ्चालनका लागि रु. २७ लाख खर्च भएको छ। मेसिन सञ्चालन र तथ्याङ्क विश्लेषणका लागि आवश्यक पर्ने उच्च स्तरीय प्राविधिक ज्ञानयुक्त जनशक्तिको कमी हुँदा सोको उपयोगपूर्ण रूपमा हुन सकेको छैन। प्रतिष्ठानले प्रयोगशालामा उक्त मेसिनरी उपकरण प्रयोग गरी प्राप्त गरेको तथ्याङ्क अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप प्रमाणीकरण गर्ने, भविष्यमा बौद्धिक सम्पत्ति संरक्षण हुनेगरी नेपालका जडीबुटीहरूको एनएमआर डाटाबेस तयार गर्ने कार्य गर्नुपर्दछ। मेशिनको सञ्चालन र उपयोग गर्न पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गरी सोको बहुउपयोगी लाभ प्राप्त गर्नुपर्दछ।

प्रतिष्ठानमा विभिन्न धातुहरूको परिमाण तथा अनुपात पत्ता लगाउन प्रयोग गरिने एब्जर्सन स्पेक्ट्रोफोटोमिटर, लिक्विड क्रोमेटोग्राफी मास स्पेक्ट्रोमेट्री लगायतका मेसिनरी तथा प्राविधिक उपकरणहरू दक्ष जनशक्तिको अभावमा उपयोगमा आएका छैनन्। इन्कुबेटर, पीसीआर लगायतका उपकरणहरू बिग्रिएको अवस्थामा छन्। आवश्यक उपकरणको अभाव र जनशक्तिको न्यूनताका कारण विज्ञान तथा प्रविधिको क्षेत्रमा अपेक्षित नवप्रवर्तनकारी कार्यहरू हुन सकेका छैनन्। खरिद गरिएका मूल्यवान् मेसिनरी तथा उपकरणहरू उद्देश्य अनुसार पूर्ण रूपमा उपयोगमा ल्याउनु पर्दछ। मौजुदा जनशक्तिलाई उच्च स्तरीय तालिम प्रदान गर्ने, प्रयोगशालामा रहेका उपकरणहरूको समयमै मर्मत, सम्भार र उचित संरक्षण गर्ने, खरिद गरिएका उपकरणहरूलाई उद्देश्य अनुरूप सञ्चालन गरी लगानीको तुलनामा अधिकतम प्रतिफल प्राप्त हुने गरी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

१३. **प्रयोगशाला सञ्चालन** - नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा रु. १ करोड २९ लाख ५० हजारको लागतमा सेकेण्डरी स्टयाण्डर्ड डोजिमेट्री ल्याब्रोटरी भवन निर्माण गरिएको छ। आणविक प्रविधि र विकिरण मापनका लागि महत्त्वपूर्ण उक्त पूर्वाधार निर्माण सम्पन्न भए तापनि मेशिन उपकरण जडानयोग्य अवस्था नभई मर्मत कार्य भइरहेको छ। यो विशेष विकिरण सुरक्षा मापदण्ड अनुसार निर्माण गरिनु पर्दछ। यसमा आयनाइजिङ्ग विकिरण नियन्त्रण गर्नका लागि बाक्लो कंक्रिटका पर्खालहरू र विशेष बंकर शैलीको डिजाइन प्रयोग गर्नुपर्ने र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको दिशा-निर्देशन र सुरक्षा मापदण्ड अनुरूप निर्माण कार्य हुनुपर्दछ। प्रतिष्ठानले निर्माण गरेको भवन विकिरण सुरक्षाका लागि आवश्यक गुणस्तर अनुरूप भए नभएको सम्बन्धमा आश्वस्त हुनेगरी गुणस्तर परीक्षण गरेको देखिएन। क्यालिब्रेसनका लागि आवश्यक पर्ने उच्च गुणस्तरको विकिरण स्रोतको आयात गर्ने कार्य साथै भवनभित्र रहने संवेदनशील वैज्ञानिक उपकरण र सफ्टवेयरको जडान, सुरक्षा परीक्षण र लाइसेन्सिङ प्रक्रिया बाँकी रहेको देखिन्छ। भवन मर्मत कार्य सम्पन्न गरी दक्ष जनशक्ति व्यवस्थापन, पर्याप्त बजेट र विकिरण स्रोतको आयात लगायतका कार्यलाई प्राथमिकता दिई प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।

१४. **जलवायु परिवर्तनको अनुसन्धान** - नेपाली आकाशमा जलवायु परिवर्तनसम्बन्धी अध्ययन गर्न प्रतिष्ठानले अल्फ्रेड वेग्नर इन्स्टिच्युटसँग १७ जनवरी, २०१७ मा समझदारिपत्रमा हस्ताक्षर भएको छ। सो अध्ययनमा नेपाल र अन्य राष्ट्रका अनुसन्धानकर्ता संलग्न हुने र सोबाट नेपाली वैज्ञानिकको सक्षमता अभिवृद्धि हुने र अनुसन्धानबाट प्राप्त सम्पत्तिमा नेपालको पनि स्वामित्व रहने समझदारीपत्रमा उल्लेख

छ। एसियन मनसुन सिस्टम पृथ्वीकै ठूलो र ऊर्जावान् जलवायु प्रणाली रहेको र यस अनुसन्धानले मनसुन प्रणालीको उपल्लो तहमा अध्ययन गरेको, अनुसन्धानबाट स्ट्राटोस्फियर (समताप मण्डल) सम्म पुग्ने वायुको कम्पोजिसन अध्ययन गर्न र त्यसले विश्वव्यापी रूपमा परेको प्रभाव अध्ययन गर्न पहिलोपटक सफल भएको प्रतिष्ठानले जनाएकोमा सोबाट निकालिएको निष्कर्ष सम्बन्धी जानकारी सार्वजनिक गरेको छैन।

करिब २० किलोमिटरभन्दा माथिसम्म उडान गरी दुई हप्तासम्म सङ्कलित तथ्यांक, सूचना तथा तस्विरहरू प्रतिष्ठानले प्राप्त गरेको पाइएन। विमानबाट सूचना सङ्कलन गरिएकोमा सोबाट प्राप्त हुनसक्ने तथ्याङ्क र सूचना संवेदनशीलताको पक्षलाई समेत दृष्टिगत गर्नुपर्ने देखिन्छ।

निष्कर्ष तथा सुझाउ

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले पूर्वाधार र लगानीको अभावका बाबजुद सीमित स्रोत साधनबाटै नेपाली स्याट-१ नानो-स्याटेलाइट अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराएको छ। विज्ञान संग्रहलय एक महत्त्वपूर्ण शैक्षिक केन्द्र बनेको छ। विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा प्रतिष्ठानको अग्रणी भूमिका रहेको छ। राज्यले अनुसन्धान र विकासलाई उच्च प्राथमिकतामा राखी नेपालको आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउन सक्ने देखिन्छ।

अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी, राज्यको नीति अनुरूप नयाँ कानुन र संरचनाहरू निर्माण नहुनु, दक्ष जनशक्तिको कमी, प्रतिभा पलायन, राज्यको न्यून प्राथमिकता लगायतका समस्याहरू विद्यमान देखिन्छन्। पेटेन्ट/लाइसेन्सिङ्ग क्षमता मजबुत बनाई व्यावसायिक मोडेलको अवधारणा अनुसार सञ्चालन गर्नेतर्फ अध्ययन हुनुपर्दछ। आधुनिक प्रविधि र प्रयोगशालाका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति, उपयुक्त संरचना र समय सापेक्ष कानुनी व्यवस्था हुनुपर्दछ।

विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता

नेपालको संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८ तर्जुमा भई कार्यन्वयनमा रहेको छ। यो योजना नेपालको संविधानले प्रत्याभूत गरे अनुसार आधारभूत तह र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने, राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्दिष्ट गरेका नीतिको कार्यान्वयन गर्ने, सन् २०३० सम्म समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य-४ हासिल गर्नेतर्फ निर्देशित रहेको छ। यसरी शिक्षा क्षेत्रको घोषित लक्ष्य प्राप्तिको लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षभन्दा बढी उमेरको साक्षरता दर ७६.२ प्रतिशत र १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९२ प्रतिशत पुगेको छ। गण्डकी, बागमती, कोशी, सुदूरपश्चिम र लुम्बिनीसमेत ५ प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्। विद्यालय शिक्षामा विभिन्न ३० मातृभाषामा पाठ्यक्रम विकास भएको छ। पूर्व प्राथमिक शिक्षाको खुद भर्ना दर ८५.५ प्रतिशत (४ वर्ष उमेर समूह), आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ५५.८ प्रतिशत पुगेको छ। विद्यालयदेखि उच्च शिक्षाको भर्नामा लैङ्गिक समानता कायम भएको छ। नेपालमा विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, सार्वजनिकीकरण र प्रयोगको सन्दर्भमा अनलाइनमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) को प्रयोग भई विद्यालयगत विद्यार्थी, शिक्षक विवरण केन्द्रसम्म डिजिटल रूपमा पुगेको छ। त्यसैगरी भूकम्पपछिको पुनर्संरचना र नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत विगत ३ वर्षमा सार्वजनिक विद्यालयको भौतिक पूर्वाधार निर्माणमा रु. २४ अर्ब १६ करोड १३ लाख ९ हजार खर्च भई ३२२ भूकम्प प्रतिरोधी बालमैत्री विद्यालय भवन निर्माण हुनु र प्रविधियुक्त साथै विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याबको विस्तार भई सामुदायिक विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याउने प्रयास भएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **शिक्षा ऐन तथा नियमावली -** सोह्रौं योजनामा रुपान्तरणकारी रणनीतिअन्तर्गत शैक्षिक सुधारका लागि आवश्यक नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने उल्लेख छ। नेपालको शिक्षा क्षेत्रलाई मार्गनिर्देशन गर्ने प्रमुख कानुनी आधारका रूपमा रहेको शिक्षा ऐन, २०२८ कार्यान्वयनमा आएको पाँच दशकभन्दा बढी समय व्यतीत भइसकेको र हालसम्म २१औं पटक र शिक्षा नियमावली, २०५९ आठौं पटक संशोधन भएको छ। संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको भए तापनि कतिपय विषयमा संघ, प्रदेश वा स्थानीय तहबिच सामञ्जस्यता कायम हुन सकेको देखिँदैन। हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावलीले शिक्षा क्षेत्रको

सामुदायिक आवश्यकता र संवैधानिक भावनालाई उचित रूपमा सम्बोधन गर्न सकेको देखिँदैन। शिक्षाको अधिकारलाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ का प्रावधानबिच तालमेल नहुँदा विद्यालयको नियमन, शिक्षक दरबन्दी मिलान र गुणस्तर सुनिश्चितता सम्बन्धमा कानुनमा एकरूपता देखिँदैन। विद्यालय शिक्षामा देखिएका नीतिगत र संरचनात्मक समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न र संविधानमा उल्लेख भएअनुसार शिक्षा प्रणालीलाई दिशानिर्देश गर्न सङ्घीय शिक्षा ऐन जारी गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

२. **विद्यालय समायोजन तथा एकीकरण -** सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ५ बमोजिम विद्यालय आवतजावत गर्न लाग्ने समय, विद्यार्थी सङ्ख्या, जनसङ्ख्या, विद्यालयको स्तरवृद्धि, माध्यमिक तहमा ठूला विद्यालय सञ्चालन, आवासीय विद्यालय सञ्चालन, नमुना विद्यालय विकास आदिका माध्यमबाट विद्यालय समायोजन तथा एकीकरण गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार नेपालमा रहेका कुल २७ हजार २९८ सामुदायिक विद्यालयमध्ये १४ हजार ६३३ विद्यालयमा १०० जना भन्दा कम र १०७ विद्यालयमा २ हजार भन्दा बढी विद्यार्थी रहेको देखिन्छ। त्यसै गरी हालसम्म ६१६ विद्यालय समायोजन गरेको भए तापनि भूगोल र जनसङ्ख्याको आधारमा कार्यविधिमा भएको व्यवस्थाबमोजिम सार्वजनिक विद्यालयहरू समायोजन तथा एकीकरण हुन सकेका छैनन्। अतः पालिकाले विद्यालय सुधारका लागि कार्यविधिमा भएको व्यवस्था बमोजिम समायोजन तथा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ।

३. **कार्यक्रम कार्यान्वयन -** महालेखापरीक्षकको विगत पाँच वर्षको वार्षिक प्रतिवेदनअनुसार १६९ विद्यालय शिक्षासम्बन्धी कार्यक्रममा विनियोजित बजेट रु. ३ अर्ब ७४ करोड १३ लाख खर्च हुन नसकी फ्रीज भएको देखिन्छ। लेखापरीक्षणको क्रममा ५७ वटा विद्यालयको सर्वेक्षण गरिएकोमा ५७ विद्यालयबाट प्राप्त विवरणअनुसार ५८ प्रतिशत विद्यालयले मात्र विद्यालय सुधार योजनाको आधारमा बजेट खर्च गरेको, ४० प्रतिशत विद्यालयमा भौतिक संरचना निर्माणकै चरणमा रहँदा शैक्षिक गुणस्तर सुधारमा पर्याप्त बजेट केन्द्रित हुन नसकेको, ६८ प्रतिशत विद्यालयले बजेट अभावका कारण प्रविधिमैत्री कक्षा कोठा निर्माण गर्न नसकेको अवस्था देखियो। स्वीकृत कार्यक्रम सञ्चालन नहुँदा लक्षित वर्गले समयमा सेवा प्राप्त गर्नबाट वञ्चित भई शैक्षिक विकासमा असर पर्ने देखिएको छ। सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट विनियोजन गर्ने र कार्यान्वयनयोग्य कार्यक्रम कार्यान्वयन नगर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

४. **दिवा खाजा कार्यक्रम -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार कर्णाली प्रदेशका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका विद्यार्थीलाई प्रतिव्यक्ति दैनिक रु.२५ र अन्य ७२ जिल्लाका विद्यार्थीलाई दैनिक रु.१५ का दरले १८० दिनको दिवा खाजा रकम उपलब्ध गराउने व्यवस्था छ। दिवा खाजा कार्यक्रमको मुख्य उद्देश्य विद्यालयमा पोषणयुक्त खाजाको व्यवस्था गर्दै विद्यालयमा बालबालिकाको उपस्थिति वृद्धि गर्ने र विद्यालय छाड्ने दरमा कमी ल्याउनु रहेको छ। दिवा खाजासम्बन्धी विवरण देहायबमोजिम छः

आर्थिक वर्ष	कक्षा १-५ सम्म	पूर्व प्राथमिक विद्यालय	जम्मा विद्यार्थी सङ्ख्या	कुल अनुदान निकासा रकम	कुल खर्च रकम	दैनिक रु.१५ का दरले अनुसार दिवा खाजा वितरणको औसत दिन
२०८१।८२	२१८७४४९	६१८८५२	२८०६३०१	८४६९५३३	५८३३७००	१३९
२०८०।८१	२३६९७६३	६३९८७७	३००९६४०	८४५२३८०	६१०७५१०	१३६
२०७९।८०	२५२९११९	६६५५४४	३१९४६६३	८२७८६०३	७०६७४५४	१४८
२०७८।७९	२५६३२०५	६२७१४२	३१९०३४७	विद्यालय क्षेत्रविकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको		
२०७७।७८	२६२८२०८	५५७६८६	३१८५८९४			
औसत दिन						१४१

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार २०७७।७८ मा पूर्व प्राथमिक विद्यालय र कक्षा १ देखि ५ सम्मका ३१ लाख ८५ हजार ८९४ विद्यार्थीका लागि दिवा खाजाको रकम निकासा भएकोमा २०८१।८२ मा २८ लाख ६ हजार ३०१ विद्यार्थीका लागि निकासा भएको छ। फ्ल्यास प्रतिवेदन, २०८१ ले औसत वार्षिक उपस्थिति दर १९६ दिन भएको उल्लेख गरेको भए तापनि दिवा खाजामा भएको खर्च र विद्यार्थीको सङ्ख्या अनुसार ३ वर्षको औसत दिवाखाजा वितरण दर १४१ दिन मात्र रहेको छ। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरणअनुसार १७ विद्यालयले सरकारले तोकेअनुसार दिवा खाजाको मेनु तयार गरेको, ५ विद्यालयमा दिवा खाजा कार्यक्रमले विद्यार्थी उपस्थितिमा कुनै प्रभाव नपारेको, ३५ विद्यालयको मात्रै छुट्टै भान्सा रहेको, बाँकी २३ भान्छा व्यवस्थित र प्रभावकारी नभएको, १२ विद्यालयले स्थानीय उत्पादनहरू प्रयोग गरी दिवा खाजा तयार गरेको उल्लेख छ। त्यसै गरी, इमिस तथ्याङ्कअनुसार कक्षा १-५ को विद्यालय छाड्नेदर २०७८ मा ३ प्रतिशत रहेकोमा २०८१ मा ८.२ प्रतिशत पुगेको छ।सामुदायिक विद्यालयमा भर्ना दर २०७७ मा ७५.३२ प्रतिशत रहेकोमा २०८१ मा ६६.२२ प्रतिशतमा झरेको छ। विद्यार्थीको नियमित उपस्थिति र भर्नादर वृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयन भए तापनि तथ्याङ्क विश्लेषणबाट विद्यार्थी भर्नादर र विद्यार्थीको उपस्थिति दरमा कमी आएको देखिन्छ। अतः कार्यक्रमको प्रभावकारिता पुनरावलोकन गरी पोषणयुक्त खाजाको माध्यमबाट दिवा खाजामा विद्यार्थीको उपस्थिति र भर्नादर वृद्धि गर्न थप पहल गर्नुपर्दछ।

५. **निःशुल्क पाठ्यपुस्तक कार्यक्रम -** कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम विद्यालयको विद्यार्थी सङ्ख्यालाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गर्नुपर्ने र सोको आधारमा आवश्यक पाठ्यपुस्तकको सङ्ख्या यकिन गरी निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। विगत ५ वर्षमा सामुदायिक विद्यालयमा रहेको विद्यार्थी सङ्ख्या एवं निःशुल्क पाठ्यपुस्तक अनुदान निकासा खर्चको स्थिति देहायबमोजिम छः

(रु. हजारमा)

वर्ष	सामुदायिक विद्यालय विद्यार्थी सङ्ख्या					पाठ्यपुस्तकमा भएको कुल अनुदान निकासा	पाठ्यपुस्तकमा भएको खर्च
	कक्षा १-५ सम्म	कक्षा ६-८ सम्म	कक्षा ९-१० सम्म	कक्षा ११-१२ सम्म	जम्मा		
२०८१	२१८७४४९	१२७४१५४	७२९५६९	४५१५५७	४६४२७२९	३८१४४८०	२९२९०४०
२०८०	२३६९७६३	१३०४२००	७७३९९७	५०८०८०	४९५६०४०	३५७९९००	२९९९३४०
२०७९	२५२९११९	१३१४२९२	८१७१७२	५४२६३१	५२०३२१४	३४०४२८६	३११७७५९
२०७८	२५६३२०५	१३१६२३२	८३३४७२	४९७५८३	५२१०४९२	विद्यालय क्षेत्रविकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको	
२०७७	२६२८२०८	१३८१३१२	८३९२०८	४८७११५	५३३५८४३		

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म २०७७ मा कुल ५३ लाख ३५ हजार ८४३ विद्यार्थी रहेकोमा २०८१ मा यो सङ्ख्या करिब १३ प्रतिशतले न्यून भई ४६ लाख ४२ हजार ७२९ रहेको छ। विद्यार्थी सङ्ख्यामा कमी भएतापनि पाठ्यपुस्तकका लागि निकासा हुने अनुदानको रकम बढेको छ। तथापि विगत ३ वर्षको निःशुल्क पाठ्यपुस्तकमा भएको खर्चको विवरण विश्लेषण गर्दा खर्च रकम क्रमशः घट्दै गएको देखिन्छ। इमिस प्रणालीमा प्रविष्टि गरिएको विवरण र वास्तविक भौतिक उपस्थितिबिच नियमित सत्यापन नहुँदा घटेको विद्यार्थी सङ्ख्या अनुसारको वास्तविक तथ्याङ्क प्रतिवेदनमा नदेखिने समस्या छ। उल्लिखित समस्या समाधानका लागि स्थानीय तहले विद्यालयको विद्यार्थी सङ्ख्याको अनिवार्य भौतिक सत्यापन गरेपछि मात्र इमिस तथ्याङ्कलाई अन्तिम रूप दिने र सोही प्रमाणित सङ्ख्याको आधारमा मात्र बजेट निकासा गर्ने पद्धतिको विकास गर्नुपर्दछ।

६. **छात्रवृत्ति वितरण -** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ बमोजिम स्थानीय तहले इमिसमा रहेको अद्यावधिक तथ्याङ्कका आधारमा लक्षित वर्गको पहिचान गरी समयमै छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आवासीय, गैरआवासीय र विपन्न लक्षित गरी १५ प्रकारका छात्रवृत्ति वितरण हुँदै आएको पाइन्छ। विगत ५ वर्षमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या र विगत ३ वर्षमा छात्रवृत्तिमा भएको खर्चको स्थिति देहायबमोजिम छ।

(रु. हजारमा)

आर्थिक वर्ष	कक्षा १-५ सम्मका छात्रा	कक्षा १-५ का दलित	कक्षा १-१२ का अपाङ्गता भएका विद्यार्थी	जम्मा छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या	गत वर्ष भन्दा घटेको विद्यार्थी सङ्ख्या	विद्यालयलाई छात्रवृत्तिमा अनुदान निकासा	कुल खर्च रकम
२०८१।८२	१११९५४७	५००१७५	२७५६०	१६४७२८२	१४४३६८	१,९५,४७,६०	१,३५,२२,७०
२०८०।८१	१२१२५५१	५५२७९१	२६३०८	१७९१६५०	११७८७९	१,७६,९४,१०	१,३६,५३,७०
२०७९।८०	१२९०२९३	५९१५६७	२७६६९	१९०९५२९	१२९२०	१,७२,१८,६१	१,४०,४६,०७
२०७८।७९	१३०६६२७	६०२२९१	१३५३१	१९२२४४९	७८९७८	विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको	
२०७७।७८	१३८७४४४	६१३९८३	-	२००१४२७	-		

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार २०७७।७८ मा २० लाख १ हजार ४२७ विद्यार्थीले छात्रवृत्ति पाएकोमा २०८१।८२ मा सो सङ्ख्यामा कमी आई १६ लाख ४७ हजार २८२ कायम भएको छ। विद्यालयमा छात्रवृत्ति पाउने विद्यार्थीको सङ्ख्यामा कमी हुँदै गए तापनि छात्रवृत्तिमा भएको खर्च सोही अनुपातमा घटेको देखिँदैन। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरण अनुसार ४८ विद्यालयमा छात्रवृत्ति रकम नगद वितरण भएको, ४४ विद्यालयले केन्द्रबाट छात्रवृत्तिको रकम प्राप्त भएपछि मात्र विद्यार्थीलाई वितरण गर्ने गरेको, ४१ विद्यालयमा छात्रवृत्ति कार्यक्रमले नतिजामा सामान्य सुधार गरेको अवस्था छ। विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमको खर्च रकममा चाप परेको केन्द्रको भनाइ रहेको छ। अतः केन्द्रले इमिस तथ्याङ्कलाई आधार बनाएर छात्रवृत्ति वितरणमा बजेट निकासा गर्नुको साथै लक्षित वर्गअनुसार छात्रवृत्ति वितरण भएको सुनिश्चित गर्न अनुगमन गर्नुपर्दछ।

७. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० बमोजिम जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्डअनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा यस्तो कार्य देशभर गर्नुपर्ने भएमा मन्त्रालय वा मन्त्रालयले तोकेबमोजिम केन्द्रले, प्रदेशभित्र मात्र गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रालयले तथा कुनै खास स्थानीय तहले नयाँ शैक्षिक सत्र सुरू हुनु अगावै आफ्नो क्षेत्रभित्र

आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्ने व्यवस्था छ। प्रदेशगत रूपमा शिक्षक विद्यार्थीको अनुपात देहायबमोजिम छः

प्रदेश	हिमाली क्षेत्र				पहाडी क्षेत्र				उपत्यका तथा तराई क्षेत्र			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	१: ११	१: २०	१: १७	१: ५७	१: १२	१: २०	१: १७	१: ५५	१: २६	१: ६४	१: २०	१: ७८
मधेश	-	-	-	-	-	-	-	-	१: ५३	१: १०९	१: ४१	१: १०८
बागमती	१: ११	१: १९	१: १६	१: ४१	१: २०	१: ५०	१: १३	१: ५६	१: २१	१: ५१	१: १८	१: ६५
गण्डकी	१: १०	१: २०	१: १५	१: २९	१: १२	१: २५	१: १३	१: ३२	-	-	-	-
लुम्बिनी	१: १६	१: २५	१: २१	१: ६९	१: १३	१: २३	१: १८	१: ४७	१: ३१	१: ६१	१: २४	१: ७९
कर्णाली	१: २१	१: ३२	१: २९	१: ५३	१: २२	१: ३३	१: ३३	१: ८८	-	-	-	-
सुदूरपश्चिम	१: १७	१: २५	१: २५	१: ३३	१: १८	१: २५	१: २२	१: ३२	१: २५	१: ४८	१: २६	१: ६०
औसत	**१: १४**	**१: २३**	**१: २१**	**१: ४७**	**१: १६**	**१: २९**	**१: १९**	**१: ५१**	**१: ३१**	**१: ६७**	**१: २६**	**१: ७८**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा नियमावलीअनुसार शिक्षक-विद्यार्थी अनुपात हिमाली पहाडी र तराई क्षेत्रमा क्रमशः १:४०, १:४५ र १:५० कायम हुनुपर्ने व्यवस्था छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उपलब्ध तथ्याङ्कअनुसार कोशी प्रदेशको हिमाली क्षेत्रमा आधारभूत (१-५) को शिक्षक विद्यार्थी अनुपात १:११ र मधेश प्रदेशको तराई क्षेत्रमा उक्त अनुपात १:१०९ सम्म पुगेको देखिन्छ। यो तथ्याङ्कले भौगोलिक आधारमा शिक्षक विद्यार्थीको अनुपातमा असन्तुलन देखाउँछ। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरणअनुसार २३ नमुना विद्यालयमा विद्यार्थीको चाप उच्च भए तापनि शिक्षक दरबन्दी कम रहेको, ४५ नमुना विद्यालयले निजी स्रोतमा शिक्षक राखेर अध्यापन गराएको र १२ विद्यालयमा एकै शिक्षकले बहु-विषय अध्यापन गराउनुपर्ने बाध्यता रहेको उल्लेख गरेका छन्। शिक्षक विद्यार्थी अनुपात भूगोलगत रूपमा पुनर्वितरण र मिलान कार्य प्रभावकारी नहुँदा शैक्षिक गुणस्तरमा ह्रास आएको छ। अतः बसाइँसराइको प्रवृत्तिको विश्लेषण गर्दै दरबन्दी मिलान कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

८. **विद्यालय भौतिक पूर्वाधार** - विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० बमोजिम विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारको प्राविधिक लेखाजोखा गरी मापदण्डबमोजिम भए नभएको हेर्ने र मापदण्डबमोजिम हुने गरी गर्ने गराउने दायित्व विद्यालयको हुने एवं विद्यालयहरूको भौतिक एवं प्राविधिक पक्षको अध्ययन, अनुगमन, विद्यालय निर्माण एवं पुनर्सबलीकरण सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त तथ्याङ्कअनुसार विगत तीन आर्थिक वर्षमा नमुना माध्यमिक तथा सबै सामुदायिक विद्यालयमा कक्षाकोठा, शौचालय, विज्ञान प्रयोगशाला, पुस्तकालय, खेलकुद मैदान, प्रशासनिक भवन निर्माण, कम्प्युटर ल्याब सञ्चालन जस्ता भौतिक पूर्वाधार निर्माण गर्न रु. २३ अर्ब ९ करोड ९८ लाख बजेट निकासा भएकोमा रु. १७ अर्ब ३० करोड ६३ लाख ९ हजार खर्च भई ७४.९२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरण अनुसार ११ विद्यालयलाई भवनको डिजाइनमा विद्यालयलाई सन्तुष्टि नभएको, २५ विद्यालयमा भवन भए पनि खानेपानी, शौचालय, विद्युत र प्रविधि जस्ता आधारभूत सुविधा नभएको, ४५ विद्यालय शैक्षिक गुणस्तर सुधारभन्दा पनि भौतिक पूर्वाधार सुधारमा केन्द्रित रहेको, ४४ विद्यालयमा भौतिक पूर्वाधार नियमित मर्मत हुन नसकेको अवस्था छ।

विद्यालयको भौतिक पूर्वाधारको निर्माण गर्दा विद्यालयमैत्री तथा मापदण्ड अनुरूप डिजाइन गरी निर्माण गर्नुपर्दछ।

९. **नमुना विद्यालय -** नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ अनुसार प्रत्येक स्थानीय तहमा क्रमिक रूपमा कम्तीमा एक नमुना माध्यमिक विद्यालय छनोट गर्ने, छनोट भएका विद्यालयको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरूयोजना तर्जुमा गर्ने र गुरूयोजनाको आधारमा क्रमशः ५ वर्षभित्र नमुना विद्यालयको रूपमा विकास गरिने उल्लेख छ। विद्यालय क्षेत्र सुधार योजना (२०७३।७४-२०७९।८०) ले देशभर एक हजार नमुना विद्यालय निर्माण गर्ने लक्ष्य लिएकोमा सो अवधिमा ४२२ नमुना विद्यालय निर्माण गर्ने कार्य अगाडी बढाएको छ। निर्माणका लागि अनुमति प्राप्त गरेका ४२२ नमुना विद्यालयमध्ये हालसम्म ३२२ विद्यालयको निर्माण कार्य सम्पन्न भई १०० विद्यालयको निर्माण सम्पन्न हुन बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ४२ विद्यालयबाट प्राप्त विवरणमा ३५ विद्यालयले गुरूयोजना अनुरूप कार्य पूरा नगरेका, ६ विद्यालयले भौतिक तथा शैक्षिक अनुदान रकम खर्च नभई विद्यालयको खातामा राखेको, १५ विद्यालयमा नमुना विद्यालय स्थापनापश्चात पनि विद्यार्थी सङ्ख्या घटेको, १८ विद्यालयमा शिक्षक दरबन्दी र २० विद्यालयमा करार सेवाका शिक्षक सङ्ख्या वृद्धि भएको, १८ विद्यालयमा विषयगत शिक्षक अभाव रहेको जानकारी प्राप्त भएको छ। नमुना विद्यालयहरू निर्माणका लागि गुरुयोजनाको सीमा निर्धारण गर्ने, भौतिक पूर्वाधार निर्माण कार्य सुरु भएपश्चात सम्पन्न नभएसम्म अनुदान प्रदान गर्ने, विद्यालयको खातामा रोक्का रहेको रकम फिर्ता गराउने, नमुना विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्ने देखिएको छ। साथै, लक्षित समयमा नमुना विद्यालय निर्माण सम्पन्न नहुनुका कारण विश्लेषण गरी निर्धारित समयमा कार्यक्रमको लक्ष्य पूरा गर्नुपर्दछ।

१०. **दूर शिक्षा -** विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को दफा ११ मा शैक्षिक सत्रको समयावधि तथा माहामारीलगायतको विषम परिस्थितिको अवस्था हेरी विद्यालयको आवश्यकताअनुसार दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाइ सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्न सक्ने व्यवस्था छ। केन्द्रले विभिन्न माध्यमबाट शैक्षिक सामग्री निर्माण, प्रकाशन तथा प्रसारण गरी तीन वर्षको अवधिमा रेडियो नेपाललाई रु. १ करोड ८९ लाख २८ हजार, नेपाल टेलिभिजन प्लसलाई रु. ४ करोड २१ लाख २२ हजार र गोरखापत्रलाई रु. १ करोड ३६ लाख २० हजारसमेत रु. ७ करोड ४६ लाख ७० हजार भुक्तानी गरेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र, २०८१ को सर्वेक्षण प्रतिवेदन अनुसार यो कार्यक्रम प्रभावकारी रहेको देखिए तापनि लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरणअनुसार रेडियो, टेलिभिजनबाट सबै विद्यार्थी सहभागी भएको विद्यालय कुनै पनि नरहेको, ४५ विद्यालयका आंशिक विद्यार्थीले मात्र रेडियो टेलिभिजनबाट सामग्री सुन्ने वा हेर्ने गरेको, १२ विद्यालयलाई यस कार्यक्रमबारे जानकारी नै नभएको, ४४ विद्यालयले शिक्षण सिकाइको लागि सहयोगी नभएको र ३७ विद्यालयले आगामी दिनमा युट्युब तथा शैक्षिक सिकाइ सम्बन्धी लर्निङ्ग पोर्टल वा एप्लिकेशन तयार गरी राख्नुपर्ने जनाएका छन्। अहिले भौतिक रूपमा नै कक्षामा अध्यापन गराउन सकिने तथा युट्युब फेसबुकलगायतका निःशुल्क प्लेटफर्मको प्रयोग गर्न सकिने अवस्थामा रेडियो, टेलिभिजन तथा छापा माध्यमबाट सिकाइ सामग्री प्रकाशन तथा प्रसारण गर्दा ठूलो धन राशी खर्च हुने तर सोबाट विद्यार्थीहरूले प्रतिफल लिए नलिएको सम्बन्धमा

मूल्याङ्कन नहुने अवस्था देखिएकोले सो को लाभ लागत विश्लेषण गरी कार्यक्रमको निरन्तरता सम्बन्धमा उचित निर्णय लिनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत भौतिक पहुँचमा क्रमिक सुधार देखिए तापनि संघीय शिक्षा ऐनको अभावमा विनियोजित बजेटको न्यून परिचालन, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क र वास्तविक उपस्थितिबिचको अन्तरले छात्रवृत्ति, दिवा खाजा र पाठ्यपुस्तकको बजेट खर्च, विद्यालयको समायोजन तथा एकीकरण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, वर्तमान अवस्थामा दूर शिक्षा कार्यक्रमको सान्दर्भिकता र नियमिततामा चुनौती थपिएको छ। तसर्थ सङ्घीय संरचना र संविधानको भावना अनुकूल हुने गरी शिक्षा ऐनमा परिमार्जन, इमिस तथ्याङ्कका आधारमा छात्रवृत्ति, पाठ्यपुस्तक तथा दिवाखाजाको व्यवस्थापन, विद्यार्थी र शिक्षकको अनुपातका आधारमा विद्यालयको समायोजन तथा एकीकरण, विद्यालय भवन निर्माण र विद्यार्थीको सङ्ख्या सञ्चार माध्यमको प्रयोगद्वारा कार्यान्वयन भएका दूर शिक्षा कार्यक्रमको पुनरावलोकन गरी विद्यालय शिक्षा क्षेत्र योजनालाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता

शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोडी मुलुकको समग्र आर्थिक विकासमा योगदान गर्नसक्ने दक्ष जनशक्ति उत्पादनका लागि गुणस्तरीय तालिम दिने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत विगतमा १६ स्थानमा व्यावसायिक तथा सिप विकास तालिम केन्द्र रहेकोमा २०७५ सालमा पुर्नसंरचना गरी व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भैंसेपाटी, बुटवल र इटहरीमा तालिम सञ्चालन हुँदै आएकोमा २०८०।८।११ राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश,२०८० जारी भई उक्त केन्द्र प्रतिष्ठानमा रुपान्तरण भएको छ। प्रतिष्ठानले जनरल मेकानिक्स, विद्युत जडान, प्लम्बिङ्ग, केश श्रृङ्गार, सिलाइ कटाइ, इलेक्ट्रोनिक्स मर्मत, मोबाइल फोन मर्मत, मोटरसाइकल मर्मत, अटोमेकानिक्स, कम्प्युटर, कुक, हाउसकीपिङ, क्लिनर लगायतका तालिमहरू सञ्चालन गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घको महासभाले अनुमोदन गरेअनुसार नेपाल सन् २०२६ देखि अतिकम विकसित देशको समूहबाट विकासशील मुलुकमा स्तरोन्नती हुँदा उत्पादन र रोजगारीको सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकता छ। सरकारले २०८२।८३ देखि २०९१।९२ सम्मलाई आन्तरिक रोजगारीको दशक घोषणा गरेको परिप्रेक्ष्यमा यस्ता सिप विकास तालिमको भूमिका महत्त्वपूर्ण रहेको छ। यो वर्ष व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न अभिसन्धिहरूले मर्यादित र सुरक्षित रोजगारी, सर्वव्यापी सामाजिक सुरक्षा र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको, दिगो विकास लक्ष्य (२०१५-२०३०) को बुँदा नं.४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने र बुँदा नं. ४.४ मा रोजगारी, मर्यादित काम, उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सिपसहितको सान्दर्भिक सिप भएका युवा तथा प्रौढको सङ्ख्या उल्लेख्य रूपमा बढाउने लक्ष्य तय भएको, राष्ट्रिय रोजगार नीति, २०७१ तथा राष्ट्रिय सिप विकास नीति, २०७६ जारी भई कार्यान्वयनमा रहेको, प्रतिष्ठानले हालसम्म ३ लाख २५ हजार ८१ जनालाई विभिन्न ट्रेडमा सिपमूलक तालिम प्रदान गरेको देखिन्छ। तालिम सञ्चालन गर्न प्रतिष्ठानले हालसम्म विभिन्न ११३ पाठ्यक्रम निर्माण/परिमार्जन गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **नीतिगत सामञ्जस्यता -** राष्ट्रिय रोजगार नीति, २०७१ ले सिप विकास प्रणाली सुधारका लागि मापदण्ड, निर्देशिका र कार्यदिशमा सामञ्जस्यता ल्याउने नीति लिएको छ। राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ ले तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिवृद्धि गर्ने तथा सोह्रौं योजनाले बजारको मागअनुसार सिपमूलक जनशक्ति उत्पादन गर्ने गरी नीतिगत र संस्थागत सुधारसहितको पूर्वाधार निर्माणमा जोड दिने रणनीति लिएको छ। योजनाले जनशक्ति विकासका लागि श्रम बजार अनुकूलको व्यावसायिक तथा सिपमूलक तालिम कार्यक्रममार्फत देशभित्र २० प्रतिशत युवालाई सिपमूलक तालिम दिनुका साथै स्थानीय तहमा तालिम केन्द्र स्थापना गरी वार्षिक ८५ हजारलाई तालिम र १५ लाखलाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको भए तापनि वार्षिक कार्यक्रम र बजेटमा उक्त लक्ष्यअनुसार क्षमता अभिवृद्धि र मानव स्रोतको माग विश्लेषण गरी तद्नुरूप कार्यक्रम

तथा बजेट निर्धारण गरेको देखिएन। विगत २ आर्थिक वर्षको बजेटमा तालिम प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय तालिम केन्द्र बनाउने उल्लेख भए तापनि उक्त नीति कार्यान्वयन भएको छैन। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयनमा नीतिगत सामञ्जस्यता कायम गर्नुपर्दछ।

२. **तालिम नीति** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० मा दक्ष प्रतिस्पर्धी, सिपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने प्रशिक्षण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्ने व्यवस्था छ। नेपाल सरकारले सार्वजनिक-निजी साझेदारीमार्फत सिप विकास तथा तालिम केन्द्रहरूको सञ्चालनलाई प्रवर्धन गर्ने र औद्योगिक क्लस्टरहरूसँग तालिम र रोजगारीलाई एकीकृत गर्ने उद्देश्यले राष्ट्रिय रोजगार नीति, २०७१ र राष्ट्रिय दक्षता मापदण्डको आधारमा पाठ्यक्रम विकास गरी श्रम बजारमा आधारित व्यावसायिक, दक्ष, प्रतिस्पर्धात्मक र उत्पादक जनशक्ति तयार गरी स्वदेशी तथा वैदेशिक रोजगारीका अवसरमा पहुँच विस्तार गर्ने प्रमुख लक्ष्य सहित राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति, २०६९ कार्यान्वयनमा रहेको छ। त्यस्तै प्रदेश तथा स्थानीय सरकारहरूले आ-आफ्ना सामाजिक-आर्थिक आवश्यकता, जनशक्ति व्यवस्थापन र क्षेत्रीय श्रम बजारको मागका आधारमा विभिन्न सिप विकास तालिम तथा कार्यक्रमहरू सञ्चालन गरेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा रणनीतिक योजना बनाई राष्ट्रिय लक्ष्य प्राप्तिका स्पष्ट आधार निर्धारण गरी व्यावसायिक सिप तालिम कार्यक्रम सञ्चालन गर्न एकीकृत नीति तथा कानुन बनाई व्यावसायिक सिप विकास तालिमलाई प्रभावकारी बनाउनुपर्दछ।

३. **जनशक्ति** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ८ मा समितिलाई आवश्यक पर्ने कर्मचारी सङ्घीय निजामती सेवाको हुने र सोहीअनुसार मन्त्रालयमार्फत उपलब्ध गराउने व्यवस्था छ। प्रतिष्ठानका लागि कार्यकारी निर्देशकबाहेक १ निर्देशक (उपसचिव) सहित विभिन्न तहका २० पदको दरबन्दी व्यवस्था भएको छ। सङ्गठन संरचनाअनुसार स्वीकृत प्राविधिक पद २ रहेको छ। आवश्यक तालिम प्रशिक्षकहरू परामर्श सेवा एवं करारमार्फत् लिई तालिम सञ्चालन हुँदै आएको छ। प्रतिष्ठानका लागि आवश्यक थप विज्ञ जनशक्ति पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

४. **आवश्यकता पहिचान** - व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा स्थानीयस्तरबाट माग भई आएका कार्यक्रमको सम्बन्धमा कार्यक्रमको आवश्यकता, सम्भाव्यता तथा उद्योग स्थापनाको अवस्था तथा रोजगारीको सम्भावना, रोजगारी एवं वैदेशिक रोजगारीको अवसरसमेतका आधारमा तालिमको आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले तालिमको आवश्यकता मूल्याङ्कनलाई वैज्ञानिक र श्रम बजारमूलक बनाउन सरोकारवालाबाट माग सङ्कलन गर्ने, माग भएका तालिमको आवश्यकता पहिचान सम्बन्धी अध्ययन सर्वेक्षण गरी सूचनाको विश्लेषण, सरोकारवालासँग अन्तर्क्रिया गर्ने लगायतका प्रक्रिया पुरा नगरी विगतको तालिम कार्यक्रमलाई निरन्तरता दिने गरेको पाइयो। साथै तालिमको आवश्यकता पहिचान गर्न निजी क्षेत्र, व्यावसायिक संघ संस्था र स्थानीय तहसँग सहकार्य गर्ने गरेको देखिएन। साउदी अरब, युनाइटेड अरब इमिरेट्स, कतारलगायतका प्रमुख श्रम गन्तव्य देशहरूमा कार्य गर्न चाहने श्रमिकका लागि आवश्यक भाषा तथा कार्यस्थल सिप

एवं तालिमको आवश्यकता पहिचान गर्ने गरेको देखिएन। तालिम कार्यक्रमहरूलाई निरन्तर अद्यावधिक गरी प्रतिस्पर्धात्मक बनाउन अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रमाणीकरण गर्नुपर्दछ। तालिमको आवश्यकता पहिचान गरी दीर्घकालीन श्रम उपयोग हुनेगरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **तालिम सञ्चालन** - श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सिपयुक्त र उत्पादनशील मानव संसाधनको विकास गरी रोजगारीका अवसर सिर्जना, असल श्रम सम्बन्धको विकास, बालश्रमको निवारण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै सामाजिक न्यायसहितको आर्थिक विकासमा सघाउ पुऱ्याउने दीर्घकालीन सोचसहित स्थापना भएको प्रतिष्ठानले आधारभूत, उद्यमशीलता विकास, प्रशिक्षक प्रशिक्षण तथा पूर्व प्रस्थान प्रशिक्षणलगायत तालिमहरू सञ्चालन गर्दै आएकोमा विगत ५ वर्षमा मोटरसाइकल मर्मत, अटोमोबाइल मेकानिक्स, इलेक्ट्रिकल, ब्युटीपार्लर, टेलर प्लम्बिङ्ग लगायतका तालिम ७९३ जनालाई दिएको र अन्य तालिम प्रदायक संस्थामार्फत १२ हजार १९२ समेत १२ हजार ९८५ लाई तालिम दिएको छ। प्रतिष्ठान गठन पश्चात् २०८१।८२ मा विभिन्न तालिम कार्यक्रममा रु.८ करोड ९० लाख ३४ हजार खर्च भएको छ। प्रतिष्ठानले प्रशिक्षार्थीको उमेरगत र शैक्षिक योग्यताअनुसारको अभिलेख विवरण राखेको पाइएन। प्रशिक्षार्थी सङ्ख्या, विषय छनोट तथा अवधि, अन्य तालिम संस्था र प्रतिष्ठानबाट तालिम सञ्चालनको आधार स्पष्ट हुनेगरी नीति तय नगरेकोले प्रतिष्ठानको कार्य प्रभावकारिता सन्तोषजनक देखिएको छैन। स्पष्ट नीतिका आधारमा तालिम सञ्चालन गरी सहभागीको सम्पूर्ण अभिलेख व्यवस्थित गर्नुपर्दछ।

६. **कार्यशाला व्यवस्थापन** - व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ को दफा १५मा तालिमको विषयवस्तुको व्यवहारिक ज्ञानका लागि प्रयोगात्मक विधिमार्फत प्रशिक्षण गराउने व्यवस्था छ। व्यवसायिक तथा सिप विकासका लागि कम्तीमा ८० प्रतिशत तालिम प्रयोगात्मक रहने प्रतिष्ठानको मापदण्डमा उल्लेख छ। प्रयोगात्मक तालिमका लागि भैंसेपाटीस्थित प्रतिष्ठानको तालिम कार्यशालामा अटोमेकानिकल तालिमका लागि ४ पेट्रोल इन्जिनसहितको कार्यशाला रहेको देखिन्छ। बजारमा विद्युतीय सवारीको चाप बढेको तथा डिजेल/पेट्रोल इन्जिनमा आधारित तालिम प्रदान गरेको अवस्थाले कार्यशालामा पुनरावलोकन गर्नुपर्ने देखिन्छ। इलेक्ट्रिकल तथा व्युटिसियन तालिमका लागि प्रयोगात्मक र सैद्धान्तिक तालिम दिने तालिम कक्ष साँघुरो रहेको, कार्यस्थल अनुकुल नभएकोले प्रशिक्षार्थीमैत्री कार्यस्थल व्यवस्थापन गर्नुपर्ने देखिन्छ। त्यसै गरी सिलाइकटाइ तालिमको कार्यशाला अवलोकन गर्दा पुरानो प्रविधिमा आधारित मेसिनबाट तालिम प्रदान गरेको पाइयो। बजारको मागअनुसार आधुनिक मेसिन/उपकरण प्रयोग गरी सिप प्रदान गर्नुपर्नेमा पुरानो मेसिनहरूबाट काम सिक्नु पर्ने अवस्था रहेकोले सिपलाई रोजगारीसँग जोड्न सकिएको छैन। नियमित सञ्चालन हुने तालिमहरूका लागि आधुनिक र बजार मागअनुसारको सिप प्रदान गर्न सक्ने गरी उपयुक्त कार्यशाला व्यवस्था गर्नुपर्दछ।

७. **सिप परीक्षण** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा (४) मा सिप परीक्षणसम्बन्धी व्यवस्था छ। प्रतिष्ठानबाट बाह्य तालिम प्रदायक संस्थाले प्रदान गरेका तालिमको कार्यक्षेत्रगत सर्तमा ३९० घण्टा बराबर वा सो भन्दा बढी अवधिको तालिमका सम्बन्धमा सिप परीक्षण अनिवार्य गरिएको छ। नेपाल सरकारले सिप परीक्षण गर्ने अधिकार प्रतिष्ठानलाई दिए तापनि आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्था नभएकोले प्रतिष्ठानबाट तालिम लिएकालेसमेत

अन्य निकायबाट सिप परीक्षण गराउँदै आएका छन्। सरकारी निकायले त्यस्ता परीक्षण संस्थाहरूको अनुगमन तथा समन्वय गर्ने संयन्त्र तयार गरेको छैन। सबै संस्था/निकायबाट प्रदान भएको सिपको मापनमा एकरूपता कायम गर्न समेत सिप सिकाइको प्रमाणीकरण गर्ने निकायको मापदण्ड तय गरी प्रतिष्ठानको भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

आन्तरिक एवं बाह्य मागअनुरूपको जनशक्ति उत्पादन गर्न एवं स्वरोजगारीका लागि व्यावसायिक सिप विकास तालिमको महत्त्वपूर्ण भूमिका रहेको छ। तथापी स्थापित प्रतिष्ठानले रणनीतिक रूपमा ठोस कार्य योजना बनाई परिमाणात्मक लक्ष्यसहित तालिम कार्यक्रम सञ्चालन गर्न सकेको छैन। स्वायत्त संस्थाको रूपमा प्रतिष्ठानको स्थापना भए तापनि यसका क्रियाकलाप व्यवस्थित गर्न एकीकृत नीति तथा कार्यसञ्चालन विनियमावली, पर्याप्त बजेट तथा जनशक्ति व्यवस्था गर्नुपर्ने र सञ्चालित तालिम कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्ने देखिएको छ। तालिमपश्चात सहभागीहरूको रोजगारी प्राप्तिको दर, आय वृद्धि, व्यवसाय स्थापनाको स्थिति तथा उद्यम सञ्चालनको दिगोपना जस्ता विषय नियमित रूपमा अनुगमन गरी तालिम पश्चात् स्वरोजगारी र रोजगारमा संलग्न प्रशिक्षार्थीहरूको विस्तृत प्रोफाइल तयार गर्नुपर्नेमा सो नगरेकाले अर्थतन्त्रमा यसले पुऱ्याएको योगदान मापन गर्न सकिएको छैन। तालिमबाट प्राप्त नतिजाको लेखाजोखा गर्न, तालिम कार्यक्रमको गुणस्तर सुधार गर्न, स्रोतको सही उपयोग र नीतिगत सुधारको मार्गदर्शन गर्न, प्रशिक्षार्थी ट्रेसिङ प्रणाली स्थायी रूपमा लागु गरी उनीहरूको पेशागत अवस्थाको निरन्तर अनुगमन गर्नुकासाथै प्रतिष्ठान एवं तालिम प्रदायक संस्थाले आवधिक रूपमा तालिमको प्रभाव मूल्याङ्कनसमेत गर्नुपर्दछ।

निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नेपाली नागरिकलाई राज्यबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा उपलव्ध गराउनु पर्ने व्यवस्था गरेको छ। निजामती कर्मचारीको स्वास्थ्य सेवामा सहजता ल्याउन २०६५ कार्तिक ११ मा चीन सरकारसँग टर्नकी सम्झौतामार्फत भौतिक संरचना निर्माण सम्पन्न भई २०६६ मा अस्पताल विकास समितिको गठनपश्चात अस्पतालले बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक र शल्यक्रिया सेवासहित फार्मेसी एवं प्रयोगशाला सेवा सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ। अस्पतालबाट ग्यास्ट्रोएन्टेरोलजी, न्यूरोलोजी, क्लिनिकल हेमाटोलोजी, ओन्कोलोजी, डर्माटोलोजी, मनोचिकित्सा, आन्तरिक चिकित्सा, कार्डियोलोजी लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ। यो वर्ष निजामती कर्मचारी अस्पतालको सेवा प्रवाहको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

अस्पतालमा आकस्मिक उपचारका ३० सहित ३ सय ९ शय्या रहेका छन्। यस अस्पतालबाट २०८१।८२ मा ३२ हजार निजामती कर्मचारीसहित ३ लाख ४८ हजार ८५५ जनाले बहिरङ्ग सेवा लिएको अवस्थाले बिरामीको चाप अत्याधिक बढ्दै गएको अवस्था छ। अस्पतालमा प्रयोगशाला सेवा, सिटी स्क्यान, एमआरआई, एमआरसीपी, एक्स-रे, अल्ट्रा साउण्ड, ईसीजी/इइजी/पीएफटी/ईएमजी, इको कार्डियोग्राफी, इन्डोस्कोपी, कोलोनोस्कोपी, स्पीच थेरापी, हल्टर मोनिटर, ट्रेड मिल टेस्ट लगायतका सेवा सञ्चालनमा रहेका छन्। अस्पतालले रेडियो थेरापी सहित माइक्रोबायोलोजी, इम्युनोलोजी, बायोकेमेस्ट्री, हेमाटोलोजी, फ्लोसाइट्रोमेट्रीसहितको मोलिक्युलर तथा जेनेटिक अत्याधुनिक प्रयोगशाला, पीसीआर प्रयोगशालाबाट सेवा दिनुका साथै बोनम्यारो प्रत्यारोपण र घुँडा प्रत्यारोपण जस्ता विषेश सेवा समेत सञ्चालन गर्दै आएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कानुनी व्यवस्था** - अस्पताल सञ्चालन गर्न निजामती कर्मचारी अस्पताल विकास समिति(गठन) आदेश, २०६४ र निजामती कर्मचारी अस्पताल (कर्मचारी सेवाका सर्त र सुविधा) विनियमावली, २०७० कार्यान्वयनमा रहेको छ। निजामती कर्मचारी अस्पताल (कर्मचारी सेवाका सर्त र सुविधा) विनियमावली, २०७० ले अस्पतालमा कार्यरत जनशक्तिलाई स्वास्थ्य सेवा ऐनसँग मिलान नगर्दा कर्मचारीको वृत्ति विकास व्यवस्थापन जटिल हुन गएको छ। यसै गरी पदअनुसारको योग्यता र दरबन्दीको स्पष्ट व्याख्या नहुँदा कर्मचारीको कार्य विवरण तयार गरी कार्यान्वयन हुन नसकेको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नभएका कारण कर्मचारी दरबन्दी सङ्ख्या यकिन नहुँदा करार कर्मचारीको लागत विश्लेषण हुन नसकेको, चिकित्सकलाई तलब स्केलको ७५ प्रतिशतसम्म थप भत्ता दिएकोमा सोको कानुनी आधार नदेखिएको, कर्मचारीहरूको सेवाको स्थायित्व र सुविधा व्यवस्थित नहुँदा सेवा प्रवाहको प्रभावकारितामा असर परेको छ। अस्पतालको कार्य प्रकृति र आवश्यकताअनुसार ऐन, विनियमावली, कार्यविधिहरू तयार गरी नीतिगत तथा कानुनी सुधार गर्नुपर्दछ।

२. **जनशक्ति व्यवस्थापन** - निजामती कर्मचारी अस्पताल (कर्मचारीको सेवा शर्त र सुविधा) विनियमावली, २०७० को विनियम ७ मा प्रशासन र प्राविधिक सेवा रहने एवं विनियम ८ मा समूह तथा उपसमूह

रहने व्यवस्था छ। अस्पतालबाट प्राप्त विवरणअनुसार अस्पतालको स्वीकृत दरबन्दी ४६१ मध्ये ३५७ स्थायी तथा २५ सेवा करारसमेत ३८२ जनाको पदपूर्ति भएको देखिन्छ। अस्पतालको २०८२ असारको तलब भुक्तानी विवरणअनुसार स्थायी ३३९, करार सेवाका ३१, सेसन/ज्यालादारी ३६९ र निजामती सेवाका १७ कर्मचारी रहेको देखिन्छ। विनियमावलीको नियम २७(ख) मा स्थायी पूर्ति नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाई करार सेवामा नियुक्त गर्न सक्ने व्यवस्था अनुसार कन्सल्टेन्ट्स तथा स्टाफ नर्ससहित २५ कर्मचारीलाई करार सेवामा लिएको छ। विनियमावलीको विनियम ३९ मा बढीमा ६ महिना ज्यालादारीमा काम लगाउने व्यवस्था भए तापनि २०८ दैनिक ज्यालादारीमा र स्वीकृत दरबन्दी बाहेकका कार्डियोलोजी दशौं- १, नवौं-१, नेफ्रोलोजी दशौं- १, नवौं-१, कार्डियोथोरासिक एण्ड भाष्कुलर नवौं-१, प्रमुख मेडिकल फिजिसिष्ट आठौं-२, मेडिकल अफिसर छैठौं-६५ लगायतलाई १६ वर्षदेखि करार सेवामा लिएको छ। अस्पतालको कार्यबोझ अनुरूप सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र आवश्यक जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहलाई दिगो र प्रभावकारी बनाउनुपर्दछ।

३. **आकस्मिक उपचार** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४ मा प्रत्येक स्वास्थ्य संस्थाले आकस्मिक(इमर्जेन्सी) उपचार सेवा प्रदान गर्नुपर्ने व्यवस्था छ। अस्पतालमा उपलब्ध ३० शय्या सहितको आकस्मिक कक्षमा नर्सिङ जनशक्ति कमी रहेको, आकस्मिक उपचारको लागि छुट्टै भिडियो एक्सरे मेसिन उपलब्ध नभएको, सिटी स्क्यान मेसिन नियमित सञ्चालनमा नरहेको र आकस्मिक विरामीका लागि छुट्टै ल्याबको व्यवस्था नगरिएकोलगायत समस्या रहेका छन्। पर्याप्त चिकित्सक तथा नर्सिङ जनशक्ति, उपकरण तथा ल्याबको विशेष व्यवस्था र पूर्वाधार विस्तार नहुँदा आकस्मिक बिरामीको उपचारमा ढिलाइ हुने, सेवाको गुणस्तरमा असर पर्ने, बिरामीले प्रतीक्षा गर्ने समय बढ्ने र स्वास्थ्य जोखिम उच्च हुने अवस्था छ। आवश्यक जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था गरी आकस्मिक उपचार सेवालाई थप प्रभावकारी बनाउनु पर्दछ।

४. **अन्तरङ्ग सेवा** - स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७ अनुसार अस्पतालले भर्ना, रिफर, निदान र मृत्युसम्बन्धी सम्पूर्ण विवरण आइसीडी (इन्टरनेशनल क्लासिफिकेसन अफ डिजिज) कोडसहित व्यवस्थित रूपमा अभिलेख गर्नुपर्ने व्यवस्था छ। अस्पतालले अन्तरङ्ग सेवाका लागि भर्ना हुन आएका र भर्ना भएका बिरामीहरूको भर्ना, रेफरल, निदान र मृत्युलगायतको विवरण अद्यावधिक राखेको छैन। अस्पतालबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा ५ हजार २५० बिरामी भर्ना भएकोमा २०८१।८२ मा १० हजार २२१ बिरामी भर्ना भएका छन्। बिरामीको चापमा भएको वृद्धिअनुसार अस्पतालले शय्या तथा आवश्यक विशेषज्ञ सेवा बिस्तार गराउने तथा रिफर र आइसीडी कोडसहितको व्यवस्थित सूचना प्रणाली विकास गर्न आवश्यक देखिन्छ।

५. **निजामती कर्मचारी** - बजेट वक्तव्य २०७८।७९ मा निजामती कर्मचारीहरूको लागि शय्याको सङ्ख्या निश्चित गरिनुका साथै डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन गरिने उल्लेख छ। अस्पतालबाट निजामती कर्मचारीका लागि बिरामी टिकट काट्ने स्थान, ल्याब सेवा, स्याम्पल दिने र रिपोर्ट लिने व्यवस्था अलग भए तापनि अन्तरङ्ग सेवामा निजामती र सर्वसाधारणका लागि शय्या सङ्ख्याको प्राथमिकता हालसम्म तोकिएको छैन। अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि शय्याको प्राथमिकता वा कोटा निर्धारणसम्बन्धी स्पष्ट नीति तथा कार्यविधि नहुँदा अस्पतालको उद्देश्यअनुसार कर्मचारीले उपचार सेवा

नपाउने अवस्था छ। निजामती कर्मचारीका लागि अन्तरङ्ग सेवामा शय्याको सङ्ख्या निश्चित गरिनुका साथै डेडिकेटेड बहिरङ्ग सेवासमेत सञ्चालन गरी सेवा प्रवाह गर्नुपर्दछ।

६. **रेडियोलोजी सेवा -** अस्पतालले रेडियोलोजी निदान र इमेजिङ विभागअन्तर्गत सिटी स्क्यान, अल्ट्रासाउन्ड साथै मेमोग्राफी, डेक्सा स्क्यान, डी.आर. एण्ड सी.आर, एक्सरे सेवा प्रवाह गर्दै आइरहेको छ। विगत ४ वर्षमा अस्पतालबाट सेवा लिने सेवाग्राहीको सङ्ख्या निम्नानुसार छः

सेवाको किसिम	२०७८।७९		२०७९।८०		२०८०।८१		२०८१।८२	
	कर्मचारी	सर्वसाधारण	कर्मचारी	सर्वसाधारण	कर्मचारी	सर्वसाधारण	कर्मचारी	सर्वसाधारण
एक्सरे	३९२	६२६५१	१९४२४	४६८६२	२२०६१	५४४६५	२२५५८	५६०४९
यु एस जी	२७३	३६३९९	६९५८	४९८४	१६२९१	३२५२०	१७८९१	३७४०४
सि टी स्क्यान	३३	६७३९	७९६	२५४४	१५२०	४३७७	२१५८	५६९७

उल्लिखित तालिकाअनुसार २०७९।८० बाहेक अस्पतालले प्रदान गर्ने रेडियोलोजी सेवा लिने बिरामीको सङ्ख्या बढ्दै गएको देखिन्छ। बिरामी चाप अनुसार स्रोत व्यवस्थापन गर्न नसक्दा सिटी स्क्यान र एक्सरे सेवा तत्काल र अल्ट्रासाउण्ड सोही दिन वा भोलिपल्ट तथा सिटी स्क्यान र एमआरआई सेवा दोस्रो दिन मात्र उपलब्ध हुने गरेको छ। प्रभावकारी रेडियोलोजी सेवा प्रवाहका लागि माग आपूर्ति विश्लेषण गरी आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

७. **शल्यक्रिया सेवा** - निजामती कर्मचारी अस्पताल विकास समिति(गठन) आदेश, २०६४ को दफा ४ (ङ) मा अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विकासको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था पहिचान गरी परिचालन गर्ने समितिको काम, कर्तव्य हुने उल्लेख छ। अस्पतालले शल्यक्रिया सेवा प्रदान गर्दा सामान्य सर्जरीका लागि १ देखि डेढ महिना र ल्याप्रोस्कोपी सर्जरीका लागि करिब ६ महिनासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ। अस्पतालले आकस्मिक शल्यक्रिया सोही दिन गर्दै आए पनि जनरल सर्जरी सोमबार र बिहीबार, गाइनो-अब्स सर्जरी मंगलबार र शुक्रबार, अर्थोपेडिक आइतबार र बुधबार, युरोलोजी मंगलबार र बिहीबार तथा नाक, कान, घाँटी सर्जरी बुधबार मात्र गर्ने गरी समयतालिका निर्धारण गरेको छ। अस्पतालबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको शल्यक्रिया सेवाको स्थिति निम्नानुसार छ।

सेवाग्राही	२०७९।८०	२०८०।८१	२०८१।८२
निजामती कर्मचारी	७१५	१०९०	१०७८
सर्वसाधारण	१७३५	२५३०	२८४५
जम्मा	**२४५०**	**३६२०**	**३९२३**

उल्लिखित तालिकाअनुसार अस्पतालले प्रदान गर्ने शल्यक्रिया सेवा लिने बिरामीको सङ्ख्या बढ्दै गएको देखिन्छ। विरामीको चापअनुसार अपरेसन थिएटरको अभाव, सीमित शल्यचिकित्सक, एनेस्थेसिया तथा नर्सिङ जनशक्ति र आधुनिक उपकरणको कमीले कार्डियो र न्युरो सर्जरीजस्ता विशिष्टीकृत सेवा अस्पतालबाट उपलब्ध हुन सकेको छैन। बिरामीको चापअनुसार स्रोत साधनको व्यवस्था गरी शल्यक्रिया सेवामा सुधार गर्नुपर्दछ।

८. **स्वास्थ्य उपकरणको मर्मत सम्भार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९(२) मा जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी

मालसामानको विवरण खुलाउनुपर्ने व्यवस्था छ। अस्पतालको स्वास्थ्य उपकरण सम्बन्धमा बायोमेडिकल इञ्जिनियरिङ शाखाबाट प्राप्त मेसिन औजारसम्बन्धी विवरणअनुसार विभिन्न ४० स्वास्थ्य उपकरण हाल चालु हालतमा नरहेकोले मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको छ। सो सम्बन्धी बेहोरा निम्नानुसार छन्:

८.१. अस्पतालका महत्त्वपूर्ण सेवा क्षेत्रहरू अपरेशन थिएटर, जनरल सर्जरी, एमआइसियु, रेडियोलोजी, प्रयोगशाला, पेन क्लिनिक, आँखा ओपीडी तथा वार्डमा प्रयोग हुने अत्यावश्यक मेडिकल उपकरणहरू लामो समयदेखि प्रयोगमा नरहेको देखियो। यस्ता उपकरणमध्ये एनेस्थेसिया मेसिन, अटोक्लेव, सि-आर्म, ओटी टेबल, अल्ट्रासाउन्ड, एक्स-रे, भेन्टिलेटर, इन्फ्युजन पम्प, अक्सिजन जेनेरेटर प्लान्टजस्ता उपकरणहरूमा कार्बन ब्रस सिद्धिएको, कभर बिग्रिएको, पावर सप्लाई नभएको जस्ता सानातिना मर्मतको अभावमा २०७७ देखि २०८२ सम्म प्रयोगमा आउन नसकेको अवस्था छ। स्वास्थ्य उपकरणहरूको एएमसी, सिएमसी मर्मत, वारेन्टी-ग्यारेन्टी अवस्था, यसको आयुलगायत अभिलेख व्यवस्था प्रभावकारी बनाई खरिदसम्बन्धी सर्त, उपलव्धता र आवश्यकता यकिन पश्चात समयमा मर्मत सम्भार गर्न आवश्यक बजेट व्यवस्था गरी स्वास्थ्य उपकरण चालु हालतमा राख्ने व्यवस्था गर्नुपर्दछ।

८.२. अस्पतालमा २ थप पोर्टेबलसहित ५ एक्सरे मेसिन रहेकोमा एक कम्पनीको एच्. एफ्. १२५ मोडलको मेसिन पार्टस् अभावका कारण मर्मत नहुँदा विगत १ वर्ष देखि सञ्चालनमा रहेको छैन। अस्पतालको सेवाप्रवाहका लागि आवश्यक मेसिनको अभावमा बिरामीहरू रोग निदानको सेवाबाट वञ्चित हुन पुगेका छन्। अतः यस्ता मेसिनहरू समयमै मर्मत सम्भार गरी अस्पतालको सेवा प्रवाहलाई प्रभाकारी बनाउनुपर्दछ।

८.३. अस्पतालमा ०.३५ टेस्ला र ३ टेस्ला क्षमताका २ एमआरआई मेसिन रहेकोमा चीन सरकारबाट अनुदान प्राप्त ०.३५ टेस्ला एम आर आई मेसिनको इमेज रिजोलुसन कम भएकोले हाल बन्द अवस्थामा रहेको छ। अस्पतालले नयाँ प्रविधिको टेस्ला (३.टेस्ला) मेसिन रु.२२ करोडमा खरिदपश्चात् उक्त ०.३ टेस्ला एम आर आई मेसिन सञ्चालन नगरी नयाँ मेसिनबाट मात्र सेवा दिएको छ। उक्त मेसिन सामान्य मर्मत गरी विकल्पका रूपमा प्रयोग गर्ने तथा पुरानो प्रविधि प्रतिस्थापन वा लिलाम गर्न उपयुक्त हुने सन्दर्भमा अस्पतालबाट निर्णय हुनुपर्ने देखिन्छ।

८.४. अस्पतालमा रहेको २ अक्सिजन प्लान्टमध्ये २०७६ असारमा रु.८३ लाखमा खरिद गरेको प्रतिदिन ५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने अक्सिजन प्लान्ट मात्र सञ्चालनमा रहेको र एक कम्पनीले २०७८।७९ मा अनुदानमा दिएको प्रतिदिन ३५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता भएको अर्को प्लान्ट १ वर्षसम्म सञ्चालन भए तापनि सोपश्चात मर्मत सम्भार नहुँदा बन्द रहेकोले बाह्य आपूर्तिकर्ताबाट अक्सिजन खरिद गर्नुपरेको छ। अस्पतालमा जडान भएको अक्सिजन प्लान्ट थप क्षति हुन नदिन नियमित मर्मत सम्भार गरी चालु हालतमा राखी अक्सिजन ग्याँस खरिद कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ।

८.५. चीन सरकारबाट प्राप्त २ सहित अस्पतालमा ५ एम्बुलेन्स रहेकोमा एउटा मात्र चालु हालतमा रहेको छ। अनुदान प्राप्त २ एम्बुलेन्स मर्मत योग्य नरहेको र बाँकी २ एम्बुलेन्स आकस्मिक प्राविधिक उपकरण, अक्सिजन प्रयोगलगायतमा समस्या रहेकाले बिरामीको लागि अनुपयुक्त भई कर्मचारी यातायात

प्रयोजनमा प्रयोग भएको पाइयो। आवश्यक प्रक्रिया पूरा गरी एम्बुलेन्स सुविधाको व्यवस्थापन गर्नुपर्दछ।

९. **रिएजेन्ट खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(३) अनुसार आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्तासँग भएको आवस्थामा त्यस्ता प्रोप्राइटर मालसामान सो आपूर्तिकर्ता मार्फत खरिद गर्न सकिने व्यवस्था छ। अस्पतालबाट प्राप्त विवरणअनुसार अस्पतालले विगत ५ वर्षमा रु.३२ करोड २१ लाख ४१ हजारको रिएजेन्ट खरिद गरेको छ। सहायतामार्फत् प्राप्त भएको मेसिनमा सम्बन्धित रिएजेन्ट खरिद र प्रयोगको अवस्था सम्बन्धमा समन्वय भएको देखिएन। प्रोप्राइटरी (क्लोज) आइटमको रिएजेन्ट खरिद गर्दा अस्पतालले अधिकांश रिएजेन्ट प्रचलित खरिद कानुनबमोजिम बोलपत्र नगरी मेसिन खरिद गर्दा गरिएको सम्झौतामा ३ देखि ५ वर्षसम्म रिएजेन्ट उपलब्ध गराउनुपर्ने व्यवस्था गरी सोझै वार्ताको माध्यमबाट खरिद गरेको छ। स्वास्थ्य उपकरण खरिद गर्दा सोमा प्रयोग हुने रिएजेन्टको परिमाण यकिन हुन नसक्दा खरिद कार्य प्रतिस्पर्धी भएको देखिएन। अस्पतालले खुला रूपमा अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट वा मेसिन उपकरण भाडामा लिई रिएजेन्टसमेत समावेश गरी रिपोर्ट बेस्ड (टेस्ट नतिजा)अनुसार भुक्तानी गर्ने गरी खरिद कार्य गर्नु उपयुक्त हुने देखिन्छ।

१०. **प्रयोगशाला व्यवस्थापन** - स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका, २०७३ अनुसार अस्पतालले प्रयोगशाला सञ्चालन गरी नमूना सङ्कलन, परीक्षण र प्रतिवेदन दिने गरेको छ। अस्पतालको प्रयोगशालाबाट बायोकेमेष्ट्री, इम्युनोलोजी, हेमाटोलोजी, माइक्रोबायोलोजी, मोलिकुलर, हिस्ट्रो साइटो प्याथोलोजीअन्तर्गत दैनिक ३०० भन्दा बढी परीक्षण सेवा प्रदान गर्दै आएको छ। क्यान्सर रोग पहिचानका लागि इम्युनो हिस्टो केमेष्ट्री, गर्भवती महिलाको डुअर र ट्रिपल मार्कर टेष्ट, ल्युकेमिया र हेमाटोको फिस टेष्टजस्ता आवश्यक उच्च प्राविधिक परीक्षण सेवा उपलब्ध नहुँदा बिरामीले अन्य निकायको प्रयोगशालामा परीक्षण गराउनुपर्ने बाध्यता छ। आवश्यकताअनुसार उच्च प्रविधियुक्त स्वास्थ्य उपकरण व्यवस्था गरी रोग पहिचान एवं निदानका लागि प्रयोगशाला परीक्षण सेवा नियमित र प्रभावकारी बनाउनुपर्दछ।

११. **औषधी व्यवस्थापन** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९ को (४) मा प्रत्येक सरकारी अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधीहरूको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। अस्पतालले औषधी व्यवस्थापनका लागि सञ्चालन कार्यविधि बनाई कार्यान्वयन गरेको तथा अस्पताल फार्मेसीमा मुटुसम्बन्धी, उच्च रक्तचाप, उच्चतहका एन्टिबायोटिक, ब्लड डिसअर्डर, बालबालिका तथा महिलामा हुने हर्मोनल रोग आदिसँग सम्बन्धित औषधी उपलब्ध भएको देखिएन। औषधीको म्याद गुज्रेको अवधिअनुसार शोधभर्ना गर्ने व्यवस्था पालना नहुँदा २०८१।८२ मा रु.२६ लाख ७२ हजारको ५६६ आइटमको म्याद गुज्रेका औषधी मौज्दातमा देखिएको छ। औषधीको प्रणालीगत अभिलेख तथा मुख्य स्टोर एवं इण्डोर स्टोर डिस्पेन्सरीमा देखिएको वास्तविक मौज्दातबिच भिडान हुने अवस्था छैन। मुख्य स्टोरको रु.१ करोड ७४ लाख ८ हजार मूल्यको औषधी मौज्दात प्रणालीगत अभिलेखमा देखिएकोमा उक्त औषधी मौज्दातमा नरहेको र भौतिक परीक्षणमा भेटिएको रु.१६ लाख १४ हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा प्रविष्टी भएको देखिएन। डिस्पेन्सरीतर्फ रु.१ करोड ९३ लाख ३१ हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा मौज्दात देखिएकोमा उक्त औषधी मौज्दातमा नरहेको र भौतिक परीक्षणमा भेटिएको रु.१ करोड ७ लाख ९०

हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा देखिएको छैन। भौतिक र प्रणालीगत अभिलेखमा रहेको मौज्दातको नियमित भिडान गर्ने, स्टाण्डर्ड अपरेटिङ प्रोसिड्युअरअनुसार म्याद समाप्त भएका औषधी समयमै फिर्ता र अभिलेख सुनिश्चित गर्ने, औषधी भण्डारणका लागि पर्याप्त स्थान उपलब्ध गराउने, गुणस्तर परीक्षण र निगरानी नियमित गर्ने, फार्मेसी प्रमुखद्वारा स्टाण्डर्ड अपरेटिङ प्रोसिड्युअर कार्यान्वयन अनुगमन सुनिश्चित गर्दै इन्भेन्टरी व्यवस्थापन प्रणाली व्यवस्थित र सुदृढ बनाउनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

मानव स्वास्थ्य सम्बन्धी अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्ने, स्वास्थ्य उपचारको जानकारी दिने तथा स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ। उक्त मौलिक हकको परिपूर्ति गर्न अस्पतालले खेलेको भूमिका महत्त्वपूर्ण रहेको छ। तथापि अस्पतालको लेखापरीक्षणबाट उपयुक्त मानव संसाधन विकास एवं उपयोग नहुनु, बिरामीको चापअनुसार अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलव्ध गराउनु नसक्नु, निजामती कर्मचारी र सर्वसाधारणको अलग अलग सेवा प्रवाह गर्न नसक्नु, स्वास्थ्य उपकरणको अपर्याप्तता र नियमित मर्मत सम्भार नहुनु, प्रयोगशाला, फार्मेसी तथा खरिद व्यवस्थापन प्रभावकारी नहुनु लगायतका कारण समग्र सेवा प्रवाह अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको अवस्था देखिएकोले उल्लिखित समस्या सामाधान गरी अस्पतालको सेवा प्रवाहमा प्रभावकारीता ल्याउनुपर्दछ।

स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली

नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था गरेको छ। स्थानीय सरकारको सेवा प्रवाह र विकास निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान प्रवाह हुने व्यवस्था छ। स्थानीय सरकारको आम्दानी र खर्चमा सामञ्जस्यता एवं वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न आन्तरिक राजस्व परिचालन क्षमतालाई सुदृढ गर्नु अपरिहार्य देखिएको छ।

स्थानीय तहको आन्तरिक आय परिचालनमा सुधारका उपाय पहिचान गरी राजस्व प्रक्षेपण यथार्थपरक एवं व्यावहारिक बनाउनु पर्ने तथा स्थानीय तहमा राजस्व प्रशासन र सङ्कलन प्रणाली प्रभावकारी बनाई मितव्ययिता एवं नियमितता कायम गर्नुपर्ने आवश्यकता देखिएको छ। स्थानीय तहको राजस्व प्रशासन र सोसँग सम्बन्धित सङ्कलन प्रणालीको अध्ययन एवं विश्लेषण गरी सुझाउ दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षणको लागि यो विषय छनोट गरिएको हो। यस अन्तर्गत विद्यमान नीतिगत तथा कानुनी व्यवस्था कार्यान्वयनको अवस्था विश्लेषण, राजस्व प्रक्षेपणको यथार्थता, सङ्कलन र बक्यौता अवस्थाको विश्लेषण तथा स्थानीय राजस्व व्यवस्थापनमा प्रविधि, जनशक्ति र अभिलेख व्यवस्थापनको अवस्थाको मूल्याङ्कन गरी सुधारका लागि सुझाउ प्रदान गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणको लागि बागमती प्रदेशका १० र अन्य ६ प्रदेशबाट २/२ स्थानीय तह समेत जम्मा २२ स्थानीय तह नमुना छनोट गरिएकोमा १७ स्थानीय तहबाट सो सम्बन्धी विवरण तथा तथ्याङ्क प्राप्त भएको छ। सो आधारमा मुलुकका सबै स्थानीय तहबाट सङ्कलन भएको राजस्व स्थितिलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ।

सकारात्मक पक्ष

स्थानीय तहले वार्षिक रूपमा सभाबाट आर्थिक ऐन पारित गरी कर, दस्तुर र शुल्क निर्धारण गरिरहेका छन्। राजस्व अभिलेखलाई व्यवस्थित बनाउन महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखाफारामहरू प्रयोगमा ल्याइएको र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत राजस्व सङ्कलनको सुरूवात भएको साथै अधिकांश स्थानीय तहले आन्तरिक आय व्यवस्थापनका लागि छुट्टै शाखा र कर्मचारी व्यवस्था गरेका छन्। साझा अधिकार अन्तर्गतका कर तथा दस्तुर सङ्कलन गरी नियमानुसार बाँडफाँट गर्ने कानुनी व्यवस्थाको अभ्यासले अन्तर-सरकारी वित्तीय सम्बन्धलाई समेत थप प्रभावकारी बनाएको देखिन्छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **आन्तरिक राजस्व अनुमान र सङ्कलन -** नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने व्यवस्था छ। सो अनुसार स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा आवश्यक ऐन कानुनहरू निर्माण गरी कार्यान्वयन गरेका छन्। विगत ५ वर्षमा ७५३ स्थानीय तहले आफैंले सङ्कलन गरेको राजस्व र बाँडफाँटबाट प्राप्त गरेको राजस्व निम्नानुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	स्थानीय तह आफैले सङ्कलन गरेको राजस्व	बाँडफाँटबाट प्राप्त राजस्व	कुल राजस्व	कुल राजस्वमा आन्तरिक आयको हिस्सा
२०८१।८२	५१४६८७	८८७०५७	१४०१७४४	३६.७२
२०८०।८१	४५८६२५	७५०८६१	१२०९४८६	३७.९२
२०७९।८०	३९०४१५	७०३५१६	१०९३९३२	३५.६९
२०७८।७९(म.ले.पको साठिऔं वार्षिक प्रतिवेदन,२०७९ अनुसार ७४९ स्थानीय तह)	३५७५०६	९०२९६६	१२६०४७२	२८.३६
२०७७।७८(म.ले.पको उनन्साठिऔं वार्षिक प्रतिवेदन,२०७९ अनुसार ७४४ स्थानीय तह)	३५२८५६	६९०१६९	१०४३०२५	३३.८३

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वार्षिक विवरण तथा महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन)

उल्लिखित विवरणअनुसार २०७७।७८ मा ७४४ स्थानीय तह आफैले सङ्कलन गरेको राजस्व कुल राजस्वको ३३.८३ प्रतिशत रहेकोमा २०७९।८० देखि २०८१।८२ सम्म ७५३ स्थानीय तहको आन्तरिक आयको हिस्सा ३५.६९ देखि ३६.७२ सम्म रहेको छ। स्थानीय तहको आन्तरिक राजस्व सङ्कलनको अंशमा वृद्धि हुँदै गएको छ। स्थानीय तहले सङ्कलन गर्ने राजस्व मूलतः सेवामूलक प्रकृतिको रहेको र राजस्वका सम्भावित स्रोतहरूको पहिचान र परिचालन पक्ष कमजोर हुँदा आन्तरिक आयको हिस्सा न्यून रहेको देखिन्छ। स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रको आर्थिक गतिविधि प्रवर्धन गर्न र व्यावसायिक वातावरण निर्माण गर्न केन्द्र, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्य गर्नुपर्दछ।

२. **चालु खर्चमा आन्तरिक राजस्वको योगदान-** नेपालको संविधानमा स्थानीय तहको वित्तीय स्रोतमा आन्तरिक राजस्वका अतिरिक्त सङ्घ र प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको व्यवस्था छ। विगत ३ वर्षमा ७५३ स्थानीय तहको आन्तरिक राजस्व र चालु खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	स्थानीय तहको आन्तरिक आय	चालु खर्च	पुँजीगत खर्च	चालु खर्चमा आन्तरिक आयको योगदान
२०८१।८२	५१४६८७	२८५३६२२	१५१६५३३	१८.०४
२०८०।८१	४५८६२५	२७९६८३७	१४३७५६३	१६.४०
२०७९।८०	३९०४१५	२८४७४६२	१६८६४१६	१३.७१
जम्मा	**१३६४२३१**	**८४९७९२१**	**४६४०५१२**	**१६.०५**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वार्षिक विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा स्थानीय तहको चालु खर्चमा आन्तरिक आयको योगदान १३.७१ प्रतिशत रहेकोमा २०८१।८२ मा त्यसको हिस्सा वृद्धि भई १८.०४ प्रतिशत पुगेको देखिन्छ। सबै स्थानीय तहले विगत ३ वर्षमा गरेको कुल चालु खर्चको तुलनामा आन्तरिक आय औसत १६.०५ प्रतिशत रहेको छ। नागरिकको न्यून कर सहभागिता र स्थानीय स्रोत साधनको उचित परिचालन हुन नसक्दा आन्तरिक आय सङ्कलन न्यून रहेको छ। अतः स्थानीय तहले आन्तरिक आयको दायरा विस्तार गर्दै राजस्व प्रशासन क्षमता अभिवृद्धि गर्नुपर्दछ।

३. **राजस्व अनुमान र यथार्थता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण

र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। विगत ३ आर्थिक वर्षमा स्थानीय तहको आन्तरिक आय अनुमान र यथार्थ सङ्कलनको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	आन्तरिक आय अनुमान	यथार्थ सङ्कलन	अनुमानको तुलनामा सङ्कलन प्रतिशत
२०८१।८२	५२२६५०	५१४६८७	९८.४८
२०८०।८१	४६९७९९	४५८६२५	९७.६२
२०७९।८०	४०२८०८	३९०४१५	९६.९२
जम्मा	**१३९५२५७**	**१३६३७२७**	**९७.७४**

स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वार्षिक विवरण

उल्लिखित विवरणअनुसार २०७९।८० मा स्थानीय तहको आन्तरिक आय अनुमानको तुलनामा सङ्कलन ९६.९२ प्रतिशत रहेकोमा २०८१।८२ मा सोको हिस्सा ९८.४८ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा भन्दा पछिल्ला वर्षहरूमा आन्तरिक आय अनुमान यथार्थपरक बन्दै गएको र आय सङ्कलन वृद्धि भएको देखिन्छ। आय अनुमानलाई यथार्थपरक बनाउने र स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका प्राकृतिक स्रोतहरूको परिचालनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

४. **प्रमुख राजस्व शीर्षक** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका र नगरपालिकाको वित्तीय अधिकार क्षेत्र सम्बन्धी व्यवस्था छ। उक्त अधिकार क्षेत्रअन्तर्गत स्थानीय तहले विगत ३ वर्षमा सबैभन्दा बढी सङ्कलन गरेको आन्तरिक आयको प्रमुख ९ शीर्षक निम्नानुसार छन्ः

(रु. लाखमा)

राजस्व संकेत	प्रमुख शीर्षक	२०७९।८०	२०८०।८१	२०८१।८२
११३१७	बहाल कर	६०१५८	६५७५९	७६४४०
११३१३	सम्पत्ति कर	-	३४९७५	४१८८२
१४२४२	नक्सापास दस्तुर	२९०७९	२०५०६	२६९१०
१४५२९	अन्य राजस्व	२२३४१	३२६८९	२४०३४
१४२४३	सिफारिश दस्तुर	२१५९७	२२८७९	२६०७८
११३१४	भूमिकर/मालपोत	१८०८६	२१८१४	२०६४६
११६९१	अन्य कर	१८०२२	२३५९४	-
१४२४९	अन्य दस्तुर	११५४८	-	-
१४६११	व्यवसाय कर	-	-	१३८९१
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	११५४०	११७०४	१३२२७
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१०३०५	१३०७०	१३७८२

स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वार्षिक विवरण

उल्लिखित विवरणअनुसार स्थानीय तहमा विगत ३ वर्षमा आन्तरिक राजस्वको प्रमुख ९ शीर्षक अन्तर्गतको बहाल कर, सम्पत्ति कर, सिफारिस दस्तुर र व्यवसाय रजिष्ट्रेसन दस्तुरमा सामान्य वृद्धि भए तापनि भूमिकर/मालपोत र अन्य राजस्व गत वर्षका तुलनामा २०८१।८२ मा घटेको देखिन्छ। स्थानीयतहको राजस्वको प्रमुख आधार सेवामूलक (गैर कर) प्रकृतिको रहेको र स्थानीय विकास तथा प्राकृतिक स्रोत परिचालनबाट उल्लेख्य राजस्व सङ्कलन हुन सकेको देखिएन। स्थानीय

स्रोत परिचालनबाट स्थानीय अर्थतन्त्र स्वतन्त्र र आत्मनिर्भर बनाउने सन्दर्भमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको प्रभावकारी उपयोग हुन सकेको देखिँदैन। नागरिकको कर सहभागितामा अभिवृद्धि गर्दै प्राकृतिक स्रोत परिचालन सहित सक्षम सङ्कलन प्रणाली विकास गरी राजस्व परिचालनलाई प्रभावकारी बनाउनुपर्दछ।

५. **राजस्व अधिकारको कार्यान्वयन-** नेपालको संविधानको अनुसूची-८ ले स्थानीय तहलाई विभिन्न विषयमा कर, दस्तुर र शुल्क लगाउने र ती क्षेत्रबाट कर उठाउन सक्ने अधिकार दिएको छ। लेखापरीक्षणका लागि नमुना छनोट गरिएका २२ स्थानीय तहमध्ये १७ स्थानीय तहबाट प्राप्त विवरणअनुसार स्थानीय तहको राजस्व अधिकारको कार्यान्वयन स्थिति निम्नानुसार छः

करको प्रकार	पूर्ण कार्यान्वयन गर्ने स्थानीय तह सङ्ख्या	आंशिक कार्यान्वयन गर्ने स्थानीय तह सङ्ख्या	कार्यान्वयन नगर्ने स्थानीय तह सङ्ख्या	प्रतिक्रिया नदिने स्थानीय तह सङ्ख्या
सम्पत्ति कर	११	२	१	३
घर बहाल कर	१०	७	०	०
घर जग्गा रजिष्ट्रेशन शुल्क	६	०	८	३
पर्यटन शुल्क	१	२	११	३
विज्ञापन कर	८	३	५	१
व्यवसाय कर	१२	३	२	०
भूमिकर (मालपोत)	१५	२	०	०
दण्ड जरिबाना	१२	५	०	०
मनोरञ्जन कर	५	४	७	१
बहाल बिटौरी कर	९	३	४	१
पार्किङ् शुल्क	२	२	११	२
जडीबुटी कवाडी र जीवजन्तु कर	३	५	८	१
साहसिक खेलकुद सेवा शुल्क	०	०	१४	३
स्थानीय पूर्वाधार सेवा शुल्क	१	२	१२	२
फोहोरमैला सेवा शुल्क	६	४	६	१
अन्य सेवा शुल्क	१२	३	२	०
ढुङ्गा गिटी बालुवा बिक्री दस्तुर	४	४	८	१
दहत्तर बहत्तर बिक्री दस्तुर	२	२	९	४
सामुदायिक वनको वन पैदावर बिक्री रकम	०	२	१३	२

उल्लिखित विवरणअनुसार स्थानीय तहले आफूले प्राप्त गरेको राजस्व अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन गरेको देखिएन। प्राकृतिक स्रोत उत्खनन् र परिचालन हुन नसक्नु, दण्ड जरिबाना कडाइका साथ लागु नहुनु, स्थानीय तहले गरेको खर्च अनुरूप व्यावासायिक क्रियाकलापमा वृद्धि हुन नसक्नु र स्थानीय जनप्रतिनिधि तथा कर्मचारीमा स्थानीय राजस्व कम प्राथमिकतामा पर्नुलगायतका कारणले राजस्व सङ्कलन प्रभावकारी हुन सकेको देखिँदैन। स्थानीय तहले प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सूचना प्रणाली विकास गर्ने र संविधान प्रदत्त अधिकारहरूको पूर्ण कार्यान्वयन गर्न राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

६. **करको दर निर्धारण -** नेपालको संविधानको धारा २२६(१) मा गाउँसभा र नगरसभाले अनुसूची-८ र ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने र धारा २२८ मा स्थानीय तहले कानुनबमोजिम कर लगाउन सक्ने व्यवस्था छ। नमुना छनोट गरिएका स्थानीय तहमध्ये १६ स्थानीय तहले यो वर्ष आर्थिक ऐन तर्जुमा गरेकोमा करको दर निर्धारणका आधार निम्नानुसार रहेको पाइयोः

६.१. **सम्पत्ति कर र मूल्याङ्कनमा ह्रास -** सम्पत्ति करको दर निर्धारण गर्दा १२ स्थानीय तहले सम्पत्ति मूल्याङ्कनको रकमलाई आधार मानी न्यूनतम र अधिकतम दर निर्धारण गरेको, १ स्थानीय तहले प्रति घरको आधारमा र १ स्थानीय तहले प्रति वर्ग फिटको आधारमा दर निर्धारण गरेको छ भने २ स्थानीय तहले सम्पत्ति करसम्बन्धी कुनै व्यवस्था गरेको देखिएन।

६.२. **सम्पत्ति मूल्याङ्कनमा ह्रास-** सम्पत्ति मूल्याङ्कनमा ह्रास कट्टी सम्बन्धमा नमुना छनोट गरिएका १६ स्थानीय तहमध्ये ८ स्थानीय तहले ह्रास कट्टीसम्बन्धी स्पष्ट कार्यविधि वा दरहरू उल्लेख गरेका छन्। तर ८ स्थानीय तहमा यस सम्बन्धी कुनै व्यवस्था रहेको छैन।

६.३. **भूमिकर (मालपोत) -** भूमिकर (मालपोत) सम्बन्धमा नमुना छनोट गरिएका स्थानीय तहले कर निर्धारण गर्दा फरक फरक आधारहरू लिएको देखिन्छ। काठमाडौं र ललितपुर महानगरपालिकाले जग्गा वर्गीकरण गरी कर तोकेका छन। सूर्यविनायक नगरपालिका र सुनकोशी गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागु गरेका कारण छुट्टै भूमिकर लगाएका छैनन्। त्यस्तै, लिखु र मदाने गाउँपालिकाले जग्गाको क्षेत्रफल र गुणस्तर (अब्बल, दोयम आदि) का आधारमा कर निर्धारण गरेका छन्। वीरेन्द्रनगर नगरपालिका र धनगढी उपमहानगरपालिकाले जग्गाको मूल्याङ्कनको आधारमा कर निर्धारण गरेका छन्।

६.४. **सवारी साधन कर** - अन्तर सरकारी वित्त व्यवस्यापन ऐन, २०७४ को दफा ५(क) मा सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था छ। नमुना छनोट गरिएका १६ मध्ये ८ स्थानीय तहले आर्थिक ऐनमा सवारी साधन करको दर तोकेका छैनन् भने बाँकी स्थानीय तहले अटो, रिक्सा, टाँगा जस्ता साधनमा करको दर तोकेका छन्। तर बाग्लुङ्ग नगरपालिका र लिखु गाउँपालिकाले बस, ट्रक जस्ता हेभी सवारीमा पनि करको दर तोकेको देखिन्छ।

६.५. **व्यक्तिगत घटना दर्ता -** राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ७ अनुसार ३५ दिनभित्र परिचयपत्रको लागि निवेदन नदिने व्यक्तिले सो अवधिपछि परिचयपत्र माग गरी निवेदन दिएमा त्यस्तो व्यक्तिले तोकिएबमोजिमको विलम्ब शुल्कसमेत बुझाउनु पर्ने व्यवस्था छ। नमुना छनोट गरिएका स्थानीय तहमा व्यक्तिगत घटना दर्ता शुल्कको विश्लेषण गर्दा काठमाडौं महानगरपालिकामा २०७९।८० देखि २०८१।८२ सम्म ३५ दिन नाघेपछि प्रति घटना रु.५०, लिखु गाउँपालिकामा रु.१५०, गल्छी, घरपझोङ, थाक्रे गाउँपालिकाले रु.२००, चन्द्रागिरि र बागलुङ नगरपालिकामा रु.२०० देखि रु.३०० र सूर्यविनायक नगरपालिकामा २०७९।८० देखि २०८१।८२ सम्म रु.५० बाट रु.२०० कायम गरेको देखिन्छ।

उल्लिखित अवस्था हेर्दा स्थानीय तहमा कर निर्धारणको आधारमा विभिन्नता देखिएको छ। अधिकांश स्थानीय तहको करको आधार निश्चित सिद्धान्त वा विधिको आधारमा हुन नसकी कर प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन सकेको देखिँदैन। सम्पत्तिको मूल्याङ्कन गर्दा परिसूचक र मापदण्ड बजारमूल्य, मुद्रास्फीति लगायतलाई आधार बनाई वैज्ञानिक, पारदर्शी र अनुमानयोग्य बनाउनुपर्दछ। साथै समानता, सम्भाव्यता, तिर्न सक्ने क्षमता, सेवाको प्रतिफल र लागतजस्ता निश्चित सिद्धान्तको आधारमा करको दर र दायरा निर्धारण गरी कर प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

७. **विद्युतीय प्रणालीको प्रयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०८०।८१ देखि राजस्व सङ्कलन एवं लेखाङ्कनको लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार २०८०।८१ र २०८१।८२ मा राजस्व सङ्कलन तथा अभिलेखनमा सुत्र प्रणाली प्रयोगको स्थिति निम्नानुसार छः

प्रयोग स्थिति	स्थानीय तह सङ्ख्या	
	२०८१।८२	२०८०।८१
सुत्र प्रणाली प्रयोग गरी राजस्व सङ्कलन	७३०	६५७
सुत्र प्रणालीको पूर्ण प्रयोग	४७३	२९६
सुत्र प्रणालीको आंशिक प्रयोग	२५७	३६१
सुत्र प्रणालीको प्रयोग नगर्ने	२३	९६

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८०।८१ मा सुत्र प्रणाली प्रयोग गरी राजस्व सङ्कलन गर्ने स्थानीय तह ६५७ रहेकोमा २०८१।८२ मा ७३० पुगे तापनि २३ स्थानीय तहले राजस्व सङ्कलनमा सुत्र प्रयोग गरेका छैनन्। त्यस्तै २०८१।८२ मा प्रणालीको पूर्ण प्रयोग गर्ने स्थानीय तह ४७३ र आंशिक प्रयोग गर्ने २५७ रहेका छन्। काठमाडौं महानगरपालिकाले राजस्व सङ्कलनमा आफ्नो छुट्टै सफ्टवेयर र सुत्र दुवै प्रयोग गरिरहेको छ भने आंशिक प्रयोग गर्ने स्थानीय तहले पालिका कार्यालयको राजस्व सुत्र र वडागत राजस्व म्यानुअल विधिबाट सङ्कलन गर्ने गरी विद्युतीय र म्यानुअल दुवै विधि प्रयोग गरेको देखिन्छ। प्रणाली प्रयोग सम्बन्धमा अनुगमन नहुनु र सबै स्थानीय तहको वडासम्म इन्टरनेट पूर्वाधारको भरपर्दो व्यवस्था नहुनु लगायतका कारणले सुत्र प्रणाली पूर्ण रूपमा प्रयोगमा आउन नसक्दा स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रभावकारी हुन सकेको छैन। स्थानीय तहको सबै वडाहरूमा एकल विद्युतीय प्रणालीको रूपमा सुत्र प्रणाली प्रयोग गर्न सक्ने गरी पूर्वाधारको विकास गर्ने र सुत्रमार्फत राजस्व सङ्कलन, अभिलेखन र प्रतिवेदन गर्ने गरी प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

८. **नगद बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा सरकारी कार्यालयमा सङ्कलन भएको नगद सोही दिन वा सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साट्टिऔंदेखि बासट्टिऔं वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहले २०७८।७९ मा रु.८ करोड १० लाख, २०७९।८० मा रु.९ करोड ६१ लाख, २०८०।८१ मा रु.४ करोड ७८ लाख बैङ्क दाखिला नगरी नगद बाँकी राखेका छन्। हाल सबै स्थानीय तहको केन्द्रमा विद्युत इन्टरनेट तथा बैंकिङ सेवा उपलब्ध भइसके तापनि सङ्कलित राजस्व/नगद आय समयमा बैङ्क

दाखिला नगर्दा नगद मौज्दात बाँकी रहन गएको देखिन्छ। विद्युतीय प्रणालीको पूर्ण प्रयोग हुन नसक्नु, भौगोलिक विकटताका कारण समयमै बैङ्क दाखिला हुन नसक्नुका साथै सहज अवस्थामा पनि बैङ्क दाखिला नगर्ने सम्बन्धित कर्मचारीलाई कारबाहीको दायरामा ल्याउन नसक्नु लगायतका कारणले राजस्व नगद मौज्दात बाँकी रहन गएको विवरणवाट देखिन्छ। राजस्व कारोबारमा पारदर्शिता अभिवृद्धि गर्न र राजस्व व्यवस्थापनलाई चुस्त बनाउन सबै वडातहसम्म नियमित विद्युत, इन्टरनेट तथा बैङ्किङ सेवा जस्ता पूर्वाधारको व्यवस्था गरी सुत्र प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्दछ।

९. **उठ्न बाँकी आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापनसम्बन्धी व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साट्टिऔं देखि बासट्टिऔं वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहले व्यवस्थापन गरेका आय ठेक्काबाट सम्झौताअनुसार २०७८।७९ मा रु.१ अर्ब ७ करोड ६१ लाख, २०७९।८० मा रु.३० करोड ३७ लाख तथा २०८०।८१ मा रु.४२ करोड ६३ लाख असुल गर्न बाँकी रहेको छ। स्थानीय तहले ठेक्का सम्झौताका सर्त बमोजिम समयमै किस्ता रकम असुल नगर्नु, ठेकेदारको कार्यसम्पादनको प्रभावकारी अनुगमन नहुनु, धरौटी जफत वा कानुनी कारबाहीको प्रक्रिया अगाडि नबढाउनु र प्रदेश आर्थिक ऐन बमोजिम बाँडफाँट हुने राजस्व सम्बन्धमा प्रभावकारी समन्वय नहुनु लगायतका कारणले स्थानीय राजस्व सङ्कलन प्रभावकारी हुन सकेको देखिँदैन। आन्तरिक नियन्त्रण प्रणाली र ठेक्का अनुगमन प्रणालीमा सुधार गरी ठेक्का सम्झौताको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

१०. **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काको बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साट्टिऔं देखि बासट्टिऔं वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहबाट सम्पत्ति करलगायत २०७८।७९ मा रु.३३ करोड ३५ लाख, २०७९।८० मा रु.७२ करोड ४ लाख तथा २०८०।८१ मा रु.२ अर्ब ७५ करोड २३ लाख असुल गर्ने बाँकी रहेकोमा स्थानीय तहहरूले सो रकमसहित असुल गर्ने बाँकी बक्यौता रकमको लगत अद्यावधिक गरेका छैनन्। करदाता प्रोत्साहन वा सचेतना कार्यक्रमको कमी हुनु, विद्युतीय कर प्रणाली पूर्ण रूपमा प्रयोग नहुनु, स्थानीय तहले सम्झौताका सर्तहरूबमोजिम समयमै किस्ता रकम असुल नगर्नु र धरौटी जफत वा कानुनी कारबाहीको प्रक्रिया अगाडि नबढाउनु लगायतका कारणले स्थानीय राजस्व बक्यौता रहन गएको देखिन्छ। नागरिक सचेतना अभिवृद्धि गरी कर सहभागिता दर बढाउने, कर कानुनको कडाइकासाथ कार्यान्वयन गर्नुका साथै कर प्रणालीमा थप आधुनिकीकरण गरी बक्यौता असुलीलाई प्रभावकारी बनाउनुपर्दछ।

११. **राजस्व छुट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुटसम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले प्रदेश कानुन अनुसार स्थानीय तहले राजस्व छुट दिन पाउने देखिँदैन। महालेखापरीक्षकको कार्यालयको साट्टिऔं देखि बासट्टिऔं वार्षिक प्रतिवेदनअनुसार कानुनबेगर राजस्व छुट दिएका कारण स्थानीय तहमा राजस्व प्रशासनमा आयसम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। स्थानीय तहले आय ठेक्का सम्झौतामा कार्यपालिकाबाट निर्णय गरी २०७८।७९ मा रु.१२ करोड २९ लाख, २०७९।८० मा रु.५३ लाख तथा २०८०।८१ मा रु.१ करोड ८७ लाख राजस्व छुट दिएका छन्। साथै नमुना छनोट गरिएका १७ स्थानीय तहमध्ये ९ स्थानीय तहले

राजस्व छुटसम्बन्धी छुट्टै नीति तयार गरेको जनाए तापनि बाँकी ८ स्थानीय तहले सो सम्बन्धी कानुनी व्यवस्था नगरी राजस्व छुट दिएका छन्। राजस्व छुटसम्बन्धी स्पष्ट नीति, कानुन, प्रक्रिया र अभिलेख प्रणाली निर्माणमा गरी छुट दिएको विषय, पाउने व्यक्ति/निकाय, रकम आदिको विस्तृत विवरण तयार गरी स्थानीय सभामा बर्सेनी पेस गर्ने कानुनी प्रबन्ध गर्नुपर्दछ। साथै राजस्व छुटको विवरण केन्द्र तथा प्रदेश सरकारको सूचना प्रणालीसँग आवद्ध गर्ने एकीकृत प्रणाली निर्माण गर्नुपर्दछ।

१२. **राजस्व अभिलेख -** स्थानीय तहले म.ले.प. फारम नं. १०१ देखि ११८ सम्म प्रयोग गरी लेखाङ्कन गर्नुपर्नेमा सोअनुसार गरेको देखिदैन। पालिकाले सेवा प्रवाह गर्दा शाखागत रूपमा उपलब्ध गराउने सेवा र सो बापत प्राप्त गरेको राजस्व एकआपसमा भिडान हुनुपर्नेमा त्यसरी अभिलेख राखेको देखिदैन। त्यसैगरी जारी भएको नगदी रसिदअनुसार बैङ्क दाखिला गरेको अभिलेखसमेत भिडान हुन सकेको छैन। अतः नियमानुसार खाता तयार गरी राजस्व स्रेस्ता तयार गर्नुपर्दछ।

१३. **राजस्व बाँडफाँट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन तथा बाँडफाँटसम्बन्धी व्यवस्था छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट आर्थिक वर्ष २०८१।८२ मा स्थानीय सञ्चित कोषमा दाखिला भएको राजस्व सोही आर्थिक वर्षभित्र बाँडफाँट नभई बाँकी रहेको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

शीर्षक	२०८१।८२					
	गत आ.व.को मौज्दात	विभिन्न कोषमा सङ्कलन भएको रकम	बाँडफाँट भएको रकम			बाँडफाँट हुन बाँकी रकम
			संघ	प्रदेश	स्थानीय	
मनोरञ्जन कर	४७	१४९८	३	४७४	८२६	२४२
विज्ञापन कर	२०८	१७३४	२५	५८४	१०४५	२८८
दहत्तर बहत्तर शुल्क	७३३४	५२१५८	३०७८	१३१६७	३८८६५	४३८३
अन्य बाँडफाँट हुने राजस्व सङ्कलन	६४	१५८२	८०	९३९	४७१	१५६
जम्मा	**७६५३**	**५६९७२**	**३१८६**	**१५१६४**	**४१२०७**	**५०६९**

स्रोतः स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली

उल्लिखित विवरणअनुसार स्थानीय सञ्चित कोषमा सङ्कलन भएको रकममध्ये रु.५० करोड ६९ लाख आर्थिक वर्षको अन्त्यसम्म पनि बाँडफाँट नगरी बाँकी रहेको देखिन्छ। बाँडफाँट गर्नुपर्ने राजस्व समयमै बाँडफाँट नहुँदा राजस्व व्यवस्थापन प्रणाली दक्षतापूर्वक सञ्चालन हुन सकेको देखिँदैन। कानुनमा भएको व्यवस्थाको समयमै पालना गरी स्थानीय राजस्व प्रशासनलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

१४. **राजस्व सम्भाव्यता अध्ययन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गर्ने विषय रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनोट गरिएका १७ स्थानीय तहमध्ये ५ ले पार्किङ्ग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्कजस्ता आन्तरिक राजस्व परिचालन हुन सक्ने नयाँ स्रोत पहिचान गरेको उल्लेख गरेका छन् भने बाँकी १२ ले आन्तरिक रूपमा नयाँ स्रोतको खोजी गरेका छैनन्। धनगढी उप-महानगरपालिकाले युएनडीपीको सहयोगमा, बागलुङ नगरपालिकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा राजस्वको दायरा विस्तार र वैज्ञानिक कर निर्धारणका लागि बाह्य परामर्शदाता प्रयोग गरी कार्यान्वयन गरेकोमा सखुवा प्रसौनी गाउँपालिकाले रु.१ लाख खर्च गरे तापनि सीमा विवादको कारणले कार्यान्वयन नभएको उल्लेख छ। बाँकी १४

स्थानीय तहले हालसम्म राजस्व सम्भाव्यता अध्ययन सम्बन्धमा कुनै ठोस कदम चालेको देखिदैंन। यसबाट स्थानीय राजस्वको नयाँ स्रोत खोजी गर्ने र सोको परिचालनमार्फत राजस्व अभिवृद्धि गर्ने विषयमा स्थानीय राजस्व प्रशासन प्रभावकारी हुन सकेको देखिँदैन। संविधान प्रदत्त अधिकार क्षेत्रभित्र रही सम्भाव्य नयाँ स्रोत खोजी गरी राजस्व अभिवृद्धि मार्फत स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनको लागि राजस्व प्रशासनलाई क्षमतावान् जनशक्ति र प्रविधियुक्त बनाई सो को प्रभावकारी परिचालन गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी वित्तीय सङ्घीयताको सिद्धान्त अनुरूप कार्यजिम्मेवारी बाँडफाँट गरेको र स्थानीय तहलाईसमेत कर तथा गैर-कर राजस्व सङ्कलनको संवैधानिक अधिकार प्रदान गरेको छ। अधिकांश स्थानीय तह आफ्नै स्रोत परिचालन गरी आत्मनिर्भर हुन सकेका छैनन्। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट स्थानीय राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था भएकोमा अधिकांश स्थानीय तहले सोको पूर्ण कार्यान्वयन गरेका छैनन्। अधिकांश स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, अनुमान अनुसार आय सङ्कलन हुन नसकेको, राजस्वका करका दर निर्धारणको आधारमा वैज्ञानिक विधि प्रयोग नगरी फरक फरक प्रयोग हुँदा एकै प्रकृतिको भौगोलिक क्षेत्र र अवस्थामा रहेका स्थानीय तहको राजस्व सङ्कलनमा विविधता रहेको, राजस्व छुटसम्बन्धी व्यवस्था कानुनद्वारा व्यवस्थित नगरिएको, बक्यौता राजस्व असुल हुन नसकेको, राजस्व आम्दानी र दाखिला भिडान हुने गरी अभिलेखाङ्कन नगरेको र राजस्वको सम्भाव्यता अध्ययन सहित दायरा विस्तार गर्ने कार्य हुन सकेको देखिएन। यसबाट स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन नसक्दा अपेक्षित राजस्व अभिवृद्धि हुन सकेको छैन। राजस्व प्रशासन र सङ्कलन प्रणालीमा सुधार, स्थानीय स्रोत, साधनको कुशल परिचालन, सम्भावित राजस्व क्षेत्रहरूको पहिचान तथा अभिलेखाङ्कन, आर्थिक ऐनद्वारा निर्धारित कर तथा शुल्कहरूको पूर्ण कार्यान्वयन, बक्यौता राजस्व असुलीमा तदारुकता लगायतका उपायहरूको अवलम्बन गर्दै स्थानीय तहहरूको आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्नुपर्दछ।

काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन

काठमाडौं उपत्यकाभित्र इस्वी सम्वत् ४६४ मा निर्माण भएको लिच्छवीकालीन चाँगुनारायण मन्दिरदेखि पाँचौं शताब्दीमा निर्माण भएको बौद्धनाथ स्तुपा, पच्चीस सय वर्षभन्दा पुरानो स्वयम्भूनाथ स्तुपा, तेह्रौं शताब्दीको मल्लकालीन कलाको जीवन्त सङ्ग्रहालय भक्तपुर दरबार स्क्वायर, सोह्रौं शताब्दीमा निर्माण भएको मल्लकालीन कृष्ण मन्दिर रहेको पाटन दरबार स्क्वायरलगायत विश्व सम्पदा सूचीमा रहेका ७ समेत ३ हजार १७८ सम्पदा रहेका छन्। प्राचीन स्मारकहरूको खोज, अन्वेषण, संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र ऐतिहासिक वा कलात्मक वस्तुहरूको संरक्षण लगायतका कार्य पुरातत्त्व विभागले गर्दै आएको छ। सांस्कृतिक सम्पदा धरोहरमात्र नभई राष्ट्रको पहिचान तथा आर्थिक तथा सामाजिक दृष्टिले महत्त्वपूर्ण सम्पत्ति छन्। यसै सन्दर्भमा काठमाडौं उपत्यकाभित्र रहेका यस्ता सम्पदाहरूको संरक्षण, संवर्धन र उपयोगसँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत विषयको मूल्याङ्कन तथा विश्लेषण गरी सुधारका क्षेत्र पहिचान गर्न यस विषयको कार्यमूलक लेखापरीक्षण गरिएको हो।

सकारात्मक पक्ष

सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र व्यवस्थापनका लागि राष्ट्रिय संस्कृति नीति, २०६७, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६, अभिलेख संरक्षण ऐन, २०४६ स्वीकृत भई कार्यान्वयनमा रहेको, ऐतिहासिक सम्पदाहरू सम्बन्धी कार्य गर्न संस्थागत संयन्त्रको रूपमा विक्रम सम्वत् २००९ मा पुरातत्त्व विभागको स्थापना भएको हो। विभागले यस्ता सम्पदाको उत्खनन्, सूचीकरण, संरक्षण तथा पुनर्निर्माण सम्बन्धी कार्य गर्दै आएको छ। विभागले सम्पदा संरक्षणमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त युनेस्को, आइकोमोस लगायत संस्थासँग सहकार्य गर्दै आएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **दिगो विकास लक्ष्य -** संयुक्त राष्ट्र सङ्घबाट अनुमोदन भएअनुसार नेपालको दिगो विकासको लक्ष्य ११.४ मा सांस्कृतिक सम्पदाहरूका लागि विनियोजन गरिने बजेटलाई सन् २०१५ को १.१५ प्रतिशतबाट बढाएर सन् २०२५ सम्म १.७२ प्रतिशत र सन् २०३० सम्म २ प्रतिशत पुऱ्याउने लक्ष्य तोकिएको छ। लक्ष्यअनुसार सन् २०२५ मा कुल बजेटको १.७२ प्रतिशतले हुने रु.३३ अर्ब ७८ करोड बजेट व्यवस्था हुनुपर्नेमा २०८१।८२ मा रु.८७ करोड १४ लाख बजेट विनियोजन भई रु.६२ करोड २ लाख मात्र खर्च भएको छ। क्षति भएका गुम्बालगायत अन्य निकायबाट पछि थप भएका २०० भन्दा बढी सम्पदा पुनर्निर्माणको काम सुरु भएको छैन। सरकारले दिगो विकास लक्ष्यअनुसार बजेट कोड तयार नगरेकोले तहगत सरकारले सम्पदा संरक्षणमा गरेको बजेट, खर्च र उपलब्धि सम्बन्धी एकीकृत तथ्याङ्क विश्लेषण गर्न सक्ने अवस्था छैन। दिगो विकास लक्ष्य प्राप्तिका लागि तोकिएबमोजिम बजेट तथा क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

२. **रणनीतिक योजना -** नेपाल सरकार (मन्त्रीपरिषद्)बाट २०७३।२।३१ मा स्वीकृत भएको पर्यटन क्षेत्रको विकासको लागि नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, (२०१६-२०२५) को ५ वर्षे कार्य योजना बुँदा नं.९ मा क्षेत्रीयस्तरमा सांस्कृतिक पर्यटन गन्तव्य विकास तथा प्रवर्धनका लागि ७

वटै प्रदेशका पर्यटन विकास क्षेत्रमा मूर्त र अमूर्त सम्पदाको विस्तृत अध्ययन/सर्वेक्षण गर्ने उल्लेख छ। अध्ययन/सर्वेक्षणबाट पहिचान तथा वर्गीकरण भएका सम्पदा/स्थलहरूको विस्तृत विवरण तथा अभिलेख तयार गरी विभिन्न स्तरका बजारका लागि उपयुक्त रणनीति तय गर्ने र त्यसैअनुरूप प्याकेज तयारी तथा बजारीकरण गर्ने लगायतका रणनीति रहेको छ। रणनीतिक योजनाको प्रथम चरणको अवधि व्यतीत भइसकेकोमा विभागले कार्ययोजना एवं उपलब्धिको समीक्षा गरेको देखिएन। साथै दोस्रो चरणमा गर्नुपर्ने क्रियाकलाप समेटी सोको लक्ष्य तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजना तयार गरेको छैन। रणनीतिक योजनाको समीक्षा गरी दोस्रो चरणको लागि लक्ष्य तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्दछ।

३. **अधिकार क्षेत्र -** नेपालको संविधानको अनुसूची- ५(३४) मा सङ्घको अधिकार सूची अन्तर्गत पुरातात्त्विक महत्त्वका स्थान र प्राचीन स्मारक रहेको र अनुसूची-९(१२) मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालयसम्बन्धी अधिकार क्षेत्रको व्यवस्था गरी "संस्कृति" सङ्घको एकल अधिकारमा र "पुरातत्त्व" साझा अधिकार अन्तर्गत सूचीकृत गरेको छ। संविधानको अधिकार सूची अनुसार सम्पदाको संरक्षण र व्यवस्थापनमा तहगत सरकारको काम, कर्तव्य र जिम्मेवारी किटान नभएको, सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारको लागि मापदण्ड नबनाएको लगायतका कारणले कार्य जिम्मेवारीमा अस्पष्टता देखिएको छ। जिम्मेवारी स्पष्ट नहुँदा सम्पदा संरक्षणको कार्यमा दोहोरोपना देखिएको, लागत र समय बढेको, समयमा निर्णय हुन नसकेको, अन्तरनिकाय समन्वय हुन नसकेको जस्ता कारण सम्पदा संरक्षण कार्य दक्षतापूर्ण देखिएको छैन। संवैधानिक व्यवस्था अनुसारको स्पष्ट क्षेत्राधिकार र मापदण्ड तर्जुमा गरी तहगत सरकारबिचको भूमिका, दायित्व, स्वीकृतिको प्रक्रिया, निरीक्षण, प्रतिवेदन लगायतका विषय सङ्घीयता अनुकूल बनाउनुपर्दछ।

४. **सम्पदाको स्वामित्व -** सम्पदा संरक्षण तथा पुनर्निर्माणको कार्य विशेषतः पुरातत्त्व विभाग, प्रदेश सरकार र स्थानीय तहबाट भइरहेको छ। निर्माण/पुनर्निर्माण भएका सम्पदाको जग्गाको स्वामित्व गुठी संस्थान अन्तर्गत रहेको छ। गुठी संस्थानबाट प्राप्त विवरणअनुसार देशभरि ७१७ मठ, मन्दिर लगायतका सम्पदाको जात्रा, पर्व र पूजापाठका लागि उपत्यकाभित्रका १ हजार ११२ समेत ६८ जिल्लामा २ हजार ८२ राजगुठीअन्तर्गत पहाडी क्षेत्रमा ५ लाख ६१ हजार ९९० रोपनी र तराई क्षेत्रमा ६६ हजार ३३० विघा गुठी जग्गा रहेको देखिन्छ। गुठी संस्थानले काठमाडौंमा १ हजार २८२, भक्तपुरमा ३०९ र ललितपुरमा ४२२ समेत उपत्यका भित्र २ हजार १३ अमूर्त सम्पदा अन्तर्गत रहेका जात्रा, पर्व र पूजा पाठ सञ्चालन सोही गुठीको आम्दानीबाट गर्ने गरेकोमा स्थानीय निकाय र सम्बन्धित हेरचाह अड्डा, विकास समिति तथा कोषले समेत ती सम्पदा सञ्चालनमा योगदान गर्दै आएका छन्। गुठी संस्थानका अनुसार देशभरिका मठ मन्दिर लगायत सम्पदाको जग्गा स्वामित्व(पूर्जा) गुठी संस्थानको भएपनि पशुपति क्षेत्र, स्वयम्भुनाथ, बौद्धनाथ स्तुपा लगायतका सम्पदाको जग्गा सम्बन्धित समिति र सो स्थानमा सञ्चालित गुठीबिच स्वामित्व विवाद रहेको छ। गुठी संस्थान ऐन, प्राचीन स्मारक संरक्षण ऐन तथा सम्बन्धित क्षेत्र विकास समितिको ऐन, नियमबिच सामञ्जस्यता कायम गरी मूर्त तथा अमूर्त सम्पदाको स्वामित्व किटान गरी सोको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५. **बजेट खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा तोकिएको लक्ष्यअनुसार कार्य सम्पन्न गरे/नगरेको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। पुरातात्त्विक

स्थल संरक्षण सम्बन्धी कार्य गर्न विभागको लागि २०७७।७८ मा रु.३७ करोड ३८ लाख बजेट विनियोजन भएकोमा २०८१।८२ मा त्यस्तो बजेट रु.२१ करोड १२ लाख कायम भएको देखिन्छ। बजेट विनियोन घटे तापनि लक्ष्य अनुसार खर्च हुन सकेको देखिएन। पुरातात्त्विक स्थल संरक्षण आयोजनातर्फ २०८१।८२ मा स्वीकृत ३२६ कार्यक्रममध्ये रु.१० लाखसम्मका कार्यक्रम २८७, रु.२० लाखसम्मका ३४, रु.३० लाख सम्मको ४ र रु.५० लाख माथिको १ कार्यक्रम रहेकोमा रु.४ करोड ६५ लाखलगायतका ८५ कार्यक्रम कार्यान्वयन भएका छैनन्। मन्त्रालयले १९ आयोजनाबाट बजेट घटाइ विभागले माग नगरेको श्री ७ मननारायण मन्दिर, रूपन्देहीको पूर्वाधार विकासमा रु.३ करोड र मणिमुकुन्द सेन दरबार सङग्रहालय, रूपन्देहीको भवन निर्माणमा रु.३ करोडसमेत रु.६ करोड बजेट विनियोजन गरेको छ।

त्यस्तै, काभ्रेपलाञ्चोकको गणेश पाटी संरक्षणका लागि रु.२४ लाख, गुल्मीको सत्यवती ४ स्थित भैरवस्थान संरक्षण कार्यका लागि रु.४ लाख र रुपाकोट शिवालय मन्दिरका लागि रु.४ लाख, अर्घाखाँचीको दुर्गा मन्दिरका लागि रु.८ लाख लगायत विभिन्न ८ सम्पदा संरक्षणका लागि विभागले बजेट तथा कार्यक्रम स्वीकृत गरेकोमा उक्त सम्पदा संरक्षण कार्य स्थानीय तहबाट सम्पन्न भई विभागको बजेट खर्च भएको छैन। पुरातत्त्व विभाग र सम्बन्धित स्थानीय तहबिच दोहोरो कार्य क्षेत्राधिकार रहेको अवस्थामा कार्यक्रम तथा बजेट निर्माणमा समन्वय देखिएको छैन। पूर्वतयारी सम्पन्न नभएका योजना छनोट गर्दा निर्माणस्थल पत्ता नलागेको, कार्यक्रम दोहोरो परेको, स्थानीयको अवरोध रहेको लगायतका कारणले तोकिएबमोजिम कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन। कार्यक्रम तथा योजना कार्यान्वयनमा देखिएका समस्या पहिचान तथा समाधान गरी प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ।

६. **डिजिटल अभिलेख -** राष्ट्रिय संस्कृति नीति, २०६७ को बुँदा नं.३.७ मा भौतिक एवं अभौतिक किसिमका नेपाली सांस्कृतिक सम्पदाहरूको स्वामित्वको पहिचान र अभिलेखीकरण गरिने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार २०६९।७० सम्म देशभर कुल ५ हजार १७८ सम्पदा सूचीकरण भएकोमा काठमाडौंमा १ हजार २२७, ललितपुरमा १ हजार २१४ र भक्तपुरमा ७३७ समेत काठमाडौं उपत्यकामा मात्र ३ हजार १७८ (६१ प्रतिशत) सम्पदा सूचीकृत भएका छन्। यद्यपि उक्त विवरण डिजिटलाइज्ड गरी वेबसाइटमा राख्ने काम भएको छैन। सम्पदाको पहिचान, महत्त्व, ऐतिहासिकताको आधारमा संरक्षण र व्यवस्थापनका लागि सम्पदाको नाम, अभिलेख कोड, प्रकार, श्रेणी, वर्ग र स्थितिसमेत खुलाई भौतिक तथा संरचनागत विवरण देखिने गरी डिजिटल अभिलेख अद्यावधिक नगर्दा सम्पदाहरूको उचित व्यवस्थापन हुन सकेको छैन। स्थानीयदेखि सङ्घीय निकायले समेत निर्माण मिति वा कालखण्ड, इतिहास, परम्परा वा सांस्कृतिक प्रयोग र जोखिमको अवस्था देखिने गरी क्यूआर कोड तथा बार कोड सहितको डिजिटल अभिलेख तयार गरी आधुनिक प्रविधिको उपयोगमार्फत अनुगमन गर्नुपर्दछ।

७. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा बहुवर्षीय खरिद सम्झौता गर्दा बजेटको सुनिश्चितता गरेर मात्र गर्नुपर्ने व्यवस्था छ। विभागबाट हुने कुनै एक योजनाको निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार नगरी प्रत्येक वर्ष विनियोजित बजेटअनुसार छुट्टै लागत अनुमान तथा ठेक्का बन्दोवस्त गर्ने गरेको छ। जसले गर्दा कुनै एक सम्पदाको निर्माण कार्य सम्पन्न गर्न न्यूनतम ५ देखि ७ वर्ष लाग्ने गरेको छ। साँखुको तलेजु मन्दिर, धुल्ला सत्तल लगायतको स्थलगत

निरीक्षणमा एउटै सम्पदा वर्षौं लगाई निर्माण गर्दा लागत अनुमान तयारी, बोलपत्रको सूचना प्रकाशन, खरिद इकाई र बोलपत्र मूल्याङ्कन बैठक भत्ता लगायतमा प्रशासनिक खर्च वर्षैपिच्छे हुने गरेको छ। सम्झौताअनुसार कार्य गरी बाँकी भाग त्रिपाल, प्लास्टिक लगायतले छोप्ने कार्य, साइट तयार गर्ने तथा सफा गर्ने, गुणस्तर परीक्षण बिमा जस्ता प्रोभिजनल समका रकम पटकै पिच्छे भुक्तानी हुँदा लागत बढ्ने, प्रतिस्पर्धा सीमित हुने, बजेट निरन्तरता नभए निर्माण कार्य अधुरो रहने, निर्माण सामग्रीको गुणस्तरमा असर पर्ने समयमा निर्माणकार्य सम्पन्न परम्परागत जात्रा, मेलासमेत प्रभावित हुने लगायतका असर परेको देखिन्छ। यसबाट निर्माण कार्य प्रभावकारी एवं दक्षतापूर्ण रूपमा हुन सकेको देखिँदैन। आयोजनाको प्राथमिकीकरणका आधारमा एकमुष्ट लागत अनुमान तयार गरी उपयुक्त बजेट व्यवस्थामार्फत पुनर्निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

८. **विवाद व्यवस्थापन** - सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी गुनासो व्यवस्थापन गर्ने विभिन्न निकायलाई प्राविधिक सहयोग एवं सल्लाह उपलब्ध गराउने उद्देश्यले पुरातत्त्व विभागको स्थापना भएको हो। पुरातत्त्व विभागले भद्रकाली मन्दिर राणाकालीन स्वरूपमा पुनर्निर्माण गर्ने निर्णय गरेकोमा काठमाडौं महानगरपालिकाले मल्लकालीन शैलीमा निर्माण गरेको, काष्ठमण्डपमा रहेको गोरखनाथको मूर्ति फुटेपश्चात् नयाँ बनाउने वा पुरानै राख्ने भन्ने विषय नटुङ्गिएको, कीर्तिपुरको नारायण मन्दिरलाई गुम्बज शैलीमा बनाउन सहमति दिएकोमा प्रदेश सरकारले प्यागोडा शैलीमा निर्माण गरेको लगायतको अवस्थाले स्थानीय तहले गरेको कामलाई केन्द्रले मान्यता नदिएको एवं केन्द्रले गरेको निर्णय स्थानीय तहले कार्यान्वयन नगरेको स्थिति छ। कार्यक्षेत्रको अस्पष्टता र स्थानीय समुदायको आफ्नै कार्यशैली लगायतका कारणबाट उत्पन्न विवादले सम्पदा संरक्षणको कार्यमा सहजता देखिएको छैन। सम्बन्धित मन्त्रालय, पुरातत्त्व विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहको उचित समन्वयमा विवाद सिर्जना नहुने स्पष्ट कानुनी व्यवस्था गरी सम्पदा संरक्षण कार्य प्रभावकारी बनाउनु पर्दछ।

९. **सम्पदा चोरी तस्करी** - राष्ट्रिय सांस्कृतिक नीति, २०६७ को बुँदा नं. ९.५७ मा अवैध रूपमा विदेश पुगेका चलायमान प्राचीन सम्पदालाई स्वदेशमा फिर्ता ल्याउने प्रयास जारी राखिने उल्लेख छ। विभागका अनुसार नेपालबाट हराएका पुरातात्त्विक तथा कलात्मक वस्तु सन् १९८६ देखि विदेशबाट फर्काउने प्रक्रिया सुरु भएकोमा हालसम्म बेलायत, अस्ट्रेलिया, अमेरिका, चीन, भारत, जर्मनी, इटली लगायतका मुलुकबाट ३८ वर्षमा २०१ थान मूर्ति तथा कलात्मक वस्तु नेपाल फिर्ता भए तापनि विभिन्न कालखण्डमा अवैध अपवाहकको माध्यमबाट विदेशका सङ्ग्रहालयमा पुगेका र फोटोसहित नेपालको भनी प्रमाणित भएका ९६ मूर्ति लगायतका ऐतिहासिक वस्तु फिर्ता भएका छैनन्। कूटनीतिक नियोग र नेपाली डायस्पोरा परिचालन गरी चोरी तस्करीमा परेका सम्पदाको खोजी तथा सोको दस्तावेज र स्वामित्व प्रमाणीकरण गर्नुका साथै इन्टरपोल, युनेस्कोलगायतका निकायसँग कुटनीतिक पहल गरी फिर्ता तथा पुनर्स्थापनाको कार्य गर्नुपर्दछ।

१०. **रसायनद्वारा सम्पदा संरक्षण** - प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३(ख) मा प्राचीन स्मारकको संरक्षण मर्मत तथा जीर्णोद्धार पुरातत्त्व विभागबाट हुने व्यवस्था छ। सम्पदाहरूको क्षयीकरण हुन नदिन रासायनिक तथा भौतिक संरक्षण गर्ने कार्यका लागि विगत ३ वर्षमा विभागबाट २२ कार्यक्रममा रु.६४ लाख विनियोजन भएकोमा उपत्यकाका सम्पदामा रसायनद्वारा सम्पदा संरक्षण सम्बन्धी कार्य गर्न रु.६० लाख खर्च भएको छ। रसायनद्वारा संरक्षण गर्ने कार्य काठमाडौं उपत्यकामा

केन्द्रित हुँदा उपत्यका बाहिरका सम्पदा संरक्षण अभावले प्राचीन मौलिक स्वरूप, आकार, ऐतिहासिक तथा मौलिक सौन्दर्य परिवर्तन हुने जोखिमतर्फ विभागको ध्यान पुगेको देखिएन। विभागले रसायनको प्रयोगद्वारा संरक्षण गर्नुपर्ने सम्पदाको अभिलेख राखी संरक्षण योजना तयार गरेको छैन। न्यून बजेट, पर्याप्त जनशक्तिको अभाव लगायतका कारण संरक्षण कार्य प्रभावकारी देखिएको छैन। रसायनद्वारा संरक्षण गर्नुपर्ने सम्पदाको लगत तयार गरी सो अनुसार संरक्षणका लागि बजेट र जनशक्तिको व्यवस्था गरी प्राचीन सम्पदालाई आवश्यकताका आधारमा रसायनद्वारा संरक्षण गर्नुपर्दछ।

११. **भेटी व्यवस्थापन -** प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३(ङ) मा धार्मिक, मन्दिर, गुम्बा आदिको सञ्चालकले त्यस्तो मन्दिर वा गुम्बामा चढाइएको दान दक्षिणामध्ये ५० प्रतिशतसम्म रकम सोही मन्दिर तथा गुम्बाको संरक्षण तथा पर्यावरणको सुधारमा लगाउनुपर्ने व्यवस्था छ। साथै गुठी संस्थान ऐन, २०३३ को दफा १७(६क) मा संस्थानको काम कर्तव्यमा मठ, मन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्था गुठी संस्थानले गर्ने उल्लेख भए पनि संस्थानले भेटीघाटी व्यवस्थापन सम्बन्धमा हालसम्म कुनै निर्देशिका बनाएको छैन। बौद्धनाथ स्तुपाको भेटी व्यवस्थापन मेलम्ची घ्याङ्ग गुठीले गरेको, दक्षिणकाली, बुढानीलकण्ठ, चाँगुनारायण लगायतका मन्दिरको भेटी सम्बन्धित स्थानीय गुठीले उठाउने गरेकोमा ऐनको दफा ९ अनुसार आय व्यय हिसाबको अनुगमन नभएको तथा ऐन बमोजिम ५० प्रतिशत रकम सम्बन्धित सम्पदाको संरक्षण र पर्यावरण सुधारमा खर्च भएको देखिने अभिलेख राखेको छैन। ऐन बमोजिम भेटीघाटी व्यवस्थापन नहुँदा प्राप्त भेटीघाटीको यथार्थता एवं पारदर्शिता यकिन भएको देखिदैंन। ऐनले तोकेको रकम धार्मिक स्थलको जीर्णोद्धार र पुनर्निर्माण कार्यमा खर्च गर्न निर्देशिका तयार गरी सो बमोजिम कार्य गर्नुपर्दछ।

१२. **निर्माण तथा पुनर्निर्माणको स्वीकृति -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(७) मा नगरपालिका क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेस गरेको नक्सा नगरपालिकाले प्रचलित कानुनबमोजिम पास गर्नुभन्दा अगावै पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने, नगरपालिकाबाट स्वीकृतिको लागि प्राप्त नक्सा अध्ययन गरी पुरातत्त्व विभागले स्वीकृति दिन, नदिन वा संशोधनसहित स्वीकृति दिन सक्ने व्यवस्था छ। विभागले २०८१।८२ मा विभिन्न स्थानीय तहलाई पुरातात्त्विक स्थलको संरक्षण, उत्खनन्, ड्रइङ्ग डिजाइन लगायत ३९ कार्यको सहमति दिएको छ। सहमति प्रदान गर्दा न्यूनतम १ महिनादेखि अधिकतम १० महिनासम्म लागेको देखिन्छ। स्वीकृतिका लागि तोकिएको कागजात समयमा उपलव्ध नहुँदा ढिलाइ हुने गरेको विभागले जनाएको छ। सहमति प्रदान गर्ने कार्यलाई छिटोछरितो बनाउन स्वचालित प्रणालीको विकास एवं उपयोग गर्नुपर्दछ।

१३. **निजी भवन निर्माण स्वीकृति** - पाटन दरबार, स्वयम्भू, हनुमानढोका दरबार र बौद्ध संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड, २०६४ को बुदा नं ४.४ मा निजी घर वा भवनको अधिकतम उचाइ ३५ फिट अर्थात् अधिकतम चार तल्लासम्मको बनाउन सकिने व्यवस्था छ। विभागले विगत दुई वर्षमा ८२ निजी घर निर्माण तथा पुनर्निर्माणको लागि नक्सा सिफारिस सहमति दिए तापनि सिफारिस अनुसार भवन निर्माण कार्य भए नभएको सम्बन्धमा अनुगमन भएको देखिएन। हनुमानढोकास्थित कुमारी घरसँगैको एक रेष्टुरेन्ट लगायतका भवन मापदण्ड विपरीत रहेको उल्लेख गरी सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि विभागले पत्राचार गरेकोमा सोको कार्यान्वयन

भएको देखिएन। विभागले प्राचीन स्मारक क्षेत्रभित्र निर्मित मापदण्ड विपरीतका संरचनाको विवरण सङ्कलन गर्ने, पुनःनिर्माण र तला थपको पूर्व स्वीकृति दिनुपूर्व स्थलगत अनुगमन गर्ने, निर्माण सम्पन्नपश्चात् मापदण्ड अनुसार भए नभएको सम्बन्धमा अनुगमन कार्यलाई प्रभावकारी बनाई मापदण्ड विपरीतका संरचना निर्माण भएकोमा आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सम्पदा संरक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ।

१४. **कौटिलिङ्गेश्वर मन्दिर पुनर्निर्माण -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था छ। हनुमानढोका दरबार क्षेत्रभित्र पर्ने कौटिलिङ्गेश्वर मन्दिर जीर्ण भए तापनि पुरानो मन्दिरको डिजाइन यकिन नभएकोले निर्णय हुन नसकी पुनर्निर्माण कार्य सुरु हुन सकेको देखिएन। दरबार क्षेत्रको हेरचाह र रेखदेखका लागि गुठी संस्थान, काठमाडौं महागरपालिका, दरबार हेरचाह अड्डा, शार्दूलजङ्ग गुल्म लगायतका सरकारी निकाय रहे तापनि सरसफाई प्रभावकारी रहेको देखिएन। निकायगत समन्वयमार्फत उक्त मन्दिरको तत्काल सुरक्षा एवं संरक्षण गर्न मन्दिरको वास्तविक डिजाइन यकिन गरी पुनर्निर्माणको कार्य गर्नुपर्दछ।

१५. **कुमारी घर पुनर्निर्माण** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था छ। हनुमानढोका दरबार क्षेत्रको कुमारी घर २०७२ सालको भूकम्पबाट क्षति भएकोमा गुठी संस्थान, पुरात्तत्व विभाग र काठमाडौं महानगरपालिकाबाट झण्डै एक/एक महिना लगाई छुट्टाछुट्टै प्राविधिक अध्ययन गरे तापनि हालसम्म पुनर्निर्माणको कार्य भएको देखिएन। भवनका पर्खालहरू जीर्ण हुँदा भवनको पश्चिमतर्फका केही कोठा समेत प्रयोग योग्य नरहेको तथा पूर्वतर्फ बसन्तपुर डबलीको पर्खाल काठको टेकोले अड्याइराखेको अवस्था छ। जीर्ण संरचनामा थप क्षतिहुन नदिन बजेट व्यवस्था गरी पुनर्निर्माण गर्नुपर्दछ।

१६. **विष्णु मन्दिर संरक्षण कार्य** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) अनुसार प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरात्त्व विभागले गर्नुपर्ने व्यवस्था छ। हनुमानढोका दरबार क्षेत्रभित्र पर्ने विष्णु मन्दिर तथा परिसरमा रहेको लक्ष्मी नारायण सत्तल जीर्ण भए तापनि पुनर्निर्माण भएको छैन। पुरातत्त्व विभागले एक निर्माण व्यवसायीलाई रु.२७ लाख १६ हजारमा २०७९।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७९।१।२२ मा कार्यादेश दिएकोमा सत्तलमा रहेका पसल कबल खाली गराउन नसक्दा काम भएको देखिएन। विवाद समाधान गरी सम्पदा संरक्षण कार्य सम्पन्न गर्नुपर्दछ।

१७. **बौद्धनाथ स्तुपाको जग्गा स्वामित्व विवाद -** बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ४(च) मा बौद्धनाथ क्षेत्र भित्रका प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्ने काम कर्तव्य समितिलाई तोकिएको छ। समितिले बौद्धनाथ स्तुपा र स्तुपाले चर्चेको जग्गाको लगत तयार गरी संरक्षण गरेको देखिएन। नापी कार्यालय, चाबहिलको मोठ श्रेस्ताअनुसार कित्ता नं.४७ को ३ रोपनी १ आना २ पैसा जग्गा स्तुपा पोखरीको नाममा र कित्ता नं.१९० को १५ रोपनी २ आना ३ पैसा जग्गा बौद्ध मन्दिरको नाममा रहेको देखिन्छ। बौद्धनाथ क्षेत्र विकास समितिले २०८२।७।२८ मा कित्ता नं.४७ र १९० को जग्गा हालसाबिक गरी जग्गाधनी प्रमाण पुर्जा र स्रेस्ता तयार गरी जग्गा धनी श्रेस्ता बौद्धनाथ विकास समितिमा पठाईदिन अनुरोध गरेको र सोही अनुसार मालपोत कार्यालय, चाबहिलले

२०८२।७।३० को पत्रसाथ मोठ रोक्का भिडाई पठाइदिन नापी कार्यालयमा पत्र पठाएकोमा नापी कार्यालयले २०८२।८।३ मा मोठ ५।११८७ मा बौद्ध ३ कि.नं. ४७ नेपाल सरकारका नाममा मोठ कायम रहेको उल्लेख गरेको छ।

मोहीको महलमा कित्ता नं. ४७ मा पोखरी र १९० मा बौद्ध मन्दिर उल्लेख भएको र कित्ता नं.१९० मा रातो मसीले काटेर कालो मसीले टिक लगाएको र काटेको सम्बन्धी कैफियत देखिएन भन्ने जवाफ पठाएको देखिन्छ। गुठी संस्थान शाखा कार्यालय काठमाडौं, कालमोचनको विवरण अनुसार २०७१।१।२३ मा प्रतिलिपि जग्गाको पुर्जासमेत पेस गरी २०८२।९।२० को पत्रानुसार उक्त कित्ताको जग्गा बौद्ध घ्याङ्ग गुठीको नाममा रहेकोले जग्गाको हालसाबिक हुँदा कायम क्षेत्रफल र कित्ता खुलाई पठाउनका लागि नापी कार्यालय, चाबहिलसँग पत्राचार भएको देखिँदा जग्गा स्वामित्वको विषयमा विवाद रहेको देखिन्छ। यस सम्बन्धमा छानबिन गरी सम्पदाको जग्गा अभिलेख अद्यावधिक गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

सांस्कृतिक सम्पदा आर्थिक तथा सामाजिक दृष्टिले राष्ट्रका लागि महत्त्वपूर्ण रहेको छ। सम्पदाको कुशलतापूर्वक उपयोग गर्न यसको संरक्षण, संवर्धन र प्रवर्धनमा जोड दिनु आवश्यक छ। राष्ट्रका यी महत्त्वपूर्ण सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता नभएको, सम्पदाहरूको अभिलेख तथा वर्गीकरण व्यवस्थित हुन नसकेको, सम्पदा संरक्षणका लागि रणनीति तथा गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन नभएको, पर्याप्त स्रोतसाधनको व्यवस्था हुन नसकेको, चोरी तस्करी एवं अतिक्रमण नियन्त्रण गर्न नसकेको लगायतका कमी, कमजोरीले सम्पदा संरक्षण र उपयोग प्रभावकारी देखिएको छैन। सम्पदा संरक्षण तथा व्यवस्थापन कार्यलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाई सोको कुशल उपयोग गर्नुपर्दछ।

स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था छ। स्वास्थ्य सेवा राष्ट्रको आर्थिक, सामाजिक विकासको आधारभूत सूचक हो। गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न दक्ष मानव स्रोतसँगै उपयुक्त, आधुनिक र सुरक्षित स्वास्थ्य उपकरणको उपलब्धता अपरिहार्य हुन्छ। जनसङ्ख्या वृद्धि, जलवायु परिवर्तन, शहरीकरण तथा परिवर्तित जीवनशैलीसँगै रोगको स्वरूपमासमेत परिवर्तन भईरहेको परिप्रेक्ष्यमा रोगको निदान, उपचार, निगरानी र पुनर्स्थापनाको विषय पनि चुनौतीपूर्ण बन्दै गइरहेको छ। अस्पतालहरूमा सेवाग्राहीको बढ्दो चापको व्यवस्थापन गरी प्रभावकारी सेवा प्रवाह गर्न सही समयमा आवश्यक उपकरण खरिद तथा प्राप्ति, प्रभावकारी उपयोग, नियमित मर्मतसम्भार र सुरक्षित व्यवस्थापन हुन आवश्यक छ। यसै सन्दर्भमा वीर अस्पताल तथा राष्ट्रिय ट्रमा सेन्टरमा स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग स्थिति सम्बन्धमा यो वर्ष कार्यमूलक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य अस्पताल तथा निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। लेखापरीक्षणमा २०७७।७८ देखि २०८१।८२ सम्मका क्रियाकलाप मात्र समावेश गरिएका छन्।

सकारात्मक पक्ष

वीर अस्पतालले बिरामीको चाप कम गर्न र लाइन बस्नुपर्ने झन्झट हटाउन २०८० देखि अनलाइन टिकेटिङ्ग प्रणाली लागु गरेको छ। अस्पतालले आधुनिक सुविधायुक्त नयाँ सर्जिकल भवन सञ्चालनमा ल्याउँदा अस्पतालको कुल शय्या क्षमता ९६० पुगेको छ। राष्ट्रिय ट्रमा सेन्टरले स्पाइन इन्डोस्कोपी मेसिनबाट मेरूदण्डको जटिल शल्यक्रियालाई सानो प्वालबाट गर्न सक्ने गरी आधुनिक प्रविधिको प्रयोगबाट उपचार सुरूवात गरेको एवं उच्च स्तरको सरसफाइ सहितको आधुनिक प्रविधियुक्त शल्य चिकित्सा पद्धतिबाट अपरेटिभ सेवा सञ्चालनमा ल्याएको छ। यसै गरी वीर अस्पतालले अत्याधुनिक टोमोथेरापी मेसिनबाट क्यान्सर बिरामीलाई सेवा प्रदान सुरु गरेको र न्यूरो सर्जरीका लागि भीईईजी डीप ब्रेन स्टिमुलेसन प्रविधिको पहिलोपटक सुरूवात गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोड रूपैयाँभन्दा बढीको खरिद गर्नु पर्दा खरिद गुरूयोजना र नियम ८ मा वार्षिक १० लाख रूपैयाँभन्दा बढीको खरिद गर्नुपर्ने भएमा खरिद योजना तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। अस्पतालले टोमोथेरापी मेसिन, भेन्टिलेटर, डायलासिस मेसिन र मोडुलर ओटी सेटलगायतका मूल्यवान स्वास्थ्य उपकरणहरू खरिद गर्दा गुरूयोजना तयार गरेको देखिएन। उपकरण जडान गरिने स्थानको उपलब्धता, आवश्यक विद्युतीय पूर्वाधार र मेसिन सञ्चालन गर्ने विशेषज्ञ जनशक्तिको पूर्व-सुनिश्चितता बिना नै खरिद प्रक्रिया अघि बढाएको देखिन्छ। खरिद योजना/गुरूयोजना स्वीकृत गराई स्वास्थ्य उपकरणको उपयोगी आयु र वारेन्टी पश्चातको वार्षिक मर्मत लगायतका सर्त योजनामा समावेश नगर्दा उपकरणहरू सामान्य प्राविधिक समस्या देखिनासाथ प्रयोगमा आउन नसकेको अवस्था छ। खरिद योजना, अस्पतालको वास्तविक सेवा प्रवाहको आवश्यकता र उपकरण सञ्चालन गर्न सक्षम जनशक्ति व्यवस्थापनबिच

तादात्म्यता हुन नसकेको कारण खरिद भएका उपकरणहरू उपयोगविहीन भई राज्यको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन। वीर अस्पतालले विगत ३ वर्षमा व्यवस्थापन गरेका ठेक्काको स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	दोस्रो चौमासिकको ठेक्का	तेस्रो चौमासिकको ठेक्का	आषाढ महिनाको ठेक्का	रद्द भएका सङ्ख्या	जम्मा ठेक्का सङ्ख्या
२०७९।८०	२५	१९	७	१	४५
२०८०।८१	१२	३१	१७	१	४४
२०८१।८२	२९	३८	९	७	७४

अस्पतालले सम्झौता गरेकामध्ये २०७९।८० मा ७, २०८०।८१ मा १७ र २०८१।८२ मा ९ खरिद सम्झौता आषाढमा भएको देखिन्छ। त्यस्तैगरी, ३ वर्षमा ९ ठेक्का रद्द भएको देखिन्छ। स्वास्थ्य उपकरणहरूको खरिद गुरूयोजना स्वीकृत नगराई खरिद कारबाही गर्दा आपूर्ति ठेक्का रद्द हुने र बजेट सुनिश्चितता बिना आर्थिक वर्षको अन्त्यतिर खरिद गर्ने प्रवृत्तिले पछिल्लो वर्षका लागि दायित्व थप हुने गरेको देखियो। नियमानुसार खरिद योजना/ गुरूयोजना स्वीकृत गराई योजना चरणमै आवश्यक जनशक्ति र पूर्वाधारको सुनिश्चितता गरी उपकरण खरिदमा कार्यदक्षता र प्रभावकारिता कायम गर्नुपर्दछ।

२. **उपकरण मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(६) मा मर्मत सम्भार गर्नुपर्ने उल्लेख भएका जिन्सी मालसामानको मर्मत सम्भारको लागि आवश्यक पर्ने रकम बजेट तर्जुमा गर्दाको बखत वार्षिक बजेटमा समावेश गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। राष्ट्रिय ट्रमा सेन्टरबाट प्राप्त विवरणअनुसार स्वास्थ्य उपकरण मर्मत सम्बन्धी बेहोरा निम्नानुसार छन्:

२.१. शरीरको भित्री भागको त्रि-आयामिक तस्विर प्रदान गरी शल्यक्रियामा मस्तिष्क, मेरुदण्ड र हड्डीलगायत उच्चस्तरको उपचार सुनिश्चित गर्न उपयोग हुने रु. २० करोड ४० लाख मूल्यको इन्ट्राअपरेटिभ सिटी र नेभिगेसन मेसिन नेपाल सरकारबाट २०७९।६।२८ मा हस्तान्तरण भएकोमा उक्त मेसिन बिग्रिएकोले सञ्चालनमा रहेको देखिएन। त्यस्तै भारत सरकारबाट २०७६।९।१३ मा अनुदानमा प्राप्त भएको रु. ८६ लाख १० हजार मूल्यको सी आर्म मेशिन र २०७३।९।१५ मा प्राप्त भएको रु. ९९ लाख ६६ हजार मूल्यको बाक्म्यानकाउण्टर मेसिन पनि बिग्रिएको अवस्थामा छ।

२.२. सघन उपचार कक्ष, अपरेसन थिएटर र रेडियोलोजी विभागलगायतका स्वास्थ्य उपकरण समयमा मर्मत गरी सञ्चालन हुन नसक्दा सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ। उच्च मूल्यका मेसिनहरू वारेण्टी अवधि समाप्त भएपश्चात् वार्षिक मर्मत सम्झौताको अभाव तथा आवश्यक पार्टपूर्जा समयमै उपलब्ध नहुँदा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका छन्। यो वर्ष मात्रै ३० पेसेन्ट मोनिटर र २० सिरिन्ज पम्प मर्मत नहुँदा अस्पतालको आकस्मिक र सघन उपचार कक्षको सेवा प्रवाहमा असर परेको देखिन्छ। शल्यक्रियाका लागि अनिवार्य मानिने सी-आर्म र एनेस्थेसिया मेसिनहरू बर्सेनि मर्मतको सूचीमा दोहोरिनुले अस्पतालको कार्यसम्पादन दक्षता कमजोर देखिएको छ।

ट्रमा सेन्टरले स्वास्थ्य उपकरणहरूको मर्मत, सम्भार र अभिलेखीकरणलाई व्यवस्थित बनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

३. **अक्सिजन प्लान्टको सञ्चालन -** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको मर्मत, सम्भार गर्नुपर्ने सम्पत्ति तथा मालसामान ३ महिनाभित्र मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ। वीर अस्पतालमा २ अक्सिजन प्लान्ट रहेको भए तापनि अक्सिजन प्लान्ट सञ्चालन नगरी प्रत्येक वर्ष आवश्यक अक्सिजन आपूर्तिकर्ताबाट खरिद गरी प्रयोग गर्ने गरेको देखियो। वीर अस्पतालले एक कम्पनीसँग २०७३।३।३१ मा सम्झौता गरी मूल्य अभिवृद्धि करबाहेक रु. २ करोड ३५ लाखमा अक्सिजन प्लान्ट विथ कण्टेनर खरिद गरेको देखियो। आपूर्तिकर्तासँग भएको सम्झौतामा मेसिन जडान गरेको २ वर्षको वारेण्टी अवधिभित्र निःशुल्क सर्भिसिङ्ग र वारेण्टीको अवधि सकिएपश्चात् १० वर्षसम्म स्पेयर पार्ट्स उपलब्ध गराउनुपर्ने उल्लेख भए तापनि नियमित मर्मत सम्भार नहुँदा २०७७।१।२ देखि अक्सिजन प्लान्ट बन्द अवस्थामा रहेको छ।

प्लान्टको केही पार्ट्स खरिद गरी सञ्चालनमा ल्याउनको लागि रु. १३ लाख ९० हजारको लागत अनुमान स्वीकृत भए तापनि सो कार्य अगाडि बढेको देखिएन। राष्ट्रिय आविष्कार केन्द्रले मर्मत गरे पश्चात् एक महिना सञ्चालन भए तापनि हाल प्लान्ट बन्द रहेको छ। नबिल बैङ्कले वीर अस्पताललाई २०७८।७।१ मा ८ करोड रूपैयाँको दैनिक १५० (४० लिटर क्षमताका) सिलिन्डर भर्न सक्ने अक्सिजन प्लान्ट हस्तान्तरण गरेकोमा हाल उक्त प्लान्ट समेत बन्द रहेको छ। अस्पतालका दुबै प्लान्ट बन्द हुँदा यो वर्ष मात्र एक सप्लायर्समार्फत रु. ३ करोड ९४ हजारको लिक्विड अक्सिजन ग्याँस खरिद गरी भुक्तानी गरेको छ। अस्पतालको प्लान्ट मर्मत गरी सञ्चालन नहुँदा अक्सिजन खरिदमा थप व्ययभार परेको एवं लामो समय मर्मत नहुँदा उपकरणमा थप क्षति पुग्ने र मूल्यमा ह्रास हुँदै जाने हुँदा अक्सिजन प्लान्टहरू समयमै मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालनमा ल्याई स्रोतको प्रभावकारी उपयोग गर्नुपर्दछ।

४. **उपकरणको आवधिक मर्मत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (ग) मा खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एक मात्र आपूर्तिकर्तासँग भएको र अन्य उपयुक्त विकल्प नभएमा सोझै खरिद गर्न सकिने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५) मा प्रोपाइटरी मालसामान खरिद गर्दा साबिक सम्झौता मूल्यको तीस प्रतिशत मूल्यसम्म खरिद गर्न सकिने र नियम ८६(घ) मा आपूर्तिकर्ताबाट प्रस्तावित मूल्य उचित भए नभएको सम्बन्धमा यकिन गर्नुपर्ने व्यवस्था छ। अस्पतालले २०७७।७८ मा एमआरआई १.५ स्लाइस मेसिनको कम्प्रिहेन्सिभ मर्मत सम्झौता प्रतिवर्ष रु. ९१ लाख ९४ हजार र त्यसपछि प्रतिवर्ष ५ प्रतिशतको दरले वृद्धि गर्दै २०८१।८२ मा रु. १ करोड ५ लाख र २०७९।८० मा १२८ स्लाइसको सीटी स्क्यान मेसिन रु. ७० लाख र प्रतिवर्ष ५ प्रतिशत वृद्धि गर्दै २०८१।८२ मा रु. ७७ लाख भुक्तानी दिने गरी सम्झौता गरेको छ। यन्त्र उपकरणहरूको मर्मतसम्भार तथा सञ्चालन निरन्तरताका लागि वार्षिक/कम्प्रिहेन्सिभ मर्मत सम्झौता गरेको देखिए तापनि उक्त सम्झौताहरू आपूर्तिकर्ताबाट प्रस्तावित मूल्यको औचित्यता र लागत-लाभ विश्लेषण, उपकरण प्रयोगको अवस्था, मर्मतको आवृत्ति तथा वास्तविक आवश्यकता मूल्याङ्कन नगरेका कारण मर्मत खर्चले मितव्ययीता पुष्टि गर्न सकेको देखिएन। कम्प्रिहेन्सिभ मर्मतअन्तर्गत समावेश हुने स्पेयर पार्ट्स, सेवा स्तर तथा प्रक्रिया र समय सम्झौतामा उल्लेख भए तापनि मर्मतको आवृत्ति र सेवा अवरूद्ध भएको समय देखिने अभिलेख पेस नभएकोले मर्मत सेवा र खर्चको प्रभावकारिता विश्लेषण गर्न सकिएन। वार्षिक मर्मत/व्यापक मर्मत सम्झौता गर्नु अघि उपकरण प्रयोग अवस्था, मर्मत गर्नुपर्ने अवस्थाको विश्लेषण, स्पष्ट कार्यदायित्व तथा सेवा मापदण्ड, लाभ-लागत विश्लेषणलगायतका

आधारमा मर्मत सम्झौता गर्ने र सो अनुसार कार्य सम्पादन भएको देखिने अभिलेख, प्रक्रिया र समयको पालना गर्न लगाई यन्त्र उपकरण पूर्ण क्षमतामा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

५. **टोमोथेरापी मेसिन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को १(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले अङ्कोलोजी विभागको लागि सिटी स्क्यान र रेडियोथेरापीको सम्मिश्रण सहित क्यान्सरको ट्युमरमा मात्र सटिक रूपमा विकिरण पठाउन सकिने अत्याधुनिक टोमोथेरापी मेसिन खरिद गर्न रु. ३९ करोड ९९ लाख ८२ हजारमा एक आपूर्तिकर्ता कम्पनीसँग २०७४।३।२९ मा सम्झौता गरी रु. ३३ करोड ५ लाख ६० हजार भुक्तानी गरेको छ। मेसिनको दैनिक ५० देखि ६० बिरामीलाई सेवा दिने क्षमता रहेकोमा दैनिक २० देखि २५ बिरामीले मात्र सेवा प्राप्त गर्न सकेका कारण बिरामीले सेवा प्राप्त गर्न दुईदेखि तीन महिनासम्म पर्खनुपर्ने अवस्था देखिन्छ। उक्त मेसिन सन् २०२४ मा ४ हप्ता र २०८२।७।१३ देखि २०८२।१०।२६ सम्म दुई पटक बिग्रिएकोमा कम्प्रिहेन्सिभ मर्मत सम्झौताअनुसार समयमै मर्मत भएको देखिएन। लामो समय सेवा अवरूद्ध हुँदा बिरामीहरूले निजी अस्पतालमा महँगो शुल्क तिरी सेवा लिनुपर्ने अवस्था सिर्जना भएको छ। मेसिन मर्मत गर्न सक्ने जनशक्ति नेपालमा नहुँदा उत्पादक कम्पनीमा भर पर्नुपर्ने तथा आवश्यक पार्टपुर्जा विदेशबाट मगाउनु पर्दा लामो समय लाग्न गई मेसिन प्रयोगविहीन हुने अवधि बढेको देखिन्छ। आपूर्तिकर्तालाई कम्प्रिहेन्सिभ मर्मत सम्झौताको पूर्ण कार्यान्वयन गर्न उत्तरदायी बनाई उपलब्ध स्वास्थ्य उपकरणको नियमित र प्रभावकारी उपयोग गर्नुपर्दछ।

६. **स्वास्थ्य उपकरणको उपयोग -** जनस्वास्थ्य ऐन, २०७५ को दफा ७ मा नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। वीर अस्पताल र ट्रमा सेन्टरले कार्यालयमा उपलव्ध रहेका ठूला स्वास्थ्य यन्त्र उपकरणको सञ्चालन स्थिति सम्बन्धी विवरण व्यवस्थित गरी राखेका छैनन्। वीर अस्पतालको सेवा प्रवाह विवरणअनुसार सिटी स्क्यान, एम.आर.आइ, कोलोनस्कपी, इन्डोस्कपी लगायतका सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्या विश्लेषण गर्दा २०७८।७९ मा सीटी स्क्यान ११ हजार ५८३ ले गरेकोमा २०८१।८२ मा १६ हजार ९९९, एम.आर.आई. सेवा ६ हजार ४९ बाट ८ हजार २०, इन्डोस्कोपी सेवा ३ हजार ७०४ बाट ६ हजार ६१० र कोलोनोस्कोपी सेवा लिनेको सङ्ख्या १ हजार ३०५ बाट १ हजार ८७६ पुगेको छ। अस्पतालको अपोइन्टमेन्ट अभिलेखअनुसार सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्यामा वृद्धि भए तापनि एम.आर.आई. का लागि कम्तीमा पनि १ देखि २ महिना र सीटी स्क्यानका लागि कम्तीमा ५ देखि ७ दिनसम्म पर्खनु परेको स्थिति देखिन्छ। यसले गर्दा बिरामीको उपचार ढिलो हुने, रोग जटिल बन्ने तथा निजी क्षेत्रमा महँगो सेवा लिन बाध्य हुने अवस्था सिर्जना भएको छ। कार्यालयमा रहेको सीटी स्क्यान (१६ स्लाइस) मेसिन हाल प्रयोगमा नरहेका कारण पनि बिरामीको चाप बढ्न गएको देखिन्छ। उपलब्ध भएका स्वास्थ्य उपकरणको समयमै मर्मत सम्भार गरी सञ्चालन गर्ने, आवश्यक जनशक्ति व्यवस्थापन गर्ने र व्यवस्थित अपोइन्टमेन्ट प्रणालीमार्फत् प्राथमिकताका आधारमा सेवा प्रवाह हुने सुनिश्चितता हुनुपर्दछ।

७. **उपकरण सञ्चालन गर्ने जनशक्ति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण गरी तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। भारत

सरकारबाट २०७२।९।१२ मा रु. ५ करोड ३७ लाख ८२ हजार मूल्यको नसा सम्बन्धी रोगको उपचारको लागि डिजिटल सबस्ट्राक्सन एन्जियोग्राफी क्याथल्याब मेसिन अनुदानमा प्राप्त भएकोमा जनशक्ति अभावमा उक्त मेसिन सञ्चालन भएको देखिएन। अनुदानमा प्राप्त स्वास्थ्य उपकरण प्रयोग नहुँदा नागरिकले उक्त सेवाबाट वञ्चित हुनुपरेकोले मेसिन सञ्चालनको लागि आवश्यक जनशक्ति व्यवस्था गरी सेवा प्रवाहमा थप सुधार गर्नुपर्दछ।

८. **लिलाम बिक्री -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ मा प्रयोग नहुने वा मर्मत हुन नसक्ने सरकारी सम्पत्तिको समयमै लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ। भेन्टिलेटर १९, ई.सी.जी. ८ र यु.एस.जी. मेसिन ४ लगायतका मेसिन २०८०।८१ को लिलामको सूचीमा रहेकोमा २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनमा पनि यु.एस.जी., ई.सी.जी. र एक्स-रे मेसिनका अतिरिक्त क्याथ ल्याब, डर्माटोम ब्याट्री र इलेक्ट्रिक बेडजस्ता आधुनिक उपकरणहरू काम नलाग्ने अवस्थामा रहेको उल्लेख छ। लिलाम बिक्री गर्नुपर्ने स्वास्थ्य उपकरणहरूको समयमै लिलाम बिक्री गर्ने गरेको पाइएन। अस्पतालको स्थलगत निरीक्षण गर्दा अस्पतालका करिडोर, छत र खुल्ला स्थानमा उपकरणहरू असुरक्षित रूपमा रहेका देखिन्छन्। प्रतिष्ठानले तत्काल मर्मत हुन नसक्ने र काम नलाग्ने उपकरणहरूको विवरण तयार पारी प्रचलित कानुन बमोजिम लिलाम बिक्री प्रक्रिया सम्पन्न गरी सामग्रीको लगत कट्टा गर्ने कार्य अघि नबढाउँदा उपकरणहरूको मूल्य समेत ह्रास हुँदै गएको छ। लिलाम बिक्री गर्नुपर्ने स्वास्थ्य उपकरणहरूको कानुनी व्यवस्थाबमोजिम लिलाम बिक्री गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

९. **अन्य अस्पतालका प्रयोगविहीन उपकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने तथा प्रयोगमा नआउने मालसामान भएमा सरकारी कार्यालयमा हस्तान्तरण गर्न सकिने व्यवस्था छ। स्वास्थ्य उपकरणहरूको सङ्ख्या उच्च रहे तापनि कानुनबमोजिम अन्तरकार्यालय स्वास्थ्य यन्त्र उपकरण हस्तान्तरण भएको देखिएन। यो वर्षको वित्तीय लेखापरीक्षण प्रतिवेदनअनुसार कोशी, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश र केही सङ्घीय अस्पतालमा प्रयोगविहीन अवस्थामा स्वास्थ्य उपकरणहरू रहेका छन्। यस सम्बन्धी बेहोरा निम्नानुसार छन्:

९.१. जिल्ला अस्पताल ओखलढुङ्गाले रु. ७२ लाख ३९ हजारमा खरिद गरेको १ थान अक्सिजन प्लान्ट, मेथिनकोट अस्पतालमा कान्ति बाल अस्पतालबाट हस्तान्तरण भई प्राप्त भएको मूल्य नखुलेको सिटी स्क्यान मेसिन १ थानमा ट्रान्समिटर जडान नभएको र जडानको लागि पर्याप्त स्थान नभई सञ्चालनमा आएको देखिएन। जिल्ला अस्पताल, तेह्रथुममा २०८२ असारमा रु. १ करोड ७४ लाख ५६ हजारको एनेस्थिया मेसिन खरिद गरेकोमा हालसम्म जडान भएको देखिएन।

९.२. जनशक्ति अभावले आइसीयु नै सञ्चालनमा नरहेका कारण जिल्ला अस्पताल ओखलढुङ्गामा रु. ७२ लाख ३२ हजार लागत भएका २ तथा मेथिनकोट अस्पतालमा १ भेन्टिलेटर मेशिन सञ्चालनमा आउन सकेको देखिएन।

९.३. कोभिड-१९ प्रकोपको समयमा खरिद गरिएका वा प्राप्त भएका अक्सिजन प्लान्ट तथा अक्सिजन कन्सन्ट्रेटरहरू हाल उपयोगमा रहेको पाइँदैन। त्यस्ता उपकरणमध्ये जिल्ला अस्पताल ओखलढुङ्गामा अक्सिजन प्लान्ट १ थान, जिल्ला अस्पताल, भोजपुरमा अक्सिजन कन्सन्ट्रेटर १२ थान, जिल्ला

अस्पताल, तेह्रथुममा २ थान, प्रसूति गृह, थापाथलीमा लिक्विड अक्सिजन प्लान्ट १ थान, भरतपुर अस्पतालमा अक्सिजन कन्सन्ट्रेटर ५ थान, भक्तपुर अस्पतालमा अक्सिजन प्लान्ट १ थान र मेथिनकोट अस्पतालमा अक्सिजन प्लान्ट १ थान प्रयोग विहीन अवस्थामा रहेका छन्।

९.४. जिल्ला अस्पताल, भोजपुरमा पोर्टेबल युएसजी २ थान र सिटीजी मेशिन २ थान, जिल्ला अस्पताल, तेह्रथुममा भेन्टिलेटर मेशिन २ थान, मर्चरी फ्रिज १ थान, महाकाली अस्पतालमा भेन्टिलेटर १ थान, इसिजी ४ थान, युएसजी मेशिन १ थान र सी आर्म मेशिन १ थान, पृथ्वीचन्द्र अस्पताल, नवलपरासी बर्दघाट सुस्ता पश्चिममा ईसिजी मेशिन २ थान, पोर्टेबल एक्सरे मेशिन २ थान, इलेक्ट्रोलाइट एनलाइजर ३ थान, सिम्योटोएनलाइजर २ थान, सि-आर्म १ थान र रेडियन्ट वार्मर १ थान प्रयोगविहीन अवस्थामा रहेका छन्।

उल्लिखित अवस्थाले केही अस्पतालमा स्वास्थ्य उपकरणहरू प्रयोगविहीन अवस्थामा थन्किएको तथा केही अस्पतालमा त्यस्ता उपकरणको अभावले सेवा प्रभावित भएको देखिन्छ। स्वास्थ्य संस्थाको सेवा प्रवाह क्षमता र दक्ष प्राविधिकको कमीका कारण पनि उपकरण उपयोगमा समस्या रहेको छ। स्रोतको वितरण पद्धती र उपयोग क्षमता सुधार गर्दै अस्पतालमा सञ्चालनमा ल्याउने अथवा आवश्यक पर्ने अन्य अस्पतालहरूमा हस्तान्तरण गर्ने व्यवस्था मिलाई उपलब्ध स्रोतको उपयोग मार्फत सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

नेपालको संविधानको मौलिक हकको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने व्यवस्था कार्यान्वयन गर्न सरकारी अस्पतालको भूमिका महत्त्वपूर्ण रहेको छ। जनस्वास्थ्य ऐन,२०७५ ले प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरेकाले दक्ष जनशक्ति र स्वास्थ्य उपकरणको व्यवस्थापन प्रत्येक स्वास्थ्य संस्थाको आधारभूत विषय बन्न पुगेको छ। यद्धपि प्रचलित कानुनबमोजिम खरिद योजना र खरिद गुरुयोजना तयार नगरी खरिद गर्ने गरेको, स्वास्थ्य उपकरण हस्तान्तरण तथा प्राप्ति अघि सञ्चालन गर्ने जनशक्ति व्यवस्थापन नभएको लगायतका कारण उपकरणको प्रयोग हुन नसकेको, टोमोथेरापी मेसिन र क्याथल्याब जस्ता विशिष्टीकृत उपकरणहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको, सिटी स्क्यान, भेन्टिलेटर जस्ता उपकरणहरू प्राविधिक मर्मतबाट सञ्चालन गर्न सकिने भए पनि मर्मत गरी सञ्चालनमा नल्याएको, उपकरणको वार्षिक मर्मत सम्झौता प्रभावकारी नभएको लगायतका कारण स्वास्थ्य उपकरण प्राप्ति तथा उपयोग मितव्ययी एवं प्रभावकारी हुन सकेको छैन। मर्मत गर्नुपर्ने तथा मर्मत नहुने भई लिलाम बिक्री गर्नुपर्ने उपकरण यकिन गरी व्यवस्थापन नहुँदा अस्पतालको कार्यदक्षतामा ह्रास आई सेवा प्रवाहमा असर परेको छ। उल्लिखित समस्याहरूको समाधान गरी स्वास्थ्य यन्त्र उपकरणको प्राप्ति र उपयोगलाई नियमित, मितव्ययी र व्यवस्थित बनाई स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने उल्लेख छ। यस संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सरकारले सञ्चालन गरेका निःशुल्क कार्यक्रमहरूबाट नसमेटिएका सेवाहरू स्वास्थ्य बिमा कार्यक्रममार्फत् उपलब्ध गराउँदै सन् २०३० सम्म सर्वव्यापी स्वास्थ्य पहुँच हासिल गर्ने लक्ष्य लिएको छ। विशेष गरी विश्व स्वास्थ्य सङ्गठनको नेतृत्वमा भएको अन्तर्राष्ट्रिय पहलपछि विभिन्न मुलुकमा स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भएका छन्। नेपालमा २०७२ सालदेखि सामाजिक स्वास्थ्य बिमाको अवधारणाअनुसार स्वास्थ्य बिमा कार्यक्रम सुरू गरिएको हो। यस कार्यक्रमको उद्देश्य स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय सेवा सर्वसुलभ बनाउनु, विपन्न तथा जोखिममा रहेका समूहलाई प्राथमिकता दिनु तथा व्यक्तिगत स्वास्थ्य खर्च घटाउनु रहेको छ। स्वास्थ्य बिमा कार्यक्रम सबैको लागि सञ्चालनमा आए तापनि यसको दायरा अपेक्षाकृत विस्तार हुन नसकेको, बिमा दाबी भुक्तानी सरकारी अनुदानमा निर्भर रहेको, भुक्तानी समयमा हुन नसकेको, सबै सेवा प्रदायक स्वास्थ्य संस्थामा सूचीकृत औषधीको आपूर्ति हुन नसकेको लगायतका कारण अपेक्षाअनुसार स्वास्थ्य बिमा प्रभावकारी हुन सकेको छैन। राज्यबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यको मूल्याङ्कन गर्न स्वास्थ्य बिमा कार्यक्रमको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनपश्चात् स्वास्थ्य बिमा ऐन, २०७४ तथा नियमावली, २०७५ जारी भए सँगै स्वास्थ्य बिमा बोर्डको गठन भई केन्द्रदेखि प्रदेश र जिल्लास्तरसम्म संरचना कायम भएको, कार्यक्रममा कुल परिवार सङ्ख्याको ३० प्रतिशत र कुल जनसङ्ख्याको २० प्रतिशत नागरिक सक्रिय रूपमा आबद्ध भएको, बिमितहरूको विवरण सङ्कलन, सेवा प्रदायक संस्थाहरूको दाबी सङ्कलन तथा व्यवस्थापन, नयाँ दर्ता, नवीकरण तथा प्रतिवेदन सम्बन्धी कार्यहरू सूचना प्रणालीबाट हुने गरेको, प्रत्येक वर्ष बिमामा सहभागी परिवार सङ्ख्या तथा बिमित जनसङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएको, बिमाबाट उपलब्ध गराइने सेवाको लागि सुविधा थैली बनाई सोही आधारमा स्वास्थ्य संस्थाबाट सेवा उपलब्ध गराउने प्रयास भएको देखिन्छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कोषको उपयोग -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २७ मा स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको लागि एक स्वास्थ्य बिमा कोष रहने, बोर्डको सबै प्रकारका आम्दानी सोही कोषमा जम्मा गरिने, बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट बेहोरिने तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम फ्रिज नहुने व्यवस्था छ। स्वास्थ्य बिमा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत हुनु अघि बिमा प्रिमियमबापत सङ्कलन भएको रकम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयको ख६ विविध खातामा जम्मा हुने गरेको र बोर्डको कार्य सञ्चालन खर्चसमेत नेपाल सरकारको अनुदानमा निर्भर रहेकोमा कार्यविधि स्वीकृति पश्चात् बिमा प्रिमियमबापतको रकम बोर्डको केन्द्रीय आय खातामा जम्मा हुने र सञ्चालन खर्च बिमा कोषको रकमबाट हुने गरेको छ। विगत ३ वर्षमा बोर्डको आम्दानी र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	बिमितबाट प्राप्त प्रिमियम योगदान	सरकारबाट प्राप्त अनुदान रकम	जम्मा आय (मौज्दात बाहेक)	कुल खर्च रकम	खर्च प्रतिशत	खर्चमा प्रिमियमको योगदान
२०७९।८०	२५८९९२२	१०९७८१००	१३५६८०२२	१७५२१४२३	१२९.१४	१४.७८
२०८०।८१	३०९११५३	७५०००००	१०५९११५३	१३१६०५००	१२४.२६	२३.४८
२०८१।८२	३७३२२२६	१०५०००००	१४२३२३००	१३४८९३००	९४.७८	२७.६७

स्रोतः स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०७९।८० मा कुल आम्दानीको तुलनामा खर्च १२९.१४ प्रतिशत रहेकोमा २०८०।८१ मा १२४.२६ प्रतिशत र २०८१।८२ मा ९४.७८ प्रतिशत रहेको देखिन्छ। कुल खर्चमा बिमितको योगदानको हिस्सा २०७९।८० मा १४.७८ प्रतिशत रहेकोमा २०८१।८२ मा २७.६७ प्रतिशत रहेको छ। कुल जनसङ्ख्याको २० प्रतिशत नागरिक मात्र बिमामा सक्रिय सहभागी रहनु, निःशुल्क बिमितको सङ्ख्या बढ्दै जानु र बिमा दाबी गर्नेको सङ्ख्या उच्च हुनुले सङ्कलित रकम र खर्चबीचको खाडललाई फराकिलो बनाएको छ। योगदानमा आधारित स्वास्थ्य बिमा कार्यक्रम भए तापनि अनुदानमाथिको अत्यधिक निर्भरताले दीर्घकालीन वित्तीय भारको जोखिम बढ्ने हुँदा बोर्डले कार्यक्रममा सहभागिताको दायरा विस्तार गरी कुल खर्चमा प्रिमियमको योगदान बढाउने र खर्च नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न उपयुक्त नीति निर्धारण गरी स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ।

२. **कार्यक्रममा सहभागिता -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ४ मा स्वास्थ्य बिमा कार्यक्रममा सबै नेपालीको अनिवार्य आबद्धता हुने व्यवस्था छ। राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१ को कार्यान्वयन गर्न सामाजिक सुरक्षा विकास समितिको गठन आदेश, २०७१ जारी भई २०७२।७३ देखि ३ जिल्लाबाट सामाजिक स्वास्थ्य सुरक्षाको नामबाट सञ्चालित कार्यक्रम हाल ७७ वटै जिल्लामा विस्तार भए तापनि बिमित परिवार र व्यक्तिको सङ्ख्या अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। यस कार्यक्रममा नागरिकको सहभागिता सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:-

२.१. बोर्डको २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०८२ आषाढ मसान्तसम्म ५९ लाख ७० हजार ४०३ पुगेको छ। उक्त सङ्ख्या २०७८ को जनगणनाको आधारमा २०८१।८२ को कुल प्रक्षेपित जनसङ्ख्या २ करोड ९९ लाख ७७ हजारको करिब २० प्रतिशत रहेको छ। त्यसैगरी राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल घरपरिवार सङ्ख्या ६६ लाख ६६ हजार ९३७ रहेकोमा २०८१।८२ मा कुल क्रियाशील बिमित परिवार सङ्ख्या २१ लाख २८ हजार ८३० रहेका छन्। स्वास्थ्य बिमामा प्रदेशगत आबद्धताको स्थिति निम्नानुसार छ।

क्र.स.	प्रदेश	जम्मा जनसङ्ख्या	कुल क्रियाशील बिमित परिवार सङ्ख्या	कुल क्रियाशील बिमित जनसङ्ख्या	प्रतिशत (आबद्ध जनसङ्ख्याको)
१	कोशी	४९६१४१२	५४६५९८	१७१३१९३	३४.५३
२	मधेश	६११४६००	२४३८९२	४६३३८६	७.५८
३	बागमती	६११६८६६	५०२४१३	१६१९०९८	२६.४७
४	गण्डकी	२४६६४२७	३१३९९२	८८१०८३	३५.७२

क्र.स.	प्रदेश	जम्मा जनसङ्ख्या	कुल क्रियाशील बिमित परिवार सङ्ख्या	कुल क्रियाशील बिमित जनसङ्ख्या	प्रतिशत (आबद्ध जनसङ्ख्याको)
५	लुम्बिनी	५१२२०७८	२९६३८६	७५०८६५	१४.६६
६	कर्णाली	१६८८४१२	८३७५०	२४२३७२	१४.३६
७	सुदूरपश्चिम	२६९४७८३	१४१७९९	३००४०६	११.१५
जम्मा		**२९१६४५७८**	**२१२८८३०**	**५९७०४०३**	२०.०

स्रोतः स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार प्रदेशको जनसङ्ख्याको आधारमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५.७२ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ७.५८ प्रतिशत कुल क्रियाशील बिमित जनसङ्ख्या मात्र बिमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ।परिवार सङ्ख्याको आधारमा सबैभन्दा बढी बिमित परिवार कोशी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको देखिन्छ। सात प्रदेशमध्ये दोस्रो बढी जनसङ्ख्या भएको मधेश प्रदेशमा बिमामा आबद्ध सङ्ख्या न्यून रहनुले कार्यक्रमको पहुँच, जनचेतना र सेवा उपलब्धता सम्बन्धमा प्रश्न गर्नुपर्ने स्थिति छ। प्रदेशगत विषमताको स्थितिलाई ध्यान दिई बिमा साक्षरता अभियानलाई सशक्त बनाउने, प्रथम सेवा बिन्दुलाई थप पूर्वाधारयुक्त बनाउने साथै जिल्ला अस्पताल तथा आधारभूत अस्पतालहरूमा स्वास्थ्य सेवालाई थप सहज र सरल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२.२. स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम ८ मा स्वास्थ्य बिमा सेवामा क्रियाशील भएको एक वर्षपश्चात नवीकरण गर्नुपर्ने व्यवस्था छ। विगत ५ वर्षको बिमित दर्ता तथा नवीकरणको स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	बिमित सङ्ख्या		जम्मा बिमित सङ्ख्या	नवीकरण प्रतिशत
	नयाँ	नवीकरण		
२०७७।७८	१३८०७७५	२१११४३४	३४९२२०९	-
२०७८।७९	१३७७१७३	२९५२२०८	४३२९३८१	८४.५४
२०७९।८०	११२४२४५	३६००७९०	४७२५०३५	८३.१७
२०८०।८१	११५१६०५	३८६०६०८	५०१२२१३	८१.७१
२०८१।८२	१२२७९८७	४७४२४१६	५९७०४०३	९४.६२

स्रोतः स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार कुल सक्रिय बिमितमध्ये २०७८।७९ मा नवीकरण गर्ने बिमितको सङ्ख्या ८४.५४ प्रतिशत रहेकोमा २०८१।८२ मा ९४.६२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१।८२ मा नवीकरण गराएका ४७ लाख ४२ हजार ४१६ बिमितमध्ये १५ लाख २ हजार २६ अर्थात् ३१.६७ प्रतिशत स्वतः नवीकरण हुने लक्षित समूह रहेको देखिन्छ। एकपटक स्वास्थ्य बिमामा आबद्ध भएका बिमितलाई ऐच्छिक रूपमा पुनःनवीकरणको लागि आकर्षित गर्न र सेवा प्रवाहमा देखिएका कमी कमजोरीमा सुधार गर्ने, कार्यक्रमको प्रचार-प्रसार, छुट तथा प्रोत्साहनसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गर्नुपर्दछ।

३. **प्रिमियम सङ्कलन र दाबी भुक्तानी -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ७ मा स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम, सहभुक्तानी तथा भुक्तानी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने उल्लेख छ। स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम १५ सँग सम्बन्धित

अनुसूची १ मा ५ जनासम्मको परिवारको लागि वार्षिक ३ हजार ५०० रूपैयाँ र सोभन्दा बढी भए थप प्रत्येक व्यक्तिको (अधिकतम १० जना) लागि वार्षिक ७०० रूपैयाँ योगदान रकम तोकिएको छ। स्वास्थ्य बिमा बोर्डले दर्ता सहयोगी तथा अधिकारीमार्फत नागरिकहरूलाई स्वास्थ्य बिमाको दायरामा ल्याउने र प्रिमियम सङ्कलन गरेको देखिन्छ। स्वास्थ्य बीमा बोर्डको वार्षिक प्रतिवेदनअनुसार विगत ४ वर्षको प्रिमियम सङ्कलन र दाबी भुक्तानी स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

आर्थिक वर्ष	सःशुल्क बिमित सङ्ख्या	प्रिमियम सङ्कलन	दाबी भुक्तानी	दाबी भुक्तानीमा प्रिमियमको योगदान (प्रतिशत)
२०७९।८०	३२३४५९१	२५८९९२२	१३५००४००	१९.१८
२०८०।८१	३९११५१३	३०९११५३	१२६२०१००	२४.४९
२०८१।८२	४४६८३७७	३७३२२२६	१२८१५४००	२९.१२

स्रोतः स्वास्थ्य बिमा बोर्ड वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार लक्षित समूहबाहेक सःशुल्कतर्फ २०७९।८० मा सङ्कलित प्रिमियमबाट करिब १९.१८ प्रतिशत बिमा दाबी भुक्तानी भएकोमा सो अंश २०८०।८१ मा २४.४९ प्रतिशत र २०८१।८२ मा २९.१२ प्रतिशत रहेको छ। बिमित सङ्ख्या र सङ्कलित प्रिमियम रकम बढ्दो क्रममा रहेपनि दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून देखिन्छ। लक्षित समूहको नयाँ बिमा पोलिसी वा नवीकरण गर्दा लाग्ने प्रिमियम रकम सरकारबाट बोर्डलाई भुक्तानी हुनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार प्राप्त नहुँदा बिमित सङ्ख्याको तुलनामा बिमा प्रिमियम सङ्कलन न्यून रहेको देखिन्छ। त्यसैगरी सेवाग्राहीबाट सह-भुक्तानीको व्यवस्था रहे तापनि यसको दायरा तथा दर न्यून रहेका कारण सेवा उपयोगमा अपेक्षित नियन्त्रण कायम हुन सकेको देखिँदैन।नागरिकले गर्ने योगदानको तुलनामा सेवा उपयोगको शोधभर्ना अत्यधिक रहेको हुँदा कार्यक्रमको दीर्घकालीन स्थायित्व, निरन्तरता र दिगोपनामा प्रश्न उठ्ने गरेको छ। कार्यक्रमको दिगोपना सुनिश्चित गर्न बिमाको दायरा विस्तारसँगै बिमा शुल्कको समयानुकूल पुनरावलोकन, सह-भुक्तानी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा स्रोतको विविधीकरणमार्फत् वित्तीय व्यवस्थापन सुदृढ गर्नुपर्दछ।

४. **दाबी भुक्तानीमा ढिलाइ र भुक्तानी दायित्व -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१(३) मा दाबी रकमको मूल्याङ्कन सम्पन्न गरेको १५ दिनभित्र दाबी रकम बैङ्किग प्रणाली मार्फत सेवा प्रदायकलाई भुक्तानी गरिने व्यवस्था छ। बोर्डको विगत ३ वर्षको खर्च प्रवृत्ति हेर्दा अधिकांश खर्च रकम सेवाप्रदायकको सोधभर्नामा हुने गरेको छ। बोर्डले प्रकाशित गरेको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९।८० मा सेवा प्रदायक स्वास्थ्य संस्थालाई दाबी भुक्तानी गर्नको लागि सिर्जना भएको दायित्व २०८०।८१ मा भुक्तानी भएको र २०८०।८१ मा सिर्जित दायित्वलाई २०८१।८२ मा भुक्तानी गरेको र २०८१।८२ को लागि अनुमानित रु. १९ अर्ब ४२ करोड ९८ लाख भुक्तानी दिन बाँकी दायित्व सिर्जना भएको उल्लेख छ। सङ्कलित प्रिमियम रकम भन्दा दाबीको आकार ठूलो हुँदा नेपाल सरकारबाट भुक्तानी गर्नुपर्ने दायित्व बढ्दै गएको सो दायित्व पूर्ति हुने गरी बजेट कमीको कारण स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको माग दाबीबमोजिमको रकम समयमै भुक्तानी गर्न ढिलाई भएको देखिन्छ। प्राप्त विवरणअनुसार २०८२ को कार्तिक मसान्तसम्म उच्च दाबी भुक्तानी बाँकी रहेका १० सेवा प्रदायक संस्था निम्नानुसार रहेका छन्:

(रु. हजारमा)

क्र.सं	सेवा प्रदायक संस्थाको नाम	भुक्तानी बाँकी दायित्व
१	भरतपुर अस्पताल चितवन	२५५९२२
२	नोबेल मेडिकल कलेज मोरङ्	२४९९३६
३	विराट मेडिकल कलेज मोरङ्	२१३०२४
४	धुलिखेल अस्पताल काभ्रपलाञ्चोक	२०१७१९
५	वेस्टर्न रिजनल हस्पिटल पोखरा	१७३२६८
६	वि पि कोइराला इन्स्टिच्युट अफ हेल्थ एण्ड साइन्स धरान	१६९४३९
७	वि एण्ड सि मेडिकल कलेज झापा	१५५६७३
८	विर अस्पताल काठमाडौं	१५११५२
९	शिक्षण अस्पताल महाराजगञ्ज	१४१४३७
१०	लुम्बिनी प्रादेशिक अस्पताल बुटवल	१३२२६९

स्रोतः स्वास्थ्य बिमा बोर्ड

बोर्डले दाबी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै, प्राप्त स्रोत र सिर्जित दायित्वबीच सन्तुलन कायम गरी नियमावलीले तोकेको समयभित्रै भुक्तानी दिने व्यवस्था मिलाउन आवश्यक देखिन्छ।

५. **कार्यकारी निर्देशकको कार्यकाल -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २० मा स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने तथा पुनः नियुक्ति हुन सक्ने व्यवस्था छ। स्थापनाकाल २०७२ देखि करिब १० वर्षको अवधिमा निमित्त तथा कायम मुकायमसमेत १० कार्यकारी निर्देशक कार्यरत रहेको पाइयो। बोर्डको प्रमुख नेतृत्व छिटो छिटो परिवर्तन हुँदा निर्णय प्रक्रियामा अनिश्चितता हुनुका साथै सेवा प्रवाहमा प्रतिकूल असर परी समग्रमा बिमा सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारितामा कमी आएको देखिन्छ। कार्यकारी निर्देशकको कार्यकाल सुनिश्चित गरी स्वतन्त्र कार्यवातावरण कायम गर्न तालुक निकायबाटै ध्यान दिनुपर्दछ।

६. **सेवाग्राहीको प्रतिक्रिया -** स्वास्थ्य बिमा कार्यक्रमबाट पाउनुपर्ने औषधी र सेवाग्राहीले खरिद गर्ने औषधीको अवस्था मूल्याङ्कनका सन्दर्भमा उपत्यकाका वीर अस्पताल, पाटन अस्पताल, शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल लगायतका अस्पतालमा आएका बिमित सेवाग्राहीमध्ये १५० सेवाग्राहीसँग प्रश्नावलीमार्फत जवाफ माग गरिएको थियो। यसबाट देखिएका बेहोरा निम्नानुसार छन्ः

६.१. औषधी प्राप्तिको अवस्था - सर्वेक्षणमा सहभागीहलाई अस्पताल वा स्वास्थ्य संस्थामा चिकित्सकले सिफारिश गरेका सबै औषधी बिमाबाट प्राप्त भए, नभएको सम्बन्धमा सोधिएको प्रश्नमा सहभागीमध्ये १९ प्रतिशतले सबै प्राप्त भएको, ७३ प्रतिशतले आंशिक रूपमा प्राप्त भएको र ८ प्रतिशतले कुनै पनि औषधी प्राप्त नभएको उल्लेख गरेका छन्। यसबाट अस्पतालले माग बमोजिमको औषधी उपलब्ध गराउन नसकेका कारण बिमितहरूले बिमाबाट पूर्ण लाभ लिन सकेको देखिँदैन। औषधीको नियमित तथा प्रभावकारी आपूर्ति व्यवस्थापन गरी बिमितको माग बमोजिम बिमा योजनाले समेटेका सबै औषधी उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ।

६.२. औषधी प्राप्तिमा असहजता - सर्वेक्षणमा सहभागीहरूलाई बिमाअन्तर्गत औषधी प्राप्त नहुनुको कारणबारे सोधिएकोमा औषधी प्राप्त नभएको र आंशिक प्राप्त भएको जवाफ दिने १२१ सहभागीमध्ये ५७ प्रतिशतले औषधी उपलब्ध नभएको, २१ प्रतिशतले मौज्दात सकिएको, १७ प्रतिशतले बिमा लागु नहुने र ५ प्रतिशतले प्रणाली सञ्चालनमा समस्या रहेको लगायतका कारण उल्लेख गरेका छन्। यसबाट स्वास्थ्य

बिमा कार्यक्रम अन्तर्गत औषधीको पर्याप्त उपलब्धता र व्यवस्थापनमा कमजोरी रहेको देखिन्छ। बिमाअन्तर्गत प्रदान गरिने औषधीको सहज आपूर्ति व्यवस्थापन गरी प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिन आवश्यक देखिन्छ।

६.३. औषधी खरिद - सहभागी बिमितलाई वार्षिक रूपमा बाहिरबाट खरिद गरेको औषधी सम्बन्धमा सोधिएकोमा रकम खुलाउने १२६ सहभागीमध्ये ७६ प्रतिशतले रु.२० हजारसम्मको, १६ प्रतिशतले रु.२० हजार देखि रु.५० हजारसम्मको र ८ प्रतिशतले रु.५० हजार देखि रु.१ लाखसम्मको औषधी बाहिरबाट खरिद गरेको उल्लेख गरेका छन्। आवश्यक औषधी अस्पतालमा नपाउँदा बाहिरबाट खरिद गर्नुपरेका कारण बिमितलाई थप आर्थिक भार पर्न जाँदा सेवाप्रतिको सन्तुष्टि र स्वास्थ्य बिमा कार्यक्रमको विश्वसनीयता घट्न सक्ने देखिन्छ। सूचीकृत औषधी उपलब्ध गराई औषधी खरिदमा बिमितको अतिरिक्त भार कम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६.४. उपचार खर्चमा स्वास्थ्य बिमाको योगदान - बिमित सहभागीलाई स्वास्थ्य बिमाले उपचार खर्च घटाउन सहयोग गरे नगरेको सम्बन्धमा सोधिएकोमा ८० प्रतिशतले रु.२० हजार रूपैयाँसम्म खर्च घटाउन सहयोग गरेको, १३ प्रतिशतले रु.५० हजार रूपैयाँसम्म र ७ प्रतिशतले वार्षिक रु.१ लाख रूपैयाँसम्म खर्च घटाउन सहयोग गरेको उल्लेख गरेका छन्। यसबाट स्वास्थ्य बिमाले उपचार खर्च घटाउन सकारात्मक योगदान गरेको देखिए तापनि अधिकांश बिमितले सीमित मात्रामा लाभ प्राप्त गरेको अवस्था देखिन्छ। औषधी तथा उपचार सेवाको पहुँच र गुणस्तर सुधार गरी बिमितले अधिकतम लाभ प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नुपर्दछ।

७. **औषधी दाबी** – स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम ३० मा बोर्डले सेवाको गुणस्तर, अनुगमन तथा नियन्त्रण कार्यक्रमअन्तर्गत तोकिएका औषधीहरूको अधिकतम मूल्य सीमा निर्धारण गर्न सक्ने व्यवस्था छ। बोर्डले २०८१ मा सुविधा थैली अन्तर्गत १ हजार २८९ प्रकारका औषधीको दररेट तोकेको देखिन्छ। विगत ३ वर्षमा कुल बिमा दाबीमध्ये औषधी खर्चमा मात्र भएको शोधभर्ना दाबी निम्नानुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	कुल बिमा दाबी रकम	कुल दाबीमध्ये औषधी खर्च दाबी रकम	औषधी दाबी मध्ये बोर्डबाट अस्वीकृत रकम	कुल दाबीमा औषधीको हिस्सा	औषधी दाबीमध्ये अस्वीकृत हिस्सा
२०७९।८०	१४३२७९३७	४५२३३५३	३१७१४५	३१.५७	७.०१
२०८०।८१	१३९३९८९६	६३५९८८३	६५५७७३	४५.६२	१०.३१
२०८१।८२	२३८१७४९०	८३२४३४१	२०१३४६९	३४.९५	२४.१९
जम्मा	**५२०८५३२३**	**१९२०७५७७**	**२९८६३८७**	**३६.८८**	**१५.५५**

स्रोतः स्वास्थ्य बिमा बोर्ड वार्षिक प्रतिवेदन

उल्लिखित तालिकाअनुसार विगत ३ वर्षमा कुल बिमा दाबी रकम रु.५२ अर्ब ८ करोड ५३ लाख रहेकोमा औषधी दाबीको हिस्सा ३६.८८ प्रतिशत अर्थात् रु.१९ अर्ब २० करोड ७५ लाख रहेको छ। औषधी दाबीमध्ये रु.२ अर्ब ९८ करोड ६३ लाख अर्थात् १५.५५ प्रतिशत अस्वीकृत भएको देखिन्छ। यस कार्यक्रम अन्तर्गत औषधीको हिस्सा उल्लेखनीय रहेको र बोर्डले औषधीको दररेट निर्धारण गर्दा कार्यदल बनाई सो को सिफारिसबमोजिम दर कायम गर्नुका साथै बिमितको प्रत्येक

पटकको लागि औषधीको सीमा पनि उल्लेख गरेको छ। यसरी मुलुकभरि एकै किसिमको दर तोकेको भए तापनि त्यस्तो दर निर्धारणका आधारहरू खुलाएको पाइएन। त्यस्तै, कायम गरिएको सीमाका कारण पनि बिमितले एकपटकमा सीमित औषधी प्राप्त गर्ने अवस्था देखिन्छ। तसर्थ औषधीको दर निर्धारणका आधारहरू पारदर्शी बनाउने, कायम गरिएको सीमा पुनरावलोकन गरी चिकित्सकको सिफारिसबमोजिम हुने व्यवस्था गर्ने र सेवा प्रदायक संस्थाहरूमा कम्तीमा उच्च दाबी भएका औषधीहरूको नियमित आपूर्ति गरी औषधी व्यवस्थापनमा सुधार हुनुपर्दछ।

८. **सूचीकृत औषधीको उपलब्धता -** स्वास्थ्य बिमा नियमावली २०७५ को नियम २४ अनुसार सेवा प्रदायक संस्थाले बिमाअन्तर्गत सूचीकृत औषधीहरू अनिवार्य रूपमा उपलब्ध गराई सेवाग्राहीलाई प्रदान गर्नुपर्ने व्यवस्था छ। बिमा सूचीमा रहेका औषधीहरूमध्ये कति प्रतिशत औषधी नियमितरूपमा उपलब्ध छन् भन्ने सम्बन्धमा उपत्यकाका १० अस्पतालहरूमा प्रश्नावलि पठाइएकोमा ७ अस्पतालबाट मात्र विवरण प्राप्त भएको छ। प्राप्त विवरण अनुसार ३ अस्पतालमा ७५ प्रतिशतभन्दा बढी औषधीहरू नियमित रूपमा उपलब्ध रहेको, ४ अस्पतालमा २५ देखि ५० प्रतिशतसम्म मात्र औषधीहरू नियमितरूपमा उपलब्ध रहेको उल्लेख छ। यसबाट बिमा सूचीमा रहेका औषधीहरूको नियमित उपलब्धतामा अस्पतालहरूबीच उल्लेखनीय भिन्नता रहेको देखिन्छ। सूचीकृत औषधीहरू पर्याप्त उपलब्ध नभएमा सेवाग्राहीहरूले बिमाबाट पाउनुपर्ने औषधीहरू बाहिरबाट खरिद गर्नुपर्ने अवस्था सिर्जना हुँदा उनीहरूलाई अतिरिक्त आर्थिक भार पर्नुका साथै स्वास्थ्य बिमा कार्यक्रमको उद्देश्य अनुरूप सेवा प्रवाह हुन नसक्ने जोखिम रहने हुँदा सूचीकृत औषधीहरूको नियमित उपलब्धता सुनिश्चित गर्न सम्बन्धित निकायले प्रभावकारी व्यवस्थापन तथा अनुगमन गर्ने व्यवस्था मिलाउनु आवश्यक छ।

९. **दाबी अस्वीकृति दर -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१(२) मा सेवा प्रदायकले बिमा व्यवस्थापन सूचना प्रणालीमार्फत दाबी गरेको रकमको मूल्याङ्कन बोर्डले गर्नुपर्ने व्यवस्था छ। बोर्डबाट विगत ३ वर्षमा अस्वीकृत दाबी सङ्ख्या र रकम निम्नानुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	कुल दाबी सङ्ख्या	कुल दाबी रकम	अस्वीकृत दाबी सङ्ख्या	अस्वीकृत दाबी रकम	कुल अस्वीकृत दाबी रकम (प्रतिशत)
२०७९।८०	७५५८४३३	१४३२७९३७	५०७०६	२२०६५४	१.५४
२०८०।८१	६९८७९११	१३९३९८९६	८४९४१	१६३६८३	१.१७
२०८१।८२	१२५६४८५०	२३८१७४९०	५०१२६१	९६४४९८	४.०५
जम्मा	**२७१११९४**	**५२०८५३२३**	**६३६९०८**	**१३४८८३५**	**२.५९**

स्रोतः स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०७९।८० मा अस्वीकृत दाबी रकम कुल बिमा दाबी रकमको १.५४ प्रतिशत रहेकोमा २०८१।८२ मा यो दर ४.०५ प्रतिशत पुगेको छ। विगत ३ वर्षमा २ करोड ७१ लाख ११ हजार १९४ दाबीमध्ये ६ लाख ३६ हजार ९०८ दाबीबाट रु.१ अर्ब ३४ करोड ८८ लाख ३५ हजार (२.५९ प्रतिशत) अस्वीकृत भएको छ। यसरी दाबी अस्वीकृत भएकामध्ये सरकारीतर्फ भरतपुर अस्पताल, हेटौंडा अस्पताल, पाटन अस्पताल, ललितपुर र निजीतर्फ विराट मेडिकल कलेज, मोरङ, बी एण्ड सी मेडिकल कलेज, बिर्तामोड, गण्डकी मेडिकल कलेज, पोखरा प्रमुख रहेका छन्। बिमा कार्यक्रमले समेटेको सेवा र स्वास्थ्य संस्थाहरूले गरेको दाबीबीच सामञ्जस्यता नहुनु सेवा

प्रदायक संस्थाले सेवा सञ्चालन अनुमति भन्दा फरक सेवा प्रवाह गर्नु, नेपाल सरकारले सञ्चालन गरेको निःशुल्क स्वास्थ्य सुरक्षा कार्यक्रमको दोहोरो दाबी हुनु, बिमितको पोलिसी अनुसार रकम कम हुनु जस्ता कारणले दाबी अस्वीकृत भएको बोर्डले जनाएको छ। सेवा प्रदायक संस्थालाई स्पष्ट मार्गनिर्देशन, नियमित अनुगमन तथा दाबी व्यवस्थापन प्रक्रियालाई सुदृढ बनाउनेतर्फ बोर्डले ध्यान दिनुपर्दछ।

१०. **सेवा उपयोग -** स्वास्थ्य बिमा ऐन, २०७४ को प्रस्तावनामा स्वास्थ्य सेवा प्रदायकहरूको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी आम नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने उल्लेख छ। उमेर समूहगत रूपमा हेर्दा २०८१।८२ मा सक्रिय बिमित सङ्ख्या र सेवा उपयोग स्थिति निम्नानुसार छः

उमेर समूह	सक्रिय बिमित सङ्ख्या	सेवा उपयोग सङ्ख्या	सेवा उपयोग प्रतिशत
०-१९	१२६८६७३	५०२७३६	३९.६३
२०-३९	१६७०५७४	६९८३५४	४१.८
४०-६९	१७११४५९	१०७६१२६	६२.८७
७० माथि	१३१९६९७	३८१३२१	२९.०
जम्मा	**५९७०४०३**	**२६५८५३७**	**४४.५३**

स्रोतः स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार सक्रिय कुल बिमित सङ्ख्यामा सेवा उपयोग अवस्था विगत ३ वर्षमा औसत ४४.५३ प्रतिशत रहेको छ। उमेर समूहगत रूपमा हेर्दा सबैभन्दा बढी बिमित रहेको ४० देखि ६९ वर्षको उमेर समूहमा रहेका ६२.८७ प्रतिशत बिमितले सेवा उपयोग गरेको देखिन्छ। तुलनात्मक रूपमा युवा जनसङ्ख्या बिमा कार्यक्रममा कम आबद्ध हुनु र बढी आबद्ध भएको प्रौढ समूहबाट अधिकांशले सेवा उपयोग गरेबाट बिमा खर्चमा चाप पर्न गएको देखिन्छ। उल्लिखित अवस्थामा युवा जनसङ्ख्यालाई बिमामा समेट्ने गरी प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

११. **सङ्गठित क्षेत्रको सहभागिता -** स्वास्थ्य बिमा नियमावली, २०७५ को अनुसूची-१ मा राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत कर्मचारीले सुरू तलब स्केलको १ प्रतिशत व्यक्तिगत योगदान र रोजगारदाताबाट १ प्रतिशत समेत २ प्रतिशत योगदान गरी स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था पूर्णरूपमा कार्यान्वयन भएको देखिएन। सङ्गठित क्षेत्रमा कार्यरत कर्मचारी तथा सम्बन्धित रोजगारदाता नियमावली बमोजिम बिमा कार्यक्रममा आबद्ध नभएका कारण स्वास्थ्य बिमा कोषमा अपेक्षित बीमा शुल्क सङ्कलन हुन सकेको देखिँदैन। यसबाट स्वास्थ्य बिमा कार्यक्रमको वित्तीय दिगोपनामा असर पर्नुका साथै सबै नागरिकलाई बिमाको दायरामा ल्याउने उद्देश्यमा समेत बाधा पुगेको देखिन्छ। नियमावलीमा भएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्गठित क्षेत्रका कर्मचारी तथा रोजगारदातालाई अनिवार्य रूपमा बिमा कार्यक्रममा आबद्ध गराई योगदान सङ्कलन सुनिश्चित गर्न निकायगत समन्वय सुदृढ गर्दै अनुगमन र नियमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१२. **अनुगमन तथा मूल्याङ्कन -** राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१ को बुँदा नं.१३(१) मा अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी त्यसलाई राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन प्रणालीमा एकीकरण गरिने उल्लेख भएकोमा नीति तर्जुमा भएको १० वर्ष बितिसक्दा समेत सो सम्बन्धी कार्यविधि तयार गरेको पाइएन। स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन र मूल्याङ्कन गर्न बोर्डमा अनुगमन तथा मूल्याङ्कन शाखाको व्यवस्था छ। बोर्डको २०८१।८२ को वार्षिक प्रतिवेदनअनुसार विभिन्न प्रयोजनका लागि ७७ जिल्लामध्ये ३६ जिल्लामा मात्र अनुगमन भई बाँकी

४१ जिल्लामा वर्षभरि अनुगमन हुन सकेको देखिएन। अनुगमन भएकामध्ये २१ जिल्लामा एक पटक भन्दा बढी र ४१ जिल्लामा एक पटक पनि अनुगमन नहुनुले बोर्डको अनुगमन संयन्त्रमा भौगोलिक सन्तुलन र रणनीतिक योजनाको अभाव देखिन्छ। बर्सेनि बिमितहरूको नवीकरण दर घट्दै गएको र सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्ने दायित्व बढ्दै गएको अवस्थामा ४१ जिल्लामा अनुगमन नहुनुले सेवाको गुणस्तर र दाबी व्यवस्थापनमा असर पारेको देखिन्छ। बोर्डले सबै जिल्लालाई समेट्ने गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप प्रभावकारी र नियमित बनाउनुपर्दछ।

निष्कर्ष तथा सुझाउ

स्वास्थ्य सेवा प्रवाहको संयन्त्रलाई सुदृढ तुल्याउँदै आम नागरिकका लागि स्वास्थ्य सेवामा सहज, सुलभ र प्रभावकारी पहुँच विस्तार गर्ने एक बृहत् सामाजिक सुरक्षा अवधारणाका रूपमा यस कार्यक्रमको थालनी भएकोमा हाल सक्रिय रूपमा बिमामा आबद्ध परिवार ३० प्रतिशत र बिमितको जनसङ्ख्या २० प्रतिशत मात्र रहेको छ। बिमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रर्याप्त व्यवस्था हुन नसकेको, बिमितहरूको बढ्दो दाबीसँगै दाबी परीक्षण कार्य त्रुटिरहित र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून रहेको, सेवाप्रदायक संस्थाहरूबाट गरिएको दाबी समयमै पूर्णरूपमा भुक्तानी हुन नसकेको, सबै बिमितले औषधी पर्याप्तरूपमा प्राप्त गर्न नसकेको, बिमा कार्यक्रममा दोहोरोपना देखिएको, सेवाप्रदायकले वास्तविक खर्चभन्दा फरक दाबी पेश गर्ने गरेका कारण दाबी अस्वीकृति दर वृद्धि हुँदै गएको, सबै उमेर समूहमा बिमाको दायरा विस्तार हुन नसकेको, राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत सबै कर्मचारीलाई बिमामा आबद्ध गर्न नसकिएको, प्रदेशगत रूपमा बिमामा सहभागिता असन्तुलित रहेको लगायतका समस्या देखिएका छन्। बिमाको दायरा सबै प्रदेशमा र सबै उमेर समूहमा विस्तार हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने, लक्षित समूहको बिमा बापतको प्रिमियम रकम सरकारबाट प्राप्त गर्नुपर्ने, दाबी भुक्तानी व्यवस्थापनमा देखिएको कमजोरी सुधार गर्दै जानुपर्ने, सूचीकृत औषधीहरू आवश्यकताअनुसार नियमित रूपमा सबै सेवा प्रदायक संस्थाहरूमा सुनिश्चित गर्नुपर्ने, बिमा बोर्डका कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, सूचना प्रविधिको उच्चतम प्रयोगलाई प्रवर्धन गर्नुपर्ने लगायतका सुझाउहरू सिफारिस गरिएको छ। स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि भएमा संविधानले परिकल्पना गरेको आधारभूत स्वास्थ्य सम्बन्धी आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभरूपमा भरपर्दो स्वास्थ्य सेवा उपलब्ध हुने देखिन्छ।

राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३० बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, सिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्त्व राख्ने ठाउँहरूको संरक्षण, संवर्धन, विकास तथा उचित व्यवस्था लगायतका कार्यहरू हुँदै आएका छन्। नेपालले अन्तर्राष्ट्रिय रूपमा सन्धि महासन्धि गरी जैविक विविधता संरक्षणको क्षेत्रमा प्रतिवद्धता जनाएको छ। जैविक विविधताको संरक्षण मार्फत पर्यावरणीय सन्तुलन कायम गर्न १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष र ६ संरक्षण क्षेत्रमार्फत कार्य सम्पादन भइरहेको छ। संरक्षित क्षेत्रको कुल क्षेत्रफलमध्ये राष्ट्रिय निकुञ्जले ३४.३ प्रतिशत र मध्यवर्ती क्षेत्रले १६.५२ प्रतिशतसमेत ५०.८२ प्रतिशत भाग ओगटेको छ। युनेस्को अन्तर्गतको विश्वसम्पदा समितिले कुनै पनि निकुञ्ज तथा आरक्षलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नु पहिले त्यसको मध्यवर्ती क्षेत्र छुट्टयाउनुपर्ने बाध्यात्मक व्यवस्था समेत गरेको छ। मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न गठन भएका उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह र समुदायमा आधारित चोरी शिकार नियन्त्रण कार्यक्रम मार्फत युवा परिचालन समेत गर्ने गरिएको छ। यो वर्ष राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषय छनोट गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी भई मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको व्यवस्था, कोषको परिचालन तथा सहभागितामूलक योजना कार्यान्वयन मार्फत राष्ट्रिय निकुञ्जको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको अपनत्वबोध भएको छ। वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० ले क्षतिको राहत वितरण प्रक्रियालाई सहज, सरल प्रभावकारी बनाएको, वन्यजन्तुबाट हुने क्षति नियन्त्रणको लागि सोलारसहितको तारबार, पर्खाल निर्माण, विद्युतीय तारबार, सूचना प्रणाली, जैविक मार्गको व्यवस्था जस्ता उपाय अवलम्बन गरिएको छ। वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० मार्फत वन्यजन्तुको वासस्थानको व्यवस्थापन मार्फत वन्यजन्तुको संरक्षण, आहार विहारमा सहजता तथा विचरणका कार्यलाई पर्यावरणमैत्री बनाउने प्रयास भएको छ। नवीन संरक्षण रणनीति कार्यान्वयनमा ल्याई जिआईएस, स्मार्ट गस्तीजस्ता आधुनिक प्रविधिको प्रयोग गरी निकुञ्ज क्षेत्रमा रहेका संरक्षित वन्यजन्तु (बाघ, गैंडा लगायत)को गणना गरी वन्यजन्तुको संरक्षणमा सुधारको थालनी भएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोरा

१. **कानुनी तथा नीतिगत व्यवस्था -** नेपालको संविधानको अनुसूची- ५ मा राष्ट्रिय निकुञ्ज सङ्घको एकल अधिकारको सूचीमा समावेश भई यसको व्यवस्थापन सङ्घको अधिकार अन्तर्गत रहेको छ। राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनमा कानुनी मार्गदर्शनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० जारी भई कार्यान्वयनमा रहेको भएतापनि संङ्घीयता अनुरूप ऐन तथा नियमावली र क्षेत्रगत ऐन, नियम, कार्यविधि तथा मापदण्डहरू समयसापेक्ष रूपमा परिमार्जन हुन नसक्दा उल्लिखित कानुनहरूको कार्यान्वयन प्रभावकारी हुन सकेको देखिदैन।

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २६(१) मा राष्ट्रिय निकुञ्ज क्षेत्रले गरेको आम्दानी मध्ये स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिने व्यवस्था पूर्ण रूपमा पालना भएको देखिँदैन। स्थानीय तहले राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा योजना कार्यान्वयन गरी वातावरणीय प्रभाव र विनाशका सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३० तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ बमोजिमका प्रावधानहरू कार्यान्वयन नहुँदा निकुञ्ज प्रशासन र स्थानीय तहबिच असामञ्जस्यता एवं विवाद सिर्जना हुने गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा निकुञ्ज क्षेत्रमा हुने विपद् व्यवस्थापनमा स्थानीय सरकारको सहभागिता सम्बन्धी व्यवस्था रहेको देखिँदैन। सोही ऐनमा गाउँपालिका तथा नगरपालिकाले मानव-वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन र मिचाहा प्रजातिको नियन्त्रणको कार्य गर्नुपर्ने व्यवस्था भएतापनि त्यसको कार्यान्वयन भएको देखिँदैन। कानुनी तथा नीतिगत अस्पष्टताका कारण निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन, व्यवस्थापन र विकासमा असर परेको छ। विद्यमान कानुनी तथा नीतिगत व्यवस्थामा रहेका समस्यालाई सम्बोधन गरी नीति, ऐन तथा कानुनमा सुधार गर्नुपर्दछ।

२. **जैविक विविधताको संरक्षण** - नेपालले अन्तर्राष्ट्रिय रूपमा लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ, रामसार सन्धि, जैविक विविधता सम्बन्धी महासन्धि, एसियाली संरक्षित क्षेत्र साझेदारी लगायतका सन्धि, महासन्धि गरी जैविक विविधता संरक्षणको क्षेत्रमा प्रतिवद्धता जनाएको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा २३ मा मन्त्रालयले जलवायु परिवर्तनबाट स्थानीय समुदायको पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असरको अध्ययन गरी प्राप्त प्रतिवेदन अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमा गर्दा प्राथमिकता दिन सक्ने व्यवस्था छ। जैविक विविधताको संरक्षण कार्यमा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले कुल संरक्षित भू-भागको ५० प्रतिशतभन्दा बढी अंश समेटेको छ। सुख्खायामसँगै मानवीय गतिविधिका कारण हुने डढेलो, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, बढ्दो औद्योगिकीकरण, विषादीको प्रयोग लगायतका कारण राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेको जैविक विविधता सङ्कटमा परेको छ। राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको प्रभावकारी व्यवस्थापन मार्फत निकुञ्ज क्षेत्रमा आश्रित जैविक विविधताको संरक्षणलाई प्रभावकारी बनाउनु पर्दछ।

३. **हात्तीसार व्यवस्थापन** - हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२ को नियम ४ मा सरकारी तथा गैरसरकारी व्यक्तिहरूले तोकिएको दरले भाडा तिरेर हात्तीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। तराई क्षेत्रका राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षमा १०६ हात्तीको पालनपोषण, हेरचाह, तालिम लगायतका व्यवस्थापन कार्य हुनुका साथै सोका लागि हात्तीसार कर्मचारीको व्यवस्था गरिएको छ। हात्तीसार व्यवस्थापन(तलब,दाना तथा पानी)को लागि २०७९।८० देखि २०८१।८२ सम्म तीन वर्षमा रु. ६६ करोड ५० लाख ७४ हजार विनियोजन भएकोमा रु.५६ करोड ७ लाख ५३ हजार खर्च भएको छ। विगतमा पर्यटन व्यवसायमा प्रयोग गरी राजस्व समेत आर्जन हुनेमा हाल मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, चोरी शिकार नियन्त्रण, वन्यजन्तुको उद्वारमा मात्र सीमित भएको देखिन्छ। हात्तीसारको व्यवस्थापनमा हुने खर्चलाई लाभ लागतको विश्लेषण गरी खर्च मितव्ययी बनाई हात्तीसारमा रहेका हात्तीहरूको वैकल्पिक उपयोगका क्षेत्रहरू पहिचान गरी थप आय आर्जन गर्नुपर्दछ।

४. **राष्ट्रिय निकुञ्जको आय -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६(क) मा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिए बमोजिम दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम निकुञ्ज क्षेत्रमा रहेका वन पैदावार विक्री वितरण, गैर काष्ठ वन पैदावार(गिट्टी, ढुङ्गा,बालुवा), जडिबुटी, पर्यापर्यटन, दण्ड जरिबाना तथा सजाय, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय लगायतका विभिन्न शीर्षकहरूमा राष्ट्रिय निकुञ्जले आय प्राप्त गर्ने गरेका छन्। राष्ट्रिय निकुञ्ज कार्यालयहरूले विगत तीन आर्थिक वर्षमा देहायअनुसार रु. २ अर्ब १२ करोड ५२ लाख ९८ हजार आय प्राप्त गरेको देखिन्छः

(रु. हजारमा)

क.सं.	राष्ट्रिय निकुञ्जको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९।८०	२०८०।८१	२०८१।८२	
१	बर्दिया राष्ट्रिय निकुञ्ज	४५९३३	४०८५३	४६०९४	१३२८८०
२	लाङ्टाङ राष्ट्रिय निकुञ्ज	३६२४८	५४३१९	५७७०३	१४८२७०
३	रारा राष्ट्रिय निकुञ्ज	३३३६	४८३४	६२७२	१४४४२
४	बाँके राष्ट्रिय निकुञ्ज	१०१४५	६०८४	१००२०	२६२४९
५	सगरमाथा राष्ट्रिय निकुञ्ज	१४३४७८	१५४७६१	१७१९१३	४७०१५२
६	शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	१९१२०	३०९४०	३२६०७	८२६६७
७	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	४८१९५	६०९२२	५३१७७	१६२२९४
८	मकालु बरुण राष्ट्रिय निकुञ्ज	३६२७	६३४७	५८२३	१५७९७
९	खप्तड राष्ट्रिय निकुञ्ज	६४७	८५५	९१७	२४१९
१०	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	८८०२	१३२७८	६३७२	२८४५२
११	पर्सा राष्ट्रिय निकुञ्ज	३५६४६	१६२३०	२१४६०	७३३३६
१२	चितवन राष्ट्रिय निकुञ्ज	२८८२१६	३४१५०१	३३८६२३	९६८३४०
जम्मा		६४३३९३	७३०९२४	७५०९८१	२१२५२९८

उल्लिखित तालिका अनुसार २०८०।८१ को तुलनामा २०८१।८२ मा शिवपुरी नागार्जुनको रु. ७७ लाख ४५ हजार, मकालु-बरूणको रु. ५ लाख २४ हजार, शुक्लाफाँटाको रु. ६९ लाख ६ हजार र चितवनको रु.२८ लाख ७८ हजार न्यून आय भएको देखिन्छ। राष्ट्रिय निकुञ्जको आम्दानीको प्रमुख स्रोत रहेको पर्यापर्यटन र वन पैदावारको अधिकतम उपयोगमार्फत आय वृद्धि तथा दिगोपना कायम गर्नुपर्दछ।

५. **वन्यजन्तुको क्षति -** वन्यजन्तुको संरक्षणमा सबै तहका सम्बन्धित सरोकारवालालाई सहभागी गराउनका लागि केन्द्र, प्रदेश र जिल्ला स्तरमा वन्यजन्तु अपराध नियन्त्रण एकाइ तथा समिति गठन गरिएको छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २०७९।८० देखि २०८१।८२ सम्म प्राकृतिक कारण, सडक दुर्घटना, चोरी शिकारी र अन्य कारणबाट ३७ प्रजातिका १ हजार १७९ वन्यजन्तुको मृत्यु भएको छ।

५.१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५(घ) मा जैविक मार्गको संरक्षण तथा संवर्धनसम्बन्धी व्यवस्था छ। निकुञ्ज क्षेत्रमा सडक दुर्घटनाबाट २०७९।८० देखि २०८१।८२ सम्म १८२ वन्यजन्तुको मृत्यु भएको छ। पूर्व-पश्चिम महेन्द्र राजमार्गमा पर्ने पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सडक दुर्घटनाबाट बढी सङ्ख्यामा वन्यजन्तुको मृत्यु भएको

देखिन्छ। उक्त अवधिमा सडक दुर्घटनाका कारण चित्तल ८४, जंगली बँदेल १६, बाँदर १२, निलगाई ४, रतुवा ७ र सुनगोहोरो २ लगायतका वन्यजन्तु सडक दुर्घटनाबाट मरेका छन्।

५.२. राष्ट्रिय निकुञ्ज क्षेत्रमा २०७९।८० देखि २०८१।८२ सम्म ३० वन्यजन्तुको चोरी शिकारी भएको छ। उक्त अवधिमा गैंडा ५, अर्ना ७, घडियाल गोही १, जंगली बँदेल ५, लङ्गुर/बाँदर १२, चितुवा १ लगायतका वन्यजन्तु चोरी शिकारी भएको देखिन्छ। चोरी शिकारबाट क्षति हुने वन्यजन्तुमा संरक्षित रूपमा रहेका वन्यजन्तु बढी रहेको हुँदा तिनीहरूको संरक्षण प्रभावकारी देखिएको छैन।

वन्यजन्तुको बढी आवतजावत हुने राजमार्ग र सडकहरूमा सडक सुरक्षाका उपायहरू कडाइकासाथ लागु गर्ने, सुरक्षा निकायद्वारा हुने नियमित चेकजाँचलाई प्रभावकारी बनाउनुको साथै वन्यजन्तुको आवतजावतको लागि सहज पहुँचमार्ग समेत विस्तार गर्नुपर्दछ। जलवायु परिवर्तनबाट पर्ने असर, वंशाणु परिवर्तन गरेका जीवजन्तु तथा वन्यजन्तुबाट संरक्षण र चोरी शिकार नियन्त्रण कार्यलाई प्रभावकारी बनाई वन्यजन्तु संरक्षणलाई प्राथमिकता दिनुपर्दछ।

६. **निकुञ्ज क्षेत्रमा व्यवसाय सञ्चालन -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा वातावरणलाई प्रतिकूल असर नपुग्ने र वन्यजन्तुलाई हानि नोक्सानी नपुग्ने गरी निकुञ्ज क्षेत्रमा तोकिए बमोजिम उद्योगधन्दा, होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा तथा सुविधा सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ।

६.१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २०७५।१।१२ मा रारा राष्ट्रिय निकुञ्जभित्र होटल तथा चिया पसल सञ्चालनको लागि सम्झौता गर्दा विभागको सहमति बेगर नगर्न निकुञ्ज कार्यालयलाई परिपत्र गरेको छ। निकुञ्ज क्षेत्रमा सञ्चालित एक रिसोर्टसँग भएको सम्झौता अनुसार २०७८।६।२८ मा म्याद सकिएकोले २०८२।२।२८ मा होटल संरचना हटाई निकुञ्जलाई हस्तान्तण गर्न निकुञ्ज कार्यालयले पत्राचार गरेकोमा सोको कार्यान्वयन भएको छैन। विभागको निर्देशन अनुसार निकुञ्जको मुख्य क्षेत्र भएको होटल हटाई निकुञ्जको पर्यावरण संरक्षण गर्नुपर्दछ।

६.२. नेपाल सरकार (सचिवस्तर)को २०७०।९।१९ को निर्णयअनुसार जारी भएको लाङ्टाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० मा २०७३।७४ पछि सबै होटल, लज तथा चिया पसललाई खुला प्रतिस्पर्धात्मक आधारमा छनोट गरी सञ्चालन अनुमति दिने व्यवस्था रहेको छ। निकुञ्ज कार्यालयमा ५२ होटल दर्ता रहेकोमा ४६ सञ्चालनमा रहेका र ६ होटल बन्द अवस्थामा रहेको र सोमध्ये कुनै पनि होटल, लज तथा चिया पसलको नवीकरण तथा म्याद थप भएको देखिएन। नवीकरण नहुँदा कार्यविधि अनुसार सम्झौता अवधिभरमा प्रत्येक वर्ष १० प्रतिशतका दरले सम्झौता रकममा वृद्धि हुने व्यवस्था भएपनि सो को कार्यान्वयन हुन सकेको छैन। खुला प्रतिस्पर्धात्मक छनोटको आधार, राजश्वको न्यूनतम दर, मध्यवर्ती क्षेत्रका वासिन्दालाई पर्ने असरलगायतका विषयमा स्पष्ट कानुनी व्यवस्था नभएकाले खुला प्रतिस्पर्धा गर्ने/गराउने कार्य कार्यान्वयन हुन सकेको छैन। निकुञ्ज क्षेत्रको पर्यावरणीय सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी नियमानुसार त्यस्ता व्यवसायको दर्ता तथा नवीकरण गरी/गराई राष्ट्रिय निकुञ्जको आय आर्जन अभिवृद्धि गर्नुपर्दछ।

६.३. संरक्षण क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८० जारी भई संरक्षण क्षेत्रमा स्थापना र सञ्चालन हुने उद्योगको स्थापना र सञ्चालनमा एकरूपता कायम गर्ने व्यवस्था रहेको छ। मकालु-बरूण

राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्यटनमा आधारित उद्योग ९५ र वन पैदावारमा आधारित उद्योग १ समेत ९६ उद्योग निकुञ्ज क्षेत्रमा सञ्चालनमा रहेकोमा १ फर्निचर उद्योग मात्र दर्ता रहेको छ। राष्ट्रिय निकुञ्ज कार्यालयमा दर्ता नगरी उद्योग व्यावसाय सञ्चालनमा रहँदा आम्दानीको स्रोत समेत गुमेको देखिन्छ। यसरी सञ्चालित उद्योग व्यावसायलाई दर्ता गरी मापदण्ड बमोजिम कानुनको परिपालना गराउनु पर्दछ।

७. **निकुञ्ज क्षेत्रको अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्जको कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न, कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावार हानि नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। राष्ट्रिय निकुञ्ज कार्यालयहरूबाट प्राप्त विवरणमा निकुञ्ज र मध्यवर्ती क्षेत्रको २ हजार २६ हेक्टर अतिक्रमण भएको उल्लेख छ। सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा २०३५ सालदेखि घर टहरा बनाई तथा खेती बाली गरी १ हजार २०८ हेक्टर, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको ५१४.३१ हेक्टर, बर्दिया राष्ट्रिय निकुञ्जको १७.४३ हेक्टर, मकालु-बरूणको ६.४५ हेक्टर, बाँकेको २४१ हेक्टर, र रारा राष्ट्रिय निकुञ्जको ३८.९९ हेक्टर जग्गा अतिक्रमण भएको देखिन्छ। निकुञ्ज क्षेत्रको अतिक्रमणले वन्यजन्तुको वासस्थानमा संकुचन आएको, मानव-वन्यजन्तु द्वन्द्वमा वृद्धि भएको, वन्यजन्तुसाथै मावनीय क्षति बढेको लगायतका चुनौती देखिएको छ। निकुञ्ज क्षेत्रमा भएको अतिक्रमणलाई नियन्त्रण गर्दै अतिक्रमित क्षेत्र फिर्ता गर्नुपर्दछ।

८. **पर्यापर्यटन -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरीहितको निमित्त नेपाल सरकाले स्वयम् वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम निकुञ्ज क्षेत्र पर्यापर्यटनको गन्तव्यको रूपमा विकास भई आम्दानीको प्रमुख स्रोत रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट प्राप्त विवरण अनुसार २०७९।८० देखि २०८१।८२ सम्म तीन वर्षको अवधिमा २३ लाख ३६ हजार ११३ पर्यटकले राष्ट्रिय निकुञ्जहरूको भ्रमण गरेको देखिन्छ। उक्त अवधिमा चितवन राष्ट्रिय निकुञ्जमा ८ लाख ४९ हजार ९८५, पर्सा राष्ट्रिय निकुञ्जमा २ हजार २७६, मकालु-बरूण राष्ट्रिय निकुञ्जमा ४ हजार ६८२, बाँके राष्ट्रिय निकुञ्जमा १ हजार ३७०, खप्तड राष्ट्रिय निकुञ्जमा ९ हजार ६८ पर्यटकले भ्रमण गरेका छन्। पर्यटन पूर्वाधारको अभाव, पर्यटन प्रवर्धनको प्राथमिकतामा कमी, पर्यटकीय स्थलको पहिचान र प्रचारप्रसारमा कमीका कारण नेपालमा पर्यापर्यटनको भरपुर उपयोग हुन सकेको छैन। पर्यापर्यटनमार्फत राष्ट्रिय निकुञ्जको आयमा वृद्धि गर्दै निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनलाई सहज बनाउन पर्यटनमैत्री पूर्वाधार विकास, साधन स्रोतको पर्याप्त व्यवस्था गरी पर्यटन प्रवर्धनमार्फत पर्यापर्यटनलाई राष्ट्रिय निकुञ्जको आम्दानीको आधार बनाउनु पर्दछ।

९. **संरक्षणमा साझेदारी -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६(ख) मा संरक्षण क्षेत्रको व्यवस्थापन गर्न नेपाल सरकारले प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले स्थापना भएका संस्थासँग साझेदारी गर्न सक्ने उल्लेख छ। सोही व्यवस्था अनुसार २०७९।८० देखि २०८१।८२ सम्म घडियाल गोही तथा हात्ती प्रजनन केन्द्र व्यवस्थापन र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वासस्थान व्यवस्थापनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषमार्फत रु. २ करोड ८० लाख तथा चितवन, बर्दिया र पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको लागि वासस्थान व्यवस्थापन, चोरी शिकार नियन्त्रण,

क्षमता विकासजस्ता कार्यका लागि तराई भू-परिधि कार्यक्रममार्फत सोही अवधिमा रु. ५ करोड ५९ लाख ६१ हजार खर्च भएको छ। एकै प्रकृतिका वासस्थान व्यवस्थापन, पोष्ट भवन निर्माण तथा मर्मत, पानी पोखरी निर्माण, चोरी शिकार नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द्व नियन्त्रणमा विभिन्न निकायबाट एकै किसिमका कार्यक्रममा खर्च हुने गरेको छ। एउटै प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा उपलब्ध स्रोतलाई एकीकृत गरी प्राथमिकताका क्षेत्रमा खर्च गरेको देखिएन। साझेदार निकायबाट प्राप्त अनुदानलाई बजेट तथा कार्यक्रममा समावेश गरी मितव्ययी र प्रभावकारी रूपमा खर्च गर्नुपर्दछ।

१०. **राष्ट्रिय निकुञ्जको आय र मध्यवर्ती क्षेत्र -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २५ मा राष्ट्रिय निकुञ्ज क्षेत्रले गरेको आम्दानीको रकममध्ये तीसदेखि पचास प्रतिशतसम्म रकम स्थानीय तहसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सक्ने उल्लेख छ। नेपालका १२ राष्ट्रिय निकुञ्जले २०७७।७८ देखि २०८१।८२ सम्म रु. २ अर्ब ५३ करोड ६० लाख १५ हजार आम्दानी गरेको देखिन्छ। चितवन राष्ट्रिय निकुञ्जले विगत पाँच वर्षमा रु. १ अर्ब ११ करोड ५३ लाख ३७ हजार आम्दानी गरेकोमा मध्यवर्ती क्षेत्रलाई सोही अवधिमा रु.२४ करोड ८६ लाख ३९ हजार (२२.२९ प्रतिशत), सगरमाथा राष्ट्रिय निकुञ्जले रु. ५१ करोड १७ लाख ६६ हजार आम्दानी गरेकोमा मध्यवर्ती क्षेत्रलाई रु.११ करोड ५२ लाख ३९ हजार (२२.५२ प्रतिशत) र मकालु-बरूण राष्ट्रिय निकुञ्जले रु. ७ करोड ८२ लाख ९९ हजार आम्दानी गरेकोमा रु.८२ लाख १७ हजार (१०.४९ प्रतिशत) मध्यवर्ती क्षेत्रको विकासको लागि विनियोजन गरेको देखिन्छ। कानुनी व्यवस्थाअनुसार बजेट व्यवस्थापन गरी मध्यवर्ती क्षेत्रमा खर्च गर्नुपर्दछ।

११. **मानव-वन्यजन्तु द्वन्द्व -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३(घ) मा राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षति बापत तोकिए बमोजिम राहत दिने उल्लेख छ। निकुञ्ज क्षेत्र वरपर बढ्दो जनघनत्व एंव अव्यवस्थित भू-उपयोगका कारण तथा वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एंव संकुचनको कारण वन्यजन्तुहरूले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्दा मावन-वन्यजन्तु द्वन्द्व बढेको देखिन्छ। यस सम्बन्धमा २०७९।८० देखि २०८१।८२ सम्मको तथ्याङ्क विश्लेषण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्:

११.१. निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट हुने क्षतिमा सबैभन्दा बढी अन्नबाली क्षतिका २० हजार ४४५ घटना रहेका छन्। निकुञ्जगत रूपमा चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा मात्र ६ हजार ३९० सङ्ख्यामा अन्नबालीको क्षति भएको देखिन्छ। त्यसैगरी १२ निकुञ्जमा ९ हजार ३१९ पशुधनमा क्षति पुगेको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा मात्र विगत पाँच वर्षमा ५ हजार ७६३ पशुधन, चितवन राष्ट्रिय निकुञ्जमा ८५२, खप्तड राष्ट्रिय निकुञ्जमा ५२१ तथा रारा राष्ट्रिय निकुञ्जमा १ पशुधनको क्षति भएको छ।

११.२. राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट विगत पाँच वर्षमा भएको मानवमाथि वन्यजन्तु आक्रमण सम्बन्धी घटना सङ्ख्या ५३२ रहेको छ। प्राप्त विवरण अनुसार चितवन राष्ट्रिय निकुञ्जमा मात्र पाँच वर्षमा ३१४ मानवीय क्षतिको घटना भएकोमा ५६ जनाको मृत्यु भएको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा पाँच वर्षमा ९९ मानवीय क्षतिको घटना भएकोमा ३२ जनाको मृत्यु भएको छ।

निकुञ्ज क्षेत्र वरिपरि बढ्दो वस्ती, मांसाहारी तथा हिंस्रक वन्यजन्तुको सङ्ख्यामा वृद्धि र चरिचरनको कारण अन्नवाली, पशुधन क्षतिमा वृद्धि हुनुको साथै मानवीय क्षति हुने गरेको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण हुने गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

१२. **राहत वितरण -** वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को दफा ३ मा वन्यजन्तुबाट हुने क्षतिको प्रकृति र राहत उपलब्ध गराउने, साथै दफा ४ मा राहत रकमको सीमा तोकिएको छ। प्राप्त विवरण अनुसार २०७७।७८ देखि २०८१।८२ सम्म पाँच वर्षको अवधिमा चितवन राष्ट्रिय निकुञ्जबाट रु.१५ करोड ४१ लाख १६ हजार, शिवपुरी राष्ट्रिय निकुञ्जबाट रु.७ करोड ६२ लाख ४५ हजार, बर्दिया राष्ट्रिय निकुञ्जबाट रु.९ करोड २६ लाख ५१ हजार, बाँके राष्ट्रिय निकुञ्जबाट रु.४ करोड २४ लाख २३ हजार, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट रु.४ करोड ५७ लाख ४१ हजार समेत १२ निकुञ्ज कार्यालयबाट रु.४८ करोड ३९ लाख ६ हजार राहत तथा क्षतिपूर्ति रकम वितरण भएको छ। उल्लिखित विवरण अनुसार चितवन र बर्दिया राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट हुने क्षतिको परिमाण बढी रहेको छ। वन्यजन्तुबाट हुने क्षतिको सङ्ख्यामा वृद्धि हुँदै जाँदा क्षतिपूर्ति स्वरूप भुक्तानी गर्नुपर्ने राहत रकमको दायित्व समेत बढ्दै गएको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नीतिगत व्यवस्थामा सुधार, तहगत सरकार/निकायबिच समन्वय तथा सहकार्य, निकुञ्जको सीमा क्षेत्रका मानव वस्ती व्यवस्थापन र वासस्थान व्यवस्थापनजस्ता पक्षमा विशेष प्राथमिकता दिई निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट हुने क्षति नियन्त्रण गर्नुपर्दछ।

निष्कर्ष तथा सुझाउ

नेपालको भौगोलिक विविधताभित्रका प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन्यजन्तु आरक्षहरूको व्यवस्था गरिएको छ। यस्ता संरक्षित क्षेत्रहरूले जैविक विविधता, पारिस्थितिक प्रणाली, पानीका स्रोतहरूको संरक्षण, प्राकृतिक समृद्धिका अतिरिक्त वातावरणलाई समेत सन्तुलन राख्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० जारी भई सोही बमोजिम राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन तथा व्यवस्थापनका लागि १२ राष्ट्रिय निकुञ्ज कार्यालय र मध्यवर्ती क्षेत्र उपभोक्ता समितिमार्फत संरक्षणको कार्य भएको छ। वन, वनस्पति र जैविक विविधता तथा समग्र प्राकृतिक सम्पदाको संरक्षण गर्ने काममा नेपालले दक्षिण एसियामा अग्रणी भूमिका खेलेको देखिन्छ।

राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा निर्माण भएका कानुनी तथा नीतिगत व्यवस्था, सरकारका नीति तथा कार्यक्रम, आवधिक योजना र बजेट व्यवस्था प्रभावकारी नहुँदा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र लगायत संरक्षित क्षेत्रहरूमा जैविक विविधता संरक्षणमा चुनौती, वन्यजन्तुको सङ्ख्यामा वृद्धि, यसबाट सिर्जित बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, रोजगारीको न्यून अवसरले गर्दा मुलुकको अर्थतन्त्रमा यस क्षेत्रको योगदान उल्लेखनीय देखिँदैन।

उल्लिखित समस्या तथा चुनौतीलाई सम्वोधन गर्दै मौजुदा कानुनी तथा नीतिगत व्यवस्थामा समयसापेक्ष संशोधन तथा परिमार्जन, विद्यमान सङ्घीय शासन प्रणाली अनुरूप राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा तहगत सरकारबिच समन्वय र सहकार्य, बढ्दो व्यवस्थापन खर्चको उपलब्धिमा जोड, निकुञ्ज क्षेत्रको भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार, पर्यटकीय स्थलको पहिचान तथा प्रवर्धन, बढ्दो मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न मानवीय सचेतना अभिवृद्धि र राहत वितरण, जैविक विविधता संरक्षण, वन

व्यवस्थापन, वन्यजन्तु र वासस्थानको संरक्षण, चोरी शिकारीमा नियन्त्रण तथा प्रभावकारी सुरक्षा व्यवस्थापन र नियमित अनुगमन गर्नुपर्दछ। निकुञ्ज क्षेत्रभित्र सञ्चालन हुने उद्योग/व्यावसायलाई नियमन गरी कानुनको पूर्ण परिपालना, मध्यवर्ती क्षेत्रको स्थानीय विकासका लागि विनियोजन हुने बजेट निर्धारण प्रभावकारी रूपमा लागु गरी राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नुपर्दछ।

सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम खरिद सम्झौता कार्यान्वयनका क्रममा विवादहरू उत्पन्न हुने र समयमा निराकरण हुन नसकी मध्यस्थमार्फत समाधान हुने गरेको छ। पूर्वाधार निर्माण एवं वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक निकाय र निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताबिचमा हुने विभिन्न सम्झौताका सर्त कार्यान्वयन एवं भुक्तानी सम्बन्धमा हुने विवादको समाधान मध्यस्थतामार्फत गर्न सकिने व्यवस्था छ। मध्यस्थता ऐन, २०५५ को दफा ३(१) मा कुनै सम्झौता मध्यस्थताद्वारा विवाद समाधान गरिने व्यवस्था भएमा त्यस्तो सम्झौता वा सो अन्तर्गतका विषयसँग सम्बन्धित विवाद सम्झौतामा नै कार्यविधि उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा यस ऐन बमोजिम मध्यस्थताको माध्यमबाट समाधान गराउनु पर्ने व्यवस्था छ। त्यस्तै उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा दायर भएको प्रचलित कानुन बमोजिम मिलापत्र हुनसक्ने व्यापारिक प्रकृतिको कुनै देवानी मुद्दा सम्बन्धित पक्षहरूले मध्यस्थतामार्फत समाधान गरिपाऊँ भनी निवेदन दिएमा त्यस्तो विवाद समेत मध्यस्थता मार्फत समाधान गराउनुपर्ने व्यवस्था सोही दफाको उपदफा (२) मा छ। उक्त ऐनमा मध्यस्थको नियुक्ति, मध्यस्थता सम्बन्धी कारबाही, मध्यस्थको अधिकार, मध्यस्थको निर्णय र सोको कार्यान्वयन, मध्यस्थको विधि लगायतका प्रबन्धहरू गरिएका छन्। नेपालका सार्वजनिक निकायहरूले गर्ने खरिदसँग सम्बन्धित विवादहरू खरिद सम्बन्धी कागजात र सम्झौतामा उल्लेख भएबमोजिम मध्यस्थता मार्फत विवादको समाधान हुने गरेको छ। ठेक्कामा दाबी र क्षतिपूर्ति दिनुपर्ने रकम बर्सेनि बढी रहेको र सम्झौताका सर्त कार्यान्वयनमा जटिलता भैरहेको सन्दर्भमा विगत ५ वर्षमा सार्वजनिक निकायमा भएका विवाद उपर मध्यस्थबाट भएका निर्णयहरू सो सम्बन्धी कानुनी प्रावधान र कार्यप्रक्रिया अध्ययन गरी सो मा गर्नुपर्ने सुधारका विषय समेटी विशेष अध्ययन प्रतिवेदन तयार गरिएको छ।

१. **विशेष अध्ययनको उद्देश्य -** मध्यस्थता सम्बन्धी विशेष अध्ययनको उद्देश्य सार्वजनिक खरिद सम्बन्धी विवादमा भएका प्रमुख निर्णयको अध्ययन, विश्लेषण र निष्कर्षका आधारमा व्यावहारिक, कानुनी तथा नीतिगत सुझाउसहितको प्रतिवेदन उपलब्ध गराउने रहेको छ।

२. **विशेष अध्ययनको क्षेत्र -** सार्वजनिक निकायबाट गरिएका खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालय र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता र लिजकर्तालगायतबिच भएका विवादमा २०७७।७८ देखि २०८१।८२ सम्म मध्यस्थतामार्फत् गरिएका प्रमुख निर्णयको अध्ययन गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता सर्तसँग तुलना एवं समीक्षा गरिएको छ। यसक्रममा विवाद उत्पन्न हुने कारणहरूको पहिचान गर्न सरकारी निकाय (नियोक्ता) र निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाता वा लिजदाता दुबैको दाबी तथा प्रतिदाबी उपरको निर्णयको आधार विश्लेषण गरिएको छ। सार्वजनिक खरिद कानुनबमोजिम खरिद सम्झौता गर्दा हुने वा भएका कमी कमजोरी पहिचान गरी सुधारका लागि नीतिगत र कानुनी सुझाउहरू दिइएको छ।

३. **विशेष अध्ययनको कार्यविधि -** मध्यस्थता सम्बन्धी विशेष अध्ययनको क्रममा कानुन तथा सोसँग सम्बन्धित विषयवस्तु एवं प्रतिवेदनहरूको अध्ययन गरिएको छ। साथै सार्वजनिक खरिद सम्बन्धमा मध्यस्थतामार्फत् २०७७।७८ देखि २०८१।८२ सम्म भएका सार्वजनिक निकायसँग सम्बन्धित निर्णयहरू नेपाल मध्यस्थता परिषद्बाट प्राप्त गरी अध्ययन गरिएको छ। यस सम्बन्धमा कारणहरू

पहिचान गर्न यस विषयसँग जानकार एवं सम्बन्धित कार्यालयका पदाधिकारीहरूसँग छलफल गरिएको छ। विवादका प्रमुख कारणमध्ये भेरिएसन, मूल्य समायोजन, म्याद थप, पूर्वनिर्धारित क्षतिपूर्ति, खरिद सम्झौताको अन्त्य, निष्क्रिय लागत, प्रोलङ्गेशन लागत आदिमा अध्ययन केन्द्रित गरिएको छ।

मध्यस्थताका सम्बन्धमा भएका कानुनी व्यवस्थाको अध्ययन गर्न सैद्धान्तिक कार्यविधि अपनाइएको छ। साथै मध्यस्थताका निर्णयहरूको अध्ययन गर्दा सार्वजनिक निकाय वा मध्यस्थबाट भएका निर्णयमा कस्ता कानुनी वा प्रक्रियागत त्रुटि हुन गए र के कस्ता आधार लिएर निर्णय गरियो भन्ने सम्बन्धमा विस्तृत विश्लेषण गरिएको छ। साथै, सोही विश्लेषणका आधारमा यस क्षेत्रमा आगामी दिनमा गरिनु पर्ने प्रशासनिक तथा कानुनी सुधारसम्बन्धी सुझाउसमेत तयार पारिएको छ।

मध्यस्थताबाट निर्णय भएकोमा भुक्तानी भए नभएको एवं सो उपर पुनरावेदन गरे नगरेको सूचना प्राप्त नभएकोले विश्लेषण गरिएको छैन।

४. **कानुनी एवं नीतिगत व्यवस्था -** विवादका पक्षहरूबिच छलफल तथा परामर्शका माध्यमबाट आपसी सहमतिमा विवादहरूको समाधान गर्ने मौलिक तथा परम्परागत पद्धतिका रूपमा मेलमिलाप, मध्यस्थता, वार्ता लगायतका विवाद समाधानका विधिहरूको प्रयोग नेपालमा हुँदै आएका छन्। यद्यपि व्यापारिक क्षेत्रका विवाद समाधानको एक वैकल्पिक माध्यमका रूपमा मध्यस्थताको अवधारणा विकास समिति ऐन, २०१३ जारी भएपश्चात् भएको हो। विकास आयोजनाहरूको शीघ्र कार्यान्वयन गरी द्रुततर गतिमा विकास कार्य अघि बढाउने सिलसिलामा उत्पन्न हुन सक्ने विवादहरूको समाधान पनि शीघ्र भई विकास निर्माणका क्षेत्रमा ढिलासुस्ती नहोस् भन्ने सोचाइका साथ यो व्यवस्था अपनाईएको थियो। सो ऐनमा समितिमार्फत गरिने विकास कार्य सम्बन्धी विवाद मध्यस्थमार्फत् मात्र गरिने र मध्यस्थले गरेको निर्णय अन्तिम हुने समेतको व्यवस्था रहेको थियो। तत्पश्चात् नेपालका विभिन्न ऐनहरूमा विवाद निरूपणको एक प्रभावकारी माध्यमका रूपमा मध्यस्थतालाई अङ्गीकार गर्दै आएको पाइन्छ।

नेपालमा विदेशी लगानी आकर्षित गर्न वि सं २०३८ सालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा मध्यस्थता ऐन जारी गरियो। मध्यस्थता सम्बन्धी कानुनलाई थप परिष्कृत गर्न वि.सं. २०५५ सालमा नयाँ मध्यस्थता ऐन जारी भई हालसम्म यसै ऐन अन्तर्गत नेपालमा मध्यस्थता हुँदै आएको छ। मध्यस्थता ऐन, २०५५ ले युनाइटेड नेशन कमिसन अन इन्टरनेशनल ट्रेड लले विकास गरेको नमूना कानुनका आधारभूत पक्षहरूलाई संस्थागत गर्दै नेपालमा मध्यस्थताको कार्यान्वयन गर्दै आएको छ। यस ऐनले मूलतः दुई प्रकारबाट मध्यस्थको अधिकारक्षेत्र स्थापना हुने व्यवस्था गरेको छ। पक्षहरूबिचको सम्झौताबाट वा अदालतमा चलिरहेको मध्यस्थता गर्न सकिने कुनै विवादमा पक्षहरूले नै मध्यस्थताबाट विवाद समाधान गर्न संयुक्त निवेदन दिएमा विवाद मध्यस्थमार्फत समाधान गरिने व्यवस्था छ। मध्यस्थले गरेको निर्णय उक्त ऐनको दफा ३०(३) बमोजिमको विवाद नेपाल कानुनबमोजिम मध्यस्थद्वारा निरूपण हुन नसक्ने र मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकुल हुने भएमा उच्च अदालतबाट बदर हुन सक्ने अवस्था छ।

यस ऐनमा वि.सं. २०८१ र २०८२ सालमा केही महत्त्वपूर्ण परिवर्तनहरू गरिएका छन्। तीमध्येको एक व्यवस्थामा तोकिएको म्यादभित्र सरकारी कार्यालयको तर्फबाट मध्यस्थकर्ता समक्ष दाबी, प्रतिदाबी, दाबी उपरको प्रतिवाद वा प्रमाण पेस नगरेमा वा ढिला गरी पेस गरेमा वा लापरबाहीसाथ कार्य गरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई निजको सेवाका सर्तसम्बन्धी प्रचलित कानुनबमोजिम विभागीय

कारवाही हुने र यदि त्यस्तो कार्य प्रचलित कानुनबमोजिम कसुर हुने रहेछ भने निजलाई सो कसुरमा समेत कारवाही हुने उल्लेख छ। अर्को महत्त्वपूर्ण व्यवस्था द्रुत मध्यस्थ सेवा दिने सम्बन्धी रहेको छ।

साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ मा हालै भएको संशोधनबाट अन्य कुराका अतिरिक्त राष्ट्रसेवकको परिभाषामा कुनै विवादको निरूपण गर्न प्रचलित कानुनबमोजिम नियुक्त भएको मध्यस्थ वा यस्तै हैसियतको अन्य कुनै व्यक्तिसमेतलाई समावेश गरी मध्यस्थलाई भ्रष्टाचारको आरोपमा कारबाही गर्न सकिने व्यवस्था गरिएको छ।

नेपालमा मध्यस्थता र अन्य वैकल्पिक विवाद समाधान संयन्त्रहरूलाई प्रवर्धन गर्न सन् १९९१ मा स्वतन्त्र, गैर-सरकारी र गैर-नाफामुखी संस्थाको रूपमा नेपाल मध्यस्थता परिषद् स्थापना भएको छ। यो औपचारिक प्रणाली बाहिर व्यावसायिक र करार विवादहरू समाधान गर्न स्थापित गरिएको संस्था हो। यसका गतिविधिहरू मध्यस्थता ऐन, २०५५ द्वारा व्यवस्था गरिएको कानुनी ढाँचाभित्र सञ्चालन हुन्छन्। जसले मध्यस्थतालाई विवाद समाधानको विधिको रूपमा मान्यता दिएको छ। यी गतिविधिहरू मार्फत परिषद्ले परम्परागत अदालती प्रक्रियाको सट्टा छिटो, लागत-प्रभावी र लचिलो विकल्पको रूपमा वैकल्पिक विवाद समाधानको प्रयोगलाई प्रश्रय दिन्छ।

अध्ययनबाट देखिएका बेहोरा

नेपाल सरकार र सार्वजनिक संस्थान लगायतले गरेका खरिद सम्झौताहरूको कार्यान्वयनका क्रममा विवाद उत्पन्न भएपश्चात सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, मध्यस्थता ऐन, २०५५ तथा सम्झौताका प्रावधानहरू बमोजिम मध्यस्थ नियुक्त भै समाधान गर्ने गरिएको छ। विगत ५ वर्षमा सार्वजनिक निकायहरूमा मध्यस्थतामार्फत विवाद समाधानको क्रममा दाबी, प्रतिदाबी तथा मध्यस्थ मार्फत् कायम भएको रकमको स्थिति देहायबमोजिम छ।

(रु. हजारमा)

आर्थिक वर्ष	समाधान गरिएका विवादको सङ्ख्या	दाबी रकम	प्रतिदाबी रकम	मध्यस्थमार्फत निर्णय भएको रकम
२०७७।७८	२३	रु.६६,५०,४३ अमेरिकी डलर ३६,६७,८३२	रु.१५,८९,६५	रु.३०,७७,३५ अमेरिकी डलर ३६,६७,८३२
२०७८।७९	३८	रु.२,५५,११,२१	रु.१,०२,५८	रु.१,०५,६६,४४
२०७९।८०	२७	रु.२,७६,५४,४०	रु.१,३२,२९,७८	रु.१,३६,४९,२९
२०८०।८१	३३	रु.४,३६,७४,०४ अमेरिकी डलर ९२,४१,९२५	रु.५९,६८,०७ अमेरिकी डलर २,४२४,७१०	रु.१,०७,९९,९६ अमेरिकी डलर २६,५०,८०२
२०८१।८२	३९	रु.१,५७,२८,९४	रु.१५,५४,५६	रु.६३,७२,८७
जम्मा	**१६०**	**रु.११,९२,१९,०२** अमेरिकी डलर **१,२९,०९,७५७**	**रु.२,२४,४४,६४** अमेरिकी डलर **२,४२४,७१०**	**रु.४,४४,६५,९१** अमेरिकी डलर **६३,१८,६३४**

उल्लिखित तालिकाअनुसार विगत ५ वर्षमा सार्वजनिक निकायका १६० ठेक्कामा विवाद भई निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताले रु.११ अर्ब ९२ करोड १९ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजार को दाबी पेस गरेकोमा मध्यस्थमार्फत रु.४ अर्ब ४४ करोड ६६ लाख र अमेरिकी डलर ६३ लाख १८ हजार भुक्तानी दिनुपर्ने निर्णय भएको देखिन्छ। उक्त रकममा कतिपय निर्णयहरू भाषागत रूपमा उल्लेख गरिएको र कतिपयमा ब्याज गणना समावेश नभएकोले भुक्तानी दिनुपर्ने रकम अझै बढ्न सक्ने देखिन्छ।

५. **गुमेको नाफा तथा ओभरहेडको भुक्तानी -** आर्थिक वर्ष २०८०।८१ मा सडक विभाग मातहतको दिगो शहरी यातायात आयोजना अन्तर्गत टेकु पुल निर्माणमा एक निर्माण व्यवसायीले ठेक्काको काम घटाइएकोले ओभरहेड र मुनाफामा नोक्सानी भएको उल्लेख गरी रु. १ करोड ६६ लाख दाबी गरेकोमा मध्यस्थले भुक्तानी दिने निर्णय गरेको छ। त्यसै गरी सडक विभाग हुलाकी राजमार्ग अन्तर्गत वीरगन्ज ठोरी सडक सुधार र एक संयुक्त उपक्रमबीचको विवादमा आयोजनाले काम घटाएको कारणले भएको नोक्सानी बापतको रु १ करोड ३८ लाख दाबीमा निर्माण व्यवसायीले भेरिएशन आदेश स्वीकार गरेको आधारमा उक्त दावीकर्ताले दाबी नपाउने निर्णय मध्यस्थताबाट भएको छ। यस्तै प्रकृतिको दाबीमा अन्य मध्यस्थकर्ताले व्यवसायमा नाफा नै हुन्छ भनी पूर्वानुमान गर्न नसकिने भएकोले र नोक्सान भएको प्रमाण कागजात बेगर अनुमान कै भरमा गुमेको नाफा १५ प्रतिशत दाबी गरेकोले अस्वीकारसमेत गरेका छन्। यसरी नोक्सान भएको वा ओभरहेड व्यहोर्नु परेको वस्तुनिष्ठ प्रमाणबेगर मध्यस्थबाट अनुमानको आधारमा दाबी भुक्तानीको निर्णय भएको देखिन्छ।

६. **म्याद थप पछिको मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा खरिद सम्झौता प्राप्त गर्नेको ढिलाइका कारण सम्झौतामा उल्लेखित अवधिभित्र काम सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले विगतदेखि म्याद थप पश्चात मूल्य सूचकाङ्क फ्रीज गर्ने बेहोरा औँल्याए तापनि कतिपय ठेक्काहरूमा सोहीबमोजिम म्याद थप पश्चात् पनि सुरु सम्झौता अवधिको मूल्य सूचङ्काकको आधारमा मूल्य समायोजन गणना गर्ने गरेको देखियो। उक्त गणना सम्झौता र सार्वजनिक खरिद ऐन विपरित भएको उल्लेख गरी निर्माण व्यवसायीहरूले उजुरी गरेको आधारमा मध्यस्थता गठन भएको देखिन्छ। नियोक्ताको कारणले म्याद थप भएको अवस्थामा मूल्य सूचकाङ्क फ्रीज गर्ने कानुन एवं सम्झौतामा व्यवस्था नभएकोले निर्माण व्यवसायीलाई म्याद थप पछिको सूचङ्काक प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्ने निर्णय मध्यस्थबाट भएको देखियो। यस आधारमा मात्र मध्यस्थले १६ निर्माण व्यावसायीलाई रु ३७ करोड ५८ लाख ९ हजार मूल्य समायोजन तथा ब्याज भुक्तानी दिने निर्णय गरेको छ।

कतिपयमा भुक्तानी भएको रकम निर्माण व्यवसायीले स्वीकार गरेकोमा धेरै समय पछि दाबी गरेको, थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप गरिएको र निर्माण व्यवसायीले मूल्य समायोजन दाबी नगर्ने प्रतिबद्धता गरेको वा माइन्यूट गरेको आधारमा ४ निर्माण व्यवसायीलाई यस्तो मूल्य समायोजन रु. १५ करोड ८६ लाख दिनु नपर्ने निर्णयसमेत गरेको देखिन्छ। मध्यस्थहरूले उस्तै परिस्थिति विद्यमान रहेका ठेक्काहरूमा कुनैमा म्याद थप पश्चातको सूचकका आधारमा मूल्य समायोजन दिने कुनैमा नदिने निर्णय गरेको देखिन्छ। यसैगरी ब्याज गणना सम्बन्धमा पनि कुनै मध्यस्थले निर्णय मितिदेखि गणना गर्ने, कुनैले ब्याज नदिने र कुनैले मूल्य समायोजनको बिल पेस गरेको मितिदेखि कै ब्याज गणना गरेको देखियो।

७. **सम्झौतामा नभएको मूल्य समायोजन -** निर्माण व्यवसायीलाई मूल्य समायोजन निर्धारण गरी भुक्तानी दिनको लागि मूल्य सूचङ्काक र कोफिसियन्ट सम्झौतामा उल्लेख गरिनुपर्दछ। बोलपत्रदाताले बोलपत्र पेस गर्दा मूल्य समायोजन डाटामा कुनै अङ्क उल्लेख नगरेकोमा मूल्य समायोजन नपाउने बेहोरा बोलपत्र सम्बन्धि कागजातको बोलपत्रदातालाई निर्देशन (इन्स्ट्रक्सन टु बिडर) खण्डमा उल्लेख हुन्छ। उक्त निर्देशन बमोजिम निर्माण व्यवसायीले सम्झौतामा मूल्य सूचङ्काक र कोफिसियन्ट उल्लेख नगरेका कारण

विवाद उत्पन्न भएको देखिन्छ। निर्माण व्यवसायीसँगको सम्झौतामा मूल्य समायोजन नपाउने व्यवस्था राखेको वा सम्झौताको कुनै दफामा मूल्य समायोजन पाउने र अर्को दफामा मूल्य समायोजन नपाउने उल्लेख गरेका कारण विवाद भै मूल्य समायोजन पाउनुपर्ने भनी निर्माण व्यवसायीले दाबी पेस गरेकोमा मध्यस्थले ५ निर्माण व्यवसायीलाई रु.१० करोड ७९ लाख मूल्य समायोजन भुक्तानी दिने निर्णय गरेको देखिन्छ। सोही प्रकृतिको विवादमा मध्यस्थले ७ निर्माण व्यवसायीको रु. १५ करोड ६० लाखको दाबी अस्वीकार गरेको देखिन्छ। यसरी सम्झौतामा मूल्य समायोजन लागु नहुने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले सो व्यवस्था स्वीकार गरेको र सम्झौता गर्दा नै मूल्य सूचङ्काक वा कोफिसियन्ट उल्लेख नगरेको अवस्थामा पनि सम्झौताका प्रावधान नै संशोधन गरेर मूल्य समायोजन दिने निर्णय भएको देखिन्छ।

८. **मूल्य समायोजन गणना सम्बन्धी विवाद -** सार्वजनिक खरिद ऐन तथा नियमावली र खरिद सम्झौता बमोजिम मूल्य समायोजन गणनाको लागि सूत्रको व्यवस्था गरी मूल्य सूचकाङ्क एवं मूल्य स्रोत समेत उल्लेख गरिएको हुन्छ। तर कतिपय अवस्थामा नियोक्ताले फरक तरिकाले व्याख्या गरी मूल्य समायोजन नदिएको वा कम दिएको कारण विवाद हुने गरेको देखिन्छ। मुख्यरूपले १२ महिनाको ठेक्कामा मूल्य समायोजन नदिएको, नेपाल राष्ट्र बैङ्कको उपभोक्ता मूल्यसूचीको प्रयोग गरेर निर्माण सामग्रीको मूल्य समायोजन गणना गरेको, नेपाल राष्ट्र बैङ्कले सूचकाङ्कको आधार वर्ष परिवर्तन गरेका कारण मूल्य समायोजन नदिएको, जनरल आइटममासमेत मूल्य समायोजन दिएको, सम्झौतामा मोबिलाइजेसन पेस्की कट्टा गर्ने व्यवस्था नभए पनि मोबिलाइजेसन पेस्कीमा मूल्य समायोजन नदिएको जस्ता विवादहरू देखिन्छन्। यी विवादहरू सम्झौताका प्रावधानको व्याख्या गरेका कारण सिर्जना भएको देखिन्छ। यस सम्बन्धी प्रमुख विवादमा मध्यस्थबाट ९ निर्माण व्यवसायीलाई रु.१८ करोड ५१ लाख ८५ हजार भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यस्ता विवादहरू समयमै समाधान नहुँदा मध्यस्थसम्म पुगेर निर्णय भई रु.१ करोड १८ लाख ब्याज समेत भुक्तानी गर्नु परेको छ। कतिपय ठेक्कामा ब्याज रकम उल्लेख नगरी भुक्तानी दिँदा गणना गर्ने उल्लेख गरेबाट ब्याज रकम अझै बढ्ने देखिन्छ।

९. **थप कामको नयाँ दरले भुक्तानी -** निर्माण व्यवसायीसँग भएको सम्झौतामा बिल अफ क्वान्टिटी (बीओक्यू) आइटममा २५ प्रतिशत भन्दा बढी थप घट भएमा आइटम दर समायोजन गर्न सकिने उल्लेख गरिएको हुन्छ। सोही आधारमा विभिन्न निर्माण व्यवसायीले कतिपय बीओक्यू आइटमको काम बढेको आधारमा दर संशोधन गरी बढाउनुपर्ने दाबी पेस गरेको सन्दर्भमा मध्यस्थले ६ निर्माण व्यवसायीलाई रु.१० करोड ६० लाख ३७ हजार भुक्तानी दिने निर्णय गरेको देखिन्छ। सम्झौताबमोजिम नियोक्ताले समयमा निर्णय नगर्दा ब्याजसमेत भुक्तानी दिनु परेको छ।

१०. **अनावश्यक ब्याज दायित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (७) मा खरिद सम्झौतामा तोकिएको अवधिभित्र भुक्तानी दिन नसकेमा ब्याज दिनुपर्ने उल्लेख छ। सार्वजनिक निकायले सम्झौताबमोजिम भुक्तानी दिनुपर्ने रकममा विवाद वा अन्य कारणले भुक्तानी नदिएको अवस्थामा निर्माण व्यवसायीले ब्याज दाबी गर्ने र मध्यस्थले भुक्तानी दिनुपर्ने निर्णय गरेको देखिन्छ। कतिपय अवस्थामा काममा ढिलाइ गरेबापतको पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता भुक्तानी दिँदासमेत ब्याज दिनुपर्ने गरी निर्णय भएको पाइयो। ब्याज दिनु पर्नाको मुख्य कारणमा नियोक्ताले भुक्तानी दिनुपर्ने रकम समयमा नै टुङ्गो लगाएर भुक्तानी दिन नसक्नु रहेको देखिन्छ। मध्यस्थले गरेको ब्याज प्रदान गर्ने सम्बन्धी निर्णयमा

समेत एकरूपता देखिँदैन। कतिपय अवस्थामा ८ प्रतिशतदेखि १८ प्रतिशतसम्म ब्याज हिसाब गरेको पाइन्छ। कुनै मध्यस्थले दाबी सिर्जना भएको मितिदेखि, कुनैले मध्यस्थको निर्णय मितिदेखि र कुनैले निर्णयको ४५ दिन पश्चात ब्याज गणना हुने व्यवस्था गरेको देखिन्छ। कुनैले ब्याज रकम उल्लेख नगरेको अवस्थासमेत छ। मध्यस्थले गरेका ब्याज सम्बन्धी प्रमुख निर्णयमा मात्र १७ निर्माण व्यवसायीलाई रु.१४ करोड ३३ लाख ६२ हजार भुक्तानी दिनुपर्ने देखिएको छ। कतिपय विवादमा ब्याज रकम उल्लेख नगरेकोले उक्त रकम अझै बढ्ने देखिन्छ। यस सम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्ः

१०.१. आर्थिक वर्ष २०८०।८१ मा काठमाडौं महानगरपालिकाअन्तर्गत तिनपिप्ले-सिस्डोल सडकनिर्माण कार्यका एक संयुक्त उपक्रमको दाबीमा मध्यस्थले नगर कार्यपालिकाको २०७६।३।१७ को टिप्पणीबाट काम सम्पन्न भई फाइनल बिल पेस भएको र फिल्डमा केही बिग्रेको सडक मर्मत गराई रु.७ करोड ७३ लाख भुक्तानी दिन निर्णयार्थ पेस भएको मितिलाई अन्तिम बिल स्वीकृत भएको मानी २०७७।२।१८ मा मात्र भुक्तानी भएकोले ३०० दिन ढिला भएको उल्लेख गरी १० प्रतिशतका दरले रु.५५ लाख १६ हजार ब्याज भुक्तानी दिने निर्णय गरेको छ। निर्माण व्यवसायीले समयमा त्रुटि सुधार नगरेको कारणले भुक्तानीमा ढिलाइ भएको सम्बन्धमा महानगरपालिकाले तथ्य प्रमाण राख्न सकेको देखिएन। यसरी भुक्तानीको लागि टिप्पणीसमेत अगाडि बढाए पनि कुनै तथ्यपूर्ण आधारबेगर भुक्तानी नगरेका कारण ब्याजबापत उक्त रकम तिर्नु परेको देखिन्छ।

१०.२. आर्थिक वर्ष २०८०।८१ मा मर्स्याङ्गदी नदी (भोटेओडार)मा स्टील ट्रस ब्रिज निर्माणकार्यमा एक संयुक्त उपक्रमले २०७०।३।१८ मा स्टील ट्रसको काम सकेर रु.१ करोड ८५ लाखको आठौं रनिङबिल पेस गरेको तर आयोजना प्रमुखले लोड टेष्टिङ्ग गरेपछिमात्र भुक्तानी दिने भनी बिल होल्ड गरेको देखिन्छ। उक्त भुक्तानी माग गर्दा पुलको काम सम्पन्न भई नसकेको लोड टेष्ट गर्ने अवस्थामा नपुगेको केवल अन्तरिम बिलको भुक्तानी माग गरेको तर भुक्तानी नदिएको पाइयो। यसै क्रममा पुल निर्माण सम्पन्न भई रु.८९ लाख ३५ हजारको अन्तिम बिलसमेत पेस भएको तर नियोक्ताले दर्ता गर्न नमानेको अवस्थामा निर्माण व्यवसायीले हुलाक मार्फत पठाएको र विवादका कारण भुक्तानी नभएको देखियो। नियोक्ताले औंल्याएका कमजोरीहरू सम्भव भएसम्म निर्माण व्यवसायीले सच्याइसकेकोले बिल रोकी राख्नु मनासिब नभएको उल्लेख गर्दै मध्यस्थले भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यसरी सिफारिश गर्दा आठौं बिलको भुक्तानी दिनुपर्ने रु.१ करोड ८५ लाखको १०.४५ वर्षको ब्याज रु १ करोड ९३ लाख (बिल रकमको शतप्रतिशत भन्दा बढी ब्याज) भुक्तानी पाउने निर्णय गरेको देखिन्छ। यसरी नियोक्ताले अन्तरिम बिल, अन्तिम बिल, मूल्य समायोजन लगायतका भुक्तानी दिनुपर्ने रकम रोक्ने तर रोकेको तथ्यपूर्ण पुष्ट्याइँ मध्यस्थलाई दिन नसकेको कारण सरकारले ब्याजबापत मात्र रु.३ करोड ५ लाख भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएको छ।

१०.३. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमको विवादमा मध्यस्थले रु.२३ करोड ९ लाख र ब्याज रु.५ करोड ७६ लाखसमेत रु.२८ करोड ८५ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ। यसरी भुक्तानी रकमको करिब २५ प्रतिशत ब्याज भुक्तानी गर्नुपर्ने देखिएको छ। उक्त ब्याज माटो फिलिङ्गको कामको लागि माटो खरिद गर्नु परेको, समयमा पोलहरू नहटाएका कारण दक्षतापूर्वक काम गर्न नसकेको लगायतका दाबी भुक्तानीमासमेत हिसाब

गरेको देखिन्छ। यसरी पेस भई प्रमाणित भएको बिल भुक्तानी नहुँदा मात्र आकर्षित हुने दफा प्रयोग गरी नोक्सानीको भरणमा समेत ठुलो रकम ब्याज दिने निर्णय भएको छ।

१०.४. आर्थिक वर्ष २०८१।८२ मा मालपोत कार्यालय चाबहिलको, भवन निर्माण कार्यअन्तर्गत एक संयुक्त उपक्रमले रनिङ बिल २ देखि १२ सम्मको भुक्तानी समयमा नगरेका कारण पेस गरेको मितिको आधारमा दाबी प्रस्तुत गरेकोमा मध्यस्थले रु.३६ लाख ६५ हजार ब्याज भुक्तानी दिने निर्णय गरेको छ। नियोक्ताले पेस गरेको मितिको आधारमा नभै बिल प्रमाणित गरेको मितिको आधारमा ढिलाइको गणना गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। तर सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (३) मा पेस भएको रनिङ्ग बिल ३० दिन भित्र स्वीकृत गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोले सोही आधारमा पेस गरेको मितिका आधारमा ब्याज गणना गरेको देखिन्छ। यसरी पेस भएका बिल समयमा भुक्तानी नगर्दा बढी दायित्व सिर्जना भएको छ।

१०.५. आर्थिक वर्ष २०८१।८२ मा दिगो शहरी यातायात आयोजना अन्तर्गत, टेकु पुल निर्माण सम्बन्धमा आयोजना कार्यालय र एक संयुक्त उपक्रम बिचको विवादमा मध्यस्थले कार्यसम्पादन जमानत बापत रु.१ करोड ७२ लाख फिर्ता दिने एवं सो ऋण बाध्यकारी भएकोले १८.६६ प्रतिशतले हुने ब्याज रु.१ करोड ३१ लाख भुक्तानी दिनुपर्ने र बिल नं १३ को नापी र पुष्ट्याइँ कागजातसहित पेस गरेकोमा भुक्तानी नदिएकोले सो बिलको रु.२ करोड ७ लाख र १३ प्रतिशतले हुने ब्याज रु.१ करोड १२ लाखसमेत भुक्तानी दिनुपर्ने निर्णय मध्यस्थले गरेको छ। मुलुकी देवानी संहिता, २०७४ बमोजिम चलनचल्तीको ब्याज १० प्रतिशतलाई मानिएको छ। अन्य सबै विवादमा सोहीअनुसार निर्णय भएकोमा यस विवादमा मध्यस्थले सोभन्दा बढी (१३ प्रतिशत देखि १८.६६ प्रतिशतसम्म) ब्याज गणना गरेबाट रु.१ करोड २ लाख बढी ब्याज गणना गरी भुक्तानी दिने निर्णय मध्यस्थबाट भएको छ।

११. **ठेक्का रकम भन्दा बढी दाबी** - आर्थिक वर्ष २०८०।८१ मा सडक विभाग मातहत केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले संशोधित ठेक्का रकम रु.१ अर्ब ३३ करोड ७९ लाख रहेकोमा सोभन्दा बढी रु.१ अर्ब ४४ करोड ४२ लाखको दाबी प्रस्तुत गरेको देखिन्छ। यसैगरी २०८१।८२ मा महालेखा नियन्त्रक कार्यालय र एक परामर्शदाताबिच आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकालाई पुनरावलोकन गरी आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी नमूना निर्देशिका तयार गर्ने काम रु २ करोड १७ लाखमा सम्पन्न गर्ने सम्झौता भएकोमा विवाद उत्पन्न भई परामर्शदाताले ठेक्का रकम भन्दा बढी रु.२ करोड ४६ लाखको दाबी प्रस्तुत गरेको पाइयो।

१२. **प्रतिदाबी गर्ने नगरेको** - मध्यस्थता गठन भैसकेपश्चात दाबी, प्रतिवाद, प्रतिदाबी वा प्रत्युक्ति पेस हुने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा १० (२) मा रहेको छ। सोही ऐनको दफा १४ (७) मा सरकारी कार्यालयको तर्फबाट मध्यस्थकर्तासमक्ष दाबी, प्रतिदाबी, दाबी उपर प्रतिवाद वा प्रत्युक्ति पेस नगरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई निजको सेवा सर्तसँग सम्बन्धित प्रचलित कानुन बमोजिम विभागीय कारबाही हुने व्यवस्था छ। तर सरकारी कार्यालयले निर्माण व्यवसायी वा परामर्शदाता वा आपूर्तिकर्ताले पेस गरेको दाबीमा नियोक्ताले न्यून सङ्ख्यामा मात्र प्रतिदाबी पेस गर्ने गरेको देखिन्छ। अध्ययनको क्रममा विगत ५ वर्षमा सार्वजनिक निकायका १६० ठेक्कामा विवाद भई निर्माण व्यवसायी आपूर्तिकर्ता र परामर्शदाताबाट रु.११ अर्ब ९२ करोड १९ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजारको दाबी पेस भएकोमा नियोक्ताले २७ विवादमा मात्र रु.२ अर्ब २४ करोड ४४

लाखको प्रतिदाबी पेस गरेको देखिन्छ। साथै प्रतिवाद पनि प्रभावकारी तवरले गर्न नसकेको, कतिपय अवस्थामा प्रत्युक्ति समेत नदिएको, प्रमाण कागजात र पुष्ट्याइँहरू मध्यस्थ सन्तुष्ट हुने गरी प्रस्तुत गर्न नसकेको अवस्था पाइयो। फलस्वरूप नियोक्ताको पक्षमा हुनुपर्ने निर्णयहरू पनि निर्माण व्यवसायीको पक्षमा भएको अवस्था छ। तसर्थ नियोक्ताले सार्वजनिक जवाफदेहिता प्रवर्धन गर्न ठेक्का व्यवस्थापन प्रभावकारी तवरले गर्ने, विवाद वा खरिदका पक्षसँगका प्रत्येक गतिविधिहरूको उपयुक्त तवरले अभिलेखन गर्ने, प्रमाण सङ्कलन गर्ने र दाबी पेस हुने अवस्थामा प्रतिवाद वा प्रत्युक्ति पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१३. **प्रोलङ्गेशन लागत भुक्तानी -** खरिद सम्झौता भइसकेपश्चात् निर्माण व्यवसायीलाई काम गर्न साइट उपलब्ध नहुने वा साइट क्लियरेन्स नहुने, रुख कटान नहुने, काममा अवरोध हुने लगायतका कारण म्याद थप गर्नुपर्ने अवस्थामा अथवा निर्माण व्यवसायी निर्माण स्थलमा परिचालित भैसकेको तर काम गर्न नपाएको अवस्थामा प्रोलङ्गेशन लागत दाबी हुने गरेको देखिन्छ। उस्तै प्रकृतिको प्रोलङ्गेशन लागत कुनै मध्यस्थले भुक्तानी दिने र कुनैले भुक्तानी नदिने निर्णय गरेको देखिन्छ। समग्रमा मध्यस्थबाट प्रोलङ्गेशन लागतको दाबीमध्ये १६ निर्माण व्यवसायीलाई रु.२५ करोड ३९ लाख भुक्तानी दिने गरी र ८ निर्माण व्यवसायीलाई रु.१८ करोड ८३ लाख भुक्तानी दिन नमिल्ने गरी निर्णय भएको छ।

मध्यस्थले कतिपय अवस्थामा निर्माण व्यवसायीलाई क्षति पुगेकै हो भनी दाबी भुक्तानी दिने निर्णय गरेको देखिन्छ भने कतिपयले ठेक्का रकमको आधारमा दैनिक लागत गणना गरी (कुल ठेक्का रकमलाई ठेक्का अवधिले भाग गरेर वा ठेक्का रकमको १५ प्रतिशत वा ३० प्रतिशत रकमलाई ठेक्का अवधिले भाग गरेर) भुक्तानी दिने निर्णय समेत गरेको देखिन्छ। कुनै मध्यस्थले यसरी दैनिक आधारमा ओभरहेड वा प्रोलङगेशन लागत हिसाब गर्ने तरिका नै त्रुटिपूर्ण भनी उल्लेख गरेका छन्। कुनै मध्यस्थले ठेक्का सम्झौतामा यस्तो भुक्तानी दिन मिल्ने सर्त नरहेको वा निर्माण व्यवसायीले पूर्व चेतावनी नदिएको आधारमा पनि यस्तो दाबी अस्वीकार गरेको देखिन्छ। समग्रमा नियोक्ताले म्याद थप गर्दा कुनै प्रकारको आर्थिक दायित्व नपर्ने वा प्रोलङगेशन लागत लगायतका दाबी नगर्ने प्रतिवद्धता वा माइन्यूट नगराएका कारण पछि दाबी सिर्जना भएको पाइयो। ब्याज गणना सम्बन्धमा पनि विविधता देखिन्छ। कुनै मध्यस्थले बिल प्रमाणित नभएकोले प्रोलङगेशन लागतमा विगतको ब्याज दिन नमिल्ने निर्णय गरेको देखिन्छ भने कतिपयले सुरु देखिकै ब्याज गणना गरी भुक्तानी गर्नुपर्ने निर्णय गरेका छन्। म्याद थप अवधिमा कार्यरत जनशक्ति र उपकरणका बिल भरपाईबेगर दैनिक आधारमा प्रोलङगेशन लागत हिसाब गर्नु, म्याद थपको अवधिमा यथार्थरूपमा ती जनशक्ति र उपकरण राख्नु पर्ने थियो वा थिएन सो को पर्याप्त विश्लेषण नगरी र सुरु देखिकै ब्याज भुक्तानी गरेको देखियो।

१४. **स्पेशिफिकेशन अनुसारको कामको भुक्तानी -** ठेक्का सम्झौतामा बीओक्यू दरले गरिने भुक्तानी, समावेश हुने कार्यहरू र नापी गर्ने प्रक्रिया उल्लेख हुने र त्यसलाई स्पेशिफिकेशनले थप स्पष्ट पारेको हुन्छ। निर्माण व्यवसायीले आइटम दरको भुक्तानीबाट कभर हुने कार्यको पनि बेग्लै भुक्तानी दाबी गर्ने र सो उपर मध्यस्थले देहायअनुसार भुक्तानी दिने निर्णय गरेको देखिन्छः

१४.१. आर्थिक वर्ष २०७७।७८ मा बैरी ताल चिसापानीमा भेरी नदीमाथि टस बृज निर्माण अन्तर्गत एक निर्माण व्यवसायीले बिओक्यू, स्पेशिफिकेशन, ड्रइङ्ग, डिजाइन लगायतमा ग्याल्बनाइज्ड गर्नुपर्ने उल्लेख नगरेकोमा आयोजना प्रमुखले ग्यालबनाइज्ड गर्न लगाएकोले थप काम गर्नु परेको हुँदा सोबापत लाग्ने

रकम दाबी गरेको देखिन्छ। सो आइटम दरमा Fabrication, providing and erection of structural components for steel truss including Bolt, rivet, subset plate etc. as per drawing and specification all complete उल्लेख छ। सो मा ग्याल्बनाइज्ड शब्द नभएकोले निर्माण व्यवसायले रु.८४ लाख २८ हजार पाउने निर्णय मध्यस्थका बहुमत सदस्यले गरेको देखिन्छ। तीनमध्ये एक मध्यस्थले बिमति राख्दै ठेक्का सम्झौताको स्पेशिफिकेशनको दफा २२०९ मा फलामे पुललाई मौसमी प्रतिकूलताबाट जोगाउन पेन्ट गर्नुपर्ने र पेन्टको परिभाषाभित्र सि नं १० मा ग्याल्बनाइज्डसमेत पर्ने देखिन्छ। सडक विभागले गरेको दर विश्लेषणको प्रतिलिपि २/१७ मा ग्याल्बनाइज्ड शब्दसमेत परेको र सामान्य छड प्रति मेट्रिकटन रु ७० हजारदेखि रु १ लाखसम्म पर्नेमा सो आइटमको लागत दर रु.१ लाख ७७ हजार कायम गरेकोले ग्याल्बनाइज्ड गर्ने गरी नै लागत अनुमान तथा स्पेशिफिकेशन तयार गरिएकोले सबै काम सम्पन्न गर्ने (all complete) भित्र ग्याल्बनाइज्डसमेत पर्ने र निर्माण व्यवसायीले आफ्नै खर्चमा गर्नुपर्दछ भन्ने राय दिए तापनि बहुमतले सो तर्क स्वीकार नगरी भुक्तानी दिने निर्णय गरेको पाईयो। स्टिल ट्रसको काममा ग्याल्बनाइज्ड बेगरको अर्थ हुँदैन र स्पेशिफिकेसन दर विश्लेषणसमेतमा समावेश गरिएकोमा बेग्लै भुक्तानी दिने निर्णय गरेकोले थप दायित्व पर्न गएको छ।

१४.२. आर्थिक वर्ष २०७९।८० मा आयोजना कार्यान्वयन ईकाइ सिँचाइ, धाप ड्याम डिजाइन तथा निर्माण तथा संरक्षण आयोजना र एक संयुक्त उपक्रमबिच स्याडल ड्याम २ र ३ निर्माण व्यवसायीको कार्यक्षेत्रमा पर्छ वा पर्दैन भन्ने विवाद रहेको पाइयो। ठेक्का सम्झौताको मूल्य सूचीमा Construction of saddle dam as per approved design and specification all complete unit मा भुक्तानी हुने गरी व्यवस्था गरेको छ। यसको अर्थ आवश्यक सङ्ख्यामा निर्माण गर्नुपर्ने भन्ने नियोक्ताको तर्क रहेको तर निर्माण व्यवसायीले स्याडल ड्याम २ र ३ थप निर्माण गर्नु परेकोले भेरिएशन आवश्यक परेको उल्लेख गरी रु.८ करोड ४८ लाख दाबी पेस गरेको देखिन्छ। अगष्ट १४, २०१८ को बैठकमा दुबै पक्ष यो थप काम हो भन्ने विषयमा सहमत भएको उल्लेख छ। सोही अनुसार इन्जिनियरले मूल्याङ्कन एवं लागत निर्धारण गरेको देखिन्छ। पर्याप्त अध्ययन नगरी सहमति जनाएको कारण दाबी सिर्जना भएको देखिन्छ।

नियोक्ताले यो ठेक्का डिजाइन एण्ड बिल्ट मोडेलको भएकाले भेरिएशनको व्यवस्था छैन भनी दाबी अस्वीकार गरेको देखिन्छ। तर मध्यस्थले सम्झौतामा आवश्यकता अनुसार भेरिएशन गर्न सकिने जनाएको छ। स्याडल ड्याम २ र ३ अनुमान नगरिएको सम्झौतामा स्याडल ड्याममात्र उल्लेख गरिएकोले ती स्याडल ड्यामहरू थप काम हो भनी परिभाषित गरी रु.५ करोड ७६ लाख भुक्तानी दिने निर्णय गरेको छ। पर्याप्त अध्ययन गरी आवश्यक पर्ने संरचना खरिद सम्झौता तथा स्पेशिफिकेशनमा उल्लेख गर्न नसक्दा दाबी सिर्जना भई थप भुक्तानी दिनु परेको छ।

१४.३. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले माटो फिलिङ्गको काममा थप लागत परेको उल्लेख गरी दाबी पेस गरेको छ। सडकको इम्बैङ्कमेन्ट बनाउनको लागि BOQ २.१.२.०३ मा Formation of embankment with suitable material including excavation, haulage compaction in layers and watering all complete भन्ने आइटम रहेको छ। निर्माण व्यवसायीले काम गर्ने क्रममा नियोक्ताले उपयुक्त माटो ल्याउने ठाउँ देखाउन नसकेको, ठेक्का सर्त अनुसार राईट अफ वेलाई माटो खानीको रूपमा प्रयोग गर्न नमिल्ने व्यवस्था रहेको, उपयुक्त माटो निशुल्क उपलब्ध हुन्छ भन्ने मान्यता राखेर नियोक्ताले सो सम्बन्धी लागतको व्यवस्था नगरेको, काम सुरु भएपछि निर्माण व्यवसायीले माटो खरिद गर्नु परेको, नियोक्तालाई पटक-पटक उक्त कुरा जानकारी

गराउँदा समेत वास्ता नगरेको उल्लेख गरी दाबी पेस गरेको छ। नियोक्ताले दुबै पक्षले दस्तखत गरिएको सम्झौतामा सबग्रेड तयार गर्नका लागि उपयुक्त माटो ल्याउनेदेखि सबै आवश्यक कार्य सम्पन्न गर्नको लागि प्रति घनमिटर रु ३०० दर कबोल गरेको जनाएको छ। स्टाण्डर्ड स्पेशिफिकेसन-९०९ मा "The contractor shall make necessary arrangement for the required embankment as mentioned in BOQ and the contractor is not allowed to use the right of way for borrow pit" उल्लेख भएकोले भुक्तानी दिन नमिल्ने नियोक्ताको तर्क भएपनि निर्माण व्यवसायीले माटो खरिद गर्नु परेकोले विभिन्न पालिकाबाट लिएको दरमध्ये सबैभन्दा कम दर रु ३५० थप गरी इम्वैङ्कमेन्ट फिलिङ्गको काम बापत रु.१३ करोड ९ लाख र ब्याज रु.४ करोड १२ लाख भुक्तानी दिनुपर्ने भनी म्यस्थकर्ताले निर्णय गरेको देखिन्छ। निर्माण व्यवसायीले साइटको अवस्था, बिओक्यू दरको बनौट र स्पेसिफिकेशन बमोजिम गर्नुपर्ने कामको प्रकृतिको आधारमा आइटम दर कबोल गर्नुपर्ने हुन्छ। यस्तो दर कबोल गर्दा नियोक्ताको दर विश्लेषणमा के समावेश थियो वा थिएन भन्ने विषय गौण हुन्छ। नियोक्ताले फिलिङ्गको लागि माटो खरिद गर्ने लागत नराखेको, निर्माणस्थल नजिक उपलब्ध नहुने अवस्थामा निर्माण व्यवसायीले आफ्नो विश्लेषण र साइट निरीक्षणको आधारमा सोवापतको लागत समावेश गरी दर प्रस्ताव गर्नुपर्दछ। बिओक्यू दर प्रस्ताव गरी सकेपछि माटो खरिद गर्नु परेको भनी दाबी भएकोमा भुक्तानी दिनुपर्ने निर्णय भएको छ।

१४.४. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले हुलाकी राजमार्गमा १२ मीटर चौडाइमा सडक सुधारको कार्य भइरहेको र सो क्षेत्रमा ११० बिजुलीका पोल, १०० केभी र ४०० केभीका प्रसारणलाइन रहेको विद्युतका तारहरू सडक यत्रतत्र रहेकोले ट्रक लगायतका हेभी मेसिन उपकरणहरू आवतजावत गर्न कठिनाइ रहेको, पोल हटाउन पटक पटक पत्राचार गरे पनि नेपाल विद्युत प्राधिकरणले २०७७।४।१६ मा पोलहरू हटाउनका लागि आदेश दिएको, सडक क्षेत्रका रुखहरू हटाउन २०७८।१०।९ मा मात्र आदेश दिएकोले सो अवधिसम्म दक्षतापूर्वक काम गर्न नसकेको र भाडामा ल्याएका ट्रकहरूले दैनिक २ ट्रिप भन्दा बढी गर्न नसकेको लगायतका कारणबाट नोक्सानी बेहोर्नु परेको उल्लेख गरी दाबी गरेकोमा मध्यस्थले उपकरण आइडल रहदाको खर्चलाई नियोक्ता र निर्माण व्यवसायीबिच आधाआधा गरी रु.४ करोड ६० लाख र ९४८ दिनको ब्याज रु.८३ लाख ६७ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यसरी कार्यक्षमतामा आएको ह्रासलाई प्रमाणको आधारमा वस्तुपरक नापभन्दा पनि अनुमानित आधारमा आधा आधा गरेको देखिन्छ। आयोजना प्रमुखले सिफारिश गरेको बिल समयमा भुक्तानी नभएको अवस्थामा ब्याजको गणना गर्ने व्यवस्था भएपनि मध्यस्थको उक्त निर्णयबाट कामको भुक्तानी भन्दा पनि दक्षतामा ह्रास भई सिर्जना भएको यथार्थ नोक्सानीको रकम नै क्षतिपूर्ति दिई सकेपश्चात सोमा ब्याज गणना भएको छ।

१५. **कानुन र सम्झौतामा असंगति -** सार्वजनिक निकायले खरिद वा अन्य सम्झौता गर्दा विद्यमान कानुनलाई आधार लिएर गर्नुपर्ने हुन्छ। कानुनबमोजिम सम्झौता नगरेका कारण विवाद उत्पन्न भै मध्यस्थमार्फत समाधान गर्दा सार्वजनिक निकायलाई नोक्सान परेको देखिएको छ। आर्थिक वर्ष २०८०।८१ मा एक व्यवसायीसँग त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयले विमानस्थलमा Design installation, commissioning and operation of Common Uset Terminal Equipment System कार्यको लागि ठेक्का सम्झौता गरेको र सो उपकरण जडानपश्चात् कन्सेसन फि उठाएर कार्यालयलाई दिनुपर्ने सम्बन्धमा विवाद भएको

देखिन्छ। व्यवसायीले समयमा काम सम्पन्न गर्न नसकेका कारण शुल्क उठाएर नबुझाएकोले कार्यालयले शुल्क र जरिबाना लगाउने निर्णय गरेकोमा दाबीकर्ताले शुल्क तथा ढिलाइसँग सम्बन्धित जरिबाना तिर्नु नपर्ने उल्लेख गरी मुद्दा मामिला तथा मध्यस्थतामा संलग्न हुनु परेका कारण पुगेको क्षतिबापत रु.१ करोड १९ लाख पाउनुपर्ने दाबी गरेको छ। यस विवादमा कार्यालयले समयमा कन्सेसन फी नतिरेका कारण जरिबाना र बाँकी कन्सेसन फीसमेत कुल अमेरिकी डलर ३० लाख ४८ हजार ६५४ दाबीकर्ताले तिर्नुपर्ने माग गरेको छ। उक्त जरिबाना नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली अनुसार विमानस्थलमा विभिन्न सेवा उपभोग गरेबापत समयमा शुल्क नबुझाएमा जरिबाना लाग्ने व्यवस्था अनुरूप माग गरेको तर दाबीकर्ताले स्वीकार नगरेको अवस्था देखिन्छ। मध्यस्थले शुल्क तिर्न ढिलाइबापतको जरिबाना कार्यालयले माग गरेपनि दाबीकर्ता सहमत नभएको, दाबीकर्ता र कार्यालयबिच भएको सम्झौतामा यसप्रकारको ढिलाइ बापतको जरिबाना लिने व्यवस्था नभएको अवस्थामा दाबीकर्ताले जरिबाना तिर्नु नपर्ने र अन्य क्षतिबापतको रकमसमेत दाबीकर्ताले नपाउने निर्णय गरेको छ। विमानस्थल सेवा शुल्क नियमावली बमोजिम सेवा प्रदायकसँगको ठेक्का सम्झौतामा उठाउनुपर्ने शुल्क बुझाउन ढिला गरेमा जरिबाना लाग्ने सम्बन्धी व्यवस्था नराखेका कारण कार्यालयलाई अमेरिकी डलर ३० लाख ४८ हजार ६५४ बरावरको नोक्सानी भएको देखिन्छ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था छ। नियोक्ताले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेको वा म्याद थपको प्रक्रिया टुङ्गो नलाग्दै पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको अवस्थामा निर्माण व्यवसायीले आफ्नो कारणले म्याद थप गर्नु नपरेको हुँदा पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता हुनुपर्ने दाबी पेस गरेको आधारमा मध्यस्थले २२ निर्माण व्यवसायीलाई रु.३५ करोड ७९ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ। यसरी फिर्ता दिँदा रु ३ करोड ९० लाख ब्याजसमेत दिने निर्णय गरेको छ। कतिपय विवादमा रकम उल्लेख गरी ब्याज गणना नगरेकोले उक्त रकम अझै बढ्ने देखिन्छ।

नियोक्ताले पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेकोमा विवाद उत्पन्न भई निर्माण व्यवसायीका कारणले काममा ढिलाइ भएको नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउन नमिल्ने भनी मध्यस्थले फिर्ता दिने निर्णय गरेको देखिन्छ। नियोक्ताले माईलस्टोनअनुसार प्रगति नभएको भनी पूर्वनिर्धारित क्षतिपूर्ति लगाएकोमा सो समेत फिर्ता दिने निर्णय भएको छ। नेपाल सरकारले सार्वजनिक खरिद नियमावलीमा पटक पटक संशोधन गरेर पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको कारणले पनि पहिला कट्टा गरिएको पूर्वनिर्धारित क्षतिपूर्ति ब्याजसहित फिर्ता गर्नु परेको छ। कतिपय अवस्थामा नियोक्ताले पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी निर्णय गरेकोमा समेत निर्माण व्यवसायीको ढिलाइका कारणले म्याद थप गर्नु परेको अवस्था नरहेको वा नियमावलीको मनसाय पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने नभएकाले फिर्ता दिनुपर्ने निर्णय गरेको देखिन्छ। मध्यस्थले उस्तै प्रकृतिका दाबीमासमेत कुनैमा ब्याज सहित फिर्ता दिने कुनैमा ब्याज तिर्नुनपर्ने गरी निर्णय गरेको देखियो। नियोक्ताले कसको कारणले काममा ढिलाइ भएको हो सो सम्बन्धमा पुष्टयाई हुने प्रमाणहरूको अभिलेखन गर्ने एवं प्रस्तुत गर्न नसकेका कारण समेत पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता गर्नु परेको देखिन्छ।

१७. **विदेशी मुद्रामा बढी दरले ब्याज गणना -** आर्थिक वर्ष २०७७।७८ मा तुलसीपुर-सल्यान सडक र एक निर्माण व्यवसायीबिचको विवादमा उच्च अदालत पाटनको प्रमाण र कानुनको आधारमा

पुनरावलोकन गर्ने आदेशबमोजिम पुन निर्धारण गरिएको छ। उक्त विवादमा मध्यस्थले प्रमाणित बिलको भुक्तानी गर्न ६ वर्ष ढिलाइ भएको उल्लेख गरी सो बापतको ब्याज अमेरिकी डलर १ लाख र कडा चट्टानको परिमाणमा २५ प्रतिशत भन्दा बढी वृद्धि भएको कारण नयाँ दर निर्धारण गरी पाउने थप भुक्तानी अमेरिकी डलर १ लाख ७५ हजार समयमा भुक्तानी नदिई ६ वर्ष ढिलाइ भएकोले ब्याज अमेरिकी डलर १ लाख १२ हजारसमेत भुक्तानी दिनुपर्ने निर्णय भएको छ। मध्यस्थले अमेरिकी डलरमा समान्यतयाः London Interbank Offer Rate (LIBOR) १ देखि २ प्रतिशतमात्र हुनेमा यस अघि मध्यस्थबाट सो ठेक्कामा १० प्रतिशत हिसाब गरिएको र उच्च अदालतले सोही आधारमा वा नेपालका वाणिज्य बैङ्कको दरलाई आधार मानी गणना गर्न निर्देशन दिएकोले १० प्रतिशत ब्याजदर गणना गर्न बाध्य भएको उल्लेख गरेको छ। आर्थिक वर्ष २०८०।८१ मा नेपाल विद्युत प्राधिकरण (हेटौंडा-भरतपुर २२० के भी) र एक व्यवसायीबिचको विवादमा मध्यस्थले अमेरिकी डलरको सन्दर्भमा ब्याज गणनाको लागि २०१९ देखि २०२३ सम्मको लिबोर दरको औसत दर २.४३ प्रतिशत लिएको देखिन्छ। फलस्वरूप यस विवादमा १ लाख ७० हजार अमेरिकी डलर बढी ब्याज गणना भएको देखिन्छ।

यसैगरी आर्थिक वर्ष २०७७।७८ मा सडक विभाग, सडक सुधार आयोजना, चन्द्रनिगाहपुर अन्तर्गत गौर सडक सुधार र एक संयुक्त उपक्रमको विवादमा पहिल्यै पाउनुपर्ने भुक्तानीमा ढिलाइ भएकाले ब्याज पाउने निर्णय गर्दा मध्यस्थले अमेरिकी डलरमा लिबोर प्रयोग नगरी १० प्रतिशत ब्याजदर गणना गरेका कारण अमेरिकी डलर ६७ हजार ८२५ बढी ब्याज गणना भएको छ। आर्थिक वर्ष २०८०।८१ मा मेलाम्ची खानेपानी विकास समितिबाट एक वर्षसम्म आयोजनाको हेडवर्क्सको सञ्चालन मर्मतमा एक हाइड्रो कर्पोरेशनलाई भुक्तानी ढिला भएकोमा ब्याज गणना गर्दा लिबोरमा नगरी १० प्रतिशत गणना गरेबाट अमेरिकी डलर २३ हजार ७१५ बढी ब्याज निर्धारण भएको देखिन्छ।

उल्लिखित ३ ठेक्कामा मध्यस्थले लिबोर प्रयोग नगरी अमेरिकी डलरमा समेत १० प्रतिशत ब्याज गणना गर्दा अमेरिकी डलर २ लाख ६२ हजारको प्रति अमेरिकी डलर रु १४० का दरले नेपाली रुपैयाँ रु.३ करोड ६७ लाख बढी ब्याज भुक्तानी दिने निर्णय भएको छ।

१८. **न्यून गुणस्तरको ट्रान्सफर्मर खरिद** - आर्थिक वर्ष २०७७।७८ मा नेपाल विद्युत प्राधिकरण र आपूर्तिकर्ताबिच १ हजार २६८ थान ट्रान्सफर्मर खरिदका लागि रु.२० करोड ८ लाखका दुई वटा सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार ट्रान्सफर्मर सप्लाई गर्नुभन्दा पहिले इन्स्पेक्सन र टेष्ट गर्न सप्लायर्सको कारखानामा प्राधिकरणका कर्मचारी उपस्थित भएको देखिन्छ। छोटो समयको ईन्स्पेक्सनमा ट्रान्सफर्मरहरू ठेक्काको प्रावधान अनुकुल रहेको भनी प्रतिवेदन दिए पछि आपूर्तिकर्ताले ट्रान्सफर्मर सप्लाई गरेको देखियो। उक्त ट्रान्सफर्मर प्राप्त भैसकेपछि उल्लेखित स्पेसिफिकेशन बमोजिम रहे नरहेको परीक्षण नगरी वितरण गरिएको र जडान गरेपश्चात ट्रान्सफर्मरहरू न्यून गुणस्तरको भएको पाइयो। प्रायजसो ट्रान्सफर्मरमा नो लोड र लोड लस अत्यधिक रहेको देखिएकोले वारेन्टी पिरियड भित्र मर्मत गर्ने वा प्रतिस्थापन गर्ने भन्ने सम्वन्धमा पटक पटक पत्राचार गर्दा पनि सप्लार्यसले कुनै प्रतिकृया नदेखाएको र वारेण्टी अवधिसम्म जिम्मेवार हुने भएपनि सो अवधि समाप्त भैसकेको जवाफ दिएको पाइयो।

नेपाल विद्युत प्राधिकरणले मापदण्ड बमोजिम नरहेका सबै ट्रान्सफर्मरहरू प्रतिस्थापन गर्नुपर्ने, नो लोड र लोड लस अत्यधिक रहेको कारण भएको क्षतिवापत दुई ठेक्कामा अमेरिकी डलर ९ लाख ६७ हजार २८९ दाबी र ट्रान्सफर्मर मर्मत खर्च रु.४४ लाख ४६ हजार समेत पाउनुपर्ने दाबी गरेको छ। आपूर्तिकर्ता सहभागी नभएकोले उच्च अदालतको आदेशबाट मध्यस्थता गठन भएको र मध्यस्थले उक्त रकम आपूर्तिकर्ताले प्राधिकरणलाई दिनुपर्ने निर्णय गरेको छ। तर आपूर्तिकर्ताको तर्फबाट कुनै पनि रकम प्राधिकरणले प्राप्त गर्न सकेको छैन। यसरी एकातर्फ रु.२० करोड भन्दा बढी खर्च गरी प्राप्त ट्रान्सफर्मर गुणस्तरहीन भई उक्त खर्च उपलब्धिविहीन भएको छ भने अर्कोतर्फ ती गुणस्तरहीन ट्रान्सफर्मरबाट पुगेको माथि उल्लिखित क्षतिको सोधभर्नासमेत प्राधिकरणले पाउन सकेको छैन।

प्राधिकरणले ट्रान्सफर्मर प्राप्त भैसकेपश्चात् परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था सम्झौतामा नरहेको कारण वितरण गरिएको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्राप्त ट्रान्सफर्मरको परीक्षण गरी स्पेशिफिकेशन अनुरूप रहेको प्रमाणित गरेरमात्र रकम भुक्तानी गर्ने व्यवस्था नमिलाएका कारण उपर्युक्त क्षति भएको देखिन्छ। साथै विदेशबाट गरिने माल सामान आपूर्तिमा हुने यसप्रकारका कमजोरीलाई न्यूनीकरण गर्न निकाय सजग हुनुपर्ने देखिन्छ।

१९. **प्रतिबद्धता विपरीत दाबी एवं भुक्तानी -** आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले ठेक्काको म्याद २७ जुन, २०२० बाट १३ अप्रिल, २०२२ थपिएको तर सुरु ठेक्का अवधिपश्चात मूल्य समायोजन सूचकाङ्कलाई फ्रीज गरेका कारण मूल्य समायोजन कम पाएको भनी दाबी पेस गरेको छ। मध्यस्थले यस्तो मूल्य समायोजनवापत रु.२ करोड ४२ लाख र सोको ब्याज रु.५५ लाख ८४ हजार भुक्तानी दिने निर्णय गरेको छ। सुरुको ठेक्का म्यादपश्चात मूल्य समायोजन सूचकाङ्क फ्रीज गर्ने भनी निर्माण व्यवसायी र नियोक्ताबिच २०७६।१०।३ तथा २०७८।६।२२ मा पटक पटक सहमति भएको र २०७८।१२।८ मा निर्माण व्यवसायीले प्रतिबद्धता पत्रसमेत दिएको अवस्था देखिन्छ। तर पछि निर्माण व्यवसायीले उक्त सहमति दवावमूलक ढंगबाट लिइएको हो भनी दाबी प्रस्तुत भएको देखियो। यस सम्बन्धमा २०७७।११।२५ मा मूल्य समायोजन सूचक फ्रीज गर्ने व्यवस्थामा दबाब दिई सहमति गराएको उल्लेख गरी निर्माण व्यवसायीले पत्र समेत दिएको र यस्तो दवाव दिएर सहमति गराउने कार्य उपयुक्त नभएको र मूल्य समायोजन ठेक्काको अवधिभर लागु हुने भएकाले कम भुक्तानी भएको मूल्य समायोजन र ब्याज भुक्तानी दिनुपर्ने भनी मध्यस्थले निर्णय गरेको पाइयो। साथै निर्माण व्यवसायी आफैले प्रतिबद्धता पत्र मार्फत माइन्यूटमा साथै मूल्य सूचकाङ्क फ्रीज गर्ने कुरा स्वीकार गर्ने तर पछि आएर मेरो सहमति छैन भनी दाबी गर्ने विषय करारीय मान्यता अनुकूल देखिँदैन। यस सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम पक्षहरूले करार सम्झौताको अभिन्न अङ्गको रूपमा रहने गरी माइन्युट तथा पूरक सम्झौता वा निर्णय गरेमा उक्त सम्झौता वा निर्णय मूल सम्झौताको अभिन्न अङ्गको रूपमा रहन्छ भनी मध्यस्थले २०८१।८२ को शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन ईकाइ, रूपन्देही र एक संयुक्त उपक्रमको सन्दर्भमा निर्णय गरेको देखिन्छ। तर सोही प्रकृतिको दाबी रहेको यस ठेक्कामा मध्यस्थले स्वीकार गरी भुक्तानी दिनुपर्ने निर्णय गरेको देखिन्छ।

२०. **अदक्षताका कारण नोक्सानी भएको -** सार्वजनिक निकायले गर्नुपर्ने काम दक्षतापूर्वक नगरेका कारण विवाद उत्पन्न भई मध्यस्थमार्फत समाधान खोज्दा सार्वजनिक निकायलाई देहायबमोजिम नोक्सानी परेको देखिएको छ।

२०.१. आर्थिक वर्ष २०७९।८० मा नेपाल विद्युत प्राधिकरण, थोपाखोला जलविद्युत आयोजनाअन्तर्गत एक विद्युत उत्पादक कम्पनीले विद्युत खरिद सम्झौता बमोजिम बाध्यकारी विद्युत कटौती, लाइन तथा अन्य कारणले विद्युत प्रसारण हुन नसकेको, व्यावसायिक विद्युत उत्पादन सुरु हुने मितिमा भएको ढिलाइ, विद्युत न्यून उत्पादन, लाइन नोक्सानी लगायतका कारण दर्शाई रु.३५ करोड ९७ लाखको दाबी प्रस्तुत गरेको छ। मध्यस्थले विद्युत कटौती, लाइन तथा अन्य कारणले विद्युत प्रसारण हुन नसकेको अवस्थामा तोकिएको विद्युत उत्पादन नगरेबापत जरिबाना कट्टा गरेको लगायत कुल रु.५ करोड २५ लाख प्राधिकरणले उत्पादकलाई भुक्तानी दिनुपर्ने निर्णय गरेको छ।

उक्त रकममध्ये नेपाल विद्युत प्राधिकरणको निर्देशनमा वा कुनै संरचनाको क्षमता कम भएको वा वितरणको लागि विद्युत ऊर्जा आवश्यक नभएको आधारमा गरिने बाध्यकारी कटौती लगायतका प्राधिकरणको अदक्षताका कारण विद्युत उत्पादकलाई रु.२ करोड ७३ लाख भुक्तानी गर्नु परेको छ। यसैगरी विद्युत आयोजनाको व्यावसायिक उत्पादन सुरु हुने मिति संशोधन गरिएको र संशोधित मिति भन्दा पनि ११ महिना ४ दिन ढिलाइ गरी व्यावसायिक रूपमा विद्युत उत्पादन भएकाले नेपाल विद्युत प्राधिकरणले सम्झौता बमोजिम हर्जाना रु.१ करोड ७१ लाख र तोकिएको विद्युत उत्पादन नगरेवापतको जरिबाना रु.७३ लाख असुल गरेको थियो। सो उपर विवाद सिर्जना भई मध्यस्थले विभिन्न मितिमा आयोजना निर्माणकर्ता र विद्युत प्राधिकरणबिच भएका बैठकको आधारमा सो क्षेत्रमा पावर ट्रान्सफर्मरको क्षमता अभिवृद्धि गर्नु परेको, सवस्टेशनहरूको ठाउँ ठाउँमा क्षमता अभिवृद्धि हुने क्रममा नै रहेकोले सम्पूर्ण विद्युत प्रशारण (Evacuation) हुने अवस्था नभएसम्म हर्जाना लिनु न्यायोचित नभएको भनी सो रकम फिर्ता दिने निर्णय गरेको छ। यसरी समयमा गर्नुपर्ने काम नभएबाट उत्पादन भएको विद्युत प्रसारण हुने अवस्था नभएको, प्रसारण लाइन व्यवस्थित नभएको र विद्युत उत्पादन कटौती गर्नुपर्ने अवस्था सिर्जना भएकोमा सम्बन्धित पदाधिकारी सजग हुनुपर्ने देखिन्छ। अन्य धेरै विद्युत उत्पादकलाई पनि यसै गरी क्षतिपूर्ति तिर्नुपर्दा ठुलो रकम नोक्सानी वहन गर्नुपर्ने अवस्था छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

२०.२. आर्थिक वर्ष २०८०।८१ मा नेपाल विद्युत प्राधिकरण र एक उत्पादकबिच विद्युत खरिद सम्झौताको कार्यान्वयन सम्वन्धमा विवाद उत्पन्न भएको देखिन्छ। सो उत्पादकसँग विद्युत खरिद बिक्री सम्झौता २०६७।६।७ मा भएको छ। सो सम्झौता अनुसार व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति २०७३।२।३ रहेकोमा विद्युत प्राधिकरणको दायित्वमा पर्ने प्रसारण लाइन र सबस्टेशन निर्माणको कार्य हुन नसकेका कारण मुल सम्झौतामा सातौं पटकसम्म संशोधन गरी व्यापारिक उत्पादन सुरु हुने मिति २०७८।६।१२ पुऱ्याएको छ। सम्झौता संशोधन गर्दा विद्युत खरिद बिक्रीको दररेट उल्लेख भएको दफा संशोधन नगरिएकोले व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति भन्दा वास्तविक उत्पादन सुरु मिति ढिला भएमा सो अवधिको मूल्य समायोजन दिने व्यवस्था रहेको छ। सो व्यवस्था संशोधन नभएको अवस्थामा प्राधिकरणको कारणले व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने संशोधित मिति आर्थिक वर्ष २०७७।७८ पुगेको तर सुरु सम्झौता बमोजिमको व्यापारिक उत्पादन सुरु गर्नुपर्ने २०७२।७३

अनुसारकै विद्युत खरिद बिक्री दर रु.५।४० प्रयोग गरेर मूल्य समायोजन गणना नगरी २०७७।७८ देखि विद्युत खरिदको रकम भुक्तानी दिएकोले नोक्सान भएको उल्लेख गरी दाबी प्रस्तुत गरेको देखिन्छ। प्राधिकरणको कारणले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति परिवर्तन भएको तर विद्युत खरिद दरको मूल्य समायोजन गणना गर्ने दफा संशोधन नगरिएको कारणले सुरु सम्झौताको व्यापारिक उत्पादन सुरु मितिदेखिको मूल्य समायोजन गणना गरी २०७७।७८ को विद्युत खरिदको दर प्रतियुनिट रु.६।२६ कायम गर्नुपर्नेमा रु.५।४० ले भुक्तानी दिएकोले फरक रु.१७ करोड ४१ लाख दाबीकर्तालाई दिनुपर्ने निर्णय मध्यस्थले गरेको छ।

यसैगरी सोही जलविद्युत आयोजना सञ्चालनमा आएपश्चात् प्राधिकरणबाट सञ्चालित तातोपानी साना जलविद्युत केन्द्रको विद्युत उत्पादनमा कमी आउने भएकाले सो बराबरको विद्युत क्षतिपूर्तिवापत निःशुल्क उपलब्ध गराउनुपर्ने सम्झौता भएकोमा सो आयोजनाको क्षमता २ मेगाबाट रहेको देखिन्छ। विद्युत उत्पादन र निःशुल्क विद्युत सोधभर्ना सम्वन्धमा विवाद उत्पन्न भएपश्चात विभिन्न समितिहरू गठन भएको तर सहमति भएको देखिँदैन। मध्यस्थले सो विद्युत उत्पादन केन्द्रले विद्युत उत्पादन गर्न सक्ने क्षमताको आधारमा नपुग विद्युत सोधभर्ना नगरेकोले उक्त जलविद्युत केन्द्रले वार्षिक १ करोड ६६ लाख ४४ हजार किलोबाट घण्टा विद्युत उत्पादन गर्न सक्ने भएपनि पूर्ण क्षमतामा सञ्चालन नभएका कारण १२ वर्षमा भएको सालाखाला उत्पादन ३० लाख २५ हजार ३२५ किलोबाट घण्टालाई आधार लिएको छ। सोही आधारमा प्राधिकरणले निशुल्क विद्युतवापत पाउनुपर्ने रकम रु.१ करोड ९६ लाख हुनेमा क्षमताको आधारमा निःशुल्क विद्युत पाउनुपर्ने रकम रु.१० करोड ९५ लाख गणना गरेकोले बढी गणना गरी कट्टा गरेको रकम रु.८ करोड ९९ लाख प्राधिकरणले फिर्ता दिनुपर्ने निर्णय मध्यस्थबाट भएको छ।

प्राधिकरणले एकातर्फ विद्युत खरिद बिक्री सम्झौता गर्ने तर समयमै ट्रान्समिशन लाइन तथा सबस्टेशन निर्माण गर्न नसक्दा उत्पादित विद्युत खेर गएको देखियो। साथै अर्को तर्फ व्यापारिक उत्पादन सुरु हुने मिति परिवर्तन गर्ने तर विद्युत खरिद दरको मूल्य समायोजन गणना हुने मिति यथावत राखेको कारणले विवाद उत्पन्न भएको देखिन्छ। यसैगरी प्राधिकरणले आफूले व्यवस्थापन गरेका साना जलविद्युत आयोजनाबाट हुने विद्युत उत्पादनको यथार्थ विवरण वा आधार प्रस्तुत गर्न नसकेकोले निःशुल्क रूपमा पाउने विद्युतवापत रकम फिर्ता गर्नु परेको छ। समग्रमा प्राधिकरणको कमजोरीका कारण संस्थालाई नोक्सानी परेको छ।

२१. **जनरल आइटममा थप भुक्तानी -** ठेक्कामा क्याम्प निर्माण सञ्चालन, ल्याबोरेटरी निर्माण सञ्चालन, कार्यसम्पादन जमानत, बैङ्क जमानतलागयतका कामहरू लमसममा राखिएको हुन्छ। यस्ता आइटमहरूको भुक्तानी एकमुष्ठ रूपमा गरिन्छ। म्याद थप पश्चात ठेक्काको अवधि वृद्धि हुँदा निर्माण व्यवसायीले यस बापत थप खर्च व्यहोर्नु पर्दछ। तर कामको परिमाण वा समयको आधारमा भुक्तानी नहुने भएकाले त्यस्तो थप खर्च भुक्तानी दिन नमिल्ने नियोक्ताको जिकीर रहेको छ। तर मध्यस्थले जनरल आइटमको विवाद सम्वन्धमा निर्माण व्यवसायीलाई थप लागत पर्ने भएकाले ६ निर्माण व्यवसायीलाई रु.४ करोड ५८ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ।

२२. **खरिद सम्झौता अन्त्य एवं क्षतिपूर्ति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताबमोजिम काम नगर्ने वा ढिला गर्ने निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाताको खरिद

सम्झौता अन्त्य गरी बाँकी काम गराउन लाग्ने रकम क्षतिपूर्तिवापत लिनुपर्ने व्यवस्था रहेको छ। ऐन तथा सम्झौताको व्यवस्था अनुरूप ठेक्का तोडी कार्यसम्पादन जमानत जफत गरिएकोमा विवाद उत्पन्न भई मध्यस्थले निर्माण व्यवसायीलाई सो अवधिमा गरेका कामको भुक्तानी दिनुपर्ने र कार्यसम्पादन जमानत तथा धरौटी बाँकी छ भने सो समेत फिर्ता दिने निर्णय गरेको देखिन्छ। कतिपय अवस्थामा गुणस्तरिय सामान आपूर्ति नभएको, गुणस्तरीय काम नभएको र निर्माण सुरु नै नभएको अवस्थामा समेत निर्माण व्यवसायीलाई भुक्तानी दिनु परेको कारण भएको खर्चको उपलब्धि शून्य देखिन्छ। निर्माण व्यवसायीले काम नगरेका कारण ठेक्का तोड्दा सो काम पछि बोलपत्र आह्वान गरी गराउँदा लाग्ने थप रकम असुल गर्नुपर्ने कानुनी व्यवस्थाको पालना भएको समेत देखिँदैन। निर्माण व्यवसायी वा नियोक्ताको तर्फबाट खरिद सम्झौता अन्त्य सम्बन्धमा विवाद उत्पन्न भई मध्यस्थमार्फत समाधान गर्दा देखिएका केही प्रमुख बेहोरा देहायबमोजिम रहेका छन्:

२२.१. आर्थिक वर्ष २०७८।७९ मा कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागि अत्यावश्यक सामग्री ३ लटमा ५ अप्रिल, २०२० सम्म आपूर्ति गर्ने गरी एक आपूर्तिकर्तासँग सम्झौता भएकोमा आपूर्तिकर्ताले ३० मार्च, २०२० सम्म १८.२१ प्रतिशतमात्र सामान ल्याएको, तोकिएको म्यादभित्र बाँकी समान दिन सक्ने पर्याप्त आधारहरू पनि पेस नगरेको र विशेष परिस्थितिमा सम्पन्न खरिद सम्झौताका सर्तहरूसमेत उल्लङ्घन गरेको भनी नियोक्ताले आपूर्तिकर्तासँगको सम्झौता अन्त्य गरी अमेरिकी डलर ५ लाख १६ हजार ९२२ को कार्यसम्पादन जमानत जफत गरेको र कालोसूचीमा राखेको सम्वन्धमा दाबी प्रस्तुत भएको देखिन्छ।

खरिद पूर्व नै ढुवानीको समस्या हुने कुरा पूर्वानुमान गरिएको, सोही बमोजिम सामान ढुवानी सहजीकरण गर्नका लागि आपूर्तिकर्ताबाट अनुरोध गरिएको, जहाज उपलब्ध हुन नसकेको अवस्थामा खरिदकर्ताको तर्फबाट कुनै पहल नगरेको, बाह्य आपूर्तिकर्ताले सबै सामान व्यवस्था गरिसकेको, जहाजमा लोड गर्न मात्र नसकेको, तत्कालको अवस्थामा ढुवानी गर्ने अन्य विकल्प पनि नरहेकोले दाबीकर्ताले म्याद थप माग गर्नु स्वाभाविकै हो भन्ने मध्यस्थले उल्लेख गरेको छ। आपूर्तिकर्ताको प्रयासका बाबजुद कार्यसम्पादन हुन नसकेको र खरिदकर्ताले सामान ढुवानी व्यवस्थाका लागि पहल नगरेको अवस्थामा एकपक्षीयरूपमा दाबीकर्तालाई दोषारोपण गरेर ठेक्का अन्त्य गरी कार्यसम्पादन जमानत जफत गरेको मनासिव नदेखिएको भनी मध्यस्थले कार्यसम्पादन जमानत रु.६ करोड २५ लाखमा ब्याज रु.१ करोड ३१ लाख समेत फिर्ता दिने निर्णय गरेको छ। यसैगरी करारबमोजिम ढुवानी गरेर बुझाएको सामग्रीको भुक्तानी नभएको सम्वन्धमा सो सामानको मूल्य रु.२७ करोड ६५ लाख दाबीकर्तालाई भुक्तानी दिनुपर्ने मध्यस्थबाट निर्णय भएको छ।

यसरी खरिद सम्झौताको कार्यान्वयनमा पर्याप्त समन्वय र सहजीकरण नहुने र कानुन तथा सम्झौता बमोजिम ठेक्काको काममा प्रगति नगरेको पुष्ट्याइँ गर्न नसक्ने गरी खरिद सम्झौता अन्त्य भएबाट एकातर्फ विपदको समयमा आवश्यक स्वास्थ्य सामग्री प्राप्त हुन सकेको देखिएन भने अर्कोतर्फ जफत गरेको जमानतको ब्याजवापत मात्र रु १ करोड ३१ लाख भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएको छ।

२२.२. आर्थिक वर्ष २०७९।८० मा जलश्रोत तथा सिँचाइ विभागअन्तर्गत, सिक्टा सिँचाइ आयोजनाको, डुडुवा सिँचाइ प्रणालीमा हेडवर्क्स तथा क्यानल निर्माणअन्तर्गत एक संयुक्त उपक्रमको ठेक्का तोडिएकोमा

मध्यस्थमार्फत विवाद समाधान गरेको देखिन्छ। दाबीकर्ताले जफत गरिएको कार्यसम्पादन जमानत फिर्ता गर्नुपर्ने, थप अवधिको बैङ्क ग्यारेण्टीको चार्ज, बिल नं २ को भुक्तानी, मूल्य समायोजन लगायतमा रु.३३ करोड ३९ लाखको दाबी प्रस्तुत गरेको छ। नियोक्ताले आयोजनालाई यथावत सञ्चालन गर्न लाग्ने लागत, प्रथम बिलको भुक्तानी र परामर्शदाताको शुल्कवापत रु.१ अर्ब १४ करोड ७६ लाख प्रतिदाबी पेस गरेको छ।

निर्माण व्यवसायीले बिल नं २ को भुक्तानी गर्न नियोक्ताले स्रोतको व्यवस्था गर्न नसकेको, अर्थ मन्त्रालयलाई अनुरोधमात्र गरेको, साइट उपलब्ध नभएको, ड्रइङ्ग प्राप्त नभएको, बिजुलीका पोल नसारेको, क्वारी साइटको अनुमति नदिलाएको जस्ता कारणले कामको प्रगति हुन नसकेको भनी उठाएको देखिन्छ। मध्यस्थले यी कारणहरूमा निर्माण व्यवसायीलाई दोषी देखाउन नमिल्ने भएकाले जफत गरिएको कार्यसम्पादन जमानतको रु.९ करोड ९० लाख फिर्ता दिनुपर्ने र मूल्याङ्कनकर्ताबाट बिल नं २ को कामको मूल्याङ्कन गर्न लगाई रु.४ करोड २८ लाख तथा सोको मूल्य समायोजन रु.६८ लाख भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। ठेक्का व्यवस्थापनमा भएको कमजोरीका कारण प्रतिफल बेगर उक्त रकम निर्माण व्यवसायीलाई भुक्तानी गर्नु परेको अवस्था छ। तर ठेक्का अन्त्य गर्दा सार्वजनिक खरिद ऐन बमोजिम उक्त काम नयाँ बोलपत्र आह्वान गरी सम्पन्न गर्दा लाग्ने थप लागत समेत असुल गर्नु पर्ने विषय नियोक्ताले उठाए पनि मध्यस्थको बहुमतले अस्वीकार गरेको छ।

एक जना मध्यस्थले सो निर्णयमा असहमति जनाएको देखिन्छ। कामको प्रगति सम्वन्धमा निर्माण व्यवसायीलाई पटक पटक संशोधित कार्यतालिका पेस गर्न भनीएको, निर्माण व्यवसायीले पेस गरेपनि प्रतिबद्धता अनुरूप काम नगरेको, कार्य प्रगति सम्बन्धमा पटक पटक बैठक गरिएको, वित्तीय स्रोतको हकमा साउदी फण्डले व्यहोर्ने तय भएको अवस्थामा कामको प्रगति नभएपछि ठेक्का अन्त्य गर्ने सूचना दिए पश्चात् पनि प्रगति नभएपछि सबै प्रकृया पूरा गरेर ठेक्का तोडिएको छ। यसबाट दाबीकर्ताले उल्लेख गरेबमोजिम नियोक्ताको कमजोरी देखिँदैन। तसर्थ उक्त कार्यको सुपरभिजनको लागि नियुक्त एकमात्र परामर्शदाताको खर्च रु.१ करोड २६ लाख असुल गर्नुपर्ने र कार्यसम्पादन जमानतबाट अर्को निर्माण व्यवसायीबाट उक्त काम सम्पन्न गर्दा लाग्ने लागत असुल गर्नुपर्ने राय उक्त मध्यस्थले दिएको देखिन्छ।

२२.३. आर्थिक वर्ष २०८१।८२ मा दिगो शहरी यातयात आयोजनाअन्तर्गत टेकु पुल निर्माण कार्यमा संलग्न एक संयुक्त उपक्रमले तेह्रौं बिलको भुक्तानी र ब्याज, म्याद थप, पूर्व निर्धारित क्षतिपूर्ति फिर्ता, काम घटाएकोले गुमेको नाफा, प्रोलङ्गेशन लागत, धरौटी फुकुवा, कार्यसम्पादन जमानत जफतको शोधभर्नालगायतका दाबी पेस गरेकोमा मध्यस्थको निर्णय बहुमतबाट भएको देखिन्छ। दुईजना मध्यस्थले बिल नं १३ नापी र पुष्ट्याइँ कागजातसहित पेस गरेकोमा ब्याजसहित भुक्तानी दिनुपर्ने, पेस्की बाँकी रकम कट्टा गरी जमानत फिर्ता गर्नुपर्ने, धरौटी र कार्यसम्पादन बण्डको रकम ब्याजसहित फिर्ता दिनुपर्ने, कार्यसम्पादन जमानत फुकुवा गर्नुपर्ने समेत निर्माण व्यवसायीलाई रु.१० करोड ७४ लाख ७० हजार भुक्तानी दिनुपर्ने निर्णय गरेका छन्। तर एक जना मध्यस्थले ईन्जिनियरको आदेश निर्माण व्यवसायीले नमानेको, कंक्रिटको टेष्ट गर्दा स्पेशिफिकेशन अनुसारको गुणस्तर नभएकोले निर्माण व्यवसायीले पेस गरेको बिल नं. १३ को भुक्तानी दिन नमिल्ने, पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता गर्नु नपर्ने, आयोजना कार्यालयले पटक पटक सूचना गर्दा पनि सुधार गर्न नसकेकोले नियोक्ताले ठेक्का अन्त्य गर्न

सक्ने, गुमेको नाफा र ओभरहेड भुक्तानी दिनु नपर्ने, ठेक्का अन्त्य पश्चात उक्त काम सम्पन्न गर्न लाग्ने लागत रु ७ करोड ३३ लाख निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। यसरी मध्यस्थहरूले निर्णय गरेको दाबी रकममा अत्यधिक अन्तर देखिन्छ।

पुल निर्माण गुणस्तरीय नभएको, इन्जिनियरले कंक्रिट ग्रीड र डेक स्लाबलाई भत्काई ३० दिनभित्र स्पेशिफिकेशन बमोजिमको निर्माण गर्न सूचित गरेको तर निर्माण व्यवसायीले सोको पालना नगरेको अवस्थामा पनि निर्माण व्यवसायीले पेस गरेको दाबीलाई नै सही ठहऱ्याई भुक्तानी हुने तर पुल सञ्चालनमा आउन नसकेको स्थिति रहेको अवस्थामा पनि दाबी स्वीकार गरी भुक्तानी दिनुपर्ने निर्णय मध्यस्थले गरेको देखिन्छ।

२३. **भवनको क्षेत्रफल र लिज भाडा सम्वन्धमा -** आर्थिक वर्ष २०८१।८२ मा नेपाल ट्रष्टको दरवारमार्ग स्थित जग्गामा भवन निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने उद्देश्यले प्रकाशित सूचना अनुसार छनोट भएको एक फर्मले भवन निर्माण गरी सञ्चालनमा ल्याएको सम्वन्धमा सुरु सम्झौता भन्दा बढी तला निर्माण गरेपश्चात प्राप्त हुने लाभ लिजदातालाई दिनुपर्ने हो, होइन भन्ने विवादको निरूपण मध्यस्थमार्फत् गर्ने निर्णय गरेको छ। लिजको सम्झौता पश्चात काठमाडौं उपत्यका, महानगरपालिका, नगरपालिकाहरूमा निर्माणसम्बन्धी मापदण्ड, २०६४ लाई संशोधन गरी काठमाडौं महानगरपालिकाले काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०७५ जारी गरेको पाइयो। जसअनुसार बढी तलाको भवन निर्माण गर्न सकिने अवस्था सिर्जना भएको र लिजको लागि सूचना प्रकाशन गर्दा नै लिज प्राप्तिकर्ताले बढी भन्दा बढी तला र क्षेत्रफल चर्चिने गरी जग्गाको अधिकतम उपयोग गर्नुपर्ने सर्त रहेकोले सोही बमोजिम बढी तला थप गर्न चाहेको देखिन्छ। मध्यस्थले सम्झौतामा प्रथम पक्षको स्वीकृति लिई थप निर्माण गर्न सक्ने व्यवस्था रहेको तर प्रत्यक्षरूपमा थप तला निर्माण गर्न स्वीकृति नदिएको भएपनि नेपाल ट्रष्टले महानगरपालिकालाई लेखेको पत्रमा भवन निर्माण मापदण्ड, २०७५ बमोजिमको मापदण्ड अनुसारको फ्लोर एरिया रेसियो (एफएआर) प्रयोगमा ल्याउन भन्ने वाक्यांश परेकोले तला थपको जानकारी थिएन भन्न मिल्दैन भनी उल्लेख गरेको छ। यसै गरी मध्यस्थले दोस्रोपक्षले नयाँ नक्सा पारित गरी भवन निर्माण गरेर सञ्चालनमा समेत ल्याईसकेको र लिजदाताले भत्काउन नभनी थप भाडामात्र दाबी गरेकोले मौन स्वीकृति जनाएको देखिन्छ भन्ने धारणा राखेको देखिन्छ।

लिज प्राप्त गर्नेले लिजदातालाई थप भाडा तिर्नुपर्ने हो, होइन भन्ने सम्वन्धमा लिज दिने सम्बन्धि प्रकाशित सूचनामा नै अधिकतम उपयोग गर्न सकिने व्यवस्था रहेको, महानगरपालिकाले मापदण्ड संशोधन गरेको अवस्थामा जग्गाको अधिकतम उपयोग गर्न सक्ने अधिकार लिज प्राप्त गर्नेलाई हुन्छ। अर्कोतर्फ लिज सम्झौतामा लिजदातालाई दिने मासिक वा वार्षिक भाडालाई लिज प्राप्त गर्नेले प्राप्त गर्ने व्यापारिक आम्दानीसँग नजोडिएको निश्चित अवधि निश्चित प्रतिफल भएको र ३० वर्ष पश्चात उक्त थप निर्माण भएको सम्पत्ति समेत लिजदातालाई हस्तान्तरण गरिने भएकाले अन्तमा थप निर्माणको फाइदा लिजदाताले पाउने नै देखिन्छ। तसर्थ मासिक वा वार्षिकरूपमा भुक्तानी गरिने भाडामा परिवर्तन गर्नुपर्ने देखिँदैन भनी मध्यस्थले निर्णय गरेको देखिन्छ। तथापि एक मध्यस्थले असहमति जनाई भाडा रकम परिमार्जन हुनुपर्ने राय दिएको देखिन्छ।

लिजदाताले सम्झौता गर्ने प्रकृयामा आफूले पेस गरेको बेसमेन्ट र ग्राउण्ड फ्लोरको अतिरिक्त ३ तला निर्माण गर्ने डिजाइनलाई महानगरपालिकाको भवन निर्माण मापदण्डमा संशोधन भएका कारण

परिवर्तन गरेर बेसमेन्ट बाहेक ४ तला निर्माण गरेको छ। यसबाट दाबीकर्ताले चौथो तलामा ५८९.०२५ वर्ग मिटर र पाँचौ तलामा ९२.९८७ वर्ग मिटर थप क्षेत्रफल प्राप्त गरेको अवस्थामा त्यसको लाभ लिजदाताले खोज्ने विषय करारमा कानुनसम्मत अपेक्षा (Doctrine of Legitimate Expectation in Contract) भित्र पर्दछ। करारमा उल्लेख भएका वा करारमा उल्लेख नभएका वा करारबमोजिम सहमति नभएको तर गर्न सकिने कुनै काम करारको कुनै पक्षले गरेको कारणबाट थप लाभ हुने रहेछ भने सो लाभ करारको अर्को पक्षले पनि पाउने अपेक्षा राखेको हुन्छ भनी विसम्मतिपूर्ण रायमा उल्लेख गरिएको छ। बेसमेन्ट र ४ तलाको निर्माण गर्ने गरी सम्झौतामा भाडा दर निर्धारण गरिएको हो तर यदि ५ तलाको निर्माण गरिन्छ भने सो भाडा दरमा बृद्धि गर्नुपर्ने करारीय मान्यता रहेकोमा सोलाई विचार नगरी मध्यस्थको बहुमतबाट निर्णय गरेको देखिन्छ।

२४. **नेपाल सरकार स्रोतको आयोजनामा भन्सार छुट -** आर्थिक वर्ष २०७९।८० मा संघीय संसद भवन निर्माण कार्यअन्तर्गत एक निर्माण व्यवसायीसँग राजस्व छुट सम्बन्धमा ठेक्काको सर्तको व्याख्यामा विवाद भएको देखिन्छ। निर्माण व्यवसायीले सम्झौताको सर्त २१.४, २१.५ र २१.६ मा उल्लेख भएको व्यवस्थाले परियोजनामा जडान गरिने सामग्री र विदेशबाट आयात गरिएका सामानमा भन्सार छुट पाउनुपर्ने भन्ने दाबी प्रस्तुत गरेको छ। उक्त विवादको निरूपण गर्न मध्यस्थता गठन भएको देखिन्छ। सम्झौताको विशेष सर्तको दफा २१ लागु नहुने उल्लेख भएको, उक्त दफा केवल दातृ निकायको सहयोगमा सञ्चालित आयोजनामा मात्र लागु हुने र यो नेपाल सरकारको स्रोतबाट कार्यान्वयन गरिने आयोजना भएकोले भन्सार छुट लागु हुँदैन भन्ने नियोक्ताले तर्क दिएको देखिन्छ। तर मध्यस्थले प्रिबिड मिटिङ्गमा उल्लेख भएको विषयलाई आधार मानेको पाईयो। प्रिबिड मिटिङ्गमा बोलपत्रदाताले यन्त्र उपकरण तथा उपयोग हुने सामग्रीमा भन्सार महशुल लाग्ने वा नलाग्ने भनी राखेको जिज्ञासामा नियोक्ताले सम्झौताको दफा २१.४, २१.५ र २१.६ को व्याख्या गर्दै कामको आइटमसँग सम्बन्धित नेपालको कानुन बमोजिम तिर्नुपर्ने सबै करहरू निर्माण व्यवसायीले तिर्नुपर्ने उल्लेख गरेको छ। कामको आइटममा श्रम, सामग्री र उपकरण पर्ने भएकाले सोमा भन्सार पहिल्यै जोडिएको हुन्छ। तसर्थ भन्सार छुट दिन मिल्दैन भन्ने नियोक्ताको भनाइलाई मध्यस्थले मान्यता नदिई "करहरू" भनिएको तर "भन्सार" शब्द नराखिएकोले उपयोग हुने सामग्रीमा भन्सार छुट पाउने उल्लेख गरी रु ७१ करोड ८५ लाख भन्सार छुट दिनु पर्ने भनी निर्णय गरेको देखिन्छ। तथापि सबै प्रकारको करमा प्रत्यक्ष तथा अप्रत्यक्ष कर पर्ने र अप्रत्यक्ष करको समष्टिगत वर्गीकरणमा भन्सार महशुल पनि पर्ने, भए पनि यसमा भन्सार महशुल पर्दैन भनी ब्याख्या गरेको पाइयो।

भन्सार महशुल ऐन,२०८१ को दफा १३ को उपदफा ४ मा वैदेशिक ऋण वा सहायतामा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारको नाममा पैठारी हुने वस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रूपमा भन्सार महशुल छुट दिन सक्ने व्यवस्था छ। यसैगरी सम्बन्धित वर्षको आर्थिक ऐन को दफा १८ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसार लगाइएको कर, दस्तुर, शुल्क र महशुल घटाउन वा आंशिक वा पूर्ण छुट दिन सक्ने व्यवस्था छ। यसरी वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालित आयोजनामा मात्र अर्थ मन्त्रालयले राजस्व छुट दिन सक्ने व्यवस्था रहेको छ। तर यो वैदेशिक सहयोगको आयोजना नभएकोले छुट दिन मिल्ने देखिँदैन। त्यस्तै निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष सर्त नं.२१ मा भन्सार महसुल छुट सम्बन्धी विषय डोनर फण्डेड आयोजनामा आवश्यकतानुसार लागु हुने (Customs and Tax Provisions

for Contractors of Donor Funded Project if it is an requirement) उल्लेख भएको छ। तसर्थ वैदेशिक स्रोतबाट व्यहोरिने नभई नेपाल सरकारको स्रोतबाट व्यहोरिने गरी लागत अनुमान तथा सम्झौता भएको अवस्थामा सो व्यवस्था अनुसारको कर छुट दिन मिल्ने देखिँदैन। साथै संघीय संसद भवन निर्माण कार्यको लागत अनुमानमा विदेशबाट आयात गर्नुपर्ने सामग्रीको दरमा भन्सार महशुलसमेत समावेश गरेर दर विश्लेषण गरेको पाइयो। सो दरविश्लेषणका आधारमा तयार गरिएको लागत अनुमानका आधारमा ठेक्का भएकोले निर्माण व्यवसायीले पेस गरेका सबै दरहरूमा भन्सार महशुल समावेश भैसकेको हुँदा पुनः भन्सार महशुल छुट दिँदा दोहोरो पर्ने अवस्थामा पनि मध्यस्थले भन्सार छुट दिने वा दाबी सोधभर्ना दिने निर्णय गरेको पाइयो।

निष्कर्ष एवं सुझाउ

नेपालमा सार्वजनिक खरिद प्रणाली अन्तर्गत ठेक्का व्यवस्थापन, कार्यान्वयन र भुक्तानी प्रक्रियामा विभिन्न प्रकारका जटिलता तथा कमजोरीहरू विद्यमान छन्। जसका कारण पछिल्ला वर्षहरूमा सार्वजनिक निकाय र निर्माण व्यवसायीबिच हुने विवादहरूमा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। यस्ता विवादहरू मध्ये मूल्य समायोजन भुक्तानी सबैभन्दा बढी विवाद हुने क्षेत्रका रूपमा रहेको देखिन्छ। म्याद थप भएपछि मूल्य सूचकाङ्कलाई स्थिर (फ्रीज) गर्ने वा परिवर्तित सूचक प्रयोग गर्ने भन्ने विषयमा स्पष्ट कानुनी तथा सम्झौतागत व्यवस्था नहुँदा धेरै विवादहरू उत्पन्न भएका छन्। यसका अतिरिक्त, प्रोलङगेशन लागत, म्याद थप एवं पूर्वनिर्धारित क्षतिपूर्ति लिने, नलिने विषयमा पनि विवाद उत्पन्न हुने गरेको छ। नियोक्ताले म्याद थप गर्ने वा पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय गर्ने तर निर्माण व्यवसायीले आफ्नो कारणबाट नभई नियोक्ताको कारण काममा ढिलाइ भएको उल्लेख गर्ने गरेको देखिन्छ। कतिपय अवस्था भुक्तानी नगर्दा एवं सहजीकरण गर्नुपर्ने जिम्मेवारी पुरा नगर्दा पनि विवाद सिर्जना भएको छ। बोलपत्र सम्बन्धी कागजात तयार गर्दा सावधानी नअपनाएका कारण पनि कतिपय अवस्थामा फरक फरक व्याख्या भएको देखिन्छ।

सार्वजनिक निकायहरूले पनि सम्झौताका प्रावधानहरू स्पष्ट रूपमा व्याख्या गर्न नसकेको र राख्नुपर्ने प्रमाण वा पुष्टयाइँ प्रस्तुत गर्न नसकेको अवस्था छ। मध्यस्थता प्रक्रियामा पुगेका विवादहरूको निर्णय गर्दा मध्यस्थकर्ताहरूबिच दृष्टिकोणमा फरक देखिएको छ। जसका कारण उस्तै प्रकृतिका मुद्दामा फरक फरक निर्णयहरू भएको पाइन्छ। यसले मध्यस्थता प्रणालीमा अपेक्षित एकरूपता र विश्वसनीयताको अभाव रहेको देखाउँछ। साथै सम्झौताका सर्तहरू अस्पष्ट, अपूर्ण वा परस्पर विरोधाभासी रहेका कारण विवाद समाधान झन् जटिल बनेको देखिन्छ। यस सम्बन्धमा देहायबमोजिमका सुधारहरू गर्नुपर्ने देखिएको छः

सार्वजनिक खरिद ऐन, २०६३ मा गरिनु पर्ने संशोधन

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ मा खरिद सम्झौताका पक्षहरूले आपसी सहमतिमा विवादको समाधान गर्न नसकेमा मध्यस्थतालाई विवाद सामाधानको अनिवार्य संयन्त्रका रूपमा राखिएको छ। उक्त व्यवस्था पुनरावलोकन गरी खरिद सम्झौता अन्तर्गत विवादको आन्तरिक रूपमा समाधान गर्न एड्जुडिकेटर वा विवाद समाधान समिति वा त्यस्तै नामको निकाय राख्न आवश्यक छ। सो संयन्त्रबाट समाधान हुन नसकेमा मात्र मध्यस्थता मार्फत विवाद समाधान खोज्ने व्यवस्था गरिनुपर्दछ।
- ठेक्का बन्दोवस्त भइसकेपश्चात् काम हुन नसक्ने वा बजेट उपलब्ध गराउन नसक्ने वा काबु वाहिरको परिस्थितिका कारणले ठेक्का रुग्ण हुने अवस्थामा निर्माण व्यवसायी र नियोक्ताबिच आपसी सहमतिको

आधारमा कुनै पनि पक्षले कुनै दाबी नगर्ने गरी ठेक्का अन्त्य गर्ने व्यवस्थालाई स्पष्ट आधारसहित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा राख्नुपर्दछ।

- प्रचलित कानुनमा जुनसुकै व्यवस्था भएपनि सार्वजनिक खरिद सम्झौता सम्बन्धमा भएको मध्यस्थताको निर्णय वा अवार्ड सार्वजनिक गर्नुपर्ने, यस प्रयोजनका लागि मध्यस्थले निर्णय गरेपश्चात निर्णयको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनुपर्ने र सो कार्यालयले सार्वजनिक गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा थप गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद कानुन विपरीत कुनै सम्झौता भएको भएमा त्यस्तो गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने, तर करारका पक्षको हकमा सोही व्यवस्था लागु हुने गरी थप गर्नुपर्ने देखिन्छ।

मध्यस्थतासम्बन्धी ऐन, २०५५ मा हुनुपर्ने संशोधन

- मध्यस्थले शपथ लिनु पर्ने तथा आचरण सम्बन्धी व्यवस्था ऐनमा गरिए पनि सोको कार्यान्वयन एवं अनुगमन सम्बन्धी संयन्त्रको अभाव रहेको छ। सबै मध्यस्थले पालना गर्नुपर्ने आचारसंहिता जारी गर्ने र त्यस्तो आचारसंहिता वा अनुशासन उल्लंघन गरेमा कारबाही गर्ने सम्बन्धी अधिकार रहने निकाय वा संयन्त्र तय गरिनुपर्दछ।
- मध्यस्थले दिने निर्णयको ढाँचामा एकरूपता नदेखिएको सन्दर्भमा एकरूपता कायम गर्ने प्रयोजनका लागि ऐनमा नै अनुसूचीमा निश्चित ढाँचा तोकिनुपर्ने देखिन्छ। सो अनुसूचीमा अन्य कुराका अतिरिक्त वादीको दाबी र सोको रकम, प्रतिदाबीको मुख्य ब्यहोरा र सो को रकम भए रकम, निर्णय गर्दा लिइएका मुख्य आधारहरू तथा निर्णयमा स्वीकार गरेको वा अस्वीकार गरेको रकम समेत स्पष्ट रूपमा खुलाउन लगाउने व्यवस्था गरिनुपर्दछ।
- मध्यस्थले दिने निर्णयमा ब्याज निर्धारणका सम्बन्धमा कानुनी व्यवस्था नभएको र एकरूपतासमेत नदेखिएको हुँदा सम्झौतामा नै अन्यथा उल्लेख भएकोमा बाहेक निर्णय मितिदेखि गणना हुने एवं प्रचलित बैङ्क दरलाई आधार लिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। साथै विदेशी मुद्राको ब्याज गणना गर्दा लिबोर दर प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- मध्यस्थता एक स्वनियमन पेशा व्यवसाय हो। विश्वव्यापी रूपमा नै यसमा सरकारी नियमन न्यून देखिन्छ। तथापि मध्यस्थताका कतिपय निर्णयहरू निष्पक्ष एवं विवेकसम्मत नदेखिएको र भारतमा समेत कानुन संशोधन गरी नियामक निकाय खडा गरिएको पृष्ठभूमिमा नेपालको मध्यस्थता ऐनमा संशोधन गरी सीमित नियमन गर्ने निकाय खडा गर्ने वा नेपाल मध्यस्थता परिषद्लाई नै कानुनले नियमन वा अवार्डको पुनरावलोकन गर्ने जिम्मेवारी दिने व्यवस्था हुनुपर्दछ।
- मध्यस्थबाट भएका निर्णयको गुणस्तर परीक्षण नहुँदा कुनै अवस्थामा मानवीय त्रुटि वा तत्काल प्रमाणको अभावमा गलत निर्णय भै पक्षहरूलाई मर्का पर्ने अवस्था रहन्छ। तसर्थ निश्चित अवस्थामा अदालतले निर्णयको गुणस्तरसमेत परीक्षण गर्न सक्ने गरी कानुनी व्यवस्था हुनुपर्दछ।

सार्वजनिक निकाय वा सरकारी स्तरबाट गरिनु पर्ने सुधार

- नियोक्ता तथा निर्माण व्यवसायीसमेतको कारणबाट निर्माण कार्य सुचारु हुन नसक्ने, माल सामान आपूर्तिमा अवरोध, सेवा प्राप्त नहुने र विवाद सिर्जना भै मध्यस्थमार्फत समाधान गर्दा रकम खर्च हुने तर कुनै उपलब्धि

प्राप्त नहुने अवस्था छ। पर्याप्त तयारीपश्चात अनुकूल व्यवस्था मिलाएर मात्र ठेक्का सम्झौता गर्ने र नियोक्ताको तर्फबाट सहजीकरण गर्नुपर्ने दायित्व सजगताका साथ पूरा गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

- कुनैपनि सम्झौताको म्याद थप गर्दा (सरकारी पक्ष वा निर्माण व्यवसायी कुन पक्षको कारणबाट म्याद थप हुन गएको स्पष्ट खुलाई सकेसम्म दुवै पक्षको बिचमा पूरक सम्झौता गरी सो म्याद थपको कारण लागत वृद्धि भए वा मूल्य समायोजन गर्नुपर्ने भए सो को दायित्व कसले, कसरी ब्यहोर्ने भन्ने स्पष्ट गरी म्याद थप गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वा तोकिएको निकायले सरकारका तर्फबाट मध्यस्थ हुन सक्ने योग्य, क्षमतावान, अनुभवी र इमान्दार व्यक्तिहरूको सूची बनाई सबै सरकारी कार्यालयहरूमा पठाउने र सम्भव भएसम्म सो सूचीका व्यक्तिमात्र सरकारका तर्फबाट मध्यस्थ हुने व्यवस्था मिलाउनुपर्दछ।
- मध्यस्थता गठन भैसकेपश्चात् दाबी, प्रतिवाद, प्रतिदाबी वा प्रत्युक्ति पेस हुने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा १० (२) मा रहेको छ। निर्माण व्यवसायीले पेस गरेको दाबीमा नियोक्ताले न्यून सङ्ख्यामा मात्र प्रतिदाबी पेस गर्ने गरेको र प्रभावकारी नदेखिएको अवस्था छ। तसर्थ नियोक्ताले सार्वजनिक जवाफदेहिता प्रवर्धन गर्न ठेक्का व्यवस्थापन प्रभावकारी तवरले गर्ने, विवाद वा खरिदका पक्षसँगका प्रत्येक गतिविधिहरूको उपयुक्त तवरले अभिलेखन गर्ने, प्रमाण सङ्कलन गर्ने र दाबी पेस हुने अवस्थामा प्रतिवाद वा प्रत्युक्ति पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- ठेक्कामा प्रोलङगेशन लागत, गुमेको नाफा, लमसम आइटमहरूमा म्याद थप अवधि पश्चात्को थप भुक्तानी र म्याद थप पछि परिवर्तित सूचकको आधारमा मूल्य समायोजन पाउने, नपाउने सम्वन्धमा सम्झौता वा खरिद कानुनमा नै स्पष्ट व्यवस्था राख्ने र स्पष्ट नभए म्याद थप गर्दा निक्यौंल गरी माइन्यूट गर्ने एवं सो माईन्यूटलाई सम्झौताको अभिन्न अङ्गको रूपमा कायम गर्नुपर्ने देखिन्छ।
- नियोक्ता वा निर्माण व्यवसायीको तर्फबाट कमी कमजोरी भएका कारण नै पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, नलगाउने निर्णय हुने भएकाले सम्झौता कार्यान्वयनमा ढिलाइका कारण उपयुक्त ढंगले पत्राचार गर्ने एवं अभिलेखन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- ठेक्का व्यवस्थापनमा कार्यरत जनशक्तिलाई ठेक्का व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी क्षमता विकास गर्नुका अतिरिक्त विवादरहित ढंगले ठेक्का व्यवस्थापन गर्ने जनशक्तिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- मुख्यरूपले विबाद मूल्य समायोजन, नयाँ दर, भेरिएशन, भुक्तानीमा ढिलाइ, पूर्वनिर्धारित क्षतिपूर्ति, म्याद थप, प्रोलङगेशन लागत लगायतसँग सम्बन्धित रहेका छन्। कतिपय विवाद सम्झौता वा कानुनी व्यवस्थामा रहेका अस्पष्टताका कारण सिर्जना भएको देखिन्छ। एउटै प्रकृतिका विवादहरू पटक पटक आइरहँदा त्यस्तो विवाद दोहोरिन नदिनको लागि सम्झौताका सर्त तथा कानुनमा सुधार गर्नुपर्ने देखिन्छ।
- नियोक्ताले सम्झौता तयार गर्दा एक आपसमा बाझिने खालका प्रावधानहरू राख्ने गरेको देखियो। तसर्थ ठेक्का सम्झौता तयार गर्दा उचित सावधानी अपनाई स्पष्ट प्रावधानहरू राख्नुपर्ने देखिन्छ।
- निर्माण व्यवसायीले काम नगरेका कारण खरिद सम्झौता अन्त्य गर्दा सो काम पछि बोलपत्र आह्वान गरी गराउँदा लाग्ने थप रकम असुल गर्नुपर्ने कानुनी व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।
- निजी क्षेत्रका विद्युत उत्पादकसँग सम्झौता भई विद्युत उत्पादन सुरु भैसकेको तर नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने प्रसारण लाइन तयार हुन नसक्दा विद्युत खेर गई विवाद सिर्जना भएको सन्दर्भमा कार्यदक्षता अभिबृद्धि गरी समयमा नै प्रसारण लाइन निर्माण गर्नुपर्दछ।

- कुनै ठेक्कामा सम्झौताका क्रममा त्रुटि देखिएमा सोही प्रकृतिको कमी कमजोरी हुन नदिन सो त्रुटिको प्रकृति, भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरी निकायले सार्वजनिक खरिद अनुगमन कार्यमा पठाउने, सो कार्यालयले प्रक्रिया र विधिगत समाधान तय गर्ने व्यवस्था गर्नुपर्दछ।

नेपाल मध्यस्थता परिषद्बाट हुनुपर्ने प्रशासनिक सुधार

- परिषद्ले आफूअन्तर्गत कार्यरत मध्यस्थहरूको सूची अद्यावधिक गराई वेबसाइटमा राख्ने तथा तालिम तथा क्षमता विकासका कार्यहरू निरन्तररूपमा सञ्चालन गर्नुपर्दछ। साथै मध्यस्थ नियुक्त हुँदा विषयगत पृष्ठभूमिलाई समेत ध्यान दिनुपर्ने देखिन्छ।
- मध्यस्थका निर्णयमा एकरूपता तथा वस्तुपरकता देखिँदैन। उस्तै प्रकृतिको दाबी एउटा मध्यस्थ न्यायाधीकरणले स्वीकार गर्ने, अर्कोले अस्वीकार गर्ने गरेको देखिन्छ। तसर्थ विगतका निर्णय एवं अन्य मध्यस्थले निर्णय गर्दा लिएका आधारहरूसमेत अध्ययन गरेर मध्यस्थबाट हुने निर्णयमा वस्तुपरकता र गुणस्तरियता ल्याउनुपर्दछ।

खण्ड

३

सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था

सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था

१. **संवैधानिक व्यवस्था** - नेपालको संविधानको धारा २४१(२) मा पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने र त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। त्यसै गरी उपधारा (५) मा कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गर्नुपर्ने गरी सङ्घीय कानुनद्वारा व्यवस्था गर्न सकिने व्यवस्थाबमोजिम विभिन्न सङ्घीय कानुनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्नुपर्ने गरी तोकिएको छ।

२. **कानुनी व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २(ख) मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था भन्नाले सबै सेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था वा सबै सेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था सम्झनुपर्ने र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पूर्ण उत्तरदायित्व बेहोर्नुपर्ने सङ्गठित संस्थालाई समेत जनाउने उल्लेख छ।

२.१. लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुँदै आएको छ।

सोही ऐनको दफा १० मा त्यस्ता संस्थाको लेखापरीक्षण गर्न आवश्यकताअनुसार प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई महालेखापरीक्षकले सहायकको रूपमा नियुक्ति गर्न सक्ने व्यवस्था छ। त्यसरी नियुक्त लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्ने तथा निजको काम कर्तव्य, अधिकार, सेवाका सर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनुपर्ने प्रक्रिया तथा प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्था महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ।

२.२. लेखापरीक्षण ऐन, २०७५ को दफा २(च) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने, महालेखापरीक्षकले तोकिदिएको सिद्धान्तको अधीनमा रही लेखापरीक्षण गराउनुपर्ने र लेखापरीक्षणबाट सङ्गठित संस्थाको लेखा सम्बन्धमा कुनै त्रुटि देखिएमा त्यस्ता त्रुटिको सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्ता निर्देशन पालना गर्नु सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकको कर्तव्य हुने व्यवस्था छ।

लेखापरीक्षकले प्रतिवेदनबाट औंल्याएका विषयको कार्यान्वयनको प्रगति विवरण महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र पेस गर्नुपर्ने बेहोरा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा उल्लेख छ।

३. **लेखापरीक्षण अवस्था -** स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार यो वर्ष देहायअनुसारका सङ्गठित संस्थाहरूको लेखापरीक्षण सम्पन्न भएको छ।

३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार सहायकको रूपमा नियुक्त तथा कार्यालयको जनशक्ति समेतबाट यो वर्ष पूर्ण स्वामित्व भएका र सङ्घीय कानुनद्वारा तोकिएका सङ्गठित संस्थाहरूको बक्यौतासमेत ४४ संस्थाको ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८६ अर्ब ४१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३.२. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार परामर्श उपलब्ध गराएका लेखापरीक्षकबाट ४० अधिकांश स्वामित्व भएका संस्थाको बक्यौतासमेत ४६ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणबाट औंल्याइएका विषय कार्यान्वयन गर्ने सम्बन्धमा २०८३ बैशाख २१ मा लेखापरीक्षण ऐन, २०७५ को दफा ११(४) अनुसार निर्देशन दिइएको छ।

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा

यो वर्ष पूर्ण स्वामित्व भएका र सङ्घीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको लेखापरीक्षण सम्पन भएको र अधिकांश स्वामित्व भएका ४० संस्थाको लेखापरीक्षण सम्पन्न गरी पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र यस कार्यालयले नै जारी गरेको र अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र परामर्श दिइएको लेखापरीक्षकबाट जारी गरिएको छ। सम्बन्धित सार्वजनिक निकायको जिम्मेवार तहबाट कानुनबमोजिम फस्यौंट नभई बाँकी रहेका प्रमुख बेहोरा देहायअनुसार उल्लेख गरिएको छः

४. **सञ्चालक समिति -** नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानबाट सम्बद्ध सहायक कम्पनीमा सञ्चालक नियुक्ति वा मनोनयन हुँदा नेपाल सरकारको समन्वयमा निर्णय गरेको छैन। सरकारी स्वामित्वमा रहेका संस्थाले अन्य संस्थामा लगानी गर्दा यस्ता संस्थाबाट बहुसङ्ख्यक रूपमा बोर्डमा प्रतिनिधित्व गराएको छ। उल्लिखित सार्वजनिक संस्थाबाट सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्ने विषय नेपाल सरकारको अधिकार क्षेत्रभित्र पर्ने गरी नीतिगत व्यवस्था गर्नुपर्दछ। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, वित्तीय विवरणमा हस्ताक्षर गर्ने, जवाफ दिनेलगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा सङ्गठित संस्था सञ्चालनमा प्रभावकारिता आएको देखिँदैन।

५. **सञ्चालक समितिको पारिश्रमिक र सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ अनुसार सञ्चालकहरूको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने, नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १४ बमोजिम सञ्चालकको पारिश्रमिक तथा सुविधा तोकेबमोजिम हुने कानुनी व्यवस्था छन् । सार्वजनिक संस्थानको सञ्चालक समितिको पारिश्रमिक र सुविधा नेपाल सरकारले निर्धारण गर्ने गरी कानुनमा व्यवस्था गर्नुपर्दछ।

६. **स्वामित्व संरचना -** नेपाल सरकारले सङ्गठित संस्थामा लगानी गर्दा सेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन। त्यस्ता संस्थाले सहायक कम्पनीको रूपमा नयाँ संस्था स्थापना गर्नेसम्बन्धी स्पष्ट मापदण्ड नभएको तथा त्यस्ता संस्थामा

सर्वसाधारणलाई समेत सेयर निष्काशन गर्नु पर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा थप अध्ययन गर्ने गरेका छैनन्। कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै सेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरूप ऐन, नियममा संशोधन एवं पुनरावलोकन हुनुपर्दछ।

७. **वित्तीय विवरण -** सङ्गठित संस्थाले प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामानबमोजिम वित्तीय विवरण तयार गर्नुपर्नेमा गुठी संस्थान, कानुन किताब व्यवस्था समितिलगायत ८ संस्थाले सोअनुसारको वित्तीय विवरण तयार गरेका छैनन्। अधिकांश संस्थाको लेखा ढाँचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत नगरेको, नेपाल लेखामानहरू, लेखा नीति, लेखा टिप्पणी, ह्रास कट्टी, कर्मचारी दायित्वको लागि उचित आधारबाट बिमाङ्गीय मूल्याङ्कन गरी दायित्व यकिन नगरेको लगायतका विषय देखिएका छन्। वित्तीय विवरणले सबै सूचनाहरूलाई खुलासा एवं पारदर्शी बनाउनुपर्ने देखिन्छ।

८. **वित्तीय व्यवस्थापन -** तलब, भत्ता, कार्यालय सञ्चालनलगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, कर्मचारीको अधिक सङ्ख्या, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। कतिपय संस्था विगतदेखि घाटामा सञ्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेका कारण सरकारको लगानीको प्रतिफल नकरात्मक रहेको छ। सरकारको तर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवं लगानीको समीक्षा भएको छैन।

९. **सम्पत्ति व्यवस्थापन -** सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी उपयोगको प्रभावकारी व्यवस्थापन गर्नुपर्नेमा संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामग्री लिलाम बिक्री नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुङ्गो नलगाएको, प्रयोगमा ल्याएको व्यवस्थापन सूचना प्रणालीको मूल्याङ्कन नगरेको, प्रणालीको वार्षिक मर्मत सम्भार र साइबर सुरक्षामा उचित ध्यान नपुगेको लगायतका बेहोरा देखिएका छन्।

१०. **जवाफदेहिता -** नेपाल सरकारका पूर्ण स्वामित्व र अधिकांश स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षणबाट ती संस्थाहरूले लक्ष्यअनुसार प्रगति हासिल नगरेको, हिसाब मिलान नगरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज, लाभांशलगायतका रकम समयमा नबुझाएको, प्राप्त गर्नुपर्ने आम्दानी तथा नियमानुसार लाग्ने क्षतिपूर्ति असुल नगरेको, मितव्ययितालाई ध्यान नदिई प्रतिस्पर्धाबेगर खरिद गरेको लगायतका बेहोरा देखिएका छन्।

११. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१(१) मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने उल्लेख छ। सङ्गठित संस्थाहरूले लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरूजुको अभिलेख राख्ने गरेका छैनन्। लेखापरीक्षण प्रतिवेदनका सुझावहरू कार्यान्वयन हुने नगरेकोले सोही बेहोरा पुनः दोहोरिने गरेको छ। अतः अभिलेख व्यवस्थित गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१२. **सञ्चालन नतिजा एवं मुख्य बेहोरा -** पूर्ण तथा अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदनका मुख्य बेहोरा यसै साथ संलग्न गरिएको छ। सारभूत रूपमा उल्लेख गर्नु नपर्ने संस्थाको

अवस्था यस प्रतिवेदनमा समावेश गरिएको छैन। सबै सङ्गठित संस्थाहरूको रायसहितको लेखापरीक्षण प्रतिवेदन कार्यालयको वेब पेजमार्फत सार्वजनिक गरिएको छ।

१३. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २५ मा लेखापरीक्षण नगराउने लेखासम्बन्धी कागजात पेस नगर्ने पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाहीलगायतका प्रचलित कानुनबमोजिम कारबाही गर्न लेखी पठाउन सक्ने र सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी जानकारी दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट पटक-पटक निर्देशन भएकोमा ३३ सङ्गठित संस्थाले ८९ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। यो वर्ष पूर्ण स्वामित्वका २० संस्थाको ४१ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थानलगायतले लेखापरीक्षण गराएका छैनन्। त्यस्तै नेपाल सरकारको अधिकांश स्वामित्व भएका १३ सङ्गठित संस्थाको ४८ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। राष्ट्रिय बिमा कम्पनी, राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड, विशाल बजार कम्पनी, अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, साझा प्रकाशन र नेपाल ओरिण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेडलगायतको लेखापरीक्षण बक्यौता रहेको छ।

सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था

सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था

विषय-सूची

विवरण	पृष्ठ
परिच्छेद ३ः	
खण्ड – ३ः सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था	
अर्थ मन्त्रालय	
१. निक्षेप तथा कर्जा सुरक्षण कोष	७११
२. नेपाल राष्ट्र बैङ्क	७१३
३. नेपाल लेखापरीक्षणमान बोर्ड	७२२
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	
४. खाद्य व्यवस्था तथा व्यापार कम्पनी (२०८०।८१)	७२४
५. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७७।७८ देखि २०८१।८२ सम्म)	७२८
६. धौवादी फलाम कम्पनी लिमिटेड	७३४
७. नेपाल औषधि लिमिटेड	७३५
८. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	७३८
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	
९. अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेड	७४१
१०. उत्तरगङ्गा पावर कम्पनी लिमिटेड	७४२
११. तनहुँ जलविद्युत कम्पनी लिमिटेड	७४३
१२. तामाकोशी जलविद्युत कम्पनी लिमिटेड	७४६
१३. दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	७४८
१४. नेपाल विद्युत प्राधिकरण	७५०
१५. बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड	७५९
१६. मोदी जलविद्युत कम्पनी लिमिटेड	७६१
१७. रघुगङ्गा हाइड्रोपावर लिमिटेड	७६३
१८. राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड	७६४
१९. स्यार्पु पावर कम्पनी लिमिटेड	७६७
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	
२०. कानुन किताब व्यवस्था समिति	**७६९**
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	
२१. कृषि सामग्री कम्पनी लिमिटेड (२०८०।८१ र २०८१।८२)	७७१
२२. दुग्ध विकास संस्थान (२०८०।८१)	७७७
२३. स्यार्पु कृषि कम्पनी लिमिटेड	७८०
खानेपानी मन्त्रालय	
२४. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०८०।८१)	**७८२**
२५. नेपाल खानेपानी संस्थान (२०८०।८१)	**७८५**
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	
२६. नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड	७८८
वन तथा वातावरण मन्त्रालय	
२७. नेपाल वन निगम (२०८०।८१ र २०८१।८२)	७९०
२८. वन पैदावर विकास समिति (२०८०।८१)	७९५
शहरी विकास मन्त्रालय	
२९. नगर विकास कोष	७९८
३०. राष्ट्रिय आवास कम्पनी लिमिटेड	८००
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	
३१. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०८०।८१)	८०४
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	
३२. तारा गाउँ विकास समिति (२०७९।८०)	८०७
३३. नेपाल पर्यटन बोर्ड, (२०७०।७१ देखि २०७३।७४ सम्म)	८०९
३४. नेपाल वायुसेवा निगम (२०८०।८१)	**८२०**
३५. सांस्कृतिक संस्थान	८२८
सञ्चार तथा सूचना तथा प्रविधि मन्त्रालय	
३६. नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)	८३१
३७. प्रेस काउन्सिल नेपाल	८३४
३८. राष्ट्रिय समाचार समिति	८३५

अर्थ मन्त्रालय

निक्षेप तथा कर्जा सुरक्षण कोष

सर्वसाधारणको निक्षेप र कर्जाको संरक्षण गरी मुलुकको आर्थिक विकासको निमित्त बैकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि तथा सर्वसाधारणको आर्थिक हित संरक्षण र संबर्धन गर्न निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत स्थापित यो कोषमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत सेयर स्वामित्व रहेको छ। कोषको केन्द्रीय कार्यालय एवं भरतपुर, विराटनगर, पोखरा, बुटवल, धनगढी, जनकपुर र सुर्खेतमा ७ शाखा कार्यालय रहेका छन्। कोषमा स्थायी ६० र करार १३ समेत ७३ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
अमूर्त सम्पत्ति	१५		३१	
सम्पत्ति, प्लाण्ट तथा उपकरण	४१,६४		४१,२२	
स्थगन कर सम्पत्ति (खुद)	७,१५		४,९१	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	२		२	
वित्तीय सम्पत्ति				
लगानी	१,०८,००		७५,३९	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	९,१९		८,३२	
कुल गैर चालु सम्पत्ति		**१,६६,१५**		**१,३०,१७**
अन्तिम मौज्दात (पशुधन सुरक्षण सामग्री)	१०		६	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	२८		३९	
आयकर सम्पत्ति (खुद)	४७,७५		४३,९४	
लगानी	२६,२५,००		२४,४४,००	
आसामी	३,५१,३७		२,४२,९५	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	२७		२६	
नगद तथा बैङ्क मौज्दात	१,३०,०५		४४,२८	
कुल चालु सम्पत्ति		**३१,५४,८२**		**२७,७५,८८**
कुल सम्पत्ति		**३३,२०,९७**		**२९,०६,०५**
पुँजी तथा दायित्व				
कर्मचारी अवकाश सुविधा दायित्व	६४,७५		६३२८	
कुल गैर चालु दायित्व		**६४,७५**		**६३,२८**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,१८,५४		६०,८७	
कर्मचारी अवकाश सुविधा दायित्व	१,२७		९१	
कुल चालु दायित्व		**१,१९,८१**		**६१,७८**
पुँजी				
सेयर पुँजी	१०,००,००		१०,००,००	
अन्य पुँजी (सञ्चित मुनाफासमेत)	२१,३६,४१		१७८०९९	
कुल पुँजी		**३१,३६,४१**		**२७,८०,९९**
कुल पुँजी तथा दायित्व		**३३,२०,९७**		**२९,०६,०५**

गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति २७.६४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६६ करोड १५ लाख र चालु सम्पत्ति १३.६५ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ५४ करोड ८२ लाख पुगेको छ। कुल सम्पत्ति १४.२८ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब २० करोड ९७ लाख पुगेको देखिन्छ। गैर चालु दायित्व २.३२ प्रतिशतले वृद्धि भई रु.६४ करोड ७५ लाख, चालु दायित्व ९३.९३ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १९ करोड ८१ लाख र कुल पुँजी १२.७८ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ३६ करोड ४१ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालन आम्दानी				
सुरक्षण शुल्कबापत आम्दानी	४,८८,७६		४,४३,६५	
दाबी भुक्तानी तथा सुरक्षण खर्च	(५६,२९)		(५४,१६)	
कुल सञ्चालन आम्दानी		**४,३२,४७**		**३,८९,४९**
ब्याज आम्दानी	१,३५,४४		२,०७,८८	
अन्य आम्दानी	७,३६		४,३३	
कुल ब्याज तथा अन्य आम्दानी		**१,४२,८०**		**२,१२,२२**
कुल आम्दानी		**५,७५,२७**		**६,०१,७१**
प्रशासनिक तथा अन्य खर्च				
कर्मचारी सम्बन्धी खर्च	(१०,२८)		(८,६५)	
ह्रास कट्टी तथा परिशोधन खर्च	(१,७२)		(१,६२)	
अन्य सञ्चालन खर्च	(६,५८)		(३,६७)	
कुल प्रशासनिक तथा अन्य खर्च		**(१८,५८)**		**(१३,९५)**
आयकर, बोनस अघिको मुनाफा		**५,५६,६९**		**५,८७,७६**
कोषमा भएको व्यवस्था फिर्ता	–		९४	
आयकर तथा बोनस अघिको मुनाफा/(नोक्सान)				**५,८८,७०**
बोनस खर्च	५,५७			५,८९
आयकर अघिको मुनाफा/(नोक्सान)		**५,५१,१२**		**५,८२,८१**
चालु कर खर्च	१,६५,९९		१,७४,६२	
विगत वर्षको कर व्यवस्थाबाट फिर्ता	५१,३६		(५८,०६)	
स्थगन कर खर्च/(आम्दानी)	(२,७८)		७३	
कुल कर खर्च		**२,१४,५७**		**१,१७,२९**
खुद मुनाफा/(नोक्सान)		**३,३६,५५**		**४,६५,५२**

गत वर्षको तुलनामा यस वर्ष सञ्चालन आम्दानी ११.०३ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३२ करोड ४७ लाख पुगेकोमा प्रशासनिक तथा अन्य खर्च ३३.१९ प्रतिशतले वृद्धि भई रु.१८ करोड ५८ लाख पुगेकोले खुद मुनाफामा २७.७ प्रतिशतले कमी आई रु.३ अर्ब ३६ करोड ५५ लाख पुगेको छ।

३. **सुरक्षण शुल्क -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २१(१) र दफा १९(३) मा सुरक्षित सदस्य संस्थाले बुझाउनुपर्ने वार्षिक सुरक्षण शुल्क कोषद्वारा तोकिएबमोजिम हुने र सुरक्षित निक्षेप रकमको मूल्याङ्कन गर्दा निक्षेप खातामा रहेको साँवा र सोमा आर्जित ब्याजसमेत गणना गर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले कतिपय मुद्दती निक्षेपको सुरक्षण शुल्क गणना गर्दा आर्जित

ब्याज समावेश गरेको देखिएन। यसबाट वास्तविक निक्षेप रकमभन्दा कम रकममा सुरक्षण शुल्कको गणना भएको र कोषको सुरक्षण शुल्क आम्दानीमा कमी भएको पाइयो। यस सम्बन्धमा विगतका प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ।

४. **निक्षेप सुरक्षण जोखिम कोष -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ मा वार्षिक कुल निक्षेप सरक्षण शुल्कको अधिकतम २० प्रतिशतसम्म प्रशासनिक खर्च गरेर बाँकी रहेको रकम अन्य प्रयोजनमा खर्च गर्न नपाउने गरी निक्षेप सुरक्षण जोखिम कोषको व्यवस्था गरिएको छ। यो वर्ष ५५ बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सुरक्षण रु.१५ खर्ब ७९ अर्ब ५ करोड २४ लाख रहेकोमा 'क' वर्गका बैङ्क तथा वित्तीय संस्थाको मात्र औसत निक्षेप सुरक्षण रु.६९ अर्ब ३० करोड १ लाख हुने देखिन्छ। निक्षेप सुरक्षण जोखिम कोषमा रु.१२ अर्ब २१ करोड ६६ लाख रहेकोले 'क' वर्गको बैंकको औषत निक्षेप संरक्षण रकमभन्दा रु.५७ अर्ब ८ करोड ३५ लाख उक्त कोषमा कम रहेको देखिन्छ। कोषले निक्षेप सुरक्षणअन्तर्गत बिमाङ्कीय मूल्याङ्कन गराई सोको आधारमा भविष्यमा आउन सक्ने निक्षेप सुरक्षण दाबी भुक्तानीको लागि पर्याप्त हुने गरी कोषको रकम व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **कर्जा सुरक्षा दायित्व -** कर्जा सुरक्षा दायित्व यकिन गर्न बिमाङ्कीय मूल्याङ्कन गर्नुपर्दछ। यो वर्ष कर्जा सुरक्षणको अधिकतम दायित्व रु.२ खर्ब ५० अर्ब ३५ करोड ८४ लाख रहेकोमा सो को ३.७३ प्रतिशतले हुने रु.९ अर्ब ३४ करोड २५ लाख कर्जा सुरक्षण कोषमा व्यवस्था गरेको छ। यो वर्षको कर्जा सुरक्षणको अधिकतम दायित्वको आधार तथा गत वर्षको वास्तविक खर्चको आधारमा दायित्वको बिमाङ्कीय मूल्याङ्कन गरी कर्जा सुरक्षण दाबी भुक्तानीको लागि दायित्व व्यवस्था मिलाउनुपर्दछ।

नेपाल राष्ट्र बैङ्क

नेपालको केन्द्रीय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा यस बैङ्कको स्थापना भएको हो। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का निष्कासन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौं र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ प्रादेशिक कार्यालयमा १ हजार १९७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१,९५,५२,२६		१,३१,६५,८४	
आईएमएफ सम्बन्धित सम्पत्ति	२३,५५,२१		२३,९९,१८	
विदेशी बैङ्कमा सावधिक निक्षेप	५,६१,७७,७२		५,९८,५०,८५	
विदेशी सेक्युरिटीमा लगानी	१६,६८,२७,६०		११,२७,७४,१९	
कुल वित्तीय विदेशी मुद्रा सम्पत्ति	**२४,४९,१२,७९**		**१८,८१,९०,०६**	
गैर वित्तीय विदेशी मुद्रा सम्पत्ति				
सुन प्रमाणपत्रमा लगानी	१,१८,१९,३५		८३,३२,२४	
कुल विदेशी मुद्रा सम्पत्ति		**२५,६७,३२,१४**		**१९,६५,२२,३०**

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
स्थानीय मुद्रा वित्तीय सम्पत्ति				
बैङ्क मौज्दात	८४		६२	
सरकारी सेक्युरिटीमा लगानी	१५,१८,५३		२३,०४,७२	
बण्ड तथा सावधिक निक्षेपमा लगानी	६,८२,२५		७,३८,११	
पेस्की तथा सरकारबाट प्राप्त हुने प्राप्ति	२६,०६		१,९४,६७	
बैङ्क तथा वित्तीय संस्थालाई ऋण तथा पेस्की	११,८२		११,८४	
अन्य ऋण तथा पेस्की	९,१४,४७		९,३९,९७	
इक्विटी लगानी	५,००,५७		४,३०,२८	
अन्य प्राप्ति	२१		१७	
कुल स्थानीय मुद्रा (वित्तीय सम्पत्ति)	**३६,५४,७५**		**४६,२०,३८**	
स्थानीय मुद्रा (गैर वित्तीय सम्पत्ति)				
सुन तथा चाँदी सम्पत्ति	५५,४१,६६		४४,००,३५	
जिन्सी मौज्दात	१,९२,२३		१,४४,९८	
सम्पत्ति, जायजेथा र उपकरण	६,३०,९३		६,४३,८०	
अमूर्त सम्पत्ति	३,५३		४,३३	
अन्य सम्पत्ति	३,६८,७१		३,६६,३०	
कुल स्थानीय मुद्रा गैर वित्तीय सम्पत्ति	**६७,३७,०६**		**५५,५९,७६**	
कुल स्थानीय मुद्रा सम्पत्ति		**१,०३,९१,८१**		**१,०१,८०,१४**
कुल सम्पत्ति		**२६,७१,२३,९५**		**२०,६७,०२,४४**
दायित्व				
विदेशी मुद्रा वित्तीय दायित्व				
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	१०,४९,३६		१२,८६,८९	
आईएमएफ सम्बन्धित दायित्व	४१,२३,७७		३८,९५,३४	
कुल विदेशी मुद्रा वित्तीय दायित्व	**५१,७३,१३**		**५१,८२,२३**	
स्थानीय मुद्रा वित्तीय दायित्व				
भुक्तानी गर्नुपर्ने बिल	५,४२		११,१७	
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	३,८८,६३,५६		२,९०,७१,८३	
सरकारको निक्षेप	७०,८३,७१		६३,९५,३४	
अन्य संस्थाको निक्षेप	१२,५०,२१		२०,०६,३२	
चलन चल्तीमा रहेको मुद्रा	७,५०,११,२४		६,८०,०४,८८	
बैङ्क तथा वित्तीय संस्थालाई दिन बाँकी रकम	६,५४,०५,००		३,५५,४५,००	
आईएमएफ सम्बन्धित दायित्व	१२,४६,४८		११,८५,९०	
सरकारलाई तिर्नुपर्ने बचत रकम	४२,००,००		३७,२२,३८	
अन्य दायित्व	२,०२,७०		१,५९,२६	
कुल स्थानीय मुद्रा वित्तीय दायित्व	**१९,३२,६८,३२**		**१४,६१,०२,०८**	
पेन्सन तथा अन्य रोजगारी सम्बन्धी दायित्व रकम	१०,७९,८७		५,३६,३२	
कुल स्थानीय मुद्रा दायित्व	**१९,४३,४८,१९**		**१४,६६,३८,४०**	
कुल दायित्व		**१९,९५,२१,३२**		**१५,१८,२०,६३**
इक्विटी				
पुँजी	५,००,००		५,००,००	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सञ्चित कोष	६,७१,०२,६३		५,४३,८१,८१	
कुल इक्विटी		**६,७६,०२,६३**		**५,४८,८१,८१**
कुल दायित्व र इक्विटी		**२६,७१,२३,९५**		**२०,६७,०२,४४**

गत वर्षको तुलनामा यस वर्ष विदेशी मुद्रा सम्पत्ति ३०.६४ प्रतिशतले वृद्धि भई रु.२५ खर्ब ६७ अर्ब ३२ करोड १४ लाख र स्थानीय मुद्रा सम्पत्ति २.०७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३ अर्ब ९१ करोड ८१ लाख पुगेको छ। कुल दायित्व ३१.४१ प्रतिशतले वृद्धि भई रु.१९ खर्ब ९५ अर्ब २१ करोड ३२ लाख र इक्विटी २३.१८ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ७६ अर्ब २ करोड ६३ लाख पुगेको छ। कुल सम्पत्ति तथा दायित्व गत वर्षको तुलनामा २९.२३ प्रतिशत वृद्धि भई रु.२६ खर्ब ७१ अर्ब २३ करोड ९५ लाख पुगेको छ।

गत वर्षको तुलनामा बैङ्क तथा वित्तीय संस्था र लघुवित्तसमेतको निक्षेप यस वर्ष ३३.६८ प्रतिशत वृद्धि भई रु.३ खर्ब ८८ अर्ब ६३ करोड पुगेको छ। बैङ्क तथा वित्तीय संस्थामा तरलता बढी भएका कारण निक्षेप वृद्धि भएको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी दिन बाँकी रकम यस वर्ष ८४.०१ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ५४ अर्ब ५ करोड पुगेको छ। बैङ्क तथा वित्तीय संस्थामा भएको अधिक तरलतालाई व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले बोलकबोल मार्फत सङ्कलन गरेको रकम वृद्धि भएको कारणले सो रकम वृद्धि भएको देखिन्छ। विदा भुक्तानी, पेन्सन तथा उपदान व्यवस्था र कर्मचारी मेडिकल योगदानकोष आदिमा वृद्धि भएको कारणले सो बापतको दायित्व १०१.३४ प्रतिशत वृद्धि भई रु.१० अर्ब ७९ करोड ८७ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा** -बैङ्कको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२		२०८०।८१	
विदेशी मुद्रा आय र व्यय				
विदेशी मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	९६,१६,७२		७९,७८,५२	
विदेशी मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(१,३५,२५)		(१,६१,९०)	
खुद विदेशी मुद्रा आय		**९४,८१,४७**		**७८,१६,६२**
स्थानीय मुद्रा आय र व्यय				
स्थानीय मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	१,६२,७३		३,३३,६३	
स्थानीय मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(९,१३,२३)		(२,१८,६०)	
खुद स्थानीय मुद्रा आय		**(७,५०,५०)**		**१,१५,०३**
कुल ब्याज आम्दानी		**८७,३०,९७**		**७९,३१,६५**
शुल्क र कमिशन आम्दानी	१,८२		१२,०७	
सुनबाट प्राप्त आम्दानी	५३,७२		४२,२३	
विदेशी मुद्रा सटही कारोबारबाट भएको नाफा/(नोक्सान)	(८,९१)		(२५,७३)	
अन्य आय	९९,७१		९२,०७	
शुल्क र कमिशन खर्च	(६,१३)		(९,२४)	
कुल अन्य आय		**१,४०,२१**		**१,११,४०**
सम्भावित कर्जा(नोक्सान)/ वित्तीय सम्पत्तिमा नाफा	(२४,४३)			(१८,५८)
खुद सञ्चालन आय		**८८,४६,७५**		**८०,२४,४७**

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालन खर्च				
कर्मचारी खर्च	५,०६,३४		३,८७,३०	
नोट मुद्रण खर्च	७७,३६		४१,०९	
प्रशासनिक खर्च	१,६६,२७		१,८१,५८	
मूल्य ह्रास, परिशोधन र क्षयीकरण खर्च	४८,५२		३८,२७	
कुल सञ्चालन खर्च		**७,९८,४९**		**६,४८,२४**
पुनःमूल्याङ्कन अघिको नाफा/(नोक्सान)		**८०,४८,२६**		**७३,७६,२३**
सुन र चाँदीको पुनःमूल्याङ्कन नाफा/(नोक्सान)	४६,८८,६७			२६,५९,६०
खुद विदेशी मुद्रा सटही पुनःमूल्याङ्कन नाफा/(नोक्सान)	४५,०३,००			१४,९९,५४
खुद नाफा/(नोक्सान)		**१,७२,३९,९३**		**१,१५,३५,३७**

गत वर्षको तुलनामा यस वर्ष खुद विदेशी मुद्रा आय २१.३० प्रतिशतले वृद्धि भइ रु.९४ अर्ब ८१ करोड ४७ लाख पुगेको छ। खुद स्थानीय मुद्रा आय गत वर्ष रु.१ अर्ब १५ करोड ३ लाख रहेकोमा ब्याज आम्दानीभन्दा ब्याज खर्च बढी भएकोले रु.७ अर्ब ५० करोड ५० लाखले ऋणात्मक रहेको छ। कुल ब्याज आम्दानी १०.०८ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ३० करोड ९७ लाख पुगेको छ। अन्य आय २५.८६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ४० करोड २१ लाख पुगेको छ। खुद नाफा ४९.४५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ७२ अर्ब ३९ करोड ९३ लाख पुगेको छ। खुद नाफामा विदेशी मुद्राको ब्याजबाट प्राप्त आम्दानीको हिस्सा ५५ प्रतिशत रहेको देखिन्छ।

३. **मौद्रिक नीति -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम बैङ्कको मुख्य उद्देश्य आर्थिक स्थायित्व हासिल र अर्थतन्त्रको दिगो विकास गर्न तथा मूल्य र शोधनान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने रहेको छ। यो वर्ष मुद्रास्फिति ५ प्रतिशत भित्र कायम राख्ने, भारित औसत अन्तर बैङ्क ब्याजदरलाई ३ देखि ६.५ प्रतिशतभित्र राख्ने लक्ष्य रहेकोमा यो वर्षको औसत मुद्रास्फिति ४.०६ प्रतिशत, वार्षिक औसत अन्तर बैङ्क ब्याजदर २.९६ प्रतिशत कायम भएको छ। यो वर्ष विस्तृत मुद्रा प्रदायकको वृद्धि दर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धि दर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण रहेकोमा वार्षिक बिन्दुगत आधारमा वर्षको अन्तमा विस्तृत मुद्रा प्रदायक १२.५० प्रतिशतले विस्तार भएको र कर्जा मागमा कमी हुन गई निजी क्षेत्रमा प्रवाह गरिएको कर्जाको वृद्धिदर ८.४ प्रतिशतमा सीमित रहेको छ। मौद्रिक नीतिको लक्ष्य पूरा हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

४. **सुपरिवेक्षण -** नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम १७(२) मा सुपरिवेक्षण कार्यको लागि बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकको सङ्ख्या निर्धारण गर्नुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूको आकार तथा प्रकृतिको आधारमा वर्गीकरण गरी सुपरिवेक्षण गर्न खटाउनु पर्नेमा सोअनुसार जनशक्ति परिचालन गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण गरी तयार गरेको २०८१।८२ को प्रतिवेदनअनुसार वाणिज्य बैङ्कहरूसम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

४.१. राष्ट्र बैङ्कको सुपरिवेक्षण प्रतिवेदनमा वाणिज्य बैङ्कहरूमा जोखिम व्यवस्थापन पर्याप्त नरहेको, संस्थागत सुशासन कमजोर रहेको, कर्जा नोक्सानीको व्यवस्था पर्याप्त नगरिएको, प्रिमियम दर वृद्धि गरी ब्याज असुल गरिएको, क्यापिटल एडेक्वेसी फ्रेमवर्क, २०१५ बमोजिम केही कर्जाहरूको जोखिम भारित

सम्पत्तिलाई कम देखाई पुँजीकोष पर्याप्तताको यथार्थ विवरण पेस नगरिएको, मौज्दात निरीक्षण र आसामीको प्रमाणीकरण कमजोर रहेको जस्ता बेहोरा उल्लेख छन्। उल्लिखित अवस्थाले वाणिज्य बैङ्कहरूको ऋण व्यवस्थापन कमजोर रहेको देखिन्छ।

४.२. सुपरिवेक्षण सूचना प्रणाली कार्यान्वयन कार्ययोजना, २०२२ का प्रावधान २०२५ सम्म पूर्णरूपमा कार्यान्वयन हुनुपर्नेमा तोकिएको समयसीमाभित्र पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। हालसम्म सुपरिवेक्षण सूचना प्रणाली पोर्टलमार्फत केवल दुई वटा दैनिक प्रतिवेदन मात्र तयार गरिँदै आएकोमा अन्य पाक्षिक, मासिक तथा त्रैमासिक प्रतिवेदनमा नेपाल राष्ट्र बैङ्कको विद्यमान रिपोर्टिङ पोर्टल नै प्रयोग भएको देखिन्छ।

४.३. बैङ्कहरूको सुपरिवेक्षण गर्दा बासेल कोर प्रिन्सिपलको सिद्धान्त २४ अनुसार बैङ्कका सहायक र सम्बद्ध कम्पनीहरूमा निहित जोखिमहरूको मूल्याङ्कन गरेको देखिएन। समूहव्यापी जोखिमहरूको पहिचान र व्यवस्थापन गरी वित्तीय प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ।

४.४. डिजिटल बैङ्किङको विस्तारसँगै साइबर सुरक्षाका चुनौतीहरूसमेत तीव्र रूपमा बढिरहेको अवस्था छ। सुपरिवेक्षण विभागले यो वर्ष ४ वाणिज्य बैङ्कमा जोखिममा आधारित सूचना प्रविधि तथा साइबर जोखिम निरीक्षण गर्ने योजना रहेकोमा ३ वाणिज्य बैङ्कमा मात्र सुपरिवेक्षण कार्य सम्पन्न गरेको पाइयो।

४.५. नेपाल राष्ट्र बैङ्कको २०८१।८२ को निर्देशिकाअनुसार राष्ट्र बैङ्कले प्रारम्भिक निरीक्षण प्रतिवेदनमा उल्लिखित आवश्यक अनुपालनहरू कार्यान्वयन भएको सुनिश्चित गरेर मात्र बैङ्कहरूलाई साधारण सभा सञ्चालन तथा लाभांश घोषणा गर्न स्वीकृति प्रदान गर्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको प्रारम्भिक निरीक्षण प्रतिवेदनमा एक बैङ्कको कर्जा नोक्सानी व्यवस्था रु.८४ करोड ३९ लाख थप गर्न बैङ्कको बैङ्किङ सुपरिवेक्षण विभागअन्तर्गतको स्थलगत निरीक्षण महाशाखाले निर्देशन गरेकोमा सोही विभाग अन्तर्गतको गैर स्थलगत निरीक्षण महाशाखाले सो को सम्बोधनबेगर साधारण सभा सञ्चालन र वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत दिएकोले उक्त बैङ्कको वास्तविक नाफा रु.१० करोड २८ लाख हुनुपर्नेमा रु.९४ करोड६७ लाख देखिएको छ। यसरी स्वीकृति दिने व्यक्तिलाई जिम्मेवार बनाउनुपर्दछ।

४.६. बैङ्क तथा वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण पश्चात् तयार गरीएका अन्तिम निरीक्षण प्रतिवेदनहरू सञ्चालक समितिबाट स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित संस्थाहरूमा पठाउने गरिएको छ। स्वचालित अनुगमन प्रणालीको अभावमा उक्त प्रतिवेदनमा औँल्याइएका विषयको पालना र फस्यौंट हुन बाँकी विषयहरू भौतिक फाइलमा सीमित रहेकोले अनुगमनपश्चात् दिइएका निर्देशन पालना स्थितिको अनुगमन प्रणाली स्वचालित बनाउनुपर्दछ।

४.७. नेपाल राष्ट्र बैङ्कबाट "घ" वर्गको इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.३/०८१ को बुँदा नं. २ ग मा विपन्न तथा न्यून आय भएका समूहमा आबद्ध भएका वा नभएका व्यक्तिहरूलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति बढीमा ७ लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउने र समूहमा आबद्ध भएको सदस्यलाई एकै अवधिमा समूह कर्जामा वा धितो कर्जामध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको निर्देशन विपरीत एक लघुवित्तले ६ ऋणीलाई एकै अवधिमा समूह कर्जा तथा धितो कर्जाबापत रु.३८ लाख ३१ हजार दिएकोले कर्जा नोक्सानी बापत रु.८ लाख

८ हजार व्यवस्था गर्न निर्देशन दिएकोमा सोही प्रकृतिका कैफियत देखिएको अर्को एक लघुवित्तले प्रवाह गरेका १४ ऋणीको हकमा सुपरिवेक्षण प्रतिवेदनमा रकम नखुलाई निर्देशिका पालना गर्न मात्र आदेश दिएको छ।

नेपाल राष्ट्र बैङ्कको निर्देशन नं.२/०८१ बुँदा नं. ७(ग) अनुसार परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरूलाई कर्जा चुक्ता गर्न परेको कठिनाइ दृष्टिगत गरी आवश्यकता र औचित्यताको आधारमा एक पटकको लागि कर्जा पुनर्तालिकीकरण वा पुनसंरचना गर्न सकिने व्यवस्था रहेकोमा उपरोक्त प्रावधान विपरीत एक लघुवित्तले १४७ ऋणीलाई पटक पटक रु.१ करोड ३३ लाख ४ हजारको कर्जा पुनर्तालिकीकरण गरेकोमा सो अनुसारको कैफियत नदोहोरिने प्रणाली विकास गर्न निर्देशन दिएकोमा अर्को एक लघुवित्तले ९४६ ऋणीको पटक पटक रु.१४ करोड १३ लाख ६७ हजारको कर्जा पुनर्तालिकीकरण गरेकोमा कर्जामा थप रु.३ करोड ५९ लाख ५० हजार नोक्सानी व्यवस्था गर्न निर्देशन दिएकोले निर्देशनमा एकरूपता कायम भएको देखिएन। यसरी राष्ट्र बैङ्कले जारी गरेको एकीकृत निर्देशनको एकै प्रकृतिको प्रावधान उल्लङ्घनको निर्देशनमा एकरूपता नरहेको, कर्जा सुविधा बारम्बार पुनर्संरचना गरिएको त्रुटिका लागि एक संस्थालाई प्रणालीगत सुधारको निर्देशन दिएको र अर्को संस्थालाई थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न निर्देशन दिएकोले निर्देशनहरूमा एकरूपता नदेखिएकाले एकरूपता कायम गर्नुपर्दछ।

४.८. रेमिट्यान्स विनियमावली, २०७९ को विनियम ९(क) र ९(ख) मा इजाजतप्राप्त रेमिट्यान्स कम्पनीहरूले रेमिट्यान्स कारोबार सञ्चालन गर्दा रेमिट्यान्स रकम अनिवार्य रूपमा बैङ्किङ प्रणाली मार्फत विदेशी मुद्रामा प्रि-फन्डिङको रूपमा नेपाल भित्र्याउनुपर्ने व्यवस्था रहेको र रेमिट्यान्स रकम प्रि-फन्डिङको रूपमा प्राप्त नभई नेपालस्थित लाभग्राहीलाई भुक्तानी गरीसकेपछि मात्र सेटलमेन्टको रूपमा प्राप्त हुने अवस्था भएमा, त्यस्तो रकमको हकमा विदेशी बैङ्कबाट पूर्ण भुक्तानी रकम बराबरको निसर्त ग्यारेन्टी लिनुपर्ने वा सम्बन्धित विदेशी संस्थाबाट विदेशी मुद्रामा नगद धरौटी प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ। एक रेमिट कम्पनीले सन् २०२२ देखि विदेशी बैङ्कको जमानतबेगर पोस्ट-फन्डिङआधारमा रेमिट्यान्स कारोबार सञ्चालन गरिरहेको र अर्को रेमिट कम्पनीलगायतका २५ संस्थामध्ये ४ संस्थाको लेखापरीक्षण गरिएको वित्तीय विवरणको विश्लेषण गर्दा विदेशी रेमिट्यान्स साझेदारहरूसँग रु.१ अर्ब ६१ करोड ७४ लाख रकम प्राप्त गर्न बाँकी रहेको देखिन्छ। विदेशी मुलुकमा रकम राख्ने तथा मनी लाउन्डरिङसम्बन्धी जोखिम कम गर्न अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

४.९. बैंङ्कको सञ्चालक समितिको २०८०।१०।१० को निर्णयअनुसार सहुलियतपूर्ण कर्जा, व्यवसाय निरन्तरता कर्जा तथा पुर्नकर्जाको दुरूपयोगसम्बन्धी छानबिन, असुली तथा कारबाही गर्न सुपरिवेक्षण विभागलाई निर्देशन दिइएकोमा उक्त निर्देशन करिब ७ महिना ढिला कार्यान्वयन गरिएको छ। विभागले तयार पारेको प्रतिवेदन अनुसार, स्वतन्त्र परामर्शदाताले पहिचान गरेका कुल रु.७ अर्ब ९८ करोड रकमको ७ हजार ७६५ ऋणीको कैफियतमध्ये ८०२ ऋणीको कैफियत मात्र सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले स्वीकार गरेका छन्। सोबाट २०८२ माघसम्म रु.१३ करोड १३ लाख फिर्ता गरेको र रु.५४ लाख ९० हजार फिर्ता हुन बाँकी रहेको छ। दुरूपयोग भएको कुल कर्जा रकमको विवरण सो प्रतिवेदनमा समावेश नभएको र अस्वीकार गरिएका विषयहरूको स्थलगत निरीक्षणमार्फत पुनः

परीक्षणसमेत भएको छैन। स्वतन्त्र परामर्शदाताले कुल ऋणीमध्ये १८.३४ प्रतिशत नमुनाको परीक्षण गरेको देखिएकाले कर्जा दुरूपयोगको सम्भावना न्यून गर्न नमुना परीक्षणको दायरा बढाउनुपर्दछ।

५. **कानुनी अस्पष्टता -** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १५(४) अनुसार उपदफा (३) बमोजिम कुनै उद्योगमा वैदेशिक लगानीको कारणबाट स्वामित्व संरचनामा परिवर्तन भएमा त्यस्तो उद्योगले सोको जानकारी उद्योग विभाग र नेपाल राष्ट्र बैङ्कलाई दिनुपर्ने र सोको अभिलेख उद्योग विभागले राख्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको वैदेशिक लगानी तथा वैदेशिक ऋण व्यवस्थापन विनियमावली, २०२१, को विनियम ४(३) अनुसार केही अपवाद बाहेक सेयर स्वामित्वमा परिवर्तन हुने गरी वैदेशिक लगानी ल्याउनु वा वैदेशिक मुद्रा पठाउनुअघि नेपाल राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनसँग मेल खाएको नदेखिएकाले विनियमावली संसोधन गरी एकरूपता कायम गर्नुपर्दछ।

५.१. नेपाल राष्ट्र बैङ्कले वैदेशिक लगानीको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्दछ। एक कम्पनीले वैदेशिक लगानी अभिलेख गर्न २०७९।६।२५ मा आवेदन पेस गरेकोमा बैङ्कको सम्बन्धित विभागले सो कम्पनीको नियन्त्रण परिवर्तनसँग सम्बन्धित पुँजीगत लाभकर र अन्य सम्बन्धित करका विषयमा स्पष्टीकरण पेस नभएको बेहोरा जनाई लगानीको अभिलेख राखेको देखिएन। वैदेशिक लगानीको अभिलेखीकरणलाई सरलीकृत तथा व्यवस्थित गर्नुपर्दछ।

५.२. एक पब्लिक लिमिटेड कम्पनीको वैदेशिक लगानी लेखाङ्कन सम्बन्धमा कम्पनीको स्वामित्वमा भएको परिवर्तन, ऋण तथा ब्याजलाई सेयरमा रूपान्तरण तथा स्वदेशी र विदेशी लगानीकर्ताबिच सेयर हस्तान्तरण आदिको समीक्षापश्चात् व्यवस्थापन समितिको २०८१।५।१६ को बैठकले सम्बन्धित विषयमा सङ्घीय संसदीय समिति, केन्द्रीय अनुसन्धान ब्युरो र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अद्यावधिक विवरण सङ्कलन गरी पूर्ण जानकारीसहित पुनः प्रस्ताव पेस गर्न विदेशी विनिमय व्यवस्थापन विभागलाई निर्देशन दिएकोमा सोको पालना भएको नदेखिएकाले निर्देशनको पालना गर्नुपर्दछ।

६. **सुन नियमन र व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कको विद्यमान सुन सञ्चिति व्यवस्थापन नीति अनुसार कुल विदेशी विनिमय सञ्चितिको न्यूनतम ५ प्रतिशत देखि १० प्रतिशत सुनमा लगानी गर्नुपर्ने व्यवस्था छ। बैङ्कको २०८२ आषाढ मसान्तको वित्तीय विवरणअनुसार कुल विदेशी विनियम सञ्चिति रु.२५ खर्ब ६७ अर्ब ३२ करोडमध्ये सुन सञ्चितीमा रु.१ खर्ब १७ अर्ब ९० करोड (४.५९ प्रतिशत) विनियोजन गरेकोले नीतिमा तोकिएको भन्दा कम लगानी गरेको देखिन्छ।

७. **भुक्तानी प्रणाली -** बैङ्कको भुक्तानी प्रणाली सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७.१. नेपाल राष्ट्र बैङ्क भुक्तानी प्रणाली एकीकृत निर्देशन ३/०८१ को खण्ड ३(६) अनुसार, बैङ्क र वित्तीय संस्थाहरूसहित सबै भुक्तानी सेवा सञ्चालक/ भुक्तानी सेवा प्रदायकहरूले प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक डाटा सेन्टर र डाटा रिकभरी साईट ड्रिल सञ्चालन गर्नुपर्ने र सो पूरा भएको १५ दिनभित्र बैङ्कलाई प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था भएकोमा भुक्तानी सेवा प्रदायकहरूबाट दुई वर्षको अन्तरालमा आवश्यक प्रतिवेदनहरू प्राप्त गरेको नदेखिएकाले निर्देशन अनुसार प्रतिवेदन प्राप्त गर्नुपर्दछ।

७.२. भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा ६(१) बमोजिम, भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न चाहने व्यक्तिले दफा ६(२) मा उल्लिखित बैङ्क वा वित्तीय संस्था

बाहेक नेपालमा कम्पनी स्थापना गरेर सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। बैङ्कले प्रयोग गर्ने मास्टरकार्ड र भिसा कार्ड सेवा कम्पनीको रूपमा नेपालमा दर्ता नभई भुक्तानी प्रणाली सञ्चालकका रूपमा काम गरेको देखिन्छ। सम्बन्धित कम्पनीलाई कानुनी व्यवस्थाको पालना गर्न लगाउनु पर्दछ।

८. **सूचना प्रविधि व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कले नेटवर्क टोपोलोजी अनुसार डाटा सेन्टर र डाटा रिकभरी साइटबिच बहुविकल्पीय नेटवर्क मार्गहरू सुनिश्चित गर्ने गरी डिजाइन नगरेको कारण पूर्वाधारमा सिंगल पोइन्ट फेलरको जोखिम रहेको देखिन्छ। यस वर्ष जनरल लेजरलगायत अन्य महत्त्वपूर्ण प्रणालीहरूको लागि ड्रिल सञ्चालन गरिएको पाइएन। नेपाल राष्ट्र बैङ्कमा विपद् पुनःस्थापना पूर्वाधार तयार गर्नुपर्दछ।

९. **मुद्रा व्यवस्थापन -** वित्तीय स्थायित्वका लागि वित्तीय बजारमा ब्याजदर स्थिरता एवं तरलताको सीमा कायम राख्नु नेपाल राष्ट्र बैङ्कको कर्तव्य हो। यसका लागि नेपाल राष्ट्र बैङ्कले खुला बजार कारोबार अन्तर्गत विभिन्न उपकरणको प्रयोग गरे तापनि २०८१।८२ का ७ महिनाका २८ दिनमा भारित औसत अन्तरबैङ्क ब्याजदर, ब्याजदर कोरिडोरको तल्लो सीमाभन्दा ०.०२ प्रतिशत देखि १ प्रतिशत विन्दुले तल झरेको देखिन्छ। वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न अन्तरबैङ्क ब्याजदरलाई कोरिडोरको सीमाभित्र राख्ने व्यवस्था हुनुपर्दछ।

१०. **सञ्चालकको सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने उल्लेख भए तापनि अन्य सुविधाको विवरणबारे स्पष्ट उल्लेख छैन। सोही ऐनको दफा ३२(२) मा समितिमै रहने गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधाको लागि निर्णय गर्दा स्वार्थ बाझिने कारण सम्बन्धित पदाधिकारीले भाग लिन नपाउने उल्लेख छ। सञ्चालकले पाउने सुविधा समितिले तोक्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

११. **कर्मचारी सुविधा -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) अनुसार बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी तलब, भत्ता, उपदान, निवृत्तिभरणलगायत सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय नीति, कानुन, अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११०(२)मा सञ्चालक समितिले कर्मचारीको पारिश्रमिक, सेवा सुविधा सम्बन्धी विनियम बनाउन सक्ने व्यवस्था छ। सञ्चालक समितिको निर्णय तथा नेपाल राष्ट्र बैङ्क कर्मचारी विनियमावली, २०६८ मा उल्लेख गरी बैङ्कका कर्मचारीहरूलाई पारिश्रमिक बाहेक केन्द्रीय बैङ्क भत्ता, कर्मचारी कल्याणकारी सञ्चय कोष, वार्षिकोत्सव भत्ता, खाजा भत्तालगायत १५ किसिमका भत्ता तथा सुविधाबापत यो वर्ष रु.१ अर्ब ९३ करोड ३२ लाख उपलब्ध गराएको देखियो।

उक्त भत्ता तथा सुविधामा सेवा निवृत्त भएपछि कर्मचारीले पाउने गरी कर्मचारी कल्याणकारी सञ्चय कोषमा दाखिला गरेको रु.१० करोड ३७ लाख, टिफिन भत्ता रु.१३ करोड ३७ लाख, केन्द्रीय बैङ्क भत्ता रु.४८ करोड ८५ लाख, वार्षिक उत्सव भत्ता रु.१० करोड ७३ लाख, ईन्टरनेट सुविधा रु.४ करोड ४३ लाख, खाता बन्द भत्ता रु.५ करोड ८१ लाख, केन्द्रीय भत्तासमेत थप गरी बढी भुक्तानी भएको दशैं खर्च रु.१३ करोड १२ लाख र कर्मचारी कल्याणकोष मार्फत कर्मचारीलाई भुक्तानी दिएको रु.७३ करोड ३५ लाख समेत समावेश छ।

बैङ्कका कर्मचारीहरूको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धमा सञ्चालक समितिले निर्णय गर्न सक्ने विद्यमान कानुनी व्यवस्थामा पुनरावलोकन गरी बैङ्कलाई आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिने व्यवस्था मिलाउनुपर्दछ।

१२. **आन्तरिक नियन्त्रण -** नेपाल राष्ट्र बैङ्कले गत वर्षदेखि पूर्णरूपमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणाली लागु गरे तापनि जोखिम पहिचान तथा मूल्याङ्कनलाई समय सापेक्ष अद्यावधिक नगरेको, जोखिमलाई विभिन्न तहमा वर्गीकरण गरेता पनि सोलाई पुष्ट्याइँ गर्ने कुनै कागजातको अभिलेखीकरण नभएको, लेखापरीक्षण समिति, स्रोत बाँडफाँट, लेखापरीक्षण अभ्यास,तालिम,जोखिम मूल्याङ्कन अभ्यास तथा लेखापरीक्षणको कार्यको समग्र प्रभावकारिता विषय लेखापरीक्षण समितिमा छलफल नहुनु,आन्तरिक लेखापरीक्षण योजनामा जोखिम क्षेत्रको वर्गीकरणअनुसार नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रण कमजोर भएको छ। यससम्बन्धी बेहोरा गतवर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

१३. **सामाजिक उत्तरदायित्व -** नेपाल राष्ट्र बैङ्कले जारी गरेको एकीकृत निर्देशिकाको निर्देशन नं ६ को १७ (क) मा बैङ्क तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वको रकम आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। एक पूर्वाधार बैङ्क समेत २१ बैङ्कको २०८०।८१ मा कुल मुनाफा रु.६४ अर्ब १५ करोड ३१ लाख रहेकोमा सोअनुसार बैङ्कहरूले सामाजिक उत्तरदायित्वमा रु.६४ करोड १५ लाख ३१ हजार खर्च गर्नुपर्नेमा रु.५९ करोड ४२ लाख ६३ हजार खर्च गरेको देखिएकाले तोकिएभन्दा रु.४ करोड ७२ लाख ६८ हजार घटी खर्च गरेको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वमा गरेको खर्चको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले अनुगमन गरेको नदेखिएकाले सोको अनुगमन गर्नुपर्दछ।

१४. **ऋण पत्र लगानी -** अन्तर्राष्ट्रिय मुद्रा कोष मा रहेको नेपालको कोटाको नेपाली रुपैयाँ र एस.डी.आर.को निश्चित गरिएको विनिमय दरले हुने मूल्याङ्कन समायोजन बापत नेपाल सरकारको तर्फबाट उक्त कोषलाई तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स सम्झौता ऐन, २०१८ अनुरूप नेपाल राष्ट्र बैङ्कको नाममा ऋण पत्र जारी गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले २०८२ आषाढ मसान्तसम्म अन्तर्राष्ट्रिय मुद्रा कोष बण्डमा रु.५ अर्ब १५ करोड ९६ लाख दायित्व देखाएकोमा नेपाल राष्ट्र बैङ्कले रु.३ अर्ब २८ करोड ४० लाखमात्र सो बण्डमा लगानी देखाएको पाइयो। यसबाट फरक परेको रु.१ अर्ब ८७ करोड ५६ लाख सम्बन्धमा हिसाब मिलान गरेको नदेखिएकाले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१५. **मेसिन उपयोग -**नेपाल राष्ट्र बैङ्क र बेलायतस्थित क्यास प्रोसेसिङ्ग सोलुसन लिमिटेडबिच २०७८।१।२३ मा भएको सम्झौताबमोजिम मुद्रा परीक्षण तथा प्रशोधन प्रणाली मेसिन खरिद गरेकोमा मेसिन/ढुवानी पश्चात् उक्त आपूर्तिकर्ता दिवालीया प्रक्रियामा गएको कारणले मेसिन उपयोगमा ल्याएको छैन। नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्ताको तर्फबाट भुक्तानी गरेको भन्सार महसुल रु.३ करोड ५० लाख असुली भएको छैन। उक्त रकम असुल गरी खरिद भएको मेसिन उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१६. **छपाइ सामग्री -** नेपाल राष्ट्र बैङ्कले ५० रुपैयाँ दरका नोट ३० करोड थान तथा एक हजार रुपैयाँ दरका नोट ४३ करोड थान छपाइ गर्न भारतको एक सेक्युरिटी प्रिन्टिङ एण्ड मिन्टिङ कम्पनीसँग

क्रमशः २०७९।१० १५ मा अमेरिकी डलर ५० लाख ४९ हजार र २०७९।९।७ मा अमेरिकी डलर १ करोड ११ लाखको सम्झौता गरेकोमा वास्तविक मुद्रण प्रमाण तथा नोटहरूको प्राविधिक परीक्षण प्रतिवेदनमा स्वीकृत नमूनाअनुसार नभएको कारणले क्रमशः २०८१।११।४ र २०८१।१०।५ मा सम्झौता रद्द गरी बैङ्क जमानत जफत गरेको छ। सम्झौता रद्द भएको अवस्थामा नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्तासँग रहेको उत्पत्ति सामग्रीको सुरक्षा र गोपनीयता सुनिश्चित गर्न, बैङ्कले नोट तयार गर्न प्रयोग हुने सबै सामग्री निरीक्षण गर्ने र प्रदान गरीएका नमुना बैङ्क नोटहरूको फिर्ता सुनिश्चितता गर्नुपर्नेमा बैङ्कले सम्बन्धित पक्षलाई अनुरोधपत्र मात्र पठाएको छ। बैङ्क नोट मुद्रणका लागि गरिने महत्त्वपूर्ण गोप्य डाटा नेपाल राष्ट्र बैङ्कको भौतिक स्वामित्वमा नरहेकाले बैङ्कको नियन्त्रणमा ल्याउनुपर्दछ। सो सम्बन्धमा गत वर्ष समेत उल्लेख गरेकोमा स्थिति यथावत् छ।

नेपाल लेखापरीक्षणमान बोर्ड

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १५(घ१) अनुसार २०५९।११।२६ मा नेपाल लेखापरीक्षणमान बोर्डको स्थापना भएको छ। बोर्डमा नेपाल सरकारद्वारा नियुक्त फेलो चार्टर्ड एकाउन्टेन्ट अध्यक्ष, महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालयको एक एक जना प्रतिनिधि, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेका तीन जना चार्टर्ड एकाउन्टेन्ट र एक जना दर्तावाला लेखापरीक्षक सहित ७ जना सदस्य रहने व्यवस्था छ।

१. **वित्तीय स्थिति-** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
स्थिर सम्पत्ति	६,१०		५,३१	
अमूर्त सम्पत्ति	१,९४		२,६३	
कुल गैर चालु सम्पत्ति		**८,०४**		**७,९४**
अल्पकालिन लगानी	५०,००		४५,००	
जिन्सी मौज्दात	८,५३		२,४९	
अग्रिम भुक्तानी तथा पेस्की	३,१९		१०,३५	
नगद र नगद सरह मौज्दात	६,१५		६,०६	
कुल चालु सम्पत्ति		**६७,८७**		**६३,९०**
कुल सम्पत्ति		**७५,९१**		**७१,८४**
साधारण कोषहरू	७५,४७		७१,३८	
कुल कोष तथा जगेडा		**७५,४७**		**७१,३८**
अन्य चालु दायित्व	४४		४६	
कुल चालु दायित्व		**४४**		**४६**
कुल कोष तथा दायित्व		**७५,९१**		**७१,८४**

यस वर्ष बोर्डको कुल सम्पत्ति र कोष तथा दायित्व गत वर्षको तुलनामा ५.६६ प्रतिशतले वृद्धि भई रु.७५ लाख ९१ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा**- बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सरकारी अनुदान	७५,००		५०,००	
तालिम आम्दानी	१२,१७		७,७४	
अन्य आम्दानी	१३,७७		१७,६१	
कुल आम्दानी		**१,००,९४**		**७५,३५**
कर्मचारी खर्च	३०,६०		३१,४४	
तालिम खर्च	२५,४४		१८,१२	
अन्य सञ्चालन खर्च	३८,८३		४१,९४	
ह्रासकट्टी तथा परिशोधन खर्च	१,९९		१,८२	
कुल खर्च		**९६,८६**		**९३,३२**
सञ्चालन बचत/(घाटा)		**४,०८**		**(१७,९७)**

बोर्डको गत वर्षको तुलनामा यस वर्षको कुल आम्दानी ३३.९६ प्रतिशतले वृद्धि भई रु.१ करोड ९४ हजार र कुल खर्च ३.७९ प्रतिशतले वृद्धि भई रु.९६ लाख ८६ हजार पुगेको छ। **गत वर्ष सञ्चालन घाटा रु.१७ लाख ९७ हजार रहेकोमा यो वर्ष** रु.४ **लाख ८ हजार सञ्चालन** बचत **रहेको छ।**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०८०।८१)

राष्ट्रिय आपूर्ति नीति बमोजिम खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्न, खाद्यवस्तु खरिद, बिक्री वितरण, ढुवानी तथा सञ्चय गर्ने मुख्य उद्देश्यले २०७६।४।२८ मा कम्पनी ऐन, २०६३ अन्तर्गत यस कम्पनीको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यस कम्पनीको खाद्यान्नलगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्न सक्ने एक सक्षम व्यावसायिक कम्पनीको रूपमा स्थापित हुने दीर्घकालीन सोच रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
स्थिर सम्पत्ति	३४,३४,७७		२७,०३,४२	
पुँजीगत कार्य प्रगति	१४,६८,३२		१२,२२,८०	
अदृश्य सम्पत्ति	५४,६१		५३,०९	
लगानी	१,२७,४३,३७		१,२६,८०,८२	
स्थगन कर सम्पत्ति	३५,००,५६		३५,८५,०४	
जम्मा गैर चालु सम्पत्ति		**२,१२,०१,६३**		**२,०२,४५,१७**
जिन्सी मौज्दात	८४,८३,२३		५८,५६,८३	
व्यापारिक प्राप्य	७१,२६,९०		६०,१०,८८	
नगद तथा नगद सरह	४१,६७,७३		८८,३२,७३	
अन्य बैङ्क मौज्दात	६०,६६,३७		४७,८३,४९	
अन्य चालु सम्पत्ति	१८,१९,५४		२१,९२,७९	
जम्मा चालु सम्पत्ति		**२,७६,६३,७७**		**२,७६,७६,७२**
जम्मा सम्पत्ति		**४,८८,६५,४०**		**४,७९,२१,८९**
इक्विटी				
सेयर पुँजी	१,१५,९८,३०		१,१५,९८,३०	
सेयरको लागि अग्रिम भुक्तानी	१,६२,७३		१,६२,७३	
सञ्चित आम्दानी तथा जगेडा	१,२०,७२,९०		१,१५,७३,०३	
जम्मा इक्विटी		**२,३८,३३,९३**		**२,३३,३४,०६**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	३५,९२,६४		३५,९२,६४	
अन्य दायित्व	३२,४६,७६		४२,४७,८२	
चालु कर दायित्व	१,९५,७९		-	
जम्मा गैर चालु दायित्व		**७०,३५,१९**		**७८,४०,४६**
अल्पकालीन ऋण	१		३६	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	२६,८१,६८		१२,१५,६५	
अन्य वित्तीय दायित्व	१९,७६,५२		१८,५५,३९	
अन्य चालु दायित्व	१,३३,३८,०७		१,३६,७५,९७	
जम्मा चालु दायित्व		**१,७९,९६,२८**		**१,६७,४७,३७**
जम्मा इक्विटी तथा दायित्व		**४,८८,६५,४०**		**४,७९,२१,८९**

कम्पनीको २०८१ आषाढ मसान्तमा सेयर पुँजी रु.१ अर्ब १५ करोड ९८ लाख ३० हजार, सेयरको लागि अग्रिम भुक्तानी रु.१ करोड ६२ लाख ७३ हजार र सञ्चित आम्दानी तथा जगेडा रु.१ अर्ब २० करोड ७२ लाख ९० हजार समेत इक्विटी रु.२ अर्ब ३८ करोड ३३ लाख ९३ हजार, गैर चालु दायित्व रु.७० करोड ३५ लाख १९ हजार र चालु दायित्व रु.१ अर्ब ७९ करोड ९६ लाख २८ हजार रहेको छ। त्यसैगरी गैर चालु सम्पत्ति रु.२ अर्ब १२ करोड १ लाख ६३ हजार र चालु सम्पत्ति रु.२ अर्ब ७६ करोड ६३ लाख ७७ हजार समेत रु.४ अर्ब ८८ करोड ६५ लाख ४० हजारको सम्पत्ति रहेको छ। कम्पनीको जम्मा सम्पत्ति एवं पुँजी तथा दायित्व गत वर्षभन्दा यो वर्ष १.९७ प्रतिशतले वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१,६३,८५,०३		१,५९,६६,४७	
बिक्रीको लागत	१,४७,३०,११		१,३३,४७,५१	
व्यापार खर्च	४७,९१,७९		५७,२१,३९	
कुल नाफा		**(३१,३६,८७)**		**(३१,०२,४३)**
अन्य सञ्चालन आम्दानी	८२,७७,५४		९७,७७,९९	
कुल सञ्चालन नाफा		**५१,४०,६७**		**६६,७५,५६**
कर्मचारी खर्चहरू	३२,४५,६२		४०,९४,९७	
प्रशासनिक तथा अन्य खर्चहरू	८,७२,६४		१५,२६,२२	
सञ्चालन नाफा		**१०,२२,४१**		**१०,५४,३७**
ह्रास कट्टी तथा परिशोधन खर्च	२,३८,१५		१,९४,८४	
वित्तीय खर्च	१,०८		५,७१	
कर अघिको नाफा		**७,८३,१८**		**८,५३,८२**

यस वर्ष रु.१ अर्ब ६३ करोड ८५ लाख ३ हजारको बिक्री र कुल नोक्सानी रु.३१ करोड ३६ लाख ८७ हजार र करअघिको नाफा रु.७ करोड ८३ लाख १८ हजार रहेको छ। गत वर्षको तुलनामा कर अघिको नाफा ८.२७ प्रतिशतले कमी रहेको हो।

३. **कम्पनीको विघटन र खारेजी** - साबिकमा सञ्चालनमा रहेका नेपाल खाद्य संस्थान र नेसनल ट्रेडिङ्ग लिमिटेड कम्पनीलाई गाभेर सरकारी कम्पनीको रूपमा यस कम्पनीको गठन भएकोमा क्रमशः नेपाल खाद्य संस्थान ऐन, २०२१ को दफा १४ बमोजिम विघटन तथा कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम खारेजी हुनुपर्नेमा विघटन र खारेजीको कार्य सम्पन्न नहुँदा सोको कर, ब्याज, जरिबाना यकिन तथा भुक्तानी गर्ने कार्य बाँकी नै रहेको छ।

४. **जग्गाको स्वामित्व हस्तान्तरण** - साबिकका कम्पनीको स्वामित्वमा रहेका जग्गा नयाँ कम्पनीको नाममा नामसारी गर्न २०७६।६।६ मा कम्पनी व्यवस्थापनले निर्णय गरे तापनि उक्त कार्य सम्पन्न हुन सकेको छैन। लामो समयसम्म नामसारी नहुँदा त्यसको उपयोग र परिचालनमा समस्या सिर्जना हुने भएकोले उक्त कार्यलाई प्राथमिकता दिई सम्पन्न गर्नुपर्दछ।

५. **आयकरका लागि व्यवस्था तथा लेखाङ्कन -** कम्पनीको कर लेखापरीक्षण भई कर कार्यालयबाट पुरानो बक्यौता उल्लेख गरी रु.४२ करोड १३ लाख कर निर्धारण भएकोमा सोको व्यवस्था तथा लेखाङ्कन गर्नुपर्दछ।

६. **कर्मचारी दायित्व** - नेपाल लेखामान १९ "कर्मचारी लाभ" अनुसार कम्पनीले कर्मचारीलाई भुक्तानी गर्नुपर्ने उपदान, सञ्चित बिदा लगायतको वार्षिक दायित्वको रकम गणना गरी लेखाङ्कन गर्नुपर्नेमा गरेको पाइएन। एक्च्युरियल मूल्याङ्कनको आधारमा वार्षिक रूपमा उक्त दायित्वको गणना गर्नुपर्दछ।

७. **लिलाम बिक्री तथा मिनाहा** - कम्पनीको खरिद तथा आर्थिक विनियमावली, २०७९ को परिच्छेद १८ अनुसार लिलाम बिक्री गर्ने तथा धुल्याउने कार्य आवश्यकताअनुसार सालबसाली रूपमा गर्नुपर्नेमा गरेको पाइएन। प्रादेशिक कार्यालय, थापाथलीमा रहेको पुराना ट्रकहरू लामो समयदेखि उपयोगविहीन रहेका छन्। उपयोग गर्न नसकिने अवस्थामा रहेका उक्त ट्रकहरू प्रक्रिया पूरा गरी लिलाम बिक्री नगरेको कारणले सवारी कर दायित्व बढेको अवस्था छ। तसर्थ, नियमानुसार प्रक्रिया पूरा गरी उपयोगविहीन सवारीसाधनको व्यवस्थापन गर्नुपर्दछ।

८. **जग्गा बिक्री** - मन्त्रीपरिषद्को २०७४।२।४ को निर्णयबमोजिम साबिकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा रहेको काठमाडौं महानगरपालिका वडा नं. १२, टेकुस्थित ९४९ रोपनी १० आना ३ दाम जग्गा (घर र गोदामसमेत) नेपाल आयल निगमलाई बिक्री गरेकोमा २०७४।२।१७ को सम्झौताको बुँदा नं. ८ बमोजिम तत्कालीन अवस्थामा जग्गा खाली नभएको कारणले निगमले रिटेन्सन मनीबापत रोक्का राखेको ५ प्रतिशतले हुने रु.१६ करोड २८ लाख हाल जग्गा खाली भइसक्दासमेत कम्पनीलाई भुक्तानी गरेको छैन। कम्पनीले सम्झौताको सर्तअनुसार उक्त रकम प्राप्त गरी लेखाङ्कन गर्नुपर्दछ।

९. **नगद तथा नगद समतुल्य -** यो वर्षको वर्षान्तमा कम्पनीले नेपाल राष्ट्र बैङ्कको ३ र राष्ट्रिय वाणिज्य बैङ्कको ३ समेत ६ खातामा देखिएको फरक रु.२५ लाख ३० हजार हिसाब मिलान गरेको छैन। उक्त फरक रकम २०३४।३५ देखि जिम्मेवारी सार्दै आएकोले सम्बन्धित निकायसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ।

१०. **नेशनल ट्रेडिङ्गतर्फको ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१ अनुसार साबिकको नेशनल ट्रेडिङ्ग लिमिटेडलाई प्रवाह भएको ऋणमध्ये साँवा रु.३२ करोड ३५ लाख र ब्याज रु.८ करोड १२ लाख रहेको छ। कम्पनीले आफ्नो वासलातमा रु.३५ करोड ९२ लाख दीर्घकालीन ऋण र रु.१ करोड ८७ लाख ब्याज जिम्मेवारी सारेको छ। यसबाट सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र कम्पनीबिच दीर्घकालीन ऋण तथा ब्याजमा रु.२ करोड ६८ लाख फरक देखिएको छ। कम्पनीले जिम्मेवारी सार्दै आएको ऋण र सोको ब्याज सम्बन्धमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ।

११. **खाद्य संस्थानतर्फको ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१ अनुसार नेपाल सरकारको विशेष ऋणअन्तर्गत २०४७।११।२४ को सम्झौताअनुसार रु.५ करोड ९० लाख नेपाल खाद्य संस्थानलाई ऋण प्रवाह भएकोमा २०७४।७५ सम्म साँवा रु.४२ लाख ४३ हजार बाँकी रहेकोमा कम्पनीमा उक्त ऋण रकम लेखाङ्कन नभएको बेहोरा

विगतका लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् रहेकोले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग समन्वय गरी हिसाब मिलान तथा लेखाङ्कन गर्नुपर्दछ।

१२. **खर्च लेखाङ्कन -** कम्पनीको २०८०।८१ मा व्यापारिक तथा अन्य भुक्तानी अन्तर्गत कर्मचारी हिसाब शीर्षकमा रु.८५ लाख ८५ हजार देखिएकोमा उक्त रकम कर्मचारीहरूलाई २०४०।४१ देखि नै भुक्तानी दिन बाँकी रहेको देखिन्छ। उक्त रकम विगत लामो समयदेखि जिम्मेवारी सार्दै ल्याइएकोमा हिसाब यकिन गरी फर्स्यौट गर्नुपर्दछ।

१३. **शंकास्पद आसामी व्यवस्था -** कम्पनीले शंकास्पद आसामी व्यवस्थाअन्तर्गत रु.३ करोड ८२ लाख विगत लामो समयदेखि जिम्मेवारी सार्दै ल्याएकोमा आसामीको नामनामेसीको विवरण कम्पनीमा नरहेकोले यकिन गर्न सकिएन। आसामीको विस्तृत विवरण यकिन गरी असुल फर्स्यौट गर्नुपर्दछ।

१४. **क्षतिपूर्ति** - कम्पनीले यो वर्ष मुद्दा सम्बन्धी क्षतिपूर्तिमा रु.६ करोड २० लाख व्यवस्था गरेको छ। साविकको खाद्य संस्थान र एक भारतीय कम्पनीको मुद्दामा कोलकता उच्च अदालत भारतबाट सन् २०१३ मा फैसला भई रु.६ करोड ६६ लाख क्षतिपूर्ति पाउने उल्लेख छ। उक्त रकममध्ये गत वर्षसम्म रु.६ करोड २० लाख प्राप्त भएकोमा यो वर्ष थप रकम प्राप्त भएको छैन। उक्त मुद्दाबाट कम्पनीलाई थप रु.४६ लाख प्राप्त हुनुपर्नेमा कम्पनीले सो रकमलाई आफ्नो खातामा लेखाङ्कन गरेको देखिएन। अदालतको फैसलाअनुसारको क्षतिपूर्ति रकम प्राप्त गरी आय लेखाङ्कन गर्नुपर्दछ।

१५. **जग्गा तथा संरचनाको उपयोग -** कम्पनीले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा भवनको संरक्षण र उपयोग गरी व्यावसायिक लाभ लिनुपर्नेमा लिएको देखिएन। जग्गा तथा भवन उपयोग सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१५.१. साबिकको नेशनल ट्रेडिङ्ग लिमिटेड र एक कन्स्ट्रक्सन कम्पनीबिच महेन्द्रनगर बसपार्कमा रहेको १ बिघा ७ कठ्ठा १३ धुर जग्गा मासिक रु.२ लाख ३३ हजार ५०० का दरले भाडामा दिने गरी २०७५।१०।९ मा भएको सम्झौता अनुसार समयमा भाडा रकम बुझाएको देखिएन। अतः बक्यौता भाडा रु.५० लाख ३३ हजार असुल गर्नुपर्दछ।

१५.२. पोखरामा गोदाम रहेको कित्ता नं. ९३९ को ६ रोपनी ५ आना ४ दाम क्षेत्रफल जग्गाको स्वामित्व कम्पनीको नाममा रहेको छैन। नेपाल सरकार सचिवस्तरको निर्णयानुसार साबिकको खाद्य संस्थान र कृषि विकास आयोजनाले भोगाधिकार पाउने निर्णय भएकोमा सो जग्गाको जग्गाधनी प्रमाणपूर्जा कृषि विकास आयोजनाको नाममा रहेको छ। साविकको खाद्य संस्थानको अभिलेखबाट सो जग्गासहित १५ रोपनी १ पैसा ३ दाम जग्गा प्रति रोपनी रु.२ हजारका दरले रु.३० हजारमा खरिद गरेको देखिन्छ। सो जग्गाको स्वामित्व कम्पनीको नाममा ल्याउनुपर्दछ।

१६. **हिसाब समायोजन** - वित्तीय विवरणको अनुसूची अन्तर्गत शाखा हिसाबको अन्य सम्पत्तिमा रु.६ करोड ३१ लाख, व्यापारिक प्राप्य रु.७१ करोड २७ लाख, साहु हिसाब रु.४४ करोड ६१ लाख सारभूत रकम उल्लेख गरिएको छ। उक्त हिसाबहरूमा मिलान/समायोजन हुन विगत वर्षदेखि बाँकी रहेका रकम समावेश भइरहेको र त्यस्ता रकमहरूको प्रकृति र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी वित्तीय विवरणमा हिसाब मिलान गर्नुपर्दछ।

१७. **खर्चको शोधभर्ना** - नेपाल सरकारको नीति/ निर्देशन/ स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गर्दा कम्पनीले २०६७।६८ देखि २०७९।८० सम्म विभिन्न शीर्षकमा कम्पनीको तर्फबाट भएका खर्च रु.१ अर्ब ४८ करोड ७७ लाख शोधभर्नाको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा लेखी पठाएकोमा २०८०।८१ सम्म प्राप्त गरेको देखिएन।

जनकपुर चुरोट कारखाना लिमिटेड

सबै प्रकारका चुरोट, बिँडी, सिगार पाइपको सुर्ती आदि बनाउने तथा सोसँग सम्बन्धित अन्य सहायक वस्तु वा पुरक वस्तु वा सो सँगको सम्बन्धबाट अन्य वस्तुको उत्पादन गर्ने, सुर्ती खेती गर्ने, उन्नत जातका सुर्ती उत्पादन गर्ने गराउने वा तत्सम्बन्धी अनुसन्धान गर्ने गराउने उद्देश्यले साबिक कम्पनी ऐन, २०२१ अनुसार २०२१।९।२९ मा कारखानाको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जनकपुर चुरोट कारखानाको अधिकृत पुँजी रु.८ करोड र जारी तथा चुक्ता पुँजी रु.४ करोड ८ लाख ३७ हजार रहेको छ। २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सेयर पुँजी	४,०८,३७		४,०८,३७	
जगेडा कोष र सञ्चित नाफा	५,४४,८३		५,४४,८३	
मध्यम र दीर्घकलीन ऋण	२,९४,६२,७८		२,९४,६२,७८	
सञ्चित कोष हिसाब	९,४२		९,४२	
कुल पुँजी र जगेडा कोष		**३,०४,२५,४०**		**३,०४,२५,४०**
स्थिर सम्पत्ति	२,०१,७५		२,०९,५२	
लगानी	१२,३०,१५		१२,१०,१५	
कुल स्थिर सम्पत्ति		**१४,३१,९०**		**१४,१९,६७**
जिन्सी मौज्दात	९,०१,५५		९,०१,५५	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,०७,६८		१,१९,८३	
नगद तथा अन्य मौज्दात	३४,६८		२७,७९	
अग्रिम भुक्तानी रकम र पेस्की सापटी धरौटी	१,६७,७४		१,६१,८६	
कुल चालु सम्पत्ति		**१२,११,६५**		**१२,११,०३**
चालु दायित्व	११,२३,८२		११,२३,८२	
व्यवस्था	१,३६,६०		१,३६,६०	
कुल चालु दायित्व तथा व्यवस्था		**१२,६०,४२**		**१२,६०,४२**
खुद चालु सम्पत्ति		**(४८,७७)**		**(४९,३९)**
नाफा तथा नोक्सान हिसाब		**२,९०,४२,२७**		**२,९०,५५,१२**
कुल जम्मा		**३,०४,२५,४०**		**३,०४२,५,४०**

कम्पनीको उत्पादन २०६७ फागुनदेखि बन्द रहेकोले कुल पुँजी र जगेडा कोष एवं चालु दायित्व तथा व्यवस्थामा कुनै परिवर्तन भएको देखिँदैन।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी	५२,४२		६९,३८	
जम्मा आम्दानी		**५२,४२**		**६९,३८**
खर्च				
प्रशासकीय खर्च	३१,८०		३२,०३	
ह्रास खर्च	७,७७		८,२०	
जम्मा खर्च		**३९,५७**		**४०,२३**
खुद नाफा		**१२,८५**		**२९,१५**

कम्पनीको यस वर्ष खुद नाफा रु.१२ लाख ८५ हजार रहेको छ।

३. **मध्यम र दीर्घकालीन ऋण -** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।३।२९ सम्म विभिन्न मितिमा कम्पनीलाई प्राप्त भएको ऋण रकममध्ये साँवातर्फ रु.२ अर्ब ९४ करोड ६३ लाख वित्तीय विवरणमा समावेश गरेकोमा ब्याज खर्च लेखाङ्कन गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८२।८।४ को पत्रानुसार नेपाल सरकारलाई रु.१ अर्ब ७७ करोड ३० लाख ब्याज तिर्न बाँकी रहेको देखिन्छ। कम्पनीले नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा र ब्याज रकम भुक्तानी गरेको छैन। कम्पनीले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम भुक्तानी गर्नुपर्दछ।

४. **जग्गा तथा भवन -** कम्पनीको नाममा देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेकोमा उक्त जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको छैन। लिमिटेडले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्दछ।

५. **लगानी -** वित्तीय विवरणअनुसार कम्पनीले रु.१२ करोड ३० लाख लगानी गरेकोमध्ये मुद्दती निक्षेपको रु.७ करोड ३५ लाखबाहेक अन्य लगानीबाट प्रतिफल प्राप्त भएको छैन। लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको र बुटवल धागो कारखाना लिमिटेड एवं सेती चुरोट कारखाना लिमिटेड बन्द रहेकोमा उक्त कम्पनीहरूको लगानीमा हानी बापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्दछ।

६. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था छ। कम्पनीले २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन। ऐनको व्यवस्थाअनुसार साधारण सभा गर्नुपर्दछ।

७. **स्थिर सम्पत्ति -** कम्पनीले २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात् भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिमा नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका मेसिनरी औजारहरू कारखाना बन्द भएदेखि प्रयोगमा नरहेकाले उक्त मेसिनरी औजारहरूको मर्मत संभार गरी उचित संरक्षण गर्नुपर्दछ।

८. **चालु दायित्व -** चालु दायित्व अन्तर्गत आगामी १ वर्षमा भुक्तानी हुनुपर्ने खर्चहरू राख्नुपर्ने भए तापनि कारखानाले भुक्तानी गर्न बाँकी रहेका विगत वर्षदेखिका रकमलाई चालु दायित्व अन्तर्गत रु.११ करोड

२३ लाख ८२ हजार जिम्मेवारी सार्दै आएको छ। समयमा रकम भुक्तानी नगर्दा बिलम्ब शुल्क, जरिबाना आदि लाग्ने हुँदा नियमानुसार भुक्तानी गरी दायित्व फरफारक गर्नुपर्ने देखिन्छ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०८०।८१)

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सेयर पुँजी	४,०८,३७		४,०८,३७	
जगेडा कोष र सञ्चित नाफा	५,४४,८३		५,४४,८३	
मध्यम र दीर्घकालीन ऋण	२,९४,६२,७८		२,९४,६२,७८	
सञ्चित कोष हिसाब	९,४२		९,४२	
कुल पुँजी र जगेडा कोष		**३,०४,२५,४०**		**३,०४,२५,४०**
स्थिर सम्पत्ति	२,०९,५२		२,१७,७२	
लगानी	१२,१०,१५		११,८१,८५	
कुल सम्पत्ति		**१४,१९,६७**		**१३,९९,५७**
जिन्सी मौज्दात	९,०१,५५		९,०१,५५	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,१९,८३		१,१३,२१	
नगद तथा अन्य मौज्दात	२७,७९		३४,०३	
अग्रिम भुक्तानी रकम र पेस्की सापटी धरौटी	१,६१,८६		१,५३,१९	
कुल चालु सम्पत्ति		**१२,११,०३**		**१२,०१,९८**
चालु दायित्व	११,२३,८२		११,२३,८२	
व्यवस्था	१,३६,६०		१,३६,६०	
कुल चालु दायित्व तथा व्यवस्था		**१२,६०,४२**		**१२,६०,४२**
खुद चालु सम्पत्ति		**(४९,३९)**		**(५८,४४)**
नाफा तथा नोक्सान हिसाब		**२,९०,५५,१२**		**२,९०,८४,२७**
कुल जम्मा		**३,०४२,५,४०**		**३,०४,२५,४०**

कम्पनीको उत्पादन २०६७ फागुनदेखि बन्द रहेकोले कुल पुँजी र जगेडा कोष एवं चालु दायित्व तथा व्यवस्थामा कुनै परिवर्तन भएको देखिएन।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी	६९,३८		५६,७३	
जम्मा आम्दानी		**६९,३८**		**५६,७३**
प्रशासकीय खर्च	३२,०३		३६,९५	
ह्रास खर्च	८,२०		८,२४	
जम्मा खर्च		**४०,२३**		**४५,१९**
खुद नाफा		**२९,१५**		**११,५४**

कम्पनीको यस वर्ष खुद नाफा रु.२९ लाख १५ हजार रहेको छ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७९।८०)

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सेयर पुँजी	४,०८,३७		४,०८,३७	
जगेडा कोष र सञ्चित नाफा	५,४४,८३		५,४४,८३	
मध्यम र दीर्घकालीन ऋण	२,९४,६२,७८		२,९४,६२,७८	
सञ्चित कोष हिसाब	९,४२		९,४२	
कुल पुँजी र जगेडा कोष		**३,०४,२५,४०**		**३,०४,२५,४०**
स्थिर सम्पत्ति	२,१७,७२		२,२५,९७	
लगानी	११,८१,८५		१०,९५,१४	
कुल सम्पत्ति		**१३,९९,५७**		**१३,२१,११**
जिन्सी मौज्दात	९,०१,५५		९,०१,५५	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,१३,२१		१,०७,६९	
नगद तथा अन्य मौज्दात	३४,०३		१,१३,३९	
अग्रिम भुक्तानी रकम र पेस्की सापटी धरौटी	१,५३,१९		१,४६,२४	
कुल चालु सम्पत्ति		**१२,०१,९८**		**१२,६८,८७**
चालु दायित्व	११,२३,८२		११,२३,७९	
व्यवस्था	१,३६,६०		१,३६,६०	
कुल चालु दायित्व तथा व्यवस्था		**१२,६०,४२**		**१२,६०,३९**
खुद चालु सम्पत्ति		**(५८,४४)**		**८,४८**
नाफा तथा नोक्सान हिसाब		**२,९०,८४,२७**		**२,९०,९५,८१**
कुल जम्मा		**३,०४,२५,४०**		**३,०४,२५,४०**

कम्पनीको उत्पादन २०६७ फागुनदेखि बन्द रहेकोले कुल पुँजी र जगेडा कोष एवं चालु दायित्व तथा व्यवस्थामा कुनै परिवर्तन भएको देखिँदैन।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
आम्दानी	५६,७३		५७,८३	
जम्मा आम्दानी		**५६,७३**		**५७,८३**
प्रशासकीय खर्च	३६,९५		४०,८५	
ह्रास खर्च	८,२४		८,४९	
जम्मा खर्च		**४५,१९**		**४९,३४**
खुद नाफा		**११,५४**		**८,४९**

यस वर्ष कम्पनीको खुद नाफा रु.११ लाख ५४ हजार रहेको छ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७८।७९)

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०७९		३१ आषाढ २०७८	
सेयर पुँजी	४,०८,३७		४,०८,३७	
जगेडा कोष र सञ्चित नाफा	५,४४,८३		५,४४,८३	
मध्यम र दीर्घकालीन ऋण	२,९४,६२,७८		२,९४,६२,७८	
सञ्चित कोष हिसाब	९,४२		९,४२	
कुल पुँजी र जगेडा कोष		**३,०४,२५,४०**		**३,०४,२५,४०**
स्थिर सम्पत्ति	२,२५,९७		२,३४,४६	
लगानी	१०,९५,१४		४,९५,१५	
कुल स्थिर सम्पत्ति		**१३,२१,११**		**७,२९,६१**
जिन्सी मौज्दात	९,०१,५५		९,०१,५५	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,०७,६९		१,२३,५१	
नगद तथा अन्य मौज्दात	१,१३,३९		६८७,८३	
अग्रिम भुक्तानी रकम र पेस्की सापटी धरौटी	१,४६,२४		१,३८,९८	
कुल चालु सम्पत्ति		**१२,६८,८७**		**१८,५१,८७**
चालु दायित्व	११,२३,७९		११,२३,७७	
व्यवस्था	१,३६,६०		१,३६,६०	
कुल चालु दायित्व तथा व्यवस्था		**१२,६०,३९**		**१२,६०,३७**
खुद चालु सम्पत्ति		**८,४८**		**५,९१,५०**
नाफा तथा नोक्सान हिसाब		**२,९०,९५,८१**		**२,९१,०४,२९**
कुल जम्मा		**३,०४,२५,४०**		**३,०४,२५,४०**

कम्पनीको उत्पादन २०६७ फागुनदेखि बन्द रहेकोले कुल पुँजी र जगेडा कोष एवं चालु दायित्व तथा व्यवस्थामा कुनै परिवर्तन भएको देखिँदैन।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७८।७९		२०७७।७८	
आम्दानी	५७,८३		२५,८५	
जम्मा आम्दानी		**५७,८३**		**२५,८५**
प्रशासकीय खर्च	४०,८५		३२,९९	
ह्रास खर्च	८,४९		८,६२	
जम्मा खर्च		**४९,३४**		**४१,६१**
खुद नाफा		**८,४९**		**(१५,७६)**

यस वर्ष कम्पनीको खुद नाफा रु.८ लाख ४९ हजार रहेको छ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७७।७८)

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०७८		३१ आषाढ २०७७	
सेयर पुँजी	४,०८,३७		४,०८,३७	
जगेडा कोष र सञ्चित नाफा	५,४४,८३		५,४४,८३	
मध्यम र दीर्घकालीन ऋण	२,९४,६२,७८		२,९४,६२,७८	
सञ्चित कोष हिसाब	९,४२		९,४२	
कुल पुँजी तथा जगेडा कोष		**३,०४,२५,४०**		**३,०४,२५,४०**
स्थिर सम्पत्ति	२,३४,४६		२,४३,०७	
लगानी	४,९५,१५		४,९५,१५	
कुल स्थिर सम्पत्ति		**७,२९,६१**		**७,३८,२२**
जिन्सी मौज्दात	९,०१,५५		९,०१,५५	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,२३,५१		१,०८,१४	
नगद तथा अन्य मौज्दात	६,८७,८३		७,११,५५	
अग्रिम भुक्तानी रकम र पेस्की सापटी धरौटी	१,३८,९८		१,३७,७७	
कुल चालु सम्पत्ति		**१८,५१,८७**		**१८,५९,०१**
चालु दायित्व	११,२३,७७		११,२३,७७	
व्यवस्था	१,३६,६०		१,३६,६०	
कुल चालु दायित्व तथा व्यवस्था		**१२,६०,३७**		**१२,६०,३७**
खुद चालु सम्पति		**५,९१,५०**		**५,९८,६४**
नाफा तथा नोक्सान हिसाब		**२,९१,०४,२९**		**२,९०,८८,५४**
कुल जम्मा		**३,०४,२५,४०**		**३,०४,२५,४०**

कम्पनीको उत्पादन २०६७ फागुनदेखि बन्द रहेकोले कुल पुँजी र जगेडा कोष एवं चालु दायित्व तथा व्यवस्थामा कुनै परिवर्तन भएको देखिँदैन।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७७।७८		२०७६।७७	
आम्दानी	२५,८५		४२,२१	
जम्मा आम्दानी		**२५,८५**		**४२,२१**
प्रशासकीय खर्च	३२,९९		५२,४२	
ह्रास खर्च	८,६२		८,८४	
जम्मा खर्च		**४१,६१**		**६१,२६**
खुद नोक्सान		**(१५,७६)**		**(१९,०५)**

यस वर्ष कम्पनीको खुद नोक्सानी रु.१५ लाख ७६ हजार रहेको छ।

धौवादी फलाम कम्पनी लिमिटेड

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोतीदेखि २० किलोमिटर उत्तर हुप्सेकोट गाउँपालिका स्थित धौवादी क्षेत्रमा रहेको फलाम खानीको अन्वेषण उत्खनन् तथा प्रशोधन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०७६।६।९ मा यस कम्पनीको स्थापना भएको हो। विभिन्न अध्ययनबाट ४१ वर्ग किलोमिटर क्षेत्रफलभित्र १० करोड मेट्रिकटन फलाम खानीको भण्डार रहेको अनुमान छ। कम्पनीमा १ स्थायी समेत १२ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जायजेथा, संयन्त्र र उपकरण	७०,०१		७९,५०	
अमूर्त सम्पत्ति	१५,७१,१८		१५,०४,७३	
स्थगन कर सम्पत्ति (खुद)	२१,६३		४,०७	
कर सम्पत्ति (खुद)	६४,३२		५६,९०	
अन्य सम्पत्ति	१,५५,७६		१,४७,३०	
कुल गैर चालु सम्पत्ति		**१८,८२,९०**		**१७९२५०**
चालु सम्पत्ति				
लगानी	१०,००,००		११,५०,००	
नगद वा बैङ्क मौज्दात	२,७६,७७		२,८१,४०	
कुल चालु सम्पत्ति		**१२,७६,७७**		**१४,३१,४०**
कुल सम्पत्ति		**३१,५९,६७**		**३२२३८९**
दायित्व				
चालु दायित्व				
अन्य वित्तीय दायित्व	१०,८२		२२,३७	
कुल चालु दायित्व		**१०,८२**		**२२,३७**
कुल दायित्व		**१०,८२**		**२२,३७**
इक्विटी				
सेयर पुँजी	३१,७२,००		३१,७२,००	
जगेडा	(२३१४)		२९,५३	
कुल इक्विटी		**३१४८८६**		**३२,०१,५३**
कुल दायित्व तथा इक्विटी		**३१,५९,६७**		**३२,२३,९०**

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति ५.०४ प्रतिशतले वृद्धि भई रु.१८ करोड ८२ लाख ९० हजार र चालु सम्पत्ति १०.८० प्रतिशतले घट्न गई रु.१२ करोड ७६ लाख ७७ हजार पुगेको छ। चालु दायित्व ५१.६३ प्रतिशतले घट्न गई रु.१० लाख ८२ हजार र इक्विटी १.६४ प्रतिशतले घट्न गई रु.३१ करोड ४८ लाख ८५ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री	०		०	
अन्य आम्दानी	०		३७	
प्रशासकीय खर्च	१,१९,५७		१,१८,०५	
सञ्चालन नाफा/(नोक्सान)		**(१,१९,५७)**		**(१,१७,६८)**
लगानी आय	४९,३४		१,०४,२१	
वित्तीय खर्च र कर अघिको नाफा/(नोक्सान)		**(७०,२३)**		**(१३,४७)**
कर अघिको नाफा/(नोक्सान)		**(७०,२३)**		**(१३,४७)**
स्थगन कर (खर्च)/आम्दानी	१७,५६		३,३७	
यो वर्षको खुद नाफा/(नोक्सान)		**(५२,६७)**		**(१०,१०)**

गत वर्षको तुलनामा यस वर्ष सञ्चालन नोक्सानी १.६ प्रतिशत वृद्धि भई रु.१ करोड १९ लाख ५७ हजार र वित्तीय खर्चमा भएको वृद्धिले खुद नोक्सानी ४२१.४८ प्रतिशत वृद्धि भई रु.५२ लाख ६७ हजार पुगेको छ।

३. **पुँजी संरचना** - कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब रहेकोमा जारी पुँजी रु.४ अर्ब तथा चुक्ता पुँजी रु.३१ करोड ७२ लाख रहेको छ। प्रबन्धपत्रमा सेयर पुँजी रु.१० अर्बमध्ये ५५ प्रतिशतले हुने रु.५ अर्ब ५० करोड नेपाल सरकारबाट र बाँकी ४५ प्रतिशतले हुने रु.४ अर्ब ५० करोड निजी क्षेत्रबाट लगानी हुने उल्लेख छ। कम्पनी ऐन, २०६३ को दफा ६२ बमोजिम संस्थापकहरूले खरिद गर्न कबुल गरेको सेयरबापतको रकममध्ये माग भएको पूरा रकम चुक्ता नभएसम्म कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर निष्कासन गर्न स्वीकृति प्राप्त नहुने र सेयर निष्कासन नभएसम्म निजी क्षेत्रको सहभागिता नहुने अवस्था रहेकोले हालसम्म नेपाल सरकारको मात्र सेयर लगानी रहेको छ। हालसम्म फलाम खानीको सम्भाव्यता अध्ययन चरणमा नै रहेकोले थप सेयर निष्कासन हुन सकेको छैन।

४. **आयोजना निर्माण -** यो वर्ष पुँजीगततर्फ विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका १३ कार्यक्रम सञ्चालन गर्न रु.३३ करोड ४३ लाख ७ हजार बजेट स्वीकृत भएकोमा रु.७५ लाख ११ हजार अर्थात् २.२५ प्रतिशतमात्र खर्च भएको छ। कम्पनीको विस्तृत सम्भाव्यता अध्ययन अनुसार पूर्वाधार निर्माण कार्य सन् २०२६ मा सुरु गर्ने र फलाम उत्पादन सन् २०२९ बाट गर्ने लक्ष्य रहेको देखिन्छ। औद्योगिक क्षेत्र स्थापना गर्ने स्थानको जग्गा हालसम्म प्राप्त हुन सकेको देखिएन। विभिन्न निकायसँग समन्वय र प्रक्रिया पूरा नगरी कार्यक्रम स्वीकृत गरेकोले विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका कार्यक्रम सञ्चालन भएका छैनन्।

नेपाल औषधि लिमिटेड

गुणस्तरीय औषधीहरू उत्पादन गरी आम जनतालाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले साविक कम्पनी ऐन, २०२१ बमोजिम २०२९।६।१ मा कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत तथा जारी पुँजी रु.१५ करोड एवं चुक्ता पुँजी रु.७ करोड ५४ लाख ९९ हजार रहेको छ। कम्पनीले हाल जीवनजल, सिटामोल, हेमोडायलाइसिस फ्लुइड तथा फोलिक एसिड ट्याब्लेट लगायतका औषधिहरू उत्पादन गरिरहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
सम्पत्ति		
सम्पत्ति, प्लाण्ट तथा उपकरण (खुद)	३,२६,३७,९२	३,२६,७९,६८
लगानी तथा अन्य गैर-चालु सम्पत्ति	२०,५६,७४	२२,८७,६८
जम्मा गैर-चालु सम्पत्ति	**३,४६,९४,६६**	**३,४९,६७,३६**
जिन्सी सामग्री	२,३७,९१	२,३३,७२
प्राप्त हुनुपर्ने रकम	२,३३,५९	१,३६,४६
नगद तथा नगद समकक्ष	८२,६६	२,१८,७२
बैङ्क मौज्दात	६,३५	३,०१
पेश्की तथा अग्रिम भुक्तानी	४,९६,०९	४,५८,५०
जम्मा चालु सम्पत्ति	**१०,५६,६०**	**१०,५०,४१**
कुल सम्पत्ति	**३,५७,५१,२६**	**३,६०,१७,७७**
इक्विटी तथा दायित्व		
सेयर पुँजी	७,५४,९९	७,५४,९९
पुँजी सञ्चिति तथा अन्य इक्विटी	३,२३,२०,३२	३,२१,८३,७३
सञ्चित नोक्सान	(२,१६,६९,७५)	(२,०६,६६,०३)
जम्मा इक्विटी	**१,१४,०५,५६**	**१,२२,७२,६९**
दीर्घकालीन ऋण	९,२७,००	९,४७,००
दीर्घकालीन प्रावधान (अवकाश दायित्व)	२४,३९,११	२८,०५,१८
जम्मा गैर-चालु दायित्व	**३३,६६,११**	**३७,५२,१८**
दीर्घकालीन ऋणको चालु भाग	१,१६,९२,९५	१,१६,७२,९६
व्यापार तथा अन्य देय	९०,७०,७७	८०,८०,२८
अन्य चालु दायित्व	२,१५,८७	२,३९,६६
जम्मा चालु दायित्व	**२,०९,७९,५९**	**१,९९,९२,९०**
कुल इक्विटी तथा दायित्व	**३,५७,५१,२६**	**३,६०,१७,७७**

कम्पनीको सेयर पुँजी रु.७ करोड ५४ लाख ९९ हजार रहेको छ। कम्पनीको सञ्चित नोक्सानी गत वर्षसम्म रु.२ अर्ब ६ करोड ६६ लाख ३ हजार रहेकोमा यो वर्ष ४.८६ प्रतिशतले वृद्धि भई रु.२ अर्ब १६ करोड ६९ लाख पुगेको छ। कम्पनीको दीर्घकालीन ऋणको चालु भाग रु.१ अर्ब १६ करोड ९२ लाख र व्यापार तथा अन्य तिर्नुपर्ने रु.९० करोड ७० लाखसमेत चालु दायित्व रु.२ अर्ब ९ करोड ८० लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको नाफा नोक्सानको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२	२०८०।८१
सञ्चालन आय	५,६८,९७	४,७८,३६
बिक्रीको लागत	(५,७३,८४)	(५,६२,१०)
कुल नाफा / (नोक्सान)	**(४,८७)**	**(८३,७४)**
अन्य आय	४,०२,५६	३,६६,१९
बिक्री तथा वितरण खर्च	(२४,३५)	(५,६८)
प्रशासनिक खर्च	(४,१५,७९)	(४,०२,८७)

सञ्चालन नाफा / (नोक्सान)	**(४२,४५)**	**(१,२६,११)**
वित्तीय खर्च	(६,४८,७९)	(६,१५,६७)
मूल्यह्रास तथा परिशोधन	(८१,५३)	(६१,२१)
करपूर्व नाफा / (नोक्सान)	**(७,७२,७८)**	**(८,०२,९९)**
स्थगित कर खर्च	(२,३०,९४)	(८६,८७)
खुद नाफा / (नोक्सान)	**(१०,०३,७२)**	**(८,८९,८६)**

गत वर्षको तुलनामा कम्पनीको सञ्चालन आय १८.९४ प्रतिशत वृद्धि भई यो वर्ष रु.५ करोड ६८ लाख ९७ हजार पुगेकोमा बिक्रीको लागत सोभन्दा बढी (रु.५ करोड ७३ लाख ८४ हजार) रहेको देखिन्छ। कम्पनीको प्रशासनिक खर्च गत वर्षको तुलनामा ३.२१ प्रतिशतले वृद्धि भई रु.४ करोड १५ लाख ७९ हजार पुगेको छ। कम्पनीको खुद नोक्सानी गत वर्ष रु.८ करोड ८९ लाख रहेकोमा यो वर्ष रु.१० करोड ३ लाख पुगेको छ।

३. **क्षमता उपयोग -** कम्पनीले उत्पादन क्षमताको तुलनामा सिटामोल उत्पादनमा ७०.५५ प्रतिशत, डिष्टिल्ड वाटरमा ७३ प्रतिशत, ग्लिसिरिनमा ४१.६० प्रतिशत, जीवनजलमा ३५.५४ प्रतिशत, हेमोडाइलाइसिसमा १४.४७ प्रतिशत, स्यानिटाइजरमा २.८३ प्रतिशत र फोलिक एसिडमा ५८.४६ प्रतिशत मात्र क्षमता उपयोग गरेको छ। कम्पनीमा मेट्रोनिडाजोल, सेट्रिजिन र आरओ वाटर उत्पादन शून्य रहेको छ। यो वर्ष उत्पादन तथा बिक्री वितरण खर्च रु.२४ लाख ३५ हजार भएकोमा अवकाश प्राप्त कर्मचारी समेतको प्रशासनिक खर्च रु.४ करोड १६ लाख रहेको छ। मुलुकमा उत्पादित औषधीले बजारको माग धान्न नसकी विदेशबाट औषधी आयात गर्नुपरेको अवस्थामा कम्पनीले उत्पादन क्षमताको पूर्ण उपयोग गर्न सकेको छैन। कम्पनीले पूर्ण क्षमतामा औषधी उत्पादन गरी आयात प्रतिस्थापन गर्नुपर्दछ।

४. **अवकाश कोष -** नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तुति) तथा लेखामान ३७ (व्यवस्था, सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तीय विवरणको यथार्थपरकताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा कम्पनीले कर्मचारी दायित्वमध्ये अवकाश भएका बखत भुक्तानी गर्नुपर्ने दायित्व रु.२४ करोड ३९ लाख ११ हजार वासलातमा समावेश गरे तापनि लेखामान १९ (कर्मचारी सुविधा) बमोजिम अवकाश दायित्व गणना र छुट्टै अवकाश कोष स्थापना गरेको छैन। लेखामानबमोजिम कोषको व्यवस्था गरी अवकाश दायित्व व्यवस्थापन गर्नुपर्दछ।

५. **राजस्व बक्यौता -** आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरबाट कायम भएको शुल्क तथा ब्याजसहितको कर बक्यौता रु.६ करोड ९६ लाख ५८ हजार रहेको देखिएकोले कम्पनीले बक्यौता कर भुक्तानी गरी हिसाब फरफारक गर्नुपर्दछ।

६. **ब्याज भुक्तानी -** कम्पनीको वित्तीय विवरणअनुसार नेपाल सरकारबाट प्राप्त ऋण वर्षान्तमा रु.१ अर्ब २६ करोड २० लाख र उक्त ऋणको ब्याज बक्यौता रु.६६ करोड ७८ लाख रहेको छ। सञ्चालन दक्षता अभिवृद्धि गरी साँवा ब्याज भुक्तानी गर्नुपर्दछ।

७. **जग्गा विवाद -** काठमाडौं महानगरपालिका वडा नं.११ स्थित कित्ता नं.१९० को ३ रोपनी ४ आना ३ पैसा जग्गा २०६४।१२।२१ मा मन्त्रीस्तरीय निर्णय गरी नेपाल आयल निगमलाई रु.११ करोड ३७ लाखमा बिक्री गरेकोमा सर्वोच्च अदालतले २०७९।५।९ मा जग्गा बिक्री गर्ने मन्त्रीस्तरीय निर्णय खारेज गर्ने, जग्गाको हस्तान्तरणलाई सहमति नदिने र जग्गालाई पूर्ववत् अवस्थामा राख्ने आदेश

दिएकोमा कम्पनीले हालसम्म आदेशअनुसार जग्गा फिर्ता र रजिष्ट्रेसन खारेजी सम्बन्धी फैसला कार्यान्वयन गरेको छैन।

८. **निर्णय कार्यान्वयन -** मुख्य सचिवको अध्यक्षतामा बसेको बैठकले नेपाल औषधि लिमिटेड सुधार योजना पारित गरी संस्थाको क्षमता विस्तार, वित्तीय सुधार र दिगो सञ्चालनका लागि अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल औषधी लिमिटेडबिच सम्झौता भई ऋणलाई इक्विटीमा रूपान्तरण गर्ने, रु.२४ करोड ७८ लाख ऋण उपलब्ध गराउने, सिटामोल तथा जीवनजल उत्पादन लागत अनुदान र मेडिकल हब सञ्चालनसम्बन्धी विषयमा निर्णय गरी कार्यान्वयन गर्न २०८०।१।२० मा निर्देशन दिएकोमा कार्यान्वयन भएको देखिएन। उल्लिखित निर्णय कार्यान्वयन नहुँदा कम्पनीको वित्तीय पुनरूत्थान र दिगो सञ्चालनमा असर परेको छ। कम्पनीले सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरी निर्णय कार्यान्वयन गर्नुपर्दछ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरूको पारवहन सम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८।५।३० मा यो कम्पनीको स्थापना भएको हो। नेपालको वीरगन्ज, काँकडभिट्टा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल एवं भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको शाखा विस्तार भई क्लियरिङ्ग, फरवार्डिङ, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापनलगायतका कार्य यसले गर्दै आएको छ। कम्पनीको केन्द्रीय र शाखा कार्यालयमा स्थायी ३७ र करार ७१ समेत १०८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	३,९१,९५		३,१५,७३	
अमूर्त सम्पत्ति	१७,४५		१९,१४	
स्थगित कर सम्पत्ति	३,४३,८९		२,४१,२२	
लगानी	४०,६०,६५		५१,६०,६५	
लाभ योजना सम्पत्ति	१,३०,१६		१,८०,२४	
कुल गैर चालु सम्पत्ति		**४९,४४,१०**		**५९,१६,९८**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	२२,३४,१६		८,२५,५४	
लाभ योजना सम्पत्ति	१,९०,६१		१,७०,२३	
अन्य सम्पत्ति	२,११,०३		१,९२,०५	
व्यापार अन्य प्राप्य रकम	२,७०,७७		२,५१,९९	
पेस्की तथा धरौटी	६८,३९		५०,४२	
कुल चालु सम्पत्ति		**२९,७४,९६**		**१४,९०,२३**
कुल सम्पत्ति		**७९,१९,०६**		**७४,०७,२१**
इक्विटी र दायित्व				
सेयर पुँजी	१,२२,४३		१,२२,४३	
जगेडा कोष	६८०५००		६३,१७,७९	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
अन्य रिजर्भ	(२८७४)		११,४७	
कुल इक्विटी		**६८,९८,६९**		**६४,५१,६९**
गैर चालु दायित्व				
व्यवस्थाहरू	६,५९,०१		६,५९,०५	
सरकारी अनुदान	२६७६		२७,५५	
कुल गैर चालु दायित्व		**६,८५,७७**		**६,८६,६०**
चालु दायित्व				
पेस्की र धरौटी दायित्व	६,०८		२,०२	
व्यवस्थाहरू	२,०२,८६		१,९३,११	
चालु कर दायित्व	४०,७५		३५,८२	
अन्य चालु दायित्व	८४,९१		३७,९७	
कुल चालु दायित्व		**३,३४,६०**		**२,६८,९२**
कुल पुँजी र दायित्व		**७९,१९,०६**		**७४,०७,२१**

गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति १६.४४ प्रतिशतले घटेर रु.४९ करोड ४४ लाख १० हजार र चालु सम्पत्ति ९९.६३ प्रतिशतले वृद्धि भई रु.२९ करोड ७४ लाख ९६ हजार पुगेको छ। यसै गरी इक्विटी ६.९२ प्रतिशतले वृद्धि भई रु.६८ करोड ९८ लाख ६९ हजार, गैर चालु दायित्व ०.१२ प्रतिशतले घटेर रु.६ करोड ८५ लाख ७७ हजार र चालु दायित्व २४.४१ प्रतिशतले वृद्धि भई रु.३ करोड ३४ लाख ६० पुगेको छ। कम्पनीले यस वर्षदेखि नेपाल वित्तीय प्रतिवेदनमान लागु गरेका कारण बिमाङ्कीय मूल्याङ्कन गर्दा यो वर्ष गत वर्षको सम्पत्ति तथा दायित्वमा रु.२ करोड १९ लाख ६ हजार घटाई वित्तीय विवरण पेस गरेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	२६,७६,७७		२४,४५,६५	
बिक्री लागत	(१४,३९,१७)		(१२,९४,४२)	
कुल नाफा / (नोक्सान)		**१२,३७,६०**		**११,५१,२३**
ह्रास कट्टी	(४०,५७)		(३५,०४)	
अन्य आम्दानी	७३,५९		२,५७	
प्रशासनिक खर्च	(३,३८,५९)		(२,५८,८२)	
कर्मचारी खर्च	(६,७०,४०)		(६,२७,७७)	
कुल सञ्चालन आम्दानी		**२,६१,६३**		**२,३२,१७**
वित्तीय आम्दानी	३,२५,५४		४,०८,९०	
सहयोगीबाट नाफाको हिस्सा			११,२८	
बोनस व्यवस्थाहरू	(२९३६)		(३३,७०)	
आय कर अघिको नाफा/(नोक्सान)		**५,५७,८१**		**६,१८,६५**
चालु वर्षको कर	(१,३९,४५)		(१,६१,९७)	
गत वर्षको कर	(२०,४१)		(४०,१६)	
स्थगित कर क्रेडिट	८९,२६		१,१५,११	
खुद नाफा/(नोक्सान)		**४,८७,२१**		**५,३१,६३**

गत वर्षको तुलनामा यस वर्ष बिक्री आम्दानीमा ९.४५ प्रतिशतले वृद्धि भई रु.२६ करोड ७६ लाख ७७ हजार र अन्य आम्दानी रु.७१ लाख २ हजारले वृद्धि भएको छ। प्रशासनिक खर्च ३०.८२ प्रतिशतले वृद्धि भई रु.३ करोड ३८ लाख ५९ हजार र खुद नाफा ८.३५ प्रतिशतले घटेर रु.४ करोड ८७ लाख २१ हजार पुगेको छ।

३. **लाभांश -** कम्पनीको वित्तीय विवरण अनुसार २०८०।८१ सम्म रु.६३ करोड १७ लाख ७९ हजार सञ्चित नाफा रहेकोमा २०८१।८२ सम्म रु.६८ करोड ५ लाख पुगेको छ। सञ्चित नाफा वृद्धि हुँदै गएकोमा सेयरधनी नेपाल सरकारलाई लाभांश व्यवस्था र वितरण गरेको देखिएन। कर्मचारीहरूको लागि बोनस वितरण गर्न गत विगत वर्षदेखि रु.६ करोड २१ लाख ४५ हजार दीर्घकालीन व्यवस्था गरेकोमा यो वर्ष रु.२९ लाख ३६ हजार अल्पकालीन व्यवस्था गरेको छ। सेयरधनीलाई नियमानुसार लाभांश विवरण गर्नुपर्दछ।

४. **लिज भाडा -** नेपाल सरकार र भारत सरकारबिच १ नोभेम्बर १९८४ मा भएको जग्गा सम्बन्धी ३० वर्षीय लिज सम्झौताको म्याद ३१ डिसेम्बर २०१४ मा समाप्त भई थप ३० वर्षका लागि ३० डिसेम्बर २०२० मा नवीकरण भएको छ। उक्त सम्झौताबमोजिम नेपाल सरकारको एजेन्सीको रूपमा कम्पनीले हल्दिया डक कम्प्लेक्सको ६ हजार ९८५ वर्गमिटर र आवासीय क्षेत्रको २ हजार वर्गमिटर प्रयोग गर्न पाउने देखिन्छ। त्यस्तै, कोलकाता बन्दरगाहको डक इन्टेरियर जोनभित्रको कस्टम बन्डेड क्षेत्रमा नेपालतर्फ हुने पारवहन कार्गो भण्डारण गर्न करिब ४ हजार ८८६.१५ वर्गमिटर जग्गाको लागि १ मे १९९८ देखि लागु हुने गरी २५ वर्षको लिज सम्झौता भई ३० अप्रिल २०२३ मा समाप्त भएको छ। कोलकाता डक कम्प्लेक्स र हल्दिया डक कम्प्लेक्समा जमिन उपलब्ध भए तापनि कन्टेनर फ्रेट स्टेशनको लागि पूर्वाधारहरू निर्माण नगरेकोले व्यावसायिक रूपमा उपयोग हुन सकेको छैन। कम्पनीले विगतदेखि लिज भाडा भुक्तानी गर्दै आएकोमा यो वर्ष कोलकाता डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ८ लाख ९ हजार र हल्दिया डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ३० लाख २३ हजार भुक्तानी गरेको छ। कम्पनीले भाडामा लिएको जग्गाको व्यावसायिक रूपले उपयोग गर्नुपर्दछ।

५. **उठ्न बाँकी -** कम्पनीको वित्तीय विवरण अनुसार व्यापारिक तथा अन्य प्राप्यतर्फ रु.२ करोड ७० लाख ७७ हजार उठ्न बाँकी रहेको मध्ये २०७०।७१ भन्दा अगाडि देखि विभिन्न ९ निकायबाट रु.१ करोड ९७ लाख ४५ हजार उठ्न बाँकी रहेको देखिन्छ। साथै उक्त आसामीबाट कम्पनीले दाबी पुष्टि हुने कागजात पेस गरेको छैन। अतः कम्पनीले उक्त रकम कानुनबमोजिम प्रक्रिया अवलम्बन गरी असुल गर्नुपर्दछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।१०।१२ मा कम्पनी ऐन, २०६३ अनुसार यस कम्पनीको स्थापना भएको हो। अरूण नदीबाट १ हजार ६३.३६ मेगावाट क्षमताको विद्युत उत्पादन गर्ने कम्पनीको लक्ष्य रहेको छ।कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ४१ प्रतिशत, सर्वसाधारणको ४९ प्रतिशत, कोशी प्रदेश सरकार र भोटेखोला गाउँपालिकाको ५–५ प्रतिशत सेयर लगानी रहेको छ। कम्पनीमा प्राधिकरणबाट काजमा खटिएका २१ र करारमा १९ समेत ४० कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,३९,६९,३३		२,२९,२२,१५	
पुँजीगत कार्य प्रगति	२,५३,५५,५८		१,९०,७५,८१	
लिज सम्पत्तिको प्रयोग अधिकार	१२,४६,२०		६४,२८	
गैर वित्तीय सम्पत्ति	१,११,५०,८७		१,०७,८३,६०	
कुल गैर चालु सम्पत्ति		**६,१७,२१,९८**		**५,२८,४५,८४**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१५,६९,१६		१६,०६,३९	
अन्य चालु सम्पत्ति	२,२७,४७		३,१८,८८	
कुल चालु सम्पत्ति		**१७,९६,६३**		**१९,२५,२७**
कुल सम्पत्ति		**६,३५,१८,६१**		**५,४७,७१,११**
इक्विटी				
सेयर पुँजी	४,५९,९२,६७		३,००,००,००	
अन्य इक्विटी	२६,२८,८९		१,२१,७१,२९	
कुल इक्विटी		**४,८६,२१,५६**		**४,२१,७१,२९**
गैर चालु दायित्व				
सापटी	१,३०,४८,४१		१,१६,२८,६६	
अन्य वित्तीय दायित्व	४,०४,९७		१,३८,१०	
लिज दायित्व	६,२८,५५		११,५१	
कुल गैर चालु दायित्व		**१,४०,८१,९३**		**१,१७,७८,२७**
व्यापारिक भुक्तानी गर्नुपर्ने रकम	४,१८,४१		६,६०,३०	
अन्य चालु दायित्व	७५,७२		१,००,८९	
लिज दायित्व	३,२०,९९		६०,३६	
कुल चालु दायित्व		**८,१५,१२**		**८,२१,५५**
कुल इक्विटी तथा दायित्व		**६,३५,१८,६१**		**५,४७,७१,११**

गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति १६.७९ प्रतिशतले वृद्धि भई रु.६ अर्ब १७ करोड २१ लाख ९८ हजार र कुल चालु सम्पत्ति ६.६८ प्रतिशतले घटेर रु.१७ करोड ९६ लाख ६३ हजार पुगेको छ। कुल सम्पत्ति १५.९७ प्रतिशतले बढेर रु.६ अर्ब ३५ करोड १८ लाख ६१ हजार तथा कुल इक्विटी १५.२९ प्रतिशतले बढेर रु ४ अर्ब ८६ करोड २१ लाख ५६ हजार

पुगेको छ। गैर चालु दायित्व १९.५५ प्रतिशत बढेर रु.१ अर्ब ४० करोड ८१ लाख ९३ हजार रहेकोमा चालु दायित्व ०.७८ प्रतिशतले घटेर रु.८ करोड १५ लाख १२ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालन आय			-	
सञ्चालन खर्च			-	
अन्य आय	३१,०७		३,३२	
प्रशासनिक खर्च	(८,९४,७३)		(६,४८,५३)	
अन्य खर्च	(३,००,६६)		(१,७९,३५)	
खुद सञ्चालन नाफा/(नोक्सान)		**(११,६४,३२)**		**(८,२४,५६)**
वित्तीय खर्च	-		-	
वित्तीय आय	१४,५८			१३,३६
कर अघिको नाफा/(नोक्सान)		**(११,४९,७४)**		**(८,११,२०)**

गत वर्ष कर अघिको नोक्सान रु.८ करोड ११ लाख २० हजार रहेकोमा यो वर्ष रु.११ करोड ४९ लाख ७४ हजार पुगेको छ।

३. **आयोजनाको प्रगति -** यो आयोजना २०७४।७५ देखि सुरु भई र २०८७।८८ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा कुल समयावधिको ५० प्रतिशत समय व्यतीत भएकोमा ३.१७ प्रतिशत भौतिक प्रगति तथा २.७७ प्रतिशत वित्तीय प्रगति हासिल भएको देखिन्छ। तोकिएको समयमा सम्पन्न हुने गरी आयोजनाको निर्माण कार्य अगाडि बढाउनु पर्दछ।

उत्तरगङ्गा पावर कम्पनी लिमिटेड

बाग्लुङ्ग जिल्लामा रहेको उत्तरगङ्गा नदीको बहावलाई कृत्रिम भण्डारण गरी १ हजार ३५० मिटरको ग्रस हेडको उपयोगबाट निसी खोलामा पुऱ्याई २०८५।८६ सम्म विद्युत उत्पादन एवं बिक्री वितरण गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्वको सहायक कम्पनीको रूपमा २०७३।१२।१७ मा उत्तरगङ्गा पावर कम्पनी लिमिटेडको स्थापना भएको देखिन्छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	५९,७२		४८,७२	
पुँजीगत कार्य प्रगति	१८,४६,६६		१५,४२,१८	
अमूर्त सम्पत्ति	७,३५		५,३७	
कुल गैर चालु सम्पत्ति		**१९,१३,७३**		**१५,९६,२७**
चालु सम्पत्ति				
इन्भेन्टरी	१,२४			
नगद तथा बैङ्क मौज्दात	१६,७५		५७,६८	
अन्य चालु सम्पत्ति	५,९२		२,४०	
कुल चालु सम्पत्ति		**२३,९१**		**६०,०८**

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
कुल सम्पत्ति		**१९,३७,६४**		**१६,५६,३५**
इक्विटी				
सेयर पुँजी	१९,५७,००		१६,७२,००	
अन्य इक्विटी	(५१,७१)		(४८,२४)	
कुल इक्विटी		**१९,०५,२९**		**१६,२३,७६**
चालु दायित्व				
व्यापारिक भुक्तानी गर्नुपर्ने रकम	७४		४५	
अन्य चालु दायित्व	३१,६१		३२,१४	
कुल चालु दायित्व		**३२,३५**		**३२,५९**
कुल इक्विटी तथा दायित्व		**१९,३७,६४**		**१६,५६,३५**

गत वर्षको तुलनामा यो वर्ष कुल गैर चालु सम्पत्ति १९.८८ प्रतिशतले वृद्धि भई रु.१९ करोड १३ लाख ७३ हजार पुगेको छ। कुल चालु सम्पत्ति ६०.२० प्रतिशतले घटेर रु.२३ लाख ९१ हजार रहेको छ। कुल सम्पत्ति १६.९८ प्रतिशतले बढेर रु.१९ करोड ३७ लाख ६४ हजार र कुल इक्विटी १७.३३ प्रतिशतले बढेर रु १९ करोड ५ लाख २९ हजार पुगेको छ। चालु दायित्व ०.७४ प्रतिशतले घटेर रु.३२ लाख ३५ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी			-	
बिक्रीको लागत			-	
कुल नाफा/ (नोक्सान)			**-**	
अन्य आय	-		६	
प्रशासनिक खर्च	(३,४७)		(३,५४)	
सञ्चालन नाफा/(नोक्सान)		**(३,४७)**		**(३,४८)**
कर र बोनस अघिको नाफा/(नोक्सान)		**(३,४७)**		**(३,४८)**
आयकर			-	
खुद नाफा/(नोक्सान)		**(३,४७)**		**(३,४८)**

गत वर्ष खुद नोक्सान रु.३ लाख ४८ हजार रहेकोमा यो वर्ष रु.३ लाख ४७ हजार रहेको छ।

३. **आयोजनाको प्रगति -** उत्तरगङ्गा जलाशययुक्त जलविद्युत आयोजनाको नामबाट २०६८।६९ देखि निर्माण कार्य सुरु भई २०८५।८६ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म पनि अध्ययन कै क्रममा रहेको छ। तोकिएको समयमा सम्पन्न हुने गरी आयोजनाको निर्माण कार्य अगाडी बढाउनु पर्दछ।

तनहुँ जलविद्युत कम्पनी लिमिटेड

नेपाल सरकारले एसियाली विकास बैङ्कसँग माथिल्लो सेती जलविद्युत आयोजना सञ्चालन गर्न गरेको ऋण सम्झौता अनुरूप नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहने गरी २०६८।१२।१२ मा कम्पनीको स्थापना

भएको हो। तनहुँ जिल्लाको दुलेपहरामा बाँध तथा मालिङ्गामा विद्युत गृह निर्माण गरी १४० मेगावाट विद्युत उत्पादन गर्ने कम्पनीको लक्ष्य रहेको छ। कम्पनीमा विद्युत प्राधिकरणबाट काजमा खटिएका २६ र करारमा ८० समेत १०६ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	१,८६,०५,९६		१,८९,८२,२९	
पुँजीकृत हुन बाँकी सम्पत्ति	२८,८०,०९,०६		२४,३९९२६५	
परियोजना कार्य प्रगति	३६,६०,६४		३४,५७,७७	
लगानी	५,००,००		५,००,००	
कुल गैर चालु सम्पत्ति		**३१,०७,७५,६६**		**२६,६९,३२,७१**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	३,८७,३६,२३		१९,६२,३८	
अन्य वित्तीय सम्पत्ति	१०,२८		९,४९	
अन्य सम्पत्ति	३,२९,०४		३,२४,२४	
चालु कर सम्पत्ति	६,५३,१७		५,६२,५०	
कुल चालु सम्पत्ति		**३,९७,२८,७२**		**२८,५८,६१**
कुल सम्पत्ति		**३५,०५,०४,३८**		**२६,९७,९१,३२**
इक्विटी				
सेयर पुँजी	४,८५,४३,९४		४,८५,४३,९४	
अन्य इक्विटी	१,११,५२,९६		१,११,९२,९४	
कुल इक्विटी		**५,९६,९६,९०**		**५,९७,३६,८८**
दायित्व				
गैर चालु दायित्व				
सरकारी अनुदान	१,६१,२२,१३		१,६१,२२,१३	
ऋण र सापटी	१५,९६,७०,२१		१३,२७,१६,९५	
अन्य गैर चालु दायित्व	१,१०,००,५५		८,६३,०९१	
कुल गैर चालु दायित्व		**१८,६७,९२,९०**		**१५,७४,७०,००**
चालु दायित्व				
अन्य वित्तीय दायित्व	४,३२,३४,०१		५,०५,२८,५०	
व्यवस्था	२०,५६,५७		२०,५५,९४	
सेयर पुँजीका लागि अग्रिम भुक्तानी	५,८७,२३,९९			
कुल चालु दायित्व		**१०,४०,१४,५८**		**५,२५,८४,४४**
कुल इक्विटी तथा दायित्व		**३५,०५,०४,३८**		**२६,९७,९१,३२**

कम्पनीको गत वर्षको तुलनामा यस वर्षको कुल सम्पत्ति २९.९२ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब ५ करोड ४ लाख ३८ हजार पुगेको छ। सेयर पुँजीका लागि अग्रिम भुक्तानी भएको कारणले कुल चालु दायित्व ९७.८० प्रतिशतले वृद्धि भई रु.१० अर्ब ४० करोड १४ लाख ५८ हजार पुगेको छ। कम्पनीले यस वर्ष गत वर्षको वित्तीय विवरणमा कुल सम्पत्ति तथा दायित्वतर्फ रु.२७ करोड ८५ लाख घटी देखाई वित्तीय विवरण पेस गरेकोले यसको खुलासा हुनुपर्दछ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	०		०	
बिक्रीको लागत	०		०	
कुल नाफा/(नोक्सान)		**०**		**०**
अन्य आम्दानी	६,७०,४९	६,७०,४९	१,००	१००
अन्य खर्च	-		५,३९	
कर्मचारी खर्च	१०,२३,६६		११,५८,४४	
वित्तीय खर्च	२८,६		१८,२	
प्रशासनिक खर्च	१,८४,६८		१,७४,७३	
ह्रास खर्च	९९,५८		७६,६७	
कुल खर्च		**१३,१०,७८**		**१४१७०५**
सञ्चालन नाफा/(नोक्सान)		**(६,४०,३०)**		**(१४,१६,०५)**
वित्तीय आम्दानी		६,०२,३१		४,२१,८७
बोनस र करअघिको नाफा/(नोक्सान)		**(३७,९८)**		**(९,९४,१८)**
कर अघिको नाफा/(नोक्सान)		**(३७,९८)**		**(९,९४,१८)**
कर		०		०
खुद नाफा/(नोक्सान)		**(३७,९८)**		**(९,९४,१८)**

गत वर्षको तुलनामा कम्पनीको अन्य आम्दानी यो वर्ष ६६९.४९ प्रतिशतले वृद्धि भई रु.६ करोड ७० लाख ४९ हजार पुगेको छ। गत वर्ष सञ्चालन नोक्सान रु.१४ करोड १६ लाख ५ हजार रहेकोमा अन्य आम्दानीमा भएको वृद्धिका कारण सो नोक्सान घटेर रु.६ करोड ४० लाख ३० हजार भएको देखिन्छ। कम्पनिको खुद नोक्सान ९६.१८ प्रतिशतले घटेर रु.३७ लाख ९८ हजार रहेको छ।

३. **आयोजनाको प्रगति -** कम्पनीले १४० मेगावाट विद्युत उत्पादन गर्न २०६७।६८ देखि सुरु गरी सन् २०२० सम्म सम्पन्न गर्न अमेरिकी डलर ५०५ मिलियन लागत अनुमान लाग्ने गरी आयोजना सञ्चालन भएकोमा २०८१।८२ को अन्तसम्म आयोजना निर्माणको भौतिक प्रगति ६८.१३ र वित्तीय प्रगति ६३.८७ प्रतिशत रहेको छ। आयोजनाको सम्पन्न गर्नुपर्ने अवधि थप भई १३ अप्रिल २०२६ सम्म रहेकोमा सो अवधिमा समेत सम्पन्न भएको छैन।

४. **ऋण सम्झौता -** कम्पनीले नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार र दातृ निकायहरूसँग सम्झौता गरी लिएको ऋण २०८२ आषाढ मसान्तसम्म रु.१८ अर्ब ५४ करोड ८६ लाख ९४ हजार रहेको छ। कम्पनीले युरोपको एक बैङ्क मार्फत प्राप्त रु.५ अर्ब २५ करोड २३ लाख ९९ हजारलाई थप पुँजीको रूपमा नेपाल विद्युत प्राधिकरणको नाममा सेयर कायम गर्न २०८२।९।३ मा निर्णय गरेको छ। जापान सहयोग नियोग (जाइका) मार्फत प्राप्त रकमलाई पूर्ण रूपमा नेपाल विद्युत प्राधिकरणको ऋण लेखाङ्कन गर्नुपर्ने व्यवस्थाअनुसार २०८२ आषाढ मसान्तसम्म रु.९ अर्ब ६० करोड १७ लाख ९२ हजार ऋण कायम गरेको छ। नेपाल विद्युत प्राधिकरण र कम्पनीबिच भएको ऋण सहायक सम्झौतामा भएको व्यवस्थाअनुसार एसियाली विकास बैङ्कबाट प्राप्त कुल रकममध्ये ऋण ८१.३५ प्रतिशत र इक्विटी १८.६५ प्रतिशत रहने गरी वर्गीकरण गर्नुपर्नेमा सम्पूर्ण रकमलाई ऋणको रूपमा लेखाङ्कन गरेको देखिन्छ। यसरी लेखाङ्कन गर्दा २०८२ आषाढ मसान्तसम्म (एसियाली विकास बैङ्क) ऋणको अवशेष

रु.६ अर्ब ३६ करोड ५० लाख ५७ हजार देखिन्छ। यसरी बहुपक्षीय ऋणको लेखाङ्कन गर्दा ऋण र इक्विटी सम्बन्धमा सम्झौताको सर्तअनुसार गर्नुपर्दछ।

५. **निर्माण कार्य -** आयोजनाको मुख्य निर्माण कार्यको ठेक्का अन्तर्गत प्याकेज नं. १ को निर्माण कार्य मे २०२६ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको र प्याकेज नं. २ को इन्टरफेस लगायतको निर्माणकार्यको लागि भएको खरिद सम्झौताको अवधि थप भई १५ मार्च २०२६ सम्म रहेको छ। प्याकेज नं. १ को कार्य सम्पन्न नभई प्याकेज नं. २ को कार्यपूर्णरूपमा सम्पन्न गर्न नसकिने अवस्था देखिएकोले प्याकेज नं. १ को निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

६. **स्रोत सुनिश्चितता** - वन ऐन, २०७६ को दफा ४२(६) बमोजिम आयोजनाले प्रयोग गर्ने ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरेबापत प्रति हेक्टर १ हजार ६०० बिरूवा पुनःरोपण एवं ५ वर्षको स्याहार सम्भार गर्नसमेत रु.२४ करोड ४३ लाख २७ हजार र आयोजना क्षेत्रमा रहेका १ लाख ८१ हजार ५७१ रूख हटाई एक रुख बराबर २५ बिरुवा रोपणका लागि रु.१ अर्ब ५३ करोड ६५ लाख ४० हजारको दायित्व सिर्जना भएको विवरण प्राप्त भएको छ। उक्त खर्च आयोजनाको लागतमा समावेश भएको नदेखिएकोले सो रकमको स्रोत सुनिश्चितता समेत भएको छैन्। कम्पनीले सबै प्रकारका लागत समावेश गर्नुका साथै स्रोत सुनिश्चितता गरी सोही अनुरूप आयोजना कार्यान्वयन गर्नुपर्दछ।

७. **पारिश्रमिक सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहने उल्लेख छ। सोअनुसार कम्पनीले तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा अर्थ मन्त्रालयको सहमति बेगर सञ्चालक समितिको निर्णयबाट तलबको १७४ प्रतिशतसम्म हुने गरी १८ कर्मचारीलाई रु.२ करोड २७ लाख ३६ हजार भत्ता उपलब्ध गराएको नियमसम्मत देखिएन।

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको विद्युत उत्पादन पश्चात् सुरुङ्गबाट निस्कने पानी पुनः सुरुङ्गमार्फत उपयोग गरी तामाकोशी पाँचौं जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न २०७६।११।२० मा यस कम्पनीको स्थापना भएको हो। विद्युत उत्पादन क्षमता ९९.८ मेगावाट रहेको यस कम्पनीको संस्थापक सेयरधनी नेपाल विद्युत प्राधिकरण रहेको छ। कम्पनीको अधिकृत पुँजी रु.५ अर्ब, जारी पुँजी रु.२ अर्ब ५५ करोड र चुक्ता पुँजी रु.२ अर्ब २४ करोड ९४ लाख रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ, २०८२		३१ आषाढ, २०८१	
सम्पत्ति				
सम्पत्ति, मेसिन र उपकरण	१,२२,३९		१,२१,३०	
पुँजीगत कार्य प्रगति	१,३८,७७,१७		१,०८,३७,७१	
अदृश्य सम्पत्ति	२,३४		२,६८	
व्यापारिक तथा अन्य प्राप्ति	१,१०		१,१०	
कुल गैर चालु सम्पत्ति		**१,४०,०३,००**		**१०९,६२,७९**

विवरण	३२ आषाढ, २०८२		३१ आषाढ, २०८१	
चालु सम्पत्ति				
नगद र नगद सरहका अन्य सम्पत्ति	३,७६,२४		५,७२,१४	
मौज्दात	१,४८		६३	
चालु कर सम्पत्ति	१८,०५		१२,१५	
व्यापारिक तथा अन्य प्राप्ति	१,१६,६५,९७		३,४१,७१	
कुल चालु सम्पत्ति		**१,२०,६१,७४**		**९,२६,६३**
कुल सम्पत्ति		**२,६०,६४,७४**		**१,१८,८९,४२**
पुँजी र दायित्व				
सेयर पुँजी	२,२४,९४,४७		१,२७,९४,४७	
जगेडा तथा बचत	(११,८८,६२)		(१०,०६,४५)	
कुल पुँजी		**२,१३,०५,८५**		**१,१७,८८,०२**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	४५,६४,४२		-	
व्यापारिक तथा अन्य भुक्तानी	१,८५,८२		६५,९७	
कुल गैर चालु दायित्व		**४७,५०,२४**		**६५,९७**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	८,६५		३५,४३	
कुल चालु दायित्व		**८,६५**		**३५,४३**
कुल सेयर पुँजी तथा दायित्व		**२,६०,६४,७४**		**१,१८,८९,४२**

कम्पनीको यो वर्षको गैह्र चालु सम्पत्ति रु.१ अर्ब ४० करोड ३ लाख र चालु सम्पत्ति रु.१ अर्ब २० करोड ६१ लाख ७४ हजार रहेको छ। त्यसैगरी सेयर पुँजी रु.२ अर्ब २४ करोड ९४ लाख ४७ हजार, जगेडा तथा बचत रु.११ करोड ८८ लाख ६२ हजार ऋणात्मक, गैह्र चालु दायित्व रु.४७ करोड ५० लाख २४ हजार र चालु दायित्व रु.८ लाख ६५ हजार समेत कुल पुँजी तथा दायित्व रु.२ अर्ब ६० करोड ६४ लाख ७४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
अन्य आम्दानी	१,३६		४९	
प्रशासनिक खर्च	(१,७९,६७)		(५,२०८)	
मूल्यह्रास	(३४,९१)			
सञ्चित नाफा/(नोक्सान)		**(२,१३,२२)**		**(५,१५९)**
वित्तीय आम्दानी	३४,४९		२,५४७	
विदेशी विनिमय (नाफा/नोक्सानी)	**(३,४३)**			
खुद नाफा (नोक्सान)		**(१,८२,१६)**		**(२,६१२)**

कम्पनीको खुद नोक्सानी गत वर्षभन्दा ५९७.४० प्रतिशतले वृद्धि भई यो वर्ष रु.१ करोड ८२ लाख १६ हजार पुगेको छ।

३. **ठेक्का व्यवस्थापन -** आयोजनाको स्थायी क्याम्प निर्माण गर्न २०७७।८।४ मा कम्पनी र एक संयुक्त उपक्रमबिच २०७७।९।३ देखि १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु.२५ करोड ९२ लाखको सम्झौता भएको छ। निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेकोले

२०८२।४।१६ सम्म ९ पटक म्याद थप गरेकोमा यो वर्षसम्मको भौतिक प्रगति ७८.९१ प्रतिशत रहेको छ। समग्र आयोजनाको निर्माणमा समय तथा लागत वृद्धि हुने अवस्था नियन्त्रण गर्न निर्माणको कार्यतालिका बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

दुधकोशी नदीबाट ६७० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अनुसार नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२० मा यस कम्पनीको स्थापना भएको हो। जलाशययुक्त यस जलविद्युत आयोजनाको कुल अनुमानित लागत अमेरिकी डलर २ हजार ३२० मिलियन रहेको छ। आयोजनाको बाँध निर्माणबाट ३१.५ किलोमिटर लम्बाई र १५८ करोड घनमिटरको कृत्रिम जलाशय (ताल) को निर्माण हुने उल्लेख छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका १८ र दैनिक ज्यालादारीमा ८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ अषाढ २०८२		३१ अषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,६२,५३		२,७८,६७	
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,२६,४२,१७		१,२२,५१,६१	
कुल गैर चालु सम्पत्ति		**१,२९,०४,७०**		**१,२५,३०,२८**
नगद तथा बैङ्क मौज्दात	१,१६,६२		७०,९३	
मौज्दात	२२			
चालु कर सम्पत्ति	११४		७७	
अन्य गैर वित्तीय सम्पत्ति	४,०४,१७		१,०६,८९	
चालु सम्पत्ति		**५,२२,१५**		**१,७८,५९**
कुल सम्पत्ति		**१,३४,२६,८५**		**१,२७,०८,८७**
इक्विटी				
सेयर पुँजी	१४,३१,८४		१४,३१,८४	
अग्रिम सेयर पुँजी	१,३३,११,३०		१,२०,१४,५१	
जगेडा तथा कोष	(१४,७५,७२)		(७,४२,९६)	
कुल इक्विटी		**१,३२,६७,४२**		**१,२७,०३,३९**
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,५९,४३		५,४८	
कुल चालु दायित्व		**१,५९,४३**		**५,४८**
जम्मा इक्विटी तथा दायित्व		**१,३४,२६,८५**		**१,२७,०८,८७**

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष चालु सम्पत्ति १९२.३७ प्रतिशतले वृद्धि भई रु.५ करोड २२ लाख १५ हजार रहेको छ। त्यसैगरी कुल सम्पत्ति र कुल इक्विटी तथा दायित्व ५.६४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३४ करोड २६ लाख ८५ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी	-		-	
बिक्री	-		-	
अन्य आम्दानी	३,०८		९,५०	
कुल आम्दानी		३,०८		**९,५०**
खर्च				
कार्यालय सञ्चालन खर्च	७,०४,६९		६,४६,५९	
मर्मत सम्भार खर्च	-		२३,२०	
बिक्री तथा वितरण खर्च	२०			
कुल सञ्चालन तथा प्रशासनिक खर्च		**(७,०४,९०)**		**(६,६९,७९)**
कर ब्याज र ह्रास कट्टी अघिको नाफा/ नोक्सान		**(७,०१,८२)**		**(६६०२९)**
ह्रास खर्च	३०,९४		२,५२	
कर र बोनस अघिको नाफा/(नोक्सान)		**(७,३२,७६)**		**(६,६२,८१)**
कर/बोनस		-		-
करपछिको नाफा/(नोक्सान)		**(७,३२,७६)**		**(६,६२,८१)**

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ६७.५८ प्रतिशतले घटेर रु.३ लाख ८ हजार र कर पछिको खुद नोक्सान १०.५५ प्रतिशतले वृद्धि भई रु.७ करोड ३२ लाख ७६ हजार पुगेको छ।

३. **सेयर संरचना -** कम्पनीको प्रबन्धपत्रमा कम्पनीको अधिकृत पुँजी रु.१० अर्बलाई प्रति सेयर रु.१०० का दरले १० करोड थान साधारण सेयरमा विभाजन गरेको छ। कम्पनीको तत्काल जारी हुने पुँजी रु.३ अर्बलाई प्रति सेयर रु.१०० का दरले ३ करोड थान साधारण सेयरमा विभाजन गरेको छ। कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पुँजी रु.३ अर्ब रहेकोमा विद्युत प्राधिकरणको चुक्ता पुँजी १४ करोड ३१ लाख ८४ हजार र अग्रिम सेयर पुँजी रु.१ अर्ब ३३ करोड ११ लाख ३० हजारसमेत रु.१ अर्ब ४७ करोड ४३ लाख १४ हजार लगानी गरेको देखिन्छ। कबोलअनुसार पुँजी चुक्ता गरी संस्थाको लक्ष्य पुरा गर्नुपर्दछ।

४. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। सो अनुसार तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा अर्थ मन्त्रालयको सहमतिबेगर सञ्चालक समितिको निर्णयबाट तलबको ८१.१० प्रतिशतसम्म हुने गरी १२ कर्मचारीलाई रु.१ करोड ४९ लाख ४७ हजार भत्ता उपलब्ध गराएको नियमसंम्मत देखिएन।

५. **खरिद व्यवस्थापन -** यस आयोजनाको मुख्य संरचनाको निर्माण कार्यको कुल प्रस्तावित वित्त अमेरिकी डलर २ हजार ३२० मिलियन रहने गरी २०८१।८२ मा सुरु गरी २०८८।८९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। कम्पनीले २०८०।८१ मा भोजे गाउँ नजिक दुधकोशी नदीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.२२ करोड ६२ लाख ८२ हजारको सम्झौता गरेकोमा वित्तीय प्रगति ७ प्रतिशत, रबुवा जोड्ने दुधकोशीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.१० करोड ८३ लाख १६ हजारको सम्झौता

भएकोमा ५ प्रतिशत प्रगति र लैखुखोला मोटरेबल पुल निर्माण कार्य गर्न रु.५ करोड ८ लाख ५ हजारमा खरिद सम्झौता भएकोमा ५ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। डिजाइन, सर्भे तथा सहायक पूर्वाधार निर्माण कार्य समयमा नभएको कारणले कार्यक्रम सञ्चालन हुन नसकेको हुँदा यसमा सुधार हुनुपर्दछ।

६. **आयोजनाको समग्र प्रगति -** आयोजनाको अद्यावधिक सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनअनुसार २०८२।८३ सम्म आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन डिजाइन, जग्गा अधिग्रहण र आयोजना निर्माण पूर्वको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न हुने उल्लेख गरेकोमा यस वर्षसम्म ९२.३१ प्रतिशत समय व्यतीत हुँदा भौतिक प्रगति ३६.१ प्रतिशत र वित्तीय प्रगति ५.७६ प्रतिशत भएको देखिन्छ। आयोजनाको कुल क्रियाकलापमा मुख्य आयोजना निर्माणको कार्यक्रम र लागतलाई समावेश नगरेकोले कुल अनुमानित लागत यकिन गरेको देखिएन।

नेपाल विद्युत प्राधिकरण

जलविद्युत उत्पादन, प्रसारण र वितरणका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२।५।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण अन्तर्गत केन्द्रीय कार्यालयसमेत ७ प्रादेशिक कार्यालय तथा १२९ वितरण तथा ग्राहक सेवा केन्द्र रहेका छन्। प्राधिकरणबाट यो वर्ष उत्पादित विद्युत २ हजार ९५३ गिगावाट घण्टा, अन्य स्वतन्त्र ऊर्जा उत्पादकबाट खरिद ११ हजार ६ गिगावाट घण्टा तथा आयात १ हजार ६८१ गिगावाट घण्टासमेत हाल उपलब्ध विद्युत १५ हजार ६४० गिगावाट घण्टा रहेको छ। यो वर्ष ११ हजार ३४३ गिगावाट घण्टा विद्युत आन्तरिक बिक्री तथा २ हजार ३८० गिगावाट घण्टा विद्युत निर्यात भएको छ। प्राधिकरणको २०८२ आषाढ मसान्तसम्म ग्राहक सङ्ख्या ६० लाख ३८ हजार तथा कर्मचारी सङ्ख्या ११ हजार ५१६ (२ हजार ८६० मासिक ज्यालादारीसमेत) रहेको छ।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति, मेशिन तथा उपकरण	२,६४,७८,३५		२,३४,६८,७४	
निर्माणाधीन संरचना	२,३५,७१,१५		२,२०,८५,५१	
अमूर्त सम्पत्ति	६२,५९		६५,३९	
धितोपत्रमा लगानी	१,६७,५६		१,१२,५५	
सहायक कम्पनीमा लगानी	४१,४३,३४		२९,६९,९२	
संयुक्त कम्पनीमा लगानी	३२,६२		३२,०३	
सम्वद्ध कम्पनीमा लगानी	१२,६५,०८		११,५७,३९	
ऋण लगानी तथा पेस्की	५१,८७,११		४६,९०,३५	
निक्षेप	३,२४		१,२४	
कर सम्पत्ति	९,५६,३७		९,२५,२६	
अन्य गैर चालु सम्पत्ति	१,८४,२३		१,४७,९५	
कुल गैर चालु सम्पत्ति		**६,२०,५१,६४**		**५,५६,५६,३३**
जिन्सी मौज्दात	१६,८७,५१		१८,४४,९७	
व्यापारिक तथा अन्य प्राप्ति	३८,७७,३२		४०,२२,०२	
पेस्की तथा मुद्दती निक्षेप	७,१९,३४		६,९०,०६	
अल्पकालीन ऋण	८,३७		८,१७	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
अल्पकालीन लगानी	३,६१,५३		५,६४,३२	
नगद तथा नगदजन्य सम्पत्ति	१५,३९,५८		१०,७१,२७	
कर सम्पत्ति	२,५०,००		२,००,००	
अन्य चालु सम्पत्ति	३,२२,९२		३,२८,२८	
कुल चालु सम्पत्ति		**८७,६६,५७**		**८७,२९,०९**
कुल सम्पत्ति		**७,०८,१८,२१**		**६,४३,८५,४३**
दीर्घकालीन ऋण	२,७२,५८,३३		२,४५,११,७७	
स्थगित कर दायित्व	१४,३६,८६		१२,०१,००	
अन्य गैर चालु दायित्व	६८,७५,४७		५८,८३,५९	
कुल गैर चालु दायित्व		**३,५५,७०,६६**		**३,१५,९६,३६**
व्यापारिक तथा अन्य दायित्व	७६,०८,७१		६३,०२,१८	
अल्पकालीन ऋण	३,००,००		३,००,००	
अन्य चालु दायित्व	३,९४,२०		४,६२,४१	
कुल चालु दायित्व		**८३,०२,९१**		**७०,६४,५९**
सेयर पुँजी	२,१३,५४,३०		२,०६,७३,६०	
सञ्चित मुनाफा	५३,४१,९९		४४,६१,५८	
अन्य जगेडा	२,४८,३५		५,८९,३०	
जम्मा इक्विटी		**२,६९,४४,६४**		**२,५७,२४,४८**
जम्मा पुँजी तथा दायित्व		**७,०८,१८,२१**		**६,४३,८५,४३**

प्राधिकरणले गत वर्षको वित्तीय विवरणका केही आइटम परिष्कृत गरेकोले सम्पत्ति तथा दायित्व रकममा केही परिवर्तन भएका छन्। गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति ११.४९ प्रतिशतले वृद्धि भई रु.६ खर्ब २० अर्ब ५१ करोड ६४ लाख र चालु सम्पत्ति ०.४३ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ६६ करोड ५७ लाख पुगेको छ। गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व १२.५८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५५ अर्ब ७० करोड ६६ लाख र चालु दायित्व १७.५३ प्रतिशतले वृद्धि भई रु.८३ अर्ब २ करोड ९१ लाख पुगेको छ। सेयर पुँजीसहितको जम्मा इक्विटी ४.७४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६९अर्ब ४४ करोड ६४ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा** - प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	१,२५,७४,०८		१,१५,५०,४५	
बिक्रीको लागत	(९८,१३,८१)		(८९,६८,२४)	
कुल नाफा		**२७,६०,२७**		**२५,८२,२१**
अन्य आय (जरिबाना)	१३,८४,५४		१०,३६,६६	
कर्मचारी खर्च	(७,८९,८३)		(५,९४,५९)	
साधारण प्रशासनिक खर्च	(५१,०५)		(४३,०८)	
मूल्य ह्रास	(९,८२,४१)		(९,१४,२६)	
अन्य सञ्चालन खर्च	(८,७२)		(२२,६२)	
सञ्चालन नाफा		**२३,१२,८०**		**२०,४४,३२**
वित्तीय आय	४,३५,६४		३,९६,४०	
वित्तीय खर्च	(६,३३,०५)		(६,४६,२०)	

विवरण	२०८१।८२		२०८०।८१	
अन्य नाफा/(नोक्सान)	(३,०८,८८)		३३,४१	
इम्पेयरमेन्ट (क्षयीकरण) खर्च	(५,८६,९६)		(५,१६,१८)	
अन्य गैर सञ्चालन खर्च	(२,२३)		(१,१६)	
कर अघिको नाफा		**१२,१७,३२**		**१३,१०,५९**
स्थगित आयकर	(३,२५,९९)		(३,९३,८२)	
कर पछिको (खुद) नाफा		**८,९१,३३**		**९,१६,७७**
अन्य विस्तृत आय	(४,६१,७९)		(८,४०,४७)	
जम्मा विस्तृत आय		**४,२९,५४**		**७६,३०**

गत वर्षको वित्तीय विवरणका केही आइटम परिष्कृत गरिएकोले आय तथा व्ययका रकममा परिवर्तन भएका छन्। गत वर्षको तुलनामा यस वर्ष कुल नाफा ६.९० प्रतिशतले वृद्धि भई रु.२७ अर्ब ६० करोड २७ लाख र सञ्चालन नाफा १३.१३ प्रतिशतले वृद्धि भई रु.२३ अर्ब १२ करोड ८० लाख पुगेको छ। कर पछिको नाफा यस वर्ष २.७७ प्रतिशतले घटी भई रु.८ अर्ब ९१ करोड ३३ लाख रहेको छ।

३. **अनुपात विश्लेषण -** प्राधिकरणको प्रमुख वित्तीय तथा अन्य सूचकको अवस्था देहायअनुसार छः

क्र.सं.	अनुपात	२०८१।८२	२०८०।८१
१.	कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा) (प्रतिशतमा)	२१.९५	२२.३६
२.	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आय सहित (प्रतिशतमा)	३.४२	०.६६
३.	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आयबाहेक (प्रतिशतमा)	७.०९	७.९४
४.	कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात	२.११	२.०३
५.	चालु अनुपात (गुणा)	१.०६:१	१.२४:१
६.	दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात	५०.५२:४९.४८	४९.३७:५०.६३
७.	स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	०.७१:१	०.७१:१
८.	कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात (प्रतिशतमा)	१४.३९	१४.०२
९.	प्राधिकरणको आफ्नो उत्पादन - गिगावाट घण्टा	२९५३	२,९११
१०.	स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन - गिगावाट घण्टा	११००६	९,१६१
११.	आयात - गिगावाट घण्टा	१६८१	१,८९५
१२.	निर्यात - गिगावाट घण्टा	२३८०	१,९४६
१३.	ग्राहक विवरण सङ्ख्या	६,०३७,५२८	५९,४०,०००

यो वर्ष कुल नाफा अनुपात गत वर्षको तुलनामा ह्रास आए तापनि खुद नाफा अनुपातमा वृद्धि भएको छ। स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात, कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात करिब समान रहेकोमा स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन एवं प्राधिकरणको ग्राहक सङ्ख्या वृद्धि भएको अवस्था छ।

४. **विद्युत खरिद सम्झौता-** यो वर्षसम्म कनेक्सन सम्झौता भएका ९६ वटा रन अफ रिभर आयोजनामध्ये अदालतमा विचाराधीन रहेका २, विद्युत खरिद सम्झौता मस्यौदा तयार भएका २, विद्युत खरिद सम्झौता व्यवस्थापनद्वारा अनुमोदन भएका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत ४, विद्युत खरिद सम्झौता

सम्पन्न भएका ७१, सूचीबाट हटाइएका १५ र विद्युत नियमन आयोगको स्वीकृतिको लागि पेस भएको १ आयोजना रहेको देखिन्छ। यसैगरी ४४ पिकिङ्ग रन अफ रिभर आयोजनामध्ये प्रक्रिया जारी रहेका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत १, विद्युत खरिद सम्झौता सम्पन्न भएका ३६ र आयोजनाको कोटा समाप्त भएकाले कारबाही हुन बाँकी रहेको ६ आयोजना रहेको देखिन्छ।

५. **सेयर तथा ऋण -** प्राधिकरणको वित्तीय विवरण अनुसार २०८२ को आषाढ मसान्तसम्म चुक्ता पुँजी रु.२ खर्ब १३ अर्ब ५४ करोड ३० लाख देखिएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखमा नेपाल सरकारको सेयर लगानी रु.१ खर्ब ८५ अर्ब ४७ करोड ३६ लाख मात्र देखिएकोले फरक रु.२८ अर्ब ६ करोड ९४ लाख सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **ऋणको ब्याज तथा शुल्क** - प्राधिकरणको वित्तीय विवरणअनुसार गतवर्षसम्म भुक्तानी गर्न बाँकी ब्याज रु.२९ अर्ब ५४ करोड रहेकोमा २०८२ आषाढ मसान्तमा रु.३५ अर्ब ४४ करोड पुगेको छ। प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैङ्क र युरोपेली लगानी बैङ्कसँग ऋण लिँदा आर्थिक व्यवस्थापन योजना तर्जुमा तथा लागत लाभ विश्लेषण नगरी एसियाली पूर्वाधार लगानी बैङ्कसँग २०७७।२।५ मा अमेरिकी डलर ११ करोड २३ लाखको ऋण सम्झौता गरेकोले प्रतिबद्धता शुल्क बापत यो वर्षसम्म रु.१६ करोड २८ लाख खर्च भएको छ। यस्तै प्राधिकरणले एसियाली विकास बैङ्कसँग लिएको ऋण रकममा ग्रेस अवधि समाप्ति पश्चात् पनि ग्रेस अवधिका लागि लाग्ने विधिबाट ब्याज लेखाङ्कन गर्दा रु.३ करोड १६ लाख कम ब्याज लेखाङ्कन भएको देखिन्छ।

त्यसैगरी प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच प्राधिकरणले विभिन्न आयोजनामा गरेको लगानी रकम यकिन गरी हिसाब मिलान गर्न २०७९।९।४ मा एक समिति गठन भएकोमा सो समितिले हिसाब मिलानको कार्यसम्पन्न गरेको देखिएन। प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच समन्वय गरी हिसाब मिलानको कार्य सम्पन्न गर्नुपर्दछ।

७. **नगद तथा बैङ्क -** वर्षान्तमा मार्गस्थ नगद मौज्दात रु.१७ करोड रहेकोमा रु.१६ करोड ६४ लाख २०६२।६३ देखि जिम्मेवारी सार्दै आएको र स्रेस्ताअनुसारको मौज्दात भन्दा बैंङ्क मौज्दात रु.१२ करोड ९२ लाख ऋणात्मक रहेको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८. **आय लेखाङ्कन** - प्राधिकरणको लेखाङ्कन सफ्टवेयर (एम पावर)मा आसामी रु.४ अर्ब ३१ करोड उल्लेख भए तापनि सोको विस्तृत विवरण उल्लेख भएको देखिएन। आय लेखाङ्कन सफ्टवेयर (सिएआईएस) मा आसामी रु.१ अर्ब ७१ करोड मात्र लेखाङ्कन भएकोले वित्तीय विवरणमा आसामी हिसाब रु.२ अर्ब ६० करोड बढी लेखाङ्कन भएको देखिन्छ। सो सम्बन्धमा उक्त दुई सफ्टवेयरमा रहेको हिसाब विगत वर्षदेखि नै फरक परेको देखिन्छ। दुई सफ्टवेयरमा देखिएको फरक हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

९. **स्थिर सम्पत्ति तथा निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ३६ मा प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र स्थिर सम्पत्तिको भौतिक परीक्षण गर्नुपर्ने उल्लेख छ। प्राधिकरणले यो वर्षसम्म अतिक्रमण भएको ३४७ रोपनी जग्गालगायतका सम्पत्तिको छानबिन तथा यकिन नगरेको, लेखाङ्कन गरेकोमध्ये २ हजार १७९ रोपनी जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको करिब रु.१३ अर्ब १३ करोडको सम्पत्ति पुँजीकृत नगरेको, सफ्टवेयरमा देखिएको तथा वित्तीय विवरणमा समावेश गरिएको सम्पत्तिबिच रु.७७ करोड फरक देखिएकोले

वित्तीय विवरणमा उल्लिखित सम्पत्ति यथार्थपरक रहेको देखिँदैन। त्यसैगरी वर्षान्तमा निर्माणाधीन सम्पत्ति रु.२ खर्ब ३५ अर्ब ७१ करोड रहेकोमा सोको भौतिक परीक्षण नभएको र उक्त सम्पत्तिमध्ये स्थिर सम्पत्तिमा समायोजन गरेको रु.१७ करोड ऋणात्मक मौज्दात रहेको देखिएको छ। प्राधिकरणले स्थिर तथा निर्माणाधीन सम्पत्तिको लेखाङ्कनमा सुधार गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१०. **जिन्सी व्यवस्थापन -** गत वर्षको आषाढ मसान्तसम्म रु.१८ अर्ब ४५ करोडको जिन्सी मौज्दात रहेकोमा यो वर्षको आषाढ मसान्तसम्म रु.१६ अर्ब ८७ करोड मौज्दात रहेको छ। प्राधिकरणले नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप उक्त जिन्सीको मूल्याङ्कन तथा क्षयीकरण (इम्पेयरमेण्ट)को परीक्षण गरेको छैन। साथै, प्राधिकरणले गरेको जिन्सी मौज्दातको भौतिक परीक्षण तथा छानबिन प्रतिवेदनअनुसार केन्द्रीय भण्डार, हेटौँडामा रु.७ करोड ६ लाख र गुल्मी वितरण केन्द्रमा रु.१ करोड ५१ लाख बराबरको जिन्सी घटी रहेको देखिन्छ। सो सम्बन्धमा प्राधिकरणबाट छानबिन गरी स्रेस्ताभन्दा घटी रहेको जिन्सी रकम सम्बन्धित कर्मचारीबाट असुल फस्यौंट गर्नुपर्दछ।

११. **आयोजनाहरूको प्रगति** - नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम २२ अनुसार बजेट कार्यान्वयनको समीक्षा गरी कार्यान्वयनमा रहेका कार्यक्रम र थप भएका कार्यक्रमको लाभ लागत विश्लेषण गरी पठाउनु सबै जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा विनियम ३१ अनुसार प्राधिकरणको काम कारबाही प्रचलित कानुनअनुसार भए/नभएको समेत आकस्मिक छानबिन गराउनुपर्ने व्यवस्था छ। प्राधिकरणबाट उपलब्ध प्रगति प्रतिवेदनअनुसार यस वर्ष सञ्चालित आयोजनामध्ये ४ आयोजनाको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

आयोजना	यो वर्षको			हालसम्मको भौतिक प्रगति (प्रतिशत)
	बजेट	खर्च	वार्षिक वित्तीय प्रगति (प्रतिशत)	
१३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेड	७२०,०००	१४५,०५१	२०.१५	६५.३०
कोहलपुर-नेपालगन्ज १३२ के.भी. प्रसारण लाइन	५००,०००	१२५,६५६	२५.१३	२५.६३
बोराङ-झार्लाङ-रातमाटे-नौबिसे २२० के.भी. प्रसारण लाइन	५७०,०००	७८,६६४	१३.८०	१३.५१
संस्थागत सुदृढीकरण आयोजना	२९०,०००	५९,५४५	२०.५३	०.०१

प्राधिकरण अन्तर्गत नेपाल सरकारमार्फत विश्व बैङ्क, एसियाली विकास बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान साथै प्राधिकरणको आन्तरिक स्रोतबाट सञ्चालित विद्युत प्रसारण तथा वितरण परियोजनाहरूको अपेक्षित कार्य प्रगति नहुँदा समय तथा लागत वृद्धि हुने देखिन्छ। प्राधिकरणले सञ्चालित आयोजना समयमै सम्पन्न गरी विद्युत उत्पादन प्रसारण तथा वितरणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१२. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ७.७७ प्रतिशतले वृद्धि भई रु.५२ अर्ब १ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल गर्न बाँकी रु.२६ अर्ब ३ करोड रहेको छ। सो रकम कुल बक्यौताको ५०.०५ प्रतिशत देखिन्छ। सडक बत्तीको बक्यौता रु.७ अर्ब ७३ करोडमध्ये काठमाडौं महानगरपालिकाको

रु.१ अर्ब ९९ करोड असुल गर्न बाँकी देखिन्छ। प्राधिकरणले विद्युत महसुल सङ्कलन विनियमावली, २०७८ मा तोकिएअनुसार बक्यौता रकम सम्बन्धमा यकिन गरी असुल गर्नुपर्दछ।

१३. **विद्युत उत्पादन तथा खपत -** प्राधिकरणले यो वर्षसम्ममा ४९४ स्वतन्त्र ऊर्जा उत्पादकसँग ११ हजार ४३६ मेगावाट विद्युतको खरिद सम्झौता गरिसकेको तथा प्राधिकरणको आफ्नै विद्युत जडित उत्पादन क्षमता ६६२ मेगावाट भएकोमा हालसम्म ३ हजार ५९१ मेगावाट राष्ट्रिय ग्रिडमा जोडिएको र आगामी २ वर्ष भित्र थप २ हजार १९० मेगावाटभन्दा बढी जडित क्षमता राष्ट्रिय ग्रिडमा जोडिने चरणमा रहेको छ। विद्युत उत्पादन बढ्दै जाँदा प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि, वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी विद्युत निर्यात रणनीति तयार गरी प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१४. **विद्युत खरिद सम्झौता -** यो वर्षसम्म २५३ स्वतन्त्र ऊर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट खरिद सम्झौताको प्रक्रियामा रहेको प्राधिकरणले जनाएको छ। यस वर्षका लागि गरिएको योजना र वास्तविक विद्युत उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजनाको लक्ष्य भन्दा उत्पादन कम भएका कारण प्राधिकरणलाई करिब रु.२६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत उत्पादन घाटा भएको देखिन्छ। उत्पादनमा कमी भएका कारण एक मित्रराष्ट्रबाट थप विद्युत आयात गर्दा प्राधिकरणलाई सोका लागि अनुमानित रु.१ अर्ब २२ करोड ७९ लाख व्ययभार परेको छ। विशेष गरी सुक्खा महिनाहरूमा आयातित विद्युतमा निर्भरता रहेको र रन अफ रिभर प्रकृतिका परियोजनाबाट उत्पादित विद्युत वर्षायाममा खेर गई प्राधिकरणलाई घाटा भइरहेकोले उक्त विषयलाई समेत ध्यान दिई व्यावसायिक विद्युत योजना सहित विद्युत खरिद सम्झौता गर्नुपर्दछ।

१५. **विद्युत नोक्सानी -**प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरणको नोक्सानी (चुहावट दर) गत वर्ष १२.७३ प्रतिशत (संशोधित) रहेकोमा यो वर्ष १२.२६ प्रतिशत रहेको देखिन्छ। विद्युत चुहावटको कारण पहिचान गरी अत्यधिक विद्युत नोक्सानी भएका केन्द्रमा प्रभावकारी नियन्त्रण प्रणाली अवलम्बन गरी चुहावट कम गर्ने व्यवस्था गर्नुपर्दछ।

१६. **विद्युत महसुलको हिसाब मिलान** - नेपाल र भारत सरकारबिच १२ फेब्रुअरी, १९९६ मा भएको महाकाली सन्धिको धारा १ र ९ तथा १० डिसेम्बर, १९९९ मा भएको नेपाल भारत संयुक्त सहकार्य बैठकअनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधानअनुसार नेपाल सरकारले निःशुल्क प्राप्त गरेको विद्युत प्रति युनिट रु.४.७५ का दरले प्राधिकरणलाई उपलब्ध गराएको छ। सो बापत प्राधिकरणले नेपाल सरकारलाई अघिल्लो वर्षसम्म रु.२ अर्ब ७५ करोड र यो वर्षको रु.३३ करोडसमेत रु.३ अर्ब ८ करोड तिर्न बाँकी रहेको देखिन्छ। त्यसैगरी, नेपाल सरकारले विगतमा कोभिड-१९ को समयमा विद्युत महसुलमा छुट दिने घोषणा गरेबमोजिम प्राधिकरणले ग्राहकलाई छुट प्रदान गरेको तथा अन्य छुटको रकमबापत वित्तीय विवरणमा रु.५ अर्ब ६ करोड नेपाल सरकारसँग लिनुपर्ने देखिएको छ। यसरी प्राधिकरणले नेपाल सरकारबाट खुद रु.१ अर्ब ९८ करोड लिन बाँकी देखिएकाले उक्त हिसाब यकिन गरी फरफारक गर्नुपर्दछ।

१७. **कर्मचारी दायित्व** - बिमाङ्कीय (एक्च्युरियल) मूल्याङ्कनअनुसार कर्मचारी लाभ (सुविधा) दायित्वको वर्तमान मूल्य रु.५६ अर्ब ९२ करोड देखिन्छ। सो दायित्व व्यवस्थापन गर्नको लागि प्राधिकरणले लगानी गरेको सम्पत्तिको मूल्य रु.८ अर्ब ९ करोड मात्र रहेको छ। सो अनुसार कर्मचारी लाभ दायित्व बहनको

लागि रु.४८ अर्ब ८३ करोड अपुग रहेको छ। कर्मचारीको अवकाश भुक्तानी सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ।

१८. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणले आवधिक रूपमा अन्तर कार्यालय हिसाब भिडान गरी राफसाफ गर्नुपर्नेमा सो गरेको पाइएन। हिसाब राफसाफ नहुँदा वर्षान्तमा प्राधिकरणको अन्तर कार्यालय हिसाब दिनुपर्ने रु.४४ अर्ब ४३ करोड र लिनुपर्ने रु.४५ अर्ब १४ करोड भई खुद रु.७१ करोड लिनुपर्ने देखिएको छ। समयमै हिसाब भिडान गरी हिसाब राफसाफ गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन।

१९. **हिसाब हस्तान्तरण -** प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि विभिन्न सहायक कम्पनी स्थापना गरी कम्पनीको स्थापनापश्चात् उक्त कम्पनीमा प्राधिकरणबाट भएको खर्च हस्तान्तरण गरी कम्पनीको लागतमा समावेश गर्नुपर्दछ। प्राधिकरणबाट प्राप्त खर्च विवरणअनुसार प्राधिकरणले २०८२ आषाढ मसान्तमा निम्न कम्पनीहरूको लागि गरेको खर्च सम्बन्धित कम्पनीलाई हस्तान्तरण गरेको पाइएन।

(रु. हजारमा)

कम्पनी	सम्पत्ति		दायित्व		
	चालु	गैर चालु	चालु	गैर चालु	सेयर पुँजी
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	४२,७४	२,८०,४१,५७	८७,३९	५२,५३,१३	२,२७,४३,८०
उत्तरगङ्गा पावर कम्पनी लिमिटेड	४,०३	१६,४४,९२	२,१४,२४	८,९६,०१	५,३८,७०
तमोर जलविद्युत कम्पनी लिमिटेड	१०,९६	२१,१०,३८	१,२१,१९	९,३३,३३	१०,६६,८१
आँधिखोला जलविद्युत कम्पनी लिमिटेड	१७,४८	२०,२४,०३	१८,४८	३,३९,२६	१६,८३,७७
चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड	८,६०,७८	१५,६९,६८	५,००,२३	४,५६,००	१४,७४,२४
जम्मा	**९,३५,९९**	**३,५३,९०,५८**	**९,४१,५३**	**७८,७७,७३**	**२,७५,०७,३२**

यस प्रकारका सबै हिसाब सम्बन्धित कम्पनीमा हस्तान्तरण गरी सम्बन्धित कम्पनी र आयोजनाको लागतमा समावेश गर्नुपर्दछ।

२०. **म्याद थप** - नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १९८ मा निर्माण व्यवसायीबाट म्याद थपको निवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले जाँचबुझ गराई म्याद थप गर्न सकिने उल्लेख छ। प्राधिकरणबाट प्राप्त ठेक्का विवरण तथा प्रगति प्रतिवेदनअनुसार काठमाडौं उपत्यका भूमिगत वितरण प्रणाली अन्तर्गत निर्माणाधीन ४ आयोजनाको प्रगति तथा म्याद थप स्थिति निम्नानुसार छः

आयोजनाको नाम	ठेक्का सम्झौता मिति	सम्झौता रकम		सम्पन्न गर्नुपर्ने मिति	यो वर्षसम्मको खर्च		म्याद थप पश्चात्को म्याद	म्याद थप पटक	भौतिक प्रगति प्रतिशत
		अमेरिकी डलर (लाखमा)	ने.रु. (लाखमा)		अमेरिकी डलर (लाखमा)	ने. रु. (लाखमा)			
काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च २०१९	२३९	८०२६	९ अक्टोबर २०२१	२१०	५८५९	१५ जनवरी २०२६	६	९८
ललितपुर-भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजना	४ जून २०२१	२६३	९५२२	८ सेप्टेम्बर २०२४	१३९	२६११	३० जून २०२६	२	५५

आयोजनाको नाम	ठेक्का सम्झौता मिति	सम्झौता रकम		सम्पन्न गर्नुपर्ने मिति	यो वर्षसम्मको खर्च		म्याद थप पश्चात्को म्याद	म्याद थप पटक	भौतिक प्रगति प्रतिशत
		अमेरिकी डलर (लाखमा)	ने.रु. (लाखमा)		अमेरिकी डलर (लाखमा)	ने. रु. (लाखमा)			
काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना	२४ जून २०२०	२८७	११२७०	१९ डिसेम्बर २०२३	२३८	७०२२	३० जून २०२६	२	९२
काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च २०१९	२५०	१०१०२	९ अक्टोबर २०२१	२१३	५१११	३१ मार्च २०२६	५	७७

उल्लिखित विवरणअनुसार सम्पन्न गर्नुपर्ने अवधि व्यतीत भइसकेका उल्लिखित ४ आयोजनामध्ये २ पटक र ५ पटक म्याद थप भएका २ आयोजनाको भौतिक प्रगति क्रमशः ५५ र ७७ प्रतिशत रहेको छ। काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाको छैटौं पटक र काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाको पाँचौं पटक म्याद थप भएको देखिन्छ। यसरी पटक पटक म्याद थप गर्नुपर्ने अवस्था अन्त्य गरी निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ।

२१. **पूर्वनिर्धारित क्षतिपूर्ति** - त्रिशूली-३ बी हब सब स्टेशन परियोजनामा प्राधिकरणले २०७८।८।२८ मा निर्णय गरी निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति बापतको असुल गर्नुपर्ने जरिबाना अमेरिकी डलर ७ लाख १६ हजार र रु.७ करोड १७ लाख ७० हजार असुल गरेको नदेखिएकोले सो रकम असुल गर्नुपर्दछ।

२२. **सम्पत्तिको मूल्याङ्कन** - विश्व बैङ्कबाट प्रदान गरिएको १९ लाख ५ हजार अमेरिकी डलर ऋण मार्फत सञ्चालन गरिएको सम्पत्तिको भौतिक परीक्षण तथा मूल्याङ्कन परियोजनामा एक परामर्शदातासँग रु.१६ करोड ७० लाखको सम्झौता भएको छ। ठेक्का सम्झौता अभिलेखमा भएको सम्पत्ति र भौतिक परीक्षणमा देखिएको सम्पत्तिबिच भिडान गरी सम्पत्तिको यथार्थ अवस्था मूल्याङ्कन गर्ने, आयु निर्धारण लगायत नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको लेखाङ्कन गरी डाटाबेसमा प्रविष्टि गर्ने गरी २०७७।१।१८ मा कार्यविवरण दिएको देखिन्छ।सो अनुरूप सम्झौता रकमको ९१.५३ प्रतिशतले हुने रु.१५ करोड २९ लाख भुक्तानी भइसकेकोमा कार्यसम्पन्न भएको छैन। बाँकी कार्य सम्पन्न गर्नु गराउनुपर्दछ

२३. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार ठेक्का वा करार बापतको ५० हजार रुपैयाँभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनको दफा ११ अनुसार कर छुट अवधिमा पाउने सुविधासम्बन्धी अभिलेख प्राधिकरणले अद्यावधिक गरेको पाइएन। प्राधिकरणले गत विगत वर्षदेखि नै विद्युत खरिद सम्झौता अन्तर्गतको विद्युत खरिद बापतको भुक्तानीमा कर कट्टी गर्ने गरेको छैन। यस वर्ष भुक्तानी भएको रु.६४ अर्ब ५७ करोडमध्येबाट कर कट्टी गर्नुपर्ने कर रकम यकिन गरेको छैन। यसै गरी प्राधिकरणले एक प्रसारण लाइन निर्माण आयोजना अन्तर्गतको भुक्तानीमा विदेशी निकायको नेपालमा भएका स्थायी संस्थापनले कर बीजक जारी गरेकोमा सो निकायको विदेशमा सञ्चालित बैङ्क खातामा भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम ५

प्रतिशत स्रोतमा कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेकोले रु.२६ करोड घटी कर कट्टी भएको देखिन्छ। घटी कर कट्टी भएको रकम यकिन गरी असुल हुनुपर्दछ।

२४. **सञ्चालक समितिको निर्णय** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अन्तर्गत अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको तलब, भत्ता, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने उल्लेख छ। प्राधिकरणको सञ्चालक समितिले अन्य सहायक संस्थामा सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकार र संस्थालाई दीर्घकालीन असर पर्ने निर्णय गर्दा अर्थ मन्त्रालय एवं तालुक निकायबाट पूर्व स्वीकृति लिएको देखिएन। समितिले २ हजार ८६० दैनिक ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारीमा परिणत गरेको, १० दिने पर्यटन बिदाको व्यवस्थालाई संशोधन गरी १० दिने पर्यटन काजको व्यवस्था, नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने मुनाफाबाट २०८१।८२ सम्म कर्मचारीको कल्याणकारी कोषमा रु.६० करोड स्थानान्तरण, आन्तरिक लेखापरीक्षणसँग सम्बन्धित दैनिक भ्रमण भत्ता वृद्धि, सहायक र सम्बद्ध कम्पनीमा कर्मचारी काजमा पठाउँदा प्रोत्साहन लगायतका अन्य भत्ता प्रदान, आयोजना, उत्पादन केन्द्र, भार प्रेषण केन्द्रमा प्रोत्साहन भत्ताको व्यवस्था लगायतका निर्णय गरी रु.१४ करोड ७२ लाख खर्च लेखेकोमा अर्थ मन्त्रालयबाट स्वीकृति लिएको देखिएन। यस सम्बन्धी बेहोरा निम्नानुसार छन् :

२४.१. प्राधिकरणको इन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका विभागले विभिन्न परियोजनाको सम्भाव्यता अध्ययनको लागि लक्ष्य निर्धारण गर्ने र प्रगति मापन गरी पूर्वनिर्धारित सूचकका आधारमा प्रोत्साहन भत्ता खर्च लेखेको छ। अन्तरनिर्देशनालयबाट स्वतन्त्र मूल्याङ्कन बेगर निर्देशनालयले कर्मचारीलाई रु.७ करोड ६४ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ।

२४.२. प्राधिकरणले आयोजना व्यवस्थापन निर्देशनालयअन्तर्गतका विभिन्न परियोजनामा रु.३ करोड ४२ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। समग्र योजनाको कार्यसम्पादन सूचक र प्राप्त उपलब्धिबिचको तुलना बेगर नै वार्षिक लक्ष्यका आधारमा प्रोत्साहन भत्ता वितरण गरेकोले प्रगति न्यून रहेको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी भएको छ।

२४.३. प्राधिकरणको उत्पादन निर्देशनालयअन्तर्गत सञ्चालित विभिन्न जलविद्युत आयोजनाको मर्मत सम्भार कार्यमा संलग्न कर्मचारीलाई तलबको ३ सय प्रतिशतसम्म र दशैं तथा बिदाको दिन ४ सय प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरेको छ। यस्तो भत्ता दैनिक भत्ताको अलावा सुपरिवेक्षणको लागि जाने अन्य कार्यालयका कर्मचारीलाईसमेत वितरण गरेको देखिन्छ। यो वर्ष उत्पादन निर्देशनालयअन्तर्गतका १८ आयोजनामा कार्यरत कर्मचारीलाई रु.३ करोड ६६ लाख प्रोत्साहन भत्ता खर्च लेखेको पाइयो।

२५. **सहायक कम्पनीमा लगानी तथा सञ्चालक नियुक्ति** - नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्दछ। प्राधिकरणले नेपाल सरकारको स्वीकृति बेगर ३५ निकाय (सब्सिडिएरी, एसोसिएट तथा अन्य) मा रु.५६ अर्ब ८ करोड ६० लाख बराबरको सेयर लगानी गरेको छ। त्यस्तै, गण्डकी प्रदेशका २ मन्त्रालयबाट नेपाल सरकारको स्वीकृति नलिई रु.३८ करोड १३ लाख बराबरको रकम प्राप्त गरेको छ। साथै प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रूपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको देखिन्छ। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

२६. **स्वामित्व हस्तान्तरण -** नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लिमिटेडबिच २०५२।१०।१ मा सम्पन्न विद्युत खरिद सम्झौताबमोजिम निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरु भएको मितिदेखि २० वर्षको अवधि समाप्ति पश्चात् खिम्ती जलविद्युत आयोजनाको ५० प्रतिशत सेयर स्वामित्व प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने व्यवस्था रहेको देखिन्छ। सम्झौताअनुसार २०७७।३।२८ मा २० वर्ष अवधि पूरा भइसके तापनि सोबमोजिम स्वामित्व हस्तान्तरण नहुँदा सम्पत्ति र लगानी रु.९ अर्ब ४७ करोड प्राप्त हुन बाँकी रहेको छ। सम्झौताबमोजिम सम्पत्ति प्राप्त गरी लेखाङ्कन गर्नुपर्ने बेहोरा गतवर्षको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्ष पनि सुधार भएको छैन।

२७. **पदपूर्ति खर्च** - प्राधिकरणले यो वर्ष खुलातर्फ ३८ र आन्तरिक प्रतियोगितातर्फ १३८ विज्ञापनबाट २ हजार ७३३ जनाको पदपूर्तिमा रु.३ करोड खर्च गरेको छ। उक्त खर्चमध्ये प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालनमा रु.१ करोड ८५ लाख खर्च भएको छ।

बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति २०६९।८।१८ मा गठन भएकोमा जलाशययुक्त आयोजनाको निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने यस आयोजनालाई कम्पनी मोडलमा सञ्चालन गर्न मन्त्रीपरिषद्बाट २०७९।३।२१ मा निर्णय भई कम्पनी ऐन, २०६३ दफा ५(१) बमोजिम २०७९।५।१७ मा बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको स्थापना भएको देखिन्छ। कम्पनीको चुक्ता पुँजी रु.२२ करोड ६० लाखमध्ये नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रु.११ करोड, अर्थ मन्त्रालयको रु.११ करोड र नेपाल विद्युत प्राधिकरणको रु.६० लाख लगानी रहेको छ। कम्पनीमा स्थायी ५ र करार १९ समेत २४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति,प्लाण्ट र उपकरण	९,२४,०९		९,०५,१४	
पुँजीगत कार्य प्रगति	१३,६१		०	
उपयोग अधिकार सम्पत्ति	१,२६,५३		१,५६,४८	
स्थगन कर सम्पत्ति	५२,५९		१२,११	
जम्मा गैर चालु सम्पत्ति		**११,१६,८२**		**१०,७३,७३**
नगद तथा नगद समान	१६,३८,९६		३१,३६,०३	
अन्य चालु सम्पत्ति	३१,२५,००		२१,२०,००	
चालु कर सम्पत्ति	६३४			
जम्मा चालु सम्पत्ति		**४७,७०,३०**		**५२५६०३**
जम्मा सम्पत्ति		**५८,८७,१२**		**६३२९७६**
इक्विटी				
सेयर पुँजी	२२,६०,१०		२२,६०,१०	
सेयरको लागि अग्रिम भुक्तानी	४०,००,००		४०,००,००	
सञ्चित आम्दानी तथा जगेडा	(५,५५,१२)		(२,७२,४०)	
जम्मा इक्विटी		**५७,०४,९८**		**५९,८७,७०**

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु दायित्व				
लिज दायित्व	१,१६,८३		१,६४,२५	
स्थगन कर दायित्व	४,४५		२,४३	
जम्मा गैर चालु दायित्व		**१,२१,२८**		**१,६६,६८**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	३१,९३		१,७४,५९	
अन्य वित्तीय दायित्व	२,६६		७९	
लिज दायित्व	२६,२७		-	
जम्मा चालु दायित्व		**६०,८६**		**१,७५,३८**
जम्मा इक्विटी तथा दायित्व		**५८,८७,१२**		**६३,२९,७६**

गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति ४.०१ प्रतिशतले बढेर रु.११ करोड १६ लाख ८२ हजार पुगेको छ। कुल चालु सम्पत्ति ९.२४ प्रतिशतले घटेर रु.४७ करोड ७० लाख ३० हजार र कुल सम्पत्ति ६.९९ प्रतिशत घटेर रु.५८ करोड ८७ लाख १२ हजार रहेको छ। यसै गरी कुल इक्विटी ४.७२ प्रतिशतले घटेर रु.५७ करोड ४ लाख ९८ हजार पुगेको छ। गैर चालु दायित्व २७.२३ प्रतिशतले घटेर रु.१ करोड २१ लाख २८ हजार पुगेको छ। चालु दायित्व ६५.२९ प्रतिशतले घटेर रु.६० लाख ८६ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	-		-	
बिक्रीको लागत	-		-	
व्यापार खर्च	-		-	
कुल नाफा		**-**		**-**
अन्य सञ्चालन आम्दानी	४,११		-	
कर्मचारी खर्चहरू	२,०८,३२		१,०९,५८	
प्रशासनिक तथा अन्य खर्चहरू	१,२७,४६		७५,०५	
ह्रास कट्टी तथा परिशोधन खर्च	३५,५८		२४,५२	
सञ्चालनबाट प्राप्त नाफा / (नोक्सान)		**(३,६७,२५)**		**(२,०९,१५)**
वित्तीय आम्दानी	५८,८५		-	
वित्तीय खर्चहरू	१४,७५		१२,३८	
कर अघिको नाफा		**(३,२३,१५)**		**(२,२१,५३)**
स्थगन आय कर	३८,४६		९,६८	
खुद नोक्सान		**(२,८४,६९)**		**(२,११,८५)**

गत वर्ष खुद नोक्सान रु.२ करोड ११ लाख ८५ हजार रहेकोमा यो वर्ष रु.२ करोड ८४ लाख ६९ हजार पुगेको छ।

३. **सम्पत्ति तथा दायित्व -** कम्पनीमा साबिकको बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति २०७९।३।२१ मा खारेज भई सो समितिबाट प्राप्त हुने सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिले खुद पुँजीगत खर्च रु ४२ अर्ब ३४ करोड ६३ लाख २५ हजार कायम गरेको छ।

सम्पत्ति तथा दायित्व कम्पनीको नाममा नामसारी नभएको बेहोरा गत विगतको प्रतिवेदनमा समेत औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् रहेको छ।

४. **सम्पत्तिको उपयोग -** बुढीगण्डकी जलविद्युत आयोजनाका नाममा हालसम्म अधिग्रहण गरिएको करिब ४९ हजार रोपनी जग्गा र सो मा निर्मित संरचनाहरू स्थानीयले नै उपयोग गरिरहेको देखिन्छ। सो सम्पति उपयोग गरेबापत कम्पनीलाई आम्दानी भएको देखिँदैन। अधिग्रहण गरिएका जग्गाको संरक्षण तथा व्यवस्थापन हुनुपर्दछ।

मोदी जलविद्युत कम्पनी लिमिटेड

मोदी जलविद्युत कम्पनी लिमिटेड माथिल्लो मोदी "ए" जलविद्युत आयोजना, (४२ मेगावाट) र माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को प्रवर्धन एवं सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७५।३।२७ मा स्थापित भई हाल निर्माणाधीन अवस्थामा रहेको छ। नेपाल विद्युत प्राधिरकणको पूर्ण स्वामित्वमा रहेको कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका ११ र दैनिक ज्यालादारी १८ समेत २९ कर्मचारी रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	३,१७,१५		२,८९,४३	
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,०२,५२,२४		४५,२८,८३	
लिज सम्पत्ति	२९,०८		४२,५१	
बैङ्क मुद्दती निक्षेप	-		१,००,००	
कुल गैर चालु सम्पत्ति		**१,०५,९८,४७**		**४९,६०,७७**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	२३		७१	
नगद वा बैङ्क मौज्दात	१,०३,८७		३८,६१	
चालु कर सम्पत्ति	१७,२१		१६,८७	
पेस्की तथा बैङ्क निक्षेप	४२,६२,२६		४,६०,१८	
कुल चालु सम्पत्ति		**४३,८३,५७**		**५,१६,३७**
कुल सम्पत्ति		**१,४९,८२,०४**		**५४,७७,१४**
इक्विटी तथा दायित्व				
सेयर पुँजी	७९,१५,००		४१,००,००	
अग्रिम सेयर पुँजी	६५,७९,५४		१०,९०,००	
अन्य इक्विटी	७१,०३		५५,९३	
कुल इक्विटी		**१,४५,६५,५७**		**५२,४५,९३**
दायित्व				
गैर चालु दायित्व				
अन्य गैर चालु दायित्व	२१,९५		३७,८३	
स्थगन कर दायित्व	३,५४		४,१९	
कुल गैर चालु दायित्व		**२५,४९**		**४२,०२**
चालु दायित्व				

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	२,६८,०५		७७,३१	
अन्य चालु दायित्व	१,२२,९३		१,११,८८	
कुल चालु दायित्व		**३,९०,९८**		**१,८९,१९**
कुल दायित्व		**४,१६,४७**		**२,३१,२१**
कुल इक्विटी तथा दायित्व		**१,४९,८२,०४**		**५४,७७,१४**

कम्पनीको कुल गैर चालु सम्पत्ति रु.१ अर्ब ५ करोड ९८ लाख ४७ हजार र चालु सम्पत्ति रु.४३ करोड ८३ लाख ५७ हजारसमेत कुल सम्पत्ति रु.१ अर्ब ४९ करोड ८२ लाख ४ हजार रहेको छ। त्यसैगरी इक्विटी रु.१ अर्ब ४५ करोड ६५ लाख ५७ हजार, गैर चालु दायित्व रु.२५ लाख ४९ हजार र चालु दायित्व रु.३ करोड ९० लाख ९८ हजार समेत कुल इक्विटी तथा दायित्व रु.१ अर्ब ४९ करोड ८२ लाख ४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालन तथा प्रशासनिक खर्च	१०,२६		१३,५४	
सञ्चालनबाट नाफा/(नोक्सान)		**(१०,२६)**		**(१३,५४)**
वित्तीय आम्दानी	३,३०		२५,७५	
अन्य आम्दानी	२०,६३		१,२६	
कर अघिको नाफा/(नोक्सान)		**१३,६७**		**१३,४७**
स्थगन कर खर्च/(आम्दानी)	(६५)		३,८४	
खुद नाफा/(नोक्सान)		**१४,३२**		**९,६३**

निर्माणाधीन अवस्थामा रहेकोले कम्पनीको निक्षेपमा राखेको रकमको ब्याज आम्दानी रु.३ लाख ३० हजार र अन्य आम्दानी रु.२० लाख ६३ हजारसमेत रु.२३ लाख ९३ हजार आम्दानी बाट सञ्चालन तथा प्रशासनिक खर्च रु.१० लाख २६ हजार घटाउँदा कर अघिको नाफा रु.१३ लाख ६७ हजार रहेको छ। जसमा स्थगन कर आम्दानी समायोजन गर्दा खुद नाफा रु.१४ लाख ३२ हजार कायम भएको छ।

३. **कार्यान्वयन अवस्था -** माथिल्लो मोदी ए जलविद्युत परियोजना (४२ मेगावाट) को परियोजना अवधि २०८१।१।२५ देखि २०८५।१।२४ सम्म रहेको छ। यो परियोजनाको प्रथम चरणमा सिभिल र हाइड्रोमेकानिकल कार्यको लागि २०८१।१।२६ मा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भई कार्य सुरु भएको छ। त्यसै गरी माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को सिभिल र हाइड्रोमेकानिकल निर्माणको लागि २०८२।२।२५ मा निर्माण सम्झौता गरी टोपोग्राफिकल सर्भेको कार्य प्रारम्भ भएको छ। दुवै परियोजनाको लागि क्याम्प सुविधा निर्माण गर्न २०७७।७।२८ मा सम्झौता गरी २०८२ आषाढ मसान्तसम्म ७० प्रतिशत कार्य सम्पन्न भएको छ। निर्माणको लागि २२३ रोपनी सार्वजनिक जग्गा उपयोग भएको देखिन्छ। आयोजनाको निर्माणको लागि आवश्यक पर्ने २५३ रोपनी निजी जग्गा (प्रसारण लाइनबाहेक) मध्ये ९५ प्रतिशत जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ। आयोजनाको लागि आवश्यक जग्गा अधिग्रहण गरी समयमै आयोजना निर्माण सम्पन्न गर्नुपर्दछ।

रघुगङ्गा हाइड्रोपावर लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२४ मा यो हाइड्रोपावर कम्पनीको स्थापना भएको हो। प्रारम्भमा यसको क्षमता ३२ मेगावाट रहेकोमा हाल ४० मेगावाट रहेको छ। निर्माणाधीन अवस्थामा रहेको यस आयोजनाको कुल लागत रु.९ अर्ब १७ करोड २६ लाख रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरण	९,१६,३४		१०,११,४२	
पुँजीगत कार्य प्रगति	९,१३,२३,०४		६,८५,५९,७७	
जम्मा गैर चालु सम्पत्ति		**९,२२,३९,३८**		**६,९५,७१,१९**
अग्रिम भुक्तानी र लगानी	८०,५९,२८		९८,८५,०१	
नगद तथा नगद समान	१३,३९,००		२,५१,५४	
जम्मा चालु सम्पत्ति		**९३,९८,२८**		**१,०१,३६,५५**
कुल सम्पत्ति		**१०,१६,३७,६६**		**७,९७,०७,७४**
सेयर पुँजी	३,५०,००,००		१,३७,४०,००	
अग्रिम सेयर पुँजी	-		१,८८,१२,७०	
सञ्चित नाफा	(२९,३६,१६)		(२६,७६,११)	
जम्मा इक्विटी		**३,२०,६३,८४**		**२,९८,७६,५९**
दायित्व				
ऋण सापटी	५,५७,६९,५६		३,७३,७१,९५	
जम्मा गैर चालु दायित्व		**५,५७,६९,५६**		**३,७३,७१,९५**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	१,३८,०४,२६		१,२४,५९,२०	
जम्मा चालु दायित्व		**१,३८,०४,२६**		**१,२४,५९,२०**
जम्मा दायित्व		**६,९५,७३,८२**		**४,९८,३१,१५**
कुल इक्विटी र दायित्व		**१०,१६,३७,६६**		**७,९७,०७,७४**

कम्पनीको गैर चालु सम्पत्ति रु.९ अर्ब २२ करोड ३९ लाख र चालु सम्पत्ति रु.९३ करोड ९८ लाख समेत रु.१० अर्ब १६ करोड ३७ लाख कुल सम्पत्ति रहेको छ। सेयर पुँजी रु.३ अर्ब ५० करोड, दीर्घकालीन कर्जा रु.५ अर्ब ५७ करोड ७० लाख, चालु दायित्व रु.१ अर्ब ३८ करोड ४ लाख र सञ्चित नोक्सानी रु.२९ करोड ३६ लाखसमेत रु.१० अर्ब १६ करोड ३८ लाख कुल पुँजी तथा दायित्व रहेको छ।

२. **सञ्चालन नतिजा-** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
अन्य आय		**१,०३,५९**		**१,३८,१७**
प्रशासनिक खर्च	(३,८८,४६)		(३,३१,४२)	
ह्रास खर्च	(९८,४८)		(१,१६,१८)	
सञ्चालन नाफा/(नोक्सानी)		(३,८३,३५)		(३,०९,४३)

आयोजना निर्माणाधीन अवस्थामा रहेकोले कम्पनीको बिक्री आय शून्य रहेको छ। कम्पनीको अन्य आय रु.१ करोड ४ लाखमध्ये प्रमुख हिस्सा ब्याज आम्दानी रहेको छ। कम्पनीको प्रशासनिक खर्च रु.३ करोड ८९ लाख र ह्रास खर्च रु.९९ लाख समेत रु.४ करोड ८७ लाख कुल खर्च रहेको छ।

३. **निर्माण कार्य** - आयोजना कार्यान्वयनको क्रममा कोभिड १९, डिजाइन स्वीकृतिमा ढिलाइ, सामान आपूर्तिमा ढिलाइ, कमजोर भौगोलिक अवस्था लगायत विभिन्न परिस्थितिको कारण समयमा कार्यसम्पन्न नभई म्याद थप भएको छ। सिभिल तथा हाइड्रोमेकानिकल कार्यको लागि २०७४।८।१ मा अमेरिकी डलर ३ करोड ५९ लाख ९९ हजार र रु.२ अर्ब १७ करोड ३३ लाखमा गरेको सम्झौताको म्याद २०७८।१०।१८ सम्म रहेकोमा २०८१।३।१ सम्म थप गरेको पाइयो। त्यस्तै इलेक्ट्रो मेकानिकल कार्यको लागि २०७६।६।२८ मा अमेरिकी डलर ८७ लाख ४८ हजार र रु.१८ करोड १५ लाखमा गरेको सम्झौताको म्याद २०७९।८।१ सम्म रहेकोमा २०८२।८।११ सम्म थप गरेको देखिन्छ। हालसम्म आयोजनाको भौतिक प्रगति ८३ प्रतिशत रहेको छ।

४. **परामर्श खर्च -** आयोजना र परामर्शदाताबिच सिभिल तथा हाइड्रोमेकानिकल कार्यमा परामर्श सेवा उपलब्ध गराउन २०६८।१०।२३ मा अमेरिकी डलर ३८ लाख २४ हजार र रु.७ करोड ५३ लाखको सम्झौता भएको छ। सम्झौताअनुसार २०७२।११।३ सम्म निर्माण कार्य समयमा सम्पन्न हुन नसक्दा २०८३।९।१६ सम्म म्याद थप गरेको छ। आयोजनाको सिभिल तथा इलेक्ट्रोमेकानिकल तर्फको परामर्श सेवामा विनिमय दरको कारण रु.१४ करोड ९२ लाखले लागत बढेको अवस्था छ। निर्माण कार्यको म्याद २०८२।८।११ सम्म थप भएकोमा सोही निर्माण कार्यको परामर्श सेवाको म्याद २०८३।९।१६ सम्म थप गर्नुको औचित्य पुष्टि गर्नुपर्ने अन्यथा लागत बढाउने गरी म्याद थप भएको छ। यस सम्बन्धमा छानबिन गरिनुपर्दछ।

५. **मुआब्जा पेस्की -** कम्पनीले मुआब्जा वितरणको लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई दिएको पेस्कीमध्ये २०८१ आषाढसम्म रु.३ करोड ४ लाख फर्स्यौट हुन बाँकी छ। मुआब्जा वितरणको कार्य समयमा सम्पन्न गरी पेस्की फर्स्यौट गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

विद्युत शक्तिको प्रसारण तथा भार सम्प्रेषणका लागि आवश्यक क्षमता, स्तर तथा प्रकृतिअनुसार प्रसारण लाइन, सवस्टेशन तथा अन्य पूर्वाधारहरूको निर्माण, विस्तार, विविधीकरण र मर्मतसम्भार गर्ने उद्देश्यले २०७२।३।२७ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीले प्रसारण ग्रिडको सञ्चालन गर्दै समग्र ग्रिड प्रणालीको समयोचित व्यवस्थापनको कार्य गर्दछ। कम्पनीलाई आफूले निर्माण तथा सञ्चालन गरेका प्रसारण प्रणाली तथा सम्बन्धित संरचनाहरूको प्रयोग गरेबापत नियामक निकायले तोकिएबमोजिम शुल्क सङ्कलन गर्ने अधिकार रहेको छ।

१ **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ, २०८२		३१ आषाढ, २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	४३,७६,१३		४५,२६,७८	
पुँजीकृत हुन बाँकी सम्पत्ति	२,५९,४२,९२		१,३९,९५,४८	
अमूर्त सम्पत्ति	१,९०		२,७१	
जग्गा खरिदको लागि पेस्की	१,१८,९५		१,४१,७१	
सेयर लगानी	२,८०,५०		२,८०,५०	
कुल गैर चालु सम्पत्ति		**३,०७,२०,४०**		**१,८९,४७,१८**
चालु सम्पत्ति				
व्यावसायिक तथा अन्य प्राप्य रकम	९४,०४,६५		९४,५९,३९	
अग्रिम आयकर	२,७१,१९		३,७९,११	
अग्रिम भुक्तानी, पेस्की, सापटी र धरौटी	५,३५		५,०६	
बैङ्क तथा नगद मौज्दात	१,६२,६८,०७		२,६९,३९,०८	
कुल चालु सम्पत्ति		**२,५९,४९,२६**		**३,६७,८२,६४**
कुल सम्पत्ति		**५,६६,६९,६६**		**५,५७,२९,८३**
सेयर पुँजी	३,५४,००,००		३,५४,००,००	
सञ्चित नाफा र जगेडा कोष	८२,०५,८८		८५,६९,८७	
अग्रिम सेयर पुँजी	९,७६,७३०		७७,६८,००	
कुल इक्विटी		**५,३३,७३,१८**		**५,१७,३७,८७**
दायित्व				
गैर चालु दायित्व				
कर्मचारी सुविधा दायित्व	४५,३१		४८,०१	
स्थगन कर दायित्व	२५,७४		२६,००	
कुल गैर चालु दायित्व		**७१,०५**		**७४,०१**
चालु दायित्व				
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३१,५९,८६		३७,०२,४६	
आयकर दायित्व	६३,९७		१,४६,३०	
कर्मचारी सुविधा दायित्व	१,६०		११	
घरभाडा दायित्व			६९,०८	
कुल चालु दायित्व		**३२,२५,४३**		**३९,१७,९५**
कुल इक्विटी र दायित्व		**५,६६,६९,६६**		**५,५७,२९,८३**

यस वर्ष गत वर्षको तुलनामा कम्पनीको पुँजीकृत हुन बाँकी सम्पत्ति ८५.३६ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ५९ करोड ४२ लाख ९२ हजार तथा कुल सम्पत्ति १.६९ प्रतिशतले बढेर रु.५ अर्ब ६६ करोड ६९ लाख ६६ हजार रहेको छ। कुल चालु दायित्व १७.६७ प्रतिशतले घटेर रु.३२ करोड २५ लाख ४३ हजार र कुल इक्विटी ३.१६ प्रतिशतले बढेर रु.५ अर्ब ३३ करोड ७३ लाख १८ हजार पुगेको छ।

२ **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालनबाट आम्दानी	**५४८**			-
बिक्रीको लागत	-			-
कुल नाफा/ (नोक्सान)	**५४८**			-
बैङ्क ब्याज तथा अन्य आम्दानी	३,१८,०३		१३,०३,६१	
कर्मचारी खर्च	(३,०५,९४)		(२३,९१५)	
व्यावसायिक तथा प्रशासनिक खर्च	(१,३१,६१)		(९५,७७)	
अन्य सञ्चालन खर्च	(६,३७५)		(७,२४४)	
ह्रासकट्टी र अपलेखन खर्च	(१,१७,२२)		(१,२३,६४)	
वित्तीय खर्च अघिको नाफा/(नोक्सान)		**(२,९५,०१)**		**७,७२,६१**
वित्तीय खर्च	५२६		९०५	
सटही नाफा/(नोक्सान)			६२२	
करकट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**(३,००,२७)**		**७,५७,३४**
आयकर	६३,९७		१,४६,५३	
स्थगन कर खर्च/(आय)	(२५)		४,८३	
खुद नाफा/(नोक्सान)		**(३,६३,९९)**		**६,०५,९८**

कम्पनीको यस वर्ष गत वर्षको तुलनामा बैङ्क ब्याज तथा अन्य आम्दानी ७५.६० प्रतिशतले घटेर रु.३ करोड १८ लाख ३ हजार भएको छ। गत वर्ष खुद नाफा रु.६ करोड ५ लाख ९८ हजार भएकोमा यो वर्ष रु.३ करोड ६३ लाख ९९ हजार नोक्सान भएको छ।

३ **आयोजना निर्माण** - कम्पनीले रु.९५ करोड २४ लाख ३३ हजार अनुमानित लागत रहेको केराबारी-न्यू मर्स्याङ्दी १३२ किलोभोल्ट प्रसारण लाइन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७८।३।२७ मा रु.१७ करोड ७० लाख ७२ हजार (अमेरिकी डलर २९ लाख २१ हजार) को सम्झौता गरेकोमा यस वर्षसम्म ३०.९३ प्रतिशत भौतिक प्रगति भएको छ। सो खरिद सम्झौताको म्याद २०८३।४।७ सम्म थप गरिएको छ।यसैगरी, अनुमानित लागत रु.५९ करोड ४० लाख ३७ हजार रहेको मेवाचाँगे १३२ किलोभोल्ट प्रसारण लाइन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७८।२।३० मा रु.३० करोड ७१ लाखको सम्झौता गरेकोमा यस वर्षसम्म ३४.९६ प्रतिशत भौतिक प्रगति भएको छ। खरिद सम्झौताको म्याद २०८३।८।१८ सम्म थप गरेको छ।तोकिएको समयमा कार्यसम्पन्न गर्नुपर्दछ।

४ **सेयर संरचना -** कम्पनीको प्रबन्धपत्रको दफा ६मा नेपाल सरकारका अर्थ, ऊर्जा, जलस्रोत तथा सिँचाइ, रक्षा, गृह, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ५१.७२ प्रतिशत र नेपाल विद्युत प्राधिकरणको ४८.२८ प्रतिशत चुक्ता पुँजी रहने व्यवस्था छ। यस कम्पनीको अधिकृत पुँजी २५ अर्ब, जारी पुँजी १० अर्ब र चुक्ता पुँजी रु.६ अर्ब ७४ करोड ७३ लाख ३३ हजार रहेको छ। चुक्ता पुँजीको सेयर संरचनाअनुसार नेपाल सरकारको ९८.५९ र नेपाल विद्युत प्राधिकरणको १.४१ प्रतिशत मात्र चुक्ता पुँजी रहेकोले नेपाल विद्युत प्राधिकरणबाट रु.३ अर्ब २० करोड ७३ लाख ३३ हजार प्राप्त भएको छैन। नेपाल सरकारको ऋण तथा लगानीको प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारले यस कम्पनीमा रु.४ अर्ब ४६ करोड ६७ लाख ३० हजार सेयर लगानी देखाएकोमा कम्पनीले रु.३ अर्ब ४९ करोड मात्र देखाई रु.९७ करोड ६७ लाख ३० हजार लाई पेस्कीको रूपमा देखाएको छ। यथार्थ लेखाङ्कन गरी कबोल अनुसारको सेयर लगानी हुनुपर्दछ।

५ **मुआब्जा वितरण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ अनुसार आयोजना सञ्चालनका लागि आवश्यक मुआब्जा तथा अन्य सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्ने तथा जग्गा अधिग्रहण गरी उपलब्ध गराउने व्यवस्था छ। कम्पनीको ट्रान्समिसन लाइन कार्ययोजनाअन्तर्गत सबस्टेशन निर्माणका लागि जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गर्न सुर्खेत, संखुवासभा, कालिकोट, जाजरकोट र गोरखा जिल्ला प्रशासन कार्यालयलाई रु.१ करोड १८ लाख ९५ हजार पेस्की उपलब्ध गराएको देखियो। कम्पनीले समयमै मुआब्जा वितरण तथा जग्गा प्राप्तिसम्बन्धी कार्य सम्पन्न गरी उक्त पेस्की फस्यौंट गर्नुपर्दछ।

स्यार्पु पावर कम्पनी लिमिटेड

रुकुम पश्चिमको स्यार्पुतालबाट निस्केको पानीबाट ३.३ मेगाबाट जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०७५।५।१ मा कम्पनी ऐन, २०६३ अन्तर्गत यस कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.२२ करोड रहेकोमा संस्थापक सेयरधनी रुकुम पश्चिमका ६ स्थानीय तह, जिल्ला समन्वय समिति र नेपाल सरकार अर्थ मन्त्रालयसमेतको ५५ प्रतिशत र सर्वसाधारण, स्थानीय बासिन्दा तथा अति विपन्न परिवारको ४५ प्रतिशत सेयर रहने उल्लेख छ। हालसम्म कम्पनीले सर्वसाधारणमा सेयर जारी गरेको छैन।

१. **वित्तीय स्थिति-** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
जायजेथा, संयन्त्र र उपकरण	२,४५,८१		२,४८,८९	
पुँजीगत सम्पत्ति (कार्य प्रगतिमा)	४४,१७,०९		८,००,०२	
सहायक कम्पनीमा लगानी	३,८१,००		२,३१,००	
अन्य वित्तीय सम्पत्ति	-		१९,४२	
डेफर्ड कर सम्पत्ति	-		२,७५	
अन्य गैर-चालु सम्पत्ति	४,१८,८२		९,४४,३३	
जम्मा गैर-चालु सम्पत्ति		**५४,६२,७२**		**२२,४६,४१**
व्यापारिक तथा अन्य प्राप्य रकम	५५		१	
नगद तथा नगद सरह	१,०२,४७		६३,७९	
अन्य वित्तीय सम्पत्ति	१,५५,८३		२,८२,८६	
कर बापत प्राप्त हुनुपर्ने रकम	६,२१		५,४७	
जम्मा चालु सम्पत्ति		**२,६५,०६**		**३,५२,१३**
जम्मा सम्पत्ति		**५७,२७,७८**		**२५,९८,५४**
इक्विटी				
सेयर पुँजी	१८,५८,७३		९,३३,७३	
रिटेन अर्निङ्स	(१८,०४)		(१,२४)	
जम्मा इक्विटी		**१८,४०,६९**		**९,३२,४९**
ऋण तथा सापटी	२५,८०,७६		११,११,४७	
डेफर्ड अनुदान आय	३,४८,६४		३,४८,६४	
कर्मचारी सुविधा व्यवस्था	१५,६८		१५,१३	
डेफर्ड कर दायित्व	९४		-	
जम्मा गैर-चालु दायित्व		**२९,४६,०२**		**१४,७५,२४**
व्यापारिक तथा अन्य भुक्तानी	३,८४,४६		१,१४,६५	
ऋण तथा सापटी	१,१५,३८		३८,४६	
अन्य वित्तीय दायित्व	३,८८,२२		२३,२०	
कर्मचारी सुविधा व्यवस्था	५८		२,०२	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
अन्य चालु दायित्व	५२,४३		१२,४८	
जम्मा चालु दायित्व		**९,४१,०७**		**१,९०,८१**
जम्मा दायित्व		**३८,८७,०९**		**१६,६६,०५**
जम्मा इक्विटी तथा दायित्व		**५७,२७,७८**		**२५,९८,५४**

कम्पनीको वित्तीय विवरण अनुसार गत वर्षको तुलनामा यो वर्ष कुल गैर चालु सम्पत्ति १४३.१८ प्रतिशतले वृद्धि भई रु.५४ करोड ६३ लाख र चालु सम्पत्ति २४.७२ प्रतिशतले घट्न गई रु.२ करोड ६५ लाख रहेको छ। गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व ९९.७० प्रतिशतले वृद्धि भई रु.२९ करोड ४६ लाख र चालु दायित्व ३९३.२० प्रतिशतले वृद्धि भई रु.९ करोड ४१ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सञ्चालनबाट आम्दानी	-		-	
बिक्रीको लागत	-		-	
कुल नाफा	**-**		**-**	
अन्य सञ्चालन आम्दानी	६,८८		९,६०	
बिक्री वितरण खर्च	-		-	
प्रशासकीय तथा सञ्चालन खर्च	(१३,८६)		(६,६२)	
ह्रासकट्टी तथा एमोर्टाइजेसन खर्च	(५,३२)		(३,१६)	
सञ्चालन नाफा/(नोक्सान)		**(१२,३०)**		**(१८)**
वित्तीय आम्दानी	-		-	
वित्तीय खर्च	(८०)		-	
कर तथा अन्य व्यवस्था अघिको नाफा		**(१३,१०)**		**(१८)**
कर्मचारी बोनस व्यवस्था	-		-	
कर अघिको नाफा/(नोक्सान)		**(१३,१०)**		**(१८)**
आयकर खर्च	-		-	
डेफर्ड कर (खर्च) आम्दानी	(३,७०)		८९	
यस वर्षको खुद नाफा/(नोक्सान)		**(१६,८०)**		**७१**

जलविद्युत आयोजना निर्माणाधीन रहेकाले यो वर्ष अन्य सञ्चालन आय रु.६ लाख ८८ हजार रहेकोमा खुद नोक्सान रु.१६ लाख ८० हजार रहेको छ।

३. **कार्य प्रगति -** आयोजना २०७८।११।३ बाट सुरु भएको र २०८३।५।२७ उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनसम्म जडान गरी २०८३।६। ५ देखि व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य रहेको छ। विस्तृत परियोजना प्रतिवेदन अनुसार आयोजनाको कुल लागत अनुमान रु.५६ करोड १० लाख रहेकोमा आयोजना सञ्चालनका लागि नेपाल सरकार, अर्थ मन्त्रालयबाट रु.१० करोड लगानी तथा राष्ट्रिय वाणिज्य बैङ्कबाट रु.३० करोड ऋण लगानी गर्ने २०८०।२।८ मा सम्झौता भएको छ। यो वर्षसम्म आयोजनाको भौतिक संरचना निर्माणमा रु.४६ करोड ९१ लाख खर्च भएकोमा भौतिक प्रगति ८३ प्रतिशत रहेको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन किताब व्यवस्था समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत कानुन किताब (व्यवस्था र वितरण) आदेश २०२१ बमोजिम समितिको स्थापना भएको हो। समितिको मुख्य उद्देश्य कानुनसम्बन्धी पुस्तक छपाइ गरी बिक्री वितरण गर्ने र नेपाल कानुनलाई विदेशी भाषामा अनुवाद गर्ने रहेको छ।समितिमा १४ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
जायजेथा, प्लाण्ट र उपकरण	१,७०,७९	१,७७,०३
जायजेथा, प्लाण्ट र उपकरण (पुँजी कोष)	२,८८,४७	३,३९,३८
जम्मा गैर चालु सम्पत्ति	**४,५९,२६**	**५,१६,४१**
जिन्सी मौज्दात	१,५८,३२	१,२८,९१
व्यावसायिक असामी	६,२७	५,३६
नगद तथा सो सरह	१३,३४,८०	१२,८७,१०
अन्य चालु सम्पत्ति	४०,९०	४८,९३
जम्मा चालु सम्पत्ति	**१५,४०,२९**	**१४,७०,३०**
जम्मा सम्पत्ति	**१९,९९,५५**	**१९,८६,७१**
पुँजीकोष	२,८८,४८	३,३९,३८
नाफा नोक्सान हिसाब	१२,३४,४१	१२,०४,२२
जम्मा पुँजी तथा दायित्व	**१५,२२,८९**	**१५,४३,६०**
विविध साहुहरू	८,५४	३,४०
ट्रिटी सिरिज किताबहरू	९,९५	९,९५
कर्मचारी व्यवस्था हिसाब	४,५४,४१	४,०४,१०
बिक्रेता धरौटी	३,७६	३,७१
आयकर व्यवस्था	-	२१,९५
जम्मा चालु दायित्व तथा व्यवस्था	**४,७६,६६**	**४,४३,११**
जम्मा पुँजी, दायित्व तथा व्यवस्था	**१९,९९,५५**	**१९,८६,७१**

समितिको गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति ११.०७ प्रतिशतले घटी भई रु.४ करोड ५९ लाख २६ हजार रहेको छ। चालु सम्पत्ति ४.७६ प्रतिशतले बढेर रु.१५ करोड ४० लाख २९ हजार पुगेकोमा जम्मा सम्पत्ति ०.६५ प्रतिशतले वृद्धि भई रु.१९ करोड ९९ लाख ५५ हजार पुगेको छ। साथै पुँजी कोष गत वर्षको तुलनामा यस वर्ष रु.५ लाख ९० हजारले घटेको छ।

२. **सञ्चालन नतिजा -** समितिको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
बिक्री	३,८३,८३	३,८२,५१
अनुवाद तथा जाँच	५९,६६	३२,८५
जम्मा आम्दानी	**४,४३,४९**	**४,१५,३६**

विवरण	३२ आषाढ २०८२	३१ आषाढ २०८१
बिक्रीको लागत तथा अनुवाद, जाँच खर्च	२,१०,७४	१,७९,७१
कर्मचारी खर्च	१,४३,१२	१,७४,९१
प्रशासनिक खर्च	१,४९,८३	१,३५,४५
ह्रास खर्च	१९,२७	२१,७३
जम्मा खर्च	**५,२२,९६**	**५,११,८०**
सञ्चालन नाफा/(नोक्सान)	**(७९,४७)**	**(९६,४४)**
अन्य आय	१,०९,६७	१,४६,५०
कर अघिको सञ्चालन नाफा/(नोक्सान)	**३०,२०**	**५०,०६**
आयकर व्यवस्था	-	२१,९५
आयकर पछिको खुद नाफा/(नोक्सान)	**३०,२०**	**२८,११**

गत वर्षको तुलनामा यस वर्षको आम्दानी ६.७८ प्रतिशतले वृद्धि भई रु.४ करोड ४३ लाख ४९ हजार पुगेको र कुल खर्च २.१८ प्रतिशतले घटी भई रु.५ करोड २२ लाख ९६ हजार पुगेको छ।

३. **मूल्य निर्धारण** - पुस्तकको परल मूल्य निर्धारण गर्दा प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्चको पहिचान तथा स्थिर लागत र चल लागतको खर्चलाई विभाजन गरी मूल्य निर्धारण गर्नुपर्दछ। समितिले आफ्नो उत्पादन लागतलाई स्थिर लागत र चल लागतमा विभाजन गरेको छैन। कागज, छपाइ, कभर लगायतका प्रत्यक्ष लागतलाई मात्र ४० प्रतिशत मानी सोमा ६० प्रतिशत नाफा जोडि मूल्य निर्धारण गरेकोले मूल्य यथार्थपरक देखिएन।

४. **अवकाश दायित्व -** नेपाल लेखामान १ तथा लेखामान ३७ बमोजिम वित्तीय विवरणको यथार्थताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्दछ। दीर्घकालीन दायित्वको मापन वर्तमान मूल्यअनुसार गरी उचित मूल्यमा गरिनुपर्दछ। संस्थाले बिमाङ्कीय मूल्याङ्कन अनुसार दायित्वको व्यवस्था गर्नुपर्नेमा सोबेगर बजेटमा विनियोजन गरिएको रकमलाई नै अवकाश खर्च मानी रु.४ करोड ५४ लाख व्यवस्था गरी लेखाङ्कन गरेको छ। यसरी गरिएको व्यवस्थाले वास्तविक दायित्वको अवस्था चित्रण नहुने हुँदा मूल्याङ्कन गराई यथार्थपरक लेखाङ्कन गर्नुपर्दछ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि सामग्री कम्पनी लिमिटेड

देशमा कृषि बाली उत्पादनको लागि आवश्यक पर्ने गुणस्तरीय मल, बीउ, रसायन र उपकरणको आयात गरी सर्वसुलभ मूल्यमा बिक्री वितरण गर्ने उद्देश्यले विक्रम सम्वत् २०२२ मा कृषि सामग्री संस्थानको रूपमा स्थापना भएको कम्पनी २०५९ देखि नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी कम्पनी ऐन, २०५३ अन्तर्गत सञ्चालन हुँदै आएको छ। कम्पनीले नेपालमा आवश्यक पर्ने रासायनिक मल आयात गरी सहकारी संस्थामार्फत वितरण गर्ने एवं बिउबिजनको कारोबारसमेत गर्ने गरेको छ। कम्पनीको चुक्ता पुँजीमध्ये कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ५८.८ प्रतिशत, अर्थ मन्त्रालयको ३८.९ प्रतिशत र अन्य सरकारी संस्थाको २.३ प्रतिशत सेयर स्वामित्व रहेको छ। कम्पनीको केन्द्रीय कार्यालय, ७ प्रादेशिक कार्यालय र ३४ शाखा कार्यालय रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लाण्ट तथा उपकरण	११,९४,०३,४६		११,९४,९७,६६	
अमूर्त सम्पत्ति	३९,५०		३९,५०	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५७,०५,३१		५७,१४,९६	
सम्पत्ति प्रयोग गर्ने अधिकार	४,१०,१४		३,८७,२२	
अन्य लगानी	१३,२७,६१		१०,०८,९४	
अन्य गैर चालु सम्पत्ति	२९,५२,२२		३७,५८,८४	
जम्मा गैर चालु सम्पत्ति		**१२,९८,३८,२४**		**१३,०४,०७,१२**
स्टक मौज्दात	४,४१,९४,७५		३,१५,७१,०७	
व्यापारिक आसामी लिनुपर्ने	३३,६९,७५		१,९५,११,४१	
चालु कर सम्पत्ति	-		४,४३,७४	
अन्य चालु सम्पत्ति	३६,७८,५३		२७,८३,६२	
नगद र नगद सरह	७,२६,३८,२२		५,५९,४५,५६	
जम्मा चालु सम्पत्ति		**१२,३८,८१,२५**		**११,०२,५५,४०**
कुल सम्पत्ति		**२५,३७,१९,४९**		**२४,०६,६२,५२**
कोष तथा दायित्व				
सेयर पुँजी	८९,३३,०८		८९,३३,०८	
जगेडा तथा कोषहरू	९,११,६५,२८		९,२१,२७,४४	
सञ्चित नाफा (नोक्सान)	२,२२,७८,९१		१,८५,८९,४६	
जम्मा कोष		**१२,२३,७७,२७**		**११,९६,४९,९८**
व्यवस्थाहरू	१२,०७,७७		९,५६,५०	
स्थगन कर दायित्व	२,७०,४२,१८		२,७१,६३,८४	
अन्य गैर चालु दायित्व	४६,३६,२१		३७,२८,०८	
जम्मा गैर चालु दायित्व		**३,२८,८६,१६**		**३,१८,४८,४२**
व्यापारिक साहु तिर्नुपर्ने	८,९०,००,७२		८,०५,९६,६९	
व्यवस्थाहरू	६२,९८,८८		४६,५७,७६	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
चालु कर दायित्व	१३,४७		-	
पट्टा दायित्व	४,४३,९१		४,८७,६५	
अन्य चालु दायित्व	२६,९९,०८		३४,२२,०२	
जम्मा चालू दायित्व		**९,८४,५६,०६**		**८,९१,६४,१२**
जम्मा दायित्व		**१३,१३,४२,२२**		**१२,१०,१२,५४**
कुल कोष तथा दायित्व		**२५,३७,१९,४९**		**२४,०६,६२,५२**

कम्पनीले वित्तीय विवरणको त्रुटि र सुधार शीर्षकअन्तर्गत खुलासा गरी लिजको लेखाङ्कन, सम्पत्ति, प्लाण्ट तथा उपकरणमा समायोजन, स्टक मौज्दातको मूल्यमा समायोजन, निर्माणाधीन सम्पत्ति र स्थगत करमा समायोजन गर्दा यो वर्षको नाफा नोक्सान विवरणमा रु.४ करोड ३० लाख ३६ हजार कम र वित्तीय स्थितिको विवरणमा रु.३ करोड २२ लाख ७८ हजार कम जिम्मेवारी सारेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
बिक्री	९,८०,१८,४९		७,२७,२१,५६	
अन्य व्यावसायिक आम्दानी	१९,०८,३१,८३		१६,५४,७३,७१	
कुल आम्दानी		**२८,८८,५०,३२**		**२३,८१,९५,२७**
खर्च				
बिक्री लागत खर्च	२७,९२,६९,७८		२२,८९,६१,६६	
कर्मचारी खर्च	१५,६७,९१		१७,७५,८९	
प्रशासकिय खर्च	१०,०६,१२		८,९०,८६	
ह्रास खर्च	२,४७,७५		२,३९,३०	
क्षयीकरण घाटा	-		९७	
कुल खर्च		**२८,२०,९१,५६**		**२३,१८,६८,६८**
सञ्चालनबाट मुनाफा		**६७,५८,७६**		**६३,२६,५९**
असाधारण आम्दानी/(खर्च)		(१८,१८,१८)	(२९,१०,९५)	
बोनस तथा आयकर अघिको मुनाफा		**४९,४०,५८**		**३४,१५,६४**
कर्मचारी बोनस खर्च	(२,३५,२६)		(१,७७,१२)	
विगत वर्षको समायोजनमा कर्मचारी बोनस	१२,३४		(१०,०३)	
आयकर अघिको मुनाफा		**४७,१७,६६**		**३२,२८,४९**
चालु वर्षको आयकर	(८,२९,१५)		(६,९१,८९)	
स्थगन कर आम्दानी/(खर्च)	(१,९९,०६)		(२,४६,८२)	
कर पछिको खुद मुनाफा		**३६,८९,४५**		**२२,८९,७८**

गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी २१.२७ प्रतिशतले बढेर रु.२८ अर्ब ८८ करोड ५० लाख ३२ हजार र कुल खर्च २१.६६ प्रतिशतले वृद्धि भई रु.२८ अर्ब २० करोड ९१ लाख ५६ हजार पुगेको छ। कम्पनीको खुद मुनाफा ६१.१३ प्रतिशतले वृद्धि भई रु.३६ करोड ८९ लाख ४५ हजार कायम भएको छ।

३. **विचाराधीन मुद्दा** - कम्पनीले विभिन्न मल आपूर्तिकर्तासँग गरेको खरिद सम्झौताको सर्तअनुसार समयमा मल आपूर्ति गर्न नसकेपछि कार्यसम्पादन जमानत जफत गरेकोमा आपूर्तिकर्ताहरू कम्पनीको निर्णयमा चित्त नबुझाई कानुनी उपचारका लागि विभिन्न तहका अदालत गएकोमा यस वर्षसम्म ९ मुद्दा अदालतमा विचाराधीन रहेका छन्।

४. **घरजग्गा तथा सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था छ। सोबमोजिम कम्पनीले स्थानीय तहलाई तिर्नुपर्ने घरजग्गा/सम्पत्ति करबापतको बक्यौता जरिबानासहित २०८१।८२ सम्म तीन महानगरपालिका र एक उप-महानगरपालिकालाई रु.९ करोड ४२ लाख ६५ हजार तिर्न बाँकी रहेको छ। कम्पनीको अन्य कार्यालयको हकमा २०८१।८२ सम्मको घरजग्गा कर गणना गर्न बाँकी रहेको छ। कम्पनीले घरजग्गा तथा सम्पत्ति करबापत रु.११ करोड ९४ लाख ८८ हजार व्यवस्था गरेकोमा २०८१।८२ सम्मको सम्पूर्ण दायित्वको हिसाब गरी भुक्तानी गर्नुपर्दछ।

५. **बोनस व्यवस्था** - बोनस ऐन, २०३० को दफा ५(३ख) बमोजिम नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले हरेक आर्थिक वर्षको सम्भावित दायित्व यकिन गर्ने र त्यसरी यकिन भएको दायित्व बापतको रकम छुट्टै कोषमा जम्मा गरेपछि बोनस वितरण गर्न पाउने व्यवस्था छ। कम्पनी विरूद्ध विभिन्न अदातलतमा मुद्दा विचाराधीन रहँदा भविष्यमा दायित्व सिर्जना हुन सक्ने सम्भावना देखिन्छ। यस्ता सम्भावित दायित्वको लागि रकम छुट्याई वित्तीय विवरणमा खुलासा गरेको छैन। कम्पनीले दायित्व यकिन नगरी २०७४।७५ देखि २०८१।८२ सम्म बोनसबापत रु.१४ करोड ७१ लाख ५२ हजार छुट्याएको छ। ऐनले तोकेबमोजिम सम्भावित दायित्व यकिन नगरी बोनसको व्यवस्था गरिनु कानुनसम्मत देखिएन।

६. **वैदेशिक दायित्वको लेखाङ्कन** - नेपाल लेखामान २१ को अनुच्छेद २१ र २८ अनुसार वैदेशिक मुद्रामा भुक्तानी गर्नुपर्ने दायित्वलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरअनुसार गणना गरी विनिमय नाफा/नोक्सानी लेखाङ्कन गर्नुपर्दछ। कम्पनीले विदेशी मुद्रामा तिर्नुपर्ने रु.८ अर्ब ७२ करोड ११ लाख र विदेशी मुद्रामा लिनुपर्ने रु.१३ करोड ४९ लाख रहेको देखिन्छ। कम्पनीले सो रकमलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरमा रकम प्रस्तु गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन।

७. **साहु तथा आसामीको लेखाङ्कन** - कम्पनीले आसामीको सूचीमा सरकारी कार्यालयतर्फ लिनुपर्ने रु.१८ करोड २९ लाख, संस्थान/सङ्घ/संस्थासँग लिनुपर्ने रु.२८ लाख, अन्यसँग लिनुपर्ने रु.१५ करोड १२ लाखसमेत रु.३३ करोड ६९ लाख र व्यापारिक साहु तिर्नुपर्ने रु.८ अर्ब ९० करोड ७२ हजार प्रस्तुत गरेको छ। लिनुपर्ने तथा तिर्नुपर्ने रकमको समर्थन पत्र संलग्न नहुँदा वित्तीय विवरणमा प्रस्तुत गरेको रकमको अवस्था यकिन गर्न सकिएन।

८. **सम्भावित दायित्व** - कम्पनीले अन्तर्राष्ट्रिय बोलपत्रबाट पैठारी गरेको रासायनिक मलको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३क) बमोजिम बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करारअन्तर्गत गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा नगरेको कारण कर बापतको दायित्व ब्याजसहित २०८०।१।३१ मा गणना गर्दा २०७१।७२ देखि २०७५।७६ सम्मको रु.५ अर्ब २२ करोड ८९ लाख ४३ हजार तिर्नुपर्ने उल्लेख गरी ठुला करदाता कार्यालयबाट माग भई आएकोले सो कर बक्यौता कायम भएको छ। उक्त रकममध्ये २०७१।७२ देखि २०७४।७५ सम्मको रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजार बाहेकको रु.१ अर्ब ९ करोड ६६ लाखको सम्बन्धमा कम्पनीले

आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम २०८०।३।२९ मा आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको छ। प्रशासकीय पुनरावलोकनमा नगएको रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजारको सम्बन्धमा वित्तीय विवरणमा खुलासा मात्र गरेको छ। जुन नेपाल लेखामान ३७ अनुसार छैन। यस्तो कर दायित्व समयमै फरफारक गर्नुपर्ने बेहोरा विगत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा सुधार भएको छैन।

कृषि सामग्री कम्पनी लिमिटेड (२०८०।८१)

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छ :

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट तथा उपकरण	११,९४,९९,५५		११,९४,६७,३५	
अमूर्त सम्पत्ति	३९,५०		४१,६७	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५७,१४,९६		५७,२४,६०	
सम्पत्ति प्रयोग गर्ने अधिकार	३१,९४		७२,७८	
अन्य लगानी	१०,०८,९४		८,४७,५१	
अन्य गैर चालु सम्पत्ति	३७,५८,८४		३१,६६,११	
जम्मा गैर चालु सम्पत्ति		**१३,००,५३,७३**		**१२,९३,२०,०२**
स्टक मौज्दात	३,२२,४७,२४		१,१३,३५,७०	
व्यापारिक आसामी लिनुपर्ने	१,९५,११,४१		२,११,३०	
चालु कर सम्पत्ति	४,४३,७४		८,०९,४८	
अन्य चालु सम्पत्ति	२७,८३,६२		२५,३०,१७	
नगद र नगद सरह	५,५९,४५,५६		३,३५,५६,१८	
जम्मा चालु सम्पत्ति		**११,०९,३१,५७**		**४,८४,४२,८३**
जम्मा सम्पत्ति		**२४,०९,८५,३०**		**१७,७७,६२,८५**
कोष तथा दायित्व				
सेयर पुँजी	८९,३३,०८		८९,३३,०८	
जगेडा तथा कोषहरू	९,२१,२७,४४		९,१५,६७,१६	
सञ्चित नाफा /नोक्सान	१,९३,९४,६२		१,६६,२६,५७	
जम्मा कोष		**१२,०४,५५,१४**		**११,७१,२६,८१**
व्यवस्थाहरू	९,५६,५०		८,२६,२५	
स्थगन कर दायित्व	२,७१,३५,६३		२,६९,४४,९५	
अन्य गैर चालु दायित्व	३७,२८,०८		३५,१०,७३	
जम्मा गैर चालु दायित्व		**३,१८,२०,२१**		**३,१२,८१,९३**
व्यापारिक साहु तिर्नुपर्ने	८,०५,९६,६९		२,६३,८३,९९	
व्यवस्थाहरू	४६,५७,७५		२१,७१,०६	
पट्टा दायित्व	३३,४९		७५,२७	
अन्य चालु दायित्व	३४,२२,०२		७,२३,७९	
जम्मा चालु दायित्व		**८,८७,०९,९५**		**२,९३,५४,११**
जम्मा दायित्व		**१२,०५,३०,१७**		**६,०६,३६,०४**
जम्मा कोष तथा दायित्व		**२४,०९,८५,३०**		**१७,७७,६२,८५**

कम्पनीको कुल गैर चालु सम्पत्ति गत वर्षको तुलनामा यो वर्ष ०.५७ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ५३ लाख ७३ हजार र चालु सम्पत्ति गत वर्षको तुलनामा यो वर्ष १२९ प्रतिशतले वृद्धि भई रु.११ अर्ब ९ करोड ३१ लाख ५७ हजार पुगेको छ। यो वर्ष मौज्दात, व्यापारिक आसामी र नगद तथा नगद सरहमा अधिक वृद्धि भई चालु सम्पत्तिमा वृद्धि भएको छ। कम्पनीको चालु दायित्व गत वर्षको तुलनामा यस वर्ष २०२.२१ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ८७ करोड ९ लाख ९५ हजार पुगेको छ। कम्पनीको जम्मा सम्पत्ति/कोष तथा दायित्व गत वर्षको तुलनामा ३५.५७ प्रतिशतले वृद्धि भई रु.२४ अर्ब ९ करोड ८५ लाख ३० हजार पुगेको छ। कम्पनीले वित्तीय विवरणको त्रुटि र सुधार शीर्षकमा खुलासा गरेर २०८०।८१ देखि लिजको लेखाङ्कन सुरु गरेको, सम्पत्ति, प्लाण्ट तथा उपकरणमा सञ्चित ह्रासमा समायोजन गरेको तथा २०७९।८० को स्टकको अन्तिम मौज्दातमा यातायात खर्च नजोडेको कारणले सोको समायोजन गर्दा यो वर्षको नाफा नोक्सान विवरणमा रु.२ करोड १० लाख ७६ हजार बढी र वित्तीय स्थितिको विवरणमा गत वर्षभन्दा रु.३ करोड ८ लाख २१ हजार बढीले जिम्मेवारी सारेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री	७,२७,२१,५६		५,६२,९२,४६	
अन्य व्यावसायिक आम्दानी	१६,५७,९१,०४		१९,३४,४१,९७	
कुल आम्दानी		**२३,८५,१२,६०**		**२४,९७,३४,४३**
खर्च				
बिक्री लागत खर्च	२२,८७,०२,८१		२४,५३,२९,१३	
कर्मचारी खर्च	२०,९३,२२		२४,२०,०७	
प्रशासकीय खर्च	८,७५,३८		८,८२,५८	
ह्रास खर्च	२,०९,६८		१,९५,५४	
क्षयीकरण घाटा	९७		-	
कुल खर्च		**२३,१८,८२,०६**		**२४,८८,२७,३२**
सञ्चालन मुनाफा		**६६,३०,५४**		**९,०७,११**
असाधारण आम्दानी/(खर्च)	(२९,१०,९५)		१०,५१	
बोनस तथा आयकर अघिको मुनाफा	३७,१९,५९		९,१७,६२	
कर्मचारी बोनस	१,७७,१२		३४,१८	
विगत वर्षहरूको समायोजनमा कर्मचारी बोनस	१०,०३		-	
आयकर अघिको मुनाफा		**३५,३२,४४**		**८,८३,४४**
चालु वर्षको आयकर	६,९१,८९		१,१६,६५	
स्थगन कर आम्दानी/(खर्च)	(१,२०,३९)		(२,२०,८१)	
कर पछिको खुद मुनाफा		**२७,२०,१४**		**५,४५,९८**

कम्पनीको बिक्री आम्दानी गत वर्षको तुलनामा २९.१८ प्रतिशतले वृद्धि भई यो वर्ष रु.७ अर्ब २७ करोड २१ लाख ५६ हजार पुगेको छ। अन्य व्यावसायिक आम्दानी गत वर्षको तुलनामा १४.३० प्रतिशतले घटी रु.१६ अर्ब ५७ करोड ९१ लाख ४ हजार कायम भई जम्मा आम्दानी रु.२३ अर्ब ८५ करोड १२ लाख ६० हजार रहेको छ। जसमा मुख्य हिस्सा मल खरिदको लागि नेपाल सरकारबाट

प्राप्त हुने अनुदान रहेको छ। कम्पनीको सञ्चालन मुनाफा गत वर्ष रु.९ करोड ७ लाख ११ हजार रहेकोमा यो वर्ष रु.६६ करोड ३० लाख ५४ हजार पुगेको छ। कर पछिको खुद मुनाफा रु.२७ करोड २० लाख १६ हजार कायम भएको छ। असाधारण आम्दानी/खर्चतर्फ गतवर्ष रु.१० लाख ५१ हजार आम्दानी भएकोमा यो वर्ष रु.२९ करोड १० लाख ९५ हजार खर्च भएको छ। जसमा विनिमय दरको फरकबाट हुने नोक्सानी रु.१ करोड २८ लाख र कम्पनी विरुद्ध एक भारतीय कम्पनीले अदालतमा दायर गरेको मुद्दाको लागि गरिएको व्यवस्था रु.२७ करोड ८७ लाख र विभिन्न आम्दानी रु.४ लाख रहेको छ।

३. **सेयर पुँजी** - कम्पनीको कुल अधिकृत पुँजी रु.१ अर्ब ९ करोड ६५ लाख ४० हजार रहेकोमा चुक्ता पुँजी रु.८९ करोड ३३ लाख ८ हजार रहेको छ। कुल चुक्ता पुँजीमध्ये कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ५८.८ प्रतिशत, अर्थ मन्त्रालयको ३८.९ प्रतशित र अन्य ७ सरकारी संस्थाको २.३ प्रतिशत रहेको छ।

४. **घरजग्गा तथा सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था छ। सो बमोजिम कम्पनीले स्थानीय तहलाई तिर्नुपर्ने घरजग्गा/सम्पत्ति करबापतको बक्यौता जरिबानासहित २०७९।८० सम्म तीन महानगरपालिकालाई रु.७ करोड ७१ लाख ३ हजार र एक उप-महानगरपालिकालाई २०५८।५९ देखि २०७८।७९ सम्मको रु.१ करोड १० लाख ४२ हजार तथा अर्को एक महानगरपालिकालाई २०७५।७६ सम्म रु.६० लाख ४ हजारसमेत रु.९ करोड ४१ लाख ४९ हजार तिर्न बाँकी रहेको छ। कम्पनीले यस्ता सम्पूर्ण दायित्वको हिसाब गरी फरफारक गर्नुपर्दछ।

५. **बोनस व्यवस्था** - बोनस ऐन, २०३० को दफा ५(३ख) बमोजिम नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले हरेक आर्थिक वर्षको सम्भावित दायित्व यकिन गर्ने र त्यसरी यकिन भएको दायित्व बापतको रकम छुट्टै कोषमा जम्मा गरेपछिमात्र बोनस वितरण गर्न पाउने व्यवस्था छ। कम्पनी विरुद्धका विभिन्न मुद्दा अदालतमा विचाराधीन रहँदा भविष्यमा दायित्व सिर्जना हुन सक्ने सम्भावना देखिन्छ। यस सम्बन्धमा कम्पनीले दायित्व बापतको रकम छुट्याई वित्तीय विवरणमा खुलासा गरेको छैन। दायित्व यकिन नगरी कम्पनीले २०७४।७५ देखि २०८०।८१ सम्म बोनस बापत रु.१२ करोड ८५ लाख ६० हजार व्यवस्था गरेको छ।

६. **साहु तथा आसामीको लेखाङ्कन** - कम्पनीले आसामीहरूको सूचीमा राष्ट्रिय सहकारी सङ्घ लिमिटेडसँग लिनुपर्ने रु.२७ लाख, सरकारी कार्यालयसँग लिनुपर्ने रु.३७ करोड ५० लाख र अन्यसँग लिनुपर्ने रु.१ अर्ब ५७ करोड ३४ लाखसमेत रु.१ अर्ब ९५ करोड ११ लाख लेखाङ्कन गरेको छ। त्यस्तै, व्यापारिक साहु तिर्नुपर्ने रु.८ अर्ब ५ करोड ९७ लाख रहेको छ। तिर्नुपर्ने रकमको सम्बन्धित पक्षबाट समर्थनपत्र लिएको नदेखिएकोले उक्त रकमको अवस्था यकिन गर्न सकिएन।

७. **मल खरिद** - कम्पनीले यो वर्ष २ लाख ९ हजार ८४५ मेट्रिकटन युरिया, १ लाख १९ हजार २२४ डी.ए.पी. र १० हजार १९३ मेट्रिकटन पोटाससमेत ३ लाख ३९ हजार २६२ मेट्रिकटन रासायनिक मल खरिदमा नेपाल सरकारबाट मूल्य अनुदानबापत प्राप्त रु.१६ अर्ब १८ करोड ४६ लाखसमेत रु.२४ अर्ब ४१ करोड १८ लाख खर्च गरेको छ।

८. **विचाराधीन मुद्दा** - विभिन्न आपूर्तिकर्ताले कम्पनीसँग गरेको खरिद सम्झौताको सर्तअनुसार समयमा मल आपूर्ति गर्न नसकेपछि कार्यसम्पादन जमानत जफत गरेकोमा कम्पनीको निर्णयमा चित्त नबुझी आपूर्तिकर्ताहरूले कानुनी उपचारका लागि १७ मुद्दा दायर गरेकोमा अदालतमा विचाराधीन रहेका छन्।

दुग्ध विकास संस्थान (२०८०।८१)

उपभोक्तालाई गुणस्तरयुक्त प्रशोधित दुध तथा दुग्ध पदार्थ आपूर्ति गर्ने उद्देश्यले तत्कालीन दुग्ध विकास बोर्ड संस्थान ऐन, २०२१ को व्यवस्थाअनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी २०२६।४।१ मा संस्थानको स्थापना भएकोमा हाल संस्थान ऐन, २०२१ बमोजिम सञ्चालनमा रहेको छ। संस्थानले हालसम्म गण्डकी प्रदेश बाहेक ६ प्रदेशमा आयोजना सञ्चालन गरी दुध प्रशोधन तथा बिक्री वितरण, चिज उत्पादन कार्य गर्नुका साथै ८ दुध तथा दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा उत्पादन कारखाना सञ्चालनमा ल्याएको छ।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरणहरू	२,६६,८८,२६		२,६५,७९,४२	
ख्याति र अमुर्त सम्पत्ति	३,९६		३,९६	
सहायक कम्पनीमा लगानी	१,२७,५०		१,२७,५०	
अन्य लगानी	२,४०,००		२,४०,००	
अन्य गैर चालु सम्पत्ति	९८,७७		१,३५,४४	
कुल गैरचालु सम्पत्ति		**२,७१,५८,४९**		**२७०८६३२**
मौज्दात	१,५८,१०,७८		५१,३९,६९	
व्यापारिक आसामी लिनुपर्ने	२५,७३,७२		२२,३९,३७	
नगद तथा नगद समान	१४,१४,९१		१९,३३,०२	
चालू कर सम्पत्ति	३,५७,८६		३,४७,२४	
अन्य चालु सम्पत्ति	१८,०६,७१		१९,८८,१५	
जम्मा चालु सम्पत्ति		**२,१९,६३,९८**		**११६४७४७**
जम्मा सम्पत्ति		**४,९१,२२,४७**		**३,८७,३३,७९**
पुँजी तथा दायित्व				
नेपाल सरकारबाट प्राप्त कोष	३६,६४,२५		३६,६४,२५	
जगेडा तथा कोषहरू	२,४२,१७,७०		२,३४,८२,६२	
सञ्चित नाफा/नोक्सान	(२,०७,८३,४५)		(१,८३,३१,८६)	
कुल कोष तथा जगेडा		**७०,९८,५०**		**८८१५०१**
ऋण सापटी	६४,९९,७२		३५,००,००	
व्यवस्थाहरू	१,४८,९८,४१		१,३६,८५,७८	
स्थगन कर दायित्व	७,२०,२९		८,५६,३८	
कुल गैर चालु दायित्व		**२,२१,१८,४२**		**१८०४२१६**
ऋण सापटी	८,६१,४९		१४,५५,४९	
व्यापारिक साहू तिर्नुपर्ने	१,४६,८४,१२		५६,९९,०२	
व्यवस्थाहरू	१,८७		१,८७	
अन्य चालु दायित्व	४३,५८,०७		४७,२०,२४	
कुल चालु दायित्व		**१,९९,०५,५५**		**११८७६६२**
जम्मा पुँजी तथा दायित्व		**४,९१,२२,४७**		**३,८७,३३,७९**

संस्थानको २०८१ आषाढ मसान्तमा गैर चालु सम्पत्ति रु.२ अर्ब ७१ करोड ५८ लाख ४९ हजार र चालु सम्पत्ति रु.२ अर्ब १९ करोड ६३ लाख ९८ हजारसमेत कुल सम्पत्ति रु.४ अर्ब ९१ करोड २२ लाख ४७ हजार रहेको देखिन्छ। कोष तथा जगेडा रु.७० करोड ९८ लाख ५० हजार, गैर चालु दायित्व रु.२ अर्ब २१ करोड १८ लाख ४२ हजार तथा चालु दायित्व रु.१ अर्ब ९९ करोड ५ लाख ५५ हजारसमेत पुँजी तथा दायित्व रु.४ अर्ब ९१ करोड २२ लाख ४७ हजार रहेको देखिन्छ। संस्थानको सञ्चित नोक्सानी गत वर्ष रु.१ अर्ब ८३ करोड ३१ लाख ८५ हजार रहेकोमा यो वर्ष रु.२ अर्ब ७ करोड ८३ लाख ४५ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** संस्थानको यो वर्षको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
बिक्री	३,८७,७१,०७		३,६१,८७,१३	
अन्य व्यवसायिक आम्दानी	४,६८,०४		३,५२,४८	
कुल आम्दानी		**३,९२,३९,११**		**३,६५,३९,६१**
बिक्री लागत खर्च	३,४१,९८,१८		३,४३,४७,८४	
वितरण खर्च	१४,६६,२८		१३,४६,२३	
प्रशासनिक तथा अन्य सञ्चालन खर्चहरू	२५,२३,६२		२६,५९,२२	
ह्रास खर्च	४,८८,५०		४,९९,२२	
उपदान खर्च	२०,१४,८६		१५,०९,४२	
सञ्चित बिदा खर्च	४,७७,२९		६,६४,४०	
ब्याज खर्च	५,१५,३६		२,२५,३०	
कुल खर्च		**४,१६,८४,०९**		**४,१२,५१,६३**
कर अघिको नाफा/(नोक्सान)	**(२४,४४,९८)**		(४७,१२,०२)	
स्थगन कर आम्दानी/(खर्च)	१,२२,८८		४४,७४	
कर पछिको नाफा (नोक्सान)		**(२३,२२,१०)**		**(४६,६७,२८)**

संस्थानको कुल आम्दानी गत वर्ष रु.३ अर्ब ६५ करोड ३९ लाख ६१ हजार रहेकोमा यो वर्ष रु.३ अर्ब ९२ करोड ३९ लाख ११ हजार रहेको छ। संस्थानको खुद नोक्सानी गत वर्ष रु.४६ करोड ६७ लाख २८ हजार रहेकोमा यो वर्ष रु.२३ करोड २२ लाख १० हजार रहेको छ।

३. **क्षमता उपयोग -** यो वर्ष काठमाडौं, विराटनगर, हेटौंडा/जनकपुर दुग्ध वितरण आयोजनामा कच्चा दुध सङ्कलन क्रमशः २ करोड ९ लाख ६८ हजार लिटर, ७९ लाख ५९ हजार लिटर, ५५ लाख ६२ हजार लिटर र ९ लाख ४३ हजार लिटर रहेको छ। यो वर्षको कच्चा दुध सङ्कलनअनुसार उक्त आयोजनाहरूको वार्षिक क्षमता उपयोग ८० प्रतिशतभन्दा कम रहेको छ। जडित क्षमताभन्दा कम क्षमतामा आयोजना सञ्चालन हुँदा प्रति लिटर प्रशोधन खर्च बढ्न गएको, प्रशोधन क्षमताको पूर्ण उपयोग नभएको, क्षमताअनुसार कच्चा दुध सङ्कलन नभएको तथा नयाँ बजार प्रवर्धन नभएको हुँदा व्यावसायिक कार्ययोजना बनाई जडित क्षमताको उपयोग गर्नुपर्दछ।

४. **भुक्तानी बाँकी -** संस्थानले कृषकलाई कच्चा दुधको भुक्तानी १५ दिनमा गर्ने नीति लिएकोमा काठमाडौं दुग्ध वितरण आयोजनामा रु.६१ करोड ५३ लाख ८८ हजार, विराटनगर दुग्ध वितरण आयोजनामा रु.३१ करोड २९ लाख ९१ हजार, हेटौंडा दुग्ध वितरण आयोजनामा रु.२० करोड १० लाख ७३

हजार र अन्य ५ आयोजनाको रु.२८ करोड ५४ लाख ४९ हजारसमेत ८ आयोजनामा रु.१ अर्ब ४१ करोड ४९ लाख १ हजार कृषकलाई भुक्तानी दिन बाँकी रहेको छ। भुक्तानी बाँकी सम्बन्धमा यकिन गरी संस्थानको नीतिअनुरूप समयमै कृषकलाई भुक्तानी गर्नुपर्दछ।

५. **दुध तथा दुग्ध पदार्थको बिक्री** - दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा कार्यरत एक कर्मचारीले विभिन्न मितिमा साल्ट ट्रेडिङ कम्पनी लिमिटेडबाट रु.४ लाख ९ हजार र एक डेरी उद्योगबाट रु.६५ लाखको चेक प्राप्त गरेकोमा उक्त रकम संस्थाहरूको लिनुपर्ने मौज्दातबाट नघटाई आफ्नो नाममा रहेको लिनुपर्ने रकमबाट घटाएकोमा सो रकम २०८०।८१ मा निज कर्मचारीबाट लिनुपर्ने देखाएको छ। संस्थानलाई प्राप्त हुनुपर्ने रकम हिनामिना गर्ने कर्मचारीलाई कारबाही गर्नुपर्ने बेहोरा विगत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा स्थिति यथावत् छ। संस्थानको विनियमावली अनुसार कारबाही गर्न गराउन संस्थानका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

६. **दुग्ध पदार्थ बिक्री** - गत विगत वर्ष देखि कारोबार नरहेको तर बिक्री बापतको लिनुपर्ने रकम असुल भै नसकेको तथा धरौटी र बैङ्क ग्यारेन्टीको सीमाभन्दा बढी उधारो राखी बिक्री गरी बाँकी देखाएको रु.१३ करोड १३ लाख २ हजार संस्थान अन्तर्गतका विभिन्न ५ आयोजनाबाट असुल गर्न बाँकी छ। समयमै असुल नगराउने पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

७. **लगानी** - संस्थानको विगत वर्षदेखि चितवन मिल्क लिमिटेडमा रु.२ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु.४० लाख र दोलखा डेरी उद्योगमा रु.१ करोड २७ लाख ५० हजार सेयर लगानी रहेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट हालसम्म सेयर प्रमाणपत्र प्राप्त गरेको छैन। यस सम्बन्धी बेहोरा विगत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा स्थिति यथावत् छ। आफ्नो लगानी सम्बन्धमा सेयर प्रमाणपत्र प्राप्त गरी लगानी सुरक्षित गर्नुपर्दछ।

८. **जग्गाको स्वामित्व पुष्टि** - भक्तपुरस्थित झौखेलको १६ रोपनी ५ आना जग्गा संस्थानको नाममा ल्याउन सञ्चालक समितिले दिएको निर्देशन बमोजिम कार्य नभएको, भक्तपुर ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, काभ्रेको ३ रोपनी, रामेछाप क्यामाको ३ रोपनी, माइपोखरीको २ रोपनी र सर्लाही नवलपुरको १ बिघा जग्गाको जग्गाधनी पुर्जा प्राप्त भएको छैन। संस्थानको विभिन्न स्थानमा रहेको जग्गाको स्वामित्व प्राप्त गरी एकीकृत विवरण अद्यावधिक गर्नुपर्दछ।

९. **अग्रिम भुक्तानी र पेस्की** - संस्थानले अग्रिम भुक्तानी र पेस्की बापत दिएको खर्च हुन नसकेको रकम समयमै असुल गरी राफसाफ गर्नु पर्नेमा विगत वर्षदेखिको रकम अग्रिम भुक्तानी र पेस्कीको रूपमा देखाएको छ। काठमाडौं दुग्ध वितरण आयोजनाको रु.८ लाख ८५ हजार, जनकपुर दुग्ध वितरण आयोजनाको रु.५ लाख ५४ हजार, दुग्ध पदार्थ बिक्री वितरण आयोजनाको रु.३७ लाख ५२ हजार, हेटौंडा दुग्ध पदार्थ बिक्री वितरण आयोजनाको रु १६ लाख ७७ हजार र केन्द्रीय हिसाबमा रु.५० लाख ४३ हजारसमेत रु.१ करोड १९ लाख ११ हजार गत विगत वर्षदेखि बाँकी रहेको अग्रिम भुक्तानी र पेस्की फरफारक गरेको छैन। उक्त अग्रिम भुक्तानी र पेस्की बाँकी रकम फरफारक गर्नुपर्दछ।

१०. **अवकाश कोष** - संस्थानको यो वर्षसम्मको कर्मचारी अवकाश योजनाअन्तर्गत उपदान र बिदा बापतको बिमाङ्कीय मूल्याङ्कनअनुसारको दायित्व जम्मा रु.१ अर्ब ४८ करोड ८८ लाख रहेकोमा संस्थानले सो दायित्वको भुक्तानीको लागि नागरिक लगानी कोषमा रु.४ लाख ३४ हजार जम्मा गरेको छ। सो

बाहेक बाँकी रहेको रु.१ अर्ब ४८ करोड ८३ लाख ६६ हजार दायित्व भुक्तानीको लागि रकम व्यवस्थापन गरेको छैन। संस्थानले दीर्घकालीन दायित्वलाई ध्यान दिई बिमाङ्कीय मूल्याङ्कन अनुसारको दायित्व रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ।

११. **हिसाब समर्थन -** संस्थानले काठमाडौं दुग्ध वितरण आयोजनाको लिनुपर्ने हिसाबमा रु.१७ लाख १८ हजार देखाएकोमा व्यक्ति वा संस्था पहिचान खुलाएको छैन। साथै केन्द्रीय कार्यालयको व्यवस्था हिसाब अन्तर्गत समर्थन नभएको तथा कारोबार नै यकिन नभएको रु.१ करोड ४३ लाख १२ हजार दिनुपर्ने शंकास्पद दायित्वमा उल्लेख गरेको देखिन्छ। दुबै सम्पत्ति र दायित्वको वास्तविकता यकिन गरी हिसाब राफसाफ गर्नुपर्दछ।

१२. **घटी दाखिला -** हेटौंडा दुग्ध वितरण आयोजनाको गत विगत वर्षदेखिको बैङ्क हिसाब भिडान गर्दा दुध तथा दुग्ध पदार्थ बिक्रीबापत एक डिस्ट्रिव्युटरले रु.१ करोड २० लाख घटी दाखिला गरेको देखिएकोमा सञ्चालक समितिको २०७८।१२।२८ को निर्णयबाट २०७९।१।१९ मा निज विरूद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिएकोमा काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको छ।

स्यार्पु कृषि कम्पनी लिमिटेड

दुध सङ्कलन गरी रुकुम जिल्लालाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने र दुध तथा दुग्धजन्य पदार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने उद्देश्यले स्यार्पु पावर कम्पनीको पूर्ण स्वामित्वमा रहने गरी २०७७।११।२ मा कम्पनी ऐन, २०६३ अन्तर्गत यस कम्पनीको स्थापना भएको हो। कम्पनी रुकुमपश्चिम जिल्लाको मुसिकोटमा रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति, प्लाण्ट र उपकरण	२,९८,८१		२,५२,५२	
निर्माणाधीन कार्य	७,८१,३५		७,०६,०१	
स्थगत कर सम्पत्ति	८,८६		७,३९	
कुल गैर चालु सम्पत्ति		**१०,८९,०२**		**९,६५,९२**
नगद र बैङ्क मौज्दात	१०,८७		१६,६२	
अन्य चालु सम्पत्ति	८५,४४		९०,१६	
कुल चालु सम्पत्ति		**९६,३१**		**१,०६,७८**
कुल सम्पत्ति		**११,८५,३३**		**१०,७२,७०**
सेयर पुँजी	३,८१,००		२,३१,००	
जगेडा तथा कोष	(४०,७३)		(२७,३६)	
अन्य इक्विटी	(२५)		(२५)	
कुल इक्विटी		**३,४०,०२**		**२,०३,३९**
ऋण	७,३५,४७		७,५६,२८	
कर्मचारी दायित्व	४,६३		४,६७	
कुल गैर-चालु दायित्व		**७,४०,१०**		**७,६०,९५**
भुक्तानी गर्नुपर्ने	३,५९		४९	
अन्य चालु दायित्व	१,०१,४७		१,०७,२२	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
कर्मचारी दायित्व	१५		६५	
कुल चालु दायित्व		**१,०५,२१**		**१,०८,३६**
कुल इक्विटी तथा दायित्व		**११,८५,३३**		**१०,७२,७०**

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति १२.७४ प्रतिशतले वृद्धि भई रु.१० करोड ८९ लाख २ हजार र कुल चालु सम्पत्ति ९.८१ प्रतिशतले घटी भई रु.९६ लाख ३१ हजार रहेको छ। कुल सम्पत्ति १०.५० प्रतिशतले वृद्धि भई रु.११ करोड ८५ लाख ३३ हजार पुगेको छ। गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व २.७४ प्रतिशतले घटी भई रु.७ करोड ४० लाख १० हजार र चालु दायित्व २.९१ प्रतिशतले घटी भई रु.१ करोड ५ लाख २१ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी	-		-	
बिक्री लागत	-		-	
कुल नाफा / (नोक्सान)	**-**		**-**	
अन्य आम्दानी	११		-	
कर्मचारी खर्च	-		-	
ह्रासकट्टी	१३,७६		१०,१९	
व्यय कट्टी	-		-	
प्रशासनिक तथा अन्य खर्च	९१		१,७१	
सम्पत्ति अवमूल्यन नोक्सानी	-		-	
सञ्चालन नाफा / (नोक्सान)		**(१४,५६)**		**(११,९०)**
खुद वित्तीय लागत	२८		-	
कर्मचारी बोनस अघिको नाफा / (नोक्सान)		**(१४,८४)**		**(११,९०)**
कर्मचारी बोनस	-		-	
कर अघिको नाफा / (नोक्सान)		**(१४,८४)**		**(११,९०)**
चालु वर्षको आयकर खर्च	-		-	
अघिल्ला वर्षहरूको आयकर खर्च	-		-	
स्थगन कर - खर्च/आम्दानी	१४७		३३०	
खुद नाफा / (नोक्सान)		**(१३,३७)**		**(८,६०)**

कम्पनीको भवन निर्माणाधीन र मेसिनरी जडान गर्न बाँकी रहेकाले यो वर्षको बिक्री आम्दानी शून्य रहेको छ। साथै गत वर्षको तुलनामा खुद नोक्सानी ५५.४७ प्रतिशतले वृद्धि भई रु.१३ लाख ३७ हजार पुगेको छ।

३. **कार्य प्रगति -** कम्पनीको डेरी भवन निर्माण कार्यको लागि रु.७ करोड ८ लाखमा २०७९।१।१६ भित्र कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।८।६ मा सम्झौता भएकोमा २०८२ आषाढ मसान्तसम्म रु.५ करोड ९० लाख खर्च भई म्याद थप समेतमा भौतिक प्रगति ९० प्रतिशत भएको देखिन्छ। त्यस्तै मेसिनरी सामान खरिद तथा जडान कार्य २०८०।१।२७ मा सम्पन्न गर्नेगरी एक आपूर्तकसँग २०७९।७।२८ मा रु.११ करोड ३१ लाखको सम्झौता भएकोमा २०८२ आषाढ मसान्तसम्म रु.२ करोड ९ लाख खर्च भई म्याद थप समेतमा भौतिक प्रगति ५५ प्रतिशत रहेको छ। खरिद सम्झौतामा उल्लिखित कार्यतालिकाअनुसार समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

खानेपानी मन्त्रालय

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०८०।८१)

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ७ बमोजिम नेपाल सरकारले काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न बोर्डको गठन गरेको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बोर्डको स्वीकृत दरबन्दी ५३ रहेकोमा ३१ करारसहित ४९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जायजेथा, प्लाण्ट र उपकरण	१६,१०,१२,१९		१६,३१,०६,०२	
पुँजीगत कार्यप्रगति	५६,६३,३६		४८,७८,१६	
ऋण लगानी	१,६७,४२,४०		१,५०,४२,४०	
जम्मा गैर चालु सम्पत्ति		**१८,३४,१७,९५**		**१८,३०,२६,५८**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१३,६६		२,६९	
नगद तथा बैङ्क मौज्दात	४,०३,५६,१०		५,१७,१२,२३	
आसामी	४,३५,२९,८४		३,३३,३९,०४	
पेस्की	२७,५९,७७,२२		२४,९९,७६,६७	
जम्मा चालु सम्पत्ति		**३५,९८,७६,८२**		**३३,५०,३०,६३**
कुल सम्पत्ति		**५४,३२,९४,७७**		**५१,८०,५७,२१**
पुँजीकोष तथा दायित्व				
बोर्डको पुँजीकोष	१,०८,८३,०९		१,०८,८३,०९	
सञ्चित नाफा/(नोक्सान)	(१,४६,६४,६५)		(१,४९,५३,२४)	
जम्मा इक्विटी		**(३७,८१,५६)**		**(४०,७०,१५)**
गैर चालु दायित्व				
डेफर्ड अनुदान	१५,८८,७३,४५		१५,४७,५९,८३	
दीर्घकालीन ऋण (कुल)	२९,९५,३५,२९		२९,५९,९०,२३	
अवकाश पछिको सुविधा	५०,०१,५५		४७,३५,८१	
जम्मा गैर चालु दायित्व		**४६,३४,१०,२९**		**४५,५४,८५,८७**
चालु दायित्व				
चालु दायित्व ऋण तथा ब्याज	८,२६,२९,६५		६,५६,१०,०२	
अन्य चालु दायित्व	१,८८,६०		१,८३,६९	
व्यवस्थाहरू	८,४७,७९		८,४७,७८	
जम्मा चालु दायित्व		**८,३६,६६,०४**		**६,६६,४१,४९**
कुल इक्विटी र दायित्व		**५४,३२,९४,७७**		**५१,८०,५७,२१**

बोर्डको निर्माणाधीन पुँजीगत सम्पत्ति गत वर्षको तुलनामा १६.१० प्रतिशतले वृद्धि भई रु.५६ करोड ६३ लाख ३६ हजार पुगेको छ। त्यसैगरी आसामी गत वर्षको तुलनामा ३०.५६ प्रतिशतले

वृद्धि भई रु.४ अर्ब ३५ करोड २९ लाख ८४ हजार पुगेको छ। चालु दायित्वतर्फको ऋण तथा ब्याज २५.९४ प्रतिशतले वृद्धि भई रु.८ अर्ब २६ करोड २९ लाख ६५ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
सञ्चालन आम्दानी	१,०५,८४,९०		४५,४५,६४	
अन्य आम्दानी	३,३४,९७		६३,४५	
वित्तीय आम्दानी	१६,५७,३५		३०,४५,६१	
अनुदान आम्दानी	१,७५,६८		१,७५,६७	
कुल आम्दानी		**१,२७,५२,९०**		**७८,३०,३७**
खर्च				
कर्मचारी खर्च	९,०३,२८		१४,२२,५९	
प्रशासनिक खर्च	२,४२,६५		३,३३,२५	
सञ्चालन तथा मर्मत खर्च	९,८६,७०		८,८५,३५	
ह्रासकट्टी खर्च	५९,९४,७८		४२,९९,६२	
ब्याज खर्च	३५,०८,७८		३१,८६,५५	
इम्पेयरमेन्ट नोक्सान र (फिर्ता)	३,५५,८४		३,०३,५९	
कुल खर्च		**१,१९,९२,०३**		**१,०४,३०,९५**
खुद नाफा/(नोक्सानी)		**७,६०,८७**		**(२६,००,५८)**

बोर्डको कुल आम्दानी गत वर्षको तुलनामा ६२.८६ प्रतिशतले वृद्धि भई यो वर्ष रु.१ अर्ब २७ करोड ५२ लाख ९० हजार भएको छ। त्यसै गरी कुल खर्च १४.९७ प्रतिशतले वृद्धि भई यो वर्ष रु.१ अर्ब १९ करोड ९२ लाख ३ हजार भएको छ। गत वर्ष रु.२६ करोड ५८ हजार नोक्सानी रहेकोमा बोर्डले यो वर्ष रु.७ करोड ६० लाख ८७ हजार खुद नाफा आर्जन गरेको छ।

३. **पुँजीगत अनुदान** - वित्तीय विवरणको डेफर्ड अनुदानअन्तर्गत पुँजीगत अनुदानमा उल्लेख भएको रु.१३ करोड ६ लाख ६९ हजारलाई प्रतिनिधित्व गर्ने जायजेथा, प्लाण्ट र उपकरण अन्तर्गत कुन कुन सम्पत्ति डिफर्ड अनुदानसँग सम्बन्धित हुन, सोको विस्तृत विवरण प्राप्त नभएको कारण सम्पत्तिको वर्तमान अवस्था र अस्तित्व यकिन हुने अवस्था छैन। बोर्डले पुँजीगत अनुदानसँग सम्बन्धित स्थिर सम्पत्तिको छुट्टै खाता तथा अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४. **चालु दायित्व तथा व्यवस्था** - बोर्डले आर्थिक वर्षको अन्तसम्म भाखा नाघेको साँवा र ब्याज रकमको प्रमाणित विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त गरेको देखिएन। बोर्डको वित्तीय विवरण अनुसार २०७९।८० को अन्तसम्म रु.४ अर्ब ५७ करोड १७ लाख ५४ हजार भाखा नाघेको साँवा र रु.१ अर्ब ९८ करोड ९२ लाख ४८ हजार भाखा नाघेको ब्याज रहेकोमा, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार भाखा नाघेको साँवा रु.३ अर्ब ४७ करोड १९ लाख ४१ हजार र भाखा नाघेको ब्याज रु.४ अर्ब ८ करोड ३७ लाख २३ हजार रहेको हुँदा बोर्डले साँवातर्फ रु.१ अर्ब ९ करोड ९८ लाख १३ हजार बढी र ब्याज तर्फ रु.२ अर्ब ९ करोड ४४ लाख ७५ हजारको घटीको हिसाब प्रस्तुत गरेकोले हिसाब मिलान गर्नुपर्दछ।

५. **पेस्की तथा पुँजीगत कार्यको लेखाङ्कन** - आयोजना कार्यान्वयन निर्देशनालयलाई बोर्डले २०८१ आषाढ मसान्तसम्म रु.२७ अर्ब ४३ करोड ५३ लाख पेस्की प्रदान गरेकोमा यो वर्ष निर्माणाधीन सम्पत्तिबाट जायजेथा, प्लाण्ट तथा उपकरणमा रु.३९ करोड पुँजीकृत गरेको छ। तर पुँजीकरण गर्नुपर्ने कार्य प्रगतिमा कुनै रकम लेखाङ्कन गरेको छैन। बोर्डले आयोजना कार्यान्वयन निर्देशनलायबाट वार्षिक कार्य प्रगति र निर्माण सम्पन्नको विवरण प्राप्त गरी नियमित रूपमा पुँजीगत कार्य प्रगतिको लेखाङ्कन गर्नुपर्दछ।

६. **आसामी हिसाब** - आसामी अन्तर्गत अन्य आसामी रु.४ अर्ब ३४ करोड ६७ लाख २० हजारमध्ये काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा २०८०।८१ सम्म पाउनुपर्ने ब्याज रु.२४ करोड ८५ लाख ६३ हजार, प्राप्त हुनुपर्ने अनुमति दस्तुर रु.४ करोड २८ लाख ५९ हजार, लिज फी पार्ट एबापत रु.४९ करोड ४० लाख ४४ हजार, लिज फी पार्ट बीबापत रु.३ अर्ब ३२ करोड ४९ लाख ५९ हजार, जनसहभागिता आम्दानी रु.४६ लाख ३१ हजार, जिवन बिमा कोष बापत रु.१ करोड ६० लाख २० हजार र महसुल तथा जरिबानाबापत रु.२१ करोड ५६ लाख ४४ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएकोमा उक्त रकम असुल गर्नुपर्दछ।

७. **लिज फी आम्दानी तथा सम्पत्ति** - बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडबिच भएको सम्पत्ति लिजको सम्झौताको अनुसूची ७.१(क) अनुसार बोर्डले काठमाडौं उपत्यका खानेपानी लिमिटेडले खानेपानी वितरण गरी उठाएको महसुलमध्ये अघिल्लो त्रैमासिकको ४ प्रतिशत बोर्डलाई फी स्वरूप हस्तान्तरण गर्नुपर्ने र भुक्तानी गर्न ढिलाइ भएमा सरकारको तीन महिने ट्रेजरी बिलमा थप ५ प्रतिशत जरिबाना लाग्ने उल्लेख भएकोमा बोर्डले उक्त लिज फी आम्दानी लिज सम्झौताबमोजिम त्रैमासिक रूपमा लेखाङ्कन गरेको पाइएन। बोर्डले प्राप्त गर्नुपर्ने आम्दानी दस्तुर समयमा प्राप्त नहुँदा जरिबानाको हिसाब समेत गरेको देखिएन। बोर्डको वित्तीय विवरणबमोजिम लिज लाग्ने सम्पत्ति रु.१६ अर्ब ११ करोड १७ लाख रहेकोमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त विवरणअनुसार उक्त सम्पत्ति रु.७ अर्ब ५२ करोड ६९ लाख मात्र रहेको देखिएकोले फरक परेको रु.८ अर्ब ५८ करोड ४८ लाखका सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

८. **बक्यौता थप आम्दानी** - बोर्डको अन्य आम्दानी रु.३ करोड ३४ लाख ९६ हजार अन्तर्गत बक्यौता रु.२ करोड ५६ लाख ५ हजार समावेश गरेको छ। उक्त रकमलाई यो वर्ष बक्यौता रकमबाट सारेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त हुनुपर्ने रकममा प्रस्तुत गरिएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त पत्र तथा हिसाब विवरणअनुसार वक्यौता थप गरेकोमा उक्त कम्पनीले उपत्यकाको विभिन्न शाखा/काउण्टरबाट सङ्कलन गरेको बक्यौता रकममध्ये बोर्डलाई प्राप्त भएको र प्राप्त हुन बाँकीको विस्तृत विवरण र प्रमाण बिना हिसाब मिलान गरेको उपयुक्त देखिएन। अतः प्रमाण सहितको विस्तृत विवरणको आधारमा मात्र हिसाब समायोजन गर्नुपर्दछ।

९. **बक्यौता महसुल -** बोर्डको २०८०।८१ को कुल बक्यौता महसुल रु.६२ करोड ६४ लाख ११ हजार रहेको छ। तत्कालीन खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको यस्तो बक्यौता उठाउन बोर्डले पर्याप्त प्रयास गरेको देखिएन। बोर्डको कार्यकारी समितिको निर्णयबिना नै २०८०।८१ को वित्तीय विवरणमा रु.६२ करोड १ लाख ४७ हजार अर्थात् उक्त बक्यौताको ९९ प्रतिशत अनुमानित नोक्सानी व्यवस्था गरेको छ। बक्यौता असुलीका लागि पर्याप्त पहल नगरी नोक्सानी व्यवस्था गर्नु उचित नदेखिएको बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन।

नेपाल खानेपानी संस्थान (२०८०।८१)

नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउनु तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्न नेपाल खानेपानी संस्थान ऐन, २०४६ अनुसार २०४६।११।१५ मा यस संस्थानको स्थापना भएको हो। नेपाल सरकार खानेपानी मन्त्रालयको पूर्ण स्वामित्वमा स्थापित संस्थानले २२ शाखा कार्यालयमार्फत सेवा पुऱ्याउँदै आएको छ। संस्थानमा स्थायी २७० र करार ३१२ समेत ५८२ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरण	१५,७७,१३,७२		१०,०१,०६,३७	
पुँजीगत कार्य प्रगति	१,७७,२८,५२		६,०२,७४,२३	
अन्य गैर चालु सम्पत्ति	१,५३,२३		१,५३,२३	
सम्पत्ति प्रयोग अधिकार	७,३३		३,०९	
कुल गैर चालु सम्पत्ति		**१७,५६,०२,८०**		**१६,०५,३६,९२**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	५४,६४,५२		४५,२२,७५	
व्यापारिक प्राप्य	८७,४२,०९		७९,७१,१९	
नगद तथा नगद सरह	३,१४,४३,३६		३,३९,४८,११	
अन्य कर प्राप्य	१८,०२,४७		१५,३४,६०	
अन्य चालु सम्पत्ति	१८,९९,४२		२०,०३,०५	
कुल चालु सम्पत्ति		**४,९३,५१,८६**		**४,९९,७९,७०**
कुल सम्पत्ति		**२२,४९,५४,६६**		**२१,०५,१६,६२**
इक्विटी				
सेयर पुँजी	३४,७५,७६		३४,७५,७६	
सञ्चित नाफा/(नोक्सान)	(१,०७,९०,४३)		(६६,०९,९९)	
फेयर भ्यालु रिजर्भ	२,८५,९४,९५		२,८५,९४,९५	
अन्य इक्विटी	५१,५४,७६		५१,५४,७६	
कुल इक्विटी		**२,६४,३५,०४**		**३,०६,१५,४८**
गैर चालु दायित्व				
ऋण र उधारो	१६,६०,०७,५७		१४,९९,८५,७५	
लिज दायित्व	२,८२		-	
स्थगित अनुदान आय	२०,९९,०६		१४,९१,४०	
कर्मचारी सुविधा दायित्व व्यवस्था	४०,६४,७४		४३,८४,१६	
कुल गैर चालु दायित्व		**१७,२१,७४,१९**		**१५,५८,६१,३१**
चालु दायित्व				
ऋण र उधारो	-		३४,४९,८१	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	२,५३,८१,७९		१,९९,३१,१४	
लिज दायित्व	४,७१		३,१६	
कर्मचारी सुविधा दायित्व व्यवस्था	६,५२,१३		६,३५,०८	
अन्य चालु दायित्व	३,०६,८०		२०,६४	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
कुल चालु दायित्व		**२,६३,४५,४३**		**२,४०,३९,८३**
कुल दायित्वहरू		**१९,८५,१९,६२**		**१७,९९,०१,१४**
कुल इक्विटी तथा दायित्व		**२२,४९,५४,६६**		**२१,०५,१६,६२**

संस्थानले २०८०।८१ बाट नेपाल वित्तीय प्रतिवेदनमानको कार्यान्वयन सुरु गरी वित्तीय विवरणमा सम्पत्ति, प्लाण्ट तथा उपकरणमा ऋणको लागत खर्च (बोरोइङ्ग कस्ट) पुँजीकृत गरेको, जाईकाअन्तर्गतका परियोजनालाई पुँजीगत कार्य प्रगतिमा लेखाङ्कन गरेको कारणले मूल्य ह्रास र ब्याज खर्च समेतमा समायोजन गर्दा खुद नोक्सानी रु.३१ लाख ५४ हजारले बढी र वित्तीय स्थितिको विवरणमा रु.२ अर्ब ८४ करोड ८८ लाख ९ हजारले बढी जिम्मेवारी सारेको छ।

२. **सञ्चालन नतिजा** - संस्थानको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
सञ्चालन आय	८१,०१,३४		७५,१७,२६	
अन्य सञ्चालन आय	३,८१,१९		४,१०,२०	
कुल सञ्चालन आय		**८४,८२,५३**		**७९,२७,४६**
खर्च				
मौज्दात, उपभोग सामग्री र सञ्चालन लागत	१,२२,२९		१,०४,३१	
कर्मचारी लाभ खर्च	३९,७३,५६		४०,४६,४२	
बिक्री र वितरण खर्च	१,६७		६,८९	
बिजुली, इन्धन र उपयोगिताहरू	११,०८,०४		१०,८०,२७	
प्रशासनिक र परिचालन खर्च	५,०९,१२		६,०१,३१	
मर्मत तथा सम्भार खर्च	१८,२१,३१		१७,३७,३७	
क्षयीकरण नोक्सानी	१,९५,४३		७१,०६	
अवमूल्यन र परिशोधन	२३,५३,८५		२५,६३,७६	
कुल सञ्चालन खर्च		**(१,००,८५,२७)**		**(१,०२,११,३९)**
सञ्चालनबाट नाफा/(नोक्सानी)		**(१६,०२,७४)**		**(२२,८३,९३)**
वित्त लागत	(४६,०९,४०)		(४९,५९,१६)	
वित्त आय	१९,०६,०९		३०,८३,६३	
नाफा/(नोक्सानी) करबाहेक		**(४३,०६,०५)**		**(४१,५९,४६)**
चालु कर खर्च		-		-
यो वर्षको खुद नाफा/नोक्सानी		**(४३,०६,०५)**		**(४१,५९,४६)**

३. **बक्यौता असुली** - संस्थानको सार्वजनिक धाराबाहेक हालसम्मको उठाउन बाँकी बक्यौता महसुल रु.७५ करोड २४ लाख रहेकोमा राजविराज, जनकपुर, मलङ्गवा, गौर, कलैया, वीरगञ्ज र कृष्णनगर शाखामा २०८०।८१ को कुल महसुल आम्दानीभन्दा यो वर्षसम्म असुल गर्नुपर्ने बक्यौता महसुल बढी रहेको देखिन्छ। बक्यौता महसुल असुल हुनुपर्दछ।

४. **ऋण र ब्याजको हिसाब मिलान -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१ अनुसार संस्थानमा नेपाल सरकारको ऋण लगानी रु.१८ अर्ब ६८ करोड र नेपाल

सरकारलाई तिर्न बाँकी ब्याज रु.५ अर्ब ७२ करोड रहेकोमा संस्थानले क्रमशः ऋण रु.१६ अर्ब ६० करोड र तिर्न बाँकी ब्याज रु.२ अर्ब १३ करोड देखाएको छ। त्यसैगरी, जाईकाबाट प्राप्त ऋण रु.४८ करोड ३२ लाखसहित रु.३ अर्ब २५ करोड ऋणको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा अद्यावधिक हुन बाँकी रहेको देखिन्छ। अतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र संस्थानको अभिलेखमा फरक परेको उक्त ऋण तथा ब्याज रकमको हिसाब मिलान गर्नुपर्दछ।

५. **भाखा नाघेको साँवा ब्याज-** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानी सम्बन्धी वार्षिक प्रतिवेदन, २०८१ अनुसार संस्थानले नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा तथा ब्याजमध्ये भाखा नाघेको साँवा रु.३ अर्ब ७७ करोड र भाखा नाघेको ब्याज रु.५ अर्ब ७२ करोडसमेत रु.९ अर्ब ४९ करोड रहेकोले संस्थानको सञ्चालन क्षमता बढाई समयमै साँवा तथा ब्याज भुक्तानी गर्नुपर्दछ।

६. **अधुरो निर्माण कार्य-** जापान सरकारको अनुदान सहयोगमा पोखरा महानगरपालिका १५ कोलपाटनमा निर्माण भइरहेको पोखरा खानेपानी सुधार आयोजनाअन्तर्गत २ हजार घनमिटर क्षमताको ओभरहेड पानी ट्याङ्की निर्माण कार्य जमिनको सतहदेखि २० मिटरसम्मको कार्य सम्पन्न भएको अवस्थामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन एकाइले संस्थानको पोखरा शाखालाई उक्त ओभरहेड पानी ट्याङ्की निर्माणस्थल क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको पहुँच सतहभित्र परेकोले निर्माण कार्य रोक्न पत्राचार गरेको र जमिनको सतहबाट अधिकतम १५.५७ मिटर उचाइ नबढ्ने गरी निर्माण गर्न सहमति दिएकोमा हालसम्म पुरानो संरचनाको उचाई घटाउने र मापदण्ड अनुसार निर्माण गर्ने कार्य भएको देखिएन। अतः संस्थानले प्राधिकरणसँग समन्वय गरी उक्त संरचनाको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७. **अवकाश दायित्व -** बिमाङ्कीय मूल्याङ्कनअनुसार संस्थानको जीवन बिमा कोष र अवकाश कोष बापतको दायित्व रु.४७ करोड १६ लाख ८६ हजार रहेकोमा बैङ्क खातामा रु.२५ करोड १७ लाख ६८ हजार लगानी रहेकोले अवकाश दायित्व भुक्तानीको लागि रु.२१ करोड ९९ लाख १८ हजार नपुग रहेको देखिन्छ। भविष्यमा अवकाश भुक्तानीमा रकमको अभाव हुन नदिन कोषको दिगो र उचित उपयोग/ परिचालन गर्नुपर्दछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

नेपालमा पूर्वाधारहरूको विकास, निर्माण र परामर्शसम्बन्धी कार्यलाई दिगो, सुरक्षित र विश्वसनीय ढङ्गबाट गर्न/गराउन नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०६३ अन्तर्गत यसको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब, जारी पुँजी रु.५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब रहेकोमा हालसम्म रु.२५ करोड मात्र प्राप्त भएको देखिन्छ। कम्पनीको प्रबन्धपत्रमा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयको ७५ लाख कित्ताका दरले रु.३ अर्ब बराबरको ३ करोड कित्ता संस्थापक सेयर रहने उल्लेख छ। कम्पनीमा हाल ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, मेसिन र उपकरण	४०,२२	४०,२२	४९,००	४९,००
चालु सम्पत्ति				
प्रिपेड, एडभान्स र डिपोजिट	२२,७९,५०		२२,६९,०५	
व्यापारिक र अन्य प्राप्ति	-		११,५६	
नगद र नगद सरहका अन्य सम्पत्ति	२,९७,३७		२,५४,७९	
जम्मा चालु सम्पत्ति		**२५,७६,८७**		**२५,३५,४०**
कुल सम्पत्ति		**२६,१७,०९**		**२५,८४,४०**
सेयर पुँजी र जगेडा				
सेयर पुँजी	२५,००,००		२५,००,००	
जगेडा तथा बचत	९४,६७		६७,०९	
जम्मा इक्विटी		**२५,९४,६७**		**२५,६७,०९**
गैर चालु दायित्व				
असुरक्षित ऋण	९,१०	९,१०	९,१०	९,१०
चालु दायित्व				
चालु दायित्व	३३		२८	
व्यवस्था	१२,९९		७,९३	
जम्मा चालु दायित्व		**१३,३२**		**८,२१**
कुल सेयर पुँजी तथा दायित्व		**२६,१७,०९**		**२५,८४,४०**

कम्पनीको गत वर्षको कुल सेयर पुँजी तथा दायित्व रु.२५ करोड ८४ लाख ४० हजार रहेकोमा यो वर्ष रु.२६ करोड १७ लाख ९ हजार पुगेको छ। कम्पनीको जगेडा तथा बचत गत वर्ष रु.६७ लाख ९ हजार रहेकोमा यो वर्ष ४१.११ प्रतिशतले वृद्धि भई रु.९४ लाख ६७ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
सेवा शुल्क	-		२५,७६	
सेवाको लागत	-		(६२,१४)	
कुल नाफा/(नोक्सानी)	**-**			**(३६,३८)**
प्रशासनिक खर्च	१९,८७		४९,९९	
कर्मचारी सुविधा खर्च	३६,००		४९,६८	
सञ्चालन नाफा/(नोक्सानी)		**(५५,८७)**		**(१,३६,०५)**
ब्याज आम्दानी	१,१७,५६		१,७९,५३	
छुट आम्दानी	-		-	
ह्रास कट्टी	(९,७१)		(११,७७)	
कर अघिको नाफा		**५१,९८**		**३१,७१**
कर	(१२,९९)		(७,९३)	
खुद नाफा		**३८,९९**		**२३,७८**

गत वर्षको तुलनामा यस वर्ष सञ्चालन नोक्सानी ५८.९३ प्रतिशतले घटन गई रु.५५ लाख ८७ हजार रहेको छ। ब्याज आम्दानी ३४.५२ प्रतिशतले घटेर रु.१ करोड १७ लाख ५६ हजार कायम भएको छ। खुद नाफा ६३.९२ प्रतिशतले बढेर रु.३८ लाख ९९ हजार पुगेको छ।

३. **कार्य प्रगति** - नेपाल सरकारले देशमा बढ्दो पूर्वाधारको माग पूरा गर्न, नेपालको पूर्वाधार क्षेत्रलाई आर्थिक रूपमा सक्षम र दिगो रूपमा विकास गर्न र ठुला तथा साना पूर्वाधार आयोजनाहरूको विकास, निर्माण, स्वामित्व र सञ्चालनका लागि सार्वजनिक-निजी साझेदारीको मोडलमा नेपालका विभिन्न लगानीकर्तासँग परियोजनाहरू विकास गर्न यो कम्पनीको स्थापना गरेको हो। नेपाल सरकारले विगतमा यस्तै उद्देश्य राखी नेपाल कन्स्ट्रक्सन कम्पनी लिमिटेड स्थापना गरेकोमा केही समय अस्तित्वमा रही खारेज भइसकेको अवस्थामा हाल यस कम्पनीले समेत स्थापनाको पाँच वर्षसम्म पूर्णता नपाउनु तथा दीर्घकालीन महत्त्वका कार्यहरू गर्न नसक्नुले कम्पनी स्थापनाको औचित्य स्थापित हुनसकेको देखिएन।

वन तथा वातावरण मन्त्रालय

नेपाल वन निगम

राष्ट्रिय वन जङ्गलबाट काठ, दाउरा, सङ्कलन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको यो निगम साबिकको द टिम्बर कर्पोरेसन अफ नेपाल र वन पैदावर विकास समितिलाई गाभेर कम्पनी ऐन, २०६३ अनुसार २०७६।२।२३ देखि सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस निगमअन्तर्गत ४ शाखा कार्यालय रहेका छन्। निगमको कुल दरबन्दी २४७ रहेकोमा स्थायी १८ र दैनिक ज्यालादारी, अस्थायी तथा करारमा ७९ समेत ९७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७,३१,१५,८१		७,३१,४२,२१	
अमूर्त सम्पत्ति	८०		–	
स्थगन कर सम्पत्ति	४,५६,१६		–	
कुल गैर चालु सम्पत्ति		**७,३५,७२,७७**		**७,३१,४२,२१**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	३,९१,६२		२,४२,०१	
जिन्सी मौज्दात	२०,२०,२१		१८,२५,४३	
प्रिपेड र निक्षेप सम्पत्ति	१५,१३,३७		१७,६४,७८	
चालु कर सम्पत्ति	२,००,०७		१,९८,९०	
कुल चालु सम्पत्ति		**४१,२५,२७**		**४०,३१,१२**
कुल सम्पत्ति		**७,७६,९८,०४**		**७,७१,७३,३३**
दायित्व				
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,६८,४९		२,५२,१७	
पेस्की तथा निक्षेप	३,५२,०१		३,१८,९९	
व्यवस्था	१४,४८,१८		१३,६६,४९	
आयकर दायित्व	१२,२९		१२,३०	
कुल चालु दायित्व		**१९,८०,९७**		**१९,४९,९५**
गैर चालु दायित्व				
व्यवस्था	५,६८,५२		६,५२,८०	
स्थगन सरकारी अनुदान	१,४७,७६		१,४७,८२	
स्थगन कर दायित्व			१,७३,०४,६९	
कुल गैर चालु दायित्व		**७,१६,२८**		**१,८१,०५,३१**
इक्विटी				
सेयर पुँजी	११,६०,८१		११,६०,८२	
सञ्चित नाफा	१०,७५,७०		९,५२,९७	
जगेडा कोष	७,२७,६४,२८		५,५०,०४,२८	
कुल इक्विटी		**७,५०,००,७९**		**५,७१,१८,०७**
कुल इक्विटी तथा दायित्व		**७,७६,९८,०४**		**७,७१,७३,३३**

निगमको गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति ०.५९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ३५ करोड ७२ लाख ७७ हजार पुगेको र चालु सम्पत्ति २.३३ प्रतिशतले वृद्धि भई रु.४१ करोड २५ लाख २७ हजार रहेको छ। गत वर्षको तुलनामा चालु दायित्व यस वर्ष १.५९ प्रतिशतले वृद्धि भई रु.१९ करोड ८० लाख ९७ हजार र कुल गैर चालु दायित्वमा ९६.०४ प्रतिशतले कमी भई रु.७ करोड १६ लाख २८ हजार भएको छ। यस्तै कुल इक्विटी ३१.३१ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ५० करोड ७९ हजार र कुल इक्विटी तथा दायित्व ०.६८ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७६ करोड ९८ लाख ४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	१९,३९,७९		१६६७४२	
बिक्रीको लागत	(१४,५०,२४)		(१००५८८)	
कुल नाफा/(नोक्सान)		**४,८९,५५**		**६,६१,५४**
ह्रास कट्टी र अपलेखन खर्च	(२३,९५)		(२९४५)	
अन्य आम्दानी	३९,४२		५४७५	
कर्मचारी खर्च	(२,९२,४५)		(५६५९९)	
अन्य सञ्चालन खर्च	(१,३७,३०)		(१५३२०)	
सञ्चालन नाफा/(नोक्सान)		**७५,२७**		**(३२,३५)**
वित्तीय आम्दानी	४६६१		८३८८	
वित्तीय खर्च			(३९)	
कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**१,२१,८८**		**५१,१४**
स्थगन कर खर्च/ क्रेडिट	८५		१८०१०	
खुद नाफा/(नोक्सान)		**१,२२,७३**		**२,३१,२४**

निगमको गत वर्षको तुलनामा यस वर्ष कुल नाफा २६ प्रतिशतले न्यून भई रु.४ करोड ८९ लाख ५५ हजार पुगेको छ। गत वर्ष रु.३२ लाख ३५ हजार सञ्चालन नोक्सान रहेकोमा यो वर्ष रु.७५ लाख २७ हजार सञ्चालन नाफा देखिएको छ। बिक्रीको लागतमा भएको वृद्धि तथा वित्तीय आम्दानीमा भएको कमीका कारण खुद नाफामा गत वर्षको तुलनामा ४६.९२ प्रतिशतले कमी भई रु.१ करोड २२ लाख ७३ हजारमा सीमित भएको छ।

३. **धरौटी** - निगमको २०८२ आषाढ मसान्तमा स्रेस्ताअनुसार फिर्ता गर्न बाँकी धरौटी रु.३ करोड ५२ लाख रहेकोमा बैङ्क खातामा रु.६६ लाख १४ हजार मौज्दात देखिएकोले स्रेस्ताभन्दा बैङ्कमा रु.२ करोड ८५ लाख ८६ हजार घटी मौज्दात देखियो। बैङ्कमा घटी देखिएको धरौटी मौज्दात सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

४. **बिमाङ्कीय मूल्याङ्कन** - नेपाल लेखामान १९ (कर्मचारी सुविधा) बमोजिम संस्थाले आफ्ना कर्मचारीहरूलाई दिइने दीर्घकालीन लाभहरू उपदान, विदा बापतको रकम र औषधी उपचार सुविधा जस्ता दायित्वको लेखाङ्कन गर्न बिमाङ्कीय मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। निगमले बिमाङ्कीय मूल्याङ्कन बेगर कर्मचारी सेवा शर्त नियमावली, २०५२ (चौथो संसोधन, २०७१) को आधारमा भुक्तानी गर्न रु.५ करोड ६८ लाख ५२ हजार व्यवस्था गरेको छ। नियमानुसार दीर्घकालीन दायित्वको बिमाङ्कीय मूल्याङ्कन गरेर मात्र दायित्व भुक्तानीको व्यवस्था गर्नुपर्दछ।

५. **गोलिया चिरान तथा सह उत्पादन -** वन नियमावली, २०५१ अनुसूची २ मा सालको गोलिया "ए" ग्रेड काठको हकमा ६५ प्रतिशत, "बी" ग्रेडको हकमा ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशतभन्दा कम चिरान काठ उत्पादन हुन सक्ने र "सी" ग्रेडको हकमा ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुने व्यवस्था भएकोमा वन नियमावलीमा चिरान प्रतिशतको व्यवस्था भएको देखिँदैन। तर निगमको चिरान काठ प्रशोधन, सिजनिङ्ग तथा बिक्री वितरण कार्यविधि, २०७५ मा शाखा कार्यालय प्रमुखको संयोजकत्वमा गठित "चिरान प्रतिशत निर्धारण समिति" ले घाटगड्डीबाट प्राप्त लटअनुसार गोलिया काठको जोन र ग्रेडबमोजिम चिरान उत्पादन गर्नुपर्ने र सोको अभिलेख दैनिक रूपमा राख्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार कार्य सम्पादन नहुँदा मुख्य उत्पादन र सहउत्पादन बाकल, अफसाइज र भुस जोड्दासमेत विराटनगर र भरतपुर शाखाको औसत ९०.२२ प्रतिशत उत्पादन भएको देखिन्छ। त्यसैगरी सहउत्पादनतर्फ विराटनगर शाखाले ८.८४ प्रतिशत र भरतपुर शाखाले ७.६३ प्रतिशत अफसाइज उल्लेख गरेकोमा पथलैया शाखाले १४.२० प्रतिशत र धनगढी शाखाले १३.०२ प्रतिशत अफसाइज देखाएको छ। त्यसैगरी बाकलतर्फ धनगढी शाखाले ३६.१९ प्रतिशत, विराटनगर शाखाले ३०.१८ प्रतिशत देखाएकोमा पथलैया शाखाले २४.४४ प्रतिशत र भरतपुर शाखाले २७.८४ प्रतिशत देखाएको छ। साथै मुख्य उत्पादन धनगढी शाखाको सबैभन्दा घटी ४४.७७ प्रतिशत मात्र देखिएको छ। मुख्य उत्पादन चुहावट हुन नदिन मापदण्ड तयार गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

६. **जग्गा बिक्री -** निगमको नाममा रहेको भक्तपुर नगरपालिकास्थित १३ रोपनी ९ आना २ पैसा जग्गा बिक्रीको लागि न्यूनतम मूल्याङ्कन रु.२ करोड १८ लाख ४२ हजार कायम गरी पुनः १५ दिनको म्याद राखी सूचना प्रकाशन गरेको देखियो। सूचना अनुरूप सबैभन्दा बढी रु.२ करोड १८ लाख ४४ हजार कबोल गर्ने एक बोलपत्रदाताको बोलपत्र २०५९।३।२४ मा स्वीकृत गरी बोलपत्र अनुसार सकार गरेको रकम दाखिला गर्नको लागि २०५९।३।३१ मा १५ दिने सूचना प्रकाशन भएकोमा बोलपत्रदाताले रु.१ करोड ३८ लाख ५० हजारमात्र २०५९।६।१ मा दाखिला गरेको आधारमा निगमले ८ रोपनी २ पैसा जग्गा रजिष्ट्रेसन पास गरिदिएको देखिन्छ। बोलपत्रमा आंशिक रूपमा जग्गा रजिष्ट्रेसन पास गर्ने उल्लेख नभएकोमा बोलपत्रदाताले राखेको धरौटी रु.६ लाखसमेत जफत गरेको देखिएन। यसरी आंशिक रूपमा जग्गा रजिष्ट्रेसन पास गरेको सम्झौता विपरीत देखिन्छ। बाँकी जग्गाको सम्बन्धमा सर्वोच्च अदालतबाट खरिदकर्तालाई जग्गा हस्तान्तरण गर्न भएको फैसलामा चित्त नबुझी निगमले मुद्दा पुनरावलोकन गरेकोमा सो मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको छ।

७. **केमिकल मौज्दात -** सार्वजनिक खरिद ऐन, २०६३ मा आवश्यकता निर्धारण गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। निगमले २०७५।१२।१५ मा रु.६२ लाख ४ हजार रकम बराबरको नरम काठमा प्रयोग हुने कपर क्रोम बर्न (सीसीबी भाग-२) नामको केमिकल ९ हजार के.जी. खरिद गरी २०८१।८२ को अन्त्यसम्म प्रयोग नगरी मौज्दात राखेको देखिन्छ। केमिकल उत्पादनकर्ताको २०७७।१०।२२ को पत्रानुसार उक्त केमिकलको म्याद ८ देखि १० वर्षसम्म रहने उल्लेख छ। केमिकल खरिद गर्दाको बखत नरम जातको काठ प्राप्तिको सुनिश्चितता नगरी तथा प्लाण्ट सञ्चालन बिना खरिद गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

८. **सम्पत्ति व्यवस्थापन -** निगमको केन्द्रीय भवन रहेको साबिकको द टिम्बर कर्पोरेसन अफ नेपालको नाममा मोही उल्लेख भएको १९ रोपनी जग्गामध्ये करिब २ रोपनी ८ आना जग्गा भोगचलनमा रहेकोमा हालसम्म

उक्त जग्गा निगमको नाममा हस्तान्तरण भएको देखिएन। जग्गाको स्वामित्व सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी दर्ता गर्ने र अतिक्रमण हुन नदिन आवश्यक संरक्षण गर्नुपर्दछ।

९. **सापटी तथा अन्य पेस्की -** आर्थिक वर्ष २०८०।८१ मा कुल पेस्की रु.१७ करोड ७९ लाख १ हजार रहेकोमा यस वर्ष रु.१७ करोड ७३ लाख ५४ हजार कायम रहेको छ। साथै गत विगत वर्षदेखि विभिन्न संस्थासँग लिनुपर्ने बाँकी अन्य पेस्की रकम रु.५ करोड ७० लाख २७ हजार देखिन्छ। वन कार्यालयहरूबाट प्राप्त गर्नुपर्ने रकम निगमले आफ्नो लगानीमा गोलिया तथा दाउरा कटान, मुछान तथा सङ्कलन गरी सम्झौताअनुसार कटान मुछान तथा सङ्कलनबापतको रकम शोधभर्ना लिन बाँकी देखिएकाले उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्दछ।

१०. **सम्भावित दायित्व -** डिभिजन वन कार्यालय कञ्चनपुरअन्तर्गत २०८०।८१ मा रुख कटान मुछान तथा सङ्कलनका लागि निगमले एक फर्मसँग ठेक्का प्रक्रिया अगाडि बढाएकोमा निज सम्झौता गर्न नआएकोले धरौटी जफत गरी कालोसूचीमा राखेको छ। तोकिएको रुख कटान मुछान बाँकी रहेका १ हजार १ सय २६ रूखको प्रति रूख रु.१ हजारका दरले रु.११ लाख २६ हजार वन निर्देशनालयले जरिबाना गरी निगमले मुद्दा दायर गरेकोमा उक्त रिट खारेज भएकोले सो रकम दायित्व देखिएको छ। साथै सब डिभिजन वन कार्यालय सुखड मातहतको राष्ट्रिय वन क्षेत्रबाट २०८१।८२ मा ४८ प्लट निगमलाई उपलब्ध गराएकोमा १७१ रूख फिल्डस्तरमा फेला नपरी हानि-नोक्सानी भएकोमा वन नियमावली, २०७९ अनुसार निगमलाई रु.४६ लाख ४८ हजार जरिबाना गरेको देखिन्छ। सो सम्बन्धमा निगमले कानुनी प्रक्रिया सुरु नगरेको र त्यसरी रूख हटाएकोमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाएको छैन। यस्तो दायित्वको लागि सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

११. **सिजनिङ्ग/ट्रिटमेण्ट प्लाण्ट -** निगमले काठ चिरान गरी माग भएअनुसार उपलब्ध गराउने, काठको रासायनिक प्रशोधन तथा सिजनिङ्ग गरी बढी टिकाउ बनाउने, ट्रिटेड काठ उत्पादन, बिक्री वितरण गरी गुणात्मक तथा परिमाणात्मक उपलब्धि हासिल गर्ने र नरम जातको काठलाई टिकाउ बनाई सालको काठको विकल्पका रूपमा सदुपयोग गर्नका लागि निगमको चितवनस्थित भरतपुर शाखा कार्यालयको परिसरमा २०७४।७५ मा रु.२ करोड ३२ लाख ७३ हजारमा सिजनिङ्ग-ट्रिटमेण्ट प्लाण्ट निर्माण गरी २०७५।१०।२५ सम्म सञ्चालनमा रहेकोमा उक्त प्लाण्ट २०७५ फागुनदेखि सञ्चालनमा रहेको देखिएन। निगमले २०७५।१२।१५ मा सोही प्लाण्टको लगि चाहिने रु.६२ लाख ४ हजारको कपर क्रोम बर्न भाग २ केमिकल खरिद गरी मौज्दातमा राखेकोमा प्लाण्ट प्रयोगमा नरहेकोले सो केमिकल प्रयोगविहीन अवस्थामा रहेको बेहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ।

नेपाल वन निगम (२०८०।८१)

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७,३१,४२,२१		२१,३०,३४	
अमूर्त सम्पत्ति	–			
स्थगन कर सम्पत्ति	–		२,७५,२१	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
कुल गैर चालु सम्पत्ति		**७,३१,४२,२१**		**२४,०५,५५**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	२,४२,०१		२,४२,२६	
जिन्सी मौज्दात	१८,२५,४३		९,३६,५८	
प्रिपेड र निक्षेप सम्पत्ति	१७,६४,७८		१८,०९,८२	
चालु कर सम्पत्ति	१,९८,९०		१,९८,६४	
कुल चालु सम्पत्ति		**४०,३१,१२**		**३१,८७,३०**
कुल सम्पत्ति		**७,७१,७३,३३**		**५५,९२,८५**
दायित्व				
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	२,५२,१७		१,५६,३१	
पेस्की तथा निक्षेप	३,१८,९९		३,२३,७४	
व्यवस्था	१३,६६,४९		७,५२,५३	
आय कर दायित्व	१२,३०		९,४२	
अन्य दायित्व			१५	
कुल चालु दायित्व		**१९,४९,९५**		**१२,४२,१५**
गैर चालु दायित्व				
व्यवस्था	६,५२,८१		५,८२,०३	
अन्य दायित्व	-		३,२२	
स्थगन सरकारी अनुदान	१,४७,८ १		१,५८,६३	
स्थगन कर दायित्व	१,७३,०४,६९		–	
कुल गैर चालु दायित्व		**१,८१,०५,३१**		**७,४३,८८**
इक्विटी				
सेयर पुँजी	११,६०,८२		११,६०,८२	
सञ्चित नाफा	९,५२,९७		७,२१,७३	
जगेडा कोष	५,५०,०४,२८		१७,२४,२७	
कुल इक्विटी		**५,७१,१८,०७**		**३६,०६,८२**
कुल इक्विटी तथा दायित्व		**७,७१,७३,३३**		**५५,९२,८५**

निगमको गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति २९४०.५६ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ३१ करोड ४२ लाख २१ हजार र चालु सम्पत्ति २६.४७ प्रतिशतले वृद्धि भई रु.४० करोड ३१ लाख १२ हजार पुगेको छ। यसै गरी गत वर्षको तुलनामा चालु दायित्व ५६.९८ प्रतिशतले वृद्धि भई रु.१९ करोड ४९ लाख ९५ हजार र कुल इक्विटी तथा दायित्व १२७९.८५ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७१ करोड ७३ लाख ३३ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१६,६७,४२		९,०५,५८	
बिक्रीको लागत	(१०,०५,८८)		(११,७८,२४)	
कुल नाफा/(नोक्सान)		**६,६१,५४**		**(२,७२,६६)**
ह्रास कट्टी र अपलेखन खर्च	(२९,४५)		(३४,८७)	

अन्य आम्दानी	५४,७५		५२,५८	
कर्मचारी खर्च	(५,६५,९९)		(२,५२,८९)	
अन्य सञ्चालन खर्च	(१,५३,२०)		(९७,७५)	
सञ्चालन नाफा/(नोक्सान)		**(३२,३५)**		**(६,०५,५९)**
वित्तीय आम्दानी	८३,८८		१,४९,८९	
वित्तीय खर्च	(३९)		(७३)	
कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**५१,१४**		**४,५६,४३**
स्थगन कर खर्च	१,८०,१०		२,८९,६७	
खुद नाफा/(नोक्सान)		**२,३१,२४**		**(७,४६,१०)**

निगमको कुल नाफा गत वर्षको तुलनामा १४२.६३ प्रतिशतले वृद्धि भई रु.६ करोड ६१ लाख ५४ हजार रहेको छ। गत वर्ष रु.६ करोड ५ लाख ६० हजार सञ्चालन नोक्सान भएकोमा यस वर्ष घटेर रु.३२ लाख ३५ हजार देखिएको छ। गत वर्ष रु.७ करोड ४६ लाख ११ हजार खुद नोक्सान रहेकोमा यो वर्ष रु.२ करोड ३१ लाख २४ हजार खुदा नाफा भएको छ। निगमले गत वर्षको वित्तीय विवरणमा उल्लेख भएको बिक्रीको लागत यस वर्षको वित्तीय विवरणमा रु.१ करोड ८४ लाख ८५ हजार घटाई सो रकम अन्य आम्दानीमा सामावेश गरी नाफा नोक्सान विवरण पेस गरेको छ।

वन पैदावर विकास समिति (२०८०।८१)

वन सम्बन्धी परियोजना सञ्चालन गर्न, वन पैदावारको सदुपयोग सम्बन्धमा सोधकार्य गर्न, वन पैदावारको नियमित र व्यवस्थित रूपले आपूर्ति गर्न तथा वन पैदावारमा आधारित उद्योगहरूलाई वन पैदावार उपलब्ध गराई विस्तार गराउने लगायतका उद्देश्य लिई विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ मा वन तथा वातावरण मन्त्रालय अन्तर्गत यस समितिको गठन भएको हो। हाल सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण आयोजना यस समिति अन्तर्गत सञ्चालनमा रहेका छन्।

१. **प्राप्ति र भुक्तानी** - समितिको प्राप्ति र भुक्तानीको विवरण निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०	विवरण	२०८०।८१	२०७९।८०
प्राप्ति विवरण			**भुक्तानी विवरण**		
सुरु मौज्दात			**बजेट खर्च**		
मूल कोष ५३२९१	१६,९२	२,८८,६९	कार्यसञ्चालन खर्च	१०,११,७०	३,७३,३६
मूल कोष ८९६	२४,०२	२९,०२	**राजस्व दाखिला**		
मूल कोष २३०८	६	१,०६	रोयल्टी दाखिला	१,९३,८२	९२,२३
धरौटी खाता	१,८५,७७	८०,४५	मूल्य अभिवृद्धि कर दाखिला	६०,१९	३२,१०
विनियोजन खाता	८४,७४	५६,६२	**अन्य भुक्तानी**		
उपदान कोष	६९,५३	५,१६	धरौटी फिर्ता	७,८०	१६,२६
बिमा कोष	३,२२	१२,५१	धरौटी समायोजन बिक्री	३,६९,५९	२,७७,३३
जम्मा सुरु मौज्दात	**३,८४,२६**	**४,७३,५१**	उपदान कोषबाट भुक्तानी	९६,८५	२७,७७
यस वर्षको प्राप्ति			बिमा कोषबाट भुक्तानी	४,५७	१०,१३
बिक्री आम्दानी	४,५०,१३	३,७९,३८	रेल्वेबाट खर्च	४,१०	६,४४
केन्द्रीय मूल कोष खातामा प्राप्ति	८,७७,००	-	मन्त्रालयको खर्च	१९,५८	-

विवरण	२०८०।८१	२०७९।८०	विवरण	२०८०।८१	२०७९।८०
पोखरी आम्दानी	६,९८	४,६८	उपचार खर्च ५३२९१	८,००	-
			जम्मा खर्च	**१७,७६,२०**	**८,३५,६२**
दरभाउपत्र आम्दानी	२१	४१	**अन्तिम मौज्दात**		
ब्याज आम्दानी	२,७३	२,३८	मूल कोष ५३२९१	४,२९	१६,९१
विविध आम्दानी	-	-	मूल कोष ८९६	६२	२४,०२
रेल्वेबाट निकासा	-	६,३७	मूल कोष २३०८	२,५६	६
धरौटी आम्दानी	३,७१,४९	२,७१,०८	धरौटी खाता	५१,८७	१,८५,७७
बिमाकोष खातामा प्राप्ति	६,३८	६१	विनियोजन खाता	२,३७,६३	३,२९
जम्मा प्राप्ति	**१७,१४,९२**	**६,६४,९१**	उपादान कोष	२०,९१	६९,५३
			बिमा कोष	५,१०	३,२२
			जम्मा मौज्दात	**३,२२,९८**	३,०२,८०
कुल जम्मा	२०,९९,१८	**११,३८,४२**	**कुल जम्मा**	**२०,९९,१८**	**११,३८,४२**

समितिको प्राप्ति भुक्तानी विवरणअनुसार गत वर्षको तुलनामा यो वर्षको प्राप्ति १५७.९२ प्रतिशतले वृद्धि भई रु.१७ करोड १४ लाख ९२ हजार र कार्य सञ्चालन खर्च गत वर्षको तुलनामा १७१ प्रतिशतले वृद्धि भई रु.१० करोड ११ लाख ७० हजार पुगेको छ। समितिको जम्मा खर्च गत वर्षको तुलनामा ११२.५६ प्रतिशतले वृद्धि भई रु.१७ करोड ७६ लाख २० हजार पुगेको छ भने वर्षान्तको बैङ्क मौज्दात रु.३ करोड २२ लाख ९८ हजार रहेको छ।

२. **फरक हिसाब** - समितिको गत वर्ष विनियोजन खाताको अन्तिम बैङ्क मौज्दात रु.३ लाख २९ हजार रहकोमा यो वर्ष रु.८४ लाख ७४ हजार जिम्मेवारी सारेकोले फरक जिम्मेवारी सारेको रु.८१ लाख ४५ हजारको हिसाब मिलान गरेको छैन। त्यसैगरी धरौटी खातामा धरौटी बापतको रकम जम्मा गरी सोबाट नियमानुसार रोयल्टी दाखिला, मूल्य अभिवृद्धि कर दाखिला र धरौटी फिर्ता गरी बाँकी रहेको रकम मूल कोषमा जम्मा गर्ने गरेकोले सागरनाथ वन विकास परियोजनाको धरौटी रु.२५ हजार फरक परेको छ। यो वर्षको रेल्वेतर्फको सुरु मौज्दात रु.७४ लाख ३३ हजार, निकासा रु.१ करोड १८ लाख ७५ हजार, खर्च रु.४ लाख १० हजार र अन्तिम मौज्दात रु.१ करोड ८८ लाख ९८ हजार रहेकोमा सो आम्दानी विनियोजनतर्फको बैङ्क खाताबाट नै गरिएकोले वित्तीय विवरणमा रेल्वेतर्फको खर्च मात्र देखाइएको छ। समितिको उपदान कोषको सुरु मौज्दात रु.६९ लाख ५३ हजार रहेकोमा रु.९६ लाख ८५ हजार खर्च हुँदा अन्तिम मौज्दात रु.२० लाख ९१ हजार रहेको देखिन्छ। यसबाट उपदान खर्च भुक्तानी उपदान कोष खाताको अतिरिक्त विनियोजन खाताबाटसमेत हुने गरेको देखियो। वित्तीय विवरणमा फरक परेका उल्लिख विवरण सम्बन्धमा हिसाब मिलान गरी यथार्थ विवरण प्रस्तुत गर्नुपर्दछ।

३. **ऋण सापटी -** नेपाल सरकारको (सचिवस्तरीय) २०८०।७।२३ को निर्णयबमोजिम अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वन पैदावर समितिलाई रु.८ करोड ८५ लाख ऋण लगानी गर्नको निमित्त २०८०।८।०१ मा दुई पक्ष बिच सम्झौता भएको पाइयो। सो रकम वन पैदावर समितिको कर्मचारीहरूको तलब, भत्ता र अवकाश सुविधा भुक्तानीको लागि प्रदान गरेको देखियो। सम्झौताको सर्तअनुसार समितिले ऋण लगानी भएको मितिदेखि साँवा भुक्तानी गरेको दिनसम्मको वार्षिक ७ प्रतिशतका दरले ब्याज लाग्ने उल्लेख छ। साथै समितिले ऋणको साँवा तथा ब्याज ६-६ महिनामा अर्धवार्षिक किस्तामा ३ वर्षभित्र भुक्तानी गर्नुपर्ने र तोकिएको समयमा साँवा तथा ब्याज भुक्तानी नगरेमा वार्षिक १० प्रतिशतका दरले हर्जाना लाग्ने उल्लेख छ। समितिले २०८१।३।१५ मा उक्त ऋणको

पहिलो किस्ता बापतको साँवा रकम रु.१ करोड ४७ लाख ५० हजार र ब्याज रु.३० लाख ९८ हजार समेत कुल रु.१ करोड ७८ लाख ४८ हजार भुक्तानी गर्नुपर्नेमा हालसम्म कुनैपनि रकम भुक्तानी गरेको देखिएन। सम्झौताको शर्त बमोजिम समयमा भुक्तानी नगर्दा वार्षिक १० प्रतिशतका दरले रु.८ लाख ९२ हजार हर्जाना लाग्ने देखिनुका साथै समितिले ऋणको लेखासमेत राखेको छैन। सम्झौता बमोजिम ऋणको लेखा स्रेस्ता अद्यावधिक गरी ऋण चुक्ता गर्नुपर्दछ।

शहरी विकास मन्त्रालय

नगर विकास कोष

नगरको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउन विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०४५ बमोजिम नगर विकास कोषको स्थापना भएकोमा हाल नगर विकास कोष ऐन, २०५३ बमोजिम कार्य गर्दै आएको छ। कोषमा ४६ कर्मचारीको दरबन्दीमध्ये स्थायी २० र करार १० समेत ३० कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	३,३७,९३,०२		७८,६८,६६	
नगरपालिकालाई खुद ऋण र पेस्की	९,९७,७६,५०		१०,०१,९१,९६	
कर्मचारीलाई ऋण र पेस्की	१,६३,३४		२,०४,५७	
लगानी	५०,००,००		२,७५,००,००	
चालु कर सम्पत्ति	५,४६,६९		३५,२६	
सम्पत्ति र उपकरण	१४,५०,१९		१४,३४,४०	
अदृश्य सम्पत्ति	५,३२		५२	
प्रयोग अधिकार सम्बन्धी सम्पत्ति	१०,०,२२		-	
स्थगन कर सम्पत्ति	१८,११,३६		१८,४७,२१	
योगदान प्राप्य	१५		१५	
अन्य सम्पत्ति	५४,४३,८५		४६,९४,१०	
कुल सम्पत्ति		**१४,८०,९०,६४**		**१४,३७,७६,८३**
दायित्व				
अनुदान पेस्की	३,६१,९३		३,६१,९३	
सापटी दायित्व	७,५९,३९,९५		७,३४,४५,३५	
चालु कर दायित्व	९८,३५		०	
अन्य दायित्व	२,९७,५७		३६,२२	
कुल दायित्व		**७,६६,९७,८०**		**७,३८,४३,५०**
इक्विटी				
सेयर पुँजी	२,७६,२९,८०		२,७६,२९,८०	
रेस्ट्रिक्टेड कोषहरू	२,०६,६२,४३		२,०६,७१,५०	
विशेष जगेडा	१५,३०,७८		१५,५०,५७	
सञ्चित नाफा	२,१५,६९,८३		२,००,८१,४६	
कुल इक्विटी		**७,१३,९२,८४**		**६,९९,३३,३३**
कुल इक्विटी र दायित्व		**१४,८०,९०,६४**		**१४,३७,७६,८३**

यस वर्ष गत वर्षको तुलनामा कोषको कुल सम्पत्ति ३ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ८० करोड ९० लाख ६४ हजार र कुल दायित्व ३.८६ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ६६ करोड ९७ लाख ८० हजार पुगेको छ। कुल इक्विटी २.०९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब १३ करोड ९२ लाख ८४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आय				
ब्याज आम्दानी	६८,२५,४६		७९,६३,७५	
ब्याज खर्च	१६,६४,३५		१२,८५,२९	
खुद ब्याज आम्दानी		**५१,६१,११**		**६६,७८,४६**
फि र कमिसन खर्च	८		७	
खुद कमिसन आम्दानी (खर्च)		**(८)**		**(७)**
अनुदान आम्दानी	३,२१,३१		५,९८,८२	
अन्य आम्दानी	६,६३		४०,१०	
कुल आम्दानी		**५४,८८,९७**		**७३,१७,३१**
कर्मचारी खर्च	३,६२,११		३,६१,२७	
लिज खर्च	३३,४१		३९,२०	
हास र परिशोधन खर्च	१३,५९		२४,६६	
अन्य खर्च	५९,६४३		३,६२,२३	
अनुदान खर्च	३,२१,३१		५,९८,८२	
कर्जा नोक्सानी व्यवस्था	१६,२०,२५		२८,२५,२८	
कर अघिको नाफा		**२५,४१,८७**		**३१,०५,८५**
आयकर खर्च	१०,८६,५५		१७,५७,७५	
खुद नाफा (नोक्सान)		**१४,५५,३२**		**१३,४८,१०**

गत वर्षको तुलनामा यस वर्ष कोषको खुद ब्याज आम्दानी २२.७२ प्रतिशत घटेर रु.५१ करोड ६१ लाख ११ हजार, कुल आम्दानी २४.९९ प्रतिशतले घटेर रु.५४ करोड ८८ लाख ९७ हजार रहेकोमा खुद नाफा ७.९५ प्रतिशतले वृद्धि भई रु.१४ करोड ५५ लाख ३२ हजार पुगेको छ।

३. **मौज्दात समर्थन -** नगर विकास कोषको कार्य सञ्चालन निर्देशिका, २०६९ मा आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्ना ऋणीहरूसँग भुक्तानी गर्न बाँकी साँवा ब्याज रकमको आँकडा सम्बन्धित ऋणीहरू समक्ष पठाई सोको मौज्दात समर्थन गराउनुपर्ने व्यवस्था छ। कोषले ऋण लगानी गरी उठाउन बाँकी रहेका १४६ नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूलाई मौज्दात समर्थनको लागि पत्राचार गरेकोमा ३३ संस्थाबाट मौज्दात समर्थन प्राप्त भएको देखिन्छ। तथापि ११३ नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूबाट रु.८ अर्ब २८ करोड ५९ लाख ११ हजारको मौज्दात समर्थन प्राप्त भएको देखिएन। ऋणीहरूबाट मौज्दात समर्थन प्राप्त गरी सोसम्बन्धी हिसाब यकिन गर्नुपर्दछ।

४. **सेयर र ऋण हिसाब -** कोषले यस वर्षसम्म नेपाल सरकार र दातृ निकायसँग ऋण सम्झौता गरी रु.७ अर्ब ३४ करोड ३६ लाख ऋण लिएको देखिन्छ। कोषले साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको (दोश्रो) अनुदान प्राप्त रकम मन्त्रीपरिषदको २०७५।१०।२१ को निर्णयअनुसार नेपाल सरकारको सेयर लगानीमा परिणत गर्नुपर्नेमा रु.३० करोड ४६ लाख ११ हजार (रु.२४ करोड ८० लाख ७० हजार ऋण रकम र मन्त्रीपरिषद्को निर्णय अवधिसम्म लागेको ब्याज रु.५ करोड ६५ लाख ४१ हजार) को हिसाब मिलान भएको छैन्।

कोषमा २०८२ आषाढ मसान्तसम्म, नेपाल सरकारले रु.२ अर्ब ४५ करोड ८३ लाख ६८ हजार सेयर लगानी तथा रु.७ अर्ब ५९ करोड १६ लाख ९१ हजार ऋण लगानी गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखबाट देखिन्छ। तर नगर विकास कोषले वित्तीय विवरणमा रु.२ अर्ब ७६ करोड २९ लाख ७९ हजार सेयर लगानी तथा रु.७ अर्ब ३४ करोड ३६ लाख २१ हजार ऋण लगानी उल्लेख गरी नेपाल सरकारको भन्दा सेयर लगानीतर्फ रु.३० करोड ४६ लाख ११ हजार बढी र ऋण लगानी तर्फ रु.२४ करोड ८० लाख ७० हजार घटी देखाएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **ऋण लगानी** - नगर विकास कोष लगानी विनियमावली, २०७९ को परिच्छेद -२ मा शहरी पूर्वाधार निर्माण संस्थागत सुशासन लगायतमा लगानी गर्ने व्यवस्था छ। त्यसैगरी ऋण असुली विनियमावली, २०७९ को परिच्छेद -४ मा ऋण असुली गर्दा तोकिएको प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ। नगर विकास कोषले लगानी विनियमावलीअनुसार उपलब्ध गराएको ऋण २०८२ आषाढ मसान्तसम्म रु.९ अर्ब ९७ करोड ७६ लाख रहेकोमा भाखा नाघेको साँवा रु.९६ करोड ३१ लाख र ब्याज रु.४९ करोड ८५ लाख रहेको छ। तोकिएबमोजिम समयमै साँवा ब्याज असुल गर्नु गराउनु पर्दछ।

६. **निजी संस्थामा ऋण लगानी** - काठमाडौं चक्रपथ क्षेत्रको यातायात सुधारका लागि साबिकका माइक्रो बस र टेम्पोको सट्टा १७ ठुला बस खरिद गरी नयाँ बसपार्क-सिनामङ्गल रुटमा चलाउने गरी नगर विकास कोषको नाममा खरिद गर्न कोषले २०७४।७।३० मा गरेको सम्झौताअनुसार एक सार्वजनिक यातायात कम्पनीलाई रु.१२ करोड ५३ लाख ४० हजारको ८० प्रतिशत अर्थात् रु.१० करोड २ लाख ७२ हजार ऋण भुक्तानी दिनुपर्ने देखिन्छ। कोषले २०७५।४।१५ मा रु.५ करोड ५७ लाख ९१ हजार ऋण दिएकोमा साँवा रु.१ करोड १६ लाख २ हजार र ब्याज रु.५० लाख १ हजार भुक्तानी गरेकोले २०८२ आषाढ मसान्तसम्म साँवा रु.४ करोड ४१ लाख ८९ हजार र ब्याज रु.१ करोड ९ लाख ५० हजारसमेत रु.५ करोड ५१ लाख ३९ हजार प्राप्त गर्न बाँकी रहेको छ। लगानी रकमको सम्झौताअनुसार साँवा, ब्याज प्राप्त गर्नुपर्दछ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

शहरी क्षेत्रमा आवासको लागि परियोजना सञ्चालन गरी योजनाबद्ध बस्ती विकास गर्ने उद्देश्यले यस कम्पनीको स्थापना भएको हो। नेपाल पुनर्वास कम्पनीको रूपमा स्थापित भई २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गर्ने यो कम्पनी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको छ। यो कम्पनी २०४६ मा ग्रामीण आवास कम्पनी र २०६९।३।२८ देखि राष्ट्रिय आवास कम्पनी लिमिटेडको रूपमा सञ्चालन हुँदै आएको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति, संयन्त्र तथा उपकरण	२,३३,८२		२,२९,२०	
निर्माणाधीन सम्पत्ति	५,७६		-	
लगानी	२३,७२		२१,२५	
अन्य वित्तीय सम्पत्ति	४५,७२		५७,८८	

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
कर्मचारी परिभाषित योजना सम्पत्ति	१,५१,७१		१,०९,८१	
स्थगन कर सम्पत्ति	१,७५,७०		९७,८०	
गैर चालु सम्पत्ति		**६,३६,४३**		**५,१५,९४**
जग्गा मौज्दात	५,१५,५३		४,६३,६२	
अन्य चालु सम्पत्ति	१४,०६		६,१०	
अग्रिम आयकर	८३,०७		७५,३७	
धरौटी	२,७८		२,७८	
आसामी, पेस्की तथा सापटी	१,२१,७९		१,४७,२५	
नगद तथा नगद सरह	१२,७८,८३		१६,५४,६०	
चालु सम्पत्ति		**२०,१६,०६**		**२३,४९,७२**
जम्मा सम्पत्ति		**२६,५२,४९**		**२८,६५,६६**
सेयर पुँजी	५,२०,००		५,२०,००	
जगेडा तथा मुनाफा	९,६३,२६		११,५९,५५	
सेयरधनीको पुँजी		**१४,८३,२६**		**१६,७९,५५**
कर्मचारीको लागि व्यवस्था	२,७३,८४		३,३८,२४	
जग्गा विकास कोष	२,१६,५२		२,४२,४३	
गैर चालु दायित्व		**४,९०,३६**		**५,८०,६७**
कर्मचारीको लागि व्यवस्था	४१,३३		१३,४७	
व्यापारिक तथा अन्य दायित्व	६,२९,६४		५,८४,०८	
कानुनी दायित्व	५,१२		५,११	
व्यवस्था	२,७८		२,७८	
चालु दायित्व		**६,७८,८७**		**६,०५,४४**
जम्मा दायित्व		**११,६९,२३**		**११,८६,११**
जम्मा पुँजी तथा दायित्व		**२६,५२,४९**		**२८,६५,६६**

कम्पनीले यो वर्ष नेपाल वित्तीय प्रतिवेदन मानमा भएका प्रावधानबमोजिम वित्तीय विवरण तयार गरेकोले विभिन्न विवरणहरू संशोधन भएको छ। गत वर्षको सम्पत्ति तथा दायित्व रु.२ अर्ब ४६ करोड १२ लाख ७५ हजार रहेकोमा यस वर्ष संशोधन गरी रु.२८ करोड ६५ लाख ६६ हजार कायम गरेको पाइयो। जग्गा मौज्दातमा रु.२ अर्ब ६ करोड ५० लाख ९८ हजारसमेत रु.२ अर्ब १७ करोड ४७ लाख ९ हजारले संशोधन भएको छ।

गत वर्षको तुलनामा यो वर्ष कम्पनीको कुल गैर चालु सम्पत्ति २३.३५ प्रतिशतले वृद्धि भई रु.६ करोड ३६ लाख ४३ हजार र चालु सम्पत्ति १४.२० प्रतिशतले न्यून भई रु.२० करोड १६ लाख ६ हजार रहेको छ। यसै गरी गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व १५.५५ प्रतिशतले न्यून भई रु.४ करोड ९० लाख ३६ हजार र चालु दायित्व १२.१३ प्रतिशतले वृद्धि भई रु.६ करोड ७८ लाख ८७ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिक्री आम्दानी	३,३७,५५		६,८७,११	
बिक्री लागत	(८,३२)		(२,४१)	

विवरण	२०८१।८२		२०८०।८१	
कुल मुनाफा		**३,२९,२३**		**६,८४,७०**
अन्य आम्दानी	५६,३४		७१,१०	
प्रशासनिक खर्च	(६,५४,६५)		(६,४२,८८)	
खुद सञ्चालन नाफा/ नोक्सान		**(२,६९,०८)**		**१,१२,९२**
आयकर पूर्व नाफा/ नोक्सान		**(२,६९,०८)**		**१,१२,९२**
स्थगन कर आम्दानी/ (नोक्सान)	७७,९०		(३८,३२)	
खुद नाफा/ नोक्सान		**(१,९१,१८)**		**७४,६०**

कम्पनीको गत वर्ष खुद नाफा रु.७४ लाख ६० हजार रहेकोमा यस वर्ष बिक्री आम्दानीमा घटेको तथा बिक्री लागत र प्रशासनिक खर्च वृद्धि भएकोले कम्पनी रु.१ करोड ९१ लाख १८ हजारले खुद नोक्सानीमा रहेको छ। कम्पनीले यो वर्ष नेपाल वित्तीय प्रतिवेदनमानमा भएका प्रावधानबमोजिम नाफा नोक्सान हिसाब तयार गरेकाले आम्दानी, खर्च र मुनाफा संशोधन भएको छ।

३. **जग्गा अतिक्रमण -** कम्पनीको स्वामित्वमा रु.५ करोड १५ लाख ५३ हजार मूल्यको जग्गा रहेकोमा कञ्चनपुरको ५ कित्ताको ४२ हजार ८४२ वर्गमिटर, बर्दियाको ५ कित्ताको २९ हजार ३१५ वर्गमिटर, नवलपरासी बर्दघाट सुस्तापूर्वको २ कित्ताको ७ हजार ३६४ वर्गमिटर र झापाको १ कित्ताको २६४ वर्गमिटर समेत ७९ हजार ७८५ वर्गमिटर जग्गा अतिक्रमणमा परेको विवरण प्राप्त भएको छ। कम्पनीले जग्गा अतिक्रमण सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन। कम्पनीले अतिक्रमित जग्गाहरू अतिक्रमण मुक्त गरी संरक्षण गर्नुपर्ने र सोको मूल्य वित्तीय विवरणमा खुलासा गर्नुपर्ने बेहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्षसम्म सुधार भएको देखिएन।

४. **जग्गाको क्षेत्रफल -** कम्पनीको योजना कार्यालय, झापाको जग्गाधनी दर्ता प्रमाण/पुर्जाअनुसार जग्गाको क्षेत्रफल ५५ हजार ५८५ वर्ग मिटर रहेकोमा जग्गा मौज्दात खातामा ३४ हजार ३०८ वर्गमिटर मात्र उल्लेख गरेको देखियो। जग्गा धनी दर्ता प्रमाण/पुर्जाभन्दा मौज्दात खातामा २१ हजार २७७ वर्गमिटर घटी जग्गा उल्लेख गर्नुको कारण र आधार खुलाएको छैन। कम्पनीले जग्गाको क्षेत्रफल फरक पर्नुको कारण पहिचानसहित जग्गाधनी पुर्जा अनुसारको क्षेत्रफल अभिलेख राख्नुपर्दछ।

५. **पेस्की -** राष्ट्रिय आवास कम्पनी लिमिटेड, आर्थिक विनियमावली, २०७३ को विनियम १७९ र १८३ मा कम्पनीको कामकाजको लागि केन्द्रीय कार्यालयको हकमा महाप्रबन्धक र अन्य कार्यालयको हकमा कार्यालय प्रमुखको स्वीकृतिमा पेस्की दिन सकिने र तोकिएको म्यादभित्र फर्स्यौट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याजसमेत असुल गर्ने व्यवस्था छ। कम्पनीका केन्द्रीय तथा योजना कार्यालयबाट विभिन्न कार्यको लागि १० कर्मचारीलाई गत विगत वर्षहरूमा दिएको पेस्की रु.३४ लाख ३३ हजार यो आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट गर्न बाँकी देखिएकाले सो पेस्की रकम ब्याजसहित असुल फर्स्यौट गर्नुपर्दछ।

६. **कर्मचारीद्वारा मिलापत्र -** कम्पनीको अख्तियारी बेगर कम्पनीका कर्मचारीले विपक्षीसँग मिलापत्र गरी विपक्षीलाई दिलाएको १५ कठ्ठा जग्गा बदर गरी पाउँ भनी कम्पनीले मुद्दा दायर गरेकोमा रुपन्देही जिल्ला अदालतमा २०८१ वैशाख तथा उच्च अदालत, तुलसीपुरबाट २०८२ ज्येष्ठमा कम्पनीको पक्षमा फैसला भएको देखिन्छ। कम्पनीले अधिकार क्षेत्रभन्दा फरक हुने गरी मिलापत्र गराई विपक्षीलाई जग्गा

दिलाउने कर्मचारीलाई कारबाही गरेको नदेखिएकोले उक्त पदाधिकारीलाई जिम्मेवार बनाई अदालतको फैसला कार्यान्वयन गर्नुपर्दछ।

७. **लेखापरीक्षण समिति** - कम्पनी ऐन, २०६३ को दफा १६४ मा रु.३ करोड वा सोभन्दा बढी चुक्ता पुँजी भएको कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले हालसम्म लेखापरीक्षण समिति गठन गरेको छैन। ऐनमा उल्लिखित व्यवस्थाअनुसार कम्पनीले लेखापरीक्षण समिति गठन गर्नुपर्दछ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०८०।८१)

राष्ट्रिय शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरूको प्रकाशन तथा उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०३५।६।८ मा केन्द्रको स्थापना भएकोमा हाल कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थामा केन्द्र र मातहतका ८ शाखा कार्यालयमा ५१९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
जायजेथा, प्लाण्ट र उपकरण	८,४२,९८,४४		८,२९,९२,७०	
अमूर्त सम्पत्ति	१२,९०		१४,३४	
सेयर लगानी	१,००		१,००	
गैर चालु सम्पत्ति		**८,४३,१२,३४**		**८,३०,०८,०४**
जिन्सी मौज्दात	१,९४,१४,२०		१,०६,७३,२०	
व्यावसायिक आसामी	५,२५,०४		८,०१,८०	
नगद तथा बैङ्क मौज्दात	२,१७,५५		३२,३६,०१	
अन्य चालु सम्पत्ति	९,४४,७९		१२,९८,१६	
चालु सम्पत्ति		**२,११,०१,५८**		**१,६०,०९,१७**
कुल सम्पत्ति		**१०,५४,१३,९२**		**९,९०,१७,२१**
पुँजीकोष	४५,६३,८१		४५,६३,८१	
जगेडा तथा सञ्चित मुनाफा	४,५८,४३,४०		४,७१,५२,४४	
पुँजी तथा दायित्व		**५०,४०,७२१**		**५,१७,१६,२५**
दीर्घकालीन ऋण	१,६२,८२,८७		१,३३,८२,८७	
कर्मचारी सुविधा दायित्व	८८,६३,१०		८२,२५,७३	
स्थगन अनुदान दायित्व	६,१९,९२		५,८४,३७	
स्थगन कर दायित्व	१,६४,१५,७७		१,६९,७६,५८	
गैर चालु दायित्व		**४२,१८,१६६**		**३,९१,६९,५५**
अल्पकालीन ऋण	४२,५३,०५		-	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	७,१७,३९		८,७६,५६	
अन्य वित्तीय दायित्व	४५,३७,६६		३८,४४,५१	
कर्मचारी सुविधा दायित्व	१०,११,१८		१२,३३,९६	
अन्य चालु दायित्व	१०,८०,६०		१०,०२,५२	
चालु कर दायित्व	११,९४,१७		१०,७५,६४	
अल्पकालीन व्यवस्था	३१,००		९८,२२	
चालु दायित्व		**१,२८,२५,०५**		**८१,३१,४१**
कुल पुँजी तथा दायित्व		**१०,५४,१३,९२**		**९,९०,१७,२१**

केन्द्रले गत वर्षको वित्तीय विवरणमा अघिल्लो वर्षका तथ्याङ्कको प्रस्तुतीकरणलाई थप स्पष्ट र सान्दर्भिक बनाउन केही वित्तीय शीर्षकहरूको पुनः वर्गीकरण गरेको छ। गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति १.५७ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ४३ करोड १२ लाख र चालु सम्पत्ति

३१.८१ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ११ करोड २ लाख पुगेको छ। यसै गरी कुल सम्पत्ति यस वर्ष ६.४६ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ५४ करोड १४ लाख पुगेको छ। जगेडा तथा सञ्चित मुनाफा गत वर्ष भन्दा यस वर्ष रु.१३ करोड ९ लाखले घटेको छ।

२. **सञ्चालन नतिजा -** केन्द्रको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी	१,८५,५५,७१		२,६३,६६,७३	
अन्य आम्दानी	९,०६,७०		२३,११,८३	
कुल आम्दानी		**१,९४,६२,४१**		**२,८६,७८,५६**
सञ्चालन खर्च	(१,३१,८३,१३)		(१,३६,२२,७१)	
कर्मचारी सुविधा खर्च	(५४,६३,५०)		(६१,११,२९)	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	(९,६७,०६)		(१२,९२,६७)	
ह्रास खर्च	(६७,५६)		(५९,३७)	
परिशोधन/क्षयीकरण खर्च	(३५)		(३५)	
कुल खर्च		**१,९६,८१,६०**		**२,१०,८६,३९**
सञ्चालन नाफा/(नोक्सान)		**(२,१९,१९)**		**७५,९२,१७**
वित्तीय खर्च		(११,५१,७२)		(७,२२,४१)
कर अघिको नाफा/(नोक्सान)		**(१३,७०,९१)**		**६८,६९,७६**
चालु आयकर	-		(१६,५९,८४)	
अघिल्लो वर्षको कर	(२७३८६)		-	
स्थगित कर आम्दानी/(खर्च)	५०७२९		(२,२२,३१)	
कर खर्च		**(२,३३,४३)**		**(१८,८२,१५)**
वर्षको खुद नाफा/(नोक्सान)		**(११,३७,४८)**		**४९,८७,६१**

गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ३२.१४ प्रतिशतले न्यून भई रु.१ अर्ब ९४ करोड ६२ लाख र कुल खर्च ६.६६ प्रतिशतले न्यून भई रु.१ अर्ब ९६ करोड ८२ लाख रहेको देखिन्छ। सञ्चालन खर्च गतवर्ष रु.१ अर्ब ३६ करोड २३ लाख रहेकोमा यस वर्ष रु.१ अर्ब ३१ करोड ८३ लाख भएको छ। गतवर्ष रु.४९ करोड ८७ लाख खुद नाफामा रहेकोमा यस वर्ष रु.११ करोड ३७ लाख खुद नोक्सानीमा रहेको छ।

३. **प्रगति -** केन्द्रले नयाँ आधुनिक मेसिन जडान गरी वार्षिक ३ करोड थान पुस्तक उत्पादन गर्ने भौतिक लक्ष्य राखेको छ। आधुनिक मेसिन जडान कार्यमा भएको ढिलाइले गर्दा विद्यमान मेसिनहरूवाट २ करोड ५२ लाख थान पुस्तक मात्र उत्पादन भएकाले भौतिक प्रगति ८४ प्रतिशत रहेको छ। उत्पादन लक्ष्य निर्धारण गर्दा बजार माग र संस्थाको वास्तविक क्षमताअनुसार वस्तुपरक कार्ययोजना बनाउनुपर्दछ।

४. **बढी ऋण लेखाङ्कन -** राष्ट्रिय वाणिज्य बैङ्कबाट रु.७५ करोडको सीमा भएको ओभरड्राफ्ट ऋण लिएकोमा बैङ्क सर्टिफिकेट अनुसार सो ऋणको मौज्दात रु.४० करोड ३४ लाख देखिन्छ। तथापि कम्पनीको वित्तीय विवरणमा रु.४२ करोड ५३ लाख उल्लेख भई रु.२ करोड १९ लाख बढी ऋण लेखाङ्कन भएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **हिसाब मिलान -** विभिन्न २ बैङ्कको बैङ्क विवरणभन्दा वित्तीय विवरणमा रु.६८ लाखले कम मौज्दात देखिएको छ। साथै केन्द्र र शाखाहरूबिच रु.३ करोड ६७ लाखको हिसाब मिलान हुन बाँकी रहेको

देखिन्छ। अतः केन्द्रको बैंक विवरणले देखाएको भन्दा कम मौज्दात र केन्द्र तथा शाखाहरूबिच हिसाब मिलान हुन बाँकी रकमको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **दायित्वको समर्थन** - नेपाल सरकारले विगतमा केन्द्रलाई उपलब्ध गराएको सामग्रीको मौज्दातबापत लगानी दायित्व हिसाबमा अन्य चालु दायित्वअन्तर्गत रु.७४ लाख विगत वर्षदेखि देखाउँदै आएको छ। सो सम्बन्धमा अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी हिसाब फरफारख गर्नुपर्दछ।

७. **अग्रिम कर** - अग्रिम कर सम्पत्ति दाबी वा कर दायित्वसँग मिलान गर्न सो अग्रिम कर सम्पत्तिलाई आन्तरिक राजस्व विभागको इन्टिग्रेटेड ट्याक्स सिस्टमको अनुसूची-१० प्रणालीमा देखिनुपर्दछ। साथै नियमानुसार कर वा अग्रिम कर तिरेको निस्सा र विवरण समय सीमामा पेस गरेको हुनुपर्नेमा कम्पनीको वित्तीय विवरणमा रु.७ करोड ४० लाख र प्रणालीको अनुसूची १० मा रु.३ करोड ७७ लाख उल्लेख भएकोले रु.३ करोड ६३ लाख फरक परेको छ। उक्त फरक रकमको टुङ्गो लगाउनुपर्दछ।

८. **विविध साहु** - विविध साहुअन्तर्गत रु.६ करोड ५८ लाख मौज्दात बाँकी रहेको छ। यसमध्ये ३५६ जना साहुको रु.२ करोड २० लाख एक वर्षभन्दा बढी समयदेखि अचल रहेको र रु.१ करोड ७६ लाख २०६१।६२ देखि नै फर्स्यौट हुन बाँकी रहेको छ। यस्ता पुराना मौज्दातका सम्बन्धमा सम्बन्धित साहुहरूबाट कुनै पनि पुष्टीकरण प्राप्त नभएकाले उक्त मौज्दातहरूको यथार्थता, दायित्वको अस्तित्व तथा फर्स्यौट योग्यता यकिन गरी हिसाब अद्यावधिक गर्नुपर्दछ।

९. **आसामी हिसाब** - आसामी हिसाब अन्तर्गत पाँच वर्ष भन्दा बढी भाखा नाघेको दुई फर्मको रु.८ करोड ५४ लाख, ३४ पार्टीको एकदेखि दुई वर्षसम्मका रु.१ करोड ९३ लाख देखिन्छ। आसामीको लागि क्षयीकरण व्यवस्थामा यसवर्षसम्म रु.८ करोड ६८ लाख उल्लेख गरेको छ। लामो अवधिसम्म आसामी नउठाई क्षयीकरणको व्यवस्था गर्दै जाने प्रवृत्तिमा सुधार गरी कानुनबमोजिम समयमै आसामी असुल गर्न गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१०. **ऋण दायित्व** - अर्थ मन्त्रालयबाट लिएको ऋणको साँवा रु.१ अर्ब ३३ लाख र ब्याज रु.४४ करोड ८ लाखसमेत रु.१ अर्ब ७७ करोडको भुक्तानी गर्ने म्याद २०७६ मा समाप्त भएकोमा नवीकरण वा भुक्तानीको योजना बनाएको देखिएन। म्याद नाघेको ऋणमा वार्षिक रूपमा ब्याज थपिँदै गएको र यस वर्ष मात्र रु.११ करोड ५१ लाख ब्याज खर्च बेहोरेको छ। सञ्चालक समितिले अर्थ मन्त्रालयसँग समन्वय गरी म्याद नाघेको ऋणको उचित व्यवस्थापन गर्नुपर्दछ।

११. **कर्मचारी दायित्व** - केन्द्रले कर्मचारीको सुविधाबापत २०८०।८१ सम्म रु.९८ करोड ७४ लाखको दायित्व एक्चुरी मूल्याङ्कनमार्फत निर्धारण गरेको भए तापनि सो दायित्व भुक्तानीका लागि छुट्टै कोष रहेको देखिएन। कर्मचारीको दायित्व भुक्तानीको लागि आवश्यक रकमलाई सुरक्षित लगानी वा छुट्टै कोषका रूपमा जम्मा गर्नुपर्दछ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

तारा गाउँ विकास समिति (२०७९।८०)

नेपालको पर्यटन उद्योगलाई ग्रामीण क्षेत्रसम्म विकास, विस्तार र प्रवर्धन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार २०३४ मा यस समितिको स्थापना भएको हो। नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रही पर्यटन क्षेत्रको विकास तथा ग्रामीण क्षेत्रको जीवनस्तर उकास्न यस समितिले दीर्घकालीन योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। समितिमा स्थायी २६ र सेवा करारमा १२ समेत ३८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
पुँजी				
पुँजी सरेर आएको	११,०५		११,०५	
पुँजीगत अनुदान	१,१०,०८		१,१०,०८	
पुँजीगत जगेडा कोष	३२०,९६६		३२०,९६६	
मुनाफा कोष(नाफा नोक्सान हिसाबबाट)	४,०१,२०		२,७६,७७	
कुल पुँजी		**३७,३१,९९**		**३६,०७,५६**
सम्पत्ति तथा जायजेथा				
स्थिर तथा दीर्घकालीन सम्पत्ति				
स्थिर सम्पत्ति	१७,२०,८९		१६,२६,०७	
सेयरमा लगानी	१७,००,००		१७,००,००	
निर्माणाधीन सम्पत्ति	-		६,६,९२	
कुल स्थिर तथा दीर्घकालीन सम्पत्ति		**३४,२०,८९**		**३३,९२,९९**
चालु सम्पत्तिहरू				
नगद तथा बैङ्क मौज्दात	२,४३,१४		३,३७,२९	
विविध सामानको मौज्दात	१,५४		१,७४	
आसामी तथा पेस्की	५,९०,७१		५,३५,३८	
जम्मा चालु सम्पत्ति (ख)	**८३५३९**		**८,७४,४१**	
चालु दायित्व तथा व्यवस्था (ग)	(५,२४,३०)		(६,५९,८४)	
खुद चालु सम्पत्ति (घ = ख-ग)		**३,११,०९**		**२,१४,५७**
कुल जम्मा (क+ घ)		**३७,३१,९८**		**३६,०७,५६**

गत वर्षको तुलनामा यस वर्षको कुल पुँजी ३.४५ प्रतिशतले वृद्धि भई रु.३७ करोड ३१ लाख ९९ हजार र कुल स्थिर तथा दीर्घकालीन सम्पत्ति ०.८२ प्रतिशतले वृद्धि भई रु.३४ करोड २० लाख ८९ हजार पुगेको छ। गत वर्षको तुलनामा चालु दायित्व तथा व्यवस्था २०.५४ प्रतिशतले न्यून भई रु.५ करोड २४ लाख ३० हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** समितिको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आय	२६,८७		२२,५३	
बिक्रीको लागत	१०,७८		९,४२	
कुल नाफा		**१६,०९**		**१३,११**
अन्य आम्दानी	५,३९,४३		३,९८,२७	
जम्मा		**५,५५,५२**		**४,११,३९**
विकास, सञ्चालन एवं प्रशासनिक खर्च	४,२०,६२		३,५८,६३	
सञ्चालन नाफा/(नोक्सान)		**१,३४,९०**		**५२,७५**
ह्रास कट्टी खर्च	१०,४७		७,३१	
खुद नाफा		**१,२४,४३**		**४५,४४**
यस वर्षको खुद नाफा/(नोक्सान)	१,२४,४३		४५,४४	
गत वर्षको समायोजन	-		७,२७	
गत वर्षसम्मको नाफा/(नोक्सान)	२,७६,७७		२,२४,०७	
वासलातमा सरेको खुद नाफा/(नोक्सान)		**४,०१,२०**		**२,७६,७७**

गत वर्षको तुलनामा यो वर्ष समितिको सञ्चालन नाफा १५५.७३ प्रतिशतले वृद्धि भई रु.१ करोड ३४ लाख ९० हजार र वासलातमा सरेको खुद नाफा ४४.९६ प्रतिशतले वृद्धि भई रु.४ करोड १ लाख २० हजार पुगेको छ।

३. **रिसोर्ट सञ्चालन** -समितिले नगरकोट, ककनी र पोखरामा सञ्चालन गरेका ३ रिसोर्ट घाटामा रहेको देखिन्छ। ती रिसोर्टहरूले यो वर्ष कुल रु.२३ लाख ४९ हजारको बिक्री आम्दानी गरेकोमा बिक्रीको लागत रु.९ लाख ६४ हजार तथा रिसोर्टमा कार्यरत कर्मचारीहरूको पारिश्रमिकमा रु.४० लाख ४६ हजारसमेत रु.५० लाख १० हजार खर्च भई रु.२६ लाख ६० हजार सञ्चालन घाटा रहेको देखिन्छ।समितिले रिर्सोटहरू प्रभावकारी रूपमा सञ्चालन गरी मुनाफा आर्जन गर्नुपर्दछ।

४. **सेयर तथा जग्गा भाडा-** समितिले बौद्धस्थित आफ्नो स्वामित्वमा रहेको ३०४ रोपनी जग्गामध्ये १४९ रोपनी ५ आना १ पैसा ३ दाम जग्गाको मूल्य रु.१५ करोड र अन्य भौतिक संरचनाको रु.२ करोड मूल्य कायम गरी तारागाउँ रिजेन्सी होटेल लिमिटेडमा सेयरको रूपमा लगानी गरेकोमा २०५१।२।२ मा हस्तान्तरण गरी रु.१०० प्रति कित्ताको दरले १७ लाख कित्ता सेयर लगानी गरेको र १४८ रोपनी जग्गा सो होटललाई भाडामा लगाएको छ। सो लगानीबाट यो वर्ष लाभांशबापत रु.१ करोड ४३ लाख १६ हजार र भाडा बापत रु.४२ लाख ९२ हजार प्राप्त गरेको छ। सुरुमा होटलको ३९.७७ प्रतिशत सेयर समितिले प्राप्त गरेकोमा हाल पुष्ट्याइँबेगर नै ९.०१ प्रतिशत कायम गरेको छ। समितिको सेयरको हिसाब घटेको विषयमा गत विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा हालसम्म सो उपर कुनै निर्णय भएको छैन। उक्त विषय छानबिन गरिनुपर्दछ।

५. **जग्गाको स्वामित्व -** समितिले २०२६ मा चार किल्ला खोली बौद्धस्थित ३४७ रोपनी ९ आना जग्गा अधिग्रहणको सूचना प्रकाशित गरेकोमा २०४८ मा जग्गा नाप जाँच गर्दा ३०४ रोपनी जग्गा कायम भएको उल्लेख छ। समितिले जग्गाधनी प्रमाणपुर्जा नम्बर १०४०।१२।५ मा कित्ता नम्बर ९६ को क्षेत्रफल ५३६.५४ वर्ग मिटर र ३ हजार ४९७.५८ वर्ग मिटर दोहोरो परेको जग्गाधनी प्रमाणपूर्जा सच्याउन बाँकी रहेको देखिन्छ। अधिग्रहणको सूचनामा उल्लेख भए भन्दा ४३ रोपनी ९ आना घटी

जग्गा नापजाँच सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ। समितिले गुठी जग्गा ४ हजार ४७२.८९ वर्ग मिटर दावी गरेकोमा जग्गाधनी प्रमाणपुर्जा लिन बाँकी रहेको तथा मालपोत तिरेको वडा नं ६ कित्ता नं. १५४ को १ रोपनी ११ आना १ दाम १ पैसा र वडा नं ९ को कित्ता नं ४८ को ४ आना जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको छैन। विगतमा कित्ता नं ५० को ७७.५१ वर्ग मिटर कित्ता नं ५९ को १४७.०६ वर्ग मिटर र कित्ता नं ८३ को ७२७.३५ वर्ग मिटरसमेत थप १ रोपनी १३ आना ३ पैसा ३ दाम जग्गा खरिद गरेको र होटलमा सेयर लगानी भएको १४९ रोपनी ५ आना १ पैसा ३ दामसमेत समावेश गर्दा समितिको नाममा २ रोपनी ९ आना ३ पैसाले जग्गाधनी प्रमाणपूर्जामा घटी रहेको छ। समितिको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको विवरण अद्यावधिक गरी जग्गाधनी पूर्जा प्राप्त गर्नुपर्ने बेहोरा गत विगत वर्षमा औंल्याइएकोमा यो वर्षसम्म सुधार भएको छैन। सो सम्बन्धमा सम्बद्ध निकायले छानबिन गरी समितिको सम्पत्ति अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६. **भाडा बक्यौता -** समितिले एक इन्टरनेशनल कम्पनीबाट २०७४।७५ देखिको रु.१२ लाख ६७ हजार, एक इन्टरप्राइजेजबाट २०७४।७५ को रु.५ लाख ६३ हजार, एक सेन्टरबाट २०७४।७५ को रु.१४ लाख १४ हजार र एक व्यक्तिबाट २०६६।६७ देखिको रु.१ लाख ४१ हजारसमेत रु.३३ लाख ८५ हजार भाडा असुल गर्न बाँकी रहेको देखिन्छ। उल्लिखित भाडा रकम असुल नभएको अवस्थामा साविकको भवन भत्काई समितिको स्वामित्वमा रहेको नयाँ सडकस्थित ३ आना ३ पैसा क्षेत्रफलमा नयाँ भवन निर्माण गर्न एक प्राइभेट लिमिटेड कम्पनीलाई निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण मोडेलमा ३० वर्षका लागि दिइएकोमा सुरुको दुई वर्षको भाडादर वार्षिक रु.९५ लाख ५० हजार र त्यसपछिका प्रत्येक पाँच वर्षमा ५ प्रतिशतका दरले वृद्धि हुने गरी सम्झौता गरेको देखिन्छ। सो भवनको २०७९।८० सम्मको भाडा रु.८४ लाख ४५ हजार असुल गरेको छैन। उक्त भाडा रकममा नियमानुसार लाग्ने थप शुल्कसमेत असुल हुनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमासमेत औंल्याइएकोमा सुधार भएको छैन। उक्त बक्यौता भाडा रकम असुल गर्नुपर्दछ।

नेपाल पर्यटन बोर्ड (२०७३।७४)

अन्तर्राष्ट्रिय जगतमा नेपाललाई आकर्षक र भरपर्दो पर्यटन स्थलको रूपमा विकसित गरी देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार, प्रवर्धन र राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी रोजगारीका अवसरको सिर्जना गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ अन्तर्गत २०५५।९।१६ मा बोर्डको स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** बोर्डको वित्तीय स्थिति निम्नानुसार छ।

(रु. हजारमा)

विवरण	३१ आषाढ २०७४		३१ आषाढ २०७३	
सम्पत्ति				
स्थिर सम्पत्ति	१,१६,२०		१,३४,१५	
चालु सम्पत्ति				
कर्मचारी ऋण सापटी तथा पेश्की	११,४१,८७		६,४१,२३	
नगद तथा बैंक मौज्दात	१,३८,६०,९८		१,०६,३९,२४	
धरौटी	८,८१,७२		४,५३,५७	
लिन बाँकी रकम	१८,३१,९९		१४,०७,२८	

विवरण	३१ आषाढ २०७४		३१ आषाढ २०७३	
लगानी	८,२४,००		८,२४,००	
स्थगन कर सम्पत्ति	२,७४,३१		१,४२,७६	
जम्मा		**१,८९,३१,०७**		**१,४२,४२,२३**
कोष तथा दायित्व				
कार्यक्रम दायित्व				
पर्यटन सेवा कोष	२०,५०,०६		२०,५०,०६	
पर्यटन पूर्वाधार पुनर्निर्माण कोष	१०,००,००		१०,००,००	
यस वर्षसम्म बचत	४५,७२,२४		३०,११,०५	
चालु दायित्व				
आयकर व्यवस्था	३२,९५,३१		२२,७३,०८	
विविध साहुहरू	५५,०९,८१		४१,६५,८२	
अन्य कोषहरू				
टिम्स कोष	२५,०३,६५		१७,४२,२२	
जम्मा		**१,८९,३१,०७**		**१,४२,४२,२३**

यस वर्ष बोर्डको स्थिर सम्पत्ति रु.१ करोड १६ लाख, लगानी रु.८ करोड २४ लाख, नगद तथा बैङ्क मौज्दात रु.१ अर्ब ३८ करोड ६१ लाखसमेत कुल सम्पत्ति रु.१ अर्ब ८९ करोड ३१ लाख रहेकोले गतवर्षको तुलनामा ३२.९२ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै पर्यटन सेवा कोष रु.२० करोड ५० लाख, विविध साहु रु.५५ करोड १० लाख, टिम्स कोष रु.२५ करोड ४ लाख समेत कोष तथा दायित्व रु. १ अर्ब ८९ करोड ३१ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७३।७४		२०७२।७३	
आम्दानी				
पर्यटन सेवा शुल्क	७७,०३,५९		५०,६१,१७	
पर्यटन मेला सहभागिता शुल्क	१,६३,२१		१,४१,६६	
हल भाडा शुल्क	७,५९		१,१३	
अन्य आम्दानी	७३,३६		३२,८४	
टिम्स आम्दानी	१९,०३,५७		१०,४४,५४	
जम्मा आम्दानी		**९८,५१,३२**		**६२,८१,३४**
खर्च				
प्रशासनिक खर्च	९,३५,३६		८,६९,२८	
पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च	१४,७४,२५		१२,६६,७३	
पर्यटन सम्पदा तथा संसाधन विकास खर्च	१४,३४,३२		१४,६२,४५	
जन सम्पर्क तथा प्रचार प्रसार खर्च	१४,४४,२०		२,५१,०७	
अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च	३५,३७		२०,२३	
कर्पोरेट सर्भिस कार्यक्रम खर्च	९६,०९		१,००,५०	
पोखरा कार्यालय कार्यक्रम खर्च	४,०४,१९		२,९५,१४	
पर्यटन सेवा शुल्क सङ्कलनमा छुट तथा शुल्क	२,०१,४४		३,४५,३९	
ह्रासकट्टी	२८,४२		२७,२९	

विवरण	२०७३।७४		२०७२।७३	
टिम्स कोष खर्च	१३,३२,५०		७,३१,१९	
जम्मा खर्च		**७३,८६,१४**		**५३,६९,२७**
आयकर व्यवस्था अघिको बचत		२४६५१८		९१२०७
आयकर		८९०६९		५२९३५
यस वर्षको कर	१०,२२,२३		४,९८,५१	
स्थगन कर खर्च आम्दानी	(१,३१,५५)		(३०,८४)	
यस वर्षको बचत		**१५,७४,४९**		**३,८२,७२**
गत वर्षसम्मको सञ्चित बचत		**३०,११,०५**		**२६,२८,३३**
गत वर्षको खर्च		**१३,३१**		
हालसम्मको बचत		**४५,७२,२३**		**३०,११,०५**

बोर्डको यो वर्षको पर्यटन मेला सहभागिता शुल्क रु.१ करोड ६३ लाख २१ हजार, टिम्स आम्दानी रु.१९ करोड ३ लाख ५७ हजारसमेत कुल आम्दानी रु.९८ करोड ५१ लाख ३२ हजार रहेको छ। त्यसैगरी प्रशासनिक खर्च रु.९ करोड ३५ लाख ३६ हजार, टिम्स कोष खर्च रु.१३ करोड ३२ लाख ५० हजारसमेत रु.७३ करोड ८६ लाख १४ हजार खर्च भई रु.२४ करोड ६५ लाख १८ हजार आयकर अघिको बचत भएको छ। गत वर्षको खर्च कटाउँदा अघिल्लो वर्षसम्म रु.२९ करोड ९७ लाख ७४ हजार बचत रहेकोमा यो वर्ष रु.१५ करोड ७४ लाख ४९ हजार थप भई हालसम्मको वचत रु.४५ करोड ७२ लाख २३ हजार पुगेको छ।

३. **स्रेस्ता पेस नभएको -** बोर्डले यो वर्षको कारोबारमध्ये आय-व्ययतर्फ रु.११ करोड ८६ लाख कारोबारको भौचर तथा सक्कल स्रेस्ताहरू लेखापरीक्षणका लागि पेस गरेको छैन। श्रेस्ता अद्यावधिक नराख्ने तथा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनु पर्दछ।

४. **खर्चको यथार्थता -** बोर्डको आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम (१४) ३ मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको विल भरपाई र आवश्यक कागजात भए, नभएको जांच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। बोर्डले बिल भरपाई लगायतका कागजात बेगर होमस्टे कार्यशाला, पर्वतारोहण अभिमुखीकरण तालिम, हिमालयन ट्राभल मार्ट, अवलोकन भ्रमण, कार्यक्रम सहयोगलगायतका कार्यक्रममा रु.४९ लाख ७० हजार खर्च गरेको छ। विल भरपाईलगायत कागजातबेगर खर्च लेखेको सम्बन्धमा छानबिन गरिनुपर्दछ।

५. **घटी सञ्चित कोष दाखिला -** बोर्डको कार्यकारी समितिको २०६४।५।१७ को बैठकले नेपाल पर्यटन बोर्डलाई प्राप्त हुने कुल आयको १० प्रतिशत रकम हरेक वर्ष सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने निर्णय अनुसार गतवर्षसम्म १० प्रतिशत दाखिला गरेकोमा यो वर्षदेखि ५ प्रतिशत दाखिला गर्ने निर्णय गरी सो अनुसार कुल आय रु.९८ करोड ५१ लाखको ५ प्रतिशत रु.४ करोड ९३ लाख सञ्चित कोष दाखिला गरेको देखियो। यसरी बोर्डसँग उल्लिखित रकम मौज्दात रहँदा रहँदै गत वर्षभन्दा घटी दाखिला गर्नु औचित्यपूर्ण देखिँदैन।

६. **पर्यटन सेवा कोष** - बोर्डको आर्थिक तथा खरिद विनियमावली, २०७२ को दफा १२ र २१ मा वोर्डले कोषको स्थापना गर्न र समितिको निर्णयअनुसार अन्य खाता खोल्न सक्ने उल्लेख छ। बोर्डको पर्यटन

सेवा कोषमा गत विगत वर्षको रु.२० करोड ५० लाख मौज्दात रहेको छ। उक्त कोषको आवश्यकता र परिचालन सम्बन्धी कानुनी व्यवस्था नगरी छुट्टै खातामा रकम राख्ने व्यवस्था अन्त्य गर्नुपर्दछ।

७. **लेखापरीक्षण** - नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १८ मा बोर्डको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुने व्यवस्था छ। नियमित रूपमा लेखापरीक्षण गराउनु सञ्चालक समितिको कर्तव्यसमेत हो। बोर्डले विगत ८ वर्षदेखि नियमित लेखापरीक्षण गराएको छैन। सम्बन्धित मन्त्रालयबाट तदारुकता देखाई नियमित रूपमा लेखापरीक्षण गराउनुपर्दछ।

नेपाल पर्यटन बोर्ड (२०७२।७३)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०७३		३१ आषाढ २०७२	
सम्पत्ति				
स्थिर सम्पत्ति	१,३४,१५		१,२९,५३	
चालु सम्पत्ति				
कर्मचारी ऋण सापटी तथा पेश्की	६,४१,२३		५,९०,९६	
नगद तथा बैङ्क मौज्दात	१,०६,३९,२४		९४,८४,६५	
धरौटी	४,५३,५७		४४,५५	
लिन बाकी रकम	१४,०७,२८		१२,८१,७४	
लगानी	८,२४,००		८,२४,००	
स्थगन कर सम्पत्ति	१,४२,७६		१,७३,६०	
जम्मा		**१,४२,४२,२३**		**१,२५,२९,०३**
कार्यक्रम दायित्व				
पर्यटन सेवा कोष	२०,५०,०६		२०,५०,०६	
पर्यटन पूर्वाधार पुनर्निर्माण कोष	१०,००,००		१०,००,००	
यस वर्षसम्म बचत	३०,११,०५		२६,२८,३३	
चालु दायित्व				
आयकर व्यवस्था	२२,७३,०८		१७,७४,५७	
विविध साहु	४१६५८२		३६,४६,२५	
अन्य कोषहरू				
टिम्स कोष	१७,४२,२२		१४,२९,८२	
जम्मा		**१,४२,४२,२३**		**१,२५,२९,०३**

बोर्डको स्थिर सम्पत्ति रु.१ करोड ३४ लाख, लगानी रु.८ करोड २४ लाख, नगद तथा बैङ्क मौज्दात रु.१ अर्ब ६ करोड ३९ लाखसमेत कुल सम्पत्ति रु.१ अर्ब ४२ करोड ४२ लाख रहेकोले गतवर्षको तुलनामा १३.६७ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै पर्यटन सेवा कोषमा रु.२० करोड ५० लाख, विविध साहु रु.२१ करोड ८९ लाख, टिम्स कोष रु. १७ करोड ४२ लाख समेत कोष तथा दायित्व रु.१ अर्ब ४२ करोड ४२ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७२।७३		२०७१।७२	
आम्दानी				
पर्यटन सेवा शुल्क	५०,६१,१७		७३,१३,४६	
पर्यटन मेला सहभागिता शुल्क	१,४१,६६		१,१६,२२	
हल भाडा शुल्क	१,१३		१०	
अन्य आम्दानी	३२,८४		१,५३,४०	
टिम्स आम्दानी	१०,४४,५४		१४,५९,६८	
जम्मा आम्दानी		**६२,८१,३४**		**९०,४२,८६**
खर्च				
प्रशासनिक खर्च	८,६९,२८		९,०७,८७	
पर्यटन बजारीकरण तथा प्रवर्द्धन खर्च	१२,६६,७३		६,२०,१९	
पर्यटन सम्पदा तथा संसाधन विकास खर्च	१४,६२,४५		११,१९,५७	
जन सम्पर्क तथा प्रचार प्रसार खर्च	२,५१,०७		१,६७,०३	
अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च	२०,२३		११,५१	
कर्पोरेट सर्भिस कार्यक्रम खर्च	१,००,५०		९७,७६	
पोखरा कार्यालय कार्यक्रम खर्च	२,९५,१४		५०,०२	
पर्यटन सेवा शुल्क सङ्कलन छुट तथा शुल्क	३,४५,३९		१,७५,७७	
प्रधानमन्त्री राहत कोषमा सहयोग			५,००,००	
पर्यटन सम्पदा पुनः निर्माण कोषमा सहयोग			१०,००,००	
ह्रास कट्टी	२७,२९		३३,८४	
टिम्स कोष खर्च	७,३१,१९		१०,२१,७७	
जम्मा खर्च		**५३,६९,२७**		**५७,०५,३३**
आयकर व्यवस्था अघिको बचत		**९,१२,०७**		**३३,३७,५३**
यस वर्षको	४,९८,५१		१३,९९,८२	
गत वर्षको			४,९४	
स्थगन कर खर्च आम्दानी	(३०,८४)		(७५,१७)	
आयकर		**५,२९,३५**		**१३,२९,५९**
यस वर्षको बचत		**३,८२,७२**		**२०,०७,९४**
गत वर्षसम्मको सञ्चित बचत	२६,२८,३३		६,२०,३९	
हाल सम्मको बचत		**३०,११,०५**		**२६,२८,३३**

बोर्डको यो वर्षको पर्यटन मेला सहभागिता शुल्क रु.१ करोड ४१ लाख ६६ हजार, टिम्स आम्दानी रु.१० करोड ४४ लाख ५४ हजारसमेत कुल आम्दानी रु.६२ करोड ८१ लाख ३४ हजार रहेको छ। त्यसैगरी प्रशासनिक खर्च रु.८ करोड ६९ लाख २८ हजार, टिम्स कोष खर्च रु.७ करोड ३१ लाख १९ हजारसमेत रु.५३ करोड ६९ लाख २७ हजार खर्च भई रु.९ करोड १२ लाख ७ हजार आयकर व्यवस्था अघिको बचत रहेको छ। अघिल्लो वर्षसम्मको बचत रु.२६ करोड २८ लाख ३३ हजार रहेकोमा यो वर्ष रु.३ करोड ८२ लाख ७२ हजार थप भई हालसम्मको बचत रु.३० करोड ११ लाख ५ हजार पुगेको छ।

३. **स्रेस्ता पेस नभएको -** बोर्डको यो वर्षको कारोबारमध्ये आय-व्ययतर्फ रु.२ करोड ९० लाख कारोबारको भौचर तथा सक्कल स्रेस्ताहरू लेखापरीक्षणका लागि पेस गरेको छैन। स्रेस्ता अद्यावधिक नराख्ने तथा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनुपर्दछ।

४. **टिम्स कोष -** बोर्डले टिम्स कोषको आवश्यकता तथा परिचालन मापदण्ड बेगर गत विगत वर्षदेखि दायित्व महलमा टिम्स कोषको रु.८ करोड ४६ लाख समावेश गरेको छ। आवश्यकता बेगर कोष खडा गरी राख्नु औचित्यपूर्ण देखिँदैन। यसरी खर्च गर्न नमिल्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

नेपाल पर्यटन बोर्ड, (२०७१।७२)

१. **वित्तीय स्थिति -** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७२		३२ आषाढ, २०७१	
स्थिर सम्पत्ति				
स्थिर सम्पत्ति	१,२९,५३	१,२९,५३	१,६३,०७	१,६३,०७
चालु सम्पत्ति				
कर्मचारी ऋण सापटी तथा पेस्की	५,९०,९६		६,४२,७४	
नगद तथा बैङ्क मौज्दात	९४,८४,६५		३४,९४,८९	
धरौटी	४४,५५		४४,५५	
लिन बाँकी रकम	१२,८१,७४		१०,२८,६५	
लगानी	८,२४,००		१२,७५,५२	
स्थगन कर सम्पत्ति	१,७३,६०		९८,४३	
जम्मा चालु सम्पत्ति		**१,२३,९९,५०**		**६५,८४,७८**
कुल सम्पत्ति		**१,२५,२९,०३**		**६७,४७,८५**
निर्धारित कोष तथा दायित्व				
पर्यटन सेवा कोष	२०,५०,०६		२०,५०,०६	
पर्यटन पूर्वाधार पुनर्निर्माण कोष	१०,००,००			
यस वर्षसम्म बचत	२६,२८,३३		६,२०,३९	
चालु दायित्व				
आयकर व्यवस्था	१७,७४,५७		३,६९,८१	
विविध साहुहरू	३६,४६,२५		२८,६१,६५	
अन्य कोषहरू				
टिम्स कोष	१४,२९,८२		८,४५,९४	
कुल कोष तथा दायित्व		**१,२५,२९,०३**		**६७,४७,८५**

बोर्डको स्थिर सम्पत्ति गत वर्ष रु.१ करोड ६३ लाख ७ हजार रहेकोमा यो वर्ष २०.५७ प्रतिशतले घट्न गई रु.१ करोड २९ लाख ५३ हजार पुगेको देखिन्छ। यद्यपि बोर्डको कुल सम्पत्ति गत वर्षको तुलनामा ८५.६७ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २५ करोड २९ लाख पुगेको छ। त्यसैगरी बोर्डको कोष तथा दायित्व गत वर्ष रु.६७ करोड ४७ लाख ८५ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब २५ करोड २९ लाख ३ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७१।७२		२०७०।७१	
आम्दानी				
पर्यटन सेवा शुल्क	७३,१३,४६		४५,५९,४४	
पर्यटन मेला सहभागिता शुल्क	१,१६,२२		२,०५,३४	
हल भाडा शुल्क	१०		२,३२	
अन्य आम्दानी	१,५३,४०		९,०१	
टिम्स आम्दानी	१४,५९,६८		१५,६७,७३	
जम्मा आम्दानी		**९०,४२,८६**		**६३,४३,८४**
खर्च				
प्रशासनिक खर्च	९,०७,८७		११,९३,८७	
पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च	६,२०,१९		११,६८,६२	
पर्यटन सम्पदा तथा संसाधन विकास खर्च	११,१९,५७		९,६२,५९	
जन सम्पर्क तथा प्रचार प्रसार खर्च	१,६७,०३		६,०४,७४	
अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च	११,५१		१२,०,३७	
कर्पोरेट सर्भिस कार्यक्रम	९७,७६		३,५८,४३	
पोखरा कार्यालय कार्यक्रम	५०,०२		१,०९,७५	
पर्यटन सेवा शुल्क सङ्कलनमा छुट	१,७५,७७		१,१०,१५	
प्रधानमन्त्री राहत कोषमा सहयोग	५,००,००			
पर्यटन सम्पदा पुननिर्माण कोषमा सहयोग	१०,००,००			
ह्रासकट्टी	३३,८४		३९,६५	
टिम्स खर्च	१०,२१,७७		७,२४,१२	
जम्मा खर्च		**५७,०५,३३**		**५३,९२,२९**
बचत		**३३,३७,५३**		**९,५१,५५**
आयकर	**१३,२९,५९**		**३,३१,१६**	
यस वर्षको	१३,९९,८२		३,३१,१६	
गत वर्षको	४,९४		०	
स्थगन कर खर्च आम्दानी	(७५,१७)		०	
यस वर्षको बचत		**२०,०७,९४**		**६,२०,३९**
गत वर्षसम्मको सञ्चित बचत		**६२०३९**		**-**
हालसम्मको बचत		**२६२८३३**		**६२०३९**

बोर्डको यो वर्षको कुल आम्दानी गत वर्षको तुलनामा ४२.५५ प्रतिशतले वृद्धि भई रु.९० करोड ४२ लाख ८६ हजार तथा खर्च गत वर्षको तुलनामा ५.८१ प्रतिशतले वृद्धि भई रु.५७ करोड ५ लाख ३३ हजार र बचत रु.३३ करोड ३७ लाख ५३ हजार पुगेको छ। आयकरलगायतका खर्च समायोजन गरेपछि अघिल्लो वर्ष रु.६ करोड २० लाख ३९ हजार सञ्चित बचत रहेकोमा यो वर्ष ३२३.६६ प्रतिशतले वृद्धि भई रु.२६ करोड २८ लाख ३३ हजार पुगेको छ।

३. **घटी बैङ्क मौज्दात -** पदयात्री सूचना व्यवस्थापन प्रणाली कार्यविधिमा पदयात्री सूचना व्यवस्थापन प्रणाली अन्तर्गत प्राप्त हुने आयमा लाग्ने कर कटाएर बाँकी हुने आम्दानीको ३० प्रतिशत बोर्डको संस्थागत खातामा राख्नुपर्ने व्यवस्था छ। गतवर्षसम्म उक्त खातामा रु.१५ करोड ६८ लाख आय रहेकोमा यो वर्ष रु.१४ करोड ५५ लाख थपसमेत रु.३० करोड २३ लाख आम्दानी हुनुपर्नेमा दुई बैङ्क खातामा

मौज्दात रु.३० करोड मात्र देखिएकोले रु.२३ लाख घटी मौज्दात देखिन्छ। वित्तीय विवरणमा उल्लेख भए भन्दा बैङ्क खातामा घटी देखिएको मौज्दातका सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ।

४. **बैङ्क रिकन्सिलिएसन** - नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१),३४ (१ग) र ३४(२ख) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको स्रेस्ता अनुसारको मौज्दात हिसाब मिलान गर्नुपर्ने, बोर्डको आम्दानी वा नगद प्राप्त रकम समयमा बैङ्क दाखिला गरी लेखा अद्यावधिक राख्नुपर्ने र नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। बोर्डले पेस गरेको विवरणमा देहायअनुसार एक बैङ्क खातामा स्रेस्ताभन्दा घटी तथा ३ बैङ्क खातामा स्रेस्ताभन्दा बढी मौज्दात देखिएको र एक बैङ्क खाताको स्रेस्ता लेखापरीक्षणमा पेस गरेको छैन। बोर्डले आवश्यक छानबिन गरी बैङ्क हिसाब समायोजन मार्फत घटी/बढी देखिएको हिसाब मिलान गर्नुपर्दछ।

(रु. हजारमा)

विवरण	स्रेस्ताअनुसारको मौज्दात	बैङ्क अनुसारको मौज्दात	फरक रकम	कैफियत
नेपाल इन्भेष्टमेन्ट बैङ्क लि.	११,५१,४९	५२,२०	१०,९९,२९	बैङ्क घटी
मेगा बैङ्क लि.	(९५,८७)	३,७४,९०	२,७९,०३	बैङ्क बढी
नबिल बैङ्क लि.	२२,०९,२८	२४,८७,४६	२,७८,१८	बैङ्क बढी
नबिल बैङ्क लि. प.से.सु. खाता	३८,६३,५२	-	३८,६३,५२	स्रेस्ता पेस नभएको
नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा	७,९१,१२	७,९२,१४	१०२	बैङ्क बढी

५. **भौचर तथा स्रेस्ता परीक्षण** - बोर्डबाट यो वर्ष १२४ वटा आय भौचरको रु.७६ करोड १५ लाख ४२ हजार बराबरको ७७ वटा जर्नल भौचर, रु.५३ लाख बराबरको १६ वटा भुक्तानी भौचर र रु.९९ लाखको १९६ वटा पर्चेज जर्नल भौचर तथा सो सम्बन्धी बिल भरपाई लेखापरीक्षणमा पेस भएको छैन। स्रेस्ता अद्यावधिक नराखेको सम्बन्धमा छानबिन गरी खर्च तथा आम्दानीको यथार्थता यकिन गर्नुपर्दछ।

६. **स्वास्थ्य उपचार भत्ता** - नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ को विनियम ३८२ मा कर्मचारी तथा निजको आश्रित परिवारको स्वास्थ बिमा गर्नुपर्ने व्यवस्था छ। बोर्डले नियमावलीमा भएको व्यवस्था विपरीत २०७०।२।१३ मा निमित्त कार्यकारी प्रमुखबाट २०७०।४।१३ बाट लागु हुने गरी प्रत्येक कर्मचारीलाई २ महिनाको तलबले हुने रकम स्वास्थ्य उपचार भत्ता बापत २०७१ माघ र फागुन महिनामा रु.३७ लाख ९२ हजार खर्च लेखेको देखियो। कानुन विपरीत भुक्तानी गरेको सम्बन्धमा छानबिन गरिनुपर्दछ।

७. **बजेटभन्दा बढी खर्च** - एक पर्वतारोही समूहको प्रस्ताव अनुसार बोर्डले विश्वका ७ वटै महादेशका सर्वोच्च शिखर हिमाल आरोहण गरेका नेपाली महिलालाई सम्मान गर्ने शीर्षकमा रु.१० लाख बजेट व्यवस्था गरेकोमा रु.३५ लाख २९ हजार खर्च लेखेको देखियो। स्वीकृत बजेटभन्दा बढी रु.२५ लाख २९ हजार खर्च लेख्न आदेश दिने र खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउन छानबिन गरिनुपर्दछ।

नेपाल पर्यटन बोर्ड, (२०७०।७१)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०७१		३१ आषाढ २०७०	
स्थिर सम्पत्ति				
स्थिर सम्पत्ति	१,६३,०७	१,६३,०७	१,३२,७०	१,३२,७०
चालु सम्पत्ति				
कर्मचारी ऋण सापटी तथा पेश्की	६,४२,७४		६,११,१८	
नगद तथा बैङ्क मौज्दात	३४,९४,८९		२२,६९,५९	
धरौटी	४४,५५		४४,५५	
लिन बाँकी रकम	१०,२८,६५		४,२९,०३	
लगानी	१२,७५,५२		१२,७५,५२	
स्थगन कर सम्पत्ति	९८,४३		९८,४३	
जम्मा चालु सम्पत्ति		**६५,८४,७८**		**४७,२८,३०**
कुल सम्पत्ति		**६७,४७,८५**		**४८,६१,००**
निर्धारित कोष तथा दायित्व				
पर्यटन सेवा कोष	२०,५०,०६		२,१०२,५७	
यस वर्षसम्म बचत	६,२०,३९		(५२,५०)	
चालु दायित्व				
आयकर व्यवस्था	३,६९,८१		३८,६५	
विविध साहुहरू	२८,६१,६५		१९,२६,३४	
अन्य कोषहरू				
टिम्स कोष	८,४५,९४		८,४५,९४	
कुल कोष तथा दायित्व		**६७,४७,८५**		**४८,६१,००**

बोर्डको स्थिर सम्पत्ति गत वर्षको तुलनामा २२.८९ प्रतिशतले वृद्धि भई रु.१ करोड ६३ लाख ७ हजार, लगानी रु.१२ करोड ७५ लाख ५२ हजार, कर्मचारी सापटी रु.६ करोड ४२ लाख ७४ हजार, नगद तथा बैङ्क रु.३४ करोड ९४ लाख ८९ हजार तथा अन्य ३ शीर्षकको सम्पत्ति रु.११ करोड ७१ लाख ६३ हजारसमेत कुल सम्पत्ति रु.६७ करोड ४७ लाख ८५ हजार रहेको देखिन्छ। त्यसैगरी पर्यटन सेवा कोष रु.२० करोड ५० लाख ६ हजार, यस वर्षसम्मको बचत रु.६ करोड २० लाख ३९ हजार, आयकर व्यवस्था रु.३ करोड ६९ लाख ८१ हजार, विविध साहु रु.२८ करोड ६१ लाख ६५ हजार र टिम्स कोष रु.८ करोड ४५ लाख ९४ हजारसमेत कुल कोष तथा दायित्व रु.६७ करोड ४७ लाख ८५ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७०।७१		२०६९।७०	
आम्दानी				
पर्यटन सेवा शुल्क	४५,५९,४४		३३,७१,१८	
पर्यटन मेला सहभागिता शुल्क	२,०५,३४		२,०७,८७	
हल भाडा शुल्क	२,३२		१५,५७	
अन्य आम्दानी	९,०१		१,१०,७१	
टिम्स आम्दानी	१५,६७,७३		१२,८४,४१	
जम्मा आम्दानी		**६३,४३,८४**		**४९,८९,७४**
खर्च				

विवरण	२०७०।७१		२०६९।७०	
प्रशासनिक खर्च	११,९३,८७		९,४६,५२	
पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च	११,६८,६२		११,८६,०२	
पर्यटन सम्पदा तथा संसाधन विकास खर्च	९,६२,५९		८,५८,०७	
जन सम्पर्क तथा प्रचार प्रसार खर्च	६,०४,७४		६,५०,१५	
अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च	१,२०,३७		२,००,३७	
कर्पोरेट सर्भिस कार्यक्रम	३,५८,४३		२,८२,५८	
पोखरा कार्यालय कार्यक्रम	१,०९,७५		१,९८,७५	
पर्यटन सेवा शुल्क सङ्कलनमा छुट	१,१०,१५		-	
कार्यक्रम अनुदान	-		७,७१	
ह्रासकट्टी	३९,६५		२८,९८	
टिम्स खर्च	७,२४,१२		८,५६,२८	
जम्मा खर्च		**५३,९२,२९**		**५२,१५,४३**
बचत		**९,५१,५५**		**(२,२५,६९)**
आयकर		**३,३१,१६**		**३४,४१**
यस वर्षको	३,३१,१६		३८,६५	
गत वर्षको	०		९४,१९	
स्थगन कर खर्च आम्दानी	०		(९८,४३)	
यस वर्षको बचत		**६,२०,३९**		**(२,२५,६९)**
गत वर्षसम्मको सञ्चित बचत		**-**		**(१३०५७)**
हालसम्मको बचत		**६,२०,३९**		**(३,५६,२६)**

बोर्डको कुल आम्दानी गत वर्ष रु.४९ करोड ८९ लाख ७४ हजार रहेकोमा यो वर्ष २७.१४ प्रतिशतले वृद्धि भई रु.६३ करोड ४३ लाख ८४ हजार रहेको देखिन्छ। त्यसै गरी कुल खर्च गत वर्ष रु.५२ करोड १५ लाख ४३ हजार रहेकोमा यो वर्ष रु.५३ करोड ९२ लाख २९ हजार भएको छ। बोर्डको सञ्चित घाटा गत वर्षसम्म रु.३ करोड ५६ लाख २६ हजार रहेकोमा यो वर्ष रु.६ करोड २० लाख ३९ हजार बचत भएको देखिन्छ। सोअनुसार २०७०।७१ सम्मको सञ्चित बचत रु.२ करोड ६४ लाख १३ हजार ञहुनुपर्नेमा वित्तीय विवरणमा पुरानो नोक्सानी समायोजन नगरेकोले २०७०।७१ सम्मको सञ्चित बचत रु.६ करोड २० लाख ३९ हजार देखाइएको छ।

३. **वित्तीय विवरण -** बोर्डको वासलात अनुसार स्थिर सम्पत्ति गत वर्ष रु.१ करोड ३३ लाख र यस वर्ष रु.१ करोड ६३ लाख उल्लेख गरेकोमा सोको विस्तृत विवरण तयार गरेको देखिएन। तुलनात्मक आय-व्यय विवरण अनुसार गत वर्षसम्मको सञ्चित बचत ऋणात्मक रु.३ करोड ५६ लाख २६ हजार उल्लेख गरेकोमा यो वर्ष जिम्मेवारी सारेको छैन। गत वर्षको तुलनात्मक वासलातमा समेत सो रकमको सट्टामा रु.५३ लाख ऋणात्मक उल्लेख गरेको छ। तुलनात्मक नगद प्रवाह विवरण अनुसार गत वर्षको अन्तिम मौज्दात रु.१९ करोड ५० लाख उल्लेख भएकोमा यो वर्ष रु.२२ करोड ७० लाख जिम्मेवारी सारेको छ।त्यसैगरी यस वर्षको सञ्चालन गतिविधिबाट जम्मा नगद प्रवाह रु.१२ करोड ९५ लाख उल्लेख गरेकोमा सोअन्तर्गतका शीर्षकहरूको जोडजम्मा रु.१४ करोड ११ लाख हुन आउँछ। यसरी तुलनात्मक वासलात, आय विवरण र नगद प्रवाह विवरणमा मौज्दात, जोडजम्मा फरक परेको र फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाबमिलान गर्नुपर्दछ।

४. **खर्चको विवरण र अनुगमन -** नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) बिच २०६९।६।२८ मा भएको समझदारी पत्रको बुँदा नं. १५(ख) मा पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) अन्तर्गत प्राप्त भएको रकमको एक तिहाइ टानले पाउने र उक्त रकम जिम्मेवार पर्यटनका अवधारणा अनुसार पदयात्रा पर्यटनको क्षेत्रमा आफूसँग सम्बन्धित कम्पनीमा कार्यरत मजदुरको बीमा, उद्धार, स्वास्थ्योपचार लगायत मजदुरसँग प्रत्यक्ष सरोकारका विषय र टिम्स व्यवस्थापनको सन्दर्भमा हुने प्रशासनिक खर्च, टानको क्षमता अभिवृद्धि तथा पदयात्रा मार्ग प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा नेपाल पर्यटन बोर्डसँगको सहकार्य तथा समन्वयमा खर्च गर्नसक्ने उल्लेख छ। यो वर्ष बोर्डले टिम्स कार्ड आम्दानीमध्ये रु.१ करोड ६२ लाख टानलाई भुक्तानी गरेकोमा समझदारीपत्रमा उल्लेख भए बमोजिम खर्चको विवरण तथा प्रगति विवरण पेस गरेको छैन। उक्त रकम सम्बन्धित क्षेत्रमा खर्च भएको यकिन हुने प्रमाण तथा अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ।

५. **बैङ्क रिकन्सिलिएसन -** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१),३४ (१ग) र ३४(२ख) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको स्रेस्ताअनुसार मौज्दात हिसाब मिलान गर्नुपर्ने, बोर्डको आम्दानी वा नगद प्राप्त रकम समयमा बैङ्क दाखिला गरी लेखा अद्यावधिक राख्नुपर्ने र नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। बोर्डले कारोबार सम्पन्न भएको ४ वर्षपछि बैङ्क मौज्दात भिडान तथा बैङ्क हिसाबमिलान विवरण तयार गरेकोमा लेजर (खाता) र बैङ्क प्रमाणपत्र अनुसार ४ बैङ्क खातामा लेजरभन्दा रु.३ करोड ८५ लाख घटी र एक बैङ्क खातामा लेजरमा भन्दा रु.२ करोड ५७ लाख १५ हजार बढी तथा समग्रमा खाताले देखाएको भन्दा बैङ्कमा रु.१ करोड २७ लाख ८५ हजार घटी रहेको देखिन्छ। स्रेस्ताभन्दा बैङ्क घटी रहेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **विविध साहु -** बोर्डले विभिन्न फर्म, व्यक्ति तथा संस्थाहरूलाई तिर्न बाँकी साहु शीर्षकमा रु.७ करोड ३१ लाख देखिएको मध्ये बोर्डकै महाशाखाहरूको नाममा समेत तिर्न बाँकी जनाई एकमुष्ट दायित्व रु.२ करोड २९ लाख देखाएको छ। उक्त तिर्न बाँकी उल्लेख गरी सिर्जना भएको दायित्वलाई बिल, भर्पाई र प्रमाण कागजातबिना बोर्डको २०७१।४।२ को १९२औं बैठकको निर्णयले स्वीकृत गरेको नियमसम्मत देखिएन।

७. **भौचर तथा स्रेस्ता परीक्षण -** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १८ मा बोर्डले नगदी र जिन्सीको भौतिक परीक्षण गरी बोर्डको वार्षिक कारोबारको स्थिति, आय-व्यय तथा अन्य हिसाब र वासलातसहितको आर्थिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पेस गर्नुपर्ने उल्लेख छ। बोर्डको अन्तिम लेखापरीक्षणको लागि आय-व्यय विवरणसहित स्रेस्ता माग गरिएकोमा रु.२४ लाख ३२ हजार बराबरको ९ वटा खर्चको जर्नल भौचर, रु.१६ लाख ५७ हजार बराबरको ६ वटा पर्चेज जर्नल भौचर र रु.१९ करोड ३७ लाख ८५ हजार बराबरको ७३२ वटा भुक्तानी भौचरको स्रेस्ता छानबिनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाएको जनाएको छ। साथै, रु.३३ लाख ६ हजार बराबरको ७ वटा आम्दानी भौचर, रु.१० करोड ७७ लाख ४३ हजार बराबरको १७६ वटा जर्नल भौचर, रु.७ करोड ४९ लाख ४२ हजार बराबरको २५८ वटा

पर्चेज जर्नल भौचर र रु.१२ करोड २७ लाख ७१ हजार बराबरको ३९१ वटा भुक्तानी भौचरको स्रेस्ता हराएको जनाई लेखापरीक्षणका लागि पेस गरेको छैन। स्रेस्ता अद्यावधिक नराख्ने पदाधिकारीलाई आवश्यक कारबाही गरी उक्त कारोबारको सम्बन्धमा छानबिन गरी खर्च तथा आम्दानीको यथार्थता यकिन गर्नुपर्दछ।

नेपाल वायुसेवा निगम (२०८०।८१)

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम यस निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालनमा रहेको छ। नेपालभित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल १६ आन्तरिक र १० अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ। उक्त सेवाको लागि निगममा २ हजार ३६९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा स्थायी ८८३, करार ३०७ र ज्यालादारी २७७ समेत १ हजार ४६७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	३४,३७,६५		३६,६१,४७	
अमूर्त सम्पत्ति	२,४६		३,३४	
सम्बद्ध कम्पनीमा लगानी	२९,६२		२६,४२	
वित्तीय लगानी	२६,६९		२६,२५	
स्थगन कर	३,५७,८६		३,५६,३३	
कुल गैर चालु सम्पत्ति		**३८,५४,२८**		**४०,७३,८१**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	१,३१,२२		१,६७,८८	
व्यापारिक प्राप्य	१,२९,८०		१,२२,७७	
जिन्सी मौज्दात	४,२६,३९		३,९९,०१	
पेस्की र निक्षेप	३,८६,३६		२,६८,३०	
चालु कर सम्पत्ति	५२,८३		३१,९५	
अन्य चालु सम्पत्ति	११,४३		१२,८६	
कुल चालु सम्पत्ति		**११,३८,०३**		**१०,०२,७७**
कुल सम्पत्ति		**४९,९२,३१**		**५०,७६,५८**
सेयर होल्डर इक्विटी				
सेयर पुँजी	१६,२३		१६,२३	
अन्य इक्विटी	२,९४,१६		२,९४,१६	
सञ्चित नाफा/(नोक्सान)	(१७,६७,६०)		(१५,६२,३७)	
अन्य कोष	७,८७,१६		८,०४,०२	
कुल इक्विटी		**(६,७०,०५)**		**(४,४७,९६)**
गैर चालु दायित्व				
सापटी	३५,४५,२५		३५,७०,६९	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
व्यवस्था	२,६४,८५		२,७०,२४	
अन्य गैर चालु दायित्व				
कुल गैर चालु दायित्व		**३८,१०,१०**		**३८,४०,९३**
चालु दायित्व				
अल्पकालीन सापटी	१४,२३,६८		१२,९८,३७	
व्यापारिक दायित्व	२,५०,०८		२,२८,३४	
स्थगन आय	१,००,२३		१,०७,५६	
चालु कर दायित्व	०		०	
व्यवस्था	७८,२७		४९,३४	
कुल चालु दायित्व		**१८,५२,२६**		**१६,८३,६१**
कुल पुँजी तथा दायित्व		**४९,९२,३१**		**५०,७६,५८**

गत वर्षको तुलनामा यस वर्ष निगमको कुल गैर चालु सम्पत्ति ५.३९ प्रतिशतले न्यून रु.३८ अर्ब ५४ करोड २८ लाख रहेको छ। कुल चालु सम्पत्ति १३.४९ प्रतिशतले बढेर रु.११ अर्ब ३८ करोड ३ लाख पुगेको छ। सञ्चित नोक्सान १३.१४ प्रतिशतले वृद्धि भई रु.१७ अर्ब ६७ करोड ६० लाख पुगेको छ। त्यसै गरी कुल इक्विटी ४९.५८ प्रतिशतले न्यून रु.६ अर्ब ७० करोड ५ लाख ऋणात्मक रहेको छ। कुल गैर चालु दायित्व ०.८० प्रतिशतले घटी रु.३८ अर्ब १० करोड १० लाख कायम रहेको छ। कुल चालु दायित्व १०.०२ प्रतिशतले बढेर रु.१८ अर्ब ५२ करोड २६ लाख पुगेको छ। कुल सम्पत्ति र पुँजी तथा दायित्व १.६६ प्रतिशतले घटी रु.४९ अर्ब ९२ करोड ३१ लाख रहेको छ।

२. **सञ्चालन नतिजा -** निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय	२०,७४,८२		२३,३६,९७	
बिक्रीको लागत	१७,४९,१०		(१९,०४,०९)	
खुद सञ्चालन आय		**३,२५,७२**		**४,३२,८८**
प्रशासनिक तथा साधारण खर्च	७६,१७		७२,०९	
कर्मचारी खर्च	१,३६,७०		१,२३,४९	
ह्रास कट्टी र परिशोधन खर्च	३,९७		३,४७	
अन्य सञ्चालन खर्च				
कुल सञ्चालन खर्च		**२,१६,८४**		**१,९९,०५**
कुल नाफा/(नोक्सान)		**१,०८,८८**		**२,३३,८३**
गैर सञ्चालन आय/खर्च				
सम्बद्ध कम्पनीबाट प्राप्त आय	५,८३		६,४३	
गैर सञ्चालन आय	२७,४८		२३,६३	
वित्तीय आम्दानी	८,२६		१२,६१	
गैर सञ्चालन खर्च	(२५)		-	
वित्तीय खर्च	(३,४९,२२)		(३,५९,५९)	
वैदेशिक मुद्रा विनिमय नाफा/(नोक्सान)	(१,८६)		१,४८	
कुल गैर सञ्चालन आय/(खर्च)		**(३,०९,७६)**		**(३,१५,४४)**
क्षयीकरण अघिको नाफा/(नोक्सान)		**(२,००,८८)**		**(८१,६१)**

विवरण	२०८०।८१		२०७९।८०	
क्षयीकरण (नोक्सान)/फिर्ता		९८		४,४३
कर अघिको मुनाफा/(नोक्सान)		(१,९९,९०)		(७७,१८)
चालु कर खर्च	०		०	
स्थगन कर आय/(खर्च)		(४,०९)		३५,९४
करपछि मुनाफा/(नोक्सान)		(२,०३,९९)		(४१,२४)

निगमको गत वर्षको तुलनामा यस वर्ष सञ्चालन आयमा ११.२१ प्रतिशतले कमी भई रु.२० अर्ब ७४ करोड ८२ लाख रहेको छ। खुद सञ्चालन आय २४.७६ प्रतिशतले कमी भई रु.३ अर्ब २५ करोड ७२ लाख कायम भएको छ। करपछिको नोक्सानी ३९४.६४ प्रतिशतले बढेर रु.२ अर्ब ३ करोड ९९ लाख पुगेको छ। बिक्री आम्दानी घटेको र सञ्चालन खर्च बढेका कारण निगमको घाटा यो वर्ष ठूलो अनुपातमा बढ्न गएको छ।

निगम निरन्तर नोक्सानीमा रहेकोले निगमको सञ्चित नोक्सानी बढेको, ऋण पुँजीमा सुधार नभएको र गैर चालु सम्पत्ति घटेको स्थितिले निगमको समग्र वित्तीय स्थिति कमजोर रहेको देखिन्छ। निगमले विमानको प्रकृति तथा उडानको क्षेत्रअनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी सञ्चालन रणनीति तय गरेको छैन। निगमको व्यवस्थापन दक्षता अभिवृद्धि गरी समग्र वित्तीय स्थितिमा सुधार ल्याउनुपर्दछ।

३. **आसामी -** निगमको २०८१ आषाढ मसान्तको आसामी (व्यापारिक प्राप्य) रु.१ अर्ब २९ करोड ७९ लाख ८६ हजारको सम्बन्धित पार्टीबाट समर्थन नलिएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन। समर्थनपत्र लिई आसामीको लेखाङ्कन गर्नुपर्दछ।

४. **पुँजी संरचना -** निगमको पुँजी संरचना देहायानुसार छः

(रु. लाखमा)

विवरण	यस वर्ष	गत वर्ष
अधिकृत पुँजी	३०,००	३०,००
चुक्ता पुँजी	१६,२३	१६,२३
अन्य पुँजी (इक्विटी)		
नेपाल सरकारको लगानी	२१,७०	२१,७०
नेपाल सरकारको लगानी (एम.ए-६० को लागि)	२,१३,८९	२,१३,८९
नेपाल सरकारको लगानी (वाई१२-ई को लागि)	५८,५७	५८,५७
अन्य पुँजी जम्मा	**२,९४,१६**	**२,९४,१६**

निगमको वित्तीय विवरणअनुसार चुक्ता पुँजी रु.१६ करोड २३ लाख र अन्य पुँजी (इक्विटी) रु.२ अर्ब ९४ करोड १६ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार निगममा नेपाल सरकारको सेयर लगानी रु.३ अर्ब १० करोड ३९ लाख रहेको छ। निगमले नेपाल सरकारबाट लगानी भएको रु.२ अर्ब ९४ करोड १६ लाख सेयरको लगत अद्यावधिक गरेको छैन।

५. **विमानको अवस्था** - नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकताअनुसार मर्मत, सम्भार, संरक्षण, लिलाम बिक्री वा मिनाहा गर्नुपर्ने व्यवस्था छ। निगमको २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार निगमको स्वामित्वमा निम्नानुसारका १३ विमान रहेको देखिन्छः

क्र.सं.	विमानको प्रकार	सङ्ख्या	प्राप्त मिति	अवस्था
१	एयरबस ए३२०-२००	२	२०१५	सञ्चालनमा रहेको।
२	एयरबस ए३३०-२००	२	२०१८	सञ्चालनमा रहेको।
३	एम.ए. ६०	१	एम.ए. ६० (९एन.ए.के.क्यू.) २०१४	२०७७।३।१६ देखि सञ्चालनमा नरहेको। (भूमिस्थ)
		१	एम.ए. ६० (९एन.ए.के.आर.) २०१७	
४	वाई १२ ई	१	वाई १२ ई (९एन.ए.के.एस.) २०१४	सम्पूर्ण जहाजहरू २०७७।३।१६ देखि सञ्चालनमा नरहेको तथा ४ जहाजमध्ये १ जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ जहाज भूमिस्थ।
		१	वाई १२ ई (९एन.ए.के.टी.) २०१७	
		१	वाई १२ ई (९एन.ए.के.यू.) २०१८	
		१	वाई १२ ई (९एन.ए.के.भी.) २०१८	
५	डी.एच.सी. -६	३	डी.एच.सी. -६-३०० (९एन-ए.बी.टी. र ९एन-ए.बी.यू.) १९८४	सञ्चालनमा रहेको।
			डी.एच.सी. -६-३०० (९एन-ए.बी.एक्स) १९८४	९एन-ए.बी.एक्स जहाज २०१२ अगष्ट देखि भूमिस्थ रहेको।

उल्लिखित विवरणअनुसार निगमका १३ विमानमध्ये एक वाई १२ ई जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ वाई १२ ई, २ एम.ए. ६० र १ डी.एच.सी.-६ समेत ६ जहाज सञ्चालनमा रहेका छैनन्। उल्लिखित विमानहरूको विङ लाइफ एक्सटेन्सन गर्न बाँकी रहेको, जगेडा इन्जिन नभएको र एयर वर्थिनेस सर्टिफिकेट बाँकी रहेको जस्ता कारणले विमान सञ्चालनमा नभएको जिन्सी प्रतिवेदनमा उल्लेख छ। निगमले भूमिस्थ (ग्राउण्डेड) रहेको जहाजको मर्मत सम्भार नगरेकोले जहाजको भौतिक संरचनामा समेत ह्रास आएको छ। जहाज भूमिस्थ भइरहँदा एकातर्फ निगमको आन्तरिक उडानतर्फको आम्दानी घट्दै गएको र अर्कोतर्फ नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पार्किङ शुल्क तिर्नुपर्दा निगमलाई थप व्ययभार परेको छ। जहाज भूमिस्थ हुनुको कारण पहिचान गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

६. **उडान लक्ष्य प्रगति -** निगमको २०८०।८१ को निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

क्षेत्र	उडान लक्ष्य	उडान सङ्ख्या	उडान प्रतिशत
अन्तर्राष्ट्रिय	५१५०	३३४२	६४.८९
आन्तरिक	२८३८	१६२८	५७.३६

उल्लखित विवरणअनुसार यो वर्ष अन्तर्राष्ट्रियतर्फ ५ हजार १५० र आन्तरिकतर्फ २ हजार ८३८ उडान गर्ने लक्ष्य रहेकोमा अन्तर्राष्ट्रियतर्फ ३ हजार ३४२ र आन्तरिकतर्फ १ हजार ६२८ उडान मात्र भएको पाइयो। गत वर्षको तुलनामा निगमले अन्तर्राष्ट्रियतर्फ २३७ उडान (६.६२ प्रतिशत) घटी र आन्तरिकतर्फ ५४ उडान (३.४३ प्रतिशत) बढी सञ्चालन गरेको छ।

७. **एयर बस विमान खरिद ऋण -** निगमले एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोषसँग रु.२१ अर्ब ९७ करोड ७२ लाख र नागरिक लगानी कोषसँग रु.१२ अर्ब ऋण लिएकोमा सो सम्बन्धी बेहोरा निम्नानुसार छन्ः

७.१. नेपाल वायु सेवा निगम र कर्मचारी सञ्चय कोषबिच २०७०।३।४ मा २ थान एयरबस-३२० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौताअनुसार १ थान एयरबस ३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ऋण लिएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज भुक्तानी नगरेका कारण

साँवा रु.२० अर्ब ४६ करोड २९ लाख र ब्याज रु.६ अर्ब ४८ करोड ६१ लाखसमेत रु.२६ अर्ब ९४ करोड ९० लाख तिर्न बाँकी देखाएको छ। तथापि सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८१ आषाढ मसान्तमा साँवा रु.२१ अर्ब ९७ करोड ७२ लाख र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.६ अर्ब ५९ करोड ६३ लाखसमेत रु.२८ अर्ब ५७ करोड ३५ लाख देखाएकोले फरक रु.१ अर्ब ६२ करोड ४५ लाख फरक सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

७.२. नेपाल वायुसेवा निगम र नागरिक लगानी कोषबिच २०७४।२।२९ मा १ थान एयरबस ३३० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.१२ अर्ब ऋण लिएकोमा निगमले नियमित रूपमा किस्ता र ब्याज भुक्तानी नगरेका कारण साँवा रु.१२ अर्ब र ब्याज रु.५ अर्ब ३८ करोड ५६ लाखसमेत रु.१७ अर्ब ३८ करोड ५६ लाख भुक्तानी गर्न बाँकी देखाएको छ। नागरिक लगानी कोषले ब्याज र पेनाल ब्याजसमेत पुँजीकृत गरी २०८१ आषाढ मसान्तमा साँवा रु.१२ अर्ब र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.७ अर्ब ३९ करोड १० लाखसमेत रु.१९ अर्ब ३९ करोड १० लाख देखाएकोले फरक रु.२ अर्ब ५४ लाख सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्न बाँकी ब्याज क्रमशः रु.६ अर्ब ४८ करोड ६१ लाख र रु.५ अर्ब ३८ करोड ५६ लाख लेखाङ्कन गरेको छ। निगम र कर्मचारी सञ्चय कोषबिचको ऋण र ब्याज हिसाबमा रु.१ अर्ब ६२ करोड ४५ लाख र नागरिक लगानी कोषबिचको हिसाबमा रु.२ अर्ब ५४ लाखसमेत रु.३ अर्ब ६२ करोड ९९ लाख फरक देखिएको छ। निगमले फरक हिसाब भिडान गरी मिलान गर्नुका साथै तोकिएको समयमा सम्झौतानुसार ऋणको साँवा/ब्याज चुक्ता गर्नुपर्दछ।

७.३. निगमले ए-३२० र ए-३३० एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग गरेको ऋण सम्झौतामा साँवा र ब्याजको किस्तालाई खाम्ने गरी टिकट बिक्रीबाट प्राप्त हुने कुल आयको कम्तीमा ३० प्रतिशत रकम कर्जा नियमित गर्ने प्रयोजनको लागि कोषले तोकेको बैङ्कमा विशेष कोष खडा गरी मासिक रूपमा रकम जम्मा गर्ने र सो रकम कोषको कर्जा तिर्ने प्रयोजनको निमित्त उपयोग गर्नुपर्ने उल्लेख छ। निगमले सम्झौताअनुरूप विशेष कोष खडा गरे तापनि आयको निश्चित रकम जम्मा गरेको नदेखिएकाले सम्झौताअनुसार कोषमा रकम जम्मा गर्नुपर्दछ।

८. **अन्य ऋण** - निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौताबमोजिमको साँवा/ब्याज तिरेको छैन। यस्तो ऋण दायित्वलाई निगमले असुरक्षित ऋणअन्तर्गत यो वर्ष रु.२ अर्ब १० करोड ११ लाख र अल्पकालीन ऋणअन्तर्गत अर्को वर्ष तिर्नुपर्ने ऋणमा रु.१ अर्ब ५८ करोड ७७ लाखसमेत रु.३ अर्ब ६८ करोड ८८ लाख देखाएको छ। नेपाल सरकारको ऋणको तिर्न बाँकी ब्याज रु.५६ करोड ६० लाख, एम.ए-६० सफ्ट लोनबापतको तिर्न बाँकी ब्याज रु.११ करोड ५५ लाख र वाई१२ई विमानको ऋणबापतको तिर्न बाँकी ब्याज रु.९ करोड ५९ लाखसमेत तिर्न बाँकी ब्याज रु.७७ करोड ७४ लाख रहेको छ। यसरी असुरक्षित ऋण, अल्पकालीन ऋण र सोको ब्याजसमेत रु.४ अर्ब ४६ करोड ६२ लाख तिर्न बाँकी देखिन्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋण रु.३ अर्ब ६१ करोड ६३ लाखमात्र देखिएकाले लेखाङ्कन गरेको ऋण

(ब्याजबाहेक) रु.७ करोड २५ लाखले बढी देखिन्छ। निगमले लेखाङ्कन गरेको ऋणको हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

९. **उपदान तथा कर्मचारी सुविधा -** निगमको कर्मचारी सेवा सर्त विनियमावली, २०५८ मा व्यवस्था भएबमोजिम निगमको दीर्घकालीन कर्मचारी उपदानको दायित्वबापतको व्यवस्था रु.१ अर्ब ४७ करोड ५४ लाख र औषधि उपचार तथा बिदाको दायित्वबापतको व्यवस्था रु.१ अर्ब १७ करोड ३१ लाखसमेत २०८१ आषाढ मसान्तसम्म दीर्घकालीन कर्मचारी दायित्व रु.२ अर्ब ६४ करोड ८५ लाख रहेकोमा सो बमोजिम अवकाश कोषमा रकम व्यवस्था हुन सकेको छैन। यसबाट भविष्यमा दायित्व सिर्जना हुने तर कर्मचारीलाई भुक्तानी दिन नसकिने अवस्था हुने हुँदा दायित्व बराबरको रकम व्यवस्था गरी कोषमा जम्मा गर्नुपर्दछ।

१०. **व्यावसायिक योजना -** निगमले २०१४ देखि २०२१ सम्ममा दश वर्षीय योजना (२०१८-२०२८), अन्तरिम व्यावसायिक योजना २०१६ र व्यावसायिक योजना (२०२१-२०३०) समेत तीन व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयनमा रहेका छन्। निगमको पछिल्लो कार्य योजनाअनुसार सन् २०२४ सम्म अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी विमान ८ थान, वाईडबडी २ थान र आन्तरिक उडानको लागि ट्रङ्क विमान ४ थान एवं स्टल विमान ४ थान थप गरी विमानको सङ्ख्या १८ पुऱ्याउने लक्ष्य रहेको छ। उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ १० वर्षको अवधिमा कुल सिट उत्पादनको ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा केन्द्रित रहने लगायतका बेहोरा उल्लेख भएकोमा हालसम्म न्यारोबडी, वाईडबडी, ट्रङ्क र स्टललगायतका विमानहरू थप हुन नसकेको एवं युरोप र अष्ट्रेलियामा उडान सुरु गर्न सकेको छैन। योजनाको लक्ष्यअनुसार कार्यान्वयनको अवस्था कमजोर देखिएकोले निगमले बजार र प्रतिस्पर्धाको अवस्था अनुरूप अध्ययन, विश्लेषण गरी व्यावसायिक योजनाको पुनरावलोकन गर्नुपर्दछ।

११. **विमान उडान -** निगमको सञ्चालक समितिले २ वाईडबडी विमान सञ्चालनको लागि २०७३।६।८ मा व्यावसायिक योजना स्वीकृत गरी खरिद गरेका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापानको नारिता, चीनको ग्वानजाउ र दक्षिण कोरियाको सोलमा २०७५ चैत्र मसान्तसम्म उडान गरिसक्ने लक्ष्य रहेकोमा नारिताबाहेक अन्य गन्तव्यमा यो वर्षको अन्त्यसम्म पनि उडान हुन सकेको देखिएन। न्यारोबडी २ विमान ए-३२० ए.के.डब्लु. र ए-३२० एएलजेडको उडान प्रतिदिन १२.११ र ३.७० घण्टा मात्र रहेको छ। लामो दुरीको उडान गन्तव्यको अभावमा वाईडबडी विमान पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। वाईडबडी विमान ए-३३० ए.एल.वाई. र ए-३३० ए.एल.जेड. को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रतिदिन क्रमशः ८.२७ र ८.५७ घण्टा मात्र उडान गरेको देखिन्छ। निगमले थप उडानका क्षेत्रहरू पहिचान गरी विमानको अधिकतम उडान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **पुनर्मूल्याङ्कन तथा बिक्री -** निगमले सन् १९८८ मा खरिद गरेको बोइङ ७५७/९ एन.ए.बी.सी. जहाजको इन्जिनको म्याद ३० वर्ष रहेकोले २०१९ सम्म बिक्री गरी सक्नुपर्ने गरी सञ्चालक समितिबाट २०७५।२।२९ मा लिलाम बिक्रीका लागि प्रक्रिया अगाडि बढाउन निगमलाई निर्देशन दिएको देखिन्छ। निगमले विमान बिक्रीका लागि अमेरिकी डलर ५२ लाख ९६ हजार ७३० र अन्य बाह्य पार्टपूर्जाहरूको बिक्रीका लागि अमेरिकी डलर २३ लाख ८० हजारसमेत अमेरिकी डलर ७६ लाख ७६ हजार ७३० बिक्री मूल्य कायम गरी दुई पटक बोलपत्र आह्वान गरेकोमा पहिलो पटक निर्धारित बिक्री मूल्यभन्दा न्यून कबोल गरेको र दोस्रो पटक कुनै बोलपत्र दर्ता नभएकोले तीन प्रस्तावदातासँग

वार्ताको आधारमा प्रस्ताव माग गरी एक प्रस्तावदातासँग सम्झौता गरे तापनि प्रस्तावदाताले कबोल गरेको रकम अमेरिकी डलर ५७ लाख १० हजार तोकिएको समयमा दाखिला गर्न नसकी निजले धरौटीबापत राखेको अमेरिकी डलर २ लाख ८४ हजार ९७५ जफत गरेको छ।

सञ्चालक समितिको २०८०।६।२ बैठकले वार्ताको आधारमा बिक्री/लिलाम गर्ने व्यवस्थाको लागि नेपाल वायुसेवा निगम वार्ताद्वारा वायुयान बिक्री/लिलामसम्बन्धी कार्यविधि, २०७६ को दफा ४ बमोजिम उक्त विमानको पुनः मूल्याङ्कन गराई पेस गर्न निर्देशन भएअनुसार मूल्याङ्कन समितिले २०८१।१।३१ मा निगमका कार्यकारी अध्यक्षसमक्ष मूल्याङ्कन प्रतिवेदन उपलब्ध गराएकोमा कार्यकारी अध्यक्षबाट २०८१।२।३ मा मूल्याङ्कन प्रतिवेदन पेस गरेको देखिन्छ। सञ्चालनमा नरहेको उक्त जहाजको लागि निगमले प्रत्येक वर्ष मर्मत, इन्धन, बिमा, ल्याण्डिङ्ग, पार्किङ्ग र अन्य शुल्कबापत खर्च गर्दै आएको छ। अतः निगमले सञ्चालनमा नरहेको उक्त जहाजको उचित व्यवस्थापन गर्नुपर्दछ।

१३. **सूचना प्रविधि -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली निर्देशिका, २०७१ को बुँदा नं. १८ मा सूचना प्रविधि प्रणालीको सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ। निगमले प्रयोगमा ल्याएका त्यस्ता प्रणालीको सम्परीक्षण गराएको छैन। हरेक वर्ष प्रणालीको सम्भाव्यता अध्ययन नगरी सफ्टवेयर खरिद गर्ने तथा सोको मर्मत सम्भार गरेको छ। निगमले सफ्टवेयर खरिद एवं वार्षिक शुल्क तथा मर्मत शुल्कमा यो वर्ष रु.१५ करोड ५ लाख ३३ हजार खर्च गरेको छ।

निगमको इन्जिनियरिङ विभागको कार्यसम्पादनका लागि निगम र एक भारतीय कम्पनीबिच २० फेब्रुअरी २०१८ मा ५ वर्षको लागि ए.आर.एम.एस. सफ्टवेयर सञ्चालन गर्न सम्झौता भएको छ। निगमले उक्त कम्पनीलाई सेटअप खर्चबापत अमेरिकी डलर ३० हजार र सफ्टवेयर शुल्क वार्षिक अमेरिकी डलर १ लाख १४ हजार भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा यो वर्ष रु.१ करोड ४६ लाख ४६ हजार भुक्तानी गरेको छ। निगमको उक्त सफ्टवेयरको जडान इन्जिनियरिङ स्टोरमा गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने विवरणहरू तयार नहुने अवस्था छ। सफ्टवेयरको उपयोगिता तथा विश्वसनीयता सम्बन्धमा परीक्षण तथा यकिन गरी सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

१४. **घर जग्गाको लगत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २६ अनुसार निगमका प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर जग्गाको लगत राख्नुपर्ने तथा त्यस्ता घर जग्गाको लालपुर्जासमेत अद्यावधिक गरी सोको विवरण केन्द्रीय अभिलेखको लागि प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन महाशाखामा राख्नुपर्ने व्यवस्था छ। निगमको २३ स्थानमा जग्गा र भवन रहेकोमा बैतडीको जग्गाको स्वामित्वको कागजात रहेको छैन। निगमको सिनामङ्गलस्थित ३४ रोपनी १३ आना १ पैसा २ दाम जग्गा निगमको उद्देश्य अनुरूपको प्रयोजनमा लगाउन गत वर्षसमेत सुझाउ दिइएकोमा स्थिति यथावत् छ। निगमले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा भवनहरूको उचित उपयोग तथा व्यवस्थापन गर्नुपर्दछ।

१५. **इन्जिन मर्मत -** नेपाल वायुसेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम ११४ मा बोलपत्र आव्हान गर्नु अघि तयार गरिने बोलपत्रसम्बन्धी कागजातमा खरिदको प्रकृति, सोको स्पेसिफिकेशन, परिमाणात्मक मूल्यसूची (बिल अफ क्वान्टिटिज), खरिद सम्झौताका सर्तहरू र सो सम्झौता लागु हुने तरिकालगायतका विषय उल्लेख गर्नुपर्ने व्यवस्था छ। निगमले एयरबस-ए३२० (९एन.-ए.के.एक्स.)

विमानको बायाँ इन्जिन भी.२५२७ई-ए५-एस./एन. भी.-१७६७२ लिजसहितको मर्मत सम्भारको लागि एक विदेशी कम्पनीसँग ४ वर्षको अवधि रहने गरी ३१ अगष्ट, २०२३ मा सम्झौता गरेको देखियो।

निगमले विमानको इन्जिन मर्मतसम्बन्धी कार्यको बोलपत्रसम्बन्धी कागजात तयार गर्दा परिमाणात्मक मूल्यसूची (बिल अफ क्वान्टिटिज), खरिद सम्झौताका सर्तहरू, सम्झौताको नमुना र सो सम्झौता लागु हुने तरिकालगायतका विषयहरू उल्लेख गरेको देखिएन। निगमले बोलपत्रको वित्तीय र प्राविधिक मूल्याङ्कनपश्चात् कम्पनी छनोट गरिसकेपछि कम्पनीसँग सम्झौताको प्रारम्भिक मस्यौदा माग गर्ने र उक्त मस्यौदामा वार्तामार्फत विषय टुङ्गो लगाई सोअनुसार सम्झौता गरेको देखिन्छ। विनियमावलीमा भएको व्यवस्था विपरीत सम्झौता गरेको नियमसम्मत देखिँदैन।

निगम र एक विदेशी कम्पनीबिच भएको सम्झौताको बुँदा ३.१ मा विमानको इन्जिन ६५ दिनमा मर्मत गरिसक्नुपर्नेमा २१४ दिन लागेको देखियो। सो अवधिमा विमान लिजमा लिएको इन्जिनबाट सञ्चालनमा रहेको देखिन्छ। सम्झौतामा तोकिएको अवधिमा इन्जिन मर्मत हुन नसक्दा निगमलाई लिज रकमबापत प्रति दिन अमेरिकी डलर २ हजारका दरले अमेरिकी डलर २ लाख ९८ हजार थप व्ययभार परेको छ। निगमले जगेडा इन्जिन समयमै प्रतिस्पर्धात्मक र लागत प्रभावी हुने गरी व्यवस्थापन गर्न नसक्दा निगमलाई थप व्ययभार परेको छ। सम्झौताबमोजिम काम नगर्ने आपूर्तिकर्ताबाट कानुनबमोजिम क्षतिपूर्ति असुल गर्नुपर्दछ।

१६. **विमान भूमिस्थ -** निगमले विमानलाई लामो समयसम्म भूमिस्थ (ग्राउण्डेड) हुनबाट रोक्न र उडानयोग्य बनाउन आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। यसबाट निगमको व्यवसायको साख जोगिने र हानि सीमित गर्न समेत मद्दत पुग्दछ। एयरक्राफ्टहरूको भूमिस्थ अवस्थाको विवरण देहायनुसार छः

क्र.सं.	एयरक्राफ्टको नाम	भूमिस्थ भएको अवधि (दिन)		
		सन् २०२२ (दिन)	सन् २०२३ (दिन)	सन् २०२४ (दिन)
१.	एयरबस ३२० ९एन.-ए.के.डब्लु.	१५३	३६	२५
२.	एयरबस ३२० ९एन.-ए.के.एक्स.	११	१३७	११३
३.	एयरबस ३३० ९एन.-ए.एल.जेड	६१	३६	१०४
४.	एयरबस ३३० ९एन.-ए.एल.वाई.	५३	२७	९८
५.	डी.एच.सी.-६-३००, ९एन. ए.बी.टी.	११९	९२	२५६
६.	डी.एच.सी.-६-३००, ९एन. ए.बी.यू.	११३	१५९	१०५
७.	डी.एच.सी.-६-३००, ९एन.-ए.बी.एक्स.	१५ अगष्ट, २०१२ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
८.	एम.ए.-६०, ९एन.-ए.के.क्यू.	१५ अप्रिल, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
९.	एम.ए.-६०, ९एन.-ए.के.आर.	७ अगष्ट, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
१०.	वाई.१२-ई., ९एन.-ए.के.एस.	२९ अप्रिल, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
११.	वाई.१२-ई., ९एन.-ए.के.टी.	२९ जुलाई, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
१२.	वाई.१२-ई., ९एन.-ए.के.भी.	२३ डिसेम्बर, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		
१३.	बी.७५७-२००, ९एन.-ए.सी.बी.	१७ जनवरी, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको		

लामो समयसम्म विमान भूमिस्थ हुँदा निगमको आम्दानी र साखमा असर परेको छ। निगमले विमान भूमिस्थ हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ।

१७. **हिसाब समायोजन -** निगमको ४ बैङ्क खाताको मौज्दात ओराकल प्रणालीमा समायोजन नगरेको कारण ओराकल प्रणालीमा रु.१५ लाख २१ हजार बढी मौज्दात देखिएको एवं २ बैङ्क खाताको हिसाब मिलान विवरण पेस नगरेकोले स्रेस्ताभन्दा बैङ्कमा रु.२२ करोड २६ लाख घटी मौज्दात रहेको देखिन्छ। निगमले हिसाब समायोजन गरी सम्बन्धित खाताको मौज्दात यकिन गर्नुपर्दछ।

१८. **भाडा र जरिबाना -** निगमको क्षेत्रीय कार्यालय, पोखरा र एक कम्पनीबिच पोखरास्थित निगमको २ हजार ६३२ वर्गमिटर खाली जग्गा २०७९।१२।१ देखि २०८२।११।३० सम्मका लागि करसहित प्रति महिना रु.१४ लाख ७९ हजारका दरले भाडामा लिने गरी २०७९।१२।२४ मा सम्झौता भएकोमा २०८०।८१ को अन्त्यसम्म निगमले रु.३९ लाख ६८ हजार भाडा असुल गर्न बाँकी रहेकोले जरिबानासहित उक्त भाडा असुल गर्नुपर्दछ।

१९. **पेस्की बाँकी -** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ४८ मा निगमले कर्मचारीको नाममा रहेको पेस्की तोकिएको म्यादभित्र फस्यौंट नगरेमा वा हुन नसकेमा सम्बन्धित कर्मचारीले पाउने तलब भत्तालगायत जुनसुकै सुविधा रकमबाट अग्रिम सूचना दिई वा नदिई वार्षिक १८ प्रतिशतले हुने ब्याजसमेत गणना गरी असुल गर्ने र विभागीय कारबाहीसमेत गरिने उल्लेख छ। निगमले गत विगत वर्ष कर्मचारीहरूलाई दिएको पेस्की रु.५ करोड १८ लाख ९४ हजार फस्यौंट हुन बाँकी देखिन्छ। विनियमबमोजिम कारबाही गरी बाँकी पेस्की फस्यौंट गर्नुपर्दछ।

सांस्कृतिक संस्थान

नेपाली संस्कृतिको संस्थागत विकासका लागि २०१६ मा स्थापित राष्ट्रिय नाचघरको नाम परिवर्तन भई सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९।३।५ मा यस संस्थानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र पुस्तान्तरणका लागि गायन, वाद्यवादन नाटक लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति तथा जायजेथा				
गैर चालु सम्पति				
स्थिर सम्पत्ति	९९,०२		८८,९३	
सम्पत्तिमा लगानी	९८,२५,९५		९८,८५,१९	
कुल गैर चालु सम्पति		**९९,२४,९७**		**९९,७४,१२**
चालु सम्पति				
धरौटी	४३		४४	
अन्य आसामी	१,१३,१७		१,९१,०७	
निक्षेप (सम्पत्ति)	५,६६		५,४३	
बैङ्क मौज्दात	३३,५२		८,७२	
कर्मचारी पेस्की	५,६०		५,६३	
अग्रिम आयकर	१,९३,२९		१,६२,६७	
कुल चालु सम्पति		**३,५१,६७**		**३,७३,९६**
कुल सम्पति		**१,०२,७६,६४**		**१,०३,४८,०८**

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
पुँजी तथा दायित्व				
इक्विटी				
सेयर पुँजी	१,३२,०९		१,३२,०९	
पुँजीगत जगेडा कोष	०		३,१९	
जगेडा कोष	(५३,२०,३६)		(५२,९५,९१)	
डिमोबिलाइजेशन कोष	०		५,००	
पुनर्मुल्याङ्कन कोष	८७,००,४१		८७,००,४१	
कुल इक्विटी		**३५,१२,१४**		**३५,४४,७८**
दायित्व				
गैर चालु दायित्व				
ऋण तथा सापटी	१,९५,७५		३,७५,०५	
कुल गैर चालु दायित्व		**१,९५,७५**		**३,७५,०५**
चालु दायित्व				
नेपाल सरकारको ऋण	३८,२०,७१		३५,४६,३९	
कर दायित्व	८४,७१		१,०३,९३	
हलबापतको धरौटी	७,१५		२४,८८	
विविध दायित्व	२,७४		४,०१	
उपदान दायित्व	२,४०,२४		३,००,६१	
अन्य दायित्व	१२,३६		३०,८६	
कोष तथा अन्य व्यवस्था	१,६३,५४		१,७९,८५	
स्थगन कर दायित्व	२२,३७,३०		२२,३७,७२	
कुल चालु दायित्व		**६५,६८,७५**		**६४,२८,२५**
कुल पुँजी तथा दायित्व		**१,०२,७६,६४**		**१,०३,४८,०८**

२. **सञ्चालन नतिजा -** संस्थानको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
हल भाडा आम्दानी	२,२३,४३		१,६०,६९	
कार्यक्रम सञ्चालन आम्दानी	९४,६४		१,१५,७८	
कुल आम्दानी		**३,१८,०७**		**२,७६,४७**
गैर सञ्चालन आय				
अनुदान	१,७०,००		१,६०,००	
ब्याज आम्दानी	८९		८९	
घर बहाल आम्दानी	३,१२,४६		३,३६,४१	
अन्य आम्दानी	७६,९४		४५,७९	
कुल गैर सञ्चालन आय		**५,६०,२९**		**५,४३,०९**
खर्च				
कार्यक्रम सञ्चालन खर्च	१,४६,०१		१,२०,०५	
कार्यालय खर्च	४९,७२		६६,०८	
प्रशासनिक खर्च	६२,७२		९०,२३	
कर्मचारी खर्च	३,६४,४७		४,३५,७५	
हल सञ्चालन खर्च	४९,६९		२५,२७	

विवरण	२०८१।८२		२०८०।८१	
ह्रास कट्टी, परिशोधन तथा क्षयीकरण	८०,९०		७७,०४	
कुल खर्च		**७,५३,५१**		**८,१४,४२**
वित्तीय खर्च र कर अघिको नाफा/(नोक्सान)		**१,२४,८५**		**५,१४**
वित्तीय खर्च		**९५,०१**		**९५,०१**
कर र बोनस अघिको मुनाफा/(नोक्सान)		**२९,८४**		**(८९,८७)**
स्थगन कर आम्दानी/(खर्च)		**(१,०७)**		**(४०,४१)**
खुद मुनाफा/(नोक्सान)		**२८,७७**		**(१,३०,२८)**

गत वर्ष रु.१ करोड ३० लाख २८ हजार खुद नोक्सान रहेकोमा यो वर्ष रु.२८ लाख ७७ हजार खुद नाफा रहेको छ।

३. **ऋण हिसाब -** संस्थानले नेपाल सरकारबाट २०५५।५६ देखि २०७०।७१ सम्म लिएको ऋणको किस्ता तथा ब्याज तोकिएको समयमा बुझाउनुपर्नेमा २०८१।८२ को आषाढ मसान्तसम्म साँवा रु.२१ करोड ८० लाख र ब्याज रु.१६ करोड ४१ लाखसमेत रु.३८ करोड २१ लाख बुझाउन बाँकी देखिन्छ। नेपाल सरकारलाई बुझाउनुपर्ने ऋणको साँवा र ब्याजको रकम समयमै बुझाउनुपर्दछ।

सञ्चार तथा सूचना तथा प्रविधि मन्त्रालय

नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)

सञ्चार क्षेत्रमा टेलिभिजनको माध्यमबाट सूचना प्रवाह गर्ने, श्रव्यदृश्य माध्यममार्फत स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिक तथा नेपाली भाषाप्रेमीहरूलाई जनचेतनामूलक सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्ने एवं विकासका लागि सञ्चार गर्ने उद्देश्यले सञ्चार संस्था ऐन, २०२८ अन्तर्गत २०४१ सालमा यस संस्थाको स्थापना भएको हो। संस्थाको कुल सेयर लगानीमा नेपाल सरकारको शतप्रतिशत स्वामित्व रहेको छ। हाल सार्वजनिक सेवा प्रशारण ऐन, २०८१ अन्तर्गत सञ्चालित यस संस्थानमा स्थायी २०७ र करार १४१ समेत ३४८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरण	७२,११,९९		८१,१२,७०	
सम्पत्ति प्रयोगको अधिकार	१०,५५,३६		-	
स्थगन कर सम्पत्ति	२८,५७,१९		२२,९८,८९	
जम्मा गैर चालु सम्पत्ति		**१,११,२४,५४**		**१,०४,११,५९**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१,३९,३५		६३,६५	
व्यापारिक प्राप्य	४८,१४,१३		३१,९०,३५	
चालु कर सम्पत्ति	२,४५,०६		६,७४,२८	
पेस्की तथा मुद्दती	३,९५,७२		८,९१,५८	
नगद तथा नगद सरह	१,०३,२०,६६		९७,३५,५७	
जम्मा चालु सम्पत्ति		**१,५९,१४,९२**		**१,४५,५५,४३**
कुल सम्पत्ति		**२,७०,३९,४६**		**२,४९,६७,०२**
इक्विटी				
सेयर पुँजी	१,५०,००,००		१,५०,००,००	
सेयरको लागि अग्रिम भुक्तानी	२,३९,९८,९८		२,२५,११,९८	
सञ्चित जगेडा	(२,२१,२०,१७)		(२,०३,०२,४३)	
बिमाङ्कीय जगेडा	(३,६७,३४)		(१,६९,१७)	
जम्मा इक्विटी		**१,६५,११,४७**		**१,७०,४०,३८**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	३८,००,००		३८,००,००	
कर्मचारी दायित्व	३२,६४,११		२५,३३,३१	
लिज दायित्व	५,९४,२७		-	
स्थगन सरकारी अनुदान	६६		९६	
जम्मा गैर चालु दायित्व		**७६,५९,०४**		**६३,३४,२७**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	१६,१६,०२		१०,०७,२०	
कर्मचारी दायित्व	६,८१,८०		५,८४,८५	
लिज दायित्व	५,७०,९७		-	

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
स्थगन सरकारी अनुदान	१६		३२	
जम्मा चालु दायित्व		**२८,६८,९५**		**१५,९२,३७**
जम्मा इक्विटी तथा दायित्व		**२,७०,३९,४६**		**२,४९,६७,०२**

संस्थाको गैर चालु सम्पत्ति गत वर्षको तुलनामा यस वर्ष ६.८५ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ११ करोड २४ लाख ५४ हजार र चालु सम्पत्ति गत वर्षको तुलनामा यस वर्ष ९.३४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ५९ करोड १४ लाख ९२ हजार पुगेको छ। त्यसैगरी, गैर चालु दायित्व गत वर्षको तुलनामा यस वर्ष २०.९१ प्रतिशतले वृद्धि भई रु.७६ करोड ५९ लाख ४ हजार र चालु दायित्व गत वर्षको तुलनामा यस वर्ष ८०.१७ प्रतिशतले वृद्धि भई रु.२८ करोड ६८ लाख ९५ हजार पुगेको छ। व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने दायित्व र लिज दायित्वमा भएको वृद्धिका कारण चालु दायित्व बढेको छ। संस्थाले २०७९।८० बाट नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन गरी स्थगन कर सम्पत्तिको लेखाङ्कन सुरु गरेको बिक्री वितरण खर्चको छुट्टै लेखाङ्कन गरेको, व्यापारिक प्राप्यको क्षयीकरणको लेखाङ्कन सुरु गरेको लगायतका कारणले नाफा नोक्सान खातामा रु.२ करोड ३ लाख ६७ हजार बढी र वित्तीय विवरणमा रु.२५ करोड १६ लाख ७४ हजारले कम जिम्मेवारी सारेको छ।

२. **सञ्चालन नतिजा -** संस्थाको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आम्दानी	३६,३८,९८		५०,०४,९०	
सेवाको लागत	(१२,२५,५४)		(१३,८३,४०)	
कुल नाफा		**२४,१३,४४**		**३६,२१,५०**
अन्य सञ्चालन आम्दानी	८,७१,८०		५,६७,०८	
बिक्री वितरण खर्च	(५,६२)		(९,५३)	
प्रशासनिक तथा सञ्चालन खर्च	(५९,९४,१५)		(५३,६२,३८)	
सञ्चालन आय/(नोक्सानी)		**(२७,१४,५३)**		**(११,८३,३३)**
वित्तीय आम्दानी	६,३८,१९		२,१९,६४	
वित्तीय लागत	(२,३३,६४)		(१,३४,८२)	
सञ्चालन नाफा/(नोक्सानी)		**(२३,०९,९८)**		**(१०,९८,५१)**
स्थगन कर आम्दानी/(खर्च)		४,९२,२५		२३,६२
खुद नाफा/(नोक्सानी)		**(१८,१७,७३)**		**(१०,७४,८९)**

संस्थाको सञ्चालन आम्दानी गत वर्षको तुलनामा यस वर्ष २७.२९ प्रतिशतले न्यून भई रु.३६ करोड ३८ लाख ९८ हजार रहेको एवं सेवाको लागत गत वर्षको तुलनामा यस वर्ष ११.४१ प्रतिशतले घटेर रु.१२ करोड २५ लाख ५४ हजार रहेको छ। कुल नाफा गत वर्षको तुलनामा यस वर्ष ३३.३५ प्रतिशतले न्यून भई रु.२४ करोड १३ लाख ४४ हजार पुगेको छ। यसै गरी गत वर्षको तुलनामा यस वर्ष सञ्चालन नोक्सानी ११०.२८ प्रतिशतले वृद्धि भई रु.२३ करोड ९ लाख ९८ हजार पुगेको छ। वित्तीय खर्च र स्थगन कर आम्दानीसमेत समायोजन गर्दा संस्थाको खुद नोक्सानी गत वर्षको तुलनामा ६९.११ प्रतिशतले वृद्धि भई यो वर्ष रु.१८ करोड १७ लाख ७३ हजार पुगेको छ।

३. **गत वर्षको जिम्मेवारी** - संस्थाको गत वर्षको लेखापरीक्षण भएको वासलातअनुसार जिम्मेवारी सार्ने कार्य पूर्णरूपमा नभएकोले यस वर्षको सन्तुलन परीक्षणमा सुरुको रकम र गत वर्षको वित्तीय विवरण

(वासलात) मा भिन्नता देखिएको छ। संस्थाको गत वर्षको वासलातभन्दा अचल सम्पत्तितर्फ रु.६९ लाख ४३ हजार, लिनुपर्ने रकमतर्फ रु.२६ लाख ७ हजार, अन्य शीर्षकतर्फ रु.५ करोड १० लाख ७६ हजार बढी जिम्मेवारी सारिएको, भौचर स्वीकृत नगरी सञ्चित नोक्सानी हिसाब डेबिट र अन्तर शाखा हिसाब खाता क्रेडिट गरी रु.२ अर्ब ६ करोड २ लाख ६१ हजार हिसाब समायोजन गरिएको छ। त्यसैगरी संस्थाको २०७८।७९ को वित्तीय विवरणमा अन्तर शाखा हिसाब तथा सञ्चित नोक्सानी हिसाब शून्य रहेकोमा यस वर्षको सन्तुलन परीक्षणमा अन्तर शाखा हिसाबतर्फ रु.१ अर्ब ९९ करोड ४३ लाख २६ हजार र सञ्चित नोक्सानीतर्फ रु.२ अर्ब ६ करोड २ लाख ६२ हजार सुरु मौज्दात देखाइएको कारण सञ्चित नोक्सानी हिसाब खुद रु.६ करोड ५९ लाख ३६ हजार (डेबिट) ले फरक परेको छ। अतः २०७८।७९ र २०७९।८० का सम्पूर्ण समायोजन भौचरहरू र सोलाई पुष्टि गर्ने कागजातसहित वित्तीय विवरणसँग रुजु भएको सुनिश्चित गरी हिसाब यकिन गर्नुपर्दछ।

४. **बक्यौता असुली** - संस्थाको व्यापारिक तथा अन्य प्राप्ती रु.४८ करोड १४ लाख १३ हजार रहेकोमा सो मध्ये रु.८३ लाख ८० हजार गत वर्षदेखि नै प्राप्त गर्न बाँकी देखाउँदै आएको छ। बक्यौता असुल गर्न आवश्यक लक्ष्य निर्धारण गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५. **चुक्ता पुँजी** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०७९।८० अनुसार संस्थामा नेपाल सरकारको संस्थापक सेयर लगानी रु.३ अर्ब ८९ करोड ९८ लाख ९८ हजार रहेकोमा संस्थाको वासलात अनुसार सेयर पुँजी रु.१ अर्ब ५० करोड र अग्रिम सेयर लगानी बापत रु.२ अर्ब ३९ करोड ९८ लाख ९८ हजार देखाएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख बमोजिम वित्तीय विवरण अद्यावधिक गर्नुपर्दछ।

६. **ऋणको साँवा ब्याज** - संस्थाले ६/६ महिनामा वार्षिक ५ प्रतिशतका दरले ब्याजसहित ऋणको साँवा तथा ब्याज भुक्तान गर्ने गरी २०७९।८० सम्ममा नेपाल सरकारबाट रु.३८ करोड ऋण प्राप्त गरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट २०७९।१२।२४ मा प्राप्त विवरणअनुसार २०७९।८० सम्ममा सो ऋणको तिर्न बाँकी ब्याज रु.३ करोड ८६ लाख ७९ हजार रहेको छ। ऋणको सर्तअनुसार भाखा नाघेको साँवा रु.६ करोड ९० लाख र ब्याज रु.३ करोड ८६ लाख ७९ हजार भुक्तानी गर्न नसक्दा संस्थाको ऋण दायित्व निरन्तर बढ्दै गएकोले समयमै भुक्तानी गर्नुपर्दछ।

७. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने संस्थाले वार्षिक कुल आम्दानीको २ प्रतिशत वा वार्षिक कुल नाफाको १० प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम नेपाल सरकारलाई प्रसारण शुल्कबापत बुझाउनुपर्ने व्यवस्था छ। यो वर्ष संस्थाको कुल सञ्चालन आय रु.३६ करोड ३८ लाख ९८ हजार रहेकोमा सोको २ प्रतिशतले हुने प्रसारण शुल्क रु.७२ लाख ७८ हजार सरकारलाई बुझाएको नदेखिएकोले बुझाउनुपर्दछ।

८. **ब्याज आम्दानी** - संस्थाको जम्मा ब्याज आम्दानी रु.९ करोड ९९ लाख १७ हजारमध्ये नागरिक लगानी कोषबाट प्राप्त ब्याज आम्दानी रु.४ करोड १४ लाख ३१ हजार कट्टी गरी खुद ब्याज आम्दानी रु.५ करोड ८४ लाख ८६ हजार देखाउनुपर्नेमा रु.३ करोड ६० लाख ९८ हजार कट्टी गरी खुद ब्याज आम्दानी रु.६ करोड ३८ लाख १९ हजार देखाएको कारणले खुद ब्याज आम्दानीमा रु.५३ लाख ३३ हजार बढी लेखाङ्कन भएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **अवकाश दायित्व** - संस्थाको कर्मचारी अवकाश दायित्वको वर्तमान मूल्य रु.६६ करोड ५७ लाख रहेकोमा योजना सम्पत्तिको वर्तमान मूल्य रु.४२ करोड २१ लाख रहेकोले दायित्व भुक्तानीको लागि रु.२४ करोड ३६ लाख अपुग रहेको छ। संस्थालाई भविष्यमा अवकाश दायित्व भुक्तानीमा समस्या सिर्जना हुनसक्ने देखिएकोले दायित्वअनुसार सम्पत्तिमा लगानी गर्नुपर्दछ।

१०. **जग्गा** - संस्थाको स्थिर सम्पत्तितर्फ जग्गा रु.३८ लाख २० हजार रहेकोमा त्यसलाई पुष्टि गर्ने जग्गाको लालपुर्जा, जग्गा प्राप्ति सम्बन्धी निर्णय जस्ता कागजात संस्थाले अद्यावधिक गरेको छैन। संस्थाको नाममा विभिन्न २२ स्थानमा जग्गा रहेकोमा यथार्थ मूल्यको आधारमा उक्त जग्गाको मूल्याङ्कन गरेको छैन। सुनसरीको इटहरीस्थित जग्गामा बनेको घरको नक्सापास समेत गरेको छैन। तसर्थ सम्पूर्ण जग्गाको जग्गाधनी प्रमाणपुर्जा, भवनको नक्सा र जग्गा प्राप्तिको नेपाल सरकारको निर्णयसमेतको आधारमा संस्थाको घर जग्गाको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

प्रेस काउन्सिल नेपाल

पत्रकारिताको उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धन गर्नका लागि तत्कालीन छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ बमोजिम २०२७।६।६ मा काउन्सिलको स्थापना भएको हो। हाल यो प्रेस काउन्सिल ऐन, २०४८ अन्तर्गत रहेको छ।

१. **वित्तीय स्थिति** - काउन्सिलको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
प्रेस काउन्सिल नेपाल पुँजी कोष	६,३२,९०		६,२१,१८	
कर्मचारी अवकाश कोष	७,४०,५०		७,४७,९५	
गोपालदास पत्रकारिता पुरस्कार कोष	३८,९४		३९,६६	
पत्रकार कल्याण कोष	१,०६,११		१,०६,००	
सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार कोष	३२,२२		३२,७९	
प्रेस क्लिपिङ्ग सेवा	४३,०५		४०,२५	
मिडिया विकास कोष	४,९१,००		४,८९,०७	
कर्मचारी सापटी कोष	९२,५८		९०,७८	
योगदानमा आधारित अवकाश कोष	१०,५३		१०,१४	
पुरस्कार अक्षय कोष	५२,१३		५०,१८	
पुँजी तथा दायित्व		**२२,३९,९६**		**२२,२८,००**
स्थिर सम्पत्ति (प्रेस काउन्सिल)	१,२५,५०		१,५९,८०	
कुल स्थिर सम्पत्ति		**१,२५,५०**		**१,५९,८०**
धरौटी (प्रेस काउन्सिल)	१,०९		१,०९	
आसामी तथा पेस्की (प्रेस काउन्सिल)	५२,५६		६५,००	
आसामी तथा पेस्की (प्रेस क्लिपिङ्ग)	२,८६		४,१२	
बैङ्क तथा नगद मौज्दात	२०,६१,५९		२०,०५,५५	
चालु दायित्व (प्रेस काउन्सिल र क्लिपिङ्ग)	-३,६४		-७,५६	
खुद चालु सम्पत्ति		**२१,१४,४६**		**२०,६८,२०**
जम्मा		**२२,३९,९६**		**२२,२८,००**

गत वर्षको तुलनामा यस वर्ष कुल स्थिर सम्पत्ति २१.४६ प्रतिशतले घटेर रु.१ करोड २६ लाख र खुद चालु सम्पत्ति २.२३ प्रतिशतले बढेर रु.२१ करोड १४ लाख पुगेको छ। यस वर्ष जम्मा

सम्पत्ति ०.५४ प्रतिशतले बढेर रु.२२ करोड ४० लाख पुगेको छ। पुँजीकोष रु.६ करोड ३३ लाख र अन्य ९ कोषमा रु.१६ करोड ७ लाखसमेत कुल कोष रु.२२ करोड ४० लाख रहेको देखिन्छ।

२. **सञ्चालन नतिजा -** काउन्सिलको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
प्रेस काउन्सिल आम्दानी	५,२३,७२		५,८५,०२	
प्रेस क्लिपिङ आम्दानी	१९,०७		१७,६०	
मिडिया विकास कोषको आम्दानी	२४,९७		३१,८७	
जम्मा आम्दानी		**५,६७,७६**		**६,३४,४९**
खर्च				
प्रेस काउन्सिल खर्च	४,७५,३६		५,२१,८२	
प्रेस क्लिपिङ खर्च	१६,२७		१५,८३	
मिडिया विकास कोषको खर्च	२१,१६		३४,७४	
जम्मा खर्च		**५,१२,७९**		**५,७२,३९**
(घाटा)/बचत		**५४,९७**		**६२,१०**

गत वर्षको तुलनामा यस वर्ष काउन्सिलको आम्दानी १०.५२ प्रतिशतले घटेर रु.५ करोड ६७ लाख ७६ हजार र खर्च १०.४१ प्रतिशतले घटेर रु.५ करोड १२ लाख ७९ हजार रहेको छ। साथै यस वर्ष वचत रकम ११.४८ प्रतिशतले घटेर रु.५४ लाख ९७ हजार रहेको छ।

३. **प्रविधि सुरक्षा तथा संरक्षण -** सिंहदरबारमा एक र प्रधान कार्यालयमा चारसमेत काउन्सिलको पाँच सर्भरको सुरक्षाका लागि फायरवाल जडान गरी टेलिभिजनको रेकर्डिङ, पत्रपत्रिका स्क्यान, रेडियो रेकर्डिङका साथै अनलाइन मिडिया र पत्रपत्रिका क्लिपिङ्गको विगत वर्षदेखि तथ्याङ्क भण्डारण गर्दै आएकोमा त्यस्ता तथ्याङ्कहरूको ब्याकअप स्टोरेजको व्यवस्था गरेको देखिएन। अतः काउन्सिलले भण्डारण गरेका तथ्याङ्कको ब्याकअप स्टोरेजको व्यवस्था गर्नुपर्दछ।

४. **खर्च निर्देशिका -** प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम काउन्सिलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था छ। काउन्सिलले २०७५।८।६ देखि लागु हुने गरी प्रेस काउन्सिल खर्च निर्देशिका, २०६९ को संशोधन गरी कार्यान्वयनमा ल्याएकोमा अर्थ मन्त्रालयबाट स्वीकृत भएको देखिएन। काउन्सिलले स्वीकृत नभएको निर्देशिकाको आधारमा कर्मचारीहरूलाई थप टेलिफोन सुविधा रु.९२ हजार, पत्रपत्रिका सुविधा रु.१४ हजार र इन्टरनेट सुविधा रु.१ लाख ३८ हजार भुक्तानी गरेको छ।

राष्ट्रिय समाचार समिति

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अनुसार राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष, आधिकारिक, शुद्ध, विश्वसनीय एवं वास्तविक समाचार सङ्कलन र वितरण गर्ने उद्देश्यले समितिको स्थापना भई सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस समितिमा ८८ स्थायी र ३७ ज्यालादारीसहित १२५ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
पुँजी तथा दायित्व				
पुँजी तथा लगानी	२१,६८,२२		२१,६८,२२	
सञ्चिति, जगेडा तथा अन्य कोष	१६,२९,२६		१५,१४,३६	
कर्मचारी दायित्व	४४		२,१४	
अन्य दायित्व	१८,६४		२४,२६	
समाचारदाता दायित्व	६,२८		६,७३	
भुक्तानी गर्नुपर्ने धरौटी	४५,१४		२४,२५	
कुल पुँजी तथा दायित्व		**३८,६७,९८**		**३७,३९,९६**
सम्पत्ति				
खुद स्थिर सम्पत्ति	२०,०१,३३		२०,९४,८२	
कर्मचारी तलब सापटी	५१,२३		७९,२५	
कर्मचारी कल्याणकारी सापटी	८९,९३		९४,६१	
कर्मचारी उपचार खर्च सापटी	२,०३,६६		१,७१,२७	
पेस्की तथा धरौटी	३,११		३१,१	
समाचार आसामी	७७,१२		१,०६,८९	
अन्य आसामी	९५,३२		९९,७६	
नगद तथा बैङ्क मौज्दात	१३,४६,२८		१०,९०,२५	
कुल सम्पत्ति		**३८,६७,९८**		**३७,३९,९६**

समितिमा नेपाल सरकारको लगानी रु.२१ करोड ६८ लाख २२ हजार र जगेडा तथा अन्य कोषमा रु.१६ करोड २९ लाख २६ हजार रहेको छ। समितिको कुल पुँजी तथा दायित्व एवं कुल सम्पत्ति गत वर्ष भन्दा ३.४२ प्रतिशतले वृद्धि भई यो वर्ष रु.३८ करोड ६७ लाख ९८ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - समितिको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
नेपाल सरकारको अनुदान	१७,३९,००		१६,७१,९२	
समाचार आम्दानी	१,९४,४२		१,८४,४८	
अन्य आम्दानी	२,४१,७७		२,०४,४८	
जम्मा आम्दानी		**२१,७५,१९**		**२०,६०,८८**
खर्च				
प्रशासकीय खर्च	२०,३७,८८		१९,३०,१७	
ह्रास कट्टी	१,५४,६१		१,००,७१	
जम्मा खर्च		**२१,९२,४९**		**२०,३०,८८**
सञ्चालन बचत		**(१७,३०)**		**३०,००**

समिति गत वर्ष रु.३० लाख सञ्चालन बचतमा रहेकोमा यो वर्ष रु.१७ लाख ३० हजार सञ्चालन नोक्सानी रहेको छ। समितिको कुल आम्दानीमा अनुदानको अंश ७९.९५ प्रतिशत रहेको छ।

प्रशासनिक खर्चको लागि समेत समिति नेपाल सरकारको अनुदानमा निर्भर रहनुपर्ने अवस्था छ। समितिले आन्तरिक आम्दानी वृद्धि गरी नेपाल सरकार माथिको निर्भरता कम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

- **लेखापरीक्षण बक्यौता -** पूर्ण स्वामित्व भएका संस्थाको २०८१।८२ सम्मको लेखापरीक्षण बक्यौताको स्थिति निम्नानुसार छ:

क्र.सं.	संस्था	आर्थिक वर्ष	सङ्ख्या
१	नेपाल पर्यटन बोर्ड	२०७४।७५ देखि २०८१।८२	८
२	नेपाल रेल्वे कम्पनी	२०७८।७९ देखि २०८१।८२	४
३	राष्ट्रिय सहकारी नियमन प्राधिकरण	२०७९।८० देखि २०८१।८२	३
४	गोरखापत्र संस्थान	२०७९।८० देखि २०८१।८२	३
५	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०७९।८० देखि २०८१।८२	३
६	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२०८०।८१ र २०८१।८२	२
७	गुठी संस्थान	२०८०।८१ र २०८१।८२	२
८	तारा गाउँ विकास समिति	२०८०।८१ र २०८१।८२	२
९	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०८०।८१ र २०८१।८२	२
१०	नेपाल टेलिभिजन संस्थान	२०८०।८१ र २०८१।८२	२
११	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०८१।८२	१
१२	नेपाल वायुसेवा निगम	२०८१।८२	१
१३	नेपाल खानेपानी संस्थान	२०८१।८२	१
१४	खाद्य व्यवस्था तथा व्यापार कम्पनी	२०८१।८२	१
१५	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०८१।८२	१
१६	दुग्ध विकास संस्थान	२०८१।८२	१
१७	वन पैदावार विकास समिति	२०८१।८२	१
१८	नेपाल धितोपत्र बोर्ड	२०८१।८२	१
१९	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०८१।८२	१
२०	सामाजिक सुरक्षा कोष	२०८१।८२	१
	जम्मा		**४१**

लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलब्ध नगराउने संस्थाका पदाधिकारीसमेतलाई जिम्मेवार वनाउनुपर्दछ।

सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

विषय-सूची

विवरण	पृष्ठ
परिच्छेद ३:	
खण्ड – ३: सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था	
अर्थ मन्त्रालय	
१. आर.बी.बी. सेक्युरिटिज कम्पनी	८४०
२. आरबीबी मर्चेन्ट बैङ्किङ लिमिटेड	८४०
३. कृषि विकास बैङ्क लिमिटेड	८४०
४. कोष व्यवस्थापन कम्पनी लिमिटेड	८४२
५. नागरिक स्टक डिलर कम्पनी लिमिटेड	८४२
६. नेपाल बैङ्क लिमिटेड	८४३
७. नेपाल स्टक एक्सचेञ्ज लिमिटेड	८४५
८. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)	८४७
९. राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड (२०७४-७५) र (२०७५-७६)	८४८
१०. राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७६।७७) र (२०७७।७८)	८५०
११. राष्ट्रिय वाणिज्य बैङ्क	८५२
१२. विशालबजार कम्पनी लिमिटेड (२०७६।७७) र (२०७७।७८)	८५५
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड	८५६
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	
१४. नेपाल आयल निगम	८५८
१५. बुटवल धागो कारखाना लिमिटेड, (२०८०।८१) र (२०८१।८२)	८६०
१६. विराटनगर जुट मिल्स लिमिटेड, (२०७६।७७ देखि २०७८।७९ सम्म)	८६१
उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय	
१७. अपर तामाकोशी जलविद्युत लिमिटेड (२०८०।८१)	८६३
१८. एन.ई.ए. इन्जिनियरिङ कम्पनी	८६३
१९. चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेज कम्पनी लिमिटेड	८६४
२०. चिलिमे जलविद्युत कम्पनी लिमिटेड	८६४
२१. चिलिमे सेती जलविद्युत कम्पनी लिमिटेड	८६५
२२. चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड	८६५
२३. जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड	८६६
२४. त्रिशूली जलविद्युत कम्पनी लिमिटेड	८६६
२५. नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड	८६७
२६. नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड	८६८
२७. पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड	८६८
२८. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	८६९
२९. रेमिट हाइड्रो लिमिटेड	८७०
३०. विद्युत उत्पादन कम्पनी लिमिटेड	८७०
३१. सल्लेरी च्याल्सा विद्युत कम्पनी लिमिटेड	८७१
३२. सान्जेन जलविद्युत कम्पनी लिमिटेड	८७२
३३. सिम्बुवा रेमिट हाइड्रो लिमिटेड	८७३
३४. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड	८७३
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	
३५. दोलखा दुग्ध उद्योग लिमिटेड	८७४
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	
३६. साझा भण्डार सहकारी संस्था लिमिटेड	८७५
३७. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड	८७५
वन तथा वातावरण मन्त्रालय	
३८. जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	८७७
सञ्चार तथा सूचना तथा प्रविधि मन्त्रालय	
३९. नेपाल डिजिटल पेमेन्ट्स कम्पनी	८७८
४०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)	८७८

लेखापरीक्षण स्थिति

- नेपालको संविधानको धारा २४१ (२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा सङ्गठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श लिनुपर्ने उल्लेख छ। परामर्श दिएका मध्ये ४० संस्थाको ४६ आर्थिक वर्षको लेखापरीक्षण पश्चात सम्बन्धित संस्थालाई लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका विषय कार्यान्वयनका लागि निर्देशन दिईएको छ । सोसम्बन्धी प्रमुख बेहोराहरू यस प्रतिवेदनमा समावेश छ।
- देहायका संस्थाले निम्न आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन यस कार्यालयमा पेस गरेका छैनन्।

क्र.सं.	संस्था	आर्थिक वर्ष	सङ्ख्या
१	काठमाडौं उपत्यका खानेपानी लिमिटेड	२०८०।८१ देखि २०८१।८२	२
२	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	२०८१।८२	१
३	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७८।७९ देखि २०८१।८२	४
४	गोरखकाली रवर उद्योग लिमिटेड	२०७९।८० देखि २०८१।८२	३
५	नेपाल ओरिएण्ट म्याग्नेसाइट प्राइभेट लिमिटेड	२०६५।६६ देखि २०८१।८२	१७
६	राष्ट्रिय बिमा कम्पनी लि.	२०७८।७९ देखि २०८१।८२	४
७	राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड	२०७६।७७ देखि २०८१।८२	६
८	विशाल बजार कम्पनी लिमिटेड	२०७८।७९ देखि २०८१।८२	४
९	अपर तामाकोशी जलविद्युत कम्पनी	२०८१।८२	१
१०	विराटनगर जुट मिल्स	२०७९।८० देखि २०८१।८२	३
११	औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	२०८१।८२	१
१२	नेपाल मेटल कम्पनी लिमिटेड	२०८१।८२	१
१३	साझा यातायात सहकारी संस्था लिमिटेड	२०८१।८२	१
	जम्मा		**४८**

कानुनबमोजिम लेखापरीक्षण गराई लेखापरीक्षणबाट औंल्याइएका बेहोराको कार्यान्वयन हुनुपर्दछ।

अर्थ मन्त्रालय

आर.बी.बी. सेक्युरिटिज कम्पनी

नेपाल स्टक एक्सचेन्जमा सुचीकृत धितोपत्रको खरिद, बिक्री गरी बजार निर्माताको कार्य गर्ने, अनलाइन कारोबारको सुविधा उपलब्ध गराउने, लगानीकर्तालाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने, ग्राहकका तर्फबाट धितोपत्र खरिद बिक्रीका लागि आदेश प्राप्त गरी कार्यान्वयन गर्नेलगायतका उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको सहायक कम्पनीको रूपमा कम्पनी ऐन, २०६३ बमोजिम २०७२।१०।१५ मा कम्पनीको स्थापना भएको हो। कम्पनीले धितोपत्र बोर्डबाट २०७४।२।२८ मा अनुमति प्राप्त गरी २०७९।८० बाट सञ्चालनमा आएको कम्पनीमा ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको यो वर्षको वित्तीय स्थितिको विवरणअनुसार रु.२४ करोड ८४ लाख ४२ हजार कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.७१ लाख ६५ हजार खुद नाफा हुन गई हालसम्मको सञ्चित नाफा रु.१ करोड ६९ लाख ९ हजार रहेको छ।

२. **सहायक कम्पनीको सञ्चालन र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम न्यूनतम १ जना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त भएको देखिएन। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्ने बेहोरा विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् छ।

आरबीबी मर्चेन्ट बैङ्किङ लिमिटेड

नेपाल सरकारको ९९.९७ प्रतिशत स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको शतप्रतिशत स्वामित्वको सहायक कम्पनीको रूपमा यो संस्था कम्पनी ऐन, २०६३ अनुसार २०७२।१०।१५ मा स्थापना भएको हो। कम्पनीले नेपाल धितोपत्र बोर्डद्वारा मर्चेन्ट बैङ्किङ सञ्चालन इजाजतपत्र प्राप्त गरी कार्य गर्दै आएको छ। कम्पनीमा २९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.५४ करोड ४९ लाख ४९ हजार कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.५ करोड ७७ लाख ४३ हजार खुद नाफा रहेकोमा विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.५ करोड ३० लाख ६१ हजार रहेको छ।

कृषि विकास बैङ्क लिमिटेड

कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि ऋण उपलब्ध गराउने उद्देश्यले संवत २०२४ सालमा यस बैङ्कको स्थापना भई २०३० सालदेखि सेवा सुचारु गरेको छ। बैङ्कको साधारण सेयर पुँजीमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। हाल बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त यस बैङ्कले ७७ जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी सेवा प्रदान गर्दै आएको छ। यस बैङ्कको केन्द्रीय कार्यालय, प्रदेशस्तरका कार्यालय १०, शाखा कार्यालय २७४ र विस्तारित काउन्टर २३ रहेका छन्। बैङ्कमा २ हजार ६५१ कर्मचारी कार्यरत छन्।

१ **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.३ खर्ब ६१ अर्ब ५२ करोड ८१ लाख कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३ अर्ब ७३ करोड २४ लाख खुद नाफा रहेकोमा विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.२ अर्ब ८१ करोड ६७ लाख रहेको छ।

२ **वित्तीय अनुपात -** बैङ्कको वित्तीय अनुपातको विगत तीन वर्षको अवस्था देहायअनुसार छः

क्र.सं.	विवरण	सूचक	२०७९।८०	२०८०।८१	२०८१।८२
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	५.१६	९.८१	१४.८३
२	प्रति सेयर अम्दानी	रुपैयाँ	७.४२	१९.१२	२४.५९
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	७.२४	६.४८	४.०३
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	१३.१०	१३.३४	१०.५७
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१९.१५	१९.६४	२९.५६
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	०.५०	०.९३	१.०३
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.७८	३.९१	३.४४

गत वर्षको तुलनामा जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा र प्रति सेयर आम्दानी बढेको, ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा र निक्षेप एवं ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च घटे तापनि ऋण लगानी अनुपातमा ब्याज आम्दानीमा कमी आएको देखिन्छ।

३ **लगानी -** बैङ्कले सहायक कम्पनीको रूपमा गोबरग्याँस कम्पनीमा लगानी गरेको रु.३२ लाख ४१ हजार सेयर लगानीलाई शतप्रतिशत क्षय भएको जनाई शून्य मूल्यमा देखाएको छ। बैङ्कले कोष व्यवस्थापन कम्पनी लिमिटेडमा रु.२ करोड ९० लाख १३ हजारको ९३.४४ प्रतिशत सेयर लगानी गरेको छ। बैङ्कले लगानी क्षय हुन नदिन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

४ **गैर बैङ्किङ सम्पत्ति -** गैर बैङ्किङ सम्पत्ति गत वर्ष रु.९४ करोड ३१ लाख रहेकोमा यो वर्ष रु.३६ करोड ३१ लाखले वृद्धि भई रु.१ अर्ब ३० करोड ६२ लाख पुगेको छ। गैर बैङ्किङ सम्पत्तिको बजार मूल्यमा आउने कमीका कारण बैङ्कले वित्तीय नोक्सानीसमेत बेहोर्नु पर्ने जोखिम देखिन्छ। गैर बैङ्किङ सम्पत्ति सिर्जना हुन नदिन ऋण लगानी गर्दा धितो मूल्याङ्कनमा ध्यान दिनुपर्दछ।

५ **निष्क्रिय कर्जा -** बैङ्कको कुल कर्जा रु.२ खर्ब १६ अर्ब १ करोड ८१ लाख ३ हजारमध्ये असल कर्जा रु.१ खर्ब ८६ अर्ब ३६ करोड ५३ लाख २१ हजार र सूक्ष्म निगरानीमा रहेको कर्जा रु.२२ अर्ब २१ करोड ७८ लाख ९१ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। त्यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.२ करोड ८८ लाख ५२ हजार, कमसल कर्जा रु.२८ करोड ८९ लाख ५२ हजार, शंकास्पद कर्जा रु.१ अर्ब १५ करोड ४ लाख १२ हजार र खराब कर्जा रु.५ अर्ब ९६ करोड ६६ लाख ७५ हजार रहेको छ। निष्क्रिय कर्जाको अनुपात गत वर्ष ३.९१ प्रतिशत रहेकोमा यो वर्ष ३.४४ प्रतिशत रहेको देखिन्छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार कर्जा असुल गर्नुपर्दछ।

कोष व्यवस्थापन कम्पनी लिमिटेड

कृषि विकास बैङ्क लिमिटेड, उक्त बैङ्कका कर्मचारीहरू र सर्वसाधारण समेतको सहभागितामा पुँजी सङ्कलन गरी घर जग्गा व्यवसाय, सङ्गठित संस्थाहरूको धितोपत्र तथा ऋणपत्रहरू र अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी प्रतिफल प्राप्त गर्ने उद्देश्यले संवत २०५१ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनी ऐन, २०६३ अन्तर्गत हाल कम्पनीमा कुल सेयर सङ्ख्या ३ लाख १० हजार ४८० मध्ये कृषि विकास बैङ्कको २ लाख ९० हजार १३० कित्ता (९३.४४ प्रतिशत) सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३४ करोड ८२ लाख २४ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.६२ लाख ७९ हजार खुद नाफा हुन गई हालसम्मको सञ्चित नाफा रु.२३ करोड ८९ लाख १२ हजार रहेको छ।

२. **सेयर बाँडफाँट** - कम्पनीको प्रबन्धपत्र र नियमावलीमा १ लाख २७ हजार कित्ता सेयर कायम गरेकोमा २०७६।७७ मा ३ लाख १० हजार ४८० कित्ता सेयरको बाँडफाँट बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर लगत नलिएकाले वास्तविक सेयर सदस्य यकिन गर्न नसकिएको बेहोरा विगत वर्षको प्रतिवेदनमा औंल्याईएकोमा स्थिति यथावत् छ।

३. **प्रतिनिधित्व** - सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

नागरिक स्टक डिलर कम्पनी लिमिटेड

धितोपत्र कारोबार गर्नको लागि २०७६।१०।२९ मा कम्पनी ऐन, २०६३ अन्तर्गत यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नागरिक लगानी कोषको ७२.८५ प्रतिशत तथा नेपाल पुनर्बिमा कम्पनी लिमिटेड र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको क्रमशः १४.२९ र १२.८६ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीले नेपालमा धितोपत्र कारोबार र निक्षेप सदस्यसम्बन्धी कार्यहरूसमेत सञ्चालन गरिरहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ अर्ब ७ करोड ९२ लाख ३७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.३६ करोड ४२ लाख १४ हजार खुद नाफा भई हालसम्मको सञ्चित नाफा रु.५७ करोड १० लाख ५३ हजार रहेको छ।

२. **सञ्चालक नियुक्ति -** धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम १८(ख) मा सूचीकृत सङ्गठित संस्थामा सञ्चालक रहेमा कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको लागि योग्य नहुने व्यवस्था छ। यस कम्पनीले नागरिक लगानी कोष र पुनर्बिमा कम्पनीका कार्यकारी अधिकृत, नेपाल दूरसञ्चार कम्पनीका प्रमुख वित्त अधिकृत र नागरिक लगानी कोषका सञ्चालक तथा उप-प्रबन्धक निर्देशक यस कम्पनीको सञ्चालकका रूपमा नियुक्ति गरेको देखियो। ऐन/नियमको पालना गरी सञ्चालक नियुक्ति गर्नुपर्दछ।

३. **बढी बोनस -** बोनस नियमावली, २०३९ को नियम ६ अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानले प्रत्येक आर्थिक वर्षको खुद नाफाको ५ प्रतिशत बोनसको लागि छुट्याउनुपर्ने व्यवस्था भए

तापनि कम्पनीले २०७७।७८ देखि २०८१।८२ सम्म खुद नाफाको १० प्रतिशत बोनसबापत रु.१४ करोड ७ लाख ८३ हजार व्यवस्था गरेको देखियो। नियमावलीले तोकेभन्दा बढी छुट्याएको बोनस रकम संस्थाको आम्दानीमा लेखाङ्कन गर्नुपर्दछ।

नेपाल बैङ्क लिमिटेड

नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा सम्वत् १९९४ मा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालनमा रहेको छ। बैङ्कको कुल चुक्ता पुँजी रु.१४ अर्ब ६९ करोड ४० लाखमध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कमा कुल १४ विभाग, १० डिभिजन र ७ प्रदेश कार्यालय रहेका छन्। बैङ्कले २३१ शाखा, २४१ स्थानमा एटीएम, ६१ विस्तार काउन्टर र अनलाइन बैङ्किङ सेवाको माध्यमबाट देशभर सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा २ हजार २२८ स्थायी र १ हजार ३२१ करार र ज्यालादारीसमेत ३ हजार ५४९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.३ खर्ब ९८ अर्ब ६४ करोड १७ लाख कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३ अर्ब ७ करोड ८० लाख खुद नाफा भएकोमा विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नोक्सान रु.१ अर्ब ४१ करोड ८५ लाख रहेको छ।

२. **वित्तीय अनुपात -** बैङ्कको वित्तीय अनुपातको अवस्था देहायअनुसार छः

क्र.सं.	विवरण	सूचक	२०७९।८०	२०८०।८१	२०८१/८२
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२०.२१	०.१०	१२.१८
२	प्रति सेयर अम्दानी	रुपैयाँ	२३.२९	०.१९	२०.९५
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	६.४३	५.७३	३.८१
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	१४.०९	१२.४३	१०.१६
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१७.४८	१३.५१	१८.५४
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.८१	०.०१	०.८३
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.८५	४.३३	४.५६

बैङ्कको जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा गत वर्ष ०.१० प्रतिशत रहेकोमा यो वर्ष १२.१८ प्रतिशत, प्रतिसेयर आम्दानी गत वर्ष १९ पैसा रहेकोमा यो वर्ष २०.९५ प्रतिशत, निक्षेप तथा ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च गत वर्ष ५.७३ रहेकोमा यो वर्ष ३.८१ प्रतिशत, कुल सम्पत्तिको तुलनामा खुद नाफा गत वर्ष ०.०१ प्रतिशत रहेकोमा यो वर्ष ०.८३ प्रतिशत र कर्जा लगानीको अनुपातमा निष्क्रिय कर्जा गत वर्ष ४.३३ प्रतिशत रहेकोमा यो वर्ष ४.५६ प्रतिशत पुगेको छ। बैङ्कको निष्क्रिय कर्जा निरन्तर बढेकोले समयमा ऋण तथा ब्याज असुल गर्नुपर्दछ।

३. **योजना, कार्यक्रम र लक्ष्य प्रगति** - बैङ्कको २०८१।८२ मा प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमको लक्ष्य तथा प्रगति देहायअनुसार छः

(रु. करोडमा)

विवरण	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
ग्राहकको निक्षेप दायित्व	३१२००	३३६८७	१०७.९७
कर्जा तथा सापटी	२४४७६	२२७६८	९३.०३
खुद ब्याज आम्दानी	९००	१०१४	११२.७१
शुल्क तथा कमिसन आम्दानी	१९२	१४७	७६.६३
अन्य सञ्चालन खर्च	१८८	१०८	५७.५२
कर्मचारी खर्च	५१९	३८६	७४.३७
पुँजीगत खर्च	१९५	४१	२०.९६

उल्लिखित विवरणअनुसार बैङ्कले यो वर्ष ग्राहकको निक्षेप दायित्व र खुद ब्याज आम्दानीमा लक्ष्यभन्दा बढी प्रगति हासिल गरे तापनि कर्जा तथा सापटी, शुल्क तथा कमिसन आम्दानी, अन्य सञ्चालन खर्च, कर्मचारी खर्च र पुँजीगत खर्चमा लक्ष्य हासिल गर्न सकेको देखिएन। बैङ्कको कार्यसम्पादन व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

४. **अन्य सम्पत्ति** - बैङ्कको वित्तीय विवरणमा रहेको अन्य सम्पत्ति रु.८ अर्ब ४८ करोड ३२ लाख ९० हजारमध्ये खुद रु.१६ करोड ४८ लाख २५ हजार लामो समयदेखि बक्यौता रहेको र सोको मौज्दात सर्मथन लिएको देखिएन। लामो समयदेखि बक्यौता रहेको हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फरफारक गर्नुपर्ने सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

५. **अन्य दायित्व** - बैङ्कको वित्तीय विवरण अनुसार अन्य दायित्व रु.१० अर्ब ४८ करोड ८६ लाख ४० हजारमध्ये रु.१६ करोड २८ लाख ९४ हजार लामो समयदेखि फरफारक गर्न बाँकी रहेको र सो को मौज्दात सर्मथन लिइएको देखिएन। शाखा हिसाब मिलान अन्तर्गत रु.२५ लाख ४९ हजार मिलान हुन बाँकी रहेको छ। सरकार सम्बन्धी भुक्तानीयोग्य कारोबार अन्तर्गत रु.६७ करोड ८५ हजारको हिसाब मिलान हुन बाँकी रहेको छ। लामो समयदेखि बक्यौता रहेको हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फर्स्यौट गर्नुपर्ने बेहोरा विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको छैन।

६. **गैर बैङ्किङ सम्पत्ति** - बैङ्कको हिसाबमा विगत वर्षदेखि रु.२६ करोड ४२ लाख मूल्य बराबरको २० वटा गैर बैङ्किङ सम्पत्ति रहेका छन्। बैङ्कले यस वर्ष ३ वटा गैर बैङ्किङ सम्पत्ति सकार गरेको र ३ गैर बैङ्किङ सम्पत्ति बिक्री/फिर्ता गरेको छ। नियमानुसार गैर बैङ्किङ सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

७. **कर्जा अपलेखन** - अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनुपर्नेमा यो वर्ष अपलेखन गरेको कर्जा रु.१ करोड २४ लाख ८७ हजार र ब्याज रु.२५ करोड ६ लाख ३२ हजार असुल भएको छैन।

८. **निष्क्रिय कर्जा** - बैङ्कले कर्जा प्रवाह गर्दा कर्जा निर्देशिका, कर्जा नीति तथा मूल्याङ्कन मार्गदर्शन र नेपाल राष्ट्र बैङ्कका नीति तथा निर्देशनहरूको अनिवार्य पालना गर्नुपर्दछ। गत वर्ष बैङ्कको निष्क्रिय कर्जा रु.६ अर्ब ५७ करोड ८७ लाख ९५ हजार रहेकोमा यो वर्ष रु.१० अर्ब ७७ करोड ७१ लाख ९२ हजार पुगेको छ। कर्जाको नियमित असुली सुनिश्चित गर्न ठोस रणनीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

९. **बिमाङ्कीय अनुमान** - पेन्सन, उपदान तथा अवकाश लाभहरूको मूल्याङ्कनका लागि प्रयोग गरिने बिमाङ्कीय अनुमानहरूमा यो वर्ष गत वर्षको तुलनामा परिवर्तन गरेको छ। अघिल्लो आर्थिक वर्षको बिमाङ्कीय

मूल्याङ्कनमा ९ प्रतिशत वार्षिक छुट दर कायम गरिएकोमा चालु वर्षको लागि ७.९६ प्रतिशत वार्षिक दर कायम गरिएको छ। बैङ्कद्वारा गरिएको यस बिमाङ्कीय अनुमानको परिवर्तनले कर्मचारीको पेन्सन/उपदान तथा अवकास लाभसँग सम्बन्धित दायित्व रकम भुक्तानी सामर्थ्यमा असर पर्ने देखिन्छ।

१०. **आन्तरिक नियन्त्रण** - बैङ्कले शाखा तहमा ग्राहकहरूको कर्जा उपयोगको अवस्था अनुगमनको व्यवस्था गरे तापनि केन्द्रीय तथा प्रदेशस्तरमा सोको निरन्तर अनुगमन हुने गरेको देखिएन। साथै, बैङ्कले संस्थागत सुशासनसम्बन्धी प्रतिवेदन तयार गरी लेखापरीक्षण समिति समक्ष पेस गरेको देखिएन। प्रदेश एवं केन्द्रीय स्तरमा अनुगमन संयन्त्र तथा प्रतिवेदन तयार गरी पेस तथा कार्यान्वयन गर्नुपर्दछ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा साबिक कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था, नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट नेपालमा सङ्गठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ।यो कम्पनी धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो। यस कम्पनीमा नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ९.५१ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको ११.२३ प्रतिशत, लक्ष्मी बैङ्क लिमिटेडको ५ प्रतिशत, प्रभु बैङ्क लिमिटेडको ५ प्रतिशत र अन्यको ०.६० प्रतिशत सेयर रहेको छ। यस लिमिटेडमा २०८२ आषाढ मसान्तसम्म विभिन्न तहका ३४ स्थायी र १३ करार गरी ४७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.९ अर्ब ८८ करोड ५७ लाख ४४ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ अर्ब ८० करोड २५ लाख ६२ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.२ अर्ब १७ करोड ६५ लाख ९८ हजार रहेको छ।

२. **सीडीएसको सेयर स्वामित्व** - कम्पनी र सीएमसी, भारतबिच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौताबमोजिम नेप्सेले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको लागि सीएमसी, भारतबाट स्वचालित कारोबार सफ्टवेयर खरिद गरेको थियो। सोको लागि कम्पनीले नेपाल सरकारमार्फत भारत सरकारबाट प्राप्त अनुदान रु.१४ करोड ७२ लाख खर्च गरेको र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई उक्त सफ्टवेयर हस्तान्तरण गरेबापत रु.१०० का दरले १४ लाख ७२ हजार कित्ता सेयर र नगद भुक्तानी गरी रु.१०० का दरले १५ लाख २८ हजार कित्ता सेयर प्राप्त गरेको छ। यस सम्बन्धमा अर्थ मन्त्रालयको २०८१।३।२४ को पत्रबाट सिडिएस एण्ड क्लियरिङ लिमिटेडको सेयर संरचना परिवर्तन गरी नेपाल सरकारको नाममा १४ लाख ७२ हजार कित्ता र नेप्सेको नाममा १५ लाख २८ हजार कित्ता कायम गर्न निर्देशन भएकोमा सेयर लगत अद्यावधिक गराएको देखिएन।

३. **सूचीकरण विनियमावलीको परिपालना** - धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ बमोजिम सूचीकृत कम्पनीहरूले आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र वार्षिक प्रतिवेदन र त्रैमासिक समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन अनिवार्य रूपमा नेप्सेको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २७२ सूचीकृत कम्पनीमध्ये ७३ कम्पनीले वार्षिक र १६ कम्पनीले त्रैमासिक प्रतिवेदन तयार गरी वेबसाइटमा अपलोड गरेको देखिएन। विनियमावलीको पालना हुनुपर्दछ।

४. **कारोबार र बजार पुँजीकरण**- गत वर्ष नेप्सेमा २ अर्ब ५२ करोड कित्ता सेयर खरिद बिक्री भई रु.३५ खर्ब ५३ अर्ब ६७ करोडले बजार पुँजीकरण भएकोमा यो वर्ष ४ अर्ब ८४ करोड कित्ता सेयर खरिद बिक्री भई रु.४६ खर्ब ५६ अर्ब ९८ करोडले बजार पुँजीकरण भएको छ। गत वर्षको तुलनामा ३१.०५ प्रतिशतले सेयर कारोबारमा वृद्धि भएको देखिन्छ।

५. **ग्राहक पहिचान कोड** - धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २९ अनुसार वास्तविक ग्राहक पहिचान गर्न नागरिकता नम्बर, जारी मिति र जन्म मिति जस्ता मुख्य विवरण यकिन गरी एउटा लगानीकर्तालाई एउटै युनिक क्लाइन्ट कोड जारी गर्ने व्यवस्था रहेकोमा तथ्याङ्क परिवर्तन भै दोहोरो अभिलेखसमेत देखिएकोले ग्राहक पहिचान गर्ने कार्य अद्यावधिक हुन सकेको देखिएन। प्रणालीमा कानुनी तथा नियामकीय जोखिम न्यून गर्ने उद्देश्यअनुसार कार्य सम्पादन गर्नुपर्दछ।

६. **चुक्ता पुँजी**- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापरी) नियमावली, २०६४ बमोजिम अनुमतिपत्रको प्रकारका आधारमा ब्रोकरहरूले न्यूनतम रु.२० करोड (सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा) वा रु.६० करोड (पूर्ण कार्य गर्ने धितोपत्र ब्रोकर सेवा) तथा स्टक डिलरले रु.१ अर्ब ५० करोड चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था छ।विभिन्न ब्रोकर कम्पनीहरूले देहायअनुसार चुक्ता पुँजी वृद्धि गरेकोमा सो रकम सेयर धनीलाई प्रत्यक्ष पेस्की, स्थिर पुँजीको निमित्त पेस्की, सेयर होल्डर पेस्की ४८ देखि ९२ प्रतिशतसम्म उपलब्ध गराएको कारण कम्पनीको उद्देश्य अनुरूप उपयोग भएको छैन। कम्पनीले अनुगमन गरी पेस्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

(रु. हजारमा)

ब्रोकर कम्पनी	चुक्तापुँजी	सेयर धनीलाई उपलब्ध गराएको पेस्की रकम	पेस्कीको प्रतिशत
एक स्टक हाउस लिमिटेड	२०,४०,००	९,७९,३५	४८.०१
एक सेयर एक्सचेन्ज	२०,००,००	१८,५०,००	९२.५०
एक सेक्युरिटी	२०,००,००	१६,१२,२५	८०.६१
एक शो सेक्युरिटी	२०,००,००	१३,४७,८८	६७.३९

७. **दैनिक सुपरिवेक्षण प्रतिवेदन** - नेप्से सुपरिवेक्षण विनियमावलीको विनियम ११(३) र ५(३) बमोजिम कारोबार समयपश्चात् सुपरिवेक्षण विभागले प्रमुख कार्यकारी अधिकृतलाई दैनिक अफ-साइट सुपरिवेक्षण प्रतिवेदन पेस गर्नुपर्ने र अनुसूची ३ को मापदण्ड प्रयोग गरी अस्वाभाविक मूल्य उतारचढावको दैनिक निरीक्षण तथा विश्लेषण गर्नुपर्ने व्यवस्था छ। धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम २३ अनुसार धितोपत्रको बजार मूल्यमा अस्वभाविक उतार चढाव हुन सक्ने गरी कामकारबाही भएको देखिएमा नेप्सेले त्यस्तो संस्थाको धितोपत्र कारोबारलाई बढीमा १५ दिनसम्मका लागि निलम्बन गर्न सक्ने व्यवस्था छ। नेप्सेको मासिक प्रतिवेदनअनुसार २०८१ श्रावणमा मूल्य उतार चढाब भएकामध्ये १९ कम्पनीको ६१.०९ प्रतिशतदेखि ९९.७९ प्रतिशतसम्म मूल्य वृद्धि भएका कम्पनीको अनुगमन मूल्याङ्कन गरेको छैन। कानुनबमोजिम अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

८. **बक्यौता वार्षिक शुल्क र कारोबार**- धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम सूचीकृत कम्पनीहरूले वार्षिक सूचीकरण शुल्क समयमै बुझाउनुपर्ने र विनियम ९ (१) मा शुल्क नबुझाएमा दुई वर्षसम्म कारोबार रोक्का गर्न र कम्पनीहरूको सूचीकरण खारेज गर्न सक्ने व्यवस्था छ। नेप्सेमा दर्ता भएका कम्पनीमध्ये रोक्का रहेका २२ कम्पनीको शून्य कारोबार रहेकोमा ३ कम्पनीले नियमित रूपमा

वार्षिक सूचीकरण शुल्क बुझाएको, २ सरकारी कम्पनीको कारोबार नदेखिएको र १७ कम्पनीले वार्षिक नवीकरण शुल्क भुक्तानी गरेको देखिएन। यसरी वार्षिक नवीकरण शुल्क नबुझाउने १७ कम्पनीबाट २०७५।३।३० सम्मको प्रतिवर्ष रु.२५ हजार र तत्पश्चात् २०८१।८२ सम्मको प्रतिवर्ष रु.५० हजारका दरले बक्यौता शुल्क गणना गर्दा रु.९३ लाख असुल गर्न बाँकी रहेको देखिन्छ। कम्पनीले प्रोदभावी लेखाप्रणाली अपनाए तापनि असुल गर्न बाँकी रकम वित्तीय विवरणमा उल्लेख गरेको नदेखिएकोले सोको लेखाङ्कन गरी नियमानुसार उक्त रकम असुल गर्नुपर्दछ।

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)

उत्पादकत्वसँग सम्बन्धित सौहार्दपूर्ण औद्योगिक सम्बन्ध कायम गर्न तालिम, परामर्श सेवा र अध्ययन, अनुसन्धानमार्फत जनचेतना प्रवर्धन गर्ने उद्देश्यले २०४५ सालमा यस केन्द्रको स्थापना भएको हो। केन्द्रमा नेपाल राष्ट्र बैङ्कको ३१.५२ प्रतिशत, नेपाल सरकारको २३.९५ प्रतिशत, साबिकको नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैङ्क) को १२.६० प्रतिशत, अन्य ८ सङ्गठित संस्थाको २८.१४ प्रतिशत र कर्मचारीको ३.७९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८०।८१ को वित्तीय स्थितिको विवरणअनुसार रु.१० करोड ८५ लाख १९ हजार कुल पुँजी तथा दायित्व एवं सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३९ लाख ७ हजार खुद नोक्सानी रहेकोमा नेपाल सरकारबाट रु.४० लाख अनुदान प्राप्त भएको छ।

२. **सञ्चित नाफा/नोक्सानी -** केन्द्रको सञ्चित नोक्सानी यो वर्ष रु.११ करोड २५ लाख पुगेको छ। प्रत्येक वर्ष आम्दानीभन्दा खर्च बढी रहेकोले सञ्चित नोक्सानी बढ्दै गएको र केन्द्रको सञ्चालन खर्चका लागि नेपाल सरकारको अनुदानमा निर्भर रहेको देखिन्छ। केन्द्रलाई पुनर्संरचना गरी व्यावसायिक कार्ययोजना अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३. **लगानीकर्ता संरक्षण कोष -** कम्पनी ऐन, २०६३ को दफा १८२(९) अनुसार साधारण सभाले पारित गरेको पाँच वर्षभित्र लाभांश वितरण गर्नुपर्ने र सो अवधिभित्र वितरण नभएमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा केन्द्रले पाँच वर्ष व्यतीत हुँदासम्म रु.२ लाख ७९ हजार भुक्तानी दिन बाँकी लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको छैन। उक्त रकम कोषमा दाखिला गर्नुपर्दछ।

४. **ऋण -** नेपाल सरकारबाट प्राप्त ऋण रु.९ करोड ३० लाखको ब्याज गणना गरी महालेखा नियन्त्रक कार्यालयले तोकेको तालिकाअनुसार साँवा र ब्याजको किस्ता भुक्तानी गर्नुपर्नेमा नगरेको बेहोरा गतवर्षको प्रतिवेदनमा औल्याएकोमा स्थिति यथावत् छ।

५. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले कारोबार सुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने र तत्पश्चात् आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था छ। केन्द्रले यो वर्ष वार्षिक साधारण सभा गरेको छैन।

राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड (२०७४।७५ र २०७५।७६)

प्राइभेट कम्पनीको रूपमा २०२४ सालमा स्थापित यो संस्था राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ अनुसार संस्थानमा परिणत भएको हो। संस्थानले संस्थागत जीवन र निर्जीवन बिमा व्यवसाय गर्दै आएकोमा २०७१ सालबाट जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। बिमा ऐन, २०७९ बमोजिम जीवन बिमा व्यवसाय सञ्चालन गर्नको लागि २०८० सालमा यो संस्थान राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा परिणत भएको छ। कम्पनीमा नेपाल सरकारको २७.७८ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ५५.५५ प्रतिशत र नेपाल बैङ्क लिमिटेडको १६.६७ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीको केन्द्रीय र २३ शाखा कार्यालय समेतमा ८३ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७५।७६ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२८ अर्ब ७ करोड ३ लाख ५ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१२ करोड २६ लाख ८४ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नाफा रु.३६ करोड ४४ लाख ८ हजार रहेको छ।

२. **लेखापरीक्षकको राय** — कम्पनीले वित्तीय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानको पूर्ण पालना गरेको छैन।कम्पनीको वित्तीय स्थिति र सञ्चालन नतिजालाई चित्रण गर्ने वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात उपर लेखापरीक्षण राय स्थापित गर्न आवश्यक पर्याप्त तथा उपयुक्त प्रमाणहरू पेस नभएको उल्लेख गरी लेखापरीक्षकले राय अस्वीकरणको प्रतिवेदन जारी गरेको छ। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३. **समायोजन -** कम्पनीले यस वर्षको वित्तीय विवरण तयार गर्दा गत विगत वर्षसहित यस वर्षको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्च शीर्षकमा समायोजन गरेको रु.४ अर्ब ५० करोड ३१ लाखको समर्थन वा पुष्टि गर्ने प्रमाण, कागजात संलग्न गरेको छैन। अतः कम्पनीले हिसाब समायोजन गर्दा पुष्टि गर्ने प्रमाण कागजातको आधारमा मात्र गर्नुपर्दछ।

४. **कर्जाको विवरण -** बिमालेखको धितोमा प्रवाह भएका कर्जाको मौज्दात रु.१ अर्ब ९० करोड ४१ लाख रहेकोमा कर्जा प्रवाह मिति, असुल गर्न बाँकी, कर्जा रकम, असुली स्थिति र लिन बाँकी ब्याजलगायतको विस्तृत विवरण पेस नभएकोले विश्लेषण गर्न सकिएन।

५. **बैङ्क मौज्दात -** लेखा प्रणालीअनुसार कम्पनीको बैङ्क मौज्दात रु.५१ करोड ६८ लाख रहेकोमा बैङ्क मौज्दात समर्थनपत्रअनुसार रु.४७ करोड ६८ लाख देखिँदा फरक रु.४ करोड बैङ्क अनिश्चय खातामार्फत समायोजन उल्लेख गरेको देखियो। बैङ्क मौज्दातमा गरिएको समायोजन नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्धान्तअनुरूप देखिँदैन। अतः कम्पनीले नेपाल लेखामान र नेपाल वित्तीय प्रतिवेदनमानअनुसार बैङ्क मौज्दात हिसाब समायोजन गर्नुपर्दछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली -** बैङ्क हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनुपर्ने तथा दिनुपर्ने, आम्दानी, खर्च तथा दायित्व हिसाबका सहायक खाता अद्यावधिक नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्व, आम्दानी तथा खर्चको गणना र लेखाङ्कनसँग सम्बन्धित नीति तथा अवधारणाको कम्पनीले प्रमुख लेखा नीति तथा टिप्पणीमा खुलासा गरेको छैन।लेखासँग सम्बन्धित आधारभूत कागजात व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा

क्रमबद्ध रूपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, कारोबार पुष्टि गर्ने समुचित कागजात बिना एवं आधिकारिक व्यक्तिबाट प्रमाणित नगरी भौचरहरूको वित्तीय विवरणमा समायोजन गर्नु, बैङ्क खाता नियमित तवरले भिडान नगर्नु र लामो समयदेखि बक्यौता रहेका रकमहरूको हिसाब मिलान तथा समायोजन नगर्नु, पुनर्बिमाको हिसाब लेखाङ्कन नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको छ। यसमा सुधार गर्नुपर्दछ।

७. **अग्रिम बोनस -** कर्मचारी ऋण सुविधा उपयोग गरी सोबापत बिमालेख लिएका २७ कर्मचारी यस वर्ष अवकाश भएकोमा कम्पनीले अवकाशको समयमा बिमालेखबापत रु.५ करोड २८ लाख अग्रिम बोनस प्रदान गरेको छ। बिमालेख अवधि समाप्त पूर्व नै बोनस रकम तय नहुने हुँदा अग्रिम बोनस दिनु उपयुक्त देखिँदैन। उक्त बिमालेखमा २०७५।७६ मा कर्मचारीहरूको अवकाशपछि कुनै पनि बिमा शुल्क प्राप्त नभएको र ऋण भुक्तानी भएको देखिँदैन। उक्त ऋणको सुरक्षणमा राखिएको धितो फुकुवा भइसकेकोले ऋणको असुली जोखिमपूर्ण देखिएको र बिमालेखको निरन्तरतामा समेत जोखिम रहेको देखिन्छ। जोखिम न्यूनीकरण हुने गरी कार्य गर्नुपर्दछ।

८. **अनिश्चय खाता -** कम्पनीले वित्तीय विवरणमा सम्पत्ति र आम्दानीको मौज्दात समायोजन गर्न बैङ्क अनिश्चय खाता, बिमालेख अनिश्चय ऋण खाता, कर्मचारी अनिश्चय ऋण खाता र बिमा अभिकर्ता अनिश्चय ऋण खाता खडा गरी आन्तरिक लेखाका तथ्याङ्कहरू र बाह्य वा विभागीय कागजातबिचको भिन्नताहरू समायोजन गर्न प्रयोग गरी बैङ्क अनिश्चय खाताअन्तर्गत खुद रु.३ करोड ८८ लाख डेबिट समायोजन गरिएको र कम्प्युटर प्रणालीभन्दा लेखा प्रणालीमा रु.२८ करोड २४ लाख न्यून भएकोमा आवश्यक प्रमाणहरू बिना व्यवस्थापनको स्पष्टीकरणको आधारमा मात्र हिसाब समायोजन गरेको देखियो। उक्त ऋणको रकमलाई अनिश्चय खाता खोली समायोजन गरेकोले यसरी नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्दान्त विपरित हिसाब समायोजन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

९. **बिमाङ्कीय मूल्याङ्कन -** बिमाङ्कीय मूल्याङ्कनका लागि प्रदान गरिएका तथ्याङ्कमध्ये जीवन बिमा कोष, ऋणपत्रहरू, पब्लिक लिमिटेडको साधारण सेयर, कर्मचारी ऋण र लगानीबाट प्राप्त हुने आम्दानीमा बिमाङ्कीय मूल्याङ्कन भन्दा वित्तीय विवरणमा रु.१ अर्ब ९३ करोड २१ लाख बढी रहेको छ। साथै सरकारी धितोपत्रहरू, नगद र बैङ्क मौज्दात, माथिल्लो तामाकोशीको ऋण, पुनःबिमाकर्ताहरूबाट प्राप्यमा बिमाङ्कीय मूल्याङ्कनभन्दा वित्तीय विवरणमा रु.३८ करोड ५ लाख घटी रहेको छ। यसरी रु.२ अर्ब ३१ करोड २६ लाख फरक परेकाले यी भिन्नताले वित्तीय विवरणसँग पूर्ण रूपमा मेल नखाने तथ्याङ्कहरू प्रयोग गरेर बिमाङ्कीय मूल्याङ्कन गरेको देखिन्छ। यसरी मूल्याङ्कन गर्ने/गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१०. **मुद्दती फिर्ता -** कम्पनीले ग्लोबल आइ.एम.ई बैङ्क लिमिटेडको मुद्दती खातामा राखेको रु.१ करोड ७५ लाख २०६७।२।१३ मा परिपक्व भएकोमा हालसम्म कम्पनीको बैङ्क खातामा रकम फिर्ता गरेको देखिएन। उक्त मुद्दती रकममा ब्याज प्राप्त गरे नगरेको समेत यकिन गरी कम्पनीको बैङ्क खातामा जम्मा गर्न गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)

राष्ट्रिय बिमा संस्थानले गर्दै आएको निर्जीवन बिमा व्यवसाय छुट्टै संस्थाबाट सञ्चालन गर्नको लागि २०७१ मा यस कम्पनीको स्थापना भई निर्जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। कम्पनीको २०७७।७८ मा चुक्ता पुँजी रु.२६ करोड ६६ लाख ३९ हजार रहेको मध्ये नेपाल सरकारको ४७.५० प्रतिशत, कर्मचारी सञ्चयकोषको २२ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको १०.५६ प्रतिशत र सर्वसाधारणको १९.९४ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०७७।७८ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३१ अर्ब ७९ करोड ३३ लाख ३५ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.५२ करोड १३ लाख २६ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.१ अर्ब १० करोड ८१ लाख ५५ हजार रहेको छ।

२. **सेयर संरचना** - कम्पनीको प्रबन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशतसमेत संस्थापकको ८०.४६ प्रतिशत र सर्वसाधारणको १९.९४ प्रतिशत सेयर रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय व्यक्त गर्नको लागि पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। यसका प्रमुख कारणहरू निम्नानुसार छन्:

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा आरबीएस टु आरबीसीएल सस्पेन्स खाता शीर्षकमा रहेको रु.३३ करोड ६६ हजारलाई विविध आसामी हिसाबमा समावेश गरेको पाइयो। कम्पनीले उक्त रकमलाई विविध आसामीमा समावेश गर्न आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त गरेको छैन। कम्पनीको गत वर्षको वित्तीय विवरणको विभिन्न खाता शीर्षकमा हिसाब मिलान नभएको र उक्त खाता शीर्षकहरूको हिसाब मिलान गर्न विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार स्थानान्तरण गरेको छ। यस वर्षसम्म सो रकमको हिसाब मिलान भएको छैन।

३.२ कम्पनीले यस वर्षको अन्त्यमा अन्य दायित्वअन्तर्गत राष्ट्रिय बिमा संस्थानलाई तिर्नुपर्ने शीर्षकमा रु.४ करोड ७४ लाख ९४ हजार देखाएकोमा यो वर्ष सुरु मौज्दातमा रु.४ करोड ६६ लाख ६८ हजार जिम्मेवारी सारिएको छ। अन्तिम मौज्दातको रूपमा देखाएको रु.४ करोड ७४ लाख ९४ हजार (क्रेडिट) ड्यु फ्रम टु लाइफ खाताबाट रु.६ करोड १ लाख ५ हजार (क्रेडिट) र स्टाफ लोन एण्ड लाइफ खाताबाट रु.१ करोड २६ लाख ११ हजार (डेबिट) समायोजन भएको छ। उक्त रकमहरूको वास्तविक विवरणको पूर्णरूपमा समायोजन हुन नसकेको तथा सोलाई पुष्टि गर्ने प्रमाण लेखापरीक्षणमा पेस गरेको छैन।

३.३ बिमा नियमावली, २०४९ को नियम ३२(४) अनुसार सर्वेयरले बिमकसमक्ष प्रतिवेदन पेस गरेको साधारणतया ३५ दिनभित्र बिमकले दायित्व ठहर गरी बिमितलाई निर्जीवन बिमाको दाबी भुक्तानी गर्नुपर्नेमा कम्पनीले २०७७।७८ को रु.५३ करोड १९ लाख ४३ हजार, २०७६।७७ को रु.२६ करोड ६१ लाख १ हजार, २०७५।७६ को रु.१० करोड ३ लाख ८३ हजार र २०७४।७५ वा

सोभन्दा अघिको रु.४१ करोड ३९ लाख ८२ हजारसमेत रु.१ अर्ब ३१ करोड २४ लाख ९ हजार २०७८ असारमसान्तसम्म दाबी भुक्तानी गरेको छैन।

३.४ बिमा ऐन, २०४९ को दफा २७ अनुसार बिमा शुल्क प्राप्त नगरेसम्म बिमा जोखिम स्वीकार गर्न नहुने र बिमा नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बिमितले बिमाशुल्क नबुझाएसम्म बिमक र बिमितबिचमा कारोबार भएको नमानिने व्यवस्था रहेकोमा कम्पनीले बिमा प्रिमियम बाँकी राखी बिमा स्वीकार गरी उक्त प्रिमियम आम्दानी बाँधेको उपयुक्त देखिएन।

३.५ हिसाब मिलान नभएका पुराना खाताहरूलाई यथावत् राखी नयाँ खाताको माध्यमबाट हिसाब मिलान गर्नुपर्नेमा कम्पनीले हिसाब मिलान नभएका खाताहरू नै प्रयोग गरिरहेको देखियो। यसरी सालबसाली रूपमा एउटै खाता प्रयोग गरी सुरु मौज्दातमा आएको फरक रकम वार्षिक रूपमा नै फरक पर्ने गरेकोले पुरानो हिसाब मिलान सम्बन्धमा कम्पनीको कार्य प्रभावकारी देखिएन। कम्पनीको ३ लेजरमा रहेको डेबिट मौज्दात रु.८ करोड ७९ लाख ८९ हजार र ५ लेजरमा रहेको क्रेडिट मौज्दात रु.७ करोड ३६ लाख २ हजार विगतदेखि जिम्मेवारी सार्दै आएकोमा सोको पुष्ट्याइँ हुने कागजात पेस गरेको छैन।

३.६ कम्पनीले २०७८ असार मसान्तसम्म कम्पनीको बैङ्क खाताबाट भएको रु.२१ लाख १४ हजार भुक्तानी र बैङ्क खातामा जम्मा भएको रु.५५ लाख ८३ हजार आम्दानी बाँधी वित्तीय विवरणमा अद्यावधिक गरेको छैन।

३.७ कर्मचारीबाट २०७८ असारसम्म असुल गर्नुपर्ने कर्जा रु.७ करोड ६५ लाख ५४ हजार रहेकोमा असुल गरिएको छैन। यसरी म्याद समाप्त भइसकेको र कतिपय ऋण लिएका कर्मचारीहरू अवकाश भैसकेको अवस्थामा उक्त ऋण रकमको असुली अनिश्चित छ। कर्मचारीको सेवाअवधिभन्दा बढी समयसम्मको लागि ऋण प्रदान गर्दा उक्त ऋणको असुलीमा समस्या सिर्जना भएको छ।

मौज्दात समर्थन नलिने, हिसाब मिलान नगर्ने, लेखापरीक्षणमा प्रमाण पेस नगर्ने, कानुनको पालना नगर्ने र त्यस्तो अवस्थाको नियन्त्रण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

४. **लेखापरीक्षण** - कम्पनीले २०७९।८० देखि २०८१।८२ सम्म ३ वर्षको लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्तिका लागि परामर्श लिए तापनि लेखापरीक्षण सम्पन्न गर्न सकेको छैन। समयमै लेखापरीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

राष्ट्रिय वाणिज्य बैङ्क

सर्वसाधारणलाई बैङ्किङ सेवा उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्क ऐन, २०२१ अन्तर्गत २०२२।१०।१० मा यस बैङ्कको स्थापना भएको हो। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त गरी यस बैङ्कले ७७ वटै जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी बैङ्किङ सेवा प्रदान गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय, ७ प्रदेश कार्यालय र २९४ शाखा कार्यालयमा २ हजार ९१६ कर्मचारी कार्यरत छन्।

१ **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ खर्ब ८५ अर्ब ६४ करोड ६० लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.२ अर्ब ८३ करोड ६० लाख खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नोक्सानी रु.८५ करोड ३ लाख रहेको छ।

२ **वित्तीय परिसूचक -** बैङ्कको प्रमुख वित्तीय परिसूचकको अवस्था देहायानुसार छः

क्र.सं.	विवरण	एकाइ	२०७९।८०	२०८०।८१	२०८१।८२
१	कुल आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	११.१४	८.०१	९.२५
२	प्रति सेयर आम्दानी	रूपैयाँ	२४.२२	१६.३२	१८.१४
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	५.७१	४.५८	३.३९
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	१०.२७	९.४८	६.८०
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१४.५९	१५.७२	१८.०३
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	०.९१	०.५०	०.४८
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	३.७७	४.२८	३.७९

गत वर्षको तुलनामा यो वर्ष बैङ्कको कुल आम्दानीको अनुपातमा खुद मुनाफा एवं प्रति सेयर आम्दानी बढेको, निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च घटेको, ऋण लगानीको अनुपातमा प्राप्त ब्याज घटेको, सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च बढेको कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा अनुपात घटेको छ र ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा घटेको देखिन्छ। बैङ्कको व्यवस्थापन र कार्यसम्पादनमा थप सुधार गर्नुपर्दछ।

३ **कर्जा लगानी** - बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई रु.१० अर्ब १८ करोड ४८ लाख र अन्य ग्राहकहरूलाई रु.२ खर्ब ९२ अर्ब ३३ करोड ७२ लाख खुद कर्जा लगानी गरेको छ। कर्जा नोक्सानी बापत रु.१३ अर्ब ७६ करोड ६१ लाख व्यवस्था र कर्मचारीहरूलाई प्रदान गरेको कर्जा रु.६ अर्ब १ करोड १३ लाखसमेत समायोजन गरी खुद कर्जा गणना गरिएको छ। बैङ्कको निष्क्रिय कर्जा ३.७९ प्रतिशत रहेकोले सोको व्यवस्थापन गर्न रणनीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४ **निर्देशिकाको पालना -** नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशिकाको पालना नगरी व्यवसाय सञ्चालनमा नरहेका, तोकिएको ऋण इक्विटी अनुपात पुरा नभएका तथा तीन वर्षदेखि लगातार घाटा बेहोरेको व्यवसायलाई ऋण प्रवाह गरेको देखिएको छ।साथै धेरै पटक स्थगन गरिएको चालु पुँजी कर्जा व्यवसायमा कर्जा उपयोग गरिएको सुनिश्चित नगरिएको, ड्रविङ्ग पावर तथा नेट ट्रेडिङ्ग एसेस्टको सुपरिवेक्षण

नगरिएको जस्ता निर्देशिकाको व्यवस्था पालना भएको छैन। बैङ्कले निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ।

५ **जग्गा उपयोग-** बैङ्कको स्थिर सम्पत्तिको मूल्य रु.४ अर्ब २३ करोड ७६ लाख रहेकोमा केन्द्रीय कार्यालयको १५ रोपनी १ आना ३ पैसा, लहानको ३ बिघा १० कठ्ठा जग्गा र मङ्गलसेन नगरपालिका अछामम रहेको २ रोपनी जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन। महालक्ष्मी नगरपालिका इमाडोल, ललितपुरस्थित बैङ्कको १ हजार ८२२.९५ वर्गमिटर क्षेत्रफलमा रहेको जग्गा अतिक्रमणमा रहेको, पोखरास्थित ४ हजार ८६१.६ वर्ग मिटर जग्गामध्ये साबिक एक विकास बैङ्क लिमिटेडको नाममा रहेको १ कित्ता जग्गा नगर विकास कोषले रोक्का गरेको र कानेपोखरी गाउँपालिका, मोरङस्थित बैङ्कको नाममा रहेको ४ बिघा १६ कठ्ठा १ धुर जग्गामा मोहियानी हक दाबी रहेको छ। बैङ्कले सम्पत्ति उपयोग योजना तयार गरी दरबारमार्ग, थापाथली, पोखरा, बुटवल, भरतपुर, धनगढी, सुर्खेत, विराटनगर, नेपालगन्जलगायतका स्थानमा रहेका घर र जग्गासमेत उपयोग एवं संरक्षणगरी उचित प्रतिफल प्राप्त गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

६ **हिसाब मिलान** - बैङ्कले ग्राहकलाई प्रदान गर्दै आएको डेबिट तथा क्रेडिट कार्ड कारोबार, एटीएम कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, आसामी र साहुतर्फको लामो समयदेखि राफसाफ नभएको तथा पहिचान नभएको रकम, एजेन्सी हिसाबअन्तर्गत हिसाब मिलान नभएको रकम, मार्गस्थ नगद रकम, दाबी नपरेको दायित्व, अन्य दायित्व, उज्राती खातालगायतका शीर्षकमा बर्सेनि जिम्मेवारी सारी आएको रकममध्ये यो वर्षको अन्त्यमा खुद क्रेडिट रु.३ करोड ८५ लाख ८० हजार (डेबिटतर्फ रु.१३ करोड ७१ लाख ४० हजार र क्रेडिटतर्फ रु.१७ करोड ५७ लाख २० हजार) हिसाबमिलान गर्न बाँकी रहेको छ। सोमध्ये बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रु.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि पुमोरी सफ्टवेयरमा विद्युतीय लेखा राख्न सुरु गर्दा देखि नै सार्दै ल्याएको रकम हालसम्म पनि फर्स्यौट नभई यथावत् रहेको छ।

गत वर्ष शाखा हिसाब मिलान हुन नसकेको रु.५७ करोड ५१ लाख रहेकोमा यो वर्ष रु.५७ करोड २९ लाख (क्रेडिटतर्फ रु.१ अर्ब २६ करोड ८१ लाख र डेबिटतर्फ रु.६९ करोड ५२ लाख) हिसाब मिलान हुन बाँकी रहेको छ। हिसाब मिलान हुन नसकेको शाखा हिसाबको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरिएको छैन। त्यस्तो हिसाब समयमै मिलान गरी राफसाफ गर्नुपर्दछ।

७ **गैर बैंकिङ्ग सम्पत्ति-** वर्षान्तमा रु.३२ करोड गैर बैङ्किङ्ग सम्पत्ति रहेको देखिन्छ। गैर बैङ्किङ्ग सम्पत्तिको असुलीमा कानुनी प्रक्रियाको पालना गर्दाको अवस्थामा सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको कारण बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नुपर्ने जोखिम रहन्छ। बैङ्कले २०६१।६२ देखि सकार गरेको तर बिक्री गर्न नसकेकोले विभिन्न ४ जिल्लामा रहेको रु.२ करोड ८५ लाख ६ हजार मूल्यको घर जग्गा ३ स्थानमा साबिक जग्गाधनी र १ स्थानमा स्थानीय क्लबले कब्जा गरी उपयोग गरेको देखिन्छ। समयमा गैर बैंङ्किङ सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

८ **आयकर-** बैङ्कको २०८१।८२ को सुरुको कर सम्पत्ति रु.५ अर्ब ८७ करोड ८५ लाख ९५ हजार रहेकोमा यस वर्ष रु.१ अर्ब २० करोड आयकर अनुमान गरी रु.१ अर्ब कर किस्ताबापत दाखिला गरेको छ। बैङ्कसँग विगत वर्षहरूदेखि सञ्चित अग्रिम आयकर सम्पत्तिको रूपमा मौज्दात रहे तापनि किस्ता कर निरन्तर भुक्तानी गर्दै आएको देखिन्छ। यसले गर्दा यो वर्षको अन्तसम्म अनुमानित कर

रु.५ अर्ब ६७ करोड ८५ लाख ९५ हजार बढी दाखिला गरेको देखिन्छ। अतः बैङ्कले आफ्नो वास्तविक कर दायित्वको यकिन गरी सोअनुसार आवश्यक रकम मात्र अग्रिम दाखिला गर्नुपर्दछ।

९ **सहुलियतपूर्ण कर्जा तथा पुनर्कर्जा-** बैङ्कले सहुलियतपूर्ण कर्जा शीर्षकमा आर्थिक वर्षको अन्तसम्म रु.६ अर्ब ८८ करोड ४७ लाख ३१ हजार मौज्दात उल्लेख गरेको छ। नेपाल सरकारबाट प्राप्त हुनुपर्ने ब्याज अनुदान रु.६८ करोड १९ लाख ४८ हजार प्राप्त भएको छैन्। कर्जाको सदुपयोग नभएको रु.४५ लाख ७४ हजारको दाबी नेपाल राष्ट्र बैङ्कले अमान्य गरेकोले खुद प्राप्त हुनुपर्ने अनुदान सोही रकमले घटेको छ। सहुलियतपूर्ण कर्जा तोकिएको क्षेत्रमा उपयोग भए नभएको सम्बन्धमा बैङ्कले प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१० **निष्क्रिय कर्जा -** आयकर ऐन, २०५८ को दफा ५९ को उपदफा १ (क) मा बैङ्किङ व्यवसाय गर्ने संस्थाले जोखिम बेहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण, अपलेखन गरिएको कर्जा तथा गैर बैङ्किङ सम्पत्ति बापत व्यवस्था गरिएको रकमसमेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न पाउने व्यवस्था छ। बैङ्कको कुल कर्जा रु.३ खर्ब ८ अर्ब ९० करोड ३५ लाख १६ हजारमध्ये असल कर्जा रु.२ खर्ब ७२ अर्ब ५ करोड ६ लाख ७६ हजार र सूक्ष्म निगरानीमा रहेको कर्जा रु.२५ अर्ब १५ करोड ६३ लाख ९८ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। यसै गरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.२४ करोड ६० लाख १२ हजार, कमसल कर्जा रु.१ अर्ब ७५ करोड ५३ लाख ३० हजार, शंकास्पद कर्जा रु.१ अर्ब ५५ करोड १६ लाख १९ हजार र खराब कर्जा रु.८ अर्ब १४ करोड ३४ लाख ७८ हजार रहेको छ। निष्क्रिय कर्जाको अनुपात गत वर्ष ४.२८ प्रतिशत रहेकोमा यो वर्ष घटेर ३.७९ प्रतिशत पुगेको छ। यो वर्ष भाखा नाघेको कर्जाहरूको कुल कर्जा नोक्सानी रु.१० अर्ब ७० करोड ४ लाख ६५ हजार पुगेको छ। बैङ्कले कर्जा प्रवाह गरेको लघुवित्त वित्तीय संस्थाहरूमध्ये १२ लघुवित्त वित्तीय संस्थामा ५ प्रतिशतको सीमाभन्दा बढी १६.९९ प्रतिशतसम्म निष्क्रिय कर्जा देखिएको छ। ऋण सम्झौता र कानुनी प्रावधान अनुसार गुणस्तरीय कर्जा प्रवाह र असुलीमा जोड दिनुपर्दछ।

११ **लगानी हिसाब -** बैङ्कको सहायक तथा सहयोगी कम्पनीमा गरेको लगानी बाहेक नेपाल धितोपत्र बजारमा सूचीकृत भएका तथा नभएका सेयरमा रु.४ अर्ब ८५ करोड २१ लाख र सरकारी ऋणपत्र तथा ट्रेजरी बिलमा रु.१ खर्ब ४३ अर्ब २३ करोड ८६ लाखसमेत रु.१ खर्ब ४८ अर्ब ९ करोड ७ लाखको लगानी रहेको छ। साथै, सहायक कम्पनीमा रु.४० करोड र सम्बद्ध कम्पनीमा रु.८८ करोड ५१ लाख लगानी रहेको छ। बैङ्कको सहायक कम्पनी एक खाद्य कम्पनीमा रु.५० लाख, सम्बद्ध कम्पनीअन्तर्गत समावेश भएको एक सिमेन्ट कम्पनीमा रु.३ करोड ६८ लाख ९२ हजार, एक सुती धागो उद्योगमा रु.२ करोड ५२ लाख १४ हजार र एक रबर उद्योग लिमिटेडमा रु.१ करोड ४९ लाख ८३ हजार लगानी भएकोमा ती कम्पनीहरू लामो समयदेखि सञ्चालनमा नरहेकोले उक्त लगानी जोखिममा रहेको छ। यसरी गत विगत वर्षदेखि सञ्चालनमा नरहेका र उद्योगमा भएको लगानीको सुरक्षाका लागि बैङ्कले आवश्यक रणनीति बनाई कार्यान्वयन गर्नुपर्ने बेहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ।

१२ **अवकाश सुविधा -** अवकाश सुविधा योजनाअन्तर्गत पेन्सन तथा उपदान कोषमा यो वर्षमा थप गरेको रु.२ अर्ब १० करोडसमेत २०८२ आषाढ मसान्तमा रु.२३ अर्ब १२ करोड दायित्व लेखाङ्कन गरेकोमा

उक्त कोषको योजना सम्पत्तिको वर्तमान मूल्य रु.२१ अर्ब २ करोड रहेको छ। बैङ्कको विगत ६ वर्षको औसत तलब र पेन्सन वृद्धि दर ३.४७ र २.३४ प्रतिशत रहेकोमा पेन्सन तथा उपदानको दायित्व निर्धारण गर्नको लागि बिमाङ्कीय मूल्याङ्कन गराउँदा तलब वृद्धि दर ६ प्रतिशत तथा पेन्सन वृद्धि दर ३ प्रतिशतको अनुमान गरेको छ। बैङ्कले पेन्सन तथा उपदान दायित्व निर्धारण गर्न बिमाङ्कीय मूल्याङ्कन गर्न लिएको ब्याज दर, डिस्काउन्ट दर, तलब वृद्धि दर, पेन्सन वृद्धि दर, अवकाश दरलगायतका आधार खुलाएको छैन। बैङ्कको विगतको तथ्याङ्क तथा बजारमा प्रचलित दरसमेतको आधारमा विश्लेषण तथा पुनरावलोकन गरी यथार्थपरक अनुमानबाट बिमाङ्कीय मूल्याङ्कन गरी वास्तविक दायित्व निर्धारण गर्नुपर्दछ।

विशालबजार कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)

नागरिकलाई दैनिक उपभोग्य सामग्री सर्वसुलभ रूपमा उपलब्ध गराउने, घरजग्गा भाडामा दिने समेतका कार्यहरू गर्ने उद्देश्यले साबिक कम्पनी ऐन, २०२१ अनुसार २०२६।६।१४ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल सरकार अर्थ मन्त्रालयको ९८.७६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड र साझा सेवा सहकारी संस्था लिमिटेडको ०.४२ प्रतिशत एवं सर्वसाधारणको ०.८२ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७७।७८ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.४ अर्ब ९० करोड ४२ लाख ३८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१३ करोड २४ लाख १८ हजार खुद नाफा भई यस वर्षसम्मको सञ्चित नाफा रु.८७ करोड ९३ लाख ११ हजार पुगेको छ।

२. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले २०७२।७३ देखि वार्षिक साधारण सभा गरेको छैन। कम्पनी ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित सेयरधनीको सङ्ख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कम्पनी रजिस्ट्रारको कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। साथै धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तोकिएबमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ। कम्पनीले उक्त व्यवस्थाहरू पालना गरेको देखिएन। नियमको परिपालना गर्नुपर्दछ।

३. **लाभांश -** कम्पनी ऐन, २०६३ को दफा १८२ मा ५ वर्षसम्म भुक्तानी दाबी नभएको लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कम्पनीले २०४६।४७ देखि २०६५।६६ सम्मको सेयर लाभांश बापतको रु.३० लाख ९१ हजार भुक्तानी दिन बाँकी रहेकोमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको देखिएन। कानुनबमोजिम उक्त रकम कोषमा जम्मा गर्नुपर्दछ।

४. **सम्भावित दायित्व -** आन्तरिक राजस्व कार्यालयले २०५५।५६ देखि २०६५।६६ सम्मको रु.८ करोड ८२ लाख संशोधित आयकर निर्धारण भई दाखिला गर्न बाँकी रहेको छ। साथै कम्पनीले संशोधित आयकर निर्धारण उपर प्रशासकिय पुनरावलोकनका लागि निवेदन नदिएको अवस्थामा सो को लागि सम्भावित दायित्व व्यवस्था समेत गरेको छैन। निर्धारण भएको कर नियमानुसार दाखिला गर्नुपर्दछ।

५. **कवल भाडा -** भाडा असुली मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिम दुई व्यक्तिसँग रु.१ करोड ४० लाख असुल गर्नुपर्ने र अर्को एक मुद्दामा भाडा रकम यकिन गरी दाखिला गर्नुपर्ने फैसला भएकोमा कम्पनीले सोको लेखाङ्कन तथा असुल गरेको छैन। सम्झौता तथा फैसलाअनुसारको बहाल रकम असुल हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत् छ।

६. **बहाल आम्दानी -** कम्पनीले बोलपत्र आह्वान गरी बहालमा लगाउदा प्रति वर्गफिट अधिकतम रु.५०६.१० सम्मका दरले बहाल सम्झौता गरी असुल गरेको छ। विगतमा बहालमा लगाएका पसलहरूको सम्झौता अवधि सकिएको अवस्थामा प्रतिस्पर्धा बेगर साबिककै व्यवसायीबाट प्रति वर्गफिट रु.३५ देखि रु.११७.१३ को दरमा बहाल उठाएको देखियो। साबिकको सम्झौता अवधि सकिएपछि प्रतिस्पर्धाबेगर बहालमा दिएको र साबिककै दरमा बहाल उठाएको कारण अधिकतम दरअनुसार वार्षिक रु.१३ करोड १६ लाख घटी आय प्राप्त भएको देखिन्छ। प्रतिस्पर्धाबेगर घटी आय प्राप्त हुने गरी बहाल सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत् रहेको छ।

७. **लेखापरीक्षण** - कम्पनी ऐन, २०६३ को परिच्छेद ८ मा प्रत्येक कम्पनीले लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कम्पनीले २०७८।७९ देखि ४ वर्षको लेखापरीक्षण गराएको छैन।सम्बन्धित मन्त्रालयबाट तदारुकता देखाई कम्पनीले नियमित रूपमा लेखापरीक्षण गराउनुपर्दछ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा सञ्चालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको सञ्जालमार्फत कार्य गर्ने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा २०६७।९।७ मा यस कम्पनीको स्थापना भएकोमा हाल कम्पनीको चुक्ता पुँजी रु.३० करोडमध्ये नेपाल सरकारको ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेञ्जको ५०.९३ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२ अर्ब ५० करोड ४४ लाख ६१ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.७५ करोड ४६ लाख ९७ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.१ अर्ब ८४ करोड ९१ लाख ७८ हजार रहेको छ।

२. **कार्यसम्पादन** - कम्पनीले यो वर्ष १६ कम्पनीसँग धितोपत्र अभौतिकीकरणको लागि सम्झौता गरेको, १० कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरेको, ६ लाख २ हजार हितग्राही खाता खोल्ने कार्य गर्नुका साथै रु.१ अर्ब १६ करोड ४१ लाख धितोपत्र अभौतिकीकरण गरेको छ। त्यसैगरी सेयर एप्स प्रयोगकर्ताको सङ्ख्या यो वर्ष ६ लाख ७ हजारले थप भई ५९ लाख ६६ हजार पुगेको छ।

३. **नियमावली संशोधन** - कम्पनीको २०८१।९।२७ को सञ्चालक समितिको निर्णय र २०८१।९।२८ को वार्षिक साधारण सभाको निर्णयले कम्पनीको नियमावलीको नियम २७ संशोधन गर्दा "सेयर संरचना परिवर्तन गर्नुपर्ने भएकाले" (साबिक नेपाल स्टक एक्सचेन्ज लिमिटेडको मात्र रहेकोमा हाल नेपाल सरकारको समेत थप गर्नुपर्ने) सञ्चालक समितिको गठन एवं संरचना परिवर्तन गरिएको थियो। सोही

नियमावलीको उपनियम (३)(क) मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अध्यक्ष र उपनियम (३)(ग) मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका उच्च तहका एकजना महिला कर्मचारी सञ्चालक रहने व्यवस्था थप गरिएको छ। कम्पनीले नियमावली संशोधन गर्दा तालुक मन्त्रालयको स्वीकृति लिएको छैन।

४. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७(क१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेको सेयर धनीहरूले गाभिएको २ वर्षभित्र आफ्नो सेयर निसर्ग गर्दा भएको लाभमा मात्र पुँजीगत लाभकर नलाग्ने व्यवस्था भएकोले अन्यले पुँजीगत लाभकर दाखिला गर्नुपर्दछ। बैङ्क तथा वित्तीय संस्थाहरू गाभिएको अवस्थामा गाभ्ने बैङ्क तथा वित्तीय संस्थाको सेयर खरिद बिक्रीमा भएको लाभको पुँजीगत कर गणना नगर्दा कर छुट भएको रु.१६ करोड १ लाख ८५ हजारसम्बन्धी बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

५. **सफ्टवेयर सञ्चालन -** कम्पनीले अनलाइन सेयर कारोबार गर्ने कार्यका लागि सन् २०११ मा भारतको एक कम्पनीसँग सफ्टवेयर खरिद गरेको थियो। निज कम्पनीले सफ्टवेयर निर्माण तथा सञ्चालन गरेपछि २०१५ देखि वार्षिक मर्मत सम्भारको खर्च भुक्तानी हुँदै आएको छ। कम्पनीले २८ जनवरी २०१९ मा १९ डिसेम्बर २०१८ देखि ३१ मे २०२० सम्मका लागि भारतीय रूपैयाँ १ करोड २ लाख ३२ हजारमा सम्झौता गरेको देखियो। तत्पश्चात् १ जुन २०२१ मा पहिलो वर्षको लागि भारतीय रुपैयाँ ८१ लाख, दोस्रो वर्षको लागि भारतीय रुपैयाँ ८९ लाख तेस्रो वर्षको लागि भारतीय रुपैयाँ ९८ लाख, चौथो वर्षको लागि भारतीय रुपैयाँ १ करोड ८ लाख र पाँचौ वर्षमा ३१ मे २०२६ सम्मको लागि भारतीय रूपैयाँ १ करोड १९ लाख, १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १५ प्रतिशत करकट्टी रकम सिडिएसले नै बेहोर्ने गरी सम्झौता गरेको देखियो। कम्पनीले यस्तो प्रकारको दीर्घकालीन सम्झौता गर्दा लागत न्यूनीकरण हुने र तिर्नुपर्ने कर तथा शुल्क सम्बन्धित पक्षले नै बेहोर्नुपर्ने गरी सम्झौता गर्नुपर्दछ।

६. **बोनस -** बोनस नियमावली, २०३९ को नियम ६(२) मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्देश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफूले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बोनस छुट्टयाउनुपर्ने व्यवस्था छ। कम्पनीले यो वर्ष आयकर अघिको खुद नाफाको ५ प्रतिशत रकम कर्मचारी बोनसमा छुट्याई रु.३ करोड ८५ लाख ८९ हजार बोनस खर्च लेखाङ्कन गरेको देखिएकोले नियमावली विपरित बढी खर्च लेखाङ्कन गरेको रकम असुल गर्नुपर्दछ।

७. **अनुमति र स्वीकृति -** कम्पनीमा नेपाल सरकार (अर्थ मन्त्रालय) को ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेन्ज लिमिटेड ५०.९३ प्रतिशत सेयर स्वामित्व रहेकाले नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं ३६ अनुसार कम्पनीका महत्त्वपूर्ण रणनीतिक र दीर्घकालीन निर्णय लिनुअघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनुपर्नेमा लिएको देखिएन। कम्पनीले नियमावलीको पालना गर्नुपर्दछ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल आयल निगम

पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले संवत २०२७ मा निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बिमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत सेयर स्वामित्व रहेको छ। निगमअन्तर्गत ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, ३ इन्धन डिपो, २ पेट्रोल पम्प, १० हवाई इन्धन डिपो र ३ हवाई इन्धन रिफ्युलिङ स्टेशन रहेका छन्। निगमको कुल भण्डारण क्षमता १ लाख २ हजार २०७ किलोलिटर रहेको छ। निगममा हाल ५५६ स्थायी र २२७ करार समेत ७८३ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.७१ अर्ब ७६ करोड ९ लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.१३ अर्ब ६४ करोड ३९ लाख खुद नाफा भई हालसम्मको अन्य पुँजी रु.१७ अर्ब ३१ करोड ३५ लाख रहेको छ।

२. **इन्धन खरिद तथा बिक्री** - निगमको यो वर्षको पेट्रोलियम पदार्थ खरिद तथा बिक्रीको स्थिति देहाय अनुसार छः

(रु. लाखमा)

क्र.स.	पेट्रोलियम पदार्थ	एकाई	खरिद परिमाण	बिक्री परिमाण	बिक्री मूल्य
१	पेट्रोल	किलोलिटर	७,५२,५३०	७,३५,०६६	१,००,१९,९६
२	डिजेल	किलोलिटर	१,४६,९१,८१	१४,५७,११८	१,८४,५४,७९
३	मट्टीतेल	किलोलिटर	१३,८०३	१३,५८३	१,७१,३५
४	ए.टी.एफ.	किलोलिटर	२,१०,२४०	२,०८,३०६	२६,३३,३२
५	एल.पी.जी.	मेट्रिकटन	५,५५,७५४	५,५५,११७	५३,२८,९२

३. **पाइपलाइन** - भारतको मोतिहारी र नेपालको अमलेखगञ्ज जोड्ने पाइपलाइन परियोजनामा नेपाल सरकारको रु.१ अर्ब २० करोड र भारत सरकारको रु.३ अर्ब २० करोडसमेत रु.४ अर्ब ४० करोड लगानी रहेको छ। उक्त परियोजनाको निर्माण सन् २०१९ जुलाई १९ मा सम्पन्न भई सञ्चालनमा आईसकेको छ। निगमले २०७८।७९ मा डिजेलका अतिरिक्त सोही संरचनाबाट पेट्रोल आपूर्ति, भण्डारण संरचना, ल्याब रूम तथा अपरेसन लोडिङ्ग वे को निर्माणका लागि भारतीय आयल कर्पोरेसनलाई रु.१ अर्ब ४७ करोड १९ लाख पेस्की दिएकोमा फर्स्यौट भएको छैन। परियोजनाको निर्माण कार्य जिम्मा लिने कम्पनी भारतीय आयल कर्पोरेसनबाट परियोजना सम्पन्न प्रतिवेदन प्राप्त भई नसकेकोले, परियोजनाको कुल लागत यकिन हुन नसकेको तथा नेपाल सरकारबाट हस्तान्तरण नभएकाले स्थिर सम्पत्तिमा लेखाङ्कन हुन सकेको छैन। पेस्की फर्स्यौट, आयोजना हस्तान्तरण र सम्पत्ति लेखाङ्कन हुनुपर्दछ।

४. **कर्मचारी कल्याण कोष** - निगमले साबिकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्म कर्मचारी आवास कोषमा रु.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको

छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

५. **प्राप्य** - निगमले गत विगत वर्षदेखिको प्राप्य रु.९ करोड ९६ लाख रहेकोमा लिनुपर्ने र दिनुपर्ने हिसाबको सम्बन्धित व्यक्ति/निकायहरूसँग समर्थन लिने/दिने गरेको छैन। सो बेहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा कार्यान्वयन भएको पाइएन।

६. **जग्गा उपयोग** - निगमले २०७३।७४ मा चितवन, सर्लाही र झापामा खरिद गरेका रु.१ अर्ब ७५ करोड २६ लाख ८८ हजार लागतको ६६ बिघा जग्गा रहेका छन्। सर्लाहीको जग्गामा एल.पी.जी. ग्याँस बोटलिङ्ग प्लान्ट बनाउने, चितवन र झापाको जग्गामा पाइपलाइन विस्तार गर्ने कार्यहरू सुरु भएको छैन। धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोग गरेकोमा बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुरस्थित जग्गाको अधिकांश भू-भाग नेपाली सेनाले प्रयोग गरेको, पोखरामा रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा स्थानीय बासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेको र लालबन्दी सर्लाहीस्थित १५ बिघा ६ कठ्ठा १४ धुर जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरेका छन्। निगमले आफ्नो स्वामित्वमा रहेको जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

७. **मूल्य स्थिरीकरण कोष** - पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम ३(२ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीको नियम ४ मा कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्यभन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य वृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न प्रयोग गरिने उल्लेख छ। निगमको उक्त कोषमा हालसम्म रु.२९ अर्ब ९३ करोड ५२ लाख मौज्दात रहेको छ। कोषमा रहेको रकममध्ये रु.१८ अर्ब ४४ करोड २९ लाख विभिन्न बैङ्क खातामा रहेको छ। बाँकी रु.११ अर्ब ४९ करोड २३ लाखमध्ये रु.१० अर्ब २५ करोड निगमले सापटीको रूपमा प्रयोग गरेको छ भने रु.१ अर्ब २४ करोड २३ लाख निगमले कोषमा जम्मा गर्न बाँकी छ। कोषको हिसाब अद्यावधिक गर्नुपर्दछ।

८. **मौज्दात** - निगमले आफ्नो वित्तीय विवरणमा रु.२ करोड ३० लाख (रु.१ करोड ८५ लाख क्रेडिट मौज्दात र ४५ लाख डेबिट मौज्दात) विभिन्न डिलर्स, ढुवानीकर्ता तथा एयरलाइन्समा गत आर्थिक वर्षदेखि थपघट नगरी सोही रकम जिम्मेवारी सारेको छ। निगमले सो हिसाबको यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **सफ्टवेयर** - निगमले २०७८।७९ देखि लेखा तथा सञ्चालनका लागि नयाँ ई.आर.पी. सफ्टवेयर खरिद गरी लागु गरेको छ। वित्तीय विवरणको तयारी निगमको सूचना प्रविधि प्रणालीद्वारा सिर्जित प्रतिवेदनहरूमा निर्भर रहन्छ। यद्यपि सफ्टवेयर प्रणालीबाट आएको सन्तुलन परीक्षणमा बिक्री तथा बिक्री प्रतिवेदनको बिक्रीमा भिन्नता, बिक्री सारांश प्रतिवेदन र मूल्य अभिवृद्धि कर प्रतिवेदन, मौज्दात लेखापरीक्षण प्रतिवेदनअनुसारको मौज्दात रकम र सन्तुलन परीक्षणअनुसारको रकममा विभिन्न किसिमका आँकडा/रकम तथा सोही सफ्टवेयरको रिपोर्टिङ्ग पोर्टफोलियोले देखाएको आँकडा तथा रकम फरक परेको

देखिन्छ। यसको अतिरिक्त मौज्दातको मोल तथा बिक्री लागतमा असर पर्ने गरी विभिन्न समायोजन प्रविष्टि म्यानुअली गरेको छ। विभिन्न किसिमका रिपोर्टमा भएका फरक-फरक आँकडा र स्टक हस्तान्तरण दरमा भिन्नताका कारण उत्पन्न हुन सक्ने आर्थिक प्रभाव सम्बन्धमा निगमले विश्लेषण गर्नुपर्दछ।

१०. **भारतीय आयल निगमसँगको हिसाब** - निगमको नोभेम्बर २०२४ को भुक्तानी रु.२० अर्ब ९९ करोड २० लाख (भा.रु.१३ अर्ब १२ करोड) तथा भारतीय आयल निगमबाट प्राप्त विवरणअनुसारको बिक्री रु.२० अर्ब ८६ करोड ४० लाख (भा.रु.१३ अर्ब ४ करोड) हुँदा दुई पक्षबिच रु.१२ करोड ८० लाखले हिसाब फरक परेको देखिन्छ।

क्लियरिङ्ग खाताको हिसाब मिलान गरी समायोजन हुन बाँकी रकम गत वर्ष रु.१७ करोड ७९ लाख ४५ हजार रहेकोमा यो वर्ष रु.४ करोड ३४ लाख ३७ हजार रहेको छ। उक्त हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

११. **बैङ्क हिसाब मिलान -** निगमले बैङ्क हिसाब मिलान तयार गरे तापनि बैङ्कमा रहेको मौज्दात तथा निगमको खातामा प्रविष्ट गरेको रु.१५ करोड ५६ लाखको भिन्नता देखिन्छ। जसमा बैङ्कमा आम्दानी जनाएको तर निगमले अभिलेखमा नजनाएको रु.२ करोड ५७ लाख, बैङ्कले खर्च जनाएको तर निगममा अभिलेख नभएको रु.१६ लाख, निगमले खर्च जनाएको तर बैङ्कमा अभिलेख नभएको रु.२६ लाख, अवधि समाप्त (स्टेल) चेक रु.१४ लाख, ३३ कल तथा चालु खातामा देखिएको ऋणात्मक मौज्दात रु.१२ करोड ४३ लाख समावेश छन्। साथै ६४ बैङ्क खातामा लामो समयदेखि कुनै कारोबार नभई निष्कृय रहेका छन्। हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

१२. **बिमा -** निगमले पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य निर्धारण गर्दा बिक्रेताले पाउने कमिसन, ढुवानी भाडा, सङ्कुचन हानिको अलावा ०.०६ प्रतिशतका दरले बिमा खर्चसहित समावेश गरी मूल्य निर्धारण गर्ने गरेको छ। यो वर्ष बिक्रेतालाई मूल्यमा समावेश गरी बिमा खर्च बापत रु.१७ करोड १८ लाख दिएको छ। निगमको डिपोदेखि पम्पसम्मको ढुवानीको बिमा गर्ने दायित्व सम्बन्धित बिक्रेतामा निहित रहेकोमा सोबमोजिम बिमा गरे नगरेको सम्बन्धमा निगमले अनुगमन गरेको छैन। यसको अनुगमन हुनुपर्दछ।

१३. **हिसाब मिलान** - सामान प्राप्त भएको तर बीजक जारी नगरिएको खातामा रु.५ करोड ६४ लाख, खरिद क्लियरिङ्ग खातामा रु.२५ लाख, मौज्दात समायोजन खातामा रु.१ करोड ९ लाख र अन्तर शाखा खातामा रु.१ करोड ९९ लाखसमेत रु.८ करोड ९७ लाखको हिसाब मिलान हुन सकेको छैन। निगमले तेस्रो पक्षबाट समर्थन पत्र लिएर नियमित रूपमा हिसाब मिलान गर्नुपर्दछ।

बुटवल धागो कारखाना लिमिटेड

मुलुकलाई कपडामा आत्मनिर्भर बनाउने उद्देश्यले कम्पनी ऐन, २०२१ अनुसार २०३९।१२।३ मा कारखानाको स्थापना भएको हो। यसमा नेपाल सरकारको ५९.७५ प्रतिशत, जनकपुर चुरोट कारखाना र वीरगन्ज चिनी कारखानासमेत ८ संस्थाको ३१.९३ प्रतिशत, निजीक्षेत्रको ८.३२ प्रतिशत सेयर स्वामित्व रहेको छ। कारखानाको २०६४ चैत्रबाट उत्पादन बन्द भएको र २०६६।६।१ देखि सम्पूर्ण कर्मचारी तथा कामदारलाई अनिवार्य अवकाश दिएपश्चात् कारखाना बन्द रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड १३ लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.३ करोड ५७ लाख ५१ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.२ अर्ब ७ करोड ८२ लाख ५ हजार रहेको छ।

२. **जग्गाको उपयोग -** औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा रहेको ४३२ रोपनी जग्गामध्ये १४३.७ रोपनी जग्गा कारखानाले लिजमा लिई उपयोग गरेकोमा लिज अवधि २०६२।२।१७ मा समाप्त भएको छ। कारखानाको २३ हजार ३२३ वर्ग मिटर जग्गामा निर्माण भएका भवन, २५ हजार ८८ स्पिण्डलको स्पिनिङ्ग प्लान्ट, डाइङ्ग प्लान्ट र गोदाम भवनहरू उपयोगविहिन तथा जीर्ण हुँदै गएको अवस्था छ। सम्पत्तिको संरक्षण र उपयोग हुनुपर्दछ।

बुटवल धागो कारखाना लिमिटेड, (२०८०।८१)

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८०।८१ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ३७ लाख ४८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.३ करोड ५७ लाख १७ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.२ अर्ब ३ करोड ९० लाख ३३ हजार रहेको छ।

विराटनगर जुट मिल्स लिमिटेड (२०७८।७९)

राणा प्रधानमन्त्री जुद्ध शमसेरको पालामा नेपालमा आधुनिक उद्योगहरूको सुरुवात गरी देशलाई औद्योगिकीकरणको दिशामा अघि बढाउने उद्देश्यले संवत १९९३ मा विराटनगरमा यस जुट मिल्सको स्थापना भएको हो। मोरङ्ग-सुनसरी औद्योगिक क्षेत्रमा अवस्थित यस उद्योगले नेपालको औद्योगिक विकासमा योगदान पुऱ्याएको थियो। हाल उद्योग सञ्चालनमा छैन।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७८।७९ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ५८ लाख ६९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४४ करोड ५८ लाख ५१ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.६ अर्ब ६० करोड ३६ हजार रहेको छ।

२. **व्यापारिक तथा अन्य प्राप्य** - कम्पनीको १३ आसामीको नाममा रहेको व्यापारिक तथा अन्य प्राप्य रकम यो वर्षसम्म रु.७ करोड ९५ लाख ७० हजार रहेको छ। सम्बन्धित पक्षबाट समर्थनपत्र प्राप्त गरी यस्तो रकम असुल गर्नुपर्दछ।

३. **व्यापारिक तथा अन्य दायित्व** - कम्पनीको व्यापारिक तथा अन्य बक्यौताअन्तर्गत पार्ट तथा स्टोर्स सप्लाई रु.२ करोड २५ लाख ८२ हजार, कर्मचारी मजदुर सञ्चयकोष दायित्व रु.१४ करोड १४ लाख ८९ हजार, तलव सुविधाबापत भुक्तानी दिनुपर्ने रु.२ करोड ६८ लाख ५४ हजारसमेत कुल व्यापारिक तथा अन्य बक्यौता रकम रु.२९ करोड २८ लाख ६० हजार रहेको छ। उक्त बक्यौता रकम पुष्टि हुने समर्थनपत्र कम्पनीले पेस नगरेकोले सोको समर्थनपत्र प्राप्त गरी दायित्व रकम यकिन गर्नुपर्दछ।

३. **वित्तीय सम्पत्तिको क्षयीकरण -** कर्मचारी सञ्चय कोष कर्जा तथा लगानी नीति, २०८० अनुसार नेपाल सरकारको निर्देशन र जमानतमा प्रवाह भएको कर्जामा ५ प्रतिशतले र पुनर्संरचना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५ प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था छ। कोषले परियोजना लगायतमा प्रवाह गरेका कर्जामध्ये खराब कर्जामा परिवर्तन भई नोक्सान व्यवस्था गरी कर्जाको अपलेखनसमेत गर्ने गरेको छ। कोषले वित्तीय सम्पत्तिको खुद क्षयीकरणबापत यो वर्ष रु.१ अर्ब ९४ करोड १३ लाख खर्च लेखेको छ। कर्जा असुली व्यवस्थापनमा सुधार गरी वित्तीय सम्पत्तिको क्षयीकरणलाई न्यूनीकरण गर्नुपर्दछ।

४. **प्राप्त हुन बाँकी ब्याज** - कोषले यो वर्ष परियोजना कर्जातर्फको ब्याजबापत रु.७ अर्ब २९ करोड आय लेखाङ्कन गरेकोमा सोमध्ये निमार्ण अवधिको ब्याज निर्माणाधीन परियोजनाअन्तर्गत रु.२ अर्ब ७८ करोड पुँजीकरण गरेको छ। यो वर्ष मध्य भोटेकोशी जलविद्युतको रु.१ अर्ब ३४ करोड ८ लाख, रसुवागढी जलविद्युतको रु.७६ करोड ८८ लाख र सान्जेन जलविद्युतको रु.४४ करोड १३ लाख समेत रु.२ अर्ब ५५ करोड ९ लाख रकम नगदमा प्राप्त नभएकै अवस्थामा वितरणयोग्य नाफामा समावेश गरेको छ। उक्त तीनै परियोजनाको व्यापारिक उत्पादन सुरु भए तापनि रसुवागढी जलविद्युत आयोजनामा बाढीका कारण पुनः सञ्चालनमा अवरोध भई भुक्तानी नियमित हुन सकेको छैन। ब्याज रकम तोकिएको सयममा प्राप्त गर्नुपर्दछ।

५. **विमान खरिद कर्जा** - नेपाल वायुसेवा निगम र कोषबिच ए-३२० तथा ए-३३० जहाज खरिदका लागि नेपाल सरकारको जमानीमा २०७०।३।४ र २०७४।२।२८ मा भएको सम्झौताअनुसार क्रमशः रु.१० अर्ब र रु.१२ अर्ब कर्जा प्रवाह गरिएकोमा निगमले कर्जा सम्झौताअनुसार साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी गरेको छैन। आर्थिक वर्ष २०८१।८२ सम्म जमानत कर्जा १ र २ गरी कुल कर्जा (साँवा तथा ब्याज) रु.३१ अर्ब ३३ करोड ९२ लाख ६१ हजार पुगेको छ।

६. **परियोजना कर्जा** - कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम निजी क्षेत्रसमेतबाट प्रवर्धन भएका ठुला र दीर्घकालीन परियोजनामा जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजनालगायतका विषयमा विस्तृत अध्ययन,विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्नेमा सोअनुसार नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

६.१. कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८२ असार मसान्तसम्म कर्जा/स्वपुँजी अनुपात ८५:१५ देखिन्छ। त्यसै गरी नेपाल वायु सेवा निगममा कर्जा लगानी गर्दा कोषले कर्जा/स्वपुँजी अनुपातको विश्लेषण बेगर विमानको परल मूल्यको शतप्रतिशत ऋण प्रवाह गरेको देखिन्छ। कोषको लगानी नीति अनुरूप न्यूनतम कर्जा/स्वपुँजी अनुपात कायम हुने गरी कर्जा प्रवाह गर्नुपर्दछ।

६.२. कोषले २०५० को दशकमा लगानी गरेका २६ परियोजनामध्ये ५ परियोजनामा गरेको लगानीलाई खराब कर्जामा वर्गीकरण गरेकोमा साँवा रु.१ अर्ब ३ करोड ४२ लाख र ब्याज रु.१ अर्ब ५९ करोड ६२ लाख उठ्न बाँकी रहेको छ। सोमध्ये ८ परियोजना कर्जाको साँवा रु.२६ करोड ६२ लाख र ब्याज रु.९१ करोड ५२ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौता अनुसार साँवा र ब्याज असुल गर्नु पर्दछ।

७. **अस्थायी सञ्चयकर्ता खाता -** कोषको सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेको छ। कोषले यस वर्षसम्म १८ हजार ८३५ अस्थायी सञ्चयकर्ता खातामा रु.९३ करोड २१ लाख प्रविष्ट गरेको छ। सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पूरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्ने प्रभावकारी व्यवस्था मिलाउन गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

८. **बेचालु खाता -** कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरु मितिले ६ वर्षसम्म यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्ति फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र छुट्टै खातामा जम्मा गरेपछि सो रकममा ब्याज नदिने व्यवस्था छ। कोषबाट प्राप्त विवरण अनुसार यो वर्षको अन्त्यसम्म ८८ हजार १० बेचालु खातामा रु.३ अर्ब ३७ करोड मौज्दात रहेको छ। बेचालु खातामा भएको मौज्दातको पहिचान गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्नेतर्फ कोषले ध्यान दिनुपर्दछ।

९. **भाडा असुली -** कोषको असुल हुन बाँकी बहाल तथा महसुल रु.७१ करोड ३ लाख रहेकोमा सोमध्ये रु.३० करोड ७० लाख शङ्कास्पद असुली व्यवस्था कायम गरेको छ। सो असुल गर्न बाँकी बहालमध्ये

रु.६१ करोड ७३ लाख बराबरको रकम विभिन्न बहालवालाले मुद्दा दायर गरी अदालतमा विचाराधीन रहेकोले असुल हुन सकेको छैन। बक्यौता भाडा असुलीका लागि कोष क्रियाशील हुनुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

१०. **बैङ्क हिसाब मिलान** - स्रेस्ता र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा विगतका वर्षदेखि नै कोषको केही बैङ्क खाताको हिसाब मिलान विवरण तयार गरेको छैन। यस वर्षको अन्त्यमा कोषको लेजरअनुसार रु.१७ अर्ब ९२ करोड ७५ लाख रहेकोमा बैङ्क विवरणअनुसार रु.१९ अर्ब ८० करोड ४१ लाख मौज्दात देखिएकाले फरक रु.१ अर्ब ८७ करोड ६६ लाखको बैङ्क हिसाब मिलान गर्नुपर्दछ।

११. **घर जग्गा व्यवस्थापन कम्पनी** - कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ९(ट) मा कोष आफैँले आवास परियोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान रहेकोमा कोषले भवन तथा आवास योजना सञ्चालन गर्ने उद्देश्यले २०७६।९।१३ मा रु.२० करोड लगानी गरी सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी प्राइभेट लिमिटेड स्थापना गरेको छ। छुट्टै कम्पनी स्थापना गरी उक्त कार्य गर्दा कोषलाई थप व्ययभार पर्न जाने, कोषलाई प्राप्त हुने कर छुट सुविधा कायम नरहने लगायतका समस्या उत्पन्न हुने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ।

नागरिक लगानी कोष

नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत बचत परिचालन, लगानी प्रवर्धन र पुँजी बजार सेवा प्रदान गर्ने लगायतका कार्य गर्न कोषको स्थापना भएको हो। कोषले कर्मचारी, कामदार तथा संगठित संस्थाहरूबाट समेत विभिन्न शीर्षक अन्तर्गत बचत सङ्कलन गरी लगानी प्रबन्ध गर्दै आएको छ। कोषले हालसम्म ७ कोष तथा योजना सञ्चालन/व्यवस्थापन गरिरहेको छ। कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरू विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा रहेका छन्। कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्सेन्जको १० प्रतिशत, बैङ्क तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारण जनताको २० प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सम्पत्ति	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
गैर चालु सम्पत्ति				
सहायक कम्पनीमा लगानी	२,७२,४६,७५		२,७२,४६,७५	
सम्पत्ति तथा उपकरण	२,१४,५९,५४		२,२०,०१,२८	
पुँजीगत निर्माण	३५,००		३५,००	
सम्पत्ति प्रयोग गर्ने अधिकार	२,०२,०४		८२१७	
अमुर्त्त सम्पत्ति	२,८८,५५		१,७१,७३	
अन्य सम्पत्ति	२,००,८४,५२		११,८६,६६,७०	
कुल गैर चालु सम्पत्ति		**६,९३,१६,४०**		**१६,८२,०३,६३**
चालु सम्पत्ति				
नगद तथा नगद समान	८७,८०,३४		१,३४,८३,१४	
नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने	२,७६,९१		४,३६,७१	

सम्पत्ति	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
बैक तथा वित्तीय संस्थामा रहेको मुद्दती निक्षेप	९,१३,७८,५६		४,२०,२६,१९	
अन्य व्यापारिक सम्पत्तिहरू	-		२०	
कर्मचारीलाई दिएको कर्जा तथा सापटी	१४,४३,५४		१७,१८,१८	
धितोपत्र लगानी	२,३२,८६,६८		१,३५,२६,९३	
चालु कर सम्पत्ति	२५,२५,२१		१७,९८,५०	
कुल चालु सम्पत्ति		**१२,७६,९१,२४**		**७,२९,८९,८५**
कुल सम्पत्ति		**१९,७०,०७,६४**		**२४,११,९३,४८**
योजना/कार्यक्रमहरूको कुल सम्पत्ति		**२,९८,९२,३८,००**		**२,८५,७१,६७,१०**
जम्मा सम्पत्ति		**३,१८,६२,४५,६४**		**३,०९,८३,६०,५८**
इक्विटी				
सेयर पुँजी	६,४८,१७,१२		६,०५,७६,७५	
सञ्चित मुनाफा	१,२३,७२,२१		१,०९,४५,७६	
जगेडा तथा कोषहरू	१,६२,७३,९४		१,३७,६१,९५	
सेयरधनीहरूलाई बाँड्न योग्य इक्विटी	१,३८,३१,३०		१,२२,६५,६३	
दायित्व तथा व्यवस्था				
स्थगन कर दायित्व	२६,१०,७०		२३,४८,५८	
अन्य दायित्व	८,७१,०२,३७		१४,१२,९४,८१	
कुल दायित्व तथा व्यवस्था		**८,९७,१३,०७**		**१४,३६,४३,३९**
कुल दायित्व र इक्विटी		**१९,७०,०७,६४**		**२४,११,९३,४८**
योजनाहरूको कुल कोष तथा दायित्व		**२,९८,९२,३८,००**		**२,८५,७१,६७,१०**
जम्मा दायित्व तथा इक्विटी		**३,१८,६२,४५,६४**		**३,०९,८३,६०,५८**

कोषको २०८२ आषाढ मसान्तमा सेयर पुँजी रु.६ अर्ब ४८ करोड १७ लाख १२ हजार, सञ्चित नाफा रु.१ अर्ब २३ करोड ७२ लाख २१ हजार, जगेडा तथा कोष रु.१ अर्ब ६२ करोड ७३ लाख ९४ हजार, सेयरधनीलाई बाँड्नयोग्य इक्विटी रु.१ अर्ब ३८ करोड ३१ लाख ३० हजार र दायित्व तथा व्यवस्था रु.८ अर्ब ९७ करोड १३ लाख ७ हजारसमेत कुल दायित्व तथा इक्विटी रु.१९ अर्ब ७० करोड ७ लाख ६४ हजार रहेको छ। त्यसै गरी कोषद्वारा सञ्चालित योजनाहरूको कुल दायित्व रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाखसमेत जम्मा दायित्व र इक्विटी रु.३ खर्ब १८ अर्ब ६२ करोड ४५ लाख ६४ हजार रहेको देखिन्छ। कुल चालु सम्पत्ति रु.१२ अर्ब ७६ करोड ९१ लाख २४ हजार र गैर चालु सम्पत्ति रु.६ अर्ब ९३ करोड १६ लाख ४० हजार समेत कुल सम्पत्ति रु.१९ अर्ब ७० करोड ७ लाख ६४ हजारमा कोषबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको सम्पत्ति रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाख थप गर्दा जम्मा सम्पत्ति रु.३ खर्ब १८ अर्ब ६२ करोड ४५ लाख ६४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
शुल्क तथा कमिशन आम्दानी	१,७८,८९,४४		१,५९,६९,०४	
ब्याज आम्दानी	३४,५९,४१		४४,६०,०३	
अन्य सञ्चालन आम्दानी	९,२७,२०		३,३५,७३	
जम्मा आम्दानी		**२,२२,७६,०५**		**२,०७,६४,८०**

विवरण	२०८१।८२		२०८०।८१	
शुल्क तथा कमिसन खर्च	-		५८,२०	
ब्याज खर्च	६,४९		८,०५	
सञ्चालन खर्च				
कर्मचारी खर्च	२८,७२,३३		२८,७२,३९	
अन्य सञ्चालन खर्च	७,५३,३५		७,७६,३३	
ह्रास कट्टी	७,४०,२७		६,४२,९०	
जम्मा खर्च		**४३,७२,४४**		**४३,५७,८७**
आयकर अघिको नाफा	**१,७९,०३,६१**		**१,६४,०६,९३**	
कर्मचारी बोनस व्यवस्था	**८,६५,९८**		**८,०५,७९**	
आयकर खर्च				
चालु कर	४४,३१,१२		४०,५१,४१	
स्थगन कर	४६,६१		(३७,६३)	
यस अवधिको मुनाफा		**१,२५,५९,९१**		**१,१५,८७,३५**

कोषको यस वर्षको कुल आम्दानी रु.२ अर्ब २२ करोड ७६ लाख ५ हजार तथा खर्च रु.४३ करोड ७२ लाख ४४ हजार र कर्मचारी बोनस व्यवस्था रु.८ करोड ६५ लाख ९८ हजार रहेको छ। करपछिको मुनाफा गत वर्षको तुलनामा ८.३९ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २५ करोड ५९ लाख ९१ हजार पुगेको छ।

३. **ऐनको पालना-** नागरिक लगानी कोष ऐन, २०४७ को दफा १९ (४) बमोजिम कोषले सञ्चालन गरेका विभिन्न बिमा कोष तथा योजनाअन्तर्गत योगदानकर्तालाई सञ्चालक समितिले तोकेको ब्याज (६.५ देखि ९ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा राखेको छ। ऐनको दफा २५(१) बमोजिम कोषको सञ्चालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक सञ्चालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम १४(ख) अनुसार धितोपत्र बजारमा लाभको पदमा रहेको व्यक्ति सञ्चालक नियुक्त हुन अयोग्य रहने व्यवस्था एक अर्कासँग बाझिएको छ।साथै कोषको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नतोकिएको एवं ऐनको दफा २५(२) को प्रावधानअनुसार महिला सञ्चालक नियुक्त भएको देखिँदैन।

४. **नेपाल सरकारको सेयर लगानी -** नागरिक लगानी कोषको वार्षिक प्रतिवेदनअनुसार नेपाल सरकारको सेयर स्वामित्व २३.३४ प्रतिशत उल्लेख छ। वित्तीय विवरणअनुसार सेयर पुँजी रु.६ अर्ब ४८ करोड १७ लाखको २३.३४ प्रतिशतले नेपाल सरकारको सेयर लगानी रु.१ अर्ब ५१ करोड २८ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१।८२ अनुसार कोषमा नेपाल सरकारको सेयर लगानी रकम रु.६८ करोड २४ लाखमात्र देखिएकोले फरक परेको रु.८३ करोड ४ लाख हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

५. **बैङ्क मौज्दात -** केन्द्रीय हिसाबतर्फ २०८२ आषाढ मसान्तमा ११ बैङ्क खातामध्ये ९ बैङ्क खातामा रु.१ अर्ब ९ करोड ७७ लाख धनात्मक मौज्दात तथा २ बैङ्क खातामा रु.२१ करोड ९७ लाख ऋणात्मक मौज्दात समायोजन गर्दा कुल बैङ्क मौज्दात रु.८७ करोड ८० लाख रहेको देखिन्छ। तथापि बैङ्क समर्थन पत्र अनुसारको मौज्दात रु.६२ करोड १४ लाखमात्र भएकोले फरक देखिएको रु.२५ करोड ६६ लाख सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्ने, अन्यथा जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्दछ।

६. **अन्तर हिसाब राफसाफ -** कोषको केन्द्रीय हिसाब लगायत कोषले सञ्चालन गरेका ७ कोष तथा योजनाहरूको अन्तर योजना हिसाब तथा लेनदेन रकम राफसाफ गरेको देखिएन। कोषले २०८१।८२ को अन्त्यमा राफसाफ हुन बाँकी रहेको लेनदेन रु.१३ करोड ८१ लाख वित्तीय विवरणमा अन्य दायित्वमा लेखाङ्कन गरेको देखिन्छ। कोषले योजनाहरूसँग सम्बन्धित कतिपय बैङ्क कारोबारको लेखा अभिलेख सम्बन्धित बैङ्क लेजरमा नगरी अन्य बैङ्क लेजरमा गरेको, अन्य कोष तथा योजनाको कारोबार फरक कोष तथा योजनाहरू तथा कोषको लेखामा समावेश गरेको साथै लेखा पद्धतिमा देखिएका अन्य त्रुटिले अन्तर योजना हिसाब तथा लेनदेनका रकम सम्बन्धित कोष तथा योजनाले लिनु/दिनुपर्ने हो वा होइन भन्ने यथार्थपरक चित्रण नभएको र उक्त कारोबारको वास्तविकता यकिन गर्न नसकिएको अवस्था छ।

७. **नेपाल राष्ट्र बैङ्कसँगको कारोबार -** कोषको वासलातमा नेपाल राष्ट्र बैंङ्कमा रहेको मौज्दात तथा लिनुपर्ने रकम रु.२ करोड ७६ लाख ९१ हजार उल्लेख छ। नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात रु.५ करोड ६ लाख ७० हजारमा रु.२ करोड २९ लाख ७९ हजार ब्याज समायोजनपश्चात् उक्त रकम वासलातमा उल्लेख गरेको पाईयो। मौज्दात रु.५ करोड ६ लाख ७० हजारको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको २०८२।४।२१ को समर्थन पत्रानुसार रु.९३ लाखमात्र रहेको देखिन्छ। मौज्दात फरक रु.४ करोड १३ लाख ७० हजारको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

योजना तथा कार्यक्रमको कुल कोष तथा दायित्व रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाखमध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी रु.३४ करोड ७३ लाख उल्लेख छ। गत विगत वर्ष नेपाल राष्ट्र बैङ्कमा रहेको सो कोषको खाता बन्द रहेकोमा सो सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८. **वायुसेवा निगमको ऋण लगानी -** नेपाल वायुसेवा निगमलाई कोषले २०७४।२।२९ मा नेपाल सरकार जमानत रहने गरी ऋण लगानी गर्ने सम्झौताअनुसार प्रदान गरेको रु.१२ अर्बको ऋण लगानीलाई कोषले वित्तीय विवरणमा लगानी उल्लेख गरेको छैन। उक्त ऋण लगानीलाई कर्मचारी बचत वृद्धि अवकाश कोषको वित्तीय विवरणमा देखाएको छ। निगमले २०८१।८२ मा कोषलाई कर्जा भुक्तानी तालिकाअनुसार रु.३ अर्ब ३५ करोड ६७ लाख भुक्तानी गर्नुपर्नेमा रु.४० करोड मात्र भुक्तानी गरेको देखिन्छ। यसरी भुक्तानी तालिकाअनुसार किस्ता भुक्तानी नभई ब्याजलाई पुँजीकरण गर्दा २०८२ असार मसान्तसम्म कर्जाको मौज्दात रु.२१ अर्ब १२ करोड १७ लाख (साँवा रु.१२ अर्ब र पुँजीकृत ब्याज रु.९ अर्ब १२ करोड १७ लाखमध्ये भाखा नाघेको साँवा रु.५ अर्ब २० करोड ५४ लाख र ब्याज रु.९ अर्ब १२ करोड १७ लाखसमेत भाखा नाघेको किस्ता रु.१४ अर्ब ३२ करोड ७१ लाख) पुगेको देखिन्छ। सम्झौताबमोजिम निगमले टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन। सम्झौताको पालना सुनिश्चित गर्दै उल्लिखित साँवा, ब्याज असुल गर्नुपर्दछ।

९. **समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा रहेको मुद्दति निक्षेप -** समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा रहेको मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) कोष तथा योजनाहरूको औषत कोष लागत ५.७१ प्रतिशतभन्दा कम रहेको छ।

समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा कोष तथा योजनाअन्तर्गत २०८२ आषाढ मसान्तसम्म कुल मुद्दती निक्षेप (पुँजीकृत ब्याजसहित) रु. ४४ करोड १६ लाख रहेको देखिन्छ। उक्त रकमको सम्बन्धित

वित्तीय संस्थाबाट मौज्दात समर्थन पत्र लिएको देखिएन। दर्ता खारेजी भइसकेको क्रिष्टल फाइनान्स कम्पनी लिमिटेडबाट पाउनुपर्ने साँवा रु.१ करोड १५ लाख र ब्याज रु.१ करोड ५० लाख उच्च जोखिमयुक्त देखिएकाले प्रचलित कानुनबमोजिम असुल गर्नुपर्दछ।

१०. **लेखा सफ्टवेयर -** कोषले प्रयोगमा ल्याएको रु.३ करोड ३३ लाख लागतको एन. एल. के. वेब. बेस सफ्टवेयरबाट उपलब्ध हुने तथ्याङ्क तथा विवरणहरूको नमुना रुजु गर्दा एक आपसमा मेल खाएको पाइएन। उदाहरणको लागि बक्यौता ऋण रकममा फरक परेको, सन्तुलन परीक्षण नमिलेको, अघिल्लो वर्षको अन्तिम मौज्दात यो वर्षको सुरु मौज्दातमा सारेको देखिँदैन। यसमा सुधार गरी लेखा सफ्टवयेर विश्वसनीय बनाउनुपर्दछ।

११. **कर्मचारी बचत वृद्धि अवकाश कोष -** कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८२ आषाढ मसान्त सम्म २७ बैङ्क खातामध्ये १२ बैङ्क खातामा रहेको रु.१० अर्ब ४८ करोड ४ लाख धनात्मक मौज्दात तथा १५ बैङ्क खातामा रु.८ अर्ब ४ करोड ७० लाख ऋणात्मक मौज्दात समायोजन गर्दा कुल बैङ्क मौज्दात रु.२ अर्ब ४३ करोड ३४ लाख धनात्मक देखिन्छ। तथापि बैङ्कको समर्थन पत्रअनुसार कोषको बैङ्क मौज्दात रु.२ अर्ब ६५ करोड २ लाख रहेकोले बैङ्क विवरणभन्दा वित्तीय विवरणमा घटी देखिएको रु.२१ करोड ६८ लाख बैङ्क मौज्दात सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

नेपाल बिमा प्राधिकरण

नेपालमा बिमा व्यवसायलाई व्यवस्थित एवं नियमित गर्न, निरीक्षण तथा सुपरिवेक्षण गर्ने नियामक निकायको रूपमा २०२६ मा बिमा समितिको स्थापना भएकोमा हाल यो संस्था बिमा ऐन, २०७९ अनुसार नेपाल बिमा प्राधिकरणमा परिणत भएको छ। प्राधिकरणको केन्द्रीय कार्यालय र ६ प्रादेशिक कार्यालयमा स्थायी ११२ र अस्थायी/करार ५० समेत १६२ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
अमूर्त सम्पत्ति	१,०२		४७	
सम्पत्ति तथा उपकरण	१,६९,५८		१,३२,११	
लगानी सम्पत्ति	०		०	
स्थगन कर सम्पत्ति	२,५५		१,१५	
लगानी	७,७०,६८		६,२४,५२	
ऋण तथा सापटी	१०,७०		२४,४४	
चालु कर सम्पत्ति (खुद)	३,२७		०	
अन्य सम्पत्ति	१८,६१		३२,२३	
अन्य वित्तीय सम्पत्ति	६९,१७		१,६८,५९	
नगद तथा नगद सम्पत्ति	५१,७७		२२,३३	
कुल सम्पत्ति		**१०,९७,३५**		**१०,०५,८४**
कोष तथा दायित्व				
सञ्चित कोष	७,७८,८९		८६५९१	
अन्य कोषहरू	३,०५,३५		१२९०५	
कुल सञ्चित कोष		**१०,८४,२४**		**९,९४,९६**

सम्पत्ति	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
दायित्व				
व्यवस्था	९,८१		४,१२	
चालु कर दायित्व (खुद)			३,८४	
अन्य वित्तीय दायित्व	७८		१,१२	
अन्य दायित्व	२,५२		१,८०	
कुल दायित्व		**१३,११**		**१०,८८**
कुल सञ्चित कोष एवं दायित्व		**१०,९७,३५**		**१०,०५,८४**

प्राधिकरणको गत वर्षको तुलनामा यस वर्ष सम्पत्ति तथा उपकरण २८.३७ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६९ करोड ५८ लाख र लगानी २३.४ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७० करोड ६८ लाख पुगेको छ। यसै गरी कुल सञ्चित कोष ८.९७ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८४ करोड २४ लाख र कुल दायित्व २०.४९ प्रतिशतले वृद्धि भई रु.१३ करोड ११ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८१।८२		२०८०।८१	
बिमा बजारबाट प्राप्त हुने आम्दानी				
सेवा शुल्क	१,८६,४८		१,६१,१३	
दर्ता एवं नवीकरण शुल्क	८,८२		५,६०	
दण्ड, जरिबाना तथा अतिरिक्त शुल्क आम्दानी	०		८	
नेपाल सरकारबाट प्राप्त अनुदान	९			
ब्याज आम्दानी	३३,२०		५१,७०	
अन्य आम्दानी	२,४२		१,४५	
कुल आम्दानी		**२,३१,०१**		**२,१९,९६**
सञ्चालन खर्च				
कर्मचारी खर्च एवं भत्ता	२३,४२		१९,६०	
सञ्चालन खर्च	१६,१९		१६,३३	
वित्तीय खर्च	३५		१८	
ह्रास कट्टी तथा परिशोधन खर्च	३,३८		२,८२	
कुल खर्च		**४३,३४**		**३८,९३**
आयकर अघिको खुद बचत		**१,८७,६७**		**१,८१,०३**
आयकर व्यवस्था	४७,९७		४६,८६	
स्थगन कर खर्च/(आम्दानी)	(९५)		१,७१	
कुल कर खर्च		**४७,०२**		**४८,५७**
आयकर पछिको खुद बचत		**१,४०,६५**		**१,३२,४६**

प्राधिकरणको गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ५.०२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ३१ करोड १ लाख, कुल खर्च ११.३२ प्रतिशतले वृद्धि भई रु.४३ करोड ३४ लाख र खुद बचत ६.१८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ४० करोड ६५ लाख पुगेको छ।

३. **सञ्चित कोष दाखिला -** बिमा ऐन, २०७९ को दफा २० मा प्राधिकरणको एउटा छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, बिमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजत प्रदान गरेबापतको रकम, बिमा मध्यस्थकर्ताको इजाजतपत्र प्रदान वा नवीकरण गरेबापतको रकम, बिमा व्यवसायको

नियमन शुल्क बापतको रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ। साथै उपदफा ६ मा कोषमा जम्मा भएको रकम मध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बिमा विकासको लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त ५० प्रतिशतले हुने रकमबाहेक अन्य रकम वार्षिक रूपमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यस वर्ष रु.५० करोड सङ्घीय सञ्चित कोषमा दाखिला गरेको देखिन्छ। प्राधिकरणको कोषमा २०८२ आषाढ मसान्तमा रु.७ अर्ब ७८ करोड ८९ लाख मौज्दात रहेको छ। प्राधिकरणले दाखिला गर्नुपर्ने र दाखिला गर्न बाँकी रकम खुलाई विवरण तयार गरेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको कोषलगायतमा रकम छुट्याई बाँकी रकम यकिन गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४. **आसामी हिसाब -** प्राप्त हुनुपर्ने सेवा शुल्क र ब्याज जस्ता रकम आसामीबाट समयमै प्राप्त गर्नुपर्दछ। प्राधिकरणले प्राप्त गर्नुपर्ने रकम गत वर्षको अन्तमा रु.१ अर्ब ६८ करोड ५९ लाख रहेकोमा यो वर्ष ५८.९७ प्रतिशतले घट्न गई रु.६९ करोड १७ लाख भएको छ। उक्त रकममा प्राप्त हुन बाँकी सेवा शुल्क रु.६५ करोड ३५ लाख र प्राप्त हुन बाँकी ब्याज आम्दानी रु.३ करोड ८२ लाखसमेत समावेश छ। बिमा कम्पनीहरूबाट चौथो त्रैमासिकसम्म प्रकाशित अपरिष्कृत त्रैमासिक वित्तीय विवरणअनुसार सेवा शुल्क रु.१ अर्ब ८८ करोड ६५ लाख उल्लेख गरेकोमा प्राधिकरणले लेखाङ्कन गरेको सेवा शुल्क रु.१ अर्ब ८६ करोड ४८ लाख आम्दानी देखाएकोले रु.२ करोड १७ लाख फरक परेको छ। प्राधिकरणले बिमा कम्पनीहरूको समयमै लेखापरीक्षण गर्न लगाई सेवा शुल्कको रकम यकिन गरी दाखिला गराउनुपर्दछ।

५. **पुँजी पर्याप्तता -** बिमक दर्ता तथा बिमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ (क) र (ख) बमोजिम जीवन बिमा कम्पनीको रु.५ अर्ब र निर्जीवन बिमा कम्पनीको रु.२ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। सञ्चालनमा रहेको एक जीवन बिमा कम्पनीको रु.४ अर्ब ८१ करोड ९० लाख र ४ निर्जीवन बिमा कम्पनीको रु.३ अर्ब ५७ करोड २४ लाखले तोकिएभन्दा घटी चुक्ता पुँजी रहेको देखिन्छ। प्राधिकरणले बिमा कम्पनीहरूलाई निर्देशिकाको व्यवस्था पालना गर्न लगाउनुपर्दछ।

६. **व्यतीत तथा समर्पित बिमालेख -** गत वर्ष १४ जीवन बिमा कम्पनीबाट जारी भएका १ लाख १३ हजार ९७६ बिमालेख समर्पण भएकोमा यो वर्ष १ लाख ८ हजार २३८ समर्पण भएको छ। समर्पण मूल्य गत वर्ष रु.१४ अर्ब ५० करोड १३ लाख रहेकोमा यो वर्ष ४.४९ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब १५ करोड २२ लाख रहेको छ। त्यसै गरी गत वर्ष ११ लाख ५८ हजार २९९ व्यतीत बिमालेख रहेकोमा यो वर्ष ७.३४ प्रतिशतले वृद्धि भई १२ लाख ४३ हजार ३६५ पुगेकोमा यस रकममा २.८८ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब १ करोड ७८ लाख पुगेको छ। प्राधिकरणले बिमालेखको समर्पण दर वृद्धि हुनुका कारण पहिचान गरी सोको समाधानका लागि उचित व्यवस्थापन गर्नुपर्दछ।

७. **लघु बिमा -** कम्पनीहरूले बिमा ऐन, २०७९ को दफा २७ बमोजिमको सर्त पूरा गरेकोमा दफा २९ बमोजिम दर्ता गरी इजाजत प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारको २०७९।८० को बजेट बक्तव्यमा उल्लेख भए बमोजिम बिमा प्राधिकरणले लघु बिमक संस्थापन तथा दर्ता सम्बन्धी निर्देशिका, २०८० अनुसार सम्बन्धित लघु बिमा कम्पनीले पेस गरेको प्रस्तावअनुसार बिमा प्राधिकरणको सञ्चालक समितिको

२०७९।८।७ को निर्णयबाट मापदण्ड पूरा गरेको ३ जीवन र ४ निर्जीवन सहित ७ कम्पनीलाई पूर्व सहमति दिएको छ। बिमा कम्पनीहरू एकआपसमा गाभिएर १४ जीवन तथा १४ निर्जीवन बिमा कम्पनी सञ्चालनमा रहेका छन्। लघु बिमा व्यवसायको स्तर न्यून रहे तापनि ठुला बिमा कम्पनीहरूसँग प्रतिस्पर्धा गरी व्यवसाय गर्नुपर्ने अवस्था छ। साथै, लघु बिमा कम्पनीहरूको दिगोपना, बजारको जोखिम तथा अन्तर्राष्ट्रिय अभ्यासलगायतका आधारमा प्राधिकरणले उपयुक्त व्यवस्था गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्षसम्म सुधार भएको छैन।

८. **बिमालेख -** बिमा ऐन, २०७९ को दफा १२३ अनुसार बिमकले बिमालेखमा उल्लेख भए बमोजिम बिमा दाबी पेस हुन आएमा पेस भएको मितिबाट तोकिएको अवधिभित्र दाबी फर्स्यौट गर्ने, कुनै बिमित दाबी भुक्तानी लिन नआएमा दाबी भएका बखत भुक्तानी गर्ने गरी दाबी नभएको कोष (अनक्लेम्ड फण्ड) मा जम्मा गर्नुपर्ने व्यवस्था छ। जीवन बिमा परिपक्व दाबी भुक्तानीसम्बन्धी निर्देशन, २०८१ मा यस सम्बन्धी अवधि र प्रक्रिया उल्लेख छ। जीवन बिमा कम्पनीहरूले बिमितलाई भुक्तानी गर्न बाँकी दाबी सम्बन्धमा जीवन बिमा कम्पनीबाट पूर्ण परिपक्व दाबी, चुक्ता दाबी, समर्पण दाबी तथा मृत्यु दाबी अन्तर्गत १ वर्षभन्दा बढी समयदेखि भुक्तानी हुन बाँकी रकम गत वर्ष रु.१ अर्ब १९ करोड ९४ लाख १३ हजार रहेकोमा यो वर्षको अद्यावधिक विवरण पेस गरेको छैन। उक्त रकममा समावेश बिमालेख परिपक्व भइसकेको भुक्तानी हुन बाँकी रु.३७ करोड ३७ लाख ९ हजार जीवन बिमा कम्पनीले नै प्रयोग गर्दै आइरहेको देखिन्छ। प्राधिकरणले भुक्तानी नहुनुको कारणबारे बिमकहरूसँग जानकारी लिने गरेको देखिएन। साथै बिमा दाबी भुक्तानीमा ढिलाइ हुनुको कारण बिमित मात्र नभई बिमकसमेत जिम्मेवार हुने हुँदा सो सम्बन्धमा प्राधिकरणले अनुगमन गरी आवश्यक निर्देशन दिनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

९. **मुद्दा फर्स्यौट -** बिमा ऐन, २०७९ को दफा १२८ अनुसार बिमकले बिमालेखमा उल्लिखित अवधिभित्र बिमितलाई बिमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण नगरेमा वा बिमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बिमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्ने व्यवस्था छ। अघिल्ला वर्षदेखिको फर्स्यौट गर्न बाँकी मुद्दाको सङ्ख्या २८७ र यो वर्षको नयाँ निवेदन २३५ र पुनरावेदनबाट ३ थप भई ५२५ पुगेकोमा १३१ मुद्दा फर्स्यौट भई ३९४ मुद्दा फर्स्यौट गर्न बाँकी रहेको देखिन्छ। विगत ५ बर्षको मुद्दाको विवरणको विश्लेषण गर्दा फर्स्यौट गर्न बाँकी मुद्दा तथा दर्ता भएका थप निवेदनको सङ्ख्यामा वृद्धि भएको देखिन्छ। प्राधिकरणले बाँकी रहेका मुद्दाहरू प्राथमिकतामा राखी फर्स्यौट गर्नुपर्दछ।

१०. **बिमा सूचना केन्द्र -** बिमा ऐन, २०७९ को दफा १५५ अनुसार बिमा प्राधिकरणले बिमा क्षेत्रको सूचना सङ्कलन गरी एकीकृत र व्यवस्थित गर्नका लागि बिमा सूचना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था छ। प्राधिकरणले सो केन्द्र स्थापना नगर्दा बिमासम्बन्धी सूचनाको सङ्कलन, भण्डारण तथा वितरण, बिमा ठगी, जालसाजी, किर्तेलगायतका बिमा अपराध गरेको वा अस्वाभाविक वा शङ्कास्पद बिमा गतिविधि गर्ने बिमितलाई आवश्यकता अनुसार कालोसूची वा शङ्कास्पदको सूचीमा राख्ने एवं ऐनको दफा १४३(४) बमोजिमको सूचना सङ्कलन गरी अभिलेख राख्ने कार्य हुन सकेको छैन। प्राधिकरणले बिमा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११. **क्रस होल्डिङ्ग** - बिमा ऐन, २०७९ को दफा २५(३) मा एकाघरको परिवारले बिमा कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी हुने गरी सेयर लगानी गर्न नसक्ने र दफा २५(५) अनुसार कुनै एक व्यक्ति, संस्था तथा सम्बद्ध व्यक्तिले दुई वा दुईभन्दा धेरै बिमा कम्पनीमा एक प्रतिशतभन्दा धेरै हुने गरी लगानी गर्न नपाउने व्यवस्था छ। एक बिमा कम्पनीले अर्को बिमा कम्पनीमा लगानी गर्दा स्वार्थ बाझिने हुँदा ऐनको उक्त व्यवस्थाबमोजिम बिमा प्राधिकरणले बिमकको सेयर लगानीमा क्रस होल्डिङ्गसम्बन्धी निरन्तर रूपमा अनुगमन गरी तोकिएको सीमाभन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको सेयर सीमाभित्र कायम गर्नु गराउनुपर्दछ। यस सम्बन्धमा गत विगतको प्रतिवेदनमा समेत बेहोरा उल्लेख गरेकोमा स्थिति यथावत् रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी तथा व्यवस्थित बनाउन आवश्यक नीति, कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष पेस गर्ने, पशु चिकित्सकको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने लगायतका कार्य गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ५ अनुसार नेपाल सरकारबाट मनोनित पशु चिकित्सक अध्यक्षसमेत ११ सदस्यीय पदाधिकारी रहने गरी परिषद्को गठन भएको छ। परिषदमा ५ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
स्थिर सम्पत्ति	३,६१,८३		३,५३,०४	
चालु सम्पत्ति	३,२५,६१		२,९२,३२	
जम्मा सम्पत्ति		**६,८७,४४**		**६,४५,३६**
कोष र दायित्व				
परिषद् कोष र सञ्चित बचत	३,१३,३६		२,८२,३७	
पुँजीगत अनुदान	३,७४,०८		३,६२,९९	
जम्मा कोष तथा दायित्व		**६,८७,४४**		**६,४५,३६**

परिषद्को जम्मा सम्पत्ति र जम्मा कोष तथा दायित्व गत वर्षको तुलनामा ६.५२ प्रतिशतले वृद्धि भई यो वर्ष रु.६ करोड ८७ लाख ४४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
नेपाल सरकारबाट प्राप्त अनुदान	१,७९,२०		१,६२,७२	
ब्याज आय	१३,९५		१९,१८	
दर्ता शुल्कबाट आय	३३,१०		३१,९६	
उपदान कोषको लागि प्राप्त निकासा	८,४४		८,४४	
शिक्षण संस्थाहरूको अस्थायी मान्यता शुल्क	८,०२		-	
इथिकल क्लियरेन्स तथा नो अब्जेक्सन लेटर	२,३६		-	
विविध आय	२,०६		३,९५	
अनुदानबाट प्राप्त सम्पत्तिको ह्रासकट्टी आम्दानीमा सारिएको	३०,३१		३३,९९	
कुल आम्दानी		**२,७७,४४**		**२,६०,२४**
खर्च				
प्रशासनिक खर्च	५६,४४		५४,९७	
कार्यालय सञ्चालन खर्च	९७,२१		८४,९१	
ह्रास खर्च	३१,८७		३६,१७	
कार्यक्रम खर्च	६०,९३		४३,४०	

विवरण	२०८१।८२		२०८०।८१	
कुल खर्च		**(२,४६,४५)**		**(२,१९,४५)**
बचत		**३०,९९**		**४०,७९**

परिषद्को कुल आम्दानी गत वर्षको तुलनामा यो वर्ष ६.६१ प्रतिशतले वृद्धि भई रु.२ करोड ७७ लाख ४४ हजार पुगेको छ। त्यसैगरी, परिषद्को कुल खर्च गत वर्षको तुलनामा १२.३० प्रतिशतले वृद्धि भई रु.२ करोड ४६ लाख ४५ हजार पुगेको छ। परिषद्को बचत गत वर्षको तुलनामा २४.०३ प्रतिशतले घटेर यो वर्ष रु.३० लाख ९९ हजार पुगेको छ।

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

पशु चिकित्सा बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय र मर्यादित् ढङ्गले परिचालन गर्न पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत परिषद्को स्थापना भएको हो। नेपाल सरकारबाट नियुक्त अध्यक्षसहित १८ सदस्यीय परिषद् रहेको छ।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ २०८२		३१ आषाढ २०८१	
सम्पत्ति				
स्थिर सम्पत्ति	४९,८५		२३,९८	
चालु सम्पत्ति	३,६६,१३		-	
जम्मा सम्पत्ति		**४,१५,९८**		**२३,९८**
कोष तथा दायित्व				
सञ्चित वचत	३,३९,१५		(२८)	
स्थगन अनुदान दायित्व	७६,५५		२३,९८	
चालु दायित्व	२८		२८	
जम्मा कोष तथा दायित्व		**४,१५,९८**		**२३,९८**

परिषद्को जम्मा सम्पत्ति र कोष तथा दायित्व गत वर्ष रु.२३ लाख ९८ हजार रहेकोमा यो वर्ष रु.४ करोड १५ लाख ९८ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८१।८२		२०८०।८१	
आम्दानी				
सदस्यता शुल्क	३,३९,४३		-	
अनुदान आय	१,४०,१९		६३,५३	
स्थगत अनुदान आय	५,४७		७१	
कुल आम्दानी		**४,८५,०९**		**६४,२४**
खर्च				
कर्मचारी सुविधा खर्च	६,०६		८,६५	
प्रशासनिक खर्च	१,३४,१३		५५,१७	
ह्रास खर्च	५,४७		७०	
कुल खर्च		**१,४५,६६**		**६४,५२**
बचत/(नोक्सानी)		**३,३९,४३**		**(२८)**

परिषद्को कुल आम्दानी गत वर्ष रु.६४ लाख २४ हजार रहेकोमा यो वर्ष रु.४ करोड ८५ लाख ९ हजार रहेको छ। परिषद्ले कर्मचारी सुविधा, प्रशासनिक खर्च र ह्रास खर्च शीर्षकमा कुल रु.१ करोड ४५ लाख ६६ हजार खर्च गरी रु.३ करोड ३९ लाख ४३ हजार बचत गरेको छ।

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (२०८०।८१)

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१	
सम्पत्ति		
स्थिर सम्पत्ति	२३,९८	
चालु सम्पत्ति	-	
जम्मा		**२३,९८**
कोष र दायित्व		
सञ्चित बचत	(२८)	
स्थगन अनुदान दायित्व	२३,९८	
अन्य चालु दायित्व	२८	
जम्मा		**२३,९८**

परिषद्को स्थिर सम्पत्ति रु.२३ लाख ९८ हजार रहेको छ। त्यसैगरी कोष तथा दायित्व रु.२३ लाख ९८ हजार रहेकोमा सञ्चित नोक्सानी रु.२८ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	
नेपाल सरकारबाट अनुदान प्राप्त	६४,२४	
ब्याज आय		
विविध आय		
कुल आम्दानी		**६४,२४**
कर्मचारी खर्च	८,६५	
कार्यालय सञ्चालन खर्च	५५,१७	
ह्रास खर्च	७०	
कुल खर्च		**६४,५२**
बचत/(नोक्सानी)		**(२८)**

परिषद्को यो वर्ष दर्ता शुल्क, नवीकरण शुल्क लगायतको आम्दानी शून्य रहेको र नेपाल सरकारबाट प्राप्त अनुदान रु.६४ लाख २४ हजार खर्च भई यो वर्ष रु.२८ हजार सञ्चालन नोक्सानी रहेको छ।

३. **कार्यसञ्चालन** - नेपालको पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञ सम्मका जनशक्तिलाई दर्ता र नियमन गर्ने प्रमुख उद्देश्यले स्थापित यस परिषद्मा नेपाल पशु चिकित्सा परिषद्मा दर्ता हुन योग्य जनशक्ति बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रमा कार्यरत पशुपन्छी, मत्स्य र दुग्ध विज्ञानसम्बन्धी जनशक्ति दर्ता हुने व्यवस्था रहेको छ। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को परिधिभित्र रहेर प्रदेश कानुन बनाउने र सो

कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने व्यवस्था छ। प्रदेश कानुन नबनेसम्म त्यसले गर्ने सम्पूर्ण काम पनि यसै परिषद्ले गर्नुपर्ने व्यवस्था ऐनमा उल्लेख छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने र दर्ता नभई उक्त व्यवसाय गरेमा दण्डनीय हुने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद् यसै वर्ष स्थापना भएकोले यो वर्ष उद्देश्य अनुरूप दर्ता नवीकरणका कार्य प्रारम्भ भएको देखिएन।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

गुठी संस्थान (२०७९।२०८०)

देशभित्र रहेका राजगुठी, छुट गुठी, निजी गुठीलगायतका सबै गुठीको उचित व्यवस्था गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ बमोजिम यस संस्थानको स्थापना भएको हो। संस्थानअन्तर्गत काठमाडौं उपत्यकामा कालमोचन, भद्रकाली, पशुपतिनाथ मन्दिर परिसर, भक्तपुर, ललितपुर, धुलिखेल, जनकपुरधाम, जलेश्वर र वीरगन्जमा शाखा कार्यालयहरू रहेका छन्। यसका साथै कुत तथा बाली असुली विभिन्न मालपोत कार्यालयबाट पनि हुने गरेको छ।

१. **आय व्यय विवरण -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
गत वर्षको जिम्मेवारी		**५,२२,१९,६८**		**४,७३,१४,८४**
गत वर्षको धरौटी जिम्मेवारी		**७,०४,९३**		
यस वर्षको आय				
कर्मचारी कल्याण कोष	२,१६		१,९१	
घर जग्गा सापटी कोष	३०,३०		६०,३९	
पेन्सन उपदान कोष	३०,३९,४०		१७,७३,६३	
अक्षय कोष	११,७४,११		६,२०,६८	
शाखा आम्दानी	१७,६८,७२		१४,९८,३५	
मालपोत कार्यालयबाट आम्दानी	३,७२,२७		१,३९,८२	
ब्याज	४४,५८,६७		२९,८९,३४	
घर भाडा	४,१४,५८		२,०९,५२	
धरौटी	२,६४,३५			
यस वर्षको आय		**१,१५,२४,५६**		**७२,९३,६४**
कुल आय		**६,४४,४९,१७**		**५,४६,०८,४८**
प्रशासनिक खर्च	१३,६५,१९		१३,२७,४०	
पर्व पूजा खर्च	१२,५६,९९		११,०२,६२	
निर्माण तथा मर्मत सम्भार	१,०९,९२		१,३६,७७	
विविध खर्च	३९,९५		४५,८२	
कुल खर्च		**(२७,७२,०५)**		**(२६,१२,६१)**
कर्मचारी कल्याण तथा घरजग्गा कोष	५		१,५३	
पेन्सन उपदान अक्षय कोष	१,४९,३९		१,६०,६६	
गुठी कोष तथा अन्य खर्च	३७,५२,३३		६,०४,१८	
धरौटी खर्च	३,३२,०४			
कुल कोष खर्च		**(४२,३३,८१)**		**(७,६६,३७)**
आगामी वर्षको लागि जिम्मेवारी		५,७४,४३,३१		५,१२,२९,५०
कुल व्यय		**६,४४,४९,१७**		**५,४६,०८,४८**

संस्थानको गत वर्षको तुलनामा यस वर्षको आय ५८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १५ करोड २४ लाख ५६ हजार पुगेकोमा कुल खर्च ६.१० प्रतिशतले वृद्धि भई रु.२७ करोड ७२ लाख ५ हजार पुगेको छ। गत वर्ष रु.६ करोड ४ लाख १८ हजार रहेकोमा यस वर्ष ५२१.०६ प्रतिशतले वृद्धि भई

पेन्सन कोष निकासा रु.२० करोडसमेत गुठी कोष तथा अन्य खर्च रु.३७ करोड ५२ लाख ३३ हजार पुगेको छ। कुल कोष खर्च यस वर्ष गत वर्षको तुलनामा ४५२.४५ प्रतिशतले वृद्धि भई रु.४२ करोड ३३ लाख ८१ हजार रहेको छ।

२. **गत वर्षको जिम्मेवारी -** गत वर्षको वित्तीय विवरणमा आगामी वर्षको लागि जिम्मेवारी रु.५ अर्ब १२ करोड २९ लाख उल्लेख गरेकोमा यो वर्ष रु.५ अर्ब २२ करोड २० लाख जिम्मेवारी सारेको छ। गत वर्षको वित्तीय विवरणमा भन्दा रु.९ करोड ९१ लाख बढी जिम्मेवारी सारेको छ। सो सम्बन्धमा हिसाब मिलान सहितको विवरण पेस हुनुपर्दछ।

३. **स्थिर सम्पत्ति -** संस्थानले आफ्नो स्वामित्वमा भएको जग्गा, भवन, कार्यालय उपकरण तथा अन्य सम्पत्तिको लगत दुरुस्त तथा अद्यावधिक नराखेको, सम्पत्तिको भौतिक परीक्षण नगरेको र सङ्केत सहितको लगत राख्ने गरेको छैन। संस्थानले यस वर्ष रु.२५ लाख २५ हजारको पुँजीगत खरिदलाई स्थिर सम्पत्तिमा नदेखाई सञ्चालन खर्चमा लेखाङ्कन गरेको छ। स्थिर सम्पत्तिको भौतिक परीक्षण गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ।

४. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १७(१) बमोजिम कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र संस्थानले जग्गासम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। संस्थानले विभिन्न ६८ जिल्लाअन्तर्गत पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० बिघा जग्गा गुठीको नाममा रहेको देखाएको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख तथा जग्गाको अद्यावधिक विवरण नरहेकाले कुल जग्गाको क्षेत्रफल यकिन हुने अवस्था छैन। संस्थानको नाममा रहेको जग्गा तथा सम्पत्तिको एकीकृत र कार्यालयगत अभिलेख तयार गरी जग्गाको संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

संस्थानबाट प्राप्त विवरणअनुसार संस्थानको नाममा रहेका जग्गामध्ये धनुषा जिल्लामा ४३.५ बिघा, महोत्तरीमा १२२ बिघा, बारामा २७ बिघा, पर्सामा ७ बिघा तथा काठमाडौं, ललितपुर र भक्तपुरमा क्रमशः १४, १२ र २ रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ। यद्यपि संस्थानले यसको पूर्ण लगत तयार नगरेकोले सो लगत तयार गर्नुपर्ने र अन्य जिल्लामा अतिक्रमण भएका जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरी अतिक्रमित जग्गाहरूको संरक्षण गर्नुपर्दछ।

५. **बक्यौता असुली -** गुठी संस्थान (कार्यव्यवस्था) विनियम, २०४९ को विनियम १७ (२) र (३) मा संस्थानको स्वीकृति बेगर कुनै सरकारी कार्यालय वा अन्य कुनै निकायले कुनै गुठी जग्गा उपभोग गरी राखेको पत्ता लागेमा त्यसको सूचना सम्बन्धित गुठी कार्यालयले संस्थानमा पठाउनुपर्ने र सूचना प्राप्त भएपछि संस्थानले सम्बन्धित निकायसँग सम्पर्क राखी जग्गाको क्षतिपूर्ति वा मुआब्जा वा कानुन बमोजिमको कुत इत्यादी जे जति लिनुपर्ने हो सो को लगत बनाई असुलउपर गर्नुपर्ने व्यवस्था छ। संस्थानको स्वीकृतीबिना उपयोग गरेका गुठी जग्गाहरूबाट यस वर्षसम्म रु.१६ अर्ब ७२ करोड २५ लाख संस्थानले लिनुपर्ने उल्लेख गरी संस्थानको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा राख्ने गरेको देखिन्छ। उक्त बक्यौता रकम उठाउने कार्य भएको छैन। बक्यौता रकम असुल गर्नुपर्दछ।

६. **लगानी नीति -** संस्थानले १४ बैङ्कमा मौज्दात रहेको अक्षय कोषको रु.३ अर्ब ३७ करोड तथा पेन्सन कोषको रु.१ अर्ब १३ करोडसमेत रु.४ अर्ब ५० करोड मुद्दती खातामा राखेकोमा उक्त लगानीको स्थिति र प्रतिफल सम्वन्धमा सञ्चालक समितिले विश्लेषण गरेको छैन। सो को लगानी नीति पनि तयार

गरेको देखिँदैन। विगत वर्षदेखि नै बचतमा रहेकोले अधिक प्रतिफल आउने सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्दछ।

७. **मुद्दाको अभिलेख तथा फस्यौंट -** संस्थानसँग सम्बन्धित २ हजार १५३ मुद्दा सर्वोच्च अदालतसमेत ६ अदालतमा विचाराधीन रहेको देखिन्छ। यसबाट संस्थानलाई पर्न सक्ने दायित्व यकिन हुन सकेको छैन। संस्थानले हालसम्म दर्ता भएका मुद्दाको अभिलेख राखेको भएपनि फस्यौंट भएका र कार्यप्रगतिमा रहेका मुद्दाको व्यवस्थित अभिलेख राखेको छैन।

खण्ड

४

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना हुने र राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ। संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, प्रदेश स्वास्थ्य शिक्षा लगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। त्यस्तै अनुसूची-७ र ९ मा उल्लिखित साझा अधिकारका विषयमा सङ्घ, प्रदेश तथा स्थानीय तहले संविधान तथा सम्बन्धित कानुनबमोजिम अधिकारको प्रयोग गर्ने व्यवस्था छ।

संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। यसै गरी धारा ६० मा राजस्व स्रोतको बाँडफाँटसम्बन्धी व्यवस्था छ। उल्लिखित संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकारले आर्थिक तथा वित्तीय अधिकारको प्रयोग गर्दै आएका छन्।

संविधानको धारा २४१ अनुसार महालेखापरीक्षकले प्रदेश सभा, प्रदेश सरकार र मातहतका कार्यालयहरुको लेखापरीक्षण गरी धारा २९४ बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्य मन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ। उक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०८१।८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतहरुलाई लेखापरीक्षण कार्यतालिकाको जानकारी गराइएको थियो। मन्त्रालय तथा निकायअन्तर्गत कार्यालयको लेखापरीक्षण जोखिममा आधारित लेखापरीक्षण विधिद्वारा न्यून जोखिमयुक्त कार्यालयको सम्बन्धित कार्यालयमा उपस्थित नभई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत संक्षिप्त कार्यविधिबाट र उच्च जोखिमयुक्त कार्यालयको स्थलगत रूपमा विस्तृत परीक्षण गरी सम्पन्न गरिएको छ। जारी भएका लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची-४ मा उल्लेख भएबमोजिम ७ प्रदेश रहने व्यवस्था छ। प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१.	जिल्ला	सङ्ख्या	७७	१४	८	१३	११	१२	१०	९
२.	सङ्घीय निर्वाचन क्षेत्र	सङ्ख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
३.	प्रादेशिक निर्वाचन क्षेत्र	सङ्ख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
४.	गाउँपालिका	सङ्ख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
५.	नगरपालिका	सङ्ख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
६.	उपमहानगरपालिका	सङ्ख्या	११	२	३	१	०	४	०	१
७.	महानगरपालिका	सङ्ख्या	६	१	१	३	१	०	०	०

३. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गरिने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८१।८२ मा गत वर्षको जिम्मेवारी रु.५१ अर्ब २४ करोड ६४ लाख ३५ हजार सहित कुल आम्दानी रु.२ खर्ब ४० अर्ब २ करोड ६० लाख ३१ हजार रहेकोमा रु.१ खर्ब ९९ अर्ब ९४ करोड ३८ लाख २५ हजार (८३.३० प्रतिशत) खर्च भई रु.४० अर्ब ८ करोड २२ लाख बाँकी रहेको देखिन्छ। प्रदेशले गत वर्षको अन्तिम मौज्दात रु.५५ अर्ब ६९ करोड ३ लाख रहेको आधारमा यो वर्षको सुरु मौज्दात कायम गर्नुपर्नेमा रु.४ अर्ब ४४ करोड ३९ लाख घटी जिम्मेवारी सारेको पाइयो।

उल्लिखित खर्चमध्ये कोशी प्रदेशको रु.२८ अर्ब १८ करोड २९ लाख, मधेश प्रदेशको रु.३१ अर्ब २३ करोड ३६ लाख, बागमती प्रदेशको रु.४६ अर्ब ४० करोड ३३ लाख, गण्डकी प्रदेशको रु.२४ अर्ब ३ करोड ३० लाख, लुम्बिनी प्रदेशको रु.२७ अर्ब ८९ करोड १० लाख, कर्णाली प्रदेशको रु.१९ अर्ब ९९ करोड ७५ लाख र सुदूरपश्चिम प्रदेशको खर्च रु.२२ अर्ब २० करोड २६ लाख रहेको छ। गतवर्ष र चालु वर्षको ७ प्रदेश सञ्चितकोषको तुलनात्मक विवरण देहायअनुसार छ।

(रु. हजारमा)

क्र. सं.	विवरण	२०८०।८१	२०८१।८२
१.	राजस्व, अनुदान र अन्य प्राप्ति	१७३४१४८६३	१८७९९५२६०
२.	वित्तीय व्यवस्थाबाट प्राप्ति	७०२७००	७८४३३६
३.	यस वर्षको खुद प्राप्ति (१+२)	१७४११७५६३	१८८७७९५९६
४.	भुक्तानी	१८४११०२५९	१९९९४३८२५
५.	विनिमय दर वा अन्य समायोजन	-७६८१	०
६.	यस वर्षको जम्मा भुक्तानी (४+५)	१८४१०२५७९	१९९९४३८२५
७.	यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-९९८५०१५	-१११६४२२९
८.	आर्थिक वर्षको सुरूवातको मौज्दात	६५६७५३१३	५१२४६४३५
९.	आर्थिक वर्षको अन्त्यको मौज्दात(७+८)	५५६९०२९८	४००८२२०६

४. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशहरूको विभाज्य कोषमा रहेको रकममध्ये मधेश प्रदेशको रु.१३ करोड ४५ लाख ५ हजार, गण्डकी प्रदेशको रु.५ करोड १७ लाख ५५ हजार र सुदूरपश्चिम प्रदेशको रु.२ करोड ६८ लाख २३ हजार समेत रु.२१ करोड ३० लाख ८३ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

५. **प्रदेश सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार १२२ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब १९ अर्ब ७ करोड ५८ लाख ५९ हजार र २ कार्यालयको बक्यौता रु.१

अर्ब २२ करोड ३५ लाख २६ हजार समेत रु.३ खर्ब २० अर्ब २९ करोड ९३ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

६. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहतका १३३ अन्य संस्था तथा समितिको बक्यौतासमेत रु.४० अर्ब २९ करोड २७ लाख २ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

७. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानुनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था रहेकोमा कोशी प्रदेशअन्तर्गत १०, गण्डकी प्रदेशको ३, लुम्बिनी प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको २ समेत १६ कार्यालय (२०८१।८२ को ३ समेत) को देहायअनुसार रु.१३ करोड २४ लाख ७० हजारको लेखापरीक्षण बक्यौता रहेको छ।

(रु. हजारमा)

विवरण	कोशी	गण्डकी	लुम्बिनी	सुदूरपश्चिम	जम्मा
लेखापरीक्षण बक्यौता सङ्ख्या	१०	३	१	२	१६
बक्यौता रकम (खुल्ने कार्यालयको मात्र)	१०८३७५	१९३५३	नखुल्ने	४७४२	१३२४७०

८. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहत देहाय अनुसारका ४० सरकारी कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाका कारण पेस हुन नआएकाले विनियोजनतर्फ रु.६ अर्ब ४३ करोड ३८ लाख ७४ हजार, राजस्वतर्फ रु.६ अर्ब ३८ करोड ७७ लाख ५५ हजार, धरौटीतर्फ रु.७० करोड ४६ लाख ७६ हजार र कार्यसञ्चालन कोषतर्फ रु.१ अर्ब २७ करोड ९५ लाख ३० हजारसमेत रु.१४ अर्ब ८० करोड ५८ लाख ३५ हजार एवं अन्य संस्था तथा समितितर्फ ५ निकायको कार्यसञ्चालन कोषतर्फ रु.४ अर्ब ५ करोड ३६ लाख ४६ हजारसमेत रु.१८ अर्ब ८५ करोड ९४ लाख ८१ हजारको लेखापरीक्षण गरिएको छैन ।

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	विनियोजन		राजस्व		धरौटी		कार्यसञ्चालन कोष		जम्मा	रकम
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	
१	कोशी प्रदेश	६	१४४८९०३	६	१०७०७६२	६	१३६७९७	३	२२४४४३	६	२८८०९०५
२	मधेश प्रदेश	९	१६२००००	९	६६५८२८	९	९६४५७	९	५३१९२८	९	२९१४२१३
३	बागमती प्रदेश	१०	२२६९४६८	९	१६९९४९३	९	४१३२६१	३	३८२८१०	१०	४७६५०३२
४	गण्डकी प्रदेश	७	३९७६०८	६	१६८९९१४	६	७३३४	२	१३८०८४	७	२२३२९४०
५	लुम्बिनी प्रदेश	३	१५५३६७	३	१२५८६६७	३	२३९४	३	२१८८	३	१४१८६१६
६	कर्णाली प्रदेश	१	११२४२२	१	२०३	१	६५४	०	०	१	११३२७९
७	सुदूरपश्चिम प्रदेश	४	४३०१०६	३	२८८८	४	४७७७९	१	७७	४	४८०८५०
जम्मा		**४०**	**६४३३८७४**	**३७**	**६३८७७५५**	**३८**	**७०४६७६**	**२१**	**१२७९५३०**	**४०**	**१४८०५८३५**
अन्य संस्था तथा समितितर्फ											
१	बागमती प्रदेश	-	-	-	-	-	-	३	१८७५४५१	३	१८७५४५१
२	गण्डकी प्रदेश	-	-	-	-	-	-	२	२१७८१९५	२	२१७८१९५
जम्मा		**-**	**-**	**-**	**-**	**-**	**-**	**५**	**४०५३६४६**	**५**	**४०५३६४६**
कुल जम्मा		**४०**	**६४३३८७४**	**३७**	**६३८७७५५**	**३८**	**७०४६७६**	**२६**	**५३३३१७६**	**४५**	**१८८५९४८१**

९. **पेस्की बाँकी** - प्रचलित कानुनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माणतर्फको कार्य परिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फस्यौंट गरिसक्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको यस वर्षको रु.१ अर्ब ४० करोड ६ लाख ३ हजारसमेत २०८२ आषाढसम्म फस्यौंट हुन बाँकी पेस्की रु.१३ अर्ब ४१ करोड ३० लाख ८१ हजार रहेको छ । प्रचलित कानुन एवं खरिद सम्झौताको सर्तबमोजिम पेस्की फस्यौंट गर्नुपर्दछ।

१०. **असुली** - प्रदेश सरकार मातहतका निकायबाट गत विगत वर्षको बेरुजु सम्परीक्षणको क्रममा रु.१६ करोड ८३ लाख २७ हजार, चालु वर्षको लेखापरीक्षणको क्रममा रु.५ करोड ६२ लाख ६९ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.५ करोड ६१ लाख ८२ हजारसमेत रु.२८ करोड ७ लाख ७८ हजार असुल भई सम्बन्धित राजस्व खातामा जम्मा भएको छ।

नीति तर्जुमा, कानुन निर्माण र कार्यान्वयन

११. **कानुन निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने, साझा अधिकार संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०८१।८२ सम्म आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट कानुन निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिई देहायबमोजिम ७१६ कानुन प्रदेश सभाबाट पारित गरी लागु भएको र ८८ कानुन निर्माणको चरणमा रहेको देखिन्छः

प्रदेश	पारित भएको कानुन सङ्ख्या	प्रदेश सभामा पेस भई पारित हुन बाँकी कानुन सङ्ख्या
कोशी	१९६	०
मधेश	७०	३
बागमती	८५	७
गण्डकी	९०	३
लुम्बिनी	११०	५
कर्णाली	६६	३५
सुदूरपश्चिम	९९	३५
जम्मा	**७१६**	**८८**

सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सुशासन तथा योजना, सामाजिक विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरणलगायतका समिति गठन भएका छन्। यसरी गठन भएका समितिबाट विभिन्न निर्णय तथा निर्देशनहरू भएकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन भएको देखिएन। समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

स्रोतको प्राप्ति र बाँडफाँट

१३. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	८२०६३००	७१५६५४८	७५६४१४४	७००९३६३	७६०३६०१	९५१२११७	८००३९४९	५५०५६०२२
सशर्त	३८७९७००	२०२६४२१	२८२१६४५	२३८४००७	३४४३१२२	१९२२३२२	१६७०२६१	१८१४७४७८
समपूरक	६५५०००	०	६४१२५०	११३०५००	७९५०००	४७७६६०	८३९२३९	४५३८६४९
विशेष	६६७४००	०	९४१७३५	५८९९५०	७४४६००	४०९८२१	१९६८४८	३५५०३५४
जम्मा	**१३४०८४००**	**९१८२९६९**	**११९६८७७४**	**१११११३८२०**	**१२५८६३२३**	**१२३२१९२०**	**१०७१०२९८**	**८१२९२५०४**
राजस्व बाँडफाँट	१११३५३१८	१०८२२३६१	११५५८६६१	८९३०५७१	१०९२१९६५	८४०१९२७	१००६२१२१	७१८३२९२४
कुल जम्मा	**२४५४३७१८**	**२०००५३३०**	**२३५२७४३५**	**२००४४३९१**	**२३५०८२८८**	**२०७२३८४७**	**२०७७२४१९**	**१५३१२५४२८**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानसमेतमा रु.७६ अर्ब ७५ करोड ६१ लाख ९२ हजार निकासा भएको देखिन्छ। तथापि ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार त्यस्तो निकासा रु.८१ अर्ब २९ करोड २५ लाख ४ हजार रहेको देखिएकोले रु.४ अर्ब ५३ करोड ६३ लाख १२ हजारको फरक देखिएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१४. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८१।८२ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रु.१ खर्ब ३४ अर्ब ६९ करोड ७१ लाख ८० हजार अनुमान गरेकोमा रु.१ खर्ब ८ अर्ब ५५ करोड ३४ लाख २८ हजार (८०.५९ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली अनुमानको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम रहेको देखिन्छः

(रु. हजारमा)

प्रदेश	राजस्व अनुमान	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१७३८०८००	१६०२६९९७	९२.२१
मधेश	२२६७२७००	१५२७८९५२	६७.३९
बागमती	३४५८१५९९	२८४९०१७३	८२.३९
गण्डकी	१५२६२२००	१२४४२३५७	८१.५२
लुम्बिनी	२२९५०७००	१६५८०३७८	७२.२४
कर्णाली	१०२१९७६५	९०३३८७१	८८.४०
सुदूरपश्चिम	११६२९४१६	१०७००७००	९२.०१
जम्मा	१३४६९७१८०	१०८५५३४२८	८०.५९

१५. **अग्रिम कर -** आयकर ऐन, २०५८ बमोजिम प्रदेश सरकार मातहतका निकायले विभिन्न भुक्तानीमा कर कट्टी गर्नुपर्दछ। सोबमोजिम यो वर्ष मधेश प्रदेशका १७ निकायले रु.८ लाख ५५ हजार, बागमती प्रदेशका ३ निकायले रु.८५ हजार, कर्णाली प्रदेशका २ निकायले रु.५ लाख २ हजार र सुदूरपश्चिम प्रदेशका २५ निकायले रु.४३ लाख ६१ हजारसमेत रु.५८ लाख ३ हजार कर कट्टी नगरेकोले असुल गर्नुपर्ने देखिएको छ।

बजेट अनुमान र खर्च

१६. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८१।८२ को बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३५२७९३००	१४३५९५५२	१३८२३३५५	२८१८२९०७	७९.८९
मधेश	४३८९२१७०	९७५८५९७	२१४७५००७	३१२३३६०४	७१.१६
बागमती	६४५४०४३१	१७०१०१७५	२९३९३१३५	४६४०३३१०	७१.९०
गण्डकी	३२९७८५७५	७९०१३२२*	१४९९०९२४	२२८९२२४६	६९.४२
लुम्बिनी	३८९७०००००	९९८५८६२	१७९०५१५२	२७८९१०१४	७१.५७
कर्णाली	३१४१००४१	९०७०९६०	१०९२६५०४	१९९९७४६४	६३.६७
सुदूरपश्चिम	३१६६८८२८	९७२७८२७	१२४७४७२८	२२२०२५५५	७०.११
जम्मा	**२७८७३९३४५**	**७७८१४२९५**	**१२०९८८८०५**	**१९८८०३१००**	**७१.३२**

द्रष्टव्यः *उल्लिखित चालु खर्चमा गण्डकी प्रदेशको प्रदेश सञ्चित कोषबाट सङ्घीय अनुदान फिर्ता भएको रु.१ अर्ब १४ करोड ७ लाख २६ हजार समावेश गरिएको छैन।*

उल्लिखित विवरणअनुसार प्रदेशहरूको औसत खर्च ७१.३२ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७९.८९ र सबैभन्दा कम खर्च कर्णाली प्रदेशको ६३.६७ प्रतिशत रहेको छ।

१७. **रकमान्तर** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर सम्बन्धी व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रु.२ खर्ब ७८ अर्ब ७३ करोड ९३ लाख ४५ हजार रहेकोमा रु.४७ अर्ब २९ करोड ४१ लाख ८२ हजार रकमान्तर गरेको देखिन्छ। सो मध्ये २०८२ आषाढ महिनामा मात्र कोशी प्रदेशले रु.७ करोड ७१ लाख, मधेश प्रदेशले रु.१ अर्ब ३४ करोड ८२ लाख ७३ हजार, वाग्मती प्रदेशले रु.२ अर्ब ७६ करोड २३ लाख २१ हजार, गण्डकी प्रदेशले रु.५० करोड ४० लाख ३५ हजार, लुम्बिनी प्रदेशले रु.३९ करोड ८२ लाख ७ हजार, कर्णाली प्रदेशले रु.९ करोड ६८ लाख २१ हजार र सुदूरपश्चिम प्रदेशले रु.१८ करोड ४१ लाख ६३ हजार रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०८१।८२ को कुल खर्च रु.१ खर्ब ९८ अर्ब ८० करोड ३१ लाख रहेकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब २९ अर्ब ३ करोड ८४ लाख ८६ हजार खर्च गरेको छ। प्रदेशहरूको आन्तरिक स्रोतबाट खर्च बेहोरिएको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८१८२९०७	१६८७१६९३	५९.८६
मधेश	३१२३३६०४	२२०९७७०१	७०.७५
बागमती	४६४०३३११	३५७५८७१८	७७.०६
गण्डकी	२२८९२२४६	१३३९९४७०	५८.५३

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
लुम्बिनी	२७८९१०१४	१७५९२११५	६३.०७
कर्णाली	१९९९७४६४	१००३०२००	५०.१६
सुदूरपश्चिम	२२२०२५५५	१३२८८५९०	५९.८५
जम्मा	**१९८८०३१०१**	**१२९०३८४८७**	**६४.९१**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६४.९१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम कर्णाली प्रदेशको ५०.१६ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ७७.०६ प्रतिशत रहेको छ। प्रदेशहरूको आन्तरिक स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

१९. **सङ्घीय कार्यालयलाई निकासा** - सङ्घ र प्रदेश सरकारको कार्य विभाजन नियमावलीअनुसार आ-आफ्नो कार्यक्षेत्रअनुसार कार्य सञ्चालन र व्यवस्थापनका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था छ। प्रदेश सरकारबाट स्वीकृत भएको बजेट सोही उद्देश्यअनुरूप खर्च गर्नुपर्नेमा सङ्घीय मन्त्रालय तथा निकायको कार्यक्षेत्रभित्र पर्ने कार्यमा प्रदेश मन्त्रालयहरूले देहायबमोजिम ३४० सङ्घीय निकायलाई रु.२ अर्ब ९३ करोड २८ लाख ५३ हजार बजेट विनियोजन गरेकोमा रु.२ अर्ब ३० करोड ४४ लाख ४९ हजार खर्च भएको छ। कार्यक्षेत्रभित्रको कार्यसञ्चालन र व्यवस्थापन गरी बजेट उपयोग गर्नुपर्दछ।

(रकम रु. हजारमा)

प्रदेश	निकासा गरेको सङ्घीय कार्यालय सङ्ख्या	विनियोजित बजेट	खर्च रकम
कोशी	६९	९४९००	७४०७२
मधेश	१	१२०२७७	११९८५३
बागमती	१०४	११५१९१७	८८३८५८
गण्डकी	४९	१५२०४१	१५२०४१
लुम्बिनी	९२	७५४८२६	६३३५३२
कर्णाली	१८	२७७५५८	२१४१७१
सुदूरपश्चिम	७	३८१३३४	२२६९२२
जम्मा	**३४०**	**२९३२८५३**	**२३०४४४९**

सङ्गठन संरचना

२०. **संरचना हेरफेर** - अधिकार सम्पन्न सङ्घीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ हुनुपर्ने सिफारिस गरेको थियो। प्रदेश सभाको पहिलो निर्वाचनपश्चात् गठन भएका प्रदेश सरकारले जारी गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा पटक पटक संशोधन गरेर मन्त्रालय र मन्त्रालयले सम्पादन गर्ने कार्य हेरफेर गरी निम्नानुसार कायम गरेको छ।

प्रदेश	संशोधन पटक	कायम मन्त्रालय सङ्ख्या					
		प्रथम	दोस्रो	तेस्रो	चौथो	पाँचौ	छैटौं
कोशी	२	१३	९	-	-	-	-
मधेश	३	७	११	१२	-	-	-
बागमती	६	८	१४	११	१२	१३	१४
गण्डकी	४	११	७	९	७	-	-
लुम्बिनी	५	९	१३	९	११	१२	-
कर्णाली	३	८	७	८	-	-	-
सुदूरपश्चिम	१	७	-	-	-	-	-

मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार, कार्यसम्पादन र एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहितामा समेत असर परेको छ।

२१. **दोहोरो संरचना** - संविधानको अनुसूची-६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरू स्थानीय तहको कार्यक्षेत्रमा पर्दछन्। उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्न प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, सामाजिक विकासलगायतका कार्यालय स्थापना गरेको देखिन्छ। सङ्घ, प्रदेश र स्थानीय तहबाट एकै प्रकृतिका कार्यक्रम कार्यान्वयन गर्दा काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि भएको छ। तीन वटै तहका सरकारबाट सम्पादन हुने काममा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

प्रतिवेदन तथा नियन्त्रण

२२. **वित्तीय प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनमा कारोबारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्धान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शनबमोजिम महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। देहायबमोजिम मधेश प्रदेशका १५, गण्डकी प्रदेशका ५, लुम्बिनी प्रदेशका १६, कर्णाली प्रदेशका ७ र सुदूरपश्चिम प्रदेशका ६ गरी कुल ४९ मन्त्रालय र केन्द्रीय निकायले आफ्नो र मातहतका निकायसमेतको एकीकृत वित्तीय प्रतिवेदन तयार गरेको देखिएन।

प्रदेश	मन्त्रालय तथा केन्द्रीय निकायको कुल सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस गर्ने निकाय सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस नगर्ने निकाय सङ्ख्या
कोशी	१३	१३	०
मधेश	१६	१	१५
बागमती	१८	१८	०
गण्डकी	११	६	५
लुम्बिनी	१६	०	१६
कर्णाली	१२	५	७
सुदूरपश्चिम	११	५	६
जम्मा	**९७**	**४८**	**४९**

स्वीकृत सार्वजनिक क्षेत्र लेखामानअनुसार प्रदेशका मन्त्रालय तथा निकाय र मातहत कार्यालय समेतको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

२३. **आन्तरिक लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशअन्तर्गतका कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गर्नु गराउनुपर्ने व्यवस्थासमेत छ। सोबमोजिम यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको देहायबमोजिम सात प्रदेशका १ हजार २८६ कार्यालयको असुल गर्नुपर्ने रु.९ करोड ५९ लाख ७८ हजार, अनियमित रु.३७ करोड ८९ लाख ३७ हजार र म्याद नाघेको पेस्की रु.७४ करोड २० लाख ५ हजारसमेत रु.१ अर्ब २१ करोड ६९ लाख २० हजार बेरूजु अन्तिम लेखापरीक्षणको अवधिसम्म असुल फस्यौंट भएको छैन।

(रु. हजारमा)

प्रदेश	आन्तरिक लेखापरीक्षण भएका कार्यालय सङ्ख्या	कायम बेरुजु रकम	बेरुजु वर्गीकरण		
			असुल गर्नुपर्ने	अनियमित भएको	पेस्की बाँकी
कोशी	२१०	१५७२८४	१००९९	९२५९५	५४५९०
मधेश	१५८	२६४८९	१२९७१	९३२४	४१९४
बागमती	३४८	३१३८७१	७९१३	१४०९४५	१६५०१३
गण्डकी	७७	५१२४५	९२३३	३३९१९	८०९३
लुम्बिनी	१९२	३३८२९४	३९५५१	७१८८१	२२६८६२
कर्णाली	१३८	१६७३३२	१२५६९	१८१६२	१३६६०१
सुदूरपश्चिम	१६३	१६२४०५	३६४२	१२१११	१४६६५२
जम्मा	**१२८६**	**१२१६९२०**	**९५९७८**	**३७८९३७**	**७४२००५**

२४. **भुक्तानी दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनमा आर्थिक वर्षको विनियोजित बजेटभन्दा बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि ७ प्रदेशका ६५ मन्त्रालय तथा केन्द्रीय निकाय र मातहत कार्यालयहरूबाट यो वर्ष रु.१ अर्ब ३४ करोड ३४ लाख ५४ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना भएको छ। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२५. **तलबी प्रतिवेदन** - निजामती सेवा सम्बन्धी कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ। प्रदेश र अन्तर्गत निकायको तलबी प्रतिवेदन पारित नगरी यो वर्ष कोशी प्रदेशले रु.२ अर्ब १९ करोड ५० लाख ४८ हजार, मधेश प्रदेशले रु.१ अर्ब ५६ करोड २६ लाख ८९ हजार, बागमती प्रदेशले रु.२ अर्ब ६६ करोड ३२ लाख, लुम्बिनी प्रदेशले रु.१ अर्ब ९७ करोड ९५ लाख ९१ हजार र कर्णाली प्रदेशले रु.१ अर्ब २८ करोड १३ लाख २ हजार गरी रु.९ अर्ब ६८ करोड १८ लाख ३० हजार तलब भुक्तानी गरेको पाइयो । कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ।

लेखापरीक्षण बेरुजु

२६. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८१।८२ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत
कोशी	२०८	५२३८४९७९	५८६६८३	५५५५४६	१.१२
मधेश	१५०	४९६९३९४३	१८७३३६१	१४२३३७६	३.७७
बागमती	२०९	८३१५६३७८	६९३७९४	४९४१६७	०.८३
गण्डकी	१८०	४१४५८१३२	५९५०१९	५४०३८०	१.४४
लुम्बिनी	२१४	५७२०१४२४	७२६९०५	६३३२०६	१.२७
कर्णाली	१३७	३७१९८०७६	७७३५६२	७००८२३	२.०८
सुदूरपश्चिम	१५९	३९४९९१५५	६०४८८९	५५५९००	१.५३
जम्मा	**१२५७**	**३६०५९२०८७**	**५८५४२१३**	**४९०३३९८**	**१.६२**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.७७ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८३ प्रतिशत रहेको छ।

२७. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रु.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार रहेकोमा सम्परीक्षणबाट रु.१ अर्ब ८८ करोड ८३ लाख ९४ हजार फर्स्यौट तथा रु.६ करोड २७ लाख ६५ हजार थप भई रु.३२ अर्ब ३१ करोड २३ लाख २२ हजार बाँकी रहेको छ। यो वर्ष रु.५ अर्ब ८५ करोड ४२ लाख १३ हजार थप भई अद्यावधिक बेरुजु रु.३८ अर्ब १६ करोड ६५ लाख ३५ हजार कायम भएको छ। सो रकममा रु.१२ अर्ब **८४** करोड **१०** लाख २६ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	५४००५८३	३७३७९०	१७०६३	५०४३८५६	५८६६८३	५६३०५३९	३७७२७७२
मधेश	९२०३५५९	९६६५६	५०५	९१०७४०८	१८७३३६१	१०९८०७६९	३५२३६१०
बागमती	४८६८९६६	२८२२४८	१८२	४५८६९००	६९३७९४	५२८०६९४	१२०५६०६
गण्डकी	२९८५१०२	७७१०६४	२४८३८	२२३८८७६	५९५०१९	२८३३८९५	२३०१३३६
लुम्बिनी	४५७५१३७	१४७३३८	१७५९	४४२९५५८	७२६९०५	५१५६४६३	९८४४५१
कर्णाली	४१२०५८४	१७६४५८	१७९१९	३९६२०४५	७७३५६२	४७३५६०७	६९७६६६
सुदूरपश्चिम	२९८४०२०	४०८४०	४९९	२९४३६७९	६०४८८९	३५४८५६८	३५५५८५
जम्मा	**३४१३७९५१**	**१८८८३९४**	**६२७६५**	**३२३१२३२२**	**५८५४२१३**	**३८१६६५३५**	**१२८४१०२६**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण, कार्यसम्पादन अवस्था र बेरुजु स्थितिसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

खण्ड

५

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा उल्लिखित स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा उल्लिखित साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। स्थानीय तहले संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, निर्माणसम्बन्धी कार्य सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन गर्ने, फोहरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्नेलगायतका कार्यहरू गर्दै आएको छ।

संवैधानिक तथा कानुनी व्यवस्था

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएअनुसार स्थानीय तहको अधिकार क्षेत्रअन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, विपद् व्यवस्थापन, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक तथा अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालनलगायतका विषय रहेका छन्। स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये प्रदेशगत रूपमा कोशीमा १३७, मधेशमा १३६, बागमतीमा ११९, गण्डकीमा ८५, लुम्बिनीमा १०९, कर्णालीमा ७९ र सुदूरपश्चिममा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडासम्म रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। सीमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न विषयमा नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्थानीय तहले स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बन्धित बाँकी कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **आर्थिक कार्यप्रणाली** - राजस्व र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न कतिपय स्थानीय तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन बनाई कार्यान्वयन गरिरहेका छन्। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **प्रदेशसँगको अन्तरसम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहका कार्यान्वयनका विषयमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहेको छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरूसमेत सञ्चालन गरेको, कतिपय राजस्व बाँडफाँट सम्बन्धमा कानुनमा दोहोरोपना देखिएको लगायतका अवस्था रहेको छ। साझा अधिकार सूचीमा रहेका कार्यमा थप प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई कार्यान्वयन गर्नुपर्दछ।

वित्तीय विवरण

७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ७२१ स्थानीय तहको देहायअनुसारको कुल आय रु.६ खर्ब ३३ अर्ब ४० करोड १ लाखमध्ये रु.५ खर्ब ५९ अर्ब ६२ करोड ४१ लाख (८८.३५ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालुतर्फ रु.२ खर्ब ७० अर्ब ४ करोड ५८ लाख (४८.२५ प्रतिशत), पुँजीगततर्फ रु.१ खर्ब ४२ अर्ब ४९ करोड २६ लाख (२५.४६ प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब ४७ अर्ब ८ करोड ५७ लाख (२६.२८ प्रतिशत) खर्च भएको छ। लेखापरीक्षण भएका ७२१ स्थानीय तहको २०८१।८२ को आन्तरिक आय रु.३४ अर्ब ३० करोड ३२ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रु.८५ अर्ब ५६ करोड, गत वर्षको मौज्दात रु.७७ अर्ब ३८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रु.१ खर्ब ९७ अर्ब २५ करोड १० लाख प्राप्त भएको छ।

(रु. लाखमा)

क.सं.	प्रदेश	स्थानीय तह सङ्ख्या	आय							व्यय				मौज्दात बाँकी
			गतवर्षको जिम्मेवारी	सङ्घ अनुदान	प्रदेश अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय/ कोष समेत	जम्मा आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	कोशी	१२८	९२०३४	४७७९३०	४४९२९	१३६५१५	४११०६	२३८४२४	१०३०९३८	४५५४३५	२२९४२१	२५२४१३	९३७२६९	९३६६९
२	मधेश	११९	१०८६१०	४२३००५	२२५१४	१२०३३४	२३४६६	१९२३९२	८९०३२१	३४३७३३	१९८९६१	२५१८७८	७९४५७२	९५७४९
३	बागमती	११७	३२१३६२	५१००११	७७०२४	२२१४१३	१६८१९९	२४५३९५	१५४३४०४	५६६९३१	३८६९२६	२९१४५५	१२४५३१२	२९८०९२
४	गण्डकी	८५	६८२५४	३५५३१४	१८१४८	९३५८८	३५२७७	१३५३७२	७०५९५३	३२४७३७	१५७३३०	१५५२३७	६३७३०४	६८६४९
५	लुम्बिनी	१०७	९९११७	४८६७४९	२९३८९	१३१००५	४८३८२	२२३३५३	१०१७९९५	४४७६६९	२११९०२	२५६४५५	९१६०२६	१०१९६९
६	कर्णाली	७९	३७६००	२७६३०१	४३७०१	६४६४९	७८०४	९०५८५	५२०६४०	२६०८९९	११९०७३	१०७७८१	४८७७५३	३२८८७
७	सुदूरपश्चिम	८६	४६९०१	३०२४७५	३०२५१	८८०९६	१८७९८	१३८२२९	६२४७५०	३०१०५४	१२१३१३	१५५६३८	५७८००५	४६७४५
	जम्मा	७२१	७७३८७८	२८३१७८५	२६५९५६	८५५६००	३४३०३२	१२६३७५०	६३३४००१	२७००४५८	१४२४९२६	१४७०८५७	५५९६२४१	७३७७६०

८. **आन्तरिक लेखापरीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय-व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष २६८ ले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

९. **घटी जिम्मेवारी** - स्थानीय तहले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्टयाइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष ८३ स्थानीय तहले रु.८८ करोड १० लाख २९ हजार घटी जिम्मेवारी सारेकोमा सोको आधार तथा कारण खुलाएका छैनन्।

१०. **बैङ्क हिसाब मिलान** - स्थानीय तहले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ९० स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खातामा रु.५४ करोड ४९ लाख ३५ हजारले घटी मौज्दात रहेकोमा हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

११. **सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २२१ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रुपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

योजना तथा कार्यक्रम

१२. **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा अधिकांश स्थानीय तहले आवधिक योजना तयार गरेका छैनन्। आवधिक योजना तयार गर्ने स्थानीय तहहरूले पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। यो विषय गत वर्ष पनि औंल्याइएकोमा अपेक्षित सुधार भएको छैन।

१३. **वार्षिक योजना तथा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ। ऐनको दफा ६६ मा आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ। त्यसैगरी दफा ६७ मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्न, बजेट तथा कार्यक्रमको प्रस्ताव तयार गरी कार्यपालिकामा पेस गर्न, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने लगायतका कार्य गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था छ। उल्लिखित विधि र प्रक्रिया पूरा गरी असार १० गतेभित्र आगामी आर्थिक

वर्षको राजस्व र व्ययको अनुमान सभामा पेस गर्नपर्नेमा यो वर्ष ४३ स्थानीय तहले २०८१ आषाढ मसान्तसम्म पनि २०८१।८२ को बजेट पेस तथा पारित गरेको देखिएन।

१४. **बजेट अबण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २१९ स्थानीय तहले रु.७ अर्ब ५६ करोड ७४ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१५. **दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। यसवर्ष १६८ स्थानीय तहले गत वर्षमा स्वीकृत भई कार्यान्वयनको चरणमा रहेका आयोजनामा रु.३ अर्ब ७ करोड ७९ लाख ३८ हजार खर्च गरेका छन्। सालबसाली रूपमा गर्नुपर्ने स्वीकृत कार्यक्रम सोही वर्षभित्र सम्पन्न गर्नुपर्दछ। गत वर्ष ३६७ स्थानीय तहमा यस्तो अवस्था रहेको थियो।

१६. **दाखिला बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष १७७ स्थानीय तहले वित्तीय विवरणमा देखाएको कर कट्टी तथा अन्य दाखिला बाँकी रु.१३ करोड ३० लाख १० हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेका छैनन्।

आन्तरिक स्रोत

१७. **उठ्न बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापनसम्बन्धी व्यवस्था छ। यो वर्ष १०४ स्थानीय तहले व्यवस्थापन गरेका आय ठेक्काबाट सम्झौताअनुसार रु.४७ करोड १ लाख ७ हजार असुल गर्न बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१८. **राजस्व छुट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुट सम्बन्धमा प्रष्ट व्यवस्था नभएकोले प्रदेश कानुन अनुसार स्थानीय तहले राजस्व छुट दिन पाउने देखिँदैन। यो वर्ष ९ स्थानीय तहले आय ठेक्का सम्झौतामा पालिकाबाट निर्णय गरी रु.७७ लाख ६० हजार राजस्व छुट प्रदान गरेका छन्।

कर कट्टी तथा दाखिला

१९. **भुक्तानीमा करकट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १५६ स्थानीय तहले आयकर ऐनअनुसार विभिन्न भुक्तानीमा रु.३ करोड १३ लाख १२ हजार अग्रिम कर कट्टी गरेको देखिएन।

२०. **मूल्य अभिवृद्धि करकट्टी** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी रकम सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा यो वर्ष ६४ स्थानीय तहले ठेक्का वा करारको

भुक्तानीमा मूल्य अभिवृद्धि कर रु.१ करोड ७९ लाख १५ हजार कट्टी नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएका छन्।

२१. **कर दाखिला** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) बमोजिम स्थानीय तहहरूले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा १०३ स्थानीय तहले रु.६ करोड ८३ लाख ८१ हजार सङ्कलन गरी दाखिला गरेका छैनन्। उक्त कर रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्दछ।

अनुदान प्राप्ति तथा फिर्ता

२२. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको विगत ५ वर्षको स्थिति देहायअनुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
२०८१।८२	८०७४१३	१८१३९२७	५९९१०	४४८२६	२७२६०७६
प्रदेश सरकारबाट प्राप्त					
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	७९५०३	१५१९०	४६९२४	२१२०९७
२०८१।८२	७६०४४	१०८३१६	३४४४०	४५८७२	२६४६७२

उल्लिखित अनुदान सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२२.१. उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घीय सरकारको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढ्दै गएको देखिन्छ।

२२.२. सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शनबमोजिम स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुनेगरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

पदाधिकारी सुविधा

२३. **इन्धन र बैठक भत्ता** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष ४ स्थानीय तहले पदाधिकारीहरूलाई ऐनमा व्यवस्था नभएको इन्धनमा रु.१० लाख २१ हजार, १७ स्थानीय तहले ऐनमा तोकेभन्दा बढी हुने गरी बैठक भत्तामा रु.५५ लाख ३५ हजार गरी रु.६५ लाख ५६ हजार बढी भुक्तानी गरेको पाइयो। यस्ता खर्च कानुनबमोजिम मात्र गरिनुपर्दछ।

२४. **सल्लाहकार खर्च** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्रमा मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख भएतापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। यो वर्ष ९७ स्थानीय तहले सल्लाहकार नियुक्ति गरी रु.४ करोड ४५ लाख ६ हजार पारिश्रमिक भुक्तानी गरेको पाइयो।

२५. **विदेश भ्रमण** - स्थानीय तहका पदाधिकारीहरू विदेश भ्रमणमा जाँदा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। यो वर्ष १६ स्थानीय तहका पदाधिकारीले नेपाल सरकारको स्वीकृति बेगर डेनमार्क, दक्षिण कोरिया, थाइल्याण्ड लगायतका देशमा भ्रमण गरी रु.५० लाख ९४ हजार खर्च गरेको पाइयो।

कर्मचारी व्यवस्थापन र सुविधा

२६. **करार सेवा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचेलगायतका पदमा मात्र सेवा करारमा लिन सकिने व्यवस्था छ। यो वर्ष ४७९ स्थानीय तहले विभिन्न कर्मचारी करारमा राखी तलब भत्तामा रु.९ अर्ब ८० करोड ९ लाख १७ हजार खर्च लेखेका छन्। सोमध्ये यो वर्ष २९२ स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी ४ हजार ५४७ स्वास्थ्य, प्राविधिकलगायतका कर्मचारी करारमा नियुक्ति गरी रु.१ अर्ब ६४ करोड ४९ लाख ७६ हजार तलब भत्ता भुक्तानी गरेका छन्।

२७. **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ९३ स्थानीय तहले कर्मचारी कल्याण कोषमा रु.२९ करोड ७० लाख ४८ हजार ट्रान्सफर गरे तापनि कोष सञ्चालनसम्बन्धी कानुनको व्यवस्था भएको छैन।

२८. **कर्मचारी सञ्चय कोष** - निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा करारमा नियुक्त गरिएका कर्मचारीले कर्मचारी सञ्चय कोष थप पाउने व्यवस्था रहेको देखिँदैन। यो वर्ष १४ स्थानीय तहले करारमा नियुक्ति गरेका कर्मचारीको सञ्चय कोषबापत थप रु.१ करोड ७१ लाख ६१ हजार खर्च लेखेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२९. **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ। यो वर्ष २४६ स्थानीय तहले कर्मचारी प्रोत्साहन भत्तामा रु.९१ करोड १३ लाख ३० हजार खर्च गरेका छन्। मापदण्ड तयार गरी कार्यसम्पादनका आधारमा यस्तो भुक्तानी गर्नुपर्दछ।

खरिद व्यवस्थापन

३०. **अस्पताल सञ्चालन -** स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तरगत समावेश गरी अस्पताल निर्माण कार्य सुरु गरेको देखिन्छ। यो वर्ष २०८ स्थानीय तहबाट अस्पताल निर्माण कार्यमा रु.१४ अर्ब २० करोड १० लाख १० हजार खर्च भएको मध्ये निर्माण सम्पन्न भएका अस्पतालमा हालसम्म ८ स्थानीय तहले रु.८२ करोड ६४ लाख ९२ हजार खर्च गरेका छन्। सम्पन्न भएका उक्त अस्पतालमा जनशक्ति व्यवस्थापन तथा मेडिकल उपकरणको व्यवस्थापन नभएको कारण सञ्चालनमा आएको देखिएन।

३१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार रु.१० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र रु.२० लाख भन्दामाथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधी खरिद, परामर्श सेवा एवं वस्तु तथा अन्य सेवा सोझै खरिद गरी रु.४ अर्ब २१ करोड ६२ लाख ८० हजार खर्च लेखेका छन्।

३२. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ। यो वर्ष ३६५ स्थानीय तहले परामर्श सेवा खरिदमा रु.१ अर्ब ५ करोड २७ लाख ५२ हजार खर्च गरेका छन्। परामर्शदाताबाट प्राप्त आयोजनाको ड्रइङ डिजाइन, अध्ययन प्रतिवेदन, विस्तृत आयोजना प्रतिवेदनलगायतका प्रतिवेदनको जिन्सी दाखिला गरी अभिलेख नराखेको र यसरी तयार भएका मध्ये ६४ स्थानीय तहले रु.१७ करोड ५ लाख ५७ हजारका २२८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत गरेको देखिएन।

३३. **सफ्टवेयर खरिद तथा उपयोग -** नेपाल सरकारबाट जारी सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यो वर्ष १४८ स्थानीय तहले सफ्टवेयर खरिद, मर्मत तथा नवीकरणमा रु.११ करोड ५३ लाख ५६ हजार खर्च गरेकोमा १५ स्थानीय तहले रु.७७ लाख ९ हजारको सफ्टवेयर प्रयोग गरेको देखिएन।

३४. **सवारीसाधन खरिद तथा मर्मत -** यो वर्ष ५५ स्थानीय तहले रु.३३ करोड ८९ लाख ८३ हजारको चारपाङ्ग्रे सवारीसाधन र ८६ स्थानीय तहले रु.१२ करोड ९७ लाख ४० हजारको दुइपाङ्ग्रेसमेत रु.४६ करोड ८७ लाख २३ हजारको सवारीसाधन खरिद गरेका छन्। साथै ४८५ स्थानीय तहले सवारीसाधन मर्मतमा रु.१ अर्ब ५५ करोड १३ लाख ७२ हजार खर्च गरेका छन्।

उपभोक्ता समिति परिचालन

३५. **संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई हेभी-मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था

छ। यो वर्ष २६५ स्थानीय तहले जटिल प्राविधिक पक्ष समावेश भएको १ हजार ६३६ निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.२ अर्ब ६९ करोड ६ लाख १३ हजार खर्च लेखेका छन्। उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव नहुने, सुरु लगानीको लागि स्रोत साधनको न्यूनता हुने एवं भारी उपकरणको उपलब्धता नहुने अवस्थामा समेत जटिल संरचना निर्माणको कार्य गरेका छन्।

३६. **उपभोक्ताको योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्झौता अनुसारको जनसहभागिताको अंश कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। यो वर्ष ८५ स्थानीय तहले ६९० योजनामा सम्झौताबमोजिम रु.६ करोड ६ लाख ९२ हजार उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी गरेका छन्।

३७. **निर्माण व्यवसायीबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ। यो वर्ष १४३ स्थानीय तहले १ हजार १४ योजनाको निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने गरी लागत अनुमान स्वीकृत तथा सम्झौता गरेकोमा समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल बीजक पेस गरी रु.७१ करोड ८ लाख ९ हजार भुक्तानी गरेका छन्।

विद्यालय शिक्षा

३८. **विद्यालय पूर्वाधार** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ ले विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबार तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाइलगायतका कार्य गर्न विद्यालय छनोट गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। यो वर्ष ११५ स्थानीय तहले २२१ नमुना सामुदायिक विद्यालय समेतलाई पूर्वाधार विकासका लागि रु.१ अर्ब २९ करोड ९० लाख ९२ हजार निकासा गरेकोमा ४१ स्थानीय तहका ४७ विद्यालयमा दिएको निकासामध्येको रु.२९ करोड ४५ लाख ४९ हजारको निर्माण कार्य सम्पन्न भएको देखिएन।

३९. **विद्यालय प्रयोगशाला** - आईसीटी तथा कम्प्युटर प्रयोगशाला लगायतका पूर्वाधार स्थापनाको लागि १४४ स्थानीय तहले ३१० विद्यालयलाई रु.२० करोड ८३ लाख ३३ हजार निकासा दिएका छन्। स्थानीय तहहरूले त्यस्तो पूर्वाधार स्थापना स्थितिको अनुगमन गरेको देखिएन।

४०. **शिक्षक तलब -** विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुँदा नं. ४.१ मा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकको तलब भत्ता सशर्त अनुदानको रूपमा उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष १४० स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता बेहोरेका ४ हजार ८४९ शिक्षकको तलब भत्ताको लागि स्थानीय तहको आन्तरिक स्रोतबाट रु.१ अर्ब ६७ करोड ५४ लाख ३८ हजार निकासा गरेको छ। साथै स्थानीय तहले निजी स्रोतबाट राखेका १ हजार ६८० शिक्षकको तलब भत्तामा ५८ पालिकालाई रु.७१ करोड ८१ लाख ६० हजार अनुदान उपलब्ध गराएको देखिन्छ।

४१. **पाठ्यपुस्तक र छात्रवृत्ति बढी निकासा** - यो वर्ष १९६ स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएभन्दा निःशुल्क पाठ्यपुस्तकमा रु.४ करोड ७ लाख र १३३ स्थानीय तहले

छात्रवृत्तिमा रु.१ करोड ७८ लाख १७ हजारसमेत रु.५ करोड ८५ लाख १७ हजार बढी निकासा दिएका छन्।

सामाजिक सुरक्षा कार्यक्रम

४२. नेपाल सरकारले ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपाङ्ग, बालबालिका, लोपोन्मुख/आदिवासी, जनजाति समेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। यो वर्ष सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सबै स्थानीय तहलाई रु.१ खर्ब १४ अर्ब ४१ करोड २६ लाख ८ हजार निकासा गरेको छ। यस कार्यक्रमबाट लाभान्वित हुने लाभग्राहीहरूको संख्या ३८ लाख ६ हजार ६३४ रहेको छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

४२.१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सबै स्थानीय तहले लाभग्राहीको लगत अद्यावधिक गरी बैङ्कमार्फत भत्ता वितरण गर्ने, नियमित रूपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गर्ने लगायतका व्यवस्था छन्। स्थानीय तहहरूले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश गरी भत्ता वितरण गर्ने गरेकोमा यो वर्ष सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीमा अन्य कारण जनाई लाभग्राहीको लगत कट्टा गरेकोमा विगतमा ती लाभग्राहीलाई भुक्तानी भएको रकम यकिन गरी असुल गरेका छैनन्।

४२.२. यस वर्ष १७७ स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई दुई वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुनेगरी र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रु.२ करोड ६४ लाख ७५ हजार बढी सामाजिक सुरक्षा भत्ता निकासा गरेका छन्। त्यस्तो अभिलेख अद्यावधिक गरी सामाजिक सुरक्षा खर्चलाई यथार्थपरक बनाउनुपर्दछ।

४२.३. यो वर्ष १४ स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा तोकिएको सामाजिक सुरक्षा भत्ताको अतिरिक्त स्थानीय तहको स्रोतबाट थप गरी रु.२ करोड १२ लाख ७९ हजार भत्ता वितरण गरेका छन्।

सेवा प्रवाह

४३. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने कार्य स्थानीय तहमा आएको छ। तथापि स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइलगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको स्थिति छ। स्वीकृत योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, कानुनअनुसार खरिद प्रक्रिया अवलम्बन नहुने लगायतका अवस्था रहेका छन्। स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

पर्यावरण

४४. **वातावरणीय व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। वातावरणीय पक्षलाई ध्यान दिई वातावरण संरक्षण र जैविक विविधताका कार्यक्रम सञ्चालन गर्नुका साथै वातावरणीय प्रभाव मूल्याङ्कन गराई सोअनुसार प्राकृतिक स्रोतको उपयोग गर्नुपर्दछ।

४५. **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरूवात गर्न नसकेका कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्पादन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्टलगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।

अन्य

४६. **गैरसरकारी संस्थामार्फत कार्य -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। यो वर्ष खरिद कानुनबमोजिम प्रतिस्पर्धा बेगर पालिकाले खर्च बेहोरी कृषि तथा पशुसम्बन्धी कार्यक्रम साझेदार संस्थाबाट गराई ४६ स्थानीय तहले रु.४२ करोड ८८ हजार खर्च लेखेका छन्। साथै एकै प्रकृतिको कार्यको लागि दोहोरो अनुदान वितरण गर्न नपाइनेमा स्थानीय तहबाट सोही प्रकृतिको कार्यमा वितरण गरिएको अनुदान र गैरसरकारी संस्थामार्फत पालिकाले सञ्चालन गरेको कार्यमा दोहोरोपना सम्बन्धमा यकिनसमेत गरेको देखिएन।

४७. **कृषि तथा पशु अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कृषि तथा पशुसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा सोको अनुगमन गर्ने व्यवस्था छ। यो वर्ष ४५२ स्थानीय तहले कृषि तथा पशु विकास कार्यक्रमअन्तर्गत कृषकहरूलाई रु.२ अर्ब ३३ करोड ६९ लाख ९० हजार अनुदान वितरण गरेकोमा सोको व्यवस्थित अभिलेख राखी अनुदान रकमको उपयोग स्थिति सम्बन्धमा अनुगमन गरेको देखिएन।

४८. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा मितव्ययी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६२९ स्थानीय तहले विविध (खाना, खाजा, अतिथि सत्कारलगायत) मा रु.३ अर्ब ३३ करोड ३८ लाख ४८ हजार खर्च गरेका छन्। यस्तो खर्चमा नियन्त्रण गरी चालु खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४९. **आर्थिक सहायता** - यो वर्ष ५४६ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थालाई औषधोपचार, राहत, छात्रवृत्ति, पुरस्कार लगायतमा रु.१ अर्ब ६ करोड ४५ लाख ८६ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये ११७ स्थानीय तहले रु.१६ करोड २६ लाख २७ हजार आर्थिक सहायता

वितरण गर्दा सहायता वितरणसम्बन्धी कार्यविधि तयार गरेका छैनन्। आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ।

लेखापरीक्षण, बेरुजु फस्यौंट तथा सम्परीक्षण

५०. **लेखापरीक्षण रकम र बेरूजु -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७२१ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरूजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	बेरूजु (म्याद नाघेको पेस्कीसमेत)	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
१	कोशी	१२८	१८७६१७३	२७८८५	१५९३	१.४९	१.४०
२	मधेश	११९	१५७६२८२	५५४२६	८३२५	३.५२	२.९९
३	बागमती	११७	२४५३२९७	३१८५८	३१९०	१.३०	१.१७
४	गण्डकी	८५	१२७५००२	१३४९९	५८६	१.०६	१.०१
५	लुम्बिनी	१०७	१७८७८३८	१९७९४	१३२०	१.११	१.०३
६	कर्णाली	७९	९७०७९४	२२३४७	१०५७	२.३०	२.१९
७	सुदूरपश्चिम	८६	११५५८५२	१९६६८	२३७९	१.७०	१.५०
	जम्मा	**७२१**	**११०९५२३८**	**१९०४७७**	**१८४५०**	**१.७२**	**१.५५**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशमा ३.५२ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा १.०६ प्रतिशत बेरूजु देखिएको छ।

५१. **पालिकागत बेरुजु -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७२१ स्थानीय तहको पालिकागत लेखापरीक्षण रकम तथा बेरूजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
महानगरपालिका	४	५८८१११	९५७८	७२५	१.६३	१.५०
उपमहानगरपालिका	१०	४०५०३२	८२४७	७६५	२.०३	१.८५
नगरपालिका	२६१	५१२१२१८	९०८६०	११०५२	१.७७	१.५६
गाउँपालिका	४४६	४९८०८७७	८१७९२	५९०८	१.६४	१.५२
जम्मा	**७२१**	**११०९५२३८**	**१९०४७७**	**१८४५०**	**१.७२**	**१.५५**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी उपमहानगरपालिकाहरूमा २.०३ प्रतिशत र सबैभन्दा कम महानगरपालिकाहरूमा १.६३ प्रतिशत बेरूजु देखिएको छ।

५२. **लेखापरीक्षण अङ्क** - यो वर्ष ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेशगत स्थानीय तहको लेखापरीक्षणसम्बन्धी विस्तृत विवरण अनुसूची-२१ मा छ।

५३. **बेरुजु रकम -** आर्थिक वर्ष २०८१।८२ को ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षणबाट रु.१९ अर्ब ४ करोड ७४ लाख बेरूजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ अर्ब १ करोड ३३ लाख (१०.५७ प्रतितशत), नियमित गर्नुपर्ने रु.१५ अर्ब १८ करोड ९४ लाख (७९.७४ प्रतिशत) र म्याद नाघेको पेस्की रु.१ अर्ब ८४ करोड ५० लाख (९.६९ प्रतिशत) रहेको छ।

५४. **बेरूजु असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरूजु फस्यौंट गर्ने, गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणबाट औंल्याइएपछि ४९१ स्थानीय तहले रु.३२ करोड १९ लाख र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले रु.४७ करोड ९६ लाखसमेत रु.८० करोड १४ लाख असुली गरेका छन्। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ४८२ स्थानीय तहबाट रु.१ अर्ब १ करोड ८७ लाख असुल भई यो वर्ष कुल रु.१ अर्ब ८२ करोड १ लाख असुल भएको छ।

५५. **बेरूजु फस्यौंट तथा अनुगमन -** गत वर्षसम्मको कुल बेरूजु रु.२ खर्ब ९ अर्ब २८ करोड ९१ लाख रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.८ अर्ब १४ करोड ६४ लाख फस्यौंट, समायोजन तथा सम्परीक्षणबाट रु.२८ करोड २२ लाख थप र यस वर्षको बेरुजु रु.१९ अर्ब ४ करोड ७७ लाखसमेत बाँकी रु.२ खर्ब २० अर्ब ४७ करोड २६ लाख अद्यावधिक बेरूजु रहेको छ। यससम्बन्धी थप बेहोरा निम्नानुसार छन्ः

५५.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरिसकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरूजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधि सम्बन्धमा अस्पष्टता रहेको छ।

५५.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणाली व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। समितिको कार्यक्षेत्र र जिम्मेवारी सम्बन्धमा स्पष्टता नभएकोले लेखा समिति गठन भई बेरूजु फस्यौंट र कार्यपालिकालाई निर्देशन दिने कार्य गरी आर्थिक अनुशासन पालनामा प्रभावकारिता आउन सकेको छैन।

५५.३. लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजु फस्यौंटको सम्बन्धमा उल्लेख भए तापनि स्थानीय तहहरूले यस सम्बन्धी कानुन तथा कार्यविधि नबनाएको अवस्थाले अनियमित बेरूजु फस्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ। कतिपय स्थानीय तहले लेखा समितिमा छलफल गराई सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराई सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरूजु फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरूजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

५६. लेखापरीक्षण बक्यौता

५६.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिका, पर्सा, भरतपुर महानगरपालिका, चितवन, इटहरी उपमहानगरपालिका, सुनसरी, कैलारी गाउँपालिका, कैलालीसहित ३१ स्थानीय तहको

२०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागाजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले लेखापरीक्षण गरिएको छैन।

५६.२. लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। विगत वर्षमा लेखापरीक्षण नगराएका निम्नानुसार २० र यसवर्ष १ समेत २२ स्थानीय तहले २४ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्:

क्र.सं.	प्रदेश	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण बक्यौता आर्थिक वर्ष
१	कर्णाली	हुम्ला	चंखेली गाउँपालिका	२०७९।८०
२	बागमती	रामेछाप	लिखु तामाकोशी गाउँपालिका	२०७५।७६
३	मधेश	सप्तरी	छिन्नमस्ता गाउँपालिका	२०७८।७९
४	मधेश	धनुषा	कमला नगरपालिका	२०७८।७९
५	मधेश	धनुषा	धनौजी गाउँपालिका	२०७८।७९
६	मधेश	धनुषा	औरही गाउँपालिका	२०७७।७८
७	मधेश	धनुषा	जनकपुरधाम उप-महानगरपालिका	२०७५।७६
८	मधेश	सर्लाही	ब्रम्हपुरी गाउँपालिका	२०७७।७८
९	मधेश	सर्लाही	बलरा नगरपालिका	२०७७।७८ र २०७४।७५
१०	मधेश	सर्लाही	कविलासी नगरपालिका	२०७५।७६
११	मधेश	सर्लाही	बसबरिया गाउँपालिका	२०७५।७६
१२	मधेश	महोत्तरी	सम्सी गाउँपालिका	२०७७।७८, २०७४।७५ र २०७३।७४
१३	मधेश	महोत्तरी	रामगोपलपुर गाउँपालिका	२०७७।७८
१४	मधेश	महोत्तरी	गौशाला नगरपालिका	२०७३।७४
१५	मधेश	महोत्तरी	लोहरपट्टी नगरपालिका	२०७३।७४
१६	मधेश	महोत्तरी	पिपरा गाउँपालिका	२०७३।७४
१७	मधेश	रौतहट	कटहरिया नगरपालिका	२०७६।७७
१८	मधेश	रौतहट	गढीमाई नगरपालिका	२०७६।७७
१९	मधेश	पर्सा	धोबिनी गाउँपालिका	२०७७।७८
२०	मधेश	पर्सा	पकहा मैनपुर गाउँपालिका	२०७६।७७
२१	मधेश	पर्सा	पोखरिया नगरपालिका	२०८१।८२

परिच्छेद

४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ मा सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सोबमोजिम यो वर्ष ५ हजार ५२६ कार्यालयको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट रू.९५ अर्ब २७ करोड ८ लाख बेरुजु औँल्याइएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् सम्बन्धित निकायहरूले पेस गरेको प्रमाण तथा प्रतिक्रियाबाट रू.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण भई देहायबमोजिम रू.८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छः

(रू. लाखमा)

विवरण	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट सम्परीक्षण		बाँकी बेरुजु	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०११३	५६५९९४	१५५५	३१११७	३८५५८	५३४८७७
प्रदेश सरकारी कार्यालयहरू	२०३९५	५६८२४	८९२	४५३७	१९५०३	५२२८७
स्थानीय तह	१२०४१८	२१४७५०	१४७५२	२४२७३	१०५६६६	१९०४७७
समिति र अन्य संस्था (प्रदेश समेत)	२५०४७	११५१४०	८६०	११८७०	२४१८७	१०३२७०
जम्मा	२०५९७३	९५२७०८	१८०५९	७१७९७	१८७९१४	८८०९११

यसै गरी यो वर्ष १५ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। समिति र अन्य संस्थातर्फ २५६ संस्थाको बक्यौतासमेत २५८ आर्थिक वर्षको लेखापरीक्षण गरिएको छ। यस वर्ष सङ्घीयतर्फ २ कार्यालय, प्रदेशतर्फ ३ र स्थानीय तहतर्फ १ समेत ६ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीयतर्फ २ र प्रदेश तर्फ २ समेत ४ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा तथा दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने र दफा ३८(४) मा फस्यौंट तथा फरफारख भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा बेरुजुको लगत राखी सोही प्रणालीबाट सोको सम्परीक्षण तथा लगत कट्टा गर्दै आएको छ । कार्यालयस्तर र केन्द्रीयस्तरमासमेत बेरुजु लगत राखी अद्यावधिक गर्नुपर्दछ।

३. **बेरुजु फस्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फस्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार सम्परीक्षण भएको बेरुजु र अद्यावधिक बेरुजुको स्थिति देहायबमोजिम छः

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३७५४७२५	(२९८०३)	४७४४३५	३२५०४८७	५३४८७७	३७८५३६४
प्रदेश सरकारी कार्यालयहरू	३०४८१९	०	१७४१६	२८७४०३	५२२८७	३३९६९०
स्थानीय तह	२०९२८९१	०	७८६४२	२०१४२४९	१९०४७७	२२०४७२६
समिति र अन्य संस्था (प्रदेश समेत)	११७९४७४	०	६०८०२	१११८६७२	१०३२७०	१२२१९४२
जम्मा	७३३१९०९	(२९८०३)	६३१२९५	६६७०८११	८८०९११	७५५१७२२

महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनसम्म बाँकी रहेको कुल बेरुजु रू.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाखमध्ये यो वर्ष समायोजन रू.२ अर्ब ९८ करोड ३ लाख, फर्स्यौट तथा सम्परीक्षण रू.६३ अर्ब १२ करोड ९५ लाख भएकोमा यो वर्ष रू.८८ अर्ब ९ करोड ११ लाख थप भई अद्यावधिक बेरुजु रू.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ।

४. **स्थानीय तहको बेरुजु फर्स्यौट** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। उक्त छलफल प्रयोजनका लागि कतिपय स्थानीय तहले गठन गरेको लेखा समितिमा कार्यपालिका सदस्यसमेत रहेकोले लेखा समितिले गर्ने निर्णयहरूमा कार्यकारीको प्रभाव देखिने अवस्था छ। लेखा समितिका सदस्यहरु कार्यकारीको प्रभावमा नहुने गरी उक्त समिति स्वतन्त्र हुने व्यवस्था गर्नुपर्दछ।

५. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकताअनुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकबाट जिम्मेवार पदाधिकारी तथा लेखा उत्तरदायी अधिकृतलाई प्रतिवेदनका सुझाव कार्यान्वयन सम्बन्धमा समय-समयमा निर्देशन दिए तापनि सोको पालना नगर्दा सोही प्रकृतिका बेहोरा दोहोरिने गरेका छन्।

सङ्गठित संस्थाको वित्तीय जवाफदेहिता अभिवृद्धि गर्ने जिम्मेवारी सञ्चालक समिति तथा पदाधिकारीहरूमा निहित रहे तापनि प्रतिवेदनमा दिइएका सुझावको व्यवस्थित अभिलेख राखी कार्यान्वयन गर्ने कार्य प्रभावकारी नहुनुका साथै विगतका बेरुजु फर्स्यौट तथा लगत अद्यावधिक गरेका छैनन्।

निकाय, कार्यालय, संस्था र समितिहरूले लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन कार्ययोजना तयार गरी सोअनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

६. **बेरुजु फर्स्यौटमा भएको प्रयास** - यो वर्ष लेखापरीक्षण तथा बेरुजु फर्स्यौटलगायतका विषयमा लेखा उत्तरदायी अधिकृत, सार्वजनिक लेखा समिति, सङ्गठित संस्थाका पदाधिकारी, उपत्यकाभित्रका महानगरपालिका तथा नगरपालिका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत, उद्योगी तथा व्यवसायी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीलगायतसँग छलफल गरिएको छ। विभिन्न नगरसभा तथा

गाउँसभा सदस्यलाई अभिमुखीकरण तथा नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले आयोजना गरेका विभिन्न अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षक तथा कर्मचारीको सहभागिता रहँदै आएको छ।

७. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार असुल भएको छः

(रू. हजारमा)

क्र.सं	विवरण	लेखापरीक्षणको क्रममा असुली	प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली	सम्परीक्षणको क्रममा असुली	जम्मा असुली
१	सङ्घीय कार्यालयहरू	१९०१३१	१७६४७७	११६५९५९५	१२०२६२०३
२	प्रदेश कार्यालयहरू	३७३५८	४५६४२	१५१८८०	२३४८८०
३	स्थानीय तह	३२१८०१	४७९६३७	१०१८७४५	१८२०१८३
४	समिति र अन्य संस्था	२७५९८	२०३०२५	३२०८१०	५५१४३३
	कुल जम्मा	**५७६८८८**	**९०४७८१**	**१३१५१०३०**	**१४६३२६९९**

यो वर्ष लेखापरीक्षणको क्रममा रू.५७ करोड ६८ लाख ८८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.९० करोड ४७ लाख ८१ हजार तथा विगतको बेरुजु सम्परीक्षणबाट रू.१३ अर्ब १५ करोड १० लाख ३० हजारसमेत रू.१४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ।

८. **वार्षिक प्रतिवेदन र छलफल -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग-अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ। यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ।

८.१. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए/नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२।१।३१ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेकोमा उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद सचिवालयमा २०८२।२।१९ मा दर्ता भई २०८२।३।२३ मा प्रतिनिधि सभामा पेस भएको छ। यस वर्ष उनन्साठिऔं र साठिऔं वार्षिक प्रतिवेदनका अधिकांश बेहोरा छलफल भई सार्वजनिक लेखा समितिको २३ औं वार्षिक प्रतिवेदन २०८२।३।३१ मा प्रतिनिधि सभामा पेश भई प्रतिनिधि सभाबाट स्वीकृत भएको छ। गत विगत वर्षका केही प्रतिवेदन समितिमा छलफल हुन बाँकी रहेका छन्। छलफल भएका प्रतिवेदन सम्बन्धमा समितिबाट प्राप्त निर्णय तथा निर्देशनको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले समितिको निर्णय तथा निर्देशन कार्यान्वयन स्थितिको अभिलेख राख्ने र स्वचालित निगरानी प्रणाली विकास गरी प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ।

८.२. महालेखापरीक्षकको प्रदेशगत सातौं वार्षिक प्रतिवेदनहरू २०८२।२।२ सम्म सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएकोमा उक्त प्रतिवेदन सम्बन्धित मुख्यमन्त्रीबाट कोशी प्रदेश सभामा २०८२।३।२३।, बागमती

प्रदेश सभामा २०८२।४।२८, गण्डकी प्रदेश सभामा २०८२।२।२३, लुम्बिनी प्रदेश सभामा २०८२।१०।१४, कर्णाली प्रदेश सभामा २०८२।२।१९ र सुदूरपश्चिम प्रदेश सभामा २०८२।९।१६ मा पेस भएका छन्। पेस भएका वार्षिक प्रतिवेदनमध्ये मधेश प्रदेश सभामा ५ वटा प्रतिवेदन उपर छलफल सम्पन्न भई छैटौं र सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको, बागमती, गण्डकी र लुम्बिनी प्रदेश सभामा छैटौं प्रतिवेदनसम्म छलफल सम्पन्न भई सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको, कोशी प्रदेश सभामा पहिलो देखि चौथो प्रतिवेदन उपर आंशिक छलफल, पाँचौ र छैटौं छलफल सम्पन्न भएको र सातौं प्रतिवेदनको छलफल हुन बाँकी रहेको, कर्णाली प्रदेश सभामा छैटौं प्रतिवेदनसम्म छलफल सम्पन्न भई सातौं प्रतिवेदन छलफलको क्रममा रहेको र सुदूरपश्चिम प्रदेश सभामा पहिलो, चौथो, छैटौं र सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको देखिन्छ।

परिच्छेद

५

भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकायहरूको जवाफदेहिता, पारदर्शिता, निष्ठा प्रवर्धन गर्दै सार्वजनिक स्रोत-साधनको प्रभावकारी, मितव्ययी तथा दिगो उपयोग सुनिश्चित गर्नका लागि लेखापरीक्षणबाट देखिएका बेहोराका आधारमा कानुनी, नीतिगत, संरचनात्मक र कार्यप्रणालीमा रहेका कमजोरी, अस्पष्टता तथा कार्यान्वयनका चुनौतीहरूलाई सम्बोधन गर्न सुधारका विषयहरूबारे सुझाव प्रदान गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ। यस्ता सुधारका क्षेत्र एवं सोसम्बन्धी सुझाउलाई देहायअनुसार ८ क्षेत्रमा प्रस्तुत गरिएको छ।

शासकीय प्रबन्ध

१. **कानुन तर्जुमा तथा कार्यान्वयन**

१.१. सङ्घीयता कार्यान्वयन गर्ने विषयसँग प्रत्यक्षरूपमा सम्बन्धित सङ्घीय निजामती सेवा, शिक्षा सेवालगायतका सेवा प्रवाहलाई प्रभावकारी बनाउन सो सम्बन्धी आधारभूत कानुनहरू तर्जुमा एवं समयसापेक्ष परिमार्जन गर्नुपर्दछ।

१.२. विद्यमान कानुनहरूमा बाझिएका तथा अस्पष्ट प्रावधानहरूको संशोधन गरी कानुनी स्पष्टता कायम गर्नुपर्दछ।

१.३. सूचना प्रविधि, औषधी तथा औषधीजन्य सामग्री, जग्गा प्राप्ति र अधिग्रहण, कृषिजन्य सामाग्री तथा मल आपूर्ति, पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धारलगायतका वस्तु वा सेवा खरिदका विषयको स्पष्टता एवं सहजताका लागि खरिद कानुनमा समयानुकूल सुधार गर्नुपर्दछ।

१.४. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोको क्षेत्राधिकार स्पष्ट गरी कानुनको स्रोत र सीमालाई निर्दिष्ट गर्ने व्यवस्था गर्नुपर्दछ।

१.५. विभिन्न ऐन तथा गठन आदेशमार्फत स्थापना गरिएका सरकारी कोषहरू संविधानले निर्दिष्ट गरेको सञ्चित कोषको दायराभित्र पर्ने वा नपर्ने विषयमा स्पष्टता ल्याई त्यस्ता कोषबाट हुने खर्चलाई संविधानको धारा ११७ र २०५ अनुरूप सञ्चालन हुने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

२. **सङ्घीयता कार्यान्वयन तथा समन्वय**

२.१. संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिचको अधिकार बाँडफाँटबमोजिम कार्यान्वयन सहायताका लागि कार्यविभाजन, समन्वय र अन्तरसम्बन्धलाई संस्थागत रूपमा सुदृढ गर्नुपर्दछ।

२.२. अन्तरसरकारी दोहोरो कराधार र कर विवाद न्यूनीकरण गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच कर अधिकार र कार्यान्वयनमा स्पष्टता ल्याउनु पर्दछ।

२.३. सङ्घीय एकाइबिच उत्पन्न हुने राजनीतिक तथा अन्य विवाद समाधान गर्न तथा समन्वय र अन्तरसम्बन्ध व्यवस्थित गर्न गठित परिषद्हरूको भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ।

२.४. अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीलाई पूर्वानुमानयोग्य, पारदर्शी र परिणाममुखी बनाउँदै स्रोत वितरणमा स्थायित्व सुनिश्चित गर्न आवश्यक सुधारका उपायहरू अवलम्बन गर्नुपर्दछ।

२.५. एउटै आयोजनामा बहु-तहको लगानी हुने अवस्थामा स्पष्ट साझेदारी मोडेल विकास गरी तहगत स्रोत परिचालनलाई व्यवस्थित गर्नुपर्दछ।

२.६. स्थानीय तहले आफ्नो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृति पश्चात् पद दर्ताका लागि प्रदेश सरकारमा पेस गरेकोमा प्रदेश सरकारले पद दर्ता नगरेका कारण स्थानीय तहको कर्मचारी व्यवस्थापनमा समस्या देखिएकोले सोको समाधान गर्नुपर्दछ।

३. नियमन तथा संस्थागत क्षमता

३.१. सेवाको गुणस्तर, मूल्य नियन्त्रण र उपभोक्ता हित संरक्षण सुनिश्चित गर्न नियमनकारी निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्दछ।

३.२. वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, मूल्य स्थिरता तथा गुणस्तर नियन्त्रणका लागि सम्बन्धित निकायबिच समन्वय तथा अनुगमन प्रणाली सुदृढ गर्नुपर्दछ।

३.३. कार्यान्वयन स्तरमा देखिएका समस्याहरूको कानुनी तथा अन्य जटिलताबारे रायका लागि लेखी पठाउन सक्ने र सोको सम्बोधन गरी सम्बन्धित तालुक वा नियमनकारी निकायले कार्यान्वयनयोग्य राय समयमै उपलब्ध गराउनुपर्ने प्रबन्ध गर्नुपर्दछ।

३.४. निकायले आफ्नो पदाधिकारी वा कर्मचारीको सेवा सुविधा निर्धारण वा वृद्धि गर्दा जननिर्वाचित प्रतिनिधि संस्थाको निर्णय वा कानुनी आधार लिनुपर्दछ।

अर्थतन्त्र

४. दिगो तथा आत्मनिर्भर अर्थतन्त्र

४.१. आन्तरिक उत्पादन, रोजगारी सिर्जना र सिपयुक्त जनशक्ति विकासमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधारहरू अवलम्बन गर्नुपर्दछ।

४.२. वैश्विक आर्थिक अस्थिरता, प्राकृतिक विपद् तथा बाह्य जोखिमका सम्भावित प्रभावलाई ध्यानमा राखी आर्थिक तथा वित्तीय क्षेत्रमा पर्न सक्ने दबाब न्यूनीकरण गर्न पूर्वतयारी र जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्दछ।

४.३. नगदमा आधारित आर्थिक गतिविधिलाई क्रमशः न्यून गर्दै डिजिटल भुक्तानी प्रणाली विस्तार गरी औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाउनुपर्दछ। यसका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण तथा विकासमा जोड दिँदै सबै प्रकारका कारोबारमा बिल, बीजक लिने दिने व्यवस्था लागु गर्नुपर्दछ।

४.४. पर्यटन क्षेत्रबाट वैदेशिक मुद्रा आर्जनमा वृद्धि गर्न पूर्वाधार विकास, सेवाको गुणस्तर सुधार, गन्तव्य पहिचान एवं विविधीकरण र निजी लगानी प्रोत्साहन गर्नुपर्दछ।

५. कर्जा, लगानी तथा पुँजी निर्माण

५.१. आर्थिक वृद्धिका लागि बैङ्क तथा वित्तीय संस्थामार्फत कर्जा प्रवाह विस्तार गरी उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नुपर्दछ।

५.२. उत्पादनशील क्षेत्रमा प्रवाह हुने कर्जालाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय संस्थामार्फत उक्त क्षेत्रमा प्रवाह हुने कर्जा र उपभोगका लागि प्रवाह हुने कर्जाको ब्याज दर निर्धारणको स्पष्ट आधारसहितको नीतिगत व्यवस्था गर्नुपर्दछ।

५.३. निजी तथा वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थिरता, पूर्वानुमानयोग्य तथा लगानीमैत्री वातावरण सुनिश्चित गर्नुपर्दछ।

५.४. पुँजी निर्माणलाई प्रोत्साहन गर्न सार्वजनिक तथा निजी उपभोग र बचतबिच सन्तुलन हुने गरी नीतिगत व्यवस्था गर्नुपर्दछ।

६. उद्योग, व्यापार तथा लगानी वातावरण

६.१. उद्योग, व्यापार, कर तथा वित्तीय नीतिबिच तादात्म्यता कायम गरी समग्र लगानी वातावरणलाई सरल, पारदर्शी र पूर्वानुमानयोग्य बनाउनुपर्दछ।

६.२. निर्यात प्रवर्धन, विशेष आर्थिक क्षेत्र विकास, नवप्रवर्तन तथा प्रविधिमैत्री उद्यमशीलता प्रोत्साहनमार्फत उत्पादन र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्दछ।

६.३. प्रशासनिक प्रक्रियालाई सरलीकरण गर्दै समयबद्ध सेवा प्रवाह सुनिश्चित गरी लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नुपर्दछ।

७. कर तथा राजस्व प्रणाली

७.१. कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुका साथै नीतिगत स्थायित्व कायम गर्न दीर्घकालीन वा मध्यमकालीन कर नीति संरचना विकास गरी आर्थिक ऐनमार्फत करका दरमा बारम्बार हुने परिवर्तनलाई न्यूनीकरण गर्नुपर्दछ।

७.२. कर प्रणालीलाई लगानीमैत्री बनाउँदै उद्यमशीलता र उत्पादन वृद्धि प्रोत्साहन गर्न तथा अनुसन्धान तथा विकास र प्रविधिमा लगानी प्रोत्साहन गर्न करको नीतिगत संरचना विकास गर्नुपर्दछ।

७.३. बहुदर तथा जटिल छुटयुक्त कर संरचनाको पुनरावलोकन गरी सरल, फराकिलो र अनुपालनमैत्री कर प्रणाली विकास गर्नुपर्दछ।

७.४. मूल्य अभिवृद्धि कर प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय बिलिङ प्रवर्धन गर्नका साथै कर फिर्ता प्रणालीलाई स्वचालित र पारदर्शी बनाउनुपर्दछ।

७.५. कर प्रशासनलाई पूर्ण रूपमा डिजिटल तथा तथ्याङ्कमा आधारित प्रणालीमा रूपान्तरण गर्दै जोखिममा आधारित कर परीक्षण प्रणालीलाई सुदृढ गर्नुपर्दछ।

७.६. आयातित मालवस्तु तथा सेवाको मूल्याङ्कन विधिलाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप कारोबार मूल्यमा गर्ने गरी प्रणालीगत सुधार गर्नुपर्दछ। विद्युतीय सवारीको पैठारी भन्सार महसुल निर्धारण गर्न त्यस्ता सवारीको मोटर क्षमता यकिन गर्ने आधार तय गर्नुपर्दछ।

७.७. वैदेशिक स्रोतमा सञ्चालित आयोजनाहरूलाई कर छुट दिँदा त्यस्ता आयोजनाको लागत यथार्थ नहुने र दुरूपयोगसमेत हुन सक्ने भएकोले त्यसरी दिइने छुटको प्रक्रिया र निणर्य पारदर्शी बनाई सबै प्रकारका कर छुट र सो छुटबाट परेको प्रभावसमेतको समग्र प्रतिवेदन संसदसमक्ष पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

७.८. कर प्रशासनको निर्णय प्रक्रियामा पारदर्शिता, कर्मचारीको न्यूनतम कार्यकालको सुनिश्चितता तथा पेसागत क्षमता अभिवृद्धिमार्फत सुशासन सुदृढ गर्नपर्दछ।

७.९. करसम्बन्धी विवाद समाधान प्रक्रियालाई छिटो, सरल र निष्पक्ष बनाउनुपर्दछ। पुनरावलोकन गर्ने निकायहरूलाई सुदृढ र स्वतन्त्र बनाउनुका साथै कर विवाद व्यवस्थापनको समयसीमा निर्धारण गर्नुपर्दछ।

८. सार्वजनिक संस्थान व्यवस्थापन

८.१. सार्वजनिक संस्थानहरूको आवश्यकता, प्रकृति र कार्यसम्पादनका आधारमा वर्गीकरण गरी सञ्चालन, सुधार वा पुनर्संरचना गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

८.२. सार्वजनिक संस्थानमा नियुक्त हुने प्रशासकीय प्रमुख र सञ्चालकको नियुक्तिलाई विषय विज्ञतामा आधारित र प्रतिस्पर्धात्मक बनाउँदै निजहरूको सेवा सुविधालाई कार्यसम्पादनसँग आबद्ध गर्नुपर्दछ।

८.३. सरकारी स्वामित्वका सार्वजनिक संस्थाहरूमा कार्यरत जनशक्तिको सेवा, सुविधा तथा पारिश्रमिकको पुनरावलोकन गरी वस्तुनिष्ठ आधारमा निर्धारण गर्नुपर्दछ।

८.४. सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वमा असर पार्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८.५. सार्वजनिक संस्थानहरूको लेखापरीक्षण नियमित रूपमा हुने व्यवस्था गर्नुपर्दछ। नियमित रूपमा लेखापरीक्षण नगराउने सार्वजनिक संस्थानलाई राज्यले उपलब्ध गराउने अनुदान तथा अन्य सुविधा रोक्का गर्नुपर्दछ।

८.६. नेपाल सरकारबाट नियुक्त हुने सार्वजनिक संस्थाका प्रमुखहरूको पारिश्रमिक, सेवा, सुविधा कानुनद्वारा निर्धारित हुनु पर्ने वा नियुक्ति गर्दाका बखत नियुक्तिकर्ताले नै तोक्ने व्यवस्था गर्नुपर्दछ।

८.७. सार्वजनिक संस्थानमा स्वतन्त्र सञ्चालक नियुक्ति गर्दा विज्ञ सदस्यलाई नियुक्ति गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ।

८.८. सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सङ्गठित संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८.९. सरकारको पूर्ण तथा अधिकांस स्वामित्व भएका सङ्गठित संस्थाहरूको वित्तीय विवरण प्रमुख कार्यकारी लगायतका सञ्चालन समितिले प्रमाणित गरेर लेखापरीणको लागि पेस गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. बजेट विनियोजन

९.१. पूर्वतयारी सम्पन्न भएका तथा आर्थिक प्रतिफल दिने वा राज्यको अनिवार्य दायित्वको रूपमा गर्नुपर्ने कार्यसँग सम्बन्धित आयोजनामा मात्र बजेट विनियोजन गर्ने नीतिगत व्यवस्था गरी कडाइका साथ लागु गर्नुपर्दछ।

९.२. बहुवर्षीय आयोजनामा वित्तीय सहमति दिने व्यवस्थालाई तथ्यपरक बनाउँदै सबै प्रकारका दायित्वहरूको यथार्थ अभिलेख राखी बजेट प्रणालीलाई पारदर्शी र दिगो बनाउन आवश्यक सुधार गर्नुपर्दछ।

९.३. सामाजिक सुरक्षा तथा स्वास्थ्य बिमा जस्ता दीर्घकालीन दायित्वयुक्त कार्यक्रमहरूको वित्तीय दिगोपन सुनिश्चित गर्न स्पष्ट नीतिगत, संरचनागत तथा वित्तीय व्यवस्थापन ढाँचा विकास गर्नुपर्दछ।

१०. सार्वजनिक खर्च तथा अनुशासन

१०.१. अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक निकायले खर्च गर्दा स्वीकृत भएका आधार, मापदण्ड, कार्यविधि, निर्देशिका एवं ऐन कानुनको पालना गर्नुपर्दछ।

१०.२. सङ्गठन संरचना एवं कार्यक्षेत्रमा दोहोरोपना भएका तथा प्रभावकारी नदेखिएका निकायहरूको पुनर्संरचना गरी स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्दछ।

१०.३. सामाजिक सुरक्षा कार्यक्रमहरूको बढ्दो वित्तीय दायित्वलाई मध्यनजर गर्दै प्राथमिकता निर्धारण, लक्षित समूहको पुनः पहिचान तथा आवश्यकतामा आधारित वितरण प्रणाली सुदृढ गरी स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्दछ।

१०.४. रकमान्तर तथा स्रोतान्तरको कार्यान्वयनयोग्य र व्यावहारिक विधि र पद्धति तयार गरी सीमा निर्धारण एवं सोको कडाइका साथ पालना गर्नुपर्दछ।

१०.५. उच्च तहका पदाधिकारीलाई प्रदान गरेको सबै प्रकारको सेवा सुविधाको विवरण आवधिक रूपमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

११. वैदेशिक सहायता

११.१. राष्ट्रिय आवश्यकता, दीर्घकालीन विकास प्राथमिकता तथा क्षेत्रगत रणनीतिअनुरूप भएको सुनिश्चित गरेर मात्र वैदेशिक सहायता स्वीकार गर्नुपर्दछ।

११.२. प्राविधिक, वस्तुगत तथा अन्य सबै प्रकारका वैदेशिक सहायता राष्ट्रिय बजेट प्रणालीभित्र समेटी पारदर्शिता अभिवृद्धि गर्नुका साथै महालेखापरीक्षकको लेखापरीक्षणको क्षेत्रभित्र पर्ने सुनिश्चितता गर्नुपर्दछ।

११.३. विकास सहायताको प्रतिबद्धता, वास्तविक प्राप्ति तथा उपयोगबिचको अन्तर न्यून गर्न प्रतिबद्धताअनुसार समयमै सहायता प्राप्त गर्ने, उपयोग क्षमता अभिवृद्धि गर्ने तथा कार्यान्वयन दक्षता सुदृढ गर्ने उपायहरू अवलम्बन गर्नुपर्दछ।

११.४. बाह्य परामर्श सेवा लिँदा लागत-लाभ विश्लेषणका आधारमा नवीन प्रविधि, सिप तथा ज्ञान हस्तान्तरण सुनिश्चित हुने नीति तथा मापदण्ड निर्धारण गर्नुपर्दछ।

११.५. शोधभर्ना प्रक्रियालाई समयबद्ध र प्रभावकारी बनाउँदै नगद प्रवाह व्यवस्थापन सुधार गरी सरकारी स्रोतमा पर्ने अतिरिक्त भारलाई न्यून गर्नुपर्दछ।

११.६. गैरसरकारी संस्थामार्फत परिचालित वैदेशिक सहायताको उपयोग पारदर्शी, जवाफदेही तथा परिणाममुखी बनाउन एकीकृत अनुगमन, प्रतिवेदन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. सार्वजनिक ऋण व्यवस्थापन

१२.१. दीर्घकालीन पुँजी निर्माण गर्ने उच्च प्रतिफल दिने, पूर्वाधार तथा उत्पादनशील क्षेत्र तथा रोजगारी सिर्जना गर्ने आयोजना तथा कार्यक्रममा मात्र सार्वजनिक ऋणको उपयोग गर्ने स्पष्ट मापदण्ड निर्धारण गरी सो अनुरूप कार्यान्वयन गर्नुपर्दछ।

१२.२. आयोजनाका लागि ऋण स्वीकार गर्नु अघि लागत-लाभ विश्लेषण, अपेक्षित उपलब्धि, सम्भावित जोखिम तथा ऋण फिर्ता क्षमताको समग्र मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

१२.३. विनिमय दरमा हुने वृद्धिका कारण वैदेशिक मुद्रा भुक्तानीमा उत्पन्न हुन सक्ने वित्तीय जोखिम न्यूनीकरणका लागि हेजिङलगायत उपयुक्त जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्नुपर्दछ।

१२.४. सरकार अन्तर्गतका कोष, बोर्ड, परिषद् तथा समितिहरूमा निष्क्रिय रहेको वा न्यून प्रतिफलयुक्त मौज्दात रकमको पहिचान गरी आन्तरिक ऋणको प्रभावकारी परिचालनमार्फत वित्तीय लागत न्यूनीकरण तथा प्रतिफल अभिवृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

१३. सरकारी अनुदान व्यवस्थापन

१३.१. उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रहरूमा मात्र अनुदान उपलब्ध हुने गरी अनुदान वितरणसम्बन्धी विषय, क्षेत्र तथा लक्षित वर्ग सम्बन्धमा स्पष्टताका लागि कानुनी आधारमा परिभाषित गर्नुपर्दछ। यसरी प्रदान गरिएको अनुदान अन्तिम लाभग्राहीसम्म प्रत्यक्ष रूपमा पुगेको र सोबाट अपेक्षित परिणाम प्राप्त भएको सुनिश्चित गर्ने प्रणाली स्थापना गर्नुपर्दछ।

१३.२. सङ्घ र प्रदेश सरकारद्वारा प्रदान गरिने अनुदानको नीतिगत व्यवस्था तथा कार्यविधि र मापदण्डबिच असामञ्जस्यता र दोहोरोपना नहुने गरी समन्वय र समाञ्जस्यता गर्नुपर्दछ।

१३.३. व्यावसायिक संस्थाहरूलाई प्रदान गरिने पुँजीगत अनुदानका सन्दर्भमा लाभग्राहीको वास्तविक लाभ सुनिश्चित गर्ने र संस्था विघटनको अवस्थामा सम्पत्तिको आनुपातिक फिर्ता सुनिश्चित गर्नुका साथै निजी स्वामित्वको जग्गा वा सम्पत्तिमा सार्वजनिक पुँजीगत अनुदान प्रयोग नहुने स्पष्ट प्रबन्ध गर्नुपर्दछ।

१३.४. वितरित अनुदानको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्था, अनुदान प्राप्त गर्ने आधार, उपयोग, अपेक्षित उपलब्धि र यथार्थमा हासिल भएको उपलब्धि जस्ता विवरण खुल्ने आवधिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

१४. लेखाङ्कन तथा प्रतिवेदन

१४.१. सबै तहका निकायहरूले स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम वित्तीय विवरणहरू तयार र प्रस्तुतीकरण गर्दै प्रतिवेदनहरूको गुणस्तर, पारदर्शिता तथा अन्तर्राष्ट्रिय तुलनायोग्यता अभिवृद्धि गर्नुपर्दछ।

१४.२. सङ्घ, प्रदेश तथा स्थानीय तह अन्तर्गतका सबै गैर-बजेटरी निकायहरूको वित्तीय कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था सुदृढ गरी समग्र सार्वजनिक वित्तीय अवस्थाको यथार्थ चित्रणको सुनिश्चितता गर्नुपर्दछ।

१४.३. आर्थिक कारोबारसम्बन्धी प्रमाण, कागजात तथा निर्णय प्रक्रिया क्रमशः कागजरहित प्रणालीमा रूपान्तरण गर्दै सुरक्षित र विश्वसनीय विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नुपर्दछ।

१४.४. बहुवर्षीय खरिद सम्झौता, वैदेशिक सहायता तथा अन्य स्रोतबाट सिर्जना हुने वित्तीय दायित्व र प्रतिबद्धताहरूको अद्यावधिक अभिलेख राख्ने तथा नियमित रूपमा अनुगमन गर्न समग्र दायित्व व्यवस्थापन प्रणाली विकास गर्नुपर्दछ।

१४.५. वैदेशिक स्रोतबाट सञ्चालित सम्पूर्ण आयोजनाहरूको वित्तीय प्रतिवेदन तथा अभिलेख स्वीकृत लेखा ढाँचा अनुसार तयार गरी पारदर्शिता, उत्तरदायित्व तथा लेखापरीक्षणको सहजता सुनिश्चित गर्नुपर्दछ।

१४.६. आर्थिक वर्षको अन्तमा रहने मौज्दात विवरण प्रमाणीकरण र अन्तर निकाय अभिलेख भिडानलाई अनिवार्य गरिनुपर्दछ।

१५. आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

१५.१. सार्वजनिक निकायहरूमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापना तथा कार्यान्वयनका लागि स्पष्ट कार्यविधि, जिम्मेवारी तथा नियन्त्रण उपायहरू निर्धारण गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउनुपर्दछ।

१५.२. लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणसम्बन्धी समितिहरूको संरचना, भूमिका र कार्यक्षमता सुदृढ गर्दै सोको सञ्चालन प्रभावकारी रूपमा गरी समग्र वित्तीय अनुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नुपर्दछ।

१५.३. अन्तिम लेखापरीक्षणको क्रममा देखिएको बेरुजुको फर्स्यौट गर्ने अवधि कानुनमा नै तोकिनुपर्दछ। सोको पालनालाई वृत्ति विकाससँग आबद्ध गराई पदाधिकारी/जिम्मेवार अधिकृतलाई जवाफदेही बनाउनुपर्दछ। साथै त्यस्तो फर्स्यौटलाई संस्था/निकाय/कार्यालयले प्राप्त गर्ने प्रोत्साहनसँग जोडिनुपर्दछ ।

१५.४. सार्वजनिक निकायहरूको वित्तीय तथा व्यवस्थापकीय सूचनाहरूलाई लेखा तथा लेखापरीक्षण विद्युतीय सूचना प्रणालीसँग एकीकृत गर्ने व्यवस्था मिलाई सूचना प्रवाहलाई व्यवस्थित र विश्वसनीय बनाउनुपर्दछ।

१५.५. अन्तिम लेखापरीक्षण सम्पन्न हुनु अघि नै आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने तथा सोबाट औंल्याइएका बेहोराहरूको जिम्मेवार पदाधिकारीबाट समयमै सुधार तथा फस्यौंट हुने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१५.६. आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन सङ्गठनात्मक संरचना, कार्यक्षेत्र र कार्यपद्धतिमा सुधार गर्नुपर्दछ।

१५.७. लेखापरीक्षण प्रतिवेदनहरूमा छलफल गरी प्रतिवेदनमा औंल्याइएका विषयवस्तुहरूको निरुपण, कार्यान्वयन तथा अनुगमन सुनिश्चित गर्ने गरी संस्थागत संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

१५.८. सार्वजनिक निकायले प्रवाह गरेको सेवा र सुविधा तथा सो हासिल गर्न परिचालन भएको वित्तीय कारोबारसमेतको परीक्षण गरी प्रतिवेदन गर्न विशेष ज्ञान, सिप र क्षमतायुक्त जनशक्ति आवश्यक पर्ने भएकोले श्रम बजारबाट उच्च क्षमताका जनशक्तिलाई लेखापरीक्षण सेवामा आकर्षित गर्ने गरी आवश्यक व्यवस्था हुनुपर्दछ।

१५.९. लेखापरीक्षण सेवालाई स्वायत्त र विशेषज्ञ सेवाको रूपमा विकास गरी उपलब्धिपूर्ण लेखापरीक्षण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था (इन्टोसाई) का घोषणा अनुकूल हुने गरी ऐन, कानुनको तर्जुमा गर्नुपर्दछ।

विकास व्यवस्थापन

१६. आवधिक योजना र दिगो विकास लक्ष्य

१६.१. दीर्घकालीन सोच २१०० का लक्ष्यहरू र सोह्रौं योजनाले निर्धारण गरेका प्राथमिकता क्षेत्रसँग तादात्म्यता हुने गरी प्रदेश तथा स्थानीय तहहरूले दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१६.२. दीर्घकालीन सोच २१०० ले परिकल्पना गरेको समृद्धि तथा समावेशी विकास हासिल गर्न दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा सरकार, निजी क्षेत्र तथा गैरसरकारी संस्थाबिच नीतिगत समन्वय, स्रोत साझेदारी तथा सहकार्यको संस्थागत ढाँचा निर्माण गर्नुपर्दछ।

१६.३. सोह्रौं योजना र दिगो विकास लक्ष्यअनुरूपका प्रगति मापन गर्न आवश्यक सूचकाङ्कहरू पहिचान गरी तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा विश्लेषणका लागि एकीकृत र प्रविधिमैत्री सूचना प्रणाली विकास गर्दै खण्डीकृत (डिसएग्रीग्रेटेड) तथ्याङ्क अभिलेखीकरणको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ।

१७. आयोजना व्यवस्थापन

१७.१. आयोजना छनोट गर्दा लागत-लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर तथा स्रोत उपलब्धताको यथार्थ मूल्याङ्कन गरी सोको आधारमा योजना बैङ्कमा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था गर्नुपर्दछ।

१७.२. तहगत सरकारबाट सञ्चालन हुने विकास आयोजनाहरूमा दोहोरोपन हटाउन संविधानप्रदत्त अधिकारको सीमाभित्र रही आयोजनाको लागत, भौगोलिक अवस्थिति र संवेदनशीलतासमेत विचार गरी आफैंले

सञ्चालन गर्ने र समन्वयात्मकरूपमा सञ्चालन हुने आयोजनाहरूको वर्गीकरण सम्बन्धी व्यवस्थालाई एकीकृत एवं सुदृढ गर्नुपर्दछ।

१७.३. आयोजनाको पूर्व तयारीका कार्य सम्पन्न नभई ठेक्का व्यवस्थापन गर्दा समय तथा लागत वृद्धि हुने भएकाले यस्तो अभ्यासलाई नियन्त्रण गर्दै विस्तृत आयोजना प्रतिवेदन, जग्गा प्राप्ति तथा आवश्यक पूर्वतयारी कार्य सम्पन्न भएपछि मात्र खरिद प्रक्रिया अघि बढाउने व्यवस्थाको पालना गर्नुपर्दछ।

१७.४. आयोजना कार्यान्वयन तालिका र बजेट विनियोजनबिच तादात्म्यता कायम गरिनुपर्दछ।

१७.५. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजना प्रमुख तथा सम्बन्धित जनशक्तिको फेरबदल भई रहने प्रवृत्तिमा नियन्त्रण गरी स्थायित्व सुनिश्चित गर्नुपर्दछ।

१७.६. जलवायु परिवर्तन तथा विपद् जोखिमलाई मध्यनजर गरी आयोजना छनोट, डिजाइन तथा कार्यान्वयनका प्रत्येक चरणमा जोखिम न्यूनीकरणका उपायहरू समावेश हुने नीतिगत व्यवस्था गर्नुपर्दछ।

१७.७. बाढी, पहिरो, सुख्खा लगायतका प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्न पूर्वचेतावनी प्रणालीको विकास तथा दीर्घकालीन संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरूलाई आयोजना व्यवस्थापन प्रणालीमा समावेश गर्नुपर्दछ।

१८. सार्वजनिक खरिद व्यवस्थापन

१८.१. खरिद आवश्यकता निर्धारण गर्ने, मालसमान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवाको स्पेसिफिकेसन तयार गर्ने, कामको परिमाण तोक्ने, लागत अनुमान तयार गर्ने र कार्यान्वयन विन्दुहरू तथा कार्य सम्पन्न गर्न लाग्ने समय निर्धारण गर्ने विषयहरूलाई स्पष्ट र प्रमाणमा आधारित बनाउनुपर्दछ।

१८.२. सार्वजनिक खरिद कार्यलाई योजनाबद्धरूपमा कार्यान्वयन गर्ने र विनियोजनबिच सामञ्जस्यता कायम गर्नुपर्दछ।

१८.३. निर्माणसम्बन्धी खरिद प्रक्रिया अघि बढाउनुपूर्व विद्युत, खानेपानी, दूरसञ्चार, वन तथा अन्य सरोकारवाला निकायसँग सम्बन्धित पूर्वाधार तथा युटिलिटी सेवाहरूको तयारी तथा स्वीकृति पूर्ण रूपमा समाधान गरी योजना कार्यान्वयनमा अवरोध नहुने अवस्थापश्चात् मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१८.४. खरिद सम्झौता तथा स्वीकृत कार्यतालिकाअनुसार कार्य सम्पादन नगर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा जिम्मेवार कर्मचारीहरूलाई उत्तरदायी बनाउने तथा आवश्यक दण्डात्मक तथा सुधारात्मक कारबाही गर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।

१८.५. खरिद सम्झौताहरूको म्याद थप गर्ने आधार तथा प्रक्रियालाई वस्तुनिष्ठ मापदण्ड, प्रमाण एवं पुष्ट्याइँ र यथार्थपरक कारणमा आधारित बनाइनु आवश्यक छ।

१८.६. एकै प्रकृतिका कार्यलाई टुक्र्याई सोझै खरिद गर्ने, यथार्थपरक लागत अनुमान तयार नगरी भेरिएशनमार्फत कार्य थप्ने जस्ता अभ्यासलाई नियन्त्रण गर्न नियमन तथा अनुगमन गर्नुपर्दछ।

१८.७. जटिल प्रविधि, उच्च दक्षता वा विशेष उपकरण आवश्यक पर्ने निर्माण कार्य तथा सामग्री खरिद उपभोक्ता समितिमार्फत गराउने अभ्यासलाई निरुत्साहित गर्दै त्यस्ता कार्य प्रतिस्पर्धात्मक र पेशागत क्षमतायुक्त निकायमार्फत गर्नुपर्दछ।

१८.८. उपभोक्ता समितिमार्फत कार्य सञ्चालन गर्दा तोकिएको जनसहभागिताको अंश यथार्थ रूपमा समावेश भएको सुनिश्चितता बिना भुक्तानी हुने प्रवृत्तिलाई नियन्त्रण गर्दै सम्बन्धित कर्मचारीलाई स्पष्ट रूपमा उत्तरदायी बनाउने व्यवस्था लागु गर्नुपर्दछ।

१८.९. उपभोक्ता समितिबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न निर्माण सामग्री तथा सम्पन्न कार्यको प्रयोगशाला परीक्षण गर्ने, गराउने प्रावधान अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१८.१०. सेवा खरिदसँग सम्बन्धित वार्षिक मर्मतसम्बन्धी करार आवश्यक पर्ने अवस्थामा प्रारम्भिक खरिद प्रक्रियामै प्रतिस्पर्धा गराई समावेश गर्ने तथा प्रोप्राइटरी प्रकृतिका सामान खरिद गर्दा सहायक सामग्रीको आवश्यकता, लागत तथा आपूर्ति अवधिको स्पष्ट यकिन गरी प्रतिस्पर्धात्मक आधारमा खरिद गर्ने व्यवस्था सुदृढ गर्नुपर्दछ ।

१८.११. खरिद सम्बन्धी विवाद समाधान गर्ने संयन्त्रलाई सुदृढ गर्दै यस विधालाई पेसागत नियमन गर्ने व्यवस्था गर्नुपर्दछ। विवाद समाधान संयन्त्रको निर्णयहरूलाई सिकाइ आगतको रूपमा लिई आवश्यक नीतिगत र कानूनी व्यवस्थामार्फत खरिद कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ।

१८.१२. सालबसाली रूपमा सम्पन्न नभएका खरिद कार्यहरूको अर्को वर्षमा स्रोत व्यवस्थापन नहुँदा त्यस्ता कार्य अधुरो र जीर्ण अवस्थामा रहेका छन्। स्रोत व्यवस्था भएपश्चात् सुरु लागतमा वृद्धि नहुने भएमा म्याद थप गर्न सकिने कानुनी व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१९. सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण र उपयोग

१९.१. सार्वजनिक निकायको स्वामित्वमा रहेका सबै प्रकारका सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख गर्ने र नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गरिने वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.२. सार्वजनिक निकायको मौज्दातमा भएका जिन्सी सामग्री, यन्त्र-उपकरण र औजार किफायती मर्मत गरेर उपयोग हुन नसक्ने यकिन गरे पश्चात् मात्र नयाँ खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.३. सम्पन्न वा विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी त्यस्ता मालसामान आवश्यक पर्ने निकायमा हस्तान्तरण गर्नुपर्दछ।

१९.४. ल्यापटप, ट्याबलेटजस्ता उपकरणको प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः उपयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति रोक्न सम्पत्तिको उपयोगी आयु तोकी सो अवधिभित्र एकै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१९.५. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि-सम्झौता र ऐतिहासिक दस्तावेजको अभिलेखीकरण र सुरक्षा गर्न डिजिटाइजेसनलगायतका उपयुक्त विधि अपनाउनुपर्दछ।

१९.६. सार्वजनिक र गुठी जग्गा अतिक्रमणमुक्त बनाई उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

१९.७. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१९.८. भन्सारमा जफत गरिएका तथा सार्वजनिक निकायमा प्रयोगविहीन अवस्थामा रहेका सवारीसाधन समयमै मर्मत गरी उपयोग गर्ने वा लिलाम/हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.९. सामुदायिक वनका उपभोक्ता समूहले सङ्कलन गरेको काठ, दाउराको उपयोग र बिक्रीसम्बन्धी स्पष्ट व्यवस्था गरी समूहका सदस्यले उपयोग र बिक्री गर्ने परिमाण तथा समयसीमा तोक्नुपर्दछ।

१९.१०. प्राकृतिक स्रोतहरूको नक्साङ्कन सहितको पहिचान, अभिलेख र उपयोग तथा संरक्षणको उचित कानुनी तथा नीतिगत प्रबन्ध मिलाउनुपर्दछ।

१९.११. कुनै सार्वजनिक निकाय/कार्यालय एक अर्कामा गाभिएमा वा टुक्रिएमा वा खारेज भएमा साबिकको निकाय/कार्यालयमा रहेको जिन्सी, स्रेस्तालगायतका कागजात जिम्मा रहने निकाय/कार्यालयको निक्यौंल त्यस्तो निर्णय गर्दाकै बखत गर्नुपर्दछ । सो नगर्ने निकाय/कार्यालयको प्रमुख वा जिम्मेवार अधिकृतलाई कानुनी रूपमा नै जवाफदेही बनाउनुपर्दछ ।

सूचना प्रविधि

२०. **सूचना प्रविधिको विकास, प्रयोग र सुरक्षा**

२०.१. विद्युतीय कारोबार, सूचना सुरक्षा, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ र विद्युतीय प्लेटफर्म जस्ता सूचना प्रविधिका सबै क्षेत्रहरूलाई समेट्ने गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.२. सूचनाको गोपनीयता, शुद्धता र उपलब्धता सुनिश्चित गर्न र साइबर सुरक्षाको लागि नियमित रूपमा सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

२०.३. सङ्कट व्यवस्थापन र सेवालाई निरन्तररूपमा सञ्चालन गर्न आवश्यक सङ्गठनात्मक तथा सञ्चालनगत सुरक्षात्मक तयारी गर्दै उत्थानशीलता विकास गर्नुपर्दछ।

२०.४. विद्युतीय प्रणालीको आवश्यकता पहिचान, विकास र उपकरण खरिदका लागि स्पष्ट मापदण्ड (नर्म्स) र लागत अनुमान तयार गर्ने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

२०.५. सरकारी डिजिटल सेवाको गुणस्तर र विश्वसनीयता बढाउनका लागि सेवास्तर सम्झौता र गोपनीयता सम्झौतालाई अनिवार्य बनाउनुपर्दछ। सबै सरकारी सूचना प्रणालीहरू आधिकारिक निकायमा दर्ता र प्रमाणीकरण हुनुपर्ने र प्रयोगमा ल्याउनुअघि भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेस्ट अनिवार्य रूपमा पूरा गर्ने व्यवस्था गर्नुपर्दछ।

२०.६. सरकारी निकायहरूमा विद्यमान छुट्टाछुट्टै सूचना प्रणालीहरूको पुनरावलोकन गरी एकीकृत डाटा सेन्टर तथा अन्तरआबद्ध डिजिटल सेवा प्लेटफर्म विकास गरी स्रोतको दोहोरोपनामा न्यूनीकरण गरी सेवा प्रवाहमा एकरूपता कायम गर्नुपर्दछ।

२०.७. सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र उत्तरदायी बनाउन विद्युतीय शासन प्रणाली विस्तार गर्दै पेपरलेस/फेसलेस कार्यप्रणाली क्रमशः कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.८. विद्युतीय शासन प्रणाली सञ्चालन गर्न सार्वजनिक निकायहरूले प्रयोग गर्ने सफ्टवेयरलाई व्यवस्थित एवं अद्यावधिक गर्न लिईने वार्षिक मर्मत करार (एएमसी) लाई बहुवर्षीय रूपमा लिन सक्ने गरी कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.९. नागरिकलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह नगर्ने तर अन्य निकायको कामको परीक्षण तथा अनुगमन गर्ने निकायहरूलाई डिजिटल कार्यस्थल तोक्न सक्ने गरी कानुनमा व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

२१. मानव पुँजी निर्माण

२१.१. बदलिँदो विश्व परिदृश्यमा आएको परिवर्तनलाई सम्बोधन गर्न मागमा आधारित ज्ञान, सिपयुक्त मानव पुँजी निर्माण गर्न विद्यालय तहदेखि नै शैक्षिक सुधार र क्षमता विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै बहुसिपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान संस्थामार्फत प्राज्ञिक तथा पेसागत शिक्षा, तालिम र प्रशिक्षणका माध्यमबाट ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२१.२. सङ्घीय तहमा अधिक कर्मचारी सङ्ख्या रहेको विद्यमान अवस्थालाई दृष्टिगत गर्दै सेवा प्रवाह हुने स्थानमा सेवा र जनशक्ति सन्तुलन मिलाउन विद्यमान दरबन्दीको विस्तृत पुनरावलोकन गर्नुपर्दछ।

२१.३. सरकारका कुनै तहमा कुनै सेवाका कर्मचारी अधिक सङ्ख्यामा भएमा सेवा परिवर्तनमार्फत अन्यत्र लैजान सक्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

२१.४. सामुदायिक विद्यालयहरूको भौगोलिक अवस्था, विद्यार्थी संख्या, उपलब्ध स्रोत र शैक्षिक सेवा प्रवाहको चापका आधारमा विद्यालयहरू एकआपसमा गाभ्ने/गाभिने प्रबन्ध र दरबन्दी पुनरावलोकन गरी आवश्यक शैक्षिक जनशक्ति व्यवस्थापन गरिनुपर्दछ।

२१.५. सार्वजनिक संस्थान, आयोग, बोर्ड र प्रतिष्ठानहरूको जनशक्ति आवश्यकतालाई छरितो र प्रविधियुक्त संरचनाका आधारमा निर्धारण गरी पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२१.६. सार्वजनिक प्रशासनमा प्रवेशका लागि कार्यप्रकृतिका आधारमा विशिष्टीकृत योग्यता कायम गर्दै नियमित रूपमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। सबै कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ। यस्तो तालिमलाई मौद्रिक उत्प्रेरकसँग जोड्नुपर्दछ।

२२. सार्वजनिक सेवा प्रवाह

२२.१. सार्वजनिक प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनसँग आबद्ध गरी 'फेसलेस ब्युरोक्रेसी', विद्युतीय शासन र एकल सेवा केन्द्रको अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

२२.२. विशिष्टीकृत कार्यका लागि कार्यसमयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवस्था मिलाउनुपर्दछ।

२२.३. सेवाग्राहीप्रति शिष्ट, मर्यादित र जवाफदेही सेवा संस्कृति स्थापित गर्न स्पष्ट आचारसंहितासहितको कार्यविधि तर्जुमा गरी लागु गरिनुपर्दछ।

२२.४. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्ने र नियमित पृष्ठपोषण प्राप्त गर्ने संयन्त्र विकास गर्नुपर्दछ। सेवाग्राहीको समय र लागतलाई ध्यानमा राखी सेवा डिजाइन गर्नुपर्ने तथा प्रमाणयोग्य कागजातको प्रारम्भिक प्रशोधन निःशुल्क हुनुपर्दछ।

सुशासन

२३. वित्तीय जवाफदेहिता

२३.१. अनुत्पादक खर्च नियन्त्रणका लागि उच्च पदस्थ पदाधिकारीहरू स्वयंले मितव्ययिताको उदाहरण प्रस्तुत गर्नुपर्दछ। बैठक, सभा र उत्सवजस्ता शीर्षकमा हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२३.२. कानुनबमोजिम बाहेक पटके निर्णयबाट कुनै पनि किसिमका सुविधा तथा सहुलियत उपलब्ध गराउनु हुँदैन।

२३.३. निकायको कार्य प्रकृतिअनुरूप वित्तीय अनुशासन कायम गर्न छुट्टै आचारसंहिता तर्जुमा गरी त्यसको पालना गराउनुपर्दछ।

२३.४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्थाबमोजिम कार्य सम्पादन गर्ने र प्रतिवेदन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ। वित्तीय कारोबारको परीक्षणबाट देखिने बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गर्नुपर्दछ।

२३.५. जिम्मेवार व्यक्तिसँग कार्य सम्पादन करार गर्दा बेरुजु फस्यौंट तथा फरफारख गर्ने विषयसमेत समावेश गर्नुपर्दछ।

२३.६. सामाजिक जवाफदेहिता प्रवर्धन गर्न नागरिक निगरानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै नागरिक सहभागिता सुनिश्चित गर्नुपर्दछ।

२४. नैतिकता र सदाचारिता प्रवर्धन

२४.१. समाजमा नैतिक पूर्वाधार निर्माण गर्न विद्यालय तहको पाठ्यक्रममा नै नैतिक शिक्षा र नागरिक कर्तव्यलगायतका विषयहरू समावेश गर्नुपर्दछ।

२४.२. सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष संलग्न पदाधिकारी र कर्मचारीहरूलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति प्रत्यक्ष जवाफदेही बनाउने संयन्त्र क्रियाशील गर्नुपर्दछ।

२४.३. सार्वजनिक पद धारण गरेका सबै पदाधिकारी र कर्मचारीहरूले प्राप्त गर्ने सेवा, सुविधा र पारिश्रमिकलाई पूर्णतः पारदर्शी बनाउनुपर्दछ। सार्वजनिक पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानुन समसामायिक बनाउनुपर्दछ। कानुनमा नतोकिएको सेवा सुविधालाई नियन्त्रण गर्नुपर्दछ।

२४.४. सार्वजनिक सेवाको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सूचनाको नियमित प्रसारण र सार्वजनिकीकरण गर्ने प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

परिच्छेद

६

कार्यालय गतिविधि

परिच्छेद - ६

कार्यालय गतिविधि

महालेखापरीक्षकले २०८२।१।३१ मा पेस गरेको बासट्ठिऔं वार्षिक प्रतिवेदनपश्चात् यस त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन पेस गरेको अवधिमा कार्यालयबाट सम्पादन भएका प्रमुख गतिविधिहरू देहायअनुसार प्रस्तुत गरिएको छः

सङ्गठनात्मक क्षमता र पेसागत सक्षमता

१. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** संवैधानिक दायित्व पूरा गर्न कार्यक्षेत्रमा विस्तार भएअनुरूप सङ्गठन संरचना विस्तार तथा जनशक्ति व्यवस्था गर्नुपर्ने देखिएकोले मन्त्रीपरिषद्को पूर्व स्वीकृतिबमोजिम यस कार्यालयको २०८१।९।४ को निर्णयअनुसार कार्यजिम्मेवारी, कार्यबोझ, कार्य प्रकृति, वित्तीय विश्लेषण तथा उपलब्ध मानव स्रोतको आकलन र परिवर्तनको औचित्य समेतलाई विश्लेषण गरी महालेखापरीक्षकको कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८२।९।२१ मा स्वीकृत भएको छ। स्वीकृत कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८२ बमोजिम सङ्घीय कार्यालयतर्फ ५१९ र प्रदेश कार्यालय ७ तर्फ १२० समेत ६३९ दरबन्दीसहितको सङ्गठन संरचना स्वीकृत भई दरबन्दी तेरिज र पदहरू २०८२।१०।१२ मा निजामती किताबखानामा दर्ता भएको छ। उक्त स्वीकृत सङ्गठन संरचनाअनुसार नेपालको संविधान र प्रचलित कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न केन्द्रीय कार्यालय र प्रदेश कार्यालयतर्फ गरी ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११२ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १२५ लेखापरीक्षण अधीक्षक र अन्य कर्मचारीसहित ६३९ दरबन्दी रहेकोमा २०८२ फागुन मसान्तमा ५७१ कार्यरत रहेका छन्। यस अवधिमा नायब महालेखापरीक्षक ७, निर्देशक ९, लेखापरीक्षण अधिकारी १४, लेखापरीक्षण अधीक्षक ८ र लेखापरीक्षण निरीक्षक १ समेत ३९ कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवा प्रक्रियाबाट पदपूर्ति भएको, २ कर्मचारीका राजीनामा स्वीकृत भएको र १२ कर्मचारीको अनिवार्य अवकाश भएको छ।

२. **प्रदेश कार्यालय स्थापना तथा व्यवस्थापन -** स्वीकृत कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०८२, अनुसार प्रदेश कार्यालय स्थापना तथा व्यवस्थापन गर्न २०८२।१०।४ मा प्रदेश कार्यालय स्थापना तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरी मधेश प्रदेश कार्यालयका लागि महोत्तरी जिल्लाको बर्दिबास (साबिक बहादुरगन्ज गाविस वडा नं २, कित्ता नं. ६२) मा १ बिघा जग्गा प्राप्त भइसकेको छ।

३. **वार्षिक कार्यदिन -** यो वर्ष ५ हजार ५२६ निकाय तथा कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ। ती कार्यालयहरूको लेखापरीक्षण सम्पन्न गर्न ५०२ कर्मचारीमध्ये ४६४ कर्मचारी ५३ हजार २८४ कार्यदिन स्थलगत रूपमा र कार्यालयमा ७५ हजार ६९३ कार्यदिन खटिनुपर्नेमा ७८ हजार ५२८ कार्यदिनसमेत १ लाख ३१ हजार ८१२ कार्य दिन खटिएका छन्।

४. **लेखापरीक्षणसम्बन्धी तालिम -** प्रतिवेदन अवधिमा यस कार्यालयले सञ्चालन गरेको तालिमसम्बन्धी विवरण निम्नानुसार छः

क्र.स.	तालिम विषय	सञ्चालन मिति	सहभागी सङ्ख्या
१.	अनवरत पेसागत शिक्षा	२०८२।२।११ देखि १३, २०८२।२।१९ देखि २१, २०८२।२।२२ देखि २५, २०८२।२।२६ देखि २८	४५७
२.	सार्वजनिक संस्थानका लेखापरीक्षकहरूसँग अन्तर्क्रिया कार्यक्रम	२०८२।२।२६	८०
३.	लेखापरीक्षण गराउने निकया/कार्यालयले प्रयोग गर्ने एकल खाताकोष प्रणाली, राजस्व व्यवस्थापन एवं सम्पत्ति व्यवस्थापन प्रणालीलगायत तालिम	२०८२।२।२९, २०८२।३।२९ र २०८२।३।३०	३०२
४.	नवनियुक्त लेखापरीक्षण अधिकारीहरूका लागि अभिमुखीकरण तालिम	२०८२।३।३	२३
५.	आधारभूत कार्यमूलक लेखापरीक्षण तालिम	२०८२।३।१७ देखि २०	४८
६.	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सञ्चालनसम्बन्धी तालिम	२०८२।३।२२ र २०८२।६।३०	९०
७.	गुणस्तर आश्वस्तता	२०८२।३।२४	११०
८.	कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागितासम्बन्धी अन्तर्क्रिया कार्यक्रम	२०८२।३।२६ र २०८२।९।१७	९६
९.	कर तथा भन्सार लेखापरीक्षणसम्बन्धी १ दिने तालिम	२०८२।४।२६	३१
१०.	एकल वा संयुक्त लेखापरीक्षणसम्बन्धी अभिमुखीकरण तथा निर्देशन कार्यक्रम	२०८२।४।२१ र २२	३२५
११.	विकास साझेदारको सहयोगमा सञ्चालित आयोजनाको लेखापरीक्षण सम्बन्धी तालिम	२०८२।६।२४	८२
		जम्मा	**१६४४**

५. **सेवाकालीन/सेवा प्रवेश तालिम** - यस कार्यालयबाट सेवाकालीन तथा सेवा प्रवेश तालिममा सहभागीहरूको विवरण निम्नानुसार छः

क्र. स.	तालिमको नाम	प्रदान गर्ने निकाय	सञ्चालन मिति	सहभागी सङ्ख्या
१.	कानुन तर्जुमासम्बन्धी तालिम	प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	२०८२।३।१०-१२	१
२.	वरिष्ठ कार्यकारी विकास कार्यक्रम (एसईडीपी)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२।४।१३ देखि १०।२१ सम्म २०८२।९।१ देखि हालसम्म चालु	२
३.	सेवा प्रवेश (उपसचिव)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२।३।१० देखि ५ दिन	१
४.	सेवाकालीन (राजपत्राङ्कित तृतीय)	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८२।४।१८ देखि ५।२७ सम्म	३
५.	Strengthening Clint Capacity Perspective	अर्थ मन्त्रालय	२०८२।५।१८-२१	२
६.	सेवाकालीन (राजपत्र अनङ्कित)	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८२।७।१२-८/२५	३
७.	सेवा प्रवेश (सहसचिव)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८१।१०।२८ देखि ७ दिन	४

क्र. स.	तालिमको नाम	प्रदान गर्ने निकाय	सञ्चालन मिति	सहभागी सङ्ख्या
८.	सेवा प्रवेश (राजपत्राङ्कित तृतीय)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८२।९।२ देखि २०८२।१२।३० सम्म	१०
९.	Training of Trainers Program	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८२।१०।६-९	२
१०.	सेवा प्रवेश (सहसचिव)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८१।१०।२८ देखि ७ दिन	४
११.	सेवाकालीन (उपसचिव)	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८२।१२।१५ देखि ३२ कार्यदिन	१
१२.	सम्पर्क अधिकृत अनुस्थापन तालिम	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	२०८२।१२।१-७	१७
जम्मा				**५०**

६. **वैदेशिक तालिम, गोष्ठी तथा अध्ययन -** वैदेशिक तालिम, अध्ययन, सेमिनार, गोष्ठी, अवलोकन भ्रमण, कार्यक्रमका लागि फिलिपिन्स, बेलायत, चीन, भारत, थाइल्याण्ड, इण्डोनेसिया, मलेसिया, बंगलादेश, पाकिस्तानलगायतका देशहरूमा सञ्चालन भएको २० कार्यक्रममा ४५ कर्मचारीलाई सहभागी गराइएको छ। साथै विभिन्न ४ देशमा सञ्चालन हुने ६ कार्यक्रमका लागि १६ कर्मचारीलाई मनोनयन गरिएको छ। त्यस्तै ४ अन्तर्राष्ट्रिय अनलाइन तालिम कार्यक्रममा १६ कर्मचारीलाई सहभागी गराइएको छ।

७. **क्यानेडियन अडिट एण्ड एकाउण्टाबिलिटी फाउण्डेसन (CAAF) को फेलोसिप कार्यक्रम -** क्यानेडियन अडिट एण्ड एकाउण्टाबिलिटी फाउण्डेसन (CAAF) तथा गभर्नान्स, एकाउण्टाबिलिटी एण्ड ट्रान्सपरेन्सी फर इनक्लुसिभ पब्लिक सर्भिसेज (GATIPS) कार्यक्रमअन्तर्गत २०२५-२०२६ GATIPS फेलोसिपका लागि दुई निर्देशक छनोट भई क्यानाडामा अध्ययनरत रहेका छन्।

८. **इन्टरनेसनल अडिटर फेलोसिप प्रोग्राम -** यूएस गर्भमेन्ट एकाउण्टाबिलिटी अफिस (GAO) को आयोजनामा अप्रिल १, २०२६ देखि जुलाई १, २०२६ सम्म सञ्चालन हुने "इन्टरनेसनल अडिटर फेलोसिप प्रोग्राम अफ यूएस गर्भमेन्ट एकाउण्टाबिलिटी अफिस" कार्यक्रमका लागि एक निर्देशकलाई मनोनयन गरिएको छ।

९. **स्रोत व्यक्ति परिचालन -** यस कार्यालयबाट लेखापरीक्षणसम्बन्धी विषय विज्ञ/स्रोत व्यक्तिको रूपमा राष्ट्रिय स्तरमा सञ्चालन भएका २२ कार्यक्रममा २७ जना तथा अन्तर्राष्ट्रियस्तरका २ कार्यक्रममा २ कर्मचारीलाई स्रोत व्यक्तिको रूपमा पठाइएको थियो।

१०. **पेसागत अध्ययन-** आई.डी.आई.द्वारा सञ्चालन गरिएको सर्वोच्च लेखापरीक्षण संस्थाका लेखापरीक्षकहरूको पेसागत शिक्षा (Professional Education for SAI Auditors-PESA) अध्ययन कार्यक्रममा यस कार्यालयबाट सन् २०२१ जुलाईदेखि हालसम्म ४६ कर्मचारीलाई लेखापरीक्षणका विभिन्न विधामा मनोनयन गरिएकोमा ५ जनाले उत्तीर्ण गरेका छन्। सर्वोच्च लेखापरीक्षण संस्थाबाट हुने लेखापरीक्षण प्रणाली, नयाँ मानदण्ड एवं प्रवृत्तिअनुरूप गुणस्तरीय लेखापरीक्षणको माध्यमबाट सार्वजनिक सुशासन कायम गर्न सक्षम जनशक्तिको आवश्यकता पर्ने र आई.डी.आई. ले सञ्चालन गरेको उक्त पेसागत शिक्षा कार्यक्रमले कार्यालयमा सक्षम जनशक्तिको उपलब्धतामा योगदान पुगेको छ।

११. **वार्षिकोत्सव समारोह -** महालेखापरीक्षकको कार्यालयको ६७ औं वार्षिकोत्सव समारोह २०८२।३।१५ मा प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उक्त समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। सो अवसरमा सम्माननीय सभामुखबाट उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत १० कर्मचारीलाई पुरस्कृत तथा आई.डी.आई. बाट सञ्चालित प्रोफेसनल एजुकेसन फर साई अडिटर्स (PESA) को परीक्षा उत्तीर्ण गरी दीक्षित हुनुभएका ३ कर्मचारी र २५ वर्ष सेवा अवधि पूरा गर्ने ६ कर्मचारीलाई दीर्घसेवा सम्मानबाट सम्मानित गरिएको थियो। सो अवसरमा रक्तदान कार्यक्रम, सकारात्मक परिवर्तनको लागि तनाव व्यवस्थापन, जीवन शैली परिवर्तन विषयमा प्रवचन कार्यक्रम समेत आयोजना गरिएको थियो।

१२. **प्रकाशन -** यस कार्यालयबाट महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन र सारांश, ७ प्रदेशको सातौं वार्षिक प्रतिवेदन छपाइ गरी सङ्घीय एवं प्रादेशिक सार्वजनिक लेखा समितिहरूलाई वितरण गरिएको छ। त्यस्तै स्थानीय तहहरूको लेखापरीक्षण प्रतिवेदनहरूको विद्युतीय प्रति तयार गरी कार्यालयको वेबसाइटमा राखिएको छ।

आन्तरिक सुशासन र वित्तीय व्यवस्थापन

१३. **वित्तीय स्थिति -** यो वर्ष यस कार्यालयले चालुतर्फ रु.६१ करोड ४८ लाख २० हजार तथा पुँजीगततर्फ रु.३ करोड २१ लाख ४९ हजारसमेत रु.६४ करोड ६९ लाख ६९ हजार खर्च गरेको छ।

१४. **रणनीतिक योजना -** कार्यालयको रणनीतिक योजना (२०८२।८३-२०८६।८७) २०८२।३।१२ मा महालेखापरीक्षकबाट स्वीकृत भई २०८२।८३ बाट औपचारिक रूपमा कार्यान्वयनमा आएको छ। यस योजनामा ६ लक्ष्य र १९ उद्देश्य १३० क्रियाकलाप/कार्यक्रम रहेका छन्। आर्थिक वर्ष २०८२।८३ सम्म सम्पन्न गर्नुपर्ने (निरन्तर एवं वार्षिक रूपमा गर्नुपर्ने सहित) ७९ क्रियाकलापमध्ये प्रतिवेदन अवधिसम्म ५३ क्रियाकलापमा निर्धारित प्रगति हासिल भएको र १४ क्रियाकलापमा आंशिक प्रगति भएको छ।

१५. **बेरुजु सम्परीक्षण निर्देशिका, २०८१ -** लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरुजु सम्परीक्षण कार्यमा एकरूपता कायम गर्नको लागि यस निर्देशिका २०८१।१२।३१ मा स्वीकृत भई प्रत्यायोजित विधायन अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता भएको छ।

१६. **बेरुजु वर्गीकरण निर्देशिका, २०८२ -** साबिकको बेरुजु वर्गीकरण निर्देशिकालाई समयसापेक्ष सुधार तथा परिमार्जन गरी बेरुजु वर्गीकरण निर्देशिका, २०८२ महालेखापरीक्षकको कार्यालयबाट २०८२।४।२८ मा स्वीकृत भई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रत्यायोजित विधायनअन्तर्गत दर्ता भएको छ।

१७. **स्थानीय तह लेखापरीक्षण निर्देशिका, २०८२ -** साबिकको स्थानीय तह लेखापरीक्षण निर्देशिकालाई समयसापेक्ष सुधार तथा परिमार्जन गरी स्थानीय तह लेखापरीक्षण निर्देशिका, २०८२ यस कार्यालयबाट २०८२।५।१७ मा स्वीकृत भई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रत्यायोजित विधायन अन्तर्गत दर्ता भएको छ।

१८. **आचारसंहिताको पालना -** निजामती सेवा ऐनमा उल्लिखित आचारसंहिताका अतिरिक्त सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनबाट जारी आचारसंहितालाई कार्यालयले अनुसरण गर्दै आचारसंहित कार्यान्वयन निर्देशिका, २०७९ कार्यान्वयनमा ल्याइएको छ। सोअनुसार लेखापरीक्षण टोलीमा संलग्न हुने कर्मचारीले लेखापरीक्षण पूर्व नै नैतिक आचारसंहिताको पालनाको स्वघोषणा गरी सोको प्रभावकारी रूपमा पालना गर्नुपर्ने व्यवस्था छ। आचारसंहिता पालना भए नभएको अनुगमन गर्न उप-महालेखापरीक्षकको संयोजकत्वमा तीन सदस्यीय अनुगमन समिति रहेको छ।

१९. **आन्तरिक नियन्त्रण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२(१) बमोजिम २०८१।१०।२२ मा ६ सदस्यीय आन्तरिक नियन्त्रण समिति गठन गरी आन्तरिक तथा अन्तिम लेखापरीक्षण तथा जिन्सी निरीक्षण प्रतिवेदनमा दिइएका सुझाउहरूको कार्यान्वयन गरिएको छ। साथै यस कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ।

लेखापरीक्षण गुणस्तर र प्रभाव अभिवृद्धि

२०. **वार्षिक लेखापरीक्षण योजना -** सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य निकायको २०८१।८२ को लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन वार्षिक लेखापरीक्षण योजना, २०८२ महालेखापरीक्षकबाट २०८२।४।११ मा स्वीकृत गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त लेखापरीक्षण योजनामा अघिल्ला वर्षहरूका वार्षिक लेखापरीक्षण योजना कार्यान्वयनको स्थिति, जोखिम पक्षको विश्लेषण सम्बन्धमा सरोकारवालासँग छलफल गरी प्राप्त सुझाउसमेत समावेश गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबिच सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, नीति तथा कार्यतालिका सम्बन्धमा जानकारी गराइएको थियो। वार्षिक लेखापरीक्षण योजना सम्बन्धमा जानकारी गराउने उद्देश्यले २०८२।४।१९ मा नेपाल सरकारका मुख्य सचिव तथा लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो। लेखापरीक्षण कार्यमा सहजीकरण, प्रतिवेदनका बेहोरा कार्यान्वयनलगायतका विषय छलफल भई वित्तीय अनुशासन कायम गर्न लेखा उत्तरदायी अधिकृतले प्रभावकारी भूमिका खेल्नु पर्ने बेहोरासमेत जानकारी गराइएको थियो। त्यसै गरी वार्षिक लेखापरीक्षण नीति तथा कार्यतालिका सङ्घीय र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृतहरूलाई समेत सम्प्रेषण गरिएको थियो।

२१. **लेखापरीक्षण व्यवस्थापन** - नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत जोखिम विश्लेषण गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उच्च जोखिममा रहेका निकायको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा र न्यून जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायले नाम्समा अपलोड गरेको वित्तीय विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा भौतिक उपस्थिति बेगर दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष कार्यतालिकाबमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न एकल वा संयुक्त, विभागगत र विशिष्टीकृत लेखापरीक्षण टोली खटाइएको थियो। लेखापरीक्षण कार्यलाई तीन चरणमा विभाजन गरी पहिलो चरण २०८२ श्रावण तेस्रो हप्तादेखि संयुक्त लेखापरीक्षण टोली, दोस्रो चरण तथा तेस्रो चरण २०८२ कार्तिक तेस्रो हप्तादेखि विभाग/महानिर्देशनालयगत लेखापरीक्षण टोलीहरू परिचालन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थलगत लेखापरीक्षणका लागि

खटिने कर्मचारीलाई विभिन्न माध्यमबाट निर्देशन दिने तथा लेखापरीक्षण कार्यको समीक्षा गरी देखिएका समस्या सुधारसमेत गरिएको छ।

२२. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँगको सहकार्य -** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका नवनियुक्त अध्यक्ष श्री निलबहादुर सारुलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुका साथै यस अवधिमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आयोजना गरेका दीक्षान्त समारोह, वार्षिक उत्सवलगायतका कार्यक्रममा सहभागिता रहेको थियो।

२३. **सार्वजनिक लेखासमितिसँगको सहकार्य -** सङ्घीय संसदअन्तर्गतको सार्वजनिक लेखा समितिमा मिति २०८२।३।२० मा माननीय सदस्यहरूसमक्ष महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन प्रस्तुत गरियो। उक्त अवसरमा प्रतिवेदनका प्रमुख निष्कर्षहरू, देखिएका वित्तीय अनियमितताहरू, सार्वजनिक स्रोतको उपयोगमा देखिएका कमजोरीहरू तथा सुधार गर्नुपर्ने प्रमुख क्षेत्रहरूबारे विस्तृत रूपमा प्रकाश पार्नुका साथै, लेखापरीक्षणबाट प्राप्त सुझाउहरू कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुधारका विषयहरूमा पनि छलफल भएको थियो। प्रस्तुतीकरणपश्चात् समितिका माननीय सदस्यहरूबाट राखिएका विभिन्न जिज्ञासा, सुझाउ तथा टिप्पणीहरूमा संबोधन र प्रतिवेदन कार्यान्वयनको अवस्थाबारे जानकारीसमेत गराइएको थियो।

२४. **लेखा समिति र लेखाउत्तरदायी अधिकृतसँगको छलफल तथा अन्तरक्रिया -** महालेखापरीक्षकको ६१औं तथा ६२औं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु सम्बन्धमा सङ्घीय संसद अन्तर्गतको सार्वजनिक लेखा समितिमा २०८२।४।११ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट प्रतिवेदनमा औंल्याइएका बेरुजुका प्रकृति, परिमाण तथा प्रवृत्ति, बेरुजु फस्यौंट, नियन्त्रण तथा न्यूनीकरणका लागि आवश्यक सुधारका उपायहरू सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो। कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय तथा निकायका लेखा उत्तरदायी अधिकृतहरू, सार्वजनिक लेखा समितिका सचिवलगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो। उपस्थित पदाधिकारीहरूले बेरुजु व्यवस्थापन, वित्तीय अनुशासन कायम गर्ने उपाय तथा प्रतिवेदन कार्यान्वयनका विषयमा प्रस्तुत गरेका धारणा, सुझाउ तथा जिज्ञासाले छलफल तथा अन्तरक्रिया कार्यक्रम रचनात्मक तथा परिणाममुखी रहेको र यसबाट बेरुजु न्यूनीकरण तथा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुगेको छ।

२५. **लेखापरीक्षण टोलीलाई निर्देशन -** कार्यालयको स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०८२ र लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२ अनुसार लेखापरीक्षण टोलीलाई स्थलगत लेखापरीक्षणमा परिचालन गर्नु पूर्व लेखापरीक्षण कार्यलाई प्रभावकारी, गुणस्तरीय तथा परिणाममुखी बनाउन लेखापरीक्षण टोलीलाई आवश्यक निर्देशन प्रदान गरिएको थियो। सो क्रममा लेखापरीक्षण कार्यलाई प्रचलित कानुनी व्यवस्था, अन्तर्राष्ट्रिय लेखापरीक्षण मापदण्ड तथा सर्वोत्तम अभ्यासअनुसार सञ्चालन गर्न, लेखापरीक्षण प्रक्रियामा व्यावसायिक निष्ठा, निष्पक्षता, स्वतन्त्रता र उत्तरदायित्व कायम राख्न जोखिममा आधारित लेखापरीक्षण दृष्टिकोण अपनाई महत्त्वपूर्ण क्षेत्रहरूको पहिचान गरी स्रोतको प्रभावकारी परिचालन तर्फ लेखापरीक्षण केन्द्रित गर्न र लेखापरीक्षणबाट प्राप्त निष्कर्षहरू प्रमाणमा आधारित, स्पष्ट र कार्यान्वयनयोग्य सिफारिससहित प्रस्तुत गर्न निर्देशन गरिएको थियो। लेखापरीक्षणको पेसागत मूल्य र मान्यतालाई शिरोधारण गरी लेखापरीक्षण कार्य सम्पादन गराउन दिएको निर्देशनबाट

लेखापरीक्षण कार्यको गुणस्तर अभिवृद्धि, पारदर्शिता प्रवर्धन तथा सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार ल्याउन सहयोग पुगेको छ।

